CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥ ॐ श्रीसाम्बशिवाय नमः ॥ ॥ ॐ श्रीगणेशाय नमः ॥

2325

महर्षिवेदव्यासप्रणीतम्

॥ श्रीशिवमहापुराणम् ॥

[प्रथम-खण्ड—पूर्वार्धः]

[सचित्र, मूल संस्कृत श्लोक—नेपाली अनुवादसहित]

[हिन्दी में भी उपलब्ध]



गीताप्रेस गोरखपुर
GITA PRESS, GORAKHPUR [SINCE 1923]

गीताप्रेस, गोरखपुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गीताप्रेस, गोरखपुरसे प्रकाशित
पुराण, उपनिषद् आदि

1930 } **श्रीमद्भागवत-सुधासागर**—भाषानुवाद, सचित्र
1945 } ,, ,, ,, ,, (विशिष्ट संस्करण)
25 **श्रीशुकसुधासागर**—बृहदाकार, बड़े टाइपमें
1951 } **श्रीमद्भागवतमहापुराण**—
1952 } ,, ,, सटीक पत्राकारकी तरह, बेड़िआ दो खण्डोंमें सेट
26 } ,, ,, —(हिन्दी-अनुवादसहित)
27 } ,, ,, दो खण्डोंमें सेट (गुजराती भी)
564,565 **श्रीमद्भागवत-महापुराण**—अंग्रेजी सेट
29 ,, ,, मूल मोटा टाइप (तेलुगु भी)
124 **श्रीमद्भागवत-महापुराण**—मूल मझला
1092 **भागवतस्तुति-संग्रह**
2009 **भागवत-नवनीत**
30 **श्रीप्रेम-सुधासागर**
31 **श्रीमद्भागवत एकादश स्कन्ध**
728 **महाभारत**—हिन्दी टीका-सहित सचित्र [छः खण्डोंमें] सेट
38 **महाभारत-खिलभाग हरिवंशपुराण**—सटीक
1589 ,, ,, ,, ,, —केवल भाषा
39 } **संक्षिप्त महाभारत**—केवल भाषा,
511 } ,, ,, सचित्र (दो खण्डोंमें) सेट
44 **संक्षिप्त पद्मपुराण**
1468 **सं० शिवपुराण** (विशिष्ट संस्करण)
789 **सं० शिवपुराण**—मोटा टाइप [गुजराती भी]
1133 **सं० देवीभागवत**—मोटा टाइप [गुजराती भी]
48 **श्रीविष्णुपुराण**—(हिन्दी-अनुवादसहित)
1364 **श्रीविष्णुपुराण** (केवल हिन्दी)
1183 **सं० नारदपुराण**
279 **सं० स्कन्दपुराण**
539 **सं० मार्कण्डेयपुराण**
1897 } **श्रीमद्देवीभागवत महापुराण**—(हिन्दी-
1898 } ,, ,, अनुवादसहित) दो खण्डोंमें सेट
1793 } ,, ,, (केवल हिन्दी)
1842 } ,, ,, दो खण्डोंमें सेट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

NEPAL SANSKRIT UNIVERSITY, 1986 A.D.
वाल्मीकि विद्यापीठ
पुस्तकालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इ.पृ. ७६६

॥ ॐ श्रीसाम्बशिवाय नमः ॥ ॥ ॐ श्रीगणेशाय नमः ॥ **2325**

महर्षिवेदव्यासप्रणीतम्

श्रीशिवमहापुराणम्

[प्रथम-खण्ड—पूर्वार्धः]

(विद्येश्वरसंहिता, रुद्रसंहिता—सृष्टिखण्ड, सतीखण्ड, पार्वतीखण्ड, कुमारखण्ड र युद्धखण्ड)

[सचित्र, मूल संस्कृत श्लोक—नेपाली अनुवादसहित]

त्वमेव माता च पिता त्वमेव
त्वमेव बन्धुश्च सखा त्वमेव।
त्वमेव विद्या द्रविणं त्वमेव
त्वमेव सर्वं मम देवदेव॥

सम्पादक

प्रा.डा. काशीनाथ न्यौपाने

गीताप्रेस, गोरखपुर

2325_Sihvpurana_Part_1_Nepali_Section_1_1_Front

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुस्तकहरू यहाँ पनि उपलब्ध छन्।
गीताप्रेस पुस्तक बिक्री केन्द्र
पसल नं० 6,7,8 माधवराज सुमार्गी स्मृति भवन, वनकाली,
पशुपति क्षेत्र, काठमाडौं, नेपाल।
e-mail : gitapress.nepal@gmail.com
WhatsApp & Mob.+977-9861493826, 9823498038

संवत् २०८० प्रथम संस्करण १,५००

❖ मूल्य—₹ 400
(चार सौ रुपये)

Acc. 32686 / 32648

कूरियर/डाकसे मँगवानेके लिये
गीताप्रेस, गोरखपुर—273005
www.gitapress.org
gitapressbookshop.in

प्रकाशक एवं मुद्रक—
गीताप्रेस, गोरखपुर
(गोबिन्दभवन-कार्यालय, कोलकाता का संस्थान)
मो० नं० : +91-8188054403, 8188054408
web : gitapress.org e-mail : booksales@gitapress.org

2325_Sihvpurana_Part_1_Nepali_Section_1_1_Back

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३.५. ७६६

NEPAL SANSKRIT UNIVERSITY, 1986 A.D.
वाल्मीकि विद्यापीठ
पुस्तकालय

निवेदन

पुराण वाङ्मयमा श्रीशिवमहापुराणको अत्यन्त महिमामय स्थान छ। पुराणहरूको परिगणनामा वेदतुल्य, पवित्र र सबै लक्षणहरूले युक्त यो पुराण चौथो हो। शिवका उपासक यस पुराणलाई शैवभागवत मान्दछन्। यस ग्रन्थको आदि, मध्य तथा अन्तमा सर्वत्र भूतभावन भगवान् सदाशिवको महिमाको प्रतिपादन गरिएको छ। वेद-वेदान्तमा एकीकृत परमतत्त्व—परमात्माको यस पुराणमा शिव नामबाट गान गरिएको छ।

सन् १९६२ मा कल्याणको विशेषाङ्कको रूपमा संक्षिप्त शिवपुराणाङ्कको प्रकाशन भएको थियो, जसमा शिवपुराणका कथाहरू साररूपमा हिन्दीमा प्रकाशित भएको थियो। भगवान् सदाशिवका प्रेमी पाठकहरूको पछिल्ला धेरै वर्षदेखि यो आग्रह थियो कि मूल शिवमहापुराणको सानुवाद प्रकाशन विशेषाङ्कको रूपमा गरियोस्। यस दृष्टिबाट मूल शिवमहापुराणको प्रकाशनको योजना बन्यो, तर विशेषाङ्कको पृष्ठसंख्या सीमित हुनाको कारण चौबिस हजार श्लोकको यस बृहत् पुराणको मूलसहित प्रकाशन एक वर्षमा सम्भव थिएन, अतः यो निर्णय लिइयो कि शिवमहापुराणको मूल श्लोक पुस्तकरूपमा प्रकाशित गरौँ तथा प्रत्येक श्लोकको अनुवाद श्लोकसंख्यासहित दुई वर्षमा सर्वसाधारणका लागि विशेषाङ्कको रूपमा प्रकाशित गरौँ। तदनुसार सम्पूर्ण मूल शिवमहापुराण पुस्तकरूपमा प्रकाशित गरियो तथा सन् २०१७ मा श्रीशिवमहापुराण पूर्वार्ध (विद्येश्वरसंहिता एवं रुद्रसंहिता)-को तथा सन् २०१८ मा यस पुराणको उत्तरार्ध (शतरुद्रसंहितादेखि वायवीयसंहितासम्म)-को हिन्दी अनुवाद विशेषाङ्कको रूपमा प्रकाशित गरियो।

प्रतिपाद्य-विषयको दृष्टिबाट शिवमहापुराण अत्यन्त उपयोगी महापुराण हो। यसमा भक्ति, ज्ञान, सदाचार, शौचाचार, उपासना, लोकव्यवहार तथा मानवजीवनका परम कल्याणका अनेक उपयोगी कुराहरू निरूपण गरिएका छन्। शिवज्ञान, शैवीदीक्षा तथा शैवागमको यो अत्यन्त प्रौढ ग्रन्थ हो। साधना एवं उपासना-सम्बन्धी अनेकानेक सरल विधिहरू यसमा निरूपण गरिएका छन्। कथाहरूको त यो ग्रन्थ निधि नै हो। यसका कथाहरू अत्यन्त मनोरम, रोचक तथा ज्यादै उपयोगी छन्। मुख्य रूपले यस पुराणमा देवताहरूका पनि देवता महादेव भगवान् साम्बसदाशिवका सकल, निष्कल स्वरूपको तात्त्विक विवेचना, उहाँका लीलावतारका कथाहरू, द्वादश ज्योतिर्लिंगको आख्यान, शिवरात्रि आदि व्रतका कथाहरू, शिवभक्तका कथाहरू, लिंगरहस्य, लिंगोपासना, पार्थिवलिंग, प्रणव, बेलपत्र, रुद्राक्ष र भस्म आदिको विषयमा विस्तारपूर्वक वर्णन छ। यो पुराण उच्चकोटिका सिद्धहरू, आत्मकल्याणकामी साधकहरू तथा साधारण आस्तिकजनहरू—सबैका लागि परम मङ्गलमय एवं हितकारी छ।

वर्तमान परिप्रेक्ष्यमा त यस पुराणको अध्ययन एवं मनन तथा यसका उपदेशहरूको अनुसरण गर्नुपर्ने विशेष आवश्यकता प्रतीत हुन्छ। शिवपुराणको पठन-पाठन सच्चा सुख-शान्तिको विस्तारमा परम सहायक सिद्ध हुन सक्दछ। शिवभक्तहरूका त्यसै मागलाई मनन गर्दै दुई खण्डमा संस्कृत मूल नेपाली अनुवादका साथ यसको प्रकाशन गर्न लागिरहेका छौँ।

आस्तिकजनले यस महापुराणलाई पढेर लाभ उठाउन् र लोक-परलोकमा सुख-शान्ति तथा मानव-जीवनका परम लक्ष्यलाई प्राप्त गरून्, भगवान् सदाशिवसित यही प्रार्थना छ।

—राधेश्याम खेमका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥ श्रीहरि: ॥

श्रीशिवमहापुराण

विषय-सूची

अध्याय	विषय	पृष्ठ-संख्या

माहात्म्य

१. शौनकले साधनविषयक प्रश्न गर्नुभएपछि सूतले उनलाई शिवमहापुराणको महिमा सुनाउनु १३
२. शिवपुराणको श्रवणबाट देवराजलाई शिवलोकको प्राप्ति १७
३. चञ्चुलालाई पापबाट डर एवं संसारबाट वैराग्य २१
४. चञ्चुलाको प्रार्थनाले ब्राह्मणले उनलाई पूरा शिवपुराण सुनाउनु र समयानुसार शरीर छोडेर शिवलोकमा गई चञ्चुला पार्वतीकी सखी हुनु २५
५. चञ्चुलाको प्रयत्नले पार्वतीको आज्ञा पाएर तुम्बुरुले विन्ध्यपर्वतमा शिवपुराणको कथा सुनाएर बिन्दुगलाई पिशाचयोनिबाट उद्धार गर्नु तथा ती दुवै दम्पती शिवधाममा सुखी हुनु............................. ३०
६. शिवपुराण श्रवणको विधि ३५
७. श्रोताहरूले पालन गर्नुपर्ने नियमहरूको वर्णन ४०

विद्येश्वरसंहिता

१. प्रयागमा सूतसित शीघ्र पापनाश गर्ने साधनको विषयमा मुनिहरूको प्रश्न ४५
२. शिवपुराणको माहात्म्य एवं परिचय ४८
३. साध्य-साधन आदिको विचार.................. ५५
४. श्रवण, कीर्तन र मनन—यी तीन साधनहरूको श्रेष्ठताको प्रतिपादन ५७
५. भगवान् शिवको लिंग एवं साकार विग्रहको पूजाको रहस्य तथा महत्त्वको वर्णन ५९
६. ब्रह्मा र विष्णुको भयंकर युद्धलाई देखेर देवताहरू कैलास-शिखरमा जानु ६३
७. भगवान् शंकरको ब्रह्मा र विष्णुको युद्धमा अग्निस्तम्भरूपमा प्राकट्य, स्तम्भको आदि र अन्तको जानकारीका लागि दुवैको प्रस्थान ... ६५
८. भगवान् शंकरद्वारा ब्रह्मा र केतकी पुष्पलाई श्राप दिनु र पुनः अनुग्रह प्रदान गर्नु ६८
९. महेश्वरले ब्रह्मा र विष्णुलाई आफ्नो निष्कल र सकल स्वरूपको परिचय दिँदै लिंग-पूजाको महत्त्व बताउनु ७०
१०. सृष्टि, स्थिति आदि पाँच कृत्यको प्रतिपादन, प्रणव एवं पंचाक्षर-मन्त्रको महत्ता, ब्रह्मा-विष्णुद्वारा भगवान् शिवको स्तुति तथा उहाँ अन्तर्धान हुनु ७५
११. शिवलिंगको स्थापना, त्यसको लक्षण र पूजा विधिको वर्णन तथा शिवपद प्राप्ति गराउनेवाला सत्कर्महरूको विवेचना ७९
१२. मोक्षदायक पुण्यक्षेत्रको वर्णन, कालविशेषमा विभिन्न नदीहरूका जलमा स्नानको उत्तम फलको निर्देश तथा तीर्थहरूमा पापबाट बचिरहन चेतावनी ८६
१३. सदाचार, शौचाचार, स्नान, भस्मधारण, सन्ध्या-वन्दन, प्रणव-जप, गायत्री-जप, दान, न्यायतः धनोपार्जन तथा अग्निहोत्र आदिको विधि एवं तिनको महिमाको वर्णन ९०
१४. अग्नियज्ञ, देवयज्ञ र ब्रह्मयज्ञ आदिको वर्णन, भगवान् शिवद्वारा सातै बारहरूको निर्माण तथा तिनमा देवाराधनाबाट विभिन्न प्रकारका फलहरू प्राप्तिको कथन. ९९
१५. देश, काल, पात्र र दान आदिको विचार..... १०४
१६. माटो आदिबाट निर्मित देवप्रतिमाहरूको पूजाको विधि, तिनका निम्ति नैवेद्यको विचार, पूजाका विभिन्न उपचारहरूको फल, विशेष महिना, बार, तिथि एवं नक्षत्रहरूको योगमा पूजाको विशेष फल तथा लिंगको वैज्ञानिक स्वरूपको विवेचना ११०
१७. षड्लिंगस्वरूप प्रणवको माहात्म्य, त्यसको सूक्ष्म रूप (ॐकार) र स्थूल रूप (पंचाक्षर मन्त्र)-को विवेचना, त्यसको जपको विधि एवं महिमा, कार्यब्रह्मका लोकहरूदेखि लिएर कारणरुद्रका लोकहरूसम्मको विवेचना गरी कालातीत, पंचावरण-विशिष्ट शिवलोकको अनिर्वचनीय वैभवको निरूपण तथा शिवभक्तहरूको सत्कारको महत्त्व १२१
१८. बन्धन र मोक्षको विवेचना, शिवपूजाको उपदेश, लिंग आदिमा शिवपूजाको विधान, भस्मको स्वरूपको निरूपण र महत्त्व, शिवको भस्मधारणको रहस्य, शिव एवं गुरु शब्दको व्युत्पत्ति तथा विघ्नशान्तिको उपाय र शिवधर्मको निरूपण १३६
१९. पार्थिव शिवलिंग पूजाको माहात्म्य १५०
२०. पार्थिव शिवलिंग निर्माणको रीति तथा वेद-मन्त्रद्वारा त्यसको पूजाको विस्तृत एवं संक्षिप्त

2325_Sihvpurana_Part_1_Nepali_Section_1_2_Back

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय	विषय	पृष्ठ-संख्या
	विधिको वर्णन	१५३
२१.	कामनाभेदले पार्थिवलिंगको पूजा विधि	१६१
२२.	शिव-नैवेद्य-भक्षणको निर्णय एवं बेलपत्रको माहात्म्य	१६५
२३.	भस्म, रुद्राक्ष र शिवनाम माहात्म्यको वर्णन	१६९
२४.	भस्म-माहात्म्यको निरूपण	१७३
२५.	रुद्राक्षधारणको महिमा तथा त्यसका विविध भेदहरूको वर्णन	१८४

रुद्रसंहिता

१-सृष्टिखण्ड

१. ऋषिहरूका प्रश्नको उत्तरमा श्रीसूतद्वारा नारद-ब्रह्म-संवादको वर्णन १९५
२. नारद मुनिको तपस्या, इन्द्रद्वारा तपस्यामा विघ्न उपस्थित गर्नु, नारदले काममाथि विजय पाउनु र अहंकारले युक्त भएर ब्रह्मा, विष्णु र रुद्रसित आफ्नो तपको कथन १९८
३. मायानिर्मित नगरमा शीलनिधिकी कन्याप्रति मोहित भएका नारदले भगवान् विष्णुसित उहाँको रूप माग्नु, भगवान्ले आफ्नो रूपका साथ वानरको-जस्तो अनुहार दिनु, कन्याले भगवान्लाई वरण गर्नु र कुपित भएका नारदले शिवगणलाई श्राप दिनु २०३
४. नारदले भगवान् विष्णुलाई क्रोधपूर्वक झपार्नु र श्राप दिनु, फेरि माया हटेपछि पश्चात्तापपूर्वक भगवान्का चरणहरूमा पर्नु र शुद्धिको उपाय सोध्नु तथा भगवान् विष्णुले उनलाई सम्झाई-बुझाई शिवको माहात्म्य जान्नका लागि ब्रह्माका समीपमा जान आदेश र शिव भजनको उपदेश दिनु .. २०८
५. नारदको शिवतीर्थहरूको भ्रमण, शिवगणलाई श्रापोद्धारको कुरा बताउनु तथा ब्रह्मलोकमा गएर ब्रह्मासित शिवतत्त्वको विषयमा प्रश्न गर्नु २१५
६. महाप्रलयकालमा केवल सद्ब्रह्मको सत्ताको प्रतिपादन, त्यस निर्गुण-निराकार ब्रह्मबाट ईश्वरमूर्ति (सदाशिव)-को प्राकट्य, सदाशिवद्वारा स्वरूपभूत शक्ति (अम्बिका)-को प्रकटीकरण, ती दुबैद्वारा उत्तम क्षेत्र (काशी वा आनन्दवन)-को प्रादुर्भाव, शिवको वामांगबाट परम पुरुष (विष्णु)-को आविर्भाव तथा उहाँको सकाशबाट प्राकृत तत्त्वहरूको क्रमशः उत्पत्तिको वर्णन २१९
७. भगवान् विष्णुको नाभिबाट कमलको प्रादुर्भाव, शिवेच्छाले ब्रह्मा त्यसबाट प्रकट हुनु, कमल-नालको उद्‌गम पत्ता लगाउनमा असमर्थ ब्रह्माले तप गर्नु, श्रीहरिले उहाँलाई दर्शन दिनु, विवादग्रस्त ब्रह्मा-विष्णुका बिचमा अग्निस्तम्भ प्रकट हुनु तथा त्यसको फेद-टुप्पो पत्तो नपाएर उहाँहरू दुवैले त्यसलाई प्रणाम गर्नु २२४
८. ब्रह्मा र विष्णुलाई भगवान् शिवको शब्दमय शरीरको दर्शन २३१
९. उमासहित भगवान् शिवको प्राकट्य, उहाँद्वारा आफ्नो स्वरूपको विवेचन तथा ब्रह्मा आदि तीनै देवताहरूको एकताको प्रतिपादन २३५
१०. श्रीहरिलाई सृष्टिको रक्षाको भार एवं भोग-मोक्ष-प्रदानको अधिकार दिएर भगवान् शिव अन्तर्धान हुनु २४१
११. शिवपूजाको विधि तथा त्यसको फल २४५
१२. भगवान् शिवको श्रेष्ठता तथा उहाँको पूजाको अनिवार्य आवश्यकताको प्रतिपादन २५२
१३. शिवपूजाको सर्वोत्तम विधिको वर्णन २६०
१४. विभिन्न पुष्पहरू, अन्नहरू तथा जलादिका धाराहरूबाट शिव पूजाको माहात्म्य २६६
१५. सृष्टिको वर्णन २७४
१६. ब्रह्माका सन्तानहरूको वर्णन तथा सती र शिवको महत्ताको प्रतिपादन २८०
१७. यज्ञदत्तका पुत्र गुणनिधिको चरित्र २८४
१८. शिवमन्दिरमा दीपदानको प्रभावले पापमुक्त भएर गुणनिधि दोस्रो जन्ममा कलिंगदेशको राजा बन्नु र फेरि शिवभक्तिको कारण कुबेर पदको प्राप्ति २८९
१९. कुबेर काशीपुरीमा आएर तप गर्नु, तपस्याबाट प्रसन्न उमासहित भगवान् विश्वनाथ प्रकट भई उनलाई दर्शन दिनु र अनेक वर प्रदान गर्नु, कुबेरद्वारा शिवमैत्री प्राप्त गर्नु २९६
२०. भगवान् शिवको कैलास पर्वतमा गमन तथा सृष्टिखण्डको उपसंहार २९९

२-सतीखण्ड

१. सतीचरित्रवर्णन, दक्षयज्ञविध्वंसको संक्षिप्त वृत्तान्त तथा सतीले पार्वतीरूपमा हिमालयकहाँ जन्म लिनु ३०५
२. सदाशिवबाट त्रिदेवको उत्पत्ति, ब्रह्माबाट देवता आदिको सृष्टि पश्चात् देवी सन्ध्या तथा कामदेवको प्राकट्य ३०९
३. कामदेवलाई विविध नाम एवं वरको प्राप्ति, कामको प्रभावबाट ब्रह्मा तथा ऋषिगण मुग्ध हुनु, धर्मद्वारा स्तुति गरिएपछि भगवान् शिवको प्राकट्य र ब्रह्मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय	विषय	पृष्ठ-संख्या
	तथा ऋषिहरूलाई सम्झाउनु, ब्रह्मा तथा ऋषिहरूबाट अग्निष्वात्त आदि पितृगणको उत्पत्ति, ब्रह्माद्वारा कामलाई श्राप तथा निवारणको उपाय	३१३
४.	कामदेवको विवाहको वर्णन	३१९
५.	ब्रह्माकी मानसपुत्री कुमारी सन्ध्याको आख्यान	३२३
६.	सन्ध्याद्वारा तपस्या गर्नु, प्रसन्न भई भगवान् शिवले उनलाई दर्शन दिनु, सन्ध्याद्वारा गरिएको शिवस्तुति, सन्ध्यालाई अनेक वरको प्राप्ति तथा महर्षि मेधातिथिको यज्ञमा जान आदेश प्राप्त हुनु ...	३२८
७.	महर्षि मेधातिथिको यज्ञाग्निमा सन्ध्याद्वारा शरीर-त्याग, पुनः अरुन्धतीको रूपमा यज्ञाग्निबाट उत्पत्ति एवं वसिष्ठमुनिका साथ उनको विवाह	३३४
८.	कामदेवको सहचर वसन्तको आविर्भावको वर्णन	३३६
९.	कामदेवद्वारा भगवान् शिवलाई विचलित गर्न नसक्नु, ब्रह्माद्वारा कामदेवका सहायक मारगणको उत्पत्ति; ब्रह्माले ती सबैलाई शिवकहाँ पठाउनु, ती त्यहाँ विफल हुनु, गणसहित कामदेव आफ्नो आश्रममा फर्कनु	३४१
१०.	ब्रह्मा र विष्णुको संवादमा शिवमाहात्म्यको वर्णन	३४६
११.	ब्रह्माद्वारा जगदम्बिका शिवाको स्तुति तथा वरको प्राप्ति	३५१
१२.	दक्षप्रजापतिको तपस्याको प्रभावले शक्तिको दर्शन र उहाँसित रुद्रमोहनले प्रार्थना गर्नु	३५६
१३.	ब्रह्माको आज्ञाले दक्षद्वारा मैथुनी सृष्टिको आरम्भ, आफ्ना पुत्र हर्यश्व तथा सबलाश्वलाई निवृत्तिमार्गमा पठाएका कारण दक्षले नारदलाई श्राप दिनु ..	३५९
१४.	दक्षका साठी कन्याहरूको विवाह, दक्षकहाँ देवी शिवा (सती)-को प्राकट्य, सतीको बाललीलाको वर्णन	३६३
१५.	सतीद्वारा नन्दा-व्रतको अनुष्ठान तथा देवताहरूद्वारा शिवस्तुति	३६७
१६.	ब्रह्मा र विष्णुद्वारा शिवसित विवाहका लागि प्रार्थना गर्नु तथा उहाँको यसका लागि स्वीकृति	३७४
१७.	भगवान् शिवद्वारा सतीलाई वर-प्राप्ति र शिवले ब्रह्मालाई दक्ष प्रजापतिकहाँ पठाउनु	३७९
१८.	देवताहरू र मुनिहरूसहित भगवान् शिव दक्षको घर जानु, दक्षद्वारा सबैको सत्कार एवं सती तथा शिवको विवाह	३८५
१९.	शिवको सतीका साथ विवाह, विवाहको समय शम्भुको मायाबाट ब्रह्मा मोहित हुनु र विष्णुद्वारा शिवतत्त्वको निरूपण	३८९
२०.	ब्रह्माको 'रुद्रशिर' नाम रहनुको कारण, सती एवं शिवको विवाहोत्सव, विवाह पश्चात् शिव र सती वृषभारूढ भई कैलास प्रस्थान	३९५
२१.	कैलास पर्वतमा भगवान् शिव एवं सतीका मधुर लीलाहरू	४०१
२२.	सती र शिवको विहार-वर्णन	४०५
२३.	सतीले सोध्नुभएपछि शिवद्वारा भक्तिको महिमा तथा नवधा भक्तिको निरूपण	४११
२४.	दण्डकारण्यमा शिवलाई रामप्रति शिर झुकाएको देखेर सतीको मोह तथा शिवको आज्ञाले उहाँद्वारा रामको परीक्षा	४१६
२५.	श्रीशिवद्वारा गोलोकधाममा श्रीविष्णुलाई गोपेश पदमा अभिषेक, श्रीरामद्वारा सतीको मनको सन्देह दूर गर्नु, शिवद्वारा सतीलाई मानसिक रूपमा परित्याग	४२१
२६.	सतीको उपाख्यानमा शिवसँग दक्षको विरोध-वर्णन	४२७
२७.	दक्षप्रजापतिद्वारा महान् यज्ञको प्रारम्भ, यज्ञमा दक्षद्वारा शिवलाई नबोलाइएकोमा दधीचिद्वारा दक्षको भर्त्सना गर्नु, दक्षद्वारा शिव-निन्दा गरिएपछि दधीचिको त्यहाँबाट प्रस्थान.........	४३२
२८.	दक्षयज्ञको समाचार पाएर एवं शिवको आज्ञा प्राप्त गरी देवी सती शिवगणका साथ पिताको यज्ञमण्डपका लागि प्रस्थान	४३६
२९.	यज्ञशालामा शिवको भाग नदेखेर तथा दक्षद्वारा शिवनिन्दा सुनेर क्रुद्ध भई सतीले दक्ष तथा देवताहरूलाई झपार्नु र प्राणत्यागको निश्चय	४४०
३०.	दक्षयज्ञमा सतीले योगाग्निबाट आफ्नो शरीरलाई भस्म गरिदिनु, भृगुद्वारा यज्ञकुण्डबाट ऋभुहरू प्रकट गर्नु, ऋभुहरू र शंकरका गणहरूको युद्ध, भयभीत गणहरूको पलायन....................	४४५
३१.	यज्ञमण्डपमा आकाशवाणीद्वारा दक्षलाई झपार्नु तथा देवताहरूलाई सावधान गराउनु	४४८
३२.	सती दग्ध भएको समाचार सुनेर कुपित भएका शिवले आफ्नो जटाबाट वीरभद्र र महाकालीलाई प्रकट गरी तिनलाई यज्ञ-विध्वंस गर्न आज्ञा दिनु.	४५१
३३.	गणसहित वीरभद्र र महाकाली दक्षयज्ञ-विध्वंसको लागि प्रस्थान	४५६
३४.	दक्ष तथा देवताहरू अनेक अपशकुन एवं उत्पातसूचक लक्षणहरू देखेर भयभीत हुनु ..	४५९
३५.	दक्षद्वारा यज्ञको रक्षाका निम्ति भगवान् विष्णुसित प्रार्थना, भगवान्ले शिवद्रोहजनित संकटलाई टार्नमा आफ्नो असमर्थता बताउँदै दक्षलाई सम्झाउनु तथा सेनासहित वीरभद्रको आगमन	४६१
३६.	युद्धमा शिवगणबाट पराजित भई देवताहरूको पलायन, इन्द्र आदिले सोधेपछि बृहस्पतिले	

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय	विषय	पृष्ठ-संख्या
	रुद्रदेवको अजेयता बताउनु, वीरभद्रले देवताहरूलाई युद्धको लागि ललकार्नु, श्रीविष्णु र वीरभद्रको कुराकानी	४६५
३७.	गणसहित वीरभद्रद्वारा दक्षयज्ञको विध्वंस, दक्षवध, वीरभद्र फर्किएर कैलास पर्वतमा जानु, प्रसन्न भगवान् शिवद्वारा उनलाई गणाध्यक्ष पद प्रदान गर्नु	४७१
३८.	दधीचि मुनि र राजा क्षुवको विवादको इतिहास, शुक्राचार्यद्वारा दधीचिलाई महामृत्युंजय-मन्त्रको उपदेश, मृत्युंजयमन्त्रको अनुष्ठानबाट दधीचिलाई अवध्यताको प्राप्ति	४७७
३९.	श्रीविष्णु र देवताहरूसित अपराजित दधीचिद्वारा देवताहरूलाई श्राप दिनु तथा राजा क्षुवप्रति अनुग्रह गर्नु	४८३
४०.	देवताहरूसहित ब्रह्माले विष्णुलोकमा गएर आफ्नो दुःख निवेदन गर्नु, ती सबैलाई लिएर विष्णुको कैलासगमन तथा भगवान् शिवसित भेट......	४८७
४१.	देवताहरूद्वारा भगवान् शिवको स्तुति..........	४९१
४२.	भगवान् शिवको देवता आदिप्रति अनुग्रह, दक्षयज्ञ-मण्डपमा गई दक्षलाई जीवित पार्नु तथा दक्ष र विष्णु आदिद्वारा शिवको स्तुति .	४९६
४३.	भगवान् शिवले दक्षलाई आफ्नो भक्तवत्सलता, ज्ञानी भक्तको श्रेष्ठता तथा तीनै देवको एकता बताउनु, दक्षले आफ्नो यज्ञलाई पूर्ण गर्नु, देवताहरूको आ-आफ्नो लोकमा प्रस्थान तथा सतीखण्डको उपसंहार र माहात्म्य	५००
	३-पार्वतीखण्ड	
१.	पितृहरूकी कन्या मेनासँग हिमालयको विवाह-वर्णन	५०५
२.	पितृहरूका तीन मानसी कन्याहरू—मेना, धन्या र कलावतीको पूर्वजन्मको वृत्तान्त तथा सनकादि-द्वारा प्राप्त श्राप एवं वरदानको वर्णन	५०८
३.	विष्णु आदि देवताहरू हिमालयकहाँ जानु, उनलाई उमाराधनाको विधि बताई स्वयं पनि देवी जगदम्बाको स्तुति गर्नु....................	५११
४.	उमादेवीले दिव्यरूपमा देवताहरूलाई दर्शन दिनु र अवतार ग्रहण गर्ने आश्वासन दिनु..........	५१५
५.	मेनाको तपस्याबाट प्रसन्न भएर देवीले उनलाई प्रत्यक्ष दर्शन दिएर वरदान दिनु, मेनाबाट मैनाकको जन्म.	५१९
६.	देवी उमा हिमवान्को हृदय तथा मेनाको गर्भमा आउनु, देवताद्वारा गर्भस्थ देवीको स्तवन, देवीको दिव्यरूपमा प्रादुर्भाव, माता मेनासित वार्तालाप तथा पुनः नवजात कन्याको रूपमा परिवर्तित हुनु.	५२३
७.	पार्वतीको नामकरण तथा उहाँका बाललीलाहरू एवं विद्याध्ययन..	५२८

अध्याय	विषय	पृष्ठ-संख्या
८.	नारद मुनि हिमालयका समीपमा जानु, त्यहाँ पार्वतीको हात हेरेर भावी लक्षणहरू बताउनु, चिन्तित हिमवान्लाई शिवमहिमा बताउनु तथा शिवसित विवाह गरिदिन परामर्श दिनु........	५३०
९.	पार्वतीको विवाहको सम्बन्धमा मेना र हिमालयको वार्तालाप, पार्वती र हिमालयद्वारा देखिएका आफ्ना सपनाको वर्णन...........................	५३५
१०.	शिवको निधारबाट भौमोत्पत्ति..................	५३८
११.	तपस्याका लागि भगवान् शिवको हिमालयमा आगमन, त्यहाँ पर्वतराज हिमालयसित वार्तालाप	५४०
१२.	हिमवान्ले पार्वतीलाई शिवको सेवामा राख्नका लागि उहाँसित आज्ञा माग्नु, शिवद्वारा कारण बताउँदै त्यस प्रस्तावलाई अस्वीकार गरिदिनु	५४४
१३.	पार्वती र परमेश्वरको दार्शनिक संवाद, शिवले पार्वतीलाई आफ्नो सेवाका लागि आज्ञा दिनु, पार्वती महेश्वरको सेवामा तत्पर रहनु	५४७
१४.	तारकासुरको उत्पत्तिको प्रसंगमा दितिपुत्र वज्रांगको कथा, त्यसको तपस्या तथा वरप्राप्तिको वर्णन	५५२
१५.	वरांगीको पुत्र तारकासुरको उत्पत्ति, तारकासुरको तपस्या एवं ब्रह्माद्वारा उसलाई वरप्राप्ति, वरदानको प्रभावले तीनै लोकमाथि त्यसको अत्याचार..	५५६
१६.	तारकासुरबाट उत्पीडित देवताहरूलाई ब्रह्माद्वारा सान्त्वना प्रदान गर्नु..............................	५६०
१७.	इन्द्रले स्मरण गर्नुभएपछि कामदेव उपस्थित हुनु, शिवलाई तपबाट विचलित गराउनका निम्ति इन्द्रद्वारा कामदेवलाई पठाउनु...........	५६४
१८.	कामदेवद्वारा असमयमा वसन्त-ऋतुको प्रभाव प्रकट गर्नु, केही क्षणका लागि शिव मोहित हुनु, पुनः वैराग्य-भाव धारण गर्नु............	५६७
१९.	भगवान् शिवका नेत्रज्वालाबाट कामदेव भस्म हुनु र रतिको विलाप, देवताहरूद्वारा रतिलाई सान्त्वना प्रदान गर्नु र कामलाई जीवित गराइदिन भगवान् शिवसित प्रार्थना गर्नु.................	५७१
२०.	शिवको क्रोधाग्निको ठुलोरूप-धारण र ब्रह्माद्वारा त्यसलाई समुद्रमा समर्पित गर्नु	५७५
२१.	कामदेव भस्म भएपछि पार्वती आफ्नो घर जानु, हिमवान् तथा मेनाद्वारा उनलाई धैर्य प्रदान गर्नु, नारदद्वारा पार्वतीलाई पंचाक्षर मन्त्रको उपदेश	५७७
२२.	पार्वतीको तपस्या एवं त्यसको प्रभावको वर्णन ...	५८१
२३.	हिमालय आदि तपस्यानिरत पार्वती समक्ष जानु, पार्वतीले पिता हिमालय आदिलाई आफ्नो तपको विषयमा दृढ निश्चयको कुरा बताउनु, पार्वतीको तपको प्रभावले त्रैलोक्य संतप्त हुनु,	

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय	विषय	पृष्ठ-संख्या

सबै देवताहरू भगवान् शंकर समक्ष जानु.... ५८७

२४. पार्वतीका साथ विवाह गर्न भगवान् शिवलाई देवताहरूको अनुरोध, भगवान्ले विवाहको दोष बताएर अस्वीकार गर्नु तथा उनीहरूले पुनः प्रार्थना गरेपछि स्वीकार गर्नु.............. ५९१

२५. भगवान् शंकरको आज्ञाले सप्तर्षिहरूद्वारा पार्वतीको शिवविषयक अनुरागको परीक्षा गर्नु र त्यो वृत्तान्त भगवान् शिवलाई बताएर स्वर्गलोक जानु ५९८

२६. पार्वतीको परीक्षा लिनका लागि भगवान् शिव जटाधारी ब्राह्मणको वेष धारण गरी पार्वतीको समीपमा जानु, शिव-पार्वती-संवाद ६०४

२७. जटाधारी ब्राह्मणद्वारा पार्वती समक्ष शिवको स्वरूपको निन्दा गर्नु ६०८

२८. पार्वतीद्वारा परमेश्वर शिवको महत्ता प्रतिपादित गर्नु र रोषपूर्वक जटाधारी ब्राह्मणलाई झपार्नु, पार्वतीका समक्षमा शिव प्रकट हुनु............ ६११

२९. शिव र पार्वतीको संवाद, विवाहविषयक पार्वतीको अनुरोधलाई शिवद्वारा स्वीकार गर्नु ६१५

३०. पार्वती पिताको घरमा आउनुभएपछि महामहोत्सव हुनु, महादेव नटरूप धारण गरी त्यहाँ उपस्थित हुनु तथा अनेक लीलाहरू देखाउनु, शिवद्वारा पार्वतीको याचना, तर माता-पिताद्वारा अस्वीकार गरिएपछि अन्तर्धान हुनु.......................... ६१९

३१. देवताहरूले भनेपछि शिव ब्राह्मण-वेषमा हिमालयकहाँ जानु र शिवको निन्दा गर्नु ६२३

३२. ब्राह्मण-वेषधारी शिवद्वारा शिवस्वरूपको निन्दा सुनेर मेना कोपभवनमा जानु, शिवद्वारा सप्तर्षिहरूको स्मरण र उनीहरूलाई हिमालयको घरमा पठाउनु, हिमालयको शोभाको वर्णन तथा हिमालयद्वारा सप्तर्षिहरूको स्वागत ६२७

३३. वसिष्ठपत्नी अरुन्धतीद्वारा मेनालाई सम्झाउनु तथा सप्तर्षिद्वारा हिमालयलाई शिवमाहात्म्य बताउनु ६३२

३४. सप्तर्षिद्वारा हिमालयलाई राजा अनरण्यको आख्यान सुनाएर पार्वतीको विवाह शिवसित गरिदिन प्रेरणा दिनु ६३८

३५. धर्मराजद्वारा मुनि पिप्पलादकी भार्या सती पद्माको पतिव्रताको परीक्षा, पद्माद्वारा धर्मराजलाई श्राप दिनु तथा पुनः चारै युगमा श्रापको व्यवस्था गर्नु, पतिव्रताबाट प्रसन्न भई धर्मराजद्वारा पद्मालाई अनेक वर प्रदान गर्नु, महर्षि वसिष्ठद्वारा पद्माको दृष्टान्तद्वारा हिमवान्सित आफ्नी पुत्री शिवलाई सुम्पनको लागि आग्रह ६४१

३६. सप्तर्षिहरूले सम्झाएपछि हिमवान्ले शिवका साथ आफ्नी पुत्रीको विवाहको निश्चय गर्नु, सप्तर्षिहरू शिवकहाँ गएर उहाँलाई सम्पूर्ण वृत्तान्त बताएर आफ्नो धाममा जानु........... ६४६

३७. हिमालयद्वारा विवाहका लागि लग्नपत्रिकाप्रेषण, विवाहका सामग्रीहरूको तयारी तथा अनेक पर्वत एवं नदीहरू दिव्य रूपमा सपरिवार हिमालयको घरमा आगमन ६४९

३८. हिमालयपुरीको सजावट, विश्वकर्माद्वारा दिव्य-मण्डप एवं देवताहरूको निवासका लागि दिव्य-लोकहरूको निर्माण गर्नु................. ६५३

३९. भगवान् शिवले नारदद्वारा सबै देवताहरूलाई निमन्त्रणा दिनु, सबैको आगमन तथा मंगलाचार एवं ग्रहपूजा आदि गरी शिव कैलासबाट बाहिर निस्कनु ६५७

४०. शिव जन्तीको शोभा, जन्ती लिएर भगवान् शिव हिमालयपुरी तर्फ प्रस्थान ६६२

४१. नारदद्वारा हिमालयगृहमा गएर विश्वकर्माद्वारा बनाइएको विवाहमण्डपको दर्शन गरी मोहित हुनु र फर्की आएर त्यस विचित्र रचनाको वर्णन गर्नु ६६६

४२. हिमालयद्वारा प्रेषित मूर्तिमान् पर्वतहरू र ब्राह्मणहरूद्वारा जन्तीको स्वागत, देवता र पर्वतहरूको मिलापको वर्णन ६७१

४३. शिवलाई हेर्नका लागि मेना महलको छतमा जानु, नारदद्वारा सबैको दर्शन गराउनु, शिवद्वारा अद्भुत लीलाको प्रदर्शन, शिवगण तथा शिवको भयंकर वेषलाई देखेर मेना मूर्च्छित हुनु ६७३

४४. शिवको रूपलाई देखेर मेनाको विलाप, पार्वती तथा नारद आदि सबैलाई झपार्नु, शिवका साथ कन्याको विवाह नगर्ने हठ, विष्णुद्वारा मेनालाई सम्झाउनु ६७८

४५. भगवान् शिवले आफ्नो परम सुन्दर दिव्य रूपलाई प्रकट गर्नु, मेनाको प्रसन्नता र क्षमा-प्रार्थना तथा पुरवासिनी स्त्रीहरू शिवको रूपको दर्शन गरी जन्म र जीवनलाई सफल मान्नु . ६८७

४६. नगरमा जन्तीको प्रवेश, द्वाराचार तथा पार्वतीद्वारा कुलदेवताको पूजा ६९१

४७. पाणिग्रहणका लागि हिमालयका घरमा शिव गमनोत्सवको वर्णन........................... ६९४

४८. शिव-पार्वती विवाहको प्रारम्भ, हिमालयद्वारा शिवको गोत्रको विषयमा प्रश्न हुँदा नारदद्वारा उत्तरको रूपमा शिवमाहात्म्य प्रतिपादित गर्नु, हर्षयुक्त हिमालयद्वारा कन्यादान गरी विविध उपहार प्रदान गर्नु.................................. ६९८

४९. अग्निपरिक्रमा गर्दाको समय पार्वतीका गोडाका नङ्लाई देखेर ब्रह्मा मोहग्रस्त हुनु, बालखिल्य-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय	विषय	पृष्ठ-संख्या
	हरूको उत्पत्ति, शिव कुपित हुनु, देवताहरूद्वारा शिवस्तुति	७०३
५०.	शिवा-शिवको विवाहकृत्यसम्पादन पश्चात् देवीहरूको शिवसित मधुर वार्तालाप	७०६
५१.	रतिको अनुरोधमा श्रीशंकरले कामदेवलाई जीवित गराइदिनु, देवताहरूद्वारा शिवस्तुति	७१०
५२.	हिमालयद्वारा सबै जन्तीलाई भोजन गराउनु, शिव विश्वकर्माद्वारा निर्मित वासगृहमा शयन गरी प्रात:काल जनवासमा आगमन	७१४
५३.	चतुर्थीकर्म, जन्ती केही दिनसम्म बस्नु, सप्तर्षिहरूले सम्झाएपछि हिमालय जन्ती विदाई गर्नका लागि राजी हुनु, मेनाले शिवलाई आफ्नी कन्या सुम्पनु तथा जन्ती नगर बाहिर गएर बस्नु	७१८
५४.	मेनाको इच्छानुसार एक ब्राह्मणपत्नीले पार्वतीलाई पतिव्रतधर्मको उपदेश दिनु	७२१
५५.	शिव-पार्वती तथा जन्तीको विदाई, भगवान् शिव समस्त देवताहरूलाई विदा गरी कैलासमा रहनु र शिव-विवाहोपाख्यान श्रवणको महिमा	७२८
	४-कुमारखण्ड	
१.	कैलासमा भगवान् शिव एवं पार्वतीको विहार	७३३
२.	भगवान् शिवको तेजबाट स्कन्दको प्रादुर्भाव र सर्वत्र महान् आनन्दोत्सव हुनु	७३८
३.	महर्षि विश्वामित्रद्वारा बालक स्कन्दको संस्कार सम्पन्न गर्नु, बालक स्कन्दद्वारा क्रौंचपर्वतको भेदन, इन्द्रद्वारा बालकमाथि वज्रप्रहार, शाख-विशाख आदि उत्पन्न हुनु, कार्तिकेय षण्मुख भएर छ कृत्तिकाहरूको दुग्धपान गर्नु	७४५
४.	पार्वतीले भन्नुभएपछि शिवद्वारा देवताहरू तथा कर्मसाक्षी धर्मादिहरूसित कार्तिकेयको विषयमा जिज्ञासा गर्नु र आफ्ना गणहरूलाई कृत्तिकाहरूकहाँ पठाउनु, नन्दिकेश्वर तथा कार्तिकेयको वार्तालाप, कार्तिकेय कैलासका लागि प्रस्थान	७४८
५.	पार्वतीद्वारा पठाइएको रथमा आरूढ भई कार्तिकेयको कैलासगमन, कैलासमा महान् उत्सव हुनु, कार्तिकेयको महाभिषेक तथा देवताहरूद्वारा विविध अस्त्र-शस्त्र तथा रत्नाभूषण प्रदान गर्नु, कार्तिकेयले ब्रह्माण्डको अधिपतित्व प्राप्त गर्नु	७५४
६.	कुमार कार्तिकेयको ऐश्वर्यमयी बाललीला	७६०
७.	तारकासुरसित सम्बद्ध देवासुर-संग्राम	७६३
८.	देवराज इन्द्र, विष्णु तथा वीरक आदिका साथ तारकासुरको युद्ध	७६७
९.	ब्रह्माले कार्तिकेयलाई तारकको वधका लागि प्रेरित गर्नु, तारकासुरद्वारा विष्णु तथा इन्द्रको भर्त्सना, पुन: इन्द्रादिका साथ तारकासुरको युद्ध	७७१
१०.	कुमार कार्तिकेय र तारकासुरको भीषण संग्राम, कार्तिकेयद्वारा तारकासुरको वध, देवताहरूद्वारा दैत्य-सेनामाथि विजय प्राप्त गर्नु, सर्वत्र विजयोल्लास, देवताहरूद्वारा शिवा-शिव तथा कुमारको स्तुति	७७६
११.	कार्तिकेयद्वारा बाण तथा प्रलम्ब आदि असुरको वध, कार्तिकेयचरित्र-श्रवणको माहात्म्य	७८०
१२.	विष्णु आदि देवताहरू तथा पर्वतद्वारा कार्तिकेयको स्तुति र वरप्राप्ति, देवताहरूका साथ कुमारको कैलासगमन, कुमारलाई देखेर शिव-पार्वती आनन्दित हुनु, देवताहरूद्वारा शिवस्तुति	७८३
१३.	गणेशोत्पत्तिको आख्यान, पार्वतीले आफ्नू पुत्र गणेशलाई आफ्नो द्वारमा नियुक्त गर्नु, शिव र गणेशको वार्तालाप	७८७
१४.	द्वाररक्षक गणेश तथा शिवगणको परस्पर विवाद	७९०
१५.	गणेश तथा शिवगणको भयंकर युद्ध, पार्वतीद्वारा दुई शक्तिको प्राकट्य, शक्तिहरूको अद्भुत पराक्रम र शिव कुपित हुनु	७९६
१६.	विष्णु तथा गणेशको युद्ध, शिवले त्रिशूलद्वारा गणेशको शिर काटिदिनु	८०१
१७.	पुत्रको वधबाट कुपित जगदम्बाले अनेक शक्तिलाई उत्पन्न गर्नु र उहाँद्वारा प्रलय मच्चाउनु, देवता र ऋषिहरूले स्तवनद्वारा पार्वतीलाई प्रसन्न पार्नु, शिवको आज्ञानुसार हात्तीको शिर ल्याउनु र त्यसलाई गणेशको शरीरमा जोडेर उनलाई जीवित पार्नु	८०४
१८.	पार्वतीद्वारा गणेशलाई वरदान, देवहरूद्वारा उनलाई अग्रपूज्य मान्नु, शिवद्वारा गणेशलाई सर्वाध्यक्षपद प्रदान गर्नु, गणेशचतुर्थीव्रतविधान तथा त्यसको माहात्म्य, देवताहरूको स्वलोक-गमन	८०९
१९.	स्वामिकार्तिकेय र गणेशको बाल-लीला, विवाहको विषयमा दुवैको परस्पर विवाद, शिवद्वारा पृथ्वी-परिक्रमाको आदेश, कार्तिकेयको प्रस्थान, बुद्धिमान् गणेशद्वारा पृथ्वीरूपी माता-पिताको परिक्रमा र प्रसन्न शिवा-शिवद्वारा पहिला गणेशलाई विवाह गर्न स्वीकृति	८१५
२०.	प्रजापति विश्वरूपकी सिद्धि तथा बुद्धि नामक दुई कन्याहरूका साथ गणेशको विवाह तथा उनीहरूबाट 'क्षेम' तथा 'लाभ' नामक दुई पुत्रको उत्पत्ति, कुमार कार्तिकेय पृथ्वीको परिक्रमा गरी फर्कनु र क्षुब्ध भएर क्रौंचपर्वतमा जानु, कुमारखण्ड श्रवणको महिमा	८१९

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय	विषय	पृष्ठ-संख्या
	५-युद्धखण्ड	
१.	तारकासुरको पुत्र तारकाक्ष, विद्युन्माली एवं कमलाक्षको तपस्याबाट प्रसन्न ब्रह्माद्वारा उनीहरूलाई वर प्रदान, तीनवटै पुरको शोभाको वर्णन	८२३
२.	तारकपुत्रहरूबाट पीडित देवताहरू ब्रह्माकहाँ जानु र उहाँको परामर्शअनुसार असुर-वधका लागि भगवान् शंकरको स्तुति गर्नु	८२९
३.	त्रिपुर विनाशका लागि देवताहरूले विष्णुसित निवेदन गर्नु, विष्णुद्वारा त्रिपुरविनाशका लागि यज्ञकुण्डबाट भूतसमुदायलाई प्रकट गर्नु, त्रिपुरको डरले भूतहरू पलायन हुनु, पुनः विष्णुद्वारा देवकार्य सिद्धिका लागि उपाय सोच्नु.........	८३४
४.	त्रिपुरवासी दैत्यहरूलाई मोहित गर्नका लागि भगवान् विष्णुद्वारा एउटा मुनिरूप पुरुषको उत्पत्ति, उसको सहायताका लागि नारदको त्रिपुर गमन, त्रिपुराधिपले दीक्षा ग्रहण गर्नु..........	८३८
५.	मायावी यतिद्वारा आफ्नो धर्मको उपदेश, त्रिपुरवासीहरूले त्यसलाई स्वीकार गर्नु, वेदधर्म नष्ट हुन जानाले त्रिपुरमा अधर्माचरणको प्रवृत्ति.	८४३
६.	त्रिपुरध्वंसका लागि देवताहरूद्वारा भगवान् शिवको स्तुति	८४८
७.	भगवान् शिवको प्रसन्नताका लागि देवताहरूद्वारा मन्त्र-जप, शिवको प्राकट्य तथा त्रिपुरविनाशका लागि दिव्य रथ आदि निर्माणका लागि विष्णुसित आग्रह	८५२
८.	विश्वकर्माद्वारा निर्मित सर्वदेवमय दिव्य रथको वर्णन	८५६
९.	ब्रह्मालाई सारथी बनाएर भगवान् शंकर दिव्य रथमा आरूढ भई आफ्ना गण तथा देवसेनाका साथ त्रिपुर-वधका लागि प्रस्थान, शिवको पशुपति नाम पर्नुको कारण	८५९
१०.	भगवान् शिवले त्रिपुरमाथि सन्धान गर्नु, गणेशले विघ्न उपस्थित गर्नु, आकाशवाणीद्वारा बोधित भएपछि शिवद्वारा विघ्ननाशक गणेशको पूजा, अभिजित् मुहूर्तमा तीनवटै पुर एकत्र हुनु र बाणाग्निद्वारा शिवले सम्पूर्ण त्रिपुरलाई भस्म गर्नु, मयदानव बच्नु	८६२
११.	त्रिपुरदाह पश्चात् भगवान् शिवको रौद्ररूपबाट भयभीत देवताहरूद्वारा उहाँको स्तुति र उहाँबाट भक्तिको वरदान प्राप्त गर्नु......................	८६६
१२.	त्रिपुरदाह पश्चात् शिवभक्त मयदानव भगवान् शिवको शरणमा आउनु, शिवद्वारा उसलाई आफ्नो भक्ति प्रदान गरी वितललोकमा निवास गर्न आज्ञा दिनु, देवकार्य सम्पन्न गरी शिव आफ्नो लोकमा जानु	८६९
१३.	बृहस्पति तथा इन्द्र शिवदर्शनका निम्ति कैलास तर्फ प्रस्थान, सर्वज्ञ शिवले उनीहरूको परीक्षा लिनका लागि दिगम्बर जटाधारी रूप धारण गरी मार्ग रोक्नु, क्रुद्ध इन्द्रद्वारा उहाँमाथि वज्रप्रहारको चेष्टा, शंकरद्वारा उनका भुजालाई स्तम्भित गरिदिनु, बृहस्पतिद्वारा उहाँको स्तुति, शिव प्रसन्न हुनु र आफ्ना नेत्राग्निलाई क्षार-समुद्रमा फ्याँकिदिनु	८७२
१४.	क्षारसमुद्रमा प्रक्षिप्त भगवान् शंकरको नेत्राग्निबाट समुद्रको पुत्र-रूपमा जलन्धरको प्राकट्य, कालनेमिकी पुत्री वृन्दाका साथ उसको विवाह	८७७
१५.	राहुको शिरश्छेद तथा समुद्रमन्थनको समयमा देवताहरूको छललाई जानेर जलन्धरद्वारा क्रुद्ध भई स्वर्गमाथि आक्रमण, इन्द्रादि देवताहरूको पराजय, अमरावतीमाथि जलन्धरको आधिपत्य, भयभीत देवताहरू सुमेरुको गुफामा लुक्नु....	८८०
१६.	जलन्धरबाट भयभीत देवताहरू विष्णुका समीपमा गएर स्तुति गर्नु, विष्णुसहित देवताहरूको जलन्धरको सेनाका साथ भयंकर युद्ध	८८६
१७.	विष्णु र जलन्धरको युद्धमा जलन्धरको पराक्रमबाट सन्तुष्ट विष्णु देवता एवं लक्ष्मीसहित त्यसको नगरमा निवास गर्नु	८८९
१८.	जलन्धरको आधिपत्यमा रहने दुःखी देवताहरूद्वारा शंकरको स्तुति, शंकरले देवर्षि नारदलाई जलन्धर समक्ष पठाउनु, त्यहाँ देवहरूलाई आश्वस्त पारी नारद जलन्धरको सभामा जानु, त्यसको ऐश्वर्यलाई देख्नु तथा पार्वतीको सौन्दर्यको वर्णन गरी उहाँलाई प्राप्त गर्नका लागि जलन्धरलाई परामर्श दिनु	८९३
१९.	पार्वतीलाई प्राप्त गर्नका लागि जलन्धरले शंकर समक्ष दूत पठाउनु, त्यसको वचनबाट उत्पन्न क्रोधले शम्भुको भ्रुकुटाको बिचबाट एउटा भयंकर पुरुषको उत्पत्ति, त्यसबाट भयभीत जलन्धरको दूतको पलायन, त्यो पुरुष कीर्तिमुख नामले शिवगणमा प्रतिष्ठित हुनु तथा शिवद्वारमा स्थित रहनु..	८९७
२०.	दूतद्वारा कैलासको वृत्तान्त जानेर जलन्धरले आफ्नो सेनालाई युद्धको आदेश दिनु, भयभीत देवताहरू शिवको शरणमा जानु, शिवगण तथा जलन्धरको सेनाको युद्ध, शिवद्वारा कृत्यालाई उत्पन्न गर्नु, कृत्याले शुक्राचार्यलाई लुकाइदिनु........	९०२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय	विषय	पृष्ठ-संख्या
२१.	नन्दी, गणेश, कार्तिकेय आदि शिवगणको कालनेमि, शुम्भ तथा निशुम्भका साथ घोर संग्राम, वीरभद्र तथा जलन्धरको युद्ध, भयाकुल शिवगणले शिवलाई सारा वृत्तान्त बताउनु	९०७
२२.	श्रीशिव र जलन्धरको युद्ध, जलन्धरद्वारा गान्धर्वी मायाले शिवलाई मोहित गरी तत्कालै पार्वती समक्ष पुग्नु, त्यसको मायालाई जानेर पार्वती अदृश्य हुनु र भगवान् विष्णुलाई जलन्धरपत्नी वृन्दाकहाँ जानका लागि आग्रह	९११
२३.	विष्णुद्वारा माया उत्पन्न गरी वृन्दालाई सपनाको माध्यमद्वारा मोहित गर्नु र स्वयं जलन्धरको रूप धारण गरी वृन्दाको पतिव्रता हरण गर्नु, वृन्दाद्वारा विष्णुलाई श्राप दिनु तथा वृन्दाको तेज पार्वतीमा विलीन हुनु	९१५
२४.	दैत्यराज जलन्धर तथा भगवान् शिवको घोर संग्राम, भगवान् शिवद्वारा चक्रले जलन्धरको शिरश्छेदन, जलन्धरको तेज शिवमा प्रविष्ट हुनु, जलन्धर-वधबाट जगत्मा सर्वत्र शान्तिको विस्तार.....	९२०
२५.	जलन्धरवधबाट प्रसन्न देवताहरूद्वारा भगवान् शिवको स्तुति	९२५
२६.	विष्णुको मोहभंगका लागि शंकरको प्रेरणाले देवहरूद्वारा मूलप्रकृतिको स्तुति, मूलप्रकृतिद्वारा आकाशवाणीको रूपमा देवताहरूलाई आश्वासन, देवताहरूद्वारा त्रिगुणात्मिका देवीहरूको स्तवन, विष्णुको मोहनाश, धात्री (अमला), मालती तथा तुलसी उत्पत्तिको आख्यान	९२८
२७.	शंखचूड उत्पत्तिको कथा........................	९३३
२८.	शंखचूडको पुष्कर-क्षेत्रमा तपस्या, ब्रह्माद्वारा त्यसलाई वर प्राप्ति, ब्रह्माको प्रेरणाले शंखचूडको तुलसीसित विवाह	९३६
२९.	शंखचूडको राज्यपदमा अभिषेक, देवतामाथि त्यसको विजय, दुखी देवताहरू-ब्रह्माका साथ वैकुण्ठगमन, विष्णुद्वारा शंखचूडको पूर्वजन्मको वृत्तान्त बताउनु र विष्णु तथा ब्रह्माको शिवलोक गमन	९४०
३०.	ब्रह्मा तथा विष्णु शिवलोक पुग्नु, शिवलोक तथा शिवसभाको शोभाको वर्णन, शिवसभाको बिच उहाँहरूलाई अम्बासहित भगवान् शिवको दिव्य-स्वरूपको दर्शन र शंखचूडद्वारा प्राप्त कष्टबाट मुक्तिका लागि प्रार्थना	९४५
३१.	शिवद्वारा ब्रह्मा-विष्णुलाई शंखचूडको पूर्व वृत्तान्त बताउनु र देवताहरूलाई शंखचूडवधको आश्वासन दिनु..	९४८
३२.	भगवान् शिवद्वारा शंखचूडलाई सम्झाउनका लागि गन्धर्वराज चित्ररथ (पुष्पदन्त)-लाई दूतको रूपमा पठाउनु, शंखचूडद्वारा सन्देशको अवहेलना र युद्ध गर्ने आफ्नो निश्चय बताउनु, पुष्पदन्त फर्कि आएर सारा वृत्तान्त शिवलाई निवेदन गर्नु	९५२
३३.	शंखचूडसित युद्धका लागि आफ्ना गणहरूका साथ भगवान् शिवको प्रस्थान	९५५
३४.	तुलसीसित विदा लिएर शंखचूड युद्धका लागि ससैन्य पुष्पभद्रा नदीको तटमा पुग्नु	९५८
३५.	शंखचूडले आफ्नो एक बुद्धिमान् दूतलाई शंकरकहाँ पठाउनु, दूत तथा शिवको वार्ता, शंकरको सन्देश लिएर दूत फर्किएर शंखचूड समक्ष आउनु...	९६०
३६.	शंखचूडको उद्देश्य गरी देवताहरूको दानवहरूका साथ महासंग्राम..................................	९६४
३७.	शंखचूडसँग कार्तिकेय आदि महावीरको युद्ध	९६७
३८.	श्रीकालीको शंखचूडका साथ महान् युद्ध, आकाशवाणी सुनेर कालीले शिव समक्ष आएर युद्धको वृत्तान्त बताउनु	९७०
३९.	शिव र शंखचूडको महाभयंकर युद्धमा शंखचूडका सैनिकहरूको संहारको वर्णन....................	९७३
४०.	शिव र शंखचूडको युद्ध, आकाशवाणीद्वारा शंकरलाई युद्धबाट विरत गर्नु, विष्णुले ब्राह्मणरूप धारण गरी शंखचूडको कवच माग्नु, कवचहीन शंखचूडको भगवान् शिवद्वारा वध, सर्वत्र हर्षोल्लास	९७७
४१.	शंखचूडको रूप धारण गरी भगवान् विष्णुद्वारा तुलसीको शील हरण, तुलसीद्वारा विष्णुलाई पाषाण हुने श्राप दिनु, शंकरद्वारा तुलसीलाई सान्त्वना, शंख, तुलसी, गण्डकी एवं शालग्रामको उत्पत्ति तथा माहात्म्यको कथा.................	९८०
४२.	अन्धकासुर उत्पत्तिको कथा, शिवको वरदानले हिरण्याक्षद्वारा अन्धकलाई पुत्ररूपमा प्राप्त गर्नु, हिरण्याक्षद्वारा पृथ्वीलाई पाताललोकमा लिएर जानु, भगवान् विष्णुद्वारा वाराहरूप धारण गरी हिरण्याक्षको वध गरेर पृथ्वीलाई यथास्थानमा स्थापित गर्नु	९८६
४३.	हिरण्यकशिपुको तपस्या, ब्रह्माबाट वरदान पाएर त्यसको अत्याचार, भगवान् नृसिंहद्वारा त्यसको वध र प्रह्लादलाई राज्यप्राप्ति....................	९९१
४४.	अन्धकासुरको तपस्या, ब्रह्माद्वारा त्यसलाई अनेक वरको प्राप्ति, त्रिलोकलाई जितेर त्यो स्वेच्छाचारमा प्रवृत्त हुनु, मन्त्रीहरूद्वारा पार्वतीको सौन्दर्य सुनेर मुग्ध हुनु, शिवकहाँ सन्देश पठाउनु र शिवको उत्तर सुनेर क्रुद्ध भई युद्धका लागि उद्योग गर्नु....	९९६
४५.	अन्धकासुरको शिवका सेनासित युद्ध	१००४
४६.	भगवान् शिव र अन्धकासुरको युद्ध, अन्धकको मायाले त्यसको रगतबाट अनेकौँ अन्धकगणको उत्पत्ति, शिवको प्रेरणाले विष्णुले कालीरूप धारण गरी दानवहरूको रक्तपान गर्नु, शिवद्वारा अन्धकलाई	

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अध्याय	विषय	पृष्ठ-संख्या
	आफ्नो त्रिशूलमा झुन्ड्याउनु, अन्धकको स्तुतिले प्रसन्न भई शिवले त्यसलाई गाणपत्य पद प्रदान गर्नु	१०१०
४७.	शुक्राचार्यद्वारा युद्धमा मरेका दैत्यहरूलाई संजीवनी-विद्याले जीवित पार्नु, दैत्यहरूको युद्धका लागि पुनः उद्योग, नन्दीश्वरद्वारा शिवलाई यो वृत्तान्त बताउनु, शिवको आज्ञाले नन्दीले युद्धस्थलबाट शुक्राचार्यलाई शिव समक्ष लैजानु, शिवले शुक्राचार्यलाई निल्नु	१०१६
४८.	शुक्राचार्यको अनुपस्थितिले अन्धकादि दैत्यहरू दुःखी हुनु, शिवको उदरमा शुक्राचार्यले सबै लोक तथा अन्धकासुरको युद्धलाई देख्नु र फेरि शिवको शुक्ररूपमा बाहिर निस्कनु, शिव-पार्वतीले उनलाई पुत्ररूपमा स्वीकार गरी विदा गर्नु ...	१०२१
४९.	शुक्राचार्यद्वारा शिवको उदरमा जपिएका मन्त्रको वर्णन, अन्धकद्वारा भगवान् शिवको नामरूपी स्तुति-प्रार्थना, भगवान् शिवद्वारा अन्धकासुरलाई जीवनदानपूर्वक गणपत्य पद प्रदान गर्नु	१०२५
५०.	शुक्राचार्यले काशीमा शुक्रेश्वर लिंगको स्थापना गरी उहाँको आराधना गर्नु, मूर्त्यष्टक स्तोत्रद्वारा स्तवन, शिव प्रसन्न भएर उनलाई मृतसंजीवनी-विद्या प्रदान गर्नु र ग्रहहरूको बिच प्रतिष्ठित गर्नु	१०२९
५१.	प्रह्लादको वंशपरम्परामा बलिपुत्र बाणासुर उत्पत्तिको कथा, शिवभक्त बाणासुरले ताण्डव नृत्य प्रदर्शनद्वारा शंकरलाई प्रसन्न पार्नु, वरदानको रूपमा शंकर बाणासुरको नगरमा निवास गर्नु, शिव-पार्वतीको विहार, पार्वतीद्वारा बाणपुत्री ऊषालाई वरदान	१०३४
५२.	अभिमानी बाणासुरद्वारा भगवान् शिवसित युद्धको याचना, बाणपुत्री ऊषाको रात्रिको समय सपनामा अनिरुद्धका साथ मिलन, चित्रलेखाद्वारा योगबलले द्वारकाबाट अनिरुद्धको अपहरण, अन्तःपुरमा अनिरुद्ध र ऊषाको मिलन तथा द्वारपालले यो समाचार बाणासुरलाई बताउनु	१०३९
५३.	आफ्ना सेनाका साथ क्रुद्ध बाणासुरको अनिरुद्धमाथि आक्रमण र उनलाई नागपाशमा बाँध्नु, दुर्गाको स्तवनद्वारा अनिरुद्ध बन्धनमुक्त हुनु	१०४४
५४.	नारदद्वारा अनिरुद्धको बन्धनको समाचार पाएर श्रीकृष्णको शोणितपुरमाथि आक्रमण, शिवसँग उहाँको घोर युद्ध, शिवको आज्ञाले श्रीकृष्णले उहाँलाई जृम्भणास्त्रबाट मोहित गरी बाणासुरको सेनाको संहार गर्नु	१०४८
५५.	भगवान् कृष्ण तथा बाणासुरको संग्राम, श्रीकृष्णद्वारा बाणका हातहरू काट्नु, शिर काट्नका लागि उद्यत हुनुभएका श्रीकृष्णलाई शिवले रोक्नु र उहाँलाई सम्झाउनु, बाणको गर्वापहरण, श्रीकृष्ण र बाणासुरको मित्रता, ऊषा-अनिरुद्धलाई लिएर श्रीकृष्ण द्वारका जानु	१०५३
५६.	बाणासुरले ताण्डवनृत्यद्वारा भगवान् शिवलाई प्रसन्न पार्नु, शिवद्वारा अनेक मनोऽभिलषित वरदानहरू प्रदान, बाणासुरकृत शिवस्तुति	१०५८
५७.	महिषासुरको पुत्र गजासुरको तपस्या तथा ब्रह्माद्वारा वरप्राप्ति, उन्मत्त गजासुरद्वारा अत्याचार, त्यसको काशीमा आगमन, देवताहरूद्वारा भगवान् शिवसित त्यसको वधको प्रार्थना, शिवद्वारा त्यसको वध र त्यसको प्रार्थनाले गजासुरको चर्म धारण गरी 'कृत्तिवासा' नामले विख्यात हुनु एवं कृत्तिवासेश्वर लिंगको स्थापना गर्नु	१०६०
५८.	काशीको व्याघ्रेश्वर लिंग-माहात्म्यको सन्दर्भमा दैत्य दुन्दुभिनिर्ह्रादको वधको कथा	१०६५
५९.	काशीको कन्दुकेश्वर शिवलिंगको प्रादुर्भावमा पार्वतीद्वारा विदल एवं उत्पल दैत्य वधको कथा, रुद्रसंहिताको उपसंहार तथा यसको माहात्म्य	१०६९

श्रीशिवमहापुराणनवाहपारायणक्रमः

दिवसाः	विश्रामस्थलानि	अध्याययोगसंख्या
प्रथमेऽहनि	रुद्रसंहितायाः सतीखण्डस्य सप्तमाध्यायपर्यन्तम्	५९
द्वितीयेऽहनि	रुद्रसंहितायाः पार्वतीखण्डस्य पञ्चदशाध्यायपर्यन्तम्	५१
तृतीयेऽहनि	रुद्रसंहितायाः कुमारखण्डस्य दशमाध्यायपर्यन्तम्	५०
चतुर्थेऽहनि	रुद्रसंहितायाः युद्धखण्डस्य एकचत्वारिंशदध्यायपर्यन्तम्	५१
पञ्चमेऽहनि	शतरुद्रसंहितायाः त्रयस्त्रिंशदध्यायपर्यन्तम्	५१
षष्ठेऽहनि	कोटिरुद्रसंहितायाः त्रिचत्वारिंशदध्यायपर्यन्तम्	५२
सप्तमेऽहनि	सम्पूर्णा उमासंहिता	५१
अष्टमेऽहनि	वायवीयसंहितायाः पूर्वखण्डस्य अष्टाविंशाध्यायपर्यन्तम्	५१
नवमेऽहनि	अवशिष्टा वायवीयसंहिता	४८
		४६४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

॥ ॐ श्रीसाम्बशिवाय नमः॥ ॥ ॐ श्रीगणेशाय नमः॥

श्रीशिवमहापुराणम्

माहात्म्य

अथ प्रथमोऽध्यायः

शौनकले साधनविषयक प्रश्न गरेपछि सूतजीले उनलाई शिवमहापुराणको महिमा सुनाउनु

शौनक उवाच

हे हे सूत महाप्राज्ञ सर्वसिद्धान्तवित् प्रभो।
आख्याहि मे कथासारं पुराणानां विशेषतः॥ १

सदाचारश्च सद्भक्तिर्विवेको वर्धते कथम्।
स्वविकारनिरासश्च सज्जनैः क्रियते कथम्॥ २

जीवाश्चासुरतां प्राप्ताः प्रायो घोरे कलाविह।
तस्य संशोधने किं हि विद्यते परमायनम्॥ ३

यदस्ति वस्तु परमं श्रेयसां श्रेय उत्तमम्।
पावनं पावनानां च साधनं तद्वदाधुना॥ ४

येन तत्साधनेनाशु शुध्यत्यात्मा विशेषतः।
शिवप्राप्तिर्भवेत्तात सदा निर्मलचेतसः॥ ५

सूत उवाच

धन्यस्त्वं मुनिशार्दूल श्रवणप्रीतिलालसः।
अतो विचार्य सुधिया वच्मि शास्त्रं महोत्तमम्॥ ६

सर्वसिद्धान्तनिष्पन्नं भक्त्यादिकविवर्धनम्।
शिवतोषकरं दिव्यं शृणु वत्स रसायनम्॥ ७

कालव्यालमहात्रासविध्वंसकरमुत्तमम् ।
शैवं पुराणं परमं शिवेनोक्तं पुरा मुने॥ ८

श्रीशौनक भन्नुहुन्छ—हे महाज्ञानी सूतजी! सम्पूर्ण सिद्धान्तहरूका ज्ञाता हे प्रभु! मसित पुराणहरूका कथाहरूको सारतत्त्व विशेषरूपले वर्णन गर्नुहोस्॥ १॥

सदाचार, भगवद्भक्ति र विवेकको वृद्धि कसरी हुन्छ तथा साधुपुरुष कसरी आफ्ना काम-क्रोध आदि मानसिक विकारको निवारण गर्दछन्?॥ २॥

यस घोर कलियुगमा जीव प्रायः आसुरी स्वभावका भएका छन्, ती जीवसमुदायलाई शुद्ध (दैवी सम्पत्तिबाट युक्त) बनाउनका लागि सर्वश्रेष्ठ उपाय के छ?॥ ३॥

तपाईं यस समय मलाई यस्तो कुनै शाश्वत् साधन बताउनुहोस्, जुन कल्याणकारी वस्तुहरूमा पनि सबैभन्दा उत्कृष्ट एवं परम मङ्गलकारी होस् तथा पवित्र पार्ने उपायहरूमा पनि सर्वोत्तम पवित्रकारक उपाय होस्॥ ४॥

तात! त्यो साधन यस्तो होस्, जसको अनुष्ठानले चाँडै अन्तःकरणको विशेष शुद्धि होस् तथा त्यसबाट निर्मल चित्त भएका पुरुषलाई सदाका लागि शिवको प्राप्ति होस्॥ ५॥

सूत भन्नुहुन्छ—मुनिश्रेष्ठ शौनकजी! तपाईं धन्य हुनुहुन्छ; तपाईंका हृदयमा पुराण-कथा सुन्ने विशेष प्रेम एवं लालसा छ, यसैले म शुद्ध बुद्धिले विचार गरी परम उत्तम शास्त्रको वर्णन गर्दछु॥ ६॥

वत्स! सम्पूर्ण शास्त्रहरूको सिद्धान्तले सम्पन्न, भक्ति आदिलाई बढाउने, भगवान् शिवलाई सन्तुष्ट गराउने तथा कानहरूका लागि रसायनस्वरूप दिव्य पुराणको श्रवण गर्नुहोस्॥ ७॥

यो उत्तम शिवपुराण कालरूपी सर्पबाट प्राप्त हुने महान् त्रास विनाश गर्नेवाला छ। हे मुनि! पूर्वकालमा शिवले यसलाई भन्नुभएको थियो। गुरुदेव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सनत्कुमारस्य मुनेरुपदेशात् परादरात्।
व्यासेनोक्तं तु संक्षेपात् कलिजानां हिताय च॥ ९

व्यासले सनत्कुमार मुनिको उपदेश पाएर कलियुगका प्राणीहरूको कल्याणका लागि अत्यन्त आदरले संक्षेपमा यस पुराणको प्रतिपादन गर्नुभएको छ॥ ८-९॥

एतस्मादपरं किञ्चित्पुराणाच्छैवतो मुने।
न विद्यते मनःशुद्ध्यै कलिजानां विशेषतः॥ १०

हे मुनि! विशेष रूपले कलियुगका प्राणीहरूको चित्तशुद्धिका लागि यस शिवपुराणका अतिरिक्त अरू कुनै साधन छैन॥ १०॥

जन्मान्तरे भवेत् पुण्यं महद्यस्य सुधीमतः।
तस्य प्रीतिर्भवेत्तत्र महाभाग्यवतो मुने॥ ११

हे मुनि! जुन बुद्धिमान् मनुष्यको पूर्वजन्मको ठुलो पुण्य उदय हुन्छ, त्यसै महाभाग्यशाली व्यक्तिलाई यस पुराणमा प्रीति हुन्छ॥ ११॥

एतच्छिवपुराणं हि परमं शास्त्रमुत्तमम्।
शिवरूपं क्षितौ ज्ञेयं सेवनीयं च सर्वथा॥ १२

यो शिवपुराण परम उत्तम शास्त्र हो। यसलाई यस भूतलमा भगवान् शिवको वाङ्मय स्वरूप सम्झनु पर्छ र सबै प्रकारले यसको सेवन गर्नुपर्छ॥ १२॥

पठनाच्छ्रवणादस्य भक्तिमान्नरसत्तमः।
सद्यः शिवपदप्राप्तिं लभते सर्वसाधनात्॥ १३

तस्मात् सर्वप्रयत्नेन काङ्क्षितं पठनं नृभिः।
तथास्य श्रवणं प्रेम्णा सर्वकामफलप्रदम्॥ १४

यसको पठन र श्रवणले शिवभक्ति पाएर श्रेष्ठतम स्थितिमा पुगेका मनुष्यले चाँडै शिवपदलाई प्राप्त गर्दछ। यसैले सम्पूर्ण यत्न गरी मनुष्यहरूले यस पुराणको अध्ययनलाई आवश्यक साधन मानेका छन् र यसको प्रेमपूर्वक श्रवण पनि सम्पूर्ण वाञ्छित फलहरू दिनेवाला छ॥ १३-१४॥

पुराणश्रवणाच्छम्भोर्निष्पापो जायते नरः।
भुक्त्वा भोगान् सुविपुलान् शिवलोकमवाप्नुयात्॥ १५

भगवान् शिवको यस पुराणलाई सुन्नाले मनुष्य सबै पापहरूबाट मुक्त हुन जान्छ तथा ठुला-ठुला उत्कृष्ट भोगहरूको उपभोग गरी [अन्तमा] शिवलोक प्राप्त गर्दछ॥ १५॥

राजसूयेन यत्पुण्यमग्निष्टोमशतेन च।
तत् पुण्यं लभते शम्भोः कथाश्रवणमात्रतः॥ १६

राजसूययज्ञ र हजारौँ अग्निष्टोमयज्ञहरूबाट जुन पुण्य प्राप्त हुन्छ, त्यो भगवान् शिवको कथा सुन्नाले मात्र प्राप्त हुन जान्छ॥ १६॥

ये शृण्वन्ति मुने शैवं पुराणं शास्त्रमुत्तमम्।
ते मनुष्या न मन्तव्या रुद्रा एव न संशयः॥ १७

हे मुनि! जो व्यक्ति यस श्रेष्ठ शास्त्र शिवपुराणको श्रवण गर्दछन्, उनीहरूलाई मनुष्य सम्झनुहुन्न; ती रुद्रस्वरूप नै हुन्; यसमा सन्देह छैन॥ १७॥

शृण्वतां तत् पुराणं हि तथा कीर्तयतां च तत्।
पादाम्बुजरजांस्येव तीर्थानि मुनयो विदुः॥ १८

यस पुराणको श्रवण र कीर्तन गर्नेहरूको चरण-कमलको धुलोलाई मुनिगण तीर्थ नै सम्झन्छन्॥ १८॥

गन्तुं निःश्रेयसं स्थानं येऽभिवाञ्छन्ति देहिनः।
शैवं पुराणममलं भक्त्या शृण्वन्तु ते सदा॥ १९

जो प्राणी परमपदलाई प्राप्त गर्न चाहन्छन्, उनीहरूले सदा भक्तिपूर्वक यस निर्मल शिवपुराणको श्रवण गर्नुपर्छ॥ १९॥

सदा श्रोतुं यद्यशक्तो भवेत् स मुनिसत्तम।
नियतात्मा प्रतिदिनं शृणुयाद्वा मुहूर्तकम्॥ २०

यदि प्रतिदिनं श्रोतुमशक्तो मानवो भवेत्।
पुण्यमासादिषु मुने शृणुयाच्छिवपुराणकम्॥ २१

हे मुनिश्रेष्ठ! यदि मनुष्य सदा यसलाई सुन्नमा समर्थ छैन भने उसले प्रतिदिन स्थिर चित्तले एक मुहूर्त भए पनि यसलाई सुन्नुपर्दछ। हे मुनि! यदि मनुष्य प्रतिदिन सुन्नमा पनि अशक्त छ भने उसले कुनै पवित्र महिनामा यस शिवपुराणको श्रवण गर्नुपर्छ॥ २०-२१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुहूर्तं वा तदर्धं वा तदर्धं वा क्षणं च वा।
ये शृण्वन्ति पुराणं तन्न तेषां दुर्गतिर्भवेत्॥ २२

तत्पुराणं च शृण्वानः पुरुषो यो मुनीश्वर।
स निस्तरति संसारं दग्ध्वा कर्ममहाटवीम्॥ २३

यत्पुण्यं सर्वदानेषु सर्वयज्ञेषु वा मुने।
शम्भोः पुराणश्रवणात्तत्फलं निश्चलं भवेत्॥ २४

विशेषतः कलौ शैवपुराणश्रवणादृते।
परो धर्मो न पुंसां हि मुक्तिसाधनकृन्मुने॥ २५

पुराणश्रवणं शम्भोर्नामसङ्कीर्तनं तथा।
कल्पद्रुमफलं सम्यङ् मनुष्याणां न संशयः॥ २६

कलौ दुर्मेधसां पुंसां धर्माचारोज्झितात्मनाम्।
हिताय विदधे शम्भुः पुराणाख्यं सुधारसम्॥ २७

एकोऽजरामरः स्याद्वै पिबन्नेवामृतं पुमान्।
शम्भोः कथामृतं कुर्यात् कुलमेवाजरामरम्॥ २८

सदा सेव्या सदा सेव्या सदा सेव्या विशेषतः।
एतच्छिवपुराणस्य कथा परमपावनी॥ २९
एतच्छिवपुराणस्य कथाश्रवणमात्रतः।
किं ब्रवीमि फलं तस्य शिवश्चित्तं समाश्रयेत्॥ ३०

चतुर्विंशतिसाहस्रो ग्रन्थोऽयं सप्तसंहितः।
भक्तित्रिकसुसम्पूर्णः शृणुयात्तं परादरात्॥ ३१

विद्येश्वरसंहिताद्या द्वितीया रुद्रसंहिता।
तृतीया शतरुद्राख्या कोटिरुद्रा चतुर्थिका॥ ३२

पञ्चम्युमासंहितोक्ता षष्ठी कैलाससंहिता।
सप्तमी वायवीयाख्या सप्तैवं संहिता इह॥ ३३

जो मानिस एक मुहूर्त, त्यसको आधा, त्यसको पनि आधा अथवा क्षणमात्र पनि यस पुराणको श्रवण गर्दछन्, तिनको दुर्गति हुँदैन॥ २२॥

हे मुनीश्वर! जो पुरुष यस शिवपुराणको कथालाई सुन्दछ, त्यो सुन्नेवाला पुरुष कर्मरूपी महावनलाई जलाएर संसारबाट पार हुन जान्छ॥ २३॥

हे मुनि! सबै दानहरू र सबै यज्ञहरूबाट जुन पुण्य मिल्दछ, त्यो फल भगवान् शिवको यस पुराणलाई सुन्नाले निश्चल हुन जान्छ॥ २४॥

हे मुनि! विशेष गरी यस कलिकालमा त शिवपुराणको श्रवणको अतिरिक्त मनुष्यहरूका लागि मुक्तिदायक अरू कुनै श्रेष्ठ साधन छैन॥ २५॥

शिवपुराणको श्रवण र भगवान् शंकर नामको सङ्कीर्तन—दुवै मनुष्यहरूलाई कल्पवृक्षसमान सम्यक् फल दिनेवाला छन्, यसमा सन्देह छैन॥ २६॥

कलियुगमा धर्माचरणबाट शून्य चित्त भएका दुर्बुद्धि मनुष्यहरूको उद्धारका लागि भगवान् शिवले अमृतरसस्वरूप शिवपुराणको उद्भावना (प्रकट) गर्नुभएको छ॥ २७॥

अमृतपान गर्नाले त केवल अमृतपान गर्ने मनुष्य मात्र अजर-अमर हुन्छ, तर भगवान् शिवको यो कथामृतले सम्पूर्ण कुललाई नै अजर-अमर पारिदिन्छ॥ २८॥

यस शिवपुराणको परम पवित्र कथाको विशेष रूपले सधैँ सेवन गर्नुपर्छ, गर्नु नै पर्दछ, गर्नु नै पर्दछ। यस शिवपुराण कथाको श्रवणको फल के भनौँ? यसको श्रवणमात्रले भगवान् सदाशिव त्यस प्राणीको हृदयमा विराजमान भइदिनुहुन्छ॥ २९-३०॥

यो [शिवपुराण नामक] ग्रन्थ चौबिस हजार श्लोकले युक्त छ। यसमा सात संहिता छन्। मनुष्यहरूले भक्ति, ज्ञान र वैराग्यले पूरापूर सम्पन्न भई अत्यन्त आदरपूर्वक यसको श्रवण गरून्॥ ३१॥

पहिलो विद्येश्वरसंहिता, दोस्रो रुद्रसंहिता, तेस्रो शतरुद्रसंहिता, चौथो कोटिरुद्रसंहिता, पाँचौँ उमासंहिता, छैठौँ कैलाससंहिता र सातौँ वायवीय-संहिता—यस प्रकार यसमा सात संहिता रहेका छन्॥ ३२-३३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ससप्तसंहितं दिव्यं पुराणं शिवसंज्ञकम्।
वरीवर्ति ब्रह्मतुल्यं सर्वोपरि गतिप्रदम्॥ ३४

सात संहिताहरूले युक्त यो दिव्य शिवपुराण परब्रह्म परमात्मासमान विराजमान छ र सबैभन्दा उत्कृष्ट गति प्रदान गर्नेवाला छ॥ ३४॥

एतच्छिवपुराणं हि सप्तसंहितमादरात्।
परिपूर्णं पठेद्यस्तु स जीवन्मुक्त उच्यते॥ ३५

जो मनुष्य सात संहिताहरू भएको यस शिवपुराणलाई आदरपूर्वक पूरा पढ्दछ, त्यसलाई जीवन्मुक्त भनिने छ॥ ३५॥

पुमानज्ञानतस्तावद् भ्रमतेऽस्मिन्भवे मुने।
यावत्कर्णगतं नास्ति पुराणं शैवमुत्तमम्॥ ३६

हे मुनि! जबसम्म यस उत्तम शिवपुराणलाई सुन्ने सुअवसर प्राप्त हुँदैन, तबसम्म अज्ञानवश प्राणी यस संसार-चक्रमा भौँतारिरहन्छ॥ ३६॥

किं श्रुतैर्बहुभिः शास्त्रैः पुराणैश्च भ्रमावहैः।
शैवं पुराणमेकं हि मुक्तिदानेन गर्जति॥ ३७

भ्रमित पारिदिने अनेक शास्त्रहरू र पुराणहरूको श्रवणबाट के लाभ छ, जबकि एउटा शिवपुराण नै मुक्ति प्रदान गर्नाका लागि गर्जन गरिरहेको छ॥ ३७॥

एतच्छिवपुराणस्य कथा भवति यद्गृहे।
तीर्थभूतं हि तद् गेहं वसतां पापनाशनम्॥ ३८

जुन घरमा यस शिवपुराणको कथा हुन्छ, त्यो घर तीर्थस्वरूप नै हुन्छ र त्यसमा निवास गर्नेहरूको पाप यसले नष्ट गरिदिन्छ॥ ३८॥

अश्वमेधसहस्राणि वाजपेयशतानि च।
कलां शिवपुराणस्य नार्हन्ति खलु षोडशीम्॥ ३९

हजारौँ अश्वमेधयज्ञ र सयौँ वाजपेययज्ञ शिवपुराणको सोह्रौँ कलाको एक कला वरावरी पनि हुन सक्दैन॥ ३९॥

तावत् स प्रोच्यते पापी पापकृन्मुनिसत्तम।
यावच्छिवपुराणं हि न शृणोति सुभक्तितः॥ ४०

हे मुनिश्रेष्ठ! कुनै अधम प्राणीले जबसम्म भक्तिपूर्वक शिवपुराणको श्रवण गर्दैन, तबसम्म त्यसलाई पापी भन्न सकिन्छ॥ ४०॥

गङ्गाद्याः पुण्यनद्यश्च सप्तपुर्यो गया तथा।
एतच्छिवपुराणस्य समतां यान्ति न क्वचित्॥ ४१

गंगा आदि पवित्र नदीहरू, [मुक्तिदायिनी] सप्त पुरीहरू तथा गयादि तीर्थ यस शिवपुराणको समता कहिले गर्न सक्दैनन्॥ ४१॥

नित्यं शिवपुराणस्य श्लोकं श्लोकार्धमेव च।
स्वमुखेन पठेद्भक्त्या यदीच्छेत् परमां गतिम्॥ ४२

जसलाई परमगतिको कामना छ, त्यसले नित्य शिवपुराणको एक श्लोक अथवा आधा श्लोक मात्र भए पनि सधैँ स्वयं भक्तिपूर्वक पाठ गर्नुपर्छ॥ ४२॥

एतच्छिवपुराणं यो वाचयेदर्थतोऽनिशम्।
पठेद्वा प्रीतितो नित्यं स पुण्यात्मा न संशयः॥ ४३

जो निरन्तर अर्थानुसन्धानपूर्वक यस शिवपुराणको वाचन गर्दछ अथवा नित्य प्रेमपूर्वक यसको पाठमात्र गर्दछ, त्यो पुण्यात्मा हो, यसमा संशय छैन॥ ४३॥

अन्तकाले हि यश्चैनं शृणुयाद्भक्तितः सुधीः।
सुप्रसन्नो महेशानस्तस्मै यच्छति स्वं पदम्॥ ४४

जो उत्तम बुद्धिवाला पुरुष अन्तकालमा भक्तिपूर्वक यस पुराणलाई सुन्दछ, त्यसप्रति अत्यन्त प्रसन्न भएका भगवान् महेश्वर त्यसलाई आफ्नो पद (धाम) प्रदान गर्नुहुन्छ॥ ४४॥

एतच्छिवपुराणं यः पूजयेन्नित्यमादरात्।
स भुक्त्वेहाखिलान् कामानन्ते शिवपदं लभेत्॥ ४५

जो प्रतिदिन आदरपूर्वक यस शिवपुराणको पूजा गर्दछ, त्यसले यस संसारमा सम्पूर्ण भोगहरू भोगेर अन्तमा भगवान् शिवको पदलाई प्राप्त गर्दछ॥ ४५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एतच्छिवपुराणस्य कुर्वन्नित्यमतन्द्रितः।
पट्टवस्त्रादिना सम्यक् सत्कारं स सुखी सदा॥ ४६

जो प्रतिदिन आलस्यरहित भई रेसमी वस्त्र आदिले सजाई यस शिवपुराणको सत्कार गर्दछ, त्यो सदा सुखी हुन्छ॥ ४६॥

शैवं पुराणममलं शैवसर्वस्वमादरात्।
सेवनीयं प्रयत्नेन परत्रेह सुखेप्सुना॥ ४७

यो शिवपुराण निर्मल तथा शैवहरूको सर्वस्व हो; इहलोक र परलोकमा सुख चाहनेले आदरका साथ प्रयत्नपूर्वक यसको सेवन गर्नुपर्छ॥ ४७॥

चतुर्वर्गप्रदं शैवं पुराणममलं परम्।
श्रोतव्यं सर्वदा प्रीत्या पठितव्यं विशेषतः॥ ४८

निर्मल एवं उत्तम यस शिवपुराणले धर्म, अर्थ, काम र मोक्षरूप चारै पुरुषार्थहरू प्रदान गर्दछ, अतः सदा प्रेमपूर्वक यसको श्रवण एवं विशेष रूपले पाठ गर्नुपर्छ॥ ४८॥

वेदेतिहासशास्त्रेषु परं श्रेयस्करं महत्।
शैवं पुराणं विज्ञेयं सर्वथा हि मुमुक्षुभिः॥ ४९

वेद, इतिहास तथा अन्य शास्त्रहरूमा यो शिवपुराण विशेष कल्याणकारी छ—यस्तो मुमुक्षुजनहरूले बुझ्नु पर्दछ॥ ४९॥

शैवं पुराणमिदमात्मविदां वरिष्ठं
सेव्यं सदा परमवस्तु सता समर्च्यम्।
तापत्रयाभिशमनं सुखदं सदैव
प्राणप्रियं विधिहरीशमुखामराणाम्॥ ५०

यो शिवपुराण आत्मतत्त्वज्ञहरूका लागि सदा सेवनीय छ, सत्पुरुषहरूका लागि पूजनीय छ, तीनै प्रकारका तापहरूको शमन गर्नेवाला छ, सुख प्रदान गर्नेवाला छ तथा ब्रह्मा-विष्णु-महेशादि देवताहरूलाई प्राणसमान प्रिय छ॥ ५०॥

वन्दे शिवपुराणं हि सर्वदाहं प्रसन्नधीः।
शिवः प्रसन्नतां यायाद् दद्यात्स्वपदयो रतिम्॥ ५१

यस्तो शिवपुराणलाई म प्रसन्नचित्तले सदा वन्दना गर्दछु। भगवान् शंकर मप्रति प्रसन्न होउन् र आफ्ना चरणकमलको भक्ति मलाई प्रदान गरून्॥ ५१॥

इति श्रीस्कान्दे महापुराणे शिवपुराणमाहात्म्ये तन्महिमवर्णनं नाम प्रथमोऽध्यायः॥ १॥

॥ यस प्रकार श्रीस्कन्दमहापुराणअन्तर्गत शिवपुराणमाहात्म्यमा त्यसको महिमावर्णन नामक पहिलो अध्याय पूर्ण भयो॥ १॥

अथ द्वितीयोऽध्यायः

शिवपुराणको श्रवणबाट देवराजलाई शिवलोकको प्राप्ति

शौनक उवाच

सूत सूत महाभाग धन्यस्त्वं परमार्थवित्।
अद्भुतेयं कथा दिव्या श्राविता कृपया हि नः॥ १

शौनक भन्नुहुन्छ—हे महाभाग सूतजी! तपाईं धन्य हुनुहुन्छ, परमार्थतत्त्वका ज्ञाता हुनुहुन्छ, तपाईंले कृपा गरी हामीहरूलाई यो अत्यन्त अद्भुत एवं दिव्य कथा सुनाउनुभएको छ॥ १॥

अघौघविध्वंसकरी मनःशुद्धिविधायिनी।
शिवसन्तोषजननी कथेयं नः श्रुताद्भुता॥ २

हामीले यो पापनाशिनी, मनलाई पवित्र गर्ने र भगवान् शिवलाई प्रसन्न पार्ने अद्भुत कथा सुन्यौँ॥ २॥

एतत्कथासमानं न भुवि किञ्चित् परात्परम्।
निश्चयेनेति विज्ञातमस्माभिः कृपया तव॥ ३

भूतलमा यस कथाको समान कल्याणको सर्वश्रेष्ठ साधन दोस्रो कुनै छैन, यो कुरा हामीले आज तपाईंको कृपाले निश्चयपूर्वक बुझ्यौँ। हे सूतजी! कलियुगमा यस कथाद्वारा कस्ता-कस्ता पापी शुद्ध हुन्छन्?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

के के विशुध्यन्त्यनया कथया पापिनः कलौ।
वद तान् कृपया सूत कृतार्थं भुवनं कुरु॥ ४

सूत उवाच

ये मानवाः पापकृतो दुराचाररताः खलाः।
कामादिनिरता नित्यं तेऽपि शुध्यन्त्यनेन वै॥ ५
ज्ञानयज्ञः परोऽयं वै भुक्तिमुक्तिप्रदः सदा।
शोधनः सर्वपापानां शिवसन्तोषकारकः॥ ६

तृष्णाकुलाः सत्यहीनाः पितृमातृविदूषकाः।
दाम्भिका हिंसका ये च तेऽपि शुध्यन्त्यनेन वै॥ ७

स्ववर्णाश्रमधर्मेभ्यो वर्जिता मत्सरान्विताः।
ज्ञानयज्ञेन तेऽनेन सम्पुनन्ति कलावपि॥ ८

छलच्छद्मकरा ये च ये च क्रूराः सुनिर्दयाः।
ज्ञानयज्ञेन तेऽनेन सम्पुनन्ति कलावपि॥ ९

ब्रह्मस्वपुष्टाः सततं व्यभिचाररताश्च ये।
ज्ञानयज्ञेन तेऽनेन सम्पुनन्ति कलावपि॥ १०

सदा पापरता ये च ये शठाश्च दुराशयाः।
ज्ञानयज्ञेन तेऽनेन सम्पुनन्ति कलावपि॥ ११

मलिना दुर्धियोऽशान्ता देवताद्रव्यभोजिनः।
ज्ञानयज्ञेन तेऽनेन सम्पुनन्ति कलावपि॥ १२

पुराणस्यास्य पुण्यं सन्महापातकनाशनम्।
भुक्तिमुक्तिप्रदं चैव शिवसन्तोषहेतुकम्॥ १३

अत्रैवोदाहरन्तीममितिहासं पुरातनम्।
यस्य श्रवणमात्रेण पापहानिर्भवत्यलम्॥ १४

आसीत् किरातनगरे ब्राह्मणो ज्ञानदुर्बलः।
दरिद्रो रसविक्रेता वेदधर्मपराङ्मुखः॥ १५

सन्ध्यास्नानपरिभ्रष्टो वैश्यवृत्तिपरायणः।
देवराज इति ख्यातो विश्वस्तजनवञ्चकः॥ १६

तिनलाई कृपापूर्वक बताउनुहोस् र यस जगत्लाई कृतार्थ पार्नुहोस्॥ ३-४॥

सूत भन्नुहुन्छ—हे मुनि! जो मनुष्य पापी, दुराचारी, दुष्ट तथा काम-क्रोध आदिमा निरन्तर डुबिरहने खालका छन्, ती पनि यस पुराणबाट अवश्य शुद्ध हुन्छन्॥ ५॥

यो कथा वास्तवमा उत्तम ज्ञानयज्ञ हो, जुन सदा सांसारिक भोग र मोक्ष दिने खालको छ, सबै पापहरू नष्ट गर्ने खालको छ र भगवान् शिवलाई प्रसन्न पार्नेवाला छ। जो अत्यन्त लालची, सत्यविहीन, आफ्ना माता-पितासित द्वेष गर्ने, पाखण्डी तथा हिंसक वृत्तिका छन्; ती पनि यस ज्ञानयज्ञबाट शुद्ध हुन जान्छन्। आफ्नो वर्णाश्रमधर्मको पालन नगर्ने र ईर्ष्याग्रस्त मानिस पनि कलिकालमा यस ज्ञानयज्ञद्वारा पवित्र हुन जान्छन्॥ ६—८॥

जो मानिस छल-कपट गर्ने, क्रूर स्वभाव र अत्यन्त निर्दयी छन्, कलियुगमा ती पनि यस ज्ञानयज्ञबाट शुद्ध हुन जान्छन्। ब्राह्मणको धनबाट पालित तथा निरन्तर व्यभिचारपरायण जो मानिस छन्, ती पनि यस ज्ञानयज्ञबाट यस कलिकालमा पवित्र हुन जान्छन्। जो मनुष्य सदा पापकर्महरूमा लिप्त रहन्छन्, शठ छन् र अत्यन्त दूषित विचारका छन्, ती पनि कलियुगमा यस ज्ञानयज्ञबाट निर्मल हुन जान्छन्। दुश्चरित्र, दुर्बुद्धि, उद्विग्न चित्त भएका र देवताहरूको द्रव्यको उपभोग गर्ने पापीजन पनि कलिकालमा यस ज्ञानयज्ञबाट पवित्र हुन जान्छन्॥ ९—१२॥

यस पुराणको श्रवणको पुण्यले ठुला-ठुला पापहरूलाई नष्ट गर्दछ, सांसारिक भोग तथा मोक्ष प्रदान गर्दछ र भगवान् शंकरलाई प्रसन्न पार्छ॥ १३॥

यस सम्बन्धमा मुनिगण यस प्राचीन इतिहासको उदाहरण दिने गर्दछन्, जसको श्रवणमात्रले पापहरूको पूर्णतया नाश हुन जान्छ॥ १४॥

पहिलेको कुरा हो—किरातनगरमा एकजना ब्राह्मण रहन्थे, जो अज्ञानी, दरिद्र, रस बेच्ने तथा वैदिक धर्मबाट विमुख थिए। ती स्नान-सन्ध्या आदि कर्महरूबाट भ्रष्ट भएका थिए र वैश्यवृत्तिमा तत्पर रहेका थिए। उनको नाम थियो देवराज। ती आफूमाथि विश्वास गर्नेहरूलाई ठग्ने गर्दथे। उनले ब्राह्मण,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स विप्रान् क्षत्रियान् वैश्यान् शूद्रांश्चापि तथापरान्।
हत्वा नानामिषेणैव तत्तद्धनमपाहरत्॥ १७

अधर्माद् बहुवित्तानि पश्चात्तेनार्जितानि वै।
न धर्माय धनं तस्य स्वल्पञ्चापीह पापिनः॥ १८

एकदैकतडागे स स्नातुं यातो महीसुरः।
वेश्यां शोभावतीं नाम दृष्ट्वा तत्रातिविह्वलः॥ १९

स्ववशं धनिनं विप्रं ज्ञात्वा हृष्टाथ सुन्दरी।
वार्तालापेन तच्चित्तं प्रीतिमत्समजायत॥ २०

स्त्रियं कर्तुं स तां मेने पतिं कर्तुं च सा तथा।
एवं कामवशौ भूत्वा बहुकालं विजह्रतुः॥ २१

आसने शयने पाने भोजने क्रीडने तथा।
दम्पतीव सदा द्वौ तु ववृताते परस्परम्॥ २२

मात्रा पित्रा तथा पत्न्या वारितोऽपि पुनः पुनः।
नामन्यत वचस्तेषां पापवृत्तिपरायणः॥ २३

एकदेर्ष्यावशाद् रात्रौ मातरं पितरं वधूम्।
प्रसुप्तान् न्यवधीद् दुष्टो धनं तेषां तथाहरत्॥ २४

आत्मनीनं धनं यच्च पित्रादीनां तथा धनम्।
वेश्यायै दत्तवान् सर्वं कामी तद्गतमानसः॥ २५

सोऽभक्ष्यभक्षकः पापी मदिरापानलालसः।
एकपात्रे सदाभौक्षीत् सवेश्यो ब्राह्मणाधमः॥ २६

कदाचिद्दैवयोगेन प्रतिष्ठानमुपागतः।
शिवालयं ददर्शासौ तत्र साधुजनावृतम्॥ २७

स्थित्वा तत्र च विप्रोऽसौ ज्वरेणातिप्रपीडितः।
शुश्राव सततं शैवीं कथां विप्रमुखोद्गताम्॥ २८

क्षत्रिय, वैश्य, शूद्र तथा अरूलाई पनि अनेक बहानाले मारेर तिनको धन हडप्ने गर्दथे। पछि उनले अधर्मपूर्वक सारा धन अर्जित गरे, परन्तु ती पापी ब्राह्मणले थोरै धन पनि कहिल्यै धर्मको काममा लगाएनन्॥ १५—१८॥

एक दिन ती ब्राह्मण एउटा तलाउमा नुहाउन गए। त्यहाँ शोभावती नामकी एउटी वेश्यालाई देखेर उनी अत्यन्त मोहित भए। ती सुन्दरी पनि त्यस धनी ब्राह्मणलाई आफ्नो वशीभूत भएको जानेर प्रसन्न भइन्। आपसमा वार्तालापबाट उनीहरूमा प्रीति उत्पन्न भयो। ती ब्राह्मणले त्यस वेश्यालाई पत्नी बनाउन तथा त्यस वेश्याले ब्राह्मणलाई पति बनाउन स्वीकार गरे। यस प्रकार कामवश भएर ती दुवै लामो समयसम्म विहार गर्दै बसे॥ १९—२१॥

बस्ने, सुत्ने, खाने-पिउने तथा क्रीडामा ती दुवै निरन्तर पति-पत्नीको झैं व्यवहार गर्न लागे। आफ्ना माता-पिता तथा पत्नीले पटक-पटक रोक्दा पनि पापकृत्यमा संलग्न ती ब्राह्मण उनीहरूको कुरा मान्दैनथे॥ २२-२३॥

एक दिन रात्रिमा त्यस दुष्ट ब्राह्मणले ईर्ष्यावश आफ्ना निदाएका माता-पिता र पत्नीलाई मार्‍यो र तिनका सारा धन खोस्यो। वेश्यामा आसक्त चित्त भएको त्यस कामीले आफ्नो तथा पिता आदिको सारा धन त्यस वेश्यालाई दियो। त्यो पापीले अभक्ष्य-भक्षण तथा मद्यपान गर्न लाग्यो र त्यो नीच ब्राह्मण त्यस वेश्यांका साथ एउटै भाँडामा सदा जुठो भोजन गर्न लाग्यो॥ २४—२६॥

एक दिन डुल्दा-डुल्दै त्यो दैवयोगले प्रतिष्ठानपुर (झुसी-प्रयाग)-मा पुग्यो। त्यहाँ त्यसले एउटा शिवालय देख्यो, जहाँ धेरै साधु-महात्मा एकत्रित भएका थिए॥ २७॥

देवराज त्यस शिवालयमा बस्यो र त्यहाँ त्यो ब्राह्मणलाई ज्वरो आयो। ज्वरोले उसलाई अत्यन्त पीडा हुन थाल्यो। त्यहाँ एकजना ब्राह्मणदेवता शिवपुराणको कथा सुनाइरहेका थिए। ज्वरोमा परेका देवराजले ब्राह्मणको मुखारविन्दबाट निस्किएको त्यस शिवकथालाई निरन्तर सुन्दै रह्यो॥ २८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवराजश्च मासान्ते ज्वरेणापीडितो मृतः।
बद्धो यमभटैः पाशैर्नीतो यमपुरं बलात्॥ २९

एक महिना पछि त्यो ज्वरोले अत्यन्त पीडित भएर थला पऱ्यो। यमराजका दूत आएर त्यसलाई पाशले बाँधेर बलपूर्वक यमपुरीमा लिएर गए॥ २९॥

तावच्छिवगणाः शुभ्रास्त्रिशूलाञ्चितपाणयः।
भस्मभासितसर्वाङ्गा रुद्राक्षाञ्चितविग्रहाः॥ ३०

शिवलोकात् समागत्य क्रुद्धा यमपुरीं ययुः।
ताडयित्वा तु तद्दूतांस्तर्जयित्वा पुनः पुनः॥ ३१

देवराजं समामोच्य विमाने परमाद्भुते।
उपवेश्य यदा दूताः कैलासं गन्तुमुत्सुकाः॥ ३२

तदा यमपुरीमध्ये महाकोलाहलोऽभवत्।

त्यति नै खेर शिवलोकबाट भगवान् शिवका पार्षदगण आए। तिनका गोरो अङ्ग कपूरसमान उज्ज्वल थिए, हात त्रिशूलले सुशोभित भइरहेका थिए, तिनका सम्पूर्ण अङ्ग भस्मले उद्भासित थिए र रुद्राक्षका मालाहरूले तिनका शरीरको शोभा बढाइरहेका थिए। ती सबै क्रोध गर्दै यमपुरीमा गए र यमराजका दूतहरूलाई पिट-पाट पारी, पटक-पटक धम्क्याएर देवराजलाई उनीहरूको चङ्गुलबाट छुटाएर अत्यन्त अद्भुत विमानमा बसाएर जब ती शिवदूत कैलास जानलाई उद्यत् भए, त्यस समय यमपुरीमा ठुलो कोलाहल मच्चियो॥ ३०—३२½॥

धर्मराजस्तु तं श्रुत्वा स्वालयाद् बहिरागमत्॥ ३३

दृष्ट्वाथ चतुरो दूतान् साक्षाद् रुद्रानिवापरान्।
पूजयामास धर्मज्ञो धर्मराजो यथाविधि॥ ३४

त्यस कोलाहललाई सुनेर धर्मराज आफ्नो भवनबाट बाहिर आउनुभयो। साक्षात् दोस्रो रुद्रसमान देखिने ती चारै दूतलाई देखेर धर्मज्ञ धर्मराजले उनीहरूको विधिपूर्वक पूजा गर्नुभयो॥ ३३-३४॥

ज्ञानेन चक्षुषा सर्वं वृत्तान्तं ज्ञातवान् यमः।
न भयात् पृष्टवान् किञ्चिच्छम्भोर्दूतान् महात्मनः॥ ३५

यमले ज्ञानदृष्टिबाट हेरेर सारा वृत्तान्त जान्नुभयो, उहाँले भयको कारण भगवान् शिवका ती महात्मा दूतहरूसित कुनै कुरा सोध्नुभएन॥ ३५॥

पूजिताः प्रार्थितास्ते वै कैलासमगमंस्तदा।
ददुः शिवाय साम्बाय तं दयावारिराशये॥ ३६

यमराजबाट पूजित तथा प्रार्थित भएर ती शिवदूत कैलास गए र उनीहरूले त्यस ब्राह्मणलाई दयासागर साम्ब शिवसमक्ष समर्पण गरे॥ ३६॥

धन्या शिवपुराणस्य कथा परमपावनी।
यस्याः श्रवणमात्रेण पापीयानपि मुक्तिभाक्॥ ३७
सदाशिवमहास्थानं परं धाम परं पदम्।
यदाहुर्वेदविद्वांसः सर्वलोकोपरि स्थितम्॥ ३८
ब्राह्मणाः क्षत्रिया वैश्याः शूद्रा अन्येऽपि प्राणिनः।
हिंसिता धनलोभेन बहवो येन पापिना॥ ३९
मातृपितृवधूहन्ता वेश्यागामी च मद्यपः।
देवराजो द्विजस्तत्र गत्वा मुक्तोऽभवत् क्षणात्॥ ४०

शिवपुराणको यो परम पवित्र कथा धन्य छ, जसलाई सुन्नाले पापीजन पनि मुक्तिको योग्य बन्दछन्। भगवान् सदाशिवको परमधामलाई वेदज्ञ सबै लोकमा सर्वश्रेष्ठ बताउँछन्। ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र तथा अन्य प्राणी; यहाँसम्म कि जुन पापीले धनको लोभले अनेकौं मानिसहरूको हत्या गऱ्यो तथा आफ्ना माता-पिता र पत्नीलाई पनि माऱ्यो; त्यो वेश्यागामी, जड्यहा ब्राह्मण देवराज पनि यस कथाको प्रभावले भगवान् शिवको परमधामलाई प्राप्त गरी तत्क्षण मुक्त भयो॥ ३७—४०॥

इति श्रीस्कान्दे महापुराणे शिवपुराणमाहात्म्ये देवराजमुक्तिवर्णनं नाम द्वितीयोऽध्यायः॥ २॥

॥ यस प्रकार श्रीस्कन्दमहापुराणअन्तर्गत शिवपुराणमाहात्म्यमा देवराजमुक्तिवर्णन नामक दोस्रो अध्याय पूर्ण भयो॥ २॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ तृतीयोऽध्यायः

चंचुलालाई पापबाट डर एवं संसारबाट वैराग्य

शौनक उवाच

सूत सूत महाभाग सर्वज्ञोऽसि महामते।
त्वत्प्रसादात् कृतार्थोऽहं कृतार्थोऽहं पुनः पुनः॥ १

इतिहासमिमं श्रुत्वा मनो मेऽतीव मोदते।
अन्यामपि कथां शम्भोर्वद प्रेमविवर्धिनीम्॥ २

नामृतं पिबतां लोके मुक्तिः क्वापि सभाज्यते।
शम्भोः कथासुधापानं प्रत्यक्षं मुक्तिदायकम्॥ ३

धन्या धन्या कथा शम्भोस्त्वं धन्यो धन्य एव च।
यदाकर्णनमात्रेण शिवलोकं व्रजेन्नरः॥ ४

सूत उवाच

शृणु शौनक वक्ष्यामि त्वदग्रे गुह्यमप्युत।
यतस्त्वं शिवभक्तानामग्रणीर्वेदवित्तमः॥ ५

समुद्रनिकटे देशे ग्रामो बाष्कलसंज्ञकः।
वसन्ति यत्र पापिष्ठा वेदधर्मोज्झिता जनाः॥ ६

दुष्टा दुर्विषयात्मानो निर्दैवा जिह्मवृत्तयः।
कृषीवलाः शस्त्रधराः परस्त्रीभोगिनः खलाः॥ ७

ज्ञानवैराग्यसद्धर्मं न जानन्ति परं हि ते।
कुकथाश्रवणाढ्येषु निरताः पशुबुद्धयः॥ ८

अन्ये वर्णाश्च कुधियः स्वधर्मविमुखाः खलाः।
कुकर्मनिरता नित्यं सदा विषयिणश्च ते॥ ९

स्त्रियः सर्वाश्च कुटिलाः स्वैरिण्यः पापलालसाः।
कुधियो व्यभिचारिण्यः सद्वृत्ताचारवर्जिताः॥ १०

शौनक भन्नुहुन्छ—हे महाभाग सूतजी! तपाईं सर्वज्ञ हुनुहुन्छ। हे महामते! तपाईंका कृपाप्रसादले म वारम्वार कृतार्थ भएँ। यस इतिहासलाई सुनेर मेरो मन अत्यन्त आनन्दमा निमग्न भइरहेको छ। अतः अब भगवान् शिवमा प्रेम बढाउने शिवसम्बन्धी अरू कथा पनि भन्नुहोस्॥ १-२॥

अमृत पिउनेलाई लोकमा कहीँ मुक्ति प्राप्त हुँदैन, तर भगवान् शंकरको कथामृतको पान त प्रत्यक्ष नै मुक्ति दिनेवाला छ। सदाशिवको जुन कथा सुन्नाले मात्र मनुष्य शिवलोक प्राप्त गर्दछ, त्यो कथा धन्य छ, धन्य छ र कथा श्रवण गराउनुहुने तपाईं पनि धन्य हुनुहुन्छ, धन्य हुनुहुन्छ॥ ३-४॥

सूत भन्नुहुन्छ—हे शौनक! सुन्नुहोस्, म तपाईंको सामुन्ने गोपनीय कथावस्तुको पनि वर्णन गर्ने छु; किनभने तपाईं शिवभक्तहरूमा अग्रगण्य तथा वेदवेत्ताहरूमा श्रेष्ठ हुनुहुन्छ। समुद्रको निकटवर्ती प्रदेशमा एउटा बाष्कल नामक गाउँ छ, जहाँ वैदिक धर्मबाट विमुख महापापी द्विज निवास गर्दछन्। ती सबै ज्यादै दुष्ट छन्, तिनको मन दूषित विषयभोगमा मात्र लागिरहन्छ। ती न देवताहरूमाथि विश्वास गर्दछन् न भाग्यमाथि; ती सबै कुटिल वृत्ति भएका छन्। किसानी गर्छन् र थरी-थरीका घातक अस्त्र-शस्त्र राख्छन्। ती परस्त्रीगमन गर्ने खालका र अविवेकी छन्। ज्ञान, वैराग्य तथा सद्धर्मलाई ती बिलकुल जान्दैनन्। ती सबै पशुबुद्धिवाला छन् र सदा दूषित कुराहरू सुन्नमा संलग्न रहन्छन्॥ ५—८॥

(जहाँका ब्राह्मण यस्ता छन्, त्यहाँका अन्य वर्णहरूको विषयमा के भनौँ!) अन्य वर्णहरूका मानिस पनि तिनीहरू जस्तै कुत्सित विचार राख्ने खालका, स्वधर्मविमुख एवं अविवेकी छन्; ती सदा कुकर्ममा लागिरहन्छन् र नित्य विषयभोगहरूमा नै डुबिरहन्छन्॥ ९॥

त्यहाँका सबै स्त्रीहरू पनि कुटिल स्वभावका, स्वेच्छाचारिणी, पापासक्त, कुत्सित विचार भएका र व्यभिचारिणी छन्। ती सद्व्यवहार तथा सदाचारबाट सर्वथा शून्य छन्॥ १०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एवं कुजनसंवासे ग्रामे बाष्कलसंज्ञिते।
तत्रैको बिन्दुगो नाम विप्र आसीन्महाधमः॥ ११

कुजनहरूको निवासस्थान त्यस बाष्कल नामक गाउँमा कुनै समय एउटा बिन्दुग नामक ब्राह्मण बस्दथ्यो, त्यो ज्यादै अधर्मी थियो॥ ११॥

स दुरात्मा महापापी सुदारोऽपि कुमार्गगः।
वेश्यापतिर्बभूवाथ कामाकुलितमानसः॥ १२

त्यो दुरात्मा र महापापी थियो। यद्यपि त्यसकी स्त्री ज्यादै सुन्दरी थिई, तर पनि त्यो कुमार्गमा नै हिँडिरहन्थ्यो। कामवासनाले कलुषितचित्त त्यो वेश्यागामी थियो॥ १२॥

स्वपत्नीं चञ्चुलां नाम हित्वा नित्यं सुधर्मिणीम्।
रेमे स वेश्यया दुष्टः स्मरबाणप्रपीडितः॥ १३

त्यसकी पत्नीको नाम चञ्चुला थियो, उनी सधैँ उत्तम धर्मको पालनामा लागिरहन्थी, तर पनि त्यसलाई छोडेर त्यो दुष्ट ब्राह्मण कामासक्त भई वेश्यागामी भएको थियो॥ १३॥

एवं कालो व्यतीयाय महांस्तस्य कुकर्मिणः।
सा स्वधर्मभयात् क्लेशात् स्मरार्तापि च चञ्चुला॥ १४

अथ तस्याङ्गना सापि प्ररूढनवयौवना।
अविषह्यस्मरावेशा स्वधर्माद्विरराम ह॥ १५

यसरी कुकर्ममा लागेको त्यस बिन्दुगको धेरै वर्ष बित्यो। त्यसकी स्त्री चञ्चुला कामवासनाले पीडित हुँदामा पनि स्वधर्मनाशको भयले दुःख सहेर दीर्घकालसम्म धर्मबाट भ्रष्ट भइन्। परन्तु दुराचारी पतिको आचरणबाट प्रभावित हुनाको कारण कामपीडित भई र पछि गएर त्यो पनि दुराचारिणी भई॥ १४-१५॥

जारेण सङ्गता रात्रौ रेमे पापेन गुप्ततः।
पतिदृष्टिं वञ्चयित्वा भ्रष्टसत्त्वा कुमार्गगा॥ १६

भ्रष्ट चरित्र भएकी त्यो कुमार्गगामिनी आफ्नो पतिको आँखा छलेर रात्रिमा लुकी-छिपी अन्य पापी जार पुरुषका साथ रमण गर्न लागी॥ १६॥

कदाचित्तां दुराचारां स्वपत्नीं चञ्चुलां मुने।
जारेण सङ्गतां रात्रौ ददर्श स्मरविह्वलाम्॥ १७

हे मुनि! एक दिन त्यस ब्राह्मणले आफ्नी त्यस दुराचारिणी पत्नी चञ्चुलालाई कामासक्त भई परपुरुषका साथ रात्रिमा संसर्गरत देख्यो॥ १७॥

दृष्ट्वा तां दूषितां पत्नीं कुकर्मासक्तमानसाम्।
जारेण सङ्गतां रात्रौ क्रोधाद् दुद्राव वेगतः॥ १८

त्यस दुष्ट तथा दुराचारमा आसक्त मन भएकी पत्नीलाई रातमा परपुरुषका साथ व्यभिचाररत देखेर त्यो क्रोधपूर्वक वेगले दौडियो॥ १८॥

तमागतं गृहे दुष्टमाज्ञाय बिन्दुगं खलः।
पलायितो द्रुतं जारो वेगतश्छद्मवान् स वै॥ १९

त्यस दुष्ट बिन्दुगलाई घरमा आएको जानेर त्यो कपटी व्यभिचारी तत्काल भाग्यो॥ १९॥

अथ स बिन्दुगः पत्नीं गृहीत्वा सुदुराशयः।
मुष्टिबन्धेन सन्तर्ज्य पुनः पुनरताडयत्॥ २०

तब त्यो दुष्टात्मा बिन्दुगले आफ्नी पत्नीलाई समातेर त्यसलाई झपार्दै मुड्कीले पटक-पटक पिट्न लाग्यो॥ २०॥

सा नारी ताडिता भर्त्रा चञ्चुला स्वैरिणी खला।
कुपिता निर्भया प्राह स्वपतिं बिन्दुगं खलम्॥ २१

त्यो व्यभिचारिणी दुष्टा नारी चञ्चुला पिटाई खानाले कुपित भएर निर्भयतापूर्वक आफ्नो दुष्ट पति बिन्दुगसित भन्न लागी॥ २१॥

चञ्चुलोवाच

भवान् प्रतिदिनं कामं रमते वेश्यया कुधीः।
मां विहाय स्वपत्नीं च युवतीं पतिसेविनीम्॥ २२

चञ्चुला भन्दछे—म जस्ती पतिपरायणा युवती पत्नीलाई छाडेर तपाईं कुबुद्धिवश प्रतिदिन वेश्याका साथ इच्छानुसार रमण गर्नुहुन्छ। तपाईं नै भन्नुहोस्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रूपवत्या युवत्याश्च कामाकुलितचेतसः।
विना पतिविहारं स्यात् का गतिर्मे भवान् वदेत्॥ २३
अहं महारूपवती नवयौवनविह्वला।
कथं सहे कामदुःखं तव सङ्गं विनार्तधीः॥ २४

सूत उवाच

इत्युक्तः स तया मूर्खो मूढधीर्ब्राह्मणोऽधमः।
प्रोवाच बिन्दुगः पापी स्वधर्मविमुखः खलः॥ २५

बिन्दुग उवाच

सत्यमेतत्त्वयोक्तं हि कामव्याकुलचेतसा।
हितं वक्ष्यामि तस्मात्ते शृणु कान्ते भयं त्यज॥ २६
जारैर्विहर नित्यं त्वं चेतसा निर्भयेन वै।
धनमाकर्ष तेभ्यो हि दत्त्वा तेभ्यः परां रतिम्॥ २७
तद्धनं देहि सर्वं मे वेश्यासंसक्तचेतसः।
महत्स्वार्थं भवेन्नूनं तवापि च ममापि च॥ २८

सूत उवाच

इति भर्तृवचः श्रुत्वा चञ्चुला तद्वधूश्च सा।
तथेति भर्तृवचनं प्रतिजग्राह हृष्टधीः॥ २९
कृत्वैवं समयं तौ वै दम्पती दुष्टमानसौ।
कुकर्मनिरतौ जातौ निर्भयेन कुचेतसा॥ ३०
एवं तयोस्तु दम्पत्योर्दुराचारप्रवृत्तयोः।
महान् कालो व्यतीयाय निष्फलो मूढचेतसोः॥ ३१
अथ विप्रः स कुमतिर्बिन्दुगो वृषलीपतिः।
कालेन निधनं प्राप्तो जगाम नरकं खलः॥ ३२
भुक्त्वा नरकदुःखानि बह्वहानि स मूढधीः।
विन्ध्येऽभवत् पिशाचो हि गिरौ पापी भयङ्करः॥ ३३
मृते भर्तरि तस्मिन्वै दुराचारेऽथ बिन्दुगे।
उवास स्वगृहे पुत्रैश्चिरकालं विमूढधीः॥ ३४
एवं विहरती जारैः सा नारी चञ्चुलाह्वया।
आसीत् कामरता प्रीता किञ्चिदुत्क्रान्तयौवना॥ ३५
एकदा दैवयोगेन सम्प्राप्ते पुण्यपर्वणि।
सा नारी बन्धुभिः सार्धं गोकर्णं क्षेत्रमाययौ॥ ३६
प्रसङ्गात् सा तदा गत्वा कस्मिंश्चित् तीर्थपाथसि।
सस्नौ सामान्यतो यत्र तत्र बभ्राम बन्धुभिः॥ ३७

कि रूपवती तथा कामासक्त चित्त भएकी म युवतीको पतिसंसर्ग विना के गति भयो होला? म अत्यन्त राम्री छु तथा नवयौवनले उन्मत्त छु। तपाईंको संसर्ग विना व्यथितचित्त भएकी म कामजन्य दुःखलाई कसरी सहन सक्छु?॥ २२—२४॥

सूत भन्नुहुन्छ—त्यस स्त्रीले यस प्रकार भनेपछि त्यो मूर्खबुद्धि ब्राह्मणाधम स्वधर्मविमुख दुष्ट पापी बिन्दुग भन्दछ—॥ २५॥

बिन्दुग भन्दछ—कामबाट व्याकुलचित्त भएर तिमीले यो सत्य नै भनेकी छौ। हे प्रिये! तिमी भय त्यागिदेऊ र म जुन तिमीसित हितको कुरा भन्दछु, त्यसलाई सुन। तिमी निर्भय भएर नित्य परपुरुषहरूका साथ संसर्ग गर। उनीहरूलाई सन्तुष्ट पारी उनीहरूबाट धन तान। त्यो सारा धन वेश्याप्रति आसक्त मन भएको मलाई दिने गर। यसबाट तिम्रो र मेरो दुवैको स्वार्थ सिद्ध हुने छ॥ २६—२८॥

सूत भन्नुहुन्छ—पतिको यो वचन सुनेर त्यसकी पत्नी चञ्चुलाले प्रसन्न भएर उसले भनेको कुरा मानी। ती दुवै दुराचारी पति-पत्नीले यसप्रकार सम्झौता गरे तथा ती दुवै निर्भय चित्तले कुकर्ममा लीन भए॥ २९-३०॥

यसरी दुराचारमा डुबेका ती मूर्ख चित्त भएका पति-पत्नीको धेरै जसो समय व्यर्थै बिते॥ ३१॥

त्यसपछि शूद्रजातीय वेश्याको पति बनेको त्यो दूषित बुद्धि भएको दुष्ट ब्राह्मण बिन्दुग समयानुसार मृत्यु भएपछि नरकमा पर्‍यो। धेरै समय नरकको दुःख भोगेर त्यो मूर्खबुद्धि पापी विन्ध्यपर्वतमा डरलाग्दो पिशाच भयो॥ ३२-३३॥

यता, त्यस दुराचारी पति बिन्दुग मरेपछि त्यो मूढ़हृदया चञ्चुला धेरै समयसम्म पुत्रहरूका साथ आफ्नै घरमा बसी॥ ३४॥

यस प्रकार प्रेमपूर्वक कामासक्त भएर जारहरूका साथ विहार गर्दै गरेकी त्यस चञ्चुला नामक स्त्रीको विस्तारै यौवन समयसँगै ढल्किन लाग्यो॥ ३५॥

एक दिन दैवयोगले कुनै पुण्य पर्व आएपछि त्यो स्त्री भाइ-बन्धुहरूका साथ गोकर्ण-क्षेत्रमा गई। तीर्थयात्रीहरूको सङ्गतले त्यसले पनि त्यस समय गएर कुनै तीर्थको जलमा स्नान गरी। फेरि त्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवालयेऽथ कस्मिंश्चिद्दैवज्ञमुखतः शुभाम्।
शुश्राव सत्कथां शम्भोः पुण्यां पौराणिकीं च सा॥ ३८

साधारणतया (मेला हेर्ने दृष्टिले) बन्धुजनहरूका साथ यत्र-तत्र घुम्न लागी। [घुम्दा-घुम्दै] कुनै देवमन्दिरमा त्यसले एकजना दैवज्ञ ब्राह्मणको मुखबाट भगवान् शिवको परम पवित्र एवं मङ्गलकारिणी उत्तम पौराणिक कथा सुनी॥ ३६—३८॥

योषितां जारसक्तानां नरके यमकिङ्कराः।
सन्तप्तलोहपरिघं क्षिपन्ति स्मरमन्दिरे॥ ३९

इति पौराणिकेनोक्तां श्रुत्वा वैराग्यवर्धिनीम्।
कथामासीद्भयोद्विग्ना चकम्पे तत्र सा च वै॥ ४०

[कथावाचक ब्राह्मण भनिरहेका थिए कि] 'जो स्त्री परपुरुषहरूका साथ व्यभिचार गर्दछे, त्यो मरेपछि जब यमलोकमा जान्छे, तब यमराजका दूतले त्यसको योनिमा तताएको फलामको परिघ हालिदिन्छन्।' पौराणिक ब्राह्मणको मुखबाट यो वैराग्य बढाउने कथा सुनेर चञ्चुला डरले व्याकुल भएर त्यहाँ काम्न थाली॥ ३९-४०॥

कथा समाप्तौ सा नारी निर्गतेषु जनेषु च।
भीता रहसि तं प्राह शैवं संवाचकं द्विजम्॥ ४१

जब कथा समाप्त भयो र मानिसहरू त्यहाँबाट बाहिर गए, तब त्यो भयभीत नारी एकान्तमा शिवपुराणको कथा वाचन गर्ने ती ब्राह्मणसित भन्न लागी॥ ४१॥

चञ्चुलोवाच

ब्रह्मन् त्वं शृण्वसद्वृत्तमजानन्त्या स्वधर्मकम्।
श्रुत्वा मामुद्धर स्वामिन् कृपां कृत्वातुलामपि॥ ४२

चञ्चुलाले भनी—हे ब्राह्मण! म आफ्नो धर्मलाई जान्दिनथिएँ। यसैले मद्द्वारा धेरै ठुलो दुराचार भयो। स्वामी! यसलाई सुनेर ममाथि अनुपम कृपा गरी तपाईं मेरो उद्धार गर्नुहोस्॥ ४२॥

चरितं सूल्बणं पापं मया मूढधिया प्रभो।
नीतं पौंश्चल्यतः सर्वं यौवनं मदनान्धया॥ ४३

हे प्रभु! मैले मूर्खबुद्धिका कारण घोर पाप गरेँ। मैले कामान्ध भएर आफ्नो सम्पूर्ण युवावस्था व्यभिचारमा बिताएँ॥ ४३॥

श्रुत्वेदं वचनं तेऽद्य वैराग्यरसजृम्भितम्।
जाता महाभया साहं सकम्पात्तवियोगिका॥ ४४

धिङ् मां मूढधियं पापां काममोहितचेतसम्।
निन्द्यां दुर्विषयासक्तां विमुखीं हि स्वधर्मतः॥ ४५

आज वैराग्य-रसबाट ओतप्रोत तपाईंका यी प्रवचनलाई सुनेर मलाई ठुलो डर लागिरहेको छ। म कामिरहेकी छु र मलाई यस संसारबाट वैराग्य भएको छ। म मूर्ख चित्त भएकी पापिनीलाई धिक्कार छ। म सर्वथा निन्दाको योग्य छु। म कुत्सित विषयहरूमा फसेकी छु र आफ्नो धर्मबाट विमुख भएकी छु॥ ४४-४५॥

यदल्पस्य सुखस्यार्थे स्वकार्यस्य विनाशिनम्।
महापापं कृतं घोरमजानन्त्यातिकष्टदम्॥ ४६

थोरै सुखका लागि आफ्नो हितको नाश गर्ने तथा भयंकर कष्ट दिने घोर पाप मैले अनजानमा नै गरिदिएँ॥ ४६॥

यास्यामि दुर्गतिं कां कां घोरां हा कष्टदायिनीम्।
को ज्ञो यास्यति मां तत्र कुमार्गरतमानसाम्॥ ४७

मरणे यमदूतांस्तान् कथं द्रक्ष्ये भयङ्करान्।
कथं पाशैर्बलात् कण्ठे बध्यमाना धृतिं लभे॥ ४८

हाय! थाहा छैन कुन-कुन घोर कष्टदायक दुर्गतिमा मलाई पर्नुपर्ने छ र त्यहाँ कुन बुद्धिमान् पुरुषले कुमार्गमा मन लगाउने म पापिनीलाई साथ देला? मृत्युकालमा ती भयङ्कर यमदूतहरूलाई म कसरी हेर्न सकूँला? जब ती बलपूर्वक मेरो घाँटीमा पासो लगाएर मलाई बाँध्नेछन्, तब म कसरी धैर्यधारण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कथं सहिष्ये नरके खण्डशो देहकृन्तनम्।
यातनां तत्र महतीं दुःखदां च विशेषतः ॥ ४९

गर्न सकूँला? नरकमा जब मेरो शरीर टुक्रा-टुक्रा पारिन्छ, त्यस समय विशेष दुःख दिने त्यस महायातनालाई म त्यहाँ कसरी सहन सकूँला? ॥ ४७—४९ ॥

दिवा चेष्टामिन्द्रियाणां कथं प्राप्स्यामि शोचती।
रात्रौ कथं लभिष्येऽहं निद्रां दुःखपरिप्लुता ॥ ५०
हा हतास्मि च दग्धास्मि विदीर्णहृदयास्मि च।
सर्वथाहं विनष्टास्मि पापिनी सर्वथाप्यहम् ॥ ५१

दुःख र शोकले ग्रस्त भएर म दिनमा सहज इन्द्रियव्यापार र रात्रिमा निद्रा कसरी प्राप्त गर्न सकूँला? हाय! म मरैं! म जलैं! मेरा हृदय चिरिएकाले म सब प्रकारले नष्ट भएँ; किनभने म हर तरहले पापमा नै डुबिरहेकी छु ॥ ५०—५१ ॥

हा विधे मां महापापे दत्त्वा दुश्शेमुषीं हठात्।
अपैति यत् स्वधर्माद्वै सर्वसौख्यकरादहो ॥ ५२
शूलप्रोतस्य शैलाग्रात्पततस्तुङ्गतो द्विज।
यद्दुःखं देहिनो घोरं तस्मात् कोटिगुणं मम ॥ ५३
अश्वमेधशतं कृत्वा गङ्गां स्नात्वा शतं समाः।
न शुद्धिर्जायते प्रायो मत्पापस्य गरीयसः ॥ ५४
किं करोमि क्व गच्छामि कं वा शरणमाश्रये।
कस्त्रायते मां लोकेऽस्मिन् पतन्तीं नरकार्णवे ॥ ५५

हाय विधाता! म पापिनीलाई तपाईंले हठात् यस्तो दुर्बुद्धि किन दिनुभयो, जो सबै प्रकारका सुख दिने स्वधर्मबाट टाढा गराइदिन्छ! हे द्विज! भालाले घोचिएको व्यक्ति अग्लो पर्वत-शिखरबाट झर्दामा जस्तो घोर कष्ट पाउँछ, त्यसलाई भन्दा पनि करोड गुना कष्ट मलाई छ। हजारौँ अश्वमेधयज्ञ गरी अथवा हजारौँ वर्षसम्म गंगास्नान गर्दामा पनि मेरो घोर पापहरूको शुद्धि सम्भव देखिदैन। म के गरौँ, कहाँ जाऊँ र कसको आश्रय लिऊँ? म नरकगामिनीको यस संसारमा कसले रक्षा गर्ला? ॥ ५२—५५ ॥

त्वमेव मे गुरुर्ब्रह्मंस्त्वं माता त्वं पितासि च।
उद्धरोद्धर मां दीनां त्वामेव शरणं गताम् ॥ ५६

हे ब्राह्मण! तपाईं नै मेरो गुरु हुनुहुन्छ, तपाईं नै माता र तपाईं नै पिता हुनुहुन्छ। तपाईंको शरणमा आएकी म दीन अबलाको उद्धार गर्नुहोस्, उद्धार गर्नुहोस् ॥ ५६ ॥

सूत उवाच

इति सञ्जातनिर्वेदां पतितां चरणद्वये।
उत्थाप्य कृपया धीमान् बभाषे ब्राह्मणः स हि ॥ ५७

सूत भन्नुहुन्छ—हे शौनक! यस प्रकार खेद र वैराग्यले युक्त भई चञ्चुला त्यस ब्राह्मणको चरणमा लडी। तब ती बुद्धिमान् ब्राह्मणले कृपापूर्वक त्यसलाई उठाएर यस प्रकार भने ॥ ५७ ॥

इति श्रीस्कान्दे महापुराणे शिवपुराणमाहात्म्ये चञ्चुलावैराग्यवर्णनं नाम तृतीयोऽध्यायः ॥ ३ ॥

॥ यस प्रकार श्रीस्कन्दमहापुराणअन्तर्गत शिवपुराणमाहात्म्यमा चंचुलावैराग्यवर्णन नामक तेस्रो अध्याय पूर्ण भयो ॥ ३ ॥

अथ चतुर्थोऽध्यायः

चंचुलाको प्रार्थनाले ब्राह्मणले उनलाई पूरा शिवपुराण सुनाउनु र समयानुसार शरीर छोडेर शिवलोकमा गई चंचुला पार्वतीको सखी हुनु

ब्राह्मण उवाच

दिष्ट्या काले प्रबुद्धासि शिवानुग्रहतो वराम्।
इमां शिवपुराणस्य श्रुत्वा वैराग्यवत्कथाम् ॥ १
मा भैषीर्द्विजपत्नि त्वं शिवस्य शरणं व्रज।

ब्राह्मण भन्दछन्—सौभाग्यको कुरा हो, भगवान् शंकरको कृपाले शिवपुराणको यस वैराग्ययुक्त तथा श्रेष्ठ कथा सुनेर तिमीलाई समयमा चेतना भएको छ। हे ब्राह्मणपत्नी! तिमी नडराऊ, भगवान् शिवको शरणमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिवानुग्रहतः सर्वं पापं सद्यो विनश्यति॥ २
वक्ष्यामि ते परं वस्तु शिवकीर्तिसमन्वितम्।
भविष्यति गतिर्येन सर्वदा ते सुखावहा॥ ३

सत्कथाश्रवणादेव जाता ते मतिरीदृशी।
पश्चात्तापान्विता शुद्धा वैराग्यं विषयेषु च॥ ४

पश्चात्तापः पापकृतां पापानां निष्कृतिः परा।
सर्वेषां वर्णितं सद्भिः सर्वपापविशोधनम्॥ ५

पश्चात्तापेनैव शुद्धिः प्रायश्चित्तं करोति सः।
यथोपदिष्टं सद्भिर्हि सर्वपापविशोधनम्॥ ६

प्रायश्चित्तमधीकृत्य विधिवन्निर्भयः पुमान्।
न याति सुगतिं प्रायः पश्चात्तापी न संशयः॥ ७

एतच्छिवपुराणस्य कथाश्रवणतो यथा।
जायते चित्तशुद्धिर्हि न तथान्यैरुपायतः॥ ८

शोध्यमानं दर्पणं हि यथा भवति निर्मलम्।
तथैतत्कथया चेतो विशुद्धिं यात्यसंशयम्॥ ९
विशुद्धे चेतसि शिवो नृणां तिष्ठति साम्बिकः।
ततो याति विशुद्धात्मा साम्बशम्भोः परं पदम्॥ १०

अतः सर्वस्य वर्गस्यैतत्कथासाधनं मतम्।
एतदर्थं महादेवो निर्ममे त्वाग्रहादिमाम्॥ ११

कथया सिध्यति ध्यानमनया गिरिजापतेः।
ध्यानाज्ज्ञानं परं तस्मात् कैवल्यं भवति ध्रुवम्॥ १२

असिद्धशङ्करध्यानः कथामेव शृणोति यः।
स प्राप्यान्यभवे ध्यानं शम्भोर्याति परां गतिम्॥ १३

एतत्कथाश्रवणतः कृत्वा ध्यानमुमापतेः।
ते पश्चात्तापिनः पापा बहवः सिद्धिमागताः॥ १४

जाऊ। शिवको कृपाले सारा पाप तत्काल नष्ट हुन जान्छ। म तिमीसित भगवान् शिवको कीर्तिकथाले युक्त त्यस परम वस्तुको वर्णन गर्ने छु, जसबाट तिमीलाई सदा सुख दिने उत्तम गति प्राप्त हुने छ॥ १—३॥

शिवको उत्तम कथा सुन्नाले नै तिम्रो बुद्धि यसरी पश्चात्तापले युक्त एवं शुद्ध भएको छ; साथै तिम्रो मनमा विषयहरूप्रति वैराग्य भएको छ। पश्चात्ताप नै पाप गर्ने पापीहरूका लागि सबैभन्दा ठुलो प्रायश्चित्त हो। सत्पुरुषहरूले सबैका लागि पश्चात्तापलाई नै समस्त पापहरूको शोधक बताएका छन्। पश्चात्तापबाट नै पापहरूको शुद्धि हुन्छ। जसले पश्चात्ताप गर्दछ, त्यसले वास्तवमा पापहरूको प्रायश्चित्त गर्दछ; किनभने सत्पुरुषहरूले समस्त पापहरूको शुद्धिका लागि जसरी प्रायश्चित्तको उपदेश गरेका छन्, त्यो सब पश्चात्तापबाट सम्पन्न हुन जान्छ॥ ४—६॥

जो पुरुष विधिपूर्वक प्रायश्चित्त गरी निर्भय हुन जान्छ, तर आफ्नो कुकर्मको लागि पश्चात्ताप गर्दैन, त्यसलाई प्रायः उत्तम गति प्राप्त हुँदैन। परन्तु जसलाई आफ्नो कुकृत्यमाथि हार्दिक पश्चात्ताप हुन्छ, त्यो अवश्य उत्तम गतिको भागी हुन्छ, यसमा संशय छैन। यस शिवपुराणको कथा सुन्नाले जुन प्रकार चित्तशुद्धि हुन्छ, त्यसरी अरू उपायबाट हुँदैन॥ ७-८॥

जसरी ऐना सफा गरेपछि निर्मल हुन्छ, त्यसै प्रकार यस शिवपुराणको कथाले चित्त अत्यन्त शुद्ध हुन्छ—यसमा संशय छैन। मनुष्यहरूका शुद्ध चित्तमा जगदम्बा पार्वतीसहित भगवान् शिव विराजमान रहनुहुन्छ। यसैले त्यो विशुद्धात्मा पुरुष श्रीसाम्बसदाशिवको परम पदलाई प्राप्त गर्दछ॥ ९-१०॥

यस प्रकार यो कथारूपी साधन सबै प्राणीहरूका लागि उपकारी छ र यसै कारण महादेवले यसलाई आग्रहपूर्वक प्रकट गर्नुभएको हो। यस कथाबाट भगवान् उमापतिको ध्यान सिद्ध हुन जान्छ। त्यस ध्यानबाट परम ज्ञान र त्यसबाट निश्चय नै मोक्षको प्राप्ति हुन्छ। भगवान् शंकरको ध्यानमा मग्न नभईकन पनि यदि कोही यस कथालाई सुन्छ, त्यसले अर्को जन्ममा भगवान्को ध्यानद्वारा सिद्धि प्राप्त गरी परमपदलाई प्राप्त गर्दछ। यस कथाको श्रवणले भगवान् शंकरको ध्यानलाई प्राप्त गरी पश्चात्ताप गर्ने पापी पुरुषले सिद्धिलाई प्राप्त गर्दछ॥ ११—१४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वेषां श्रेयसां बीजं सत्कथाश्रवणं नृणाम्।
यथावर्त्म समाराध्यं भवबन्धगदापहम्॥ १५

कथाश्रवणतः शम्भोर्मननाच्च ततो हृदा।
निदिध्यासनतश्चैव चित्तशुद्धिर्भवत्यलम्॥ १६

अतो भक्तिर्महेशस्य पुत्राभ्यां भवति ध्रुवम्।
तदनुग्रहतो दिव्या ततो मुक्तिर्न संशयः॥ १७

तद्विहीनः पशुर्ज्ञेयो मायाबन्धनसक्तधीः।
संसारबन्धनान्नैव मुक्तो भवति स ध्रुवम्॥ १८

अतो हि द्विजपत्नि त्वं विषयेभ्यो निवृत्तधीः।
शृणु शम्भोः कथां चैतां भक्त्या परमपावनीम्॥ १९

शृण्वन्त्याः सत्कथामेतां शङ्करस्य परात्मनः।
शुद्धिमेष्यति चेतस्ते ततो मुक्तिमवाप्स्यसि॥ २०

ध्यायतः शिवपादाब्जं चेतसा निर्मलेन वै।
एकेन जन्मना मुक्तिः सत्यं सत्यं वदाम्यहम्॥ २१

सूत उवाच

इत्युक्त्वा स द्विजवरो वरः शैवः कृपार्द्रधीः।
तूष्णीं बभूव शुद्धात्मा शिवध्यानपरायणः॥ २२

अथ बिन्दुगपत्नी सा चञ्चुलाह्वा प्रसन्नधीः।
इत्युक्ता तेन विप्रेण समासीद्बाष्पलोचना॥ २३

पपातारं द्विजेन्द्रस्य पादयोस्तस्य हृष्टधीः।
चञ्चुला साञ्जलिः सा च कृतार्थास्मीत्यभाषत॥ २४

अथ सोत्थाय सातङ्का साञ्जलिर्गद्गदाक्षरम्।
तमुवाच महाशैवं द्विजं वैराग्ययुक् सुधीः॥ २५

यस उत्तम कथाको श्रवण नै समस्त मनुष्यहरूका लागि कल्याणको बीज हो। अतः यथोचित (शास्त्रोक्त) मार्ग (विधि) बाट यसको आराधना अथवा सेवा गर्नुपर्छ। यो कथा-श्रवण भव-बन्धनरूपी रोगको नाश गर्नेवाला छ। भगवान् शिवको कथालाई सुनेर फेरि आफ्नो हृदयमा त्यसको मनन एवं निदिध्यासन गर्नाले पूर्णतया चित्तशुद्धि हुन जान्छ। चित्तशुद्धि हुनाले महेश्वरको भक्ति आफ्ना दुवै पुत्र (ज्ञान र वैराग्य)-का साथ निश्चय नै प्रकट हुन्छ। तत्पश्चात् महेश्वरको अनुग्रहले दिव्य मुक्ति प्राप्त हुन्छ, यसमा संशय छैन। जो शिवभक्तिबाट वञ्चित छ, त्यसलाई पशु सम्झनुपर्दछ; किनभने त्यसको चित्त मायाको बन्धनमा आसक्त छ। त्यो निश्चय नै संसारबन्धनबाट मुक्त हुन पाउँदैन॥ १५—१८॥

हे ब्राह्मणपत्नी! यसैले तिमी विषयहरूबाट मनलाई हटाऊ र भक्तिभावले भगवान् शंकरको यस परम पावन कथालाई सुन। परमात्मा शंकरको यस कथालाई सुन्नाले तिम्रो चित्तको शुद्धि हुन्छ र त्यसबाट तिमीलाई मोक्षको प्राप्ति हुने छ। निर्मल चित्तले भगवान् शिवका चरणारविन्दको चिन्तन गर्नेहरूको एकै जन्ममा मुक्ति हुन जान्छ—यो म तिमीसित सत्य-सत्य भन्दै छु॥ १९—२१॥

सूत भन्नुहुन्छ—शौनक! यति भनेर ती श्रेष्ठ शिवभक्त ब्राह्मण मौन भए। उनको हृदय करुणाले आर्द्र भएको थियो। ती शुद्धचित्त महात्मा भगवान् शिवको ध्यानमा मगन भए॥ २२॥

त्यसपछि बिन्दुगकी पत्नी चञ्चुला मन-मनै प्रसन्न भइन्। ब्राह्मणको उक्त उपदेश सुनेर उनका नेत्रमा आनन्दका आँसु छचल्किन थाले। ती ब्राह्मणपत्नी चञ्चुला हर्षित हृदयले ती श्रेष्ठ ब्राह्मणका चरणमा परेर हात जोडेर भनिन्—'म कृतार्थ भएँ'॥ २३-२४॥

तत्पश्चात् उठेर वैराग्ययुक्त तथा उत्तम बुद्धि भएकी ती स्त्री, जो आफ्ना पापहरूका कारण आतङ्कित थिइन्, ती महान् शिवभक्त ब्राह्मणलाई हात जोडेर गद्गद वाणीमा भन्न लागिन्॥ २५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चञ्चुलोवाच

ब्रह्मन् शैववर स्वामिन् धन्यस्त्वं परमार्थदृक्।
परोपकारनिरतो वर्णनीयः सुसाधुषु॥ २६

उद्धरोद्धर मां साधो पतन्तीं नरकार्णवे।
श्रुत्वा यां सुकथां शैवीं पुराणार्थविजृम्भिताम्॥ २७

विरक्तधीरहं जाता विषयेभ्यश्च सर्वतः।
सुश्रद्धा महती ह्येतत्पुराणश्रवणेऽधुना॥ २८

सूत उवाच

इत्युक्त्वा साञ्जलिः सा वै सम्प्राप्य तदनुग्रहम्।
तत्पुराणं श्रोतुकामातिष्ठत्तत्सेवने रता॥ २९

अथ शैववरो विप्रस्तस्मिन्नेव स्थले सुधीः।
सत्कथां श्रावयामास तत्पुराणस्य तां स्त्रियम्॥ ३०

इत्थं तस्मिन् महाक्षेत्रे तस्मादेव द्विजोत्तमात्।
कथां शिवपुराणस्य सा शुश्राव महोत्तमाम्॥ ३१

भक्तिज्ञानविरागाणां वर्धिनीं मुक्तिदायिनीम्।
बभूव सुकृतार्था सा श्रुत्वा तां सत्कथां पराम्॥ ३२

सद्गुरोस्तस्य कृपया शुद्धचित्ता च सा द्रुतम्।
शिवानुग्रहतः शम्भोः रूपध्यानमवाप ह॥ ३३

इत्थं सद्गुरुमाश्रित्य सा प्राप्तशिवसन्मतिः।
दध्यौ मुहुर्मुहुः शम्भोश्चिदानन्दमयं वपुः॥ ३४

स्नात्वा तीर्थजले नित्यं जटावल्कलधारिणी।
भस्मोद्धूलितसर्वाङ्गी रुद्राक्षकृतभूषणा॥ ३५

शिवनामजपासक्ता वाग्यता मितभोजना।
गुरूपदिष्टमार्गेण सा शिवं समतोषयत्॥ ३६

एवं तस्याश्चञ्चुलायाः कुर्वन्त्या ध्यानमुत्तमम्।
बहुकालो व्यतीयाय शम्भोस्तत्रैव शौनक॥ ३७

चञ्चुला भन्दछे—हे ब्राह्मण! हे शिवभक्तहरूमा श्रेष्ठ! हे स्वामी! तपाईं धन्य हुनुहुन्छ, परमार्थदर्शी हुनुहुन्छ र सदा परोपकारमा लागिरहनुहुन्छ, यसैले तपाईं श्रेष्ठ साधु पुरुषहरूमा प्रशंसाका योग्य हुनुहुन्छ। हे साधु! म नरकको समुद्रमा खसिरहेकी छु। तपाईं मेरो उद्धार गर्नुहोस्, उद्धार गर्नुहोस्। पौराणिक अर्थतत्त्वबाट सम्पन्न जुन सुन्दर शिवपुराणको कथालाई सुनेर मेरो मनमा सम्पूर्ण विषयहरूबाट वैराग्य उत्पन्न भयो, त्यसै यस शिवपुराणलाई सुन्नका लागि यस समय मेरो मनमा ज्यादै श्रद्धा भइरहेको छ॥ २६—२८॥

सूत भन्नुहुन्छ—यस्तो भनेर हात जोडी उनको अनुग्रह पाएर चञ्चुला मनमा त्यस शिवपुराणको कथालाई सुन्ने इच्छा लिई ती ब्राह्मणदेवताको सेवामा तत्पर भई त्यहीँ बस्न लागिन्॥ २९॥

त्यसपछि शिवभक्तहरूमा श्रेष्ठ र शुद्ध बुद्धि भएका ती ब्राह्मणदेवताले त्यसै स्थानमा त्यस स्त्रीलाई शिवपुराणको उत्तम कथा सुनाए॥ ३०॥

यस प्रकार त्यस [गोकर्ण नामक] महाक्षेत्रमा उनै श्रेष्ठ ब्राह्मणबाट त्यसले शिवपुराणको त्यो परम उत्तम कथा सुनी, जुन भक्ति, ज्ञान र वैराग्यलाई बढाउने तथा मुक्ति दिनेवाला छ। त्यस परम उत्तम कथालाई सुनेर ती ब्राह्मणपत्नी अत्यन्त कृतार्थ भइन्॥ ३१-३२॥

ती सद्गुरुको कृपाले उनको चित्त तत्कालै शुद्ध भयो, भगवान् शिवको अनुग्रहले उनको हृदयमा शिवको सगुणरूपको चिन्तन हुन लाग्यो॥ ३३॥

यस प्रकार सद्गुरुको आश्रय लिएर उनले भगवान् शिवमा लागिरहने उत्तम बुद्धि पाएर शिवको सच्चिदानन्दमय स्वरूपको बारम्बार चिन्तन आरम्भ गरिन्॥ ३४॥

उनी प्रतिदिन तीर्थको जलमा स्नान गरी जटा र वल्कल धारण गर्न लागिन् तथा पूरै देहमा भस्म लगाएर रुद्राक्षका आभूषण धारण गर्न लागिन्। उनी भगवान् शिवको नामजपमा लागिरहन्थिन्, संयमित वाणी र अल्पाहार गर्दै गुरुले बताएका मार्गबाट उनी शिवलाई प्रसन्न पार्न लागिन्। हे शौनक! यस प्रकार शम्भुको उत्तम ध्यान गर्दै चञ्चुलाको धेरैजसो समय बित्यो॥ ३५—३७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ कालेन पूर्णेन भक्तित्रिकसमन्विता।
समुत्ससर्ज देहं स्वमनायासेन चञ्चुला॥ ३८

तत्पश्चात् समय पूर्ण भएपछि भक्ति, ज्ञान र वैराग्यबाट युक्त भई चञ्चुलाले आफ्नो शरीरलाई विना कुनै कष्ट त्यागिदिइन्॥ ३८॥

विमानं द्रुतमायान्तं प्रेषितं त्रिपुरारिणा।
दिव्यं स्वगणसंयुक्तं नानाशोभासमन्वितम्॥ ३९

अथ तत्र समारूढा महेशानुचरैर्वरैः।
नीता शिवपुरीं सद्यो ध्वस्तसर्वमला च सा॥ ४०

दिव्यरूपधरा दिव्या दिव्यावयवशालिनी।
चन्द्रार्धशेखरा गौरी विलसद्दिव्यभूषणा॥ ४१

तत्काल त्रिपुरशत्रु भगवान् शिवले पठाउनुभएको एक दिव्य विमान द्रुत गतिले त्यहाँ पुग्यो, जो उहाँका आफ्ना गणले संयुक्त र थरी-थरीका शोभा साधनहरूले सम्पन्न थियो। चञ्चुला त्यस विमानमा चढिन् र भगवान् शिवका श्रेष्ठ पार्षदहरूले उनलाई तत्काल शिवपुरीमा पुऱ्याए। उनको सबै मल धुलो भएको थियो। उनी दिव्यरूपधारिणी दिव्याङ्गना भएकी थिइन्। दिव्य अवयवले उनको शोभा बढाएको थियो। शिरमा अर्धचन्द्रको मुकुट धारण गरेकी ती गौरांगी देवी शोभाशाली दिव्य आभूषणहरूबाट विभूषित थिइन्॥ ३९—४१॥

गत्वा तत्र महादेवं सा ददर्श त्रिलोचनम्।
विष्णुब्रह्मादिभिर्देवैः सेव्यमानं सनातनम्॥ ४२

गणेशभृङ्गिनन्दीशवीरभद्रेश्वरादिभिः।
उपास्यमानं सद्भक्त्या कोटिसूर्यसमप्रभम्॥ ४३

नीलग्रीवं पञ्चवक्त्रं त्र्यम्बकं चन्द्रशेखरम्।
वामाङ्गे बिभ्रतं गौरीं विद्युत्पुञ्जसमप्रभाम्॥ ४४

कर्पूरगौरं गौरीशं सर्वालङ्कारधारिणम्।
सितभस्मलसद्देहं सितवस्त्रं महोज्ज्वलम्॥ ४५

त्यहाँ पुगेर उनले त्रिनेत्रधारी महादेवलाई देखिन्। ब्रह्मा, विष्णु आदि देवता ती सनातन शिवको सेवा गरिरहेका थिए। गणेश, भृंगी, नन्दीश, वीरभद्रेश्वर आदि गण उत्तम भक्तिका साथ उहाँको उपासना गरिरहेका थिए। उहाँको अंगकान्ति करोडौँ सूर्यसमान प्रकाशित भइरहेका थिए। कण्ठमा नील चिह्न शोभायमान थियो। उहाँका पाँच मुख थिए र प्रत्येक मुखमा तीन-तीन नेत्र थिए। शिरमा अर्धचन्द्राकार मुकुट सुशोभित थियो। उहाँले आफ्नो वामाङ्गमा गौरी देवीलाई राख्नुभएको थियो, जो विद्युत्-पुञ्जसमान प्रकाशित थिइन्। गौरीपति महादेवको कान्ति कपुरसमान सेतो थियो। उहाँले सबै अलङ्कार धारण गर्नुभएको थियो, उहाँको सारा शरीर सेतो भस्मले भासित थियो। शरीरमा सेतो वस्त्र शोभा पाइरहेको थियो। त्यो अत्यन्त उज्ज्वल वर्णको थियो॥ ४२—४५॥

दृष्ट्वैवं शङ्करं नारी सा मुमोदाति चञ्चुला।
सुसम्भ्रमान्महाप्रीता प्रणनाम पुनः पुनः॥ ४६

साञ्जलिः सा मुदा प्रेम्णा सन्तुष्टा च विनीतका।
आनन्दाश्रुजलैर्युक्ता रोमहर्षसमन्विता॥ ४७

अथ सा वै करुणया पार्वत्या शङ्करेण च।
समानीतोपकण्ठं हि सुदृष्ट्या च विलोकिता॥ ४८

यस प्रकार परम उज्ज्वल भगवान् शंकरको दर्शन गरी ती ब्राह्मणपत्नी चञ्चुला ज्यादै प्रसन्न भइन्। अत्यन्त प्रीतियुक्त भएर उनले ठुलो उत्साहका साथ भगवान्लाई बारम्बार प्रणाम गरिन्। फेरि हात जोडेर उनी अत्यन्त प्रेम, आनन्द र सन्तोषले युक्त भई विनीतभावले उभिइन्। उनका नेत्रबाट आनन्दाश्रुका अविरल धारा बहन लागे तथा सम्पूर्ण शरीरमा रोमाञ्च भयो। त्यस समय भगवती पार्वती र भगवान् शंकरले उनलाई अत्यन्त करुणाका साथ आफ्नो नजिक बोलाउनुभयो र सौम्य दृष्टिले उनीतिर हेर्नुभयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पार्वत्या सा कृता प्रीत्या स्वसखी दिव्यरूपिणी।
दिव्यसौख्यान्विता तत्र चञ्चुला बिन्दुगप्रिया॥ ४९

तस्मिँल्लोके परानन्दघनज्योतिषि शाश्वते।
लब्ध्वा निवासमचलं लेभे सुखमनाहतम्॥ ५०

पार्वतीले ती दिव्यरूपधारिणी बिन्दुगप्रिया चञ्चुलालाई प्रेमपूर्वक आफ्नो सखी बनाउनुभयो। उनी त्यस परमानन्दघन ज्योतिःस्वरूप सनातनधाममा अविचल निवास पाएर दिव्य सौख्यले सम्पन्न भई अक्षय सुखको अनुभव गर्न थालिन्॥ ४६—५०॥

इति श्रीस्कान्दे महापुराणे शिवपुराणमाहात्म्ये चञ्चुलासद्गतिवर्णनं नाम चतुर्थोऽध्यायः॥ ४॥

॥ यस प्रकार श्रीस्कन्दमहापुराणअन्तर्गत शिवपुराणमाहात्म्यमा चंचुलासद्गतिवर्णन नामक चौथो अध्याय पूर्ण भयो॥ ४॥

अथ पञ्चमोऽध्यायः

चञ्चुलाको प्रयत्नले पार्वतीको आज्ञा पाएर तुम्बुरुले विन्ध्यपर्वतमा शिवपुराणको कथा सुनाएर पिशाचयोनिबाट बिन्दुगको उद्धार गर्नु तथा ती दुवै दम्पती शिवधाममा सुखी हुनु

शौनक उवाच

सूत सूत महाभाग धन्यस्त्वं शिवसक्तधीः।
श्रावितेयं कथास्माकमद्भुता भक्तिवर्धिनी॥ १

तत्र गत्वा किं चकार चञ्चुला प्राप्तसद्गतिः।
तत् त्वं वद विशेषेण तत्पतेश्च महामते॥ २

शौनक भन्नुहुन्छ—हे महाभाग सूतजी! तपाईं धन्य हुनुहुन्छ, तपाईंको बुद्धि भगवान् शिवमा लागेको छ। तपाईंले कृपापूर्वक यो शिवभक्ति बढाउने अद्भुत कथा हामीलाई सुनाउनुभयो। हे महामति! सद्गति प्राप्त गरेपछि त्यहाँ गएर चञ्चुलाले के गरिन् र त्यसको पतिको के गति भयो; यो सब वृत्तान्त विस्तारपूर्वक हामीलाई बताउनुहोस्॥ १-२॥

सूत उवाच

सा कदाचिदुमां देवीमुपगम्य प्रणम्य च।
सुतुष्टाव करौ बद्ध्वा परमानन्दसम्प्लुता॥ ३

सूत भन्नुहुन्छ—हे शौनक! एक दिन परमानन्दमा निमग्न भई चञ्चुलाले उमादेवी समक्ष गएर प्रणाम गरी र दुवै हात जोडेर उहाँको स्तुति गर्न लागिन्॥ ३॥

चञ्चुलोवाच

गिरिजे स्कन्दमातस्त्वं सेविता सर्वदा नरैः।
सर्वसौख्यप्रदे शम्भुप्रिये ब्रह्मस्वरूपिणि॥ ४

विष्णुब्रह्मादिभिस्सेव्या सगुणा निर्गुणापि च।
त्वमाद्या प्रकृतिस्सूक्ष्मा सच्चिदानन्दरूपिणी॥ ५

सृष्टिस्थितिलयकरी त्रिगुणा त्रिसुरालया।
ब्रह्मविष्णुमहेशानां सुप्रतिष्ठाकरा परा॥ ६

चञ्चुला भन्दछे—हे गिरिराजनन्दिनी! हे स्कन्दमाता! मनुष्यहरूले सदा हजुरको सेवा गरेका छन्। समस्त सुख प्रदान गर्नुहुने हे शम्भुप्रिये! हे ब्रह्मस्वरूपिणी! हजुर विष्णु, ब्रह्मा आदि देवताहरूद्वारा सेव्य हुनुहुन्छ। सगुणा र निर्गुणा पनि हजुर नै हुनुहुन्छ तथा हजुर नै सूक्ष्म सच्चिदानन्द-स्वरूपिणी आद्या प्रकृति हुनुहुन्छ। हजुर नै संसारको सृष्टि, पालन र संहारकर्ता हुनुहुन्छ। तीनै गुणका आश्रय पनि हजुर नै हुनुहुन्छ। ब्रह्मा, विष्णु र महेश्वर—यी तीनै देवताहरूका आवास-स्थान तथा उहाँहरूको उत्तम प्रतिष्ठा गर्ने पराशक्ति हजुर नै हुनुहुन्छ॥ ४—६॥

सूत उवाच

इति स्तुत्वा महेशीं तां चञ्चुला प्राप्तसद्गतिः।
विरराम नतस्कन्धा प्रेमपूर्णाश्रुलोचना॥ ७

सूत भन्नुहुन्छ—हे शौनक! जसलाई सद्गति प्राप्त भइसकेको थियो, त्यो चंचुला यस प्रकार महेश्वरपत्नी उमाको स्तुति गरी शिर झुकाई मौन भइन्। उनका नेत्रमा प्रेमका आँसु छचल्किरहेका थिए॥ ७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततः सा करुणाविष्टा पार्वती शङ्करप्रिया।
तामुवाच महाप्रीत्या चञ्चुलां भक्तवत्सला॥ ८

तब करुणाले भरिनुभएका शंकरप्रिया भक्तवत्सला पार्वतीदेवी चञ्चुलालाई सम्बोधित गरी बडो प्रेमले यस प्रकार भन्न लाग्नुभयो— ॥ ८ ॥

पार्वत्युवाच

चञ्चुले सखि सुप्रीतानया स्तुत्यास्मि सुन्दरि।
किं याचसे वरं ब्रूहि नादेयं विद्यते तव॥ ९

पार्वती भन्नुहुन्छ—हे सखी चञ्चुला! हे सुन्दरी! म तिमीले गरेकी यस स्तुतिबाट ज्यादै प्रसन्न छु। भन, के वर माग्छ्यौ? तिम्रो लागि मलाई केही पनि अदेय छैन॥ ९॥

सूत उवाच

इत्युक्ता सा गिरिजया चञ्चुला सुप्रणम्य ताम्।
पर्यपृच्छत सुप्रीत्या साञ्जलिर्नतमस्तका॥ १०

सूत भन्नुहुन्छ—पार्वतीले यस प्रकार भन्नुभएपछि चञ्चुला उनलाई प्रणाम गरी दुवै हात जोडेर नतमस्तक भई प्रेमपूर्वक सोध्न लागिन्— ॥ १० ॥

चञ्चुलोवाच

मम भर्ताधुना क्वास्ते नैव जानामि तद्गतिम्।
तेन युक्ता यथाहं वै भवामि गिरिजेऽनघे॥ ११

तथैव कुरु कल्याणि कृपया दीनवत्सले।
महादेवि महेशानि भर्ता मे वृषलीपतिः।
मत्तः पूर्वं मृतः पापी न जाने कां गतिं गतः॥ १२

चञ्चुला भन्दछे—हे निष्पाप गिरिराजकुमारी! मेरे पति बिन्दुग यस समय कहाँ छन्, उनको कस्तो गति भएको छ—यो म जान्दिन! कल्याणमयी दीनवत्सले! म आफ्ना ती पतिदेवसित जुन प्रकार संयुक्त हुन सकौँ, कृपा गरी त्यस्तै उपाय गर्नुहोस्। हे महेश्वरी! हे महादेवी! मेरो पति एउटी शूद्रजातीय वेश्याप्रति आसक्त थिए र पापमा नै डुबिरहन्थे। उनको मृत्यु मेरोभन्दा पहिला नै भएको थियो। थाहा छैन तिनले कुन गति प्राप्त गरेका छन्॥ ११-१२॥

सूत उवाच

इत्याकर्ण्य वचस्तस्याश्चञ्चुलाया हि पार्वती।
प्रत्युवाच सुसम्प्रीत्या गिरिजा नयवत्सला॥ १३

सूत भन्नुहुन्छ—चञ्चुलाको यो वचन सुनेर नीतिवत्सला हिमालयपुत्री देवी पार्वतीले अत्यन्त प्रेमपूर्वक यो उत्तर दिनुभयो— ॥ १३ ॥

गिरिजोवाच

सुते भर्ता बिन्दुगाह्वो महापापी दुराशयः।
वेश्याभोगी महामूढो मृत्वा स नरकं गतः॥ १४

भुक्त्वा नरकदुःखानि विविधान्यमिताः समाः।
पापशेषेण पापात्मा विन्ध्ये जातः पिशाचकः॥ १५

इदानीं स पिशाचोऽस्ति नानाक्लेशसमन्वितः।
तत्रैव वातभुग्दुष्टः सर्वकष्टवहः सदा॥ १६

गिरिजा भन्नुहुन्छ—हे सुते! तिम्रो बिन्दुग नाम गरेको पति ज्यादै पापी थियो। त्यसको अन्तःकरण ज्यादै दूषित थियो। वेश्याको सङ्गत गर्ने त्यो महामूर्ख मरेपछि नरकमा पऱ्यो; अगणित वर्षसम्म नरकमा नाना प्रकारका दुःख भोगेर त्यो पापात्मा आफ्नो बाँकी पाप भोग्नका लागि विन्ध्यपर्वतमा पिशाच भएको छ। यस समय त्यो पिशाचको अवस्थामा नै छ र नाना प्रकारका दुःख उठाइरहेको छ। त्यो दुष्ट त्यहीँ वायु पिएर बस्छ र सदा सबै प्रकारका कष्ट सहन्छ॥ १४—१६॥

सूत उवाच

इति गौर्या वचः श्रुत्वा चञ्चुला सा शुभव्रता।
पतिदुःखेन महता दुःखितासीत्तदा किल॥ १७
समाधाय ततश्चित्तं सुप्रणम्य महेश्वरीम्।
पुनः पप्रच्छ सा नारी हृदयेन विदूयता॥ १८

सूत भन्नुहुन्छ—हे शौनक! गौरीदेवीको यो कुरा सुनेर उत्तम व्रतको पालन गर्ने ती चञ्चुला त्यस समय पतिको महान् दुःखबाट दुःखी भइन्। फेरि मनलाई स्थिर गरी ती ब्राह्मणपत्नीले व्यथित हृदयले महेश्वरीलाई प्रणाम गरी पुनः सोधिन्— ॥ १७-१८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चञ्चुलोवाच

महेश्वरि महादेवि कृपां कुरु ममोपरि।
समुद्धर पतिं मेऽद्य दुष्टकर्मकरं खलम्॥ १९

केनोपायेन मे भर्ता पापात्मा स कुबुद्धिमान्।
सद्गतिं प्राप्नुयाद्देवि तद्वदाशु नमोऽस्तु ते॥ २०

सूत उवाच

इत्याकर्ण्य वचस्तस्याः पार्वती भक्तवत्सला।
प्रत्युवाच प्रसन्नात्मा चञ्चुलां स्वसखीं च ताम्॥ २१

पार्वत्युवाच

शृणुयाद्यदि ते भर्ता पुण्यां शिवकथां पराम्।
निस्तीर्य दुर्गतिं सर्वां सद्गतिं प्राप्नुयादिति॥ २२

इति गौर्या वचः श्रुत्वामृताक्षरमथादरात्।
कृताञ्जलिर्नतस्कन्धा प्रणनाम पुनः पुनः॥ २३

तत्कथाश्रवणं भर्तुः सर्वपापविशुद्धये।
सद्गतिप्राप्तये चैव प्रार्थयामास तां तदा॥ २४

सूत उवाच

तया मुहुर्मुहुर्नार्या प्रार्थ्यमाना शिवप्रिया।
गौरी कृपान्वितासीत् सा महेशी भक्तवत्सला॥ २५

अथ तुम्बुरुमाहूय शिवसत्कीर्तिगायकम्।
प्रीत्या गन्धर्वराजं हि गिरिकन्येदमब्रवीत्॥ २६

गिरिजोवाच

हे तुम्बुरो शिवप्रीत मम मानसकारक।
सहानया विन्ध्यशैलं भद्रं ते गच्छ सत्वरम्॥ २७

आस्ते तत्र महाघोरः पिशाचोऽतिभयङ्करः।
तद्वृत्तं शृणु सुप्रीत्यादितः सर्वं ब्रवीमि ते॥ २८

पुराभवे पिशाचः स बिन्दुगाह्वोऽभवद् द्विजः।
अस्या नार्याः पतिर्दुष्टो मत्सख्या वृषलीपतिः॥ २९

स्नानसन्ध्याक्रियाहीनोऽशौचः क्रोधविमूढधीः।
दुर्भक्षी सज्जनद्वेषी दुष्परिग्रहकारकः॥ ३०

चञ्चुला भन्दछे—हे महेश्वरी! हे महादेवी! ममाथि कृपा गर्नुहोस् र दूषित कर्म गर्ने मेरो त्यस दुष्ट पतिको अब उद्धार गरिदिनुहोस्। हे देवी! कुत्सित बुद्धि भएका मेरा ती पापात्मा पतिलाई कुन उपायले उत्तम गति प्राप्त हुन सक्छ, यो शीघ्र बताउनुहोस्। हजुरलाई नमस्कार छ॥ १९-२०॥

सूत भन्नुहुन्छ—उनको यो कुरा सुनेर भक्तवत्सला पार्वती आफ्नी सखी चञ्चुलासित प्रसन्न भएर यस्तो भन्न लाग्नुभयो॥ २१॥

पार्वती भन्नुहुन्छ—तिम्रा पतिले यदि शिवपुराणको पुण्यमयी उत्तम कथा सुन्छन् भने सारा दुर्गतिलाई पार गरी उनी उत्तम गतिको भागी हुन सक्छन्॥ २२॥

अमृतसमान मधुर अक्षरहरूले युक्त गौरीदेवीका यी वचन आदरपूर्वक सुनेर चञ्चुलाले हात जोडेर शिर झुकाएर उहाँलाई वारम्वार प्रणाम गरिन् र आफ्ना पतिको समस्त पापको शुद्धि तथा उत्तम गति प्राप्तिका लागि पार्वतीदेवीसित यो प्रार्थना गरिन् कि मेरा पतिलाई शिवपुराण सुनाउने व्यवस्था होस्॥ २३-२४॥

सूत भन्नुहुन्छ—त्यस ब्राह्मणपत्नीले वारम्वार प्रार्थना गरेपछि शिवप्रिया गौरीदेवीलाई अत्यन्त दया जाग्यो। ती भक्तवत्सला महेश्वरी गिरिराजकुमारीले भगवान् शिवको उत्तम कीर्तिको गान गर्ने गन्धर्वराज तुम्बुरुलाई बोलाएर उनीसित प्रसन्नतापूर्वक यस प्रकार भन्नुभयो— ॥ २५-२६॥

गिरिजा भन्नुहुन्छ—मेरो मनको कुरालाई जानेर मेरो इच्छित कार्य सिद्ध गर्ने तथा शिवमा प्रीति राख्ने हे तुम्बुरु! [म तिमीसित एउटा कुरा भन्छु।] तिम्रो कल्याण होस्। तिमी मेरी यी सखीका साथ तत्काल विन्ध्यपर्वतमा जाऊ। त्यहाँ एउटा महाघोर र भयंकर पिशाच बस्दछ। त्यसको वृत्तान्त तिमी सुरूदेखि नै सुन। म तिमीसित प्रसन्नतापूर्वक सबैथोक बताउँने छु॥ २७-२८॥

पूर्वजन्ममा त्यो पिशाच बिन्दुग नामक ब्राह्मण थियो। त्यो मेरी यस सखी चञ्चुलाको पति थियो। परन्तु त्यो दुष्ट वेश्यागामी भयो। स्नान-सन्ध्या आदि नित्यकर्म छोडेर त्यो अपवित्र रहन लाग्यो। क्रोधका कारण त्यसको बुद्धिमा मूर्खता छाएको थियो। त्यो कर्तव्याकर्तव्यको विवेक गर्न पाउँदैनथ्यो। यो अभक्ष्यभक्षण,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवताओं और मुनियोंद्वारा शिवस्तुति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सतीजीका आश्चर्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



गुफामें गौरी-शंकर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पार्वतीजी और सप्तर्षि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीशिवजीकी विकट बरात

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मयूरवाहन भगवान् कार्तिकेय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



श्रीनारायणके नाभिकमलसे ब्रह्माजीका प्राकट्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



वरवेषमें भगवान् शिव



वधूवेषमें भगवती पार्वती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिंसकः शस्त्रधारी च सव्यहस्तेन भोजनी।
दीनानां पीडकः क्रूरः परवेश्मप्रदीपकः॥ ३१

चाण्डालाभिरतो नित्यं वेश्याभोगी महाखलः।
स्वपत्नीत्यागकृत् पापी दुष्टसङ्गरतस्तदा॥ ३२

सज्जनहरूसित द्वेष र दूषित वस्तुहरूको दान लिने—यही त्यसको स्वाभाविक कर्म बनेको थियो। त्यो अस्त्र-शस्त्र लिएर हिंसा गर्ने, बायाँ हातले खाने, दीनहरूलाई सताउने र क्रूरतापूर्वक अरूको घरमा आगो लगाइदिन्थ्यो। त्यो चाण्डालहरूसित प्रेम गर्दथ्यो र प्रतिदिन वेश्याको सम्पर्कमा रहन्थ्यो। त्यो ज्यादै दुष्ट थियो। त्यस पापीले आफ्नी पत्नीको परित्याग गरिदिएको थियो र त्यो दुष्टहरूको संगतमा निरत रहन्थ्यो॥ २९—३२॥

तेन वेश्याकुसङ्गेन सुकृतं नाशितं महत्।
वित्तलोभेन महिषी निर्भया जारिणी कृता॥ ३३

त्यसले वेश्याको कुसङ्गतबाट आफ्नो सारा पुण्य नष्ट पाऱ्यो र धनको लोभले आफ्नी पत्नीलाई निर्भय पारी व्यभिचारिणी बनायो॥ ३३॥

आमृत्योः स दुराचारी कालेन निधनं गतः।
ययौ यमपुरं घोरं भोगस्थानं हि पापिनाम्॥ ३४

तत्र भुक्त्वा स दुष्टात्मा नरकानि बहूनि च।
इदानीं स पिशाचोऽस्ति विन्ध्येऽद्रौ पापभुक् खलः॥ ३५

त्यो मृत्युपर्यन्त दुराचारमा नै फसिरह्यो। फेरि समय आएपछि त्यसको मृत्यु भयो। त्यो पापीहरूको भोगस्थान घोर यमपुरीमा गयो र त्यहाँ धेरै जसो नरकहरूलाई भोगेर त्यो दुष्टात्मा यस समय विन्ध्यपर्वतमा पिशाच बनेको छ। त्यहीं त्यो दुष्ट पिशाच आफ्नो पापहरूको फल भोगिरहेको छ॥ ३४-३५॥

तस्याग्रे परमां पुण्यां सर्वपापविनाशिनीम्।
दिव्यां शिवपुराणस्य कथां कथय यत्नतः॥ ३६

द्रुतं शिवपुराणस्य कथाश्रवणतः परात्।
सर्वपापविशुद्धात्मा हास्यति प्रेततां च सः॥ ३७

मुक्तं च दुर्गतेस्तं वै बिन्दुगं त्वं पिशाचकम्।
मदाज्ञया विमानेन समानय शिवान्तिकम्॥ ३८

तिमी त्यसको सामुन्ने यत्नपूर्वक शिवपुराणको त्यस दिव्य कथाको प्रवचन गर, जुन परम पुण्यमयी तथा समस्त पापहरू नाश गर्नेवाला छ। उत्तम शिवपुराणको कथा श्रवणबाट त्यसको हृदय चाँडै समस्त पापहरूबाट शुद्ध हुने छ र त्यो प्रेतयोनिबाट मुक्त हुने छ। दुर्गतिबाट मुक्त भएपछि त्यस बिन्दुग नामक पिशाचलाई मेरो आज्ञाले विमानमा बसाएर तिमी भगवान् शिवका समीप लिएर आऊ॥ ३६—३८॥

सूत उवाच

इत्यादिष्टो महेशान्या गन्धर्वेन्द्रश्च तुम्बुरुः।
मुमुदेऽतीव मनसि भाग्यं निजमवर्णयत्॥ ३९

आरुह्य सुविमानं स सत्या तत्प्रियया सह।
ययौ विन्ध्याचले सोऽरं यत्रास्ते नारदप्रियः॥ ४०

सूत भन्नुहुन्छ—[हे शौनक!] महेश्वरी उमाले यस प्रकार आदेश दिनुभएपछि गन्धर्वराज तुम्बुरु मन-मनै ज्यादै प्रसन्न भए र उनले आफ्नो भाग्यको सराहना गरे। तत्पश्चात् त्यस पिशाचकी सती-साध्वी पत्नी चञ्चुलाका साथ विमानमा बसेर नारदका प्रिय मित्र तुम्बुरु वेगपूर्वक विन्ध्याचल पर्वतमा गए, जहाँ त्यो पिशाच बस्दथ्यो॥ ३९-४०॥

तत्रापश्यत् पिशाचं तं महाकायं महाहनुम्।
प्रहसन्तं रुदन्तं च वल्गन्तं विकटाकृतिम्॥ ४१

बलाज्जग्राह तं पाशैः पिशाचं चातिभीकरम्।
तुम्बुरुश्शिवसत्कीर्तिगायकश्च महाबली॥ ४२

त्यहाँ उनले त्यस पिशाचलाई देखे। त्यसको शरीर विशाल थियो। त्यो कहिले हाँस्थ्यो, कहिले रुन्थ्यो र कहिले उफ्रन्थ्यो। त्यसको आकृति बडो विकराल थियो। भगवान् शिवको उत्तम कीर्तिको गान गर्ने महाबली तुम्बुरुले त्यस अत्यन्त भयङ्कर पिशाचलाई बलपूर्वक पाशद्वारा बाँधिदिए॥ ४१-४२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथो शिवपुराणस्य वाचनार्थं स तुम्बुरुः।
निश्चित्य रचनां चक्रे महोत्सवसमन्विताम्॥ ४३

पिशाचं तारितुं देव्याः शासनात्तुम्बुरुर्गतः।
विन्ध्यं शिवपुराणं स ह्यद्रिं श्रावयितुं परम्॥ ४४

इति कोलाहलो जातः सर्वलोकेषु वै महान्।
तत्र तच्छ्रवणार्थाय ययुर्देवर्षयो द्रुतम्॥ ४५

समाजस्तत्र परमोऽद्भुतश्चासीच्छुभावहः।
तेषां शिवपुराणस्यागतानां श्रोतुमादरात्॥ ४६

पिशाचमथ तं पाशैर्बद्ध्वा समुपवेश्य च।
तुम्बुरुर्वल्लकीहस्तो जगौ गौरीपतेः कथाम्॥ ४७

आरभ्य संहितामाद्यां सप्तमीसंहितावधि।
स्पष्टं शिवपुराणं हि समाहात्म्यं समावदत्॥ ४८

श्रुत्वा शिवपुराणं तु सप्तसंहितमादरात्।
बभूवुः सुकृतार्थास्ते सर्वे श्रोतार एव हि॥ ४९

स पिशाचो महापुण्यं श्रुत्वा शिवपुराणकम्।
विधूय कलुषं सर्वं जहौ पैशाचिकं वपुः॥ ५०

दिव्यरूपो बभूवाशु गौरवर्णः सितांशुकः।
सर्वालङ्कारदीप्ताङ्गस्त्रिनेत्रश्चन्द्रशेखरः ॥ ५१

दिव्यं दिव्यवपुर्भूत्वा तया स निजकान्तया।
जगौ स्वयमपि श्रीमांश्चरितं पार्वतीपतेः॥ ५२

तद्वधूमिति सन्दृष्ट्वा सर्वे देवर्षयश्च ते।
बभूवुर्विस्मिताश्चित्ते परमानन्दसंयुताः॥ ५३

सुकृतार्था महेशस्य श्रुत्वा चरितमद्भुतम्।
स्वं स्वं धाम ययुः प्रीत्या शंसन्तः शाङ्करं यशः॥ ५४

बिन्दुगः सोऽपि दिव्यात्मा सुविमानस्थितः सुखी।
स्वकान्तापार्श्वगः श्रीमाञ्छुशुभेऽतीव खस्थितः॥ ५५

त्यसपछि तुम्बुरुले शिवपुराणको कथा वाचनको निश्चय गरी महोत्सवयुक्त स्थान र मण्डप आदिको रचना गरे। तत्कालै सम्पूर्ण लोकमा ज्यादै द्रुतले यो प्रचार भयो कि देवी पार्वतीको आज्ञाले एक पिशाचको उद्धार गर्ने उद्देश्यले शिवपुराणको उत्तम कथा सुनाउनका लागि तुम्बुरु विन्ध्यपर्वतमा गएका छन्। अनि त्यस कथालाई सुन्ने लोभले धेरै-जसो देवता र ऋषि पनि तत्कालै त्यहाँ पुगे। आदरपूर्वक शिवपुराण सुन्नका लागि आएका महानुभावहरूको त्यस पर्वतमा ज्यादै अद्भुत र कल्याणकारी समाजको जमघट भयो॥ ४३—४६॥

तत्पश्चात् तुम्बुरुले त्यस पिशाचलाई पाशले बाँधेर आसनमा बसाए र हातमा वीणा लिएर गौरीपतिको कथाको गान आरम्भ गरे। उनले माहात्म्यसहित पहिलो अर्थात् प्रथम संहितादेखि लिएर सातौँ संहितासम्म शिवपुराणका कथाहरू स्पष्ट वर्णन गरे॥ ४७-४८॥

सात संहिता भएको शिवपुराणको आदरपूर्वक श्रवण गरी ती सबै श्रोता पूर्णतः कृतार्थ भए। त्यस परम पुण्यमय शिवपुराणलाई सुनेर त्यस पिशाचले आफ्नो सारा पापलाई धोएर त्यस पैशाचिक शरीरलाई त्यागिदियो। तत्कालै त्यसको रूप दिव्य भयो। अंगकान्ति गौरवर्णको भयो। शरीरमा सेतो वस्त्र तथा सबै प्रकारका पुरुषोचित आभूषण त्यसका अंगहरूलाई उद्भासित गर्न लागे। त्यो त्रिनेत्रधारी चन्द्रशेखररूप भयो॥ ४९—५१॥

यस प्रकार दिव्य देहधारी भएर श्रीमान् बिन्दुग आफ्नी भार्या चञ्चुलाका साथ स्वयं पनि पार्वतीपति भगवान् शिवको दिव्य चरित्रको गुणगान गर्न लाग्यो। त्यसकी स्त्रीलाई यस प्रकार दिव्य रूपले सुशोभित देखेर ती सबै देवता र ऋषि अत्यन्त विस्मित भए; उनीहरूको चित्त परमानन्दले परिपूर्ण भयो। भगवान् महेश्वरको त्यो अद्भुत चरित्र सुनेर ती सबै श्रोता परम कृतार्थ भई प्रेमपूर्वक श्रीशिवको यशोगान गर्दै आ-आफ्नो धाममा गए॥ ५२—५४॥

दिव्यरूपधारी श्रीमान् बिन्दुग पनि सुन्दर विमानमा आफ्नी प्रियतमाको नजिक बसेर सुखपूर्वक आकाशमा स्थित भई परम शोभा पाउन लाग्यो॥ ५५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ गायन् महेशस्य सुगुणान् सुमनोहरान्।
सतुम्बुरुर्जगामाशु सकान्तः शाङ्करं पदम्॥ ५६

सुसत्कृतो महेशेन पार्वत्या च स बिन्दुगः।
स्वगणश्च कृतः प्रीत्या साभवद्गिरिजासखी॥ ५७

तस्मिँल्लोके परानन्दे घनज्योतिषि शाश्वते।
लब्ध्वा निवासमचलं लभेते परमं सुखम्॥ ५८

त्यसपछि महेश्वरको सुन्दर एवं मनोहर गुणहरूको गान गर्दै ती आफ्नी प्रियतमा तथा तुम्बुरुका साथ तत्काले शिवधाममा पुगे। त्यहाँ भगवान् महेश्वर तथा पार्वती देवीले प्रसन्नतापूर्वक बिन्दुगको ठुलो सत्कार गर्नुभयो र त्यसलाई आफ्नो गण बनाउनुभयो। त्यसकी पत्नी चञ्चुला पार्वतीकी सखी बनिन्। त्यस घनीभूतज्योतिः स्वरूप परमानन्दमय सनातनधाममा अविचल निवास पाएर ती दुवै दम्पती परम सुखी भए॥ ५६—५८॥

इत्येतत् कथितं पुण्यमितिहासमघापहम्।
शिवाशिवपरानन्दं निर्मलं भक्तिवर्धनम्॥ ५९

य इदं शृणुयाद्भक्त्या कीर्तयेद्वा समाहितः।
स भुक्त्वा विपुलान् भोगानन्ते मुक्तिमवाप्नुयात्॥ ६०

यो उत्तम इतिहास मैले तपाईंलाई सुनाएँ, जुन पापहरू नाश गर्नेवाला, उमा-महेश्वरलाई आनन्द प्रदान गर्नेवाला, अत्यन्त पवित्र तथा उहाँमा भक्ति बढाउनेवाला छ। जसले यसलाई भक्तिपूर्वक सुन्दछ अथवा एकाग्रचित्त भएर यसको पाठ गर्दछ, त्यसले अनेक सांसारिक सुखलाई भोगेर अन्तमा मुक्ति प्राप्त गर्दछ॥ ५९-६०॥

इति श्रीस्कान्दे महापुराणे शिवपुराणमाहात्म्ये बिन्दुगसद्गतिवर्णनं नाम पञ्चमोऽध्यायः॥ ५॥

॥ यस प्रकार श्रीस्कन्दमहापुराणअन्तर्गत शिवपुराणमाहात्म्यमा बिन्दुगसद्गतिवर्णन नामक पाँचौँ अध्याय पूर्ण भयो॥ ५॥

अथ षष्ठोऽध्यायः

शिवपुराण श्रवणको विधि

शौनक उवाच

सूत सूत महाप्राज्ञ व्यासशिष्य नमोऽस्तु ते।
धन्यस्त्वं शैववर्योऽसि वर्णनीयमहद्गुणः॥ १

श्रीमच्छिवपुराणस्य श्रवणस्य विधिं वद।
येन सर्वं लभेच्छ्रोता सम्पूर्णं फलमुत्तमम्॥ २

शौनक भन्नुहुन्छ—हे महाप्राज्ञ! हे व्यासशिष्य! हे सूतजी! तपाईंलाई नमस्कार छ। तपाईं धन्य हुनुहुन्छ र शिवभक्तहरूमा श्रेष्ठ हुनुहुन्छ। तपाईंका महान् गुण वर्णन गर्न योग्य छन्। अब तपाईं कल्याणमय शिवपुराण श्रवणको विधि बताइदिनुहोस्, जसबाट सबै श्रोताहरूलाई सम्पूर्ण उत्तम फलको प्राप्ति हुन सकोस्॥ १-२॥

सूत उवाच

अथ ते सम्प्रवक्ष्यामि सम्पूर्णफलहेतवे।
विधिं शिवपुराणस्य शौनक श्रवणे मुने॥ ३

सूत भन्नुहुन्छ—हे शौनक! हे मुनि! अब म तपाईंलाई सम्पूर्ण फल प्राप्तिका लागि शिवपुराण श्रवणको विधि बताउँछु॥ ३॥

दैवज्ञं च समाहूय सन्तोष्य च जनान्वितः।
मुहूर्तं शोधयेच्छुद्धं निर्विघ्नेन समाप्तये॥ ४

वार्ता प्रेष्या प्रयत्नेन देशे देशे च सा शुभा।
भविष्यति कथा शैवी आगन्तव्यं शुभार्थिभिः॥ ५

[सर्वप्रथम] कुनै ज्योतिषीलाई बोलाएर दान-मानले सन्तुष्ट पारी आफ्ना सहयोगीहरूका साथ बसेर विना कुनै विघ्न-बाधाका साथ कथाको समाप्ति होस् भन्ने उद्देश्यले शुद्ध मुहूर्तको अनुसन्धान गराउनुपर्दछ। त्यसपछि प्रयत्नपूर्वक देश-देशमा—स्थान-स्थानमा यो शुभ सन्देश पठाउनु कि हामीकहाँ शिवपुराणको कथा हुँदैछ। आफ्नो कल्याणको इच्छा राख्नेहरू [शिवपुराण सुन्नका लागि] अवश्य आउनुहोस्॥ ४-५॥

2325_Sihvpurana_Part_1_Nepali_Section_3_2_Front

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दूरे हरिकथाः केचिद् दूरे शङ्करकीर्तनाः।
स्त्रियः शूद्रादयो ये च बोधस्तेषां भवेद्यतः॥ ६

देशे देशे शाम्भवा ये कीर्तनश्रवणोत्सुकाः।
तेषामानयनं कार्यं तत्प्रकारार्थमादरात्॥ ७

केही व्यक्तिहरू भगवान् श्रीहरको कथाबाट धेरै टाढा परेका हुन्छन्। जति पनि स्त्री, शूद्र आदि भगवान् शंकरको कथा-कीर्तनबाट वञ्चित रहन्छन्— ती सबैलाई पनि सूचना पुगोस्, यस्तो प्रबन्ध गर्नुपर्छ। देश-देशमा जो भगवान् शिवका भक्त छन् तथा शिव-कथाको कीर्तन र श्रवणका लागि उत्सुक छन्, ती सबैलाई आदरपूर्वक बोलाउनुपर्दछ॥ ६-७॥

भविष्यति समाजोऽत्र साधूनां परमोत्सवः।
पारायणे पुराणस्य शैवस्य परमाद्भुतः॥ ८

श्रीमच्छिवपुराणाह्वरसपानाय चादरात्।
आयान्त्वरं भवन्तश्च कृपया प्रेमतत्पराः॥ ९

नावकाशो यदि प्रेम्णागन्तव्यं दिनमेककम्।
सर्वथागमनं कार्यं दुर्लभा च क्षणस्थितिः॥ १०

तेषामाह्वानमेवं हि कार्यं सविनयं मुदा।
आगतानां च तेषां हि सर्वथा कार्य आदरः॥ ११

[उनीहरूलाई भन्नुपर्छ कि] यहाँ सत्पुरुषहरूलाई आनन्द प्रदान गर्ने समाज तथा अति अद्भुत उत्सव हुँदै छ, जसमा शिवपुराणको पारायण हुने छ। श्रीशिवपुराणको रसमयी कथाको श्रवण गर्नका निम्ति तपाईंहरू प्रेमपूर्वक चाँडै आउने कृपा गर्नुहोस्। यदि समयको अभाव छ भने प्रेमपूर्वक एक दिनका लागि भने पनि आइदिनुहोस्। तपाईं निश्चय नै आउनुपर्दछ; किनभने यस कथामा क्षणभरका लागि बस्ने सौभाग्य पनि दुर्लभ छ। यस प्रकार विनय र प्रसन्नतापूर्वक श्रोताहरूलाई निमन्त्रणा दिनुपर्छ र आएका श्रोताहरूको सब प्रकारले आदर-सत्कार गर्नुपर्दछ॥ ८—११॥

शिवालये च तीर्थे वा वने वापि गृहेऽथवा।
कार्यं शिवपुराणस्य श्रवणस्थलमुत्तमम्॥ १२

शिवमन्दिरमा, तीर्थमा, वनप्रान्तमा अथवा घरमा शिवपुराणको कथा सुन्नका लागि उत्तम स्थानको निर्माण गर्नुपर्दछ॥ १२॥

कार्यं संशोधनं भूमेर्लेपनं धातुमण्डनम्।
विचित्रा रचना दिव्या महोत्सवपुरस्सरम्॥ १३

गृहोपस्करमुद्धृत्य निखिलं तदयोग्यकम्।
एकान्ते गृहकोणे चादृश्ये यत्नान्निवेशयेत्॥ १४

कथाभूमिलाई लिपेर शोधन गर्नुपर्छ तथा धातु आदिले त्यस स्थानलाई सुशोभित पार्नुपर्छ। महोत्सवका साथ-साथै त्यहाँ अद्भुत तथा सुन्दर व्यवस्था गर्नुपर्छ। कथाका लागि अनुपयोगी घरका साज-सामानलाई हटाएर घरको कुनै एकान्त कुनामा सुरक्षित राखिदिनु पर्दछ॥ १३-१४॥

कर्तव्यो मण्डपोऽत्युच्चैः कदलीस्तम्भमण्डितः।
फलपुष्पादिभिस्सम्यग्विष्वग्वैतानराजितः॥ १५

चतुर्दिक्षु ध्वजारोपस्सपताकः सुशोभनः।
सुभक्तिः सर्वथा कार्या सर्वानन्दविधायिनी॥ १६

केराका थामले सुशोभित एउटा अग्लो कथामण्डप तयार गराउनुपर्दछ। त्यसलाई सबैतिर फल-पुष्प आदिले तथा सुन्दर ध्वजापताकाले अलङ्कृत गरी चारैतिर ध्वजापताका लगाएर थरी-थरीका सामानहरूले सजाएर सुन्दर शोभासम्पन्न बनाउनुपर्दछ। भगवान् शिवप्रति सब प्रकारले उत्तम भक्ति गर्नुपर्छ; किनभने त्यही सब प्रकारले आनन्दको विधान गर्नेवाला हो॥ १५-१६॥

सङ्कल्प्यमासनं दिव्यं शङ्करस्य परात्मनः।
वक्तुश्चापि तथा दिव्यमासनं सुखसाधनम्॥ १७

परमात्मा भगवान् शंकरका लागि दिव्य आसनको निर्माण गर्नुपर्छ तथा कथा-वाचकका लागि पनि एउटा दिव्य आसन बनाउनुपर्छ, जो उनका लागि सुखद हुन सकोस्॥ १७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रोतॄणां कल्पनीयानि सुस्थलानि यथार्हतः।
अन्येषां च स्थलान्येव साधारणतया मुने॥ १८

हे मुनि! [नियमपूर्वक] कथा सुन्ने श्रोताहरूका लागि पनि यथायोग्य सुन्दर स्थानको व्यवस्था गर्नुपर्छ। अन्य व्यक्तिहरूका लागि पनि सामान्यरूपले स्थान बनाउनु पर्छ॥ १८॥

विवाहे यादृशं चित्तं तादृशं कार्यमेव हि।
अन्या चिन्ता विनिर्वार्या सर्वा शौनक लौकिकी॥ १९

हे शौनक! विवाहोत्सवमा जसरी उल्लासपूर्ण मनःस्थिति हुन्छ, त्यसरी नै यस कथोत्सवमा राख्नुपर्छ। सब प्रकारका अरू लौकिक चिन्ताहरूलाई भुलिदिनु पर्छ॥ १९॥

उदङ्मुखो भवेद्वक्ता श्रोता प्रागवदनस्तथा।
व्युत्क्रमः पादयोर्ज्ञेयो विरोधो नास्ति कश्चन॥ २०
अथवा पूर्वदिग्ज्ञेया पूज्यपूजकमध्यतः।
अथवा सम्मुखे वक्तुः श्रोतॄणामाननं स्मृतम्॥ २१

वक्ताले उत्तर दिशातिर मुख गरून् तथा श्रोतागण पूर्व दिशातिर मुख गरी पलेटी कसेर बसुन्। यस विषयमा पनि कुनै विरोध छैन कि पूज्य-पूजकका बिच पूर्व दिशा रहोस् अथवा वक्ताको सम्मुख श्रोता-हरूको मुख रहोस्—यस्तो भनिएको छ॥ २०-२१॥

व्यासासनसमारूढो यदा पौराणिको द्विजः।
असमाप्तौ प्रसङ्गस्य नमस्कुर्यान्न कस्यचित्॥ २२
बालो युवाथ वृद्धो वा दरिद्रो वापि दुर्बलः।
पुराणज्ञः सदा वन्द्यः पूज्यश्च सुकृतार्थिभिः॥ २३

पौराणिक वक्ता व्यासासनमा जबसम्म विराजमान रहन्छन्, तबसम्म प्रसङ्ग-समाप्तिको पूर्व कसैलाई पनि नमस्कार गर्नुहुँदैन। पुराणका विद्वान् वक्ता चाहे बालक, युवा, वृद्ध, दरिद्र अथवा दुर्बल—जस्तो होऊन्, पुण्य चाहनेहरूका लागि सदा वन्दनीय र पूज्य हुन्छन्॥ २२-२३॥

नीचबुद्धिं न कुर्वीत पुराणज्ञे कदाचन।
यस्य वक्त्रोद्गता वाणी कामधेनुः शरीरिणाम्॥ २४
गुरवः सन्ति बहवो जन्मतो गुणतश्च वै।
परो गुरुः पुराणज्ञस्तेषां मध्ये विशेषतः॥ २५

जसको मुखबाट निस्किएको वाणी देहधारीहरूका लागि कामधेनुसमान इच्छित फल दिनेवाला हुन्छ, त्यस पुराणवेत्ता वक्ताप्रति तुच्छबुद्धि कहिल्यै गर्नुहुन्न। संसारमा जन्म तथा गुणहरूका कारण धेरै जसो गुरु हुन्छन्, परन्तु ती सबैमध्येमा पुराणहरूका ज्ञाता विद्वान्‌लाई नै परम गुरु मानिएको छ॥ २४-२५॥

भवकोटिसहस्रेषु भूत्वा भूत्वावसीदताम्।
यो ददाति परां मुक्तिं कोऽन्यस्तस्मात् परो गुरुः॥ २६

करोडौँ योनिहरूमा जन्म लिई-लिईकन दुःख भोग्दै गरेका प्राणीहरूलाई जसले मुक्ति प्रदान गर्दछ, त्यस [पुराणवक्ता]-भन्दा ठुलो अरू कुनचाहिँ गुरु हुन सक्छ ?॥ २६॥

पुराणज्ञः शुचिर्दक्षः शान्तो विजितमत्सरः।
साधुः कारुण्यवान् वाग्मी वदेत् पुण्यकथामिमाम्॥ २७
आसूर्योदयमारभ्य सार्धत्रिप्रहरान्तकम्।
कथा शिवपुराणस्य वाच्या सम्यक् सुधीमता॥ २८

पुराणवेत्ता पवित्र, दक्ष, शान्त, ईर्ष्यामाथि विजयी, साधु र दयालु हुनुपर्छ। यस्ता प्रवचनकुशल विद्वान् यस पुण्यमयी कथालाई भनुन्। सूर्योदयदेखि आरम्भ गरी साढे तीन प्रहरसम्म उत्तम बुद्धि भएका विद्वान् पुरुषले शिवपुराणको कथा सम्यक् रीतिले वाचन गर्नुपर्छ॥ २७-२८॥

ये धूर्ता ये च दुर्वृत्ता ये चान्ये विजिगीषवः।
तेषां कुटिलवृत्तीनामग्रे नैव वदेत् कथाम्॥ २९

जो धूर्त, दुराचारी तथा अरूसित विवाद गर्ने र प्रपञ्ची व्यक्ति छन्, ती कुटिलवृत्ति भएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न दुर्जनसमाकीर्णे न तु दस्युसमावृते।
देशे न धूर्तसदने वदेत् पुण्यकथामिमाम्॥ ३०

व्यक्तिहरूका अगाडि यो कथा भन्नुहुन्न। दुष्टहरूले भरिएको तथा डाँकाहरूले घेरिएको प्रदेशमा र धूर्त व्यक्तिका घरमा यो पवित्र कथा भन्नुहुन्न॥ २९-३०॥

कथाविरामः कर्तव्यो मध्याह्ने हि मुहूर्तकम्।
मलमूत्रोत्सर्जनार्थं तत्कथाकीर्तनान्नरैः॥ ३१

मध्याह्नकालमा दुई घडीसम्म कथा बन्द राख्नुपर्छ, जसले गर्दा कथा-कीर्तनबाट अवकाश पाएर श्रोताहरू शौच आदिबाट निवृत्त हुन सकुन्॥ ३१॥

वक्त्रा क्षौरं हि सङ्कार्यं दिनादर्वाग्व्रताप्तये।
कार्यं संक्षेपतो नित्यकर्म सर्वं प्रयत्नतः॥ ३२

वक्तुः पार्श्वे सहायार्थमन्यः स्थाप्यस्तथाविधः।
पण्डितः संशयच्छेत्ता लोकबोधनतत्परः॥ ३३

कथा-प्रारम्भको दिनभन्दा एक दिन पहिला व्रत ग्रहण गर्नका लागि वक्ताले कपाल खौरनुपर्छ। जुन दिनहरूमा कथा भइरहेका छन्, ती दिनहरूमा प्रयत्नपूर्वक प्रातःकालका सारा नित्यकर्म संक्षेपमा नै गर्नुपर्छ। वक्ताका साथ उनको सहायताका लागि एउटा अर्को त्यस्तै विद्वान् स्थापित गर्नुपर्छ, जो सब प्रकारका संशयहरू निवृत्त गर्नमा समर्थ र श्रोताहरूलाई सम्झाउनमा कुशल होस्॥ ३२-३३॥

कथाविघ्नविनाशार्थं गणनाथं प्रपूजयेत्।
कथाधीशं शिवं भक्त्या पुस्तकं च विशेषतः॥ ३४

कथां शिवपुराणस्य शृणुयादादरात्सुधीः।
श्रोता सुविधिना शुद्धः शुद्धचित्तः प्रसन्नधीः॥ ३५

कथामा आउनेवाला विघ्नहरूको निवृत्तिका लागि गणेशको पूजा गर्नुपर्छ। कथाका स्वामी भगवान् शिवको तथा विशेषतः शिवपुराण ग्रन्थको भक्तिभावले पूजा गर्नुपर्छ। तत्पश्चात् उत्तम बुद्धि भएका श्रोता विधिपूर्वक तन-मनले शुद्ध एवं प्रसन्नचित्त भई आदरपूर्वक शिवपुराणको कथा सुनुन्॥ ३४-३५॥

अनेककर्मविभ्रान्तः कामादिषड्विकारवान्।
स्त्रैणः पाखण्डवादी च वक्ता श्रोता न पुण्यभाक्॥ ३६

लोकचिन्तां धनागारपुत्रचिन्तां व्युदस्य च।
कथाचित्तः शुद्धमतिः स लभेत् फलमुत्तमम्॥ ३७

श्रद्धाभक्तिसमायुक्ता नान्यकार्येषु लालसाः।
वाग्यताः शुचयोऽव्यग्राः श्रोतारः पुण्यभागिनः॥ ३८

जो वक्ता र श्रोता अनेक प्रकारका कर्महरूमा भौँताइरहेका छन्, काम आदि छ विकारले युक्त छन्, स्त्रीमा आसक्ति राख्छन् र पाखण्डपूर्ण कुराहरू गर्दछन्, ती पुण्यका भागी हुँदैनन्। जो लौकिक चिन्ता तथा धन, गृह एवं पुत्र आदिको चिन्तालाई छोडेर कथामा मन लगाइरहन्छन्, ती शुद्धबुद्धि भएका पुरुषलाई उत्तम फलको प्राप्ति हुन्छ। श्रद्धा र भक्तिले युक्त, अरू कर्ममा मन नलगाउने, मौन धारण गर्ने, पवित्र एवं उद्वेगशून्य श्रोता नै पुण्यका भागी हुन्छन्॥ ३६—३८॥

अभक्ता ये कथां पुण्यां शृण्वन्तीमां नराधमाः।
तेषां श्रवणजं नास्ति फलं दुःखं भवे भवे॥ ३९

असम्पूज्य पुराणं ये यथाशक्त्या ह्युपायनैः।
शृण्वन्तीमां कथां मूढाः स्युर्दरिद्रा न पावनाः॥ ४०

जो नराधम भक्तिरहित भएर यस पुण्यमयी कथालाई सुन्छन्, तिनलाई श्रवणको कुनै फल प्राप्त हुँदैन र ती जन्म-जन्मान्तरमा क्लेश भोग्दै रहन्छन्। यथाशक्ति उपचारहरूले यस पुराणको पूजा नगरीकन जो मूर्खजन यस कथालाई सुन्दछन्, ती अपवित्र र दरिद्र हुन्छन्॥ ३९-४०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कथायां कथ्यमानायां गच्छन्त्यन्यत्र ये नराः।
भोगान्तरे प्रणश्यन्ति तेषां दारादिसम्पदः॥ ४१
सोष्णीषमस्तका ये च शृण्वन्तीमां कथां नराः।
तत्पुत्राश्च प्रजायन्ते पापिनः कुलदूषकाः॥ ४२
ताम्बूलं भक्षयन्तो ये शृण्वन्तीमां कथां नराः।
स्वविष्ठां खादयन्त्येतान्नरके यमकिङ्कराः॥ ४३
ये च तुङ्गासनारूढाः शृण्वन्तीमां कथां नराः।
भुक्त्वा ते नरकान् सर्वांस्ततः काका भवन्ति हि॥ ४४

कथा वाचनको समयमा जो व्यक्ति बिचमै उठेर अन्यत्र जान्छन्, जन्मान्तरमा तिनका स्त्री आदि सम्पत्तिहरू नष्ट हुन्छन्। जो पुरुष शिरमा फेटा आदि धारण गरी यस कथाको श्रवण गर्दछन्, तिनका पापी र कुलकलंक पुत्र उत्पन्न हुन्छन्॥ ४१-४२॥

जो पुरुष पान चपाउँदै यस कथालाई सुन्छन्, तिनलाई नरकमा यमदूतले तिनकै विष्ठा खुवाउँछन्। जो व्यक्ति अग्लो आसनमा बसेर यस कथाको श्रवण गर्दछन्, ती समस्त नरक भोगेर कागयोनिमा जन्म लिन्छन्॥ ४३-४४॥

ये वीराद्यासनारूढाः शृण्वन्तीमां कथां शुभाम्।
भुक्त्वा ते नरकान् सर्वान्विषवृक्षा भवन्ति वै॥ ४५
असम्प्रणम्य वक्तारं कथां शृण्वन्ति ये नराः।
भुक्त्वा ते नरकान् सर्वान् भवन्त्यर्जुनपादपाः॥ ४६
अनातुराः शयाना ये शृण्वन्तीमां कथां नराः।
भुक्त्वा ते नरकान् सर्वान् भवन्त्यजगरादयः॥ ४७
वक्तुः समासनारूढा ये शृण्वन्ति कथामिमाम्।
गुरुतल्पसमं पापं प्राप्यते नारकैः सदा॥ ४८

जो व्यक्ति वीरासन आदिमा बसेर यस शुभ कथालाई सुन्छन्, तिनले अनेकौँ नरक भोगेर विषवृक्षको जन्म पाउँछन्। कथा सुनाउने पौराणिकलाई श्रद्धापूर्वक प्रणाम नगरी जो व्यक्ति कथा सुन्छन्, ती सबै नरकहरू भोगेर अर्जुनवृक्ष बन्छन्। रोगयुक्त नहुँदामा पनि जो व्यक्ति लम्पसार परेर यो कथा सुन्दछन्, ती सबै नरकहरू भोगेर अन्तमा अजिङ्गर आदि योनिमा जन्म लिन्छन्। वक्ताको समान अग्लो आसनमा बसेर जो यस कथाको श्रवण गर्दछन्, ती नारकीय व्यक्तिहरूलाई गुरुशय्यामा शयन गरेको जस्तो पाप लाग्छ॥ ४५—४८॥

ये निन्दन्ति च वक्तारं कथां चेमां सुपावनीम्।
भवन्ति शुनका भुक्त्वा दुःखं जन्मशतं हि ते॥ ४९
कथायां वर्तमानायां दुर्वादं ये वदन्ति हि।
भुक्त्वा ते नरकान् घोरान् भवन्ति गर्दभास्ततः॥ ५०
कदाचिन्नापि शृण्वन्ति कथामेतां सुपावनीम्।
भुक्त्वा ते नरकान् घोरान् भवन्ति वनसूकराः॥ ५१
कथायां कीर्त्यमानायां विघ्नं कुर्वन्ति ये खलाः।
कोट्यब्दं नरकान् भुक्त्वा भवन्ति ग्रामसूकराः॥ ५२

जो यस पवित्र कथा तथा वक्ताको निन्दा गर्दछन्, तिनले सय जन्मसम्म दुःख भोगेर कुकुरको जन्म पाउँछन्। कथा भइरहेको समय बिचमा जो फोहोरी कुरा बोल्दछन्, तिनले घोर नरक भोगेपछि गधाको जन्म पाउँछन्। जसले कहिल्यै पनि यस परम पवित्र कथाको श्रवण गर्दैनन्, तिनले घोर नरक भोगेपश्चात् जङ्गली सुँगुरको जन्म लिन्छन्। जो दुष्ट कथाका बिचमा विघ्न पुर्याउँछन्, ती करोडौँ वर्षसम्म नरकयातनाहरूलाई भोगेर गाउँको सुँगुरको जन्म पाउँछन्॥ ४९—५२॥

एवं विचार्य शुद्धात्मा श्रोता वक्तृसुभक्तिमान्।
कथाश्रवणहेतोर्हि भवेत् प्रीत्योद्यतः सुधीः॥ ५३

यसको विचार गरी शुद्ध र प्रेमपूर्ण चित्तले बुद्धिमान् श्रोताले वक्ताप्रति भक्तिभाव राखेर कथाश्रवणको प्रयत्न गर्नुपर्छ॥ ५३॥

कथाविघ्नविनाशार्थं गणेशं पूजयेत् पुरा।
नित्यं सम्पाद्य सङ्क्षेपात् प्रायश्चित्तं समाचरेत्॥ ५४

नवग्रहांश्च सम्पूज्य सर्वतोभद्रदैवतम्।
शिवपूजोक्तविधिना पुस्तकं तत्समर्चयेत्॥ ५५

सबैभन्दा पहिला कथाको विघ्न नाश गर्नका लागि गणेशको पूजा गर्नुपर्छ। आफ्नो नित्यकर्मलाई संक्षेपमा सम्पन्न गरी प्रायश्चित्त गर्नुपर्छ। नवग्रह र सर्वतोभद्र देवताहरूको पूजा गरी शिवपूजाका लागि बताइएका विधिले शिवपुराण पुस्तकको अर्चना गर्नुपर्छ॥ ५४-५५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूजनान्ते महाभक्त्या करौ बद्ध्वा विनीतकः।
साक्षाच्छिवस्वरूपस्य पुस्तकस्य स्तुतिं चरेत्॥ ५६
श्रीमच्छिवपुराणाख्यः प्रत्यक्षस्त्वं महेश्वरः।
श्रवणार्थं स्वीकृतोऽसि सन्तुष्टो भव वै मयि॥ ५७
मनोरथो मदीयोऽयं कर्तव्यः सफलस्त्वया।
निर्विघ्नेन सुसम्पूर्णं कथाश्रवणमस्तु मे॥ ५८
भवाब्धिमग्नं दीनं मां समुद्धर भवार्णवात्।
कर्मग्राहगृहीताङ्गं दासोऽहं तव शङ्कर॥ ५९

पूजाको अन्तमा विनम्र भएर अत्यन्त भक्तिका साथ दुवै हात जोडेर साक्षात् शिवस्वरूपिणी पुस्तकको यस प्रकार स्तुति गर्नुपर्छ—श्रीशिवपुराणको रूपमा हजुर प्रत्यक्ष सदाशिव हुनुहुन्छ; हामीले कथा सुन्नका लागि हजुरलाई अङ्गीकार गरेका छौँ। हजुर हामीमाथि प्रसन्न हुनुहोस्। मेरा जो मनोवाञ्छित छ, त्यसलाई हजुर कृपापूर्वक सम्पन्न गरिदिनुहोस्। मेरो यो कथाश्रवण निर्विघ्नरूपले सुसम्पन्न होस्। कर्मरूपी ग्राहले ग्रस्त शरीर भएको म दीनको हजुर संसारसागरबाट उद्धार गर्नुहोस्। हे शंकर! म हजुरको दास हुँ॥ ५६-५९॥

एवं शिवपुराणं हि साक्षाच्छिवस्वरूपकम्।
स्तुत्वा दीनवचः प्रोच्य वक्तुः पूजां समारभेत्॥ ६०
शिवपूजोक्तविधिना वक्तारं च समर्चयेत्।
सपुष्पवस्त्रभूषाभिर्धूपदीपादिनार्चयेत्॥ ६१
तदग्रे शुद्धचित्तेन कर्तव्यो नियमस्तदा।
आसमाप्ति यथाशक्त्या धारणीयः सुयत्नतः॥ ६२

यस प्रकार साक्षात् शिवस्वरूप यस शिवपुराणको दीनतापूर्वक स्तुति गरी वक्ताको पूजा आरम्भ गर्नुपर्छ। शिवपूजाको बताइएका विधिले पुष्प, वस्त्र, अलङ्कार, धूपदीपादिले वक्ताको पूजा गर्नुपर्छ। त्यसपछि शुद्धचित्तले उनको सामुन्ने नियम ग्रहण गरी कथासमाप्तिपर्यन्त यथाशक्ति प्रयत्नपूर्वक नियम पालन गर्नुपर्छ॥ ६०-६२॥

व्यासरूप प्रबोधाग्र्य शिवशास्त्रविशारद।
एतत्कथाप्रकाशेन मदज्ञानं विनाशय॥ ६३
वरणं पञ्चविप्राणां कार्यं वैकस्य भक्तितः।
शिवपञ्चार्णमन्त्रस्य जपः कार्यश्च तैः सदा॥ ६४

[तत्पश्चात् कथावाचक व्यासको प्रार्थना गर्नुपर्दछ—] हे व्याससमान ज्ञानीश्रेष्ठ, शिवशास्त्रका मर्मज्ञ ब्राह्मणदेवता! तपाईं यस कथाको प्रकाशले मेरो अज्ञानान्धकारलाई दूर गरिदिनुहोस्। भक्तिपूर्वक पाँच वा एकजना ब्राह्मणको वरण गरी उनीद्वारा शिवपंचाक्षर मन्त्र (**नमः शिवाय**)-को जप गराउनुपर्दछ॥ ६३-६४॥

इत्युक्तस्ते मुने भक्त्या कथाश्रवणसद्विधिः।
श्रोतॄणां चैव भक्तानां किमन्यच्छ्रोतुमिच्छसि॥ ६५

हे मुनि! यस प्रकार मैले भक्त श्रोताहरूद्वारा भक्तिपूर्वक कथाश्रवणको उत्तम विधि तपाईंलाई बताएँ; अब तपाईं अरू के सुन्न चाहनुहुन्छ?॥ ६५॥

इति श्रीस्कान्दे महापुराणे शिवपुराणमाहात्म्ये श्रवणविधिवर्णनं नाम षष्ठोऽध्यायः॥ ६॥

॥ यस प्रकार श्रीस्कन्दमहापुराणअन्तर्गत शिवपुराणमाहात्म्यमा श्रवणविधिवर्णन नामक छैटौँ अध्याय पूर्ण भयो॥ ६॥

अथ सप्तमोऽध्यायः

श्रोताहरूले पालन गर्नयोग्य नियमहरूको वर्णन

शौनक उवाच

सूत सूत महाप्राज्ञ धन्यस्त्वं शैवपुङ्गव।
श्राविेतेयं कथास्माकमद्भुतेयं शुभावहा॥ १
पुंसां शिवपुराणस्य श्रवणव्रतिनां मुने।
सर्वलोकहितार्थाय दयया नियमं वद॥ २

शौनक भन्नुहुन्छ—हे शिवभक्तहरूमा श्रेष्ठ महाबुद्धिमान् सूतजी! तपाईं धन्य हुनुहुन्छ, जुन कि तपाईंले यो अद्भुत एवं कल्याणकारिणी कथा हामीलाई सुनाउनुभयो। हे मुनि! शिवपुराणको कथा सुन्नका लागि व्रत धारण गर्ने व्यक्तिहरूले नियमहरूको पालन किन गर्नुपर्छ—यो पनि कृपापूर्वक सबैको कल्याणका दृष्टिले बताउनुहोस्॥ १-२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूत उवाच

नियमं शृणु सद्भक्त्या पुंसां तेषां च शौनक।
नियमात् सत्कथां श्रुत्वा निर्विघ्नफलमुत्तमम्॥ ३

पुंसां दीक्षाविहीनानां नाधिकारः कथाश्रवे।
श्रोतुकामैरतो वक्तुर्दीक्षा ग्राह्या च तैर्मुने॥ ४

ब्रह्मचर्यमधस्सुप्तिः पत्रावल्यां च भोजनम्।
कथासमाप्तौ भुक्तिं च कुर्यान्नित्यं कथाव्रती॥ ५

आसमाप्तपुराणं हि समुपोष्य सुशक्तिमान्।
शृणुयाद्भक्तितः शुद्धः पुराणं शैवमुत्तमम्॥ ६

घृतपानं पयःपानं कृत्वा वा शृणुयात् सुखम्।
फलाहारेण वा श्राव्यमेकभुक्तं न वा हि तत्॥ ७

एकवारं हविष्यान्नं भुञ्ज्यादेतत्कथाव्रती।
सुखसाध्यं यथा स्यात्तच्छ्रवणं कार्यमेव च॥ ८

भोजनं सुकरं मन्ये कथासु श्रवणप्रदम्।
नोपवासो वरश्चेत् स्यात् कथाश्रवणविघ्नकृत्॥ ९

गरिष्ठं द्विदलं दग्धं निष्पावांश्च मसूरिकाम्।
भावदुष्टं पर्युषितं जग्ध्वा नित्यं कथाव्रती॥ १०

वार्ताकं च कलिन्दं च चिचिण्डं मूलकं तथा।
कूष्माण्डं नालिकेरं च मूलं जग्ध्वा कथाव्रती॥ ११

पलाण्डुं लशुनं हिङ्गुं गृञ्जनं मादकं हि तत्।
वस्तून्यामिषसंज्ञानि वर्जयेद्यः कथाव्रती॥ १२

कामादिषड्विकारं च द्विजानां च विनिन्दनम्।
पतिव्रतासतां निन्दां वर्जयेद्यः कथाव्रती॥ १३

रजस्वलां न पश्येच्च पतितान्न वदेत् कथाम्।
द्विजद्विषो वेदवर्ज्यान्न वदेद्यः कथाव्रती॥ १४

सूत भन्नुहुन्छ—हे शौनक! अब शिवपुराण सुन्नलाई व्रत लिने पुरुषहरूका लागि जे जस्ता नियम छन्, तिनलाई भक्तिपूर्वक सुन्नुहोस्। नियमपूर्वक यस श्रेष्ठ कथालाई सुन्नाले विना कुनै विघ्न-बाधा उत्तम फलको प्राप्ति हुन्छ॥ ३॥

दीक्षाबाट रहित व्यक्तिहरूलाई कथाश्रवणमा अधिकार छैन। अतः मुनि! कथा सुन्ने इच्छा भएका सबै व्यक्तिहरूले पहिला वक्ताबाट दीक्षा ग्रहण गर्नुपर्छ। कथाव्रतीले ब्रह्मचर्यपूर्वक रही, भूमिमा शयन गरी, पातमा खाएर प्रतिदिन कथा समाप्त भएपछि मात्र अन्न ग्रहण गर्नुपर्छ॥ ४-५॥

जसमा शक्ति छ, उसले पुराणको समाप्तिसम्म उपवास बसी शुद्धतापूर्वक भक्तिभावले उत्तम शिवपुराण सुनोस्। घृत अथवा दुग्ध पिएर सुखपूर्वक कथाश्रवण गरोस् अथवा फलाहार गरी अथवा एक मात्र समय भोजन गरी यसलाई सुन्नुपर्छ। यस कथाको व्रत लिने पुरुषले प्रतिदिन एक पटक मात्र हविष्यान्न भोजन गर्नुपर्छ। जुन प्रकारले कथाश्रवणको नियम सुखपूर्वक पालित हुन सक्छ, त्यसै गरी गर्नुपर्छ॥ ६—८॥

कथाश्रवणमा विघ्न उत्पन्न गर्ने खालको उपवासको तुलनामा त म कथाश्रवणमा शक्ति प्रदान गर्ने भोजनलाई नै राम्रो ठान्दछु॥ ९॥

गरिष्ठ अन्न, दाल, डढेको अन्न, सिमी, मुसुरो, भावदूषित तथा बासी अन्न खाएर कथा-व्रती व्यक्तिहरूले कहिल्यै कथा नसुनुन्॥ १०॥

कथाव्रतीले भन्टा, तरबुजा, चिचिन्डो, मुला, कुभिन्डो, लसुन-प्याज, नरिवल, तरुल तथा अन्य कन्द-मूल त्याग गर्नुपर्छ॥ ११॥

जसले कथाको व्रत लिइराखेको छ, त्यस पुरुषले प्याज, लसुन, हिङ, गाँजर, मादक वस्तु तथा आमिष दूषित वस्तुहरूलाई त्यागिदेओस्। कथाको व्रत लिने जुन पुरुष छ, त्यसले काम, क्रोध आदि छ विकारहरू, ब्राह्मणहरूको निन्दा तथा पतिव्रता र साधु-सन्तहरूको निन्दा त्याग गरिदिनुपर्छ॥ १२-१३॥

कथाश्रवणको व्रत धारण गर्ने व्यक्तिले रजस्वला स्त्रीलाई नहेरून्, पतित मनुष्यहरूलाई कथाको कुरा नसुनाउन्, ब्राह्मणहरूसित द्वेष राख्ने र वेदबहिष्कृत मनुष्यहरूका साथ सम्भाषण नगरून्॥ १४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सत्यं शौचं दयां मौनमार्जवं विनयं तथा।
औदार्यं मनसश्चैव कुर्यान्नित्यं कथाव्रती॥ १५
निष्कामश्च सकामश्च नियमाच्छृणुयात् कथाम्।
सकामः काममाप्नोति निष्कामो मोक्षमाप्नुयात्॥ १६
दरिद्रश्च क्षयी रोगी पापी निर्भाग्य एव च।
अनपत्योऽपि पुरुषः शृणुयात् सत्कथामिमाम्॥ १७
काकवन्ध्यादयः सप्तविधा अपि खलस्त्रियः।
स्रवद्गर्भा च या नारी ताभ्यां श्राव्या कथा परा॥ १८
सर्वेषां श्रवणं कार्यं स्त्रीभिः पुंभिश्च यत्नतः।
एतच्छिवपुराणस्य विधिना च कथां मुने॥ १९
एतच्छिवपुराणस्य पारायणदिनानि वै।
अत्युत्तमानि बोध्यानि कोटियज्ञसमानि च॥ २०
एतेषु विधिना दत्तं यदल्पमपि वस्तु हि।
दिवसेषु वरिष्ठेषु तदक्षय्यफलं लभेत्॥ २१
एवं कृत्वा व्रतविधिं श्रुत्वेमां परमां कथाम्।
परानन्दयुतः श्रीमानुद्यापनमथाचरेत्॥ २२
एतदुद्यापनविधिश्चतुर्दश्याः समो मतः।
कार्यस्तद्वद्धनाढ्यैश्च तदुक्तफलकाङ्क्षिभिः॥ २३
अकिञ्चनेषु भक्तेषु प्रायो नोद्यापनग्रहः।
श्रवणेनैव पूतास्ते निष्कामाः शाम्भवा मताः॥ २४
एवं शिवपुराणस्य पारायणमखोत्सवे।
समाप्ते श्रोतृभिर्भक्त्या पूजा कार्या प्रयत्नतः॥ २५
शिवपूजनवत् सम्यक् पुस्तकस्य पुरो मुने।
पूजा कार्या सुविधिना वक्तुश्च तदनन्तरम्॥ २६
पुस्तकाच्छादनार्थं हि नवीनं चासनं शुभम्।
समर्चयेद् दृढं दिव्यं बन्धनार्थं च सूत्रकम्॥ २७
पुराणार्थं प्रयच्छन्ति ये सूत्रं वसनं नवम्।
भोगिनो ज्ञानसम्पन्नास्ते भवन्ति भवे भवे॥ २८
वक्त्रे दद्यान्महार्हाणि वस्तूनि विविधानि च।
वस्त्रभूषणपात्राणि दिव्यं बहु विशेषतः॥ २९

कथाव्रती पुरुष प्रतिदिन सत्य, शौच, दया, मौन, सरलता, विनय तथा मनको उदारता—यी सद्गुणहरूलाई सदा अपनाइरहुन्। श्रोता निष्काम होऊन् वा सकाम, तिनले नियमपूर्वक कथा सुनुन्। सकाम पुरुष आफ्नो इच्छित कामनालाई प्राप्त गर्दछ र निष्काम पुरुष मोक्ष पाउँदछ। दरिद्र, क्षयरोगी, पापी, भाग्यहीन तथा सन्तानरहित पुरुष पनि यस उत्तम कथालाई सुनुन्॥ १५—१७॥

बाँझी आदि जो सात प्रकारका दुष्ट स्त्रीहरू छन् तथा जुन स्त्रीको गर्भ अडिँदैन—ती सबैले शिवपुराणको उत्तम कथा सुन्नुपर्छ। हे मुनि! स्त्री होस् वा पुरुष—सबैले यत्नपूर्वक विधि-विधानपूर्वक शिवपुराणको उत्तम कथा सुन्नुपर्छ॥ १८-१९॥

यस शिवपुराणको कथापारायणका दिनहरूलाई अत्यन्त उत्तम र करोडौँ यज्ञहरूसमान पवित्र मान्नुपर्छ। यी श्रेष्ठ दिनहरूमा विधिपूर्वक जो थौँरै भए पनि वस्तु दान गर्छ, त्यसलाई अक्षय फल प्राप्त हुन्छ॥ २०-२१॥

यस प्रकार व्रतधारण गरी यस परम श्रेष्ठ कथाको श्रवण गरी आनन्दपूर्वक श्रीमान् पुरुषहरूले यसको उद्यापन गर्नुपर्छ। यसको उद्यापनको विधि शिवचतुर्दशीको उद्यापन समान छ। अतः यहाँ बताइएको फलको आकाङ्क्षा भएका धनाढ्य व्यक्तिहरूले त्यसै प्रकार उद्यापन गर्नुपर्छ। अल्पवित्त भएका भक्तहरूका लागि प्रायः उद्यापनको आवश्यकता छैन; ती त कथाश्रवणमात्रले पवित्र हुन जान्छन्। शिवको निष्काम भक्त त शिवस्वरूप नै हुन्छन्॥ २२—२४॥

हे महर्षि! यस प्रकार शिवपुराणको कथाको पाठ एवं श्रवण-सम्बन्धी यज्ञोत्सवको समाप्ति भएपछि श्रोताहरूले भक्ति एवं प्रयत्नपूर्वक भगवान् शिवको पूजा जस्तै पुराण-पुस्तकको पनि पूजा गर्नुपर्छ। त्यसपछि विधिपूर्वक वक्ताको पनि पूजा गर्नुपर्छ। पुस्तकलाई ढाक्नका लागि नयाँ एवं सुन्दर बस्त्र बनाउनु र त्यसलाई बाँध्नका लागि दृढ एवं दिव्य धागो लगाउनु; फेरि त्यसको विधिवत पूजा गरून्॥ २५—२७॥

पुराणका लागि जो व्यक्ति नयाँ वस्त्र र धागो दिन्छन्, ती जन्म-जन्मान्तरमा भोग र ज्ञानबाट सम्पन्न हुन्छन्। कथावाचकलाई अनेक प्रकारका बहुमूल्य पदार्थ दिनुपर्छ र उत्तम वस्त्र, आभूषण र सुन्दर पात्र आदि विशेष रूपले दिनुपर्छ। पुराणलाई आसनरूपमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आसनार्थं प्रयच्छन्ति पुराणस्य च ये नराः।
कम्बलाजिनवासांसि मञ्चं फलकमेव च॥ ३०
स्वर्गलोकं समासाद्य भुक्त्वा भोगान् यथेप्सितान्।
स्थित्वा ब्रह्मपदे कल्पं यान्ति शैवपदं ततः॥ ३१

जो व्यक्ति कम्बल, मृगचर्म, वस्त्र, पिर्का, दराज आदि प्रदान गर्दछन्, तिनले स्वर्ग प्राप्त गरी यथेच्छ सुखहरूको उपभोग गरी पुनः कल्पपर्यन्त ब्रह्मलोकमा रहेर अन्तमा शिवलोक प्राप्त गर्दछन्॥ २८—३१॥

एवं कृत्वा विधानेन पुस्तकस्य प्रपूजनम्।
वक्तुश्च मुनिशार्दूल महोत्सवपुरस्सरम्॥ ३२
सहायार्थं स्थापितस्य पण्डितस्य प्रपूजनम्।
कुर्यात्तदनुसारेण किञ्चिदूनं धनादिभिः॥ ३३
समागतेभ्यो विप्रेभ्यो दद्यादन्नं धनादिकम्।
महोत्सवः प्रकर्तव्यो गीतैर्वाद्यैश्च नर्तनैः॥ ३४

हे मुनिश्रेष्ठ! यस प्रकार महान् उत्सवका साथ पुस्तक र वक्ताको विधिवत् पूजा गरी वक्ताको सहायताका लागि स्थापित गरिएका पण्डितको पनि त्यसै अनुसार त्यसभन्दा केही कम धन आदिद्वारा सत्कार गर्नुपर्दछ। त्यहाँ आएका ब्राह्मणहरूलाई अन्न-धन आदिको दान गर्नुपर्दछ। साथै गीत, वाद्य र नृत्य आदिद्वारा महान् उत्सव गर्नुपर्दछ॥ ३२—३४॥

विरक्तश्च भवेच्छ्रोता परेऽहनि विशेषतः।
गीता वाच्या शिवेनोक्ता रामचन्द्राय या मुने॥ ३५

हे मुनि! यदि श्रोता विरक्त छन् भने उनीहरूका लागि कथा-समाप्तिका दिन विशेषरूपले त्यस गीता*को पाठ गर्नुपर्छ, जुन श्रीरामचन्द्रलाई भगवान् शिवले भन्नुभएको थियो॥ ३५॥

गृहस्थश्चेद्भवेच्छ्रोता कर्तव्यस्तेन धीमता।
होमः शुद्धेन हविषा कर्मणस्तस्य शान्तये॥ ३६
रुद्रसंहितया होमः प्रतिश्लोकेन वा मुने।
गायत्र्यास्तन्मयत्वाच्च पुराणस्यास्य तत्त्वतः॥ ३७
अथवा मूलमन्त्रेण पञ्चवर्णेन शैवतः।
होमाशक्तौ बुधो हौम्यं हविर्दद्याद् द्विजाय तत्॥ ३८

यदि श्रोता गृहस्थ छन् भने ती बुद्धिमान्ले त्यस श्रवण-कर्मको शान्तिका लागि शुद्ध हविष्यद्वारा होम गर्नुपर्छ। हे मुनि! रुद्रसंहिताका प्रत्येक श्लोकद्वारा होम गर्नुपर्छ अथवा गायत्री-मन्त्रले होम गर्नुपर्छ; किनभने वास्तवमा यो पुराण गायत्रीमय नै छ। अथवा शिवपञ्चाक्षर मूलमन्त्रबाट हवन गर्नु राम्रो हुन्छ। होम गर्ने शक्ति छैन भने विद्वान् पुरुषले यथाशक्ति हवनीय हविष्य ब्राह्मणलाई दान गरून्॥ ३६—३८॥

दोषयोः प्रशमार्थं च न्यूनताधिकताख्ययोः।
पठेच्च शृणुयाद्भक्त्या शिवनामसहस्रकम्॥ ३९
तेन स्यात् सफलं सर्वं सफलं नात्र संशयः।
यतो नास्त्यधिकं त्वस्मात् त्रैलोक्ये वस्तु किञ्चन॥ ४०

न्यूनातिरिक्ततारूप दोषहरूको शान्तिका लागि भक्तिपूर्वक शिवसहस्रनामको पाठ अथवा श्रवण गरून्। यसबाट सबथोक सफल हुन्छ, यसमा संशय छैन; किनभने तीनै लोकमा यसभन्दा माथि कुनै उत्तम वस्तु छैन॥ ३९-४०॥

एकादशमितान् विप्रान् भोजयेन्मधुपायसैः।
दद्यात् तेभ्यो दक्षिणां च व्रतपूर्णत्वसिद्धये॥ ४१

कथाश्रवणसम्बन्धी व्रतको पूर्णताको सिद्धिका लागि एघार ब्राह्मणहरूलाई मधुमिश्रित खीर भोजन गराई उनीहरूलाई दक्षिणा दिनुपर्छ॥ ४१॥

शक्तौ पलत्रयमितस्वर्णेन सुन्दरं मुने।
सिंहं विधाय तत्रास्य पुराणस्य शुभाक्षरम्॥ ४२

हे मुनि! यदि शक्ति छ भने तीन पल (तीन तोला) सुनको एउटा सुन्दर सिंहासन बनाई त्यसमा उत्तम अक्षरहरूमा लेखी अथवा लेखाइएको शिवपुराणको पुस्तक विधिपूर्वक स्थापित गरून्। तत्पश्चात् पुरुष

* पद्मपुराणोक्त शिवगीता

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लेखितं लिखितं वापि संस्थाप्य विधिना पुमान्।
सम्पूज्यावाहनाद्यैश्च ह्युपचारैः सदक्षिणम्॥ ४३

वस्त्रभूषणगन्धाद्यैः पूजिताय यतात्मने।
आचार्याय सुधीर्दद्याच्छिवसन्तोषहेतवे॥ ४४

तेन दानप्रभावेण पुराणस्यास्य शौनक।
सम्प्राप्यानुग्रहं शैवं मुक्तः स्याद्भवबन्धनात्॥ ४५
एवं कृते विधाने च श्रीमच्छिवपुराणकम्।
सम्पूर्णफलदं स्याद्वै भुक्तिमुक्तिप्रदायकम्॥ ४६

इति ते कथितं सर्वं किं भूयः श्रोतुमिच्छसि।
श्रीमच्छिवपुराणस्य माहात्म्यं सर्वकामदम्॥ ४७

श्रीमच्छिवपुराणं तु पुराणतिलकं स्मृतम्।
महच्छिवप्रियं रम्यं भवरोगनिवारणम्॥ ४८

ते जन्मभाजः खलु जीवलोके
ये वै सदा ध्यायन्ति विश्वनाथम्।
वाणी गुणान् स्तौति कथां शृणोति
श्रोत्रद्वयं ते भवमुत्तरन्ति॥ ४९

सकलगुणविभेदैर्नित्यमस्पष्टरूपं
जगति च बहिरन्तर्भासमानं महिम्ना।
मनसि च बहिरन्तर्वाङ्मनोवृत्तिरूपं
परमशिवमनन्तानन्दसान्द्रं प्रपद्ये॥ ५०

आवाहन आदि विविध उपचारहरूले त्यसको पूजा गरी दक्षिणा चढाउन्। त्यसपछि वस्त्र, आभूषण एवं चन्दन आदिले जितेन्द्रिय आचार्यको पूजा गरी उत्तम बुद्धि भएका श्रोता भगवान् शिवको सन्तोषका लागि दक्षिणा-सहित त्यो पुस्तक उनैलाई समर्पित गरून्॥ ४२—४४॥

हे शौनक! यस पुराणको त्यस दानका प्रभावले भगवान् शिवको अनुग्रह पाएर पुरुष भवबन्धनबाट मुक्त हुन जान्छ। यसरी विधि-विधानको पालन गर्दामा श्रीसम्पन्न शिवपुराण सम्पूर्ण फल दिने तथा भोग र मोक्षको दाता हुन्छ॥ ४५-४६॥

हे मुनि! मैले तपाईंलाई शिवपुराणको यो सारा माहात्म्य, जुन सम्पूर्ण इच्छित वस्तु प्रदान गर्नेवाला छ, बताइदिएँ। अब अरू के सुन्न चाहनुहुन्छ? श्रीसम्पन्न शिवपुराण समस्त पुराणहरूको तिलकस्वरूप मानिएको छ। यो भगवान् शिवलाई अत्यन्त प्रिय, रमणीय तथा भवरोगको निवारण गर्नेवाला छ॥ ४७-४८॥

जो सधैँ भगवान् विश्वनाथको ध्यान गर्दछन्, जसको वाणीले शिवका गुणहरूको स्तुति गर्दछ र जसका दुवै कानले उहाँका कथा सुन्दछ, यस जीव-जगत्मा त्यसैको जन्म सफल छ, त्यो निश्चय नै संसारसागरबाट पार हुन जान्छ॥ ४९॥

भिन्न-भिन्न प्रकारका समस्त गुण जसको सच्चिदानन्दमय स्वरूपको कहिल्यै स्पर्श गर्दैन, जो आफ्नै महिमाले जगत् बाहिर र भित्र वाणी एवं मनोवृत्तिरूपमा प्रकाशित हुनुहुन्छ, ती अनन्त आनन्दघनरूप परम शिवको म शरण लिन्छु॥ ५०॥

इति श्रीस्कान्दे महापुराणे सनत्कुमारसंहितायां श्रीशिवपुराणश्रवणव्रतिनां विधिनिषेधपुस्तकवक्तृपूजनवर्णनं नाम सप्तमोऽध्यायः॥ ७॥

॥ यस प्रकार श्रीस्कन्दमहापुराणमा सनत्कुमारसंहिताअन्तर्गत श्रीशिवपुराण श्रवणव्रतिहरूको विधि-निषेध र ग्रन्थ तथा वक्ताको पूजोको वर्णन नामक सातौँ अध्याय पूर्ण भयो॥ ७॥

॥ श्रीशिवमहापुराणमाहात्म्य पूर्ण भयो॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥ ॐ श्रीसाम्बशिवाय नमः ॥ ॥ ॐ श्रीगणेशाय नमः ॥

श्रीशिवमहापुराणम्

(प्रथम-खण्ड—पूर्वार्धः)

प्रथमा विद्येश्वरसंहिता

अथ प्रथमोऽध्यायः

प्रयागराजमा सूतसित शीघ्र पापनाश गर्ने साधनको विषयमा मुनिहरूको प्रश्न

आद्यन्तमङ्गलमजातसमानभाव-
मार्यं तमीशमजरामरमात्मदेवम्।
पञ्चाननं प्रबलपञ्चविनोदशीलं
सम्भावये मनसि शङ्करमम्बिकेशम्॥

व्यास उवाच

धर्मक्षेत्रे महाक्षेत्रे गङ्गाकालिन्दिसङ्गमे।
प्रयागे परमे पुण्ये ब्रह्मलोकस्य वर्त्मनि॥ १
मुनयः शंसितात्मानः सत्यव्रतपरायणाः।
महौजसो महाभागा महासत्रं वितेनिरे॥ २
तत्र सत्रं समाकर्ण्य व्यासशिष्यो महामुनिः।
आजगाम मुनीन् द्रष्टुं सूतः पौराणिकोत्तमः॥ ३

तं दृष्ट्वा सूतमायान्तं हर्षिता मुनयस्तदा।
चेतसा सुप्रसन्नेन पूजां चक्रुर्यथाविधि॥ ४

ततो विनयसंयुक्ताः प्रोचुः साञ्जलयश्च ते।
सुप्रसन्ना महात्मानः स्तुतिं कृत्वा यथाविधि॥ ५

रोमहर्षण सर्वज्ञ भवान् वै भाग्यगौरवात्।
पुराणविद्यामखिलां व्यासात् प्रत्यर्थमीयिवान्॥ ६

तस्मादाश्चर्यभूतानां कथानां त्वं हि भाजनम्।
रत्नानामुरुसाराणां रत्नाकर इवार्णवः॥ ७

जो आदि र अन्तमा [तथा मध्यमा पनि] नित्य मङ्गलमय हुनुहुन्छ, जसको समानता अथवा तुलना कहीँ पनि छैन, जो आत्माको स्वरूपलाई प्रकाशित गर्ने देवता (परमात्मा) हुनुहुन्छ, जसका पाँच मुख छन् र जो ख्याल-ख्यालमै—अनायासै जगत्‌को रचना, पालन, संहार, अनुग्रह एवं तिरोभावरूप—पाँच प्रबल कर्म गर्दै रहनुहुन्छ, उनै सर्वश्रेष्ठ अजर-अमर ईश्वर अम्बिकापति भगवान् शंकरको म मन-मनै चिन्तन गर्दछु।

व्यास भन्नुहुन्छ—जुन धर्मको महान् क्षेत्र हो, जहाँ गंगा-यमुनाको सङ्गम भएको छ, जुन ब्रह्मलोकको मार्ग हो, त्यस परम पुण्यमय प्रयागमा सत्यव्रतमा तत्पर रहनुहुने महातेजस्वी महाभाग महात्मा मुनिहरूले एउटा विशाल ज्ञानयज्ञको आयोजना गर्नुभएको थियो॥ १-२॥

त्यस ज्ञानयज्ञको समाचार सुनेर पौराणिकशिरोमणि व्यासशिष्य महामुनि सूत त्यहाँ मुनिहरूको दर्शन गर्नका लागि आउनुभयो॥ ३॥

सूतजीलाई आउँदै गरेको देखेर ती सबै मुनिहरू त्यस समयमा हर्षले विभोर भई उठेर अत्यन्त प्रसन्नचित्तले उनीहरूले उहाँको विधिवत् स्वागत-सत्कार गरे॥ ४॥

तत्पश्चात् ती प्रसन्न महात्माहरूले उहाँको विधिवत् स्तुति गरी विनयपूर्वक हात जोडेर उहाँसित यस प्रकार भने—॥ ५॥

हे सर्वज्ञ विद्वान् रोमहर्षण! तपाईंको भाग्य ज्यादै ठुलो छ, यसैले तपाईंले व्यासबाट यथार्थरूपमा सम्पूर्ण पुराण-विद्या प्राप्त गर्नुभयो, यसकारण तपाईं आश्चर्यस्वरूप कथाहरूका भण्डार हुनुहुन्छ—ठिक त्यसै गरी, जस्तो रत्नाकर समुद्र ठुला-ठुला सारभूत रत्नहरूको आश्रय स्थान छ॥ ६-७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यच्च भूतं च भव्यं च यच्चान्यद्वस्तु वर्तते।
न त्वयाविदितं किञ्चित् त्रिषु लोकेषु विद्यते॥ ८

त्वं मद्दिष्टवशादस्य दर्शनार्थमिहागतः।
कुर्वन् किमपि नः श्रेयो न वृथागन्तुमर्हसि॥ ९

तत्त्वं श्रुतं स्म नः सर्वं पूर्वमेव शुभाशुभम्।
न तृप्तिमधिगच्छामः श्रवणेच्छा मुहुर्मुहुः॥ १०

इदानीमेकमेवास्ति श्रोतव्यं सूत सन्मते।
तद्रहस्यमपि ब्रूहि यदि तेऽनुग्रहो भवेत्॥ ११

प्राप्ते कलियुगे घोरे नराः पुण्यविवर्जिताः।
दुराचाररताः सर्वे सत्यवार्तापराङ्मुखाः॥ १२

परापवादनिरताः परद्रव्याभिलाषिणः।
परस्त्रीसक्तमनसः परहिंसापरायणाः॥ १३

देहात्मदृष्टयो मूढा नास्तिकाः पशुबुद्धयः।
मातृपितृकृतद्वेषाः स्त्रीदेवाः कामकिङ्कराः॥ १४

विप्रा लोभग्रहग्रस्ता वेदविक्रयजीविनः।
धनार्जनार्थमभ्यस्तविद्या मदविमोहिताः॥ १५

त्यक्तस्वजातिकर्माणः प्रायशः परवञ्चकाः।
त्रिकालसन्ध्यया हीना ब्रह्मबोधविवर्जिताः॥ १६

अदयाः पण्डितंमन्याः स्वाचारव्रतलोपकाः।
कृष्युद्यमरताः क्रूरस्वभावा मलिनाशयाः॥ १७

क्षत्रियाश्च तथा सर्वे स्वधर्मत्यागशीलिनः।
असत्सङ्गाः पापरता व्यभिचारपरायणाः॥ १८

अशूरा अरणप्रीताः पलायनपरायणाः।
कुचौरवृत्तयः शूद्राः कामकिङ्करचेतसः॥ १९

तीनवटै लोकमा भूत, वर्तमान र भविष्यका जुन कुरा छन् तथा अन्य जे जति वस्तु छन्, ती तपाईंबाट अज्ञात छैनन्॥ ८॥ तपाईं हाम्रो सौभाग्यले यस यज्ञको दर्शन गर्नका लागि यहाँ आउनुभएको छ र यसै वहानाका माध्यमले हामीहरूको केही कल्याण हुनेवाला छ; किनभने तपाईंको आगमन निरर्थक हुन सक्दैन॥ ९॥

हामीले पहिला पनि तपाईंबाट शुभाशुभ-तत्त्वको पूरा वर्णन सुनेका छौँ, तर त्यसबाट तृप्त छैनौँ, त्यसलाई सुन्नका लागि हामीलाई बारम्बार इच्छा भइरहन्छ॥ १०॥

उत्तम बुद्धि भएका हे सूतजी! यस समय हामीलाई एउटै कुरा सुन्नु छ; यदि तपाईंको अनुग्रह हुन्छ भने गोपनीय भए तापनि तपाईं त्यस विषयको वर्णन गर्नुहोस्॥ ११॥

घोर कलियुग आएपछि मनुष्य पुण्यकर्मबाट टाढा रहने छन्, दुराचारमा फस्ने छन्, सारा-का-सारा सत्यभाषणबाट विमुख हुने छन्, अर्काको निन्दामा तत्पर हुने छन्। अर्काको धनलाई हडप्ने इच्छा गर्ने छन्, तिनको मन पराया स्त्रीहरूमा आसक्त हुने छ तथा ती अरू प्राणीहरूको हिंसा गर्ने छन्। ती आफ्नो शरीरलाई नै आत्मा ठान्ने छन्। ती मूर्ख, नास्तिक तथा पशु-बुद्धि राख्नेवाला हुने छन्, माता-पितासित द्वेष राख्ने छन् तथा कामवश स्त्रीहरूको सेवामा लागिरहने छन्॥ १२-१४॥

ब्राह्मण लोभरूपी ग्रहको ग्रास बन्ने छन्, वेद बेचेर जीविका चलाउने छन्, धन उपार्जन गर्नका लागि नै विद्याको अभ्यास गर्ने छन्, मदसित मोहित रहने छन्, आफ्नो जातिको कर्म छोड्ने छन्, प्रायः अरूलाई ठग्ने छन्, तीनै कालको सन्ध्योपासनाबाट टाढा रहने र ब्रह्मज्ञानबाट शून्य हुने छन्। दयाहीन, आफूलाई पण्डित मान्ने, सदाचार-व्रतबाट रहित, कृषिकार्यमा तत्पर, क्रूर स्वभाव भएका एवं दूषित विचार भएका हुने छन्॥ १५—१७॥ समस्त क्षत्रिय पनि आफ्नो धर्मको त्याग गर्ने, कुसंगी, पापी र व्यभिचारी हुने छन्॥ १८॥ तिनमा शौर्यको अभाव हुने छ, ती युद्धबाट विरत अर्थात् रणमा प्रीति नहुनाले भगुवा हुने छन्। ती कुत्सित चौर्य-कर्मबाट जीविका चलाउने छन्, शूद्रहरूको समान व्यवहार गर्ने छन् र तिनको चित्त कामको सेवक बनिरहने छ॥ १९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शस्त्रास्त्रविद्यया हीना धेनुविप्रावनोज्झिताः।
शरण्यावनहीनाश्च कामिन्यूतिमृगाः सदा ॥ २०

प्रजापालनसद्धर्मविहीना भोगतत्पराः।
प्रजासंहारका दुष्टा जीवहिंसाकरा मुदा ॥ २१

वैश्याः संस्कारहीनास्ते स्वधर्मत्यागशीलिनः।
कुपथाः स्वार्जनरतास्तुलाकर्मकुवृत्तयः ॥ २२

गुरुदेवद्विजातीनां भक्तिहीनाः कुबुद्धयः।
अभोजितद्विजाः प्रायः कृपणा बद्धमुष्टयः ॥ २३

कामिनीजारभावेषु सुरता मलिनाशयाः।
लोभमोहविचेतस्काः पूर्तादिषु वृषोज्झिताः ॥ २४

तद्वच्छूद्राश्च ये केचिद् ब्राह्मणाचारतत्पराः।
उज्ज्वलाकृतयो मूढाः स्वधर्मत्यागशीलिनः ॥ २५

कर्तारस्तपसां भूयो द्विजतेजोऽपहारकाः।
शिश्वल्पमृत्युकाराश्च मन्त्रोच्चारपरायणाः ॥ २६

शालग्रामशिलादीनां पूजका होमतत्पराः।
प्रतिकूलविचाराश्च कुटिला द्विजदूषकाः ॥ २७

धनवन्तः कुकर्माणो विद्यावन्तो विवादिनः।
आख्यानोपासनाधर्मवक्तारो धर्मलोपकाः ॥ २८

सुभूपाकृतयो दम्भाः सुदातारो महामदाः।
विप्रादीन् सेवकान् मत्वा मन्यमाना निजं प्रभुम् ॥ २९

स्वधर्मरहिता मूढाः सङ्कराः क्रूरबुद्धयः।
महाभिमानिनो नित्यं चतुर्वर्णविलोपकाः ॥ ३०

ती शस्त्रास्त्रविद्यालाई नजान्ने, गाई र ब्राह्मणको रक्षा नगर्ने, शरणागतको रक्षा नगर्ने तथा सदा कामिनीको खोजीमा तत्पर रहने छन्॥ २०॥ प्रजापालनरूपी सदाचारबाट रहित, भोगमा तत्पर, प्रजाको संहार गर्ने, दुष्ट र प्रसन्नतापूर्वक जीवहिंसा गर्ने हुने छन्॥ २१॥

वैश्य संस्कार-भ्रष्ट, स्वधर्मत्यागी, कुमार्गी, धनोपार्जनपरायण तथा नाप-तौलमा आफ्नो कुत्सित वृत्तिको परिचय दिने खालका हुने छन्॥ २२॥

ती गुरु, देवता र द्विजातिहरूप्रति भक्तिशून्य, कुत्सित बुद्धि भएका, द्विजहरूलाई भोजन नगराउने, प्रायः कृपणताका कारण मुट्ठी बाँधेर राख्ने, पराया स्त्रीहरूका साथ कामरत, मलिन विचार भएका, लोभ र मोहले भ्रमित चित्त भएका र पाटीपौवा-इनार-जलाशय आदिको निर्माण तथा यज्ञादि सत्कर्महरूमा धर्मको त्याग गर्ने खालका हुने छन्॥ २३-२४॥

यसैगरी केही शूद्र ब्राह्मणहरूको आचारमा तत्पर हुने छन्, तिनको आकृति उज्ज्वल हुने छ अर्थात् ती आफ्नो कर्म-धर्म छोडेर उज्ज्वल वेश-भूषाले विभूषित भई व्यर्थमा घुम्ने छन्, ती मूर्ख हुने छन् र स्वभावतः नै आफ्नो धर्मको त्याग गर्ने खालका हुने छन्॥ २५॥

ती थरी-थरीका तप गर्ने र द्विजहरूलाई अपमानित गर्ने छन्, साना बालकको अल्पमृत्यु होस् भन्नाका लागि आभिचारिक कर्म गर्ने छन्, मन्त्रहरूको उच्चारण गर्नमा तत्पर रहने छन्, शालग्रामको मूर्ति आदि पुज्ने छन्, होम गर्ने छन्, कसै-न-कसैको प्रतिकूल विचार सधैँ गर्दै रहने छन्, कुटिल स्वभाव भएका र द्विजसित द्वेष-भाव राख्ने खालका हुने छन्॥ २६-२७॥

ती यदि धनी भए भने कुकर्ममा लाग्ने छन् र विद्वान् भए भने विवाद गर्ने खालका हुने छन्, कथा र उपासना-धर्मको वक्ता तथा धर्म लोप गराउनेवाला हुने छन्॥ २८॥

ती राजाहरूका समान सुन्दर वेष-भूषा धारण गर्ने, दम्भी, दानमानी, अतिशय अभिमानी, विप्र आदिलाई आफ्नो सेवक मानेर आफूलाई स्वामी मान्ने, आफ्नो धर्मबाट शून्य, मूर्ख, वर्णसंकर, क्रूरबुद्धि भएका, महाभिमानी र सदा चारै वर्णको धर्मलाई लोप गर्नेवाला हुने छन्॥ २९-३०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुकुलीनान्निजान् मत्वा चतुर्वर्णैर्विवर्तनाः।
सर्ववर्णभ्रष्टकराः मूढाः सत्कर्मकारिणः॥ ३१

ती आफूलाई श्रेष्ठ कुलवाला मानेर चारै वर्णसित विपरीत व्यवहार गर्ने, सबै वर्णलाई भ्रष्ट गर्ने, मूर्ख र [अनुचित रूपले] सत्कर्म गर्नमा तत्पर हुने छन्॥ ३१॥

स्त्रियश्च प्रायशो भ्रष्टा भर्त्रवज्ञानकारिकाः।
श्वशुरद्रोहकारिण्यो निर्भया मलिनाशनाः॥ ३२

कलियुगका स्त्रीहरू प्रायः सदाचारबाट भ्रष्ट हुने छन्, पतिको अपमान गर्ने र सासू-ससुरासित द्रोह गर्ने छन्। कसैसित डर मान्दैनन् र मलिन भोजन गर्ने छन्॥ ३२॥

कुहावभावनिरताः कुशीलाः स्मरविह्वलाः।
जारसङ्गरता नित्यं स्वस्वामिविमुखास्तथा॥ ३३

ती कुत्सित हाव-भावमा तत्पर हुने छन्, तिनको शील-स्वभाव ज्यादै घृणित हुने छ। ती काम-विह्वल, परपतिसित रति गर्ने र आफ्नो पतिको सेवाबाट सदा विमुख रहने छन्॥ ३३॥

तनया मातृपित्रोश्च भक्तिहीना दुराशयाः।
अविद्यापाठका नित्यं रोगग्रसितदेहकाः॥ ३४

सन्तानहरू माता-पिताप्रति श्रद्धारहित, दुष्ट स्वभाव भएका, असत् विद्या पढ्ने र सदा रोगग्रस्त शरीर भएका हुने छन्॥ ३४॥

एतेषां नष्टबुद्धीनां स्वधर्मत्यागशीलिनाम्।
परलोकेऽपीह लोके कथं सूत गतिर्भवेत्॥ ३५

हे सूतजी! यसरी जसको बुद्धि नष्ट भएको छ र जसले आफ्नो धर्म त्यागेको छ, त्यस्तालाई इहलोक र परलोकमा उत्तम गति कसरी प्राप्त हुने छ?॥ ३५॥

इति चिन्ताकुलं चित्तं जायते सततं हि नः।
परोपकारसदृशो नास्ति धर्मोऽपरः खलु॥ ३६
लघूपायेन येनैषां भवेत् सद्योऽघनाशनम्।
सर्वसिद्धान्तवित्त्वं हि कृपया तद्वदाधुना॥ ३७

यसै चिन्ताले हाम्रो मन सदा व्याकुल रहन्छ; परोपकार समान अरू कुनै धर्म छैन, अतः जुन सानो उपायले यी सबैका पापहरू तत्काल नाश हुन्छन्, त्यसलाई यस समय कृपापूर्वक बताउनुहोस्; किनभने तपाईं समस्त सिद्धान्तका ज्ञाता हुनुहुन्छ॥ ३६-३७॥

व्यास उवाच

इत्याकर्ण्य वचस्तेषां मुनीनां भावितात्मनाम्।
मनसा शङ्करं स्मृत्वा सूतः प्रोवाच तान् मुनीन्॥ ३८

व्यास भन्नुहुन्छ— ती भावितात्मा मुनिहरूको यो कुरा सुनेर सूत मन-मनै भगवान् शंकरको स्मरण गरी ती मुनिहरूसित यस प्रकार भन्न लाग्नुभयो—॥ ३८॥

इति श्रीशिवमहापुराणे प्रथमायां विद्येश्वरसंहितायां मुनिप्रश्नवर्णनं नाम प्रथमोऽध्यायः॥ १॥

॥ यस प्रकार श्रीशिवमहापुराण अन्तर्गत प्रथम विद्येश्वरसंहितामा मुनिहरूको प्रश्नको वर्णन नामक पहिलो अध्याय पूर्ण भयो॥ १॥

अथ द्वितीयोऽध्यायः

शिवपुराणको माहात्म्य एवं परिचय

सूत उवाच

साधु पृष्टं साधवो वस्त्रैलोक्यहितकारकम्।
गुरुं स्मृत्वा भवत्स्नेहाद्वक्ष्ये तच्छृणुतादरात्॥ १

सूत भन्नुहुन्छ— हे साधु-महात्माहरू! तपाईंहरू सबैले तीनै लोकको हित गर्ने राम्रो कुरा सोध्नुभएको छ। म गुरुदेव व्यासको स्मरण गरी तपाईंहरूको स्नेहवश यस विषयको वर्णन गर्ने छु, तपाईंहरू आदरपूर्वक सुनुहोस्॥ १॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदान्तसारसर्वस्वं पुराणं चैवमुत्तमम्।
सर्वाघौघोद्धारकरं परत्र परमार्थदम्॥ २
कलिकल्मषविध्वंसि यस्मिञ्छिवयशः परम्।
विजृम्भते सदा विप्राश्चतुर्वर्गफलप्रदम्॥ ३

सबैभन्दा उत्तम शिवपुराण नै वेदान्तको सार–सर्वस्व हो तथा वक्ता र श्रोताका समस्त पापराशिहरूबाट उद्धार गर्ने खालको छ; [यतिमात्र होइन] त्यो परलोकमा परमार्थ वस्तु प्रदान गर्नेवाला छ। कलिका कल्मषराशिको त्यो विनाशक हो। त्यसमा भगवान् शिवको उत्तम यशको वर्णन छ। हे ब्राह्मणहरू! धर्म, अर्थ, काम र मोक्ष—यी चारै पुरुषार्थलाई प्रदान गर्ने त्यो पुराण आफ्नो प्रभावका कारणले सधैँ विस्तार भइरहेको छ॥ २–३॥

तस्याध्ययनमात्रेण पुराणस्य द्विजोत्तमाः।
सर्वोत्तमस्य शैवस्य ते यास्यन्ति सुसद्गतिम्॥ ४

हे विप्रवरहरू हो! त्यस सर्वोत्तम शिवपुराणको अध्ययनमात्रले ती कलियुगका पापासक्त जीवले श्रेष्ठतम गति पाउने छन्॥ ४॥

तावद्विजृम्भते पापं ब्रह्महत्यापुरस्सरम्।
यावच्छिवपुराणं हि नोदेष्यति जगत्यहो॥ ५

अहो! ब्रह्महत्या आदि महान् पाप तबसम्म रहने छन् अर्थात् आफ्नो फल दिनमा समर्थ हुने छन्, जबसम्म जगत्मा शिवपुराणको उदय हुने छैन। [यसको आशय यो हो कि शिवपुराण सुनेपछि अन्तःकरण शिवभक्तिपरायण भएर अतिशय स्वच्छ हुने छ। अतः कुनै पनि पापकर्ममा मानव प्रवृत्त नै हुँदैन, तब ब्रह्महत्या आदि भयङ्कर पाप नहुनाको कारण त्यस पापको फल–भोगको सम्भावना नै हुँदैन]॥ ५॥

तावत्कलिमहोत्पाताः सञ्चरिष्यन्ति निर्भयाः।
यावच्छिवपुराणं हि नोदेष्यति जगत्यहो॥ ६

कलियुगका महान् उत्पात तबसम्म निर्भय भएर डुल्ने छन्, जबसम्म यहाँ जगत्मा शिवपुराणको उदय हुने छैन॥ ६॥

तावत्सर्वाणि शास्त्राणि विवदन्ते परस्परम्।
यावच्छिवपुराणं हि नोदेष्यति जगत्यहो॥ ७

सबै शास्त्र परस्पर तबसम्म विवाद गर्ने छन्, जबसम्म जगत्मा शिवपुराणको उदय हुने छैन [अर्थात् शिवपुराणको प्रादुर्भाव भएपछि कुनै प्रकारको विवाद नै रहने छैन। सबै प्रकारले भुक्ति–मुक्तिप्रदाता यही रहने छ]॥ ७॥

तावत्स्वरूपं दुर्बोधं शिवस्य महतामपि।
यावच्छिवपुराणं हि नोदेष्यति जगत्यहो॥ ८

अहो! महान् व्यक्तिहरूका लागि पनि तबसम्म शिवको स्वरूप दुर्बोध्य रहने छ, जबसम्म यस जगत्मा शिवपुराणको उदय हुने छैन॥ ८॥

तावद्यमभटाः क्रूराः सञ्चरिष्यन्ति निर्भयाः।
यावच्छिवपुराणं हि नोदेष्यति जगत्यहो॥ ९

अहो! क्रूर यमदूत तबसम्म निर्भय भएर पृथ्वीमा घुम्ने छन्, जबसम्म जगत्मा शिवपुराणको उदय हुँदैन॥ ९॥

तावत्सर्वपुराणानि प्रगर्जन्ति महीतले।
यावच्छिवपुराणं हि नोदेष्यति जगत्यहो॥ १०

सबै पुराणहरू पृथिवीमा तबसम्म गर्जना गर्ने छन्, जबसम्म जगत्मा शिवपुराणको उदय हुँदैन॥ १०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तावत्सर्वाणि तीर्थानि विवदन्ते महीतले।
यावच्छिवपुराणं हि नोदेष्यति जगत्यहो॥ ११

तावत्सर्वे मुदा मन्त्रा विवदन्ते महीतले।
यावच्छिवपुराणं हि नोदेष्यति महीतले॥ १२

यस पृथिवीमा तीर्थहरूको (ठुलो-सानो आदि) विवाद तबसम्म रहने छ, जबसम्म यस जगत्मा शिवपुराणको उदय हुँदैन। [आशय यो हो कि मुक्ति-प्राप्त्यर्थ एवं पाप नाशका लागि मानव विभिन्न तीर्थहरूको सेवन गर्ने छन्, तर शिवपुराण आएपछि सबैजना सबै पापहरूको नाशका लागि शिवपुराणको नै सेवन गर्ने छन्]। सबै मन्त्र पृथ्वीमा तबसम्म आनन्दपूर्वक विवाद गर्ने छन्, जबसम्म पृथ्वीमा शिवपुराणको उदय हुँदैन॥ ११-१२॥

तावत्सर्वाणि क्षेत्राणि विवदन्ते महीतले।
यावच्छिवपुराणं हि नोदेष्यति महीतले॥ १३

सबै क्षेत्र तबसम्म पृथ्वीमा विवाद गर्ने छन्, जबसम्म पृथ्वीमा शिवपुराणको उदय हुँदैन॥ १३॥

तावत्सर्वाणि पीठानि विवदन्ते महीतले।
यावच्छिवपुराणं हि नोदेष्यति महीतले॥ १४

सबै पीठ तबसम्म पृथ्वीमा विवाद गर्ने छन्, जबसम्म पृथ्वीमा शिवपुराणको उदय हुँदैन॥ १४॥

तावत्सर्वाणि दानानि विवदन्ते महीतले।
यावच्छिवपुराणं हि नोदेष्यति महीतले॥ १५

सबै दान पृथ्वीमा तबसम्म विवाद गर्ने छन्, जबसम्म शिवपुराणको उदय हुँदैन॥ १५॥

तावत्सर्वे च ते देवा विवदन्ते महीतले।
यावच्छिवपुराणं हि नोदेष्यति महीतले॥ १६

सबै देवगण तबसम्म पृथ्वीमा विवाद गर्ने छन्, जबसम्म शिवपुराणको उदय हुँदैन॥ १६॥

तावत्सर्वे च सिद्धान्ता विवदन्ते महीतले।
यावच्छिवपुराणं हि नोदेष्यति महीतले॥ १७

सबै सिद्धान्त तबसम्म पृथ्वीमा विवाद गर्ने छन्, जबसम्म शिवपुराणको पृथ्वीमा उदय हुँदैन॥ १७॥

अस्य शैवपुराणस्य कीर्तनश्रवणाद् द्विजाः।
फलं वक्तुं न शक्नोमि कार्त्स्न्येन मुनिसत्तमाः॥ १८

हे विप्र हो! हे श्रेष्ठ मुनिगण! यस शिवपुराणको कीर्तन गर्ने र सुन्नाले जुन-जुन फल प्राप्त हुन्छ, ती फलहरूका विषयमा म सम्पूर्ण रूपले भन्न सक्दिन, [अर्थात् शब्दद्वारा यसका सबै फलहरू बताउन सकिन्न]॥ १८॥

तथापि तस्य माहात्म्यं वक्ष्ये किञ्चित्तु वोऽनघाः।
चित्तमाधाय श्रृणुत व्यासेनोक्तं पुरा मम॥ १९

हे निष्पाप मुनिगण! तथापि शिवपुराणका केही माहात्म्य तपाईंहरूसित भन्छु, जुन व्यासले पहिला मसित भन्नुभएको थियो, तपाईंहरू चित्त लगाएर ध्यानपूर्वक सुन्नुहोस्॥ १९॥

एतच्छिवपुराणं हि श्लोकं श्लोकार्धमेव च।
यः पठेद्भक्तिसंयुक्तः स पापान्मुच्यते क्षणात्॥ २०

जसले भक्तिपूर्वक यस शिवपुराणको एक श्लोक वा आधा श्लोक मात्र भए पनि पढ्छ, त्यसलाई त्यसै क्षण पापबाट छुटकारा मिल्दछ॥ २०॥

एतच्छिवपुराणं हि यः प्रत्यहमतन्द्रितः।
यथाशक्ति पठेद् भक्त्या स जीवन्मुक्त उच्यते॥ २१

जसले आलस्यरहित भएर प्रतिदिन भक्तिपूर्वक यस शिवपुराणको यथाशक्ति पाठ गर्दछ, त्यसलाई जीवन्मुक्त भनिने छ॥ २१॥

एतच्छिवपुराणं हि यो भक्त्यार्चयते सदा।
दिने दिनेऽश्वमेधस्य फलं प्राप्नोत्यसंशयम्॥ २२

जसले यस शिवपुराणको सदा पूजा गर्दछ, त्यसले निःसन्देह प्रतिदिन अश्वमेधयज्ञको फल प्राप्त गर्दछ॥ २२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एतच्छिवपुराणं यः साधारणपदेच्छया।
अन्यतः शृणुयात् सोऽपि मत्तो मुच्येत पातकात्॥ २३

जो व्यक्ति साधारण पदको प्राप्तिका इच्छाले यस शिवपुराण मबाट अथवा अन्य कसैबाट सुन्छ, त्यो पनि पातकहरूबाट मुक्त हुन्छ॥ २३॥

एतच्छिवपुराणं यो नमस्कुर्याददूरतः।
सर्वदेवार्चनफलं स प्राप्नोति न संशयः॥ २४

जसले यस शिवपुराणलाई नजिकबाट प्रणाम गर्दछ, त्यसले सबै देवहरूको पूजाको फल प्राप्त गर्दछ; यसमा संशय छैन॥ २४॥

एतच्छिवपुराणं वै लिखित्वा पुस्तकं स्वयम्।
यो दद्याच्छिवभक्तेभ्यस्तस्य पुण्यफलं शृणु॥ २५

जो यस शिवपुराणलाई स्वयं लेखेर शिवभक्त-हरूलाई दान गर्दछ, त्यसको पुण्यफल सुन्नुहोस्॥ २५॥

अधीतेषु च शास्त्रेषु वेदेषु व्याकृतेषु च।
यत्फलं दुर्लभं लोके तत्फलं तस्य सम्भवेत्॥ २६

शास्त्रहरूको अध्ययन र वेदहरूको पाठ गर्नाले जुन दुर्लभ फल प्राप्त हुन्छ, त्यो फल त्यसलाई प्राप्त हुन्छ॥ २६॥

एतच्छिवपुराणं हि चतुर्दश्यामुपोषितः।
शिवभक्तसभायां यो व्याकरोति स उत्तमः॥ २७

प्रत्यक्षरं तु गायत्रीपुरश्चर्याफलं लभेत्।
इह भुक्त्वाखिलान् कामानन्ते निर्वाणतां व्रजेत्॥ २८

जो चतुर्दशी तिथिका दिन उपवास बसी शिवभक्तहरूका समाजमा यस शिवपुराणको पाठ गर्दछ—त्यो श्रेष्ठ पुरुष हुन्छ। त्यो व्यक्तिले शिवपुराणका प्रत्येक अक्षरका संख्याअनुरूप गायत्री पुरश्चरणको फल प्राप्त गर्दछ र यस लोकमा सबै अभीष्ट सुखहरू भोगेर अन्तमा मोक्ष प्राप्त गर्दछ॥ २७-२८॥

उपोषितश्चतुर्दश्यां रात्रौ जागरणान्वितः।
यः पठेच्छृणुयाद्वापि तस्य पुण्यं वदाम्यहम्॥ २९

जो चतुर्दशीको रातमा उपवासपूर्वक जागरण बसी शिवपुराणको पाठ गर्दछ वा यसलाई सुन्छ, त्यसको पुण्य-फल म भन्दछु॥ २९॥

कुरुक्षेत्रादिनिखिलपुण्यतीर्थेष्वनेकशः।
आत्मतुल्यधनं सूर्यग्रहणे सर्वतोमुखे॥ ३०
विप्रेभ्यो व्यासमुख्येभ्यो दत्त्वा यत्फलमश्नुते।
तत्फलं सम्भवेत्तस्य सत्यं सत्यं न संशयः॥ ३१

कुरुक्षेत्र आदि सबै तीर्थहरूमा, पूर्ण सूर्यग्रहणमा आफ्नो शक्तिअनुसार विप्रहरूलाई र मुख्य कथा-वाचकलाई धन दिनाले जुन फल प्राप्त हुन्छ, त्यही फल त्यस व्यक्तिलाई प्राप्त हुन्छ, यो सत्य हो, सत्य हो; यसमा कुनै सन्देह छैन॥ ३०-३१॥

एतच्छिवपुराणं हि गायते योऽप्यहर्निशम्।
आज्ञां तस्य प्रतीक्षेरन् देवा इन्द्रपुरोगमाः॥ ३२

जो व्यक्ति यस शिवपुराणको दिन-रात गान गर्दछ, इन्द्र आदि देवगण त्यसको आज्ञाको प्रतीक्षा गर्दै बस्दछन्॥ ३२॥

एतच्छिवपुराणं यः पठञ्छृण्वन् हि नित्यशः।
यद्यत् करोति सत्कर्म तत्कोटिगुणितं भवेत्॥ ३३

यस शिवपुराणको पाठ गर्ने र सुन्नेले जुन-जुन श्रेष्ठ कर्म गर्दछ, त्यो कोटिगुना हुन जान्छ [अर्थात् कोटिगुना फल दिन्छ]॥ ३३॥

समाहितः पठेद्यस्तु तत्र श्रीरुद्रसंहिताम्।
स ब्रह्मघ्नोऽपि पूतात्मा त्रिभिरेव दिनैर्भवेत्॥ ३४

जो राम्ररी ध्यानपूर्वक त्यसमध्ये पनि श्रीरुद्र-संहिताको पाठ गर्दछ, त्यो यदि ब्रह्मघाती नै भए तापनि तीन दिनमा पवित्रात्मा भइजान्छ॥ ३४॥

तां रुद्रसंहितां यस्तु भैरवप्रतिमान्तिके।
त्रिः पठेत्प्रत्यहं मौनी स कामानखिलाँल्लभेत्॥ ३५

जो भैरवको मूर्तिको नजिक मौन धारण गरी श्रीरुद्रसंहिताको प्रतिदिन तीन पटक पाठ गर्दछ, त्यसले सबै कामनाहरूलाई प्राप्त गर्दछ॥ ३५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तां रुद्रसंहितां यस्तु सम्पठेद् वटबिल्वयोः।
प्रदक्षिणां प्रकुर्वाणो ब्रह्महत्या निवर्तते॥ ३६

जो व्यक्ति वर तथा बेल वृक्षको प्रदक्षिणा गर्दै यस रुद्रसंहिताको पाठ गर्दछ, उसले ब्रह्महत्याको दोषबाट पनि छुटकारा पाउँछ॥ ३६॥

कैलाससंहिता तत्र ततोऽपि परमा स्मृता।
ब्रह्मस्वरूपिणी साक्षात् प्रणवार्थप्रकाशिका॥ ३७

प्रणवको अर्थलाई प्रकाशित गर्ने ब्रह्मरूपिणी साक्षात् कैलाससंहितालाई रुद्रसंहिताभन्दा पनि श्रेष्ठ बताइएको छ॥ ३७॥

कैलाससंहितायास्तु माहात्म्यं वेत्ति शङ्करः।
कृत्स्नं तदर्धं व्यासश्च तदर्धं वेद्म्यहं द्विजाः॥ ३८

हे द्विजहरू हो! कैलाससंहिताको सम्पूर्ण माहात्म्य त शंकरले नै जान्नुहुन्छ, त्यसको आधा माहात्म्य व्यास जान्नुहुन्छ र त्यसको पनि आधा म जान्दछु॥ ३८॥

तत्र किञ्चित्प्रवक्ष्यामि कृत्स्नं वक्तुं न शक्यते।
यज्ज्ञात्वा तत्क्षणाल्लोकश्चित्तशुद्धिमवाप्नुयात्॥ ३९

त्यसको सम्पूर्ण माहात्म्यको वर्णन त म गर्न सक्दिन, केही अंश मात्र भन्ने छु, जसलाई जानेर त्यसै क्षण चित्तको शुद्धि प्राप्त हुने छ॥ ३९॥

न नाशयति यत्पापं सा रौद्री संहिता द्विजाः।
तन्न पश्याम्यहं लोके मार्गमाणोऽपि सर्वदा॥ ४०

हे द्विजहरू हो! लोकमा खोज्दा पनि रुद्रसंहिताले नष्ट गर्न नसक्ने यस्तो कुनै पापलाई मैले देखिन॥ ४०॥

शिवेनोपनिषत्सिन्धुमन्थनोत्पादितां मुदा।
कुमारायार्पितां तां वै सुधां पीत्वामरो भवेत्॥ ४१

उपनिषद्रूपी सागरको मन्थन गरी शिवले आनन्दपूर्वक यस रुद्रसंहितारूपी अमृतलाई उत्पन्न गर्नुभयो र कुमार कार्तिकेयलाई समर्पित गरिदिनुभयो; जसलाई पिएर मानव अमर हुन जान्छ॥ ४१॥

ब्रह्महत्यादिपापानां निष्कृतिं कर्तुमुद्यतः।
मासमात्रं संहितां तां पठित्वा मुच्यते ततः॥ ४२

ब्रह्महत्या आदि पापहरूको प्रायश्चित्त गर्नका लागि तत्पर मनुष्य महिनाभर रुद्रसंहिताको पाठ गरी ती पापहरूबाट मुक्त हुन जान्छ॥ ४२॥

दुष्प्रतिग्रहदुर्भोज्यदुरालापादिसम्भवम्।
पापं सकृत् कीर्तनेन संहिता सा विनाशयेत्॥ ४३

दुष्प्रतिग्रह, दुर्भोज्य, दुरालापबाट जुन पाप लाग्छ; त्यो यस रौद्रीसंहिताको एक पटक कीर्तन गर्नाले नष्ट हुन जान्छ॥ ४३॥

शिवालये बिल्ववने संहितां तां पठेत् तु यः।
स यत्फलमवाप्नोति तद्वाचोऽपि न गोचरे॥ ४४

जो व्यक्ति शिवालयमा अथवा बेलको वनमा यस संहिताको पाठ गर्दछ, त्यसले यसबाट जुन फल प्राप्त गर्दछ, त्यसको वर्णन वाणीद्वारा गर्न सकिन्न॥ ४४॥

संहितां तां पठन् भक्त्या यः श्राद्धे भोजयेद् द्विजान्।
तस्य ये पितरः सर्वे यान्ति शम्भोः परं पदम्॥ ४५

जो व्यक्ति श्रद्धापूर्वक यस संहिताको पाठ गर्दै श्राद्धको समय ब्राह्मणहरूलाई भोजन गराउँछ, त्यसका सबै पितृले शम्भुको परम पदलाई प्राप्त गर्दछन्॥ ४५॥

चतुर्दश्यां निराहारो यः पठेत्संहितां च ताम्।
बिल्वमूले शिवः साक्षात् स देवैश्च प्रपूज्यते॥ ४६

चतुर्दशीका दिन निराहार रहेर जो बेल वृक्षको फेदीमा यस संहिताको पाठ गर्दछ, त्यो साक्षात् शिव भएर सबै देवताहरूबाट पूजित हुन्छ॥ ४६॥

अप्यन्याः संहितास्तत्र सर्वकामफलप्रदाः।
उभे विशिष्टे विज्ञेये लीलाविज्ञानपूरिते॥ ४७

त्यसमा अन्य संहिताहरू सबै कामनाहरूको फललाई पूर्ण गर्ने खालका छन्, तर लीला र विज्ञानबाट परिपूर्ण यी दुवै संहिताहरूलाई विशिष्ट सम्झनुपर्छ॥ ४७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तदिदं शैवमाख्यातं पुराणं वेदसम्मितम्।
निर्मितं तच्छिवेनैव प्रथमं ब्रह्मसम्मितम्॥ ४८

यस शिवपुराणलाई वेद तुल्य मानिएको छ। यस वेदकल्प पुराणको प्रणयन (रचना) सबैभन्दा पहिला भगवान् शिवले नै गर्नुभएको थियो॥ ४८॥

विद्येशं च तथा रौद्रं वैनायकमथौमिकम्।
मात्रं रुद्रैकादशकं कैलासं शतरुद्रकम्॥ ४९
कोटिरुद्रसहस्राद्यं कोटिरुद्रं तथैव च।
वायवीयं धर्मसंज्ञं पुराणमिति भेदतः॥ ५०

विद्येश्वरसंहिता, रुद्रसंहिता, विनायकसंहिता, उमासंहिता, मातृसंहिता, एकादशरुद्रसंहिता, कैलाससंहिता, शतरुद्रसंहिता, कोटिरुद्रसंहिता, सहस्रकोटिरुद्रसंहिता, वायवीयसंहिता तथा धर्मसंहिता— यस प्रकार यस पुराणका बाह्र भेद छन्॥ ४९-५०॥

संहिता द्वादशमिता महापुण्यतरा मताः।
तासां सङ्ख्यां ब्रुवे विप्राः शृणुतादरतोऽखिलम्॥ ५१
विद्येशं दशसाहस्रं रुद्रं वैनायकं तथा।
औमं मातृपुराणाख्यं प्रत्येकाष्टसहस्रकम्॥ ५२

यी बाह्रवटै संहिताहरू अत्यन्त पुण्यमयी मानिएका छन्। हे ब्राह्मणहरू! अब म तिनका श्लोकहरूको संख्या बताइरहेको छु। तपाईंहरू ती सबै आदरपूर्वक सुन्नुहोस्। विद्येश्वरसंहितामा दश हजार श्लोक छन्। रुद्रसंहिता, विनायकसंहिता, उमासंहिता र मातृसंहिता—यी प्रत्येकमा आठ-आठ हजार श्लोक छन्॥ ५१-५२॥

त्रयोदशसहस्रं हि रुद्रैकादशकं द्विजाः।
षट्सहस्रं च कैलासं शतरुद्रं तदर्धकम्॥ ५३
कोटिरुद्रं त्रिगुणितमेकादशसहस्रकम्।
सहस्रकोटिरुद्राख्यमुदितं ग्रन्थसङ्ख्यया॥ ५४
वायवीयं खाब्धिशतं धर्मं रविसहस्रकम्।
तदेवं लक्षसङ्ख्याकं शैवं सङ्ख्याविभेदतः॥ ५५

हे ब्राह्मणहरू! एकादशरुद्रसंहितामा तेह्र हजार, कैलाससंहितामा छ हजार, शतरुद्रसंहितामा तीन हजार, कोटिरुद्रसंहितामा नौ हजार, सहस्रकोटिरुद्रसंहितामा एघार हजार, वायवीयसंहितामा चार हजार तथा धर्मसंहितामा बाह्र हजार श्लोक छन्। यस प्रकार संख्याअनुसार मूल शिवपुराणको श्लोकसंख्या एक लाख छ॥ ५३—५५॥

व्यासेन तत्तु सङ्क्षिप्तं चतुर्विंशत्सहस्रकम्।
शैवं तत्र चतुर्थं वै पुराणं सप्तसंहितम्॥ ५६

परन्तु व्यासले त्यसलाई चौबिस हजार श्लोकमा संक्षिप्त गरिदिनुभएको छ। पुराणहरूको क्रमसंख्याको विचारले यस शिवपुराणको स्थान चौथो रहेको छ; यसमा सात संहिताहरू छन्॥ ५६॥

शिवेन कल्पितं पूर्वं पुराणं ग्रन्थसङ्ख्यया।
शतकोटिप्रमाणं हि पुरा सृष्टौ सुविस्तृतम्॥ ५७

पूर्वकालमा भगवान् शिवले श्लोकसंख्याको दृष्टिले सय करोड श्लोकहरूको एउटै पुराणग्रन्थ रचना गर्नुभएको थियो। सृष्टिको आदिमा निर्मित भएको त्यो पुराणसाहित्य अत्यन्त वृहत् थियो॥ ५७॥

व्यस्तेऽष्टादशधा चैव पुराणे द्वापरादिषु।
चतुर्लक्षेण सङ्क्षिप्ते कृते द्वैपायनादिभिः॥ ५८

तत्पश्चात् द्वापर आदि युगमा द्वैपायन व्यास आदि महर्षिहरूले जब पुराणलाई अठार भागमा विभाजन गरिदिए, त्यस समय सम्पूर्ण पुराणहरूको संक्षिप्त स्वरूप केवल चार लाख श्लोकहरू रहन गयो॥ ५८॥

प्रोक्तं शिवपुराणं हि चतुर्विंशत्सहस्रकम्।
श्लोकानां सङ्ख्यया सप्तसंहितं ब्रह्मसम्मितम्॥ ५९

श्लोकसंख्याअनुसार यो शिवपुराण चौबिस हजार श्लोकहरू भएको बताइएको छ। यो वेदतुल्य पुराण सात संहितामा विभक्त छ॥ ५९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विद्येश्वराख्या तत्राद्या रौद्री ज्ञेया द्वितीयिका।
तृतीया शतरुद्राख्या कोटिरुद्रा चतुर्थिका॥ ६०

पञ्चमी चैवमौम्याख्या षष्ठी कैलाससंज्ञिका।
सप्तमी वायवीयाख्या सप्तैवं संहिता मताः॥ ६१

यसको पहिलो संहिताको नाम विद्येश्वरसंहिता हो, दोस्रो रुद्रसंहिता बुझ्नुपर्छ, तेस्रोको नाम शतरुद्रसंहिता, चौथो कोटिरुद्रसंहिता, पाँचौँको नाम उमासंहिता, छैठौँ कैलाससंहिता र सातौँको नाम वायवीयसंहिता हो। यस प्रकार यी सात संहिता मानिएका छन्॥ ६०-६१॥

ससप्तसंहितं दिव्यं पुराणं शिवसंज्ञकम्।
वरीवर्ति ब्रह्मतुल्यं सर्वोपरिगतिप्रदम्॥ ६२

यी सात संहिताहरूले युक्त दिव्य शिवपुराण वेदतुल्य प्रामाणिक तथा सबैभन्दा उत्कृष्ट गति प्रदान गर्नेवाला छ॥ ६२॥

एतच्छिवपुराणं हि सप्तसंहितमादरात्।
परिपूर्णं पठेद्यस्तु स जीवन्मुक्त उच्यते॥ ६३

सात संहिताहरूबाट समन्वित यस सम्पूर्ण शिवपुराणलाई जसले आद्योपान्त आदरपूर्वक पढ्छ, त्यसलाई जीवन्मुक्त भनिने छ॥ ६३॥

श्रुतिस्मृतिपुराणेतिहासागमशतानि च।
एतच्छिवपुराणस्य नार्हन्त्यल्पां कलामपि॥ ६४

वेद, स्मृति, पुराण, इतिहास तथा हजारौँ आगम यस शिवपुराणको अल्प कलाको वरावर पनि छैनन्॥ ६४॥

शैवं पुराणममलं शिवकीर्तितं तद्
व्यासेन शैवप्रवणेन च सङ्ग्गृहीतम्।
सङ्क्षेपतः सकलजीवगुणोपकारं
तापत्रयघ्नमतुलं शिवदं सतां हि॥ ६५

यो निर्मल शिवपुराण भगवान् शिवद्वारा नै प्रतिपादित भएको हो। शैवशिरोमणि भगवान् व्यासले यसलाई संक्षिप्त गरी संकलित गर्नुभएको छ। यो समस्त जीवसमुदायका लागि उपकारक, त्रिविध तापहरूका नाशक, तुलनारहित एवं सत्पुरुषहरूलाई कल्याण प्रदान गर्नेवाला छ॥ ६५॥

विकैतवो धर्म इह प्रगीतो
वेदान्तविज्ञानमयः प्रधानः।
अमत्सरान्तर्बुधवेद्यवस्तु
सत्क्लृप्तमंत्रौघत्रिवर्गयुक्तम्॥ ६६

यसमा वेदान्त-विज्ञानमय, प्रधान तथा निष्कपट धर्मको प्रतिपादन गरिएको छ। यो पुराण ईर्ष्यारहित अन्तःकरण भएका विद्वान्हरूका लागि जान्नयोग्य वस्तु हो, यसमा श्रेष्ठ मन्त्रसमूहहरूको संकलन छ र यो धर्म, अर्थ तथा कामसित समन्वित छ अर्थात्- यी त्रिवर्ग प्राप्तिको साधन पनि यसमा वर्णन छ॥ ६६॥

शैवं पुराणतिलकं खलु सत्पुराणं
वेदान्तवेदविलसत्परवस्तुगीतम्।
यो वै पठेच्च शृणुयात् परमादरेण
शम्भुप्रियः स हि लभेत् परमां गतिं वै॥ ६७

यो उत्तम शिवपुराण समस्त पुराणहरूमा श्रेष्ठ छ। वेद-वेदान्तमा वेद्यरूपले वर्णित परम वस्तु- परमात्माको यसमा गान गरिएको छ। जसले अत्यन्त आदरपूर्वक यसलाई पढ्छ तथा सुन्छ, त्यसले भगवान् शिवको प्रिय भएर परम गति प्राप्त गर्दछ॥ ६७॥

इति श्रीशिवमहापुराणे प्रथमायां विद्येश्वरसंहितायां मुनिप्रश्नोत्तरवर्णनं नाम द्वितीयोऽध्यायः॥ २॥

॥ यस प्रकार श्रीशिवमहापुराण अन्तर्गत प्रथम विद्येश्वरसंहितामा मुनिप्रश्नोत्तर-वर्णन नामक दोस्रो अध्याय पूर्ण भयो॥ २॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ तृतीयोऽध्यायः

साध्य-साधन आदिको विचार

व्यास उवाच

इत्याकर्ण्य वचः सौतं प्रोचुस्ते परमर्षयः।
वेदान्तसारसर्वस्वं पुराणं श्रावयाद्भुतम्॥ १
इति श्रुत्वा मुनीनां स वचनं सुप्रहर्षितः।
संस्मरञ्छङ्करं सूतः प्रोवाच मुनिसत्तमान्॥ २

सूत उवाच

शृण्वन्तु ऋषयः सर्वे स्मृत्वा शिवमनामयम्।
पुराणप्रवणं शैवं पुराणं वेदसारजम्॥ ३
यत्र गीतं त्रिकं प्रीत्या भक्तिज्ञानविरागकम्॥ ४
वेदान्तवेद्यं सद्वस्तु विशेषेण प्रवर्णितम्॥ ५
शृण्वन्तु ऋषयः सर्वे पुराणं वेदसारजम्।
पुरा कालेन महता कल्पेऽतीते पुनः पुनः॥ ६
अस्मिन्नुपस्थिते कल्पे प्रवृत्ते सृष्टिकर्मणि।
मुनीनां षट्कुलीनानां ब्रुवतामितरेतरम्॥ ७
इदं परमिदं नेति विवादः सुमहानभूत्।
तेऽभिजग्मुर्विधातारं ब्रह्माणं प्रष्टुमव्ययम्॥ ८
वाग्भिर्विनयगर्भाभिः सर्वे प्राञ्जलयोऽब्रुवन्।
त्वं हि सर्वजगद्धाता सर्वकारणकारणम्॥ ९
कः पुमान् सर्वतत्त्वेभ्यः पुराणः परतः परः।

ब्रह्मोवाच

यतो वाचो निवर्तन्ते अप्राप्य मनसा सह॥ १०
यस्मात् सर्वमिदं ब्रह्मविष्णुरुद्रेन्द्रपूर्वकम्।
सह भूतेन्द्रियैः सर्वैः प्रथमं सम्प्रसूयते॥ ११
एष देवो महादेवः सर्वज्ञो जगदीश्वरः।
अयं तु परया भक्त्या दृश्यते नान्यथा क्वचित्॥ १२
रुद्रो हरिर्हरश्चैव तथान्ये च सुरेश्वराः।
भक्त्या परमया तस्य नित्यं दर्शनकाङ्क्षिणः॥ १३

व्यास भन्नुहुन्छ—सूतजीको यो वचन सुनेर ती सबै महर्षि भन्दछन्—अब तपाईं हामीलाई वेदान्तको सार-सर्वस्वरूप अद्भुत शिवपुराण सुनाउनुहोस्॥ १॥

मुनिहरूको यो वचन सुनेर अतिशय प्रसन्न भई ती सूतजी शंकरको स्मरण गर्दै ती श्रेष्ठ मुनिहरूसित भन्न लाग्नुभयो॥ २॥

सूत भन्नुहुन्छ—तपाईं सबै महर्षिगण रोग-शोकबाट रहित कल्याणमय भगवान् शिवको स्मरण गरी वेदको सारतत्त्वबाट प्रकट पुराणप्रवर शिवपुराण सुन्नुहोस्। जसमा भक्ति, ज्ञान र वैराग्य—ती तीनको प्रीतिपूर्वक गान गरिएको छ र वेदान्तवेद्य सद्वस्तुको विशेषरूपले वर्णन गरिएको छ॥ ३—५॥

हे ऋषिगण! अब तपाईंहरू वेदको सारभूत पुराण सुन्नुहोस्। धेरै समयमा पुनः-पुनः पूर्वकल्प व्यतीत भएपछि यस वर्तमान कल्पमा जब सृष्टिकर्म आरम्भ भएको थियो, ती दिनहरूमा छ कुलका महर्षि परस्पर वादविवाद गर्दै भन्न लागे—'अमुक वस्तु सबभन्दा उत्कृष्ट छ तथा अमुक छैन।' तिनको यस विवादले अत्यन्त महान् रूप धारण गर्‍यो। तब ती सबै आफ्नो शङ्काको समाधानका लागि सृष्टिकर्ता अविनाशी ब्रह्माकहाँ गए र हात जोडेर विनयपूर्ण वाणीमा भने—[हे प्रभु!] हजुर सम्पूर्ण जगत्को धारण-पोषण गर्नेवाला हुनुहुन्छ तथा समस्त कारणहरूका पनि कारण हुनुहुन्छ; हामी यो जान्न चाहन्छौँ कि सम्पूर्ण तत्त्वहरूभन्दा पर परात्पर पुराणपुरुष को हुनुहुन्छ?॥ ६—९१/२॥

ब्रह्मा भन्नुहुन्छ—उहाँलाई नपाएर जहाँबाट मनसहित वाणी फर्कन्छ तथा जसबाट ब्रह्मा, विष्णु, रुद्र तथा इन्द्र आदिले युक्त यो सम्पूर्ण जगत् समस्त भूत एवं इन्द्रियहरूका साथ पहिला प्रकट भएको छ, उनै ती देव, महादेव सर्वज्ञ एवं सम्पूर्ण जगत्का स्वामी हुन्। उनै सबैभन्दा उत्कृष्ट हुन्। उत्तम भक्तिबाट नै उहाँको साक्षात्कार हुन्छ, अरू कुनै उपायले कहीँ उहाँको दर्शन हुन्न। रुद्र, हरि, हर तथा अन्य देवेश्वर सदा उत्तम भक्ति-भावले उहाँको नित्य दर्शन गर्न चाहन्छन्॥ १०—१३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बहुनात्र किमुक्तेन शिवे भक्त्या विमुच्यते।
प्रसादाद्देवताभक्तिः प्रसादो भक्तिसम्भवः।
यथेहाङ्कुरतो बीजं बीजतो वा यथाङ्कुरः॥ १४

तस्मादीशप्रसादार्थं यूयं गत्वा भुवं द्विजाः।
दीर्घसत्रं समाकृध्वं यूयं वर्षसहस्रकम्॥ १५

धेरै भन्नुको के आवश्यकता छ र!, भगवान् शिवमा भक्ति हुनाले मनुष्य संसार-बन्धनबाट मुक्त हुन्छ। देवताहरूको कृपाप्रसादले नै शिवमा भक्ति हुन्छ र भक्तिबाट देवताको कृपाप्रसाद प्राप्त हुन्छ—ठिक त्यसै गरी, जसरी यहाँ अंकुरबाट बीज र बीजबाट अंकुर उत्पन्न हुन्छ। यस कारण हे द्विजहरू हो! तपाईंहरू भगवान् शंकरको कृपाप्रसाद प्राप्त गर्नका लागि भूतलमा गएर त्यहाँ हजार वर्षसम्म चलिरहने एउटा विशाल यज्ञको आयोजना गर्नुहोस्॥ १४-१५॥

अमुष्यैवाध्वरेशस्य शिवस्यैव प्रसादतः।
वेदोक्तविद्यासारं तु ज्ञायते साध्यसाधनम्॥ १६

ती यज्ञपति भगवान् शिवकै कृपाले वेदोक्त विद्याको सारभूत साध्य-साधनको ज्ञान हुन्छ॥ १६॥

मुनय ऊचुः

अथ किं परमं साध्यं किं वा तत्साधनं परम्।
साधकः कीदृशस्तत्र तदिदं ब्रूहि तत्त्वतः॥ १७

मुनिगण भन्दछन्—हे भगवन्! परम साध्य के हो र त्यसको परम साधन के हो? त्यसको साधक कस्तो हुन्छ? यी सबै कुरा यथार्थ रूपले बताउनुहोस्॥ १७॥

ब्रह्मोवाच

साध्यं शिवपदप्राप्तिः साधनं तस्य सेवनम्।
साधकस्तत्प्रसादाद्यो नित्यादिफलनिस्पृहः॥ १८

ब्रह्मा भन्नुहुन्छ—शिवपदको प्राप्ति नै साध्य हो, उहाँको सेवा नै साधन हो तथा उहाँको प्रसादबाट जो नित्य-नैमित्तिक आदि फलहरूको चाहनाबाट निःस्पृह हुन्छ, त्यही साधक हो॥ १८॥

कर्म कृत्वा तु वेदोक्तं तदर्पितमहाफलम्।
परमेशपदप्राप्तिः सालोक्यादिक्रमात्ततः॥ १९

वेदोक्त कर्मको अनुष्ठान गरी त्यसको महान् फललाई भगवान् शिवका चरणहरूमा समर्पित गरिदिनु नै परमेश्वरपदको प्राप्ति हो। त्यही सालोक्य आदिको क्रमले प्राप्त हुनेवाला मुक्ति हो॥ १९॥

तत्तद्भक्त्यनुसारेण सर्वेषां परमं फलम्।
तत्साधनं बहुविधं साक्षादीशेन बोधितम्॥ २०

तिनै-तिनै पुरुषहरूको भक्तिअनुसार ती सबलाई उत्कृष्ट फलको प्राप्ति हुन्छ। त्यस भक्तिको साधन अनेक प्रकारका छन्, जसको प्रतिपादन साक्षात् महेश्वरले नै गर्नुभएको छ॥ २०॥

सङ्क्षिप्य तत्र वः सारं साधनं प्रब्रवीम्यहम्।
श्रोत्रेण श्रवणं तस्य वचसा कीर्तनं तथा॥ २१

मनसा मननं तस्य महासाधनमुच्यते।
श्रोतव्यः कीर्तितव्यश्च मन्तव्यश्च महेश्वरः॥ २२

इति श्रुतिः प्रमाणं नः साधनेनामुना परम्।
साध्यं व्रजत सर्वार्थसाधनैकपरायणाः॥ २३

प्रत्यक्षं चक्षुषा दृष्ट्वा तत्र लोकः प्रवर्तते।
अप्रत्यक्षं हि सर्वत्र ज्ञात्वा श्रोत्रेण चेष्टते॥ २४

त्यसलाई संक्षिप्त गरी म सारभूत साधन बताइरहेको छु। कानले भगवान्‌का नाम-गुण र लीलाहरूको श्रवण, वाणीद्वारा उहाँको कीर्तन तथा मनद्वारा उहाँको मनन—यी तीनलाई महान् साधन भनिएको छ। [तात्पर्य यो हो कि] महेश्वरको श्रवण, कीर्तन र मनन गर्नुपर्छ—यो श्रुतिको वाक्य हामी सबैका लागि प्रमाणभूत हो। सम्पूर्ण मनोरथहरूको सिद्धिमा लाग्नुभएका तपाईंहरू यसै साधनबाट परम साध्यलाई प्राप्त गर्नुहोस्। व्यक्ति प्रत्यक्ष वस्तुलाई आँखाले देखेर त्यसमा प्रवृत्त हुन्छ; परन्तु जुन वस्तुको कहीँ पनि प्रत्यक्ष दर्शन हुँदैन, त्यसलाई श्रवणेन्द्रियद्वारा जानेर-सुनेर मनुष्य त्यसको प्राप्तिका लागि चेष्टा गर्दछ॥ २१—२४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तस्माच्छ्रवणमेवादौ श्रुत्वा गुरुमुखाद् बुधः।
ततः संसाधयेदन्यत् कीर्तनं मननं सुधीः॥ २५

अतः पहिलो साधन श्रवण नै हो। श्रवणद्वारा गुरुको मुखबाट तत्त्वलाई सुनेर बुद्धिशाली विद्वान् पुरुषहरूले अन्य साधन—कीर्तन एवं मननको सिद्धि गरून्॥ २५॥

क्रमान्मननपर्यन्ते साधनेऽस्मिन् सुसाधिते।
शिवयोगो भवेत्तेन सालोक्यादिक्रमाच्छनैः॥ २६

क्रमशः मननपर्यन्त यस साधनको राम्ररी साधना गरिसकेपछि साधनाद्वारा सालोक्य आदिको क्रमले विस्तारै-विस्तारै भगवान् शिवको योग प्राप्त हुन्छ॥ २६॥

सर्वाङ्गव्याधयः पश्चात् सर्वानन्दश्च लीयते।
अभ्यासात् क्लेशमेतद् वै पश्चादाद्यन्तमङ्गलम्॥ २७

पहिला सारा अङ्गको रोग नष्ट हुन्छ। तत्पश्चात् सब प्रकारका लौकिक आनन्द पनि विलीन हुन्छ। अभ्यासको समयमा मात्र यो साधन कष्टप्रद हुन्छ, तर पछि निरन्तर मङ्गल प्रदान गर्दछ॥ २७॥

इति श्रीशिवमहापुराणे प्रथमायां विद्येश्वरसंहितायां साध्यसाधनविचारं नाम तृतीयोऽध्यायः॥ ३॥

॥ यस प्रकार श्रीशिवमहापुराण अन्तर्गत प्रथम विद्येश्वरसंहितामा साध्यसाधनविचार नामक तेस्रो अध्याय पूर्ण भयो॥ ३॥

अथ चतुर्थोऽध्यायः

श्रवण, कीर्तन र मनन—यी तीन साधनको श्रेष्ठताको प्रतिपादन

मुनय ऊचुः

मननं कीदृशं ब्रह्मञ्छ्रवणं चापि कीदृशम्।
कीर्तनं वा कथं तस्य कीर्तयैतद्यथायथम्॥ १

मुनिगण भन्दछन्—हे ब्रह्माजी! मनन कस्तो हुन्छ, श्रवणको स्वरूप कस्तो हुन्छ र तिनको कीर्तन कसरी गरिन्छ, यथार्थ रूपमा हजुर वर्णन गर्नुहोस्॥ १॥

ब्रह्मोवाच

पूजाजपेशगुणरूपविलासनाम्नां
युक्तिप्रियेण मनसा परिशोधनं यत्।
तत्सन्ततं मननमीश्वरदृष्टिलभ्यं
सर्वेषु साधनवरेष्वपि मुख्यमुख्यम्॥ २

ब्रह्मा भन्नुहुन्छ—[हे मुनिहरू हो!] भगवान् शंकरको पूजा, उहाँका नामहरूको जप तथा उहाँका गुण, रूप, विलास र नामहरूको युक्तिपरायण चित्तद्वारा जुन निरन्तर परिशोधन वा चिन्तन हुन्छ, त्यसैलाई मनन भनिएको छ, त्यो महेश्वरको कृपादृष्टिले उपलब्ध हुन्छ। त्यो समस्त श्रेष्ठ साधनहरूमा प्रमुखतम हो॥ २॥

गीतात्मना श्रुतिपदेन च भाषया वा
शम्भुप्रतापगुणरूपविलासनाम्नाम्।
वाचा स्फुटं तु रसवत् स्तवनं यदस्य
तत्कीर्तनं भवति साधनमत्र मध्यम्॥ ३

शम्भुको प्रताप, गुण, रूप, विलास र नामलाई प्रकट गर्ने सङ्गीत, वेदवाक्य वा भाषाद्वारा अनुरागपूर्वक उहाँको स्तुति नै मध्यम साधन हो, जसलाई कीर्तन शब्दले बताइन्छ॥ ३॥

येनापि केन करणेन च शब्दपुञ्जं
यत्र क्वचिच्छिवपरं श्रवणेन्द्रियेण।
स्त्रीकेलिवद् दृढतरं प्रणिधीयते यत्
तद्वै बुधाः श्रवणमत्र जगत्प्रसिद्धम्॥ ४

हे ज्ञानीहरू हो! स्त्रीक्रीडामा जसरी मनको आसक्ति हुन्छ, त्यसरी नै कुनै कारणले कुनै स्थानमा शिवविषयक वाणीहरूमा श्रवणेन्द्रियको दृढतर आसक्ति नै जगत्मा श्रवणको नामले प्रसिद्ध छ॥ ४॥

सत्सङ्गमेन भवति श्रवणं पुरस्तात्
सङ्कीर्तनं पशुपतेरथ तद् दृढं स्यात्।
सर्वोत्तमं भवति तन्मननं तदन्ते
सर्वं हि सम्भवति शङ्करदृष्टिपाते॥ ५

सर्वप्रथम सज्जनहरूको संगतिबाट श्रवण सिद्ध हुन्छ, पछि शिवको कीर्तन दृढ हुन्छ र अन्तमा सबै साधनहरूभन्दा श्रेष्ठ शंकरविषयक मनन उत्पन्न हुन्छ, तर यो सबै उहाँको कृपादृष्टिले मात्र सम्भव हुन्छ॥ ५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूत उवाच

अस्मिन् साधनमाहात्म्ये पुरा वृत्तं मुनीश्वराः।
युष्मदर्थं प्रवक्ष्यामि शृणुध्वमवधानतः॥ ६

पुरा मम गुरुर्व्यासः पराशरमुनेः सुतः।
तपश्चचार सम्भ्रान्तः सरस्वत्यास्तटे शुभे॥ ७

गच्छन् यदृच्छया तत्र विमानेनार्करोचिषा।
सनत्कुमारो भगवान् ददर्श मम देशिकम्॥ ८

ध्यानारूढः प्रबुद्धोऽसौ ददर्श तमजात्मजम्।
प्रणिपत्याह सम्भ्रान्तः परं कौतूहलं मुनिः॥ ९

दत्त्वार्घ्यमस्मै प्रददौ देवयोग्यं च विष्टरम्।
प्रसन्नः प्राह तं प्रह्वं प्रभुर्गम्भीरया गिरा॥ १०

सनत्कुमार उवाच

सत्यं वस्तु मुने दध्याः साक्षात्करणगोचरः।
स शिवोऽथ सहायोऽत्र तपश्चरसि किंकृते॥ ११

एवमुक्तः कुमारेण प्रोवाच स्वाशयं मुनिः।
धर्मार्थकाममोक्षाश्च वेदमार्गे कृतादराः॥ १२
बहुधा स्थापिता लोके मया त्वत्कृपया तथा।

एवंभूतस्य मेऽप्येवं गुरुभूतस्य सर्वतः॥ १३
मुक्तिसाधनकं ज्ञानं नोदेति परमाद्भुतम्।
तपश्चरामि मुक्त्यर्थं न जाने तत्र कारणम्॥ १४

इत्थं कुमारो भगवान् व्यासेन मुनिनार्थितः।
समर्थः प्राह विप्रेन्द्रा निश्चयं मुक्तिकारणम्॥ १५

श्रवणं कीर्तनं शम्भोर्मननं च महत्तरम्।
त्रयं साधनमुक्तं च विद्यते वेदसम्मतम्॥ १६

पुराहमथ सम्भ्रान्तो ह्यन्यसाधनसम्भ्रमः।
अचले मन्दरे शैले तपश्चरणमाचरम्॥ १७

सूत भन्नुहुन्छ—मुनीश्वरहरू हो! यस साधनको माहात्म्य बताउने प्रसङ्गमा म तपाईंहरूका लागि एउटा प्राचीन वृत्तान्तको वर्णन गर्ने छु, तपाईंहरू त्यसलाई ध्यान दिएर सुन्नुहोस्॥ ६॥

पूर्व कालमा पराशर मुनिका पुत्र मेरा गुरु व्यासदेव सरस्वती नदीको सुन्दर तटमा तपस्या गरिरहेका थिए॥ ७॥

एक दिन सूर्यतुल्य तेजस्वी विमानबाट यात्रा गर्दै भगवान् सनत्कुमार अकस्मात् त्यहाँ आइपुग्नुभयो। उहाँहरूले मेरा गुरुदेवलाई त्यहाँ देख्नुभयो॥ ८॥

उहाँ ध्यानमा मग्न हुनुहुन्थ्यो। ध्यानबाट जागेपछि उहाँले ब्रह्माका पुत्र सनत्कुमारलाई आफ्नो सामुन्ने उपस्थित देख्नुभयो। तत्कालै उठेर उहाँहरूका चरणमा प्रणाम गरी मुनिले उहाँहरूलाई अर्घ्य प्रदान गरी देवताहरूका लागि बस्नयोग्य आसन अर्पित गर्नुभयो। तब प्रसन्न भएका भगवान् सनत्कुमार विनीत भावले उभिएका व्याससित गम्भीर वाणीमा भन्न लाग्नुभयो॥ ९-१०॥

सनत्कुमार भन्नुहुन्छ—हे मुनि! तपाईं सत्य सनातन भगवान् शंकरको हृदयमा ध्यान गर्नुहोस्, तब ती शिव प्रत्यक्ष भएर तपाईंको सहायता गर्ने छन्; तपाईं यहाँ केका लागि तप गर्दै हुनुहुन्छ?॥ ११॥

यस प्रकार सनत्कुमारले भन्नुभएपछि मुनि व्यासले आफ्नो आशय भन्नुभयो—मैले तपाईंहरूका कृपाले वेदसम्मत धर्म, अर्थ, काम र मोक्षको कथालाई मानव-समाजमा अनेक प्रकारले प्रदर्शित गरेको छु॥ १२$^{1}/_{2}$॥

यस प्रकार सर्वथा गुरुस्वरूप हुँदामा पनि ममा मुक्तिको साधन ज्ञानको उदय भएको छैन—यो आश्चर्य नै हो। मुक्तिको साधन नजानेका कारण त्यसका लागि म तपस्या गरिरहेको छु॥ १३-१४॥

हे विप्रेन्द्र हो! यस प्रकार जब व्यासमुनिले भगवान् सनत्कुमारसित प्रार्थना गर्नुभयो, तब ती समर्थ सनत्कुमार मुक्तिको निश्चित कारण बताउन लाग्नुभयो॥ १५॥

भगवान् शंकरको श्रवण, कीर्तन, मनन—यी तीन महान् साधन बताइएका छन्। यी तीनवटै वेदसम्मत छन्॥ १६॥

पूर्वकालमा म अरू-अरू साधनको सम्भ्रममा परेर घुम्दा-घुम्दै मन्दराचलमा पुगेँ र त्यहाँ तपस्या गर्न लागेँ॥ १७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिवाज्ञया ततः प्राप्तो भगवान् नन्दिकेश्वरः।
स मे दयालुर्भगवान् सर्वसाक्षी गणेश्वरः॥ १८
उवाच मह्यं सस्नेहं मुक्तिसाधनमुत्तमम्।
श्रवणं कीर्तनं शम्भोर्मननं वेदसम्मतम्॥ १९
त्रिकं च साधनं मुक्तेः शिवेन मम भाषितम्।
श्रवणादित्रिकं ब्रह्मन् कुरुष्वेति मुहुर्मुहुः॥ २०

त्यसपछि महेश्वर शिवको आज्ञाले भगवान् नन्दिकेश्वर त्यहाँ आउनुभयो। उहाँको ममाथि ठुलो दया थियो। ती सबैका साक्षी तथा शिवगणका स्वामी भगवान् नन्दिकेश्वरले मलाई स्नेहपूर्वक मुक्तिको उत्तम साधन बताउँदै भन्नुभयो—'भगवान् शंकरको श्रवण, कीर्तन र मनन—यी तीन साधन वेदसम्मत छन् र मुक्तिका साक्षात् कारण हुन्; यो कुरा स्वयं भगवान् शिवले मसित भन्नुभएको छ। अतः हे ब्रह्मन्! तपाईं श्रवणादि तीन साधनहरूको वारम्वार अनुष्ठान गर्नुहोस्॥ १८–२०॥

एवमुक्त्वा ततो व्यासं सानुगो विधिनन्दनः।
जगाम स्वविमानेन पदं परमशोभनम्॥ २१
एवमुक्तं समासेन पूर्ववृत्तान्तमुत्तमम्।

व्याससित वारम्वार यस्तो भनेर अनुगामीहरूसहित ब्रह्मपुत्र सनत्कुमार आफ्नो विमानबाट परम सुन्दर ब्रह्मधामतिर प्रस्थान गर्नुभयो। यस प्रकार पूर्वकालको यस उत्तम वृत्तान्त मैले यहाँ संक्षेपमा वर्णन गरेँ॥ २१$^{1}/_{2}$॥

ऋषय ऊचुः

श्रवणादित्रयं सूत मुक्त्युपायस्त्वयेरितः॥ २२
श्रवणादित्रिकेऽशक्तः किं कृत्वा मुच्यते जनः।
अयत्नेनैव मुक्तिः स्यात् कर्मणा केन हेतुना॥ २३

ऋषिगण भन्दछन्—हे सूतजी! तपाईंले श्रवण आदि तीनवटै साधनहरूलाई मुक्तिको उपाय बताउनुभयो। जो मनुष्य श्रवण आदि तीनै साधनहरूमा असमर्थ हुन्छ, त्यो कुन उपायको अवलम्बन गरी मुक्त हुन सक्छ तथा कुन साधनभूत कर्मद्वारा विना यत्न नै मोक्ष मिल्न सक्छ?॥ २२–२३॥

इति श्रीशिवमहापुराणे प्रथमायां विद्येश्वरसंहितायां साध्यसाधनखण्डे चतुर्थोऽध्यायः॥ ४॥

॥ यस प्रकार श्रीशिवमहापुराण अन्तर्गत प्रथम विद्येश्वरसंहिताको साध्यसाधनखण्डमा चौथो अध्याय पूर्ण भयो॥ ४॥

अथ पञ्चमोऽध्यायः

भगवान् शिवको लिंग एवं साकार विग्रहको पूजाको रहस्य तथा महत्त्वको वर्णन

सूत उवाच

श्रवणादित्रिकेऽशक्तो लिङ्गं वेरं च शाङ्करम्।
संस्थाप्य नित्यमभ्यर्च्य तरेत् संसारसागरम्॥ १

सूत भन्नुहुन्छ—हे शौनक! जो श्रवण, कीर्तन र मनन—यी तीनवटै साधनहरूको अनुष्ठानमा असमर्थ छ, त्यो भगवान् शंकरको लिंग एवं मूर्ति स्थापना गरी नित्य त्यसको पूजा गरी संसारसागरबाट पार हुन सक्छ॥ १॥

अपि द्रव्यं वहेदेव यथाबलमवञ्चयन्।
अर्पयेल्लिङ्गवेरार्थमर्चयेदपि सन्ततम्॥ २

छल नगरी आफ्नो शक्तिअनुसार धनराशि लिएर त्यसलाई शिवलिंग अथवा शिवमूर्तिको सेवाका लागि अर्पित गरिदिनुपर्छ, साथै निरन्तर त्यस लिंग एवं मूर्तिको पूजा पनि गर्नुपर्छ॥ २॥

मण्डपं गोपुरं तीर्थं मठं क्षेत्रं तथोत्सवम्।
वस्त्रं गन्धं च माल्यं च धूपं दीपं च भक्तितः॥ ३

त्यसका लागि भक्तिभावले मण्डप, गोपुर, तीर्थ, मठ एवं क्षेत्रको स्थापना तथा उत्सव गर्नुपर्छ र वस्त्र, चन्दन, पुष्प, धूप, दीप तथा मालपुआ आदि व्यंजनहरूले युक्त थरी-थरीका भक्ष्य-भोज्य अन्न नैवेद्यका रूपमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विविधान्नं च नैवेद्यमपूपव्यञ्जनैर्युतम्।
छत्रं ध्वजं च व्यजनं चामरं चापि साङ्गकम्॥ ४
राजोपचारवत् सर्वं धारयेल्लिङ्गवेरयोः।
प्रदक्षिणां नमस्कारं यथाशक्ति जपं तथा॥ ५

समर्पित गर्नुपर्छ। छत्र, ध्वजा, व्यजन, चामर तथा अन्य अंगसहित राजोपचारको जसरी सबै वस्तु भगवान् शिवको लिंग एवं मूर्तिमा चढाउनु पर्छ। प्रदक्षिणा, नमस्कार तथा यथाशक्ति जप गर्नुपर्छ॥ ३—५॥

आवाहनादि सर्गान्तं नित्यं कुर्यात् सुभक्तितः।
इत्थमभ्यर्चयन् देवं लिङ्गे वेरे च शाङ्करे॥ ६
सिद्धिमेति शिवप्रीत्या हित्वापि श्रवणादिकम्।
लिङ्गवेरार्चनामात्रान्मुक्ताः पूर्वे महाजनाः॥ ७

आवाहनदेखि लिएर विसर्जनसम्म सारा कार्य प्रतिदिन भक्तिभावले सम्पन्न गर्नुपर्छ। यस प्रकार शिवलिंग अथवा शिवमूर्तिमा भगवान् शंकरको पूजा गर्ने पुरुषले श्रवण आदि साधनहरूको अनुष्ठान नगरे तापनि भगवान् शिवको प्रसन्नताले सिद्धि प्राप्त गर्दछ। पहिलाका धेरैजसो महात्मा पुरुष लिंग तथा शिवमूर्तिको पूजा गर्नाले मात्र भवबन्धनबाट मुक्त भएका थिए॥ ६-७॥

मुनय ऊचुः

वेरमात्रे तु सर्वत्र पूज्यन्ते देवतागणाः।
लिङ्गे वेरे च सर्वत्र कथं सम्पूज्यते शिवः॥ ८

ऋषिगण भन्दछन्—मूर्तिमा नै सर्वत्र देवताहरूको पूजा हुन्छ, तर भगवान् शिवको पूजा सबै ठाउँमा मूर्तिमा र लिंगमा पनि किन गरिन्छ?॥ ८॥

सूत उवाच

अहो मुनीश्वराः पुण्यं प्रश्नमेतन्महाद्भुतम्।
अत्र वक्ता महादेवो नान्योऽस्ति पुरुषः क्वचित्॥ ९

सूत भन्नुहुन्छ—हे मुनीश्वरहरू हो! तपाईंहरूको यो प्रश्न त ज्यादै पवित्र र अत्यन्त अद्भुत छ। यस विषयमा महादेव नै वक्ता हुन सक्नुहुन्छ; कुनै पुरुष कहिले र कहीँ पनि यसको यथार्थ प्रतिपादन गर्न सक्दैनन्॥ ९॥

शिवेनोक्तं प्रवक्ष्यामि क्रमाद् गुरुमुखाच्छ्रुतम्।
शिवैको ब्रह्मरूपत्वान्निष्कलः परिकीर्तितः॥ १०

यस विषयमा भगवान् शिवले जे जति भन्नुभएको छ र त्यसलाई मैले गुरुका मुखबाट जसरी सुनेको छु, त्यसरी नै क्रमशः वर्णन गर्ने छु। एकमात्र भगवान् शिव नै ब्रह्मरूप हुनाको कारण निष्कल (निराकार) भनिएको छ॥ १०॥

रूपित्वात् सकलस्तद्वत्तस्मात् सकलनिष्कलः।
निष्कलत्वान्निराकारं लिङ्गं तस्य समागतम्॥ ११

रूपवान् हुनाको कारण उहाँलाई 'सकल' पनि भनिएको छ। यसकारण उहाँ सकल र निष्कल दुवै हुनुहुन्छ। शिव निष्कल—निराकार हुनाको कारण नै उहाँको पूजाको आधारभूत लिंग पनि निराकार नै प्राप्त भएको छ अर्थात् शिवलिंग शिवको निराकार स्वरूपको प्रतीक हो॥ ११॥

सकलत्वात् तथा वेरं साकारं तस्य सङ्गतम्।
सकलाकलरूपत्वाद् ब्रह्मशब्दाभिधः परः॥ १२

यसै गरी शिव सकल वा साकार हुनाको कारण उहाँको पूजाको आधारभूत विग्रह साकार प्राप्त हुन्छ अर्थात् शिवको साकार विग्रह उहाँको साकार स्वरूपको प्रतीक हुन्छ। सकल र अकल (समस्त अंग-आकारसहित साकार र अंग-आकारबाट सर्वथा रहित निराकार)-रूप हुनाले नै उहाँ 'ब्रह्म' शब्दबाट वाचन गरिने परमात्मा हुनुहुन्छ॥ १२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अपि लिङ्गे च वेरे च नित्यमभ्यर्च्यते जनैः।
अब्रह्मत्वात्तदन्येषां निष्कलत्वं न हि क्वचित्॥ १३

यही कारण हो कि सबैजना लिंग (निराकार) र मूर्ति (साकार)—दुवैमा सदा भगवान् शिवको पूजा गर्दछन्। शिवभन्दा भिन्न जुन देवता छन्, ती साक्षात् ब्रह्म होइनन्, यस कारण कहीं पनि उनीहरूका लागि निराकार लिंग उपलब्ध हुन्न॥ १३॥

तस्मात्ते निष्कले लिङ्गे नाराध्यन्ते सुरेश्वराः।
अब्रह्मत्वाच्च जीवत्वात्तथान्ये देवतागणाः॥ १४

तूष्णीं सकलमात्रत्वादर्च्यन्ते वेरमात्रके।
जीवत्वं शङ्करान्येषां ब्रह्मत्वं शङ्करस्य च॥ १५

वेदान्तसारसंसिद्धं प्रणवार्थे प्रकाशनात्।

अतः सुरेश्वर (इन्द्र, ब्रह्मा) आदि देवगण पनि निष्कल लिंगमा पूजित हुँदैनन्, सबै देवगण ब्रह्म न हुनाले, अपितु सगुण जीव हुनाको कारण केवल मूर्तिमा मात्र पुजिन्छन्। शंकरका अतिरिक्त अन्य देवताहरूको जीवत्व र सदाशिवको ब्रह्मत्व वेदहरूका सारभूत उपनिषद्हरूबाट सिद्ध हुन्छ। त्यहाँ प्रणव (ॐकार)-को तत्त्वरूपले भगवान् शिवकै प्रतिपादन गरिएको छ॥ १४-१५½॥

एवमेव पुरा पृष्टो मन्दरे नन्दिकेश्वरः॥ १६
सनत्कुमारमुनिना ब्रह्मपुत्रेण धीमता।

यसै प्रकार पूर्वमा मन्दराचल पर्वतमा ज्ञानवान् ब्रह्मपुत्र सनत्कुमार मुनिले नन्दिकेश्वरसित प्रश्न गर्नुभएको थियो॥ १६½॥

सनत्कुमार उवाच

शिवान्यदेववश्यानां सर्वेषामपि सर्वतः॥ १७

वेरमात्रं च पूजार्थं श्रुतं दृष्टं च भूरिशः।
शिवमात्रस्य पूजायां लिङ्गं वेरं च दृष्यते॥ १८

अतस्तद् ब्रूहि कल्याण तत्त्वं मे साधुबोधनम्।

सनत्कुमार भन्दछन्—[हे भगवन्!] शिवका अतिरिक्त उहाँको वशमा रहने जो अन्य देवता छन्, ती सबैको पूजाका लागि सर्वत्र प्रायः वेर (मूर्ति)-मात्रै धैरै संख्यामा हुने र सुनिने गरिन्छ। केवल भगवान् शिवको मात्र पूजामा लिंग र मूर्ति दुवैको उपयोग देखिन्छ। अतः हे कल्याणमय नन्दिकेश्वर! यस विषयमा जुन तत्त्वको कुरा छ, त्यो मलाई यस प्रकार बताउनुहोस्, जसबाट राम्ररी बुझियोस्॥ १७-१८½॥

नन्दिकेश्वर उवाच

अनुत्तरमिमं प्रश्नं रहस्यं ब्रह्मलक्षणम्॥ १९

कथयामि शिवेनोक्तं भक्तियुक्तस्य तेऽनघ।
शिवस्य ब्रह्मरूपत्वान्निष्कलत्वाच्च निष्कलम्॥ २०

लिङ्गं तस्यैव पूजायां सर्ववेदेषु सम्मतम्।
तस्यैव सकलत्वाच्च तथा सकलनिष्कलम्॥ २१

सकलं च तथा वेरं पूजायां लोकसम्मतम्।

नन्दिकेश्वर भन्नुहुन्छ—हे निष्पाप ब्रह्मकुमार! हामीजस्ताले तपाईंको यस प्रश्नको कुनै उत्तर दिन सक्दैनौँ; किनभने यो गोपनीय विषय हो र लिंग साक्षात् ब्रह्मको प्रतीक हो। यस विषयमा भगवान् शिवले जे जति बताउनुभएको छ, त्यो म तपाईं शिवभक्त समक्ष बताउँछु। भगवान् शिव ब्रह्मस्वरूप र निष्कल (निराकार) हुनुहुन्छ; यसकारण उहाँको पूजामा निष्कल लिंगको उपयोग हुन्छ। सम्पूर्ण वेदहरूको यही मत छ। उहाँ नै सकल हुनुहुन्छ। यस प्रकार उहा निराकार तथा साकार दुवै हुनुहुन्छ। भगवान् शंकर निष्कल-निराकार भएर पनि कलाहरूले युक्त हुनुहुन्छ, यसकारण उहाँको साकार रूपमा प्रतिमापूजा पनि लोकसम्मत छ॥ १९-२१½॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिवान्येषां च जीवत्वात् सकलत्वाच्च सर्वतः॥ २२

वेरमात्रं च पूजायां सम्मतं वेदनिर्णये।
स्वाविर्भावे च देवानां सकलं रूपमेव हि॥ २३

शिवस्य लिङ्गं वेरं च दर्शने दृश्यते खलु।

सनत्कुमार उवाच

उक्तं त्वया महाभाग लिङ्गवेरप्रचारणम्॥ २४

शिवस्य च तदन्येषां विभज्य परमार्थतः।
तस्मात्तदेव परमं लिङ्गं वेरादिसम्भवम्॥ २५

श्रोतुमिच्छामि योगीन्द्र लिङ्गाविर्भावलक्षणम्।

नन्दिकेश्वर उवाच

शृणु वत्स भवत्प्रीत्या वक्ष्यामि परमार्थतः॥ २६

पुरा कल्पे महाकाले प्रपन्ने लोकविश्रुते।
अयुध्येतां महात्मानौ ब्रह्मविष्णू परस्परम्॥ २७

तयोर्मानं निराकर्तुं तन्मध्ये परमेश्वरः।
निष्कलस्तम्भरूपेण स्वरूपं समदर्शयत्॥ २८

ततः स्वलिङ्गचिह्नत्वात् स्तम्भतो निष्कलं शिवः।
स्वलिङ्गं दर्शयामास जगतां हितकाम्यया॥ २९

तदाप्रभृति लोकेषु निष्कलं लिङ्गमैश्वरम्।
सकलं च तथा वेरं शिवस्यैव प्रकल्पितम्॥ ३०

शिवान्येषां तु देवानां वेरमात्रं प्रकल्पितम्।
तत्तद् वेरं तु देवानां तत्तद्भोगप्रदं शुभम्।
शिवस्य लिङ्गवेरत्वं भोगमोक्षप्रदं शुभम्॥ ३१

शंकरका अतिरिक्त अन्य देवताहरूमा जीवत्व तथा सगुणत्व हुनाको कारण वेदको मतमा उनीहरूको मूर्तिमा मात्रै पूजा मान्य छ। यसै प्रकार ती देवताहरूको आविर्भावको समयमा उनीहरूको समग्र साकार रूप प्रकट हुन्छ, जबकि भगवान् सदाशिवको दर्शनमा साकार र निराकार (ज्योतिरूप) दुवैको प्राप्ति हुन्छ॥ २२-२३$^{१}/_{२}$॥

सनत्कुमार भन्दछन्—हे महाभाग! तपाईंले भगवान् शिव तथा अरू देवताहरूको पूजामा लिंग र मूर्तिको प्रचारको जुन रहस्य विभागपूर्वक बताउनुभयो, त्यो यथार्थ हो। यसकारण लिंग र मूर्ति आदि उत्पत्तिको जुन उत्तम वृत्तान्त छ, त्यसलाई म यस समय सुन्न चाहन्छु। हे योगीन्द्र! लिंग प्राकट्यको रहस्य सूचित गर्ने प्रसंग मलाई सुनाउनुहोस्॥ २४-२५$^{१}/_{२}$॥

नन्दिकेश्वर भन्नुहुन्छ—हे वत्स! तपाईंप्रति प्रीतिका कारण म यथार्थ रूपमा वर्णन गर्दछु, सुन्नुहोस्। लोकविख्यात पूर्वकल्पको धेरै दिन व्यतीत भएपछि एक समय महात्मा ब्रह्मा र विष्णु परस्पर लड्न लाग्नुभयो॥ २६-२७॥

ती दुवैको अभिमानलाई मेटाउनका लागि [त्रिगुणातीत] परमेश्वरले उहाँहरूको बिचमा निष्कल स्तम्भको रूपमा आफ्नो स्वरूप प्रकट गर्नुभयो॥ २८॥

जगत्को कल्याण गर्ने इच्छाले त्यस स्तम्भबाट निराकार परमेश्वर शिवले आफ्नो लिंग—चिह्नको कारण लिंगको आविर्भाव गर्नुभयो॥ २९॥

त्यसै समयदेखि लोकमा परमेश्वर शंकरको निर्गुण लिंग र सगुण मूर्तिको पूजा प्रचलित भयो॥ ३०॥

शिवका अतिरिक्त अन्य देवताको मूर्तिमात्रको नै प्रकल्पना भयो। ती देव-प्रतिमाहरू पूजित भए नियत शुभ कल्याण दिनेवाला भए र शिवको लिंग तथा उहाँको प्रतिमा दुवै भोग र मोक्ष दिनेवाला भए॥ ३१॥

इति श्रीशिवमहापुराणे प्रथमायां विद्येश्वरसंहितायां शिवलिङ्गमहिमवर्णनं नाम पञ्चमोऽध्यायः॥ ५॥

॥ यस प्रकार श्रीशिवमहापुराण अन्तर्गत प्रथम विद्येश्वरसंहितामा शिवलिंग महिमाको वर्णन नामक पाँचौँ अध्याय पूर्ण भयो॥ ५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ षष्ठोऽध्यायः

ब्रह्मा र विष्णुको भयंकर युद्धलाई देखेर देवताहरूको कैलास-शिखरमा गमन

नन्दिकेश्वर उवाच

पुरा कदाचिद्योगीन्द्र विष्णुर्विषधरासनः।
सुष्वाप परया भूत्या स्वानुगैरपि संवृतः॥ १

नन्दिकेश्वर भन्नुहुन्छ—हे योगीन्द्र! प्राचीन-कालमा कुनै समय शेषशायी भगवान् विष्णु आफ्नी पराशक्ति लक्ष्मी तथा अन्य पार्षदहरूबाट घेरिएर शयन गरिरहनुभएको थियो॥ १॥

यदृच्छयागतस्तत्र ब्रह्मा ब्रह्मविदां वरः।
अपृच्छत् पुण्डरीकाक्षं शयानं सर्वसुन्दरम्॥ २
कस्त्वं पुरुषवच्छेषे दृष्ट्वा मामपि दृप्तवत्।
उत्तिष्ठ वत्स मां पश्य तव नाथमिहागतम्॥ ३
आगतं गुरुमाराध्यं दृष्ट्वा यो दृप्तवच्चरेत्।
द्रोहिणस्तस्य मूढस्य प्रायश्चित्तं विधीयते॥ ४

त्यसै समय ब्रह्मवेत्ताहरूमा श्रेष्ठ ब्रह्माले आफ्नो इच्छाले त्यहाँ आएर ती परम सुन्दर कमलनेत्र विष्णुसित सोध्नुभयो—तिमी को हौ, जो म आएको देखेर पनि उद्धत पुरुषको समान सुतिरहेका छौ? हे वत्स! उठ र यहाँ तिम्रो प्रभु—मलाई हेर। जो पुरुष आफ्ना श्रेष्ठ गुरुजनलाई आएको देखेर घमन्डीसमान आचरण गर्दछ, त्यस मूर्ख गुरुद्रोहीका लागि प्रायश्चित्तको विधान गरिएको छ॥ २—४॥

इति श्रुत्वा वचः क्रुद्धो बहिः शान्तवदाचरन्।
स्वस्ति ते स्वागतं वत्स तिष्ठ पीठमितो विश॥ ५
किमु ते व्यग्रवद्वक्त्रं विभाति विषमेक्षणम्।

[ब्रह्माको] यस वचनलाई सुनेर क्रोधित भए तापनि बाहिरबाट शान्त व्यवहार गर्दै भगवान् विष्णु भन्नुहुन्छ—हे वत्स! तिम्रो कल्याण होस्, तिम्रो स्वागत छ। आऊ, यस आसनमा बस। तिम्रो मुखमण्डलबाट व्यग्रता प्रदर्शित भइरहेको छ र तिम्रा आँखाले विपरीत भाव सूचित गरिरहेका छन्॥ ५½॥

ब्रह्मोवाच

वत्स विष्णो महामानमागतं कालवेगतः॥ ६
पितामहश्च जगतः पाता च तव वत्सक।

ब्रह्मा भन्नुहुन्छ—हे वत्स! हे विष्णु! कालको प्रभावले तिमीलाई ज्यादै अभिमान हुन गएको छ। हे वत्स! म जगत्‌को पितामह र तिम्रो रक्षक हुँ॥ ६½॥

विष्णुरुवाच

मत्स्थं जगदिदं वत्स मनुषे त्वं हि चोरवत्॥ ७
मन्नाभिकमलाज्जातः पुत्रस्त्वं भाषसे वृथा।

विष्णु भन्नुहुन्छ—हे वत्स! यो जगत् ममा नै स्थित छ, तिमी केवल चोरको समान अर्काको सम्पत्तिलाई व्यर्थ आफ्नो मान्दछौ! तिमी मेरो नाभिकमलबाट उत्पन्न भएका हौ, अतः तिमी मेरो पुत्र हौ, तिमी त व्यर्थका कुरा भनिरहेका छौ?॥ ७½॥

नन्दिकेश्वर उवाच

एवं हि वदतोस्तत्र मुग्धयोरजयोस्तदा॥ ८
अहमेव वरो न त्वमहं प्रभुरहं प्रभुः।
परस्परं हन्तुकामौ चक्रतुः समरोद्यमम्॥ ९

नन्दिकेश्वर भन्नुहुन्छ—[हे मुनि!] त्यस समयमा ती अजन्मा ब्रह्मा र विष्णु मोहवश 'म श्रेष्ठ हुँ, म स्वामी हुँ, तिमी होइनौ'—यस प्रकार भन्दा-भन्दै परस्पर एक-अर्कालाई मार्ने इच्छाले युद्ध गर्नका लागि उद्यत भए॥ ८-९॥

युयुधातेऽमरौ वीरौ हंसपक्षीन्द्रवाहनौ।
वैरञ्च्या वैष्णवाश्चैवं मिथो युयुधिरे तदा॥ १०

हंस र गरुडमाथि आरूढ भएर ती दुवै वीर ब्रह्मा र विष्णु युद्ध गर्न लागे, तब ब्रह्मा र विष्णुका गण पनि परस्पर युद्ध गर्न थाले॥ १०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तावद्विमानगतयः सर्वा वै देवजातयः।
दिदृक्षवः समाजग्मुः समरं तं महाद्भुतम्॥ ११

क्षिपन्तः पुष्पवर्षाणि पश्यन्तः स्वैरमम्बरे।
सुपर्णवाहनस्तत्र क्रुद्धो वै ब्रह्मवक्षसि॥ १२

मुमोच बाणानसहानस्त्रांश्च विविधान् बहून्।
मुमोचाथ विधिः क्रुद्धो विष्णोरुरसि दुःसहान्॥ १३

बाणाननलसङ्काशानस्त्रांश्च बहुशस्तदा।
तदाश्चर्यमिति स्पष्टं तयोः समरगोचरम्॥ १४

समीक्ष्य दैवतगणाः शशंसुर्भृशमाकुलाः।
ततो विष्णुः सुसंक्रुद्धः श्वसन् व्यसनकर्शितः॥ १५

माहेश्वरास्त्रं मतिमान् सन्दधे ब्रह्मणोपरि।
ततो ब्रह्मा भृशं क्रुद्धः कम्पयन् विश्वमेव हि॥ १६

अस्त्रं पाशुपतं घोरं सन्दधे विष्णुवक्षसि।
ततस्तदुत्थितं व्योम्नि तपनायुतसन्निभम्॥ १७

सहस्रमुखमत्युग्रं चण्डवातभयङ्करम्।
अस्त्रद्वयमिदं तत्र ब्रह्मविष्णवोर्भयङ्करम्॥ १८

इत्थं बभूव समरं ब्रह्मविष्ण्वोः परस्परम्।
ततो देवगणाः सर्वे विषण्णा भृशमाकुलाः।
ऊचुः परस्परं तात राजक्षोभे यथा द्विजाः॥ १९

सृष्टिः स्थितिश्च संहारस्तिरोभावोऽप्यनुग्रहः।
यस्मात् प्रवर्तते तस्मै ब्रह्मणे च त्रिशूलिने॥ २०

अशक्यमन्यैर्यदनुग्रहं विना
तृणक्षयोऽप्यत्र यदृच्छया क्वचित्॥ २१

इति देवा भयं कृत्वा विचिन्वन्तः शिवक्षयम्।
जग्मुः कैलासशिखरं यत्रास्ते चन्द्रशेखरः॥ २२

दृष्ट्वैवममरा हृष्टाः पदं तत्पारमेश्वरम्।
प्रणेमुः प्रणवाकारं प्रविष्टास्तत्र सद्मनि॥ २३

त्यस समय सबै देवगण त्यस परम अद्भु युद्धलाई हेर्ने इच्छाले विमानमा चढेर त्यहाँ पुगे [त्यहाँ आएर] आकाशमा अवस्थित भई पुष्प वृष्टि गर्दै युद्ध हेर्न लागे। गरुडवाहन भगवान् विष्णुले क्रुद्ध भएर अनेक प्रकारका असंख्य दुःसह बाणहरू र अस्त्रहरूले ब्रह्माको वक्षःस्थलमा प्रहार गर्नु- भयो॥ ११-१२१/२॥

तब विधाता पनि क्रुद्ध भएर विष्णुका हृदयमा अग्निसमान बाण र अनेक प्रकारका अस्त्रहरू प्रहार गर्न लाग्नुभयो। त्यस समय ती दुवैको त्यो अद्भुत युद्ध देखेर देवगण अतिशय व्याकुल भए र ब्रह्मा तथा विष्णुको प्रशंसा गर्न लागे॥ १३-१४१/२॥

तत्पश्चात् युद्धमा तत्पर महाज्ञानी विष्णुले अतिशय क्रोधका साथ शान्त भई दीर्घ निःश्वास लिँदै ब्रह्मालाई लक्ष्य गरी भयंकर माहेश्वर अस्त्रको संधान गर्नुभयो ब्रह्माले पनि अतिशय क्रोधमा आएर विष्णुको हृदयला लक्ष्य गरी ब्रह्माण्डलाई कम्पित पार्दै भयंकर पाशुप अस्त्रको प्रयोग गर्नुभयो। ब्रह्मा र विष्णुको सूर्यसमा हजारौँ मुख भएका, अत्यन्त उग्र तथा प्रचण्ड आँधी समान भयंकर दुवै अस्त्र आकाशमा प्रकट भए॥ १५-१८॥

यस प्रकार ब्रह्मा र विष्णुको आपसमा भयंकर यु हुन लाग्यो। हे तात! त्यस युद्धलाई देखेर सबै देवग राजविप्लवको समय ब्राह्मणहरूको समान अतिश दुःखी र व्याकुल भएर परस्पर भन्न लागे—जसद्वा सृष्टि, स्थिति, प्रलय, तिरोभाव तथा अनुग्रह हुन र जसको कृपा विना यस भूमण्डलमा आफ्नो इच्छा एउटा सिन्काको पनि विनाश गर्नमा कोही समर्थ छैन ती त्रिशूलधारी ब्रह्मस्वरूप महेश्वरलाई नमस्का छ॥ १९—२१॥

भयभीत देवतागण यस प्रकार सोच्दै चन्द्रशेख महेश्वर जहाँ विराजमान हुनुहुन्थ्यो, त्यस शिवस्थ कैलास शिखरमा गए॥ २२॥

शिवको त्यस प्रणवाकार स्थानलाई देखेर देवता प्रसन्न भए अनि प्रणाम गरी भवनमा प्रवि भए॥ २३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेऽपि तत्र सभामध्ये मण्डपे मणिविष्टरे।
विराजमानमुमया ददृशुर्देवपुङ्गवम्॥ २४

सव्योत्तरेतरपदं तदर्पितकराम्बुजम्।
स्वगणैः सर्वतो जुष्टं सर्वलक्षणलक्षितम्॥ २५

वीज्यमानं विशेषज्ञैः स्त्रीजनैस्तीव्रभावनैः।
शंस्यमानं सदा वेदैरनुगृह्णन्तमीश्वरम्॥ २६

दृष्ट्वैवमीशममराः सन्तोषसलिलेक्षणाः।
दण्डवद् दूरतो वत्स नमश्चक्रुर्महागणाः॥ २७

उनीहरूले त्यहाँ सभाका बिचमा स्थित मण्डपमा देवी पार्वतीका साथ रत्नमय आसनमा विराजमान देवश्रेष्ठ शंकरको दर्शन गरे। उहाँले बायाँ चरणमाथि दायाँ चरण र त्यसको माथि बायाँ करकमल राख्नुभएको थियो, समस्त शुभ लक्षणहरूबाट सम्पन्न थिए र चारै तिर शिवगण उहाँको सेवामा तत्पर थिए, शिवका प्रति उत्तम भक्तिभाव भएका कुशल रमणीहरू उहाँमाथि चँवर डोलाइरहेका थिए, वेद निरन्तर उहाँको स्तुति गरिरहेका थिए र उहाँ अनुग्रहको दृष्टिले सबैलाई हेरिरहनुभएको थियो। हे वत्स! ती महेश्वर शिवलाई देखेर आनन्दाश्रुले परिपूर्ण नेत्र भएका देवताहरूले टाढैबाट उहाँलाई दण्डवत् प्रणाम गरे॥ २४—२७॥

तानवेक्ष्य पतिर्देवान् समीपे चाह्वयद् गणैः।
अथ संह्लादयन् देवान् देवो देवशिखामणिः।
अवोचदथ गम्भीरं वचनं मधुमङ्गलम्॥ २८

भगवान् शंकरले ती देवहरूलाई देखेर आफ्ना गणमार्फत् उनीहरूलाई नजिक बोलाउनुभयो र देवशिरोमणि महादेव ती देवताहरूलाई आनन्दित पार्दै अर्थगम्भीर, मंगलमय तथा सुमधुर वचन भन्न लाग्नुभयो॥ २८॥

इति श्रीशिवमहापुराणे प्रथमायां विद्येश्वरसंहितायां देवानां कैलासयात्रावर्णनं नाम षष्ठोऽध्यायः॥ ६॥

॥ यस प्रकार श्रीशिवमहापुराण अन्तर्गत प्रथम विद्येश्वरसंहितामा देवताहरूको कैलासयात्रा वर्णन नामक छैठौँ अध्याय पूर्ण भयो॥ ६॥

अथ सप्तमोऽध्यायः

ब्रह्मा र विष्णुको युद्धमा अग्निस्तम्भरूपमा भगवान् शंकरको प्राकट्य, स्तम्भको आदि र अन्तको जानकारीका निम्ति दुवैको प्रस्थान

ईश्वर उवाच

वत्सकाः स्वस्ति वः कच्चिद्वर्तते मम शासनात्।
जगच्च देवतावंशः स्वस्वकर्मणि किं न वा॥ १

प्रागेव विदितं युद्धं ब्रह्मविष्णवोर्मया सुराः।
भवतामभितापेन पौनरुक्त्येन भाषितम्॥ २

इति सस्मितया माध्व्या कुमार परिभाषया।
समतोषयदम्बायाः स पतिस्तत्सुरव्रजम्॥ ३

शिव भन्नुहुन्छ—हे पुत्रहरू हो! तिमीहरू कुशल त छौ? मेरो अनुशासनमा जगत् तथा देवश्रेष्ठ आ-आफ्ना कार्यहरूमा लागेका त छन्? हे देवताहरू! ब्रह्मा र विष्णुका बीच हुनेवाला युद्धको वृत्तान्त त मलाई पहिलादेखि नै थाहा थियो; तिमीहरूले [यहाँ आउने] परिश्रम गरी त्यसलाई पुनः बतायौ। हे सनत्कुमार! उमापति शंकरले यस प्रकार मुस्कुराउँदै मधुर वाणीमा ती देवगणलाई सन्तुष्ट गर्नुभयो॥ १—३॥

अथ युद्धाङ्गणं गन्तुं हरिधात्रोरधीश्वरः।
आज्ञापयद्गणेशानां शतं तत्रैव संसदि॥ ४

ततो वाद्यं बहुविधं प्रयाणाय परेशितुः।
गणेश्वराश्च सन्नद्धा नानावाहनभूषणाः॥ ५

यसपछि महादेवले ब्रह्मा र विष्णुको युद्धस्थलीमा जानका लागि आफ्ना सयकडौँ गणलाई त्यही सभामा आज्ञा दिनुभयो। तब महादेवको सम्मानका लागि अनेक प्रकारका बाजा बज्न लागे र उहाँका गणाध्यक्ष पनि अनेक प्रकारले सजिसजाउ वाहनहरूमा सवार भएर जानका लागि तयार भए॥ ४-५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रणवाकारमाद्यन्तं पञ्चमण्डलमण्डितम्।
आरुरोह रथं भद्रमम्बिकापतिरीश्वरः।
ससूनुगणमिन्द्राद्याः सर्वेऽप्यनुययुः सुराः॥ ६

चित्रध्वजव्यजनचामरपुष्पवर्ष-
सङ्गीतनृत्यनिवहैरपि वाद्यवर्गैः।
सम्मानितः पशुपतिः परया च देव्या
साकं तयोः समरभूमिमगात् ससैन्यः॥ ७

समीक्ष्य तु तयोर्युद्धं निगूढोऽभ्रं समास्थितः।
समाप्तवाद्यनिर्घोषः शान्तोरुगणनिःस्वनः॥ ८
अथ ब्रह्माच्युतौ वीरौ हन्तुकामौ परस्परम्।
माहेश्वरेण चास्त्रेण तथा पाशुपतेन च॥ ९
अस्त्रज्वालैरथो दग्धं ब्रह्मविष्ण्वोर्जगत्त्रयम्।
ईशोऽपि तं निरीक्ष्याथ ह्यकालप्रलयं भृशम्॥ १०
महानलस्तम्भविभीषणाकृति-
र्बभूव तन्मध्यतले स निष्कलः॥ ११

ते अस्त्रे चापि सज्वाले लोकसंहरणक्षमे।
निपेततुः क्षणेनैव ह्याविर्भूते महानले॥ १२

दृष्ट्वा तदद्भुतं चित्रमस्त्रशान्तिकरं शुभम्।
किमेतदद्भुताकारमित्यूचुश्च परस्परम्॥ १३

अतीन्द्रियमिदं स्तम्भमग्निरूपं किमुत्थितम्।
अस्योर्ध्वमपि चाधश्च आवयोर्लक्ष्यमेव हि॥ १४
इति व्यवस्थितौ वीरौ मिलितौ वीरमानिनौ।
तत्परौ तत्परीक्षार्थं प्रतस्थातेऽथ सत्वरम्॥ १५
आवयोर्मिश्रयोस्तत्र कार्यमेकं न सम्भवेत्।
इत्युक्त्वा सूकरतनुर्विष्णुस्तस्यादिमीयिवान्॥ १६
तथा ब्रह्मा हंसतनुस्तदन्तं वीक्षितुं ययौ।
भित्त्वा पातालनिलयं गत्वा दूरतरं हरिः॥ १७
नापश्यत्तस्य संस्थानं स्तम्भस्यानलवर्चसः।
श्रान्तः स सूकरहरिः प्राप पूर्वं रणाङ्गणम्॥ १८

भगवान् उमापति पाँच मण्डलहरूबाट सुशोभित अगाडिदेखि पछाडिसम्म प्रणव (ॐ)-को आकृति भएको सुन्दर रथमा आरूढ हुनुभयो। यस प्रकार पुत्रहरू र गणसहित प्रस्थान गर्नुभएका शिवका पछि-पछि इन्द्र आदि सबै देवगण प्रस्थान गरे। विचित्र ध्वजाहरू, पंखा, चँवर, पुष्पवृष्टि, संगीत, नृत्य र वाद्यहरूबाट सम्मानित पशुपति भगवान् शिव भगवती उमाका साथ सेनासहित ती दुवै (ब्रह्मा र विष्णु)-को युद्धभूमिमा पुग्नुभयो॥ ६-७॥

ती दुवैको युद्ध देखेर शिवले गणहरूको कोलाहल तथा वाद्यको ध्वनि बन्द गरिदिनुभयो तथा उहाँ लुकेर आकाशमा स्थित हुनुभयो। यता शूरवीर ब्रह्मा र विष्णु एक-अर्कालाई मार्ने इच्छाले माहेश्वरास्त्र र पाशुपतास्त्रको परस्पर सन्धान गरिरहेका थिए। ब्रह्मा र विष्णुका अस्त्रहरूको ज्वालाले तीनवटै लोक जल्न लाग्यो। निराकार भगवान् शंकर यस अकाल प्रलयलाई आएको देखेर एउटा भयंकर विशाल अग्निस्तम्भको रूपमा ती दुवैका बीचमा प्रकट हुनुभयो॥ ८—११॥

संसारलाई नष्ट गर्नमा सक्षम ती दुवै दिव्यास्त्र आफ्नो तेजसहित त्यस महान् अग्निस्तम्भ प्रकट हुनासाथ तत्क्षण शान्त भए। दिव्यास्त्रहरूलाई शान्त पार्ने त्यस आश्चर्यकारी तथा शुभ (अग्निस्तम्भ)-लाई देखेर सबैजना परस्पर भन्न लागे कि यो अद्भुत आकार भएको (स्तम्भ) के हो?॥ १२-१३॥

यो दिव्य अग्निस्तम्भ कसरी प्रकट भयो? यसको टुप्पो र फेद हामी दुवै पत्ता लगाउँ—यस्तो एक साथ निश्चय गरी ती दुवै अभिमानी वीर त्यसको परीक्षा गर्नका लागि तत्पर भए र शीघ्रतापूर्वक प्रस्थान गरे। हामी दुवै सँगै रहनाले यो कार्य सम्पन्न हुने छैन—यस्तो भनेर विष्णुले सूकरको रूप धारण गर्नुभयो र त्यसको फेदको खोजीमा जानुभयो। त्यसै प्रकार ब्रह्मा पनि हंसको रूप धारण गरी त्यसको अन्त (टुप्पो) खोज्नका लागि जानुभयो। पाताललोकलाई खनेर धेरै टाढासम्म जाँदा पनि विष्णुले त्यस अग्निको समान तेजस्वी स्तम्भको आधार (फेद) देख्नुभएन। तब थाकेर सूकराकृति विष्णु रणभूमिमा फर्किआउनुभयो॥ १४—१८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ गच्छंस्तु व्योम्ना च विधिस्तात पिता तव।
ददर्श केतकीपुष्पं किञ्चिद्विच्युतमद्भुतम्॥ १९

अतिसौरभ्यमम्लानं बहुवर्षच्युतं तथा।
अन्वीक्ष्य च तयोः कृत्यं भगवान् परमेश्वरः॥ २०

परिहासं तु कृतवान्कम्पनाच्चलितं शिरः।
तस्मात्तावनुगृह्णातुं च्युतं केतकमुत्तमम्॥ २१

किं त्वं पतसि पुष्पेश पुष्पराट् केन वै धृतः।
आदिमस्याप्रमेयस्य स्तम्भमध्याच्च्युतश्चिरम्॥ २२

न सम्पश्यामि तस्मात्त्वं जह्याशामन्तदर्शने।
अस्यान्तस्य च सेवार्थं हंसमूर्तिरिहागतः॥ २३

इतः परं सखे मेऽद्य त्वया कर्तव्यमीप्सितम्।
मया सह त्वया वाच्यमेतद्विष्णोश्च सन्निधौ॥ २४

स्तम्भान्तो वीक्षितो धात्रा तत्र साक्ष्यहमच्युत।
इत्युक्त्वा केतकं तत्र प्रणनाम पुनः पुनः।
असत्यमपि शस्तं स्यादापदीत्यनुशासनम्॥ २५

समीक्ष्य तत्राच्युतमायतश्रमं
प्रनष्टहर्षं तु ननर्त हर्षात्।
उवाच चैनं परमार्थमच्युतं
षण्ढात्तवादः स विधिस्ततोऽच्युतम्॥ २६
स्तम्भाग्रमेतत् समुदीक्षितं हरे
तत्रैव साक्षी ननु केतकं त्विदम्।
ततोऽवदत्तत्र हि केतकं मृषा
तथेति तद्धातृवचस्तदन्तिके॥ २७
हरिश्च तत्सत्यमितीव चिन्तयं-
श्चकार तस्मै विधये नमः स्वयम्।
षोडशैरुपचारैश्च पूजयामास तं विधिम्॥ २८

हे तात (आनन्ददाता)! आकाशमार्गबाट जाँदै गरेका तपाईंका पिता ब्रह्माले मार्गमा अद्भुत केतकीको पुष्पलाई खस्दै गरेको देख्नुभयो। अनेक वर्षदेखि खसिरहँदामा पनि त्यो ताजा र अति सुगन्धयुक्त थियो। ब्रह्मा र विष्णुको यस विग्रहपूर्ण कृत्यलाई देखेर भगवान् परमेश्वर हाँस्नलागनुभयो, जसबाट कम्पनको कारण उहाँको शिर हल्लियो र त्यो श्रेष्ठ केतकी पुष्प ती दुवैमाथि कृपा गर्नका लागि खस्यो॥ १९—२१॥

[ब्रह्माले त्यस पुष्पलाई सोध्नुभयो—] हे पुष्पराज! तिमीलाई कसले धारण गरिरहेको थियो र तिमी किन खसिरहेका छौ? [केतकीले उत्तर दियो—] यस पुरातन र अप्रमेय स्तम्भको बिचबाट म धेरै समयदेखि खसिरहेको छु। फेरि पनि यसको आदिलाई देख्न सकिन। अतः तपाईं पनि यस स्तम्भको अन्त देख्ने आशा छोड्नुहोस्॥ २२१/२॥

[ब्रह्माले भन्नुभयो—] म त हंसको रूप लिएर यसको अन्त हेर्नका लागि यहाँ आएको हुँ। अब हे मित्र! मेरो एउटा अभिलषित काम तिमीले गरिदिनु पर्ने छ। विष्णुकहाँ मसँगै गएर तिमीले यति भनिदिनु कि 'ब्रह्माले यस स्तम्भको अन्त देख्नुभएको छ। हे अच्युत! म यस कुराको साक्षी हुँ।' केतकीसित यस्तो भनेर ब्रह्माले उसलाई बारम्बार प्रणाम गरी भन्नुभयो कि आपत्कालमा त मिथ्या भाषण पनि सत्य मानिएको छ—यो शास्त्रको आज्ञा हो॥ २३—२५॥

त्यहाँ अति परिश्रमबाट थाकेर [स्तम्भको अन्त नभेटिनाले] उदास विष्णुलाई देखेर ब्रह्मा हर्षले नाच्न थाल्नुभयो र षण्ढ (नपुंसक)-को समान बनावटी कुरा बनाएर अच्युत विष्णुसित यस प्रकार भन्न लाग्नुभयो— हे हरि! मैले यस स्तम्भको अग्रभाग देखेँ; यसको साक्षी यो केतकी पुष्प छ। तब त्यस केतकीले पनि विष्णुका समक्षमा झूठो नै भनिदियो कि ब्रह्माको कुरा यथार्थ हो॥ २६-२७॥

विष्णुले त्यस कुरालाई सत्य मानेर ब्रह्मालाई स्वयं प्रणाम गर्नुभयो र उहाँको षोडशोपचार पूजा गर्नुभयो॥ २८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विधिं प्रहर्तुं शठमग्निलिङ्गतः
स ईश्वरस्तत्र बभूव साकृतिः।
समुत्थितः स्वामिविलोकनात् पुनः
प्रकम्पपाणिः परिगृह्य तत्पदम्॥ २९

आद्यन्तहीनवपुषि त्वयि मोहबुद्ध्या
भूयान् विमर्श इह नावति कामनोत्थः।
स त्वं प्रसीद करुणाकर कश्मलं नौ
मृष्टं क्षमस्व विहितं भवतैव केल्या॥ ३०

ईश्वर उवाच

वत्स प्रसन्नोऽस्मि हरे यतस्त्व-
मीशत्वमिच्छन्नपि सत्यवाक्यम्।
ब्रूयास्ततस्ते भविता जनेषु
साम्यं मया सत्कृतिरप्यलप्सि॥ ३१
इतः परं ते पृथगात्मनश्च
क्षेत्रप्रतिष्ठोत्सवपूजनं च॥ ३२

इति देवः पुरा प्रीतः सत्येन हरये परम्।
ददौ स्वसाम्यमत्यर्थं देवसङ्घे च पश्यति॥ ३३

त्यसै समय कपटी ब्रह्मालाई दण्डित गर्नका लागि त्यस प्रज्वलित स्तम्भ लिंगबाट महेश्वर प्रकट हुनुभयो। तब परमेश्वरलाई प्रकट हुनुभएको देखे विष्णु उठ्नुभयो र काम्दै हातले उहाँका चरण समाते भन्न लागुभयो। हे करुणाकर! आदि र अन्तबाट रहित शरीर भएका हजुर परमेश्वरको विषयमा मैले मोहबुद्धिले धेरै विचार गरेँ; तर कामनाहरूबाट उत्पन्न त्यो विचार सफल भएन। अतः हजुर हामीमाथि प्रसन्न हुनुहोस्, हाम्रो पापलाई नष्ट गर्नुहोस् र हामीलाई क्षमा गर्नुहोस्; यी सबै हजुरका लीलाले नै भएका हुन्॥ २९-३०॥

ईश्वर भन्नुहुन्छ—हे वत्स! म तपाईंसँग प्रसन्न छु; किनभने श्रेष्ठताको कामना हुँदामा पनि तपाईंले सत्य वचनको पालन गर्नुभएको छ, यसकारण मानिसबाट तपाईंले मैरै समान प्रतिष्ठा र सत्कार प्राप्त गर्नुहुने छ। हे हरि! अबदेखि तपाईंको पृथक् मूर्ति बनाएर पुण्य क्षेत्रहरूमा प्रतिष्ठित गरिनेछ र त्यसको उत्सवपूर्वक पूजा हुने छ॥ ३१-३२॥

यस प्रकार परमेश्वरले विष्णुको सत्यनिष्ठाबाट प्रसन्न भएर देवताहरूको सामुन्ने उहाँलाई आफ्नो समानता प्रदान गर्नुभएको थियो॥ ३३॥

इति श्रीशिवमहापुराणे प्रथमायां विद्येश्वरसंहितायामनलस्तम्भाविष्कारवर्णनं नाम सप्तमोऽध्यायः॥ ७॥

॥ यसप्रकार श्रीशिवमहापुराण अन्तर्गत प्रथम विद्येश्वरसंहितामा अग्निस्तम्भ प्राकट्यको वर्णन नामक सातौं अध्याय पूर्ण भयो॥ ७॥

अथाष्टमोऽध्यायः

भगवान् शंकरद्वारा ब्रह्मा र केतकी पुष्पलाई श्राप दिनु र पुनः अनुग्रह प्रदान गर्नु

नन्दिकेश्वर उवाच

ससर्जाथ महादेवः पुरुषं कञ्चिदद्भुतम्।
भैरवाख्यं भ्रुवोर्मध्याद् ब्रह्मदर्पजिघांसया॥ १

स वै तदा तत्र पतिं प्रणम्य शिवमङ्गणे।
किं कार्यं करवाण्यत्र शीघ्रमाज्ञापय प्रभो॥ २

शिव उवाच

वत्स योऽयं विधिः साक्षाज्जगतामाद्यदैवतम्।
नूनमर्चय खड्गेन तिग्मेन जवसा परम्॥ ३

नन्दिकेश्वर भन्नुहुन्छ—तदुपरान्त महादेव शिवले ब्रह्माको गर्वलाई मेटाउने इच्छाले आफ्नो भृकुटीका माझबाट भैरव नामक एक अद्भुत पुरुषलाई उत्पन्न गर्नुभयो। ती भैरवले रणभूमिमा आफ्ना स्वामी शिवलाई प्रणाम गरी सोधे कि हे प्रभु! हजुर शीघ्र आज्ञा दिनुहोस्, म हजुरको कुन-चाहिँ कार्य गरूँ?॥ १-२॥

शिव भन्नुहुन्छ—हे वत्स! यी जो ब्रह्मा छन्, यिनी यस सृष्टिका आदि देवता हुन्, तिमी वेगपूर्वक तीक्ष्ण तरवारले यिनको पूजा गर अर्थात् वध गरिदेऊ॥ ३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स वै गृहीत्वैककरेण केशं
तत्पञ्चमं दृप्तमसत्यभाषिणम्।
छित्त्वा शिरो ह्यस्य निहन्तुमुद्यतः
प्रकम्पयन् खड्गमतिस्फुटं करैः॥ ४

पिता तवोत्सृष्टविभूषणाम्बर-
स्रगुत्तरीयामलकेशसंहतिः।
प्रवातरम्भेव लतेव चञ्चलः
पपात वै भैरवपादपङ्कजे॥ ५

तावद्विधिं तात दिदृक्षुरच्युतः
कृपालुरस्मत्पतिपादपल्लवम्।
निषिच्य बाष्पैरवदत् कृताञ्जलि-
र्यथा शिशुः स्वं पितरं कलाक्षरम्॥ ६

अच्युत उवाच

त्वया प्रयत्नेन पुरा हि दत्तं
यदस्य पञ्चाननमीश चिह्नम्।
तस्मात् क्षमस्वाद्यमनुग्रहार्हं
कुरु प्रसादं विधये ह्यमुष्मै॥ ७

इत्यर्थितोऽच्युतेनेशस्तुष्टः सुरगणाङ्गणे।
निवर्तयामास तदा भैरवं ब्रह्मदण्डतः॥ ८

अथाह देवः कितवं विधिं विगतकन्धरम्।
ब्रह्मंस्त्वमर्हणाकाङ्क्षी शठेशत्वं समास्थितः॥ ९

नातस्ते सत्कृतिर्लोके भूयात् स्थानोत्सवादिकम्।

ब्रह्मोवाच

स्वामिन् प्रसीदाद्य महाविभूते
मन्ये वरं मे शिरसः प्रमोक्षम्॥ १०

नमस्तुभ्यं भगवते बन्धवे विश्वयोनये।
सहिष्णवे च दोषाणां शम्भवे शैलधन्वने॥ ११

ईश्वर उवाच

अराजभयमेतद्वै जगत् सर्वं नशिष्यति।
ततस्त्वं जहि दण्डार्हं वह लोकधुरं शिशो॥ १२
वरं ददामि ते तत्र गृहाण दुर्लभं परम्।
वैतानिकेषु गृह्येषु यज्ञेषु च भवान् गुरुः॥ १३
निष्फलस्त्वदृते यज्ञः साङ्गश्च सहदक्षिणः।

तब भैरव एउटा हातले [ब्रह्माको] कपाल समातेर असत्य भाषण गर्न उद्धत उनको पाँचौँ शिरलाई काटेर उनलाई मार्नका लागि हातमा तरवार उज्याउँदै उद्यत भए॥ ४॥

[हे सनत्कुमार!] तब तपाईंका पिता आफ्नो आभूषण, वस्त्र, माला, उत्तरीय एवं निर्मल कपाल छरप्रस्ट हुनाले आँधीको बेगले केराका बोट पातहरू सहित भुइँमा लत्रिए समान कम्पित भएर भैरवका चरण-कमलहरूमा लड्नुभयो। हे तात! तब ब्रह्माको रक्षा गर्ने इच्छाले कृपालु विष्णुले मेरा स्वामी भगवान् शंकरका चरणकमलहरूलाई आफ्नो अश्रु-जलले भिजाउँदै हात जोडेर यस प्रकार प्रार्थना गर्नुभयो, जसरी एउटा सानो बालक आफ्नो पिताका प्रति तोते वाणीमा गर्दछ॥ ५-६॥

अच्युत भन्नुहुन्छ—[हे ईश!] हजुरले नै पहिला कृपापूर्वक यी ब्रह्मालाई पञ्चाननरूप प्रदान गर्नुभएको थियो। यसकारण यिनी हजुरले अनुग्रह गर्नयोग्य छन्, यिनको अपराध क्षमा गर्नुहोस् र यिनीमाथि प्रसन्न हुनुहोस्॥ ७॥

भगवान् अच्युतद्वारा यस प्रकार प्रार्थना गरिएपछि शिवले प्रसन्न भएर देवताहरूको सामुन्ने नै ब्रह्मालाई दण्डित गर्नबाट भैरवलाई रोक्नुभयो। शिवले एउटा शिरबाट विहीन कपटी ब्रह्मासित भन्नुभयो—हे ब्रह्मन्! श्रेष्ठता पाउने चक्करमा तिमीले शठेशत्वलाई (मूर्खहरूको ईश) प्राप्त गरेका छौ। यसकारण संसारमा तिम्रो सत्कार, तिम्रो मन्दिर तथा पूजोत्सव आदि हुने छैन॥ ८-९१/२॥

ब्रह्मा भन्नुहुन्छ—हे महाविभूतिसम्पन्न स्वामी! हजुर ममाथि प्रसन्न हुनुहोस्; म [हजुरको कृपाले] आफ्नो शिर काट्नेलाई पनि आज श्रेष्ठ सम्झन्छु। विश्वको कारण, विश्वबन्धु, दोषहरूलाई सहनुहुने र पर्वतसमान कठोर धनुष धारण गर्नुहुने हजुर भगवान् शिवलाई नमस्कार छ॥ १०-११॥

ईश्वर भन्नुहुन्छ—हे वत्स! अनुशासनको भय नरहेमा यो सारा संसार नष्ट हुने छ। अतः तिमी दण्डनीयलाई दण्ड देऊ र यस संसारको व्यवस्था चलाऊ। तिमीलाई एउटा परम दुर्लभ वर पनि दिन्छु, जससाई ग्रहण गर। अग्निहोत्र आदि वैतानिक तथा गृह्य यज्ञहरूमा तिमी नै श्रेष्ठ रहने छौ। सर्वांगपूर्ण र पुष्कल दक्षिणा भएका यज्ञ पनि तिमी विना निष्फल हुने छ॥ १२-१३१/२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथाह देवः कितवं केतकं कूटसाक्षिणम्॥ १४
रे रे केतक दुष्टस्त्वं शठ दूरमितो व्रज।
ममापि प्रेम ते पुष्पे माभूत्पूजास्वितः परम्॥ १५
इत्युक्ते तत्र देवेन केतकं देवजातयः।
सर्वा निवारयामासुस्तत्पार्श्वादन्यतस्तदा॥ १६

तब भगवान् शिवले झूठो साक्षी बक्ने कपटी केतकी पुष्पसित भन्नुभयो—अरे शठ केतकी! तँ दुष्ट होस्; यहाँबाट टाढा जा। मेरो पूजामा उपस्थित तेरो फूल मलाई प्रिय हुने छैन। शिवद्वारा यस प्रकार भन्नासाथ सबै देवताहरूले केतकीलाई उहाँको छेउबाट हटाएर अन्यत्र पठाइदिए॥ १४—१६॥

केतक उवाच

नमस्ते नाथ मे जन्म निष्फलं भवदाज्ञया।
सफलं क्रियतां तात क्षम्यतां मम किल्बिषम्॥ १७
ज्ञानाज्ञानकृतं पापं नाशयत्येव ते स्मृतिः।
तादृशे त्वयि दृष्टे मे मिथ्यादोषः कुतो भवेत्॥ १८

केतक भन्दछ—हे नाथ! हजुरलाई नमस्कार छ। हजुरको आज्ञाको कारण मेरो त जन्म नै निष्फल हुन गएको छ। हे तात! मेरो अपराध क्षमा गरिदिनुहोस् र मेरो जन्म सफल पारिदिनुहोस्। जान-अन्जानमा भएका पाप हजुरको स्मरणमात्रले नष्ट हुन जान्छ, फेरि यस्तो प्रभावशाली हजुरको साक्षात् दर्शन गरेपछि पनि मेरो झूठो बोल्नुको दोष कसरी रहन सक्छ?॥ १७-१८॥

तथा स्तुतस्तु भगवान् केतकेन सभास्थले।
न मे त्वद्धारणं योग्यं सत्यवागहमीश्वरः॥ १९
मदीयास्त्वां धरिष्यन्ति जन्म ते सफलं ततः।
त्वं वै वितानव्याजेन ममोपरि भविष्यसि॥ २०

त्यस सभास्थलमा केतकी पुष्पले यस प्रकार स्तुति गरेपछि भगवान् सदाशिवले भन्नुभयो—म सत्य बोल्नेवाला हुँ, अतः मद्वारा तिमीलाई धारण गर्नु उचित हुन्न, तर मेरै आफ्ना (विष्णु आदि देवगण)ले तिमीलाई धारण गर्ने छन् र तिम्रो जन्म सफल हुने छ र मण्डप आदिको बहानाले मेरो माथि पनि तिम्रो उपस्थिति रहने छ॥ १९-२०॥

इत्यनुगृह्य भगवान् केतकं विधिमाधवौ।
विरराज सभामध्ये सर्वदेवैरभिष्टुतः॥ २१

यस प्रकार भगवान् शंकर ब्रह्मा, विष्णु र केतकी पुष्पप्रति अनुग्रह गरी सबै देवताहरूबाट स्तुत्य भएर सभामा सुशोभित हुनुभयो॥ २१॥

इति श्रीशिवमहापुराणे प्रथमायां विद्येश्वरसंहितायां शिवानुग्रहवर्णनं नामाष्टमोऽध्यायः॥ ८॥

॥ यस प्रकार श्रीशिवमहापुराण अन्तर्गत प्रथम विद्येश्वरसंहितामा शिवको कृपा वर्णन नामक आठौँ अध्याय पूर्ण भयो॥ ८॥

अथ नवमोऽध्यायः

महेश्वरले ब्रह्मा र विष्णुलाई आफ्नो निष्कल र सकल स्वरूपको परिचय दिनुहुँदै लिंगपूजाको महत्त्व बताउनु

नन्दिकेश्वर उवाच

तत्रान्तरे तौ च नाथं प्रणम्य विधिमाधवौ।
बद्धाञ्जलिपुटौ तूष्णीं तस्थतुर्दक्षवामगौ॥ १
तत्र संस्थाप्य तौ देवं सकुटुम्बं वरासने।
पूजयामासतुः पूज्यं पुण्यैः पुरुषवस्तुभिः॥ २

नन्दिकेश्वर भन्नुहुन्छ—ती दुवै—ब्रह्मा र विष्णु भगवान् शंकरलाई प्रणाम गरी दुवै हात जोडेर उहाँको दायाँ-बायाँ भागमा चुपचाप खडा हुनुभयो। फेरि उहाँहरूले त्यहाँ [साक्षात् प्रकट] पूजनीय महादेवलाई कुटुम्बसहित श्रेष्ठ आसनमा स्थापित गरी पवित्र पुरुष-वस्तुहरूद्वारा उहाँको पूजा गर्नुभयो॥ १-२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पौरुषं प्राकृतं वस्तु ज्ञेयं दीर्घाल्पकालिकम्।
हारनूपुरकेयूरकिरीटमणिकुण्डलैः ॥ ३

यज्ञसूत्रोत्तरीयस्त्रक्क्षौममाल्याङ्गुलीयकैः ।
पुष्पताम्बूलकर्पूरचन्दनागुरुलेपनैः ॥ ४

धूपदीपसितच्छत्रव्यजनध्वजचामरैः ।
अन्यैर्दिव्योपहारैश्च वाङ्मनोतीतवैभवैः ॥ ५

पतियोग्यैः पशुलभ्यैस्तौ समार्चयतां पतिम्।
यद्यच्छ्रेष्ठतमं वस्तु पतियोग्यं हितध्वज ॥ ६

तद्वस्त्वखिलमीशोऽपि पारम्पर्यचिकीर्षया।
सभ्यानां प्रददौ हृष्टः पृथक् तत्र यथाक्रमम्॥ ७

कोलाहलो महानासीत्तत्र तद्वस्तु गृह्यताम्।
तत्रैव ब्रह्मविष्णुभ्यां चार्चितः शङ्करः पुरा॥ ८

प्रसन्नः प्राह तौ नम्रौ सस्मितं भक्तिवर्धनः।

ईश्वर उवाच

तुष्टोऽहमद्य वां वत्सौ पूजयास्मिन् महादिने॥ ९

दिनमेतत्ततः पुण्यं भविष्यति महत्तरम्।
शिवरात्रिरिति ख्याता तिथिरेषा मम प्रिया॥ १०

एतत्काले तु यः कुर्यात् पूजां मल्लिङ्गवेरयोः।
कुर्यात् स जगतः कृत्यं स्थितिसर्गादिकं पुमान्॥ ११

दीर्घकालसम्म अविकृतभावले सुस्थित रहने वस्तुहरूलाई पुरुषवस्तु र अल्पकालसम्म मात्र टिक्ने वस्तुलाई प्राकृतवस्तु भनिन्छ—यसै गरी वस्तुका यी दुई भेद जान्नुपर्दछ। [कुन पुरुष-वस्तुहरूद्वारा (उहाँहरूले) भगवान् शिवको पूजा गर्नुभयो, यो बताउँछु—] हार, नूपुर, केयूर, किरीट, मणिमय कुण्डल, यज्ञोपवीत, उत्तरीय वस्त्र, पुष्प-माला, रेशमी वस्त्र, हार, मुद्रिका (औंठी), पुष्प, पान-सुपारी, कपूर, चन्दन एवं अगुरुको अनुलेप, धूप, दीप, सेतो छाता, व्यजन, ध्वजा, चँवर तथा अन्यान्य दिव्य उपहारहरूद्वारा उहाँहरू दुवैले आफ्नो स्वामी महेश्वरको पूजा गर्नुभयो, जुन महेश्वरको वैभव वाणी र मनको पहुँचभन्दा पर थियो, जुन केवल पशुपति परमात्माको नै योग्य थिए र जसलाई पशु (बद्ध जीव)ले पाउन सक्दैनथे॥ ३—५१/२॥

हे सनत्कुमार! स्वामीका योग्य जुन-जुन उत्तम वस्तुहरू थिए, ती सबै वस्तुहरू भगवान् शंकरले पनि प्रसन्नतापूर्वक यथोचित रूपले सभासदहरूका बिच वितरण गरिदिनुभयो, जसबाट यो श्रेष्ठ परम्परा बनिरह्योस् कि प्राप्त पदार्थहरूको वितरण आश्रितहरूमा गर्नुपर्छ। ती वस्तुहरूलाई ग्रहण गर्ने सभासदहरूमा त्यहाँ कोलाहल मच्चियो। यस प्रकार त्यहाँ पहिला नै ब्रह्मा तथा विष्णुबाट पूजित हुनुभएका भक्तिवर्धक भगवान् शिव विनम्र ती दुवै देवतासित हाँसेर भन्न लाग्नुभयो॥ ६—८१/२॥

ईश्वर भन्नुहुन्छ—हे पुत्रहरू हो! आजको दिन महान् छ। तिमीहरूद्वारा जुन आज मेरो पूजा भएको छ, यसबाट म तिमीहरूमाथि ज्यादै प्रसन्न छु। यसै कारण यो दिन परम पवित्र र महान्-भन्दा-महान् हुने छ। आजको यो तिथि शिवरात्रिको नामले विख्यात भएर मेरो लागि परम प्रिय हुने छ॥ ९-१०॥

यस समयमा जसले मेरो लिंग (निष्कल—अंग-आकृतिबाट रहित निराकार स्वरूपको प्रतीक) र मूर्ति (सकल—साकाररूपको प्रतीक विग्रह)-को पूजा गर्ने छ, त्यो पुरुषले जगत्को सृष्टि र पालन आदि कार्य पनि गर्न सक्तछ॥ ११॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिवरात्रावहोरात्रं निराहारो जितेन्द्रियः।
अर्चयेद्वा यथान्यायं यथाबलमवञ्चकः॥ १२

यत्फलं मम पूजायां वर्षमेकं निरन्तरम्।
तत्फलं लभते सद्यः शिवरात्रौ मदर्चनात्॥ १३

जो शिवरात्रिका दिन-रात निराहार एवं जितेन्द्रिय रहेर आफ्नो शक्तिअनुसार निष्कपट भावले मेरो यथोचित पूजा गर्ने छ, त्यसलाई प्राप्तहुने फलको वर्णन सुन। एक वर्षसम्म निरन्तर मेरो पूजा गरेपछि जुन फल प्राप्त हुन्छ, त्यो सारा फल केवल शिवरात्रिमा मेरो पूजा गर्नाले मनुष्य तत्काल प्राप्त गर्दछ॥ १२-१३॥

मद्धर्मवृद्धिकालोऽयं चन्द्रकाल इवाम्बुधेः।
प्रतिष्ठाद्युत्सवो यत्र मामको मङ्गलायनः॥ १४

जसरी पूर्ण चन्द्रमाको उदय समुद्रको वृद्धिको अवसर हो, त्यसै प्रकार यो शिवरात्रि तिथि मेरो धर्मको वृद्धिको समय हो। यस तिथिमा मेरो स्थापना आदिको मंगलमय उत्सव हुनुपर्दछ॥ १४॥

यत्पुनः स्तम्भरूपेण स्वाविरासमहं पुरा।
स कालो मार्गशीर्षे तु स्यादार्द्राऋक्षमर्भकौ॥ १५

आर्द्रायां मार्गशीर्षे तु यः पश्येन्मामुमासखम्।
मद्बेरमपि वा लिङ्गं स गुहादपि मे प्रियः॥ १६

अलं दर्शनमात्रेण फलं तस्मिन् दिने शुभे।
अभ्यर्चनं चेदधिकं फलं वाचामगोचरम्॥ १७

हे वत्स हो! पहिला म जब ज्योतिर्मय स्तम्भरूपले प्रकट भएको थिएँ, त्यस समय मार्गशीर्षमासमा आर्द्रा नक्षत्र थियो। अतः जो पुरुष मार्गशीर्षमासमा आर्द्रा नक्षत्र हुँदामा म उमापतिको दर्शन गर्दछ अथवा मेरो मूर्ति वा लिंगको नै झाँकीको दर्शन गर्दछ, त्यो मेरो लागि कार्तिकेयभन्दा पनि अधिक प्रिय छ। त्यस शुभ दिनमा मेरो दर्शनमात्रले पूरा फल प्राप्त हुन्छ। यदि [दर्शनका साथ-साथै] मेरो पूजा पनि गरिन्छ भने त्यसको अधिक फल प्राप्त हुन्छ, जसको वर्णन वाणीद्वारा हुन सक्दैन॥ १५—१७॥

रणरङ्गतलेऽमुष्मिन् यदहं लिङ्गवर्ष्मणा।
जृम्भितो लिङ्गवत्तस्माल्लिङ्गस्थानमिदं भवेत्॥ १८

अनाद्यन्तमिदं स्तम्भमणुमात्रं भविष्यति।
दर्शनार्थं हि जगतां पूजनार्थं हि पुत्रकौ॥ १९

भोगावहमिदं लिङ्गं भुक्तिमुक्त्येकसाधनम्।
दर्शनस्पर्शनध्यानाज्जन्तूनां जन्ममोचनम्॥ २०

यस रणभूमिमा म लिंगरूपबाट प्रकट भएर धेरै ठुलो भएको थिएँ। अतः त्यस लिंगको कारण यो भूतल लिंगस्थानको नामले प्रसिद्ध भयो। हे पुत्रहरु हो! जगत्का मानिस यसको दर्शन र पूजा गर्न सकुन् यसका लागि यो अनादि र अनन्त ज्योतिःस्तम्भ अत्यन्त सानो होस्। यो लिंग सब प्रकारका भोगहरूलाई सुलभ गराउने र भोग तथा मोक्षको एकमात्र साधन हुने छ। यसको दर्शन, स्पर्श तथा ध्यान प्राणीहरूलाई जन्म तथा मृत्युबाट छुटकारा दिलाउनेवाला हुने छ॥ १८—२०॥

अनलाचलसङ्काशं यदिदं लिङ्गमुत्थितम्।
अरुणाचलमित्येव तदिदं ख्यातिमेष्यति॥ २१

अत्र तीर्थं च बहुधा भविष्यति महत्तरम्।
मुक्तिरप्यत्र जन्तूनां वासेन मरणेन च॥ २२

अग्निको पहाड-जस्तो जुन यो शिवलिंग यहाँ प्रकट भएको छ, यसैको कारण यो स्थान अरुणाचल नामले प्रसिद्ध हुने छ। यहाँ अनेक प्रकारका ठुला-ठुला तीर्थ प्रकट हुने छन्। यस स्थानमा निवास गर्ने वा मर्ने जीवहरूको मोक्ष हुने छ॥ २१-२२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रथोत्सवादिकल्याणं जनावासं तु सर्वतः।
अत्र दत्तं हुतं जप्तं सर्वं कोटिगुणं भवेत्॥ २३

मत्क्षेत्रादपि सर्वस्मात् क्षेत्रमेतन्महत्तरम्।
अत्र संस्मृतिमात्रेण मुक्तिर्भवति देहिनाम्॥ २४

तस्मान्महत्तरमिदं क्षेत्रमत्यन्तशोभनम्।
सर्वकल्याणसम्पूर्णं सर्वमुक्तिकरं शुभम्॥ २५

रथोत्सव आदिको आयोजनाबाट यहाँ सर्वत्र अनेकौँ मानिस कल्याणकारी रूपले निवास गर्ने छन्। यस स्थानमा गरिएको दान, हवन तथा जप—यी सबै करोडगुना फल दिनेवाला हुने छ। यो क्षेत्र मेरो सबै क्षेत्रहरूमध्ये श्रेष्ठतम हुने छ। यहाँ मेरो स्मरण मात्र गर्नाले पनि प्राणीहरूको मुक्ति हुने छ। अतः यो परम रमणीय क्षेत्र अति महत्त्वपूर्ण छ। यो सबै प्रकारका कल्याणहरूले पूर्ण, शुभ र सबैलाई मुक्ति प्रदान गर्नेवाला हुने छ॥ २३—२५॥

अर्चयित्वात्र मामेव लिङ्गे लिङ्गिनमीश्वरम्।
सालोक्यं चैव सामीप्यं सारूप्यं सार्ष्टिरेव च॥ २६

सायुज्यमिति पञ्चैते क्रियादीनां फलं मतम्।
सर्वेऽपि यूयं सकलं प्राप्स्यथाशु मनोरथम्॥ २७

यस लिंगमा म लिंगेश्वरको अर्चना गरी मनुष्य सालोक्य, सामीप्य, सारूप्य, सार्ष्टि र सायुज्य—यी पाँचै प्रकारका मुक्तिहरूको अधिकार प्राप्त गर्ने छन्। तपाईंहरूलाई पनि चाँडै सबै मनोवांछित फल प्राप्त हुने छ॥ २६-२७॥

नन्दिकेश्वर उवाच

इत्यनुगृह्य भगवान् विनीतौ विधिमाधवौ।
यत्पूर्वं प्रहतं युद्धे तयोः सैन्यं परस्परम्॥ २८

तदुत्थापयदत्यर्थं स्वशक्त्यामृतधारया।
तयोर्मौढ्यं च वैरं च व्यपनेतुमुवाच तौ॥ २९

नन्दिकेश्वर भन्नुहुन्छ—यस प्रकार विनम्र ब्रह्मा तथा विष्णुमाथि अनुग्रह गरी भगवान् शंकरले उनीहरूका जुन सैन्यदल परस्पर युद्धमा मारिएका थिए, तिनलाई आफ्नो अमृतवर्षिणी शक्तिले जीवित पारिदिनुभयो। ब्रह्मा र विष्णुको मूर्खता तथा [पारस्परिक] द्वेष मेटाउनका लागि भगवान् शंकर उहाँहरू दुवैसित भन्न लाग्नुभयो—॥ २८-२९॥

सकलं निष्कलं चेति स्वरूपद्वयमस्ति मे।
नान्यस्य कस्यचित्तस्मादन्यः सर्वोऽप्यनीश्वरः॥ ३०

पुरस्तात् स्तम्भरूपेण पश्चाद् रूपेण चार्भकौ।
ब्रह्मत्वं निष्कलं प्रोक्तमीशत्वं सकलं तथा॥ ३१

द्वयं ममैव संसिद्धं न मदन्यस्य कस्यचित्।
तस्मादीशत्वमन्येषां युवयोरपि न क्वचित्॥ ३२

मेरा दुई रूप छन्—'सकल' र 'निष्कल'। अरू कसैको यस्तो रूप छैन, अतः [म बाहेक] अरू सबै अनीश्वर हुन्। हे पुत्रहरू हो! पहिला म स्तम्भरूपले प्रकट भएँ, फेरि आफ्नो साक्षात्-रूपले। 'ब्रह्मभाव' मेरो 'निष्कल' रूप हो र 'महेश्वरभाव' सकल रूप हो। यी दुवै मेरा सिद्धरूप हुन्; म बाहेक अरू कसैको होइन। यस कारण तिमी दुवैको अथवा अरू कसैको पनि ईश्वरत्व कहिल्यै हुँदैन॥ ३०—३२॥

तदज्ञानेन वां वृत्तमीशमानं महाद्भुतम्।
तन्निराकर्तुमत्रैवमुत्थितोऽहं रणक्षितौ॥ ३३

त्यजतं मानमात्मीयं मयीशे कुरुतं मतिम्।
मत्प्रसादेन लोकेषु सर्वोऽप्यर्थः प्रकाशते॥ ३४

गुरूक्तिर्व्यञ्जकं तत्र प्रमाणं वा पुनः पुनः।
ब्रह्मतत्त्वमिदं गूढं भवत्प्रीत्या भणाम्यहम्॥ ३५

अज्ञानको कारण तिमी दुवैलाई जुन यो ईशत्वको आश्चर्यजनक अभिमान उत्पन्न भएको थियो, त्यसलाई दूर गर्नका लागि नै म यस रणभूमिमा प्रकट भएको हुँ। आफ्नो त्यस अभिमानलाई छोडिदेऊ र म परमेश्वरमा [आफ्नो] बुद्धि स्थिर गर। मेरो अनुग्रहले नै सबै लोकमा सबैथोक प्रकाशित हुन्छ। तिमीहरूप्रति प्रेम हुनाको कारणले नै म यस गोप्य ब्रह्मतत्त्वलाई बताइरहेको छु॥ ३३—३५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अहमेव परं ब्रह्म मत्स्वरूपं कलाकलम्।
ब्रह्मत्वादीश्वरश्चाहं कृत्यं मेऽनुग्रहादिकम्॥ ३६

बृहत्त्वाद् बृंहणत्वाच्च ब्रह्माहं ब्रह्मकेशवौ।
समत्वाद्व्यापकत्वाच्च तथैवात्माहमर्भकौ॥ ३७

म नै परब्रह्म हुँ। कल (सगुण) र अकल (निर्गुण)—यी दुवै मेरा स्वरूप हुन्। मेरो स्वरूप ब्रह्मरूप हुनाको कारण म ईश्वर पनि हुँ। जीवहरूमाथि अनुग्रह आदि गर्नु मेरा कार्यहरू हुन्। हे ब्रह्मा र केशव! सबैभन्दा बृहत् र जगत्को वृद्धि गर्नेवाला हुनाको कारण म 'ब्रह्म' हुँ। हे पुत्रहरू हो! सर्वत्र समरूपले स्थित र व्यापक हुनाले म नै सबैको आत्मा हुँ॥ ३६-३७॥

अनात्मानः परे सर्वे जीवा एव न संशयः।
अनुग्रहाद्यं सर्गान्तं जगत्कृत्यं च पञ्चकम्॥ ३८

ईशत्वादेव मे नित्यं न मदन्यस्य कस्यचित्।
आदौ ब्रह्मत्वबुद्ध्यर्थं निष्कलं लिङ्गमुत्थितम्॥ ३९

तस्मादज्ञातमीशत्वं व्यक्तं द्योतयितुं हि वाम्।
सकलोऽहमतो जातः साक्षादीशस्तु तत्क्षणात्॥ ४०

सकलत्वमतो ज्ञेयमीशत्वं मयि सत्वरम्।
यदिदं निष्कलं स्तम्भं मम ब्रह्मत्वबोधकम्॥ ४१

लिङ्गलक्षणयुक्तत्वान्मम लिङ्गं भवेदिदम्।
तदिदं नित्यमभ्यर्च्यं युवाभ्यामत्र पुत्रकौ॥ ४२

मदात्मकमिदं नित्यं मम सान्निध्यकारणम्।
महत्पूज्यमिदं नित्यमभेदाल्लिङ्गलिङ्गिनोः॥ ४३

अन्य सबै जीव अनात्मरूप हुन्; यसमा सन्देह छैन। सर्गदेखि लिएर अनुग्रहसम्म (आत्मा वा ईश्वरबाट भिन्न) जुन जगत्-सम्बन्धी पाँच कृत्य छन्, ती सदा मेरै हुन्, मेरो अतिरिक्त अरू कसैको होइन; किनभने म नै सबैको ईश्वर हुँ। पहिला मेरो ब्रह्मरूपताको बोध गराउनका लागि 'निष्कल' लिंग प्रकट भएको थियो, फेरि तिमी दुवैलाई अज्ञात ईश्वरत्वको स्पष्ट साक्षात्कार गराउनका लागि म साक्षात् जगदीश्वर नै 'सकल' रूपमा तत्काल प्रकट भएँ। अतः ममा जुन ईशत्व छ, त्यसैलाई मेरो सकलरूप जान्नु पर्दछ तथा जुन यो मेरा निष्कल स्तम्भ छ, त्यो मेरो ब्रह्मस्वरूपको बोध गराउनेवाला हो। हे पुत्र हो! लिंग-लक्षणयुक्त हुनाको कारण यो मेरै लिंग (चिह्न) हो। तिमी दुवैले प्रतिदिन यहाँ रहे यसको पूजा गर्नुपर्दछ। यो मेरै स्वरूप हो र मेरो सामीप्यको प्राप्ति गराउनेवाला हो। लिंग र लिंगीमा नित्य अभेद हुनाको कारण मेरो यस लिंगको महान् पुरुषहरूले पनि पूजा गर्नुपर्दछ॥ ३८—४३॥

यत्र प्रतिष्ठितं येन मदीयं लिङ्गमीदृशम्।
तत्र प्रतिष्ठितः सोऽहमप्रतिष्ठोऽपि वत्सकौ॥ ४४

हे वत्स हो! जहाँ-जहाँ जो कसैले मेरो लिंगलाई स्थापित गरेका छन्, त्यहाँ म अप्रतिष्ठित हुँदा पनि प्रतिष्ठित हुने छु॥ ४४॥

मत्साम्यमेकलिङ्गस्य स्थापने फलमीरितम्।
द्वितीये स्थापिते लिङ्गे मदैक्यं फलमेव हि॥ ४५

मेरो एउटा लिंगको स्थापना गर्नुको फल मेरो समानताको प्राप्ति बताइएको छ। एउटा पछि अरू शिवलिंगको पनि स्थापना गरिन्छ भने, तब फलरूपले मेरो साथ एकत्व (सायुज्य मोक्ष)-रूप फल प्राप्त हुन्छ॥ ४५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लिङ्गं प्राधान्यतः स्थाप्यं तथा वेरं तु गौणकम्।
लिङ्गाभावे न तत्क्षेत्रं सवेरमपि सर्वतः॥ ४६

प्रधानतया शिवलिंगको नै स्थापना गर्नुपर्छ। मूर्तिको स्थापना त्यसको अपेक्षा गौण हो। शिवलिंगको अभावमा सबैतिरबाट मूर्तियुक्त हुँदामा पनि त्यो स्थान क्षेत्र (तीर्थ) कहलिँदैन॥ ४६॥

इति श्रीशिवमहापुराणे प्रथमायां विद्येश्वरसंहितायां शिवस्य महेश्वराभिधानवर्णनं नाम नवमोऽध्यायः॥ ९॥

॥ यस प्रकार श्रीशिवमहापुराण अन्तर्गत प्रथम विद्येश्वरसंहितामा शिवको महेश्वरत्व वर्णन नामक नवौँ अध्याय पूर्ण भयो॥ ९॥

अथ दशमोऽध्यायः

सृष्टि, स्थिति आदि पाँच कृत्यहरूको प्रतिपादन, प्रणव एवं पंचाक्षर-मन्त्रको महत्त्व, ब्रह्मा-विष्णुद्वारा भगवान् शिवको स्तुति तथा उहाँ अन्तर्धान हुनु

ब्रह्मविष्णू ऊचतुः

सर्गादिपञ्चकृत्यस्य लक्षणं ब्रूहि नौ प्रभो।

शिव उवाच

मत्कृत्यबोधनं गुह्यं कृपया प्रब्रवीमि वाम्॥ १

सृष्टिः स्थितिश्च संहारस्तिरोभावोऽप्यनुग्रहः।
पञ्चैव मे जगत्कृत्यं नित्यसिद्धमजाच्युतौ॥ २

सर्गः संसारसंरम्भस्तत्प्रतिष्ठा स्थितिर्मता।
संहारो मर्दनं तस्य तिरोभावस्तदुत्क्रमः॥ ३

तन्मोक्षोऽनुग्रहस्तन्मे कृत्यमेवं हि पञ्चकम्।
कृत्यमेतद्वहत्यन्यस्तूष्णीं गोपुरबिम्बवत्॥ ४

सर्गादि यच्चतुःकृत्यं संसारपरिजृम्भणम्।
पञ्चमं मुक्तिहेतुर्वै नित्यं मयि च सुस्थिरम्॥ ५

तदिदं पञ्चभूतेषु दृश्यते मामकैर्जनैः।
सृष्टिर्भूमौ स्थितिस्तोये संहारः पावके तथा॥ ६

तिरोभावोऽनिले तद्वदनुग्रह इहाम्बरे।
सृज्यते धरया सर्वमद्भिः सर्वं प्रवर्धते॥ ७

अर्द्यते तेजसा सर्वं वायुना चापनीयते।
व्योम्नानुगृह्यते सर्वं ज्ञेयमेवं हि सूरिभिः॥ ८

ब्रह्मा र विष्णु भन्नुहुन्छ—हे प्रभु! हामी दुवैलाई सृष्टि आदि पाँच कृत्यको लक्षण बताउनुहोस्॥ १/२॥

शिव भन्नुहुन्छ—मेरा कृत्यहरूलाई सम्झन अत्यन्त गहन छ, तथापि म कृपापूर्वक तिमी दुवैलाई तिनको विषयमा बताइरहेको छु। हे ब्रह्मा र अच्युत! सृष्टि, स्थिति, संहार, तिरोभाव र अनुग्रह—यी पाँच नै मेरा जगत्-सम्बन्धी कार्य हुन्, जो नित्यसिद्ध छन्। संसारको रचनाको जुन आरम्भ छ, त्यो 'सर्ग' हो। मबाट पालित भएर सृष्टि सुस्थिररूपले रहनु नै त्यसको 'स्थिति' भनिएको छ। त्यसको विनाश नै 'संहार' हो। प्राणहरूको उत्क्रमण नै 'तिरोभाव' हो। यी सबैबाट छुटकारा पाउनु नै मेरो 'अनुग्रह' हो। यस प्रकार मेरा पाँच कृत्य छन्। यी मेरा कर्तव्यहरूलाई चुपचाप अन्य पंचभूतादिले वहन गर्दै रहन्छन्, जस्तो जलमा पर्ने शहरको ढोकाको प्रतिबिम्बमा आवागमन भइरहन्छ॥ १—४॥

सृष्टि आदि जुन चार कृत्य छन्, ती संसारको विस्तार गर्नेवाला हुन्। पाँचौँ कृत्य अनुग्रह मोक्षको कारण हो। त्यो सदा ममा नै अचल भावले स्थिर रहन्छ। मेरा भक्तजन यी पाँचै कृत्यलाई पाँच भूतहरूमा देख्दछन्। सृष्टि भूतलमा, स्थिति जलमा, संहार अग्निमा, तिरोभाव वायुमा र अनुग्रह आकाशमा स्थित छ। पृथ्वीबाट सबैको सृष्टि हुन्छ, जलबाट सबको वृद्धि हुन्छ, आगो सबैलाई जलाइदिन्छ, वायु सबैलाई एक स्थानबाट अर्को स्थानमा लिएर जान्छ र आकाश सबैलाई अनुगृहीत गर्दछ—यो विद्वान् पुरुषहरूले जान्नु पर्दछ॥ ५—८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चकृत्यमिदं वोढुं ममास्ति मुखपञ्चकम्।
चतुर्दिक्षु चतुर्वक्त्रं तन्मध्ये पञ्चमं मुखम्॥ ९

युवाभ्यां तपसा लब्धमेतत्कृत्यद्वयं सुतौ।
सृष्टिस्थित्यभिधं भाग्यं मत्तः प्रीतादतिप्रियम्॥ १०

तथा रुद्रमहेशाभ्यामन्यत्कृत्यद्वयं परम्।
अनुग्रहाख्यं केनापि लब्धुं नैव हि शक्यते॥ ११

तत्सर्वं पौर्विकं कर्म युवाभ्यां कालविस्मृतम्।
न तद् रुद्रमहेशाभ्यां विस्मृतं कर्म तादृशम्॥ १२

रूपे वेषे च कृत्ये च वाहने चासने तथा।
आयुधादौ च मत्साम्यमस्माभिस्तत्कृते कृतम्॥ १३

मद्ध्यानविरहाद्वत्सौ मौढ्यं वामेवमागतम्।
मज्ज्ञाने सति मैवं स्यान्मानं रूपं महेशवत्॥ १४

तस्मान्मज्ज्ञानसिद्ध्यर्थं मन्त्रमोंकारनामकम्।
इतः परं प्रजपतं मामकं मानभञ्जनम्॥ १५

उपादिशं निजं मन्त्रमोङ्कारमुरुमङ्गलम्।
ॐकारो मन्मुखाज्जज्ञे प्रथमं मत्प्रबोधकः॥ १६

वाचकोऽयमहं वाच्यो मन्त्रोऽयं हि मदात्मकः।
तदनुस्मरणं नित्यं ममानुस्मरणं भवेत्॥ १७

अकार उत्तरात् पूर्वमुकारः पश्चिमाननात्।
मकारो दक्षिणमुखाद् बिन्दुः प्राङ्मुखतस्तथा॥ १८

नादो मध्यमुखादेवं पञ्चधासौ विजृम्भितः।
एकीभूतः पुनस्तद्वदोमित्येकाक्षरोऽभवत्॥ १९

नामरूपात्मकं सर्वं वेदभूतकुलद्वयम्।
व्याप्तमेतेन मन्त्रेण शिवशक्त्योश्च बोधकः॥ २०

यी पाँच कृत्यहरूको भार वहन गर्नका लागि नै मेरा पाँच मुख छन्। चार दिशाहरूमा चार मुख छन् र यिनको बीचमा पाँचौँ मुख छ। हे पुत्र हो! तिमी दुवैले तपस्या गरी प्रसन्न भएको म परमेश्वरबाट भाग्यवश सृष्टि र स्थिति नामक दुई कृत्य प्राप्त गरेका छौ। यी दुवै तिमीहरूलाई ज्यादै प्रिय छन्। यसै प्रकार मेरो विभूतिस्वरूप रुद्र र महेश्वरले अन्य दुई उत्तम कृत्य—संहार र तिरोभाव मबाट प्राप्त गरेका छन्, तर अनुग्रह नामक कृत्य कसैले पाउन सक्तैनन्॥ ९—११॥

ती सबै पहिलाका कर्महरूलाई तिमी दुवैले समयानुसार भुल्यौ। रुद्र र महेश्वरले आफ्ना कर्मलाई भुलेका छैनन्, यसकारण मैले उनीहरूलाई आफ्नै समानता प्रदान गरेको छु। ती रूप, वेष, कृत्य, वाहन, आसन र आयुध आदिमा मेरै समान छन्॥ १२-१३॥

हे पुत्र हो! मेरो ध्यानबाट शून्य हुनाको कारण तिमी दुवैमा मूर्खता आएको छ, मेरो ज्ञान रहेपछि महेशको समान अभिमान र स्वरूप रहँदैन। यसकारण मेरो ज्ञानको सिद्धिका लागि मेरो ओंकार नामक मन्त्रको तिमी दुवैले जप गर, यो अभिमानलाई दूर गर्नेवाला छ॥ १४-१५॥

पूर्वकालमा मैले आफ्नो स्वरूपभूत मन्त्रको उपदेश गरेँ, जुन ओंकारको रूपमा प्रसिद्ध छ। त्यो महामंगलकारी मन्त्र हो। सबैभन्दा पहिला मेरो मुखबाट ओंकार (ॐ) प्रकट भयो, जुन मेरो स्वरूपको बोध गराउनेवाला छ। ओंकार वाचक हो र म वाच्य हुँ। यो मन्त्र मेरो स्वरूप नै हो। प्रतिदिन ओंकारको निरन्तर स्मरण गर्नाले मेरो नै सदा स्मरण भइरहन्छ॥ १६-१७॥

पहिला मेरो उत्तरवर्ती मुखबाट अकार, पश्चिम मुखबाट उकार, दक्षिण मुखबाट मकार, पूर्ववर्ती मुखबाट बिन्दु तथा मध्यवर्ती मुखबाट नाद उत्पन्न भयो। यस प्रकार पाँच अवयवहरूले युक्त भएर ओंकारको विस्तार भएको छ। यी सबै अवयवहरूसित एकीभूत भएर त्यो प्रणव ॐ नामक एक अक्षर भयो। यो नाम-रूपात्मक सारा जगत् तथा वेद-वर्णित स्त्री-पुरुषवर्गरूप दुवै कुल यस प्रणव-मन्त्रबाट व्याप्त छन्। यो मन्त्र शिव र शक्ति दुवैको बोधक हो॥ १८—२०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अस्मात् पञ्चाक्षरं जज्ञे बोधकं सकलस्य तत्।
अकारादिक्रमेणैव नकारादि यथाक्रमम्॥ २१

अस्मात् पञ्चाक्षराज्जाता मातृकाः पञ्चभेदतः।
तस्माच्छिरश्चतुर्वक्त्रात्त्रिपाद्गायत्रिरेव हि॥ २२

वेदः सर्वस्ततो जज्ञे ततो वै मन्त्रकोटयः।
तत्तन्मन्त्रेण तत्सिद्धिः सर्वसिद्धिरितो भवेत्॥ २३

अनेन मन्त्रकन्देन भोगो मोक्षश्च सिद्ध्यति।
सकला मन्त्रराजानः साक्षाद्भोगप्रदाः शुभाः॥ २४

यसै प्रणवबाट पंचाक्षरमन्त्रको उत्पत्ति हुन्छ, जुन मेरो सकल रूपको बोधक हो। त्यो अकारादि क्रमले र नकारादि क्रमले क्रमशः प्रकाशमा आएको छ। [ॐ नमः शिवाय] यस पंचाक्षरमन्त्रबाट मातृकावर्ण प्रकट भएका हुन्, जुन पाँच भेदवाला छन्।* त्यसैबाट शिरोमन्त्र तथा चार मुखबाट त्रिपदा गायत्रीको प्राकट्य भएको हो। त्यस गायत्रीबाट सम्पूर्ण वेद प्रकट भएका हुन् र ती वेदहरूबाट करोडौँ मन्त्र निस्केका हुन्। ती-ती मन्त्रहरूबाट भिन्न-भिन्न कार्यहरूको सिद्धि हुन्छ, परंतु यस प्रणव एवं पंचाक्षरबाट सम्पूर्ण मनोरथको सिद्धि हुन्छ। यस मूलमन्त्रबाट भोग र मोक्ष दुवै सिद्ध हुन्छ। मेरो सकल स्वरूपसित सम्बन्ध राख्ने सबै मन्त्रराज साक्षात् भोग प्रदान गर्ने र शुभकारक छन्॥ २१—२४॥

नन्दिकेश्वर उवाच

पुनस्तयोस्तत्र तिरः पटं गुरुः
प्रकल्प्य मन्त्रं च समादिशत् परम्।
निधाय तच्छीर्ष्णि कराम्बुजं शनै-
रुदङ्मुखं संस्थितयोः सहाम्बिकः॥ २५

त्रिरुच्चार्याग्रहीन्मन्त्रं यन्त्रतन्त्रोक्तिपूर्वकम्।
शिष्यौ च तौ दक्षिणायामात्मानं च समार्पयत्॥ २६
प्रबद्धहस्तौ किल तौ तदन्तिके
तमूचतुर्देववरं जगद्गुरुम्॥ २७

नन्दिकेश्वर भन्नुहुन्छ—त्यसपछि जगदम्बा पार्वतीका साथ बस्नुभएका गुरुवर महादेवले उत्तराभिमुख बस्नुभएका ब्रह्मा र विष्णुलाई वस्त्रले ढाकेर उहाँहरूको शिरमा आफ्नो करकमल राखेर बिस्तारै-बिस्तारै उच्चारण गरी उत्तम मन्त्रको उपदेश दिनुभयो॥ २५॥

यन्त्र-तन्त्रमा बताइएका विधिको पालन-पूर्वक तीन पटक मन्त्रको उच्चारण गरी भगवान् शिवले ती दुवै शिष्यलाई मन्त्रको दीक्षा दिनुभयो। तत्पश्चात् ती शिष्यले गुरुदक्षिणाको रूपमा स्वयं आफैँलाई समर्पित गरिदिनुभयो र दुवै हात जोडेर उहाँको समीपमा खडा भई देवश्रेष्ठ जगद्गुरुको स्तवन गर्नुभयो॥ २६-२७॥

ब्रह्माच्युतावूचतुः

नमो निष्कलरूपाय नमो निष्कलतेजसे।
नमः सकलनाथाय नमस्ते सकलात्मने॥ २८

नमः प्रणववाच्याय नमः प्रणवलिङ्गिने।
नमः सृष्ट्यादिकर्त्रे च नमः पञ्चमुखाय ते॥ २९

ब्रह्मा र विष्णु भन्नुहुन्छ—[हे प्रभु!] हजुर निष्कलरूप हुनुहुन्छ; हजुरलाई नमस्कार छ। हजुर निष्कल तेजबाट प्रकाशित हुनुहुन्छ; हजुरलाई नमस्कार छ। हजुर सबैका स्वामी हुनुहुन्छ; हजुरलाई नमस्कार छ। हजुर सर्वात्मालाई नमस्कार छ अथवा सकल-स्वरूप हजुर महेश्वरलाई नमस्कार छ। हजुर प्रणवको वाच्यार्थ हुनुहुन्छ; हजुरलाई नमस्कार छ। हजुर प्रणवलिंगवाला हुनुहुन्छ; हजुरलाई नमस्कार छ। सृष्टि, पालन, संहार, तिरोभाव र अनुग्रह गर्नुहुने हजुरलाई नमस्कार छ। हजुरका पाँच मुख छन्; हजुरलाई नमस्कार छ। पंचब्रह्मस्वरूप पाँच कृत्य

* अ इ उ ऋ लृ—यी पाँच मूलभूत स्वर हुन् तथा व्यंजन पनि पाँच-पाँच वर्णहरूबाट युक्त पाँच वर्गवाला छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चब्रह्मस्वरूपाय पञ्चकृत्याय ते नमः।
आत्मने ब्रह्मणे तुभ्यमनन्तगुणशक्तये॥ ३०

सकलाकलरूपाय शम्भवे गुरवे नमः।
इति स्तुत्वा गुरुं पद्यैर्ब्रह्मा विष्णुश्च नेमतुः॥ ३१

भएका हजुरलाई नमस्कार छ। हजुर सबैको आत्मा हुनुहुन्छ, ब्रह्म हुनुहुन्छ, हजुरका गुण र शक्तिहरू अनन्त छन्, हजुरलाई नमस्कार छ। हजुरका सकल र निष्कल दुई रूप छन्। हजुर सद्गुरु एवं शम्भु हुनुहुन्छ, हजुरलाई नमस्कार छ। यी पद्यहरूद्वारा आफ्नो गुरु महेश्वरको स्तुति गरी ब्रह्मा र विष्णुले उहाँका चरणहरूमा प्रणाम गर्नुभयो॥ २८—३१॥

ईश्वर उवाच

वत्सकौ सर्वतत्त्वं च कथितं दर्शितं च वाम्।
जपतं प्रणवं मन्त्रं देवीदिष्टं मदात्मकम्॥ ३२

ईश्वर भन्नुहुन्छ—हे वत्सहरू हो! मैले तिमी दुवैलाई सारा तत्त्व बताइदिएँ र देखाइ पनि दिएँ। तिमी दुवै देवीद्वारा उपदिष्ट प्रणव (ॐ) को, जुन मेरै स्वरूप हो-निरन्तर जप गर॥ ३२॥

ज्ञानं च सुस्थिरं भाग्यं सर्वं भवति शाश्वतम्।
आर्द्रायां च चतुर्दश्यां तज्जप्यं त्वक्षयं भवेत्॥ ३३

सूर्यगत्या महार्द्रायामेकं कोटिगुणं भवेत्।
मृगशीर्षान्तिमो भागः पुनर्वस्वादिमस्तथा॥ ३४

आर्द्रासमं सदा ज्ञेयं पूजाहोमादितर्पणे।
दर्शनं तु प्रभाते च प्रातःसङ्गवकालयोः॥ ३५

[यसको जपले] ज्ञान, स्थिर भाग्य—सबथोक सदाका लागि प्राप्त हुन जान्छ। आर्द्रा नक्षत्रले युक्त चतुर्दशीमा प्रणवको जप गरिन्छ भने त्यो अक्षय फल दिनेवाला हुन्छ। सूर्यको संक्रान्तिले युक्त महा-आर्द्रा नक्षत्रमा एक पटक गरिएको प्रणवजपले कोटिगुणा जपको फल दिन्छ। मृगशिरा नक्षत्रको अन्तिम भाग तथा पुनर्वसुको आदिभाग पूजा, होम र तर्पण आदिका लागि सदा आर्द्रा नक्षत्रसमान नै हुन्छ—यो बुझ्नु पर्छ। मेरो वा मेरो लिंगको दर्शन प्रभातकालमा नै अर्थात् प्रातः तथा संगव (मध्याह्नभन्दा पूर्व)-कालमा गर्नुपर्दछ॥ ३३—३५॥

चतुर्दशी तथा ग्राह्या निशीथव्यापिनी भवेत्।
प्रदोषव्यापिनी चैव परयुक्ता प्रशस्यते॥ ३६

लिङ्गं वेरं च मे तुल्यं यजतां लिङ्गमुत्तमम्।
तस्माल्लिङ्गं परं पूज्यं वेरादपि मुमुक्षुभिः॥ ३७

लिङ्गमोङ्कारमन्त्रेण वेरं पञ्चाक्षरेण तु।
स्वयमेव हि सद्द्रव्यैः प्रतिष्ठाप्यं परैरपि॥ ३८

पूजयेदुपचारैश्च मत्पदं सुलभं भवेत्।
इति शास्य तथा शिष्यौ तत्रैवान्तर्हितः शिवः॥ ३९

मेरो दर्शन-पूजाका लागि चतुर्दशी तिथि निशीथव्यापिनी अथवा प्रदोषव्यापिनी पार्नु पर्दछ; किनभने परवर्तिनी (अमावास्या) तिथिले संयुक्त चतुर्दशीको नै प्रशंसा गरिन्छ। पूजा गर्नेहरूका लागि मेरो मूर्ति तथा लिंग दुवै समान छन्, फेरि पनि मूर्तिको अपेक्षा लिंगको स्थान श्रेष्ठ छ। यसकारण मुमुक्षु पुरुषहरूले वेर (मूर्ति)-भन्दा पनि श्रेष्ठ ठानेर लिंगको नै पूजा गरून्। लिंगको ॐकारमन्त्रले र मूर्तिको पंचाक्षरमन्त्रले पूजा गर्नुपर्दछ। शिवलिंगको स्वयं नै स्थापना गरी अथवा अरूबाट पनि स्थापना गराएर उत्तम द्रव्यमय उपचारहरूले पूजा गर्नुपर्छ। यसबाट मेरो पद सुलभ हुन जान्छ। यस प्रकार ती दुवै शिष्यहरूलाई उपदेश दिएर भगवान् शिव त्यहीं अन्तर्धान हुनुभयो॥ ३६—३९॥

इति श्रीशिवमहापुराणे प्रथमायां विद्येश्वरसंहितायां ओंकारोपदेशवर्णनं नाम दशमोऽध्यायः॥ १०॥

॥ यस प्रकार श्रीशिवमहापुराण अन्तर्गत प्रथम विद्येश्वरसंहितामा ओंकारोपदेश वर्णन नामक दसौँ अध्याय पूर्ण भयो॥ १०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथैकादशोऽध्यायः

शिवलिंगको स्थापना, त्यसको लक्षण र पूजा विधिको वर्णन तथा शिवपदको प्राप्ति गराउने सत्कर्महरूको विवेचना

ऋषय ऊचुः

कथं लिङ्गं प्रतिष्ठाप्यं कथं वा तस्य लक्षणम्।
कथं वा तत्समभ्यर्च्यं देशे काले च केन हि॥ १

ऋषिगण भन्दछन्—[हे सूत!] शिवलिंगको स्थापना कसरी गर्नुपर्छ, त्यसको लक्षण के हो तथा त्यसको पूजा कसरी गर्नुपर्छ, कुन देश-कालमा गर्नुपर्छ र कुन द्रव्यद्वारा त्यसको निर्माण हुनुपर्छ?॥ १॥

सूत उवाच

युष्मदर्थं प्रवक्ष्यामि बुध्यतामवधानतः।
अनुकूले शुभे काले पुण्ये तीर्थे तटे तथा॥ २

यथेष्टं लिङ्गमारोप्यं यत्र स्यान्नित्यमर्चनम्।
पार्थिवेन तथाप्येन तैजसेन यथारुचि॥ ३

कल्पलक्षणसंयुक्तं लिङ्गं पूजाफलं लभेत्।
सर्वलक्षणसंयुक्तं सद्यः पूजाफलप्रदम्॥ ४

सूत भन्नुहुन्छ—[हे महर्षिहरू हो!] म तपाईंहरूका लागि यस विषयको वर्णन गर्छु। ध्यान दिएर सम्झनुहोस्। अनुकूल एवं शुभ समयमा कुनै पवित्र तीर्थमा अथवा नदी आदिको किनारमा आफ्नो रुचिअनुसार यस्तो ठाउँमा शिवलिंगको स्थापना गर्नुपर्छ, जहाँ नित्य पूजा हुन सकोस्। पार्थिव द्रव्यबाट, जलमय द्रव्यबाट अथवा धातुमय पदार्थबाट आफ्नो रुचिअनुसार कल्पोक्त लक्षणहरूले युक्त शिवलिंगको निर्माण गरी त्यसको पूजा गर्नाले उपासकलाई त्यस पूजाको पूरा-पूरा फल प्राप्त हुन्छ। सम्पूर्ण शुभ लक्षणले युक्त शिवलिंग तत्काल पूजाको फल दिनेवाला हुन्छ॥ २—४॥

चरे विशिष्यते सूक्ष्मं स्थावरे स्थूलमेव हि।
सलक्षणं सपीठं च स्थापयेच्छिवनिर्मितम्॥ ५

मण्डलं चतुरस्रं वा त्रिकोणमथवा तथा।
खट्वाङ्गवन्मध्यसूक्ष्मं लिङ्गपीठं महाफलम्॥ ६

यदि चलप्रतिष्ठा गर्ने हो भने यसका लागि सानो शिवलिंग र यदि अचलप्रतिष्ठा गर्ने हो भने स्थूल शिवलिंग श्रेष्ठ मानिन्छ। उत्तम लक्षणहरूले युक्त पीठसहित शिवलिंगको स्थापना गर्नुपर्छ। शिवलिंगको पीठ मण्डलाकार (गोलाकार), चारकुने, तीनकुने अथवा खाटको खुट्टाको आकारको (तलमाथि मोटो र बिचमा पातलो) हुनुपर्छ। यस्तो लिंगपीठ महान् फल दिनेवाला हुन्छ॥ ५-६॥

प्रथमं मृच्छिलादिभ्यो लिङ्गं लोहादिभिः कृतम्।
येन लिङ्गं तेन पीठं स्थावरे हि विशिष्यते॥ ७

लिङ्गं पीठं चरे त्वेकं लिङ्गं बाणकृतं विना।
लिङ्गप्रमाणं कर्तॄणां द्वादशाङ्गुलमुत्तमम्॥ ८

पहिला माटो, ढुङ्गा आदिबाट अथवा फलाम आदिबाट शिवलिंगको निर्माण गर्नुपर्छ। जुन द्रव्यबाट शिवलिंगको निर्माण हुन्छ, त्यसैबाट त्यसको पीठ (वेदी) पनि बनाउनु पर्छ—यही स्थावर (अचल प्रतिष्ठावाला) शिवलिंगको विशेष कुरा हो। चर (चलप्रतिष्ठावाला) शिवलिंगमा पनि लिंग र पीठको एउटै उपादान हुनुपर्छ, तर बाणलिंगका लागि यो नियम छैन। लिंगको लम्बाई निर्माणकर्ताको बाह्र अंगुल बराबरको हुनुपर्छ—यस्तो शिवलिंगलाई नै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न्यूनं चेत्फलमल्पं स्यादधिकं नैव दुष्यते।
कर्तुरेकाङ्गुलन्यूनं चरेऽपि च तथैवं हि॥ ९

उत्तम भनिएको छ। यसभन्दा कम लम्बाई भयो भने फलमा कमी आउँछ, बढी भएमा कुनै दोष छैन। चर लिंगमा पनि त्यस्तै नियम छ, त्यसको लम्बाई कम्तिमा कर्ताको एक अंगुल बराबरको हुनुपर्छ॥ ७—९॥

आदौ विमानं शिल्पेन कार्यं देवगणैर्युतम्।
तत्र गर्भगृहे रम्ये दृढे दर्पणसन्निभे॥ १०
भूषिते नवरत्नैश्च दिग्द्वारे च प्रधानके।
नीलं रक्तं च वैडूर्यं श्यामं मारकतं तथा॥ ११
मुक्ताप्रवालगोमेदवज्राणि नवरत्नकम्।
मध्ये लिङ्गं महद् द्रव्यं निःक्षिपेत्सहवैदिके॥ १२
सम्पूज्य लिङ्गं सद्याद्यैः पञ्चस्थाने यथाक्रमम्।
अग्नौ च हुत्वा बहुधा हविषा सकुलं च माम्॥ १३
अभ्यर्च्य गुरुमाचार्यमर्थैः कामैश्च बान्धवम्।
दद्यादैश्वर्यमर्थिभ्यो जडमप्यजडं तथा॥ १४

सर्वप्रथम शिल्पशास्त्रअनुसार एउटा निश्चित परिमाणवाला देवालय बनाउनु, जुन देवगणहरूका मूर्तिहरूले अलंकृत होस्। त्यसको गर्भगृह (भित्रीभाग) ज्यादै सुन्दर, बलियो र ऐनाको समान स्वच्छ होस्। त्यसलाई नौ प्रकारका रत्नहरूले विभूषित गरियोस्। त्यसको पूर्व र पश्चिम दिशामा दुई मुख्य द्वार होस्। जहाँ शिवलिंगको स्थापना गर्ने हो, त्यस स्थानको खाल्टोमा नीलम, रातो रत्न, वैदूर्य, श्याम रत्न, मरकत, मोती, मूँगा, गोमेद र हीरा—यी नौ रत्नहरूलाई तथा अन्य महत्त्वपूर्ण द्रव्यहरूलाई वैदिक मन्त्रहरूका साथ चढाइयोस्। सद्योजात आदि पाँच वैदिक मन्त्रद्वारा शिवलिंगको पाँच स्थानमा क्रमशः पूजा गरी अग्निमा हविष्यका अनेक आहुतिहरू दिनू र परिवारसहित मेरो पूजा गरी गुरुस्वरूप आचार्यलाई धन तथा भाइ-बन्धुहरूलाई अभिलाषित वस्तुहरूले सन्तुष्ट पार्नू। याचकहरूलाई जड (सुवर्ण, गृह एवं भू-सम्पत्ति) तथा चेतन (गाई आदि) वैभव प्रदान गर्नू॥ १०—१४॥

स्थावरं जङ्गमं जीवं सर्वं सन्तोष्य यत्नतः।
सुवर्णपूरिते श्वभ्रे नवरत्नैश्च पूरिते॥ १५
सद्यादि ब्रह्म चोच्चार्य ध्यात्वा देवं परं शुभम्।
उदीर्य च महामन्त्रमोंकारं नादघोषितम्॥ १६
लिङ्गं तत्र प्रतिष्ठाप्य लिङ्गं पीठेन योजयेत्।
लिङ्गं सपीठं निक्षिप्य नित्यलेपेन बन्धयेत्॥ १७

स्थावर-जंगम सबै जीवलाई यत्नपूर्वक सन्तुष्ट पारी एउटा खाडलमा सुन तथा नौ प्रकारका रत्न भरेर सद्योजातादि* वैदिक मन्त्रको उच्चारण गरी परम कल्याणकारी महादेवको ध्यान गर्नु। तत्पश्चात् नादघोषले युक्त महामन्त्र ओंकारको उच्चारण गरी उक्त खाडलमा शिवलिंगको स्थापना गरी त्यसलाई वेदीमा जोड्नुपर्छ। यस प्रकार वेदीयुक्त लिंगको स्थापना गरी त्यसलाई नित्य लेप (दीर्घकालसम्म नछुट्टिने गरी)-ले जोडेर स्थिर गर्नुपर्छ॥ १५—१७॥

* ॐ सद्योजातं प्रपद्यामि सद्योजाताय वै नमो नमः। भवे भवे नातिभवे भवस्व मां भवोद्भवाय नमः॥
ॐ वामदेवाय नमो ज्येष्ठाय नमः श्रेष्ठाय नमो रुद्राय नमः कालाय नमः कलविकरणाय नमो बलविकरणाय नमो बलाय नमो बलप्रमथनाय नमः सर्वभूतदमनाय नमो मनोन्मनाय नमः॥
ॐ अघोरेभ्योऽथ घोरेभ्यो घोरघोरतरेभ्यः। सर्वेभ्यः सर्वशर्वेभ्यो नमस्तेऽस्तु रुद्ररूपेभ्यः॥
ॐ तत्पुरुषाय विद्महे महादेवाय धीमहि। तन्नो रुद्रः प्रचोदयात्॥
ॐ ईशानः सर्वविद्यानामीश्वरः सर्वभूतानां ब्रह्माधिपतिर्ब्रह्मणोऽधिपतिर्ब्रह्मा शिवो मे अस्तु सदा शिवोम्॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एवं वेरं च संस्थाप्यं तत्रैव परमं शुभम्।
पञ्चाक्षरेण वेरं तु उत्सवार्थं बहिस्तथा॥ १८

यसरी नै त्यहाँ पंचाक्षर मन्त्रले परम सुन्दर वेर (मूर्ति)-को पनि स्थापना गर्नुपर्छ (सारांश यो हो कि भूमि-संस्कार आदिको सारा विधि जसरी लिंगप्रतिष्ठाका लागि बताइएको छ, त्यसरी नै (मूर्ति)-प्रतिष्ठाका लागि पनि सम्झनु पर्छ। अन्तर यतिमात्र हो कि लिंगप्रतिष्ठाका लागि प्रणवमन्त्र उच्चारणको विधान छ, तर मूर्तिको प्रतिष्ठा पंचाक्षरमन्त्रबाट गर्नुपर्छ)। जहाँ लिंगको प्रतिष्ठा भएको छ, त्यहाँ पनि उत्सवका लागि र बाहिर सवारी निकाल्नका निम्ति वेर (मूर्ति)-लाई राख्नु आवश्यक छ॥ १८॥

वेरं गुरुभ्यो गृह्णीयात्साधुभिः पूजितं तु वा।
एवं लिङ्गे च वेरे च पूजा शिवपदप्रदा॥ १९
पुनश्च द्विविधं प्रोक्तं स्थावरं जङ्गमं तथा।
स्थावरं लिङ्गमित्याहुस्तरुगुल्मादिकं तथा॥ २०
जङ्गमं लिङ्गमित्याहुः कृमिकीटादिकं तथा।
स्थावरस्य च शुश्रूषा जङ्गमस्य च तर्पणम्॥ २१
तत्तत्सुखानुरागेण शिवपूजां विदुर्बुधाः।

मूर्तिलाई बाहिरबाट पनि लिन सकिन्छ। त्यसलाई गुरुजनहरूले ग्रहण गरून्। बाह्य मूर्ति त्यही लिनयोग्य हुन्छ, जुन साधुपुरुषहरूद्वारा पूजित हुन्छ। यस प्रकार लिंगमा र मूर्तिमा पनि गरिएको महादेवको पूजा शिवपद प्रदान गर्नेवाला हुन्छ। स्थावर र जंगमको भेदले लिंग पनि दुई प्रकारका बताइएका छन्। वृक्ष, लता आदिलाई स्थावर लिंग भनिन्छ र कीरा-कमिला आदिलाई जंगम लिंग। सिंचाई आदिद्वारा स्थावर लिंगको सेवा गर्नुपर्छ र जंगम लिंगलाई आहार एवं जल आदि दिएर तृप्त गर्नु उचित हुन्छ। ती स्थावर-जंगम जीवहरूलाई सुख पुर्‍याउनमा अनुरक्त हुनु भगवान् शिवको पूजा हो—यस्तो विद्वान् पुरुष मान्दछन्। [यस प्रकार चराचर जीवहरूलाई नै भगवान् शंकरको प्रतीक मानेर तिनको पूजा गर्नुपर्छ।]॥ १९—२१½॥

पीठमम्बामयं सर्वं शिवलिङ्गं च चिन्मयम्॥ २२
यथा देवीमुमामङ्के धृत्वा तिष्ठति शङ्करः।
तथा लिङ्गमिदं पीठं धृत्वा तिष्ठति सन्ततम्॥ २३

सबै वेदीहरू पराप्रकृति जगदम्बाका स्वरूप हुन् र समस्त शिवलिंग चैतन्यस्वरूप हुन्। जसरी भगवान् शंकर देवी पार्वतीलाई काखमा बसाएर विराजमान हुन्छन्, त्यसै प्रकार यो शिवलिंग सदा वेदीका साथ नै विराजमान हुन्छ॥ २२-२३॥

एवं स्थाप्य महालिङ्गं पूजयेदुपचारकैः।
नित्यपूजा यथाशक्ति ध्वजादिकरणं तथा॥ २४
इति संस्थापयेल्लिङ्गं साक्षाच्छिवपदप्रदम्।
अथवा चरलिङ्गं तु षोडशैरुपचारकैः॥ २५
पूजयेच्च यथान्यायं क्रमाच्छिवपदप्रदम्।
आवाहनं चासनं च अर्घ्यं पाद्यं तथैव च॥ २६

यसै गरी महालिंगको स्थापना गरी विविध उपचारद्वारा त्यसको पूजा गर्नुपर्छ। आफ्नो शक्तिअनुसार नित्य पूजा तथा देवालयको नजिक ध्वजारोपण आदि गर्नुपर्छ। यस प्रकार साक्षात् शिवको पद प्रदान गर्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तदङ्गाचमनं चैव स्नानमभ्यङ्गपूर्वकम्।
वस्त्रं गन्धं तथा पुष्पं धूपं दीपं निवेदनम्॥ २७

नीराजनं च ताम्बूलं नमस्कारो विसर्जनम्।
अथवार्घ्यादिकं कृत्वा नैवेद्यान्तं यथाविधि॥ २८

अथाभिषेकं नैवेद्यं नमस्कारं च तर्पणम्।
यथाशक्ति सदा कुर्यात्क्रमाच्छिवपदप्रदम्॥ २९

अथवा मानुषे लिङ्गेऽप्यार्षे दैवे स्वयम्भुवि।
स्थापितेऽपूर्वके लिङ्गे सोपचारं यथा तथा॥ ३०

पूजोपकरणे दत्ते यत्किञ्चित्फलमश्नुते।
प्रदक्षिणानमस्कारैः क्रमाच्छिवपदप्रदम्॥ ३१

लिङ्गदर्शनमात्रं वा नियमेन शिवप्रदम्।
मृत्पिष्टगोशकृत्पुष्पैः करवीरेण वा फलैः॥ ३२

गुडेन नवनीतेन भस्मनान्नैर्यथारुचि।
लिङ्गं यत्नेन कृत्वान्ते यजेत्तदनुसारतः॥ ३३

अङ्गुष्ठादावपि तथा पूजामिच्छन्ति केचन।
लिङ्गकर्मणि सर्वत्र निषेधोऽस्ति न कर्हिचित्॥ ३४

सर्वत्र फलदाता हि प्रयासानुगुणं शिवः।
अथवा लिङ्गदानं वा लिङ्गमौल्यमथापि वा॥ ३५

श्रद्धया शिवभक्ताय दत्तं शिवपदप्रदम्।
अथवा प्रणवं नित्यं जपेद्दशसहस्रकम्॥ ३६

सन्ध्ययोश्च सहस्रं वा ज्ञेयं शिवपदप्रदम्।
जपकाले मकारान्तं मनःशुद्धिकरं भवेत्॥ ३७

लिंगको स्थापना गर्नुपर्छ अथवा चर लिंगमा षोडशोपचारद्वारा यथोचित रीतिले क्रमशः पूजा गर्नुपर्छ। यो पूजा पनि शिवपद प्रदान गर्नेवाला छ। आवाहन, आसन, पाद्य, अर्घ्य, पाद्यांग आचमन, अभ्यंगपूर्वक स्नान, वस्त्र, चन्दन, पुष्प, धूप, दीप, नैवेद्य, पान-सुपारी समर्पण, नीराजन, नमस्कार र विसर्जन—यी सोह्र उपचार हुन्। अथवा अर्घ्यदेखि लिएर नैवेद्यसम्म विधिवत् पूजा गर्नुपर्छ। अभिषेक, नैवेद्य, नमस्कार र तर्पण—यी सबै यथाशक्ति नित्य गर्नुपर्छ। यसरी गरिएको शिवको पूजा शिवपद प्रदायक हुन्छ॥ २४—२९॥

अथवा कुनै मनुष्यद्वारा, ऋषिहरूद्वारा, देवताहरूद्वारा स्थापित शिवलिंगमा, स्वत प्रकट भएको स्वयम्भूलिंगमा तथा आफूद्वारा भर्खरै स्थापित गरिएको शिवलिंगमा पनि उपचार-समर्पणपूर्वक जसो-तसो पूजा गर्नाले वा पूजाको सामग्री दिनाले पनि माथि जे जति बताइएका छन्, मनुष्यले त्यो सारा फल प्राप्त गर्दछ। क्रमशः परिक्रमा र नमस्कार गर्नाले पनि शिवलिंग शिवपद प्रदायक हुन्छ। यदि नियमपूर्वक शिवलिंगको दर्शनमात्र गरेमा त्यो पनि कल्याणप्रद हुन्छ। माटो, पीठो, गाईको गोबर, फूल, कनेरपुष्प, फल, सख्खर, मक्खन, खरानी अथवा अन्नबाट पनि आफ्नो चाहनाअनुसार शिवलिंग बनाएर तदनुसार त्यसको पूजा गर्नुपर्छ॥ ३०—३३॥

केही व्यक्ति हातको औँला आदिमा पनि पूजा गर्न चाहन्छन्। लिंगको निर्माण जहाँ गरे पनि कुनै प्रकारको निषेध छैन। भगवान् शिव सर्वत्र नै भक्तहरूका प्रयत्नअनुसार फल प्रदान गर्नुहुन्छ। अथवा श्रद्धापूर्वक शिवभक्तलाई शिवलिंगको दान वा लिंगको मूल्य दान गर्नाले पनि शिवलोकको प्राप्ति हुन्छ॥ ३४-३५ १/२॥

अथवा प्रतिदिन दस हजार प्रणवमन्त्रको जप अथवा दुवै सन्ध्याको समय एक-एक हजार प्रणवको जप गर्ने गर्नुपर्छ। यो क्रम पनि शिवपदको प्राप्ति गराउनेवाला छ—यस्तो जान्नु पर्छ। जपकालमा मकारान्त प्रणवको उच्चारणले मनलाई शुद्ध बनाइदिन्छ। समाधिमा मानसिक जपको विधान छ तथा अरू सबै समयमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समाधौ मानसं प्रोक्तमुपांशु सार्वकालिकम्।
समानप्रणवं चेमं बिन्दुनादयुतं विदुः॥ ३८

अथ पञ्चाक्षरं नित्यं जपेदयुतमादरात्।
सन्ध्ययोश्च सहस्रं वा ज्ञेयं शिवपदप्रदम्॥ ३९

प्रणवेनादिसंयुक्तं ब्राह्मणानां विशिष्यते।
दीक्षायुक्तं गुरोर्ग्राह्यं मन्त्रं ह्यथ फलाप्तये॥ ४०

कुम्भस्नानं मन्त्रदीक्षां मातृकान्यासमेव च।
ब्राह्मणः सत्यपूतात्मा गुरुर्ज्ञानी विशिष्यते॥ ४१

द्विजानां च नमः पूर्वमन्येषां च नमोऽन्तकम्।
स्त्रीणां च केचिदिच्छन्ति नमोऽन्तं च यथाविधि॥ ४२

विप्रस्त्रीणां नमः पूर्वमिदमिच्छन्ति केचन।
पञ्चकोटिजपं कृत्वा सदाशिवसमो भवेत्॥ ४३

एकद्वित्रिचतुःकोट्या ब्रह्मादीनां पदं व्रजेत्।
जपेदक्षरलक्षं वा अक्षराणां पृथक्पृथक्॥ ४४

अथवाक्षरलक्षं वा ज्ञेयं शिवपदप्रदम्।
सहस्रं तु सहस्राणां सहस्रेण दिनेन हि॥ ४५

जपेन्मन्त्रादिष्टसिद्धिर्नित्यं ब्राह्मणभोजनात्।

उपांशु* जप नै गर्नुपर्छ। नाद र बिन्दुले युक्त ओंकारको उच्चारणलाई विद्वान् पुरुष समानप्रणव भन्दछन्। यदि प्रतिदिन आदरपूर्वक दस हजार पंचाक्षर मन्त्रको जप गरेमा अथवा दुवै सन्ध्याहरूको समय एक-एक हजारको मात्र जप गरियो भने त्यसको फलस्वरूप शिवपदको प्राप्ति हुन्छ भन्ने सम्झनुपर्छ॥ ३६—३९॥

ब्राह्मणहरूका लागि आरम्भमा प्रणवले युक्त पंचाक्षरमन्त्र उत्तम बताइएको छ। फल प्राप्तिका लागि दीक्षापूर्वक गुरुबाट मन्त्र ग्रहण गर्नुपर्छ। कलशले गरिएको स्नान, मन्त्रको दीक्षा, मातृकाहरूको न्यास, शुद्ध अन्तरात्मा भएका ब्राह्मण तथा ज्ञानी गुरु—यी सबैलाई उत्तम मानिएको छ॥ ४०-४१॥

ब्राह्मणहरूका लागि **'नमः शिवाय'** उच्चारणको विधान छ। ब्राह्मण बाहेकका लागि अन्तमा नमः-पद प्रयोगको विधि छ अर्थात् ती **'शिवाय नमः'** यस मन्त्रको उच्चारण गरून्। स्त्रीहरूका लागि पनि कतै-कतै विधिपूर्वक अन्तमा नमः जोडेर उच्चारणको नै विधान छ अर्थात् कुनै-कुनै ऋषि ब्राह्मणका स्त्रीहरूका लागि नमःपूर्वक शिवाय जपको अनुमति दिन्छन् अर्थात् ती **'नमः शिवाय'** को जप गरून्। पंचाक्षर-मन्त्रको पाँच करोड जप गरी मनुष्य भगवान् सदाशिव समान हुन्छ। एक, दुई, तीन अथवा चार करोडको जप गर्नाले क्रमशः ब्रह्मा, विष्णु, रुद्र तथा महेश्वरको पद प्राप्त हुन्छ अथवा मन्त्रमा जति अक्षर छन्, तिनको पृथक्-पृथक् एक-एक लाख गर्नुपर्छ अथवा समस्त अक्षरहरूको एकै साथ जति अक्षर हुन्छन्, त्यति लाख जप गर्नुपर्छ। यसरी गरिएको जपलाई शिवपदको प्राप्ति गराउनेवाला बुझ्नु पर्छ। यदि प्रतिदिन एक हजार जपको क्रमले एक हजार दिनमा पंचाक्षर-मन्त्रको दस लाख जप पूरा गरेमा तथा प्रतिदिन ब्राह्मण-भोजन गराएमा त्यस मन्त्रबाट अभीष्ट कार्यको सिद्धि हुन्छ॥ ४२—४५१/२॥

ब्राह्मणहरूले प्रतिदिन प्रातःकाल एक हजार आठ

* मन्त्राक्षरको उच्चारण यति सानो स्वरमा गर्नू कि त्यसलाई अरू कसैले सुन्न नसकून्, यस्तो जपलाई उपांशु भनिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अष्टोत्तरसहस्त्रं वै गायत्रीं प्रातरेव हि॥ ४६

ब्राह्मणस्तु जपेन्नित्यं क्रमाच्छिवपदप्रदाम्।
वेदमन्त्रांश्च सूक्तानि जपेन्नियममास्थितः॥ ४७

एकं दशार्णमन्त्रं च शतोनं च तदूर्ध्वकम्।
अयुतं च सहस्त्रं च शतमेकं विना भवेत्॥ ४८

वेदपारायणं चैव ज्ञेयं शिवपदप्रदम्।
अन्यान्बहुतरान्मन्त्राञ्जपेदक्षरलक्षतः ॥ ४९

एकाक्षरांस्तथा मन्त्राञ्जपेदक्षरकोटितः।
ततः परं जपेच्चैव सहस्त्रं भक्तिपूर्वकम्॥ ५०

एवं कुर्याद्यथाशक्ति क्रमाच्छिवपदं लभेत्।
नित्यं रुचिकरं त्वेकं मन्त्रमामरणान्तिकम्॥ ५१

सहस्त्रमोमिति जपेत् सर्वाभीष्टं शिवाज्ञया।
पुष्पारामादिकं वापि तथा सम्मार्जनादिकम्॥ ५२

शिवाय शिवकार्यार्थे कृत्वा शिवपदं लभेत्।
शिवक्षेत्रे तथा वासं नित्यं कुर्याच्च भक्तितः॥ ५३
जडानामजडानां च सर्वेषां भुक्तिमुक्तिदम्।
तस्माद्वासं शिवक्षेत्रे कुर्यादामरणं बुधः॥ ५४

लिङ्गाद्धस्तशतं पुण्यं क्षेत्रे मानुषके विदुः।
सहस्त्रारत्निमात्रं तु पुण्यं क्षेत्रे तथार्षके॥ ५५

पटक गायत्रीको जप गर्नुपर्छ। यस्तो भएपछि गायत्रीले क्रमशः शिवको पद प्राप्त गराउँछ। वेदमन्त्र र वैदिक सूक्तहरूको पनि नियमपूर्वक जप (पाठ) गर्नुपर्दछ॥ ४६-४७॥

एकाक्षर मन्त्र दस हजार, दशार्ण मन्त्र एक हजार, सयभन्दा कम अक्षर भएका मन्त्र एक सय र त्यसभन्दा बढी अक्षर भएका मन्त्र यथाशक्ति एक पटकभन्दा बढी जप्नु पर्छ॥ ४८॥

वेदहरूको पारायणलाई पनि शिवपदको प्राप्ति गराउनेवाला जान्नुपर्छ। अन्यान्य जति पनि मन्त्र छन्, तिनका पनि जति अक्षर हुन्छन्, त्यति नै लाख जप गर्नुपर्दछ॥ ४९॥

एकाक्षर मन्त्रहरूलाई त्यसै प्रकार करोडको संख्यामा जप्नुपर्छ। बढी अक्षर भएका मन्त्र हजारको संख्यामा भक्तिपूर्वक जप्नपर्दछ॥ ५०॥

यस प्रकार जसले यथाशक्ति जप गर्दछ, त्यसले क्रमशः शिवपद प्राप्त गर्दछ। आफ्नो रुचिअनुसार कुनै एउटा मन्त्रलाई अपनाएर मृत्युपर्यन्त प्रतिदिन त्यसको जप गर्नुपर्छ अथवा 'ओम् (ॐ)' यस मन्त्रको प्रतिदिन एक हजार जप गर्नुपर्छ। यस्तो गर्दामा भगवान् शिवको आज्ञाले सम्पूर्ण मनोरथको सिद्धि हुन्छ॥ ५१½॥

जो मनुष्य भगवान् शिवका लागि फुलवारी वा बगैंचा आदि बनाउँछ तथा शिवको सेवाकार्यका लागि मन्दिरमा बडार-कुँडार आदिको व्यवस्था गर्दछ, त्यो यस पुण्यकर्म गरी शिवपद प्राप्त गर्दछ। भगवान् शिवका जुन [काशी आदि] क्षेत्र छन्, तिनमा भक्तिपूर्वक नित्य निवास गर्ने मनुष्य, जड, चेतन सबैलाई भोग र मोक्ष प्रदान गर्नेवाला हुने छ। अतः विद्वान् पुरुषले मृत्युपर्यन्त भगवान् शिवको क्षेत्रमा निवास गर्नुपर्दछ॥ ५२—५४॥

मनुष्यहरूद्वारा स्थापित शिवलिंगदेखि चारैतिर सय हातसम्मको क्षेत्रलाई पुण्यक्षेत्र भनिएको छ तथा ऋषिहरूद्वारा स्थापित शिवलिंगको चारैतिर एक हजार हातसम्मको क्षेत्र पुण्य हुन्छ। यसै प्रकार देवताहरूद्वारा स्थापित शिवलिंगको चारैतिरको एक हजार हातसम्मको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

दैवलिङ्गे तथा ज्ञेयं सहस्त्रारत्निमानतः।
धनुष्प्रमाणसाहस्त्रं पुण्यं क्षेत्रे स्वयम्भुवि॥ ५६

क्षेत्रलाई पुण्यक्षेत्र सम्झनु पर्छ। स्वयम्भू लिंगको भने चारैतिर एक हजार धनुष (चार हजार हात)-सम्मको क्षेत्रमा फैलिएको पुण्य स्थल हुन्छ॥ ५५-५६॥

पुण्यक्षेत्रे स्थिता वापी कूपाद्यं पुष्कराणि च।
शिवगङ्गेति विज्ञेयं शिवस्य वचनं यथा॥ ५७

तत्र स्नात्वा तथा दत्त्वा जपित्वा हि शिवं व्रजेत्।
शिवक्षेत्रं समाश्रित्य वसेदामरणं तथा॥ ५८

द्वाहं दशाहं मास्यं वा सपिण्डीकरणं तु वा।
आब्दिकं वा शिवक्षेत्रे क्षेत्रे पिण्डमथापि वा॥ ५९

सर्वपापविनिर्मुक्तः सद्यः शिवपदं लभेत्।
अथवा सप्तरात्रं वा वसेद्वा पञ्चरात्रकम्॥ ६०

त्रिरात्रमेकरात्रं वा क्रमाच्छिवपदं लभेत्।

पुण्यक्षेत्रमा स्थित इनार, कुवा र पोखरी आदिलाई शिवगंगा सम्झनु पर्दछ—भगवान् शिवको यस्तै वचन छ। त्यहाँ स्नान, दान र जप गरी मनुष्य भगवान् शिवलाई प्राप्त गर्दछ। अतः मृत्युपर्यन्त शिव क्षेत्रको आश्रय लिनुपर्दछ। जो शिवको क्षेत्रमा आफ्ना कुनै मृत-सम्बन्धीको दाहसंस्कार, दश दिनको काम, मासिक श्राद्ध, सपिण्डीकरण अथवा वार्षिक श्राद्ध गर्छ अथवा शिवको कुनै पनि क्षेत्रमा आफ्ना पितृहरूलाई पिण्ड दिन्छ, त्यो तत्काल सबै पापबाट मुक्त हुन्छ र अन्तमा शिवपद प्राप्त गर्दछ? अथवा शिवको क्षेत्रमा सात, पाँच, तीन वा एक रात मात्र निवास गरेमा पनि यस्तो गर्ने मनुष्यलाई क्रमशः शिवपदको प्राप्ति हुन्छ॥ ५७—६०१/२॥

स्ववर्णानुगुणं लोके स्वाचारात्प्राप्नुते नरः॥ ६१

वर्णोद्धारेण भक्त्या च तत्फलातिशयं नरः।
सर्वं कृतं कामनया सद्यः फलमवाप्नुयात्॥ ६२

सर्वं कृतमकामेन साक्षाच्छिवपदप्रदम्।

लोकमा आ-आफ्नो वर्णअनुरूप सदाचारको पालन गर्नाले पनि मनुष्य शिवपदलाई प्राप्त गर्दछ। वर्णानुकूल आचरण तथा भक्तिभावबाट त्यसले आफ्नो सत्कर्मको अतिशय फल पाउँछ, कामनापूर्वक गरिएका आफ्ना कर्मको अभीष्ट फललाई तत्काल प्राप्त गर्दछ। निष्कामभावले गरिएका सारा कर्म साक्षात् शिवपदको प्राप्ति गराउनेवाला हुन्छ॥ ६१—६२१/२॥

प्रातर्मध्याह्नसायाह्नमहस्त्रिष्वेकतः क्रमात्॥ ६३

प्रातर्विधिकरं ज्ञेयं मध्याह्नं कामिकं तथा।
सायाह्नं शान्तिकं ज्ञेयं रात्रावपि तथैव हि॥ ६४

कालो निशीथो वै प्रोक्तो मध्ययामद्वयं निशि।
शिवपूजा विशेषेण तत्कालेऽभीष्टसिद्धिदा॥ ६५

एवं ज्ञात्वा नरः कुर्वन्यथोक्तफलभाग्भवेत्।
कलौ युगे विशेषेण फलसिद्धिस्तु कर्मणा॥ ६६

दिनको तीन भाग हुन्छ—प्रातः, मध्याह्न र सायाह्न (साँझ)। यी तीनैमा क्रमशः एक-एक प्रकारको कार्य सम्पादन गरिन्छ। प्रातःकालको समयलाई शास्त्रविहित नित्यकर्म अनुष्ठानको समय जान्नुपर्दछ। मध्याह्नकाल सकाम-कर्मका लागि उपयोगी हुन्छ तथा सायंकाल शान्ति-कर्मका लागि उपयुक्त हुन्छ—यस्तो जान्नुपर्छ। यसै प्रकार रात्रिमा पनि समयको विभाजन गरिएको छ। रातका चार प्रहरहरूमध्ये बिचका जुन दुई प्रहर छन्, तिनलाई निशीथकाल (आधारात) भनिएको छ। विशेषतः त्यस कालमा गरिएको भगवान् शिवको पूजा अभीष्ट फल दिनेवाला हुन्छ—यस्तो जानेर कर्म गर्ने मनुष्य यथोक्त फलको भागी हुन्छ। विशेषतः कलियुगमा कर्मबाट नै फलको सिद्धि हुन्छ। आ-आफ्नो अधिकारअनुसार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उक्तेन केनचिद्वापि ह्यधिकारविभेदतः।
सद्वृत्तिः पापभीरुश्चेत्तत्तत्फलमवाप्नुयात्॥ ६७

माथि भनिएका कुनै पनि कर्मद्वारा शिवाराधना गर्ने पुरुष यदि सदाचारी छ र पापबाट डराउँछ भने त्यसले ती-ती कर्महरूको पूरा-पूरा फल अवश्य प्राप्त गर्दछ॥ ६३—६७॥

ऋषय ऊचुः

अथ क्षेत्राणि पुण्यानि समासात्कथयस्व नः।
सर्वाः स्त्रियश्च पुरुषा यान्याश्रित्य पदं लभेत्॥ ६८
सूत योगिवरश्रेष्ठ शिवक्षेत्रागमांस्तथा।

ऋषिगण भन्दछन्—हे सूतजी! अब तपाईं हामीलाई पुण्यक्षेत्र बताउनुहोस्, जसको आश्रय लिएर सबै स्त्री-पुरुष शिवपद प्राप्त गरून्। हे सूतजी! हे योगीवरहरूमा श्रेष्ठ! शिवक्षेत्रहरू तथा शैव आगमहरू (शिवविषयक शास्त्रहरू)-को पनि वर्णन गर्नुहोस्॥ ६८½॥

सूत उवाच

शृणुत श्रद्धया सर्वक्षेत्राणि च तदागमान्॥ ६९

सूत भन्नुहुन्छ—[हे ऋषिहरू हो!] सबै क्षेत्र र आगमहरूको वर्णन गर्दछु, श्रद्धापूर्वक सुन्नुहोस्॥ ६९॥

इति श्रीशिवमहापुराणे प्रथमायां विद्येश्वरसंहितायां शिवलिङ्गपूजादिवर्णनं नामैकादशोऽध्यायः॥ ११॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत प्रथम विद्येश्वरसंहितामा शिवलिंग पूजादिको वर्णन नामक एघारौँ अध्याय पूर्ण भयो॥ ११॥

अथ द्वादशोऽध्यायः

मोक्षदायक पुण्यक्षेत्रहरूको वर्णन, कालविशेषमा विभिन्न नदीका जलमा स्नानको उत्तम फलको निर्देश तथा तीर्थहरूमा पापबाट बचिरहन चेतावनी

सूत उवाच

शृणुध्वमृषयः प्राज्ञाः शिवक्षेत्रं विमुक्तिदम्।
तदागमांस्ततो वक्ष्ये लोकरक्षार्थमेव हि॥ १
पञ्चाशत्कोटिविस्तीर्णा सशैलवनकानना।
शिवाज्ञया हि पृथिवी लोकं धृत्वा च तिष्ठति॥ २
तत्र तत्र शिवक्षेत्रं तत्र तत्र निवासिनाम्।
मोक्षार्थं कृपया देवः क्षेत्रं कल्पितवान्प्रभुः॥ ३
परिग्रहाद् ऋषीणां च देवानां च परिग्रहात्।
स्वयम्भूतान्यथान्यानि लोकरक्षार्थमेव हि॥ ४
तीर्थे क्षेत्रे सदा कार्यं स्नानदानजपादिकम्।
अन्यथा रोगदारिद्र्यमूकत्वाद्याप्नुयान्नरः॥ ५
अथास्मिन्भारते वर्षे प्राप्नोति मरणं नरः।
स्वयम्भूस्थानवासेन पुनर्मानुष्यमाप्नुयात्॥ ६

सूत भन्नुहुन्छ—हे बुद्धिमान् महर्षिहरू हो! मोक्षदायक शिवक्षेत्रहरूको वर्णन सुन्नुहोस्। तत्पश्चात् म लोकरक्षाका लागि शिवसम्बन्धी आगमहरूको वर्णन गर्ने छु। पर्वत, वन र घनाजंगलसहित यस पृथ्वीको फैलावट पचास करोड योजन छ। भगवान् शिवको आज्ञाले पृथ्वी सम्पूर्ण जगत्लाई धारण गरी स्थित छिन्। भगवान् शिवले भूतलमा विभिन्न स्थानहरूमा त्यहाँका निवासीहरूलाई कृपापूर्वक मोक्ष दिनका लागि शिवक्षेत्रको निर्माण गर्नुभएको छ॥ १—३॥

केही क्षेत्र यस्ता छन्, जसलाई देवताहरू तथा ऋषिहरूले आफ्नो वासस्थान बनाएर अनुगृहीत गरेका छन्। यसैले ती स्थानमा तीर्थत्व प्रकट भएका छन् तथा अन्य धेरै जसो तीर्थक्षेत्र यस्ता छन्, जुन लोकहरूको रक्षाका लागि स्वयं प्रादुर्भाव भएका छन्। तीर्थ क्षेत्रमा जाने मनुष्यले सदा स्नान, दान र जप आदि गर्नुपर्छ; अन्यथा त्यो रोग, दरिद्रता तथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDI

क्षेत्रे पापस्य करणं दृढं भवति भूसुराः।
पुण्यक्षेत्रे निवासे हि पापमण्वपि नाचरेत्॥ ७

येन केनाप्युपायेन पुण्यक्षेत्रे वसेन्नरः।
सिन्धोः शतनदीतीरे सन्ति क्षेत्राण्यनेकशः॥ ८

सरस्वती नदी पुण्या प्रोक्ता षष्टिमुखा तथा।
तत्तत्तीरे वसेत्प्राज्ञः क्रमाद् ब्रह्मपदं लभेत्॥ ९

हिमवद्गिरिजा गङ्गा पुण्या शतमुखा नदी।
तत्तीरे चैव काश्यादिपुण्यक्षेत्राण्यनेकशः॥ १०

तत्र तीरं प्रशस्तं हि मृगे मृगबृहस्पतौ।
शोणभद्रो दशमुखः पुण्योऽभीष्टफलप्रदः॥ ११

तत्र स्नानोपवासेन पदं वैनायकं लभेत्।
चतुर्विंशमुखा पुण्या नर्मदा च महानदी॥ १२

तस्यां स्नानेन वासेन पदं वैष्णवमाप्नुयात्।
तमसा द्वादशमुखा रेवा दशमुखा नदी॥ १३

गोदावरी महापुण्या ब्रह्मगोवधनाशिनी।
एकविंशमुखा प्रोक्ता रुद्रलोकप्रदायिनी॥ १४

कृष्णा वेणी पुण्यनदी सर्वपापक्षयावहा।
साष्टादशमुखा प्रोक्ता विष्णुलोकप्रदायिनी॥ १५

तुङ्गभद्रा दशमुखा ब्रह्मलोकप्रदायिनी।
सुवर्णमुखरी पुण्या प्रोक्ता नवमुखा तथा॥ १६

तत्रैव सुप्रजायन्ते ब्रह्मलोकच्युतास्तथा।
सरस्वती च पम्पा च कन्या श्वेतनदी शुभा॥ १७

एतासां तीरवासेन इन्द्रलोकमवाप्नुयात्।
सह्याद्रिजा महापुण्या कावेरीति महानदी॥ १८

मूकता आदि दोषहरूको भागी हुन्छ। जो मनुष्य यस भारतवर्ष भित्र स्वयम्भू तीर्थहरूमा वास गरी मृत्युवरण गर्छ, त्यसलाई पुनः मनुष्ययोनि नै प्राप्त हुन्छ। हे ब्राह्मणहरू हो! पुण्यक्षेत्रमा पापकर्म गरिएमा त्यो ज्यादै दृढ हुने भएकाले पुण्यक्षेत्रमा निवास गर्दाको समयमा थोरै पनि पाप गर्नु हुँदैन। जुनसुकै उपायबाट भएपनि मनुष्यले पुण्यक्षेत्रमा नै वास गर्नुपर्दछ॥ ४—७१/२॥

सिन्धु तथा गंगा नदीको तटमा धेरै जसो पुण्यक्षेत्र छन्। सरस्वती नदी परम पवित्र र साठी मुख भएकी भनिएको छ अर्थात् उनका साठी धाराहरू छन्। जुन विद्वान् पुरुष सरस्वतीका ती धाराहरू भएका तटमा निवास गर्दछ, त्यसले क्रमशः ब्रह्मपदलाई प्राप्त गर्छ। हिमालय पर्वतबाट निस्किएकी पुण्यसलिला गंगा सय मुख भएकी नदी हुन्, उनको तटमा काशी आदि अनेक पुण्यक्षेत्र छन्। त्यहाँ मकरराशिको सूर्य हुँदामा गंगाको तटभूमि पहिलाभन्दा पनि अधिक प्रशस्त एवं पुण्यदायक हुन्छ। शोणभद्र नदीका दश धाराहरू छन्, मकरराशिमा बृहस्पति आएपछि त्यो अत्यन्त पवित्र तथा अभीष्ट फल दिनेवाला हुन्छ। त्यस समय त्यहाँ स्नान र उपवास गर्नाले विनायकपदको प्राप्ति हुन्छ। पुण्यसलिला महानदी नर्मदाका चौबीस मुख (स्रोत) छन्। त्यसमा स्नान तथा त्यसको तटमा निवास गर्नाले मनुष्यलाई वैष्णवपदको प्राप्ति हुन्छ। तमसा नदीका बाह्र तथा रेवा नदीका दस मुख छन्। परम पुण्यमयी गोदावरीका एक्काइस मुख बताइएका छन्। त्यो ब्रह्महत्या तथा गोवधको पापलाई पनि नाश गर्ने एवं रुद्रलोक प्रदान गर्ने खालको छ। कृष्णवेणी नदीको जल अत्यन्त पवित्र छ। त्यो नदीले समस्त पापहरूको नाश गरिदिन्छ। उनका अठार मुख बताइएका छन् तथा कृष्णवेणी विष्णुलोक प्रदायनि छ। तुंगभद्राका दस मुख छन्, त्यो ब्रह्मलोक दिनेवाला छ। पुण्यसलिला सुवर्णमुखरीका नौ मुख बताइएका छन्। ब्रह्मलोकबाट फर्किएका जीव त्यसैको तटमा जन्म लिन्छन्। सरस्वती, पम्पा, कन्याकुमारी तथा शुभकारक श्वेत नदी—यी सबै पुण्यक्षेत्र हुन्। यिनको तटमा निवास गर्नाले इन्द्रलोकको प्राप्ति हुन्छ। सह्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सप्तविंशमुखा प्रोक्ता सर्वाभीष्टप्रदायिनी।
तत्तीराः स्वर्गदाश्चैव ब्रह्मविष्णुपदप्रदाः॥ १९

शिवलोकप्रदाः शैवास्तथाभीष्टफलप्रदाः।
नैमिषे बदरे स्नायान्मेषगे च गुरौ रवौ॥ २०

ब्रह्मलोकप्रदं विद्यात्ततः पूजादिकं तथा।
सिन्धुनद्यां तथा स्नानं सिंहे कर्कटगे रवौ॥ २१

केदारोदकपानं च स्नानं च ज्ञानदं विदुः।
गोदावर्यां सिंहमासे स्नायात्सिंहबृहस्पतौ॥ २२

शिवलोकप्रदमिति शिवेनोक्तं तथा पुरा।
यमुनाशोणयोः स्नायाद् गुरौ कन्यागते रवौ॥ २३

धर्मलोके दन्तिलोके महाभोगप्रदं विदुः।
कावेर्याञ्च तथा स्नायात्तुलागे तु रवौ गुरौ॥ २४

विष्णोर्वचनमाहात्म्यात्सर्वाभीष्टप्रदं विदुः।
वृश्चिके मासि सम्प्राप्ते तथार्के गुरुवृश्चिके॥ २५

नर्मदायां नदीस्नानाद्विष्णुलोकमवाप्नुयात्।
सुवर्णमुखरीस्नानं चापगे च गुरौ रवौ॥ २६

शिवलोकप्रदमिति ब्रह्मणो वचनं यथा।
मृगमासि तथा स्नायाज्जाह्नव्यां मृगगे गुरौ॥ २७

शिवलोकप्रदमिति ब्रह्मणो वचनं यथा।
ब्रह्मविष्ण्वोः पदे भुक्त्वा तदन्ते ज्ञानमाप्नुयात्॥ २८

पर्वतबाट निस्केकी महानदी कावेरी परम पुण्यमयी छिन्। उनका सत्ताईस मुख बताइएको छ। यिनले सम्पूर्ण अभीष्ट वस्तु प्रदान गर्छिन्। उनको तट स्वर्गलोकको प्राप्ति गराउने तथा ब्रह्मा र विष्णुको पद प्रदायक छन्। कावेरीको जुन तट शैवक्षेत्र अन्तर्गत रहेको छ, त्यो अभीष्ट फल दिनुका साथै शिवलोक प्रदायक पनि छ॥ ८—१९१/२॥

मेषराशिमा सूर्य र बृहस्पति आएपछि त्यस समय यदि नैमिषारण्य तथा बदरिकाश्रममा स्नान गरेमा त्यहाँ गरिएको स्नान-पूजा आदिलाई ब्रह्मलोकको प्राप्ति गराउनेवाला जान्नुपर्दछ। सिंह र कर्कराशिमा सूर्यको संक्रान्ति हुँदामा सिन्धुनदीमा गरिएको स्नान तथा केदारतीर्थको जलको पान एवं स्नान ज्ञान प्रदायक मानिएको छ॥ २०—२११/२॥

जब बृहस्पति सिंहराशिमा स्थित रहन्छ, त्यस समय सिंहको संक्रान्तिले युक्त भाद्रपदमासमा यदि गोदावरीको जलमा स्नान गरिन्छ भने त्यो शिवलोक प्रदायक हुन्छ—यस्तो पूर्वकालमा स्वयं भगवान् शिवले भन्नुभएको थियो। जब सूर्य र बृहस्पति कन्याराशिमा स्थित रहन्छन्, तब यमुना र शोणभद्रमा स्नान गर्नुपर्दछ। त्यो स्नान धर्मलोक तथा गणेश लोकमा महान् भोग प्रदायक हुन्छ—यो महर्षिहरूको मान्यता हो। जब सूर्य र बृहस्पति तुलाराशिमा स्थित रहन्छन्, त्यस समय कावेरी नदीमा स्नान गर्नुपर्छ। त्यो स्नान भगवान् विष्णुको वचनको महिमाले सम्पूर्ण अभीष्ट वस्तुहरूलाई दिनेवाला मानिएको छ। जब सूर्य र बृहस्पति वृश्चिक राशिमा आउँछन्, तब मार्गशीर्ष महिनामा नर्मदामा स्नान गर्नाले विष्णुलोकको प्राप्ति हुन्छ। सूर्य र बृहस्पति धनुराशिमा स्थित हुँदामा सुवर्णमुखरी नदीमा गरिएको स्नान शिवलोक प्रदायक हुन्छ, यो ब्रह्माको वचन हो। जब सूर्य र बृहस्पति मकरराशिमा स्थित रहन्छन्, त्यस समय माघमासमा गंगाको जलमा स्नान गर्नुपर्छ। ब्रह्माको कथन छ कि त्यो स्नानले शिवलोकको प्राप्ति गराउँछ। शिवलोक पश्चात् ब्रह्मा र विष्णुका स्थानहरूमा सुख भोगेर अन्तमा मनुष्यलाई ज्ञानको प्राप्ति हुन्छ॥ २२—२८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

गङ्गायां माघमासे तु तथा कुम्भगते रवौ।
श्राद्धं वा पिण्डदानं वा तिलोदकमथापि वा॥ २९

वंशद्वयपितॄणां च कुलकोट्युद्धरं विदुः।
कृष्णावेण्यां प्रशंसन्ति मीनगे च गुरौ रवौ॥ ३०

तत्तत्तीर्थे च तन्मासि स्नानमिन्द्रपदप्रदम्।
गङ्गां वा सह्यजां वापि समाश्रित्य वसेद् बुधः॥ ३१

तत्कालकृतपापस्य क्षयो भवति निश्चितम्।
रुद्रलोकप्रदान्येव सन्ति क्षेत्राण्यनेकशः॥ ३२

ताम्रपर्णी वेगवती ब्रह्मलोकफलप्रदे।
तयोस्तीरे हि सन्त्येव क्षेत्राणि स्वर्गदानि च॥ ३३

सन्ति क्षेत्राणि तन्मध्ये पुण्यदानि च भूरिशः।
तत्र तत्र वसन्प्राज्ञस्तादृशं च फलं लभेत्॥ ३४

सदाचारेण सद्वृत्त्या सदा भावनयापि च।
वसेद् दयालुः प्राज्ञो वै नान्यथा तत्फलं लभेत्॥ ३५

पुण्यक्षेत्रे कृतं पुण्यं बहुधा ऋद्धिमृच्छति।
पुण्यक्षेत्रे कृतं पापं महदण्वपि जायते॥ ३६

तत्कालं जीवनार्थश्चेत्पुण्येन क्षयमेष्यति।
पुण्यमैश्वर्यदं प्राहुः कायिकं वाचिकं तथा॥ ३७

मानसं च तथा पापं तादृशं नाशयेद् द्विजाः।
मानसं वज्रलेपं तु कल्पकल्पानुगं तथा॥ ३८

ध्यानादेव हि तन्नश्येन्नान्यथा नाशमृच्छति।
वाचिकं जपजालेन कायिकं कायशोषणात्॥ ३९

दानाद्धनकृतं नश्येन्नान्यथा कल्पकोटिभिः।
क्वचित्पापेन पुण्यं च वृद्धिपूर्वेण नश्यति॥ ४०

माघमासमा तथा सूर्य कुम्भराशिमा स्थित हुँदामा फाल्गुनमासमा गंगाको तटमा गरिएको श्राद्ध, पिण्डदान अथवा तिलोदकदान पिता र हजुरबा दुवै कुलका पितृहरूको अनेकौँ पीँढिहरूको उद्धार गराउने मानिएको छ। सूर्य र बृहस्पति जब मीनराशिमा स्थित रहन्छन्, तब कृष्णवेणी नदीमा गरिएको स्नानको ऋषिहरूले प्रशंसा गरेका छन्। यी महिनाहरूमा पूर्वोक्त तीर्थहरूमा गरिएको स्नानले इन्द्रपदको प्राप्ति गराउँछ। विद्वान् पुरुष गंगा अथवा कावेरी नदीको आश्रय लिएर तीर्थवास गरून्। यस्तो गर्नाले त्यस समयमा गरिएका पापको निश्चय नै नाश हुन्छ॥ २९—३१½॥

रुद्रलोक प्रदान गर्ने धेरै क्षेत्रहरू छन्। ताम्रपर्णी र वेगवती—यी दुवै नदी ब्रह्मलोकको प्राप्तिरूप फल दिने खालका छन्। ती दुवैको तटमा अनेक स्वर्गदायक क्षेत्र छन्। ती दुवैको बिचमा धेरै पुण्यप्रद क्षेत्र छन्। त्यहाँ निवास गर्ने विद्वान् पुरुष स्वतः फलको भागी हुन्छन्। सदाचार, उत्तम वृत्ति तथा सद्भावनाका साथ मनमा दयाभाव राख्दै विद्वान् पुरुषले तीर्थमा निवास गर्नुपर्छ, अन्यथा तिनले फल पाउँदैनन्। पुण्यक्षेत्रमा गरिएको थोरै पुण्य पनि अनेकौँ प्रकारका फलदायक हुन्छ तथा त्यहाँ गरिएको सानो पाप पनि महान् हुन्छ। यदि पुण्यक्षेत्रमा रहेर नै जीवन बिताउने निश्चय छ भने त्यस पुण्यसंकल्पबाट उसका पहिलाका सारा पाप तत्काल नष्ट हुने छन्; किनभने पुण्यलाई ऐश्वर्यदायक बताइएको छ। हे ब्राह्मणहरू हो! तीर्थवासजनित पुण्यले कायिक, वाचिक र मानसिक सारा पापहरूको नाश गरिदिन्छ। तीर्थमा गरिएका मानसिक पाप वज्रलेप जस्तै हुन जान्छ। त्यसले कयौँ कल्पसम्म पनि पीछा छोड्दैन॥ ३२—३८॥

त्यस्तो पाप केवल ध्यानबाट मात्र नष्ट हुन्छ, अन्यथा नष्ट हुँदैन। वाचिक पाप जपबाट तथा कायिक पाप शरीरलाई सुकाउने जस्तो कठोर तपबाट नष्ट हुन्छ। धनोपार्जनमा भएको पाप दानबाट नष्ट हुन्छ अन्यथा करोडौँ कल्पमा पनि तिनको नाश हुँदैन। कहिले-काहीँ अतिशय मात्रामा बढेको पापहरूबाट पुण्य पनि नष्ट हुन जान्छ। पुण्य र पाप दुवैको बीजांश, वृद्ध्यंश र भोगांश हुन्छ। बीजांशको नाश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बीजांशश्चैव वृद्ध्यंशो भोगांशः पुण्यपापयोः।
ज्ञाननाश्यो हि बीजांशो वृद्धिरुक्तप्रकारतः॥ ४१

भोगांशो भोगनाश्यस्तु नान्यथा पुण्यकोटिभिः।
बीजप्ररोहे नष्टे तु शेषो भोगाय कल्पते॥ ४२

देवानां पूजया चैव ब्राह्मणानां च दानतः।
तपोधिक्याच्च कालेन भोगः सह्यो भवेन्नृणाम्।
तस्मात्पापमकृत्वैव वस्तव्यं सुखमिच्छता॥ ४३

ज्ञानबाट, वृद्ध्यंशको माथि लेखिएअनुसार तथा भोगांशको नाश भोग्नाले हुन्छ। अन्य कुनै प्रकारले करोडौँ पुण्य गरे तापनि पापको भोगांश मेट्न सकिन्न। पाप-बीज अंकुरित भइसकेपछि त्यसको अंश नष्ट भएपछि पनि शेष पाप भोग्नु नै पर्छ। देवताहरूको पूजा, ब्राह्मणहरूलाई दान तथा धेरै तप गर्नाले समय पाएर पापभोग मनुष्यहरूलाई सहनयोग्य हुन जान्छ। यसकारण सुख चाहने व्यक्तिले पापहरूबाट बचेर नै तीर्थवास गर्नुपर्दछ॥ ३९—४३॥

इति श्रीशिवमहापुराणे प्रथमायां विद्येश्वरसंहितायां शिवक्षेत्रवर्णनं नाम द्वादशोऽध्यायः॥ १२॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत प्रथम विद्येश्वरसंहितामा शिवक्षेत्र वर्णन नामक बाह्रौँ अध्याय पूर्ण भयो॥ १२॥

अथ त्रयोदशोऽध्यायः

सदाचार, शौचाचार, स्नान, भस्मधारण, सन्ध्यावन्दन, प्रणव-जप, गायत्री-जप, दान, न्यायतः धनोपार्जन तथा अग्निहोत्र आदिको विधि एवं तिनका महिमाको वर्णन

ऋषय ऊचुः

सदाचारं श्रावयाशु येन लोकाञ्जयेद् बुधः।
धर्माधर्ममयान्ब्रूहि स्वर्गनारकदांस्तथा॥ १

ऋषिगण भन्दछन्—[हे सूत!] अब तपाईं चाँडै हामीलाई त्यो सदाचार सुनाउनुहोस्, जसबाट विद्वान् पुरुषहरूले पुण्यलोकहरूमाथि विजय प्राप्त गर्दछन्। स्वर्ग प्रदान गराउने धर्ममय आचरणहरू तथा नरकको कष्ट दिने अधर्ममय आचरणको पनि वर्णन गर्नुहोस्॥ १॥

सूत उवाच

सदाचारयुतो विद्वान् ब्राह्मणो नाम नामतः।
वेदाचारयुतो विप्रो ह्येतैरेकैकवान्द्विजः॥ २

अल्पाचारोऽल्पवेदश्च क्षत्रियो राजसेवकः।
किञ्चिदाचारवान्वैश्यः कृषिवाणिज्यकृत्तथा॥ ३

शूद्रब्राह्मण इत्युक्तः स्वयमेव हि कर्षकः।
असूयालुः परद्रोही चण्डालद्विज उच्यते॥ ४

सूत भन्नुहुन्छ—[हे ऋषिहरू हो!] सदाचारको पालन गर्ने विद्वान् ब्राह्मण नै वास्तवमा 'ब्राह्मण' नाम धारण गर्ने अधिकारी हुन्। जो केवल वेदोक्त आचरणको पालन गर्दछ, त्यस ब्राह्मणलाई 'विप्र' भनिन्छ। सदाचार, वेदाचार तथा विद्या—यी मध्ये एउटा मात्र गुणले युक्त भएमा त्यसलाई 'द्विज' भनिन्छ। जसले ज्यादै थोरै आचरणको पालना गरेका छन्, जसले वेदको अध्ययन पनि थोरै मात्र गरेका छन् तथा जो राजाको सेवक (पुरोहित, मन्त्री आदि) छन्, तिनलाई 'क्षत्रियब्राह्मण' भनिन्छ। जो ब्राह्मण कृषि तथा वाणिज्य कर्म गर्दछन् र केही-केही ब्राह्मणोचित आचारणको पनि पालन गर्दछन्, ती 'वैश्यब्राह्मण' हुन् तथा जो आफैँ खेत जोत्छन् (हलो जोत्छन्), तिनलाई 'शूद्रब्राह्मण' भनिएको छ। जसले अरूको दोष देख्ने र अर्काको विरोध मात्र गर्दछन्, तिनलाई 'चाण्डालद्विज' भनिन्छ॥ २—४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MDI

पृथिवीपालको राजा इतरे क्षत्रिया मताः।
धान्यादिक्रयवान्वैश्य इतरो वणिगुच्यते॥ ५

ब्रह्मक्षत्रियवैश्यानां शुश्रूषुः शूद्र उच्यते।
कर्षको वृषलो ज्ञेय इतरे चैव दस्यवः॥ ६

यसै गरी क्षत्रियहरूमा पनि जो पृथ्वीको पालन गर्दछ, त्यो राजा हो। अरूलाई राजत्वहीन क्षत्रिय मानिएको छ। वैश्यहरूमा पनि जो धान्य आदि वस्तुहरूको क्रय-विक्रय गर्दछ, त्यो वैश्य हो; अरूलाई वणिक् (बनियाँ) भनिन्छ। जो ब्राह्मण, क्षत्रिय तथा वैश्यहरूको सेवामा लागिरहन्छ, त्यसलाई शूद्र भनिन्छ। जो शूद्र हलो जोत्ने काम गर्दछ, त्यसलाई वृषल सम्झनु पर्दछ। बाँकी शूद्रलाई दस्यु भनिन्छ॥ ५-६॥

सर्वो ह्युषः प्राङ्मुखश्च चिन्तयेद् देवपूर्वकान्।
धर्मानर्थांश्च तत्क्लेशानायं च व्ययमेव च॥ ७

यी सबै वर्णका मनुष्यहरूले उषाकालमा उठेर पूर्वाभिमुख भई सबैभन्दा पहिला देवताहरूको, फेरि धर्मको, पुनः अर्थको, त्यसपछि त्यसको प्राप्तिका लागि उठाउनु पर्ने दुःखको तथा आय र व्ययको पनि चिन्तन गरोस्॥ ७॥

आयुर्द्वेषश्च मरणं पापं भाग्यं तथैव च।
व्याधिः पुष्टिस्तथा शक्तिः प्रातरुत्थानदिक्फलम्॥ ८

प्रातःकाल उठेर [पूर्व, अग्निकोण, दक्षिण आदि] आठ दिशाहरूतिर मुख गरी बस्नाले क्रमशः आयु, द्वेष, मरण, पाप, भाग्य, व्याधि, पुष्टि र शक्ति प्राप्त हुन्छ॥ ८॥

निशान्त्ययामोषा ज्ञेया यामार्धं सन्धिरुच्यते।
तत्काले तु समुत्थाय विण्मूत्रे विसृजेद् द्विजः॥ ९

गृहाद् दूरं ततो गत्वा बाह्यतः प्रावृतस्तथा।
उदङ्मुखः समाविश्य प्रतिबन्धेऽन्यदिङ्मुखः॥ १०

जलाग्निब्राह्मणादीनां देवानां नाभिमुख्यतः।
लिङ्गं पिधाय वामेन मुखमन्येन पाणिना॥ ११

मलमुत्सृज्य चोत्थाय न पश्येच्चैव तन्मलम्।
उद्धृतेन जलेनैव शौचं कुर्याज्जलाद् बहिः॥ १२

अथवा देवपित्रर्षितीर्थावतरणं विना।
सप्त वा पञ्च वा त्रीन्वा गुदं संशोधयेन्मृदा॥ १३

लिङ्गे कर्कोटमात्रं तु गुदे प्रसृतिरिष्यते।
तत उत्थाय पद्धस्तशौचं गण्डूषमष्टकम्॥ १४

रातको अन्तिम प्रहरलाई उषाकाल जान्नुपर्छ। त्यस अन्तिम प्रहरको जुन आधा वा मध्यभाग छ, त्यसलाई सन्धि भनिन्छ। त्यस सन्धिकालमा उठेर द्विजले मल-मूत्र आदिको त्याग गर्नुपर्छ। घरभन्दा टाढा गएर बाहिरबाट आफ्नो शरीरलाई ढाकेर दिनमा उत्तराभिमुख बसेर मल-मूत्र त्याग्नुपर्छ। यदि उत्तराभिमुख बस्नमा कुनै अप्ठ्यारो भयो भने अन्य दिशातिर मुख गरी बस्नुपर्छ। यसरी बस्दा जल, अग्नि, ब्राह्मण आदि तथा देवताहरूतिर मुख गरी बस्नु हुँदैन। बायाँ हातले उपस्थलाई ढाकेर तथा दाहिने हातले मुखलाई ढाकेर मलत्याग गर्नू र उठेपछि त्यो मललाई नहेर्नू। त्यसपछि जलाशयबाट बाहिर बगेको जलले नै मलद्वारको शुद्धि गर्नू; अथवा देवता, पितृ तथा ऋषिहरूका तीर्थमा नझरेको जलले शुद्धि गर्नुपर्छ। मलद्वारमा सात, पाँच वा तीन पटक माटोले त्यसलाई धोएर शुद्ध गर्नुपर्छ। लिंगमा थोरै माटो लगाएर त्यसलाई पखाल्नुपर्छ। परंतु मलद्वारमा लगाउनका लागि एक अँजुलि माटो चाहिन्छ। लिंग र मलद्वारको शुद्धि पश्चात् उठेर अन्यत्र गएर हात-गोडाको शुद्धि गरी आठ पटक कुल्ला गर्नुपर्छ॥ ९—१४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

येन केन च पत्रेण काष्ठेन च जलाद् बहिः।
कार्यं सन्तर्जनीं त्यज्य दन्तधावनमीरितम्॥ १५

जलदेवान्नमस्कृत्य मन्त्रेण स्नानमाचरेत्।
अशक्तः कण्ठदघ्नं वा कटिदघ्नमथापि वा॥ १६

आजानुजलमाविश्य मन्त्रस्नानं समाचरेत्।
देवादींस्तर्पयेद्विद्वांस्तत्र तीर्थजलेन च॥ १७

धौतवस्त्रं समादाय पञ्चकच्छेन धारयेत्।
उत्तरीयं च किञ्चैव धार्यं सर्वेषु कर्मसु॥ १८

नद्यादितीर्थस्नाने तु स्नानवस्त्रं न शोधयेत्।
वापीकूपगृहादौ तु स्नानादूर्ध्वं नयेद् बुधः॥ १९

शिलादार्वादिके वापि जले वापि स्थलेऽपि वा।
संशोध्य पीडयेद्वस्त्रं पितॄणां तृप्तये द्विजाः॥ २०

जाबालकोक्तमन्त्रेण भस्मना च त्रिपुण्ड्रकम्।

अन्यथा चेज्जले पातस्ततो नरकमृच्छति॥ २१

जुनसुकै वृक्षका पात अथवा त्यसका मसि डाँठद्वारा पानी बाहिर दाँत सफा गर्नुपर्छ। त्यस सम तर्जनी औँलाको प्रयोग गर्नुहुन्न। यही दन्तशुद्धिको विधान बताइएको छ। त्यसपछि जल-सम्बन्धी देवता-हरूलाई नमस्कार गरी मन्त्रपाठ गर्दै स्नान गर्नुपर्छ यदि कण्ठसम्म वा कम्मरसम्म आउने पानीमा उभि शक्ति छैन भने घुँडासम्मको जलमा उभिएर आफूमाथि जल छर्केर मन्त्रोच्चारणपूर्वक स्नानकार्य सम्पन्न गर्नुपर्छ विद्वान् पुरुषले त्यो तीर्थको जलले देवता आदिला स्नानको अंगरूपी तर्पण पनि गर्नुपर्छ॥ १५—१७॥

यसपछि धोतीवस्त्रलाई पाँचओटा मूजा बना त्यसलाई धारण गर्नुपर्छ। साथै कुनै खास्टो प धारण गर्नुपर्छ; किनभने सन्ध्या-वन्दन आदि स कर्महरूमा त्यसको आवश्यकता पर्छ। नदी आ तीर्थहरूमा स्नान गरेपछि स्नान-सम्बन्धी फुकालिए वस्त्रलाई त्यहाँ धुनुहुँदैन। स्नानपश्चात् विद्वान् पुरु त्यस वस्त्रलाई पोखरी, कुवाको नजिकमा अथवा आदिमा लगेर त्यहाँ ढुङ्गा, काठ आदिमाथि, जल वा स्थलमा राम्ररी धोएर त्यस वस्त्रलाई निचोरोस्। द्विज हो! वस्त्र निचोर्नाले जुन जल झर्दछ, त पितृहरूका तृप्तिका लागि हुन्छ॥ १८—२०॥

यसपछि जाबालि-उपनिषद्मा बताइए [अग्निरिति] मन्त्रले खरानी लिएर त्यसद्वारा त्रिपु लगाउनू।* यो विधि पूर्ण नहुँदै यदि खरानी पानी खस्यो भने त्यो खसाउने कर्ता नरकमा पर्छ। 'आ हि ष्ठा' यस मन्त्रले पाप-शान्तिको लागि शिर

* जाबालि-उपनिषद्मा भस्मधारणको विधि यस प्रकार बताइएको छ—

'ॐ अग्निरिति भस्म वायुरिति भस्म व्योमइति भस्म जलमिति भस्म स्थलमिति भस्म' यस मन्त्रले भस्म अभिमन्त्रित गर्नुपर्दछ।

'मा नस्तोके तनये मा न आयुषि मा नो गोषु मा नो अश्वेषु रीरिषः। मा नो वीरान्रुद्र भामिनो वधीर्हविष्म सदमित्त्वा हवामहे'॥

यस मन्त्रले उठाएर जलले मोल्नुपर्छ, तत्पश्चात्—

'त्र्यायुषं जमदग्नेः कश्यपस्य त्र्यायुषम्। यद्देवेषु त्र्यायुषं तन्नोऽस्तु त्र्यायुषम्॥'

इत्यादि मन्त्रले मस्तक, ललाट, वक्षःस्थल र काँधमा त्रिपुण्ड्र गर्नुपर्दछ।

'त्र्यायुषं जमदग्नेः कश्यपस्य त्र्यायुषम्। यद्देवेषु त्र्यायुषं तन्नोऽस्तु त्र्यायुषम्॥'

तथा—

'त्र्यम्बकं यजामहे सुगन्धिं पुष्टिवर्धनम्। उर्वारुकमिव बन्धनान्मृत्योर्मुक्षीय मामृतात्॥'

—यी दुवै मन्त्रलाई तीन-तीन पटक पढ्दै तीन रेखाहरू तान्नुपर्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आपोहिष्ठेति शिरसि प्रोक्षयेत्पापशान्तये।
यस्येति मन्त्रं पादे तु सन्धिप्रोक्षणमुच्यते॥ २२

हृदये मूर्ध्नि पादे च मूर्ध्नि हृत्पाद एव च।
हृत्पादमूर्ध्नि सम्प्रोक्ष्य मन्त्रस्नानं विदुर्बुधाः॥ २३

ईषत्स्पर्शे च दौःस्वास्थ्ये राजराष्ट्रभयेऽपि च।
अगत्या गतिकाले च मन्त्रस्नानं समाचरेत्॥ २४

प्रातः सूर्यानुवाकेन सायमग्न्यनुवाकतः।
अपः पीत्वा तथा मध्ये पुनः प्रोक्षणमाचरेत्॥ २५

गायत्र्या जपमन्त्रान्ते त्रिरूर्ध्वं प्राग्विनिक्षिपेत्।
मन्त्रेण सह चैकं वै मध्येऽर्घ्यं तु रवेर्द्विजाः॥ २६

अथ जाते च सायाह्ने भुवि पश्चिमदिङ्मुखः।
उद्धृत्य दद्यात् प्रातस्तु मध्याह्नेऽङ्गुलिभिस्तथा॥ २७

अङ्गुलीनां च रन्ध्रेण लम्बं पश्येद् दिवाकरम्।
आत्मप्रदक्षिणं कृत्वा शुद्धाचमनमाचरेत्॥ २८

सायं मुहूर्तादर्वाक्तु कृता सन्ध्या वृथा भवेत्।

अकालात्काल इत्युक्तो दिनेऽतीते यथाक्रमम्॥ २९

जल छर्कनू तथा **'यस्य क्षयाय'**—यस मन्त्रलाई पढेर गोडामा जल छर्कनू; यसलाई सन्धिप्रोक्षण भनिन्छ। **'आपो हि ष्ठा'** इत्यादि मन्त्रमा तीन ऋचाहरू छन् र प्रत्येक ऋचामा गायत्री छन्दका तीन-तीन चरण छन्। यीमध्ये प्रथम ऋचाका तीन चरणहरूको पाठ गर्दै क्रमशः गोडा, शिर र हृदयमा जल छर्कनु; दोस्रो ऋचाका तीन चरणहरू पढेर क्रमशः शिरमा, हृदय र गोडामा जल छर्कनु तथा तेस्रो ऋचाका तीन चरणहरूको पाठ गर्दै क्रमशः जलद्वारा हृदय, गोडा र शिरको प्रोक्षण गर्नू—यसलाई विद्वान् पुरुष मन्त्रस्नान मान्दछन्॥ २१—२३॥

कुनै अपवित्र वस्तुलाई अनायास रूपमा छोइयो भने, आफ्नो स्वास्थ्य ठीक नभएमा, राजभय वा राष्ट्रभय उपस्थित भएमा तथा यात्राकालमा जल उपलब्ध नहुने स्थिति आयो भने मन्त्रस्नान गर्नुपर्छ। प्रातःकाल [**सूर्यश्च मा मन्युश्च**—यस] सूर्यानुवाकले तथा सायंकाल [**अग्निश्च मा मन्युश्च**—यस] अग्नि-सम्बन्धी अनुवाकले जलको आचमन गरी पुनः जलले आफ्ना अंगहरूको प्रोक्षण गर्नु। मध्याह्नकालमा पनि [**आपः पुनन्तु**—यस] मन्त्रले आचमन गरी पूर्ववत् प्रोक्षण गर्नुपर्छ॥ २४-२५॥

प्रातःकालको सन्ध्योपासनामा गायत्रीमन्त्रको जप गरी तीन पटक माथितिर सूर्यदेवलाई अर्घ्य दिनुपर्छ। हे ब्राह्मणहरू हो! मध्याह्नकालमा गायत्री-मन्त्रको उच्चारण-पूर्वक सूर्यलाई एक पटक मात्र अर्घ्य दिनुपर्छ। फेरि साँझ परेपछि पश्चिमतिर मुख गरी बस्नू र पृथ्वीमा नै सूर्यको लागि अर्घ्य दिनू [माथितिर होइन]। प्रातःकाल र मध्याह्नकालको समय अँजुलिमा अर्घ्यजल लिएर औँलाहरूको टुप्पातिरबाट सूर्यदेवका लागि अर्घ्य दिनू। औँलाहरूको प्वालबाट पश्चिमतिर जाँदै गरेको सूर्यलाई हेरेर तथा तिनका लागि आत्म-प्रदक्षिणा गरी शुद्ध आचमन गर्नू॥ २६—२८॥

सायंकालमा सूर्यास्तभन्दा दुई घडी पहिला गरिएको सन्ध्या निष्फल हुन्छ; किनभने त्यो साँझ सन्ध्याको समय होइन। ठीक समयमा सन्ध्या गर्नुपर्छ—यस्तो शास्त्रको आज्ञा छ। यदि सन्ध्योपासना नगरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिवातीते च गायत्रीं शतं नित्यं क्रमाज्जपेत्।
आदशाहात्परातीतं गायत्रीं लक्षमभ्यसेत्॥ ३०

मासातीते तु नित्ये हि पुनश्चोपनयं चरेत्।

ईशो गौरी गुहो विष्णुर्ब्रह्मा चन्द्रश्च वै यमः॥ ३१

एवंरूपांश्च वै देवांस्तर्पयेदर्थसिद्धये।
ब्रह्मार्पणं ततः कृत्वा शुद्धाचमनमाचरेत्॥ ३२

तीर्थदक्षिणतः शस्ते मठे मन्त्रालये बुधः।
तत्र देवालये वापि गृहे वा नियतस्थले॥ ३३

सर्वान्देवान्नमस्कृत्य स्थिरबुद्धिः स्थिरासनः।
प्रणवं पूर्वमभ्यस्य गायत्रीमभ्यसेत्ततः॥ ३४

जीवब्रह्मैक्यविषयं बुद्ध्वा प्रणवमभ्यसेत्।
त्रैलोक्यसृष्टिकर्तारं स्थितिकर्तारमच्युतम्॥ ३५

संहर्तारं तथा रुद्रं स्वप्रकाशमुपास्महे।
ज्ञानकर्मेन्द्रियाणां च मनोवृत्तीर्धियस्तथा॥ ३६

भोगमोक्षप्रदे धर्मे ज्ञाने च प्रेरयेत्सदा।
इत्थमर्थं धिया ध्यायन्ब्रह्म प्राप्नोति निश्चयम्॥ ३७

केवलं वा जपेन्नित्यं ब्राह्मण्यस्य च पूर्तये।
सहस्रमभ्यसेन्नित्यं प्रातर्ब्राह्मणपुङ्गवः॥ ३८

अन्येषां च यथाशक्ति मध्याह्ने च शतं जपेत्।
सायं द्विदशकं ज्ञेयं शिखाष्टकसमन्वितम्॥ ३९

दिन बित्यो भने प्रत्येक समयका लागि क्रमशः प्रायश्चित्त गर्नुपर्छ। यदि एक दिन बित्यो भने प्रत्येक बितेको सन्ध्याकालका लागि नित्य-नियमको अतिरिक्त एक सय गायत्री-मन्त्रको जप गर्नुपर्छ। यदि नित्यकर्म नगरेको दश दिनभन्दा धैरै समय बित्यो भने त्यसको प्रायश्चित्तको रूपमा एक लाख गायत्रीको जप गर्नुपर्छ। यदि एक महिनासम्म नित्यकर्म छुट्यो भने पुनः आफ्नो उपनयनसंस्कार गराउनुपर्छ॥ २९-३०$^{1}/_{2}$॥

अर्थसिद्धिका लागि ईश, गौरी, कार्तिकेय, विष्णु ब्रह्मा, चन्द्रमा र यमको तथा यस्तै अन्य देवताहरूलाई पनि शुद्ध जलले तर्पण गर्नुपर्छ। तत्पश्चात् तर्पण कर्मलाई ब्रह्मार्पण गरी शुद्ध आचमन गर्नुपर्छ। तीर्थको दक्षिण भागमा, प्रशस्त मठमा, मन्त्रालयमा, देवालयमा, घरमा अथवा अन्य कुनै नियत स्थानमा स्थिरतापूर्वक आसनमा बसेर विद्वान् पुरुषले आफ्नो बुद्धिलाई स्थिर गर्नुपर्छ र सम्पूर्ण देवताहरूलाई नमस्कार गरी पहिले प्रणवको जप गरिसके पश्चात् गायत्री-मन्त्रको जप गर्नुपर्छ॥ ३१—३४॥

प्रणवको अ, उ, म् यी तीनवटै अक्षरबाट जीव ब्रह्मको एकताको प्रतिपादन हुन्छ—यस कुरालाई जानेर प्रणवको जप गर्नुपर्छ। जपकालमा यो भावना गर्नुपर्छ कि हामी तीनवटै लोकको सृष्टि गर्नुहुने ब्रह्मा, पालन गर्नुहुने विष्णु तथा संहार गर्नुहुने रुद्रको—जो स्वयंप्रकाश चिन्मय छन्, उपासना गर्दछौँ। यो ब्रह्मस्वरूप ओंकार हाम्रा कर्मेन्द्रियहरू, ज्ञानेन्द्रियहरू, मन तथा बुद्धिका वृत्तिहरूलाई सदा भोग र मोक्ष प्रदान गर्ने धर्म एवं ज्ञानतिर प्रेरित गरोस्। बुद्धिद्वारा प्रणवको यस अर्थको चिन्तन गर्दै जो यसको जप गर्दछ, त्यसले निश्चय ब्रह्मलाई प्राप्त गर्छ। अथवा अर्थानुसन्धान विना पनि प्रणवको नित्य जप गर्नुपर्छ, यसबाट ब्राह्मणत्वको पूर्ति हुन्छ। ब्राह्मणत्वको पूर्तिका लागि श्रेष्ठ ब्राह्मणले प्रतिदिन प्रातःकाल एक सहस्र गायत्रीमन्त्रको जप गर्नुपर्छ, मध्याह्नकालमा सय पटक र सायंकालमा अट्ठाईस पटक जपको विधि छ। अन्य वर्णका मानिसले अर्थात् क्षत्रिय र वैश्यले तीनवटै सन्ध्याको समय यथासाध्य गायत्री जप गर्नुपर्छ॥ ३५—३९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मूलाधारं समारभ्य द्वादशांशस्थितांस्तथा।
विद्येशब्रह्मविष्णवीशजीवात्मपरमेश्वरान् ॥ ४०

ब्रह्मबुद्ध्या तदैक्यं च सोऽहं भावनया जपेत्।
तानेव ब्रह्मरन्ध्रादौ कायाद् बाह्ये च भावयेत्॥ ४१

महत्तत्त्वं समारभ्य शरीरं तु सहस्रकम्।
एकैकस्माज्जपादेकमतिक्रम्य शनैः शनैः॥ ४२

परस्मिन्योजयेज्जीवं जपतत्त्वमुदाहृतम्।
शतद्विदशकं देहं शिखाष्टकसमन्वितम्॥ ४३

मन्त्राणां जप एवं हि जपमादिक्रमाद्विदुः।
सहस्रं ब्राह्मदं विद्याच्छतमैन्द्रप्रदं विदुः॥ ४४

इतरत्त्वात्मरक्षार्थं ब्रह्मयोनिषु जायते।
दिवाकरमुपस्थाय नित्यमित्थं समाचरेत्॥ ४५

लक्षद्वादशयुक्तस्तु पूर्णब्राह्मण ईरितः।
गायत्र्या लक्षहीनं तु वेदकार्ये न योजयेत्॥ ४६

आसप्ततेस्तु नियमं पश्चात्प्रव्राजनं चरेत्।
प्रातर्द्वादशसाहस्रं प्रव्राजी प्रणवं जपेत्॥ ४७

दिने दिने त्वतिक्रान्ते नित्यमेवं क्रमाज्जपेत्।
मासादौ क्रमशोऽतीते सार्धलक्षजपेन हि॥ ४८

अत ऊर्ध्वमतिक्रान्ते पुनः प्रैषं समाचरेत्।
एवं कृत्वा दोषशान्तिरन्यथा रौरवं व्रजेत्॥ ४९

[शरीरभित्र मूलाधार, स्वाधिष्ठान, मणिपूर, अनाहत, आज्ञा र सहस्रार—यी छ चक्र छन्।] यिनमा मूलाधारदेखि लिएर सहस्रारसम्मका छ स्थानहरूमा क्रमशः विद्येश्वर, ब्रह्मा, विष्णु, ईश, जीवात्मा र परमेश्वर स्थित रहन्छन्। यी सबैमा ब्रह्मबुद्धि गरी तिनको एकताको निश्चय गर्नू र त्यो ब्रह्म म हुँ—यस्तो भावनाले युक्त भएर जप गर्नु। तिनै विद्येश्वर आदिको ब्रह्मरन्ध्र आदि स्थानमा तथा यस शरीरभन्दा बाहिर पनि भावना गर्नु। महत्तत्त्वदेखि लिएर पंचभूतपर्यन्त तत्त्वहरूबाट बनेको जुन शरीर छ, यस्ता हजारौँ शरीरहरूका एक-एक अजपा गायत्रीको जपबाट एक-एकको क्रमले अतिक्रमण गर्दै जीवलाई बिस्तारै-बिस्तारै परमात्मासित एकाकार गराउनू—यसलाई जपको तत्त्व बताइएको छ। सय अथवा अट्ठाईस मन्त्रहरूको जपले त्यति नै शरीरहरूको अतिक्रमण हुन्छ। यस प्रकार जुन मन्त्रहरूको जप छ, त्यसैलाई आदिक्रमले वास्तविक जप जान्नुपर्दछ ॥ ४०—४३१/२ ॥

एक हजार पटक गरिएको जपले ब्रह्मलोक प्रदान गर्छ—यस्तो जान्नुपर्छ। सय पटक गरिएको जपलाई इन्द्रपद प्राप्ति गराउने मानिएको छ। ब्राह्मणबाहेकका पुरुषले आत्मरक्षाका लागि जुन स्वल्पमात्रामा जप गर्दछ, त्यसले ब्राह्मणको कुलमा जन्म लिन्छ। यस प्रकार प्रतिदिन दुई हात उठाएर सूर्यको उपासना गरी उपर्युक्तरूपले जपको अनुष्ठान गर्नुपर्दछ ॥ ४४-४५ ॥

बाह्र लाख गायत्रीको जप गर्ने पुरुषलाई पूर्णरूपले ब्राह्मण भनिन्छ। जुन ब्राह्मणले एक लाख गायत्रीको जप गरेका छैनन्, तिनलाई वैदिक कार्यमा लगाउनु हुँदैन। सत्तरी वर्षको उमेरसम्म नियमपूर्वक कार्य गर्नुपर्छ। यसपछि गृह त्यागेर संन्यास लिनुपर्छ। परिव्राजक वा संन्यासी पुरुष नित्य प्रातःकाल बाह्र हजार प्रणवको जप गरोस्। यदि कुनै दिन नियमको उल्लंघन हुन गयो भने दोस्रो दिन त्यसको बदलामा त्यति मन्त्र अरू बढी जप्नुपर्दछ; यस प्रकार नियमित रूपमा जप गर्ने प्रयत्न गर्नुपर्दछ। यदि क्रमशः एक महिनासम्म जप हुनसकेन भने डेढ लाख जप गरी त्यसको प्रायश्चित्त गर्नुपर्दछ। यसभन्दा पनि बढी समयसम्म नियमको उल्लंघन भयो भने पुनः नयाँ सिरबाट गुरुसित नियम ग्रहण गर्नुपर्छ। यस्तो गर्नाले दोषहरूको शान्ति हुन्छ, अन्यथा रौरव नरकमा जानुपर्ने छ ॥ ४६—४९ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्मार्थयोस्ततो यत्नं कुर्यात्कामी न चेतरः।
ब्राह्मणो मुक्तिकामः स्याद् ब्रह्मज्ञानं सदाभ्यसेत्॥ ५०

धर्मादर्थोऽर्थतो भोगो भोगाद्वैराग्यसम्भवः।
धर्मार्जितार्थभोगेन वैराग्यमुपजायते॥ ५१

विपरीतार्थभोगेन राग एव प्रजायते।
धर्मश्च द्विविधः प्रोक्तो द्रव्यदेहद्वयेन च॥ ५२

द्रव्यमिज्यादिरूपं स्यात्तीर्थस्नानादि दैहिकम्।
धर्मेण धनमाप्नोति तपसा दिव्यरूपताम्॥ ५३

निष्कामः शुद्धिमाप्नोति शुद्ध्या ज्ञानं न संशयः।
कृतादौ हि तपः श्लाघ्यं द्रव्यधर्मः कलौ युगे॥ ५४

कृते ध्यानाज्ज्ञानसिद्धिस्त्रेतायां तपसा तथा।
द्वापरे यजनाज्ज्ञानं प्रतिमापूजया कलौ॥ ५५

यादृशं पुण्यपापं वा तादृशं फलमेव हि।
द्रव्यदेहाङ्गभेदेन न्यूनवृद्धिक्षयादिकम्॥ ५६

अधर्मो हिंसिकारूपो धर्मस्तु सुखरूपकः।
अधर्माद् दुःखमाप्नोति धर्माद्वै सुखमेधते॥ ५७

विद्याद् दुर्वृत्तितो दुःखं सुखं विद्यात्सुवृत्तितः।
धर्मार्जनमतः कुर्याद्भोगमोक्षप्रसिद्धये॥ ५८

सकुटुम्बस्य विप्रस्य चतुर्जनयुतस्य च।
शतवर्षस्य वृत्तिं तु दद्यात्तद्ब्रह्मलोकदम्॥ ५९

जो सकाम भावनाले युक्त गृहस्थ ब्राह्मण छ, उसले धर्म तथा अर्थका लागि यत्न गर्नुपर्छ। मुमुक्षु ब्राह्मणले त सदा ज्ञानको नै अभ्यास गर्नुपर्छ। धर्मबाट अर्थको प्राप्ति हुन्छ, अर्थबाट भोग सुलभ हुन्छ र त्यस भोगबाट वैराग्यको प्राप्ति हुन्छ। धर्मपूर्वक उपार्जित धनबाट जुन भोग प्राप्त हुन्छ, त्यसबाट एक दिन अवश्य वैराग्यको उदय हुन्छ। धर्मको विपरीत अधर्मबाट उपार्जित धनद्वारा जुन भोग प्राप्त हुन्छ, त्यसबाट भोगहरूको प्रति आसक्ति उत्पन्न हुन्छ॥ ५०–५१½॥

धर्म दुई प्रकारका बताइएका छन्—द्रव्यद्वारा सम्पादित हुने र शरीरबाट गरिने। द्रव्यधर्म यज्ञ आदिको रूपमा र शरीरधर्म तीर्थ-स्नान आदिको रूपमा पाइन्छ। मनुष्यले धर्मबाट धन प्राप्त गर्दछ, तपस्याबाट उसलाई दिव्य रूपको प्राप्ति हुन्छ। कामनाहरूको त्याग गर्ने पुरुषको अन्तःकरणको शुद्धि हुन्छ; त्यस शुद्धिबाट ज्ञानको उदय हुन्छ; यसमा संशय छैन॥ ५२–५३½॥

सत्ययुग आदिमा तपलाई नै सर्वोपरी भनिएको छ, तर कलियुगमा द्रव्यसाध्य धर्म राम्रो मानिएको छ। सत्ययुगमा ध्यानबाट, त्रेतामा तपस्याबाट र द्वापरमा यज्ञ गर्नाले ज्ञानको सिद्धि हुन्छ, तर कलियुगमा प्रतिमा (भगवद्विग्रह)–को पूजाबाट ज्ञानलाभ हुन्छ॥ ५४–५५॥

जसको जस्तो पुण्य वा पाप हुन्छ, त्यसलाई त्यस्तै फल प्राप्त हुन्छ। द्रव्य, देह अथवा अंगको न्यूनता, वृद्धि अथवा क्षय आदिको रूपमा त्यो फल प्रकट हुन्छ॥ ५६॥

अधर्म हिंसा (दुःख)–रूप हो र धर्म सुखरूप हो। मनुष्य अधर्मबाट दुःख पाउँछ र धर्मबाट सुख र अभ्युदयको भागी हुन्छ। दुराचारबाट दुःख प्राप्त हुन्छ र सदाचारबाट सुख। अतः भोग र मोक्षको सिद्धिका लागि धर्मको उपार्जन गर्नुपर्दछ॥ ५७–५८॥

जसको घरमा थोरैमा पनि चार मनुष्य छन्, यस्तो कुटुम्बी ब्राह्मणलाई जसले सय वर्षका लागि जीविका (जीवन-निर्वाहका सामग्री) दिन्छ, उसका लागि त्यो दान ब्रह्मलोकको प्राप्ति गराउनेवाला हुन्छ। एक हजार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चान्द्रायणसहस्रं तु ब्रह्मलोकप्रदं विदुः।
सहस्रस्य कुटुम्बस्य प्रतिष्ठां क्षत्रियश्चरेत्॥ ६०

इन्द्रलोकप्रदं विद्यादयुतं ब्रह्मलोकदम्।
यां देवतां पुरस्कृत्य दानमाचरते नरः॥ ६१

तत्तल्लोकमवाप्नोति इति वेदविदो विदुः।
अर्थहीनः सदा कुर्यात्तपसामार्जनं तथा॥ ६२

तीर्थाच्च तपसा प्राप्यं सुखमक्षय्यमश्नुते।
अर्थार्जनमथो वक्ष्ये न्यायतः सुसमाहितः॥ ६३

कृतात्प्रतिग्रहाच्चैव याजनाच्च विशुद्धतः।
अदैन्यादनतिक्लेशाद् ब्राह्मणो धनमर्जयेत्॥ ६४

क्षत्रियो बाहुवीर्येण कृषिगोरक्षणाद् विशः।
न्यायार्जितस्य वित्तस्य दानात्सिद्धिं समश्नुते॥ ६५

ज्ञानसिद्ध्या मोक्षसिद्धिः सर्वेषां गुर्वनुग्रहात्।
मोक्षात्स्वरूपसिद्धिः स्यात्परानन्दं समश्नुते॥ ६६

सत्सङ्गात्सर्वमेतद्वै नराणां जायते द्विजाः।
धनधान्यादिकं सर्वं देयं वै गृहमेधिना॥ ६७

यद्यत्काले वस्तुजातं फलं वा धान्यमेव च।
तत्तत्सर्वं ब्राह्मणेभ्यो देयं वै हितमिच्छता॥ ६८

जलं चैव सदा देयमन्नं क्षुद्व्याधिशान्तये।
क्षेत्रं धान्यं तथामान्नमन्नमेव चतुर्विधम्॥ ६९

यावत्कालं यदन्नं वै भुक्त्वा श्रवणमेधते।
तावत्कृतस्य पुण्यस्य त्वर्धं दातुर्न संशयः॥ ७०

चान्द्रायण व्रतको अनुष्ठान ब्रह्मलोकदायक मानिएको छ। जुन क्षत्रिय एक हजार कुटुम्बहरूलाई जीवन-निर्वाहका सामग्री र आवास दिन्छ, उसको त्यो कर्म इन्द्रलोकको प्राप्ति गराउनेवाला हुन्छ र दस हजार कुटुम्बहरूलाई दिइएको आश्रयदानले ब्रह्मलोक प्रदान गर्दछ। दाता पुरुष जुन देवताको उद्देश्यले दान गर्दछ अर्थात् त्यो दानद्वारा जुन देवतालाई प्रसन्न पार्न चाहन्छ, त्यसलाई तिनैको लोक प्राप्त हुन्छ—यस्तो वेदवेत्ता पुरुष भन्दछन्। धनहीन पुरुष सदा तपस्याको उपार्जन गरून्; किनभने तपस्या र तीर्थसेवनबाट अक्षय सुख पाएर मनुष्य त्यसको उपभोग गर्दछ॥ ५९—६२१/२॥

अब म न्यायसंगत धन उपार्जनको विधि बताउन गइरहेको छु। ब्राह्मणले सदा सावधान रहेर विशुद्ध प्रतिग्रह (दानग्रहण) तथा याजन (यज्ञ गराउने) आदिबाट धनको आर्जन गरून्। यसका लागि तिनले कतै पनि दरिद्रपन देखाउनु हुँदैन र अत्यन्त कष्टदायक कर्म पनि गर्नु हुँदैन। क्षत्रियहरूले बाहुबलबाट धनको उपार्जन गरून् र वैश्यहरूले कृषि एवं गोरक्षाबाट। न्यायोपार्जित धनको दान गर्नाले दातालाई ज्ञानको सिद्धि हुन्छ। ज्ञानसिद्धिद्वारा सबै पुरुषहरूलाई गुरुकृपाले मोक्षसिद्धि सुलभ हुन्छ। मोक्षबाट स्वरूपको सिद्धि (ब्रह्मरूपमा स्थिति) प्राप्त हुन्छ, जसबाट [मुक्त पुरुषले] परमानन्दको अनुभव गर्दछ। हे द्विजहरू हो! मनुष्यहरूलाई यी सबै सत्संगबाट प्राप्त हुन्छन्॥ ६३—६६१/२॥

गृहस्थाश्रमीले धन-धान्य आदि सबै वस्तुहरूको दान गर्नुपर्छ। आफ्नू हित चाहने गृहस्थले जुन कालमा जुन फल अथवा धान्यादि वस्तुहरू उत्पन्न हुन्छन्, तिनको ब्राह्मणहरूलाई दान गरिदिनुपर्छ॥ ६७-६८॥

ती तृषा-निवृत्तिका लागि जल तथा क्षुधारूपी रोगको शान्तिका लागि सधैँ अन्न दान गरून्। खेत, धान्य, कच्चा अन्न तथा भक्ष्य, भोज्य, लेह्य र चोष्य—यी चार प्रकारका सिद्ध अन्न दान गर्नुपर्दछ। जसको अन्न खाएर मनुष्य जबसम्म कथा-श्रवण आदि सद्धर्मको पालन गर्दछ, त्यति नै समयसम्म त्यसद्वारा गरिएका पुण्यफलको आधा भाग दातालाई प्राप्त हुन्छ; यसमा संशय छैन॥ ६९-७०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ग्रहीता हि गृहीतस्य दानाद्वै तपसा तथा।
पापसंशोधनं कुर्यादन्यथा रौरवं व्रजेत्॥ ७१

आत्मवित्तं त्रिधा कुर्याद्धर्मवृद्ध्यात्मभोगतः।
नित्यं नैमित्तिकं काम्यं कर्म कुर्यात्तु धर्मतः॥ ७२

वित्तस्य वर्धनं कुर्याद् वृद्ध्यंशेन हि साधकः।
हितेन मितमेध्येन भोगं भोगांशतश्चरेत्॥ ७३

कृष्यर्जिते दशांशं हि देयं पापस्य शुद्धये।
शेषेण कुर्याद्धर्मादि अन्यथा रौरवं व्रजेत्॥ ७४

अथवा पापबुद्धिः स्यात्क्षयं वा सस्यमेष्यति।
वृद्धिवाणिज्यके देयं षडंशं हि विचक्षणैः॥ ७५

शुद्धप्रतिग्रहे देयं चतुर्थांशं द्विजोत्तमैः।
अकस्मादुत्थितेऽर्थे हि देयमर्धं द्विजोत्तमैः॥ ७६

असत्प्रतिग्रहे सर्वं दुर्दानं सागरे क्षिपेत्।
आहूय दानं कर्तव्यमात्मभोगसमृद्धये॥ ७७

पृष्टं सर्वं सदा देयमात्मशक्त्यनुसारतः।
जन्मान्तरे ऋणी हि स्याददत्ते पृष्टवस्तुनि॥ ७८

परेषां च तथा दोषं न प्रशंसेद्विचक्षणः।
विद्वेषेण तथा ब्रह्मन् श्रुतं दृष्टं च नो वदेत्॥ ७९

न वदेत्सर्वजन्तूनां हृदि रोषकरं बुधः।
सन्ध्ययोरग्निकार्यं च कुर्यादैश्वर्यसिद्धये॥ ८०

अशक्तस्त्वेककाले वा सूर्याग्नी च यथाविधि।
तण्डुलं धान्यमाज्यं वा फलं कन्दं हविस्तथा॥ ८१

दान लिने पुरुष दानमा प्राप्त भएका वस्तुको दा[न] तथा तपस्या गरी आफ्नो प्रतिग्रहजनित पापको शुद्धि गरोस्; अन्यथा त्यसलाई रौरव नरकमा पर्नुपर्छ। आफ्[नो] धनलाई तीन भाग गर्नू—एक भाग धर्मका लागि दोस्रो भाग वृद्धिका लागि तथा तेस्रो भाग आफ्[नो] उपभोगका लागि। नित्य, नैमित्तिक र काम्य—यी ती[न] प्रकारका कर्म धर्मार्थ राखिएको धनले गर्नुपर्दछ। साधक[ले] वृद्धिका लागि राखिको धनबाट यस्तो व्यापार गरोस् जसबाट त्यस धनको वृद्धि होस् तथा उपभोगका लागि रक्षित धनबाट हितकारक, परिमित एवं पवित्र भो[ग] भोगोस्॥ ७१—७३॥

खेतीबाट पैदा गरिएको धनको दसौँ अंश दा[न] गरिदिनू। यसबाट पापको शुद्धि हुन्छ। बाँकी धन[ले] धर्म, वृद्धि एवं उपभोग गर्नू, अन्यथा त्यो रौरव नरक[मा] पर्छ अथवा त्यसको बुद्धि पापले परिपूर्ण हुन्छ वा खे[ती] नै चौपट हुन्छ। वृद्धिका लागि गरिएको व्यापारमा प्रा[प्त] भएको धनको छैठौँ भाग दान गरिदिनू॥ ७४-७५॥

श्रेष्ठ ब्राह्मणहरूले दानमा प्राप्त भएका शु[द्ध] पदार्थहरूको चतुर्थांश दान गरिदिनुपर्छ। तिनल[े] अकस्मात् प्राप्त भएको धनको भने आधा भाग नै दा[न] गर्नु पर्छ। असत्-प्रतिग्रह (दूषित दान)-मा प्रा[प्त] सम्पूर्ण पदार्थहरू समुद्रमा फालिदिनुपर्छ। आफ्[नो] भोगको समृद्धिका लागि ब्राह्मणहरूलाई बोलाएर दा[न] गर्नुपर्छ। कसैद्वारा याचना गरिएमा आफ्नो शक्तिअनुस[ार] सदैव सब थोक दिनुपर्छ। यदि माग्दामा पनि [शक्ति भएर पनि] त्यो पदार्थ दिइएन भने दोस्रो जन्ममा त[्यो] ऋण चुकाउनु पर्नेछ॥ ७६—७८॥

विद्वान्ले अर्काको अवगुणको वर्णन गर्नु हुँदैन। हे ब्रह्मन्! द्वेषवश अर्काको सुने वा देखेका अवगुण पनि चर्चा गर्नु हुँदैन। विद्वान् पुरुषले समस्त प्राणीहरूका हृदयमा द्वेषभाव उत्पन्न गराउने कुरा गर्नु हुँदैन॥ ७९१/२

ऐश्वर्य सिद्धिका लागि दुवै सन्ध्याहरूको सम[य] अग्निहोत्र गर्नुपर्छ, यदि असमर्थ भएमा उसले ए[क] समय सूर्य र अग्निलाई विधिपूर्वक दिइएको आहुति सन्तुष्ट बनाउनुपर्छ। चामल, धान, घिउ, फल, कन्दमू[ल] तथा हविष्य—यीद्वारा विधिपूर्वक बनाउनू तथा यथोचि[त]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्थालीपाकं तथा कुर्याद्यथान्यायं यथाविधि।
प्रधानहोममात्रं वा हव्याभावे समाचरेत्॥ ८२
नित्यसन्धानमित्युक्तं तमजस्त्रं विदुर्बुधाः।
अथवा जपमात्रं वा सूर्यवन्दनमेव च॥ ८३

रीतिले सूर्य र अग्निलाई अर्पित गरिदिनू। यदि हविष्यको अभाव भएमा प्रधान होममात्र गर्नु। सदा सुरक्षित रहने अग्निलाई विद्वान् पुरुष अजस्त्रको संज्ञा दिन्छन्। यदि असमर्थ भएमा सन्ध्याकालमा जपमात्र वा सूर्यको वन्दनामात्र गरून्॥ ८०—८३॥

एवमात्मार्थिनः कुर्युरर्थार्थी च यथाविधि।
ब्रह्मयज्ञरता नित्यं देवपूजारतास्तथा॥ ८४

अग्निपूजापरा नित्यं गुरुपूजारतास्तथा।
ब्राह्मणानां तृप्तिकराः सर्वे स्वर्गस्य भागिनः॥ ८५

आत्मज्ञानको इच्छा भएका तथा धनार्थी पुरुषहरूले पनि यस प्रकार विधिवत् उपासना गर्नुपर्छ। जो सदा ब्रह्मयज्ञमा तत्पर रहन्छन्, देवताहरूको पूजामा लागिरहन्छन्, नित्य अग्निपूजा एवं गुरुपूजामा अनुरक्त हुन्छन् तथा ब्राह्मणहरूलाई तृप्त पारिरहन्छन्, ती सबै स्वर्गका भागी हुन्छन्॥ ८४-८५॥

इति श्रीशिवमहापुराणे प्रथमायां विद्येश्वरसंहितायां सदाचारवर्णनं नाम त्रयोदशोऽध्यायः॥ १३॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत प्रथम विद्येश्वरसंहितामा सदाचारवर्णन नामक तेह्रौँ अध्याय पूर्ण भयो॥ १३॥

अथ चतुर्दशोऽध्यायः

अग्नियज्ञ, देवयज्ञ र ब्रह्मयज्ञ आदिको वर्णन, भगवान् शिवद्वारा सात वारको निर्माण तथा तिनमा देवाराधनाबाट विभिन्न प्रकारका फलहरूका प्राप्तिको कथन

ऋषय ऊचुः

अग्नियज्ञं देवयज्ञं ब्रह्मयज्ञं तथैव च।
गुरुपूजां ब्रह्मतृप्तिं क्रमेण ब्रूहि नः प्रभो॥ १

ऋषिगण भन्दछन्—हे प्रभु! अग्नियज्ञ, देवयज्ञ, ब्रह्मयज्ञ, गुरुपूजा तथा ब्रह्मतृप्तिको क्रमशः हाम्रा समक्ष वर्णन गर्नुहोस्॥ १॥

सूत उवाच

अग्नौ जुहोति यद् द्रव्यमग्नियज्ञः स उच्यते।
ब्रह्मचर्याश्रमस्थानां समिदाधानमेव हि॥ २

समिदग्नौ व्रताद्यं च विशेषयजनादिकम्।
प्रथमाश्रमिणामेवं यावदौपासनं द्विजाः॥ ३

आत्मन्यारोपिताग्नीनां वनिनां यतिनां द्विजाः।
हितं च मितमेध्यान्नं स्वकाले भोजनं हुतिः॥ ४

सूत भन्नुहुन्छ—हे महर्षिहरू हो! गृहस्थ पुरुष सायंकाल र प्रातःकाल अग्निमा जुन चामल आदि द्रव्यको आहुति दिन्छन्, त्यसैलाई अग्नियज्ञ भनिन्छ। जो ब्रह्मचर्य आश्रममा स्थित छन्, ती ब्रह्मचारीहरूका लागि समिधाको आधान (स्थापना) नै अग्नियज्ञ हो। ती समिधाको नै अग्निमा हवन गर्छन्। हे ब्राह्मणहरू हो! ब्रह्मचर्य आश्रममा निवास गर्ने द्विजहरूको जबसम्म विवाह हुँदैन र तिनले औपासनाग्नि (उपासनाका लागि ग्रहण गरिने अग्नि) को प्रतिष्ठा गर्दैनन्, तबसम्म तिनका लागि अग्निमा समिधाको आहुति, व्रत आदिको पालन तथा विशेष यजन आदि नै कर्तव्य हुन्छ (यही तिनका लागि अग्नियज्ञ हो)। हे द्विज हो! जसले बाह्य अग्निलाई विसर्जित गरी आफ्नै आत्मामा अग्निको आरोप गरेका छन्, त्यस्ता वानप्रस्थी र संन्यासीहरूका लागि विहित समयमा हितकर, परिमित र पवित्र अन्नको भोजन गर्नु नै हवन वा अग्नियज्ञ हो॥ २—४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

औपासनाग्निसन्धानं समारभ्य सुरक्षितम्।
कुण्डे वाप्यथ भाण्डे वा तदजस्रं समीरितम्॥ ५

अग्निमात्मन्यरण्यां वा राजदैववशाद् ध्रुवम्।
अग्नित्यागभयादुक्तं समारोपितमुच्यते॥ ६

सम्पत्करी तथा ज्ञेया सायमग्न्याहुतिर्द्विजाः।
आयुष्करीति विज्ञेया प्रातः सूर्याहुतिस्तथा॥ ७

अग्नियज्ञो ह्ययं प्रोक्तो दिवा सूर्यनिवेशनात्।
इन्द्रादीन्सकलान्देवानुद्दिश्याग्नौ जुहोति यत्॥ ८

देवयज्ञं हि तं विद्यात्स्थालीपाकादिकान्क्रतून्।
चौलादिकं तथा ज्ञेयं लौकिकाग्नौ प्रतिष्ठितम्॥ ९

ब्रह्मयज्ञं द्विजः कुर्याद् देवानां तृप्तयेऽसकृत्।
ब्रह्मयज्ञ इति प्रोक्तो वेदस्याध्ययनं भवेत्॥ १०

नित्यानन्तरमासायं ततस्तु न विधीयते।
अनग्नौ देवयजनं शृणुत श्रद्धयादरात्॥ ११

आदिसृष्टौ महादेवः सर्वज्ञः करुणाकरः।
सर्वलोकोपकारार्थं वारान्कल्पितवान्प्रभुः॥ १२

संसारवैद्यः सर्वज्ञः सर्वभेषजभेषजम्।
आदावारोग्यदं वारं स्ववारं कृतवान्प्रभुः॥ १३

सम्पत्करं स्वमायाया वारं च कृतवांस्ततः।
जनने दुर्गतिक्रान्ते कुमारस्य ततः परम्॥ १४

उपासनाका लागि ग्रहण गरिने अग्निलाई ग्रहण गरी जब कुण्ड अथवा भाँडामा सुरक्षित गरिन्छ, तब त्यसलाई अजस्र भनिन्छ। राजविप्लव वा दुर्दैववश अग्नित्यागको भय उपस्थित भएमा जब अग्निलाई स्वयं आत्मामा अथवा अरणीमा स्थापित गरिन्छ, तब त्यसलाई समारोपित भनिन्छ॥ ५-६॥

हे ब्राह्मणहरू हो! सायंकालमा अग्निका लागि दिइएको आहुति सम्पत्ति प्रदायक हुन्छ, यस्तो जान्नुपर्छ र प्रातःकाल सूर्यदेवलाई दिइएको आहुति आयुको वृद्धि गराउने हुन्छ, यो कुरा राम्ररी बुझ्नुपर्छ। दिनमा अग्निदेव सूर्यमा नै प्रविष्ट हुन्छन्। अतः प्रातःकाल सूर्यलाई दिइएको आहुति पनि अग्नियज्ञ नै हो॥ ७॥

इन्द्र आदि समस्त देवताहरूको उद्देश्यले अग्निमा जुन आहुति दिइन्छ, त्यसलाई देवयज्ञ सम्झनुपर्छ। स्थालीपाक आदि यज्ञहरूलाई देवयज्ञ नै मान्नुपर्छ। लौकिक अग्निमा प्रतिष्ठित जुन चूडाकरण आदि संस्कारका निमित्त हवन-कर्म छन्, तिनलाई पनि देवयज्ञअन्तर्गत नै जान्नुपर्छ। [अब ब्रह्मयज्ञको वर्णन सुन्नुहोस्।] द्विजहरूले देवताहरूको तृप्तिका लागि निरन्तर ब्रह्मयज्ञ गर्नुपर्छ। वेदहरूको जुन नित्य अध्ययन गरिन्छ, त्यसैलाई ब्रह्मयज्ञ भनिन्छ। प्रातः नित्यकर्म गरेपछि सायंकालसम्म ब्रह्मयज्ञ गर्न सकिन्छ, त्यसपछि रातमा यसको विधान छैन॥ ८—१०½॥

अग्नि विना देवयज्ञ कसरी सम्पन्न हुन्छ, यसलाई तपाईंहरू श्रद्धापूर्वक तथा आदरपूर्वक सुन्नुहोस्। सृष्टिको आरम्भमा सर्वज्ञ, दयालु र सर्वसमर्थ महादेवले समस्त लोकहरूको उपकारका लागि वारहरूको कल्पना गर्नुभयो। उनै भगवान् शिव संसाररूपी रोगलाई निर्मूल पार्नका लागि वैद्य हुनुहुन्छ। सबका ज्ञाता तथा समस्त औषधिहरूका पनि औषधि हुनुहुन्छ। उनै भगवान्ले पहिला आफ्नो वारको कल्पना गर्नुभयो, जुन आरोग्यदायक छ। तत्पश्चात् उहाँले आफ्नो मायाशक्तिको वार बनाउनुभयो, जुन सम्पत्तिदायक छ। जन्मकालमा दुर्गतिग्रस्त बालकको रक्षाका लागि उहाँले कुमारको वारको कल्पना गर्नुभयो। तत्पश्चात् सर्वसमर्थ महादेवले आलस्य र पापको निवृत्ति तथा समस्त लोकको हित गर्ने इच्छाले लोकरक्षक भगवान्

2325_Sihvpurana_Part_1_Nepali_Section_5_2_Ba

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Acc. 32644

आलस्यदुरितक्रान्त्यै वारं कल्पितवान्प्रभुः।
रक्षकस्य तथा विष्णोर्लोकानां हितकाम्यया॥ १५

पुष्ट्यर्थं चैव रक्षार्थं वारं कल्पितवान्प्रभुः।
आयुष्करं ततो वारमायुषां कर्तुरेव हि॥ १६

त्रैलोक्यसृष्टिकर्तुर्हि ब्रह्मणः परमेष्ठिनः।
जगदायुष्यसिद्ध्यर्थं वारं कल्पितवान्प्रभुः॥ १७

आदौ त्रैलोक्यवृद्ध्यर्थं पुण्यपापे प्रकल्पिते।
तयोः कर्त्रोस्ततो वारमिन्द्रस्य च यमस्य च॥ १८

भोगप्रदं मृत्युहरं लोकानां च प्रकल्पितम्।
आदित्यादीन्स्वस्वरूपान्सुखदुःखस्य सूचकान्॥ १९

वारेशान्कल्पयित्वादौ ज्योतिश्चक्रे प्रतिष्ठितान्।
स्वस्ववारे हि तेषां तु पूजा स्वस्वफलप्रदा॥ २०

आरोग्यं सम्पदश्चैव व्याधीनां शान्तिरेव च।
पुष्टिरायुस्तथा भोगो मृतेर्हानिर्यथाक्रमम्॥ २१

वारक्रमफलं प्राहुर्देवप्रीतिपुरःसरम्।
अन्येषामपि देवानां पूजायाः फलदः शिवः॥ २२

देवानां प्रीतये पूजा पञ्चधैव प्रकल्पिता।
तत्तन्मन्त्रजपो होमो दानं चैव तपस्तथा॥ २३

स्थण्डिले प्रतिमायां च ह्यग्नौ ब्राह्मणविग्रहे।
समाराधनमित्येवं षोडशैरुपचारकैः॥ २४

विष्णुको वार बनाउनुभयो। यसपछि सबैका स्वामी भगवान् शिवले पुष्टि र रक्षाका लागि आयुःकर्ता तथा त्रिलोकस्रष्टा परमेष्ठी ब्रह्माको आयुष्कारक वार बनाउनुभयो, जसबाट सम्पूर्ण जगत्‌को आयुष्यको सिद्धि हुन सकोस्। यसपछि तीनवटै लोकको वृद्धिका लागि पहिला पुण्य-पापको रचना गर्नुभयो; तत्पश्चात् पुण्य-पाप गर्नेहरूलाई शुभाशुभ फल दिनका लागि भगवान् शिवले इन्द्र र यमको वारको निर्माण गर्नुभयो। यी दुवै वार क्रमशः भोग दिने तथा मानिसहरूको मृत्युभयलाई हटाउने खालका छन्॥ ११—१८१/२॥

यसपछि सूर्य आदि सात ग्रहहरूलाई, जुन आफ्नै स्वरूपभूत तथा प्राणीहरूका लागि सुख-दुःखका सूचक छन्; भगवान् शिवले उपर्युक्त सात वारहरूको स्वामी निश्चित गर्नुभयो। ती सबै ग्रह नक्षत्रहरूको ज्योतिर्मय मण्डलमा प्रतिष्ठित छन्। [शिवको वार वा दिनको स्वामी सूर्य हुन्। शक्तिसम्बन्धी वारका स्वामी सोम हुन्। कुमारसम्बन्धी दिनका अधिपति मंगल हुन्। विष्णुवारका स्वामी बुध हुन्। ब्रह्मावारका अधिपति बृहस्पति हुन्। इन्द्रवारका स्वामी शुक्र र यमवारका स्वामी शनैश्चर हुन्।] आ-आफ्नो वारमा गरिएका ती देवताहरूको पूजा उनीहरूको आ-आफ्नो फलदायक हुन्छन्॥ १९-२०॥

सूर्य आरोग्यका र चन्द्रमा सम्पत्तिका दाता हुन्। मंगल व्याधिहरूको निवारण गर्दछन्, बुध पुष्टि दिन्छन्, बृहस्पति आयुको वृद्धि गर्दछन्, शुक्र भोग दिन्छन् र शनैश्चर मृत्युको निवारण गर्दछन्। यी सात वारहरूको क्रमशः फल बताइएका छन्, जुन ती-ती देवताहरूको प्रीतिबाट प्राप्त हुन्छ। अन्य देवताहरूको पनि पूजाको फल प्रदान गर्ने भगवान् शिव नै हुनुहुन्छ। देवताहरूको प्रसन्नताका लागि पाँच प्रकारका पूजा पद्धति बनाइयो। ती-ती देवताहरूका मन्त्रहरूको जप पहिलो पद्धति हो। तिनका लागि होम गर्नु दोस्रो, दान गर्नु तेस्रो तथा तप गर्नु चौथो पद्धति हो। कुनै वेदीमा, प्रतिमामा, अग्निमा अथवा ब्राह्मणको शरीरमा आराध्य देवताको भावना गरी सोह्र उपचारहरूले तिनको पूजा वा आराधना गर्नु पाँचौँ पद्धति हो॥ २१—२४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्तरोत्तरवैशिष्ट्यात्पूर्वाभावे तथोत्तरम्।
नेत्रयोः शिरसो रोगे तथा कुष्ठस्य शान्तये॥ २५

आदित्यं पूजयित्वा तु ब्राह्मणान्भोजयेत्ततः।
दिनं मासं तथा वर्षं वर्षत्रयमथापि वा॥ २६

प्रारब्धं प्रबलं चेत्स्यान्नश्येद् रोगजरादिकम्।
जपाद्यमिष्टदेवस्य वारादीनां फलं विदुः॥ २७

पापशान्तिर्विशेषेण ह्यादिवारे निवेदयेत्।
आदित्यस्यैव देवानां ब्राह्मणानां विशिष्टदम्॥ २८

सोमवारे च लक्ष्म्यादीन्सम्पदर्थं यजेद् बुधः।
आज्यान्नेन तथा विप्रान्सपत्नीकांश्च भोजयेत्॥ २९

काल्यादीन्भौमवारे तु यजेद् रोगप्रशान्तये।
माषमुद्गाढकान्नेन ब्राह्मणांश्चैव भोजयेत्॥ ३०

सौम्यवारे तथा विष्णुं दध्यन्नेन यजेद् बुधः।
पुत्रमित्रकलत्रादिपुष्टिर्भवति सर्वदा॥ ३१

आयुष्कामो गुरोर्वारे देवानां पुष्टिसिद्धये।
उपवीतेन वस्त्रेण क्षीराज्येन यजेद् बुधः॥ ३२

भोगार्थं भृगुवारे तु यजेद् देवान्समाहितः।
षड्रसोपेतमन्नं च दद्याद् ब्राह्मणतृप्तये॥ ३३

स्त्रीणां च तृप्तये तद्वद् देयं वस्त्रादिकं शुभम्।
अपमृत्युहरे मन्दे रुद्रादींश्च यजेद् बुधः॥ ३४

तिलहोमेन दानेन तिलान्नेन च भोजयेत्।
इत्थं यजेच्च विबुधानारोग्यादिफलं लभेत्॥ ३५

यिनीहरूमा पूजाको उत्तरोत्तर आधार उत्तम छन्। पूर्व-पूर्वको अभावमा उत्तरोत्तर आधारको अवलम्बन गर्नुपर्दछ। दुवै नेत्र तथा टाउकाको रोग र कुष्ठ रोगको शान्तिका लागि भगवान् सूर्यको पूजा गरी ब्राह्मणहरूलाई भोजन गराउनुपर्छ। त्यसपछि एक दिन, एक महिना एक वर्ष अथवा तीन वर्षसम्म लगातार यस्तो साधन गर्नुपर्छ। यसबाट यदि प्रबल प्रारब्धको निर्माण हुनसक्यो भने रोग एवं वृद्धावस्था आदिको नाश हुन्छ। इष्टदेवका नाममन्त्रहरूको जप आदि साधनले वार अनुसारको फल दिन्छन्॥ २५—२७॥

रविवार सूर्यदेवका लागि, अन्य देवताहरूका लागि तथा ब्राह्मणहरूका लागि विशिष्ट वस्तु समर्पित गर्नुपर्छ। यो साधन विशिष्ट फलदायक हुन्छ तथा यसद्वारा विशेषरूपले पापहरूको शान्ति हुन्छ॥ २८॥

विद्वान् पुरुषले सोमवार सम्पत्ति प्राप्तिका लागि लक्ष्मी आदिको पूजा गरून् तथा सपत्नीक ब्राह्मणहरूलाई घिउमा पकाएको अन्नको भोजन गराऊन्। मंगलवार रोगहरूको शान्तिका लागि काली आदिको पूजा गरून् तथा मास, मूँग एवं रहरको दाल आदिले युक्त अन्न ब्राह्मणहरूलाई भोजन गराऊन्॥ २९-३०॥

विद्वान् पुरुष बुधवार दहीयुक्त अन्नले भगवान् विष्णुको पूजा गरून्—यस्तो गर्नाले सदा पुत्र, मित्र र स्त्री आदिको पुष्टि हुन्छ। जसले दीर्घायुको चाहना राख्छ, उसले गुरुवार देवताहरूको पुष्टिका लागि वस्त्र, यज्ञोपवीत तथा घृतमिश्रित खीरले यजन-पूजा गरोस्॥ ३१-३२॥

भोगहरूको प्राप्तिका लागि शुक्रवार एकाग्रचित्त भएर देवताहरूको पूजा गर्नुपर्छ र ब्राह्मणहरूको तृप्तिका लागि षड्रसयुक्त अन्नको दान गर्नुपर्छ। यसै प्रकार स्त्रीहरूको प्रसन्नताका लागि सुन्दर वस्त्र आदिको दान गर्नुपर्छ। शनैश्चर अकालमृत्युबाट बचाउने भएकाले त्यस दिन बुद्धिमान् पुरुषले रुद्र आदिको पूजा गरून्। तिलको होम र दानबाट देवताहरूलाई सन्तुष्ट पारी ब्राह्मणहरूलाई तिलमिश्रित अन्न भोजन गराउनुपर्छ। जो यसै गरी देवताहरूको पूजा गर्ने छ, त्यो आरोग्य आदि फलको भागी हुने छ॥ ३३—३५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

देवानां नित्ययजने विशेषयजनेऽपि च।
स्नाने दाने जपे होमे ब्राह्मणानां च तर्पणे॥ ३६
तिथिनक्षत्रयोगे च तत्तद्देवप्रपूजने।
आदिवारादिवारेषु सर्वज्ञो जगदीश्वरः॥ ३७
तत्तद्रूपेण सर्वेषामारोग्यादिफलप्रदः।
देशकालानुसारेण तथा पात्रानुसारतः॥ ३८
द्रव्यं श्रद्धानुसारेण तथा लोकानुसारतः।
तारतम्यक्रमाद् देवस्त्वारोग्यादीन्प्रयच्छति ॥ ३९

देवताहरूको नित्य-पूजा, विशेष-पूजा, स्नान, दान, जप, होम तथा ब्राह्मण-तर्पण आदिमा एवं रवि आदि वारहरूमा विशेष तिथि र नक्षत्रहरूको योग परेको अवस्थामा विभिन्न देवताहरूको पूजामा सर्वज्ञ जगदीश्वर भगवान् शिव नै ती-ती देवताहरूको रूपमा पूजित भएर सबैलाई आरोग्य आदि फल प्रदान गर्नुहुन्छ। देश, काल, पात्र, द्रव्य, श्रद्धा एवं लोकअनुसार तिनको तारतम्यको क्रमलाई ध्यानमा राख्दै आराधना गर्नेहरूलाई महादेव आरोग्य आदि फल दिनुहुन्छ॥ ३६—३९॥

शुभादावशुभान्ते च जन्मर्क्षेषु गृहे गृही।
आरोग्यादिसमृद्ध्यर्थमादित्यादीन्ग्रहान्यजेत् ॥ ४०

तस्माद्वै देवयजनं सर्वाभीष्टफलप्रदम्।
समन्त्रकं ब्राह्मणानामन्येषां चैव तान्त्रिकम्॥ ४१

यथाशक्त्यनुरूपेण कर्तव्यं सर्वदा नरैः।
सप्तस्वपि च वारेषु नरैः शुभफलेप्सुभिः॥ ४२

शुभ (मांगलिक कर्म)-को आरम्भमा र अशुभ (अन्त्येष्टि आदि कर्म)-को अन्तमा तथा जन्म-नक्षत्रहरूमा गृहस्थ पुरुषले आफ्नो घरमा आरोग्य तथा समृद्धिका लागि सूर्य आदि ग्रहहरूको पूजा गरून्। यसबाट सिद्ध हुन्छ कि देवताहरूको यजनबाट सम्पूर्ण अभीष्ट वस्तु प्राप्त हुन्छ। ब्राह्मणहरूले देवयजन कर्म वैदिक मन्त्रका साथ गर्नुपर्छ [यहाँ ब्राह्मण शब्द क्षत्रिय र वैश्यको पनि उपलक्षण हो]। शूद्र लगायत अन्यले तान्त्रिक विधिद्वारा देवयज्ञ गर्नुपर्छ। शुभ फलको इच्छा राख्ने मनुष्यहरूले सातै दिन आफ्नो शक्तिअनुसार सदा देवपूजा गर्नुपर्छ॥ ४०—४२॥

दरिद्रस्तपसा देवान्यजेदाढ्यो धनेन हि।
पुनश्चैवंविधं धर्मं कुरुते श्रद्धया सह॥ ४३

पुनश्च भोगान्विविधान्भुक्त्वा भूमौ प्रजायते।
छायां जलाशयं ब्रह्मप्रतिष्ठां धर्मसञ्चयम्॥ ४४

सर्वं च वित्तवान्कुर्यात्सदा भोगप्रसिद्धये।
कालाच्च पुण्यपाकेन ज्ञानसिद्धिः प्रजायते॥ ४५

य इमं शृणुतेऽध्यायं पठते वा नरो द्विजाः।
श्रवणस्योपकर्ता च देवयज्ञफलं लभेत्॥ ४६

निर्धन मनुष्य तपस्या (व्रत आदिको कष्ट-सहन)-द्वारा र धनीहरूले धनद्वारा देवताहरूको आराधना गरून्। उनीहरूले यसै गरी पटक-पटक श्रद्धापूर्वक धर्मको अनुष्ठान गर्छन् र बारम्बार पुण्यलोकहरूमा अनेकौँ प्रकारका फल भोगेर पुनः यस पृथ्वीमा जन्म ग्रहण गर्छन्। धनवान् पुरुषले सदा भोगसिद्धिका लागि मार्गमा वृक्ष आदि लगाएर मानिसहरूका लागि छायाको व्यवस्था गरून्, जलाशय (कुवा, इनार, पोखरी) बनाऊन्, वेद-शास्त्रहरूको प्रतिष्ठाका लागि पाठशालाको निर्माण गरून् तथा अन्यान्य प्रकारबाट पनि धर्मको संग्रह गर्दै रहून्। समयानुसार पुण्यकर्महरूको परिपाकले [अन्तःकरण शुद्ध भएपछि] ज्ञानको सिद्धि हुन्छ। हे द्विजहरू! जसले यस अध्यायलाई सुन्छ, पढ्छ, अथवा अरूलाई सुनाउँछ, त्यसलाई देवयज्ञको फल प्राप्त हुन्छ॥ ४३—४६॥

इति श्रीशिवमहापुराणे प्रथमायां विद्येश्वरसंहितायां अग्नियज्ञादिवर्णनं नाम चतुर्दशोऽध्यायः॥ १४॥

॥ यस प्रकार श्रीशिवमहापुराण अन्तर्गत प्रथम विद्येश्वरसंहितामा अग्नियज्ञ आदिको वर्णन नामक चौधौँ अध्याय पूर्ण भयो॥ १४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ पञ्चदशोऽध्यायः

देश, काल, पात्र र दान आदिको विचार

ऋषय ऊचुः

देशादीन्क्रमशो ब्रूहि सूत सर्वार्थवित्तम।

ऋषिगण भन्दछन्—समस्त पदार्थका ज्ञाताहरूमा श्रेष्ठ हे सूतजी! अब तपाईं क्रमशः देश, काल आदिको वर्णन गर्नुहोस्॥ $^{१}/_{२}$॥

सूत उवाच

शुद्धं गृहं समफलं देवयज्ञादिकर्मसु॥ १

ततो दशगुणं गोष्ठं जलतीरं ततो दश।
ततो दशगुणं बिल्वतुलस्यश्वत्थमूलकम्॥ २

सूत भन्नुहुन्छ—हे महर्षिहरू हो! देवयज्ञ आदि कर्महरूमा आफ्नो शुद्ध गृह समान फल दिनेवाला हुन्छ अर्थात् आफ्नो घरमा गरिएका देवयज्ञ आदिले शास्त्रमा बताइएको कर्म फल समयमा मात्र दिन्छ। गाईगोठ घरको तुलनामा दशगुना धेरै फलदायक हुन्छ। जलाशयको किनार त्योभन्दा पनि दशगुना महत्त्वपूर्ण हुन्छ भने बेल, तुलसी एवं पीपलवृक्षको फेदको नजिक भएको स्थान जलाशयभन्दा पनि दशगुना धेरै फलदायक हुन्छ॥ १-२॥

ततो देवालयं विद्यात्तीर्थतीरं ततो दश।
ततो दशगुणं नद्यास्तीर्थनद्यास्ततो दश॥ ३

सप्तगङ्गानदीतीर्थं तस्या दशगुणं भवेत्।
गङ्गा गोदावरी चैव कावेरी ताम्रपर्णिका॥ ४

सिन्धुश्च सरयू रेवा सप्त गङ्गाः प्रकीर्तिताः।
ततोऽब्धितीरे दश च पर्वताग्रे ततो दश॥ ५

सर्वस्मादधिकं ज्ञेयं यत्र वा रोचते मनः।

देवालयलाई त्यसभन्दा पनि दशगुना महत्त्वको स्थान जान्नुपर्छ। तीर्थभूमिको तट देवालयभन्दा पनि दशगुना महत्त्व राख्दछ र त्यसभन्दा दशगुना श्रेष्ठ हो नदीको किनार। त्यसभन्दा दशगुना उत्कृष्ट हो तीर्थनदीको तट र त्यसभन्दा पनि दशगुना महत्त्व राख्दछ सप्तगंगा नदीहरूको तीर्थ। गंगा, गोदावरी, कावेरी, ताम्रपर्णी, सिन्धु, सरयू र नर्मदा—यी सात नदीलाई सप्तगंगा भनिएको छ। समुद्रको तटका स्थानलाई यीभन्दा पनि दशगुना धेरै पवित्र मानिएको छ र पर्वतका शिखरका प्रदेशलाई समुद्रतटभन्दा पनि दशगुना पावन मानिन्छ। सबैभन्दा धेरै महत्त्वको त्यो स्थानलाई जान्नुपर्छ, जहाँ मन एकाग्र होस् [यहाँसम्म स्थानको विषयमा बताइयो, अब समयको तारतम्यको बारेमा बताइन्छ—]॥ ३-५ $^{१}/_{२}$॥

कृते पूर्णफलं ज्ञेयं यज्ञदानादिकं तथा॥ ६

त्रेतायुगे त्रिपादं च द्वापरेऽर्धं सदा स्मृतम्।
कलौ पादं तु विज्ञेयं तत्पादोनं ततोऽर्धके॥ ७

सत्ययुगमा यज्ञ, दान आदि कर्म पूर्ण फलदायक हुन्छन्—यस्तो जान्नुपर्छ। त्रेतायुगमा त्यसको तीन चौथाई फल पाइन्छ। द्वापरमा आधा मात्र फलको प्राप्ति बताइएको छ। कलियुगमा एक चौथाई मात्र फलको प्राप्ति बुझ्नुपर्छ र आधा कलियुग बितेपछि त्यस चौथाई फलमा पनि एक चौथाई कम हुन्छ॥ ६-७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MoE

शुद्धात्मनः शुद्धदिने पुण्यं समफलं विदुः।
तस्माद् दशगुणं ज्ञेयं रविसङ्क्रमणे बुधाः॥ ८

विषुवे तद्दशगुणमयने तद्दश स्मृतम्।
तद्दश मृगसङ्क्रान्तौ तच्चन्द्रग्रहणे दश॥ ९

ततश्च सूर्यग्रहणे पूर्णं कालोत्तमे विदुः।
जगद्रूपस्य सूर्यस्य विषयोगाच्च रोगदम्॥ १०

अतस्तद्विषशान्त्यर्थं स्नानदानजपांश्चरेत्।
विषशान्त्यर्थकालत्वात्स कालः पुण्यदः स्मृतः॥ ११

जन्मर्क्षे च व्रतान्ते च सूर्यरागोपमं विदुः।
महतां सङ्गकालश्च कोट्यर्कग्रहणं विदुः॥ १२

तपोनिष्ठा ज्ञाननिष्ठा योगिनो यतयस्तथा।
पूजायाः पात्रमेते हि पापसङ्क्षयकारणम्॥ १३

चतुर्विंशतिलक्षं वा गायत्र्या जपसंयुतः।
ब्राह्मणस्तु भवेत्पात्रं सम्पूर्णफलभोगदम्॥ १४

पतनात्त्रायत इति पात्रं शास्त्रे प्रयुज्यते।
दातुश्च पातकात्त्राणात्पात्रमित्यभिधीयते॥ १५

शुद्ध अन्तःकरण भएका पुरुषका लागि शुद्ध एवं पवित्र दिन समान फलदायक हुन्छ। हे विद्वान् ब्राह्मणहरू हो! सूर्य-संक्रान्तिको दिन गरिएका सत्कर्म पूर्वोक्त शुद्ध दिनको तुलनामा दशगुना फलयादक हुन्छ—यो जान्नुपर्छ। त्यसभन्दा पनि दशगुना धेरै महत्त्व त्यस कर्मको हुन्छ, जुन विषुव* नामक योगमा गरिन्छ। दक्षिणायन आरम्भ हुने दिन अर्थात् कर्क संक्रान्ति (श्रावण संक्रान्ति) मा गरिएका पुण्यकर्मको महत्त्व विषुवभन्दा पनि दशगुना उत्तम मानिएको छ। त्यसभन्दा पनि दशगुना उत्तम मकर-संक्रान्तिमा र त्यसभन्दा पनि दशगुना उत्तम चन्द्रग्रहणमा गरिएको पुण्यकर्मको महत्त्व हुन्छ। सूर्यग्रहणको समय सबभन्दा उत्तम हो। त्यस समयमा गरिएका पुण्यकर्मको फल चन्द्रग्रहणभन्दा पनि धेरै र पूर्णमात्रामा हुन्छ—यस कुरालाई विज्ञ पुरुष जान्दछन्। जगद्रूपी सूर्यको राहुरूपी विषसँग संयोग हुने भएकाले सूर्यग्रहणको समय रोगप्रदायक हुन्छ। अतः त्यस विषको शान्तिका लागि त्यस समय स्नान, दान र जप गर्नुपर्छ। त्यो काल विषको शान्तिका लागि उपयोगी हुने भएकाले पुण्यप्रद मानिएको छ॥ ८—११॥

जन्म-नक्षत्र परेको दिन तथा व्रत समाप्ति दिनको समयलाई सूर्यग्रहण समान नै सम्झनुपर्छ। तर महापुरुषहरूको संगत भएको समय करोडौँ सूर्यग्रहण समान पावन हुन्छ—यस्तो ज्ञानी पुरुष मान्दछन्॥ १२॥

तपोनिष्ठ योगी र ज्ञाननिष्ठ यति—यी पूजाका पात्र हुन्; किनभने यी पापहरूको नाशमा कारण हुन्छन्। जसले चौबिस लाख गायत्रीको जप गरेका छन्, ती ब्राह्मण पनि पूजाका पात्र हुन्छन्; तिनको पूजा सम्पूर्ण फल र भोग दिनमा समर्थ हुन्छ। जसले पतनबाट उद्धार गर्छ अर्थात् नरकमा पर्नबाट बचाउँछ, उसका लागि [यसै गुणका कारण शास्त्रमा] पात्र शब्दको प्रयोग गरिएको छ। त्यो दातालाई पापबाट त्राण प्रदान गर्ने भएकाले पात्र बताइएको छ॥ १३—१५॥

* ज्योतिषहरूका अनुसार त्यो समय जब सूर्य विषव रेखामा पुग्छ, त्यस समयमा दिन तथा रात दुवै बराबर हुन्छ। यो वर्षमा दुई पटक आउँछ—एउटा चैत्र महिनाको नवमी तिथि वा २१ मार्चमा र अर्को आश्विन महिनाको नवमी तिथि वा २२ सप्टेम्बरमा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ पञ्चदशोऽध्यायः

देश, काल, पात्र र दान आदिको विचार

ऋषय ऊचुः

देशादीन्क्रमशो ब्रूहि सूत सर्वार्थवित्तम।

सूत उवाच

शुद्धं गृहं समफलं देवयज्ञादिकर्मसु॥ १

ततो दशगुणं गोष्ठं जलतीरं ततो दश।
ततो दशगुणं बिल्वतुलस्यश्वत्थमूलकम्॥ २

ततो देवालयं विद्यात्तीर्थतीरं ततो दश।
ततो दशगुणं नद्यास्तीर्थनद्यास्ततो दश॥ ३

सप्तगङ्गानदीतीर्थं तस्या दशगुणं भवेत्।
गङ्गा गोदावरी चैव कावेरी ताम्रपर्णिका॥ ४

सिन्धुश्च सरयू रेवा सप्त गङ्गाः प्रकीर्तिताः।
ततोऽब्धितीरे दश च पर्वताग्रे ततो दश॥ ५

सर्वस्मादधिकं ज्ञेयं यत्र वा रोचते मनः।
कृते पूर्णफलं ज्ञेयं यज्ञदानादिकं तथा॥ ६

त्रेतायुगे त्रिपादं च द्वापरेऽर्धं सदा स्मृतम्।
कलौ पादं तु विज्ञेयं तत्पादोनं ततोऽर्धके॥ ७

ऋषिगण भन्दछन्—समस्त पदार्थका ज्ञाताहरूमा श्रेष्ठ हे सूतजी! अब तपाईं क्रमशः देश, काल आदिको वर्णन गर्नुहोस्॥ १/२॥

सूत भन्नुहुन्छ—हे महर्षिहरू हो! देवयज्ञ आदि कर्महरूमा आफ्नो शुद्ध गृह समान फल दिनेवाला हुन्छ अर्थात् आफ्नो घरमा गरिएका देवयज्ञ आदिले शास्त्रमा बताइएको कर्म फल समयमा मात्र दिन्छ। गाईगोठ घरको तुलनामा दशगुना धेरै फलदायक हुन्छ। जलाशयको किनार त्योभन्दा पनि दशगुना महत्त्वपूर्ण हुन्छ भने बेल, तुलसी एवं पीपलवृक्षको फेदको नजिक भएको स्थान जलाशयभन्दा पनि दशगुना धेरै फलदायक हुन्छ॥ १-२॥

देवालयलाई त्यसभन्दा पनि दशगुना महत्त्वको स्थान जान्नुपर्छ। तीर्थभूमिको तट देवालयभन्दा पनि दशगुना महत्त्व राख्दछ र त्यसभन्दा दशगुना श्रेष्ठ हो नदीको किनार। त्यसभन्दा दशगुना उत्कृष्ट हो तीर्थनदीको तट र त्यसभन्दा पनि दशगुना महत्त्व राख्दछ सप्तगंगा नदीहरूको तीर्थ। गंगा, गोदावरी, कावेरी, ताम्रपर्णी, सिन्धु, सरयू र नर्मदा—यी सात नदीलाई सप्तगंगा भनिएको छ। समुद्रको तटका स्थानलाई यीभन्दा पनि दशगुना धेरै पवित्र मानिएको छ र पर्वतका शिखरका प्रदेशलाई समुद्रतटभन्दा पनि दशगुना पावन मानिन्छ। सबैभन्दा धेरै महत्त्वको त्यो स्थानलाई जान्नुपर्छ, जहाँ मन एकाग्र होस् [यहाँसम्म स्थानको विषयमा बताइयो, अब समयको तारतम्यको बारेमा बताइन्छ—]॥ ३-५१/२॥

सत्ययुगमा यज्ञ, दान आदि कर्म पूर्ण फलदायक हुन्छन्—यस्तो जान्नुपर्छ। त्रेतायुगमा त्यसको तीन चौथाई फल पाइन्छ। द्वापरमा आधा मात्र फलको प्राप्ति बताइएको छ। कलियुगमा एक चौथाई मात्र फलको प्राप्ति बुझ्नुपर्छ र आधा कलियुग बितेपछि त्यस चौथाई फलमा पनि एक चौथाई कम हुन्छ॥ ६-७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुद्धात्मनः शुद्धदिने पुण्यं समफलं विदुः।
तस्माद् दशगुणं ज्ञेयं रविसङ्क्रमणे बुधाः॥ ८

विषुवे तद्दशगुणमयने तद्दश स्मृतम्।
तद्दश मृगसङ्क्रान्तौ तच्चन्द्रग्रहणे दश॥ ९

ततश्च सूर्यग्रहणे पूर्णं कालोत्तमे विदुः।
जगद्रूपस्य सूर्यस्य विषयोगाच्च रोगदम्॥ १०

अतस्तद्विषशान्त्यर्थं स्नानदानजपांश्चरेत्।
विषशान्त्यर्थकालत्वात्स कालः पुण्यदः स्मृतः॥ ११

जन्मर्क्षे च व्रतान्ते च सूर्यरागोपमं विदुः।
महतां सङ्गकालश्च कोट्यर्कग्रहणं विदुः॥ १२

तपोनिष्ठा ज्ञाननिष्ठा योगिनो यतयस्तथा।
पूजायाः पात्रमेते हि पापसङ्क्षयकारणम्॥ १३

चतुर्विंशतिलक्षं वा गायत्र्या जपसंयुतः।
ब्राह्मणस्तु भवेत्पात्रं सम्पूर्णफलभोगदम्॥ १४

पतनात्त्रायत इति पात्रं शास्त्रे प्रयुज्यते।
दातुश्च पातकात्त्राणात्पात्रमित्यभिधीयते॥ १५

शुद्ध अन्तःकरण भएका पुरुषका लागि शुद्ध एवं पवित्र दिन समान फलदायक हुन्छ। हे विद्वान् ब्राह्मणहरू हो! सूर्य-संक्रान्तिको दिन गरिएका सत्कर्म पूर्वोक्त शुद्ध दिनको तुलनामा दशगुना फलयादक हुन्छ—यो जान्नुपर्छ। त्यसभन्दा पनि दशगुना धेरै महत्त्व त्यस कर्मको हुन्छ, जुन विषुव* नामक योगमा गरिन्छ। दक्षिणायन आरम्भ हुने दिन अर्थात् कर्क संक्रान्ति (श्रावण संक्रान्ति) मा गरिएका पुण्यकर्मको महत्त्व विषुवभन्दा पनि दशगुना उत्तम मानिएको छ। त्यसभन्दा पनि दशगुना उत्तम मकर-संक्रान्तिमा र त्यसभन्दा पनि दशगुना उत्तम चन्द्रग्रहणमा गरिएको पुण्यकर्मको महत्त्व हुन्छ। सूर्यग्रहणको समय सबभन्दा उत्तम हो। त्यस समयमा गरिएका पुण्यकर्मको फल चन्द्रग्रहणभन्दा पनि धेरै र पूर्णमात्रामा हुन्छ—यस कुरालाई विज्ञ पुरुष जान्दछन्। जगद्रूपी सूर्यको राहुरूपी विषसँग संयोग हुने भएकाले सूर्यग्रहणको समय रोगप्रदायक हुन्छ। अतः त्यस विषको शान्तिका लागि त्यस समय स्नान, दान र जप गर्नुपर्छ। त्यो काल विषको शान्तिका लागि उपयोगी हुने भएकाले पुण्यप्रद मानिएको छ॥ ८—११॥

जन्म-नक्षत्र परेको दिन तथा व्रत समाप्ति दिनको समयलाई सूर्यग्रहण समान नै सम्झनुपर्छ। तर महापुरुषहरूको संगत भएको समय करोडौँ सूर्यग्रहण समान पावन हुन्छ—यस्तो ज्ञानी पुरुष मान्दछन्॥ १२॥

तपोनिष्ठ योगी र ज्ञाननिष्ठ यति—यी पूजाका पात्र हुन्; किनभने यी पापहरूको नाशमा कारण हुन्छन्। जसले चौबिस लाख गायत्रीको जप गरेका छन्, ती ब्राह्मण पनि पूजाका पात्र हुन्छन्; तिनको पूजा सम्पूर्ण फल र भोग दिनमा समर्थ हुन्छ। जसले पतनबाट उद्धार गर्छ अर्थात् नरकमा पर्नबाट बचाउँछ, उसका लागि [यसै गुणका कारण शास्त्रमा] पात्र शब्दको प्रयोग गरिएको छ। त्यो दातालाई पापबाट त्राण प्रदान गर्ने भएकाले पात्र बताइएको छ॥ १३—१५॥

* ज्योतिषहरूका अनुसार त्यो समय जब सूर्य विषव रेखामा पुग्छ, त्यस समयमा दिन तथा रात दुवै बराबर हुन्छ। यो वर्षमा दुई पटक आउँछ—एउटा चैत्र महिनाको नवमी तिथि वा २१ मार्चमा र अर्को आश्विन महिनाको नवमी तिथि वा २२ सप्टेम्बरमा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गायकं त्रायते पाताद्गायत्रीत्युच्यते हि सा।
यथार्थहीनो लोकेऽस्मिन्परस्यार्थं न यच्छति॥ १६

अर्थवानिह यो लोके परस्यार्थं प्रयच्छति।
स्वयं शुद्धो हि पूतात्मा नरान्सन्त्रातुमर्हति॥ १७

गायत्रीजपशुद्धो हि शुद्धब्राह्मण उच्यते।
तस्माद् दाने जपे होमे पूजायां सर्वकर्मणि॥ १८

दानं कर्तुं तथा त्रातुं पात्रत्वं ब्राह्मणोऽर्हति।
अन्नस्य क्षुधितं पात्रं नारीनरमयात्मकम्॥ १९

ब्राह्मणं श्रेष्ठमाहूय यत्काले सुसमाहितम्।
तदर्थं शब्दमर्थं वा सद्बोधकमभीष्टदम्॥ २०

इच्छावतः प्रदानं च सम्पूर्णफलदं विदुः।
यत्प्रश्नानन्तरं दत्तं तदर्धफलदं विदुः॥ २१

यत्सेवकाय दत्तं स्यात्तत्पादफलदं विदुः।
जातिमात्रस्य विप्रस्य दीनवृत्तेर्द्विजर्षभाः॥ २२

दत्तमर्थं हि भोगाय भूर्लोके दशवार्षिकम्।
वेदयुक्तस्य विप्रस्य स्वर्गे हि दशवार्षिकम्॥ २३

गायत्रीजपयुक्तस्य सत्ये हि दशवार्षिकम्।
विष्णुभक्तस्य विप्रस्य दत्तं वैकुण्ठदं विदुः॥ २४

शिवभक्तस्य विप्रस्य दत्तं कैलासदं विदुः।
तत्तल्लोकोपभोगार्थं सर्वेषां दानमिष्यते॥ २५

गायत्रीले आफ्नो जप गर्नेलाई अधोगतिबाट बचाउने भएकाले त्यसलाई गायत्री भनिएको हो। जसरी यस लोकमा जो धनहीन छन्, तिनले अरूलाई धन दिन सक्दैनन्—जो यहाँ धनवान् छन्, तिनले अरूलाई धन दिन सक्छन्, त्यसै गरी जो स्वयं शुद्ध र पवित्रात्मा छ, त्यसैले अरू मनुष्यको त्राण वा उद्धार गर्न सक्दछ। जो गायत्रीको जप गरी शुद्ध भएको छ, त्यसैलाई शुद्ध ब्राह्मण भनिन्छ। यसकारण दान, जप, होम, पूजा—यी सबै कर्महरूका लागि त्यही शुद्ध पात्र हो। यस्ता ब्राह्मण नै दान लिन तथा रक्षा गर्नमा पात्रता राख्छन् अर्थात् सक्षम हुन्छन्॥ १६—१८१/२॥

स्त्री होस् वा पुरुष—जो भोको छ, त्यही अन्नदानको पात्र हो। श्रेष्ठ ब्राह्मणलाई समयमा बोलाएर तिनलाई धन अथवा उत्तम वाणीले सन्तुष्ट पार्नुपर्दछ, यसबाट अभीष्ट फलको प्राप्ति हुन्छ। जसलाई जुन वस्तुको इच्छा छ, त्यसलाई त्यो वस्तु नमागीकनै दिइन्छ भने दातालाई त्यस दानको पूर्ण फल प्राप्त हुन्छ—यस्तो महर्षिहरूको मान्यता छ। जुन दान मागेपछि दिइन्छ, त्यो दानको फल आधा मात्र प्राप्त हुने बताइएको छ। आफ्नो सेवकलाई दिइएको दानको एक चौथाई फल दिनेवालालाई प्राप्त हुने बताइएको छ। हे विप्रवर हो! जो जातले ब्राह्मण छ र दीनतापूर्ण वृत्तिबाट जीवन बिताइरहेको छ, त्यसलाई दिइएको धनको दानले दातालाई यस भूतलमा दश वर्षसम्म भोग प्रदान गर्दछ। त्यही दान यदि वेदवेत्ता ब्राह्मणलाई दिइयो भने त्यो स्वर्गलोकमा देवताहरूको दश वर्षसम्म दिव्य भोगप्रदायक हुन्छ॥ १९—२३॥

गायत्री-जप गर्ने ब्राह्मणलाई दान दिनाले सत्यलोकमा दस वर्षसम्म पुण्यभोग प्राप्त हुन्छ र विष्णुभक्त ब्राह्मणलाई दिइएको दानलाई वैकुण्ठको प्राप्ति गराउने जानिन्छ। शिवभक्त विप्रलाई दिइएको दानलाई कैलासको प्राप्ति गराउनेवाला बताइएको छ। यस प्रकार सबैले यी लोकहरूमा भोगप्राप्तिका लागि दान दिनुपर्दछ॥ २४-२५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दशाङ्गमन्नं विप्रस्य भानुवारे ददन्नरः।
परजन्मनि चारोग्यं दशवर्षं समश्नुते॥ २६

बहुमानमथाह्वानमभ्यङ्गं पादसेवनम्।
वासो गन्धाद्यर्चनं च घृतापूपरसोत्तरम्॥ २७

षड्रसं व्यञ्जनं चैव ताम्बूलं दक्षिणोत्तरम्।
नमश्चानुगमश्चैव स्वन्नदानं दशाङ्गकम्॥ २८

दशाङ्गमन्नं विप्रेभ्यो दशभ्यो वै ददन्नरः।
अर्कवारे तथारोग्यं शतवर्षं समश्नुते॥ २९

सोमवारादिवारेषु तत्तद्वारगुणं फलम्।
अन्नदानस्य विज्ञेयं भूर्लोके परजन्मनि॥ ३०

सप्तस्वपि च वारेषु दशभ्यश्च दशाङ्गकम्।
अन्नं दत्त्वा शतं वर्षमारोग्यादिकमश्नुते॥ ३१

एवं शतेभ्यो विप्रेभ्यो भानुवारे ददन्नरः।
सहस्रवर्षमारोग्यं शर्वलोके समश्नुते॥ ३२

सहस्रेभ्यस्तथा दत्त्वाऽयुतवर्षं समश्नुते।
एवं सोमादिवारेषु विज्ञेयं हि विपश्चिता॥ ३३

भानुवारे सहस्राणां गायत्रीपूतचेतसाम्।
अन्नं दत्त्वा सत्यलोके ह्यारोग्यादि समश्नुते॥ ३४

अयुतानां तथा दत्त्वा विष्णुलोके समश्नुते।
अन्नं दत्त्वा तु लक्षाणां रुद्रलोके समश्नुते॥ ३५

बालानां ब्रह्मबुद्ध्या हि देयं विद्यार्थिभिर्नरैः।
यूनां च विष्णुबुद्ध्या हि पुत्रकामार्थिभिर्नरैः॥ ३६

वृद्धानां रुद्रबुद्ध्या हि देयं ज्ञानार्थिभिर्नरैः।
बालस्त्री भारतीबुद्ध्या बुद्धिकामैर्नरोत्तमैः॥ ३७

लक्ष्मीबुद्ध्या युवस्त्रीषु भोगकामैर्नरोत्तमैः।
वृद्धासु पार्वतीबुद्ध्या देयमात्मार्थिभिर्जनैः॥ ३८

रविवार ब्राह्मणलाई दशांग अन्न दिने मनुष्य दोस्रो जन्ममा दश वर्षसम्म निरोगी रहन्छ। ज्यादै सम्मानपूर्वक बोलाउनु, अभ्यंग (चन्दन आदि), पादसेवन, वस्त्र, गन्ध आदिले पूजा, घिउमा पकाइएको मालपुवा आदि सुन्दर भोजन, छ रसले युक्त व्यंजन, दक्षिणासहित सुपारी, नमस्कार र (जाने बेलामा) अनुगमन—यी अन्नदानका दस अंग बताइएका छन्॥ २६—२८॥

दश ब्राह्मणलाई रविवारका दिन दशांग अन्नको दान गर्नेवाला सय वर्षसम्म निरोगी रहन्छ। सोमवार आदि विभिन्न वारहरूमा अन्नदानको फल ती-ती वारहरूअनुसार दोस्रो जन्ममा यस पृथ्वीलोकमा प्राप्त हुन्छ—यस्तो जान्नुपर्दछ। सातै वारमा दश-दश ब्राह्मणलाई दशांग अन्नदान गर्नाले सय वर्षसम्म आरोग्यादि फल प्राप्त हुन्छ। यस प्रकार रविवारको दिन ब्राह्मणहरूलाई अन्नदान गर्ने मनुष्यले हजार वर्षसम्म शिवलोकमा आरोग्यलाभ गर्दछ। यसै प्रकार हजार ब्राह्मणलाई अन्नदान गरी मनुष्य दस हजार वर्षसम्म आरोग्यभोग गर्दछ। विद्वान्हरूले सोमवार आदि दिनहरूको विषयमा पनि यस्तै जान्नुपर्दछ॥ २९—३३॥

रविवारका दिन गायत्रीजपबाट पवित्र अन्तःकरण भएका एक हजार ब्राह्मणलाई अन्नदान गरी मनुष्यले सत्यलोकमा आरोग्यादि भोगहरू प्राप्त गर्दछ। यसै प्रकार दश हजार ब्राह्मणलाई दान दिनाले विष्णुलोकमा र एक लाख ब्राह्मणलाई अन्नदान गर्नाले रुद्रलोकमा भोगको प्राप्ति हुन्छ॥ ३४-३५॥

विद्याको कामना भएका मनुष्यहरूले ब्रह्मबुद्धिद्वारा बालकहरूलाई दशांग अन्नको दान गर्नुपर्दछ, पुत्रको कामना भएकाहरूले विष्णुबुद्धिद्वारा युवकहरूलाई दान गर्नुपर्दछ र ज्ञानप्राप्तिको इच्छा भएकाहरूले रुद्रबुद्धिद्वारा वृद्धजनहरूलाई दान गर्नुपर्दछ। यसै प्रकार बुद्धिको कामना गर्ने श्रेष्ठ मनुष्यहरूले सरस्वतीबुद्धिद्वारा बालिकाहरूलाई दशांग अन्नको दान गर्नुपर्दछ। सुखभोगको कामना भएका श्रेष्ठजनले लक्ष्मीबुद्धिद्वारा युवतीहरूलाई दान गर्नुपर्दछ। आत्म-ज्ञानको इच्छा भएकाहरूले पार्वतीबुद्धिद्वारा वृद्धा स्त्रीहरूलाई अन्नदान गर्नुपर्दछ॥ ३६—३८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिलवृत्त्योञ्छवृत्त्या च गुरुदक्षिणयार्जितम्।
शुद्धद्रव्यमिति प्राहुस्तत्पूर्णफलदं विदुः॥ ३९

ब्राह्मणका लागि शिल तथा उञ्छ* वृत्तिबाट ल्याइएका र गुरुदक्षिणामा प्राप्त भएका अन्न-धनलाई शुद्ध द्रव्य बताइएको छ; त्यसको दान गर्ने दाताले पूर्ण फल पाउने बताइएको छ॥ ३९॥

शुक्लप्रतिग्रहाद्दत्तं मध्यमं द्रव्यमुच्यते।
कृषिवाणिज्यकोपेतमधमं द्रव्यमुच्यते॥ ४०

शुद्ध (शुक्ल) प्रतिग्रह (दान)-मा प्राप्त भएको द्रव्यलाई मध्यम द्रव्य भनिन्छ र खेती, व्यापार आदिबाट प्राप्त धनलाई अधम द्रव्य भनिन्छ॥ ४०॥

क्षत्रियाणां विशां चैव शौर्यवाणिज्यकार्जितम्।
उत्तमं द्रव्यमित्याहुः शूद्राणां भृतकार्जितम्॥ ४१

स्त्रीणां धर्मार्थिनां द्रव्यं पैतृकं भर्तृकं तथा।

क्षत्रियहरूले शौर्यबाट कमाएका, वैश्यहरूले व्यापारबाट कमाएका र शूद्रहरूले सेवावृत्तिबाट प्राप्त गरेका धनलाई पनि उत्तम द्रव्य भनिन्छ। धर्मको इच्छा राख्ने स्त्रीहरूलाई जुन धन पिता एवं पतिबाट प्राप्त हुन्छ, तिनका लागि त्यो उत्तम द्रव्य हो॥ ४११/२॥

गवादीनां द्वादशानां चैत्रादिषु यथाक्रमम्॥ ४२

सम्भूय वा पुण्यकाले दद्यादिष्टसमृद्धये।
गोभूतिलहिरण्याज्यवासोधान्यगुडानि च॥ ४३

रौप्यं लवणकूष्माण्डं कन्या द्वादशकं तथा।

गाई आदि बाह्र वस्तुको चैत्र आदि बाह्र महिनामा क्रमशः दान गर्नुपर्दछ अथवा कुनै पुण्यकालमा एकत्रित गरी आफ्नो अभीष्ट प्राप्तिका लागि यिनको दान गर्नुपर्दछ। गाई, भूमि, तिल, सुन, घिउ, वस्त्र, धान, सक्खर, चाँदी, नुन , कुभिण्डो र कन्या—यी नै ती बाह्र वस्तुहरू हुन्॥ ४२-४३१/२॥

गोदानाद्दत्तगव्येन गोमयेनोपकारिणा॥ ४४

धनधान्याद्याश्रितानां दुरितानां निवारणम्।
जलस्नेहाद्याश्रितानां दुरितानां तु गोजलैः॥ ४५

कायिकादित्रयाणां तु क्षीरदध्याज्यकैस्तथा।
तथा तेषां च पुष्टिश्च विज्ञेया हि विपश्चिता॥ ४६

गोदानमा दिइएको गाईको उपकारी गोबरबाट धन-धान्यादि ठोस पदार्थहरूको आश्रयले टिकेका पापहरूको नाश हुन्छ र गाईको गोमूत्रबाट जल-तेल आदि तरल पदार्थहरूमा रहने पापहरूको नाश हुन्छ। गाईको दूध-दही र घिउबाट कायिक, वाचिक तथा मानसिक तीनै प्रकारका पाप नष्ट हुन्छन्। तीबाट कायिक आदि पुण्यकर्महरूको पुष्टि पनि हुन्छ—यस्तो बुद्धिमान् मनुष्यले जान्नुपर्दछ॥ ४४—४६॥

भूदानं तु प्रतिष्ठार्थमिह चामुत्र च द्विजाः।
तिलदानं बलार्थं हि सदा मृत्युजयं विदुः॥ ४७

हे ब्राह्मणहरू हो! भूमिको दानबाट यसलोक र परलोकमा प्रतिष्ठा (आश्रय) प्राप्ति हुन्छ। तिलको दानलाई बलवर्धक एवं मृत्युको निवारक बताइएको

* किसानले खेतमा लगाएको अन्न काटेर लगेपछि त्यसबाट झरेका एक-एक दानालाई दुवै औँलाहरूले टिप्नुलाई 'उञ्छ' तथा उक्त खेतमा एक-एक बाला (धानको बाला)- टिप्नुलाई 'शिल' भनिन्छ—'उञ्छो धान्यकणादानं कणिशाद्यर्जनं शिलम्।' मनुस्मृतिका टीकाकार आचार्य श्रीराघवानन्दले बजार आदिमा क्रय-विक्रय गर्दा खसेका अन्नका दानाहरू टिप्नुलाई 'उञ्छ' र खेती काटेर लगेपछि खेतमा छुटेका धान्यादिका बालाहरू टिप्नुलाई 'शिल' भन्नुभएको छ। (मनु० ४।५ व्याख्या)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिरण्यं जाठराग्नेस्तु वृद्धिदं वीर्यदं तथा।
आज्यं पुष्टिकरं विद्याद्वस्त्रमायुष्करं विदुः ॥ ४८

धान्यमन्नसमृद्ध्यर्थं मधुराहारदं गुडम्।
रौप्यं रेतोऽभिवृद्ध्यर्थं षड्रसार्थं तु लावणम् ॥ ४९

सर्वं सर्वसमृद्ध्यर्थं कूष्माण्डं पुष्टिदं विदुः।
प्राप्तिदं सर्वभोगानामिह चामुत्र च द्विजाः ॥ ५०

यावज्जीवनमुक्तं हि कन्यादानं तु भोगदम्।
पनसाम्रकपित्थानां वृक्षाणां फलमेव च ॥ ५१
कदल्याद्यौषधीनां च फलं गुल्मोद्भवं तथा।
माषादीनां च मुद्गानां फलं शाकादिकं तथा ॥ ५२
मरीचिसर्षपाद्यानां शाकोपकरणं तथा।
यदृतौ यत्फलं सिद्धं तद्देयं हि विपश्चिता ॥ ५३

श्रोत्रादीन्द्रियतृप्तिश्च सदा देया विपश्चिता।
शब्दादिदशभोगार्थं दिगादीनां च तुष्टिदा ॥ ५४

वेदशास्त्रं समादाय बुद्ध्वा गुरुमुखात्स्वयम्।
कर्मणां फलमस्तीति बुद्धिरास्तिक्यमुच्यते ॥ ५५

बन्धुराजभयाद् बुद्धिः श्रद्धा सा च कनीयसी।

छ। सुनको दान जठराग्निलाई बढाउने तथा वीर्यदायक हुन्छ। घिउको दानलाई पुष्टिकारक जान्नुपर्दछ। वस्त्रको दानले आयु बढाउँछ—यस्तो जान्नुपर्दछ। धान्य दान अन्नको समृद्धिमा कारण हुन्छ। सक्खरको दानबाट मधुर भोजनको प्राप्ति हुन्छ। चाँदीको दानबाट वीर्यको वृद्धि हुन्छ। नुनको दानबाट षड्रस भोजनको प्राप्ति हुन्छ। सबै प्रकारका दान सम्पूर्ण समृद्धिको सिद्धिका लागि गरिन्छ। विज्ञ पुरुष कुभिण्डोको दानलाई पुष्टिदायक मान्दछन्। कन्याको दानबाट आजीवन भोग प्राप्त हुने बताइएको छ। हे ब्राह्मणहरू हो! त्यसले लोक र परलोकमा पनि सम्पूर्ण भोगहरूको प्राप्ति गराउँदछ ॥ ४७—५०१/२ ॥

कटहर-आँप, कैथ (कपित्थ) आदि वृक्षहरूका फल, केरा आदि औषधिहरूको फल तथा जुन फल लहरा एवं गाँठबाट उत्पन्न भएका छन्, बोक्रायुक्त फल जस्तो—नरिवल, बदाम आदि, मास, मूँग आदि दालहरू, साग, मरिच, सर्स्यूँ आदि, तेल-मसला तथा ऋतुहरूमा पाक्ने फल समय-समयमा बुद्धिमान् व्यक्तिहरूले दान गरिरहनुपर्दछ ॥ ५१—५३ ॥

जुन वस्तुहरूबाट श्रवण आदि इन्द्रियहरूको तृप्ति हुन्छ, विद्वान् पुरुषले तिनको सधैँ दान गर्नुपर्दछ। श्रोत्र आदि दस इन्द्रियहरूका जुन शब्द आदि दस विषय छन्, तिनको दान गर्न सकियो भने तिनले भोगहरूको प्राप्ति गराउँछन् तथा दिशा आदि इन्द्रिय देवताहरूलाई* सन्तुष्ट बनाउँछन्। वेद र शास्त्रलाई गुरुको मुखबाट ग्रहण गरी गुरुको उपदेशबाट अथवा आफैँले ज्ञान प्राप्त गरे पश्चात् बुद्धिको यस्तो निश्चय हुन्छ कि 'कर्महरूको फल अवश्य प्राप्त हुन्छ', यसैलाई उच्चकोटिको 'आस्तिकता' भनिन्छ। भाइ-बन्धु अथवा राजाको डरले जुन आस्तिकता-बुद्धि वा श्रद्धा उत्पन्न हुन्छ, त्यो तल्लोस्तरको आस्तिकता हो ॥ ५४-५५१/२ ॥

* श्रवणेन्द्रियका देवता दिशाहरू, नेत्रका देवता सूर्य, नासिकाका देवता अश्विनीकुमार, रसनेन्द्रियका देवता वरुण, त्वगिन्द्रियका वायु, वागिन्द्रियका अग्नि, लिंगका प्रजापति, गुदाका मित्र, हातहरूका इन्द्र र गोडाहरूका देवता विष्णु हुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वाभावे दरिद्रस्तु वाचा वा कर्मणा यजेत्॥ ५६

वाचिकं यजनं विद्यान्मन्त्रस्तोत्रजपादिकम्।
तीर्थयात्रा व्रताद्यं हि कायिकं यजनं विदुः॥ ५७

येन केनाप्युपायेन ह्यल्पं वा यदि वा बहु।
देवतार्पणबुद्ध्या च कृतं भोगाय कल्पते॥ ५८

जो सर्वथा दरिद्र छ, जससँग सबै वस्तुहरूको अभाव छ, त्यसले वाणी अथवा कर्म (शरीर)–द्वारा यजन गरोस्। मन्त्र, स्तोत्र र जप आदिलाई वाणीद्वारा गरिएको उपासना सम्झनुपर्दछ तथा तीर्थयात्रा र व्रत आदिलाई विद्वान् पुरुषहरू शारीरिक उपासना मान्दछन्। जुनसुकै पनि उपायले थोरै होस् वा धेरै, देवता अर्पण-बुद्धिले जे जति पनि दिइन्छ अथवा गरिन्छ, त्यो दान वा सत्कर्म भोगहरूको प्राप्ति गराउनमा समर्थ हुन्छ॥ ५६—५८॥

तपश्चर्या च दानं च कर्तव्यमुभयं सदा।
प्रतिश्रयं प्रदातव्यं स्ववर्णं गुणशोभितम्॥ ५९

देवानां तृप्तयेऽत्यर्थं सर्वभोगप्रदं बुधैः।
इहामुत्रोत्तमं जन्म सदा भोगं लभेद् बुधः।
ईश्वरार्पणबुद्ध्या हि कृत्वा मोक्षफलं लभेत्॥ ६०

तपस्या र दान—यी दुई कर्म मनुष्यले सधैँ गर्नुपर्दछ तथा यस्तो गृहको दान गर्नुपर्दछ, जुन आफ्नो वर्ण (चमक-धमक वा सफाई) र गुण (सुख-सुविधा)–ले सुशोभित होस्। बुद्धिमान् पुरुष देवताहरूको तृप्तिका लागि जे जति समर्पण गर्छन्, ती अतिशय मात्रामा र सबै प्रकारका भोग प्रदायक हुन्छन्। त्यस दानबाट विद्वान् पुरुष यस लोक र परलोकमा उत्तम जन्म र सधैँ सुलभ हुने भोग प्राप्त गर्छन्। ईश्वरार्पण-बुद्धिले यज्ञ, दान आदि कर्म गरी मनुष्य मोक्ष-फलको भागी हुन्छ॥ ५९-६०॥

य इमं पठतेऽध्यायं यः शृणोति सदा नरः।

तस्य वै धर्मबुद्धिश्च ज्ञानसिद्धिः प्रजायते॥ ६१

जुन मनुष्यले यस अध्यायको सदा पाठ अथवा श्रवण गर्दछ, त्यसलाई धार्मिक बुद्धि प्राप्त हुन्छ तथा उसमा ज्ञानको उदय हुन्छ॥ ६१॥

इति श्रीशिवमहापुराणे प्रथमायां विद्येश्वरसंहितायां देशकालपात्रादिवर्णनं नाम पञ्चदशोऽध्यायः॥ १५॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत प्रथम विद्येश्वरसंहितामा देश-काल-पात्र आदिको वर्णन नामक पन्ध्रौँ अध्याय पूर्ण भयो॥ १५॥

अथ षोडशोऽध्यायः

माटो आदिबाट निर्मित देवप्रतिमाहरूका पूजा विधि, तिनका लागि नैवेद्यको विचार, पूजाका विभिन्न उपचारहरूका फल, विशेष महिना, वार, तिथि एवं नक्षत्रहरूका योगमा पूजाको विशेष फल तथा लिंगको वैज्ञानिक स्वरूपको विवेचना

ऋषय ऊचुः

पार्थिवप्रतिमापूजाविधानं ब्रूहि सत्तम।

येन पूजाविधानेन सर्वाभीष्टमवाप्यते॥ १

ऋषिगण भन्दछन्—हे साधुशिरोमणि! अब तपाईं पार्थिव प्रतिमाको पूजाको त्यो विधि बताउनुहोस्, जुन पूजा-विधिबाट समस्त अभीष्ट वस्तुहरूको प्राप्ति हुन्छ॥ १॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूत उवाच

सुसाधु पृष्टं युष्माभिः सदा सर्वार्थदायकम्।
सद्यो दुःखस्य शमनं शृणुत प्रब्रवीमि वः॥ २

अपमृत्युहरं कालमृत्योश्चापि विनाशनम्।
सद्यः कलत्रपुत्रादिधनधान्यप्रदं द्विजाः॥ ३

अन्नादिभोज्यं वस्त्रादि सर्वमुत्पद्यते यतः।
ततो मृदादिप्रतिमापूजाभीष्टप्रदा भुवि॥ ४

पुरुषाणां च नारीणामधिकारोऽत्र निश्चितम्।
नद्यां तडागे कूपे वा जलान्तर्मृदमाहरेत्॥ ५

संशोध्य गन्धचूर्णेन पेषयित्वा सुमण्डपे।
हस्तेन प्रतिमां कुर्यात्क्षीरेण च सुसंस्कृताम्॥ ६

अङ्गप्रत्यङ्गकोपेतामायुधैश्च समन्विताम्।
पद्मासनस्थितां कृत्वा पूजयेदादरेण हि॥ ७

विघ्नेशादित्यविष्णूनामम्बायाश्च शिवस्य च।
शिवस्य शिवलिङ्गं च सर्वदा पूजयेद् द्विजः॥ ८

षोडशैरुपचारैश्च कुर्यात्तत्फलसिद्धये।
पुष्पेण प्रोक्षणं कुर्यादभिषेकं समन्त्रकम्॥ ९

शाल्यन्नेनैव नैवेद्यं सर्वं कुडवमानतः।
गृहे तु कुडवं ज्ञेयं मानुषे प्रस्थमिष्यते॥ १०

दैवे प्रस्थत्रयं योग्यं स्वयम्भोः प्रस्थपञ्चकम्।
एवं पूर्णफलं विद्यादधिकं वै द्वयं त्रयम्॥ ११

सहस्रपूजया सत्यं सत्यलोकं लभेद् द्विजः।

सूत भन्नुहुन्छ—हे महर्षिहरू हो! तपाईंहरूले ज्यादै उत्तम कुरा सोध्नुभएको छ। पार्थिव प्रतिमाको पूजाले सधैँ सम्पूर्ण मनोरथहरू प्रदान गर्ने छ तथा दुःखको तत्काल निवारण गर्ने छ। म त्यसको वर्णन गर्छु, [ध्यान दिएर] सुन्नुहोस्॥ २॥

हे द्विजहरू! यो पूजाले अकाल मृत्युको हरण तथा काल र मृत्युको पनि नाश गर्ने छ। यो पूजाले छिट्टै स्त्री, पुत्र र धन-धान्य प्रदान गर्ने छ। यसकारण पृथ्वी आदिमा निर्मित देवप्रतिमाहरूको पूजालाई यस भूतलमा अभीष्टदायक मानिएको छ; पार्थिव प्रतिमाको पूजामा निश्चय नै स्त्री-पुरुष दुवैको अधिकार छ॥ ३-४$^{1}/_{2}$॥

नदी, पोखरी अथवा कुवामा प्रवेश गरी पानीभित्रको माटो लिएर आउनुपर्दछ। त्यसपछि चन्दनको धुलोद्वारा त्यसको शोधन गरी शुद्ध मण्डपमा राखेर त्यसलाई मसिनो पार्ने तथा हातले प्रतिमा बनाएर दूधद्वारा त्यसको सम्यक् संस्कार गर्नुपर्दछ। त्यस प्रतिमामा अंग-प्रत्यंग स्पष्ट देखिएको हुनुपर्दछ तथा त्यसलाई सबै प्रकारका अस्त्र-शस्त्रले सुसज्जित बनाउनुपर्दछ। त्यसपछि त्यसलाई पद्मासन (कमलको आसन) मा स्थापित गरी आदरपूर्वक पूजा गर्नुपर्दछ। द्विजहरूले गणेश, सूर्य, विष्णु, दुर्गा र शिवको प्रतिमा एवं शिवको र शिवलिंगको सधैँ पूजा गर्नुपर्दछ। पूजाजनित फलको सिद्धिका लागि सोह्र उपचारद्वारा पूजा गर्नुपर्दछ॥ ५—८$^{1}/_{2}$॥

फूलले जल छर्किएर मन्त्र पाठ गर्दै अभिषेक गर्नुपर्दछ। नयाँ धानको चामलबाट नैवेद्य तयार गर्नुपर्दछ। सबै नैवेद्य एक पाउ बराबर हुनुपर्दछ। घरमा पार्थिव-पूजाका लागि एक पाउ र बाहिर कुनै मनुष्यद्वारा स्थापित शिवलिंगको पूजाका लागि एक किलो नैवेद्य बनाउनुपर्छ—यस्तो जान्नुपर्दछ। देवताहरूद्वारा स्थापित शिवलिंगका लागि तीन किलो नैवेद्य अर्पित गर्नु उचित हुन्छ र स्वयं प्रकट भएको लिंगका लागि पाँच किलो। यस्तो गर्नाले पूर्ण फलको प्राप्ति हुन्छ भन्ने बुझ्नुपर्दछ। यसभन्दा दुईगुना वा तीनगुना गरेमा अरू धेरै फल प्राप्त हुन्छ। यस प्रकार सहस्र पटक पूजा गर्नाले द्विज सत्यलोकलाई प्राप्त गर्दछ॥ ९—११$^{1}/_{2}$॥

बाह्र अँगुल चौडाइ, पच्चिस अँगुल लम्बाइ तथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

द्वादशाङ्गुलमायामं द्विगुणं च ततोऽधिकम्॥ १२
प्रमाणमङ्गुलस्यैकं तदूर्ध्वं पञ्चकत्रयम्।
अयोदारुकृतं पात्रं शिवमित्युच्यते बुधैः॥ १३

तदष्टभागः प्रस्थः स्यात्तच्चतुष्कुडवं मतम्।
दशप्रस्थं शतप्रस्थं सहस्रप्रस्थमेव च॥ १४

जलतैलादिगन्धानां यथायोग्यं च मानतः।
मानुषार्षस्वयम्भूनां महापूजेति कथ्यते॥ १५

अभिषेकादात्मशुद्धिर्गन्धात्पुण्यमवाप्यते।
आयुस्तृप्तिश्च नैवेद्याद् धूपादर्थमवाप्यते॥ १६

दीपाज्ज्ञानमवाप्नोति ताम्बूलाद्भोगमाप्नुयात्।
तस्मात्स्नानादिकं षट्कं प्रयत्नेन प्रसाधयेत्॥ १७

नमस्कारो जपश्चैव सर्वाभीष्टप्रदावुभौ।
पूजान्ते च सदा कार्यौ भोगमोक्षार्थिभिर्नरैः॥ १८

सम्पूज्य मनसा पूर्वं कुर्यात्तत्तत्सदा नरः।
देवानां पूजया चैव तत्तल्लोकमवाप्नुयात्॥ १९

तदवान्तरलोके च यथेष्टं भोग्यमाप्यते।
तद्विशेषान्प्रवक्ष्यामि शृणुत श्रद्धया द्विजाः॥ २०

विघ्नेशपूजया सम्यग्भूर्लोकेऽभीष्टमाप्नुयात्।
शुक्रवारे चतुर्थ्याञ्च सिते श्रावणभाद्रके॥ २१

भिषगृक्षे धनुर्मासे विघ्नेशं विधिवद्यजेत्।
शतं पूजा सहस्रं वा तत्सङ्ख्याकदिनैर्व्रजेत्॥ २२

पन्द्र अँगुल अग्लो जुन फलाम वा काठबाट बनाइएको पात्र हुन्छ, त्यसलाई विद्वान् पुरुष शिव भन्दछन्। त्यसको आठौँ भागलाई प्रस्थ (पाथी) भनिन्छ, जुन चार पाउ बराबर मानिएको छ। मनुष्यद्वारा स्थापित शिवलिंगका लागि दस पाथी, ऋषिहरूद्वारा स्थापित शिवलिंगका लागि सय पाथी र स्वयम्भू शिवलिंगका लागि एक हजार पाथी नैवेद्य निवेदन गर्नुपर्दछ तथा जल, तेल एवं चन्दन द्रव्यहरूको पनि यथायोग्य मात्रा राखियो भने यो ती शिवलिंगहरूको महापूजा हुने बताइएको छ॥ १२—१५॥

देवताहरूको अभिषेक गर्नाले आत्मशुद्धि हुन्छ, चन्दनबाट पुण्यको प्राप्ति हुन्छ, नैवेद्य अर्पण गर्नाले आयु बढ्छ र तृप्ति हुन्छ, धूप निवेदन गर्नाले धनको प्राप्ति हुन्छ, दीप समर्पण गर्नाले ज्ञानको उदय हुन्छ र सुपारी समर्पण गर्नाले भोगहरू उपलब्ध हुन्छन्। यसकारण स्नान आदि छ उपचारहरूलाई यत्नपूर्वक अर्पित गर्नुपर्दछ॥ १६-१७॥

नमस्कार र जप—यी दुवै सम्पूर्ण अभीष्ट फलदायक छन्। यसकारण भोग र मोक्षको इच्छा राख्नेहरूले पूजाको अन्तमा सधैँ जप र नमस्कार गर्नुपर्दछ। मनुष्यले पहिला मनले पूजा गरी फेरि ती-ती विधिद्वारा पूजा गर्नुपर्दछ। देवताहरूको पूजाबाट ती-ती देवताहरूको लोकको प्राप्ति हुन्छ तथा तिनीहरूका बिचमा रहेका लोकहरूमा पनि यथेष्ट भोगका वस्तुहरू उपलब्ध हुन्छन्॥ १८-१९१/२॥

हे द्विजहरू हो! अब म देवपूजाबाट प्राप्त हुने विशेष फलहरूको वर्णन गर्दछु। तपाईंहरू श्रद्धापूर्वक सुन्नुहोस्। विघ्नराज गणेशको पूजा गर्नाले भूलोकमा उत्तम अभीष्ट वस्तुको प्राप्ति हुन्छ। शुक्रवार, श्रावण र भाद्रपद महिनाको शुक्लपक्षको चतुर्थी र पौषमासमा शतभिषा नक्षत्र परेको समयमा विधिपूर्वक गणेशको पूजा गर्नुपर्दछ। सय वा हजार दिनमा सय वा हजार पटक पूजा गर्नुपर्छ। देवता र अग्निमा श्रद्धा राखेर गरिने उहाँको नित्य पूजाले मनुष्यहरूलाई पुत्र एवं अभीष्ट वस्तु प्रदान गर्दछ। त्यसको फलस्वरूप समस्त पापहरूको शमन तथा भिन्न-भिन्न दुष्कर्महरू नष्ट हुन्छन्। विभिन्न वारहरूमा गरिएका शिव आदिको पूजालाई आत्मशुद्धि प्रदान गर्ने सम्झनु पर्दछ। वार वा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवाग्निश्रद्धया नित्यं पुत्रदं चेष्टदं नृणाम्।
सर्वपापप्रशमनं तत्तद्दुरितनाशनम्॥ २३

वारपूजां शिवादीनामात्मशुद्धिप्रदां विदुः।
तिथिनक्षत्रयोगानामाधारं सार्वकामिकम्॥ २४

तथा वृद्धिक्षयाभावात्पूर्णब्रह्मात्मकं विदुः।
उदयादुदयं वारो ब्रह्मप्रभृतिकर्मणाम्॥ २५

तिथ्यादौ देवपूजा हि पूर्णभोगप्रदा नृणाम्।
पूर्वभागः पितॄणां तु निशियुक्तः प्रशस्यते॥ २६

परभागस्तु देवानां दिवायुक्तः प्रशस्यते।
उदयव्यापिनी ग्राह्या मध्याह्ने यदि सा तिथिः॥ २७

देवकार्ये तथा ग्राह्यास्तिथिऋक्षादिकाः शुभाः।
सम्यग्विचार्य वारादीन्कुर्यात्पूजाजपादिकम्॥ २८

पूर्जायते ह्यनेनेति वेदेष्वर्थस्य योजना।
पूर्भोगफलसिद्धिश्च जायते तेन कर्मणा॥ २९

मनोभावांस्तथा ज्ञानमिष्टभोगार्थयोजनात्।
पूजाशब्दार्थ एवं हि विश्रुतो लोकवेदयोः॥ ३०

नित्यं नैमित्तिकं कालात्सद्यः काम्ये स्वनुष्ठिते।
नित्यं मासं च पक्षं च वर्षं चैव यथाक्रमम्॥ ३१

तत्तत्कर्मफलप्राप्तिस्तादृक्पापक्षयः क्रमात्।

दिन तिथि, नक्षत्र र योगहरूका आधार हुन्। त्यो समस्त कामनाहरू प्रदायक छ। त्यसमा वृद्धि र क्षय हुँदैन, यसकारण त्यसलाई पूर्ण ब्रह्मस्वरूप मान्नुपर्दछ। सूर्योदयकालदेखि लिएर भोलिपल्टको सूर्योदयकाल–सम्मलाई एउटा वारको स्थिति मानिएको छ, जुन ब्राह्मण आदि सबै वर्णका कर्महरूको आधार हो। विहित तिथिको पूर्वभागमा गरिएको देवपूजाले मनुष्यहरूलाई पूर्ण भोग प्रदान गर्दछ॥ २०—२५½॥

यदि मध्याह्नपछि तिथिको आरम्भ हुन्छ भने रात्रियुक्त तिथिको पहिलो भागमा पितृहरूको श्राद्ध आदि कर्मका लागि उत्तम बताइएको छ। यस प्रकारको तिथिको पछिल्लो भाग नै दिनबाट युक्त हुन्छ, अतः त्यही देवकर्मका लागि योग्य मानिएको छ। यदि मध्याह्नकालसम्म तिथि रहन्छ भने उदयव्यापिनी तिथिलाई नै देवकार्यमा ग्रहण गर्नुपर्दछ। यसै गरी शुभ तिथि एवं नक्षत्र आदि देवकार्यमा ग्राह्य हुन्छन्। वार आदिको राम्ररी विचार गरी पूजा र जप आदि गर्नुपर्दछ॥ २६—२८॥

वेदहरूमा पूजा-शब्दको अर्थ यस प्रकार बताइएको छ—'**पूर्जायते अनेन इति पूजा।**' यो पूजाशब्दको व्युत्पत्ति हो। पूः को अर्थ हो भोग र फलको सिद्धि—त्यो हो जुन कर्मबाट सम्पन्न हुन्छ, त्यसको नाम पूजा हो। मनोवांछित वस्तु तथा ज्ञान—यिनै अभीष्ट वस्तुहरू हुन्; सकाम भाव भएकाहरूलाई अभीष्ट भोग अपेक्षित हुन्छ र निष्काम भाव भएकाहरूलाई अर्थ—पारमार्थिक ज्ञान। यी दुवै पूजाशब्दका अर्थ हुन्; यिनको समायोजन गर्नाले नै पूजा-शब्दको सार्थकता हुन्छ। यस प्रकार लोक र वेदमा पूजा-शब्दको अर्थ विख्यात छ। नित्य र नैमित्तिक कर्मको फल कालान्तरमा प्राप्त हुन्छ, तर यदि काम्य कर्मको विधिपूर्वक अनुष्ठान भएको छ भने त्यो तत्काल फलदायक हुन्छ। प्रतिदिन एक पक्ष, एक महिना र एक वर्षसम्म लगातार पूजा गर्नाले ती-ती कर्महरूको फलको प्राप्ति हुन्छ र तिनीहरूबाट त्यसै प्रकारका पापहरूको क्रमशः क्षय हुन्छन्॥ २९—३१½॥

प्रत्येक महिनाको कृष्णपक्षको चतुर्थी तिथिमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महागणपतेः पूजा चतुर्थ्यां कृष्णपक्षके ॥ ३२

पक्षपापक्षयकरी पक्षभोगफलप्रदा।
चैत्रे चतुर्थ्यां पूजा च कृता मासफलप्रदा ॥ ३३

वर्षभोगप्रदा ज्ञेया कृता वै सिंहभाद्रके।
श्रावणादित्यवारे च सप्तम्यां हस्तभे दिने ॥ ३४

माघशुक्ले च सप्तम्यामादित्ययजनं चरेत्।
ज्येष्ठभाद्रकसौम्ये च द्वादश्यां श्रवणर्क्षके ॥ ३५

कृतं श्रीविष्णुयजनमिष्टसम्पत्करं विदुः।
श्रावणे विष्णुयजनमिष्टारोग्यप्रदं भवेत् ॥ ३६

गवादीन्द्वादशानर्थान्साङ्गान्दत्त्वा तु यत्फलम्।
तत्फलं समवाप्नोति द्वादश्यां विष्णुतर्पणात् ॥ ३७

द्वादश्यां द्वादशान्विप्रान् विष्णोर्द्वादशनामतः।
षोडशैरुपचारैश्च यजेत्तत्प्रीतिमाप्नुयात् ॥ ३८

एवं च सर्वदेवानां तत्तद्द्वादशनामकैः।
द्वादशब्रह्मयजनं तत्तत्प्रीतिकरं भवेत् ॥ ३९

कर्कटे सोमवारे च नवम्यां मृगशीर्षके।
अम्बां यजेद् भूतिकामः सर्वभोगफलप्रदाम् ॥ ४०

आश्वयुक्छुक्लनवमी सर्वाभीष्टफलप्रदा।
आदिवारे चतुर्दश्यां कृष्णपक्षे विशेषतः ॥ ४१

आर्द्रायां च महार्द्रायां शिवपूजा विशिष्यते।

गरिएका महागणपतिको पूजा एक पक्षको पापहरू नाश गर्ने र एक पक्षसम्म उत्तम भोगरूपी फलदायक हुन्छ। चैत्रमासको चतुर्थीमा गरिएको पूजाले एक महिनासम्म गरिएको पूजाको फल दिन्छ र जब सूर्य सिंह राशिमा स्थित हुन्छ, त्यस समय भाद्रपद महिनाको चतुर्थीमा गरिएको गणेशको पूजालाई एक वर्षसम्म [मनोवांछित] भोग प्रदान गर्ने जानुपर्दछ ॥ ३२–३३१/२ ॥

श्रावण महिनाको रविवार, हस्ता नक्षत्रले युक्त सप्तमी तिथि तथा माघशुक्ल सप्तमीमा भगवान् सूर्यको पूजा गर्नुपर्छ। ज्येष्ठ तथा भाद्रपद महिनाको बुधवार, श्रवण नक्षत्रले युक्त द्वादशी तिथि तथा केवल द्वादशी तिथिमा गरिएको भगवान् विष्णुको पूजा अभीष्ट सम्पत्तिदायक मानिएको छ। श्रावण महिनामा गरिने श्रीहरिको पूजा अभीष्ट मनोरथ र आरोग्य प्रदायक हुन्छ। अंग एवं उपकरणहरूसहित पूर्वोक्त गाई आदि बाह्र वस्तुहरूको दान गर्नाले जुन फलको प्राप्ति हुन्छ, त्यही फल मनुष्य द्वादशी तिथिमा आराधनाद्वारा श्रीविष्णुलाई तृप्त गरी प्राप्त गर्दछ। जसले द्वादशी तिथिमा भगवान् विष्णुका बाह्र नामहरूद्वारा बाह्र ब्राह्मणहरूको षोडशोपचार पूजा गर्दछ, त्यससित उहाँ प्रसन्न हुनुहुन्छ। त्यसै प्रकार सम्पूर्ण देवताहरूको विभिन्न बाह्र नामको उच्चारण गर्दै बाह्र ब्राह्मणको पूजा गर्नाले ती–ती देवताहरू प्रसन्न हुन्छन् ॥ ३४—३९ ॥

ऐश्वर्यको इच्छा राख्ने पुरुषले कर्कट संक्रान्तिले युक्त श्रावण महिनाको मृगशिरा नक्षत्रको योग परेको नवमी तिथिमा सम्पूर्ण मनोवांछित भोग तथा फलहरूलाई प्रदान गर्नुहुने अम्बिकाको पूजा गर्नुपर्दछ। आश्विन-महिनाको शुक्लपक्षको नवमी तिथि सम्पूर्ण अभीष्ट फलप्रदायक छ। त्यही महिनाको कृष्णपक्षको चतुर्दशीमा यदि रविवार पर्‍यो भने त्यो दिन विशेष महत्त्वपूर्ण हुन्छ। त्यससँगै यदि आर्द्रा र महार्द्रा (सूर्यसंक्रान्तिले युक्त आर्द्रा)-को योग पर्‍यो भने उक्त अवसरमा गरिएको शिवपूजाको विशेष महत्त्व मानिएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

माघकृष्णचतुर्दश्यां सर्वाभीष्टफलप्रदा ॥ ४२

आयुष्करी मृत्युहरा सर्वसिद्धिकरी नृणाम्।
ज्येष्ठमासे महार्द्रायां चतुर्दशीदिनेऽपि च ॥ ४३

मार्गशीर्षार्द्रकायां वा षोडशैरुपचारकैः।
तत्तन्मूर्तिशिवं पूज्य तस्य वै पाददर्शनम् ॥ ४४

शिवस्य यजनं ज्ञेयं भोगमोक्षप्रदं नृणाम्।
वारादिदेवयजनं कार्तिके हि विशिष्यते ॥ ४५

कार्तिके मासि सम्प्राप्ते सर्वान्देवान्यजेद् बुधः।
दानेन तपसा होमैर्जपेन नियमेन च ॥ ४६

षोडशैरुपचारैश्च प्रतिमाविप्रमन्त्रकैः।
ब्राह्मणानां भोजनेन निष्कामार्तिहरो भवेत् ॥ ४७

कार्तिके देवयजनं सर्वभोगप्रदं भवेत्।
व्याधीनां हरणं चैव भवेद्भूतग्रहक्षयः ॥ ४८

कार्तिकादित्यवारेषु नृणामादित्यपूजनात्।
तैलकार्पासदानात्तु भवेत्कुष्ठादिसङ्क्षयः ॥ ४९

हरीतकीमरीचीनां वस्त्रक्षीरादिदानतः।
ब्रह्मप्रतिष्ठया चैव क्षयरोगक्षयो भवेत् ॥ ५०

दीपसर्षपदानाच्च अपस्मारक्षयो भवेत्।
कृत्तिकासोमवारेषु शिवस्य यजनं नृणाम् ॥ ५१

महादारिद्र्यशमनं सर्वसम्पत्करं भवेत्।
गृहक्षेत्रादिदानाच्च गृहोपकरणादिना ॥ ५२

कृत्तिकाभौमवारेषु स्कन्दस्य यजनान्नृणाम्।
दीपघण्टादिदानाद्वै वाक्सिद्धिरचिराद्भवेत् ॥ ५३

छ। माघ कृष्ण चतुर्दशीमा गरिएको शिवको पूजा सम्पूर्ण अभीष्ट फलदायक हुन्छ। त्यसको फलस्वरूप मनुष्यको आयु बढ्छ, मृत्यु टाढा जान्छ र समस्त सिद्धिहरूको प्राप्ति हुन्छ ॥ ४०—४२½ ॥

ज्येष्ठ महिनाको चतुर्दशीमा यदि महार्द्राको योग छ अथवा मंसिर महिनाको कुनै तिथि यदि आर्द्रा नक्षत्र सम्पन्न छ भने त्यस अवसरमा विभिन्न वस्तुहरूद्वारा बनेको मूर्तिको रूपमा शिवको जो सोह्र उपचारहरूले पूजा गर्दछन्, ती पुण्यात्माका चरणहरू दर्शन गर्नयोग्य हुन्छ। भगवान् शिवको पूजा गर्ने मनुष्यले भोग र मोक्ष प्राप्त गर्छ—यस्तो जान्नुपर्छ। कार्तिक मासमा प्रत्येक वार र तिथि आदिमा देवपूजाको विशेष महत्त्व छ। कार्तिकमास आएपछि विद्वान् पुरुषले दान, तप, होम, जप र नियम आदिद्वारा समस्त देवताहरूको षोडशोपचारले पूजा गर्नुपर्छ। त्यस पूजामा देवप्रतिमा, ब्राह्मण तथा मन्त्रहरूको उपयोग आवश्यक छ। ब्राह्मणहरूलाई भोजन गराउनाले त्यो पूजा-कर्म सम्पन्न हुन्छ। पूजाकर्ता कामनाहरूलाई त्यागेर पीडारहित (शान्त) भई देवताको आराधनामा तत्पर रहनुपर्छ ॥ ४३—४७ ॥

कार्तिक महिनामा देवताहरूको यजन-पूजा गर्दा समस्त भोगहरू प्राप्त हुन्छन्; रोगव्याधिहरू हर्ने र भूत तथा ग्रहहरूको प्रभाव पनि विनाश हुन्छ। कार्तिक महिनाको रविवारमा भगवान् सूर्यको पूजा गर्नाले र तेल तथा कपासको दान गर्नाले मनुष्यहरूको कुष्ठ आदि रोगहरू नष्ट हुन्छन्। काँक्रो, कालो मरिच, वस्त्र तथा दूध आदिको दान र ब्राह्मणहरूलाई प्रतिष्ठा गर्नाले क्षयरोग नष्ट हुन्छ। दीप र सरसहरूको दानले छारे रोग निको हुन्छ ॥ ४८—५०½ ॥

कृत्तिका नक्षत्रले युक्त सोमवारमा गरिएको शिवको पूजा मनुष्यहरूको महान् दारिद्रतालाई मेटाउने र सम्पूर्ण सम्पत्तिदायक हुन्छ। घरका आवश्यक सामग्रीहरूका साथ गृह र क्षेत्र (खेत) आदिको दान गर्नाले पनि उक्त फलको प्राप्ति हुन्छ। कृत्तिकायुक्त मंगलवारमा श्रीस्कन्दको पूजा गर्नाले तथा दीयो एवं घण्टा आदिको दान दिनाले मनुष्यलाई तत्कालै वाक्‌सिद्धि प्राप्त हुन जान्छ ॥ ५१—५३ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृत्तिकासौम्यवारेषु विष्णोर्वै यजनं नृणाम्।
दध्योदनस्य दानं च सत्सन्तानकरं भवेत्॥ ५४

कृत्तिकागुरुवारेषु ब्रह्मणो यजनाद्धनैः।
मधुस्वर्णाज्यदानेन भोगवृद्धिर्भवेन्नृणाम्॥ ५५

कृत्तिकाशुक्रवारेषु गजतुण्डस्य याजनात्।
गन्धपुष्पान्नदानेन भोगवृद्धिर्भवेन्नृणाम्॥ ५६

वन्ध्या सुपुत्रं लभते स्वर्णरौप्यादिदानतः।
कृत्तिकाशनिवारेषु दिक्पालानां च वन्दनम्॥ ५७

दिग्गजानां च नागानां सेतुपानां च पूजनम्।
त्र्यम्बकस्य च रुद्रस्य विष्णोः पापहरस्य च॥ ५८

ज्ञानदं ब्रह्मणश्चैव धन्वन्तर्यश्विनोस्तथा।
रोगापमृत्युहरणं तत्कालव्याधिशान्तिदम्॥ ५९

लवणायसतैलानां माषादीनां च दानतः।
त्रिकटुफलगन्धानां जलादीनां च दानतः॥ ६०

द्रवाणां कठिनानां च प्रस्थेन पलमानतः।
स्वर्गप्राप्तिर्धनुर्मासे ह्युषःकाले च पूजनम्॥ ६१

शिवादीनां च सर्वेषां क्रमाद्वै सर्वसिद्धये।
शाल्यन्नस्य हविष्यस्य नैवेद्यं शस्तमुच्यते॥ ६२

विविधान्नस्य नैवेद्यं धनुर्मासे विशिष्यते।
मार्गशीर्षेऽन्नदस्यैव सर्वमिष्टफलं भवेत्॥ ६३

पापक्षयं चेष्टसिद्धिं चारोग्यं धर्ममेव च।
सम्यग्वेदपरिज्ञानं सदनुष्ठानमेव च॥ ६४

इहामुत्र महाभोगानन्ते योगं च शाश्वतम्।
वेदान्तज्ञानसिद्धिं च मार्गशीर्षान्नदो लभेत्॥ ६५

कृत्तिकायुक्त बुधवारमा गरिएको श्रीविष्णुको यजन तथा दही-भातको दानले मनुष्यलाई उत्तम सन्तानको प्राप्ति हुन्छ। कृत्तिकायुक्त गुरुवारमा धनले ब्रह्माको पूजा तथा मह, सुन र घिउको दान गर्नाले मनुष्यहरूको भोग-वैभवको वृद्धि हुन्छ॥ ५४-५५॥

कृत्तिकायुक्त शुक्रवारमा गजानन गणेशको पूजा गर्नाले तथा चन्दन, पुष्प एवं अन्नको दान दिनाले मानवहरूका सुख भोगयोग्य पदार्थहरूको वृद्धि हुन्छ। त्यस दिन सुन, चाँदी आदिको दान गर्नाले वन्ध्यालाई पनि उत्तम पुत्रको प्राप्ति हुन्छ। कृत्तिकायुक्त शनिवारमा दिक्पालहरूको वन्दना, दिग्गज-नाग-सेतुपालहरूको पूजा र त्रिनेत्रधारी रुद्र तथा पापहारी विष्णुको पूजा गर्नाले ज्ञानको प्राप्ति हुन्छ। ब्रह्मा, धन्वन्तरि एवं दुवै अश्विनीकुमारहरूको पूजा गर्नाले रोग तथा अकालमृत्युको निवारण हुन्छ र तात्कालिक व्याधिहरूको शान्ति हुनजान्छ। नुन, फलाम, तेल र मास आदिको; त्रिकटु (सुठो, पीपल र कालो मरिच), फल, चन्दन र जल आदिको तथा [घिउ आदि] द्रव-पदार्थहरूको र [सुवर्ण, मोती, धान्य आदि] ठोस वस्तुहरूको पनि दान दिनाले स्वर्गलोकको प्राप्ति हुन्छ। यीमध्ये नुन आदिको मापन कम्तिमा एक किलो र सुन आदिको मापन कम्तिमा एक पल (चौँसठ्ठी मासा) हुनुपर्छ। धनुको संक्रान्तिले युक्त पौषमासको उषःकालमा शिव आदि समस्त देवताहरूको पूजा क्रमशः समस्त सिद्धिहरूको प्राप्ति दायक हुन्छ। यस पूजामा नयाँ धानको चामलबाट तयार पारिएको हविष्यको नैवेद्य उत्तम बताइएको छ। पौषमासमा थरी-थरी अन्नका नैवेद्यको विशेष महत्त्व हुन्छ॥ ५६—६२$^{1}/_{2}$॥

मंसिर महिनामा केवल अन्नको दान गर्ने मनुष्यलाई सम्पूर्ण अभीष्ट फलहरूको प्राप्ति हुन्छ। मंसिर महिनामा अन्नको दान गर्नाले मनुष्यका सारा पाप नष्ट हुन्छन्, त्यो अभीष्ट-सिद्धि, आरोग्य, धर्म, वेदको सम्यक् ज्ञान, उत्तम अनुष्ठानको फल, इहलोक र परलोकमा महान् भोग तथा अन्तमा सनातन योग (मोक्ष) तथा वेदान्तज्ञानको सिद्धि प्राप्त गर्दछ। जसले भोगको इच्छा राख्दछ, त्यो मनुष्यले मंसिर महिना आएपछि कम्तीमा तीन दिन मात्र भए पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मार्गशीर्षे ह्युषःकाले दिनत्रयमथापि वा।
यजेद् देवान्भोगकामो नाधनुर्मासिको भवेत्॥ ६६

यावत्सङ्गवकालं तु धनुर्मासो विधीयते।
धनुर्मासे निराहारो मासमात्रं जितेन्द्रियः॥ ६७

आमध्याह्नं जपेद् विप्रो गायत्रीं वेदमातरम्।
पञ्चाक्षरादिकान्मन्त्रान्पश्चादासुप्तिकं जपेत्॥ ६८

ज्ञानं लब्ध्वा च देहान्ते विप्रो मुक्तिमवाप्नुयात्।
अन्येषां नरनारीणां त्रिःस्नानेन जपेन च॥ ६९

सदा पञ्चाक्षरस्यैव विशुद्धं ज्ञानमाप्यते।
इष्टमन्त्रान्सदा जप्त्वा महापापक्षयं लभेत्॥ ७०

उषाकालमा प्रतिदिन अवश्य देवताहरूको पूजा र पौषमासमा नियमितरूपमा पूजा गर्नुपर्छ। पौषमासमा उषःकालदेखि लिएर संगवकालसम्म गरिएको पूजाको नै विशेष महत्त्व बताइएको छ। पौषमासमा पूरा महिनाभर जितेन्द्रिय र निराहार रहेर द्विजहरूले प्रातःकालदेखि मध्याह्नकालसम्म वेदमाता गायत्रीको जप गरून्। तत्पश्चात् रातमा सुत्ने बेलासम्म पंचाक्षर आदि मन्त्रहरूको जप गरून्। यस्तो गर्ने ब्राह्मण ज्ञान पाएर शरीर छुटेपछि मोक्ष प्राप्त गर्दछ। द्विजेतर नर-नारीहरूलाई त्रिकाल स्नान र पंचाक्षर मन्त्रको मात्र निरन्तर जप गर्नाले विशुद्ध ज्ञान प्राप्त हुन्छ। इष्ट मन्त्रहरूको सधैँ जप गर्नाले ठुलाभन्दा-ठुला पापहरू पनि नष्ट हुन्छन् ॥ ६३—७० ॥

धनुर्मासे विशेषेण महानैवेद्यमाचरेत्।
शालितण्डुलभारेण मरीचप्रस्थकेन च॥ ७१
गणनाद् द्वादशं सर्वं मध्वाज्यकुडवेन हि।
द्रोणयुक्तेन मुद्गेन द्वादशव्यञ्जनेन च॥ ७२
घृतपक्वैरपूपैश्च मोदकैः शालिकादिभिः।
द्वादशैश्च दधिक्षीरैर्द्वादशप्रस्थकेन च॥ ७३
नारिकेलफलादीनां तथा गणनया सह।
द्वादशक्रमुकैर्युक्तं षट्त्रिंशत्पत्रकैर्युतम्॥ ७४
कर्पूरखुरचूर्णेन पञ्चसौगन्धिकैर्युतम्।
ताम्बूलयुक्तं तु यदा महानैवेद्यलक्षणम्॥ ७५

पौषमासमा विशेषरूपले महानैवेद्य चढाउनु पर्छ। यहाँ बताइएका सबै वस्तुहरू बाह्रको संख्यामा बुझ्नुपर्छ—चामल (बाह्र) भार[1], कालो मरिच (बाह्र) प्रस्थ[2], मधु र घृत (बाह्र) कुरुवा[3], मूँग (बाह्र) द्रोण[4], बाह्र प्रकारका व्यंजन, घिउमा तारिएको पूवा, लड्डू र चामलका मिष्टान्न (बाह्र) प्रस्थ, दही र दूध (बाह्र) प्रस्थ र बाह्र नरिवल आदि फल, बाह्र सुपारी, कपुर, कत्था र पाँच प्रकारका सुगन्धद्रव्यले युक्त छत्तीस पात पानबाट महानैवेद्य बनाइन्छ ॥ ७१-७५ ॥

महानैवेद्यमेतद्वै देवतार्पणपूर्वकम्।
वर्णानुक्रमपूर्वेण तद्भक्तेभ्यः प्रदापयेत्॥ ७६
एवं चौदननैवेद्याद्भूमौ राष्ट्रपतिर्भवेत्।
महानैवेद्यदानेन नरः स्वर्गमवाप्नुयात्॥ ७७
महानैवेद्यदानेन सहस्रेण द्विजर्षभाः।
सत्यलोकं च तल्लोके पूर्णमायुरवाप्नुयात्॥ ७८
सहस्राणां च त्रिंशत्या महानैवेद्यदानतः।
तदूर्ध्वलोकमाप्यैव न पुनर्जन्मभाग्भवेत्॥ ७९

यो महानैवेद्य देवताहरूलाई अर्पण गरी वर्णानुसार त्यस देवताका भक्तहरूलाई दिनुपर्छ। यस प्रकारका ओदन-नैवेद्यले मनुष्य पृथ्वीमा राष्ट्रको स्वामी हुन्छ। महानैवेद्यको दानले स्वर्गप्राप्ति हुन्छ। हे द्विजश्रेष्ठहरू हो! एक हजार महानैवेद्यहरूको दानले सत्यलोक प्राप्त हुन्छ र त्यस लोकमा पूर्णायु प्राप्त हुन्छ एवं तीस हजार महानैवेद्यहरूको दानले त्यसभन्दा माथिका लोकहरूको प्राप्ति हुन्छ तथा पुनर्जन्म हुँदैन ॥ ७६—७९ ॥

१—४-चार धानको एक गुंजी वा एक रत्ती हुन्छ। पाँच रत्तीको एक पण (आधा मासा भन्दा केही धेरै), आठ पणको एक धरण, आठ धरणको एक पल (अढाई छटाको लगभग), सय पल (सोह्र केजिको लगभग)-को एक तुला हुन्छ, बीस तुलाको एक भार हुन्छ, अर्थात् आजको मापले आठ मनको एक भार हुन्छ। पाउवरावरको एक कुडव हुन्छ, चार कुडवको एक प्रस्थ (एक किलो) अर्थात् एक सेर हुन्छ। चार सेर (प्रस्थ)-को एक आढक र आठ आढक (३२ सेर)-को एक द्रोण हुन्छ। तीन द्रोणको एक खारी र आठ द्रोणको एक वाह हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सहस्त्राणां च षट्त्रिंशज्जन्मनैवेद्यमीरितम्।
तावन्नैवेद्यदानं तु महापूर्णं तदुच्यते॥ ८०
महापूर्णस्य नैवेद्यं जन्मनैवेद्यमिष्यते।
जन्मनैवेद्यदानेन पुनर्जन्म न विद्यते॥ ८१

ऊर्जे मासि दिने पुण्ये जन्मनैवेद्यमाचरेत्।
सङ्क्रान्तिपातजन्मर्क्षपौर्णमास्यादिसंयुते ॥ ८२

अब्दजन्मदिने कुर्याज्जन्मनैवेद्यमुत्तमम्।
मासान्तरेषु जन्मर्क्षपूर्णयोगदिनेऽपि च॥ ८३

मेलने च शनैर्वापि तावत्साहस्त्रमाचरेत्।
जन्मनैवेद्यदानेन जन्मार्पणफलं लभेत्॥ ८४

जन्मार्पणाच्छिवः प्रीतः स्वसायुज्यं ददाति हि।
इदं तज्जन्मनैवेद्यं शिवस्यैव प्रदापयेत्॥ ८५

योनिलिङ्गस्वरूपेण शिवो जन्मनिरूपकः।
तस्माज्जन्मनिवृत्त्यर्थं जन्मपूजा शिवस्य हि॥ ८६

बिन्दुनादात्मकं सर्वं जगत्स्थावरजङ्गमम्।
बिन्दुः शक्तिः शिवो नादः शिवशक्त्यात्मकं जगत्॥ ८७

नादाधारमिदं बिन्दुर्बिन्द्वाधारमिदं जगत्।
जगदाधारभूतौ हि बिन्दुनादौ व्यवस्थितौ॥ ८८

बिन्दुनादयुतं सर्वं सकलीकरणं भवेत्।
सकलीकरणाज्जन्म जगत्प्राप्नोत्यसंशयम्॥ ८९

बिन्दुनादात्मकं लिङ्गं जगत्कारणमुच्यते।
बिन्दुर्देवी शिवो नादः शिवलिङ्गं तु कथ्यते॥ ९०

तस्माज्जन्मनिवृत्त्यर्थं शिवलिङ्गं प्रपूजयेत्।
माता देवी बिन्दुरूपा नादरूपः शिवः पिता॥ ९१

पूजिताभ्यां पितृभ्यां तु परमानन्द एव हि।
परमानन्दलाभार्थं शिवलिङ्गं प्रपूजयेत्॥ ९२

छत्तीस हजार महानैवेद्यहरूलाई जन्मनैवेद्य भनिएको छ। त्यति नैवेद्यहरूको दान महापूर्ण मानिन्छ। महापूर्ण नैवेद्यलाई नै जन्मनैवेद्य भनिएको छ। जन्मनैवेद्यको दान गरेमा पुनर्जन्म हुँदैन॥ ८०-८१॥

कार्तिक महिनाको संक्रान्ति, व्यतीपात, जन्मनक्षत्र, पूर्णिमा आदि कुनै पवित्र दिनमा जन्मनैवेद्य चढाउनु पर्दछ। संवत्सरको प्रारम्भिक दिनमा पनि उत्तम जन्मनैवेद्यको अर्पण गर्नुपर्दछ। कुनै अन्य महिनामा पनि जन्मनक्षत्रको पूर्ण योगको दिन तथा ज्यादै पुण्ययोगहरू मिलेपछि विस्तारै-विस्तारै छत्तीस हजार महानैवेद्य अर्पण गर्नुपर्दछ। जन्मनैवेद्यको दानले जन्मार्पणको फल प्राप्त हुन्छ। जन्मार्पणबाट प्रसन्न भएर भगवान् शंकर आफ्नो सायुज्य प्रदान गर्नुहुन्छ। यसकारण यस जन्मनैवेद्य शिवलाई नै अर्पण गर्नुपर्छ। योनि र लिंगरूपमा विराजमान शिव जन्मदाता हुनुहुन्छ, अतः पुनर्जन्मको निवृत्तिका लागि जन्मनैवेद्यले शिवको पूजा गर्नुपर्दछ॥ ८२—८६॥

सारा चराचर जगत् बिन्दु-नादस्वरूप हो। बिन्दु शक्ति हो र नाद शिव हुन्। यसै गरी यो जगत् शिव-शक्तिस्वरूप नै हो। नाद बिन्दुको र बिन्दु यस जगत्को आधार हो, यी बिन्दु र नाद (शक्ति र शिव) सम्पूर्ण जगत्मा आधाररूपले स्थित छन्। बिन्दु र नादले युक्त सबथोक शिवस्वरूप हुन्; किनभने त्यही सबैको आधार हो। आधारमा नै आधेयको समावेश अथवा लय हुन्छ। यही सकलीकरण हो। यस सकलीकरणको स्थितिबाट नौ सृष्टिकालमा जगत्को प्रादुर्भाव हुन्छ; यसमा संशय छैन। शिवलिंग बिन्दुनादस्वरूप हो, अतः त्यसलाई जगत्को कारण बताइन्छ। बिन्दु देवी हो र नाद शिव, यी दुवैको संयुक्तरूपलाई नै शिवलिंग भनिन्छ। अतः जन्मको संकटबाट छुटकारा पाउनका लागि शिवलिंगको पूजा गर्नुपर्दछ। बिन्दुरूपा देवी उमा माता हुन् र नादस्वरूप भगवान् शिव पिता। यी माता-पिता पूजित हुनाले परमानन्दको नै प्राप्ति हुन्छ। अतः परमानन्दको लाभ लिनका लागि शिवलिंगको विशेषरूपले पूजा गर्नुपर्दछ॥ ८७—९२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सा देवी जगतां माता स शिवो जगतः पिता।
पित्रोः शुश्रूषके नित्यं कृपाधिक्यं हि वर्धते॥ ९३

कृपयान्तर्गतैश्वर्यं पूजकस्य ददाति हि।
तस्मादन्तर्गतानन्दलाभार्थं मुनिपुङ्गवाः॥ ९४

पितृमातृस्वरूपेण शिवलिङ्गं प्रपूजयेत्।
भर्गः पुरुषरूपो हि भर्गा प्रकृतिरुच्यते॥ ९५

अव्यक्तान्तरधिष्ठानं गर्भः पुरुष उच्यते।
सुव्यक्तान्तरधिष्ठानं गर्भः प्रकृतिरुच्यते॥ ९६

पुरुषस्त्वादिगर्भो हि गर्भवाञ्जनको यतः।
पुरुषात्प्रकृतौ युक्तं प्रथमं जन्म कथ्यते॥ ९७

प्रकृतेर्व्यक्ततां यातं द्वितीयं जन्म कथ्यते।
जन्म जन्तुर्मृत्युजन्म पुरुषात्प्रतिपद्यते॥ ९८

अन्यतो भाव्यतेऽवश्यं मायया जन्म कथ्यते।
जीर्यते जन्मकालाद्यत्तस्माज्जीव इति स्मृतः॥ ९९

जन्यते तन्यते पाशैर्जीवशब्दार्थ एव हि।
जन्मपाशनिवृत्त्यर्थं जन्मलिङ्गं प्रपूजयेत्॥ १००

भं वृद्धिं गच्छतीत्यर्थाद्भगः प्रकृतिरुच्यते।
प्राकृतैः शब्दमात्राद्यैः प्राकृतेन्द्रियभोजनात्॥ १०१

भगस्येदं भोगमिति शब्दार्थो मुख्यतः श्रुतः।
मुख्यो भगस्तु प्रकृतिर्भगवाञ्छिव उच्यते॥ १०२

भगवान्भोगदाता हि नान्यो भोगप्रदायकः।
भगस्वामी च भगवान्भर्ग इत्युच्यते बुधैः॥ १०३

भगेन सहितं लिङ्गं भगं लिङ्गेन संयुतम्।
इहामुत्र च भोगार्थं नित्यभोगार्थमेव च॥ १०४

भगवन्तं महादेवं शिवलिङ्गं प्रपूजयेत्।

ती देवी उमा जगत्की माता हुनुहुन्छ र भगवान् शिव जगत्का पिता। जसले उहाँहरूको सेवा गर्दछ, त्यस पुत्रमाथि यी दुवै माता-पिताको कृपा नित्य अधिकाधिक बढिरहन्छ। उहाँहरू पूजा-कर्तामाथि कृपा गरी त्यसलाई आफ्नो आन्तरिक ऐश्वर्य प्रदान गर्नुहुन्छ। अतः हे मुनीश्वर हो! आन्तरिक आनन्द प्राप्तिका लागि शिवलिंगलाई माता-पिताको स्वरूप मानेर पूजा गर्नुपर्छ। भर्ग (शिव) पुरुषरूप हुनुहुन्छ र भर्गा (शिवा अथवा शक्ति) प्रकृति। अव्यक्त आन्तरिक अधिष्ठानरूप गर्भलाई पुरुष भनिन्छ र सुव्यक्त आन्तरिक अधिष्ठानभूत गर्भलाई प्रकृति। पुरुष आदिगर्भ हुनुहुन्छ, प्रकृतिरूप गर्भबाट युक्त हुनुभएकाले उहाँलाई गर्भवान् भनिन्छ; किनभने उहाँ प्रकृतिको जनक हुनुहुन्छ। प्रकृतिमा जुन पुरुषको संयोग हुन्छ, त्यसैलाई प्रथम जन्म भनिन्छ। अव्यक्त प्रकृतिबाट महत्तत्त्वादिको क्रमले जुन जगत्को उत्पत्ति हुन्छ, त्यसैलाई प्रकृतिको द्वितीय जन्म भनिन्छ। जीव पुरुषबाट नै वारम्वार जन्म र मृत्युको प्राप्ति हुन्छ। मायाद्वारा अन्यरूपमा प्रकट गराउनु नै त्यसको जन्म भनिन्छ। जीवको शरीर जन्मकालदेखि नै जीर्ण (छ भावविकारहरूले युक्त) हुन थाल्दछ, यसैले त्यसलाई 'जीव' यो संज्ञा दिइएको हो। जो जन्म लिन्छ र विविध पाशोद्वारा बन्धनमा पर्दछ, त्यसको नाम जीव हो, जन्म र बन्धन जीव-शब्दकै अर्थ हो। अतः जन्ममृत्युरूपी बन्धनको निवृत्तिका लागि जन्मका अधिष्ठाता माता-पितास्वरूप शिवलिंगको राम्ररी पूजा गर्नुपर्दछ॥ ९३—१००॥

शब्दादि पंचतन्मात्राहरू तथा पंचेन्द्रियहरूबाट विषय ग्रहण गर्नाले 'भ' अर्थात् वृद्धि 'गच्छति' अर्थात् प्राप्त हुन्छ, यसकारण 'भग' शब्दको अर्थ प्रकृति हो। भोग नै भगको मुख्य शब्दार्थ हो। मुख्य 'भग' प्रकृति हुन् र 'भगवान्' शिव हुन्॥ १०१-१०२॥

भगवान् नै भोग प्रदान गर्नुहुन्छ, अरू कसैले दिन सक्दैनन्। भग (प्रकृति)-का स्वामी भगवान्लाई नै विद्वानहरूद्वारा भर्ग बताइएको छ। भग-प्रकृतिले संयुक्त परमात्मलिंग र लिंगसंयुक्त भग-प्रकृति नै यस लोक र परलोकमा नित्य भोग प्रदान गर्दछन्, अतः भगवान् महादेवको शिवलिंगको पूजा गर्नुपर्छ॥ १०३-१०४१/२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लोकप्रसविता सूर्यस्तच्चिह्नं प्रसवाद्भवेत्॥ १०५
लिङ्गे प्रसूतिकर्तारं लिङ्गिनं पुरुषो यजेत्।
लिङ्गार्थगमकं चिह्नं लिङ्गमित्यभिधीयते॥ १०६

संसारलाई उत्पन्न गर्ने सूर्य हुन् र उत्पन्न गरेका कारण जगत् नै उनको (प्रत्यक्ष) चिह्न हो। [यसकारण उनको एउटा नाम भग पनि हो।] मनुष्यले लिंगमा जगत्लाई उत्पन्न गराउने लिंगीको नै पूजा गर्नुपर्दछ। सृष्टिको अर्थलाई बताउने चिह्नको रूपमा नै त्यसलाई लिंग भनिन्छ॥ १०५-१०६॥

लिङ्गमर्थं हि पुरुषं शिवं गमयतीत्यदः।
शिवशक्त्योश्च चिह्नस्य मेलनं लिङ्गमुच्यते॥ १०७
स्वचिह्नपूजनात्प्रीतश्चिह्नकार्यं न वीयते।
चिह्नकार्यं तु जन्मादि जन्माद्यं विनिवर्तते॥ १०८
प्राकृतैः पुरुषैश्चापि बाह्याभ्यन्तरसम्भवैः।
षोडशैरुपचारैश्च शिवलिङ्गं प्रपूजयेत्॥ १०९

लिंगले परमपुरुष शिवको बोध गराउँदछ। यस प्रकार शिव र शक्तिको मिलनको प्रतीकलाई नै शिवलिंग भनिएको छ। आफ्नो चिह्नको पूजाबाट प्रसन्न भएर महादेवले त्यस चिह्नको कार्यरूप जन्मादिलाई समाप्त गरिदिनुहुन्छ तथा पूजा कर्तालाई पुनर्जन्मको प्राप्ति हुँदैन। अतः सबैले यथाप्राप्त बाह्य र मानसिक षोडशोपचारद्वारा शिवलिंगको पूजा गर्नुपर्दछ॥ १०७—१०९॥

एवमादित्यवारे हि पूजा जन्मनिवर्तिका।
आदिवारे महालिङ्गं प्रणवेनैव पूजयेत्॥ ११०
आदिवारे पञ्चगव्यैरभिषेको विशिष्यते।
गोमयं गोजलं क्षीरं दध्याज्यं पञ्चगव्यकम्॥ १११

रविवारमा गरिएको पूजाले पुनर्जन्मको निवारण गरिदिन्छ। रविवार महालिंगको प्रणव (ॐ)-द्वारा नै पूजा गर्नुपर्छ। त्यस दिन पंचगव्यले गरिएको अभिषेक विशेष महत्त्वको हुन्छ। गाईको गोबर, गोमूत्र, दुध, दही र घिउ—यिनलाई पंचगव्य भनिन्छ॥ ११०-१११॥

क्षीराद्यं च पृथक्चैव मधुना चेक्षुसारकैः।
गव्यक्षीरान्ननैवेद्यं प्रणवेनैव कारयेत्॥ ११२

गाईको दुध, गाईको दही र गाईको घिउ—यी तीनवटैलाई पूजाका लागि मह र सखरका साथ अलग-अलग राख्नुपर्दछ र यी सबैलाई मिलाएर सम्मिलितरूपले पंचामृत पनि तैयार गर्नुपर्छ। (यीद्वारा शिवलिंगको अभिषेक एवं स्नान गराउनुपर्छ), फेरि गाईको दुध र अन्न मिलाएर नैवेद्य तयार गरी प्रणव मन्त्रको उच्चारणपूर्वक त्यो भगवान् शिवलाई अर्पित गर्नुपर्छ। सम्पूर्ण प्रणवलाई ध्वनिलिंग भनिन्छ। नादस्वरूप हुनाको कारण स्वयम्भूलिंगलाई नादलिंग भनिएको हो। यन्त्र वा अर्घा बिन्दुस्वरूप हुनाको कारण बिन्दुलिंगको रूपमा विख्यात छ। त्यसमा अचलरूपले प्रतिष्ठित जुन शिवलिंग छ, त्यो मकार-स्वरूप हो, यसकारण मकारलिंग भनिन्छ। सवारी निकाल्नका लागि जुन चरलिंग हुन्छ, त्यो उकारस्वरूप हुनाले उकारलिंग भनिएको छ तथा पूजाको दीक्षा दिने जो गुरु वा आचार्य छन्, तिनको विग्रह अकारको प्रतीक हुनाले अकारलिंग मानिएको छ। यस प्रकार प्रणवमा प्रतिष्ठित अकार, उकार, मकार, बिन्दु, नाद र

प्रणवं ध्वनिलिङ्गं तु नादलिङ्गं स्वयम्भुवः।
बिन्दुलिङ्गं तु यन्त्रं स्यान्मकारं तु प्रतिष्ठितम्॥ ११३
उकारं चरलिङ्गं स्यादकारं गुरुविग्रहम्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

षड्लिङ्गपूजया नित्यं जीवन्मुक्तो न संशयः॥ ११४

ध्वनिको रूपमा लिंगका छ भेद छन्। यी छवटै लिंगहरूको नित्य पूजा गर्नाले साधक जीवन्मुक्त हुन जान्छ; यसमा संशय छैन॥ ११२—११४॥

शिवस्य भक्त्या पूजा हि जन्ममुक्तिकरी नृणाम्।
रुद्राक्षधारणात्पादमर्धं वै भूतिधारणात्॥ ११५

त्रिपादं मन्त्रजाप्याच्च पूजया पूर्णभक्तिमान्।
शिवलिङ्गं च भक्तं च पूज्य मोक्षं लभेन्नरः॥ ११६

य इमं पठतेऽध्यायं शृणुयाद्वा समाहितः।
तस्यैव शिवभक्तिश्च वर्धते सुदृढा द्विजाः॥ ११७

भक्तिपूर्वक गरिएको शिवपूजाले मनुष्यहरूलाई पुनर्जन्मबाट छुटकारा दिलाउँदछ। रुद्राक्षधारणबाट एक चौथाई, विभूति (भस्म)-धारणबाट आधा, मन्त्रजपबाट तीन चौथाई र पूजाबाट पूर्ण फल प्राप्त हुन्छ। शिवलिंग र शिवभक्तको पूजा गरी मनुष्यले मोक्ष प्राप्त गर्दछ। हे द्विजहरू हो! जो यस अध्यायलाई ध्यानपूर्वक पढ्छ-सुन्छ, त्यसको शिवभक्ति सुदृढ भएर बढ्दै जान्छ॥ ११५—११७॥

इति श्रीशिवमहापुराणे प्रथमायां विद्येश्वरसंहितायां पार्थिवपूजाप्रकारादिवर्णनं नाम षोडशोऽध्यायः॥ १६॥

॥ यस प्रकार श्रीशिवमहापुराण अन्तर्गत प्रथम विद्येश्वरसंहितामा पार्थिव पूजा आदिको प्रकार वर्णन नामक सोह्रौं अध्याय पूर्ण भयो॥ १६॥

अथ सप्तदशोऽध्यायः

षड्लिंगस्वरूप प्रणवको माहात्म्य, त्यसको सूक्ष्म रूप (ॐकार) र स्थूल रूप (पंचाक्षर मन्त्र)-को विवेचना, त्यसको जप विधि एवं महिमा, कार्यब्रह्मका लोकदेखि लिएर कारणरुद्रका लोकहरूसम्मको विवेचना गरी कालातीत, पंचावरणविशिष्ट शिवलोकको अनिर्वचनीय वैभवको निरूपण तथा शिवभक्तहरूको सत्कारको महत्त्व

ऋषय ऊचुः

प्रणवस्य च माहात्म्यं षड्लिङ्गस्य महामुने।
शिवभक्तस्य पूजां च क्रमशो ब्रूहि नः प्रभो॥ १

ऋषिगण भन्दछन्—हे महामुनि! हे प्रभु! तपाईं हाम्रो लागि क्रमशः षड्लिंगस्वरूप प्रणवको माहात्म्य तथा शिवभक्तका पूजाको विधि बताउनुहोस्॥ १॥

सूत उवाच

तपोधनैर्भवद्भिश्च सम्यक् प्रश्नस्त्वयं कृतः।
अस्योत्तरं महादेवो जानाति स्म न चापरः॥ २

तथापि वक्ष्ये तमहं शिवस्य कृपयैव हि।
शिवोऽस्माकं च युष्माकं रक्षां गृह्णातु भूरिशः॥ ३

सूत भन्नुहुन्छ—हे महर्षि हो! तपाईंहरू तपस्याका धनी हुनुहुन्छ, तपाईंहरूले यो ज्यादै सुन्दर प्रश्न गर्नुभएको छ। तर यसको ठीक-ठीक उत्तर महादेव नै जान्नुहुन्छ, अरू कोही जान्दैनन्। तथापि भगवान् शिवको कृपाले नै म यस विषयको वर्णन गर्ने छु। ती भगवान् शिव हाम्रो र तपाईंहरूको रक्षाको महान् भार वारम्वार स्वयं नै ग्रहण गरून्॥ २-३॥

प्रो हि प्रकृतिजातस्य संसारस्य महोदधेः।
नवं नावांतरमिति प्रणवं वै विदुर्बुधाः॥ ४

'प्र' नाम हो प्रकृतिबाट उत्पन्न संसाररूपी महासागरको। 'प्रणव' यसलाई पार गर्नका लागि दोस्रो (नाम) डुङ्गा हो। यसकारण विद्वान् यस ओंकारलाई 'प्रणव' को संज्ञा दिन्छन्। [ॐकार आफ्नो जप गर्ने साधकहरूसित भन्दछ—] 'प्र-प्रपंच, न—छैन, वः—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रः प्रपञ्चो न नास्ति वो युष्माकं प्रणवं विदुः।
प्रकर्षेण नयेद्यस्मान्मोक्षं वः प्रणवं विदुः॥ ५

स्वमन्त्रजापकानां च पूजकानां च योगिनाम्।
सर्वकर्मक्षयं कृत्वा दिव्यज्ञानं तु नूतनम्॥ ६

तमेव मायारहितं नूतनं परिचक्षते।
प्रकर्षेण महात्मानं नवं शुद्धस्वरूपकम्॥ ७

नूतनं वै करोतीति प्रणवं तं विदुर्बुधाः।

प्रणवं द्विविधं प्रोक्तं सूक्ष्मस्थूलविभेदतः॥ ८

सूक्ष्ममेकाक्षरं विद्यात्स्थूलं पञ्चाक्षरं विदुः।
सूक्ष्ममव्यक्तपञ्चार्णं सुव्यक्तार्णं तथेतरत्॥ ९

जीवन्मुक्तस्य सूक्ष्मं हि सर्वसारं हितस्य हि।
मन्त्रेणार्थानुसन्धानं स्वदेहविलयावधि॥ १०

स्वदेहे गलिते पूर्णं शिवं प्राप्नोति निश्चयः।

केवलं मन्त्रजापी तु योगं प्राप्नोति निश्चयः॥ ११

षट्त्रिंशत्कोटिजापी तु निश्चयं योगमाप्नुयात्।
सूक्ष्मं च द्विविधं ज्ञेयं ह्रस्वदीर्घविभेदतः॥ १२

तिमीहरूका लागि।' अतः यस भावलाई लिएर पनि ज्ञानी पुरुष 'ओम्' लाई 'प्रणव' नामले जान्दछन्। यसको दोस्रो भाव यो हो—'**प्र-प्रकर्षेण, न-नयेत्, वः-युष्मान् मोक्षम् इति वा प्रणवः।** अर्थात् यसले सबै उपासकहरूलाई बलपूर्वक मोक्षसम्म पुऱ्याइदिन्छ।' यस अभिप्रायबाट पनि यसलाई ऋषि-मुनिहरू 'प्रणव' भन्दछन्॥ ४-५॥

आफ्नो जप गर्ने योगीहरूका तथा आफ्नो मन्त्रको पूजा गर्ने उपासकहरूका समस्त कर्महरूलाई नष्ट गरी यसले दिव्य नवीन ज्ञान दिन्छ; यसकारण पनि यसको नाम प्रणव हो। ती मायारहित महेश्वरलाई नै नव अर्थात् नवीन भनिन्छ। ती परमात्मा प्रकृष्टरूपले नव अर्थात् शुद्धस्वरूप हुनुहुन्छ, यसकारण 'प्रणव' भनिन्छ। प्रणवले साधकलाई नव अर्थात नवीन (शिवस्वरूप) बनाइदिन्छ। यसकारण पनि विद्वान् पुरुष त्यसलाई 'प्रणव' भन्दछन्। अथवा प्रकृष्टरूपले नव—दिव्य परमात्मज्ञान प्रकट गराइदिने भएकाले प्रणव भनिएको हो॥ ६-७१/२॥

प्रणवका दुई भेद बताइएका छन्—स्थूल र सूक्ष्म। एक अक्षररूप जुन 'ओम्' छ, त्यसलाई सूक्ष्म प्रणव जान्नुपर्छ र 'नमः शिवाय' यस पाँच अक्षर भएको मन्त्रलाई स्थूल प्रणव सम्झनु पर्छ। जसमा पाँच अक्षर व्यक्त छैन, त्यो सूक्ष्म हो र जसमा पाँचै अक्षर सुस्पष्टरूपले व्यक्त छन्, त्यो स्थूल हो। जीवन्मुक्त पुरुषका लागि सूक्ष्म प्रणवको जपको विधान छ। त्यही उसका लागि समस्त साधनहरूको सार हो। (यद्यपि जीवन्मुक्तका लागि कुनै साधनाको आवश्यकता छैन, किनभने त्यो सिद्धरूप हो, तथापि अरूको दृष्टिमा जबसम्म उसको शरीर रहन्छ, तबसम्म उसद्वारा प्रणव-जपको सहज साधना स्वतः भइरहन्छ।) त्यो आफ्नो देहको विलय हुनेबेलासम्म सूक्ष्म प्रणव मन्त्रको जप र उसको अर्थभूत परमात्म-तत्त्वको अनुसंधान गरिरहन्छ। जब शरीर नष्ट हुन्छ, तब त्यसले पूर्ण ब्रह्मस्वरूप शिवलाई प्राप्त गर्दछ—यो सुनिश्चित छ॥ ८—१०१/२॥

जो केवल मन्त्रको जप गर्दछ, त्यसलाई निश्चय नै योगको प्राप्ति हुन्छ। जसले छत्तिस करोड मन्त्रको जप गरेको छ, त्यसलाई अवश्य नै योग प्राप्त हुन्छ। सूक्ष्म प्रणवलाई पनि ह्रस्व र दीर्घको भेदले दुई रूप

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अकारश्च उकारश्च मकारश्च ततः परम्।
बिन्दुनादयुतं तद्धि शब्दकालकलान्वितम्॥ १३

दीर्घप्रणवमेवं हि योगिनामेव हृद्गतम्।
मकारं तन्त्रितत्त्वं हि ह्रस्वप्रणव उच्यते॥ १४

शिवः शक्तिस्तयोरैक्यं मकारं तु त्रिकात्मकम्।
ह्रस्वमेवं हि जाप्यं स्यात्सर्वपापक्षयैषिणाम्॥ १५

भूवायुकनकार्णोद्यौः शब्दाद्याश्च तथा दश।
आशान्वये दश पुनः प्रवृत्ता इति कथ्यते॥ १६

ह्रस्वमेव प्रवृत्तानां निवृत्तानां तु दीर्घकम्।
व्याहृत्यादौ च मन्त्रादौ कामं शब्दकलायुतम्॥ १७

वेदादौ च प्रयोज्यं स्याद्वन्दने सन्ध्ययोरपि।

नवकोटिजपाञ्जप्त्वा संशुद्धः पुरुषो भवेत्॥ १८

पुनश्च नवकोट्या तु पृथिवीजयमाप्नुयात्।
पुनश्च नवकोट्या तु ह्यपां जयमवाप्नुयात्॥ १९

पुनश्च नवकोट्या तु तेजसां जयमाप्नुयात्।
पुनश्च नवकोट्या तु वायोर्जयमवाप्नुयात्।
आकाशजयमाप्नोति नवकोटिजपेन वै॥ २०

गन्धादीनां क्रमेणैव नवकोटिजपेन वै।
अहङ्कारस्य च पुनर्नवकोटिजपेन वै॥ २१

सहस्रमन्त्रजप्तेन नित्यशुद्धो भवेत्पुमान्।
ततः परं स्वसिद्ध्यर्थं जपो भवति हि द्विजाः॥ २२

जान्नुपर्दछ। अकार, उकार, मकार, बिन्दु, नाद, शब्द, काल र कला—यीबाट युक्त जुन प्रणव छ, त्यसलाई 'दीर्घ प्रणव' भनिन्छ। त्यो योगीहरूको नै हृदयमा स्थित हुन्छ। मकारपर्यन्त जुन ओम् छ, त्यो अ उ म्—यी तीन तत्त्वहरूले युक्त छ। यसैलाई 'ह्रस्व प्रणव' भनिन्छ। 'अ' शिव हो, 'उ' शक्ति हो र मकार यी दुवैको एकता हो; त्यो त्रितत्त्वरूप हो, यस्तो बुझेर ह्रस्व प्रणवको जप गर्नुपर्दछ। जसले आफ्ना समस्त पापहरूको क्षय गर्न चाहन्छन्, तिनका लागि यस ह्रस्व प्रणवको जप अत्यन्त आवश्यक छ॥ ११—१५॥

पृथ्वी, जल, तेज, वायु र आकाश—यी पाँच भूत तथा शब्द, स्पर्श आदि यिनका पाँच विषय—यी सबै सम्मिलित दश वस्तु मनुष्यहरूका कामनाका विषय हुन्। यिनको आशा मनमा लिएर जो कर्महरूको अनुष्ठानमा संलग्न हुन्छ, त्यसलाई दश प्रकारका पुरुष प्रवृत्त अथवा प्रवृत्तिमार्गी भनिन्छ तथा जसले निष्कामभावले शास्त्रविहित कर्महरूको अनुष्ठान गर्दछ, त्यसलाई निवृत्त अथवा निवृत्तिमार्गी भनिएको छ। प्रवृत्त पुरुषहरूले ह्रस्व प्रणवको नै जप गर्नुपर्छ र निवृत्त पुरुषहरूले दीर्घ प्रणवको। व्याहृतिहरू तथा अन्य मन्त्रहरूको आरम्भमा इच्छानुसार शब्द र कलाले युक्त प्रणवको उच्चारण गर्नुपर्छ। वेदको आरम्भमा र दुवै संध्याको उपासनाको समयमा पनि ओंकारको उच्चारण गर्नुपर्दछ॥ १६-१७१/२॥

प्रणवको नौ करोड जप गर्नाले मनुष्य शुद्ध हुन्छ। पुनः नौ करोडको जप गर्नाले त्यसले पृथ्वीतत्त्वमाथि विजय प्राप्त गर्छ। तत्पश्चात् पुनः नौ करोडको जप गरी त्यसले जल-तत्त्वमाथि विजय प्राप्त गर्छ। फेरि नौ करोड जपगरेपछि त्यसले अग्नितत्त्वमाथि विजय प्राप्त गर्छ। त्यसपछि फेरि नौ करोडको जप गरी त्यो वायु-तत्त्वमाथि विजयी हुन्छ र फेरि नौ करोडको जपद्वारा आकाशलाई आफ्नो अधिकारमा पार्छ। यस प्रकार नौ-नौ करोडको जप गरी त्यसले क्रमशः गन्ध, रस, रूप, स्पर्श र शब्दमाथि विजय प्राप्त गर्छ, यसपछि फेरि नौ करोडको जप गरी अहंकारलाई पनि जित्दछ॥ १८-२१॥

हे द्विजहरू हो! मनुष्य एक हजार मन्त्रहरूको जप गर्नाले नित्य शुद्ध हुन्छ, यसपछि आफ्नू सिद्धिका लागि जप गरिन्छ॥ २२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एवमष्टोत्तरशतकोटिजप्तेन वै पुनः।
प्रणवेन प्रबुद्धस्तु शुद्धयोगमवाप्नुयात्॥ २३
शुद्धयोगेन संयुक्तो जीवन्मुक्तो न संशयः।
सदा जपन्सदा ध्यायञ्छिवं प्रणवरूपिणम्॥ २४
समाधिस्थो महायोगी शिव एव न संशयः।
ऋषिच्छन्दो देवतादि न्यस्य देहे पुनर्जपेत्॥ २५
प्रणवं मातृकायुक्तं देहे न्यस्य ऋषिर्भवेत्।
दशमातृषडध्वादि सर्वं न्यासफलं लभेत्॥ २६
प्रवृत्तानां च मिश्राणां स्थूलप्रणवमिष्यते।

यसै गरी एक सय आठ करोड प्रणवको जप गरी उत्कृष्ट बोधलाई प्राप्त गरेको पुरुषले शुद्ध योग प्राप्त गर्दछ। शुद्ध योगले युक्त भएपछि त्यो जीवन्मुक्त हुन्छ; यसमा संशय छैन। सदा प्रणवको जप र प्रणवरूपी शिवको ध्यान गर्दा-गर्दै समाधिमा स्थित भएको महायोगी पुरुष साक्षात् शिव नै हुन्छ; यसमा संशय छैन। पहिला आफ्नो शरीरमा प्रणवका ऋषि, छन्द र देवता आदिको न्यास गरी फेरि जप आरम्भ गर्नुपर्छ। अकारादि मातृकावर्णहरूले युक्त प्रणवको आफ्ना अंगहरूमा न्यास गरी मनुष्य ऋषि हुन जान्छ। मन्त्रहरूको दशविध* संस्कार, मातृकान्यास तथा षडध्वशोधन[१] आदिका साथ सम्पूर्ण न्यासको फल त्यसलाई प्राप्त हुन्छ। प्रवृत्ति तथा प्रवृत्ति-निवृत्तिबाट मिश्रित भाव भएका पुरुषहरूका लागि स्थूल प्रणवको जप नै अभीष्टको साधक हुन्छ॥ २३—२६$^{1}/_{2}$॥

---

* मन्त्रहरूका दश संस्कार यी हुन्—जनन, दीपन, बोधन, ताडन, अभिषेचन, विमलीकरण, जीवन, तर्पण, गोपन र आप्यायन। यिनका विधि यस प्रकार छन्—

भोजपात्रमा गोरोचन, कुंकुम, चन्दनादिले आत्माभिमुख त्रिकोण लेख्नु, फेरि तीनै कोणमा छ-छ समान रेखा तान्नु। यस्तो गरेपछि ४९ त्रिकोण कोठा बन्ने छ। त्यसको ईशानकोणमा मातृकावर्ण लेखेर देवताको आवाहन-पूजन गरी मन्त्रको एक-एक वर्ण उच्चारण गरी अलग पातमा लेख्नु। यस्तो गरेपछि 'जनन' नामको प्रथम संस्कार हुने छ।

हंसमन्त्रको सम्पुट गर्नाले एक हजार जपद्वारा मन्त्रको दोस्रो 'दीपन' संस्कार हुन्छ। यथा—हंसः रामाय नमः सोऽहम्।

ह्रूँ-बीज-सम्पुटित मन्त्रको पाँच हजार जप गर्नाले 'बोधन' नामक तेस्रो संस्कार हुन्छ। यथा—ह्रूँ रामाय नमः ह्रूँ।

फट्-सम्पुटित मन्त्रको एक हजार जप गर्नाले 'ताडन' नामक चतुर्थ संस्कार हुन्छ। यथा—फट् रामाय नमः फट्।

भूर्जपत्रमा मन्त्र लेखेर 'रों हंसः ओं' यस मन्त्रले जललाई अभिमन्त्रित गर्नू र त्यस अभिमन्त्रित जलले अश्वत्थपत्रादिद्वारा मन्त्रको अभिषेक गर्नू। यस्तो गर्दामा 'अभिषेक' नामक पाँचौं संस्कार हुन्छ।

'ओं त्रों वषट्' यी वर्णहरूले सम्पुटित मन्त्रको एक हजार जप गर्नाले 'विमलीकरण' नामक छौटौं संस्कार हुन्छ यथा—ओं त्रों वषट् रामाय नमः वषट् त्रों ओं।

स्वधा-वषट्-सम्पुटित मूलमन्त्रको एक हजार जप गर्नाले 'जीवन' नामक सातौं संस्कार हुन्छ। यथा—स्वधा वषट् रामाय नमः वषट् स्वधा।

दुग्ध, जल एवं घृतद्वारा मूलमन्त्रले सय पटक तर्पण गर्नु नै 'तर्पण' संस्कार हो।

ह्रीं-बीज-सम्पुटित एक हजार जप गर्नाले 'गोपन' नामक नवम संस्कार हुन्छ। यथा—ह्रीं रामाय नमः ह्रीं।

ह्रौं-बीज-सम्पुटित एक हजार जप गर्नाले 'आप्यायन' नामक दसौं संस्कार हुन्छ। यथा—ह्रौं रामाय नमः ह्रौं।

यस प्रकार संस्कार गरिएको मन्त्र तत्काल सिद्धिप्रद हुन्छ।

१. षडध्व-शोधनको कार्य हौत्री दीक्षाअन्तर्गत हुन्छ। त्यसमा पहिला कुण्ड वा वेदीमा अग्निस्थापन हुन्छ। वहाँ षडध्वाको शोधन गरी होमबाट नौ दीक्षा सम्पन्न हुन्छ। विस्तृत हुने भयले धेरै विवरण दिइएको छैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDT

क्रियातपोजपैर्युक्तास्त्रिविधाः शिवयोगिनः ॥ २७

धनादिविभवैश्चैव कराद्यङ्गैर्नमादिभिः।
क्रियया पूजया युक्तः क्रियायोगीति कथ्यते ॥ २८

पूजायुक्तश्च मितभुग्बाह्येन्द्रियजयान्वितः।
परद्रोहादिरहितस्तपोयोगीति कथ्यते ॥ २९

एतैर्युक्तः सदा शुद्धः सर्वकामादिवर्जितः।
सदा जपपरः शान्तो जपयोगीति तं विदुः ॥ ३०

उपचारैः षोडशभिः पूजया शिवयोगिनाम्।
सालोक्यादिक्रमेणैव शुद्धो मुक्तिं लभेन्नरः ॥ ३१

जपयोगमथो वक्ष्ये गदतः शृणुत द्विजाः।
तपःकर्तुर्जपः प्रोक्तो यज्जपन्परिमार्जते ॥ ३२

शिवनाम नमःपूर्वं चतुर्थ्यां पञ्चतत्त्वकम्।
स्थूलप्रणवरूपं हि शिवपञ्चाक्षरं द्विजाः ॥ ३३

पञ्चाक्षरजपेनैव सर्वसिद्धिं लभेन्नरः।
प्रणवेनादिसंयुक्तं सदा पञ्चाक्षरं जपेत् ॥ ३४

गुरूपदेशं सङ्गम्य सुखवासे सुभूतले।
पूर्वपक्षे समारभ्य कृष्णभूतावधि द्विजाः ॥ ३५

माघं भाद्रं विशिष्टं तु सर्वकालोत्तमोत्तमम्।

क्रिया, तप र जपको योगले शिवयोगी तीन प्रकारका हुन्छन्—[ती क्रमशः क्रियायोगी, तपोयोगी र जपयोगी हुन्।] जो धन आदि वैभवहरूले पूजा-सामग्रीको संचय गरी हात आदि अंगहरूद्वारा नमस्कारादि क्रिया गर्दै इष्टदेवको पूजामा लागिरहन्छ, त्यसलाई 'क्रियायोगी' भनिन्छ। पूजामा संलग्न रहेर जो परिमित भोजन गर्दै बाह्य इन्द्रियहरूलाई जितेर वशमा पारिरहन्छ र मनलाई पनि वशमा गरी परद्रोह आदिबाट टाढा रहन्छ, त्यसलाई 'तपोयोगी' भनिन्छ। यी सबै सद्गुणले युक्त भएर जो सदा शुद्धभावले रहन्छ तथा समस्त काम आदि दोषहरूबाट रहित भई शान्तचित्तले निरन्तर जप गर्ने गर्दछ, त्यसलाई महात्मा पुरुष 'जपयोगी' मान्दछन्। जो मनुष्य सोह्र प्रकारका उपचारहरूले शिवयोगी महात्माहरूको पूजा गर्दछ, त्यो शुद्ध भएर सालोक्य आदिको क्रमले उत्तरोत्तर उत्कृष्ट मुक्तिलाई प्राप्त गर्दछ ॥ २७—३१ ॥

हे द्विजहरू हो! अब म जपयोगको वर्णन गर्छु, तपाईंहरू सबैजना ध्यान दिएर सुन्नुहोस्। तपस्या गर्नेहरूका लागि जपको उपदेश गरिएको छ; किनभने त्यसले जप गर्दा-गर्दै आफूलाई सर्वथा शुद्ध (निष्पाप) बनाउँछन्। हे ब्राह्मणहरू हो! पहिला 'नमः' पद छ, त्यसपछि चतुर्थी विभक्तिमा 'शिव' शब्द छ, भने पंचतत्त्वात्मक 'नमः शिवाय' मन्त्र हुन्छ। यसलाई 'शिव-पंचाक्षर' भनिन्छ। यो स्थूल प्रणवरूप हो। यस पंचाक्षरको जपद्वारा नै मनुष्य सम्पूर्ण सिद्धिहरूलाई प्राप्त गर्दछ। पंचाक्षरमन्त्रको आरम्भमा ओंकार लगाएर नै सदा त्यसको जप गर्नुपर्छ। हे द्विजहरू हो! गुरुको मुखबाट पंचाक्षरमन्त्रको उपदेश पाएर जहाँ सुखपूर्वक निवास गर्न सकिन्छ, त्यस्तो उत्तम भूमिमा महिनाको पूर्वपक्ष (शुक्ल)-को प्रतिपदादेखि आरम्भ गरी कृष्णपक्षको चतुर्दशीसम्म निरन्तर जप गरिरहनुपर्छ। माघ र भाद्र महिनामा यो मन्त्रले विशिष्ट महत्त्व राख्छ। यो समयलाई सबै समयहरूभन्दा उत्तमोत्तम मानिएको छ ॥ ३२—३५१/२ ॥

साधकले प्रतिदिन एक पटक मात्र परिमित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकवारं मिताशी तु वाग्यतो नियतेन्द्रियः॥ ३६

स्वस्य राजपितृणां च नित्यं शुश्रूषणं चरेत्।
सहस्रजपमात्रेण भवेच्छुद्धोऽन्यथा ऋणी॥ ३७

पञ्चाक्षरं पञ्चलक्षं जपेच्छिवमनुस्मरन्।
पद्मासनस्थं शिवदं गङ्गाचन्द्रकलान्वितम्॥ ३८

वामोरुस्थितशक्त्या च विराजन्तं महागणैः।
मृगटङ्कधरं देवं वरदाभयपाणिकम्॥ ३९

सदानुग्रहकर्तारं सदाशिवमनुस्मरन्।
सम्पूज्य मनसा पूर्वं हृदि वा सूर्यमण्डले॥ ४०

जपेत्पञ्चाक्षरीं विद्यां प्राङ्मुखः शुद्धकर्मकृत्।
प्रातः कृष्णचतुर्दश्यां नित्यकर्म समाप्य च॥ ४१

मनोरमे शुचौ देशे नियतः शुद्धमानसः।
पञ्चाक्षरस्य मन्त्रस्य सहस्रं द्वादशं जपेत्॥ ४२

वरयेच्च सपत्नीकान् शैवान्वै ब्राह्मणोत्तमान्।
एकं गुरुवरं शिष्टं वरयेत्साम्बमूर्तिकम्॥ ४३

ईशानं चाथ पुरुषमघोरं वाममेव च।
सद्योजातं च पञ्चैव शिवभक्तान्द्विजोत्तमान्॥ ४४

पूजाद्रव्याणि सम्पाद्य शिवपूजां समारभेत्।
शिवपूजां च विधिवत्कृत्वा होमं समारभेत्॥ ४५

मुखान्तं च स्वसूत्रेण कृत्वा होमं समाचरेत्।
दशैकं वा शतैकं वा सहस्रैकमथापि वा॥ ४६

भोजन गरून्, मौन रहून्, इन्द्रियहरूलाई वशमा राखून्, आफ्ना स्वामी एवं माता-पिताको नित्य सेवा गरून्। यस नियममा रहेर जप गर्ने पुरुष एक हजार जपले नै शुद्ध हुन्छ, अन्यथा त्यो ऋणी हुन्छ। भगवान् शिवको निरन्तर चिन्तन गर्दै पंचाक्षर-मन्त्रको पाँच लाख जप गर्नुपर्छ। [जपकालमा यस प्रकार ध्यान गर्नुपर्छ] कल्याणदाता भगवान् शिव कमलको आसनमा विराजमान हुनुहुन्छ, उहाँको शिर श्रीगंगा तथा चन्द्रमाको कलाले सुशोभित छ, उहाँको बायाँ काखमा आदिशक्ति भगवती उमा बस्नुभएको छ, त्यहाँ उभिएका ठुला-ठुला गण भगवान् शिवको शोभा बढाइरहेका छन्, महादेवले आफ्ना चार हातहरूमा मृगमुद्रा, टंक तथा वर एवं अभयका मुद्राहरू धारण गर्नुभएको छ। यस प्रकार सदा सबैप्रति अनुग्रह गर्नुहुने भगवान् सदाशिवको वारम्वार स्मरण गर्दै हृदय अथवा सूर्यमण्डलमा पहिला उहाँको मानसिक पूजा गरी फेरि पूर्वाभिमुख भई पूर्वोक्त पंचाक्षरी विद्याको जप गर्नुपर्छ। ती दिनमा साधकले सधैँ शुद्ध कर्म मात्र गर्नुपर्छ। जप समाप्तिको दिन कृष्णपक्षको चतुर्दशीको दिनमा प्रातःकाल नित्यकर्म सम्पन्न गरी शुद्ध एवं सुन्दर स्थानमा [शौच-संतोषादि] नियमहरूले युक्त भएर शुद्ध हृदयले पंचाक्षर-मन्त्रको बाह्र हजार जप गर्नुपर्छ॥ ३६-४२॥

तत्पश्चात् सपत्नीक पाँच ब्राह्मणहरूको, जो श्रेष्ठ एवं शिवभक्त होऊन्, वरण गर्नु। यिनको अतिरिक्त एक श्रेष्ठ आचार्यको पनि वरण गर्नू र उनलाई साम्बसदाशिवको स्वरूप सम्झनू। ईशान, तत्पुरुष, अघोर, वामदेव तथा सद्योजात—यी पाँचओटा प्रतीकस्वरूप श्रेष्ठ र शिवभक्त ब्राह्मणहरूको वरण गरिसके पश्चात् पूजा-सामग्रीलाई एकत्र गरी भगवान् शिवको पूजा आरम्भ गर्नु। विधिपूर्वक शिवको पूजा सम्पन्न गरी होम आरम्भ गर्नु। आफ्ना गृह्यसूत्रअनुसार मुखान्त कर्म गरिसके पश्चात् [अर्थात् परिसमूहन, उपलेपन, उल्लेखन, मृद्-उद्धरण र अभ्युक्षण—यी पंच भू-संस्कारपश्चात् वेदीमा स्वाभिमुख अग्निलाई स्थापित गरी कुशकण्डिका गरिसकेपछि प्रज्वलित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDI

कापिलेन घृतेनैव जुहुयात्स्वयमेव हि।
कारयेच्छिवभक्तैर्वाप्यष्टोत्तरशतं बुधः॥ ४७

होमान्ते दक्षिणा देया गुरोर्गोमिथुनं तथा।
ईशानादिस्वरूपांस्तान्गुरुं साम्बं विभाव्य च॥ ४८

तेषां पत्सिक्ततोयेन स्वशिरः स्नानमाचरेत्।
षट्त्रिंशत्कोटितीर्थेषु सद्यः स्नानफलं लभेत्॥ ४९

दशाङ्गमन्नं तेषां वै दद्याद्वै भक्तिपूर्वकम्।
पराबुद्ध्या गुरोः पत्नीमीशानादिक्रमेण तु॥ ५०

परमान्नेन सम्पूज्य यथाविभवविस्तरम्।
रुद्राक्षवस्त्रपूर्वं च वटकापूपकैर्युतम्॥ ५१

बलिदानं ततः कृत्वा भूरि भोजनमाचरेत्।
ततः सम्प्रार्थ्य देवेशं जपं तावत्समापयेत्॥ ५२

पुरश्चरणमेवं तु कृत्वा मन्त्री भवेन्नरः।
पुनश्च पञ्चलक्षेण सर्वपापक्षयो भवेत्॥ ५३

अतलादि समारभ्य सत्यलोकावधि क्रमात्।
पञ्चलक्षजपात्तत्तल्लोकैश्वर्यमवाप्नुयात् ॥ ५४

मध्ये मृतश्चेद्भोगान्ते भूमौ तज्जापको भवेत्।
पुनश्च पञ्चलक्षेण ब्रह्मसामीप्यमाप्नुयात्॥ ५५

पुनश्च पञ्चलक्षेण सारूप्यैश्वर्यमाप्नुयात्।
आहत्य शतलक्षेण साक्षाद् ब्रह्मसमो भवेत्॥ ५६

कार्यब्रह्मण एवं हि सायुज्यं प्रतिपद्य वै।
यथेष्टं भोगमाप्नोति तद् ब्रह्म प्रलयावधि॥ ५७

अग्निमा आज्यभागान्त आहुति दिएर] होमको कार्य आरम्भ गर्नु। कैली गाईको घिउले एघार, एक सय एक अथवा एक हजार एक आहुति आफैँले दिनू अथवा विद्वान् पुरुषले शिवभक्त ब्राह्मणहरूबाट एक सय आठ आहुति गराउनुपर्छ॥ ४३—४७॥

होमकर्म समाप्त भएपछि गुरुलाई दक्षिणाको रूपमा एउटा गाई र साँढे दिनु पर्छ। ईशान आदिको प्रतीकरूप जुन पाँच ब्राह्मणहरूको वरण गरिएको छ, उनीहरूलाई ईशान आदिकै स्वरूप सम्झनू तथा आचार्यलाई साम्बसदाशिवको स्वरूप मान्नू। यसै भावनाका साथ उनीहरू सबैको चरण धुनू र उनीहरूको चरणोदकलाई आफ्नो शिरमा छर्कनू। यस्तो गर्नाले त्यो साधकले छत्तिस करोड तीर्थहरूमा स्नान गरे बराबरको फल तत्काल प्राप्त गर्दछ। ती ब्राह्मणहरूलाई भक्तिपूर्वक दशांग अन्न दिनुपर्छ। गुरुपत्नीलाई पराशक्ति मानेर उनको पनि पूजा गर्नु। ईशानादि-क्रमले ती सबै ब्राह्मणहरूको उत्तम अन्नले पूजा गरी आफ्नो वैभव-विस्तारअनुसार रुद्राक्ष, वस्त्र, बडा र मालपुआ आदि अर्पित गर्नु। त्यसपछि दिक्पालादिलाई बलि दिएर ब्राह्मणलाई भरपूर भोजन गराउनू। यसपछि देवेश्वर शिवसित प्रार्थना गरी आफ्नो जप समाप्त गर्नु। यस प्रकार पुरश्चरण गरी मनुष्य त्यस मन्त्रलाई सिद्ध गर्दछ। फेरि पाँच लाख जप गर्नाले उसका समस्त पापहरू नष्ट हुन्छन्। त्यसपछि पुनः पाँच लाख जप गर्नाले अतलदेखि लिएर सत्यलोकसम्मका लोकहरूको ऐश्वर्य प्राप्त गर्दछ॥ ४८—५४॥

यदि अनुष्ठान पूर्ण हुनुभन्दा पहिला बीचैमा साधकको मृत्यु भयो भने त्यसले परलोकमा उत्तम भोग भोगेपश्चात् पुनः पृथ्वीमा जन्म लिएर पंचाक्षर-मन्त्रका जपको अनुष्ठान गर्दछ। [समस्त लोकको ऐश्वर्य पाएपश्चात् मन्त्रलाई सिद्ध गर्ने] त्यो पुरुष यदि पुनः पाँच लाख जप गर्छ भने त्यसलाई ब्रह्माको सामीप्य प्राप्त हुन्छ। पुनः पाँच लाख जप गर्नाले त्यसलाई सारूप्य नामक ऐश्वर्य प्राप्त हुन्छ। सय लाख जप गर्नाले ऊ साक्षात् ब्रह्मा समान हुन्छ। यसै गरी कार्य-ब्रह्म (हिरण्यगर्भ)-को सायुज्य प्राप्त गरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुनः कल्पान्तरे वृत्ते ब्रह्मपुत्रः स जायते।
पुनश्च तपसा दीप्तः क्रमान्मुक्तो भविष्यति॥ ५८

त्यो त्यस ब्रह्माको प्रलय हुनेबेलासम्म त्यस लोकमा यथेष्ट भोग भोग्दछ। फेरि दोस्रो कल्पको आरम्भ भएपछि त्यो ब्रह्माको पुत्र हुन्छ। त्यस समय फेरि तपस्या गरी दिव्य तेजले प्रकाशित भएर त्यो क्रमशः मुक्त हुन्छ॥ ५५—५८॥

पृथ्व्यादिकार्यभूतेभ्यो लोका वै निर्मिताः क्रमात्।
पातालादि च सत्यान्तं ब्रह्मलोकाश्चतुर्दश॥ ५९
सत्यादूर्ध्वं क्षमान्तं वै विष्णुलोकाश्चतुर्दश।
क्षमालोके कार्यविष्णुर्वैकुण्ठे वरपत्तने॥ ६०
कार्यलक्ष्म्या महाभोगी रक्षां कृत्वाधितिष्ठति।
तदूर्ध्वगाश्च शुच्यन्ता लोकाष्टाविंशतिः स्थिताः॥ ६१
शुचौ लोके तु कैलासे रुद्रो वै भूतहृत्स्थितः।
षडुत्तराश्च पञ्चाशदहिंसान्तास्तदूर्ध्वगाः॥ ६२
अहिंसालोकमास्थाय ज्ञानकैलासके पुरे।
कार्येश्वरस्तिरोभावं सर्वान्कृत्वाधितिष्ठति॥ ६३
तदन्ते कालचक्रं हि कालातीतस्ततः परम्।
शिवेनाधिष्ठितस्तत्र कालश्चक्रेश्वराह्वयः॥ ६४
माहिषं धर्ममास्थाय सर्वान्कालेन युञ्जति।

पृथ्वी आदि कार्यस्वरूप भूतहरूद्वारा पातालदेखि लिएर सत्यलोकपर्यन्त ब्रह्माका चौध लोक क्रमशः निर्मित भएका छन्। सत्यलोकभन्दा माथि क्षमालोकसम्म जुन चौध भुवन छन्, ती भगवान् विष्णुका लोक हुन्। त्यस क्षमालोक नामक श्रेष्ठ वैकुण्ठमा महाभोगी कार्यविष्णु कार्यलक्ष्मीसहित सबैको रक्षा गर्दै विराजमान रहनुहुन्छ। क्षमालोकभन्दा माथि शुचिलोकसम्म अट्ठाईस भुवन स्थित छन्। शुचिलोक अन्तर्गत कैलासमा प्राणीहरूको संहार गर्नुहुने रुद्रदेव विराजमान हुनुहुन्छ। शुचिलोकभन्दा माथि अहिंसालोकसम्म छपन्न भुवनको स्थिति छ। अहिंसालोकको आश्रय लिएर जुन ज्ञान-कैलास नामक नगर सुशोभित छ, त्यसमा कार्यभूत महेश्वर सबैबाट अदृश्य भएर रहनुभएको छ। अहिंसालोकको अन्तमा कालचक्रको स्थिति छ। त्यसपछि कालातीत स्थित छ; जहाँ कालचक्रेश्वर नामक शिव माहिष धर्मको आश्रय लिएर सबैलाई कालले संयुक्त गर्दै रहनुहुन्छ॥ ५९—६४१/२॥

असत्यश्चाशुचिश्चैव हिंसा चैवाथ निर्घृणा॥ ६५
असत्यादिचतुष्पादः सर्वांशः कामरूपधृक्।
नास्तिक्यलक्ष्मीर्दुःसङ्गो वेदबाह्यध्वनिः सदा॥ ६६
क्रोधसङ्गः कृष्णवर्णो महामहिषवेषवान्।
तावान्महेश्वरः प्रोक्तस्तिरोधास्तावदेव हि॥ ६७
तदर्वाक्कर्मभोगो हि तदूर्ध्वं ज्ञानभोगकम्।
तदर्वाक्कर्ममाया हि ज्ञानमाया तदूर्ध्वकम्॥ ६८

असत्य, अशुचि, हिंसा, निर्दयता—यी असत्य आदि चार पाद कामरूप धारण गर्नुहुने शिवका अंश हुन्। नास्तिकतायुक्त लक्ष्मी, दुःसंग, वेदबाह्य शब्द, क्रोधको संग, कृष्ण वर्ण—यी महामहिषको रूपवाला हुन्। यहाँसम्म महेश्वरको विराट्-स्वरूपको वर्णन गरियो। त्यहीँसम्म लोकहरूको तिरोधान अथवा लय हुन्छ। त्यसभन्दा तल कर्महरूको भोग र त्यसभन्दा माथि ज्ञानको भोग, त्यसको तल कर्ममाया र त्यसको माथि ज्ञानमाया छ॥ ६५—६८॥

मा लक्ष्मीः कर्मभोगो वै याति मायेति कथ्यते।
मा लक्ष्मीर्ज्ञानभोगो वै याति मायेति कथ्यते॥ ६९

[अब म कर्ममाया र ज्ञानमायाको तात्पर्य बताउँदै छु—] 'मा' को अर्थ हो लक्ष्मी; उहाँबाट कर्मभोग यात—प्राप्त हुन्छ, यसकारण उनलाई माया अथवा कर्ममाया भनिन्छ। यसै गरी 'मा' अर्थात्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तदूर्ध्वं नित्यभोगो हि तदर्वाङ् नश्वरं विदुः।
तदर्वाक्च तिरोधानं तदूर्ध्वं न तिरोधनम्॥ ७०
तदर्वाक् पाशबन्धो हि तदूर्ध्वं नहि बन्धनम्।
तदर्वाक् परिवर्तन्ते काम्यकर्मानुसारिणः॥ ७१
निष्कामकर्मभोगस्तु तदूर्ध्वं परिकीर्तितः।

लक्ष्मीबाट ज्ञानभोग यात अर्थात् प्राप्त हुन्छ, यसकारण उनलाई माया तथा ज्ञानमाया भनिएको हो। उपर्युक्त सीमाभन्दा तल नश्वर भोग छ र माथि नित्य भोग। त्यसभन्दा तल नै तिरोधान अथवा लय छ, माथि तिरोधान छैन। त्यसभन्दा तल नै कर्ममय पाशोहरूद्वारा बन्धन हुन्छ; माथि हुँदैन। त्यसभन्दा तल नै जीव सकाम कर्महरूको अनुसरण गर्दै विभिन्न लोक र योनिहरूमा घुमिरहन्छ। त्यसभन्दा माथिका लोकहरूमा निष्काम कर्मको नै भोग बताइएको छ॥ ६९—७११/२॥

तदर्वाक् परिवर्तन्ते बिन्दुपूजापरायणाः॥ ७२
तदूर्ध्वं हि व्रजन्त्येव निष्कामा लिङ्गपूजकाः।
तदर्वाक् परिवर्तन्ते शिवान्यसुरपूजकाः॥ ७३
शिवैकनिरता ये च तदूर्ध्वं सम्प्रयान्ति ते।
तदर्वाग्जीवकोटिः स्यात्तदूर्ध्वं परकोटिकाः॥ ७४

बिन्दुपूजामा तत्पर रहने उपासक त्यसभन्दा तलका लोकमा नै घुमिरहन्छन्। त्यसभन्दा माथि त निष्कामभावले शिवलिंगको पूजा गर्ने उपासक मात्र जान्छन्। त्यसको तल शिवका अतिरिक्त अन्य देवताहरूको पूजा गर्नेहरू घुमिरहन्छन्। जो एकमात्र शिवको नै उपासनामा तत्पर छ, त्यो त्यसभन्दा माथिका लोकहरूमा जान्छ। त्यहाँबाट तल जीवकोटि छ र माथि ईश्वरकोटि॥ ७२—७४॥

सांसारिकास्तदर्वाक् च मुक्ताः खलु तदूर्ध्वगाः।
तदर्वाक् परिवर्तन्ते प्राकृतद्रव्यपूजकाः॥ ७५
तदूर्ध्वं हि व्रजन्त्येते पौरुषद्रव्यपूजकाः।
तदर्वाक्छक्तिलिङ्गं तु शिवलिङ्गं तदूर्ध्वकम्॥ ७६
तदर्वागावृतं लिङ्गं तदूर्ध्वं हि निराकृति।
तदर्वाक्कल्पितं लिङ्गं तदूर्ध्वं वै न कल्पितम्॥ ७७
तदर्वाग्बाह्यलिङ्गं स्यादन्तरङ्गं तदूर्ध्वकम्।
तदर्वाक्छक्तिलोका हि शतं वै द्वादशाधिकम्॥ ७८
तदर्वाग्बिन्दुरूपं हि नादरूपं तदुत्तरम्।
तदर्वाक्कर्मलोकस्तु तदूर्ध्वं ज्ञानलोककः॥ ७९

तल संसारी जीव रहन्छन् र माथि मुक्त जन। प्राकृत द्रव्यहरूबाट पूजा गर्नेहरू त्यसको तल रहन्छन् र पौरुष द्रव्यहरूबाट पूजा गर्नेहरू त्यसभन्दा माथि जान्छन्। त्यसको तल शक्तिलिंग छ र त्यसको माथि शिवलिंग। त्यसको तल सगुण लिंग छ र त्यसको माथि निर्गुण लिंग। त्यसको तल कल्पित लिंग छ र त्यसको माथि कल्पित छैन। त्यसको तल आधिभौतिक लिंग र त्यसको माथि आध्यात्मिक लिंग छ। त्यसको तल एक सय बाह्र शक्ति-लोक छन्। त्यसको तल बिन्दुरूप र त्यसको माथि नादरूप छ। त्यसको तल कर्मलोक छ र त्यसको माथि ज्ञानलोक॥ ७५—७९॥

नमस्कारस्तदूर्ध्वं हि मदाहङ्कारनाशनः।
जनं तस्मात् तिरोधानं प्रत्यायाति न ना यतः॥ ८०

ज्ञानशब्दार्थ एवं हि तिरोधाननिवारणात्।
तदर्वाक् परिवर्तन्ते ह्याधिभौतिकपूजकाः॥ ८१

आध्यात्मिकार्चका एव तदूर्ध्वं सम्प्रयान्ति वै।

यस प्रकार त्यसको माथि मद र अहंकारको नाश गर्ने नम्रता छ, त्यहाँ जन्मजनित तिरोधान हुँदैन। त्यसको निवारण नगरिकन त्यहाँ कसैको प्रवेश सम्भव छैन। यस प्रकार तिरोधानको निवारण गर्नाले त्यहाँ ज्ञानशब्दको अर्थ नै प्रकाशित हुन्छ। आधिभौतिक पूजा गर्नेहरू त्यसभन्दा तलका लोकहरूमा नै घुमिरहन्छन्। जो आध्यात्मिक उपासना गर्नेहरू छन्, तिनै त्यसभन्दा माथि जान्छन्। यस प्रकार त्यहाँसम्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तावद्वै वेदिभागं तन्महालोकात्मलिङ्गके॥ ८२
प्रकृत्याद्यष्टबन्धोऽपि वेद्यते सम्प्रतिष्ठितः।
एवमेतादृशं ज्ञेयं सर्वं लौकिकवैदिकम्॥ ८३

अधर्ममहिषारूढं कालचक्रं तरन्ति ते।
सत्यादिधर्मयुक्ता ये शिवपूजापराश्च ये॥ ८४

तदूर्ध्वं वृषभो धर्मो ब्रह्मचर्यस्वरूपधृक्।
सत्यादिपादयुक्तस्तु शिवलोकाग्रतः स्थितः॥ ८५

क्षमाशृङ्गः शमश्रोत्रो वेदध्वनिविभूषितः।
आस्तिक्यचक्षुर्निश्वासगुरुबुद्धिमना वृषः॥ ८६

क्रियादिवृषभा ज्ञेयाः कारणादिषु सर्वदा।
तं क्रियावृषभं धर्मं कालातीतोऽधितिष्ठति॥ ८७

ब्रह्मविष्णुमहेशानां स्वस्वायुर्दिनमुच्यते।
तदूर्ध्वं न दिनं रात्रिर्न जन्ममरणादिकम्॥ ८८

पुनः कारणसत्यान्ताः कारणब्रह्मणस्तथा।
गन्धादिभ्यस्तु भूतेभ्यस्तदूर्ध्वं निर्मिताः सदा॥ ८९

सूक्ष्मगन्धस्वरूपा हि स्थिता लोकाश्चतुर्दश।

पुनः कारणविष्णोर्वै स्थिता लोकाश्चतुर्दश॥ ९०
पुनः कारणरुद्रस्य लोकाष्टाविंशका मताः।
पुनश्च कारणेशस्य षट्पञ्चाशत्तदूर्ध्वगाः॥ ९१
ततः परं ब्रह्मचर्यलोकाख्यं शिवसम्मतम्।
तत्रैव ज्ञानकैलासे पञ्चावरणसंयुते॥ ९२
पञ्चमण्डलसंयुक्तं पञ्चब्रह्मकलान्वितम्।
आदिशक्तिसमायुक्तमादिलिङ्गं तु तत्र वै॥ ९३
शिवालयमिदं प्रोक्तं शिवस्य परमात्मनः।
परशक्त्या समायुक्तस्तत्रैव परमेश्वरः॥ ९४
सृष्टिः स्थितिश्च संहारस्तिरोभावोऽप्यनुग्रहः।
पञ्चकृत्यप्रवीणोऽसौ सच्चिदानन्दविग्रहः॥ ९५

महालोकरूपी आत्मलिंगको विभागलाई जान्नुपर्छ र प्रकृति आदि (प्रकृति, महत्, अहंकार, पंच तन्मात्राहरू) आठ बन्धहरूलाई पनि जान्नुपर्छ। यस प्रकार सबै लौकिक तथा वैदिक स्वरूपलाई जान्नुपर्छ॥ ८०—८३॥

जो सत्य-अहिंसा आदि धर्महरूले युक्त भएर भगवान् शिवको पूजामा तत्पर रहन्छ, त्यो अधर्मरूपी भैंसीमा चढेर कालचक्रलाई पार गर्दछ। कालचक्रेश्वरको सीमासम्म जुन विराट् महेश्वरलोक बताइएको छ, त्यसभन्दा माथि वृषभको आकारमा धर्मको स्थिति छ। त्यो ब्रह्मचर्यको मूर्तिमान् रूप हो। उसका सत्य, शौच, अहिंसा र दया—यी चार पाद छन्। त्यो शिवलोकको अगाडि स्थित छ। क्षमा उसका सींग हुन्, शम कान हुन्, ती वेदध्वनिरूपी शब्दबाट विभूषित छन्। आस्तिकता उसका दुवै नेत्र हुन्, निःश्वास नै उसको श्रेष्ठ बुद्धि एवं मन हो। क्रिया आदि धर्मरूपी जुन वृषभ छ, त्यो कारण आदिमा सर्वदा स्थित छ—यस्तो जान्नुपर्छ। त्यस क्रियारूप वृषभाकार धर्ममाथि कालातीत शिव सवार हुनुहुन्छ॥ ८४—८७॥

ब्रह्मा, विष्णु र महेश्वरका जुन आ-आफ्ना आयु छन्, त्यसैलाई दिन भनिन्छ। जहाँ धर्मरूपी वृषभको स्थिति छ, त्यसभन्दा माथि न दिन छ, न रात्रि र त्यहाँ जन्म-मरण आदि पनि छैन। फेरि कारणस्वरूप ब्रह्माको पनि कारण सत्यलोकपर्यन्त चौध लोक स्थित छन्, जुन पांचभौतिक गन्ध आदिबाट पर छ। तिनको सनातन स्थिति छ। सूक्ष्म गन्ध नै तिनको स्वरूप हो॥ ८८-८९ $^{1}/_{2}$॥

त्यसभन्दा माथि कारणरूप विष्णुका चौध लोक स्थित छन्। त्यसभन्दा पनि माथि फेरि कारणरूपी रुद्रका अट्ठाईस लोकहरूको स्थिति मानिएको छ। फेरि त्यसभन्दा पनि माथि कारणेश शिवका छप्पन लोक विद्यमान छन्। त्यसपछि शिवसम्मत ब्रह्मचर्यलोक छ र त्यहीँ पाँच आवरणहरूले युक्त ज्ञानमय कैलास छ; त्यसमाथि पाँच मण्डल, पाँच ब्रह्मकला र आदिशक्तिले संयुक्त आदिलिंग प्रतिष्ठित छ। त्यसलाई परमात्मा शिवको शिवालय भनिएको छ। त्यहीँ पराशक्तिले युक्त परमेश्वर शिव निवास गर्नुहुन्छ। उहाँ सृष्टि, पालन, संहार, तिरोभाव र अनुग्रह—यी पाँचओटा कृत्यहरूमा प्रवीण हुनुहुन्छ। उहाँको श्रीविग्रह सच्चिदानन्दस्वरूप छ॥ ९०—९५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ध्यानधर्मः सदा यस्य सदानुग्रहतत्परः।
समाध्यासनमासीनः स्वात्मारामो विराजते॥ ९६

तस्य सन्दर्शनं साध्यं कर्मध्यानादिभिः क्रमात्।
नित्यादिकर्मयजनाच्छिवकर्ममतिर्भवेत् ॥ ९७

क्रियादिशिवकर्मभ्यः शिवज्ञानं प्रसाधयेत्।
तद्दर्शनगताः सर्वे मुक्ता एव न संशयः॥ ९८

मुक्तिरात्मस्वरूपेण स्वात्मारामत्वमेव हि।
क्रियातपोजपज्ञानध्यानधर्मेषु सुस्थितः॥ ९९

शिवस्य दर्शनं लब्ध्वा स्वात्मारामत्वमेव हि।
यथा रविः स्वकिरणादशुद्धिमपनेष्यति॥ १००

कृपाविचक्षणः शम्भुरज्ञानमपनेष्यति।
अज्ञानविनिवृत्तौ तु शिवज्ञानं प्रवर्तते॥ १०१

शिवज्ञानात्स्वस्वरूपमात्मारामत्वमेष्यति ।
आत्मारामत्वसंसिद्धौ कृतकृत्यो भवेन्नरः॥ १०२

पुनश्च शतलक्षेण ब्रह्मणः पदमाप्नुयात्।
पुनश्च शतलक्षेण विष्णोः पदमवाप्नुयात्॥ १०३

पुनश्च शतलक्षेण रुद्रस्य पदमाप्नुयात्।
पुनश्च शतलक्षेण ऐश्वर्यं पदमाप्नुयात्॥ १०४

पुनश्चैवंविधेनैव जपेन सुसमाहितः।
शिवलोकादिभूतं हि कालचक्रमवाप्नुयात्॥ १०५

उहाँ सदा ध्यानरूपी धर्ममा नै स्थित रहनुहुन्छ र सदा सबैप्रति अनुग्रह गर्ने गर्नुहुन्छ। उहाँ स्वात्माराम हुनुहुन्छ र समाधिरूपी आसनमा आसीन भई सुशोभित हुनुहुन्छ। कर्म एवं ध्यान आदिको अनुष्ठान गर्नाले क्रमशः साधनपथमा अगाडि बढेमा उहाँको दर्शन साध्य हुन्छ। नित्य-नैमित्तिक आदि कर्महरूद्वारा देवताहरूको यजन गर्नाले भगवान् शिवको समाराधना-कर्ममा मन केन्द्रित हुन्छ। क्रिया आदि जुन शिवसम्बन्धी कर्म छन्, तीद्वारा शिवज्ञान सिद्ध गर्नुपर्छ। जसले शिवतत्त्वको साक्षात्कार गरेका छन् अथवा जसमाथि शिवको कृपादृष्टि परिसकेको छ, ती सबै मुक्त नै हुन्; यसमा संशय छैन॥ ९६—९८॥

आत्मस्वरूपमा जुन स्थिति छ, त्यही मुक्ति हो। एकमात्र आफ्नो आत्मामा रमण वा आनन्दको अनुभव गर्नु नै मुक्ति हो। जो पुरुष क्रिया, तप, जप, ज्ञान र ध्यानरूपी धर्महरूमा एकाग्रतापूर्वक स्थित छ, त्यसले शिवको साक्षात्कार गरी स्वात्मारामस्वरूप मोक्षलाई पनि प्राप्त गर्दछ। जसरी सूर्यले आफ्ना किरणहरूद्वारा अशुद्धिलाई हटाउँछन्, त्यसै प्रकार कृपा गर्नमा कुशल भगवान् शिव आफ्ना भक्तका अज्ञानलाई मेटाइदिनु हुन्छ। अज्ञानको निवृत्ति भएपछि शिवज्ञान स्वतः प्रकट हुन्छ। शिवज्ञानले आफ्नो विशुद्ध स्वरूप आत्मारामत्व प्राप्त हुन्छ र आत्मारामत्वको सम्यक् सिद्धि भएपछि मनुष्य कृतकृत्य हुन्छ॥ ९९—१०२॥

(शिव मन्त्रको) सय लाख जप गर्नाले ब्रह्मपदको प्राप्ति हुन्छ र फेरि सय लाख जप गर्नाले विष्णुपद प्राप्त हुन्छ॥ १०३॥

पुनः सय लाख (शिवमन्त्रको) जप गर्नाले रुद्र पदको प्राप्ति हुन्छ। त्यसपछि फेरि सय लाख जप गर्नाले ऐश्वर्यमय पदको प्राप्ति हुन्छ॥ १०४॥

फेरि यसै प्रकार सम्यक् रूपले जप गरेपछि शिवलोकको आदिभूत अर्थात् शिवलोकका आधारभूत निर्माता कालचक्रलाई प्राप्त गर्न सकिन्छ॥ १०५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कालचक्रं पञ्चचक्रमेकैकेन क्रमोत्तरे।
सृष्टिमोहौ ब्रह्मचक्रं भोगमोहौ तु वैष्णवम्॥ १०६

कोपमोहौ रौद्रचक्रं भ्रमणं चैश्वरं विदुः।
शिवचक्रं ज्ञानमोहौ पञ्चचक्रं विदुर्बुधाः॥ १०७

पुनश्च दशकोट्या हि कारणब्रह्मणः पदम्।
पुनश्च दशकोट्या हि तत्पदैश्वर्यमाप्नुयात्॥ १०८

एवं क्रमेण विष्ण्वादेः पदं लब्ध्वा महौजसः।
क्रमेण तत्पदैश्वर्यं लब्ध्वा चैव महात्मनः॥ १०९

शतकोटिमनुं जप्त्वा पञ्चोत्तरमतन्द्रितः।
शिवलोकमवाप्नोति पञ्चमावरणाद् बहिः॥ ११०

राजसं मण्डपं तत्र नन्दिसंस्थानमुत्तमम्।
तपोरूपश्च वृषभस्तत्रैव परिदृश्यते॥ १११

सद्योजातस्य तत्स्थानं पञ्चमावरणं परम्।
वामदेवस्य च स्थानं चतुर्थावरणं पुनः॥ ११२

अघोरनिलयं पश्चात् तृतीयावरणं परम्।
पुरुषस्यैव साम्बस्य द्वितीयावरणं शुभम्॥ ११३

ईशानस्य परस्यैव प्रथमावरणं ततः।
ध्यानधर्मस्य च स्थानं पञ्चमं मण्डपं ततः॥ ११४

बलिनाथस्य संस्थानं तत्र पूर्णामृतप्रदम्।
चतुर्थं मण्डपं पश्चाच्चन्द्रशेखरमूर्तिमत्॥ ११५

सोमस्कन्दस्य च स्थानं तृतीयं मण्डपं परम्।
द्वितीयं मण्डपं नृत्यमण्डपं प्राहुरास्तिकाः॥ ११६

प्रथमं मूलमायायाः स्थानं तत्रैव शोभनम्।
तत परं गर्भगृहं लिङ्गस्थानं परं शुभम्॥ ११७

यो कालचक्र पंचचक्रहरूले युक्त छ, जुन एकका पश्चात् एकमा स्थित छ। सृष्टि र मोहले युक्त ब्रह्मचक्र, भोग तथा मोहले युक्त वैष्णवचक्र, कोप एवं मोहले युक्त रौद्रचक्र, भ्रमणले युक्त ईश्वरचक्र र ज्ञान तथा मोहले युक्त शिवचक्र छ। यस्ता यी पाँच चक्रहरूका विषयमा बुद्धिमानहरूको भनाइ छ– ॥ १०६–१०७॥

पुनः दश करोड (शिवमन्त्रको) जप गरेपछि कारणब्रह्मको पद प्राप्त हुन्छ। त्यसपछि दश करोड जप गर्नाले ऐश्वर्ययुक्त पदको प्राप्ति हुन्छ॥ १०८॥

यस प्रकार क्रमशः जप गर्दै प्राणी महान् ओजस्वी विष्णु पदलाई प्राप्त गरी पुनः त्यसै क्रमले जप्दै महात्माहरूको त्यस ऐश्वर्यपदलाई प्राप्त गर्दछ॥ १०९॥

विना असावधानी १०५ करोड मन्त्रहरूको जप गरे पश्चात् त्यो प्राणी पाँच आवरणहरू (पशु, पाश, माया, शक्ति, रोध)–बाट बाहिर स्थित शिवलोक प्राप्त गर्दछ॥ ११०॥

त्यहाँ (त्यस शिवलोकमा) राजसमण्डप छ, नन्दीश्वरको उत्तम निवास छ। तपस्यारूपी वृषभको दर्शन त्यहीँ पाइन्छ॥ १११॥

त्यहीँ पाँचओटा आवरणहरूभन्दा बाहिर सद्योजात (अर्थात् तत्काल आवरणरहित भएका भगवान् शिव)-को स्थान छ। पुनः चतुर्थ आवरणमा वामदेवको स्थान छ॥ ११२॥

त्यसपश्चात् तृतीयावरणमा अघोर शिवको, दोस्रो आवरणमा साम्बशिवको मंगलमय तथा प्रथम आवरणमा ईशान शिवको निवासस्थान छ। त्यसपश्चात् पंचम मण्डप छ, जहाँ ध्यान र धर्मको निवास रहन्छ॥ ११३-११४॥

त्यसपछि चतुर्थ मण्डप छ, त्यहीँ चन्द्रशेखरको मूर्तिले युक्त भगवान् बलिनाथको वासस्थान छ, जुन पूर्ण अमृतलाई प्रदान गर्नेवाला छ॥ ११५॥

तृतीय मण्डपमा सोमस्कन्दको परम निवासस्थान छ। त्यसपछि द्वितीय मण्डप छ, आस्तिक जन जसलाई नृत्यमण्डप भन्दछन्॥ ११६॥

प्रथम मण्डपमा मूलमायाको स्थान छ, त्यहीँ अत्यन्त शोभा वास गर्दछिन्। त्यसको पर गर्भगृह छ, जसमाथि शिवको लिंगस्थान छ॥ ११७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नन्दिसंस्थानतः पश्चान्न विदुः शिववैभवम्।
नन्दीश्वरो बहिस्तिष्ठन्पञ्चाक्षरमुपासते॥ ११८

एवं गुरुक्रमाल्लब्धं नन्दीशाच्च मया पुनः।
ततः परं स्वसंवेद्यं शिवेनैवानुभावितम्॥ ११९

शिवस्य कृपया साक्षाच्छिवलोकस्य वैभवम्।
विज्ञातुं शक्यते सर्वैर्नान्यथेत्याहुरास्तिकाः॥ १२०

एवं क्रमेण मुक्ताः स्युर्ब्राह्मणा वै जितेन्द्रियाः।
अन्येषां च क्रमं वक्ष्ये गदतः शृणुतादरात्॥ १२१

गुरूपदेशाज्जाप्यं वै ब्राह्मणानां नमोऽन्तकम्।
पञ्चाक्षरं पञ्चलक्षमायुष्यं प्रजपेद्विधिः॥ १२२

स्त्रीत्वापनयनार्थं तु पञ्चलक्षं जपेत्पुनः।
मन्त्रेण पुरुषो भूत्वा क्रमान्मुक्तो भवेद् बुधः॥ १२३

क्षत्रियः पञ्चलक्षेण क्षत्रत्वमपनेष्यति।
पुनश्च पञ्चलक्षेण क्षत्रियो ब्राह्मणो भवेत्॥ १२४

मन्त्रसिद्धिर्जपाच्चैव क्रमान्मुक्तो भवेन्नरः।
वैश्यस्तु पञ्चलक्षेण वैश्यत्वमपनेष्यति॥ १२५

पुनश्च पञ्चलक्षेण मन्त्रक्षत्रिय उच्यते।
पुनश्च पञ्चलक्षेण क्षत्रत्वमपनेष्यति॥ १२६

पुनश्च पञ्चलक्षेण मन्त्रब्राह्मण उच्यते।
शूद्रश्चैव नमोऽन्तेन पञ्चविंशतिलक्षतः॥ १२७

नन्दीस्थान पश्चात् शिवको वैभवमा कोही पनि जान सक्दैनन्। नन्दीश्वर (गर्भगृहबाट) बाहिर रहेर शिवका पंचाक्षर मन्त्रको उपासना गर्दछन्॥ ११८॥

यस प्रकार गुरुपरम्पराबाट मलाई नन्दीश्वर र सनत्कुमारको संवादको जानकारी भयो। त्यसपछिका परम रहस्य स्वसंवेद्य छन्, जसको अनुभव स्वयं शिवको कृपाद्वारा प्राप्त हुन्छ॥ ११९॥

आस्तिकजनहरूको भनाइ छ कि साक्षात् शिवको कृपाले नै शिवलोकको ऐश्वर्यलाई मानिसहरू जान्न सक्दछन्, अन्यथा असम्भव छ॥ १२०॥

यस प्रकारले शिवको साक्षात्कार प्राप्त गरी जितेन्द्रिय ब्राह्मण मुक्त हुन्छ अर्थात् मोक्षलाई प्राप्त गर्दछ। अब म अन्य क्षत्रियादि वर्णहरूको विषयमा वर्णन गर्ने छु। तपाईंहरू त्यसलाई आदरपूर्वक सुन्नुहोस्॥ १२१॥

यदि ब्राह्मणलाई आयु प्राप्त गर्ने इच्छा छ भने उसले गुरुद्वारा बताइएका उपदेशअनुसार शिवका पंचाक्षरमन्त्रको विधिपूर्वक पाँच लाख जप गर्नुपर्दछ॥ १२२॥

यदि स्त्री स्त्रीत्व अर्थात् स्त्रीयोनिबाट मुक्त हुन चाहन्छन् भने तिनले पनि पाँच लाख पंचाक्षर मन्त्रहरूको जप गर्नुपर्छ। ती मन्त्रहरूको प्रभावले पुरुषको जन्म लिएर त्यो क्रमशः मुक्त हुन्छ॥ १२३॥

क्षत्रिय पाँच लाख मन्त्रको जप गरी क्षत्रियत्वलाई दूर गर्दछ अर्थात् क्षत्रियवर्णमा रहने गुणहरूबाट त्यो मुक्त हुन्छ। त्यसपछि पुनः पाँच लाख मन्त्रको जप गरेमा त्यो ब्राह्मण हुन्छ। फेरि त्यति नै मन्त्रहरूको जपबाट मन्त्रसिद्धि प्राप्त हुन्छ र तत्पश्चात् त्यसै क्रमले पाँच लाख मन्त्रहरूको जप गरेपछि त्यो मनुष्य मुक्त हुन्छ। वैश्य पाँच लाख मन्त्रको जप गर्नाले आफ्नो वैश्यत्व (गुण)-को परित्याग गरिदिन्छ। पुनः पाँच लाख मन्त्रको जप गरेपछि त्यो मन्त्र-क्षत्रिय भनिन अधिकारी हुन्छ। त्यसपछि पाँच लाख मन्त्रहरूको जप गर्नाले क्षत्रियत्वलाई दूर गरिदिन्छ। त्यसपछि पुनः पाँच लाख मन्त्रको जप गरी मन्त्र-ब्राह्मण भनिन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मन्त्रविप्रत्वमापद्य पश्चाच्छुद्धो भवेद् द्विजः।
नारी वाथ नरो वाथ ब्राह्मणो वान्य एव वा॥ १२८

अधिकारी हुन्छ। त्यसै प्रकार शूद्र पनि मन्त्रको अन्तमा नमः शब्द लगाएर यदि २५ लाख मन्त्रहरूको जप गर्दछ भने त्यो शूद्र मन्त्रविप्रत्वलाई प्राप्त द्विज (ब्राह्मण) हुन्छ। चाहे स्त्री हुन् अथवा पुरुष, ब्राह्मण हुन् वा अन्य कुनै वर्णका हुन्, पंचाक्षर मन्त्रको जप गर्नाले सबै शुद्ध हुन्छन्॥ १२४—१२८॥

नमोऽन्तं वा नमः पूर्वमातुरः सर्वदा जपेत्।
तत्र स्त्रीणां तथैवोह्य गुरुर्निर्दर्शयेत्क्रमात्॥ १२९

जो कामनापूर्तिका लागि आतुर छ, त्यसले नमः लाई आदि-अन्तमा लगाएर शिवमन्त्रको सदैव जप गरिरहनुपर्छ। स्त्री तथा शूद्रहरूका लागि मन्त्रजपको जस्तो स्वरूप बताइएको छ, त्यसैअनुसार गुरुले पनि उनीहरूलाई निर्देश गर्नुपर्छ॥ १२९॥

साधकः पञ्चलक्षान्ते शिवप्रीत्यर्थमेव हि।
महाभिषेकनैवेद्यं कृत्वा भक्तांश्च पूजयेत्॥ १३०

साधकहरूले पाँच लाख जप गरेपश्चात् भगवान् शिवको प्रसन्नताका लागि महाभिषेक एवं नैवेद्य निवेदन गरी शिवभक्तहरूको पूजा गर्नुपर्छ॥ १३०॥

पूजया शिवभक्तस्य शिवः प्रीततरो भवेत्।
शिवस्य शिवभक्तस्य भेदो नास्ति शिवो हि सः॥ १३१

शिवभक्तको पूजाले भगवान् शिव ज्यादै प्रसन्न हुन्छन्। शिव र उहाँका भक्तमा कुनै भेद छैन। ती साक्षात् शिवस्वरूप नै हुन्छन्॥ १३१॥

शिवस्वरूपमन्त्रस्य धारणाच्छिव एव हि।
शिवभक्तशरीरे हि शिवे तत्परमो भवेत्॥ १३२

शिवस्वरूप मन्त्रलाई धारण गर्नाले त्यो शिव नै हुन जान्छ, शिवभक्तको शरीर शिवरूप नै हो। अतः तिनको सेवामा तत्पर रहनुपर्छ॥ १३२॥

शिवभक्ताः क्रियाः सर्वा वेद सर्वक्रियां विदुः।
यावद्यावच्छिवं मन्त्रं येन जप्तं भवेत्क्रमात्॥ १३३

तावद्वै शिवसान्निध्यं तस्मिन्देहे न संशयः।
देवीलिङ्गं भवेद् रूपं शिवभक्तस्त्रियास्तथा॥ १३४

यावन्मन्त्रं जपेद्देव्यास्तावत्सान्निध्यमस्ति हि।

जो शिवका भक्त छन्, ती लोक र वेदका सारा क्रियाहरूलाई जान्दछन्। जो क्रमशः जती-जती शिवमन्त्रको जप गर्दछ, त्यसको शरीरलाई त्यति नै बढी शिवको सामीप्य प्राप्त हुन्छ, यसमा संशय छैन। शिवभक्त स्त्रीको रूप देवी पार्वतीकै स्वरूप हो। त्यो जति मन्त्र जप्दछे, त्यसलाई त्यति नै देवीको सांनिध्य प्राप्त हुँदै जान्छ॥ १३३-१३४१/२॥

शिवं सम्पूजयेद्धीमान्स्वयं वै शब्दरूपभाक्॥ १३५

बुद्धिमान् व्यक्तिले शिवको पूजा गर्नुपर्छ, यसबाट त्यो साक्षात् मन्त्ररूप हुन्छ। साधक स्वयं शिवस्वरूप भएर पराशक्तिको पूजा गरून्। शक्ति, वेर (मूर्ति) तथा लिंगको चित्र बनाएर अथवा माटो आदिबाट यिनको आकृतिको निर्माण गरी प्राणप्रतिष्ठापूर्वक निष्कपट भावले यिनको पूजा गर्नुपर्दछ॥ १३५-१३६॥

स्वयं चैव शिवो भूत्वा परां शक्तिं प्रपूजयेत्।
शक्तिं वेरं च लिङ्गं च ह्यालेख्यामायया यजेत्॥ १३६

शिवलिंगलाई शिव मानेर आफूलाई शक्तिरूप सम्झेर शक्तिलिंगलाई देवी र आफूलाई शिवरूप सम्झेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिवलिङ्गं शिवं मत्वा स्वात्मानं शक्तिरूपकम्।
शक्तिलिङ्गं च देवीं च मत्वा स्वं शिवरूपकम्॥ १३७
शिवलिङ्गं नादरूपं बिन्दुरूपं सशक्तिकम्।
उपप्रधानभावेन अन्योन्यासक्तलिङ्गकम्॥ १३८
पूजयेच्च शिवं शक्तिं स शिवो मूलभावनात्।
शिवभक्ताञ्छिवमन्त्ररूपकाञ्छिवरूपकान्॥ १३९

शिवलिंगलाई नादरूप तथा शक्तिलाई बिन्दुरूप मानेर परस्पर जोडिएका शक्तिलिंग र शिवलिंगप्रति उपप्रधान र प्रधानको भावना राख्दै जसले शिव र शक्तिको पूजा गर्दछ, त्यो मूलरूपी भावना गरेका कारण शिवरूप नै हुन्छ। शिवभक्त शिवमन्त्ररूप हुनाको कारण शिवकै स्वरूप हुन्॥ १३७—१३९॥

षोडशैरुपचारैश्च पूजयेदिष्टमाप्नुयात्।
येन शुश्रूषणाद्यैश्च शिवभक्तस्य लिङ्गिनः॥ १४०
आनन्दं जनयेद्विद्वाञ्छिवः प्रीततरो भवेत्।
शिवभक्तान्सपत्नीकान्पत्न्या सह सदैव तत्॥ १४१
पूजयेद्भोजनाद्यैश्च पञ्च वा दश वा शतम्।
धने देहे च मन्त्रे च भावनायामवञ्चकः॥ १४२
शिवशक्तिस्वरूपेण न पुनर्जायते भुवि।

जसले सोह्र उपचारहरूले उहाँको पूजा गर्दछ, उसलाई अभीष्ट वस्तुको प्राप्ति हुन्छ। जो शिवलिंगोपासक शिवभक्तको सेवा गरी शिवभक्तलाई आनन्द प्रदान गर्दछ, त्यस विद्वान्माथि भगवान् शिव ज्यादै प्रसन्न हुन्छन्। पाँच, दश वा सय सपत्नीक शिवभक्तहरूलाई बोलाएर भोजन आदिद्वारा पत्नीसहित उनीहरूको सदैव समादर गर्नुपर्दछ। धनमा, देहमा र मन्त्रमा शिवभावना राख्दै उनीहरूलाई शिव र शक्तिको स्वरूप जानेर निष्कपटभावले उनीहरूको पूजा गर्नुपर्दछ। यस्तो गर्ने पुरुष शिवशक्तिस्वरूप भएर यस भूतलमा फेरि जन्म लिँदैन॥ १४०—१४२१/२॥

नाभेरधो ब्रह्मभागमाकण्ठं विष्णुभागकम्॥ १४३
मुखं लिङ्गमिति प्रोक्तं शिवभक्तशरीरकम्।
मृतान्दाहादियुक्तान्वा दाहादिरहितान्मृतान्॥ १४४
उद्दिश्य पूजयेदादिपितरं शिवमेव हि।
पूजां कृत्वादिमातुश्च शिवभक्तांश्च पूजयेत्॥ १४५
पितृलोकं समासाद्य क्रमान्मुक्तो भवेन्मृतः।
क्रियायुक्तदशभ्यश्च तपोयुक्तो विशिष्यते॥ १४६

शिवभक्तको नाभिको तलको भागलाई ब्रह्मभाग तथा नाभिभन्दा माथि कण्ठपर्यन्त सम्मको भागलाई विष्णुभाग र मुखलाई शिवलिंगस्वरूप बताइएको छ। मृत्युपश्चात् (जसको) दाहादि संस्कार भएको छ अथवा जो दाहादि संस्कारबाट रहित छन्, तिनले पितृहरूको उद्देश्यले शिवलाई नै आदिपितृ मानेर उहाँको पूजा गर्नुपर्छ। पुनः आदिमाता शिव शक्तिको पूजा गरी शिवभक्तहरूको पूजा गर्नुपर्छ। यस्तो गर्ने पुरुषले मरेपछि क्रमशः पितृलोक प्राप्त गर्दछ। त्यसपछि उसलाई मुक्ति प्राप्त हुन्छ। दश क्रियावान् पुरुषहरूले युक्त योगीहरूभन्दा एक तपोयुक्त प्राणी श्रेष्ठ हुन्छ॥ १४३—१४६॥

तपोयुक्तशतेभ्यश्च जपयुक्तो विशिष्यते।
जपयुक्तसहस्रेभ्यः शिवज्ञानी विशिष्यते॥ १४७

सय तपोयुक्त (तपस्वि)-को अपेक्षा एक जपयुक्त जपकर्ता विशिष्ट हुन्छ। सहस्र जपयुक्त जपकर्ता भन्दा एक शिवज्ञानीको विशेष महत्त्व हुन्छ॥ १४७॥

शिवज्ञानिषु लक्षेषु ध्यानयुक्तो विशिष्यते।
ध्यानयुक्तेषु कोटिभ्यः समाधिस्थो विशिष्यते॥ १४८

एक लाख शिवज्ञानीहरूभन्दा शिवको ध्यान गर्ने एक ध्यानी श्रेष्ठ हुन्छ र करोड ध्यानीहरूको अपेक्षा शिवका लागि एक समाधिस्थ श्रेष्ठ हुन्छ॥ १४८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्तरोत्तरवैशिष्ट्यात्पूजायामुत्तरोत्तरम् ।
फलं वैशिष्ट्यरूपं च दुर्विज्ञेयं मनीषिभिः॥ १४९

तस्माद्वै शिवभक्तस्य माहात्म्यं वेत्ति को नरः।
शिवशक्त्योः पूजनं च शिवभक्तस्य पूजनम्॥ १५०

कुरुते यो नरो भक्त्या स शिवः शिवमेधते।
य इमं पठतेऽध्यायमर्थवद्वेदसम्मतम्॥ १५१

शिवज्ञानी भवेद्विप्रः शिवेन सह मोदते।
श्रावयेच्छिवभक्तांश्च विशेषज्ञो मुनीश्वराः॥ १५२

शिवप्रसादसिद्धिः स्याच्छिवस्य कृपया बुधाः॥ १५३

यस प्रकार उत्तरोत्तर वैशिष्ट्य-क्रमले गरिने पूजाबाट प्राप्त फलमा पनि विशिष्टता आउँछ, जसलाई जान्नु विद्वान्हरूका लागि पनि कठिन छ। यस कारणले शिवभक्तको महिमालाई कुनै मनुष्यले पूर्ण रूपमा जान्न सक्दैनन्। जुन मनुष्य शिवशक्ति र शिवभक्तको पूजा भक्तिपूर्वक गर्दछ, त्यो शिवस्वरूप भएर सदैव कल्याणलाई प्राप्त गर्दछ। जो ब्राह्मण यस वेदसम्मत अध्यायलाई अर्थसहित पढ्छ, त्यो शिवज्ञानी भएर शिवका साथ आनन्द प्राप्त गर्दछ। हे मुनीश्वर हो! विद्वान् पुरुषले यो अध्याय ती शिवभक्तहरूलाई सुनाउनु पर्छ॥ १४९—१५२॥

हे बुधजन हो! यस्तो गर्नाले भगवान् शिवको कृपाले उहाँको अनुग्रह प्राप्त हुन्छ॥ १५३॥

इति श्रीशिवमहापुराणे प्रथमायां विद्येश्वरसंहितायां प्रणवपञ्चाक्षरमन्त्रमाहात्म्यवर्णनं नाम सप्तदशोऽध्यायः॥ १७॥

॥ यस प्रकार श्रीशिवमहापुराण अन्तर्गत प्रथम विद्येश्वरसंहितामा प्रणवयुक्त पंचाक्षर मन्त्रको माहात्म्य-वर्णन नामक सत्रौं अध्याय पूर्ण भयो॥ १७॥

अथाष्टादशोऽध्यायः

बन्धन र मोक्षको विवेचना, शिवपूजाको उपदेश, लिंग आदिमा शिवपूजाको विधान, भस्मको स्वरूपको निरूपण र महत्त्व, शिवको भस्मधारणको रहस्य, शिव एवं गुरु शब्दको व्युत्पत्ति तथा विघ्नशान्तिको उपाय र शिवधर्मको निरूपण

ऋषय ऊचुः

बन्धमोक्षस्वरूपं हि ब्रूहि सर्वार्थवित्तम।

सूत उवाच

बन्धं मोक्षं तथोपायं वक्ष्येऽहं शृणुतादरात्॥ १

प्रकृत्याद्यष्टबन्धेन बद्धो जीवः स उच्यते।
प्रकृत्याद्यष्टबन्धेन निर्मुक्तो मुक्त उच्यते॥ २

प्रकृत्यादिवशीकारो मोक्ष इत्युच्यते स्वतः।
बद्धजीवस्तु निर्मुक्तो मुक्तजीवः स कथ्यते॥ ३

प्रकृत्यग्रे ततो बुद्धिरहङ्कारो गुणात्मकः।
पञ्चतन्मात्रमित्येतत्प्रकृत्याद्यष्टकं विदुः॥ ४

ऋषिगण भन्दछन्—हे सर्वज्ञहरूमा श्रेष्ठ! बन्धन र मोक्षको स्वरूप के हो ? यो हामीलाई बताउनुहोस्॥ १/२॥

सूत भन्नुहुन्छ—[हे महर्षिहरू हो!] म बन्धन र मोक्षको स्वरूप तथा मोक्षको उपाय वर्णन गर्ने छु। तपाईंहरू आदरपूर्वक सुन्नुहोस्। जो प्रकृति आदि आठ बन्धनहरूले बाँधिएको छ, त्यो जीव बद्ध हो र जो ती आठओटा बन्धनहरूबाट मुक्त छ, त्यसलाई मुक्त भनिन्छ। प्रकृति आदिलाई वशमा गर्नुलाई मोक्ष भनिन्छ। बन्धन आगन्तुक हो र मोक्ष स्वतःसिद्ध हो। बद्ध जीव जब बन्धनबाट मुक्त हुन्छ, तब त्यसलाई मुक्त जीव भनिन्छ॥ १—३॥

प्रकृति, बुद्धि (महत्तत्त्व), त्रिगुणात्मक अहंकार र पाँच तन्मात्राहरू—यिनलाई ज्ञानी पुरुष प्रकृत्याद्यष्टक मान्दछन्। प्रकृति आदि आठ तत्त्वहरूको समूहबाट

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकृत्याद्यष्टजो देहो देहजं कर्म उच्यते।
पुनश्च कर्मजो देहो जन्म कर्म पुनः पुनः॥ ५

देहको उत्पत्ति हुन्छ। देहबाट कर्म उत्पन्न हुन्छ र फेरि कर्मबाट नयाँ देहको उत्पत्ति हुन्छ। यस प्रकार वारम्वार जन्म र कर्म भइरहेको हुन्छ॥ ४-५॥

शरीरं त्रिविधं ज्ञेयं स्थूलं सूक्ष्मं च कारणम्।
स्थूलं व्यापारदं प्रोक्तं सूक्ष्ममिन्द्रियभोगदम्॥ ६

कारणं त्वात्मभोगार्थं जीवकर्मानुरूपतः।
सुखं दुःखं पुण्यपापैः कर्मभिः फलमश्नुते॥ ७

तस्माद्धि कर्मरज्ज्वा हि बद्धो जीवः पुनः पुनः।
शरीरत्रयकर्मभ्यां चक्रवद् भ्राम्यते सदा॥ ८

शरीरलाई स्थूल, सूक्ष्म र कारणको भेदले तीन प्रकारको जान्नुपर्छ। स्थूल शरीर (जाग्रत्-अवस्थामा) व्यापार गराउने, सूक्ष्म शरीर (जाग्रत् र स्वप्न-अवस्थाहरूमा) इन्द्रिय-भोग प्रदान गर्ने तथा कारणशरीर (सुषुप्तावस्थामा) आत्मानन्दको अनुभूति गराउने भनिएको छ। जीवलाई उसका प्रारब्ध-कर्मानुसार सुख-दुःख प्राप्त हुन्छन्। त्यो आफ्नो पुण्यकर्महरूको फलस्वरूप सुख र पापकर्महरूको फलस्वरूप दुःख प्राप्त गर्दछ। अतः कर्मपाशले बाँधिएको जीव आफ्नो त्रिविध शरीरबाट हुने शुभाशुभ कर्महरूद्वारा सधैँ चक्रको झैं वारम्वार घुमिरहेको हुन्छ॥ ६—८॥

चक्रभ्रमनिवृत्त्यर्थं चक्रकर्तारमीडयेत्।
प्रकृत्यादिमहाचक्रं प्रकृतेः परतः शिवः॥ ९

चक्रकर्ता महेशो हि प्रकृतेः परतो यतः।
पिबति वाथ वमति जीवाबालो जलं यथा॥ १०

शिवस्तथा प्रकृत्यादि वशीकृत्याधितिष्ठति।
सर्वं वशीकृतं यस्मात्तस्माच्छिव इति स्मृतः।
शिव एव हि सर्वज्ञः परिपूर्णश्च निःस्पृहः॥ ११

यस चक्रवत् भ्रमणको निवृत्तिका लागि चक्रकर्ताको स्तवन एवं आराधना गर्नुपर्छ। प्रकृति आदि जुन आठ पाश बताइएका छन्, तिनका समुदाय नै महाचक्र हुन् र जो प्रकृतिभन्दा पर छन्, ती परमात्मा शिव हुन्। भगवान् महेश्वर नै प्रकृति आदि महाचक्रका कर्ता हुनुहुन्छ; किनभने उहाँ प्रकृतिभन्दा पर हुनुहुन्छ। जसरी बकाइना नामक वृक्षको बोक्राले जललाई पिउँछ र ओकेल्छ, त्यसै प्रकार शिव प्रकृति आदिलाई आफ्नो वशमा गरी त्यसमाथि शासन गर्नुहुन्छ। उहाँले सबैलाई वशमा गर्नुभएको छ, यसकारण उहाँलाई शिव भनिएको हो। शिव नै सर्वज्ञ, परिपूर्ण तथा निःस्पृह हुनुहुन्छ॥ ९—११॥

सर्वज्ञता तृप्तिरनादिबोधः
स्वतन्त्रता नित्यमलुप्तशक्तिः।
अनन्तशक्तिश्च महेश्वरस्य
यन्मानसैश्वर्यमवैति वेदः॥ १२

अतः शिवप्रसादेन प्रकृत्यादि वशं भवेत्।
शिवप्रसादलाभार्थं शिवमेव प्रपूजयेत्॥ १३

सर्वज्ञता, तृप्ति, अनादिबोध, स्वतन्त्रता, नित्य अलुप्त शक्ति आदिले संयुक्त हुनु र आफूभित्र अनन्त शक्तिहरूलाई धारण गर्नु—महेश्वरका यी छ प्रकारका मानसिक ऐश्वर्यहरूलाई केवल वेद जान्दछन्। अतः भगवान् शिवको अनुग्रहले नै प्रकृति आदि आठ तत्त्व वशमा हुन्छन्। भगवान् शिवको कृपाप्रसाद प्राप्त गर्नका लागि उहाँकै पूजा गर्नुपर्छ॥ १२-१३॥

निःस्पृहस्य च पूर्णस्य तस्य पूजा कथं भवेत्।
शिवोद्देशकृतं कर्म प्रसादजनकं भवेत्॥ १४

शिव त परिपूर्ण, निःस्पृह हुनुहुन्छ; उहाँको पूजा कसरी हुन सक्छ? [यसको उत्तर यो हो कि] भगवान् शिवको उद्देश्यले—उहाँको प्रसन्नताका लागि गरिएका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लिङ्गे वेरे भक्तजने शिवमुद्दिश्य पूजयेत्।
कायेन मनसा वाचा धनेनापि प्रपूजयेत्॥ १५

पूजया तु महेशो हि प्रकृतेः परमः शिवः।
प्रसादं कुरुते सत्यं पूजकस्य विशेषतः॥ १६

शिवप्रसादात्कर्माद्यं क्रमेण स्ववशं भवेत्।
कर्मारभ्य प्रकृत्यन्तं यदा सर्वं वशं भवेत्॥ १७

तदा मुक्त इति प्रोक्तः स्वात्मारामो विराजते।
प्रसादात्परमेशस्य कर्मदेहो यदा वशः॥ १८

तदा वै शिवलोके तु वासः सालोक्यमुच्यते।
सामीप्यं याति साम्बस्य तन्मात्रे च वशं गते॥ १९

तदा तु शिवसायुज्यमायुधाद्यैः क्रियादिभिः।
महाप्रसादलाभे च बुद्धिश्चापि वशा भवेत्॥ २०

बुद्धिस्तु कार्यं प्रकृतेस्तत्सार्ष्टिरिति कथ्यते।
पुनर्महाप्रसादेन प्रकृतिर्वशमेष्यति॥ २१

शिवस्य मानसैश्वर्यं तदाऽयत्नं भविष्यति।
सार्वज्ञाद्यं शिवैश्वर्यं लब्ध्वा स्वात्मनि राजते॥ २२

तत्सायुज्यमिति प्राहुर्वेदागमपरायणाः।
एवं क्रमेण मुक्तिः स्याल्लिङ्गादौ पूजया स्वतः॥ २३

अतः शिवप्रसादार्थं क्रियाद्यैः पूजयेच्छिवम्।
शिवक्रिया शिवतपः शिवमन्त्रजपः सदा॥ २४

शिवज्ञानं शिवध्यानमुत्तरोत्तरमभ्यसेत्।
आसुप्तेरामृतेः कालं नयेद्वै शिवचिन्तया॥ २५

सद्यादिभिश्च कुसुमैरर्चयेच्छिवमेष्यति।

सत्कर्म उहाँको कृपाप्रसादलाई प्राप्त गराउने खालका हुन्छन्। शिवलिंगमा, शिवको प्रतिमामा तथा शिवभक्तजनमा शिवको भावना गरी उहाँको प्रसन्नताका लागि पूजा गर्नुपर्छ। त्यो पूजा शरीरले, मनले, वाणीले र धनले पनि गर्न सकिन्छ। त्यस पूजाबाट प्रकृतिभन्दा पर रहनुभएका महेश्वर पूजा कर्तामाथि विशेष कृपा गर्नुहुन्छ; यो सत्य हो॥ १४—१६॥

शिवको कृपाले कर्म आदि सबै बन्धन आफ्ना वशमा हुन्छन्। कर्मदेखि लिएर प्रकृतिसम्म सबथोक जब वशमा हुन्छन्, तब त्यो जीव मुक्त कहलिन्छ र स्वात्मारामरूपले विराजमान हुन्छ। परमेश्वर शिवको कृपाले जब कर्मजनित शरीर आफ्नो वशमा हुन्छ, तब भगवान् शिवको लोकमा निवास प्राप्त हुन्छ; यसैलाई सालोक्यमुक्ति भनिन्छ। जब तन्मात्राहरू वशमा हुन्छन्, तब जीवले जगदम्बासहित शिवको सामीप्य प्राप्त गर्दछ। यो सामीप्यमुक्ति हो, उसका आयुध तथा क्रियालगायत सबथोक भगवान् शिवको समान हुन्छ। भगवान्‌को महाप्रसाद प्राप्त भएपछि बुद्धि पनि वशमा हुन्छ। बुद्धि प्रकृतिको कार्य हो। बुद्धि वशमा हुनुलाई सार्ष्टिमुक्ति भनिन्छ। पुनः भगवान्‌को महान् अनुग्रह प्राप्त भएपछि प्रकृति वशमा हुनेछिन्॥ १७—२१॥

त्यस समय विना यत्न नै भगवान् शिवको मानसिक ऐश्वर्य प्राप्त हुने छ। सर्वज्ञता आदि जुन शिवका ऐश्वर्य छन्, तिनलाई पाएर मुक्त पुरुष आफ्नो आत्मामा नै विराजमान हुन्छ। वेद र शास्त्रहरूमा विश्वास राख्ने विद्वान् पुरुष यसैलाई सायुज्यमुक्ति भन्दछन्। यस प्रकार लिंग आदिमा शिवको पूजा गर्नाले क्रमशः मुक्ति स्वतः प्राप्त हुन्छ। यसकारण शिवको कृपाप्रसाद प्राप्त गर्नका लागि तत्सम्बन्धी क्रिया आदिद्वारा उहाँकै पूजा गर्नुपर्छ। शिवक्रिया, शिवतप, शिवमन्त्र-जप, शिवज्ञान र शिवध्यानका लागि सदा उत्तरोत्तर अभ्यास बढाउनु पर्छ। प्रतिदिन प्रातःकालदेखि राति सुत्ने समयसम्म र जन्मकालदेखि लिएर मृत्युपर्यन्त सारा समय भगवान् शिवको चिन्तनमा नै बिताउनु पर्छ। सद्योजातादि मन्त्रहरू तथा थरी-थरीका पुष्पहरूले जो शिवको पूजा गर्दछ, त्यसले शिवलाई नै प्राप्त गर्ने छ॥ २२—२५१/२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDF

ऋषय ऊचुः

लिङ्गादौ शिवपूजाया विधानं ब्रूहि सुव्रत॥ २६

सूत उवाच

लिङ्गानां च क्रमं वक्ष्ये यथावच्छृणुत द्विजाः।
तदेव लिङ्गं प्रथमं प्रणवं सार्वकामिकम्॥ २७

सूक्ष्मप्रणवरूपं हि सूक्ष्मरूपं तु निष्कलम्।
स्थूललिङ्गं हि सकलं तत्पञ्चाक्षरमुच्यते॥ २८

तयोः पूजा तपः प्रोक्तं साक्षान्मोक्षप्रदे उभे।
पौरुषप्रकृतिभूतानि लिङ्गानि सुबहूनि च॥ २९

तानि विस्तरतो वक्तुं शिवो वेत्ति न चापरः।
भूविकाराणि लिङ्गानि ज्ञातानि प्रब्रवीमि वः॥ ३०

स्वयम्भूलिङ्गं प्रथमं बिन्दुलिङ्गं द्वितीयकम्।
प्रतिष्ठितं चरं चैव गुरुलिङ्गं तु पञ्चमम्॥ ३१

देवर्षितपसा तुष्टः सान्निध्यार्थं तु तत्र वै।
पृथिव्यन्तर्गतः शर्वो बीजं वै नादरूपतः॥ ३२

स्थावराङ्कुरवद्भूमिमुद्भिद्य व्यक्त एव सः।
स्वयम्भूतं जातमिति स्वयम्भूरिति तं विदुः॥ ३३

तल्लिङ्गपूजया ज्ञानं स्वयमेव प्रवर्धते।
सुवर्णरजतादौ वा पृथिव्यां स्थण्डिलेऽपि वा॥ ३४

स्वहस्ताल्लिखितं लिङ्गं शुद्धप्रणवमन्त्रकम्।
यन्त्रलिङ्गं समालिख्य प्रतिष्ठावाहनं चरेत्॥ ३५

बिन्दुनादमयं लिङ्गं स्थावरं जङ्गमं च यत्।
भावनामयमेतद्धि शिवदृष्टं न संशयः॥ ३६

यत्र विश्वस्यते शम्भुस्तत्र तस्मै फलप्रदः।
स्वहस्ताल्लिखिते यन्त्रे स्थावरादावकृत्रिमे॥ ३७

आवाह्य पूजयेच्छम्भुं षोडशैरुपचारकैः।
स्वयमैश्वर्यमाप्नोति ज्ञानमभ्यासतो भवेत्॥ ३८

ऋषिगण भन्दछन्—हे सुव्रत! अब तपाईं लिंग आदिमा शिव पूजाको विधि बताउनुहोस्॥ २६॥

सूत भन्नुहुन्छ—हे द्विजहरू हो! म लिंगहरूका क्रमको यथावत् वर्णन गरिरहेको छु, तपाईंहरू सुन्नुहोस्। त्यो प्रणव नै समस्त अभीष्ट वस्तुहरू प्रदान गर्ने प्रथम लिंग हो। त्यसलाई सूक्ष्म प्रणवरूप सम्झनुपर्छ। सूक्ष्मलिंग निष्कल हुन्छ र स्थूललिंग सकल। पंचाक्षर मन्त्रलाई नै स्थूललिंग भनिन्छ। ती दुवै प्रकारका लिंगहरूको पूजालाई तपस् भनिन्छ। यी दुवै लिंग साक्षात् मोक्षदायक छन्। पौरुषलिंग र प्रकृतिलिंगको रूपमा धेरै लिंग छन्। तिनलाई भगवान् शिव नै विस्तारपूर्वक बताउन सक्नुहुन्छ; अरू कोही जान्दैनन्। पृथ्वीका विकारभूत जुन-जुन लिंगको ज्ञान छ, ती-ती लिंग तपाईंहरूलाई बताइरहेको छु॥ २७—३०॥

तिनमा प्रथम स्वयम्भूलिंग, दोस्रो बिन्दुलिंग, तेस्रो प्रतिष्ठित लिंग, चौथो चरलिंग र पाँचौं गुरुलिंग हो। देवर्षिहरूको तपस्याबाट सन्तुष्ट भएर उनीहरूका अगाडि प्रकट हुनाका लागि पृथ्वी अन्तर्गत बीजरूपले व्याप्त भएका भगवान् शिव वृक्षहरूको अंकुरको झैं भूमिलाई छेडेर नादलिंग रूपमा व्याप्त हुनुहुन्छ। ती स्वतः व्यक्त भएका शिव नै स्वयं प्रकट हुनाको कारण स्वयम्भू नाम धारण गर्नुहुन्छ। ज्ञानीजन उहाँलाई स्वयम्भूलिंगको रूपमा जान्दछन्॥ ३१—३३॥

त्यस स्वयम्भूलिंगको पूजाले उपासकको ज्ञान आफैं बढ्न थाल्छ। सुन-चाँदी आदिको पातामा, भूमिमा अथवा वेदीमा आफ्नो हातद्वारा लिखित जुन शुद्ध प्रणव मन्त्ररूप लिंग छ, त्यसमा तथा यन्त्रलिंगको आलेखन गरी त्यसमा भगवान् शिवको प्रतिष्ठा र आवाहन गर्नुपर्छ। यस्तो बिन्दुनादमय लिंग स्थावर र जंगम दुवै प्रकारको हुन्छ। यसमा शिवको दर्शन भावनामय मात्र हुन्छ; यसमा सन्देह छैन। जसलाई जहाँ भगवान् शंकर प्रकट हुनुहुन्छ भन्ने विश्वास हुन्छ, उसका लागि त्यहीं प्रकट भएर उहाँ अभीष्ट फल प्रदान गर्नुहुन्छ। आफ्नो हातद्वारा लेखिएको यन्त्रमा अथवा अकृत्रिम स्थावर आदिमा भगवान् शिवको आवाहन गरी सोह्र उपचारहरूले उहाँको पूजा गर्नुपर्छ। यस्तो गर्नाले साधक स्वयंले नै ऐश्वर्य प्राप्त गर्दछ र यस साधनको अभ्यासले उसलाई ज्ञान पनि प्राप्त हुन्छ॥ ३४—३८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवैश्च ऋषिभिश्चापि स्वात्मसिद्ध्यर्थमेव हि।
समन्त्रेणात्महस्तेन कृतं यच्छुद्धमण्डले॥ ३९

शुद्धभावनया चैव स्थापितं लिङ्गमुत्तमम्।
तल्लिङ्गं पौरुषं प्राहुस्तत्प्रतिष्ठितमुच्यते॥ ४०

तल्लिङ्गपूजया नित्यं पौरुषैश्वर्यमाप्नुयात्।
महद्भिर्ब्राह्मणैश्चापि राजभिश्च महाधनैः॥ ४१

शिल्पिना कल्पितं लिङ्गं मन्त्रेण स्थापितं च यत्।
प्रतिष्ठितं प्राकृतं हि प्राकृतैश्वर्यभोगदम्॥ ४२

यदूर्जितं च नित्यं च तद्धि पौरुषमुच्यते।
यद् दुर्बलमनित्यं च तद्धि प्राकृतमुच्यते॥ ४३

लिङ्गं नाभिस्तथा जिह्वा नासाग्रं च शिखा क्रमात्।
कट्यादिषु त्रिलोकेषु लिङ्गमाध्यात्मिकं चरम्॥ ४४

पर्वतं पौरुषं प्रोक्तं भूतलं प्राकृतं विदुः।
वृक्षादि पौरुषं ज्ञेयं गुल्मादि प्राकृतं विदुः॥ ४५

षाष्टिकं प्राकृतं ज्ञेयं शालिगोधूमपौरुषम्।
ऐश्वर्यं पौरुषं विद्यादणिमाद्यष्टसिद्धिदम्॥ ४६

सुस्त्रीधनादिविषयं प्राकृतं प्राहुरास्तिकाः।

प्रथमं चरलिङ्गेषु रसलिङ्गं प्रकथ्यते॥ ४७

रसलिङ्गं ब्राह्मणानां सर्वाभीष्टप्रदं भवेत्।
बाणलिङ्गं क्षत्रियाणां महाराज्यप्रदं शुभम्॥ ४८

स्वर्णलिङ्गं तु वैश्यानां महाधनपतित्वदम्।
शिलालिङ्गं तु शूद्राणां महाशुद्धिकरं शुभम्॥ ४९

स्फाटिकं बाणलिङ्गं च सर्वेषां सर्वकामदम्।
स्वीयाभावेऽन्यदीयं तु पूजायां न निषिद्ध्यते॥ ५०

स्त्रीणां तु पार्थिवं लिङ्गं सभर्तृणां विशेषतः।

देवताहरू र ऋषिहरूले आत्मसिद्धिका लागि आफ्नो हातले वैदिक मन्त्रहरूको उच्चारणपूर्वक शुद्ध मण्डलमा शुद्ध भावनाद्वारा जुन उत्तम शिवलिंगको स्थापना गरेका छन्, त्यसलाई पौरुषलिंग तथा प्रतिष्ठित लिंग भनिन्छ। त्यस लिंगको पूजा गर्नाले सधैँ पौरुष ऐश्वर्यको प्राप्ति हुन्छ। महान् ब्राह्मणहरू र महाधनी राजाहरूद्वारा कुनै शिल्पीद्वारा शिवलिंगको निर्माण गराएर मन्त्रपूर्वक जुन लिंगको स्थापना तथा प्रतिष्ठा गराएका छन्, त्यो प्राकृतलिंग हो, त्यो [शिवलिंग] प्राकृत ऐश्वर्य-भोगदायक हुन्छ। जुन शक्तिशाली र नित्य छ, त्यसलाई पौरुषलिंग र जुन दुर्बल तथा अनित्य छ, त्यसलाई प्राकृतलिंग भनिन्छ॥ ३९-४३॥

लिंग, नाभि, जिभ्रो, नाकको टुप्पो र शिखा (टुप्पी)को क्रमले कम्मर, हृदय र शिर तीनै स्थानमा जुन लिंगको भावना गरिएको हुन्छ, त्यस आध्यात्मिक लिंगलाई नै चरलिंग भनिन्छ। पर्वतलाई पौरुषलिंग बताइएको छ र भूतललाई विद्वान् पुरुषहरू प्राकृतलिंग मान्दछन्। वृक्ष आदिलाई पौरुषलिंग जान्नुपर्छ। लहरा आदिलाई प्राकृतलिंग भनिएको छ। नाभो धानलाई प्राकृतलिंग सम्झनुपर्छ र मंसिरमा पाक्ने धान एवं गहूँलाई पौरुषलिंग। अणिमा आदि आठओटा सिद्धिहरू प्रदान गर्ने जुन ऐश्वर्य छ, त्यसलाई पौरुष ऐश्वर्य जान्नुपर्छ। सुन्दर स्त्री तथा धन आदि विषयहरूलाई आस्तिकजन प्राकृत ऐश्वर्य भन्दछन्॥ ४४—४६ १/२॥

चरलिंगहरूमा सबैभन्दा पहिला रसलिंगको वर्णन गरिन्छ। रसलिंगले ब्राह्मणहरूलाई सारा अभीष्ट वस्तुहरूको प्राप्ति गराउँछ। शुभकारक बाणलिंगले क्षत्रियहरूलाई महान् राज्यको प्राप्ति गराउँछ। सुवर्णलिंगले वैश्यहरूलाई महाधनपतिको पद प्रदान गर्छ तथा सुन्दर शिलालिंगले शूद्रहरूलाई महाशुद्धि प्रदान गर्छ। स्फटिकलिंग तथा बाणलिंगले सबैलाई तिनका समस्त कामनाहरू प्रदान गर्दछ। आफूले स्थापना गरेको नभए पनि अर्काले स्थापना गरेको स्फटिक वा बाणलिंगको पूजा गर्नुपर्छ। स्त्रीहरू, विशेषतः सधवाहरूका लागि पार्थिवलिंगको पूजाको विधान छ। प्रवृत्तिमार्गमा स्थित विधवाहरूका लागि स्फटिकलिंगको पूजा बताइएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विधवानां प्रवृत्तानां स्फाटिकं परिकीर्तितम्॥ ५१

विधवानां निवृत्तानां रसलिङ्गं विशिष्यते।
बाल्ये वा यौवने वापि वार्धके वापि सुव्रताः॥ ५२

शुद्धस्फटिकलिङ्गं तु स्त्रीणां तत्सर्वभोगदम्।
प्रवृत्तानां पीठपूजा सर्वाभीष्टप्रदा भुवि॥ ५३

पात्रेणैव प्रवृत्तस्तु सर्वपूजां समाचरेत्।
नैवेद्यं चाभिषेकान्ते शाल्यन्नेन समाचरेत्॥ ५४

पूजान्ते स्थापयेल्लिङ्गं सम्पुटेषु पृथग्गृहे।
करपूजानिवृत्तानां स्वभोज्यं तु निवेदयेत्॥ ५५

निवृत्तानां परं सूक्ष्मं लिङ्गमेव विशिष्यते।
विभूत्यभ्यर्चनं कुर्याद्विभूतिं च निवेदयेत्॥ ५६

पूजां कृत्वाथ तल्लिङ्गं शिरसा धारयेत्सदा।

विभूतिस्त्रिविधा प्रोक्ता लोकवेदशिवाग्निभिः॥ ५७

लोकाग्निजमथो भस्म द्रव्यशुद्ध्यर्थमावहेत्।
मृद्दारुलोहरूपाणां धान्यानां च तथैव च॥ ५८

तिलादीनां च द्रव्याणां वस्त्रादीनां तथैव च।
तथा पर्युषितानां च भस्मना शुद्धिरिष्यते॥ ५९

श्वादिभिर्दूषितानां च भस्मना शुद्धिरिष्यते।
सजलं निर्जलं भस्म यथायोग्यं तु योजयेत्॥ ६०

वेदाग्निजं तथा भस्म तत्कर्मान्तेषु धारयेत्।
मन्त्रेण क्रियया जन्यं कर्माग्नौ भस्मरूपधृक्॥ ६१

तद्भस्मधारणात्कर्म स्वात्मन्यारोपितं भवेत्।
अघोरेणात्ममन्त्रेण बिल्वकाष्ठं प्रदाहयेत्॥ ६२

शिवाग्निरिति सम्प्रोक्तस्तेन दग्धं शिवाग्निजम्।

छ। तर विरक्त विधवाहरूका लागि रसलिंगको पूजालाई नै श्रेष्ठ बताइएको छ। हे सुव्रतहरू हो! बाल्यकालमा, युवावस्थामा र बुढेसकालमा पनि शुद्ध स्फटिकमय शिवलिंगको पूजा स्त्रीहरूलाई समस्त भोगप्रदायक छ। गृहासक्त स्त्रीहरूका लागि पीठपूजा भूतलमा सम्पूर्ण अभीष्टदायक छ॥ ४७—५३॥

प्रवृत्तिमार्गमा हिँड्ने पुरुषले सुपात्र गुरुको सहयोगबाट नै समस्त पूजाकर्म सम्पन्न गर्नुपर्छ। इष्टदेवलाई अभिषेक गरिसकेपश्चात् नयाँ धानको चामलबाट बनेका [खीर आदि पक्वान्नद्वारा] नैवेद्य अर्पण गर्नुपर्छ। पूजाको समाप्तिपछि शिवलिंगलाई सम्पुटमा स्थापित गरी घरभित्र लगेर छुट्टै राख्नुपर्छ। जो निवृत्तिमार्गी पुरुष छन्, तिनका लागि हातमा नै शिवलिंग-पूजाको विधान छ। उनीहरूले भिक्षादिबाट प्राप्त भएको आफ्नो भोजनलाई नै नैवेद्यरूपमा निवेदित गर्नुपर्छ। निवृत्त पुरुषहरूका लागि सूक्ष्मलिंग नै श्रेष्ठ बताइन्छ। तिनले विभूति (खरानी) द्वारा पूजा गरून् र विभूतिलाई नै नैवेद्यरूपले निवेदित पनि गरून्। पूजा गरिसकेपछि त्यस लिंगलाई सदा आफ्नो शिरमा धारण गरून्॥ ५४—५६½॥

विभूति तीन प्रकारका बताइएका छन्—लोकाग्नि-जनित, वेदाग्निजनित र शिवाग्निजनित। लोकाग्निजनित वा लौकिक भस्मलाई द्रव्यहरूको शुद्धिका लागि ल्याएर राख्नुपर्छ। माटो, काठ र फलामका पात्रहरूको, धान्यहरूको, तिल आदि द्रव्यहरूको, वस्त्र आदिको तथा पर्युषित (बासी) वस्तुहरूको शुद्धि भस्मबाट हुन्छ। कुकुर आदिबाट दूषित भएका पात्रहरूको पनि शुद्धि भस्मबाट नै हुने मानिएको छ। वस्तु-विशेषको शुद्धिका लागि यथायोग्य सजल अथवा निर्जल भस्मको उपयोग गर्नुपर्छ॥ ५७—६०॥

वेदाग्निजनित जुन भस्म छ, त्यसलाई त्यही वैदिक कर्महरूको अन्तमा धारण गर्नुपर्छ। मन्त्र र क्रियाद्वारा जनित जुन होमकर्म छ, त्यो अग्निले भस्मको रूप धारण गर्दछ। त्यस भस्मलाई धारण गर्नाले त्यो कर्म आत्मामा आरोपित हुन्छ। अघोर-मूर्तिधारी शिवको जुन आफ्नो मन्त्र छ, त्यसलाई पढेर बेलको समिधा बाल्नुपर्छ। त्यस मन्त्रबाट अभिमन्त्रित अग्निलाई शिवाग्नि भनिएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कपिलागोमयं पूर्वं केवलं गव्यमेव वा॥ ६३
शम्यश्वत्थपलाशान्वा वटारग्वधबिल्वकान्।
शिवाग्निना दहेच्छुद्धं तद्वै भस्म शिवाग्निजम्॥ ६४
दर्भाग्नौ वा दहेत्काष्ठं शिवमन्त्रं समुच्चरन्।
सम्यक्संशोध्य वस्त्रेण नवकुम्भे निधापयेत्॥ ६५
दीप्त्यर्थं तत्तु सङ्ग्राह्यं मन्यते पूज्यतेऽपि च।

त्यसद्वारा बलेको काठको जुन भस्म हुन्छ, त्यो शिवाग्निजनित हो। कैली गाईको गोबर अथवा गाईको मात्र गोबरलाई तथा शमी, पीपल, पलाश, वर, अमलतास (राजवृक्ष) र बेल—यिनका दाउरालाई शिवाग्निले डढाउनुपर्छ। त्यो शुद्ध भस्मलाई शिवाग्निजनित मानिएको छ अथवा कुशको अग्निमा शिवमन्त्रको उच्चारणपूर्वक काठलाई डढाउनुपर्छ। फेरि त्यस भस्मलाई कपडाले राम्ररी छानेर नयाँ घडामा भरेर राख्नुपर्छ। त्यसलाई समय-समयमा आफ्नो कान्ति वा शोभाको वृद्धिका लागि धारण गर्नुपर्छ। यस्तो गर्ने पुरुष सम्मानित एवं पूजित हुन्छ॥ ६१—६५½॥

भस्मशब्दार्थ एवं हि शिवः पूर्वं तथाकरोत्॥ ६६
यथा स्वविषये राजा सारं गृह्णाति यत्करम्।
यथा मनुष्याः सस्यादीन्दग्ध्वा सारं भजन्ति वै॥ ६७
यथा हि जाठराग्निश्च भक्ष्यादीन्विविधान्बहून्।
दग्ध्वा सारतरं सारात्स्वदेहं परिपुष्यति॥ ६८
तथा प्रपञ्चकर्तापि स शिवः परमेश्वरः।
स्वाधिष्ठेयप्रपञ्चस्य दग्ध्वा सारं गृहीतवान्॥ ६९
दग्ध्वा प्रपञ्चं तद्भस्म स्वात्मन्यारोपयेच्छिवः।
उद्धूलनस्य व्याजेन जगत्सारं गृहीतवान्॥ ७०

पूर्वकालमा भगवान् शिवले भस्म शब्दको यस्तै अर्थ प्रकट गर्नुभएको थियो। जसरी राजाले आफ्नो राज्यमा सारभूत करलाई ग्रहण गर्दछन्, जसरी मनुष्य धान्य आदिलाई पकाएर त्यसको सार ग्रहण गर्दछ तथा जसरी जठराग्निले अनेकौँ प्रकारका भक्ष्य, भोज्य आदि पदार्थहरूलाई ठुलो मात्रामा ग्रहण गरी त्यसलाई पचाएर सारतत्त्व ग्रहण गर्छ र त्यस सारतत्त्वबाट स्वदेहको पोषण गर्दछ, त्यसै प्रकार प्रपंचकर्ता परमेश्वर शिवले पनि आफ्ना आधेय रूपले विद्यमान प्रपंचलाई डढाएर भस्मरूपले त्यसको सारतत्त्वलाई ग्रहण गर्नुभएको छ। प्रपंचलाई दग्ध गरी शिवले त्यसको भस्मलाई आफ्नो शरीरमा लगाउनुभएको छ। उहाँले विभूति (भस्म) घस्ने बहानाले जगत्को सारलाई नै ग्रहण गर्नुभएको छ॥ ६६—७०॥

स्वरत्नं स्थापयामास स्वकीये हि शरीरके।
केशमाकाशसारेण वायुसारेण वै मुखम्॥ ७१
हृदयं चाग्निसारेण त्वपां सारेण वै कटिम्।
जानुं चावनिसारेण तद्वत्सर्वं तदङ्गकम्॥ ७२

शिवले आफ्नो शरीरमा आफ्नू लागि रत्नस्वरूप भस्मलाई यस प्रकार स्थापित गर्नुभएको छ—आकाशको सारतत्त्व कपालमा, वायुको सारतत्त्व मुखमा, अग्निको सारतत्त्व हृदयमा, जलको सारतत्त्व कटिभागमा र पृथ्वीको सारतत्त्व घुँडामा धारण गर्नुभएको छ। यसै गरी उहाँका सारा अंग विभिन्न वस्तुहरूका साररूप हुन्॥ ७१-७२॥

ब्रह्मविष्ण्वोश्च रुद्राणां सारं चैव त्रिपुण्ड्रकम्।
तथा तिलकरूपेण ललाटान्ते महेश्वरः॥ ७३
भूवृद्ध्या सर्वमेतद्धि मन्यते स्वयमित्यसौ।
प्रपञ्चसारसर्वस्वमनेनैव वशीकृतम्॥ ७४

महेश्वरले आफ्नो निधारको बिचमा तिलकरूपले जुन त्रिपुण्ड्र धारण गर्नुभएको छ, त्यो ब्रह्मा, विष्णु र रुद्रको सारतत्त्व हो। यी सबै वस्तुहरूलाई जगत्को अभ्युदयको कारकतत्त्व मानिन्छ। स्वयं भगवान् शिवले नै प्रपंचको सार-सर्वस्वलाई आफ्नो वशमा गर्नुभएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तस्मादस्य वशीकर्ता नान्योऽस्ति स शिवः स्मृतः।
यथा सर्वमृगाणां च हिंसको मृगहिंसकः॥ ७५
अस्य हिंसामृगो नास्ति तस्मात्सिंह इतीरितः।

छ। अतः यिनलाई आफ्नो वशमा गर्ने दोस्रो कोही छैन, यसकारण उहाँलाई शिव भनिन्छ। जसरी समस्त मृगहरूका हिंसक मृग (पशु) सिंह कहलिन्छ र त्यसको हिंसा गर्ने दोस्रो कुनै मृग छैन, अतएव त्यसलाई सिंह भनिएको छ॥ ७३—७५१/२॥

शं नित्यं सुखमानन्दमिकारः पुरुषः स्मृतः॥ ७६

वकारः शक्तिरमृतं मेलनं शिव उच्यते।
तस्मादेवं स्वमात्मानं शिवं कृत्वार्चयेच्छिवम्॥ ७७

तस्मादुद्धूलनं पूर्वं त्रिपुण्ड्रं धारयेत्परम्।
पूजाकाले हि सजलं शुद्ध्यर्थं निर्जलं भवेत्॥ ७८

शकारको अर्थ हो नित्यसुख एवं आनन्द। इकारलाई पुरुष र वकारलाई अमृतस्वरूपा शक्ति भनिएको छ। यी सबको सम्मिलित रूपलाई नै शिव भनिन्छ। अतः यस रूपमा भगवान् शिवलाई आफ्नो आत्मा मानेर उहाँको पूजा गर्नुपर्छ। [साधकले] पहिला आफ्ना अंगहरूमा भस्म लगाओस्, फेरि निधारमा उत्तम त्रिपुण्ड्र धारण गरोस्। पूजाकालमा सजल भस्मको प्रयोग गरिन्छ र द्रव्यशुद्धिका लागि निर्जल भस्मको॥ ७६—७८॥

दिवा वा यदि वा रात्रौ नारी वाथ नरोऽपि वा।
पूजार्थं सजलं भस्म त्रिपुण्ड्रेणैव धारयेत्॥ ७९

त्रिपुण्ड्रं सजलं भस्म धृत्वा पूजां करोति यः।
शिवपूजाफलं साङ्गं तस्यैव हि सुनिश्चितम्॥ ८०

भस्म वै शिवमन्त्रेण धृत्वा ह्युच्चाश्रमी भवेत्।
शिवाश्रमीति सम्प्रोक्तः शिवैकपरमो यतः॥ ८१

शिवव्रतैकनिष्ठस्य नाशौचं न च सूतकम्।
ललाटेऽग्रे सितं भस्म तिलकं धारयेन्मृदा॥ ८२

स्वहस्ताद् गुरुहस्ताद्वा शिवभक्तस्य लक्षणम्।

दिन होस् अथवा रात्रि, नारी हुन् वा पुरुष; पूजा गर्नका लागि तिनले भस्म जलसहित नै त्रिपुण्ड्ररूपमा (निधारमा) धारण गर्नुपर्छ। जलमिश्रित भस्मलाई त्रिपुण्ड्ररूपमा धारण गरी जो व्यक्ति शिवको पूजा गर्दछ, त्यसलाई सांग शिव पूजाको फल तुरंत प्राप्त हुन्छ, यो सुनिश्चित छ। जो (प्राणी) शिवमन्त्रद्वारा भस्मलाई धारण गर्दछ, त्यो सबै (ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ तथा संन्यास) आश्रमहरूमा श्रेष्ठ हुन्छ। त्यसलाई शिवाश्रमी भनिन्छ; किनभने त्यो एकमात्र शिवलाई नै परम श्रेष्ठ मान्दछ। शिव-व्रतमा, एकमात्र शिवमा नै निष्ठा राख्नेलाई न त अशौचको दोष लाग्छ तथा न त सूतकको। निधारको अग्रभागमा आफ्नो हातले वा गुरुको हातद्वारा श्वेत भस्म वा माटोको तिलक लगाउनुपर्छ, यो शिवभक्तको लक्षण हो॥ ७९—८२१/२॥

गुणान्रुन्ध इति प्रोक्तो गुरुशब्दस्य विग्रहः॥ ८३

सविकारान्राजसादीन्गुणान्रुन्धे व्यपोहति।
गुणातीतः परशिवो गुरुरूपं समाश्रितः॥ ८४

गुणत्रयं व्यपोह्याग्रे शिवं बोधयतीति सः।
विश्वस्तानां तु शिष्याणां गुरुरित्यभिधीयते॥ ८५

जसले गुणहरूको प्रतिरोध गर्दछ, त्यो गुरु हो—यसैलाई 'गुरु' शब्दको विग्रह भनिन्छ। गुणातीत परम शिवले राजस आदि सविकार गुणहरूलाई हटाउनु-हुन्छ, यसकारण उहाँ सबैको गुरुरूपको आश्रय लिएर स्थित हुनुहुन्छ। गुरुले पहिला विश्वासी शिष्यहरूको तीनवटै गुणलाई हटाएर तिनलाई शिवतत्त्वको बोध गराउँनुहुन्छ, यसैले उहाँलाई गुरु भनिन्छ॥ ८३-८५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तस्माद् गुरुशरीरं तु गुरुलिङ्गं भवेद् बुधः।
गुरुलिङ्गस्य पूजा तु गुरुशुश्रूषणं भवेत्॥ ८६
श्रुतं करोति शुश्रूषा कायेन मनसा गिरा।
उक्तं यद् गुरुणा पूर्वं शक्यं वाऽशक्यमेव वा॥ ८७
करोत्येव हि पूतात्मा प्राणैरपि धनैरपि।
तस्माद्वै शासने योग्यः शिष्य इत्यभिधीयते॥ ८८

शरीराद्यर्थकं सर्वं गुरोर्दत्त्वा सुशिष्यकः।
अग्रपाकं निवेद्याग्रे भुञ्जीयाद् गुर्वनुज्ञया॥ ८९
शिष्यः पुत्र इति प्रोक्तः सदा शिष्यत्वयोगतः।
जिह्वालिङ्गान्मन्त्रशुक्रं कर्णयोनौ निषिच्य वै॥ ९०
जातः पुत्रो मन्त्रपुत्रः पितरं पूजयेद् गुरुम्।
निमज्जयति पुत्रं वै संसारे जनकः पिता॥ ९१
सन्तारयति संसाराद् गुरुर्वै बोधकः पिता।
उभयोरन्तरं ज्ञात्वा पितरं गुरुमर्चयेत्॥ ९२
अङ्गशुश्रूषया चापि धनाद्यैः स्वार्जितैर्गुरुम्।
पादादिकेशपर्यन्तं लिङ्गान्यङ्गानि यद्गुरोः॥ ९३
धनरूपैः पादुकाद्यैः पादसङ्ग्रहणादिभिः।
स्नानाभिषेकनैवेद्यैर्भोजनैश्च प्रपूजयेत्॥ ९४

गुरुपूजैव पूजा स्याच्छिवस्य परमात्मनः।
गुरुसेवा तु यत्सर्वमात्मशुद्धिकरी भवेत्॥ ९५

गुरोः शेषः शिवोच्छिष्टं जलमन्नादिनिर्मितम्।
शिष्याणां शिवभक्तानां ग्राह्यं भोज्यं भवेद् द्विजाः॥ ९६

गुर्वनुज्ञाविरहितं चोरवत्सकलं भवेत्।
गुरोरपि विशेषज्ञं यत्नाद् गृह्णीत वै गुरुम्॥ ९७

अज्ञानमोचनं साध्यं विशेषज्ञो हि मोचकः।

अतः बुद्धिमान् शिष्यले ती गुरुका शरीरलाई गुरुलिंग सम्झनुपर्छ। गुरुको सेवा-शुश्रूषा नै गुरुलिंगको पूजा हो। शरीर, मन र वाणीद्वारा गरिएको गुरुसेवाबाट शास्त्रज्ञान प्राप्त हुन्छ। आफ्नो शक्तिले सक्ने अथवा नसक्ने जुनसुकै कुराको पनि गुरुले आदेश दिएमा, प्राण तथा धन लगाएर पवित्रात्मा शिष्य त्यसको पालन गर्दछ भने, यस प्रकार अनुशासित रहनेलाई शिष्य भनिन्छ॥ ८६—८८॥

सुशील शिष्यले शरीर-धारणका सबै साधन गुरुलाई अर्पित गरी तथा अन्नको पहिलो पाक उहाँलाई समर्पित गरी उहाँको आज्ञा लिएर भोजन गर्नुपर्छ। निरन्तर गुरुको सान्निध्यका कारण शिष्यलाई पुत्र भनिन्छ। जिभ्रोरूपी लिंगबाट मन्त्ररूपी शुक्रको कानरूपी योनिमा आधान गरी जुन पुत्र उत्पन्न हुन्छ, त्यसलाई मन्त्रपुत्र भनिन्छ। उसले आफ्नो पितास्वरूप गुरुको सेवा गर्नुपर्छ। जन्मदिने पिताले त पुत्रलाई संसारप्रपंचमा डुबाइदिन्छन् भने ज्ञान प्रदान गर्ने गुरुरूपी पिताले संसारसागरबाट पार गराइदिन्छन्। यी दुवै पिताहरूको अन्तरलाई जानेर आफूले कमाएको धनले तथा आफ्नो शरीरले गुरुरूपी पिताको विशेष सेवा-पूजा गर्नुपर्छ। पैतालादेखि शिरसम्म गुरुका शरीरको जुन अंग छन्, तिनको भिन्न-भिन्न प्रकारले यथा—स्वयं आर्जित धनद्वारा उपयोगको सामग्री मगाएर, आफ्नै हातले गोडा मिचेर, स्नान-अभिषेक आदि गराएर तथा नैवेद्य-भोजनादि दिएर पूजा गर्नुपर्छ॥ ८९—९४॥

गुरुको पूजा नै परमात्मा शिवको पूजा हो। गुरुको उपयोगबाट बचेका सारा पदार्थ आत्मशुद्धि गराउने खालका हुन्छन्॥ ९५॥

हे द्विजहरू हो! गुरुको शेष, जल तथा अन्न आदिबाट बनेका शिवोच्छिष्ट शिवभक्त तथा शिष्यहरूका लागि ग्राह्य तथा भोज्य हुन्छ। गुरुको आज्ञा विना उपयोगमा ल्याइएका सबथोक त्यस्तै हुन्छ, जसरी चोरले चोरी गरी ल्याएको वस्तुको उपयोग गर्दछ। गुरुभन्दा पनि विशेष ज्ञानवान् पुरुष भेट्टाइयो भने उनलाई पनि यत्नपूर्वक गुरु बनाउनुपर्छ। अज्ञानरूपी बन्धनबाट छुट्नु नै जीवमात्रका लागि साध्य पुरुषार्थ हो। अतः जो विशेष ज्ञानवान् छन्, तिनैले जीवलाई त्यस बन्धनबाट छुटाउन सक्दछन्॥ ९६-९७१/२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आदौ च विघ्नशमनं कर्तव्यं कर्मपूर्तये॥ ९८
निर्विघ्नेन कृतं साङ्गं कर्म वै सफलं भवेत्।
तस्मात्सकलकर्मादौ विघ्नेशं पूजयेद् बुधः॥ ९९
सर्वबाधानिवृत्त्यर्थं सर्वान्देवान् यजेद् बुधः।

कर्मको सांगोपांगो पूर्तिका लागि पहिला विघ्नशान्ति गर्नुपर्छ। निर्विघ्नतापूर्वक सम्पन्न भएको कार्य नै सफल हुन्छ। यसकारण सबै कर्महरूको प्रारम्भमा बुद्धिमान् व्यक्तिले विघ्नविनाशक गणपतिको पूजा गर्नुपर्छ। सबै बाधाहरूलाई हटाउनका लागि विद्वान् व्यक्तिले सबै देवताहरूको पूजा गर्नुपर्छ॥ ९८-९९१/२॥

ज्वरादिग्रन्थिरोगाश्च बाधा ह्याध्यात्मिकी मता॥ १००
पिशाचजम्बुकादीनां वल्मीकाद्युद्भवे तथा।
अकस्मादेव गोधादिजन्तूनां पतनेऽपि च॥ १०१
गृहे कच्छपसर्पस्त्रीदुर्जनादर्शनेऽपि च।
वृक्षनारीगवादीनां प्रसूतिविषयेऽपि च॥ १०२
भाविदुःखं समायाति तस्मात्ते भौतिका मताः।
अमेध्याशनिपातश्च महामारी तथैव च॥ १०३
ज्वरमारी विषूचिश्च गोमारी च मसूरिका।
जन्मर्क्षग्रहसङ्क्रान्तिग्रहयोगाः स्वराशिके॥ १०४
दुःस्वप्नदर्शनाद्याश्च मता वै ह्याधिदैविकाः।

ज्वरो आदि ग्रन्थिरोगलाई आध्यात्मिक बाधा भनिन्छ। पिशाच तथा स्याल आदिलाई देख्नु, कमिला–धमिरा आदि जमीनमाथि निस्केर आउनु, अकस्मात् छेपारो आदि जन्तुहरू खस्नु, घरमा कछुवा, सर्प, दुष्ट स्त्रीलाई देख्नु, वृक्ष, नारी र गाई आदिको प्रसूतिको दर्शन हुनु आगामी दुःखका संकेत हुन्। अतः यिनलाई आधिभौतिक बाधा मानिन्छ। कुनै अपवित्र वस्तु खस्नु, बिजुली चम्कनु, महामारी, ज्वरो, हैजा, गोमारी, मसूरिका (एक प्रकारको शीतला रोग), जन्मनक्षत्रमा ग्रहण, संक्रान्ति, आफ्नो राशिमा अनेक ग्रहहरूको योग हुनु तथा दुःस्वप्नदर्शन आदिलाई आधिदैविक बाधा भनिन्छ॥ १००—१०४१/२॥

शवचाण्डालपतितस्पर्शादन्तर्गृहे गते॥ १०५
एतादृशे समुत्पन्ने भाविदुःखस्य सूचके।
शान्तियज्ञं तु मतिमान्कुर्यात्तद्दोषशान्तये॥ १०६
देवालयेऽथ गोष्ठे वा चैत्ये वापि गृहाङ्गणे।
प्रदेशोन्नतधिष्ण्ये वै द्विहस्ते च स्वलङ्कृते॥ १०७
भारमात्रं व्रीहिधान्यं प्रस्थाप्य परिसृत्य च।
मध्ये विलिख्य कमलं तथा दिक्षु विलिख्य वै॥ १०८
तन्तुना वेष्टितं कुम्भं नवगुग्गुलधूपितम्।
मध्ये स्थाप्य महाकुम्भं तथा दिक्ष्वपि विन्यसेत्॥ १०९

शव, चाण्डाल र पतितको स्पर्श अथवा यिनीहरू घरभित्र आउनु भावी दुःखका सूचक हुन्। बुद्धिमान् व्यक्तिले ती दोषहरूको शान्तिका लागि शान्तियज्ञ गर्नुपर्दछ। कुनै मन्दिर, गौशाला, यज्ञशाला अथवा घरको आँगनमा जहाँ दुई हातमाथिको अग्लो जमीन होस्, त्यसलाई राम्री सफा गरी त्यसमाथि एक भार (एकपाथि) धान राखेर त्यसलाई फिँजाइदिनू। त्यसको बिचमा कमल बनाउनू तथा कोणसहित आठओटा दिशाहरूमा पनि कमल बनाउनू। फेरि प्रधान कलशमा धागो बाँधेर तथा गोकुल धूप देखाएर त्यसलाई बिचमा तथा दिशाहरूमा बनाइएका कमलहरूमाथि अन्य आठ कलश स्थापित गरिदिनू॥ १०५—१०९॥

सनालाम्रककूर्चादीन्कलशांश्च तथाष्टसु।
पूरयेन्मन्त्रपूतेन पञ्चद्रव्ययुतेन हि॥ ११०
प्रक्षिपेन्नवरत्नानि नीलादीन्क्रमशस्तथा।
कर्मज्ञं च सपत्नीकमाचार्यं वरयेद् बुधः॥ १११

आठ कलशहरूमा कमल, आम्रपल्लव, कुश हालेर [चन्दन आदि] पंचद्रव्यले युक्त अभिमन्त्रित जलले तिनलाई भरिदिनू। ती समस्त कलशहरूमा नीलम आदि नवरत्नहरूलाई क्रमशः हाल्नुपर्छ। तत्पश्चात् बुद्धिमान् यजमानले कर्मकाण्ड जान्ने सपत्नीक आचार्यलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुवर्णप्रतिमां विष्णोरिन्द्रादीनां च निक्षिपेत्।
सशिरस्के मध्यकुम्भे विष्णुमावाह्य पूजयेत्॥ ११२

प्रागादिषु यथामन्त्रमिन्द्रादीन्क्रमशो यजेत्।
तत्तन्नाम्ना चतुर्थ्या च नमोऽन्तेन यथाक्रमम्॥ ११३

वरण गरून्। भगवान् विष्णुको स्वर्णप्रतिमा तथा इन्द्रादि देवताहरूको पनि प्रतिमा बनाएर ती कलशहरूमा चढाइदिनू। पूर्णपात्रले ढाकिएको बिचको कलशमा भगवान् विष्णुको आवाहन गरी उहाँको पूजा गर्नुपर्छ। पूर्व दिशाबाट प्रारम्भ गरी सबै दिशाहरूमा मन्त्रानुसार इन्द्रादिको क्रमशः पूजा गर्नुपर्छ। उनीहरूको नाममा चतुर्थी विभक्तिसहित नमः को प्रयोग गर्दै उनीहरूको पूजा गर्नुपर्छ॥ ११०—११३॥

आवाहनादिकं सर्वमाचार्येणैव कारयेत्।
आचार्यऋत्विजैः सार्धं तन्मन्त्रान्प्रजपेच्छतम्॥ ११४

कुम्भस्य पश्चिमे भागे जपान्ते होममाचरेत्।
कोटिं लक्षं सहस्रं वा शतमष्टोत्तरं बुधाः॥ ११५

एकाहं वा नवाहं वा तथा मण्डलमेव वा।
यथायोग्यं प्रकुर्वीत कालदेशानुसारतः॥ ११६

आवाहनादि सारा कार्य आचार्यद्वारा सम्पन्न गराउनुपर्छ तथा आचार्य र ऋत्विजहरूसहित ती देवताहरूका मन्त्रलाई सय-सय पटक जप गर्नुपर्छ। कलशहरूको पश्चिम दिशामा जपपछि होम गर्नुपर्छ। हे विद्वज्जनहरू हो! त्यो जपहोम करोड, लाख, हजार अथवा १०८ को संख्यामा पनि गर्न सकिन्छ। यस विधिले एक दिन, नौ दिन अथवा चालीस दिनमा देश-कालको व्यवस्थानुसार [शान्तियज्ञ] यथोचित रूपमा सम्पन्न गर्नुपर्छ॥ ११४—११६॥

शमीहोमश्च शान्त्यर्थे वृत्त्यर्थे च पलाशकम्।
समिदन्नाज्यकैर्द्रव्यैर्नाम्ना मन्त्रेण वा हुनेत्॥ ११७

प्रारम्भे यत्कृतं द्रव्यं तत्क्रियान्तं समाचरेत्।
पुण्याहं वाचयित्वान्ते दिने सम्प्रोक्षयेज्जलैः॥ ११८

ब्राह्मणान्भोजयेत्पश्चाद्यावदाहुतिसङ्ख्यया।
आचार्यश्च हविष्याशी ऋत्विजश्च भवेद् बुधाः॥ ११९

शान्तिका लागि शमी तथा वृत्ति (रोजगार)-का लागि पलाशको समिधाले, अन्न, घृत तथा [सुगन्धित] द्रव्यहरूले ती देवताहरूको नाम अथवा मन्त्रहरूद्वारा हवन गर्नुपर्छ। प्रारम्भमा जुन द्रव्यको उपयोग गरिएको छ, अन्तसम्म त्यसैको प्रयोग गर्दै रहनुपर्छ। अन्तिम दिन पुण्याहवाचन गराएर कलशहरूको जलले प्रोक्षण गर्नुपर्छ। तत्पश्चात् आहुति संख्याको बराबर ब्राह्मणहरूलाई भोजन गराउनुपर्छ। हे विद्वान हो! आचार्य र ऋत्विजहरूलाई हविष्यको भोजन गराउनुपर्छ॥ ११७—११९॥

आदित्यादीन्ग्रहानिष्ट्वा सर्वहोमान्त एव हि।
ऋत्विग्भ्यो दक्षिणां दद्यान्नवरत्नं यथाक्रमम्॥ १२०

दशदानं ततः कुर्याद् भूरिदानं ततः परम्।
बालानामुपनीतानां गृहिणां वनिनां धनम्॥ १२१

कन्यानां च सभर्तृणां विधवानां ततः परम्।
तन्त्रोपकरणं सर्वमाचार्याय निवेदयेत्॥ १२२

सूर्य आदि नवग्रहको होमको अन्तमा पूजा गर्नुपर्छ। ऋत्विजहरूलाई क्रमानुसार नवरत्नको दक्षिणा दिनुपर्छ। तत्पश्चात् दशदान गर्नुपर्छ र त्यसपछि भूयसीदान गर्नुपर्छ। बालक, यज्ञोपवीती, गृहस्थाश्रमी र वानप्रस्थिहरूलाई धन दिनुपर्छ। तत्पश्चात् कन्या, सधवा र विधवा स्त्रीहरूलाई दिइसकेपश्चात् बचेको तथा यज्ञमा बचेका सारा सामग्री आचार्यलाई समर्पित गरिदिनुपर्छ॥ १२०—१२२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्पातानां च मारीणां दुःखस्वामी यमः स्मृतः।
तस्माद्यमस्य प्रीत्यर्थं कालदानं प्रदापयेत्॥ १२३

शतनिष्केण वा कुर्याद्दशनिष्केण वा पुनः।
पाशांकुशधरं कालं कुर्यात्पुरुषरूपिणम्॥ १२४

तत्स्वर्णप्रतिमादानं कुर्याद्दक्षिणया सह।
तिलदानं ततः कुर्यात्पूर्णायुष्यप्रसिद्धये॥ १२५

आज्यावेक्षणदानं च कुर्याद्व्याधिनिवृत्तये।
सहस्रं भोजयेद्विप्रान्दरिद्रः शतमेव वा॥ १२६

वित्ताभावे दरिद्रस्तु यथाशक्ति समाचरेत्।
भैरवस्य महापूजां कुर्याद्भूतादिशान्तये॥ १२७

महाभिषेकं नैवेद्यं शिवस्यान्ते तु कारयेत्।
ब्राह्मणान्भोजयेत्पश्चाद्भूरिभोजनरूपतः॥ १२८

एवं कृतेन यज्ञेन दोषशान्तिमवाप्नुयात्।
शान्तियज्ञमिमं कुर्याद्वर्षे वर्षे तु फाल्गुने॥ १२९

दुर्दर्शनादौ सद्यो वै मासमात्रे समाचरेत्।
महापापादिसम्प्राप्तौ कुर्याद्भैरवपूजनम्॥ १३०

महाव्याधिसमुत्पत्तौ सङ्कल्पं पुनराचरेत्।
सर्वाभावे दरिद्रस्तु दीपदानमथाचरेत्॥ १३१

तदप्यशक्तः स्नात्वा वै यत्किञ्चिद् दानमाचरेत्।
दिवाकरं नमस्कुर्यान्मन्त्रेणाष्टोत्तरं शतम्॥ १३२

सहस्रमयुतं लक्षं कोटिं वा कारयेद् बुधः।
नमस्कारात्मयज्ञेन तुष्टाः स्युः सर्वदेवताः॥ १३३

त्वत्स्वरूपेऽर्पिता बुद्धिर्न तेऽशून्ये च रोचते।
या चास्त्यस्मदहन्तेति त्वयि दृष्टे विवर्जिता॥ १३४

नम्रोऽहं हि स्वदेहेन भो महांस्त्वमसि प्रभो।
न शून्यो मत्स्वरूपो वै तव दासोऽस्मि साम्प्रतम्॥ १३५

यथायोग्यं स्वात्मयज्ञं नमस्कारं प्रकल्पयेत्।
अथात्र शिवनैवेद्यं दत्त्वा ताम्बूलमाहरेत्॥ १३६

उत्पात, महामारी र दुःखहरूका स्वामी यमराजलाई मानिन्छ। यसकारण यमराजको प्रसन्नताका लागि कालप्रतिमाको दान गर्नुपर्छ। सय निष्क वा दस निष्कको परिमाणको पाश र अंकुश धारण गरेका पुरुषको आकारको स्वर्णप्रतिमा बनाउनुपर्छ। त्यस स्वर्णप्रतिमालाई दक्षिणासहित दान गर्नुपर्छ। त्यसपछि पूर्णायु प्राप्त गर्नका लागि तिलको दान गर्नुपर्छ। रोगनिवारणका लागि घिउमा आफ्नो छायाँ देखाएर दान गर्नुपर्छ। हजार ब्राह्मणहरूलाई भोजन गराउनुपर्छ, धनको अभावमा सय अथवा यथाशक्ति ब्राह्मणहरूलाई भोजन गराउनु पर्छ॥ १२३—१२६$^{१}/_{२}$॥

भूत आदिको शान्तिका लागि भैरवको महापूजा गर्नुपर्छ। अन्तमा भगवान् शिवको महाभिषेक र नैवेद्य समर्पित गरी ब्राह्मणहरूलाई भूरिभोजन गराउनु पर्छ॥ १२७-१२८॥

यस प्रकार यज्ञ सम्पन्न गर्नाले दोषहरूको शान्ति हुन्छ। यस शान्तियज्ञको आयोजना प्रतिवर्ष फाल्गुनमासमा गर्नुपर्छ। अशुभ दर्शन भएमा तुरंत अथवा एक महिना भित्र यज्ञको आयोजना गर्नुपर्छ। महापाप हुन गयो भने भैरवको पूजा गर्नुपर्छ। महाव्याधि भयो भने यज्ञको पुनः संकल्प लिएर त्यसलाई सम्पन्न गर्नुपर्छ। अकिंचन दरिद्र व्यक्तिले भने केवल दीपदान गरून्। त्यति पनि गर्न नसके स्नान गरी केही दान गरिदिनू। एक सय आठ, एक हजार, दश हजार, एक लाख वा एक करोड मन्त्रहरूले भगवान् सूर्यलाई नमस्कार गर्नुपर्छ। यस नमस्कारात्मक यज्ञबाट सबै देवता प्रसन्न हुन जान्छन्॥ १२९—१३३॥

भगवान् शिवको यस प्रकार प्रार्थना गर्नू—मेरो बुद्धि हजुरको ज्योतिर्मय पूर्णस्वरूपमा लागेको छ। ममा जुन अहंता थियो, त्यो हजुरको दर्शनले नष्ट भएको छ। म आफ्नो शरीरबाट हजुरलाई प्रणाम गर्दछु। हे प्रभो! हजुर महान् हुनुहुन्छ। हजुर पूर्ण हुनुहुन्छ र मेरो स्वरूप पनि हजुरकै हो, तापनि यस समय म हजुरको दास हुँ। यस प्रकार यथायोग्य नमस्कारपूर्वक स्वात्मयज्ञ गर्नुपर्छ। तत्पश्चात् भगवान् शिवलाई नैवेद्य दिई सुपारी समर्पित गर्नुपर्छ॥ १३४—१३६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिवप्रदक्षिणं कुर्यात्स्वयमष्टोत्तरं शतम्।
सहस्रमयुतं लक्षं कोटिमन्येन कारयेत्॥ १३७

शिवप्रदक्षिणात्सर्वं पातकं नश्यति क्षणात्।
दुःखस्य मूलं व्याधिर्हि व्याधेर्मूलं हि पातकम्॥ १३८

धर्मेणैव हि पापानामपनोदनमीरितम्।
शिवोद्देशकृतो धर्मः क्षमः पापविनोदने॥ १३९

अध्यक्षं शिवधर्मेषु प्रदक्षिणमितीरितम्।
क्रियया जपरूपं हि प्रणवं तु प्रदक्षिणम्॥ १४०

जननं मरणं द्वन्द्वं मायाचक्रमितीरितम्।
शिवस्य मायाचक्रं हि बलिपीठं तदुच्यते॥ १४१

बलिपीठं समारभ्य प्रादक्षिण्यक्रमेण वै।
पदे पदान्तरं गत्वा बलिपीठं समाविशेत्॥ १४२

नमस्कारं ततः कुर्यात्प्रदक्षिणमितीरितम्।
निर्गमाज्जननं प्राप्तं नमस्त्वात्मसमर्पणम्॥ १४३

जननं मरणं द्वन्द्वं शिवमायासमर्पितम्।
शिवमायार्पितद्वन्द्वो न पुनस्त्वात्मभाग्भवेत्॥ १४४

यावद्देहं क्रियाधीनः स जीवो बद्ध उच्यते।
देहत्रयवशीकारे मोक्ष इत्युच्यते बुधैः॥ १४५

मायाचक्रप्रणेता हि शिवः परमकारणम्।
शिवमायार्पितद्वन्द्वं शिवस्तु परिमार्जति॥ १४६
शिवेन कल्पितं द्वन्द्वं तस्मिन्नेव समर्पयेत्।

शिवस्यातिप्रियं विद्यात्प्रदक्षिणनमो बुधाः॥ १४७

प्रदक्षिणनमस्काराः शिवस्य परमात्मनः।
षोडशैरुपचारैश्च कृता पूजा फलप्रदा॥ १४८

प्रदक्षिणाऽविनाश्यं हि पातकं नास्ति भूतले।
तस्मात्प्रदक्षिणेनैव सर्वपापं विनाशयेत्॥ १४९

अनि आफैँले १०८ पटक शिवको प्रदक्षिणा गर्नुपर्छ। एक हजार, दस हजार, एक लाख वा करोड प्रदक्षिणा अरूद्वारा गराउन सकिन्छ। शिवको प्रदक्षिणाले सारा पापहरू तत्क्षण नाश हुन्छन्। दुःखको मूल व्याधि हो र व्याधिको मूल पाप हो। धर्माचरणबाट नै पापहरूको नाश बताइएको छ। भगवान् शिवको उद्देश्यले गरिएका धर्माचरण पापहरूको नाश गर्नमा समर्थ हुन्छ॥ १३७—१३९॥

शिवका धर्महरूमा प्रदक्षिणालाई प्रधान बताइएको छ। क्रियाबाट जपरूप भएर प्रणव नै प्रदक्षिणा बन्दछ। जन्म र मरणको द्वन्द्वलाई नै मायाचक्र बताइएको छ। शिवको मायाचक्रलाई नै बलिपीठ भनिन्छ। बलिपीठबाट आरम्भ गरी प्रदक्षिणाको क्रमले एउटा गोडापछि दोस्रो गोडा राख्दै बलिपीठमा पुनः प्रवेश गर्नुपर्छ। तत्पश्चात् नमस्कार गर्नुपर्छ। यसलाई प्रदक्षिणा भनिन्छ। बलिपीठबाट बाहिर निस्कनु जन्म प्राप्त हुनु हो र नमस्कार गर्नु नै आत्मसमर्पण हो॥ १४०—१४३॥

जन्म र मरणरूपी द्वन्द्व भगवान् शिवको मायाबाट प्राप्त हुन्छ। जसले यी दुवैलाई शिवकै मायामा अर्पित गर्छ, त्यो फेरि शरीरको बन्धनमा पर्दैन। जबसम्म शरीर रहन्छ, तबसम्म जो क्रियाकै अधीन हुन्छ, त्यो जीवलाई बद्ध भनिन्छ। स्थूल, सूक्ष्म र कारण—तीनवटै शरीरलाई वशमा गरेपछि जीवको मोक्ष हुन्छ, यस्तो ज्ञानी पुरुषहरूको कथन छ। मायाचक्रका निर्माता भगवान् शिव नै परम कारण हुनुहुन्छ। उहाँ आफ्नो मायाले फैलाएको द्वन्द्वलाई आफैँ परिमार्जन गर्नुहुन्छ अर्थात् शान्त पार्नुहुन्छ। अतः शिवद्वारा कल्पित द्वन्द्व उहाँलाई नै समर्पित गरिदिनुपर्छ॥ १४४—१४६१/२॥

हे विद्वान् हो! प्रदक्षिणा र नमस्कार शिवलाई अतिप्रिय छ, यस्तो जान्नुपर्छ। भगवान् शिवको प्रदक्षिणा, नमस्कार र षोडशोपचार पूजा अत्यन्त फलदायी हुन्छ। यस्तो कुनै पाप यस पृथ्वीमा छैन, जुन शिवप्रदक्षिणाबाट नष्ट हुन न सकोस्। यस कारण प्रदक्षिणाको आश्रय लिएर सबै पापहरूको नाश गर्नुपर्छ॥ १४७—१४९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिवपूजापरो मौनी सत्यादिगुणसंयुतः।
क्रियातपोजपज्ञानध्यानेष्वेकैकमाचरेत् ॥ १५०
ऐश्वर्यं दिव्यदेहश्च ज्ञानमज्ञानसङ्क्षयः।
शिवसान्निध्यमित्येतत्क्रियादीनां फलं भवेत् ॥ १५१
करणेन फलं याति तमसः परिहापनात्।
जन्मनः परिमार्जित्वाज्ज्ञबुद्ध्या जनितानिव ॥ १५२
यथादेशं यथाकालं यथादेहं यथाधनम्।
यथायोग्यं प्रकुर्वीत क्रियादीन् शिवभक्तिमान् ॥ १५३
न्यायार्जितसुवित्तेन वसेत्प्राज्ञः शिवस्थले।
जीवहिंसादिरहितमतिक्लेशविवर्जितम् ॥ १५४
पञ्चाक्षरेण जप्तं च तोयमन्नं विदुः सुखम्।
अथवाहुर्दरिद्रस्य भिक्षान्नं ज्ञानदं भवेत् ॥ १५५
शिवभक्तस्य भिक्षान्नं शिवभक्तिविवर्धनम्।
शम्भुसत्रमिति प्राहुर्भिक्षान्नं शिवयोगिनः ॥ १५६
येन केनाप्युपायेन यत्र कुत्रापि भूतले।
शुद्धान्नभुक्सदा मौनी रहस्यं न प्रकाशयेत् ॥ १५७
प्रकाशयेत्तु भक्तानां शिवमाहात्म्यमेव हि।
रहस्यं शिवमन्त्रस्य शिवो जानाति नापरः ॥ १५८
शिवभक्तो वसेन्नित्यं शिवलिङ्गं समाश्रितः।
स्थाणुलिङ्गाश्रयेणैव स्थाणुर्भवति भूसुराः ॥ १५९
पूजया चरलिङ्गस्य क्रमान्मुक्तो भवेद् ध्रुवम्।
सर्वमुक्तं समासेन साध्यसाधनमुत्तमम् ॥ १६०
व्यासेन यत्पुरा प्रोक्तं यच्छ्रुतं हि मया पुरा।
भद्रमस्तु हि वोऽस्माकं शिवभक्तिर्दृढास्तु सा ॥ १६१
य इमं पठतेऽध्यायं यः शृणोति नरः सदा।
शिवज्ञानं स लभते शिवस्य कृपया बुधाः ॥ १६२

जो शिवको पूजामा तत्पर हुन्छ, त्यो मौन रहोस्, सत्य आदि गुणहरूले संयुक्त होस् तथा क्रिया, जप, तप, ज्ञान र ध्यानमध्ये एउटा-एउटाको अनुष्ठान गरिरहोस्। ऐश्वर्य, दिव्य शरीरको प्राप्ति, ज्ञानको उदय, अज्ञानको निवारण र भगवान् शिवको सामीप्यको लाभ—यी क्रमशः क्रिया आदिका फल हुन्। निष्काम कर्म गर्नाले अज्ञानको निवारण हुन गई शिवभक्त पुरुषले त्यसको उचित फल पाउँदछ। शिवभक्त पुरुषले देश, काल, शरीर र धनअनुसार यथायोग्य क्रिया आदिको अनुष्ठान गरून्॥ १५०—१५३॥

न्यायोपार्जित उत्तम धनले निर्वाह गर्दै विद्वान् पुरुषहरू शिवको स्थानमा निवास गरून्। जीवहिंसा आदिबाट रहित र अत्यन्त क्लेशशून्य जीवन बिताउँदै पंचाक्षर-मन्त्रको जपद्वारा अभिमन्त्रित अन्न र जललाई सुखस्वरूप मानिएको छ अथवा यो पनि भनिन्छ कि दरिद्र पुरुषका लागि भिक्षाबाट प्राप्त भएको अन्न ज्ञान दिनेवाला हुन्छ, शिवभक्तलाई भिक्षान्न प्राप्त हुन्छ भने त्यो शिवभक्तिलाई बढाउनेवाला हुन्छ। शिवयोगी पुरुष भिक्षान्नलाई शम्भुसत्र भन्दछन्। जुनसुकै पनि उपायले जहाँ-कहीँ पनि भूतलमा शुद्ध अन्नको भोजन गर्दै सदा मौनभावले रहनू र आफ्नो साधनको रहस्य कसैप्रति प्रकट नगर्नू। भक्तहरूका समक्ष मात्र शिवको माहात्म्यलाई प्रकाशित गर्नु। शिवमन्त्रको रहस्यलाई भगवान् शिव नै जान्नुहुन्छ, अरू कसैले जान्दैनन्॥ १५४—१५८॥

शिवभक्तले सदा शिवलिंगको आश्रित भएर वास गर्नुपर्छ। हे ब्राह्मण हो! शिवलिंगाश्रयको प्रभावले त्यो भक्त पनि शिवरूप नै हुन्छ। चरलिंगको पूजा गर्नाले त्यो क्रमशः अवश्य नै मुक्त हुन्छ। महर्षि व्यासले पूर्वकालमा जे भन्नुभएको थियो र मैले जस्तो सुनेको थिएँ, ती सबै साध्य र साधनको संक्षेपमा मैले वर्णन गरिदिएँ। तपाईंहरू सबैको कल्याण होस् र भगवान् शिवमा तपाईंहरूको दृढ भक्ति बनिरहोस्। जो मनुष्य यस अध्यायको पाठ गर्दछ अथवा जो यसलाई सुन्छ, हे विज्ञजन हो! त्यसले भगवान् शिवको कृपाले शिवज्ञानलाई प्राप्त गर्दछ॥ १५९—१६२॥

इति श्रीशिवमहापुराणे प्रथमायां विद्येश्वरसंहितायां साध्यसाधनखण्डे शिवलिङ्गमाहात्म्यवर्णनं नामाष्टदशोऽध्यायः ॥ १८ ॥

॥ यस प्रकार श्रीशिवमहापुराण अन्तर्गत प्रथम विद्येश्वरसंहिताको साध्यसाधनखण्डमो शिवलिङ्ग माहात्म्यको वर्णन नामक अठारौँ अध्याय पूर्ण भयो॥ १८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथैकोनविंशोऽध्यायः

पार्थिव शिवलिंग पूजाको माहात्म्य

ऋषय ऊचुः

सूत सूत चिरञ्जीव धन्यस्त्वं शिवभक्तिमान्।
सम्यगुक्तस्त्वया लिङ्गमहिमा सत्फलप्रदः॥ १

यत्र पार्थिवमाहेशलिङ्गस्य महिमाधुना।
सर्वोत्कृष्टश्च कथितो व्यासतो ब्रूहि तं पुनः॥ २

सूत उवाच

शृणुध्वमृषयः सर्वे सद्भक्त्यादरतोऽखिलाः।
शिवपार्थिवलिङ्गस्य महिमा प्रोच्यते मया॥ ३

उक्तेष्वेतेषु लिङ्गेषु पार्थिवं लिङ्गमुत्तमम्।
तस्य पूजनतो विप्रा बहवः सिद्धिमागताः॥ ४

हरिर्ब्रह्मा च ऋषयः सप्रजापतयस्तथा।
सम्पूज्य पार्थिवं लिङ्गं प्रापुः सर्वेप्सितं द्विजाः॥ ५

देवासुरमनुष्याश्च गन्धर्वोरगराक्षसाः।
अन्येऽपि बहवः सिद्धिं तं सम्पूज्य गताः पराम्॥ ६

कृते रत्नमयं लिङ्गं त्रेतायां हेमसम्भवम्।
द्वापरे पारदं श्रेष्ठं पार्थिवं तु कलौ युगे॥ ७

अष्टमूर्तिषु सर्वासु मूर्तिर्वै पार्थिवी वरा।
अनन्यपूजिता विप्रास्तपस्तस्मान्महत्फलम्॥ ८

यथा सर्वेषु देवेषु ज्येष्ठः श्रेष्ठः महेश्वरः।
एवं सर्वेषु लिङ्गेषु पार्थिवं श्रेष्ठमुच्यते॥ ९

यथा नदीषु सर्वासु ज्येष्ठा श्रेष्ठा सुरापगा।
तथा सर्वेषु लिङ्गेषु पार्थिवं श्रेष्ठमुच्यते॥ १०

यथा सर्वेषु मन्त्रेषु प्रणवो हि महान्स्मृतः।
तथेदं पार्थिवं श्रेष्ठमाराध्यं पूज्यमेव हि॥ ११

यथा सर्वेषु वर्णेषु ब्राह्मणः श्रेष्ठ उच्यते।

ऋषिगण भन्दछन्—हे सूतजी! तपाईं चिरंजीवी हुनुहोस्। तपाईं धन्य हुनुहुन्छ, जो परम शिवभक्त हुनुहुन्छ। तपाईंले शुभ फल प्रदान गर्ने शिवलिंगको महिमा सम्यक् प्रकारले बताइदिनुभयो। अब तपाईं व्यासद्वारा वर्णित भगवान् शिवको सर्वोत्कृष्ट पार्थिव लिंगको महिमा वर्णन गर्नुहोस्॥ १-२॥

सूत भन्नुहुन्छ—हे ऋषिहरू हो! म शिवको पार्थिव लिंगको महिमा बताउँदैछु, तपाईंहरू भक्ति र आदरसहित यसको श्रवण गर्नुहोस्। हे द्विजहरू हो! अहिलेसम्म बताइएका सबै शिवलिंगहरूमध्येमा पार्थिवलिंग सर्वोत्तम रहेको छ। यसको पूजा गर्नाले अनेकौँ भक्तहरूलाई सिद्धि प्राप्त भएका छन्॥ ३-४॥

हे ब्राह्मणहरू हो! ब्रह्मा, विष्णु, प्रजापति तथा अनेक ऋषिहरूले पार्थिव लिंगको पूजा गरी आफ्ना सम्पूर्ण अभीष्ट प्राप्त गरे। देव, असुर, मनुष्य, गन्धर्व, नाग, राक्षसगण र अन्य प्राणीहरूले पनि त्यसको पूजा गरी परम सिद्धि प्राप्त गरेका छन्॥ ५-६॥

सत्ययुगमा मणिलिंग, त्रेतायुगमा स्वर्णलिंग, द्वापरयुगमा पारदलिंग र कलियुगमा पार्थिवलिंगलाई श्रेष्ठ बताइएको छ। भगवान् शिवका सबै आठ* मूर्तिहरूमध्येमा पार्थिव मूर्ति श्रेष्ठ गरेको छ। कसैद्वारा नपूजिएको (नवनिर्मित) पार्थिव मूर्तिको पूजा गर्नाले तपस्याबाटभन्दा पनि धेरै फल प्राप्त हुन्छ॥ ७-८॥

जसरी सबै देवताहरूमध्येमा शंकरलाई ज्येष्ठ र श्रेष्ठ बताइएको छ, त्यसै गरी सबै लिंगमूर्तिहरूमध्येमा पार्थिवलिंगलाई श्रेष्ठ बताइएको छ। जसरी सबै नदीहरूमध्येमा गंगालाई ज्येष्ठ र श्रेष्ठ भनिन्छ, त्यसै गरी सबै लिंगमूर्तिहरूमध्येमा पार्थिव लिंगलाई श्रेष्ठ बताइएको छ। जसरी सबै मन्त्रहरूमा प्रणव (ॐ) लाई महान् मानिन्छ, त्यसै गरी शिवको यो पार्थिवलिंग श्रेष्ठ, आराध्य तथा पूजनीय छ। जसरी सबै वर्णहरूमध्येमा

* पृथ्वी, जल, तेज, वायु, आकाश, सूर्य, चन्द्रमा तथा यजमान—यी शिवका आठ मूर्तिहरू हुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तथा सर्वेषु लिङ्गेषु पार्थिवं श्रेष्ठमुच्यते॥ १२
यथा पुरीषु सर्वासु काशी श्रेष्ठतमा स्मृता।
तथा सर्वेषु लिङ्गेषु पार्थिवं श्रेष्ठमुच्यते॥ १३
यथा व्रतेषु सर्वेषु शिवरात्रिव्रतं परम्।
तथा सर्वेषु लिङ्गेषु पार्थिवं श्रेष्ठमुच्यते॥ १४
यथा देवीषु सर्वासु शैवी शक्तिः परा स्मृता।
तथा सर्वेषु लिङ्गेषु पार्थिवं श्रेष्ठमुच्यते॥ १५
प्रकृत्य पार्थिवं लिङ्गं योऽन्यदेवं प्रपूजयेत्।
वृथा भवति सा पूजा स्नानदानादिकं वृथा॥ १६
पार्थिवाराधनं पुण्यं धन्यमायुर्विवर्धनम्।
तुष्टिदं पुष्टिदं श्रीदं कार्यं साधकसत्तमैः॥ १७

ब्राह्मणलाई श्रेष्ठ मानिन्छ, त्यसै गरी सबै लिंगमूर्तिहरूमा पार्थिवलिंगलाई श्रेष्ठ मानिन्छ। जसरी सबै पुरहरूमध्येमा काशीलाई श्रेष्ठतम बताइएको छ, त्यसै गरी सबै शिवलिंगहरूमध्येमा पार्थिवलिंगलाई श्रेष्ठ बताइएको छ। जसरी सबै व्रतहरूमध्ये शिवरात्रिको व्रत सर्वोपरि छ, त्यसै गरी सबै शिवलिंगहरूमा पार्थिवलिंग सर्वश्रेष्ठ छ। जसरी सबै देवीहरूमध्येमा शैवी शक्तिलाई प्रधान मानिन्छ, त्यसै गरी सबै शिवलिंगहरूमध्येमा पार्थिवलिंगलाई प्रधान मानिन्छ॥ ९—१५॥

जसले पार्थिवलिंगको निर्माण गरिसकेपछि कुनै अन्य देवताको पूजा गर्दछ, उसको ती पूजा तथा स्नान-दान आदि क्रियाहरू व्यर्थ हुन जान्छन्। पार्थिव-पूजा अत्यन्त पुण्यदायी तथा सब प्रकारले धन्य, दीर्घायुष्य प्रदायक छ। यो तुष्टि, पुष्टि र लक्ष्मी प्रदायक छ, अतः श्रेष्ठ साधकहरूले पार्थिवलिंगको पूजा अवश्य गर्नुपर्छ॥ १६-१७॥

यथालब्धोपचारैश्च भक्तिश्रद्धासमन्वितः।
पूजयेत्पार्थिवं लिङ्गं सर्वकामार्थसिद्धिदम्॥ १८
यः कृत्वा पार्थिवं लिङ्गं पूजयेच्छुभवेदिकम्।
इहैव धनवाञ्छ्रीमानन्ते रुद्रोऽभिजायते॥ १९
त्रिसन्ध्यं योऽर्चयेल्लिङ्गं कृत्वा बिल्वेन पार्थिवम्।
दशैकादशकं यावत्तस्य पुण्यफलं शृणु॥ २०
अनेनैव स्वदेहेन रुद्रलोके महीयते।
पापहं सर्वमर्त्यानां दर्शनात्स्पर्शनादपि॥ २१
जीवन्मुक्तः स वै ज्ञानी शिव एव न संशयः।
तस्य दर्शनमात्रेण भुक्तिर्मुक्तिश्च जायते॥ २२

उपलब्ध विधिहरूबाट भक्ति-श्रद्धापूर्वक पार्थिव लिंगको पूजा गर्नुपर्छ; यो सबै कामनाहरूको सिद्धिदायक छ। जो सुन्दर वेदीसहित पार्थिवलिंगको निर्माण गरी त्यसको पूजा गर्दछ, त्यो यस लोकमा धन-धान्यले सम्पन्न भएर अन्तमा रुद्रलोकलाई प्राप्त गर्दछ। जो पार्थिवलिंगको निर्माण गरी बेलपत्रहरूद्वारा एघार वर्षसम्म त्यसको त्रिकाल पूजा गर्दछ, उसको पुण्यफल सुन्नुहोस्। त्यसले आफ्नो यसै शरीरले रुद्रलोकमा प्रतिष्ठा प्राप्त गर्दछ। उसको दर्शन र स्पर्शबाट मनुष्यहरूका सबै पाप नष्ट हुन्छन्। त्यो जीवन्मुक्त ज्ञानी र शिवस्वरूप हुन्छ; यसमा संशय छैन। उसको दर्शनमात्रले भोग र मोक्षको प्राप्ति हुन्छ॥ १८—२२॥

शिवं यः पूजयेन्नित्यं कृत्वा लिङ्गं तु पार्थिवम्।
यावज्जीवनपर्यन्तं स याति शिवमन्दिरम्॥ २३
मृडेनाप्रमितान्वर्षाञ्छिवलोके हि तिष्ठति।
सकामः पुनरागत्य राजेन्द्रो भारते भवेत्॥ २४
निष्कामः पूजयेन्नित्यं पार्थिवं लिङ्गमुत्तमम्।
शिवलोके सदा तिष्ठेत्तस्य सायुज्यमाप्नुयात्॥ २५

जसले पार्थिव शिवलिंगको निर्माण गरी जीवनपर्यन्त नित्य त्यसको पूजा गर्दछ, त्यसले शिवलोक प्राप्त गर्दछ। त्यो असंख्य वर्षसम्म भगवान् शिवको सान्निध्यमा शिवलोकमा वास गर्दछ र कुनै कामना बाँकी रहेमा त्यो भारतवर्षमा सम्राट् बन्छ। जो निष्कामभावले नित्य उत्तम पार्थिवलिंगको पूजा गर्दछ, त्यो सदाका लागि शिवलोकमा वास गर्दछ र शिवसायुज्यलाई प्राप्त गर्दछ॥ २३—२५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पार्थिवं शिवलिङ्गं च विप्रो यदि न पूजयेत्।
स याति नरकं घोरं शूलप्रोतं सुदारुणम्॥ २६

यथाकथञ्चिद्विधिना रम्यं लिङ्गं प्रकारयेत्।
पञ्चसूत्रविधानं च पार्थिवे न विचारयेत्॥ २७

अखण्डं तद्धि कर्तव्यं न विखण्डं प्रकारयेत्।
विखण्डं तु प्रकुर्वाणो नैव पूजाफलं लभेत्॥ २८

रत्नजं हेमजं लिङ्गं पारदं स्फाटिकं तथा।
पार्थिवं पुष्परागोत्थमखण्डं तु प्रकारयेत्॥ २९

अखण्डं तु चरं लिङ्गं द्विखण्डमचरं स्मृतम्।
खण्डाखण्डविचारोऽयं सचराचरयोः स्मृतः॥ ३०

वेदिका तु महाविद्या लिङ्गं देवो महेश्वरः।
अतो हि स्थावरे लिङ्गे स्मृता श्रेष्ठा द्विखण्डता॥ ३१

यदि ब्राह्मण पार्थिव शिवलिंगको पूजा गर्दैनन् भने ती अत्यन्त दारुण शूलप्रोत नामक घोर नरकमा पर्दछन्। कुनै पनि विधिले सुन्दर पार्थिवलिंगको निर्माण गर्नुपर्छ, तर त्यसमा पंचसूत्रविधान गर्नु हुँदैन॥ २६-२७॥ त्यसलाई अखण्ड रूपमा बनाउनु पर्छ, खण्डितरूपमा होइन। खण्डित लिंगको निर्माण गर्नेलाई पूजाको फल प्राप्त हुँदैन। मणिलिंग, स्वर्णलिंग, पारदलिंग, स्फटिकलिंग, पुष्परागलिंग र पार्थिवलिंगलाई अखण्ड नै बनाउनु पर्छ॥ २८-२९॥

अखण्ड लिंगलाई चरलिंग र दुई खण्ड भएकोलाई अचरलिंग भनिन्छ। यस प्रकार चर र अचर लिंगको यो खण्ड-अखण्ड विधान बताइएको छ। स्थावरलिंगमा वेदिका भगवती महाविद्याको रूप हो र लिंग भगवान् महेश्वरको स्वरूप हो। यस कारण स्थावर (अचर)-लिंगमा वेदिकायुक्त द्विखण्ड लिंगलाई नै श्रेष्ठ मानिएको छ॥ ३०-३१॥

द्विखण्डं स्थावरं लिङ्गं कर्तव्यं हि विधानतः।
अखण्डं जङ्गमं प्रोक्तं शैवसिद्धान्तवेदिभिः॥ ३२

द्विखण्डं तु चरं लिङ्गं कुर्वन्त्यज्ञानमोहिताः।
नैव सिद्धान्तवेत्तारो मुनयः शास्त्रकोविदाः॥ ३३

अखण्डं स्थावरं लिङ्गं द्विखण्डं चरमेव च।
ये कुर्वन्ति नरा मूढा न पूजाफलभागिनः॥ ३४

तस्माच्छास्त्रोक्तविधिना अखण्डं चरसंज्ञकम्।
द्विखण्डं स्थावरं लिङ्गं कर्तव्यं परया मुदा॥ ३५

अखण्डे तु चरे पूजा सम्पूर्णफलदायिनी।
द्विखण्डे तु चरे पूजा महाहानिप्रदा स्मृता॥ ३६

अखण्डे स्थावरे पूजा न कामफलदायिनी।
प्रत्यवायकरी नित्यमित्युक्तं शास्त्रवेदिभिः॥ ३७

द्विखण्ड (वेदिकायुक्त) स्थावर लिंगको विधिपूर्वक निर्माण गर्नुपर्छ। शिवसिद्धान्तका जानकारहरूले अखण्ड लिंगलाई जंगम (चर)-लिंग मानेका छन्। अज्ञानतावश नै केही व्यक्ति चरलिंगलाई दुई खण्डमा (वेदिका र लिंग) बनाउँदछन्, शास्त्रहरूलाई जान्ने सिद्धान्तमर्मज्ञ मुनिजन यस्तो गर्दैनन्। जो मूढजन अचरलिंगलाई अखण्ड तथा चरलिंगलाई द्विखण्ड रूपमा बनाउँछन्, तिनलाई शिवपूजाको फल प्राप्त हुँदैन॥ ३२—३४॥

यसकारण अत्यन्त प्रसन्नतापूर्वक शास्त्रोक्तविधिले चरलिंगलाई अखण्ड तथा अचरलिंगलाई द्विखण्ड बनाउनुपर्छ। अखण्ड चरलिंगमा गरिएको पूजाले सम्पूर्ण फलको प्राप्ति हुन्छ। द्विखण्ड चरलिंगको पूजालाई महान् अनिष्टकर भनिएको छ। त्यसै गरी अखण्ड अचरलिंगको पूजाले कामना पनि सिद्ध हुँदैन; त्यसबाट त अनिष्ट मात्र प्राप्त हुन्छ—यस्तो शास्त्रज्ञ विद्वानहरूले बताएका छन्॥ ३५—३७॥

इति श्रीशिवमहापुराणे प्रथमायां विद्येश्वरसंहितायां साध्यसाधनखण्डे पार्थिवशिवलिङ्गपूजनमाहात्म्यवर्णनं नामैकोनविंशोऽध्यायः॥ १९॥

॥ यस प्रकार श्रीशिवमहापुराण अन्तर्गत प्रथम विद्येश्वरसंहिताको साध्यसाधनखण्डमा पार्थिव शिवलिंग पूजाको माहात्म्यवर्णन नामक उन्नाइसौं अध्याय पूर्ण भयो॥ १९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ विंशोऽध्यायः

पार्थिव शिवलिंग निर्माणको रीति तथा वेद-मन्त्रहरूद्वारा त्यसको पूजाको विस्तृत एवं संक्षिप्त विधिको वर्णन

सूत उवाच

अथ वैदिकभक्तानां पार्थिवार्चा निगद्यते।
वैदिकेनैव मार्गेण भुक्तिमुक्तिप्रदायिनी॥ १

सूत्रोक्तविधिना स्नात्वा सन्ध्यां कृत्वा यथाविधि।
ब्रह्मयज्ञं विधायादौ ततस्तर्पणमाचरेत्॥ २

नैत्यिकं सकलं कामं विधायानन्तरं पुमान्।
शिवस्मरणपूर्वं हि भस्मरुद्राक्षधारकः॥ ३

वेदोक्तविधिना सम्यक् सम्पूर्णफलसिद्धये।
पूजयेत्परया भक्त्या पार्थिवं लिङ्गमुत्तमम्॥ ४

सूत भन्नुहुन्छ—हे महर्षिहरू हो! अब म वैदिक कर्मप्रति श्रद्धा-भक्ति राख्ने व्यक्तिहरूका लागि वेदोक्त मार्गबाट गरिने पार्थिव-पूजा पद्धतिको वर्णन गर्दछु। यो पूजा भोग र मोक्ष दुवै दिने खालको छ। आह्निकसूत्रमा बताइएको विधिअनुसार स्नान र सन्ध्योपासना गरी पहिला ब्रह्मयज्ञ गर्नुपर्छ। तत्पश्चात् देवता, ऋषि, सनकादि तथा पितृहरूलाई तर्पण गर्नुपर्छ। मनुष्यले आफ्नो इच्छानुसार सम्पूर्ण नित्यकर्मलाई पूर्ण गरी शिवस्मरणपूर्वक भस्म तथा रुद्राक्ष धारण गर्नुपर्छ। तत्पश्चात् सम्पूर्ण मनोवांछित फलको सिद्धिका लागि अत्यन्त भक्तिभावका साथ उत्तम पार्थिव लिंगको वेदोक्त विधिले राम्ररी पूजा गर्नुपर्छ॥ १—४॥

नदीतीरे तडागे च पर्वते काननेऽपि च।
शिवालये शुचौ देशे पार्थिवार्चा विधीयते॥ ५

शुद्धप्रदेशसम्भूतां मृदमाहृत्य यत्नतः।
शिवलिङ्गं प्रकल्पेत सावधानतया द्विजाः॥ ६

विप्रे गौरा स्मृता शोणा बाहुजे पीतवर्णका।
वैश्ये कृष्णा पादजाते ह्यथवा यत्र या भवेत्॥ ७

नदी वा तलाउको किनार, पर्वत, वन, शिवालय अथवा अरू कुनै पवित्र स्थानमा पार्थिव-पूजा गर्नुपर्ने विधान छ। हे ब्राह्मणहरू हो! शुद्ध स्थानबाट निकालिएको माटोलाई यत्नपूर्वक ल्याएर बडो सावधानीका साथ शिवलिंगको निर्माण गर्नुपर्छ। ब्राह्मणका लागि सेतो, क्षत्रियका लागि रातो, वैश्यका लागि पहेँलो र शूद्रका लागि कालो माटोले शिवलिंग बनाउने विधान छ अथवा जहाँ जुन माटो पाइन्छ, त्यसैबाट शिवलिंग बनाउनुपर्छ॥ ५—७॥

सङ्गृह्य मृत्तिकां लिङ्गनिर्माणार्थं प्रयत्नतः।
अतीव शुभदेशे च स्थापयेत्तां मृदं शुभाम्॥ ८

संशोध्य च जलेनापि पिण्डीकृत्य शनैः शनैः।
विधीयेत शुभं लिङ्गं पार्थिवं वेदमार्गतः॥ ९

ततः सम्पूजयेद्भक्त्या भुक्तिमुक्तिफलासये।
तत्प्रकारमहं वच्मि शृणुध्वं सविधानतः॥ १०

शिवलिंग बनाउनका लागि प्रयत्नपूर्वक माटोको संग्रह गरी त्यस शुभ माटोलाई अत्यन्त शुद्ध स्थानमा राख्नुपर्छ। फेरि त्यसको शुद्धि गरी जलले भिजाएर पिण्ड बनाउनु पर्छ र वेदोक्त विधिले विस्तारै-विस्तारै सुन्दर पार्थिव लिंगको रचना गर्नुपर्छ। तत्पश्चात् भोग र मोक्षरूपी फल प्राप्तिका लागि भक्तिपूर्वक त्यसको पूजा गर्नुपर्छ। त्यस पार्थिवलिंगको पूजाको जुन विधि छ, त्यसलाई म विधिपूर्वक बताउँदै छु, तपाईंहरू सुन्नुहोस्॥ ८—१०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नमः शिवाय मन्त्रेणार्चनद्रव्यं च प्रोक्षयेत्।
भूरसीति च मन्त्रेण क्षेत्रसिद्धिं प्रकारयेत्॥ ११

आपोऽस्मानिति मन्त्रेण जलसंस्कारमाचरेत्।
नमस्ते रुद्रमन्त्रेण स्फाटिकाबन्धमुच्यते॥ १२

शम्भवायेति मन्त्रेण क्षेत्रशुद्धिं प्रकारयेत्।
कुर्यात्पञ्चामृतस्यापि नमःपूर्वेण प्रोक्षणम्॥ १३

नीलग्रीवाय मन्त्रेण नमःपूर्वेण भक्तिमान्।
चरेच्छङ्करलिङ्गस्य प्रतिष्ठापनमुत्तमम्॥ १४

भक्तितस्तत एतत्ते रुद्रावेति च मन्त्रतः।
आसनं रमणीयं वै दद्याद्वैदिकमार्गकृत्॥ १५

मानो महान्तमिति च मन्त्रेणावाहनं चरेत्।
या ते रुद्रेण मन्त्रेण सञ्चरेदुपवेशनम्॥ १६

मन्त्रेण यामिषुमिति न्यासं कुर्याच्छिवस्य च।
अध्यवोचदिति प्रेम्णाधिवासं मनुनाचरेत्॥ १७

मनुनासौ जीव इति देवतान्यासमाचरेत्।
असौ योऽवसर्पतीति चाचरेदुपसर्पणम्॥ १८

'ॐ नमः शिवाय' यस मन्त्रको उच्चारण गर्दै समस्त पूजा-सामग्रीको प्रोक्षण गर्नु—त्यसमा जल छर्कनु। यसपछि **'भूरसि'**[१] इत्यादि मन्त्रले क्षेत्र (ठाउँ) सिद्धि गर्नु॥ ११॥ फेरि **'आपो अस्मान्०'**[२] यस मन्त्रले जलको संस्कार गर्नु। यसपछि **'नमस्ते रुद्र०'**[३] यस मन्त्रले स्फाटिकाबन्ध (स्फटिक शिलाको घेरा) बनाउनु पर्ने कुरा बताइएको छ। **'नमः शम्भवाय०'**[४] यस मन्त्रले क्षेत्र र पंचामृतको शुद्धि गर्नु। तत्पश्चात् शिवभक्त पुरुष **'नमः'** पूर्वक **'नीलग्रीवाय०'**[५] मन्त्रले शिवलिंगको उत्तम प्रतिष्ठा गर्नु। यसपछि वैदिक रीतिले पूजा-कर्म गर्ने उपासक भक्तिपूर्वक **'एतत्ते रुद्राव०'**[६] यस मन्त्रले रमणीय आसन समर्पण गरून्। **'मा नो महान्तम्०'**[७] यस मन्त्रले आवाहन गर्नु, **'या ते रुद्र०'**[८] यस मन्त्रले भगवान् शिवलाई आसनमा विराजमान गराउनु। **'यामिषुं०'**[९] यस मन्त्रले शिवका अंगहरूमा न्यास गर्नु। **'अध्यवोचत्०'**[१०] यस मन्त्रले प्रेमपूर्वक अधिवासन गर्नु (बसाउनु)। **'असौ यस्ताम्रो०'**[११] यस मन्त्रले शिवलिंगमा इष्टदेवता शिवको न्यास गर्नु। **'असौ योऽवसर्पति०'**[१२] यस मन्त्रले उपसर्पण (देवताको समीप गमन) गर्नु।

१. भूरसि भूमिरस्यदितिरसि विश्वधाया विश्वस्य भुवनस्य धर्त्री। पृथिवीं यच्छ पृथिवीं दृꣳह पृथिवीं मा हिꣳसीः।
२. आपो अस्मान् मातरः शुन्धयन्तु घृतेन नो घृतप्वः पुनन्तु। विश्वँ हि रिप्रं प्रवहन्ति देवीरुदिदाभ्यः शुचिरा पूत एमि। दीक्षातपसोस्तनूरसि तां त्वा शिवाꣳ शग्मां परि दधे भद्रं वर्णं पुष्यन्। (यजु० ४।२)
३. नमस्ते रुद्र मन्यव उतो त इषवे नमः। बाहुभ्यामुत ते नमः। (यजु० १६।१)
४. नमः शम्भवाय च मयोभवाय च नमः शंकराय च मयस्कराय च नमः शिवाय च शिवतराय च। (यजु० १६।४१)
५. नमोऽस्तु नीलग्रीवाय सहस्राक्षाय मीढुषे। अथो ये अस्य सत्वानोऽहं तेभ्योऽकरं नमः। (यजु० १६।८)
६. एतत्ते रुद्रावसं तेन परो मूजवतोऽतीहि। अवततधन्वा पिनाकावसः कृत्तिवासा अहिꣳसन्नः शिवोऽतीहि। (यजु० ३।६१)
७. मा नो महान्तमुत मा नो अर्भकं मा न उक्षितम्। मा नो वधीः पितरं मोत मातरं मा नः प्रियास्तन्वो रुद्र रीरिषः। (यजु० १६।१५)
८. या ते रुद्र शिवा तनूरघोराऽपापकाशिनी। तया नस्तन्वा शन्तमया गिरिशन्ताभि चाकशीहि। (यजु० १६।२)
९. यामिषुं गिरिशन्त हस्ते विभर्ष्यस्तवे। शिवां गिरित्र तां कुरु मा हिꣳसीः पुरुषं जगत्। (यजु० १६।३)
१०. अध्यवोचदधिवक्ता प्रथमो दैव्यो भिषक्। अहींश्च सर्वाञ्जम्भयन्त्सर्वाश्च यातुधान्योऽधराचीः परा सुव। (यजु० १६।५)
११. असौ यस्ताम्रो अरुण उत बभ्रुः सुमङ्गलः। ये चैनꣳ रुद्रा अभितो दिक्षु श्रिताः सहस्रशोऽवैषाꣳहेड ईमहे। (यजु० १६।६)
१२. असौ योऽवसर्पति नीलग्रीवो विलोहितः। उतैनं गोपा अदृश्रन्नदृश्रन्नुदहार्यः स दृष्टो मृडयाति नः। (यजु० १६।७)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नमोऽस्तु नीलग्रीवायेति पाद्यं मनुनाहरेत्।
अर्घ्यं च रुद्रगायत्र्याचमनं त्र्यम्बकेण च॥ १९

पयः पृथिव्यां मन्त्रेण पयसा स्नानमाचरेत्।
दधिक्राव्णोति मन्त्रेण दधिस्नानं च कारयेत्॥ २०

घृतस्नानं खलु घृतं घृतयावेति मन्त्रतः।
मधुव्वाता मधुनक्तं मधुमान्न इति त्र्यृचा॥ २१

मधुखण्डस्नपनं प्रोक्तमिति पञ्चामृतं स्मृतम्।
अथवा पाद्यमन्त्रेण स्नानं पञ्चामृतेन च॥ २२

मानस्तोके इति प्रेम्णा मन्त्रेण कटिबन्धनम्।
नमो धृष्णवे इति वा उत्तरीयं च धारयेत्॥ २३

या ते हेतिरिति प्रेम्णा ऋक्चतुष्केण वैदिकः।
शिवाय विधिना भक्तश्चरेद्वस्त्रसमर्पणम्॥ २४

नमः श्वभ्य इति प्रेम्णा गन्धं दद्यादृचा सुधीः।
नमस्तक्षभ्य इति चाक्षतान्मन्त्रेण चार्पयेत्॥ २५

यसपछि **'नमोऽस्तु नीलग्रीवाय०'**[१] यस मन्त्रले इष्टदेवलाई पाद्य समर्पित गर्नु। **'रुद्रगायत्री'**[२] ले अर्घ्य दिनु। **'त्र्यम्बकं०'**[३] मन्त्रले आचमन गराउनु। **'पयः पृथिव्याम्०'**[४] यस मन्त्रले दुग्धस्नान गराउनु। **'दधिक्राव्णो०'**[५] यस मन्त्रले दधिस्नान गराउनु। **'घृतं घृतपावा०'**[६] यस मन्त्रले घृतस्नान गराउनु। **'मधु वाता०'**[७], **'मधु नक्तं०'**[८], **'मधुमान्नो'**[९]—यी तीन ऋचाहरूद्वारा मह र सखरले स्नान गराउनु। यी दुग्ध आदि पाँच वस्तुहरूलाई पंचामृत भनिन्छ अथवा पाद्यसमर्पणका लागि बताइएका **'नमोऽस्तु नीलग्रीवाय०'** इत्यादि मन्त्रद्वारा पंचामृतले स्नान गराउनु। त्यसपछि **'मा नस्तोके०'**[१०] यस मन्त्रले प्रेमपूर्वक भगवान् शिवलाई कटिबन्ध (करधनी) अर्पित गर्नु। **'नमो धृष्णवे०'**[११] यस मन्त्रको उच्चारण गरी आराध्य देवतालाई उत्तरीय धारण गराउनु। **'या ते हेतिः०'**[१२] इत्यादि चार ऋचाहरू पढेर वेदज्ञ भक्त प्रेमले विधिपूर्वक भगवान् शिवका लागि वस्त्र [एवं यज्ञोपवीत] समर्पित गरून्। यसपछि **'नमः श्वभ्य०'**[१३] इत्यादि मन्त्र पढेर शुद्ध बुद्धि भएका भक्त मनुष्यहरूले

---

१. यो मन्त्र पहिला दिइसकिएको छ।

२. तत्पुरुषाय विद्महे महादेवाय धीमहि तन्नो रुद्रः प्रचोदयात्।

३. त्र्यम्बकं यजामहे सुगन्धिं पुष्टिवर्धनम्। उर्वारुकमिव बन्धनान्मृत्योर्मुक्षीय मामृतात्। त्र्यम्बकं यजामहे सुगन्धिं पतिवेदनम्। उर्वारुकमिव बन्धनादितो मुक्षीय मामुतः। (यजु० ३।६०)

४. पयः पृथिव्यां पय ओषधीषु पयो दिव्यन्तरिक्षे पयो धाः। पयस्वतीः प्रदिशः सन्तु मह्यम्। (यजु० १८।३६)

५. दधिक्राव्णो अकारिषं जिष्णोरश्वस्य वाजिनः। सुरभि नो मुखा करत्प्रण आयूꣳषि तारिषत्। (यजु० २३।३२)

६. घृतं घृतपावानः पिबत वसां वसापावानः पिबतान्तरिक्षस्य हविरसि स्वाहा। दिशः प्रदिश आदिशो विदिश उद्दिशो दिग्भ्यः स्वाहा। (यजु० ६।१९)

७. मधु वाता ऋतायते मधु क्षरन्ति सिन्धवः। माध्वीर्नः सन्त्वोषधीः। (यजु० १३।२७)

८. मधु नक्तमुतोषसो मधुमत्पार्थिवꣳ रजः। मधु द्यौरस्तु नः पिता। (यजु० १३।२८)

९. मधुमान्नो वनस्पतिर्मधुमाँ२ अस्तु सूर्यः। माध्वीर्गावो भवन्तु नः। (यजु० १३।२९)

१०. मा नस्तोके तनये मा न आयुषि मा नो गोषु मा नो अश्वेषु रीरिषः। मा नो वीरान् रुद्र भामिनो वधीर्हविष्मन्तः सदमित् त्वा हवामहे। (यजु० १६।१६)

११. नमो धृष्णवे च प्रमृशाय च नमो निषङ्गिणे चेषुधिमते च नमस्तीक्ष्णेषवे चायुधिने च नमः स्वायुधाय च सुधन्वने च। (यजु० १६।३६)

१२. या ते हेतिर्मीढुष्टम हस्ते बभूव ते धनुः। तयास्मान्विश्वतस्त्वमयक्ष्मया परि भुज (११)। परि ते धन्वनो हेतिरस्मान्वृणक्तु विश्वतः। अथो य इषुधिस्तवारे अस्मन्नि धेहि तम् (१२)। अवतत्य धनुष्ट्वꣳ सहस्राक्ष शतेषुधे। निशीर्य शल्यानां मुखा शिवो नः सुमना भव (१३)। नमस्त आयुधायानातताय धृष्णवे। उभाभ्यामुत ते नमो बाहुभ्यां तव धन्वने (१४)। (यजु० १६)

१३. नमः श्वभ्यः श्वपतिभ्यश्च वो नमो नमो भवाय च रुद्राय च नमः शर्वाय च पशुपतये च नमो नीलग्रीवाय च शितिकण्ठाय च। (यजु० १६।२८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नमः पार्याय इति वा पुष्पं मन्त्रेण चार्पयेत्।
नमः पर्णाय इति वा बिल्वपत्रसमर्पणम्॥ २६

नमः कपर्दिने चेति धूपं दद्याद्यथाविधि।
दीपं दद्याद्यथोक्तं तु नम आशव इत्यृचा॥ २७

नमो ज्येष्ठाय मन्त्रेण दद्यान्नैवेद्यमुत्तमम्।
मनुना त्र्यम्बकमिति पुनराचमनं स्मृतम्॥ २८

इमा रुद्रायेति ऋचा कुर्यात्फलसमर्पणम्।
नमो व्रज्यायेति ऋचा सकलं शम्भवेऽर्पयेत्॥ २९

मानो महान्तमिति च मानस्तोके इति ततः।
मन्त्रद्वयेनैकादशाक्षतै रुद्रान्प्रपूजयेत्॥ ३०

हिरण्यगर्भ इति त्र्यृचा दक्षिणां हि समर्पयेत्।
देवस्यत्वेति मन्त्रेण ह्यभिषेकं चरेद्बुधः॥ ३१

भगवान्‌लाई प्रेमपूर्वक गन्ध (सुगन्धित चन्दन एवं डोरो) चढाऊन्। **'नमस्तक्षभ्यो०'**[१] यस मन्त्रले अक्षता अर्पित गर्नु। **'नमः पार्याय०'**[२] यस मन्त्रले फूल चढाउनु। **'नमः पर्णाय०'**[३] यस मन्त्रले बिल्वपत्र समर्पण गर्नु। **'नमः कपर्दिने च०'**[४] इत्यादि मन्त्रले विधिपूर्वक धूप समर्पण गर्नु। **'नम आशवे०'**[५] यस ऋचाले शास्त्रोक्त विधिअनुसार दीप निवेदित गर्नु। तत्पश्चात् [हात धोएर] **'नमो ज्येष्ठाय०'**[६] यस मन्त्रले उत्तम नैवेद्य अर्पित गर्नु। फेरि पूर्वोक्त त्र्यम्बक मन्त्रले आचमन गराउनु—यस्तो बताइएको छ। **'इमा रुद्राय०'**[७] यस ऋचाले फल समर्पण गर्नु। फेरि **'नमो व्रज्याय०'**[८] यस मन्त्रले भगवान् शिवलाई आफ्ना सबैथोक समर्पित गरिदिनु। त्यसपछि **'मा नो महान्तम्०'** तथा **'मा नस्तोके०'**—यी पूर्वोक्त दुई मन्त्रद्वारा केवल अक्षताले एघार रुद्रहरूको पूजा गर्नु। फेरि **'हिरण्यगर्भः०'**[९] इत्यादि मन्त्रले जुन तीन ऋचाहरूको रूपमा पठित छ, दक्षिणा चढाउनु। **'देवस्य त्वा०'**[१०] यस मन्त्रले विद्वान् पुरुष आराध्यदेवको अभिषेक गरून्। दीपको लागि बताइएको **'नम आशवे०'** इत्यादि मन्त्रले भगवान् शिवको नीराजना

१. नमस्तक्षभ्यो रथकारेभ्यश्च वो नमो नमः कुलालेभ्यः कर्मारेभ्यश्च वो नमो नमो निषादेभ्यः पुञ्जिष्ठेभ्यश्च वो नमो नमः श्वनिभ्यो मृगयुभ्यश्च वो नमः। (यजु० १६।२७)

२. नमः पार्याय चावार्याय च नमः प्रतरणाय चोत्तरणाय च नमस्तीर्थ्याय च कूल्याय च नमः शष्प्याय च फेन्याय च। (यजु० १६।४२)

३. नमः पर्णाय च पर्णशदाय च नम उद्गुरमाणाय चाभिघ्नते च नम आखिदते च प्रखिदते च नम इषुकृद्भ्यो धनुष्कृद्भ्यश्च वो नमो नमो वः किरिकेभ्यो देवानाᳬ हृदयेभ्यो नमो विचिन्वत्केभ्यो नमो विक्षिणत्केभ्यो नम आनिर्हतेभ्यः। (यजु० १६।४६)

४. नमः कपर्दिने च व्युप्तकेशाय च नमः सहस्राक्षाय च शतधन्वने च नमो गिरिशयाय च शिपिविष्टाय च नमो मीढुष्टमाय चेषुमते च। (यजु० १६।२९)

५. नम आशवे चाजिराय च नमः शीघ्र्याय च शीभ्याय च नम ऊर्म्याय चावस्वन्याय च नमो नादेयाय च द्वीप्याय च। (यजु० १६।३१)

६. नमो ज्येष्ठाय च कनिष्ठाय च नमः पूर्वजाय चापरजाय च नमो मध्यमाय चापगल्भाय च नमो जघन्याय च बुध्न्याय च। (यजु० १६।३२)

७. इमा रुद्राय तवसे कपर्दिने क्षयद्वीराय प्र भरामहे मतीः। यथा शमसद् द्विपदे चतुष्पदे विश्वं पुष्टं ग्रामे अस्मिन्ननातुरम्। (यजु० १६।४८)

८. नमो व्रज्याय च गोष्ठ्याय च नमस्तल्प्याय च गेह्याय च नमो हृदय्याय च निवेष्याय च नमः काट्याय च गह्वरेष्ठाय च। (यजु० १६।४४)

९. हिरण्यगर्भः समवर्तताग्रे भूतस्य जातः पतिरेक आसीत्। स दाधार पृथिवीं द्यामुतेमां कस्मै देवाय हविषा विधेम। (यजु० १३।४)

१०. देवस्य त्वा सवितुः प्रसवेऽश्विनोर्बाहुभ्यां पूष्णो हस्ताभ्याम्। अश्विनोर्भैषज्येन तेजसे ब्रह्मवर्चसायाभि षिञ्चामि। (यजु० २०।३)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दीपमन्त्रेण वा शम्भोर्नीराजनविधिं चरेत्।
पुष्पाञ्जलिं चरेद्भक्त्या इमा रुद्राय च त्र्यृचा॥ ३२

मानो महान्तमिति च चरेत्प्राज्ञः प्रदक्षिणाम्।
मानस्तोकेति मन्त्रेण साष्टाङ्गं प्रणमेत्सुधीः॥ ३३

एष ते इति मन्त्रेण शिवमुद्रां प्रदर्शयेत्।
यतो यत इत्यभयां ज्ञानाख्यां त्र्यम्बकेण च॥ ३४

नमः सेनेति मन्त्रेण महामुद्रां प्रदर्शयेत्।
दर्शयेद्धेनुमुद्रां च नमो गोभ्य ऋचानया॥ ३५

पञ्च मुद्राः प्रदर्श्याथ शिवमन्त्रजपं चरेत्।
शतरुद्रियमन्त्रेण जपेद् वेदविचक्षणः॥ ३६

ततः पञ्चाङ्गपाठं च कुर्याद् वेदविचक्षणः।
देवागात्विति मन्त्रेण कुर्याच्छम्भोर्विसर्जनम्॥ ३७

इत्युक्तः शिवपूजाया व्यासतो वैदिको विधिः।

समासतश्च शृणुत वैदिकं विधिमुत्तमम्॥ ३८

ऋचा सद्योजातमिति मृदाहरणमाचरेत्।
वामदेवाय इति च जलप्रक्षेपमाचरेत्॥ ३९

अघोरेण च मन्त्रेण लिङ्गनिर्माणमाचरेत्।
तत्पुरुषाय मन्त्रेणाह्वानं कुर्याद्यथाविधि॥ ४०

(आरती) गर्नु। तत्पश्चात् **'इमा रुद्राय०'** इत्यादि तीन ऋचाहरूले भक्तिपूर्वक रुद्रदेवलाई पुष्पांजलि अर्पण गर्नु। **'मा नो महान्तम्०'** यस मन्त्रले विज्ञ उपासकले पूजनीय देवताको परिक्रमा गर्नु। फेरि उत्तम बुद्धि भएका उपासकले **'मा नस्तोके०'** यस मन्त्रले भगवान्‌लाई साष्टांग प्रणाम गर्नु। **'एष ते०'**[१] यस मन्त्रले शिवमुद्राको प्रदर्शन गर्नु। **'यतो यतः०'**[२] यस मन्त्रले अभय नामक मुद्राको, **'त्र्यम्बकं'** मन्त्रले ज्ञान नामक मुद्राको तथा **'नमः सेना०'**[३] इत्यादि मन्त्रले महामुद्राको प्रदर्शन गर्नु। **'नमो गोभ्य०'**[४] यस ऋचाद्वारा धेनुमुद्रा देखाउनु। यसै गरी पाँच मुद्राहरूको प्रदर्शन गरी शिवसम्बन्धी मन्त्रहरूको जप गर्नु अथवा वेदज्ञ पुरुषले **'शतरुद्रिय'**[५] मन्त्रको पाठ गर्नु। तत्पश्चात् वेदज्ञ पुरुष पञ्चांग पाठ गरून्। अनि **'देवा गातु०'**[६] इत्यादि मन्त्रले भगवान् शंकरको विसर्जन गर्नु। यस प्रकार शिवपूजाको वैदिक विधि विस्तारपूर्वक प्रतिपादन गरिएको छ॥ १२-३७ १/२॥

[हे महर्षिहरू हो!] अब संक्षेपमा पार्थिवपूजाको वैदिक विधिलाई सुन्नुहोस्। **'सद्योजातम्०'**[७] यस ऋचाले पार्थिवलिंग बनाउनका लागि माटो ल्याउनु। **'वामदेवाय०'**[८] मन्त्र पढेर त्यसमा जल हाल्नु। [जब माटो मुछेर तयार हुन्छ, तब] **'अघोर०'**[९] मन्त्रले लिंग निर्माण गर्नु। फेरि **'तत्पुरुषाय०'**[१०] यस मन्त्रले त्यसमा भगवान् शिवको विधिवत् आवाहन

१. एष ते रुद्र भागः सह स्वस्राम्बिकया तं जुषस्व स्वाहा। एष ते रुद्र भाग आखुस्ते पशुः॥ (यजु० ३।५७)
२. यतो यतः समीहसे ततो नो अभयं कुरु। शं नः कुरु प्रजाभ्योऽभयं नः पशुभ्यः॥ (यजु० ३६।२३)
३. नमः सेनाभ्यः सेनानिभ्यश्च वो नमो रथिभ्यो अरथेभ्यश्च वो नमो नमः। क्षतृभ्यः संग्रहीतृभ्यश्च वो नमो नमो महद्‌भ्यो अर्भकेभ्यश्च वो नमः॥ (यजु० १६।२६)
४. नमो गोभ्यः श्रीमतीभ्यः सौरभेयीभ्य एव च। नमो ब्रह्मसुताभ्यश्च पवित्राभ्यो नमो नमः॥ (गोमतीविद्या)
५. यजुर्वेदका वह अंश, जिसमें रुद्रके सौ या उससे अधिक नाम आये हैं और उनके द्वारा रुद्रदेवकी स्तुति की गयी है। (देखिये यजु० अध्याय १६)
६. देवा गातुविदो गातुं वित्त्वा गातुमित। मनसस्पत इमं देव यज्ञꣳ स्वाहा वाते धाः॥ (यजु० ८।२१)
७. सद्योजातं प्रपद्यामि सद्योजाताय वै नमो नमः। भवे भवे नातिभवे भवस्व मां भवोद्भवाय नमः॥
८. ॐ वामदेवाय नमो ज्येष्ठाय नमः श्रेष्ठाय नमो रुद्राय नमः कालाय नमः कलविकरणाय नमो बलविकरणाय नमो बलाय नमो बलप्रमथनाय नमः सर्वभूतदमनाय नमो मनोन्मनाय नमः।
९. ॐ अघोरेभ्योऽथ घोरेभ्यो घोरघोरतरेभ्यः सर्वेभ्यः सर्वशर्वेभ्यो नमस्तेऽस्तु रुद्ररूपेभ्यः।
१०. ॐ तत्पुरुषाय विद्महे महादेवाय धीमहि तन्नो रुद्रः प्रचोदयात्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संयोजयेद्वेदिकायामीशानमनुना हरम्।
अन्यत्सर्वं विधानं च कुर्यात्संक्षेपतः सुधीः॥ ४१

पञ्चाक्षरेण मन्त्रेण गुरुदत्तेन वा तथा।
कुर्यात्पूजां षोडशोपचारेण विधिवत्सुधीः॥ ४२

भवाय भवनाशाय महादेवाय धीमहि।
उग्राय उग्रनाशाय शर्वाय शशिमौलिने॥ ४३

अनेन मनुना वापि पूजयेच्छङ्करं सुधीः।
सुभक्त्या च भ्रमं त्यक्त्वा भक्त्यैव फलदः शिवः॥ ४४

गर्नु। त्यसपछि **'ईशान०'*** मन्त्रले भगवान् शिवलाई वेदीमा स्थापित गर्नु। यीबाहेक अन्य सबै विधानहरूलाई पनि शुद्ध बुद्धि भएका उपासकहरूले संक्षेपमा नै सम्पन्न गरून्। यसपछि विद्वान् पुरुष पंचाक्षर मन्त्रले अथवा गुरुद्वारा दिइएको अन्य कुनै शिवसम्बन्धी मन्त्रले सोह्र उपचारहरूद्वारा विधिवत् पूजा गरून् अथवा—**'भवाय भवनाशाय महादेवाय धीमहि। उग्राय उग्रनाशाय शर्वाय शशिमौलिने॥'** —यस मन्त्रद्वारा विद्वान् उपासक भगवान् शंकरको पूजा गरून्। उपासक भ्रम छाडेर उत्तम भक्तिले शिवको आराधना गरून्; किनभने भगवान् शिव भक्तिबाट नै [मनोवांछित] फल दिनुहुन्छ॥ ३८-४४॥

इत्यपि प्रोक्तमादृत्य वैदिकं क्रमपूजनम्।
प्रोच्यतेऽन्यविधिः सम्यक्साधारणतया द्विजाः॥ ४५

पूजा पार्थिवलिङ्गस्य संप्रोक्ता शिवनामभिः।
तां शृणुध्वं मुनिश्रेष्ठाः सर्वकामप्रदायिनीम्॥ ४६

हरो महेश्वरः शम्भुः शूलपाणिः पिनाकधृक्।
शिवः पशुपतिश्चैव महादेव इति क्रमात्॥ ४७

मृदाहरणसंघट्टप्रतिष्ठाह्वानमेव च।
स्नपनं पूजनं चैव क्षमस्वेति विसर्जनम्॥ ४८

ॐकारादिचतुर्थ्यन्तैर्नमोऽन्तैर्नामभिः क्रमात्।
कर्तव्याश्च क्रियाः सर्वा भक्त्या परमया मुदा॥ ४९

हे ब्राह्मणहरू हो! यो जुन वैदिक विधिबाट पूजाको क्रम बताइएको छ, यसको पूर्णरूपले आदर गर्दै म पूजाको एउटा अर्को विधि पनि बताइरहेको छु, जुन उत्तम हुनुका साथै सर्वसाधारणका लागि उपयोगी छ। हे मुनिवरहरू हो! पार्थिवलिंगको पूजा भगवान् शिवका नामहरूद्वारा बताइएको छ। त्यो पूजा सम्पूर्ण अभीष्टहरू प्रदान गर्ने खालको छ, म त्यसलाई बताउँछु, सुन्नुहोस्! हर, महेश्वर, शम्भु, शूलपाणि, पिनाकधृक्, शिव, पशुपति र महादेव—[यी क्रमशः शिवका आठ नाम बताइएका छन्।] यीमध्ये प्रथम नामद्वारा अर्थात् **'ॐ हराय नमः'** को उच्चारण गरी पार्थिवलिंग बनाउनका लागि माटो ल्याउनु। दोस्रो नाम अर्थात् **'ॐ महेश्वराय नमः'** को उच्चारण गरी लिंगनिर्माण गर्नु। फेरि **'ॐ शम्भवे नमः'** उच्चारण गरी त्यस पार्थिवलिंगको प्रतिष्ठा गर्नु। तत्पश्चात् **'ॐ शूलपाणये नमः'** भनेर त्यस पार्थिवलिंगमा भगवान् शिवको आवाहन गर्नु। **'ॐ पिनाकधृषे नमः'** भनेर त्यस शिवलिंगलाई स्नान गराउनु। **'ॐ शिवाय नमः'** उच्चारण गरी त्यसको पूजा गर्नु। फेरि **'ॐ पशुपतये नमः'** भनेर क्षमा-प्रार्थना गर्नु र अन्तमा **'ॐ महादेवाय नमः'** भनेर आराध्यदेवको विसर्जन गरिदिनु। यस प्रकार प्रत्येक नामको प्रारम्भमा 'ॐ' कार र अन्तमा चतुर्थी विभक्तिका साथ 'नमः' पद लगाएर बडो आनन्द र भक्तिभावले [पूजासम्बन्धी] सारा कार्य गर्नुपर्दछ॥ ४५—४९॥

* ॐ ईशानः सर्वविद्यानामीश्वरः सर्वभूतानां ब्रह्माधिपतिर्ब्रह्मणोऽधिपतिर्ब्रह्मा शिवो मेऽस्तु सदा शिवोम्॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृत्वा न्यासविधिं सम्यक् षडङ्गं करयोस्तथा।
षडक्षरेण मन्त्रेण ततो ध्यानं समाचरेत्॥ ५०

कैलासपीठासनमध्यसंस्थं
भक्तैः सनन्दादिभिरर्च्यमानम्।
भक्तार्तिदावानलमप्रमेयं
ध्यायेदुमालिङ्गितविश्वभूषणम् ॥ ५१

ध्यायेन्नित्यं महेशं
रजतगिरिनिभं चारुचन्द्रावतंसं
रत्नाकल्पोज्ज्वलाङ्गं
परशुमृगवराभीतिहस्तं प्रसन्नम्।
पद्मासीनं समन्तात्स्तुतममरगणै-
र्व्याघ्रकृत्तिं वसानम्
विश्वाद्यं विश्वबीजं निखिलभयहरं
पञ्चवक्त्रं त्रिनेत्रम्॥ ५२

इति ध्यात्वा च सम्पूज्य पार्थिवं लिङ्गमुत्तमम्।
जपेत्पञ्चाक्षरं मन्त्रं गुरुदत्तं यथाविधि॥ ५३

स्तुतिभिश्चैव देवेशं स्तुवीत प्रणमन्सुधीः।
नानाभिधाभिर्विप्रेन्द्राः पठेद् वै शतरुद्रियम्॥ ५४

ततः साक्षतपुष्पाणि गृहीत्वाञ्जलिना मुदा।
प्रार्थयेच्छङ्करं भक्त्या मन्त्रैरेभिः सुभक्तितः॥ ५५

तावकस्त्वद्गुणप्राणस्त्वच्चित्तोऽहं सदा मृड।
कृपानिधे इति ज्ञात्वा भूतनाथ प्रसीद मे॥ ५६

षडक्षरमन्त्रद्वारा अंगन्यास र करन्यासको विधि राम्ररी सम्पन्न गरी तल लेखिएअनुसार ध्यान गर्नु—

कैलास पर्वतमा एउटा सुन्दर सिंहासनको मध्यभागमा विराजमान, सनन्द आदि भक्तहरूद्वारा पूजित, भक्तहरूका दुःखरूपी डढेलोलाई नष्ट गरिदिने, अप्रमेय, उमाका साथ सँगै बस्नुभएका तथा विश्वका भूषणस्वरूप भगवान् शिवको चिन्तन गर्नुपर्छ। भगवान् महेश्वरको प्रतिदिन यस प्रकार ध्यान गर्नु—उहाँका अंगकान्ति चाँदीको पर्वत झैँ गोरो छ, उहाँ आफ्नो शिरमा मनोहर चन्द्रमाको मुकुट धारण गर्नुहुन्छ, रत्नहरूका आभूषण धारण गर्नाले उहाँका श्रीअंग झनै चम्किरहेका छन्, उहाँका चार हातहरूमा क्रमशः परशु, मृगमुद्रा, वर एवं अभयमुद्रा सुशोभित छन्, उहाँ सधैँ प्रसन्न रहनुहुन्छ। कमलको आसनमा बस्नुभएका छन्, देवताहरू चारैतिर उभिएर उहाँको स्तुति गरिरहेका छन्, उहाँले वस्त्रको रूपमा बाघको छाला धारण गरिराख्नुभएको छ, उहाँ यस विश्वका आदि हुनुहुन्छ, बीज (कारण)-रूप हुनुहुन्छ, सबैका समस्त भय हर्नुहुन्छ, उहाँका पाँच मुख छन् र प्रत्येक मुखमण्डलमा तीन-तीन नेत्र छन्॥ ५०—५२॥

यस प्रकार ध्यान गरी तथा उत्तम पार्थिवलिंगको पूजा गरी गुरुले दिनुभएको पंचाक्षरमन्त्रको विधिपूर्वक जप गर्नुपर्छ। हे विप्रवर हो! विद्वान् पुरुषले देवेश्वर शिवलाई प्रणाम गर्दै थरी-थरीका स्तुतिहरूद्वारा उहाँको स्तवन गर्नुपर्छ तथा शतरुद्रिय (यजु० १६औँ अध्यायका मन्त्रहरू)-को पाठ गर्नुपर्छ। तत्पश्चात् अंजलिमा अक्षता र फूल लिएर उत्तम भक्तिभावले निम्नांकित मन्त्रहरू पढ्दै प्रेम र प्रसन्नताका साथ भगवान् शंकरसित यस प्रकार प्रार्थना गर्नुपर्छ— ॥ ५३—५५॥

'सबैलाई सुख प्रदान गर्नुहुने हे कृपानिधान! हे भूतनाथ! हे शिव! म हजुरको हुँ, हजुरका गुणहरूमा नै मेरो प्राण बस्तछ अथवा हजुरका गुण नै मेरो प्राण—मेरो जीवनसर्वस्व हो, मेरो चित्त सदा हजुरकै चिन्तनमा लागेको छ—यो जानेर मप्रति प्रसन्न हुनुहोस्, कृपा गर्नुहोस्। हे शंकर! मैले अनजानमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अज्ञानाद्यदि वा ज्ञानाज्जपपूजादिकं मया।
कृतं तदस्तु सफलं कृपया तव शङ्कर॥ ५७

अहं पापी महानद्य पावनश्च भवान्महान्।
इति विज्ञाय गौरीश यदिच्छसि तथा कुरु॥ ५८

वेदैः पुराणैः सिद्धान्तैर्ऋषिभिर्विविधैरपि।
न ज्ञातोऽसि महादेव कुतोऽहं त्वां सदाशिव॥ ५९

यथा तथा त्वदीयोऽस्मि सर्वभावैर्महेश्वर।
रक्षणीयस्त्वयाहं वै प्रसीद परमेश्वर॥ ६०

इत्येवं चाक्षतान्पुष्पाण्यारोप्य च शिवोपरि।
प्रणमेद्भक्तितः शम्भुं साष्टाङ्गं विधिवन्मुने॥ ६१

ततः प्रदक्षिणां कुर्याद्यथोक्तविधिना सुधीः।
पुनः स्तुवीत देवेशं स्तुतिभिः श्रद्धयान्वितः॥ ६२

ततो गलरवं कृत्वा प्रणमेच्छुचिनम्रधीः।
कुर्याद्विज्ञप्तिमादृत्य विसर्जनमथाचरेत्॥ ६३

इत्युक्ता मुनिशार्दूलाः पार्थिवार्चा विधानतः।
भुक्तिदा मुक्तिदा चैव शिवभक्तिविवर्धिनी॥ ६४

इत्यध्यायं सुचित्तेन यः पठेच्छृणुयादपि।
सर्वपापविशुद्धात्मा सर्वान्कामानवाप्नुयात्॥ ६५

आयुरारोग्यदं चैव यशस्यं स्वर्ग्यमेव च।
पुत्रपौत्रादिसुखदमाख्यानमिदमुत्तमम् ॥ ६६

अथवा जानीबुझिकन यदि कहिल्यै हजुरको जप र पूजा आदि गरेको छु भने हजुरको कृपाले त्यो सफल होस्। हे गौरीनाथ! म यस समय महान् पापी छु र हजुर सधैँ परम महान् पतितपावन हुनुहुन्छ—यस कुराको विचार गरी हजुर जस्तो चाहनुहुन्छ, त्यसै गर्नुहोस्। हे महादेव! हे सदाशिव! वेद, पुराण, नाना प्रकारका शास्त्रीय सिद्धान्त र विभिन्न महर्षिहरूले पनि अहिलेसम्म हजुरलाई पूर्णरूपले जानेका छैनन्, भने फेरि म कसरी जान्न सक्छु। हे महेश्वर! म जस्तो छु, त्यस्तै, त्यसै रूपमा सम्पूर्ण भावले हजुरको हुँ, हजुरको आश्रित हुँ, यसकारण हजुरबाट रक्षा पाउन योग्य छु। हे परमेश्वर! हजुर मप्रति प्रसन्न हुनुहोस्।' हे मुनि! यस प्रकार प्रार्थना गरी हातमा लिएको अक्षता र पुष्पलाई भगवान् शिवमाथि चढाएर उनै शम्भुदेवलाई भक्तिभावले विधिपूर्वक साष्टांग प्रणाम गर्नुपर्छ। त्यसपछि शुद्ध बुद्धि भएका उपासक शास्त्रोक्त विधिले इष्टदेवको परिक्रमा गरून्। फेरि श्रद्धापूर्वक स्तुतिहरूद्वारा देवेश्वर शिवको स्तुति गरून्। यसपछि घाँटी बजाएर (घाँटीबाट अव्यक्त शब्दको उच्चारण गरी) पवित्र एवं विनीत चित्त भएका साधक भगवान्लाई प्रणाम गरून्। त्यसपछि आदरपूर्वक पूर्णताका लागि निवेदन गरून् र त्यसपछि विसर्जन गरून्॥ ५६—६३॥

हे मुनिवरहरू हो! यस प्रकार विधिपूर्वक पार्थिवलिंगको पूजा विधि बताएँ, जुन भोग र मोक्ष प्रदान गर्ने तथा भगवान् शिवप्रति भक्तिभावलाई बढाउने खालको छ। जो मनुष्य यस अध्यायको शुद्धचित्तले पाठ अथवा श्रवण गर्दछ, त्यो सबै पापहरूबाट मुक्त भएर सबै कामनाहरूलाई प्राप्त गर्दछ। यो उत्तम कथाले दीर्घायुष्य, आरोग्य, यश, स्वर्ग, पुत्र-पौत्र आदि सबै सुखहरू प्रदान गर्दछ॥ ६४—६६॥

इति श्रीशिवमहापुराणे प्रथमायां विद्येश्वरसंहितायां साध्यसाधनखण्डे पार्थिवशिवलिङ्गपूजनविधिवर्णनं नाम विंशोऽध्यायः॥ २०॥

॥ यस प्रकार श्रीशिवमहापुराण अन्तर्गत प्रथम विद्येश्वरसंहिताको साध्यसाधन खण्डमा पार्थिव शिवलिंगको पूजा विधि वर्णन नामक बीसौँ अध्याय पूर्ण भयो॥ २०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथैकविंशोऽध्यायः

कामनाभेदद्वारा पार्थिवलिंगको पूजा विधि

ऋषय ऊचुः

सूत सूत महाभाग व्यासशिष्य नमोऽस्तु ते।
सम्यगुक्तं त्वया तात पार्थिवार्चाविधानकम्॥ १

कामनाभेदमाश्रित्य सङ्ख्यां ब्रूहि विधानतः।
शिवपार्थिवलिङ्गानां कृपया दीनवत्सल॥ २

ऋषिगण भन्दछन्—हे व्यासशिष्य सूतजी! हे महाभाग! तपाईंलाई नमस्कार छ। हे तात! तपाईंले राम्रो प्रकारले पार्थिवार्चनको विधि बताइदिनुभयो। अब सकाम पूजामा मनोवांछित पदार्थअनुसार कति संख्यामा पार्थिव लिंगहरूका पूजा विधि छन्, हे दीनवत्सल! यसलाई कृपापूर्वक बताउनुहोस्॥ १-२॥

सूत उवाच

शृणुध्वमृषयः सर्वे पार्थिवार्चाविधानकम्।
यस्यानुष्ठानमात्रेण कृतकृत्यो भवेन्नरः॥ ३

अकृत्वा पार्थिवं लिङ्गं योऽन्यदेवं प्रपूजयेत्।
वृथा भवति सा पूजा दमदानादिकं वृथा॥ ४

सूत भन्नुहुन्छ—हे ऋषिहरू हो! तपाईंहरू सबै पार्थिव-पूजाको विधि श्रवण गर्नुहोस्, जसको अनुष्ठान गर्नाले मनुष्य कृतकृत्य हुन्छ। पार्थिवलिंगको पूजालाई छोडेर जो व्यक्ति अन्य देवताहरूको यजनमा लागिरहन्छन्, उनीहरूको त्यो पूजा, तप तथा दानादि व्यर्थ हुन जान्छ॥ ३-४॥

सङ्ख्या पार्थिवलिङ्गानां यथाकामं निगद्यते।
सङ्ख्या सद्यो मुनिश्रेष्ठ निश्चयेन फलप्रदा॥ ५

प्रथमावाहनं तत्र प्रतिष्ठा पूजनं पृथक्।
लिङ्गाकारं समं तत्र सर्वं ज्ञेयं पृथक्पृथक्॥ ६

अब म कामनाअनुसार पार्थिवलिंगहरूको संख्या बताउँछु, हे मुनिश्रेष्ठ! अधिक संख्यामा अर्चना त निश्चय नै फलदायी हुन्छ। प्रथम आवाहन, अनि प्रतिष्ठा, त्यसपछि सबै लिंगहरूको पूजा अलग-अलग गर्नुपर्छ। लिंगहरूका आकार त एकैनासको हुनुपर्छ॥ ५-६॥

विद्यार्थी पुरुषः प्रीत्या सहस्रमितपार्थिवम्।
पूजयेच्छिवलिङ्गं हि निश्चयात्तत्फलप्रदम्॥ ७

नरः पार्थिवलिङ्गानां धनार्थी च तदर्धकम्।
पुत्रार्थी सार्धसाहस्रं वस्त्रार्थी शतपञ्चकम्॥ ८

विद्याप्राप्तिको कामना भएका पुरुषले भक्तिपूर्वक एक हजार पार्थिव शिवलिंगको पूजा गरून्। यसबाट निश्चय नै त्यस फलको प्राप्ति हुन्छ। धन चाहने पुरुषले त्यसको आधा (पाँच सय), पुत्र चाहनेले एक हजार पाँच सय र वस्त्रहरूको आकांक्षा भएकाले पाँच सय शिवलिंगको पूजा गर्नुपर्छ॥ ७-८॥

मोक्षार्थी कोटिगुणितं भूकामश्च सहस्रकम्।
दयार्थी च त्रिसाहस्रं तीर्थार्थी द्विसहस्रकम्॥ ९

सुहृत्कामी त्रिसाहस्रं वश्यार्थी शतमष्टकम्।
मारणार्थी सप्तशतं मोहनार्थी शताष्टकम्॥ १०

उच्चाटनपरश्चैव सहस्रं च यथोक्ततः।
स्तम्भनार्थी सहस्रं तु द्वेषणार्थी तदर्धकम्॥ ११

निगडान्मुक्तिकामस्तु सहस्रं सार्धमुत्तमम्।
महाराजभये पञ्चशतं ज्ञेयं विचक्षणैः॥ १२

मोक्षको कामना भएकाले एक करोड, भूमिको अभिलाषा भएकाले एक हजार, दयाप्राप्तिको इच्छा भएकाले तीन हजार र तीर्थाटनको इच्छा भएकाले दुई हजार शिवलिंगको पूजा गर्नुपर्छ। मित्रप्राप्तिको इच्छा भएकाले तीन हजार तथा अभिचार कर्महरूमा पाँच सयदेखि लिएर एक हजारसम्म पार्थिव शिवलिंगहरूको पूजाको विधि छ। (कारागार आदिको) बन्धनबाट छुटकाराको इच्छाले एक हजार पाँच सय तथा राजभयबाट मुक्तिको इच्छाले पाँच सय शिवलिंगको पूजा गर्नुपर्ने कुरा बुद्धिमानले जान्नुपर्छ॥ ९—१२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चौरादिसङ्कटे ज्ञेयं पार्थिवानां शतद्वयम्।
डाकिन्यादिभये पञ्चशतमुक्तं च पार्थिवम्॥ १३

दारिद्र्ये पञ्चसाहस्रमयुतं सर्वकामदम्।
अथ नित्यविधिं वक्ष्ये शृणुध्वं मुनिसत्तमाः॥ १४

एकं पापहरं प्रोक्तं द्विलिङ्गं चार्थसिद्धिदम्।
त्रिलिङ्गं सर्वकामानां कारणं परमीरितम्॥ १५

उत्तरोत्तरमेवं स्यात्पूर्वोक्तगणनावधि।
मतान्तरमथो वक्ष्ये सङ्ख्यायां मुनिभेदतः॥ १६

लिङ्गानामयुतं कृत्वा पार्थिवानां सुबुद्धिमान्।
निर्भयो हि भवेन्नूनं महाराजभयं हरेत्॥ १७

कारागृहादिमुक्त्यर्थमयुतं कारयेद् बुधः।
डाकिन्यादिभये सप्तसहस्रं कारयेत्तथा॥ १८

अपुत्रः पञ्चपञ्चाशत् सहस्राणि प्रकारयेत्।
लिङ्गानामयुतेनैव कन्यकासन्ततिं लभेत्॥ १९

लिङ्गानामयुतेनैव विष्ण्वाद्यैश्वर्यमाप्नुयात्।
लिङ्गानां प्रयुतेनैव ह्यतुलां श्रियमाप्नुयात्॥ २०

कोटिमेकां तु लिङ्गानां यः करोति नरो भुवि।
शिव एव भवेत्सोऽपि नात्र कार्या विचारणा॥ २१

अर्चा पार्थिवलिङ्गानां कोटियज्ञफलप्रदा।
भुक्तिदा मुक्तिदा नित्यं ततः कामार्थिनां नृणाम्॥ २२

विना लिङ्गार्चनं यस्य कालो गच्छति नित्यशः।
महाहानिर्भवेत्तस्य दुर्वृत्तस्य दुरात्मनः॥ २३

चोर आदिको संकटबाट बच्नका लागि दुई सय पार्थिव शिवलिंगको र डाकिनी आदिको भयबाट मुक्तिका निम्ति पाँच सय पार्थिव शिवलिंगको पूजा गर्नुपर्ने बताइएको छ। दरिद्रताबाट छुटकाराका लागि पाँच हजार र सबै कामनाहरूको सिद्धिका लागि दस हजार पार्थिव शिवलिंगको पूजा गर्नुपर्छ। हे मुनिश्रेष्ठ हो! अब म नित्यपूजाविधि बताउँछु, तपाईंहरू सुन्नुहोस्॥ १३-१४॥

एउटा पार्थिवलिंगको नित्य पूजा गर्दा पापहरूको नाश हुने र दुईवटा लिंगको पूजा गर्दा सिद्धि प्राप्त हुने बताइएको छ। सबै कामनाहरूको सिद्धिको मुख्य कारण तीनवटा लिंगको पूजालाई बताइएको छ। पूर्वमा बताइएका संख्याविधिमा पनि उत्तरोत्तर संख्या धेरै फलदायिनी छन्। अन्य मुनिहरूको मतमा संख्याको जुन अन्तर छ, त्यो पनि अब बताउँछु॥ १५-१६॥

बुद्धिमान् मनुष्य दस हजार पार्थिव शिवलिंगको अर्चना गरी राजाको महान् भयबाट मुक्त भएर निर्भय हुन्छ। कारागार आदिबाट छुट्नका लागि दस हजार लिंगको अर्चना गर्नुपर्छ र डाकिनी आदिको भयबाट मुक्तिका लागि सात हजार लिंगको अर्चना गर्नुपर्छ॥ १७-१८॥

पुत्रहीन पुरुषले पच्पन्न हजार लिंगको अर्चना गरून्, दस हजार लिंगको अर्चनाबाट कन्या-सन्तानको प्राप्ति हुन्छ। दस हजार लिंगको अर्चनाबाट विष्णु आदि देवताहरूको समान ऐश्वर्य प्राप्त हुन्छ। दस लाख शिवलिंगार्चनाबाट अतुल सम्पत्ति प्राप्त हुन्छ॥ १९-२०॥

जुन मनुष्यले पृथ्वीमा एक करोड शिवलिंगको अर्चना गर्दछ, त्यो त शिवरूप नै हुन्छ; यसमा सन्देह गर्नुपर्दैन। पार्थिवपूजा करोडौँ यज्ञको फल प्रदान गर्ने खालको छ। यसकारण सकाम भक्तहरूका लागि यसले भोग र मोक्ष दुवै प्रदान गर्दछ। जुन मनुष्यको समय दैनिक लिंगार्चना विना व्यतीत हुन्छ, ती दुराचारी तथा दुष्टात्मा व्यक्तिलाई ठुलो हानि हुन्छ॥ २१-२३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकतः सर्वदानानि व्रतानि विविधानि च।
तीर्थानि नियमा यज्ञा लिङ्गार्चा चैकतः स्मृता॥ २४
कलौ लिङ्गार्चनं श्रेष्ठं यथा लोके प्रदृश्यते।
तथान्यन्नास्ति शास्त्राणामेष सिद्धान्तनिश्चयः॥ २५
भुक्तिमुक्तिप्रदं लिङ्गं विविधापन्निवारणम्।
पूजयित्वा नरो नित्यं शिवसायुज्यमाप्नुयात्॥ २६

एकातर्फ सारा दान, विविध व्रत, तीर्थ, नियम र यज्ञलाई र अर्कोतर्फ पार्थिव शिवलिंगको पूजालाई दाँजेर हेर्दा बराबर हुने मानिएको छ। कलियुगमा त लिंगार्चना जस्तो श्रेष्ठ अरू कुनै साधन नै छैन—यो समस्त शास्त्रहरूको निश्चित सिद्धान्त हो। शिवलिंग भोग र मोक्षदायक छ तथा विविध आपतहरूको निवारण गर्दछ। यसको नित्य अर्चना गरी मनुष्यले शिवसायुज्य प्राप्त गर्दछ॥ २४—२६॥

शिवनाममयं लिङ्गं नित्यं पूज्यं महर्षिभिः।
यतश्च सर्वलिङ्गेषु तस्मात्पूज्यं विधानतः॥ २७
उत्तमं मध्यमं नीचं त्रिविधं लिङ्गमीरितम्।
मानतो मुनिशार्दूलास्तच्छृणुध्वं वदाम्यहम्॥ २८
चतुरङ्गुलमुच्छ्रायं रम्यं वेदिकया युतम्।
उत्तमं लिङ्गमाख्यातं मुनिभिः शास्त्रकोविदैः॥ २९
तदर्द्धं मध्यमं प्रोक्तं तदर्द्धमधमं स्मृतम्।
इत्थं त्रिविधमाख्यातमुत्तरोत्तरतः परम्॥ ३०

महर्षिहरूले शिवनाममय यस लिंगको नित्य पूजा गर्नुपर्छ। यो सबै लिंगहरूमध्येमा श्रेष्ठ छ, अतः विधिपूर्वक यसको पूजा गर्नुपर्छ। हे मुनिवरहरू हो! परिमाणअनुसार लिंग तीन प्रकारका बताइएका छन्—उत्तम, मध्यम र अधम। त्यसलाई तपाईंहरू सुन्नुहोस्; म बताउँछु। जुन चार अँगुल अग्लो र हेर्दामा सुन्दर तथा वेदीले युक्त छन्, त्यस शिवलिंगलाई शास्त्रज्ञ महर्षिहरूले उत्तम बताएका छन्। त्यसभन्दा आधालाई मध्यम र त्यसभन्दा पनि आधालाई अधम मानिएको छ। यसै गरी तीन प्रकारका शिवलिंग बताएका छन्, जुन उत्तरोत्तर श्रेष्ठ छन्॥ २७—३०॥

अनेकलिङ्गं यो नित्यं भक्तिश्रद्धासमन्वितः।
पूजयेत्स लभेत्कामान्मनसा मानसेप्सितान्॥ ३१

जसले भक्ति तथा श्रद्धाले युक्त भएर अनेक लिंगहरूको मनले नित्य पूजा गर्दछ, त्यसले मनोवांछित कामनाहरूको प्राप्ति गर्दछ॥ ३१॥

न लिङ्गाराधनादन्यत्पुण्यं वेदचतुष्टये।
विद्यते सर्वशास्त्राणामेष एव विनिश्चयः॥ ३२

चारै वेदमा लिंगार्चनाभन्दा ठुलो कुनै पुण्य छैन; सबै शास्त्रको पनि यही निर्णय छ॥ ३२॥

सर्वमेतत्परित्यज्य कर्मजालमशेषतः।
भक्त्या परमया विद्वाँल्लिङ्गमेकं प्रपूजयेत्॥ ३३

विद्वान्हरूले यस समस्त कर्म-प्रपंचको त्याग गरी परम भक्तिका साथ एकमात्र शिवलिंगको विधिवत् पूजा गर्नुपर्छ॥ ३३॥

लिङ्गेऽर्चितेऽर्चितं सर्वं जगत्स्थावरजङ्गमम्।
संसाराम्बुधिमग्नानां नान्यत्तरणसाधनम्॥ ३४

केवल शिवलिंगको पूजा भएपछि समग्र चराचर जगत्को पूजा हुन्छ। संसार-सागरमा डुबेका व्यक्तिका लागि उत्रने अरू कुनै पनि साधन छैन॥ ३४॥

अज्ञानतिमिरान्धानां विषयासक्तचेतसाम्।
प्लवो नान्योऽस्ति जगति लिङ्गाराधनमन्तरा॥ ३५

अज्ञानरूपी अन्धकारबाट अन्धो भएका तथा विषय-वासनाहरूमा आसक्त चित्त भएकाहरूका लागि यस जगत्मा [भवसागरबाट पार हुनका निम्ति] लिंगार्चना बाहेक अरू कुनै डुङ्गा छैन॥ ३५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरिब्रह्मादयो देवा मुनयो यक्षराक्षसाः।
गन्धर्वाश्चारणाः सिद्धा दैतेया दानवास्तथा॥ ३६
नागाः शेषप्रभृतयो गरुडाद्याः खगास्तथा।
सप्रजापतयश्चान्ये मनवः किन्नरा नराः॥ ३७
पूजयित्वा महाभक्त्या लिङ्गं सर्वार्थसिद्धिदम्।
प्राप्ताः कामानभीष्टांश्च तांस्तान्सर्वान्हृदि स्थितान्॥ ३८

ब्रह्मा-विष्णु आदि देवता, मुनिगण, यक्ष, राक्षस, गन्धर्व, चारण, सिद्धजन, दैत्य, दानव, शेष आदि नाग, गरुड आदि पक्षी, प्रजापति, मनु, किन्नर र मानवहरूले समस्त अर्थसिद्धि प्रदान गर्ने शिवलिंगको महान् भक्तिका साथ पूजा गरी आफ्नो मनमा स्थित ती-ती समस्त अभीष्ट कामनाहरूलाई प्राप्त गरिसकेका छन्॥ ३६—३८॥

ब्राह्मणः क्षत्रियो वैश्यः शूद्रो वा प्रतिलोमजः।
पूजयेत्सततं लिङ्गं तत्तन्मन्त्रेण सादरम्॥ ३९
किं बहूक्तेन मुनयः स्त्रीणामपि तथान्यतः।
अधिकारोऽस्ति सर्वेषां शिवलिङ्गार्चने द्विजाः॥ ४०

ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र अथवा वर्णसंकर- जोसुकै किन नहोऊन्, उनीहरूले आफ्नो अधिकारअनुसार वैदिक अथवा तान्त्रिक मन्त्रद्वारा सदा आदरपूर्वक शिवलिंगको पूजा गर्नुपर्छ। हे ब्राह्मणहरू! हे महर्षिहरू! धेरै भनेर मात्र के फाइदा! शिवलिंगको पूजा गर्नमा स्त्री तथा अरू सबैलाई अधिकार छ॥ ३९-४०॥

द्विजानां वैदिकेनापि मार्गेणाराधनं वरम्।
अन्येषामपि जन्तूनां वैदिकेन न सम्मतम्॥ ४१
वैदिकानां द्विजानां च पूजा वैदिकमार्गतः।
कर्तव्या नान्यमार्गेण इत्याह भगवान् शिवः॥ ४२
दधीचिगौतमादीनां शापेनादग्धचेतसाम्।
द्विजानां जायते श्रद्धा नैव वैदिककर्मणि॥ ४३
यो वैदिकमनादृत्य कर्म स्मार्तमथापि वा।
अन्यत्समाचरेन्मर्त्यो न सङ्कल्पफलं लभेत्॥ ४४

ब्राह्मणहरूका लागि शिवलिंगको पूजा वैदिक पद्धति नै श्रेष्ठ छ, तर अरूका लागि वैदिक मार्गबाट पूजा गर्न सम्मति छैन। वेदज्ञ ब्राह्मणहरूले वैदिक मार्गबाट नै शिवलिंगको पूजा गर्नुपर्छ, अन्य मार्गबाट होइन—यो भगवान् शिवको कथन हो। दधीचि, गौतम आदिका श्रापले जसको चित्त दग्ध भएको छ, ती द्विजहरूले वैदिक कर्ममा श्रद्धा राख्दैनन्। जो मनुष्य वेद तथा स्मृतिहरूमा बताइएका सत्कर्महरूको परित्याग गरी अरू कर्म गर्न थाल्छ, त्यसको मनोरथ कहिल्यै सफल हुँदैन॥ ४१—४४॥

इत्थं कृत्वार्चनं शम्भोर्नैवेद्यान्तं विधानतः।
पूजयेदष्टमूर्तीश्च तत्रैव त्रिजगन्मयीः॥ ४५
क्षितिरापोऽनलो वायुराकाशः सूर्यसोमकौ।
यजमान इति त्वष्टौ मूर्तयः परिकीर्तिताः॥ ४६
शर्वो भवश्च रुद्रश्च उग्रो भीम इतीश्वरः।
महादेवः पशुपतिरेतान्मूर्तिभिरर्चयेत्॥ ४७
पूजयेत्परिवारं च ततः शम्भोः सुभक्तितः।
ईशानादिक्रमात्तत्र चन्दनाक्षतपत्रकैः॥ ४८
ईशानं नन्दिनं चण्डं महाकालं च भृङ्गिणम्।
वृषं स्कन्दं कपर्दीशं सोमं शुक्रं च तत्क्रमात्॥ ४९
अग्रतो वीरभद्रं च पृष्ठे कीर्त्तिमुखं तथा।
तत एकादशान् रुद्रान्पूजयेद्विधिना ततः॥ ५०

यस प्रकार विधिपूर्वक भगवान् शंकरको नैवेद्यान्त पूजा गरी उहाँका त्रिभुवनमयी आठ मूर्तिहरूको पनि त्यहीं पूजा गर्नुपर्छ। पृथ्वी, जल, अग्नि, वायु, आकाश, सूर्य, चन्द्रमा तथा यजमान—यी भगवान् शंकरका आठ मूर्ति बताइएका छन्। यी मूर्तिहरूको साथ-साथै शर्व, भव, रुद्र, उग्र, भीम, ईश्वर, महादेव तथा पशुपति—यी नामहरूको पनि अर्चना गर्नुपर्छ। त्यसपछि चन्दन, अक्षत र बेलपत्र लिएर त्यहाँ ईशान आदिको क्रमले भगवान् शिवका परिवारको उत्तम भक्तिभावले पूजा गर्नुपर्छ। ईशान, नन्दी, चण्ड, महाकाल, भृंगी, वृष, स्कन्द, कपर्दीश्वर, सोम तथा शुक्र—यी दश शिवका परिवार हुन्, [जो क्रमशः ईशान आदि दसै दिशाहरूमा पूजनीय छन्।] तत्पश्चात् भगवान् शिवका अगाडि वीरभद्र र पछाडि कीर्तिमुखको पूजा गरी विधिपूर्वक एघार रुद्रहरूको पूजा गर्नुपर्छ॥ ४५—५०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततः पञ्चाक्षरं जप्त्वा शतरुद्रियमेव च।
स्तुतीर्नानाविधाः कृत्वा पञ्चाङ्गपठनं तथा॥ ५१

ततः प्रदक्षिणां कृत्वा नत्वा लिङ्गं विसर्जयेत्।
इति प्रोक्तमशेषं च शिवपूजनमादरात्॥ ५२

रात्रावुदङ्मुखः कुर्याद् देवकार्यं सदैव हि।
शिवार्चनं सदाप्येवं शुचिः कुर्यादुदङ्मुखः॥ ५३

न प्राचीमग्रतः शम्भोर्नोदीचीं शक्तिसंहिताम्।
न प्रतीचीं यतः पृष्ठमतो ग्राह्यं समाश्रयेत्॥ ५४

विना भस्मत्रिपुण्ड्रेण विना रुद्राक्षमालया।
बिल्वपत्रं विना नैव पूजयेच्छङ्करं बुधः॥ ५५

भस्माप्राप्तौ मुनिश्रेष्ठाः प्रवृत्ते शिवपूजने।
तस्मान्मृदापि कर्तव्यं ललाटे च त्रिपुण्ड्रकम्॥ ५६

यसपछि पंचाक्षर–मन्त्रको जप गरी शतरुद्रियको पाठ तथा नाना प्रकारका स्तुतिहरू गरी शिवपंचांगको पाठ गर्नुपर्छ। तत्पश्चात् परिक्रमा र नमस्कार गरी शिवलिंगको विसर्जन गर्नुपर्छ। यस प्रकार मैले शिवपूजाको सम्पूर्ण विधि आदरपूर्वक वर्णन गरेँ। रात्रिमा देवकार्य सधैँ उत्तराभिमुख भएर नै गर्नुपर्छ। यसै प्रकार शिवपूजा पनि पवित्र भावले सदा उत्तराभिमुख भएर नै गर्नु उचित हुन्छ। जहाँ शिवलिंग स्थापित छ, त्यसको पूर्व दिशाको आश्रय लिएर बस्नु वा उभिनु हुँदैन; किनभने त्यो दिशा भगवान् शिवको अगाडि वा सामुन्ने पर्छ (इष्टदेव छेकिनु राम्रो हुन्न)। शिवलिंगबाट उत्तर दिशामा पनि नबस्नु; किनभने त्यता भगवान् शंकरको वामांग पर्छ, जसमा शक्तिस्वरूपा देवी उमा विराजमान छिन्। पूजाकर्ता शिवलिंगबाट पश्चिम दिशामा पनि बस्नु हुँदैन; किनभने त्यो आराध्यदेवको पृष्ठभाग हो (पछाडितिरबाट पूजा गर्नु उचित हुन्न) अतः अवशिष्ट दक्षिण दिशा नै ग्राह्य छ, त्यसको आश्रय लिनुपर्छ। [तात्पर्य यो हो कि शिवलिंगबाट दक्षिण दिशामा उत्तराभिमुख भई पूजा गर्नुपर्छ।] विद्वान् पुरुषले भस्मको त्रिपुण्ड्र नलगाइकन, रुद्राक्षको माला धारण विना तथा बेलपत्र संग्रह विना भगवान् शंकरको पूजा गर्नुहुँदैन। हे मुनिवर हो! शिवपूजा आरम्भ गर्दाको समयमा यदि भस्म पाइएन भने निधारमा माटोको त्रिपुण्ड्र अवश्य लगाउनु पर्छ॥ ५१—५६॥

इति श्रीशिवमहापुराणे प्रथमायां विद्येश्वरसंहितायां साध्यसाधनखण्डे पार्थिवपूजनवर्णनं नामैकविंशोऽध्यायः॥ २१॥

॥ यस प्रकार श्रीशिवमहापुराण अन्तर्गत प्रथम विद्येश्वरसंहिताको साध्यसाधनखण्डमा पार्थिव-पूजन-वर्णन नामक एक्काइसौँ अध्याय पूर्ण भयो॥ २१॥

अथ द्वाविंशोऽध्यायः

शिव-नैवेद्य-भक्षणको निर्णय एवं बेलपत्रको माहात्म्य

ऋषय ऊचुः

अग्राह्यं शिवनैवेद्यमिति पूर्वं श्रुतं वचः।
ब्रूहि तन्निर्णयं बिल्वमाहात्म्यमपि सन्मुने॥ १

ऋषिगण भन्दछन्—हे महामुनि! हामीले पहिला सुनेका छौँ कि भगवान् शिवलाई अर्पित गरिएका नैवेद्य अग्राह्य हुन्छन्, अत एव नैवेद्यको विषयमा निर्णय र बेलपत्रको माहात्म्य पनि आज्ञा होस्॥ १॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूत उवाच

श्रृणुध्वं मुनयः सर्वे सावधानतयाधुना।
सर्वं वदामि सम्प्रीत्या धन्या यूयं शिवव्रताः॥ २

सूत भन्नुहुन्छ—हे मुनिहरू हो! अब तपाईंहरू सबै सावधानीपूर्वक सुन्नुहोस्। म प्रेमपूर्वक सबथोक बताउँदै छु। तपाईंहरू शिवव्रत धारण गर्नेवाला हुनुहुन्छ, अतः तपाईंहरू धन्य हुनुहुन्छ॥ २॥

शिवभक्तः शुचिः शुद्धः सद्व्रती दृढनिश्चयः।
भक्षयेच्छिवनैवेद्यं त्यजेदग्राह्यभावनाम्॥ ३

जो शिवको भक्त, पवित्र, शुद्ध, सद्व्रती तथा दृढनिश्चयी छन्, तिनले शिवनैवेद्य अवश्य ग्रहण गर्नुपर्छ र अग्राह्य (ग्रहण गर्न हुन्न भन्ने) भावनालाई त्यागिदिनु पर्छ॥ ३॥

दृष्ट्वापि शिवनैवेद्यं यान्ति पापानि दूरतः।
भुक्ते तु शिवनैवेद्ये पुण्यान्यायान्ति कोटिशः॥ ४

शिवनैवेद्यलाई हेर्नाले मात्रै पनि सबै पाप टाढा हुन्छन् र शिवको नैवेद्य भक्षण गर्नाले त करोडौँ पुण्य स्वतः प्राप्त हुन्छन्॥ ४॥

अलं यागसहस्त्रेणाप्यलं यागार्बुदैरपि।
भक्षिते शिवनैवेद्ये शिवसायुज्यमाप्नुयात्॥ ५

हजार यज्ञहरूको कुरा नगरौँ, अर्बुद यज्ञ गर्दामा पनि त्यो पुण्य प्राप्त हुन सक्दैन, जुन शिवनैवेद्य खानाले प्राप्त हुन्छ। शिवको नैवेद्य खानाले त शिवसायुज्यको प्राप्ति समेत हुन जान्छ॥ ५॥

यद्गृहे शिवनैवेद्यप्रचारोऽपि प्रजायते।
तद्गृहं पावनं सर्वमन्यपावनकारणम्॥ ६

जुन घरमा शिवलाई नैवेद्य लगाइन्छ वा अन्यत्रबाट शिवलाई समर्पित नैवेद्य प्रसादरूपमा आउँछ, त्यो घर पवित्र हुन्छ र त्यसले अरूलाई पनि पवित्र बनाइदिन्छ॥ ६॥

आगतं शिवनैवेद्यं गृहीत्वा शिरसा मुदा।
भक्षणीयं प्रयत्नेन शिवस्मरणपूर्वकम्॥ ७

प्राप्त भएको शिवनैवेद्यलाई प्रसन्नतापूर्वक शिर झुकाएर ग्रहण गरी भगवान् शिवको स्मरण गर्दै त्यसलाई खानुपर्छ॥ ७॥

आगतं शिवनैवेद्यमन्यदा ग्राह्यमित्यपि।
विलम्बे पापसम्बन्धो भवत्येव हि मानवः॥ ८

प्राप्त भएको शिवनैवेद्यलाई अर्को समयमा ग्रहण गरौँला—यस्तो भावना गरी जो मनुष्य ग्रहण गर्नमा विलम्ब गर्दछ, त्यसलाई पाप लाग्छ॥ ८॥

न यस्य शिवनैवेद्ये ग्रहणेच्छा प्रजायते।
स पापिष्ठः गरिष्ठः स्यान्नरकं यात्यपि ध्रुवम्॥ ९

जसमा शिवनैवेद्य ग्रहण गर्ने इच्छा उत्पन्न हुँदैन, त्यो महान् पापी हो र निश्चित रूपले नरकमा जान्छ॥ ९॥

हृदये चन्द्रकान्ते च स्वर्णरूप्यादिनिर्मिते।
शिवदीक्षावता भक्तेनेदं भक्ष्यमितीर्यते॥ १०

हृदयमा अवस्थित शिवलिंग वा चन्द्रकान्तमणिले बनेको शिवलिंग अथवा सुन वा चाँदीले बनाइएका शिवलिंगलाई समर्पित गरिएका नैवेद्य शिवको दीक्षा लिएका भक्तले खानैपर्छ—यस्तो बताइएको छ॥ १०॥

शिवदीक्षान्वितो भक्तो महाप्रसादसंज्ञकम्।
सर्वेषामपि लिङ्गानां नैवेद्यं भक्षयेच्छुभम्॥ ११

यतिमात्र होइन शिवदीक्षित भक्तले समस्त शिवलिंगहरूका लागि समर्पित महाप्रसादरूप शुभ शिवनैवेद्यलाई खान सक्छन्॥ ११॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDI

अन्यदीक्षायुजां नृणां शिवभक्तिरतात्मनाम्।
शृणुध्वं निर्णयं प्रीत्या शिवनैवेद्यभक्षणे॥ १२

जुन मनुष्यहरूले अन्य देवताहरूको दीक्षा लिएका छन् र शिवको भक्तिमा ती अनुरक्त रहन्छन्, उनीहरूका लागि शिवनैवेद्य भक्षणको निर्णयको विषयमा तपाईंहरू सबै प्रेमपूर्वक सुन्नुहोस्॥ १२॥

शालग्रामोद्भवे लिङ्गे रसलिङ्गे तथा द्विजाः।
पाषाणे राजते स्वर्णे सुरसिद्धप्रतिष्ठिते॥ १३
काश्मीरे स्फाटिके रात्ने ज्योतिर्लिङ्गेषु सर्वशः।
चान्द्रायणसमं प्रोक्तं शम्भोर्नैवेद्यभक्षणम्॥ १४

हे ब्राह्मणहरू हो! शालग्राममा उत्पन्न शिवलिंग, रसलिंग (पारदलिंग), पाषाणलिंग, रजतलिंग, स्वर्णलिंग, देवताहरू र सिद्ध मुनिहरूद्वारा प्रतिष्ठित शिवलिंग, केसरबाट बनेका लिंग, स्फटिकलिंग, रत्नलिंग र ज्योतिर्लिंग आदि समस्त शिवलिंगहरूका लागि समर्पित नैवेद्यको भक्षण गर्नुलाई चान्द्रायण-व्रतसमान फल दिने बताइएको छ॥ १३-१४॥

ब्रह्महापि शुचिर्भूत्वा निर्माल्यं यस्तु धारयेत्।
भक्षयित्वा द्रुतं तस्य सर्वपापं प्रणश्यति॥ १५

यदि ब्रह्महत्या गर्नेले पनि पवित्र भएर शिवको पवित्र निर्माल्य धारण गर्दछ र त्यसलाई खान्छ भने त्यसका सम्पूर्ण पाप तत्काल नष्ट हुन्छन्॥ १५॥

चण्डाधिकारो यत्रास्ति तद्भोक्तव्यं न मानवैः।
चण्डाधिकारो नो यत्र भोक्तव्यं तच्च भक्तितः॥ १६

जहाँ चण्डको अधिकार छ, त्यहाँ शिवलिंगका लागि समर्पित नैवेद्य मनुष्यहरूले भक्षण गर्नुहुँदैन; जहाँ चण्डको अधिकार छैन, त्यहाँ भक्तिपूर्वक भक्षण गर्नुपर्दछ॥ १६॥

बाणलिङ्गे च लौहे च सिद्धे लिङ्गे स्वयम्भुवि।
प्रतिमासु च सर्वासु न चण्डोऽधिकृतो भवेत्॥ १७

बाणलिंग, लौहलिंग, सिद्धलिंग, स्वयम्भूलिंग र अन्य समस्त प्रतिमाहरूमा चण्डको अधिकार हुँदैन॥ १७॥

स्नापयित्वा विधानेन यो लिङ्गस्नपनोदकम्।
त्रिःपिबेत्त्रिविधं पापं तस्येहाशु विनश्यति॥ १८

जो विधिपूर्वक शिवलिंगलाई स्नान गराएर त्यस स्नानजललाई तीन पटक पिउँछ, त्यसको समस्त पाप तत्कालै नष्ट हुन्छ॥ १८॥

अग्राह्यं शिवनैवेद्यं पत्रं पुष्पं फलं जलम्।
शालग्रामशिलासङ्गात्सर्वं याति पवित्रताम्॥ १९

[चण्डद्वारा अधिकृत हुनाको कारण] अग्राह्य शिवनैवेद्य पत्र-पुष्प-फल र जल—यी सबै शालग्रामशिलाको स्पर्शबाट पवित्र हुन्छन्॥ १९॥

लिङ्गोपरि च यद् द्रव्यं तदग्राह्यं मुनीश्वराः।
सुपवित्रं च तज्ज्ञेयं यल्लिङ्गस्पर्शबाह्यतः॥ २०

हे मुनीश्वर हो! शिवलिंगमाथि जुन द्रव्य चढाइन्छ, त्यो अग्राह्य हुन्छ र जुन लिंगको स्पर्शबाट बाहिर छ, त्यसलाई अत्यन्त पवित्र जान्नुपर्दछ॥ २०॥

नैवेद्यनिर्णयः प्रोक्त इत्थं वो मुनिसत्तमाः।
शृणुध्वं बिल्वमाहात्म्यं सावधानतयादरात्॥ २१

हे मुनिश्रेष्ठ हो! यस प्रकार मैले शिवनैवेद्यको निर्णय बताएँ। अब तपाईंहरू सबै सावधानीपूर्वक बेलपत्रको माहात्म्य आदरपूर्वक सुन्नुहोस्॥ २१॥

महादेवस्वरूपोऽयं बिल्वो देवैरपि स्तुतः।
यथाकथञ्चिदेतस्य महिमा ज्ञायते कथम्॥ २२

बेलको वृक्ष त महादेवस्वरूप नै हो, देवताहरूद्वारा पनि यसको स्तुति गरिएको छ, अतः कुन प्रकारले यसको महिमा कसरी जान्न सकिन्छ॥ २२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुण्यतीर्थानि यावन्ति लोकेषु प्रथितान्यपि।
तानि सर्वाणि तीर्थानि बिल्वमूले वसन्ति हि॥ २३

बिल्वमूले महादेवं लिङ्गरूपिणमव्ययम्।
यः पूजयति पुण्यात्मा स शिवं प्राप्नुयाद् ध्रुवम्॥ २४

बिल्वमूले जलैर्यस्तु मूर्धानमभिषिञ्चति।
स सर्वतीर्थस्नातः स्यात्स एव भुवि पावनः॥ २५

एतस्य बिल्वमूलस्याथालवालमनुत्तमम्।
जलाकुलं महादेवो दृष्ट्वा तुष्टो भवत्यलम्॥ २६

पूजयेद् बिल्वमूलं यो गन्धपुष्पादिभिर्नरः।
शिवलोकमवाप्नोति सन्ततिर्वर्धते सुखम्॥ २७

बिल्वमूले दीपमालां यः कल्पयति सादरम्।
स तत्त्वज्ञानसम्पन्नो महेशान्तर्गतो भवेत्॥ २८

बिल्वशाखां समादाय हस्तेन नवपल्लवम्।
गृहीत्वा पूजयेद् बिल्वं स च पापैः प्रमुच्यते॥ २९

बिल्वमूले शिवरतं भोजयेद्यस्तु भक्तितः।
एकं वा कोटिगुणितं तस्य पुण्यं प्रजायते॥ ३०

बिल्वमूले क्षीरयुक्तमन्नमाज्येन संयुतम्।
यो दद्याच्छिवभक्ताय स दरिद्रो न जायते॥ ३१

साङ्गोपाङ्गमिति प्रोक्तं शिवलिङ्गप्रपूजनम्।
प्रवृत्तानां निवृत्तानां भेदतो द्विविधं द्विजाः॥ ३२

प्रवृत्तानां पीठपूजा सर्वाभीष्टप्रदा भुवि।
पात्रेणैव प्रवृत्तस्तु सर्वपूजां समाचरेत्॥ ३३

नैवेद्यमभिषेकान्ते शाल्यन्नेन समाचरेत्।
पूजान्ते स्थापयेल्लिङ्गं पुटे शुद्धे पृथग्गृहे॥ ३४

संसारमा जति पनि प्रसिद्ध तीर्थ छन्, ती सबै तीर्थ बेलको जरामा निवास गर्दछन्॥ २३॥

जुन पुण्यात्माले बेलको जरा वा फेदमा लिंगरूपी अव्यय भगवान् महादेवको पूजा गर्दछ, त्यसले निश्चित रूपले शिवलाई प्राप्त गर्दछ॥ २४॥

जो प्राणी बेलको जरामा शिवको शिरमाथि अभिषेक गर्दछ, त्यसले समस्त तीर्थहरूमा स्नान गरेको फल प्राप्त गरी पृथ्वीमा पवित्र हुन जान्छ॥ २५॥

यस बेलको जरामा बनेका उत्तम थालीलाई जलले परिपूर्ण देखेर भगवान् शिव अत्यन्त प्रसन्न हुनुहुन्छ॥ २६॥

जो व्यक्ति चन्दन-पुष्पादिले बेलको जराको पूजा गर्दछ, त्यसले शिवलोक प्राप्त गर्दछ र उसको सन्तान र सुखको अभिवृद्धि हुन्छ॥ २७॥

जो मनुष्य बेलको फेदमा आदरपूर्वक दीपमालाको दान गर्दछ, तत्त्वज्ञानले सम्पन्न भएर त्यसले महादेवको सान्निध्य प्राप्त गर्दछ॥ २८॥

जसले बेलका हाँगालाई हातले समातेर त्यसको नयाँ पातलाई टिपेर बेलको पूजा गर्दछ, त्यो समस्त पापहरूबाट मुक्त हुन्छ॥ २९॥

जो पुरुष भक्तिपूर्वक बेलको मुनी (फेदमा) एउटा शिवभक्तलाई भोजन गराउँछ, त्यसलाई करोडौं मनुष्यहरूलाई भोजन गराएको पुण्य प्राप्त हुन्छ॥ ३०॥

जो बेलको मुनी दुध र घिउले युक्त अन्न शिवभक्तलाई प्रदान गर्दछ, त्यो कहिल्यै दरिद्र हुदैन॥ ३१॥

हे ब्राह्मणहरू हो! यस प्रकार मैले सांगोपांगो शिवलिंगको पूजाविधि बताइदिएँ। यसमा पनि प्रवृत्त र निवृत्त दुई प्रकारका भेद छन्॥ ३२॥

प्रवृत्तिमार्गीहरूका लागि पीठपूजा यस भूतलमा सम्पूर्ण अभीष्ट वस्तु प्रदायक हुन्छ। प्रवृत्त पुरुषले सुपात्र गुरु आदिद्वारा नै सम्पूर्ण पूजा सम्पन्न गराउनुपर्छ॥ ३३॥

शिवलिंगको अभिषेक गरिसकेपछि नयाँ अन्नको नैवेद्य चढाउनुपर्छ। पूजाको अन्तमा त्यस शिवलिंगलाई कुनै शुद्ध बट्टामा राखिदिनुपर्छ अथवा कुनै दोस्रो शुद्ध घरमा स्थापित गरिदिनुपर्छ। निवृत्तिमार्गी उपासकहरूका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

करपूजानिवृत्तानां स्वभोज्यं तु निवेदयेत्।
निवृत्तानां परं सूक्ष्मं लिङ्गमेव विशिष्यते॥ ३५

विभूत्यभ्यर्चनं कुर्याद्विभूतिं च निवेदयेत्।
पूजां कृत्वा तथा लिङ्गं शिरसा धारयेत्सदा॥ ३६

लागि हातमा नै शिवपूजा गर्नुपर्ने विधान छ। उनीहरूले [भिक्षा आदिबाट प्राप्त] आफ्नो भोजनलाई नै नैवेद्यरूपमा अर्पित गर्नुपर्छ। निवृत्तिमार्गीहरूका लागि परात्पर सूक्ष्म लिंग नै श्रेष्ठ बताइएको छ। उनीहरूले विभूति (खरानी) बाट नै पूजा गर्नुपर्छ र खरानीको नै नैवेद्य शिवलाई प्रदान गर्नुपर्छ। पूजा गरिसकेपश्चात् त्यस विभूतिस्वरूप लिंगलाई शिरमा सदा धारण गर्नुपर्छ॥ ३४—३६॥

इति श्रीशिवमहापुराणे प्रथमायां विद्येश्वरसंहितायां साध्यसाधनखण्डे शिवनैवेद्यवर्णनं नाम द्वाविंशोऽध्यायः॥ २२॥

॥ यस प्रकार श्रीशिवमहापुराण अन्तर्गत प्रथम विद्येश्वरसंहिताके साध्यसाधन खण्डमा शिवनैवेद्यवर्णन नामक बाईसवाँ अध्याय पूर्ण भयो॥ २२॥

अथ त्रयोविंशोऽध्यायः

भस्म, रुद्राक्ष र शिवनाम माहात्म्यको वर्णन

ऋषय ऊचुः

सूत सूत महाभाग व्यासशिष्य नमोऽस्तु ते।
तदेव व्यासतो ब्रूहि भस्ममाहात्म्यमुत्तमम्॥ १

तथा रुद्राक्षमाहात्म्यं नाममाहात्म्यमुत्तमम्।
त्रितयं ब्रूहि सुप्रीत्या ममानन्दय मानसम्॥ २

ऋषिगण भन्दछन्—हे महाभाग व्यासशिष्य सूतजी! तपाईंलाई नमस्कार छ। अब तपाईं परम उत्तम भस्म-माहात्म्यको विस्तारपूर्वक वर्णन गर्नुहोस्॥ १॥

भस्ममाहात्म्य, रुद्राक्षमाहात्म्य तथा उत्तम नाम-माहात्म्य—यी तीनको परम प्रसन्नतापूर्वक प्रतिपादन गर्नुहोस् र हाम्रो हृदयलाई आनन्दित पार्नुहोस्॥ २॥

सूत उवाच

साधु पृष्टं भवद्भिश्च लोकानां हितकारकम्।
भवन्तो वै महाधन्याः पवित्राः कुलभूषणाः॥ ३

येषां चैव शिवः साक्षाद् दैवतं परमं शुभम्।
सदाशिवकथा लोके वल्लभा भवतां सदा॥ ४

ते धन्याश्च कृतार्थाश्च सफलं देहधारणम्।
उद्धृतं च कुलं तेषां ये शिवं समुपासते॥ ५

शिवनाम मुखे यस्य सदा शिवशिवेति च।
पापानि न स्पृशन्त्येव खदिराङ्गारकं यथा॥ ६

सूत भन्नुहुन्छ—हे महर्षिहरू हो! तपाईंहरूले ज्यादै उत्तम कुरा सोध्नुभएको छ; यो समस्त लोकका लागि हितकारक विषय हो। तपाईंहरू महाधन्य, पवित्र तथा आफ्नो कुलका भूषणस्वरूप हुनुहुन्छ॥ ३॥

यस संसारमा कल्याणकारी परमदेवस्वरूप भगवान् शिव जसका देवता हुनुहुन्छ, त्यस्ता तपाईंहरू सबैका लागि यो शिवको कथा अत्यन्त प्रिय छ॥ ४॥

तिनै धन्य र कृतार्थ हुन्, उनीहरूको शरीर धारण पनि सफल हुन्छ र उनीहरूले नै आफ्नो कुलको उद्धार गरेका छन्, जो शिवको उपासना गर्दछन्॥ ५॥

जसको मुखमा भगवान् शिवको नाम छ, जो आफ्नो मुखबाट सदा शिव-शिव यस नामको उच्चारण गरिरहन्छन्, पाप तिनको त्यसरी नै स्पर्श गर्दैन, जसरी खयर वृक्षको भर्भराउँदो अंगारलाई छुने साहस कुनै पनि प्राणीले गर्न सक्दैनन्॥ ६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीशिवाय नमस्तुभ्यं मुखं व्याहरते यदा।
तन्मुखं पावनं तीर्थं सर्वपापविनाशनम्॥ ७

तन्मुखं च तथा यो वै पश्यति प्रीतिमान्नरः।
तीर्थजन्यं फलं तस्य भवतीति सुनिश्चितम्॥ ८

यत्र त्रयं सदा तिष्ठेदेतच्छुभतरं द्विजाः।
तस्य दर्शनमात्रेण वेणीस्नानफलं लभेत्॥ ९

शिवनाम विभूतिश्च तथा रुद्राक्ष एव च।
एतत्त्रयं महापुण्यं त्रिवेणीसदृशं स्मृतम्॥ १०

एतत्त्रयं शरीरे च यस्य तिष्ठति नित्यशः।
तस्यैव दर्शनं लोके दुर्लभं पापहारकम्॥ ११

तद्दर्शनं यथा वेणी नोभयोरन्तरं मनाक्।
एवं यो न विजानाति स पापिष्ठो न संशयः॥ १२

विभूतिर्यस्य नो भाले नाङ्गे रुद्राक्षधारणम्।
नास्ये शिवमयी वाणी तं त्यजेदधमं यथा॥ १३

शैवं नाम यथा गङ्गा विभूतिर्यमुना मता।
रुद्राक्षं विधिजा प्रोक्ता सर्वपापविनाशिनी॥ १४

शरीरे च त्रयं यस्य तत्फलं चैकतः स्थितम्।
एकतो वेणिकायाश्च स्नानजं तु फलं बुधैः॥ १५

तदेवं तुलितं पूर्वं ब्रह्मणा हितकारिणा।
समानं चैव तज्जातं तस्माद् धार्यं सदा बुधैः॥ १६

तद्दिनं हि समारभ्य ब्रह्मविष्ण्वादिभिः सुरैः।
धार्यते त्रितयं तच्च दर्शनात्पापहारकम्॥ १७

हे शिव! हजुरलाई नमस्कार छ (**श्रीशिवाय नमस्तुभ्यम्**)—जुन मुखबाट यस्तो उच्चारण हुन्छ, त्यो मुख समस्त पापहरूको विनाश गर्ने पावन तीर्थ बन्न जान्छ। जो मनुष्य प्रसन्नतापूर्वक त्यस मुखको दर्शन गर्दछ, त्यसलाई निश्चय नै तीर्थसेवनजनित फल प्राप्त हुन्छ॥ ७-८॥

हे ब्राह्मणहरू हो! शिवको नाम, विभूति (भस्म) तथा रुद्राक्ष—यी तीनवटै त्रिवेणीसमान परम पुण्य मानिएका छन्। जहाँ यी तीनवटै शुभतर वस्तुहरू सर्वदा रहन्छन्, त्यसको दर्शनमात्रले मनुष्यले त्रिवेणीस्नानको फल प्राप्त गर्दछ॥ ९-१०॥

जसको शरीरमा भस्म, रुद्राक्ष र मुखमा शिवनाम—यी तीनवटै नित्य विद्यमान रहन्छन्, उसको पापविनाशक दर्शन संसारमा दुर्लभ छ॥ ११॥

त्यस पुण्यात्माको दर्शन त्रिवेणीको समान नै छ, भस्म, रुद्राक्ष तथा शिवनामको जप गर्ने र त्रिवेणी—यी दुवैमा रत्तिमात्र पनि अन्तर छैन—जो यस्तो जान्दैन, त्यो निश्चय नै पापी हो; यसमा सन्देह छैन॥ १२॥

जसको निधारमा विभूति छैन, अंगमा रुद्राक्ष छैन र मुखमा शिवमयी वाणी छैन, त्यसलाई अधम व्यक्तिको समान त्यागिदिनुपर्छ॥ १३॥

भगवान् शिवको नाम गंगा हो। विभूति यमुना मानिएको छ तथा रुद्राक्षलाई सरस्वती बताइएको छ। यी तीनवटैको संयुक्त त्रिवेणी समस्त पापहरूको नाश गर्नेवाला छिन्॥ १४॥

धेरै पहिलाको कुरा हो, हितकारी ब्रह्माले जसको शरीरमा उक्त तीन—त्रिपुण्ड्र, रुद्राक्ष र शिवनाम संयुक्त रूपले विद्यमान थिए, तिनको फललाई तराजुको एकातिर र त्रिवेणीमा स्नान गर्नाले उत्पन्न फललाई अर्कोतिर राखेर तौलनुभयो, तब दुवै बराबर नै भए। अत एव विद्वानहरूले यी तीनलाई सदा आफ्नो शरीरमा धारण गर्नुपर्छ॥ १५-१६॥

त्यसै दिनदेखि ब्रह्मा, विष्णु आदि देवता पनि दर्शनमात्रले पापहरूलाई नष्ट गराउने यी तीन (रुद्राक्ष, विभूति र शिवनाम)-लाई धारण गर्न लागनुभयो॥ १७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MoE

ऋषय ऊचुः

ईदृशं हि फलं प्रोक्तं नामादित्रितयोद्भवम्।
तन्माहात्म्यं विशेषेण वक्तुमर्हसि सुव्रत॥ १८

ऋषिगण भन्दछन्—हे सुव्रत! [भस्म, रुद्राक्ष र शिवनाम] यी तीनलाई धारण गर्नाले उत्पन्न हुने फलको वर्णन त तपाईंले बताइदिनुभयो, अब तपाईं विशेष रूपले तिनका माहात्म्यको वर्णन गर्नुहोस्॥ १८॥

सूत उवाच

ऋषयो हि महाप्राज्ञाः सच्छैवा ज्ञानिनां वराः।
तन्माहात्म्यं हि सद्भक्त्या शृणुतादरतो द्विजाः॥ १९

सूत भन्नुहुन्छ—ज्ञानीहरूमा श्रेष्ठ हे महाप्राज्ञ! हे शिवभक्त ऋषि तथा विप्रहरू हो! तपाईंहरू सबै सद्भक्ति तथा आदरपूर्वक उक्त भस्म, रुद्राक्ष र शिवनाम—यी तीनको माहात्म्य सुन्नुहोस्॥ १९॥

सुगूढमपि शास्त्रेषु पुराणेषु श्रुतिष्वपि।
भवत्स्नेहान्मया विप्राः प्रकाशः क्रियतेऽधुना॥ २०

शास्त्र, पुराण र श्रुतिहरूमा पनि यिनको माहात्म्य अत्यन्त गूढ बताइएको छ। हे विप्रहरू हो! तपाईंहरूको स्नेहवश यस समय म [त्यस रहस्यलाई खोलेर] प्रकाशित गर्न गइरहेको छु॥ २०॥

कस्तत्त्रितयमाहात्म्यं सञ्जानाति द्विजोत्तमाः।
महेश्वरं विना सर्वं ब्रह्माण्डे सदसत्परम्॥ २१

हे श्रेष्ठ ब्राह्मणहरू हो! यी तीनैको महिमालाई सदसद्विलक्षण भगवान् महेश्वर बाहेक दोस्रो कसैले पनि राम्ररी जान्न सक्दैन। यस ब्रह्माण्डमा जे जति छन्, ती सबै त केवल महेश्वर नै जान्नुहुन्छ॥ २१॥

वच्म्यहं नाममाहात्म्यं यथाभक्ति समासतः।
शृणुत प्रीतितो विप्राः सर्वपापहरं परम्॥ २२

हे विप्रगण! म आफ्नो श्रद्धा-भक्तिअनुसार संक्षेपमा भगवन्नामको महिमाको वर्णन गर्छु। तपाईंहरू सबैजना प्रेमपूर्वक त्यसलाई सुन्नुहोस्। यो नाम-माहात्म्य समस्त पापहरूलाई हर्ने सर्वोत्तम साधन हो॥ २२॥

शिवेति नामदावाग्नेर्महापातकपर्वताः।
भस्मीभवन्त्यनायासात्सत्यं सत्यं न संशयः॥ २३

'शिव'-यस नामरूपी डढेलोले महान् पातकरूपी पर्वत अनायासै भस्म हुन्छ—यो सत्य हो, सत्य हो; यसमा संशय छैन॥ २३॥

पापमूलानि दुःखानि विविधान्यपि शौनक।
शिवनामैकनश्यानि नान्यनश्यानि सर्वथा॥ २४

हे शौनक! पापमूलक जुन नाना प्रकारका दुःख छन्, ती एकमात्र शिवनाम (भगवन्नाम)-बाट नै नष्ट हुन्छन्; अरू साधनहरूबाट सम्पूर्ण यत्न गर्दामा पनि पूर्णतया नष्ट हुँदैन॥ २४॥

स वैदिकः स पुण्यात्मा स धन्यः स बुधो मतः।
शिवनामजपासक्तो यो नित्यं भुवि मानवः॥ २५

जो मनुष्य यस भूतलमा सदा भगवान् शिवका नामहरूको जपमा नै लागिरहेको छ, त्यो वेदहरूको ज्ञाता हो, त्यो पुण्यात्मा हो, त्यो धन्यवादको पात्र हो तथा त्यो विद्वान् मानिएको छ॥ २५॥

भवन्ति विविधा धर्मास्तेषां सद्यः फलोन्मुखाः।
येषां भवति विश्वासः शिवनामजपे मुने॥ २६

हे मुनि! जसको शिवनामजपमा विश्वास छ, उसद्वारा आचरित नाना प्रकारका धर्म तत्काल फल दिनमा उत्सुक हुन्छन्॥ २६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पातकानि विनश्यन्ति यावन्ति शिवनामतः।
भुवि तावन्ति पापानि क्रियन्ते न नरैर्मुने॥ २७

हे महर्षे! भगवान् शिवको नामबाट जति पाप नष्ट हुन्छन्, त्यति पाप मनुष्यले यस भूतलमा गर्न सक्दैन॥ २७॥

ब्रह्महत्यादिपापानां राशीनप्रमितान्मुने।
शिवनाम द्रुतं प्रोक्तं नाशयत्यखिलान्नरैः॥ २८

हे मुनि! ब्रह्महत्या-जस्तो पापको समस्त अपरिमित थुप्रो शिवनाम लिनाले तत्काल नष्ट हुन्छ॥ २८॥

शिवनामतरीं प्राप्य संसाराब्धिं तरन्ति ये।
संसारमूलपापानि तानि नश्यन्त्यसंशयम्॥ २९

जो शिवनामरूपी डुङ्गामा चढेर संसार-समुद्र पार गर्दछन्, तिनको जन्म-मरणरूपी संसारका मूलभूत ती सारा पाप निश्चय नै नष्ट हुन्छन्॥ २९॥

संसारमूलभूतानां पातकानां महामुने।
शिवनामकुठारेण विनाशो जायते ध्रुवम्॥ ३०

हे महामुनि! संसारका मूलभूत पातकरूपी वृक्षको शिवनामरूपी कुठार (बन्चरो) बाट निश्चय नै नाश हुन जान्छ॥ ३०॥

शिवनामामृतं पेयं पापदावानलार्दितैः।
पापदावाग्नितप्तानां शान्तिस्तेन विना न हि॥ ३१

जो पापरूपी डढेलोबाट पीडित छन्, तिनले शिवनामरूपी अमृतको पान गर्नुपर्दछ। पापहरूका डढेलोबाट दग्ध भएकाहरूलाई त्यस शिवनामामृतको पान विना शान्ति मिल्न सक्तैन॥ ३१॥

शिवेति नामपीयूषवर्षधारापरिप्लुताः।
संसारदवमध्येऽपि न शोचन्ति कदाचन॥ ३२

जो शिवनामरूपी सुधाको वृष्टिजनित धारामा गोता लगाइरहेका छन्, ती संसाररूपी डढेलोका बीचमा उभिँदामा पनि कदापि शोकको भागी हुँदैनन्॥ ३२॥

शिवनाम्नि महद्भक्तिर्जाता येषां महात्मनाम्।
तद्विधानां तु सहसा मुक्तिर्भवति सर्वथा॥ ३३

जुन महात्माहरूको मनमा शिवनाम प्रति अत्यन्त भक्ति छ, त्यस्ताजनहरूको सहसा र सर्वथा मुक्ति हुन्छ॥ ३३॥

अनेकजन्मभिर्येन तपस्तप्तं मुनीश्वर।
शिवनाम्नि भवेद्भक्तिः सर्वपापापहारिणी॥ ३४

हे मुनीश्वर! जसले अनेकौँ जन्मसम्म तपस्या गरेको छ, उसको शिवनामप्रति भक्ति हुन्छ, जुन समस्त पापहरूको नाश गर्नेवाला छ॥ ३४॥

यस्यासाधारणी शम्भुनाम्नि भक्तिरखण्डिता।
तस्यैव मोक्षः सुलभो नान्यस्येति मतिर्मम॥ ३५

जसको मनमा भगवान् शिवका नामप्रति कहिल्यै खण्डित नहुने असाधारण भक्ति प्रकट भएको छ, त्यसका लागि मोक्ष सुलभ छ—यो मेरो मत हो॥ ३५॥

कृत्वाप्यनेकपापानि शिवनामजपादरः।
सर्वपापविनिर्मुक्तो भवत्येव न संशयः॥ ३६

जो अनेक पाप गरेर पनि भगवान् शिवको नाम-जपमा आदरपूर्वक लागेको छ, त्यो समस्त पापहरूबाट मुक्त हुन्छ नै; यसमा संशय छैन॥ ३६॥

भवन्ति भस्मसाद् वृक्षा दवदग्धा यथा वने।
तथा तावन्ति दग्धानि पापानि शिवनामतः॥ ३७

जसरी वनमा डढेलोबाट जलेका वृक्ष भस्म हुन्छन्, त्यसै गरी शिवनामरूपी डढेलोले जलेर त्यस समयसम्मका सारा पाप भस्म हुन्छन्॥ ३७॥

यो नित्यं भस्मपूताङ्गः शिवनामजपादरः।
स तरत्येव संसारमघोरमपि शौनक॥ ३८

हे शौनक! जसका अंग नित्य भस्म लगाउनाले पवित्र भएका छन् तथा जो शिवनामजपको आदर गर्न थालेका छन्, ती घोर संसारसागरलाई पार गर्दछन्॥ ३८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDT

ब्रह्मस्वहरणं कृत्वा हत्वापि ब्राह्मणान्बहून्।
न लिप्यते नरः पापैः शिवनामजपादरः॥ ३९

ब्राह्मणहरूको धनहरण र अनेकौँ ब्राह्मणको हत्या गरेर पनि जसले आदरपूर्वक शिव नामको जप गर्दछ, त्यो पापहरूबाट लिप्त हुँदैन [अर्थात् उसलाई कुनै पनि प्रकारको पाप लाग्दैन]॥ ३९॥

विलोक्य वेदानखिलान् शिवनामजपः परः।
संसारतरणोपाय इति पूर्वैर्विनिश्चितम्॥ ४०

सम्पूर्ण वेदको अवलोकन गरी पूर्ववर्ती महर्षिहरूले यही निश्चय गरेका छन् कि भगवान् शिवको नामको जप संसारसागर पार गर्नका लागि सर्वोत्तम उपाय हो॥ ४०॥

किं बहूक्त्या मुनिश्रेष्ठाः श्लोकेनैकेन वच्म्यहम्।
शिवाभिधानमाहात्म्यं सर्वपापापहारणम्॥ ४१

हे मुनिवरहरू हो! धेरै भनेर मात्र के फाइदा, म शिव-नामको सर्वपापहारी माहात्म्यको वर्णन एकै श्लोकमा गर्छु॥ ४१॥

पापानां हरणे शम्भोर्नाम्नः शक्तिर्हि यावती।
शक्नोति पातकं तावत्कर्तुं नापि नरः क्वचित्॥ ४२

भगवान् शंकरको एउटा नाममा पनि पापहरणको जति शक्ति छ, त्यति पातक मनुष्य कहिल्यै गर्न सक्दैन॥ ४२॥

शिवनामप्रभावेण लेभे सद्गतिमुत्तमाम्।
इन्द्रद्युम्ननृपः पूर्वं महापापयुतो मुने॥ ४३

हे मुनि! पूर्वकालमा महापापी राजा इन्द्रद्युम्नले शिवनामको प्रभावबाट नै उत्तम सद्गति प्राप्त गरेका थिए॥ ४३॥

तथा काचिद् द्विजा योषाऽसौ मुने बहुपापिनी।
शिवनामप्रभावेण लेभे सद्गतिमुत्तमाम्॥ ४४

यसै गरी कुनै ब्राह्मणी युवती पनि जसले धेरै पाप गरिसकेकी थिइन्, शिवनामको प्रभावले नै उत्तम गतिलाई प्राप्त गरिन्॥ ४४॥

इत्युक्तं वो द्विजश्रेष्ठा नाममाहात्म्यमुत्तमम्।
शृणुध्वं भस्ममाहात्म्यं सर्वपावनपावनम्॥ ४५

हे द्विजवरहरू हो! यस प्रकार मैले तपाईंहरूसित भगवन्नामको उत्तम माहात्म्यको वर्णन गरें। अब तपाईंहरू भस्मको माहात्म्य सुन्नुहोस्, जुन समस्त पावन वस्तुहरूलाई पनि पवित्र पार्नेवाला छ॥ ४५॥

इति श्रीशिवमहापुराणे प्रथमायां विद्येश्वरसंहितायां साध्यसाधनखण्डे शिवनाममाहात्म्यवर्णनं नाम त्रयोविंशोऽध्यायः॥ २३॥

॥ यस प्रकार श्रीशिवमहापुराणमा प्रथम विद्येश्वरसंहिताको साध्यसाधन खण्डमा शिवनाममाहात्म्यवर्णन नामक तेईसौँ अध्याय पूर्ण भयो॥ २३॥

अथ चतुर्विंशोऽध्यायः

भस्म-माहात्म्यको निरूपण

सूत उवाच

द्विविधं भस्म सम्प्रोक्तं सर्वमङ्गलदं परम्।
तत्प्रकारमहं वक्ष्ये सावधानतया शृणु॥ १

सूत भन्नुहुन्छ—हे महर्षि हो! भस्म सम्पूर्ण मंगलदायक तथा उत्तम छ, यसका दुई भेद बताइएका छन्। म ती भेदहरूको वर्णन गर्छु, तपाईंहरू सावधान भएर सुन्नुहोस्॥ १॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पातकानि विनश्यन्ति यावन्ति शिवनामतः।
भुवि तावन्ति पापानि क्रियन्ते न नरैर्मुने॥ २७

हे महर्षे! भगवान् शिवको नामबाट जति पाप नष्ट हुन्छन्, त्यति पाप मनुष्यले यस भूतलमा गर्न सक्दैन॥ २७॥

ब्रह्महत्यादिपापानां राशीनप्रमितान्मुने।
शिवनाम द्रुतं प्रोक्तं नाशयत्यखिलान्नरैः॥ २८

हे मुनि! ब्रह्महत्या-जस्तो पापको समस्त अपरिमित थुप्रो शिवनाम लिनाले तत्काल नष्ट हुन्छ॥ २८॥

शिवनामतरीं प्राप्य संसाराब्धिं तरन्ति ये।
संसारमूलपापानि तानि नश्यन्त्यसंशयम्॥ २९

जो शिवनामरूपी डुङ्गामा चढेर संसार-समुद्र पार गर्दछन्, तिनको जन्म-मरणरूपी संसारका मूलभूत ती सारा पाप निश्चय नै नष्ट हुन्छन्॥ २९॥

संसारमूलभूतानां पातकानां महामुने।
शिवनामकुठारेण विनाशो जायते ध्रुवम्॥ ३०

हे महामुनि! संसारका मूलभूत पातकरूपी वृक्षको शिवनामरूपी कुठार (बन्चरो) बाट निश्चय नै नाश हुन जान्छ॥ ३०॥

शिवनामामृतं पेयं पापदावानलार्दितैः।
पापदावाग्नितप्तानां शान्तिस्तेन विना न हि॥ ३१

जो पापरूपी डढेलोबाट पीडित छन्, तिनले शिवनामरूपी अमृतको पान गर्नुपर्दछ। पापहरूका डढेलोबाट दग्ध भएकाहरूलाई त्यस शिवनामामृतको पान विना शान्ति मिल्न सक्तैन॥ ३१॥

शिवेति नामपीयूषवर्षधारापरिप्लुताः।
संसारदवमध्येऽपि न शोचन्ति कदाचन॥ ३२

जो शिवनामरूपी सुधाको वृष्टिजनित धारामा गोता लगाइरहेका छन्, ती संसाररूपी डढेलोका बीचमा उभिँदामा पनि कदापि शोकको भागी हुँदैनन्॥ ३२॥

शिवनाम्नि महद्भक्तिर्जाता येषां महात्मनाम्।
तद्विधानां तु सहसा मुक्तिर्भवति सर्वथा॥ ३३

जुन महात्माहरूको मनमा शिवनाम प्रति अत्यन्त भक्ति छ, त्यस्ताजनहरूको सहसा र सर्वथा मुक्ति हुन्छ॥ ३३॥

अनेकजन्मभिर्येन तपस्तप्तं मुनीश्वर।
शिवनाम्नि भवेद्भक्तिः सर्वपापापहारिणी॥ ३४

हे मुनीश्वर! जसले अनेकौँ जन्मसम्म तपस्या गरेको छ, उसको शिवनामप्रति भक्ति हुन्छ, जुन समस्त पापहरूको नाश गर्नेवाला छ॥ ३४॥

यस्यासाधारणी शम्भुनाम्नि भक्तिरखण्डिता।
तस्यैव मोक्षः सुलभो नान्यस्येति मतिर्मम॥ ३५

जसको मनमा भगवान् शिवका नामप्रति कहिल्यै खण्डित नहुने असाधारण भक्ति प्रकट भएको छ, त्यसका लागि मोक्ष सुलभ छ—यो मेरो मत हो॥ ३५॥

कृत्वाप्यनेकपापानि शिवनामजपादरः।
सर्वपापविनिर्मुक्तो भवत्येव न संशयः॥ ३६

जो अनेक पाप गरेर पनि भगवान् शिवको नाम-जपमा आदरपूर्वक लागेको छ, त्यो समस्त पापहरूबाट मुक्त हुन्छ नै; यसमा संशय छैन॥ ३६॥

भवन्ति भस्मसाद् वृक्षा दवदग्धा यथा वने।
तथा तावन्ति दग्धानि पापानि शिवनामतः॥ ३७

जसरी वनमा डढेलोबाट जलेका वृक्ष भस्म हुन्छन्, त्यसै गरी शिवनामरूपी डढेलोले जलेर त्यस समयसम्मका सारा पाप भस्म हुन्छन्॥ ३७॥

यो नित्यं भस्मपूताङ्गः शिवनामजपादरः।
स तरत्येव संसारमघोरमपि शौनक॥ ३८

हे शौनक! जसका अंग नित्य भस्म लगाउनाले पवित्र भएका छन् तथा जो शिवनामजपको आदर गर्न थालेका छन्, ती घोर संसारसागरलाई पार गर्दछन्॥ ३८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digi...

ब्रह्मस्वहरणं कृत्वा हत्वापि ब्राह्मणान्बहून्।
न लिप्यते नरः पापैः शिवनामजपादरः॥ ३९

ब्राह्मणहरूको धनहरण र अनेकौँ ब्राह्मणको हत्या गरेर पनि जसले आदरपूर्वक शिव नामको जप गर्दछ, त्यो पापहरूबाट लिप्त हुँदैन [अर्थात् उसलाई कुनै पनि प्रकारको पाप लाग्दैन]॥ ३९॥

विलोक्य वेदानखिलान् शिवनामजपः परः।
संसारतरणोपाय इति पूर्वैर्विनिश्चितम्॥ ४०

सम्पूर्ण वेदको अवलोकन गरी पूर्ववर्ती महर्षिहरूले यही निश्चय गरेका छन् कि भगवान् शिवको नामको जप संसारसागर पार गर्नका लागि सर्वोत्तम उपाय हो॥ ४०॥

किं बहूक्त्या मुनिश्रेष्ठाः श्लोकेनैकेन वच्म्यहम्।
शिवाभिधानमाहात्म्यं सर्वपापापहारणम्॥ ४१

हे मुनिवरहरू हो! धेरै भनेर मात्र के फाइदा, म शिव-नामको सर्वपापहारी माहात्म्यको वर्णन एकै श्लोकमा गर्छु॥ ४१॥

पापानां हरणे शम्भोर्नाम्नः शक्तिर्हि यावती।
शक्नोति पातकं तावत्कर्तुं नापि नरः क्वचित्॥ ४२

भगवान् शंकरको एउटा नाममा पनि पापहरणको जति शक्ति छ, त्यति पातक मनुष्य कहिल्यै गर्न सक्दैन॥ ४२॥

शिवनामप्रभावेण लेभे सद्गतिमुत्तमाम्।
इन्द्रद्युम्ननृपः पूर्वं महापापयुतो मुने॥ ४३

हे मुनि! पूर्वकालमा महापापी राजा इन्द्रद्युम्नले शिवनामको प्रभावबाट नै उत्तम सद्गति प्राप्त गरेका थिए॥ ४३॥

तथा काचिद् द्विजा योषाऽसौ मुने बहुपापिनी।
शिवनामप्रभावेण लेभे सद्गतिमुत्तमाम्॥ ४४

यसै गरी कुनै ब्राह्मणी युवती पनि जसले धेरै पाप गरिसकेकी थिइन्, शिवनामको प्रभावले नै उत्तम गतिलाई प्राप्त गरिन्॥ ४४॥

इत्युक्तं वो द्विजश्रेष्ठा नाममाहात्म्यमुत्तमम्।
शृणुध्वं भस्ममाहात्म्यं सर्वपावनपावनम्॥ ४५

हे द्विजवरहरू हो! यस प्रकार मैले तपाईंहरूसित भगवन्नामको उत्तम माहात्म्यको वर्णन गरें। अब तपाईंहरू भस्मको माहात्म्य सुन्नुहोस्, जुन समस्त पावन वस्तुहरूलाई पनि पवित्र पार्नेवाला छ॥ ४५॥

इति श्रीशिवमहापुराणे प्रथमायां विद्येश्वरसंहितायां साध्यसाधनखण्डे शिवनाममाहात्म्यवर्णनं नाम त्रयोविंशोऽध्यायः॥ २३॥

॥ यस प्रकार श्रीशिवमहापुराणमा प्रथम विद्येश्वरसंहिताको साध्यसाधन खण्डमा शिवनाममाहात्म्यवर्णन नामक तेईसौँ अध्याय पूर्ण भयो॥ २३॥

अथ चतुर्विंशोऽध्यायः

भस्म-माहात्म्यको निरूपण

सूत उवाच

द्विविधं भस्म सम्प्रोक्तं सर्वमङ्गलदं परम्।
तत्प्रकारमहं वक्ष्ये सावधानतया शृणु॥ १

सूत भन्नुहुन्छ—हे महर्षि हो! भस्म सम्पूर्ण मंगलदायक तथा उत्तम छ, यसका दुई भेद बताइएका छन्। म ती भेदहरूको वर्णन गर्छु, तपाईंहरू सावधान भएर सुन्नुहोस्॥ १॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकं ज्ञेयं महाभस्म द्वितीयं स्वल्पसंज्ञकम्।
महाभस्म इति प्रोक्तं भस्म नानाविधं परम्॥ २

तद्भस्म त्रिविधं प्रोक्तं श्रौतं स्मार्तं च लौकिकम्।
भस्मैव स्वल्पसंज्ञं हि बहुधा परिकीर्तितम्॥ ३

श्रौतं भस्म तथा स्मार्तं द्विजानामेव कीर्तितम्।
अन्येषामपि सर्वेषामपरं भस्म लौकिकम्॥ ४

धारणं मन्त्रतः प्रोक्तं द्विजानां मुनिपुङ्गवैः।
केवलं धारणं ज्ञेयमन्येषां मन्त्रवर्जितम्॥ ५

आग्नेयमुच्यते भस्म दग्धगोमयसम्भवम्।
तदपि द्रव्यमित्युक्तं त्रिपुण्ड्रस्य महामुने॥ ६

अग्निहोत्रोत्थितं भस्म सङ्ग्राह्यं वा मनीषिभिः।
अन्ययज्ञोत्थितं वापि त्रिपुण्ड्रस्य च धारणे॥ ७

अग्निरित्यादिभिर्मन्त्रैर्जाबालोपनिषद्गतैः।
सप्तभिर्धूलनं कार्यं भस्मना सजलेन च॥ ८

वर्णानामाश्रमाणां च मन्त्रतोऽमन्त्रतोऽपि च।
त्रिपुण्ड्रोद्धूलनं प्रोक्तं जाबालैरादरेण च॥ ९

भस्मनोद्धूलनं चैव धृतं तिर्यक् त्रिपुण्ड्रकम्।
प्रमादादपि मोक्षार्थी न त्यजेदिति वै श्रुतिः॥ १०

शिवेन विष्णुना चैव धृतं तिर्यक् त्रिपुण्ड्रकम्।
उमादेव्या च लक्ष्म्या च स्तुतमन्यैश्च नित्यशः॥ ११

ब्राह्मणैः क्षत्रियैर्वैश्यैः शूद्रैरपि च सङ्करैः।
अपभ्रंशैर्धृतं भस्म त्रिपुण्ड्रोद्धूलनात्मना॥ १२

उद्धूलनं त्रिपुण्ड्रं च श्रद्धया नाचरन्ति ये।
तेषां नास्ति समाचारो वर्णाश्रमसमन्वितः॥ १३

एउटालाई 'महाभस्म' जान्नुपर्छ र अर्कोलाई 'स्वल्पभस्म'। महाभस्मका पनि अनेकौँ भेद छन्। त्यो तीन प्रकारको बताइएको छ—श्रौत, स्मार्त र लौकिक। स्वल्पभस्मका पनि अनेकौँ भेदहरूको वर्णन गरिएको छ। श्रौत र स्मार्त भस्मलाई केवल द्विजहरूले मात्र उपयोग गर्न योग्य बताइएको छ। तेस्रो जुन लौकिक भस्म छ, त्यो सबैले उपयोग गर्न सक्छन्॥ २–४॥

श्रेष्ठ महर्षिहरूले यो बताएका छन् कि द्विजहरूले वैदिक मन्त्रको उच्चारणपूर्वक भस्म धारण गर्नुपर्छ। अन्य व्यक्तिहरूका लागि मन्त्र विना नै भस्म धारण गर्ने विधान छ॥ ५॥

बालिएको गोबरबाट निस्किएको भस्मलाई आग्नेय भनिन्छ। हे महामुनि! त्यो पनि त्रिपुण्ड्रको द्रव्य हो–यस्तो भनिएको छ॥ ६॥

अग्निहोत्रबाट उत्पन्न भएको भस्म पनि मनीषी पुरुषहरूले संग्रह गर्नुपर्छ। अन्य यज्ञबाट प्रकट भएको भस्म पनि त्रिपुण्ड्रधारणको काममा आउन सक्छ॥ ७॥

जाबालोपनिषद्मा उल्लेखित **'अग्निः'** इत्यादि सात मन्त्रहरूद्वारा जलमिश्रित भस्मद्वारा लेपन (विभिन्न अंगहरूमा दल्नु वा लेपन) गर्नुपर्छ॥ ८॥

महर्षि जाबालिले सबै वर्ण र आश्रमका लागि मन्त्रबाट वा विना मन्त्र आदरपूर्वक भस्मको त्रिपुण्ड्र लगाउनु पर्ने बताएका छन्॥ ९॥

सम्पूर्ण अंगमा सजल भस्मलाई दल्नु अथवा विभिन्न अंगमा तेर्सो त्रिपुण्ड्र लगाउनु—यी कार्यहरूलाई मोक्षार्थी पुरुष बिर्सिएर पनि नछोड्न्—यस्तो श्रुतिको आदेश छ॥ १०॥

भगवान् शिव र विष्णुले पनि तिर्यक् त्रिपुण्ड्र धारण गर्नुभएको छ। अन्य देवीहरूसहित भगवती उमा र लक्ष्मीदेवीले पनि वाणीद्वारा यसको प्रशंसा गर्नुभएको छ॥ ११॥

ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र, वर्णसंकर तथा जातिभ्रष्ट पुरुषहरूले पनि उद्धूलन (लेप) एवं त्रिपुण्ड्रको रूपमा भस्मलाई धारण गरेका छन्॥ १२॥

जो श्रद्धापूर्वक शरीरमा भस्मको उद्धूलन (लेप) तथा त्रिपुण्ड्र धारण गर्ने आचरण गर्दैनन्, तिनमा वर्णाश्रम समन्वित सदाचारको कमी हुन्छ॥ १३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MoE

उद्धूलनं त्रिपुण्ड्रं च श्रद्धया नाचरन्ति ये।
तेषां नास्ति विनिर्मुक्तिः संसाराज्जन्मकोटिभिः॥ १४

जसले श्रद्धापूर्वक शरीरमा भस्मलेप र त्रिपुण्ड्र-धारणको आचरण गर्दैन, तिनको विनिर्मुक्ति करोडौँ जन्ममा पनि संसारबाट सम्भव छैन॥ १४॥

उद्धूलनं त्रिपुण्ड्रं च श्रद्धया नाचरन्ति ये।
तेषां नास्ति शिवज्ञानं कल्पकोटिशतैरपि॥ १५

जो श्रद्धापूर्वक शरीरमा भस्मलेप र त्रिपुण्ड्र धारणको आचारण पालन गर्दैनन्, तिनलाई सय करोड कल्पमा पनि शिवको ज्ञान प्राप्त हुन सक्दैन॥ १५॥

उद्धूलनं त्रिपुण्ड्रं च श्रद्धया नाचरन्ति ये।
ते महापातकैर्युक्ता इति शास्त्रीयनिर्णयः॥ १६

जो श्रद्धापूर्वक भस्मलेप तथा त्रिपुण्ड्रधारण गर्दैनन्, ती महापातकबाट युक्त हुन्छन्, यस्तो शास्त्रको निर्णय छ॥ १६॥

उद्धूलनं त्रिपुण्ड्रं च श्रद्धया नाचरन्ति ये।
तेषामाचरितं सर्वं विपरीतफलाय हि॥ १७

जो श्रद्धापूर्वक भस्मलेप र त्रिपुण्ड्रधारण गर्दैनन्, तिनका सम्पूर्ण आचरणहरू विपरीत फल दायक हुन्छन्॥ १७॥

महापातकयुक्तानां जन्तूनां शर्वविद्विषाम्।
त्रिपुण्ड्रोद्धूलनद्वेषो जायते सुदृढं मुने॥ १८

हे मुनिहरू हो! जो महापातकले युक्त र समस्त प्राणीहरूसित द्वेष गर्दछ, त्यो नै त्रिपुण्ड्रधारण तथा भस्मलेपसित अत्यधिक द्वेष गर्दछ॥ १८॥

शिवाग्निकार्यं यः कृत्वा कुर्यात्त्रियायुषात्मवित्।
मुच्यते सर्वपापैस्तु स्पृष्टेन भस्मना नरः॥ १९

जो आत्मज्ञानी मनुष्य शिवाग्नि (अग्निहोत्र)-को कार्य गरी **'त्र्यायुषं जमदग्नेः'**—यस मन्त्रले भस्मको स्पर्श गर्दछ, त्यो समस्त पापहरूबाट मुक्त हुन्छ॥ १९॥

सितेन भस्मना कुर्यात्त्रिसन्ध्यं यस्त्रिपुण्ड्रकम्।
सर्वपापविनिर्मुक्तः शिवेन सह मोदते॥ २०

जो मनुष्य तीनवटै सन्ध्याकालमा सेतो भस्मद्वारा त्रिपुण्ड्र धारण गर्दछ, त्यो समस्त पापहरूबाट मुक्त भएर शिवसान्निध्यको आनन्द भोग्दछ॥ २०॥

सितेन भस्मना कुर्याल्ललाटे तु त्रिपुण्ड्रकम्।
योऽसावनादिभूतान्हि लोकानाप्तोऽमृतो भवेत्॥ २१

जो व्यक्ति सेतो भस्मबाट आफ्नो निधारमा त्रिपुण्ड्र धारण गर्दछ, त्यो अनादिभूत लोकहरूलाई प्राप्त गरी अमर हुन्छ॥ २१॥

अकृत्वा भस्मना स्नानं न जपेद्वै षडक्षरम्।
त्रिपुण्ड्रं च रचित्वा तु विधिना भस्मना जपेत्॥ २२

भस्मस्नान विना षडक्षर [**'ॐ नमः शिवाय'**] मन्त्रको जप गर्नुहुँदैन। विधिपूर्वक भस्मबाट त्रिपुण्ड्र धारण गरेर मात्र यसको जप गर्नुपर्छ॥ २२॥

अदयो वाधमो वापि सर्वपापान्वितोऽपि वा।
उपपापान्वितो वापि मूर्खो वा पतितोऽपि वा॥ २३
यस्मिन्देशे वसेन्नित्यं भूतिशासनसंयुतः।
सर्वतीर्थैश्च क्रतुभिः सान्निध्यं क्रियते सदा॥ २४

दयाहीन, अधम, महापापले युक्त, उपपापले युक्त, मूर्ख अथवा पतित व्यक्ति पनि जुन देशमा नित्य भस्म धारण गरी बस्दछन्, त्यो देश सदैव सम्पूर्ण तीर्थहरू र यज्ञहरूबाट परिपूर्ण नै रहन्छ॥ २३-२४॥

त्रिपुण्ड्रसहितो जीवः पूज्यः सर्वैः सुरासुरैः।
पापान्वितोऽपि शुद्धात्मा किं पुनः श्रद्धया युतः॥ २५

त्रिपुण्ड्रधारण गर्ने पापी जीव पनि समस्त देवता र असुरहरूद्वारा पूज्य हुन्छ। यदि पुण्यात्मा त्रिपुण्ड्रले युक्त छ भने त्यसको लागि भन्नु नै के छ र॥ २५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्मिन्देशे शिवज्ञानी भूतिशासनसंयुतः।
गतो यदृच्छयाद्यापि तस्मिंस्तीर्थाः समागताः॥ २६

बहुनात्र किमुक्तेन धार्यं भस्म सदा बुधैः।
लिङ्गार्चनं सदा कार्यं जप्यो मन्त्रः षडक्षरः॥ २७

ब्रह्मणा विष्णुना वापि रुद्रेण मुनिभिः सुरैः।
भस्मधारणमाहात्म्यं न शक्यं परिभाषितुम्॥ २८

इति वर्णाश्रमाचारो लुप्तवर्णक्रियोऽपि च।
पापात्सकृत्त्रिपुण्ड्रस्य धारणात्सोऽपि मुच्यते॥ २९

ये भस्मधारिणं त्यक्त्वा कर्म कुर्वन्ति मानवाः।
तेषां नास्ति विनिर्मोक्षः संसाराज्जन्मकोटिभिः॥ ३०

तेनाधीतं गुरोः सर्वं तेन सर्वमनुष्ठितम्।
येन विप्रेण शिरसि त्रिपुण्ड्रं भस्मना कृतम्॥ ३१

ये भस्मधारिणं दृष्ट्वा नराः कुर्वन्ति ताडनम्।
तेषां चण्डालतो जन्म ब्रह्मन्नूह्यं विपश्चिता॥ ३२

मानस्तोकेन मन्त्रेण मन्त्रितं भस्म धारयेत्।
ब्राह्मणः क्षत्रियश्चैव प्रोक्तेष्वङ्गेषु भक्तिमान्॥ ३३

वैश्यस्त्रियम्बकेनैव शूद्रः पञ्चाक्षरेण तु।
अन्यासां विधवास्त्रीणां विधिः प्रोक्तश्च शूद्रवत्॥ ३४

पञ्चब्रह्मादिमनुभिर्गृहस्थस्य विधीयते।
त्रियम्बकेन मनुना विधिर्वै ब्रह्मचारिणः॥ ३५

अघोरेणाथ मनुना विपिनस्थविधिः स्मृतः।
यतिस्तु प्रणवेनैव त्रिपुण्ड्रादीनि कारयेत्॥ ३६

भस्म धारण गर्ने शिवज्ञानी जुन देश (स्थान) मा स्वेच्छाले जान्छन्, त्यस देश (स्थान) मा समस्त तीर्थ आउँछन्॥ २६॥

यस विषयमा अरू धेरै के भनौँ! विद्वान्‌हरूले सदैव भस्म धारण गर्नुपर्छ एवं लिंगार्चन गरी षडक्षर मन्त्रको जप गर्नुपर्छ॥ २७॥

ब्रह्मा, विष्णु, रुद्र, मुनिगण र देवताहरूद्वारा पनि भस्म-धारण गर्नुको महत्त्वको वर्णन सम्भव छैन॥ २८॥

जसले आफ्नो वर्ण तथा आश्रमधर्मसित सम्बन्धित आचरण तथा क्रियाहरू लुप्त गरेका छन्, यदि तिनले पनि त्रिपुण्ड्र धारण गर्दछन् भने समस्त पापहरूबाट मुक्त हुन्छन्॥ २९॥

जो भस्मधारण गर्नेलाई त्यागेर धार्मिक कृत्य गर्दछन्, तिनलाई करोडौँ जन्म लिँदामा पनि संसारबाट मुक्ति प्राप्त हुन सक्दैन॥ ३०॥

जुन ब्राह्मणले भस्मबाट आफ्नो तालुमा त्रिपुण्ड्र धारण गरेको छ, उसले मानौँ गुरुबाट सबथोक पढेको छ र सबै धार्मिक अनुष्ठान गरेको छ॥ ३१॥

जो मनुष्य भस्म धारण गर्नेलाई देखेर उसलाई कष्ट दिन्छ, त्यो निश्चय नै चाण्डालबाट उत्पन्न भएको छ—यस्तो विद्वान्‌हरूले जान्नुपर्छ॥ ३२॥

भक्तिपरायण ब्राह्मण र क्षत्रियले **'मा नस्तोके तनये०'**—यस मन्त्रले अभिमन्त्रित भस्मलाई शास्त्र-सम्मत बताइएका अंगहरूमा धारण गर्नुपर्छ॥ ३३॥

वैश्य **'त्र्यम्बकं यजामहे'**—यस मन्त्रले र शूद्र **'शिवाय नमः'**—यस पंचाक्षरमन्त्रले भस्मलाई अभिमन्त्रित गरी धारण गरून्; विधवा स्त्रीहरूका लागि [भस्म-धारणको] विधि शूद्रहरूको समान बताइएको छ॥ ३४॥

पाँच ब्रह्मादि मन्त्रहरू*बाट [अभिमन्त्रित भस्मद्वारा] गृहस्थ त्रिपुण्ड्र धारण गरून्। ब्रह्मचारी **'त्र्यम्बकं यजामहे'**—यस मन्त्रले [भस्मलाई अभिमन्त्रित गरी] र वानप्रस्थी **'अघोरेभ्योऽथ०'** यस मन्त्रले भस्मलाई अभिमन्त्रित गरी त्रिपुण्ड्र धारण गरून्, तर यति [संन्यासी]ले प्रणवको मन्त्रद्वारा [भस्मलाई अभिमन्त्रित गरी] त्रिपुण्ड्र धारण गरून्॥ ३५-३६॥

* अघोर, ईशान, तत्पुरुष, सद्योजात, वामदेवका मन्त्र नै पंचब्रह्मका ध्यान हुन्। यी मन्त्र पृ०-सं० ८० मा उल्लिखित छन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MoE

अतिवर्णाश्रमी नित्यं शिवोऽहं भावनात्परात्।
शिवयोगी च नियतमीशानेनापि धारयेत्॥ ३७

जो वर्णाश्रम धर्मबाट पर छ, त्यसले **'शिवोऽहं'**—यस भावनाले नित्य त्रिपुण्ड्र धारण गरोस् र जो शिवयोगी छ, त्यसले **'ईशानः सर्वविद्यानाम्'**—यस मन्त्रको उच्चारण गर्दै त्रिपुण्ड्र धारण गरोस्॥ ३७॥

न त्याज्यं सर्ववर्णैश्च भस्मधारणमुत्तमम्।
अन्यैरपि यथा जीवैः सदेति शिवशासनम्॥ ३८

सबै वर्णले भस्म-धारण गर्ने यस उत्तम कार्यलाई छोड्नु हुन्न; अन्य जीवहरूले पनि सदा भस्म धारण गर्नुपर्छ—यस्तो भगवान् शिवको आदेश छ॥ ३८॥

भस्मस्नानेन यावन्तः कणाः स्वाङ्गे प्रतिष्ठिताः।
तावन्ति शिवलिङ्गानि तनौ धत्ते हि धारकः॥ ३९

भस्म-स्नान गर्नाले जति कण शरीरमा प्रवेश गर्दछन्, त्यति नै शिवलिंगहरूलाई त्यो धारण कर्ता आफ्नो शरीरमा धारण गर्दछ॥ ३९॥

ब्राह्मणाः क्षत्रिया वैश्याः शूद्राश्चापि च सङ्कराः।
स्त्रियोऽथ विधवा बालाः प्राप्ता पाखण्डिकास्तथा॥ ४०

ब्रह्मचारी गृही वन्यः संन्यासी वा व्रती तथा।
नार्यो भस्मत्रिपुण्ड्राङ्का मुक्ता एव न संशयः॥ ४१

ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र, वर्णसंकर, स्त्री (सधवा), विधवा, बालक, पाखण्डी, ब्रह्मचारी, गृहस्थ, वानप्रस्थी, संन्यासी, व्रती र संन्यासिनी स्त्रीहरू—यी सबै भस्मको त्रिपुण्ड-धारणको प्रभावद्वारा मुक्त हुन्छन्, यसमा संशय छैन॥ ४०-४१॥

ज्ञानाज्ञानधृतो वापि वह्निदाहसमो यथा।
ज्ञानाज्ञानधृतं भस्म पावयेत्सकलं नरम्॥ ४२

जसरी ज्ञानवश वा अज्ञानवश धारण गरिएको अग्नि सबैलाई समान रूपले जलाउँछ, त्यसरी नै ज्ञान वा अज्ञानवश धारण गरिएको भस्म पनि समानरूपले सबै मनुष्यहरूलाई पवित्र गर्दछ॥ ४२॥

नाश्नीयाज्जलमन्नमल्पमपि वा भस्माक्षधृत्या विना
भुक्त्वा वाथ गृही वनीपतियतिर्वर्णी तथा सङ्करः।
एनोभुङ् नरकं प्रयाति स तदा गायत्रिजापेन तद्
वर्णानां तु यतेस्तु मुख्यप्रणवाजापेन मुक्तिर्भवेत्॥ ४३

भस्म तथा रुद्राक्ष-धारण विना जल अथवा अन्नको अंशमात्र पनि खानु हुन्न। गृहस्थ, वानप्रस्थ, संन्यासी र वर्णसंकर जातिका व्यक्ति यदि भस्म एवं रुद्राक्ष धारण विना भोजन गर्दछन् भने तिनले पाप मात्र खान्छन् र नरकतिर प्रस्थान गर्दछन्। यस्तो समयमा उक्त वर्णधर्महरूको त्यो व्यक्तिले गायत्री मन्त्रको जपबाट तथा यति (संन्यासी)ले मुख्य प्रणवमन्त्रको जपबाट प्रायश्चित्त गरी मुक्ति प्राप्त गर्न सक्छ॥ ४३॥

त्रिपुण्ड्रं ये विनिन्दन्ति निन्दन्ति शिवमेव ते।
धारयन्ति च ये भक्त्या धारयन्ति तमेव ते॥ ४४

जसले त्रिपुण्ड्रको निन्दा गर्छन्, ती साक्षात् शिवको नै निन्दा गर्दछन् र जो त्रिपुण्ड्र धारण गर्दछन्, तिनले साक्षात् उनै शिवलाई नै धारण गर्दछन्॥ ४४॥

धिग्भस्मरहितं भालं धिग्ग्राममशिवालयम्।
धिगनीशार्चनं जन्म धिग्विद्यामशिवाश्रयाम्॥ ४५

भस्मरहित निधारलाई धिक्कार छ, शिवालय (शिवमन्दिर)-रहित गाउँलाई धिक्कार छ, शिवार्चनबाट रहित जन्मलाई धिक्कार छ र शिवज्ञानरहित विद्यालाई धिक्कार छ॥ ४५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ये निन्दन्ति महेश्वरं त्रिजगतामाधारभूतं हरं
ये निन्दन्ति त्रिपुण्ड्रधारणकरं दोषस्तु तद्दर्शने।
ते वै सङ्करसूकरासुरखरश्वक्रोष्टुकीटोपमा
जाता एव भवन्ति पापपरमास्ते नारकाः केवलम्॥ ४६

जो व्यक्ति तीनवटै लोकका आधारस्वरूप महेश्वर भगवान् शिवको निन्दा गर्दछन् र त्रिपुण्ड्र धारण गर्नेहरूको निन्दा गर्दछन्, तिनलाई त देख्नाले पनि पाप लाग्छ। ती वर्णसंकर, सुँगुर, असुर, खर (गधा), श्वान (कुकुर), क्रोष्टु (स्याल) तथा कीरा-फट्याङ्ग्रा समान नै उत्पन्न हुन्छन् र ती नरकगामी व्यक्तिहरूको [यो] जन्म पाप गर्नका लागि मात्रै हुन्छ॥ ४६॥

ते दृष्ट्वा शशिभास्करौ निशि दिने स्वप्नेऽपि नो केवलं
पश्यन्तु श्रुतिरुद्रसूक्तजपतो मुच्येत तेनादृताः।
तत्सम्भाषणतो भवेद्धि नरकं निस्तारवानास्थितं
ये भस्मादिविधारणं हि पुरुषं निन्दन्ति मन्दा हि ते॥ ४७

भगवान् शिवको तथा त्रिपुण्ड्र धारण गर्ने उहाँका भक्तहरूको जो निन्दा गर्दछन्, तिनलाई रातमा देखेमा चन्द्रमाको दर्शनबाट र दिनमा देखेमा सूर्यको दर्शनबाट शुद्धि प्राप्त हुन्छ। [यतिमात्र होइन सपनामा पनि तिनलाई देख्नाले पाप लाग्छ, अतः] सपनामा जसले तिनलाई देख्छन्, उसले आफ्नो शुद्धिका लागि श्रुतिमा बताइएको रुद्रसूक्तको आदरपूर्वक पाठ गर्नुपर्छ, तब त्यसबाट छुटकारा मिल्न सक्छ। तीसित कुरा गर्नाले नरकबास हुन्छ। त्यस नरकबाट मुक्ति प्राप्त गर्न असम्भव छ। जो भस्म-त्रिपुण्ड्र आदि धारण गर्ने पुरुषको निन्दा गर्दछन्, ती निश्चय नै मूर्ख हुन्॥ ४७॥

न तान्त्रिकस्त्वधिकृतो नोर्ध्वपुण्ड्रधरो मुने।
सन्तप्तचक्रचिह्नोऽत्र शिवयज्ञे बहिष्कृतः॥ ४८

हे मुनि! तान्त्रिक, ऊर्ध्वत्रिपुण्ड्र धारण गर्ने तथा तताइएको चक्र आदि चिह्नहरूलाई धारण गर्ने यस शिवयज्ञका अधिकारी होइनन्, ती यस यज्ञबाट बहिष्कृत हुन्॥ ४८॥

तत्रैते बहवो लोका बृहज्जाबालचोदिताः।
ते विचार्याः प्रयत्नेन ततो भस्मरतो भवेत्॥ ४९

बृहज्जाबालोपनिषद्मा बताइएका ती व्यक्ति नै त्यस यज्ञमा अधिकारी हुन्छन्। प्रयत्नपूर्वक तिनलाई शिवयज्ञको कार्यमा सम्मिलित गर्नुपर्छ। तिनले भस्म धारण गर्नुपर्छ॥ ४९॥

यच्चन्दनैश्चन्दनकेऽपि मिश्रं
धार्यं हि भस्मैव त्रिपुण्ड्रभस्मना।
विभूतिभालोपरि किञ्चनापि
धार्यं सदा नो यदि सन्ति बुद्धयः॥ ५०

विभूतिको चन्दनबाट वा चन्दनमा विभूति मिश्रण गरी बनाइएको मिश्रित भस्मबाट [निधारमा] त्रिपुण्ड्र धारण गर्नुपर्छ। जो सुकै होस् निधारमा विभूति धारण गर्नु आवश्यक छ। यदि बुद्धि (ज्ञान) छैन, तापनि यो गर्नु सदा सबैका लागि आवश्यक नै छ॥ ५०॥

स्त्रीभिस्त्रिपुण्ड्रमलकावधि धारणीयं
भस्म द्विजादिभिरथो विधवाभिरेवम्।
तद्वत्सदाश्रमवतां विशदा विभूति-
र्धार्यापवर्गफलदा सकलाघहन्त्री॥ ५१

ब्रह्मचारिणी, सधवा तथा विधवा स्त्रीहरू र ब्राह्मणादि द्विजहरूले कपालसम्म भस्म धारण गर्नुपर्छ। यसै प्रकार ब्रह्मचर्यादि आश्रमीहरूले पनि स्वच्छ विभूति धारण गर्नु उचित हुन्छ; किनभने विभूति मोक्षदायक र समस्त पापहरूको नाशक छ॥ ५१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MoE

त्रिपुण्ड्रं कुरुते यस्तु भस्मना विधिपूर्वकम्।
महापातकसङ्घातैर्मुच्यते चोपपातकैः॥ ५२

जसले भस्मद्वारा विधिपूर्वक त्रिपुण्ड्र धारण गर्दछ, त्यो [ब्रह्महत्यादि] महापातकसमूह र [उच्छिष्ट अन्नादिभक्षण] उपपातकहरूबाट मुक्त हुन्छ॥ ५२॥

ब्रह्मचारी गृहस्थो वा वानप्रस्थोऽथवा यतिः।
ब्रह्मक्षत्राश्च विट्शूद्रास्तथान्ये पतिताधमाः॥ ५३

उद्धूलनं त्रिपुण्ड्रं च धृत्वा शुद्धा भवन्ति च।
भस्मनो विधिना सम्यक् पापराशिं विहाय च॥ ५४

ब्रह्मचारी, गृहस्थ, वानप्रस्थ र संन्यास [यी चारै आश्रम]; ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र तथा अन्य वर्णसंकर [यी चारै वर्ण र उपवर्णका व्यक्ति]; पतित अथवा नीच मनुष्य पनि विधिपूर्वक शरीरमा भस्म-उद्धूलन र त्रिपुण्ड्र धारण गरी शुद्ध हुन्छन्; [किनभने] सम्यक् रूपले [धारण गरिएको] भस्मले [तत्कालै] पापराशिबाट मुक्ति प्रदान गर्छ॥ ५३-५४॥

भस्मधारी विशेषेण स्त्रीगोहत्यादिपातकैः।
वीरहत्याश्वहत्याभ्यां मुच्यते नात्र संशयः॥ ५५

भस्म धारण गर्ने व्यक्ति विशेष रूपले स्त्रीहत्या, गौहत्या, वीरहत्या र अश्वहत्या आदि पापहरूबाट मुक्त हुन्छ; यसमा संशय छैन॥ ५५॥

परद्रव्यापहरणं परदाराभिमर्शनम्।
परनिन्दां परक्षेत्रहरणं परपीडनम्॥ ५६
सस्यारामादिहरणं गृहदाहादिकर्म च।
गोहिरण्यमहिष्यादितिलकम्बलवाससाम्॥ ५७
अन्नधान्यजलादीनां नीचेभ्यश्च परिग्रहः।
दाशवेश्यामतङ्गीषु वृषलीषु नटीषु च॥ ५८
रजस्वलासु कन्यासु विधवासु च मैथुनम्।
मांसचर्मरसादीनां लवणस्य च विक्रयः॥ ५९
पैशुन्यं कूटवादश्च साक्षिमिथ्याभिलाषिणाम्।
एवमादीन्यसङ्ख्यानि पापानि विविधानि च।
सद्य एव विनश्यन्ति त्रिपुण्ड्रस्य च धारणात्॥ ६०

अर्काको द्रव्य अपहरण, पराया स्त्रीको अभिसरण, अर्काको निन्दा, अर्काको खेतको अपहरण, अर्कालाई कष्ट दिनु, बाली-नाली आदिको अपहरण, घरमा आगो लगाइदिने, नीचहरूबाट गाई, सुन, भैंसी, तिल-कम्बल, वस्त्र, अन्न, धान्य तथा जल आदिको परिग्रह, दाशी, वेश्या, मतंगी (चाण्डाल्नी), शूद्रा, नर्तकी, रजस्वला, कन्या र विधवा [स्त्रीहरू]-सित मैथुन, मांस, चर्म, रस तथा नुनको विक्रय, कुरौटे र अस्पष्ट कुरा, झुट्टो साक्षी आदि दिनु—यस प्रकारले अन्य असंख्य विभिन्न प्रकारका पाप त्रिपुण्ड्र धारण गरेको प्रभावले तत्कालै नष्ट हुन जान्छ॥ ५६—६०॥

शिवद्रव्यापहरणं शिवनिन्दा च कुत्रचित्।
निन्दा च शिवभक्तानां प्रायश्चित्तैर्न शुध्यति॥ ६१

भगवान् शिवका द्रव्यको अपहरण र जहाँ-कहीँ शिवको निन्दा गर्ने तथा शिवका भक्तहरूको निन्दा गर्ने व्यक्ति प्रायश्चित्त गर्दामा पनि शुद्ध हुँदैनन्॥ ६१॥

रुद्राक्षं यस्य गात्रेषु ललाटे तु त्रिपुण्ड्रकम्।
स चाण्डालोऽपि सम्पूज्यः सर्ववर्णोत्तमोत्तमः॥ ६२

जसले शरीरमा रुद्राक्ष र शिरमा त्रिपुण्ड्र धारण गरेको छ, त्यस्तो मनुष्य यदि चाण्डाल नै भए पनि त्यो सबै वर्णहरूमा श्रेष्ठतम र सम्पूज्य हुन्छ॥ ६२॥

यानि तीर्थानि लोकेऽस्मिन् गङ्गाद्याः सरितश्च याः।
स्नातो भवति सर्वत्र ललाटे यस्त्रिपुण्ड्रकम्॥ ६३

जो शिरमा त्रिपुण्ड्र धारण गर्दछ, त्यो यस संसारमा जति पनि तीर्थ छन् र गंगा आदि जति नदीहरू छन्, ती सबमा स्नान गरे समान [पुण्यफल प्राप्त गराउने] हुन्छ॥ ६३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सप्तकोटिमहामन्त्राः पञ्चाक्षरपुरस्सराः।
तथान्ये कोटिशो मन्त्राः शैवकैवल्यहेतवः॥ ६४

पंचाक्षरमन्त्रदेखि लिएर सात करोड महामन्त्र र अन्य करोडौँ मन्त्र शिवकैवल्यदायक हुन्छन्॥ ६४॥

अन्ये मन्त्राश्च देवानां सर्वसौख्यकरा मुने।
ते सर्वे तस्य वश्याः स्युर्यो बिभर्ति त्रिपुण्ड्रकम्॥ ६५

हे मुनि! [विष्णु आदि] देवताहरूका [लागि प्रतिपादित] अरू जुन मन्त्र छन्, ती सबै सुखदायक छन्, जो त्रिपुण्ड्र धारण गर्दछ, ती सबै मन्त्र स्वतः त्यसको वशमा हुन जान्छ॥ ६५॥

सहस्रं पूर्वजातानां सहस्रं जनयिष्यताम्।
स्ववंशजानां ज्ञातीनामुद्धरेद्यस्त्रिपुण्ड्रकृत्॥ ६६

त्रिपुण्ड्र धारण गर्ने मनुष्यले आफ्नो वंश र गोत्रमा उत्पन्न हजारौँ पूर्वज तथा भविष्यमा उत्पन्न हुने हजारौँ सन्तानहरूको उद्धार गर्दछ॥ ६६॥

इह भुक्त्वाखिलान्भोगान्दीर्घायुर्व्याधिवर्जितः।
जीवितान्ते च मरणं सुखेनैव प्रपद्यते॥ ६७

अष्टैश्वर्यगुणोपेतं प्राप्य दिव्यवपुः शिवम्।
दिव्यं विमानमारुह्य दिव्यत्रिदशसेवितम्॥ ६८

जो त्रिपुण्ड्र धारण गर्दछ, त्यसलाई यस लोकमा रोगरहित दीर्घ आयु प्राप्त हुन्छ र त्यो सम्पूर्ण भोगको उपभोग गरी जीवनको अन्तिम समयमा सुखपूर्वक नै मृत्यु वरण गर्दछ। त्यसले मृत्युपश्चात् अणिमा, महिमा आदि आठै ऐश्वर्य र सद्गुणहरूले युक्त दिव्य शरीर भएका शिवलाई प्राप्त गर्दछ र दिव्यलोकका देवताहरूबाट सेवित दिव्य विमानमा चढेर शिवलोक जान्छ॥ ६७-६८॥

विद्याधराणां सर्वेषां गन्धर्वाणां महौजसाम्।
इन्द्रादिलोकपालानां लोकेषु च यथाक्रमम्॥ ६९
भुक्त्वा भोगान्सुविपुलान्प्रजेशानां पदेषु च।
ब्रह्मणः पदमासाद्य तत्र कन्याशतं रमेत्॥ ७०

त्यहाँ त्यो सबै विद्याधर र महापराक्रमी गन्धर्वहरू, इन्द्रादि लोकपालहरूका लोकमा क्रमशः गएर धेरै भोगहरूको उपभोग गर्दै प्रजापतिहरूको पद तथा ब्रह्माको पदमा आसीन भएर त्यहाँ [दिव्यलोकका] सयकडौँ कन्याहरूका साथ आनन्दित हुन्छ॥ ६९-७०॥

तत्र ब्रह्मायुषो मानं भुक्त्वा भोगाननेकशः।
विष्णोर्लोके लभेद्भोगं यावद् ब्रह्मशतात्ययः॥ ७१
शिवलोकं ततः प्राप्य लब्ध्वेष्टं काममक्षयम्।
शिवसायुज्यमाप्नोति संशयो नात्र जायते॥ ७२

त्यो त्यस लोकमा ब्रह्माको आयु बराबर आयुलाई प्राप्त गरी अनेकौँ सुखको भोग गरी विष्णुलोक जान्छ र ब्रह्माको सय वर्षसम्म सुखहरूको भोग प्राप्त गर्दछ। त्यसपछि त्यो शिवलोक गएर इच्छानुकूल अक्षय कामनाहरूलाई प्राप्त गरी शिवको सान्निध्य प्राप्त गर्दछ; यसमा सन्देह छैन॥ ७१-७२॥

सर्वोपनिषदां सारं समालोक्य मुहुर्मुहुः।
इदमेव हि निर्णीतं परं श्रेयस्त्रिपुण्ड्रकम्॥ ७३

सबै उपनिषद्हरूका सारलाई पटक-पटक सम्यक् रूपले हेरेर यही निर्णय लिइएको छ कि त्रिपुण्ड्र धारण गर्नु नै परम श्रेष्ठ हो॥ ७३॥

विभूतिं निन्दते यो वै ब्राह्मणः सोऽन्यजातकः।
प्रयाति नरके घोरे यावद् ब्रह्मा चतुर्मुखः॥ ७४

जो ब्राह्मण विभूतिको निन्दा गर्दछन्, ती ब्राह्मण होइनन्, अपितु अन्य जातिका हुन् र विभूति-निन्दाका कारण तिनले चतुर्मुख ब्रह्माको आयुसीमासम्म नरक भोग्नुपर्छ॥ ७४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MoE

श्राद्धे यज्ञे जपे होमे वैश्वदेवे सुरार्चने।
धृतत्रिपुण्ड्रः पूतात्मा मृत्युं जयति मानवः॥ ७५

श्राद्ध, यज्ञ, जप, होम, बलिवैश्वदेव र देवपूजाको समय जुन पवित्रात्मा मनुष्यले त्रिपुण्ड्र धारण गर्दछ, त्यसले मृत्युलाई पनि जित्दछ॥ ७५॥

जलस्नानं मलत्यागे भस्मस्नानं सदा शुचिः।
मन्त्रस्नानं हरेत्पापं ज्ञानस्नाने परं पदम्॥ ७६

मलत्याग गरेपछि [शुद्धिका लागि] जलस्नान गरिन्छ, भस्मस्नान गरेपछि सदा पवित्रता प्राप्त हुन्छ, मन्त्रस्नानले पापको हरण गर्दछ र ज्ञानरूपी जलमा गोता लगाएपछि परमपदको प्राप्ति हुन्छ॥ ७६॥

सर्वतीर्थेषु यत्पुण्यं सर्वतीर्थेषु यत्फलम्।
तत्फलं समवाप्नोति भस्मस्नानकरो नरः॥ ७७

समस्त तीर्थहरूमा [स्नान गर्नाले] जुन पुण्य र फल प्राप्त हुन्छ, त्यो फल–भस्मस्नान गर्नेलाई प्राप्त हुन्छ॥ ७७॥

भस्मस्नानं परं तीर्थं गङ्गास्नानं दिने दिने।
भस्मरूपी शिवः साक्षाद्भस्म त्रैलोक्यपावनम्॥ ७८

भस्मस्नान नै परम श्रेष्ठ तीर्थ हो, जुन प्रतिदिन गंगा (तीर्थ)-स्नानको समान छ। भस्म त भस्मरूपी साक्षात् शिव हो, जुन त्रैलोक्यलाई पवित्र पार्नेवाला छ॥ ७८॥

न तत्स्नानं न तद्ध्यानं न तद्दानं जपो न सः।
त्रिपुण्ड्रेण विना येन विप्रेण यदनुष्ठितम्॥ ७९

त्रिपुण्ड्र धारण विना जुन ब्राह्मण स्नान, ध्यान, दान र जप आदि अनुष्ठान कर्म गर्दछ, त्यो न त स्नान हो, न ध्यान हो, न दान हो र न जप आदि अन्य अनुष्ठित कर्म नै हो॥ ७९॥

वानप्रस्थस्य कन्यानां दीक्षाहीननृणां तथा।
मध्याह्नात्प्राग्जलैर्युक्तं परतो जलवर्जितम्॥ ८०

एवं त्रिपुण्ड्रं यः कुर्यान्नित्यं नियतमानसः।
शिवभक्तः स विज्ञेयो भुक्तिं मुक्तिं च विन्दति॥ ८१

वानप्रस्थ, कन्या र दीक्षारहित मनुष्यहरूले मध्याह्नभन्दा अघि नै जलले युक्त त्रिपुण्ड्र धारण गर्नुपर्छ, तर मध्याह्न पश्चात् जलरहित भस्मद्वारा त्रिपुण्ड्र धारण गर्नु उचित हुन्छ। यस प्रकार श्रद्धापूर्वक दृढ निश्चयी जो व्यक्ति नित्य त्रिपुण्ड्र धारण गर्दछ, त्यसलाई नै शिवभक्त जान्नुपर्छ। त्यसैलाई भुक्ति तथा मुक्ति प्राप्त हुन्छ॥ ८०-८१॥

यस्याङ्गे नैव रुद्राक्ष एकोऽपि बहुपुण्यदः।
तस्य जन्म निरर्थं स्यात्त्रिपुण्ड्ररहितो यदि॥ ८२

जसको अंगमा प्रचुर पुण्यदायक एउटा पनि रुद्राक्ष छैन र जो त्रिपुण्ड्रबाट पनि रहित छ, त्यसले जन्म लिनु व्यर्थ छ॥ ८२॥

एवं त्रिपुण्ड्रमाहात्म्यं समासात् कथितं मया।
रहस्यं सर्वजन्तूनां गोपनीयमिदं त्वया॥ ८३

[यसपश्चात् भस्मधारण तथा त्रिपुण्ड्रको महिमा एवं विधि बताएर सूतले फेरि भन्नुभयो—हे महर्षिहरू हो!] यस प्रकार मैले संक्षेपमा त्रिपुण्ड्रको माहात्म्य बताएँ। यो समस्त प्राणीका लागि गोपनीय रहस्य हो। अतः तपाईंहरूले पनि यसलाई गुप्त नै राख्नुपर्छ॥ ८३॥

तिस्रो रेखा भवन्त्येव स्थानेषु मुनिपुङ्गवाः।
ललाटादिषु सर्वेषु यथोक्तेषु बुधैर्मुने॥ ८४

मुनिवर हो! निधार आदि सबै निर्दिष्ट स्थानहरूमा जुन भस्मबाट तीन तेर्सा रेखाहरू बनाइन्छ, त्यसैलाई विद्वानहरूले त्रिपुण्ड्र भनेका छन्॥ ८४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भ्रुवोर्मध्यं समारभ्य यावदन्तो भवेद् भ्रुवोः।
तावत्प्रमाणं सन्धार्यं ललाटे च त्रिपुण्ड्रकम्॥ ८५

आँखिभौँको बिच भागदेखि लिएर जहाँसम्म आँखिभौँको अन्त हुन्छ, त्यति ठुलो त्रिपुण्ड्र निधारमा धारण गर्नुपर्छ॥ ८५॥

मध्यमानामिकाङ्गुल्या मध्ये तु प्रतिलोमतः।
अङ्गुष्ठेन कृता रेखा त्रिपुण्ड्राख्याभिधीयते॥ ८६

मध्येऽङ्गुलिभिरादाय तिसृभिर्भस्म यत्नतः।
त्रिपुण्ड्रं धारयेद्भक्त्या भुक्तिमुक्तिप्रदं परम्॥ ८७

माहिली र साहिँली औँलाले दुइटा रेखा बनाएर बिचमा बुढीऔँलाद्वारा प्रतिलोम (उल्टो) भावले बनाइएको रेखालाई त्रिपुण्ड्र भनिन्छ अथवा बिचका तीन औँलाहरूले भस्म लिएर यत्नपूर्वक भक्तिभावले निधारमा त्रिपुण्ड्र धारण गर्नुपर्छ। त्रिपुण्ड्र अत्यन्त उत्तम तथा भोग र मोक्षदाय छ॥ ८६-८७॥

त्रिसृणामपि रेखानां प्रत्येकं नवदेवताः।
सर्वत्राङ्गेषु ता वक्ष्ये सावधानतया शृणु॥ ८८

त्रिपुण्ड्रका तीन रेखाहरूमध्ये प्रत्येकमा नौ-नौ देवता हुन्छन्, जुन सबै अंगहरूमा स्थित छन्, म तिनको परिचय दिन्छु, सावधान भएर सुन्नुहोस्॥ ८८॥

अकारो गार्हपत्याग्निर्भूर्धर्मश्च रजोगुणः।
ऋग्वेदश्च क्रियाशक्तिः प्रातःसवनमेव च॥ ८९

महादेवश्च रेखायाः प्रथमायाश्च देवता।
विज्ञेया मुनिशार्दूलाः शिवदीक्षापरायणैः॥ ९०

हे मुनिवर हो! प्रणवको प्रथम अक्षर अकार, गार्हपत्य अग्नि, पृथ्वी, धर्म, रजोगुण, ऋग्वेद, क्रियाशक्ति, प्रातःसवन (उषाकालीन समयमा गरिने यज्ञ वा स्नान) तथा महादेव—यी त्रिपुण्ड्रका प्रथम रेखाका नौ देवता हुन्, यो कुरा शिवदीक्षापरायण पुरुषहरूले राम्ररी बुझ्नुपर्छ॥ ८९-९०॥

उकारो दक्षिणाग्निश्च नभस्तत्त्वं यजुस्तथा।
मध्यन्दिनं च सवनमिच्छाशक्त्यन्तरात्मकौ॥ ९१

महेश्वरश्च रेखाया द्वितीयायाश्च देवता।
विज्ञेया मुनिशार्दूल शिवदीक्षापरायणैः॥ ९२

हे मुनिश्रेष्ठ हो! प्रणवको दोस्रो अक्षर उकार, दक्षिणाग्नि, आकाश, सत्त्वगुण, यजुर्वेद, माध्यन्दिनसवन, इच्छाशक्ति, अन्तरात्मा तथा महेश्वर—यी दोस्रो रेखाका नौ देवता हुन्—यस्तो शिवदीक्षित भक्तहरूले जान्नुपर्दछ॥ ९१-९२॥

मकाराहवनीयौ च परमात्मा तमो दिवौ।
ज्ञानशक्तिः सामवेदस्तृतीयं सवनं तथा॥ ९३

शिवश्चैव च रेखायास्तृतीयायाश्च देवता।
विज्ञेया मुनिशार्दूल शिवदीक्षापरायणैः॥ ९४

हे मुनिश्रेष्ठ हो! प्रणवका तेस्रो अक्षर मकार, आहवनीय अग्नि, परमात्मा, तमोगुण, द्युलोक, ज्ञानशक्ति, सामवेद, तृतीय सवन तथा शिव—यी तेस्रो रेखाका नौ देवता हुन्—यस्तो शिवदीक्षित भक्तहरूले जान्नुपर्दछ॥ ९३-९४॥

एवं नित्यं नमस्कृत्य सद्भक्त्या स्थानदेवताः।
त्रिपुण्ड्रं धारयेच्छुद्धो भुक्तिं मुक्तिं च विन्दति॥ ९५

यस प्रकार स्थानदेवताहरूलाई उत्तम भक्तिभावले नित्य नमस्कार गरी स्नान आदिबाट शुद्ध भएको पुरुष यदि त्रिपुण्ड्र धारण गर्दछ भने भोग र मोक्षलाई पनि प्राप्त गर्दछ॥ ९५॥

इत्युक्ताः स्थानदेवाश्च सर्वाङ्गेषु मुनीश्वराः।
तेषां सम्बन्धिनो भक्त्या स्थानानि शृणु साम्प्रतम्॥ ९६

हे मुनीश्वर हो! यी सम्पूर्ण अंगहरूमा स्थान-देवता बताएँ, अब तीसँग सम्बन्धित स्थान बताउँछु, भक्तिपूर्वक सुन्नुहोस्॥ ९६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE

द्वात्रिंशत्स्थानके वार्धषोडशस्थानकेऽपि च।
अष्टस्थाने तथा चैव पञ्चस्थानेऽपि नान्यसेत्॥ ९७
उत्तमाङ्गे ललाटे च कर्णयोर्नेत्रयोस्तथा।
नासावक्त्रगलेष्वेवं हस्तयोरुभयोस्ततः॥ ९८
कूर्परे मणिबन्धे च हृदये पार्श्वयोर्द्वयोः।
नाभौ मुष्कद्वये चैवमूर्वोर्गुल्फे च जानुनि॥ ९९
जङ्घाद्वये पदद्वन्द्वे द्वात्रिंशत्स्थानमुत्तमम्।
अग्न्यब्भूवायुदिग्देशदिक्पालान् वसुभिः सह॥ १००
धरा ध्रुवश्च सोमश्च आपश्चैवानिलोऽनलः।
प्रत्यूषश्च प्रभासश्च वसवोऽष्ट प्रकीर्तिताः॥ १०१
एतेषां नाममात्रेण त्रिपुण्ड्रं धारयेद् बुधः।
कुर्याद्वा षोडशस्थाने त्रिपुण्ड्रं तु समाहितः॥ १०२
शीर्षके च ललाटे च कण्ठे चांसद्वये भुजे।
कूर्परे मणिबन्धे च हृदये नाभिपार्श्वके॥ १०३
पृष्ठे चैवं प्रतिष्ठाप्य यजेत्तत्राश्विदैवते।
शिवं शक्तिं तथा रुद्रमीशं नारदमेव च॥ १०४
वामादिनवशक्तीश्च एता षोडश देवताः।
नासत्यौ दस्त्रकश्चैव अश्विनौ द्वौ प्रकीर्तितौ॥ १०५
अथवा मूर्ध्नि केशे च कर्णयोर्वदने तथा।
बाहुद्वये च हृदये नाभ्यामूरुयुगे तथा॥ १०६
जानुद्वये च पदयोः पृष्ठभागे च षोडश।
शिवश्चन्द्रश्च रुद्रः को विघ्नेशो विष्णुरेव वा॥ १०७
श्रीश्चैव हृदये शम्भुस्तथा नाभौ प्रजापतिः।
नागश्च नागकन्याश्च उभयोर्ऋषिकन्यकाः॥ १०८
पादयोश्च समुद्राश्च तीर्थाः पृष्ठे विशालतः।
इत्येवं षोडशस्थानमष्टस्थानमथोच्यते॥ १०९
गुह्यस्थानं ललाटश्च कर्णद्वयमनुत्तमम्।
अंसयुगमं च हृदयं नाभिरित्येवमष्टकम्॥ ११०
ब्रह्मा च ऋषयः सप्त देवताश्च प्रकीर्तिताः।
इत्येवं तु समुद्दिष्टं भस्मविद्भिर्मुनीश्वराः॥ १११

मनुष्यले बत्तिस, सोह्र, आठ अथवा पाँच स्थानमा त्रिपुण्ड्रको न्यास (धारण) गर्नुपर्छ। तालु, निधार, दुवै कान, दुवै आँखा, दुवै नाक, मुख, घाँटी, दुवै हात, दुवै पाखुरा, दुवै कुइना, हृदय, दुवै पार्श्वभाग, नाभि, दुवै अण्डकोष, दुवै तिघ्रा, दुवै गोलीगाँठा, दुवै घुँडा, दुवै पिँडुला र दुवै पैताला—यी बत्तिस उत्तम स्थान हुन्; यिनमा क्रमशः अग्नि, जल, पृथ्वी, वायु, दश दिक्प्रदेश, दश दिक्पाल तथा आठ वसुहरूले निवास गरेका हुन्छन्॥ ९७—१००॥

धरा (धर), ध्रुव, सोम, आप, अनिल, अनल, प्रत्यूष र प्रभास—यी आठ वसु बताइएका छन्। यी सबैको नाममात्र लिएर यिनका स्थानहरूमा विद्वान्ले त्रिपुण्ड्र धारण गर्नुपर्छ। अथवा एकाग्रचित्त भएर सोह्र स्थानमा मात्र त्रिपुण्ड्र धारण गर्नुपर्छ॥ १०१-१०२॥

तालु, निधार, घाँटी, दुवै काँध, दुवै हात, दुवै पाखुरा तथा दुवै कुइनामा, हृदयमा, नाभिमा, दुवै अण्डकोषमा तथा पृष्ठभागमा त्रिपुण्ड्र लगाएर त्यहाँ दुवै अश्विनीकुमार, शिव, शक्ति, रुद्र, ईश तथा नारदको र वामा (दुर्गा) आदि नौ शक्तिहरूको पूजा गर्नुपर्छ। यी सबै मिलाएर सोह्र देवता छन्। अश्विनीकुमारलाई युगल भनिएको छ—नासत्य र दस्त्र॥ १०३—१०५॥

अथवा तालु, कपाल, दुवै कान, मुख, दुवै हात, हृदय, नाभि, दुवै तिघ्रा, दुवै घुँडा, दुवै पैताला र पृष्ठभाग—यी सोह्र स्थानहरूमा सोह्र त्रिपुण्ड्रको न्यास (धारण) गर्नुपर्छ। तालुमा शिव, कपालमा चन्द्रमा, दुवै कानमा रुद्र र ब्रह्मा, मुखमा विघ्नराज गणेश, दुवै हातमा विष्णु र लक्ष्मी, हृदयमा शम्भु, नाभिमा प्रजापति, दुवै तिघ्रामा नाग र नागकन्या, दुवै घुँडामा ऋषिकन्या, दुवै पैतालामा समुद्र तथा विशाल पृष्ठभागमा सम्पूर्ण तीर्थ देवतारूपले विराजमान हुन्छन्। यस प्रकार सोह्र स्थानको परिचय दिइयो। अब आठ स्थान बताउन गइरहेको छु॥ १०६—१०९॥

गुह्य स्थान, निधार, दुवै कान, दुवै काँध, हृदय र नाभि—यी आठ स्थान हुन्। यी स्थानमा ब्रह्मा तथा सप्तर्षि—यी आठ देवता रहेका हुन्छन्। हे मुनीश्वर हो! भस्मको स्थानलाई जान्ने विद्वानहरूले यसै गरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथवा मस्तकं बाहू हृदयं नाभिरेव च।
पञ्चस्थानान्यमून्याहुर्धारणे भस्मविज्जनाः॥ ११२

यथासम्भवनं कुर्याद्देशकालाद्यपेक्षया।
उद्धूलनेऽप्यशक्तश्चेत्त्रिपुण्ड्रादीनि कारयेत्॥ ११३

आठ स्थानहरूको परिचय दिएका छन्। अथवा तालु, दुवै हात, हृदय र नाभि—यी पाँच स्थानलाई भस्मवेत्ता पुरुषहरूले भस्म धारणको योग्य स्थान बताएका छन्। यथासम्भव देश, काल आदिको अपेक्षा राख्दै उद्धूलन (भस्म)-लाई अभिमन्त्रित गर्नुपर्छ र जलमा मिलाउने आदि कार्य गर्नुपर्छ। यदि भस्म उपलब्ध हुन सकेन भने त्रिपुण्ड्र आदि लगाउनुपर्छ॥ ११०—११३॥

त्रिनेत्रं त्रिगुणाधारं त्रिदेवजनकं शिवम्।
स्मरन्नमः शिवायेति ललाटे तु त्रिपुण्ड्रकम्॥ ११४

ईशाभ्यां नम इत्युक्त्वा पार्श्वयोश्च त्रिपुण्ड्रकम्।
बीजाभ्यां नम इत्युक्त्वा धारयेत्तु प्रकोष्ठयोः॥ ११५

कुर्यादधः पितृभ्यां च उमेशाभ्यां तथोपरि।
भीमायेति ततः पृष्ठे शिरसः पश्चिमे तथा॥ ११६

त्रिनेत्रधारी, तीनवटै गुणहरूका आधार तथा तीनवटै देवताहरूका जनक भगवान् शिवको स्मरण गर्दै **'नमः शिवाय'** भनेर निधारमा त्रिपुण्ड्र लगाउनू। **'ईशाभ्यां नमः'**—यस्तो भनेर दुवै पार्श्वभागमा त्रिपुण्ड्र धारण गर्नु। **'बीजाभ्यां नमः'**—यो उच्चारण गरी दुवै अण्डकोषमा भस्म लगाउनू। **'पितृभ्यां नमः'** भनेर तलका अंगमा, **'उमेशाभ्यां नमः'** भनेर माथिका अंगमा तथा **'भीमाय नमः'** भनेर पिठ्यूँमा र शिरको पछाडिको भागमा त्रिपुण्ड्र लगाउनुपर्छ॥ ११४—११६॥

इति श्रीशिवमहापुराणे प्रथमायां विद्येश्वरसंहितायां भस्मधारणवर्णनं नाम चतुर्विंशोऽध्यायः॥ २४॥

॥ यस प्रकार शिवमहापुराणको प्रथम विद्येश्वरसंहिताको साध्यसाधन खण्डमा भस्मधारणवर्णन नामक चौबिसौँ अध्याय पूर्ण भयो॥ २४॥

अथ पञ्चविंशोऽध्यायः

रुद्राक्षधारणको महिमा तथा रुद्राक्षका विविध भेदहरूको वर्णन

सूत उवाच

शौनकर्षे महाप्राज्ञ शिवरूप महामते।
शृणु रुद्राक्षमाहात्म्यं समासात् कथयाम्यहम्॥ १
शिवप्रियतमो ज्ञेयो रुद्राक्षः परपावनः।
दर्शनात् स्पर्शनाज्जाप्यात् सर्वपापहरः स्मृतः॥ २

सूत भन्नुहुन्छ—हे महाप्राज्ञ! हे महामते! शिवरूप हे शौनक ऋषि! अब म संक्षेपमा रुद्राक्षको माहात्म्य बताउँदै छु, सुन्नुहोस्॥ १॥

रुद्राक्ष शिवलाई ज्यादै प्रिय छ। यसलाई परम पावन सम्झनुपर्छ। रुद्राक्षको दर्शन गर्दा, छुँदा तथा त्यसमा जप गर्नाले समस्त पापहरूलाई हरण गर्छ भनी मानिएको छ॥ २॥

पुरा रुद्राक्षमहिमा देव्यग्रे कथितो मुने।
लोकोपकरणार्थाय शिवेन परमात्मना॥ ३

हे मुनि! पूर्वकालमा परमात्मा शिवले समस्त लोकहरूको उपकार गर्नका लागि देवी पार्वतीको सामुन्ने रुद्राक्षको महिमा वर्णन गर्नुभएको थियो॥ ३॥

शिव उवाच

श्रूयतां तु महेशानि रुद्राक्षमहिमा शिवे।
कथयामि तव प्रीत्या भक्तानां हितकाम्यया॥ ४

शिव भन्नुहुन्छ—हे महेश्वरि! हे पार्वती! म तिम्रो प्रेमवश भक्तहरूको हितको कामनाले रुद्राक्षको महिमाको वर्णन गर्छु, सुन॥ ४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.

दिव्यवर्षसहस्त्राणि महेशानि पुनः पुरा।
तपः प्रकुर्वतस्त्रस्तं मनः संयम्य वै मम॥ ५

हे महेशानी! पूर्वकालको कुरा हो, म मनलाई संयममा राखेर हजारौँ दिव्य वर्षसम्म घोर तपस्यामा लागिरहेँ॥ ५॥

स्वतन्त्रेण परेशेन लोकोपकृतिकारिणा।
लीलया परमेशानि चक्षुरुन्मीलितं मया॥ ६

हे परमेश्वरी! म सम्पूर्ण लोकको उपकार गर्ने स्वतन्त्र परमेश्वर हुँ। [एक दिन सहसा मेरो मन विचलित भयो।] अतः त्यस समय मैले लीलावश नै आफ्ना दुवै नेत्र खोलेँ॥ ६॥

पुटाभ्यां चारुचक्षुर्भ्यां पतिता जलबिन्दवः।
तत्राश्रुबिन्दुतो जाता वृक्षा रुद्राक्षसंज्ञकाः॥ ७

नेत्र खुल्नासाथ मेरा मनोहर नेत्रहरूबाट केही जलका थोपा खसे। आँसूका ती थोपाहरूबाट त्यहाँ रुद्राक्ष नामक वृक्ष पैदा भयो॥ ७॥

स्थावरत्वमनुप्राप्य भक्तानुग्रहकारणात्।
ते दत्ता विष्णुभक्तेभ्यश्चतुर्वर्णेभ्य एव च॥ ८

भक्तहरूमाथि अनुग्रह गर्नका लागि ती अश्रुबिन्दु स्थावरभावमा प्राप्त हुन गए। ती रुद्राक्ष मैले विष्णु-भक्तहरूलाई तथा चारै वर्णकालाई बाँडिदिएँ॥ ८॥

भूमौ गौडोद्भवांश्चक्रे रुद्राक्षाञ्छिववल्लभान्।
मथुरायामयोध्यायां लङ्कायां मलये तथा॥ ९
सह्याद्रौ च तथा काश्यां देशेष्वन्येषु वा तथा।
परानसह्यपापौघभेदनाञ्छ्रुतिनोदनान् ॥ १०

भूतलमा आफ्नो प्रिय रुद्राक्षलाई मैले गौड देशमा उत्पन्न गरेँ। मथुरा, अयोध्या, लंका, मलयाचल, सह्यगिरि, काशी तथा अन्य देशमा पनि तिनको अंकुर उत्पन्न गराएँ। यी उत्तम रुद्राक्ष असह्य पापसमूहको भेदन गर्ने तथा श्रुतिहरूका पनि प्रेरक छन्॥ ९-१०॥

ब्राह्मणाः क्षत्रिया वैश्याः शूद्रा जाता ममाज्ञया।
रुद्राक्षास्ते पृथिव्यां तु तज्जातीयाः शुभाक्षकाः॥ ११

मेरो आज्ञाले ती रुद्राक्ष ब्राह्मण, क्षत्रिय, वैश्य तथा शूद्र जातिका भेदले यस भूतलमा प्रकट भए। रुद्राक्षहरूकै जातिका शुभाक्ष पनि हुन्॥ ११॥

श्वेतरक्ताः पीतकृष्णा वर्णा ज्ञेयाः क्रमाद् बुधैः।
स्वजातीयं नृभिर्धार्यं रुद्राक्षं वर्णतः क्रमात्॥ १२

ती ब्राह्मणादि जातिका रुद्राक्षहरूको वर्ण सेतो, रातो, पहेँलो तथा कालो बुझ्नुपर्छ। मनुष्यहरूले क्रमशः वर्णअनुसार आफ्नै जातिको रुद्राक्ष धारण गर्नुपर्छ॥ १२॥

वर्णैस्तु तत्फलं धार्यं भुक्तिमुक्तिफलेप्सुभिः।
शिवभक्तैर्विशेषेण शिवयोः प्रीतये सदा॥ १३

भोग र मोक्षको इच्छा राख्ने चारै वर्णका व्यक्तिहरू र विशेषतः शिवभक्तहरूले शिव-पार्वतीको प्रसन्नताका लागि रुद्राक्षका फलहरूलाई अवश्य धारण गर्नुपर्छ॥ १३॥

धात्रीफलप्रमाणं यच्छ्रेष्ठमेतदुदाहृतम्।
बदरीफलमात्रं तु मध्यमं सम्प्रकीर्तितम्॥ १४
अधमं चणमात्रं स्यात् प्रक्रियैषा परोच्यते।
शृणु पार्वति सुप्रीत्या भक्तानां हितकाम्यया॥ १५

अमलाको फल जत्रो जुन रुद्राक्ष हुन्छ, त्यो श्रेष्ठ बताइएको छ। जुन बयरको फल जत्रो हुन्छ, त्यसलाई मध्यम श्रेणीको बताइएको छ। जुन चनाको दाना जत्रो हुन्छ, त्यसको गणना निम्न कोटिमा गरिएको छ। हे पार्वति! अब यसको उत्तमता (श्रेणी) लाई मापन गर्ने यो दोस्रो प्रक्रिया भक्तहरूको हितकामनाले बताउँछु। अतः तिमी प्रेमपूर्वक यसलाई राम्ररी सुन॥ १४-१५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बदरीफलमात्रं च यत् स्यात् किल महेश्वरि।
तथापि फलदं लोके सुखसौभाग्यवर्धनम्॥ १६

हे महेश्वरी! जुन रुद्राक्ष बयरको फल बराबर हुन्छ, त्यो त्यति सानो भए पनि लोकमा उत्तम फल तथा सुख-सौभाग्य वृद्धिकारक हुन्छ॥ १६॥

धात्रीफलसमं यत् स्यात् सर्वारिष्टविनाशनम्।
गुञ्जया सदृशं यत् स्यात् सर्वार्थफलसाधनम्॥ १७

जुन रुद्राक्ष अमलाको फल बराबर हुन्छ, त्यो समस्त अरिष्टहरूको विनाशक हुन्छ तथा जुन रातिगेडी समान ज्यादै सानो हुन्छ, त्यो सम्पूर्ण मनोरथ र फल सिद्धिदायक हुन्छ॥ १७॥

यथा यथा लघुः स्याद्वै तथाधिकफलप्रदः।
एकैकतः फलं प्रोक्तं दशांशैरधिकं बुधैः॥ १८

रुद्राक्ष जती-जती सानो हुन्छ, त्यती नै धेरै फलदायक हुन्छ। एउटा सानो रुद्राक्षलाई विद्वान्हरूले एउटा ठुलो रुद्राक्षभन्दा दशगुना धेरै फल दिने बताएका छन्॥ १८॥

रुद्राक्षधारणं प्रोक्तं पापनाशनहेतवे।
तस्माच्च धारणीयो वै सर्वार्थसाधनो ध्रुवम्॥ १९

पापहरूको नाश गर्नका लागि रुद्राक्षधारण आवश्यक बताइएको छ। त्यो निश्चय नै सम्पूर्ण अभीष्ट मनोरथहरूको साधक हो, अतः त्यसलाई अवश्य नै धारण गर्नुपर्छ॥ १९॥

यथा च दृश्यते लोके रुद्राक्षः फलदः शुभः।
न तथा दृश्यतेऽन्या च मालिका परमेश्वरि॥ २०

हे परमेश्वरी! लोकमा मंगलमय रुद्राक्षको मालाले जस्तो फल दिने अर्को कुनै माला देखिन्न॥ २०॥

समाः स्निग्धा दृढाः स्थूलाः कण्टकैः संयुताः शुभाः।
रुद्राक्षाः कामदा देवि भुक्तिमुक्तिप्रदाः सदा॥ २१

हे देवी! समान आकार-प्रकार भएका, चिल्लो, बलियो, स्थूल, कण्टकयुक्त (काँडा भएको) र सुन्दर रुद्राक्ष अभिलषित पदार्थहरूको दाता तथा सदैव भोग र मोक्षदायक हुन्छ॥ २१॥

कृमिदुष्टं छिन्नभिन्नं कण्टकैर्हीनमेव च।
व्रणयुक्तमवृत्तं च रुद्राक्षान् षड् विवर्जयेत्॥ २२

जुन किराले खाएको छ, जुन खण्डित छ, फुटेको छ, जसमा काँडा छैन, जसमा चोट लागेको छ, तथा जुन पूर्ण गोलो छैन, यी छ प्रकारका रुद्राक्षलाई त्यागिदिनु पर्छ॥ २२॥

स्वयमेव कृतद्वारं रुद्राक्षं स्यादिहोत्तमम्।
यत्तु पौरुषयत्नेन कृतं तन्मध्यमं भवेत्॥ २३

जुन रुद्राक्षमा धागो छिराउने प्वाल आफैँ परेको छ, त्यसैलाई यहाँ उत्तम मानिएको छ। जसमा मनुष्यले प्वाल पारेको हुन्छ, त्यो मध्यम श्रेणीको हो॥ २३॥

रुद्राक्षधारणं प्रोक्तं महापातकनाशनम्।
रुद्रसङ्ख्याशतं धृत्वा रुद्ररूपो भवेन्नरः॥ २४

रुद्राक्षधारणले ठुला-ठुला पातकहरूको नाश गर्ने बताइएको छ। एघार सय रुद्राक्ष धारण गर्ने मनुष्य रुद्रस्वरूप नै हुन्छ॥ २४॥

एकादशशतानीह धृत्वा यत्फलमाप्यते।
तत्फलं शक्यते नैव वक्तुं वर्षशतैरपि॥ २५

यस जगत्मा एघार सय रुद्राक्ष धारण गरी मनुष्यले जुन फल प्राप्त गर्छ, त्यसको वर्णन हजारौँ वर्षमा पनि गर्न सकिन्न॥ २५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding...

शतार्धेन युतैः पञ्चशतैर्वै मुकुटं मतम्।
रुद्राक्षैर्विरचेत्सम्यग्भक्तिमान्पुरुषो वरः॥ २६

त्रिभिः शतैः षष्टियुक्तैस्त्रिरावृत्त्या तथा पुनः।
रुद्राक्षैरुपवीतं च निर्मीयाद्भक्तितत्परः॥ २७

शिखायां च त्रयं प्रोक्तं रुद्राक्षाणां महेश्वरि।
कर्णयोः षट् च षट् चैव वामदक्षिणयोस्तथा॥ २८

शतमेकोत्तरं कण्ठे बाह्वोर्वै रुद्रसङ्ख्यया।
कूर्परद्वारयोस्तत्र मणिबन्धे तथा पुनः॥ २९

उपवीते त्रयं धार्यं शिवभक्तिरतैर्नरैः।
शेषानुर्वरितान्पञ्च सम्मितान्धारयेत्कटौ॥ ३०

एतत्सङ्ख्या धृता येन रुद्राक्षाः परमेश्वरि।
तद्रूपं तु प्रणम्यं हि स्तुत्यं सर्वैर्महेशवत्॥ ३१

एवंभूतं स्थितं ध्याने यदा कृत्वासने जनम्।
शिवेति व्याहरंश्चैव दृष्ट्वा पापैः प्रमुच्यते॥ ३२

शताधिकसहस्रस्य विधिरेष प्रकीर्तितः।
तदभावे प्रकारोऽन्यः शुभः सम्प्रोच्यते मया॥ ३३

शिखायामेकरुद्राक्षं शिरसा त्रिंशतं वहेत्।
पञ्चाशच्च गले दध्याद् बाह्वोः षोडश षोडश॥ ३४

मणिबन्धे द्वादश द्विस्कन्धे पञ्चशतं वहेत्।
अष्टोत्तरशतैर्माल्यमुपवीतं प्रकल्पयेत्॥ ३५

एवं सहस्ररुद्राक्षान्धारयेद्यो दृढव्रतः।
तं नमन्ति सुराः सर्वे यथा रुद्रस्तथैव सः॥ ३६

एकं शिखायां रुद्राक्षं चत्वारिंशत्तु मस्तके।
द्वात्रिंशत्कण्ठदेशे तु वक्षस्यष्टोत्तरं शतम्॥ ३७
एकैकं कर्णयोः षट् षट् बाह्वोः षोडश षोडश।
करयो रविमानेन द्विगुणेन मुनीश्वर॥ ३८

भक्तिमान् पुरुषले राम्ररी पाँच सय पचास रुद्राक्षका दानाहरूको सुन्दर मुकुट बनाऊन्। तीन सय साठी दानाहरूलाई लामो धागोमा उनेर एउटा हार बनाऊन्। त्यसै प्रकारले तीन हार बनाएर भक्तिपरायण पुरुष त्यसको यज्ञोपवीत तयार गरून्॥ २६–२७॥

हे महेश्वरी! शिवभक्त मनुष्यहरूले शिखामा तीन, दायाँ र बाँया दुवै कानमा क्रमशः छ–छ, घाँटीमा एक सय एक, हातहरूमा एघार–एघार, दुवै पाखुरामा र दुवै मणिबन्धहरूमा पुनः एघार–एघार, यज्ञोपवीतमा तीन तथा कटिप्रदेशमा गुप्त रूपले पाँच रुद्राक्ष धारण गर्नुपर्छ। हे परमेश्वरी! [माथि बताइएका] ती संख्याअनुसार जो व्यक्ति रुद्राक्ष धारण गर्दछ, त्यसको स्वरूप भगवान् शंकरको समान सबैका लागि प्रणम्य र स्तुत्य हुन्छ॥ २८—३१॥

यस प्रकार रुद्राक्षले युक्त भएर मनुष्य जब आसन लगाएर ध्यानपूर्वक शिवको नाम जप्न थाल्छ तब त्यसलाई देखेर पाप स्वतः छाडेर भाग्दछ॥ ३२॥

यसै गरी मैले एक हजार एक सय रुद्राक्षहरू धारण गर्ने विधि बताइदिएँ। यती रुद्राक्षहरू नपाइएको अवस्थामा म दोस्रो प्रकारको कल्याणकारी विधि बताउँछु॥ ३३॥

शिखामा एक, शिरमा तीस, घाँटीमा पचास र दुवै हातहरूमा सोह्र–सोह्र रुद्राक्ष धारण गर्नुपर्छ॥ ३४॥

दुवै मणिबन्धहरूमा बाह्र, दुवै काँधमा पाँच सय दानाको माला र एक सय आठ दाना रुद्राक्षको माला बनाएर यज्ञोपवीतको रूपमा धारण गर्नुपर्छ॥ ३५॥

यस प्रकार दृढ निश्चय गर्ने जुन मनुष्यले एक हजार रुद्राक्षलाई धारण गर्दछ, त्यो रुद्र–स्वरूप हुन्छ; समस्त देवगण जसरी शिवलाई नमस्कार गर्दछन्, त्यसरी नै उसलाई पनि नमस्कार गर्दछन्॥ ३६॥

शिखामा एक, शिरमा चालीस, कण्ठप्रदेशमा बत्तिस, वक्षःस्थलमा एक सय आठ, प्रत्येक कानमा एक–एक, भुजबन्धमा छ–छ वा सोह्र–सोह्र, दुवै हातमा त्यसको दुईगुना अथवा हे मुनीश्वर! प्रीतिपूर्वक जति इच्छा हुन्छ, त्यति रुद्राक्ष धारण गर्नुपर्छ। यस्तो जसले गर्दछ, त्यो शिवभक्त सबैका लागि शिवसमान पूजनीय, वन्दनीय र वारम्वार दर्शनयोग्य हुन्छ॥ ३७—३९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सङ्ख्या प्रीतिधृता येन सोऽपि शैवजनः परः।
शिववत्पूजनीयो हि वन्द्यः सर्वैरभीक्ष्णशः॥ ३९

शिरसीशानमन्त्रेण कर्णे तत्पुरुषेण च।
अघोरेण गले धार्यं तेनैव हृदयेऽपि च॥ ४०

अघोरबीजमन्त्रेण करयोर्धारयेत्सुधीः।
पञ्चदशाक्षग्रथितां वामदेवेन चोदरे॥ ४१

पञ्चब्रह्मभिरङ्गैश्च त्रिमालां पञ्च सप्त च।
अथ वा मूलमन्त्रेण सर्वानक्षांस्तु धारयेत्॥ ४२

मद्यं मांसं तु लशुनं पलाण्डुं शिग्रुमेव च।
श्लेष्मान्तकं विड्वराहं भक्षणे वर्जयेत्ततः॥ ४३

वलक्षं रुद्राक्षं द्विजतनुभिरेवेह विहितं
सुरक्तं क्षत्राणां प्रमुदितमुमे पीतमसकृत्।
ततो वैश्यैर्धार्यं प्रतिदिवसमावश्यकमहो
तथा कृष्णं शूद्रैः श्रुतिगदितमार्गोऽयमगजे॥ ४४

वर्णी वनी गृहयतिर्नियमेन दध्या-
देतद्रहस्यपरमो न हि जातु तिष्ठेत्।
रुद्राक्षधारणमिदं सुकृतैश्च लभ्यं
त्यक्त्वेदमेतदखिलान्नरकान् प्रयान्ति॥ ४५

आदावामलकास्ततो लघुतरा
रुग्णास्ततः कण्टकैः
सन्दष्टाः कृमिभिस्तनूपकरण-
च्छिद्रेण हीनास्तथा।
धार्या नैव शुभेप्सुभिश्चणकवद्
रुद्राक्षमप्यन्ततो
रुद्राक्षो मम लिङ्गमङ्गलमुमे
सूक्ष्मं प्रशस्तं सदा॥ ४६

सर्वाश्रमाणां वर्णानां स्त्रीशूद्राणां शिवाज्ञया।
धार्याः सदैव रुद्राक्षा यतीनां प्रणवेन हि॥ ४७

शिरमा ईशानमन्त्रद्वारा, कानमा तत्पुरुषमन्त्रद्वारा तथा घाँटी र हृदयमा अघोरमन्त्रद्वारा रुद्राक्ष धारण गर्नुपर्छ॥ ४०॥

विद्वान् पुरुषहरूले दुवै हातमा अघोर बीजमन्त्रद्वारा रुद्राक्ष धारण गरून् र पेटमा वामदेवमन्त्रद्वारा पन्ध्र रुद्राक्षद्वारा गुथिएको माला धारण गरून्॥ ४१॥

सद्योजात आदि पाँच ब्रह्ममन्त्र तथा अंगमन्त्रद्वारा रुद्राक्षका तीन, पाँच वा सात माला धारण गरून् अथवा मूलमन्त्र [**नमः शिवाय**]-बाट नै समस्त रुद्राक्षहरूलाई धारण गरून्॥ ४२॥

रुद्राक्षधारी पुरुषले आफ्नो खान-पानमा मदिरा, मांस, लसुन, प्याज, सजिउन्, लप्सी, विड्वराह (सुंगुर) आदिलाई त्यागिदिऊन्॥ ४३॥

हे गिरिराजनन्दिनी उमा! सेतो रुद्राक्ष केवल ब्राह्मणहरूले मात्र धारण गर्नुपर्छ। गाढा रातो रंगको रुद्राक्ष क्षत्रियहरूका लागि हितकर बताइएको छ। वैश्यहरूका लागि प्रतिदिन पटक-पटक पहेँलो रुद्राक्ष धारण गर्न आवश्यक छ र शूद्रहरूले कालो रंगको रुद्राक्ष धारण गर्नुपर्छ—यो वेदोक्त मार्ग हो॥ ४४॥

ब्रह्मचारी, वानप्रस्थ, गृहस्थ र संन्यासी—सबैले नियमपूर्वक रुद्राक्ष धारण गर्नु उचित छ। यसलाई धारण नगरी बस्नुहुन्न, यो परम रहस्य हो। यसलाई धारण गर्ने सौभाग्य ठुलो पुण्यले प्राप्त हुन्छ। यसलाई त्याग गर्ने व्यक्ति नरकमा जान्छ॥ ४५॥

हे उमा! पहिला अमला बराबरको र फेरि त्यसभन्दा पनि सानो रुद्राक्ष धारण गर्नुपर्छ। जुन रोगयुक्त छ, जसमा दाना छैन, जसलाई किराले खाएको छ, जसमा उन्नका लागि प्वाल छैन, यस्तो रुद्राक्ष मंगलाकांक्षी पुरुषहरूले धारण गर्नुहुँदैन। रुद्राक्ष मेरो मंगलमय लिंगविग्रह हो। त्यो अन्ततः चनाको बराबर लघुतर हुन्छ। सूक्ष्म रुद्राक्षलाई नै सदा उत्तम मानिएको छ॥ ४६॥

सबै आश्रम, समस्त वर्ण, स्त्रीहरू र शूद्रहरूले पनि भगवान् शिवको आज्ञानुसार सदैव रुद्राक्ष धारण गर्नुपर्छ। यतिहरूका लागि प्रणवको उच्चारणपूर्वक रुद्राक्ष धारण गर्ने विधान छ॥ ४७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दिवा बिभ्रद्रात्रिकृतै रात्रौ बिभ्रद्दिवाकृतैः।
प्रातर्मध्याह्नसायाह्ने मुच्यते सर्वपातकैः॥ ४८

मनुष्यले दिनमा [रुद्राक्ष धारण गर्नाले] रात्रिमा गरिएका पापहरूबाट र रात्रिमा [रुद्राक्ष धारण गर्नाले] दिनमा गरिएका पापहरूबाट; प्रातः, मध्याह्न र सायंकालमा [रुद्राक्ष धारण गर्नाले] गरिएका समस्त पापहरूबाट मुक्त हुन्छ॥ ४८॥

ये त्रिपुण्ड्रधरा लोके जटाधारिण एव ये।
ये रुद्राक्षधरास्ते वै यमलोकं प्रयान्ति न॥ ४९

संसारमा जति पनि त्रिपुण्ड्र धारण गर्नेहरू छन्, जटाधारी छन् तथा रुद्राक्ष धारण गर्नेहरू छन्, ती यमलोक जाँदैनन्॥ ४९॥

रुद्राक्षमेकं शिरसा बिभर्ति
तथा त्रिपुण्ड्रं च ललाटमध्ये।
पञ्चाक्षरं ये हि जपन्ति मन्त्रं
पूज्या भवद्भिः खलु ते हि साधवः॥ ५०

जसको निधारमा त्रिपुण्ड्र लगाइएको छ र सबै अंग रुद्राक्षले विभूषित छ तथा जो पंचाक्षरमन्त्रको जप गरिरहन्छ, त्यो तिमी-सदृश पुरुषहरूको पूज्य हुन्छ; त्यो वस्तुतः साधु हो॥ ५०॥

यस्याङ्गे नास्ति रुद्राक्षस्त्रिपुण्ड्रं भालपट्टके।
मुखे पञ्चाक्षरं नास्ति तमानय यमालयम्॥ ५१

ज्ञात्वा ज्ञात्वा तत्प्रभावं भस्मरुद्राक्षधारिणः।
ते पूज्याः सर्वदास्माकं नो नेतव्याः कदाचन॥ ५२

[यम आफ्ना गणलाई आदेश दिन्छन् कि] जसको शरीरमा रुद्राक्ष छैन, तालुमा त्रिपुण्ड्र छैन र मुखमा '**ॐ नमः शिवाय**' यो पंचाक्षर मन्त्र छैन, त्यसलाई यमलोक ल्याउनू। [भस्म एवं रुद्राक्षको] त्यस प्रभावलाई जानेर वा न जानेर जो भस्म र रुद्राक्षलाई धारण गर्नेहरू छन्, ती सर्वदा हाम्रा लागि पूज्य हुन्; तिनलाई यमलोकमा ल्याउनु हुन्न॥ ५१-५२॥

एवमाज्ञापयामास कालोऽपि निजकिङ्करान्।
तथेति मत्वा ते सर्वे तूष्णीमासन्सुविस्मिताः॥ ५३

कालले पनि यस प्रकारले आफ्ना गणलाई आदेश दिए, तब 'त्यस्तै हुने छ'—यस्तो भनेर आश्चर्यचकित सबै गण चुप लागे॥ ५३॥

अत एव महादेवि रुद्राक्षोऽप्यघनाशनः।
तद्धरो मत्प्रियः शुद्धोऽत्यघवानपि पार्वति॥ ५४

यस कारण हे महादेवी! रुद्राक्ष पनि पापहरूको नाशक हो। हे पार्वति! त्यसलाई धारण गर्ने मनुष्य पापी हुँदामा पनि मेरो लागि प्रिय र शुद्ध हुन्छ॥ ५४॥

हस्ते बाहौ तथा मूर्ध्नि रुद्राक्षं धारयेत्तु यः।
अवध्यः सर्वभूतानां रुद्ररूपी चरेद्भुवि॥ ५५

जो हातमा, पाखुरामा र शिरमा रुद्राक्ष धारण गर्दछ, त्यो समस्त प्राणीहरूबाट अवध्य हुन्छ र पृथ्वीमा रुद्ररूप भएर विचरण गर्दछ॥ ५५॥

सुरासुराणां सर्वेषां वन्दनीयः सदा स वै।
पूजनीयो हि दृष्टस्य पापहा च यथा शिवः॥ ५६

सबै देवता र असुरहरूका लागि त्यो सदैव वन्दनीय एवं पूजनीय हुन्छ। त्यो दर्शन गर्ने प्राणीका पापहरू शिवको समान नै नाश गर्नेवाला हुन्छ॥ ५६॥

ध्यानज्ञानावमुक्तोऽपि रुद्राक्षं धारयेत्तु यः।
सर्वपापविनिर्मुक्तः स याति परमां गतिम्॥ ५७

ध्यान र ज्ञानबाट रहित हुँदामा पनि जो रुद्राक्ष धारण गर्दछ, त्यो सम्पूर्ण पापहरूबाट मुक्त भएर परमगतिलाई प्राप्त गर्दछ॥ ५७॥

रुद्राक्षेण जपन्मन्त्रं पुण्यं कोटिगुणं भवेत्।
दशकोटिगुणं पुण्यं धारणाल्लभते नरः॥ ५८

मणि आदिको अपेक्षा रुद्राक्षद्वारा मन्त्रजप गर्नाले करोड गुना पुण्य प्राप्त हुन्छ र त्यसलाई धारण गर्नाले त दस करोड गुना पुण्यलाभ हुन्छ॥ ५८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यावत्कालं हि जीवस्य शरीरस्थो भवेत्स वै।
तावत्कालं स्वल्पमृत्युर्न तं देवि विबाधते॥ ५९

हे देवी! यो रुद्राक्ष, प्राणीको शरीरमा जबसम्म रहन्छ, तबसम्म स्वल्पमृत्युले त्यसलाई बाधा पुर्‍याउन सक्दैन॥ ५९॥

त्रिपुण्ड्रेण च संयुक्तं रुद्राक्षाविलसाङ्गकम्।
मृत्युञ्जयं जपन्तं च दृष्ट्वा रुद्रफलं लभेत्॥ ६०

त्रिपुण्ड्रलाई धारण गरी तथा रुद्राक्षबाट सुशोभित अंग भएर मृत्युंजयको जप गरिरहेको त्यस [पुण्यवान् मनुष्य]-लाई देखेर नै रुद्रदर्शनको फल प्राप्त हुन जान्छ॥ ६०॥

पञ्चदेवप्रियश्चैव सर्वदेवप्रियस्तथा।
सर्वमन्त्राञ्जपेद्भक्तो रुद्राक्षमालया प्रिये॥ ६१

हे प्रिये! पंचदेवप्रिय [अर्थात् स्मार्त र वैष्णव] तथा सर्वदेवप्रिय सबैजनाले रुद्राक्षको मालाबाट समस्त मन्त्रहरूको जप गर्न सक्छन्॥ ६१॥

विष्ण्वादिदेवभक्ताश्च धारयेयुर्न संशयः।
रुद्रभक्तो विशेषेण रुद्राक्षान्धारयेत्सदा॥ ६२

विष्णु आदि देवताहरूका भक्तहरूले पनि निःसन्देह यसलाई धारण गर्नुपर्छ। रुद्रभक्तहरूका लागि त विशेष रूपले रुद्राक्ष धारण गर्न आवश्यक छ॥ ६२॥

रुद्राक्षा विविधाः प्रोक्तास्तेषां भेदान् वदाम्यहम्।
शृणु पार्वति सद्भक्त्या भुक्तिमुक्तिफलप्रदान्॥ ६३

हे पार्वती! रुद्राक्ष अनेक प्रकारका बताइएका छन्। म तिनको भेदहरूको वर्णन गर्छु। ती भेद भोग र मोक्षरूप फल दिनेवाला छन्। तिमी उत्तम भक्तिभावले तिनको परिचय सुन॥ ६३॥

एकवक्त्रः शिवः साक्षाद्भुक्तिमुक्तिफलप्रदः।
तस्य दर्शनमात्रेण ब्रह्महत्यां व्यपोहति॥ ६४

एक मुख भएको रुद्राक्ष साक्षात् शिवको स्वरूप हो। त्यसले भोग र मोक्षरूपी फल प्रदान गर्दछ। त्यसको दर्शनमात्रले नै ब्रह्महत्याको पाप नष्ट हुन्छ॥ ६४॥

यत्र सम्पूजितस्तत्र लक्ष्मीर्दूरतरा न हि।
नश्यन्त्युपद्रवाः सर्वे सर्वकामा भवन्ति हि॥ ६५

जहाँ रुद्राक्षको पूजा हुन्छ, त्यहाँबाट लक्ष्मी टाढा जाँदिनन्, त्यस स्थानका सारा उपद्रव नष्ट हुन जान्छ तथा त्यहाँ बस्नेहरूका सम्पूर्ण कामनाहरू पूर्ण हुन्छन्॥ ६५॥

द्विवक्त्रो देवदेवेशः सर्वकामफलप्रदः।
विशेषतः स रुद्राक्षो गोवधं नाशयेद् द्रुतम्॥ ६६

दुई मुख भएको रुद्राक्षलाई देवदेवेश्वर भनिएको छ। त्यो सम्पूर्ण कामनाहरू र फलदायक छ। त्यसले विशेष रूपले गौहत्याको पाप नष्ट गर्दछ॥ ६६॥

त्रिवक्त्रो यो हि रुद्राक्षः साक्षात्साधनदः सदा।
तत्प्रभावाद्भवेयुर्वै विद्याः सर्वाः प्रतिष्ठिताः॥ ६७

तीन मुख भएको रुद्राक्ष सदा साक्षात् साधनको फल दिनेवाला हुन्छ, त्यसको प्रभावले सारा विद्या प्रतिष्ठित हुन जान्छ॥ ६७॥

चतुर्वक्त्रः स्वयं ब्रह्मा नरहत्यां व्यपोहति।
दर्शनात् स्पर्शनात् सद्यश्चतुर्वर्गफलप्रदः॥ ६८

चार मुख भएको रुद्राक्ष साक्षात् ब्रह्माको रूप हो र ब्रह्महत्याको पापबाट मुक्ति दिनेवाला हुन्छ। त्यसको दर्शन र स्पर्शबाट तत्कालै धर्म, अर्थ, काम र मोक्ष—यी चारै पुरुषार्थहरूको प्राप्ति हुन्छ॥ ६८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: ...

पञ्चवक्त्रः स्वयं रुद्रः कालाग्निर्नामतः प्रभुः।
सर्वमुक्तिप्रदश्चैव सर्वकामफलप्रदः॥ ६९

अगम्यागमनं पापमभक्ष्यस्य च भक्षणम्।
इत्यादिसर्वपापानि पञ्चवक्त्रो व्यपोहति॥ ७०

षड्वक्त्रः कार्तिकेयस्तु धारणाद् दक्षिणे भुजे।
ब्रह्महत्यादिकैः पापैर्मुच्यते नात्र संशयः॥ ७१

सप्तवक्त्रो महेशानि ह्यनङ्गो नाम नामतः।
धारणात्तस्य देवेशि दरिद्रोऽपीश्वरो भवेत्॥ ७२

रुद्राक्षश्चाष्टवक्त्रश्च वसुमूर्तिश्च भैरवः।
धारणात्तस्य पूर्णायुर्मृतो भवति शूलभृत्॥ ७३

भैरवो नववक्त्रश्च कपिलश्च मुनिः स्मृतः।
दुर्गा वा तदधिष्ठात्री नवरूपा महेश्वरी॥ ७४

तं धारयेद्वामहस्ते रुद्राक्षं भक्तितत्परः।
सर्वेश्वरो भवेन्नूनं मम तुल्यो न संशयः॥ ७५

दशवक्त्रो महेशानि स्वयं देवो जनार्दनः।
धारणात्तस्य देवेशि सर्वान्कामानवाप्नुयात्॥ ७६

एकादशमुखो यस्तु रुद्राक्षः परमेश्वरि।
स रुद्रो धारणात्तस्य सर्वत्र विजयी भवेत्॥ ७७

द्वादशास्यं तु रुद्राक्षं धारयेत् केशदेशके।
आदित्याश्चैव ते सर्वे द्वादशैव स्थितास्तथा॥ ७८

पाँच मुख भएको रुद्राक्ष साक्षात् कालाग्निरुद्ररूप हो। त्यो सबथोक गर्नमा समर्थ, सबैलाई मुक्ति दिने तथा सम्पूर्ण मनोवांछित फल प्रदान गर्नेवाला हुन्छ। त्यो पंचमुख रुद्राक्ष अगम्या स्त्रीका साथ गमन र पापान्न-भक्षणबाट उत्पन्न समस्त पापहरूलाई भगाइदिन्छ॥ ६९-७०॥

छ मुख भएको रुद्राक्ष कार्तिकेयको स्वरूप हो। यदि दायाँ पाखुरामा त्यसलाई धारण गरियो भने धारण गर्ने मनुष्य ब्रह्महत्या आदि पापहरूबाट मुक्त हुन्छ; यसमा संशय छैन॥ ७१॥

हे महेश्वरी! सात मुख भएको रुद्राक्ष अनंग नामले प्रसिद्ध छ। हे देवेशी! त्यसलाई धारण गर्नाले दरिद्र पनि ऐश्वर्यशाली हुन्छ॥ ७२॥

आठ मुख भएको रुद्राक्ष अष्टमूर्ति भैरवरूप हो। त्यसलाई धारण गर्नाले मनुष्य पूर्णायु हुन्छ र मृत्यु पश्चात् शूलधारी शंकर हुन्छ॥ ७३॥

नौ मुख भएको रुद्राक्षलाई भैरव तथा कपिलमुनिको प्रतीक मानिएको छ अथवा नौ रूप धारण गर्ने महेश्वरी दुर्गालाई त्यसको अधिष्ठात्री देवी मानिएको छ॥ ७४॥

जो मनुष्य भक्तिपरायण भएर आफ्नो बायाँ हातमा नवमुख रुद्राक्ष धारण गर्दछ, त्यो निश्चय नै मेरो समान सर्वेश्वर हुन्छ; यसमा संशय छैन॥ ७५॥

हे महेश्वरी! दश मुख भएको रुद्राक्ष साक्षात् भगवान् विष्णुको रूप हो। हे देवेशि! त्यसलाई धारण गर्नाले मनुष्यका सम्पूर्ण कामनाहरू पूर्ण हुन जान्छन्॥ ७६॥

हे परमेश्वरी! एघार मुख भएको जुन रुद्राक्ष छ, त्यो रुद्ररूप हो; त्यसलाई धारण गर्नाले मनुष्य सर्वत्र विजयी हुन्छ॥ ७७॥

बाह्र मुख भएको रुद्राक्षलाई केशप्रदेशमा धारण गर्नुपर्छ। त्यसलाई धारण गर्नाले शिरमा बाह्रवटै आदित्य विराजमान हुन्छन्॥ ७८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रयोदशमुखो विश्वेदेवस्तद्धारणान्नरः।
सर्वान्कामानवाप्नोति सौभाग्यं मङ्गलं लभेत्॥ ७९

तेह्र मुख भएको रुद्राक्ष विश्वेदेवहरूको स्वरूप हो। त्यसलाई धारण गरी मनुष्य सम्पूर्ण अभीष्ट प्राप्त गर्दछ तथा सौभाग्य र मंगललाभ प्राप्त गर्दछ॥ ७९॥

चतुर्दशमुखो यो हि रुद्राक्षः परमः शिवः।
धारयेन्मूर्ध्नि तं भक्त्या सर्वपापं प्रणश्यति॥ ८०

चौध मुख भएको जुन रुद्राक्ष छ, त्यो परमशिवरूप हो। त्यसलाई भक्तिपूर्वक शिरमा धारण गर्नुपर्छ, यसबाट समस्त पापहरूको नाश हुन्छ॥ ८०॥

इति रुद्राक्षभेदा हि प्रोक्ता वै मुखभेदतः।
तत्तन्मन्त्राञ्छृणु प्रीत्या क्रमाच्छैलेश्वरात्मजे॥ ८१

हे गिरिराजकुमारी! यस प्रकार मुखहरूका भेदले रुद्राक्षका [चौध] भेद बताएँ। अब तिमी क्रमशः ती रुद्राक्षहरू धारण गर्ने मन्त्रहरूलाई प्रसन्नतापूर्वक सुन—

ॐ ह्रीं नमः १ ॐ नमः २ ॐ क्लीं नमः ३
ॐ ह्रीं नमः ४ ॐ ह्रीं नमः ५ ॐ ह्रीं हुं
नमः ६ ॐ हुं नमः ७ ॐ हुं नमः ८ ॐ ह्रीं
हुं नमः ९ ॐ ह्रीं नमः १० ॐ ह्रीं हुं नमः
११ ॐ क्रौं क्षौं रौं नमः १२ ॐ ह्रीं
नमः १३ ॐ नमः १४

१-ॐ ह्रीं नमः। २-ॐ नमः। ३-क्लीं नमः। ४-ॐ ह्रीं नमः। ५-ॐ ह्रीं नमः। ६-ॐ ह्रीं हुं नमः। ७-ॐ हुं नमः। ८-ॐ हुं नमः। ९-ॐ ह्रीं हुं नमः। १०-ॐ ह्रीं नमः। ११-ॐ ह्रीं हुं नमः। १२-ॐ क्रौं क्षौं रौं नमः। १३-ॐ ह्रीं नमः। १४-ॐ नमः [—यी चौध मन्त्रहरूद्वारा क्रमशः एकदेखि लिएर चौध मुख भएको रुद्राक्षहरूलाई धारण गर्ने विधान छ।] साधकहरूले निद्रा र आलस्यको त्याग गरी श्रद्धाभक्तिले सम्पन्न भएर सम्पूर्ण मनोरथको सिद्धिका लागि उक्त मन्त्रहरूद्वारा ती-ती रुद्राक्षहरूलाई धारण गर्नुपर्छ॥ ८१-८२॥

भक्तिश्रद्धायुतश्चैव सर्वकामार्थसिद्धये।
रुद्राक्षान्धारयेन्मन्त्रैर्देवि आलस्यवर्जितः॥ ८२

विना मन्त्रेण यो धत्ते रुद्राक्षं भुवि मानवः।
स याति नरकं घोरं यावदिन्द्राश्चतुर्दश॥ ८३

यस पृथ्वीमा जो मनुष्य मन्त्रद्वारा अभिमन्त्रित नगरी रुद्राक्ष धारण गर्दछ, त्यो क्रमशः चौध इन्द्रहरूको कालपर्यन्त घोर नरकमा जान्छ॥ ८३॥

रुद्राक्षमालिनं दृष्ट्वा भूतप्रेतपिशाचकाः।
डाकिनी शाकिनी चैव ये चान्ये द्रोहकारकाः॥ ८४

कृत्रिमं चैव यत्किञ्चिदभिचारादिकं च यत्।
तत्सर्वं दूरतो याति दृष्ट्वा शङ्कितविग्रहम्॥ ८५

रुद्राक्षको माला धारण गर्ने पुरुषलाई देखेर भूत, प्रेत, पिशाच, डाकिनी, शाकिनी तथा जो अन्य द्रोहकारी राक्षस आदि छन्, ती सबै टाढा भाग्छन्। जो कृत्रिम अभिचार आदि कर्म प्रयुक्त हुन्छन्, ती सबै रुद्राक्षधारीलाई देखेर सशंक भई भाग्छन्॥ ८४-८५॥

रुद्राक्षमालिनं दृष्ट्वा शिवो विष्णुः प्रसीदति।
देवी गणपतिः सूर्यः सुराश्चान्येऽपि पार्वति॥ ८६

हे पार्वती! रुद्राक्षमालाधारी पुरुषलाई देखेर म शिव, भगवान् विष्णु, देवी दुर्गा, गणेश, सूर्य तथा अन्य देवता पनि प्रसन्न हुन्छन्॥ ८६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: ...

एवं ज्ञात्वा तु माहात्म्यं रुद्राक्षस्य महेश्वरि।
सम्यग्धार्याः समन्त्राश्च भक्त्या धर्मविवृद्धये॥ ८७

हे महेश्वरी! यस प्रकार रुद्राक्षको महिमालाई जानेर धर्मको वृद्धिका लागि भक्तिपूर्वक पूर्वोक्त मन्त्रहरूद्वारा विधिवत् त्यसलाई धारण गर्नुपर्छ॥ ८७॥

इत्युक्तं गिरिजाग्रे हि शिवेन परमात्मना।
भस्मरुद्राक्षमाहात्म्यं भुक्तिमुक्तिफलप्रदम्॥ ८८

[हे मुनीश्वरहरू हो!] यस प्रकार परमात्मा शिवले भगवती पार्वतीका सामु भुक्ति तथा मुक्ति प्रदान गर्ने भस्म तथा रुद्राक्षको माहात्म्य वर्णन गर्नुभएको थियो॥ ८८॥

शिवस्यातिप्रियौ ज्ञेयौ भस्मरुद्राक्षधारिणौ।
तद्धारणप्रभावाद्धि भुक्तिर्मुक्तिर्न संशयः॥ ८९

भस्म र रुद्राक्षलाई धारण गर्ने मनुष्य भगवान् शिवलाई अत्यन्त प्रिय हुन्छ। त्यसलाई धारण गरेको प्रभावले नै भुक्ति-मुक्ति दुवै प्राप्त हुन्छ, यसमा सन्देह छैन॥ ८९॥

भस्मरुद्राक्षधारी यः शिवभक्तः स उच्यते।
पञ्चाक्षरजपासक्तः परिपूर्णश्च सन्मुखे॥ ९०

भस्म र रुद्राक्ष धारण गर्ने मनुष्यलाई शिवभक्त बताइएको छ। भस्म एवं रुद्राक्षले युक्त भएर जो मनुष्य [शिवप्रतिमाको अगाडि स्थित भएर] **'ॐ नमः शिवाय'**—यस पंचाक्षर मन्त्रको जप गर्दछ, त्यसलाई पूर्ण भक्त भनिन्छ॥ ९०॥

विना भस्मत्रिपुण्ड्रेण विना रुद्राक्षमालया।
पूजितोऽपि महादेवो नाभीष्टफलदायकः॥ ९१

भस्मको त्रिपुण्ड्र धारण नगरीकन र रुद्राक्ष-माला नलिई जो महादेवको पूजा गर्दछ, त्यसबाट पूजित भएर पनि महादेव अभीष्ट फल प्रदान गर्नुहुन्न॥ ९१॥

तत्सर्वं च समाख्यातं यत्पृष्टं हि मुनीश्वर।
भस्मरुद्राक्षमाहात्म्यं सर्वकामसमृद्धिदम्॥ ९२
एतद्यः शृणुयान्नित्यं माहात्म्यं परमं शुभम्।
रुद्राक्षभस्मनोर्भक्त्या सर्वान्कामानवाप्नुयात्॥ ९३
इह सर्वसुखं भुक्त्वा पुत्रपौत्रादिसंयुतः।
लभेत्परत्र सन्मोक्षं शिवस्यातिप्रियो भवेत्॥ ९४

हे मुनीश्वर! सबै कामनाहरूलाई परिपूर्ण पार्ने भस्म र रुद्राक्षको माहात्म्यलाई मैले सुनाएँ। जसले यस रुद्राक्ष र भस्मको माहात्म्यलाई भक्तिपूर्वक सुन्छ, त्यसका सबै कामना पूर्ण हुन्छन्। त्यसले पुत्र-पौत्र आदिका साथ यस लोकमा सबै प्रकारका सुख भोगेर अन्तमा मोक्ष प्राप्त गर्छ र भगवान् शिवको अतिप्रिय हुन्छ॥ ९२—९४॥

विद्येश्वरसंहितेयं कथिता वो मुनीश्वराः।
सर्वसिद्धिप्रदा नित्यं मुक्तिदा शिवशासनात्॥ ९५

हे मुनीश्वरहरू हो! यस प्रकार मैले शिवको आज्ञाअनुसार उत्तम मुक्तिदायक विद्येश्वरसंहिता तपाईंहरूका समक्ष बताएँ॥ ९५॥

इति श्रीशिवमहापुराणे प्रथमायां विद्येश्वरसंहितायां साध्यसाधनखण्डे रुद्राक्षमाहात्म्यवर्णनं नाम पञ्चविंशोऽध्यायः॥ २५॥

॥ यस प्रकार श्रीशिवमहापुराणको प्रथम विद्येश्वरसंहिताको साध्यसाधन खण्डमा रुद्राक्षमाहात्म्यवर्णन नामक पच्चिसौँ अध्याय पूर्ण भयो॥ २५॥

॥ समाप्तेयं प्रथमा विद्येश्वरसंहिता॥ १॥

2325_Sihvpurana_Part_1_Nepali_Section_8_1_Front

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



पञ्चमुख भगवान् शिव

2325_Sihvpurana_Part_1_Nepali_Section_8_1_Ba

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.

॥ ॐ श्रीसाम्बशिवाय नमः ॥ ॥ ॐ श्रीगणेशाय नमः ॥

श्रीशिवमहापुराणम्

द्वितीयायां रुद्रसंहितायां प्रथमः सृष्टिखण्डः

अथ प्रथमोऽध्यायः

ऋषिहरूका प्रश्नको उत्तरमा श्रीसूतद्वारा नारद-ब्रह्मा-संवादको वर्णन

विश्वोद्भवस्थितिलयादिषु हेतुमेकं
गौरीपतिं विदिततत्त्वमनन्तकीर्तिम्।
मायाश्रयं विगतमायमचिन्त्यरूपं
बोधस्वरूपममलं हि शिवं नमामि॥ १

जो विश्वको उत्पत्ति-स्थिति र लय आदिका एकमात्र कारण हुनुहुन्छ, गिरिराजकुमारी उमाका पति हुनुहुन्छ, तत्त्वज्ञ हुनुहुन्छ, जसको कीर्तिको कहीँ अन्त छैन, जो मायाको आश्रय भएर पनि त्यसबाट अत्यन्त टाढा हुनुहुन्छ, जसको स्वरूप अचिन्त्य छ, जो बोधस्वरूप हुनुहुन्छ तथा निर्विकार हुनुहुन्छ, ती भगवान् शिवलाई म प्रणाम गर्दछु ॥ १ ॥

वन्दे शिवं तं प्रकृतेरनादिं
प्रशान्तमेकं पुरुषोत्तमं हि।
स्वमायया कृत्स्नमिदं हि सृष्ट्वा
नभोवदन्तर्बहिरास्थितो यः॥ २

म स्वभावले नै ती अनादि, शान्तस्वरूप, पुरुषोत्तम शिवको वन्दना गर्दछु, जो आफ्नो मायाद्वारा यस सम्पूर्ण विश्वको सृष्टि गरी आकाश झैं यसका भित्र र बाहिर स्थित हुनुहुन्छ ॥ २ ॥

वन्देऽन्तरस्थं निजगूढरूपं
शिवं स्वतः स्त्रष्टुमिदं विचष्टे।
जगन्ति नित्यं परितो भ्रमन्ति
यत्सन्निधौ चुम्बकलोहवत्तम्॥ ३

जसरी फलाम चुम्बकसित आकृष्ट भएर त्यस सँगै टाँसिएर रहन्छ, त्यसै गरी यो सारा जगत् सदा सबैतिर जसको वरिपरि नै भ्रमण गरिरहन्छ, जसले स्वयम् यो संसार सृष्टिको विधि बताउनुभएको छ, जो सबैका भित्र अन्तर्यामीरूपले विराजमान हुनुहुन्छ तथा जसको आफ्नो स्वरूप अत्यन्त गोपनीय छ, ती भगवान् शिवको म सादर वन्दना गर्दछु॥ ३ ॥

व्यास उवाच

जगतः पितरं शम्भुं जगतो मातरं शिवाम्।
तत्पुत्रञ्च गणाधीशं नत्वैतद्वर्णयामहे॥ ४

व्यास भन्नुहुन्छ—जगत्का पिता भगवान् शिव, जगन्माता कल्याणमयी पार्वती तथा उहाँका पुत्र गणेशलाई नमस्कार गरी म यस पुराणको वर्णन गर्दछु॥ ४॥

एकदा मुनयः सर्वे नैमिषारण्यवासिनः।
पप्रच्छुर्वरया भक्त्या सूतं ते शौनकादयः॥ ५

कुनै एक समयको कुरा हो, नैमिषारण्यमा निवास गर्नुहुने शौनक आदि सबै मुनिहरूले उत्तम भक्तिभावका साथ सूतसित सोधे— ॥ ५ ॥

ऋषय ऊचुः

विद्येश्वरसंहितायाः श्रुता सा सत्कथा शुभा।
साध्यसाधनखण्डाख्या रम्याद्या भक्तवत्सला॥ ६

ऋषिगण भन्दछन्—[हे सूतजी!] विद्येश्वर-संहिताको जुन साध्य-साधन-खण्ड नाम गरिएको शुभ तथा उत्तम कथा छ, त्यसलाई हामीहरूले सुन्यौं। त्यसको आदिभाग ज्यादै रमणीय छ तथा त्यो शिवभक्तहरूमाथि भगवान् शिवको वात्सल्यस्नेह प्रकट गर्ने खालको छ॥ ६ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूत सूत महाभाग चिरञ्जीव सुखी भव।
यच्छ्रावयसि नस्तात शाङ्करीं परमां कथाम्॥ ७

पिबन्तस्त्वन्मुखाम्भोजच्युतं ज्ञानामृतं वयम्।
अवितृप्ताः पुनः किञ्चित्प्रष्टुमिच्छामहेऽनघ॥ ८

व्यासप्रसादात्सर्वज्ञो प्राप्तोऽसि कृतकृत्यताम्।
नाज्ञातं विद्यते किञ्चिद्भूतं भव्यं भवच्च यत्॥ ९

गुरोर्व्यासस्य सद्भक्त्या समासाद्य कृपां पराम्।
सर्वं ज्ञातं विशेषेण सर्वं सार्थं कृतं जनुः॥ १०

इदानीं कथय प्राज्ञ शिवरूपमनुत्तमम्।
दिव्यानि वै चरित्राणि शिवयोरप्यशेषतः॥ ११

अगुणो गुणतां याति कथं लोके महेश्वरः।
शिवतत्त्वं वयं सर्वे न जानीमो विचारतः॥ १२

सृष्टेः पूर्वं कथं शम्भुः स्वरूपेणावतिष्ठते।
सृष्टिमध्ये स हि कथं क्रीडन्संवर्तते प्रभुः॥ १३

तदन्ते च कथं देवः स तिष्ठति महेश्वरः।
कथं प्रसन्नतां याति शङ्करो लोकशङ्करः॥ १४

स प्रसन्नो महेशानः किं प्रयच्छति सत्फलम्।
स्वभक्तेभ्यः परेभ्यश्च तत्सर्वं कथयस्व नः॥ १५

सद्यः प्रसन्नो भगवान्भवतीत्यनुशुश्रुम।
भक्तप्रयासं स महान्न पश्यति दयापरः॥ १६

ब्रह्मा विष्णुर्महेशश्च त्रयो देवाः शिवाङ्गजाः।
महेशस्तत्र पूर्णांशः स्वयमेव शिवोऽपरः॥ १७

तस्याविर्भावमाख्याहि चरितानि विशेषतः।
उमाविर्भावमाख्याहि तद्विवाहं तथा प्रभो॥ १८

तद्गार्हस्थ्यं विशेषेण तथा लीलाः परा अपि।
एतत्सर्वं तदन्यच्च कथनीयं त्वयानघ॥ १९

हे महाभाग! हे सूतजी! हे तात! तपाईंले हामीहरूलाई सदाशिव भगवान् शंकरको उत्तम कथाको श्रवण गराइरहनुभएको छ, अत एव तपाईं चिरकालसम्म जीवित र सदा सुखी रहनुहोस्। तपाईंको मुखकमलबाट निस्किरहेको ज्ञानामृतको पूर्ण रूपले पान गरिरहँदा पनि हामी तृप्त हुन सकिरहेका छैनौँ, यसर्थ हे अनघ (पुण्यात्मा)! हामी पुनः केही सोध्न चाहन्छौँ॥ ७-८॥

भगवान् व्यासको कृपाले तपाईं सर्वज्ञ एवं कृतकृत्य हुनुहुन्छ। तपाईंका लागि भूत-भविष्य र वर्तमानका केही पनि अज्ञात छैन अर्थात् तपाईंलाई सबथोक ज्ञात छ॥ ९॥

आफ्नो सद्भक्तिद्वारा गुरु व्यासबाट परमकृपा प्राप्त गरी तपाईंले विशेष रूपले सबथोक जान्नुभएको छ र आफ्नो सम्पूर्ण जीवनलाई पनि कृतार्थ पार्नुभएको छ॥ १०॥

हे विद्वान्! अब तपाईं भगवान् शिवको परम उत्तम स्वरूपको वर्णन गर्नुहोस्। साथै शिव र पार्वतीको दिव्य चरित्रहरू पूर्णरूपले श्रवण गराउनुहोस्॥ ११॥

निर्गुण महेश्वर लोकमा सगुणरूप कसरी धारण गर्नुहुन्छ? हामी सबैजना विचार गर्दामा पनि शिवको तत्त्वलाई जान्न सकिरहेका छैनौँ॥ १२॥

सृष्टि हुनुभन्दा पहिला भगवान् शिव कुन प्रकार आफ्नो स्वरूपले स्थित हुनुहुन्थ्यो, पुनः सृष्टिको मध्यकालमा ती भगवान् कुन प्रकार क्रीडा गर्दै सम्यक् व्यवहार गर्नुहुन्छ। सृष्टिकल्पको अन्त भएपछि ती महेश्वरदेव कुन रूपमा स्थित रहनुहुन्छ? लोक-कल्याणकारी शंकर कसरी प्रसन्न हुन्छन्॥ १३-१४॥

प्रसन्न भएका महेश्वर आफ्ना भक्तहरू तथा अरूलाई कुनचाहिँ उत्तम फल प्रदान गर्नुहुन्छ? हामीलाई यो सबै बताउनुहोस्। हामीले सुनेका छौँ कि भगवान् शिव शीघ्र प्रसन्न हुनुहुन्छ। उहाँ महान् दयालु हुनुहुन्छ, यसकारण उहाँ आफ्ना भक्तहरूको कष्ट हेर्न सक्नुहुन्न॥ १५-१६॥

ब्रह्मा, विष्णु र महेश—यी तीन देवता शिवकै अंगबाट उत्पन्न भएका हुन्। यिनमा महेश त पूर्णांश हुनुहुन्छ, उहाँ स्वयं नै दोस्रो शिव हुनुहुन्छ। तपाईं उहाँको प्राकट्यको कथा तथा उहाँका विशेष चरित्रहरूको वर्णन गर्नुहोस्। हे प्रभु! तपाईं उमाको आविर्भाव र उनको विवाहको कथा पनि भन्नुहोस्। विशेषतः उनको गार्हस्थ्यधर्म र अन्य लीलाहरूको पनि वर्णन गर्नुहोस्। हे निष्पाप सूत! यी सबै तथा अरू कुरा पनि बताइदिनुहोस्॥ १७—१९॥

2325_Sihvpurana_Part_1_Nepali_Section_8_2_Ba

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.

व्यास उवाच

इति पृष्टस्तदा तैस्तु सूतो हर्षसमन्वितः।
स्मृत्वा शम्भुपदाम्भोजं प्रत्युवाच मुनीश्वरान्॥ २०

व्यास भन्नुहुन्छ—उनीहरूले यस प्रकार सोधेपछि सूत प्रसन्न हुनुभयो र भगवान् शंकरका चरणकमलको स्मरण गरी मुनीश्वरहरूसित भन्न लाग्नुभयो— ॥ २० ॥

सूत उवाच

सम्यक् पृष्टं भवद्भिश्च धन्या यूयं मुनीश्वराः।
सदाशिवकथायां वो यज्जाता नैष्ठिकी मतिः॥ २१
सदाशिवकथाप्रश्नः पुरुषांस्त्रीन्पुनाति हि।
वक्तारं पृच्छकं श्रोतॄञ्जाह्नवीसलिलं यथा॥ २२

सूत भन्नुहुन्छ—हे मुनीश्वरहरू हो! तपाईंहरूले ज्यादै उत्तम कुरा सोध्नुभएको छ। तपाईंहरू धन्य हुनुहुन्छ, भगवान् सदाशिवको कथामा तपाईंहरूको जुन आन्तरिक निष्ठा भएको छ, सदाशिवसित सम्बन्धित कथाले वक्ता, सोध्नेवाला र सुन्नेवाला—यी तीन प्रकारका पुरुषलाई गंगासमान पवित्र पार्दछ ॥ २१-२२ ॥

शम्भोर्गुणानुवादात्को विरज्येत पुमान्द्विजाः।
विना पशुघ्नं त्रिविधजनानन्दकरात्सदा॥ २३
गीयमानो वितृष्णैश्च भवरोगौषधोऽपि हि।
मनःश्रोत्राभिरामश्च यतः सर्वार्थदः स वै॥ २४

हे द्विजहरू हो! पशुहरूको हिंसा गर्ने निष्ठुरी कसाई बाहेक अरू कुनचाहिँ पुरुष यी तीन प्रकारका व्यक्तिहरूलाई सदा आनन्द प्रदान गर्ने शिव-गुणानुवादलाई सुन्नबाट दिक्क हुन सक्छ। जसको मनमा कुनै तृष्णा छैन, त्यस्ता महात्मा पुरुष भगवान् शिवका ती गुणहरूको गान गर्दछन्; किनभने त्यो संसाररूपी रोगको औषधी हो, मन तथा कानलाई प्रिय लाग्ने र सम्पूर्ण मनोरथहरू परिपूर्ण गरिदिन्छ॥ २३-२४॥

कथयामि यथाबुद्धि भवत्प्रश्नानुसारतः।
शिवलीलां प्रयत्नेन द्विजास्तां शृणुतादरात्॥ २५

हे ब्राह्मणहरू हो! तपाईंहरूको प्रश्नअनुसार म यथाबुद्धि प्रयत्नपूर्वक शिवलीलाको वर्णन गर्छु, तपाईंहरू आदरपूर्वक सुन्नुहोस्॥ २५ ॥

भवद्भिः पृच्छ्यते यद्वत्तत्तथा नारदेन वै।
पृष्टं पित्रे प्रेरितेन हरिणा शिवरूपिणा॥ २६
ब्रह्मा श्रुत्वा सुतवचः शिवभक्तः प्रसन्नधीः।
जगौ शिवयशः प्रीत्या हर्षयन्मुनिसत्तमम्॥ २७

जसरी तपाईंहरू सोधिरहनुभएको छ, त्यसै गरी नारदले शिवरूपी भगवान् विष्णुबाट प्रेरित भएर आफ्ना पिता ब्रह्मासित सोध्नुभएको थियो। आफ्नो पुत्र नारदको प्रश्न सुनेर शिवभक्त ब्रह्माको चित्त प्रसन्न भयो र उहाँ ती मुनिश्रेष्ठलाई हर्ष प्रदान गर्दै प्रेमपूर्वक भगवान् शिवको यशोगान गर्न लाग्नुभयो॥ २६-२७॥

व्यास उवाच

सूतोक्तमिति तद्वाक्यमाकर्ण्य द्विजसत्तमाः।
पप्रच्छुस्तत्सुसंवादं कुतूहलसमन्विताः॥ २८

व्यास भन्नुहुन्छ—सूतद्वारा कथित त्यस वचनलाई सुनेर ती सबै श्रेष्ठ ब्राह्मण आश्चर्यचकित भए र उनीहरूले त्यस विषयमा उहाँसित सोधे— ॥ २८ ॥

ऋषय ऊचुः

सूत सूत महाभाग शैवोत्तम महामते।
श्रुत्वा तव वचो रम्यं चेतो नः सकुतूहलम्॥ २९

ऋषिगण भन्दछन्—हे सूत! हे महाभाग! हे शिवभक्तहरूमा श्रेष्ठ! हे महामते! तपाईंका सुन्दर वचन सुनेर हाम्रो हृदयमा कौतूहलता भइरहेको छ॥ २९ ॥

कदा बभूव सुखकृद्विधिनारदयोर्महान्।
संवादो यत्र गिरिशसुलीला भवमोचनी॥ ३०

ब्रह्मा र नारदको त्यो महान् सुखदायक संवाद कहिले भएको थियो, जसमा संसारबाट मुक्ति प्रदान गर्ने शिवलीला वर्णित छ॥ ३० ॥

विधिनारदसंवादपूर्वकं शाङ्करं यशः।
ब्रूहि नस्तात तत्प्रीत्या तत्तत्प्रश्नानुसारतः॥ ३१

हे तात! प्रेमपूर्वक नारदद्वारा सोधिएका ती प्रश्नहरूअनुसार भगवान् शंकरको यशको गुणानुवाद गर्नुहुने ब्रह्मा र नारदको संवादलाई वर्णन गर्नुहोस्॥ ३१ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इत्याकर्ण्य वचस्तेषां मुनीनां भावितात्मनाम्।
सूतः प्रोवाच सुप्रीतस्तत्संवादानुसारतः॥ ३२

आत्मज्ञानी ती मुनिहरूको यस्तो वचन सुनेर प्रसन्न हुनुभएका सूतले त्यस ब्रह्मा-नारद-संवादअनुसार [भनिएको शिवकथा] भन्न लाग्नुभयो॥ ३२॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां प्रथमखण्डे सृष्ट्युपाख्याने मुनिप्रश्नवर्णनं नाम प्रथमोऽध्यायः॥ १॥

॥ यस प्रकार श्रीशिवमहापुराण अन्तर्गत द्वितीय रुद्रसंहिताको सृष्टिखण्डमा मुनि-प्रश्न-वर्णन नामक पहिलो अध्याय पूर्ण भयो॥ १॥

अथ द्वितीयोऽध्यायः

नारद मुनिको तपस्या, इन्द्रद्वारा तपस्यामा विघ्न उपस्थित गर्नु, नारदले काममाथि विजय पाउनु र अहंकारले युक्त भएर ब्रह्मा, विष्णु र रुद्रसित आफ्नो तप सुनाउनु

सूत उवाच

एकस्मिन्समये विप्रा नारदो मुनिसत्तमः।
ब्रह्मपुत्रो विनीतात्मा तपोऽर्थं मन आदधे॥ १

सूत भन्नुहुन्छ—[हे मुनिहरू!] कुनै एक समयको कुरा हो, ब्रह्माका पुत्र, मुनिशिरोमणि, विनीतचित्त नारदले तपस्याका लागि मनमा विचार गर्नुभयो॥ १॥

हिमशैलगुहा काचिदेका परमशोभना।
यत्समीपे सुरनदी सदा वहति वेगतः॥ २

हिमालय पर्वतमा एउटा कुनै परम शोभा-सम्पन्न गुफा थियो, जसको निकट देवनदी गंगा निरन्तर वेगपूर्वक बहिरहेकी थिइन्॥ २॥

तत्राश्रमो महादिव्यो नानाशोभासमन्वितः।
तपोऽर्थं स ययौ तत्र नारदो दिव्यदर्शनः॥ ३

त्यहाँ एउटा महान् दिव्य आश्रम थियो, जुन नाना प्रकारका शोभाले सुशोभित थियो। ती दिव्यदर्शी नारद तपस्या गर्नाका लागि त्यहाँ जानुभयो॥ ३॥

तां दृष्ट्वा मुनिशार्दूलस्तेपे स सुचिरं तपः।
बध्वासनं दृढं मौनी प्राणानायम्य शुद्धधीः॥ ४

त्यस गुफालाई देखेर मुनिवर नारद ज्यादै प्रसन्न हुनुभयो र सुदीर्घकालसम्म त्यहाँ तपस्या गर्दै बस्नुभयो। उहाँको अन्तःकरण शुद्ध थियो। उहाँ दृढतापूर्वक आसन बाँधेर मौन भई प्राणायामपूर्वक समाधिमा स्थित हुनुभयो॥ ४॥

चक्रे मुनिः समाधिं तमहम्ब्रह्मेति यत्र ह।
विज्ञानं भवति ब्रह्मसाक्षात्कारकरं द्विजाः॥ ५

हे ब्राह्मणहरू हो! उहाँले त्यो समाधि लगाउनुभयो, जसमा ब्रह्मको साक्षात्कार गराउने **'अहं ब्रह्मास्मि'** [म ब्रह्म हुँ]—यो विज्ञान प्रकट हुन्छ॥ ५॥

इत्थं तपति तस्मिन्वै नारदे मुनिसत्तमे।
चकम्पेऽथ शुनासीरो मनस्सन्तापविह्वलः॥ ६

मुनिवर नारद जब यस प्रकार तपस्या गर्न लाग्नुभयो, तब देवराज इन्द्र डराएर मानसिक सन्तापले व्याकुल हुनुभयो॥ ६॥

मनसीति विचिन्त्यासौ मुनिर्मे राज्यमिच्छति।
तद्विघ्नकरणार्थं हि हरिर्यत्नमियेष सः॥ ७

सस्मार स स्मरं शक्रश्चेतसा देवनायकः।
आजगाम द्रुतं कामः समधीर्महिषीयुतः॥ ८

'ती नारद मुनि मेरो राज्य लिन चाहन्छन्'—मन-मनै यस्तो सोचेर इन्द्रले उनको तपस्यामा विघ्न पार्नका लागि प्रयत्न गर्ने इच्छा गर्नुभयो। त्यस समय देवनायक इन्द्रले मनबाट कामदेवको स्मरण गर्नुभयो। [स्मरण गर्नासाथ] समान बुद्धि भएका कामदेव आफ्नी पत्नी रतिका साथ आए॥ ७-८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अथागतं स्मरं दृष्ट्वा सम्बोध्य सुरराट् प्रभुः।
उवाच तं प्रपश्याशु स्वार्थे कुटिलशेमुषिः॥ ९

आउँदै गरेका कामदेवलाई देखेर कपटबुद्धि देवराज इन्द्र तत्कालै स्वार्थसिद्धिका लागि उनलाई सम्बोधित गर्दै भन्न लाग्नुभयो— ॥ ९ ॥

इन्द्र उवाच

मित्रवर्य महावीर सर्वदा हितकारक।
शृणु प्रीत्या वचो मे त्वं कुरु साहाय्यमात्मना॥ १०

इन्द्र भन्नुहुन्छ—मित्रहरूमा श्रेष्ठ! हे महावीर! हे सर्वदा हितकारक! तिमी प्रेमपूर्वक मेरा वचनहरूलाई सुन र मेरो सहायता गर॥ १०॥

त्वद्बलान्मे बहूनाञ्च तपोगर्वो विनाशितः।
मद्राज्यस्थिरता मित्र त्वदनुग्रहतः सदा॥ ११

हे मित्र! तिम्रो बलले मैले धेरै व्यक्तिहरूको तपस्याको गर्वलाई नष्ट पारेको छु। तिम्रो कृपाले नै मेरो यो राज्य स्थिर छ॥ ११॥

हिमशैलगुहायां हि मुनिस्तपति नारदः।
मनसोद्दिश्य विश्वेशं महासंयमवान्दृढः॥ १२

पूर्णरूपले संयमित भएर दृढनिश्चयी देवर्षि नारद मनमा विश्वेश्वर भगवान् शंकरको प्राप्तिको लक्ष्य बनाएर हिमालयको गुफामा तपस्या गरिरहेका छन्॥ १२॥

याचेन्न विधितो राज्यं स ममेति विशङ्कितः।
अद्यैव गच्छ तत्र त्वं तत्तपोविघ्नमाचर॥ १३

मलाई यो शंका छ कि [तपस्याबाट प्रसन्न] ब्रह्मासित तिनले मेरो राज्य नै माग्ने त छैनन्। आजै तिमी त्यहाँ जाऊ र उनको तपस्यामा विघ्न पार॥ १३॥

इत्याज्ञप्तो महेन्द्रेण स कामः समधुप्रियः।
जगाम तत्स्थलं गर्वादुपायं स्वं चकार ह॥ १४

इन्द्रबाट यस्तो आज्ञा पाएर ती कामदेव वसन्तलाई साथ लिएर अत्यन्त गर्वले त्यस स्थानमा गए र आफ्नो उपाय गर्न लागे॥ १४॥

रचयामास तत्राशु स्वकलाः सकला अपि।
वसन्तोऽपि स्वप्रभावं चकार विविधं मदात्॥ १५

उनले त्यहाँ तत्कालै आफ्ना सारा कलाहरू रचे। वसन्तले पनि मदमत्त भएर अनेक प्रकारले आफ्नो प्रभाव प्रकट गर्‍यो॥ १५॥

न बभूव मुनेश्चेतो विकृतं मुनिसत्तमाः।
भ्रष्टो बभूव तद्गर्वो महेशानुग्रहेण ह॥ १६

हे मुनिवरहरू हो! [कामदेव र वसन्तले अथक प्रयत्न गर्दामा पनि] नारदमुनिको चित्तमा विकार उत्पन्न भएन। महादेवको अनुग्रहले ती दुवैको गर्व चूर्ण भयो॥ १६॥

शृणुतादरतस्तत्र कारणं शौनकादयः।
ईश्वरानुग्रहेणात्र न प्रभावः स्मरस्य हि॥ १७

हे शौनक आदि महर्षिहरू हो! यस्तो हुनुमा जुन कारण थियो, त्यसलाई आदरपूर्वक सुन्नुहोस्। महादेवको कृपाले नै [नारदमुनिमाथि] कामदेवको कुनै प्रभाव परेन॥ १७॥

अत्रैव शम्भुनाकारि सुतपश्च स्मरारिणा।
अत्रैव दग्धस्तेनाशु कामो मुनितपोपहः॥ १८

पहिला त्यसै आश्रममा कामशत्रु भगवान् शिवले उत्तम तपस्या गर्नुभएको थियो र त्यही स्थानमा उहाँले मुनिहरूको तपस्यालाई नष्ट पार्ने कामदेवलाई तत्कालै भस्म गरिदिनुभएको थियो॥ १८॥

कामजीवनहेतोर्हि रत्या सम्प्रार्थितैः सुरैः।
सम्प्रार्थित उवाचेदं शङ्करो लोकशङ्करः॥ १९

कञ्चित्समयमासाद्य जीविष्यति सुराः स्मरः।
परन्त्विह स्मरोपायश्चलिष्यति न कश्चन॥ २०

त्यस समय रतिले कामदेवलाई पुनः जीवित गर्नाका लागि देवताहरूसित प्रार्थना गरिन्। तब देवताहरुले समस्त लोकको कल्याण गर्नुहुने भगवान् शंकरसित याचना गरे। यसपछि उहाँ भन्नुहुन्छ—हे देवता हो! केही समय व्यतीत भएपछि कामदेव जीवित त हुने छन्, तर यहाँ उनको कुनै उपाय चल्न सक्ने छैन॥ १९-२०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इह यावद्दृश्यते भूर्जनैः स्थित्वामराः सदा।
कामबाणप्रभावोऽत्र न चलिष्यत्यसंशयम्॥ २१

हे अमरगण! यहाँ उभिएर व्यक्तिले चारैतिर आँखाले जती टाढासम्मको भूमिलाई देख्न सक्छ, त्यहाँसम्म कामदेवका बाणहरूको प्रभाव चल्न सक्दैन, यसमा संशय छैन॥ २१॥

इति शम्भूक्तितः कामो मिथ्यात्मगतिकस्तदा।
नारदे स जगामाशु दिवमिन्द्रसमीपतः॥ २२

भगवान् शंकरको यस उक्तिअनुसार त्यस समय त्यहाँ नारदप्रति कामदेवको आफ्नो प्रभाव मिथ्या सिद्ध भयो। ती तत्काले स्वर्गलोकमा इन्द्रसमक्ष गए॥ २२॥

आचख्यौ सर्ववृत्तान्तं प्रभावं च मुनेः स्मरः।
तदाज्ञया ययौ स्थानं स्वकीयं समधुप्रियः॥ २३

त्यहाँ कामदेवले आफ्नो सारा वृत्तान्त र मुनिको प्रभाव भनिदिए। तत्पश्चात् इन्द्रको आज्ञाले ती वसन्तका साथ आफ्नो स्थानमा गए॥ २३॥

विस्मितोऽभूत्सुराधीशः प्रशशंसाथ नारदम्।
तद्वृत्तान्तानभिज्ञो हि मोहितः शिवमायया॥ २४

त्यस समय देवराज इन्द्रलाई ठुलो विस्मय (पछुतो) भयो। उनले नारदको भुरी-भुरी प्रशंसा गरे। तर शिवको मायाले मोहित हुनाको कारण तिनले त्यस पूर्ववृत्तान्तको स्मरण गर्न सकेनन्॥ २४॥

दुर्ज्ञेया शाम्भवी माया सर्वेषां प्राणिनामिह।
भक्तं विनार्पितात्मानं तया सम्मोह्यते जगत्॥ २५

वास्तवमा यस संसारमा सबै प्राणीहरूका लागि शम्भुको मायालाई जान्नु अत्यन्त कठिन छ। जसले आफैँलाई शिवप्रति समर्पित गरिदिएका छन्, ती भक्तलाई छाडेर बाँकी सम्पूर्ण जगत् उहाँको मायाबाट मोहित हुन्छ॥ २५॥ नारद पनि भगवान् शंकरको कृपाले त्यहाँ चिर-कालसम्म तपस्यामा लागिरहनुभयो। अन्तमा आफ्नो तपस्या पूर्ण भएको जानेर उहाँ त्यसबाट विरत हुनुभयो॥ २६॥

नारदोऽपि चिरं तस्थौ तत्रेशानुग्रहेण ह।
पूर्णं मत्वा तपस्तत्स्वं विरराम ततो मुनिः॥ २६

कामाज्जयं निजं मत्वा गर्वितोऽभून्मुनीश्वरः।
वृथैव विगतज्ञानः शिवमायाविमोहितः॥ २७

कामदेवमाथि आफ्नो विजय मानेर ती मुनीश्वरलाई व्यर्थै गर्व हुन गयो। भगवान् शिवको मायाले मोहित हुनाको कारण उनलाई यथार्थ कुराको ज्ञान रहेन॥ २७॥

धन्या धन्या महामाया शाम्भवी मुनिसत्तमाः।
तद्गतिं न हि पश्यन्ति विष्णुब्रह्मादयोऽपि हि॥ २८

हे मुनिश्रेष्ठहरू हो! भगवान् शम्भुको महामाया धन्य छिन्, धन्य छिन्। ब्रह्मा, विष्णु आदि देवता पनि उनको गतिलाई यथार्थ जान्न सक्तैनन्॥ २८॥

तया सम्मोहितोऽतीव नारदो मुनिसत्तमः।
कैलासं प्रययौ शीघ्रं स्ववृत्तं गदितुं मदी॥ २९

त्यस मायाबाट अत्यन्त मोहित मुनिशिरोमणि नारद गर्वयुक्त भएर आफ्नो [कामविजय-सम्बन्धी] वृत्तान्त बताउनका लागि तुरून्त कैलास पर्वतमा गए॥ २९॥

रुद्रं नत्वाब्रवीत्सर्वं स्ववृत्तं गर्ववान्मुनिः।
मत्त्वात्मानं महात्मानं स्वप्रभुञ्च स्मरञ्जयम्॥ ३०

त्यहाँ रुद्रदेवलाई नमस्कार गरी गर्वले पूर्ण भएका मुनिले आफैँलाई महात्मा, प्रभु तथा कामविजेता मानेर उनले आफ्ना सारा वृत्तान्त सुनाए॥ ३०॥

तच्छ्रुत्वा शङ्करः प्राह नारदं भक्तवत्सलः।
स्वमायामोहितं हेत्वनभिज्ञं भ्रष्टचेतसम्॥ ३१

यो सुनेर भक्तवत्सल शंकर आफ्नी मायाले मोहित, वास्तविक कारणसित अनभिज्ञ तथा भ्रष्टचित्त नारदसित भन्नलाग्नुभयो—॥ ३१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.

रुद्र उवाच

हे तात नारद प्राज्ञ धन्यस्त्वं शृणु मद्वचः।
वाच्यमेवं न कुत्रापि हरेरग्रे विशेषतः॥ ३२

रुद्र भन्नुहुन्छ—हे तात! हे नारद! हे प्राज्ञ! तिमी धन्य छौ। मेरो कुरा सुन, अबदेखि कहिल्यै पनि यस्तो कुरा नभन्नू र विशेषतः भगवान् विष्णुका सामुन्ने त यसको चर्चा कदापि गर्दै नगर्नु॥ ३२॥

पृच्छमानोऽपि न ब्रूयाः स्ववृत्तं मे यदुक्तवान्।
गोप्यं गोप्यं सर्वथा हि नैव वाच्यं कदाचन॥ ३३

तिमीले मसित आफ्नो जुन वृत्तान्त बताएका छौ, त्यसलाई सोधिएको खण्डमा पनि अरू कसैको अगाडि नभन्नू। यो [सिद्धि-सम्बन्धी] वृत्तान्तलाई सर्वथा गुप्त राख्नुपर्छ, यसलाई कहिल्यै कसैसित प्रकट गर्नुहुन्न॥ ३३॥

शास्म्यहं त्वां विशेषेण मम प्रियतमो भवान्।
विष्णुभक्तो यतस्त्वं हि तद्भक्तोऽतीव मेऽनुगः॥ ३४

तिमी मलाई विशेष प्रिय छौ, यसैले [बलपूर्वक] म तिमीलाई यो शिक्षा दिन्छु; किनभने तिमी भगवान् विष्णुका भक्त हौ र उहाँको भक्त भएर पनि मेरो अत्यन्त अनुगामी छौ॥ ३४॥

शास्ति स्मेत्थञ्च बहुशो रुद्रः सूतिकरः प्रभुः।
नारदो न हितं मेने शिवमायाविमोहितः॥ ३५

प्रबला भाविनी कर्मगतिर्ज्ञेया विचक्षणैः।
न निवार्या जनैः कैश्चिदपीच्छा सैव शाङ्करी॥ ३६

यस प्रकार धेरै कुरा भनेर संसारको सृष्टि गर्नुहुने भगवान् रुद्रले नारदलाई शिक्षा दिनुभयो, तर शिवको मायाले मोहित हुनाको कारण नारदले उहाँले दिनुभएको शिक्षालाई आफ्नो लागि हितकर मानेनन्। भावी कर्मगति अत्यन्त बलवान् हुन्छ, त्यसलाई बुद्धिमान्हरू नै जान्न सक्तछन्। भगवान् शिवको इच्छालाई कुनै पनि मनुष्यले टार्न सक्तैन॥ ३५-३६॥

ततः स मुनिवर्यो हि ब्रह्मलोकं जगाम ह।
विधिं नत्वाब्रवीत्कामजयं स्वस्य तपोबलात्॥ ३७

तदाकर्ण्य विधिः सोऽथ स्मृत्वा शम्भुपदाम्बुजम्।
विज्ञाय कारणं सर्वं निषिषेध सुतं तदा॥ ३८

त्यसपछि मुनिशिरोमणि नारद ब्रह्मलोकमा जानुभयो। त्यहाँ ब्रह्मालाई नमस्कार गरी उहाँले आफ्नो तपोबलले कामदेवलाई जितेको कुरा सुनाउनुभयो॥ ३७॥ उनको त्यो कुरा सुनेर ब्रह्माले भगवान् शिवका चरणारविन्दहरूको स्मरण गर्नुभयो र समस्त कारण जानेर आफ्ना पुत्रलाई यो सबै नभन्न आज्ञादिनुभयो॥ ३८॥

मेने हितं न विध्युक्तं नारदो ज्ञानिसत्तमः।
शिवमायामोहितश्च रूढचित्तमदाङ्कुरः॥ ३९

नारद शिवको मायाबाट मोहित थिए, अत एव उनको चित्तमा मदको अंकुर टुसाइरहेको थियो। यसकारण ज्ञानीहरूमा श्रेष्ठ नारदले ब्रह्माको कुरालाई आफ्नो लागि हितकर सम्झेनन्॥ ३९॥

शिवेच्छा यादृशी लोके भवत्येव हि सा तदा।
तदधीनं जगत्सर्वं वचस्तन्त्यां स्थितं यतः॥ ४०

यस लोकमा शिवको जस्तो इच्छा हुन्छ, त्यस्तै हुन्छ। समस्त विश्व उहाँकै इच्छाको अधीन छ र उहाँकै वाणीरूपी तन्त्रीले बाँधिएको छ॥ ४०॥

नारदोऽथ ययौ शीघ्रं विष्णुलोकं विनष्टधीः।
मदाङ्कुरमना वृत्तं गदितुं स्वं तदग्रतः॥ ४१

तब नष्ट बुद्धि भएका नारद आफ्नो सारा वृत्तान्त गर्वपूर्वक भगवान् विष्णुका समक्ष बताउनका लागि त्यहाँबाट तत्कालै विष्णुलोकमा जानुभयो॥ ४१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आगच्छन्तं मुनिं दृष्ट्वा नारदं विष्णुरादरात्।
उत्थित्वाग्रे गतोऽरं तं शिश्लेष ज्ञातहेतुकः॥ ४२

स्वासने समुपावेश्य स्मृत्वा शिवपदाम्बुजम्।
हरिः प्राह वचस्तथ्यं नारदं मदनाशनम्॥ ४३

विष्णुरुवाच

कुत आगम्यते तात किमर्थमिह चागतः।
धन्यस्त्वं मुनिशार्दूल तीर्थोऽहं तु तवागमात्॥ ४४

विष्णुवाक्यमिति श्रुत्वा नारदो गर्वितो मुनिः।
स्ववृत्तं सर्वमाचष्ट समदं मदमोहितः॥ ४५

श्रुत्वा मुनिवचो विष्णुः समदं कारणं ततः।
ज्ञातवानखिलं स्मृत्वा शिवपादाम्बुजं हृदि॥ ४६

तुष्टाव गिरिशं भक्त्या शिवात्मा शैवराड्ढरिः।
साञ्जलिर्विसुधीर्नम्रमस्तकः परमेश्वरम्॥ ४७

विष्णुरुवाच

देव देव महादेव प्रसीद परमेश्वर।
धन्यस्त्वं शिव धन्या ते माया सर्वविमोहिनी॥ ४८

इत्यादि स स्तुतिं कृत्वा शिवस्य परमात्मनः।
निमील्य नयने ध्यात्वा विरराम पदाम्बुजम्॥ ४९

यत्कर्तव्यं शङ्करस्य स ज्ञात्वा विश्वपालकः।
शिवशासनतः प्राह हृदाथ मुनिसत्तमम्॥ ५०

विष्णुरुवाच

धन्यस्त्वं मुनिशार्दूल तपोनिधिरुदारधीः।
भक्तित्रिकं न यस्यास्ति काममोहादयो मुने॥ ५१

विकारास्तस्य सद्यो वै भवन्त्यखिलदुःखदाः।
नैष्ठिको ब्रह्मचारी त्वं ज्ञानवैराग्यवान्सदा॥ ५२

नारद मुनिलाई आउँदै गरेको देखेर भगवान् विष्णु बडो आदरपूर्वक उठेर तत्काल अगाडि बढ्नुभयो र उहाँले मुनिलाई अंकमाल गर्नुभयो। उहाँलाई मुनिको आगमनको कारण पहिले नै ज्ञान थियो। नारदलाई आफ्नो आसनमा बसाएर भगवान् शिवका चरणारविन्दको स्मरण गरी श्रीहरि नारदसित यथार्थ तथा गर्वनाशक वचन भन्न लाग्नुभयो— ॥ ४२-४३ ॥

विष्णु भन्नुहुन्छ—हे तात! तपाईं कहाँबाट आइरहनु भएको छ? यहाँ के का लागि तपाईंको आगमन भएको छ? हे मुनिश्रेष्ठ! तपाईं धन्य हुनुहुन्छ। तपाईंको शुभागमनले म पवित्र भएँ॥ ४४॥ भगवान् विष्णुका यी वचन सुनेर गर्वले पुरिएका नारद मुनिले मदले मोहित भएर आफ्ना सारा वृत्तान्त बडो अभिमानका साथ बताउनुभयो॥ ४५॥

नारद मुनिका ती अहंकारयुक्त वचन सुनेर मनमनै शिवका चरणारविन्दको स्मरण गरी भगवान् विष्णुले नारदको कामविजयका समस्त यथार्थ कारणलाई पूर्णरूपले जान्नुभयो॥ ४६॥

त्यसपश्चात् शिवको आत्मस्वरूप, परम शैव, सुबुद्ध भगवान् विष्णु भक्तिपूर्वक आफ्नो शिर झुकाएर हात जोडेर परमेश्वर कैलासपति शंकरको स्तुति गर्न लाग्नुभयो॥ ४७॥

विष्णु भन्नुहुन्छ—हे देवेश्वर! हे महादेव! हे परमेश्वर! हजुर प्रसन्न हुनुहोस्। हे शिव! हजुर धन्य हुनुहुन्छ र सबलाई विमोहित पार्ने हजुरको माया पनि धन्य छ॥ ४८॥ यस प्रकार परमात्मा शिवको स्तुति गरी हरि आफ्ना नेत्र बन्द गरी उहाँका चरणकमलमा ध्यानस्थित भई शान्त हुनुभयो॥ ४९॥

विश्वपालक हरि शिवद्वारा जे हुनु थियो, त्यसलाई हृदयबाट जानेर शिवको आज्ञानुसार मुनिश्रेष्ठ नारदसित भन्न लाग्नुभयो— ॥ ५०॥

विष्णु भन्नुहुन्छ—हे मुनिश्रेष्ठ! तपाईं धन्य हुनुहुन्छ, तपाईं तपस्याका भण्डार हुनुहुन्छ र तपाईंको हृदय पनि बडो उदार छ। हे मुनि! जसको भित्र भक्ति, ज्ञान र वैराग्य हुँदैन, त्यसको मनमा समस्त दुःखदायक काम, मोह आदि विकार शीघ्र उत्पन्न हुन्छ। तपाईं त नैष्ठिक ब्रह्मचारी हुनुहुन्छ र सदा ज्ञान-वैराग्यले युक्त रहनुहुन्छ, फेरि तपाईंमा कामविकार कसरी आउन सक्छ। तपाईं त जन्मदेखि नै निर्विकार तथा शुद्ध बुद्धिवाला हुनुहुन्छ॥ ५१-५२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कथं कामविकारी स्याज्जन्मनाविकृतः सुधीः।
इत्याद्युक्तं वचो भूरि श्रुत्वा स मुनिसत्तमः॥ ५३
विजहास हृदा नत्वा प्रत्युवाच वचो हरिम्।

श्रीहरिले भन्नुभएका धेरै कुरा सुनेर मुनि-शिरोमणि नारद खित्का छोडेर हाँस्न लाग्नुभयो र मन-मनै भगवान्‌लाई प्रणाम गरी यस प्रकार भन्न लाग्नुभयो— ॥ ५३१/२॥

नारद उवाच

किंप्रभावः स्मरः स्वामिन्कृपा यद्यस्ति ते मयि॥ ५४

इत्युक्त्वा हरिमानम्य ययौ यादृच्छिको मुनिः॥ ५५

नारद भन्नुहुन्छ—हे स्वामी! यदि ममा हजुरको कृपा छ भने ममाथि कामदेवको प्रभाव के हुन सक्छ (अर्थात् कुनै प्रभाव हुन सक्तैन)। यस्तो भनेर भगवान्‌का चरणमा शिर झुकाएर इच्छानुसार विचरण गर्नुहुने नारदमुनि त्यहाँबाट प्रस्थान गर्नुभयो॥ ५४-५५॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां प्रथमखण्डे सृष्ट्युपाख्याने नारदतपोवर्णनं नाम द्वितीयोऽध्यायः॥ २॥

॥ यस प्रकार श्रीशिवमहापुराण अन्तर्गत द्वितीय रुद्रसंहिताको सृष्टिखण्डमा नारदतपोवर्णन नामक दोस्रो अध्याय पूर्ण भयो॥ २॥

अथ तृतीयोऽध्यायः

मायानिर्मित नगरमा शीलनिधिकी कन्याप्रति मोहित भएका नारदले भगवान् विष्णुसित उहाँको रूप माग्नु, भगवान्‌ले आफ्नो रूपसँगै वानरको जस्तो अनुहार दिनु, कन्याले भगवान्‌लाई वरण गर्नु र कुपित भएका नारदले शिवगणहरूलाई श्राप दिनु

ऋषय ऊचुः

सूत सूत महाभाग व्यासशिष्य नमोऽस्तु ते।
अद्भुतेयं कथा तात वर्णिता कृपया हि नः॥ १

ऋषिगण भन्दछन्—हे सूतजी! हे सूतजी! हे महाभाग! हे व्यासशिष्य! तपाईंलाई नमस्कार छ। हे तात! कृपापूर्वक तपाईंले हामी सबैलाई जुन कथा सुनाउनु भएको छ, यो निश्चय नै आश्चर्यजनक छ॥ १॥

मुनौ गते हरिस्तात किञ्चकार ततः परम्।
नारदोऽपि गतः कुत्र तन्मे व्याख्यातुमर्हसि॥ २

हे तात! नारदमुनि गइसकेपछि भगवान् विष्णुले के गर्नुभयो र नारद कहाँ जानुभयो? हामीहरूलाई त्यो सबै बताउनुहोस्॥ २॥

व्यास उवाच

इत्याकर्ण्य वचस्तेषां सूतः पौराणिकोत्तमः।
प्रत्युवाच शिवं स्मृत्वा नानासूतिकरं बुधः॥ ३

व्यास भन्नुहुन्छ—ती ऋषिहरूको कुरा सुनेर पौराणिकहरूमा श्रेष्ठ तथा बुद्धिमान् सूत थरी-थरीका सृष्टि गर्नुहुने शिवको स्मरण गरी भन्नलागुभयो— ॥ ३॥

सूत उवाच

मुनौ यदृच्छया विष्णुर्गते तस्मिन्हि नारदे।
शिवेच्छया चकाराशु मायां मायाविशारदः॥ ४

सूत भन्नुहुन्छ—[हे महर्षिहरू!] ती नारदमुनि इच्छानुसार त्यहाँबाट जानुभएपछि भगवान् शिवको इच्छाले मायाविशारद श्रीहरिले तत्काल आफ्नो माया प्रकट गर्नुभयो॥ ४॥

मुनिमार्गस्य मध्ये तु विरेचे नगरं महत्।
शतयोजनविस्तारमद्भुतं सुमनोहरम्॥ ५

उहाँले मुनिको मार्गमा एक विशाल, सय योजन फैलिएको, अद्भुत तथा अत्यन्त मनोरम नगरको रचना गर्नुभयो॥ ५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वलोकादधिकं रम्यं नानावस्तुविराजितम्।
नरनारीविहाराढ्यं चतुर्वर्णाकुलं परम्॥ ६

भगवान्ले त्यसलाई आफ्नो वैकुण्ठलोकभन्दा पनि बढी रमणीय बनाउनुभएको थियो। थरी-थरीका वस्तुले त्यस नगरको शोभा बढाइरहेका थिए। त्यहाँ स्त्रीहरू र पुरुषहरूका लागि थुप्रै विहारस्थल थिए। त्यो नगर चारै वर्णका मानिसहरूले युक्त थियो॥ ६॥

तत्र राजा शीलनिधिर्नामैश्वर्यसमन्वितः।
सुतास्वयम्वरोद्युक्तो महोत्सवसमन्वितः॥ ७

चतुर्दिग्भ्यः समायातैः संयुतं नृपनन्दनैः।
नानावेषैः सुशोभैश्च तत्कन्यावरणोत्सुकैः॥ ८

त्यहाँ शीलनिधि नामक ऐश्वर्यशाली राजा राज्य गर्दथे। ती आफ्नी पुत्रीको स्वयंवर गर्नाका लागि उद्यत थिए। अतः उनले महान् उत्सवको आयोजना गरेका थिए। उनकी कन्यालाई वरण गर्नाका लागि उत्सुक भई चारै दिशाहरूबाट थुप्रै राजकुमार आएका थिए, जो नाना प्रकारका वेशभूषा तथा सुन्दर शोभाले प्रकाशित भइरहेका थिए। ती राजकुमारहरूबाट त्यो नगर भरिएको देखिन्थ्यो॥ ७-८॥

एतादृशं पुरं दृष्ट्वा मोहं प्राप्तोऽथ नारदः।
कौतुकी तन्नृपद्वारं जगाम मदनैधितः॥ ९

यस्तो राजनगरलाई देखी नारद मोहित हुनुभयो। ती कौतुकी कामासक्त नारद राजा शीलनिधिको द्वारमा जानुभयो॥ ९॥

आगतं मुनिवर्यं तं दृष्ट्वा शीलनिधिर्नृपः।
उपवेश्यार्चयाञ्चक्रे रत्नसिंहासने वरे॥ १०

मुनिश्रेष्ठ नारदलाई आउनुभएको देखेर राजा शीलनिधिले उहाँलाई श्रेष्ठ रत्नमय सिंहासनमा बसाएर उहाँको पूजा गरे॥ १०॥

अथ राजा स्वतनयां नामतः श्रीमतीं वराम्।
नारदस्य समानीय पादयोः समपातयत्॥ ११

तत्पश्चात् राजाले श्रीमती नामक आफ्नी सुन्दरी कन्यालाई बोलाएर उनलाई नारदका चरणमा प्रणाम गराए॥ ११॥

तत्कन्यां प्रेक्ष्य स मुनिर्नारदः प्राह विस्मितः।
केयं राजन्महाभागा कन्या सुरसुतोपमा॥ १२

त्यस कन्यालाई देखेर नारदमुनि चकित हुनुभयो र भन्नुभयो—हे राजन्! यी देवकन्यासमान सुन्दरी तथा महाभाग्यशालिनी कन्या को हुन्?॥ १२॥

तस्य तद्वचनं श्रुत्वा राजा प्राह कृताञ्जलिः।
दुहितेयं मम मुने श्रीमती नाम नामतः॥ १३

उहाँको यो कुरा सुनेर राजाले हात जोडेर भने—हे मुनि! यी मेरी पुत्री हुन्, यिनको नाम श्रीमती हो॥ १३॥

प्रदानसमयं प्राप्ता वरमन्वेषती शुभम्।
सा स्वयम्वरसम्प्राप्ता सर्वलक्षणलक्षिता॥ १४

अब यिनको विवाहको समय आएको छ। यिनी आफ्नो लागि सुन्दर वर चुन्नका निम्ति स्वयंवरमा जाने छिन्। यिनमा सबै प्रकारका शुभ लक्षण लक्षित छन्॥ १४॥

अस्या भाग्यं वद मुने सर्वं जातकमादरात्।
कीदृशं तनयेयं मे वरमाप्स्यति तद्वद॥ १५

हे महर्षि! तपाईं जन्मस्थ जातक ग्रहहरूअनुसार यिनको सम्पूर्ण भाग्य बताउनुहोस् र यी मेरी पुत्रीले कस्तो वर प्राप्त गर्ने छिन्, यो पनि भन्नुहोस्॥ १५॥

इत्युक्तो मुनिशार्दूलस्तामिच्छुः कामविह्वलः।
समाभाष्य स राजानं नारदो वाक्यमब्रवीत्॥ १६

राजाले यस प्रकार सोधेपछि कामले विह्वल भएका मुनिश्रेष्ठ नारदले मनमा ती कन्यालाई प्राप्त गर्ने इच्छा लिई राजालाई सम्बोधन गरी यो वाक्य भन्नुभयो-॥ १६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुतेयं तव भूपाल सर्वलक्षणलक्षिता।
महाभाग्यवती धन्या लक्ष्मीरिव गुणालया॥ १७

सर्वेश्वरोऽजितो वीरो गिरीशसदृशो विभुः।
अस्याः पतिर्ध्रुवं भावी कामजित्सुरसत्तमः॥ १८

इत्युक्त्वा नृपमामन्त्र्य ययौ यादृच्छिको मुनिः।
बभूव कामविवशः शिवमायाविमोहितः॥ १९

चित्ते विचिन्त्य स मुनिराप्नुयां कन्यकां कथम्।
स्वयम्वरे नृपालानामेकं मां वृणुयात्कथम्॥ २०

सौन्दर्यं सर्वनारीणां प्रियं भवति सर्वथा।
तद् दृष्ट्वैव प्रसन्ना सा स्ववशा नात्र संशयः॥ २१

विधायेत्थं विष्णुरूपं ग्रहीतुं मुनिसत्तमः।
विष्णुलोकं जगामाशु नारदः स्मरविह्वलः॥ २२

प्रणिपत्य हृषीकेशं वाक्यमेतदुवाच ह।
रहसि त्वां प्रवक्ष्यामि स्ववृत्तान्तमशेषतः॥ २३

तथेत्युक्ते तथाभूते शिवेच्छाकार्यकर्तरि।
ब्रूहीत्युक्तवति श्रीशे मुनिराह च केशवम्॥ २४

नारद उवाच

त्वदीयो भूपतिः शीलनिधिः स वृषतत्परः।
तस्य कन्या विशालाक्षी श्रीमती वरवर्णिनी॥ २५

जगन्मोहिन्यभिख्याता त्रैलोक्येऽप्यतिसुन्दरी।
परिणेतुमहं विष्णो तामिच्छाम्यद्य मा चिरम्॥ २६

स्वयम्वरं चकारासौ भूपतिस्तनयेच्छया।
चतुर्दिग्भ्यः समायाता राजपुत्राः सहस्रशः॥ २७

यदि दास्यसि रूपं मे तदा तां प्राप्नुयां ध्रुवम्।
त्वद्रूपं सा विना कण्ठे जयमालां न धास्यति॥ २८

हे भूपाल! तपाईंकी यी पुत्री समस्त शुभ लक्षणहरूले सम्पन्न, परम सौभाग्यवती, धन्य र साक्षात् लक्ष्मीकी झैं समस्त गुणहरूले परिपूर्ण छिन्। यिनका पति निश्चय नै भगवान् शंकरसमान वैभवशाली, सर्वेश्वर, कसैबाट पराजित नहुने, वीर, कामविजयी तथा सम्पूर्ण देवताहरूमा श्रेष्ठ हुने छन्॥ १७-१८॥

यस्तो भनेर राजाबाट विदा लिएर इच्छानुसार विचरण गर्नुहुने नारदमुनि त्यहाँबाट हिँड्नुभयो। ती कामको वशीभूत भएका थिए। शिवको मायाले उनलाई विशेष मोहमा पारिदिएको थियो॥ १९॥

ती मुनि मन-मनै सोच्न लाग्नुभयो कि म यस राजकुमारीलाई कसरी प्राप्त गरूँ! स्वयंवरमा आएका नरेशहरूमध्ये सबैलाई छाडेर यिनले एकमात्र मलाई नै वरण कसरी गर्लिन्!॥ २०॥ समस्त नारीहरूलाई सौन्दर्य सर्वथा प्रिय हुन्छ। सौन्दर्यलाई हेरेर नै यिनी प्रसन्नतापूर्वक मेरो अधीन हुन सक्छिन्, यसमा संशय छैन। यस्तो विचार गरी कामले विह्वल भएका मुनिवर नारद भगवान् विष्णुको रूप ग्रहण गर्नाका लागि तत्काल उहाँको लोकमा पुग्नुभयो॥ २१-२२॥

त्यहाँ भगवान् विष्णुलाई प्रणाम गरेर उहाँले भन्नुभयो—[हे भगवन्!] म एकान्तमा हजुरसित आफ्नो सारा वृत्तान्त बताउन चाहन्छु॥ २३॥

तब 'धेरै राम्रो'—यसो भनेर शिव-इच्छित कर्म गर्नुहुने लक्ष्मीपति श्रीहरि नारदसँग एकान्तमा गएर बस्नुभयो र भन्नुभयो—हे मुनि! अब तपाईं आफ्ना कुरा बताउनुहोस्, तब केशवसित मुनि नारदले भन्नुभयो॥ २४॥

नारद भन्नुहुन्छ—हे भगवन्! हजुरका भक्त जो राजा शीलनिधि छन्, ती सदा धर्मपालनमा तत्पर रहन्छन्। उनकी एउटी विशाललोचना कन्या छिन्, जो ज्यादै सुन्दरी छिन्। उनको नाम श्रीमती हो॥ २५॥

ती जगन्मोहिनीको रूपमा विख्यात छिन् र तीनै लोकमा सबैभन्दा सुन्दरी छिन्। हे विष्णु! अब म चाँडै ती कन्यासित विवाह गर्न चाहन्छु॥ २६॥

राजा शीलनिधिले आफ्नी पुत्रीको इच्छानुसार स्वयंवरको आयोजना गरेका छन्, यसैले चारै दिशाहरूबाट त्यहाँ हजारौँ राजकुमारहरू आएका छन्। यदि हजुर आफ्नो रूप मलाई दिइदिनुहुन्छ भने मैले उनलाई निश्चय नै प्राप्त गर्ने छु। हजुरको रूप विना उनले मेरो गलामा जयमाला पहिऱ्याउँदिनन्॥ २७-२८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वरूपं देहि मे नाथ सेवकोऽहं प्रियस्तव।
वृणुयान्मां यथा सा वै श्रीमती क्षितिपात्मजा॥ २९

हे नाथ! म हजुरको प्रिय सेवक हुँ, अत: हजुर मलाई आफ्नो स्वरूप दिइदिनुहोस्, जसले गर्दा ती राजकुमारी श्रीमतीले अवश्य नै मलाई वरण गर्नेछिन्॥ २९॥

सूत उवाच

वचः श्रुत्वा मुनेरित्थं विहस्य मधुसूदनः।
शाङ्करीं प्रभुतां बुध्वा प्रत्युवाच दयापरः॥ ३०

सूत भन्नुहुन्छ—हे महर्षिहरू हो! नारदमुनिको यस्तो कुरा सुनेर भगवान् मधुसूदन हाँस्नुभयो र शंकरको प्रभावको अनुभव गरी ती दयालु प्रभुले उनलाई यस प्रकार उत्तर दिनुभयो॥ ३०॥

विष्णुरुवाच

स्वेष्टदेशं मुने गच्छ करिष्यामि हितं तव।
भिषग्वरो यथार्तस्य यतः प्रियतरोऽसि मे॥ ३१

विष्णु भन्नुहुन्छ—हे मुनि! तपाईं आफ्नो अभीष्ट स्थानमा जानुहोस्, म त्यसरी नै तपाईंको हितको उपाय गर्ने छु, जसरी श्रेष्ठ वैद्य [अत्यन्त] पीडित रोगीको उपचार गर्छ; किनभने तपाईं मेरो विशेष प्रिय हुनुहुन्छ॥ ३१॥

इत्युक्त्वा मुनये तस्मै ददौ विष्णुर्मुखं हरेः।
स्वरूपमनुगृह्यास्य तिरोधानं जगाम सः॥ ३२

यस्तो भनेर भगवान् विष्णुले नारदमुनिलाई मुख वानरको जस्तो दिनुभयो र शेष अंगहरू आफ्नै-जस्तो स्वरूप दिएर उहाँ त्यहाँबाट अन्तर्धान हुनुभयो॥ ३२॥

एवमुक्तो मुनिर्हृष्टः स्वरूपं प्राप्य वै हरेः।
मेने कृतार्थमात्मानं तद्यत्नं न बुबोध सः॥ ३३

भगवान्का पूर्वोक्त कुरा सुनेर र उहाँको मनोहर रूप प्राप्त भयो भन्ने ठानेर नारद मुनिलाई ज्यादै हर्ष भयो। ती आफूलाई कृतकृत्य मान्न लागे, तर भगवान्को प्रयत्नलाई तिनले बुझ्न सकेनन्॥ ३३॥

अथ तत्र गतः शीघ्रं नारदो मुनिसत्तमः।
चक्रे स्वयम्वरं यत्र राजपुत्रैः समाकुलम्॥ ३४

त्यसपछि मुनिश्रेष्ठ नारद तत्काले त्यस स्थानमा पुग्नुभयो, जहाँ राजा शीलनिधिले राजकुमारहरूले भरिएको स्वयंवरसभाको आयोजना गरेका थिए॥ ३४॥

स्वयम्वरसभा दिव्या राजपुत्रसमावृता।
शुशुभेऽतीव विप्रेन्द्रा यथा शक्रसभापरा॥ ३५

तस्यां नृपसभायां वै नारदः समुपाविशत्।
स्थित्वा तत्र विचिन्त्येति प्रीतियुक्तेन चेतसा॥ ३६
मां वरिष्यति नान्यं सा विष्णुरूपधरं ध्रुवम्।
आननस्य कुरूपत्वं न वेद मुनिसत्तमः॥ ३७

हे विप्रवर हो! राजपुत्रहरूले घेरिएको त्यो दिव्य स्वयंवरसभा दोस्रो इन्द्रसभासमान शोभा सम्पन्न भइरहेको थियो॥ ३५॥ नारद त्यस राजसभामा गएर बस्नुभयो र त्यहाँ बसेर प्रसन्न मनले बारम्बार यही सोच्न लाग्नुभयो। मैले भगवान् विष्णुको समान रूप धारण गरेको छु, अतः ती राजकुमारीले अवश्य मलाई नै वरण गर्नेछिन्, अरूको होइन। मुनिश्रेष्ठ नारदलाई मेरो मुख कुरूप छ भन्ने कुरा थाहा थिएन॥ ३६-३७॥

पूर्वरूपं मुनिं सर्वे ददृशुस्तत्र मानवाः।
तद्भेदं बुबुधुस्ते न राजपुत्रादयो द्विजाः॥ ३८

हे विप्र हो! त्यस सभामा बसेका सबै मनुष्यले मुनिलाई उनको पूर्वरूपमा नै देखे। राजकुमार आदि कसैलाई पनि उनको रूप परिवर्तनको रहस्य थाहा थिएन॥ ३८॥

तत्र रुद्रगणौ द्वौ तद्रक्षणार्थं समागतौ।
विप्ररूपधरौ गूढौ तद्भेदं जज्ञतुः परम्॥ ३९

मूढं मत्वा मुनिं तौ तन्निकटं जग्मतुर्गणौ।
कुरुतस्तत्प्रहासं वै भाषमाणौ परस्परम्॥ ४०

त्यहाँ नारदको रक्षाका लागि भगवान् रुद्रका दुई गण आएका थिए, जो ब्राह्मणको रूप धारण गरी गुप्तरूपले बसेका थिए। तिनले मात्र नारदको रूप परिवर्तनको उत्तम भेदलाई जान्दथे। मुनिलाई कामावेशले मूर्ख भएको जानेर ती दुवै गण उनको नजिक गए र आपसमा कुराकानी गर्दै उनको हाँसो उडाउन लागे॥ ३९-४०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पश्य नारदरूपं हि विष्णोरिव महोत्तमम्।
मुखं तु वानरस्येव विकटं च भयङ्करम्॥ ४१
इच्छत्ययं नृपसुतां वृथैव स्मरमोहितः।
इत्युक्त्वा सच्छलं वाक्यमुपहासं प्रचक्रतुः॥ ४२

हेर, नारदको रूप त निश्चय नै भगवान् विष्णुको समान श्रेष्ठ छ, तर मुख वानरको समान विकट र महाभयंकर। काममोहित यी व्यर्थैमा राजपुत्रीलाई प्राप्त गर्ने इच्छा गरिरहेका छन्। यस प्रकारको कपटपूर्ण कुरा भनेर ती नारदको उपहास गर्न लागे॥ ४१-४२॥

न शुश्राव यथार्थं तु तद्वाक्यं स्मरविह्वलः।
पर्यैक्षच्छ्रीमतीं तां वै तल्लिप्सुर्मोहितो मुनिः॥ ४३

मुनि त कामले विह्वल थिए, अतः उनले तिनको यथार्थ कुरा पनि नसुने झैँ गरिदिए। ती मोहित भई त्यस 'श्रीमती'लाई प्राप्त गर्ने इच्छाले उनको आगमनको प्रतीक्षा गर्न लागे॥ ४३॥

एतस्मिन्नन्तरे भूपकन्या चान्तःपुरात्तु सा।
स्त्रीभिः समावृता तत्राजगाम वरवर्णिनी॥ ४४
मालां हिरणमयीं रम्यामादाय शुभलक्षणा।
तत्र स्वयम्वरे रेजे स्थिता मध्ये रमेव सा॥ ४५

यसै बिचमा स्त्रीहरूले घेरिएकी ती सुन्दरी राजकन्या अन्तःपुरबाट त्यहाँ आइन्। आफ्नो हातमा सुनका सुन्दर माला लिएकी ती शुभलक्षणा राजकुमारी स्वयंवरको मध्यभागमा लक्ष्मीसमान उभिएर अपूर्व शोभा पाइरहेकी थिइन्॥ ४४-४५॥

बभ्राम सा सभां सर्वां मालामादाय सुव्रता।
वरमन्वेषती तत्र स्वात्माभीष्टं नृपात्मजा॥ ४६

उत्तम व्रतको पालना गर्ने ती भूपकन्या हातमा माला लिएर आफ्नो मन अनुरूपको वरको अन्वेषण गर्दै सारा सभामा भ्रमण गर्न लागिन्॥ ४६॥

वानरास्यं विष्णुतनुं मुनिं दृष्ट्वा चुकोप सा।
दृष्टिं निवार्य च ततः प्रस्थिता प्रीतमानसा॥ ४७

नारदमुनिको शरीर भगवान् विष्णुको समान र मुख चाहिँ वानरको जस्तो देखेर उनी रिसाइन र उनीतिरबाट नजर हटाएर प्रसन्न मनले अर्कोतिर लागिन्॥ ४७॥

न दृष्ट्वा स्ववरं तत्र त्रस्तासीन्मनेप्सितम्।
अन्तःसभास्थिता कस्मिन्नर्पयामास न स्त्रजम्॥ ४८

स्वयंवरसभामा आफ्नो मनोवांछित वरलाई नदेखेर ती दुःखित भइन्। राजकुमारी त्यस सभाभित्र चुपचाप उभिरहिन् र उनले कसैको गलामा जयमाला पहिर्‍याइनन्॥ ४८॥

एतस्मिन्नन्तरे विष्णुराजगाम नृपाकृतिः।
न दृष्टः कैश्चिदपरैः केवलं सा ददर्श हि॥ ४९

त्यसैबेला राजाको समान वेशभूषा धारण गर्नुभएका भगवान् विष्णु त्यहाँ आइपुग्नुभयो। अरू कसैले उहाँलाई त्यहाँ देखेनन्, केवल त्यस कन्याले मात्र उहाँलाई देखिन्॥ ४९॥

अथ सा तं समालोक्य प्रसन्नवदनाम्बुजा।
अर्पयामास तत्कण्ठे तां मालां वरवर्णिनी॥ ५०

भगवान्लाई देख्नासाथ त्यस परमसुन्दरी राजकुमारीको मुख प्रसन्नताले प्रफुल्लित भयो। उनले तत्कालै उहाँको गलामा त्यो माला पहिर्‍याइदिई॥ ५०॥

तामादाय ततो विष्णू राजरूपधरः प्रभुः।
अन्तर्धानमगात्सद्यः स्वस्थानं प्रययौ किल॥ ५१

राजाको रूप धारण गर्नुहुने भगवान् विष्णु त्यस राजकुमारीलाई साथ लिएर तुरंत अदृश्य हुनभयो र आफ्नो धाममा पुग्नुभयो॥ ५१॥

सर्वे राजकुमाराश्च निराशाः श्रीमतीं प्रति।
मुनिस्तु विह्वलोऽतीव बभूव मदनातुरः॥ ५२

यता, सबै राजकुमार श्रीमतीको आशबाट निराश भए। नारदमुनि त कामवेदनाले आतुर भइरहेका थिए, यसैले ती अत्यन्त विह्वल भए॥ ५२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तदा तावूचतुः सद्यो नारदं स्मरविह्वलम्।
विप्ररूपधरौ रुद्रगणौ ज्ञानविशारदौ॥ ५३

तब ती दुवै विप्ररूपधारी ज्ञानविशारद रुद्रगण कामविह्वल नारदसित भन्न लागे— ॥ ५३॥

गणावूचतुः

हे नारद मुने त्वं हि वृथा मदनमोहितः।
तल्लिप्सुः स्वमुखं पश्य वानरस्येव गर्हितम्॥ ५४

गण भन्दछन्—हे नारद! हे मुनि! तपाईं व्यर्थै कामले मोहित भइरहनुभएको छ र [सौन्दर्यको बलले] राजकुमारीलाई पाउन चाहनुहुन्छ। वानरको समान आफ्नो घृणित मुख त हेर्नुहोस्॥ ५४॥

सूत उवाच

इत्याकर्ण्य तयोर्वाक्यं नारदो विस्मितोऽभवत्।
मुखं ददर्श मुकुरे शिवमायाविमोहितः॥ ५५

सूत भन्नुहुन्छ—हे महर्षिहरू हो! ती रुद्रगणका यी वचन सुनेर नारदलाई ठुलो विस्मय भयो। ती शिवको मायाले मोहित थिए। उनले ऐनामा आफ्नो अनुहार हेरे॥ ५५॥

स्वमुखं वानरस्येव दृष्ट्वा चुक्रोध सत्वरम्।
शापं ददौ तयोस्तत्र गणयोर्मोहितो मुनिः॥ ५६

युवां ममोपहासं वै चक्रतुर्ब्राह्मणस्य हि।
भवेतां राक्षसौ विप्रवीर्यजौ वै तदाकृती॥ ५७

वानरको समान आफ्नो मुख देखेर ती तत्काल रिसाए र मायाले मोहित हुनाको कारण उनले दुवै शिवगणलाई त्यहाँ यो श्राप दिए कि—तिमी दुवैले म ब्राह्मणको उपहास गरेका छौ, अतः तिमी दुवै ब्राह्मणको वीर्यबाट उत्पन्न राक्षस हुने छौ। [ब्राह्मणको सन्तान भएर पनि] तिमीहरूको आकार राक्षसको समान नै हुने छ॥ ५६-५७॥

श्रुत्वा हरगणावित्थं स्वशापं ज्ञानिसत्तमौ।
न किञ्चिदूचतुस्तौ हि मुनिमाज्ञाय मोहितम्॥ ५८

यस प्रकार आफ्नो लागि श्राप सुनेर ज्ञानीहरूमा श्रेष्ठ ती दुवै शिवगण मुनिलाई मोहित जानेर केही बोलेनन्॥ ५८॥

स्वस्थानं जग्मतुर्विप्रा उदासीनौ शिवस्तुतिम्।
चक्रतुर्मन्यमानौ वै शिवेच्छां सकलां सदा॥ ५९

हे ब्राह्मणहरू हो! ती सधैँ सबै घटनाहरूमा भगवान् शिवको इच्छा मान्दथे, अतः उदासीन भावले आफ्नो स्थानमा गए र भगवान् शिवको स्तुति गर्न लागे॥ ५९॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां प्रथमखण्डे सृष्ट्युपाख्याने नारदमोहवर्णनं नाम तृतीयोऽध्यायः॥ ३॥

॥ यस प्रकार श्रीशिवमहापुराण अन्तर्गत द्वितीय रुद्रसंहिताको सृष्टिखण्डमा नारदमोहवर्णन नामक तेस्रो अध्याय पूर्ण भयो॥ ३॥

अथ चतुर्थोऽध्यायः

नारदले भगवान् विष्णुलाई क्रोधपूर्वक झपार्नु र श्राप दिनु, फेरि माया हटेपछि पश्चात्तापपूर्वक भगवान्का चरणहरूमा पर्नु र शुद्धिको उपाय सोध्नु तथा भगवान् विष्णुले उनलाई सम्झाई-बुझाइकन शिवको माहात्म्य जान्नका लागि ब्रह्माकहाँ जानलाई आज्ञा तथा शिव भजनको उपदेश दिनु

ऋषय ऊचुः

सूत सूत महाप्राज्ञ वर्णिता ह्यद्भुता कथा।
धन्या तु शाम्भवी माया तदधीनं चराचरम्॥ १

ऋषिगण भन्दछन्—हे महाप्राज्ञ! हे सूत! तपाईंले अत्यन्त अद्भुत कथाको वर्णन गर्नुभयो। भगवान् शंकरको माया धन्य छ। यो चराचर जगत् उहाँकै अधीनमा छ॥ १॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गतयोर्गणयोः शम्भोः स्वयमात्मेच्छया विभोः।
किञ्चकार मुनिः क्रुद्धो नारदः स्मरविह्वलः॥ २

भगवान् शंकरका ती दुवै गण जब आफ्नो इच्छाले [कहीँ अन्यत्र] गए, तब कामविह्वल र [अपमानबाट] क्रुद्ध मुनि नारदले के गर्नुभयो ?॥ २॥

सूत उवाच

विमोहितो मुनिर्दत्त्वा तयोः शापं यथोचितम्।
जले मुखं निरीक्ष्याथ स्वरूपं गिरिशेच्छया॥ ३

सूत भन्नुहुन्छ—शिवको इच्छाले विमोहित [त्यस राजकुमारीप्रति विशेष आसक्ति हुनाको कारण अन्य अर्थ-अनर्थको ज्ञानबाट रहित] मुनिले ती दुवैलाई यथोचित श्राप दिएर जलमा आफ्नो मुख र स्वरूप हेरे॥ ३॥

शिवेच्छया न प्रबुद्धः स्मृत्वा हरिकृतच्छलम्।
क्रोधं दुर्विषहं कृत्वा विष्णुलोकं जगाम ह॥ ४

उवाच वचनं क्रुद्धः समिद्ध इव पावकः।
दुरुक्तिगर्भितं व्यङ्गं नष्टज्ञानः शिवेच्छया॥ ५

शिव-इच्छाको कारण उनलाई ज्ञान भएन र विष्णुद्वारा गरिएको छलको स्मरण गरी दुःसह क्रोधमा आएर ती त्यसै समय विष्णुलोकमा पुगे। शिवको इच्छाले ज्ञान-शून्य तथा समिधायुक्त बलिरहेको अग्निसमान क्रुद्ध ती [नारद] विष्णुसित अत्यन्त अप्रिय व्यंग्य वचन भन्न लागे—॥ ४-५॥

नारद उवाच

हे हरे त्वं महादुष्टः कपटी विश्वमोहनः।
परोत्साहं न सहसे मायावी मलिनाशयः॥ ६

नारद भन्दछन्—हे हरि! तिमी ज्यादै दुष्ट छौ, कपटी छौ र समस्त विश्वलाई मोहमा पारिरहन्छौ। अरूको उत्साह तिमीलाई सह्य हुन्न। तिमी मायावी हौ र तिम्रो अन्तःकरण मैलो छ॥ ६॥

मोहिनीरूपमादाय कपटं कृतवान्पुरा।
असुरेभ्योऽपाययस्त्वं वारुणीममृतं न हि॥ ७

पूर्वकालमा तिमीले मोहिनीरूप धारण गरी कपट गरेर असुरहरूलाई वारुणी मदिरा पिलायौ र तिनीहरूलाई अमृत पिउन दिएनौ॥ ७॥

चेत्पिबेन्न विषं रुद्रो दयां कृत्वा महेश्वरः।
भवेन्नष्टाखिला माया तव व्याजरते हरे॥ ८

छल-कपटमा नै रत रहने हे हरे! यदि महेश्वर रुद्रले दया गरी विष पिउनु भएको थिएन भने तिम्रो सारा माया त्यसै दिन समाप्त हुन्थ्यो॥ ८॥

गतिः सकपटा तेऽतिप्रिया विष्णो विशेषतः।
साधुस्वभावो न भवान्स्वतन्त्रः प्रभुणा कृतः॥ ९

हे विष्णु! कपटपूर्ण चाल तिमीलाई धेरै प्रिय छ। तिम्रो स्वभाव ठिक छैन, भगवान् शंकरले तिमीलाई स्वतन्त्र बनाइदिएका छन्॥ ९॥

कृतं समुचितं नैव शिवेन परमात्मना।
तत्प्रभावबलं ध्यात्वा स्वतन्त्रकृतिकारकः॥ १०

त्वद्गतिं सुसमाज्ञाय पश्चात्तापमवाप सः।

परमात्मा शंकरले यस्तो गरेर राम्रो गर्नुभएन र तिमी उहाँको प्रभावबललाई जानेर स्वतन्त्र भई कार्य गर्दै बस्छौ। तिम्रो यस चाल-ढाललाई सम्झेर अब ती (भगवान् शिव) पनि पश्चात्ताप गरिरहेका होलान्॥ १०१/२॥

विप्रं सर्वोपरि प्राह स्वोक्तवेदप्रमाणकृत्॥ ११

तज्ज्ञात्वाहं हरे त्वाद्य शिक्षयिष्यामि तद्बलात्।
यथा न कुर्याः कुत्रापीदृशं कर्म कदाचन॥ १२

आफ्नो वाणीरूप वेदको प्रामाणिकता स्थापित गर्नुहुने महादेवले ब्राह्मणलाई सर्वोपरि बताउनुभएको छ। हे हरे! यस कुरालाई जानेर आज म बलपूर्वक तिमीलाई यस्तो शिक्षा दिने छु, जसबाट तिमी फेरि कहिल्यै पनि यस्तो कर्म गर्न सक्ने छैनौ॥ ११-१२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अद्यापि निर्भयस्त्वं हि सङ्गं नापस्तरस्विना।
इदानीं लप्स्यसे विष्णो फलं स्वकृतकर्मणः॥ १३

अहिलेसम्म तिमी कुनै पनि तेजस्वी पुरुषको फेला परेका थिएनौ, यसैले आजसम्म तिमी निडर बनेका थियौ, तर हे विष्णु! अब तिमीले आफूद्वारा गरिएका कर्मको फल पाउने छौ॥ १३॥

इत्थमुक्त्वा हरिं सोऽथ मुनिर्मायाविमोहितः।
शशाप क्रोधनिर्विण्णो ब्रह्मतेजः प्रदर्शयन्॥ १४

भगवान् विष्णुसित यस्तो भनेर मायामोहित नारद मुनि आफ्नो ब्रह्मतेजको प्रदर्शन गर्दै क्रोधले खिन्न भएर श्राप दिंदै भने—॥ १४॥

स्त्रीकृते व्याकुलं विष्णो मामकार्षीर्विमोहकः।
अन्वकार्षीः स्वरूपेण येन कापट्यकार्यकृत्॥ १५

तद्रूपेण मनुष्यस्त्वं भव तद्दुःखभुग्घरे।
यन्मुखं कृतवान्मे त्वं ते भवन्तु सहायिनः॥ १६

त्वं स्त्रीवियोगजं दुःखं लभस्व परदुःखदः।
मनुष्यगतिकः प्रायो भवाज्ञानविमोहितः॥ १७

हे विष्णु! तिमीले स्त्रीका लागि मलाई व्याकुल बनाएका थियौ। तिमी त्यसरी नै सबैलाई मोहमा पारिरहन्छौ। यो कपटपूर्ण कार्य गर्दै तिमीले जुन स्वरूपले मलाई संयुक्त गरेका थियौ, त्यसै स्वरूपले हे हरे! तिमी मनुष्य हुने छौ र स्त्रीका लागि अरूलाई दुःख दिने तिमीले पनि स्त्री वियोगको दुःख भोग्ने छौ। तिमीले जुन वानरहरूको समान मेरो अनुहार बनाएको थियौ, ती नै त्यस समय तिम्रा सहायक हुने छन्। तिमी अरूलाई [स्त्री-विरहको] दुःख दिनेवाला हौ, अतः स्वयं तिमीलाई पनि स्त्री वियोगको दुःख प्राप्त होस् र तिम्रो स्थिति अज्ञानले मोहित मनुष्यहरूको समान होस्॥ १५—१७॥

इति शप्त्वा हरिं मोहान्नारदोऽज्ञानमोहितः।
विष्णुर्जग्राह तं शापं प्रशंसन् शाम्भवीमजाम्॥ १८

अज्ञानले मोहित भएका नारदले मोहवश श्रीहरिलाई जब यसरी श्राप दिए, तब ती विष्णुले शम्भुको मायाको प्रशंसा गर्दै त्यस श्रापलाई स्वीकार गर्नुभयो॥ १८॥

अथ शम्भुर्महालीलो निश्चकर्ष विमोहिनीम्।
स्वमायां मोहितो ज्ञानी नारदोऽप्यभवद्यया॥ १९

त्यसपछि महालीला गर्नुहुने शम्भुले आफ्नो त्यस विश्वमोहिनी मायालाई, जसको कारण ज्ञानी नारदमुनि पनि मोहित भएका थिए, खिच्नुभयो॥ १९॥

अन्तर्हितायां मायायां पूर्ववन्मतिमानभूत्।
नारदो विस्मितमनाः प्राप्तबोधो निराकुलः॥ २०

त्यस मायाको पर्दा हट्नासाथ नारद पूर्ववत् शुद्ध बुद्धिले युक्त भए। उनलाई पूर्ववत् ज्ञान प्राप्त भयो र उनका सारा व्याकुलता हट्दै गए। यसबाट उनको मनमा ठूलो विस्मय भयो॥ २०॥

पश्चात्तापमवाप्याति निनिन्द स्वं मुहुर्मुहुः।
प्रशशंस तदा मायां शाम्भवीं ज्ञानिमोहिनीम्॥ २१

ती पश्चात्ताप गरी पटक-पटक आफ्नो निन्दा गर्न लागे। त्यस समय उनले ज्ञानीलाई पनि मोहमा पार्नुहुने भगवान् शम्भुको मायाको सराहना गरे॥ २१॥

अथ ज्ञात्वा मुनिः सर्वं मायाविभ्रममात्मनः।
अपतत्पादयोर्विष्णोर्नारदो वैष्णवोत्तमः॥ २२

त्यसपछि यो जानेर कि मायाका कारण नै म भ्रममा परेको थिएँ, वैष्णवशिरोमणि नारद भगवान् विष्णुका चरणहरूमा परे॥ २२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हर्युपस्थापितः प्राह वचनं नष्टदुर्मतिः।
मया दुरुक्तयः प्रोक्ता मोहितेन कुबुद्धिना॥ २३

दत्तः शापोऽपि ते नाथ वितथं कुरु तं प्रभो।
महत्पापमकार्षं हि यास्यामि निरयं ध्रुवम्॥ २४

कमुपायं हरे कुर्यां दासोऽहं ते तमादिश।
येन पापकुलं नश्येन्निरयो न भवेन्मम॥ २५

इत्युक्त्वा स पुनर्विष्णोः पादयोर्मुनिसत्तमः।
पपात सुमतिर्भक्त्या पश्चात्तापमुपागतः॥ २६
अथ विष्णुस्तमुत्थाप्य बभाषे सूनृतं वचः।

विष्णुरुवाच

न खेदं कुरु मे भक्तवरस्त्वं नात्र संशयः॥ २७
शृणु तात प्रवक्ष्यामि सुहितं तव निश्चयात्।
निरयस्ते न भविता शिवः शं ते विधास्यति॥ २८
यदकार्षीः शिववचो वितथं मदमोहितः।
स दत्तवानीदृशं ते फलं कर्मफलप्रदः॥ २९

शिवेच्छयाखिलं जातं कुर्वित्थं निश्चितां मतिम्।
गर्वापहर्ता स स्वामी शङ्करः परमेश्वरः॥ ३०

परं ब्रह्म परात्मा स सच्चिदानन्दबोधनः।
निर्गुणो निर्विकारी च रजःसत्त्वतमःपरः॥ ३१

स एवादाय मायां स्वां त्रिधा भवति रूपतः।
ब्रह्मविष्णुमहेशात्मा निर्गुणोऽनिर्गुणोऽपि सः॥ ३२

निर्गुणत्वे शिवाह्वो हि परमात्मा महेश्वरः।
परं ब्रह्माव्ययोऽनन्तो महादेवेति गीयते॥ ३३

तत्सेवया विधिः स्त्रष्टा पालको जगतामहम्।
स्वयं सर्वस्य संहारी रुद्ररूपेण सर्वदा॥ ३४

भगवान् श्रीहरिले उनलाई उठाउनुभयो। त्यस समय आफ्नो बुद्धि नष्ट भएका कारण उनले भने—मायाबाट मोहित हुनाको कारण मेरो बुद्धि बिग्रिएको थियो, यसैले मैले हजुरप्रति धेरै दुर्वचन भनें। हे नाथ! मेले हजुरलाई श्रापसम्म दिएँ। हे प्रभो! त्यस श्रापलाई हजुर मिथ्या गरिदिनुहोस्। हाय! मैले ज्यादै ठुलो पाप गरेको छु, अब म निश्चय नै नरकमा पर्ने छु। हे हरे! म हजुरको दास हुँ। अतः बताउनुहोस्, म के उपायले—कुनचाहिँ प्रायश्चित्त गरौं, जसबाट मेरा पाप-समूह नष्ट हुने छन् र मलाई नरकमा गिर्न नपरोस्॥ २३—२५॥

यस्तो भनेर शुद्ध बुद्धि भएका मुनिशिरोमणि नारद पुनः भक्तिभावले भगवान् विष्णुका चरणहरूमा परे। त्यस समय उनलाई ठुलो पश्चात्ताप भइरहेको थियो। अनि उनलाई उठाएर श्रीविष्णु मधुर वाणीमा भन्न लाग्नुभयो—॥ २६१/२॥

विष्णु भन्नुहुन्छ—हे तात! खेद नगर्नुहोस्। तपाईं मेरो श्रेष्ठ भक्त हुनुहुन्छ, यसमा संशय छैन। म तपाईंलाई एउटा कुरा बताउँछु, सुन्नुहोस्। त्यसबाट निश्चय नै तपाईंको परम हित हुनेछ, तपाईंलाई नरकमा जानु पर्दैन। भगवान् शिवले तपाईंको कल्याण गर्नुहुनेछ॥ २७-२८॥

तपाईंले मदले मोहित भएर जुन भगवान् शिवको कुरा मान्नुभएको थिएन—उहाँको अवहेलना गर्नुभएको थियो, त्यसै अपराधको यस्तो फल भगवान् शिवले तपाईंलाई दिनुभयो, किनभने उहाँ नै कर्मफलका दाता हुनुहुन्छ॥ २९॥ तपाईं आफ्नो मनमा यो दृढ निश्चय गर्नुहोस कि भगवान् शिवको इच्छाले नै यो सबथोक भएको हो। सबैका स्वामी परमेश्वर शंकरले नै गर्वलाई दूर गर्नुहुन्छ॥ ३०॥

उहाँ नै परब्रह्म, परमात्मा हुनुहुन्छ, उहाँको सच्चिदानन्द-स्वरूप छ, उहाँ निर्गुण, निर्विकार हुनुहुन्छ र सत्त्व, रज तथा तम—यी तीन गुणहरूबाट पर हुनुहुन्छ॥ ३१॥ उहाँ नै आफ्नो मायालाई लिएर ब्रह्मा, विष्णु र महेश—यी तीन रूपमा प्रकट हुनुहुन्छ। निर्गुण र सगुण पनि उहाँ नै हुनुहुन्छ॥ ३२॥

निर्गुण अवस्थामा उहाँको नाम शिव हो। उहाँलाई नै परमात्मा, महेश्वर, परब्रह्म, अविनाशी, अनन्त र महादेव आदि नामहरूले पुकारिन्छ॥ ३३॥

उहाँको सेवाबाट ब्रह्मा जगत्‌को स्त्रष्टा हुनुभएको छ, म तीनै लोकको पालन गर्छु र उहाँ स्वयं नै रुद्ररूपले सदा सबैको संहार गर्नुहुन्छ॥ ३४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

साक्षी शिवस्वरूपेण मायाभिन्नः स निर्गुणः।
स्वेच्छाचारी संविहारी भक्तानुग्रहकारकः॥ ३५

उहाँ शिवस्वरूपले सबैका साक्षी हुनुहुन्छ, मायाबाट भिन्न र निर्गुण हुनुहुन्छ। स्वतन्त्र हुनाको कारण उहाँ आफ्नो इच्छानुसार व्यवहार गर्नुहुन्छ। उहाँको विहार-आचार, व्यवहार उत्तम छ र उहाँ भक्तहरूमाथि दया गर्नुहुन्छ॥ ३५॥

शृणु त्वं नारद मुने सदुपायं सुखप्रदम्।
सर्वपापापहर्तारं भुक्तिमुक्तिप्रदं सदा॥ ३६

हे नारद मुनि! म तपाईंलाई एउटा सुन्दर उपाय बताउँछु, जुन सुखद, समस्त पाप नाश गर्ने र सदा भोग एवं मोक्षदायक छ, त्यसलाई सुन्नुहोस्॥ ३६॥

त्यक्त्वा स्वसंशयं सर्वं गायन् शङ्करसद्यशः।
शतनामशिवस्तोत्रं सदानन्यमतिर्जप॥ ३७

यज्जपित्वा द्रुतं सर्वं तव पापं विनश्यति।

आफ्ना समस्त संशयहरूलाई त्यागेर तपाईं भगवान् शंकरका सुयशको गान गर्नुहोस् र सदा अनन्यभावले शिव शतनामस्तोत्रको पाठ गर्नुहोस्। जसको पाठ गर्नाले तपाईंका समस्त पाप तत्कालै नष्ट हुने छन्॥ ३७१/२॥

इत्युक्त्वा नारदं विष्णुः पुनः प्राह दयान्वितः॥ ३८

मुने न कुरु शोकं त्वं त्वया किञ्चित्कृतं न हि।
स्वेच्छया कृतवान्शम्भुरिदं सर्वं न संशयः॥ ३९

यस प्रकार नारदसित भनेर दयालु भगवान् विष्णुले उनीसित पुनः भन्नुभयो—हे मुनि! तपाईं शोक नगर्नुहोस्। तपाईंले त केही गर्नु नै भएको छैन। यो सबै भगवान् शंकरले आफ्नो इच्छाले गर्नुभएको छ। यसमा शंका छैन॥ ३८-३९॥

अहार्षीत्त्वन्मतिं दिव्यां कामक्लेशमदात्स ते।
त्वन्मुखाद्दापयाञ्चक्रे शापं मे स महेश्वरः॥ ४०

उहाँले नै तपाईंको दिव्य बुद्धिको हरण गर्नुभएको थियो। उहाँले नै तपाईंलाई काम-वासनाजन्य कष्ट पनि दिनुभयो र उनै भगवान् शंकरले तपाईंको मुखबाट मलाई यो श्राप पनि दिलाउनुभयो॥ ४०॥

इत्थं स्वचरितं लोके प्रकटीकृतवान् स्वयम्।
मृत्युञ्जयः कालकालो भक्तोद्धारपरायणः॥ ४१

यस प्रकार उहाँले संसारमा आफ्नो चरित्रलाई स्वयं प्रकट गर्नुभएको छ [यसमा अरू कसैको दोष छैन]। उहाँ मृत्युलाई जित्ने, कालका पनि काल र भक्तहरूको उद्धार गर्नमा तत्पर रहनुहुन्छ॥ ४१॥

न मे शिवसमानोऽस्ति प्रियः स्वामी सुखप्रदः।
सर्वशक्तिप्रदो मेऽस्ति स एव परमेश्वरः॥ ४२

मलाई शिवसमान अरू कोही प्रिय छैनन्। उहाँ नै मेरो स्वामी हुनुहुन्छ, सुख र शक्ति दिनेवाला हुनुहुन्छ। ती महेश्वर नै मेरो सबथोक हुनुहुन्छ॥ ४२॥

तस्योपास्यां कुरु मुने तमेव सततं भज।
तद्यशः शृणु गाय त्वं कुरु नित्यं तदर्चनम्॥ ४३

हे मुनि! तपाईं उहाँकै उपासना गर्नुहोस्, सदैव उहाँकै भजन गर्नुहोस्, उहाँकै यशको श्रवण र गान गर्नुहोस् तथा नित्य उहाँकै अर्चना गर्नुहोस्॥ ४३॥

कायेन मनसा वाचा यः शङ्करमुपैति भोः।
स पण्डित इति ज्ञेयः स जीवन्मुक्त उच्यते॥ ४४

हे मुनि! जो शरीर, मन तथा वाणीले शंकरलाई प्राप्त गर्छ, त्यही पण्डित हो—यस्तो जान्नु पर्छ र त्यसैलाई जीवन्मुक्त भनिन्छ॥ ४४॥

शिवेति नामदावाग्नेर्महापातकपर्वताः।
भस्मीभवन्त्यनायासात्सत्यं सत्यं न संशयः॥ ४५

शिव-नामरूपी यस डढेलोबाट महापातकरूपी पर्वत अनायासै जलेर भस्म हुन्छ, यो पूर्णतया सत्य हो, यसमा सन्देह छैन॥ ४५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पापमूलानि दुःखानि विविधान्यपि तान्यतः।
शिवार्चनैकनश्यानि नान्यनश्यानि सर्वथा॥ ४६

स वैदिकः स पुण्यात्मा स धन्यः स बुधो मुने।
यः सदा कायवाक् चित्तैः शरणं याति शङ्करम्॥ ४७

भवन्ति विविधा धर्मा येषां सद्यः फलोन्मुखाः।
तेषां भवति विश्वासस्त्रिपुरान्तकपूजने॥ ४८

पातकानि विनश्यन्ति यावन्ति शिवपूजया।
भुवि तावन्ति पापानि न सन्त्येव महामुने॥ ४९

ब्रह्महत्यादिपापानां राशयोऽप्यमिता मुने।
शिवस्मृत्या विनश्यन्ति सत्यं सत्यं वदाम्यहम्॥ ५०

शिवनामतरीं प्राप्य संसाराब्धिं तरन्ति ते।
संसारमूलपापानि तस्य नश्यन्त्यसंशयम्॥ ५१

संसारमूलभूतानां पातकानां महामुने।
शिवनामकुठारेण विनाशो जायते ध्रुवम्॥ ५२

शिवनामामृतं पेयं पापदावानलार्दितैः।
पापदावाग्नितप्तानां शान्तिस्तेन विना न हि॥ ५३

शिवेति नामपीयूषवर्षधारापरिप्लुताः।
संसारदवमध्येऽपि न शोचन्ति न संशयः॥ ५४

न भक्तिः शङ्करे पुंसां रागद्वेषरतात्मनाम्।
तद्विरुद्धजनानां हि मुक्तिर्भवति सर्वथा॥ ५५

अनन्तजन्मभिर्येन तपस्तप्तं भविष्यति।
तस्यैव भक्तिर्भवति भवानीप्राणवल्लभे॥ ५६

जातापि शङ्करे भक्तिरन्यसाधारणी वृथा।
परं त्वव्यभिचारेण शिवभक्तिरपेक्षिता॥ ५७

संसारमा पापहरूका मूलभूत जति पनि प्रकारका दुःख छन्, ती सर्वथा शिवपूजाबाट मात्र नष्ट हुन्छ। अन्य उपायहरूले [तिनको] नाश सम्भव छैन॥ ४६॥

हे मुनि! त्यही वैदिक हो, त्यही पुण्यात्मा हो, त्यही धन्य हो र त्यही बुद्धिमान् हो, जो सदा शरीर, वाणी र मनले भगवान् शंकरको शरणमा जान्छ॥ ४७॥

जसका विविध प्रकारका धर्मकृत्य तत्काल फलोन्मुख (फलदायक) हुन्छन्, तिनको पूर्ण विश्वास त्रिपुर विनाशक शिवमा हुन्छ॥ ४८॥

महामुनि! शिवको पूजाले जति पनि पाप नष्ट हुन्छन्, त्यति पाप त पृथ्वीमा छँदैछैनन्॥ ४९॥

हे मुनि! ब्रह्महत्यादि पापहरूको अपरिमित राशिहरू पनि शिवको स्मरण गर्नाले नष्ट हुन्छन्, यो म पूर्ण सत्य भनिरहेको छु॥ ५०॥

शिव-नामको कीर्तन गर्ने व्यक्ति नै शिवनामको डुङ्गाबाट संसाररूपी सागरलाई पार गर्दछ। संसारको मूल पाप-समूह हो, त्यसको नाश नामकीर्तनबाट निश्चय नै हुन जान्छ॥ ५१॥

हे महामुनि! शिवनामरूपी बन्चरोबाट संसारका मूलभूत पापहरूको नाश अवश्य हुन्छ॥ ५२॥

पापरूपी डढेलोबाट दग्ध भएका व्यक्तिहरूले शिव-नामरूपी अमृत पिउनु पर्छ, पापको डढेलोबाट पिल्सिएका व्यक्तिहरूलाई त्यसबाहेक शान्ति दिने अरू कुनै उपाय मिल्न सक्तैन॥ ५३॥

शिव—यस नामको अमृतमयी वर्षाको धाराले नुहाएका व्यक्ति संसारका पापहरूको डढेलोको भुमरीमा रहेर पनि शोक गर्दैनन्, यसमा संशय छैन॥ ५४॥

राग-द्वेषमा निरन्तर लागिरहने व्यक्तिहरूमा शिवप्रति भक्ति हुँदैन, तर यसको विपरीत अर्थात् पापहरूबाट विरत रहने व्यक्तिहरूको मुक्ति त निश्चित रूपमा हुन्छ नै॥ ५५॥

जसले अनन्त जन्महरूमा आफ्नो तपस्याले शरीरलाई जलाएका हुन्छन्, तिनैको भक्ति भवानी-प्राणवल्लभ शिवको लागि सम्भव छ॥ ५६॥

भगवान् शिवप्रति अनन्यतापूर्वक गरिएको 'शिव-नाम-भक्ति' को अतिरिक्त अन्य साधारण भक्ति व्यर्थै हुन्छ॥ ५७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्यासाधारणी शम्भौ भक्तिरव्यभिचारिणी।
तस्यैव मोक्षः सुलभो नान्यस्येति मतिर्मम॥ ५८

भगवान् शिवप्रति जसको भक्ति एकनिष्ठ तथा असाधारण हुन्छ, तिनैलाई मोक्ष प्राप्त हुन्छ। अरूका लागि त्यो सुलभ छैन—यस्तो मेरो विश्वास छ॥ ५८॥

कृत्वाप्यनन्तपापानि यदि भक्तिर्महेश्वरे।
सर्वपापविनिर्मुक्तो भवत्येव न संशयः॥ ५९

अनन्त पाप गरे पश्चात् पनि यदि प्राणी भगवान् शंकरमा भक्ति गर्न थाल्दछ भने त्यो सबै पापहरूबाट निर्मुक्त हुन जान्छ, यसमा सन्देह छैन॥ ५९॥

भवन्ति भस्मसाद् वृक्षा दवदग्धा यथा वने।
तथा भवन्ति दग्धानि शाङ्कराणामघान्यपि॥ ६०

जसरी वनमा डढेलोबाट वृक्ष [जलेर] भस्म हुन्छ, त्यसरी नै शिव-भक्तहरूका पाप पनि [शिव-भक्तिको प्रभावले] नष्ट हुन्छ॥ ६०॥

यो नित्यं भस्मपूताङ्गो शिवपूजोन्मुखो भवेत्।
स तरत्येव संसारमपारमतिदारुणम्॥ ६१

जो मनुष्य नित्य आफ्नो शरीरलाई भस्मले पवित्र गरी शिवको पूजामा लागिरहन्छ, त्यसले महान् कष्ट दिने संसाररूपी अपार सागरलाई निश्चित नै पार गर्दछ॥ ६१॥

ब्रह्मस्वहरणं कृत्वा हत्वापि ब्राह्मणान्बहून्।
न लिप्यते नरः पापैर्विरूपाक्षस्य सेवकः॥ ६२

ब्राह्मणहरूको धन हरण गरी तथा थुप्रै ब्राह्मणहरूको हत्या गरेर पनि जुन मनुष्य विरूपाक्ष भगवान् शंकरको सेवामा लाग्दछ, त्यसलाई ती पापहरूसित लिप्त हुनुपर्दैन॥ ६२॥

विलोक्य वेदानखिलान् शिवस्यैवार्चनं परम्।
संसारनाशनोपाय इति पूर्वैर्विनिश्चितम्॥ ६३

सम्पूर्ण वेदहरूको अवलोकन गरी पूर्ववर्ती विद्वान्हरूले यही निश्चय गरेका छन् कि भगवान् शिवको पूजा नै संसार-बन्धनको नाशको उपाय हो॥ ६३॥

अद्यप्रभृति यत्नेन सावधानो यथाविधि।
साम्बं सदाशिवं भक्त्या भज नित्यं महेश्वरम्॥ ६४

[हे मुनि!] आजदेखि यत्नपूर्वक सावधान रहेर विधि-विधानका साथ भक्तिभावले नित्य जगदम्बा पार्वतीसहित महेश्वर सदाशिवको भजन गर्नुहोस्॥ ६४॥

आपादमस्तकं सम्यग्भस्मनोद्धूल्य सादरम्।
सर्वश्रुतिश्रुतं शैवं मन्त्रं जप षडक्षरम्॥ ६५

पाउदेखि लिएर शिरसम्म भस्मको लेपन गरी सम्यक् रूपले आदरपूर्वक सबै श्रुतिहरूबाट सुनिएको षडक्षर शैव-मन्त्र (ॐ नमः शिवाय)-को जप गर्नुहोस्॥ ६५॥

सर्वाङ्गेषु प्रयत्नेन रुद्राक्षान् शिववल्लभान्।
धारयस्वातिसद्भक्त्या समन्त्रं विधिपूर्वकम्॥ ६६

प्रयत्नपूर्वक [बताइएका नियमानुसार] भगवान् शिवका प्रिय रुद्राक्षलाई धारण गरी अत्यन्त सद्भक्तिले नै सविधि मन्त्रको जप गर्नुपर्दछ॥ ६६॥

शृणु शैवीं कथां नित्यं वद शैवीं कथां सदा।
पूजयस्वातियत्नेन शिवभक्तान्पुनः पुनः॥ ६७

नित्य शिवकै कथा सुन्नुहोस् र भन्नुहोस्। अत्यन्त यत्न गरी वारम्वार शिव-भक्तहरूको पूजा गर्ने गर्नुहोस्॥ ६७॥

अप्रमादेन सततं शिवैकशरणो भव।
शिवार्चनेन सततमानन्दः प्राप्यते यतः॥ ६८

प्रमादबाट रहित भएर सदा एकमात्र शिवको शरणमा रहनुहोस्, किनभने शिवको पूजाबाट नै निरन्तर आनन्द प्राप्त भइरहन्छ॥ ६८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.

उरस्याधाय विशदे शिवस्य चरणाम्बुजौ।
शिवतीर्थानि विचर प्रथमं मुनिसत्तम॥ ६९

हे मुनिश्रेष्ठ! आफ्नो हृदयमा भगवान् शिवको उज्ज्वल चरणारविन्दहरूको स्थापना गरी पहिला शिवका तीर्थहरूको विचरण गर्नुहोस्॥ ६९॥

पश्यन्माहात्म्यमतुलं शङ्करस्य परात्मनः।
गच्छानन्दवनं पश्चाच्छम्भुप्रियतमं मुने॥ ७०

हे मुनि! यस प्रकार परमात्मा शंकरको अनुपम माहात्म्यको दर्शन गर्दै अन्तमा आनन्दवन (काशी) जानुहोस्, त्यो स्थान भगवान् शिवलाई ज्यादै प्रिय छ॥ ७०॥ त्यहाँ विश्वनाथको दर्शन गरी भक्तिपूर्वक उहाँको पूजा गर्नुहोस्। विशेषतः उहाँको स्तुति-वन्दना गरी तपाईं निर्विकल्प (संशयरहित) हुनुहुने छ॥ ७१॥

तत्र विश्वेश्वरं दृष्ट्वा पूजनं कुरु भक्तितः।
नत्वा स्तुत्वा विशेषेण निर्विकल्पो भविष्यसि॥ ७१

ततश्च भवता नूनं विधेयं गमनं मुने।
ब्रह्मलोके स्वकामार्थं शासनान्मम भक्तितः॥ ७२

हे मुनि! यसपछि तपाईं मेरो आज्ञाले भक्तिपूर्वक आफ्नू मनोरथ सिद्धिका लागि निश्चय नै ब्रह्मलोकमा जानुहोला॥ ७२॥

नत्वा स्तुत्वा विशेषेण विधिं स्वजनकं मुने।
प्रष्टव्यं शिवमाहात्म्यं बहुशः प्रीतचेतसा॥ ७३

हे मुनि! त्यहाँ आफ्ना पिता ब्रह्माको विशेषरूपले स्तुति-वन्दना गरी तपाईंले प्रसन्नतापूर्ण हृदयले वारम्वार शिव-महिमाको विषयमा प्रश्न गर्नुपर्ने छ॥ ७३॥

स शैवप्रवरो ब्रह्मा माहात्म्यं शङ्करस्य ते।
श्रावयिष्यति सुप्रीत्या शतनामस्तवं च हि॥ ७४

ब्रह्मा शिव-भक्तहरूमा श्रेष्ठ हुनुहुन्छ, उहाँले तपाईंलाई अत्यन्त प्रसन्नताका साथ भगवान् शंकरको माहात्म्य र शतनाम-स्तोत्र सुनाउनुहुनेछ॥ ७४॥

अद्यतस्त्वं भव मुने शैवः शिवपरायणः।
मुक्तिभागी विशेषेण शिवस्ते शं विधास्यति॥ ७५

हे मुनि! आजदेखि तपाईं शिवाराधनमा तत्पर रहने शिवभक्त हुनुहोस् र विशेषरूपले मोक्षको भागी बन्नुहोस्। भगवान् शिव तपाईंको कल्याण गर्नुहुने छ॥ ७५॥

इत्थं विष्णुर्मुनिं प्रीत्या ह्युपदिश्य प्रसन्नधीः।
स्मृत्वा नुत्वा शिवं स्तुत्वा ततस्त्वन्तरधीयत॥ ७६

यस प्रकार प्रसन्नचित्त हुनुभएका भगवान् विष्णु नारदमुनिलाई प्रेमपूर्वक उपदेश दिएर शिवको स्मरण, वन्दना र स्तवन गरी त्यहाँबाट अन्तर्धान हुनुभयो॥ ७६॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां प्रथमखण्डे सृष्ट्युपाख्याने नारदाय विष्णूपदेशवर्णनं नाम चतुर्थोऽध्यायः॥ ४॥

॥ यस प्रकार श्रीशिवमहापुराण अन्तर्गत द्वितीय रुद्रसंहिताको प्रथम खण्डमा नारद-विष्णु-उपदेश-वर्णन नामक चतुर्थ अध्याय पूर्ण भयो॥ ४॥

अथ पञ्चमोऽध्यायः

नारदद्वारा शिवतीर्थहरूको भ्रमण, शिवगणलाई श्रापोद्धारको कुरा बताउनु तथा ब्रह्मलोकमा गएर ब्रह्मासित शिवतत्त्वको विषयमा प्रश्न गर्नु

सूत उवाच

अन्तर्हिते हरौ विप्रा नारदो मुनिसत्तमः।
विचचार महीं पश्यन् शिवलिङ्गानि भक्तितः॥ १

सूत भन्नुहुन्छ—हे महर्षिहरू! भगवान् श्रीहरि अन्तर्धान हुनुभएपछि मुनिश्रेष्ठ नारद शिवलिंगहरूको भक्तिपूर्वक दर्शन गर्दै पृथ्वीमा विचरण गर्न लागे॥ १॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पृथिव्या अटनं कृत्वा शिवरूपाण्यनेकशः।
ददर्श प्रीतितो विप्रा भुक्तिमुक्तिप्रदानि सः॥ २

अथ तं विचरन्तं कौ नारदं दिव्यदर्शनम्।
ज्ञात्वा शम्भुगणौ तौ तु सुचित्तमुपजग्मतुः॥ ३

शिरसा सुप्रणम्याशु गणावूचतुरादरात्।
गृहीत्वा चरणौ तस्य शापोद्धारेच्छया च तौ॥ ४

शिवगणावूचतुः

ब्रह्मपुत्र सुरर्षे हि शृणु प्रीत्यावयोर्वचः।
तवापराधकर्तारावावां विप्रौ न वस्तुतः॥ ५
आवां हरगणौ विप्र तवागस्कारिणौ मुने।
स्वयम्वरे राजपुत्र्या मायामोहितचेतसा॥ ६

त्वया दत्तश्च नौ शापः परेशप्रेरितेन ह।
ज्ञात्वा कुसमयं तत्र मौनमेव हि जीवनम्॥ ७

स्वकर्मणः फलं प्राप्तं कस्यापि न हि दूषणम्।
सुप्रसन्नो भव विभो कुर्वनुग्रहमद्य नौ॥ ८

सूत उवाच

वच आकर्ण्य गणयोरिति भक्त्युक्तमादरात्।
प्रत्युवाच मुनिः प्रीत्या पश्चात्तापमवाप्य सः॥ ९

नारद उवाच

शृणुतं मे महादेवगणौ मान्यतमौ सताम्।
वचनं सुखदं मोहनिर्मुक्तं च यथार्थकम्॥ १०

पुरा मम मतिर्भ्रष्टासीच्छिवेच्छावशाद् ध्रुवम्।
सर्वथा मोहमापन्नः शप्तवान्वां कुशेमुषिः॥ ११

यदुक्तं तत्तथा भावि तथापि शृणुतां गणौ।
शापोद्धारमहं वच्मि क्षमेथामघमद्य मे॥ १२

हे ब्राह्मणहरू हो! भूमण्डलमा घूम-फिर गरी उनले भोग र मोक्षदायक धेरै शिवलिंगहरूको प्रेमपूर्वक दर्शन गरे॥ २॥

दिव्यदर्शी नारद भूतलमा तीर्थहरूको भ्रमण गरिरहेका छन् र यस समय उनको चित्त शुद्ध छ-यो जानेर ती दुवै शिवगण उनीकहाँ गए॥ ३॥

ती दुवै शिवगण श्रापबाट उद्धारको इच्छाले आदर-पूर्वक शिर झुकाएर राम्ररी प्रणाम गरी मुनिका दुवै चरण समातेर आदरपूर्वक उहाँसित भन्न लागे— ॥ ४॥

शिवगण भन्दछन्—हे ब्रह्मपुत्र देवर्षे! प्रेमपूर्वक हामी दुवैको कुरालाई सुन्नुहोस्। वास्तवमा हामी दुवै तपाईंको अपराध गर्ने हौँ, ब्राह्मण होइनौँ॥ ५॥

हे मुनि! हे विप्र! तपाईंको अपराध गर्ने हामी दुवै शिवका गण हौँ। राजकुमारी श्रीमतीको स्वयंवरमा तपाईंको चित्त मायाले मोहित भइरहेको थियो। त्यस समय परमेश्वरको प्रेरणाले तपाईंले हामी दुवैलाई श्राप दिनुभयो। त्यहाँ कुसमय जानेर हामीले चुप लाग्नु नै आफ्नो जीवन-रक्षाको उपाय सम्झ्यौँ॥ ६-७॥

यसमा कसैको दोष छैन। हामीलाई आफ्नै कर्मको फल प्राप्त भएको छ। प्रभो! अब तपाईं प्रसन्न हुनुहोस् र हामी दुवैमाथि अनुग्रह गर्नुहोस्॥ ८॥

सूत भन्नुहुन्छ—ती दुवै गणद्वारा भक्तिपूर्वक भनिएका वचनलाई सुनेर पश्चात्ताप गर्दै देवर्षि नारद प्रेमपूर्वक भन्न लाग्नुभयो॥ ९॥

नारद भन्नुहुन्छ—तपाईंहरू दुवै महादेवका गण हुनुहुन्छ र सत्पुरुषहरूका लागि परम सम्माननीय हुनुहुन्छ, अतः मेरो मोहरहित एवं सुखदायक यथार्थ वचनलाई सुन्नुहोस्॥ १०॥

पहिला निश्चय नै शिवेच्छावश मेरो बुद्धि भ्रष्ट भएको थियो र म सर्वथा मोहको वशीभूत भएको थिएँ। यसैले कुबुद्धि मैले तपाईंहरू दुवैलाई श्राप दिएँ॥ ११॥

हे शिवगण हो! मैले जे जति भनेको छु, त्यो त्यस्तै हुने छ, फेरि पनि मेरो कुरा सुन्नुहोस्। म तपाईंहरूका लागि श्रापोद्धारको कुरा बताइरहेको छु। तपाईंहरू आज मेरो अपराधलाई क्षमा गरिदिनुहोस्॥ १२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वीर्यान्मुनिवरस्याप्त्वा राक्षसेशत्वमादिशम्।
स्यातां विभवसंयुक्तौ बलिनौ सुप्रतापिनौ॥ १३

सर्वब्रह्माण्डराजानौ शिवभक्तौ जितेन्द्रियौ।
शिवापरतनोर्मृत्युं प्राप्य स्वं पदमाप्स्यथः॥ १४

सूत उवाच

इत्याकर्ण्य मुनेर्वाक्यं नारदस्य महात्मनः।
उभौ हरगणौ प्रीतौ स्वं पदं जग्मतुर्मुदा॥ १५

नारदोऽपि परं प्रीतो ध्यायन् शिवमनन्यधीः।
विचचार महीं पश्यन् शिवतीर्थान्यभीक्ष्णशः॥ १६

काशीं प्राप्याथ स मुनिः सर्वोपरिविराजिताम्।
शिवप्रियां शम्भुसुखप्रदां शम्भुस्वरूपिणीम्॥ १७

दृष्ट्वा काशीं कृतार्थोऽभूत्काशीनाथं ददर्श ह।
आनर्च परमप्रीत्या परमानन्दसंयुतः॥ १८

समुदः सेव्य तां काशीं कृतार्थो मुनिसत्तमः।
नमन्संवर्णयन्भक्त्या संस्मरन्प्रेमविह्वलः॥ १९

ब्रह्मलोकं जगामाथ शिवस्मरणसन्मतिः।
शिवतत्त्वं विशेषेण ज्ञातुमिच्छुः स नारदः॥ २०

नत्वा तत्र विधिं भक्त्या स्तुत्वा च विविधैस्तवैः।
पप्रच्छ शिवसत्तत्त्वं शिवसंयुक्तमानसः॥ २१

नारद उवाच

ब्रह्मन्ब्रह्मस्वरूपज्ञ पितामह जगत्प्रभो।
त्वत्प्रसादान्मया सर्वं विष्णोर्माहात्म्यमुत्तमम्॥ २२

भक्तिमार्गं ज्ञानमार्गं तपोमार्गं सुदुस्तरम्।
दानमार्गं च तीर्थानां मार्गं च श्रुतवानहम्॥ २३

मुनिवर विश्रवाको वीर्यबाट जन्म ग्रहण गरी तपाईंहरूले सम्पूर्ण दिशाहरूमा प्रसिद्ध [कुम्भकर्ण-रावण] राक्षसराजको शरीर प्राप्त गर्नुहुने छ र बलवान्, वैभवले युक्त तथा परम प्रतापी हुनुहुने छ॥ १३॥

समस्त ब्रह्माण्डको राजा भएर शिवभक्त एवं जितेन्द्रिय हुनुहुने छ र शिवकै दोस्रो स्वरूप श्रीविष्णुको हातबाट मृत्युवरण गरी फेरि तपाईंहरू दुवै आफ्नो पदमा प्रतिष्ठित हुनुहुने छ॥ १४॥

सूत भन्नुहुन्छ—हे महर्षिहरू हो! महात्मा नारदमुनिको यो कुरा सुनेर ती दुवै शिवगण प्रसन्न भएर सानन्द आफ्नो स्थानमा फर्किए॥ १५॥

नारद पनि अत्यन्त आनन्दित भई अनन्य भावले भगवान् शिवको ध्यान तथा शिवतीर्थहरूको दर्शन गर्दै वारम्वार भूमण्डलमा विचरण गर्न लाग्नुभयो॥ १६॥

अन्तमा उहाँ सबैका ऊपर विराजमान काशीपुरीमा जानुभयो, जुन शिवको प्रिय, शिवस्वरूपिणी एवं शिवलाई सुखदायक छ॥ १७॥

काशीपुरीको दर्शन गरी नारद कृतार्थ हुनुभयो। उहाँले भगवान् काशीनाथको दर्शन गर्नुभयो र परम प्रीति एवं परमानन्दले युक्त भई उहाँको पूजा गर्नुभयो॥ १८॥

काशीको सानन्द सेवन गरी ती मुनिश्रेष्ठ कृतार्थताको अनुभव गर्न लाग्नुभयो र प्रेमले विह्वल भई उहाँलाई नमन, वर्णन तथा स्मरण गर्दै ब्रह्मलोक जानुभयो। निरन्तर शिवको स्मरण गर्नाले शुद्ध-बुद्धि प्राप्त गर्नुभएका देवर्षि नारदले त्यहाँ पुगेर विशेषरूपले शिवतत्त्वको ज्ञान प्राप्त गर्ने इच्छाले ब्रह्मालाई भक्तिपूर्वक नमस्कार गर्नुभयो र नाना प्रकारका स्तोत्रद्वारा उहाँको स्तुति गरी उहाँसित शिवतत्त्वको विषयमा सोध्नुभयो। त्यस समय नारदको हृदय भगवान् शंकरप्रति भक्तिभावनाले परिपूर्ण थियो॥ १९—२१॥

नारद भन्नुहुन्छ—हे ब्रह्मा! परब्रह्म परमात्माको स्वरूपलाई जान्नुहुने हे पितामह! हे जगत्प्रभु! हजुरको कृपाप्रसादले मैले भगवान् विष्णुको उत्तम माहात्म्यको पूर्णतया ज्ञान प्राप्त गरेको छु॥ २२॥

भक्तिमार्ग, ज्ञानमार्ग, अत्यन्त दुस्तर तपोमार्ग, दानमार्ग तथा तीर्थमार्गको पनि वर्णन सुनेको छु, तर शिवतत्त्वको ज्ञान मलाई अहिलेसम्म भएको छैन। म भगवान् शंकरको पूजा-विधिलाई पनि जान्दिन। अतः हे प्रभु! हजुर क्रमशः यी विषयहरूलाई तथा भगवान्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न ज्ञातं शिवतत्त्वं च पूजाविधिमतः क्रमात्।
चरित्रं विविधं तस्य निवेदय मम प्रभो॥ २४

शिवका विविध चरित्रहरू मलाई बताउने कृपा गर्नुहोस्॥ २३-२४॥

निर्गुणोऽपि शिवस्तात सगुणः शङ्करः कथम्।
शिवतत्त्वं न जानामि मोहितः शिवमायया॥ २५

हे तात! शिव त निर्गुण भएर पनि सगुण हुनुहुन्छ। यो कसरी सम्भव छ। शिवको मायाले मोहित हुनाको कारण मैले शिवको तत्त्वलाई जान पाइरहेको छैन॥ २५॥

सृष्टेः पूर्वं कथं शम्भुः स्वरूपेण प्रतिष्ठितः।
सृष्टिमध्ये स हि कथं क्रीडन्संवर्तते प्रभुः॥ २६
तदन्ते च कथं देवः स तिष्ठति महेश्वरः।
कथं प्रसन्नतां याति शङ्करो लोकशङ्करः॥ २७

सृष्टिको पूर्व भगवान् शंकर कुन स्वरूपले अवस्थित रहनुहुन्छ र सृष्टिको मध्यमा कस्ता क्रीडा गर्दै स्थित रहनुहुन्छ। सृष्टिको अन्तमा ती देव महेश्वर कुन प्रकारले रहनुहुन्छ र संसारको कल्याण गर्नुहुने ती सदाशिव कुन प्रकार प्रसन्न रहनुहुन्छ॥ २६-२७॥

सन्तुष्टश्च स्वभक्तेभ्यः परेभ्यश्च महेश्वरः।
किं फलं यच्छति विधे तत्सर्वं कथयस्व मे॥ २८
सद्यः प्रसन्नो भगवान्भवतीत्यनुसंश्रुतम्।
भक्तप्रयासं स महान्न पश्यति दयापरः॥ २९

हे विधाता! उहाँ सन्तुष्ट भएर आफ्ना भक्तहरू र अन्य व्यक्तिहरूलाई कस्ता फल दिनुहुन्छ, त्यो सब मलाई बताउनुहोस्। मैले सुनेको छु कि ती भगवान् तत्काल प्रसन्न हुन्छन्। परमदयालु उहाँ भक्तको कष्टलाई हेर्न सक्नुहुन्न॥ २८-२९॥

ब्रह्मा विष्णुर्महेशश्च त्रयो देवाः शिवांशजाः।
महेशस्तत्र पूर्णांशः स्वयमेव शिवः परः॥ ३०

ब्रह्मा, विष्णु र महेश—यी तीन देवता शिवकै अंश हुन्। महेश उनीहरूमध्येमा पूर्ण अंश हुन् र स्वयंमा ती परात्पर शिव हुन्॥ ३०॥

तस्याविर्भावमाख्याहि चरितानि विशेषतः।
उमाविर्भावमाख्याहि तद्विवाहं तथा विभो॥ ३१

हजुर ती महेश्वर शिवको आविर्भाव एवं उहाँका चरित्र विशेष रूपले बताउनुहोस्। हे प्रभु! [यस कथाका साथै] उमा (पार्वती)-को आविर्भाव र उहाँको विवाहको पनि चर्चा गर्नुहोस्॥ ३१॥

तद्गार्हस्थ्यं विशेषेण तथा लीलाः परा अपि।
एतत्सर्वं तथान्यच्च कथनीयं त्वयानघ॥ ३२

उहाँको गृहस्थ आश्रम र त्यस आश्रममा गरिएका विशिष्ट लीलाहरूको वर्णन गर्नुहोस्। हे निष्पाप! यी सब [कथाहरू]-का साथ अन्य जुन बताउनयोग्य कुराहरू छन्, तिनको पनि वर्णन गर्नुहोस्॥ ३२॥

तदुत्पत्तिं विवाहं च शिवायास्तु विशेषतः।
प्रब्रूहि मे प्रजानाथ गुहजन्म तथैव च॥ ३३

हे प्रजानाथ! ती (शिव) र शिवाको आविर्भाव एवं विवाहको प्रसंग विशेष रूपले भन्नुहोस् तथा कार्तिकेयको जन्म कथा पनि मलाई सुनाउनुहोस्॥ ३३॥

बहुभ्यश्च श्रुतं पूर्वं न तृप्तोऽस्मि जगत्प्रभो।
अतस्त्वां शरणं प्राप्तः कृपां कुरु ममोपरि॥ ३४

हे जगत्प्रभु! पहिला धैरै व्यक्तिहरूबाट मैले यी कुराहरू सुनेको थिएँ, तर पनि तृप्त हुन सकिन, यसैले हजुरको शरणमा आएको छु। हजुर मप्रति कृपा गर्नुहोस्॥ ३४॥

इति श्रुत्वा वचस्तस्य नारदस्याङ्गजस्य हि।
उवाच वचनं तत्र ब्रह्मा लोकपितामहः॥ ३५

आफ्नो पुत्र नारदका यी कुरा सुनेर लोकपितामह ब्रह्मा त्यहाँ यस प्रकार भन्नलागनुभयो— ॥ ३५॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां प्रथमखण्डे सृष्ट्युपाख्याने नारदप्रश्नवर्णनं नाम पञ्चमोऽध्यायः॥ ५॥

॥ यस प्रकार श्रीशिवमहापुराण अन्तर्गत द्वितीय रुद्रसंहिताको प्रथम खण्डमा सृष्टि-उपाख्यानको नारद-प्रश्न-वर्णन नामक पाँचौं अध्याय पूर्ण भयो॥ ५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अथ षष्ठोऽध्याय:

महाप्रलयकालमा केवल सद्ब्रह्म सत्ताको प्रतिपादन, त्यस निर्गुण-निराकार ब्रह्मबाट ईश्वरमूर्ति (सदाशिव)-को प्राकट्य, सदाशिवबाट स्वरूपभूत शक्ति (अम्बिका)-को प्रकटीकरण, उहाँहरू दुवैद्वारा उत्तम क्षेत्र (काशी वा आनन्दवन)-को प्रादुर्भाव, शिवको वामांगबाट परम पुरुष (विष्णु)-को आविर्भाव तथा उहाँको सकाशबाट प्राकृत तत्त्वहरूको उत्पत्तिको क्रमशः वर्णन

ब्रह्मोवाच

भो ब्रह्मन्साधु पृष्टोऽहं त्वया विबुधसत्तम।
लोकोपकारिणा नित्यं लोकानां हितकाम्यया॥ १

ब्रह्मा भन्नुहुन्छ—हे ब्राह्मण! हे देवशिरोमणि! तपाईं सदा समस्त जगत्‌को उपकारमा नै लागिरहनु हुन्छ। तपाईंले मानिसहरूको हितको कामनाले यो ज्यादै उत्तम कुरा सोध्नुभएको छ॥ १॥

यच्छ्रुत्वा सर्वलोकानां सर्वपापक्षयो भवेत्।
तदहं ते प्रवक्ष्यामि शिवतत्त्वमनामयम्॥ २

जसको श्रवणले सम्पूर्ण लोकका समस्त पापहरूको क्षय हुन्छ, त्यस अनामय शिव-तत्त्वको म तपाईंसित वर्णन गर्छु॥ २॥

शिवतत्त्वं मया नैव विष्णुनापि यथार्थतः।
ज्ञातं च परमं रूपमद्भुतं च परेण न॥ ३

शिवतत्त्वको स्वरूप ज्यादै उत्कृष्ट र अद्भुत छ, जसलाई यथार्थरूपले न मैले जान्न पाएँ, न विष्णुले नै जान पाउनुभयो र न अन्य कसैले नै जान्न पाएका छन्॥ ३॥

महाप्रलयकाले च नष्टे स्थावरजङ्गमे।
आसीत्तमोमयं सर्वमनर्कग्रहतारकम्॥ ४

जुन समयमा यो प्रलयकाल भयो, त्यस समय समस्त चराचर जगत् नष्ट भएको थियो, सर्वत्र केवल अन्धकार-नै-अन्धकार थियो। न सूर्य नै देखिन्थे र अन्यान्य ग्रहहरू तथा नक्षत्रहरूको पनि पत्तो थिएन॥ ४॥

अचन्द्रमनहोरात्रमनग्न्यनिलभूजलम्।
अप्रधानं वियच्छून्यमन्यतेजोविवर्जितम्॥ ५

न चन्द्र थियो, न दिन हुन्थ्यो न रात नै; अग्नि, पृथ्वी, वायु र जलको पनि अस्तित्व थिएन। [त्यस समय] प्रधान तत्त्व (अव्याकृत प्रकृति)-बाट रहित शून्य आकाशमात्र बाँकि थियो, अरू कसैको तेजको उपलब्धि हुन्नथ्यो॥ ५॥

अदृष्टत्वादिरहितं शब्दस्पर्शसमुज्झितम्।
अव्यक्तगन्धरूपं च रसत्यक्तमदिङ्मुखम्॥ ६

अदृष्ट आदिको पनि अस्तित्व थिएन, शब्द र स्पर्शले पनि साथ छाडिसकेका थिए, गन्ध र रूपको पनि अभिव्यक्ति हुन्नथ्यो। रसको पनि अभाव भएको थियो र दिशाहरूको पनि अनुभूति हुँदैनथ्यो॥ ६॥

इत्थं सत्यन्धतमसे सूचीभेद्ये निरन्तरे।
तत्सद्ब्रह्मेति यच्छ्रुत्वा सदेकं प्रतिपद्यते॥ ७

यस प्रकार सबैतिर निरन्तर सूचीभेद्य घोर अन्धकार फैलिएको थियो। त्यस समय **'तत्सद्ब्रह्म'**—यस श्रुतिमा जुन 'सत्' सुनिन्छ, एकमात्र त्यही बाँकि थियो॥ ७॥

इतीदृशं यदा नासीद्यत्तत्सदसदात्मकम्।
योगिनोऽन्तर्हिताकाशे यत्पश्यन्ति निरन्तरम्॥ ८

जब 'यो', 'त्यो', 'यस्तो', 'जुन' इत्यादि रूपले निर्दिष्ट हुने भावाभावात्मक जगत् थिएन, त्यस समय एकमात्र त्यो 'सत्' नै बाँकि थियो, जसलाई योगीजन आफ्नो हृदयाकाशभित्र निरन्तर देख्दछन्॥ ८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अमनोगोचरं वाचां विषयं न कदाचन।
अनामरूपवर्णं च न च स्थूलं न यत्कृशम्॥ ९
अह्रस्वदीर्घमलघु गुरुत्वपरिवर्जितम्।
न यत्रोपचयः कश्चित्तथा नोपचयोऽपि च॥ १०

अभिधत्ते सचकितं यदस्तीति श्रुतिः पुनः।
सत्यं ज्ञानमनन्तं च परानन्दं परं महः॥ ११

अप्रमेयमनाधारमविकारमनाकृति।
निर्गुणं योगिगम्यं च सर्वव्याप्येककारकम्॥ १२

निर्विकल्पं निरारम्भं निर्मायं निरुपद्रवम्।
अद्वितीयमनाद्यन्तमविकाशं चिदात्मकम्॥ १३

यस्येत्थं संविकल्पन्ते संज्ञासंज्ञोक्तितः स्म वै।
कियता चैव कालेन द्वितीयेच्छाऽभवत्किल॥ १४

अमूर्तेन स्वमूर्तिश्च तेनाकल्पि स्वलीलया।
सर्वैश्वर्यगुणोपेता सर्वज्ञानमयी शुभा॥ १५

सर्वगा सर्वरूपा च सर्वदृक्सर्वकारिणी।
सर्वैकवन्द्या सर्वाद्या सर्वदा सर्वसंस्कृतिः॥ १६

परिकल्प्येति तां मूर्तिमैश्वरीं शुद्धरूपिणीम्।
अद्वितीयमनाद्यन्तं सर्वाभासं चिदात्मकम्।
अन्तर्दधे पराख्यं यद् ब्रह्म सर्वगमव्ययम्॥ १७
अमूर्तं यत्पराख्यं वै तस्य मूर्तिः सदाशिवः।
अर्वाचीनाः पराचीना ईश्वरं तं जगुर्बुधाः॥ १८

शक्तिस्तदैकलेनापि स्वैरं विहरता तनुः।
स्वविग्रहात्स्वयं सृष्टा स्वशरीरानपायिनी॥ १९

प्रधानं प्रकृतिं तां च मायां गुणवतीं पराम्।
बुद्धितत्त्वस्य जननीमाहुर्विकृतिवर्जिताम्॥ २०

त्यो सत्तत्त्व मनको विषय नभएकाले त्यहाँसम्म वाणी कहिल्यै पुग्न सक्तैन। त्यो नाम तथा रूप-रंगबाट पनि शून्य छ। त्यो न स्थूल हो, न कृश हो, न ह्रस्व हो, न दीर्घ हो, न लघु हो र न गुरु नै हो। त्यसमा न कहिल्यै वृद्धि हुन्छ तथा न ह्रास नै हुन्छ॥ ९-१०॥

श्रुतिहरूले पनि उसको विषयमा चकितभावले 'हो'—यतिमात्र भन्छन् [अर्थात् उसको सत्तामात्रको नै निरूपण गर्न सक्छ, उसको कुनै विशेष विवरण दिनमा असमर्थ हुन्छ]। त्यो सत्य, ज्ञानस्वरूप, अनन्त, परमानन्दमय, परम ज्योतिःस्वरूप, अप्रमेय, आधाररहित, निर्विकार, निराकार, निर्गुण, योगिगम्य, सर्वव्यापी, सबका एकमात्र कारण, निर्विकल्प, निरारम्भ, मायाशून्य, उपद्रवरहित, अद्वितीय, अनादि, अनन्त, संकोच-विकासबाट शून्य तथा चिन्मय छ॥ ११—१३॥

जुन परब्रह्मको विषयमा ज्ञान र अज्ञानले पूर्ण उक्तिहरूद्वारा यस प्रकार [माथि बताइएअनुसार] विकल्प गरिन्छ, उसले केही समयपछि [सृष्टिको समय आएपछि] द्वितीय हुने इच्छा प्रकट गरी—त्यसभित्र एकबाट अनेक हुने संकल्प उदित भयो॥ १४॥

तब त्यस निराकार परमात्माले आफ्नो लीलाशक्तिले आफ्नो लागि मूर्ति (आकार)-को कल्पना गर्नुभयो। त्यो मूर्ति सम्पूर्ण ऐश्वर्यगुणले सम्पन्न, सर्वज्ञानमयी, शुभस्वरूपा, सर्वव्यापिनी, सर्वरूपा, सर्वदर्शिनी, सर्वकारिणी, सबको एकमात्र वन्दनीय, सर्वाद्य, सबथोक दिने र सम्पूर्ण संस्कृतिहरूको केन्द्र थियो॥ १५-१६॥

त्यस शुद्धरूपिणी ईश्वरमूर्तिको कल्पना गरी ती अद्वितीय, अनादि, अनन्त, सर्वप्रकाशक, चिन्मय, सर्वव्यापी र अविनाशी परब्रह्म त्यसभित्र पस्नुभयो॥ १७॥

जुन मूर्तिरहित परमब्रह्म छ, त्यसैको मूर्ति (चिन्मय आकार) भगवान् सदाशिव हुन्। अर्वाचीन र प्राचीन विद्वान् उहाँलाई नै ईश्वर भन्दछन्॥ १८॥

त्यस समय एक्लै रहेर स्वेच्छानुसार विहार गर्नुहुने ती सदाशिवले आफ्नो विग्रहबाट स्वयं नै एक स्वरूपभूता शक्तिको सृष्टि गर्नुभयो, जुन उहाँको आफ्नो श्रीअंगबाट कहिल्यै अलग हुँदिनन् थिईं॥ १९॥

त्यस पराशक्तिलाई प्रधान, प्रकृति, गुणवती, माया, बुद्धितत्त्वकी जननी तथा विकाररहित बताइएको छ॥ २०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सा शक्तिरम्बिका प्रोक्ता प्रकृतिः सकलेश्वरी।
त्रिदेवजननी नित्या मूलकारणमित्युत ॥ २१

त्यो शक्तिलाई अम्बिका भनिन्छ। त्यसैलाई प्रकृति, सर्वेश्वरी, त्रिदेवजननी, नित्या र मूलकारण पनि भनिन्छ ॥ २१ ॥

अस्या अष्टौ भुजाश्चासन्विचित्रवदना शुभा।
राकाचन्द्रसहस्रस्य वदने भाश्च नित्यशः ॥ २२

सदाशिवद्वारा प्रकट भएकी ती शक्तिका आठ भुजाहरू छन्। ती [शुभलक्षणा देवी]-को मुखको शोभा विचित्र छ। उनी एक्लै आफ्नो मुखमण्डलमा सधैँ पूर्णिमाको एक हजार चन्द्रमाहरूको कान्ति धारण गर्दछिन् ॥ २२ ॥

नानाभरणसंयुक्ता नानागतिसमन्विता।
नानायुधधरा देवी फुल्लपङ्कजलोचना ॥ २३

अनेकौँ प्रकारका आभूषणले उनका श्रीअंगहरूको शोभा बढाउँदछन्। ती देवी अनेकौँ प्रकारका गतिहरूले सम्पन्न छिन् र अनेक प्रकारका अस्त्र-शस्त्र धारण गर्छिन्। उनका नेत्रहरू फक्रिएको कमलसमान प्रतित हुन्छ ॥ २३ ॥

अचिन्त्यतेजसा युक्ता सर्वयोनिः समुद्यता।
एकाकिनी यदा माया संयोगाच्चाप्यनेकिका ॥ २४

उनी अचिन्त्य तेजले जगमगाइरहन्छिन्। उनी सबैकी योनि हुन् र सदा उद्यमशील रहन्छिन्। एक्लै भएर पनि ती माया समयअनुसार अनेकौँ हुन्छिन् ॥ २४ ॥

परः पुमानीश्वरः स शिवः शम्भुरनीश्वरः।
शीर्षे मन्दाकिनीधारी भालचन्द्रस्त्रिलोचनः ॥ २५

ती जो सदाशिव हुनुहुन्छ, उहाँलाई परमपुरुष, ईश्वर, शिव, शम्भु र अनीश्वर भनिन्छ। उहाँ आफ्नो शिरमा आकाश-गंगा र चन्द्रमालाई धारण गर्नुहुन्छ। उहाँका [पाँच मुख छन् र प्रत्येक मुखमा] तीन नेत्र छन् ॥ २५ ॥

पञ्चवक्त्रः प्रसन्नात्मा दशबाहुस्त्रिशूलधृक्।
कर्पूरगौरसुसितो भस्मोद्धूलितविग्रहः ॥ २६

[पाँच मुख हुनाको कारण] उहाँलाई पंचमुख भनिन्छ। उहाँको चित्त सदा प्रसन्न रहन्छ। उहाँ दश भुजाहरूले युक्त र त्रिशूलधारी हुनुहुन्छ। उहाँका श्रीअंगहरूको प्रभा कपुरको समान सेतो-गोरो छ। उहाँ आफ्ना सारा अंगहरूमा भस्म धारण गर्नुहुन्छ ॥ २६ ॥

युगपच्च तया शक्त्या साकं कालस्वरूपिणा।
शिवलोकाभिधं क्षेत्रं निर्मितं तेन ब्रह्मणा ॥ २७

ती कालरूपी ब्रह्मले एउटै समयमा शक्तिका साथ 'शिवलोक' नामक क्षेत्रको निर्माण गर्नुभएको थियो ॥ २७ ॥

तदेव काशिकेत्येतत्प्रोच्यते क्षेत्रमुत्तमम्।
परं निर्वाणसङ्ख्यानं सर्वोपरि विराजितम् ॥ २८

त्यस उत्तम क्षेत्रलाई नै काशी भनिन्छ। त्यो परम निर्वाण वा मोक्षको स्थान हो, जुन सबैभन्दा माथि विराजमान छ ॥ २८ ॥

ताभ्यां च रममाणाभ्यां तस्मिन्क्षेत्रे मनोरमे।
परमानन्दरूपाभ्यां परमानन्दरूपिणम् ॥ २९

यी प्रिया-प्रियतमरूप शक्ति र शिव, जो परमानन्द-स्वरूप छन्, त्यस मनोरम क्षेत्रमा नित्य निवास गर्नुहुन्छ। त्यो [काशीपुरी] परमानन्दरूपिणी छ ॥ २९ ॥

मुने प्रलयकालेऽपि न तत्क्षेत्रं कदाचन।
विमुक्तं हि शिवाभ्यां यदविमुक्तं ततो विदुः ॥ ३०

हे मुनि! शिव र शिवाले प्रलयकालमा पनि कहिल्यै त्यस क्षेत्रलाई आफ्नो सांनिध्यबाट मुक्त गर्नुभएन। यसैले विद्वान् पुरुष त्यसलाई 'अविमुक्त क्षेत्र' पनि भन्दछन् ॥ ३० ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अस्यानन्दवनं नाम पुराकारि पिनाकिना।
क्षेत्रस्यानन्दहेतुत्वादविमुक्तमनन्तरम् ॥ ३१

त्यो क्षेत्र आनन्दको कारण हो, यसैले पिनाकधारी शिवले पहिला त्यसको नाम 'आनन्दवन' राख्नुभएको थियो। त्यसपछि 'अविमुक्त' को नामले प्रसिद्ध भयो ॥ ३१ ॥

अथानन्दवने तस्मिन् शिवयो रममाणयोः।
इच्छेत्यभूत्सुरर्षे हि सृज्यः कोऽप्यपरः किल ॥ ३२

यस्मिन् न्यस्य महाभारमावां स्वस्वैरचारिणौ।
निर्वाणधारणं कुर्वः केवलं काशिशायिनौ ॥ ३३

हे देवर्षि! एक समय त्यस आनन्दवनमा रमण गर्दै शिवा र शिवको मनमा यो इच्छा भयो कि कुनै अरू पुरुषको पनि सृष्टि गर्नुपर्‍यो, जसमाथि सृष्टि-संचालनको महान् भार राखेर हामी दुवै केवल काशीमा रहेर इच्छानुसार विचरण गरौँ र निर्वाण धारण गरौँ ॥ ३२-३३ ॥

स एव सर्वं कुरुतां स एव परिपातु च।
स एव संवृणोत्वन्ते मदनुग्रहतः सदा ॥ ३४

त्यही पुरुष हाम्रो अनुग्रहले सदा सबको सृष्टि गरोस्, त्यही पालन गरोस् र अन्तमा त्यही सबको संहार पनि गरोस् ॥ ३४ ॥

चेतः समुद्रमाकुञ्च्य चिन्ताकल्लोललोलितम्।
सत्त्वरत्नं तमोग्राहं रजोविद्रुमवल्लितम् ॥ ३५

यस्य प्रसादात्तिष्ठावः सुखमानन्दकानने।
परिक्षिप्तमनोवृत्तौ बहिश्चिन्तातुरे सुखम् ॥ ३६

यो चित्त समुद्रसमान छ। यसमा चिन्ताका उत्ताउला छाल उठी-उठीकन यसलाई चंचल बनाइरहन्छन्। यसमा सत्त्वगुणरूपी रत्न, तमोगुणरूपी गोही र रजोगुणरूपी मूँगा भरिएका छन्। यस विशाल चित्त-समुद्रलाई संकुचित गरी हामी दुवै त्यस पुरुषको प्रसादले आनन्दकानन (काशी)-मा सुखपूर्वक निवास गर्न सकौँ, [यो आनन्दवन त्यो स्थान हो] जहाँ हाम्रो मनोवृत्ति सबैतिरबाट आकर्षित भएर यसैमा लागेको छ तथा जसको बाहरी जगत् चिन्ताले व्याकुल भएको प्रतीत हुन्छ ॥ ३५-३६ ॥

सम्प्रधार्येति स विभुस्तया शक्त्या परेश्वरः।
सव्ये व्यापारयाञ्चक्रे दशमेऽङ्गे सुधासवम् ॥ ३७

यस्तो निश्चय गरी शक्तिसहित सर्वव्यापी परमेश्वर शिवले आफ्नो बायाँ भागको दसौँ अंगमा अमृतको सिंचन गर्नुभयो ॥ ३७ ॥

ततः पुमानाविरासीदेकस्त्रैलोक्यसुन्दरः।
शान्तः सत्त्वगुणोद्रिक्तो गाम्भीर्यामितसागरः ॥ ३८

त्यहाँ त्यसै समय एउटा पुरुष प्रकट भयो, जो तीनै लोकहरूमा सबैभन्दा सुन्दर थियो। त्यो शान्त थियो। उसमा सत्त्वगुणको अधिकता थियो तथा त्यो गम्भीरताको अथाह सागर थियो ॥ ३८ ॥

तथा च क्षमया युक्तो मुनेऽलब्धोपमोऽभवत्।
इन्द्रनीलद्युतिः श्रीमान्पुण्डरीकोत्तमेक्षणः ॥ ३९

हे मुनि! क्षमा गुणले युक्त त्यस पुरुषका लागि खोज्दामा पनि कहीँ कुनै उपमा पाइन्नथ्यो। उसको कान्ति इन्द्रनील मणि समान श्याम थियो। उसका अंग-अंगबाट दिव्य शोभा छरिरहेका थिए र नेत्र प्रफुल्ल कमल समान सुशोभित थिए ॥ ३९ ॥

सुवर्णकान्तिभृच्छ्रेष्ठदुकूलयुगलावृतः।
लसत्प्रचण्डदोर्दण्डयुगलो ह्यपराजितः ॥ ४०

उसका श्रीअंगहरूमा सुवर्णसदृश कान्ति भएका दुई सुन्दर रेशमी पीताम्बर शोभा दिइरहेका थिए। कसैबाट पनि पराजित नहुने त्यो वीर पुरुष आफ्नो प्रचण्ड भुजदण्डहरूले सुशोभित भइरहेको थियो ॥ ४० ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ततः स पुरुषः शम्भुं प्रणम्य परमेश्वरम्।
नामानि कुरु मे स्वामिन्वद कर्म जगावति॥ ४१

तच्छ्रुत्वा वचनं प्राह शङ्करः प्रहसन्प्रभुः।
पुरुषं तं महेशानो वाचा मेघगभीरया॥ ४२

शिव उवाच

विष्णिवति व्यापकत्वात्ते नाम ख्यातं भविष्यति।
बहून्यन्यानि नामानि भक्तसौख्यकराणि ह॥ ४३

तपः कुरु दृढो भूत्वा परमं कार्यसाधनम्।
इत्युक्त्वा श्वासमार्गेण ददौ च निगमं ततः॥ ४४

ततोऽच्युतः शिवं नत्वा चकार विपुलं तपः।
अन्तर्धानं गतः शक्त्या सलोकः परमेश्वरः॥ ४५

दिव्यं द्वादशसाहस्त्रं वर्षं तप्त्वापि चाच्युतः।
न प्राप स्वाभिलषितं सर्वदं शम्भुदर्शनम्॥ ४६

ततः संशयमापन्नश्चिन्तितं हृदि सादरम्।
मयाद्य किं प्रकर्तव्यमिति विष्णुः शिवं स्मरन्॥ ४७

एतस्मिन्नन्तरे वाणी समुत्पन्ना शिवाच्छुभा।
तपः पुनः प्रकर्तव्यं संशयस्यापनुत्तये॥ ४८

ततस्तेन च तच्छ्रुत्वा तपस्तमं सुदारुणम्।
बहुकालं तदा ब्रह्मध्यानमार्गपरेण हि॥ ४९

ततः स पुरुषो विष्णुः प्रबुद्धो ध्यानमार्गतः।
सुप्रीतो विस्मयं प्राप्तः किं यत्तत्त्वमहो इति॥ ५०

परिश्रमवतस्तस्य विष्णोः स्वाङ्गेभ्य एव च।
जलधारा हि संयाता विविधाः शिवमायया॥ ५१

अभिव्याप्तं च सकलं शून्यं यत्तन्महामुने।
ब्रह्मरूपं जलमभूत्स्पर्शनात्पापनाशनम्॥ ५२

त्यसपछि त्यस पुरुषले परमेश्वर शिवलाई प्रणाम गरी भन्यो—हे स्वामी! मेरो नाम निश्चित गर्नुहोस् र काम बताउनुहोस्॥ ४१॥

त्यस पुरुषका यी कुरा सुनेर महेश्वर भगवान् शंकर हाँस्दै मेघको समान गम्भीर वाणीमा त्यसलाई भन्न लाग्नुभयो—॥ ४२॥

शिव भन्नुहुन्छ—हे बाबू! व्यापक हुनाको कारण तिमी 'विष्णु' नामले विख्यात हुने छौ। यसको अतिरिक्त अरू पनि धेरै नाम हुने छन्, जुन भक्तहरूलाई सुखदायक हुने छन्॥ ४३॥ तिमी सुस्थिर भएर उत्तम तप गर, किनभने त्यही समस्त कार्यहरूको साधन हो। यस्तो भनेर भगवान् शिवले श्वासमार्गबाट श्रीविष्णुलाई वेदहरूको ज्ञान प्रदान गर्नुभयो॥ ४४॥

त्यसपछि आफ्नो महिमाबाट कहिल्यै च्युत नहुने श्रीहरि भगवान् शिवलाई प्रणाम गरी धेरै ठुलो तपस्या गर्न लाग्नुभयो र शक्तिसहित परमेश्वर शिव पनि पार्षदगणहरूका साथ त्यहाँबाट अदृश्य हुनुभयो॥ ४५॥

बाह्र हजार दिव्य वर्षसम्म तपस्या गरिसके पश्चात् पनि विष्णुले आफ्नो अभीष्ट फलस्वरूप, सर्वस्व दिनुहुने भगवान् शिवको दर्शन प्राप्त गर्न सक्नु भएन॥ ४६॥ तब विष्णुलाई ठुलो सन्देह भयो। उहाँले हृदयमा शिवको स्मरण गर्दै सोच्नुभयो कि अब मैले के गर्नु पर्ला। यसै बीच शिवको मंगलमयी [आकाश] वाणी भयो कि सन्देह हटाउनका लागि पुनः तपस्या गर॥ ४७-४८॥

[शिवको] त्यस वाणीलाई सुनेर विष्णुले ब्रह्ममा ध्यान अवस्थित गरी [पुनः] दीर्घकालसम्म अत्यन्त कठिन तपस्या गर्नुभयो॥ ४९॥

त्यसपछि ब्रह्मको ध्यानावस्थामा नै विष्णुलाई बोध हुन आयो र उहाँ प्रसन्न भएर यो सोच्न लाग्नुभयो कि अहो! त्यो महान् तत्त्व के हो?॥ ५०॥

त्यस समय शिवको इच्छाले तपस्याको परिश्रममा निरत विष्णुका अंगहरूबाट अनेक प्रकारका जलधाराहरू निस्कन लागे॥ ५१॥

हे महामुनि! त्यस जलबाट सारा शून्य आकाश व्याप्त भयो। त्यो ब्रह्मरूप जल आफ्नो स्पर्शमात्रले सबै पापहरूको नाश गर्न सिद्ध भयो॥ ५२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तदा श्रान्तश्च पुरुषो विष्णुस्तस्मिञ्जले स्वयम्।
सुष्वाप परमप्रीतो बहुकालं विमोहितः॥ ५३

त्यस समय थाकेका परम पुरुष विष्णु मोहित भएर दीर्घकालसम्म बडो प्रसन्नताका साथ त्यसमा सुतिरहनुभयो ॥ ५३ ॥

नारायणेति नामापि तस्यासीच्छ्रुतिसम्मतम्।
नान्यत्किञ्चित्तदा ह्यासीत्प्राकृतं पुरुषं विना॥ ५४

नार अर्थात् जलमा शयन गर्नुभएको कारण नै उहाँको 'नारायण'—यो श्रुतिसम्मत नाम प्रसिद्ध भयो। त्यस समय ती परम पुरुष नारायणबाहेक दोस्रो कुनै प्राकृत वस्तु थिएन ॥ ५४ ॥

एतस्मिन्नन्तरे काले तत्त्वान्यासन्महात्मनः।
तत्प्रकारं शृणु प्राज्ञ गदतो मे महामते॥ ५५

त्यसपछि मात्र महात्मा नारायणदेवबाट यथासमय सबै तत्त्व प्रकट भए। हे महामते! हे विद्वान्! म ती तत्त्वको उत्पत्तिको प्रकार बताइरहेको छु, सुन्नुहोस्॥ ५५॥

प्रकृतेश्च महानासीन्महतश्च गुणास्त्रयः।
अहङ्कारस्ततो जातस्त्रिविधो गुणभेदतः॥ ५६
तन्मात्रश्च ततो जाताः पञ्च भूतानि वै ततः।
तदैव तानीन्द्रियाणि ज्ञानकर्ममयानि च॥ ५७

प्रकृतिबाट महत्तत्त्व प्रकट भयो र महत्तत्त्वबाट सत्त्वादि तीन गुण। ती गुणहरूको भेदबाट नै त्रिविध अहंकारको उत्पत्ति भयो। अहंकारबाट पाँच तन्मात्राहरू भए र ती तन्मात्राहरूबाट पाँच भूत प्रकट भए। त्यसै समयमा ज्ञानेन्द्रिय र कर्मेन्द्रियहरूको पनि प्रादुर्भाव भयो॥ ५६-५७ ॥

तत्त्वानामिति सङ्ख्यानमुक्तं ते ऋषिसत्तम।
जडात्मकं च तत्सर्वं प्रकृतेः पुरुषं विना॥ ५८

हे मुनिश्रेष्ठ! यस प्रकार मैले तपाईंलाई तत्त्वहरूको संख्या बताएँ। यीमध्ये पुरुषलाई छोडेर बाँकि सबै तत्त्व प्रकृतिबाट प्रकट भएका हुन्, यसै कारण सबै जड हुन्॥ ५८॥

तत्तदैकीकृतं तत्त्वं चतुर्विंशतिसङ्ख्यकम्।
शिवेच्छया गृहीत्वा स सुष्वाप ब्रह्मरूपके॥ ५९

तत्त्वहरूको संख्या चौबिस छन्। त्यस समय एकाकार भएका चौबिस तत्त्वहरूलाई ग्रहण गरी ती परम पुरुष नारायण भगवान् शिवको इच्छाले ब्रह्मरूप जलमा शयन गर्नुभयो॥ ५९ ॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां प्रथमखण्डे सृष्ट्युपाख्याने विष्णूत्पत्तिवर्णनं नाम षष्ठोऽध्यायः॥ ६॥

॥ यस प्रकार श्रीशिवमहापुराण अन्तर्गत द्वितीय रुद्रसंहिताको प्रथम खण्डमा सृष्टि-उपाख्यानको विष्णु-उत्पत्ति-वर्णन नामक छैठौँ अध्याय पूर्ण भयो॥ ६ ॥

अथ सप्तमोऽध्यायः

भगवान् विष्णुको नाभिबाट कमलको प्रादुर्भाव, शिवेच्छाले ब्रह्मा त्यसबाट प्रकट हुनु, कमलनालको उद्गम पता लगाउनमा असमर्थ ब्रह्माले तपस्या गर्नु, श्रीहरिले उनलाई दर्शन दिनु, विवादग्रस्त ब्रह्मा-विष्णुका बिचमा अग्निस्तम्भ प्रकट हुनु तथा त्यसको टुप्पो-फेदको पत्तो नपाएर ती दुवैले त्यसलाई प्रणाम गर्नु

ब्रह्मोवाच

सुप्ते नारायणे देवे नाभौ पङ्कजमुत्तमम्।
आविर्बभूव सहसा बृहद्वै शङ्करेच्छया॥ १

ब्रह्मा भन्नुहुन्छ—हे देवर्षि! जब नारायणदेव जलमा शयन गर्न लाग्नुभयो, त्यस समय उहाँको नाभिबाट भगवान् शंकरको इच्छाले सहसा एउटा विशाल तथा उत्तम कमल प्रकट भयो॥ १॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.

अनन्तयष्टिकायुक्तं कर्णिकारसमप्रभम्।
अनन्तयोजनायाममनन्तोच्छ्रायसंयुतम् ॥ २

कोटिसूर्यप्रतीकाशं सुन्दरं तत्त्वसंयुतम्।
अत्यद्भुतं महारम्यं दर्शनीयमनुत्तमम्॥ ३

कृत्वा यत्नं पूर्ववत्स शङ्करः परमेश्वरः।
दक्षिणाङ्गान्निजान्मां वै साम्बः शम्भुरजीजनत्॥ ४

स मायामोहितं कृत्वा मां महेशो द्रुतं मुने।
तन्नाभिपङ्कजादाविर्भावयामास लीलया॥ ५

एवं पद्मात्ततो जज्ञे पुत्रोऽहं हेमगर्भकः।
चतुर्मुखो रक्तवर्णस्त्रिपुण्ड्राङ्कितमस्तकः॥ ६

तन्मायामोहितश्चाहं नाविदं कमलं विना।
स्वदेहजनकं तात पितरं ज्ञानदुर्बलः॥ ७

कोऽहं वा कुत आयातः किं कार्यं तु मदीयकम्।
कस्य पुत्रोऽहमुत्पन्नः केनैव निर्मितोऽधुना॥ ८

इति संशयमापन्नं बुद्धिर्मां समपद्यत।
किमर्थं मोहमायामि तज्ज्ञानं सुकरं खलु॥ ९

एतत्कमलपुष्पस्य पत्रारोहस्थलं ह्यधः।
मत्कर्ता च स वै तत्र भविष्यति न संशयः॥ १०

इति बुद्धिं समास्थाय कमलादवरोहयम्।
नाले नाले गतस्तत्र वर्षाणां शतकं मुने॥ ११

न लब्धं तु मया तत्र कमलस्थानमुत्तमम्।
संशयं च पुनः प्राप्तः कमले गन्तुमुत्सुकः॥ १२

आरुरोहाथ कमलं नालमार्गेण वै मुने।
कुड्मलं कमलस्याथ लब्धवान्न विमोहितः॥ १३

त्यसमा असंख्य नालदण्ड थिए, त्यसको कान्ति नागकेसरको फूलसमान पहेँलो रंगको थियो तथा त्यसको लम्बाई र उचाइ पनि अनन्त योजन थियो। त्यो कमल करोडौँ सूर्यसमान प्रकाशित, सुन्दर, सम्पूर्ण तत्त्वहरूले युक्त, अत्यन्त अद्भुत, परम रमणीय, दर्शनको योग्य तथा सबैभन्दा उत्तम थियो॥ २-३॥

तत्पश्चात् कल्याणकारी परमेश्वर साम्बसदाशिवले पूर्ववत् प्रयत्न गरी मलाई आफ्नो दाहिने अंगबाट उत्पन्न गर्नुभयो॥ ४॥

हे मुनि! ती महेश्वरले मलाई तुरन्तै आफ्नो मायाले मोहित गरी नारायणदेवको नाभिकमलमा हालिदिनुभयो र लीलापूर्वक मलाई त्यहाँबाट प्रकट गर्नुभयो॥ ५॥

यस प्रकार त्यस कमलबाट पुत्ररूपमा म हिरण्यगर्भको जन्म भयो। मेरा चार मुख भए र शरीरको कान्ति रातो भयो। मेरो शिर त्रिपुण्ड्रको रेखाले अंकित थियो॥ ६॥

हे तात! भगवान् शिवको मायाबाट मोहित हुनाको कारण मेरो ज्ञानशक्ति यति दुर्बल भइरहेको थियो कि मैले त्यस कमल बाहेक अरू कसैलाई आफ्नो शरीरको जनक वा पिता जानिन॥ ७॥

म को हुँ, कहाँबाट आएको हुँ, मेरा कार्य के हो, म कसको पुत्र भएर उत्पन्न भएको हुँ र कसले यस समय मेरो निर्माण गरेको हो—यस प्रकार संशयमा परेको मेरो मनमा यो विचार उत्पन्न भयो—म केका लागि मोहमा परिरहेको छु? जसले मलाई उत्पन्न गरेको हो, त्यसको पत्तो लगाउन त ज्यादै सरल छ॥ ८-९॥

यस कमलपुष्पको जुन पत्रयुक्त नाल छ, त्यसको उद्गमस्थान यस जलभित्र तलतिर छ। जसले मलाई उत्पन्न गरेको हो, त्यो पुरुष पनि त्यहीँ होला, यसमा संशय छैन॥ १०॥

यस्तो निश्चय गरी मैले आफूलाई कमलबाट तल झारेँ। हे मुनि! त्यस कमलको एक-एक नालमा गएँ र सयकडौँ वर्षसम्म त्यहाँ भ्रमण गरिरहेँ॥ ११॥

मैले कहिल्यै पनि त्यस कमलको उद्गमको उत्तम स्थान भेट्न सकिन। तब पुनः संशयमा परेर म त्यस कमलपुष्पमा जानका लागि उत्सुक भएँ र हे मुनि! नालको मार्गबाट त्यस कमलमा चढ्न थालेँ। यसरी धेरै माथि जाँदा पनि मैले त्यस कमलको कोशलाई फेला पार्न सकिन। त्यस दशामा म अझ धेरै मोहित भएँ॥ १२-१३॥

2325_Sihvpurana_Part_1_Nepali_Section_9_1_Front

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नालमार्गेण भ्रमतो गतं वर्षशतं पुनः।
क्षणमात्रं तदा तत्र ततस्तिष्ठन्विमोहितः॥ १४

नालमार्गबाट भ्रमण गर्दै पुनः सयकडौं वर्ष व्यतीत भयो, [तर त्यसको कुनै पत्तो लाग्न सकेन] तब म मोहित (किंकर्तव्यविमूढ) भएर एक क्षण त्यहीँ रोकिएँ॥ १४॥

तदा वाणी समुत्पन्ना तपेति परमा शुभा।
शिवेच्छया परा व्योम्नो मोहविध्वंसिनी मुने॥ १५

हे मुनि! त्यस समय भगवान् शिवको इच्छाले परम मंगलमयी तथा उत्तम आकाशवाणी प्रकट भयो, जुन मेरो मोहलाई विध्वंस पार्ने खालको थियो, त्यस वाणीले भन्यो—'तप' तपस्या गर॥ १५॥

तच्छ्रुत्वा व्योमवचनं द्वादशाब्दं प्रयत्नतः।
पुनस्तप्तं तपो घोरं द्रष्टुं स्वजनकं तदा॥ १६

त्यस आकाशवाणीलाई सुनेर मैले आफ्ना जन्मदाता पिताको दर्शन गर्नाका लागि त्यस समय पुनः प्रयत्नपूर्वक बाह्र वर्षसम्म घोर तपस्या गरेँ॥ १६॥

तदा हि भगवान्विष्णुश्चतुर्बाहुः सुलोचनः।
मय्येवानुग्रहं कर्तुं द्रुतमाविर्बभूव ह॥ १७

शङ्खचक्रायुधकरो गदापद्मधरः परः।
घनश्यामलसर्वाङ्गः पीताम्बरधरः परः॥ १८

मुकुटादिमहाभूषः प्रसन्नमुखपङ्कजः।
कोटिकन्दर्पसङ्काशः सन्दृष्टो मोहितेन सः॥ १९

तब ममाथि अनुग्रह गर्नाका लागि नै चार भुजाहरू र सुन्दर नेत्रहरूले सुशोभित भगवान् विष्णु त्यहाँ सहसा प्रकट हुनुभयो। ती परम पुरुषले आफ्ना हातहरूमा शंख, चक्र, गदा र पद्म धारण गरिराखेका थिए। उनका सारा अंग सजल जलधाराको समान श्यामकान्तिले सुशोभित थियो। ती परम प्रभुले सुन्दर पीताम्बर पहिरिएका थिए। उनको शिर आदि अंगहरूमा मुकुट आदि महामूल्यवान् आभूषण शोभा पाइरहेका थिए। उनको मुखारविन्द प्रसन्नताले भरिएको थियो। म उनको छविमा मोहित भइरहेको थिएँ। मैले उनलाई करोडौँ कामदेवहरूको समान मनोहर देखेँ॥ १७—१९॥

तद् दृष्ट्वा सुन्दरं रूपं विस्मयं परमं गतः।
कालाभं काञ्चनाभं च सर्वात्मानं चतुर्भुजम्॥ २०

ती चतुर्भुज भगवान् विष्णुको त्यो अत्यन्त सुन्दर रूप देखेर मलाई ठुलो आश्चर्य भयो। ती श्यामल र सुनौलो आभाले उद्भासित भइरहेका थिए॥ २०॥

तथाभूतमहं दृष्ट्वा सदसन्मयमात्मना।
नारायणं महाबाहुं हर्षितो ह्यभवं तदा॥ २१

त्यस समय ती सदसत्स्वरूप, सर्वात्मा, महाबाहु नारायणदेवलाई त्यहाँ त्यस रूपमा आफ्नो साथ देखेर मलाई अत्यन्त हर्ष भयो॥ २१॥

मायया मोहितः शम्भोस्तदा लीलात्मनः प्रभोः।
अविज्ञाय स्वजनकं तमवोचं प्रहर्षितः॥ २२

म त्यस समय प्रभु शम्भुको लीलाबाट मोहित भइरहेको थिएँ, यसैले म आफूलाई उत्पन्न गर्नेलाई न जानेर अति हर्षित भएर उहाँसित भन्न लागेँ—॥ २२॥

ब्रह्मोवाच

कस्त्वं वदेति हस्तेन समुत्थाप्य सनातनम्।
तदा हस्तप्रहारेण तीव्रेण सुदृढेन तु॥ २३
प्रबुद्ध्योत्थाय शयनात्समासीनः क्षणं वशी।
ददर्श निद्राविक्लिन्न नीरजामललोचनः॥ २४
मामत्र संस्थितं भासाध्यासितो भगवान्हरिः।
आह चोत्थाय ब्रह्माणं हसन्मां मधुरं सकृत्॥ २५

ब्रह्मा भन्नुहुन्छ—मैले ती सनातन पुरुषलाई हातले उठाएर भनेँ कि तपाईं को हुनुहुन्छ, त्यस समय हातको तीव्र तथा सुदृढ प्रहारले क्षणमात्रमा नै ती जितेन्द्रिय जागा भई शय्याबाट उठेर बस्नुभयो। त्यसपछि अविकल रूपले निद्रारहित भएर ती राजीवलोचन भगवान् विष्णुले मलाई त्यहाँमाथि अवस्थित देख्नुभयो र हाँस्दै बारम्बार मधुर वाणीमा [उहाँ] भन्न लागनुभयो—॥ २३—२५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विष्णुरुवाच

स्वागतं स्वागतं वत्स पितामह महाद्युते।
निर्भयो भव दास्येऽहं सर्वान्कामान्न संशयः॥ २६

विष्णु भन्नुहुन्छ—हे वत्स! तपाईंलाई स्वागत छ। हे महाद्युतिमान् पितामह! तपाईंलाई स्वागत छ। निर्भय भएर रहनुहोस्। म तपाईंका सबै कामनाहरू पूर्ण गर्ने छु, यसमा सन्देह छैन॥ २६॥

तस्य तद्वचनं श्रुत्वा स्मितपूर्वं सुरर्षभः।
रजसा बद्धवैरश्च तमवोचं जनार्दनम्॥ २७

[हे देवर्षि!] उहाँको मन्दहासयुक्त त्यस वचनलाई सुनेर रजोगुणको कारण शत्रुता मानी बसेको देवश्रेष्ठ म ती जनार्दन भगवान् विष्णुसित भन्न लागेँ—॥ २७॥

ब्रह्मोवाच

भाषसे वत्स वत्सेति सर्वसंहारकारणम्।
मामिहाति स्मितं कृत्वा गुरुः शिष्यमिवानघ॥ २८

ब्रह्मा भन्नुहुन्छ—हे निष्पाप! समस्त संहारका कारणभूत तपाईं हाँस्दै मलाई जुन हे वत्स! हे वत्स! भनिरहनुभएको छ, त्यो त त्यस्तै लागिरहेको छ, जस्तो कुनै गुरु आफ्ना शिष्यलाई हे वत्स! हे वत्स! भनिरहेका छन्॥ २८॥

कर्तारं जगतां साक्षात्प्रकृतेश्च प्रवर्तकम्।
सनातनमजं विष्णुं विरिञ्चिं विष्णुसम्भवम्॥ २९
विश्वात्मानं विधातारं धातारं पङ्कजेक्षणम्।
किमर्थं भाषसे मोहाद्वक्तुमर्हसि सत्वरम्॥ ३०

म नै संसारको साक्षात् कर्ता, प्रकृतिको प्रवर्तक, सनातन, अजन्मा, विष्णु, ब्रह्मा, विष्णुलाई उत्पन्न गर्ने विश्वात्मा, विधाता, धाता र पुण्डरीकाक्ष हुँ। तपाईं अज्ञानवश मलाई हे वत्स! हे वत्स! यस्तो किन भनिरहनुहुन्छ? शीघ्र यसको कारण बताउनुहोस्॥ २९-३०॥

वेदो मां वक्ति नियमात्स्वयंभुवमजं विभुम्।
पितामहं स्वराजं च परमेष्ठिनमुत्तमम्॥ ३१

नियमतः वेद पनि मलाई स्वयम्भू, अज, विभु, पितामह, स्वराज, सर्वोत्तम र परमेष्ठी भन्दछन्॥ ३१॥

इत्याकर्ण्य हरिर्वाक्यं मम क्रुद्धो रमापतिः।
सोऽपि मामाह जाने त्वां कर्तारमिति लोकतः॥ ३२

मेरो यस वचनलाई सुनेर लक्ष्मीपति भगवान् हरि क्रुद्ध हुनुभयो र भन्नलाग्नुभयो कि म जान्दछु—संसारले नै तपाईंलाई जगत्को कर्ता मान्दछन्॥ ३२॥

विष्णुरुवाच

कर्तुं धर्तुं भवानङ्गादवतीर्णो ममाव्ययात्।
विस्मृतोऽसि जगन्नाथं नारायणमनामयम्॥ ३३
पुरुषं परमात्मानं पुरुहूतं पुरुष्टुतम्।
विष्णुमच्युतमीशानं विश्वस्य प्रभवोद्भवम्॥ ३४
नारायणं महाबाहुं सर्वव्यापकमीश्वरम्।
मन्नाभिपद्मतस्त्वं हि प्रसूतो नात्र संशयः॥ ३५

विष्णु भन्नुहुन्छ—तपाईं संसारको सृष्टि र पालन गर्नाका लागि म अव्ययको अंगबाट अवतीर्ण हुनुभएको हो, फेरि पनि तपाईंले म जगन्नाथ, नारायण, पुरुष, परमात्मा, निर्विकार, पुरुहूत, पुरुष्टुत, विष्णु, अच्युत, ईशान, संसारको उत्पत्ति-स्थानरूप, नारायण, महाबाहु र सर्वव्यापकलाई बिर्सनुभएको छ। मैरै नाभिकमलबाट तपाईं उत्पन्न हुनुभएको हो, यसमा सन्देह छैन॥ ३३-३५॥

तवापराधो नास्त्यत्र त्वयि मायाकृतं मम।
शृणु सत्यं चतुर्वक्त्र सर्वदेवेश्वरो ह्यहम्॥ ३६

यस विषयमा तपाईंको अपराध पनि छैन, तपाईंमाथि त मेरो माया छ। हे चतुर्मुख! सुन्नुहोस्, यो सत्य हो कि म नै सबै देवताहरूको ईश्वर हुँ॥ ३६॥

कर्ता हर्ता च भर्ता च न मयास्ति समो विभुः।
अहमेव परं ब्रह्म परं तत्त्वं पितामह॥ ३७

म नै कर्ता, हर्ता र भर्ता हुँ। मेरो समान अन्य शक्तिशाली कुनै देवता छैनन्। हे पितामह! म नै परब्रह्म तथा परम तत्त्व हुँ॥ ३७॥

अहमेव परं ज्योतिः परमात्मा त्वहं विभुः।
अद्य दृष्टं श्रुतं सर्वं जगत्यस्मिञ्चराचरम्॥ ३८

म नै परमज्योति र त्यो परमात्मा विभु हुँ, यस जगत्मा आज जुन यो सबै चराचर देखिँदै छन् र सुनिँदै छन्, हे चतुर्मुख! यी जति पनि छन्, ती ममा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तत्तद्विद्धि चतुर्वक्त्र सर्वं मन्मयमित्यथ।
मया सृष्टं पुराव्यक्तं चतुर्विंशतितत्त्वकम्॥ ३९

व्याप्त छन्—यस्तो तपाईं जान्नुहोस्। मैले नै सृष्टिको पहिला जगत्को चौबिस अव्यक्त तत्त्वहरूको रचना गरेको हुँ॥ ३८-३९॥

नित्यं तेष्वणवो बद्धाः सृष्टाः क्रोधभयादयः।
प्रभावाच्च भवानङ्गान्यनेकानीह लीलया॥ ४०

तिनै तत्त्वहरूबाट प्राणीहरूको शरीरधारक अणुहरूको निर्माण र क्रोध, भय आदि षड्गुणको सृष्टि भएको छ। मेरै प्रभाव र लीलाबाट नै तपाईं अनेक अंगले युक्त हुनुहुन्छ॥ ४०॥

सृष्टा बुद्धिर्मया तस्यामहङ्कारस्त्रिधा ततः।
तन्मात्रं पञ्चकं तस्मान्मनो देहेन्द्रियाणि च॥ ४१

आकाशादीनि भूतानि भौतिकानि च लीलया।
इति बुद्ध्वा प्रजानाथ शरणं व्रज मे विधे॥ ४२

अहं त्वां सर्वदुःखेभ्यो रक्षिष्यामि न संशयः।

मैले नै बुद्धितत्त्वको सृष्टि गरेको हुँ र त्यसमा तीन प्रकारका अहंकार उत्पन्न गरिएको छ। त्यसपछि त्यसबाट रूप, रस, गन्ध, शब्द, स्पर्श—यी पंचतन्मात्रा, मन एवं आँखा, जिभ्रो, नाक, कान तथा छाला—यी पाँच ज्ञानेन्द्रियहरू र वाक्, पाणि, पाद, पायु, उपस्थ—यी पाँच कर्मेन्द्रियहरू, क्षिति, जल, पावक, गगन र वायु—यी पंच महाभूतहरू तथा अन्य सबै भौतिक पदार्थहरूको रचना लीलाबाट नै भएको छ। हे प्रजापति! हे ब्रह्मन्! यस्तो जानेर तपाईं मेरो शरणमा आउनुहोस्, म सबै दुःखहरूबाट तपाईंको रक्षा गर्नेछु, यसमा संशय छैन॥ ४१-४२१/२॥

ब्रह्मोवाच

इति श्रुत्वा वचस्तस्य ब्रह्मा क्रोधसमन्वितः।
को वा त्वमिति सम्भर्त्स्याब्रुवं मायाविमोहितः॥ ४३

किमर्थं भाषसे भूरि बह्वनर्थकरं वचः।
नेश्वरस्त्वं परं ब्रह्म कश्चित्कर्ता भवेत्तव॥ ४४

ब्रह्मा भन्नुहुन्छ—विष्णुका यी वचन सुनेर म ब्रह्मा क्रोधित भएँ र मायाको वशीभूत भएको म उहाँलाई फट्कार्दै सोध्न लागेँ कि तपाईं को हुनुहुन्छ र केका लागि यती धेरै निरर्थक बोलिरहनुभएको छ? तपाईं न ईश्वर हुनुहुन्छ, न परब्रह्म। तपाईंको कुनै कर्ता अवश्य छ॥ ४३-४४॥

मायया मोहितश्चाहं युद्धं चक्रे सुदारुणम्।
हरिणा तेन वै सार्धं शङ्करस्य महाप्रभोः॥ ४५

महाप्रभु शंकरको मायाले विमोहित म ती भगवान् विष्णुका साथ भयंकर युद्ध गर्न लागेँ॥ ४५॥

एवं मम हरेश्चासीत्सङ्गरो रोमहर्षणः।
प्रलयार्णवमध्ये तु रजसा बद्धवैरयोः॥ ४६

त्यस प्रलयकालीन महासमुद्रको बिचमा रजोगुणको कारण परस्पर बढेको शत्रुताले मेरो र विष्णुको रोमांचकारी युद्ध हुन लाग्यो॥ ४६॥

एतस्मिन्नन्तरे लिङ्गमभवच्चावयोः पुरः।
विवादशमनार्थं हि प्रबोधार्थं तथावयोः॥ ४७

यसै बीच हामी दुवैद्वारा छेडिएको विवादलाई शान्त पार्नका लागि र ज्ञान प्रदान गर्नाका लागि हामी दुवैको सामुन्ने एउटा लिंग प्रकट भयो॥ ४७॥

ज्वालामालासहस्राढ्यं कालानलशतोपमम्।
क्षयवृद्धिविनिर्मुक्तमादिमध्यान्तवर्जितम्॥ ४८

त्यो लिंग अग्निको प्रचण्ड हजार ज्वालाहरूभन्दा पनि धेरै ज्वालासमूह भएको, सयकडौँ कालाग्निहरूको समान कान्तिमान्, क्षय एवं वृद्धिबाट रहित, आदि-मध्य र अन्तबाट विहीन थियो॥ ४८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनौपम्यमनिर्देश्यमव्यक्तं विश्वसम्भवम्।
तस्य ज्वालासहस्त्रेण मोहितो भगवान्हरिः॥ ४९

त्यो उपमारहित, अनिर्देश्य, स्वयंभू, अव्यक्त र विश्वसर्जक थियो। त्यस लिंगको सहस्त्र ज्वालाहरूको समूहलाई हेर्नाले मात्र नै भगवान् विष्णु मोहित हुनुभयो॥ ४९॥

मोहितं चाह मामत्र किमर्थं स्पर्धसेऽधुना।
आगतस्तु तृतीयोऽत्र तिष्ठतां युद्धमावयोः॥ ५०

शिवको मायाले मोहित मसित ती भन्न लागे कि यस समय मसित तिमी यति प्रतिस्पर्धा किन गरिरहेका छौ? हामी दुवैको बिचमा त एउटा तेस्रो पनि आएको छ, यसैले युद्ध रोकौँ॥ ५०॥

कुत एवात्र सम्भूतः परीक्षावोऽग्निसम्भवम्।
अधो गमिष्याम्यनलस्तम्भस्यानुपमस्य च॥ ५१
परीक्षार्थं प्रजानाथ तस्य वै वायुवेगतः।
भवानूर्ध्वं प्रयत्नेन गन्तुमर्हसि सत्वरम्॥ ५२

हामी दुवै यस अग्निबाट उत्पन्न लिंगको परीक्षा गरौँ कि यो कहाँबाट प्रकट भएको हो। म यस अनुपम अग्निस्तम्भको तल जाने छु र हे प्रजानाथ! तपाईं यसको परीक्षा गर्नाका लागि वायुवेगले प्रयत्नपूर्वक तत्काल माथितिर जानुहोस्॥ ५१-५२॥

ब्रह्मोवाच

एवं व्याहृत्य विश्वात्मा स्वरूपमकरोत्तदा।
वाराहमहमप्याशु हंसत्वं प्राप्तवान्मुने॥ ५३

ब्रह्मा भन्नुहुन्छ—तब यस्तो भनेर विश्वात्मा भगवान् विष्णुले वाराहको रूप धारण गर्नुभयो र हे मुनि! मैले पनि तत्काल हंसको रूप धारण गरेँ॥ ५३॥

तदाप्रभृति मामाहुर्हंसहंसो विराडिति।
हंस हंसेति यो ब्रूयात्स हंसोऽथ भविष्यति॥ ५४

त्यसै समयदेखि मानिसहरू मलाई हंस-हंस र विराट् यस्तो भन्न लागे। जो 'हंस-हंस' यो भनेर मेरो नामको जप गर्छ, त्यो हंसस्वरूप नै हुन जान्छ॥ ५४॥

सुश्वेतो ह्यनलप्रख्यो विश्वतः पक्षसंयुतः।
मनोऽनिलजवो भूत्वा गतोर्ध्वं चोर्ध्वतः पुरा॥ ५५

अत्यन्त सेतो, अग्नि समान, चारैतिर प्वाँखले युक्त र मन तथा वायु वेग भएर म माथि-माथि लिंगको पत्तो लगाउँदै गएँ॥ ५५॥

नारायणोऽपि विश्वात्मा सुश्वेतो ह्यभवत्तदा।
दशयोजनविस्तीर्णं शतयोजनमायतम्॥ ५६
मेरुपर्वतवर्ष्माणं गौरतीक्ष्णोग्रदंष्ट्रिणम्।
कालादित्यसमाभासं दीर्घघोणं महास्वनम्॥ ५७
ह्रस्वपादं विचित्राङ्गं जैत्रं दृढमनौपमम्।
वाराहाकारमास्थाय गतवांस्तदधो जवात्॥ ५८

त्यसै समय विश्वात्मा नारायणले पनि अत्यन्त सेतो स्वरूप धारण गर्नुभयो। दश योजन चौडा, सय योजन लामो मेरुपर्वतको समान शरीर भएका, सेतो तथा अत्यन्त तेज दाह्राहरूले युक्त, प्रलयकालीन सूर्यसमान कान्तिमान्, लामा नाकले सुशोभित, भयंकर [घुर्र-घुर्रको] ध्वनि गर्ने, छोटा-छोटा खुट्टाले युक्त, विचित्र अंग भएका, विजय प्राप्त गर्ने इच्छाले परिपूर्ण, दृढ तथा अनुपम वाराहको स्वरूप धारण गरी ती भगवान् विष्णु पनि अत्यन्त वेगले त्यसको तलतिर जानुभयो॥ ५६—५८॥

एवं वर्षसहस्त्रं च चरन्विष्णुरधो गतः।
तदाप्रभृति लोकेषु श्वेतवाराहसंज्ञकः॥ ५९
कल्पो बभूव देवर्षे नराणां कालसंज्ञकः।

यस प्रकार रूप धारण गरी भगवान् विष्णु एक हजार वर्षसम्म तलतिर नै गइरहनुभयो। त्यसै समयदेखि [पृथिवी आदि] लोकहरूमा श्वेतवाराह नामक कल्पको प्रादुर्भाव भयो। हे देवर्षि! यो मनुष्यहरूको कालगणनाको अवधि हो॥ ५९ १/२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बभ्राम बहुधा विष्णुः प्रभविष्णुरधोगतः ॥ ६०
नापश्यदल्पमप्यस्य मूलं लिङ्गस्य सूकरः।

यता [अत्यन्त तीव्र गतिले] तलतिर जाँदै गरेका महातेजस्वी विष्णु अनेकौँ प्रकारले भ्रमण गर्दै रहनुभयो, तर महावाराहरूपधारी विष्णुले त्यस ज्योतिर्लिंगको मूलको अल्प भाग पनि देख्न सक्नुभएन ॥ ६०१/२॥

तावत्कालं गतश्चोर्ध्वमहमप्यरिसूदन ॥ ६१
सत्वरं सर्वयत्नेन तस्यान्तं ज्ञातुमिच्छया।
श्रान्तो न दृष्ट्वा तस्यान्तमहं कालादधोगतः ॥ ६२

हे अरिसूदन! तबसम्म म पनि त्यस ज्योतिर्लिंगको अन्त पत्ता लगाउनका लागि वेगले माथितिर गइरहेँ। यत्नपूर्वक त्यस ज्योतिर्लिंगको अन्तलाई जान्न इच्छुक म अत्यन्त परिश्रमको कारण थाकेँ र त्यसको अन्त नदेखिकन नै केही समयमा तलतिर फर्किएँ ॥ ६१-६२॥

तथैव भगवान्विष्णुः श्रान्तः कमललोचनः।
सर्वदेवनिभस्तूर्णमुत्थितः स महावपुः ॥ ६३

त्यसै प्रकार सर्वदेवस्वरूप, महाकाय, कमललोचन, भगवान् विष्णु पनि थाकेका कारण ज्योतिर्लिंगको अन्त नदेखिकन नै माथि आउनुभयो ॥ ६३ ॥

समागतो मया सार्धं प्रणिपत्य भवं मुहुः।
मायया मोहितः शम्भोस्तस्थौ संविग्नमानसः ॥ ६४

शिवको मायाले विमोहित विष्णु आएर मसँगै भगवान् शिवलाई पटक-पटक प्रणाम गरी व्याकुल चित्तले त्यहाँ उभिरहनुभयो ॥ ६४ ॥

पृष्ठतः पार्श्वतश्चैव ह्यग्रतः परमेश्वरम्।
प्रणिपत्य मया सार्धं सस्मार किमिदं त्विति ॥ ६५

पृष्ठ प्रदेशतिरबाट, पार्श्वतिरबाट र अगाडि-पछाडितिरबाट परमेश्वर शिवलाई मसँगै प्रणाम गरी विष्णु पनि सोच्न लाग्नुभयो कि यो के हो ? ॥ ६५॥

अनिर्देश्यं च तद्रूपमनाम कर्मवर्जितम्।
अलिङ्गं लिङ्गतां प्राप्तं ध्यानमार्गेऽप्यगोचरम् ॥ ६६
स्वस्थं चित्तं तदा कृत्वा नमस्कारपरायणौ।
बभूवतुरुभावावामहं हरिरपि ध्रुवम् ॥ ६७
जानीवो न हि ते रूपं योऽसि सोऽसि महाप्रभो।
नमोऽस्तु ते महेशान रूपं दर्शय नौ त्वरम् ॥ ६८

त्यो रूप त अनिर्देश्य, नाम तथा कर्मबाट रहित, अलिंग भएर पनि लिंगतालाई प्राप्त र ध्यानमार्गबाट अगम्य थियो। त्यसपछि आफ्नो मनलाई शान्त पारी म र विष्णु दुवै शिवलाई पटक-पटक प्रणाम गरी भन्न लाग्यौँ—हे महाप्रभु! हामी हजुरको स्वरूपलाई जान्दैनौँ। हजुर जे हुनुहुन्छ, त्यही हुनुहुन्छ, हजुरलाई हाम्रो नमस्कार छ। हे महेशान! हजुर तत्काल हामीलाई आफ्नो स्वरूपको दर्शन गराउनुहोस् ॥ ६६—६८॥

एवं शरच्छतान्यासन्नमस्कारं प्रकुर्वतोः।
आवयोर्मुनिशार्दूल मदमास्थितयोस्तदा ॥ ६९

हे मुनिश्रेष्ठ! यस प्रकार अहंकारले आविष्ट भएका हामी दुवैको त्यहाँ नमस्कार गर्दै हजारौँ वर्ष बिते ॥ ६९ ॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां प्रथमखण्डे सृष्ट्युपाख्याने विष्णुब्रह्मविवादवर्णनं नाम सप्तमोऽध्यायः ॥ ७ ॥

॥ यस प्रकार श्रीशिवमहापुराण अन्तर्गत द्वितीय रुद्रसंहिताको प्रथम खण्डमा सृष्टि-उपाख्यानको विष्णु-ब्रह्मा-विवाद-वर्णन नामक सातौँ अध्याय पूर्ण भयो ॥ ७ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अथाष्टमोऽध्यायः

ब्रह्मा र विष्णुलाई भगवान् शिवको शब्दमय शरीरको दर्शन

ब्रह्मोवाच

एवं तयोर्मुनिश्रेष्ठ दर्शनं काङ्क्षमाणयोः।
विगर्वयोश्च सुरयोः सदा नौ स्थितयोर्मुने॥ १

दयालुरभवच्छम्भुर्दीनानां प्रतिपालकः।
गर्विणां गर्वहर्ता च सर्वेषां प्रभुरव्ययः॥ २

तदा समभवत्तत्र नादो वै शब्दलक्षणः।
ओमोमिति सुरश्रेष्ठात्सुव्यक्तः प्लुतलक्षणः॥ ३

किमिदं त्विति सञ्चिन्त्य मया तिष्ठन्महास्वनः।
विष्णुः सर्वसुराराध्यो निर्वैरस्तुष्टचेतसा॥ ४

लिङ्गस्य दक्षिणे भागे तथापश्यत्सनातनम्।
आद्यं वर्णमकाराख्यमुकारं चोत्तरे ततः॥ ५

मकारं मध्यतश्चैव नादमन्तेऽस्य चोमिति।
सूर्यमण्डलवद् दृष्ट्वा वर्णमाद्यं तु दक्षिणे॥ ६

उत्तरे पावकप्रख्यमुकारमृषिसत्तम।
शीतांशुमण्डलप्रख्यं मकारं तस्य मध्यतः॥ ७

तस्योपरि तदापश्यच्छुद्धस्फटिकसुप्रभम्।
तुरीयातीतममलं निष्कलं निरुपद्रवम्॥ ८

निर्द्वन्द्वं केवलं शून्यं बाह्याभ्यन्तरवर्जितम्।
सबाह्याभ्यन्तरे चैव बाह्याभ्यन्तरसंस्थितम्॥ ९

आदिमध्यान्तरहितमानन्दस्यादिकारणम्।
सत्यमानन्दममृतं परं ब्रह्मपरायणम्॥ १०

कुत एवात्र सम्भूतः परीक्षावोऽग्निसम्भवम्।
अधो गमिष्याम्यनलस्तम्भस्यानुपमस्य च॥ ११

ब्रह्मा भन्नुहुन्छ—मुनिश्रेष्ठ नारद! यस प्रकार हामी दुवै देवता गर्वरहित भई निरन्तर प्रणाम गरिरह्यौँ। हामी दुवैको मनमा एउटै अभिलाषा थियो कि यस ज्योतिर्लिंगको रूपमा प्रकट भएका परमेश्वरले प्रत्यक्ष दर्शन दिऊन्॥ १॥ दीनहरूका प्रतिपालक, अहंकारीहरूको गर्व धुलो पार्नुहुने तथा सबैका प्रभु अविनाशी शंकर हामी दुवैमाथि दयालु हुनुभयो॥ २॥

त्यस समय त्यहाँ ती सुरश्रेष्ठबाट ओम्-ओम् यस्तो शब्दरूप नाद प्रकट भयो, जुन स्पष्टरूपले प्लुत स्वरमा अभिव्यक्त भएको थियो॥ ३॥

जोरले प्रकट हुने त्यस शब्दको विषयमा 'यो के हो'—यस्तो सोच्दै समस्त देवताहरूका आराध्य भगवान् विष्णु मसँगै सन्तुष्टचित्तले उभिरहनुभयो। उहाँ सर्वथा वैरभावबाट रहित हुनुहुन्थ्यो॥ ४॥

उहाँले लिंगको दक्षिण भागमा सनातन आदिवर्ण अकारको दर्शन गर्नुभयो। त्यसपछि उत्तर भागमा उकारको, मध्यभागमा मकारको र अन्तमा 'ओम्' यस नादको साक्षात् दर्शन गर्नुभयो॥ ५१/२॥

हे ऋषिश्रेष्ठ! दक्षिण भागमा प्रकट भएका आदिवर्ण अकारलाई सूर्य-मण्डलको समान तेजोमय देखेपछि उहाँले उत्तर भागमा उकार वर्णलाई अग्निसमान देख्नुभयो। हे मुनिश्रेष्ठ! यसै गरी उहाँले मध्यभागमा मकारलाई चन्द्रमण्डलको समान देख्नुभयो॥ ६-७॥

त्यसपछि त्यसको माथितिर शुद्ध स्फटिक मणि-समान निर्मल प्रभाले युक्त, तुरीयातीत, अमल, निष्कल, निरुपद्रव, निर्द्वन्द्व, अद्वितीय, शून्यमय, बाह्य र आभ्यन्तरको भेदबाट रहित, बाह्याभ्यन्तर-भेदले युक्त, जगत्को भित्र र बाहिर स्वयं नै स्थित, आदि, मध्य र अन्तबाट रहित, आनन्दका आदिकारण तथा सबैका परम आश्रय, सत्य, आनन्द एवं अमृतस्वरूप परब्रह्मको साक्षात्कार गर्नुभयो॥ ८—१०॥

[त्यस समय श्रीहरि यो सोच्न लाग्नुभयो कि] यो अग्निस्तम्भ यहाँ कहाँबाट प्रकट भएको छ? हामी फेरि यसको परीक्षा गरौँ। म यस अनुपम अग्निस्तम्भको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेदशब्दोभयावेशं विश्वात्मानं व्यचिन्तयत्।
तदाभवदृषिस्तत्र ऋषेः सारतमः स्मृतः॥ १२

तेनैव ऋषिणा विष्णुर्ज्ञातवान्परमेश्वरम्।
महादेवं परं ब्रह्म शब्दब्रह्मतनुं परम्॥ १३

चिन्तया रहितो रुद्रो वाचो यन्मनसा सह।
अप्राप्य तन्निवर्तन्ते वाच्यस्त्वेकाक्षरेण सः॥ १४

एकाक्षरेण तद्वाक्यमृतं परमकारणम्।
सत्यमानन्दममृतं परं ब्रह्म परात्परम्॥ १५

एकाक्षरादकाराख्याद्भगवान्बीजकोऽण्डजः।
एकाक्षरादुकाराख्याद्धरिः परमकारणम्॥ १६

एकाक्षरान्मकाराख्याद्भगवान्नीललोहितः ।
सर्गकर्ता त्वकाराख्यो ह्युकाराख्यस्तु मोहकः॥ १७

मकाराख्यस्तु यो नित्यमनुग्रहकरोऽभवत्।
मकाराख्यो विभुर्बीजी ह्यकारो बीज उच्यते॥ १८

उकाराख्यो हरिर्योनिः प्रधानपुरुषेश्वरः।
बीजी च बीजं तद्योनिर्नादाख्यश्च महेश्वरः॥ १९

बीजी विभज्य चात्मानं स्वेच्छया तु व्यवस्थितः।
अस्य लिङ्गादभूद् बीजमकारो बीजिनः प्रभोः॥ २०

उकारयोनौ निःक्षिप्तमवर्धत समन्ततः।
सौवर्णमभवच्चाण्डमावेद्यं तदलक्षणम्॥ २१

अनेकाब्दं तथा चाप्सु दिव्यमण्डं व्यवस्थितम्।
ततो वर्षसहस्रान्ते द्विधा कृतमजोद्भवम्॥ २२

तल जाने छु। यस्तो विचार गर्दै श्रीहरिले वेद र शब्द दुवैको आवेशले युक्त विश्वात्मा शिवको चिन्तन गर्नुभयो। तब त्यहाँ एक ऋषि प्रकट भए, जो ऋषिसमूहका परम साररूप मानिन्छन्॥ ११-१२॥

उनै ऋषिद्वारा परमेश्वर श्रीविष्णुले जान्नुभयो कि यस शब्दब्रह्ममय शरीर भएका परम लिंगको रूपमा साक्षात् परब्रह्मस्वरूप महादेव नै यहाँ प्रकट भएका छन्॥ १३॥

यी चिन्तारहित अथवा अचिन्त्य रुद्र हुन्, जहाँ गएर मनसहित वाणी त्यसलाई प्राप्त नगरी फर्कन्छ, त्यस परब्रह्म परमात्मा शिवको वाचक एकाक्षर प्रणव नै हो, यो यसको वाच्यार्थरूप हो॥ १४॥

त्यस परम कारण, ऋत, सत्य, आनन्द एवं अमृतस्वरूप परात्पर परब्रह्मलाई यस एकाक्षरद्वारा नै जान्न सकिन्छ॥ १५॥

प्रणवको एक अक्षर अकारबाट जगत्को बीजभूत अण्डजन्मा भगवान् ब्रह्माको बोध हुन्छ। त्यसको दोस्रो एक अक्षर उकारबाट परमकारणरूप श्रीहरिको बोध हुन्छ र तेस्रो एक अक्षर मकारबाट भगवान् नीललोहित शिवको ज्ञान हुन्छ। अकार सृष्टिकर्ता हो, उकार मोहमा पार्नेवाला हो र मकार नित्य अनुग्रह गर्नेवाला हो। मकार-बोध्य सर्वव्यापी शिव बीजी [बीजमात्रका स्वामी] हुनुहुन्छ र अकारसंज्ञक म ब्रह्मालाई बीज भनिन्छ। उकारसंज्ञक श्रीहरि योनि हुनुहुन्छ। प्रधान र पुरुषका पनि ईश्वर जो महेश्वर हुनुहुन्छ, उहाँ बीजी, बीज र योनि पनि हुनुहुन्छ। उहाँलाई नै नाद भनिन्छ॥ १६—१९॥ बीजी आफ्नै इच्छाले आफ्नो बीजलाई अनेकौँ रूपमा विभक्त गरी स्थित छन्। यी बीजी भगवान् महेश्वरको लिंगबाट अकाररूप बीज प्रकट भयो॥ २०॥

जुन उकाररूप योनिमा स्थापित भएर सबैतिर बढ्न थाल्यो, त्यो सुवर्णमय अण्डको रूपमा नै भन्नयोग्य थियो। त्यसका अरू कुनै विशेष लक्षण लक्षित हुन्नथ्यो॥ २१॥

त्यो दिव्य अण्ड अनेकौँ वर्षसम्म जलमा नै स्थित रह्यो। त्यसको एक हजार वर्षपछि त्यस अण्डको दुई टुक्रा भयो। जलमा स्थित भएको त्यो अण्ड अजन्मा ब्रह्माको उत्पत्तिको स्थान थियो र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अण्डमप्सु स्थितं साक्षाद् व्याघातेनेश्वरेण तु।
तथास्य सुशुभं हैमं कपालं चोर्ध्वसंस्थितम्॥ २३

जज्ञे सा द्यौस्तदपरं पृथिवी पञ्चलक्षणा।
तस्मादण्डाद्भवो जज्ञे ककाराख्यश्चतुर्मुखः॥ २४

स स्रष्टा सर्वलोकानां स एव त्रिविधः प्रभुः।
एवमोमोमिति प्रोक्तमित्याहुर्यजुषां वराः॥ २५

यजुषां वचनं श्रुत्वा ऋचः सामानि सादरम्।
एवमेव हरे ब्रह्मन्नित्याहुश्चावयोस्तदा॥ २६

ततो विज्ञाय देवेशं यथावच्छक्तिसम्भवैः।
मन्त्रैर्महेश्वरं देवं तुष्टाव सुमहोदयम्॥ २७

एतस्मिन्नन्तरेऽन्यच्च रूपमद्भुतसुन्दरम्।
ददर्श च मया सार्धं भगवान्विश्वपालकः॥ २८

पञ्चवक्त्रं दशभुजं गौरकर्पूरवन्मुने।
नानाकान्तिसमायुक्तं नानाभूषणभूषितम्॥ २९

महोदारं महावीर्यं महापुरुषलक्षणम्।
तं दृष्ट्वा परमं रूपं कृतार्थोऽभून्मया हरिः॥ ३०

अथ प्रसन्नो भगवान्महेशः परमेश्वरः।
दिव्यं शब्दमयं रूपमाख्याय प्रहसन्स्थितः॥ ३१

अकारस्तस्य मूर्धा हि ललाटो दीर्घ उच्यते।
इकारो दक्षिणं नेत्रमीकारो वामलोचनम्॥ ३२

उकारो दक्षिणं श्रोत्रमूकारो वाम उच्यते।
ऋकारो दक्षिणं तस्य कपोलं परमेष्ठिनः॥ ३३

साक्षात् महेश्वरको आघातले नै फुटेर दुई भागमा बाँडिन गएको थियो। त्यस अवस्थामा माथि स्थित भएको त्यसको सुवर्णमय कपाल ज्यादै शोभायमान हुन थाल्यो॥ २२-२३॥

त्यही द्युलोकको रूपमा प्रकट भयो तथा जुन उसका अरू तलतिरका कपाल थिए, त्यही यी पाँच लक्षणले युक्त पृथिवी हुन्। त्यस अण्डबाट चतुर्भुज ब्रह्मा उत्पन्न भए, जसको संज्ञा 'क' हो॥ २४॥

ती समस्त लोकका स्रष्टा हुन्। यस प्रकार ती भगवान् महेश्वर नै 'अ', 'उ', 'म्'—यी त्रिविध रूपमा वर्णित भएका छन्। यसै अभिप्रायले ती ज्योतिर्लिंगस्वरूप सदाशिवले 'ओम्', 'ओम्'—यस्तो भन्नुभयो—यी कुरा यजुर्वेदका श्रेष्ठ मन्त्रले भन्दछन्॥ २५॥

यजुर्वेदका श्रेष्ठ मन्त्रहरूको यो कथन सुनेर ऋचाहरू र साममन्त्रहरूले पनि हामीसित आदरपूर्वक यो भने—हे हरे! हे ब्रह्मन्! यो कुरा सत्य हो॥ २६॥

यसरी देवेश्वर शिवलाई जानेर श्रीहरिले शक्तिसम्पन्न मन्त्रहरूद्वारा उत्तम एवं महान् अभ्युदयले शोभित हुनुहुने ती महेश्वर देवको स्तवन गर्नुभयो॥ २७॥ त्यसै बीचमा मसँगै रहनुभएका विश्वपालक भगवान् विष्णुले एउटा अर्को अद्भुत एवं सुन्दर रूप देख्नुभयो॥ २८॥

हे मुनि! त्यो रूप पाँच मुख र दस भुजाले अलंकृत थियो। त्यसको कान्ति कपुरको समान गोरो थियो। त्यो अनेकौँ प्रकारका छटाहरूले र थरी-थरीका आभूषणहरूले विभूषित थियो॥ २९॥

त्यस परम उदार, महापराक्रमी र महापुरुषका लक्षणहरूले सम्पन्न अत्यन्त उत्कृष्ट रूपको दर्शन गरी मसँगै श्रीहरि कृतार्थ हुनुभयो॥ ३०॥

तत्पश्चात् परमेश्वर भगवान् महेश प्रसन्न भएर आफ्नो दिव्य शब्दमय रूपलाई प्रकट गरी हाँस्दै उभिनुभयो॥ ३१॥

[ह्रस्व] अकार उहाँको मस्तक र दीर्घ अकार निधार हो। इकार दाहिने नेत्र र ईकार बायाँ नेत्र हो॥ ३२॥

उकारलाई उहाँका दाहिना र ऊकारलाई बायाँ कान बताइन्छ। ऋकार ती परमेश्वरको दायाँ र ॠकार बायाँ गाला हुन्। ऌ र ॡ—यी उहाँका नासिकाका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वामं कपोलमृकारो लृ लॄ नासापुटे उभे।
एकारश्चोष्ठ ऊर्ध्वश्च ह्यैकारस्त्वधरो विभोः॥ ३४

दुवै छिद्र हुन्। एकार ती सर्वव्यापी प्रभुका माथिल्लो ओठ हो र ऐकार तल्लो ओठ हो॥ ३३-३४॥

ओकारश्च तथौकारो दन्तपङ्क्तिद्वयं क्रमात्।
अमस्तु तालुनी तस्य देवदेवस्य शूलिनः॥ ३५

ओकार तथा औकार—यी दुवै क्रमशः उहाँका माथिल्लो र तल्लो दुई दंतपंक्तिहरू हुन्। अं र अः ती देवाधिदेव शूलधारी शिवका दुवै तालु हुन्॥ ३५॥

कादिपञ्चाक्षराण्यस्य पञ्च हस्ताश्च दक्षिणे।
चादिपञ्चाक्षराण्येवं पञ्च हस्तास्तु वामतः॥ ३६

क आदि पाँच अक्षर उहाँका दाहिना पाँच हात हुन् र च आदि पाँच अक्षर बायाँ पाँच हात हुन्॥ ३६॥

टादिपञ्चाक्षरं पादास्तादि पञ्चाक्षरं तथा।
पकार उदरं तस्य फकारः पार्श्व उच्यते॥ ३७
बकारो वामपार्श्वस्तु भकारः स्कन्ध उच्यते।
मकारो हृदयं शम्भोर्महादेवस्य योगिनः॥ ३८

ट र त आदि पाँच-पाँच अक्षर उहाँका गोडा हुन्। पकार पेट हो। फकारलाई दाहिना कोख बताइन्छ र बकारलाई बायाँ कोख। भकारलाई काँध भनिन्छ। मकार ती योगी महादेव शम्भुको हृदय हो॥ ३७-३८॥

यकारादिसकारान्ता विभोर्वै सप्तधातवः।
हकारो नाभिरूपो हि क्षकारो घ्राण उच्यते॥ ३९

यदेखि लिएर ससम्म [य, र, ल, व, श, ष तथा स—यी सात अक्षर] सर्वव्यापी शिवका सात धातु हुन्। हकारलाई उहाँको नाभि र क्षकारलाई नासिका भनिन्छ॥ ३९॥

एवं शब्दमयं रूपमगुणस्य गुणात्मनः।
दृष्ट्वा तमुमया सार्धं कृतार्थोऽभून्मया हरिः॥ ४०

यस प्रकार निर्गुण एवं गुण-स्वरूप परमात्माका शब्दमय रूपलाई भगवती उमासहित देखेर श्रीहरि मसँगै कृतार्थ हुनुभयो॥ ४०॥

एवं दृष्ट्वा महेशानं शब्दब्रह्मतनुं शिवम्।
प्रणम्य च मया विष्णुः पुनश्चापश्यदूर्ध्वतः॥ ४१

यस प्रकार शब्द ब्रह्ममय-शरीरधारी महेश्वर शिवको दर्शन पाएर मसँगै श्रीहरिले उहाँलाई प्रणाम गरी पुनः माथितिर हेर्नुभयो॥ ४१॥

ॐकारप्रभवं मन्त्रं कलापञ्चकसंयुतम्।
शुद्धस्फटिकसङ्काशं शुभाष्टत्रिंशदक्षरम्॥ ४२

त्यस समय उहाँलाई पाँच कलाहरूले युक्त, ओंकारजनित, शुद्ध स्फटिक मणिसमान सुन्दर, अड्तिस अक्षरले युक्त मन्त्रको साक्षात्कार भयो॥ ४२॥

मेधाकारमभूद्भूयः सर्वधर्मार्थसाधकम्।
गायत्रीप्रभवं मन्त्रं सहितं वश्यकारकम्॥ ४३

चतुर्विंशतिवर्णाढ्यं चतुष्कलमनुत्तमम्।
अथ पञ्चसितं मन्त्रं कलाष्टकसमायुतम्॥ ४४

पुनः सम्पूर्ण धर्म तथा अर्थका साधक, बुद्धिस्वरूप, अत्यन्त हितकारक र सबलाई वशमा पार्ने गायत्री नामक महान् मन्त्र लक्षित भयो। त्यो श्रेष्ठ मन्त्र चौबिस अक्षर तथा चार कलाले युक्त छ। पंचाक्षरमन्त्र **(नमः शिवाय)** आठ कलाले युक्त छ॥ ४३-४४॥

आभिचारिकमत्यर्थं प्रायस्त्रिंशच्छुभाक्षरम्।
यजुर्वेदसमायुक्तं पञ्चविंशच्छुभाक्षरम्॥ ४५

अभिचारसिद्धिका लागि प्रयोग गरिने मन्त्र तीस अक्षरले सम्पन्न छ, तर यजुर्वेदमा प्रयुक्त मन्त्रमा पच्चिस सुन्दर अक्षरहरू मात्र छन्॥ ४५॥

कलाष्टकसमायुक्तं सुश्वेतं शान्तिकं तथा।
त्रयोदशकलायुक्तं बालाद्यैः सह लेहितम्॥ ४६

यो आठ कलाले युक्त तथा सुश्वेत मन्त्र हो, जसको प्रयोग शान्तिकर्म सिद्धिका लागि गरिन्छ। यस मन्त्र बाहेक तेह्र कलाले युक्त जुन श्रेष्ठ मन्त्र छ, त्यो बालक, युवा र वृद्ध आदि अवस्थाहरूमा आउने क्रमअनुसार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बभूवुरस्य चोत्पत्तिवृद्धिसंहारकारणम्।
वर्णा एकाधिकाः षष्टिरस्य मन्त्रवरस्य तु॥ ४७

उत्पत्ति, पालन तथा संहारको कारणरूप हो। यसमा एकसट्ठी वर्ण हुन्छन्॥ ४६-४७॥

पुनर्मृत्युञ्जयं मन्त्रं पञ्चाक्षरमतः परम्।
चिन्तामणिं तथा मन्त्रं दक्षिणामूर्तिसंज्ञकम्॥ ४८

यसपश्चात् विष्णुले मृत्युंजयमन्त्र, पंचाक्षरमन्त्र, चिन्तामणिमन्त्र[1] तथा दक्षिणामूर्तिमन्त्र[2] देख्नुभयो॥ ४८॥

ततस्तत्त्वमसीत्युक्तं महावाक्यं हरस्य च।
पञ्चमन्त्रांस्तथा लब्ध्वा जजाप भगवान्हरिः॥ ४९

यस पश्चात् भगवान् विष्णुले शंकरलाई 'तत्त्वमसि—त्यही तिमी हौ'—यो महावाक्य भन्नुभयो। यस प्रकार उक्त पंचमन्त्रलाई प्राप्त गरी ती भगवान् श्रीहरि तिनको जप गर्न लाग्नुभयो॥ ४९॥

अथ दृष्ट्वा कलावर्णमृग्यजुःसामरूपिणम्।
ईशानमीशमुकुटं पुरुषाख्यं पुरातनम्॥ ५०
अघोरहृदयं हृद्यं सर्वगुह्यं सदाशिवम्।
वामपादं महादेवं महाभोगीन्द्रभूषणम्॥ ५१
विश्वतः पादवन्तं तं विश्वतोऽक्षिकरं शिवम्।
ब्रह्मणोऽधिपतिं सर्गस्थितिसंहारकारणम्॥ ५२
तुष्टाव वाग्भिरिष्टाभिः साम्बं वरदमीश्वरम्।
मया च सहितो विष्णुर्भगवांस्तुष्टचेतसा॥ ५३

यस पश्चात् ऋक्, यजुः, सामरूप वर्णका कलाहरूले युक्त, ईशान, ईशानहरूको मुकुट, पुरातन, पुरुष, अघोरहृदय, मनोहर, सर्वगुह्य, सदाशिव, ताण्डव-नृत्यादि समयमा बायाँ पादमा अवस्थित रहनुहुने, महादेव, महान् सर्पराजलाई आभूषणको रूपमा धारण गर्नुहुने, चारैतिर चरण र नेत्र भएका, कल्याणकारी, ब्रह्माका अधिपति, सृष्टि-स्थिति-संहारका कारणभूत, वरदायक साम्बमहेश्वरलाई देखेर भगवान् विष्णु प्रसन्न मनले प्रिय वचनहरूद्वारा मसँगै उहाँको स्तुति गर्न लाग्नुभयो॥ ५०—५३॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां प्रथमखण्डे सृष्ट्युपाख्याने शब्दब्रह्मतनुवर्णनं नामाष्टमोऽध्यायः॥ ८॥

॥ यस प्रकार श्रीशिवमहापुराण अन्तर्गत द्वितीय रुद्रसंहिताको प्रथम खण्डमा सृष्टि-उपाख्यानमा शब्दब्रह्म-तनु-वर्णन नामक आठौँ अध्याय पूर्ण भयो॥ ८॥

अथ नवमोऽध्यायः

उमासहित भगवान् शिवको प्राकट्य, उहाँद्वारा आफ्नो स्वरूपको विवेचना तथा ब्रह्मा आदि तीनवटै देवताहरूको एकताको प्रतिपादन

ब्रह्मोवाच

अथाकर्ण्य नुतिं विष्णुकृतां स्वस्य महेश्वरः।
प्रादुर्बभूव सुप्रीतः सवामः करुणानिधिः॥ १

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] भगवान् विष्णुद्वारा गरिएको आफ्नो स्तुति सुनेर करुणानिधि महेश्वर प्रसन्न हुनुभयो र उमादेवीका साथ सहसा त्यहाँ प्रकट हुनुभयो॥ १॥

पञ्चवक्त्रस्त्रिनयनो भालचन्द्रो जटाधरः।
गौरवर्णो विशालाक्षो भस्मोद्धूलितविग्रहः॥ २

[त्यस समय] उहाँका पाँच मुख र प्रत्येक मुखमा तीन-तीन नेत्र शोभायमान थिए। जटामा चन्द्रमाको मुकुट सुशोभित थियो। शिरमा जटा धारण गर्नुभएका, गोरोवर्ण, विशाल नेत्र भएका शिवले आफ्ना सम्पूर्ण अंगमा खरानी घस्नुभएको थियो॥ २॥

१. 'क्ष्म्यौं'—यो चिन्तामणिमन्त्र हो।
२. 'ॐ नमो भगवते दक्षिणामूर्तये मह्यं मेधां प्रयच्छ स्वाहा।'—यो दक्षिणामूर्ति नामक मन्त्र हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दशबाहुर्नीलगलः सर्वाभरणभूषितः।
सर्वाङ्गसुन्दरो भस्मत्रिपुण्ड्राङ्कितमस्तकः॥ ३

तं दृष्ट्वा तादृशं देवं सवामं परमेश्वरम्।
तुष्टाव पुनरिष्टाभिर्वाग्भिर्विष्णुर्मया सह॥ ४

निगमं श्वासरूपेण ददौ तस्मै ततो हरः।
विष्णवे च प्रसन्नात्मा महेशः करुणाकरः॥ ५

ततो ज्ञानमदात्तस्मै रहस्यं परमात्मने।
परमात्मा पुनर्मह्यं दत्तवान्कृपया मुने॥ ६

सम्प्राप्य निगमं विष्णुः पप्रच्छ पुनरेव तम्।
कृतार्थः साञ्जलिर्नत्वा मया सह महेश्वरम्॥ ७

विष्णुरुवाच

कथं च तुष्यसे देव मया पूज्यः कथं प्रभो।
कथं ध्यानं प्रकर्तव्यं कथं व्रजसि वश्यताम्॥ ८

किं कर्तव्यं महादेव ह्यावाभ्यां तव शासनात्।
सदा सदाज्ञापय नौ प्रीत्यर्थं कुरु शङ्कर॥ ९

एतत्सर्वं महाराज कृपां कृत्वावयोः प्रभो।
कथनीयं तथान्यच्च विज्ञाय स्वानुगौ शिव॥ १०

ब्रह्मोवाच

इत्येतद्वचनं श्रुत्वा प्रसन्नो भगवान्हरः।
उवाच वचनं प्रीत्या सुप्रसन्नः कृपानिधिः॥ ११

श्रीशिव उवाच

भक्त्या च भवतोर्नूनं प्रीतोऽहं सुरसत्तमौ।
पश्यन्तं मां महादेवं भयं सर्वं विमुञ्चताम्॥ १२

मम लिङ्गं सदा पूज्यं ध्येयं चैतादृशं मम।
इदानीं दृश्यते यद्वत्तथा कार्यं प्रयत्नतः॥ १३

उहाँका दस भुजा थिए। उहाँको कण्ठमा नीलो चिह्न थियो। उहाँ समस्त आभूषणहरूले विभूषित हुनुहुन्थ्यो। ती सर्वांगसुन्दर शिवको निधार भस्ममय त्रिपुण्ड्रले अंकित थियो॥ ३॥ यस्ता परमेश्वर महादेवलाई भगवती उमाका साथ उपस्थित देखेर भगवान् विष्णुले मँसगै पुनः प्रिय वचनद्वारा उहाँको स्तुति गर्नुभयो॥ ४॥ तब करुणामय भगवान् महेश्वर शिवले प्रसन्नचित्त भएर ती श्रीविष्णुदेवलाई श्वासरूपले वेदको उपदेश दिनुभयो॥ ५॥

हे मुनि! त्यसपछि शिवले परमात्मा श्रीहरिलाई गुह्य ज्ञान प्रदान गर्नुभयो। फेरि ती परमात्माले कृपा गरी मलाई पनि त्यो ज्ञान दिनुभयो॥ ६॥

वेदको ज्ञान प्राप्त गरी कृतार्थ भएका भगवान् विष्णुले मसँगै हात जोडेर महेश्वरलाई नमस्कार गरी पुनः उहाँसित सोध्नुभयो॥ ७॥

विष्णु भन्नुहुन्छ—हे देव! हजुर कसरी प्रसन्न हुनुहुन्छ? हे प्रभु! म हजुरको पूजा कुन विधिले गरूँ? हजुरको ध्यान कुन विधिले गरिन्छ र हजुर कुन विधिले वशमा हुन जानुहुन्छ?॥ ८॥

हे महादेव! हजुरको आज्ञाले हामीहरूले के गर्नु पर्छ? हे शंकर! कुन कार्य राम्रो र कुन नराम्रो हो, यस विवेकको लागि हामी दुवैमाथि कल्याणका निम्ति हजुर प्रसन्न हुनुहोस् र उचित बताउने कृपा गर्नुहोस्॥ ९॥

हे महाराज! हे प्रभु! हे शिव! हामी दुवैमाथि कृपा गरी यो सबै एवं अरू जुन बताउनयोग्य छन्, ती सबै हामी दुवैलाई आफ्नै अनुचर सम्झेर बताइदिनुहोस्॥ १०॥

ब्रह्मा भन्नुहुन्छ—[हे मुनि!] [श्रीहरिका] यी कुरा सुनेर प्रसन्न हुनुभएका कृपानिधान भगवान् शिव प्रीतिपूर्वक यो कुरा भन्न लाग्नुभयो॥ ११॥

श्रीशिव भन्नुहुन्छ—हे सुरश्रेष्ठगण! म तपाईं दुवैको भक्तिले निश्चय नै ज्यादै प्रसन्न छु। तपाईंहरू म महादेवतिर हेर्दै सबै भयलाई छाड्नुहोस्॥ १२॥

मेरो यो लिंग सधैँ पूज्य छ, सधैँ ध्येय छ। यस समय तपाईंहरूलाई मेरो स्वरूपको जस्तो दर्शन भएको छ, त्यस्तै लिंगरूपको प्रयत्नपूर्वक पूजा-चिन्तन गर्नुपर्छ॥ १३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MoE

पूजितो लिङ्गरूपेण प्रसन्नो विविधं फलम्।
दास्यामि सर्वलोकेभ्यो मनोऽभीष्टान्यनेकशः॥ १४

यदा दुःखं भवेत्तत्र युवयोः सुरसत्तमौ।
पूजिते मम लिङ्गे च तदा स्याद् दुःखनाशनम्॥ १५

लिंगरूपले पूजा गरिएमा म प्रसन्न भएर सबैलाई अनेकौँ प्रकारका फल त दिन्छु नै, साथै मनका अरू अनेकौँ अभिलाषाहरू पनि पूरा गरिदिने छु। हे देवश्रेष्ठ! जब तपाईंहरूलाई कष्ट हुने छ, तब मेरो लिंगको पूजा गर्नुहोस्, जसबाट तपाईंहरूको कष्ट नाश हुने छ॥ १४-१५॥

युवां प्रसूतौ प्रकृतेर्मदीयाया महाबलौ।
सव्यापसव्यगात्राभ्यां मम सर्वेश्वरस्य हि॥ १६

अयं मे दक्षिणात्पार्श्वाद् ब्रह्मा लोकपितामहः।
वामपार्श्वाच्च विष्णुस्त्वं समुत्पन्नः परात्मनः॥ १७

तपाईं दुवै महाबलवान् देवता मेरो स्वरूपभूत प्रकृतिबाट र म सर्वेश्वरको दायाँ र बायाँ अंगबाट प्रकट हुनुभएको हो॥ १६॥ यी लोकपितामह ब्रह्मा म परमात्माका दाहिने कोखबाट उत्पन्न भएका हुन् र तपाईं विष्णु बायाँ कोखबाट प्रकट हुनुभएको हो॥ १७॥

प्रीतोऽहं युवयोः सम्यग्वरं दद्यां यथेप्सितम्।
मयि भक्तिर्दृढा भूयाद्युवयोरभ्यनुज्ञया॥ १८

म तपाईं दुवैप्रति अत्यन्त प्रसन्न छु र मनोवांछित वर दिइरहेको छु। मेरो आज्ञाले तपाईं दुवैको ममा सुदृढ भक्ति होस्॥ १८॥

पार्थिवीं चैव मन्मूर्तिं विधाय कुरुतं युवाम्।
सेवां च विविधां प्राज्ञौ कृत्वा सुखमवाप्स्यथः॥ १९

हे विद्वान् हो! मेरो पार्थिव-मूर्ति बनाएर तपाईं दुवै त्यसको अनेक प्रकारले पूजा गर्नुहोस्। यस्तो गर्नाले तपाईंहरूलाई सुख प्राप्त हुने छ॥ १९॥

ब्रह्मन्सृष्टिं कुरु त्वं हि मदाज्ञापरिपालकः।
वत्स वत्स हरे त्वं च पालयैवं चराचरम्॥ २०

हे ब्रह्मन्! तपाईं मेरो आज्ञाको पालन गर्दै जगत्को सृष्टि गर्नुहोस् र हे विष्णु! तपाईं यस चराचर जगत्को पालन गर्नुहोस्॥ २०॥

ब्रह्मोवाच

इत्युक्त्वा नौ प्रभुस्ताभ्यां पूजाविधिमदाच्छुभाम्।
येनैव पूजितः शम्भुः फलं यच्छत्यनेकशः॥ २१

ब्रह्मा भन्नुहुन्छ—हामी दुवैसित यस्तो भनेर भगवान् शंकरले हामीलाई पूजाको उत्तम विधि प्रदान गर्नुभयो, जसअनुसार पूजित हुँदामा शिव अनेक प्रकारका फल दिनुहुन्छ॥ २१॥

इत्याकर्ण्य वचः शम्भोर्मया च सहितो हरिः।
प्रत्युवाच महेशानं प्रणिपत्य कृताञ्जलिः॥ २२

शम्भुको यो कुरा सुनेर श्रीहरि मसँगै महेश्वरलाई हात जोडेर प्रणाम गरी भन्नलाग्नुभयो—॥ २२॥

विष्णुरुवाच

यदि प्रीतिः समुत्पन्ना यदि देयो वरश्च नौ।
भक्तिर्भवतु नौ नित्यं त्वयि चाव्यभिचारिणी॥ २३

विष्णु भन्नुहुन्छ—[हे प्रभु!] यदि हामीप्रति हजुरमा प्रीति उत्पन्न भएको छ र यदि हजुर हामीलाई वर दिन चाहनुहुन्छ भने हामी यही वर माग्छौँ कि हजुरमा हामी दुवैको सदा अविचल भक्ति बनिरहोस्॥ २३॥

त्वमप्यवतरस्वाद्य लीलया निर्गुणोऽपि हि।
सहायं कुरु नौ तात त्वं परः परमेश्वरः॥ २४

हजुर निर्गुण हुनुहुन्छ, फेरि पनि आफ्नो लीलाले हजुर अवतार धारण गर्नुहोस्। हे तात! हजुर परमेश्वर हुनुहुन्छ, हामीहरूको सहायता गर्नुहोस्॥ २४॥

आवयोर्देवदेवेश विवादमपि शोभनम्।
इहागतो भवान्यस्माद्विवादशमनाय नौ॥ २५

हे देवदेवेश्वर! हामी दुवैको विवाद शुभदायक रह्यो, जसको कारण हजुर हामी दुवैको विवादलाई शान्त गर्नाका लागि यहाँ प्रकट हुनुभयो॥ २५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

तस्य तद्वचनं श्रुत्वा पुनः प्राह हरो हरिम्।
प्रणिपत्य स्थितं मूर्ध्ना कृताञ्जलिपुटः स्वयम्॥ २६

ब्रह्मा भन्नुहुन्छ—[हे मुनि!] श्रीहरिका यी कुरा सुनेर भगवान् हरले शिर झुकाएर प्रणाम गरी स्थित भएका ती श्रीहरिसित पुनः भन्नुभयो। यी विष्णु स्वयं हात जोडेर उभिरहुन्॥ २६॥

श्रीमहेश उवाच

प्रलयस्थितिसर्गाणां कर्ताहं सगुणोऽगुणः।
परब्रह्म निर्विकारी सच्चिदानन्दलक्षणः॥ २७

श्रीमहेश भन्नुहुन्छ—म सृष्टि, पालन र संहारको कर्ता, सगुण, निर्गुण, निर्विकार, सच्चिदानन्दलक्षणवाला तथा परब्रह्म परमात्मा हुँ॥ २७॥

त्रिधा भिन्नो ह्यहं विष्णो ब्रह्मविष्णुहराख्यया।
सर्गरक्षालयगुणैर्निष्कलोऽहं सदा हरे॥ २८

हे विष्णु! सृष्टि, रक्षा र प्रलयरूप गुणका भेदले म नै ब्रह्मा, विष्णु र रुद्रको नाम धारण गरी तीन स्वरूपमा विभक्त भएको छु। हे हरि! म वास्तवमा सदा निष्कल छु॥ २८॥

स्तुतोऽहं यत्त्वया विष्णो ब्रह्मणा मेऽवतारणे।
प्रार्थनां तां करिष्यामि सत्यां यद्भक्तवत्सलः॥ २९

हे विष्णु! तपाईं र ब्रह्माले मेरो अवतारको निमित्त जुन मेरो स्तुति गर्नुभएको छ, त्यस प्रार्थनालाई म अवश्य सत्य पार्ने छु; किनभने म भक्तवत्सल हुँ॥ २९॥

मद्रूपं परमं ब्रह्मन्नीदृशं भवदङ्गतः।
प्रकटीभविता लोके नाम्ना रुद्रः प्रकीर्तितः॥ ३०

ब्रह्मन्! मेरो यस्तै परम उत्कृष्ट रूप तपाईंहरूको शरीरबाट यस लोकमा प्रकट हुने छ, जुन नामले 'रुद्र' भनिने छ॥ ३०॥

मदंशात्तस्य सामर्थ्यं न्यूनं नैव भविष्यति।
योऽहं सोऽहं न भेदोऽस्ति पूजाविधिविधानतः॥ ३१

मेरो अंशबाट प्रकट भएका रुद्रको सामर्थ्य मेरोभन्दा कम हुने छैन। जो म हुँ, त्यही यी रुद्र हुन्। पूजाका विधि-विधानको दृष्टिले पनि ममा र यिनमा कुनै अन्तर छैन॥ ३१॥

यथा च ज्योतिषः सङ्गाज्जलादेः स्पर्शता न वै।
तथा ममागुणस्यापि संयोगाद् बन्धनं न हि॥ ३२

जस्तो जल आदिका साथ ज्योतिर्मय बिम्बको (प्रतिबिम्बको रूपमा) सम्पर्क हुँदामा पनि बिम्बमा स्पर्शदोष लाग्दैन, त्यसै प्रकार म निर्गुण परमात्मालाई पनि कसैको संयोगले बन्धन प्राप्त हुँदैन॥ ३२॥

शिवरूपं ममैतच्च रुद्रोऽपि शिववत्तदा।
न तत्र परभेदो वै कर्तव्यश्च महामुने॥ ३३

यो मेरो शिवरूप हो। जब रुद्र प्रकट हुने छन्, तब ती पनि शिव तुल्य नै हुने छन्। हे महामुनि! [ममा र] तिनमा परस्पर भेद गर्नु हुँदैन॥ ३३॥

वस्तुतो ह्येकरूपं हि द्विधा भिन्नं जगत्युत।
अतो भेदो न विज्ञेयः शिवे रुद्रे कदाचन॥ ३४

वास्तवमा एउटै रूप सबै जगत्मा [व्यवहार-निर्वाहका लागि] दुई रूपमा विभक्त भएको छ। अतः शिव र रुद्रमा कहिल्यै पनि भेद मान्नु हुँदैन॥ ३४॥

सुवर्णस्य यथैकस्य वस्तुत्वं नैव गच्छति।
अलङ्कृतिकृते देव नामभेदो न वस्तुतः॥ ३५

[शिव र रुद्रमा भेद त्यसरी नै छैन] जस्तो एउटा सुवर्णखण्डमा समरूपले एउटै वस्तुतत्त्व विद्यमान रहन्छ, तर त्यसैको आभूषण बनाइँदाँमा नामभेद आउँछ। वस्तुतत्त्वको दृष्टिले त्यसमा भेद हुँदैन॥ ३५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.

यथैकस्या मृदो भेदो नानापात्रे न वस्तुतः।
कारणस्यैव कार्ये न सन्निधानं निदर्शनम्॥ ३६

ज्ञातव्यं बुधवर्यैश्च निर्मलज्ञानिभिः सुरौ।
एवं ज्ञात्वा भवद्भ्यां तु न दृश्यं भेदकारणम्॥ ३७

वस्तुवत् सर्वदृश्यं च शिवरूपं मतं मम।
अहं भवानजश्चैव रुद्रो योऽयं भविष्यति॥ ३८

एकरूपा न भेदस्तु भेदे वै बन्धनं भवेत्।
तथापि च मदीयं हि शिवरूपं सनातनम्॥ ३९

मूलीभूतं सदोक्तं च सत्यज्ञानमनन्तकम्।
एवं ज्ञात्वा सदा ध्येयं मनसा चैव तत्त्वतः॥ ४०
श्रूयतां चैव भो ब्रह्मन् यद्गोप्यं कथ्यते मया।
भवन्तौ प्रकृतेर्यातौ नायं वै प्रकृतेः पुनः॥ ४१

मदाज्ञा जायते तत्र ब्रह्मणो भ्रुकुटेरहम्।
गुणेष्वपि यथा प्रोक्तस्तामसः प्रकृतो हरः॥ ४२

वैकारिकश्च विज्ञेयो योऽहङ्कार उदाहृतः।
नामतो वस्तुतो नैव तामसः परिचक्ष्यते॥ ४३

एतस्मात्कारणाद् ब्रह्मन्करणीयमिदं त्वया।
सृष्टिकर्ता भव ब्रह्मन्सृष्टेश्च पालको हरिः॥ ४४

मदीयश्च तथांशो यो लयकर्ता भविष्यति।
इयं या प्रकृतिर्देवी ह्युमाख्या परमेश्वरी॥ ४५
तस्यास्तु शक्तिर्वाग्देवी ब्रह्माणं सा भजिष्यति।
अन्या शक्तिः पुनस्तत्र प्रकृतेः सम्भविष्यति॥ ४६
समाश्रयिष्यते विष्णुं लक्ष्मीरूपेण सा तदा।
पुनश्च काली नाम्ना सा मदंशं प्राप्स्यति ध्रुवम्॥ ४७

जसरी एउटै माटोबाट बनेका अनेकौँ प्रकारका पात्रहरूमा नाम र रूपको त भेद हुन्छ, तर माटोको भेद हुँदैन; किनभने कार्यमा कारणको नै विद्यमानता देखिन्छ। हे देव हो! निर्मल ज्ञान भएका श्रेष्ठ विद्वान्हरूले यो जान्नुपर्छ। यस्तो बुझेर तपाईंहरू पनि शिव र रुद्रमा भेदबुद्धि दृष्टिले नहेर्नुहोस्॥ ३६-३७॥

वास्तवमा सारा दृश्य नै मेरो शिवरूप हो—यस्तो मेरो मत छ। म, तपाईं, ब्रह्मा तथा जो यी रुद्र प्रकट हुने छन्, ती सबै एकैरूप हुन्, यिनमा भेद छैन। भेद मानेमा अवश्य नै बन्धन हुने छ। तथापि मेरो शिवरूपलाई नै सर्वदा सनातन, मूलकारण, सत्यज्ञानमय तथा अनन्त भनिएको छ—यस्तो जानेर तपाईंहरूले सधैँ मनबाट मेरो यथार्थ स्वरूपको ध्यान गर्नुपर्दछ॥ ३८—४०॥

हे ब्रह्मन्! सुन्नुहोस्, म तपाईंलाई एउटा गोपनीय कुरा बताइरहेको छु। तपाई दुवै प्रकृतिबाट उत्पन्न हुनुभएको हो, तर यी रुद्र प्रकृतिबाट उत्पन्न भएका होइनन्॥ ४१॥

म आफ्नो इच्छाले स्वयं ब्रह्माको भ्रुकुटिबाट प्रकट भएको हुँ। गुणहरूमा पनि मेरो प्राकट्य भनिएको छ। जस्तो कि मानिसहरूले भनेका छन् कि हर तामस प्रकृतिका हुन्। वास्तवमा त्यस रूपमा अहंकारको वर्णन भएको छ। त्यस अहंकारलाई केवल तामस मात्र होइन, वैकारिक [सात्त्विक] पनि बुझ्नुपर्छ; [सात्त्विक देवगण वैकारिक अहंकारकै सृष्टि हुन्।] यो तामस र सात्त्विक आदि भेद केवल नाममात्रको हो, वस्तुतः छैन। वास्तवमा हरलाई तामस भन्न सकिन्न॥ ४२-४३॥

हे ब्रह्मन्! यसै कारणले गर्दा तपाईं यस सृष्टिको निर्माता बन्नुहोस् र श्रीहरि यसको पालन गर्ने हुनुहोस्॥ ४४॥

मेरो अंशबाट प्रकट हुने जुन रुद्र छन्, ती यसको प्रलय गर्ने हुने छन्। यी जो उमा नामले विख्यात परमेश्वरी प्रकृति देवी छिन्, यिनैको शक्तिभूता वाग्देवी ब्रह्माको सेवन गर्ने छिन्। पुनः यी प्रकृति देवीबाट त्यहाँ जुन दोस्रो शक्ति प्रकट हुने छिन्, ती लक्ष्मीरूपले भगवान् विष्णुको आश्रय लिने छिन्। त्यसपछि पुनः काली नामले जुन तेस्रो शक्ति प्रकट हुने छिन्, उनले निश्चय नै मेरो अंशभूत रुद्रदेवलाई प्राप्त गर्ने छिन्। ती कार्यका सिद्धिका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्योतीरूपेण सा तत्र कार्यार्थे सम्भविष्यति।
एवं देव्यास्तथा प्रोक्ताः शक्तयः परमाः शुभाः ॥ ४८

सृष्टिस्थितिलयानां हि कार्यं तासां क्रमाद् ध्रुवम्।
एतस्याः प्रकृतेरंशा मत्प्रियायाः सुरोत्तम ॥ ४९

त्वं च लक्ष्मीमुपाश्रित्य कार्यं कर्तुमिहार्हसि।
ब्रह्मंस्त्वं च गिरां देवीं प्रकृत्यंशामवाप्य च ॥ ५०
सृष्टिकार्यं हृदा कर्तुं मन्निर्देशादिहार्हसि।
अहं कालीं समाश्रित्य मत्प्रियांशां परात्पराम् ॥ ५१
रुद्ररूपेण प्रलयं करिष्ये कार्यमुत्तमम्।
चतुर्वर्णमयं लोकं तत्सर्वैराश्रमैर्ध्रुवम् ॥ ५२
तदन्यैर्विविधैः कार्यैः कृत्वा सुखमवाप्स्यथः।
ज्ञानविज्ञानसंयुक्तो लोकानां हितकारकः ॥ ५३

मुक्तिदोऽत्र भवानद्य भव लोके मदाज्ञया।
मद्दर्शने फलं यद्वत्तदेव तव दर्शने ॥ ५४

इति दत्तो वरस्तेऽद्य सत्यं सत्यं न संशयः।
ममैव हृदये विष्णुर्विष्णोश्च हृदये ह्यहम् ॥ ५५

उभयोरन्तरं यो वै न जानाति मनो मम।
वामाङ्गजो मम हरिर्दक्षिणाङ्गोद्भवो विधिः ॥ ५६

महाप्रलयकृद् रुद्रो विश्वात्मा हृदयोद्भवः।
त्रिधा भिन्नो ह्यहं विष्णो ब्रह्मविष्णुभवाख्यया ॥ ५७

सर्गरक्षालयकरस्त्रिगुणै रज आदिभिः।

गुणभिन्नः शिवः साक्षात्प्रकृतेः पुरुषात्परः ॥ ५८

परं ब्रह्माद्वयो नित्योऽनन्तः पूर्णो निरञ्जनः।
अन्तस्तमो बहिःसत्त्वस्त्रिजगत्पालको हरिः ॥ ५९

अन्तः सत्त्वस्तमोबाह्यस्त्रिजगल्लयकृद्धरः ॥ ६०

लागि त्यहाँ ज्योतिरूपले प्रकट हुने छिन्। यस प्रकार मैले देवीको शुभस्वरूपा पराशक्तिहरू बताइदिएँ ॥ ४५—४८ ॥

ती शक्तिका कार्य क्रमशः सृष्टि, पालन र संहारको सम्पादन नै हो। हे सुरश्रेष्ठ! यी सबै मेरी प्रिया प्रकृति देवीका अंशभूता हुन् ॥ ४९ ॥

हे हरि! तपाईं लक्ष्मीको सहारा लिएर कार्य गर्नुहोस्। हे ब्रह्मन्! तपाईं प्रकृतिकी अंशभूता वाग्देवीलाई प्राप्त गरी मेरो आज्ञानुसार मनबाट सृष्टिकार्यको संचालन गर्नुहोस् र म आफ्नी प्रियाको अंशभूता परात्पर कालीको आश्रय लिएर रुद्ररूपले प्रलयसम्बन्धी उत्तम कार्य गर्ने छु। तपाईं सबैजना अवश्य नै सम्पूर्ण आश्रम तथा त्यसबाट भिन्न अन्य विविध कार्यहरूद्वारा चारै वर्णले भरिएको लोकको सृष्टि एवं रक्षा आदि गरी सुख पाउनुहुने छ ॥ ५०—५२१/२ ॥

[हे हरि!] तपाईं ज्ञान-विज्ञानले सम्पन्न तथा सम्पूर्ण लोकको हितैषी हुनुहुन्छ। अतः अब तपाईं मेरो आज्ञाले जगत्मा [सबैका लागि] मुक्तिदाता बन्नुहोस्। मेरो दर्शन हुँदामा जुन फल प्राप्त हुन्छ, त्यही फल तपाईंको दर्शन हुँदामा पनि प्राप्त हुने छ। मैले आज तपाईंलाई यो वर दिएँ, यो सत्य हो, सत्य हो, यसमा संशय छैन। मेरो हृदयमा विष्णु छन् र विष्णुको हृदयमा म छु ॥ ५३—५५ ॥

जो यी दुवैमा अन्तर सम्झदैन, त्यही मेरा मन हो अर्थात् त्यही मलाई प्रिय छ। श्रीहरि मेरो बायाँ अंगबाट प्रकट भएका हुन्, ब्रह्मा दाहिने अंगबाट उत्पन्न भएका हुन् र महाप्रलयकारी विश्वात्मा रुद्र मेरो हृदयबाट प्रादुर्भूत भएका हुन्। हे विष्णु! म नै ब्रह्मा, विष्णु र भव नामले तीन रूपमा विभक्त भएको छु। म रज आदि तीनै गुणद्वारा सृष्टि, पालन तथा संहार गर्दछु ॥ ५६-५७१/२ ॥

शिव गुणहरूबाट भिन्न हुनुहुन्छ र उहाँ साक्षात् प्रकृति तथा पुरुषभन्दा पनि पर हुनुहुन्छ। उहाँ अद्वितीय, नित्य, अनन्त, पूर्ण एवं निरंजन परब्रह्म हुनुहुन्छ। तीनवटै लोकको पालन गर्नुहुने श्रीहरि भित्र तमोगुण र बाहिर सत्त्वगुण धारण गर्नुहुन्छ। त्रिलोकीको संहार गर्नुहुने रुद्रदेव भित्र सत्त्वगुण र बाहिर तमोगुण धारण गर्नुहुन्छ तथा त्रिभुवनको सृष्टि गर्नुहुने ब्रह्मा बाहिर र भित्रबाट पनि रजोगुणी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding

अन्तर्बहीरजश्चैव त्रिजगत्सृष्टिकृद्विधिः।
एवं गुणास्त्रिदेवेषु गुणभिन्नः शिवः स्मृतः॥ ६१

विष्णो सृष्टिकरं प्रीत्या पालयैनं पितामहम्।
सम्पूज्यस्त्रिषु लोकेषु भविष्यसि मदाज्ञया॥ ६२

तव सेव्यो विधेश्चापि रुद्र एव भविष्यति।
शिवपूर्णावतारो हि त्रिजगल्लयकारकः॥ ६३
पाद्मे भविष्यति सुतः कल्पे तव पितामहः।
तदा द्रक्ष्यसि मां चैव सोऽपि द्रक्ष्यति पद्मजः॥ ६४
एवमुक्त्वा महेशानः कृपां कृत्वातुलां हरः।
पुनः प्रोवाच सुप्रीत्या विष्णुं सर्वेश्वरः प्रभुः॥ ६५

नै हुनुहुन्छ। यस प्रकार ब्रह्मा, विष्णु तथा रुद्र यी तीन देवताहरूमा गुण छन्, तर शिव गुणातीत मानिएका छन्॥ ५८—६१ $^{१}/_{२}$ ॥

हे विष्णु! तपाईं मेरो आज्ञाले यी सृष्टिकर्ता पितामहको प्रसन्नतापूर्वक पालन गर्नुहोस्। यस्तो गर्नाले तपाईं तीनवटै लोकमा पूजनीय हुनुहुने छ॥ ६२॥

यी रुद्र तपाईंको र ब्रह्माको सेव्य हुनेछन्; किनभने त्रैलोक्यका लयकर्ता यी रुद्र शिवको पूर्णावतार हुन्॥ ६३॥ पद्मकल्पमा पितामह तपाईंका पुत्र हुने छन्। त्यस समय तपाईंले मलाई देख्नुहुने छ र यी ब्रह्माले पनि मलाई देख्ने छन्॥ ६४॥ यस्तो भनेर महेश, हर, सर्वेश्वर, प्रभुले अतुलनीय कृपा गरी पुनः प्रेमपूर्वक विष्णुसित भन्न लागनुभयो— ॥ ६५॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां प्रथमखण्डे सृष्ट्युपाख्याने शिवतत्त्ववर्णनं नाम नवमोऽध्यायः॥ ९॥

॥ यस प्रकार श्रीशिवमहापुराण अन्तर्गत द्वितीय रुद्रसंहिताको प्रथम खण्डको सृष्टि-उपाख्यानमा शिवतत्त्ववर्णन नामक नौवाँ अध्याय पूर्ण भयो॥ ९॥

अथ दशमोऽध्यायः

श्रीहरिलाई सृष्टिको रक्षाको भार एवं भोग-मोक्ष-दानको अधिकार दिएर भगवान् शिव अन्तर्धान हुनु

परमेश्वर उवाच

अन्यच्छृणु हरे विष्णो शासनं मम सुव्रत।
सदा सर्वेषु लोकेषु मान्यः पूज्यो भविष्यसि॥ १

ब्रह्मणा निर्मिते लोके यदा दुःखं प्रजायते।
तदा त्वं सर्वदुःखानां नाशाय तत्परो भव॥ २

सहायं ते करिष्यामि सर्वकार्ये च दुःसहे।
तव शत्रून्हनिष्यामि दुःसाध्यान्परमोत्कटान्॥ ३

विविधानवतारांश्च गृहीत्वा कीर्तिमुत्तमाम्।
विस्तारय हरे लोके तारणाय परो भव॥ ४

गुणरूपो ह्यहं रुद्रो ह्यनेन वपुषा सदा।
कार्यं करिष्ये लोकानां तवाशक्यं न संशयः॥ ५

परमेश्वर शिव भन्नुहुन्छ—उत्तम व्रतको पालन गर्नुहुने हे हरि! हे विष्णु! अब तपाईं मेरो दोस्रो आज्ञा सुन्नुहोस्। त्यसको पालन गर्नाले तपाईं सदा समस्त लोकहरूमा माननीय र पूजनीय हुनुहुने छ॥ १॥

ब्रह्माद्वारा रचिएको लोकमा जब कुनै संकट उत्पन्न हुन्छ, तब तपाईं ती सम्पूर्ण दुःखको नाश गर्नाका लागि सदा तत्पर रहनुहोस्॥ २॥

म सम्पूर्ण दुस्सह कार्यहरूमा तपाईंलाई सहायता गर्ने छु। तपाईंका दुर्जेय र अत्यन्त उत्कट शत्रुहरूलाई म मारेर खसाल्ने छु॥ ३॥

हे हरि! तपाईं अनेकौं प्रकारका अवतार धारण गरी लोकमा आफ्नो उत्तम कीर्तिको विस्तार गर्नुहोस् र संसारमा प्राणीहरूको उद्धारका लागि तत्पर रहनुहोस्॥ ४॥

गुणरूप धारण गरी म रुद्र निश्चय नै आफ्नो यस शरीरले संसारका ती कार्यहरू गर्ने छु, जुन तपाईंबाट सम्भव हुन्न, यसमा सन्देह छैन॥ ५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रुद्रध्येयो भवांश्चैव भवद्ध्येयो हरस्तथा।
युवयोरन्तरं नैव तव रुद्रस्य किञ्चन॥ ६

तपाईं रुद्रका ध्येय र रुद्र तपाईंका ध्येय हुनुहुन्छ। तपाईं दुवैमा र तपाईं तथा रुद्रमा केही पनि अन्तर छैन॥ ६॥

वस्तुतश्चापि चैकत्वं वरतोऽपि तथैव च।
लीलयापि महाविष्णो सत्यं सत्यं न संशयः॥ ७

हे महाविष्णु! लीलाले भेद हुँदामा पनि वस्तुतः तपाईंहरू एउटै तत्त्व हुनुहुन्छ। यो सत्य हो, सत्य हो, यसमा संशय छैन॥ ७॥

रुद्रभक्तो नरो यस्तु तव निन्दां करिष्यति।
तस्य पुण्यं च निखिलं द्रुतं भस्म भविष्यति॥ ८

जो मनुष्य रुद्रको भक्त भएर तपाईंको निन्दा गर्छ, त्यसका सारा पुण्य तत्काल भस्म हुने छ॥ ८॥

नरके पतनं तस्य त्वद्द्वेषात्पुरुषोत्तम।
मदाज्ञया भवेद्विष्णो सत्यं सत्यं न संशयः॥ ९

हे पुरुषोत्तम विष्णु! तपाईंसित द्वेष गरेका कारण मेरो आज्ञाले त्यसलाई नरकमा खस्नुपर्ने छ। यो सत्य हो, सत्य हो, यसमा संशय छैन॥ ९॥

लोकेऽस्मिन्मुक्तिदो नृणां भुक्तिदश्च विशेषतः।
ध्येयः पूज्यश्च भक्तानां निग्रहानुग्रहौ कुरु॥ १०

तपाईं यस लोकमा मनुष्यहरूका लागि विशेषतः भोग र मोक्ष प्रदान गर्नुहोस् र भक्तहरूको ध्येय तथा पूज्य भएर प्राणीहरूको निग्रह र अनुग्रह गर्नुहोस्॥ १०॥

इत्युक्त्वा मां च धातारं हस्ते धृत्वा स्वयं हरिम्।
कथयामास दुःखेषु सहायो भव सर्वदा॥ ११

यस्तो भनेर भगवान् शिवले मेरा हात समातेर श्रीविष्णुलाई सुम्पदै उहाँसित भन्नुभयो—तपाईं संकटको समय सधैँ यिनको सहायता गर्दै रहनुहोस्॥ ११॥

सर्वाध्यक्षश्च सर्वेषु भक्तिमुक्तिप्रदायकः।
भव त्वं सर्वदा श्रेष्ठः सर्वकामप्रसाधकः॥ १२

सबैको अध्यक्ष (प्रमुख) भएर तपाईं सबैलाई भक्ति र मुक्ति प्रदान गर्नुहोस् तथा सर्वदा समस्त कामनाहरूको साधक एवं सर्वश्रेष्ठ बनिरहनुहोस्॥ १२॥

सर्वेषां प्राणरूपश्च भव त्वं च ममाज्ञया।
सङ्कटे भजनीयो हि स रुद्रो मत्तनुर्हरे॥ १३

हे हरि! मेरो यो आज्ञा छ कि तपाईं सबैको प्राणस्वरूप हुनुहोस् र संकटकाल आउँदामा निश्चय नै मेरो शरीररूपी त्यस रुद्रको भजन गर्नुहोस्॥ १३॥

त्वां यः समाश्रितो नूनं मामेव स समाश्रितः।
अन्तरं यश्च जानाति निरये पतति ध्रुवम्॥ १४

जो तपाईंको शरणमा आए, त्यो निश्चय नै मेरो शरणमा आयो। जो ममा र तपाईंमा अन्तर सम्झन्छ, त्यो अवश्य नै नरकमा गिर्छ॥ १४॥

आयुर्बलं शृणुष्वाद्य त्रिदेवानां विशेषतः।
सन्देहोऽत्र न कर्तव्यो ब्रह्मविष्णुहरात्मनाम्॥ १५

अब तपाईं तीनै देवताहरूको आयुबललाई विशेषरूपले सुन्नुहोस्। ब्रह्मा, विष्णु र शिवको एकतामा [कुनै प्रकारको] सन्देह गर्नु हुन्न॥ १५॥

चतुर्युगसहस्राणि ब्रह्मणो दिनमुच्यते।
रात्रिश्च तावती तस्य मानमेतत्क्रमेण ह॥ १६

एक हजार चतुर्युगलाई ब्रह्माको एक दिन भनिन्छ र त्यति नै उनको रात्रि हुन्छ। यस प्रकार क्रमैले यो ब्रह्माको एक दिन र एक रात्रिको परिमाण हो॥ १६॥

तेषां त्रिंशद्दिनैर्मासो द्वादशैस्तैश्च वत्सरः।
शतवर्षप्रमाणेन ब्रह्मायुः परिकीर्तितम्॥ १७

यस प्रकारका तीस दिनको एक महिना र बाह्र महिनाको एक वर्ष हुन्छ। सय वर्षको परिमाणलाई ब्रह्माको आयु भनिएको छ॥ १७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: ...

ब्रह्मणो वर्षमात्रेण दिनं वैष्णवमुच्यते।
सोऽपि वर्षशतं यावदात्ममानेन जीवति॥ १८

ब्रह्माको एक वर्ष बराबरलाई विष्णुको एक दिन भनिन्छ। ती विष्णु पनि आफ्नो सय वर्षको प्रमाणसम्म जीवित रहन्छन्॥ १८॥

वैष्णवेन तु वर्षेण दिनं रौद्रं भवेद् ध्रुवम्।
हरो वर्षशते याते नररूपेण संस्थितः॥ १९

विष्णुको एक वर्ष बराबर रुद्रको एक दिन हुन्छ। भगवान् रुद्र पनि त्यस मानअनुसार नररूपमा सय वर्षसम्म स्थित रहन्छन्॥ १९॥

यावदुच्छ्वसितं वक्त्रे सदाशिवसमुद्भवम्।
पश्चाच्छक्तिं समभ्येति यावन्निःश्वसितं भवेत्॥ २०

निःश्वासोच्छ्वसितानां च सर्वेषामेव देहिनाम्।
ब्रह्मविष्णुहराणां च गन्धर्वोरगरक्षसाम्॥ २१

एकविंशसहस्राणि शतैः षड्भिः शतानि च।
अहोरात्राणि चोक्तानि प्रमाणं सुरसत्तमौ॥ २२

त्यसपछि शिवको मुखबाट एउटा श्वास निस्कने छ। जबसम्म त्यो श्वास निस्किरहने छ, तबसम्म त्यो शक्तिलाई ग्रहण गरी पुनः निःश्वास लिने छन्। हे सुरसत्तम! ब्रह्मा, विष्णु, शिव, गन्धर्व, नाग र राक्षस आदि सबै देहधारीहरूको निःश्वास र उच्छ्वासलाई बाहिर र भित्र लिएर जाने क्रमको संख्या दिन-रात मिलाएर एक्काइस हजारको सय गुना र छ सय अर्थात् एक्काइस लाख छ सय हुन्छ भनिएको छ॥ २०—२२॥

षड्भिरुच्छ्वासनिःश्वासैः पलमेकं प्रवर्तितम्।
घटी षष्टिपला प्रोक्ता सा षष्ट्या च दिनं निशा॥ २३

छ उच्छ्वास र छ निःश्वासको एक पल हुन्छ। साठी पलको एक घडी र साठी घडी-प्रमाणलाई एक दिन र रात भनिन्छ॥ २३॥

निःश्वासोच्छ्वासितानां च परिसङ्ख्या न विद्यते।
सदाशिवसमुत्थानमेतस्मात्सोऽक्षयः स्मृतः॥ २४

सदाशिवका निःश्वासहरू र उच्छ्वासहरूको गणना गर्न सकिन्न। अतः शिव सदैव प्रबुद्ध (जागा) र अक्षय (अविनाशी) हुनुहुन्छ॥ २४॥

इत्थं रूपं त्वया तावद्रक्षणीयं ममाज्ञया।
तावत्सृष्टेश्च कार्यं वै कर्तव्यं विविधैर्गुणैः॥ २५

मेरो आज्ञाले तिमीले आफ्ना विविध गुणहरूद्वारा सृष्टिको यस प्रकार हुने कार्यहरूको रक्षा गर्नुपर्छ॥ २५॥

ब्रह्मोवाच

इत्याकर्ण्य वचः शम्भोर्मया च भगवान्हरिः।
प्रणिपत्य च विश्वेशं प्राह मन्दतरं वशी॥ २६

ब्रह्मा भन्नुहुन्छ—हे देवर्षि! भगवान् शिवका यी वचन सुनेर सबैलाई वशमा गर्नुहुने भगवान् विष्णु मसँगै विश्वनाथलाई प्रणाम गरी मन्द स्वरमा उहाँसित भन्न लाग्नुभयो—॥ २६॥

विष्णुरुवाच

शङ्कर श्रूयतामेतत्कृपासिन्धो जगत्पते।
सर्वमेतत्करिष्यामि भवदाज्ञावशानुगः॥ २७

विष्णु भन्नुहुन्छ—हे शंकर! हे करुणासिन्धु! हे जगत्पति! मेरो यो कुरा सुन्नुहोस्। म हजुरको आज्ञाको अधीन रहेर यो सबथोक गर्ने छु॥ २७॥

मम ध्येयः सदा त्वं च भविष्यसि न चान्यथा।
भवतः सर्वसामर्थ्यं लब्धं चैव पुरा मया॥ २८

हजुर नै मेरो सदा ध्येय हुनुहुने छ, यसमा अन्यथा हुनेछैन। मैले पूर्वकालमा पनि हजुरबाट समस्त सामर्थ्य प्राप्त गरेको थिएँ॥ २८॥

क्षणमात्रमपि स्वामिंस्तव ध्यानं परं मम।
चेतसो दूरतो नैव सङ्गच्छतु कदाचन॥ २९

हे स्वामी! क्षणमात्र पनि हजुरको श्रेष्ठ ध्यान मेरो चित्तबाट कहिल्यै टाढा नहोस्॥ २९॥

मम भक्तश्च यः स्वामिंस्तव निन्दां करिष्यति।
तस्य वै निरये वासं प्रयच्छ नियतं ध्रुवम्॥ ३०

हे स्वामी! मेरा जो भक्त हजुरको निन्दा गर्लान्, तिनलाई हजुर निश्चय नै नरकवास प्रदान गर्नुहोस्॥ ३०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्वद्भक्तो यो भवेत् स्वामिन्मम प्रियतरो हि सः।
एवं वै यो विजानाति तस्य मुक्तिर्न दुर्लभा॥ ३१

हे नाथ! जो हजुरका भक्त छन्, ती मलाई अत्यन्त प्रिय छन्। जो यस्तो जान्दछन्, तिनका लागि मोक्ष दुर्लभ छैन॥ ३१॥

महिमा च मदीयोऽद्य वर्धितो भवता ध्रुवम्।
कदाचिदगुणश्चैव जायते क्षम्यतामिति॥ ३२

आज हजुरले निश्चय नै मेरो महिमा बढाइदिनु भएको छ, यदि कहिले कुनै अवगुण आयो भने त्यसलाई क्षमा गर्नुहोस्॥ ३२॥

ब्रह्मोवाच

तदा शम्भुस्तदीयं हि श्रुत्वा वचनमुत्तमम्।
उवाच विष्णुं सुप्रीत्या क्षम्या तेऽगुणता मया॥ ३३

ब्रह्मा भन्नुहुन्छ—त्यसपछि विष्णुद्वारा भनिएको श्रेष्ठ वचनलाई सुनेर शिवले अत्यन्त प्रीतिपूर्वक विष्णुसित भन्नुभयो कि मैले तपाईंका अवगुणहरूलाई क्षमा गरिदिएको छु॥ ३३॥

एवमुक्त्वा हरिं नौ स कराभ्यां परमेश्वरः।
पस्पर्श सकलाङ्गेषु कृपया तु कृपानिधिः॥ ३४

विष्णुसित यस्तो भनेर ती कृपानिधि परमेश्वरले कृपापूर्वक आफ्ना हातहरूले हामी दुवैका सम्पूर्ण अंगहरूको स्पर्श गर्नुभयो॥ ३४॥

आदिश्य विविधान्धर्मान्सर्वदुःखहरो हरः।
ददौ वराननेकांश्चावयोर्हितचिकीर्षया॥ ३५

सर्वदुःखहारी सदाशिवले नाना प्रकारका धर्महरूको उपदेश गरी हामी दुवैको हितको इच्छाले अनेक प्रकारका वर दिनुभयो॥ ३५॥

ततः स भगवान् शम्भुः कृपया भक्तवत्सलः।
दृष्ट्या सम्पश्यतोः शीघ्रं तत्रैवान्तरधीयत॥ ३६

यसपछि भक्तवत्सल भगवान् शम्भु कृपापूर्वक हामीतिर हेरेर हामी दुवैले देख्दा-देख्दै तत्काल त्यहीँ अन्तर्धान हुनुभयो॥ ३६॥

तदाप्रभृति लोकेऽस्मिंल्लिङ्गपूजाविधिः स्मृतः।
लिङ्गे प्रतिष्ठितः शम्भुर्भुक्तिमुक्तिप्रदायकः॥ ३७

त्यसै बेलादेखि यस लोकमा लिंगपूजाको विधान प्रचलित भएको हो। लिंगमा प्रतिष्ठित भगवान् शिव भोग र मोक्ष प्रदान गर्नुहुन्छ॥ ३७॥

लिङ्गवेदिर्महादेवी लिङ्गं साक्षान्महेश्वरः।
लयनाल्लिङ्गमित्युक्तं तत्रैव निखिलं जगत्॥ ३८

शिवलिंगको वेदी महादेवीको स्वरूप हो र लिंग साक्षात् महेश्वर हुन्। लयकारक हुनाको कारण नै यसलाई लिंग भनिएको हो; यसैमा सम्पूर्ण जगत् स्थित रहन्छ॥ ३८॥

यस्तु लैङ्गं पठेन्नित्यमाख्यानं लिङ्गसन्निधौ।
षण्मासाच्छिवरूपो वै नात्र कार्या विचारणा॥ ३९

जो शिवलिंगको समीप स्थिर भएर नित्य यस लिंगको आख्यान पढ्छ, त्यो छ महिनामा नै शिवरूप हुन जान्छ, यसमा सन्देह गर्नु हुन्न॥ ३९॥

यस्तु लिङ्गसमीपे तु कार्यं किञ्चित्करोति च।
तस्य पुण्यफलं वक्तुं न शक्नोमि महामुने॥ ४०

हे महामुनि! जो शिवलिंगको नजिक कुनै पनि कार्य गर्छ, उसको पुण्यफलको वर्णन गर्नमा म समर्थ छैन॥ ४०॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां प्रथमखण्डे सृष्ट्युपाख्याने परमशिवतत्त्ववर्णनं नाम दशमोऽध्यायः॥ १०॥

॥ यस प्रकार श्रीशिवमहापुराण अन्तर्गत द्वितीय रुद्रसंहिताको प्रथम खण्डमा सृष्टि-उपाख्यानमा परमशिवतत्त्ववर्णन नामक दसौँ अध्याय पूर्ण भयो॥ १०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDT

अथैकादशोऽध्यायः

शिव पूजाको विधि तथा त्यसको फल

ऋषय ऊचुः

सूत सूत महाभाग व्यासशिष्य नमोऽस्तु ते।
श्राविताद्याद्भुता शैवी कथा परमपावनी॥ १

तत्राद्भुता महादिव्या लिङ्गोत्पत्तिः श्रुता शुभा।
श्रुत्वा यस्याः प्रभावं च दुःखनाशो भवेदिह॥ २

ब्रह्मनारदसंवादमनुसृत्य दयानिधे।
शिवार्चनविधिं ब्रूहि येन तुष्टो भवेच्छिवः॥ ३

ब्राह्मणैः क्षत्रियैर्वैश्यैः शूद्रैर्वा पूज्यते शिवः।
कथं कार्यं च तद् ब्रूहि यथा व्यासमुखाच्छ्रुतम्॥ ४

तच्छ्रुत्वा वचनं तेषां शर्मदं श्रुतिसम्मतम्।
उवाच सकलं प्रीत्या मुनिप्रश्नानुसारतः॥ ५

सूत उवाच

साधु पृष्टं भवद्भिश्च तद्रहस्यं मुनीश्वराः।
तदहं कथयाम्यद्य यथाबुद्धि यथाश्रुतम्॥ ६

भवद्भिः पृच्छ्यते यद्वत्तथा व्यासेन वै पुरा।
पृष्टं सनत्कुमाराय तच्छ्रुतं ह्युपमन्युना॥ ७

ततो व्यासेन वै श्रुत्वा शिवपूजादिकं च यत्।
मह्यं च पाठितं तेन लोकानां हितकाम्यया॥ ८
तच्छ्रुतं चैव कृष्णेन ह्युपमन्योर्महात्मनः।
तदहं कथयिष्यामि यथा ब्रह्मावदत्पुरा॥ ९

ब्रह्मोवाच

शृणु नारद वक्ष्यामि सङ्क्षेपाल्लिङ्गपूजनम्।
वक्तुं वर्षशतेनापि न शक्यं विस्तरान्मुने॥ १०

एवं तु शांकरं रूपं सुखं स्वच्छं सनातनम्।
पूजयेत्परया भक्त्या सर्वकामफलाप्तये॥ ११

ऋषि भन्दछन्—हे व्यासशिष्य महाभाग सूत! तपाईंलाई नमस्कार छ, आज तपाईंले भगवान् शिवको अद्भुत एवं परम पवित्र कथा सुनाउनुभयो॥ १॥

त्यसमा अद्भुत, महादिव्य तथा कल्याणकारिणी लिंगोत्पत्ति हामीहरूले सुन्यौँ, जसको प्रभावलाई सुन्नाले यस लोकमा दुःखहरूको नाश हुन्छ॥ २॥

हे दयानिधि! ब्रह्मा र नारदको संवादअनुसार तपाईं हामीलाई शिव पूजाको त्यो विधि बताउनुहोस्, जसबाट भगवान् शिव सन्तुष्ट हुनुहुन्छ॥ ३॥

ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र—यी सबै शिवको पूजा गर्छन्। त्यो पूजा कसरी गर्नुपर्छ? तपाईंले व्यासको मुखबाट यस विषयमा जसरी सुन्नुभएको छ, त्यो बताउनुहोस्॥ ४॥

महर्षिहरूको यो कल्याणप्रद एवं श्रुतिसम्मत वचन सुनेर सूतजी ती मुनिहरूको प्रश्नअनुसार सबै कुरा प्रसन्नतापूर्वक बताउन लाग्नुभयो॥ ५॥

सूत भन्नुहुन्छ—हे मुनीश्वरहरू! तपाईंहरूले ज्यादै राम्रो कुरा सोध्नुभएको छ, तर त्यो रहस्यको कुरा छ। मैले यस विषयमा जस्तो सुनेको छु र जस्तो मेरो बुद्धि छ, त्यसैअनुसार आज भन्न गइरहेको छु॥ ६॥

तपाईंहरूले जसरी सोधिरहनुभएको छ, त्यसरी नै पूर्वकालमा व्यासले सनत्कुमारसित सोध्नुभएको थियो। फेरि त्यसलाई उपमन्युले पनि सुनेका थिए॥ ७॥

व्यासले शिव पूजा आदि जति पनि सुनेका थिए त्यसलाई लोकहितको कामनाले मलाई पढाउनु भएको थियो॥ ८॥ यसै विषयलाई भगवान् श्रीकृष्णले महात्मा उपमन्युबाट सुन्नुभएको थियो। पूर्वकालमा ब्रह्माले नारदसित यस विषयमा जे जति भन्नुभएको थियो, त्यही यस समय म भन्ने छु॥ ९॥

ब्रह्मा भन्नुहुन्छ—हे नारद! म संक्षेपमा लिंग पूजाको विधि बताइरहेको छु, सुन्नुहोस्। हे मुनि! यसको वर्णन सय वर्षमा पनि गर्न सकिन्न। जुन भगवान् शंकरको सुखमय, निर्मल एवं सनातन रूप छ, सबै मनोवांछित फलहरू प्राप्तिका लागि त्यसको उत्तम भक्तिभावले पूजा गर्नुपर्छ॥ १०-११॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दारिद्र्यं रोगदुःखं च पीडनं शत्रुसम्भवम्।
पापं चतुर्विधं तावद्यावन्नार्चयते शिवम्॥ १२

दरिद्रता, रोग, दुःख तथा शत्रुजनित पीडा—यी चार प्रकारका पाप-कष्ट तबसम्म रहन्छ, जबसम्म मनुष्य भगवान् शिवको पूजा गर्दैन॥ १२॥

सम्पूजिते शिवे देवे सर्वदुःखं विलीयते।
सम्पद्यते सुखं सर्वं पश्चान्मुक्तिरवाप्यते॥ १३

भगवान् शिवको पूजा हुनासाथ सारा दुःख विलीन हुन जान्छ र समस्त सुखहरूको प्राप्ति हुन्छ। तत्पश्चात् [समय आएपछि उपासकको] मुक्ति पनि हुन्छ॥ १३॥

यो वै मानुष्यमाश्रित्य मुख्यं सन्तानतः सुखम्।
तेन पूज्यो महादेवः सर्वकार्यार्थसाधकः॥ १४

जो मानवशरीरको आश्रय लिएर मुख्यतया सन्तानसुखको कामना गर्छ, त्यसले सम्पूर्ण कार्य र मनोरथको साधक महादेवको पूजा गर्नुपर्छ॥ १४॥

ब्राह्मणाः क्षत्रिया वैश्याः शूद्राश्च विधिवत्क्रमात्।
शङ्करार्चां प्रकुर्वन्तु सर्वकामार्थसिद्धये॥ १५

ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र पनि सम्पूर्ण कामना तथा प्रयोजनको सिद्धिका लागि क्रमैले विधिअनुसार भगवान् शंकरको पूजा गरून्॥ १५॥

प्रातःकाले समुत्थाय मुहूर्ते ब्रह्मसंज्ञके।
गुरोश्च स्मरणं कृत्वा शंभोश्चैव तथा पुनः॥ १६
तीर्थानां स्मरणं कृत्वा ध्यानं चैव हरेरपि।
ममापि निर्जराणां वै मुन्यादीनां तथा मुने॥ १७
ततः स्तोत्रं शंभुनाम गृह्णीयाद्विधिपूर्वकम्।

प्रातःकाल ब्राह्ममुहूर्तमा उठेर गुरु तथा शिवको स्मरण गरी पुनः तीर्थहरूको चिन्तन गरी भगवान् विष्णुको ध्यान गर्नुपर्छ। हे मुनि! त्यसपछि मेरो, देवताहरूको र मुनि आदिको पनि स्मरण-चिन्तन गरी स्तोत्र-पाठपूर्वक शंकरको विधिपूर्वक नाम लिनुपर्छ॥ १६-१७$^{1}/_{2}$॥

ततोत्थाय मलोत्सर्गं दक्षिणस्यां चरेद्दिशि॥ १८
एकान्ते तु विधिं कुर्यान्मलोत्सर्गस्य यच्छ्रुतम्।
तदेव कथयाम्यद्य श्रृणवाधाय मनो मुने॥ १९

त्यसपछि शय्याबाट उठेर निवासस्थानबाट दक्षिण दिशामा गएर मलत्याग गर्नु। हे मुनि! मलोत्सर्ग एकान्तमा गर्नुपर्छ। त्यसबाट शुद्ध हुनका लागि जुन विधि मैले सुनेको छु, तपाईंहरूसित त्यसैलाई आज भन्छु, मनलाई एकाग्र गरी सुन्नुहोस्॥ १८-१९॥

शुद्धां मृदं द्विजो लिप्यात्पंचवारं विशुद्धये।
क्षत्रियश्च चतुर्वारं वैश्यो वारत्रयं तथा॥ २०
शूद्रो द्विवारं च मृदं गृह्णीयाद्विधिशुद्धये।
गुदे वाथ सकृल्लिंगे वारमेकं प्रयत्नतः॥ २१

ब्राह्मणले [मलद्वारको] शुद्धिका लागि पाँच पटक माटो दलेर धोऊन्। क्षत्रिय चार पटक, वैश्य तीन पटक र शूद्र दुई पटक विधिपूर्वक मलद्वारको शुद्धिका लागि त्यसमा माटो लगाऊन्। लिंगमा पनि एक पटक प्रयत्नपूर्वक माटो लगाउनु पर्छ॥ २०-२१॥

दशवारं वामहस्ते सप्तवारं द्वयोस्तथा।
प्रत्येकं पादयोस्तात त्रिवारं करयोः पुनः॥ २२

तत्पश्चात् बाँया हातमा दश पटक र दुवै हातमा सात पटक माटो लगाऊन्। हे तात! प्रत्येक गोडामा तीन-तीन पटक माटो लगाऊन्, फेरि दुवै हातमा पनि तीन पटक माटो लगाएर धोऊन्॥ २२॥

स्त्रीभिश्च शूद्रवत्कार्यं मृदाग्रहणमुत्तमम्।
हस्तौ पादौ च प्रक्षाल्य पूर्ववन्मृदमाहरेत्॥ २३

स्त्रीहरूले शूद्रको झैं राम्ररी माटो लगाउनु पर्छ। हात-गोडा धोएर पूर्ववत् शुद्ध माटोको संग्रह गर्नुपर्छ॥ २३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDP

दन्तकाष्ठं ततः कुर्यात्स्ववर्णक्रमतो नरः॥ २४
विप्रः कुर्याद्दन्तकाष्ठं द्वादशांगुलमानतः।
एकादशांगुलं राजा वैश्यः कुर्याद्दशांगुलम्॥ २५
शूद्रो नवांगुलं कुर्यादिति मानमिदं स्मृतम्।
कालदोषं विचार्यैव मनुदृष्टं विवर्जयेत्॥ २६

यसपछि मनुष्यले आफ्नो वर्णअनुसार दतिवनले दाँत सफा गर्नुपर्छ। ब्राह्मणले बाह्र अँगुलको दतिवनले दाँत सफा गर्नुपर्छ। क्षत्रिय एघार अँगुल, वैश्य दश अँगुल र शूद्र नौ अँगुलको दतिवनले दाँत सफा गरून्। दतिवनको यो मान बताएँ। मनुस्मृतिअनुसार कालदोषको विचार गरेर मात्र दतिवन गर्नुपर्दछ वा त्यागिदिनु पर्दछ॥ २४—२६॥

षष्ठ्याद्यामाश्च नवमी व्रतमस्तं रवेर्दिनम्।
तथा श्राद्धदिनं तात निषिद्धं रदधावने॥ २७

हे तात! षष्ठी, प्रतिपदा, अमावस्या, नवमी, व्रतको दिन, सूर्यास्तको समय, रविवार तथा श्राद्धदिवस—यी दन्तधावनको लागि वर्जित छन्॥ २७॥

स्नानं तु विधिवत्कार्यं तीर्थादिषु क्रमेण तु।
देशकालविशेषेण स्नानं कार्यं समन्त्रकम्॥ २८

[दन्तधावन पश्चात्] तीर्थ आदिमा विधिपूर्वक स्नान गर्नुपर्छ, विशेष देश-काल आउँदामा मन्त्रोच्चारण-पूर्वक स्नान गर्नुपर्छ॥ २८॥

आचम्य प्रथमं तत्र धौतवस्त्राणि धारयेत्।
एकान्ते सुस्थले स्थित्वा संध्याविधिमथाचरेत्॥ २९

[स्नान पश्चात्] पहिला आचमन गरी धोएको वस्त्र धारण गर्नुपर्छ। फेरि सफा एकान्त स्थलमा बसेर सन्ध्याविधिको अनुष्ठान गर्नुपर्छ॥ २९॥

यथायोग्यं विधिं कृत्वा पूजाविधिमथारभेत्।
मनस्तु सुस्थिरं कृत्वा पूजागारं प्रविश्य च॥ ३०
पूजाविधिं समादाय स्वासने ह्युपविश्य वै।
न्यासादिकं विधायादौ पूजयेत् क्रमशो हरम्॥ ३१

यथायोग्य सन्ध्याविधि गरी पूजाको कार्य आरम्भ गर्नुपर्छ। मनलाई सुस्थिर गरी पूजागृहमा प्रवेश गरी त्यहाँ पूजा-सामग्री लिएर सुन्दर आसनमा बस्नुपर्छ। पहिला न्यास आदि गरी क्रमशः महादेवको पूजा गर्नुपर्छ॥ ३०-३१॥

प्रथमं च गणाधीशं द्वारपालांस्तथैव च।
दिक्पालांश्च सुसंपूज्य पश्चात्पीठं प्रकल्पयेत्॥ ३२

[शिवको पूजाभन्दा] पहिला गणेशको, द्वारपालहरूको र दिक्पालहरूको राम्ररी पूजा गरिसकेपछि देवताका लागि पीठको स्थापना गर्नुपर्छ॥ ३२॥

अथवाष्टदलं कृत्वा पूजाद्रव्यं समीपतः।
उपविश्य ततस्तत्र उपवेश्य शिवम् प्रभुम्॥ ३३
आचमनत्रयं कृत्वा प्रक्षाल्य च पुनः करौ।
प्राणायामत्रयं कृत्वा मध्ये ध्यायेच्च त्र्यम्बकम्॥ ३४
पंचवक्त्रं दशभुजं शुद्धस्फटिकसन्निभम्।
सर्वाभरणसंयुक्तं व्याघ्रचर्मोत्तरीयकम्॥ ३५
तस्य सारूप्यतां स्मृत्वा दहेत्पापं नरः सदा।
शिवं ततः समुत्थाप्य पूजयेत्परमेश्वरम्॥ ३६

अथवा अष्टदलकमल बनाएर पूजाद्रव्यको नजिक बसेर त्यस कमलमा नै भगवान् शिवलाई समासीन गर्नुपर्छ। तत्पश्चात् तीन पटक आचमन गरी पुनः दुवै हात धोएर तीन प्राणायाम गरी मध्यम प्राणायाम अर्थात् कुम्भक गर्दाको समय त्रिनेत्रधारी भगवान् शिवको यस प्रकार ध्यान गर्नुपर्छ—उहाँका पाँच मुख छन्, दश हात छन्, शुद्ध स्फटिक समान उहाँको कान्ति छ, उहाँ सबै प्रकारका आभूषणहरूले विभूषित हुनुहुन्छ तथा उहाँ बाघको छालाको उत्तरीय ओढ्नुहुन्छ। उहाँको सारूप्यको भावना गरी मनुष्य सदाका लागि आफ्नो पापलाई भस्म गरून्। [यस प्रकारको भावनाले युक्त भएर] त्यहाँमाथि शिवलाई प्रतिष्ठापित गरी ती परमेश्वरको पूजा गर्नुपर्छ॥ ३३—३६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देहशुद्धिं ततः कृत्वा मूलमन्त्रं न्यसेत्क्रमात्।
सर्वत्र प्रणवेनैव षडंगन्यासमाचरेत्॥ ३७

कृत्वा हृदि प्रयोगं च ततः पूजां समारभेत्।
पाद्यार्घाचमनार्थं च पात्राणि च प्रकल्पयेत्॥ ३८

स्थापयेद्विविधान्कुम्भान्नव धीमान्यथाविधि।
दर्भैराच्छाद्य तैरेव संस्थाप्याभ्युक्ष्य वारिणा॥ ३९

तेषु तेषु च सर्वेषु क्षिपेत्तोयं सुशीतलम्।
प्रणवेन क्षिपेत्तेषु द्रव्याण्यालोक्य बुद्धिमान्॥ ४०

उशीरं चन्दनं चैव पाद्ये तु परिकल्पयेत्।
जातीकंकोलकर्पूरवटमूलतमालकम् ॥ ४१

चूर्णयित्वा यथान्यायं क्षिपेदाचमनीयके।
एतत्सर्वेषु पात्रेषु दापयेच्चन्दनान्वितम्॥ ४२

पार्श्वयोर्देवदेवस्य नंदीशं तु समर्चयेत्।
गंधैर्धूपैस्तथा दीपैर्विविधैः पूजयेच्छिवम्॥ ४३

लिंगशुद्धिं ततः कृत्वा मुदा युक्तो नरस्तदा।
यथोचितं तु मंत्रौघैः प्रणवादिनमोऽन्तकैः॥ ४४

कल्पयेदासनं स्वस्तिपद्मादि प्रणवेन तु।
तस्मात्पूर्वदिशं साक्षादणिमामयमक्षरम्॥ ४५

लघिमा दक्षिणं चैव महिमा पश्चिमं तथा।
प्राप्तिश्चैवोत्तरं पत्रं प्राकाम्यं पावकस्य च॥ ४६

ईशित्वं नैर्ऋतं पत्रं वशित्वं वायुगोचरे।
सर्वज्ञत्वं तथैशान्यं कर्णिका सोम उच्यते॥ ४७

सोमस्याधस्तथा सूर्यस्तस्याधः पावकस्त्वयम्।
धर्मादीनपि तस्याधो भवतः कल्पयेत् क्रमात्॥ ४८

अव्यक्तादि चतुर्दिक्षु सोमस्यान्ते गुणत्रयम्।
सद्योजातं प्रपद्यामीत्यावाह्य परमेश्वरम्॥ ४९

वामदेवेन मंत्रेण तिष्ठेच्चैवासनोपरि।

शरीरशुद्धि गरी मूलमन्त्रको क्रमशः न्यास गर्नुपर्छ अथवा सर्वत्र प्रणवबाट नै षडंगन्यास गर्नुपर्छ॥ ३७॥

यस प्रकार हृदयादि न्यास गरी पूजा आरम्भ गर्नुपर्छ। पाद्य, अर्घ्य र आचमनका लागि पात्रहरूलाई तयार गरी राख्नुपर्छ॥ ३८॥ बुद्धिमान् पुरुषले विधिपूर्वक भिन्न-भिन्न प्रकारका नौ कलश स्थापित गरून्। तिनलाई कुशहरूले ढाकेर कुशहरूबाट नै जल लिएर ती सबैमा छर्कनू। ती सबै पात्रहरूमा शीतल जल हाल्नू। तत्पश्चात् बुद्धिमान् पुरुषले हेरेर प्रणवमन्त्रद्वारा तिनमा यी द्रव्यहरूलाई हालुन्। खस र चन्दनलाई पाद्यपात्रमा राख्नू। चमेलीको फूल, शीतलचीनी, कपूर, वरको जरा तथा तमाल—यी सबैलाई यथोचितरूपले [कुटी-पिसीकन] धुलो बनाएर आचमनीय पात्र (पंचपात्र)-मा हाल्नू। यी सबै चन्दनसहित सबै पात्रहरूमा हाल्नुपर्छ॥ ३९—४२॥

देवाधिदेव महादेवको पार्श्वभागमा नन्दीश्वरको पूजा गर्नुपर्दछ। गन्ध, धूप, दीप आदि विविध उपचारले शिवको पूजा गर्नुपर्दछ॥ ४३॥ फेरि प्रसन्नतापूर्वक लिंगशुद्धि गरी मनुष्य उचित रूपले मन्त्रसमूहहरूको शुरूमा 'प्रणव' तथा अन्तमा 'नमः' पद जोडेर तीद्वारा [इष्टदेवका लागि] अथवा प्रणवको उच्चारण गरी स्वस्ति, पद्म आदि आसनको कल्पना गरून्। पुनः यो भावना गरून् कि यस कमलको पूर्वदल साक्षात् अणिमा नामक ऐश्वर्यरूप तथा अविनाशी हो। दक्षिणदल लघिमा हो। पश्चिमदल महिमा हो। उत्तरदल प्राप्ति हो। अग्निकोणको दल प्राकाम्य हो। नैर्ऋत्यकोणको दल ईशित्व हो। वायव्यकोणको दल वशित्व हो। ईशानकोणको दल सर्वज्ञत्व हो र त्यस कमलको कर्णिकालाई सोम भनिन्छ॥ ४४—४७॥

सोमभन्दा तल सूर्यको, सूर्यभन्दा तल अग्निको र अग्निभन्दा तल धर्म आदिको क्रमशः कल्पना गर्नुपर्दछ। यसपश्चात् चारै दिशाहरूमा अव्यक्त आदिको तथा सोमभन्दा तल तीनै गुणको कल्पना गर्नुपर्दछ। यसपछि '**ॐ सद्योजातं प्रपद्यामि**' इत्यादि मन्त्रले परमेश्वर शिवको आवाहन गरी '**ॐ वामदेवाय नमः**' इत्यादि वामदेवमन्त्रले उहाँलाई आसनमा विराजमान गर्नुपर्दछ। फेरि '**ॐ तत्पुरुषाय विद्महे**' इत्यादि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDI

सान्निध्यं रुद्रगायत्र्या अघोरेण निरोधयेत्॥ ५०
ईशानः सर्वविद्यानामिति मंत्रेण पूजयेत्।
पाद्यमाचनीयं च विधायार्घ्यं प्रदापयेत्॥ ५१

रुद्रगायत्रीद्वारा इष्टदेवको सान्निध्य प्राप्त गरी उहाँलाई **'ॐ अघोरेभ्योऽथ'** इत्यादि अघोर मन्त्रले त्यहाँ निरुद्ध गर्नुपर्दछ। तत्पश्चात् **'ॐ ईशानः सर्व-विद्यानाम्'** इत्यादि मन्त्रले आराध्य देवको पूजा गर्नुपर्दछ। पाद्य र आचमनीय अर्पित गरी अर्घ्य दिनुपर्दछ॥ ४८-५१॥

स्नापयेद्विधिना रुद्रं गंधचंदनवारिणा।
पञ्चगव्यविधानेन गृह्यपात्रेऽभिमंत्र्य च॥ ५२
प्रणवेनैव गव्येन स्नापयेत्पयसा च तम्।
दध्ना च मधुना चैव तथा चेक्षुरसेन तु॥ ५३
घृतेन तु तथा पूज्यं सर्वकामहितावहम्।
पुण्यैर्द्रव्यैर्महादेवं प्रणवेनाभिषेचयेत्॥ ५४

तत्पश्चात् गन्ध र चन्दनमिश्रित जलले विधिपूर्वक रुद्रदेवलाई स्नान गराउनु। फेरि पंचगव्यनिर्माणको विधिले पाँचै द्रव्यहरूलाई एउटा पात्रमा लिएर प्रणवबाट नै अभिमन्त्रित गरी ती मिश्रित गव्यपदार्थहरूद्वारा भगवान्‌लाई स्नान गराउनु। तत्पश्चात् पृथक्-पृथक् दूध, दही, मह, उखुको रस तथा घिउले स्नान गराएर समस्त अभीष्टहरूका दाता र हितकारी पूजनीय महादेवको प्रणवको उच्चारण-पूर्वक पवित्र द्रव्यद्वारा अभिषेक गर्नुपर्दछ॥ ५२—५४॥

पवित्रजलभाण्डेषु मंत्रैः तोयं क्षिपेत्ततः।
शुद्धीकृत्य यथान्यायं सितवस्त्रेण साधकः॥ ५५

साधक सेतो वस्त्रले त्यस जललाई यथोचित रीतिले छानुन् र पवित्र जलपात्रमा मन्त्रोच्चारणपूर्वक जल हालुन्॥ ५५॥ जलधारा तबसम्म बन्द नगर्नु, जबसम्म इष्टदेवलाई चन्दन चढाइँदैन। तब सुन्दर अक्षताद्वारा प्रसन्नतापूर्वक शंकरको पूजा गर्नुपर्दछ। उहाँको माथि कुश, अपमार्ग, कपूर, चमेली, चम्पा, गुलाब, सेतो कनेर, बेलको पात, कमल र उत्पल आदि थरी-थरीका अपूर्व पुष्पहरू एवं चन्दनले उहाँको पूजा गर्नुपर्दछ। परमेश्वर शिवमाथि जलधारा झरिरहोस्, यसको पनि व्यवस्था गर्नुपर्दछ॥ ५६—५८॥

तावद् दूरं न कर्तव्यं न यावच्चन्दनं क्षिपेत्।
तंदुलैः सुन्दरैस्तत्र पूजयेच्छंकरं मुदा॥ ५६
कुशापामार्गकर्पूरजातिचंपकपाटलैः।
करवीरैः सितैश्चैव मल्लिकाकमलोत्पलैः॥ ५७
अपूर्वपुष्पैर्विविधैश्चन्दनाद्यैस्तथैव च।
जलेन जलधारां च कल्पयेत्परमेश्वरे॥ ५८
पात्रैश्च विविधैर्देवं स्नापयेच्च महेश्वरम्।
मंत्रपूर्वं प्रकर्तव्या पूजा सर्वफलप्रदा॥ ५९

जलले परिपूर्ण थरी-थरीका पात्रद्वारा महेश्वरलाई स्नान गराउनू। यस प्रकार मन्त्रोच्चारणपूर्वक समस्त फलहरूलाई प्रदान गर्ने पूजा गर्नुपर्छ॥ ५९॥

मन्त्रांश्च तुभ्यं तांस्तात सर्वकामार्थसिद्धये।
प्रवक्ष्यामि समासेन सावधानतया शृणु॥ ६०

हे तात! अब म तपाईंलाई समस्त मनोवांछित कामनाहरूको सिद्धिका लागि ती [पूजा सम्बन्धी] मन्त्रहरूलाई पनि संक्षेपमा बताउँदै छु, सावधानीका साथ सुन्नुहोस्॥ ६०॥

पवमानेन मंत्रेण तथा वाङ्मयकेन च।
रुद्रेण नीलरुद्रेण सुशुक्लेन शुभेन च॥ ६१
होतारेण तथा शीर्ष्णा शुभेनाथर्वणेन च।
शांत्या वाथ पुनः शांत्या भारुण्डेनारुणेन च॥ ६२
अर्थाभीष्टेन साम्ना च तथा देवव्रतेन च॥ ६३
रथन्तरेण पुष्प्येण सूक्तेन पुरुषेण च।
मृत्युंजयेन मंत्रेण तथा पंचाक्षरेण च॥ ६४

पावमानमन्त्रद्वारा, **'वाङ्मे०'** इत्यादि मन्त्रद्वारा, रुद्रमन्त्र, नीलरुद्रमन्त्रद्वारा, सुन्दर एवं शुभ पुरुषसूक्त, श्रीसूक्तद्वारा, सुन्दर अथर्वशीर्षका मन्त्रद्वारा, **'आ नो भद्रा०'** इत्यादि शान्तिमन्त्रद्वारा, शान्तिसम्बन्धी अरू मन्त्रहरूद्वारा, भारुण्ड मन्त्र र अरुणमन्त्रहरूद्वारा, अर्थाभीष्टसाम तथा देवव्रतसामद्वारा, **'अभि त्वा०'** इत्यादि रथन्तरसामद्वारा, पुरुषसूक्तद्वारा, मृत्युंजयमन्त्रद्वारा तथा पंचाक्षरमन्त्रद्वारा पूजा गर्नुपर्छ॥ ६१—६४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जलधाराः सहस्रेण शतेनैकोत्तरेण वा।
कर्तव्या वेदमार्गेण नामभिर्वाथ वा पुनः॥ ६५
ततश्चंदनपुष्पादि रोपणीयं शिवोपरि।
दापयेत्प्रणवेनैव मुखवासादिकं तथा॥ ६६
ततः स्फटिकसंकाशं देवं निष्कलमक्षयम्।
कारणं सर्वलोकानां सर्वलोकमयं परम्॥ ६७
ब्रह्मेन्द्रोपेन्द्रविष्ण्वाद्यैरपि देवैरगोचरम्।
वेदविद्भिर्हि वेदांते त्वगोचरमिति स्मृतम्॥ ६८
आदिमध्यान्तरहितं भेषजं सर्वरोगिणाम्।
शिवतत्त्वमिति ख्यातं शिवलिंगं व्यवस्थितम्॥ ६९
प्रणवेनैव मंत्रेण पूजयेल्लिंगमूर्द्धनि।
धूपैर्दीपैश्च नैवेद्यैस्ताम्बूलैः सुन्दरैस्तथा॥ ७०
नीराजनेन रम्येण यथोक्तविधिना ततः।
नमस्कारैः स्तवैश्चान्यैर्मन्त्रैर्नानाविधैरपि॥ ७१
अर्घ्यं दत्त्वा तु पुष्पाणि पादयोः सुविकीर्य च।
प्रणिपत्य च देवेशमात्मनाराधयेच्छिवम्॥ ७२
हस्ते गृहीत्वा पुष्पाणि समुत्थाय कृतांजलिः।
प्रार्थयेत्पुनरीशानं मंत्रेणानेन शंकरम्॥ ७३
अज्ञानाद्यदि वा ज्ञानाज्जपपूजादिकं मया।
कृतं तदस्तु सफलं कृपया तव शंकर॥ ७४
पठित्वैवं च पुष्पाणि शिवोपरि मुदा न्यसेत्।
ततः स्वस्त्ययनं कृत्वा ह्याशिषो विविधास्तथा॥ ७५
मार्जनं तु ततः कार्यं शिवस्योपरि वै पुनः।
नमस्कारं ततः क्षांतिं पुनरागमनाय च॥ ७६

वैदिक विधिले शिवको नाममन्त्रद्वारा एक हजार अथवा एक सय एक जलधारा प्रदान गर्नुपर्दछ॥ ६५॥

त्यसपछि भगवान् शंकरमाथि चन्दन र फूल आदि चढाउनू। प्रणवद्वारा सुपारी आदि अर्पित गर्नुपर्दछ॥ ६६॥

यसपछि जो स्फटिकमणि समान निर्मल, निष्कल, अविनाशी, सर्वलोककारण, सर्वलोकमय, परमदेव छन्, जो ब्रह्मा, इन्द्र, उपेन्द्र, विष्णु आदि देवताहरूलाई पनि गोचर नहुने, वेदवेत्ता विद्वान्हरूद्वारा वेदान्तमा [मन-वाणीबाट] अगोचर बताइएका छन्, जो आदि-मध्य-अन्तबाट रहित, समस्त रोगीहरूका लागि औषधीरूप, शिवतत्त्वको नामले विख्यात तथा शिवलिंगको रूपमा प्रतिष्ठित छन्, ती भगवान् शिवको शिवलिंगको शिरमा प्रणवमन्त्रबाट नै पूजा गर्नुपर्दछ। धूप, दीप, नैवेद्य, राम्रो सुपारी, सुरम्य आरती, स्तोत्रहरू तथा नाना प्रकारका मन्त्रहरू एवं नमस्कारद्वारा यथोक्त विधिले उहाँको पूजा गर्नुपर्दछ॥ ६७—७१॥

तत्पश्चात् अर्घ्य दिएर भगवान्का चरणहरूमा पुष्प अर्पण गरेर साष्टांग प्रणाम गरी देवेश्वर शिवको आराधना गर्नुपर्दछ॥ ७२॥

यसपछि हातमा फूल लिई उभिएर दुवै हात जोडेर सर्वेश्वर शंकरको पुनः प्रार्थना गर्नु—हे शिव! मैले अनजानमा अथवा जानी-बुझिकन जुन जप-पूजा आदि सत्कर्म गरेको छु, त्यो हजुरको कृपाले सफल होस्॥ ७३-७४॥

यस प्रकार पढेर भगवान् शिवमाथि प्रसन्नतापूर्वक फूल चढाउनू। तत्पश्चात् स्वस्तिवाचन[1] गरी नाना प्रकारका आशीः[2] प्रार्थना गर्नु। फेरि शिवमाथि मार्जन[3] गर्नु। यसपछि नमस्कार गरी अपराधका लागि क्षमा-प्रार्थना[4]

१. 'ॐ स्वस्ति न इन्द्रो वृद्धश्रवाः स्वस्ति नः पूषा विश्ववेदाः। स्वस्ति नस्ताक्ष्यों अरिष्टनेमिः स्वस्ति नो बृहस्पतिर्दधातु॥' इत्यादि स्वस्तिवाचनसम्बन्धी मन्त्र हुन्।

२. 'काले वर्षतु पर्जन्यः पृथिवी शस्यशालिनी। देशोऽयं क्षोभरहितो ब्राह्मणाः सन्तु निर्भयाः॥ सर्वे च सुखिनः सन्तु सर्वे सन्तु निरामयाः। सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःखभाग्भवेत्॥' इत्यादि आशीः प्रार्थनाहरू हुन्।

३. 'ॐ आपो हि ष्ठा मयोभुवः' (यजु० ११।५०—५२) इत्यादि तीन मार्जन-मन्त्र बताइएका छन्। यिनलाई पढ्दै इष्टदेवमाथि जल छर्कनुलाई 'मार्जन' भनिन्छ।

४. 'अपराधसहस्राणि क्रियन्तेऽहर्निशं मया। तानि सर्वाणि मे देव क्षमस्व परमेश्वर॥' इत्यादि क्षमाप्रार्थनासम्बन्धी श्लोक हुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDT

अघोरमन्त्रमुच्चार्य नमस्कारं प्रकल्पयेत्।
प्रार्थयेच्च पुनस्तत्र सर्वभावसमन्वितः ॥ ७७

शिवे भक्तिः शिवे भक्तिः शिवे भक्तिर्भवे भवे।
अन्यथा शरणं नास्ति त्वमेव शरणं मम ॥ ७८

इति संप्रार्थ्य देवेशं सर्वसिद्धिप्रदायकम्।
पूजयेत्परया भक्त्या गलनादैर्विशेषतः ॥ ७९

नमस्कारं ततः कृत्वा परिवारगणैः सह।
प्रहर्षमतुलं लब्ध्वा कार्यं कुर्याद्यथासुखम् ॥ ८०

एवं यः पूजयेन्नित्यं शिवभक्तिपरायणः।
तस्य वै सकला सिद्धिर्जायते तु पदे पदे ॥ ८१

वाग्मी स जायते तस्य मनोऽभीष्टफलं ध्रुवम्।
रोगं दुःखं च शोकं च ह्युद्वेगं कृत्रिमं तथा ॥ ८२
कौटिल्यं च गरं चैव यद्यद्दुःखमुपस्थितम्।
तद्दुःखं नाशयत्येव शिवः शिवकरः परः ॥ ८३
कल्याणं जायते तस्य शुक्लपक्षे यथा शशी।
वर्धते सद्गुणस्तत्र ध्रुवं शंकरपूजनात् ॥ ८४

इति पूजाविधिः शंभोः प्रोक्तस्ते मुनिसत्तम।
अतः परं च शुश्रूषुः किं प्रष्टासि च नारद ॥ ८५

गर्दै पुनरागमनका लागि विसर्जन[१] गर्नुपर्छ। यसपछि अघोर[२] मन्त्रको उच्चारण गरी नमस्कार गर्नुपर्छ। फेरि सम्पूर्ण भावले युक्त भएर यस प्रकार प्रार्थना गर्नुपर्छ—प्रत्येक जन्ममा शिवमा मेरो भक्ति होस्, शिवमा भक्ति होस्, शिवमा भक्ति होस्। हजुरबाहेक अरू कोही मलाई शरण दिनेवाला छैनन्। हे महादेव! हजुर नै मेरा लागि शरणदाता हुनुहुन्छ ॥ ७५—७८ ॥

यस प्रकार प्रार्थना गरी पराभक्तिद्वारा सम्पूर्ण सिद्धिहरूका दाता देवेश्वर शिवको पूजा गर्नु। विशेषतः घाँटीको ध्वनिद्वारा भगवान्‌लाई सन्तुष्ट गर्नु ॥ ७९ ॥

तत्पश्चात् परिवारजनका साथ नमस्कार गरी अनुपम प्रसन्नता प्राप्त गरी समस्त [लौकिक] कार्य सुखपूर्वक गर्दै रहनू ॥ ८० ॥

जो यस प्रकार शिवभक्तिपरायण भएर प्रतिदिन पूजा गर्छ, त्यसलाई अवश्य नै पाइला-पाइलामा सबै प्रकारका सिद्धि प्राप्त हुन्छ ॥ ८१ ॥

त्यो उत्तम वक्ता हुन्छ तथा त्यसलाई निश्चय नै मनोवांछित फल प्राप्त हुन्छ। रोग, शोक, दुःख, अरूको निमित्तबाट हुने उद्वेग, कुटिलता, विष तथा अन्य जुन-जुन कष्ट उपस्थित हुन्छ, त्यसलाई कल्याणकारी परम शिव अवश्य नष्ट गरिदिनुहुन्छ ॥ ८२-८३ ॥

त्यस उपासकको कल्याण हुन्छ। जसरी शुक्लपक्षमा चन्द्रमा बढ्छ, त्यसरी नै शंकरको पूजाले त्यसमा अवश्य नै सद्‌गुणहरूको वृद्धि हुन्छ ॥ ८४ ॥

हे मुनिश्रेष्ठ! यस प्रकार मैले शिवको पूजाको विधि तपाईंलाई बताएँ। हे नारद! अब तपाईं अरू के सोध्न तथा सुन्न चाहनुहुन्छ ? ॥ ८५ ॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां प्रथमखण्डे सृष्ट्युपाख्याने शिवपूजाविधिवर्णनं नामैकादशोऽध्यायः ॥ ११ ॥

॥ यस प्रकार श्रीशिवमहापुराण अन्तर्गत द्वितीय रुद्रसंहिताको प्रथम खण्डमा सृष्टि-उपाख्यानमा शिवपूजाविधिवर्णन नामक एघारौं अध्याय पूर्ण भयो ॥ ११ ॥

१. 'यान्तु देवगणाः सर्वे पूजामादाय मामकीम्। अभीष्टफलदानाय पुनरागमनाय च ॥' इत्यादि विसर्जनसम्बन्धी श्लोक हुन्।
२. अघोरेभ्योऽथ घोरेभ्यो घोरघोरतरेभ्यः। सर्वेभ्यः सर्वशर्वेभ्यो नमस्तेऽस्तु रुद्ररूपेभ्यः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ द्वादशोऽध्यायः

भगवान् शिवको श्रेष्ठता तथा उहाँको पूजाको अनिवार्य आवश्यकताको प्रतिपादन

नारद उवाच

ब्रह्मन्प्रजापते तात धन्यस्त्वं शिवसक्तधीः।
एतदेव पुनः सम्यग्ब्रूहि मे विस्तराद्विधे॥ १

ब्रह्मोवाच

एकस्मिन्समये तात ऋषीनाहूय सर्वतः।
निर्जरांश्चावदं प्रीत्या सुवचः पद्मसंभवः॥ २

यदि नित्यसुखे श्रद्धा यदि सिद्धेश्च कामुकाः।
आगन्तव्यं मया सार्धं तीरं क्षीरपयोनिधेः॥ ३

इत्येतद्वचनं श्रुत्वा गतास्ते हि मया सह।
यत्रास्ते भगवान्विष्णुः सर्वेषां हितकारकः॥ ४

तत्र गत्वा जगन्नाथं देवदेवं जनार्दनम्।
उपतस्थुः सुरा नत्वा सुकृताञ्जलयो मुने॥ ५
तान्दृष्ट्वा च तदा विष्णुर्ब्रह्माद्यानमरान्स्थितान्।
स्मरन् शिवपदांभोजमब्रवीत्परमं वचः॥ ६

विष्णुरुवाच

किमर्थमागता यूयं ब्रह्माद्याश्च सुरर्षयः।
सर्वं वदत तत्प्रीत्या किं कार्यं विद्यतेऽधुना॥ ७

ब्रह्मोवाच

इति पृष्टास्तदा तेन विष्णुना च मया सुराः।
पुनः प्रणम्य तं प्रीत्या किं कार्यं विद्यतेऽधुना।
विनिवेदयितुं कार्यं ह्यब्रुवन्वचनं शुभम्॥ ८

देवा ऊचुः

नित्यं सेवा तु कस्यैव कार्या दुःखापहारिणी॥ ९
इत्येतद्वचनं श्रुत्वा भगवान्भक्तवत्सलः।
सामरस्य मम प्रीत्या कृपया वाक्यमब्रवीत्॥ १०

श्रीभगवानुवाच

ब्रह्मन् शृणु सुरैः सम्यक् श्रुतं च भवता पुरा।
तथापि कथ्यते तुभ्यं देवेभ्यश्च तथा पुनः॥ ११

नारद भन्नुहुन्छ—हे ब्रह्मन्! हे प्रजापति! हे तात! हजुर धन्य हुनुहुन्छ; किनभने हजुरको बुद्धि भगवान् शिवमा लागेको छ। हे ब्रह्माजी! हजुर पुनः यसै विषयको सम्यक् प्रकारले विस्तारपूर्वक मसित वर्णन गर्नुहोस्॥ १॥

ब्रह्मा भन्नुहुन्छ—हे तात! कुनै एक समयको कुरा हो; कमलबाट उत्पन्न भएको मैले चारैतिरबाट ऋषिहरू र देवताहरूलाई बोलाएर प्रेमपूर्वक सुन्दर र मधुर वाणीमा भनें—॥ २॥

यदि तपाईंहरू सबै नित्य सुख प्राप्त गर्ने इच्छा राख्नुहुन्छ र नित्य आफ्नो मनोरथको सिद्धि चाहनुहुन्छ भने मसँगै क्षीरसागरको तटमा हिँड्नुहोस्॥ ३॥

यस वचनलाई सुनेर ती सबै मसँगै त्यहाँ गए, जहाँ सर्वकल्याणकारी भगवान् विष्णु निवास गर्नुहुन्छ॥ ४॥

हे मुनि! त्यहाँ पुगेर सबै देवताले भगवान् जगन्नाथ देवदेवेश्वर जनार्दन विष्णुलाई हात जोडेर प्रणाम गरी उभिए। ब्रह्मा आदि ती उपस्थित देवताहरूलाई देखेर [मनमा] शिवका चरणकमलको स्मरण गर्दै भगवान् विष्णु भन्नलाग्नुभयो—॥ ५-६॥

विष्णु भन्नुहुन्छ—हे ब्रह्मादि देवता तथा ऋषिहरू हो! तपाईंहरू यहाँ केका लागि आउनुभएको छ? प्रेमपूर्वक सबथोक भन्नुहोस्? यस समय कुनचाहिँ कार्य आइपर्‍यो?॥ ७॥

ब्रह्मा भन्नुहुन्छ—भगवान् विष्णुद्वारा सोधिएपछि मैले उहाँलाई प्रणाम गरें र उपस्थित ती सबै देवताहरूसित भनें कि यस समय तपाईंहरू सबै आउनुको के प्रयोजन छ? यसको निवेदन तपाईंहरू सबै गर्नुहोस्॥ ८॥

देवता भन्दछन्—[हे विष्णु!] कसको सेवा छ, जुन सबै दुःखहरूलाई हटाउने खालको छ, जसको सेवा हामीले नित्य गर्नुपर्छ। देवताहरूको यो वचन सुनेर भक्तवत्सल भगवान् विष्णु देवताहरूसहित मेरो प्रसन्नताका लागि कृपापूर्वक यो वाक्य भन्न लाग्नुभयो—॥ ९-१०॥

श्रीभगवान् भन्नुहुन्छ—हे ब्रह्मन्! देवताहरूका साथ तपाईंले पहिला पनि यस विषयमा सुन्नुभएको छ, तर आज पुनः तपाईं र देवताहरूलाई बताइरहेको छु॥ ११॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: ...

दृष्टं च दृश्यतेऽद्यैव किं पुनः पृच्छ्यतेऽधुना।
ब्रह्मन्देवैः समस्तैश्च बहुधा कार्यतत्परैः॥ १२

सेव्यः सेव्यः सदा देवः शंकरः सर्वदुःखहा।
ममापि कथितं तेन ब्रह्मणोऽपि विशेषतः॥ १३

प्रस्तुतं चैव दृष्टं वः सर्वं दृष्टान्तमद्भुतम्।
त्याज्यं तदर्चनं नैव कदापि सुखमीप्सुभिः॥ १४

सन्त्यज्य देवदेवेशं लिंगमूर्तिं महेश्वरम्।
तारपुत्रास्तथैवैते नष्टास्तेऽपि सबान्धवाः॥ १५

मया च मोहितास्ते वै मायया दूरतः कृताः।
सर्वे विनष्टाः प्रध्वस्ताः शिवेन रहिता यदा॥ १६

तस्मात्सदा पूजनीयो लिंगमूर्तिधरो हरः।
सेवनीयो विशेषेण श्रद्धया देवसत्तम॥ १७
शर्वलिङ्गार्चनादेव देवा दैत्याश्च सत्तमाः।
अहं त्वं च तथा ब्रह्मन्कथं तद्विस्मृतं त्वया॥ १८

तल्लिङ्गमर्चयेन्नित्यं येन केनापि हेतुना।
तस्मात् ब्रह्मन्सुरैः शर्वः सर्वकामफलेप्सया॥ १९

सा हानिस्तन्महाच्छिद्रं सान्धता सा च मुग्धता।
यन्मुहूर्तं क्षणं वापि शिवं नैव समर्चयेत्॥ २०

भवभक्तिपरा ये च भवप्रणतचेतसः।
भवसंस्मरणा ये च न ते दुःखस्य भाजनाः॥ २१
भवनानि मनोज्ञानि मनोज्ञाभरणाः स्त्रियः।
धनं च तुष्टिपर्यन्तं पुत्रपौत्रादिसंततिः॥ २२
आरोग्यं च शरीरं च प्रतिष्ठां चाप्यलौकिकीम्।
ये वांछंति महाभागाः सुखं वा त्रिदशालयम्॥ २३
अंते मुक्तिफलं चैव भक्तिं वा परमेशितुः।
पूर्वपुण्यातिरेकेण तेऽर्चयन्ति सदाशिवम्॥ २४

हे ब्रह्मन्! आ-आफ्ना कार्यहरूमा संलग्न समस्त देवताहरूका साथ तपाईंले जे देख्नुभएको छ र यस समय जे देखिरहनुभएको छ, त्यसको विषयमा पटक-पटक किन सोधिरहनुहुन्छ ?॥ १२॥

सबै दुःखहरूलाई दूर गर्नुहुने शंकरको नै सदा सेवा गर्नुपर्छ। यो कुरा स्वयं उहाँले नै विशेष गरी मसित र ब्रह्मासित पनि भन्नुभएको थियो॥ १३॥

यस अद्भुत दृष्टान्तलाई तपाईंहरू सबैले पनि देख्नुभएको छ। अतः सुख चाहनेहरूले कहिल्यै पनि उहाँको पूजा छाड्नु हुँदैन॥ १४॥

देवदेवेश्वर भगवान् शंकरको लिंगमूर्तिरूप महेश्वरको त्याग गर्दामा आफ्ना बन्धु-बान्धवहरूसहित तारपुत्र नष्ट भयो। [शिवको आराधना परित्याग गरेका कारण] ती सबैलाई मेरो मायाले मोहित पारिदियो र जब ती शिवको भक्तिबाट वंचित भए, तब ती सबै नष्ट र ध्वस्त भए॥ १५-१६॥

अतः हे देवसत्तम! लिंगमूर्ति धारण गर्नुहुने भगवान् शंकरको सदैव विशेष श्रद्धाका साथ पूजा र सेवा गर्नुपर्छ। शिवलिंगको पूजा गर्नाले नै देवता, दैत्य, तथा तपाईं हामी सबैले श्रेष्ठतालाई प्राप्त गर्न सकेका छौं, हे ब्रह्मन्! तपाईंले त्यसलाई कसरी भुलिदिनुभयो ?॥ १७-१८॥

यसकारण जुनसुकै तरहले भए पनि भगवान् शिवको लिंगको पूजा नित्य गर्नैपर्छ। हे ब्रह्मन्! सबै मनोकामनाहरूको पूर्तिका लागि देवताहरूले भगवान् शिवको पूजा गर्नुपर्छ॥ १९॥

त्यही [मनुष्य जीवनको ज्यादै ठुलो] हानि हो, त्यही [उसको चरित्रको] ज्यादै ठुलो छिद्र हो, त्यही उसको अन्धता र त्यही महामूर्खता हो, जुन मुहूर्त अथवा क्षणमा मनुष्य शिवको पूजा गर्दैन॥ २०॥

जो शिवभक्तिपरायण छन्, जो शिवमा अनुरक्त चित्त भएका छन् र जो शिवको स्मरण गर्छन्, ती दुःखका पात्र हुँदैनन्। जो महाभाग मनलाई राम्रो लाग्ने सुन्दर-सुन्दर भवन, सुन्दर आभूषणहरूले युक्त स्त्रीहरू, इच्छानुकूल धन, पुत्र-पौत्रादि सन्तति, निरोगी शरीर, अलौकिक प्रतिष्ठा, स्वर्गलोकको सुख, अन्तकालमा मुक्तिलाभ तथा परमेश्वरको भक्ति चाहन्छन्, ती पूर्वजन्मकृत पुण्याधिक्यको कारण सदाशिवको अर्चना गर्ने गर्दछन्॥ २१—२४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

योऽर्चयेच्छिवलिंगं वै नित्यं भक्तिपरायणः।
तस्य वै सफला सिद्धिर्न स पापैः प्रयुज्यते॥ २५

जो भक्तिपरायण मनुष्य शिवलिंगको नित्य पूजा गर्दछ, उसको सिद्धि सफल हुन्छ र त्यो पापहरूसँग लिप्त हुँदैन॥ २५॥

ब्रह्मोवाच

इत्युक्ताश्च तदा देवाः प्रणिपत्य हरिं स्वयम्।
लिंगानि प्रार्थयामासुः सर्वकामाप्तये नृणाम्॥ २६

ब्रह्मा भन्नुहुन्छ—श्रीभगवान् विष्णुले जब देवताहरूसित यस्तो भन्नुभयो, तब उनीहरूले साक्षात् हरिलाई प्रणाम गरी मनुष्यहरूका समस्त कामनाहरूको प्राप्तिका लागि उहाँसित शिवलिंग प्रदानका लागि प्रार्थना गरे॥ २६॥

तच्छ्रुत्वा च तदा विष्णुर्विश्वकर्माणमब्रवीत्।
अहं च मुनिशार्दूल जीवोद्धारपरायणः॥ २७

विश्वकर्मन्यथा शम्भोः कल्पयित्वा शुभानि च।
लिंगानि सर्वदेवेभ्यो देयानि वचनान्मम॥ २८

त्यसलाई सुनेर भगवान् विष्णुले विश्वकर्मासित भन्नुभयो—हे मुनिश्रेष्ठ! म त जीवहरूको उद्धार गर्नमा तत्पर छु। हे विश्वकर्मा! मेरो आज्ञाले तपाईं भगवान् शिवको कल्याणकारी लिंगहरूको निर्माण गरी सबै देवताहरूलाई प्रदान गरिदिनुहोस्॥ २७-२८॥

ब्रह्मोवाच

लिंगानि कल्पयित्वैवमधिकारानुरूपतः।
विश्वकर्मा ददौ तेभ्यो नियोगान्मम वा हरेः॥ २९

ब्रह्मा भन्नुहुन्छ—तब विश्वकर्माले अधिकार अनुसार शिवलिंगहरूको निर्माण गरी मेरो र विष्णुको आज्ञाले ती सबै शिवलिंगहरू ती देवताहरूलाई प्रदान गर्नुभयो॥ २९॥

तदेव कथयाम्यद्य श्रूयतामृषिसत्तम।
पद्मरागमयं शक्रो हैमं विश्रवसः सुतः॥ ३०

पीतं मणिमयं धर्मो वरुणः श्यामलं शिवम्।
इन्द्रनीलमयं विष्णुर्ब्रह्मा हेममयं तथा॥ ३१

विश्वेदेवास्तथा रौप्यं वसवश्च तथैव च।
आरकूटमयं वापि पार्थिवं ह्यश्विनौ मुने॥ ३२

लक्ष्मीश्च स्फाटिकं देवी ह्यादित्यास्ताम्रनिर्मितम्।
मौक्तिकं सोमराजो वै वज्रलिंगं विभावसुः॥ ३३

मृण्मयं चैव विप्रेंद्रा विप्रपत्न्यस्तथैव च।
चांदनं च मयो नागाः प्रवालमयमादरात्॥ ३४

हे ऋषिश्रेष्ठ! त्यही म आज तपाईंहरूसित भनिरहेको छु, सुन्नुहोस्। इन्द्रले पद्मरागमणिबाट निर्मित शिवलिंग, विश्रवापुत्र कुबेरले सुवर्णलिंग, धर्मले पहेँलोवर्ण पुष्पराजको मणिबाट निर्मित लिंग, वरुणले श्यामवर्णको मणिहरूबाट निर्मित लिंग, विष्णुले इन्द्रनीलमणिबाट निर्मित लिंग, ब्रह्माले सुवर्णबाट निर्मित शिवलिंग, हे मुनि! सबै विश्वेदेवले चाँदीबाट निर्मित शिवलिंग, वसुगणले पीतलको शिवलिंग, अश्विनीकुमारले पार्थिव लिंग, देवी लक्ष्मीले स्फटिकमणि निर्मित लिंग, सबै आदित्यले ताम्र निर्मित लिंग, सोमराज चन्द्रमाले मोतिको शिवलिंग, अग्निदेवले वज्रमणि [हीरा]-बाट निर्मित शिवलिंग, श्रेष्ठ ब्राह्मण र तिनका पत्नीहरूले मृण्मय (माटोको) पार्थिव शिवलिंग, मयदानवले चन्दनको शिवलिंग, नागले मुगाबाट निर्मित शिवलिंगको आदरपूर्वक विधिवत् पूजा गर्दछन्॥ ३०—३४॥

नवनीतमयं देवी योगी भस्ममयं तथा।
यक्षा दधिमयं लिंगं छाया पिष्टमयं तथा॥ ३५

शिवलिंगं च ब्रह्माणी रत्नं पूजयति ध्रुवम्।
पारदं पार्थिवं बाणः समर्चति परेऽपि वा॥ ३६

देवी दुर्गाले नौनीबाट निर्मित शिवलिंग, योगीले भस्मनिर्मित शिवलिंग, यक्षले दहीनिर्मित शिवलिंग तथा छायाले चामलको पीठोबाट निर्मित शिवलिंगको विधिवत् पूजा गर्दछन्। ब्रह्माणी देवीले रत्नमय शिवलिंगको पूजा गर्दछिन्। बाणासुरले पारोबाट बनेको शिवलिंग तथा अन्य व्यक्तिले माटो आदिबाट बनाइएका पार्थिव शिवलिंगको विधिवत् पूजा गर्दछन्॥ ३५-३६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.

एवंविधानि लिंगानि दत्तानि विश्वकर्मणा।
ते पूजयन्ति सर्वे वै देवा ऋषिगणास्तथा॥ ३७

विश्वकर्माले यसै प्रकारका शिवलिंग देवताहरू र ऋषिहरूलाई पनि दिनुभएको थियो, जसको पूजा ती सबै देवता तथा ऋषि सदैव गरिरहन्छन्॥ ३७॥

विष्णुर्दत्त्वा च लिंगानि देवेभ्यो हितकाम्यया।
पूजाविधिं समाचष्ट ब्रह्मणे मे पिनाकिनः॥ ३८
तच्छ्रुत्वा वचनं तस्य ब्रह्माहं देवसत्तमैः।
आगच्छं च स्वकं धाम हर्षनिर्भरमानसः॥ ३९

देवताहरूको हितकामनाका लागि विष्णुले उनीहरूलाई शिवलिंग प्रदान गरी म ब्रह्मामार्फत् शिवको पूजा-विधि पनि बताउनुभयो। उहाँद्वारा भनिएका शिवलिंगको त्यस पूजाविधिलाई सुनेर प्रसन्नचित्त म ब्रह्मा देवताहरूका साथ आफ्नो स्थानमा फर्किएर आएँ॥ ३८-३९॥

तत्रागत्य ऋषीन्सर्वान्देवांश्चाहं तथा मुने।
शिवपूजाविधिं सम्यगब्रुवं सकलेष्टदम्॥ ४०

हे मुनि! त्यहाँ आएर मैले सबै देवताहरू र ऋषिहरूलाई सम्पूर्ण अभीष्ट सिद्धि गर्ने शिवलिंगको पूजा-विधिलाई सम्यक् रूपले बताइदिएँ॥ ४०॥

ब्रह्मोवाच

श्रूयतामृषयः सर्वे सामराः प्रेमतत्पराः।
शिवपूजाविधिं प्रीत्या कथये भुक्तिमुक्तिदम्॥ ४१

ब्रह्मा भन्नुहुन्छ—हे सबै देवता तथा ऋषिहरू हो! सुन्नुहोस्, म प्रसन्नतापूर्वक तपाईंहरू सबैसित शिवपूजाको त्यस विधिको वर्णन गर्न गइरहेको छु, जुन भोग र मोक्षदायक छ॥ ४१॥

मानुषं जन्म सम्प्राप्य दुर्लभं सर्वजन्तुषु।
तत्रापि सत्कुले देवा दुष्प्राप्यं च मुनीश्वराः॥ ४२
अव्यंगं चैव विप्रेषु साचारेषु सुपुण्यतः।
शिवसंतोषहेतोश्च कर्म स्वोक्तं समाचरेत्॥ ४३

हे देवताहरू हो! हे मुनीश्वरहरू हो! सबै जीव-जन्तुहरू मध्येमा मनुष्यको जन्म प्राप्त गर्न दुर्लभ छ, त्यसमा पनि उत्तम कुलमा जन्म लिनु त अत्यन्त दुर्लभ छ। उत्तम कुलमा पनि सदाचारी ब्राह्मणकहाँ जन्म लिनु राम्रा पुण्यहरूबाट मात्र सम्भव छ। अतः भगवान् सदाशिवको प्रसन्नताका लागि सदैव स्ववर्णाश्रम-विहित कर्म गर्दै रहनुपर्छ॥ ४२-४३॥

यद्यज्जातिसमुद्दिष्टं तत्तत्कर्म न लंघयेत्।
यावद्दानस्य सम्पत्तिस्तावत्कर्म समावहेत्॥ ४४

जुन जातिका लागि जुन-जुन सत्कर्म बताइएका छन्, त्यस-त्यस कर्मको उल्लंघन गर्नुहुँदैन, जति सम्पत्ति छ, त्यसैअनुसार दानकर्म गर्नुपर्छ॥ ४४॥

कर्मयज्ञसहस्रेभ्यस्तपोयज्ञो विशिष्यते।
तपोयज्ञसहस्रेभ्यो जपयज्ञो विशिष्यते॥ ४५
ध्यानयज्ञात्परं नास्ति ध्यानं ज्ञानस्य साधनम्।
यतः समरसं स्वेष्टं योगी ध्यानेन पश्यति॥ ४६

कर्ममय हजारौँ यज्ञहरूभन्दा तपोयज्ञ श्रेष्ठ छ। हजारौँ तपोयज्ञहरूभन्दा जपयज्ञको महत्त्व धेरै छ। ध्यान-यज्ञभन्दा माथि कुनै वस्तु छैँदैछैन। ध्यान ज्ञानको साधन हो; किनभने योगी ध्यानद्वारा आफ्ना इष्टदेव एकरस सदाशिवको साक्षात्कार गर्दछन्॥ ४५-४६॥

ध्यानयज्ञरतस्यास्य सदा सन्निहितः शिवः।
नास्ति विज्ञानिनां किंचित्प्रायश्चित्तादिशोधनम्॥ ४७

भगवान् सदाशिव सदैव ध्यानयज्ञमा तत्पर रहने उपासकहरूको सान्निध्यमा रहनुहुन्छ। जो विज्ञानले सम्पन्न छन्, तिनको शुद्धिका लागि कुनै प्रायश्चित्त आदिको आवश्यकता छैन॥ ४७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशुद्धा विद्यया ये च ब्रह्मन्ब्रह्मविदो जनाः।
नास्ति क्रिया च तेषां वै सुखं दुःखं विचारतः॥ ४८

धर्माधर्मौ जपो होमो ध्यानं ध्यानविधिस्तथा।
सर्वदा निर्विकारास्ते विद्यया च तयामराः॥ ४९

हे ब्रह्मन्! जो ब्रह्मविद् विशुद्ध ब्रह्मविद्याद्वारा ब्रह्म-साक्षात्कार गर्दछन्, तिनले क्रिया, सुख-दुःख, धर्म-अधर्म, जप, होम, ध्यान र ध्यान-विधिलाई जान्नु तथा गर्नु आवश्यकता छैन। ती यस विद्याबाट सदा निर्विकार रहन्छन् र अन्तमा अमर हुन्छन्॥ ४८-४९॥

परानंदकरं लिंगं विशुद्धं शिवमक्षरम्।
निष्कलं सर्वगं ज्ञेयं योगिनां हृदि संस्थितम्॥ ५०

यस शिवलिंगलाई परमानन्ददायक, विशुद्ध, कल्याणस्वरूप, अविनाशी, निष्कल, सर्वव्यापक तथा योगीहरूको हृदयमा अवस्थित रहने जान्नुपर्छ॥ ५०॥

लिंगं तु द्विविधं प्रोक्तं बाह्यमाभ्यंतरं द्विजाः।
बाह्यं स्थूलं समुद्दिष्टं सूक्ष्ममाभ्यंतरं मतम्॥ ५१

हे द्विजहरू हो! शिवलिंग दुई प्रकारको बताइएको छ—बाह्य र आभ्यन्तर। बाह्य लिंगलाई स्थूल एवं आभ्यन्तर लिंगलाई सूक्ष्म मानिएको छ॥ ५१॥

कर्मयज्ञरता ये च स्थूललिंगार्चने रताः।
असतां भावनार्थाय सूक्ष्मेण स्थूलविग्रहाः॥ ५२

आध्यात्मिकं तु यल्लिंगं प्रत्यक्षं यस्य नो भवेत्।
स तल्लिंगे तथा स्थूले कल्पयेच्च न चान्यथा॥ ५३

जो कर्मयज्ञमा तत्पर रहनेहरू छन्, ती स्थूल लिंगको अर्चनामा रत रहन्छन्। सूक्ष्मतया शिवप्रति ध्यान गर्नमा अशक्त अज्ञानीहरूका लागि शिवको यस स्थूलविग्रहको कल्पना गरिएको छ। जसलाई यस आध्यात्मिक सूक्ष्मलिंगको प्रत्यक्षीकरण हुन सक्दैन, त्यसले त्यस स्थूल लिंगमा यस सूक्ष्म लिंगको कल्पना गर्नुपर्छ, यसबाहेक अरू कुनै उपाय छैन॥ ५२-५३॥

ज्ञानिनां सूक्ष्मममलं भावात्प्रत्यक्षमव्ययम्।
यथा स्थूलमयुक्तानामुत्कृष्टादौ प्रकल्पितम्॥ ५४

ज्ञानीहरूका लागि सूक्ष्मलिंगको पूजाको विधान छ, [जसमा ध्यानको प्रधानता हुन्छ।] ध्यान गर्नाले त्यस शिवको साक्षात्कार हुन्छ, जो सदैव निर्मल र अव्यय रहनेवाला छ। जुन प्रकारले अज्ञानीहरूका लागि स्थूल लिंगको उत्कृष्टता बताइएको छ, त्यसै प्रकार ज्ञानीहरूका लागि यस सूक्ष्मलिंगलाई उत्तम मानिएको छ॥ ५४॥

अहो विचारतो नास्ति ह्यन्यत्तत्वार्थवादिनः।
निष्फलं सकलं चित्ते सर्वं शिवमयं जगत्॥ ५५

अन्य तत्त्वार्थवादिहरूको दृष्टिकोणबाट त्यहाँ कुनै अन्तर छैन; किनभने निष्कल तथा कलामयरूपले त्यो सबैको चित्तमा रहन्छ। सम्पूर्ण जगत् शिवस्वरूप नै हो॥ ५५॥

एवं ज्ञानविमुक्तानां नास्ति दोषविकल्पना।
विधिश्चैव तथा नास्ति विहिताविहिते तथा॥ ५६

यस प्रकार ज्ञानद्वारा शिवको साक्षात्कार गरी विमुक्त भएकाहरूलाई कुनै पनि पाप लाग्दैन। तिनका लागि विधि-निषेध र विहित-अविहित केही पनि छैन॥ ५६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: ...

यथा जलेषु कमलं सलिलैर्नावलिप्यते।
तथा ज्ञानी गृहे तिष्ठन्कर्मणा नावबध्यते॥ ५७

इति ज्ञानं समुत्पन्नं यावन्नैव नरस्य वै।
तावच्च कर्मणा देवं शिवमाराधयेन्नरः॥ ५८

प्रत्ययार्थं च जगतामेकस्थोऽपि दिवाकरः।
एकोऽपि बहुधा दृष्टो जलाधारादिवस्तुषु॥ ५९

दृश्यते श्रूयते लोके यद्यत्सदसदात्मकम्।
तत्तत्सर्वं सुरा वित्त परं ब्रह्म शिवात्मकम्॥ ६०

भेदो जलानां लोकेऽस्मिन्प्रतिभावेऽविचारतः।
एवमाहुस्तथा चान्ये सर्वे वेदार्थतत्त्वगाः॥ ६१

हृदि संसारिणः साक्षात्सकलः परमेश्वरः।
इति विज्ञानयुक्तस्य किं तस्य प्रतिमादिभिः॥ ६२

इति विज्ञानहीनस्य प्रतिमाकल्पना शुभा।
पदमुच्चैः समारोढुं पुंसो ह्यालम्बनं स्मृतम्॥ ६३

आलम्बनं विना तस्य पदमुच्चैः सुदुष्करम्।
निर्गुणप्राप्तये नृणां प्रतिमालम्बनं स्मृतम्॥ ६४

सगुणान्निर्गुणप्राप्तिर्भवतीति सुनिश्चितम्।
एवं च सर्वदेवानां प्रतिमा प्रत्ययावहा॥ ६५

देवश्चायं महीयान्वै तस्यार्थे पूजनं त्विदम्।
गंधचन्दनपुष्पादि किमर्थं प्रतिमां विना॥ ६६

जुन प्रकार जलभित्र रहेर पनि कमल जलसित लिप्त हुँदैन, त्यसै प्रकार घरमा रहेर पनि ज्ञानी पुरुषलाई कर्म आफ्नो बन्धनमा बाँध पाउँदैन॥ ५७॥

यस प्रकारको ज्ञान जबसम्म मनुष्यलाई प्राप्त हुँदैन, तबसम्म उसले कर्मविहित स्थूल वा सूक्ष्म शिवलिंगको निर्माणादि गरी सदाशिवको नै आराधना गर्नुपर्दछ॥ ५८॥

जसरी विश्वासका लागि जगत्‌मा सूर्य एउटै स्थित छ र एक भएर पनि जलको आधार जलाशय आदि वस्तुहरूमा [आफ्नो प्रतिबिम्बका कारण] धेरै रूपहरूमा देखिन्छ, त्यसै गरी हे देवहरू हो! यो सत्-असत्‌रूप जे जति पनि यस संसारमा सुनिन्छ र देखिन्छ, त्यसलाई तपाईंहरू शिवस्वरूप परब्रह्म नै सम्झनुहोस्॥ ५९-६०॥

जलतत्त्व एक भएर पनि तिनको सम्बन्धमा जुन भेद प्रतीत हुन्छ, त्यो संसारमा सम्यक् विचार नगरेको कारणले नै हुन्छ—यस्तो अन्य सबै वेदार्थतत्त्वज्ञ पनि भन्दछन्॥ ६१॥

संसारीहरूका हृदयमा सकल लिंगस्वरूप साक्षात् परमेश्वरको वास हुन्छ—यस्तो ज्ञान जसलाई भएको छ, उसलाई प्रतिमा आदिसित के प्रयोजन छ!॥ ६२॥

यस प्रकारका ज्ञानबाट हीन प्राणीका लागि शुभ प्रतिमाको कल्पना गरिएको छ; किनभने अग्लो स्थानमा चढ्नका लागि मनुष्यका लागि भ्याङ आवश्यक बताइएको छ॥ ६३॥

जस्तो भ्याङ विना अग्लो स्थानमा चढ्न मनुष्यका लागि अत्यन्त कठिन मात्र हैन सर्वथा असम्भव हुन्छ, त्यस्तै निर्गुण ब्रह्मको प्राप्तिका लागि प्रतिमाको अवलम्बन आवश्यक बताइएको छ॥ ६४॥

सगुणबाट नै निर्गुणको प्राप्ति हुन्छ—यस्तो निश्चय छ। यस प्रकार सबै देवताहरूका प्रतिमाहरू ती देवताहरूमा विश्वास उत्पन्न गर्नाका लागि हुन्छन्॥ ६५॥

यी देवता सबै देवताहरूभन्दा महान् हुन्। यिनैका लागि यो पूजाको विधान छ। यदि प्रतिमा न हुने हो भने गन्ध-चन्दन, पुष्पादिको आवश्यकता कुन कार्यसिद्धिका लागि रहन जाने छ॥ ६६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तावच्च प्रतिमा पूज्या यावद्विज्ञानसम्भवः।
ज्ञानाभावे न पूज्येत पतनं तस्य निश्चितम्॥ ६७

प्रतिमाको पूजा तबसम्म गरिरहनु पर्छ, जबसम्म विज्ञान [परब्रह्म परमेश्वरको ज्ञान] प्राप्त हुँदैन। ज्ञान प्राप्त नगरीकन नै जसले प्रतिमाको पूजा छाडिदिन्छ, त्यसको निश्चय नै पतन हुन्छ॥ ६७॥

एतस्मात्कारणाद्विप्राः श्रूयतां परमार्थतः।
स्वजात्युक्तं तु यत्कर्म कर्तव्यं तत्प्रयत्नतः॥ ६८

हे ब्राह्मणहरू! यस कारण तपाईंहरू परमार्थरूपले सुन्नुहोस्। आफ्नो जातिअनुसार [शास्त्रहरूमा] जुन कर्म बताइएको छ, त्यसलाई प्रयत्नपूर्वक गर्नुपर्छ॥ ६८॥

यत्र यत्र यथा भक्तिः कर्तव्यं पूजनादिकम्।
विना पूजनदानादि पातकं न च दूरतः॥ ६९

जहाँ-जहाँ जस्तो भक्ति हुन्छ, त्यहाँ-त्यहाँ तदनुरूप पूजनादि कर्म गर्नुपर्छ; किनभने पूजा, दान आदि विना पाप हट्दैन॥ ६९॥

यावच्च पातकं देहे तावत्सिद्धिर्न जायते।
गते च पातके तस्य सर्वं च सफलं भवेत्॥ ७०

जबसम्म शरीरमा पाप रहन्छ, तबसम्म सिद्धिको प्राप्ति हुँदैन। पाप टाढा भएपछि उसको सबथोक सफल हुन्छ॥ ७०॥

यथा च मलिने वस्त्रे रंगः शुभतरो न हि।
क्षालने हि कृते शुद्धे सर्वो रंगः प्रसज्जते॥ ७१

तथा च निर्मले देहे देवानां सम्यगर्चया।
ज्ञानरंगः प्रजायेत तदा विज्ञानसंभवः॥ ७२

जुन प्रकार मैलो वस्त्रमा रंग त्यति सुन्दर देखिन्न, तर त्यसलाई राम्ररी धोएर सफा गरेपछि पूरा रंग राम्ररी देखिन्छ, त्यसै प्रकार देवताहरूको विधिवत् पूजा गर्नाले जब निर्मल शरीरमा ज्ञानरूपी रंग चढ्छ, तब गएर त्यस ब्रह्मविज्ञानको प्रादुर्भाव हुन्छ॥ ७१-७२॥

विज्ञानस्य च सन्मूलं भक्तिरव्यभिचारिणी।
ज्ञानस्यापि च सन्मूलं भक्तिरेवाऽभिधीयते॥ ७३

विज्ञानको मूल अनन्य भक्ति हो र ज्ञानको मूल पनि भक्ति नै बताइन्छ॥ ७३॥

भक्तेर्मूलं तु सत्कर्म स्वेष्टदेवादिपूजनम्।
तन्मूलं सद्गुरुः प्रोक्तस्तन्मूलं संगतिः सताम्॥ ७४

भक्तिको मूल सत्कर्म र आफ्ना इष्टदेव आदिको पूजा हो तथा त्यसको मूल सद्गुरु भनिएको छ र ती सद्गुरुको मूल सत्संगति हो॥ ७४॥

संगत्या गुरुराप्येत गुरोर्मन्त्रादिपूजनम्।
पूजनाज्जायते भक्तिर्भक्त्या ज्ञानं प्रजायते॥ ७५

सत्संगतिबाट सद्गुरुलाई प्राप्त गर्नुपर्छ। सद्गुरुबाट प्राप्त मन्त्रले देवपूजा आदि सत्कर्म गर्नुपर्छ; किनभने देवपूजाबाट भक्ति उत्पन्न हुन्छ र त्यस भक्तिबाट ज्ञानको प्रादुर्भाव हुन्छ॥ ७५॥

विज्ञानं जायते ज्ञानात्परब्रह्मप्रकाशकम्।
विज्ञानं च यदा जातं तदा भेदो निवर्तते॥ ७६

ज्ञानबाट परब्रह्मको प्रकाशक विज्ञानको उदय हुन्छ। ज़ब विज्ञानको उदय हुन्छ, तब भेदबुद्धि [स्वतः] नष्ट हुन्छ॥ ७६॥

भेदे निवृत्ते सकले द्वंद्वदुःखविहीनता।
द्वंद्वदुःखविहीनस्तु शिवरूपो भवत्यसौ॥ ७७

समस्त भेदहरू नष्ट भएपछि द्वन्द्व-दुःख पनि नष्ट हुन जान्छ। द्वन्द्व-दुःखबाट रहित भएपछि त्यो साधक शिवस्वरूप हुन जान्छ॥ ७७॥

द्वंद्वाप्राप्तौ न जायेतां सुखदुःखे विजानतः।
विहिताविहिते तस्य न स्यातां च सुरर्षयः॥ ७८

हे देवर्षिहरू! द्वन्द्व नष्ट भएपछि ज्ञानीलाई सुख-दुःखको अनुभूति हुन्न र उसका लागि विहित-अविहितको प्रपंच पनि रहँदैन॥ ७८॥

2325_Sihvpurana_Part_1_Nepali_Section_10_1_Back

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.

ईदृशो विरलो लोके गृहाश्रमविवर्जितः।
यदि लोके भवत्यस्मिन्दर्शनात्पापहारकः॥ ७९

तीर्थानि श्लाघयन्तीह तादृशं ज्ञानवित्तमम्।
देवाश्च मुनयः सर्वे परब्रह्मात्मकं शिवम्॥ ८०

यस संसारमा यस्ता गृहस्थाश्रमरहित प्राणी विरलै हुन्छन्। यदि लोकमा कोही छन् भने उसको दर्शनमात्रले नै पाप नष्ट हुन्छ। सबै तीर्थ, देवता र मुनि पनि त्यस प्रकारको परब्रह्ममय शिवस्वरूप परमज्ञानीको प्रशंसा गरिरहन्छन्॥ ७९-८०॥

तादृशानि न तीर्थानि न देवा मृच्छिलामयाः।
ते पुनन्त्युरुकालेन विज्ञानी दर्शनादपि॥ ८१

त्यस्ता न त तीर्थ छन्, न माटो र पत्थरबाट बनेका देवता नै छन्, तिनले त लामो समयपछि मात्र पवित्र पार्दछन्, तर विज्ञानीहरूले दर्शनमात्रले पवित्र पारिदिन्छन्॥ ८१॥

यावद्गृहाश्रमे तिष्ठेत्तावदाकारपूजनम्।
कुर्याच्छ्रेष्ठस्य सुप्रीत्या सुरेषु खलु पंचसु॥ ८२

अथवा च शिवः पूज्यो मूलमेकं विशिष्यते।
मूले सिक्ते तथा शाखाः तृप्ताः सन्त्यखिलाः सुराः॥ ८३

जबसम्म मनुष्य गृहस्थाश्रममा रहन्छन्, तबसम्म प्रेमपूर्वक तिनले पाँच देवताहरू (गणेश, सूर्य, विष्णु, शिव र देवी)-को र तिनमा पनि सर्वश्रेष्ठ भगवान् सदाशिवको प्रतिमाको पूजा गर्नुपर्छ अथवा मात्र सदाशिवको नै पूजा गर्नुपर्छ; एकमात्र उहाँ नै सबैका मूल हुनुहुन्छ। हे देवता हो! जसरी मूल (जरा)- को सिंचाइ भएपछि सबै शाखाहरू स्वतः तृप्त हुन्छन्, त्यसरी नै सर्वदेवमय सदाशिवको नै पूजाबाट सबै देवताहरूको पूजा हुन जान्छ र ती प्रसन्न हुन्छन्॥ ८२-८३॥

शाखासु च सुतृप्तासु मूलं तृप्तं न कर्हिचित्।
एवं सर्वेषु तृप्तेषु सुरेषु मुनिसत्तमाः॥ ८४

सर्वथा शिवतृप्तिर्नो विज्ञेया सूक्ष्मबुद्धिभिः।
शिवे च पूजिते देवाः पूजिताः सर्व एव हि॥ ८५

जसरी वृक्षका शाखाहरूको तृप्ति भएपछि अर्थात् तिनलाई सिंचाइ गर्नाले कहिल्यै पनि जरालाई तृप्ति हुँदैन त्यसरी नै हे मुनिश्रेष्ठ हो! सबै देवताहरू तृप्त हुँदामा शिवको पनि तृप्ति हुँदैन—यस्तो सूक्ष्म बुद्धि भएका व्यक्तिहरूले जान्नुपर्छ। शिव पूजित भएपछि सबै देवताको पूजा स्वतः हुन्छ॥ ८४-८५॥

तस्माच्च पूजयेद्देवं शंकरं लोकशंकरम्।
सर्वकामफलावाप्त्यै सर्वभूतहिते रतः॥ ८६

अतः प्राणीहरूको कल्याणमा लागेका मनुष्यहरूले सबै कामनाहरूको फलप्राप्तिका लागि संसारको कल्याण गर्नुहुने भगवान् सदाशिवको पूजा गर्नुपर्छ॥ ८६॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां प्रथमखण्डे सृष्ट्युपाख्याने पूजाविधिवर्णने सारासारविचारवर्णनं नाम द्वादशोऽध्यायः॥ १२॥

॥ यस प्रकार श्रीशिवमहापुराण अन्तर्गत द्वितीय रुद्रसंहिताको प्रथम खण्डमा सृष्टि-उपाख्यानमा पूजा-विधि-वर्णन-क्रममा सारासार-विचारवर्णन नामक बाह्रौँ अध्याय पूर्ण भयो॥ १२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ त्रयोदशोऽध्यायः

शिवपूजाको सर्वोत्तम विधिको वर्णन

ब्रह्मोवाच

अतः परं प्रवक्ष्यामि पूजाविधिमनुत्तमम्।
श्रूयतामृषयो देवाः सर्वकामसुखावहम्॥ १

ब्राह्मे मुहूर्ते चोत्थाय संस्मरेत्साम्बकं शिवम्।
कुर्यात्तत्प्रार्थनां भक्त्या सांजलिर्नतमस्तकः॥ २

उत्तिष्ठोत्तिष्ठ देवेश उत्तिष्ठ हृदयेशय।
उत्तिष्ठ त्वमुमास्वामिन्ब्रह्माण्डे मङ्गलं कुरु॥ ३

जानामि धर्मं न च मे प्रवृत्ति-
र्जानाम्यधर्मं न च मे निवृत्तिः।
त्वया महादेव हृदि स्थितेन
यथा नियुक्तोऽस्मि तथा करोमि॥ ४

इत्युक्त्वा वचनं भक्त्या स्मृत्वा च गुरुपादके।
बहिर्गच्छेद्दक्षिणाशां त्यागार्थं मलमूत्रयोः॥ ५

देहशुद्धिं ततः कृत्वा स मृज्जलविशोधनैः।
हस्तौ पादौ च प्रक्षाल्य दंतधावनमाचरेत्॥ ६

दिवानाथे त्वनुदिते कृत्वा वै दन्तधावनम्।
मुखं षोडशवारं तु प्रक्षाल्यांजलिभिस्तथा॥ ७

षष्ठ्याद्यामाश्च तिथयो नवम्यर्कदिने तथा।
वर्ज्याः सुरर्षयो यत्नाद्भक्तेन रदधावने॥ ८

यथावकाशं सुस्नायान्नद्यादिष्वथवा गृहे।
देशकालाविरुद्धं च स्नानं कार्यं नरेण च॥ ९

रवेर्दिने तथा श्राद्धे संक्रान्तौ ग्रहणे तथा।
महादाने तथा तीर्थे ह्युपवासदिने तथा॥ १०
अशौचेऽप्यथवा प्राप्ते न स्नायादुष्णवारिणा।
यथा साभिमुखं स्नायात्तीर्थादौ भक्तिमान्नरः॥ ११

ब्रह्मा भन्नुहुन्छ—अब म (शिव) पूजाको सर्वोत्तम विधि बताइरहेको छु, जुन समस्त अभीष्ट सुखलाई सुलभ गराउने खालको छ। हे देवता तथा ऋषिहरू हो! तपाईंहरू ध्यान दिएर सुन्नुहोस्॥ १॥

उपासकले प्रातः ब्राह्म मुहूर्तमा उठेर जगदम्बा पार्वतीसहित भगवान् शिवको स्मरण गर्नुपर्छ तथा हात जोडी शिर झुकाएर भक्तिपूर्वक उहाँसित यस प्रकार प्रार्थना गर्नुपर्छ— ॥ २॥

हे देवेश्वर! उठ्नुहोस्, उठ्नुहोस्। मेरो हृदयमा शयन गर्नुहुने देवता! उठ्नुहोस्। हे उमाकान्त! उठ्नुहोस् र ब्रह्माण्डमा सबैको मंगल गर्नुहोस्। म धर्मलाई जान्दछु, तर मेरो त्यसमा प्रवृत्ति हुँदैन, म अधर्मलाई जान्दछु, तर म त्यसबाट टाढा हुन पाउँदिन। हे महादेव! तपाईं मेरो हृदयमा स्थित भएर मलाई जस्तो प्रेरणा दिनुहुन्छ, त्यस्तै म गर्दछु॥ ३-४॥

भक्तिपूर्वक यो वचन भनेर तथा गुरुका चरणको स्मरण गरी मलमूत्र त्याग गर्नाका लागि वस्तिभन्दा बाहिर दक्षिण दिशामा जानुपर्दछ॥ ५॥

यसपछि माटो र जलले शरीरको शुद्धि गरी दुवै हात र गोडा धोएर दतिवन गर्नुपर्दछ॥ ६॥

सूर्योदय हुनुभन्दा पहिला नै दतिवन गरी अँजुलिमा जल लिएर मुखलाई सोह्रपटक कुल्ला गर्नुपर्दछ। हे देवता तथा ऋषि हो! षष्ठी, प्रतिपदा, अमावास्या र नवमी तिथि तथा रविवारको दिन शिवभक्तले यत्नपूर्वक दतिवनलाई त्यागिदिनुपर्छ॥ ७-८॥

अवकाश (फुर्सद) अनुसार नदी आदिमा गएर अथवा घरमा नै राम्ररी स्नान गर्नुपर्दछ। मनुष्यले स्थान र समयको विरुद्ध स्नान गर्नु हुँदैन॥ ९॥

रविवार, श्राद्ध, संक्रान्ति, ग्रहण, महादान, तीर्थ, उपवासको दिन अथवा आशौच परेको समयमा मनुष्यले तातो पानीले स्नान गर्नु हुँदैन। शिवभक्तिले युक्त मनुष्य तीर्थ आदिमा जताबाट बहाव आएको छ त्यतै फर्किएर स्नान गरून्॥ १०-११॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तैलाभ्यंगं च कुर्वीत वारान्दृष्ट्वा क्रमेण च।
नित्यमभ्यंगके चैव वासितं वा न दूषितम्॥ १२

जो नुहाउनुभन्दा पहिला तेल लगाउन चाहन्छ, त्यसले विहित एवं निषिद्ध दिनहरूको विचार गरेर मात्र तैलाभ्यंग गर्नुपर्छ। जो प्रतिदिन नियमपूर्वक तेल लगाउँछ, उसका लागि कुनै पनि दिन तैलाभ्यंग गर्न दोषपूर्ण छैन अथवा जो तेल इत्र आदिबाट वासित छ, त्यसलाई लगाउन कुनै दिन पनि दोष छैन॥ १२॥

श्राद्धे च ग्रहणे चैवोपवासे प्रतिपद्दिने।
अथवा सार्षपं तैलं न दुष्येद् ग्रहणं विना॥ १३

श्राद्ध, ग्रहण, उपवास र प्रतिपदाका दिन तेल लगाउनु हुन्न। ग्रहणलाई छोडेर अरू कुनै पनि दिनमा तोरीको तेल लगाउँदा दोष लाग्दैन॥ १३॥

देशं कालं विचार्य्यैवं स्नानं कुर्याद्यथाविधि।
उत्तराभिमुखश्चैव प्राङ्मुखोऽप्यथवा पुनः॥ १४

यसरी देश-कालको विचार गरेर मात्र विधिपूर्वक स्नान गर्नुपर्छ। स्नानको समय आफ्नो मुखलाई उत्तर अथवा पूर्वतिर फर्काउनु पर्दछ॥ १४॥

उच्छिष्टेनैव वस्त्रेण न स्नायात्स कदाचन।
शुद्धवस्त्रेण स स्नायात्तद्देवस्मृतिपूर्वकम्॥ १५

उच्छिष्ट वस्त्र धारण गरी कहिल्यै स्नान नगर्नु। शुद्ध वस्त्र धारण गरी इष्टदेवको स्मरण गर्दै स्नान गर्नुपर्छ॥ १५॥

परधार्य्यं च नोच्छिष्टं रात्रौ च विधृतं च यत्।
तेन स्नानं तथा कार्यं क्षालितं च परित्यजेत्॥ १६

जुन वस्त्रलाई अरूले धारण गरेको छ तथा जसलाई आफैँले रातमा धारण गरिएको छ, त्यसबाट तब स्नान गर्न सकिन्छ, जब त्यसलाई धोइन्छ॥ १६॥

तर्पणं च ततः कार्यं देवर्षिपितृतृप्तिदम्।
धौतवस्त्रं ततो धार्यं पुनराचमनं चरेत्॥ १७

यसपश्चात् देवताहरू, ऋषिहरू तथा पितृहरूलाई तृप्ति दिने तर्पण गर्नुपर्छ। त्यसपछि धोएको वस्त्र पहिरिएर आचमन गर्नुपर्छ॥ १७॥

शुचौ देशे ततो गत्वा गोमयाद्युपमार्जिते।
आसनं च शुभं तत्र रचनीयं द्विजोत्तमाः॥ १८

शुद्धकाष्ठसमुत्पन्नं पूर्णं स्तरितमेव वा।
चित्रासनं तथा कुर्यात्सर्वकामफलप्रदम्॥ १९

हे श्रेष्ठ द्विजहरू हो! त्यसपछि गोबर आदिले लीप-पोत गरी स्वच्छ गरिएको शुद्ध स्थानमा गएर त्यहाँ सुन्दर आसनको व्यवस्था गर्नुपर्छ। त्यो आसन विशुद्ध काठले बनेको, फराकिलो तथा चित्रमय हुनुपर्छ। यस्तो आसन सम्पूर्ण अभीष्ट फलदायक हुन्छ॥ १८-१९॥

यथायोग्यं पुनर्ग्राह्यं मृगचर्मादिकं च यत्।
तत्रोपविश्य कुर्वीत त्रिपुण्ड्रं भस्मना सुधीः॥ २०

त्यसमाथि बिछ्याउनका लागि यथायोग्य मृगचर्म आदि ग्रहण गर्नु। शुद्ध बुद्धि भएका पुरुषहरूले त्यस आसनमा बसेर भस्मद्वारा त्रिपुण्ड्र लगाऊन्॥ २०॥

जपस्तपस्तथा दानं त्रिपुण्ड्रात्सफलं भवेत्।
अभावे भस्मनस्तत्र जलस्यादि प्रकीर्तितम्॥ २१

त्रिपुण्ड्रले जप, तप तथा दान सफल हुन्छ। भस्मको अभावमा त्रिपुण्ड्रको साधन जल आदि बताइएको छ॥ २१॥

एवं कृत्वा त्रिपुण्ड्रं च रुद्राक्षान्धारयेन्नरः।
सम्पाद्य च स्वकं कर्म पुनराराधयेच्छिवम्॥ २२

यसरी त्रिपुण्ड्र धारण गरी मनुष्य रुद्राक्ष धारण गरून् र आफ्नो (सन्ध्योपासना आदि) नित्यकर्मको सम्पादन गरी पुनः शिवको आराधना गरून्॥ २२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुनराचमनं कृत्वा त्रिवारं मंत्रपूर्वकम्।
एकं वाथ प्रकुर्याच्च गंगाबिन्दुरिति ब्रुवन्॥ २३

अन्नोदकं तथा तत्र शिवपूजार्थमाहरेत्।
अन्यद्वस्तु च यत्किंचिद्यथाशक्ति समीपगम्॥ २४

कृत्वा स्थेयं च तत्रैव धैर्यमास्थाय वै पुनः।
अर्घपात्रं तथा चैकं जलगंधाक्षतैर्युतम्॥ २५
दक्षिणांसे तथा स्थाप्यमुपचारस्य क्लृप्तये।
गुरोश्च स्मरणं कृत्वा तदनुज्ञामवाप्य च॥ २६
संकल्पं विधिवत्कृत्वा कामनां च नियुज्य वै।
पूजयेत्परया भक्त्या शिवं सपरिवारकम्॥ २७

मुद्रामेकां प्रदर्श्यैव पूजयेद्विघ्नहारकम्।
सिंदूरादिपदार्थैश्च सिद्धिबुद्धिसमन्वितम्॥ २८

लक्षलाभयुतं तत्र पूजयित्वा नमेत्पुनः।
चतुर्थ्यन्तैर्नामपदैर्नमोऽन्तैः प्रणवादिभिः॥ २९

क्षमाप्यैनं तदा देवं भ्रात्रा चैव समन्वितम्।
पूजयेत्परया भक्त्या नमस्कुर्यात्पुनः पुनः॥ ३०

द्वारपालं सदा द्वारि तिष्ठन्तं च महोदरम्।
पूजयित्वा ततः पश्चात्पूजयेद्गिरिजां सतीम्॥ ३१

चंदनैः कुंकुमैश्चैव धूपैर्दीपैरनेकशः।
नैवेद्यैर्विविधैश्चैव पूजयित्वा ततः शिवम्॥ ३२
नमस्कृत्य पुनस्तत्र गच्छेच्च शिवसन्निधौ।
यदि गेहे पार्थिवीं वा हैमीं वा राजतीं तथा॥ ३३
धातुजन्यां तथैवान्यां पारदां वा प्रकल्पयेत्।
नमस्कृत्य पुनस्तां च पूजयेद्भक्तितत्परः॥ ३४
तस्यां तु पूजितायां वै सर्वे स्युः पूजितास्तथा।

स्थापयेच्च मृदा लिंगं विधाय विधिपूर्वकम्॥ ३५

कर्तव्यं सर्वथा तत्र नियमाः स्वगृहे स्थितैः।
प्राणप्रतिष्ठां कुर्वीत भूतशुद्धिं विधाय च॥ ३६

तत्पश्चात् तीन पटक मन्त्रपूर्वक आचमन गर्नु अथवा 'गंगाबिन्दुः'—यस्तो उच्चारण गर्दै एक पटक आचमन गर्नु॥ २३॥

तत्पश्चात् त्यहाँ शिवको पूजाका लागि अन्न र जल ल्याएर राख्नू। अरू कुनै पनि जुन वस्तु आवश्यक छ, त्यसलाई यथाशक्ति जुटाएर आफ्नो नजिक राख्नुपर्छ॥ २४॥

यस प्रकार पूजा-सामग्रीको संग्रह गरी त्यहाँ धैर्य धारण गरी जल, चन्दन र अक्षताले युक्त एउटा अर्घ्यपात्र लिएर त्यसलाई दाहिने भागमा राख्नु, त्यसबाट उपचारको सिद्धि हुन्छ। फेरि गुरुको स्मरण गरी उनको आज्ञा लिएर विधिवत् सकाम संकल्प गरी पराभक्तिले सपरिवार शिवको पूजा गर्नु॥ २५-२७॥

एउटा मुद्रा देखाएर सिन्दूर आदि उपचारद्वारा सिद्धि-बुद्धिसहित विघ्नहारी गणेशको पूजा गर्नु। लक्ष र लाभले युक्त गणेशको पूजा गरी उहाँको नामको शुरूमा प्रणव तथा अन्तमा नमः जोडेर नामसँगै चतुर्थी विभक्तिको प्रयोग गर्दै नमस्कार गर्नु। यथा—**ॐ गणपतये नमः** अथवा **ॐ लक्षलाभयुताय सिद्धिबुद्धिसहिताय गणपतये नमः**॥ २८-२९॥

त्यसपछि उहाँसित क्षमाप्रार्थना गरी पुनः भाइ कार्तिकेयसहित गणेशको पराभक्तिले पूजा गरी उहाँहरूलाई वारम्वार नमस्कार गर्नु॥ ३०॥

तत्पश्चात् सदा द्वारमा उभिरहने महोदरको पूजा गरी सती-साध्वी गिरिराजनन्दिनी उमाको पूजा गर्नु॥ ३१॥

चन्दन, कुंकुम तथा धूप, दीप आदि अनेक उपचार तथा थरी थरीका नैवेद्यले शिवाको पूजा गरी नमस्कार गरिसकेपश्चात् साधक शिवको समीप जाओस्। यथासम्भव आफ्नो घरमा माटो, सुन, चाँदी, धातु वा अन्य [द्रव्य] आदिको शिवप्रतिमा बनाउनू र त्यसलाई नमस्कार गरी भक्तिपरायण भएर पूजा गर्नु। त्यसको पूजा भएपछि सबै देवता पूजित हुन्छन्॥ ३२—३४१/२॥

माटोको शिवलिंग बनाएर विधिपूर्वक त्यसको स्थापना गर्नु। आफ्नो घरमा बस्नेहरूले स्थापना-सम्बन्धी सबै नियमहरूको सर्वथा पालना गर्नुपर्छ। भूतशुद्धि गरी प्राणप्रतिष्ठा गर्नुपर्छ॥ ३५-३६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दिक्पालान्पूजयेत्तत्र स्थापयित्वा शिवालये।
गृहे शिवः सदा पूज्यो मूलमन्त्राभियोगतः॥ ३७

शिवालयमा दिक्पालहरूको पनि स्थापना गरी तिनको पूजा गर्नु। घरमा सदा मूलमन्त्रको प्रयोग गरी शिवको पूजा गर्नुपर्छ॥ ३७॥

तत्र तु द्वारपालानां नियमो नास्ति सर्वथा।
गृहे लिंगं च यत्पूज्यं तस्मिन्सर्वं प्रतिष्ठितम्॥ ३८

घरमा द्वारपालहरूको पूजाको सर्वथा नियम छैन; किनभने घरमा जुन शिवलिंगको पूजा गरिन्छ, त्यसमा सबै देवता प्रतिष्ठित रहन्छन्॥ ३८॥

पूजाकाले च सांगं वै परिवारेण संयुतम्।
आवाह्य पूजयेद्देवं नियमोऽत्र न विद्यते॥ ३९

घरमा हुन गइरहेको शिव पूजाको समय अंगहरूसहित तथा सपरिवार ती सदाशिवको आवाहन गरी पूजा गरियोस्, यस्तो कुनै नियम छैन॥ ३९॥

शिवस्य सन्निधिं कृत्वा स्वासनं परिकल्पयेत्।
उदङ्मुखस्तदा स्थित्वा पुनराचमनं चरेत्॥ ४०

भगवान् शिवको नजिकै आफ्नो लागि आसनको व्यवस्था गर्नु। त्यस समय उत्तराभिमुख बसेर आचमन गर्नु॥ ४०॥

प्रक्षाल्य हस्तौ पश्चाद्वै प्राणायामं प्रकल्पयेत्।
मूलमंत्रेण तत्रैव दशावर्तं नयेन्नरः॥ ४१

त्यसपछि दुवै हातको प्रक्षालन गरी प्राणायाम गर्नु। प्राणायामकालमा मनुष्यले मूलमन्त्रको दश आवृत्तिहरू गर्नुपर्छ॥ ४१॥

पंचमुद्राः प्रकर्तव्याः पूजावश्यं करे स्थिता।
एता मुद्राः प्रदर्श्यैव चरेत्पूजाविधिं नरः॥ ४२

हातहरूबाट पाँच मुद्रा देखाउनुपर्छ। यो पूजाको आवश्यक अंग हो। यी मुद्राहरूको प्रदर्शन गरेर मात्र मनुष्य पूजाविधिको अनुसरण गरून्॥ ४२॥

दीपं कृत्वा तदा तत्र नमस्कारं गुरोरथ।
बध्वा पद्मासनं तत्र भद्रासनमथापि वा॥ ४३

उत्तानासनकं कृत्वा पर्यंकासनकं तथा।
यथासुखं तथा स्थित्वा प्रयोगं पुनरेव च॥ ४४

कृत्वा पूजां पुरा जातां वट्टकेनैव तारयेत्।
यदि वा स्वयमेवेह गृहे न नियमोऽस्ति च॥ ४५

त्यसपछि त्यहाँ दीप निवेदन गरी गुरुलाई नमस्कार गर्नु र पद्मासन वा भद्रासन बाँधेर बस्नू अथवा उत्तानासन वा पर्यंकासनको आश्रय लिएर सजिलोसित बस्नु र पुनः पूजाको प्रयोग गर्नु। प्राचीन समयमा त ढुङ्गाको बट्टाको नै श्रद्धापूर्वक पूजा गरी मानिस भवसागरबाट पार हुन्थे। यदि ती शुद्ध रूपमा स्वयमेव घरमा विद्यमान छन् भने उसका लागि कुनै नियमको आवश्यकता छैन॥ ४३—४५॥

पश्चाच्चैवार्घपात्रेण क्षालयेल्लिंगमुत्तमम्।
अनन्यमानसो भूत्वा पूजाद्रव्यं निधाय च॥ ४६
पश्चाच्चावाहयेद्देवं मंत्रेणानेन वै नरः।

तत्पश्चात् अर्घ्यपात्रले उत्तम शिवलिंगको प्रक्षालन गर्नु। मनलाई भगवान् शिवबाट अन्यत्र नलगी पूजा-सामग्रीलाई आफ्नो नजिक रखेर निम्नांकित मन्त्रसमूहले महादेवको आवाहन गर्नु॥ ४६१/२॥

कैलासशिखरस्थं च पार्वतीपतिमुत्तमम्॥ ४७

यथोक्तरूपिणं शंभुं निर्गुणं गुणरूपिणम्।
पंचवक्त्रं दशभुजं त्रिनेत्रं वृषभध्वजम्॥ ४८

कर्पूरगौरं दिव्यांगं चन्द्रमौलिं कपर्दिनम्।

जो कैलासको शिखरमा निवास गर्नुहुन्छ, पार्वतीदेवीका पति हुनुहुन्छ, समस्त देवताहरूभन्दा उत्तम हुनुहुन्छ, जसको स्वरूपको शास्त्रहरूमा यथावत् वर्णन गरिएको छ, जो निर्गुण भएर पनि गुणरूप हुनुहुन्छ, जसका पाँच मुख, दश भुजा र प्रत्येक मुखमण्डलमा तीन-तीन नेत्र छन्, जसको ध्वजामा वृषभ चिह्न अंकित छ, जसको अंगको कान्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्याघ्रचर्मोत्तरीयं च गजचर्माम्बरं शुभम्॥ ४९

वासुक्यादिपरीतांगं पिनाकाद्यायुधान्वितम्।
सिद्धयोऽष्टौ च यस्याग्रे नृत्यन्तीह निरंतरम्॥ ५०

जयजयेति शब्दैश्च सेवितं भक्तपुञ्जकैः।
तेजसा दुःसहेनैव दुर्लक्ष्यं देवसेवितम्॥ ५१

शरण्यं सर्वसत्त्वानां प्रसन्नमुखपंकजम्।
वेदैः शास्त्रैर्यथागीतं विष्णुब्रह्मनुतं सदा॥ ५२

भक्तवत्सलमानंदं शिवमावाहयाम्यहम्।
एवं ध्यात्वा शिवं साम्बमासनं परिकल्पयेत्॥ ५३

चतुर्थ्यन्तपदेनैव सर्वं कुर्याद्यथाक्रमम्।
ततः पाद्यं प्रदद्याद्वै ततोऽर्घ्यं शंकराय च॥ ५४

ततश्चाचमनं कृत्वा शम्भवे परमात्मने।
पश्चाच्च पंचभिर्द्रव्यैः स्नापयेच्छंकरं मुदा॥ ५५

वेदमन्त्रैर्यथायोग्यं नामभिर्वा समन्त्रकैः।
चतुर्थ्यन्तपदैर्भक्त्या द्रव्याण्येवार्पयेत्तदा॥ ५६
तथाभिलषितं द्रव्यमर्पयेच्छङ्करोपरि।
ततश्च वारुणं स्नानं करणीयं शिवाय वै॥ ५७
सुगंधं चंदनं दद्यादन्यलेपानि यत्नतः।
ससुगंधजलेनैव जलधारां प्रकल्पयेत्॥ ५८

वेदमंत्रैः षडङ्गैर्वा नामभी रुद्रसंख्यया।
यथावकाशं तां दत्वा वस्त्रेण मार्जयेत्ततः॥ ५९

पश्चादाचमनं दद्यात्ततो वस्त्रं समर्पयेत्।
तिलाश्चैव यवा वापि गोधूमा मुद्गमाषकाः॥ ६०
अर्पणीयाः शिवायैवं मंत्रैर्नानाविधैरपि।
ततः पुष्पाणि देयानि पंचास्याय महात्मने॥ ६१

कपुरको समान गोरो छ, जो दिव्यरूपधारी, चन्द्रमारूपी मुकुटले सुशोभित तथा शिरमा जटाजूट धारण गर्नुहुन्छ, जो हात्तीको छाला पहिरनुहुन्छ र बाघको छाला ओढ्नुहुन्छ, जसको स्वरूप शुभ छ, जसका अंगहरूमा वासुकि आदि नाग लिप्सिरहन्छन्, जो पिनाक आदि आयुध धारण गर्नुहुन्छ, जसको अगाडि आठै सिद्धिहरू निरन्तर नृत्य गरिरहन्छन्, भक्तसमुदाय जय-जयकार गर्दै जसको सेवामा लागिरहन्छन्, दुस्सह तेजको कारण जसको सम्मुख हेर्न पनि कठिन छ, जो देवताहरूबाट सेवित छन्, जो सम्पूर्ण प्राणीहरूलाई शरण दिनुहुन्छ, जसको मुखारविन्द प्रसन्नताले प्रफुल्लित छ, वेद र शास्त्रहरूले जसको महिमाको यथावत् गान गरेको छ, विष्णु र ब्रह्मा पनि सदा जसको स्तुति गर्नुहुन्छ तथा जो भक्तवत्सल हुनुहुन्छ, ती परमानन्दस्वरूप शिवको म आवाहन गर्दछु। यस प्रकार साम्बशिवको ध्यान गरी उहाँका लागि आसन अर्पण गर्नु॥ ४७-५३॥

चतुर्थ्यन्त पदबाट नै क्रमशः सबथोक अर्पण गर्नु। [यथा—**साम्बाय सदाशिवाय नमः** आसनं **समर्पयामि** इत्यादि।] तत्पश्चात् भगवान् शंकरलाई पाद्य तथा अर्घ्य दिनु त्यसपछि परमात्मा शम्भुलाई आचमन गराएर पंचामृतसम्बन्धी द्रव्यहरूद्वारा प्रसन्नतापूर्वक शंकरलाई स्नान गराउनु॥ ५४-५५॥

वेदमन्त्र अथवा समन्त्रक चतुर्थ्यन्त नामपदहरूको उच्चारण गरी भक्तिपूर्वक यथायोग्य समस्त द्रव्य भगवान्लाई अर्पित गर्नु। अभीष्ट द्रव्यलाई शंकरको माथि चढाउनु। फेरि भगवान् शिवलाई जलधाराले स्नान गराउनु॥ ५६-५७॥

स्नानपश्चात् उहाँका श्रीअंगहरूमा सुगन्धित चन्दन तथा अन्य द्रव्यहरूको यत्नपूर्वक लेप गर्नु। तत्पश्चात् सुगन्धित जलबाट नै उहाँमाथि जलधारा झारेर अभिषेक गर्नु। वेदमन्त्र, षडंग अथवा शिवका एघार नामद्वारा यथावकाश जलधारा चढाएर वस्त्रले शिवलिंगलाई राम्ररी पुछ्नु॥ ५८-५९॥

त्यसपछि आचमन प्रदान गर्नु र वस्त्र समर्पित गर्नु। अनेकौँ प्रकारका मन्त्रद्वारा भगवान् शिवलाई तिल, जौ, गहुँ, मुग र मास अर्पित गर्नु। फेरि पाँच मुख भएका परमात्मा शिवलाई पुष्प चढाउनु॥ ६०-६१॥

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतिवक्त्रं यथाध्यानं यथायोग्याभिलाषतः।
कमलैः शतपत्रैश्च शंखपुष्पैः परैस्तथा॥ ६२
कुशपुष्पैश्च धत्तूरैर्मन्दारैर्द्रोणसंभवैः।
तथा च तुलसीपत्रैर्बिल्वपत्रैर्विशेषतः॥ ६३
पूजयेत्परया भक्त्या शंकरं भक्तवत्सलम्।
सर्वाभावे बिल्वपत्रमर्पणीयं शिवाय वै॥ ६४

प्रत्येक मुखमा ध्यानअनुसार यथोचित अभिलाषा गरी कमल, शतपत्र, शंखपुष्प, कुशपुष्प, धतुरो, मन्दार, द्रोणपुष्प, तुलसीदल तथा बेलपत्रद्वारा पराभक्तिका साथ भक्तवत्सल भगवान् शंकरको विशेष पूजा गर्नु। अन्य सबै वस्तुहरूको अभाव भएमा शिवलाई केवल बेलपत्र मात्र भए पनि अर्पण गर्नुपर्छ॥ ६२—६४॥

बिल्वपत्रार्पणेनैव सर्वपूजा प्रसिध्यति।
ततः सुगंधचूर्णं वै वासितं तैलमुत्तमम्॥ ६५

अर्पणीयं च विविधं शिवाय परया मुदा।
ततो धूपः प्रकर्तव्यो गुग्गुलागुरुभिर्मुदा॥ ६६

बेलपत्र समर्पित हुनाले नै शिवको पूजा सफल हुन्छ। तत्पश्चात् सुगन्धित चूर्ण तथा सुवासित अत्तर, उत्तम तेल, इत्र आदि विविध वस्तुहरू अत्यन्त हर्षका साथ भगवान् शिवलाई अर्पित गर्नु। त्यसपछि प्रसन्नतापूर्वक गोकुलधूप र अगरबत्ती आदिले धूप निवेदित गर्नु॥ ६५-६६॥

दीपो देयस्ततस्तस्मै शंकराय घृताप्लुतः।
अर्घं दद्यात्पुनस्तस्मै मंत्रेणानेन भक्तितः॥ ६७
कारयेद्भावतो भक्त्या वस्त्रेण मुखमार्जनम्।
रूपं देहि यशो देहि भोगं देहि च शंकर॥ ६८
भुक्तिमुक्तिफलं देहि गृहीत्वार्घं नमोऽस्तु ते।
ततो देयं शिवायैव नैवेद्यं विविधं शुभम्॥ ६९

त्यसपछि शंकरलाई घृतपूर्ण बत्ती अर्पण गर्नुपर्छ। यसपछि निम्न मन्त्रले भक्तिपूर्वक पुनः अर्घ्य दिनु र भक्तिभावले वस्त्रद्वारा उहाँको मुखको मार्जन गर्नु—'हे शंकर! हजुरलाई नमस्कार छ। हजुर यस अर्घ्यलाई स्वीकार गरी मलाई रूप दिनुहोस्, यश दिनुहोस्, सुख दिनुहोस् तथा भोग र मोक्षको फल प्रदान गर्नुहोस्।' यसपछि भगवान् शिवलाई थरी-थरीका उत्तम नैवेद्य अर्पित गर्नु॥ ६७—६९॥

तत आचमनं प्रीत्या कारयेद्वाविलम्बतः।
ततः शिवाय ताम्बूलं सांगोपाङ्गं विधाय च॥ ७०
कुर्यादारार्तिकं पञ्चवर्तिकामनुसंख्यया।
पादयोश्च चतुर्वारं द्विःकृत्वो नाभिमण्डले॥ ७१
एककृत्वो मुखे सप्तकृत्वः सर्वाङ्ग एव हि।
ततो ध्यानं यथोक्तं वै कृत्वा मंत्रमुदीरयेत्॥ ७२

यसपश्चात् प्रेमपूर्वक तत्काल आचमन गराउनु। त्यसपछि सांगोपांगो पानसुपारी बनाएर शिवलाई समर्पित गर्नु। त्यसपछि पाँच बत्तीको आरती बनाएर भगवान्लाई देखाउनू। पाउमा चार पटक, नाभिमण्डलको सामुन्ने दुई पटक, मुखको नजिक एक पटक तथा सम्पूर्ण अंगहरूमा सात पटक आरती देखाउनू। तत्पश्चात् यथोक्त ध्यान गरी मन्त्रको उच्चारण गर्नु॥ ७०—७२॥

यथासङ्ख्यं यथाज्ञानं कुर्यान्मन्त्रविधिं नरः।
गुरूपदिष्टमार्गेण कृत्वा मन्त्रजपं सुधीः॥ ७३
गुरूपदिष्टमार्गेण कृत्वा मन्त्रमुदीरयेत्।
यथासंख्यं यथाज्ञानं कुर्यान्मन्त्रविधिं नरः॥ ७४

बुद्धिमान् मनुष्यले गुरुद्वारा बताइएका नियम अनुसार नै मन्त्रको जप गर्नुपर्छ। अथवा आफ्नो ज्ञानअनुसार जति संख्यामा हुन सक्छ, त्यति संख्यामा नै मन्त्रको विधिवत् उच्चारण गर्नु॥ ७३-७४॥

स्तोत्रैर्नानाविधैः प्रीत्या स्तुवीत वृषभध्वजम्।
ततः प्रदक्षिणां कुर्याच्छिवस्य च शनैः शनैः॥ ७५

प्रेमपूर्वक अनेकौँ प्रकारका स्तोत्रहरूले वृषभध्वज शंकरको स्तुति गर्नु। तत्पश्चात् बिस्तारै-बिस्तारै शिवको परिक्रमा गर्नु॥ ७५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नमस्कारांस्ततः कुर्यात्साष्टांगं विधिवत्पुमान्।
ततः पुष्पांजलिर्देयो मंत्रेणानेन भक्तितः॥ ७६

शंकराय परेशाय शिवसन्तोषहेतवे।
अज्ञानाद्यदि वा ज्ञानाद्यद्यत्पूजादिकं मया॥ ७७

कृतं तदस्तु सफलं कृपया तव शंकर।
तावकस्त्वद्गतप्राणस्त्वच्चित्तोऽहं सदा मृड॥ ७८

इति विज्ञाय गौरीश भूतनाथ प्रसीद मे।
भूमौ स्खलितपादानां भूमिरेवावलंबनम्॥ ७९

त्वयि जातापराधानां त्वमेव शरणं प्रभो।

इत्यादि बहुविज्ञप्तिं कृत्वा सम्यग्विधानतः॥ ८०

पुष्पांजलिं समर्प्यैव पुनः कुर्यान्नतिं मुहुः।
स्वस्थानं गच्छ देवेश परिवारयुतः प्रभो॥ ८१

पूजाकाले पुनर्नाथ त्वयागन्तव्यमादरात्।

इति संप्रार्थ्य बहुशः शंकरं भक्तवत्सलम्॥ ८२
विसर्जयेत्स्वहृदये तदपो मूर्ध्नि विन्यसेत्।

इति प्रोक्तमशेषेण मुनयः शिवपूजनम्।
भुक्तिमुक्तिप्रदं चैव किमन्यच्छ्रोतुमर्हथ॥ ८३

यसपछि भक्तपुरुषहरूले साष्टांग प्रणाम गरून् र शिवको प्रसन्नताका लागि ती परमेश्वर शंकरलाई यस मन्त्रले भक्तिपूर्वक पुष्पांजलि अर्पण गरून्—हे शंकर! मैले अज्ञानले वा जानी-बुझिकन जुन-जुन पूजा आदि गरेको छु, त्यो हजुरको कृपाले सफल होस्। हे मृड! म हजुरको हुँ, मेरो प्राण सधैँ हजुरमा लागेको छ, मेरो चित्त सधैँ हजुरको नै चिन्तन गरिरहन्छ—यस्तो जानेर हे गौरीनाथ! हे भूतनाथ! हजुर मप्रति प्रसन्न हुनुहोस्। हे प्रभो! धरतीमा जसको गोडा लर्खराउँछ, तिनका लागि धरती नै सहारा हुन्छ, त्यसै प्रकार जसले हजुरका प्रति अपराध गरेका छन्, तिनका लागि पनि हजुर नै शरणदाता हुनुहुन्छ॥ ७६—७९१/२॥

यस प्रकार विविध प्रार्थना गरी उत्तम विधिले पुष्पांजलि अर्पित गरे पश्चात् पुनः भगवान्लाई पटक-पटक नमस्कार गर्नु। [तत्पश्चात् यो भनेर विसर्जन गर्नुपर्छ] हे देवेश! हे प्रभु! अब हजुर परिवारसहित आफ्नो स्थानमा जानुहोस्। नाथ! जब पूजाको समय हुन्छ, तब पुनः हजुर आदरपूर्वक पाल्नुहोस्॥ ८०-८११/२॥

यस प्रकार भक्तवत्सल शंकरको वारम्वार प्रार्थना गरी उहाँको विसर्जन गर्नु र त्यस जललाई आफ्नो हृदयमा लगाउनू तथा शिरमा चढाउनु॥ ८२१/२॥

हे ऋषि हो! यस किसिमले मैले शिवपूजाको सारा विधि बताइदिएँ, जुन भोग र मोक्षदायक छ। अब तपाईंहरू अरू के सुन्न चाहनुहुन्छ?॥ ८३॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां प्रथमखण्डे सृष्ट्युपाख्याने शिवपूजनवर्णनं नाम त्रयोदशोऽध्यायः॥ १३॥

॥ यस प्रकार श्रीशिवमहापुराण अन्तर्गत द्वितीय रुद्रसंहिताको प्रथम सृष्टिखण्डमा सृष्टि-उपाख्यानमा शिवपूजावर्णन नामक तेह्रौँ अध्याय पूर्ण भयो॥ १३॥

अथ चतुर्दशोऽध्यायः

विभिन्न पुष्प, अन्न तथा जलादिका धाराहरूबाट शिव पूजाको माहात्म्य

ऋषय ऊचुः

व्यासशिष्य महाभाग कथय त्वं प्रमाणतः।
कैः पुष्पैः पूजितः शम्भुः किं किं यच्छति वै फलम्॥ १

ऋषिगण भन्दछन्—हे महाभाग! हे व्यासशिष्य! तपाईं सप्रमाण हामीलाई यो बताउनुहोस् कि कुन-कुन पुष्पहरूले पूजा गर्दा भगवान् सदाशिव कुन-कुन फल प्रदान गर्नुहुन्छ?॥ १॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सूत उवाच

शौनकाद्याश्च ऋषयः शृणुतादरतोऽखिलम्।
कथयाम्यद्य सुप्रीत्या पुष्पार्पणविनिर्णयम्॥ २
एष एव विधिः पृष्टो नारदेन महर्षिणा।
प्रोवाच परमप्रीत्या पुष्पार्पणविनिर्णयम्॥ ३

ब्रह्मोवाच

कमलैर्बिल्वपत्रैश्च शतपत्रैस्तथा पुनः।
शंखपुष्पैस्तथा देवं लक्ष्मीकामोऽर्चयेच्छिवम्॥ ४
एतैश्च लक्षसङ्ख्याकैः पूजितश्चेद्भवेच्छिवः।
पापहानिस्तथा विप्र लक्ष्मीः स्यान्नात्र संशयः॥ ५
विंशतिः कमलानां तु प्रस्थमेकमुदाहृतम्।
बिल्वो दलसहस्रेण प्रस्थार्धं परिभाषितम्॥ ६
शतपत्रसहस्रेण प्रस्थार्धं परिभाषितम्।
पलैः षोडशभिः प्रस्थः पलं टंकदशस्मृतः॥ ७
अनेनैव तु मानेन तुलामारोपयेद्यदा।
सर्वान्कामानवाप्नोति निष्कामश्चेच्छिवो भवेत्॥ ८
राज्यस्य कामुको यो वै पार्थिवानां च पूजया।
तोषयेच्छंकरं देवं दशकोट्या मुनीश्वराः॥ ९
लिंगं शिवं तथा पुष्पमखण्डं तण्डुलं तथा।
चर्चितं चंदनेनैव जलधारां तथा पुनः॥ १०
प्रतिरूपं तथा मंत्रं बिल्वीदलमनुत्तमम्।
अथवा शतपत्रं च कमलं वा तथा पुनः॥ ११
शंखपुष्पैस्तथा प्रोक्तं विशेषेण पुरातनैः।
सर्वकामफलं दिव्यं परत्रेहापि सर्वथा॥ १२
धूपं दीपं च नैवेद्यमर्घं चारार्तिकं तथा।
प्रदक्षिणां नमस्कारं क्षमापनविसर्जने॥ १३
कृत्वा साङ्गं तथा भोज्यं कृतं येन भवेदिह।
तस्य वै सर्वथा राज्यं शंकरः प्रददाति च॥ १४

सूत भन्नुहुन्छ—हे शौनकादि ऋषिहरू हो! तपाईंहरू आदरपूर्वक सुन्नुहोस्। म अत्यन्त प्रेमपूर्वक पुष्पार्पणको विधि बताउँदै छु॥ २॥

देवर्षि नारदले पनि यसै विधिलाई विधाता ब्रह्मासित सोध्नुभएको थियो। तब उहाँले अत्यन्त प्रेमपूर्वक शिव-पुष्पार्पणको विधि बताउनुभएको थियो॥ ३॥

ब्रह्मा भन्नुहुन्छ—हे नारद! लक्ष्मीप्राप्तिको इच्छा भएकाले कमल, बेलपत्र, शतपत्र र शंखपुष्पले भगवान् शिवको पूजा गर्नुपर्छ। हे विप्र! यदि एक लाखको संख्यामा यी पुष्पद्वारा भगवान् शिवको पूजा गरिन्छ भने सारा पापहरू नाश हुन्छ र लक्ष्मीको पनि प्राप्ति हुन्छ, यसमा संशय छैन॥ ४-५॥

बीसवटा कमलको एक प्रस्थ र एक हजार बेलपत्रको आधा प्रस्थ बताइएको छ॥ ६॥ एक हजार शतपत्रलाई आधा प्रस्थ बताइएको छ। सोह्र पलको एक प्रस्थ र दश टंकको एक पल हुन्छ। जब यसै मानले [पत्र, पुष्प आदिलाई] तुलामा राखिन्छ भने त्यसले सम्पूर्ण अभीष्टलाई प्राप्त गर्दछ र यदि निष्कामभावनाले युक्त छ भने त्यो [यस पूजाबाट] शिवस्वरूप हुन जान्छ॥ ७-८॥

हे मुनीश्वरहरू हो! जो राज्य प्राप्त गर्न इच्छुक छ, उसले दश करोड पार्थिव शिवलिंगको पूजा द्वारा भगवान् शंकरलाई प्रसन्न पार्नुपर्छ॥ ९॥

प्रत्येक पार्थिव-लिंगमा मन्त्रसहित पुष्प, नटुक्रिएको चामलको अक्षता र सुगन्धित चन्दन चढाएर अखण्ड जलधाराले अभिषेक गर्नुपर्छ। त्यसपछि प्रत्येक पार्थिव लिंगमा मन्त्रसहित राम्रा-राम्रा बेलपत्र अथवा शतपत्र र कमलपुष्प समर्पित गर्नुपर्छ। प्राचीन ऋषिहरूले भनेका छन् कि यदि शिवलिंगमा शंखपुष्पको फूल चढाइन्छ भने यस लोक र परलोकमा सबै कामनाहरूको दिव्य फल प्राप्त हुन्छ॥ १०—१२॥

धूप, दीप, नैवेद्य, अर्घ्य, आरती, प्रदक्षिणा, नमस्कार, क्षमाप्रार्थना र विसर्जन गरी जसले ब्राह्मण-भोजन गराएको छ, उसलाई भगवान् शंकर अवश्य नै राज्य प्रदान गर्नुहुन्छ। जो मनुष्य सर्वश्रेष्ठ बन्न इच्छुक छ, त्यसले [उपर्युक्त बताइएका विधिअनुसार] त्यसको आधा अर्थात् पाँच करोड पार्थिव शिवलिंगको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राधान्यकामुको यो वै तदर्धेनार्चयेत्पुमान्।
कारागृहगतो यो वै लक्षेनैवार्चयेद्धरम्॥ १५

यथाविधि पूजा गरोस्। कारागारमा परेका मनुष्यले एक लाख पार्थिवलिंगद्वारा भगवान् शंकरको पूजा गर्नुपर्छ॥ १३—१५॥

रोगग्रस्तो यदा स्याद्वै तदर्धेनार्चयेच्छिवम्।
कन्याकामो भवेद्यो वै तदर्धेन शिवं पुनः॥ १६

यदि रोगग्रस्त छ भने उसले त्यस संख्याको आधा अर्थात् पचास हजार पार्थिव लिंगबाट शिवको पूजा गर्नुपर्छ। कन्याको चाहना भएका मनुष्यले त्यसको आधा अर्थात् पच्चिस हजार पार्थिव लिंगबाट शिवको पूजा गर्नुपर्छ॥ १६॥

विद्याकामस्तथा यः स्यात्तदर्धेनार्चयेच्छिवम्।
वाणीकामो भवेद्यो वै घृतेनैवार्चयेच्छिवम्॥ १७

जो विद्या प्राप्त गर्ने इच्छा राख्छ, उसले त्यसको पनि आधा पार्थिव लिंगबाट शिवको अर्चना गरोस्। जसलाई वाणीको अभिलाषा छ, उसले घिउले शिवको पूजा गर्नुपर्छ॥ १७॥

उच्चाटनार्थं शत्रूणां तन्मितेनैव पूजनम्।
मारणे वै तु लक्षेण मोहने तु तदर्धतः॥ १८

सामन्तानां जये चैव कोटिपूजा प्रशस्यते।
राज्ञामयुतसंख्यं च वशीकरणकर्मणि॥ १९

अभिचारादि कर्महरूमा कमलपुष्पहरूबाट शिवपूजाको विधान छ। सामन्ती राजाहरूमाथि विजय प्राप्त गर्नका लागि एक करोड कमलपुष्पले शिवको पूजा गरेमा पुग्ने मानिएको छ। राजाहरूलाई आफ्नो अनुकूल गर्नाका लागि दश लाख कमलपुष्पले शिवपूजा गर्नुपर्ने विधान छ॥ १८-१९॥

यशसे च तथा संख्या वाहनाद्यैः सहस्त्रिका।
मुक्तिकामोऽर्चयेच्छंभुं पंचकोट्या सुभक्तितः॥ २०

यश प्राप्त गर्नाका लागि त्यति नै संख्या बताइएको छ र वाहन आदि प्राप्तिका लागि एक हजार पार्थिव लिंगको पूजा गर्नुपर्छ। मोक्ष चाहनेले पाँच करोड कमलपुष्पले उत्तम भक्तिका साथ शिवको पूजा गर्नुपर्छ॥ २०॥

ज्ञानार्थी पूजयेत्कोट्या शंकरं लोकशंकरम्।
शिवदर्शनकामो वै तदर्धेन प्रपूजयेत्॥ २१

तथा मृत्युंजयो जाप्यः कामनाफलरूपतः।
पंचलक्षो जपो यर्हि प्रत्यक्षं तु भवेच्छिवः॥ २२

ज्ञान चाहनेले एक करोड कमलपुष्पले लोक-कल्याणकारी शिवको पूजा गरोस् र शिवको दर्शन प्राप्त गर्न इच्छुकले त्यसको आधा कमलपुष्पले उहाँको पूजा गरोस्। कामनाहरूको पूर्तिका लागि महामृत्युंजय मन्त्रको जप पनि गर्नुपर्छ। पाँच लाख महामृत्युंजय मन्त्रको जप गरेपछि भगवान् सदाशिव निश्चय नै प्रत्यक्ष हुनुहुन्छ॥ २१-२२॥

लक्षेण भजते कश्चिद् द्वितीये जातिसंभवः।
तृतीये कामनालाभश्चतुर्थे तं प्रपश्यति॥ २३

एक लाखको जपबाट शरीरको शुद्धि हुन्छ, दुई लाखको जपबाट पूर्वजन्मका कुराहरूको स्मरण हुन्छ, तीन लाखको जपबाट सम्पूर्ण काम्य वस्तुहरू प्राप्त हुन्छन्। चार लाखको जप भएपछि भगवान् शिवको दर्शन हुन्छ र जब पाँच लाखको जप पूरा हुन्छ, तब

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGang

पंचमं च यदा लक्षं फलं यच्छत्यसंशयम्।
अनेनैव तु मंत्रेण दशलक्षे फलं भवेत्॥ २४

मुक्तिकामो भवेद्यो वै दर्भैश्च पूजनं चरेत्।
लक्षसंख्या तु सर्वत्र ज्ञातव्या ऋषिसत्तम॥ २५

आयुःकामो भवेद्यो वै दूर्वाभिः पूजनं चरेत्।
पुत्रकामो भवेद्यो वै धत्तूरकुसुमैश्चरेत्॥ २६

रक्तदण्डश्च धत्तूरः पूजने शुभदः स्मृतः।
अगस्त्यकुसुमैश्चैव पूजकस्य महद्यशः॥ २७

भुक्तिमुक्तिफलं तस्य तुलस्या पूजयेद्यदि।
अर्कपुष्पैः प्रतापश्च कुब्जकह्लारकैस्तथा॥ २८

जपाकुसुमपूजा तु शत्रूणां मृत्युदा स्मृता।
रोगोच्चाटनकानीह करवीराणि वै क्रमात्॥ २९

बंधूकैर्भूषणावाप्तिर्जात्या वाहान्न संशयः।
अतसीपुष्पकैर्देवं विष्णुवल्लभतामियात्॥ ३०

शमीपत्रैस्तथा मुक्तिः प्राप्यते पुरुषेण च।
मल्लिकाकुसुमैर्दत्तैः स्त्रियं शुभतरां शिवः॥ ३१

यूथिकाकुसुमैः शस्तैर्गृहं नैव विमुच्यते।
कर्णिकारैस्तथा वस्त्रसंपत्तिर्जायते नृणाम्॥ ३२

निर्गुण्डीकुसुमैर्लोके मनो निर्मलतां व्रजेत्।
विल्वपत्रैस्तथा लक्षैः सर्वान्कामानवाप्नुयात्॥ ३३

भगवान् शिवले जपको फल निःसन्देह प्रदान गर्नुहुन्छ। यसै मन्त्रको दश लाख जप पूर्ण भएमा सम्पूर्ण फलको सिद्धि हुन्छ॥ २३-२४॥

जो मोक्षको अभिलाषा राख्छ, त्यसले एक लाख दर्भ (कुश) द्वारा शिवको पूजा गरोस्। हे मुनिश्रेष्ठ! शिवको पूजामा सर्वत्र लाखको नै संख्या सम्झनु पर्छ॥ २५॥

आयुको इच्छा भएका पुरुष एक लाख दूबोद्वारा पूजा गरोस्। जसलाई पुत्रको अभिलाषा छ, त्यसले धतूरोको एक लाख फूलद्वारा पूजा गरोस्॥ २६॥

रातो डाँठ भएको धतूरो पूजामा शुभदायक मानिएको छ। अगस्त्यको फूलद्वारा पूजा गर्ने पुरुषलाई महान् यशको प्राप्ति हुन्छ॥ २७॥

यदि तुलसीदलले शिवको पूजा गरियो भने उपासकलाई भोग र मोक्षको फल प्राप्त हुन्छ। रातो र सेतो आँक, अपमार्ग र कह्लारको फूलद्वारा पूजा गर्नाले प्रतापको प्राप्ति हुन्छ॥ २८॥

जपापुष्पका फूलबाट गरिएको पूजालाई शत्रुविनाशक बताइएको छ। करवीरको एक लाख फूल यदि शिवपूजाको उपयोगमा ल्याइन्छ भने त्यसले त्यहाँ रोग निर्मूल पार्छ॥ २९॥

बन्धूक [गुलर]-को फूलद्वारा [पूजा गर्नाले] आभूषणको प्राप्ति हुन्छ। चमेलीले शिवको पूजा गरी मनुष्य वाहनहरूको प्राप्ति गर्छ, यसमा संशय छैन। आलसको फूलद्वारा महादेवको पूजा गर्ने पुरुष भगवान् विष्णुको प्रिय हुन्छ॥ ३०॥

शमीपत्रद्वारा [पूजा गरी] मनुष्य मोक्ष प्राप्त गर्छ। बेलीको फूल चढाउँदामा भगवान् शिव अत्यन्त शुभलक्षणा पत्नी प्रदान गर्नुहुन्छ॥ ३१॥

जुही फूलद्वारा पूजा गरिन्छ भने घरमा कहिल्यै पनि अन्नको कमी हुँदैन। कनेरको फूलद्वारा पूजा गर्नाले मनुष्यलाई वस्त्र-सम्पदाको प्राप्ति हुन्छ॥ ३२॥

सिमालीको फूलद्वारा लोकमा शिवको पूजा गरिएका मन निर्मल हुन्छ। एक लाख बेलपत्रद्वारा पूजा गरेपछि मनुष्यले आफ्ना सारा कामनाहरूलाई प्राप्त गर्दछ॥ ३३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शृङ्गारहारपुष्पैस्तु वर्धते सुखसम्पदा।
ऋतुजातानि पुष्पाणि मुक्तिदानि न संशयः॥ ३४

हरसिंगार (ल्वाङ) को फूलद्वारा पूजा गर्नाले सुख-सम्पत्तिको वृद्धि हुन्छ। ऋतुमा पैदा हुने फूल [यदि शिवको पूजामा समर्पित गरिन्छ भने तो] मोक्षदायक हुन्छन्, यसमा संशय छैन॥ ३४॥

राजिकाकुसुमानीह शत्रूणां मृत्युदानि च।
एषां लक्षं शिवे दद्याद्द्याच्च विपुलं फलम्॥ ३५

रायोको फूल शत्रुहरूका लागि अनिष्टकारी हुन्छ। यी फूलहरूलाई एक लाखको संख्यामा शिवका ऊपर चढाइन्छ भने भगवान् शिव प्रचुर फल प्रदान गर्नुहुन्छ॥ ३५॥

विद्यते कुसुमं तन्न यन्नैव शिववल्लभम्।
चम्पकं केतकं हित्वा त्वन्यत्सर्वं समर्पयेत्॥ ३६

चम्पा र केतकीलाई छोडेर अरू कुनै यस्तो फूल छैन, जो भगवान् शिवलाई प्रिय नहोस्, अरू सबै पुष्पहरू शिवलाई समर्पित गर्नुपर्छ॥ ३६॥

अतः परं च धान्यानां पूजने शंकरस्य च।
प्रमाणं च फलं सर्वं प्रीत्या शृणु च सत्तम॥ ३७

हे सत्तम! अब यसै अन्तर्गत शंकरको पूजामा धान्यहरूको प्रमाण तथा [तिनको अर्पणको] फल-यो सबै प्रेमपूर्वक सुन्नुहोस्॥ ३७॥

तंदुलारोपणे नृणां लक्ष्मी वृद्धिः प्रजायते।
अखण्डितविधौ विप्र सम्यग्भक्त्या शिवोपरि॥ ३८

हे विप्र! महादेवलाई परम भक्तिभावले नटुक्रिएको चामल चढाउनाले मनुष्यको लक्ष्मी बढ्छ॥ ३८॥

षट्केनैव तु प्रस्थानां तदर्धेन तथा पुनः।
पलद्वयं तथा लक्षमानेन समुदाहृतम्॥ ३९

साढे छ प्रस्थ र दुई पल चामल संख्यामा एक लाख हुन्छ। यस्तो व्यक्तिहरूको भनाइ छ॥ ३९॥

पूजां रुद्रप्रधानेन कृत्वा वस्त्रं सुसुन्दरम्।
शिवोपरि न्यसेत्तत्र तंदुलार्पणमुत्तमम्॥ ४०

रुद्रप्रधान मन्त्रद्वारा पूजा गरी भगवान् शिवलाई ज्यादै सुन्दर वस्त्र चढाउनुपर्छ र त्यसैमाथि चामल राखेर समर्पित गरेमा उत्तम हुन्छ॥ ४०॥

उपरि श्रीफलं त्वेकं गन्धपुष्पादिभिस्तथा।
रोपयित्वा च धूपादि कृत्वा पूजाफलं भवेत्॥ ४१

तत्पश्चात् त्यसमाथि चन्दन, पुष्प आदिका साथ एउटा नरिवल चढाएर धूप आदि निवेदन गरेमा पूजाको पूरा-पूरा फल प्राप्त हुन्छ॥ ४१॥

प्राजापत्यद्वयं रौप्यमाषसंख्या च दक्षिणा।
देया तदुपदेष्ट्रे हि शक्त्या वा दक्षिणा मता॥ ४२

प्रजापति देवताबाट चिह्नांकित दुई चाँदीका सिक्का अथवा माषसंख्याले उपदेष्टालाई दक्षिणा दिनुपर्छ अथवा यथाशक्ति जति दक्षिणा हुन सक्छ, त्यति दक्षिणा बताइएको छ॥ ४२॥

आदित्यसंख्यया तत्र ब्राह्मणान्भोजयेत्ततः।
लक्षपूजा तथा जाता साङ्गं च मन्त्रपूर्वकम्॥ ४३
शतमष्टोत्तरं तत्र मंत्रे विधिरुदाहृतः।

त्यहाँ शिवको समीप बाह्र ब्राह्मणलाई भोजन गराउनुपर्छ। यसबाट मन्त्रपूर्वक सांगोपांगो लक्षपूजा सम्पन्न हुन्छ। जहाँ सय मन्त्र जप्ने विधि छ, त्यहाँ एक सय आठ मन्त्र जप्नुपर्ने विधि बताइएको छ॥ ४३१/२॥

तिलानां च पलं लक्षं महापातकनाशनम्॥ ४४
एकादशपलैरेव लक्षमानमुदाहृतम्।
पूर्ववत्पूजनं तत्र कर्तव्यं हितकाम्यया॥ ४५

एक लाख पल तिल अर्पण गर्नाले पातकको नाश हुन्छ। एघार पल (६४ माशा)-मा एक लाखको संख्यामा तिल हुन्छ। [अतः यस परिमाणअनुसार] तिलद्वारा आफ्नो कल्याणका लागि पहिलाको झैं पूर्वोक्त विधिले शिवको पूजा गर्नुपर्दछ॥ ४४-४५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भोज्या वै ब्राह्मणास्तस्मादत्र कार्या नरेण हि।
महापातकजं दुःखं तत्क्षणान्नश्यति ध्रुवम्॥ ४६

यवपूजा तथा प्रोक्ता लक्षेण परमा शिवे।
प्रस्थानामष्टकं चैव तथा प्रस्थार्धकं पुनः॥ ४७

पलद्वययुतं तत्र मानमेतत्पुरातनम्।
यवपूजा च मुनिभिः स्वर्गसौख्यविवर्धिनी॥ ४८

प्राजापत्यं ब्राह्मणानां कर्तव्यं च फलेप्सुभिः।
गोधूमान्नैस्तथा पूजा प्रशस्ता शंकरस्य वै॥ ४९

संततिर्वर्धते तस्य यदि लक्षावधिः कृता।
द्रोणार्धेन भवेल्लक्षं विधानं विधिपूर्वकम्॥ ५०

मुद्गानां पूजने देवः शिवो यच्छति वै सुखम्।
प्रस्थानां सप्तकेनैव प्रस्थार्धेनाथवा पुनः॥ ५१
पलद्वययुतेनैव लक्षमुक्तं पुरातनैः।
ब्राह्मणाश्च तथा भोज्या रुद्रसंख्याप्रमाणतः॥ ५२

प्रियंगुपूजनादेव धर्माध्यक्षे परात्मनि।
धर्मार्थकामा वर्धन्ते पूजा सर्वसुखावहा॥ ५३

प्रस्थैकेन च तस्योक्तं लक्षमेकं पुरातनैः।
ब्रह्मभोजं तथाप्रोक्तमर्कसंख्याप्रमाणतः॥ ५४

राजिकापूजनं शंभोः शत्रोर्मृत्युकरं स्मृतम्।
सर्षपाणां तथा लक्षं पलैर्विंशतिसंख्यया॥ ५५

तेषां च पूजनादेव शत्रोर्मृत्युरुदाहृतः।
आढकीनां दलैश्चैव शोभयित्वार्चयेच्छिवम्॥ ५६

वृता गौश्च प्रदातव्या बलीवर्दस्तथैव च।
मरीचिसम्भवा पूजा शत्रोर्नाशकरी स्मृता॥ ५७

यस अवसरमा मनुष्यले ब्राह्मणहरूलाई भोजन गराउनु पर्छ। यसबाट महापातकजन्य दुःख निश्चय नै टाढा हुन जान्छ॥ ४६॥

यसै प्रकार एक लाख जौबाट गरिएको शिवको पूजा पनि उत्तम बताइएको छ। साढे आठ प्रस्थ र दुई पल (साढे आठ सेर तेह्र माशा) जौ प्राचीन परिमाणअनुसार संख्यामा एक लाख जौ बराबर हुन्छ। मुनिहरूले जौद्वारा गरिएको पूजालाई स्वर्गको सुख प्राप्ति हुने बताएका छन्॥ ४७-४८॥

फलप्राप्तिका इच्छुक व्यक्तिहरूले (जौपूजा गरेपश्चात्) ब्राह्मणहरूका लागि प्रजापति देवताका द्रव्यभूत चाँदीका सिक्का पनि दक्षिणारूपमा दिनुपर्छ। गहुँद्वारा गरिएको शिवपूजा पनि फलदायक हुन्छ। यदि एक लाख गहुँद्वारा शिवको पूजा गरेमा त्यसको सन्ततिको अभिवृद्धि हुन्छ। विधानतः आधा द्रोण (आठ सेर) परिमाणमा गहुँको संख्या एक लाख हुन्छ। बाँकी विधान विधिपूर्वक गर्नुपर्छ॥ ४९-५०॥

(एक लाख) मुगद्वारा पूजा गर्नाले भगवान् शिव सुख दिनुहुन्छ। साढे सात प्रस्थ र दुई पल (साढे सात सेर तेह्र माशा) मुग संख्यामा एक लाख हुन्छ—यस्तो प्राचीन व्यक्तिहरूले भनेका छन्। यसमा एघार ब्राह्मणलाई भोजन गराउनुपर्छ॥ ५१-५२॥

प्रियंगु (कागुन-केराउ)-द्वारा धर्माध्यक्ष परमात्मा शिवको पूजा गर्नाले धर्म, अर्थ र कामको अभिवृद्धि हुन्छ। त्यो पूजा सबै सुख दिनेखालको हुन्छ। प्राचीन व्यक्तिहरूले भनेका छन् कि एक प्रस्थमा एक लाख कागुन हुन्छ। यसपछि बाह्र ब्राह्मणलाई भोजन गराउनु पर्ने बताइएको छ॥ ५३-५४॥

रायोबाट गरिएको शिवपूजा शत्रुविनाशक बताइएको छ। बिस पल (३० माशा) पूरा रायो (सर्स्यूँ) को एक लाख दाना हुन्छ। ती एक लाख रायोको दानाद्वारा गरिएको शिवको पूजा निश्चित नै शत्रुका लागि घातक हुन्छ—यस्तो बताइएको छ। रहरको पातद्वारा शिवलाई सुशोभित गरी उहाँको पूजा गर्नुपर्छ॥ ५५-५६॥

शिवको पूजा गरिसकेपश्चात् एउटा गाई र साढे दान गर्नुपर्छ। मरीच (कालो मरीच)-द्वारा गरिएको शिवको पूजा शत्रुको नाश गर्ने बताइएको छ। रहरका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आढकीनां दलैश्चैव रंजयित्वार्चयेच्छिवम्।
नानासुखकरी ह्येषा पूजा सर्वफलप्रदा॥ ५८

पातहरूले रंग्याएर शिवको पूजा गर्नुपर्छ। यो पूजा अनेकौँ प्रकारका सुख एवं सबै अभीष्ट फलदायक बताइएको छ॥ ५७-५८॥

धान्यमानमिति प्रोक्तं मया ते मुनिसत्तम।
लक्षमानं तु पुष्पाणां श्रृणु प्रीत्या मुनीश्वर॥ ५९

हे मुनिसत्तम! [शिवपूजामा] यस प्रकारले प्रयुक्त अन्नहरूको परिमाण त मैले तपाईंहरूलाई बताएँ। हे मुनीश्वर! अब प्रेमपूर्वक एक लाख पुष्पहरूको परिमाण पनि सुन्नुहोस्॥ ५९॥

प्रस्थानां च तथा चैकं शंखपुष्पसमुद्भवम्।
प्रोक्तं व्यासेन लक्षं हि सूक्ष्ममानप्रदर्शिना॥ ६०

सूक्ष्म मानलाई प्रदर्शित गर्नुहुने व्यासले एक प्रस्थमा शंखपुष्पको पुष्पहरूको संख्या एक लाख हुन्छ भनी बताउनुभएको छ॥ ६०॥

प्रस्थैरेकादशैर्जातिलक्षमानं प्रकीर्तितम्।
यूथिकायास्तथा मानं राजिकायास्तदर्धकम्॥ ६१

एघार प्रस्थमा चमेलीका फूलहरूको मान एक लाख बताइएको छ। त्यति नै जूहीका फूलहरूको मान हुन्छ र त्यसको आधा रायोका फूलहरूको मान हुन्छ॥ ६१॥

प्रस्थैर्विंशतिकैश्चैव मल्लिकामानमुत्तमम्।
तिलपुष्पैस्तथा मानं प्रस्थान्न्यूनं तथैव च॥ ६२

मल्लिका [मालती]-को लाख फूलहरूको पूर्ण मान बीस प्रस्थ हुन्छ। तिलका पुष्पहरूको मान मालतीको मानभन्दा एक प्रस्थ कम हुन्छ॥ ६२॥

ततश्च त्रिगुणं मानं करवीरभवे स्मृतम्।
निर्गुंडीकुसुमे मानं तथैव कथितं बुधैः॥ ६३

कनेरको पुष्पहरूको मान तिलको पुष्पहरूको मानको तीनगुना बताइएको छ। पण्डितहरूले सिमलीका पुष्पहरूको पनि त्यति नै मान बताएका छन्॥ ६३॥

कर्णिकारे तथा मानं शिरीषकुसुमे पुनः।
बंधुजीवे तथा मानं प्रस्थानां दशकेन च॥ ६४

कुसुम, शिरीष तथा बन्धुजीव (दोपहरिया)-को एक लाख पुष्पहरूको मान दश प्रस्थ बराबर हुन्छ॥ ६४॥

इत्याद्यैर्विविधैर्मानं दृष्ट्वा कुर्याच्छिवार्चनम्।
सर्वकामसमृद्ध्यर्थं मुक्त्यर्थं कामनोज्झितः॥ ६५

यसरी अनेक प्रकारका मानलाई दृष्टिमा राखेर सबै कामनाहरूको सिद्धिका लागि तथा मुक्ति प्राप्त गर्नाका लागि कामनारहित भएर शिवको पूजा गर्नुपर्छ॥ ६५॥

अतः परं प्रवक्ष्यामि धारापूजाफलं महत्।
यस्य श्रवणमात्रेण कल्याणं जायते नृणाम्॥ ६६

अब म जलधारा-पूजाको महान् फल बताउँदै छु, जसको श्रवणमात्रले मनुष्यको कल्याण हुन्छ॥ ६६॥

विधानपूर्वकं पूजां कृत्वा भक्त्या शिवस्य वै।
पश्चाच्च जलधारा हि कर्तव्या भक्तितत्परैः॥ ६७

भक्तिपूर्वक सदाशिवको विधिवत् पूजा गरेपश्चात् उहाँलाई जलधारा समर्पित गर्नुपर्छ॥ ६७॥

ज्वरप्रलापशांत्यर्थं जलधारा शुभावहा।
शतरुद्रियमंत्रेण रुद्रस्यैकादशेन तु॥ ६८

रुद्रजाप्येन वा तत्र सूक्तेन पौरुषेण वा।
षडंगेनाथ वा तत्र महामृत्युंजयेन च॥ ६९

गायत्र्या वा नमोऽन्तैश्च नामभिः प्रणवादिभिः।
मंत्रैर्वाथागमोक्तैश्च जलधारादिकं तथा॥ ७०

[सन्निपातादि] ज्वरोमा हुने पीडाको शान्तिका लागि भगवान् शिवलाई दिइने कल्याणकारी जलधारा शतरुद्रिय मन्त्रद्वारा, एकादश रुद्रद्वारा, रुद्रमन्त्रहरूको जपद्वारा, पुरुषसूक्तद्वारा, छ ऋचा भएको रुद्रसूक्तद्वारा, महामृत्युंजयमन्त्रद्वारा, गायत्रीमन्त्रद्वारा अथवा शिवका शास्त्रोक्त नामहरूको शुरूमा प्रणव र अन्तमा नमः पद जोडेर बनेका मन्त्रहरूद्वारा अर्पित गर्नुपर्छ॥ ६८-७०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGang

सुखसन्तानवृद्ध्यर्थं धारापूजनमुत्तमम्।
नानाद्रव्यैः शुभैर्दिव्यैः प्रीत्या सद्भस्मधारिणा॥ ७१

घृतधारा शिवे कार्या यावन्मन्त्रसहस्रकम्।
तदा वंशस्य विस्तारो जायते नात्र संशयः॥ ७२

एवमयुतमन्त्रेण कार्यं वै शिवपूजनम्।
प्रमेहरोगशान्त्यर्थं प्राप्नुयाच्च मनेप्सितम्।
षण्ढत्वं यदादातस्तदा घृतसुपूजनम्।
ब्रह्मभोज्यं तथा प्रोक्तं प्राजापत्यं मुनीश्वरैः॥ ७३

केवलं दुग्धधारा च तदा कार्या विशेषतः।
शर्करामिश्रिता तत्र यदा बुद्धिजडो भवेत्॥ ७४

तस्य सञ्जायते जीवसदृशी बुद्धिरुत्तमा।
यावन्मंत्रायुतं न स्यात्तावद्धाराप्रपूजनम्॥ ७५

यदा चोच्चाटनं देहे जायते कारणं विना।
यत्र कुत्रापि वा प्रेम दुःखं च परिवर्धितम्॥ ७६

स्वगृहे कलहो नित्यं यदा चैव प्रजायते।
तद्धारायां कृतायां वै सर्वं दुःखं विलीयते॥ ७७

शत्रूणां तापनार्थं वै तैलधारा शिवोपरि।
कर्तव्या सुप्रयत्नेन कार्यसिद्धिर्ध्रुवं भवेत्॥ ७८

वासितेनैव तैलेन भोगवृद्धिः प्रजायते।
सार्षपेनैव तैलेन शत्रुनाशो भवेद् ध्रुवम्॥ ७९
मधुना यक्षराजो वै गच्छेच्च शिवपूजनात्।
धारा चेक्षुरसस्यापि सर्वानन्दकरी शिवे॥ ८०

धारा गंगाजलस्यैव भुक्तिमुक्तिफलप्रदा।
एताः सर्वाश्च याः प्रोक्ता मृत्युंजयसमुद्भवाः॥ ८१

सुख र सन्तानको वृद्धिका लागि जलधाराद्वारा गरिएको पूजा उत्तम हुन्छ। उत्तम भस्म धारण गरी उपासकले प्रेमपूर्वक विभिन्न प्रकारका शुभ एवं दिव्य द्रव्यद्वारा शिवको पूजा गर्नुपर्छ र उहाँका सहस्रनाम मन्त्रद्वारा घिउका धारा खसाउनु पर्छ। यस्तो गर्नाले वंशको विस्तार हुन्छ, यसमा संशय छैन॥ ७१-७२॥

यस प्रकार यदि दश हजार मन्त्रद्वारा शिवको पूजा गरिन्छ भने प्रमेह रोगको शान्ति हुन्छ र उपासकलाई मनोवांछित फलको प्राप्ति हुन्छ। यदि कोही नपुंसक छ भने त्यसले घिउद्वारा शिवको राम्ररी पूजा गरोस्। यसपश्चात् ब्राह्मणहरूलाई भोजन गराओस्, साथै उसका लागि मुनीश्वरहरूले प्राजापत्यव्रतको पनि विधान गरेका छन्॥ ७३॥

यदि बुद्धि जड भए, त्यस अवस्थामा पूजा कर्ताले केवल चिनी-सक्खरमिश्रित दुग्धधारा चढाउनु पर्छ। यस्तो गर्नाले उसको बृहस्पतिको समान उत्तम बुद्धि हुन जान्छ। जबसम्म दश हजार मन्त्र पूरा हुँदैन, तबसम्म दुग्धधाराद्वारा भगवान् शिवको पूजा गरिरहनुपर्छ॥ ७४-७५॥

जब शरीरमा अकारण नै पीडा हुन थाल्छ— जीउ दुख्न थाल्छ, जहाँ कहिल्यै प्रेम हुँदैन, दुःख बढिरहन्छ र आफ्नो घरमा सधैँ कलह हुन थाल्छ, तब पूर्वोक्त रूपले दुधको धारा चढाउनाले सारा दुःख नष्ट हुन्छन्॥ ७६-७७॥

शत्रुहरूलाई सन्तप्त पार्नका लागि पूर्ण प्रयत्नका साथ भगवान् शंकरमाथि तेलको धारा अर्पित गर्नुपर्छ। यस्तो गर्नाले निश्चय नै कर्मको सिद्धि हुन्छ॥ ७८॥

सुगन्धित तेलको धारा अर्पित गर्नाले भोगहरूको वृद्धि हुन्छ। यदि महको धाराले शिवको पूजा गरिन्छ भने राजयक्ष्माको रोग (क्षय रोग) भाग्दछ। शिवमाथि उखुको रसको धारा चढाउनाले पनि सम्पूर्ण आनन्दको प्राप्ति हुन्छ॥ ७९-८०॥

गंगाजलको धाराले त भोग र मोक्ष दुवै फल प्रदान गर्छ। यी सबै जुन-जुन धाराहरू बताइएका छन्, यी सबैलाई मृत्युंजय मन्त्रद्वारा चढाउनु पर्छ, त्यसमा पनि उक्त मन्त्रको जप विधानतः दश हजार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तत्रायुतप्रमाणं हि कर्तव्यं तद्विधानतः।
कर्तव्यं ब्राह्मणानां च भोज्यं वै रुद्रसंख्यया॥ ८२

पटक गर्नुपर्छ र एघार ब्राह्मणलाई भोजन गराउनु पर्छ॥ ८१-८२॥

एतत्ते सर्वमाख्यातं यत्पृष्टोऽहं मुनीश्वर।
एतद्वै सफलं लोके सर्वकामहितावहम्॥ ८३

हे मुनीश्वर! जुन तपाईंहरूले सोध्नुभएको थियो, ती सबै मैले बताइदिएँ। संसारमा सदाशिवको यो पूजा समस्त कामनाहरू पूर्ण गर्नमा समर्थ र सफल छ॥ ८३॥

स्कन्दोमासहितं शंभुं संपूज्य विधिना सह।
यत्फलं लभते भक्त्या तद्वदामि यथाश्रुतम्॥ ८४

भक्तिपूर्वक यथाविधि स्कन्द र उमासहित भगवान् शम्भुको पूजा गरी भक्तले जुन फल प्राप्त गर्छ, त्यसलाई जस्तो सुनेको छु, त्यस्तै भनिरहेको छु॥ ८४॥

अत्र भुक्त्वाखिलं सौख्यं पुत्रपौत्रादिभिः शुभम्।
ततो याति महेशस्य लोकं सर्वसुखावहम्॥ ८५

त्यो यस लोकमा पुत्र-पौत्र आदिकासाथ समस्त सुखहरूको उपभोग गरी अन्तमा सबै सुखहरू प्रदान गर्ने शिवलोकमा जान्छ॥ ८५॥

सूर्यकोटिप्रतीकाशैर्विमानैः सर्वकामगैः।
रुद्रकन्यासमाकीर्णैर्गेयवाद्यसमन्वितैः॥ ८६
क्रीडते शिवभूतश्च यावदाभूतसंप्लवम्।
ततो मोक्षमवाप्नोति विज्ञानं प्राप्य चाव्ययम्॥ ८७

त्यो भक्त त्यहाँ करोडौँ सूर्यसमान देदीप्यमान तथा सबै कामनाहरूलाई पूर्ण पार्ने विमानहरूमा गान-वाद्ययन्त्रहरूले युक्त रुद्रकन्याहरूद्वारा घेरिएर बसै शिवरूपमा प्रलयपर्यन्त क्रीडा गर्छ। त्यसपछि अविनाशी परम ज्ञानलाई प्राप्त गरी मोक्ष प्राप्त गर्छ॥ ८६-८७॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां प्रथमखण्डे सृष्ट्युपाख्याने शिवपूजाविधानवर्णनं नाम चतुर्दशोऽध्यायः॥ १४॥

॥ यस प्रकार श्रीशिवमहापुराण अन्तर्गत द्वितीय रुद्रसंहिताको प्रथम खण्डमा सृष्टि-उपाख्यानमा शिवपूजावर्णन नामक चौधौँ अध्याय पूर्ण भयो॥ १४॥

अथ पञ्चदशोऽध्यायः

सृष्टिको वर्णन

नारद उवाच

विधे विधे महाभाग धन्यस्त्वं सुरसत्तम।
श्राविताद्याद्भुता शैवकथा परमपावनी॥ १
तत्राद्भुता महादिव्या लिङ्गोत्पत्तिः श्रुता शुभा।
श्रुत्वा यस्याः प्रभावं च दुःखनाशो भवेदिह॥ २

नारद भन्नुहुन्छ—हे महाभाग! हे विधि! हे देवश्रेष्ठ! हजुर धन्य हुनुहुन्छ। हजुरले आज यो शिवको परमपावन अद्भुत कथा सुनाउनुभयो॥ १॥

यसमा सदाशिवको लिंगोत्पत्तिको जुन कथा हामीले सुनेका छौँ, त्यो महादिव्य, कल्याणकारी र अद्भुत छ; जसको प्रभावमात्रलाई सुनेर दुःख नष्ट हुन जान्छ॥ २॥

अनंतरं च यज्जातं माहात्म्यं चरितं तथा।
सृष्टेश्चैव प्रकारं च कथय त्वं विशेषतः॥ ३

यस कथापश्चात् जे भयो, त्यसको माहात्म्य र त्यसको चरित्रको वर्णन गर्नुहोस्। यो सृष्टि कुन प्रकारले भयो, यसको पनि हजुर विशेष रूपले वर्णन गर्नुहोस्?॥ ३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मोवाच

सम्यक् पृष्टं च भवता यज्जातं तदनंतरम्।
कथयिष्यामि संक्षेपाद्यथा पूर्वं श्रुतं मया॥ ४

ब्रह्मा भन्नुहुन्छ—तपाईंले यो उचित नै सोध्नुभएको छ। त्यसपछि जो भयो र मैले जस्तो पहिला सुनेको छु, त्यस्तै म संक्षेपमा भन्ने छु॥ ४॥

अंतर्हिते तदा देवे शिवरूपे सनातने।
अहं विष्णुश्च विप्रेन्द्र अधिकं सुखमास्रवान्॥ ५

हे विप्रेन्द्र! जब सनातनदेव शिव आफ्नो स्वरूपमा अन्तर्धान हुनुभयो, तब मैले र भगवान् विष्णुले महान् सुखको अनुभूति गर्‍यौँ॥ ५॥

मया च विष्णुना रूपं हंसवाराहयोस्तदा।
संवृतं तु ततस्ताभ्यां लोकसर्गावनेच्छया॥ ६

त्यसपछि हामी दुवै—ब्रह्मा र विष्णुले आ-आफ्नो हंस र वराहरूपको परित्याग गर्‍यौँ। सृष्टि-संरचना र त्यसको पालनको इच्छाले हामी दुवै त्यही शिवको मायाका प्रभावले दुवै रूपले घेरियौँ॥ ६॥

नारद उवाच

विधे ब्रह्मन् महाप्राज्ञ संशयो हृदि मे महान्।
कृपां कृत्वातुलां शीघ्रं तं नाशयितुमर्हसि॥ ७

नारद भन्नुहुन्छ—हे विधि! हे महाप्राज्ञ ब्रह्मन्! मेरो हृदयमा महान् सन्देह छ। अतुलनीय कृपा गरी तत्कालै त्यसलाई नष्ट गरिदिनुहोस्॥ ७॥

हंसवाराहयो रूपं युवाभ्यां च धृतं कथम्।
अन्यद्रूपं विहायैव किमत्र वद कारणम्॥ ८

अन्य रूपहरूलाई छोडेर हजुर दुवैले हंस र वाराहको नै रूप किन धारण गर्नुभयो, यसको के कारण छ? बताइदिनुहोस्॥ ८॥

सूत उवाच

इत्येतद्वचनं श्रुत्वा नारदस्य महात्मनः।
स्मृत्वा शिवपदांभोजं ब्रह्मा सादरमब्रवीत्॥ ९

सूत भन्नुहुन्छ—महात्मा नारदको यो वचन सुनेर ब्रह्माले शिवका चरणारविन्दको स्मरण गरी आदरपूर्वक यो भन्न प्रारम्भ गर्नुभयो॥ ९॥

ब्रह्मोवाच

हंसस्य चोर्ध्वगमने गतिर्भवति निश्चला।
तत्त्वातत्त्वविवेकोऽस्ति जलदुग्धविभागवत्॥ १०

ब्रह्मा भन्नुहुन्छ—हंसको निश्चल गति माथितिर जानको लागि नै हुन्छ। जल र दूधलाई पृथक्-पृथक् गरे समान तत्त्व र अतत्त्वलाई पनि जान्नमा त्यो समर्थ हुन्छ॥ १०॥

अज्ञानज्ञानयोस्तत्त्वं विवेचयति हंसकः।
हंसरूपं धृतं तेन ब्रह्मणा सृष्टिकारिणा॥ ११

अज्ञान एवं ज्ञानको तत्त्वको विवेचना हंस नै गर्न सक्छ। यसैले सृष्टिकर्ता म ब्रह्माले हंसको रूप धारण गरेँ॥ ११॥

विवेको नैव लब्धश्च यतो हंसो व्यलीयत।
शिवस्वरूपतत्त्वस्य ज्योतिरूपस्य नारद॥ १२

हे नारद! प्रकाश-स्वरूप शिवतत्त्वको विवेक त्यो हंसरूपले प्राप्त गर्न सक्तैन, अतः त्यसलाई छोडिदिनुपर्छ॥ १२॥

सृष्टिप्रवृत्तिकामस्य कथं ज्ञानं प्रजायते।
यतो लब्धो विवेकोऽपि न मया हंसरूपिणा॥ १३

सृष्टिसंरचनाका लागि तत्पर प्रवृत्तिलाई ज्ञानको प्राप्ति कसरी हुन सक्छ? जब हंसरूपमा मैले जान्न सकिन, तब मैले त्यस रूपलाई छोडिदिएँ॥ १३॥

गमनेऽधो वराहस्य गतिर्भवति निश्चला।
धृतं वाराहरूपं हि विष्णुना वनचारिणा॥ १४

तलतिर जानमा वराहको निश्चल गति हुन्छ, यसैले विष्णुले त्यस सदाशिवको अद्भुत लिंगको मूलभाग (फेद) मा पुग्ने इच्छाले वराहको नै रूप धारण गर्नुभयो॥ १४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथवा भवकल्पार्थं तद्रूपं हि प्रकल्पितम्।
विष्णुना च वराहस्य भुवनावनकारिणा॥ १५

अथवा संसारको पालन गर्नुहुने विष्णुले जगत्मा वाराहकल्पलाई बनाउनका लागि त्यस रूपलाई धारण गर्नुभयो॥ १५॥

यद्दिनं हि समारभ्य तद्रूपं धृतवान्हरिः।
तद्दिनं प्रतिकल्पोऽसौ कल्पो वाराहसंज्ञकः॥ १६

जुन दिन भगवान्ले त्यस रूपलाई धारण गर्नुभयो, त्यसै दिनदेखि त्यो [श्वेत] वाराह-संज्ञक-कल्प प्रारम्भ भएको थियो॥ १६॥

तदिच्छा वा यदा जाता तस्य रूपस्य धारणे।
तद्दिनं प्रतिकल्पोऽसौ कल्पो वाराहसंज्ञकः॥ १७

अथवा ती महेश्वरको जब यो इच्छा भयो कि विवादमा फसेका हामी दुवैद्वारा हंस र वाराहको रूप धारण गरियोस्, त्यसै दिनदेखि त्यस वाराह नामको कल्पको पनि प्रादुर्भाव भयो॥ १७॥

इति प्रश्नोत्तरं दत्तं प्रस्तुतं शृणु नारद।
स्मृत्वा शिवपदांभोजं वक्ष्ये सृष्टिविधिं मुने॥ १८

हे नारद! सुन्नुहोस्। मैले यस प्रकारले तिम्रा प्रश्नहरूको उत्तर प्रस्तुत गरें। हे मुनि! अब सदाशिवको चरणकमलको स्मरण गरी म सृष्टिसृजनाको विधि बताइरहेको छु॥ १८॥

अंतर्हिते महादेवे त्वहं लोकपितामहः।
तदीयं वचनं कर्तुमध्यायन्ध्यानतत्परः॥ १९

[ब्रह्मा भन्नुहुन्छ—हे मुनि!] जब महादेव अन्तर्धान हुनुभयो, तब म उहाँको आज्ञाको पालन गर्नाका लागि ध्यानमगन भई कर्तव्यको विचार गर्न लागें॥ १९॥

नमस्कृत्य तदा शंभुं ज्ञानं प्राप्य हरेस्तदा।
आनंदं परमं गत्वा सृष्टिं कर्तुं मनो दधे॥ २०

विष्णुश्चापि तदा तत्र प्रणिपत्य सदाशिवम्।
उपदिश्य च मां तात ह्यंतर्धानमुपागतः॥ २१

त्यस समय भगवान् शंकरलाई नमस्कार गरी श्रीहरिबाट ज्ञान पाएर, परमानन्दलाई प्राप्त गरी मैले सृष्टि गर्ने निश्चय गरें। हे तात! भगवान् विष्णु पनि त्यहाँ सदाशिवलाई प्रणाम गरी मलाई उपदेश दिएर तत्काल अदृश्य हुनुभयो॥ २०-२१॥

ब्रह्माण्डाच्च बहिर्गत्वा प्राप्य शम्भोरनुग्रहम्।
वैकुंठनगरं गत्वा तत्रोवास हरिः सदा॥ २२

उहाँ ब्रह्माण्डबाट बाहिर गएर भगवान् शिवको कृपा प्राप्त गरी वैकुण्ठधाममा पुगेर सदा त्यहीं रहन लाग्नुभयो॥ २२॥

अहं स्मृत्वा शिवं तत्र विष्णुं वै सृष्टिकाम्यया।
पूर्वं सृष्टं जलं यच्च तत्रांजलिमुदाक्षिपम्॥ २३

मैले सृष्टिको इच्छाले भगवान् शिव र विष्णुको स्मरण गरी पहिल्यै रचिएको जलमा आफ्नो अंजलि डुबाएर जललाई माथितिर उफारें॥ २३॥

अतोऽण्डमभवत्तत्र चतुर्विंशतिसंज्ञकम्।
विराड्रूपमभूद्विप्र जलरूपमपश्यतः॥ २४

त्यसबाट त्यहाँ चौबीस तत्त्वहरू भएको एउटा अण्ड प्रकट भयो। हे विप्र! त्यस जलरूप अण्डलाई मैले हेर्न पनि सकिन, त्यतिकैमा त्यो विराट् आकारको भयो॥ २४॥

ततः संशयमापन्नस्तपस्तेपे सुदारुणम्।
द्वादशाब्दमहं तत्र विष्णुध्यानपरायणः॥ २५

[त्यसमा चेतना नदेखेर] मलाई ठुलो संशय भयो र म अत्यन्त कठोर तप गर्न लागें। बाह्र वर्षसम्म म भगवान् विष्णुको चिन्तनमा लागिरहें॥ २५॥

तस्मिंश्च समये तात प्रादुर्भूतो हरिः स्वयम्।
मामुवाच महाप्रीत्या मदङ्गं संस्पृशन्मुदा॥ २६

हे तात! त्यस समय पूर्ण भएपछि भगवान् श्रीहरि स्वयं प्रकट हुनुभयो र ज्यादै प्रेमपूर्वक मेरा अंगहरूको स्पर्श गर्दै मसित प्रसन्नतापूर्वक भन्न लाग्नुभयो— ॥ २६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

विष्णुरुवाच

वरं ब्रूहि प्रसन्नोऽस्मि नादेयो विद्यते तव।
ब्रह्मन् शंभुप्रसादेन सर्वं दातुं समर्थकः॥ २७

विष्णु भन्नुहुन्छ—हे ब्रह्मन्! तपाईं वर माग्नुहोस्। म प्रसन्न छु। मलाई तपाईंका लागि केही पनि अदेय छैन। भगवान् शिवको कृपाले म सबथोक दिन समर्थ छु॥ २७॥

ब्रह्मोवाच

युक्तमेतन्महाभाग दत्तोऽहं शंभुना च ते।
तदुक्तं याचते मेऽद्य देहि विष्णो नमोऽस्तु ते॥ २८

ब्रह्मा भन्नुहुन्छ—हे महाभाग! हजुरले जुन ममाथि कृपा गर्नुभएको छ, त्यो सर्वथा उचित नै छ; किनभने भगवान् शंकरले मलाई हजुरका हातहरूमा सुम्पिदिनुभएको थियो। हे विष्णु! हजुरलाई नमस्कार छ, आज म हजुरसित जे जस्तो माग्छु, त्यसलाई प्रदान गर्नुहोस्॥ २८॥

विराड्रूपमिदं ह्यण्डं चतुर्विंशतिसंज्ञकम्।
न चैतन्यं भवत्यादौ जडीभूतं प्रदृश्यते॥ २९

हे प्रभु! यो विराट्रूप तथा चौबीस तत्त्वहरूले बनेको अण्डमा कुनै किसिमले पनि चेतना आइरहेको छैन, यो जडीभूत नै देखियो॥ २९॥

प्रादुर्भूतो भवानद्य शिवानुग्रहतो हरे।
प्राप्तं शंकरसंभूत्या ह्यण्डं चैतन्यमावह॥ ३०

हे हरे! यस समय भगवान् शिवको कृपाले हजुर यहाँ प्रकट हुनुभएको छ। अतः शंकरको शक्तिले सम्भूत यस अण्डमा चेतना ल्याइदिनुहोस्॥ ३०॥

इत्युक्ते च महाविष्णुः शंभोराज्ञापरायणः।
अनंतरूपमास्थाय प्रविवेश तदण्डकम्॥ ३१

मैले यस्तो भनेपछि शिवको आज्ञामा तत्पर रहनुहुने महाविष्णुले अनन्तरूपको आश्रय लिएर त्यस अण्डमा प्रवेश गर्नुभयो॥ ३१॥

सहस्रशीर्षा पुरुषः सहस्राक्षः सहस्रपात्।
स भूमिं सर्वतः स्पृत्त्वा तदण्डं व्याप्तवानिति॥ ३२

त्यस समय ती परमपुरुषका हजारौँ शिर, हजारौँ नेत्र र हजारौँ चरण थिए। उहाँले भूमिलाई सबैतिरबाट घेरेर त्यस अण्डलाई ढाक्नुभयो॥ ३२॥

प्रविष्टे विष्णुना तस्मिन्नण्डे सम्यक्स्तुतेन मे।
सचेतनमभूदण्डं चतुर्विंशतिसंज्ञकम्॥ ३३

मैले राम्ररी स्तुति गरेपछि जब श्रीविष्णुले त्यस अण्डमा प्रवेश गर्नुभयो, तब त्यो चौबिस तत्त्व भएको अण्ड चेतनशील भयो॥ ३३॥

पातालादिसमारभ्य सत्यलोकाधिपः स्वयम्।
राजते स्म हरिस्तत्र वैराजः पुरुषः प्रभुः॥ ३४

पातालदेखि लिएर सत्यलोकसम्म फैलिएको त्यस अण्डको रूपमा त्यहाँ विराट् श्रीहरि नै विराज हुनुहुन्थ्यो॥ ३४॥

कैलासनगरं रम्यं सर्वोपरिविराजितम्।
निवासार्थं निजस्यैव पंचवक्त्रश्चकार ह॥ ३५

पंचमुख महादेवले केवल आफू बस्नका लागि सुरम्य कैलास-नगरको निर्माण गर्नुभयो, जुन सबै लोकहरूभन्दा माथि सुशोभित छ॥ ३५॥

ब्रह्मांडस्य तथा नाशे वैकुण्ठस्य च तस्य च।
कदाचिदेव देवर्षे नाशो नास्ति तयोरिह॥ ३६

हे देवर्षि! सम्पूर्ण ब्रह्माण्डको नाश भएपछि पनि वैकुण्ठ र कैलास—ती दुवैको कहिल्यै नाश हुँदैन॥ ३६॥

सत्यं पदमुपाश्रित्य स्थितोऽहं मुनिसत्तम।
सृष्टिकामोऽभवं तात महादेवाज्ञया ह्यहम्॥ ३७

हे मुनिश्रेष्ठ! म सत्यलोकको आश्रय लिएर रहन्छु। हे तात! महादेवको आज्ञाले नै ममा सृष्टि रच्ने इच्छा उत्पन्न भएको छ॥ ३७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सिसृक्षोरथ मे प्रादुरभवत्पापसर्गकः।
अविद्यापञ्चकस्तात बुद्धिपूर्वस्तमोपमः॥ ३८

हे तात! जब म सृष्टिको इच्छाले चिन्तन गर्न लागैं, त्यस समय पहिला मबाट पापपूर्ण तमोगुणी सृष्टिको प्रादुर्भाव भयो, जसलाई अविद्यापंचक (पंचपर्वा अविद्या) भनिन्छ॥ ३८॥

ततः प्रसन्नचित्तोऽहमसृजं स्थावराभिधम्।
मुख्यसर्गं च निःसंगमध्यायं शंभुशासनात्॥ ३९

त्यसपश्चात् प्रसन्नचित्त मैले स्थावरसंज्ञक मुख्य सर्ग (पहिलो सर्ग)-को रचना गरैं, जुन सृष्टि-सामर्थ्यबाट रहित थियो, पुनः शिवको आज्ञाले मैले ध्यान गरैं॥ ३९॥

तं दृष्ट्वा मे सिसृक्षोश्च ज्ञात्वा साधकमात्मनः।
सर्गोऽवर्तत दुःखाढ्यस्तिर्यक्स्रोता न साधकः॥ ४०

त्यस मुख्य सर्गलाई त्यस्तो देखेर आफ्नो कार्य साधनका लागि सृष्टि गर्न इच्छुक मैले दुःखले परिपूर्ण तिर्यक्स्रोत [बाङ्गोटिङ्गो हिड्ने/उड्ने पशुपक्षी] सर्ग (दोस्रो सर्ग)-को सृजना गरैं, त्यो पनि पुरुषार्थको साधन थिएन॥ ४०॥

तं चासाधकमाज्ञाय पुनश्चिन्तयतश्च मे।
अभवत्सात्त्विकः सर्ग ऊर्ध्वस्त्रोता इति द्रुतम्॥ ४१

त्यसलाई पनि पुरुषार्थसाधनको शक्तिबाट रहित जानेर जब म पुनः सृष्टिको चिन्तन गर्न लागैं, तब मबाट तत्कालै (तेस्रो) सात्त्विक सर्गको प्रादुर्भाव भयो, जसलाई ऊर्ध्वस्त्रोता भनिन्छ॥ ४१॥

देवसर्गः प्रतिख्यातः सत्योऽतीव सुखावहः।
तमप्यसाधकं मत्वाऽचिन्तयं प्रभुमात्मनः॥ ४२

यो देवसर्गको नामले विख्यात भयो। यो देवसर्ग सत्यवादी तथा अत्यन्त सुखदायक छ। त्यसलाई पनि पुरुषार्थसाधनबाट रहित मानेर मैले अन्य सर्गका लागि आफ्ना स्वामी श्रीशिवको चिन्तन आरम्भ गरैं॥ ४२॥

प्रादुरासीत्ततः सर्गो राजसः शंकराज्ञया।
अर्वाक्स्रोता इति ख्यातो मानुषः परसाधकः॥ ४३

तब भगवान् शंकरको आज्ञाले एउटा रजोगुणी सृष्टिको प्रादुर्भाव भयो, जसलाई अर्वाक्स्रोता (चौथो सर्ग) भनिएको छ, जसलाई मनुष्य-सर्ग भनिन्छ, त्यो सर्ग पुरुषार्थसाधनको अधिकारी भयो॥ ४३॥

महादेवाज्ञया सर्गस्ततो भूतादिकोऽभवत्।
इति पंचविधा सृष्टिः प्रवृत्ता वै कृता मया॥ ४४

त्यसपछि महादेवको आज्ञाले भूत आदिको सृष्टि [भूतसर्ग—पाँचौँ सर्ग] भयो। यस प्रकार मैले पाँच प्रकारको सृष्टि गरैं॥ ४४॥

त्रयः सर्गाः प्रकृत्याश्च ब्रह्मणः परिकीर्तिताः।
तत्राद्यो महतः सर्गो द्वितीयः सूक्ष्मभौतिकः॥ ४५
वैकारिकस्तृतीयश्च इत्येते प्राकृतास्त्रयः।
एवं चाष्टविधाः सर्गाः प्राकृतैर्वैकृतैः सह॥ ४६

यसबाहेक तीन प्रकारका सर्ग म ब्रह्मा र प्रकृतिको सान्निध्यबाट उत्पन्न भए। तिनमा पहिलो महत्तत्त्वको सर्ग हो, दोस्रोलाई सूक्ष्म भूतहरू अर्थात् तन्मात्राहरूको सर्ग र तेस्रोलाई वैकारिक सर्ग भनिन्छ। यसरी यी तीन प्राकृत सर्ग हुन्। प्राकृत र वैकृत दुवै प्रकारका सर्गलाई मिलाउनाले आठ सर्ग हुन्छ॥ ४५-४६॥

कौमारो नवमः प्रोक्तः प्राकृतो वैकृतश्च सः।
एषामवांतरो भेदो मया वक्तुं न शक्यते॥ ४७

यसबाहेक नवौँ कौमारसर्ग हो, जुन प्राकृत र वैकृत पनि हो। यी सबको अवान्तर भेद छ, जसको वर्णन म गर्न सक्तिन। त्यसको उपयोग ज्यादै कम छ। अब म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अल्पत्वादुपयोगस्य वच्मि सर्गं द्विजात्मकम्।
कौमारः सनकादीनां यत्र सर्गो महानभूत्॥ ४८

द्विजात्मक सर्गको वर्णन गर्दै छु। यसैको दोस्रो नाम कौमारसर्ग हो, जसमा सनक-सनन्दन-सनत्कुमार-सनातन-सनत्सुजात कुमारहरूको महान् सृष्टि भएको छ॥ ४७-४८॥

सनकाद्याः सुता मे हि मानसा ब्रह्मसंमिताः।
महावैराग्यसंपन्ना अभवन्पंच सुव्रताः॥ ४९

मयाज्ञप्ता अपि च ते संसारविमुखा बुधाः।
शिवध्यानैकमनसो न सृष्टौ चक्रिरे मतिम्॥ ५०

सनक आदि मेरा पाँच* मानसपुत्र हुन्, जो म ब्रह्माकै समान छन्। ती महान् वैराग्यबाट सम्पन्न तथा उत्तम व्रतको पालन गर्ने भए॥ ४९॥ तिनको मन सदा भगवान् शिवको चिन्तनमा नै लागिरहन्छ। ती संसारबाट विमुख एवं ज्ञानी छन्। मैले आदेश दिँदामा पनि उनीहरूले सृष्टिको कार्यमा मन लगाएनन्॥ ५०॥

प्रत्युत्तरं च तैर्दत्तं श्रुत्वाहं मुनिसत्तम।
अकार्षं क्रोधमत्युग्रं मोहमाप्तश्च नारद॥ ५१

हे मुनिश्रेष्ठ! सनकादि कुमारहरूले दिएका नकारात्मक उत्तरलाई सुनेर मैले ज्यादै भयंकर क्रोध प्रकट गरेँ। तर हे नारद! मलाई मोह भयो॥ ५१॥

क्रुद्धस्य मोहितस्याथ विह्वलस्य मुने मम।
क्रोधेन खलु नेत्राभ्यां प्रापतन्नश्रुबिंदवः॥ ५२

हे मुनि! क्रोध र मोहबाट विह्वल म ब्रह्माको नेत्रहरूबाट क्रोधवश आँसूका थोपा खस्न लागे॥ ५२॥

तस्मिन्नवसरे तत्र स्मृतेन मनसा मया।
प्रबोधितोऽहं त्वरितमागतेन हि विष्णुना॥ ५३

त्यस अवसरमा मैले मन-मनै भगवान् विष्णुको स्मरण गरेँ। उहाँ तत्कालै आउनुभयो र सम्झाउँदै मसित भन्न लाग्नुभयो— ॥ ५३॥

तपः कुरु शिवस्येति हरिणा शिक्षितोऽप्यहम्।
तपोऽकारि महद् घोरं परमं मुनिसत्तम॥ ५४

तपाईं भगवान् शिवको प्रसन्नताका लागि तपस्या गर्नुहोस्। हे मुनिश्रेष्ठ! श्रीहरिले जब मलाई यस्तो शिक्षा दिनुभयो, तब म महाघोर एवं उत्कृष्ट तप गर्न लागेँ॥ ५४॥

तपस्यतश्च सृष्ट्यर्थं भ्रुवोर्घ्राणस्य मध्यतः।
अविमुक्ताभिधाद्देशात्स्वकीयान्मे विशेषतः॥ ५५

त्रिमूर्तीनां महेशस्य प्रादुरासीद् घृणानिधिः।
अर्द्धनारीश्वरो भूत्वा पूर्णांशः सकलेश्वरः॥ ५६

सृष्टिका लागि तपस्या गर्दै मेरा दुवै आँखीभौँ र नासिकाको मध्यभागबाट जुन उहाँको आफ्नै अविमुक्त नामक स्थान हो, महेश्वरका तीन मूर्तिहरूमा अन्यतम, पूर्णांश, सर्वेश्वर एवं दयासागर भगवान् शिव अर्धनारीश्वररूपमा प्रकट हुनुभयो॥ ५५-५६॥

तमजं शंकरं साक्षात्तेजोराशिमुमापतिम्।
सर्वज्ञं सर्वकर्तारं नीललोहितसंज्ञकम्॥ ५७

दृष्ट्वा नत्वा महाभक्त्या स्तुत्वाहं तु प्रहर्षितः।
अवोचं देवदेवेशं सृज त्वं विविधाः प्रजाः॥ ५८

जो जन्मबाट रहित, तेजका राशि, सर्वज्ञ तथा सर्वकर्ता हुनुहुन्छ, ती नीललोहित-नामधारी भगवान् उमावल्लभलाई सामुन्ने देखेर अत्यन्त भक्तिपूर्वक शिर झुकाएर उहाँको स्तुति गरी म ज्यादै प्रसन्न भएँ र ती देवदेवेश्वरसित भनेँ—हे प्रभु! हजुर विविध जीवहरूको सृष्टि गर्नुहोस्॥ ५७-५८॥

श्रुत्वा मम वचः सोऽथ देवदेवो महेश्वरः।
ससर्ज स्वात्मनस्तुल्यान् रुद्रो रुद्रगणान्बहून्॥ ५९

मेरो यो कुरा सुनेर ती देवाधिदेव महेश्वर रुद्रले आफ्नै समान थुप्रै रुद्रगणहरूको सृष्टि गर्नुभयो॥ ५९॥

* सनक, सनन्दन, सनातन, सनत्कुमार तथा सनत्सुजात।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अवोचं पुनरेवेशं महारुद्रं महेश्वरम्।
जन्ममृत्युभयाविष्टाः सृज देव प्रजा इति॥ ६०

तब मैले स्वामी महेश्वर महारुद्रसित फेरि भनें—हे देव! तपाईं यस्तो जीवहरूको सृष्टि गर्नुहोस्, जुन जन्म र मृत्युको भयबाट युक्त होस्॥ ६०॥

एवं श्रुत्वा महादेवो मद्वचः करुणानिधिः।
प्रहस्योवाच मां सद्यः प्रहस्य मुनिसत्तम॥ ६१

हे मुनिश्रेष्ठ! मेरो यस्तो कुरा सुनेर करुणासागर महादेव मुस्कुराउँदै मसित भन्न लाग्नुभयो—॥ ६१॥

महादेव उवाच

जन्ममृत्युभयाविष्टा नाहं स्त्रक्ष्ये प्रजा विधे।
अशोभनाः कर्मवशा निमग्ना दुःखवारिधौ॥ ६२

महादेव भन्नुहुन्छ—हे विधि! म जन्म र मृत्युको भयले युक्त अशोभनीय जीवहरूको सृष्टि गर्दिन; किनभने ती कर्महरूको अधीन भएर दुःखको समुद्रमा डुबिरहनेछन्॥ ६२॥

अहं दुःखोदधौ मग्ना उद्धरिष्यामि च प्रजाः।
सम्यग् ज्ञानप्रदानेन गुरुमूर्तिपरिग्रहः॥ ६३

म त गुरुको स्वरूप धारण गरी उत्तम ज्ञान प्रदान गरी दुःखको सागरमा डुबेका ती जीवहरूको उद्धारमात्र गर्ने छु, तिनलाई पार गराउने छु॥ ६३॥

त्वमेव सृज दुःखाढ्याः प्रजाः सर्वाः प्रजापते।
मदाज्ञया न बद्धस्त्वं मायया संभविष्यसि॥ ६४

हे प्रजापति! दुःखमा डुबेका समस्त जीवहरूको सृष्टि त तपाईं नै गर्नुहोस्। मेरो आज्ञाले यस कार्यमा प्रवृत्त हुनाको कारण तपाईंलाई मायाले बाँध्न सक्दैन॥ ६४॥

ब्रह्मोवाच

इत्युक्त्वा मां स भगवान्सुश्रीमान्नीललोहितः।
सगणः पश्यतो मे हि द्रुतमन्तर्दधे हरः॥ ६५

ब्रह्मा भन्नुहुन्छ—मसित यस्तो भनेर श्रीमान् भगवान् नीललोहित महादेव मैले हेर्दा-हेर्दै आफ्ना पार्षदहरूका साथ तत्काल अन्तर्धान हुनुभयो॥ ६५॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां प्रथमखण्डे सृष्ट्युपक्रमे रुद्रावताराविर्भाववर्णनं नाम पञ्चदशोऽध्यायः॥ १५॥

॥ यस प्रकार श्रीशिवमहापुराण अन्तर्गत द्वितीय रुद्रसंहिताको प्रथम खण्डमा सृष्टिको उपक्रममा रुद्रावताराविर्भाववर्णन नामक पन्ध्रौं अध्याय पूर्ण भयो॥ १५॥

अथ षोडशोऽध्यायः

ब्रह्माका सन्तानहरूको वर्णन तथा सती र शिवको महत्ताको प्रतिपादन

ब्रह्मोवाच

शब्दादीनि च भूतानि पंचीकृत्वाहमात्मना।
तेभ्यः स्थूलं नभो वायुं वह्निं चैव जलं महीम्॥ १
पर्वतांश्च समुद्रांश्च वृक्षादीनपि नारद।
कलादियुगपर्यंतान्कालानन्यानवासृजम्॥ २

ब्रह्मा भन्नुहुन्छ—हे नारद! त्यसपछि मैले शब्द आदि सूक्ष्मभूतहरूको स्वयं नै पंचीकरण गरी तीबाट स्थूल आकाश, वायु, अग्नि, जल, पृथिवीको सृष्टि गरैं। पर्वत, समुद्र, वृक्ष र कलादेखि लिएर युगपर्यन्त कालहरूको रचना गरैं॥ १-२॥

सृष्ट्यन्तानपरांश्चापि नाहं तुष्टोऽभवं मुने।
ततो ध्यात्वा शिवं साम्बं साधकानसृजं मुने॥ ३

मुनि! मैले उत्पत्ति र विनाश भएका अरू पनि धेरै पदार्थहरूको निर्माण गरैं, तर यसबाट मलाई सन्तोष भएन। तब साम्बशिवको ध्यान गरी मैले साधनापरायण पुरुषहरूको सृष्टि गरैं॥ ३॥

मरीचिं च स्वनेत्राभ्यां हृदयाद् भृगुमेव च।
शिरसोऽङ्गिरसं व्यानात्पुलहं मुनिसत्तमम्॥ ४
उदानाच्च पुलस्त्यं हि वसिष्ठं च समानतः।

आफ्ना दुवै नेत्रहरूबाट मरीचिलाई, हृदयबाट भृगुलाई, शिरबाट अंगिरालाई, व्यानवायुबाट मुनिश्रेष्ठ पुलहलाई, उदानवायुबाट पुलस्त्यलाई, समानवायुबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्रतुं त्वपानाच्छ्रोत्राभ्यामत्रिं दक्षं च प्राणतः॥ ५
असृजं त्वां तदोत्संगाच्छायायाः कर्दमं मुनिम्।
संकल्पादसृजं धर्मं सर्वसाधनसाधनम्॥ ६

वसिष्ठलाई, अपानबाट क्रतुलाई, दुवै कानबाट अत्रिलाई, प्राणवायुबाट दक्षलाई, काखबाट तपाईंलाई तथा छायाबाट कर्दम मुनिलाई उत्पन्न गरेँ र संकल्पबाट समस्त साधनहरूका साधनरूप धर्मलाई उत्पन्न गरेँ॥ ४-६॥

एवमेतानहं सृष्ट्वा कृतार्थः साधकोत्तमान्।
अभवं मुनिशार्दूल महादेवप्रसादतः॥ ७

हे मुनिश्रेष्ठ! यस प्रकार महादेवको कृपाले यी उत्तम साधकहरूको सृष्टि गरी मैले आफूलाई कृतार्थ ठानेँ॥ ७॥

ततो मदाज्ञया तात धर्मः सङ्कल्पसम्भवः।
मानवं रूपमापन्नः साधकैस्तु प्रवर्तितः॥ ८

हे तात! तत्पश्चात् संकल्पबाट उत्पन्न भएका धर्म मेरो आज्ञाले मानवरूप धारण गरी उत्तम साधकहरूद्वार अगाडि प्रवर्तित भए॥ ८॥

ततोऽसृजं स्वगात्रेभ्यो विविधेभ्योऽमितान्सुतान्।
सुरासुरादिकांस्तेभ्यो दत्त्वा तां तां तनुं मुने॥ ९

हे मुनि! यसपछि मैले आफ्ना विभिन्न अंगहरूबाट देवता, असुर आदि असंख्य पुत्रहरूको सृष्टि गरेँ र तिनलाई अलग-अलग शरीर प्रदान गरेँ॥ ९॥

ततोऽहं शंकरेणाथ प्रेरितोऽन्तर्गतेन हि।
द्विधा कृत्वात्मनो देहं द्विरूपश्चाभवं मुने॥ १०

हे मुनि! त्यसपछि अन्तर्यामी भगवान् शंकरको प्रेरणाले आफ्नो शरीरलाई दुई भागमा विभक्त गरी म दुई रूपसम्पन्न भएँ॥ १०॥

अर्धेन नारी पुरुषश्चार्धेन संततो मुने।
स तस्यामसृजद् द्वंद्वं सर्वसाधनमुत्तमम्॥ ११

हे नारद! आधा शरीरबाट म स्त्री भएँ र आधाबाट पुरुष। त्यस पुरुषले त्यस स्त्रीको गर्भबाट सर्वसाधनसमर्थ उत्तम जोडीलाई उत्पन्न गऱ्यो॥ ११॥

स्वायंभुवो मनुस्तत्र पुरुषः परसाधनम्।
शतरूपाभिधा नारी योगिनी सा तपस्विनी॥ १२

त्यस जोडीमा जो पुरुष थिए, उनै स्वायम्भुव मनुको नामले प्रसिद्ध भए। स्वायम्भुव मनु उच्चकोटिका साधक भए तथा जो स्त्री थिइन्, ती शतरूपा नामले प्रसिद्ध भइन्। ती योगिनी एवं तपस्विनी भइन्॥ १२॥

सा पुनर्मनुना तेन गृहीतातीव शोभना।
विवाहविधिना तातासृजत्सर्गं समैथुनम्॥ १३

हे तात! मनुले वैवाहिक विधिले अत्यन्त सुन्दरी शतरूपाको पाणिग्रहण गरे र उनीबाट मैथुनजनित सृष्टि उत्पन्न गर्न लागे॥ १३॥

तस्यां तेन समुत्पन्नस्तनयश्च प्रियव्रतः।
तथैवोत्तानपादश्च तथा कन्यात्रयं पुनः॥ १४
आकूतिर्देवहूतिश्च प्रसूतिरिति विश्रुताः।
आकूतिं रुचये प्रादात्कर्दमाय तु मध्यमाम्॥ १५
ददौ प्रसूतिं दक्षायोत्तानपादानुजां सुताम्।
तासां प्रसूतिप्रसवैः सर्वं व्याप्तं चराचरम्॥ १६

उनले शतरूपाबाट प्रियव्रत र उत्तानपाद नामक दुई पुत्र र तीन कन्याहरू उत्पन्न गरे। कन्याहरूका नाम थिए—आकूति, देवहूति र प्रसूति। मनुले आकूतिको विवाह प्रजापति रुचिका साथ गरिदिए, माहिली पुत्री देवहूति कर्दमलाई विवाह गरिदिए र उत्तानपादकी कान्छी बहिनी प्रसूति प्रजापति दक्षलाई दिए। तीमध्ये प्रसूतिका सन्तानहरूबाट समस्त चराचर जगत् व्याप्त छ॥ १४—१६॥

आकूत्यां च रुचेश्चाभूद् द्वंद्वं यज्ञश्च दक्षिणा।
यज्ञस्य जज्ञिरे पुत्रा दक्षिणायां च द्वादश॥ १७

रुचिद्वारा आकूतिको गर्भबाट यज्ञ र दक्षिणा नामक स्त्री-पुरुषको जोडी उत्पन्न भयो। यज्ञबाट दक्षिणाको गर्भबाट बाह्र पुत्र भए॥ १७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवहूत्यां कर्दमाच्च बह्व्यो जाताः सुता मुने।
दक्षाज्जाताश्चतस्त्रश्च तथा पुत्र्यश्च विंशतिः॥ १८

धर्माय दत्ता दक्षेण श्रद्धाद्यास्तु त्रयोदश।
शृणु तासां च नामानि धर्मस्त्रीणां मुनीश्वर॥ १९

श्रद्धा लक्ष्मीर्धृतिस्तुष्टिः पुष्टिर्मेधा तथा क्रिया।
बुद्धिर्लज्जा वसुः शांतिः सिद्धिः कीर्तिस्त्रयोदश॥ २०

ताभ्यां शिष्टा यवीयस्य एकादश सुलोचनाः।
ख्यातिः सत्पथसंभूतिः स्मृतिः प्रीतिः क्षमा तथा॥ २१
सन्नतिश्चानुरूपा च ऊर्जा स्वाहा स्वधा तथा।
भृगुर्भवो मरीचिश्च तथा चैवाङ्गिरा मुनिः॥ २२
पुलस्त्यः पुलहश्चैव क्रतुश्चर्षिवरस्तथा।
अत्रिर्वसिष्ठो वह्निश्च पितरश्च यथाक्रमम्॥ २३
ख्यातास्ता जगृहुः कन्या भृग्वाद्याः साधका वराः।
ततः संपूरितं सर्वं त्रैलोक्यं सचराचरम्॥ २४

एवं कर्मानुरूपेण प्राणिनामम्बिकापतेः।
आज्ञया बहवो जाता असंख्याता द्विजर्षभाः॥ २५

कल्पभेदेन दक्षस्य षष्टिः कन्याः प्रकीर्तिताः।
तासां दश च धर्माय शशिने सप्तविंशतिम्॥ २६
विधिना दत्तवान्दक्षः कश्यपाय त्रयोदश।
चतस्रः पररूपाय ददौ तार्क्ष्याय नारद॥ २७
भृग्वंगिरःकृशाश्वेभ्यो द्वे द्वे कन्ये च दत्तवान्।
ताभ्यस्तेभ्यस्तु संजाता बह्वी सृष्टिश्चराचरा॥ २८

त्रयोदशमितास्तस्मै कश्यपाय महात्मने।
दत्ता दक्षेण याः कन्या विधिवन्मुनिसत्तम॥ २९
तासां प्रसूतिभिर्व्याप्तं त्रैलोक्यं सचराचरम्।
स्थावरं जंगमं चैव शून्यं नैव तु किंचन॥ ३०

देवाश्च ऋषयश्चैव दैत्याश्चैव प्रजज्ञिरे।
वृक्षाश्च पक्षिणश्चैव सर्वे पर्वतवीरुधः॥ ३१

दक्षकन्याप्रसूतैश्च व्याप्तमेवं चराचरम्।
पातालतलमारभ्य सत्यलोकावधि ध्रुवम्॥ ३२

हे मुनि! कर्दमद्वारा देवहूतिको गर्भबाट धेरै पुत्रीहरू उत्पन्न भए। दक्षबाट चौबिस कन्या भए॥ १८॥

दक्षले तीमध्ये श्रद्धा आदि तेह्र कन्याहरूको विवाह धर्मका साथ गरिदिए। हे मुनीश्वर! धर्मका ती पत्नीहरूको नाम सुन्नुहोस्॥ १९॥

श्रद्धा, लक्ष्मी, धृति, तुष्टि, पुष्टि, मेधा, क्रिया, बुद्धि, लज्जा, वसु, शान्ति, सिद्धि र कीर्ति—यी तेह्रवटी हुन्॥ २०॥

तीमध्ये साना बाँकी एघार सुन्दर नेत्र भएका कन्याहरू ख्याति, सत्पथा, सम्भूति, स्मृति, प्रीति, क्षमा, सन्नति, अनसूया, ऊर्जा, स्वाहा तथा स्वधा थिए। भृगु, भव, मरीचि, मुनि अंगिरा, पुलस्त्य, पुलह, मुनिश्रेष्ठ क्रतु, अत्रि, वसिष्ठ, वह्नि र पितृहरूले क्रमशः ती ख्याति आदि कन्याहरूको पाणिग्रहण गरे। भृगु आदि मुनि श्रेष्ठ साधक भए। यिनका सन्तानहरूले समस्त त्रैलोक्य भरिएको छ॥ २१—२४॥

यस प्रकार अम्बिकापति महादेवको आज्ञाले प्राणीहरूका आफ्ना पूर्वकर्मअनुसार असंख्य श्रेष्ठ द्विज उत्पन्न भए॥ २५॥

कल्पभेदको आधारमा दक्षका साठी कन्याहरू बताइएका छन्। दक्षले तीमध्ये दश कन्या धर्मलाई, सत्ताईस कन्या चन्द्रमालाई र तेह्र कन्या कश्यपलाई विधिपूर्वक प्रदान गरिदिए। हे नारद! उनले चार कन्याहरूको विवाह श्रेष्ठ रूप भएका तार्क्ष्यका साथ गरिदिए। उनले भृगु, अंगिरा र कृशाश्वलाई दुई-दुई कन्या अर्पित गरे। ती स्त्रीहरू तथा पुरुषहरूबाट धेरै चराचर सृष्टि भयो॥ २६—२८॥

हे मुनिश्रेष्ठ! दक्षले महात्मा कश्यपलाई जुन तेह्र कन्याहरूको विधिपूर्वक दान गरेका थिए, तिनका सन्तानहरूबाट सारा त्रैलोक्य व्याप्त भयो। स्थावर र जंगम कुनै पनि सृष्टि यस्तो छैन, जुन उनीहरूको सन्तानबाट शून्य होस्॥ २९-३०॥

देवता, ऋषि, दैत्य, वृक्ष, पक्षी, पर्वत तथा तृण-लता आदि सबै [कश्यपपत्नीहरूबाट] पैदा भए। यस प्रकार दक्ष-कन्याहरूको सन्तानले सारा चराचर जगत् व्याप्त भयो। पातालदेखि लिएर सत्यलोकपर्यन्त समस्त ब्रह्माण्ड निश्चय नै [उनैका सन्तानहरूले] सदा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्माण्डं सकलं व्याप्तं शून्यं नैव कदाचन।
एवं सृष्टिः कृता सम्यग्ब्रह्मणा शंभुशासनात्॥ ३३

सती नाम त्रिशूलाग्रे सदा रुद्रेण रक्षिता।
तपोऽर्थं निर्मिता पूर्वं शंभुना सर्वविष्णुना॥ ३४

सैव दक्षात्समुद्भूता लोककार्यार्थमेव च।
लीलां चकार बहुशो भक्तोद्धरणहेतवे॥ ३५

वामांगो यस्य वैकुंठो दक्षिणांगोऽहमेव च।
रुद्रो हृदयजो यस्य त्रिविधस्तु शिवः स्मृतः॥ ३६

अहं विष्णुश्च रुद्रश्च गुणास्त्रय उदाहृताः।
स्वयं सदा निर्गुणश्च परब्रह्माव्ययः शिवः॥ ३७
विष्णुः सत्त्वं रजोऽहं च तमो रुद्र उदाहृतः।
लोकाचारत इत्येवं नामतो वस्तुतोऽन्यथा॥ ३८

अंतस्तमो बहिः सत्त्वो विष्णू रुद्रस्तथा मतः।
अंतः सत्त्वस्तमो बाह्यो रजोऽहं सर्वथा मुने॥ ३९

राजसी च सुरा देवी सत्त्वरूपा तु सा सती।
लक्ष्मीस्तमोमयी ज्ञेया त्रिरूपा च शिवा परा॥ ४०

एवं शिवा सती भूत्वा शंकरेण विवाहिता।
पितुर्यज्ञे तनुं त्यक्त्वा नादरात् स्वपदं ययौ॥ ४१

पुनश्च पार्वती जाता देवप्रार्थनया शिवा।
तपः कृत्वा सुविपुलं पुनः शिवमुपागता॥ ४२

तस्या नामान्यनेकानि जातानि च मुनीश्वर।
कालिका चंडिका भद्रा चामुंडा विजया जया॥ ४३

जयंती भद्रकाली च दुर्गा भगवतीति च।

भरिरहन्छ, कहिल्यै रिक्त हुँदैन। यस प्रकार भगवान् शंकरको आज्ञाले ब्रह्माले सबै सृष्टि गर्नुभयो॥ ३१—३३॥

पूर्वकालमा सर्वव्यापी शम्भुले जसलाई तपस्याका लागि प्रकट गर्नुभएको थियो, रुद्रदेवको रूपमा उहाँले त्रिशूलको अग्रभागमा राखेर उनको सदा रक्षा गर्नुभयो। तिनै सती देवी लोकहितका कार्य सम्पादित गर्नाका लागि दक्षबाट प्रकट भइन्। उहाँले भक्तहरूको उद्धारका लागि अनेक लीलाहरू गर्नुभयो॥ ३४-३५॥

जसका वामांग वैकुण्ठ विष्णु हुन्, दक्षिणभाग स्वयं म हुँ र रुद्र जसको हृदयबाट उत्पन्न छन्, ती शिवलाई तीन प्रकारको बताइएको छ॥ ३६॥

म ब्रह्मा, विष्णु र रुद्रलाई तीनवटै गुणहरूले युक्त बताइएको छ, तर परब्रह्म, अव्यय शिव स्वयं सदा निर्गुण नै रहनुहुन्छ। विष्णु सत्त्वगुणी, म रजोगुणी र रुद्र तमोगुणी बताइएको छ। लोकाचारमा यस्तो व्यवहार नामको कारण गर्ने गरिन्छ, तर वस्तुतत्त्व यसबाट सर्वथा भिन्न छ॥ ३७-३८॥

विष्णु अन्तःकरणबाट तमोगुण र बाहिरबाट सत्त्वगुणले युक्त मानिनुहुन्छ। रुद्र अन्तःकरणबाट सत्त्वगुण र बाहिरबाट तमोगुण मानिनुहुन्छ र हे मुनि! म सर्वथा रजोगुणवाला नै हुँ॥ ३९॥

यस्तै सुरादेवी रजोगुणी छिन्, ती सतीदेवी सत्त्वस्वरूपा छिन् र लक्ष्मी तमोमयी छिन्, यस प्रकार पराम्बालाई पनि तीन रूप भएकी जान्नुपर्छ॥ ४०॥

यस प्रकार देवी शिवा नै सती भएर भगवान् शंकरसित विवाह गर्नुभयो, तर पिताको यज्ञमा पतिको अपमानको कारण उहाँले आफ्नो शरीरलाई त्यागिदिनुभयो र फेरि त्यसलाई ग्रहण गर्नुभयो। उहाँ आफ्नो परमपदमा जानुभयो॥ ४१॥

तत्पश्चात् देवताहरूको प्रार्थनाबाट उनै शिवा पार्वतीरूपले प्रकट हुनुभयो र ज्यादै ठुलो तपस्या गरी उहाँले पुनः भगवान् शिवलाई प्राप्त गर्नुभयो॥ ४२॥

हे मुनीश्वर! [यस जगत्मा] उहाँका अनेक नाम प्रसिद्ध भए। उहाँको कालिका, चण्डिका, भद्रा, चामुण्डा, विजया, जया, जयन्ती, भद्रकाली, दुर्गा, भगवती, कामाख्या, कामदा, अम्बा, मृडानी र सर्वमंगला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कामाख्या कामदा ह्यम्बा मृडानी सर्वमंगला ॥ ४४
नामधेयान्यनेकानि भुक्तिमुक्तिप्रदानि च।
गुणकर्मानुरूपाणि प्रायशस्तत्र पार्वती ॥ ४५
गुणमय्यस्तथा देव्यो देवा गुणमयास्त्रयः।
मिलित्वा विविधं सृष्टेश्चक्रुस्ते कार्यमुत्तमम् ॥ ४६
एवं सृष्टिप्रकारस्ते वर्णितो मुनिसत्तम।
शिवाज्ञया विरचितो ब्रह्मांडस्य मयाखिलः ॥ ४७
परं ब्रह्म शिवः प्रोक्तस्तस्य रूपास्त्रयः सुराः।
अहं विष्णुश्च रुद्रश्च गुणभेदानुरूपतः ॥ ४८
शिवया रमते स्वैरं शिवलोके मनोरमे।
स्वतंत्रः परमात्मा हि निर्गुणः सगुणोऽपि वै ॥ ४९
तस्य पूर्णावतारो हि रुद्रः साक्षाच्छिवः स्मृतः।
कैलासे भवनं रम्यं पंचवक्त्रश्चकार ह।
ब्रह्मांडस्य तथा नाशे तस्य नाशोऽस्ति वै न हि ॥ ५०

आदि अनेक नाम छन्, जो भोग र मोक्षदायक छन्। यी नाम उहाँका गुण र कर्महरूअनुसार छन्, यिनमा पनि पार्वती नाम प्रधान छ ॥ ४३—४५ ॥

यस प्रकार गुणमयी तीन देवीहरू र गुणमय तीन देवताहरूले मिलेर सृष्टिको उत्तम कार्य सम्पन्न गरे। मुनिश्रेष्ठ! यस प्रकार मैले तपाईंसित सृष्टिक्रमको वर्णन गरैं। ब्रह्माण्डको यो सारा भाग भगवान् शिवको आज्ञाले मद्वारा रचिएको छ ॥ ४६-४७ ॥

भगवान् शिवलाई परब्रह्म भनिएको छ। म, विष्णु र रुद्र—यी तीन देवता गुणभेदले उनैका रूप हौँ ॥ ४८॥

निर्गुण तथा सगुणरूप भएका ती स्वतन्त्र परमात्मा मनोरम शिवलोकमा शिवाका साथ स्वच्छन्द विहार गर्नुहुन्छ। उहाँको पूर्णावतार रुद्र नै साक्षात् शिव बताइएको छ। उनै पंचमुख शिवले कैलासमा आफ्नो रमणीक भवन बनाउनुभएको छ। [प्रलयकालमा] ब्रह्माण्डको नाश भएपछि पनि त्यसको नाश हुँदैन ॥ ४९-५० ॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां प्रथमखण्डे सृष्ट्युपक्रमे ब्रह्मनारदसंवादे सृष्टिवर्णनं नाम षोडशोऽध्यायः ॥ १६ ॥

॥ यस प्रकार श्रीशिवमहापुराण अन्तर्गत द्वितीय रुद्रसंहिताको प्रथम खण्डमा सृष्टि-उपक्रममा सृष्टिवर्णन नामक सोह्रौँ अध्याय पूर्ण भयो ॥ १६ ॥

अथ सप्तदशोऽध्यायः

यज्ञदत्तका पुत्र गुणनिधिको चरित्र

सूत उवाच

इत्याकर्ण्य वचस्तस्य ब्रह्मणः स तु नारदः।
पुनः पप्रच्छ तं नत्वा विनयेन मुनीश्वराः ॥ १

नारद उवाच

कदा गतो हि कैलासं शंकरो भक्तवत्सलः।
क्व वा सखित्वं तस्यासीत् कुबेरेण महात्मना ॥ २
किं चकार हरस्तत्र परिपूर्णः शिवाकृतिः।
एतत्सर्वं समाचक्ष्व परं कौतूहलं मम ॥ ३

ब्रह्मोवाच

शृणु नारद वक्ष्यामि चरितं शशिमौलिनः।
यथा जगाम कैलासं सखित्वं धनदस्य च ॥ ४

सूत भन्नुहुन्छ—हे मुनीश्वर हो! ब्रह्माको यो कुरा सुनेर नारदले विनयपूर्वक उहाँलाई प्रणाम गरी पुनः सोध्नुभयो— ॥ १ ॥

नारद भन्नुहुन्छ—भक्तवत्सल भगवान् शंकर कैलासपर्वतमा कहिले जानुभयो र महात्मा कुबेरका साथ उहाँको मैत्री कहिले भयो ॥ २ ॥

परिपूर्ण मंगलविग्रह महादेवले त्यहाँ के गर्नुभयो? यो सब मलाई बताउनुहोस्। [यसलाई सुन्नका लागि] मलाई ठुलो उत्सुकता छ ॥ ३ ॥

ब्रह्मा भन्नुहुन्छ—हे नारद! म चन्द्रमौलि भगवान् शंकरको चरित्रको वर्णन गर्छु। उहाँ जुन प्रकार कैलास पर्वतमा जानुभयो र उहाँका साथ कुबेरको मैत्री भयो, यो सब सुन्नुहोस् ॥ ४ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आसीत् काम्पिल्यनगरे सोमयाजिकुलोद्भवः।
दीक्षितो यज्ञदत्ताख्यो यज्ञविद्याविशारदः॥ ५

वेदवेदांगवित्प्राज्ञो वेदान्तादिषु दक्षिणः।
राजमान्योऽथ बहुधा वदान्यः कीर्तिभाजनः॥ ६

अग्निशुश्रूषणरतो वेदाध्ययनतत्परः।
सुन्दरो रमणीयांगश्चन्द्रबिंबसमाकृतिः॥ ७

काम्पिल्य नगरमा सोमयाग गर्ने कुलमा उत्पन्न यज्ञविद्याविशारद यज्ञदत्त नामका एक दीक्षित ब्राह्मण थिए। ती वेदवेदांगका ज्ञाता, प्रबुद्ध, वेदान्त आदिमा दक्ष, अनेक राजाहरूबाट सम्मानित, परम उदार र यशस्वी थिए॥ ५-६॥

ती अग्निहोत्र आदि कर्ममा सदैव संलग्न रहने, वेदाध्ययनपरायण, सुन्दर, रमणीय अंग भएका तथा चन्द्रबिम्बसमान आकृति भएका थिए॥ ७॥

आसीद् गुणनिधिर्नाम दीक्षितस्यास्य वै सुतः।
कृतोपनयनः सोऽष्टौ विद्यां जग्राह भूरिशः।
अथ पित्रानभिज्ञातो द्यूतकर्मरतोऽभवत्॥ ८

ती दीक्षित ब्राह्मणका गुणनिधि नामक एउटा पुत्र थियो, उपनयन-संस्कार भएपछि त्यसले आठ विद्याहरूको राम्ररी अध्ययन गर्‍यो, तर पिताको अनजानमा त्यो द्यूतकर्ममा प्रवृत्त भयो॥ ८॥

आदायादाय बहुशो धनं मातुः सकाशतः।
समदाद् द्यूतकारेभ्यो मैत्रीं तैश्च चकार सः॥ ९

त्यसले आफ्नी माताका साथबाट धेरै धन लगेर जुआडेहरूलाई सुम्पिदियो र तिनीहरूसित मित्रता गर्‍यो॥ ९॥

सन्त्यक्तब्राह्मणाचारः सन्ध्यास्नानपराङ्मुखः।
निन्दको वेदशास्त्राणां देवब्राह्मणनिन्दकः॥ १०

स्मृत्याचारविहीनस्तु गीतवाद्यविनोदभाक्।
नटपाखण्डभाण्डैस्तु बद्धप्रेमपरंपरः॥ ११

त्यो ब्राह्मणका लागि अपेक्षित आचार-विचारबाट रहित, सन्ध्या-स्नान आदि कर्मबाट पराङ्मुख, वेदशास्त्र आदिको निन्दक, देवता र ब्राह्मणहरूको अपमान गर्ने खालको र स्मार्ताचार-विचारबाट रहित भएर गाउन-बजाउनमा आनन्द लिन लाग्यो। त्यसले नर्तकी, पाखण्डी तथा भाण्डहरूसित प्रेमसम्बन्ध स्थापित गर्‍यो॥ १०-११॥

प्रेरितोऽपि जनन्या स न ययौ पितुरन्तिकम्।
गृहकार्यान्तरव्यासो दीक्षितो दीक्षितायिनीम्॥ १२

यदा यदैव तां पृच्छेदये गुणनिधिः सुतः।
न दृश्यते मया गेहे कल्याणि विदधाति किम्॥ १३

मातोद्वारा प्रेरित गरिदाँमा पनि त्यो पिताको नजिक कहिल्यै पनि गएन। घरका अन्य कर्महरूमा व्यस्त ती दीक्षित ब्राह्मण जब-जब आफ्नी दीक्षित पत्नीसित सोधनी गर्थे कि हे कल्याणी! घरमा मैले पुत्र गुणनिधिलाई देखिरहेको छैन, त्यो के गरिरहेको छ?॥ १२-१३॥

तदा तदेति सा ब्रूयादिदानीं स बहिर्गतः।
स्नात्वा समर्च्य वै देवानेतावन्तमनेहसम्॥ १४

अधीत्याध्ययनार्थं स द्वित्रैर्मित्रैः समं ययौ।
एकपुत्रेति तन्माता प्रतारयति दीक्षितम्॥ १५

उनी तब-तब यही भन्ने गर्थिन् कि त्यो यस समय स्नान गरी तथा देवताहरूको पूजा गरी बाहिर गएको छ। भर्खरसम्म पढेर त्यो आफ्ना दुई-तीनजना साथीहरूका साथ पढ्नका लागि गएको छ। यस प्रकार त्यस गुणनिधिकी एकपुत्रा माता सदैव दीक्षितलाई धोखा दिँदै रहिन्॥ १४-१५॥

न तत्कर्म च तद्वृत्तं किंचिद्वेत्ति स दीक्षितः।
सर्वं केशान्तकर्मास्य चक्रे वर्षेऽथ षोडशे॥ १६

ती दीक्षित ब्राह्मण त्यस पुत्रको कर्म र आचरणलाई केही पनि जान्न पाउँदैनन् थिए, सोह्रौँ वर्षमा उनले उसको केशान्त कर्म आदि सबै संस्कार पनि गरिदिए॥ १६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथो स दीक्षितो यज्ञदत्तः पुत्रस्य तस्य च।
गृह्योक्तेन विधानेन पाणिग्राहमकारयत्॥ १७

यसपश्चात् त्यस दीक्षित यज्ञदत्तले गृह्यसूत्रमा बताइएका विधानअनुसार आफ्नो त्यस पुत्रको पाणिग्रहण संस्कार पनि गरिदिए॥ १७॥

प्रत्यहं तस्य जननी सुतं गुणनिधिं मृदु।
शास्ति स्नेहार्द्रहृदया ह्युपवेश्य स्म नारद॥ १८

क्रोधनस्तेऽस्ति तनय स महात्मा पितेत्यलम्।
यदि ज्ञास्यति ते वृत्तं त्वां च मां ताडयिष्यति॥ १९

हे नारद! स्नेहले आर्द्र हृदय भएकी उसकी माताले नजिकै बसाएर मृदु भाषामा पुत्र गुणनिधिलाई प्रतिदिन सम्झाउँथी कि हे पुत्र! तिम्रो महात्मा पिता अत्यन्त क्रोधी स्वभावका छन्। यदि उनले तिम्रो आचरण थाहा पाए भने तिमीलाई र मलाई पनि मार्नेछन्॥ १८-१९॥

आच्छादयामि ते नित्यं पितुरग्रे कुचेष्टितम्।
लोकमान्योऽस्ति ते तातः सदाचारैर्न वै धनैः॥ २०
ब्राह्मणानां धनं तात सद्विद्या साधुसंगमः।
किमर्थं न करोषि त्वं स्वरुचिं प्रीतमानसः॥ २१

पिताको अगाडि तिम्रा यी नराम्रा कुरा नित्य लुकाइरहेकी छु। सदाचारबाट नै तिम्रो पिताको समाजमा प्रतिष्ठा छ, धनबाट होइन। हे पुत्र! ब्राह्मणहरूको धन त उत्तम विद्या र सज्जनहरूको संसर्ग हो। तिमी प्रसन्नमनले आफ्नो रुचि त्यसमा किन लगाइरहेका छैनौ॥ २०-२१॥

सच्छ्रोत्रियास्तेऽनूचाना दीक्षिताः सोमयाजिनः।
इति रूढिमिह प्राप्तास्तव पूर्वपितामहाः॥ २२

तिम्रा पितामह आदि पूर्वज सुयोग्य, श्रोत्रिय, वेदविद्यामा पारंगत विद्वान्, दीक्षित, सोमयाज्ञिक ब्राह्मण छन्—यस्तो लोकप्रसिद्धिलाई प्राप्त गरेका थिए॥ २२॥

त्यक्त्वा दुर्वृत्तसंसर्गं साधुसंगरतो भव।
सद्विद्यासु मनो धेहि ब्राह्मणाचारमाचर॥ २३

अतः तिमी दुष्टहरूको संगति छोडेर साधुहरूको संगतिमा तत्पर होऊ, सद्विद्याहरूमा मन लगाऊ र ब्राह्मणोचित सदाचारको पालन कर॥ २३॥

तातानुरूपो रूपेण यशसा कुलशीलतः।
ततो न त्रपसे किं नः त्यज दुर्वृत्ततां स्वकाम्॥ २४

तिमी रूपले पिताको अनुरूप नै छौ। यश, कुल र शीलले पनि उनको अनुरूप बन। यी कर्मबाट तिमी किन लज्जित हुँदैनौ? आफ्ना नराम्रा आचरणहरूलाई छोडिदेऊ॥ २४॥

ऊनविंशतिकोऽसि त्वमेषा षोडशवार्षिकी।
एतां संवृणु सद्वृत्तां पितृभक्तियुतो भव॥ २५

तिमी उन्नाइस वर्षका भइसक्यौ र यी [तिम्री पत्नी] सोह्र वर्षकी छिन्। यी सदाचारिणीको वरण गर अर्थात् यससित मधुर सम्बन्ध स्थापित गर र पिताको भक्तिमा तत्पर होऊ॥ २५॥

श्वशुरोऽपि हि ते मान्यः सर्वत्र गुणशीलतः।
ततो न त्रपसे किं नः त्यज दुर्वृत्ततां सुत॥ २६

तिम्रा ससुरा पनि आफ्नो गुण र शीलको कारण सर्वत्र पुजिने छन्। हे पुत्र! [उनीहरूलाई हेरेर र उनीहरूको ख्याती सुनेर पनि] तिमीलाई लाज लाग्दैन, आफ्ना नराम्रा आदतहरूलाई छोडिदेऊ॥ २६॥

मातुलास्तेऽतुलाः पुत्र विद्याशीलकुलादिभिः।
तेभ्योऽपि न बिभेषि त्वं शुद्धोऽस्युभयवंशतः॥ २७

हे पुत्र! तिम्रा सबै मामा पनि विद्या, शील तथा कुल आदिले अतुलनीय छन्। तिमी उनीहरूसित पनि डराउँदैनौ। तिमी त दुवै वंशहरूबाट शुद्ध छौ॥ २७॥

पश्यैतान्प्रतिवेशमस्थान्ब्राह्मणानां कुमारकान्।
गृहेऽपि शिष्यान्पश्यैतान्पितुस्ते विनयोचितान्॥ २८

तिमी यी छिमेकका ब्राह्मणकुमारहरूलाई हेर र आफ्नै घरमा आफ्ना पिताका यी विनयशील शिष्यहरूलाई नै हेर॥ २८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

राजापि श्रोष्यति यदा तव दुश्चेष्टितं सुत।
श्रद्धां विहाय ते ताते वृत्तिलोपं करिष्यति॥ २९

बालचेष्टितमेवैतद् वदन्त्यद्यापि ते जनाः।
अनन्तरं हरिष्यन्ति युक्तां दीक्षिततामिह॥ ३०

सर्वेऽप्याक्षारयिष्यन्ति तव तातं च मामपि।
मातुश्चरित्रं तनयो धत्ते दुर्भाषणैरिति॥ ३१

पितापि ते न पापीयाञ्छ्रुतिस्मृतिपथानुगः।
तदङ्घ्रिलीनमनसो मम साक्षी महेश्वरः॥ ३२

न चर्तुस्नातयापीह मुखं दुष्टस्य वीक्षितम्।
अहो बलीयान्स विधिर्येन जातो भवानिति॥ ३३

प्रतिक्षणं जनन्येति शिक्ष्यमाणोऽतिदुर्मतिः।
न तत्याज च तद्धर्मं दुर्बोधो व्यसनी यतः॥ ३४

मृगयामद्यपैशुन्यानृतचौर्यदुरोदरैः।
स वारदारैर्व्यसनैरेभिः कोऽत्र न खंडितः॥ ३५

यद्यन्मध्यगृहे पश्येत्तत्तन्नीत्वा सुदुर्मतिः।
अर्पयेद् द्यूतकाराणां सकुप्यं वसनादिकम्॥ ३६

न्यस्तां रत्नमयीं गेहे करस्य पितुरूर्मिकाम्।
चोरयित्वैकदादाय दुरोदरकरेऽर्पयत्॥ ३७

दीक्षितेन परिज्ञातो दैवाद् द्यूतकृतः करे।
उवाच दीक्षितस्तं च कुतो लब्धा त्वयोर्मिका॥ ३८

पृष्टस्तेनाथ निर्बंधादसकृत्तमुवाच सः।
मामाक्षिपसि विप्रोच्चैः किं मया चौर्यकर्मणा॥ ३९

लब्धा मुद्रा त्वदीयेन पुत्रेणैव समर्पिता।
मम मातुर्हि पूर्वेद्युर्जित्वा नीतो हि शाटकः॥ ४०

हे पुत्र! राजाले जब तिम्रो यस दुष्ट आचरणलाई सुन्नेछन्, तब तिम्रो पिताप्रति आफ्नो श्रद्धा त्यागेर उहाँको वृत्ति पनि समाप्त गरिदिने छन्॥ २९॥

अहिलेसम्म त मानिसहरू यो भनिरहेका छन् कि यो अल्लारेपनको दुश्चेष्टा हो। यसपश्चात् तिनले प्राप्त भएको प्रतिष्ठित दीक्षितको उपाधि पनि खोस्ने छन्॥ ३०॥

सबैले तिम्रो पिता र मलाई पनि दुष्ट वचनहरूले धिक्कार्ने छन् र भन्ने छन् कि यसकी माता दुश्चरित्रा छे; किनभने माताको चरित्रलाई नै पुत्र धारण गर्छ॥ ३१॥

तिम्रो पिता पापी छैनन्, ती त श्रुति-स्मृतिहरूको पथमा अनुगमन गर्ने खालका छन्। उनैका चरणहरूमा मेरो मन लागिरहन्छ, जसको साक्षी भगवान् सदाशिव हुनुहुन्छ॥ ३२॥

मैले ऋतुसमयमा कुनै दुष्टको मुख पनि हेरिन [जसको तिमीमाथि प्रभाव परेको होस्]। अहो त्यो विधाता नै बलवान् छ, जसको कारण तिमी-जस्तो पुत्र उत्पन्न भयो॥ ३३॥

माताद्वारा यस प्रकार हर समय सम्झाउँदामा पनि त्यस अत्यन्त दुष्ट बुद्धिवालाले आफ्नो त्यस दुष्कर्मको परित्याग गरेन; किनभने व्यसन-प्राप्त प्राणी दुर्बोध हुन्छ। मृगया (शिकार), मद्य, पैशुन्य (कुरा लगाउने), असत्य-भाषण, चोरी, द्यूत र वेश्यागमन आदि—यी व्यसनहरूबाट कोचाहिँ खण्डित हुँदैन र!॥ ३४-३५॥

त्यो दुष्ट जुन-जुन सन्दूक, वस्त्र आदि वस्तुहरूलाई घरमा देख्थ्यो, ती-ती वस्तुहरूलाई लगेर जुआडेहरूलाई सुम्पिदिन्थ्यो। एक पटक घरमा पिताको हातको एउटा रत्नजडित औँठी राखिएको थियो, त्यसलाई चोरेर उसले कुनै जुआडेको हातमा दियो॥ ३६-३७॥

संयोगले दीक्षितले कुनै जुआडेको हातमा त्यस औँठीलाई देखे र त्यससित सोधे कि तिमीलाई यो औँठी कहाँबाट प्राप्त भयो?॥ ३८॥

त्यस दीक्षितद्वारा पटक-पटक कठोरतापूर्वक साधिएपछि त्यस जुआडेले भन्यो—हे ब्राह्मण! तपाईं जोर-जोरले ममाथि किन आक्षेप गरिरहनुभएको छ? के मैले यसलाई चोरीबाट प्राप्त गरेको हो? तपाईंको पुत्रले नै औँठी ल्याएर मलाई दिएको हो। यसभन्दा पहिला पनि मैले जुआ जित्दामा उसले आफ्नी आमाको साडी चोरेर मलाई दिएको छ॥ ३९-४०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न केवलं ममैवैतदंगुलीयं समर्पितम्।
अन्येषां द्यूतकर्तॄणां भूरि तेनार्पितं वसु॥ ४१
रत्नकुप्यदुकूलानि भृङ्गारप्रभृतीनि च।
भाजनानि विचित्राणि कांस्यताम्रमयानि च॥ ४२

नग्नीकृत्य प्रतिदिनं बध्यते द्यूतकारिभिः।
न तेन सदृशः कश्चिदाक्षिको भूमिमण्डले॥ ४३
अद्यावधि त्वया विप्र दुरोदरशिरोमणिः।
कथं नाज्ञायि तनयोऽविनयानयकोविदः॥ ४४

इति श्रुत्वा त्रपाभारविनम्रतरकन्धरः।
प्रावृत्य वाससा मौलिं प्राविशन्निजमन्दिरम्॥ ४५

महापतिव्रतामस्य पत्नीं प्रोवाच तामथ।
स दीक्षितो यज्ञदत्तः श्रौतकर्मपरायणः॥ ४६

यज्ञदत्त उवाच

दीक्षितायनि कुत्रास्ति धूर्तो गुणनिधिः सुतः।
अथ तिष्ठतु किं तेन क्व सा मम शुभोर्मिका॥ ४७
अंगोद्वर्तनकाले या त्वया मेऽङ्गुलितो हृता।
सा त्वं रत्नमयीं शीघ्रं तामानीय प्रयच्छ मे॥ ४८

इति श्रुत्वाथ तद्वाक्यं भीता सा दीक्षितायनी।
प्रोवाच स्नानमध्याह्नीं क्रियां निष्पादयंत्यथ॥ ४९

व्यग्रास्मि देवपूजार्थमुपहारादिकर्मणि।
समयोऽयमतिक्रामेदतिथीनां प्रियातिथे॥ ५०
इदानीमेव पक्वान्नकरणव्यग्रया मया।
स्थापिता भाजने क्वापि विस्मृतेति न वेद्म्यहम्॥ ५१

दीक्षित उवाच

हं हेऽसत्पुत्रजननि नित्यं सत्यप्रभाषिणि।
यदा यदा त्वां सम्पृच्छे तनयः क्व गतस्त्विति॥ ५२
तदा तदेति त्वं ब्रूयान्नाथेदानीं स निर्गतः।
अधीत्याध्ययनार्थं च द्वित्रैर्मित्रैः सयुग्बहिः॥ ५३

कुतस्ते शाटकः पत्नि मांजिष्ठो यो मयार्पितः।
लंबते योऽनिशं धाम्नि तथ्यं ब्रूहि भयं त्यज॥ ५४

उसले मलाई मात्र यो औँठी दिएको हैन, अपितु अन्य जुआडेहरूलाई पनि धेरै धन दिएको छ॥ ४१॥

रत्नहरूको सन्दूक, रेशमी वस्त्र, सुनका झारी आदि वस्तुहरू, राम्रा-राम्रा काँस र तामाका भाँडा पनि उसले दिएको छ॥ ४२॥

जुआडेहरू उसलाई प्रतिदिन नग्न पारी बाँधिरहन्छन्। यस भूमण्डलमा त्यो समान कुनै दोस्रो जुआडे छैन। हे विप्र! आजसम्म तपाईंले जुआडेहरूमा अग्रणी र अविनय तथा अनीतिमा प्रवीण आफ्नो पुत्रलाई किन चिन्न सक्नुभएन?॥ ४३-४४॥

यस्तो सुनेर लज्जाको भारले ती ब्राह्मणको शिर झुक्यो र आफ्नो शिरलाई वस्त्रले ढाकेर उनी आफ्नो घर गए॥ ४५॥

त्यसपछि ती श्रौतकर्मपरायण दीक्षित यज्ञदत्त आफ्नी महान् पतिव्रता पत्नीसित भन्न लागे॥ ४६॥

यज्ञदत्त भन्दछन्—हे दीक्षितायनी! धूर्त पुत्र गुणनिधि कहाँ छ, जहाँसुकै बसेको होस्, त्यसबाट के लाभ छ? त्यो मेरो सुन्दर औँठी कहाँ छ?॥ ४७॥

तिमीले मेरो शरीरमा तेल, बुकुवा आदि लगाउँदा मेरो औँलाबाट जसलाई निकालेकी थियौ, त्यस रत्नजडित औँठीलाई ल्याएर तत्काल मलाई देऊ॥ ४८॥

उनको यस वचनलाई सुनेर ती दीक्षितायनी भयभीत भएर भन्दछिन्—यस समय म मध्याह्नकालको स्नान-क्रियाहरूलाई सम्पन्न गरिरहेकी छु॥ ४९॥

म देवपूजाका लागि अर्पित गरिने सामग्रीहरू एकत्रित गर्नमा व्यस्त छु। हे अतिथिप्रिय! यो अतिथिहरूको समयमा कुनै उल्झन नगर्नुहोस्। यस कारण म भोजन बनाउनमा व्यस्त छु। मैले कुनै पात्रमा औँठी राखिदिएको छु। अहिले याद आइरहेको छैन॥ ५०-५१॥

दीक्षित भन्दछन्—ए दुष्ट पुत्र उत्पन्न गर्ने! हे सधैँ सत्य बोल्ने! मैले जब-जब तिमीसित यो सोधेँ कि पुत्र कहाँ गएको छ? तब-तब तिमीले यही भन्यौ—हे नाथ! भखैर पढेर त्यो आफ्ना दुई-तीन मित्रहरूका साथ पुनः पढ्नका लागि बाहिर गएको छ॥ ५२-५३॥

हे पत्नी! तिम्रो त्यो वैजनी रंगको साडी कहाँ छ? जुन मैले तिमीलाई दिएको थिएँ, जुन घरमा सधैँ झुण्डिरहन्थ्यो। सत्य-सत्य बताऊ, नडराऊ॥ ५४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

साम्प्रतं नेक्ष्यते सोऽपि भृंगारो मणिमंडितः।
पट्टसूत्रमयी सापि त्रिपटी या मयार्पिता॥ ५५

मणिजडित त्यो सुनको झारी पनि यस समय देखिरहेको छैन र न त त्यो रेशमी-त्रिपटी (दोसल्ला) नै देखिन्छ, जसलाई राख्नका लागि मैले तिमीलाई दिएको थिएँ॥ ५५॥

क्व दाक्षिणात्यं तत्कांस्यं गौडी ताम्रघटी क्व सा।
नागदंतमयी सा क्व सुखकौतुकमंचिका॥ ५६

दक्षिण देशमा बनेका ती काँसका भाँडा र गौड देशमा बनेका ती तामाका घडा कहाँ छन्? हात्तीका दाँतबाट बनेका ती सुखदायक खाट कहाँ छन्॥ ५६॥

क्व सा पर्वतदेशीया चन्द्रकांतिरिवाद्भुता।
दीपकव्यग्रहस्ताग्रालंकृता शालभञ्जिका॥ ५७

पर्वतीय-क्षेत्रहरूमा पाइने, चन्द्रकान्त मणिको समान अद्भुत, हातमा दीयो लिएको त्यो शृंगारयुक्त शालभंजिका (पुतली) कहाँ छ॥ ५७॥

किं बहूक्तेन कुलजे तुभ्यं कुप्याम्यहं वृथा।
तदाभ्यवहरिष्येऽहमुपयंस्याम्यहं यदा॥ ५८

धेरै भनेर लाभ नै के? हे कुलजे! म तिमीमाथि व्यर्थै क्रोध गरिरहेको छु। अब त मेरो भोजन तब हुने छ, जब म दोस्रो विवाह गर्ने छु॥ ५८॥

अनपत्योऽस्मि तेनाहं दुष्टेन कुलदूषिणा।
उत्तिष्ठानय पाथस्त्वं तस्मै दद्यां तिलांजलिम्॥ ५९

कुललाई दूषित गर्ने त्यो दुष्ट रहे तापनि अब म निःसन्तान हुँ। उठ र जल ल्याऊ। म त्यसलाई तिलांजलि दिन्छु॥ ५९॥

अपुत्रत्वं वरं नृणां कुपुत्रात्कुलपांसनात्।
त्यजेदेकं कुलस्यार्थे नीतिरेषा सनातनी॥ ६०

कुललाई कलंकित पार्ने कुपुत्र हुनुभन्दा मनुष्य पुत्रहीन हुनु नै श्रेयस्कर छ। कुलको भलाइका लागि एउटाको परित्याग गरिदिनुपर्छ—यो सनातन नियम हो॥ ६०॥

स्नात्वा नित्यविधिं कृत्वा तस्मिन्नेवाह्नि कस्यचित्।
श्रोत्रियस्य सुतां प्राप्य पाणिं जग्राह दीक्षितः॥ ६१

त्यसपछि ती दीक्षित ब्राह्मणले स्नान गरी, आफ्नो नित्य-क्रिया सम्पन्न गरी त्यसै दिन कुनै श्रोत्रिय ब्राह्मणकी कन्यालाई प्राप्त गरी उसका साथ विवाह गरे॥ ६१॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां प्रथमखण्डे सृष्ट्युपाख्याने गुणनिधिचरित्रवर्णनं नाम सप्तदशोऽध्यायः॥ १७॥

॥ यस प्रकार श्रीशिवमहापुराण अन्तर्गत द्वितीय रुद्रसंहिताको प्रथम खण्डमा सृष्टि-उपाख्यानमा गुणनिधिचरित्रवर्णन नामक सत्रौँ अध्याय पूर्ण भयो॥ १७॥

अथाष्टादशोऽध्यायः

शिवमन्दिरमा दीपदानको प्रभावले पापमुक्त भएर गुणनिधि दोस्रो जन्ममा कलिंगदेशको राजा बन्नु र फेरि शिवभक्तिको कारण कुबेर पदको प्राप्ति

ब्रह्मोवाच

श्रुत्वा तथा स वृत्तान्तं प्राक्तनं स्वं विनिंद्य च।
कांचिद्दिशं समालोक्य निर्ययौ दीक्षितांगजः॥ १

कियच्चिरं ततो गत्वा यज्ञदत्तात्मजः स हि।
दुष्टो गुणनिधिस्तस्थौ गतोत्साहो विसर्जितः॥ २

ब्रह्मा भन्नुहुन्छ—ती वृत्तान्तहरूलाई सुनेर त्यो दीक्षितपुत्र आफ्नो भाग्यको निन्दा गरी कुनै दिशालाई हेरेर आफ्नो घरबाट हिंड्यो। केही समयसम्म हिंडेपश्चात् त्यो यज्ञदत्तपुत्र दुष्ट गुणनिधि थाकेको कारण उत्साहहीन भएर त्यहीँ रोकियो॥ १-२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चिंतामवाप महतीं क्व यामि करवाणि किम्।
नाहमभ्यस्तविद्योऽस्मि न चैवातिधनोऽस्म्यहम्॥ ३

त्यो ज्यादै ठुलो चिन्तामा पऱ्यो कि अब म कहाँ जाऊँ, के गरूँ ? मैले विद्याको अभ्यास पनि गरिन र न त मसँग प्रसस्त धन नै छ॥ ३॥

देशांतरे यस्य धनं स सद्यः सुखमेधते।
भयमस्ति धने चौरात्स विघ्नः सर्वतो भवः॥ ४

अरू देशमा तत्काल सुख त त्यसैलाई प्राप्त हुन्छ, जससँग धन रहन्छ। यद्यपि धन रहँदामा चोरबाट भय हुन्छ, तर यो विघ्न सर्वत्र उत्पन्न हुन सक्छ॥ ४॥

याजकस्य कुले जन्म कथं मे व्यसनं महत्।
अहो बलीयान्हि विधिर्भावि कर्मानुसंधयेत्॥ ५

अहो! याजकको कुलमा जन्म भएर पनि ममा यत्रो दुर्व्यसन कसरी आयो! यो आश्चर्य छ, तर भाग्य ज्यादै बलवान् छ, त्यसैले मनुष्यको भावी कर्मको अनुसन्धान गर्छ॥ ५॥

भिक्षितुं नाधिगच्छामि न मे परिचितः क्वचित्।
न च पार्श्वे धनं किञ्चित्किमत्र शरणं भवेत्॥ ६

म भिक्षा माग्नका लागि जान्न। मेरो यहाँ कोही परिचित पनि छैनन् र न त मेरो साथमा केही धन नै छ। मेरा लागि कुनै शरण त हुनै पर्छ॥ ६॥

सदानभ्युदिते भानौ प्रसूर्मे मिष्टभोजनम्।
दद्याद्द्यात्र कं याचे न चेह जननी मम॥ ७

सदैव सूर्योदय हुनुभन्दा पूर्व नै मेरी माताले मलाई मीठो भोजन दिन्थिन्। आज म यहाँ कोसँग मागौँ। मेरी माता पनि त यहाँ छैनन्॥ ७॥

ब्रह्मोवाच

इति चिंतयतस्तस्य बहुशस्तत्र नारद।
अतिदीनं तरोर्मूले भानुरस्ताचलं गतः॥ ८

ब्रह्मा भन्नुहुन्छ—हे नारद! यस प्रकार धेरै चिन्ता गर्दै वृक्षको तल बसी त्यो अत्यधिक दीन-हीन भयो, यतिकैमा सूर्य अस्ताचलमा गए॥ ८॥

एतस्मिन्नेव समये कश्चिन्माहेश्वरो नरः।
सहोपहारानादाय नगराद् बहिरभ्यगात्॥ ९
नानाविधान्महादिव्यान्स्वजनैः परिवारितः।
समभ्यर्चितुमीशानं शिवरात्रावुपोषितः॥ १०

यसै समय कुनै शिवभक्त मनुष्य अनेकौँ प्रकारका परम दिव्य पूजा-सामग्रीहरू लिएर शिवरात्रिको दिन उपवासपूर्वक महेश्वरको पूजा गर्नाका लागि आफ्ना परिवारजनका साथ नगरबाट बाहिर निस्किए॥ ९-१०॥

शिवालयं प्रविश्याथ स भक्तः शिवसक्तधीः।
यथोचितं सुचित्तेन पूजयामास शंकरम्॥ ११
पक्वान्नगंधमाघ्राय यज्ञदत्तात्मजो द्विजः।
पितृत्यक्तो मातृहीनः क्षुधितः स तमन्वगात्॥ १२

शिवमा रत चित्त भएको त्यस भक्तले शिवालयमा प्रवेश गरी सावधान मनले यथोचित रूपले शंकरको पूजा गरे। [भगवान् शिवका लागि लगाइएका नैवेद्यका] पक्वान्नहरूको वासनालाई सूँघेर पिताद्वारा परित्यक्त, मातृहीन तथा भोकले व्याकुल यज्ञदत्तको पुत्र त्यो ब्राह्मण गुणनिधि त्यसको नजिकै पुग्यो॥ ११-१२॥

इदमन्नं मया ग्राह्यं शिवायोपकृतं निशि।
सुप्ते शैवजने दैवात्सर्वस्मिन्विविधं महत्॥ १३
इत्याशामवलम्ब्याथ द्वारि शम्भोरुपाविशत्।
ददर्श च महापूजां तेन भक्तेन निर्मिताम्॥ १४

[उसले सोच्यो कि] यी सबै शिवभक्त जब रात्रिमा सुत्लेछन्, तब म शिवमाथि चढाइएका यी विविध नैवेद्यलाई भाग्यवश प्राप्त गर्ने छु। यस्तो आशा गरी त्यो भगवान् शंकरको द्वारमा बस्यो र त्यस भक्तद्वारा गरिएको महापूजालाई हेर्न लाग्यो॥ १३-१४॥

विधाय नृत्यगीतादि भक्ताः सुप्ताः क्षणे यदा।
नैवेद्यं स तदादातुं भर्गागारं विवेश ह॥ १५

भक्तहरू जुन समय [भगवान् शिवको सामुन्ने] नृत्य-गीत आदि गरी सुते, त्यसै समय त्यो नैवेद्य लिनका लागि भगवान् शिवको मन्दिरमा पस्यो॥ १५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दीपं मन्दप्रभं दृष्ट्वा पक्वान्नवीक्षणाय सः।
निजचैलांचलाद्वर्तिं कृत्वा दीपं प्रकाश्य च॥ १६

यज्ञदत्तात्मजः सोऽथ शिवनैवेद्यमादरात्।
जग्राह सहसा प्रीत्या पक्वान्नं बहुशस्ततः॥ १७

[त्यहाँ बलिरहेको] दीयोको प्रकाशलाई मन्द देखेर पक्वान्नहरूलाई हेर्नका लागि आफ्नो उत्तरीय वस्त्रलाई [च्यातेर] बत्ती बनाएर दीयोलाई प्रकाशित गरी यज्ञदत्तका त्यस पुत्रले आदरपूर्वक शिवका लागि लगाइएका थुप्रै पक्वान्नहरूका नैवेद्यलाई एकाएक सहर्ष उठायो॥ १६-१७॥

ततः पक्वान्नमादाय त्वरितं गच्छतो बहिः।
तस्य पादतलाघातात्प्रसुप्तः कोऽप्यबुध्यत॥ १८

यसपछि त्यस पक्वान्नलाई लिएर तत्काल बाहिर जाँदै गरेको त्यसका गोडाहरूको आघातबाट कुनै सुतेको व्यक्ति उठ्यो॥ १८॥

कोऽयं कोऽयं त्वरापन्नो गृह्यतां गृह्यतामसौ।
इति चुक्रोश स जनो गिरा भयमहोच्चया॥ १९

हतार गर्ने यो को हो?, को हो? यसलाई समात—यस प्रकार भययुक्त ठुलो स्वरमा त्यो व्यक्ति चिच्याउन लाग्यो॥ १९॥

यावद्भयात्समागत्य तावत्स पुररक्षकैः।
पलायमानो निहतः क्षणादंधत्वमागतः॥ २०

भयवश त्यो ब्राह्मण जब भागिरहेको थियो, त्यसै समय त्यहाँ पुररक्षकहरू पुगेर त्यसलाई पिटे, जसबाट त्यो अन्धो भएर तत्काल मर्‍यो॥ २०॥

अभक्षयच्च नैवेद्यं यज्ञदत्तात्मजो मुने।
शिवानुग्रहतो नूनं भाविपुण्यबलान्न सः॥ २१

हे मुनि! यज्ञदत्तको त्यस पुत्रले निश्चय नै शिवको कृपाले नैवेद्य खाएको थियो, न कि आफ्नो भावी पुण्यफलको प्रभावले॥ २१॥

मृतो बद्धः समागत्य पाशमुद्गरपाणिभिः।
निनीषुभिः संयमनीं याम्यैः स विकटैर्भटैः॥ २२

यसपश्चात् त्यस मरेको ब्राह्मणलाई यमलोक लैजानका लागि पाश, मुद्गर हातमा लिएका यमका भयंकर दूत त्यहाँ आएर त्यसलाई बाँध्न लागे॥ २२॥

तावत्पारिषदाः प्राप्ताः किंकिणीजालमालिनः।
दिव्यं विमानमादाय तं नेतुं शूलपाणयः॥ २३

यत्तिकैमा स-साना घण्टीहरूले युक्त आभूषण धारण गरेका र हातमा त्रिशूलले युक्त भई शिवका पार्षद दिव्य विमान लिएर त्यसलाई लैजानका लागि आए॥ २३॥

शिवगणा ऊचुः

मुञ्चतैनं द्विजं याम्या गणाः परमधार्मिकम्।
दण्डयोग्यो न विप्रोऽसौ दग्धः सर्वाघसंचयः॥ २४

शिवगण भन्दछन्—हे यमराजका गणहरू हो! यस परम धार्मिक ब्राह्मणलाई छोडिदेऊ। यो ब्राह्मण दण्डको योग्य छैन। यसका समस्त पाप भस्म भइसकेका छन्॥ २४॥

इत्याकर्ण्यवचस्ते हि यमराजगणास्ततः।
महादेवगणानाहुर्बभूवुश्चकिता भृशम्॥ २५

शंभोर्गणानथालोक्य भीतैस्तैर्यमकिंकरैः।
अवादि प्रणतैरित्थं दुर्वृत्तोऽयं गणा द्विजः॥ २६

त्यसपछि शिवपार्षदहरूका वचन सुनेर यमराजका गण आश्चर्यचकित भए र महादेवका गणसित भन्न लागे। शम्भुका गणलाई देखेर डराएर तथा प्रणाम गर्दै यमराजका दूतहरूले यस प्रकार भने कि हे गण हो! यो ब्राह्मण त दुराचारी थियो॥ २५-२६॥

यमगणा ऊचुः

कुलाचारं प्रतीर्य्यैष पित्रोर्वाक्यपराङ्मुखः।
सत्यशौचपरिभ्रष्टः सन्ध्यास्नानविवर्जितः॥ २७

यमगण भन्दछन्—कुलको मर्यादाको उल्लंघन गरी यो माता-पिताको आज्ञाबाट पराङ्मुख, सत्य-शौचबाट परिभ्रष्ट र सन्ध्या तथा स्नानबाट रहित थियो॥ २७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आस्तां दूरेऽस्य कर्माणि शिवनिर्माल्यलंघकः।
प्रत्यक्षतोऽत्र वीक्षध्वमस्पृश्योऽयं भवादृशाम्॥ २८

यदि यसका अन्य कर्महरूलाई छोडिदिने हो भने पनि यसले शिवको निर्माल्य [चढाइएका नैवेद्य]-को लंघन गरेको छ अर्थात् चोरी गरेको छ। [यसको यस हेय कर्मलाई] तपाईंहरू स्वयं हेर्नुहोस्, तपाईंहरू-जस्ताका लागि यो स्पर्शको योग्य पनि छैन॥ २८॥

शिवनिर्माल्यभोक्तारः शिवनिर्माल्यलंघकाः।
शिवनिर्माल्यदातारः स्पर्शस्तेषां ह्यपुण्यकृत्॥ २९

जो शिव-निर्माल्यलाई खाने, शिवनिर्माल्यको चोरी गर्ने र शिवनिर्माल्यलाई दिने खालको छ, तिनको स्पर्श अवश्य नै पापकारक हुन्छ॥ २९॥

विषमालोक्य वा पेयं श्रेयो वा स्पर्शनं परम्।
सेवितव्यं शिवस्वं न प्राणैः कण्ठगतैरपि॥ ३०

विषलाई जानी-बुझिकन पिउनु श्रेयस्कर छ र अछूतको स्पर्श गर्नु पनि अति उत्तम छ, तर कण्ठगत प्राण हुँदामा पनि शिवनिर्माल्यको सेवन उचित छैन॥ ३०॥

यूयं प्रमाणं धर्मेषु यथा न च तथा वयम्।
अस्ति चेद्धर्मलेशोऽस्य गणास्तं शृणुमो वयम्॥ ३१

धर्मको विषयमा तपाईंहरू जुन प्रकार प्रमाण हुनुहुन्छ, त्यस्तो हामीहरू छैनौँ। हे शिवगण! सुन्नुहोस्। यदि यसमा धर्मको लेशमात्र पनि छ भने हामी त्यसलाई सुन्न चाहन्छौँ॥ ३१॥

इत्थं तद्वाक्यमाकर्ण्य याम्यानां शिवकिंकराः।
स्मृत्वा शिवपदाम्भोजं प्रोचुः पारिषदास्तु तान्॥ ३२

यमका दूतहरूका यी कुरालाई सुनेर शिवका पार्षद भगवान् शिवका चरणकमलको स्मरण गरी भन्न लागे—॥ ३२॥

शिवकिंकरा ऊचुः

किंकराः शिवधर्मा ये सूक्ष्मास्ते तु भवादृशैः।
स्थूललक्ष्यैः कथं लक्ष्या लक्ष्या ये सूक्ष्मदृष्टिभिः॥ ३३

शिवका सेवक भन्दछन्—हे यमकिंकर हो! जुन सूक्ष्म शिवधर्म छ, जसलाई सूक्ष्म दृष्टि भएकाले नै जान्न सक्छन्, तिनलाई तपाईंहरू समान स्थूल दृष्टि भएकाले कसरी जान्न सक्छन्॥ ३३॥

अनेनानेनसा कर्म यत्कृतं शृणुतेह तत्।
यज्ञदत्तात्मजेनाथ सावधानतया गणाः॥ ३४

हे यमदूतहरू हो! पापरहित यस यज्ञदत्तपुत्रले यहाँनिर जुन पुण्य कर्म गरेको छ, त्यसलाई सावधान भएर सुन—॥ ३४॥

पतन्ती लिंगशिरसि दीपच्छाया निवारिता।
स्वचैलाञ्चलतोऽनेन दत्त्वा दीपदशां निशि॥ ३५

यसले शिवलिंगको शिखरमा परिरहेको दीयोको छायाँलाई हटायो र आफ्नो उत्तरीय वस्त्रलाई च्यातेर त्यसबाट दीयोको वर्तिका बनायो र फेरि त्यसबाट दीयोलाई पुनः बालेर त्यस रात्रिमा शिवका लागि प्रकाश बनायो॥ ३५॥

अपरोऽपि परो धर्मो जातस्तत्रास्य किंकराः।
शृण्वतः शिवनामानि प्रसंगादपि गृह्यताम्॥ ३६

भक्तेन विधिना पूजा क्रियमाणा निरीक्षिता।
उपोषितेन भूतायामनेन स्थिरचेतसा॥ ३७

हे किंकर हो! यसले [त्यस कर्मको अतिरिक्त] अन्य पनि पुण्यकर्म गरेको छ। शिवपूजाको प्रसंगमा यसले शिवका नामहरूको श्रवण गर्‍यो र स्वयं उनका नामहरूको उच्चारण पनि गरेको छ। भक्तद्वारा विधिवत् गरिरहेको पूजालाई यसले उपवास रहेर ज्यादै मनोयोगले हेरेको छ॥ ३६-३७॥

2325_Sihvpurana_Part_1_Nepali_Section_11_2_Back

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by

शिवलोकमयं ह्यद्य गंतास्माभिः सहैव तु।
कंचित्कालं महाभोगान्करिष्यति शिवानुगः॥ ३८

[अतः यी पुण्यहरूको प्रभावले] यो आजै हामीहरूको साथ शिवलोक जाने छ। त्यहाँ शिवको अनुगामी बनेर यसले केही समयसम्म उत्तम भोगहरूको उपभोग गर्ने छ॥ ३८॥

कलिंगराजो भविता ततो निर्धूतकल्मषः।
एष द्विजवरो नूनं शिवप्रियतरो यतः॥ ३९

तत्पश्चात् आफ्नो पापरूपी मैलोलाई धोएर यो कलिंग देशको राजा बन्ने छ; किनभने यो श्रेष्ठ ब्राह्मण निश्चय नै शिवको प्रिय भएको छ॥ ३९॥

अन्यत्किंचिन्न वक्तव्यं यूयं यात यथागतम्।
यमदूताः स्वलोकं तु सुप्रसन्नेन चेतसा॥ ४०

हे यमदूतहरू हो! अब यसको विषयमा केही भन्नुको आवश्यकता छैन। तिमीहरू जसरी आएका छौ, त्यसरी नै अतिप्रसन्न मनले आफ्नो लोकमा जाऊ॥ ४०॥

ब्रह्मोवाच

इत्याकर्ण्य वचस्तेषां यमदूता मुनीश्वर।
यथागतं ययुः सर्वे यमलोकं पराङ्मुखाः॥ ४१
सर्वं निवेदयामासुः शमनाय गणा मुने।
तद्वृत्तमादितः प्रोक्तं शंभुदूतैश्च धर्मतः॥ ४२

ब्रह्मा भन्नुहुन्छ—हे मुनीश्वर! उनीहरूको वाक्यलाई सुनेर पराङ्मुख भएका समस्त यमदूत आफ्नो लोकमा फर्किए। हे मुनि! गणहरूले यमराजसित [गुणनिधिको त्यस] सम्पूर्ण वृत्तान्तको निवेदन गरे र शिवदूतहरूले उनीहरूसित जे भनेका थिए, त्यो समाचार शुरूदेखि उनीहरूले सुनाए॥ ४१-४२॥

धर्मराज उवाच

सर्वे शृणुत मद्वाक्यं सावधानतया गणाः।
तदेव प्रीत्या कुरुत मच्छासनपुरःसरम्॥ ४३

धर्मराज भन्दछन्—हे गण हो! तिमीहरू सबै सावधान भएर मेरो यस वाक्यलाई सुन। जस्तो आदेश दिइरहेको छु, प्रेमपूर्वक तिमीहरू त्यस्तै गर॥ ४३॥

ये त्रिपुण्ड्रधरा लोके विभूत्या सितया गणाः।
ते सर्वे परिहर्तव्या नानेतव्याः कदाचन॥ ४४

हे गण हो! यस संसारमा जो सेतो भस्मबाट त्रिपुण्ड्र धारण गर्छन्, ती सबैलाई छोडिदिनु र त्यहाँबाट कहिल्यै नल्याउनु॥ ४४॥

उद्धूलनकरा ये हि विभूत्या सितया गणाः।
ते सर्वे परिहर्तव्या नानेतव्याः कदाचन॥ ४५

हे गण हो! जसले सेतो भस्मबाट शरीरमा उद्धूलन गर्छन्, ती सबलाई तिमीहरू छोडिदिनु र यहाँ कहिल्यै नल्याउनु॥ ४५॥

शिववेशतया लोके येन केनापि हेतुना।
ते सर्वे परिहर्तव्या नानेतव्याः कदाचन॥ ४६

यस संसारमा जुनसुकै कारणले जो शिवको वेष धारण गर्नेहरू छन्, ती सबैलाई छोडिदिनु र यहाँ कहिल्यै नल्याउनु॥ ४६॥

ये रुद्राक्षधरा लोके जटाधारिण एव ये।
ते सर्वे परिहर्तव्या नानेतव्याः कदाचन॥ ४७

यस जगत्मा जो रुद्राक्ष धारण गर्नेहरू छन् वा शिरमा जटा धारण गर्छन्, ती सबैलाई छोडिदिनु र यहाँ कहिल्यै नल्याउनु॥ ४७॥

उपजीवनहेतोश्च शिववेशधरा हि ये।
ते सर्वे परिहर्तव्या नानेतव्याः कदाचन॥ ४८

जसले जीविकाको निम्ति नै शिवको वेष धारण गरेका छन्, ती सबैलाई छोडिदिनु र यहाँ कहिल्यै नल्याउनु॥ ४८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दम्भेनापि छलेनापि शिववेशधरा हि ये।
ते सर्वे परिहर्तव्या नानेतव्याः कदाचन॥ ४९

जसले दम्भ वा छल-प्रपंचका कारण नै शिवको वेष धारण गरेका छन्, ती सबैलाई छोडिदिनु र यहाँ कहिल्यै नल्याउनु॥ ४९॥

एवमाज्ञापयामास स यमो निजकिंकरान्।
मत्वा तथेति ते सर्वे तूष्णीमासञ्छुचिस्मिताः॥ ५०

यस प्रकार ती यमराजले आफ्ना सेवकहरूलाई आज्ञा दिए, [जसलाई सुनेर उनीहरूले भने कि जस्तो हजुरको आज्ञा छ] त्यस्तै हुने छ—यस्तो भनेर ती मन्द-मन्द हाँस्तै चुप लागे॥ ५०॥

ब्रह्मोवाच

पार्षदैर्यमदूतेभ्यो मोचितस्त्विति स द्विजः।
शिवलोकं जगामाशु तैर्गणैः शुचिमानसः॥ ५१

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार शिवपार्षदहरूले यमदूतहरूबाट त्यस ब्राह्मणलाई छुटाए र त्यो पवित्र मनले युक्त भएर तत्काल ती शिवगणका साथ शिवलोक गयो॥ ५१॥

तत्र भुक्त्वाखिलान्भोगान्संसेव्य च शिवाशिवौ।
अरिंदमस्य तनयः कलिंगाधिपतेरभूत्॥ ५२

त्यहाँ सबै सुखभोगहरूको उपभोग गरी तथा भगवान् सदाशिव एवं पार्वतीको सेवा गरी त्यो [दोस्रो जन्ममा] कलिंगदेशको राजा अरिंदमको पुत्र भयो॥ ५२॥

दम इत्यभिधानोऽभूच्छिवसेवापरायणः।
बालोऽपि शिशुभिः साकं शिवभक्तिं चकार सः॥ ५३

त्यस शिवसेवापरायण बालकको नाम दम रह्यो। बालक भएर पनि त्यो अन्य शिशुहरूका साथ शिवको भक्ति गर्न लाग्यो॥ ५३॥

क्रमाद्राज्यमवापाथ पितर्युपरते युवा।
प्रीत्या प्रवर्तयामास शिवधर्मांश्च सर्वशः॥ ५४

क्रमशः उसले युवावस्था प्राप्त गर्‍यो र पिताको परलोकगमनपश्चात् उसलाई राज्य पनि प्राप्त भयो। उसले प्रेमपूर्वक अनेकौँ शिवधर्महरू प्रारम्भ गर्‍यो॥ ५४॥

नान्यं धर्मं स जानाति दुर्दमो भूपतिर्दमः।
शिवालयेषु सर्वेषु दीपदानादृते द्विज॥ ५५

हे ब्रह्मन्! दुष्टहरूको दमन गर्ने त्यो राजा दम शिवालयमा दीपदानबाहेक अरू कुनै धर्म मान्दैन थियो॥ ५५॥

ग्रामाधीशान्समाहूय सर्वान्स विषयस्थितान्।
इत्थमाज्ञापयामास दीपा देयाः शिवालये॥ ५६

उसले सबै गाउँ र जनपद-प्रमुखहरूलाई बोलाएर यो आदेश दियो कि तिमीहरूले शिवालयहरूमा दीप-प्रज्वलनको व्यवस्था गर्नु॥ ५६॥

अन्यथा सत्यमेवेदं स मे दण्ड्यो भविष्यति।
दीपदानाच्छिवस्तुष्टो भवतीति श्रुतीरितम्॥ ५७

यदि [कसैको क्षेत्रमा] यस्तो भएन भने यो सत्य हो कि [त्यस क्षेत्रको] त्यो प्रधान निश्चय नै मद्वारा दण्डित हुने छ। दीपदानबाट भगवान् शिव सन्तुष्ट हुनुहुन्छ—यस्तो श्रुतिहरूमा बताइएको छ॥ ५७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by

यस्य यस्याभितो ग्रामं यावन्तश्च शिवालयाः।
तत्र तत्र सदा दीपो द्योतनीयोऽविचारितम्॥ ५८

जस-जसका गाउँका चारैतिर जति पनि शिवालय छन्, त्यहाँ-त्यहाँ सदैव विना कुनै विचार गरी दीयो बाल्नु पर्छ ॥ ५८ ॥

ममाज्ञाभंगदोषेण शिरश्छेत्स्याम्यसंशयम्।
इति तद्भयतो दीपा दीप्ताः प्रतिशिवालयम्॥ ५९

मेरो आज्ञाको उल्लंघनको दोषमा म निश्चय नै अपराधीको शिर काट्ने छु। यस प्रकार त्यस राजाको भयले प्रत्येक शिवमन्दिरमा दीयो बाल्न थालियो ॥ ५९ ॥

अनेनैव स धर्मेण यावज्जीवं दमो नृपः।
धर्मर्द्धिं महतीं प्राप्य कालधर्मवशं गतः॥ ६०

यस प्रकार जीवनपर्यन्त यसै धर्माचरणको पालनबाट राजा दमले धर्मको महान् समृद्धि प्राप्त गरी अन्तमा कालधर्मको गतिलाई प्राप्त गऱ्यो ॥ ६० ॥

स दीपवासनायोगाद् बहून्दीपान्प्रदीप्य वै।
अलकायाः पतिरभूद्रत्नदीपशिखाश्रयः॥ ६१

आफ्नो यस दीपवासनाको कारण शिवालयहरूमा थुप्रै दीयो प्रज्वलित गरी त्यो राजा [दोस्रो जन्ममा] रत्नमय दीयोका शिखाहरूलाई आश्रय दिने अलकापुरीको राजा कुबेर भयो ॥ ६१ ॥

एवं फलति कालेन शिवेऽल्पमपि यत्कृतम्।
इति ज्ञात्वा शिवे कार्यं भजनं सुसुखार्थिभिः॥ ६२

यस प्रकार भगवान् शंकरका लागि अल्पमात्र पनि गरिएका धार्मिक कृत्य समय आएपछि फलदायी हुन्छन्। यो जानेर उत्तम सुख चाहनेहरूले शिवको भजन गर्नुपर्छ ॥ ६२ ॥

क्व स दीक्षितदायादः सर्वधर्मारतिः सदा।
शिवालये दैवयोगाद्यातश्चोरयितुं वसु।
स्वार्थदीपदशोद्योतलिंगमौलितमोहरः॥ ६३

कहाँ सबै धर्महरूबाट सधैँ टाढा रहने दीक्षितको पुत्र र कहाँ दैवयोगले धन चोर्नको लागि शिवमन्दिरमा उसको प्रवेश एवं स्वार्थवश दीयोको वर्तिकालाई बालेर शिवलिंगको शिरमा छाएको अन्धकारलाई हटाउनका लागि गरिएको उसको पुण्य। [जसको प्रभावले] उसले कलिंगदेशको राज्य प्राप्त गऱ्यो र सदैव धर्ममा अनुरक्त रहन लाग्यो। पूर्वजन्मका संस्कार उदय हुनाको कारण नै शिवालयमा सम्यक् रूपले मात्र दीयोलाई बालेर उसले यो दिक्पाल कुबेरको महान् पदवी प्राप्त गऱ्यो। हे मुनीश्वर! हेर्नुहोस् यो मनुष्यधर्मा यस समय यस लोकमा रहेर यसको भोग गरिरहेको छ॥ ६३—६५ ॥

कलिंगविषये राज्यं प्राप्तो धर्मरतिं सदा।
शिवालये समुद्दीप्य दीपान्प्राग्वासनोदयात्॥ ६४

क्वैषा दिक्पालपदवी मुनीश्वर विलोकय।
मनुष्यधर्मिणानेन सांप्रतं येह भुज्यते॥ ६५

इति प्रोक्तं गुणनिधेर्यज्ञदत्तात्मजस्य हि।
चरितं शिवसंतोषं शृण्वतां सर्वकामदम्॥ ६६

यस प्रकार यज्ञदत्तको पुत्र गुणनिधिको चरित्रको वर्णन गरिदिएँ, जुन शिवलाई प्रसन्न पार्ने खालको छ र जसलाई सुन्नेहरूका सबै कामनाहरू पूर्ण हुन्छन् ॥ ६६ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वदेवशिवेनासौ सखित्वं च यथेयिवान्।
तदप्येकमना भूत्वा शृणु तात ब्रवीमि ते॥ ६७

गुणनिधिले सर्वदेवमय भगवान् सदाशिवबाट जुन प्रकार मित्रता प्राप्त गरे, अब म त्यसको वर्णन तपाईंसित गरिरहेका छु। हे तात! एकाग्रचित्त भएर सुन्नुहोस्॥ ६७॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां प्रथमखण्डे सृष्ट्युपाख्याने कैलासगमनोपाख्याने गुणनिधिसद्गतिवर्णनं नामाष्टादशोऽध्यायः॥ १८॥

॥ यस प्रकार श्रीशिवमहापुराण अन्तर्गत द्वितीय रुद्रसंहिताको प्रथम खण्डमा सृष्टि-उपाख्यान अन्तर्गत कैलासगमन-उपाख्यानमा गुणनिधिसद्गतिवर्णन नामक अठारौँ अध्याय पूर्ण भयो॥ १८॥

अथैकोनविंशोऽध्यायः

कुबेर काशीपुरीमा आएर तप गर्नु, तपस्याबाट प्रसन्न उमासहित भगवान् विश्वनाथ प्रकट भई उसलाई दर्शन दिनु र अनेक वर प्रदान गर्नु, कुबेरद्वारा शिवमैत्री प्राप्त गर्नु

ब्रह्मोवाच

पाद्मे कल्पे मम पुरा ब्रह्मणो मानसात्सुतात्।
पुलस्त्याद्विश्रवा जज्ञे तस्य वैश्रवणः सुतः॥ १
तेनेयमलका भुक्ता पुरी विश्वकृता कृता।
आराध्य त्र्यंबकं देवमत्युग्रतपसा पुरा॥ २

व्यतीते तत्र कल्पे वै प्रवृत्ते मेघवाहने।
याज्ञदत्तिरसौ श्रीमान् तपस्तेपे सुदुःसहम्॥ ३

भक्तिप्रभावं विज्ञाय शंभोस्तद्दीपमात्रतः।
पुरा पुरारेः संप्राप्य काशिकां चित्प्रकाशिकाम्॥ ४

शिवैकादशमुद्बोध्य चित्तरत्नप्रदीपकैः।
अनन्यभक्तिस्नेहाढ्यस्तन्मयो ध्याननिश्चलः॥ ५

शिवैक्यं सुमहापात्रं तपोऽग्निपरिबृंहितम्।
कामक्रोधमहाविघ्नपतंगाघातवर्जितम्॥ ६

प्राणसंरोधनिर्वातं निर्मलं निर्मलेक्षणात्।
संस्थाप्य शांभवं लिंगं सद्भावकुसुमार्चितम्॥ ७

तावत्तताप स तपस्त्वगस्थिपरिशेषितम्।
यावद् बभूव तद्वर्ष्म वर्षाणामयुतं शतम्॥ ८

ब्रह्मा भन्नुहुन्छ—पहिलो पद्मकल्पको कुरा हो, म ब्रह्माको मानसपुत्र पुलस्त्यबाट विश्रवाको जन्म भयो र विश्रवाका पुत्र वैश्रवण कुबेर भए॥ १॥

उनले पूर्वकालमा अत्यन्त उग्र तपस्याद्वारा त्रिनेत्रधारी महादेवको आराधना गरी विश्वकर्माले बनाउनुभएको यस अलकापुरीको उपभोग गरे॥ २॥

त्यस कल्प व्यतीत भएपछि मेघवाहनकल्प आरम्भ भयो, त्यस समय ती यज्ञदत्तका पुत्र [कुबेरको रूपमा] अत्यन्त कठोर तपस्या गर्न लागे॥ ३॥

दीपदानमात्रले पाइने शिवभक्तिको प्रभावलाई जानेर शिवको चित्प्रकाशिका काशिकापुरीमा गएर आफ्नो चित्तरूपी रत्नमय बत्तिहरूद्वारा एघार रुद्रहरूलाई उद्‌बोधित गरी अनन्य भक्ति एवं स्नेहले सम्पन्न भई त्यो तन्मयतापूर्वक शिवको ध्यानमा मगन भएर निश्चलभावले बस्यो॥ ४-५॥

जो शिवसित एकताको महान् पात्र छ, तपरूपी अग्निले बढेको छ, काम-क्रोधादि महाविघ्नरूपी किराहरूको आघातबाट शून्य छ, प्राणनिरोधरूपी वायुशून्य स्थानमा निश्चलभावले प्रकाशित छ, निर्मल दृष्टिको कारण स्वरूपबाट पनि निर्मल छ तथा सद्भावरूपी पुष्पहरूबाट पूजित छ—यस्तो शिवलिंगको प्रतिष्ठा गरी त्यो तबसम्म तपस्यामा लागिरह्यो, जबसम्म उसको शरीरमा केवल अस्थि र चर्ममात्र अवशिष्ट रहन गयो। यस प्रकार उसले दस हजार वर्षसम्म तपस्या गर्‍यो॥ ६—८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization ...

ततः सह विशालाक्ष्या देवो विश्वेश्वरः स्वयम्।
अलकापतिमालोक्य प्रसन्नेनान्तरात्मना॥ ९

लिंगे मनः समाधाय स्थितं स्थाणुस्वरूपिणम्।
उवाच वरदोऽस्मीति तदाचक्ष्वालकापते॥ १०

उन्मील्य नयने यावत्स पश्यति तपोधनः।
तावदुद्यत्सहस्रांशुसहस्राधिकतेजसम् ॥ ११

पुरो ददर्श श्रीकंठं चन्द्रचूडमुमाधवम्।
तत्तेजःपरिभूताक्षितेजाः संमील्य लोचने॥ १२

उवाच देवदेवेशं मनोरथपदातिगम्।
निजाङ्घ्रिदर्शने नाथ दृक्सामर्थ्यं प्रयच्छ मे॥ १३

अयमेव वरो नाथ यत्त्वं साक्षान्निरीक्ष्यसे।
किमन्येन वरेणेश नमस्ते शशिशेखर॥ १४

इति तद्वचनं श्रुत्वा देवदेव उमापतिः।
ददौ दर्शनसामर्थ्यं स्पृष्ट्वा पाणितलेन तम्॥ १५

प्रसार्य नयने पूर्वमुमामेव व्यलोकयत्।
ततोऽसौ याज्ञदत्तिस्तु तत्सामर्थ्यमवाप्य च॥ १६

शंभोः समीपे का योषिदेषा सर्वांगसुन्दरी।
अनया किं तपस्तप्तं ममापि तपसोऽधिकम्॥ १७

अहो रूपमहो प्रेम सौभाग्यं श्रीरहो भृशम्।
इत्यवादीदसौ पुत्रो मुहुर्मुहुरतीव हि॥ १८

क्रूरदृग्वीक्षते यावत्पुनः पुनरिदं वदन्।
तावत्पुस्फोट तन्नेत्रं वामं वामाविलोकनात्॥ १९

अथ देव्यब्रवीद्देवं किमसौ दुष्टतापसः।
असकृद्वीक्ष्य मां वक्ति वद त्वं मे तपःप्रभाम्॥ २०

त्यसपछि शिवलिंगमा मनलाई एकाग्र गरी वृक्षको ठुटो झैं स्थिरभावले बसेका अलकापुरीका स्वामीलाई हेरेर विशालाक्षी पार्वतीदेवीका साथ भगवान् विश्वनाथ स्वयंले प्रसन्न भएर भन्नुभयो—हे अलकापति! म वर दिनका लागि उद्यत छु, तिमी आफ्नो मनको कुरा भन—॥ ९-१०॥

ती तपोनिधिले जब आफ्नो नेत्रे खोलेर हेरे, तब उनले उदाउन लागेका हजार किरण भएका हजार सूर्यभन्दा पनि तेजस्वी श्रीकण्ठ उमावल्लभ भगवान् चन्द्रशेखरलाई आफ्नो सामुन्ने देखे। उहाँको तेजबाट तिर्मिराएका तेजस्वी कुबेरले त्यो तेजलाई सहन नसकेर आँखा बन्द गरी मनका लागि अगोचर देवेश्वर भगवान् शंकरसित भन्न लागे कि हे नाथ! हजुरका चरणहरूको दर्शनका लागि मलाई दृष्टिसामर्थ्य प्रदान गर्नुहोस्। हे नाथ! म यही वर चाहन्छु कि हजुरको साक्षात् दर्शन प्राप्त गर्न सकुँ। हे ईश! अरू वरबाट के लाभ छ? हे शशिशेखर! हजुरलाई प्रणाम छ॥ ११—१४॥

उनको यो कुरा सुनेर देवाधिदेव उमापतिले आफ्ना हत्केलाले उनलाई स्पर्श गरी आफ्नो दर्शनको शक्ति प्रदान गर्नुभयो॥ १५॥

दर्शन शक्ति पाएपछि यज्ञदत्तको त्यस पुत्रले आँखा खोलेर पहिला उमातिर नै हेर्न आरम्भ गर्‍यो॥ १६॥

त्यो मन-मनै सोच्न लाग्यो, भगवान् शंकरका समीप यी सर्वांगसुन्दरी स्त्री को हुन्? यिनले मेरो तपभन्दा पनि धेरै कुनचाहिँ तप गरेकी छिन्॥ १७॥

यो रूप, यो प्रेम, यो सौभाग्य र यो असीम शोभा—सबै अद्भुत छ, त्यो ब्राह्मणकुमार पटक-पटक यही भन्न लाग्यो॥ १८॥

पटक-पटक यही भन्दै जब त्यो क्रूरदृष्टिले उहाँतिर हेर्न लाग्यो, तब पार्वतीको अवलोकनबाट त्यसको बाँया आँखा फुट्यो॥ १९॥

त्यसपछि देवी पार्वतीले महादेवसित भन्नुभयो—[हे प्रभु!] यो दुष्ट तपस्वी पटक-पटक मतिर हेरेर के भनिरहेको छ? हजुर मेरो तपस्याको तेजलाई प्रकट गर्नुहोस्॥ २०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

असकृद्दक्षिणेनाक्ष्णा पुनर्मामेव पश्यति।
असूयमानो मे रूपप्रेमसौभाग्यसंपदः॥ २१

इति देवीगिरं श्रुत्वा प्रहस्य प्राह तां प्रभुः।
उमे त्वदीयः पुत्रोऽयं न च क्रूरेण चक्षुषा॥ २२

सम्पश्यति तपोलक्ष्मीं तव किं त्वधिवर्णयेत्।
इति देवीं समाभाष्य तमीशः पुनरब्रवीत्॥ २३
वरान्ददामि ते वत्स तपसानेन तोषितः।
निधीनामथ नाथस्त्वं गुह्यकानां भवेश्वरः॥ २४
यक्षाणां किन्नराणां च राज्ञां राजा च सुव्रत।
पतिः पुण्यजनानां च सर्वेषां धनदो भव॥ २५

मया सख्यं च ते नित्यं वत्स्यामि च तवान्तिके।
अलकां निकषा मित्र तव प्रीतिविवृद्धये॥ २६

आगच्छ पादयोरस्याः पत ते जननी त्वियम्।
याज्ञदत्ते महाभक्त सुप्रसन्नेन चेतसा॥ २७

ब्रह्मोवाच

इति दत्त्वा वरान्देवः पुनराह शिवां शिवः।
प्रसादं कुरु देवेशि तपस्विन्यंगजेऽत्र वै॥ २८

इत्याकर्ण्य वचः शंभोः पार्वती जगदम्बिका।
अब्रवीद्याज्ञदत्तिं तं सुप्रसन्नेन चेतसा॥ २९

देव्युवाच

वत्स ते निर्मला भक्तिर्भवे भवतु सर्वदा।
भवैकपिंगो नेत्रेण वामेन स्फुटितेन ह॥ ३०

देवेन दत्ता ये तुभ्यं वराः सन्तु तथैव ते।
कुबेरो भव नाम्ना त्वं मम रूपेर्ष्यया सुत॥ ३१

इति दत्त्वा वरान्देवो देव्या सह महेश्वरः।
धनदायाविवेशाथ धाम वैश्वेश्वराभिधम्॥ ३२

यसले पुनः आफ्नो दाहिने नेत्रबाट पटक-पटक मलाई हेरिरहेको छ, निश्चय नै यो मेरो रूप, प्रेम र सौन्दर्यको सम्पदासित ईर्ष्या गर्नेवाला हो॥ २१॥

देवीका यी कुरा सुनेर भगवान् शिवले हाँस्दै उहाँसित भन्नुभयो—हे उमा! यो तिम्रो पुत्र हो, यसले तिमीलाई क्रूरदृष्टिले हेरिरहेको छैन, अपितु तिम्रो तपःसम्पत्तिको वर्णन गरिरहेको छ॥ २२॥

देवीसित यस्तो भनेर भगवान् शिवले पुनः त्यस [ब्राह्मणकुमार]-लाई भन्नुभयो—हे वत्स! म तिम्रो तपस्याबाट सन्तुष्ट भएर तिमीलाई वर दिन्छु। तिमी निधिहरूका स्वामी र गुह्यहरूका राजा हुने छौ॥ २३-२४॥

हे सुव्रत! तिमी यक्ष, किन्नर र राजाहरूका पनि राजा, पुण्यजनहरूका पालक र सबका लागि धनको दाता हुने छौ॥ २५॥

मेरो साथ सदा तिम्रो मैत्री बनिरहने छ र हे मित्र! तिम्रो प्रीति बढाउनका लागि म अलकाको नजिकै रहने छु। नित्य तिम्रो निकट निवास गर्ने छु। हे महाभक्त यज्ञदत्त-कुमार! आऊ यी उमादेवीको चरणहरूमा प्रसन्न मनले प्रणाम गर, यी तिम्री माता हुन्॥ २६-२७॥

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] यस प्रकार वर दिएर भगवान् शिवले देवी पार्वतीसित पुनः भन्नुभयो—हे देवेश्वरी! तपस्विनी! पुत्रमाथि कृपा गर। यो तिम्रो पुत्र हो॥ २८॥

भगवान् शंकरका यी कथन सुनेर जगदम्बा पार्वती अति प्रसन्नचित्तले त्यस यज्ञदत्तकुमारसित भन्नलागनुभयो—॥ २९॥

देवी भन्नुहुन्छ—हे वत्स! भगवान् शिवमा तिम्रो सदा निर्मल भक्ति बनिरहोस्। तिम्रो बाँया आँखा त फुटि नै गयो। यसैले एउटै पहेँलो नेत्रले युक्त रहनू। महादेवले तिमीलाई जुन वर दिनुभएको छ, त्यो सब त्यसै रूपमा तिमीलाई सुलभ होस्। हे पुत्र! मेरो रूपप्रति ईर्ष्या गरेका कारण तिमी कुबेर नामले प्रसिद्ध हुने छौ॥ ३०-३१॥

यस प्रकार कुबेरलाई वर दिएर भगवान् महेश्वर पार्वतीदेवीका साथ आफ्नो वैश्वेश्वर नामक धाममा प्रस्थान गर्नुभयो॥ ३२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitiz...

इत्थं सखित्वं श्रीशंभोः प्रापैष धनदः पुरम्।
अलकान्निकषा चासीत्कैलासः शंकरालयः॥ ३३

यसरी कुबेरले भगवान् शंकरको मैत्री प्राप्त गरे र अलकापुरीको नजिक जुन कैलास पर्वत छ, त्यो भगवान् शंकरको निवास भयो॥ ३३॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां प्रथमखण्डे कैलासगमनोपाख्याने कुबेरस्य शिवमित्रत्ववर्णनं नामैकोनविंशोऽध्यायः॥ १९॥

॥ यस प्रकार श्रीशिवमहापुराण अन्तर्गत द्वितीय रुद्रसंहिताको प्रथम खण्डमा सृष्टि-उपाख्यानमा कैलासगमनोपाख्यानमा कुबेरको शिवमैत्रीको वर्णन नामक उन्नाइसौँ अध्याय पूर्ण भयो॥ १९॥

अथ विंशोऽध्यायः

भगवान् शिवको कैलास पर्वतमा गमन तथा सृष्टिखण्डको उपसंहार

ब्रह्मोवाच

नारद त्वं शृणु मुने शिवागमनमुत्तमम्।
कैलासे पर्वतश्रेष्ठे कुबेरस्य तपोबलात्॥ १

ब्रह्मा भन्नुहुन्छ—हे नारद! हे मुनि! कुबेरको तपोबलले भगवान् शिवको जुन प्रकार पर्वतश्रेष्ठ कैलासमा शुभागमन भयो, त्यो प्रसंग सुन्नुहोस्॥ १॥

निधिपत्ववरं दत्त्वा गत्वा स्वस्थानमुत्तमम्।
विचिन्त्य हृदि विश्वेशः कुबेरवरदायकः॥ २

कुबेरलाई वर दिनुहुने विश्वेश्वर शिव जब उनलाई निधिपति हुने वर दिएर आफ्नो उत्तम स्थानमा जानुभयो, तब उहाँले मन-मनै यस प्रकार विचार गर्नुभयो॥ २॥

विध्यङ्गजस्स्वरूपो मे पूर्णः प्रलयकार्यकृत्।
तद्रूपेण गमिष्यामि कैलासं गुह्यकालयम्॥ ३

ब्रह्माको ललाटबाट जसको प्रादुर्भाव भएको छ तथा जो प्रलयको कार्य सम्हाल्छन्, ती रुद्र मेरो पूर्ण स्वरूप हुन्। अतः उनैको रूपमा म गुह्यहरूको निवासस्थान कैलास पर्वतमा जाने छु॥ ३॥

रुद्रो हृदयजो मे हि पूर्णांशो ब्रह्म निष्कलः।
हरिब्रह्मादिभिः सेव्यो मदभिन्नो निरञ्जनः॥ ४

रुद्र मेरो हृदयबाट नै प्रकट भएका हुन्। ती पूर्णावतार निष्कल, निरंजन, ब्रह्म हुन् र मसित अभिन्न छन्। हरि, ब्रह्मा आदि देवले उनको सेवा गर्ने गर्छन्॥ ४॥ उनैको रूपमा म कुबेरको मित्र बनेर त्यसै पर्वतमा विलासपूर्वक रहने छु र महान् तपस्या गर्ने छु॥ ५॥

तत्स्वरूपेण तत्रैव सुहृद्भूत्वा विलास्यहम्।
कुबेरस्य च वत्स्यामि करिष्यामि तपो महत्॥ ५

इति सञ्चिन्त्य रुद्रोऽसौ शिवेच्छां गन्तुमुत्सुकः।
ननाद तत्र ढक्कां स्वां सुगतिं नादरूपिणीम्॥ ६

शिवले यस इच्छाको चिन्तन गरी ती रुद्रदेवले कैलास जानका लागि उत्सुक भई उत्तम गति दिने नादस्वरूप आफ्नो डमरू बजाउनुभयो॥ ६॥

त्रैलोक्यामानशे तस्या ध्वनिरुत्साहकारकः।
आह्वानगतिसंयुक्तो विचित्रः सान्द्रशब्दकः॥ ७

त्यसको उत्साहवर्धक ध्वनि तीनै लोकमा व्याप्त भयो। त्यसका विचित्र एवं गम्भीर शब्द आह्वानको गतिले युक्त थियो अर्थात् सुन्नेहरूलाई आफ्नो नजिक आउनका लागि प्रेरणा दिइरहेको थियो॥ ७॥

तच्छ्रुत्वा विष्णुब्रह्माद्याः सुराश्च मुनयस्तथा।
आगमा निगमा मूर्ताः सिद्धा जग्मुश्च तत्र वै॥ ८

त्यस ध्वनिलाई सुनेर ब्रह्मा, विष्णु आदि सबै देवता, ऋषि, मूर्तिमान् आगम, निगम तथा सिद्ध त्यहाँ आइपुगे॥ ८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुरासुराद्याः सकलास्तत्र जग्मुश्च सोत्सवाः।
सर्वेऽपि प्रमथा जग्मुर्यत्र कुत्रापि संस्थिताः॥ ९

देवता र असुर सबै बडो उत्साहले भरिएर त्यहाँ आए। भगवान् शिवका समस्त पार्षद जहाँ-कहाँ पनि थिए, त्यहाँबाट त्यस स्थानमा पुगे॥ ९॥

गणपाश्च महाभागाः सर्वलोकनमस्कृताः।
तेषां सङ्ख्यामहं वच्मि सावधानतया शृणु॥ १०

सर्वलोकवन्दित महाभाग समस्त गणपाल पनि त्यस स्थानमा जानका लागि उद्यत भए। उनीहरूको संख्या म बताइरहेको छु, सावधान भएर सुन्नुहोस्॥ १०॥

अभ्ययाच्छङ्खकर्णश्च गणकोट्या गणेश्वरः।
दशभिः केकराक्षश्च विकृतोऽष्टाभिरेव च॥ ११

शङ्खकर्ण नामका गणेश्वर एक करोड गणका साथ, केकराक्ष दस करोड र विकृत आठ करोड गणका साथ जानका लागि एकत्रित भए॥ ११॥

चतुःषष्ट्या विशाखश्च नवभिः पारियात्रकः।
षड्भिः सर्वान्तकः श्रीमान्दुन्दुभोऽष्टाभिरेव च॥ १२

विशाख चौँसट्ठी करोड गणका साथ, पारियात्रक नौ करोड गणका साथ, सर्वान्तक छ करोड गणका साथ र श्रीमान् दुन्दुभ आठ करोड गणका साथ त्यहाँ प्रस्थानका लागि तयार भए॥ १२॥

जालंको हि द्वादशभिः कोटिभिर्गणपुंगवः।
सप्तभिः समदः श्रीमाँस्तथैव विकृताननः॥ १३

गणश्रेष्ठ जालंक बाह्र करोड गणका साथ, समद सात करोड गणका साथ र श्रीमान् विकृतानन पनि त्यति नै गणका साथ जानका लागि तयार भए॥ १३॥

पंचभिश्च कपाली हि षड्भिः सन्दारकः शुभः।
कोटिकोटिभिरेवेह कण्डुकः कुण्डकस्तथा॥ १४

कपाली पाँच करोड गणका साथ, मंगलकारी सन्दार आफ्ना छ करोड गणका साथ र कण्डुक तथा कुण्डक नामका गणेश्वर पनि एक-एक करोड गणका साथ गए॥ १४॥

विष्टंभोऽष्टाभिरगमदष्टभिश्चन्द्रतापनः ॥ १५

विष्टम्भ र चन्द्रतापन नामक गणाध्यक्ष पनि आ-आफ्ना आठ-आठ करोड गणका साथ कैलास प्रस्थानका लागि त्यहाँ आइपुगे॥ १५॥

महाकेशः सहस्रेण कोटीनां गणपो वृतः॥ १६

एक हजार करोड गणले घेरिएका महाकेश नामक गणपति पनि त्यहाँ आइपुगे॥ १६॥

कुण्डी द्वादशभिर्वाहस्तथा पर्वतकः शुभः।
कालश्च कालकश्चैव महाकालः शतेन वै॥ १७

कुण्डी बाह्र करोड गणका साथ र वाह, श्रीमान् पर्वतक, काल, कालक एवं महाकाल नामका गणेश्वर सय करोड गणका साथ त्यहाँ पुगे॥ १७॥

अग्निकः शतकोट्या वै कोट्याभिमुख एव च।
आदित्यमूर्धा कोट्या च तथा चैव धनावहः॥ १८

अग्निक सय करोड, अभिमुख एक करोड आदित्यमूर्धा तथा धनावह पनि एक-एक करोड गणका साथ त्यहाँ आए॥ १८॥

सन्नाहश्च शतेनैव कुमुदः कोटिभिस्तथा।
अमोघः कोकिलश्चैव कोटिकोट्या सुमन्त्रकः॥ १९

सन्नाह तथा कुमुद सय-सय करोड गणका साथ र अमोघ, कोकिल एवं सुमन्त्रक एक-एक करोड गणका साथ आए॥ १९॥

काकपादोऽपरः षष्ट्या षष्ट्या सन्तानकः प्रभुः।

काकपाद नामको एउटा अर्को गण साठी करोड र सन्तानक नामका गणेश्वर पनि साठी करोड गणलाई साथ लिएर जानका लागि त्यहाँ आए

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitized

महाबलश्च नवभिर्मधुपिंगश्च पिंगलः ॥ २०

महाबल, मधुपिंग तथा पिंगल नामक गणेश्वर नौ-नौ करोड गण सहित त्यहाँ उपस्थित भए॥ २०॥

नीलो नवत्या देवेशं पूर्णभद्रस्तथैव च।
कोटीनां चैव सप्तानां चतुर्वक्त्रो महाबलः ॥ २१

नील एवं पूर्णभद्र नामक गणेश्वर पनि नब्बे-नब्बे करोड गणका साथ त्यहाँ आए। महाशक्तिशाली चतुर्वक्त्र नामका गणेश्वर सात करोड गणले घेरिएर कैलास जानका लागि त्यहाँ आइपुगे॥ २१॥

कोटिकोटिसहस्राणां शतैर्विंशतिभिर्वृतः।
तत्राजगाम सर्वेशः कैलासगमनाय वै॥ २२

एक सय बीस हजार करोड गणले ढाकिएर सर्वेश नामका गणेश्वर पनि कैलास जानका लागि त्यहाँ आइपुगे॥ २२॥

काष्ठागूढश्चतुःषष्ट्या सुकेशो वृषभस्तथा।
कोटिभिः सप्तभिश्चैत्रो नकुलीशस्स्वयं प्रभुः ॥ २३

काष्ठागूढ, सुकेश तथा वृषभ नामक गणपति चौँसठ्ठी करोड, चैत्र र स्वामी नकुलीश स्वयं सात करोड गणका साथ कैलासगमनका लागि आए॥ २३॥

लोकान्तकश्च दीप्तात्मा तथा दैत्यान्तकः प्रभुः।
देवो भृंगी रिटिः श्रीमान्देवदेवप्रियस्तथा॥ २४
अशनिर्भानुकश्चैव चतुःषष्ट्या सनातनः।
नन्दीश्वरो गणाधीशः शतकोट्या महाबलः॥ २५

लोकान्तक, दीप्तात्मा, दैत्यान्तक, प्रभु, देव, भृंगी, श्रीमान् देवदेवप्रिय, रिटि, अशनि, भानुक तथा सनातन नामका गणपति चौँसठ्ठी-चौँसठ्ठी करोड गणका साथ त्यहाँ उपस्थित भए। नन्दीश्वर नामको महाबलवान् गणाधीश सय करोड गण सहित कैलास जानका लागि त्यहाँ आइपुगे॥ २४-२५॥

एते चान्ये च गणपा असंख्याता महाबलाः।
सर्वे सहस्रहस्ताश्च जटामुकुटधारिणः॥ २६

यी गणाधिपतिहरूका अतिरिक्त अरू धेरै असंख्य शक्तिशाली गणेश्वर त्यहाँ कैलास जानका लागि आइपुगे। ती सबै हजार हातहरू भएका थिए तथा जटा, मुकुट धारण गरेका थिए॥ २६॥

सर्वे चन्द्रावतंसाश्च नीलकण्ठास्त्रिलोचनाः।
हारकुण्डलकेयूरमुकुटाद्यैरलंकृताः ॥ २७

सबै गण चन्द्रमाको आभूषणले शोभायमान थिए, सबैको कण्ठ नीलो वर्णको थियो र ती तीन-तीन नेत्रहरूले युक्त थिए। सबै हार, कुण्डल, केयूर तथा मुकुट आदि आभूषणहरूले अलंकृत थिए॥ २७॥

ब्रह्मेन्द्रविष्णुसंकाशा अणिमादिगणैर्वृताः।
सूर्यकोटिप्रतीकाशास्तत्राजग्मुर्गणेश्वराः ॥ २८

ब्रह्मा, इन्द्र र विष्णु समान अणिमादि अष्ट महासिद्धिहरूले युक्त, करोडौँ सूर्य समान देदीप्यमान सबै गणेश्वर त्यहाँ आए॥ २८॥

एते गणाधिपाश्चान्ये महात्मानोऽमलप्रभाः।
जग्मुस्तत्र महाप्रीत्या शिवदर्शनलालसाः॥ २९

यी गणाध्यक्षहरूका अतिरिक्त निर्मल प्रभामण्डलले युक्त, महान् आत्मा भएका तथा भगवान् शिवको दर्शनको लालसाले परिपूर्ण अन्य अनेक गणाध्यक्ष अत्यन्त प्रसन्नताका साथ त्यहाँ पुगे॥ २९॥

गत्वा तत्र शिवं दृष्ट्वा नत्वा चक्रुः परां नुतिम्।
सर्वे साञ्जलयो विष्णुप्रमुखा नतमस्तकाः॥ ३०

विष्णु आदि प्रमुख समस्त देवता त्यहाँ गएर भगवान् सदाशिवलाई देखेर हात जोडेर नतमस्तक भएर उहाँको उत्तम स्तुति गर्न लागे॥ ३०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इति विष्णवादिभिः सार्धं महेशः परमेश्वरः।
कैलासमगमत्प्रीत्या कुबेरस्य महात्मनः॥ ३१

कुबेरोऽप्यागतं शंभुं पूजयामास सादरम्।
भक्त्या नानोपहारैश्च परिवारसमन्वितः॥ ३२

ततो विष्णवादिकान्देवान्गणांश्चान्यानपि ध्रुवम्।
शिवानुगान्समानर्च शिवतोषणहेतवे॥ ३३

अथ शम्भुः समालिंग्य कुबेरं प्रीतमानसः।
मूर्ध्नि चाघ्राय संतस्थावलकां निकषाखिलैः॥ ३४

शशास विश्वकर्माणं निर्माणार्थं गिरौ प्रभुः।
नानाभक्तनिवासाय स्वपरेषां यथोचितम्॥ ३५

विश्वकर्मा ततो गत्वा तत्र नानाविधां मुने।
रचनां रचयामास द्रुतं शम्भोरनुज्ञया॥ ३६
अथ शम्भुः प्रमुदितो हरिप्रार्थनया तदा॥ ३७
कुबेरानुग्रहं कृत्वा ययौ कैलासपर्वतम्।
सुमुहूर्ते प्रविश्यासौ स्वस्थानं परमेश्वरः॥ ३८
अकरोदखिलान्प्रीत्या सनाथान्भक्तवत्सलः।
अथ सर्वे प्रमुदिता विष्णुप्रभृतयः सुराः।
मुनयश्चापरे सिद्धा अभ्यषिञ्चन्मुदा शिवम्॥ ३९
समानर्चुः क्रमात्सर्वे नानोपायनपाणयः।
नीराजनं समाकार्षुर्महोत्सवपुरःसरम्॥ ४०

तदासीत्सुमनोवृष्टिर्मंगलायतना मुने।
सुप्रीता ननृतुस्तत्राप्सरसो गानतत्पराः॥ ४१

जयशब्दो नमः शब्दस्तत्रासीत्सर्वसंस्कृतः।
तदोत्साहो महानासीत्सर्वेषां सुखवर्धनः॥ ४२

स्थित्वा सिंहासने शंभुर्विरराजाधिकं तदा।
सर्वैः संसेवितोऽभीक्ष्णं विष्णवाद्यैश्च यथोचितम्॥ ४३

यस प्रकार विष्णु आदि देवताहरूका साथ परमेश्वर भगवान् महेश महात्मा कुबेरको प्रेममा वशीभूत भई कैलास प्रस्थान गर्नुभयो॥ ३१॥

कुबेरले पनि सपरिवार भक्तिपूर्वक नाना प्रकारका उपहारसहित त्यहाँ आउनुभएका भगवान् शम्भुको सादर पूजा गरे॥ ३२॥

तत्पश्चात् उनले शिवलाई सन्तुष्ट पार्नका लागि उहाँको अनुगमन गर्नुहुने विष्णु आदि देवताहरू र अन्यान्य गणेश्वरहरूको पनि विधिवत् पूजा गरे॥ ३३॥

[यसपछि उनको सेवालाई देखेर] अति प्रसन्नचित्त भगवान् शम्भुले कुबेरलाईआलिंगन गर्नुभयो र उनको शिर सुँघेर अलकापुरीको अति निकट नै आफ्ना समस्त अनुयायीहरूका साथ बस्नुभयो॥ ३४॥

त्यसपछि भगवान् शिवले विश्वकर्मालाई आफ्ना तथा अरू देवताका भक्तहरूका लागि त्यस पर्वतमा निवासका निम्ति यथोचित निर्माणकार्य गर्न आज्ञा दिनुभयो॥ ३५॥

हे मुनि! विश्वकर्माले शिवको आज्ञाले त्यहाँ गएर यथाशीघ्र नाना प्रकारका निवास निर्माण गरे॥ ३६॥

त्यस समय विष्णुको प्रार्थनाबाट शिव प्रसन्न हुनुभयो र कुबेरमाथि अनुग्रह गरी कैलासपर्वतमा प्रस्थान गर्नुभयो। शुभ मुहूर्तमा आफ्नो निवासस्थानमा प्रवेश गरी भक्तवत्सल ती परमेश्वरले आफ्नो प्रेमले सबैलाई सनाथ पार्नुभयो। प्रमुदित विष्णु आदि सबै देवता, मुनिगण र अन्य सिद्धजनहरूले मिलेर प्रेमपूर्वक सदाशिवको अभिषेक गरे॥ ३७—३९॥

हातहरूमा नाना प्रकारका उपहार लिएर सबैले क्रमशः उहाँको पूजा गरे र धेरै महोत्सवका साथ [अगाडि उभिएर] उहाँको आरती गरे॥ ४०॥

हे मुनि! त्यस समय [आकाशबाट] मंगलसूचक पुष्पवृष्टि हुन लाग्यो र अत्यन्त प्रसन्न भएर गान गर्दै अप्सराहरू नाच्न लागे॥ ४१॥ सबैतिर जय-जयकार र नमस्कारको सुसंस्कृत शब्द गुञ्जन लाग्यो। त्यस समय चारैतिर एउटा महान् उत्साह व्याप्त थियो, जसले सबैको आनन्दलाई बढाइरहेको थियो॥ ४२॥

त्यस समय सिंहासनमा विराजित भई भगवान् सदाशिव अत्यन्त सुशोभित भइरहनुभएको थियो र विष्णु आदि सबैजना वारम्वार उहाँको यथोचित सेवा गरिरहेका थिए॥ ४३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digiti...

अथ सर्वे सुराद्याश्च तुष्टुवुस्तं पृथक्पृथक्।
अर्थ्याभिर्वाग्भिरिष्टाभिः शंकरं लोकशंकरम्॥ ४४

सबै देवताहरूले पृथक्-पृथक् रूपमा अर्थपूर्ण वाणी र अभीष्ट वस्तुहरूले लोकमंगलकारी भगवान् शंकरको स्तुति-वन्दना गरे॥ ४४॥

प्रसन्नात्मा स्तुतिं श्रुत्वा तेषां कामान्ददौ शिवः।
मनोभिलषितान्प्रीत्या वरान्सर्वेश्वरः प्रभुः॥ ४५

प्रसन्नचित्त सर्वेश्वर स्वामी सदाशिवले उनीहरूको स्तुति सुनेर प्रेमपूर्वक मनोवांछित वर प्रदान गर्नुभयो॥ ४५॥

शिवाज्ञयाथ ते सर्वे स्वं स्वं धाम ययुर्मुने।
प्राप्तकामाः प्रमुदिता अहं च विष्णुना सह॥ ४६

[हे मुनि!] अभीष्ट कामनाहरूबाट परिपूर्ण, प्रसन्नचित्त ती सबै [देव, मुनि र सिद्धजन] भगवान् शिवको आज्ञाले आ-आफ्ना धाममा प्रस्थान गरे। म पनि विष्णुकासाथ प्रसन्नतापूर्वक जानका लागि उद्यत भएँ॥ ४६॥

उपवेश्यासने विष्णुं मां च शम्भुरुवाच ह।
बहु सम्बोध्य सुप्रीत्यानुगृह्य परमेश्वरः॥ ४७

त्यसैबेला श्रीविष्णु र मलाई आसनमा बसाएर परमेश्वर शम्भु ज्यादै प्रेमले धेरै सम्झाएर अनुग्रह गरी भन्न लाग्नुभयो— ॥ ४७॥

शिव उवाच

हे हरे हे विधे तातौ युवां प्रियतरौ मम।
सुरोत्तमौ त्रिजगतोऽवनसर्गकरौ सदा॥ ४८
गच्छतं निर्भयं नित्यं स्वस्थानं च मदाज्ञया।
सुखप्रदाताहं वै वां विशेषात्प्रेक्षकः सदा॥ ४९

शिव भन्नुहुन्छ—हे हरि! हे विधि! हे तात! सदैव तीनवटै लोकको सृजना र संरक्षण गर्नुहुने हे सुरश्रेष्ठ! तपाईं दुवै मलाई अत्यन्त प्रिय हुनुहुन्छ॥ ४८॥

अब तपाईं दुवै निर्भय भएर मेरो आज्ञाले आ-आफ्नो स्थानमा जानुहोस्। म सदा तपाईं दुवैलाई सुख प्रदान गर्नेवाला हुँ र विशेष रूपले तपाईं दुवैको सुख-दुःखलाई हेरिरहन्छु॥ ४९॥

इत्याकर्ण्य वचः शम्भोः सुप्रणम्य तदाज्ञया।
अहं हरिश्च स्वं धामागमाव प्रीतमानसौ॥ ५०

भगवान् सदाशिवका वचनलाई सुनेर म र विष्णु दुवै प्रेमपूर्वक प्रणाम गरी प्रसन्नचित्त भएर उहाँको आज्ञाले आ-आफ्नो धाममा फर्किआयौँ॥ ५०॥

तदानीमेव सुप्रीतः शंकरो निधिपं मुदा।
उपवेश्य गृहीत्वा तं कर आह शुभं वचः॥ ५१

त्यसै समय प्रसन्नचित्त भगवान् शंकरले निधिपति कुबेरको हात समातेर उहाँले आफ्नो नजिकै बसालेर यो शुभ वाक्य भन्न लाग्नुभयो— ॥ ५१॥

तव प्रेम्णा वशीभूतो मित्रतामगमं सखे।
स्वस्थानं गच्छ विभयः सहायोऽहं सदानघ॥ ५२

हे मित्र! तिम्रो प्रेमको वशीभूत भएर म तिम्रो मित्र बनेको छु। हे पुण्यात्मन्! भयरहित भएर तिमी आफ्नो स्थानमा जाऊ; म सधैँ तिम्रो सहायक हुँ॥ ५२॥

इत्याकर्ण्य वचः शम्भोः कुबेरः प्रीतमानसः।
तदाज्ञया स्वकं धाम जगाम प्रमुदान्वितः॥ ५३

भगवान् शम्भुका यी वचनलाई सुनेर प्रसन्नचित्त कुबेर उहाँको आज्ञाले प्रसन्नतापूर्वक आफ्नो धाममा गए॥ ५३॥

स उवास गिरौ शम्भुः कैलासे पर्वतोत्तमे।
सगणो योगनिरतः स्वच्छन्दो ध्यानतत्परः॥ ५४

योगपरायण, सबै प्रकारबाट स्वच्छन्द तथा सदा ध्यानमग्न रहनुहुने भगवान् शिव आफ्ना गणका साथ त्यस पर्वतश्रेष्ठ कैलासमा निवास गर्न लाग्नुभयो॥ ५४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्वचिद्दध्यौ स्वमात्मानं क्वचिद्योगरतोऽभवत्।
इतिहासं गणान्प्रीत्यावादीत्स्वच्छन्दमानसः ॥ ५५

क्वचित्कैलासकुधरसुस्थानेषु महेश्वरः।
विजहार गणैः प्रीत्या विविधेषु विहारवित्॥ ५६

कहिले उहाँ आफ्नै आत्मस्वरूप ब्रह्मको चिन्तन गर्नुहुन्थ्यो। कहिले योगमा तल्लीन रहनुहुन्थ्यो, कहिले स्वच्छन्द मनले प्रेमपूर्वक आफ्ना गणलाई इतिहास सुनाउनुहुन्थ्यो र कहिले विहार गर्नमा चतुर भगवान् महेश्वर आफ्ना गणका साथ कैलास पर्वतको बाङ्गो-टिङ्गो, खाल्डा-खुल्डी गुफाहरू तथा कन्दराहरूमा र अनेकौँ सुरम्य स्थानहरूमा प्रसन्नचित्त भएर विचरण गर्नुहुन्थ्यो॥ ५५-५६॥

इत्थं रुद्रस्वरूपोऽसौ शंकरः परमेश्वरः।
अकार्षीत्स्वगिरौ लीला नाना योगिवरोऽपि यः॥ ५७

यस प्रकार रुद्र-स्वरूप परमेश्वर भगवान् शंकर जो नाना प्रकारका योगीहरूमा पनि सर्वश्रेष्ठ हुनुहुन्छ, उहाँले आफ्नो त्यस पर्वतमा अनेकौँ लीला गर्नुभयो॥ ५७॥

नीत्वा कालं कियन्तं सोऽपत्नीकः परमेश्वरः।
पश्चादवाप स्वां पत्नीं दक्षपत्नीसमुद्भवाम्॥ ५८

यस प्रकार विना पत्नी रहँदै परमेश्वर सदाशिवले आफ्नो केही समय व्यतीत गरी पछि दक्षपत्नीबाट उत्पन्न सतीलाई पत्नीको रूपमा प्राप्त गर्नुभयो॥ ५८॥

विजहार तया सत्या दक्षपुत्र्या महेश्वरः।
सुखी बभूव देवर्षे लोकाचारपरायणः॥ ५९

त्यसपछि हे देवर्षि! महेश्वर ती दक्षपुत्री सतीका साथ विहार गर्न लाग्नुभयो। यस प्रकार [सतीका साथ पतिरूपमा] लोकाचारपरायण रहँदै उहाँ ज्यादै सुखी हुनुहुन्थ्यो॥ ५९॥

इत्थं रुद्रावतारस्ते वर्णितोऽयं मुनीश्वर।
कैलासागमनं चास्य सखित्वं निधिपस्य हि॥ ६०

तदन्तर्गतलीलापि वर्णिता ज्ञानवर्धिनी।
इहामुत्र च या नित्यं सर्वकामफलप्रदा॥ ६१

हे मुनीश्वर! यस प्रकार मैले तपाईंलाई रुद्रको अवतारको वर्णन गरेँ। मैले उहाँको कैलास-आगमन र कुबेरका साथ उहाँको मित्रताको प्रसंग पनि भनिदिएँ। कैलास अन्तर्गत हुने उहाँका ज्ञानवर्धिनी लीलाको पनि वर्णन गरिदिएँ, जुन यस लोक र परलोकमा सदैव सबै मनोवांछित फल प्रदान गर्ने खालको छ॥ ६०-६१॥

इमां कथां पठेद्यस्तु शृणुयाद्वा समाहितः।
इह भुक्तिं समासाद्य लभेन्मुक्तिं परत्र सः॥ ६२

जसले एकाग्रचित्त भएर यस कथालाई सम्यक् रूपले पढ्छ अथवा सुन्छ, त्यसले यस लोकमा सुख भोगेर परलोकमा मुक्ति प्राप्त गर्छ॥ ६२॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां प्रथमखण्डे सृष्ट्युपाख्याने कैलासोपाख्याने शिवस्य कैलासगमनं नाम विंशोऽध्यायः॥ २०॥

॥ यस प्रकार श्रीशिवमहापुराण अन्तर्गत द्वितीय रुद्रसंहिताको प्रथम खण्डमा सृष्टि-उपाख्यानको कैलासोपाख्यानमा शिवकैलासगमन नामक बीसौँ अध्याय पूर्ण भयो॥ २०॥

॥ इति श्रीशिवमहापुराणे द्वितीयरुद्रसंहितायां प्रथमः सृष्टिखण्डः समाप्तः॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitiz...

॥ ॐ श्रीसाम्बशिवाय नमः ॥ ॥ ॐ श्रीगणेशाय नमः ॥

श्रीशिवमहापुराणम्

द्वितीयायां रुद्रसंहितायां द्वितीयः सतीखण्डः

अथ प्रथमोऽध्यायः

सती चरित्र वर्णन, दक्षयज्ञ विध्वंसको संक्षिप्त वृत्तान्त तथा सतीले पार्वतीरूपमा हिमालयकहाँ जन्म लिनु

नारद उवाच

विधे सर्वं विजानासि कृपया शङ्करस्य च।
त्वयाद्भुता हि कथिताः कथा मे शिवयोः शुभाः॥ १

नारद भन्नुहुन्छ—हे विधि! भगवान् शंकरको कृपाले हजुर सबथोक जान्नुहुन्छ। हजुरले शिव र पार्वतीका धेरै अद्भुत तथा मंगलकारी कथाहरू भन्नुभयो॥ १॥

त्वन्मुखाम्भोजसंवृत्तां श्रुत्वा शिवकथां पराम्।
अतृप्तो हि पुनस्तां वै श्रोतुमिच्छाम्यहं प्रभो॥ २

हजुरका मुखारविन्दबाट निक्लिएका शम्भुका श्रेष्ठ कथालाई सुनेर म अतृप्त नै छु, हे प्रभु! म त्यसलाई पुनः सुन्न चाहन्छु॥ २॥

पूर्णांशः शङ्करस्यैव यो रुद्रो वर्णितः पुरा।
विधे त्वया महेशानः कैलासनिलयो वशी॥ ३

स योगी सर्वविष्ण्वादिसुरसेव्यः सतां गतिः।
निर्द्वन्द्वः क्रीडति सदा निर्विकारो महाप्रभुः॥ ४

हे विधि! पहिला हजुरले शंकरको पूर्णांश महेशान, कैलासवासी तथा जितेन्द्रिय जुन रुद्रको वर्णन गर्नुभयो, ती योगी जितेन्द्रिय विष्णु आदि सबै देवताहरूबाट सेवाका योग्य, संतहरूका परम गति, निर्विकार महाप्रभु निर्द्वन्द्व भएर सदैव क्रीडा गर्दै रहनुहुन्थ्यो॥ ३-४॥

सोऽभूत्पुनर्गृहस्थश्च विवाह्य परमां स्त्रियम्।
हरिप्रार्थनया प्रीत्या मङ्गलां सुतपस्विनीम्॥ ५

विष्णुको प्रार्थनाबाट प्रसन्न भएर ती मंगलमयी परमतपस्विनी तथा श्रेष्ठ स्त्रीसित विवाह गरी गृहस्थ बन्नुभयो॥ ५॥

प्रथमं दक्षपुत्री सा पश्चात्सा पर्वतात्मजा।
कथमेकशरीरेण द्वयोरप्यात्मजा मता॥ ६

सर्वप्रथम ती [शिवा] दक्षपुत्री हुनुभयो र तत्पश्चात् पर्वतराज हिमालयकी कन्या पार्वतीको रूपमा उहाँले जन्म लिनुभयो। एउटै शरीरबाट ती दुवैकी कन्या कुन प्रकारले मानियो?॥ ६॥

कथं सती पार्वती सा पुनः शिवमुपागता।
एतत्सर्वं तथान्यच्च ब्रह्मन् गदितुमर्हसि॥ ७

ती सती पुनः पार्वती भएर शिवलाई कसरी प्राप्त हुनुभयो? हे ब्रह्मन्! यो सब तथा अरू कुराहरू पनि हजुर कृपा गरी बताउनुहोस्॥ ७॥

सूत उवाच

इति तस्य वचः श्रुत्वा सुरर्षेः शंकरात्मनः।
प्रसन्नमानसो भूत्वा ब्रह्मा वचनमब्रवीत्॥ ८

सूत भन्नुहुन्छ—शिवभक्त देवर्षि नारदका यी वचनलाई सुनेर मनैदेखि [अत्यन्त] प्रसन्न भएर ब्रह्मा भन्न लागनुभयो—॥ ८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

शृणु तात मुनिश्रेष्ठ कथयामि कथां शुभाम्।
यां श्रुत्वा सफलं जन्म भविष्यति न संशयः॥ ९

पुराहं स्वसुतां दृष्ट्वा सन्ध्याह्वां तनयैः सह।
अभवं विकृतस्तात कामबाणप्रपीडितः॥ १०

धर्मः स्मृतस्तदा रुद्रो महायोगी परः प्रभुः।
धिक्कृत्य मां सुतैस्तात स्वस्थानं गतवानयम्॥ ११

यन्मायामोहितश्चाहं वेदवक्ता च मूढधीः।
तेनाकार्षं सहाकार्यं परमेशेन शंभुना॥ १२

तदीर्षयाहमाकार्षं बहूपायान्सुतैः सह।
कर्तुं तन्मोहनं मूढः शिवमायाविमोहितः॥ १३

अभवंस्तेऽथ वै सर्वे तस्मिन् शंभौ परप्रभौ।
उपाया निष्फलास्तेषां मम चापि मुनीश्वर॥ १४

तदास्मरं रमेशानं व्यर्थोपायः सुतैः सह।
अबोधयत्स आगत्य शिवभक्तिरतः सुधीः॥ १५

प्रबोधितो रमेशेन शिवतत्त्वप्रदर्शिना।
तदीर्षामत्यजं सोऽहं तं हठं न विमोहितः॥ १६

शक्तिं संसेव्य तत्प्रीत्योत्पादयामास तां तदा।
दक्षादसिक्न्यां वीरिण्यां स्वपुत्राद्धरमोहने॥ १७

सोमा भूत्वा दक्षसुता तपः कृत्वा तु दुःसहम्।
रुद्रपत्न्यभवद्भक्त्या स्वभक्तहितकारिणी॥ १८

सोमो रुद्रो गृही भूत्वाकार्षील्लीलां परां प्रभुः।
मोहयित्वाथ मां तत्र स्वविवाहेऽविकारधीः॥ १९

ब्रह्मा भन्नुहुन्छ—हे तात! हे मुनिश्रेष्ठ! सुन्नुहोस्, अब म शिवको मंगलकारिणी कथा भन्दै छु, जसलाई सुनेर जन्म सफल हुन्छ, यसमा संशय छैन॥ ९॥

हे तात! प्राचीनकालको कुरा हो—आफ्नी सन्ध्या नामकी पुत्रीलाई देखेर पुत्रहरूसहित म कामदेवका बाणहरूले पीडित भएर विकारग्रस्त भएँ॥ १०॥

हे तात! त्यस समय धर्मद्वारा स्मरण गराइएका महायोगी, महाप्रभु रुद्रले पुत्रहरूसहित मलाई धिक्कारेर आफ्नो घर जानुभयो॥ ११॥

जसको मायाबाट मोहित भएको म वेदवक्ता भएर पनि मूर्ख बुद्धिको भएँ, उनै परमेश्वर शंकरका साथ मैले गर्नै नहुने कार्य गर्न लागेँ॥ १२॥

शिवको मायाले मोहित भएको म मूर्ख आफ्ना पुत्रहरूसहित ईर्ष्यावश उहाँलाई मोहित पार्नका लागि अनेक उपाय गर्न लागेँ॥ १३॥

हे मुनीश्वर! ती परमेश्वर शिवप्रति गरिएका मेरा तथा मेरा ती पुत्रहरूका सबै उपाय निष्फल भए॥ १४॥

तब आफ्ना पुत्रहरूसहित उपायहरू गर्नमा विफल भएको मैले लक्ष्मीपति विष्णुको स्मरण गरेँ। शिवभक्तिपरायण तथा श्रेष्ठ बुद्धि भएका भगवान् विष्णुले आएर मलाई सम्झाउनुभयो॥ १५॥

शिवतत्त्वलाई राम्ररी जान्नुहुने भगवान् रमापतिद्वारा सम्झाउँदामा पनि विमोहित मैले आफ्नो ईर्ष्या र हठलाई छोड्न सकिन॥ १६॥

तब मैले शक्तिको सेवा गरी उहाँलाई प्रसन्न पारेँ। उहाँकै कृपाले शिवलाई मोहित पार्नका लागि आफ्नो पुत्र दक्षसित वीरणकी कन्या असिक्नीको गर्भबाट कन्यालाई उत्पन्न गराएँ॥ १७॥

आफ्ना भक्तहरूको हित गर्नुहुने उनै उमा दक्षपुत्री नामले प्रसिद्ध भएर दुःसह तप गरी आफ्नो दृढभक्तिले रुद्रकी पत्नी हुनुभयो॥ १८॥

विकाररहित बुद्धि भएका ती प्रभु रुद्र आफ्नो विवाहसमयमा मलाई मोहित पारी उमाका साथ गृहस्थ भएर उत्तम लीला गर्न लाग्नुभयो॥ १९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digi...

विवाह्य तां स आगत्य स्वगिरौ सूतिकृत्तया।
रेमे बहुविमोहो हि स्वतंत्रः स्वात्तविग्रहः॥ २०

उमाका साथ विवाह गरी सन्तान उत्पन्न गर्ने इच्छाले आफ्नो कैलास पर्वतमा आएर स्वेच्छाले शरीर धारण गर्नुहुने तथा सदा स्वतन्त्र रहनुहुने सदाशिव अत्यन्त विमोहित भएर उहाँसँग रमण गर्न लाग्नुभयो॥ २०॥

तया विहरतस्तस्य व्यतीयाय महान् मुने।
कालः सुखकरः शंभोर्निर्विकारस्य सद्व्रतेः॥ २१

ततो रुद्रस्य दक्षेण स्पर्धा जाता निजेच्छया।
महामूढस्य तन्मायामोहितस्य सुगर्विणः॥ २२

हे मुनि! उहाँसँग विहार गरिरहनुभएका निर्विकार शिवको त्यो सुखकारी धेरै समय बित्यो। त्यसपछि कुनै निजी इच्छाको कारण रुद्रको दक्षसित स्पर्धा भयो। त्यस समय शिवको मायाले दक्ष मोहले ग्रस्त, महामूर्ख र अहंकारले युक्त भए॥ २१-२२॥

तत्प्रभावाद्धरं दक्षो महागर्वी विमूढधीः।
महाशांतं निर्विकारं निनिन्द बहुमोहितः॥ २३

उनकै प्रभावले महान् अहंकारी, मूढबुद्धि र अत्यन्त विमोहित भएका ती दक्ष उनै महाशान्त तथा निर्विकार भगवान् हरको निन्दा गर्न लागे॥ २३॥

ततो दक्षः स्वयं यज्ञं कृतवान्गर्वितोऽहरम्।
सर्वानाहूय देवादीन् विष्णुं मां चाखिलाधिपः॥ २४

त्यसपछि गर्वले भरिएका सर्वाधिप दक्षले मलाई, विष्णुलाई तथा सबै देवताहरूलाई बोलाउनुभयो, तर शिवलाई नबोलाइकनै स्वयं यज्ञ गर्नुभयो॥ २४॥

नाजुहाव तथाभूतो रुद्रं रोषसमाकुलः।
तथा तत्र सतीं नाम्नीं स्वपुत्रीं विधिमोहितः॥ २५

[कुनै कारणवश] रुद्रप्रति असन्तुष्ट, क्रोधले भरिएका ती दक्ष प्रजापतिले उहाँलाई त्यस यज्ञमा बोलाएनन् र दुर्भाग्यवश न त उनले आफ्नी पुत्रीलाई त्यस यज्ञमा सम्मिलित हुनका लागि निम्ता नै गरे॥ २५॥

यदा नाकारिता पित्रा मायामोहितचेतसा।
लीलां चकार सुज्ञाना महासाध्वी शिवा तदा॥ २६

अथागता सती तत्र शिवाज्ञामधिगम्य सा।
अनाहूतापि दक्षेण गर्विणा स्वपितुर्गृहम्॥ २७

जब मायाबाट मोहित चित्त भएका दक्ष प्रजापतिले शिवालाई [यज्ञमा] आमन्त्रित गरेनन्, तब ज्ञानस्वरूपा ती महासाध्वीले आफ्नो लीला प्रारम्भ गर्नुभयो। उहाँ शिवको आज्ञा प्राप्त गरी गर्वयुक्त दक्षद्वारा आमन्त्रित नहुँदामा पनि आफ्ना पिता दक्षको घर पुग्नुभयो॥ २६-२७॥

विलोक्य रुद्रभागं नो प्राप्यावज्ञां च तातत:।
विनिन्द्य तत्र तान्सर्वान्देहत्यागमथाकरोत्॥ २८

ती देवीले यज्ञमा रुद्रको भागलाई नदेखेर र आफ्ना पिताबाट अपमानित भएर त्यहाँ [उपस्थित] सबैको निन्दा गरी [योगाग्निद्वारा] आफ्नो शरीरलाई त्यागिदिनुभयो॥ २८॥

तच्छ्रुत्वा देवदेवेशः क्रोधं कृत्वा तु दुःसहम्।
जटामुत्कृत्य महतीं वीरभद्रमजीजनत्॥ २९

यो सुनेर देवदेवेश्वर रुद्रले दुःसह क्रोध गरी आफ्नो महान् जटा उखेलेर वीरभद्रलाई उत्पन्न गर्नुभयो॥ २९॥

सगणं तं समुत्पाद्य किं कुर्यामिति वादिनम्।
सर्वापमानपूर्वं हि यज्ञध्वंसं दिदेश ह॥ ३०

गणसहित प्रकट गरिएका, 'म के गरौँ'—यस्तो भन्दै गरेका ती वीरभद्रलाई शिवले आज्ञा दिनुभयो कि [हे वीरभद्र! दक्षको यज्ञमा आएका] सबैको अपमान गर्दै तिमी यज्ञको विध्वंस गर॥ ३०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गणाधीशस्तदाज्ञां स प्राप्य बहुबलान्वितः।
गतोऽरं तत्र सहसा महाबलपराक्रमः॥ ३१

शिवको यस आज्ञालाई पाएर महाबलवान् तथा पराक्रमी ती गणेश्वर वीरभद्र आफ्ना थुप्रै सेना लिएर [यज्ञविध्वंसका लागि] त्यहाँ तत्काल पुगे॥ ३१॥

महोपद्रवमाचेरुर्गणास्तत्र तदाज्ञया।
सर्वान्स दण्डयामास न कश्चिदवशेषितः॥ ३२

उनको आज्ञाले ती गणहरूले त्यहाँ महान् उपद्रव प्रारम्भ गरे। ती वीरभद्रले सबैलाई दण्डित गरे, [दण्ड पाउनबाट] कोही पनि बचेनन्॥ ३२॥

विष्णुं संजित्य यत्नेन सामरं गणसत्तमः।
चक्रे दक्षशिरश्छेदं तच्छिरोऽग्नौ जुहाव च॥ ३३
यज्ञध्वंसं चकाराशु महोपद्रवमाचरन्।
ततो जगाम स्वगिरिं प्रणनाम प्रभुं शिवम्॥ ३४

वीरभद्रले देवताहरूका साथ विष्णुलाई पनि जितेर दक्षको सिर काटिदिए र त्यस शिरलाई अग्निमा हवन गरिदिए। यस प्रकार महान् उपद्रव गर्दै उनले यज्ञ विनष्ट पारिदिए। तत्पश्चात् उनी कैलाससमा गए र उनले शिवलाई प्रणाम गरे॥ ३३-३४॥

यज्ञध्वंसोऽभवच्चेत्थं देवलोके हि पश्यति।
रुद्रस्यानुचरैस्तत्र वीरभद्रादिभिः कृतः॥ ३५

यस प्रकार यज्ञको विध्वंस भयो, देवताहरूले हेर्दा हेर्दै रुद्रका अनुचर वीरभद्र आदिले यज्ञलाई विनष्ट पारिदिए॥ ३५॥

मुने नीतिरियं ज्ञेया श्रुतिस्मृतिषु सम्मता।
रुद्रे रुष्टे कथं लोके सुखं भवति सुप्रभौ॥ ३६

हे मुनि! श्रुतिहरू तथा स्मृतिहरूबाट प्रतिपादित यो नीतिलाई जान्नुपर्दछ कि श्रेष्ठ प्रभु रुद्र रुष्ट भएपछि लोकमा सुख कसरी हुन सक्छ!॥ ३६॥

ततो रुद्रः प्रसन्नोऽभूत्स्तुतिमाकर्ण्य तां पराम्।
विज्ञप्तिं सफलां चक्रे सर्वेषां दीनवत्सलः॥ ३७

[त्यसपछि सबै देवताहरूले यज्ञको पूर्णताका लागि भगवान् रुद्रको स्तुति गरे] त्यस उत्तम स्तुतिलाई सुनेर रुद्र प्रसन्न हुनुभयो। ती दीनवत्सल [भगवान् रुद्र]-ले सबैको प्रार्थनालाई सफल बनाइदिनुभयो॥ ३७॥

पूर्ववच्च कृतं तेन कृपालुत्वं महात्मना।
शंकरेण महेशेन नानालीलाविहारिणा॥ ३८
जीवितस्तेन दक्षो हि तत्र सर्वे हि सत्कृताः।
पुनः स कारितो यज्ञः शंकरेण कृपालुना॥ ३९

अनेक प्रकारका लीला गर्नुहुने महात्मा शंकर महेशले पूर्ववत् कृपालुता प्रदर्शित गरी दक्षप्रजापतिलाई जीवित पारिदिनुभयो र सबैको सत्कार गर्नुभयो, तदुपरान्त कृपालु शंकरले [दक्षबाट] पुनः यज्ञ गराउनुभयो॥ ३८-३९॥

रुद्रश्च पूजितस्तत्र सर्वैर्देवैर्विशेषतः।
यज्ञे विष्ण्वादिभिर्भक्त्या सुप्रसन्नात्मभिर्मुने॥ ४०
सतीदेहसमुत्पन्ना ज्वाला लोकसुखावहा।
पतिता पर्वते तत्र पूजिता सुखदायिनी॥ ४१

हे मुनि! त्यस यज्ञमा विष्णु आदि सबै देवताहरूले ज्यादै प्रसन्नमनले भक्तिका साथ रुद्रको विशेष रूपले पूजा गर्नुभयो॥ ४०॥ सतीको शरीरबाट सबैलाई सुख दिने ज्वाला प्रकट भयो र त्यो ज्वाला गएर पर्वतमाथि खस्यो, उनै ज्वालादेवी मानिसहरूद्वारा पूजित हुँदामा सुख प्रदान गर्नुहुन्छ॥ ४१॥

ज्वालामुखीति विख्याता सर्वकामफलप्रदा।
बभूव परमा देवी दर्शनात्पापहारिणी॥ ४२
इदानीं पूज्यते लोके सर्वकामफलाप्तये।
संविधाभिरनेकाभिर्महोत्सवपुरःसरम् ॥ ४३

ज्वालामुखीको नामले प्रसिद्ध ती परमा देवी कामनाहरूलाई पूर्ण गर्ने तथा दर्शनद्वारा समस्त पापलाई विनष्ट पार्नुहुन्छ। सम्पूर्ण कामनाहरूको फलको प्राप्तिका निम्ति मानिसहरू यस समय अनेकौं विधि-विधानहरूबाट महोत्सवपूर्वक ज्वालामुखीको पूजा गर्दछन्॥ ४२-४३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digiti...

ततश्च सा सती देवी हिमालयसुताभवत्।
तस्याश्च पार्वती नाम प्रसिद्धमभवत्तदा॥ ४४

त्यसपछि ती सती देवी हिमालयकी पुत्रीको रूपमा उत्पन्न हुनुभयो। तब उहाँको पार्वती—यो नाम विख्यात भयो॥ ४४॥

सा पुनश्च समाराध्य तपसा कठिनेन वै।
तमेव परमेशानं भर्तारं समुपाश्रिता॥ ४५

ती देवीले पुनः कठिन तपस्याद्वारा उनै परमेश्वर शिवको आराधना गरी उहाँलाई पतिरूपमा प्राप्त गर्नुभयो॥ ४५॥

एतत्सर्वं समाख्यातं यत्पृष्टोऽहं मुनीश्वर।
यच्छ्रुत्वा सर्वपापेभ्यो मुच्यते नात्र संशयः॥ ४६

हे मुनीश्वर! जुन तपाईंले मसित सोध्नुभएको थियो, त्यो सब मैले भनिदिएँ, जसलाई सुनेर मनुष्यले सबै पापहरूबाट छुटकारा प्राप्त गर्दछ॥ ४६॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां द्वितीये सतीखण्डे सतीसंक्षेपचरित्रवर्णनं नाम प्रथमोऽध्यायः॥ १॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको द्वितीय सतीखण्डमा सतीचरित्रवर्णन नामक पहिलो अध्याय पूर्ण भयो॥ १॥

अथ द्वितीयोऽध्यायः

सदाशिवबाट त्रिदेवहरूको उत्पत्ति, ब्रह्माबाट देवता आदिको सृष्टि पश्चात् देवी सन्ध्या तथा कामदेवको प्राकट्य

सूत उवाच

इत्याकर्ण्य वचस्तस्य नैमिषारण्यवासिनः।
पप्रच्छ च मुनिश्रेष्ठः कथां पापप्रणाशिनीम्॥ १

सूत भन्नुहुन्छ—हे नैमिषारण्य निवासी मुनिहरू हो! [ब्रह्माको] यस वचनलाई सुनेर नारदले पुनः पापहरूलाई नष्ट पार्ने कथा सोध्नुभयो—॥ १॥

नारद उवाच

विधे विधे महाभाग कथां शंभोः शुभावहाम्।
शृण्वन् भवन्मुखांभोजात्र तृप्तोऽस्मि महाप्रभो॥ २

नारद भन्नुहुन्छ—हे विधि! हे विधि! हे महाभाग! हे महाप्रभु! हजुरका मुखकमलबाट वर्णित कल्याण-कारिणी कथालाई सुनेर म तृप्त हुन सकीरहेको छैन॥ २॥

अतः कथय तत्सर्वं शिवस्य चरितं शुभम्।
सतीकीर्त्यन्वितं दिव्यं श्रोतुमिच्छामि विश्वकृत्॥ ३

सती हि कथमुत्पन्ना दक्षदारेषु शोभना।
कथं हरो मनश्चक्रे दाराहरणकर्मणि॥ ४

हे विश्वस्रष्टा! सतीको कीर्तिले युक्त शिवको कल्याणमय तथा दिव्य त्यस सम्पूर्ण चरित्रलाई भन्नुहोस्, म त्यसलाई सुन्न चाहन्छु। दक्षका अनेक पत्नीहरूमध्येबाट शोभामयी सती कुन प्रकार उत्पन्न हुनुभयो र हरले कुन प्रकार उहाँसित विवाह गर्ने विचार गर्नुभयो?॥ ३-४॥

कथं वा दक्षकोपेन त्यक्तदेहा सती पुरा।
हिमवत्तनया जाता भूयो वाकाशमागता॥ ५

पूर्वकालमा सतीले दक्षप्रतिको क्रोधबाट कुन प्रकार आफ्नू शरीर त्याग गर्नुभयो? पुनः कुन प्रकार हिमालयकी कन्या पार्वती हुनुभयो र कुन प्रकारले प्रकाशमा आउनुभयो?॥ ५॥

पार्वत्याश्च तपोऽत्युग्रं विवाहश्च कथं त्वभूत्।
कथमर्धशरीरस्था बभूव स्मरनाशिनः॥ ६

पार्वतीको कठोर तपस् तथा उहाँको विवाह कसरी भयो? फेरि उहाँ कामदेवको नाश गर्नुहुने शिवकी अर्धांगिनी कसरी हुनुभयो?॥ ६॥

एतत्सर्वं समाचक्ष्व विस्तरेण महामते।
नान्योऽस्ति संशयच्छेत्ता त्वत्समो न भविष्यति॥ ७

हे महामति! यी सबै कुराहरू हजुर विस्तारका साथ भन्नुहोस्; हजुरसमान संशयहरूलाई दूर गर्नेवाला कोही दोस्रो न त छ तथा न हुनेवाला नै छ॥ ७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

शृणु त्वं च मुने सर्वं सतीशिवयशः शुभम्।
पावनं परमं दिव्यं गुह्याद् गुह्यतमं परम्॥ ८

एतच्छम्भुः पुरोवाच भक्तवर्याय विष्णवे।
पृष्टस्तेन महाभक्त्या परोपकृतये मुने॥ ९

ततः सोऽपि मया पृष्टो विष्णुः शैववरः सुधीः।
प्रीत्या मह्यं समाचख्यौ विस्तरान्मुनिसत्तम॥ १०

अहं तत्कथयिष्यामि कथामेतां पुरातनीम्।
शिवाशिवयशोयुक्तां सर्वकामफलप्रदाम्॥ ११

पुरा यदा शिवो देवो निर्गुणो निर्विकल्पकः।
अरूपः शक्तिरहितश्चिन्मात्रः सदसत्परः॥ १२

अभवत्सगुणः सोऽपि द्विरूपः शक्तिमान्प्रभुः।
सोमो दिव्याकृतिर्विप्र निर्विकारी परात्परः॥ १३

तस्य वामाङ्गजो विष्णुर्ब्रह्माहं दक्षिणाङ्गजः।
रुद्रो हृदयतो जातोऽभवच्च मुनिसत्तम॥ १४

सृष्टिकर्ताभवं ब्रह्मा विष्णुः पालनकारकः।
लयकर्ता स्वयं रुद्रस्त्रिधाभूतः सदाशिवः॥ १५

तमेवाहं समाराध्य ब्रह्मा लोकपितामहः।
प्रजाः ससर्ज सर्वास्ताः सुरासुरनरादिकाः॥ १६

सृष्ट्वा प्रजापतीन् दक्षप्रमुखान्सुरसत्तमान्।
अमन्यं सुप्रसन्नोऽहं निजं सर्वमहोन्नतम्॥ १७

मरीचिमत्रिं पुलहं पुलस्त्याङ्गिरसौ क्रतुम्।
वसिष्ठं नारदं दक्षं भृगुं चेति महाप्रभून्॥ १८

ब्रह्माहं मानसान्पुत्रानसर्जं च यदा मुने।
तदा मन्मनसो जाता चारुरूपा वराङ्गना॥ १९

नाम्ना सन्ध्या दिवाक्षान्ता सायंसंध्या जपन्तिका।
अतीव सुन्दरी सुभ्रूर्मुनिचेतोविमोहिनी॥ २०

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! शिव तथा सतीको परम-पावन, दिव्य एवं गुह्यभन्दा गुह्यतम तथा परम कल्याणकारी चरित्रलाई सुन्नुहोस्। हे मुनि! पूर्वकालमा परोपकारका लागि विष्णुद्वारा महान् भक्तिपूर्वक सोधिएपछि शिवले भक्तवर विष्णुसित यसको वर्णन गर्नुभएको थियो॥ ८-९॥

हे मुनिश्रेष्ठ! त्यसपछि मैले पनि यो कथा शिवभक्तहरूमा श्रेष्ठ बुद्धिमान् विष्णुसित सोधेँ, तब उहाँले प्रीतिपूर्वक विस्तारले मसित भन्नुभएको थियो। म सबै कामनाहरूको फल प्रदान गर्ने एवं शिवको यशले युक्त त्यस प्राचीन कथा तपाईंसित भन्नेछु॥ १०-११॥

पहिला भगवान् शिव निर्गुण, निर्विकल्प, रूप-हीन, शक्तिबाट रहित, चिन्मात्र एवं सत्-असत्‌बाट पर हुनुहुन्थ्यो; फेरि हे विप्र! ती प्रभु सगुण, द्विरूप, शक्तिमान्, उमासहित, दिव्य आकृति भएका, विकाररहित तथा परात्पर हुनुभयो॥ १२-१३॥

हे मुनिसत्तम! उहाँको वामांगबाट विष्णु, दक्षिणांगबाट म ब्रह्मा तथा हृदयबाट रुद्रको उत्पत्ति भयो। म ब्रह्मा सृष्टि गर्ने र विष्णु पालन गर्ने तथा रुद्र स्वयं लय गर्ने हुनुभयो। यस प्रकार सदाशिवका तीन रूप भए॥ १४-१५॥

लोकपितामह म ब्रह्माले उनै सदाशिवको आराधना गरी देव, दैत्य, मनुष्य आदि समस्त प्रजाहरूको सृष्टि गरेँ। दक्ष आदि प्रमुख प्रजापतिहरूको तथा देवश्रेष्ठहरूको रचना गरी म ज्यादै प्रसन्न भएँ तथा आफूलाई सबैभन्दा महान् सम्झन लागेँ॥ १६-१७॥

हे मुनि! जुन समय म ब्रह्माले मरीचि, अत्रि, पुलह, पुलस्त्य, अंगिरा, क्रतु, वसिष्ठ, नारद, दक्ष एवं भृगु—यी महान् प्रभुतासम्पन्न मानस पुत्रहरूको सृष्टि गरेँ, त्यसै समय मेरो मनबाट एउटी सुन्दर रूप भएकी श्रेष्ठ युवती पनि उत्पन्न भइन्॥ १८-१९॥

उनी सन्ध्याको नामले प्रसिद्ध भइन्, जसलाई प्रातः-सन्ध्या तथा सायं-सन्ध्याको रूपमा क्रमशः दिवाक्षान्ता तथा जपन्तिका भनिन्छ। उनी अत्यन्त सुन्दरी, सुन्दर आँखीभौँ भएकी तथा मुनिहरूको मनलाई मोहित गर्ने खालकी थिइन्॥ २०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digi

न तादृशी देवलोके न मर्त्ये न रसातले।
कालत्रयेऽपि वै नारी सम्पूर्णगुणशालिनी॥ २१

दृष्ट्वाहं तां समुत्थाय चिन्तयन् हृदि हृद्गताम्।
दक्षादयश्च स्रष्टारो मरीच्याद्याश्च मत्सुताः॥ २२

एवं चिन्तयतो मे हि ब्रह्मणो मुनिसत्तम।
मानसः पुरुषो मञ्जुराविर्भूतो महाद्भुतः॥ २३

काञ्चनीकृतजाताभः पीनोरस्कः सुनासिकः।
सुवृत्तोरुकटीजंघो नीलवेलितकेसरः॥ २४

लग्नभ्रूयुगलो लोलः पूर्णचन्द्रनिभाननः।
कपाटायतसद्वक्षो रोमराजीविराजितः॥ २५

अभ्रमातङ्गकाकारः पीनो नीलसुवासकः।
आरक्तपाणिनयनमुखपादकरोद्भवः॥ २६

क्षीणमध्यश्चारुदन्तः प्रमत्तगजगन्धनः।
प्रफुल्लपद्मपत्राक्षः केसरघ्राणतर्पणः॥ २७

कंबुग्रीवो मीनकेतुः प्रांशुर्मकरवाहनः।
पञ्चपुष्पायुधो वेगी पुष्पकोदंडमंडितः॥ २८

कान्तः कटाक्षपातेन भ्रामयन्नयनद्वयम्।
सुगन्धिमारुतो तात शृङ्गाररससेवितः॥ २९

तं वीक्ष्य पुरुषं सर्वे दक्षाद्या मत्सुताश्च ते।
औत्सुक्यं परमं जग्मुर्विस्मयाविष्टमानसाः॥ ३०

अभवद्विकृतं तेषां मत्सुतानां मनो द्रुतम्।
धैर्यं नैवालभत्तात कामाकुलितचेतसाम्॥ ३१

मां सोऽपि वेधसं वीक्ष्य स्रष्टारं जगतां पतिम्।
प्रणम्य पुरुषः प्राह विनयानतकन्धरः॥ ३२

सम्पूर्ण गुणहरूले युक्त त्यस्ती स्त्री देवलोक, मृत्युलोक र पाताललोकमा न उत्पन्न भएए, न छन् र न हुने नै छन्। उनी सम्पूर्ण गुणले परिपूर्ण थिइन्॥ २१॥

त्यस कन्यालाई देख्नासाथ उठेर त्यसलाई हृदयमा धारण गर्नका लागि म मनमा सोच्न लागेँ। दक्ष तथा मरीचि आदि लोकस्रष्टा मेरा पुत्र पनि सोच्न लागे। हे मुनिसत्तम! म ब्रह्मा अझै यस प्रकार सोचि नै रहेको थिएँ, त्यसै समय एक अत्यन्त अद्भुत एवं मनोहर मानस पुरुष उत्पन्न भयो॥ २२-२३॥

हे तात! त्यो पुरुष तताएको सुनको समान कान्तिमान, स्थूल वक्ष:स्थल, सुन्दर नासिका, सुन्दर तथा गोलो पेट-कमर-तिघ्रा भएको, कालो तथा बटारिएको कपाल भएको, आपसमा सटेका आँखीभौँ भएको, पूर्ण चन्द्रमाको समान मुख, ढोका जत्रो विस्तीर्ण छाती भएको, रौँका पङ्क्तिले सुशोभित, बादलपर्यन्त अग्लो गजराजको समान आकृति भएको, महास्थूल तथा नीलवर्णको सुन्दर वस्त्र धारण गरेको, रक्तवर्णको हात, आँखा, मुख, गोडा र औँलाहरूले युक्त, पातलो कमर, सुन्दर दाँत, मत्त हात्तीको-झैँ गन्ध भएको, फक्रेको कमलको पत्रसदृश्य नेत्र भएको, अंगहरूमा लगाइएका केसरले नासिकालाई तृप्त गर्ने, शंखको समान गर्धन भएको, माछाको चिह्नले अंकित ध्वजा, अत्यन्त अग्लो, मकर वाहन भएको, पुष्पहरूका पाँच बाणले युक्त भएको, वेगवान्, पुष्पधनुषबाट सुशोभित भएको, कटाक्षपातले आफ्ना नेत्रहरूलाई घुमाउँदै मनोहर प्रतीत हुने, सुगन्धित श्वासले युक्त र शृंगाररसले युक्त थियो॥ २४—२९॥

त्यस पुरुषलाई देखेर मेरा दक्ष आदि पुत्रहरूको मन आश्चर्यले भरियो र ती त्यसलाई जान्नका लागि अत्यन्त उत्सुक भए॥ ३०॥

वासनाले आकुल चित्त भएका मेरा ती पुत्रहरूको मन तत्काल विकृत भयो, हे तात! तिनमा कत्ति पनि धैर्य रहेन॥ ३१॥

त्यो पुरुषले स्रष्टा तथा जगत्पति म ब्रह्मालाई हेरेर विनयभावले शिर झुकाएर प्रणाम गरी मसित भन्न लाग्यो— ॥ ३२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुरुष उवाच

किं करिष्याम्यहं कर्म ब्रह्मंस्तत्र नियोजय।
मान्योऽद्य पुरुषो यस्मादुचितः शोभितो विधे॥ ३३

पुरुष भन्दछ—हे ब्रह्मन्! म कुनचाहिँ कार्य गरूँ? [मलाई जुन कर्म गर्नु छ,] त्यस कर्ममा नियुक्त गर्नुहोस्। हे विधाता! हजुर मेरो मान्य पुरुष हुनुहुन्छ, म हजुरको आज्ञाको पालन गरूँ, यही उचित छ तथा यसैबाट मेरो शोभा पनि हुन्छ॥ ३३॥

अभिमानं च योग्यं च स्थानं पत्नी च या मम।
तन्मे वद त्रिलोकेश त्वं स्त्रष्टा जगतां पतिः॥ ३४

मेरा लागि जुन अभिमानयोग्य स्थान छन् तथा जुन मेरी पत्नी हुन्, त्यो मलाई बताउनुहोस्। हे त्रिलोकेश! हजुर जगत्का पति हुनुहुन्छ॥ ३४॥

ब्रह्मोवाच

एवं तस्य वचः श्रुत्वा पुरुषस्य महात्मनः।
क्षणं न किंचित् प्रोवाच स स्त्रष्टा चातिविस्मितः॥ ३५
अतो मनः सुसंयम्य सम्यगुत्सृज्य विस्मयम्।
अवोचत्पुरुषं ब्रह्मा तत्कामं च समावहन्॥ ३६

ब्रह्मा भन्नुहुन्छ—त्यस महात्मा पुरुषको यस वचनलाई सुनेर म ब्रह्मा अत्यन्त आश्चर्यचकित भएँ र केही बेरसम्म केही पनि बोलिन, फेरि मनलाई नियन्त्रण गरेर आश्चर्यको परित्याग गरी त्यस कामदेवलाई बताउँदै भन्न लागेँ—॥ ३५-३६॥

ब्रह्मोवाच

अनेन त्वं स्वरूपेण पुष्पबाणैश्च पञ्चभिः।
मोहयन् पुरुषान् स्त्रींश्च कुरु सृष्टिं सनातनीम्॥ ३७
अस्मिञ्जीवाश्च देवाद्यास्त्रैलोक्ये सचराचरे।
एते सर्वे भविष्यन्ति न क्षमास्तव लङ्घने॥ ३८

ब्रह्मा भन्नुहुन्छ—तिमी आफ्नो यस स्वरूपले र पुष्पहरूको पाँच बाणहरूले सबै स्त्री तथा पुरुषहरूलाई मोहित पार्दै सनातन सृष्टिको रचना गर। यस चराचर त्रिलोकीमा जीव तथा देवता आदि कोही पनि तिम्रो लंघन गर्नमा समर्थ हुने छैनन्॥ ३७-३८॥

अहं वा वासुदेवो वा स्थाणुर्वा पुरुषोत्तम।
भविष्यामस्तव वशे किमन्ये प्राणधारकाः॥ ३९

हे पुरुषोत्तम! म, वासुदेव तथा शंकर पनि तिम्रो वशमा रहने छौँ, अन्य प्राणधारीहरूको त कुरा नै के?॥ ३९॥

प्रच्छन्नरूपो जन्तूनां प्रविशन् हृदयं सदा।
सुखहेतुः स्वयं भूत्वा सृष्टिं कुरु सनातनीम्॥ ४०

तिमी गुप्त रूपले प्राणीहरूको हृदयमा प्रवेश गर्दै स्वयं सबको सुखको कारण बनेर सनातन सृष्टि गर॥ ४०॥

त्वत्पुष्पबाणस्य सदा सुखलक्ष्यं मनोऽद्भुतम्।
सर्वेषां प्राणिनां नित्यं सदा मदकरो भवान्॥ ४१

समस्त प्राणीहरूको विचित्र मन तिम्रा पुष्पबाणहरूको सुखपूर्वक भेदनयोग्य लक्ष्य हुने छ; तिमी सबैलाई सदा उन्मत्त गर्ने हुने छौ॥ ४१॥

इति ते कर्म कथितं सृष्टिप्रावर्तकं पुनः।
नामान्येते वदिष्यन्ति सुता मे तव तत्त्वतः॥ ४२

मैले सृष्टिमा प्रवृत्त गर्ने खालको यो तिम्रो कर्म भनिदिएँ। यी मेरा पुत्रले तत्त्वपूर्वक तिम्रा नामहरूको वर्णन गर्ने छन्॥ ४२॥

ब्रह्मोवाच

इत्युक्त्वाहं सुरश्रेष्ठ स्वसुतानां मुखानि च।
आलोक्य स्वासने पाद्मे प्रोपविष्टोऽभवं क्षणम्॥ ४३

ब्रह्मा भन्नुहुन्छ—हे सुरश्रेष्ठ! यस्तो भनेर आफ्नो पुत्रहरूको मुखतिर हेरेर क्षणभरका लागि म आफ्नो पद्मासनमा बसेँ॥ ४३॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां द्वितीये सतीखण्डे कामप्रादुर्भावो नाम द्वितीयोऽध्यायः॥ २॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको द्वितीय सतीखण्डमा कामप्रादुर्भावको वर्णन नामक दोस्रो अध्याय पूर्ण भयो॥ २॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

अथ तृतीयोऽध्यायः

कामदेवलाई विविध नाम एवं वरको प्राप्ति, कामको प्रभावले ब्रह्मा तथा ऋषिगण मुग्ध हुनु, धर्मद्वारा स्तुति गरिएपछि भगवान् शिवको प्राकट्य र ब्रह्मा तथा ऋषिहरूलाई सम्झाउनु, ब्रह्मा तथा ऋषिहरूबाट अग्निष्वात्त आदि पितृगणहरूको उत्पत्ति, ब्रह्माद्वारा कामलाई श्रापको प्राप्ति तथा निवारणको उपाय

ब्रह्मोवाच

ततस्ते मुनयः सर्वे मदभिप्रायवेदिनः।
चक्रुस्तदुचितं नाम मरीचिप्रमुखाः सुताः॥ १

ब्रह्मा भन्नुहुन्छ—तब मेरो अभिप्रायलाई जान्ने मेरा पुत्र मरीचि आदि मुनिहरूले उसको उचित नाम राखे॥ १॥

मुखावलोकनादेव ज्ञात्वा वृत्तान्तमन्यतः।
दक्षादयश्च स्त्रष्टारः स्थानं पत्नीं च ते ददुः॥ २

ती सृष्टिकर्ता दक्ष आदिले त्यसको मुख हेरेर नै तथा [त्यसका अन्य चेष्टाहरूबाट] त्यसको समस्त चरित्रलाई जानेर त्यसलाई बस्ने स्थान दिए तथा पत्नी पनि दिए॥ २॥

ततो निश्चित्य नामानि मरीचिप्रमुखा द्विजाः।
ऊचुः सङ्गतमेतस्मै पुरुषाय ममात्मजाः॥ ३

मेरा पुत्र मरीचि आदि ऋषिहरूले एकत्रित भएर नामहरूको निश्चय गरी त्यस पुरुषको नाम पनि बताइदिए॥ ३॥

ऋषय ऊचुः

यस्मात्प्रमथसे तत्त्वं जातोऽस्माकं यथा विधेः।
तस्मान्मन्मथनामा त्वं लोके ख्यातो भविष्यसि॥ ४

ऋषिगण भन्दछन्—तिमीले ब्रह्माबाट उत्पन्न हुनेबित्तिकै हाम्रो मनलाई चंचल पारेका छौ, यसकारण तिमी लोकमा 'मन्मथ' नामले प्रसिद्ध हुने छौ॥ ४॥

जगत्सु कामरूपस्त्वं त्वत्समो न हि विद्यते।
अतस्त्वं कामनामापि ख्यातो भव मनोभव॥ ५

सबै लोकमा तिमी सुन्दर रूपवाला छौ, तिमी समान सुन्दर कोही पनि छैनन्, यसैले हे मनोभव! 'काम' नामले पनि तिमी विख्यात हुने छौ॥ ५॥

मदनान्मदनाख्यस्त्वं जातो दर्पात्सदर्पकः।
तस्मात्कन्दर्पनामापि लोके ख्यातो भविष्यसि॥ ६

तिमी सबैलाई मदोन्मत्त पार्ने कारण 'मदन' भनिने छौ। अहंकारयुक्त भएर दर्पबाट उत्पन्न भएका छौ, यसैले तिमी 'कन्दर्प' नामले पनि संसारमा प्रसिद्ध हुने छौ॥ ६॥

त्वत्समं सर्वदेवानां यद्वीर्यं न भविष्यति।
ततः स्थानानि सर्वाणि सर्वव्यापी भवांस्ततः॥ ७

तिम्रो समान पराक्रम कुनै पनि देवताको हुने छैन, अतः तिम्रो लागि सबै स्थान हुने छ र तिमी सर्वव्यापी हुने छौ॥ ७॥

दक्षोऽयं भवतः पत्नीं स्वयं दास्यति कामिनीम्।
आद्यः प्रजापतिर्यो हि यथेष्टं पुरुषोत्तमः॥ ८

यी जो आदिप्रजापति पुरुषोत्तम दक्ष हुनुहुन्छ, यी स्वयंले तिमीलाई योग्य पत्नीको रूपमा सुन्दर स्त्री प्रदान गर्नुहुने छ॥ ८॥

एषा च कन्यका चारुरूपा ब्रह्ममनोभवा।
सन्ध्या नाम्नेति विख्याता सर्वलोके भविष्यति॥ ९

ब्रह्माको मनबाट उत्पन्न भएकी यी सुन्दर रूप भएकी कन्या सन्ध्या नामले सबै लोकमा विख्यात हुनेछिन्॥ ९॥

ब्रह्मणो ध्यायतो यस्मात्सम्यग्जाता वराङ्गना।
अतः सन्ध्येति विख्याता क्रान्ताभा तुल्यमल्लिका॥ १०

राम्रो प्रकारले ध्यान गरिरहेका ब्रह्माको हृदयबाट उत्पन्न हुनाको कारण तेज, आभा तथा मल्लिकापुष्पको सदृश्य यही कन्या सन्ध्या—यस नामले विख्यात हुनेछिन्॥ १०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

कौसुमानि तथास्त्राणि पञ्चादाय मनोभवः।
प्रच्छन्नरूपी तत्रैव चिन्तयामास निश्चयम्॥ ११

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार कामदेव आफ्ना पाँच पुष्प-आयुधहरूलाई लिएर त्यहीँ गुप्त रूपले स्थित भएर विचार गर्न लागे—॥ ११॥

हर्षणं रोचनाख्यं च मोहनं शोषणं तथा।
मारणं चेति प्रोक्तानि मुनेर्मोहकराण्यपि॥ १२

हर्षण, रोचन, मोहन, शोषण तथा मारण नामक यी [मेरा] पाँच अस्त्र मुनिहरूलाई पनि मोहित गर्ने बताइएका छन्॥ १२॥

ब्रह्मणा मम यत्कर्म समुद्दिष्टं सनातनम्।
तदिहैव करिष्यामि मुनीनां सन्निधौ विधेः॥ १३

ब्रह्माले मलाई जुन सनातन कर्म गर्नका लागि आदेश दिनुभएको छ, त्यसलाई म यहाँ मुनिहरू र ब्रह्माको सन्निकट नै गर्ने छु॥ १३॥

तिष्ठन्ति मुनयश्चात्र स्वयं चापि प्रजापतिः।
एतेषां साक्षिभूतं मे भविष्यत्यद्य निश्चयम्॥ १४

यहाँ धेरै मुनिगण तथा स्वयं प्रजापति ब्रह्मा पनि उपस्थित छन्। यी सबै साक्षीरूपले विद्यमान छन्, यसकारण मेरो कर्मको सत्यताको आरम्भ पनि हुने छ॥ १४॥

सन्ध्यापि ब्रह्मणा प्रोक्ता चेदानीं प्रेषयेद्वचः।
इह कर्म परीक्ष्यैव प्रयोगान्मोहयाम्यहम्॥ १५

यी ब्रह्माद्वारा सन्ध्या नामले बताइएकी कन्याले पनि मेरो वचनको समर्थन गर्नेछिन्। म यसै स्थानमा आफ्नो कर्मको परीक्षा गरेर नै प्रयोगद्वारा सबैलाई मोहित गर्ने छु॥ १५॥

ब्रह्मोवाच

इति सञ्चिन्त्य मनसा निश्चित्य च मनोभवः।
पुष्पजं पुष्पजातैश्च योजयामास मार्गणैः॥ १६
आलीढस्थानमासाद्य धनुराकृष्य यत्नतः।
चकार वलयाकारं कामो धन्विवरस्तदा॥ १७

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार विचार गरिसके पश्चात् मनमा निश्चय गरी त्यो आफ्नो धनुषमा पुष्पबाणहरूलाई चढाउन लाग्यो। श्रेष्ठ धनुर्धारी कामदेवले धनुष खैँचने मुद्रामा स्थित भएर यत्नपूर्वक धनुष चढाएर त्यसलाई मण्डलाकार बनाए॥ १६-१७॥

संहिते तेन कोदण्डे मारुताश्च सुगन्धयः।
ववुस्तत्र मुनिश्रेष्ठ सम्यगाह्लादकारिणः॥ १८

हे मुनिश्रेष्ठ! जब यस प्रकारको धनुषमा कामदेवले आफ्नो बाण चढाए, तब त्यसै समय [मनलाई] आनन्दित पार्ने सुगन्धित वायु बहन लाग्यो॥ १८॥

ततस्तानपि धात्रादीन् सर्वानेव च मानसान्।
पृथक् पुष्पशरैस्तीक्ष्णैर्मोहयामास मोहनः॥ १९

त्यस समय कामदेवले तीक्ष्ण पुष्पबाणहरूद्वारा म ब्रह्मा तथा सबै मानसपुत्रहरूलाई मोहित पारे॥ १९॥

ततस्ते मुनयः सर्वे मोहिताश्चाप्यहं मुने।
संहितो मनसा किंचिद्विकारं प्रापुरादितः॥ २०

हे मुनि! तत्पश्चात् सबै मुनिगण र म पनि मोहित भयौँ, सबैको मनमा कामविकार उत्पन्न भयो॥ २०॥

सन्ध्यां सर्वे निरीक्षन्तः सविकारं मुहुर्मुहुः।
आसन् प्रवृद्धमदनाः स्त्री यस्मान्मदनैधिनी॥ २१

विकारले युक्त हुनाको कारण सबैजना सन्ध्यातिर पटक-पटक हेर्न लागे। सबैको मनमा कामको उद्रेक भयो; किनभने स्त्री कामलाई बढाउने खालकी हुन्छन्॥ २१॥

ततः सर्वान्स मदनो मोहयित्वा पुनः पुनः।
यथेन्द्रियविकारं ते प्रापुस्तानकरोत्तथा॥ २२

त्यस कामदेवले सबैलाई पटक-पटक मोहित गरी जुनसुकै तरहले त्यसले कामविकारलाई प्राप्त गरेको थियो, त्यसरी नै ती सबैलाई गरिदियो॥ २२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

उदीरितेन्द्रियो धाता वीक्ष्याहं स यदा च ताम्।
तदैव चोनपञ्चाशद्भावा जाताः शरीरतः॥ २३

सापि तैर्वीक्ष्यमाणाथ कन्दर्पशरपातनात्।
चक्रे मुहुर्मुहुर्भावान् कटाक्षावरणादिकान्॥ २४

निसर्गसुन्दरी सन्ध्या तान्भावान् मानसोद्भवान्।
कुर्वन्त्यतितरां रेजे स्वर्णदीव तनूर्मिभिः॥ २५

अथ भावयुतां सन्ध्यां वीक्ष्याकार्षं प्रजापतिः।
धर्माभिपूरिततनुरभिलाषमहं मुने॥ २६

ततस्ते मुनयः सर्वे मरीच्यत्रिमुखा अपि।
दक्षाद्याश्च द्विजश्रेष्ठ प्रापुर्वैकारिकेन्द्रियम्॥ २७

दृष्ट्वा तथाविधान् दक्षमरीचिप्रमुखांश्च माम्।
संध्यां च कर्मणि निजे श्रद्दधे मदनस्तदा॥ २८

यदिदं ब्रह्मणा कर्म ममोद्दिष्टं मयापि तत्।
कर्तुं शक्यमिति ह्यद्धा भावितं स्वभुवा तदा॥ २९

इत्थं पापगतिं वीक्ष्य भ्रातृणां च पितुस्तथा।
धर्मः सस्मार शम्भुं वै तदा धर्मावनं प्रभुम्॥ ३०

संस्मरन्मनसा धर्मः शंकरं धर्मपालकम्।
तुष्टाव विविधैर्वाक्यैर्दीनो भूत्वाजसंभवः॥ ३१

धर्म उवाच

देवदेव महादेव धर्मपाल नमोऽस्तु ते।
सृष्टिस्थितिविनाशानां कर्ता शंभो त्वमेव हि॥ ३२

सृष्टौ ब्रह्मा स्थितौ विष्णुः प्रलये हररूपधृक्।
रजःसत्त्वतमोभिश्च त्रिगुणैरगुणः प्रभो॥ ३३

निस्त्रैगुण्यः शिवः साक्षात्तुर्यश्च प्रकृतेः परः।
निर्गुणो निर्विकारी त्वं नानालीलाविशारदः॥ ३४

त्यस स्त्रीलाई देखेर जब म ब्रह्मा उन्मत्त इन्द्रियवाला हुन गएँ, त्यस समय मेरो शरीरबाट उनन्चास भाव उत्पन्न भयो॥ २३॥

कामबाणको प्रहारले ती सबैलाई हेर्दै ती सन्ध्याले पनि आफ्नो कटाक्षहरूको आवरणले अनेक प्रकारका भाव प्रकट गर्न लागिन्॥ २४॥

स्वभावले सुन्दरी ती सन्ध्या मनबाट उत्पन्न ती भावहरूलाई प्रकट गर्दै साना-साना लहरहरूले युक्त गंगाको झैँ शोभित हुन लागिन्॥ २५॥

हे मुनि! यस प्रकारको भावहरूले युक्त सन्ध्यालाई देखेर कामले परिपूर्ण शरीर भएको म ब्रह्मा उनको अभिलाषा गर्न लागेँ॥ २६॥

हे द्विजश्रेष्ठ! तब मरीचि, अत्रि आदि सबै मुनि तथा दक्ष प्रजापति आदि विकृत इन्द्रियवाला भए। दक्ष-मरीचि आदि ऋषिहरू तथा मलाई र सन्ध्यालाई पनि कामविकारले युक्त देखेर कामदेवलाई आफ्नो कार्यमा विश्वास भयो॥ २७-२८॥

अनि कामदेवको मनमा यो विश्वास भयो कि ब्रह्माले मलाई जुन कार्यका लागि आदेश दिनुभएको छ, म त्यो कार्य गर्नमा पूर्ण रूपले सक्षम छु॥ २९॥

[ब्रह्माका पुत्र] धर्मले आफ्ना पिता तथा भाइहरूको यस्तो दशा देखेर धर्मको रक्षा गर्नुहुने भगवान् सदाशिवको स्मरण गरे॥ ३०॥

धर्मले धर्मपालक शिवको मनबाट स्मरण गरी दीनभावनाले युक्त भएर अनेक प्रकारका वाक्यद्वारा उहाँको यस प्रकार स्तुति गरे—॥ ३१॥

धर्म भन्दछन्—हे देवाधिदेव! हे महादेव! हे धर्मपाल! हजुरलाई नमस्कार छ। हे शम्भु! सृष्टि, पालन तथा विनाश गर्ने हजुर नै हुनुहुन्छ॥ ३२॥

हे प्रभु! हजुरले निर्गुण भएर नै रज, सत्त्व तथा तमोगुणले सृष्टिकार्यका लागि ब्रह्मा, पालनका लागि विष्णु तथा प्रलयका लागि रुद्रस्वरूप धारण गर्नुभएको छ॥ ३३॥

[हे प्रभु!] हजुर शिव तीन गुणबाट रहित, प्रकृतिबाट पर, तुरीयावस्थामा स्थित, निर्गुण, निर्विकार तथा अनेक प्रकारका लीलाहरूमा प्रवीण हुनुहुन्छ॥ ३४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रक्ष रक्ष महादेव पापान्मां दुस्तरादितः।
मत्पितायं तथा चेमे भ्रातरः पापबुद्धयः॥ ३५

हे महादेव! यस भयंकर पापबाट मेरो रक्षा गर्नुहोस्, रक्षा गर्नुहोस्, यस समय मेरा पिता तथा भाइहरू पापबुद्धिका हुन गएका छन्॥ ३५॥

ब्रह्मोवाच

इति स्तुतो महेशानो धर्मेणैव परः प्रभुः।
तत्राजगाम शीघ्रं वै रक्षितुं धर्ममात्मभूः॥ ३६

ब्रह्मा भन्नुहुन्छ—धर्मद्वारा परमात्मा प्रभुको जब यस प्रकार स्तुति गरियो, तब ती आत्मभू शिव धर्मको रक्षा गर्नका लागि त्यहीँ प्रकट हुनुभयो॥ ३६॥

जातो वियद्गतः शंभुर्विधिं दृष्ट्वा तथाविधम्।
मां दक्षाद्यांश्च मनसा जहासोपजहास च॥ ३७

स साधुवादं तान् सर्वान् विहस्य च पुनः पुनः।
उवाचेदं मुनिश्रेष्ठ लज्जयन् वृषभध्वजः॥ ३८

ती शम्भु आकाशमा स्थित भएर म ब्रह्मा तथा दक्ष आदिलाई यस प्रकारले मोहित देखेर मन-मनै हाँस्न लाग्नुभयो। हे मुनिश्रेष्ठ! उहाँ सबैलाई साधुवाद दिएर तथा पटक-पटक हाँसेर मलाई लज्जित पार्दै ती वृषभध्वज यो भन्न लाग्नुभयो—॥ ३७-३८॥

शिव उवाच

अहो ब्रह्मंस्तव कथं कामभावः समुद्गतः।
दृष्ट्वा च तनयां नैव योग्यं वेदानुसारिणाम्॥ ३९

शिव भन्नुहुन्छ—हे ब्रह्मन्! आफ्नै कन्यालाई देखेर तपाईंमा कामभाव कसरी उत्पन्न भयो? वेदहरूको अनुसरण गर्नेहरूका लागि यो उचित होइन॥ ३९॥

यथा माता च भगिनी भ्रातृपत्नी तथा सुता।
एताः कुदृष्ट्या द्रष्टव्या न कदापि विपश्चिता॥ ४०

बुद्धिमान्हरूले माता, दिदीबहिनी, भ्रातृपत्नी तथा कन्यालाई समान भावले हेर्नुपर्छ। यिनलाई कदापि कुदृष्टिले हेर्नु हुँदैन॥ ४०॥

एष वै वेदमार्गस्य निश्चयस्त्वन्मुखे स्थितः।
कथं तु काममात्रेण स ते विस्मारितो विधे॥ ४१

वेदमार्गको यो सिद्धान्त त तपाईंको मुखमा स्थित छ। हे विधि! तपाईंले कामको उत्पत्ति हुनासाथ त्यसलाई कसरी बिर्सिदिनुभयो!॥ ४१॥

धैर्यं जागरितं चित्ते न कथं चतुरानन।
येन क्षुद्रेण कामेन रन्तुं विघटितं विधे॥ ४२

हे चतुरानन! तपाईंको मनमा धैर्य जागरूक रहनु पर्छ। आश्चर्य छ कि तपाईंले यस कामको वशीभूत भई कन्यासित रमण गर्नका लागि यस प्रकार आफ्नो धैर्यलाई नष्ट गर्नुभयो॥ ४२॥

एकांतयोगिनस्तस्मात्सर्वदादित्यदर्शिनः।
कथं दक्षमरीच्याद्या लोलुपाः स्त्रीषु मानसाः॥ ४३

एकान्त-योगी तथा सर्वदा सूर्यको दर्शन गर्ने दक्ष, मरीचि आदि पनि स्त्रीमा आसक्त चित्त हुन गएका छन्॥ ४३॥

कथं कामोऽपि मन्दात्मा प्राबल्यात्सोऽधुनैव हि।
विकृतान् कृतवान् बाणैरकालज्ञोऽल्पचेतनः॥ ४४

देश-कालको ज्ञान नराख्ने, मन्दात्मा तथा अल्प बुद्धि भएका कामदेवले पनि आफ्नो प्रबलताले कामबाणहरूद्वारा तपाईंहरूलाई विकारयुक्त कसरी बनाइदियो?॥ ४४॥

धिक् तं श्रुतं सदा तस्य यस्य कान्ता मनोऽहरत्।
धैर्यादाकृष्य लौल्येषु मज्जयत्यपि मानसम्॥ ४५

त्यस पुरुषलाई तथा उसको वेद, शास्त्र आदिको ज्ञानलाई धिक्कार छ, जसको मनलाई स्त्रीले हर्दछ र धैर्यबाट विचलित गरी लोलुपतामा डुबाइदिन्छ॥ ४५॥

ब्रह्मोवाच

इति तस्य वचः श्रुत्वा लोके सोऽहं शिवस्य च।
व्रीडया द्विगुणीभूतः स्वेदार्द्रस्त्वभवं क्षणात्॥ ४६

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार सदाशिवका वचनलाई सुनेर म दुईगुना लज्जित भएँ, त्यस समय मेरो शरीर असिनपसिन भयो॥ ४६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain

ततः कामविकारं हि निगृह्य चात्यजं मुने।
जिघृक्षुरपि तद्भीत्या तां संध्यां कामरूपिणीम्॥ ४७

हे मुनि! तत्पश्चात् कामरूपिणी सन्ध्यालाई ग्रहण गर्ने इच्छा हुँदामा पनि मैले शिवको भयबाट इन्द्रियहरूलाई वशमा गरी कामविकारलाई दूर गरिदिएँ॥ ४७॥

मच्छरीरात्तु घर्माम्भो यत्पपात द्विजोत्तम।
अग्निष्वात्ताः पितृगणा जाताः पितृगणास्ततः॥ ४८

भिन्नाञ्जननिभाः सर्वे फुल्लराजीवलोचनाः।
नितान्तयतयः पुण्याः संसारविमुखाः परे॥ ४९

हे द्विजश्रेष्ठ! त्यस समय मेरो शरीरबाट [लज्जाको कारण] जुन पसीना झर्‍यो, त्यसैबाट अग्निष्वात्त तथा बर्हिषद् नामक पितृगणहरूको उत्पत्ति भयो। गाजलको समान कृष्णवर्ण भएका र विकसित कमलको समान नेत्र भएका ती पितृ महायोगी, पुण्यशील तथा संसारबाट विमुख रहने खालका भए॥ ४८–४९॥

सहस्राणां चतुःषष्टिरग्निष्वात्ताः प्रकीर्तिताः।
षडशीतिसहस्राणि तथा बर्हिषदो मुने॥ ५०

हे मुनि! चौँसठी हजार अग्निष्वात्त पितृ र छयासी हजार बर्हिषद् पितृ बताइएका छन्॥ ५०॥

घर्माम्भः पतितं भूमौ तदा दक्षशरीरतः।
समस्तगुणसंपन्ना तस्माज्जाता वराङ्गना॥ ५१

त्यसै समय दक्षको शरीरबाट पनि पसिना निस्केर पृथ्वीमा खस्यो, त्यसबाट समस्त गुणसम्पन्न परम मनोहर एक स्त्रीको उत्पत्ति भयो॥ ५१॥

तन्वङ्गी सममध्या च तनुरोमावली श्रुता।
मृद्वङ्गी चारुदशना नवकाञ्चनसुप्रभा॥ ५२

उनको शरीर सूक्ष्म थियो, कटिप्रदेश सम थियो, शरीरका रोमावली अत्यन्त सूक्ष्म थिए, उनका अंग कोमल तथा दाँत परम सुन्दर थिए र उनी तताएको सुनसमान कान्तिले देदीप्यमान भइरहेकी थिइन्॥ ५२॥

सर्वावयवरम्या च पूर्णचन्द्राननाम्बुजा।
नाम्ना रतिरिति ख्याता मुनीनामपि मोहिनी॥ ५३

उनी आफ्नो शरीरका समस्त अवयवहरूबाट ज्यादै मनोहर प्रतीत भइरहेकी थिइन् तथा उनको मुखकमल पूर्ण चन्द्रमासमान थियो। उनको नाम रति थियो, जो मुनिहरूका मनलाई पनि मोहित गर्ने खालकी थिइन्॥ ५३॥

मरीचिप्रमुखाः षड् वै निगृहीतेन्द्रियक्रियाः।
ऋते क्रतुं वसिष्ठं च पुलस्त्याङ्गिरसौ तथा॥ ५४
क्रत्वादीनां चतुर्णां च बीजं भूमौ पपात च।
तेभ्यः पितृगणा जाता अपरे मुनिसत्तम॥ ५५

क्रतु, वसिष्ठ, पुलस्त्य तथा अंगिरालाई छोडेर मरीचि आदि छ ऋषिहरूले आफ्ना इन्द्रियहरूको निग्रह गरे। हे मुनिश्रेष्ठ! ती क्रतु आदि चार ऋषिहरूको वीर्य पृथ्वीमा खस्यो, त्यसैबाट अरू पितृगणको उत्पत्ति भयो॥ ५४–५५॥

सोमपा आज्यपा नाम्ना तथैवान्ये सुकालिनः।
हविष्मन्तः सुताः सर्वे कव्यवाहाः प्रकीर्तिताः॥ ५६

ती पितृहरूमध्येमा सोमपा, आज्यपा, सुकालिन् तथा हविष्मान् मुख्य हुन्। यी सबै पुत्र कव्यलाई धारण गर्नेवाला बताइएको छ॥ ५६॥

क्रतोस्तु सोमपाः पुत्रा वसिष्ठात्कालिनस्तथा।
आज्यपाख्याः पुलस्त्यस्य हविष्मन्तोऽङ्गिरः सुताः॥ ५७

क्रतुका पुत्र सोमपा, वसिष्ठका पुत्र सुकालिन्, पुलस्त्यका पुत्र आज्यपा तथा अंगिराका पुत्र हविष्मान् नामक पितृको रूपमा उत्पन्न भए॥ ५७॥

जातेषु तेषु विप्रेन्द्र अग्निष्वात्तादिकेष्वथ।
लोकानां पितृवर्गेषु कव्यवाट् स समन्ततः॥ ५८

हे विप्रेन्द्र! यस प्रकार अग्निष्वात्त आदि पितृहरू उत्पन्न भएपछि पितृहरूको बिच ती सबै कव्यको वहन गर्ने कव्यवाट् भए॥ ५८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन्ध्या पितृप्रसूर्भूत्वा तदुद्देशयुताभवत्।
निर्दोषा शम्भुसन्दृष्टा धर्मकर्मपरायणा॥ ५९

यस प्रकार सन्ध्या पितृहरूलाई उत्पन्न गर्ने बनेर उनीहरूको उद्देश्यसिद्धिमा लागिरहन्थिन्। शिवको दृष्टि परेका कारण उनी दोषहरूबाट रहित तथा धर्म-कर्ममा परायण रहन्थिन्॥ ५९॥

एतस्मिन्नन्तरे शम्भुरनुगृह्याखिलान्द्विजान्।
धर्मं संरक्ष्य विधिवदन्तर्धानं गतो द्रुतम्॥ ६०

यसै बीच सदाशिव समस्त महर्षिहरूप्रति अनुग्रह गरी तथा विधिपूर्वक धर्मको रक्षा गरी तत्काल अन्तर्धान हुनुभयो॥ ६०॥

अथ शंकरवाक्येन लज्जितोऽहं पितामहः।
कंदर्पायाकोपिषं हि भ्रुकुटीकुटिलाननः॥ ६१

त्यसपछि शम्भु सदाशिवका वाक्यहरूबाट म पितामह लज्जित भएँ। मैले आफ्नू भ्रुकुटि बङ्ग्याएँ र कामदेवमाथि ज्यादै क्रुद्ध भएँ॥ ६१॥

दृष्ट्वा मुखमभिप्रायं विदित्वा सोऽपि मन्मथः।
स्वबाणान्सञ्जहाराशु भीतः पशुपतेर्मुने॥ ६२

हे मुनि! मेरो मुखलाई देखेर र मेरा अभिप्राय बुझेर रुद्रबाट भयभीत त्यस कामदेवले आफ्ना बाणहरूलाई फर्कायो॥ ६२॥

ततः कोपसमायुक्तः पद्मयोनिरहं मुने।
अज्वलं चातिबलवान् दिधक्षुरिव पावकः॥ ६३

हे मुनि! तब म पद्मयोनि ब्रह्मा कोपयुक्त भएर यस प्रकार जल्न लागेँ, जसरी भस्म गर्ने इच्छा भएका अति बलवान् अग्नि प्रज्वलित हुन्छन्॥ ६३॥

भवनेत्राग्निनिर्दग्धः कंदर्पो दर्पमोहितः।
भविष्यति महादेवे कृत्वा कर्म सुदुष्करम्॥ ६४

[मैले क्रोधित भएर त्यसलाई यो श्राप दिएँ] अहंकारबाट मोहित भएको यो कन्दर्प शिवप्रति दुष्कर कर्म गरी उहाँको नेत्राग्निबाट भस्म हुनेछ॥ ६४॥

इति वेधास्त्वहं काममक्षयं द्विजसत्तम।
समक्षं पितृसंघस्य मुनीनां च यतात्मनाम्॥ ६५

हे द्विजश्रेष्ठ! यस प्रकार म ब्रह्माले पितृसमूह तथा जितेन्द्रिय मुनिहरूको सामुन्ने त्यस कामलाई यो अमित श्राप दिएँ॥ ६५॥

इति भीतो रतिपतिस्तत्क्षणात्त्यक्तमार्गणः।
प्रादुर्बभूव प्रत्यक्षं शापं श्रुत्वातिदारुणम्॥ ६६

मेरो श्राप सुनेर भयभीत भएको कामदेव त्यसै क्षण आफ्ना बाणहरू त्यागेर सबैको सामुन्ने प्रकट भए॥ ६६॥

ब्रह्माणं मामुवाचेदं सदक्षादिसुतं मुने।
शृण्वतां पितृसंघानां संध्यायाश्च विगर्वधीः॥ ६७

हे मुनि! उसको सारा गर्व नष्ट भयो। तब ती दक्ष आदि मेरा पुत्रहरू, [अग्निष्वात्तादि] पितृहरू सन्ध्या एवं म ब्रह्माको सामुन्ने नै सबैलाई सुनाउँदै कामदेव भन्न लागे—॥ ६७॥

काम उवाच

किमर्थं भवता ब्रह्मन् शप्तोऽहमिति दारुणम्।
अनागास्तव लोकेश न्याय्यमार्गानुसारिणः॥ ६८

काम भन्दछ—हे ब्रह्मन्! हजुर त न्यायमार्गको अनुसरण गर्ने हुनुहुन्छ, हे लोकेश! तब म निरपराधलाई हजुरले यस प्रकार दारुण श्राप किन दिनुभयो?॥ ६८॥

त्वया चोक्तं नु मत्कर्म यत्तद् ब्रह्मन् कृतं मया।
तत्र योग्यो न शापो मे यतो नान्यत्कृतं मया॥ ६९

हे ब्रह्मन्! हजुरले मेरा निम्ति जे भन्नुभएको थियो, मैले त त्यही कार्य गरेँ। हजुरले मलाई श्राप दिनु उचित छैन; किनभने मैले [हजुरको आज्ञाको विरुद्ध] कुनै अन्य कार्य गरेको छैन॥ ६९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अहं विष्णुस्तथा शम्भुः सर्वे त्वच्छरगोचराः।
इति यद्भवता प्रोक्तं तन्मयापि परीक्षितम्॥ ७०

[हे ब्रह्मन्!] म [ब्रह्मा], विष्णु तथा शिव—हामी सबै तिम्रा बाणहरूको वशीभूत भएर रहने छौँ—यस्तो जुन हजुरले भन्नुभएको थियो, त्यसैअनुसार नै मैले परीक्षा लिएको थिएँ॥ ७०॥

नापराधो ममाप्यत्र ब्रह्मन् मयि निरागसि।
दारुणः समयश्चैष शापो देव जगत्पते॥ ७१

अतः हे ब्रह्मन्! यसमा मेरो अपराध छैन। हे देव! हे जगत्पति! यदि हजुरले म निरपराधलाई यो दारुण श्राप दिनु नै भएको हो भने यसको कुनै समय पनि निश्चित गरिदिनुहोस्॥ ७१॥

ब्रह्मोवाच

इति तस्य वचः श्रुत्वा ब्रह्माहं जगतां पतिः।
प्रत्यवोचं यतात्मानं मदनं दमयन्मुहुः॥ ७२

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] तब म जगत्पति ब्रह्माले त्यसका यी कुरा सुनेर चित्तलाई वशमा गर्ने कामलाई पटक-पटक झपार्दै यस प्रकार भनेँ— ॥ ७२॥

ब्रह्मोवाच

आत्मजा मम संध्येयं यस्मादेतत्सकामतः।
लक्ष्यीकृतोऽहं भवता ततः शापो मया कृतः॥ ७३

अधुना शान्तरोषोऽहं त्वां वदामि मनोभव।
शृणुष्व गतसन्देहः सुखी भव भयं त्यज॥ ७४

[हे काम!] यी सन्ध्या मेरी कन्या हुन्, तिमीले यिनैतिर सकामभाव उत्पन्न गर्नका लागि मलाई [आफ्नो कामका] लक्ष्य बनायौ। यसकारण मैले तिमीलाई श्राप दिएँ॥ ७३॥ हे मनोभव! अब मेरो क्रोध शान्त भएको छ, अतः म तिमीसित भनिरहेको छु, त्यसलाई सुन। तिमी सन्देहरहित भएर सुखी होऊ र भय त्याग॥ ७४॥

त्वं भस्म भूत्वा मदन भर्गलोचनवह्निना।
तथैवाशु समं पश्चाच्छरीरं प्रापयिष्यसि॥ ७५

हे मदन! तिमी महादेवको नेत्राग्निबाट भस्म भएपछि चाँडै यसै समान शरीर प्राप्त गर्ने छौ॥ ७५॥

यदा करिष्यति हरोऽञ्जसा दारपरिग्रहम्।
तदा स एव भवतः शरीरं प्रापयिष्यति॥ ७६

जब शंकरले विवाह गर्नुहुने छ, तब उहाँले अनायासै तिमीलाई शरीर प्रदान गर्नुहुने छ॥ ७६॥

एवमुक्त्वाथ मदनमहं लोकपितामहः।
अन्तर्गतो मुनीन्द्राणां मानसानां प्रपश्यताम्॥ ७७

[हे नारद!] कामसित यस प्रकार भनेर म लोकपितामह ती मानसपुत्र मुनिवरहरूले हेर्दा-हेर्दै अन्तर्धान भएँ॥ ७७॥

इत्येवं मे वचः श्रुत्वा मदनस्तेऽपि मानसाः।
सम्बभूवुः सुताः सर्वे सुखिनोऽरं गृहं गताः॥ ७८

यस प्रकार मेरो वचनलाई सुनेर कामदेव तथा मेरा ती सबै मानसपुत्र प्रसन्न भए र शीघ्रतापूर्वक आ-आफ्ना स्थानमा गए॥ ७८॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां द्वितीये सतीखण्डे कामशापानुग्रहो नाम तृतीयोऽध्यायः॥ ३॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको द्वितीय सतीखण्डमा कामश्रापानुग्रहवर्णन नामक तेस्रो अध्याय पूर्ण भयो॥ ३॥

अथ चतुर्थोऽध्यायः

कामदेवको विवाहको वर्णन

नारद उवाच

विष्णुशिष्य महाप्राज्ञ विधे लोककर प्रभो।
अद्भुतेयं कथा प्रोक्ता शिवलीलामृतान्विता॥ १

नारद भन्नुहुन्छ—हे विष्णुशिष्य! हे महाप्राज्ञ! हे विधि! संसारको रचना गर्नुहुने हे प्रभु! हजुरले शिवको लीलारूपी अमृतले युक्त यो अद्भुत कथा भन्नुभयो॥ १॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततः किमभवत्तात चरितं तद् वदाधुना।
अहं श्रद्धान्वितः श्रोतुं यदि शम्भुकथाश्रयम्॥ २

हे तात! यसपछि के भयो? म शम्भुको कथाप्रति आश्रित उहाँका चरित्र सुन्नमा श्रद्धावान् छु, अतः त्यसलाई भन्नुहोस्॥ २॥

ब्रह्मोवाच

शम्भौ गते निजस्थाने वेधस्यन्तर्हिते मयि।
दक्षः प्राहाथ कंदर्पं संस्मरन् मम तद्वचः॥ ३

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार शिव आफ्नो स्थानमा जानुभएपछि तथा म ब्रह्मा अन्तर्धान भएपछि दक्षप्रजापतिले मेरो कुराको स्मरण गर्दै कामदेवसित भन्न लागे—॥ ३॥

दक्ष उवाच

मद्देहजेयं कंदर्प सद्रूपगुणसंयुता।
एनां गृह्णीष्व भार्यार्थं भवतः सदृशीं गुणैः॥ ४

एषा तव महातेजाः सर्वदा सहचारिणी।
भविष्यति यथाकामं धर्मतो वशवर्तिनी॥ ५

दक्ष भन्दछन्—हे काम! सुन्दर रूप एवं गुणहरूले युक्त यी कन्या मेरो शरीरबाट उत्पन्न भएकी हुन्, अतः तिमी आफ्नी पत्नी बनाउनका लागि यिनलाई ग्रहण गर, यी गुणहरूमा तिम्रै समान छिन्॥ ४॥ हे महातेजस्वी! यी कन्या सदा तिमीसँगै रहने छिन् र धर्मअनुरूप तिम्रो इच्छाअनुसार तिम्रो वशमा रहनेछिन्॥ ५॥

ब्रह्मोवाच

इत्युक्त्वा प्रददौ तस्मै देहस्वेदाम्बुसम्भवाम्।
कन्दर्पायाग्रतः कृत्वा नाम कृत्वा रतीति ताम्॥ ६

विवाह्य तां स्मरः सोऽपि मुमोदातीव नारद।
दक्षजां तनयां रम्यां मुनीनामपि मोहिनीम्॥ ७

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] यो भनेर दक्षले आफ्नो पसिनाबाट उत्पन्न भएकी कन्याको नाम रति रखेर उनलाई आफ्नो अगाडि लगाएर कामदेवलाई दिए॥ ६॥ हे नारद! ती कामदेव मुनिहरूलाई पनि मोहित पार्ने त्यस परम सुन्दरी दक्षकन्यासित विवाह गरी ज्यादै प्रसन्न भए॥ ७॥

अथ तां वीक्ष्य मदनो रत्याख्यां स्वस्त्रियं शुभाम्।
आत्मागुणेन विद्धोऽसौ मुमोह रतिरंजितः॥ ८

प्रेमासक्त कामदेव पनि परम कल्याणकारिणी रति नामक आफ्नी स्त्रीलाई देखेर उनका गुणहरूसित आकृष्ट भएर उनीप्रति अत्यन्त मोहित भए॥ ८॥

क्षणप्रदाभवत्कान्ता गौरी मृगदृशी मुदा।
लोलापांग्यथ तस्यैव भार्या च सदृशी रतौ॥ ९

गोरो वर्ण भएकी, हरिणाक्षी तथा चंचल नेत्र भएकी ती रति पनि कामको सदृश्य हुनाको कारण उनलाई परम आनन्द प्रदान गर्न लागिन्॥ ९॥

तस्या भ्रूयुगलं वीक्ष्य संशयं मदनोऽकरोत्।
उत्सादनं मत्कोदण्डं विधात्रास्यां निवेशितम्॥ १०

उनका चंचल आँखीभौँहरूलाई हेरेर कामदेव संशयमा पर्न जान्थे कि विधाताले सबलाई वशमा पार्ने मेरा धनुषलाई यिनका नेत्रहरूमा सन्निविष्ट गरिदिएका छन॥ १०॥

गतिं दृष्ट्वा कटाक्षाणामाशु तस्या द्विजोत्तम।
आशु गन्तुं निजास्त्राणां श्रद्दधे न च चारुताम्॥ ११

हे द्विजश्रेष्ठ! ती रतिको कटाक्षहरूको शीघ्र गति तथा उनको सुन्दरतालाई देखेर कामदेवलाई आफ्ना अस्त्रहरूको शीघ्र गतिमा विश्वास रहेन॥ ११॥

तस्याः स्वभावसौरम्यं धीरश्वासानिलं तथा।
आघ्राय मदनः श्रद्धां त्यक्तवान् मलयानिले॥ १२

उनको स्वाभाविक रूपको सुगन्धित तथा मन्द श्वासवायुलाई सुँघेर कामदेवले मलय-पवनप्रति आफ्नो श्रद्धा त्याग गरिदिए॥ १२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूर्णेन्दुसदृशं वक्त्रं दृष्ट्वा लक्ष्मसुलक्षितम्।
न निश्चिकाय मदनो भेदं तन्मुखचन्द्रयोः॥ १३

सुवर्णपद्मकलिकातुल्यं तस्याः कुचद्वयम्।
रेजे चूचुकयुग्मेन भ्रमरेणेव वेष्टितम्॥ १४

दृढपीनोन्नतं तस्याः स्तनमध्यं विलंबिनीम्।
आनाभिलम्बिनीं मालां तन्वीं चन्द्रायितां शुभाम्॥ १५

ज्यां पुष्पधनुषः कामः षट्पदावलिसंभ्रमाम्।
विसस्मार च यस्मात्तां विसृज्यैनां निरीक्षते॥ १६

गम्भीरनाभिरन्ध्रान्तश्चतुःपार्श्वत्वगावृतम्।
आननाब्जेक्षणद्वंद्वमारक्तकमलं यथा॥ १७

क्षीणमध्येन वपुषा निसर्गाष्टापदप्रभा।
रुक्मवेदीव ददृशे कामेन रमणी हि सा॥ १८

रंभास्तंभायतं स्निग्धं यदूरुयुगलं मृदु।
निजशक्तिसमं कामो वीक्षाञ्चक्रे मनोहरम्॥ १९

आरक्तपार्ष्णिपादाग्रं प्रांतभागं पदद्वयम्।
अनुरागमिवानेन मित्रं तस्या मनोभवः॥ २०

तस्याः करयुगं रक्तं नखरैः किंशुकोपमैः।
वृत्ताभिरंगुलीभिश्च सूक्ष्माग्राभिर्मनोहरम्॥ २१

तद् बाहुयुगलं कांतं मृणालयुगलायतम्।
मृदु स्निग्धं चिरं राजत्कांतिलोहप्रवालवत्॥ २२

नीलनीरदसंकाशः केशपाशो मनोहरः।
चमरीबालभरवद्विभाति स्म स्मरप्रिया॥ २३

एतादृशीं रतिं नाम्नीं प्रालेयाद्रिसमुद्भवाम्।
गङ्गामिव महादेवो जग्राहोत्फुल्ललोचनः॥ २४

सुन्दर लक्षणहरूले युक्त तथा पूर्णिमाको चन्द्रमा समान उनको मुखमण्डललाई देखेर कामदेव उनको मुख र चन्द्रमाको भेद गर्नमा असमर्थ भए॥ १३॥

सुवर्णकमलको कलीसमान उनका वक्षःस्थल भ्रमराबाट वेष्टित कमलझैँ सुशोभित भइरहेका थिए॥ १४॥

उनका कठोर, स्थूल एवं उन्नत वक्षःस्थलको मध्यभाग नाभिपर्यन्त झुलिएका, लामो, पातलो तथा चन्द्रमासमान स्वच्छ माला धारण गरेकी थिइन्। ती कामदेवले भ्रमराका पंक्तिहरूले घेरिएर आफ्नो पुष्पधनुषको प्रत्यंचालाई पनि भुले र त्यसलाई हेर्न छोडेर पटक-पटक उनै रतितिर एकटकले हेर्न थाले॥ १५-१६॥

चारैतिर छालाले परिवेष्टित उनको नाभिको रन्ध्र अत्यन्त गम्भीर थियो। उनको मुखकमलमा दुवै नेत्र रातो कमलसमान प्रतीत भइरहेका थिए॥ १७॥

ती कामदेवले कृश कटिप्रदेश शरीरबाट सुशोभित, स्वभावतः सुवर्णको आभा भएकी त्यस रमणीलाई सुवर्णवेदीको समान देखे॥ १८॥

केराको थाम सदृश्य विस्तृत, स्निग्ध, कोमल तथा मनोहर उनका तिघ्राहरूलाई कामदेवले आफ्नो शक्तिसमान देखे॥ १९॥

राता-राता पादाग्र तथा प्रान्तभाग भएकी उनका दुवै गोडा रंगिएका झैँ थिए, यसबाट कामदेव अनुरक्त भएर उनको मित्र बने। पलाँशपुष्पको समान राता नङहरूले युक्त, सूक्ष्म अग्रभाग भएकी तथा गोलाकार औँलाहरूले युक्त उनका दुवै हात अत्यन्त मनोहर प्रतीत भइरहेका थिए। उनका दुवै हात कान्तिमय, मृणालको समान लामा, कोमल, स्निग्ध र कान्तियुक्त राता मुगाको समान शोभित भइरहेका थिए। उनका मनोहर केशपाश काला-काला बादलहरूको समान शोभा पाइरहेका थिए, यसबाट ती कामप्रिया चमरका कपालहरूलाई धारण गर्ने चँवरको झैँ सुशोभित भइरहेकी थिइन्। [सौन्दर्ययुक्त] यस्तो रतिलाई हर्षित नेत्र भएका कामदेवले त्यसै गरी ग्रहण गरे, जसरी हिमालयबाट उत्पन्न गंगालाई महादेवले ग्रहण गर्नुभएको थियो॥ २०—२४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चक्रपद्मां चारुबाहुं मृणालशकलान्विताम्।
भ्रूयुग्मविभ्रमव्राततनूर्मिपरिराजिताम् ॥ २५

चक्र तथा पद्मका चिह्नहरूले युक्त, मृणालखण्डको समान मनोहर हातहरूले युक्त ती रति गंगा नदीको समान प्रतीत भइरहकी थिइन्। ती रतिका दुवै आँखीभौंका चेष्टाहरू नदीको सूक्ष्म लहरसमान प्रतीत भइरहेका थिए॥ २५॥

कटाक्षपाततुङ्गौघां स्वीयनेत्रोत्पलान्विताम्।
तनुलोमांबुशैवालां मनोद्रुमविलासिनीम्॥ २६

उनका कटाक्षपात नै नदीका वेगवती धारा थिए र विशाल नेत्र कमलसमान प्रतीत भइरहेका थिए। उनका सूक्ष्म रोमावली शैवाल (झ्याउ) थिए र आफ्नो मनरूपी वृक्षहरूसित विलास गरिरहेकी थिइन्॥ २६॥

निम्ननाभिह्रदां क्षामां सर्वांगरमणीयिकाम्।
सर्वलावण्यसदनां शोभमानां रमामिव॥ २७

द्वादशाभरणैर्युक्तां शृङ्गारैः षोडशैर्युताम्।
मोहिनीं सर्वलोकानां भासयन्तीं दिशो दश॥ २८

उनको गम्भीर नाभि तलाउको समान शोभा पाइरहेका थिए। ती कृशगात्रा रति आफ्नू सर्वांगको रमणीयता तथा लावण्यमयी शोभाले बाह्र आभूषणहरूले युक्त तथा सोह्र शृंगारहरूबाट शोभायमान भएर सम्पूर्ण लोकलाई मोहित पार्ने र आफ्नो कान्तिले दसै दिशाहरूलाई प्रज्वलित गर्दै महालक्ष्मी-जस्ती प्रतीत भइरहेकी थिइन्॥ २७-२८॥

इति तां मदनो वीक्ष्य रतिं जग्राह सोत्सुकः।
रागादुपस्थितां लक्ष्मीं हृषीकेश इवोत्तमाम्॥ २९

यस प्रकार परम सुन्दरी रतिलाई देखेर कामदेवले उनलाई ज्यादै प्रसन्नतापूर्वक त्यसरी नै ग्रहण गरे, जसरी स्वयं रागले उपस्थित भएकी महालक्ष्मीलाई भगवान् नारायणले ग्रहण गर्नुभएको थियो॥ २९॥

नोवाच च तदा दक्षं कामो मोदभवात्ततः।
विस्मृत्य दारुणं शापं विधिदत्तं विमोहितः॥ ३०

त्यस समय कामदेवले आनन्द हुनाको कारण विमोहित भएर ब्रह्माद्वारा दिइएको दारुण श्रापलाई भूलेर दक्षसित केही पनि भनेनन्॥ ३०॥

तदा महोत्सवस्तात बभूव सुखवर्धनः।
दक्षः प्रीततरश्चासीन्मुमुदे तनया मम॥ ३१

हे तात! त्यस समय [सबैको] सुखलाई बढाउने महान् उत्सव भयो। दक्ष प्रजापति अत्यन्तै प्रसन्न भए र कन्या रति पनि परम प्रसन्न भइन्॥ ३१॥

कामोऽतीव सुखं प्राप्य सर्वदुःखक्षयं गतः।
दक्षजापि रतिः कामं प्राप्य चापि जहर्ष ह॥ ३२

अत्यधिक सुख पाएर कामका समस्त दुःख विनष्ट भए र यता दक्षतनया रति पनि कामलाई पतिरूपमा प्राप्त गरी परम हर्षित भइन्॥ ३२॥

रराज च तया सार्धं भिन्नश्चारुवचाः स्मरः।
जीमूत इव सन्ध्यायां सौदामन्या मनोज्ञया॥ ३३

रतिसित मोहित गद्गद कण्ठ भएका ती मधुरभाषी काम सायंकालमा मनोहर बिजुलीले युक्त मेघको समान दक्षकन्या रतिका साथ शोभित भए॥ ३३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इति रतिपतिरुच्चैर्मोहयुक्तो रतिं तां
हृदुपरि जगृहे वै योगदर्शीव विद्याम्।
रतिरपि पतिमग्र्यं प्राप्य सा चापि रेजे
हरिमिव कमला वै पूर्णचन्द्रोपमास्या ॥ ३४

यस प्रकार रतिपति कामले अत्यन्त मोहित भएर रतिलाई यसरी आफ्नो हृदयमा ग्रहण गरे, जसरी योगी ब्रह्मविद्यालाई ग्रहण गर्दछन् र ती रति पनि श्रेष्ठ कामलाई प्राप्त गरी यस प्रकार प्रसन्न भइन्, जुन प्रकार पूर्णचन्द्रको समान मुख भएकी महालक्ष्मी विष्णुलाई पतिरूपमा प्राप्त गरी प्रसन्न भएकी थिइन् ॥ ३४ ॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां द्वितीये सतीखण्डे कामविवाहवर्णनं नाम चतुर्थोऽध्यायः ॥ ४ ॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको द्वितीय सतीखण्डमा कामविवाहवर्णन नामक चौथो अध्याय पूर्ण भयो ॥ ४ ॥

अथ पञ्चमोऽध्यायः

ब्रह्माकी मानसपुत्री कुमारी सन्ध्याको आख्यान

सूत उवाच

इत्याकर्ण्य वचस्तस्य ब्रह्मणो मुनिसत्तमः।
स मुदोवाच संस्मृत्य शंकरं प्रीतमानसः॥ १

सूत भन्नुहुन्छ—हे महर्षिहरू! ब्रह्माका यस वचनलाई सुनेर मुनिश्रेष्ठ [नारद] प्रसन्नचित्त भएर शंकरको स्मरण गरी आनन्दपूर्वक भन्न लागे— ॥ १ ॥

नारद उवाच

ब्रह्मन् विधे महाभाग विष्णुशिष्य महामते।
अद्भुता कथिता लीला त्वया च शशिमौलिनः॥ २

नारद भन्नुहुन्छ—हे ब्रह्मन्! हे विधि! हे विष्णुशिष्य! हे महाभाग! हे महामति! हजुरले शिवका अद्भुत लीलाहरूको वर्णन गर्नुभयो ॥ २ ॥

गृहीतदारे मदने हृष्टे हि स्वगृहं गते।
दक्षे च स्वगृहं याते तथा हि त्वयि कर्तरि॥ ३
मानसेषु च पुत्रेषु गतेषु स्वस्वधामसु।
सन्ध्या कुत्र गता सा च ब्रह्मपुत्री पितृप्रसूः॥ ४

जब कामदेव आफ्नी पत्नीलाई प्राप्त गरी प्रसन्न भएर आफ्नो घर गए तथा प्रजापति दक्ष पनि आफ्नो घर गए, सृष्टिकर्ता हजुर ब्रह्मा तथा हजुरका मानसपुत्र पनि आ-आफ्ना घर जानुभयो, तब पितृहरूकी जन्मदात्री ती ब्रह्मपुत्री सन्ध्या कहाँ गइन्? ॥ ३-४ ॥

किं चकार च केनैव पुरुषेण विवाहिता।
एतत्सर्वं विशेषेण संध्यायाश्चरितं वद॥ ५

उनले के गरिन् र उनको विवाह कुन पुरुषका साथ भयो? यी सबै कुरा र सन्ध्याको चरित्रलाई विशेष रूपले भन्नुहोस् ॥ ५ ॥

सूत उवाच

इत्याकर्ण्य वचस्तस्य ब्रह्मपुत्रस्य धीमतः।
संस्मृत्य शंकरं भक्त्या ब्रह्मा प्रोवाच तत्त्ववित्॥ ६

सूत भन्नुहुन्छ—तत्त्ववेत्ता ब्रह्मदेव परम बुद्धिमान् देवर्षि नारदका यी वचनलाई सुनेर भक्तिपूर्वक शंकरको स्मरण गरी भन्न लाग्नुभयो— ॥ ६ ॥

ब्रह्मोवाच

शृणु त्वं च मुने सर्वं संध्यायाश्चरितं शुभम्।
यच्छ्रुत्वा सर्वकामिन्यः साध्व्यः स्युः सर्वदा मुने॥ ७

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! सन्ध्याको सम्पूर्ण शुभ चरित्र सुन्नुहोस्, जसलाई सुनेर हे मुनि! सबै स्त्रीहरू पतिव्रता हुन्छन् ॥ ७ ॥

सा च संध्या सुता मे हि मनोजाता पुराभवत्।
तपस्तप्त्वा तनुं त्यक्त्वा सैव जाता त्वरुन्धती॥ ८

ती सन्ध्या, जो पूर्वकालमा मेरो मनबाट उत्पन्न भएकी थिइन्, त्यहीँ तपस्या गरी शरीर त्यागेपछि अरुन्धती भइन् ॥ ८ ॥

2325_Sihvpurana_Part_1_Nepali_Section_12_2_Front

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेधातिथेः सुता भूत्वा मुनिश्रेष्ठस्य धीमती।
ब्रह्मविष्णुमहेशानवचनाच्चरितव्रता ॥ ९

वव्रे पतिं महात्मानं वसिष्ठं शंसितव्रतम्।
पतिव्रता च मुख्याभूद्वंद्या पूज्या त्वभीषणा॥ १०

ती बुद्धिमती तथा उत्तम व्रत गर्ने सन्ध्याले मुनिश्रेष्ठ मेधातिथिकी कन्याको रूपमा जन्म ग्रहण गरी ब्रह्मा, विष्णु तथा महेश्वरका वचनहरूले महात्मा वसिष्ठलाई पतिरूपमा वरण गरिन्। ती श्रेष्ठ पतिव्रता, वन्दनीय, पूजनीय तथा दयाकी प्रतिमूर्ति थिइन्॥ ९-१०॥

नारद उवाच

कथं तया तपस्तप्तं किमर्थं कुत्र संध्यया।
कथं शरीरं सा त्यक्त्वाभवन्मेधातिथेः सुता॥ ११

कथं वा विहितं देवैर्ब्रह्मविष्णुशिवैः पतिम्।
वसिष्ठं तु महात्मानं संवव्रे शंसितव्रतम्॥ १२

एतन्मे श्रोष्यमाणाय विस्तरेण पितामह।
कौतूहलमरुन्धत्याश्चरितं ब्रूहि तत्त्वतः॥ १३

नारद भन्नुहुन्छ—हे ब्रह्मन्! ती सन्ध्याले किन, कहाँ तथा कुन उद्देश्यले तप गरिन्, कुन प्रकार उनी आफ्नो शरीर त्याग गरी मेधातिथिकी कन्या भइन् र उनले कुन प्रकार ब्रह्मा, विष्णु तथा शिवद्वारा बताएका उत्तम व्रत भएका महात्मा वसिष्ठलाई आफ्नो पति स्वीकार गरिन्?॥ ११-१२॥

हे पितामह! यसलाई सुन्ने मेरो ठुलो उत्सुकता छ, अतः सुन्ने इच्छा भएको मसित अरुन्धतीको चरित्रको विस्तारपूर्वक ठीक-ठीक वर्णन गर्नुहोस्॥ १३॥

ब्रह्मोवाच

अहं स्वतनयां संध्यां दृष्ट्वा पूर्वमथात्मनः।
कामायाशु मनोऽकार्षं त्यक्ता शिवभयाच्च सा॥ १४

संध्यायाश्चलितं चित्तं कामबाणविलोडितम्।
ऋषीणामपि संरुद्धमानसानां महात्मनाम्॥ १५

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] पहिला आफ्नी पुत्री सन्ध्यालाई देखेर मेरो मन कामले आकृष्ट भयो, तर पछि शिवको भयले मैले उनलाई छोडिदिएँ॥ १४॥

कामबाणले घायल भएर ती सन्ध्याको तथा मनलाई वशमा राख्ने महात्मा ऋषिहरूको पनि चित्त चलायमान भएको थियो॥ १५॥

भर्गस्य वचनं श्रुत्वा सोपहासं च मां प्रति।
आत्मनश्चलितत्वं वै ह्यमर्यादमृषीन्प्रति॥ १६

कामस्य तादृशं भावं मुनिमोहकरं मुहुः।
दृष्ट्वा सन्ध्या स्वयं तत्रोपयमायातिदुःखिता॥ १७

त्यस समय मप्रति भनिएका शिवका उपहासयुक्त वचनलाई सुनेर र ऋषिहरूप्रति आफ्नो मनलाई मर्यादा छोडेर चलायमान भएको देखेर तथा पटक-पटक मुनिहरूलाई मोहित गर्ने त्यस प्रकारको भावलाई देखेर ती सन्ध्या विवाहका लागि स्वयं अत्यन्त दुःखी भइन्॥ १६-१७॥

ततस्तु ब्रह्मणा शप्ते मदने च मया मुने।
अन्तर्भूते मयि शिवे गते चापि निजास्पदे॥ १८

आमर्षवशमापन्ना सा संध्या मुनिसत्तम।
मम पुत्री विचार्यैवं तदा ध्यानपराभवत्॥ १९

हे मुनि! कामदेवलाई श्राप दिएर जब म अन्तर्धान भएँ एवं शिव आफ्नो स्थान कैलास प्रस्थान गर्नुभयो, त्यस समय हे मुनिसत्तम! ती मेरी पुत्री सन्ध्या क्षुब्ध भएर केही विचार गरी ध्यानमग्न भइन्॥ १८-१९॥

ध्यायन्ती क्षणमेवाशु पूर्वं वृत्तं मनस्विनी।
इदं विममृशे सन्ध्या तस्मिन्काले यथोचितम्॥ २०

ती मनस्विनी सन्ध्या केही समयसम्म आफ्ना पूर्व वृत्तिको स्मरण गर्दै त्यस समय यथोचित रूपले यो विचार गर्न लागिन्—॥ २०॥

सन्ध्योवाच

उत्पन्नमात्रां मां दृष्ट्वा युवतीं मदनेरितः।
अकार्षीत्सानुरागोऽयमभिलाषं पिता मम॥ २१

सन्ध्या भन्दछिन्—मेरो पिताले उत्पन्न हुनासाथ म युवतीलाई देखेर कामले प्रेरित भएर अनुरागपूर्वक मलाई प्राप्त गर्ने अभिलाषा गर्नुभयो॥ २१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पश्यतां मानसानां च मुनीनां भावितात्मनाम्।
दृष्ट्वैव माममर्यादं सकाममभवन्मनः॥ २२

ममापि मथितं चित्तं मदनेन दुरात्मना।
येन दृष्ट्वा मुनीन्सर्वांश्चलितं मन्मनो भृशम्॥ २३

फलमेतस्य पापस्य मदनः स्वयमाप्तवान्।
यस्तं शशाप कुपितः शम्भोरग्रे पितामहः॥ २४

प्राप्नुयां फलमेतस्य पापस्य स्वघकारिणी।
तच्छोधनफलमहमाशु चेच्छामि साधनम्॥ २५

यन्मां पिता भ्रातरश्च सकामामपरोक्षतः।
दृष्ट्वा चक्रुः स्पृहां तस्मान्न मत्तः पापकृत्परा॥ २६

ममापि कामभावोऽभूदमर्यादं समीक्ष्य तान्।
पत्या इव स्वके ताते सर्वेषु सहजेष्वपि॥ २७

करिष्याम्यस्य पापस्य प्रायश्चित्तमहं स्वयम्।
आत्मानमग्नौ होष्यामि वेदमार्गानुसारतः॥ २८
किं त्वेकां स्थापयिष्यामि मर्यादामिह भूतले।
उत्पन्नमात्रा न यथा सकामाः स्युः शरीरिणः॥ २९

एतदर्थमहं कृत्वा तपः परमदारुणम्।
मर्यादां स्थापयिष्यामि पश्चात्त्यक्ष्यामि जीवितम्॥ ३०

यस्मिन् शरीरे पित्रा मे ह्यभिलाषः स्वयं कृतः।
भ्रातृभिस्तेन कायेन किंचिन्नास्ति प्रयोजनम्॥ ३१

मया येन शरीरेण तातेषु सहजेषु च।
उद्भावितः कामभावो न तत्सुकृतसाधनम्॥ ३२

इति संचिन्त्य मनसा संध्या शैलवरं ततः।
जगाम चन्द्रभागाख्यं चन्द्रभागापगा यतः॥ ३३

अथ तत्र गतां ज्ञात्वा संध्यां गिरिवरं प्रति।
तपसे नियतात्मानं ब्रह्मावोचमहं सुतम्॥ ३४
वसिष्ठं संयतात्मानं सर्वज्ञं ज्ञानयोगिनम्।
समीपे स्वे समासीनं वेदवेदाङ्गपारगम्॥ ३५

यसै प्रकार आत्मतत्त्वज्ञ ब्रह्मदेवका मानसपुत्रहरूले पनि मलाई देखेर आफ्नो मन मर्यादाबाट रहित गरी कामाभिलाषाले युक्त भए॥ २२॥

त्यस दुरात्मा कामदेवले मेरो पनि चित्तलाई चंचल पारिदियो, जसको कारण सबै मुनिहरूलाई देखेर मेरो मन ज्यादै चंचल भयो॥ २३॥

यस पापको फल कामदेवले स्वयं पाए कि शंकरको सामुन्ने कुपित भएर ब्रह्माले उनलाई श्राप दिनुभयो॥ २४॥

म पापिनी पनि यस पापको फल पाउने छु, अतः त्यस पापबाट शुद्ध हुनका लागि कुनै साधन गर्न चाहन्छु; किनभने मलाई देखेर मेरा पिता तथा सबै दाजुहरू प्रत्यक्ष रूपले कामभावपूर्वक मेरो अभिलाषा गर्न लागे। अतः मभन्दा ठुलो पापिनी कोही छैन॥ २५-२६॥

ती सबैलाई देखेर ममा पनि अमर्यादित रूपले कामभाव उत्पन्न भयो र म पनि आफ्ना पिता तथा सबै दाजूहरूमा पतिको समान भावना गर्न लागेँ॥ २७॥

अब म यस पापको प्रायश्चित्त गर्ने छु र वेदमार्ग अनुसार आफ्नो शरीरलाई अग्निमा हवन गरिदिने छु। म यस भूतलमा एक मर्यादा स्थापित गर्ने छु, जसबाट शरीरधारी उत्पन्न हुनासाथ कामभावले युक्त न होऊन्॥ २८-२९॥

यसका लागि म परम कठोर तपस्या गरी त्यस मर्यादालाई स्थापित गर्ने छु र त्यसपछि आफ्नो शरीर त्याग्ने छु॥ ३०॥

मेरो जुन शरीरमा मेरा पिता एवं दाजूहरूले कामाभिलाषा गरे, त्यस शरीरसित अब कुनै प्रयोजन छैन॥ ३१॥

मैले पनि जुन शरीरले आफ्नू पिता तथा दाजूहरूमा कामभाव उत्पन्न गरेँ, अब त्यो शरीर पुण्यकार्यको साधन हुन सक्तैन॥ ३२॥

ती सन्ध्या आफ्नो मनमा यस्तो विचार गरी चन्द्रभाग नामक श्रेष्ठ पर्वतमा गइन्, जहाँबाट चन्द्रभागा नदी प्रादुर्भाव भएकी छिन्॥ ३३॥

यसपछि सन्ध्यालाई त्यस श्रेष्ठ पर्वतमा तपस्याका लागि गएकी जानेर मैले आफूसँग बसेका, मनलाई वशमा राख्ने, सर्वज्ञ, ज्ञानयोग तथा वेदवेदांगका पारगामी आफ्नू पुत्र वसिष्ठसित भनेँ— ॥ ३४-३५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

वसिष्ठ पुत्र गच्छ त्वं संध्यां जातां मनस्विनीम्।
तपसे धृतकामां च दीक्षस्वैनां यथाविधि॥ ३६

ब्रह्मा भन्नुहुन्छ—हे पुत्र वसिष्ठ! तपस्याको विचार गरी गएकी मनस्विनी पुत्री सन्ध्याको नजिक जाऊ र उनलाई विधिपूर्वक दीक्षा प्रदान गर॥ ३६॥

मंदाक्षमभवत्तस्याः पुरा दृष्ट्वैव कामुकान्।
युष्मान्मां च तथात्मानं सकामां मुनिसत्तम॥ ३७

हे मुनिसत्तम! पहिला ऊ तिमीहरूलाई, मलाई तथा आफैँलाई कामाभिलाषाले युक्त देखिरहन्थी, तर अहिले उनका नेत्रहरूको चंचलता दूर भएका छन्॥ ३७॥

अनुक्तमूर्त्तं तत्कर्म पूर्वमृत्युं विमृश्य सा।
युष्माकमात्मनश्चापि प्राणान्संत्यक्तुमिच्छति॥ ३८

उनी तिमीहरूलाई तथा आफ्नू अभूतपूर्व दुष्कर्मलाई सम्झेर 'मृत्यु नै ठीक हो'—यस्तो विचार गरी प्राण त्याग्ने इच्छा गर्दैछिन्॥ ३८॥

अमर्यादेषु मर्यादां तपसा स्थापयिष्यति।
तपः कर्तुं गता साध्वी चन्द्रभागाख्यभूधरे॥ ३९

अब उनी तपस्याद्वारा अमर्यादित प्राणीहरूमा मर्यादा स्थापित गर्ने छिन्, यसैले तपस्या गर्नका लागि ती साध्वी चन्द्रभाग नामक पर्वतमा गएकी छिन्॥ ३९॥

न भावं तपसस्तात सानुजानाति कंचन।
तस्माद्यथोपदेशात्सा प्राप्नोत्विष्टं तथा कुरु॥ ४०

हे तात! उनी तपस्याको कुनै पनि क्रियालाई जान्दिनन्, अतः जुन प्रकारको उपदेशले उनले आफ्नू अभीष्ट प्राप्त गर्नेछिन्, त्यस्तै गर॥ ४०॥

इदं रूपं परित्यज्य निजं रूपान्तरं मुने।
परिगृह्यांतिके तस्याः तपश्चर्यां निदर्शय॥ ४१

हे मुनि! तिमी आफ्नो यस रूपलाई छोडेर दोस्रो शरीर धारण गरी उनको नजिकमा स्थित भएर तपश्चर्याका क्रियाहरूलाई प्रदर्शित गर॥ ४१॥

इदं स्वरूपं भवतो दृष्ट्वा पूर्वं यथात्र वाम्।
नाप्नुयात्साथ किंचिद्वै ततो रूपान्तरं कुरु॥ ४२

उनले यहाँ मेरो तथा तिम्रो रूपलाई पहिले देखिसकेकी छिन्, यस रूपद्वारा उनी केही पनि शिक्षा ग्रहण गर्दिनन्, यसैले दोस्रो रूप धारण गर॥ ४२॥

ब्रह्मोवाच

नारदेत्थं वसिष्ठो मे समाज्ञप्तो दयायुतः।
तथास्त्विति च मां प्रोच्य ययौ संध्यान्तिकं मुनिः॥ ४३

ब्रह्मा भन्नुहुन्छ—हे नारद! यस प्रकार दयालु मुनि वसिष्ठले मबाट आज्ञा प्राप्त गरे र तथास्तु—यस्तो भनेर ती सन्ध्याको नजिक गए॥ ४३॥

तत्र देवसरः पूर्णं गुणैर्मानससंमितम्।
ददर्श स वसिष्ठोऽथ संध्यां तत्तीरगामपि॥ ४४

वसिष्ठले त्यहाँ मानससरोवरको समान गुणहरूले परिपूर्ण देवसरलाई तथा उसको तटमा गएकी त्यस सन्ध्यालाई पनि देखे॥ ४४॥

तीरस्थया तया रेजे तत्सरः कमलोज्ज्वलम्।
उद्यदिन्दुसुनक्षत्रं प्रदोषे गगनं यथा॥ ४५

उज्ज्वल कमलहरूले युक्त त्यो देवसर तटमा स्थित सन्ध्याद्वारा यस प्रकार शोभित भइरहेका थिए, मानौँ प्रदोषकालमा उदित चन्द्रमा तथा नक्षत्रहरूले युक्त आकाश रात्रिमा सुशोभित भइरहेको छ॥ ४५॥

मुनिर्दृष्ट्वाथ तां तत्र सुसंभावां स कौतुकी।
वीक्षाञ्चक्रे सरस्तत्र बृहल्लोहितसंज्ञकम्॥ ४६

कौतूहलयुक्त वसिष्ठ सुन्दर भावहरू भएकी ती सन्ध्यालाई देखेर बृहल्लोहित नामक त्यस तलाउतिर हेर्न लागे॥ ४६॥

चन्द्रभागा नदी तस्मात्प्राकाराद्दक्षिणाम्बुधिम्।
यान्ती सा चैव ददृशे तेन सानुगिरेर्महत्॥ ४७

उनले त्यसै चन्द्रभाग पर्वतको शिखरबाट दक्षिण समुद्रतिर बग्ने चन्द्रभागा नदीलाई देखे। त्यो नदी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निर्भिद्य पश्चिमं सा तु चन्द्रभागस्य सा नदी।
यथा हिमवतो गङ्गा तथा गच्छति सागरम्॥ ४८

तस्मिन् गिरौ चन्द्रभागे बृहल्लोहिततीरगाम्।
संध्यां दृष्ट्वाथ पप्रच्छ वसिष्ठः सादरं तदा॥ ४९

वसिष्ठ उवाच

किमर्थमागता भद्रे निर्जनं त्वं महीधरम्।
कस्य वा तनया किं वा भवत्यापि चिकीर्षितम्॥ ५०
एतदिच्छाम्यहं श्रोतुं वद गुह्यं न चेद्भवेत्।
वदनं पूर्णचन्द्राभं निष्चेष्टं वा कथं तव॥ ५१

ब्रह्मोवाच

तच्छ्रुत्वा वचनं तस्य वसिष्ठस्य महात्मनः।
दृष्ट्वा च तं महात्मानं ज्वलन्तमिव पावकम्॥ ५२
शरीरधृग्ब्रह्मचर्यं विलसन्तं जटाधरम्।
सादरं प्रणिपत्याथ संध्योवाच तपोधनम्॥ ५३

संध्योवाच

यदर्थमागता शैलं सिद्धं तन्मे निबोध ह।
तव दर्शनमात्रेण यन्मे सेत्स्यति वै विभो॥ ५४
तपश्चर्तुमहं ब्रह्मन्निर्जनं शैलमागता।
ब्रह्मणोऽहं सुता जाता नाम्ना संध्येति विश्रुता॥ ५५

यदि ते युज्यते सह्यं मां त्वं समुपदेशय।
एतच्चिकीर्षितं गुह्यं नान्यं किंचन विद्यते॥ ५६

अज्ञात्वा तपसो भावं तपोवनमुपाश्रिता।
चिंतया परिशुष्येऽहं वेपते हि मनो मम॥ ५७

ब्रह्मोवाच

आकर्ण्य तस्या वचनं वसिष्ठो ब्रह्मवित्तमः।
स्वयं च सर्वकृत्यज्ञो नान्यत्किंचन पृष्टवान्॥ ५८
अथ तां नियतात्मानं तपसेति धृतोद्यमाम्।
प्रोवाच मनसा स्मृत्वा शंकरं भक्तवत्सलम्॥ ५९

वसिष्ठ उवाच

परमं यो महत्तेजः परमं यो महत्तपः।
परमः परमाराध्यः शम्भुर्मनसि धार्यताम्॥ ६०

चन्द्रभाग पर्वतको विशाल पश्चिमीभागलाई छेडेर समुद्रतिर त्यसै प्रकार गइरहेकी थिइन, जसरी हिमालयबाट गंगा समुद्रमा जान्छिन्॥ ४७–४८॥

त्यस चन्द्रभाग पर्वतमा बृहल्लोहित सरोवरको तटमा स्थित सन्ध्यालाई देखेर वसिष्ठ आदरपूर्वक उनीसित सोध्न लागे— ॥ ४९ ॥

वसिष्ठ भन्नुहुन्छ—हे भद्रे! यस निर्जन पर्वतमा तिमी केका लागि आएकी छौ, तिमी कसकी कन्या हौ र यहाँ के गर्न चाहन्छ्यौँ? पूर्ण चन्द्रमाको समान तिम्रो मुख किन मलिन भएको छ? यदि कुनै गोपनीय कुरा छैन भने बताऊ, मलाई सुन्ने इच्छा छ॥ ५०–५१॥

ब्रह्मा भन्नुहुन्छ—ती महात्मा वसिष्ठका कुरा सुनेर उनलाई महात्मा, प्रदीप्त अग्निसमान तेजस्वी, ब्रह्मचारी तथा जटाधारी देखेर सन्ध्याले आदरपूर्वक प्रणाम गरी तपोधन वसिष्ठसित भन्न लागिन्- ॥ ५२–५३॥

सन्ध्या भन्दछिन्—हे विभु! म जुन उद्देश्यले यस सिद्धपर्वतमा आएकी छु, त्यो त तपाईंको दर्शनमात्रले नै पूर्ण हुने छ॥ ५४॥ हे ब्रह्मन्! म तपस् गर्नका लागि यस निर्जन पर्वतमा आएकी हुँ, म ब्रह्माकी पुत्री हुँ र सन्ध्या नामले प्रसिद्ध छु॥ ५५॥

यदि तपाईंलाई उचित लाग्छ भने मलाई उपदेश गर्नुहोस्। म तपस्या गर्न चाहन्छु, अरू केही पनि गोपनीय छैन॥ ५६॥

म तपस्याको कुनै विधि नजानिकन नै तपोवनमा आएकी छु। यसै चिन्ताले म सुक्दै गइरहेकी छु तथा मेरो हृदय काँपिरहेको छ॥ ५७॥

ब्रह्मा भन्नुहुन्छ—ब्रह्मज्ञानी वसिष्ठले उनका कुरा सुनेर पुनः सन्ध्यासित केही सोधेनन्; किनभने ती सबै कुरा जान्दथे। यसपछि ती मनमा भक्तवत्सल शंकरको स्मरण गरी तपस्याका लागि उद्यत तथा मनलाई वशमा राख्ने ती सन्ध्यासित भन्न लागे— ॥ ५८–५९॥

वसिष्ठ भन्नुहुन्छ—[हे देवी!] जो महान् तेजःस्वरूप, महान् तप तथा परम आराध्य हुनुहुन्छ, ती शम्भुको मनमा ध्यान गर॥ ६०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्मार्थकाममोक्षाणां य एकस्त्वादिकारणम्।
तमेकं जगतामाद्यं भजस्व पुरुषोत्तमम्॥ ६१

जो धर्म, अर्थ, काम र मोक्षका आदिकारण तथा अद्वैतस्वरूप हुनुहुन्छ, उनै संसारका एकमात्र आदिकारण पुरुषोत्तमको भजन गर॥ ६१॥

मंत्रेणानेन देवेशं शम्भुं भज शुभानने।
तेन ते सकलावाप्तिर्भविष्यति न संशयः॥ ६२

हे शुभानना! तिमी यस मन्त्रबाट देवेश्वर शम्भुको भजन गर, त्यसबाट तिमीलाई समस्त पदार्थहरूको प्राप्ति हुने छ, यसमा सन्देह छैन॥ ६२॥

ॐ नमः शंकरायेति ओमित्यन्तेन सन्ततम्।
मौनं तपः समारम्भं तन्मे निगदतः शृणु॥ ६३

'ॐ नमः शंकराय ॐ' यस मन्त्रले मौन भएर यस प्रकार तपस्याको प्रारम्भ गर, [विशेष विधि] तिमीलाई बतारहेको छु, सुन॥ ६३॥

स्नानं मौनेन कर्तव्यं मौनेन हरपूजनम्।
द्वयोः पूर्णजलाहारं प्रथमं षष्ठकालयोः॥ ६४
तृतीये षष्ठकाले तु ह्युपवासपरो भवेत्।
एवं तपःसमाप्तौ वा षष्ठे काले क्रिया भवेत्॥ ६५

मौन भएर स्नान तथा मौन भएर सदाशिवको पूजा गर्नुपर्छ। प्रथम दुवै षष्ठकाल (छैटौँ प्रहर) मा जलको आहार गरी तेस्रो षष्ठकालमा उपवास बस्नुपर्छ। यस प्रकार षष्ठकालिक क्रिया तपस्याको समाप्तिपर्यन्त गर्नुपर्छ॥ ६४-६५॥

एवं मौनतपस्याख्या ब्रह्मचर्यफलप्रदा।
सर्वाभीष्टप्रदा देवि सत्यं सत्यं न संशयः॥ ६६

हे देवी! यसको नाम मौन तपस्या हो। यसलाई गर्नाले यो ब्रह्मचर्यको फल प्रदान गर्ने तथा सबै अभीष्ट फल प्रदान गर्नेवाला हुन्छ, यो सत्य हो, सत्य हो, यसमा सन्देह छैन॥ ६६॥

एवं चित्ते समुद्दिश्य कामं चिंतय शंकरम्।
स ते प्रसन्न इष्टार्थमचिरादेव दास्यति॥ ६७

यस प्रकार चित्तमा विचार गरी सदाशिवको गहन चिन्तन गर, [यस्तो गर्नाले] उहाँ तिमीप्रति प्रसन्न भएर चाँडै अभीष्ट फल प्रदान गर्नुहुन्छ॥ ६७॥

ब्रह्मोवाच

उपविश्य वसिष्ठोऽथ संध्यायै तपसः क्रियाम्।
तामाभाष्य यथान्यायं तत्रैवान्तर्दधे मुनिः॥ ६८

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार मुनि वसिष्ठ त्यहाँ बसेर सन्ध्यालाई तपस्याको यथोचित विधि बताएर अन्तर्धान भए॥ ६८॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां द्वितीये सतीखण्डे संध्याचरित्रवर्णनं नाम पञ्चमोऽध्यायः॥५॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको द्वितीय सतीखण्डमा सन्ध्याचरित्रवर्णन नामक पाँचौँ अध्याय पूर्ण भयो॥ ५॥

अथ षष्ठोऽध्यायः

सन्ध्याद्वारा तपस्या गर्नु, प्रसन्न भई भगवान् शिवले उनलाई दर्शन दिनु, सन्ध्याद्वारा गरिएको शिवस्तुति, सन्ध्यालाई अनेक वरहरूको प्राप्ति तथा महर्षि मेधातिथिको यज्ञमा जान आदेश प्राप्त हुनु

ब्रह्मोवाच

सुतवर्य महाप्राज्ञ शृणु संध्यातपो महत्।
यच्छ्रुत्वा नश्यते पापसमूहस्तत्क्षणाद् ध्रुवम्॥ १

ब्रह्मा भन्नुहुन्छ—हे पुत्रवर! हे महाप्राज्ञ! अब सन्ध्याद्वारा गरिएको महान् तपस् सुन्नुहोस्। जसलाई सुन्नाले पापसमूह निश्चय नै त्यसै क्षण नष्ट हुन जान्छन्॥ १॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उपदिश्य तपोभावं वसिष्ठे स्वगृहं गते।
संध्यापि तपसो भावं ज्ञात्वा मोदमवाप ह॥ २

ततः सानंदमनसो वेषं कृत्वा तु यादृशम्।
तपश्चर्तुं समारेभे बृहल्लोहिततीरगा॥ ३

यथोक्तं तु वसिष्ठेन मंत्रं तपसि साधनम्।
मंत्रेण तेन सद्भक्त्या पूजयामास शंकरम्॥ ४

एकान्तमनसस्तस्याः कुर्वन्त्याः सुमहत्तपः।
शंभौ विन्यस्तचित्ताया गतमेकं चतुर्युगम्॥ ५

प्रसन्नोऽभूत्तदा शंभुस्तपसा तेन तोषितः।
अंतर्बहिस्तथाकाशे दर्शयित्वा निजं वपुः॥ ६

यद्रूपं चिंतयंती सा तेन प्रत्यक्षतां गतः॥ ७

अथ सा पुरतो दृष्ट्वा मनसा चिंतितं प्रभुम्।
प्रसन्नवदनं शांतं मुमोदातीव शंकरम्॥ ८

ससाध्वसमहं वक्ष्ये किं कथं स्तौमि वा हरम्।
इति चिंतापरा भूत्वा न्यमीलयत चक्षुषी॥ ९

निमीलिताक्ष्यास्तस्यास्तु प्रविश्य हृदयं हरः।
दिव्यं ज्ञानं ददौ तस्यै वाचं दिव्ये च चक्षुषी॥ १०

दिव्यज्ञानं दिव्यचक्षुर्दिव्यां वाचमवाप सा।
प्रत्यक्षं वीक्ष्य दुर्गेशं तुष्टाव जगतां पतिम्॥ ११

संध्योवाच

निराकारं ज्ञानगम्यं परं य-
न्नैव स्थूलं नापि सूक्ष्मं न चोच्चम्।
अंतश्चिन्त्यं योगिभिस्तस्य रूपं
तस्मै तुभ्यं लोककर्त्रे नमोऽस्तु॥ १२
सर्वं शांतं निर्मलं निर्विकारं
ज्ञानागम्यं स्वप्रकाशेऽविकारम्।
खाध्वप्रख्यं ध्वांतमार्गात्परस्ताद्-
रूपं यस्य त्वां नमामि प्रसन्नम्॥ १३

तपस्याको उपदेश गरी वसिष्ठ आफ्नो घर जानुभएपछि सन्ध्या पनि तपस्याको विधिलाई जानेर अत्यन्त हर्षित भइन्॥ २॥

उनी बृहल्लोहितसरको सन्निकट प्रसन्नचित्त भएर अनुकूल वेष धारण गरी तपस्या गर्न लागिन्॥ ३॥

वसिष्ठले तपस्याका साधनभूत जुन मन्त्रलाई बताएका थिए, त्यस मन्त्रद्वारा उनी शंकरको पूजा गर्न लागिन्॥ ४॥

यस प्रकार सदाशिवमा चित्त लगाएर एकाग्र मनले घोर तपस्या गर्दै ती सन्ध्याको एक चतुर्युग बित्यो॥ ५॥

त्यस पश्चात् त्यस तपस्याबाट सन्तुष्ट हुनुभएका शिव उनीप्रति प्रसन्न हुनुभयो र बाहिर-भित्र तथा आकाशमा उनलाई आफ्नो विग्रह देखाएर, उनी [शिवको] जुन रूपको ध्यान गर्थिन्, त्यसै रूपले उनका समक्ष प्रकट हुनुभयो॥ ६-७॥

सन्ध्या आफ्नो मनमा चिन्तित, प्रसन्नमुख तथा शान्तस्वरूप भगवान् शिवलाई सामुन्ने देखेर ज्यादै प्रसन्न भइन्॥ ८॥

म शिवसित के भनौँ तथा कुन प्रकार उहाँको स्तुति गरूँ—यस प्रकार चिन्तित भएर सन्ध्याले भयपूर्वक आफ्ना नेत्र बन्द गरिन्। तब नेत्र बन्द गरेकी ती सन्ध्याको हृदयमा प्रविष्ट भएर शिवले उनलाई दिव्य ज्ञान, वाणी र चक्षु प्रदान गर्नुभयो॥ ९-१०॥

यस प्रकार उनले दिव्य ज्ञान, दिव्य चक्षु, दिव्य वाणी प्राप्त गरिन् र जगत्पति दुर्गेशलाई प्रत्यक्ष खडा देखेर उनी उहाँको यस प्रकार स्तुति गर्न लागिन्— ॥ ११॥

सन्ध्या भन्दछिन्—जसको रूप निराकार, ज्ञानगम्य तथा पर छ; जो न स्थूल, न सूक्ष्म, न उच्च नै छ तथा जो योगिहरूद्वारा अन्तःकरणबाट चिन्त्य छ, यस्ता रूप भएका लोककर्ता हजुरलाई नमस्कार छ॥ १२॥

जसको रूप सर्वस्वरूप, शान्त, निर्मल, निर्विकार, ज्ञानभन्दा पर, आफ्नो प्रकाशमा स्थित, विकाररहित, आकाशमार्गस्वरूप एवं अन्धकारमार्गभन्दा पर तथा प्रसन्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकं शुद्धं दीप्यमानं विनाजां
चिदानंदं सहजं चाविकारि।
नित्यानंदं सत्यभूतिप्रसन्नं
यस्य श्रीदं रूपमस्मै नमस्ते॥ १४

विद्याकारोद्भावनीयं प्रभिन्नं
सत्त्वच्छंदं ध्येयमात्मस्वरूपम्।
सारं पारं पावनानां पवित्रं
तस्मै रूपं यस्य चैवं नमस्ते॥ १५

यत्त्वाकारं शुद्धरूपं मनोज्ञं
रत्नाकल्पं स्वच्छकर्पूरगौरम्।
इष्टाभीती शूलमुंडं दधानं
हस्तैर्नमो योगयुक्ताय तुभ्यम्॥ १६

गगनं भूर्दिशश्चैव सलिलं ज्योतिरेव च।
पुनः कालश्च रूपाणि यस्य तुभ्यं नमोऽस्तु ते॥ १७

प्रधानपुरुषौ यस्य कायत्वेन विनिर्गतौ।
तस्मादव्यक्तरूपाय शंकराय नमो नमः॥ १८

यो ब्रह्मा कुरुते सृष्टिं यो विष्णुः कुरुते स्थितिम्।
संहरिष्यति यो रुद्रस्तस्मै तुभ्यं नमो नमः॥ १९

नमो नमः कारणकारणाय
दिव्यामृतज्ञानविभूतिदाय ।
समस्तलोकांतरभूतिदाय
प्रकाशरूपाय परात्पराय॥ २०

यस्यापरं नो जगदुच्यते पदात्
क्षितिर्दिशः सूर्य इंदुर्मनोजः।
बहिर्मुखा नाभितश्चान्तरिक्षं
तस्मै तुभ्यं शंभवे मे नमोऽस्तु॥ २१

त्वं परः परमात्मा च त्वं विद्या विविधा हरः।
सद्ब्रह्म च परं ब्रह्म विचारणपरायणः॥ २२

यस्य नादिर्न मध्यं च नान्तमस्ति जगद्यतः।
कथं स्तोष्यामि तं देवं वाङ्मनोऽगोचरं हरम्॥ २३

रहनेवाला छ, यस्ता हजुरलाई नमस्कार छ। जसको रूप एक (अद्वितीय), शुद्ध, देदीप्यमान, मायारहित, चिदानन्द, सहज, विकाररहित, नित्यानन्दस्वरूप, सत्य र विभूतिले युक्त, प्रसन्न रहने तथा समस्त श्रीलाई प्रदान गर्नेवाला छ, त्यस्ता हजुरलाई नमस्कार छ॥ १३-१४॥

जसको रूप महाविद्याद्वारा ध्यान गर्नयोग्य, सबैबाट सर्वथा भिन्न, परम सात्त्विक, ध्येयस्वरूप, आत्मस्वरूप, सारस्वरूप, संसारसागरबाट पार गराउने छ र पवित्रलाई पनि पवित्र गराउनेवाला छ, ती हजुरलाई नमस्कार छ॥ १५॥

जसको आकार शुद्धरूप, मनोज्ञ, रत्नसमान, स्वच्छ, कपुरसमान गोरोवर्ण र हातहरूमा वर-अभयमुद्रा, शूल-मुण्डलाई धारण गर्नेवाला छ, ती हजुर योगयुक्त [सदाशिव]-लाई नमस्कार छ॥ १६॥

आकाश, पृथिवी, दिशाहरू, जल, ज्योति र काल जसका स्वरूप छन्, यस्ता हजुरलाई नमस्कार छ॥ १७॥

जसको शरीरबाट प्रधान एवं पुरुषको उत्पत्ति भएको छ, ती अव्यक्तस्वरूप हजुर शंकरलाई वारम्वार नमस्कार छ॥ १८॥ जो ब्रह्मारूप भएर [यस जगत्को] सृष्टि गर्दछन्, विष्णुरूप भएर पालन गर्दछन् तथा रुद्ररूप भएर संहार गर्दछन्, ती हजुरलाई वारम्वार नमस्कार छ॥ १९॥

कारणहरूका पनि कारण, दिव्य अमृतस्वरूप ज्ञानसम्पदा दायक, समस्त लोकहरूका ऐश्वर्य प्रदान गर्नुहुने, प्रकाशस्वरूप तथा परात्पर [शंकर]-लाई वारम्वार नमस्कार छ॥ २०॥

जसको अतिरिक्त यो जगत् अरू केही होइन। जसको चरणबाट पृथिवी, दिशाहरू, सूर्य, चन्द्रमा, कामदेव तथा बहिर्मुख (अन्य देवता) र नाभिबाट अन्तरिक्ष उत्पन्न भएका छन्, ती हजुर शम्भुलाई मेरो नमस्कार छ॥ २१॥

हे हर! हजुर सर्वश्रेष्ठ तथा परमात्मा हुनुहुन्छ, हजुर विविध विद्या हुनुहुन्छ, सद्ब्रह्म, परब्रह्म तथा ज्ञानपरायण हुनुहुन्छ॥ २२॥

जसको न आदि छ, न मध्य छ तथा न अन्त छ र जसबाट यो समस्त संसार उत्पन्न भएको छ, वाणी, तथा मनबाट अगोचर ती सदाशिवको स्तुति कुन प्रकार गरूँ?॥ २३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्य ब्रह्मादयो देवा मुनयश्च तपोधनाः।
न विवृण्वन्ति रूपाणि वर्णनीयः कथं स मे॥ २४

ब्रह्मा आदि देवगण तथा तपोधन महर्षि पनि जसको रूपहरूको वर्णन गर्न समर्थ छैनन्, उनको वर्णन म कुन प्रकार गर्न सक्छु?॥ २४॥

स्त्रिया मया ते किं ज्ञेया निर्गुणस्य गुणाः प्रभो।
नैव जानन्ति यद्रूपं सेन्द्रा अपि सुरासुराः॥ २५

हे प्रभो! इन्द्रसहित समस्त देवगण तथा सबै असुरहरूले पनि जब हजुरको रूपलाई जान्दैनन् भने हजुर-जस्ता निर्गुणका गुणहरूलाई म-जस्ता स्त्रीले कुन प्रकार जान्न सक्दछन्॥ २५॥

नमस्तुभ्यं महेशान नमस्तुभ्यं तपोमय।
प्रसीद शंभो देवेश भूयो भूयो नमोऽस्तु ते॥ २६

हे महेशान! हजुरलाई नमस्कार छ। हे तपोमय! हजुरलाई नमस्कार छ। हे शम्भो! हे देवेश! हजुरलाई बारम्बार नमस्कार छ, हजुर[मप्रति] प्रसन्न हुनुहोस्॥ २६॥

ब्रह्मोवाच

इत्याकर्ण्य वचस्तस्याः संस्तुतः परमेश्वरः।
सुप्रसन्नतरश्चाभूच्छंकरो भक्तवत्सलः॥ २७

ब्रह्मा भन्नुहुन्छ—सन्ध्याद्वारा स्तुत्य भक्तवत्सल परमेश्वर सदाशिव उनका वचनलाई सुनेर परम प्रसन्न हुनुभयो॥ २७॥

अथ तस्याः शरीरं तु वल्कलाजिनसंयुतम्।
परिच्छन्नं जटाव्रातैः पवित्रे मूर्ध्नि राजितैः॥ २८
हिमानीतर्जिताम्भोजसदृशं वदनं तदा।
निरीक्ष्य कृपयाविष्टो हरः प्रोवाच तामिदम्॥ २९

ती शिव वल्कल तथा कृष्णमृगचर्मयुक्त उनको शरीरलाई, जटाले ढाकिएको एवं पवित्री धारण गरिएको उनको शिरलाई तथा तुषारपातले कक्रिएको कमलको समान उनको मुखलाई देखेर दयामय भएर उनीसित यस प्रकार भन्न लाग्नुभयो—॥ २८-२९॥

महेश्वर उवाच

प्रीतोऽस्मि तपसा भद्रे भवत्याः परमेण वै।
स्तवेन च शुभप्राज्ञे वरं वरय सांप्रतम्॥ ३०

महेश्वर भन्नुहुन्छ—हे देवी! तिम्रो यस उत्कृष्ट तपस्याबाट तथा तिम्रो यस स्तुतिबाट म ज्यादै प्रसन्न छु। हे शुभप्राज्ञ! अब तिमी वर माग॥ ३०॥

येन ते विद्यते कार्यं वरेणास्मिन्मनोगतम्।
तत्करिष्ये च भद्रं ते प्रसन्नोऽहं तव व्रतैः॥ ३१

तिम्रो जुन अभीष्ट छ तथा जसबाट तिम्रो कार्य पूर्ण हुन्छ, त्यो सब म गर्ने छु। हे देवी! तिम्रो यस तपस्याबाट म परम प्रसन्न भएको छु॥ ३१॥

ब्रह्मोवाच

इति श्रुत्वा महेशस्य प्रसन्नमनसस्तदा।
संध्योवाच सुप्रसन्ना प्रणम्य च मुहुर्मुहुः॥ ३२

ब्रह्मा भन्नुहुन्छ—महेश्वरका वचन सुनेर सन्ध्या धेरै प्रसन्न भइन् र उहाँलाई वारम्वार प्रणाम गरी यस प्रकार भन्न लागिन्—॥ ३२॥

सन्ध्योवाच

यदि देयो वरः प्रीत्या वरयोग्यास्म्यहं यदि।
यदि शुद्धास्म्यहं जाता तस्मात्पापान्महेश्वर॥ ३३
यदि देव प्रसन्नोऽसि तपसा मम साम्प्रतम्।
वृतस्तदायं प्रथमं वरो मम विधीयताम्॥ ३४
उत्पन्नमात्रा देवेश प्राणिनोऽस्मिन् भुवस्थले।
न भवन्तु समेनैव सकामाः संभवन्तु वै॥ ३५
यद्धि वृत्ता हि लोकेषु त्रिष्वपि प्रथिता यथा।
भविष्यामि तथा नान्या वर एको वृतो मया॥ ३६

सन्ध्या भन्दछिन्—हे महेश्वर! यदि हजुर प्रसन्नतापूर्वक वर दिन चाहनुहुन्छ, यदि म हजुरबाट वर प्राप्त गर्नयोग्य छु तथा यदि म त्यस पापबाट सर्वथा विशुद्ध भएकी छु र हे देव! यदि हजुर यस समय मेरो तपबाट प्रसन्न हुनुहुन्छ भने पहिला म यो वर माग्छु, त्यसलाई दिनुहोस्। हे देवाधिदेव! यस आकाश तथा पृथिवीमा उत्पन्न हुनासाथ कुनै पनि प्राणी सद्यः कामयुक्त नहोऊन्। हे प्रभो! म आफ्नो आचरणबाट तीनवटै लोकमा यस प्रकार प्रसिद्ध होऊँ, जसरी अरू कुनै स्त्री भएका छैनन्, एउटा अर्को वर माग्छु। मद्वारा उत्पन्न गरिएका कुनै पनि सन्तति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सकामा मम सृष्टिस्तु कुत्रचिन्न पतिष्यति।
यो मे पतिर्भवेन्नाथ सोऽपि मेऽतिसुहृच्च वै॥ ३७

यो द्रक्ष्यति सकामो मां पुरुषस्तस्य पौरुषम्।
गमिष्यति तदा नाशं स च क्लीबो भविष्यति॥ ३८

ब्रह्मोवाच

इति श्रुत्वा वचस्तस्याः शंकरो भक्तवत्सलः।
उवाच सुप्रसन्नात्मा निष्पापायास्तयेरिते॥ ३९

महेश्वर उवाच

शृणु देवि च संध्ये त्वं त्वत्पापं भस्मतां गतम्।
त्वयि त्यक्तो मया क्रोधः शुद्धा जाता तपःकरात्॥ ४०

यद्यद्वृतं त्वया भद्रे दत्तं तदखिलं मया।
सुप्रसन्नेन तपसा तव संध्ये वरेण हि॥ ४१

प्रथमं शैशवो भावः कौमाराख्यो द्वितीयकः।
तृतीयो यौवनो भावश्चतुर्थो वार्धकस्तथा॥ ४२

तृतीये त्वथ संप्राप्ते वयोभागे शरीरिणः।
सकामाः स्युर्द्वितीयान्ते भविष्यति क्वचित् क्वचित्॥ ४३

तपसा तव मर्यादा जगति स्थापिता मया।
उत्पन्नमात्रा न यथा सकामाः स्युः शरीरिणः॥ ४४

त्वं च लोके सतीभावं तादृशं समवाप्नुहि।
त्रिषु लोकेषु नान्यस्या यादृशं संभविष्यति॥ ४५

यः पश्यति सकामस्त्वां पाणिग्राहमृते तव।
स सद्यः क्लीबतां प्राप्य दुर्बलत्वं गमिष्यति॥ ४६

पतिस्तव महाभागस्तपोरूपसमन्वितः।
सप्तकल्पांतजीवी च भविष्यति सह त्वया॥ ४७

इति ते ये वरा मत्तः प्रार्थितास्ते कृता मया।
अन्यच्च ते वदिष्यामि पूर्वजन्मनि संस्थितम्॥ ४८

अग्नौ शरीरत्यागस्ते पूर्वमेव प्रतिश्रुतः।
तदुपायं वदामि त्वां तत्कुरुष्व न संशयः॥ ४९

सकाम भएर पतित नहोस् र हे नाथ! जो मेरो पति हुनेछन्, ती पनि मेरो अत्यन्त सुहृद् बनिरहुन्। [मेरा पतिबाहेक] जो कोही पनि पुरुषले मलाई सकाम दृष्टिले हेरेमा तिनको पौरुष नष्ट होस् र ती नपुंसक बनुन्॥ ३३—३८॥

ब्रह्मा भन्नुहुन्छ—निष्पाप सन्ध्याको यस प्रकारका वचनहरूलाई सुनेर तथा उनीबाट प्रेरित भएर भक्तवत्सल भूतभावन शंकर प्रसन्नचित्त भएर भन्न लाग्नुभयो—॥ ३९॥

महेश्वर भन्नुहुन्छ—हे देवि! हे सन्ध्या! मेरो कुरा सुन। तिम्रो पाप नष्ट भयो, अब तिमीप्रति मेरो क्रोध छैन र तप गर्नाले तिमी शुद्ध भइसकेकी छौ। हे भद्रा! हे सन्ध्या! तिमीले जुन-जुन वरदान मागेकी छौ, तिम्रो श्रेष्ठ तपस्याबाट परम प्रसन्न भएर मैले ती सबै तिमीलाई प्रदान गरिदिएँ॥ ४०-४१॥

अब प्राणीहरूका प्रथम शैशव (बाल)-भाव, दोस्रो कौमार भाव, तेस्रो यौवन भाव तथा चौथो वार्धक्य (वृद्ध) भाव हुने छ॥ ४२॥

शरीरधारीहरू तेस्रो अवस्था आएपछि सकाम हुने छन् र कुनै-कुनै प्राणी दोस्रो अवस्थाको अन्तसम्म सकाम हुने छन्॥ ४३॥

मैले तिम्रो तपस्याबाट संसारमा यो मर्यादा स्थापित गरिदिँए कि शरीरधारी उत्पन्न हुनासाथ सकाम हुने छैनन्॥ ४४॥

तिमीले यस लोकमा यस्तो सतीभाव प्राप्त गर्ने छौ, त्यस्तो तीनै लोकमा अरू कुनै स्त्रीको हुने छैन॥ ४५॥

तिम्रो पति बाहेक जो तिमीलाई सकाम दृष्टिले हेर्ने छन्, ती तत्काल नपुंसक भएर दुर्बल हुनेछन्॥ ४६॥

तिम्रो पति महान् भाग्यशाली, तपस्वी तथा रूपवान् हुने छन्। ती तिम्रो साथ सात कल्पसम्म जीवित रहने छन्॥ ४७॥

यस प्रकार तिमीले जुन-जुन वर मसित माग्यौ, ती सबै वर मैले प्रदान गरेँ। अब म तिम्रो जन्मान्तरका केही कुरा भन्ने छु॥ ४८॥

तिमीले अग्निमा आफ्नो शरीरत्याग गर्ने प्रतिज्ञा पहिला नै गरिसकेकी छौ, अतः त्यसको उपाय बताइरहेको छु, त्यसलाई निश्चित रूपले गर॥ ४९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स च मेधातिथेर्यज्ञे मुनेर्द्वादशवार्षिके।
कृत्स्नप्रज्वलिते वह्नावचिरात् क्रियतां त्वया॥ ५०

त्यो उपाय यही हो कि तिमी महर्षि मेधातिथिको बाह्र वर्षसम्म चल्ने यज्ञमा प्रचण्डरूपले बल्दै गरेको अग्निमा शीघ्रतापूर्वक प्रवेश गर॥ ५०॥

एतच्छैलोपत्यकायां चन्द्रभागानदीतटे।
मेधातिथिर्महायज्ञं कुरुते तापसाश्रमे॥ ५१

अहिले मेधातिथि यसै पर्वतको फेदीमा चन्द्रभागा नदीको किनारमा तपस्वीहरूको आश्रममा महान् यज्ञ गरिरहेका छन्॥ ५१॥

तत्र गत्वा स्वयं छंदं मुनिभिर्नोपलक्षिता।
मत्प्रसादाद्वह्निजाता तस्य पुत्री भविष्यति॥ ५२

त्यहाँ तिमी आफ्नो इच्छाले गएर मेरो प्रसादले मुनिहरूबाट अलक्षित (अदृश्य) रहँदै अग्निमा प्रवेश गर, फेरि तिमी यज्ञाग्निबाट प्रकट भएर मेधातिथिकी पुत्री बन्ने छौ॥ ५२॥

यस्ते वरो वाञ्छनीयः स्वामी मनसि कश्चन।
तं निधाय निजस्वान्ते त्यज वह्नौ वपुः स्वकम्॥ ५३

तिम्रो मनमा जो कोही पनि श्रेष्ठ पतिको रूपमा वांछनीय छ, त्यसलाई आफ्नो अन्तःकरणमा राखेर अग्निमा आफ्नो शरीर छाड्नू॥ ५३॥

यदा त्वं दारुणं संध्ये तपश्चरसि पर्वते।
यावच्चतुर्युगं तस्य व्यतीते तु कृते युगे॥ ५४
त्रेतायाः प्रथमे भागे जाता दक्षस्य कन्यकाः।
यास्ताः शीलसमापन्ना यथायोग्यं विवाहिताः॥ ५५
तन्मध्ये स ददौ कन्या विधवे सप्तविंशतिः।
चन्द्रोऽन्याः सम्परित्यज्य रोहिण्यां प्रीतिमानभूत्॥ ५६

हे सन्ध्या! तिमी यस पर्वतमा चारयुगदेखि घोर तपस्या गरिरहेकी छौ, कृतयुग बितेपछि र त्रेताको प्रथम भाग आएपछि दक्षका जुन शीलसम्पन्न कन्याहरू उत्पन्न भए, ती यथायोग्य विवाहित भए, तीमध्येमा उनले सत्ताईस कन्या चन्द्रमालाई [विवाह-विधिद्वारा] प्रदान गरे, तर चन्द्रमा ती सबैलाई छोडेर रोहिणीमा प्रीति गर्न लागे॥ ५४—५६॥

तद्धेतोर्हि यदा चन्द्रः शप्तो दक्षेण कोपिना।
तदा भवत्या निकटे सर्वे देवाः समागताः॥ ५७

यसकारण जब दक्षले क्रोधपूर्वक चन्द्रमालाई श्राप दिए, तब सबै देवता तिमीकहाँ आएका थिए॥ ५७॥

न दृष्टाश्च त्वया संध्ये ते देवा ब्रह्मणा सह।
मयि विन्यस्तमनसा खं च दृष्ट्वा लभेत्पुनः॥ ५८

हे सन्ध्या! त्यस समय तिमी मेरो ध्यान गरिरहेकी थियौ, यसैले ती देवगण जो ब्रह्माका साथ आएका थिए, तिमीले उनीहरूतिर हेरिनौँ; किनभने तिमी आकाशतिर हेरिरहकी थियौ, अहिले तिमीले मेरो दर्शन प्राप्त गरेकी छौ॥ ५८॥

चंद्रस्य शापमोक्षार्थं जाता चंद्रनदी तदा।
सृष्टा धात्रा तदैवात्र मेधातिथिरुपस्थितः॥ ५९

तब ब्रह्माले चन्द्रमाको श्रापलाई दूर गर्नका लागि यस चन्द्रभागा नदीको निर्माण गरेका हुन्, त्यसै समय यहाँ मेधातिथि उपस्थित भएका थिए॥ ५९॥

तपसा तत्समो नास्ति न भूतो न भविष्यति।
येन यज्ञः समारब्धो ज्योतिष्टोमो महाविधिः॥ ६०

तपस्यामा उनको समान न त कोही छन्, न कोही हुने नै छन् र न कोही भएका छन्। उनले नै यस चन्द्रभागा नदीको तटमा विधिपूर्वक ज्योतिष्टोम यज्ञको आरम्भ गरेका छन्॥ ६०॥

तत्र प्रज्वलितो वह्निस्तस्मिन्त्यज वपुः स्वकम्।
इदानीं सुपवित्रा त्वं संपूर्णोऽस्तु पणस्तव॥ ६१

त्यहाँ अग्नि प्रज्वलित भइरहेको छ, त्यसैमा आफ्नो शरीरलाई त्याग। यस समय तिमी अत्यन्त पवित्र छौ, तिम्रो प्रतिज्ञा पूर्ण होस्॥ ६१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एतन्मया स्थापितं स्वकार्यार्थं भो तपस्विनि।
तत्कुरुष्व महाभागे याहि यज्ञे महामुनेः।
कृत्वा हितं च देवेशस्तत्रैवान्तरधीयत॥ ६२

हे तपस्विनी! तिम्रा कार्यको सिद्धिका लागि मैले यो विधि बताएको छु। अतः हे महाभागा! तिमी त्यहाँ मुनिको यज्ञमा जाऊ र यसलाई गर। यस प्रकार ती देवेश उनको हित गरी त्यहीँ अन्तर्धान हुनुभयो॥ ६२॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां द्वितीये सतीखण्डे संध्याचरित्रवर्णनं नाम षष्ठोऽध्यायः॥ ६॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको द्वितीय सतीखण्डमा सन्ध्याचरित्रवर्णन नामक छैठौँ अध्याय पूर्ण भयो॥ ६॥

अथ सप्तमोऽध्यायः

महर्षि मेधातिथिको यज्ञाग्निमा सन्ध्याद्वारा शरीरत्याग, पुनः अरुन्धतीको रूपमा यज्ञाग्निबाट उत्पत्ति एवं वसिष्ठमुनिका साथ उनको विवाह

ब्रह्मोवाच

वरं दत्त्वा मुने तस्मिन् शंभावन्तर्हिते तदा।
संध्याप्यगच्छत्तत्रैव यत्र मेधातिथिर्मुनिः॥ १
तत्र शंभोः प्रसादेन न केनाप्युपलक्षिता।
सस्मार वर्णिनं तं वै स्वोपदेशकरं तपः॥ २
वसिष्ठेन पुरा सा तु वर्णीभूत्वा महामुने।
उपदिष्टा तपश्चर्तुं वचनात्परमेष्ठिनः॥ ३
तमेव कृत्वा मनसा तपश्चर्योपदेशकम्।
पतित्वेन तदा संध्या ब्राह्मणं ब्रह्मचारिणम्॥ ४
समिद्धेऽग्नौ महायज्ञे मुनिभिर्नोपलक्षिता।
हृष्टा शंभुप्रसादेन सा विवेश विधेः सुता॥ ५
तस्याः पुरोडाशमयं शरीरं तत्क्षणात्ततः।
दग्धं हव्यमयं गन्धं तस्तार यदलक्षितम्॥ ६
वह्निस्तस्याः शरीरं तु दग्ध्वा सूर्यस्य मंडलम्।
शुद्धं प्रवेशयामास शंभोरेवाज्ञया पुनः॥ ७
सूर्यो द्व्यर्धं विभज्याथ तच्छरीरं तदा रथे।
स्वके संस्थापयामास प्रीतये पितृदेवयोः॥ ८
तदूर्ध्वभागस्तस्यास्तु शरीरस्य मुनीश्वर।
प्रातःसंध्याभवत्सा तु अहोरात्रादिमध्यगा॥ ९

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार भगवान् सदाशिव जब सन्ध्यालाई वर प्रदान गरी अन्तर्धान हुनुभयो, तब सन्ध्या त्यहाँ गइन्, जहाँ महर्षि मेधातिथि थिए॥ १॥

त्यहाँ भगवान् सदाशिवको कृपाले उनलाई कसैले देखेनन्। उनले त्यस समय तपस्याको विषयमा उपदेश गर्नुहुने ती ब्रह्मचारीको स्मरण गरिन्॥ २॥

हे महामुनि! ती ब्रह्मचारी वसिष्ठ मुनि नै थिए, जो ब्रह्माको आज्ञाले ब्रह्मचारीको रूप धारण गरी सन्ध्यालाई तपस्याको सम्बन्धमा उपदेश गर्न गएका थिए॥ ३॥

तपश्चर्याको उपदेश गर्नुहुने उनै ब्रह्मचारी ब्राह्मण [वसिष्ठ]-लाई पतिरूपले स्मरण गरी ती ब्रह्मपुत्री सन्ध्या प्रसन्नमनले सदाशिवको कृपाले मुनिहरूद्वारा अदृश्य भई त्यस महायज्ञको प्रज्वलित अग्निमा प्रवेश गरिन्॥ ४-५॥

उनको समस्त शरीर पुरोडाशको समान तत्क्षण नै जलेर खरानी भयो, जसबाट अदृश्य रूपले पुरोडाशको गन्ध चारैतिर फैलियो॥ ६॥

पुनः सदाशिवको आज्ञाले अग्निले उनको शुद्ध शरीरलाई भस्म गरी सूर्यमण्डलमा प्रविष्ट गराइदिए॥ ७॥

त्यसपछि सूर्यले उनको शरीरलाई दुई भागमा विभक्त गरी पितृ एवं देवताहरूको प्रसन्नताका लागि आफ्नो रथमा स्थापित गरे॥ ८॥

हे मुनीश्वर! उनको शरीरको जुन माथिको भाग थियो, त्यही रात्रि तथा दिनको बीचमा हुने प्रातःसन्ध्या भयो॥ ९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तच्छेषभागस्तस्यास्तु अहोरात्रान्तमध्यगा।
सा सायमभवत्संध्या पितृप्रीतिप्रदा सदा॥ १०

जुन उनको शरीरको शेष भाग थियो, त्यही दिन तथा रात्रिको बीचमा हुने सायंसन्ध्या भयो, जुन सदैव नै पितृहरूको प्रसन्नताको कारण हुन्छन्॥ १०॥

सूर्योदयात्तु प्रथमं यदा स्यादरुणोदयः।
प्रातःसंध्या तदोदेति देवानां प्रीतिकारिणी॥ ११

सूर्योदय हुनुभन्दा पहिला जब अरुणोदय हुन्छ, तब देवताहरूलाई प्रसन्न गर्ने प्रातःसन्ध्याको उदय हुन्छ॥ ११॥

अस्तं गते ततः सूर्ये शोणपद्मनिभे सदा।
उदेति सायंसंध्यापि पितृणां मोदकारिणी॥ १२

जब रातो कमलसमान सूर्य अस्त हुन्छ, तब पितृहरूलाई प्रसन्न गर्ने सायंसन्ध्याको उदय हुन्छ॥ १२॥

तस्याः प्राणास्तु मनसा शंभुनाथ दयालुना।
दिव्येन तु शरीरेण चक्रिरे हि शरीरिणः॥ १३

उनको मनसहित प्राणलाई परम दयालु शिवले शरीरधारीहरूको दिव्य शरीरबाट निर्माण गर्नुभएको थियो॥ १३॥

मुनेर्यज्ञावसाने तु संप्राप्ते मुनिना तु सा।
प्राप्ता पुत्री वह्निमध्ये तप्तकाञ्चनसुप्रभा॥ १४

जब मेधातिथिको यज्ञ समाप्त भइरहेको थियो तब उनलाई देदीप्यमान सुवर्णको समान कान्तिमयी ती कन्या यज्ञाग्निमा प्राप्त भइन्॥ १४॥

तां जग्राह तदा पुत्रीं मुनिरामोदसंयुतः।
यज्ञार्थं तां तु संस्नाप्य निजक्रोडे दधौ मुने॥ १५

हे मुनि! महामुनि मेधातिथिले यज्ञबाट प्राप्त भएकी ती कन्यालाई अत्यन्त प्रसन्नतापूर्वक ग्रहण गरे र उनलाई स्नान गराएर आफ्नो काखमा बसाए॥ १५॥

अरुन्धतीति तस्यास्तु नाम चक्रे महामुनिः।
शिष्यैः परिवृतस्तत्र महामोदमवाप ह॥ १६

उनले उनको नाम अरुन्धती राखे। [त्यस कन्यालाई प्राप्त गरी] उनी शिष्यहरूका साथ अत्यन्तै हर्षित भए॥ १६॥

न रुणद्धि यतो धर्मं सा कस्मादपि कारणात्।
अतस्त्रिलोके विदितं नाम संप्राप तत्स्वयम्॥ १७

उनले जुनसुकै कारणको उपस्थित हुँदा पनि आफ्नो पातिव्रत्यधर्म परित्याग गरिनन्, यसैले त्रिलोकमा उनले स्वयं यो प्रसिद्ध [अरुन्धती] नाम धारण गरिन्॥ १७॥

यज्ञं समाप्य स मुनिः कृतकृत्यभाव-
मासाद्य सम्मदयुतस्तनयाप्रलंभात्।
तस्मिन्निजाश्रमपदे सह शिष्यवर्गै-
स्तामेव संततमसौ दयते सुरर्षे॥ १८

[ब्रह्मा भन्नुहुन्छ—] हे सुरर्षि! यज्ञ समाप्त गरे उपरान्त ती मुनि कन्यारूप सम्पत्तिले युक्त भई आफ्ना शिष्यहरूसहित अत्यन्त कृतकृत्य भएर आफ्नो त्यस आश्रममा उनको लालन-पालन गर्न लागे॥ १८॥

अथ सा ववृधे देवी तस्मिन्मुनिवराश्रमे।
चन्द्रभागानदीतीरे तापसारण्यसंज्ञके॥ १९

त्यसपछि ती कन्या चन्द्रभागा नदीको किनारमा श्रेष्ठ मुनिको तापसारण्य नामक आश्रममा हुर्कन लागिन्॥ १९॥

संप्राप्ते पञ्चमे वर्षे चन्द्रभागां तदा गुणैः।
तापसारण्यमपि सा पवित्रमकरोत्सती॥ २०

ती सती पाँच वर्षको अवस्थामा आफ्ना गुणहरूले चन्द्रभागा नदी तथा तापसारण्यलाई पवित्र पार्न लागिन्॥ २०॥

विवाहं कारयामासुस्तस्या ब्रह्मसुतेन वै।
वसिष्ठेन ह्यरुन्धत्या ब्रह्मविष्णुमहेश्वराः॥ २१

ब्रह्मा, विष्णु तथा महेशले ब्रह्मपुत्र वसिष्ठका साथ ती अरुन्धतीको विवाह गराउनुभयो॥ २१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तद्विवाहे महोत्साहो बभूव सुखवर्धनः।
सर्वे सुराश्च मुनयः सुखमापुः परं मुने॥ २२

हे मुनि! उनको विवाहमा सुखदायक महान् उत्सव भयो, जसबाट सबै देवता तथा मुनिगण अत्यन्त प्रसन्न भए॥ २२॥

ब्रह्मविष्णुमहेशानां करनिस्सृततोयतः।
सप्तनद्यः समुत्पन्नाः शिप्राद्याः सुपवित्रकाः॥ २३

[त्यस विवाहमा] ब्रह्मा, विष्णु तथा महेश्वरका हातबाट झरेका जलबाट शिप्रा आदि सात पवित्र नदीहरू उत्पन्न भए॥ २३॥

अरुन्धती महासाध्वी साध्वीनां प्रवरोत्तमा।
वसिष्ठं प्राप्य संरेजे मेधातिथिसुता मुने॥ २४

हे मुनि! साध्वी स्त्रीहरूमा सर्वश्रेष्ठ महासाध्वी ती मेधातिथिकी कन्या अरुन्धती वसिष्ठलाई [पतिरूपमा] प्राप्त गरी अत्यन्त शोभित भइन्॥ २४॥

यस्याः पुत्राः समुत्पन्नाः श्रेष्ठाः शक्त्यादयः शुभाः।
वसिष्ठं प्राप्य तं कान्तं संरेजे मुनिसत्तम॥ २५

हे मुनिश्रेष्ठ! उनीबाट शक्ति आदि श्रेष्ठ तथा सुन्दर पुत्र उत्पन्न भए। यस प्रकार वसिष्ठलाई पतिरूपमा प्राप्त गरी उनी शोभायमान भइन्॥ २५॥

एवं संध्याचरित्रं ते कथितं मुनिसत्तम।
पवित्रं परमं दिव्यं सर्वकामफलप्रदम्॥ २६

हे मुनिसत्तम! यस प्रकार मैले सन्ध्याको चरित्र भनें, जुन सम्पूर्ण कामनाहरूको फल प्रदान गर्ने अत्यन्त पवित्र र दिव्य छ॥ २६॥

य इदं शृणुयान्नारी पुरुषो वा शुभव्रतः।
सर्वान्कामानवाप्नोति नात्र कार्या विचारणा॥ २७

जो शुभ व्रत भएको पुरुष अथवा नारीले यस चरित्रलाई सुन्ने छन्, तिनका सबै मनोरथ पूर्ण हुने छन्, यसमा सन्देह छैन॥ २७॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां द्वितीये सतीखण्डे अरुन्धतीवसिष्ठविवाहवर्णनं नाम सप्तमोऽध्यायः॥७॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको द्वितीय सतीखण्डमा अरुन्धती तथा वसिष्ठको विवाह वर्णन नामक सातौँ अध्याय पूर्ण भयो॥ ७॥

अथाष्टमोऽध्यायः

कामदेवका सहचर वसन्तको आविर्भावको वर्णन

सूत उवाच

इत्याकर्ण्य वचस्तस्य ब्रह्मणो हि प्रजापतेः।
प्रसन्नमानसो भूत्वा तं प्रोवाच स नारदः॥ १

सूत भन्नुहुन्छ—प्रजापति ब्रह्माका यी वचन सुनेर प्रसन्नचित्त भई नारद उहाँसित भन्न लागे—॥ १॥

नारद उवाच

ब्रह्मन् विधे महाभाग विष्णुशिष्य महामते।
धन्यस्त्वं शिवभक्तो हि परतत्त्वप्रदर्शकः॥ २

नारद भन्नुहुन्छ—हे ब्रह्मन्! हे विधि! हे महाभाग! हे विष्णुशिष्य! हे महामति! परतत्त्वका प्रकाशक तथा शिवभक्त हजुर धन्य हुनुहुन्छ॥ २॥

श्राविता सुकथा दिव्या शिवभक्तिविवर्धिनी।
अरुन्धत्यास्तथा तस्याः स्वरूपायाः परे भवे॥ ३

इदानीं ब्रूहि धर्मज्ञ पवित्रं चरितं परम्।
शिवस्य परपापघ्नं मङ्गलप्रदमुत्तमम्॥ ४

हे धर्मज्ञ! हजुरले अरुन्धतीको तथा पूर्वजन्ममा उनको स्वरूपभूता सन्ध्याको निकै उत्तम दिव्य कथा सुनाउनुभयो, जुन शिवभक्ति बढाउने खालको छ। अब हजुर शिवको परम चरित्र जुन सम्पूर्ण पापहरूको विनाशक छ तथा मंगलदायक छ, त्यसलाई सुनाउनुहोस्॥ ३-४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गृहीतदारे कामे च हृष्टे तेषु गतेषु च।
संध्यायां किं तपस्तप्तुं गतायामभवत्ततः॥ ५

जब कामले प्रसन्न भएर रतिलाई प्राप्त गरे र ब्रह्मा तथा उहाँका मानसपुत्र जानुभयो तथा सन्ध्या तप गर्न गइन्, त्यसपछि के भयो?॥ ५॥

सूत उवाच

इति श्रुत्वा वचस्तस्य ऋषेर्वै भावितात्मनः।
सुप्रसन्नतरो भूत्वा ब्रह्मा वचनमब्रवीत्॥ ६

सूत भन्नुहुन्छ—यस प्रकार आत्मतत्त्वज्ञ देवर्षि नारदका वचन सुनेर अत्यन्त प्रसन्न भई ब्रह्मा यो कुरा भन्न लाग्नुभयो—॥ ६॥

ब्रह्मोवाच

शृणु नारद विप्रेन्द्र तदेव चरितं शुभम्।
शिवलीलान्वितं भक्त्या धन्यस्त्वं शिवसेवकः॥ ७

ब्रह्मा भन्नुहुन्छ—हे नारद! हे विप्रेन्द्र! शिव-लीलाले परिपूर्ण अब त्यस महान् कल्याणकारी शिव-चरित्रलाई सुन्नुहोस्। तपाईं धन्य हुनुहुन्छ; किनभने तपाईं शिवका भक्त हुनुहुन्छ॥ ७॥

अहं विमोहितस्तात यदैवान्तर्हितः पुरा।
अचिन्तयं सदाहं तच्छंभुवाक्यविषार्दितः॥ ८

हे तात! पहिला जब म शिवमायाबाट मोहित भएर अन्तर्धान भएँ, तब शिवका वाक्यरूपी विषबाट दुःखी भई [आफ्नो मनमा] विचार गर्न लागेँ॥ ८॥

चिन्तयित्वा चिरं चित्ते शिवमायाविमोहितः।
शिवे चेर्ष्यामकार्षं हि तच्छृणुष्व वदामि ते॥ ९

शिवमायाबाट मोहित भएको म धेरै बेरसम्म आफ्नो चित्तमा विचार गरी उहाँसित जुन प्रकारले ईर्ष्या गर्न लागेँ, त्यसलाई तपाईंसित बताउँछु, सुन्नुहोस्॥ ९॥

अथाहमगमं तत्र यत्र दक्षादयः स्थिताः।
सरतिं मदनं दृष्ट्वा समदोऽहं हि किञ्चन॥ १०

तत्पश्चात् म त्यहाँ पुगेँ, जहाँ दक्ष आदि स्थित थिए र त्यहाँ रतिसहित कामदेवलाई देखेर म केही मदमत्त भएँ॥ १०॥

दक्षमाभाष्य सुप्रीत्या परान्पुत्रांश्च नारद।
अवोचं वचनं सोऽहं शिवमायाविमोहितः॥ ११

हे नारद! दक्ष तथा आफ्ना अन्य मानसपुत्रहरूसित प्रीतिपूर्वक कुराकानी गरी शिवमायाले विमोहित म यस प्रकार उनीहरूसित भन्न लागेँ—॥ ११॥

ब्रह्मोवाच

हे दक्ष हे मरीच्याद्याः सुताः शृणुत मद्वचः।
श्रुत्वोपायं विधेयं हि मम कष्टापनुत्तये॥ १२

ब्रह्मा भन्नुहुन्छ—हे दक्ष! हे मरीचि आदि पुत्र हो! मेरो कुरा सुन र त्यसलाई सुनेर मेरो कष्टलाई दूर गर्ने उपाय गर॥ १२॥

कांताभिलाषमात्रं मे दृष्ट्वा शम्भुरगर्हयत्।
मां च युष्मान्महायोगी धिक्कारं कृतवान्बहु॥ १३

स्त्रीप्रति मेरो अभिलाषा देखेर महायोगी शिवले मेरो निन्दा गर्नुभयो र उहाँले मलाई तथा तिमीहरूलाई धेरै झपार्नुभयो॥ १३॥

तेन दुःखाभितप्तोऽहं लभेऽहं शर्म न क्वचित्।
यथा गृह्णातु कांतां स स यत्नः कार्य एव हि॥ १४

त्यसको कारण म दुःखले सन्तप्त छु र कहीँ पनि मलाई चैन मिल्दैन, अतः जुन प्रकार उनले पनि स्त्रीलाई ग्रहण गरून्, त्यस्तो यत्न गर॥ १४॥

यथा गृह्णातु कांतां स सुखी स्यां दुःखवर्जितः।
दुर्लभः स तु कामो मे परं मन्ये विचारतः॥ १५

जब उहाँ स्त्रीलाई स्वीकार गर्नुहुने छ, तब हाम्रो त्यो दुःख दूर हुने छ, तर विचार गर्दामा पनि म सम्झँदै छु कि यो कार्य ज्यादै कठिन छ॥ १५॥

कांताभिलाषमात्रं मे दृष्ट्वा शंभुरगर्हयत्।
मुनीनां पुरतः कस्मात्स कांतां सङ्ग्रहीष्यति॥ १६

जब उहाँले मुनिहरूका समक्ष नै मेरो कान्ता-परिग्रहको अभिलाषामात्रले मलाई धिक्कार्नुभयो भने उहाँले कुन प्रकार स्त्री ग्रहण गर्नुहुने छ?॥ १६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

का वा नारी त्रिलोकेऽस्मिन् या भवेत्तन्मनःस्थिता।
योगमार्गमवज्ञाय तस्य मोहं करिष्यति॥ १७

यस त्रिलोकमा कुन-चाहिँ यस्ती स्त्री छिन्, जो उहाँको मनमा विराजमान भएर, उहाँलाई योगमार्गबाट हटाएर मोहमा पार्न सक्छिन्?॥ १७॥

मन्मथोऽपि समर्थो नो भविष्यत्यस्य मोहने।
नितांतयोगी रामाणां नामापि सहते न सः॥ १८

कामदेव पनि उहाँलाई मोहित गर्नमा समर्थ छैनन्; किनभने उहाँ परमयोगी हुनुहुन्छ र स्त्रीहरूको नामलाई पनि सहन गर्न सक्नुहुन्न॥ १८॥

परिग्रहं विना चैव हरेण कथयादिना।
मध्यमा च भवेत्सृष्टिस्तद्वाचा नान्यवारिता॥ १९

कुनै प्रसंगद्वारा पनि जसले स्त्रीको नाम कदापि सहन सक्दैनन् भने भलै उहाँ वाणीले स्त्री ग्रहण गरी कुन प्रकार सृष्टिकार्यमा प्रवृत्त हुन सक्नुहुन्छ?॥ १९॥

भुवि केचिद्भविष्यन्ति मम वध्या महासुराः।
वध्याः केचिद्धरेर्नूनं केचिच्छंभोरुपायतः॥ २०

यस पृथिवीमा ठूला-ठूला देवता पनि मायाको बन्धनमा परेका छन्। जो बचेका छन्, ती विष्णुको बन्धनमा बाँधिएका छन् र केही देवगण शम्भुका उपायहरूसित आबद्ध छन्॥ २०॥

संसारविमुखे शंभौ तथैकान्तविरागिणि।
अस्मादृते न कर्मान्यत् करिष्यति न संशयः॥ २१

संसारबाट विमुख तथा एकान्तविरागी सदाशिव बाहेक अरू को छ, जसले यस्तो दुष्कर कार्य गर्न सक्छ?॥ २१॥

इत्युक्त्वा तनयांश्चाहं दक्षादीन् सुनिरीक्ष्य च।
सरतिं मदनं तत्र सानंदमगदं ततः॥ २२

यस प्रकार दक्षादि पुत्रहरूसित भनेर रतिसहित कामदेवलाई त्यहाँ देखेर म आनन्दपूर्वक उनीसित भन्न लागेँ—॥ २२॥

ब्रह्मोवाच

मत्पुत्रवर काम त्वं सर्वथा सुखदायकः।
मद्वचः शृणु सुप्रीत्या स्वपत्न्या पितृवत्सल॥ २३

ब्रह्मा भन्नुहुन्छ—मेरो श्रेष्ठ पुत्र हे कामदेव! तिमी सबै प्रकारले सबैलाई सुख दिनेवाला छौ। हे पितृवत्सल! तिमी आफ्नी पत्नीसहित प्रसन्नतापूर्वक मेरो कुरा सुन॥ २३॥

अनया सहचारिण्या राजसे त्वं मनोभव।
एषा च भवता पत्या युक्ता संशोभते भृशम्॥ २४

हे मनोभव! तिमी [आफ्नी] यी सहचारिणी स्त्रीका साथ जुन प्रकार शोभा पाइरहेका छौ र यिनी पनि [त्यस्तै] तिमीलाई पतिरूपमा प्राप्त गरी अति शोभित भइरहेकी छिन्॥ २४॥

यथा स्त्रिया हृषीकेशो हरिणा सा यथा रमा।
क्षणदा विधुना युक्ता तया युक्तो यथा विधुः॥ २५

तथैव युवयोः शोभा दांपत्यं च पुरस्कृतम्।
अतस्त्वं जगतः केतुर्विश्वकेतुर्भविष्यसि॥ २६

जुन प्रकार महालक्ष्मीबाट भगवान् विष्णु तथा विष्णुबाट महालक्ष्मी एवं जुन प्रकार रात्रिबाट चन्द्रमा एवं चन्द्रमाबाट रात्रि सुशोभित हुन्छन्, त्यसै प्रकार तिमी दुवैको शोभा छ र तिमीहरूको दाम्पत्य पनि अलंकृत छ। यसैले तिमी यस जगत्लाई जित्ने विश्वकेतु हुने छौ॥ २५-२६॥

जगद्धिताय वत्स त्वं मोहयस्व पिनाकिनम्।
यथाशु सुमनः शंभुः कुर्याद्दारप्रतिग्रहम्॥ २७

हे वत्स! तिमी संसारको हितका लागि महादेवलाई मोहित पार, जसबाट प्रसन्न मन भएका शंकरले शीघ्र विवाह गरून्॥ २७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विजने स्निग्धदेशे तु पर्वतेषु सरःसु च।
यत्र यत्र प्रयातीशस्तत्र तत्रानया सह॥ २८

मोहय त्वं यतात्मानं वनिताविमुखं हरम्।
त्वदृते विद्यते नान्यः कश्चिदस्य विमोहकः॥ २९

भूते हरे सानुरागे भवतोऽपि मनोभव।
शापोपशांतिर्भविता तस्मादात्महितं कुरु॥ ३०

सानुरागो वरारोहां यदीच्छति महेश्वरः।
तदा भवोऽपि योग्यार्यस्त्वां च संतारयिष्यति॥ ३१

तस्माज्जायाद्वितीयस्त्वं यतस्व हरमोहने।
विश्वस्य भव केतुस्त्वं मोहयित्वा महेश्वरम्॥ ३२

ब्रह्मोवाच

इति श्रुत्वा वचो मे हि जनकस्य जगत्प्रभोः।
उवाच मन्मथस्तथ्यं तदा मां जगतां पतिम्॥ ३३

मन्मथ उवाच

करिष्येऽहं तव विभो वचनाच्छंभुमोहनम्।
किं तु योषिन्ममास्त्रं मे तत्कान्तां भगवन् सृज॥ ३४

मया संमोहिते शंभौ यया तस्यानुमोहनम्।
कर्तव्यमधुना धातस्तत्रोपायं परं कुरु॥ ३५

ब्रह्मोवाच

एवंवादिनि कंदर्पे धाताहं स प्रजापतिः।
कया संमोहिनीयोसाविति चिंतामयामहम्॥ ३६

चिन्ताविष्टस्य मे तस्य निःश्वासो यो विनिःसृतः।
तस्माद्वसंतः सञ्जातः पुष्पव्रातविभूषितः॥ ३७

शोणराजीवसंकाशः फुल्लतामरसेक्षणः।
संध्योदिताखंडशशिप्रतिमास्यः सुनासिकः॥ ३८

शार्ङ्गवच्चरणावर्तः श्यामकुञ्चितमूर्धजः।
संध्यांशुमालिसदृशः कुंडलद्वयमंडितः॥ ३९

प्रमत्तेभगतिः पीनायतदोरुन्नतांसकः।

निर्जन स्थानमा, उत्तम प्रदेशमा, पर्वतमाथि अथवा तलाउको किनारमा—जहाँ शिव जानुहुन्छ, त्यहीँ तिमी आफ्नी पत्नीका साथ गएर ती जितेन्द्रिय तथा स्त्रीरहित शंकरलाई मोहित पार। [यस संसारमा] तिमीबाहेक उहाँलाई मोहमा पार्ने सामर्थ्य भएका अरू कुनै दोस्रो व्यक्ति छैनन्॥ २८-२९॥

हे मनोभव! शंकर अनुरागयुक्त भएपछि तिम्रो पनि श्रापको शान्ति हुने छ, अतः तिमी आफ्नो भलो गर। यदि महेश्वरले सानुराग भएर स्त्रीको अभिलाषा गर्नुभयो भने ती श्रेष्ठ शिवले तिम्रो पनि उद्धार गरिदिनुहुने छ॥ ३०-३१॥

यसैले तिमी आफ्नी स्त्रीलाई साथ लिएर शंकरलाई मोहित पार्ने प्रयत्न गर र महेश्वरलाई मोहित पारी विश्वको केतु बन॥ ३२॥

ब्रह्मा भन्नुहुन्छ—संसारका प्रभु एवं आफ्नू पिता म ब्रह्माको कुरा सुनेर ती कामदेव म जगत्पतिसित भन्न लागे—॥ ३३॥

मन्मथ भन्दछन्—हे प्रभु! म हजुरको आज्ञानुसार शिवलाई मोहित पार्ने छु, तर हे भगवान्! स्त्री नै मेरा मुख्य अस्त्र हुन्। अतः शंकरकी योग्य स्त्रीको निर्माण गर्नुहोस्, मद्वारा शिवलाई मोहित गरेपछि तिनले उहाँलाई पुनः मोहित गर्न सकुन्। हे धाता! यसको उत्तम उपाय अब गर्नुहोस्॥ ३४-३५॥

ब्रह्मा भन्नुहुन्छ—कामदेवले यस प्रकार भनेपछि म प्रजापति ब्रह्मा आफ्नो मनमा विचार गर्न लागेँ कि कुन प्रकारकी स्त्रीबाट शिवलाई मोहित गर्न सकौँ?॥ ३६॥

यस प्रकार चिन्तामा निमग्न भएको मबाट जुन श्वास निक्ल्यो, त्यसैबाट पुष्पसमूहहरूद्वारा विभूषित वसन्त उत्पन्न भयो। उसको शरीरको कान्ति रक्तकमल समान थियो, उसका आँखाहरू विकसित कमलसमान थिए, उसको मुख सन्ध्याको समय उदय भएका पूर्ण चन्द्रमा समान मनोहर थियो, उसको नासिका पनि ज्यादै सुन्दर थियो। उसका चरणहरूमा सींगको समान आवर्त थिए, त्यो कालो तथा घुमुर्किएको केशहरूबाट शोभायमान भइरहेको थियो। सन्ध्याकालीन सूर्य सदृश्य दुई कुण्डलहरूबाट त्यो सुशोभित थियो, उसको चाल मत्त हात्तीको समान थियो, उसका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कंबुग्रीवः सुविस्तीर्णहृदयः पीनसन्मुखः ॥ ४०

सर्वांगसुन्दरः श्यामः सम्पूर्णः सर्वलक्षणैः।
दर्शनीयतमः सर्वमोहनः कामवर्धनः ॥ ४१

हातहरू लामा तथा मोटा थिए, उसको काँध अत्यन्त अग्लो थियो। उसको गर्धन शंखको समान थियो, उसको वक्षःस्थल ज्यादै फराकिलो थियो, मुखमण्डल स्थूल तथा सुन्दर थियो, उसका सबै अंग सुन्दर थिए, त्यो श्याम वर्णको थियो, सबै लक्षणहरूले युक्त त्यो सबैलाई मोहित पार्ने, कामलाई बढाउने तथा अत्यन्त दर्शनीय थियो ॥ ३७—४१ ॥

एतादृशे समुत्पन्ने वसंते कुसुमाकरे।
ववौ वायुः सुसुरभिः पादपा अपि पुष्पिताः ॥ ४२

यस प्रकार पुष्पगुच्छहरूले सुशोभित भएको वसन्तको उत्पत्ति हुनासाथ सुगन्धित वायु चल्न लाग्यो, वृक्ष पनि फूलहरूले टम्म भए ॥ ४२ ॥

पिका विनेदुः शतशः पञ्चमं मधुरस्वनाः।
प्रफुल्लपद्मा अभवन्सरस्यः स्वच्छपुष्कराः ॥ ४३

तमुत्पन्नमहं वीक्ष्य तदा तादृशमुत्तमम्।
हिरण्यगर्भो मदनमगदं मधुरं वचः ॥ ४४

हजारौँ कोइलीहरू मधुर पंचम स्वरमा चिरबिर गर्न थाले र तलाउ विकसित तथा स्वच्छ कमलहरूले युक्त भए। यस प्रकार उत्पन्न भएको त्यस श्रेष्ठ वसन्तलाई देखेर म ब्रह्मा कामदेवसित मधुर शब्दमा भन्न लागेँ— ॥ ४३-४४ ॥

ब्रह्मोवाच

एवं स मन्मथनिभः सदा सहचरोऽभवत्।
आनुकूल्यं तव कृते सर्वं देवः करिष्यति ॥ ४५

ब्रह्मा भन्नुहुन्छ—[हे पुत्र!] कामदेवतुल्य यो वसन्त अब तिम्रो निम्ति अनुकूल मित्र उत्पन्न भएको छ। अब यसले तिम्रो सब प्रकारले सहायता गर्नेछ ॥ ४५ ॥

यथाग्नेः पवनो मित्रं सर्वत्रोपकरिष्यति।
तथायं भवतो मित्रं सदा त्वामनुयास्यति ॥ ४६

जसरी पवनले अग्निको मित्र बनेर सदा उसको उपकार गरिरहन्छन्, त्यसरी नै यो वसन्त पनि तिम्रो मित्र बनेर सदा तिम्रो साथ रहने छ ॥ ४६ ॥

वसतेरंतहेतुत्वाद्वसंताख्यो भवत्वयम्।
तवानुगमनं कर्म तथा लोकानुरञ्जनम् ॥ ४७

रमणको उद्देश्य हुनाको कारण यो तिमीसँगै निवास गर्ने छ, यसैले यसको नाम वसन्त हुने छ। लोकको अनुरंजन तथा तिम्रो अनुगमन नै यसको कार्य हुने छ ॥ ४७ ॥

असौ वसंतशृङ्गारो वासंतो मलयानिलः।
भवेत्तु सुहृदो भावः सदा त्वद्वशवर्तिनः ॥ ४८

वसन्तकालीन यो मलयानिल यस वसन्तको शृंगार बनेर यसको मित्ररूपले बनिरहने छ, जो सधैँ तिम्रो अधीन रहने छ ॥ ४८ ॥

विव्वोकाद्यास्तथा हावाश्चतुष्षष्टिकलास्तथा।
रत्याः कुर्वंतु सौहृद्यं सुहृदस्ते यथा तव ॥ ४९

जुन प्रकार तिम्रो मित्र रहन्छ, त्यसै प्रकार यी बिब्बोक आदि हावभाव तथा चौँसठ्ठी कलाहरू रतिका साथ सुहृद् भएर रहने छ ॥ ४९ ॥

एभिः सहचरैः काम वसंतप्रमुखैर्भवान्।
मोहयस्व महादेवं रत्या सह महोद्यमः ॥ ५०

हे काम! तिमी आफ्नो यी वसन्त आदि सहचरहरू तथा रतिका साथ उद्यत भएर महादेवलाई मोहित पार ॥ ५० ॥

अहं तां कामिनीं तात भावयिष्यामि यत्नतः।
मनसा सुविचार्यैव या हरं मोहयिष्यति ॥ ५१

हे तात! अब म यत्नपूर्वक राम्ररी मनमा सोच-विचार गरी त्यस कामिनीलाई प्राप्त गर्ने छु, जसले भगवान् शंकरलाई मोहित पार्नेछिन् ॥ ५१ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

एवमुक्तो मया कामः सुरज्येष्ठेन हर्षितः।
ननाम चरणौ मेऽपि स पत्नीसहितस्तदा॥ ५२
दक्षं प्रणम्य तान् सर्वान्मानसानभिवाद्य च।
यत्रात्मा गतवान् शंभुस्तत्स्थानं मन्मथो ययौ॥ ५३

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार म सुरश्रेष्ठ ब्रह्माको आज्ञाले ती कामदेवले पत्नीसहित मेरा चरणहरूमा प्रणाम गरे। पुनः दक्ष एवं मेरा मानसपुत्रहरूलाई प्रणाम गरी कामदेव त्यस स्थानमा गए, जहाँ आत्मस्वरूप शंकर जानुभएको थियो॥ ५२-५३॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां सतीचरित्रे द्वितीये सतीखण्डे वसंतस्वरूपवर्णनं नामाष्टमोऽध्यायः॥ ८॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको द्वितीय सतीखण्डमा वसन्तस्वरूपवर्णन नामक आठौँ अध्याय पूर्ण भयो॥ ८॥

अथ नवमोऽध्यायः

कामदेवद्वारा भगवान् शिवलाई विचलित गर्न नसक्नु, ब्रह्माद्वारा कामदेवको सहायक मारगणको उत्पत्ति; ब्रह्माले ती सबैलाई शिवकहाँ पठाउनु, उनीहरू त्यहाँ विफल हुनु, गणसहित कामदेव आफ्नो आश्रममा फर्कनु

ब्रह्मोवाच

तस्मिन् गते सानुचरे शिवस्थानं च मन्मथे।
चरित्रमभवच्चित्रं तच्छृणुष्व मुनीश्वर॥ १

ब्रह्मा भन्नुहुन्छ—हे मुनीश्वर! अनुचरहरूका साथ ती काम शिवस्थानमा पुगेपछि जुन अद्भुत चरित्र भयो, त्यसलाई सुन्नुहोस्॥ १॥

गत्वा तत्र महावीरो मन्मथो मोहकारकः।
स्वप्रभावं ततानाशु मोहयामास प्राणिनः॥ २

सबैलाई मोहित पार्ने ती महावीर कामले त्यहाँ पुगेर आफ्नो प्रभाव फैलाए र सबै प्राणीहरूलाई मोहित पारे॥ २॥

वसंतोऽपि प्रभावं स्वं चकार हरमोहनम्।
सर्वे वृक्षा एकदैव प्रफुल्ला अभवन्मुने॥ ३
विविधान्कृतवान्यत्नान् रत्या सह मनोभवः।
जीवाः सर्वे वशं याताः सगणेशः शिवो न हि॥ ४

हे मुनि! वसन्तले पनि महादेवलाई आफ्नो मोहित पार्ने खालको प्रभाव देखायो, जसबाट समस्त वृक्ष एकै साथ फूलहरूले नुगिए। त्यस समय कामले रतिका साथ [शिवलाई मोहित गर्नका लागि] अनेक यत्न गऱ्यो, जसबाट सबै जीव उसको वशीभूत भए, तर गणसहित शिव उसको वशमा हुनुभएन॥ ३-४॥

समधोर्मदनस्यासन्प्रयासा निष्फला मुने।
जगाम स निजस्थानं निवृत्य विमदस्तदा॥ ५
कृत्वा प्रणामं विधये मह्यं गद्गदया गिरा।
उवाच मदनो मां चोदासीनो विमदो मुने॥ ६

हे मुनि! [यस प्रकार चेष्टा गर्दै] जब वसन्तसहित त्यस कामको समस्त प्रयत्न निष्फल भयो, तब त्यो अहंकाररहित भयो र फर्किएर आफ्नो स्थानमा गयो। हे मुनि! म ब्रह्मालाई प्रणाम गरी उदासीन तथा अभिमानरहित त्यो कामदेव गद्गद वाणीले मसित भन्न लाग्यो—॥ ५-६॥

काम उवाच

ब्रह्मन् शंभुर्मोहनीयो न वै योगपरायणः।
न शक्तिर्मम नान्यस्य तस्य शंभोर्हि मोहने॥ ७

काम भन्दछ—हे ब्रह्मन्! शिवलाई मोहित पार्न सकिन्न; किनभने उहाँ योगपरायण हुनुहुन्छ। ती शिवलाई मोहित गर्ने शक्ति न ममा छ तथा न अरू कसैमा छ॥ ७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समित्रेण मया ब्रह्मन्नुपाया विविधाः कृताः।
रत्या सहाखिलास्ते च निष्फला अभवन् शिवे॥ ८

शृणु ब्रह्मन्यथास्माभिः कृता हि हरमोहने।
प्रयासान् विविधाँस्तात गदतस्तान्मुने मम॥ ९

हे ब्रह्मन्! मैले मित्र वसन्त तथा रतिका साथ उहाँलाई मोहित गर्न अनेकौँ उपाय गरेँ, तर शिवमा त्यो सबै निष्फल भयो। हे ब्रह्मन्! हामीहरूले शिवलाई मोहित गर्नका लागि जुन उपायहरू गर्‍यौँ, ती विविध उपायहरू म बताइरहेको छु, हे मुनि! हे तात! हजुर सुन्नुहोस्—॥ ८-९॥

यदा समाधिमाश्रित्य स्थितः शंभुर्नियंत्रितः।
तदा सुगंधिवातेन शीतलेनातिवेगिना॥ १०
उद्वेजयामि रुद्रं स्म नित्यं मोहनकारिणा।
प्रयत्नतो महादेवं समाधिस्थं त्रिलोचनम्॥ ११

जब शिव संयमित भएर समाधि लगाएर बस्नुभएको थियो, तब म मोहित पार्ने वेगवान्, सुगन्धयुक्त तथा शीतल वायुले त्रिनेत्र महादेव रुद्रलाई विचलित गर्न लागेँ॥ १०-११॥

स्वसायकांस्तथा पञ्च समादाय शरासनम्।
तस्याभितो भ्रमतस्तु मोहयंस्तद्गणानहम्॥ १२

मम प्रवेशमात्रेण सुवश्याः सर्वजंतवः।
अभवद्विकृतो नैव शंकरः सगणः प्रभुः॥ १३

म आफ्नो धनुष तथा पाँचवटै पुष्पबाणहरूलाई लिएर उहाँको चारैतिर छोड्दै उहाँका गणलाई मोहित गर्न लागेँ। [त्यस प्रदेशमा] मेरो प्रवेश हुनासाथ समस्त प्राणी मोहित भए, तर गणसहित भगवान् शिव विकारयुक्त हुनुभएन॥ १२-१३॥

यदा हिमवतः प्रस्थं स गतः प्रमथाधिपः।
तत्रागतस्तदैवाहं सरतिः समधुर्विधे॥ १४

हे विधे! जब प्रमथाधिपति शिव हिमालयको शिखरमा जानुभयो, तब म पनि वसन्त र रतिका साथ त्यहाँ पुगेँ॥ १४॥

यदा मेरुं गतो रुद्रो यदा वा नागकेशरम्।
कैलासं वा यदा यातस्तत्राहं गतवांस्तदा॥ १५

जब उहाँ मेरु पर्वत र नागकेसर पर्वतमा जानुभयो, तब म पनि त्यहाँ गएँ। जब उहाँ कैलास पर्वतमा जानुभयो, तब म पनि त्यहीँ गएँ॥ १५॥

यदा त्यक्तसमाधिस्तु हरस्तस्थौ कदाचन।
तदा तस्य पुरश्चक्रयुगं रचितवानहम्॥ १६

तच्च भ्रूयुगलं ब्रह्मन् हावभावयुतं मुहुः।
नानाभावानकार्षीच्च दांपत्यक्रममुत्तमम्॥ १७

जब उहाँ कुनै समय समाधिबाट मुक्त हुनुभयो, तब मैले उहाँकै सामुन्ने दुई चक्र रचेँ। ती दुवै चक्र स्त्रीको हाव-भावयुक्त दुवै कटाक्ष थिए। मैले दाम्पत्यभावको अनुकरण गर्दै ती नीलकण्ठ महादेवको सामुन्ने अनेकौँ प्रकारका भाव उत्पन्न गरेँ॥ १६-१७॥

नीलकंठं महादेवं सगणं तत्पुरःस्थिताः।
अकार्षुर्मोहितं भावं मृगाश्च पक्षिणस्तथा॥ १८

पशुहरू तथा पक्षीहरूले पनि उहाँको सामुन्ने स्थित भएर गणसहित शिवलाई मोहित गर्नका लागि मोहकारी भाव प्रदर्शित गरेँ॥ १८॥

मयूरमिथुनं तत्राकार्षीद्भावं रसोत्सुकम्।
विविधां गतिमाश्रित्य पार्श्वे तस्य पुरस्तथा॥ १९

नालभद् विवरं तस्मिन् कदाचिदपि मच्छरः।
सत्यं ब्रवीमि लोकेश मम शक्तिर्न मोहने॥ २०

रसोत्सुक भएका मयूरका जोडीले अनेक प्रकारका गतिहरूको सहारा लिएर विविध प्रकारका भाव उहाँको अगाडि-पछाडि प्रदर्शित गरे, तर मेरा बाणहरूलाई कहिल्यै अवकाश प्राप्त भएन, म यो सत्य भनिरहेको छु। हे लोकेश! शिवलाई मोहित गर्ने शक्ति ममा छैन॥ १९-२०॥

मधुरप्यकरोत्कर्म युक्तं यत्तस्य मोहने।
तच्छृणुष्व महाभाग सत्यं सत्यं वदाम्यहम्॥ २१

यस वसन्तले पनि उहाँलाई मोहित गर्नका लागि जुन-जुन उचित उपाय गर्‍यो, हे महाभाग! त्यसलाई हजुर सुन्नुहोस्, म सत्य-सत्य भनिरहेको छु॥ २१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चंपकान्केशरान्बालान्कारणान्पाटलांस्तथा ।
नागकेशरपुन्नागान्किंशुकान्केतकान् वरान् ॥ २२

मालतीमल्लिकापर्णभारान्कुरबकांस्तथा ।
उत्फुल्लयति तत्र स्म यत्र तिष्ठति वै हरः ॥ २३

सरांस्युत्फुल्लपद्मानि वीजयन् मलयानिलैः ।
यत्नात्सुगंधीन्यकरोदतीव गिरिशाश्रमे ॥ २४

लताः सर्वाः सुमनसो धत्तूराङ्कुरसञ्चयाः ।
वृक्षाङ्कं चिरभावेन वेष्टयन्ति स्म तत्र च ॥ २५

तान्वृक्षांश्च सुपुष्पौघान् तैः सुगंधिसमीरणैः ।
दृष्ट्वा कामवशं याता मुनयोऽपि परे किमु ॥ २६

एवं सत्यपि शंभोर्न दृष्टं मोहस्य कारणम् ।
भावमात्रमकार्षीन्नो कोपो मय्यपि शंकरः ॥ २७

इति सर्वमहं दृष्ट्वा ज्ञात्वा तस्य च भावनाम् ।
विमुखोऽहं शंभुमोहान्नियतं ते वदाम्यहम् ॥ २८

तस्य त्यक्तसमाधेस्तु क्षणं नो दृष्टिगोचरे ।
शक्नुयामो वयं स्थातुं तं रुद्रं को विमोहयेत् ॥ २९

ज्वलदग्निप्रकाशाक्षं जटाराशिकरालिनम् ।
शृङ्गिणं वीक्ष्य कः स्थातुं ब्रह्मन् शक्नोति तत्पुरः ॥ ३०

ब्रह्मोवाच

मनोभववचश्चेत्थं श्रुत्वाहं चतुराननः ।
विवक्षुरपि नावोचं चिंताविष्टोऽभवं तदा ॥ ३१

मोहनेऽहं समर्थो न हरस्येति मनोभवः ।
वचः श्रुत्वा महादुःखान्निरश्वसमहं मुने ॥ ३२

निःश्वासमारुता मे हि नानारूपा महाबलाः ।
जाता गणा लोलजिह्वा लोलाश्चातिभयंकराः ॥ ३३

यस वंसन्तले श्रेष्ठ चम्पक, केसर, बाल [अलैँची], कटहर, गुलाब, नागकेसर, पुन्नाग, किंशुक, केतकी, मालती, मल्लिका, पर्णभार एवं रातो कटसरैया आदि पुष्पलाई जहाँ शिव बस्नुहुन्थ्यो, त्यहीँ विकसित गऱ्यो ॥ २२-२३ ॥

यस वसन्तले शिवको आश्रममा तलाउका सबै फूलेका कमलहरूलाई मलय पवनहरूले यत्नपूर्वक अत्यन्त सुगन्धित पाऱ्यो ॥ २४ ॥

सबै लताहरू फूलहरूले युक्त र अंकुर-समूहका साथ नजिकैका वृक्षहरूमा बडो प्रेमले टाँसिए ॥ २५ ॥

सुगन्धित पवनहरूले फूलेका फूलहरूबाट युक्त ती वृक्षहरूलाई देखेर मुनि पनि कामको वशीभूत भए, फेरि अरूको त कुरा नै के! ॥ २६ ॥

यति हुँदामा पनि मैले शंकरलाई मोहित हुने कुनै लक्षण देखिन, न त उहाँमा कुनै कामभाव नै उत्पन्न भयो। [यति सबै गर्दामा पनि] शंकरले मप्रति रत्तिभर पनि क्रोध गर्नु भएन ॥ २७ ॥

यस प्रकार सबथोक देखेर तथा उहाँको भावनालाई जानेर म शिवलाई मोहित पार्ने प्रयासबाट विरत भएँ, त्यसको कारण हजुरसित निवेदन गरिरहेको छु ॥ २८ ॥

समाधि छोडेपछि हामीहरू उहाँको दृष्टिको सामुन्ने क्षणभर पनि टिक्न सक्तैनौँ, ती रुद्रलाई कसले मोहित पार्न सक्छ ? ॥ २९ ॥

हे ब्रह्मन्! बल्दै गरेका अग्निसमान प्रकाशित नेत्रहरू भएका तथा जटा धारण गर्नाले महाविकराल ती कैलासपर्वतनिवासी शिवलाई देखेर उहाँको सामुन्ने को उभिरहन सक्छ ? ॥ ३० ॥

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार कामको वचन सुनेर म चतुरानन ब्रह्मा चिन्तामग्न भएँ र बोल्ने इच्छा गर्दा पनि केही पनि बोल्न सकिन ॥ ३१ ॥

म कामदेव शिवलाई मोहित गर्नमा समर्थ छैन। हे मुनि! उनको यो वचन सुनेर म ठुलो दुःखका साथ उष्ण श्वास लिन लागेँ ॥ ३२ ॥

त्यस समय मेरो निःश्वास अनेकौँ रूप भएको, महाबलवान्, लपलपाउँदै गरेको जिब्रो भएको, चंचल तथा अत्यन्त भयंकर गणको रूपमा परिणत भयो ॥ ३३ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अवादयन्त ते सर्वे नानावाद्यानसंख्यकान्।
पटहादिगणास्तांस्तान् विकरालान्महारवान्॥ ३४
अथ ते मम निःश्वाससंभवाश्च महागणाः।
मारयच्छेदयेत्यूचुर्ब्रह्मणो मे पुरः स्थिताः॥ ३५
तेषां तु वदतां तत्र मारयच्छेदयेति माम्।
वचः श्रुत्वा विधिं कामः प्रवक्तुमुपचक्रमे॥ ३६
मुनेऽथ मां समाभाष्य तान् दृष्ट्वा मदनो गणान्।
उवाच वारयन् ब्रह्मन्गणानामग्रतः स्मरः॥ ३७

काम उवाच

हे ब्रह्मन् हे प्रजानाथ सर्वसृष्टिप्रवर्तक।
उत्पन्नाः क इमे वीरा विकराला भयंकराः॥ ३८
किं कर्मैते करिष्यंति कुत्र स्थास्यंति वा विधे।
किन्नामधेया एते तद्वद तत्र नियोजय॥ ३९
नियोज्य तान्निजे कृत्ये स्थानं दत्त्वा च नाम च।
मामाज्ञापय देवेश कृपां कृत्वा यथोचिताम्॥ ४०

ब्रह्मोवाच

इति तद्वाक्यमाकर्ण्य मुनेऽहं लोककारकः।
तमवोचं ह मदनं तेषां कर्मादिकं दिशन्॥ ४१
एत उत्पन्नमात्रा हि मारयेत्यवदन् वचः।
मुहुर्मुहुरतोऽमीषां नाम मारेति जायताम्॥ ४२
सदैव विघ्नं जंतूनां करिष्यन्ति गणा इमे।
विना निजार्चनं काम नानाकामरतात्मनाम्॥ ४३
तवानुगमनं कर्म मुख्यमेषां मनोभव।
सहायिनो भविष्यन्ति सदा तव न संशयः॥ ४४
यत्र यत्र भवान् याता स्वकर्मार्थं यदा यदा।
गंतारस्तत्र तत्रैते सहायार्थं तदा तदा॥ ४५
चित्तभ्रांतिं करिष्यंति त्वदस्त्रवशवर्तिनाम्।
ज्ञानिनां ज्ञानमार्गं च विघ्नयिष्यंति सर्वथा॥ ४६

ती गणले भेरी, मृदंग आदि अनेक प्रकारका असंख्य विकराल, महाभयंकर बाजा बजाउन प्रारम्भ गरे। मेरो निःश्वासबाट उत्पन्न ती महागण म ब्रह्माको अगाडि नै मार, काट—यस्तो भन्न लागे॥ ३४-३५॥

मार, काट—यस्तो भनिरहेका ती गणहरूको आवाजलाई सुनेर ती काम म ब्रह्मासित भन्न लागे॥ ३६॥

हे मुनि! हे ब्रह्मन्! यस प्रकार ती कामले मेरो आज्ञा लिएर ती सबै गणतिर हेरेर तिनलाई यस्तो गर्नबाट रोक्दै गणहरूको अगाडि नै मसित भन्न प्रारम्भ गरे—॥ ३७॥

काम भन्दछन्—हे ब्रह्मन्! हे प्रजानाथ! हे सृष्टिका प्रवर्तक! यी कुन विकराल एवं भयंकर वीर उत्पन्न भए?॥ ३८॥

हे विधि! यिनले कुनचाहिँ कार्य गर्ने छन् तथा कहाँ निवास गर्ने छन् र यिनको के नाम हो? यिनको बारेमा हजुर मलाई बताउनुहोस् तथा यिनलाई कार्यमा नियुक्त गर्नुहोस्॥ ३९॥

हे देवेश! यिनलाई आफ्नो कार्यमा नियुक्त गरी, यिनको नाम राखेर तथा स्थानहरूको व्यवस्था गरेर यथोचित कृपा गरी मलाई आज्ञा दिनुहोस्॥ ४०॥

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! ती कामको कुरा सुनेर उनीहरूको कार्य आदिको निर्देश गर्दै लोककर्ता मैले कामसित भनेँ—॥ ४१॥

यी काम उत्पन्न हुना साथ यी सबैले बारम्बार मारय-मारय [मार-मार]—यस प्रकारको शब्द भनेका छन्, यसैले यिनको नाम 'मार' हुनुपर्छ॥ ४२॥

यी काम आफ्नो पूजा विना यी गण अनेक प्रकारका कामनाहरूमा रत मन भएका प्राणीहरूको कार्यमा सर्वदा विघ्न पैदा गर्ने छन्॥ ४३॥

यी कामदेव तिम्रो अनुकूल रहनु नै यिनको मुख्य कार्य हुने छ र यी तिम्रो सहायतामा सदा तत्पर रहने छन्, यसमा संशय छैन॥ ४४॥

जहाँ-जहाँ तिमी आफ्नो कार्यका लागि जाने छौ, त्यहाँ-त्यहाँ यी तिम्रो सहायताका लागि जाने छन्॥ ४५॥

यी तिम्रो अस्त्रहरूबाट वशवर्ती प्राणीहरूको चित्तमा सदैव भ्रान्ति उत्पन्न गर्ने छन् र ज्ञानीहरूको ज्ञानमार्गमा विघ्न पार्ने छन्॥ ४६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

इत्याकर्ण्य वचो मे हि सरतिः स मनोभवः।
किंचित्प्रसन्नवदनो बभूव मुनिसत्तम॥ ४७

ब्रह्मा भन्नुहुन्छ—हे मुनिसत्तम! मेरो यस वचनलाई सुनेर रति र वसन्तसहित त्यो कामदेव केही प्रसन्नमुख भयो॥ ४७॥

श्रुत्वा तेऽपि गणाः सर्वे मदनं मां च सर्वतः।
परिवार्य यथाकामं तस्थुस्तत्र निजाकृतिम्॥ ४८
अथ ब्रह्मा स्मरं प्रीत्यागदं मे कुरु शासनम्।
एभिः सहैव गच्छ त्वं पुनश्च हरमोहने॥ ४९

मेरो कुरालाई सुनेर ती सबै गण आ-आफ्नो स्वरूपले मलाई तथा कामदेवलाई चारैतिरबाट घेरेर बसे। यसपछि म ब्रह्माले कामसित प्रेमपूर्वक भनें—[हे मदन!] मेरो कुरा मान, तिमी यी गणहरूलाई साथ लिएर शिवलाई मोहित गर्नका लागि पुनः जाऊ॥ ४८-४९॥

मन आधाय यत्नानि कुरु मारगणैः सह।
मोहो भवेद्यथा शंभोर्दारग्रहणहेतवे॥ ५०

इत्याकर्ण्य वचः कामः प्रोवाच वचनं पुनः।
देवर्षे गौरवं मत्वा प्रणम्य विनयेन माम्॥ ५१

अब तिमी यी मारगणका साथ मन लगाएर यस्तो प्रयत्न गर, जसबाट स्त्री ग्रहण गर्नका लागि शिवलाई मोह उत्पन्न होस्। हे देवर्षि! मेरो कुरा सुनेर काम गौरवको ध्यान राख्दै मलाई प्रणाम गरी विनयपूर्वक मसित पुनः यो वचन भन्न लागे—॥ ५०-५१॥

काम उवाच

मया सम्यक् कृतं कर्म मोहने तस्य यत्नतः।
तन्मोहो नाभवत्तात न भविष्यति नाधुना॥ ५२

काम भन्दछन्—हे तात! मैले शिवलाई मोहित गर्नका लागि भलीभाँति यत्नपूर्वक उपाय गरेँ, तर उहाँलाई मोह भएन, न अगाडि हुने छ र वर्तमानमा पनि ती मोहित हुने छैनन्॥ ५२॥

तव वाग्गौरवं मत्वा दृष्ट्वा मारगणानपि।
गमिष्यामि पुनस्तत्र सदारोऽहं त्वदाज्ञया॥ ५३

तर हजुरको वाणीको गौरव मानेर यी मारगणलाई हेरेर हजुरको आज्ञाले म पुनः त्यहाँ पत्नीसहित जाने छु॥ ५३॥

मनो निश्चितमेतद्धि तन्मोहो न भविष्यति।
भस्म कुर्यान्न मे देहमिति शंकास्ति मे विधे॥ ५४

हे ब्रह्मन्! मैले मनमा यो निश्चय गरेको छु कि उहाँलाई मोह हुँदैन र हे विधि! मलाई यो शंका छ कि [यस पटक] कहीँ उहाँ मेरो शरीरलाई भस्म त गर्नु हुन्न॥ ५४॥

इत्युक्त्वा समधुः कामः सरतिः सभयस्तदा।
ययौ मारगणैः सार्धं शिवस्थानं मुनीश्वर॥ ५५

हे मुनीश्वर! यस्तो भनेर ती कामदेव वसन्त, रति तथा मारगणलाई साथ लिएर भयपूर्वक शिवको स्थानमा गए॥ ५५॥

पूर्ववत् स्वप्रभावं च चक्रे मनसिजस्तदा।
बहूपायं स हि मधुर्विविधां बुद्धिमावहन्॥ ५६
उपायं स चकाराति तत्र मारगणोऽपि च।
मोहोऽभवन्न वै शंभोरपि कश्चित्परात्मनः॥ ५७

[त्यहाँ गएर] कामदेवले पहिलाको झैँ आफ्नो प्रभाव देखाए तथा वसन्तले पनि अनेक प्रकारका बुद्धिको प्रयोग गर्दै धेरै उपाय गऱ्यो, मारगणहरूले पनि त्यहाँ धेरै उपाय गरे, तर परमात्मा शंकरलाई कत्ति पनि मोह भएन॥ ५६-५७॥

निवृत्य पुनरायातो मम स्थानं स्मरस्तदा।
आसीन्मारगणोऽगर्वोऽहर्षो मेऽपि पुरस्थितः॥ ५८

तब ती कामदेव फर्केर पुनः मकहाँ आए। समस्त मारगण पनि अभिमानरहित तथा उदास भएर मेरो अगाडि उभिए॥ ५८॥

कामः प्रोवाच मां तात प्रणम्य च निरुत्सवः।
स्थित्वा मम पुरोऽगर्वो मारैश्च मधुना तदा॥ ५९

हे तात! तब उदास र गर्वरहित कामदेवले मारगण तथा वसन्तका साथ मेरो सामुन्ने उभिएर प्रणाम गरी मसित भने—॥ ५९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृतं पूर्वादधिकतः कर्म तन्मोहने विधे।
नाभवत्तस्य मोहोऽपि कश्चिद्ध्यानरतात्मनः॥ ६०

हे विधि! मैले शिवलाई मोहित गर्नका लागि पहिलाको भन्दा पनि धेरै प्रयत्न गरेँ, तर ध्यानरत चित्त भएका शिवलाई कत्ति पनि मोह भएन॥ ६०॥

न दग्धा मे तनुश्चैव तत्र तेन दयालुना।
कारणं पूर्वपुण्यं च निर्विकारः स वै प्रभुः॥ ६१

चेद्वरस्ते हरो भार्यां गृह्णीयादिति पद्मज।
परोपायं कुरु तदा विगर्व इति मे मतिः॥ ६२

ती दयालुले मेरो शरीर भस्म गर्नुभएन, यसमा मेरो पूर्वजन्मको पुण्य नै कारण हो। ती प्रभु सर्वथा निर्विकार हुनुहुन्छ। हे ब्रह्मन्! यदि हजुरको यस्तो इच्छा छ कि महादेव दारपरिग्रह गरून्, त्यसो हो भने हजुर गर्वरहित भएर दोस्रो उपाय गर्नुहोस्॥ ६१-६२॥

ब्रह्मोवाच

इत्युक्त्वा सपरीवारो ययौ कामः स्वमाश्रमम्।
प्रणम्य मां स्मरन् शंभुं गर्वदं दीनवत्सलम्॥ ६३

ब्रह्मा भन्नुहुन्छ—यस्तो भनेर कामदेव मलाई प्रणाम गरी गर्वको खण्डन गर्नुहुने दीनवत्सल शम्भुको स्मरण गर्दै परिवारसहित आफ्नो आश्रममा गए॥ ६३॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां द्वितीये सतीखण्डे सत्युपाख्याने कामप्रभावमारगणोत्पत्तिवर्णनं नाम नवमोऽध्यायः॥ ९॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको द्वितीय सतीखण्डमा कामप्रभाव एवं मारगणोत्पत्तिवर्णन नामक नवौँ अध्याय पूर्ण भयो॥ ९॥

अथ दशमोऽध्यायः

ब्रह्मा र विष्णुको संवादमा शिवमाहात्म्यको वर्णन

नारद उवाच

ब्रह्मन् विधे महाभाग धन्यस्त्वं शिवसक्तधीः।
कथितं सुचरित्रं ते शंकरस्य परात्मनः॥ १

नारद भन्नुहुन्छ—हे ब्रह्मन्! हे विधि! हे महाभाग! हजुर धन्य हुनुहुन्छ, जुन हजुरको बुद्धि शिवमा आसक्त छ। हजुरले परमात्मा शंकरको सुन्दर चरित्रको आख्यान गर्नुभयो॥ १॥

निजाश्रमे गते कामे सगणे सरतौ ततः।
किमासीत्किमकार्षीस्त्वं तच्चरित्रं वदाधुना॥ २

मारगण तथा [आफ्नी स्त्री] रतिका साथ जब काम आफ्नो स्थानमा गए, अनि के भयो र हजुरले के गर्नुभयो? अब त्यस चरित्रलाई भन्नुहोस्॥ २॥

ब्रह्मोवाच

शृणु नारद सुप्रीत्या चरित्रं शशिमौलिनः।
यस्य श्रवणमात्रेण निर्विकारो भवेन्नरः॥ ३

ब्रह्मा भन्नुहुन्छ—हे नारद! तपाईं अत्यन्त प्रसन्नतापूर्वक महादेवको चरित्र सुन्नुहोस्, जसको श्रवणमात्रले मनुष्य विकारबाट मुक्त हुन्छ॥ ३॥

निजाश्रमं गते कामे परिवारसमन्विते।
यद् बभूव तदा जातं तच्चरित्रं निबोध मे॥ ४

काम सपरिवार आफ्नो आश्रममा गएपछि त्यस समय जे भयो, त्यस चरित्रलाई मबाट सुन्नुहोस्॥ ४॥

नष्टोऽभून्नारद मदो विस्मयोऽभूच्च मे हृदि।
निरानंदस्य च मुनेऽपूर्णे निजमनोरथे॥ ५

हे नारद! मेरो घमण्ड धुलो-पीठो भयो र आफ्नो मनोरथ अपूर्ण रहनाले मेरो आनन्दरहितको हृदयमा विस्मय भयो॥ ५॥

अशोचं बहुधा चित्ते गृह्णीयात्स कथं स्त्रियम्।
निर्विकारो जितात्मा स शंकरो योगतत्परः॥ ६

मैले मनमा अनेक प्रकारले विचार गरेँ कि ती निर्विकार, जितात्मा तथा योगपरायण शिवले स्त्रीलाई कुन प्रकारले ग्रहण गर्न सक्नुहोला?॥ ६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इत्थं विचार्य बहुधा तदाहं विमदो मुने।
हरिं तं सोऽस्मरं भक्त्या शिवात्मानं स्वदेहदम्॥ ७

अस्तवं च शुभस्तोत्रैर्दीनवाक्यसमन्वितैः।
तच्छ्रुत्वा भगवानाशु बभूवाविर्हि मे पुरा॥ ८

चतुर्भुजोऽरविंदाक्षः शंखपद्मगदाधरः।
लसत्पीतपटः श्यामतनुर्भक्तप्रियो हरिः॥ ९

तं दृष्ट्वा तादृशमहं सुशरण्यं मुहुर्मुहुः।
अस्तवं च पुनः प्रेम्णा बाष्पगद्गदया गिरा॥ १०

हरिराकर्ण्य तत्स्तोत्रं सुप्रसन्न उवाच माम्।
दुःखहा निजभक्तानां ब्रह्माणं शरणं गतम्॥ ११

हरिरुवाच

विधे ब्रह्मन् महाप्राज्ञ धन्यस्त्वं लोककारक।
किमर्थं स्मरणं मेऽद्य कृतं च क्रियते नुतिः॥ १२

किं जातं ते महद्दुःखं मदग्रे तद्वदाधुना।
शमयिष्यामि तत्सर्वं नात्र कार्या विचारणा॥ १३

ब्रह्मोवाच

इति विष्णोर्वचः श्रुत्वा किंचिदुच्छ्वसिताननः।
अवोचं वचनं विष्णुं प्रणम्य सुकृताञ्जलिः॥ १४

देवदेव रमानाथ मद्वार्तां शृणु मानद।
श्रुत्वा च करुणां कृत्वा हर दुःखं कमावह॥ १५

रुद्रसंमोहनार्थं हि कामं प्रेषितवानहम्।
परिवारयुतं विष्णो समारमधुबांधवम्॥ १६

चक्रुस्ते विविधोपायान् निष्फला अभवंश्च ते।
नाभवत्तस्य संमोहो योगिनः समदर्शिनः॥ १७

इत्याकर्ण्य वचो मे स हरिर्मां प्राह विस्मितः।
विज्ञाताखिलदो ज्ञानी शिवतत्त्वविशारदः॥ १८

हे मुनि! यस यस प्रकार अनेक तरहले विचार गरी अहंकाररहित मैले त्यस समय आफ्नू जन्मदाता शिवस्वरूप ती विष्णुको भक्तिपूर्वक स्मरण गरेँ र दीनतापूर्ण वाक्यहरूले युक्त कल्याणकारी स्तोत्रहरूद्वारा म उहाँको स्तुति गर्न लागेँ। त्यसलाई सुनेर चतुर्भुज, कमलनयन, शंख-पद्म-गदाधारी, पीताम्बरले सुशोभित तथा श्यामवर्णको शरीर भएका भक्तप्रिय भगवान् विष्णु तत्काल मेरो सम्मुख प्रकट हुनुभयो॥ ७—९॥

त्यस प्रकारको रूप भएका शरणागतवत्सल ती भगवान्लाई देखेर मैले पुनः प्रेमले गद्गद वाणीमा वारम्वार उहाँको स्तुति गरेँ॥ १०॥

आफ्ना भक्तहरूको दुःखलाई दूर गर्नुहुने भगवान् विष्णु त्यस स्तोत्रलाई सुनेर अत्यन्त प्रसन्न भई म शरणागत ब्रह्मासित भन्न लाग्नुभयो॥ ११॥

विष्णु भन्नुहुन्छ—हे विधि! हे ब्रह्मन्! हे महाप्राज्ञ! तपाईं धन्य हुनुहुन्छ, हे लोककर्ता! तपाईंले आज केका निम्ति मेरो स्मरण गर्नुभयो र केका निम्ति तपाईं मेरो स्तुति गरिरहनुभएको छ?॥ १२॥

तपाईंलाई कुनचाहिँ महान् दुःख पऱ्यो, त्यसलाई अहिल्यै बताउनुहोस्। त्यस सम्पूर्ण दुःखको म नाश गर्ने छु, यसमा सन्देह नगर्नुहोस्॥ १३॥

ब्रह्मा भन्नुहुन्छ—हे नारद! विष्णुका यी वचनलाई सुनेर मैले लामो श्वास तानेँ र हात जोडेर प्रणाम गरी विष्णुसित यो वचन भनेँ—॥ १४॥

हे देवदेव! हे रमानाथ! मेरो कुरा सुन्नुहोस् र हे मानद! त्यसलाई सुनेर दया गरी मेरो दुःख दूर गरिदिनुहोस् तथा मलाई सुखी पार्नुहोस्॥ १५॥

हे विष्णु! मैले रुद्रको सम्मोहनका लागि सपरिवार मारगण तथा वसन्तका साथ कामलाई पठाएको थिएँ॥ १६॥

उनीहरूले शिवलाई मोहित गर्नका लागि अनेक प्रकारका उपाय गरे, परंतु ती सबै निष्फल भए। ती समदर्शी योगीलाई मोह भएन॥ १७॥

मेरा यी वचन सुनेर शिवतत्त्वका ज्ञाता, विज्ञानी तथा सबथोक दिनुहुने ती विष्णु विस्मित भएर मसित भन्न लाग्नुभयो॥ १८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विष्णुरुवाच

कस्माद्धेतोरिति मतिस्तव जाता पितामह।
सर्वं विचार्य सुधिया ब्रह्मन् सत्यं हि तद्वद॥ १९

ब्रह्मोवाच

शृणु तात चरित्रं तत् तव माया विमोहिनी।
तदधीनं जगत्सर्वं सुखदुःखादितत्परम्॥ २०

ययैव प्रेषितश्चाहं पापं कर्तुं समुद्यतः।
आसं तच्छृणु देवेश वदामि तव शासनात्॥ २१

सृष्टिप्रारंभसमये दश पुत्रा हि जज्ञिरे।
दक्षाद्यास्तनया चैका वाग्भवाप्यतिसुन्दरी॥ २२

धर्मो वक्षःस्थलात्कामो मनसोऽन्योऽपि देहतः।
जातास्तत्र सुतां दृष्ट्वा मम मोहोऽभवद्धरे॥ २३

कुदृष्ट्या तां समद्राक्षं तव मायाविमोहितः।
तत्क्षणाद्धर आगत्य मामनिन्दत्सुतानपि॥ २४

धिक्कारं कृतवान् सर्वान् निजं मत्वा परं प्रभुम्।
ज्ञानिनं योगिनं नाथं भोगिनं विजितेन्द्रियम्॥ २५

पुत्रो भूत्वा मम हरेऽनिन्दन्मां च समक्षतः।
इति दुःखं महन्मे हि तदुक्तं तव सन्निधौ॥ २६

गृह्णीयाद्यदि पत्नीं स स्यां सुखी नष्टदुःखधीः।
एतदर्थं समायातः शरणं तव केशव॥ २७

ब्रह्मोवाच

इत्याकर्ण्य वचो मे हि ब्रह्मणो मधुसूदनः।
विहस्य मां द्रुतं प्राह हर्षयन्भवकारकम्॥ २८

विष्णुरुवाच

विधे शृणु हि मद्वाक्यं सर्वं भ्रमनिवारणम्।
सर्वं वेदागमादीनां संमतं परमार्थतः॥ २९

महामूढमतिश्चाद्य सञ्जातोऽसि कथं विधे।
वेदवक्तापि निखिललोककर्ता हि दुर्मतिः॥ ३०

विष्णु भन्नुहुन्छ—हे पितामह! तपाईंको यस प्रकारको बुद्धि कुन कारणले हुन गयो? हे ब्रह्मा! आफ्नू सुबुद्धिले सबै विचार गरी मसित सत्य-सत्य भन्नुहोस्॥ १९॥

ब्रह्मा भन्नुहुन्छ—हे तात! अब त्यस चरित्रलाई सुन्नुहोस्। यी हजुरकी माया मोहित पार्नेवाली छिन्, सुख-दुःखमय यो सारा जगत् उनैको अधीन छ॥ २०॥

त्यसै मायाद्वारा प्रेरित भएर म [यस प्रकारको] पाप गर्नका लागि प्रवृत्त भएको छु। हे देवेश! हजुरको आज्ञाले म भनिरहेको छु। हजुर त्यसलाई सुन्नुहोस्॥ २१॥

सृष्टिको प्रारम्भमा मेरो दक्ष आदि दस पुत्र उत्पन्न भए र मेरो वाणीबाट एक परम सुन्दरी कन्या पनि उत्पन्न भइन्॥ २२॥

जसमध्ये धर्म मेरो वक्षःस्थलबाट, काम मनबाट तथा अन्य पुत्र मेरो शरीरबाट उत्पन्न हुए, हे हरे! कन्यालाई देखेर मलाई मोह भयो॥ २३॥

मैले हजुरको मायाबाट मोहित भएर जब त्यसलाई कुदृष्टिले हेरैं, तब त्यसै समय महादेवले आएर मेरो तथा मेरा पुत्रहरूको निन्दा गर्नुभयो॥ २४॥

हे नाथ! उहाँले स्वयंलाई श्रेष्ठ तथा प्रभु मानेर ज्ञानी, योगी, जितेन्द्रिय, भोगरहित म ब्रह्मालाई तथा मेरा पुत्रहरूलाई धिक्कार्नुभयो॥ २५॥

हे हरि! मेरो पुत्र भएर पनि शिवले सबैका सामुन्ने नै मेरो निन्दा गर्नुभयो। यही मलाई महान् दुःख छ, यसलाई मैले हजुरको सामुन्ने भनिदिएँ॥ २६॥

यदि उहाँले पत्नी ग्रहण गर्नुभयो भने म सुखी हुने छु र मेरो मनको कष्ट दूर हुने छ। हे केशव! यसैले म हजुरको शरणमा आएको छु॥ २७॥

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] म ब्रह्माको यो वचन सुनेर विष्णु हाँसेर म सृष्टिकर्ता ब्रह्मालाई हर्षित पार्दै तत्काल भन्नलाग्नुभयो—॥ २८॥

विष्णु भन्नुहुन्छ—हे विधि! सम्पूर्ण भ्रमको निवारण गर्ने र वेद तथा आगमहरूद्वारा अनुमोदित परमार्थयुक्त मेरो वचन सुन्नुहोस्॥ २९॥

हे विधि! वेदका वक्ता तथा समस्त लोकका कर्ता भएर पनि तपाईं यस प्रकार महामूर्ख तथा दुर्बुद्धियुक्त कसरी हुनुभयो?॥ ३०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जडतां त्यज मन्दात्मन् कुरु त्वं नेदृशीं मतिम्।
किं ब्रुवन्त्यखिला वेदाः स्तुत्या तत्स्मर सद्धिया॥ ३१

हे मन्दात्मा! तपाईं आफ्नो जडताको त्याग गर्नुहोस् र यस प्रकारको बुद्धि नगर्नुहोस्। सम्पूर्ण वेदहरू स्तुतिद्वारा के भन्दछन्, असल बुद्धिले त्यसको स्मरण गर्नुहोस्॥ ३१॥

रुद्रं जानासि दुर्बुद्धे स्वसुतं परमेश्वरम्।
वेदवक्तापि विज्ञानं विस्मृतं तेऽखिलं विधे॥ ३२

हे दुर्बुद्धि! तपाईं ती परमेश, रुद्रलाई आफ्नू पुत्र सम्झनुहुन्छ। हे विधि! तपाईं वेदका वक्ता हुनुहुन्छ, फेरि पनि तपाईंका समस्त ज्ञान विस्मृत भएका छन्॥ ३२॥

शंकरं सुरसामान्यं मत्वा द्रोहं करोषि हि।
सुबुद्धिर्विगता तेऽद्याविर्भूता कुमतिस्तथा॥ ३३

[यस्तो ज्ञात हुन्छ कि] यस समय तपाईंको सुबुद्धि नष्ट भएको छ र तपाईंमा कुमति उत्पन्न भएको छ, जो तपाईं शंकरलाई सामान्य देवता सम्झेर उहाँसित द्रोह गरिरहनुभएको छ॥ ३३॥

तत्त्वसिद्धान्तमाख्यातं शृणु सद्बुद्धिमावह।
यथार्थं निगमाख्यातं निर्णीय भवकारकम्॥ ३४

हे ब्रह्मा! निर्णय गरी वेदहरूमा वर्णित गरिएका जुन कल्याणकारक तत्त्वसिद्धान्त बताइएका छन्, त्यसलाई तपाईं सुन्नुहोस् र सद्बुद्धि राख्नुहोस्॥ ३४॥

शिवः सर्वस्वकर्ता हि भर्ता हर्ता परात्परः।
परब्रह्म परेशश्च निर्गुणो नित्य एव च॥ ३५
अनिर्देश्यो निर्विकारः परमात्माद्वयोऽच्युतः।
अनन्तोऽन्तकरः स्वामी व्यापकः परमेश्वरः॥ ३६
सृष्टिस्थितिविनाशानां कर्ता त्रिगुणभाग्विभुः।
ब्रह्मविष्णुमहेशाख्यो रजः सत्त्वतमः परः॥ ३७
मायाभिन्नो निरीहश्च मायो मायाविशारदः।
सगुणोऽपि स्वतंत्रश्च निजानंदोऽविकल्पकः॥ ३८
आत्मारामो हि निर्द्वन्द्वो भक्ताधीनः सुविग्रहः।
योगी योगरतो नित्यं योगमार्गप्रदर्शकः॥ ३९
गर्वापहारी लोकेशः सर्वदा दीनवत्सलः।
एतादृशो हि यः स्वामी स्वपुत्रं मन्यसे हि तम्॥ ४०

शिव नै समस्त सृष्टिका कर्ता, भर्ता, हर्ता, परात्पर, परब्रह्म, परेश, निर्गुण, नित्य, अनिर्देश्य, निर्विकार, परमात्मा, अद्वैत, अच्युत, अनन्त, सबको अन्त गर्ने, स्वामी, व्यापक, परमेश्वर, सृष्टि-पालन-संहार गर्ने, सत्त्व-रज-तम—यी तीन गुणहरूले युक्त, सर्वव्यापी, रज-सत्त्व-तमरूपले ब्रह्मा, विष्णु तथा महेश्वर नाम धारण गर्ने, मायाबाट भिन्न, इच्छारहित, मायास्वरूप, माया रच्नमा प्रवीण, सगुण, स्वतन्त्र, आफैँमा आनन्दित रहने, निर्विकल्पक, आफैँमा रमण गर्ने, द्वन्द्वबाट रहित, भक्तहरूको अधीन रहने, उत्तम शरीर भएका, योगी, सदा योगमा निरत रहने, योगमार्ग देखाउने, लोकेश्वर, गर्वलाई दूर गर्ने तथा सदैव दीनहरूप्रति दया गर्ने हुनुहुन्छ। जो यस्ता स्वामी हुनुहुन्छ, उहाँलाई तपाईं आफ्नो पुत्र मान्नुहुन्छ!॥ ३५—४०॥

ईदृशं त्यज कुज्ञानं शरणं व्रज तस्य वै।
भज सर्वात्मना शम्भुं सन्तुष्टः शं विधास्यति॥ ४१

हे ब्रह्मन्! [शिव हाम्रा पुत्र हुन्—] यस प्रकारको अज्ञान छोड्नुहोस्। उहाँको शरणमा जानुहोस् र सब प्रकारले शिवको भजन गर्नुहोस्, उहाँ प्रसन्न भएर तपाईंको कल्याण गर्नुहुने छ॥ ४१॥

गृह्णीयाच्छङ्करः पत्नीं विचारो हृदि चेत्तव।
शिवामुद्दिश्य सुतपः कुरु ब्रह्मन् शिवं स्मरन्॥ ४२

यदि तपाईंको यो विचार छ कि शिव अवश्य दारपरिग्रह गर्नुहुने छ, त शिवको स्मरण गर्दै तपाईं शिवालाई उद्देश्य गरी कठोर तप गर्नुहोस्॥ ४२॥

कुरु ध्यानं शिवायास्त्वं काममुद्दिश्य तं हृदि।
सा चेत्प्रसन्ना देवेशी सर्वं कार्यं विधास्यति॥ ४३

तपाईं आफ्नो इच्छा हृदयमा धारण गरी [भगवती] शिवाको ध्यान गर्नुहोस्। यदि ती देवेश्वरी प्रसन्न हुनुभयो भने तपाईंका समस्त कार्य पूर्ण गर्नुहुने छ॥ ४३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृत्वावतारं सगुणा यदि स्यान्मानुषी शिवा।
कस्यचित्तनया लोके सा तत्पत्नी भवेद् ध्रुवम्॥ ४४

दक्षमाज्ञापय ब्रह्मन् तपः कुर्यात्प्रयत्नतः।
तामुत्पादयितुं पत्नीं शिवार्थं भक्तितः स्वतः॥ ४५

भक्ताधीनौ च तौ तात सुविज्ञेयौ शिवाशिवौ।
स्वेच्छया सगुणौ जातौ परब्रह्मस्वरूपिणौ॥ ४६

ब्रह्मोवाच

इत्युक्त्वा तत्क्षणं मेशः शिवं सस्मार स्वप्रभुम्।
कृपया तस्य संप्राप्य ज्ञानमूचे च मां ततः॥ ४७

विष्णुरुवाच

विधे स्मर पुरोक्तं यद्वचनं शंकरेण च।
प्रार्थितेन यदावाभ्यामुत्पन्नाभ्यां तदिच्छया॥ ४८

विस्मृतं तव तत्सर्वं धन्या या शांभवी परा।
तया संमोहितं सर्वं दुर्विज्ञेया शिवं विना॥ ४९

यदा हि सगुणो जातः स्वेच्छया निर्गुणः शिवः।
मामुत्पाद्य ततस्त्वां च स्वशक्त्या सुविहारकृत्॥ ५०

उपादिदेश त्वां शम्भुः सृष्टिकार्यं तदा प्रभुः।
तत्पालनं च मां ब्रह्मन् सोमः सूतिकरोऽव्ययः॥ ५१

तदा वां वेश्म संप्राप्तौ साञ्जली नतमस्तकौ।
भव त्वमसि सर्वेशोऽवतारी गुणरूपधृक्॥ ५२

इत्युक्तः प्राह स स्वामी विहस्य करुणान्वितः।
दिवमुद्वीक्ष्य सुप्रीत्या नानालीलाविशारदः॥ ५३

मद्रूपं परमं विष्णो ईदृशं ह्यङ्गतो विधेः।
प्रकटीभविता लोके नाम्ना रुद्रः प्रकीर्तितः॥ ५४

पूर्णरूपः स मे पूज्यः सदा वां सर्वकामकृत्।
लयकर्ता गुणाध्यक्षो निर्विशेषः सुयोगकृत्॥ ५५

यदि ती शिवा सगुणरूपले अवतार लिएर कुनै मनुष्यकी कन्या बन्नुभयो भने निश्चय नै उहाँ ती (शिव)-की पत्नी बन्न सक्नुहुने छ॥ ४४॥

हे ब्रह्मन्! तपाईं [यस कार्यका लागि] दक्षलाई आज्ञा दिनुहोस् कि ती स्वयं भक्तितत्पर भएर शिवपत्नी उत्पन्न गर्नका लागि प्रयत्नपूर्वक तपस् गरून्॥ ४५॥

हे तात! तपाईं यसलाई राम्रो प्रकारले सम्झनुहोस् कि ती शिवा र शिव भक्तहरूको अधीन हुनुहुन्छ, परब्रह्मस्वरूप यी दुवै स्वेच्छाले सगुणभाव धारण गर्नुहुन्छ॥ ४६॥

ब्रह्मा भन्नुहुन्छ—लक्ष्मीपति भगवान् विष्णुले यस प्रकार भनेर तत्क्षण आफ्नो प्रभु शिवको स्मरण गर्नुभयो र त्यसपछि उहाँको कृपाले ज्ञान प्राप्त गरी मसित भन्न लाग्नुभयो—॥ ४७॥

विष्णु भन्नुहुन्छ—हे ब्रह्मन्! पूर्वकालमा शिवको इच्छाबाट उत्पन्न भएका हामी दुवैद्वारा प्रार्थना गरिएपछि उहाँले जुन-जुन वचन भन्नुभएको थियो, त्यसको स्मरण गर्नुहोस्॥ ४८॥

तपाईंले त्यो सबै बिर्सनुभएको छ। शिवको जो पराशक्ति हुनुहुन्छ, उहाँ धन्य हुनुहुन्छ, उनैले यस समस्त जगत्लाई मोहित पारिराख्नुभएको छ। शिवबाहेक उहाँलाई कसैले जान्न सक्तैनन्॥ ४९॥

हे ब्रह्मन्! जब निर्गुण शिवले आफ्नो इच्छाले सगुणरूप धारण गर्नुभएको थियो, त्यस समय मलाई तथा तपाईंलाई उत्पन्न गरी आफ्नू शक्तिका साथ उत्तम विहार गर्नुहुने, सृष्टिकर्ता, अविनाशी, परमेश्वर ती शम्भुले तपाईंलाई सृष्टिकार्यका लागि तथा मलाई त्यसको पालनका लागि आदेश दिनुभयो॥ ५०-५१॥

त्यसपछि हामी दुवैले हात जोडेर विनम्र भएर निवेदन गर्‍यौ कि हजुर सर्वेश्वर भएर पनि सगुणरूप धारण गरी अवतार लिनुहोस्। यस्तो भनेपछि करुणामय तथा अनेक प्रकारका लीलाहरू गर्नमा प्रवीण ती स्वामी शिवले आकाशतिर हेरेर हाँस्दै प्रेमपूर्वक भन्नुभयो—॥ ५२-५३॥

हे विष्णु! मेरो यस्तै परम रूप ब्रह्माको अंगबाट प्रकट हुने छ, जो लोकमा रुद्र नामले प्रसिद्ध हुने छ। त्यो मेरो पूजनीय पूर्णरूप तपाईं दुवैको समस्त कार्य पूरा गर्नेवाला, जगत्को लयकर्ता, सबै गुणहरूको अधिष्ठाता, निर्विशेष तथा उत्तम योग गर्नेवाला हुने छ॥ ५४-५५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रिदेवा अपि मे रूपं हरः पूर्णो विशेषतः।
उमाया अपि रूपाणि भविष्यंति त्रिधा सुतौ॥ ५६
लक्ष्मीर्नाम हरेः पत्नी ब्रह्मपत्नी सरस्वती।
पूर्णरूपा सती नाम रुद्रपत्नी भविष्यति॥ ५७

यद्यपि त्रिदेव मैरै स्वरूप हुन्, तर 'हर' मेरो पूर्णरूप हुने छन्। [यसै प्रकार] हे पुत्रहरू! उमाका पनि तीन प्रकारका रूप हुने छन्। लक्ष्मी विष्णुकी, सरस्वती ब्रह्माकी र पूर्णरूपा सती रुद्रकी पत्नी हुनेछिन्॥ ५६-५७॥

विष्णुरुवाच

इत्युक्त्वान्तर्हितो जातः कृपां कृत्वा महेश्वरः।
अभूतां सुखिनावावां स्वस्वकार्यपरायणौ॥ ५८

विष्णु भन्नुहुन्छ—[हे ब्रह्मन्!] भगवान् महेश्वर यस्तो भनेर हामी दुवैप्रति कृपा गरी अन्तर्धान हुनुभयो, त्यसपछि हामी दुवै सुखी भएर आ-आफ्ना कार्यमा लाग्यौँ॥ ५८॥

समयं प्राप्य सस्त्रीकावावां ब्रह्मन्न शंकरः।
अवतीर्णः स्वयं रुद्रनामा कैलाससंश्रयः॥ ५९

हे ब्रह्मन्! समय आएपछि हामी दुवैले स्त्री ग्रहण गर्‍यौँ, तर शंकरले गर्नुभएन। उहाँ रुद्र नामले अवतीर्ण हुनुभएको छ र कैलास पर्वतमा बस्नुहुन्छ॥ ५९॥

अवतीर्णा शिवाभूत्सा सती नाम प्रजेश्वर।
तदुत्पादनहेतोर्हि यत्नोऽतः कार्य एव वै॥ ६०

हे प्रजेश्वर! ती शिवा सती नामले अवतीर्ण हुने छिन्। अतः उहाँलाई प्रकट हुनका लागि हामी दुवैले यत्न गर्नुपर्छ॥ ६०॥

इत्युक्त्वान्तर्दधे विष्णुः कृत्वा स करुणां पराम्।
प्राप्नुवं प्रमुदं चाथ ह्यधिकं गतमत्सरः॥ ६१

परम कृपा गरी ती विष्णु यस्तो भनेर अन्तर्धान हुनुभयो। तब म [शिवप्रति] ईर्ष्यारहित भएर ज्यादै प्रसन्न भएँ॥ ६१॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां द्वितीये सतीखण्डे ब्रह्मविष्णुसंवादो नाम दशमोऽध्यायः॥ १०॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको द्वितीय सतीखण्डमा ब्रह्मा र विष्णुको संवाद नामक दसौँ अध्याय पूर्ण भयो॥ १०॥

अथैकादशोऽध्यायः

ब्रह्माद्वारा जगदम्बिका शिवाको स्तुति तथा वरको प्राप्ति

नारद उवाच

ब्रह्मन् तात महाप्राज्ञ वद नो वदतां वर।
गते विष्णौ किमभवदकार्षीत्किं विधे भवान्॥ १

नारद भन्नुहुन्छ—हे ब्रह्मन्! हे महाप्राज्ञ! हे तात! [हजुरसित] यस प्रकार भनेर विष्णु अन्तर्धान हुनुभएपछि के भयो? हे विधि! हजुरले के गर्नुभयो? हे वक्ताहरूमा श्रेष्ठ! हजुरले मलाई बताउनुहोस्॥ १॥

ब्रह्मोवाच

विप्रनन्दनवर्य त्वं सावधानतया शृणु।
विष्णौ गते भगवति यदकार्षमहं खलु॥ २

ब्रह्मा भन्नुहुन्छ—हे श्रेष्ठ विप्रनन्दन! भगवान् विष्णु जानुभएपछि मैले जुन कार्य गरें, तपाईं त्यसलाई सावधानीपूर्वक सुन्नुहोस्॥ २॥

विद्याविद्यात्मिकां शुद्धां परब्रह्मस्वरूपिणीम्।
स्तौमि देवीं जगद्धात्रीं दुर्गां शम्भुप्रियां सदा॥ ३

तब म विद्या-अविद्यास्वरूपा, शुद्ध, परब्रह्म-स्वरूपिणी तथा जगत्लाई धारण गर्नुहुने शम्भुप्रिया देवी दुर्गाको स्तुति गर्न लागेँ॥ ३॥

सर्वत्र व्यापिनीं नित्यां निरालंबां निराकुलाम्।
त्रिदेवजननीं वंदे स्थूलस्थूलामरूपिणीम्॥ ४

त्वं चितिः परमानंदा परमात्मस्वरूपिणी।

सर्वत्र व्याप्त रहनुहुने, नित्य, निराश्रय, निराकुल, त्रिदेवलाई उत्पन्न गर्नुहुने, स्थूलभन्दा पनि स्थूल रूप धारण गर्नुहुने तथा निराकार दुर्गाको म वन्दना गर्छु। हजुर चित्स्वरूपा, परमानन्दस्वरूपिणी तथा परमात्म-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रसन्ना भव देवेशि मत्कार्यं कुरु ते नमः॥ ५

एवं संस्तूयमाना सा योगनिद्रा मया मुने।
आविर्बभूव प्रत्यक्षं देवर्षे चंडिका मम॥ ६

स्निग्धाञ्जनद्युतिश्चारुरूपा दिव्यचतुर्भुजा।
सिंहस्था वरहस्ता च मुक्तामणिकचोत्कटा॥ ७

शरदिंद्वानना शुभ्रचन्द्रभाला त्रिलोचना।
सर्वावयवरम्या च कमलाङ्घ्रिनखद्युतिः॥ ८

समक्षं तामुमां वीक्ष्य मुने शक्तिं शिवस्य हि।
भक्त्या विनततुङ्गांशः प्रास्तवं सुप्रणम्य वै॥ ९

ब्रह्मोवाच

नमो नमस्ते जगतः प्रवृत्ति-
निवृत्तिरूपे स्थितिसर्गरूपे।
चराचराणां भवती सुशक्तिः
सनातनी सर्वविमोहनीति॥ १०

या श्रीः सदा केशवमूर्तिमाला
विश्वंभरा या सकलं बिभर्ति।
या त्वं पुरा सृष्टिकरी महेशी
हर्त्री त्रिलोकस्य परा गुणेभ्यः॥ ११

या योगिनां वै महिता मनोज्ञा
सा त्वं नमस्ते परमाणुसारे।
यमादिपूते हृदि योगिनां या
या योगिनां ध्यानपथे प्रतीता॥ १२

प्रकाशशुद्ध्यादियुता विरागा
सा त्वं हि विद्या विविधावलंबा।
कूटस्थमव्यक्तमनंतरूपं
त्वं बिभ्रती कालमयी जगंति॥ १३

स्वरूपिणी हुनुहुन्छ। हे देवेशि! मप्रति हजुर प्रसन्न हुनुहोस् र मेरा कार्य गरिदिनुहोस्। हजुरलाई नमस्कार छ॥ ४-५॥

हे देवर्षि! मद्वारा यस प्रकार स्तुति गरिएपछि ती योगनिद्रा भगवती चण्डिका मेरो सामुन्ने प्रकट हुनुभयो॥ ६॥

ती भगवती दुर्गा चम्किला अंजनको समान शरीरको कान्तिले युक्त थिइन्, उनी सुन्दर रूपले सम्पन्न थिइन्, उनका दिव्य चार हातहरू थिए, उनी सिंहमा सवार थिइन्, उनले हातमा वरमुद्रा धारण गरेकी थिइन्, उनका केशहरूमा मोती तथा मणिहरू गुथित थिए, उनी अत्यन्त उत्कट थिइन्, उनको मुख शरत्कालीन पूर्णिमाको समान थियो, उनको शिरमा शुभ चन्द्रमा सुशोभित भइरहेका थिए, उनी तीन नेत्रले युक्त थिइन्, उनको समस्त शरीरका अवयव परम मनोहर थिए तथा उनी चरणकमलका नङका कान्तिले प्रकाशित भइरहेकी थिइन्॥ ७-८॥

यस प्रकार आफ्नू सामुन्ने शिवकी शक्ति ती भगवती उमालाई उपस्थित देखेर भक्तिले शिर झुकाएर म उहाँलाई प्रणाम गरी [यस प्रकार] स्तुति गर्न लागेँ—॥ ९॥

ब्रह्मा भन्नुहुन्छ—हे जगत्‌की प्रवृत्ति एवं निवृत्ति-स्वरूपा! हे सर्गस्थितिरूपा! हजुरलाई नमस्कार छ। हजुर समस्त चराचरकी शक्ति, सनातनी तथा सबलाई मोहित गर्ने हुनुहुन्छ॥ १०॥

जो महालक्ष्मी भगवान् विष्णुलाई मालाको झैँ हृदयमा धारण गर्ने, विश्वको भरण गर्ने तथा सबैको पोषण गर्ने हुनुहुन्छ, जो महेश्वरी पूर्वमा त्रिलोकीको सृजना गर्ने हुनुहुन्छ, त्यसको संहार गर्ने हुनुहुन्छ तथा गुणहरूबाट सर्वथा पर हुनुहुन्छ॥ ११॥

जो योगीहरूका लागि पूज्य हुनुहुन्छ, मनोहर हुनुहुन्छ—त्यो हजुर नै हुनुहुन्छ। हे परमाणुहरूका सारस्वरूपा! हजुरलाई नमस्कार छ। जो यम-नियमहरूबाट पवित्र भएका योगीहरूको हृदयमा निवास गर्नुहुन्छ तथा योगीहरूद्वारा ध्यानगम्य हुनुहुन्छ, ती प्रकाश एवं शुद्धि आदिले युक्त, मोहबाट रहित एवं [यस जगत्‌लाई] अनेक प्रकारले अविलम्ब प्रदान गर्नुहुने विद्यास्वरूपा हजुर नै हुनुहुन्छ। हजुर कूटस्थ, अव्यक्त एवं अनन्तरूपा हुनुहुन्छ। [हे भगवति!] हजुर काललरूपले यस जगत्‌लाई धारण गर्नुहुन्छ॥ १२-१३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विकारबीजं प्रकरोषि नित्यं
गुणान्विता सर्वजनेषु नूनम्।
त्वं वै गुणानां च शिवे त्रयाणां
निदानभूता च ततः परासि॥ १४

हजुर गुणहरूले युक्त भएर सबै प्राणीमा नित्य विकाररूप बीज उत्पन्न गर्नुहुन्छ। हे शिवा! हजुर तीनै गुणको कारणरूपा तथा यसभन्दा पनि पर हुनुहुन्छ॥ १४॥

सत्त्वं रजस्तामस इत्यमीषां
विकारहीना सभुवस्तुरीया।
सा त्वं गुणानां जगदेकहेतुं
ब्रह्मांतरारंभसि चात्सि पासि॥ १५

[हे देवी!] हजुर सत्त्व, रज तथा तम—यी तीन गुणहरूका साथै पार्थिव विकारहरूबाट रहित तुरीय रूप हुनुहुन्छ। हजुर यस जगत्को तथा गुणहरूको कारणभूता हुनुहुन्छ। हजुर नै ब्रह्माण्डमा स्थित रहेर यस जगत्को सृष्टि, प्रलय तथा पालन गर्नुहुन्छ॥ १५॥

अशेषजगतां बीजे ज्ञेयज्ञानस्वरूपिणि।
जगद्धिताय सततं शिवपत्नि नमोऽस्तु ते॥ १६

हे सम्पूर्ण जगत्की बीजस्वरूपा! हे ज्ञान तथा ज्ञेयस्वरूपिणी! हजुर सर्वदा जगत्को हितसाधनमा तत्पर रहनुहुन्छ। अतः हे शिवपत्नी! हजुरलाई सदा नमस्कार छ॥ १६॥

इत्याकर्ण्य वचः सा मे काली लोकविभाविनी।
प्रीत्या मां जगतामूचे स्रष्टारं जनशब्दवत्॥ १७

[ब्रह्मा भन्नुहुन्छ—] मेरो स्तुतिलाई सुनेर लोकको कल्याण गर्नुहुने ती महाकाली, सामान्य मनुष्यको झैँ म जगत्स्रष्टासित प्रेमपूर्वक भन्न लाग्नुभयो॥ १७॥

देव्युवाच

ब्रह्मन् किमर्थं भवता स्तुताहमवधारय।
उच्यतां यदि धृष्योऽसि तच्छीघ्रं पुरतो मम॥ १८
प्रत्यक्षमपि जातायां सिद्धिः कार्यस्य निश्चिता।
तस्मात्त्वं वांछितं ब्रूहि या करिष्यामि भाविता॥ १९

देवी भन्नुहुन्छ—हे ब्रह्मन्! तपाईंले मेरो स्तुति केका लागि गर्नुभएको हो, यसलाई तपाईं ठीक तरिकाले सम्झनुहोस्। तपाईं मेरो भक्त हुनुहुन्छ भने त्यो तत्काल मेरो सामुन्ने निवेदन गर्नुहोस्॥ १८॥ प्रत्यक्ष रूपले मेरो प्रकट भएपछि कार्य-सिद्धि निश्चित छ। अतः तपाईं आफ्नो मनोभिलाषित कुरा भन्नुहोस्, म प्रसन्न भएर त्यो निश्चित रूपले प्रदान गर्ने छु॥ १९॥

ब्रह्मोवाच

शृणु देवि महेशानि कृपां कृत्वा ममोपरि।
मनोरथस्थं सर्वज्ञे प्रवदामि त्वदाज्ञया॥ २०
यः पतिस्तव देवेशि ललाटान्मेऽभवत्पुरा।
शिवो रुद्राख्यया योगी स वै कैलासमास्थितः॥ २१

ब्रह्मा भन्नुहुन्छ—हे देवी! हे महेश्वरी! मप्रति कृपा गरी मेरो कुरा सुन्नुहोस्। हे सर्वज्ञा! हजुरको आज्ञाले म आफ्नो मनोरथको कुरा भनिरहेको छु॥ २०॥

हे देवेशी! पूर्वकालमा मेरो ललाट-प्रदेशबाट उत्पन्न हुनुभएका हजुरका पति जो रुद्रनामले प्रसिद्ध हुनुहुन्छ, उहाँ यस समय योगी भएर कैलासपर्वतमा निवास गरिरहनु भएको छ॥ २१॥

तपश्चरति भूतेश एक एवाविकल्पकः।
अपत्नीको निर्विकारो न द्वितीयां समीहते॥ २२

ती भूतहरूका स्वामी यस समय एक्लै निर्विकल्पक समाधिमा लीन भएर तप गरिरहनुभएको छ। उहाँ निर्विकार हुनाको कारण पत्नीबाट रहित हुनुहुन्छ र [आत्मामा रमण गर्नुहुने भएका कारण] अरू पत्नीको अपेक्षा गर्नुहुन्न॥ २२॥

तं मोहय यथा चान्यां द्वितीयां सति वीक्षते।
त्वदृते तस्य नो काचिद्भविष्यति मनोहरा॥ २३

तस्मात्त्वमेव रूपेण भवस्य हरमोहिनी।
सुता भूत्वा च दक्षस्य रुद्रपत्नी शिवे भव॥ २४

हे सती! हजुर उहाँलाई मोहित पार्नुहोस्, जसबाट उहाँ [आत्माभिरमणबाट उपरत भएर] अरू स्त्री [हजुर]-लाई हेरून्। हजुरबाहेक कुनै अरू स्त्री उहाँको मनलाई मोहित गर्न सक्ने छैनन्। यसैले हजुर नै दक्षकी कन्या बनेर आफ्नो रूपले शिवलाई मोहित गर्ने हुनुहोस्। हे शिवा! हजुर शिवपत्नी बन्नुहोस्॥ २३-२४॥

2325_Sihvpurana_Part_1_Nepali_Section_13_1_Front
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यथा धृतशरीरा त्वं लक्ष्मीरूपेण केशवम्।
आमोदयसि विश्वस्य हितायैतं तथा कुरु॥ २५

कांताभिलाषमात्रं मे दृष्ट्वानिंदद् वृषध्वजः।
स कथं वनितां देवि स्वेच्छया सङ्ग्रहीष्यति॥ २६

हरे गृहीतकांते तु कथं सृष्टिः शुभावहा।
आद्यंतमध्ये चैतस्य हेतौ तस्मिन्विरागिणि॥ २७

इति चिंतापरो नाहं त्वदन्यं शरणं हितम्।
कृच्छ्रवांस्तेन विश्वस्य हितायैतत्कुरुष्व मे॥ २८

न विष्णुस्तस्य मोहाय न लक्ष्मीर्न मनोभवः।
न चाप्यहं जगन्मातर्नान्यस्त्वां कोऽपि वै विना॥ २९

तस्मात्त्वं दक्षजा भूत्वा दिव्यरूपा महेश्वरी।
तत्पत्नी भव मद्भक्त्या योगिनं मोहयेश्वरम्॥ ३०

दक्षस्तपति देवेशि क्षीरोदोत्तरतीरगः।
त्वामुद्दिश्य समाधाय मनस्त्वयि दृढव्रतः॥ ३१

ब्रह्मोवाच

इत्याकर्ण्य वचः सा मे चिंतामाप शिवा तदा।
उवाच च स्वमनसि विस्मिता जगदम्बिका॥ ३२

देव्युवाच

अहो सुमहदाश्चर्यं वेदवक्ताऽपि विश्वकृत्।
महाज्ञानपरो भूत्वा विधाता किं वदत्ययम्॥ ३३
विधेश्चेतसि सञ्जातो महामोहोऽसुखावहः।
यद्वरं निर्विकारं तं संमोहयितुमिच्छति॥ ३४

हरमोहवरं मत्तः समिच्छति विधिस्त्वयम्।
को लाभोऽस्यात्र स विभुर्निर्मोहो निर्विकल्पकः॥ ३५

परब्रह्माख्यो यः शंभुर्निर्गुणो निर्विकारवान्।
तस्याहं सर्वदा दासी तदाज्ञावशगा सदा॥ ३६
स एव पूर्णरूपेण रुद्रनामाभवच्छिवः।
भक्तोद्धारणहेतोर्हि स्वतंत्रः परमेश्वरः॥ ३७

जसरी हजुर लक्ष्मीको रूप धारण गरी विष्णुलाई प्रसन्न पार्नुहुन्छ, त्यसै गरी संसारको हितका लागि हजुर यस कार्यलाई पनि त्यस्तै गर्नुहोस्॥ २५॥

हे देवी! जब ती शिवले स्त्रीविषयक अभिलाषामात्र गर्दामा मेरो निन्दा गर्नुभयो भने स्वेच्छाले कुन प्रकार उहाँले स्त्री ग्रहण गर्न सक्नुहुन्छ?॥ २६॥

यदि उहाँले स्त्री ग्रहण गर्नु नै भयो भने पनि उहाँ त सृष्टिको आदि, मध्य र अन्तमा सदैव विरक्त रहनुहुन्छ, अतः उहाँबाट उत्तम सृष्टि कसरी हुन्छ?॥ २७॥

हे देवी! यस प्रकार चिन्तापरायण भएको मेरा लागि हजुरबाहेक अरू कोही शरणप्रद छैनन्, यसैले विश्वकल्याणका निम्ति हजुर मेरो कार्य गरिदिनुहोस्॥ २८॥

शिवलाई मोहित गर्नमा न विष्णु, न लक्ष्मी, न काम तथा न त म नै समर्थ छु। हे जगन्माता! हजुर विना कोही पनि उहाँलाई मोहित गर्नमा समर्थ छैनन्॥ २९॥

अतः हजुर दिव्यरूपा दक्षपुत्रीको रूपमा जन्म लिएर मेरो भक्तिको आग्रहले महायोगी शिवलाई मोहित गर्नुहोस् र उहाँकी पत्नी महेश्वरी बन्नुहोस्॥ ३०॥

हे देवेशी! यस समय दक्षप्रजापति क्षीरसमुद्रको उत्तर तटमा हजुरलाई प्राप्त गर्ने उद्देश्यले मनमा हजुरको ध्यान गर्दै दृढव्रती भएर तपस्या गरिरहेका छन्॥ ३१॥

ब्रह्मा भन्नुहुन्छ—मेरो यस वचनलाई सुनेर ती जगदम्बिका शिवा चिन्तित हुनुभयो र विस्मित भएर आफ्नू मनमनै भन्न लाग्नुभयो—॥ ३२॥

देवी भन्नुहुन्छ—वेदवक्ता र जगत्कर्ता यी विधाता महान् अज्ञानले युक्त भएर कस्तो कुरा गरिरहेका छन्—अहो! यो महान् आश्चर्य छ!॥ ३३॥

ब्रह्माको चित्तमा यस्तो यो दुःखदायी महान् मोह कसरी उत्पन्न भयो कि ती निर्विकार परमात्मालाई पनि मोहित गर्न चाहन्छन्!॥ ३४॥

यी ब्रह्मा मबाट शिवलाई मोहको वर चाहन्छन्, यसको कुनचाहिँ लाभ छ? ती प्रभु त निर्विकल्प, निर्मोही छन्॥ ३५॥

ती शम्भु निर्विकार, निर्गुण तथा परब्रह्म हुनुहुन्छ र म त सदा उहाँको आज्ञामा रहने दासी हुँ॥ ३६॥ ती स्वतन्त्र परमेश्वर शिवभक्तहरूको उद्धारका निम्ति आफ्नू पूर्ण रूप रुद्र नामले अवतीर्ण भएका छन्॥ ३७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरेर्विधेश्च स स्वामी शिवायूनो न कर्हिचित्।
योगादरो ह्यमायस्थो मायेशः परतः परः॥ ३८

मत्वा तमात्मजं ब्रह्मा सामान्यसुरसंनिभम्।
इच्छत्ययं मोहयितुमतोऽज्ञानविमोहितः॥ ३९

न दद्याच्चेद्वरं वेदनीतिर्भ्रष्टा भवेदिति।
किं कुर्यां येन न विभुः क्रुद्धः स्यान्मे महेश्वरः॥ ४०

ब्रह्मोवाच

विचार्येत्थं महेशं तं सस्मार मनसा शिवा।
प्राप्यानुज्ञां शिवस्याथोवाच दुर्गा च मां तदा॥ ४१

दुर्गोवाच

यदुक्तं भवता ब्रह्मन् समस्तं सत्यमेव तत्।
मदृते मोहयित्रीह शंकरस्य न विद्यते॥ ४२
हरेऽगृहीतदारे तु सृष्टिर्नैषा सनातनी।
भविष्यतीति तत्सत्यं भवता प्रतिपादितम्॥ ४३

ममापि मोहने यन्नो विद्यतेऽस्य महाप्रभोः।
त्वद्वाक्याद् द्विगुणो मेऽद्य प्रयत्नोऽभूत्स निर्भरः॥ ४४

अहं तथा यतिष्यामि यथा दारपरिग्रहम्।
हरः करिष्यति विधे स्वयमेव विमोहितः॥ ४५

सतीमूर्तिमहं धृत्वा तस्यैव वशवर्तिनी।
भविष्यामि महाभागा लक्ष्मीर्विष्णोर्यथा प्रिया॥ ४६

यथा सोऽपि मयैवेह वशवर्ती सदा भवेत्।
तथा यत्नं करिष्यामि तस्यैव कृपया विधे॥ ४७
उत्पन्ना दक्षजायायां सतीरूपेण शंकरम्।
अहं सभाजयिष्यामि लीलया तं पितामह॥ ४८

यथान्यजंतुरवनौ वर्तते वनितावशे।
मद्भक्त्या स हरो वामावशवर्ती भविष्यति॥ ४९

ब्रह्मोवाच

महामित्थं समाभाष्य शिवा सा जगदम्बिका।
वीक्ष्यमाणा मया तात तत्रैवांतर्दधे ततः॥ ५०

ती रुद्र ब्रह्मा तथा विष्णुका पनि स्वामी हुनुहुन्छ र कुनै पनि प्रकारले शिवभन्दा कम हुनुहुन्न। उहाँ योगको आदर गर्ने, मायाबाट रहित, मायापति तथा परभन्दा पनि पर हुनुहुन्छ॥ ३८॥

अज्ञानले मोहित यी ब्रह्मा उहाँलाई आफ्नो आत्मज तथा सामान्य देवता ठानेर मोहित गर्न चाहन्छन्॥ ३९॥

यदि यी ब्रह्मालाई वरदान नदिऊँ, त वेदको नीति भ्रष्ट हुन्छ। अब म के गरूँ, जसबाट प्रभु महेश्वर मप्रति क्रोधित नहोऊन्॥ ४०॥

ब्रह्मा भन्नुहुन्छ—शिवाले यस प्रकार विचार गरी मनबाट महादेवको स्मरण गर्नुभयो। तत्पश्चात् शिवको आज्ञा पाएर ती दुर्गा मसित भन्नलाग्नुभयो— ॥ ४१॥

दुर्गा भन्नुहुन्छ—हे ब्रह्मन्! तपाईंले जे जति भन्नुभएको छ, त्यो सब सत्य हो, म बाहेक शंकरलाई मोहित गर्न सक्ने कुनै दोस्रो स्त्री संसारमा छैन॥ ४२॥

तपाईंले जुन भन्नुभयो कि जबसम्म शंकर दारपरिग्रह गर्नुहुन्न, तबसम्म सनातनी सृष्टि हुने छैन, यो कुरा पनि सत्य हो॥ ४३॥

ममा पनि महाप्रभुलाई मोहित पार्ने सामर्थ्य छैन, तर अब तपाईंका वचनबाट दुईगुना उत्साहले युक्त भएर म पूर्ण प्रयत्न गर्ने छु॥ ४४॥

हे विधि! अब म त्यस्तै उपाय गर्ने छु, जसबाट शंकर मोहित भएर स्वयं स्त्री ग्रहण गर्नुहुने छ॥ ४५॥

जसरी महाभागा लक्ष्मी विष्णुप्रिया छिन्, त्यसै गरी म पनि सतीरूप धारण गरी उहाँको वशवर्तिनी [प्रिया पत्नी] बन्ने छु॥ ४६॥

उहाँ पनि जुन प्रकारले मेरो वशवर्ती बनिरहनु हुन्छ, म पनि उहाँकै कृपाले त्यस्तै यत्न गर्ने छु॥ ४७॥

हे पितामह! म दक्षकी पत्नीको गर्भबाट सतीरूपले जन्म लिएर आफ्नू लीलाद्वारा शिवलाई प्राप्त गर्ने छु॥ ४८॥

जसरी संसारमा अन्य प्राणी स्त्रीको वशमा हुन्छन्, त्यसै गरी मेरो भक्तिले ती महादेव पनि स्त्रीको वशवर्ती बनिरहनेछन्॥ ४९॥

ब्रह्मा भन्नुहुन्छ—हे तात! मसित यस प्रकार भनेर ती जगदम्बा शिवा मैले हेर्दा-हेर्दै त्यहीं अन्तर्धान हुनुभयो॥ ५०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तस्यामन्तर्हितायां तु सोऽहं लोकपितामहः।
अगमं यत्र स्वसुतास्तेभ्यः सर्वमवर्णयम्॥ ५१

उहाँ अन्तर्धान हुनुभएपछि म लोकपितामह ब्रह्मा त्यहाँ गएँ, जहाँ मेरा पुत्र थिए र मैले उनीसित सबै वर्णन गरेँ॥ ५१॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां द्वितीये सतीखण्डे दुर्गास्तुतिब्रह्मवरप्राप्तिवर्णनं नामैकादशोऽध्यायः॥ ११॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको द्वितीय सतीखण्डमा दुर्गास्तुति-ब्रह्मवरप्राप्तिवर्णन नामक एघारौँ अध्याय पूर्ण भयो॥ ११॥

अथ द्वादशोऽध्यायः

दक्षप्रजापतिको तपस्याको प्रभावले शक्तिको दर्शन र उनले रुद्रमोहनको प्रार्थना गर्नु

नारद उवाच

ब्रह्मन् शंभुवर प्राज्ञ सम्यगुक्तं त्वयानघ।
शिवाशिवचरित्रं च पावितं जन्म मे हितम्॥ १

नारद भन्नुहुन्छ—हे ब्रह्मन्! हे शिवभक्त! हे प्राज्ञ! हे निष्पाप! हजुरले शिवा तथा शिवको कल्याणकारी चरित्र राम्ररी वर्णन गर्नुभयो र मेरो जन्मलाई पवित्र पारिदिनुभयो॥ १॥

इदानीं वद दक्षस्तु तपः कृत्वा दृढव्रतः।
कं वरं प्राप देव्यास्तु कथं सा दक्षजाभवत्॥ २

अब हजुर यो बताउनुहोस् कि व्रतमा दृढता राख्ने दक्षले तप गरी देवीबाट कुनचाहिँ वर प्राप्त गरे तथा ती शिवा कुन प्रकार दक्षकन्याको रूपमा उत्पन्न हुनुभयो?॥ २॥

ब्रह्मोवाच

शृणु नारद धन्यस्त्वं मुनिभिर्भक्तितोऽखिलैः।
यथा तेपे तपो दक्षो वरं प्राप च सुव्रतः॥ ३

ब्रह्मा भन्नुहुन्छ—हे नारद! तपाईं यी मुनिहरूका साथ शिवमा भक्ति राखेका कारण अत्यन्त धन्य हुनुहुन्छ। उत्तम व्रत भएका दक्षले जुन प्रकार तपस्या गरे तथा वर प्राप्त गरे, त्यसलाई सुन्नुहोस्॥ ३॥

मदाज्ञप्तः सुधीर्दक्षः समाधाय महाधिपः।
अयाद्यष्टुं च तां देवीं तत्कामो जगदंबिकाम्॥ ४

क्षीरोदोत्तरतीरस्थां तां कृत्वा हृदयस्थिताम्।
तपस्तप्तुं समारेभे द्रष्टुं प्रत्यक्षतोऽम्बिकाम्॥ ५

मेरो आज्ञा पाएर ती बुद्धिमान् महाराज दक्षप्रजापति त्यस कार्यको सिद्धिको इच्छाले चित्तलाई समाहित गरी देवी जगदम्बाको उपासनाका लागि गए र क्षीरसागरको उत्तरतटमा बस्नुहुने ती जगदम्बिकालाई हृदयमा धारण गरी उनको प्रत्यक्ष दर्शन गर्ने उद्देश्यले तपस्या गर्न लागे॥ ४-५॥

दिव्यवर्षेण दक्षस्तु सहस्राणां त्रयं समाः।
तपश्चचार नियतः संयतात्मा दृढव्रतः॥ ६

इन्द्रियहरूलाई आफ्नो वशमा गरी दृढव्रती ती दक्षले देवताहरूको तीन हजार वर्षसम्म नियमपूर्वक तपस्या गरे॥ ६॥

मारुताशी निराहारो जलाहारी च पर्णभुक्।
एवं निनाय तं कालं चिन्तयन्तां जगन्मयीम्॥ ७

ती जगन्मयी शिवाको ध्यान गर्दै दक्षले केही दिन पात खाएर, केही दिन जल पिएर, केही दिन निराहार रहेर तथा केही दिन वायु पिएर त्यस समयलाई व्यतीत गरे॥ ७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुर्गाध्यानसमासक्तश्चिरं कालं तपोरतः।
नियमैर्बहुभिर्देवीमाराधयति सुव्रतः॥ ८

ततो यमादियुक्तस्य दक्षस्य मुनिसत्तम।
जगदम्बां पूजयतः प्रत्यक्षमभवच्छिवा॥ ९

ततः प्रत्यक्षतो दृष्ट्वा जगदम्बां जगन्मयीम्।
कृतकृत्यमथात्मानं मेने दक्षः प्रजापतिः॥ १०

सिंहस्थां कालिकां कृष्णां चारुवक्त्रां चतुर्भुजाम्।
वरदाभयनीलाब्जखड्गहस्तां मनोहराम्॥ ११

आरक्तनयनां चारुमुक्तकेशीं जगत्प्रसूम्।
तुष्टाव वाग्भिश्चित्राभिः सुप्रणम्याथ सुप्रभाम्॥ १२

दक्ष उवाच

जगदंब महामाये जगदीशे महेश्वरि।
कृपां कृत्वा नमस्तेऽस्तु दर्शितं स्ववपुर्मम॥ १३

प्रसीद भगवत्याद्ये प्रसीद शिवरूपिणि।
प्रसीद भक्तवरदे जगन्माये नमोऽस्तु ते॥ १४

ब्रह्मोवाच

इति स्तुता महेशानी दक्षेण प्रयतात्मना।
उवाच दक्षं ज्ञात्वापि स्वयं तस्येप्सितं मुने॥ १५

देव्युवाच

तुष्टाहं दक्ष भवतः सद्भक्त्या ह्यनया भृशम्।
वरं वृणीष्व स्वाभीष्टं नादेयं विद्यते तव॥ १६

ब्रह्मोवाच

जगदम्बावचः श्रुत्वा ततो दक्षः प्रजापतिः।
सुप्रहृष्टतरः प्राह नामं नामं च तां शिवाम्॥ १७

दक्ष उवाच

जगदम्ब महामाये यदि त्वं वरदा मम।
मद्वचः शृणु सुप्रीत्या मम कामं प्रपूरय॥ १८

मम स्वामी शिवो यो हि स जातो ब्रह्मणः सुतः।
रुद्रनामा पूर्णरूपावतारः परमात्मनः॥ १९

तवावतारो नो जातः का तत्पत्नी भवेदतः।
तं मोहय महेशानमवतीर्य क्षितौ शिवे॥ २०

यस प्रकार ती सुव्रत दुर्गाको ध्यानमा संलग्न भएर धेरै समयसम्म तपस्या गर्दै अनेक नियमहरूद्वारा देवीको आराधना गर्दै रहे। तब हे मुनिश्रेष्ठ! अहिंसा, ब्रह्मचर्य आदि यमहरूले युक्त भएर जगदम्बाको पूजा गर्दै गरेका ती दक्षको सामुन्ने जगदम्बा शिवा प्रत्यक्ष प्रकट हुनुभयो॥ ८-९॥

तब दक्ष प्रजापतिले ती जगन्मयी जगदम्बालाई आफ्नो सामुन्ने प्रत्यक्ष देखेर आफूलाई कृत्यकृत्य ठाने॥ १०॥

सिंहमा सवार, कृष्णवर्ण सुन्दर मुख, चार भुजा भएकी हातहरूमा वर-अभय-नीलकमल तथा खड्ग धारण गरेकी, मनोहर, राता नेत्र भएकी, फिँजारिएका सुन्दर कपालहरूले युक्त, जगत्‌की जन्मदात्री तथा सुन्दर कान्ति भएकी ती कालिकालाई प्रणाम गरी दक्ष-प्रजापतिले [आफ्नू] विचित्र वाणीले उनको स्तुति गरे॥ ११-१२॥

दक्ष भन्दछन्—हे जगदम्बा! हे महामाया! हे जगदीश्वरी! हे महेश्वरी! हजुरले कृपा गरी मलाई आफ्नो रूपको दर्शन दिनुभयो, हजुरलाई मेरो नमस्कार छ॥ १३॥

हे भगवती! हे आद्या! मप्रति प्रसन्न हुनुहोस्, हे शिवरूपिणी! प्रसन्न हुनुहोस्, हे भक्तवरदा! प्रसन्न हुनुहोस्, हे जगन्माया! हजुरलाई नमस्कार छ॥ १४॥

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! संयत चित्त भएका दक्षले यस प्रकार महेश्वरीको स्तुति गरे, तब उनको मनोरथलाई जानेर पनि दक्षसित भन्न लाग्नुभयो॥ १५॥

देवी भन्नुहुन्छ—हे दक्ष! म तिम्रो यस भक्तिबाट धेरै प्रसन्न छु, तिम्रो लागि केही पनि अदेय छैन, अतः आफ्नो अभीष्ट वर माग॥ १६॥

ब्रह्मा भन्नुहुन्छ—जगन्माताको यस वचनलाई सुनेर दक्ष प्रजापति अत्यन्त प्रसन्न भएर शिवालाई वारम्वार प्रणाम गर्दै भन्न लागे—॥ १७॥

दक्ष भन्दछन्—हे जगदम्ब! हे महामाया! यदि हजुर मलाई वर दिन चाहनुहुन्छ भने मेरो वचनलाई सुन्नुहोस् र प्रसन्नतापूर्वक मेरो मनोरथ पूर्ण गर्नुहोस्॥ १८॥

जो मेरा स्वामी शिव हुनुहुन्छ, ती रुद्रनामले ब्रह्माका पुत्ररूपमा अवतरित भएका छन्, उहाँ परमात्माको पूर्णवतार हुनुहुन्छ, तर अहिलेसम्म हजुरको अवतार भएको छैन, [हजुर बाहेक] उहाँको पत्नी अरू को हुन सक्छ? अतः हे शिवा! हजुर पृथ्वीमा अवतरित भएर उहाँलाई मोहित पार्नुहोस्॥ १९-२०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्वदृते तस्य मोहाय न शक्तान्या कदाचन।
तस्मान्मम सुता भूत्वा हरजाया भवाधुना॥ २१

[हे देवी!] हजुर बाहेक अरू कोही पनि उहाँलाई मोहित पार्न सक्तैनन्, यसैले हजुर यस समय मेरो कन्याको रूपमा जन्म लिएर शिवपत्नी बन्नुहोस्॥ २१॥

इत्थं कृत्वा सुलीलां च भव त्वं हरमोहिनी।
ममैवैष वरो देवि सत्यमुक्तं तवाग्रतः॥ २२

यस प्रकार उत्तम लीला गरी हजुर शिवलाई मोहमा पार्नुहोस्, हे देवी! मेरो यही वर होस्, हजुरको सामुन्ने मैले सत्य भनिदिएँ॥ २२॥

स्वार्थं न केवलं मेऽस्ति सर्वेषां जगतामपि।
ब्रह्मविष्णुशिवानां च ब्रह्मणा प्रेरितो ह्यहम्॥ २३

यसमा केवल मेरो मात्र स्वार्थ छैन, अपितु सम्पूर्ण लोकको र ब्रह्मा, विष्णु तथा शिवको पनि स्वार्थ छ। यसैले यस्तो गर्नका लागि ब्रह्माले मलाई प्रेरित गर्नुभएको छ॥ २३॥

ब्रह्मोवाच

इत्याकर्ण्य प्रजेशस्य वचनं जगदम्बिका।
प्रत्युवाच विहस्येति स्मृत्वा तं मनसा शिवम्॥ २४

ब्रह्मा भन्नुहुन्छ—दक्षका यी वचनलाई सुनेर जगदम्बा मनमा ती शिवको स्मरण गरी हाँसेर भन्न लाग्नुभयो—॥ २४॥

देव्युवाच

तात प्रजापते दक्ष शृणु मे परमं वचः।
सत्यं ब्रवीमि त्वद्भक्त्या सुप्रसन्नाखिलप्रदा॥ २५
अहं तव सुता दक्ष त्वज्जायायां महेश्वरी।
भविष्यामि न संदेहस्त्वद्भक्तिवशवर्तिनी॥ २६

देवी भन्नुहुन्छ—हे तात! हे प्रजापति! हे दक्ष! मेरो सत्य कुरा सुन। म तिम्रो भक्तिले अत्यन्त प्रसन्न भएर सबथोक प्रदान गर्नेवाली हुँ। हे दक्ष! म महेश्वरी तिम्री पुत्री बनौँला, यसमा सन्देह छैन। म तिम्रो भक्तिको वशिभूत भएकी छु॥ २५-२६॥

तथा यत्नं करिष्यामि तपः कृत्वा सुदुःसहम्।
हरजाया भविष्यामि तद्वरं प्राप्य चानघ॥ २७

हे अनघ! म अत्यन्त कठोर तप गरी यस्तो प्रयत्न गर्ने छु, जसको कारण शिवबाट वर प्राप्त गरी उहाँको पत्नी बन्ने छु॥ २७॥

नान्यथा कार्यसिद्धिर्हि निर्विकारी च स प्रभुः।
विधेर्विष्णोश्च संसेव्यः पूर्ण एव सदाशिवः॥ २८

ती प्रभु सदाशिव ब्रह्मा तथा विष्णुका सेव्य, विकाररहित तथा पूर्ण हुनुहुन्छ। अतः विना तप यस प्रकारको कार्यसिद्धि हुन सक्तैन॥ २८॥

अहं तस्य सदा दासी प्रिया जन्मनि जन्मनि।
मम स्वामी स वै शंभुर्नानारूपधरोऽपि ह॥ २९

म त प्रत्येक जन्ममा उहाँकी प्रिय दासी हुँ र अनेक प्रकारका रूप धारण गर्ने ती सदाशिव मेरो स्वामी हुनुहुन्छ॥ २९॥

वरप्रभावाद् भ्रुकुटेरवतीर्णो विधेः स च।
अहं तद्वरतोऽपीहावतरिष्ये तदाज्ञया॥ ३०

उहाँ वरको प्रभावले ब्रह्माको भृकुटिबाट अवतीर्ण हुनुभएको हो र म पनि उहाँकै आज्ञाले ब्रह्माको वरदानबाट यस लोकमा अवतार लिने छु॥ ३०॥

गच्छ स्वभवनं तात मया ज्ञाता तु दूतिका।
हरजाया भविष्यामि भूत्वा ते तनयाचिरात्॥ ३१

हे तात! अब तिमी आफ्नो घर जाऊ। मैले आफ्नू दूतीलाई सारा कुरा बताइदिएकी छु। म [केही दिनमा नै] तिम्री कन्या बनेर चाँडै शिवकी पत्नी बन्ने छु॥ ३१॥

इत्युक्त्वा सद्वचो दक्षं शिवाज्ञां प्राप्य चेतसि।
पुनः प्रोवाच सा देवी स्मृत्वा शिवपदाम्बुजम्॥ ३२

यस प्रकार दक्षप्रजापतिसित श्रेष्ठ वचन भनेर तथा मनमा शिवको आज्ञा पाएर शिवका चरणकमलहरूको ध्यान गरी पुनः भन्न लाग्नुभयो—॥ ३२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परन्तु प्रण आधेयो मनसा ते प्रजापते।
श्रावयिष्यामि ते तं वै सत्यं जानीहि नो मृषा॥ ३३

देवी भन्नुहुन्छ—हे प्रजापति! तर मेरो एउटा प्रतिज्ञा आफ्नू मनमा सदैव राख्नु। म त्यो प्रतिज्ञा तिमीलाई सुनाइदिन्छु, त्यसलाई सत्य ठान्नु, असत्य होइन॥ ३३॥

यदा भवान् मयि पुनर्भवेन्मंदादरस्तदा।
देहं त्यक्ष्ये निजं सत्यं स्वात्मन्यस्म्यथ वेतरम्॥ ३४

यदि तिमीले कहिल्यै मेरो अनादर गर्‍यौ भने म आफ्नो शरीर त्यागिदिन्छु, यो सत्य हो। म सर्वथा स्वतन्त्र छु, अतः दोस्रो शरीर धारण गर्ने छु॥ ३४॥

एष दत्तस्तव वरः प्रतिसर्गं प्रजापते।
अहं तव सुता भूत्वा भविष्यामि हरप्रिया॥ ३५

हे प्रजापते! म प्रत्येक सर्गमा तिम्री कन्या बनेर शिवकी पत्नी बन्ने छु—मैले यो वरदान तिमीलाई दिएँ॥ ३५॥

ब्रह्मोवाच

एवमुक्त्वा महेशानी दक्षं मुख्यप्रजापतिम्।
अंतर्दधे द्रुतं तत्र सम्यग् दक्षस्य पश्यतः॥ ३६

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार दक्ष प्रजापतिसित भनेर ती महेश्वरी उनले हेर्दा-हेर्दै त्यहीं अन्तर्धान हुनुभयो॥ ३६॥

अंतर्हितायां दुर्गायां स दक्षोऽपि निजाश्रमम्।
जगाम च मुदं लेभे भविष्यति सुतेति सा॥ ३७

देवी अन्तर्धान हुनुभएपछि दक्ष पनि आफ्नो घर गए र यो विचार गरी आनन्दित भए कि देवी मेरी कन्या बनेर अवतार ग्रहण गर्नुहुने छ॥ ३७॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां द्वितीये सतीखण्डे दक्षवरप्राप्तिवर्णनं नाम द्वादशोऽध्यायः॥ १२॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको द्वितीय सतीखण्डमा दक्षवरप्राप्तिवर्णन नामक बाह्रौं अध्याय पूर्ण भयो॥ १२॥

अथ त्रयोदशोऽध्यायः

ब्रह्माको आज्ञाले दक्षद्वारा मैथुनी सृष्टिको आरम्भ, आफ्ना पुत्र हर्यश्व तथा सबलाश्वहरूलाई निवृत्तिमार्गमा पठाएको कारण दक्षले नारदलाई श्राप दिनु

नारद उवाच

ब्रह्मन् विधे महाप्राज्ञ वद नो वदतां वर।
दक्षे गृहं गते प्रीत्या किमभूत्तदनंतरम्॥ १

नारद भन्नुहुन्छ—हे ब्रह्मन्! हे विधि! हे महाप्राज्ञ! हे वक्ताहरूमा श्रेष्ठ! दक्षप्रजापति घर गएपछि फेरि के भयो? यी सबै [वृत्तान्त] प्रीतिपूर्वक भन्नुहोस्॥ १॥

ब्रह्मोवाच

दक्षः प्रजापतिर्गत्वा स्वाश्रमं हृष्टमानसः।
सर्गं चकार बहुधा मानसं मम चाज्ञया॥ २
तमबृंहितमालोक्य प्रजासर्गं प्रजापतिः।
दक्षो निवेदयामास ब्रह्मणे जनकाय मे॥ ३

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] दक्षप्रजापतिले आफ्नो आश्रममा गएर प्रसन्नचित्त भई मेरो आज्ञाले धेरैजसो मानसी सृष्टि गरे, तर त्यस प्रजासृष्टिलाई बढेको नदेखेर दक्ष आफ्नू पिता म ब्रह्मासित भन्न लागे—॥ २-३॥

दक्ष उवाच

ब्रह्मंस्तात प्रजानाथ वर्धन्ते न प्रजाः प्रभो।
मया विरचिताः सर्वास्तावत्यो हि स्थिताः खलु॥ ४

दक्ष भन्दछन्—हे तात! हे ब्रह्मन्! हे प्रजानाथ! मद्वारा बनाइएका प्रजाहरूको वृद्धि भइरहेको छैन। मैले राम्रै प्रकारले विचार गरी हेरें कि मैले जति पनि सृष्टि गरेको छु, त्यो जतिको-तति नै छ॥ ४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किं करोमि प्रजानाथ वर्धेयुः कथमात्मना।
तदुपायं समाचक्ष्व प्रजाः कुर्यां न संशयः॥ ५

हे प्रजानाथ! म के गरौँ ? यी मेरा प्रजा कसरी बढ्ने छन्? हजुर कुनै यस्तो उपाय बताउनुहोस्, जसबाट प्रजाहरूको सृष्टिक्रमको विस्तार गर्न सकौँ॥ ५॥

ब्रह्मोवाच

दक्ष प्रजापते तात शृणु मे परमं वचः।
तत्कुरुष्व सुरश्रेष्ठ शिवस्ते शं करिष्यति॥ ६

ब्रह्मा भन्नुहुन्छ—हे दक्ष! हे प्रजापते! हे तात! मेरो उत्तम कुरा सुन्नुहोस् र त्यसलाई गर्नुहोस्। हे सुरश्रेष्ठ! भगवान् शंकर तपाईंको कल्याण गर्नुहुनेछ॥ ६॥

या च पञ्चजनस्याङ्गसुता रम्या प्रजापतेः।
असिक्नी नाम पत्नीत्वे प्रजेश प्रतिगृह्यताम्॥ ७

हे प्रजेश! पंचजन प्रजापतिका जुन असिक्नी नामकी सुन्दर पुत्री छिन्, उनलाई तपाईं पत्नीरूपले ग्रहण गर्नुहोस्॥ ७॥ अहिलेसम्म तपाईं पत्नीरहित भएर धर्माचरण गरिरहनुभएको छ, तर यस प्रकारको पत्नीमा मैथुनधर्मबाट प्रवृत्त भएर जब तपाईं सृष्टि गर्नुहुने छ, तब प्रजा बढ्ने छन्॥ ८॥

वामव्यवायधर्मस्त्वं प्रजासर्गमिमं पुनः।
तद्विधायां च कामिन्यां भूरिशो भावयिष्यसि॥ ८

ब्रह्मोवाच

ततः समुत्पादयितुं प्रजा मैथुनधर्मतः।
उपयेमे वीरणस्य निदेशान्मे सुतां ततः॥ ९

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] तब दक्षप्रजापतिले मैथुनधर्मबाट प्रजासृष्टि गर्नका लागि मेरो आज्ञाले वीरणकी कन्याका साथ विवाह गरे॥ ९॥

अथ तस्यां स्वपत्न्यां च वीरिण्यां स प्रजापतिः।
हर्यश्वसंज्ञानयुतं दक्षः पुत्रानजीजनत्॥ १०

प्रजापति दक्षले आफ्नी पत्नी ती वीरिणीको गर्भबाट हर्यश्व नामक दस हजार पुत्रलाई उत्पन्न गरे॥ १०॥

अपृथग्धर्मशीलास्ते सर्व आसन् सुता मुने।
पितृभक्तिरता नित्यं वेदमार्गपरायणाः॥ ११

हे मुनि! ती सबै पुत्र समान धर्माचरण गर्ने, पिताको भक्तिमा तत्पर रहने र सदा वेदमार्गलाई अनुसरण गर्ने खालका थिए॥ ११॥

पितृप्रोक्ताः प्रजासर्गकरणार्थं ययुर्दिशम्।
प्रतीचीं तपसे तात सर्वे दाक्षायणाः सुताः॥ १२

हे तात! ती सबै दक्षपुत्र आफ्नो पिताको आज्ञा पाएर सृष्टिको उद्देश्यले तपस्याका निम्ति पश्चिम दिशातिर गए॥ १२॥

तत्र नारायणसरस्तीर्थं परमपावनम्।
सङ्गमो यत्र सञ्जातो दिव्यसिन्धुसमुद्रयोः॥ १३

त्यहाँ दिव्य सिन्धु नदी तथा समुद्रको संगम भएको परम पवित्र नारायणसर नामक तीर्थ छ॥ १३॥

तदुपस्पर्शनादेव प्रोत्पन्नमतयोऽभवन्।
धर्मे पारमहंसे च विनिर्धूतमलाशयाः॥ १४

त्यस तीर्थको स्पर्शमात्रले उनीहरूको बुद्धि अत्यन्त निर्मल भयो र पाप दूर हुनासाथ ती सबै परमहंसधर्ममा स्थित भए॥ १४॥

प्रजाविवृद्धये ते वै तेपिरे तत्र सत्तमाः।
दाक्षायणा दृढात्मानः पित्रादेशसुयंत्रिताः॥ १५

तत्पश्चात् दृढचित्त भएका तथा श्रेष्ठ ती दक्षपुत्र पिताको आज्ञाले बाँधिएका कारण प्रजावृद्धिका लागि तप गर्न लागे॥ १५॥

त्वं च तान् नारद ज्ञात्वा तपतः सृष्टिहेतवे।
अगमस्तत्र भूरीणि हार्दमाज्ञाय मापतेः॥ १६

अदृष्ट्वा तं भुवः सृष्टिं कथं कर्तुं समुद्यताः।
हर्यश्वा दक्षतनया इत्यवोचंस्तमादरात्॥ १७

हे नारद! सृष्टिसंवर्धनका निम्ति उनीहरूलाई घोर तप गर्दै गरेको जानेर र विष्णुको मनोगत अभिप्राय बुझेर तपाईं उनीहरूकहाँ जानुभयो र आदरपूर्वक तपाईंले उनीहरूसित भन्नुभयो—हे दक्षपुत्र हर्यश्वहरू हो! तिमीहरू पृथिवीको विस्तार नजानिकन सृष्टिकर्ममा कसरी प्रवृत्त भएका छौ?॥ १६-१७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

तं निशम्याथ हर्यश्वास्ते त्वदुक्तमतंद्रिताः।
औत्पत्तिकधियः सर्वे स्वयं विममृशुर्भृशम्॥ १८

सुशास्त्रजनकादेशं यो न वेद निवर्तकम्।
स कथं गुणविश्रंभी कर्तुं सर्गमुपक्रमेत्॥ १९

इति निश्चित्य ते पुत्राः सुधियश्चैकचेतसः।
प्रणम्य तं परिक्रम्यायुर्मार्गमनिवर्तकम्॥ २०

नारद त्वं मनः शंभोर्लोकानन्यचरो मुने।
निर्विकारो महेशानमनोवृत्तिकरस्तदा॥ २१

काले गते बहुतरे मम पुत्रः प्रजापतिः।
नाशं निशम्य पुत्राणां नारदादन्वतप्यत॥ २२

मुहुर्मुहुरुवाचेति सुप्रजस्त्वं शुचां पदम्।
शुशोच बहुशो दक्षः शिवमायाविमोहितः॥ २३

अहमागत्य सुप्रीत्या सांत्वयं दक्षमात्मजम्।
शांतिभावं प्रदर्श्यैव दैवं प्रबलमित्युत॥ २४

अथ दक्षः पञ्चजन्यां मया स परिसांत्वितः।
सबलाश्वाभिधान् पुत्रान् सहस्रं चाप्यजीजनत्॥ २५

तेऽपि जग्मुस्तत्र सुताः पित्रादिष्टा दृढव्रताः।
प्रजासर्गे यत्र सिद्धाः स्वपूर्वभ्रातरो ययुः॥ २६

तदुपस्पर्शनादेव नष्टाघा विमलाशयाः।
तेपुर्महत्तपस्तत्र जपन्तो ब्रह्म सुव्रताः॥ २७

प्रजासर्गोद्यतांस्तान् वै ज्ञात्वा गत्वेति नारद।
पूर्ववच्चागदो वाक्यं संस्मरन्नैश्वरीं गतिम्॥ २८

ब्रह्मा भन्नुहुन्छ—ती हर्यश्वगण तपाईंले भन्नुभएको कुरा सुनेर सृष्टिको विषयमा सावधान भएर मनमा धेरै विचार गर्न लागे॥ १८॥

जो उत्तम शास्त्ररूपी पिताको निवृत्तिपरक वचनलाई जान्दैनन्, ती मात्र गुणहरूमा नै विश्वास राख्ने हुन्छन् र सृष्टिको उपक्रम गर्न लाग्दछन्?॥ १९॥

ती परम बुद्धिमान् दक्षपुत्र एकाग्र बुद्धिले यस्तो विचार गरी देवर्षि नारदको परिक्रमा एवं प्रणाम गरी निवृत्तिमार्गमा परायण भए॥ २०॥

हे नारद! हे मुनि! तपाईं शिवको मन हुनुहुन्छ र लोकमा भ्रमण गरिरहनुहुन्छ तथा निर्विकार रहेर शिवको चित्तवृत्तिअनुसार रहनुहुन्छ॥ २१॥

धेरै समय बितेपछि मेरा पुत्र दक्षप्रजापति नारदद्वारा आफ्नो पुत्रहरूको नाश सुनेर धेरै सन्तप्त भए॥ २२॥

त्यस समय तपाईंले शोक गरिरहेका दक्षसित पटक-पटक भन्नुभयो कि तपाईं राम्रो सन्तानवाला हुनुहुन्थ्यो, [जो कि तपाईंका पुत्र श्रेष्ठ मार्गको अनुसरण गर्दै मुक्त भए] तर ती दक्षले शिवको मायाबाट मोहित भई पटक-पटक शोक गरिरहे॥ २३॥

त्यसपछि दक्षकहाँ आएर मैले उनलाई शान्तिभावको उपदेश गरी सान्त्वना दिँदै भनेँ [शोक नगर], दैव ज्यादै प्रबल हुन्छ॥ २४॥

तब दक्षप्रजापतिले मद्वारा सान्त्वना पाएपछि पुनः पंचजनकी कन्या [असिक्नी]-को गर्भबाट सबलाश्व नामक हजार पुत्र उत्पन्न गरे॥ २५॥

दृढ व्रती ती सबलाश्व पनि पिताको आज्ञाले सृष्टिसंवर्धनका निम्ति त्यहाँ गए, जहाँ उनीहरूभन्दा पूर्व उनीहरूका दाजू गएका थिए र सिद्ध भएका थिए॥ २६॥

ती पनि त्यस तीर्थको स्पर्शमात्रले सर्वथा निष्पाप तथा शुद्ध अन्तःकरणका भए र उत्तम व्रतमा परायण भएर ब्रह्मको जप गर्दै कठिन तप गर्न लागे॥ २७॥

हे नारद! तपाईंले सृष्टि गर्नका लागि तिनलाई तपस्यामा उद्यत देखेर उनीहरू समक्ष गएर ईश्वरको गतिको स्मरण गराउँदै त्यही उपदेश दिनुभयो, जो पूर्वमा उनीहरूका दाजुलाई दिनुभएको थियो॥ २८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भ्रातृपंथानमादिश्य त्वं मुनेऽमोघदर्शनः।
अयाश्चोर्ध्वगतिं तेऽपि भ्रातृमार्गं ययुः सुताः॥ २९

हे मुनि! तपाईंको दर्शन निष्फल हुँदैन, यसैले तपाईंले उनीहरूलाई पनि पहिलाका दाजूहरूकै मार्गको उपदेश गर्नुभयो, जसबाट ती पनि आफ्ना दाजूहरूको मार्गको अनुसरण गर्दै त्यसै मार्गमा गए॥ २९॥

उत्पातान् बहुशोऽपश्यत्तदैव स प्रजापतिः।
विस्मितोऽभूत्स मे पुत्रो दक्षो मनसि दुःखितः॥ ३०

त्यसै समय दक्षप्रजापतिले अनेक उत्पात देख्न लागे। ती आफ्ना पुत्रहरूलाई आएको नदेखेर आश्चर्यचकित भएर मनमा दुःखी भए॥ ३०॥

पूर्ववत् त्वत्कृतं दक्षः शुश्राव चकितो भृशम्।
पुत्रनाशं शुशोचाति पुत्रशोकविमूर्च्छितः॥ ३१

जब उनले तपाईंद्वारा पहिलाका पुत्रहरूको नाशको समान नै ती पुत्रहरूको पनि नाशको समाचार सुने, तब ती आश्चर्यमा परी पुत्रशोकले मूर्च्छित भई अत्यन्त सन्तप्त भए॥ ३१॥

चुक्रोध तुभ्यं दक्षोऽसौ दुष्टोऽयमिति चाब्रवीत्।
आगतस्तत्र दैवात् त्वमनुग्रहकरस्तदा॥ ३२

ती दक्ष तपाईंप्रति कुपित भए र भन्न लागे कि यो नारद दुष्ट छ। त्यसै समय दैवयोगले उनका पुत्रहरूमाथि अनुग्रह गर्नुहुने तपाईं पनि दक्षकहाँ पुग्नुभयो॥ ३२॥

शोकाविष्टः स दक्षो हि रोषविस्फुरिताधरः।
उपलभ्य तमाहत्य धिग्धिक् प्रोच्य विगर्हयन्॥ ३३

त्यस समय ती प्रजापति दक्ष क्रोधित भई आफ्नो ओठहरू फर्फराउँदै तपाईंको नजिक आए र तपाईंलाई धिक्कार्दै निन्दापूर्वक भन्न लागे— ॥ ३३॥

दक्ष उवाच

किं कृतं तेऽधमश्रेष्ठ साधूनां साधुलिङ्गतः।
भिक्षोर्मार्गोऽर्भकानां वै दर्शितोऽसाधुकारि नः॥ ३४

दक्ष भन्दछन्—हे अधर्मीहरूमा श्रेष्ठ! तिमीले साधुको रूप धारण गरी मेरा सत्पुत्रहरूलाई यो कस्तो उपदेश गर्‍यौ? तिमीले मेरा ती पुत्रहरूलाई यस प्रकार भिक्षुमार्गको उपदेश किन गर्‍यौ, जुन उनीहरूका लागि कल्याणकारी थिएन॥ ३४॥

ऋणैस्त्रिभिरमुक्तानां लोकयोरुभयोः कृतः।
विघातः श्रेयसोऽमीषां निर्दयेन शठेन ते॥ ३५

ऋणानि त्रीण्यपाकृत्य यो गृहात्प्रव्रजेत्पुमान्।
मातरं पितरं त्यक्त्वा मोक्षमिच्छन् व्रजत्यधः॥ ३६

तिमी-जस्ता निर्दयी शठले देवता, ऋषि तथा पितृ-ऋणबाट मुक्त नभइकन नै मेरा पुत्रहरूलाई यस्तो उपदेश गरी उनीहरूको यस लोक तथा परलोकको कल्याणलाई नष्ट पारिदियौ, किनभने जो तीनवटै ऋणहरू*बाट मुक्त नभइकन नै माता-पितालाई छोडेर मोक्षको इच्छा गर्दै निवृत्तिमार्गको अनुसरण गर्छ, त्यो नरकगामी हुन्छ॥ ३५-३६॥

निर्दयस्त्वं सुनिर्लज्जः शिशुधीभिद्यशोऽपहा।
हरेः पार्षदमध्ये हि वृथा चरसि मूढधीः॥ ३७

तिमी निर्दयी, अत्यन्त निर्लज्ज हौ, बालकहरूलाई बहकाउमा लगाउने तथा यशलाई नष्ट गर्ने हौ। हे मूर्ख! तिमी हरिका पार्षदहरूको बीचमा व्यर्थै विचरण गर्छौ॥ ३७॥

मुहुर्मुहुरभद्रं त्वमचरो मेऽधमाधम।
विभवेद् भ्रमतस्तेऽतः पदं लोकेषु न स्थिरम्॥ ३८

हे अधमाधम! तिमीले पटक-पटक मेरो अहित गरेका छौ। त्यसैले लोकमा भ्रमण गरिरहेका तिम्रो गोडा स्थिर नरहोस्॥ ३८॥

* ब्रह्मचर्यपालनपूर्वक वेद-शास्त्रहरूको स्वाध्यायबाट ऋषि-ऋण, यज्ञ र पूजा आदिबाट देव-ऋण तथा पुत्र उत्पादनबाट पितृ-ऋणको निवारण हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शशापेति शुचा दक्षस्त्वां तदा साधुसंमतम्।
बुबोध नेश्वरेच्छां स शिवमायाविमोहितः॥ ३९

यस प्रकार शिवको मायाले मोहित भएका दक्षले ईश्वरको इच्छालाई बुझेनन् र शोकसन्तप्त भएर सज्जनहरूका मान्य तपाईंलाई श्राप दिए। हे मुनि! निर्मल बुद्धि भएका तपाईंले पनि दक्ष प्रजापतिको त्यस श्रापलाई ग्रहण गर्नुभयो, हे ब्रह्मसाधु! यस्ता साधुहरू स्वयं यस प्रकारका अपकारलाई सहन गर्दछन्॥ ३९-४०॥

शापं प्रत्यग्रहीच्च त्वं स मुने निर्विकारधीः।
एष एव ब्रह्मसाधो सहते सोऽपि च स्वयम्॥ ४०

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां द्वितीये सतीखण्डे दक्षसृष्टौ नारदशापो नाम त्रयोदशोऽध्यायः॥ १३॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको द्वितीय सतीखण्डमा दक्षको सृष्टि [उपाख्यान]-मा नारद-श्रापवर्णन नामक तेह्रौं अध्याय पूर्ण भयो॥ १३॥

अथ चतुर्दशोऽध्यायः

दक्षका साठी कन्याहरूको विवाह, दक्षकहाँ देवी शिवा (सती)-को प्राकट्य, सतीको बाललीलाको वर्णन

ब्रह्मोवाच

एतस्मिन्नन्तरे देवमुने लोकपितामहः।
तत्रागममहं प्रीत्या ज्ञात्वा तच्चरितं द्रुतम्॥ १

ब्रह्मा भन्नुहुन्छ—हे देवमुनि! यसै समय म लोकपितामह ब्रह्मा पनि यस चरित्रलाई जानेर प्रीतिपूर्वक तत्काल त्यहाँ पुगें॥ १॥

असान्त्वयमहं दक्षं पूर्ववत्सुविचक्षणः।
अकार्षं तेन सुस्नेहं तव सुप्रीतिमावहन्॥ २

मैले पहिलाको झैं दक्ष प्रजापतिलाई धैर्य धारण गराएँ, जसबाट ती प्रसन्न भई तपाईंसित पूर्ववत् स्नेह गर्न लागे॥ २॥

स्वात्मजं मुनिवर्यं त्वां सुप्रीत्या देववल्लभम्।
समाश्वास्य समादाय प्रत्यपद्ये स्वधाम ह॥ ३

हे मुनिवर्य! म देवताहरूका प्रिय आफ्नो पुत्र तपाईंलाई प्रेमपूर्वक धेरै सान्त्वना दिएर आफैँसँग लिएर आश्रममा फर्किआएँ॥ ३॥

ततः प्रजापतिर्दक्षोऽनुनीतो मे निजस्त्रियाम्।
जनयामास दुहितॄः सुभगाः षष्टिसंमिताः॥ ४

त्यसपछि दक्षप्रजापतिले मेरो आज्ञाले आफ्नी स्त्रीबाट साठी सौभाग्यवती कन्याहरू उत्पन्न गरे॥ ४॥

तासां विवाहं कृतवान् धर्मादिभिरतंद्रितः।
तदेव शृणु सुप्रीत्या प्रवदामि मुनीश्वर॥ ५

दक्षले आलस्यरहित भएर ती कन्याहरूको विवाह धर्मादिकहरूका साथ जसरी गरे, त्यसलाई प्रीतिपूर्वक सुन्नुहोस्। हे मुनीश्वर! त्यसलाई म भन्दै छु॥ ५॥

ददौ दश सुता दक्षो धर्माय विधिवन्मुने।
त्रयोदश कश्यपाय मुनये त्रिनवेन्दवे॥ ६
भूताङ्गिरःकृशाश्वाभ्यां द्वे द्वे पुत्र्यौ प्रदत्तवान्।
तार्क्ष्याय चापराः कन्याः प्रसूतिप्रसवैर्यतः॥ ७
त्रिलोकाः पूरितास्तन्नो वर्ण्यते व्यासतो भयात्॥ ८

हे मुनि! दक्षले दस कन्या धर्मलाई, तेह्र कश्यप मुनिलाई र सत्ताईस कन्या चन्द्रमालाई विधिपूर्वक दिए। दुई-दुई कन्या अंगिरा तथा कृशाश्वलाई र अरू कन्याहरू तार्क्ष्यलाई दिए। जसको प्रसूति-परम्पराबाट यो समस्त जगत् व्याप्त छ, विस्तारको भयले मैले उनीहरूको वर्णन गरिरहेको छैन॥ ६—८॥

केचिद्वदंति तां ज्येष्ठां मध्यमां चापरे शिवाम्।
सर्वानन्तरजां केचित्कल्पभेदात् त्रयं च सत्॥ ९

केही व्यक्ति शिवालाई यी कन्याहरूभन्दा जेठी भन्छन्, कोही बिचको भन्छन् र कोही कान्छी मान्छन्, तर कल्पभेदले यी तीनवटै सही हुन्॥ ९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनंतरं सुतोत्पत्तेः सपत्नीकः प्रजापतिः।
दक्षो दधौ सुप्रीत्या तां मनसा जगदम्बिकाम्॥ १०

अतः प्रेम्णा च तुष्टाव गिरा गद्गदया हि सः।
भूयो भूयो नमस्कृत्य साञ्जलिर्विनयान्वितः॥ ११

सन्तुष्टा सा तदा देवी विचारं मनसीति च।
चक्रेऽवतारं वीरिण्यां कुर्यां पणविपूर्तये॥ १२
अथ सोवास मनसि दक्षस्य जगदम्बिका।
विललास तदातीव स दक्षो मुनिसत्तम॥ १३

सुमुहूर्तेन दक्षोऽपि स्वपत्न्यां निदधे मुदा।
दक्षपत्न्यास्तदा चित्ते शिवोवास दयान्विता॥ १४
आविर्बभूव चिह्नानि दोहदस्याखिलानि वै॥ १५
विरेजे वीरिणी तात हृष्टचित्ताधिकं च सा।
शिवावासप्रभावात्तु महामङ्गलरूपिणी॥ १६

कुलस्य संप्रदायैश्च श्रुतेश्चित्तसमुन्नतेः।
व्यधत्त सुक्रिया दक्षः प्रीत्या पुंसवनादिकाः॥ १७
उत्सवोऽतीव सञ्जातस्तदा तेषु च कर्मसु।
वित्तं ददौ द्विजातिभ्यो यथाकामं प्रजापतिः॥ १८
अथ तस्मिन्नवसरे सर्वे हर्यादयः सुराः।
ज्ञात्वा गर्भगतां देवीं वीरिण्यां ते मुदं ययुः॥ १९
तत्रागत्य च सर्वे ते तुष्टुवुर्जगदम्बिकाम्।
लोकोपकारकरिणीं प्रणम्य च मुहुर्मुहुः॥ २०
कृत्वा ततस्ते बहुधा प्रशंसां हृष्टमानसाः।
दक्षप्रजापतेश्चैव वीरिण्याः स्वगृहं ययुः॥ २१

गतेषु नवमासेषु कारयित्वा च लौकिकीम्।
गतिं शिवा च पूर्णे सा दशमे मासि नारद॥ २२
आविर्बभूव पुरतो मातुः सद्यस्तदा मुने।
मुहूर्ते सुखदे चन्द्रग्रहतारानुकूलके॥ २३

तस्यां तु जातमात्रायां सुप्रीतोऽसौ प्रजापतिः।
शैवदेवीति तां मेने दृष्ट्वा तां तेजसोल्बणाम्॥ २४

कन्याको उत्पत्ति पश्चात् पत्नीसहित दक्ष प्रजापतिले अत्यन्त प्रेमले आफ्नो मनमा जगदम्बाको ध्यान गरे॥ १० ॥ उनले गद्गद वाणीद्वारा प्रेमपूर्वक विनययुक्त भएर हात जोडी पटक-पटक नमस्कार गरी उहाँको स्तुति गरे॥ ११ ॥

तब ती देवी सन्तुष्ट भएर मनमा विचार गर्न लाग्नुभयो कि मैले आफ्नो प्रतिज्ञा पूर्ण गर्नका लागि वीरिणीमा अवतार लिनुपर्छ। यसपछि ती जगदम्बाले दक्षको मनमा निवास गर्नुभयो। हे मुनिसत्तम! त्यस समय ती दक्ष अत्यन्त शोभित हुन लागे॥ १२-१३॥

उनले उत्तम शुभ मुहूर्तमा आफ्नी स्त्रीमा प्रसन्नतापूर्वक गर्भाधान गरे। तब ती दयामयी शिवा दक्षपत्नीको हृदयमा निवास गर्न लाग्नुभयो र दक्षकी स्त्रीमा गर्भको समस्त लक्षण प्रकट हुन लाग्यो॥ १४-१५॥

हे तात! गर्भमा शिवाका निवासको प्रभावले ती दक्षपत्नी वीरिणी महामंगल-स्वरूपा र [पहिलाको भन्दा] बढी प्रसन्नचित्त भइन्॥ १६॥

त्यस समय दक्षले आफ्नो कुलको सम्प्रदायअनुसार, वेदअनुसार तथा आफ्नो सम्मानअनुरूप प्रसन्नतापूर्वक पुंसवनादि सबै संस्कार गरे। ती पुंसवनादि कर्महरूमा महान् उत्सव भयो। दक्ष प्रजापतिले ब्राह्मणहरूलाई त्यस समय यथेष्ट धन प्रदान गरे॥ १७-१८॥

त्यस समय विष्णु आदि सबै देवगण देवीलाई वीरिणीको गर्भमा आएकी छिन् भन्ने जानेर प्रसन्न भए र त्यहाँ आएर ती सबैले लोकको उपकार गर्नुहुने ती जगदम्बालाई पटक-पटक प्रणाम गरी उहाँको स्तुति गरे॥ १९-२०॥

यसपछि प्रसन्नचित्त भएर वीरिणी तथा दक्ष प्रजापतिको ज्यादै प्रशंसा गरी ती आ-आफ्नो घर गए॥ २१॥

हे नारद! हे मुनि! यस प्रकार नौ महिना पूर्ण भएपछि समस्त लौकिक क्रिया गरिसकेपछि जब दसौँ महिना पूर्ण भयो, तब ती शिवा चन्द्र, ग्रह, तारा [आदि] अनुकूल भएपछि सुखद मुहूर्तमा तत्काल माताको सामुन्ने प्रकट हुनुभयो॥ २२-२३॥

उहाँको उत्पत्ति हुनासाथ प्रजापति दक्ष ज्यादै प्रसन्न भए तथा उहाँको प्रकृष्ट तेजलाई देखेर उनले उनलाई नै शिवादेवी ठाने॥ २४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तदाभूत्पुष्पसद्वृष्टिर्मेघाश्च ववृषुर्जलम्।
दिशः शांता द्रुतं तस्यां जातायां च मुनीश्वर॥ २५

अवादयन्त त्रिदशाः शुभवाद्यानि खे गताः।
जज्वलुश्चाग्नयः शांताः सर्वमासीत्सुमङ्गलम्॥ २६

वीरिणीसंभवां दृष्ट्वा दक्षस्तां जगदम्बिकाम्।
नमस्कृत्य करौ बद्ध्वा बहु तुष्टाव भक्तितः॥ २७

दक्ष उवाच

महेशानि नमस्तुभ्यं जगदम्बे सनातनि।
कृपां कुरु महादेवि सत्ये सत्यस्वरूपिणि॥ २८

शिवा शांता महामाया योगनिद्रा जगन्मयी।
या प्रोच्यते वेदविद्भिर्नमामि त्वां हितावहाम्॥ २९

यया धाता जगत्सृष्टौ नियुक्तस्तां पुराकरोत्।
तां त्वां नमामि परमां जगद्धात्रीं महेश्वरीम्॥ ३०

यया विष्णुर्जगत्स्थित्यै नियुक्तस्तां सदाकरोत्।
तां त्वां नमामि परमां जगद्धात्रीं महेश्वरीम्॥ ३१

यया रुद्रो जगन्नाशे नियुक्तस्तां सदाकरोत्।
तां त्वां नमामि परमां जगद्धात्रीं महेश्वरीम्॥ ३२

रजःसत्त्वतमोरूपां सर्वकार्यकरीं सदा।
त्रिदेवजननीं देवीं त्वां नमामि च तां शिवाम्॥ ३३

यस्त्वां विचिंतयेद् देवि विद्याविद्यात्मिकां पराम्।
तस्य भुक्तिश्च मुक्तिश्च सदा करतले स्थिता॥ ३४

यस्त्वां प्रत्यक्षतो देवि शिवां पश्यति पावनीम्।
तस्यावश्यं भवेन्मुक्तिर्विद्याविद्याप्रकाशिका॥ ३५

ये स्तुवंति जगन्मातर्भवानीमंबिकेति च।
जगन्मयीति दुर्गेति सर्वं तेषां भविष्यति॥ ३६

ब्रह्मोवाच

इति स्तुता जगन्माता शिवा दक्षेण धीमता।
तथोवाच तदा दक्षं यथा माता शृणोति न॥ ३७

हे मुनीश्वर! ती देवी उत्पन्न हुनासाथ त्यस समय आकाशबाट पुष्पवृष्टि हुन लाग्यो, मेघहरूले जलको वर्षा प्रारम्भ गरिदिए र सबै दिशा शान्त भए। देवता आकाशमा स्थित भएर उत्तम बाजा बजाउन लागे र शान्त अग्नि प्रज्वलित भए। यस प्रकार [सबै दिशाहरूमा] मंगल-नै-मंगल भयो॥ २५-२६॥

वीरिणीमा उत्पन्न भएकी ती जगदम्बालाई देखेर दक्ष भक्तिपूर्वक हात जोडेर उहाँलाई नमस्कार गरी स्तुति गर्न लागे॥ २७॥

दक्ष भन्दछन्—हे महेशानी! हे सनातनी! हे जगदम्बा! हजुरलाई नमस्कार छ, हे सत्ये! हे सत्य-स्वरूपिणी! हे महादेवी! [ममाथि] दया गर्नुहोस्॥ २८॥

वेदका ज्ञाता जसलाई शिवा, शान्ता, महामाया, योगनिद्रा तथा जगन्मयी भन्दछन्, ती हजुर हितकारिणी देवीलाई म नमस्कार गर्छु॥ २९॥

जसले पूर्वकालमा ब्रह्मालाई उत्पन्न गरी यस जगत्को सृष्टिको कार्यमा नियुक्त गर्नुभएको थियो, ती परमा जगन्माता हजुर महेश्वरीलाई म नमस्कार गर्छु॥ ३०॥

जसले सदा संसारको पालनका लागि विष्णुलाई नियुक्त गर्नुभएको छ, ती परमा जगन्माता हजुर महेश्वरीलाई म नमस्कार गर्छु। जसले संसारको विनाशका लागि रुद्रलाई नियुक्त गर्नुभएको छ, ती परमा जगन्माता हजुर महेश्वरीलाई म नमस्कार गर्छु॥ ३१-३२॥

सत्त्व-रज-तमरूप भएकी, सर्वदा समस्त कार्यलाई साँध्ने तथा तीनवटै देवताहरूलाई उत्पन्न गर्नुहुने ती हजुर शिवादेवीलाई म नमस्कार गर्छु॥ ३३॥

हे देवी! जो हजुरलाई विद्या-अविद्या—ती दुवै रूपबाट स्मरण गर्छन्, तिनका हातमा भोग तथा मोक्ष दुवै स्थित हुन जान्छ॥ ३४॥

हे देवी! जो परमपावनी शिवास्वरूपा हजुरको प्रत्यक्ष दर्शन गर्छ, त्यसलाई विद्या तथा अविद्या प्रकाशित गर्ने मुक्ति स्वयं प्राप्त हुन जान्छ॥ ३५॥

हे जगदम्बा! जो अम्बिका, जगन्मयी एवं दुर्गा—यी नामहरूबाट हजुर भवानीको स्तवन गर्दछन्, उनीहरूको सबै मनोरथ पूर्ण हुन जान्छ॥ ३६॥

ब्रह्मा भन्नुहुन्छ—जब यस प्रकार जगन्माता शिवाको स्तुति दक्षप्रजापतिले गरे, तब उहाँ दक्षसित यस प्रकार भन्न लाग्नुभयो, जसबाट कि माता वीरिणीले सुन्न नकुन्॥ ३७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वं सम्मोह्य तथ्यं च तथा दक्षः शृणोतु तत्।
नान्यस्तथा शिवा प्राह नानोतिः परमेश्वरी॥ ३८

अनेकौँ प्रकारका रूप धारण गर्नुहुने ती परमेश्वरी शिवाले सबलाई मोहित गरी यस प्रकार सत्य भन्नुभयो कि त्यसलाई केवल दक्षले मात्र सुन्न सकुन्, अरूले होइन॥ ३८॥

देव्युवाच

अहमाराधिता पूर्वं सुतार्थं ते प्रजापते।
ईप्सितं तव सिद्धं तु तपो धारय संप्रति॥ ३९

देवी भन्नुहुन्छ—हे प्रजापति! तपाईंले मलाई पुत्रीरूपले प्राप्त गर्ने उद्देश्यले पहिला मेरो आराधना गर्नुभएको थियो, त्यो तपाईंको अभीष्ट पूरा भयो, अब तपाईं पुनः तपस्या गर्नुहोस्॥ ३९॥

ब्रह्मोवाच

एवमुक्त्वा तदा देवी दक्षं च निजमायया।
आस्थाय शैशवं भावं जनन्यंते रुरोद सा॥ ४०

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार दक्षसित भनेर ती देवी आफ्नू मायाले शिशुको रूप धारण गरी मातासँग रुन लाग्नुभयो॥ ४०॥

अथ तद् रोदनं श्रुत्वा स्त्रियो वाक्यं ससंभ्रमाः।
आगतास्तत्र सुप्रीत्या दास्योऽपि च ससंभ्रमाः॥ ४१

दृष्ट्वासिक्नीसुतारूपं ननन्दुः सर्वयोषितः।
सर्वे पौरजनाश्चापि चक्रुर्जयरवं तदा॥ ४२

त्यस रोदनलाई सुनेर तथा त्यसलाई स्त्रीको आवाज जानेर स्त्रीहरू तथा समस्त दासीहरू पनि आश्चर्यचकित भई प्रीतिपूर्वक त्यहाँ गए। असिक्नीकी सुताको रूपलाई देखेर सबै स्त्रीहरू परम प्रसन्न भए। त्यस समय समस्त नगरवासीहरूले पनि जय-जयकार गरे॥ ४१-४२॥

उत्सवश्च महानासीद् गानवाद्यपुरःसरम्।
दक्षोऽसिक्नी मुदं लेभे शुभं दृष्ट्वा सुताननम्॥ ४३

दक्षः श्रुतिकुलाचारं चक्रे च विधिवत्तदा।
दानं ददौ द्विजातिभ्योऽन्येभ्यश्च द्रविणं तथा॥ ४४

नगरमा गीत-बाजाका साथ महान् उत्सव हुन लाग्यो। पुत्रीको सुन्दर मुख देखेर असिक्नी तथा दक्ष परम प्रसन्न भए। दक्षप्रजापतिले विधिपूर्वक वेदविहित कुलाचार गरे र ब्राह्मणहरूलाई दान दिए तथा अरूलाई पनि धेरै धन दिए॥ ४३-४४॥

बभूव सर्वतो गानं नर्तनं च यथोचितम्।
नेदुर्वाद्यानि बहुशः सुमङ्गलपुरःसरम्॥ ४५

त्यहाँ सबैतिर मंगलाचारपूर्वक गायन तथा नृत्य हुन लाग्यो र अनेक प्रकारका बाजा बज्न लागे॥ ४५॥

अथ हर्यादयो देवाः सर्वे सानुचरास्तदा।
मुनिवृन्दैः समागत्योत्सवं चक्रुर्यथाविधि॥ ४६

[शिवाको जन्म समय] विष्णु आदि सबै देवगण आ-आफ्ना अनुचर तथा मुनिहरूका साथ आएर यथाविधि अनेक उत्सव गर्न लागे॥ ४६॥

दृष्ट्वा दक्षसुतामम्बां जगतः परमेश्वरीम्।
नेमुः सविनयाः सर्वे तुष्टुवुश्च शुभैः स्तवैः॥ ४७

ऊचुः सर्वे प्रमुदिता गिरं जयजयात्मिकाम्।
प्रशशंसुर्मुदा दक्षं वीरिणीं च विशेषतः॥ ४८

दक्षकन्याको रूपमा [अवतरित हुनुभएकी] ती परमेश्वरी जगदम्बालाई देखेर देवताहरूले विनयपूर्वक उहाँलाई प्रणाम गरे र अनेक प्रकारका उत्तम स्तोत्रहरूद्वारा उहाँको स्तुति गरे। सबै देवता प्रसन्न भएर जय-जयकार गर्न लागे र विशेष रूपले दक्ष तथा वीरिणीको प्रशंसा गर्न लागे॥ ४७-४८॥

तदोमेति नाम चक्रे तस्या दक्षस्तदाज्ञया।
प्रशस्तायाः सर्वगुणैः सत्त्वादपि मुदान्वितः॥ ४९

नामान्यन्यानि तस्यास्तु पश्चाज्जातानि लोकतः।
महामङ्गलदान्येव दुःखघ्नानि विशेषतः॥ ५०

विष्णु आदि देवताहरूको आज्ञानुसार सबै गुणहरूले सम्पन्न हुनाको कारण दक्षले प्रसन्न भएर ती अम्बिकाको उमा—यो नाम राखिदिए। त्यसपछि लोकमा उहाँका अरू नाम पनि रहन गए, जुन मंगलदायक तथा मानिसहरूको दुःख दूर गर्ने खालका थिए॥ ४९-५०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दक्षस्तदा हरिं नत्वा मां सर्वानमरानपि।
मुनीनपि करौ बद्ध्वा स्तुत्वा चानर्च भक्तितः ॥ ५१

त्यस समय दक्षप्रजापतिले हात जोडेर विष्णु, म ब्रह्मा, सम्पूर्ण मुनि तथा देवताहरूको स्तुति गरी भक्तिपूर्वक सबैको पूजा गरे ॥ ५१ ॥

अथ विष्णवादयः सर्वे सुप्रशस्याजनंदनम्।
प्रीत्या ययुः स्वधामानि संस्मरन् सशिवं शिवम् ॥ ५२

त्यसपछि विष्णु आदि सबै देवगण दक्षको प्रशंसा गरी शिवा तथा शिवको स्मरण गर्दै आ-आफ्नो स्थानमा गए ॥ ५२ ॥

अतस्तां च सुतां माता सुसंस्कृत्य यथोचितम्।
शिशुपानेन विधिना तस्यै स्तन्यादिकं ददौ ॥ ५३

त्यसपछि माताले पनि यथोचित रूपले त्यस कन्याको संस्कार गरी बालकहरूको स्तनपानविधिले उनलाई आफ्नो दूध पिलाइन् ॥ ५३ ॥

पालिता साथ वीरिण्या दक्षेण च महात्मना।
ववृधे शुक्लपक्षस्य यथा शशिकलान्वहम् ॥ ५४

महात्मा प्रजापति दक्ष तथा वीरिणीले [अत्यन्त सावधानीका साथ] ती कन्याको लालन-पालन गरे, जसबाट उनी शुक्लपक्षको चन्द्रमाको कलासमान प्रतिदिन बढ्न लागिन् ॥ ५४ ॥

तस्यां तु सद्गुणाः सर्वे विविशुर्द्विजसत्तम।
शैशवेऽपि यथा चन्द्रे कलाः सर्वा मनोहराः ॥ ५५

हे द्विजश्रेष्ठ! ती कन्यामा बाल्यकालमा नै सबै सद्गुण प्रविष्ट भए; जस्तो चन्द्रमामा सबै मनोहर कलाहरू स्वयं आउँदछ ॥ ५५ ॥

आचरन्निजभावेन सखीमध्यगता यदा।
तदा लिलेख भर्गस्य प्रतिमामन्वहं मुहुः ॥ ५६

यदा जगौ सुगीतानि शिवा बाल्योचितानि सा।
तदा स्थाणुं हरं रुद्रं सस्मार स्मरशासनम् ॥ ५७

जब उनी सखीहरूका बीचमा गएर आफ्नो भावमा मग्न हुन्थिन्, तब प्रतिदिन शंकरको प्रतिमा पटक-पटक निर्माण गर्थिन्। जब ती शिवा बालोचित गीत गाउँथिन्, तब उनी काममाथि शासन गर्ने हर, रुद्र तथा स्थाणुको [गीतको बहानामा] स्मरण गर्थिन् ॥ ५६-५७ ॥

ववृधेऽतीव दंपत्योः प्रत्यहं करुणातुला।
तस्या बाल्येऽपि भक्तायास्तयोर्नित्यं मुहुर्मुहुः ॥ ५८

दक्ष प्रजापति तथा वीरिणीको स्नेह दिन-प्रतिदिन ती कन्यामाथि बढ्दै गयो। यद्यपि उनी बालिका थिइन्, तैपनि उनी आफ्ना माता-पितामा ठुलो भक्ति राख्थिन् ॥ ५८ ॥

सर्वबालगुणाक्रांतां सदा स्वालयकारिणीम्।
तोषयामास पितरौ नित्यं नित्यं मुहुर्मुहुः ॥ ५९

सबै बालोचित गुणहरूले परिपूर्ण ती उमा देवी आफ्नो घरका सबै कार्यहरू निपुणतापूर्वक सम्पन्न गरी प्रतिदिन आफ्ना माता-पितालाई सन्तुष्ट पार्न लाग्नुभयो ॥ ५९ ॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां द्वितीये सतीखण्डे सतीजन्मबाललीलावर्णनं नाम चतुर्दशोऽध्यायः ॥ १४ ॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको द्वितीय सतीखण्डमा सतीजन्म एवं बाललीलाको वर्णन नामक चौधौँ अध्याय पूर्ण भयो ॥ १४ ॥

अथ पञ्चदशोऽध्यायः

सतीद्वारा नन्दा-व्रतको अनुष्ठान तथा देवताहरूद्वारा शिवस्तुति

ब्रह्मोवाच

अथैकदा पितुः पार्श्वे तिष्ठन्तीं तां सतीमहम्।
त्वया सह मुनेऽद्राक्षं सारभूतां त्रिलोकके ॥ १

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! कुनै एक समय तपाईंका साथमा गएर मैले त्रिलोकीकी सर्वस्वभूता ती सतीलाई आफ्नो पिताको समीपमा बस्नुभएको देखेँ ॥ १ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पित्रा नमस्कृतं वीक्ष्य सत्कृतं त्वां च मां सती।
प्रणनाम मुदा भक्त्या लोकलीलानुसारिणी॥ २

पिताद्वारा नमस्कृत तथा सत्कृत भएका हामी दुवैलाई देखेर लोकलीलाको अनुसरण गर्नुहुने ती सतीले प्रेमपूर्वक भक्तिका साथ तपाईंलाई तथा मलाई प्रणाम गर्नुभयो॥ २॥

प्रणामान्ते सतीं वीक्ष्य दक्षदत्तशुभासने।
स्थितोऽहं नारद त्वं च विनतामहमागदम्॥ ३

त्वामेव यः कामयते यं तु कामयसे सति।
तमाप्नुहि पतिं देवं सर्वज्ञं जगदीश्वरम्॥ ४

यो नान्यां जगृहे नापि गृह्णाति न ग्रहीष्यति।
जायां स ते पतिर्भूयादनन्यसदृशः शुभे॥ ५

हे नारद! प्रणाम गरिसकेपश्चात् दक्षद्वारा दिइएको आसनमा हामी दुवै बस्यौँ, यसपछि विनम्र सतीलाई देखेर मैले भने—हे सती! जे तिमी चाहन्छ्यौ तथा जसलाई तिमी चाहन्छ्यौ, ती सर्वज्ञ जगदीश्वरलाई तिमी पतिरूपमा प्राप्त गर। जसले [तिमीबाहेक] अरू स्त्रीको पाणिग्रहण गरेका छैनन्, जो वर्तमानमा पनि न गर्छन्, न गर्ने नै छन् र हे शुभा! जसको वरावर अरू कोही गर्नेवाला छैन, उनै [यस समय] तिम्रो पति होउन्॥ ३—५॥

इत्युक्त्वा सुचिरं तां वै स्थित्वा दक्षालये पुनः।
विसृष्टौ तेन संयातौ स्वस्थानं तौ च नारद॥ ६

हे नारद! यस्तो भनेर केही दिन दक्षको घर निवास गरी हामी दुवै उनीबाट विदा लिएर आ-आफ्नो स्थानमा गयौँ॥ ६॥

दक्षोऽभवच्च सुप्रीतस्तदाकर्ण्य गतज्वरः।
आददे तनयां स्वां तां मत्वा हि परमेश्वरीम्॥ ७

मेरो कुरा सुनेर दक्ष परम प्रसन्न हुँदै चिन्तारहित भए, त्यसपछि आफ्नी कन्यालाई परमेश्वरी जानेर उनको ठुलो सत्कार गर्न लागे॥ ७॥

इत्थं विहारै रुचिरैः कौमारैर्भक्तवत्सला।
जहाववस्थां कौमारीं स्वेच्छाधृतनराकृतिः॥ ८

आफ्नू इच्छाले मनुष्यशरीर धारण गर्नुहुने, भक्तवत्सला देवीले मनोहर कौमारोचित विहार गरी आफ्नू कौमार्यावस्था पार गर्नुभयो॥ ८॥

बाल्यं व्यतीत्य सा प्राप किञ्चिद्यौवनतां सती।
अतीव तपसाङ्गेन सर्वांगेषु मनोहरा॥ ९

आफ्नो तपस्याको प्रभावले सर्वांगमनोहरा सतीले विस्तारै-विस्तारै बाल्यावस्था पार गरी यौवनावस्थालाई प्राप्त गर्नुभयो॥ ९॥

दक्षस्तां वीक्ष्य लोकेशः प्रोद्भिन्नान्तर्वयःस्थिताम्।
चिंतयामास भर्गाय कथं दास्य इमां सुताम्॥ १०

लोकेश दक्षप्रजापति ती कन्यालाई यौवनावस्थामा पुगेको देखेर विचार गर्न लागे कि आफ्नी यी पुत्रीलाई कसरी शिवका लागि प्रदान गरूँ॥ १०॥

अथ सापि स्वयं भर्गं प्राप्तुमैच्छत्तदान्वहम्।
पितुर्मनोगतिं ज्ञात्वा मातुर्निकटमागता॥ ११

पप्रच्छाज्ञां तपोहेतोः शंकरस्य विशालधीः।
मातुः शिवाथ वीरिण्याः सा सती परमेश्वरी॥ १२

ततः सती महेशानं पतिं प्राप्तुं दृढव्रता।
सा तमाराधयामास गृहे मातुरनुज्ञया॥ १३

यता, ती सती पनि प्रतिदिन शिवलाई प्राप्त गर्ने इच्छा गर्न लाग्नुभयो। पिताको मनोभावलाई जानेर उहाँ माताको नजिक जानुभयो। विशाल बुद्धि भएकी ती सती परमेश्वरीले शंकरलाई प्राप्त गर्ने इच्छाले तप गर्नका लागि आफ्नी माता वीरिणीसित आज्ञा माग्नुभयो। तब दृढ व्रत भएकी ती सती माताको आज्ञाले महेश्वरलाई पतिरूपमा प्राप्त गर्नका लागि घरैमा तपस्या गर्न लाग्नुभयो॥ ११—१३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDP

आश्विने मासि नन्दायां तिथावानर्च भक्तितः।
गुडौदनैः सलवणैर्हरं नत्वा निनाय तम्॥ १४

उहाँले आश्विन महिनाको प्रत्येक नन्दा तिथि—प्रतिपदा, षष्ठी तथा एकादशीमा सक्खर, भात तथा नूनले भक्तिपूर्वक हरको पूजा गर्नुभयो, यस प्रकार त्यस महिनालाई बिताउनुभयो॥ १४॥

कार्तिकस्य चतुर्दश्यामपूपैः पायसैरपि।
समाकीर्णैः समाराध्य सस्मार परमेश्वरम्॥ १५

कार्तिक महिनाको चतुर्दशीमा खीर तथा मालपुवाले शिवको आराधना गरी उहाँको स्मरण गर्नुभयो॥ १५॥

मार्गशीर्षेऽसिताष्टम्यां सतिलैः सयवौदनैः।
पूजयित्वा हरं कीलैर्निनाय दिवसान् सती॥ १६

उहाँले मंसिर महिनाको कृष्णपक्षको अष्टमीमा जौ, तिल एवं चामल अर्पण गर्दै शिवको पूजा गरी दिन बिताउनुभयो॥ १६॥

पौषे तु शुक्लसप्तम्यां कृत्वा जागरणं निशि।
अपूजयच्छिवं प्रातः कृशरान्नेन सा सती॥ १७

ती सतीले पौष महिनाको शुक्लपक्षको सप्तमी तिथिको रात्रिमा जागरण बसी प्रात:काल खिचडीद्वारा शिवको पूजा गर्नुभयो॥ १७॥

माघे तु पौर्णमास्यां सा कृत्वा जागरणं निशि।
आर्द्रवस्त्रा नदीतीरेऽकरोच्छंकरपूजनम्॥ १८

माघ महिनाको पूर्णिमा तिथिको रात्रिमा जाग्राम बसी प्रात:काल भिजेका कपडा पहिरिएर उहाँले नदीको किनारमा शिवको पूजा गर्नुभयो॥ १८॥

तपस्यासितभूतायां कृत्वा जागरणं निशि।
विशेषतः समानर्च शैलूषैः सर्वयामसु॥ १९

फाल्गुन कृष्ण चतुर्दशीको रात्रिमा जाग्राम बसी सबै प्रहरमा बेलपत्र तथा बेलफलद्वारा शिवको विशेष पूजा गर्नुभयो॥ १९॥

चैत्रे शुक्लचतुर्दश्यां पलाशैर्दमनैः शिवम्।
अपूजयद्दिवारात्रौ संस्मरन् सा निनाय तम्॥ २०

चैत्र शुक्ल चतुर्दशीमा ती सती पलाशको फूल तथा कुन्दपुष्पद्वारा शिवको पूजा गर्थिन् र दिन-रात उहाँको स्मरण गर्दै समय व्यतीत गर्नुहुन्थ्यो॥ २०॥

राधशुक्लतृतीयायां तिलाहारयवौदनैः।
पूजयित्वा सती रुद्रं गव्यैर्मासं निनाय तम्॥ २१

वैशाख शुक्ल तृतीयामा गव्य, तिलाहार, जौ एवं चामलद्वारा शिवको पूजा गरी त्यस महिनालाई व्यतीत गर्न लाग्नुभयो॥ २१॥

ज्येष्ठस्य पूर्णिमायां वै रात्रौ संपूज्य शंकरम्।
वसनैर्बृहतीपुष्पैर्निराहारा निनाय तम्॥ २२

ज्येष्ठको पूर्णिमाको दिन निराहार रहेर रात्रिमा वस्त्र एवं कण्टकारीको पुष्पले शिवको पूजा गरी ती सती त्यस महिनालाई व्यतीत गर्न लाग्नुभयो॥ २२॥

आषाढस्य चतुर्दश्यां शुक्लायां कृष्णवाससा।
बृहतीकुसुमैः पूजा रुद्रस्याकारि वै तथा॥ २३

उहाँले आषाढ शुक्ल चतुर्दशीमा कालो वस्त्र एवं कण्टकारीको पुष्पद्वारा शिवको पूजा गर्नुभयो॥ २३॥

श्रावणस्य सिताष्टम्यां चतुर्दश्यां च सा शिवम्।
यज्ञोपवीतैर्वासोभिः पवित्रैरप्यपूजयत्॥ २४

उहाँले श्रावण शुक्ल अष्टमी तथा चतुर्दशी तिथिमा पवित्र यज्ञोपवीत तथा वस्त्रहरूद्वारा शिवको पूजा गर्नुभयो॥ २४॥

भाद्रे कृष्णत्रयोदश्यां पुष्पैर्नानाविधैः फलैः।
संपूज्य च चतुर्दश्यां चकार जलभोजनम्॥ २५

भाद्रपद कृष्ण चतुर्दशीमा अनेक प्रकारका पुष्प तथा फलहरूद्वारा शिवको पूजा गरी उहाँ चतुर्दशी तिथिमा केवल जलमात्र आहार गर्नुहुन्थ्यो॥ २५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नानाविधैः फलैः पुष्पैः सस्यैस्तत्कालसंभवैः।
चक्रे सुनियताहारा जपन्मासे शिवार्चनम्॥ २६

यस प्रकार उहाँ परिमित आहार गरी जप गर्दै ती-ती समयमा पैदा हुने विभिन्न प्रकारका फल, पुष्प तथा अन्नद्वारा प्रत्येक महिना शिवार्चना गर्नुहुन्थ्यो॥ २६॥

सर्वमासे सर्वदिने शिवार्चनरता सती।
दृढव्रताभवद्देवी स्वेच्छाधृतनराकृतिः॥ २७

आफ्नो इच्छाले मानवरूप धारण गर्नुहुने ती सती दृढ व्रतले युक्त भएर सबै महिना तथा सबै दिनमा शिवपूजामा तत्पर रहन लाग्नुभयो॥ २७॥

इत्थं नंदाव्रतं कृत्स्नं समाप्य सुसमाहिता।
दध्यौ शिवं सती प्रेम्णा निश्चलाभूदनन्यधीः॥ २८

यस प्रकार नन्दाव्रतलाई पूर्णरूपले समाप्त गरी भगवान् शिवमा अनन्य भाव राख्नुहुने सती एकाग्रचित्त भएर बडो प्रेमले भगवान् शिवको ध्यान गर्न लाग्नुभयो तथा उहाँ ध्यानमा नै निश्चलभावले स्थित हुनुभयो॥ २८॥

एतस्मिन्नन्तरे देवा मुनयश्चाखिला मुने।
विष्णुं मां च पुरस्कृत्य ययुर्द्रष्टुं सतीतपः॥ २९

हे मुनि! त्यसै समय सबै देवता र ऋषि भगवान् विष्णुलाई र मलाई अघी लगाई सतीको तपस्या हेर्नका लागि गए॥ २९॥

दृष्टागत्य सती देवैर्मूर्ता सिद्धिरिवापरा।
शिवध्यानमहामग्ना सिद्धावस्थां गता तदा॥ ३०

त्यहाँ आएर देवताहरूले देखे कि सती मूर्तिमती दोस्रो सिद्धि समान देखिनुहुन्थ्यो। उहाँ त्यस समय भगवान् शिवको ध्यानमा निमग्न हुनुहुन्थ्यो र सिद्धावस्थामा पुग्नुभएको थियो॥ ३०॥

चक्रुः सर्वे सुराः सत्यै मुदा साञ्जलयो नतिम्।
मुनयश्च नतस्कंधा विष्णवाद्याः प्रीतमानसाः॥ ३१

विष्णु आदि समस्त देवताहरू तथा मुनिहरूले प्रसन्नचित्त भएर दुवै हात जोडेर तथा शिर झुकाएर प्रेमपूर्वक सतीलाई नमस्कार गर्नुभयो॥ ३१॥

अथ सर्वे सुप्रसन्नाः विष्णवाद्याश्च सुरर्षयः।
प्रशशंसुस्तपस्तस्याः सत्यास्तस्मात्सविस्मयाः॥ ३२

यसपछि अति प्रसन्न श्रीविष्णु आदि सबै देवता र मुनिगण आश्चर्यचकित भएर सती देवीको तपस्याको [मुरी-मुरी] प्रशंसा गर्न लाग्नुभयो॥ ३२॥

ततः प्रणम्य तां देवीं पुनस्ते मुनयः सुराः।
जग्मुर्गिरिवरं सद्यः कैलासं शिववल्लभम्॥ ३३

त्यसपछि ती सबै देवता र ऋषिगण सती देवीलाई पुनः प्रणाम गरी भगवान् शिवको परमप्रिय श्रेष्ठ कैलास पर्वतमा तत्काल जानुभयो॥ ३३॥

सावित्रीसहितश्चाहं सह लक्ष्म्या मुदान्वितः।
वासुदेवोऽपि भगवाञ्जगामाथ हरान्तिकम्॥ ३४

लक्ष्मीसहित भगवान् विष्णु र सावित्रीसहित म पनि प्रसन्नतापूर्वक भगवान् शिवको समीप गएँ॥ ३४॥

गत्वा तत्र प्रभुं दृष्ट्वा सुप्रणम्य ससंभ्रमाः।
तुष्टुवुर्विविधैः स्तोत्रैः करौ बद्ध्वा विनम्रकाः॥ ३५

त्यहाँ पुगेर आश्चर्यचकित भएर सबैले प्रभुको दर्शन गरी उहाँलाई प्रणाम गर्नुभयो र दुवै हात जोडेर अनेक प्रकारका स्तोत्रहरूद्वारा उहाँको स्तुति गर्न लाग्नुभयो॥ ३५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवा ऊचुः

नमो भगवते तुभ्यं यत एतच्चराचरम्।
पुरुषाय महेशाय परेशाय महात्मने॥ ३६
आदिबीजाय सर्वेषां चिद्रूपाय पराय च।
ब्रह्मणे निर्विकाराय प्रकृतेः पुरुषस्य च॥ ३७
य इदं प्रतिपच्येदं येनेदं विचकास्ति हि।
यस्मादिदं यतश्चेदं यस्येदं त्वं च यत्रतः॥ ३८

योऽस्मात्परस्माच्च परो निर्विकारी महाप्रभुः।
ईक्षते यः स्वात्मनीदं तं नताः स्म स्वयंभुवम्॥ ३९

अविद्धदृक् परः साक्षी सर्वात्मानेकरूपधृक्।
आत्मभूतः परब्रह्म तपन्तं शरणं गताः॥ ४०

न यस्य देवा ऋषयः सिद्धाश्च न विदुः पदम्।
कः पुनर्जंतुरपरो ज्ञातुमर्हति वेदितुम्॥ ४१

दिदृक्षवो यस्य पदं मुक्तसङ्गाः सुसाधवः।
चरन्ति सुगतिर्नस्त्वं सलोकव्रतमव्रणम्॥ ४२

त्वजन्मादिविकारा नो विद्यन्ते केऽपि दुःखदाः।
तथापि मायया त्वं हि गृह्णासि कृपया च तान्॥ ४३

तस्मै नमः परेशाय तुभ्यमाश्चर्यकर्मणे।
नमो गिरां विदूराय ब्रह्मणे परमात्मने॥ ४४

अरूपायोरुरूपाय परायानन्तशक्तये।
त्रिलोकपतये सर्वसाक्षिणे सर्वगाय च॥ ४५
नम आत्मप्रदीपाय निर्वाणसुखसंपदे।
ज्ञानात्मने नमस्तेऽस्तु व्यापकायेश्वराय च॥ ४६

नैष्कर्म्येण सुलभ्याय कैवल्यपतये नमः।
पुरुषाय परेशाय नमस्ते सर्वदाय च॥ ४७

देवता भन्दछन्—परम पुरुष, महेश्वर, परमेश्वर र महान् आत्मा भएका, सबै प्राणीहरूका आदिबीज, चेतन-स्वरूप, परात्पर, ब्रह्मस्वरूप, निर्विकार र प्रकृति तथा पुरुषभन्दा पर हजुर भगवान्लाई नमस्कार छ, जसबाट यो चराचर जगत् उत्पन्न भएको छ॥ ३६-३७॥

जो प्रपंचरूपले स्वयं सृष्टिस्वरूप हुनुहुन्छ तथा जसको सत्ताले समस्त संसार भासित भइरहेको छ, जसद्वारा यो जगत् उत्पन्न भएको छ, जसको अधीन यो समस्त जगत् छ, जसको यो सबथोक छ॥ ३८॥

जो यस जगत्को बाहिर तथा भित्र व्याप्त हुनुहुन्छ, जो निर्विकार र महाप्रभु हुनुहुन्छ, जो आफ्नू आत्मामा नै यस समस्त विश्वलाई देख्नुहुन्छ, ती स्वयम्भू परमेश्वरलाई हामीहरू नमस्कार गरिरहेका छौँ॥ ३९॥

जसको दृष्टि कहीँ रोकिदैन, जो परात्पर, सबै प्राणीहरूको साक्षी, सर्वात्मा, अनेक रूपलाई धारण गर्ने, आत्मस्वरूप, परब्रह्म तथा तप गर्ने हुनुहुन्छ, हामीहरू उनैको शरणमा आएका छौँ॥ ४०॥

देवता, ऋषि तथा सिद्ध पनि जसको पदलाई जान्दैनन् भने फेरि अन्य प्राणी उहाँलाई कसरी जान्न सक्छन्? र कसरी प्राप्त गर्न सक्छन्? जसको दर्शनका लागि मुक्तसंग साधुजन ब्रह्मचर्यादि व्रतको आचरण गर्छन्, ती हजुर हाम्रो उत्तम गति हुनुहुन्छ॥ ४१-४२॥

हे प्रभु! दुःख दिने जन्मादि कुनै पनि विकार हजुरमा नहुँदामा पनि फेरि हजुर आफ्नो मायाले कृपापूर्वक तिनलाई ग्रहण गर्नुहुन्छ॥ ४३॥

आश्चर्यमय कर्म गर्नुहुने हजुर परमात्मालाई नमस्कार छ। वाणीभन्दा सर्वथा पर हजुर परब्रह्म परमात्मालाई नमस्कार छ॥ ४४॥

रूपबिहिन भएर पनि धेरै रूप भएका, परात्पर, अनन्तशक्तिबाट समन्वित, त्रिलोकपति, सर्वसाक्षी तथा सर्वव्यापीलाई नमस्कार छ। स्वयं प्रकाशमान, निर्वाणसुख तथा सम्पत्तिस्वरूप, ज्ञानात्मा तथा व्यापक हजुर ईश्वरलाई नमस्कार छ॥ ४५-४६॥

निष्काम कर्मद्वारा प्राप्त हुनुहुने कैवल्य-पतिलाई नमस्कार छ। परम पुरुष, परमेश्वर तथा सबथोक दिनुहुने हजुर प्रभुलाई नमस्कार छ॥ ४७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्षेत्रज्ञायात्मरूपाय सर्वप्रत्ययहेतवे ॥ ४८
सर्वाध्यक्षाय महते मूलप्रकृतये नमः ।
पुरुषाय परेशाय नमस्ते सर्वदाय च ॥ ४९

क्षेत्रज्ञ, आत्मस्वरूप, सबै प्रत्ययहरूका कारण, सबैका पति, महान् तथा मूलप्रकृतिलाई नमस्कार छ। पुरुष, परेश तथा सबथोक प्रदान गर्नुहुने हजुर [परमात्मा]-लाई नमस्कार छ ॥ ४८-४९ ॥

त्रिनेत्रायेषुवक्त्राय सदाभासाय ते नमः ।
सर्वेन्द्रियगुणद्रष्ट्रे निष्कारण नमोऽस्तु ते ॥ ५०

हे कारणरहित! त्रिनेत्र, पाँच मुख भएका तथा सर्वदा ज्योतिःस्वरूप! हजुरलाई नमस्कार छ। सबै इन्द्रिय र गुणहरूलाई देख्नुहुने हजुर परमात्मालाई नमस्कार छ ॥ ५० ॥

त्रिलोककारणायाथापवर्गाय नमो नमः ।
अपवर्गप्रदायाशु शरणागततारिणे ॥ ५१
सर्वाम्नायागमानां चोदधये परमेष्ठिने ।
परायणाय भक्तानां गुणानां च नमोऽस्तु ते ॥ ५२

तीनवटै लोकहरूका कारण, मुक्तिस्वरूप, मोक्ष प्रदान गर्नुहुने, शीघ्र नै शरणागतलाई तार्नुहुने, आम्नाय [वेद] तथा आगमशास्त्रका समुद्र, परमेष्ठी तथा भक्तहरूका आश्रयरूप हजुर प्रभुलाई नमस्कार छ ॥ ५१-५२ ॥

नमो गुणारणिच्छन्नचिदूष्माय महेश्वर ।
मूढदुष्प्राप्तरूपाय ज्ञानिहृद्वासिने सदा ॥ ५३
पशुपाशविमोक्षाय भक्तसन्मुक्तिदाय च ।
स्वप्रकाशाय नित्यायाव्ययायाजस्त्रसंविदे ॥ ५४
प्रत्यग्द्रष्ट्रेऽविकाराय परमैश्वर्यधारिणे ।

हे महेश्वर! हजुर गुणरूपी अरणीबाट ढाकिएको, चित्स्वरूप, अग्निरूप, मूर्खहरूद्वारा अप्राप्य, ज्ञानीहरूको हृदयमा सदा निवास गर्नुहुने, संसारी जीवहरूको बन्धनलाई काटिदिने, उत्तम भक्तहरूलाई मुक्ति प्रदान गर्नुहुने, स्वप्रकाशस्वरूप, नित्य, अव्यय, निरन्तर ज्ञान-स्वरूप, प्रत्यक्ष द्रष्टा, अविकारी तथा परम ऐश्वर्य धारण गर्नुहुने हजुर प्रभुलाई नमस्कार छ ॥ ५३-५४१/२ ॥

यं भजन्ति चतुर्वर्गं कामयन्तीष्टसद्गतिम् ।
सोऽभूदकरुणस्त्वं नः प्रसन्नो भव ते नमः ॥ ५५

मनुष्य धर्म-अर्थ-काम-मोक्षका लागि जसको भजन गर्छन् तथा जसबाट आफ्नो सद्गति चाहन्छन्, यस्ता [हे प्रभु!] हजुर हामी सबैका लागि दयारहित कसरी हुनुभयो ? हामीप्रति प्रसन्न हुनुहोस्, हजुरलाई नमस्कार छ ॥ ५५ ॥

एकान्तिनः कञ्चनार्थं भक्ता वांछंति यस्य न ।
केवलं चरितं ते ते गायन्ति परमङ्गलम् ॥ ५६

हजुरका अनन्य भक्त हजुरबाट कुनै अन्य अर्थको अपेक्षा गर्दैनन्, ती त केवल हजुरको मंगलस्वरूप चरित्रलाई नै गाउने गर्छन् ॥ ५६ ॥

अक्षरं परमं ब्रह्म तमव्यक्ताकृतिं विभुम् ।
अध्यात्मयोगगम्यं त्वां परिपूर्णं स्तुमो वयम् ॥ ५७

अविनाशी, परब्रह्म, अव्यक्तस्वरूप भएका, व्यापक, अध्यात्म तथा योगद्वारा जान्नयोग्य तथा परिपूर्ण हजुर प्रभुको हामीहरू स्तुति गर्दछौँ ॥ ५७ ॥

अतीन्द्रियमनाधारं सर्वाधारमहेतुकम् ।
अनन्तमाद्यं सूक्ष्मं त्वां प्रणमामोऽखिलेश्वर ॥ ५८

हे अखिलेश्वर! इन्द्रियहरूभन्दा पर, स्वयं आधार-रहित, सबका आश्रय, कारणरहित, अनन्त, आद्य तथा सूक्ष्म हजुर प्रभुलाई हामी सबै प्रणाम गर्दछौँ ॥ ५८ ॥

हर्यादयोऽखिला देवास्तथा लोकाश्चराचराः ।
नामरूपविभेदेन फल्ग्व्या च कलया कृताः ॥ ५९

हजुरले आफ्नो तुच्छ कलामात्रले नामरूपद्वारा विष्णु आदि सबै देवता तथा यस चराचर जगत्को [अलग-अलग] सृष्टि गर्नुभयो ॥ ५९ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDF

यथार्चिषोऽग्नेः सवितुर्यान्ति निर्यान्ति वासकृत्।
गभस्तयस्तथायं वै प्रवाहो गौण उच्यते॥ ६०

जसरी अग्निका झिल्काहरू तथा सूर्यका किरणहरू पटक-पटक निस्कन्छन् र फेरि तिनैमा लीन हुन्छन्, त्यसै प्रकार सृष्टिको यो प्रवाहलाई त्रिगुणात्मक भनिन्छ॥ ६०॥

न त्वं देवोऽसुरो मर्त्यो न तिर्यङ् न द्विजः प्रभो।
न स्त्री न षंढो न पुमान्सदसन्न च किंचन॥ ६१

निषेधशेषः सर्वं त्वं विश्वकृद्विश्वपालकः।
विश्वलयकृद्विश्वात्मा प्रणताः स्मः तमीश्वरम्॥ ६२

हे प्रभु! हजुर न देवता हुनुहुन्छ, न असुर, न मनुष्य, न पक्षी, न द्विज, न स्त्री, न पुरुष हुनुहुन्छ, न नपुंसक हुनुहुन्छ; यहाँसम्म कि सत्-असत् केही पनि हुनुहुन्न। श्रुतिहरूको निषेधबाट जुन शेष बच्छ, त्यही निषेध-स्वरूप हजुर हुनुहुन्छ। हजुर विश्वको उत्पत्ति गर्नुहुने, विश्वका पालक, विश्वको लय गर्नुहुने तथा विश्वात्मा हुनुहुन्छ, उनै ईश्वरलाई हामी सबै प्रणाम गर्दछौँ॥ ६१-६२॥

योगरंधितकर्माणो यं प्रपश्यन्ति योगिनः।
योगसंभाविते चित्ते योगेशं त्वां नता वयम्॥ ६३

योगबाट दग्ध भएका कर्मवीर योगीहरू आफ्नो योगासक्त चित्तमा जसलाई देख्छन्, यस्ता हजुर योगेश्वरलाई हामीहरू नमस्कार गर्दछौँ॥ ६३॥

नमोऽस्तु तेऽसह्यवेग शक्तित्रय त्रयीमय।
नमः प्रपन्नपालाय नमस्ते भूरिशक्तये॥ ६४

हे तीनवटै शक्तिहरूले सम्पन्न असह्य वेग भएका! हे त्रयीमय! हजुरलाई नमस्कार छ। अनन्त शक्तिहरूले युक्त तथा शरणागतहरूको रक्षा गर्नुहुने हजुरलाई नमस्कार छ॥ ६४॥

कदिंद्रियाणां दुर्गेशानवाप्य परवर्त्मने।
भक्तोद्धाररतायाथ नमस्ते गूढवर्चसे॥ ६५

यच्छक्त्याहंधियात्मानं हन्त वेद न मूढधीः।
तं दुरत्ययमाहात्म्यं त्वां नताः स्मो महाप्रभुम्॥ ६६

हे दुर्गेश! दूषित इन्द्रिय भएकाहरूका लागि हजुर सर्वथा दुष्प्राप्य हुनुहुन्छ; किनभने हजुरलाई प्राप्त गर्ने मार्ग नै अर्कै छ। सदा भक्तहरूको उद्धारमा तत्पर रहनुहुने तथा गुप्त शक्तिबाट सम्पन्न हजुर प्रभुलाई नमस्कार छ। जसको मायाशक्तिको कारण अहंबुद्धिले युक्त मूर्ख आफ्नो स्वरूपलाई चिन्न पाउँदैनन्, ती दुरत्यय (जान्न नसकिने) महिमा भएका हजुर महाप्रभुलाई हामी नमस्कार गर्दछौँ॥ ६५-६६॥

ब्रह्मोवाच

इति स्तुत्वा महादेवं सर्वे विष्ण्वादिकाः सुराः।
तूष्णीमासन्प्रभोरग्रे सद्भक्तिनतकंधराः॥ ६७

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] यस प्रकार महादेवको स्तुति गरी शिर झुकाएका विष्णु आदि सबै देवता उत्तम भक्तिले युक्त भई प्रभु शिवको अगाडि चुपचाप उभिरहे॥ ६७॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां द्वितीये सतीखण्डे नंदाव्रतविधानशिवस्तुतिवर्णनं नाम पञ्चदशोऽध्यायः॥ १५॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको द्वितीय सतीखण्डमा नन्दाव्रतविधि तथा शिवस्तुतिवर्णन नामक पन्ध्रौँ अध्याय पूर्ण भयो॥ १५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ षोडशोऽध्यायः

ब्रह्मा र विष्णुद्वारा विवाहको निम्ति शिवसित प्रार्थना गर्नु तथा उहाँको स्वीकृति

ब्रह्मोवाच

इति स्तुतिं च हर्यादिकृतामाकर्ण्य शंकरः।
बभूवातिप्रसन्नो हि विजहास च सूतिकृत्॥ १

ब्रह्मा भन्नुहुन्छ—भगवान् विष्णु आदि देवताहरूद्वारा गरिएको स्तुतिलाई सुनेर सबैको उत्पत्ति गर्नुहुने भगवान् शंकर ज्यादै प्रसन्न हुनुभयो र जोरले हाँस्नुभयो॥ १॥

ब्रह्मविष्णू तु दृष्ट्वा तौ सस्त्रीकौ सङ्गतौ हरः।
यथोचितं समाभाष्य पप्रच्छागमनं तयोः॥ २

सपत्नीक ब्रह्मा र भगवान् विष्णुलाई साथै आएको देखेर महादेवले हामीहरूसित यथोचित वार्तालाप गरी हाम्रो आगमनको कारण सोध्नुभयो॥ २॥

रुद्र उवाच

हे हरे हे विधे देवा मुनयश्चाद्य निर्भयाः।
निजागमनहेतुं हि कथयध्वं सुतत्त्वतः॥ ३

किमर्थमागता यूयं किं कार्यं चेह विद्यते।
तत्सर्वं श्रोतुमिच्छामि भवत्स्तुत्या प्रसन्नधीः॥ ४

रुद्र भन्नुहुन्छ—हे हरि! हे विधि! हे देवता तथा महर्षिहरू हो! तपाईंहरू आज निर्भय भएर मकहाँ आउनुको ठीक-ठीक कारण बताउनुहोस्। तपाईंहरूको स्तुतिबाट म [धेरै] प्रसन्न छु। तपाईंहरू केका निम्ति यहाँ आउनुभएको छ, कुनचाहिँ कार्य आइपऱ्यो, त्यो सब म सुन्न चाहन्छु॥ ३-४॥

ब्रह्मोवाच

इति पृष्टे हरेणाहं सर्वलोकपितामहः।
मुनेऽवोचं महादेवं विष्णुना परिचोदितः॥ ५

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! महादेवले यस प्रकार सोध्नुभएपछि सबै लोकका पितामह म ब्रह्मा भगवान् विष्णुको आज्ञाले भन्न लागेँ॥ ५॥

देवदेव महादेव करुणासागर प्रभो।
यदर्थमागतावावां तच्छृणु त्वं सुरर्षिभिः॥ ६

हे देवाधिदेव! हे महादेव! हे करुणासागर! हे प्रभु! हामी दुवै यी देवता र मुनिहरूका साथ जुन उद्देश्यले यहाँ आएका छौँ, त्यसलाई सुन्नुहोस्॥ ६॥

विशेषतस्तवैवार्थमागता वृषभध्वज।
सहार्थिनः सदा योग्यमन्यथा न जगद्भवेत्॥ ७

हे वृषभध्वज! विशेष रूपले हजुरका लागि नै हामीहरू यहाँ आएका छौँ; किनभने हामी तीनै सहायतार्थी हौँ, [सृष्टिचक्रको संचालनरूप प्रयोजनको सिद्धिका लागि एक-अर्काका सहायक हौँ] सहार्थीलाई सदा परस्पर यथायोग्य सहयोग गर्नुपर्छ, अन्यथा यो जगत् टिक्न सक्तैन॥ ७॥

केचिद्भविष्यन्त्यसुरा मम वध्या महेश्वर।
हरेर्वध्यास्तथा केचिद्भवतश्चापि केचन॥ ८

केचित्त्वद्वीर्यजातस्य तनयस्य महाप्रभो।
मायावध्याः प्रभो केचिद्भविष्यन्त्यसुराः सदा॥ ९

हे महेश्वर! केही यस्ता असुर उत्पन्न हुनेछन्, जो मद्वारा मारिने छन्, केही भगवान् विष्णुद्वारा र केही हजुरद्वारा वध्य हुने छन्। हे महाप्रभु! केही हजुरका वीर्यबाट उत्पन्न पुत्रद्वारा मारिने छन् र केही असुर हजुरको मायाद्वारा मारिने छन्॥ ८-९॥

तवैव कृपया शंभोः सुराणां सुखमुत्तमम्।
नाशयित्वासुरान् घोराञ्जगत्स्वास्थ्यं सदाभयम्॥ १०

हजुर भगवान् शंकरको कृपाबाट नै देवताहरूले सदा उत्तम सुख प्राप्त गर्दछन्। घोर असुरहरूको विनाश गरी हजुर जगत्लाई सदा स्वास्थ्य एवं अभय प्रदान गर्नुहुने छ॥ १०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MoE

योगयुक्ते त्वयि सदा रागद्वेषविवर्जिते।
दयामात्रैकनिरते न वध्या ह्यथवा तव॥ ११

आराधितेषु तेष्वीश कथं सृष्टिस्तथा स्थितिः।
अतश्च भविता युक्तं नित्यं नित्यं वृषध्वज॥ १२

हजुर राग-द्वेषरहित, योगयुक्त एवं सर्वथा दयालु हुनुहुन्छ, यसैले हुन सक्छ कि हजुर असुरहरूको वध गर्नुहुन्न। हे ईश! जब यी आराधना गरी वर प्राप्त गर्ने छन्, तब सृष्टिको स्थिति कुन प्रकार रहने छ? यसैले हे वृषभध्वज! उचित यही हुन्छ कि हजुर [यस सृष्टिको स्थितिका लागि] सदैव असुरहरूको वध गर्दै रहनुहोस्॥ ११-१२॥

सृष्टिस्थित्यन्तकर्माणि न कार्याणि यदा तदा।
शरीरभेदमस्माकं मायायाश्च न युज्यते॥ १३

यदि सृष्टि, पालन तथा संहारकर्म नगर्ने हो भने हाम्रो तथा मायाको भिन्न-भिन्न शरीर धारण गर्नु सार्थक रहने छैन॥ १३॥

एकस्वरूपा हि वयं भिन्नाः कार्यस्य भेदतः।
कार्यभेदो न सिद्धश्चेद्रूपभेदोऽप्रयोजनः॥ १४

वास्तवमा हामी तीन एकै स्वरूपका हौँ, तर कार्यको भेदले भिन्न-भिन्न शरीर धारण गरी स्थित छौँ। यदि कार्यभेद सिद्ध नहुने हो भने हाम्रो रूपभेदको कुनै प्रयोजन छैन॥ १४॥

एक एव त्रिधा भिन्नः परमात्मा महेश्वरः।
मायायाः कारणादेव स्वतंत्रो लीलया प्रभुः॥ १५

परमात्मा महेश्वर एक भएर पनि आफ्नो मायाको कारण नै तीन रूपमा विभक्त हुनुहुन्छ, ती प्रभु आफ्नो लीलाले स्वतन्त्र हुनुहुन्छ॥ १५॥

वामाङ्गजो हरिस्तस्य दक्षिणाङ्गभवो ह्यहम्।
शिवस्य हृदयाज्जातस्त्वं हि पूर्णतनुः शिवः॥ १६

श्रीहरि उहाँको वामांगबाट उत्पन्न भएका हुन्, म ब्रह्मा उहाँको दाहिने अंगबाट उत्पन्न भएको हुँ र हजुर ती सदाशिवको हृदयबाट उत्पन्न हुनुभएको हो, अतः हजुर नै शिवको पूर्ण रूप हुनुहुन्छ॥ १६॥

इत्थं वयं त्रिधा भूताः प्रभो भिन्नस्वरूपिणः।
शिवाशिवसुतास्तत्त्वं हृदा विद्धि सनातन॥ १७

हे प्रभु! यस प्रकार भिन्न स्वरूप भएका हामी तीन रूपमा प्रकट छौँ र जो [वस्तुतः] ती शिवाशिवको नै पुत्र हौँ। हे सनातन! यस यथार्थ तत्त्वलाई हजुर हृदयबाट अनुभव गर्नुहोस्॥ १७॥

अहं विष्णुश्च सस्त्रीकौ सञ्जातौ कार्यहेतुतः।
लोककार्यकरौ प्रीत्या तव शासनतः प्रभो॥ १८

हे प्रभु! म र भगवान् विष्णु हजुरको आदेशले प्रसन्नतापूर्वक लोकको सृष्टि र पालनको कार्य गरिरहेका छौँ तथा कार्यकारणवश सपत्नीक पनि भएका छौँ॥ १८॥

तस्माद्विश्वहितार्थाय सुराणां सुखहेतवे।
परिगृह्णीष्व भार्यार्थे रामामेकां सुशोभनाम्॥ १९

अतः हजुर पनि विश्वहितका लागि तथा देवताहरूका सुखका लागि एक परम सुन्दरी स्त्रीलाई पत्नीको रूपमा ग्रहण गर्नुहोस्॥ १९॥

अन्यच्छृणु महेशान पूर्ववृत्तं स्मृतं मया।
यन्नो पुरः पुरा प्रोक्तं त्वयैव शिवरूपिणा॥ २०

हे महेश्वर! एउटा अर्को कुरा सुन्नुहोस्। मलाई पहिलाको वृत्तान्त स्मरण भयो, जसलाई पूर्वकालमा हजुरले नै शिवस्वरूपले हाम्रो सामु भन्नुभएको थियो॥ २०॥

मद्रूपं परमं ब्रह्मन्नीदृशं भवदङ्गतः।
प्रकटीभविता लोके नाम्ना रुद्रः प्रकीर्तितः॥ २१

हे ब्रह्मन्! मेरो यस्तो उत्तम रूप तपाईंको अंगबाट प्रकट हुने छ, जो लोकमा रुद्र नामले प्रसिद्ध हुने छ॥ २१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सृष्टिकर्ताभवद् ब्रह्मा हरिः पालनकारकः।
लयकारी भविष्यामि रुद्ररूपो गुणाकृतिः॥ २२

स्त्रियं विवाह्य लोकस्य करिष्ये कार्यमुत्तमम्।
इति संस्मृत्य स्वप्रोक्तं पूर्णं कुरु निजं पणम्॥ २३

निदेशस्तव च स्वामिन्नहं सृष्टिकरो हरिः।
पालको लयहेतुस्त्वमाविर्भूतः स्वयं शिवः॥ २४

त्वां विना न समर्थौ हि आवां च स्वस्वकर्मणि।
लोककार्यरतां तस्मादेकां गृह्णीष्व कामिनीम्॥ २५

यथा पद्मालया विष्णोः सावित्री च यथा मम।
तथा सहचरीं शंभो कान्तां गृह्णीष्व संप्रति॥ २६

ब्रह्मोवाच

इति श्रुत्वा वचो मे हि ब्रह्मणः पुरतो हरेः।
स मां जगाद लोकेशः स्मेराननमुखो हरः॥ २७

ईश्वर उवाच

हे ब्रह्मन् हे हरे मे हि युवां प्रियतरौ सदा।
दृष्ट्वा वां च ममानंदो भवत्यतितरां खलु॥ २८

युवां सुरविशिष्टौ हि त्रिभुवस्वामिनौ किल।
कथनं वां गरिष्ठेति भवकार्यरतात्मनोः॥ २९

उचितं न सुरश्रेष्ठौ विवाहकरणं मम।
तपोरतविरक्तस्य सदा विदितयोगिनः॥ ३०

यो निवृत्तिसुमार्गस्थः स्वात्मारामो निरंजनः।
अवधूततनुर्ज्ञानी स्वद्रष्टा कामवर्जितः॥ ३१

अविकारी ह्यभोगी च सदाशुचिरमङ्गलः।
तस्य प्रयोजनं लोके कामिन्या किं वदाधुना॥ ३२

केवलं योगलग्नस्य ममानंदः सदास्ति वै।
ज्ञानहीनस्तु पुरुषो मनुते बहु कामकम्॥ ३३

विवाहकरणं लोके विज्ञेयं परबंधनम्।
तस्मात्तस्य रुचिर्नो मे सत्यं सत्यं वदाम्यहम्॥ ३४

तपाईं ब्रह्मा सृष्टिकर्ता हुनुहुने छ, श्रीहरि जगत्को पालनकर्ता हुने छन् तथा म सगुण रुद्ररूप भएर संहारकर्ता हुने छु॥ २२॥

म एउटी स्त्रीका साथ विवाह गरी लोकको उत्तम कार्य गर्ने छु, [हे स्वामी!] हजुर आफैँद्वारा भनिएका वचनलाई याद गरी आफ्नो प्रतिज्ञा पूर्ण गर्नुहोस्॥ २३॥

हे स्वामी! हजुरको आदेश छ कि म सृष्टि गरूँ, श्रीहरि पालन गरून् र हजुर स्वयं संहारको कारण बनेर प्रकट हुन्छु, यसैले हजुर साक्षात् शिव नै संहारकर्ताको रूपमा प्रकट हुनुभएको छ। हजुरविना हामी दुवै आ-आफ्नो कार्य गर्नमा समर्थ छैनौँ। अतः हजुर लोकहितको कार्यमा तत्पर एउटी कामिनीलाई स्वीकार गर्नुहोस्॥ २४-२५॥

हे शम्भु! जस्तो लक्ष्मी भगवान् विष्णुकी र सावित्री मेरी सहधर्मिणी छिन्, त्यसै प्रकार हजुर यस समय आफ्नी सहचरी कान्तालाई ग्रहण गर्नुहोस्॥ २६॥

ब्रह्मा भन्नुहुन्छ—मेरा यी कुरा सुनेर मुस्कानयुक्त मुखमण्डल भएका ती लोकेश हर श्रीहरिको सामुन्ने मसित भन्न लागुभयो— ॥ २७॥

ईश्वर भन्नुहुन्छ—हे ब्रह्मन्! हे विष्णु! तपाईं दुवै मलाई सधैँ अत्यन्त प्रिय हुनुहुन्छ, तपाईं दुवैलाई देखेर मलाई ठुलो आनन्द हुन्छ॥ २८॥

तपाईंहरू समस्त देवताहरूमा श्रेष्ठ र त्रिलोकीको स्वामी हुनुहुन्छ। लोकहितको कार्यमा मन लगाइरहने तपाईं दुवैको वचन अत्यन्त गौरवपूर्ण छ॥ २९॥

तर हे सुरश्रेष्ठगण! सदा तपस्यामा संलग्न रहेर संसारबाट विरत रहने र योगीको रूपमा प्रसिद्ध मेरो निम्ति विवाह गर्नु उचित छैन; जो निवृत्तिको सुन्दर मार्गमा स्थित, आफ्नो आत्मामा नै रमण गर्ने, निरंजन, अवधूत देहवाला, ज्ञानी, आत्मदर्शी, कामनाबाट शून्य, विकाररहित, अभोगी, सदा अपवित्र र अमंगल वेशधारी छ, त्यसलाई संसारमा कामिनीसित के प्रयोजन छ, यो यस समय मलाई बताउनुहोस्॥ ३०—३२॥

मलाई त सदा केवल योगमा लागिरहन नै आनन्द आउँछ, ज्ञानहीन पुरुष नै भोगलाई बढ्ता महत्त्व दिन्छन्। संसारमा विवाह गर्नुलाई धेरै ठुलो बन्धन सम्झनु पर्छ। यसैले म सत्य-सत्य भन्छु कि त्यसमा मेरो अभिरुचि छैन। आत्मा नै आफ्नो उत्तम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न स्वार्थं मे प्रवृत्तिर्हि सम्यक् स्वार्थविचिंतनात्।
तथापि तत्करिष्यामि भवदुक्तं जगद्धितम्॥ ३५

मत्वा वचो गरिष्ठं वा निजोक्तिपरिपूर्तये।
करिष्यामि विवाहं वै भक्तवश्यः सदा ह्यहम्॥ ३६

अर्थ वा स्वार्थ हो, त्यसको राम्ररी चिन्तन गर्नाको कारण [लौकिक] स्वार्थमा मेरो प्रवृत्ति हुन्न, तथापि तपाईंले जगत्को हितका लागि हितकर जे जति भन्नुभएको छ, त्यसलाई म गर्ने छु। तपाईंको वचनलाई गरिष्ठ मानेर अथवा आफूले भनेका कुरालाई पूर्ण गर्नका लागि म अवश्य विवाह गर्ने छु; किनभने म सधैँ आफ्ना भक्तहरूको अधीन छु॥ ३३—३६॥

परंतु यादृशीं कांतां ग्रहीष्यामि यथापणम्।
तच्छृणुष्व हरे ब्रह्मन् युक्तमेव वचो मम॥ ३७

या मे तेजः समर्था हि ग्रहीतुं स्याद्विभागशः।
तां निदेशय भार्यार्थे योगिनीं कामरूपिणीम्॥ ३८

योगयुक्ते मयि तथा योगिन्येव भविष्यति।
कामासक्ते मयि तथा कामिन्येव भविष्यति॥ ३९

हे हरि! हे ब्रह्मन्! तर मैले जस्ती नारीलाई प्रिय पत्नीको रूपमा ग्रहण गर्ने छु र जुन शर्तका साथ गर्ने छु, त्यसलाई सुन्नुहोस्। मेरो वचन सर्वथा उचित छ। जुन नारी मेरो तेजलाई विभागपूर्वक ग्रहण गर्नमा समर्थ हुन्छिन्, त्यस योगिनी तथा कामरूपिणी स्त्रीलाई मेरी पत्नी बनाउनका लागि भन्नुहोस्। जब म योगमा तत्पर रहन्छु, तब उनले पनि योगिनी बनेर रहनु पर्ने छ र जब म कामासक्त हुन्छु, तब उनले पनि कामिनीको रूपमा रहनु पर्ने छ॥ ३७—३९॥

यमक्षरं वेदविदो निगदन्ति मनीषिणः।
ज्योतीरूपं शिवं ते च चिंतयिष्ये सनातनम्॥ ४०

तच्चिन्तायां यदासक्तो ब्रह्मन् गच्छामि भाविनीम्।
तत्र या विघ्नजननी न भवित्री हतास्तु मे॥ ४१

वेदवेत्ता विद्वान् जसलाई अविनाशी बताउँछन्, ती ज्योतिःस्वरूप सनातन शिवतत्त्वको म सदा चिन्तन गर्छु। हे ब्रह्मन्! ती सदाशिवको चिन्तनमा जब म लागेको हुँदिन तब त्यस कामिनीका साथ म समागम गर्न सक्छु। जो मेरो शिव-चिन्तनमा विघ्न पार्ने छन्, ती दुर्भगा स्त्री मेरो भार्या नबनुन्॥ ४०-४१॥

त्वं वा विष्णुरहं वापि शिवस्य ब्रह्मरूपिणः।
अंशभूता महाभागा योग्यं तदनुचिंतनम्॥ ४२

तपाईं ब्रह्मा, विष्णु र म महाभाग्यशाली ब्रह्मस्वरूप शिवका अंशभूत हौँ, अतः हाम्रो निम्ति उहाँको नित्य चिन्तन गर्नु उचित हुन्छ॥ ४२॥

तच्चिन्तया विनोद्वाहं स्थास्यामि कमलासन।
तस्माज्जायां प्रादिश त्वं मत्कर्मानुगतां सदा॥ ४३

हे कमलासन! उहाँको चिन्तनका लागि म विवाह नगरिकन पनि रहन सक्ने छु, तर उहाँको चिन्तन छोडेर विवाह गर्दिन। अतः तपाईंहरू मलाई यस प्रकारको पत्नी बताउनुहोस्, जो सदा मेरो कर्मको अनुकूल चल्न सकून्॥ ४३॥

तत्राप्येकं पणं मे त्वं शृणु ब्रह्मँश्च मां प्रति।
अविश्वासो मदुक्ते चेन्मया त्यक्ता भविष्यति॥ ४४

हे ब्रह्मन्! त्यसमा पनि मेरो एउटा शर्त छ, त्यसलाई तपाईं सुन्नुहोस्। यदि ती स्त्रीलाई ममाथि र मेरा वचनहरूमाथि अविश्वास भएको खण्डमा भने म उनलाई त्यागिदिने छु॥ ४४॥

ब्रह्मोवाच

इति तस्य वचः श्रुत्वाहं स विष्णुर्हरस्य च।
सस्मितं मोदितमनोऽवोचं चेति विनम्रकः॥ ४५

ब्रह्मा भन्नुहुन्छ—ती रुद्रका कुरा सुनेर मैले र श्रीविष्णुले मन्द मुस्कानका साथ मन-मनै प्रसन्नताको अनुभव गर्‍यौँ, फेरि मैले विनम्र भएर यसो भनें—॥ ४५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रृणु नाथ महेशान मार्गिता यादृशी त्वया।
निवेदयामि सुप्रीत्या तां स्त्रियं तादृशीं प्रभो॥ ४६

हे नाथ! हे महेश्वर! हे प्रभु! हजुरले जुन प्रकारकी स्त्रीको निर्देश गर्नुभएको छ, त्यस्तै स्त्रीको विषयमा म हजुरलाई प्रसन्नतापूर्वक बताउँदै छु॥ ४६॥

उमा सा भिन्नरूपेण सञ्जाता कार्यसाधिनी।
सरस्वती तथा लक्ष्मीर्द्विधारूपा पुरा प्रभो॥ ४७

ती उमा जगत्को कार्यसिद्धिका लागि भिन्न-भिन्न रूपमा प्रकट हुनुभएको छ। हे प्रभु! सरस्वती र लक्ष्मी यी दुई रूप धारण गरी उहाँ पहिला नै प्रकट भइसक्नुभएको छ॥ ४७॥

पद्मा कांताभवद्विष्णोस्तथा मम सरस्वती।
तृतीयरूपा सा नोऽभूल्लोककार्यहितैषिणी॥ ४८

महालक्ष्मी त विष्णुकी कान्ता तथा सरस्वती मेरी कान्ता भइन्। लोकहितको कार्य गर्ने इच्छा भएकी उहाँ अब हाम्रो निम्ति तेस्रो रूप धारण गरी प्रकट हुनुभएको छ॥ ४८॥

दक्षस्य तनया याभूत्सती नाम्ना तु सा विभो।
सैवेदृशी भवेद्भार्या भवेद्धि हितकारिणी॥ ४९

हे प्रभु! ती शिवा 'सती' नामले दक्षपुत्रीको रूपमा अवतीर्ण हुनुभएको छ। उहाँ नै हजुरकी यस्ती भार्या हुन सक्छिन्, जो सदा हजुरका लागि हितकारिणी हुनुहुने छ॥ ४९॥

सा तपस्यति देवेश त्वदर्थं हि दृढव्रता।
त्वां पतिं प्राप्तुकामा वै महातेजोवती सती॥ ५०

हे देवेश! उहाँ दृढव्रतमा स्थित भएर हजुरका लागि तप गरिरहनुभएको छ। ती महातेजस्विनी सती हजुरलाई पतिरूपमा प्राप्त गर्न इच्छुक हुनुहुन्छ॥ ५०॥

दातुं गच्छ वरं तस्यै कृपां कुरु महेश्वर।
तां विवाहय सुप्रीत्या वरं दत्त्वा च तादृशम्॥ ५१

हे महेश्वर! [ती सतीप्रति] कृपा गर्नुहोस्, उहाँलाई वर प्रदान गर्नका लागि जानुहोस् र त्यस्तो वर दिएर उहाँका साथ विवाह गर्नुहोस्॥ ५१॥

हरेर्मम च देवानामियं वाञ्छास्ति शंकर।
परिपूरय सद्दृष्ट्या पश्यामोत्सवमादरात्॥ ५२

हे शंकर! भगवान् विष्णुको, मेरो तथा सबै देवताहरूको यही इच्छा छ। हजुर आफ्नो शुभ दृष्टिले हाम्रो इच्छालाई पूर्ण गर्नुहोस्, जसबाट हामी त्यस उत्सवलाई आदरपूर्वक हेर्न सकौँ॥ ५२॥

मङ्गलं परमं भूयात् त्रिलोकेषु सुखावहम्।
सर्वज्वरो विनश्येद् वै सर्वेषां नात्र संशयः॥ ५३

यस्तो हुनाले तीनवटै लोकमा सुखदायक परम मंगल हुने छ र सबैका समस्त चिन्ताहरू मेटिने छन्, यसमा संशय छैन॥ ५३॥

अथवास्मद्वचःशेषेऽवदत्तं मधुसूदनः।
लीलाजाकृतिमीशानं भक्तवत्सलमच्युतः॥ ५४

मेरो कुरा पुरा भएपछि अच्युत मधुसूदनले लीलाद्वारा रूप धारण गर्नुहुने भक्तवत्सल ईशानसित भन्नुभयो—॥ ५४॥

विष्णुरुवाच

देवदेव महादेव करुणाकर शंकर।
यदुक्तं ब्रह्मणा सर्वं मदुक्तं तन्न संशयः॥ ५५

विष्णु भन्नुहुन्छ—हे देवाधिदेव! हे महादेव! हे करुणाकर! हे शम्भु! ब्रह्माले जे जति पनि भन्नुभएको छ, त्यसलाई मद्वारा नै भनिएको ठान्नुहोस्, यसमा कुनै प्रकारको सन्देह छैन॥ ५५॥

तत्कुरुष्व महेशान कृपां कृत्वा ममोपरि।
सनाथं कुरु सद्दृष्ट्या त्रिलोकं सुविवाह्य ताम्॥ ५६

हे महेश्वर! ममाथि कृपा गरी त्यसलाई गर्नुहोस्, ती सतीसित विवाह गरी यस त्रिलोकीलाई आफ्नो कृपा-दृष्टिले सनाथ पार्नुहोस्॥ ५६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

इत्युक्त्वा भगवान् विष्णुः तूष्णीमास मुने सुधीः ।
तथास्त्विति विहस्याह स प्रभुर्भक्तवत्सलः ॥ ५७

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! यो भनेर उत्तम बुद्धि भएका भगवान् विष्णु चुप लाग्नुभयो, तब भक्तवत्सल भगवान् शिवले हाँसेर 'तथास्तु' भन्नुभयो ॥ ५७ ॥

ततस्त्वावां च संप्राप्य चाज्ञां स मुनिभिः सुरैः ।
अगच्छाव स्वेष्टदेशं सस्त्रीकौ परहर्षितौ ॥ ५८

तत्पश्चात् उहाँबाट आज्ञा प्राप्त गरी पत्नीहरूसहित हामी दुवै मुनि तथा देवताहरूका साथ अत्यन्त प्रसन्न हुँदै आ-आफ्नो अभीष्ट स्थानमा गयौँ ॥ ५८ ॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां द्वितीये सतीखण्डे
विष्णुब्रह्मकृतशिवप्रार्थनावर्णनं नाम षोडशोऽध्यायः ॥ १६ ॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको द्वितीय सतीखण्डमा विष्णु र ब्रह्माद्वारा शिवको प्रार्थनाको वर्णन नामक सोह्रौँ अध्याय पूर्ण भयो ॥ १६ ॥

अथ सप्तदशोऽध्यायः

भगवान् शिवद्वारा सतीलाई वर-प्राप्ति र शिवले ब्रह्मालाई दक्ष प्रजापतिकहाँ पठाउनु

ब्रह्मोवाच

इत्युक्ता सर्वदेवैश्च कृता शंभोर्नुतिः परा।
शिवाच्च सा वरं प्राप्ता शृणु ह्यादरतो मुने॥ १

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार मैले सबै देवताहरूद्वारा गरिएको शिवको उत्तम स्तुतिलाई तपाईंसित भनिदिएँ। हे मुनि! सतीले जुन प्रकार शिवबाट वर प्राप्त गर्नुभयो, त्यसलाई अब मबाट सुन्नुहोस् ॥ १ ॥

अथो सती पुनः शुक्लपक्षेऽष्टम्यामुपोषिता।
आश्विने मासि सर्वेशं पूजयामास भक्तितः॥ २

सतीले आश्विन महिनाको शुक्लपक्षको अष्टमी तिथिमा उपवास बसी भक्तिपूर्वक सर्वेश्वर शिवको पूजा गर्नुभयो ॥ २ ॥

इति नंदाव्रते पूर्णे नवम्यां दिनभागतः।
तस्यास्तु ध्यानमग्नायाः प्रत्यक्षमभवद् हरः॥ ३

यस प्रकार नन्दाव्रत पूर्ण भएपछि नवमी तिथिको केही भाग बाँकी रहेको थियो, त्यस समय ध्यानमा निमग्न ती सतीको सामुन्ने शिव प्रकट हुनुभयो ॥ ३ ॥

सर्वाङ्गसुन्दरो गौरः पञ्चवक्त्रस्त्रिलोचनः।
चंद्रभालः प्रसन्नात्मा शितिकंठश्चतुर्भुजः॥ ४

त्रिशूलब्रह्मकवराभयधृग्भस्मभास्वरः ।
स्वर्धुन्या विलसच्छीर्षः सकलाङ्गमनोहरः॥ ५

महालावण्यधामा च कोटिचन्द्रसमाननः।
कोटिस्मरसमा कांतिः सर्वथा स्त्रीप्रियाकृतिः॥ ६

उहाँ सर्वांगसुन्दर तथा गोरोवर्णको हुनुहुथ्यो, उहाँका पाँच मुख थिए र प्रत्येक मुखमा तीन-तीन नेत्र थिए। जटामा चन्द्रमा शोभित थियो, उहाँको चित्त प्रसन्न थियो, उहाँको कण्ठ नीलो थियो र उहाँका चार हात थिए, उहाँले हातहरूमा त्रिशूल-ब्रह्मकपाल-वर तथा अभय मुद्रालाई धारण गरिराख्नु भएको थियो, भस्ममय अंगरागले उहाँको शरीर उद्भासित भइरहेको थियो, उहाँको शिरमा गंगा शोभा बढाइरहेकी थिइन् तथा उहाँका सबै अंग मनोहर थिए, उहाँ परम सौन्दर्यका धाम हुनुहुन्थो, उहाँको मुख करोडौँ चन्द्रमाको समान प्रकाशमान थियो, उहाँको कान्ति करोडौँ कामदेवको समान थियो र उहाँको आकृति स्त्रीहरूलाई प्रिय लाग्ने खालको थियो ॥ ४—६ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रत्यक्षतो हरं वीक्ष्य सती सेदृग्विधं प्रभुम्।
ववन्दे चरणौ तस्य सुलज्जावनतानना॥ ७

अथ प्राह महादेवः सतीं सद्व्रतधारिणीम्।
तामिच्छन्नपि भार्यार्थं तपश्चर्याफलप्रदः॥ ८

महादेव उवाच

दक्षनंदिनि प्रीतोऽस्मि व्रतेनानेन सुव्रते।
वरं वरय संदास्ये यत्तवाभिमतं भवेत्॥ ९

ब्रह्मोवाच

जानन्नपीह तद्भावं महादेवो जगत्पतिः।
जगौ वरं वृणीष्वेति तद्वाक्यश्रवणेच्छया॥ १०

सापि त्रपावशा युक्ता वक्तुं नो हृदि यत्स्थितम्।
शशाक सा त्वभीष्टं यत्तल्लज्जाच्छादितं पुनः॥ ११

प्रेममग्नाभवत्साति श्रुत्वा शिववचः प्रियम्।
तज्ज्ञात्वा सुप्रसन्नोऽभूच्छंकरो भक्तवत्सलः॥ १२

वरं ब्रूहि वरं ब्रूहि प्राहेति स पुनर्द्रुतम्।
सतीभक्तिवशः शंभुरंतर्यामी सतां गतिः॥ १३

अथ त्रपां स्वां संधाय यदा प्राह हरं सती।
यथेष्टं देहि वरद वरमित्यनिवारकम्॥ १४

तदा वाक्यस्यावसानमनवेक्ष्य वृषध्वजः।
भव त्वं मम भार्येति प्राह तां भक्तवत्सलः॥ १५

एतच्छ्रुत्वा वचस्तस्य साभीष्टफलभावनम्।
तूष्णीं तस्थौ प्रमुदिता वरं प्राप्य मनोगतम्॥ १६

सकामस्य हरस्याग्रे स्थिता सा चारुहासिनी।
अकरोन्निजभावांश्च हावान्कामविवर्धनान्॥ १७

ततो भावान्समादाय शृङ्गाराख्यो रसस्तदा।
तयोश्चित्ते विवेशाशु कला हावा यथोदितम्॥ १८

तत्प्रवेशात्तु देवर्षे लोकलीलानुसारिणोः।
काप्यभिख्या तयोरासीच्चित्राचन्द्रमसोर्यथा॥ १९

यस प्रकारका प्रभु महादेवलाई प्रत्यक्ष देखेर सतीले लज्जापूर्वक तलतिर मुख गरी उहाँका चरणहरूमा प्रणाम गर्नुभयो। तपस्याको फल प्रदान गर्नुहुने महादेव उत्तम व्रत धारण गर्नुहुने सतीलाई पत्नीरूपमा प्राप्त गर्ने इच्छा राख्दै उहाँसित भन्न लाग्नुभयो—॥ ७-८॥

महादेव भन्नुहुन्छ—हे दक्षनन्दिनी! म तिम्रो यस व्रतबाट प्रसन्न छु। हे सुव्रता! जे तिम्रो अभीष्ट वर छ, त्यसलाई माग, म प्रदान गर्ने छु॥ ९॥

ब्रह्मा भन्नुहुन्छ—[मुनि!] जगदीश्वर महादेवले सतीको भावनालाई जानेर पनि उहाँको कुरा सुन्ने इच्छाले 'वर माग'—यस्तो भन्नुभयो॥ १०॥

उहाँ लज्जाको वशमा पर्नुभयो र जे उहाँको मनमा थियो, त्यसलाई भन्न सक्नुभएन। उहाँको जे अभीष्ट थियो, त्यो लज्जाले ढाकिन गएको थियो। शिवको प्रिय वचन सुनेर उहाँ प्रेममा विभोर हुनुभयो। त्यसलाई जानेर भक्तवत्सल शंकर अत्यन्त हर्षित हुनुभयो॥ ११-१२॥ सत्पुरुषहरूका शरणस्वरूप तथा अन्तर्यामी ती शिव सतीको भक्तिको वशीभूत भएर वर माग, वर माग—यस्तो शीघ्रतापूर्वक पटक-पटक भन्न लाग्नुभयो॥ १३॥

त्यस समय सतीले आफ्नो लज्जालाई रोकेर शिवसित भन्नुभयो—हे वरद! हजुर कहिल्यै नडगमगाउने अटल वर प्रदान गर्नुहोस्॥ १४॥

शिवले अनुभूति गर्नुभयो कि सती आफ्नो कुरा पूरा भन्न सकिरहेकी छैनन्, यसर्थ उहाँले स्वयं नै भन्नुभयो—हे देवि! तिमी मेरी पत्नी बन॥ १५॥

आफ्नो अभीष्ट फललाई प्रकट गर्नुहुने शिवका वचनलाई सुनेर र आफ्नो मनोगत वर प्राप्त गरी सती प्रसन्न भएर चुपचाप उभिरहनुभयो। उहाँ सकाम शिवको सामुन्ने मन्द-मन्द मुस्कुराउँदै कामनालाई बढाउने खालका आफ्ना हाव-भाव प्रकट गर्न लाग्नुभयो॥ १६-१७॥

सतीद्वारा अभिव्यक्त हाव-भावलाई स्वीकार गरी श्रृंगाररस ती दुवैको चित्तमा शीघ्रतापूर्वक प्रवेश गर्‍यो॥ १८॥

हे देवर्षि! श्रृंगाररसको प्रवेश हुनासाथ लोकलीला गर्नुहुने शिव तथा सतीको विचित्र आकृतिले युक्त चन्द्रमाको समान विलक्षण कान्ति भयो॥ १९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रेजे सती हरं प्राप्य स्निग्धभिन्नाञ्जनप्रभा।
चन्द्राभ्याशेऽभ्रलेखेव स्फटिकोज्ज्वलवर्ष्मणः॥ २०

काला तथा चम्किला गाजलको समान कान्ति भएकी सती स्फटिकमणि सदृश कान्तियुक्त ती शिवलाई प्राप्त गरी यस प्रकार शोभित हुनुभयो, जसरी अभ्रलेखा [मेघमाला] चन्द्रमालाई प्राप्त गरी शोभित हुन्छन्॥ २०॥

अथ सा तमुवाचेदं हरं दाक्षायणी मुहुः।
सुप्रसन्ना करौ बद्ध्वा नतका भक्तवत्सलम्॥ २१

त्यसपछि दक्षकन्या सती अत्यन्त प्रसन्न भएर दुवै हात जोडेर भक्तवत्सल भगवान् शिवसित विनम्रतापूर्वक भन्न लाग्नुभयो— ॥ २१॥

सत्युवाच

देवदेव महादेव विवाहविधिना प्रभो।
पितुर्मे गोचरीकृत्य मां गृहाण जगत्पते॥ २२

सती भन्नुहुन्छ—हे देवदेव! हे महादेव! हे प्रभु! हे जगत्पति! हजुर मेरा पिताकहाँ गएर वैवाहिक विधिले मलाई ग्रहण गर्नुहोस्॥ २२॥

ब्रह्मोवाच

एवं सतीवचः श्रुत्वा महेशो भक्तवत्सलः।
तथास्त्विति वचः प्राह निरीक्ष्य प्रेमतश्च ताम्॥ २३

ब्रह्मा भन्नुहुन्छ—हे नारद! यस प्रकार सतीको कुरा सुनेर भक्तवत्सल महादेवले प्रेमपूर्वक उहाँतिर हेरेर यो वचन भन्नुभयो—त्यस्तै हुने छ॥ २३॥

दाक्षायण्यपि तं नत्वा शंभुं विज्ञाप्य भक्तितः।
प्राप्ताज्ञा मातुरभ्याशमगान्मोहमुदान्विता॥ २४

हरोऽपि हिमवत्प्रस्थं प्रविश्य च निजाश्रमम्।
दाक्षायणीवियोगाद्वै कृच्छ्रं ध्यानपरोऽभवत्॥ २५

तब दक्षकन्या सती पनि ती शिवलाई प्रणाम गरी भक्तिपूर्वक विदा मागेर पुनः उहाँको आज्ञा प्राप्त गरी मोह र आनन्दले युक्त भई आफ्नी माताकहाँ जानुभयो। शिव पनि हिमालयको शिखरमा आफ्नो आश्रममा प्रवेश गरी दक्षकन्या सतीको वियोगको कारण ठुलो कठिनाईले ध्यानमा तत्पर हुन सक्नुभयो॥ २४-२५॥

समाधाय मनः शंभुर्लौकिकीं गतिमाश्रितः।
चिंतयामास देवर्षे मनसा मां वृषध्वजः॥ २६

हे देवर्षि! मनलाई एकाग्र गरी लौकिक गतिको आश्रय लिएर वृषध्वज शंकरले मन-मनै मेरो स्मरण गर्नुभयो॥ २६॥

ततः संचिन्त्यमानोऽहं महेशेन त्रिशूलिना।
पुरस्तात्प्राविशत्तूर्णं हरसिद्धिप्रचोदितः॥ २७

यत्रासौ हिमवत्प्रस्थे तद्वियोगी हरः स्थितः।
सरस्वतीयुतस्तात तत्रैव समुपस्थितः॥ २८

तब त्रिशूलधारी महेश्वरले स्मरण गर्नुभएपछि उहाँको सिद्धिबाट प्रेरित भएर म तत्काल उहाँको समीपमा पुगेँ र हे तात! हिमालयको शिखरमा जहाँ सतीको वियोगजनित दुःखको अनुभव गर्नुहुने महादेव विद्यमान हुनुहुन्थ्यो, त्यहीँ म सरस्वतीसहित उपस्थित भएँ॥ २७-२८॥

सरस्वतीयुतं मां च देवर्षे वीक्ष्य स प्रभुः।
उत्सुकः प्रेमबद्धश्च सत्या शंभुरुवाच ह॥ २९

हे देवर्षि! त्यसपछि सरस्वतीसहित म ब्रह्मालाई देखेर सतीको प्रेममा बाँधिनुभएका शिव उत्सुकतापूर्वक भन्न लाग्नुभयो— ॥ २९॥

शंभुरुवाच

अहं ब्रह्मन्स्वार्थपरः परिग्रहकृतौ च यत्।
तदा स्वत्वमिव स्वार्थे प्रतिभाति ममाधुना॥ ३०

शम्भु भन्नुहुन्छ—हे ब्रह्मन्! म जबदेखि विवाहको कार्यमा स्वार्थबुद्धि गरी बसेको छु, तबदेखि मलाई यस स्वार्थमा नै स्वत्व-झैँ प्रतीत भइरहेको छ॥ ३०॥

अहमाराधितः सत्या दाक्षायण्याथ भक्तितः।
तस्यै वरो मया दत्तो नंदाव्रतप्रभावतः॥ ३१

दक्षकन्या सतीले बडो भक्तिभावले मेरो आराधना गरेकी छिन् र मैले नन्दाव्रतको प्रभावले उनलाई [अभीष्ट] वर दिएको छु॥ ३१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भर्ता भवेति च तया मत्तो ब्रह्मन् वरो वृतः।
मम भार्या भवेत्युक्तं मया तुष्टेन सर्वथा॥ ३२

हे ब्रह्मन्! ती सतीले मसित यही वर मागिन् कि हजुर मेरो पति हुनुहोस्। तब सर्वथा सन्तुष्ट भएर मैले पनि भनिदिएँ कि तिमी मेरी पत्नी हुने छौ॥ ३२॥

अथावदत्तदा मां सा सती दाक्षायणी त्विति।
पितुर्मे गोचरीकृत्य मां गृहाण जगत्पते॥ ३३

तदप्यङ्गीकृतं ब्रह्मन्मया तद्भक्तितुष्टितः।
सा गता भवनं मातुरहमत्रागतो विधे॥ ३४

त्यसपछि ती सतीले मसित भनिन्—हे जगत्पति! मेरो पितालाई सूचित गरी [वैवाहिक विधिको पालन गर्दै] मलाई ग्रहण गर्नुहोस्। हे ब्रह्मन्! उनको भक्तिले सन्तुष्ट भएको मैले त्यसलाई पनि स्वीकार गरेँ। हे विधि! [यस प्रकारको वर प्राप्त गरी] सती आफ्नी माताका समक्ष गइन् र म यहाँ आएँ॥ ३३-३४॥

तस्मात्त्वं गच्छ भवनं दक्षस्य मम शासनात्।
तां दक्षोऽपि यथा कन्यां दद्यान्मेऽरं तथा वद॥ ३५

यसैले हे ब्रह्मन्! तपाईं मेरो आज्ञाले दक्षको घर जानुहोस् र ती दक्षप्रजापति जुन प्रकार मलाई शीघ्र आफ्नी कन्या प्रदान गरून्, त्यस प्रकार उनीसित भन्नुहोस्॥ ३५॥

सतीवियोगभङ्गः स्याद्यथा मे त्वं तथा कुरु।
समाश्वासय तं दक्षं सर्वविद्याविशारदः॥ ३६

जुन प्रकार मेरो सतीवियोग समाप्त होस्, तपाईं त्यस्तै उपाय गर्नुहोस्। तपाईं सबै प्रकारका विद्याहरूमा निपुण हुनुहुन्छ, अतः [यस कुराका लागि] दक्ष-प्रजापतिलाई सम्झाउनुहोस्॥ ३६॥

ब्रह्मोवाच

इत्युदीर्य महादेवः सकाशे मे प्रजापतेः।
सरस्वतीं विलोक्याशु वियोगवशगोऽभवत्॥ ३७

ब्रह्मा भन्नुहुन्छ—यो भनेर ती शिव म ब्रह्माको समीप स्थित सरस्वतीलाई देखेर तत्काल सतीको वियोगको वशीभूत हुनुभयो॥ ३७॥

तेनाहमपि चाज्ञप्तः कृतकृत्यो मुदान्वितः।
प्रावोचं चेति जगतां नाथं तं भक्तवत्सलम्॥ ३८

उहाँको आज्ञा पाएर म कृतकृत्य र प्रसन्न भएँ तथा ती भक्तवत्सल जगत्पतिसित यो भन्न लागेँ—॥ ३८॥

ब्रह्मोवाच

यदात्थ भगवन् शम्भो तद्विचार्य सुनिश्चितम्।
मुख्यः स्वार्थो हि देवानां ममापि वृषभध्वज॥ ३९

दक्षस्तुभ्यं सुतां स्वां च स्वयमेव प्रदास्यति।
अहं चापि वदिष्यामि त्वद्वाक्यं तत्समक्षतः॥ ४०

ब्रह्मा भन्नुहुन्छ—भगवान्! हे शम्भु! हजुरले जे जति भन्नुभएको छ, त्यसमा राम्ररी विचार गरी हामीहरूले [पहिला नै] त्यसलाई सुनिश्चित गरिसकेका छौँ। हे वृषभध्वज! यसमा देवताहरूको र मेरो पनि मुख्य स्वार्थ छ। दक्ष प्रजापति स्वयं नै हजुरलाई आफ्नी पुत्री प्रदान गर्ने छन् र म पनि उनीकहाँ गएर हजुरका वचन भन्ने छु॥ ३९-४०॥

ब्रह्मोवाच

इत्युदीर्य महादेवमहं सर्वेश्वरं प्रभुम्।
अगमं दक्षनिलयं स्यंदनेनातिवेगिना॥ ४१

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] सर्वेश्वर प्रभु महादेवसित यस प्रकार भनेर म अत्यन्त वेगशाली रथबाट दक्षको घर पुगेँ॥ ४१॥

नारद उवाच

विधे प्राज्ञ महाभाग वद नो वदतां वर।
सत्यै गृहागतायै स दक्षः किमकरोत्ततः॥ ४२

नारद भन्नुहुन्छ—हे प्राज्ञ! हे महाभाग! हे विधि! हे वक्ताहरूमा श्रेष्ठ! [तपस्या पश्चात्] घर फर्किएर आउनुभएका सतीका लागि दक्षले के गरे?॥ ४२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

तपस्तप्त्वा वरं प्राप्य मनोऽभिलषितं सती।
गृहं गत्वा पितुर्मातुः प्रणाममकरोत्तदा॥ ४३

मात्रे पित्रेऽथ तत्सर्वं समाचख्यौ महेश्वरात्।
वरप्राप्तिः स्वसख्या वै सत्यास्तुष्टात्तु भक्तितः॥ ४४

माता पिता च वृत्तान्तं सर्वं श्रुत्वा सखीमुखात्।
आनन्दं परमं लेभे चक्रे च परमोत्सवम्॥ ४५

द्रव्यं ददौ द्विजातिभ्यो यथाभीष्टमुदारधीः।
अन्येभ्यश्चांधदीनेभ्यो वीरिणी च महामनाः॥ ४६

वीरिणी तां समालिंग्य स्वसुतां प्रीतिवर्द्धिनीम्।
मूर्ध्न्युपाघ्राय मुदिता प्रशशंशुर्मुहुर्मुहुः॥ ४७

अथ दक्षः कियत्काले व्यतीते धर्मवित्तमः।
चिन्तयामास देयेयं स्वसुता शम्भवे कथम्॥ ४८

आगतोऽपि महादेवः प्रसन्नः स जगाम ह।
पुनरेव कथं सोऽपि सुतार्थेऽत्रागमिष्यति॥ ४९

प्रस्थाप्योऽथ मया कश्चिच्छंभोर्निकटमञ्जसा।
नैतद्योग्यं न गृह्णीयाद्यद्येवं विफलार्दना॥ ५०

अथवा पूजयिष्यामि तमेव वृषभध्वजम्।
मदीयतनया भक्त्या स्वयमेव यथा भवेत्॥ ५१

तयैव पूजितः सोऽपि वाञ्छत्यार्यप्रयत्नतः।
शंभुर्भवतु मद्भर्तेत्येवं दत्तवरेण तत्॥ ५२

इति चिन्तयतस्तस्य दक्षस्य पुरतोऽन्वहम्।
उपस्थितोऽहं सहसा सरस्वत्यन्वितस्तदा॥ ५३

मां दृष्ट्वा पितरं दक्षः प्रणम्यावनतः स्थितः।
आसनं च ददौ मह्यं स्वभवाय यथोचितम्॥ ५४

ब्रह्मा भन्नुहुन्छ—तपस्या गरी मनोऽभिलषित वर प्राप्त गरी तथा घर गएर सतीले माता-पितालाई प्रणाम गर्नुभयो। तत्पश्चात् सतीले आफ्नी सखीद्वारा माता-पितासित त्यो सारा वृत्तान्त सुनाउनुभयो, जसरी उहाँको भक्तिले प्रसन्न भएका महेश्वरबाट उहाँलाई वरको प्राप्ति भएको थियो॥ ४३-४४॥

सखीका मुखबाट सारा वृत्तान्त सुनेर माता-पितालाई ठुलो आनन्द भयो र उनीहरूले महान् उत्सव मनाए॥ ४५॥

उदारचित्त दक्ष र महामनस्विनी वीरिणीले ब्राह्मणहरूलाई उनीहरूको इच्छानुसार धन दिए र अन्धा, दीन तथा अन्य व्यक्तिहरूलाई पनि धन बाँडे॥ ४६॥

प्रीति बढाउने आफ्नी त्यस पुत्रीलाई हृदयमा लगाएर उनको शिर सुँघे तथा आनन्दविभोर भएर वीरिणीले पटक-पटक उनको प्रशंसा गरिन्॥ ४७॥

केही समय बितेपछि धर्मज्ञहरूमा श्रेष्ठ दक्ष यस चिन्तामा परे कि म आफ्नी यी पुत्री शंकरलाई कुन प्रकार प्रदान गरूँ?॥ ४८॥ महादेव प्रसन्न भएर मेरी पुत्रीलाई वर दिनका लागि आउनुभएको थियो, तर उहाँ त जानुभयो, अब मेरी पुत्रीका लागि उहाँ पुनः कसरी आउनुहुने छन्?॥ ४९॥

यदि म कसैलाई उहाँको समीप शीघ्र पठाउँ, त यो पनि उचित हुन्न; किनभने यदि उहाँले पुत्रीलाई स्वीकार गर्नुभएन भनो मेरो याचना निष्फल हुनेछ॥ ५०॥

अथवा म स्वयं उहाँको पूजा-अर्चना गरूँ, जसबाट कि उहाँ मेरी पुत्रीको भक्तिले प्रसन्न भएर स्वयं यसलाई ग्रहण गरी उनको पति बन्ने छन्॥ ५१॥

त्यस सतीद्वारा श्रेष्ठ प्रयत्नले पूजित भएर उहाँ पनि उनलाई पाउन चाहनुहुन्छ; किनभने उहाँले 'मेरो पति शिव होऊन्'—सतीलाई यो वर दिइसक्नुभएको छ॥ ५२॥ यस प्रकारको चिन्तामा परेका दक्षप्रजापतिको सामुन्ने म सरस्वतीका साथ एकाएक उपस्थित भएँ॥ ५३॥

आफ्नो पिता म ब्रह्मालाई देखेर प्रणाम गरी दक्ष विनीत भावले उभिए र उनले मलाई यथोचित आसन दिए॥ ५४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततो मां सर्वलोकेशं तत्रागमनकारणम्।
दक्षः पप्रच्छ स क्षिप्रं चिंताविष्टोऽपि हर्षितः॥ ५५

दक्ष उवाच

तवात्रागमने हेतुः कः प्रवेशे स सृष्टिकृत्।
ममोपरि सुप्रसादं कृत्वाचक्ष्व जगद्गुरो॥ ५६

पुत्रस्नेहात्कार्यवशादथवा लोककारक।
ममाश्रमं समायातो हृष्टस्य तव दर्शनात्॥ ५७

ब्रह्मोवाच

इति पृष्टः स्वपुत्रेण दक्षेण मुनिसत्तम।
विहसन्नब्रुवं वाक्यं मोदयंस्तं प्रजापतिम्॥ ५८

ब्रह्मोवाच

शृणु दक्ष यदर्थं त्वत्समीपमहमागतः।
त्वत्तो कस्य हितं मेऽपि भवतोऽपि तदीप्सितम्॥ ५९

तव पुत्री समाराध्य महादेवं जगत्पतिम्।
यो वरः प्रार्थितस्तस्य समयोऽयमुपागतः॥ ६०

शंभुना तव पुत्र्यर्थं त्वत्सकाशमहं ध्रुवम्।
प्रस्थापितोऽस्मि यत्कृत्यं श्रेयस्तदवधारय॥ ६१

वरं दत्त्वा गतो रुद्रस्तावत्प्रभृति शंकरः।
त्वत्सुताया वियोगेन न शर्म लभतेऽञ्जसा॥ ६२

अलब्धच्छिद्रमदनो जिगाय गिरिशं न यम्।
सर्वैः पुष्पमयैर्बाणैर्यत्नं कृत्वापि भूरिशः॥ ६३

स कामबाणविद्धोऽपि परित्यज्यात्मचिंतनम्।
सतीं विचिन्तयन्नास्ते व्याकुलः प्राकृतो यथा॥ ६४

विस्मृत्य प्रश्रुतां वाणीं गणाग्रे विप्रयोगतः।
क्व सतीत्येवमभितो भाषते निकृतावपि॥ ६५

मया यद्वाञ्छितं पूर्वं त्वया च मदनेन च।
मरीच्याद्यैर्मुनिवरैस्तत्सिद्धमधुना सुत॥ ६६

तत्पश्चात् चिन्ताले युक्त भए तापनि हर्षित भएका ती दक्ष तत्काल सर्वलोकेश्वर म ब्रह्मासित आगमनको कारण सोध्न लागे—॥ ५५॥

दक्ष भन्दछन्—हे जगद्गुरु! हे सृष्टिकर्ता! यहाँ हजुरको आगमनको के कारण छ, ममाथि महती कृपा गरी त्यसलाई भन्नुहोस्॥ ५६॥

हे लोककारक! हजुर म पुत्रको स्नेहवश अथवा कुनै कार्यवश मेरो आश्रममा आउनुभएको छ, हजुरको दर्शनले मलाई प्रसन्नता भइरहेको छ॥ ५७॥

ब्रह्मा भन्नुहुन्छ—हे मुनिसत्तम! आफ्नो पुत्र दक्षद्वारा यस प्रकार सोधिए पछि म ती प्रजापतिलाई प्रसन्न पार्दै हाँसेर भन्न लागेँ॥ ५८॥

ब्रह्मा भन्नुहुन्छ—हे दक्ष! म जुन उद्देश्यले यहाँ तपाईंकहाँ आएको छु, त्यसलाई सुन्नुहोस्। जे गर्नाले तपाईंको तथा मेरो (हामी दुवैको) अभीष्ट सिद्ध हुने छ॥ ५९॥

तपाईंकी पुत्री सतीले जगत्पति महादेवको आराधना गरी जुन वर प्राप्त गर्नुभएको छ, त्यसको समय अब उपस्थित भइसकेको छ॥ ६०॥

शम्भुले तपाईंकी पुत्रीलाई पत्नीरूपमा प्राप्त गर्नका लागि नै मलाई तपाईंकहाँ पठाउनुभएको छ। अब [तपाईंका लागि] जुन कल्याणकारी कार्य छ, त्यसलाई गर्नुहोस्॥ ६१॥ जबदेखि रुद्र वर प्रदान गरी जानुभयो, तबदेखि तपाईंकी पुत्रीको वियोगको कारण ती शंकरलाई शान्ति प्राप्त हुन सकेको छैन॥ ६२॥

कामदेवले आफ्ना समस्त पुष्पबाणहरूद्वारा अनेक उपाय गर्दामा पनि छिद्र भेटाउन नसकेका कारण जसलाई जित्न सकेनन्, उनै शिव अब कामबाणले विद्ध भएर आफ्नो आत्मचिन्तन त्यागेर सतीको चिन्ता गर्दै सामान्य प्राणी झैं व्याकुल भइरहेका छन्॥ ६३-६४॥

उहाँ सुनेका वाणीलाई पनि बिर्सनुहुन्छ तथा सतीको वियोगवश आफ्ना गणहरूका समक्ष नै 'सती तिमी कहाँ छौ'—यस प्रकारको वाणी भन्दै कुनै पनि काममा प्रवृत्त हुनुहुन्न। हे सुत! मैले, तपाईंले, कामदेवले तथा मरीचि आदि श्रेष्ठ मुनिहरूले जुन पूर्वमा चाहेका थियौं, त्यो यस समय सिद्ध भएको छ॥ ६५-६६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्वत्पुत्र्याराधितः शंभुः सोऽपि तस्या विचिंतनात्।
अनुशोधयितुं प्रेप्सुर्वर्तते हिमवद्‌गिरौ ॥ ६७

यथा नानाविधैर्भावैः सत्त्वात्तेन व्रतेन च।
शंभुराराधितस्तेन तथैवाराध्यते सती ॥ ६८

तपाईंकी पुत्रीले शम्भुको आराधना गर्नुभएको छ, यसबाट उहाँ पनि उनको चिन्ता गर्दै उनलाई प्राप्त गर्ने इच्छाले युक्त भएर हिमालय पर्वतमा स्थित हुनुहुन्छ। जसरी सतीले अनेक प्रकारका भावहरू र सात्त्विकतापूर्वक व्रतद्वारा शिवको आराधना गर्नुभएको थियो, त्यसै प्रकार [यस समय] उहाँ पनि सतीको आराधना गरिरहनुभएको छ ॥ ६७-६८ ॥

तस्मात्तु दक्ष तनयां शंभ्वर्थं परिकल्पिताम्।
तस्मै देह्यविलंबेन कृता ते कृतकृत्यता ॥ ६९

यसैले हे दक्ष! शिवका लागि नै रचिएकी आफ्नी पुत्रीलाई तपाईं अविलम्ब उहाँलाई प्रदान गरिदिनुहोस्, यस्तो गर्नाले तपाईं कृतकृत्य हुनुहुनेछ ॥ ६९ ॥

अहं तमानयिष्यामि नारदेन त्वदालयम्।
तस्मै त्वमेनां संयच्छ तदर्थे परिकल्पिताम् ॥ ७०

म नारदका साथ गएर उहाँलाई तपाईंको घरमा ल्याउने छु र उहाँकै लागि रचिएकी यी सतीलाई उनैलाई अर्पित गरिदिनुहोस् ॥ ७० ॥

ब्रह्मोवाच

श्रुत्वा मम वचश्चेति स मे पुत्रोऽतिहर्षितः।
एवमेवेति मां दक्ष उवाच परहर्षितः ॥ ७१
ततः सोऽहं मुने तत्रागममत्यन्तहर्षितः।
उत्सुको लोकनिरतो गिरिशो यत्र संस्थितः ॥ ७२

ब्रह्मा भन्नुहुन्छ—हे नारद! मेरा यी कुरा सुनेर मेरो पुत्र दक्ष परम प्रसन्न भए र उनले अत्यन्त हर्षित भएर मसित भने—ठीक छ, त्यस्तै हुने छ ॥ ७१ ॥

त्यसपछि हे मुनि! म अत्यन्त हर्षित भई त्यहाँ गएँ, जहाँ लोककल्याणमा तत्पर रहनुहुने शिव उत्सुक भएर बस्नुभएको थियो ॥ ७२ ॥

गते नारद दक्षोऽपि सदारतनयो ह्यपि।
अभवत्पूर्णकामस्तु पीयूषैरिव पूरितः ॥ ७३

हे नारद! म गएपछि स्त्री र पुत्रीसहित दक्ष पनि अमृतले परिपूर्ण भएसमान पूर्णकाम [सफल मनोरथवाला] भए ॥ ७३ ॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां द्वितीये सतीखण्डे सतीवरलाभो नाम सप्तदशोऽध्यायः ॥ १७ ॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको द्वितीय सतीखण्डमा सती-वरलाभवर्णन नामक सत्रौँ अध्याय पूर्ण भयो ॥ १७ ॥

अथाष्टादशोऽध्यायः

देवताहरू र मुनिहरूसहित भगवान् शिव दक्षको घर जानु, दक्षद्वारा सबैको सत्कार एवं सती तथा शिवको विवाह

नारद उवाच

रुद्रपार्श्वे त्वयि गते किमभूच्चरितं ततः।
का वार्ता ह्यभवत्तात किं चकार हरः स्वयम् ॥ १

नारद भन्नुहुन्छ—जब हजुर भगवान् रुद्रका समक्ष जानुभयो, तब के चरित्र भयो, हे बुबा! कुनचाहिँ कुरा भयो र शिवले स्वयं के गर्नुभयो? ॥ १ ॥

ब्रह्मोवाच

अथाहं शिवमानेतुं प्रसन्नः परमेश्वरम्।
आसदं हि महादेवं हिमवद्‌गिरिसंस्थितम् ॥ २

ब्रह्मा भन्नुहुन्छ—हे नारद! त्यसपछि म हिमालय पर्वतको कैलास शिखरमा बस्नुहुने परमेश्वर महादेव शिवलाई ल्याउनका लागि प्रसन्नतापूर्वक उहाँको समीपमा गएँ ॥ २ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मां वीक्ष्य लोकस्त्रष्टारमायान्तं वृषभध्वजः।
मनसा संशयं चक्रे सतीप्राप्तौ मुहुर्मुहुः॥ ३

अथ प्रीत्या हरो लोके गतिमाश्रित्य लीलया।
सत्या भक्त्या च मां क्षिप्रमुवाच प्राकृतो यथा॥ ४

ईश्वर उवाच

किमकार्षीत्सुरज्येष्ठ सत्यर्थे त्वत्सुतः स माम्।
कथयस्व यथा स्वान्तं न दीर्येन्मन्मथेन हि॥ ५

धावमानो विप्रयोगो मामेव च सतीं प्रति।
अभिहन्ति सुरज्येष्ठ त्यक्त्वान्यां प्राणधारिणीम्॥ ६

सतीति सततं ब्रह्मन् वद कार्यं करोम्यहम्।
अभेदान्मम सा प्राप्या तद्विधे क्रियतां तथा॥ ७

ब्रह्मोवाच

इति रुद्रोक्तवचनं लोकाचारसुगर्भितम्।
श्रुत्वाहं नारदमुने सान्त्वयन्नगदं शिवम्॥ ८

ब्रह्मोवाच

सत्यर्थं यन्मम सुतो वदति स्म वृषध्वज।
तच्छृणुष्व निजासाध्यं सिद्धमित्यवधारय॥ ९

देया तस्मै मया पुत्री तदर्थं परिकल्पिता।
ममाभीष्टमिदं कार्यं त्वद्वाक्यादधिकं पुनः॥ १०

मत्पुत्र्याराधितः शंभुरेतदर्थं स्वयं पुनः।
सोऽप्यन्विष्यति मां यस्मात्तदा देया मया हरे॥ ११

शुभे लग्ने सुमुहूर्ते समागच्छतु सोऽन्तिकम्।
तदा दास्यामि तनयां भिक्षार्थं शंभवे विधे॥ १२

वृषभध्वज शिव म लोककर्तालाई आउँदै गरेको देखेर आफ्नो मनमा सतीको प्राप्तिको विषयमा पटक-पटक संशय गर्न लाग्नुभयो॥ ३॥

तत्पश्चात् शिव प्रीतिपूर्वक आफ्नू लीलाले र सतीको भक्तिले लोकगतिको आश्रय लिएर सामान्य मनुष्य समान मसित शीघ्र भन्न लाग्नुभयो—॥ ४॥

ईश्वर भन्नुहुन्छ—हे सुरश्रेष्ठ! तपाईंका पुत्र दक्षप्रजापतिले सती मलाई प्रदान गर्ने विषयमा के भन्नुभयो, तपाईं मसित भन्नुहोस्, किनभने कामका कारण मेरो हृदय विदीर्ण नहोस्॥ ५॥

हे सुरश्रेष्ठ! कुनै अन्य प्राणधारिणी कामिनीलाई छोडेर केवल सतीतिर दौडँदै गरेको यो वियोग मलाई अत्यन्त पीडित पारिरहेको छ॥ ६॥

हे ब्रह्मन्! म सदा 'सती-सती' यस्तो भन्दै कार्यहरू गर्छु, ती सतीका समक्षमा गएर तपाईं मेरो व्यथा भनिदिनुहोस्। ती सती मसित अभिन्न छिन्। हे विधि! अतः उनको प्राप्तिका लागि तपाईं यत्न गर्नुहोस्। अथवा सतीको प्राप्तिका निमित्त उपाय बताउनुहोस्, जसलाई म तत्काल गरूँ॥ ७॥

ब्रह्मा भन्नुहुन्छ—हे नारद मुनि! रुद्रद्वारा भनिएका लोकाचारयुक्त वचनलाई सुनेर उहाँलाई सान्त्वना दिँदै म भन्न लागेँ॥ ८॥

ब्रह्मा भन्नुहुन्छ—हे वृषभध्वज! सतीका लागि मेरो पुत्र दक्षले जे बताएका छन्, त्यसलाई सुन्नुहोस् र जुन कार्यलाई तपाईं आफ्नो लागि असाध्य मानिरहनु भएको छ, त्यसलाई सिद्ध भएको सम्झनुहोस्॥ ९॥

[दक्षले मसित भने कि हे ब्रह्मन्!] म आफ्नी पुत्री भगवान् शिवकै हातमा दिने छु; किनभने उनैका लागि यी उत्पन्न भएकी छिन्। यो कार्य मलाई स्वयं अभीष्ट छ, फेरि हजुरले पनि भन्नुभएकाले यसको महत्त्व झनै बढेको छ॥ १०॥

मेरी पुत्रीले स्वयं यसै उद्देश्यले भगवान् शिवको पूजा गरेकी थिइन् र यस समय शिव पनि यसै विषयमा सोध-खोज गरिरहनुभएको छ। यसैले मैले आफ्नी कन्या शिवको हातमा अवश्य दिने छु॥ ११॥

हे विधि! ती शंकर शुभ लग्न र सुन्दर मुहूर्तमा मकहाँ आउन्, जसबाट म उहाँलाई भिक्षारूपमा आफ्नी कन्या प्रदान गरूँ॥ १२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इत्युवाच स मां दक्षस्तस्मात्त्वं वृषभध्वज।
शुभे मुहूर्ते तद्वेश्म गच्छ तामानयस्व च॥ १३

हे वृषभध्वज! दक्षले मसित यस्तो कुरा भनेका छन्, अतः हजुर शुभ मुहूर्तमा उनको घर हिँड्नुहोस् र सतीलाई लिएर आउनुहोस्॥ १३॥

ब्रह्मोवाच

इति श्रुत्वा मम वचो लौकिकीं गतिमाश्रितः।
उवाच विहसन् रुद्रो मुने मां भक्तवत्सलः॥ १४

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! मेरा यी कुरा सुनेर भक्तवत्सल भगवान् रुद्र लौकिक गतिको आश्रय लिएर हाँस्तै मसित भन्नलागनुभयो—॥ १४॥

रुद्र उवाच

गमिष्ये भवता सार्धं नारदेन च तद्गृहम्।
अहमेव जगत्स्त्रष्टस्तस्मात्त्वं नारदं स्मर॥ १५
मरीच्यादीन् स्वपुत्रांश्च मानसानपि संस्मर।
तैः सार्धं दक्षनिलयं गमिष्ये सगणो विधे॥ १६

रुद्र भन्नुहुन्छ—जगत्को रचयिता हे ब्रह्मन्! म तपाईं र नारदसँगै दक्षको घर जाने छु, अतः तपाईं नारदको स्मरण गर्नुहोस् र आफ्ना मरीचि आदि मानस पुत्रहरूको पनि स्मरण गर्नुहोस्, हे विधि! म आफ्नो गणसहित ती सबैका साथ दक्षको घर जाने छु॥ १५-१६॥

ब्रह्मोवाच

इत्याज्ञप्तोऽहमीशेन लोकाचारपरेण ह।
संस्मरं नारदं त्वां च मरीच्यादीन्सुतांस्तथा॥ १७

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] लोकाचारको निर्वाहमा लाग्नुभएका भगवान् शिवले यस प्रकार आज्ञा दिनुभएपछि मैले तपाईं नारदको र मरीचि आदि पुत्रहरूको स्मरण गरेँ॥ १७॥

ततः समागताः सर्वे मानसास्तनयास्त्वया।
मम स्मरणमात्रेण हृष्टास्ते द्रुतमादरात्॥ १८

तब मैले स्मरण गर्नासाथ तपाईंसँगै मेरा सबै मानसपुत्र प्रसन्न भएर आदरपूर्वक तत्काल त्यहाँ उपस्थित भए॥ १८॥

विष्णुः समागतस्तूर्णं स्मृतो रुद्रेण शैवराट्।
स स्वसैन्यैः कमलया गरुडारूढ एव च॥ १९

भगवान् रुद्रले स्मरण गर्नुभएपछि शिवभक्तहरूमा श्रेष्ठ विष्णु पनि आफ्ना सैनिक तथा कमला लक्ष्मीका साथ गरुडमा चढेर तुरून्त त्यहाँ आइपुग्नुभयो॥ १९॥

अथ चैत्रसिते पक्षे नक्षत्रे भगदैवते।
त्रयोदश्यां दिने भानौ निर्गच्छत्स महेश्वरः॥ २०

त्यसपछि चैत्र शुक्लपक्ष त्रयोदशीमा रविवारको पूर्वा फाल्गुनी नक्षत्रमा ती महेश्वरले [विवाहका लागि] यात्रा गर्नुभयो॥ २०॥

सर्वैः सुरगणैः सार्धं ब्रह्मविष्णुपुरःसरैः।
तथा तैर्मुनिभिर्गच्छन् स बभौ पथि शंकरः॥ २१

ब्रह्मा, विष्णु आदि सबै देवता र ऋषिहरूका साथ मार्गमा हिँडिरहनुभएका ती शिव अत्यन्त शोभायमान भइरहनुभएको थियो॥ २१॥

मार्गे समुत्सवो जातो देवादीनां च गच्छताम्।
तथा हरगणानां च सानंदमनसामति॥ २२

त्यहाँ जाँदै गरेका देवता, मुनि तथा आनन्दमगन मन भएका प्रमथगणहरूको मार्गमा महान् उत्सव भइरहेका थिए॥ २२॥

गजगोव्याघ्रसर्पाश्च जटा चंद्रकला तथा।
जग्मुः सर्वे भूषणत्वं यथायोग्यं शिवेच्छया॥ २३

शिवको इच्छाले गज, वृषभ, व्याघ्र, सर्प, जटा र चन्द्रकला—यी सबै उहाँका लागि यथायोग्य आभूषण बने॥ २३॥

ततः क्षणेन बलिना बलीवर्देन वेगिना।
सविष्णुप्रमुखः प्रीत्या प्राप दक्षालयं हरः॥ २४

त्यसपछि छिटो हिँड्ने बलीवर्द (साढे)-माथि आरूढ हुनुभएका महादेव विष्णु आदिलाई साथ लिई क्षणभरमा प्रसन्नतापूर्वक दक्षको घर पुग्नुभयो॥ २४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततो दक्षो विनीतात्मा संप्रहृष्टतनूरुहः।
प्रययौ सन्मुखं तस्य संयुक्तः सकलैर्निजैः॥ २५

तब हर्षका कारण रोमांचित र विनीत चित्त भएका दक्ष समस्त आत्मीयजनहरूका साथ [भगवान् शिवको स्वागतका लागि] उहाँको सामुन्ने आए॥ २५॥

सर्वे सुरगणास्तत्र स्वयं दक्षेण सत्कृताः।
पार्श्वे श्रेष्ठं च मुनिभिरुपविष्टा यथाक्रमम्॥ २६

दक्षले त्यहाँ समस्त देवताहरूको सत्कार गरे। ती सबैले सुरश्रेष्ठ शिवलाई बसाएर उहाँको पार्श्वभागमा स्वयं पनि मुनिहरूका साथ यथाक्रम बसे॥ २६॥

परिवार्याखिलान्देवान्गणांश्च मुनिभिर्यथा।
दक्षः समानयामास गृहाभ्यंतरतः शिवम्॥ २७

यसपश्चात् दक्ष मुनिहरूसहित समस्त देवता तथा गणलाई साथ लिएर भगवान् शिवलाई घरभित्र लिएर गए॥ २७॥

अथ दक्षः प्रसन्नात्मा स्वयं सर्वेश्वरं हरम्।
समानर्च विधानेन दत्त्वासनमनुत्तमम्॥ २८

ततो विष्णुं च मां विप्रान्सुरान्सर्वान्गणांस्तथा।
पूजयामास सद्भक्त्या यथोचितविधानतः॥ २९

त्यस समय दक्षले प्रसन्नचित्त भएर उत्तम आसन दिएर आफैँले विधिपूर्वक सर्वेश्वर शिवको पूजा गरे। तत्पश्चात् उनले विष्णुको, मेरो, ब्राह्मणहरू, देवताहरू र समस्त शिवगणको पनि यथोचित विधिले उत्तम भक्तिभावका साथ पूजा गरे॥ २८-२९॥

कृत्वा यथोचितां पूजां तेषां पूज्यादिभिस्तथा।
चकार संविदं दक्षो मुनिभिर्मानसैः पुनः॥ ३०

यसरी पूजनीय पुरुषहरू तथा अन्य जनसहित उनीहरूको पूजा गरी दक्षले मेरा मानसपुत्र [मरीचि आदि] मुनिहरूका साथ मन्त्रणा (परामर्श) गरे॥ ३०॥

ततो मां पितरं प्राह दक्षः प्रीत्या हि मत्सुतः।
प्रणिपत्य त्वया कर्म कार्यं वैवाहिकं विभो॥ ३१

यसपछि मेरो पुत्र दक्षले म पितालाई प्रणाम गरी प्रसन्नतापूर्वक भने—विभो! तपाईं नै वैवाहिक कार्य गराउनुहोस्॥ ३१॥

वाढमित्यहमप्युक्त्वा प्रहृष्टेनान्तरात्मना।
समुत्थाय ततोऽकार्षं तत्कार्यमखिलं तथा॥ ३२

तब म प्रसन्न मनले 'धेरै राम्रो'—यस्तो भनेर उठेर त्यो समस्त कार्य गराउन लागेँ॥ ३२॥

ततः शुभे मुहूर्ते हि लग्ने ग्रहबलान्विते।
सतीं निजसुतां दक्षो ददौ हर्षेण शंभवे॥ ३३

त्यसपछि दक्षले ग्रहहरूको बलले युक्त शुभ लग्न र मुहूर्तमा हर्षपूर्वक शिवलाई आफ्नी पुत्री सती प्रदान गरिदिए॥ ३३॥

उद्वाहविधिना सोऽपि पाणिं जग्राह हर्षितः।
दाक्षायण्या वरतनोस्तदानीं वृषभध्वजः॥ ३४

ती शिवले पनि त्यस समय हर्षित भएर सुन्दर शरीर भएकी दक्षपुत्रीको वैवाहिक विधिले पाणिग्रहण गर्नुभयो॥ ३४॥

अहं हरिस्त्वदाद्या वै मुनयश्च सुरा गणाः।
नेमुः सर्वे संस्तुतिभिः तोषयामासुरीश्वरम्॥ ३५

त्यस समय मैले, श्रीहरि विष्णुले, तपाईंले, अन्य मुनिहरूले, देवताहरूले र प्रमथगणहरूले भगवान् शिवलाई प्रणाम गर्‍यौँ र [अनेक प्रकारका] स्तुतिहरूद्वारा उहाँलाई सन्तुष्ट पार्‍यौँ॥ ३५॥

समुत्सवो महानासीन्नृत्यगानपुरःसरः।
आनन्दं परमं जग्मुः सर्वे मुनिगणाः सुराः॥ ३६

त्यस समय नाच-गानका साथ महान् उत्सव भयो र समस्त देवता तथा मुनिगण परम आनन्दित भए॥ ३६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

कन्यां दत्त्वा कृतार्थोऽभूत्तदा दक्षो हि मत्सुतः।
शिवाशिवौ प्रसन्नौ च निखिलं मङ्गलालयम्॥ ३७

यस प्रकार मेरा पुत्र दक्ष [शिवलाई] पुत्री प्रदान गरी कृतार्थ भए। शिवा र शिव प्रसन्न हुनुभयो तथा सबै मंगलमय भयो॥ ३७॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां द्वितीये सतीखण्डे कन्यादानवर्णनं नामाष्टादशोऽध्यायः॥ १८॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको द्वितीय सतीखण्डमा कन्यादानवर्णन नामक अठारौँ अध्याय पूर्ण भयो॥ १८॥

अथैकोनविंशोऽध्यायः

शिवको सतीका साथ विवाह, विवाहको समय शम्भुको मायाले ब्रह्मा मोहित हुनु र विष्णुद्वारा शिवतत्त्वको निरूपण

ब्रह्मोवाच

कृत्वा दक्षः सुतादानं यौतकं विविधं ददौ।
हराय सुप्रसन्नश्च द्विजेभ्यो विविधं धनम्॥ १

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] यस प्रकार कन्यादान गरी दक्षले भगवान् शंकरलाई अनेक प्रकारका उपहार दिए र ब्राह्मणहरूलाई पनि धेरै धन दिए॥ १॥

अथ शंभुमुपागत्य समुत्थाय कृताञ्जलिः।
सार्धं कमलया चेदमुवाच गरुडध्वजः॥ २

त्यसपछि लक्ष्मीसहित भगवान् विष्णु शम्भुको समक्ष गएर हात जोडी उभिएर यो भन्न लाग्नुभयो—॥ २॥

विष्णुरुवाच

देवदेव महादेव करुणासागर प्रभो।
त्वं पिता जगतां तात सती माताखिलस्य च॥ ३

विष्णु भन्नुहुन्छ—हे देवदेव! हे महादेव! हे करुणासागर! हे प्रभु! हे तात! हजुर सम्पूर्ण जगत्का पिता र यी सती अखिल संसारकी माता हुनुहुन्छ॥ ३॥

युवां लीलावतारौ वै सतां क्षेमाय सर्वदा।
खलानां निग्रहार्थाय श्रुतिरेषा सनातनी॥ ४

हजुर दुवै सत्पुरुषहरूको कल्याण तथा दुष्टहरूको दमनका लागि सदा लीलापूर्वक अवतार ग्रहण गर्नुहुन्छ—यो सनातन श्रुति हो॥ ४॥

स्निग्धनीलाञ्जनश्यामशोभया शोभसे हर।
दाक्षायण्या यथा चाहं प्रतिलोमेन पद्मया॥ ५

हे हर! हजुर चम्किला नीला गाजल समान शोभा भएकी सतीका साथ त्यसै प्रकार शोभायमान भइरहनुभएको छ, जस्तो म त्यसको विपरीत लक्ष्मीका साथ शोभायमान हुन्छु। सती नीलोवर्ण र तपाईं गोरोवर्ण हुनुहुन्छ, त्यसको विपरीत म नीलवर्ण र लक्ष्मी गोरोवर्ण की छिन्॥ ५॥

देवानां वा नृणां रक्षां कुरु सत्यानया सताम्।
संसारसारिणां शम्भो मङ्गलं सर्वदा तथा॥ ६

हे शम्भु! हजुर यी सतीका साथ रहेर देवताहरू र सज्जन मनुष्यहरूको रक्षा गर्नुहोस्, जसबाट संसारी जनहरूको सदा कल्याण भइरहोस्॥ ६॥

य एनां साभिलाषो वै दृष्ट्वा श्रुत्वाथवा भवेत्।
तं हन्याः सर्वभूतेश विज्ञप्तिरिति मे प्रभो॥ ७

हे सर्वभूतेश! हे प्रभु! यी सतीलाई हेरेर अथवा [यिनको विषयमा] सुनेर जो कामनायुक्त हुन्छ, त्यसको हजुर वध गर्नुहोस्, यो मेरो प्रार्थना छ॥ ७॥

ब्रह्मोवाच

इति श्रुत्वा वचो विष्णोर्विहस्य परमेश्वरः।
एवमस्त्विति सर्वज्ञः प्रोवाच मधुसूदनम्॥ ८

ब्रह्मा भन्नुहुन्छ—भगवान् विष्णुका यी वचन सुनेर सर्वज्ञ परमेश्वरले मधुसूदनसित हाँसेर भन्नुभयो—यस्तै हुने छ॥ ८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वस्थानं हरिरागत्य स्थित आसीन्मुनीश्वर।
उत्सवं कारयामास जुगोप चरितं च तत्॥ ९

अहं देवीं समागत्य गृह्योक्तविधिनाखिलम्।
अग्निकार्यं यथोद्दिष्टमकार्षं च सुविस्तरम्॥ १०

ततः शिवा शिवश्चैव यथाविधि प्रहृष्टवत्।
अग्नेः प्रदक्षिणं चक्रे मदाचार्यद्विजाज्ञया॥ ११

तदा महोत्सवस्तत्राद्भुतोऽभूद् द्विजसत्तम।
सर्वेषां सुखदं वाद्यं गीतनृत्यपुरःसरम्॥ १२

तदानीमद्भुतं तत्र चरितं समभूदति।
सुविस्मयकरं तात तच्छृणु त्वं वदामि ते॥ १३

दुर्ज्ञेया शांभवी माया तया सम्मोहितं जगत्।
सचराचरमत्यन्तं सदेवासुरमानुषम्॥ १४

योऽहं शंभुं मोहयितुं पुरैच्छं कपटेन ह।
मां च तं शंकरस्तात मोहयामास लीलया॥ १५

इच्छेत्परापकारं यः स तस्यैव भवेद् ध्रुवम्।
इति मत्वापकारं नो कुर्यादन्यस्य पूरुषः॥ १६

प्रदक्षिणां प्रकुर्वन्त्या वह्नेः सत्याः पदद्वयम्।
आविर्बभूव वसनात्तदद्राक्षमहं मुने॥ १७

मदनाविष्टचेताश्च भूत्वाङ्गानि व्यलोकयम्।
अहं सत्या द्विजश्रेष्ठ शिवमायाविमोहितः॥ १८

यथा यथाहं रम्याणि व्यैक्षमङ्गानि कौतुकात्।
सत्या बभूव संहृष्टः कामार्तो हि तथा तथा॥ १९

अहमेवं तथा दृष्ट्वा दक्षजां च पतिव्रताम्।
स्मराविष्टमना वक्त्रं द्रष्टुकामोऽभवं मुने॥ २०

हे मुनीश्वर! त्यसपछि विष्णु आफ्नो स्थानमा आएर स्थित हुनुभयो। उहाँले उत्सव गराउनुभयो र त्यस चरित्रलाई गुप्त नै राख्नुभयो॥ ९॥

तत्पश्चात् म देवी सतीको नजिक आएर गृह्यसूत्रमा वर्णित विधिअनुसार सारा अग्निकार्य विधानका साथ विस्तारपूर्वक गर्न लागेँ॥ १०॥

यसपछि शिवा र शिवले प्रसन्न भएर म आचार्य र द्विजहरूको आज्ञाले विधिपूर्वक अग्निको प्रदक्षिणा गर्नुभयो॥ ११॥

हे द्विजसत्तम! त्यस समय त्यहाँ बडो अद्भुत उत्सव मनाइयो र गीत एवं नृत्यका साथ वाद्य बजाइयो, जुन सबैका लागि सुखद थियो॥ १२॥

हे तात! त्यस समय [सबैलाई] आश्चर्यचकित पार्ने एउटा अद्भुत चरित्र त्यहाँ भयो, म त्यसलाई तपाईंसित भनिरहेको छु, तपाईं सुन्नुहोस्॥ १३॥

शिवको माया दुर्ज्ञेय छ, उसले देव, असुर तथा मनुष्यहरूसहित यस चराचर जगत्लाई पूर्णरूपले मोहित गरिराखेको छ॥ १४॥

हे तात! पूर्वकालमा मैले जुन शिवलाई कपटपूर्वक मोहमा पार्न चाहेको थिएँ, उनै शिवले आफ्नो लीलाले मलाई मोहित गर्नुभयो॥ १५॥

जो अरूको अपकार गर्न चाहन्छ, निश्चय नै पहिला त्यसैको अपकार हुन्छ। यस्तो बुझेर कुनै पनि व्यक्तिले कुनै अरूको अपकार नगरून्॥ १६॥

हे मुनि! जुन समय सती अग्निको प्रदक्षिणा गरिरहेकी थिइन्, त्यस समय उनका दुवै चरण वस्त्रबाट बाहिर निस्किएका थिए, मैले त्यसलाई देखेँ॥ १७॥

हे द्विजश्रेष्ठ! शिवको मायाले मोहित भएको म कामले व्याप्त चित्तवाला भएर सतीका अरू अंग हेर्न लागेँ॥ १८॥

म जसरी-जसरी सतीका अंगलाई उत्सुकतापूर्वक हेरिरहेको थिएँ, त्यसरी-त्यसरी प्रसन्न भई कामार्त भइरहेको थिएँ॥ १९॥

हे मुनि! यस प्रकार पतिव्रता दक्षपुत्रीलाई हेरेर कामाविष्ट मन भएको म उहाँको मुख हेर्न इच्छुक भएँ॥ २०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDI

न शंभोर्लज्जया वक्त्रं प्रत्यक्षं च विलोकितम्।
न च सा लज्जयाविष्टा करोति प्रकटं मुखम्॥ २१

तर शिवको सामुन्ने लज्जाको कारण मैले प्रत्यक्ष सतीको मुख हेर्न सकिनँ र उहाँ पनि लज्जाले युक्त हुनाको कारण आफ्नो मुख प्रकट गरिरहनुभएको थिएन॥ २१॥

ततस्तद्दर्शनार्थाय सदुपायं विचारयन्।
धूम्रघोरेण कामार्तोऽकार्षं तच्च ततः परम्॥ २२
आर्द्रेन्धनानि भूरीणि क्षिप्त्वा तत्र विभावसौ।
स्वल्पाज्याहुतिविन्यासादार्द्रद्रव्योद्भवस्तथा॥ २३
प्रादुर्भूतस्ततो धूमो भूयांस्तत्र समन्ततः।
तादृग् येन तमोभूतं वेदीभूमिविनिर्मितम्॥ २४

तब सतीको मुख हेर्नका लागि एक अत्यन्त सुन्दर उपाय सोच्दै कामपीडित मैले अग्निमा धेरै काँचो दाउरा हालेर कुइरिमण्डल धुवाँ उत्पन्न गरिदिएँ र त्यस धुवाँयुक्त अग्निमा घिउको थोरै-थोरै आहुति दिन लागेँ। तब काँचो दाउराको संयोगले चारै दिशामा कुइरिमण्डल धुवाँ फैलियो। यस प्रकार धुवाँले पूर्ण हुनाको फलस्वरूप वेदीको चारैतिर अन्धकार नै अन्धकार भयो॥ २२—२४॥

ततो धूमाकुले नेत्रे महेशः परमेश्वरः।
हस्ताभ्यां छादयामास बहुलीलाकरः प्रभुः॥ २५

तब अनेक प्रकारका लीला गर्नुहुने प्रभु महेश्वरको नेत्र पनि धुवाँले व्याकुल भयो र उहाँले दुवै हातले आफ्नो नेत्रलाई बन्द गर्नुभयो॥ २५॥

ततो वस्त्रं समुत्क्षिप्य सतीवक्त्रमहं मुने।
अवेक्षं किल कामार्तः प्रहृष्टेनान्तरात्मना॥ २६

तत्पश्चात् कामले पीडित मैले प्रसन्न मनले वस्त्र हटाएर सतीको मुख हेरेँ॥ २६॥

मुहुर्मुहुरहं तात पश्यामि स्म सतीमुखम्।
अथेन्द्रियविकारं च प्राप्तवानस्मि सोऽवशः॥ २७
मम रेतः प्रचस्कंद ततस्तद्वीक्षणाद् द्रुतम्।
चतुर्बिन्दुमितं भूमौ तुषारचयसंनिभम्॥ २८
ततोऽहं शंकितो मौनी तत्क्षणं विस्मितो मुने।
आच्छादये स्म तद्रेतो यथा कश्चिद् बुबोध न॥ २९
अथ तद्भगवान् शंभुर्ज्ञात्वा दिव्येन चक्षुषा।
रेतोऽवस्कन्दनात्तस्य कोपादेतदुवाच ह॥ ३०

हे पुत्र! म सतीको मुख पटक-पटक हेर्न लागेँ, यस प्रकार मत्त भएर म इन्द्रियविकारले युक्त भएँ। आफूलाई असंयमित देखी सशंकित भई म आश्चर्य चकित भएर मौन भएँ। भगवान् शिव आफ्नो दिव्य दृष्टिले यसलाई जानेर क्रोधित भएर भन्न लाग्नुभयो—॥ २७—३०॥

रुद्र उवाच

किमेतद्विहितं पाप त्वया कर्म विगर्हितम्।
विवाहे मम कान्ताया वक्त्रं दृष्टं नु रागतः॥ ३१

रुद्र भन्नुहुन्छ—हे पाप! तपाईंले यस्तो कुत्सित कर्म किन गर्नुभयो, जुन कि विवाहमा रागपूर्वक मेरी स्त्रीको मुख हेर्नुभयो?॥ ३१॥

त्वं वेत्सि शंकरेणैतत्कर्म ज्ञातं न किंचन।
त्रैलोक्येऽपि न मेऽज्ञातं गूढं तस्मात्कथं विधे॥ ३२

तपाईं ठान्नु हुन्छ कि शंकर यस कुत्सित कर्मलाई जान्न सक्नुहुन्न। हे विधि! यस त्रिलोकीमा कुनै पनि कुरा मबाट अज्ञात रहन सक्तैन भने यो कुरा कसरी छिप्न सक्छ?॥ ३२॥

यत्किंचित् त्रिषु लोकेषु जङ्गमं स्थावरं तथा।
तस्याहं मध्यगो मूढ तैलं यद्वत्तिलांतिगम्॥ ३३

हे मूर्ख! जुन प्रकार तिलका सबै अवयवहरूमा तेल रहन्छ, त्यसै प्रकार तीनै लोकमा जे जति पनि स्थावर-जंगम पदार्थ छन्, तिनमा म रहन्छु॥ ३३॥

ब्रह्मोवाच

इत्युक्त्वा प्रियविष्णुर्मां तदा विष्णुवचः स्मरन्।
इयेष हन्तुं ब्रह्माणं शूलमुद्यम्य शंकरः॥ ३४

ब्रह्मा भन्नुहुन्छ—तत्पश्चात् विष्णुका लागि प्रिय शंकरले मसित यो भनेर [पूर्वमा भनिएका] विष्णुको वचन स्मरण गरी शूल लिएर म ब्रह्मालाई मार्न चाहनुभयो॥ ३४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शंभुनोद्यमिते शूले मां च हन्तुं द्विजोत्तम।
मरीचिप्रमुखास्ते वै हाहाकारं च चक्रिरे॥ ३५

हे द्विजोत्तम! मलाई मार्नका लागि शिवद्वारा त्रिशूल उठाइएको जानेपछि [त्यहाँ उपस्थित] मरीचि आदि ऋषि हाहाकार गर्न लागे॥ ३५॥

ततो देवगणाः सर्वे मुनयश्चाखिलास्तथा।
तुष्टुवुः शंकरं तत्र प्रज्वलन्तं भयातुराः॥ ३६

त्यस समय सबै देवता तथा मुनि भयभीत भएर क्रोधले जल्दै गरेका शिवको स्तुति गर्न लागे॥ ३६॥

देवा ऊचुः

देवदेव महादेव शरणागतवत्सल।
ब्रह्माणं रक्ष रक्षेश कृपां कुरु महेश्वर॥ ३७

देवगण भन्दछन्—हे देवदेव! हे महादेव! हे शरणागतवत्सल! हे ईश! हजुर ब्रह्माको रक्षा गर्नुहोस्। हे महेश्वर! कृपा गर्नुहोस्॥ ३७॥

जगत्पिता महेश त्वं जगन्माता सती मता।
हरिब्रह्मादयः सर्वे तव दासाः सुरप्रभो॥ ३८

हे महेश! हजुर यस संसारको पिता हुनुहुन्छ तथा देवी सतीलाई जगत्की माता भनिएको छ। हे सुरप्रभु! विष्णु, ब्रह्मा आदि सबै [देवगण] हजुरका दास हुन्॥ ३८॥

अद्भुताकृतिलीलस्त्वं तव मायाद्भुता प्रभो।
तया विमोहितं सर्वं विना त्वद्भक्तिमीश्वर॥ ३९

हजुरको आकृति तथा लीला अद्भुत छ। हे प्रभु! हजुरको माया पनि अद्भुत छ। हे ईश्वर! उसले हजुरको भक्तिबाट रहित सबैलाई मोहित पारेको छ॥ ३९॥

ब्रह्मोवाच

इत्थं बहुतरं दीना निर्जरा मुनयश्च ते।
तुष्टुवुर्देवदेवेशं क्रोधाविष्टं महेश्वरम्॥ ४०

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार दुःखित देवता तथा मुनिहरू क्रोधित भएका देवाधिदेव महादेवको स्तुति गर्न लागे॥ ४०॥

दक्षो मैवं मैवमिति पाणिमुद्यम्य शंकितः।
वारयामास भूतेशं क्षिप्रमेत्य पुरोगतः॥ ४१

दक्ष प्रजापतिले शंकित भएर त्यहाँ पुगेर दुवै हात उठाएर यस्तो नगर्नुहोस्, यस्तो नगर्नुहोस्—यस्तो भन्दै शिवको अगाडि गएर उहाँलाई यस्तो गर्नबाट रोके॥ ४१॥

अथाग्रे सङ्गतं वीक्ष्य तदा दक्षं महेश्वरः।
प्रत्युवाचाप्रियमिदं संस्मरन्प्रार्थनां हरेः॥ ४२

तब शिव आफ्नो अगाडि दक्षलाई आएको देखेर भगवान् विष्णुको प्रार्थनाको स्मरण गर्दै यस प्रकारको अप्रिय वचन भन्न लाग्नुभयो—॥ ४२॥

महेश्वर उवाच

विष्णुना मेऽतिभक्तेन यदिदानीमुदीरितम्।
मयाप्यङ्गीकृतं कर्तुं तदिहैव प्रजापते॥ ४३

महेश्वर भन्नुहुन्छ—हे प्रजापति! मेरो महान् भक्त विष्णुले त्यस समय जस्तो भन्नुभएको थियो, मैले त्यही गर्न स्वीकार पनि गरेको थिएँ॥ ४३॥

सतीं यः साभिलाषः सन् वीक्षेत वध तं प्रभो।
इति विष्णुवचः सत्यं विधिं हत्वा करोम्यहम्॥ ४४

[विष्णुले भन्नुभएको थियो कि] हे प्रभु! जसले वासनायुक्त भएर सतीलाई हेर्छ, त्यसको वध गर्नुहोस्। अब म ब्रह्माको वध गरी विष्णुको वचनलाई सत्य पार्छु॥ ४४॥

साभिलाषः कथं ब्रह्मा सतीं समवलोकयत्।
अभवत् त्यक्तरेतास्तु ततो हन्मि कृतागसम्॥ ४५

ब्रह्माले कामनायुक्त भएर सतीलाई किन हेरे? यिनले अत्यन्त गर्हित कर्म गरेका छन्, यसैले अपराधी ब्रह्माको वध म अवश्य गर्ने छु॥ ४५॥

ब्रह्मोवाच

इत्युक्तवति देवेशे महेशे क्रोधसंकुले।
चकंपिरे जनाः सर्वे सदेवमुनिमानुषाः॥ ४६

ब्रह्मा भन्नुहुन्छ—त्यस समय क्रोधाविष्ट देवेश्वर महेशले यस्तो भन्नुभएपछि देवता, मुनि तथा मनुष्यहरूसहित सबैजना काम्न लागे॥ ४६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDT

हाहाकारो महानासीदौदासीन्यं च सर्वशः।
अभूवं विकलोऽतीव तदाहं तद्विमोहितः॥ ४७

चारै दिशामा हाहाकार मच्चियो र चारैतिर उदासी छायो। उहाँद्वारा विमोहित गरिएको म त्यस समय अत्यन्त व्याकुल भएँ॥ ४७॥

अथ विष्णुर्महेशातिप्रियः कार्यविचक्षणः।
तमेवंवादिनं रुद्रं तुष्टाव प्रणतः सुधीः॥ ४८

तब महेशको अतिप्रिय, कार्य सिद्ध गर्नमा प्रवीण तथा बुद्धिमान् भगवान् विष्णुले शिवको स्तुति गर्नुभयो॥ ४८॥

स्तुत्वा च विविधैः स्तोत्रैः शंकरं भक्तवत्सलम्।
इदमूचे वारयंस्तं क्षिप्रं भूत्वा पुरःसरः॥ ४९

अनेक प्रकारका स्तोत्रहरूबाट भक्तवत्सल शिवको स्तुति गरी उहाँलाई [ब्रह्माको वध गर्नबाट] रोक्दै अगाडि गएर उहाँले यस प्रकार भन्नुभयो— ॥ ४९॥

विष्णुरुवाच

विधिं न जहि भूतेश स्त्रष्टारं जगतां प्रभुम्।
अयं शरणगस्तेऽद्य शरणागतवत्सलः॥ ५०

विष्णु भन्नुहुन्छ—हे भूतेश! हजुर जगत्‌लाई उत्पन्न गर्नुहुने प्रभु यी ब्रह्माको वध नगर्नुहोस्। यी हजुरको शरणमा आएका छन् र हजुर शरणमा आएका जनहरूसित स्नेह गर्ने हुनुहुन्छ॥ ५०॥

अहं तेऽतिप्रियो भक्तो भक्तराज इतीरितः।
विज्ञप्तिं हृदि मे मत्वा कृपां कुरु ममोपरि॥ ५१

म हजुरको परम प्रिय हुँ, यसैले मलाई भक्तराज भनिएको छ। मेरो यस निवेदनलाई हृदयमा स्वीकार गरी ममाथि कृपा गर्नुहोस्॥ ५१॥

अन्यच्च शृणु मे नाथ वचनं हेतुगर्भितम्।
तन्मनुष्व महेशान कृपां कृत्वा ममोपरि॥ ५२

[यसबाहेक] हे नाथ! कारणयुक्त मेरो दोस्रो प्रार्थना पनि सुन्नुहोस् र हे महेश्वर! ममाथि कृपा गरी त्यसलाई मान्नुहोस्॥ ५२॥

प्रजाः स्त्रष्टुमयं शंभो प्रादुर्भूतश्चतुर्मुखः।
अस्मिन् हते प्रजास्त्रष्टा नास्त्यन्यः प्राकृतोऽधुना॥ ५३

हे शम्भु! यी चतुरानन ब्रह्मा प्रजाको सृष्टि गर्नका लागि उत्पन्न भएका छन्। यिनलाई मारेपछि प्रजाको सृष्टि गर्ने अरू कोही दोस्रो हुने छैनन्॥ ५३॥

सृष्टिस्थित्यन्तकर्माणि करिष्यामः पुनः पुनः।
त्रयो देवा वयं नाथ शिवरूप त्वदाज्ञया॥ ५४

हे नाथ! हे शिवस्वरूप! हजुरको आज्ञाले नै हामी तीनै देवता सृष्टि, स्थिति र संहारको कार्य पटक-पटक गर्ने छौँ॥ ५४॥

एतस्मिन्निहते शम्भो कस्त्वत्कर्म करिष्यति।
तस्मान्न वध्यो भवता सृष्टिकृल्लयकृद्विभो॥ ५५

हे शम्भु! यिनको वध गरिदिएपछि हजुरको कार्य कसले सम्पन्न गर्ने छ? यसैले हे लयकर्ता विभु! हजुर यी सृष्टिकर्ताको वध नगर्नुहोस्॥ ५५॥

अनेनैव सती कन्या दक्षस्य च शिवा विभो।
सदुपायेन वै भार्या भवदर्थे प्रकल्पिता॥ ५६

हे विभु! यिनैले हजुरकी भार्या हुनका लागि शिवालाई दक्षकन्या सतीको रूपमा सत्प्रयत्नले अवतरित गरेका हुन्॥ ५६॥

ब्रह्मोवाच

इत्याकर्ण्य महेशस्तु विज्ञप्तिं विष्णुना कृताम्।
प्रत्युवाचाखिलांस्तांश्च श्रावयंश्च दृढव्रतः॥ ५७

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] विष्णुद्वारा गरिएको यस प्रार्थनालाई सुनेर दृढव्रती शंकर [त्यहाँ उपस्थित] सबैलाई सुनाउँदै [भगवान् विष्णुसित] यस प्रकार भन्न लाग्नुभयो— ॥ ५७॥

महेश उवाच

देवदेव रमेशान विष्णो मत्प्राणवल्लभ।
न निवारय मां तात वधादस्य खलस्त्वयम्॥ ५८

महेश भन्नुहुन्छ—हे देवदेव! हे रमेश! हे विष्णु! हे मेरो प्राणप्रिय! हे तात! मलाई यसको वध गर्नबाट नरोक्नुहोस्; किनभने यो दुष्ट छ॥ ५८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूरयिष्यामि विज्ञप्तिं पूर्वान्तेऽङ्गीकृतां मया।
महापापकरं दुष्टं हन्म्येनं चतुराननम्॥ ५९

तपाईंको पूर्व प्रार्थना, जसलाई मैले स्वीकार गरेको थिएँ, त्यसलाई पूर्ण गर्ने छु। यस महापापी तथा दुष्ट चतुर्मुख ब्रह्माको वध म [अवश्य] गर्ने छु॥ ५९॥

अहमेव प्रजाः स्रक्ष्ये सर्वाः स्थिरचरा अपि।
अन्यं स्रक्ष्ये सृष्टिकरमथवाहं स्वतेजसा॥ ६०

हत्वैनं विधिमेवाहं स्वपणं पूरयन् कृतम्।
स्रष्टारमेकं स्रक्ष्यामि न निवारय मेश माम्॥ ६१

म स्वयं नै सबै चराचर प्रजाहरूको सृष्टि गर्ने छु। अथवा आफ्नो तेजले कुनै दोस्रो सृष्टिकर्तालाई उत्पन्न गर्ने छु। म आफूले गरेको प्रतिज्ञालाई पूरा गर्दै यस ब्रह्माको वध गरी अर्को सृष्टिकर्तालाई उत्पन्न गर्ने छु, अतः हे लक्ष्मीपति! [यसको वध गर्नबाट] मलाई नरोक्नुहोस्॥ ६०-६१॥

ब्रह्मोवाच

इति तस्य वचः श्रुत्वा गिरीशस्याह चाच्युतः।
स्मितप्रभिन्नहृदयः पुनर्मैवमितीरयन्॥ ६२

ब्रह्मा भन्नुहुन्छ—शिवको यो वचन सुनेर मन्द-मन्द मुस्कुराउँदै 'यस्तो नगर्नुहोस्'—यस प्रकार भन्दै भगवान् विष्णु पुनः भन्न लाग्नुभयो—॥ ६२॥

अच्युत उवाच

प्रतिज्ञापूरणं योग्यं परस्मिन्पुरुषेऽस्ति वै।
विचारयस्व वध्येश भवत्यात्मनि न प्रभो॥ ६३

अच्युत भन्नुहुन्छ—हे प्रभु! प्रतिज्ञाको पूर्ति त अरू पुरुषमा गरिन्छ। हे ईश! हजुर स्वयं विचार गर्नुहोस्, त्यो आफैँ माथि गरिन्न॥ ६३॥

त्रयो देवा वयं शंभो त्वदात्मानः परा नहि।
एकरूपा न भिन्नाश्च तत्त्वतः सुविचारय॥ ६४

हे शम्भु! हामी तीन देवता हजुर कै आत्मा हौँ, अरूको होइनौँ। हामीहरू एउटै रूप हौँ, भिन्न होइनौँ, यस कुरालाई हजुर यथार्थ रूपले विचार गर्नुहोस्॥ ६४॥

ततस्तद्वचनं श्रुत्वा विष्णोः स्वातिप्रियस्य सः।
शंभुरूचे पुनस्तं वै ख्यापयन्नात्मनो गतिम्॥ ६५

तब आफ्नु अत्यन्त प्रिय विष्णुका ती वचन सुनेर शिव आफ्नो स्थिति स्पष्ट गर्दै उहाँसित भन्न लाग्नुभयो—॥ ६५॥

शम्भुरुवाच

हे विष्णो सर्वभक्तेश कथमात्मा विधिर्मम।
लक्ष्यते भिन्न एवायं प्रत्यक्षेणाग्रतः स्थितः॥ ६६

शम्भु भन्नुहुन्छ—हे विष्णु! हे सम्पूर्ण भक्तहरूका ईश! ब्रह्मा कुन प्रकार मेरो आत्मा हुन सक्छन्; किनभने यी त प्रत्यक्ष रूपले अगाडि बसेका मबाट भिन्न देखिरहेका छन्?॥ ६६॥

ब्रह्मोवाच

इत्याज्ञप्तो महेशेन सर्वेषां पुरतस्तदा।
इदमूचे महादेवं तोषयन् गरुडध्वजः॥ ६७

ब्रह्मा भन्नुहुन्छ—जब सबैको अगाडि महेश्वरले यस्तो भन्नुभयो, तब ती महादेवलाई सन्तुष्ट पार्दै विष्णु भन्न लाग्नुभयो—॥ ६७॥

विष्णुरुवाच

न ब्रह्मा भवतो भिन्नो न त्वं तस्मात्सदाशिव।
न वाहं भवतो भिन्नो न मत् त्वं परमेश्वर॥ ६८

विष्णु भन्नुहुन्छ—हे सदाशिव! न ब्रह्मा हजुरभन्दा भिन्न छन् र न त हजुर नै उनीभन्दा भिन्न हुनुहुन्छ। हे परमेश्वर! न म नै हजुरभन्दा भिन्न छु र न त हजुर नै मभन्दा भिन्न हुनुहुन्छ॥ ६८॥

सर्वं जानासि सर्वज्ञ परमेश सदाशिव।
मन्मुखादखिलान्सर्वं संश्रावयितुमिच्छसि॥ ६९

हे सर्वज्ञ! हे परमेश! हे सदाशिव! हजुर सबथोक जान्नुहुन्छ, तर हजुर सारा कुरा मेरो मुखबाट सबैलाई सुनाउन चाहनुहुन्छ॥ ६९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MD

त्वदाज्ञया वदामीश शृण्वंतु निखिलाः सुराः।
मुनयश्चापरे शैवं तत्त्वं संधार्य स्वं मनः॥ ७०

हे ईश! म हजुरको आज्ञाले शिवतत्त्वको वर्णन गरिरहेको छु, समस्त देवता, मुनिगण तथा अन्य जन आफ्नू मनलाई एकाग्र गरी सुन्नुहोस्॥ ७०॥

प्रधानस्याप्रधानस्य भागाभागस्य रूपिणः।
ज्योतिर्मयस्य भागास्ते वयं देवाः प्रभोस्त्रयः॥ ७१

हामी तीन देवता प्रधान-अप्रधान तथा भाग-अभागरूप भएका र ज्योतिर्मयस्वरूप हजुर परमेश्वरकै अंश हौँ॥ ७१॥

कस्त्वं कोऽहं च को ब्रह्मा तवैव परमात्मनः।
अंशत्रयमिदं भिन्नं सृष्टिस्थित्यन्तकारणम्॥ ७२

हजुर को हुनुहुन्छ, म को हुँ र ब्रह्मा को हुन्। हजुर परमात्माका नै यी तीन अंश हुन्, जो सृष्टि, पालन र संहारकर्ताको कारण एक-अर्काभन्दा भिन्न प्रतीत हुन्छन्॥ ७२॥

चिन्तयस्वात्मनात्मानं स्वलीलाधृतविग्रहः।
एकस्त्वं ब्रह्म सगुणो ह्यंशभूता वयं त्रयः॥ ७३

हजुर स्वयं आफ्नो स्वरूपको चिन्तन गर्नुहोस्। हजुरले आफ्नो लीलाले नै शरीर धारण गर्नुभएको छ। हजुर एक, सगुण ब्रह्म हुनुहुन्छ र हामी [ब्रह्मा, विष्णु तथा रुद्र]तीनै हजुरका अंश हौँ॥ ७३॥

शिरोग्रीवादिभेदेन यथैकस्यैव वर्ष्मणः।
अङ्गानि ते तथेशस्य तस्य भागत्रयं हर॥ ७४

हे हर! जस्तो शिर, ग्रीवा आदिको भेदले एउटै शरीरका [भिन्न-भिन्न] अवयव हुन्छन्, त्यसै प्रकार हामी तीन उनै हजुर परमेश्वरका अंग हौँ॥ ७४॥

यज्ज्योतिरभ्रं स्वपुरं पुराणं
कूटस्थमव्यक्तमनन्तरूपम्।
नित्यं च दीर्घादिविशेषणाद्यै-
र्हीनं शिवस्त्वं तत एव सर्वम्॥ ७५

जो ज्योतिर्मय, आकाशस्वरूप, स्वयं नै आफ्नू धाम, पुराण, कूटस्थ, अव्यक्त, अनन्तरूपवाला, नित्य तथा दीर्घ आदि विशेषणहरूबाट रहित ब्रह्म छ, त्यो हजुर शिव नै हुनुहुन्छ। हजुरबाट नै सबथोक प्रकट भएका छन्॥ ७५॥

ब्रह्मोवाच

एतच्छ्रुत्वा वचस्तस्य महादेवो मुनीश्वर।
बभूव सुप्रसन्नश्च न जघान स मां ततः॥ ७६

ब्रह्मा भन्नुहुन्छ—हे मुनीश्वर! तत्पश्चात् उहाँका यी कुरा सुनेर महादेव अत्यन्त प्रसन्न हुनुभयो र उहाँले मेरा वध गर्नुभएन॥ ७६॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां द्वितीये सतीखण्डे सतीविवाहशिवलीलावर्णनं नामैकोनविंशोऽध्यायः॥ १९॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको द्वितीय सतीखण्डमा सतीविवाह र शिवलीलावर्णन नामक उन्नाइसौँ अध्याय पूर्ण भयो॥ १९॥

अथ विंशोऽध्यायः

ब्रह्माको 'रुद्रशिर' नाम पर्नुको कारण, सती एवं शिवको विवाहोत्सव, विवाहपछि शिव र सती वृषभारूढ भई कैलासका लागि प्रस्थान

नारद उवाच

ब्रह्मन् विधे महाभाग शिवभक्त वरप्रभो।
श्रावितं चरितं शंभोरद्भुतं मङ्गलायनम्॥ १

नारद भन्नुहुन्छ—हे ब्रह्मन्! हे विधि! हे महाभाग! हे शिवभक्त! हे श्रेष्ठ प्रभु! हे विधि! हजुरले भगवान् शिवका परम मंगलदायक तथा अद्भुत चरित्रलाई सुनाउनुभयो॥ १॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततः किमभवत्तात कथ्यतां शशिमौलिनः।
सत्याश्च चरितं दिव्यं सर्वाघौघविनाशनम्॥ २

हे तात! त्यसपछि के भयो, चन्द्रमालाई शिरमा धारण गर्नुहुने शिव एवं सतीको दिव्य तथा सम्पूर्ण पापराशिको नाश गर्ने चरित्रको वर्णन गर्नुहोस्॥ २॥

ब्रह्मोवाच

निवृत्ते शंकरे चास्मद्वधाद्भक्तानुकम्पिनि।
अभवन्निर्भयाः सर्वे सुखिनः सुप्रसन्नकाः॥ ३

ब्रह्मा भन्नुहुन्छ—भक्तहरूप्रति अनुग्रह गर्नुहुने शिव जब मेरो वध गर्नबाट विरत हुनुभयो, तब सबै जना निर्भय, सुखी र प्रसन्न भए॥ ३॥

नतस्कंधाः साञ्जलयः प्रणेमुर्निखिलाश्च ते।
तुष्टुवुः शंकरं भक्त्या चक्रुर्जयरवं मुदा॥ ४

सबैले हात जोडेर नतमस्तक भई शंकरलाई प्रणाम गरे, भक्तिपूर्वक स्तुति गरे र प्रसन्नतापूर्वक जय-जयकार गरे॥ ४॥

एतस्मिन्नेव कालेऽहं प्रसन्नो निर्भयो मुने।
अस्तवं शंकरं भक्त्या विविधैश्च शुभस्तवैः॥ ५

हे मुनि! त्यसै समय मैले प्रसन्न तथा निर्भय भएर अनेक प्रकारका उत्तम स्तोत्रहरूद्वारा शंकरको स्तुति गरें॥ ५॥

ततस्तुष्टमनाः शंभुर्बहुलीलाकरः प्रभुः।
मुने मां समुवाचेदं सर्वेषां शृण्वतां तदा॥ ६

हे मुनि! तत्पश्चात् अनेक प्रकारका लीला गर्नुहुने भगवान् शिव प्रसन्नचित्त भएर सबैलाई सुनाउँदै मसित यस प्रकार भन्न लाग्नुभयो—॥ ६॥

रुद्र उवाच

ब्रह्मन् तात प्रसन्नोऽहं निर्भयस्त्वं भवाधुना।
स्वशीर्षं स्पृश हस्तेन मदाज्ञां कुर्वसंशयम्॥ ७

रुद्र भन्नुहुन्छ—हे ब्रह्मन्! हे तात! म प्रसन्न छु। अब तपाईं निर्भय हुनुहोस्। तपाईं आफ्नो हातले शिरको स्पर्श गर्नुहोस् र संशयरहित भएर मेरो आज्ञाको पालन गर्नुहोस्॥ ७॥

ब्रह्मोवाच

इत्याकर्ण्य वचः शम्भोर्बहुलीलाकृतः प्रभोः।
स्पृशन् स्वं कं तथा भूत्वा प्राणमं वृषभध्वजम्॥ ८

ब्रह्मा भन्नुहुन्छ—अनेक लीला गर्नुहुने भगवान् शिवका यी कुरालाई सुनेर मैले आफ्नो शिरको स्पर्श गर्दै ती वृषध्वजलाई प्रणाम गरें॥ ८॥

यावदेवमहं स्वं कं स्पृशामि निजपाणिना।
तावत्तत्र स्थितं सद्यस्तद्रूपवृषवाहनम्॥ ९

ततो लज्जापरीताङ्गः स्थितश्चाहमधोमुखः।
इन्द्राद्यैरमरैः सर्वैः सुदृष्टः सर्वतः स्थितैः॥ १०

मैले जति बेला आफ्नो हातले आफ्नै शिरको स्पर्श गरें, त्यसै क्षण त्यहाँ त्यसैको रूपमा वृषवाहन स्थित देखिनुभयो। तब लज्जायुक्त शरीर भएको म तलतिर मुख गरी उभिरहें। त्यस समय त्यहाँ स्थित इन्द्र आदि देवताहरूले मलाई देखे॥ ९-१०॥

अथाहं लज्जयाविष्टः प्रणिपत्य महेश्वरम्।
प्रावोचं संस्तुतिं कृत्वा क्षम्यतां क्षम्यतामिति॥ ११

त्यसपश्चात् लज्जाले युक्त भएर म शिवलाई प्रणाम गरी तथा उहाँको स्तुति गरी क्षमा गर्नुहोस्-क्षमा गर्नुहोस्—यस्तो भन्न लागें॥ ११॥

अस्य पापस्य शुद्ध्यर्थं प्रायश्चित्तं वद प्रभो।
निग्रहं च तथा न्यायं येन पापं प्रयातु मे॥ १२

हे प्रभु! यस पापको शुद्धिका लागि कुनै प्रायश्चित्त र उचित दण्ड गर्नुहोस्, जसबाट मेरा पाप टाढा होऊन्॥ १२॥

इत्युक्तस्तु मया शंभुरुवाच प्रणतं हि माम्।
सुप्रसन्नतरो भूत्वा सर्वेशो भक्तवत्सलः॥ १३

यस प्रकार मैले भनेपछि भक्तवत्सल सर्वेश्वर शम्भु अत्यन्त प्रसन्न भएर म विनम्र ब्रह्मासित भन्न लाग्नुभयो॥ १३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MoE

शंभुरुवाच

अनेनैव स्वरूपेण मदधिष्ठितकेन हि।
तपः कुरु प्रसन्नात्मा मदाराधनतत्परः॥ १४

ख्यातिं यास्यसि सर्वत्र नाम्ना रुद्रशिरः क्षितौ।
साधकः सर्वकृत्यानां तेजोभाजां द्विजन्मनाम्॥ १५

मनुष्याणामिदं कृत्यं यस्माद्वीर्यं त्वयाधुना।
तस्मात्त्वं मानुषो भूत्वा विचरिष्यसि भूतले॥ १६

यस्त्वां चानेन रूपेण दृष्ट्वा कौ विचरिष्यति।
किमेतद् ब्रह्मणो मूर्ध्नि वदन्निति पुरान्तकः॥ १७

ततस्ते चेष्टितं सर्वं कौतुकाच्छ्रोष्यतीति यः।
परदारकृतात्त्यागान्मुक्तिं सद्यः स यास्यति॥ १८

यथा यथा जनश्चैतत्कृत्यं ते कीर्तयिष्यति।
तथा तथा विशुद्धिस्ते पापस्यास्य भविष्यति॥ १९

एतदेव हि ते ब्रह्मन् प्रायश्चित्तं मयेरितम्।
जनहास्यकरं लोके तव गर्हाकरं परम्॥ २०

एतच्च तव वीर्यं हि पतितं वेदिमध्यगम्।
कामार्तस्य मया दृष्टं नैतद्धार्यं भविष्यति॥ २१

चतुर्बिन्दुमितं रेतः पतितं यत्क्षितौ तव।
तन्मितास्तोयदा व्योम्नि भवेयुः प्रलयंकराः॥ २२

एतस्मिन्नन्तरे तत्र देवर्षीणां पुरो द्रुतम्।
तद्रेतसः समभवंस्तन्मिताश्च बलाहकाः॥ २३

संवर्तकस्तथावर्तः पुष्करो द्रोण एव च।
एते चतुर्विधास्तात महामेघा लयंकराः॥ २४

गर्जन्तश्चाथ मुञ्चन्तस्तोयानीषच्छिवेच्छया।
फेलुर्व्योम्नि मुनिश्रेष्ठ तोयदास्ते कदारवाः॥ २५

तैस्तु संछादिते व्योम्नि सुगर्जद्भिश्च शंकरः।
प्रशान्दाक्षायणी देवी भृशं शांतोऽभवद् द्रुतम्॥ २६

अथ चाहं वीतभयः शंकरस्याज्ञया तदा।
शेषं वैवाहिकं कर्म समाप्तिमनयं मुने॥ २७

शम्भु भन्नुहुन्छ—[हे ब्रह्मन्!] मबाट अधिष्ठित यसै रूपले तपाईं प्रसन्नचित्त भएर आराधनामा संलग्न रहँदै तप गर्नुहोस्॥ १४॥

यसैबाट पृथ्वीमा सर्वत्र 'रुद्रशिर' नामले तपाईंको प्रसिद्धि हुने छ र तपाईं तेजस्वी ब्राह्मणहरूको सबै कार्यहरूलाई सिद्ध गर्नेवाला हुनुहुने छ। तपाईंले [कामको वशीभूत भएर] जुन वीर्यपात गर्नुभएको छ, त्यो कृत्य मनुष्यहरूको हो, यसैले तपाईं मनुष्य भएर पृथ्वीमा विचरण गर्नुहोस्॥ १५-१६॥

जो तपाईंलाई यस रूपमा देखेर यो के हो! ब्रह्माको शिरमा शिव कसरी हुनुभयो—यस्तो भन्दै मनिसहरू पृथ्वीमा तपाईंको पछि लागेर विचरण गर्ने छन् र फेरि जो कौतुहलतावश तपाईंको सम्पूर्ण कृत्यलाई सुन्ने छन्, ती परायी स्त्रीको निमित्त गरिएका त्यागबाट चाँडै मुक्त हुने छन्॥ १७-१८॥ मानिस जसरी-जसरी तपाईंको यस कुकृत्यको वर्णन गर्ने छन्, त्यसरी नै तपाईंको यस पापको शुद्धि हुँदै जाने छ॥ १९॥

हे ब्रह्मन्! संसारमा मनुष्यद्वारा तपाईंको उपहास गराउने तथा तपाईंको निन्दा गराउने यो प्रायश्चित्त मैले तपाईंसित भनिदिएँ॥ २०॥

कामपीडित तपाईंको जुन तेज वेदीको बिचमा खस्यो तथा जसलाई मैले देखेँ, त्यो कसैले पनि धारण गर्नयोग्य हुने छैन॥ २१॥

तपाईंको जुन तेज पृथ्वीमा खस्यो, त्यसबाट आकाशमा प्रलयंकर मेघ हुने छ। त्यसै समय त्यहाँ देवर्षिहरूको सामुन्ने तत्काल त्यस तेजबाट हे तात! संवर्त, आवर्त, पुष्कर तथा द्रोण—नामक यी चार प्रकारका प्रलयंकारी महामेघ भए॥ २२—२४॥

हे मुनिश्रेष्ठ! ती मेघ शिवको इच्छाले गर्जंदै, जलको थोरै वर्षा गर्दै तथा भयानक शब्द गर्दै आकाशमा फैलिए॥ २५॥

त्यस समय घोर गर्जना गर्दै ती मेघहरूद्वारा आकाश ढाकिएपछि तत्काल शंकर र सती देवी शान्त हुनुभयो। हे मुनि! त्यसपछि म निर्भय भएँ र शिवको आज्ञाले मैले विवाहको बाँकी कार्यलाई यथाविधि पूर्ण गरेँ॥ २६-२७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पपात पुष्पवृष्टिश्च शिवाशिवशिरस्कयोः।
सर्वत्र च मुनिश्रेष्ठ मुदा देवगणोज्झिता॥ २८

वाद्यमानेषु वाद्येषु गायमानेषु तेषु च।
पठत्सु विप्रवर्गेषु वेदान् भक्त्यान्वितेषु च॥ २९

रंभादिषु पुरंध्रीषु नृत्यमानासु सादरम्।
महोत्सवो महानासीद्देवपत्नीषु नारद॥ ३०

अथ कर्मवितानेशः प्रसन्नः परमेश्वरः।
प्राह मां प्राञ्जलिं प्रीत्या लौकिकीं गतिमाश्रितः॥ ३१

ईश्वर उवाच

हे ब्रह्मन् सुकृतं कर्म सर्वं वैवाहिकं च यत्।
प्रसन्नोऽस्मि त्वमाचार्यो दद्यां ते दक्षिणां च काम्॥ ३२

याचस्व तां सुरज्येष्ठ यद्यपि स्यात्सुदुर्लभा।
ब्रूहि शीघ्रं महाभाग नादेयं विद्यते मम॥ ३३

ब्रह्मोवाच

इत्याकर्ण्य वचः सोऽहं शंकरस्य कृताञ्जलिः।
मुनेऽवोचं विनीतात्मा प्रणम्येशं मुहुर्मुहुः॥ ३४

यदि प्रसन्नो देवेश वरयोग्योऽस्म्यहं यदि।
तत्कुरु त्वं महेशान सुप्रीत्या यद्वदाम्यहम्॥ ३५

अनेनैव तु रूपेण वेद्यामस्यां महेश्वर।
त्वया स्थेयं सदैवात्र नृणां पापविशुद्धये॥ ३६

येनास्य संनिधौ कृत्वा स्वाश्रमं शशिशेखर।
तपः कुर्यां विनाशाय स्वपापस्यास्य शंकर॥ ३७

चैत्रशुक्लत्रयोदश्यां नक्षत्रे भगदैवते।
सूर्यवारे च यो भक्त्या वीक्षेत भुवि मानवः॥ ३८

तदैव तस्य पापानि प्रयान्तु हर संक्षयम्।
वर्धते विपुलं पुण्यं रोगा नश्यन्तु सर्वशः॥ ३९

या नारी दुर्भगा वंध्या काणा रूपविवर्जिता।
सापि त्वद्दर्शनादेव निर्दोषा संभवेद् ध्रुवम्॥ ४०

हे मुनिश्रेष्ठ! त्यस समय देवताहरूले प्रसन्न भएर शिवाशिवको शिरमा चारैतिरबाट पुष्पहरूको वर्षा गरे॥ २८॥

त्यस समय बाजा बज्न लागे, गीत गाउन थालियो। ब्राह्मणगण भक्तिले परिपूर्ण भई वेदपाठ गर्न लागे॥ २९॥ रम्भा आदि अप्सराहरू प्रेमपूर्वक नृत्य गर्न लागे—यस प्रकार हे नारद! देवताका स्त्रीहरूका बिचमा महान् उत्सव भयो॥ ३०॥

त्यसपछि यज्ञकर्मका फलदाता भगवान् परमेश्वर शिव प्रसन्न भएर लौकिक गतिको आश्रय लिई हात जोडेर प्रेमपूर्वक म ब्रह्मासित भन्न लाग्नुभयो—॥ ३१॥

ईश्वर भन्नुहुन्छ—हे ब्रह्मन्! जुन वैवाहिक कार्य थियो, त्यसलाई तपाईंले उत्तम रीतिले सम्पन्न गर्नुभयो, अब म तपाईंप्रति प्रसन्न छु, तपाईं [यस वैवाहिक कृत्यको] आचार्य हुनुहुन्छ, म तपाईंलाई के दक्षिणा दिऊँ?॥ ३२॥

हे सुरश्रेष्ठ! तपाईं त्यसलाई माग्नुहोस्। त्यो दुर्लभ नै किन नहोस्, त्यसलाई शीघ्र भन्नुहोस्। हे महाभाग! तपाईंका लागि मद्वारा केही पनि अदेय छैन॥ ३३॥

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! शंकरका यी वचन सुनेर मैले हात जोडेर विनीत भावले उहाँलाई पटक-पटक प्रणाम गरी भनें—॥ ३४॥

हे देवेश! यदि हजुर प्रसन्न हुनुहुन्छ र यदि म वर प्राप्त गर्नयोग्य छु भने हे महेशान! जुन म भनिरहेको छु, त्यसलाई हजुर अत्यन्त प्रसन्नताका साथ गर्नुहोस्॥ ३५॥ हे महेश्वर! हजुर मनुष्यहरूका पापको शुद्धिका लागि यसै रूपमा यस वेदीमा सदा विराजमान रहनुहोस्॥ ३६॥

हे चन्द्रशेखर! हे शंकर! जसलाई हजुरको सान्निध्यमा आश्रम बनाएर आफ्नो यस पापको शुद्धिका लागि म तपस्या गरूँ॥ ३७॥

चैत्रमासको शुक्लपक्षको त्रयोदशी तिथिको पूर्वाफाल्गुनी नक्षत्रमा रविवारको दिन यस भूतलमा जो मनुष्य हजुरको भक्तिपूर्वक दर्शन गर्ने छ, हे हर! उसका सारा पाप नष्ट हुन जाओस्, विपुल पुण्यको वृद्धि होस् र उसका समस्त रोगको सर्वथा नाश हुन जाओस्। जो स्त्री दुर्भगा, वन्ध्या, कानु अथवा रूपहीन छन्, ती पनि हजुरको दर्शनमात्रले निश्चित रूपले निर्दोष हुन जाऊन्॥ ३८—४०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MoE

ब्रह्मोवाच

इत्याकर्ण्य वचो मे हि स्वात्मसर्वसुखावहम्।
तथास्त्विति शिवः प्राह सुप्रसन्नेन चेतसा॥ ४१

शिव उवाच

हिताय सर्वलोकस्य वेद्यां तस्यां व्यवस्थितः।
स्थास्यामि सहितः पत्न्या सत्या त्वद्वचनाद्विधे॥ ४२

ब्रह्मोवाच

इत्युक्त्वा भगवांस्तत्र सभार्यो वृषभध्वजः।
उवाच वेदिमध्यस्थो मूर्तिं कृत्वांशरूपिणीम्॥ ४३
ततो दक्षं समामंत्र्य शंकरः परमेश्वरः।
पत्न्या सत्या गन्तुमना अभूत्स्वजनवत्सलः॥ ४४

एतस्मिन्नन्तरे दक्षो विनयावनतः सुधीः।
साञ्जलिर्नतकः प्रीत्या तुष्टाव वृषभध्वजम्॥ ४५

विष्ण्वादयः सुराः सर्वे मुनयश्च गणास्तदा।
नत्वा संस्तूय विविधं चक्रुर्जयरवं मुदा॥ ४६

आरोप्य वृषभे शंभुः सतीं दक्षाज्ञया मुदा।
जगाम हिमवत्प्रस्थं वृषभस्थः स्वयं प्रभुः॥ ४७

अथ सा शंकराभ्याशे सुदती चारुहासिनी।
विरेजे वृषभस्था वै चन्द्रान्ते कालिका यथा॥ ४८

विष्ण्वादयः सुराः सर्वे मरीच्याद्यास्तथर्षयः।
दक्षोऽपि मोहितश्चासीत्तथान्ये निश्चला जनाः॥ ४९

केचिद्वाद्यान्वादयन्तो गायन्तः सुस्वरं परे।
शिवं शिवयशः शुद्धमनुजग्मुः शिवं मुदा॥ ५०

मध्यमार्गाद्विसृष्टो हि दक्षः प्रीत्याथ शम्भुना।
स्वधाम प्राप सगणः शम्भुः प्रेमसमाकुलः॥ ५१

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार आफूलाई तथा सम्पूर्ण जनलाई सुख दिने म ब्रह्माको वचन सुनेर प्रसन्न मनले भगवान् शंकरले 'तथास्तु' भन्नुभयो॥ ४१॥

शिव भन्नुहुन्छ—हे ब्रह्मन्! तपाईंको कथन-अनुसार म सारा संसारको हितका लागि आफ्नी पत्नी सहित यस वेदीमा सुस्थिरभावले स्थित रहने छु॥ ४२॥

ब्रह्मा भन्नुहुन्छ—यस्तो भनेर पत्नीसहित भगवान् शिव आफ्नो अंशरूपिणी मूर्तिलाई प्रकट गरी वेदीको मध्यभागमा विराजमान हुनुभयो। तत्पश्चात् स्वजन-हरूप्रति स्नेह राख्नुहुने भगवान् सदाशिव दक्षबाट विदा लिई आफ्नी पत्नी सतीका साथ [कैलास] प्रस्थानका लागि उद्यत हुनुभयो॥ ४३-४४॥

त्यस समय उत्तम बुद्धि भएका दक्षले विनयभावले शिर झुकाई हात जोडेर भगवान् वृषभध्वजको प्रेम-पूर्वक स्तुति गरे। तत्पश्चात् विष्णु आदि समस्त देवता, मुनि तथा गणहरूले स्तुति र नमस्कार गरी प्रसन्नतापूर्वक अनेक प्रकारले जय-जयकार गरे॥ ४५-४६॥

त्यसपछि दक्षको आज्ञा प्राप्त गरी प्रसन्नतापूर्वक सदाशिवले आफ्नी पत्नी सतीलाई वृषभमाथि बसाएर स्वयं पनि वृषभमा आरूढ भई हिमालयको शिखरतर्फ प्रस्थान गर्नुभयो॥ ४७॥

मन्द-मन्द मधुर मुस्कान तथा सुन्दर दाँतहरू भएकी सती शंकरका साथ वृषभमा बसी चन्द्रमामा विद्यमान श्यामकान्ति झैँ शोभायमान भइरहनुभएको थियो॥ ४८॥

त्यस समय विष्णु आदि सम्पूर्ण देवता, मरीचि आदि समस्त ऋषि एवं दक्ष प्रजापति पनि मोहित भए तथा अन्य सबै चित्रलिखित-झैँ प्रतीत भइरहेका थिए॥ ४९॥

कोही बाजा बजाउँदै तथा कोही सुमधुर स्वरमा शुद्ध तथा कल्याणकारी शिवयशको गान गर्दै प्रसन्नतापूर्वक शिवको पछि-पछि लागे॥ ५०॥

[केही समय हिँडेपछि] शिवले बिचमार्गबाट दक्षलाई प्रेमपूर्वक फर्काउनुभयो, फेरि सदाशिव गण-सहित प्रसन्नतापूर्वक आफ्नो स्थानमा जानुभयो॥ ५१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विसृष्टा अपि विष्ण्वाद्याः शम्भुना पुनरेव ते।
अनुजग्मुः शिवं भक्त्या सुराः परमया मुदा॥ ५२

शिवले विष्णु आदि सबै देवताहरूलाई पनि विदा गर्नुभयो, फेरि ती सबै परम भक्ति एवं प्रेमको वशीभूत भई शिवसँगै कैलासमा पुगे॥ ५२॥

तैः सर्वैः सगणैः शंभुः सत्या च स्वस्त्रिया युतः।
प्राप स्वं धाम संहृष्टो हिमवद् गिरिशोभितम्॥ ५३

ती सबै देवता, गण तथा आफ्नी स्त्री सतीका साथ भगवान् शम्भु प्रसन्न भएर हिमालय पर्वतमाथि सुशोभित आफ्नो धाममा पुग्नुभयो॥ ५३॥

तत्र गत्वाखिलान्देवान्मुनीनपि परांस्तथा।
मुदा विसर्जयामास बहु सम्मान्य सादरम्॥ ५४

त्यहाँ पुगेर सम्पूर्ण देवता, मुनि तथा अन्य जनहरूको आदरपूर्वक ज्यादै सम्मान गरी प्रसन्नतापूर्वक शिवले उनीहरूलाई विदा गर्नुभयो॥ ५४॥

शंभुमाभाष्य ते सर्वे विष्ण्वाद्या मुदिताननाः।
स्वं स्वं धाम ययुर्नत्वा स्तुत्वा च मुनयः सुराः॥ ५५

त्यसपछि शम्भुको आज्ञाले विष्णु आदि सबै देवता तथा मुनिगण नमस्कार र स्तुति गरी प्रसन्नमुख भएर आ-आफ्नो धाममा जानुभयो॥ ५५॥

शिवोऽपि मुदितोऽत्यर्थं स्वपत्न्या दक्षकन्यया।
हिमवत्प्रस्थसंस्थो हि विजहार भवानुगः॥ ५६

लोकरीतिको अनुशरण गर्नुहुने शिव पनि अत्यन्त आनन्दित भई हिमालयको शिखरमा आफ्नी पत्नी दक्षकन्याका साथ विहार गर्न लाग्नुभयो॥ ५६॥

ततः स शंकरः सत्या सगणः सूतिकृन्मुने।
प्राप स्वं धाम संहृष्टः कैलासं पर्वतोत्तमम्॥ ५७

हे मुनि! यस प्रकार सृष्टिकर्ता ती शंकर सती तथा आफ्ना गणका साथ प्रसन्नतापूर्वक पर्वतहरूमध्येमा उत्तम आफ्नो स्थान कैलासमा जानुभयो॥ ५७॥

एतद् वः सर्वमाख्यातं यथा तस्य पुराभवत्।
विवाहो वृषयानस्य मनुस्वायंभुवान्तरे॥ ५८

हे मुनि! पूर्वकालमा स्वायम्भुव मन्वन्तरमा भगवान् शिवको विवाह जुन प्रकार भयो, त्यसको वर्णन मैले तपाईंसित गरें॥ ५८॥

विवाहसमये यज्ञे प्रारंभे वा शृणोति यः।
एतदाख्यानमव्यग्रः संपूज्य वृषभध्वजम्॥ ५९

तस्याविघ्नं भवेत्सर्वं कर्म वैवाहिकं च यत्।
शुभाख्यमपरं कर्म निर्विघ्नं सर्वदा भवेत्॥ ६०

हे मुनि! जो विवाहकालमा, यज्ञमा अथवा कुनै पनि शुभकार्यको आरम्भमा भगवान् शंकरको पूजा गरी शान्तचित्त भएर यस कथालाई सुन्छ, उसको सारा वैवाहिक कर्म विना कुनै विघ्न-बाधा पूर्ण हुन्छ तथा अरू शुभ कर्म पनि सदा निर्विघ्न रूपमा पूर्ण हुने छन्॥ ५९-६०॥

कन्या च सुखसौभाग्यशीलाचारगुणान्विता।
साध्वी स्यात्पुत्रिणी प्रीत्या श्रुत्वाख्यानमिदं शुभम्॥ ६१

यस उत्तम कथालाई प्रेमपूर्वक सुनेर कन्या सुख, सौभाग्य, सुशीलता, आचार तथा गुणहरूले युक्त भई पतिव्रता तथा पुत्रवती हुनेछिन्॥ ६१॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां द्वितीये सतीखण्डे सतीविवाहवर्णनं नाम विंशोऽध्यायः॥ २०॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको द्वितीय सतीखण्डमा सतीविवाहवर्णन नामक बीसौँ अध्याय पूर्ण भयो॥ २०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDI

अथैकविंशोऽध्यायः

कैलास पर्वतमा भगवान् शिव एवं सतीका मधुर लीलाहरू

नारद उवाच

समीचीनं वचस्तात सर्वज्ञस्य तवानघ।
महाद्भुतं श्रुतं नो वै चरितं शिवयोः शुभम्॥ १

विवाहश्च श्रुतः सम्यक् सर्वमोहापहारकः।
परमज्ञानसंपन्नो मङ्गलालय उत्तमः॥ २

भूय एव विवित्सा मे चरितं शिवयोः शुभम्।
तद्वर्णय महाप्राज्ञ कृपां कृत्वातुलामरम्॥ ३

ब्रह्मोवाच

सम्यक्कारुणिकस्यैव मुने ते विचिकित्सितम्।
यदहं नोदितः सौम्य शिवलीलानुवर्णने॥ ४

विवाह्य दक्षजां देवीं सतीं त्रैलोक्यमातरम्।
गत्वा स्वधाम सुप्रीत्या यदकार्षीन्निबोध मे॥ ५

ततो हरः स सगणः स्वस्थानं प्राप्य मोदनम्।
देवर्षे तत्र वृषभादवातरदतिप्रियात्॥ ६

यथायोग्यं निजस्थानं प्रविश्य स सतीसखः।
मुमुदेऽतीव देवर्षे भवाचारकरः शिवः॥ ७

ततो विरूपाक्ष इमां प्राप्य दाक्षायणीं गणान्।
स्वीयान्निर्यापयामास नंद्यादीन् गिरिकंदरात्॥ ८

उवाच चैतांस्तान् सर्वान्नंद्यादीनतिसूनृतम्।
लौकिकीं रीतिमाश्रित्य करुणासागरः प्रभुः॥ ९

महेश उवाच

यदाहं च स्मराम्यत्र स्मरणादरमानसाः।
समागमिष्यथ तदा मत्पार्श्वं मे गणा द्रुतम्॥ १०

नारद भन्नुहुन्छ—हे तात! हे अनघ! हजुर सर्वज्ञका कुरा ठीक छन्। हजुरबाट मैले शिवाशिवको अत्यन्त अद्भुत एवं कल्याणकारी चरित्र सुनें॥ १॥

समस्त मोहहरूलाई दूर गर्ने, परम ज्ञानसम्पन्न, मंगलमय तथा उत्तम विवाहकर्मको वर्णन पनि राम्ररी सुनें॥ २॥

हे महाप्राज्ञ! फेरि पनि शिव एवं सतीको अत्यन्त मनोहर एवं उत्तम चरित्र सुन्ने प्रबल इच्छा छ। अतः हजुर मप्रति दया गरी पुनः त्यसको वर्णन गर्नुहोस्॥ ३॥

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! तपाईंको इच्छा परम दयावान् शिवको लीला सुन्नमा जागृत भएको छ। यो त परम सौभाग्यको कुरा हो, हे सौम्य! जुन तपाईंले मलाई शिवका लीलाको वर्णन गर्नका निम्ति पटक-पटक प्रेरित गरिरहनुभएको छ॥ ४॥

हे नारद! शिवले दक्ष प्रजापतिकी कन्या एवं जगज्जननी देवी सतीका साथ विवाह गरी उहाँलाई आफ्नो स्थानमा लिएर जानुभएपछि जे गर्नुभयो, त्यसलाई अब सुन्नुहोस॥ ५॥

हे देवर्षे! दक्षबाट विदा भएपछि महादेव गणसहित आफ्नो आनन्ददायक स्थानमा गएर बडो प्रसन्नताका साथ आफ्नो परमप्रिय वाहन नन्दीश्वरबाट उत्रनुभयो॥ ६॥

हे देवर्षे! यस प्रकार सांसारिक लीला गर्नमा प्रवीण सतीपति सदाशिव यथायोग्य आफ्नो स्थानमा प्रवेश गरी अत्यन्त हर्षित हुनुभयो॥ ७॥

ती महादेवले सतीलाई प्राप्त गर्नुभएपछिको उपरान्त आफ्ना नन्दी आदि समस्त गणहरूलाई पर्वतको कन्दराबाट बाहिर पठाउनुभयो॥ ८॥

विदा गर्दै ती नन्दीश्वर आदि समस्त गणसित करुणासागर शिव लौकिक रीतिको अनुसरण गर्दै मधुर वचनहरूमा भन्न लागनुभयो—॥ ९॥

महेश भन्नुहुन्छ—हे गण हो! जति बेला म तपाईंहरूको स्मरण गर्ने छु, तब तपाईंहरू मेरो स्मरणको आदर गर्दै शीघ्र मकहाँ आउनुहोला॥ १०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इत्युक्ते वामदेवेन नंद्याद्याः स्वगणाश्च ते।
महावेगा महावीरा नानास्थानेषु संययुः॥ ११

ईश्वरोऽपि तया सार्धं तेषु यातेषु विभ्रमी।
दाक्षायण्या समं रेमे रहस्ये मुदितो भृशम्॥ १२

कदाचिद्वन्यपुष्पाणि समाहृत्य मनोहराम्।
मालां विधाय सत्यास्तु हारस्थाने स योजयत्॥ १३

कदाचिद्दर्पणे चैव वीक्षन्तीमात्मनः सतीम्।
अनुगम्य हरो वक्त्रं स्वीयमप्यवलोकयत्॥ १४

कदाचित्कुंडलं तस्या उल्लास्योल्लास्य सङ्गतः।
बध्नाति मोचयत्येव सा स्वयं मार्जयत्यपि॥ १५

सरागौ चरणावस्याः यावकेनोज्ज्वलेन च।
निसर्गरक्तौ कुरुते पूर्णरागौ वृषध्वजः॥ १६

उच्चैरपि यदाख्येयमन्येषां पुरतो बहु।
तत् कर्णे कथयत्यस्या हरो द्रष्टुं तदाननम्॥ १७

न दूरमपि गन्तासौ समागत्य प्रयत्नतः।
अनुबध्नाति नामाक्षी पृष्ठदेशेऽन्यमानसाम्॥ १८

अन्तर्हितस्तु तत्रैव मायया वृषभध्वजः।
तामालिलिङ्ग भीत्या स्वं चकिता व्याकुलाभवत्॥ १९

सौवर्णपद्मकलिकातुल्ये तस्याः कुचद्वये।
चकार भ्रमराकारं मृगनाभिविशेषकम्॥ २०

हारमस्याः कुचयुगाद्वियोज्य सहसा हरः।
न्ययोजयच्च तत्रैव स्वकरस्पर्शनं मुहुः॥ २१

अङ्गदान्वलयानूर्मीन्विश्लेष्य च पुनः पुनः।
तत्स्थानात्पुनरेवासौ तत्स्थाने प्रत्ययोजयत्॥ २२

शिवले यस्तो भन्नुभएपछि महावेगवान् महावीर नन्दी आदि ती सबै गण आ-आफ्ना स्थानमा गए॥ ११॥

ती गणहरू गएपश्चात् परम कौतुकी शिव बडो प्रसन्नतापूर्वक एकान्तमा सतीका साथ विहार गर्न लाग्नुभयो॥ १२॥

शिव कहिले वनबाट टिपेर ल्याइएका पुष्पहरूको मनोहर माला बनाएर सतीको हार-स्थान अर्थात् हृदयमा लगाईदिनुहुन्थ्यो॥ १३॥

कहिले-कहिले जब देवी सती आफ्नो मुख ऐनामा हेर्न लाग्नुहुन्थ्यो, त्यस समय शिव पनि सतीको पछाडि गएर आफ्नो मुख हेर्न लाग्नुहुन्थ्यो॥ १४॥

उहाँ कहिले सतीका कुण्डलहरूलाई पटक-पटक समातेर हल्लाउन लाग्नुहुन्थ्यो, कहिले सतीका कानहरूमा पहिर्‍यादिने र फेरि निकालिदिने गर्नुहुन्थ्यो॥ १५॥

कहिले ती भगवान् शंकर स्वभावतः रातो वर्ण भएकी सतीका चरणहरूलाई देदीप्यमान लाक्षारसले रंग्याएर अत्यधिक रागयुक्त पारिदिनुहुन्थ्यो॥ १६॥

सतीको मुखावलोकन गर्ने उद्देश्यले जुन कुरा अरूका अगाडि पनि भन्न सकिन्थ्यो, त्यसलाई सतीको कानमा भन्नुहुन्थ्यो॥ १७॥

उहाँ कहिल्यै घरबाट टाढा जानुहुन्नथ्यो, यदि टाढा गइहाल्नुभयो भने पनि चाँडै फर्केर आउनुहुन्थ्यो र कुनै कुरालाई सोच्दै पछाडिबाट आएर सतीका नेत्रहरूलाई आफ्ना हातहरूले बन्द गरिदिनुहुन्थ्यो॥ १८॥

कहिले उहाँ आफ्नो मायालाई लुकाएर त्यहीँ गएर सतीको आलिंगन गर्दै भयभीत भएर अत्यन्त चकित हुँदै व्याकुल हुनुहुन्थ्यो॥ १९॥

उहाँ कहिले सुवर्णकमलको कली समान उहाँका वक्षःस्थलमा कस्तूरीले भ्रमराका आकारको चित्रकारी गर्नुहुन्थ्यो र कहिले उहाँको हार निकालिदिनुहुन्थ्यो र फेरि त्यसलाई त्यहीँ स्थापित पनि गरिदिनुहुन्थ्यो। कहिले सतीका अंगबाट बाजूबंद, बाला-चुरा तथा औंठी पटक-पटक निकालेर त्यसलाई पुनः त्यसै स्थानमा पहिर्‍याइदिने गर्नुहुन्थ्यो॥ २०—२२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDT

कालिकेति समायाति सवर्णा ते सखी त्विमाम्।
यास्यत्वस्यास्तथेक्षन्त्याः प्रोत्तुङ्गौ साहसं कुचौ॥ २३

यो तिम्रै समान स्वरूप भएकी तिम्रो काली नामकी सखी आइरहेकी छिन्—शिवका यस प्रकारका वचनहरूलाई सुनेर जब सती त्यस सखीलाई हेर्नका लागि जानुहुन्थ्यो, तब शिव उनको स्पर्श गर्न लाग्नुहुन्थ्यो॥ २३॥

कदाचिन्मदनोन्मादचेतनः प्रमथाधिपः।
चकार नर्म शर्माणि तथाकृत्प्रियया मुदा॥ २४

कहिले प्रमथाधिपति शिव कामको उन्मादले व्यग्र भएर आफ्नी प्रियाका साथ कामकेलि–परिहास गर्न लाग्नुहुन्थ्यो॥ २४॥

आहृत्य पद्मपुष्पाणि रम्यपुष्पाणि शंकरः।
सर्वाङ्गेषु करोति स्म पुष्पाभरणमादरात्॥ २५

कहिले शंकर कमलपुष्पहरू तथा अन्य मनोहर पुष्पहरूलाई ल्याएर बडो प्रेमले तिनको आभूषण बनाएर सतीका अंगहरूमा पहिऱ्याइदिनुहुन्थ्यो॥ २५॥

गिरिकुंजेषु रम्येषु सत्या सह महेश्वरः।
विजहार समस्तेषु प्रियया भक्तवत्सलः॥ २६

यस प्रकार भक्तवत्सल महेश्वर समस्त रमणीय वनकुंजहरूमा सतीका साथ विहार गर्न लागुभयो॥ २६॥

तया विना स्म नो याति नास्थितो न स्म चेष्टते।
तया विना क्षणमपि शर्म लेभे न शंकरः॥ २७

देवी सतीविना शिव कहीँ पनि जानुहुन्नथ्यो, न बस्नुहुन्थ्यो र न त कुनै प्रकारको चेष्टा नै गर्नुहुन्थ्यो। सतीविना उहाँलाई क्षणमात्र पनि चैन हुन्नथ्यो॥ २७॥

विहृत्य सुचिरं कालं कैलासगिरिकुंजरे।
अगमद्धिमवत्प्रस्थं सस्मार स्वेच्छया स्मरम्॥ २८

यस प्रकार कैलासपर्वतका प्रत्येक वनकुंजमा धैरै समयसम्म विहार गरेपश्चात् उहाँ पुनः हिमालयको शिखरमा जानुभयो र उहाँले आफ्नै इच्छाले कामदेवको स्मरण गर्नुभयो॥ २८॥

तस्मिन्प्रविष्टे कामे तु वसंतः शंकरांतिके।
वितस्तार निजं भावं हार्दं विज्ञाय यत्प्रभोः॥ २९

जतिबेला काम उहाँको आश्रममा प्रविष्ट भए, उनीसँगै वसन्तले पनि शिवको अभिप्रायलाई जानेर आफ्नो प्रभाव प्रकट गऱ्यो॥ २९॥

सर्वे च पुष्पिता वृक्षा लताश्चान्याश्च पुष्पिताः।
अंभांसि फुल्लपद्मानि पद्माः सभ्रमरास्तथा॥ ३०

त्यस पर्वतका सबै वृक्ष तथा लताहरू पुष्पबाट ढाकिए र जल फूलेका कमलहरूले तथा कमल भ्रमराहरूले युक्त भए॥ ३०॥

प्रविष्टे सदृतौ तत्र ववौ स मलयो मरुत्।
सुगंधिगंधपुष्पेण मोदकश्च सुगंधियुक्॥ ३१

त्यस समय उत्तम ऋतु वसन्तको प्रविष्ट हुनासाथ सुगन्धित पुष्पहरूका गन्धले समन्वित आनन्ददायक तथा सुगन्धले युक्त मलय पवन बहन लाग्यो॥ ३१॥

संध्यार्धचन्द्रसंकाशाः पलाशाश्च विरेजिरे।
कामास्त्रवत्सुमनसः प्रमोदात्पादपाधरः॥ ३२

सन्ध्याकालीन अरुण चन्द्रमाको सदृश्य पलाश शोभायमान हुन लाग्यो। सबै वृक्ष कामको अस्त्र समान सुन्दर पुष्पहरूले अलंकृत भए॥ ३२॥

बभुः पंकजपुष्पाणि सरस्सु सकलाञ्जनान्।
संमोहयितुमुद्युक्ता सुमुखी वायुदेवता॥ ३३

पोखरीहरूमा कमलपुष्प फुल्न थाले। अनुकूल वायु संसारका मनुष्यहरूलाई मोहित गर्नका लागि उद्यत देखिन लाग्यो॥ ३३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नागकेशरवृक्षाश्च स्वर्णवर्णैः प्रसूनकैः।
बभुर्मदनकेत्वाभा मनोज्ञाः शंकरान्तिके॥ ३४

लवङ्गवल्ली सुरभिगंधेनोद्वास्य मारुतम्।
मोहयामास चेतांसि भृशं कामिजने पुरा॥ ३५

चारुचर्चितभृङ्गौघाः सुस्वराश्चूतशालिनः।
बभुर्मदनबाणौघपर्यंकमदनावृताः॥ ३६

अंभांसि मलहीनानि रेजुः फुल्लकुशाशयाः।
मुनीनामिव चेतांसि प्रव्यक्तज्योतिरुद्गमम्॥ ३७

तुषाराः सूर्यरश्मीनां सङ्गमादगमन् बहिः।
प्रमत्वानीक्ष्यतेक्षाश्च सलिलीहृदयास्तदा॥ ३८

प्रसन्नाः सह चन्द्रेण निर्नीशारास्तदाऽभवन्।
विभावर्यः प्रियेणैवं कामिन्यः सुमनोहराः॥ ३९

तस्मिन्काले महादेवः सह सत्या धरोत्तमे।
रेमे स सुचिरं छन्दं निकुंजेषु नदीषु च॥ ४०
तथा तेन समं रेजे तदा दाक्षायणी मुने।
यथा हरः क्षणमपि शांतिमाप तया विना॥ ४१
संभोगविषये देवी सती तस्य मनःप्रिया।
विशतीव हरस्याङ्गे पाययन्निव तद्रसम्॥ ४२

तस्याः कुसुममालाभिर्भूषयन्सकलां तनुम्।
स्वहस्तरचिताभिस्तु नवशर्माकरोच्च सः॥ ४३

आलापैर्वीक्षितैर्हास्यैस्तथा संभाषणैर्हरः।
तस्यादिदेश गिरिजां शंसतीवात्मसंविदम्॥ ४४

तद्वक्त्रचंद्रपीयूषपानस्थिरतनुर्हरः।
नानावैशेषिकीं तन्वीमवस्थां स कदाचन॥ ४५

तद्वक्त्राम्बुजवासेन तत्सौन्दर्य्यैश्च नर्मभिः।
गुणैरिव महादन्ती बद्धो नान्यविचेष्टितः॥ ४६

भगवान् शंकरको समीप नागकेसरका वृक्ष आफ्नो सुवर्णसमान पुष्पहरूले कामदेवको ध्वजासमान मनोहर प्रतीत हुन लागे॥ ३४॥ ल्वाङ्का लता आफ्ना सुरभित गन्धले वायुलाई सुवासित गरी कामीजनहरूको चित्तलाई मोहित गर्न लागे॥ ३५॥

मडारिने तथा आँपका मंजरीहरूमा गुंजार गर्ने भ्रमराका सुन्दर समूह कामदेवका बाणहरूको समान तथा कामले व्याप्त पुष्पका पलङ जस्ता प्रतीत भइरहेका थिए॥ ३६॥

ज्ञानरूपी प्रकाशलाई प्राप्त गरी जसरी मुनिहरूको मन प्रफुल्लित हुन्छ, त्यसै गरी फूलेका कमलपुष्पहरूले युक्त निर्मल जल शोभा पाइरहेको थियो॥ ३७॥

सूर्यका किरणहरूको सम्पर्कका कारण हिउँ पग्लिएर बग्न लागे। जल नै जसको हृदय छ, यस्ता कमल जलको बिच स्पष्टरूपले दृष्टिगोचर भइरहेका थिए॥ ३८॥

रात्रिको समयमा तुषाररहित रात्रिहरू चन्द्रमाले युक्त हुनाको कारण प्रियतमका साथ सुशोभित हुने स्त्रीहरू-जस्ता प्रतीत भइरहेका थिए॥ ३९॥

यस्तो मनोहारी वसन्तकालमा महादेव सतीका साथ पर्वतकुंज एवं नदीहरूमा धेरै समयसम्म स्वच्छन्दतापूर्वक रमण गर्न लाग्नुभयो र हे मुनि! त्यस समय दक्षकन्या देवी सती पनि महादेवका साथ शोभायमान हुनुभयो। शिवलाई सतीविना क्षणमात्र पनि शान्ति मिल्दैनथ्यो। शिवलाई प्रिया सती पनि उहाँलाई रसको पान गराउँदै गर्नुभएको प्रतीत भइरहनुभएको थियो॥ ४०—४२॥

शंकर फूलेका नयाँ पुष्पहरूलाई आफ्ना हातले माला बनाएर सतीका अंगहरूलाई सुशोभित गर्दै नयाँ-नयाँ मंगल गरिरहनुभएको थियो॥ ४३॥

आलाप, अवलोकन, हास्य र परस्पर सम्भाषण आदिद्वारा ती शम्भु कहिले ती गिरिजालाई स्वयं सौताको रूपमा पनि देखिनुहुन्थ्यो॥ ४४॥

ती सतीको चन्द्रमुखको अमृतपान गर्नमा सन्नद्ध शरीर भएका शिव आफ्नो शरीरका अनेक अवस्थाहरू कहिले-कहिले देखाउन लाग्नुहुन्थ्यो॥ ४५॥

ती शिव सतीको मुखकमलको सुगन्ध, उहाँको मनोहारी सुन्दरता तथा प्रीतिपूर्ण चेष्टाहरूमा यस प्रकार बाँधिनुभएको थियो, जस्तै कुनै बाँधिएको हात्ती कुनै पनि प्रकारको चेष्टा गर्नमा आफूलाई असमर्थ पाउँदछ॥ ४६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDT

इति हिमगिरिकुंजप्रस्थभागे दरीषु
प्रतिदिनमभिरेमे दक्षपुत्र्या महेशः।
क्रतुभुजपरिमाणैः क्रीडतस्तस्य जाता
दश दश च सुरर्षे वत्सराः पञ्च चान्ये ॥ ४७

यस प्रकार ती महेश्वर हिमालयपर्वतका कुञ्ज, शिखर तथा गुफाहरूमा सतीका साथ प्रतिदिन रमण गर्न लाग्नुभयो। हे सुरर्षि! यस प्रकार विहार गर्दै देवताहरूको वर्षअनुसार उहाँका पच्चीस वर्ष व्यतीत भए॥ ४७॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां द्वितीये सतीखण्डे सतीशिवक्रीडावर्णनं नामैकविंशोऽध्यायः ॥ २१ ॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको द्वितीय सतीखण्डमा सतीशिवक्रीडावर्णन नामक एक्काइसौँ अध्याय पूर्ण भयो॥ २१॥

अथ द्वाविंशोऽध्यायः

सती र शिवको विहार-वर्णन

ब्रह्मोवाच

कदाचिदथ दक्षस्य तनया जलदागमे।
कैलासक्ष्माभृतः प्राह प्रस्थस्थं वृषभध्वजम्॥ १

ब्रह्मा भन्नुहुन्छ—कुनै एक समय वर्षाऋतुमा जब श्रीमहादेव कैलासपर्वतको शिखरमा विराजमान हुनुहुन्थ्यो, त्यस समय सतीले शिवसित भन्न लाग्नुभयो— ॥ १ ॥

सत्युवाच

देवदेव महादेव शंभो मत्प्राणवल्लभ।
शृणु मे वचनं नाथ श्रुत्वा तत्कुरु मानद॥ २

सती भन्नुहुन्छ—हे देवदेव! हे महादेव! हे शम्भु! हे मेरा प्राणवल्लभ! हे नाथ! मेरो वचनलाई सुन्नुहोस् र हे मानद! सुनेर त्यसलाई गर्नुहोस्॥ २॥

घनागमोऽयं संप्राप्तः कालः परमदुःसहः।
अनेकवर्णमेघौघाः सङ्गीतांबरदिक्चयाः॥ ३

हे नाथ! यो परम कष्टदायक वर्षाकाल आएको छ तथा अनेक वर्णका मेघहरूको गर्जनाले आकाश तथा दिशाहरू व्याप्त भएका छन्॥ ३॥

विवान्ति वाता हृदयं हारयंतीति वेगिनः।
कदंबरजसा धौताः पाथोबिन्दुविकर्षणाः॥ ४

कदम्बको परागबाट समन्वित, जलबिन्दुहरूलाई लिएर बहने मनोहारिणी तथा तीव्रगति भएका वायु प्रवाहित भइरहेका छन्॥ ४॥

मेघानां गर्जितैरुच्चैर्धारासारं विमुञ्चताम्।
विद्युत्पताकिनां तीव्रैः क्षुब्धं स्यात्कस्य नो मनः॥ ५

यस वर्षाकालमा जलसमूहका धाराहरूले वृष्टि गर्दै तथा चम्किरहेका बिजुलीका झिल्का भएका यी मेघहरूको गर्जनाको कारण कसको मन विक्षुब्ध नहोला॥ ५॥

न सूर्यो दृश्यते नापि मेघच्छन्नो निशापतिः।
दिवापि रात्रिवद्भाति विरहिव्यसनाकरः॥ ६

विरहीजनहरूलाई दुःखदायी गरिदिने यो वर्षाकाल महाभयानक छ। यस समय आकाश मेघले ढाकिएका कारण दिनमा न त सूर्यको दर्शन हुन पाइरहेको छ, न त रात्रिमा चन्द्रमा नै देखिन्छ। [यस कालमा] दिन पनि रात्रिसमान नै प्रतीत भइरहेको छ॥ ६॥

मेघा नैकत्र तिष्ठन्तो ध्वनन्तः पवनेरिताः।
पतन्त इव लोकानां दृश्यन्ते मूर्ध्नि शंकर॥ ७

प्रचण्ड वायुको बेगको कारण मेघ आवाज निकाल्दै आकाशमा कहीँ पनि स्थिर हुन पाइरहेका छैनन्। हे शंकर! यी मेघ यस्ता प्रतीत भइरहेका छन्, जस्तो अहिल्यै मानिसहरूको शिरमा खस्ने छन्॥ ७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वाताहता महावृक्षा नर्तन्त इव चांबरे।
दृश्यन्ते हर भीरूणां त्रासदाः कामुकेप्सिताः॥ ८

हे शंकर! हावाको वेगले यी ठुला-ठुला वृक्ष आकाशमा नाचिरहेकाझैँ प्रतीत भइरहेका छन्। यी कामीजनहरूका लागि सुखदायक तथा भीरुजनहरूलाई भयभीत गर्ने खालका छन्॥ ८॥

स्निग्धनीलाञ्जनस्याशु सदिवौघस्य पृष्ठतः।
बलाकराजीवात्युच्चैर्यमुनापृष्ठफेनवत्॥ ९

काला तथा चम्किला बादल भएको आकाश माथि उड्दै गरेका बकुल्लाका पंक्ति यमुनानदीको माथि बग्दै गरेका फिँज-जस्तो प्रतीत भइरहेका छन्॥ ९॥

क्षपायामीश वलयो दृश्यन्ते करभाश्रिताः।
अंबुधाविव संदीप्तपावको वडवामुखः॥ १०

हे ईश! कालरात्रिमा बादलहरूमा लुकेको यो चन्द्रमण्डल समुद्रमा प्रदीप्त भएका वडवाग्निसमान प्रतीत भइरहेका छन्॥ १०॥

प्रारोहंतीह सस्यानि मन्दरे प्राङ्गणेष्वपि।
किमन्यत्र विरूपाक्ष सस्योद्भूतिं वदाम्यहम्॥ ११

हे विरूपाक्ष! यस मन्दराचल पर्वतशिखरको प्रांगणमा पनि वर्षाकालीन घाँसहरू उम्रिएका छन्, फेरि अन्य स्थानहरूको चर्चा नै के गरूँ?॥ ११॥

श्यामलै राजतै रक्तैर्विशदोऽयं हिमाचलः।
मंदराश्रयमेघौघः पत्रैर्दुग्धाम्बुधिर्यथा॥ १२

मन्दराचलमा आश्रय ग्रहण गर्ने यी काला, सेता तथा रक्तवर्णका मेघहरूबाट यो विशाल हिमालय यस प्रकार प्रतीत भइरहेको छ, जस्तो पातहरूले ढाकिएको दुधको समुद्र हुन्छ॥ १२॥

असमश्रीश्च कुटिलं भेजे यस्याथ किंशुकान्।
उच्चावचान् कलौ लक्ष्मीर्गन्ता संत्यज्य सज्जनान्॥ १३

श्री (शोभा) सबै वृक्षहरूलाई त्यागेर केवल विषमताले पलाशका वृक्षहरूलाई शोभित गरिरहेका छन्, जुन प्रकार महालक्ष्मी कलियुगमा सज्जनहरूलाई त्यागेर सबै उच्च-नीच पुरुषहरूलाई प्राप्त हुन्छिन्॥ १३॥

मंदराचलमेघानां शब्देन हृषिता मुहुः।
केकायंते प्रतिवने सततं पृष्ठसूचकम्॥ १४

मन्दराचल पर्वतको शिखरमा वास गर्ने बादलहरूको आवाजबाट हर्षित भएर मयूर वनमा आफ्नो पीठ देखाएर नृत्य गरिरहेका छन्॥ १४॥

मेघोत्सुकानां मधुरश्चातकानां मनोहरः।
धारासारशरैस्तापं पेतुः प्रतिपथोद्गतम्॥ १५

मेघानां पश्य मद्देहे दुर्नयं करकोत्करैः।
ये छादयन्त्यनुगते मयूरांश्चातकांस्तथा॥ १६

मेघहरूका लागि उत्सुक यी चातकहरूको मधुर ध्वनि यस वर्षाकालमा सुनिँदै छ र पथिकगण तीव्र जल-वर्षाका कारण बाटोमा हुने थकानलाई मेटाइरहेका छन्। हे शंकर! मेरो देहमा मेघहरूद्वारा असिना वर्साउनाले उत्पन्न भएका यस दुर्नीतिलाई हेर्नुहोस्, जो हाम्रा अनुगामी मयूर तथा चातकहरूमाथि पनि असिनाको वर्षा गरी तिनलाई असिनाहरूले पुरिदिएका छन्॥ १५-१६॥

शिखिसारंगयोर्दृष्ट्वा मित्रादपि पराभवम्।
हर्षं गच्छन्ति गिरिश विदूरमपि मानसम्॥ १७

हे गिरिश! मयूर तथा सारस पनि आफ्नो मित्र (बादल)-बाट पराभवलाई प्राप्त गरी टाढा हुँदामा पनि हर्षपूर्वक मानसरोवरमा गइरहेका छन्॥ १७॥

एतस्मिन्विषमे काले नीडं काकाश्चकोरकाः।
कुर्वन्ति त्वां विना गेहान् कथं शांतिमवाप्स्यसि॥ १८

[हे सदाशिव!] यस विषम परिस्थितिमा [केवल] हजुरलाई छोडेर कौवा र चखेवा पक्षीले पनि आफ्नू गुँड बनाइरहेका छन्। अब हजुर नै भन्नुहोस्, घरविना हजुर कसरी शान्ति प्राप्त गर्नुहुने छ?॥ १८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDT

महतीवाद्य नो भीतिर्मां मेघोत्था पिनाकधृक्।
यतस्व यस्माद्वासाय माचिरं वचनान्मम॥ १९

कैलासे वा हिमाद्रौ वा महाकोश्यामथ क्षितौ।
तत्रोपयोग्यं संवासं कुरु त्वं वृषभध्वज॥ २०

ब्रह्मोवाच

एवमुक्तस्तया शंभुर्दाक्षायण्या तथासकृत्।
सञ्जहास च शीर्षस्थचन्द्ररश्मिस्मितालयम्॥ २१

अथोवाच सतीं देवीं स्मिताभिन्नौष्ठसंपुटः।
महात्मा सर्वतत्त्वज्ञस्तोषयन्परमेश्वरः॥ २२

ईश्वर उवाच

यत्र प्रीत्यै मया कार्यो वासस्तव मनोहरे।
मेघास्तत्र न गन्तारः कदाचिदपि मत्प्रिये॥ २३

मेघा नितंबपर्यन्तं सञ्चरन्ति महीभृतः।
सदा प्रालेयसानोस्तु वर्षास्वपि मनोहरे॥ २४

कैलासस्य तथा देवि पादगाः प्रायशो घनाः।
सञ्चरन्ति न गच्छन्ति तत ऊर्ध्वं कदाचन॥ २५

सुमेरोर्वा गिरेरूर्ध्वं न गच्छन्ति बलाहकाः।
जम्बूमूलं समासाद्य पुष्करावर्तकादयः॥ २६

इत्युक्तेषु गिरीन्द्रेषु यस्योपरि भवेद्धि ते।
मनोरुचिर्निवासाय तमाचक्ष्व द्रुतं हि मे॥ २७

स्वेच्छाविहारैस्तव कौतुकानि
सुवर्णपक्षानिलवृन्दवृन्दैः।
शब्दोत्तरंगैर्मधुरस्वनैस्तै-
र्मुदोपगेयानि गिरौ हिमोत्थे॥ २८

सिद्धाङ्गनास्ते रचितासना भुवं
काङ्क्षन्ति चैवोपहृतं सकौतुकम्।
स्वेच्छाविहारे मणिकुट्टिमे गिरौ
कुर्वन्ति चेष्यन्ति फलादिदानकैः॥ २९

हे पिनाकधारी! मलाई यी मेघहरूबाट धेरै ठुलो डर उत्पन्न भएको छ, यसैले मेरो भनाइलाई हृदयंगम गरी निवासको निम्ति तत्काल घर बनाउने प्रयत्न गर्नुहोस्॥ १९॥

हे वृषभध्वज! हजुर कैलासपर्वतमा, हिमालयमा अथवा महाकोशीमा वा पृथ्वीमा आफ्नो योग्य निवासस्थान बनाउनुहोस्॥ २०॥

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] यस प्रकार दक्षकन्या सतीद्वारा पटक-पटक भनिएपछि शिव आफ्नो शिरमा स्थित चन्द्रमाको प्रकाशपुंजको समान उज्ज्वल मुखले हाँस्न लाग्नुभयो॥ २१॥

त्यसपछि मुस्कुराहटको कारण खुला ओठ भएका ती सर्वतत्त्वज्ञाता महात्मा परमेश्वर महादेव सतीलाई प्रसन्न पार्दै भन्न लाग्नुभयो—॥ २२॥

ईश्वर भन्नुहुन्छ—हे सुन्दरी! हे मेरी प्रिये! तिम्रो प्रीतिका लागि म तिमीलाई बस्न योग्य निवासस्थान त्यस ठाउँमा बनाइदिन्छु, जहाँ मेघ कहिले पनि जान सक्तैनन्॥ २३॥

हे सुन्दरी! वर्षाकालमा पनि यी मेघ हिमालय पर्वत (मध्य भाग)-को तल नै घुमिरहन्छन्॥ २४॥

त्यसै गरी हे देवी! यी मेघ यस कैलासपर्वतको पनि तल-तल नै घुम्छन्, कैलास पर्वतका माथि जाँदैनन्॥ २५॥

पुष्कर, आवर्तक आदि मेघ पनि जम्बूको फेदीसम्म मात्र रहन्छन्। यो जम्बूको माथि रहने सुमेरु पर्वतको शिखरमा जाँदैनन्॥ २६॥

हे प्रिया! यी वर्णित पर्वतहरूमध्येमा जुन पर्वतमा तिम्रो निवास गर्ने इच्छा छ, त्यस पर्वतलाई तत्काल बताऊ॥ २७॥

यस हिमालय पर्वतमा निवास गर्नाले स्वच्छन्द विहार गर्ने सुवर्ण सदृश्य पखेटा भएका यी अनिल नामक पक्षीसमूह उच्च-उच्च मधुर शब्दहरूले तिम्रो कौतुक (केलिक्रीडा)-को गान गर्ने छन्॥ २८॥

सिद्धहरूका कमनीय स्त्रीहरू मणिहरूद्वारा कुँदेर बनाइएको यस हिमालयको भूमिमा स्वेच्छा-विहारकालमा कौतुकबाट तिमीलाई बस्नका लागि आसनको निर्माण गरी स्वच्छ पृथिवीलाई तिम्रो निम्ति अर्पण गर्ने छन् र अनेक प्रकारका फल-मूल आदि ल्याएर दिने इच्छा गर्ने छन्॥ २९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

फणीन्द्रकन्या गिरिकन्यकाश्च
या नागकन्याश्च तुरंगमुख्याः।
सर्वास्तु तास्ते सततं सहायतां
समाचरिष्यन्त्यनुमोदविभ्रमैः ॥ ३०

रूपं तदेवमतुलं वदनं सुचारु
दृष्ट्वाङ्गना निजवपुर्निजकांतिसह्यम्।
हेला निजे वपुषि रूपगणेषु नित्यं
कर्तार इत्यनिमिषेक्षणचारुरूपाः ॥ ३१

या मेनका पर्वतराज जाया
रूपैर्गुणैः ख्यातवती त्रिलोके।
सा चापि ते तत्र मनोऽनुमोदं
नित्यं करिष्यत्यनुनाथनाद्यैः ॥ ३२

पुरस्थवर्गैर्गिरिराजवंद्यैः
प्रीतिं विचिन्वद्भिरुदाररूपाम्।
शिक्षा सदा ते खलु शोचितापि
कार्यान्वहं प्रीतियुता गुणाद्यैः ॥ ३३

विचित्रैः कोकिलालापमोदैः कुंजगणावृतम्।
सदा वसंतप्रभवं गंतुमिच्छसि किं प्रिये ॥ ३४

नानाबहुजलापूर्णसरः शीतसमावृतम्।
पद्मिनीशतशोयुक्तमचलेन्द्रं हिमालयम् ॥ ३५

सर्वकामप्रदैर्वृक्षैः शाद्वलैः कल्पसंज्ञकैः।
सक्षणं पश्य कुसुमान्यथाश्वकरिगोव्रजम् ॥ ३६

प्रशांतश्वापदगणं मुनिभिर्यतिभिर्वृतम्।
देवालये महामाये नानामृगगणैर्युतम् ॥ ३७

स्फाटिकैः स्वर्णवप्राद्यै राजतैश्च विराजितम्।
मानसादिसरोरंगैरभितः परिशोभितम् ॥ ३८

हिरणमयै रत्ननालैः पंकजैर्मुकुलैर्वृतम्।
शिशुमारैस्तथासंख्यैः कच्छपैर्मकरैः करैः ॥ ३९

निषेवितं मञ्जुलैश्च तथा नीलोत्पलादिभिः।
देवेशि तस्मान्मुक्तैश्च सर्वगंधैश्च कुंकुमैः ॥ ४०

लसद्गन्धजलैः शुभ्रैरापूर्णैः स्वच्छकांतिभिः।

नागकन्या, पर्वतकन्या एवं तुरंगमुखी किन्नरी—यी सबै मनलाई मोहित पार्ने आफ्नो हाव-भावले सदैव तिम्रो सहायता गर्ने छन्॥ ३०॥

तिम्रो यस अतुलनीय रूप तथा मनोहारी मुखलाई देखेर त्यहाँका स्त्रीहरू आफ्ना पतिका लागि मनोहर लाग्ने शरीर, आफ्नो रूप तथा गुणहरूलाई धिक्कार्ने छन् तथा तिमीतिर निरन्तर हेरिरहने छन्॥ ३१॥

पर्वतराज हिमालयकी पत्नी मेनका, जो आफ्नो रूप तथा गुणले त्रिलोकमा विख्यात छिन्, ती पनि तिम्रो मनोऽनुकूल ऐश्वर्य, आशीर्वाद तथा प्रार्थनाले तिमीलाई प्रसन्न पार्न चाहने छिन्॥ ३२॥

गिरिराजबाट वन्दनाको योग्य समस्त पुरजन तिमीलाई प्रसन्न पार्न सदा प्रयत्न गर्नेछन् र यदि अत्यन्त उदाररूपा तिमीलाई कहिले शोक भयो भने तिनीहरू तिमीलाई शिक्षा दिनेछन् तथा आफ्नो गुणहरूले प्रसन्न राख्ने छन्॥ ३३॥

हे प्रिये! कोइलीका विचित्र मधुर आलापहरूले परिपूर्ण कुंजसमूहहरूले आवृत स्थानमा जहाँ वसन्तको उत्पत्तिको स्थान छ, के तिमी त्यस स्थानमा जान चाहन्छ्यौ ?॥ ३४॥

जहाँ विविध प्रकारका अनेक तलाउ सयकडौं कमलिनीहरूले समन्वित शीतल जलले परिपूर्ण छन्, जहाँ घोडा, हात्ती तथा गाईहरूको निवास छ, हे देवी! त्यहाँ सबै प्रकारका कामनाहरूलाई प्रदान गर्ने कल्पसंज्ञक वृक्षहरूले घेरिएका सुन्दर मनोहारी पुष्पहरू तथा हरा-भरा नवीन घाँसका मैदानहरूलाई प्रफुल्लित नेत्रहरूले हेर्नेछौ। हे महामाया! यस प्रकार त्यस हिमालयमा हिंसक जन्तुगण पनि शान्तिपूर्वक निवास गर्छन्, त्यो अनेक प्रकारका मृगगणहरूले युक्त छ, त्यहाँ स्थित देवालयहरूमा मुनि तथा यतिहरूको निवास छ॥ ३५—३७॥

त्यस पर्वतको शिखर स्फटिक, सुवर्ण एवं चाँदीले व्याप्त छ, त्यो मानसादि सरोवरहरूले चारैतिरबाट सुशोभित छ। त्यो सुवर्णले बनेको, रत्नहरूको दण्ड भएको आधा फक्रेका कमलहरूले व्याप्त छ। शिशुमार एवं असंख्य कच्छुवा एवं गोहीहरूले त्यो मानसरोवर परिव्याप्त छ॥ ३८-३९॥

त्यो मनोहर नीलकमलहरू र उत्पलकमलहरूले शोभित छ। हे देवेशि! त्यो [कमलपुष्पहरूबाट] झरिरहेका सुगन्धित कुंकुमहरूले व्याप्त छ। चन्दनहरूले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDT

शाद्वलैस्तरुणैस्तुङ्गैस्तीरस्थैरुपशोभितम् ॥ ४१

नृत्यद्भिरिव शाखोटैर्वर्जयन्तं स्वसंभवम्।
कामदेवैः सारसैश्च मत्तचक्राङ्गशोभितैः ॥ ४२

मधुररावविभिर्मोदकारिभिर्भ्रमरादिभिः ।
शब्दायमानं च मुदा कामोद्दीपनकारकम् ॥ ४३

वासवस्य कुबेरस्य यमस्य वरुणस्य च।
अग्नेः कोणपराजस्य मारुतस्य परस्य च ॥ ४४
पुरीभिः शोभिशिखरं मेरोरुच्चैः सुरालयम्।
रंभाशचीमेनकादिरंभोरुगणसेवितम् ॥ ४५

किं त्वमिच्छसि सर्वेषां पर्वतानां हि भूभृताम्।
सारभूते महारम्ये संविहर्तुं महागिरौ ॥ ४६

तत्र देवी सखियुता साप्सरोगणमंडिता।
नित्यं करिष्यति शची तव योग्यां सहायताम् ॥ ४७

अथवा मम कैलासे पर्वतेन्द्रे सदाश्रये।
स्थानमिच्छसि वित्तेशपुरीपरिविराजिते ॥ ४८

गङ्गाजलौघप्रयते पूर्णचन्द्रसमप्रभे।
दरीषु सानुषु सदा ब्रह्मकन्याभ्युदीरिते ॥ ४९

नानामृगगणैर्युक्ते पद्माकरशतावृते।
सर्वैर्गुणैश्च सद्वस्तुसुमेरोरपि सुंदरे ॥ ५०

स्थानेष्वेतेषु यत्रापि तवान्तःकरणे स्पृहा।
तं द्रुतं मे समाचक्ष्व वासकर्तास्मि तत्र ते ॥ ५१

ब्रह्मोवाच

इतीरिते शंकरेण तदा दाक्षायणी शनैः।
इदमाह महादेवं लक्षणं स्वप्रकाशनम् ॥ ५२

सत्युवाच

हिमाद्रावेव वसितुमहमिच्छे त्वया सह।
नचिरात्कुरु संवासं तस्मिन्नेव महागिरौ ॥ ५३

समन्वित स्वच्छ जलहरूले त्यो मानसरोवर पूर्ण छ। मानसरोवरका तट हराभरा, अग्ला एवं नवीन घाँस भएको भूभागले सुशोभित छ। त्यहाँका ओखरका वृक्ष यस प्रकार प्रतीत भइरहेका छन्, जस्तो आफ्ना हाँगाहरूलाई हल्लाएर नृत्य गरिरहेका छन्। आफ्नो इच्छाअनुसार अनेक प्रकारका रूप धारण गर्ने देवताहरू, सारसहरू एवं मत्त चखेवाहरूले मानसरोवर सुशोभित भइरहेको छ॥ ४०—४२॥

परम आनन्द प्रदान गर्ने भ्रमराका मधुर आवाजले गुंजित त्यो मानसरोवर महान् उद्दीपनदायक छ॥ ४३॥

मेरुपर्वतका अग्ला शिखरमा इन्द्र, कुबेर, यम, वरुण, अग्नि, निर्ऋति, वायु तथा ईशानका पुरीहरू छन्, जहाँ देवताहरूका निवासस्थान छन्। त्यो मेरुशिखर रम्भा, शची एवं मेनकादि अप्सराहरूले सुशोभित छ॥ ४४-४५॥

[हे देवी!] के तिमी ती समस्त पर्वतहरूका राजा तथा पृथिवीका सारभूत महारम्य सुमेरु पर्वतमा विहार गर्न चाहन्छ्यौ?॥ ४६॥

त्यहाँ [निवास गर्नाले] सखी एवं अप्सराहरू–सहित शची देवीले तिम्रो उचित सहायता गर्नेछिन्॥ ४७॥

अथवा तिमी मेरो आश्रयभूत कैलासमा, जुन पर्वतेन्द्रको नामले विख्यात छ, त्यसमा निवास गर्न चाहन्छ्यौ, जहाँ कुबेरको अलकापुरी छ। जहाँ गंगाका जलधारा बगिरहेका छन्, जुन स्वयं पूर्णचन्द्रको समान समुज्ज्वल छ र जुन कैलासका कन्दरा तथा शिखरहरूमा ब्रह्मकन्याहरू मनोहर गान गर्छन्॥ ४८–४९॥

यो कैलास अनेक प्रकारका मृगगणका समूहहरूले युक्त, सयकडौँ कमलहरूले परिपूर्ण एवं सुमेरुपर्वतको भन्दा पनि धेरै गुणहरूले युक्त तथा सुन्दर छ॥ ५०॥

[हे देवी!] यी स्थानहरूमध्ये जहाँ तिम्रो बस्ने इच्छा छ, त्यो स्थान शीघ्र मलाई बताऊ। म त्यहीँ तिम्रो निवासस्थानको निर्माण गर्ने छु॥ ५१॥

ब्रह्मा भन्नुहुन्छ—शंकरले यस प्रकार भन्नुभएपछि सतीदेवी आफ्नो निवासभूत स्थानको लक्षण यस प्रकार भन्न लाग्नुभयो—॥ ५२॥

सती भन्नुहुन्छ—हे देव! म हजुरसँगै यस पर्वतराज हिमालयमा नै निवास गर्न चाहन्छु, हजुर यसै पर्वतमा शीघ्रतापूर्वक निवासस्थानको निर्माण गर्नुहोस्॥ ५३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

अथ तद्वाक्यमाकर्ण्य हरः परममोहितः।
हिमाद्रिशिखरं तुङ्गं दाक्षायण्या समं ययौ॥ ५४

सिद्धाङ्गनागणयुतमगम्यं चैव पक्षिभिः।
अगमच्छिखरं रम्यं सरसीवनराजितम्॥ ५५

विचित्ररूपैः कमलैः शिखरं रत्नकर्बुरम्।
बालार्कसदृशं शंभुराससाद सतीसखः॥ ५६

स्फटिकाभ्रमये तस्मिन् शाद्वलद्रुमराजिते।
विचित्रपुष्पावलिभिः सरसीभिश्च संयुते॥ ५७

प्रफुल्लतरुशाखाग्रं गुंजद् भ्रमरसेवितम्।
पङ्केरुहैः प्रफुल्लैश्च नीलोत्पलचयैस्तथा॥ ५८

शोभितं चक्रवाकाद्यैः कादंबैर्हंससंकुलैः।
प्रमत्तसारसैः क्रौंचैर्नीलस्कन्धैश्च शब्दितैः॥ ५९

पुंस्कोकिलानां निनदैर्मधुरैर्गणसेवितैः।
तुरंगवदनैः सिद्धैरप्सरोभिश्च गुह्यकैः॥ ६०

विद्याधरीभिर्देवीभिः किन्नरीभिर्विहारितम्।
पुरंध्रीभिः पार्वतीभिः कन्याभिरभिसङ्गतम्॥ ६१

विपञ्चीतांत्रिकामत्तमृदङ्गपटहस्वनैः ।
नृत्यद्भिरप्सरोभिश्च कौतुकोत्थैश्च शोभितम्॥ ६२

देविकाभिर्दीर्घिकाभिर्गंधिभिः सुसमावृतम्।
प्रफुल्लकुसुमैर्नित्यं सुकुञ्जैरुपशोभितम्॥ ६३

शैलराजपुराभ्यर्णे शिखरे वृषभध्वजः।
सह सत्या चिरं रेमे एवंभूतेषु शोभनम्॥ ६४

तस्मिन् स्वर्गसमे स्थाने दिव्यमानेन शंकरः।
दशवर्षसहस्राणि रेमे सत्या समं मुदा॥ ६५

स कदाचित्ततः स्थानादन्यद्याति स्थलं हरः।
कदाचिन्मेरुशिखरं देवीदेववृतं सदा॥ ६६

ब्रह्मा भन्नुहुन्छ—सतीद्वारा यस प्रकार भनिएपछि शंकर अत्यधिक मोहित हुनुभयो र सतीलाई साथ लिएर हिमालयपर्वतको ऊच्च शिखरमा जानुभयो॥ ५४॥

सिद्धांगनाहरूले युक्त, पक्षीहरूबाट सर्वथा अगम्य, अनेक स-साना तलाउहरूले युक्त, विचित्र कमलहरूले चित्रित र प्रातःकालीन सूर्यसमान सुशोभित त्यस शिखरमा शिव सती देवीका साथ जानुभयो॥ ५५-५६॥

त्यो स्फटिकमणिसमान समुज्ज्वल, हराभरा वृक्ष तथा घाँसहरूले परिपूर्ण, विचित्र पुष्प भएका तलाउहरूले युक्त थियो, त्यस शिखरका वृक्षका हाँगाका अग्रभाग विकसित पुष्पहरूले शोभित थिए, भ्रमरा गुंजार गरिरहेका थिए, त्यो नीलो एवं अनेक वर्णका कमलहरूले परिव्याप्त थियो॥ ५७-५८॥

चखेवा, कदम्ब, हाँस, सुगा, सारस र नीला गर्दन भएका कन्याङकुरुङ पक्षीका आवाजहरूले त्यो शिखर शब्दायमान भइरहेको थियो॥ ५९॥

त्यस शिखरमा कोइली मनोहर शब्द गरिरहेका थिए, त्यो अनेक प्रकारका गण, किन्नर, सिद्ध, अप्सरा तथा गुह्यकहरूले सेवित थियो॥ ६०॥

विद्याधरी, देवी तथा किन्नरीहरू त्यहाँ विहार गरिरहेका थिए तथा त्यो पर्वतीय स्त्री एवं कन्याहरूले युक्त थियो॥ ६१॥

वीणा, सितार, मृदंग एवं दमाहाका वाद्ययन्त्रहरूमा नृत्य एवं कौतुक गरिरहेका अप्सराहरूको समूहले त्यो शिखर सुशोभित भइरहेको थियो॥ ६२॥

देविका, दीर्घिका, फक्रेका तथा सुगन्धित पुष्पहरू र निकुञ्जहरूले त्यो शोभायमान भइरहेको थियो॥ ६३॥

यस प्रकारको शोभाले युक्त पर्वतराज हिमालयको शिखरमा शंकर सती देवीका साथ धेरै समयसम्म रमण गर्दै रहनुभयो॥ ६४॥

महादेव त्यस स्वर्ग समान दिव्य स्थानमा सतीका साथ देवताहरूको वर्ष गणनानुसार दश हजार वर्षसम्म प्रसन्नतापूर्वक विहार गर्दै रहनुभयो॥ ६५॥

उहाँ कहिले त्यस स्थानलाई छोडेर सतीका साथ कुनै अरू स्थानमा जानुहुन्थ्यो तथा कहिले देवी-देवताहरूले व्याप्त मेरु शिखरमा जानुहुन्थ्यो॥ ६६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDT

द्वीपान्नाना तथोद्यानवनानि वसुधातलम्।
गत्वा गत्वा पुनस्तत्राभ्येत्य रेमे सतीसुखम्॥ ६७

यस पृथ्वीतलका अनेक प्रकारका द्वीपहरू, उद्यानहरू एवं वनहरूमा गएर पुनः त्यहाँ आएर सतीका साथ रमण गर्न लाग्नुहुन्थ्यो॥ ६७॥

न यज्ञे स दिवारात्रौ न ब्रह्मणि तपस्समम्।
सत्यां हि मनसा शंभुः प्रीतिमेव चकार ह॥ ६८

शिवको मन यज्ञ, ब्रह्म तथा समाधिमा लाग्दैनथ्यो, ती शम्भु दिन-रात मनले सतीमा नै प्रीति गर्दै रहनुहुन्थ्यो॥ ६८॥

एवं महादेवमुखं सत्यपश्यत्स्म सर्वदा।
महादेवोऽपि सर्वत्र सदाद्राक्षीत्सतीमुखम्॥ ६९

यसै प्रकार सती पनि निरन्तर महादेवको मुखको अवलोकन गरिरहनुहुन्थ्यो र शिव पनि सतीको मुखलाई हेरिरहनुहुन्थ्यो॥ ६९॥

एवमन्योन्यसंसर्गादनुरागमहीरुहम्।
वर्धयामासतुः कालीशिवौ भावांबुसेचनैः॥ ७०

यस प्रकार ती शिव तथा सती परस्परको संयोगले स्नेहरूपी जलद्वारा अनुरागरूपी वृक्षलाई सिंचित गरी बढाउन लाग्नुभयो॥ ७०॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां द्वितीये सतीखण्डे शिवाशिवविहारवर्णनं नामद्वाविंशोऽध्यायः॥ २२॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको द्वितीय सतीखण्डमा शिवा-शिवविहारवर्णन नामक बाइसौँ अध्याय पूर्ण भयो॥ २२॥

अथ त्रयोविंशोऽध्यायः

सतीले सोध्नुभएपछि शिवद्वारा भक्तिको महिमा तथा नवधा भक्तिको निरूपण

ब्रह्मोवाच

एवं कृत्वा विहारं वै शंकरेण च सा सती।
संतुष्टा साभवच्चाति विरागा समजायत॥ १

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! यस प्रकार शंकरका साथ विहार गरी ती सती कामले सन्तुष्ट हुनुभयो र उहाँको मनमा वैराग्य उत्पन्न हुन लाग्यो॥ १॥

एकस्मिन्दिवसे देवी सती रहसि सङ्गता।
शिवं प्रणम्य सद्भक्त्या न्यस्योच्चैः सुकृताञ्जलिः॥ २
सुप्रसन्नं प्रभुं नत्वा सा दक्षतनया सती।
उवाच साञ्जलिर्भक्त्या विनयावनता ततः॥ ३

एक दिनको कुरा हो, देवी सती एकान्तमा भगवान् शंकरसित भेटेर भक्तिपूर्वक प्रणाम गरी दुवै हात जोडेर उभिनुभयो। भगवान् शंकरलाई प्रसन्नचित्त जानेर विनयभावले दक्षकुमारी सती भन्न लाग्नुभयो— ॥ २-३॥

सत्युवाच

देवदेव महादेव करुणासागर प्रभो।
दीनोद्धर महायोगिन् कृपां कुरु ममोपरि॥ ४

सती भन्नुहुन्छ—हे देवदेव! हे महादेव! हे करुणासागर! हे प्रभु! हे दीनोद्धारपरायण! हे महायोगी! मप्रति कृपा गर्नुहोस्॥ ४॥

त्वं परः पुरुषः स्वामी रजःसत्त्वतमःपरः।
निर्गुणः सगुणः साक्षी निर्विकारी महाप्रभुः॥ ५

हजुर परमपुरुष हुनुहुन्छ, यस जगत्का स्वामी हुनुहुन्छ, रजोगुण-तमोगुण एवं सत्त्वगुणबाट पर हुनुहुन्छ, निर्गुण हुनुहुन्छ, सगुण पनि हुनुहुन्छ, सबका साक्षी, निर्विकार र महाप्रभु हुनुहुन्छ॥ ५॥

धन्याहं ते प्रिया जाता कामिनी सुविहारिणी।
जातस्त्वं मे पतिः स्वामिन् भक्तवात्सल्यतो हर॥ ६

म धन्य छु, जो हजुरकी कामिनी र हजुरका साथ सुन्दर विहार गर्ने हजुरकी प्रिया भएँ। हे स्वामी! हे हर! हजुर आफ्नो भक्तवत्सलताको कारण नै मेरो स्वामी हुनुभयो॥ ६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृतो बहुसमा नाथ विहारः परमस्त्वया।
संतुष्टाहं महेशान निवृत्तं मे मनस्ततः॥ ७

हे नाथ! मैले हजुरका साथ धेरै दिनसम्म विहार गरेँ। हे महेशान! यसबाट म सन्तुष्ट भएकी छु। अब मेरो मन त्यताबाट हटेको छ॥ ७॥

ज्ञातुमिच्छामि देवेश परं तत्त्वं सुखावहम्।
येन संसारदुःखाद्वै तरेज्जीवोऽञ्जसा हर॥ ८

हे देवेश! अब म परमतत्त्वको ज्ञान प्राप्त गर्न चाहन्छु, जुन सुख प्रदान गर्ने खालको छ तथा हे हर! जसलाई जानेपछि समस्त जीवले संसारी दुःखबाट अनायासै उद्धार प्राप्त गर्नेछन्॥ ८॥

यत्कृत्वा विषयी जीवः स लभेत्परमं पदम्।
संसारी न भवेन्नाथ तत्त्वं वद कृपां कुरु॥ ९

हे नाथ! जुन कर्मको अनुष्ठान गरी विषयी जीव पनि परमपदलाई प्राप्त गर्दछ तथा पुनः संसारबन्धनमा पर्दैन, हजुर त्यस परमतत्त्वलाई बताउनुहोस्, मप्रति कृपा गर्नुहोस्॥ ९॥

ब्रह्मोवाच

इत्यपृच्छत्स्म सद्भक्त्या शंकरं सा सती मुने।
आदिशक्तिर्महेशानी जीवोद्धाराय केवलम्॥ १०

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! यस प्रकार आदिशक्ति महेश्वरी सतीले केवल जीवहरूको उद्धारका लागि उत्तम भक्तिभावले भगवान् शंकरसित यस प्रकार सोध्नुभयो॥ १०॥

आकर्ण्य तच्छिवः स्वामी स्वेच्छयोपात्तविग्रहः।
अवोचत्परमप्रीतः सतीं योगविरक्तधीः॥ ११

तब यसलाई सुनेर स्वेच्छाले शरीर धारण गर्नुहुने तथा योगद्वारा भोगबाट विरक्त चित्त भएका स्वामी शिव अत्यन्त प्रसन्न भएर सतीसित भन्न लाग्नुभयो—॥ ११॥

शिव उवाच

शृणु देवि प्रवक्ष्यामि दाक्षायणि महेश्वरि।
परं तत्त्वं तदेवानुशयी मुक्तो भवेद्यतः॥ १२

शिव भन्नुहुन्छ—हे देवी! हे दक्षनन्दिनी! हे महेश्वरी! सुन, म त्यस परमतत्त्वको वर्णन गर्छु, जसबाट वासनाबद्ध जीव तत्काल मुक्त हुन जान्छ॥ १२॥

परतत्त्वं विजानीहि विज्ञानं परमेश्वरि।
द्वितीयं स्मरणं यत्र नाहं ब्रह्मेति शुद्धधीः॥ १३

हे सती! तिमी विज्ञानलाई परमतत्त्व जान। विज्ञान त्यो हो, जसको उदय भएपछि 'म ब्रह्म हुँ', यस्तो दृढ निश्चय हुन जान्छ। ब्रह्मबाहेक दोस्रो कुनै वस्तुको स्मरण रहँदैन तथा त्यस विज्ञानी पुरुषको बुद्धि सर्वथा शुद्ध हुन जान्छ॥ १३॥

तद्दुर्लभं त्रिलोकेऽस्मिंस्तज्ज्ञाता विरलः प्रिये।
यादृशो यः स दासोऽहं ब्रह्म साक्षात्परात्परः॥ १४

हे प्रिये! त्यो विज्ञान दुर्लभ छ, त्रिलोकीमा त्यसका ज्ञाता कोही विरलै हुन्छन्। त्यो जे र जस्तो भए पनि सदा मेरै स्वरूप हो। साक्षात् परात्पर ब्रह्म हो॥ १४॥

तन्माता मम भक्तिश्च भुक्तिमुक्तिफलप्रदा।
सुलभा मत्प्रसादाद्धि नवधा सा प्रकीर्तिता॥ १५

भक्तौ ज्ञाने न भेदो हि तत्कर्तुः सर्वदा सुखम्।
विज्ञानं न भवत्येव सति भक्तिविरोधिनः॥ १६

यस प्रकारको विज्ञानको जननी केवल मेरो भक्ति हो, जसले भोग र मोक्षरूप फल प्रदान गर्दछ। त्यो मेरो कृपाले सुलभ हुन्छ। त्यो भक्ति नौ प्रकारको बताइएको छ। हे सती! भक्ति र ज्ञानमा कुनै भेद छैन। भक्त र ज्ञानी दुवैलाई सदा सुख प्राप्त हुन्छ। भक्तिका विरोधीलाई विज्ञानको प्राप्ति हुँदैन॥ १५-१६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDT

भक्ताधीः सदाहं वै तत्प्रभावाद् गृहेष्वपि।
नीचानां जातिहीनानां यामि देवि न संशयः॥ १७

हे देवी! म सदा भक्तको अधीन रहन्छु र भक्तिको प्रभावले जातिहीन नीच मनुष्यहरूको घरमा पनि जान्छु, यसमा संशय छैन॥ १७॥

या भक्तिर्द्विविधा देवि सगुणा निर्गुणा मता।
वैधी स्वाभाविकी या या वरा सा त्ववरा स्मृता॥ १८

नैष्ठिक्यनैष्ठिकी भेदाद् द्विविधे द्विविधे हि ते।
षड्विधा नैष्ठिकी ज्ञेया द्वितीयैकविधा स्मृता॥ १९

हे देवी! त्यो भक्ति दुई प्रकारको बताइएको छ, सगुण र निर्गुण। जुन वैधी अर्थात् शास्त्रविधिबाट प्रेरित र स्वाभाविकी भक्ति हुन्छ, त्यो श्रेष्ठ हो र यसबाट भिन्न जुन कामनामूलक भक्ति छ, त्यो निम्नकोटिको बताइएको छ। सगुण र निर्गुण भक्ति—यी दुवै प्रकारका भक्तिहरू नैष्ठिक र अनैष्ठिकको भेदले दुई प्रकारका हुन्छन्। नैष्ठिक भक्तिलाई छ प्रकारको जान्नुपर्छ र अनैष्ठिक एउटै प्रकारको बताइएको छ॥ १८-१९॥

विहिताविहिताभेदात्तामनेकां विदुर्बुधाः।
तयोर्बहुविधत्वाच्च तत्त्वं त्वन्यत्र वर्णितम्॥ २०

ते नवाङ्गे उभे ज्ञेये वर्णिते मुनिभिः प्रिये।
वर्णयामि नवाङ्गानि प्रेमतः शृणु दक्षजे॥ २१

विद्वान् पुरुष विहिता र अविहिता आदि भेदले त्यसलाई अनेक प्रकारको मान्छन्। यी द्विविध भक्तिहरूको धेरै भेद-प्रभेद हुनाको कारण यिनको तत्त्वको अन्यत्र वर्णन गरिएको छ। हे प्रिये! मुनिहरूले सगुण र निर्गुण दुवै भक्तिका नौ अंग बताएका छन्। हे दक्षनन्दिनी! म ती नौ अंगको वर्णन गर्छु, तिमी प्रेमपूर्वक सुन॥ २०-२१॥

श्रवणं कीर्तनं चैव स्मरणं सेवनं तथा।
दास्यं तथार्चनं देवि वंदनं मम सर्वदा॥ २२
सख्यमात्मार्पणं चेति नवाङ्गानि विदुर्बुधाः।
उपाङ्गानि शिवे तस्या बहूनि कथितानि वै॥ २३

हे देवी! श्रवण, कीर्तन, स्मरण, सेवन, दास्य, अर्चना, सदा मेरो वन्दना, सख्य र आत्मसमर्पण—विद्वानहरूले भक्तिका यी नौ अंग मानेका छन्। हे शिवे! यसबाहेक त्यस भक्तिका धेरै उपांग पनि बताइएका छन्॥ २२-२३॥

शृणु देवि नवाङ्गानां लक्षणानि पृथक् पृथक्।
मम भक्तेर्मनो दत्त्वा भुक्तिमुक्तिप्रदानि हि॥ २४

कथादेर्नित्यसम्मानं कुर्वन्देहादिभिर्मुदा।
स्थिरासनेन तत्पानं यत्तच्छ्रवणमुच्यते॥ २५

हे देवी! अब तिमी मन लगाएर मेरो भक्तिको नौ अंगको पृथक्-पृथक् लक्षण सुन, जुन भोग तथा मोक्षदायक छ। जुन स्थिर आसनमा बसेर तन-मन आदिले मेरो कथा-कीर्तन आदिको नित्य सम्मान गर्दै प्रसन्नतापूर्वक [आफ्ना श्रवणपुटहरूबाट] त्यसको पान गरिन्छ, त्यसलाई श्रवण भनिन्छ॥ २४-२५॥

हृदाकाशेन संपश्यन् जन्मकर्माणि वै मम।
प्रीत्योच्चोच्चारणं तेषामेतत्कीर्तनमुच्यते॥ २६

व्यापकं देवि मां दृष्ट्वा नित्यं सर्वत्र सर्वदा।
निर्भयत्वं सदा लोके स्मरणं तदुदाहृतम्॥ २७

जो हृदयाकाशद्वारा मेरो दिव्य जन्म एवं कर्महरूको चिन्तन गर्दै प्रेमले वाणीद्वारा तिनको उच्च स्वरले उच्चारण गर्छ, उसको यस भजनसाधनलाई कीर्तन भनिन्छ। हे देवी! म नित्य महेश्वरलाई सदा र सर्वत्र व्यापक जानेर संसारमा निरन्तर निर्भय रहनुलाई स्मरण भनिएको छ [यो निर्गुण स्मरण भक्ति हो।]॥ २६-२७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अरुणोदयमारभ्य सेवाकालेऽञ्चिता हृदा।
निर्भयत्वं सदा लोके स्मरणं तदुदाहृतम्॥ २८

अरुणोदयकालदेखि प्रारम्भ गरी शयनपर्यन्त तत्पर-चित्तले निर्भय भएर भगवद्‌विग्रहको सेवा गर्नुलाई स्मरण भनिन्छ [यो सगुण स्मरण भक्ति हो।] ॥ २८ ॥

सदा सेव्यानुकूल्येन सेवनं तद्धि गोगणैः।
हृदयामृतभोगेन प्रियं दास्यमुदाहृतम्॥ २९

हर समय सेव्यको अनुकूलताको ध्यान राख्दै हृदय र इन्द्रियहरूबाट जुन निरन्तर सेवा गरिन्छ, त्यही सेवन नामक भक्ति हो। आफूलाई प्रभुको सेवक सम्झेर हृदयामृतको भोगबाट स्वामीको सदा प्रिय-सम्पादन गर्नुलाई दास्य भनिएको छ ॥ २९ ॥

सदा भृत्यानुकूल्येन विधिना मे परात्मने।
अर्पणं षोडशानां वै पाद्यादीनां तदर्चनम्॥ ३०

आफूलाई सदा सेवक सम्झेर शास्त्रीय विधिले म परमात्मालाई सदा पाद्य आदि जुन सोह्र उपचारहरू समर्पण गर्नुपर्छ, त्यसलाई अर्चना भनिन्छ ॥ ३० ॥

मंत्रोच्चारणध्यानाभ्यां मनसा वचसा क्रमात्।
यदष्टाङ्गेन भूस्पर्शं तद्वै वंदनमुच्यते॥ ३१

वाणीले मन्त्रको उच्चारण गर्दै तथा मनले ध्यान गर्दै आठै अंगहरूले भूमिको स्पर्श गर्दै जुन इष्टदेवलाई अष्टांग प्रणाम* गरिन्छ, त्यसलाई वन्दना भनिन्छ ॥ ३१ ॥

मङ्गलामङ्गलं यद्यत्करोतीतीश्वरो हि मे।
सर्वं तन्मङ्गलायेति विश्वासः सख्यलक्षणम्॥ ३२

ईश्वर मंगल-अमंगल जे जस्तो पनि गर्नुहुन्छ, ती सबै मेरै कल्याणका लागि हुन्—यस्तो दृढ विश्वास राख्नु सख्य भक्तिको लक्षण हो ॥ ३२ ॥

कृत्वा देहादिकं तस्य प्रीत्यै सर्वं तदर्पणम्।
निर्वाहाय च शून्यत्वं यत्तदात्मसमर्पणम्॥ ३३

देह आदि जे जति पनि आफ्नो भनिने वस्तु छन्, ती सबै भगवान्‌को प्रसन्नताका लागि उनैलाई समर्पित गरी आफ्नो निर्वाहका लागि केही पनि बचाएर नराख्नु अथवा निर्वाहको चिन्ताबाट रहित हुनुलाई आत्मसमर्पण भनिन्छ ॥ ३३ ॥

नवाङ्गानीति मद्भक्तेर्भुक्तिमुक्तिप्रदानि च।
मम प्रियाणि चातीव ज्ञानोत्पत्तिकराणि च॥ ३४
उपाङ्गानि च मद्भक्तेर्बहूनि कथितानि वै।
बिल्वादिसेवनादीनि समूह्यानि विचारतः॥ ३५

मेरो भक्तिका यी नौ अंग हुन्, जुन भोग तथा मोक्षदायक छन्। यीबाट ज्ञान प्रकट हुन्छ तथा यी साधन मलाई अत्यन्त प्रिय छन्। मेरो भक्तिको अनेक उपांग पनि बताइएका छन्। जस्तो बेल आदिको सेवन, यिनलाई विचारपूर्वक सम्झनुपर्छ ॥ ३४-३५ ॥

इत्थं साङ्गोपाङ्गभक्तिर्मम सर्वोत्तमा प्रिये।
ज्ञानवैराग्यजननी मुक्तिदासी विराजते॥ ३६

सर्वकर्मफलोत्पत्तिः सर्वदा त्वत्समप्रिया।
यच्चित्ते सा स्थिता नित्यं सर्वदा सोऽति मत्प्रियः॥ ३७

हे प्रिये! यस प्रकार मेरो सांगोपांगो भक्ति सबैभन्दा उत्तम छ। यो ज्ञान-वैराग्यको जननी हो र मुक्ति यसको दासी हो। हे देवी! भक्ति सर्वदा सबै कर्महरूको फलदायक छ, यो भक्ति मलाई सदा तिम्रैसमान प्रिय छ। जसको चित्तमा नित्य-निरन्तर यो भक्ति निवास गर्दछिन्, त्यो मलाई अत्यन्त प्रिय हुन्छ ॥ ३६-३७ ॥

* दुवै चरण, दुवै हात, दुवै घुँडा, वक्षःस्थल, शिर, मन, वाणी तथा भक्तिभाव (मतान्तरबाट दृष्टिबाट)—यस प्रकार आठ अंगले भूमिमा दण्डझैँ लम्पसार परी जुन प्रणाम गरिन्छ, त्यसलाई अष्टांग-प्रणाम भनिन्छ—

दोर्भ्यां पद्भ्यां च जानुभ्यामुरसा शिरसा तथा। मनसा वचसा भक्त्या प्रणामोऽष्टाङ्ग ईरितः॥

(आचारेन्दुमा नरसिंहपुराणको वचन)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE

त्रैलोक्ये भक्तिसदृशः पंथा नास्ति सुखावहः।
चतुर्युगेषु देवेशि कलौ तु सुविशेषतः॥ ३८

कलौ तु ज्ञानवैराग्यौ वृद्धरूपौ निरुत्सवौ।
ग्राहकाभावतो देवि जातौ जर्जरतामति॥ ३९

हे देवेशी! तीनै लोक र चारै युगमा भक्तिसमान दोस्रो कुनै सुखदायक मार्ग छैन। कलियुगमा त यो विशेष सुखद एवं सुविधाजनक छ; किनभने कलियुगमा प्रायः ज्ञान र वैराग्य दुवै ग्राहकको अभावको कारण वृद्ध, उत्साहशून्य र जर्जर हुन्छन्॥ ३८-३९ ॥

कलौ प्रत्यक्षफलदा भक्तिः सर्वयुगेष्वपि।
तत्प्रभावादहं नित्यं तद्वशो नात्र संशयः॥ ४०

परंतु भक्तिले कलियुगमा तथा अन्य सबै युगहरूमा पनि प्रत्यक्ष फल दिन्छ। भक्तिको प्रभावले म सदा भक्तको वशमा रहन्छु, यसमा सन्देह छैन॥ ४०॥

यो भक्तिमान्पुमाँल्लोके सदाहं तत्सहायकृत्।
विघ्नहर्ता रिपुस्तस्य दंड्यो नात्र च संशयः॥ ४१

संसारमा जो भक्तिमान् पुरुष छन्, तिनलाई म सदा सहायता गर्छु र तिनका कष्टहरूलाई दूर गर्छु। ती भक्तका जो शत्रु हुन्छन्, ती मेरा निम्ति दण्डनीय छन्, यसमा संशय छैन॥ ४१ ॥

भक्तहेतोरहं देवि कालं क्रोधपरिप्लुतः।
अदहं वह्निना नेत्रभवेन निजरक्षकः॥ ४२

हे देवी! म आफ्नो भक्तहरूको रक्षक हुँ, भक्तको रक्षाका निम्ति नै मैले कुपित भएर आफ्नो नेत्रजनित अग्निले काललाई पनि भस्म पारेको थिएँ॥ ४२॥

भक्तहेतोरहं देवि रव्युपर्यभवं किल।
अतिक्रोधान्वितः शूलं गृहीत्वान्वजयं पुरा॥ ४३

हे देवी! भक्तको रक्षाका लागि म पूर्वकालमा सूर्यप्रति पनि अत्यन्त क्रोधित भएको थिएँ र मैले त्रिशूल लिएर सूर्यलाई पनि जितेको थिएँ॥ ४३॥

भक्तहेतोरहं देवि रावणं सगणं क्रुधा।
त्यजामि स्म कृतो नैव पक्षपातो हि तस्य वै॥ ४४

भक्तहेतोरहं देवि व्यासं हि कुमतिग्रहम्।
काश्या न्यसारयं क्रोधाद्दण्डयित्वा च नंदिना॥ ४५

हे देवी! मैले भक्तका लागि सैन्यसहित रावणलाई पनि क्रोधपूर्वक त्यागिदिएँ र उसप्रति कुनै पक्षपात गरिन। हे देवी! भक्तहरूका लागि नै मैले कुमतिबाट ग्रस्त व्यासलाई नन्दीद्वारा दण्ड दिलाएर उनलाई काशीको बाहिर निकालिदिएँ॥ ४४-४५॥

किं बहूक्तेन देवेशि भक्ताधीनः सदा ह्यहम्।
तत्कर्तुः पुरुषस्यातिवशगो नात्र संशयः॥ ४६

हे देवेशी! धेरै भन्नाले के लाभ, म सधैँ भक्तको अधीन रहन्छु र भक्ति गर्ने पुरुषको अत्यन्त वशमा हुन्छु, यसमा सन्देह छैन॥ ४६॥

ब्रह्मोवाच

इत्थमाकर्ण्य भक्तेस्तु महत्त्वं दक्षजा सती।
जहर्षातीव मनसि प्रणनाम शिवं मुदा॥ ४७

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] यस प्रकार भक्तिको महत्त्व सुनेर दक्षकन्या सतीलाई अत्यन्त हर्ष भयो र उहाँले अत्यन्त प्रसन्नतापूर्वक भगवान् शिवलाई मन-मनै प्रणाम गर्नुभयो॥ ४७॥

पुनः पप्रच्छ सद्भक्त्या तत्काण्डविषयं मुने।
शास्त्रं सुखकरं लोके जीवोद्धारपरायणम्॥ ४८

हे मुनि! देवी सतीले पुनः भक्तिविषयक शास्त्रको विषयमा बडो आदरपूर्वक सोध्नुभयो, जुन लोकमा सुखदायक तथा जीवहरूको उद्धारको साधन छ॥ ४८॥

सयन्त्रमन्त्रशास्त्रं च तन्माहात्म्यं विशेषतः।
अन्यानि धर्मवस्तूनि जीवोद्धारकराणि हि॥ ४९

हे मुनि! उहाँले यन्त्र, मन्त्रशास्त्र, तिनको माहात्म्य तथा अन्य जीवोद्धारक धर्ममय साधनहरूको विषयमा विशेष रूपले जान्ने इच्छा प्रकट गर्नुभयो॥ ४९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शंकरोऽपि तदाकर्ण्य सतीप्रश्नं प्रहृष्टधीः।
वर्णयामास सुप्रीत्या जीवोद्धाराय कृत्स्नशः॥ ५०

सतीको यस प्रश्नलाई सुनेर शंकरको मनमा अत्यन्त प्रसन्नता भयो। उहाँले जीवहरूको उद्धारका लागि सबै शास्त्रको प्रेमपूर्वक वर्णन गर्नुभयो॥ ५०॥

तन्त्रशास्त्रं सयन्त्रं हि सपञ्चाङ्गं महेश्वरः।
बभाषे महिमानं च तत्तद्देववरस्य वै॥ ५१

महेश्वरले पाँचै अंगसहित तन्त्रशास्त्र, यन्त्रशास्त्र तथा भिन्न-भिन्न देवेश्वरहरूको महिमाको वर्णन गर्नुभयो॥ ५१॥

सेतिहासकथां तेषां भक्तमाहात्म्यमेव च।
सवर्णाश्रमधर्मांश्च नृपधर्मान् मुनीश्वर॥ ५२
सुतस्त्रीधर्ममाहात्म्यं वर्णाश्रममनश्वरम्।
वैद्यशास्त्रं तथा ज्योतिःशास्त्रं जीवसुखावहम्॥ ५३
सामुद्रिकं परं शास्त्रमन्यच्छास्त्राणि भूरिशः।
कृपां कृत्वा महेशानो वर्णयामास तत्त्वतः॥ ५४

हे मुनीश्वर! महेश्वरले कृपा गरी इतिहास–कथासहित ती देवताहरूका भक्तहरूको महिमा, वर्णाश्रमधर्म, राजधर्म, पुत्र र स्त्रीको धर्मको महिमा, कहिल्यै नष्ट नहुने वर्णाश्रम, जीवहरूलाई सुख दिने वैद्यशास्त्र एवं ज्योतिषशास्त्र, उत्तम सामुद्रिकशास्त्र तथा अरू पनि धेरै शास्त्रको तत्त्वतः वर्णन गर्नुभयो॥ ५२—५४॥

इत्थं त्रिलोकसुखदौ सर्वज्ञौ च सतीशिवौ।
लोकोपकारकरणधृतसद्गुणविग्रहौ ॥ ५५

चिक्रीडाते बहुविधं कैलासे हिमवद् गिरौ।
अन्यस्थलेषु च तदा परब्रह्मस्वरूपिणौ॥ ५६

यस प्रकार लोकोपकार गर्नका निम्ति सद्गुण-सम्पन्न शरीर धारण गर्नुहुने, तीनै लोकलाई सुख प्रदान गर्नुहुने सर्वज्ञ परब्रह्मस्वरूप शिव र सतीले हिमालयपर्वतको कैलासशिखरमा तथा अन्यान्य स्थानमा अनेक प्रकारका लीला गर्नुभयो॥ ५५-५६॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां द्वितीये सतीखण्डे भक्तिप्रभाववर्णनं नाम त्रयोविंशोऽध्यायः॥ २३॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको द्वितीय सतीखण्डमा भक्तिको प्रभावको वर्णन नामक तेइसौँ अध्याय पूर्ण भयो॥ २३॥

अथ चतुर्विंशोऽध्यायः

दण्डकारण्यमा शिवलाई रामका प्रति शिर झुकाउनुभएको देखेर सतीलाई मोह तथा शिवको आज्ञाले उहाँद्वारा रामको परीक्षा

नारद उवाच

ब्रह्मन् विधे प्रजानाथ महाप्राज्ञ कृपाकर।
श्रावितं शंकरयशः सतीशंकरयोः शुभम्॥ १

नारद भन्नुहुन्छ—हे ब्रह्मन्! हे विधि! हे प्रजानाथ! हे महाप्राज्ञ! हे कृपाकर! हजुरले भगवान् शंकर तथा देवी सतीको मंगलकारी यशको श्रवण गराउनुभयो॥ १॥

इदानीं ब्रूहि सत्प्रीत्या परं तद्यश उत्तमम्।
किमकार्ष्टां हि तत्स्थौ वै चरितं दंपती शिवौ॥ २

अब यस समय पुनः प्रेमपूर्वक उहाँहरूको उत्तम चरित्रको वर्णन गर्नुहोस्। ती दम्पती शिवा-शिवले त्यहाँ रहेर कस्ता-कस्ता चरित्र गर्नुभएको थियो?॥ २॥

ब्रह्मोवाच

सतीशिवचरित्रं च शृणु मे प्रेमतो मुने।
लौकिकीं गतिमाश्रित्य चिक्रीडाते सदान्वहम्॥ ३

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! तपाईं मबाट सती र शिवको चरित्र प्रेमपूर्वक श्रवण गर्नुहोस्। ती दुवै दम्पती त्यहाँ लौकिक गतिको आश्रय लिई नित्य-निरन्तर क्रीडा गर्नुहुन्थ्यो॥ ३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: ...

ततः सती महादेवी वियोगमलभन्मुने।
स्वपतः शंकरस्येति वदन्त्येके सुबुद्धयः॥ ४

हे मुनि! त्यसपछि महादेवी सतीलाई आफ्नो पति शंकरको वियोग प्राप्त भयो—यस्तो केही श्रेष्ठ बुद्धिभएका विद्वान्हरूको कथन छ॥ ४॥

वागर्थाविव संपृक्तौ शक्तीशौ सर्वदा चितौ।
कथं घटेत च तयोर्वियोगस्तत्त्वतो मुने॥ ५

तर हे मुनि! वास्तवमा ती दुवै शक्ति र शक्तिमान्को परस्पर वियोग कसरी हुन सक्छ; किनभने चिन्मय ती दुवै वाणी र अर्थको समान एक-अर्काका परिपूरक हुनुहुन्छ॥ ५॥

लीलारुचित्वादथवा संघटेताखिलं च तत्।
कुरुते यद्यदीशौ च सतीशौ भवरीतिगौ॥ ६

फेरि पनि सर्वसमर्थ सती एवं शिव लीलाप्रिय हुनाको कारण लोक-व्यवहारको अनुसरण गर्दै जे जति पनि गर्नुहुन्छ, त्यो सबै सम्भव नै छ॥ ६॥

सा त्यक्ता दक्षजा दृष्ट्वा पतिना जनकाध्वरे।
शंभोरनादरात्तत्र देहं तत्याज सङ्गता॥ ७

दक्षकन्या सतीले जब अनुभुति गर्नुभयो कि मेरा पतिले मलाई त्यागिदिनुभएको छ, तब उहाँ आफ्ना पिता दक्षको यज्ञमा जानुभयो र त्यहाँ भगवान् शंकरको अनादर देखेर उहाँले आफ्नो शरीर त्यागिदिनुभयो॥ ७॥

पुनर्हिमालये सैवाविर्भूता नामतः सती।
पार्वतीति शिवं प्राप तप्त्वा भूरि विवाहतः॥ ८

उनै सती पुनः हिमालयको घरमा पार्वतीको नामले प्रकट हुनुभयो र कठोर तपस्या गरी उहाँले विवाहद्वारा पुनः भगवान् शिवलाई प्राप्त गर्नुभयो॥ ८॥

सूत उवाच

इत्याकर्ण्य वचस्तस्य ब्रह्मणः स तु नारदः।
पप्रच्छ च विधातारं शिवाशिवमहद्यशः॥ ९

सूत भन्नुहुन्छ—[हे महर्षिहरू हो!] ब्रह्माको यस कुरालाई सुनेर नारद ब्रह्मासित शिवा र शिवको महान् यशको विषयमा यस प्रकार सोध्न लाग्नुभयो— ॥ ९॥

नारद उवाच

विष्णुशिष्य महाभाग विधे मे वद विस्तरात्।
शिवाशिवचरित्रं तद्भवाचारपरानुगम्॥ १०

नारद भन्नुहुन्छ—हे विष्णुशिष्य! हे महाभाग! हे विधि! हजुर मलाई शिवाशिवको लोकाचारसित सम्बन्ध राख्ने उहाँहरूको चरित्र विस्तारपूर्वक बताउनुहोस्॥ १०॥

किमर्थं शंकरो जायां तत्याज प्राणतः प्रियाम्।
तस्मादाचक्ष्व मे तात विचित्रमिति मन्महे॥ ११

हे तात! भगवान् शंकरले प्राणभन्दा पनि प्यारी आफ्नी धर्मपत्नी सतीको के का निम्ति त्याग गर्नुभयो? यो घटना ज्यादै विचित्र लागिरहेको छ, अतः यसलाई हजुर अवश्य भन्नुहोस्॥ ११॥

कुतोऽध्वरेऽजः पुत्रस्यानादरोऽभूच्छिवस्य ते।
कथं तत्याज सा देहं गत्वा तत्र पितुः क्रतौ॥ १२

हजुरका पुत्र दक्ष प्रजापतिले यज्ञमा भगवान् शंकरको अनादर किन गरे र त्यहाँ आफ्नो पिताको यज्ञमा गएर सतीले आफ्नो शरीरको त्याग किन गर्नुभयो?॥ १२॥

ततः किमभवत्तत्र किमकार्षीन्महेश्वरः।
तत्सर्वं मे समाचक्ष्व श्रद्धायुक् तच्छुतावहम्॥ १३

पुनः त्यसपछि के भयो? महेश्वरले के गर्नुभयो? यी सबै कुरा मसित भन्नुहोस्। म यस वृत्तान्तलाई श्रद्धायुक्त भएर सुन्न चाहन्छु॥ १३॥

ब्रह्मोवाच

शृणु तात परप्रीत्या मुनिभिः सह नारद।
सुतवर्य महाप्राज्ञ चरितं शशिमौलिनः॥ १४
नमस्कृत्य महेशानं हर्यादिसुरसेवितम्।
परब्रह्म प्रवक्ष्यामि तच्चरित्रं महाद्भुतम्॥ १५

ब्रह्मा भन्नुहुन्छ—मेरा पुत्रहरूमा श्रेष्ठ हे महाप्राज्ञ! हे तात! हे नारद! तपाईं महर्षिहरूका साथ बडो प्रेमले भगवान् चन्द्रमौलिको चरित्र सुन्नुहोस्। श्रीविष्णु आदि देवताहरूबाट सेवित परब्रह्म परमेश्वरलाई नमस्कार गरी म उहाँको महान् अद्भुत चरित्रको वर्णन गर्छु॥ १४-१५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वेयं शिवलीला हि बहुलीलाकरः प्रभुः।
स्वतंत्रो निर्विकारी च सती सापि हि तद्विधा॥ १६
अन्यथा कः समर्थो हि तत्कर्मकरणे मुने।
परमात्मा परब्रह्म स एव परमेश्वरः॥ १७

यं सदा भजते श्रीशोऽहं चापि सकलाः सुराः।
मुनयश्च महात्मानः सिद्धाश्च सनकादयः॥ १८

शेषः सदा यशो यस्य मुदा गायति नित्यशः।
पारं न लभते तात स प्रभुः शंकरः शिवः॥ १९

तस्यैव लीलया सर्वोऽयमिति तत्त्वविभ्रमः।
तत्र दोषो न कस्यापि सर्वव्यापी स प्रेरकः॥ २०

एकस्मिन्समये रुद्रः सत्या त्रिभवगो भवः।
वृषमारुह्य पर्याटद्रसां लीलाविशारदः॥ २१

आगत्य दण्डकारण्यं पर्यटन् सागराम्बराम्।
दर्शयन् तत्रगां शोभां सत्यै सत्यपणः प्रभुः॥ २२

तत्र रामं ददर्शासौ लक्ष्मणेनान्वितं हरः।
अन्विष्यन्तं प्रियां सीतां रावणेन हृतां छलात्॥ २३

हा सीतेति प्रोच्चरन्तं विरहाविष्टमानसम्।
यतस्ततश्च पश्यन्तं रुदन्तं हि मुहुर्मुहुः॥ २४

समिच्छन्तं च तत्प्राप्तिं पृच्छन्तं तद्गतिं हृदा।
कुजादिभ्यो नष्टधियमत्रपं शोकविह्वलम्॥ २५

सूर्यवंशोद्भवं वीरं भूपं दशरथात्मजम्।
भरताग्रजमानंदरहितं विगतप्रभम्॥ २६

पूर्णकामो वराधीनं प्राणमत्स्म मुदा हरः।
रामं भ्रमन्तं विपिने सलक्ष्मणमुदारधीः॥ २७

जयेत्युक्त्वान्यतोऽगच्छन्नदात्तस्मै स्वदर्शनम्।
रामाय विपिने तस्मिन् शंकरो भक्तवत्सलः॥ २८

हे मुनि! यी सबै शिवका लीला हुन्। ती प्रभु अनेक प्रकारका लीला गर्ने, स्वतन्त्र र निर्विकार हुनुहुन्छ। देवी सती पनि त्यस्तै हुनुहुन्छ। हे मुनि! अन्यथा त्यस्तो कर्म गर्नमा को समर्थ हुन सक्छ। परमेश्वर शिव नै परब्रह्म परमात्मा हुनुहुन्छ॥ १६-१७॥

जसको भजन सदा श्रीपति विष्णु, म ब्रह्मा, देवतागण, महात्मा, मुनि, सिद्ध तथा सनकादि सदैव गरिरहन्छन्। शेष प्रसन्नतापूर्वक जसको यशको निरन्तर गान गर्नुहुन्छ, तर कहिले पनि तिनको पार पाउनुहुन्न, उनै शंकर सबका प्रभु तथा ईश्वर हुनुहुन्छ॥ १८-१९॥

यी सब तत्त्वविभ्रम उहाँकै लीलाबाट भइरहेका छन्। यसमा कसैको दोष छैन; किनभने ती सर्वव्यापी नै प्रेरक हुनुहुन्छ। एक समयको कुरा हो तीनवटै लोकमा विचरण गर्नुहुने, लीलाविशारद भगवान् रुद्र सतीका साथ वृषभमा चढेर पृथ्वीमा भ्रमण गरिरहनुभएको थियो॥ २०-२१॥ सागर र आकाशमा घुम्दा-घुम्दै दण्डकारण्यमा आएर सत्य प्रतिज्ञ्य ती प्रभु सतीलाई त्यहाँको शोभा देखाउन लाग्नुभयो। त्यहाँ उहाँले लक्ष्मणसहित श्रीरामलाई देख्नुभयो, जो रावणद्वारा बलपूर्वक हरिएकी आफ्नी प्रिया पत्नी सीताको खोजी गरिरहनुभएका थिए॥ २२-२३॥

उहाँ 'हा सीता!' यस प्रकार उच्च स्वरले पुकार्दै यता-उती हेर्दै वारम्वार रोइरहनुभएको थियो, उहाँको मनमा विरहको आवेश छाएको थियो॥ २४॥

उहाँ उनको प्राप्तिको इच्छा गरिरहनुभएको थियो, मनमा उनको दशाको विचार गरिरहनुभएको थियो, वृक्ष आदिसित उनको विषयमा सोधिरहनुभएको थियो, मोहका कारण असन्तुलित मनले लज्जाबाट रहित भई शोकले विह्वल हुनुहुन्थ्यो॥ २५॥

उहाँ सूर्यवंशमा उत्पन्न, वीर, भूपाल, दशरथनन्दन, भरताग्रज हुनुहुन्थ्यो। आनन्दरहित हुनाको कारण उहाँ कान्तिविहिन हुनुहुन्थ्यो। त्यस समय उदारचेता पूर्णकाम भगवान् शंकरले लक्ष्मणसँगै वनमा घुमिरहनुभएका माता कैकेयीको वरको अधीन ती रामलाई बडो प्रसन्नताका साथ प्रणाम गर्नुभयो र जय-जयकार गरी उहाँ अन्तैतिर लाग्नुभयो। भक्तवत्सल शंकरले त्यस वनमा श्रीरामलाई पुनः दर्शन दिनुभएन॥ २६-२८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: ...

इतीदृशीं सती दृष्ट्वा शिवलीलां विमोहनीम्।
सुविस्मिता शिवं प्राह शिवमायाविमोहिता॥ २९

सत्युवाच

देवदेव परब्रह्म सर्वेश परमेश्वर।
सेवन्ते त्वां सदा सर्वे हरिब्रह्मादयः सुराः॥ ३०

त्वं प्रणम्यो हि सर्वेषां सेव्यो ध्येयश्च सर्वदा।
वेदांतवेद्यो यत्नेन निर्विकारी परप्रभुः॥ ३१

काविमौ पुरुषौ नाथ विरहव्याकुलाकृती।
विचरन्तौ वने क्लिष्टौ दीनौ वीरौ धनुर्धरौ॥ ३२

तयोर्ज्येष्ठं कञ्जश्यामं दृष्ट्वा वै केन हेतुना।
मुदितः सुप्रसन्नात्माभवो भक्त इवाधुना॥ ३३

इति मे संशयं स्वामिन् शंकर छेत्तुमर्हसि।
सेव्यस्य सेवके नैव घटते प्रणतिः प्रभो॥ ३४

ब्रह्मोवाच

आदिशक्तिः सती देवी शिवा सा परमेश्वरी।
शिवमायावशी भूत्वा पप्रच्छेत्थं शिवं प्रभुम्॥ ३५
तदाकर्ण्य वचः सत्याः शंकरः परमेश्वरः।
तदा विहस्य स प्राह सतीं लीलाविशारदः॥ ३६

परमेश्वर उवाच

शृणु देवि सति प्रीत्या यथार्थं वच्मि नच्छलम्।
वरदानप्रभावात्तु प्रणामं चैवमादरात्॥ ३७

रामलक्ष्मणनामानौ भ्रातरौ वीरसम्मतौ।
सूर्यवंशोद्भवौ देवि प्राज्ञौ दशरथात्मजौ॥ ३८

गौरवर्णो लघुर्बन्धुः शेषेशो लक्ष्मणाभिधः।
ज्येष्ठो रामाभिधो विष्णुः पूर्णांशो निरुपद्रवः॥ ३९

अवतीर्णः क्षितौ साधुरक्षणाय भवाय नः।
इत्युक्त्वा विररामासौ शंभुः सूतिकरः प्रभुः॥ ४०

मोहमा पार्ने भगवान् शिवको यस्तो लीलालाई देखेर सतीलाई ठुलो आश्चर्य भयो। सती शिवको मायाले मोहित भई उहाँसित यस प्रकार भन्न लाग्नुभयो— ॥ २९ ॥

सती भन्नुहुन्छ—हे देवदेव! हे परब्रह्म! हे सर्वेश! हे परमेश्वर! ब्रह्मा, विष्णु आदि सबै देवता सदा हजुरकै सेवा गरिरहन्छन्। हजुर नै सबद्वारा प्रणाम गर्नयोग्य हुनुहुन्छ। सबैले हजुरको नै सर्वदा सेवन र ध्यान गर्नुपर्छ। वेदान्तशास्त्रद्वारा यत्नपूर्वक जान्न–योग्य निर्विकार तथा परमप्रभु हजुर नै हुनुहुन्छ ॥ ३०–३१ ॥

हे नाथ! यी दुवै पुरुष को हुन्, यिनको आकृति विरह–व्यथाले व्याकुल जस्तो देखिन्छ। यी दुवै धनुर्धर वीर वनमा विचरण गर्दै दुःखको भागी र दीन भइरहेका छन्। ती दुईमध्ये नीलकमलको समान ज्येष्ठ पुरुषलाई देखेर कुन कारणले हजुर आनन्दविभोर हुनुभयो र भक्तझैं अत्यन्त प्रसन्नचित्त हुनुभयो? ॥ ३२–३३ ॥

हे स्वामी! हे शंकर! हजुर मेरो संशयलाई दूर गर्नुहोस्। हे प्रभु! सेव्य [स्वामी] आफ्नो सेवकलाई प्रणाम गर्छन्—यो उचित देखिन्न ॥ ३४ ॥

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] कल्याणमयी परमेश्वरी आदिशक्ति सती देवीले शिवको मायाको वशीभूत भएर जब भगवान् शिवसित यस प्रकार सोध्नुभयो तब सतीका यी कुरा सुनेर लीला गर्नमा प्रवीण परमेश्वर शंकर हाँसेर सतीसित भन्न लाग्नुभयो— ॥ ३५–३६ ॥

परमेश्वर भन्नुहुन्छ—हे देवी! हे सती! सुन, म प्रसन्नतापूर्वक सत्य कुरा भन्दै छु। यसमा कुनै प्रकारको छल छैन। वरदानको प्रभावले नै मैले उनीहरूलाई आदरपूर्वक प्रणाम गरेको हुँ ॥ ३७ ॥

हे देवी! यी दुवै दाजुभाइ वीरहरूद्वारा सम्मानित छन्, यिनको नाम श्रीराम र लक्ष्मण हो, यी सूर्यवंशमा उत्पन्न भएका हुन्, परम बुद्धिमान् छन् र राजा दशरथका पुत्र हुन् ॥ ३८ ॥ यिनमा जो गोरोवर्णका कान्छा भाइ छन्, ती शेषका अंश हुन्, उनको नाम लक्ष्मण हो। यिनमा ज्येष्ठ भाइको नाम श्रीराम हो। यी भगवान् विष्णुका पूर्ण अंश तथा उपद्रवरहित छन्। यी साधुपुरुषहरूको रक्षा र हामीहरूको कल्याणका निम्ति यस पृथिवीमा अवतरित भएका हुन्। यति भनेर सृष्टिकर्ता भगवान् शम्भु चुप लाग्नुभयो ॥ ३९–४० ॥

2325_Sihvpurana_Part_1_Nepali_Section_15_2_Front

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रुत्वापीत्थं वचः शम्भोर्न विशश्वास तन्मनः।
शिवमाया बलवती सैव त्रैलोक्यमोहिनी॥ ४१

यस प्रकार शिवका वचन सुनेर पनि उहाँको मनमा विश्वास भएन; किनभने शिवको माया बलवती छ, त्यही तीनवटै लोकलाई मोहित पारिरहन्छ ॥ ४१ ॥

अविश्वस्तं मनो ज्ञात्वा तस्याः शंभुः सनातनः।
अवोचद्वचनं चेति प्रभुर्लीलाविशारदः॥ ४२

सतीको मनमा मेरो कुरामाथि विश्वास भएको छैन, यस्तो जानेर लीलाविशारद सनातन प्रभु शम्भु यो वचन भन्न लाग्नुभयो— ॥ ४२ ॥

शिव उवाच

शृणु मद्वचनं देवि न विश्वसिति चेन्मनः।
स्वयं रामपरीक्षां हि कुरु तत्र स्वया धिया॥ ४३

विनश्यति यथा मोहस्तत्कुरु त्वं सति प्रिये।
गत्वा तत्र स्थितस्तावद् वटे भव परीक्षिका॥ ४४

शिव भन्नुहुन्छ—हे देवी! मेरो कुरा सुन, यदि तिम्रो मनमा [मेरो भनाइमाथि] विश्वास छैन भने तिमी स्वयं त्यहाँ [गएर] आफ्नै बुद्धिले श्रीरामको परीक्षा गर। हे सती! हे प्रिये! जसरी तिम्रो भ्रम दूर हुन्छ, तिमी त्यस्तै गर। तिमी त्यहाँ गएर परीक्षा गर, तबसम्म म यस वटवृक्षको तल बस्ने छु ॥ ४३-४४ ॥

ब्रह्मोवाच

शिवाज्ञया सती तत्र गत्वाचिन्तयदीश्वरी।
कुर्यां परीक्षां च कथं रामस्य वनचारिणः॥ ४५

सीतारूपमहं धृत्वा गच्छेयं रामसन्निधौ।
यदि रामो हरिः सर्वं विज्ञास्यति न चान्यथा॥ ४६

इत्थं विचार्य सीता सा भूत्वा रामसमीपतः।
अगमत्तत्परीक्षार्थं सती मोहपरायणा॥ ४७

सीतारूपां सतीं दृष्ट्वा जपन्नाम शिवेति च।
विहस्य तत्प्रविज्ञाय नत्वावोचद् रघूद्वहः॥ ४८

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] भगवान् शिवका आज्ञाले ईश्वरी सती त्यहाँ गएर सोच्न लाग्नुभयो कि म वनचारी रामको कसरी परीक्षा गरूँ। म सीताको रूप धारण गरी रामको नजिक जान्छु। यदि राम [साक्षात्] विष्णु हुन् भने सबथोक जान्नेछन्, अन्यथा तिनले मलाई चिन्ने छैनन्॥ ४५-४६ ॥ यस प्रकार विचार गरी मोहमा पर्नुभएका सती सीताको रूप धारण गरी श्रीरामको परीक्षा लिनका निम्ति जानुभयो। सतीलाई सीताको रूपमा देखेर शिव-नामको जप गर्दै रघुकुलश्रेष्ठ श्रीराम सबथोक जानेर उहाँलाई प्रणाम गरी हाँसेर भन्न लाग्नुभयो— ॥ ४७-४८ ॥

श्रीराम उवाच

प्रेमतस्त्वं सति ब्रूहि क्व शंभुस्ते नमो गतः।
एकाकी विपिने कस्मादागता पतिना विना॥ ४९

श्रीराम भन्नुहुन्छ—हे सती! हजुरलाई नमस्कार छ, हजुर प्रेमपूर्वक बताउनुहोस् कि शिव कहाँ जानुभएको छ, हजुर पतिविना एक्लै यस वनमा किन आउनुभयो?॥ ४९ ॥

त्यक्त्वा स्वरूपं कस्मात्ते धृतं रूपमिदं सति।
ब्रूहि तत्कारणं देवि कृपां कृत्वा ममोपरि॥ ५०

हे सती! हजुरले आफ्नो रूप त्यागेर के का लागि यो रूप धारण गरिनुभएको छ? हे देवी! मप्रति कृपा गरेर यसको कारण बताउनुहोस्?॥ ५०॥

ब्रह्मोवाच

इति रामवचः श्रुत्वा चकितासीत्सती तदा।
स्मृत्वा शिवोक्तं मत्वा चावितथं लज्जिता भृशम्॥ ५१

रामं विज्ञाय विष्णुं तं स्वरूपं संविधाय च।
स्मृत्वा शिवपदं चित्ते सत्युवाच प्रसन्नधीः॥ ५२

ब्रह्मा भन्नुहुन्छ—श्रीरामका यी वचन सुनेर सती त्यस समय आश्चर्यचकित हुनुभयो। ती शिवले भन्नुभएका कुराको स्मरण गरी र त्यसलाई सत्य सम्झेर धेरै लज्जित हुनुभयो। श्रीरामलाई साक्षात् विष्णु जानेर आफ्नो रूप धारण गरी मन-मनै शिवका चरणहरूको चिन्तन गरी प्रसन्नचित्त भई सतीले उहाँसित यस प्रकार भन्नुभयो— ॥ ५१-५२ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding

शिवो मया गणैश्चैव पर्यटन् वसुधां प्रभुः।
इहागच्छच्च विपिने स्वतंत्रः परमेश्वरः॥ ५३

[हे रघुनन्दन!] स्वतन्त्र परमेश्वर प्रभु शिव मेरा तथा आफ्ना पार्षदहरूका साथ पृथिवीमा भ्रमण गर्दै यस वनमा आउनुभएको छ॥ ५३॥ यहाँ उहाँले सीताको खोजीमा लागनुभएका, उनको विरहले युक्त र दुःखी चित्त भएका तपाईंलाई लक्ष्मण-सहित देख्नुभयो। उहाँ तपाईंलाई प्रणाम गरी जानुभयो र तपाईंको वैष्णवी महिमाको प्रशंसा गर्दै अत्यन्त आनन्दका साथ वटवृक्षको तल बस्नुभएको छ॥ ५४-५५॥

अपश्यदत्र स त्वां हि सीतान्वेषणतत्परम्।
सलक्ष्मणं विरहिणं सीतया क्लिष्टमानसम्॥ ५४

नत्वा त्वां स गतो मूले वटस्य स्थित एव हि।
प्रशंसन् महिमानं ते वैष्णवं परमं मुदा॥ ५५

उहाँ तपाईंको चतुर्भुज विष्णुरूपलाई नदेखिकनै आनन्दविभोर हुनुभयो। यस निर्मल रूपलाई हेर्दैमा उहाँलाई अत्यन्त आनन्द प्राप्त भयो। शम्भुका वचन सुनेर मेरो मनमा भ्रान्ति उत्पन्न भयो। अतः हे राघव! मैले उहाँको आज्ञा लिएर तपाईंको परीक्षा लिएकी हुँ॥ ५६-५७॥

चतुर्भुजं हरिं त्वां नो दृष्ट्वैव मुदितोऽभवत्।
यथेदं रूपममलं पश्यन्नानंदमाप्तवान्॥ ५६

तच्छ्रुत्वा वचनं शंभोर्भ्रममानीय चेतसि।
तदाज्ञया परीक्षां ते कृतवत्यस्मि राघव॥ ५७

हे श्रीराम! अब मलाई ज्ञात भयो कि तपाईं [साक्षात्] विष्णु हुनुहुन्छ। मैले तपाईंको सम्पूर्ण प्रभुता देखेँ। अब मेरो संशय हट्यो, तै पनि हे महामति! तपाईं मेरो कुरा सुन्नुहोस्॥ ५८॥

ज्ञातं मे राम विष्णुस्त्वं दृष्टा ते प्रभुताखिला।
निःसंशया तदापि तच्छृणु त्वं च महामते॥ ५८

मेरो सामुन्ने यो सत्य-सत्य बताउनुहोस् कि तपाईं ती शिवको वन्दनीय कसरी हुनुभयो? तपाईं मलाई संशयरहित पार्नुहोस् र तत्काल मलाई शान्ति प्रदान गर्नुहोस्॥ ५९॥

कथं प्रणम्यस्त्वं तस्य सत्यं ब्रूहि ममाग्रतः।
कुरु निःसंशयां त्वं मां शमलं प्राप्नुहि द्रुतम्॥ ५९

ब्रह्मोवाच

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] उहाँका यी कुरा सुनेर श्रीरामका नेत्र प्रफुल्लित भए। उहाँले आफ्नो प्रभु शिवको स्मरण गर्नुभयो। यसबाट उहाँको हृदयमा अत्यधिक प्रेम उत्पन्न भयो। हे मुनि! शिवको आज्ञा विना ती राघव सतीका साथ भगवान् शिवको समीप जानुभएन तथा [मन-मनै] उहाँको महिमाको वर्णन गरी सतीसित भन्न लागनुभयो॥ ६०-६१॥

इत्याकर्ण्य वचस्तस्या रामश्चोत्फुल्ललोचनः।
अस्मरत्स्वं प्रभुं शंभुं प्रेमाभूद् हृदि चाधिकम्॥ ६०

सत्या विनाज्ञया शंभुसमीपं नागमन्मुने।
संवर्ण्य महिमानं च प्रावोचद्राघवः सतीम्॥ ६१

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां द्वितीये सतीखण्डे रामपरीक्षावर्णनं नाम चतुर्विंशोऽध्यायः॥ २४॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको द्वितीय सतीखण्डमा रामपरीक्षा-वर्णन नामक चौबिसौँ अध्याय पूर्ण भयो॥ २४॥

अथ पञ्चविंशोऽध्यायः

श्रीशिवद्वारा गोलोकधाममा श्रीविष्णुलाई गोपेशको पदमा अभिषेक, श्रीरामद्वारा सतीको मनको सन्देह हटाउनु, शिवद्वारा सतीलाई मानसिक रूपले परित्याग

श्रीराम उवाच

एकदा हि पुरा देवि शंभुः परमसूतिकृत्।
विश्वकर्माणमाहूय स्वलोके परतः परे॥ १

श्रीराम भन्नुहुन्छ—हे देवी! प्राचीन कालमा एक समय परम स्रष्टा भगवान् शम्भुले आफ्नो परमधाममा विश्वकर्मालाई बोलाएर उहाँद्वारा आफ्नो गौशालामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेन स्वधेनुशालायां कारयामास विस्तृतं।
रम्यं च भवनं सम्यक् तत्र सिंहासनं वरम्॥ २
तत्र च्छत्रं महादिव्यं सर्वदाद्भुतमुत्तमम्।
कारयामास विघ्नार्थं शंकरो विश्वकर्मणा॥ ३

शक्रादीनां जुहावाशु समस्तान् देवतागणान्।
सिद्धगंधर्वनागादीनुपदेवांश्च कृत्स्नशः॥ ४

वेदान् सर्वानागमांश्च विधिपुत्रान् मुनीनपि।
देवीः सर्वा अप्सरोभिर्नानावस्तुसमन्विताः॥ ५

देवानां च तथर्षीणां सिद्धानां फणिनामपि।
आनयन् मङ्गलकराः कन्याः षोडश षोडश॥ ६

वीणामृदङ्गप्रमुखवाद्यान्नानाविधान् मुने।
उत्सवं कारयामास वादयित्वा सुगायनैः॥ ७

राजाभिषेकयोग्यानि द्रव्याणि सकलौषधैः।
प्रत्यक्षतीर्थपाथोभिः पञ्चकुंभांश्च पूरितान्॥ ८

तथान्याः संविधा दिव्या आनयत्स्वगणैस्तदा।
ब्रह्मघोषं महारावं कारयामास शंकरः॥ ९

अथो हरिं समाहूय वैकुंठात्प्रीतमानसः।
तद्भक्त्या पूर्णया देवि मोदति स्म महेश्वरः॥ १०

सुमुहूर्ते महादेवस्तत्र सिंहासने वरे।
उपवेश्य हरिं प्रीत्या भूषयामास सर्वशः॥ ११

आबद्धरम्यमुकुटं कृतकौतुकमङ्गलम्।
अभ्यषिञ्चन्महेशस्तु स्वयं ब्रह्मांडमंडपे॥ १२

दत्तवान्निखिलैश्वर्यं यन्नैजं नान्यगामि यत्।
ततस्तुष्टाव तं शंभुः स्वतन्त्रो भक्तवत्सलः॥ १३

ब्रह्माणं लोककर्तारमवोचद्वचनं त्विदम्।
व्यापयन्स्वं वराधीनं स्वतन्त्रं भक्तवत्सलः॥ १४

महेश उवाच

अतःप्रभृति लोकेश मन्निदेशादयं हरिः।
मम वंद्यः स्वयं विष्णुर्जातः सर्वः शृणोति हि॥ १५

एक विस्तृत तथा रमणीय भवन बनाउनुभयो र त्यसमा एक श्रेष्ठ सिंहासन पनि निर्माण गराउनुभयो॥ १-२॥

त्यस सिंहासनमा भगवान् शंकरले विघ्ननिवारणार्थ विश्वकर्माद्वारा एउटा छाता बनाउनुभयो, जुन ज्यादै दिव्य, सदाका निम्ति अद्भुत र परम उत्तम थियो॥ ३॥

त्यसपछि उहाँले इन्द्र आदि देवगण, सिद्ध, गन्धर्व, नाग तथा सम्पूर्ण उपदेवहरूलाई पनि शीघ्र त्यहाँ बोलाउनुभयो। समस्त वेद, आगमहरू, ब्रह्माका पुत्रहरू, मुनिहरू तथा अप्सराहरूसहित अनेक प्रकारका वस्तुहरूले युक्त समस्त देवीहरूलाई पनि आमन्त्रित गर्नुभयो॥ ४-५॥

[तीबाहेक] देवताहरू, ऋषिहरू, सिद्धहरू र नागहरूका मंगलकारिणी सोह्र-सोह्र कन्याहरूलाई पनि बोलाउनुभयो। हे मुनि! उनीहरूले वीणा, मृदंग आदि नाना प्रकारका वाद्यहरू बजाएर सुन्दर गीतहरूद्वारा महान् उत्सव गराए॥ ६-७॥

सम्पूर्ण औषधिहरूका साथ राज्याभिषेकको योग्य द्रव्य, प्रत्यक्ष तीर्थहरूको जलले भरिएका पाँच कलश तथा धेरै दिव्य सामग्रीहरूलाई भगवान् शंकरले आफ्ना पार्षदहरूद्वारा मगाउनुभयो र त्यहाँ उच्च स्वरले वेदमन्त्रहरूको घोष गराउनुभयो॥ ८-९॥

हे देवी! भगवान् विष्णुको पूर्ण भक्तिबाट महेश्वरदेव सदा प्रसन्न रहनुहुन्छ। यसैले प्रसन्नचित्त भएर वैकुण्ठधामबाट श्रीहरिलाई बोलाएर शुभ मुहूर्तमा श्रेष्ठ सिंहासनमा बसाएर महादेवले स्वयं नै प्रेमपूर्वक उहाँलाई सब प्रकारका आभूषणहरूले विभूषित गर्नुभयो॥ १०-११॥

उहाँको शिरमा मनोहर मुकुट लगाइदिनुभयो र उत्सव-मंगलाचार गरी महेश्वरले स्वयं ब्रह्माण्डमण्डपमा श्रीहरिको अभिषेक गर्नुभयो र उहाँलाई आफ्नो त्यो सारा ऐश्वर्य प्रदान गर्नुभयो, जुन उहाँ अरूलाई दिनुहुन्नथ्यो। त्यसपछि भक्तवत्सल स्वतन्त्र शम्भुले श्रीहरिको स्तवन गर्नुभयो। तत्पश्चात् आफ्नो पराधीनता (भक्तपरवशता)-लाई सर्वत्र प्रसिद्ध गर्दै लोककर्ता ब्रह्मासित भन्नुभयो—॥ १२—१४॥

महेश्वर भन्नुहुन्छ—हे लोकेश! आजदेखि मेरो आज्ञानुसार यी विष्णु हरि स्वयं मेरो वन्दनीय हुनुभयो, यस कुरालाई सबैले सुनुन्। हे तात! तपाईं सम्पूर्ण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सर्वैर्देवादिभिस्तात प्रणम त्वममुं हरिम्।
वर्णयन्तु हरिं वेदा ममैते मामिवाज्ञया॥ १६

श्रीराम उवाच

इत्युक्त्वाथ स्वयं रुद्रोऽनमद्वै गरुडध्वजम्।
विष्णुभक्तिप्रसन्नात्मा वरदो भक्तवत्सलः॥ १७
ततो ब्रह्मादिभिर्देवैः सर्वरूपसुरैस्तथा।
मुनिसिद्धादिभिश्चैव वंदितोऽभूद्धरिस्तदा॥ १८
ततो महेशो हरयेऽशंसद्दिविषदां पुरः।
महावरान् सुप्रसन्नो दत्तवान् भक्तवत्सलः॥ १९

महेश उवाच

त्वं कर्ता सर्वलोकानां भर्ता हर्ता मदाज्ञया।
दाता धर्मार्थकामानां शास्ता दुर्णयकारिणाम्॥ २०
जगदीशो जगत्पूज्यो महाबलपराक्रमः।
अजेयस्त्वं रणे क्वापि ममापि हि भविष्यसि॥ २१
शक्तित्रयं गृहाण त्वमिच्छादि प्रापितं मया।
नानालीलाप्रभावत्वं स्वतन्त्रत्वं भवत्रये॥ २२
त्वद्द्वेष्टारो हरे नूनं मया शास्याः प्रयत्नतः।
त्वद्भक्तानां मया विष्णो देयं निर्वाणमुत्तमम्॥ २३
मायां चापि गृहाणेमां दुःप्रणोद्यां सुरादिभिः।
यया संमोहितं विश्वमचिद्रूपं भविष्यति॥ २४
मम बाहुर्मदीयस्त्वं दक्षिणोऽसौ विधिर्हरे।
अस्यापि हि विधेः पाता जनितापि भविष्यसि॥ २५
हृदयं मम यो रुद्रः स एवाहं न संशयः।
पूज्यस्तव सदा सोऽपि ब्रह्मादीनामपि ध्रुवम्॥ २६
अत्र स्थित्वा जगत्सर्वं पालय त्वं विशेषतः।
नानावतारभेदैश्च सदा नानोतिकर्तृभिः॥ २७
मम लोके तवेदं वै स्थानं च परमर्द्धिमत्।
गोलोक इति विख्यातं भविष्यति महोज्ज्वलम्॥ २८

देवता आदिका साथ यी श्रीहरिलाई प्रणाम गर्नुहोस् र यी वेद मेरो आज्ञाले मैरै जसरी यी श्रीहरिको वर्णन गरून्॥ १५-१६॥

श्रीराम भन्नुहुन्छ—विष्णुका भक्तिले प्रसन्नचित्त हुनुभएका वरदायक भक्तवत्सल रुद्रदेवले यस्तो भनेर गरुडध्वज श्रीहरिलाई प्रणाम गर्नुभयो। त्यसपछि ब्रह्मा आदि देवताहरू, अरू सबै देव, मुनि र सिद्ध आदिले पनि त्यस समय श्रीहरिको वन्दना गरे॥ १७-१८॥

यसपछि अत्यन्त प्रसन्न हुनुभएका भक्तवत्सल महेश्वरले देवताहरू समक्ष श्रीहरिलाई महान् वर प्रदान गर्नुभयो॥ १९॥

महेश्वर भन्नुहुन्छ—[हे हरि!] तपाईं मेरो आज्ञाले सम्पूर्ण लोकका कर्ता, पालक, संहारक, धर्म-अर्थ-कामका दाता तथा अन्याय गर्नेहरूलाई दण्ड दिने हुनुहुने छ। तपाईं महान् बल-पराक्रमले सम्पन्न, जगत्पूज्य, जगदीश्वर हुनुहुने छ र कहीँ-कहीँ मबाट पनि अजेय हुनुहुने छ॥ २०-२१॥

तपाईं मबाट मैले दिएको तीन प्रकारका यी शक्तिहरू ग्रहण गर्नुहोस्—इच्छा आदिको सिद्धि, अनेक प्रकारका लीलाहरूलाई प्रकट गर्ने शक्ति र तीनै लोकमा नित्य स्वतन्त्र रहने शक्ति॥ २२॥

हे हरि! तपाईंसित द्वेष गर्नेहरू निश्चय नै मद्वारा प्रयत्नपूर्वक दण्डनीय हुने छन्। हे विष्णु! म तपाईंका भक्तहरूलाई उत्तम मोक्ष प्रदान गर्ने छु॥ २३॥

तपाईं यस मायालाई पनि ग्रहण गर्नुहोस्, जसको निवारण गर्न देवता आदिका निम्ति पनि कठिन छ र जसबाट मोहित भएपछि यो विश्व जडरूप हुने छ॥ २४॥

हे हरि! तपाईं मेरो बायाँ भुजा र विधाता दाहिने भुजा हुनुहुन्छ। तपाईं यी विधाताका पनि उत्पादक र पालक हुनुहुने छ॥ २५॥

मेरो हृदयरूप जो रुद्र छन्, त्यही म हुँ, यसमा संशय छैन। ती रुद्र तपाईं र ब्रह्मा आदि देवताहरूको पनि निश्चय नै पूज्य छन्। तपाईं यहाँ रहेर अनेकौँ लीलाहरू गर्दै आफ्ना विभिन्न अवतारद्वारा विशेषरूपले सम्पूर्ण जगत्‌को पालन गर्नुहोस्॥ २६-२७॥

मेरो लोकमा तपाईंको यो परम वैभवशाली र अत्यन्त उज्ज्वल स्थान गोलोक नामले विख्यात हुने छ॥ २८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भविष्यंति हरे ये तेऽवतारा भुवि रक्षकाः।
मद्भक्तास्तान् ध्रुवं द्रक्ष्ये प्रीतानथ निजाद् वरात्॥ २९

श्रीराम उवाच

अखंडैश्वर्यमासाद्य हरेरित्थं हरः स्वयम्।
कैलासे स्वगणैस्तस्मिन् स्वैरं क्रीडत्युमापतिः॥ ३०

तदाप्रभृति लक्ष्मीशो गोपवेषोऽभवत्तथा।
अयासीत्तत्र सुप्रीत्या गोपगोपीगवां पतिः॥ ३१

सोऽपि विष्णुः प्रसन्नात्मा जुगोप निखिलं जगत्।
नानावतारसंधर्तावनकर्ता शिवाज्ञया॥ ३२

इदानीं स चतुर्द्धात्रावातरच्छंकराज्ञया।
रामोऽहं तत्र भरतो लक्ष्मणः शत्रुहेति च॥ ३३

अथ पित्राज्ञया देवि ससीतालक्ष्मणः सति।
आगतोऽहं वने चाद्य दुःखितो दैवतोऽभवम्॥ ३४

निशाचरेण मे जाया हृता सीतेति केनचित्।
अन्वेष्यामि प्रियां चात्र विरही बंधुना वने॥ ३५

दर्शनं ते यदि प्राप्तं सर्वथा कुशलं मम।
भविष्यति न संदेहो मातस्ते कृपया सति॥ ३६

सीताप्राप्तिवरं देवि भविष्यति न संशयः।
तं हत्वा दुःखदं पापं राक्षसं त्वदनुग्रहात्॥ ३७

महद्भाग्यं ममाद्यैव यद्यकार्ष्टां कृपां युवाम्।
यस्मिन् सकरुणौ स्यातां स धन्यः पुरुषो वरः॥ ३८

इत्थमाभाष्य बहुधा सुप्रणम्य सतीं शिवाम्।
तदाज्ञया वने तस्मिन् विचचार रघूद्वहः॥ ३९

अथाकर्ण्य सती वाक्यं रामस्य प्रयतात्मनः।
हृष्टाभूत्सा प्रशंसन्तं शिवभक्तिरतं हृदि॥ ४०

स्मृत्वा स्वकर्म मनसाकार्षीच्छोकं सुविस्तरम्।
प्रत्यागच्छदुदासीना विवर्णा शिवसन्निधौ॥ ४१

हे हरि! भूतलमा तपाईंका जुन अवतार हुने छ, ती सबैका रक्षक र मेरो भक्त हुने छन्। म तिनको दर्शन गर्ने छु। ती मेरो वरबाट सदा प्रसन्न रहने छन्॥ २९॥

श्रीराम भन्नुहुन्छ—यस प्रकार श्रीहरिलाई आफ्नो अखण्ड ऐश्वर्य प्रदान गरी उमापति भगवान् हर स्वयं कैलासपर्वतमा रहँदै आफ्ना पार्षदहरूका साथ स्वच्छन्द क्रीडा गर्न लाग्नुभयो। त्यस बेलादेखि भगवान् लक्ष्मीपतिले गोपवेश धारण गर्नुभयो र उहाँ गोप-गोपी तथा गाईहरूका अधिपति भएर बडो प्रसन्नताका साथ त्यहाँ रहन लाग्नुभयो॥ ३०-३१॥ ती विष्णु पनि प्रसन्नचित्त भएर समस्त जगत्को रक्षा गर्न लाग्नुभयो। ती शिवको आज्ञाले नाना प्रकारका अवतार धारण गरी जगत्को पालन गर्न लाग्नुभयो॥ ३२॥

यस समय ती श्रीहरि भगवान् शंकरको आज्ञाले चार रूपमा अवतीर्ण हुनुहुन्छ। ती मध्येमा एउटा म राम हुँ अरू भरत, लक्ष्मण तथा शत्रुघ्न हुन्॥ ३३॥

हे देवी! हे सती! म पिताको आज्ञाले सीता र लक्ष्मणका साथ वनमा आएको हुँ र भाग्यवश यस समय म दुःखी छु। यहाँ कुनै निशाचरले मेरी पत्नीको हरण गरेको छ र म विरही भएर भाइका साथ वनमा आफ्नी प्रियाको खोजी गरिरहेको छु॥ ३४-३५॥

हे सती! हे माता! जब हजुरको दर्शन प्राप्त भयो, तब हजुरको कृपाले सर्वथा मेरो कुशल नै हुने छ, यसमा सन्देह छैन। हे देवी! हजुरको दर्शन मेरा निम्ति सीता-प्राप्तिको वरस्वरूप हुनेछ, हजुरको कृपाले त्यस दुःख दिने पापी राक्षसलाई मारेर म सीतालाई प्राप्त गर्नेछु, यसमा सन्देह छैन॥ ३६-३७॥

आज मेरो महान् सौभाग्य हो, जुन हजुर दुवैले मप्रति कृपा गर्नुभयो। जसप्रति हजुर दुवै दयार्द्र हुनुहुने छ, त्यो पुरुष धन्य र श्रेष्ठ हुन्छ॥ ३८॥

यस प्रकार धेरै कुराहरू भनेर कल्याणमयी सती देवीलाई प्रणाम गरी रघुकुलशिरोमणि श्रीराम उहाँको आज्ञाले त्यस वनमा डुल्न थाल्नुभयो। पवित्र हृदय भएका रामको शिव-भक्तिपरायण तथा शिवप्रशंसापरक कुरा सुनेर सती मन-मनै ज्यादै प्रसन्न हुनुभयो॥ ३९-४०॥

[त्यसपछि] आफ्नो कर्मको याद गरी उहाँको मनमा ठुलो शोक भयो। उहाँको अंगकान्ति मलिन हुन गयो र उहाँ उदास भई फर्किएर शिवका समक्षमा आउनुभयो॥ ४१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पथि साचिन्तयद् देवी सञ्चलंती पुनः पुनः।
नाङ्गीकृतं शिवोक्तं मे रामं प्रति कुधीः कृता॥ ४२

किमुत्तरमहं दास्ये गत्वा शंकरसन्निधौ।
इति संचिन्त्य बहुधा पश्चात्तापोऽभवत्तदा॥ ४३

गत्वा शंभुसमीपं च प्रणनाम शिवं हृदा।
विषण्णवदना शोकव्याकुला विगतप्रभा॥ ४४

अथ तां दुःखितां दृष्ट्वा पप्रच्छ कुशलं हरः।
प्रोवाच वचनं प्रीत्या तत्परीक्षा कृता कथम्॥ ४५

श्रुत्वा शिववचो नाहं किमपि प्रणतानना।
सती शोकविषण्णा सा तस्थौ तत्र समीपतः॥ ४६

अथ ध्यात्वा महेशस्तु बुबोध चरितं हृदा।
दक्षजाया महायोगी नानालीलाविशारदः॥ ४७

सस्मार स्वपणं पूर्वं यत्कृतं हरिकोपतः।
तत्प्रार्थितोऽथ रुद्रोऽसौ मर्यादाप्रतिपालकः॥ ४८

विषादोऽभूत्प्रभोस्तत्र मनस्येवमुवाच ह।
धर्मवक्ता धर्मकर्ता धर्मावनकरः सदा॥ ४९

शिव उवाच

कुर्यां चेद्दक्षजायां हि स्नेहं पूर्वं यथा महान्।
नश्येन्मम पणः शुद्धो लोकलीलानुसारिणः॥ ५०

ब्रह्मोवाच

इत्थं विचार्य बहुधा हृदा तामत्यजत्सतीम्।
पणं न नाशयामास वेदधर्मप्रपालकः॥ ५१

ततो विहाय मनसा सतीं तां परमेश्वरः।
जगाम स्वगिरिं भेदं जगावद्धा स हि प्रभुः॥ ५२

चलन्तं पथि तं व्योमवाण्युवाच महेश्वरम्।
सर्वान् संश्रावयंस्तत्र दक्षजां च विशेषतः॥ ५३

व्योमवाण्युवाच

धन्यस्त्वं परमेशान त्वत्समोऽद्य तथा पणः।
न कोऽप्यन्यस्त्रिलोकेऽस्मिन् महायोगी महाप्रभुः॥ ५४

मार्गमा जाँदै गर्नुभएका देवी सती वारम्वार चिन्ता गर्न लाग्नुभयो कि मैले भगवान् शिवको कुरा मानिन र श्रीरामका प्रति कुत्सित बुद्धि गरें। अब शंकरकहाँ गएर उहाँलाई के उत्तर दिउँला, यस प्रकारको विचार गर्दामा उहाँलाई अत्यन्त पश्चात्ताप भयो॥ ४२-४३॥

शिवकहाँ गएर ती सतीले उहाँलाई हृदयदेखि प्रणाम गर्नुभयो। उहाँको मुखमा विषाद छायो। उहाँ शोकले व्याकुल र निस्तेज हुनुहुन्थ्यो॥ ४४॥

सतीलाई दुःखी देखेर भगवान् हरले उहाँको कुशल-मंगल सोध्नुभयो र प्रेमपूर्वक भन्नुभयो—तिमीले कसरी उनको परीक्षा लियौ? शिवको यो कुरा सुनेर मैले कुनै परीक्षा लिइन—यस्तो भनेर ती सती शिर झुकाई शोकाकुल भएर उहाँको समक्ष उभिनुभयो॥ ४५-४६॥

यसपछि महायोगी तथा अनेकथरी लीला गर्नमा प्रवीण भगवान् महेश्वरले मनमा ध्यान लगाएर दक्षपुत्री सतीको सारा चरित्र जान्नुभयो॥ ४७॥

उहाँलाई आफ्नू त्यस प्रतिज्ञाको स्मरण भयो, जसलाई हरिले विशेष आग्रह गर्दामा मर्यादाप्रतिपालक ती रुद्रले विवाहका लागि देवताहरूद्वारा निवेदन गरिएपछि पूर्वमा गर्नुभएको थियो। ती महाप्रभुको मनमा विषाद उत्पन्न भयो। तब धर्मवक्ता, धर्मकर्ता तथा धर्मरक्षक प्रभुले आफ्नो मनमा भन्नुभयो—॥ ४८-४९॥

शिव भन्नुहुन्छ—यदि मैले सतीसित अब पूर्ववत् स्नेह गरें भने त लोकलीलाको अनुसरण गर्ने म शिवको महान् प्रतिज्ञा नै नष्ट हुने छ॥ ५०॥

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार मनमा अनेक तरहले विचार गरी वेद र धर्मका प्रतिपालक शंकरले हृदयबाट सतीको त्याग गर्नुभयो, तर आफ्नो प्रतिज्ञालाई नष्ट गर्नुभएन। तत्पश्चात् परमेश्वर शिव मनबाट सतीलाई त्यागेर आफ्नो कैलासपर्वततिर प्रस्थान गर्नुभयो। ती प्रभुले आफ्नो निश्चयलाई कसैका सामुन्ने प्रकट गर्नुभएन॥ ५१-५२॥

मार्गमा जाँदै गर्नुभएका महेश्वरलाई, अरू सबलाई तथा विशेष गरी सतीलाई सुनाउँदै आकाशवाणी भयो॥ ५३॥

आकाशवाणी भन्दछिन्—हे परमेश्वर! हजुर धन्य हुनुहुन्छ, यस त्रिलोकीमा हजुरको समान कोही पनि छैनन्, जसले आजसम्म यस्तो प्रतिज्ञा गरेको होस्, हजुर महायोगी तथा महाप्रभु हुनुहुन्छ॥ ५४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

श्रुत्वा व्योमवचो देवी शिवं पप्रच्छ विप्रभा।
कं पणं कृतवान्नाथ ब्रूहि मे परमेश्वर॥ ५५

इति पृष्टोऽपि गिरिशः सत्या हितकरः प्रभुः।
नोद्वाहं स्वं पणं तस्यै यत् हर्यग्रेऽकरोत्पुरा॥ ५६

तदा सती शिवं ध्यात्वा स्वपतिं प्राणवल्लभम्।
सर्वं बुबोध हेतुं तं प्रियत्यागमयं मुने॥ ५७

ततोऽतीव शुशोचाशु बुध्वा सा त्यागमात्मनः।
शंभुना दक्षजा तस्मान्निःश्वसंती मुहुर्मुहुः॥ ५८

शिवस्तस्याः समाज्ञाय गुप्तं चक्रे मनोभवम्।
सत्यै पणं स्वकीयं हि कथा बह्वीर्वदन् प्रभुः॥ ५९

सत्या प्राप स कैलासं कथयन् विविधाः कथाः।
वरे स्थित्वा निजं रूपं दधौ योगी समाधिभृत्॥ ६०

तत्र तस्थौ सती धाम्नि महाव्याकुलमानसा।
न बुबोध चरित्रं तत्कश्चिच्च शिवयोर्मुने॥ ६१

महान्कालो व्यतीयाय तयोरित्थं महामुने।
स्वोपात्तदेहयोः प्रभ्वोर्लोकलीलानुसारिणोः॥ ६२

ध्यानं तत्याज गिरिशस्ततः स परमोतिकृत्।
तज्ज्ञात्वा जगदंबा हि सती तत्राजगाम सा॥ ६३

ननामाथ शिवं देवी हृदयेन विदूयता।
आसनं दत्तवान् शंभुः स्वसम्मुख उदारधीः॥ ६४

कथयामास सुप्रीत्या कथा वह्वीर्मनोरमाः।
निःशोकां कृतवान् सद्यो लीलां कृत्वा च तादृशीम्॥ ६५

पूर्ववत्सा सुखं लेभे तत्याज स्वपणं न सः।
नेत्याश्चर्यं शिवे तात मन्तव्यं परमेश्वरे॥ ६६

इत्थं शिवाशिवकथां वदन्ति मुनयो मुने।
किल केचिदविद्वांसो वियोगश्च कथं तयोः॥ ६७

ब्रह्मा भन्नुहुन्छ—यो आकाशवाणी सुनेर कान्तिले हीन देवी सतीले शिवसित सोध्नुभयो—हे नाथ! हजुरले कुन-चाहिँ प्रतिज्ञा गर्नुभएको छ ? हे परमेश्वर! मलाई बताउनुहोस्॥ ५५॥ सतीले यस प्रकार सोध्नुभएपछि पनि सबैको हित गर्नुहुने प्रभुले पहिला आफ्नो विवाहको विषयमा भगवान् विष्णुका सामुन्ने जुन प्रतिज्ञा गर्नुभएको थियो, त्यसलाई बताउनु भएन॥ ५६॥

हे मुनि! त्यस समय सतीले आफ्नो प्राणवल्लभ पति भगवान् शिवको ध्यान गरी प्रियतमद्वारा आफ्नो त्याग-सम्बन्धी समस्त कारणलाई जान्नुभयो॥ ५७॥

शम्भुले मेरो त्याग गर्नुभएको छ—यस कुरालाई जानेर दक्षकन्या सती पटक-पटक श्वास तान्दै तत्काल अत्यन्त शोकमा डुबी सुँक्क-सुँक्क गर्न लाग्नुभयो॥ ५८॥

सतीको मनोभावलाई जानेर प्रभु शिवले उनका निम्ति जुन प्रतिज्ञा गर्नुभएको थियो, त्यसलाई गुप्त नै राख्नुभयो र अरू धेरै कथाहरू भन्न लाग्नुभयो॥ ५९॥

यस प्रकार थरी-थरीका कथा भन्दै उहाँ सतीका साथ कैलासमा पुग्नुभयो र श्रेष्ठ आसनमा स्थित भई समाधि लगाएर आफ्नो स्वरूपको ध्यान गर्न लाग्नुभयो। सती अत्यन्त व्याकुलचित्त भएर आफ्नो धाममा रहन लाग्नुभयो। हे मुनि! शिवा र शिवको त्यस चरित्रलाई कसैले जानेनन्। हे महामुनि! यस प्रकार स्वेच्छाले शरीर धारण गरी लोकलीलाको अनुसरण गर्नुहुने ती दुवै प्रभुको धेरै समय व्यतीत भयो॥ ६०—६२॥

तत्पश्चात् उत्तम लीला गर्नुहुने महादेवले ध्यान तोड्नुभयो—यो जानेर जगदम्बा सती त्यहाँ आउनुभएको छ र उहाँले व्यथित हृदयले शिवलाई प्रणाम गर्नुभयो। उदार चित्त भएका शम्भुले उहाँलाई आफ्नो सामुन्ने [बस्नका लागि] आसन दिनुभयो र उहाँ ज्यादै प्रेमपूर्वक धेरै मनोरम कथाहरू भन्न लाग्नुभयो। उहाँले त्यस्तै लीला गरी सतीको शोकलाई तत्काल दूर गरिदिनुभयो॥ ६३—६५॥

उहाँ पूर्ववत् सुखी हुनुभयो, तै पनि शिवले आफ्नो प्रतिज्ञालाई तोड्नु भएन। हे तात! परमेश्वर शिवको विषयमा यो कुनै आश्चर्यको कुरा सम्झनु हुन्न। हे मुनि! मुनिजन शिव र शिवाको यस्तै कथा भन्दछन्, केही मूर्खजन ती दुवैमा वियोग मान्दछन्, परंतु उहाँहरूमा वियोग कसरी सम्भव छ!॥ ६६-६७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

शिवाशिवचरित्रं को जानाति परमार्थतः।
स्वेच्छया क्रीडतस्तौ हि चरितं कुरुतः सदा॥ ६८

वागर्थाविव संपृक्तौ सदा खलु सतीशिवौ।
तयोर्वियोगोऽसंभाव्यः संभवेदिच्छया तयोः॥ ६९

शिवा र शिवको वास्तविक चरित्रलाई कसले जान्न सक्छ ? उहाँ दुवै सदा आफ्नू इच्छानुसार क्रीडा गर्नुहुन्छ र [थरी-थरीका] लीलाहरू गर्नुहुन्छ। सती र शिव वाणी र अर्थको झैँ एक-अर्कासित नित्य संयुक्त हुनुहुन्छ। उहाँहरू दुवैमा वियोग हुनु असम्भव छ, उहाँहरूको इच्छाले नै लीलामा वियोग हुन सक्छ॥ ६८-६९॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां द्वितीये सतीखण्डे सतीवियोगो नाम पञ्चविंशोऽध्यायः॥ २५॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको द्वितीय सतीखण्डमा सतीवियोगवर्णन नामक पच्चिसौँ अध्याय पूर्ण भयो॥ २५॥

अथ षड्विंशोऽध्यायः

सतीको उपाख्यानमा शिवका साथ दक्षको विरोधवर्णन

ब्रह्मोवाच

पुराभवच्च सर्वेषामध्वरो विधिना महान्।
प्रयागे समवेतानां मुनीनां च महात्मनाम्॥ १

ब्रह्मा भन्नुहुन्छ—हे नारद! पूर्वकालमा प्रयागमा एकत्रित भएका समस्त मुनिहरू तथा महात्माहरूको विधि-विधानपूर्वक एउटा धेरै ठुलो यज्ञ भयो॥ १॥

तत्र सिद्धाः समायाताः सनकाद्याः सुरर्षयः।
सप्रजापतयो देवा ज्ञानिनो ब्रह्मदर्शिनः॥ २

त्यस यज्ञमा सिद्धगण, सनक आदि, देवर्षि, प्रजापति, देवता तथा ब्रह्मको साक्षात्कार गर्ने ज्ञानी आए॥ २॥

अहं समागतस्तत्र परिवारसमन्वितः।
निगमैरागमैर्युक्तो मूर्तिमद्भिर्महाप्रभैः॥ ३

म पनि मूर्तिमान् महातेजस्वी निगम तथा आगमहरूले युक्त भई सपरिवार त्यहाँ गएको थिएँ॥ ३॥

समाजोऽभूद्विचित्रो हि तेषामुत्सवसंयुतः।
ज्ञानवादोऽभवत्तत्र नानाशास्त्रसमुद्भवः॥ ४

अनेक प्रकारका उत्सवहरूका साथ त्यहाँ उनीहरूको विचित्र समाज जुटेको थियो। त्यहाँ अनेक शास्त्रहरूसित सम्बन्धित ज्ञानचर्चा हुन लाग्यो॥ ४॥

तस्मिन्नवसरे रुद्रः सभवानीगणः प्रभुः।
त्रिलोकहितकृत्स्वामी तत्रागात्सूतिकृन्मुने॥ ५

हे मुनि! त्यसै समय सती र पार्षदहरूका साथ त्रिलोकहितकारी, सृष्टिकर्ता एवं सबका स्वामी भगवान् रुद्र पनि त्यहाँ आइपुगनुभयो॥ ५॥

दृष्ट्वा शिवं सुराः सर्वे सिद्धाश्च मुनयस्तथा।
अनमंस्तं प्रभुं भक्त्या तुष्टुवुश्च तथा ह्यहम्॥ ६

शिवलाई देखेर सम्पूर्ण देवता, सिद्ध, मुनि र मैले भक्तिभावले उहाँलाई प्रणाम र स्तुति गर्‍याैँ॥ ६॥

तस्थुः शिवाज्ञया सर्वे यथास्थानं मुदान्विताः।
प्रभुदर्शनसंतुष्टाः वर्णयन्तो निजं विधिम्॥ ७

तत्पश्चात् शिवको आज्ञा पाएर सबै जन प्रसन्नतापूर्वक यथास्थानमा बसे। भगवान्को दर्शनले सन्तुष्ट भएर सबै जन आफ्नो भाग्यको सराहना गर्न लागे॥ ७॥

तस्मिन्नवसरे दक्षः प्रजापतिपतिः प्रभुः।
आगमत्तत्र सुप्रीतः सुवर्चस्वी यदृच्छया॥ ८
मां प्रणम्य स दक्षो हि न्युष्टस्तत्र मदाज्ञया।
ब्रह्माण्डाधिपतिर्मान्यो मानी तत्त्वबहिर्मुखः॥ ९

त्यसै समय प्रजापतिहरूका स्वामी महातेजस्वी प्रभु दक्षप्रजापति घुम्दै प्रसन्नतापूर्वक त्यहाँ अकस्मात् आइपुगे र मलाई प्रणाम गरी मेरो आज्ञाले त्यहाँ बसे। ती दक्ष ब्रह्माण्डका अधिपति र सबैका मान्य थिए, तर अहंकारी तथा तत्त्वज्ञानबाट शून्य थिए॥ ८-९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्तुतिभिः प्रणिपातैश्च दक्षः सर्वैः सुरर्षिभिः।
पूजितो वरतेजस्वी करौ बध्वा विनम्रकैः॥ १०

त्यस समय समस्त देवर्षिहरूले नतमस्तक भई स्तुति र प्रणामद्वारा दुवै हात जोडेर उत्तम तेजयुक्त दक्षको आदर-सत्कार गरे॥ १०॥

नानाविहारकृन्नाथः स्वतंत्रः परमोतिकृत्।
नानमत्तं तदा दक्षं स्वासनस्थो महेश्वरः॥ ११

तर नाना प्रकारका लीलाविहार गर्नुहुने सबैका स्वामी र परम रक्षक महेश्वरले त्यस समय दक्षलाई प्रणाम गर्नुभएन। उहाँ आफ्नो आसनमा बसी नै रहनुभयो॥ ११॥

दृष्ट्वानतं हरं तत्र स मे पुत्रोऽप्रसन्नधीः।
अकुप्यत्सहसा रुद्रे तदा दक्षः प्रजापतिः॥ १२

महादेवलाई त्यहाँ शिर झुकाएको नदेखेर मेरो पुत्र दक्ष मन-मनै अप्रसन्न भए। दक्ष प्रजापति रुद्रप्रति कुपित भए॥ १२॥

क्रूरदृष्ट्या महागर्वो दृष्ट्वा रुद्रं महाप्रभुम्।
सर्वान्संश्रावयन्नुच्चैरवोचज्ज्ञानवर्जितः ॥ १३

ज्ञानशून्य तथा महान् अहंकारी दक्ष महाप्रभु रुद्रलाई क्रूर दृष्टिले हेरेर सबलाई सुनाउँदै उच्च स्वरमा भन्न लागे— ॥ १३॥

दक्ष उवाच

एते हि सर्वे च सुरासुरा भृशं
नमन्ति मां विप्रवरास्तथर्षयः।
कथं ह्यसौ दुर्जनवन्महामना
त्वभूत्तु यः प्रेतपिशाचसंवृतः॥ १४

दक्ष भन्दछन्—यी सब देवता, असुर, श्रेष्ठ ब्राह्मण तथा ऋषि मलाई विशेष रूपले शिर झुकाउँछन्, परंतु त्यो जो प्रेत तथा पिशाचहरूले घेरिएको दुर्मना छ, त्यो दुष्ट मनुष्य जस्तो कसरी भयो?॥ १४॥

श्मशानवासी निरपत्रपो ह्ययं
कथं प्रणामं न करोति मेऽधुना।
लुप्तक्रियो भूतपिशाचसेवितो
मत्तोऽविधो नीतिविदूषकः सदा॥ १५

श्मशानमा निवास गर्ने निर्लज्ज यस समय मलाई किन प्रणाम गर्दैन? यसका [वेदोक्त] कर्म लुप्त भएका छन्, यो भूत तथा पिशाचहरूले सेवित भई मत्त बनिरहन्छ, शास्त्रीय विधिबाट रहित छ तथा नीतिमार्गलाई सदा कलंकित पार्छ॥ १५॥

पाखंडिनो दुर्जनपापशीला
दृष्ट्वा द्विजं प्रोद्धतनिंदकाश्च।
वध्वां सदासक्तरतिप्रवीण-
स्तस्मादमुं शप्तुमहं प्रवृत्तः॥ १६

यसका साथ रहने वा यसको अनुसरण गर्नेहरू पाखण्डी, दुष्ट, पापाचारी तथा ब्राह्मणलाई देखेर उद्दण्डतापूर्वक त्यसको निन्दा गर्ने खालका हुन्छन्। यो स्वयं नै स्त्रीमा आसक्त रहने तथा रतिकर्ममा मात्र दक्ष छ। अतः यसलाई श्राप दिनका लागि म उद्यत छु॥ १६॥

ब्रह्मोवाच

इत्येवमुक्त्वा स महाखलस्तदा
रुषान्वितो रुद्रमिदं ह्यवोचत्।
शृण्वन्त्वमी विप्रवरास्तथा सुरा
वध्यं हि मे चार्हथ कर्तुमेतम्॥ १७

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार भनेर ती महादुष्ट दक्ष कुपित भएर रुद्रप्रति भन्न लागे। हे ब्राह्मण एवं देवता हो! यो रुद्र म तथा तपाईंहरू सबैद्वारा वध्य (दण्डनीय) छ॥ १७॥

दक्ष उवाच

रुद्रो ह्ययं यज्ञबहिष्कृतो मे
वर्णेष्वतीतोऽथ विवर्णरूपः।
देवैर्न भागं लभतां सहैव
श्मशानवासी कुलजन्महीनः॥ १८

दक्ष भन्दछन्—म यस रुद्रलाई यज्ञबाट बहिष्कृत गर्छु। यो चारै वर्णभन्दा बाहिर, श्मशानमा निवास गर्ने तथा उत्तम कुल र जन्मबाट हीन छ। यसैले यसले देवताहरूको साथ यज्ञमा भाग नपाओस्॥ १८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मोवाच

इति दक्षोक्तमाकर्ण्य भृग्वाद्या बहवो जनाः।
अगर्हयन् दुष्टसत्त्वं रुद्रं मत्वाऽमरैः समम्॥ १९
नन्दी निशम्य तद्वाक्यं लोलाक्षोऽतिरुषान्वितः।
अब्रवीत् त्वरितं दक्षं शापं दातुमना गणः॥ २०

नन्दीश्वर उवाच

रे रे शठ महामूढ दक्ष दुष्टमते त्वया।
यज्ञबाह्यो हि मे स्वामी महेशो हि कृतः कथम्॥ २१
यस्य स्मरणमात्रेण भवन्ति सफला मखाः।
तीर्थानि च पवित्राणि सोऽयं शप्तो हरः कथम्॥ २२
वृथा ते ब्रह्मचापल्याच्छप्तोऽयं दक्ष दुर्मते।
वृथोपहसितश्चैवादुष्टो रुद्रो महाप्रभुः॥ २३

येनेदं पाल्यते विश्वं सृष्टमन्ते विनाशितम्।
शप्तोऽयं स कथं रुद्रो महेशो ब्राह्मणाधम॥ २४

एवं निर्भर्त्सितस्तेन नन्दिना हि प्रजापतिः।
नन्दिनं च शशापाथ दक्षो रोषसमन्वितः॥ २५

दक्ष उवाच

यूयं सर्वे रुद्रगणा वेदबाह्या भवन्तु वै।
वेदमार्गपरित्यक्तास्तथा त्यक्ता महर्षिभिः॥ २६

पाखंडवादनिरताः शिष्टाचारबहिष्कृताः।
मदिरापाननिरता जटाभस्मास्थिधारिणः॥ २७

ब्रह्मोवाच

इति शप्तास्तथा तेन दक्षेण शिवकिंकराः।
तच्छ्रुत्वातिरुषाविष्टोऽभवन्नन्दी शिवप्रियः॥ २८
प्रत्युवाच द्रुतं दक्षं गर्वितं तं महाखलम्।
शिलादतनयो नन्दी तेजस्वी शिववल्लभः॥ २९

नन्दीश्वर उवाच

रे दक्ष शठ दुर्बुद्धे वृथैव शिवकिंकराः।
शप्तास्ते ब्रह्मचापल्याच्छिवतत्त्वमजानता॥ ३०
भृग्वाद्यैर्दुष्टचित्तैश्च मूढैः स उपहासितः।
महाप्रभुर्महेशानो ब्राह्मणत्वादहंमते॥ ३१
ये रुद्रविमुखाश्चात्र ब्राह्मणास्त्वादृशाः खलाः।

ब्रह्मा भन्नुहुन्छ—हे नारद! दक्षले भनेका यी कुरा सुनेर भृगु आदि धेरैजसो महर्षिहरूले पनि रुद्रदेवलाई दुष्ट मानेर देवताहरूका साथ उहाँको निन्दा गर्न लागे॥ १९॥

दक्षको कुरा सुनेर गणेश्वर नन्दीलाई ज्यादै रिस उठ्यो। उनका नेत्र चंचल भए र उनी दक्षलाई श्राप दिने विचारले तुरून्त यस प्रकार भन्न लागे—॥ २०॥

नन्दीश्वर भन्दछन्—हे शठ! महामूर्ख! हे दुष्टबुद्धि दक्ष! तिमीले हाम्रा स्वामी महेश्वरलाई यज्ञबाट बहिष्कृत किन गऱ्यौ? जसको स्मरणमात्रले यज्ञ सफल र तीर्थ पवित्र हुन जान्छ, उनै महादेवलाई तिमीले श्राप कसरी दियौ?॥ २१-२२॥

हे दुर्बुद्धि दक्ष! तिमीले ब्राह्मणजातिको चञ्चलताबाट प्रेरित भई यी निर्दोष महाप्रभु रुद्रदेवलाई व्यर्थै श्राप दियौ र यिनको उपहास गऱ्यौ। हे ब्राह्मणाधम! जसले यस जगत्को सृष्टि गरेका छन्, जो यसको पालन गर्छन् र अन्तमा जसद्वारा यसको संहार हुन्छ, उनै महेश्वर रुद्रलाई तिमीले श्राप कसरी दियौ?॥ २३-२४॥

नन्दीले यस प्रकार झपारे पछि प्रजापति दक्ष रुष्ट भए र नन्दीलाई श्राप दिए॥ २५॥

दक्ष भन्दछन्—हे रुद्रगण हो! तिमीहरू वेदबाट बहिष्कृत भई जाओ, वैदिक मार्गबाट भ्रष्ट भई जाओ, महर्षिहरूद्वारा परित्यक्त भई जाओ, पाखण्डवादमा लागी जाओ, शिष्टाचारबाट टाढा रहो, शिरमा जटा र शरीरमा भस्म एवं हड्डीहरूका आभूषण धारण गर र मद्यपानमा आसक्त रहो॥ २६-२७॥

ब्रह्मा भन्नुहुन्छ—जब दक्षले शिवगणलाई यस प्रकार श्राप दिए, तब त्यस श्रापलाई सुनेर शिवभक्त नन्दी अत्यन्त क्रोधित भए॥ २८॥

शिलादका पुत्र, शिवप्रिय, तेजस्वी नन्दी गर्वले भरिएर महादुष्ट दक्षलाई तत्काल यस प्रकार उत्तर दिन लागे—॥ २९॥

नन्दीश्वर भन्दछन्—हे शठ! हे दुर्बुद्धि दक्ष! ब्रह्मचञ्चलताको कारण शिवतत्त्वलाई नजानी तिमीले शिवका पार्षदहरूलाई व्यर्थै श्राप दियौ॥ ३०॥

हे अहंकारी दक्ष! दूषित चित्त भएका मूर्ख भृगु आदिले पनि ब्राह्मणत्वको अभिमानमा आएर महाप्रभु महेश्वरको उपहास गरेका छौ। अतः यहाँ जो भगवान्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रुद्रतेजःप्रभावत्वात्तेषां शापं ददाम्यहम्॥ ३२

वेदवादरता यूयं वेदतत्त्वबहिर्मुखाः।
भवन्तु सततं विप्रा नान्यदस्तीति वादिनः॥ ३३

कामात्मानः स्वर्गपराः क्रोधलोभमदान्विताः।
भवन्तु सततं विप्रा भिक्षुका निरपत्रपाः॥ ३४

वेदमार्गं पुरस्कृत्य ब्राह्मणाः शूद्रयाजिनः।
दरिद्रा वै भविष्यन्ति प्रतिग्रहरताः सदा॥ ३५

असत्प्रतिग्रहाश्चैव सर्वे निरयगामिनः।
भविष्यन्ति सदा दक्ष केचिद्वै ब्रह्मराक्षसाः॥ ३६

यः शिवं सुरसामान्यमुद्दिश्य परमेश्वरम्।
द्रुह्यत्यजो दुष्टमतिः तत्त्वतां विमुखो भवेत्॥ ३७

कूटधर्मेषु गेहेषु सदा ग्राम्यसुखेच्छया।
कर्मतन्त्रं वितनुतां वेदवादं च शाश्वतम्॥ ३८

विनष्टानंदकमुखो विस्मृतात्मगतिः पशुः।
भ्रष्टकर्मानयरतो दक्षो बस्तमुखोऽचिरात्॥ ३९

शप्तास्ते कोपिना तत्र नंदिना ब्राह्मणा यदा।
हाहाकारो महानासीच्छप्तो दक्षेण चेश्वरः॥ ४०

तदाकर्ण्याहमत्यन्तमनिन्दं तं मुहुर्मुहुः।
भृग्वादीनपि विप्रांश्च वेदसृट् शिवतत्त्ववित्॥ ४१

ईश्वरोऽपि वचः श्रुत्वा नंदिनः प्रहसन्निव।
उवाच मधुरं वाक्यं बोधयंस्तं सदाशिवः॥ ४२

सदाशिव उवाच

शृणु नंदिन् महाप्राज्ञ न कर्तुं क्रोधमर्हसि।
वृथा शप्तं ब्रह्मकुलं मत्वा शप्तं च मां भ्रमात्॥ ४३

रुद्रबाट विमुख तिमीहरू–जस्ता दुष्ट ब्राह्मण विद्यमान छौ, उनीहरूलाई म रुद्रतेजको प्रभावले श्राप दिइरहेको छु॥ ३१–३२॥

तिमीहरूजस्ता ब्राह्मण [कर्मफलका प्रशंसक] वेदवादमा फसेर वेदको तत्त्वज्ञानबाट शून्य हुने छौ, ती ब्राह्मण सदा भोगहरूमा तन्मय रहेर स्वर्गलाई नै सबैभन्दा ठुलो पुरुषार्थ मान्दै स्वर्गभन्दा माथि दोस्रो कुनै वस्तु छैन—यस्तो भन्दै क्रोध, लोभ एवं मदले युक्त, निर्लज्ज र भिक्षुक बनेर रहने छौ॥ ३३–३४॥

[कैयौँ] ब्राह्मण वेदमार्गलाई सामुन्ने राखेर शूद्रहरूको यज्ञ गराउने र दरिद्र हुने छन्। ती सदा दान लिनमा लागिरहने छन्। दूषित दान ग्रहण गरेका कारण ती सबै नरकगामी हुने छन्। हे दक्ष! तीमध्ये केही ब्राह्मण त ब्रह्मराक्षस हुने छन्॥ ३५–३६॥

यो अजन्मा प्रजापति दक्ष, जो परमेश्वर शिवलाई सामान्य देवता सम्झेर उहाँसित द्रोह गर्छ, यो दुष्ट बुद्धिवाला तत्त्वज्ञानबाट विमुख हुने छ॥ ३७॥

यो विषयसुखको इच्छाले कामनारूपी कपटबाट युक्त धर्मवाला गृहस्थाश्रममा आसक्त रहेर कर्मकाण्डको तथा कर्मफलको प्रशंसा गर्ने सनातन वेदवादको नै विस्तार गर्दै रहने छ। दक्षको आनन्ददायी मुख नष्ट हुने छ, यो आत्मज्ञानलाई भूलेर पशुको समान हुने छ र कर्मभ्रष्ट तथा अनीतिपरायण भएर चाँडै बोकाको मुखले युक्त हुने छ। यस प्रकार कुपित भएका नन्दीले जब ब्राह्मणहरूलाई श्राप दिए र दक्षले महादेवलाई श्राप दिए, तब त्यहाँ ठुलो हाहाकार मच्चियो॥ ३८—४०॥

[हे नारद!] दक्षको त्यो श्राप सुनेर वेदहरूका प्रतिपादक तथा शिवतत्त्वलाई जान्ने मैले त्यस दक्षको तथा भृगु आदि ब्राह्मणहरूको वारम्वार निन्दा गरें॥ ४१॥

सदाशिव महादेव पनि नन्दीको त्यो कुरा सुनेर हाँसे जस्तो गरेर मधुर वचनद्वारा सम्झाउँदै भन्न लागनुभयो—॥ ४२॥

सदाशिव भन्नुहुन्छ—हे नन्दि! [मेरो कुरा] सुन। हे महाप्राज्ञ! तिमीले क्रोध गर्नु हुँदैन। तिमीले भ्रमपूर्वक यो सम्झियौ कि मलाई श्राप दिइएको छ, व्यर्थैमा ब्राह्मणकुललाई श्राप दियौ॥ ४३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.

वेदो मंत्राक्षरमयः साक्षात्सूक्तमयो भृशम्।
सूक्ते प्रतिष्ठितो ह्यात्मा सर्वेषामपि देहिनाम् ॥ ४४

तस्मादात्मविदो नित्यं त्वं मा शप रुषान्वितः।
शप्या न वेदाः केनापि दुर्द्धियाऽपि कदाचन ॥ ४५

वेद मन्त्राक्षरमय र सूक्तमय छ। [वेदका प्रत्येक] सूक्तमा समस्त देहधारीहरूको आत्मा प्रतिष्ठित छ। ती मन्त्रहरूका ज्ञाता नित्य आत्मवेत्ता हुन्छन्, यसैले तिमीले रोषवश तिनलाई श्राप नदेऊ। कुनै कुत्सित बुद्धि भएकाले पनि कहिल्यै वेदहरूलाई श्राप दिनुहुन्न ॥ ४४-४५ ॥

अहं शप्तो न चेदानीं तत्त्वतो बोद्धुमर्हसि।
शान्तो भव महाधीमन् सनकादिविबोधकः ॥ ४६

यज्ञोऽहं यज्ञकर्माहं यज्ञाङ्गानि च सर्वशः।
यज्ञात्मा यज्ञनिरतो यज्ञबाह्योऽहमेव वै ॥ ४७

यस समय मलाई श्राप प्राप्त भएको छैन, यस कुरालाई तिमीले ठीक-ठीक सम्झनु पर्छ। हे महामते! तिमी त सनकादिलाई पनि तत्त्वज्ञानको उपदेश दिनेवाला हौ, अतः शान्त होऊ। म नै यज्ञ हुँ, म नै यज्ञकर्म हुँ, यज्ञहरूको अंग पनि म नै हुँ, यज्ञको आत्मा म नै हुँ, यज्ञपरायण यजमान म नै हुँ र यज्ञबाट बहिष्कृत पनि म नै हुँ ॥ ४६-४७ ॥

कोऽयं कस्त्वमिमे के हि सर्वोऽहमपि तत्त्वतः।
इति बुद्ध्या हि विमृश वृथा शप्तास्त्वया द्विजाः ॥ ४८

तत्त्वज्ञानेन निर्हृत्य प्रपञ्चरचनां भव।
बुधः स्वस्थो महाबुद्धे नन्दिन् क्रोधादिवर्जितः ॥ ४९

यज्ञ को हो, तिमी को हौ र यी को हुन्? वास्तवमा सब म नै हुँ। तिमी आफ्नो बुद्धिले यस कुराको विचार गर। तिमीले ब्राह्मणहरूलाई व्यर्थै श्राप दियौ। हे महामते! हे नन्दि! तिमी तत्त्वज्ञानद्वारा प्रपंच-रचनालाई दूर गरी विवेकपरायण, स्वस्थ तथा क्रोध आदिबाट रहित होऊ ॥ ४८-४९ ॥

ब्रह्मोवाच

एवं स प्रबोधितस्तेन शम्भुना नन्दिकेश्वरः।
विवेकपरमो भूत्वा शांतोऽभूत्क्रोधवर्जितः ॥ ५०

शिवोऽपि तं प्रबोध्याशु स्वगणं प्राणवल्लभम्।
सगणः स ययौ तस्मात्स्वस्थानं प्रमुदान्वितः ॥ ५१

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार भगवान् शिवद्वारा सम्झाइए पछि ती नन्दी परम ज्ञानले युक्त र क्रोधरहित भएर शान्त भए। ती भगवान् शिव पनि आफ्नो प्राणप्रिय गण नन्दीलाई बोध प्रदान गरी गणहरूसहित त्यहाँबाट प्रसन्नतापूर्वक आफ्नो स्थानमा जानुभयो ॥ ५०-५१ ॥

दक्षोऽपि स रुषाविष्टस्तैर्द्विजैः परिवारितः।
स्वस्थानं च ययौ चित्ते शिवद्रोहपरायणः ॥ ५२

यता, रोषले युक्त दक्ष पनि चित्तमा शिवप्रति द्रोहयुक्त भएर ब्राह्मणहरूका साथ आफ्नो स्थानमा फर्किए ॥ ५२ ॥

रुद्रं तदानीं परिशिप्यमानं
संस्मृत्य दक्षः परया रुषान्वितः।
श्रद्धां विहायैव स मूढबुद्धि-
र्निन्दापरोऽभूच्छिवपूजकानाम् ॥ ५३

इत्युक्तो दक्षदुर्बुद्धिः शंभुना परमात्मना।
परां दुर्धिषणां तस्य शृणु तात वदाम्यहम् ॥ ५४

त्यस समय रुद्रलाई श्राप दिएको घटनाको स्मरण गरी दक्ष सदा महान् रोषले भरिरहन्थे। मूर्ख बुद्धिवाला ती शिवप्रति श्रद्धालाई त्यागेर शिवपूजकहरूको निन्दा गर्न लागे। हे तात! यस प्रकार परमात्मा शम्भुका साथ [दुर्व्यवहार गरी] दक्षले आफ्नो जुन दुष्ट बुद्धिको परिचय दिएका थिए, त्यो मैले तपाईंलाई बताइदिएँ, अब उनका अरू ठुला दुर्बुद्धिको विषयमा सुन्नुहोस्, म बताइरहेको छु ॥ ५३-५४ ॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां द्वितीये सतीखण्डे सत्युपाख्याने शिवेन दक्षविरोधो नाम षड्विंशोऽध्यायः ॥ २६ ॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको द्वितीय सतीखण्डमा सतीको उपाख्यानमा शिवका साथ दक्षको विरोधवर्णन नामक छब्बिसौं अध्याय पूर्ण भयो ॥ २६ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ सप्तविंशोऽध्यायः

दक्षप्रजापतिद्वारा महान् यज्ञको प्रारम्भ, यज्ञमा दक्षद्वारा शिवलाई नबोलाइएकोमा दधीचिद्वारा दक्षको भर्त्सना, दक्षद्वारा शिव-निन्दा गरिएपछि दधीचि त्यहाँबाट प्रस्थान

ब्रह्मोवाच

एकदा तु मुने तेन यज्ञः प्रारंभितो महान्।
तत्राहूतास्तदा सर्वे दीक्षितेन सुरर्षयः॥ १

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! एक समय दक्षले एउटा ठुलो महान् यज्ञको प्रारम्भ गरे र दीक्षाप्राप्त उनले त्यस यज्ञमा सबै देवता तथा ऋषिहरूलाई बोलाए॥ १॥

महर्षयोऽखिलास्तत्र निर्जराश्च समागताः।
यद्यज्ञकरणार्थं हि शिवमायाविमोहिताः॥ २

शिवको मायाले विमोहित भएर सबै महर्षि तथा देवता यज्ञ सम्पन्न गराउनका लागि आए॥ २॥

अगस्त्यः कश्यपोऽत्रिश्च वामदेवस्तथा भृगुः।
दधीचिर्भगवान् व्यासो भारद्वाजोऽथ गौतमः॥ ३
पैलः पराशरो गर्गो भार्गवः ककुभः सितः।
सुमंतुत्रिककंकाश्च वैशम्पायन एव च॥ ४
एते चान्ये च बहवो मुनयो हर्षिता ययुः।
मम पुत्रस्य दक्षस्य सदाराः ससुता मखम्॥ ५

अगस्त्य, कश्यप, अत्रि, वामदेव, भृगु, दधीचि, भगवान् व्यास, भारद्वाज, गौतम, पैल, पराशर, गर्ग, भार्गव, ककुभ, सित, सुमन्तु, त्रिक, कंक र वैशम्पायन—यी सबै तथा अन्य धेरै जसो मुनि आफ्ना स्त्री-पुत्रहरूलाई साथ लिएर मेरो पुत्र दक्षको यज्ञमा हर्षपूर्वक गए॥ ३—५॥

तथा सर्वे सुरगणा लोकपाला महोदयाः।
तथोपनिर्जराः सर्वे स्वोपकारबलान्विताः॥ ६
सत्यलोकात्समानीतो नुतोऽहं विश्वकारकः।
ससुतः सपरीवारो मूर्तवेदादिसंयुतः॥ ७

[उनीहरूका अतिरिक्त] समस्त देवगण, महान् अभ्युदयशाली लोकपालगण र सबै उपदेवता आफ्ना उपकारक सैन्यशक्तिका साथ त्यहाँ आएका थिए। दक्षले प्रार्थना गरी पुत्र, परिवार र मूर्तिमान् वेदसहित म विश्वस्रष्टा ब्रह्मालाई पनि सत्यलोकबाट बोलाएका थिए॥ ६-७॥

वैकुंठाच्च तथा विष्णुः संप्रार्थ्य विविधादरात्।
सपार्षदपरीवारः समानीतो मखं प्रति॥ ८
एवमन्ये समायाता दक्षयज्ञं विमोहिताः।
सत्कृतास्तेन दक्षेण सर्वे ते हि दुरात्मना॥ ९
भवनानि महार्हाणि सुप्रभाणि महांति च।
त्वष्ट्रा कृतानि दिव्यानि तेभ्यो दत्तानि तेन वै॥ १०

यसै गरी थरी-थरीबाट सादर प्रार्थना गरी वैकुण्ठलोकबाट पार्षदहरू र परिवारसहित भगवान् विष्णुलाई पनि त्यस यज्ञमा बोलाइएको थियो। यसै प्रकार अन्य जन पनि विमोहित भएर दक्षको यज्ञमा आए र दुरात्मा दक्षले ती सबैको ठुलो सत्कार गरे। विश्वकर्माद्वारा बनाइएको अत्यन्त दीप्तिमान्, विशाल, बहुमूल्य तथा दिव्य भवनमा दक्षले उनीहरूलाई [बस्नका लागि] दिएका थिए॥ ८—१०॥

तेषु सर्वेषु धिष्ण्येषु यथायोग्यं च संस्थिताः।
सन्मानिता अराजंस्ते सकला विष्णुना मया॥ ११
वर्तमाने महायज्ञे तीर्थे कनखले तदा।
ऋत्विजश्च कृतास्तेन भृग्वाद्याश्च तपोधनाः॥ १२

ती भवनहरूमा मेरो तथा विष्णुका साथ ती सबै [देवगण, महर्षिगण] दक्षबाट यथायोग्य सम्मानित भई आ-आफ्नो स्थानमा स्थिर भएर शोभित हुन लागे। त्यस समय कनखल नामक तीर्थमा आरम्भ भएको त्यस महायज्ञमा दक्षले भृगु आदि तपोधनहरूलाई ऋत्विज बनाए॥ ११-१२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding

अधिष्ठाता स्वयं विष्णुः सह सर्वमरुद्गणैः।
अहं तत्राभवं ब्रह्मा त्रयीविधिनिदर्शकः॥ १३
तथैव सर्वे दिक्पाला द्वारपालाश्च रक्षकाः।
सायुधाः सपरीवाराः कुतूहलकराः सदा॥ १४

सम्पूर्ण मरुद्गणका साथ स्वयं भगवान् विष्णु [त्यस यज्ञको] अधिष्ठाता बन्नुभयो र म वेदत्रयीका विधि बताउने ब्रह्मा बनेको थिएँ। यसै गरी सम्पूर्ण दिक्पाल आफ्ना आयुध र परिवारहरूका साथ द्वारपाल एवं रक्षक बनेका थिए, ती सदा कौतूहल पैदा गर्दथे॥ १३-१४॥

उपतस्थे स्वयं यज्ञः सुरूपस्तस्य चाध्वरे।
सर्वे महामुनिश्रेष्ठाः स्वयं वेदधराभवन्॥ १५
तनूनपादपि निजं चक्रे रूपं सहस्रशः।
हविषां ग्रहणायाशु तस्मिन् यज्ञे महोत्सवे॥ १६

स्वयं यज्ञदेव सुन्दर रूप धारण गरी उनको यज्ञमा त्यस समय उपस्थित थिए र ठुला-ठुला श्रेष्ठ मुनिजन स्वयं वेदहरूलाई धारण गरेका थिए। अग्निले पनि त्यस यज्ञमहोत्सवमा छिटो हविष्य ग्रहण गर्नका निम्ति आफ्ना हजारौँ रूप प्रकट गरेका थिए॥ १५-१६॥

अष्टाशीतिसहस्राणि जुह्वति सह ऋत्विजः।
उद्गातारश्चतुःषष्टिसहस्राणि सुरर्षयः॥ १७
अध्वर्यवोऽथ होतारस्तावन्तो नारदादयः।
सप्तर्षयः समा गाथाः कुर्वन्ति स्म पृथक्पृथक्॥ १८

त्यहाँ अठासी हजार ऋत्विज एक साथ हवन गर्दथे। त्यस यज्ञमा चौँसठ्ठी हजार देवर्षि उद्गाता थिए। अध्वर्यु एवं होता पनि त्यति नै थिए। नारद आदि देवर्षि र सप्तर्षि पृथक्-पृथक् गाथा गाइरहेका थिए॥ १७-१८॥

गंधर्वविद्याधरसिद्धसंघा-
नादित्यसंघान् सगणान् सयज्ञान्।
संख्यावतान्नागचरान् समस्तान्
वव्रे स दक्षो हि महाध्वरे स्वे॥ १९

दक्षले आफ्नो त्यस महायज्ञमा गन्धर्व, विद्याधर, सिद्धहरू, सबै आदित्यहरू र तिनका गणहरू, यज्ञहरू एवं नागलोकमा विचरण गर्ने समस्त नागहरूको पनि धेरै ठुलो संख्यामा वरण गरेका थिए॥ १९॥

द्विजर्षिराजर्षिसुरर्षिसंघा
नृपाः समित्राः सचिवाः ससैन्याः।
वसुप्रमुख्या गणदेवताश्च
सर्वे वृतास्तेन मखोपवेत्रा॥ २०

ब्रह्मर्षि, देवर्षि, राजर्षिहरूका समुदाय र आफ्ना मित्रहरू, मन्त्रीहरू तथा सेनाहरूका साथ अनेकौँ राजा पनि त्यहाँ आएका थिए। यजमान दक्षले त्यस यज्ञमा वसु आदि समस्त गण-देवताहरूको पनि वरण गरेका थिए। कौतुक र मंगलाचार गरी जब दक्षले यज्ञको दीक्षा लिए तथा जब उनका लागि वारम्वार स्वस्तिवाचन गर्न थालियो, तब ती आफ्नी पत्नीका साथ ज्यादै शोभायमान हुन लागे॥ २०-२१॥

दीक्षायुक्तस्तदा दक्षः कृतकौतुकमङ्गलः।
भार्यया सहितो रेजे कृतस्वस्त्ययनो भृशम्॥ २१

तस्मिन् यज्ञे वृतः शंभुर्न दक्षेण दुरात्मना।
कपालीति विनिश्चित्य तस्य यज्ञार्हता न हि॥ २२
कपालिभार्येति सती दयिता स्वसुतापि च।
नाहूता यज्ञविषये दक्षेणागुणदर्शिना॥ २३

[यति सब गर्दामा पनि] दुरात्मा दक्षले त्यस यज्ञमा भगवान् शम्भुलाई बोलाएनन्। उनको दृष्टिमा कपाल (खप्पर) धारी हुनाको कारण ती निश्चय नै यज्ञमा भाग लिनयोग्य थिएनन्। दोषदर्शी दक्षले कपालीकी पत्नी हुनाको कारण आफ्नी प्रिय पुत्री सतीलाई पनि यज्ञमा बोलाएनन्॥ २२-२३॥

एवं प्रवर्तमाने हि दक्षयज्ञे महोत्सवे।
स्वकार्यलग्नास्तत्रासन् सर्वे तेऽध्वरसंमताः॥ २४
एतस्मिन्नन्तरेऽदृष्ट्वा तत्र वै शंकरं प्रभुम्।
प्रोद्विग्नमानसः शैवो दधीचो वाक्यमब्रवीत्॥ २५

यस प्रकार दक्षको यज्ञ-महोत्सवको आरम्भ भएपछि यज्ञमण्डपमा आएका सबै ऋत्विज आ-आफ्ना कार्यमा संलग्न भए। यसै बीच त्यहाँ भगवान् शंकरलाई [उपस्थित] नदेखेर शिवभक्त दधीचिको चित्त अत्यन्त उद्विग्न भयो र ती भन्न लागे— ॥ २४-२५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दधीच उवाच

सर्वे शृणुत मद्वाक्यं देवर्षिप्रमुखा मुदा।
कस्मान्नैवागतः शंभुरस्मिन् यज्ञे महोत्सवे॥ २६
एते सुरेशा मुनयो महत्तराः
सलोकपालाश्च समागता हि।
तथापि यज्ञस्तु न शोभते भृशं
पिनाकिना तेन महात्मना विना॥ २७
येनैव सर्वाण्यपि मङ्गलानि
भवन्ति शंसन्ति महाविपश्चितः।
सोऽसौ न दृष्टोऽत्र पुमान् पुराणो
वृषध्वजो नीलगलः परेशः॥ २८
अमङ्गलान्येव च मङ्गलानि
भवन्ति येनाधिगतानि दक्ष।
त्रिपञ्चकेनाप्यथ मङ्गलानि
भवन्ति सद्यः परतः पराणि॥ २९
तस्मात्त्वयैव कर्तव्यमाह्वानं परमेशितुः।
त्वरितं ब्रह्मणा वापि विष्णुना प्रभुविष्णुना॥ ३०
इन्द्रेण लोकपालैश्च द्विजैः सिद्धैः सहाधुना।
सर्वथानयनीयोऽसौ शंकरो यज्ञपूर्तये॥ ३१
सर्वैर्भवद्भिर्गन्तव्यं यत्र देवो महेश्वरः।
दाक्षायण्या समं शम्भुमानयध्वं त्वरान्विताः॥ ३२
तेन सर्वं पवित्रं स्याच्छम्भुना परमात्मना।
अत्रागतेन देवेशाः साम्बेन परमात्मना॥ ३३
यस्य स्मृत्या च नामोक्त्या समग्रं सुकृतं भवेत्।
तस्मात्सर्वप्रयत्नेन ह्यानेतव्यो वृषध्वजः॥ ३४
समागते शंकरेऽत्र पावनो हि भवेन्मखः।
भविष्यत्यन्यथापूर्णः सत्यमेतद् ब्रवीम्यहम्॥ ३५

ब्रह्मोवाच

तस्य तद्वचनं श्रुत्वा दक्षो रोषसमन्वितः।
उवाच त्वरितं मूढः प्रहसन्निव दुष्टधीः॥ ३६
मूलं विष्णुर्देवतानां यत्र धर्मः सनातनः।
समानीतो मया सम्यक् किमूनं यज्ञकर्मणि॥ ३७

दधीचि भन्नुहुन्छ—हे प्रमुख देवताहरू तथा महर्षिहरू हो! तपाईंहरू सबैजना प्रसन्नतापूर्वक मेरो कुरा सुन्नुहोस्। यस यज्ञमहोत्सवमा भगवान् शंकर किन आउनु भएन?॥ २६॥

यद्यपि यी देवेश्वर, ठुला-ठुला मुनि र लोकपाल यहाँ आएका छन्, तथापि ती पिनाकधारी महात्मा शंकर विना यो यज्ञ त्यति धेरै शोभित भइरहेको छैन। ठूला-ठूला विद्वान् भन्दछन् कि मंगलमय भगवान् शिवको कृपादृष्टिबाट नै समस्त मंगलकार्य सम्पन्न हुन जान्छ। जसको यस्तो प्रभाव छ, ती पुराणपुरुष, वृषभध्वज, परमेश्वर श्रीनीलकण्ठ यहाँ किन देखा परिरहनु भएको छैन? हे दक्ष! जसको सम्पर्कमा आएपछि अथवा जसले स्वीकार गरेपछि अमंगल पनि मंगल हुन्छ तथा जसका पन्ध्र नेत्रहरूले हेरेपछि ठुला भन्दा ठुला मंगल तत्काल हुन्छन्, उहाँको यस यज्ञमा पदार्पण हुनु अत्यन्त आवश्यक छ॥ २७—२९॥

यसैले तिमी आफैंले परमेश्वर शिवलाई यहाँ बोलाउनु पर्छ अथवा ब्रह्मा, प्रभावशाली भगवान् विष्णु, इन्द्र, लोकपालहरू, ब्राह्मणहरू र सिद्धहरूको सहायताले सर्वथा प्रयत्न गरी यस समय यज्ञको पूर्तिका लागि ती भगवान् शंकरलाई यहाँ लिएर आउनु पर्छ॥ ३०-३१॥

तपाईंहरू सबै त्यस स्थानमा जानुहोस्, जहाँ महेश्वरदेव विराजमान हुनुहुन्छ। त्यहाँबाट दक्षनन्दिनी सतीका साथ भगवान् शम्भुलाई यहाँ तुरंत लिएर आउनुहोस्। हे देवेश्वर हो! जगदम्बासहित ती परमात्मा शिव यहाँ आउनाले सबथोक पवित्र हुनेछ। जसको स्मरण गर्नाले तथा नाम लिनाले सारा कार्य पुण्यमय बन्न जान्छ, अतः पूर्ण प्रयत्न गरी ती भगवान् वृषभध्वजलाई यहाँ लिएर आउनु पर्छ॥ ३२—३४॥

भगवान् शंकर यहाँ आउनुभएपछि यो यज्ञ पवित्र हुनेछ, अन्यथा यो अपूर्ण नै रहने छ, यो म सत्य भनिरहेको छु॥ ३५॥

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] दधीचिका यी वचन सुनेर दुष्ट बुद्धि भएको मूर्ख दक्षले हाँस्तै तत्काल रोषपूर्वक भन्न लागे—॥ ३६॥

भगवान् विष्णु सम्पूर्ण देवताहरूका मूल हुनुहुन्छ, जसमा सनातनधर्म प्रतिष्ठित छ। जब उहाँलाई नै मैले सादर बोलाएको छु, तब यस यज्ञकर्ममा के कमी हुन सक्छ?॥ ३७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding

यस्मिन् वेदाश्च यज्ञाश्च कर्माणि विविधानि च।
प्रतिष्ठितानि सर्वाणि सोऽसौ विष्णुरिहागतः॥ ३८

सत्यलोकात्समायातो ब्रह्मा लोकपितामहः।
वेदैः सोपनिषद्भिश्च विविधैरागमैः सह॥ ३९

तथा सुरगणैः साकमागतः सुरराट् स्वयम्।
तथा यूयं समायाता ऋषयो वीतकल्मषाः॥ ४०

ये ये यज्ञोचिताः शान्ताः पात्रभूताः समागताः।
वेदवेदार्थतत्त्वज्ञाः सर्वे यूयं दृढव्रताः॥ ४१

अत्रैव च किमस्माकं रुद्रेणापि प्रयोजनम्।
कन्या दत्ता मया विप्र ब्रह्मणा नोदितेन हि॥ ४२

हरोऽकुलीनोऽसौ विप्र पितृमातृविवर्जितः।
भूतप्रेतपिशाचानां पतिरेको दुरत्ययः॥ ४३

आत्मसंभावितो मूढः स्तब्धो मौनी समत्सरः।
कर्मण्यस्मिन्न योग्योऽसौ नानीतो हि मयाधुना॥ ४४

तस्मात्त्वयेदृशं वाक्यं पुनर्वाच्यं न हि क्वचित्।
सर्वैर्भवद्भिः कर्तव्यो यज्ञो मे सफलो महान्॥ ४५

ब्रह्मोवाच

एतच्छ्रुत्वा वचस्तस्य दधीचिर्वाक्यमब्रवीत्।
सर्वेषां शृण्वतां देवमुनीनां सारसंयुतम्॥ ४६

दधीच उवाच

अयज्ञोऽयं महाजातो विना तेन शिवेन हि।
विनाशोऽपि विशेषेण ह्यत्र ते हि भविष्यति॥ ४७

एवमुक्त्वा दधीचोऽसावेक एव विनिर्गतः।
यज्ञवाटाच्च दक्षस्य त्वरितः स्वाश्रमं ययौ॥ ४८

ततोऽन्ये शांकरा ये च मुख्याः शिवमतानुगाः।
निर्ययुः स्वाश्रमान् सद्यः शापं दत्त्वा तथैव च॥ ४९

मुनौ विनिर्गते तस्मिन् मखादन्येषु दुष्टधीः।
शिवद्रोही मुनीन् दक्षः प्रहसन्निदमब्रवीत्॥ ५०

जसमा वेद, यज्ञ र अनेकौँ कर्म प्रतिष्ठित छन्, ती भगवान् विष्णु त यहाँ आउनु नै भएको छ॥ ३८॥

लोकपितामह ब्रह्मा सत्यलोकबाट वेदहरू, उपनिषद्हरू र विविध आगमहरूका साथ यहाँ आउनुभएको छ॥ ३९॥

देवगणहरूका साथ स्वयं देवराज इन्द्र तथा निष्पाप तपाईं ऋषिगण पनि यहाँ आउनुभएको छ। जो-जो यज्ञमा सम्मिलित हुनयोग्य शान्त, सुपात्र, वेद र वेदार्थको तत्त्वलाई जान्ने र दृढतापूर्वक व्रतको पालन गर्नेहरू हुनुहुन्छ—ती तपाईं सबै यहाँ पदार्पण गरिसक्नु भएको छ, तब हामीकहाँ रुद्रसित के प्रयोजन छ! हे विप्र! ब्रह्माले भन्नुभएकाले मात्र मैले आफ्नी कन्या रुद्रलाई दिएको थिएँ॥ ४०—४२॥

हे विप्र! हर कुलीन छैनन्, उनका माता-पिता छैनन्, ती भूत-प्रेत-पिशाचहरूका स्वामी एक्लै बस्छन् र उनको अतिक्रमण गर्नु अरूका लागि अत्यन्त कठिन छ। ती आत्मप्रशंसक, मूर्ख, जड, मौनी र ईर्ष्यालु छन्। ती यस यज्ञकर्मका योग्य छैनन्, यसैले मैले उनलाई यहाँ नबोलाएको हो॥ ४३-४४॥

अतः [हे दधीचि!] तपाईं यस्तो फेरि कहिल्यै नभन्नुहोस्, तपाईंहरू सबैजना मिलेर मेरो महान् यज्ञलाई सफल बनाउनुहोस्॥ ४५॥

ब्रह्मा भन्नुहुन्छ—दक्षका यी कुरा सुनेर दधीचिले सबै देवताहरू तथा मुनिहरूलाई सुनाउँदै सारयुक्त वचन भन्न लाग्नुभयो— ॥ ४६॥

दधीचि भन्नुहुन्छ—[हे दक्ष!] ती भगवान् शिव विना यो महान् यज्ञ पनि अयज्ञ हुनेछ। निश्चय नै यस यज्ञबाट तिम्रो विनाश हुनेछ। यस प्रकार भनेर दधीचि दक्षको यज्ञशालाबाट एक्लै निस्केर आफ्नो आश्रममा गए। त्यसपछि जो मुख्य-मुख्य शिवभक्त थिए तथा उनको मतको अनुसरण गर्नेहरू थिए, ती पनि दक्षलाई श्राप दिएर तुरंत त्यहाँबाट आ-आफ्ना आश्रमहरूमा गए॥ ४७—४९॥

मुनि दधीचि तथा अरू ऋषिहरू त्यस यज्ञ-मण्डपबाट निस्केर गएपछि दुष्टबुद्धि तथा शिवद्रोही दक्ष मुस्कुराउँदै अन्य मुनिहरूसित भन्न लागे— ॥ ५०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दक्ष उवाच

गतः शिवप्रियो विप्रो दधीचो नाम नामतः।
अन्ये तथाविधा ये च गतास्ते मम चाध्वरात्॥ ५१
एतच्छुभतरं जातं सम्मतं मे हि सर्वथा।
सत्यं ब्रवीमि देवेश सुराश्च मुनयस्तथा॥ ५२

विनष्टचित्ता मंदाश्च मिथ्यावादरताः खलाः।
वेदबाह्या दुराचाराः त्याज्यास्ते मखकर्मणि॥ ५३

वेदवादरता यूयं सर्वे विष्णुपुरोगमाः।
यज्ञं मे सफलं विप्राः सुराः कुर्वन्तु माचिरम्॥ ५४

ब्रह्मोवाच

इत्याकर्ण्य वचस्तस्य शिवमायाविमोहिताः।
तन्मखे देवयजनं चक्रुः सर्वे सुरर्षयः॥ ५५

इति तन्मखशापो हि वर्णितो मे मुनीश्वर।
यज्ञविध्वंसयोगोऽपि प्रोच्यते शृणु सादरम्॥ ५६

दक्ष भन्दछन्—दधीचि नामक ती शिवप्रिय ब्राह्मण गए र उनकै समान जो अरू थिए, ती पनि मेरो यज्ञबाट गए। यो त धेरै राम्रो भयो। मलाई सदा यही अभीष्ट छ। हे देवेश! हे देवता हो र हे मुनि हो! म सत्य भनिरहेको छु॥ ५१-५२॥

जो नष्टबुद्धिभएका, मूर्ख, मिथ्या-भाषणमा रत, खल, वेदबहिष्कृत र दुराचारी छन्, तिनीहरूलाई यज्ञकर्ममा त्यागिदिनु पर्छ। तपाईंहरू सबै वेदवादमा परायण रहने हुनुहुन्छ। अतः विष्णु आदि सबै देवता र ब्राह्मण मिलेर मेरो यस यज्ञलाई छिटो सफल बनाउनुहोस्॥ ५३-५४॥

ब्रह्मा भन्नुहुन्छ—उनको यो कुरा सुनेर शिवको मायाले मोहित भएका समस्त देवता तथा ऋषि त्यस यज्ञमा देवताहरूको पूजा गर्न लागे॥ ५५॥

हे मुनीश्वर! यस प्रकार मैले त्यस यज्ञमा दधीचिद्वारा प्रदत्त श्रापको वर्णन गरिदिएँ। अब यज्ञको विध्वंसको घटना पनि बताउँदै छु, आदरपूर्वक सुन्नुहोस्॥ ५६॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां द्वितीये सतीखण्डे यज्ञप्रारम्भो नाम सप्तविंशोऽध्यायः॥ २७॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको द्वितीय सतीखण्डमा यज्ञको प्रारम्भ नामक सत्ताईसौं अध्याय पूर्ण भयो॥ २७॥

अथाष्टविंशोऽध्यायः

दक्षयज्ञको समाचार पाएर एवं शिवको आज्ञा प्राप्त गरी देवी सती शिवगणहरूका साथ पिताको यज्ञमण्डपका लागि प्रस्थान

ब्रह्मोवाच

यदा ययुर्दक्षमखमुत्सवेन सुरर्षयः।
तस्मिन्नेवान्तरे देवी पर्वते गंधमादने॥ १
धारागृहे वितानेन सखीभिः परिवारिता।
दाक्षायणी महाक्रीडाश्चकार विविधाः सती॥ २

क्रीडासक्ता तदा देवी ददर्शाथ मुदा सती।
दक्षयज्ञे प्रयान्तीं तां रोहिण्यापृच्छ्य सत्वरम्॥ ३

दृष्ट्वा सीमंतया भूतां विजयां प्राह सा सती।
स्वसखीं प्रवरां प्राणप्रियां सा हि हितावहाम्॥ ४

सत्युवाच

हे सखीप्रवरे प्राणप्रिये त्वं विजये मम।
क्व गमिष्यति चन्द्रोऽयं रोहिण्या पृच्छ सत्वरम्॥ ५

ब्रह्मा भन्नुहुन्छ—हे नारद! जब देवता तथा ऋषिगण अत्यन्त उत्साहका साथ दक्षको यज्ञमा गइरहेका थिए, त्यसै समय दक्षकन्या देवी सती गन्धमादन पर्वतमा चँदुवाबाट श्रृंगारित धारागृहमा सखीहरूबाट घेरिएर अनेक प्रकारका क्रीडा गरिरहनुभएको थियो॥ १-२॥

प्रसन्नतापूर्वक क्रीडारत देवी सतीले त्यस समय चन्द्रमाका साथ दक्षयज्ञमा जाँदै गरेकी रोहिणीलाई देख्नुभयो र तत्काल उनीसित सोधखोज गर्नुभयो। तिनलाई देखेर सतीले आफ्नी हितकारिणी प्राण-प्यारी सौभाग्यशालिनी प्रिय तथा श्रेष्ठ सखी विजयासित भन्नुभयो— ॥ ३-४॥

सती भन्नुहुन्छ—हे सखीहरूमा श्रेष्ठ! हे मेरी प्राणप्रिया! हे विजया! झट्ट गएर सोध कि यी चन्द्रदेव रोहिणीका साथ कहाँ गइरहेका छन्?॥ ५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मोवाच

तथोक्ता विजया सत्या गत्वा तत्सन्निधौ द्रुतम्।
क्व गच्छसीति पप्रच्छ शशिनं तं यथोचितम्॥ ६

विजयोक्तमथाकर्ण्य स्वयात्रां पूर्वमादरात्।
कथितं तेन तत्सर्वं दक्षयज्ञोत्सवादिकम्॥ ७

तच्छ्रुत्वा विजया देवीं त्वरिता जातसंभ्रमा।
कथयामास तत्सर्वं यदुक्तं शशिना सतीम्॥ ८

तच्छ्रुत्वा कालिका देवी विस्मिताभूत्सती तदा।
विमृश्य कारणं तत्राज्ञात्वा चेतस्यचिन्तयत्॥ ९

दक्षः पिता मे माता च वीरिणी नौ कुतः सती।
आह्वानं न करोति स्म विस्मृता मां प्रियां सुताम्॥ १०

पृच्छेयं शंकरं तत्र कारणं सर्वमादरात्।
चिन्तयित्वेति सासीद्वै तत्र गंतुं सुनिश्चया॥ ११

अथ दाक्षायणी देवी विजयां प्रवरां सखीम्।
स्थापयित्वा द्रुतं तत्र समगच्छच्छिवांतिकम्॥ १२

ददर्श तं सभामध्ये संस्थितं बहुभिर्गणैः।
नंद्यादिभिर्महावीरैः प्रवरैर्यूथयूथपैः॥ १३

दृष्ट्वा तं प्रभुमीशानं स्वपतिं साथ दक्षजा।
प्रष्टुं तत्कारणं शीघ्रं प्राप शंकरसंनिधिम्॥ १४

शिवेन स्थापिता स्वाङ्के प्रीतियुक्तेन स्वप्रिया।
प्रमोदिता वचोभिः सा बहुमानपुरःसरम्॥ १५

अथ शंभुर्महालीलः सर्वेशः सुखदः सताम्।
सतीमुवाच त्वरितं गणमध्यस्थ आदरात्॥ १६

शंभुरुवाच

किमर्थमागतात्र त्वं सभामध्ये सविस्मया।
कारणं तस्य सुप्रीत्या शीघ्रं वद सुमध्यमे॥ १७

ब्रह्मोवाच

एवमुक्ता तदा तेन महेशेन मुनीश्वर।
साञ्जलिः सुप्रणम्याशु सत्युवाच प्रभुं शिवा॥ १८

ब्रह्मा भन्नुहुन्छ—सतीले यस प्रकार भन्नुभएपछि विजयाले तुरंत उनको नजिक गएर यथोचित रूपले ती चन्द्रमासित सोधिन् कि तपाईं कहाँ जान लाग्नुभएको हो ?॥ ६॥

विजयाको कुरा सुनेर चन्द्रदेवले आफ्नो यात्राको उद्देश्य आदरपूर्वक बताई दक्षकहाँ हुन लागेको यज्ञमहोत्सवको सारा वृत्तान्त सुनाउनुभयो॥ ७॥

त्यो सब सुनेर विजया बडो उत्सुक्ताका साथ देवीका समक्ष गइन् र चन्द्रमाले जे भनेका थिए, त्यो सब सतीसित भनिन्। त्यसलाई सुनेर सती कालिका देवीलाई ठुलो आश्चर्य भयो। सोच-विचार गर्दामा पनि [आफूकहाँ सूचना प्राप्त नहुनुको] कारण पत्ता लगाउन नसकेपछि उहाँ मनमा सोच्न लाग्नुभयो॥ ८-९॥

दक्ष मेरा पिता हुनुहुन्छ, वीरिणी मेरी माता। म उहाँहरूकी प्रिय कन्या हुँ, तर उहाँहरूले यज्ञमा मलाई बोलाउनु भएन। उहाँहरूले कसरी भुल्नुभयो र निमन्त्रणा किन पठाउनु भएन? म यसको कारण आदरपूर्वक शंकरसित सोध्छु—यस्तो विचार गरी सतीले शंकरका समक्ष जाने निश्चय गर्नुभयो॥ १०-११॥

यसपछि दक्षपुत्री देवी सती आफ्नी प्रिय सखी विजयालाई त्यहीं बसाएर शीघ्र शिवकहाँ जानुभयो। उहाँले शिवलाई सभाको बिचमा अनेक गणहरू, नन्दी आदि महावीरहरू तथा प्रमुख यूथपतिहरूका साथ बस्नुभएको देख्नुभयो। उहाँ आफ्नू पति सदाशिव ईशानलाई देखेर उक्त कारण सोध्नका लागि शीघ्र उहाँको समक्षमा पुग्नुभयो॥ १२—१४॥

शिवले बडो प्रेमले प्रिया सतीलाई आफ्नो काखमा बसाउनुभयो र आदरका साथ उहाँलाई आफ्ना वचनहरूले प्रसन्न पार्नुभयो। यसपछि महालीला गर्नुहुने तथा सज्जनहरूलाई सुख दिनुहुने सर्वेश्वर शंकर जो गणहरूका बिचमा विराजमान हुनुहुन्थ्यो, सतीसित शीघ्र भन्न लाग्नुभयो—॥ १५-१६॥

शिव भन्नुहुन्छ—तिमी यस सभाको बिचमा आश्चर्य-चकित भएर किन आएकी छौ? हे सुन्दर कटिप्रदेश भएकी! तिमी यसको कारण प्रेमपूर्वक शीघ्र बताऊ॥ १७॥

ब्रह्मा भन्नुहुन्छ—हे मुनीश्वर! शिवले जब सतीसित यस प्रकार भन्नुभयो, तब ती शिवा हात जोडेर प्रणाम गरी प्रभुसित भन्न लाग्नुभयो—॥ १८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सत्युवाच

पितुर्मम महान् यज्ञो भवतीति मया श्रुतम्।
तत्रोत्सवो महानस्ति समवेताः सुरर्षयः॥ १९

पितुर्मम महायज्ञे कस्मात्तव न रोचते।
गमनं देवदेवेश तत्सर्वं कथय प्रभो॥ २०

सुहृदामेष वै धर्मः सुहृद्भिः सह सङ्गतिः।
कुर्वन्ति यन्महादेव सुहृदः प्रीतिवर्धिनीम्॥ २१

तस्मात्सर्वप्रयत्नेन मया गच्छ सह प्रभो।
यज्ञवाटं पितुर्मेऽद्य स्वामिन् प्रार्थनया मम॥ २२

ब्रह्मोवाच

तस्यास्तद्वचनं श्रुत्वा सत्या देवो महेश्वरः।
दक्षवागिषुहृद्विद्धो बभाषे सूनृतं वचः॥ २३

महेश्वर उवाच

दक्षस्तव पिता देवि मम द्रोही विशेषतः॥ २४
यस्य ये मानिनः सर्वे ससुरर्षिमुखाः परे।
ते मूढा यजनं प्राप्ताः पितुस्ते ज्ञानवर्जिताः॥ २५

अनाहूताश्च ये देवि गच्छन्ति परमन्दिरम्।
अवमानं प्राप्नुवन्ति मरणादधिकं तथा॥ २६

परालयं गतोऽपीन्द्रो लघुर्भवति तद्विधः।
का कथा च परेषां वै रीढा यात्रा हि तद्विधा॥ २७

तस्मात्त्वया मया चापि दक्षस्य यजनं प्रति।
न गन्तव्यं विशेषेण सत्यमुक्तं मया प्रिये॥ २८
तथारिभिर्न व्यथते ह्यर्दितोऽपि शरैर्जनः।
स्वानां दुरुक्तिभिर्मर्मताडितः स यथा मतः॥ २९

विद्यादिभिर्गुणैः षड्भिरसदन्यैः सतां स्मृतौ।
हतायां भूयसां धाम न पश्यन्ति खलाः प्रिये॥ ३०

ब्रह्मोवाच

एवमुक्ता सती तेन महेशेन महात्मना।
उवाच रोषसंयुक्ता शिवं वाक्यविदां वरम्॥ ३१

सती भन्नुहुन्छ—[हे प्रभु!] मैले सुनेको छु कि मेरा पिताकहाँ कुनै धेरै ठुलो यज्ञ भइरहेको छ। त्यसमा महान् उत्सव हुनेछ र त्यहाँ देवता तथा ऋषि एकत्रित भएका छन्। हे देवदेवेश्वर! पिताको त्यस महान् यज्ञमा जान हजुरलाई किन राम्रो लागेन, हे प्रभो [जुनसुकै पनि कारण किन नहोस्] त्यो सब बताउनुहोस्॥ १९-२०॥

हे महादेव! सुहृद्हरूको धर्म आफ्ना सुहृद्हरूका साथ राम्रो संगति रहिरहनु हो। मित्रजन प्रेमलाई बढाउन यस प्रकारका संगति गरिरहन्छन्॥ २१॥

यसैले हे प्रभु! हे स्वामी! हजुर मेरो प्रार्थनालाई स्वीकार गरी मसँगै पिताको यज्ञमण्डपमा अवश्य हिँड्नुहोस्॥ २२॥

ब्रह्मा भन्नुहुन्छ—सतीका यी वचनलाई सुनेर दक्षका वाग्बाणहरूले बिद्ध हृदय भएका देव महेश्वर मधुर वचन भन्न लाग्नुभयो—॥ २३॥

महेश्वर भन्नुहुन्छ—हे देवी! तिम्रो पिता दक्ष मेरो विशेष द्रोही भएका छन्। जो प्रमुख देवता, ऋषि तथा अन्य जन अभिमानी, मूर्ख र ज्ञानशून्य छन्, तिनै तिम्रो पिताको यज्ञमा गएका छन्॥ २४-२५॥

हे देवी! जो व्यक्ति नबोलाइकन नै अर्काको घर जान्छ, त्यसले त्यहाँ अनादर नै पाउँछ, जुन मृत्युभन्दा पनि कष्टदायक हुन्छ। चाहे त्यो इन्द्र नै किन नहोस्, नबोलाइकन अर्काको घर जानाले लघुता मात्र प्राप्त हुन्छ र फेरि अरूको कुरा नै के! यस्तो यात्रा अनर्थको कारण बन्न जान्छ॥ २६-२७॥

यसैले तिमी र म त विशेष रूपले दक्षको यज्ञमा जानु हुन्न; हे प्रिये! यो मैले सत्य भन्दै छु। मनुष्य आफ्ना शत्रुहरूको बाणले घायल भएर त्यति व्यथित हुँदैनन्, जति आफ्ना सम्बन्धिहरूको निन्दायुक्त वचनहरूले दुःखी हुन्छन्॥ २८-२९॥

हे प्रिये! सज्जनहरूमा रहने विद्या आदि छ गुण जब दुष्ट मनुष्यहरूमा आउँछ, तब तिनको स्मृति नष्ट हुन जान्छ र ती मान्य भएर तेजस्वीहरूतिर हेर्दैनन्॥ ३०॥

ब्रह्मा भन्नुहुन्छ—महात्मा महेश्वरले यस प्रकार भन्नुभएपछि सती वाक्यवेत्ताहरूमा श्रेष्ठ भगवान् शंकरसित रोषपूर्वक भन्न लाग्नुभयो—॥ ३१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.

सत्युवाच

यज्ञः स्यात्सफलो येन स त्वं शंभोऽखिलेश्वर।
अनाहूतोऽसि तेनाद्य पित्रा मे दुष्टकारिणा॥ ३२

तत्सर्वं ज्ञातुमिच्छामि भव भावं दुरात्मनः।
सुरर्षीणां च सर्वेषामागतानां दुरात्मनाम्॥ ३३

तस्माच्चाद्यैव गच्छामि स्वपितुर्यजनं प्रभो।
अनुज्ञां देहि मे नाथ तत्र गन्तुं महेश्वर॥ ३४

ब्रह्मोवाच

इत्युक्तो भगवान् रुद्रस्तया देव्या शिवः स्वयम्।
विज्ञाताखिलदृक् द्रष्टा सतीं सूतिकरोऽब्रवीत्॥ ३५

शिव उवाच

यद्येवं ते रुचिर्देवि तत्र गन्तुमवश्यकम्।
सुव्रते वचनान्मे त्वं गच्छ शीघ्रं पितुर्मखम्॥ ३६
एतं नंदिनमारुह्य वृषभं सज्जमादरात्।
महाराजोपचाराणि कृत्वा बहुगुणान्विता॥ ३७

भूषितं वृषमारोहेत्युक्ता रुद्रेण सा सती।
सुभूषिता सती युक्ता ह्यगमत्पितृमन्दिरम्॥ ३८

महाराजोपचाराणि दत्तानि परमात्मना।
सुच्छत्रचामरादीनि सद्वस्त्राभरणानि च॥ ३९
गणाः षष्टिसहस्राणि रौद्रा जग्मुः शिवाज्ञया।
कुतूहलयुताः प्रीता महोत्सवसमन्विताः॥ ४०

तदोत्सवो महानासीद्यजने तत्र सर्वतः।
सत्याः शिवप्रियायास्तु वामदेवगणैः कृतः॥ ४१
कुतूहलं गणाश्चक्रुः शिवयोर्यश उज्जगुः।
बलात्ते पुप्लुवुः प्रीत्या महावीराः शिवप्रियाः॥ ४२

सर्वथासीन्महाशोभा गमने जगदम्बिके।
सुखारावः संबभूव पूरितं भुवनत्रयम्॥ ४३

सती भन्नुहुन्छ—हे शम्भु! हे अखिलेश्वर! जो जानाले यज्ञ सफल हुन्छ, उनै हजुरलाई मेरा दुष्ट पिताले आमन्त्रित गर्नुभएन॥ ३२॥

हे भव! त्यस दुरात्मा दक्ष तथा त्यहाँ आएका सम्पूर्ण दुरात्मा देवताहरू तथा ऋषिहरूको मनोभावलाई म जान्न चाहन्छु। अतः हे प्रभु! म आजै आफ्नो पिताको यज्ञमा जान चाहन्छु। हे नाथ! हे महेश्वर! हजुर मलाई त्यहाँ जाने आज्ञा प्रदान गर्नुहोस्॥ ३३-३४॥

ब्रह्मा भन्नुहुन्छ—ती देवीले यस प्रकार भन्नुभएपछि सर्वज्ञ, सर्वद्रष्टा, सृष्टिकर्ता एवं कल्याणस्वरूप साक्षात् भगवान् रुद्र सतीसित भन्न लाग्नुभयो— ॥ ३५॥

शिव भन्नुहुन्छ—हे देवी! यदि यस प्रकार तिम्रो रुचि त्यहाँ अवश्य जाने नै छ भने हे सुव्रते! मेरो आज्ञाले तिमी महाराजहरूको योग्य उपचार गरी, धेरै गुणहरूले सम्पन्न भएका, यसरी सजिएका नन्दी वृषभमा सवार भएर आफ्नो पिताको यज्ञमा जाऊ॥ ३६-३७॥

तिमी यस विभूषित वृषभमा चढ। तब रुद्रले यस प्रकार आदेश दिनुभएपछि सुन्दर आभूषणहरूले अलंकृत तथा सब साधनहरूले युक्त भई देवी सती पिताको घरतिर सवार हुनुभयो॥ ३८॥

परमात्मा शिवले उहाँलाई सुन्दर वस्त्र, आभूषण, परम उज्ज्वल छाता, चामर आदि महाराजोचित सामग्री दिनुभयो। भगवान् शिवको आज्ञाले साठी हजार रुद्रगण पनि बडो प्रसन्नता र महान् उत्साहका साथ कौतूहलपूर्वक [सतीका साथ] गए॥ ३९-४०॥

त्यस समय त्यहाँ यज्ञमा सबैतिर महान् उत्सव भइरहेको थियो। वामदेवका गणहरूले शिवप्रिया सतीको पनि उत्सव मनाए। महावीर तथा शिवप्रिय ती गण कौतूहलपूर्ण कार्य गर्न तथा सती र शिवको यशोगान गर्न लागे र बलपूर्वक उफ्रँने-कुद्ने गर्न लागे॥ ४१-४२॥

जगदम्बाको यात्राकालमा सब प्रकारले महान् शोभा भइरहेको थियो। त्यस समय जुन सुखद [जय-जयकार आदि] आवाज उत्पन्न भयो, त्यसबाट तीनै लोक गुञ्जयमान भयो॥ ४३॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां द्वितीये सतीखण्डे सतीयात्रावर्णनं नामाष्टविंशोऽध्यायः॥ २८॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको द्वितीय सतीखण्डमा सतीयात्रावर्णन नामक अट्ठाईसौँ अध्याय पूर्ण भयो॥ २८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथैकोनत्रिंशोऽध्यायः

यज्ञशालामा शिवको भाग नदेखेर तथा दक्षद्वारा शिवनिन्दा सुनेर क्रुद्ध भई सतीले दक्ष तथा देवताहरूलाई झपार्नु र प्राणत्यागको निश्चय

ब्रह्मोवाच

दाक्षायणी गता तत्र यत्र यज्ञो महाप्रभः।
सुरासुरमुनीन्द्रादिकुतूहलसमन्वितः ॥ १

स्वपितुर्भवनं तत्र नानाश्चर्यसमन्वितम्।
ददर्श सुप्रभं चारु सुरर्षिगणसंयुतम्॥ २

द्वारि स्थिता तदा देवी ह्यवरुह्य निजासनात्।
नन्दिनोऽभ्यन्तरं शीघ्रमेकैवागच्छदध्वरम्॥ ३

आगतां च सतीं दृष्ट्वासिक्नी माता यशस्विनी।
अकरोदादरं तस्या भगिन्यश्च यथोचितम्॥ ४

नाकरोदादरं दक्षो दृष्ट्वा तामपि किंचन।
नान्योऽपि तद्भयात्तत्र शिवमायाविमोहितः॥ ५

अथ सा मातरं देवी पितरं च सती मुने।
अनमद्विस्मितात्यन्तं सर्वलोकपराभवात्॥ ६

भागानपश्यद्देवानां हर्यादीनां तदध्वरे।
न शंभुभागमकरोत् क्रोधं दुर्विषहं सती॥ ७

तदा दक्षं दहन्तीव रुषा पूर्णा सती भृशम्।
क्रूरदृष्ट्या विलोक्यैव सर्वानप्यपमानिता॥ ८

सत्युवाच

अनाहूतस्त्वया कस्माच्छंभुः परमशोभनः।
येन पूतमिदं विश्वं समग्रं सचराचरम्॥ ९

यज्ञो यज्ञविदां श्रेष्ठो यज्ञाङ्गो यज्ञदक्षिणः।
यज्ञकर्ता च यः शंभुस्तं विना च कथं मखः॥ १०

यस्य स्मरणमात्रेण सर्वं पूतं भवत्यहो।
विना तेन कृतं सर्वमपवित्रं भविष्यति॥ ११

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] दक्षकन्या सती त्यस स्थानमा जानुभयो, जहाँ देवता, असुर र मुनीन्द्र आदिको कौतूहलपूर्ण कार्यले युक्त महान् यज्ञ भइरहेको थियो॥ १॥

सतीले त्यहाँ आफ्ना पिताको भवनलाई देखिन्, जुन नाना प्रकारका आश्चर्यजनक भावहरूले युक्त, कान्तिमान्, मनोहर तथा देवताहरू र ऋषिहरूका समुदायले भरिएको थियो॥ २॥

देवी सती भवनको द्वारमा गएर उभिनुभयो र आफ्नो वाहन नन्दीबाट ओर्लेर एक्लै शीघ्रतापूर्वक यज्ञस्थल भित्र जानुभयो॥ ३॥

सतीलाई आउनुभएको देखी उहाँकी यशस्विनी माता असिक्नी (वीरिणी) र बहिनीहरूले उहाँको यथोचित सत्कार गर्नुभयो॥ ४॥ तर दक्षले उहाँलाई देखेर पनि केही आदर गरेनन् तथा दक्षको भयबाट शिवको मायाले मोहित भएका अन्य जनहरूले पनि उहाँको आदर गरेनन्॥ ५॥

हे मुनि! सबैद्वारा तिरस्कार प्राप्त भएपछि सती देवीले अत्यन्त विस्मित भई माता-पितालाई प्रणाम गर्नुभयो॥ ६॥ त्यस यज्ञमा सतीले भगवान् विष्णु आदि देवताहरूको भाग देख्नुभयो, तर शिवको भाग कहीँ पनि देख्नुभएन, तब उहाँले असह्य क्रोध प्रकट गर्नुभयो। अपमानित भएर पनि रोषले भरिएर सबजनातिर क्रूर दृष्टिले हेरेर दक्षलाई भस्म पार्नुहुन्छ जस्तो गरी उहाँ भन्न लाग्नुभयो॥ ७-८॥

सती भन्नुहुन्छ—तपाईंले परम मंगलकारी शिवलाई [यस यज्ञमा] किन बोलाउनु भएन, जसद्वारा यो सम्पूर्ण चराचर जगत् पवित्र हुन्छ। जो यज्ञस्वरूप, यज्ञवेत्ताहरूमा श्रेष्ठ, यज्ञका अंग, यज्ञका दक्षिणा र यज्ञकर्ता हुनुहुन्छ, ती शिवविना यो यज्ञ कसरी पूर्ण हुन सक्छ?॥ ९-१०॥

अहो! जसको स्मरणमात्रले सबथोक पवित्र हुन जान्छ, उहाँविना गरिएको यो सारा यज्ञ अपवित्र हुने छ॥ ११॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding

द्रव्यमंत्रादिकं सर्वं हव्यं कव्यं च यन्मयम्।
शंभुना हि विना तेन कथं यज्ञः प्रवर्तितः॥ १२

द्रव्य, मन्त्र आदि, हव्य र कव्य—यी सब जसका स्वरूप हुन्, ती शिवविना यज्ञको आरम्भ कसरी गरियो ?॥ १२॥

किं शिवं सुरसामान्यं मत्वाकार्षीरनादरम्।
भ्रष्टबुद्धिर्भवानद्य जातोऽसि जनकाधम॥ १३

के तपाईंले शिवलाई सामान्य देवता ठानेर उहाँको अनादर गर्नुभयो ? हे अधर्मी पिता! अवश्य नै तपाईंको बुद्धि आज भ्रष्ट हुन गएको छ॥ १३॥

विष्णुब्रह्मादयो देवा यं संसेव्य महेश्वरम्।
प्राप्ताः स्वपदवीं सर्वे तं न जानासि रे हरम्॥ १४

ब्रह्मा, विष्णु आदि सबै देवता महेश्वरको सेवा गरी आफ्नो पदवीमा अधिष्ठित छन्। निश्चय नै तपाईंले अहिलेसम्म ती शिवलाई जान्नुभएको छैन॥ १४॥

एते कथं समायाता विष्णुब्रह्मादयः सुराः।
तव यज्ञे विना शंभुं स्वप्रभुं मुनयस्तथा॥ १५

यी ब्रह्मा, विष्णु आदि देवता तथा मुनि आफ्नो प्रभु भगवान् शिवविना यस यज्ञमा कसरी आए ?॥ १५॥

ब्रह्मोवाच

इत्युक्त्वा परमेशानी विष्ण्वादीन्सकलान् प्रति।
पृथक्पृथगवोचत्सा भर्त्सयन्ती भवात्मिका॥ १६

ब्रह्मा भन्नुहुन्छ—यस्तो भनेर शिवस्वरूपिणी परमेश्वरी विष्णु आदि सब देवताहरूलाई अलग-अलग झपार्दै भन्न लाग्नुभयो—॥ १६॥

सत्युवाच

हे विष्णो त्वं महादेवं किं न जानासि तत्त्वतः।
सगुणं निर्गुणं चापि श्रुतयो यं वदन्ति ह॥ १७

सती भन्नुहुन्छ—हे विष्णु! श्रुतिहरू जसलाई सगुण एवं निर्गुणरूपले प्रतिपादित गर्दछन्, के तपाईं ती शिवको यथार्थ रूपबाट अनभिज्ञ हुनुहुन्छ ?॥ १७॥

यद्यपि त्वां करं दत्त्वा बहुवारं महेश्वरः।
अशिक्षयत्पुरा शाल्वप्रमुखाकृतिभिर्हरे॥ १८

तदपि ज्ञानमायातं न ते चेतसि दुर्मते।
भागार्थी दक्षयज्ञेऽस्मिन् शिवं स्वस्वामिनं विना॥ १९

[हे विष्णु!] यद्यपि पूर्वकालमा शिवले शाल्वादि रूपद्वारा तपाईंको शिरमा हात राखेर कतिपल्ट शिक्षा दिनुभएको छ, फेरि पनि हे दुर्बुद्धि! तपाईंको हृदयमा ज्ञान उत्पन्न भएन र तपाईंले आफ्नो स्वामी शंकरविना नै यस यज्ञमा भाग ग्रहण गर्नुभयो!॥ १८-१९॥

पुरा पञ्चमुखो भूत्वा गर्वितोऽसि सदाशिवम्।
कृतश्चतुर्मुखस्तेन विस्मृतोऽसि तदद्भुतम्॥ २०

[हे ब्रह्मन्!] तपाईं पूर्वकालमा जब पाँच मुख भएर सदाशिवका प्रति गर्वित हुनुभएको थियो, तब उहाँले तपाईंलाई चार मुख गरिदिनुभएको थियो, तपाईंले उहाँलाई भुल्नुभयो—यो त आश्चर्य भयो!॥ २०॥

इन्द्र त्वं किं न जानासि महादेवस्य विक्रमम्।
भस्मीकृतः पविस्ते हि हरेण क्रूरकर्मणा॥ २१

हे इन्द्र! के तपाईं शंकरको पराक्रमलाई जान्नुहुन्न ? कठिन कर्म गर्नुहुने शिवले नै तपाईंको वज्रलाई भस्म गरिदिनुभएको थियो॥ २१॥

हे सुराः किन्न जानीथ महादेवस्य विक्रमम्।
अत्रे वसिष्ठ मुनयो युष्माभिः किं कृतं त्विह॥ २२

हे देवताहरू हो! के तपाईंहरू महादेवको पराक्रम जान्नुहुन्न। हे अत्रे! हे वसिष्ठ! हे मुनिहरू हो! तपाईंहरूले यो के गर्नुभयो ?॥ २२॥

भिक्षाटनं च कृतवान् पुरा दारुवने विभुः।
शप्तो यद्भिक्षुको रुद्रो भवद्भिर्मुनिभिस्तदा॥ २३

शप्तेनापि च रुद्रेण यत्कृतं विस्मृतं कथम्।
तल्लिङ्गेनाखिलं दग्धं भुवनं सचराचरम्॥ २४

जब शिव दारुवनमा भिक्षाटन गरिरहनुभएको थियो र तपाईं सबै मुनिहरूले ती भिक्षुक रुद्रलाई श्राप दिनुभएको थियो, तब श्रापित भएर उहाँले जे गर्नुभएको थियो, त्यसलाई तपाईंहरूले कसरी विर्सनुभयो ? उहाँको लिंगबाट चराचरसहित समस्त भुवन दग्ध हुन लागेको थियो॥ २३-२४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वे मूढाश्च सञ्जाता विष्णुब्रह्मादयः सुराः।
मुनयोऽन्ये विना शंभुमागता यदिहाध्वरे॥ २५

सर्वे वेदाश्च संभूता साङ्गाः शास्त्राणि वाग्यतः।
योऽसौ वेदांतगः शम्भुः कैश्चिज्ज्ञातुं न पार्यते॥ २६

ब्रह्मोवाच

इत्यनेकविधा वाणीरगदज्जगदम्बिका।
कोपान्विता सती तत्र हृदयेन विदूयता॥ २७

विष्ण्वादयोऽखिला देवा मुनयो ये च तद्वचः।
मौनीभूतास्तदाकर्ण्य भयव्याकुलमानसाः॥ २८

अथ दक्षः समाकर्ण्य स्वपुत्र्यास्तादृशं वचः।
विलोक्य क्रूरदृष्ट्या तां सतीं क्रुद्धोऽब्रवीद्वचः॥ २९

दक्ष उवाच

तव किं बहुनोक्तेन कार्यं नास्तीह सांप्रतम्।
गच्छ वा तिष्ठ वा भद्रे कस्मात्त्वं हि समागता॥ ३०

अमङ्गलस्तु ते भर्ता शिवोऽसौ गम्यते बुधैः।
अकुलीनो वेदबाह्यो भूतप्रेतपिशाचराट्॥ ३१
तस्मान्नाह्वायितो रुद्रो यज्ञार्थं सुकुवेषभृत्।
देवर्षिसंसदि मया ज्ञात्वा पुत्रि विपश्चिता॥ ३२

विधिना प्रेरितेन त्वं दत्ता मंदेन पापिना।
रुद्रायाविदितार्थाय चोद्धताय दुरात्मने॥ ३३

तस्मात्कोपं परित्यज्य स्वस्था भव शुचिस्मिते।
यद्यागतासि यज्ञेऽस्मिन् दायं गृह्णीष्व चात्मना॥ ३४

ब्रह्मोवाच

दक्षेणोक्तेति सा पुत्री सती त्रैलोक्यपूजिता।
निंदायुक्तं स्वपितरं दृष्ट्वासीद् रुषिता भृशम्॥ ३५

अचिन्तयत्तदा सेति कथं यास्यामि शंकरम्।
शंकरं द्रष्टुकामाहं पृष्टा वक्ष्ये किमुत्तरम्॥ ३६

अथ प्रोवाच पितरं दक्षं तं दुष्टमानसम्।
निःश्वसन्ती रुषाविष्टा सा सती त्रिजगत्प्रसूः॥ ३७

[यस्तो लागिरहेको छ कि] ब्रह्मा, विष्णु आदि समस्त देवता तथा अन्य मुनिगण मूर्ख भएका छन्, जो कि भगवान् शिवविना नै यस यज्ञमा आए॥ २५॥

अंगहरूसहित सबै वेद, शास्त्र एवं वाणी जसबाट उत्पन्न भएका छन्, ती वेदान्तवेद्य भगवान् शंकरलाई जान्नमा कोही पार पाउन सक्दैनन्॥ २६॥

ब्रह्मा भन्नुहुन्छ—[नारद!] यस प्रकार क्रोधले पूर्ण जगदम्बा सतीले त्यहाँ व्यथितहृदयले अनेक प्रकारका कुराहरू भन्नुभयो॥ २७॥

श्रीविष्णु आदि समस्त देवता र मुनि जो त्यहाँ उपस्थित थिए, उहाँका कुरा सुनेर चुप रहे र भयले व्याकुलचित्त भए॥ २८॥

तब दक्षले आफ्नी पुत्रीको त्यस प्रकारका वचनलाई सुनेर सतीलाई क्रूर दृष्टिले हेरेर क्रोधित भएर भन्न लागे—॥ २९॥

दक्ष भन्दछन्—हे देवी! तिमीले जति नै भने पनि के फाइदा! यस समय यहाँ तिम्रो कुनै काम छैन। तिमी जाऊ वा बस, तिमी यहाँ के का लागि आयौ?॥ ३०॥

सबै विद्वान् जान्दछन् कि तिम्रो पति शिव मंगलरहित, अकुलीन तथा वेदबाट बहिष्कृत हुन् र भूत-प्रेतहरूका स्वामी हुन्। यसैले हे पुत्री! म बुद्धिमान्ले यस्तो जानेर कुवेषधारी शिवलाई देवताहरू र ऋषिहरूको यस सभामा बोलाइन॥ ३१-३२॥

ब्रह्माद्वारा प्रेरित गरिँदामा मैले शास्त्रको अर्थलाई नजान्ने, उद्दण्ड तथा दुरात्मा त्यस पापी रुद्रसित तिम्रो विवाह गरिरदिएको थिएँ॥ ३३॥

यसैले हे पवित्र मुस्कान भएकी छोरी! तिमी क्रोध छोडेर शान्त बन; यस यज्ञमा तिमी आइसकेकी छौ, अब आफ्नो भाग ग्रहण गर॥ ३४॥

ब्रह्मा भन्नुहुन्छ—दक्षले यस प्रकार भनेपछि त्रिभुवनपूजिता दक्षपुत्री सती निन्दायुक्त आफ्ना पितातिर हेरेर अत्यन्त क्रोधित हुनुभयो॥ ३५॥

उहाँ सोच्न लाग्नुभयो कि अब म शंकरका समक्ष कसरी जाऊँ? म त शंकरलाई देख्न चाहन्छु, तर उहाँले सोधेमा म के उत्तर दिउँला?॥ ३६॥

त्यसपछि तीनै लोककी जननी ती सती क्रोधले युक्त भई लामो श्वास लिँदै दूषित मन भएका आफ्ना पितासित भन्न लाग्नुभयो—॥ ३७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.

सत्युवाच

यो निंदति महादेवं निंद्यमानं शृणोति वा।
तावुभौ नरकं यातौ यावच्चन्द्रदिवाकरौ॥ ३८

तस्मात्त्यक्ष्याम्यहं देहं प्रवेक्ष्यामि हुताशनम्।
किं जीवितेन मे तात शृण्वन्त्यानादरं प्रभोः॥ ३९

यदि शक्तः स्वयं शंभोर्निन्दकस्य विशेषतः।
छिन्द्यात् प्रसह्य रसनां तदा शुद्ध्येन्न संशयः॥ ४०

यद्यशक्तो जनस्तत्र निरयात्सुपिधाय वै।
कर्णौ धीमान् ततः शुद्ध्येद् वदन्तीदं बुधा वराः॥ ४१

ब्रह्मोवाच

इत्थमुक्त्वा धर्मनीतिं पश्चात्तापमवाप सा।
अस्मरच्छांकरं वाक्यं दूयमानेन चेतसा॥ ४२
ततः संक्रुद्ध्य सा दक्षं निःशंकं प्राह तानपि।
सर्वान्विष्ण्वादिकान्देवान्मुनीनपि सती ध्रुवम्॥ ४३

सत्युवाच

तात त्वं निन्दकः शंभोः पश्चात्तापं गमिष्यसि।
इह भुक्त्वा महादुःखमन्ते यास्यसि यातनाम्॥ ४४

यस्य लोकेऽप्रियो नास्ति प्रियश्चैव परात्मनः।
तस्मिन्नवैरे शर्वेऽस्मिन् त्वां विना कः प्रतीपकः॥ ४५

महद्विनिन्दा नाश्चर्यं सर्वदासत्सु सेर्ष्यकम्।
महदङ्घ्रिरजोध्वस्ततमःसु नैव शोभना॥ ४६

शिवेति द्व्यक्षरं यस्य नृणां नाम गिरेरितम्।
सकृत्प्रसङ्गात्सकलमघमाशु विहंति तत्॥ ४७

सती भन्नुहुन्छ—जसले महादेवको निन्दा गर्छ अथवा जो उहाँको भइरहेको निन्दालाई सुन्छ, ती दुवै तबसम्म नरकमा परिरहन्छन्, जबसम्म चन्द्रमा र सूर्य विद्यमान रहनेछन्॥ ३८॥

अतः हे बुबा! म अग्निमा प्रवेश गर्ने छु र [आफ्नो] शरीर त्यागिदिने छु, आफ्नो स्वामीको अनादर सुनेर अब मलाई जीवनसित के प्रयोजन?॥ ३९॥

[शिवनिन्दा सुन्ने व्यक्ति] यदि समर्थ छ भने त्यसले स्वयं विशेष यत्न गरी शम्भुको निन्दा गर्नेको जिब्रोलाई बलपूर्वक काटिदेओस्, तब त्यो [शिवनिन्दा-श्रवणको पापबाट] शुद्ध हुन सक्छ, यसमा संशय छैन। यदि मनुष्य [कुनै प्रतिकार गर्नमा] समर्थ छैन भने त्यो बुद्धिमान् मनुष्य दुवै कान बंद गरी त्यहाँबाट हिँडोस्, तब त्यो पापबाट शुद्ध हुन सक्छ—यस्तो कुरा श्रेष्ठ विद्वान्हरू भन्दछन्॥ ४०-४१॥

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार धर्मनीति भनेर ती सती पश्चात्ताप गर्न लाग्नुभयो र उहाँले व्यथितचित्तले भगवान् शंकरका वचनको स्मरण गर्नुभयो॥ ४२॥

त्यसपछि सतीले अत्यन्त कुपित भई दक्ष तथा ती विष्णु आदि समस्त देवता र मुनिहरूबाट पनि निडर भएर भन्नुभयो— ॥ ४३॥

सती भन्नुहुन्छ—हे पिता! तपाईं शंकरको निन्दक हुनुहुन्छ, अतः तपाईंले पश्चात्ताप गर्नुपर्ने छ, यस लोकमा महान् दुःख भोगेर अन्तमा तपाईंले यातना भोग्नुपर्ने छ॥ ४४॥

यस लोकमा जुन परमात्माको न कोही प्रिय छन् न अप्रिय, ती द्वेषरहित शिवका साथ तपाईंबाहेक दोस्रो कसले द्वैष गर्न सक्छ?॥ ४५॥

जो दुष्ट जन छन्, ती सदा ईर्ष्यापूर्वक यदि महापुरुषहरूको निन्दा गर्छन् भने तिनका लागि यो कुनै आश्चर्यको कुरा होइन, तर जसले महात्माहरूका चरणहरूको रजले आफ्नो अज्ञानान्धकारलाई दूर गरिसकेका छन्, तिनलाई महापुरुषहरूको निन्दा शोभा दिँदैन॥ ४६॥

जसको 'शिव' यो दुई अक्षरको नाम कहिले कुराकानीको प्रसंगले मनुष्यहरूको वाणीद्वारा एक पटक उच्चरित भयो भने त्यो सम्पूर्ण पापराशिलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पवित्रकीर्तिममलं भवान् द्वेष्टि शिवेतरः।
अलङ्घ्यशासनं शंभुमहो सर्वेश्वरं खलः॥ ४८

यत्पादपद्मं महतां मनोऽलिसुनिषेवितम्।
सर्वार्थदं ब्रह्मरसैः सर्वार्थिभिरथादरात्॥ ४९

यद्वर्षत्यर्थिनः शीघ्रं लोकस्य शिव आदरात्।
भवान् द्रुह्यति मूर्खत्वात् तस्मै चाशेषबंधवे॥ ५०

किंवा शिवाख्यमशिवं त्वदन्ये न विदुर्बुधाः।
ब्रह्मादयस्तं मुनयः सनकाद्यास्तथापरे॥ ५१

अवकीर्य जटा भूतैः श्मशाने स कपालधृक्।
तन्माल्यभस्म वा ज्ञात्वा प्रीत्यावसदुदारधीः॥ ५२

ये मूर्द्धभिर्दधति तच्चरणोत्सृष्टमादरात्।
निर्माल्यं मुनयो देवाः स शिवः परमेश्वरः॥ ५३

प्रवृत्तं च निवृत्तं च द्विविधं कर्म चोदितम्।
वेदे विविच्य वृत्तं च तद्विचार्यं मनीषिभिः॥ ५४

विरोधियौगपद्यैककर्तृके च तथा द्वयम्।
परब्रह्मणि शंभौ तु कर्मर्च्छन्ति न किंचन॥ ५५

मा वः पदव्यः स्म पितः या अस्मदास्थिताः सदा।
यज्ञशालासु वो धूम्रवर्त्मभुक्तोज्झिताः परम्॥ ५६

नोऽव्यक्तलिङ्गः सततमवधूतसुसेवितः ।
अभिमानमतो न त्वं कुरु तात कुबुद्धिधृक्॥ ५७

तत्काल नष्ट पारिदिन्छ, अहो! नीचस्वरूप तपाईं शिवसित विपरीत भएर ती पवित्र कीर्ति भएका, निर्मल, अलंघ्य शासन गर्नुहुने सर्वेश्वर शिवसित विद्वेष गर्दै हुनुहुन्छ॥ ४७-४८॥

महापुरुषहरूका मनरूपी मधुकर ब्रह्मानन्दमय रसको पान गर्ने इच्छाले जसको सर्वार्थदायक चरणकमलहरूको निरन्तर सेवन गर्ने गर्छन् र जो शिव संसारका जनहरूप्रति तत्काल आदरपूर्वक मनोरथहरूको वर्षा गर्नुहुन्छ, सबका बन्धु उनै महादेवसित तपाईं मूर्खतावश द्रोह गर्दै हुनुहुन्छ॥ ४९-५०॥

जुन शिवलाई तपाईं अशिव भन्दै हुनुहुन्छ, उहाँलाई के तपाईंबाहेक अरू विद्वान्ले जान्दैनन्। ब्रह्मा आदि देवता, सनक आदि मुनि तथा अन्य ज्ञानी के उहाँको स्वरूपलाई जान्दैनन्॥ ५१॥

उदारबुद्धि भगवान् शिव जटा फैलाएर खप्पर धारण गरी श्मशानमा भूतहरूका साथ प्रसन्नतापूर्वक रहनुहुन्छ तथा भस्म एवं नरमुण्डहरूको माला धारण गर्नुहुन्छ॥ ५२॥

यस कुरालाई जानेर पनि जो मुनि तथा देवता उहाँका चरणहरूबाट झरेका निर्माल्यलाई बडो आदरका साथ आफ्नो शिरमा चढाउँछन्, यसको के कारण हो ? यही हो कि ती भगवान् शिव नै साक्षात् परमेश्वर हुनुहुन्छ॥ ५३॥

वेदहरूमा प्रवृत्त तथा निवृत्त—यी दुई प्रकारका कर्म बताइएका छन्, जसको विद्वान्हरूले विवेकपूर्वक विचार गर्नुपर्छ। यी दुवै कर्म परस्पर विरुद्ध गतिका छन्, अतः एक कर्ताद्वारा यिनका सँगसँगै अनुष्ठान गर्न सकिन्न। भगवान् शिव त साक्षात् परब्रह्म हुनुहुन्छ, अतः उहाँमा यी दुवै कर्मको गति छैन। (अतः उहाँ यी दुवै कर्महरूबाट परतन्त्र हुनुहुन्न)॥ ५४-५५॥

हे पिता! जुन योगैश्वर्य अर्थात् अणिमा आदि सिद्धिहरू हामीलाई सर्वदा प्राप्त छन्, त्यो तपाईंलाई प्राप्त छैन। तपाईंको यज्ञशालामा आयोजित हुने तथा धूममार्गलाई प्रदान गर्ने प्रवृत्तिमार्गीय कर्महरू हामीले त्याग गरिसकेका छौँ। हाम्रो ऐश्वर्य अव्यक्त छ तथा ब्रह्मवेत्ता पुरुषहरूद्वारा निरन्तर सेवित छ। हे पिता! तपाईं विपरीत बुद्धिवाला हुनुहुन्छ, अतः तपाईंले अभिमान गर्नुभयो, त्यो गर्नु हुन्नथ्यो॥ ५६-५७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

किं बहूक्तेन वचसा दुष्टस्त्वं सर्वथा कुधीः।
त्वदुद्भवेन देहेन न मे किंचित्प्रयोजनम्॥ ५८

तज्जन्म धिग्यो महतां सर्वथावद्यकृत्खलः।
परित्याज्यो विशेषेण तत्संबंधो विपश्चिता॥ ५९

धेरै भन्नाले के फाइदा? तपाईं दुष्टहृदय हुनुहुन्छ र तपाईंको बुद्धि सर्वथा दूषित भइसकेको छ, अतः तपाईंबाट उत्पन्न भएको यस शरीरसित पनि मेरा कुनै प्रयोजन रहेन, त्यस दुष्ट व्यक्तिको जन्मलाई धिक्कार छ, जो महापुरुषहरूप्रति अपराध गर्ने खालको छ। विद्वान् पुरुषले यस्तो सम्बन्धको विशेष रूपले त्याग गर्नुपर्छ॥ ५८-५९॥

गोत्रं त्वदीयं भगवान् यदाह वृषभध्वजः।
दाक्षायणीति सहसाहं भवामि सुदुर्मना॥ ६०

जतिबेला भगवान् शिवले तपाईंको गोत्रको उच्चारण गर्दै मलाई दाक्षायणी भन्नुहुने छ, त्यस समय मेरो मन सहसा अत्यन्त दुःखी हुनेछ॥ ६०॥

तस्मात्त्वदङ्गजं देहं कुणपं गर्हितं सदा।
व्युत्सृज्य नूनमधुना भविष्यामि सुखावहा॥ ६१

त्यसैले तपाईंको अंगबाट उत्पन्न भएको शवतुल्य घृणित यस शरीरलाई यसै समय म अवश्य नै त्यागिदिने छु र यस्तो गरी सुखी हुनेछु॥ ६१॥

हे सुरा मुनयः सर्वे यूयं शृणुत मद्वचः।
सर्वथानुचितं कर्म युष्माकं दुष्टचेतसाम्॥ ६२

सर्वे यूयं विमूढा हि शिवनिंदाः कलिप्रियाः।
प्राप्स्यन्ति दण्डं नियतमखिलं च हराद् ध्रुवम्॥ ६३

हे देवता तथा मुनिहरू हो! तपाईंहरू सबै मेरो कुरा सुन्नुहोस्, दूषित मन भएका तपाईंहरूको यो कर्म सर्वथा अनुचित छ। तपाईंहरू सबै मूर्ख हुनुहुन्छ; किनभने शिवको निन्दा र कलह तपाईंहरूलाई प्रिय छ। अतः भगवान् हरबाट सबैलाई यस कुकर्मको निश्चय नै पूरा-पूरा दण्ड मिल्ने छ॥ ६२-६३॥

ब्रह्मोवाच

दक्षमुक्त्वाध्वरे तस्मिन् व्यरमत्सा सती तदा।
अनूद्य चेतसा शम्भुमस्मरत्प्राणवल्लभम्॥ ६४

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] त्यस यज्ञमा दक्ष तथा देवताहरूसित यस्तो भनेर सती देवी चुप लाग्नुभयो र मन-मनै आफ्ना प्राणवल्लभ शम्भुको स्मरण गर्न लाग्नुभयो॥ ६४॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां द्वितीये सतीखण्डे सतीवाक्यवर्णनं नामैकोनत्रिंशोऽध्यायः॥ २९॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको द्वितीय सतीखण्डमा सतीका वाक्य-वर्णन नामक उनन्तिसौँ अध्याय पूर्ण भयो॥ २९॥

अथ त्रिंशोऽध्यायः

दक्षयज्ञमा सतीले आफ्नो शरीर योगाग्निबाट भस्म गरिदिनु, भृगुद्वारा यज्ञकुण्डबाट ऋभुहरूलाई प्रकट गर्नु, ऋभु र शंकरका गणहरूको युद्ध, भयभीत गणहरू पलायन हुनु

नारद उवाच

मौनीभूता यदा सासीत्सती शंकरवल्लभा।
चरित्रं किमभूत्तत्र विधे तद्वद चादरात्॥ १

नारद भन्नुहुन्छ—हे विधि! जब [दक्षलाई सम्बोधित गरी] शिवप्रिया सतीले मौन धारण गर्नुभयो, तब त्यहाँ के भयो, त्यसलाई आदरपूर्वक भन्नुहोस्॥ १॥

ब्रह्मोवाच

मौनीभूता सती देवी स्मृत्वा स्वपतिमादरात्।
क्षितावुदीच्यां सहसा निषसाद प्रशान्तधीः॥ २

ब्रह्मा भन्नुहुन्छ—हे नारद! मौन भएर सतीदेवी आफ्नो पतिको सादर स्मरण गरी शान्तचित्त भएर सहसा उत्तर दिशामा भूमिमाथि बस्नुभयो॥ २॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जलमाचम्य विधिवत् संवृता वाससा शुचिः।
दृङ् निमील्य पतिं स्मृत्वा योगमार्गं समाविशत्॥ ३

उहाँले विधिपूर्वक जलको आचमन गरी वस्त्र ओढ्नुभयो र पवित्रभावले आँखा चिम्लेर पतिको चिन्तन गरी योगमार्गमा प्रविष्ट हुनुभयो॥ ३॥

कृत्वा समानावनिलौ प्राणापानौ सितानना।
उत्थाप्योदानमथ च यत्नात्सा नाभिचक्रतः॥ ४
हृदि स्थाप्योरसि धिया स्थितं कंठाद् भ्रुवोः सती।
अनिंदितानयन्मध्यं शंकरप्राणवल्लभा॥ ५

गोरो अनुहार भएकी शंकरकी प्राणप्रिया सती [प्राणायाम-द्वारा] प्राण र अपान वायुलाई समान गरी उदान वायुलाई यत्नपूर्वक नाभिचक्रदेखि माथि उठाएर बुद्धिपूर्वक हृदयमा स्थापित गरिसकेपश्चात् त्यस हृदयस्थित वायुलाई कण्ठमार्गबाट भ्रुकुटिहरूको बिचमा लग्नुभयो॥ ४-५॥

एवं स्वदेहं सहसा दक्षकोपाज्जिहासती।
दग्धे गात्रे वायुशुचिर्धारितं योगमार्गतः॥ ६

ततः स्वभर्तुश्चरणं चिन्तयन्ती न चापरम्।
अपश्यत्सा सती तत्र योगमार्गनिविष्टधीः॥ ७

यस प्रकार दक्षप्रति कुपित भई सहसा आफ्नो शरीरलाई त्याग्ने इच्छाले सतीले योगमार्गद्वारा शरीर दग्ध भएपछि पवित्र वायुमय रूप धारण गर्नुभयो। त्यसपछि आफ्ना पतिका चरणको चिन्तन गर्दै सतीले अन्य सबै वस्तुहरूको ध्यान भुलिदिनुभयो। उहाँको चित्त योगमार्गमा स्थित भएको थियो, यसैले त्यहाँ उहाँले [पतिका चरणहरूको अतिरिक्त] अरू केही देख्नुभएन॥ ६-७॥

हतकल्मषतद्देहः प्रापतच्च तदग्निना।
भस्मसादभवत्सद्यो मुनिश्रेष्ठ तदिच्छया॥ ८

हे मुनिश्रेष्ठ! उहाँको निष्पाप शरीर [योगाग्निमा] खस्यो र उहाँको इच्छानुसार योगाग्निबाट जलेर त्यसै क्षण भस्म भयो॥ ८॥

तत्पश्यतां च खे भूमौ वादोऽभूत्सुमहांस्तदा।
हाहेति सोऽद्भुतश्चित्रः सुरादीनां भयावहः॥ ९

त्यस समय [त्यहाँ आएका] देवता आदिले जब यो घटना देखे, तब ती धेरै जोरले हाहाकार गर्न लागे। उनीहरूको त्यो अद्भुत, विचित्र एवं भयंकर हाहाकार आकाशमा र पृथिवीतलमा सर्वत्र व्याप्त भयो॥ ९॥

हन्त प्रिया परा शंभोर्देवी दैवतमस्य हि।
जहावसून् सती केन सुदुष्टेन प्रकोपिता॥ १०

[उनीहरू भनिरहेका थिए] हाय! भगवान् शंकरकी परम-प्रेयसी तथा देवतास्वरूपिणी सतीदेवीले कुन दुष्टको दुर्व्यवहारबाट कुपित भएर आफ्नो प्राण त्याग्नुभयो!॥ १०॥

अहो त्वनात्म्यं सुमहदस्य दक्षस्य पश्यत।
चराचरं प्रजा यस्य यत्पुत्रस्य प्रजापतेः॥ ११

अहो! चराचर जसका प्रजा छन् र जो ब्रह्माका पुत्र हुन्, यस्ता ती दक्षको ज्यादै ठुलो दुष्टतालाई त हेर!॥ ११॥

अहोऽद्य विमनाभूत्सा सती देवी मनस्विनी।
वृषध्वजप्रियाभीक्ष्णं मानयोग्या सतां सदा॥ १२

अहो, शिवप्रिया मनस्विनी सतीदेवी, जो सधैँ सज्जनहरूका लागि मानयोग्य हुनुहुन्थ्यो, आज यति दुःखित हुनुभयो॥ १२॥

सोऽयं दुर्मर्षहृदयो ब्रह्मध्रुक् स प्रजापतिः।
महतीमपकीर्तिं हि प्राप्स्यति त्वखिले भवे॥ १३

वास्तवमा ती दक्षको हृदय ज्यादै असहिष्णु छ। ती ब्राह्मणद्रोही छन्, यसैले सारा संसारमा उनलाई महान् अपयश प्राप्त हुने छ॥ १३॥

यत्स्वाङ्गजां सुतां शंभुद्विट् न्यषेधत्समुद्यताम्।
महानरकभोगी स मृतये नोऽपराधतः॥ १४

ती शम्भुद्रोही दक्षले प्राणत्याग गर्न उद्यत आफ्नी पुत्रीलाई रोक्ने प्रयत्नसम्म पनि गरेनन्। यस अपराधका कारण यिनले महान् नरक भोग्नु पर्ने छ॥ १४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MoE

वदत्येवं जने सत्या दृष्ट्वासुत्यागमद्भुतम्।
द्रुतं तत्पार्षदाः क्रोधादुदतिष्ठन्नुदायुधाः ॥ १५

सतीको प्राणत्यागलाई देखेर जतिबेला मनुष्य यस्तो भनिरहेका थिए, त्यसै समय शिवका पार्षद तत्काल क्रोधपूर्वक अस्त्र-शस्त्र लिएर खडा भए॥ १५॥

द्वारि स्थिता गणाः सर्वे रसायुतमिता रुषा।
शंकरस्य प्रभावात्तेऽक्रुध्यन्नतिमहाबलाः ॥ १६

[यज्ञमण्डपको] द्वारमा उभिएका ती भगवान् शंकरका समस्त साठी हजार महाबली पार्षद शंकरको प्रभावले कुपित भए॥ १६॥

हाहाकारमकुर्वंस्ते धिग् धिग् नो नेति वादिनः।
उच्चैः सर्वेऽसकृद्वीराः शंकरस्य गणाधिपाः ॥ १७

हामीलाई धिक्कार छ, धिक्कार छ—यस्तो भन्दै शंकरका सबै वीर गणाधिप वारम्वार उच्च स्वरले हाहाकार गर्न लागे॥ १७॥

हाहाकारेण महता व्याप्तमासीद्दिगन्तरम्।
सर्वे प्रापन् भयं देवा मुनयोऽन्येऽपि ते स्थिताः ॥ १८

शिवगणहरूको महान् हाहाकारबाट सबै दिशाहरू व्याप्त भयो। सबै देवता, मुनिगण तथा जति पनि अन्य जन त्यहाँ उपस्थित थिए, ती भयभीत भए॥ १८॥

गणाः संमन्त्र्य ते सर्वेऽभूवन् क्रुद्धा उदायुधाः।
कुर्वन्तः प्रलयं वाद्यैः शस्त्रैर्व्याप्तं दिगन्तरम्॥ १९

क्रुद्ध भएका ती समस्त रुद्रगणहरूले आपसमा विचार-विमर्श गरी वाद्यहरूले प्रलय मच्चाउँदै [लड्नका निम्ति] शस्त्रास्त्र उठाए॥ १९॥

शस्त्रैरघ्नन्निजाङ्गानि केचित्तत्र शुचाकुलाः।
शिरोमुखानि देवर्षे सुतीक्ष्णैः प्राणनाशिभिः ॥ २०

हे देवर्षि! कतिपय पार्षद त त्यहाँ शोकले यस्तो व्याकुल भए कि ती अत्यन्त तीखा प्राणनाशक शस्त्रहरूद्वारा आफ्नै शिर र मुख आदि अंगहरूमा प्रहार गर्न लागे॥ २०॥

इत्थं ते विलयं प्राप्ता दाक्षायण्याः समं तदा।
गणायुते द्वे च तदा तदद्भुतमिवाभवत्॥ २१

यस प्रकार बीस हजार पार्षद त्यस समय दक्षकन्या सतीसँगै नष्ट भए, त्यो एउटा अद्भुत-जस्तो कुरा भयो॥ २१॥

गणा नाशावशिष्टा ये शंकरस्य महात्मनः।
दक्षं तं क्रोधितं हन्तुमुदतिष्ठन्नुदायुधाः ॥ २२

महात्मा शंकरका जो गण नष्ट हुनबाट बचे, ती क्रोधयुक्त भएर दक्षलाई मार्नका निम्ति हतियार उठाएर खडा भए॥ २२॥

तेषामापततां वेगं निशम्य भगवान् भृगुः।
यज्ञघ्नघ्नेन यजुषा दक्षिणाग्नौ जुहोन्मुने॥ २३

हे मुनि! आक्रमणकारी ती पार्षदहरूको वेग देखेर भगवान् भृगुले यज्ञमा विघ्न पार्नेहरूको नाश गर्ने **[अपहता असुरा रक्षाꣳसि वेदिषदः]** यस यजुर्मन्त्रले दक्षिणाग्निमा आहुति दिए॥ २३॥

हूयमाने च भृगुणा समुत्पेतुर्महासुराः।
ऋभवो नाम प्रबला वीरास्तत्र सहस्रशः ॥ २४

भृगुले आहुति दिना साथ यज्ञकुण्डबाट ऋभु नामक हजारौँ महान् देवता, जो ठुला प्रबल वीर थिए, त्यहाँ प्रकट भए॥ २४॥

तैरलातायुधैस्तत्र प्रमथानां मुनीश्वर।
अभूद्युद्धं सुविकटं शृण्वतां रोमहर्षणम्॥ २५

हे मुनीश्वर! हातमा बल्दै गरेका दाउराहरूलाई आयुधको रूपमा धारण गर्ने ती सबैका साथ प्रमथगणहरूको अत्यन्त विकट युद्ध भयो, जुन सुन्दामा पनि रौँ ठाडो हुने ज्यादै डरलाग्दो थियो॥ २५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऋभुभिस्तैर्महावीरैर्हन्यमानाः समन्ततः ।
अयत्नयानाः प्रमथा उशद्भिर्ब्रह्मतेजसा॥ २६

एवं शिवगणास्ते वै हता विद्राविता द्रुतम्।
शिवेच्छया महाशक्त्या तदद्भुतमिवाभवत्॥ २७

ती ब्रह्मतेजबाट सम्पन्न महावीर ऋभुहरूद्वारा सबैतिरबाट पिटाइ खाँदै प्रमथगण धेरै प्रयास नगरीकन नै भागे। यस प्रकार ती देवताहरूले ती शिवगणहरूलाई पिटेर भगाए। यो अद्भुत-झैं घटना भगवान् शिवको इच्छारूपी महाशक्तिबाट नै भएको थियो॥ २६-२७॥

तद् दृष्ट्वा ऋषयो देवाः शक्राद्याः समरुद्गणाः।
विश्वेऽश्विनौ लोकपालास्तूष्णीं भूतास्तदाभवन्॥ २८

त्यसलाई देखेर ऋषि, इन्द्र आदि देवता, मरुद्गण, विश्वेदेव, दुवै अश्विनीकुमार र लोकपाल चुप लागे॥ २८॥

केचिद्विष्णुं प्रभुं तत्र प्रार्थयन्तः समन्ततः।
उद्विग्ना मन्त्रयन्तश्च विघ्नाभावं मुहुर्मुहुः॥ २९

कोही सबैतिरबाट त्यहाँ भगवान् विष्णुसित प्रार्थना गर्न लागे र उद्विग्न भई वारम्वार विघ्ननिवारणका लागि आपसमा विमर्श गर्न लागे॥ २९॥

सुविचार्योदर्कफलं महोद्विग्नाः सुबुद्धयः।
सुरविष्ण्वादयोऽभूवंस्तन्नाशाद्रावणान्मुहुः ॥ ३०

प्रमथगणहरूको नाश हुनु र भगाउनाले जुन परिणाम हुनेवाला थियो, त्यसको राम्ररी विचार गरी उत्तम बुद्धि भएका विष्णु आदि देवता अत्यन्त उद्विग्न भए॥ ३०॥

एवंभूतस्तदा यज्ञो विघ्नो जातो दुरात्मनः।
ब्रह्मबंधोश्च दक्षस्य शंकरद्रोहिणो मुने॥ ३१

हे मुनि! दुरात्मा, शंकरद्रोही तथा ब्रह्मबन्धु (पतित ब्राह्मण) दक्षको यज्ञमा त्यस समय यस प्रकारको विघ्न उपस्थित भयो॥ ३१॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां द्वितीये सतीखण्डे सत्युपाख्याने सतीदेहत्यागोपद्रववर्णनं नाम त्रिंशोऽध्यायः॥ ३०॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको द्वितीय सतीखण्डमा सतीको उपाख्यानमा सतीको देहत्याग र उपद्रववर्णन नामक तीसौँ अध्याय पूर्ण भयो॥ ३०॥

अथैकत्रिंशोऽध्यायः

यज्ञमण्डपमा आकाशवाणीद्वारा दक्षलाई झपार्नु तथा देवताहरूलाई सावधान गर्नु

ब्रह्मोवाच

एतस्मिन्नन्तरे तत्र नभोवाणी मुनीश्वर।
अवोचच्छृण्वतां दक्षसुरादीनां यथार्थतः॥ १

ब्रह्मा भन्नुहुन्छ—हे मुनीश्वर! यसै बीच त्यहाँ दक्ष तथा देवता आदिलाई सुनाउदै आकाशवाणीले यथार्थ कुरा भनिन्॥ १॥

व्योमवाण्युवाच

रे रे दक्ष दुराचार दंभाचारपरायण।
किं कृतं ते महामूढ कर्म चानर्थकारकम्॥ २

आकाशवाणी भन्दछिन्—हे दुराचारी तथा दम्भवृत्तिमा तत्पर दक्ष! हे महामूर्ख! तिमीले यो कस्तो अनर्थकारी कर्म गर्‍यौ!॥ २॥

न कृतं शैवराजस्य दधीचेर्वचनस्य हि।
प्रमाणं तत्कृते मूढ सर्वानन्दकरं शुभम्॥ ३

हे मूर्ख! तिमीले शिवभक्तराज दधीचिको कथनलाई पनि प्रमाण मानेनौ, जुन तिम्रो निम्ति सब प्रकारले आनन्ददायक र मंगलकारी थियो॥ ३॥

निर्गतस्ते मखाद्विप्रः शापं दत्त्वा सुदुःसहम्।
ततोऽपि बुद्धं किंचिन्नो त्वया मूढेन चेतसि॥ ४

ती ब्राह्मण तिमीलाई दुस्सह श्राप दिएर गए, तब पनि तिमी मूर्खले आफ्नो मनमा केही पनि सम्झेनौ॥ ४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ततः कृतः कथं नो वै स्वपुत्र्यास्त्वादरः परः।
समागतायाः सत्याश्च मङ्गलाया गृहं स्वतः॥ ५

सतीभवौ नार्चितौ हि किमिदं ज्ञानदुर्बल।
ब्रह्मपुत्र इति वृथा गर्वितोऽसि विमोहितः॥ ६

सा सत्येव सदाराध्या सर्वपुण्यफलप्रदा।
त्रिलोकमाता कल्याणी शंकरार्धाङ्गभागिनी॥ ७

सा सत्येवार्चिता नित्यं सर्वसौभाग्यदायिनी।
माहेश्वरी स्वभक्तानां सर्वमङ्गलदायिनी॥ ८

सा सत्येवार्चिता नित्यं संसारभयनाशिनी।
मनोऽभीष्टप्रदा देवी सर्वोपद्रवहारिणी॥ ९

सा सत्येवार्चिता नित्यं कीर्तिसंपत्प्रदायिनी।
परमा परमेशानी भुक्तिमुक्तिप्रदायिनी॥ १०

सा सत्येव जगद्धात्री जगद्रक्षणकारिणी।
अनादिशक्तिः कल्पान्ते जगत्संहारकारिणी॥ ११
सा सत्येव जगन्माता विष्णुमाता विलासिनी।
ब्रह्मेन्द्रचन्द्रवह्न्यर्कदेवादिजननी स्मृता॥ १२

सा सत्येव तपोधर्मदानादिफलदायिनी।
शंभुशक्तिर्महादेवी दुष्टहन्त्री परात्परा॥ १३

ईदृग्विधा सती देवी यस्य पत्नी सदा प्रिया।
तस्मै भागो न दत्तस्ते मूढेन कुविचारिणा॥ १४

शंभुर्हि परमेशानः सर्वस्वामी परात्परः।
विष्णुब्रह्मादिसंसेव्यः सर्वकल्याणकारकः॥ १५

तप्यते हि तपः सिद्धैरेतद्दर्शनकांक्षिभिः।
युज्यते योगिभिर्योगैरेतद्दर्शनकांक्षिभिः॥ १६

अनन्तधनधान्यानां यागादीनां तथैव च।
दर्शनं शंकरस्यैव महत्फलमुदाहृतम्॥ १७

यसपछि तिमीले आफ्नो घरमा नबोलाइकन आएकी आफ्नी मंगलमयी पुत्री सतीको विशेष आदर किन गरेनौ?॥ ५॥

हे ज्ञानदुर्बल! तिमीले सती र महादेवको पूजा गरेनौ, यो तिमीले के गर्‍यौ? म ब्रह्माको पुत्र हुँ— यस्तो ठानेर विमोहमा परेर तिमी व्यर्थै घमण्डले भरिएका छौ॥ ६॥

ती सती सदा आराधना गर्न योग्य, समस्त पुण्यहरूका फल दाता, तीनै लोककी माता, कल्याण-स्वरूपा र शंकरको आधा अंगमा निवास गर्नुहुन्छ। ती माहेश्वरी सती देवी पूजित भएपछि सदा सम्पूर्ण सौभाग्य प्रदान गर्ने र आफ्ना भक्तहरूलाई सब प्रकारका मंगल दिनुहुन्छ। ती सती देवी नै पूजित भएपछि सदा संसारको भय दूर गर्ने, मनोवांछित फल दिनुहुन्छ र समस्त उपद्रवहरूलाई नष्ट गरिदिनुहुन्छ॥ ७—९॥

ती परमा परमेश्वरी सती नै पूजित भएपछि सदा कीर्ति, भोग तथा मोक्ष प्रदान गर्नुहुन्छ। ती सती नै यस जगत्‌लाई जन्म दिने माता, जगत्‌को रक्षा गर्ने, अनादि शक्ति र कल्पको अन्तमा जगत्‌को संहार गर्ने हुनुहुन्छ॥ १०-११॥

ती सती नै जगत्‌की माता, भगवान् विष्णुकी माता, विलासिनी तथा ब्रह्मा, इन्द्र, चन्द्र, अग्नि एवं सूर्य आदिकी जननी मानिनु हुन्छ। ती सती नै तपस्या, धर्म तथा दान आदिको फल दाता, शम्भुशक्ति, महादेवी, दुष्टहरूको हनन गर्नुहुने परात्पर शक्ति हुनुहुन्छ॥ १२-१३॥

यस्ती सती देवी जसको सदा प्रिय भार्या हुनुहुन्छ, ती शिवलाई दुष्ट विचार भएको मूर्ख तिमीले यज्ञ-भाग दिएनौ। भगवान् शिव नै परमेश्वर, सबका स्वामी, परात्पर, ब्रह्मा-विष्णु आदिद्वारा सम्यक् सेव्य हुनुहुन्छ र सबको कल्याणकर्ता हुनुहुन्छ॥ १४-१५॥

उहाँको दर्शनको इच्छा भएका सिद्ध पुरुष तपस्या गर्छन् र योगीजन योगसाधनामा प्रवृत्त हुन्छन्। अनन्त धनधान्य र यज्ञ आदिको सबभन्दा महान् फल नै शंकरको दर्शन भनिएको छ॥ १६-१७॥

2325_Sihvpurana_Part_1_Nepali_Section_16_1_Front

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिव एव जगद्धाता सर्वविद्यापतिः प्रभुः।
आदिविद्यावरस्वामी सर्वमङ्गलमङ्गलः॥ १८

तच्छक्तेर्न कृतो यस्मात्सत्कारोऽद्य त्वया खल।
अत एवाध्वरस्यास्य विनाशो हि भविष्यति॥ १९

अमङ्गलं भवत्येव पूजार्हाणामपूजया।
पूज्यमाना च नासौ हि यतः पूज्यतमा शिवा॥ २०

सहस्रेणापि शिरसां शेषो यत्पादजं रजः।
वहत्यहरहः प्रीत्या तस्य शक्तिः शिवा सती॥ २१

यत्पादपद्ममनिशं ध्यात्वा संपूज्य सादरम्।
विष्णुर्विष्णुत्वमापन्नस्तस्य शंभोः प्रिया सती॥ २२

यत्पादपद्ममनिशं ध्यात्वा संपूज्य सादरम्।
ब्रह्मा ब्रह्मत्वमापन्नस्तस्य शंभोः प्रिया सती॥ २३

यत्पादपद्ममनिशं ध्यात्वा संपूज्य सादरम्।
इन्द्रादयो लोकपालाः प्रापुः स्वं स्वं परं पदम्॥ २४

जगत्पिता शिवः शक्तिर्जगन्माता च सा सती।
सत्कृतौ न त्वया मूढ कथं श्रेयो भविष्यति॥ २५

दौर्भाग्यं त्वयि संक्रान्तं संक्रान्तास्त्वयि चापदः।
यौ चानाराधितौ भक्त्या भवानीशंकरौ च तौ॥ २६

अनभ्यर्च्य शिवं शंभुं कल्याणं प्राप्नुयामिति।
किमस्ति गर्वो दुर्वारः स गर्वोऽद्य विनश्यति॥ २७

सर्वेशविमुखो भूत्वा देवेष्वेतेषु कस्तव।
करिष्यति सहायं तं न ते पश्यामि सर्वथा॥ २८

यदि देवाः करिष्यन्ति साहाय्यमधुना तव।
तदा नाशं समाप्स्यन्ति शलभा इव वह्निना॥ २९

ज्वलत्वद्य मुखं ते वै यज्ञध्वंसो भवत्विति।
सहायास्तव यावन्तस्ते ज्वलन्त्वद्य सत्वरम्॥ ३०

अमराणां च सर्वेषां शपथोऽमङ्गलाय ते।
करिष्यंत्यद्य साहाय्यं यदेतस्य दुरात्मनः॥ ३१

शिव नै जगत्को धारण-पोषण गर्नुहुने, समस्त विद्याहरूका पति, सबथोक गर्नमा समर्थ, आदि विद्याका श्रेष्ठ स्वामी र समस्त मंगलहरूका मंगल हुनुहुन्छ। हे नीच! तिमीले उहाँको शक्तिको आज सत्कार गरेनौ, यसैले अवश्य नै यस यज्ञको विनाश हुने छ॥ १८-१९॥

पूजनीय व्यक्तिहरूको पूजा नगर्नाले अमंगल हुन्छ। के परम पूजनीय ती शिवा तिम्रो पूजाको योग्य हुनुहुन्नथ्यो? शेषनाग आफ्ना हजार शिरहरूले प्रतिदिन जसका चरणरजलाई प्रेमपूर्वक धारण गर्छन्, उनै शिवकी शक्ति यी शिवा सती हुनुहुन्छ॥ २०-२१॥

जसका चरणकमलहरूको आदरपूर्वक ध्यान र पूजा गरी विष्णुले विष्णुत्वलाई प्राप्त गर्नुभयो, उनै शिवकी पत्नी सती हुनुहुन्छ॥ २२॥

जसका चरणकमलको ध्यान एवं पूजा गरी ब्रह्माले ब्रह्मत्वलाई प्राप्त गर्नुभयो र जसका चरण-कमलहरूको आदरपूर्वक निरन्तर ध्यान एवं पूजा गरी इन्द्र आदि लोकपालहरूले आ-आफ्नो उत्तम पदलाई प्राप्त गरेका छन्, उनै शिवको पत्नी सती हुनुहुन्छ॥ २३-२४॥

भगवान् शिव [सम्पूर्ण] जगत्का पिता हुनुहुन्छ र शक्तिरूपा देवी सती जगन्माता हुनुहुन्छ। हे मूर्ख! तिमीले उहाँको सत्कार गरेनौ, तिम्रो कल्याण कसरी हुन्छ? तिमीमाथि दुर्भाग्यको आक्रमण भएको छ र विपत्तिहरू आइलागेका छन्; किनभने तिमीले भक्तिपूर्वक ती भवानी र शंकरको आराधना गरेनौ॥ २५-२६॥

कल्याणकारी शिवको पूजा-अर्चना नगरी म कल्याण प्राप्त गर्ने छु; यो कस्तो गर्व हो? आज तिम्रो यो घमण्ड विनष्ट हुने छ॥ २७॥

यी देवताहरूमा को यस्ता छन्, जो सर्वेश्वर शिवबाट विमुख भएर तिम्रो सहायता गर्लान्, मैले त यस्तो कोही देखिरहेको छैन। यदि देवताले यस समय तिम्रो सहायता गरे भने बल्दै गरेको आगोसित खेल्ने पुतलीसमान ती नाश हुने छन्॥ २८-२९॥

आज तिम्रो मुख जलोस्, तिम्रो यज्ञको विनाश होस् र जति पनि तिम्रा सहायक छन्, ती पनि आज तत्काल भस्म होऊन्। जसले आज यस दुरात्मा दक्षको सहायता गर्ने छन्; ती समस्त देवताहरूका लागि शपथ छ कि तिनका कर्म तँ दक्षको अमंगलका निम्ति होऊन्॥ ३०-३१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निर्गच्छन्त्वमराः स्वोकमेतदध्वरमंडपात्।
अन्यथा भवतो नाशो भविष्यत्यद्य सर्वथा॥ ३२

निर्गच्छन्त्वपरे सर्वे मुनिनागादयो मखात्।
अन्यथा भवतां नाशो भविष्यत्यद्य सर्वथा॥ ३३

निर्गच्छ त्वं हरे शीघ्रमेतदध्वरमंडपात्।
अन्यथा भवतो नाशो भविष्यत्यद्य सर्वथा॥ ३४

निर्गच्छ त्वं विधे शीघ्रमेतदध्वरमंडपात्।
अन्यथा भवतो नाशो भविष्यत्यद्य सर्वथा॥ ३५

समस्त देवता आज यस यज्ञमण्डपबाट निस्किएर आ-आफ्नो स्थानमा जाऊन्, अन्यथा सबैको सब प्रकारले नाश हुने छ। अरू सबै मुनि र नाग आदि पनि यस यज्ञबाट निस्किएर जानुहोस्, अन्यथा आज तपाईंहरूको सर्वथा नाश हुने छ॥ ३२-३३॥

हे विष्णु! तपाईं यस यज्ञमण्डपबाट तत्काल निस्किएर जानुहोस्, अन्यथा आज तपाईंको सर्वथा नाश हुने छ। हे विधाता! तपाईं पनि यस यज्ञमण्डपबाट तत्काल निस्किएर जानुहोस्, अन्यथा आज तपाईंको सर्वथा नाश हुने छ॥ ३४-३५॥

ब्रह्मोवाच

इत्युक्त्वाध्वरशालायामखिलायां सुसंस्थितान्।
व्यरमत्सा नभोवाणी सर्वकल्याणकारिणी॥ ३६

तच्छ्रुत्वा व्योमवचनं सर्वे हर्यादयः सुराः।
अकार्षुर्विस्मयं तात मुनयश्च तथा परे॥ ३७

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] सम्पूर्ण यज्ञशालामा बसेकाहरूसित यस्तो भनेर सबैको कल्याण गर्नुहुने आकाशवाणी मौन भइन्। हे तात! यस प्रकारको आकाशवाणीलाई सुनेर विष्णु आदि सबै देवता तथा अन्य मुनि आदि सबैजना आश्चर्यचकित भए॥ ३६-३७॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां द्वितीये सतीखण्डे सत्युपाख्याने नभोवाणीवर्णनं नामैकत्रिंशोऽध्यायः॥ ३१॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको द्वितीय सतीखण्डमा सती-उपाख्यानमा आकाशवाणीको वर्णन नामक एकतिसौँ अध्याय पूर्ण भयो॥ ३१॥

अथ द्वात्रिंशोऽध्यायः

सती दग्ध भएको समाचार सुनेर कुपित भएका शिवले आफ्नू जटाबाट वीरभद्र र महाकालीलाई प्रकट गरी उहाँहरूलाई यज्ञ-विध्वंस गर्न आज्ञा दिनु

नारद उवाच

श्रुत्वा व्योमगिरं दक्षः किमकार्षीत्तदाबुधः।
अन्ये च कृतवन्तः किं ततश्च किमभूद् वद॥ १

नारद भन्नुहुन्छ—[हे ब्रह्मन्!] आकाशवाणी सुनेर अज्ञानी दक्षले के गरे तथा अन्य उपस्थित व्यक्तिहरूले के गरे र त्यसपछि के भयो? यसलाई बताउनुहोस्॥ १॥

पराजिताः शिवगणा भृगुमंत्रबलेन वै।
किमकार्षुः कुत्र गतास्तत्त्वं वद महामते॥ २

हे महामति! भृगुको मन्त्रबलबाट पराजित भएर शिवका गणहरूले के गरे तथा ती कहाँ गए—यो सब हजुर मसित भन्नुहोस्॥ २॥

ब्रह्मोवाच

श्रुत्वा व्योमगिरं सर्वे विस्मिताश्च सुरादयः।
नावोचत्किंचिदपि ते तिष्ठन्तस्तु विमोहिताः॥ ३

पलायमाना ये वीरा भृगुमंत्रबलेन ते।
अवशिष्टाः शिवगणाः शिवं शरणमाययुः॥ ४

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] आकाशवाणी सुनेर समस्त देवता आदि आश्चर्यचकित भए, ती मोहित भएर [जतातत‍ै] उभिए र केही पनि बोल्न सकेनन्। भृगुको मन्त्रबलबाट जो वीर शिवगण बचेका थिए, ती भाग्दै शिवका शरणमा गए॥ ३-४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिव एव जगद्धाता सर्वविद्यापतिः प्रभुः।
आदिविद्यावरस्वामी सर्वमङ्गलमङ्गलः॥ १८

तच्छक्तेर्न कृतो यस्मात्सत्कारोऽद्य त्वया खल।
अत एवाध्वरस्यास्य विनाशो हि भविष्यति॥ १९

अमङ्गलं भवत्येव पूजार्हाणामपूजया।
पूज्यमाना च नासौ हि यतः पूज्यतमा शिवा॥ २०

सहस्रेणापि शिरसां शेषो यत्पादजं रजः।
वहत्यहरहः प्रीत्या तस्य शक्तिः शिवा सती॥ २१

यत्पादपद्ममनिशं ध्यात्वा संपूज्य सादरम्।
विष्णुर्विष्णुत्वमापन्नस्तस्य शंभोः प्रिया सती॥ २२

यत्पादपद्ममनिशं ध्यात्वा संपूज्य सादरम्।
ब्रह्मा ब्रह्मत्वमापन्नस्तस्य शंभोः प्रिया सती॥ २३

यत्पादपद्ममनिशं ध्यात्वा संपूज्य सादरम्।
इन्द्रादयो लोकपालाः प्रापुः स्वं स्वं परं पदम्॥ २४

जगत्पिता शिवः शक्तिर्जगन्माता च सा सती।
सत्कृतौ न त्वया मूढ कथं श्रेयो भविष्यति॥ २५

दौर्भाग्यं त्वयि संक्रान्तं संक्रान्तास्त्वयि चापदः।
यौ चानाराधितौ भक्त्या भवानीशंकरौ च तौ॥ २६

अनभ्यर्च्य शिवं शंभुं कल्याणं प्राप्नुयामिति।
किमस्ति गर्वो दुर्वारः स गर्वोऽद्य विनश्यति॥ २७

सर्वेशविमुखो भूत्वा देवेष्वेतेषु कस्तव।
करिष्यति सहायं तं न ते पश्यामि सर्वथा॥ २८

यदि देवाः करिष्यन्ति साहाय्यमधुना तव।
तदा नाशं समाप्स्यन्ति शलभा इव वह्निना॥ २९

ज्वलत्वद्य मुखं ते वै यज्ञध्वंसो भवत्विति।
सहायास्तव यावन्तस्ते ज्वलन्त्वद्य सत्वरम्॥ ३०

अमराणां च सर्वेषां शपथोऽमङ्गलाय ते।
करिष्यंत्यद्य साहाय्यं यदेतस्य दुरात्मनः॥ ३१

शिव नै जगत्को धारण-पोषण गर्नुहुने, समस्त विद्याहरूका पति, सबथोक गर्नमा समर्थ, आदि विद्याका श्रेष्ठ स्वामी र समस्त मंगलहरूका मंगल हुनुहुन्छ। हे नीच! तिमीले उहाँको शक्तिको आज सत्कार गरेनौ, यसैले अवश्य नै यस यज्ञको विनाश हुने छ॥ १८-१९॥

पूजनीय व्यक्तिहरूको पूजा नगर्नाले अमंगल हुन्छ। के परम पूजनीय ती शिवा तिम्रो पूजाको योग्य हुनुहुन्नथ्यो? शेषनाग आफ्ना हजार शिरहरूले प्रतिदिन जसका चरणरजलाई प्रेमपूर्वक धारण गर्छन्, उनै शिवकी शक्ति यी शिवा सती हुनुहुन्छ॥ २०-२१॥

जसका चरणकमलहरूको आदरपूर्वक ध्यान र पूजा गरी विष्णुले विष्णुत्वलाई प्राप्त गर्नुभयो, उनै शिवकी पत्नी सती हुनुहुन्छ॥ २२॥

जसका चरणकमलको ध्यान एवं पूजा गरी ब्रह्माले ब्रह्मत्वलाई प्राप्त गर्नुभयो र जसका चरण-कमलहरूको आदरपूर्वक निरन्तर ध्यान एवं पूजा गरी इन्द्र आदि लोकपालहरूले आ-आफ्नो उत्तम पदलाई प्राप्त गरेका छन्, उनै शिवको पत्नी सती हुनुहुन्छ॥ २३-२४॥

भगवान् शिव [सम्पूर्ण] जगत्का पिता हुनुहुन्छ र शक्तिरूपा देवी सती जगन्माता हुनुहुन्छ। हे मूर्ख! तिमीले उहाँको सत्कार गरेनौ, तिम्रो कल्याण कसरी हुन्छ? तिमीमाथि दुर्भाग्यको आक्रमण भएको छ र विपत्तिहरू आइलागेका छन्; किनभने तिमीले भक्तिपूर्वक ती भवानी र शंकरको आराधना गरेनौ॥ २५-२६॥

कल्याणकारी शिवको पूजा-अर्चना नगरी म कल्याण प्राप्त गर्ने छु; यो कस्तो गर्व हो? आज तिम्रो यो घमण्ड विनष्ट हुने छ॥ २७॥

यी देवताहरूमा को यस्ता छन्, जो सर्वेश्वर शिवबाट विमुख भएर तिम्रो सहायता गर्लान्, मैले त यस्तो कोही देखिरहेको छैन। यदि देवताले यस समय तिम्रो सहायता गरे भने बल्दै गरेको आगोसित खेल्ने पुतलीसमान ती नाश हुने छन्॥ २८-२९॥

आज तिम्रो मुख जलोस्, तिम्रो यज्ञको विनाश होस् र जति पनि तिम्रा सहायक छन्, ती पनि आज तत्काल भस्म होऊन्। जसले आज यस दुरात्मा दक्षको सहायता गर्ने छन्; ती समस्त देवताहरूका लागि शपथ छ कि तिनका कर्म तँ दक्षको अमंगलका निम्ति होऊन्॥ ३०-३१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निर्गच्छन्त्वमराः स्वोकमेतदध्वरमंडपात्।
अन्यथा भवतो नाशो भविष्यत्यद्य सर्वथा॥ ३२

निर्गच्छन्त्वपरे सर्वे मुनिनागादयो मखात्।
अन्यथा भवतां नाशो भविष्यत्यद्य सर्वथा॥ ३३

निर्गच्छ त्वं हरे शीघ्रमेतदध्वरमंडपात्।
अन्यथा भवतो नाशो भविष्यत्यद्य सर्वथा॥ ३४

निर्गच्छ त्वं विधे शीघ्रमेतदध्वरमंडपात्।
अन्यथा भवतो नाशो भविष्यत्यद्य सर्वथा॥ ३५

ब्रह्मोवाच

इत्युक्त्वाध्वरशालायामखिलायां सुसंस्थितान्।
व्यरमत्सा नभोवाणी सर्वकल्याणकारिणी॥ ३६

तच्छ्रुत्वा व्योमवचनं सर्वे हर्यादयः सुराः।
अकार्षुर्विस्मयं तात मुनयश्च तथा परे॥ ३७

समस्त देवता आज यस यज्ञमण्डपबाट निस्किएर आ-आफ्नो स्थानमा जाऊन्, अन्यथा सबैको सब प्रकारले नाश हुने छ। अरू सबै मुनि र नाग आदि पनि यस यज्ञबाट निस्किएर जानुहोस्, अन्यथा आज तपाईंहरूको सर्वथा नाश हुने छ॥ ३२-३३॥

हे विष्णु! तपाईं यस यज्ञमण्डपबाट तत्काल निस्किएर जानुहोस्, अन्यथा आज तपाईंको सर्वथा नाश हुने छ। हे विधाता! तपाईं पनि यस यज्ञमण्डपबाट तत्काल निस्किएर जानुहोस्, अन्यथा आज तपाईंको सर्वथा नाश हुने छ॥ ३४-३५॥

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] सम्पूर्ण यज्ञशालामा बसेकाहरूसित यस्तो भनेर सबैको कल्याण गर्नुहुने आकाशवाणी मौन भइन्। हे तात! यस प्रकारको आकाशवाणीलाई सुनेर विष्णु आदि सबै देवता तथा अन्य मुनि आदि सबैजना आश्चर्यचकित भए॥ ३६-३७॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां द्वितीये सतीखण्डे सत्युपाख्याने नभोवाणीवर्णनं नामैकत्रिंशोऽध्यायः॥ ३१॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको द्वितीय सतीखण्डमा सती-उपाख्यानमा आकाशवाणीको वर्णन नामक एकतिसौं अध्याय पूर्ण भयो॥ ३१॥

अथ द्वात्रिंशोऽध्यायः

सती दग्ध भएको समाचार सुनेर कुपित भएका शिवले आफ्नू जटाबाट वीरभद्र र महाकालीलाई प्रकट गरी उहाँहरूलाई यज्ञ-विध्वंस गर्न आज्ञा दिनु

नारद उवाच

श्रुत्वा व्योमगिरं दक्षः किमकार्षीत्तदाबुधः।
अन्ये च कृतवन्तः किं ततश्च किमभूद् वद॥ १

पराजिताः शिवगणा भृगुमंत्रबलेन वै।
किमकार्षुः कुत्र गतास्तत्त्वं वद महामते॥ २

ब्रह्मोवाच

श्रुत्वा व्योमगिरं सर्वे विस्मिताश्च सुरादयः।
नावोचत्किंचिदपि ते तिष्ठन्तस्तु विमोहिताः॥ ३

पलायमाना ये वीरा भृगुमंत्रबलेन ते।
अवशिष्टाः शिवगणाः शिवं शरणमाययुः॥ ४

नारद भन्नुहुन्छ—[हे ब्रह्मन्!] आकाशवाणी सुनेर अज्ञानी दक्षले के गरे तथा अन्य उपस्थित व्यक्तिहरूले के गरे र त्यसपछि के भयो? यसलाई बताउनुहोस्॥ १॥

हे महामति! भृगुको मन्त्रबलबाट पराजित भएर शिवका गणहरूले के गरे तथा ती कहाँ गए—यो सब हजुर मसित भन्नुहोस्॥ २॥

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] आकाशवाणी सुनेर समस्त देवता आदि आश्चर्यचकित भए, ती मोहित भएर [जताततै] उभिए र केही पनि बोल्न सकेनन्। भृगुको मन्त्रबलबाट जो वीर शिवगण बचेका थिए, ती भाग्दै शिवका शरणमा गए॥ ३-४॥

2325_Sihvpurana_Part_1_Nepali_Section_16_2_Front
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वं निवेदयामासू रुद्रायामिततेजसे।
चरित्रं च तथाभूतं सुप्रणम्यादराच्च ते॥ ५

ती महातेजस्वी शिवलाई आदरपूर्वक प्रणाम गरी जुन चरित्र भएको थियो, त्यो सब बताउन लागे॥ ५॥

गणा ऊचुः

देवदेव महादेव पाहि नः शरणागतान्।
संश्रृण्वादरतो नाथ सतीवार्तां च विस्तरात्॥ ६

गण भन्दछन्—हे देवदेव! हे महादेव! शरणमा आएका हामीहरूको रक्षा गर्नुहोस् र हे नाथ! आदरपूर्वक सतीको चरित्र विस्तारपूर्वक सुन्नुहोस्॥ ६॥

गर्वितेन महेशान दक्षेण सुदुरात्मना।
अपमानः कृतः सत्यानादरो निर्जरैस्तथा॥ ७

हे महेश्वर! अभिमानले युक्त दुरात्मा दक्ष तथा देवताहरूले सतीको अपमान तथा अनादर गरे॥ ७॥

तुभ्यं भागमदान्नो स देवेभ्यश्च प्रदत्तवान्।
दुर्वचांस्यवदत्प्रोच्चैर्दुष्टो दक्षः सुगर्वितः॥ ८

महाभिमानी दुष्ट दक्षले [आफ्नो यज्ञमा] हजुरलाई भाग दिएनन्। देवताहरूलाई भाग दिए, तर [हजुरको विषयमा] उच्च स्वरले दुर्वचन पनि भने॥ ८॥

ततो दृष्ट्वा न ते भागं यज्ञेऽकुप्यत्सती प्रभो।
विनिंद्य बहुशस्तातमधाक्षीत्स्वतनुं तदा॥ ९

गणास्त्वयुतसंख्याका मृतास्तत्र विलज्जया।
स्वाङ्गान्याच्छिद्य शस्त्रैश्च क्रुध्याम ह्यपरे वयम्॥ १०

हे प्रभु! त्यसपछि यज्ञमा हजुरको भाग नदेखेर सती कुपित हुनुभयो र उहाँले आफ्नो पिताको पटक-पटक निन्दा गरी [योगमार्गको अवलम्बन गरी] आफ्नो शरीरलाई भस्म पार्नुभयो। [यो देखेर] दश हजार गण लज्जावश शस्त्रहरूले आफ्नै अंगहरू काटेर त्यहीँ मरे, [बचेका] हामीहरू दक्षप्रति कुपित भयौँ॥ ९-१०॥

तद्यज्ञं ध्वंसितुं वेगात्सन्नद्धास्तु भयावहाः।
तिरस्कृता हि भृगुणा स्वप्रभावाद्विरोधिना॥ ११

हामीहरू भयानक रूप धारण गरी वेगपूर्वक यज्ञको विध्वंस गर्न उद्यत भयौँ, तर विरोधी भृगुले आफ्नो मन्त्रबलको प्रभावले हाम्रो तिरस्कार गरिदिए॥ ११॥

ते वयं शरणं प्राप्तास्तव विश्वंभर प्रभो।
निर्भयान् कुरु नस्तस्माद् दयमान भवाद्भयात्॥ १२

हे विश्वम्भर! हे प्रभु! अब हामीहरू हजुरको शरणमा आएका छौँ, हजुर [हामी माथि] दया गर्दै यस उत्पन्न भयबाट हामीहरूलाई निर्भय पार्नुहोस्॥ १२॥

अपमानं विशेषेण तस्मिन् यज्ञे महाप्रभो।
दक्षाद्यास्तेऽखिला दुष्टा अकुर्वन् गर्विता अति॥ १३

हे महाप्रभु! दक्ष आदि सबै दुष्टहरूले अत्यन्त गर्वित भएर त्यस यज्ञमा हजुरको ज्यादै अपमान गरेका छन्॥ १३॥

इत्युक्तं निखिलं वृत्तं स्वेषां सत्याश्च शङ्कर।
तेषां च मूढबुद्धीनां यथेच्छसि तथा कुरु॥ १४

हे शंकर! यस प्रकार हामीले आफ्नो, सतीको र ती मूर्खहरूको सारा वृत्तान्त हजुरसित भन्यौँ, अब हजुर जस्तो चाहनुहुन्छ, त्यस्तै गर्नुहोस्॥ १४॥

ब्रह्मोवाच

इत्याकर्ण्य वचस्तस्य स्वगणानां वचः प्रभुः।
सस्मार नारदं सर्वं ज्ञातुं तच्चरितं लघु॥ १५

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] आफ्ना गणहरूका यी वचन सुनेर प्रभु शिवले तिनको सम्पूर्ण चरित्र जान्नका लागि शीघ्रतापूर्वक तपाईं नारदको स्मरण गर्नुभयो॥ १५॥

आगतस्त्वं द्रुतं तत्र देवर्षे दिव्यदर्शनः।
प्रणम्य शंकरं भक्त्या साञ्जलिस्तत्र तस्थिवान्॥ १६

हे देवर्षि! [भगवान्‌ले स्मरण गर्नुभएपछि] दिव्य दर्शनवाला तपाईं त्यहाँ तत्काल पुग्नुभयो र भक्तिपूर्वक हात जोडेर शिवलाई प्रणाम गरी उभिनुभयो॥ १६॥

2325_Sihvpurana_Part_1_Nepali_Section_16_2_Back
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्वां प्रशस्याथ स स्वामी सत्या वार्तां च पृष्टवान्।
दक्षयज्ञगताया वै परं च चरितं तथा॥ १७

पृष्टेन शंभुना तात त्वयाश्वेव शिवात्मना।
तत्सर्वं कथितं वृत्तं जातं दक्षाध्वरे हि यत्॥ १८

तदाकर्ण्येश्वरो वाक्यं मुने तत् त्वन्मुखोदितम्।
चुकोपातिद्रुतं रुद्रो महारौद्रपराक्रमः॥ १९

उत्पाट्यैकां जटां रुद्रो लोकसंहारकारकः।
आस्फालयामास रुषा पर्वतस्य तदोपरि॥ २०

तोदनाच्च द्विधा भूता सा जटा च मुने प्रभोः।
संबभूव महारावो महाप्रलयभीषणः॥ २१

तज्जटायाः समुद्भूतो वीरभद्रो महाबलः।
पूर्वभागेन देवर्षे महाभीमो गणाग्रणीः॥ २२

स भूमिं विश्वतो वृत्य चात्यतिष्ठद्दशाङ्गुलम्।
प्रलयानलसंकाशः प्रोन्नतो दोःसहस्रवान्॥ २३

कोपनिःश्वासतस्तत्र महारुद्रस्य चेशितुः।
जातं ज्वराणां शतकं संनिपातास्त्रयोदश॥ २४

महाकाली समुत्पन्ना तज्जटापरभागतः।
महाभयंकरा तात भूतकोटिभिरावृता॥ २५

सर्वे मूर्तिधराः क्रूराः ज्वरा लोकभयंकराः।
स्वतेजसा प्रज्वलंतो दहंत इव सर्वतः॥ २६

अथ वीरो वीरभद्रः प्रणम्य परमेश्वरम्।
कृताञ्जलिपुटः प्राह वाक्यं वाक्यविशारदः॥ २७

वीरभद्र उवाच

महारुद्र महारौद्र सोमसूर्याग्निलोचन।
किं कर्तव्यं मया कार्यं शीघ्रमाज्ञापय प्रभो॥ २८

शोषणीयाः किमीशान क्षणार्धेनैव सिंधवः।
पेषणीयाः किमीशान क्षणार्धेनैव पर्वताः॥ २९

क्षणेन भस्मसात्कुर्यां ब्रह्मांडमुत किं हर।
क्षणेन भस्मसात्कुर्यां सुरान्वा किं मुनीश्वरान्॥ ३०

व्याश्वासः सर्वलोकानां किमु कार्यो हि शंकर।
कर्तव्यं किमुतेशान सर्वप्राणिविहिंसनम्॥ ३१

त्यसपछि स्वामी शंकरले तपाईंको प्रशंसा गरी दक्षयज्ञमा गएकी सतीको समाचार एवं अन्य घटनाहरूको सम्बन्धमा सोध्नुभयो। हे नारद! शिवले सोध्नुभएपछि शिवस्वरूप तपाईंले तत्कालै जे जति पनि दक्षयज्ञमा घटित भएका थिए, ती सबै भनिदिनुभयो॥ १७-१८॥

हे मुनि! तपाईंको मुखबाट भनिएका कुरालाई सुनेर महारौद्रपराक्रमी भगवान् शंकर तत्कालै अत्यन्त क्रोधित हुनुभयो। लोकको संहार गर्नुहुने रुद्रले त्यसै समय एउटा जटा उखेलेर क्रोधपूर्वक त्यसलाई पर्वतमाथि पछार्नुभयो॥ १९-२०॥

हे मुनि! भगवान् शंकरद्वारा जटा पछारिएपछि त्यो जटा दुई टुक्रामा विभक्त भयो र त्यसबाट महान् प्रलयकारी भयंकर आवाज उत्पन्न भयो॥ २१॥

हे देवर्षि! त्यस जटाको पूर्वभागबाट महाभयंकर, महाबली सबै गणमा अग्रणी वीरभद्र उत्पन्न भए॥ २२॥

ती चारैतिरबाट पृथिवीलाई घेरेर दश अंगुलपर्यन्त पृथिवीभन्दा माथि स्थित भए। ती प्रलयाग्निसमान थिए र एक हजार भुजाहरूले युक्त थिए॥ २३॥

ती महारुद्र महेश्वरको क्रोधयुक्त निःश्वासबाट सय प्रकारका ज्वरो र तेह्र सन्निपात उत्पन्न भए॥ २४॥

हे तात! त्यस जटाको दोस्रो भागबाट महाकाली उत्पन्न भइन्, जो ज्यादै भयंकर र करोडौँ भूतहरूले घेरिएकी थिइन्॥ २५॥

मूर्तिधारी ती सबै ज्वर क्रूर तथा संसारलाई भयभीत पार्नेवाला थिए, आफ्नो तेजले यस्तो प्रज्वलित भइरहेका थिए, मानौँ सबलाई जलाइदिन्छन्॥ २६॥

त्यसपछि वाक्यविशारद महावीर वीरभद्र हात जोडेर शिवलाई प्रणाम गरी भन्न लाग्नुभयो— ॥ २७॥

वीरभद्र भन्नुहुन्छ—हे महारुद्र! हे महारौद्र! सूर्य, सोम तथा अग्निरूप नेत्र भएका हे प्रभु! म कुनचाहिँ कार्य गरूँ? तत्कालै आज्ञा दिनुहोस्॥ २८॥

हे ईशान! के म आधा क्षणमै समुद्रलाई सुकाइदिऊँ अथवा हे ईशान! के आधा क्षणमै पर्वतहरूलाई धुलो-पीठो पारिदिऊँ अथवा हे हर! के म क्षणभरमा सारा ब्रह्माण्डलाई भस्म पारिदिऊँ अथवा के म क्षणभरमा देवता एवं मुनीश्वरहरूलाई भस्म पारिदिऊँ अथवा हे शंकर! के म सबैको श्वास रोकिदिऊँ अथवा हे ईशान! के म सम्पूर्ण प्राणीहरूको विनाश गरिदिऊँ?॥ २९—३१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ममाशक्यं न कुत्रापि त्वत्प्रसादान्महेश्वर।
पराक्रमेण मत्तुल्यो न भूतो न भविष्यति॥ ३२

हे महेश्वर! हजुरको कृपाले कुनै पनि कार्य यस्तो छैन, जुन मैले गर्न नसकूँ, पराक्रममा म समान न त कोही भएका छन् र न त हुने नै छन्॥ ३२॥

यत्र यत्कार्यमुद्दिश्य प्रेषयिष्यसि मां प्रभो।
तत्कार्यं साधयाम्येव सत्वरं त्वत्प्रसादतः॥ ३३

हे प्रभु! हजुर मलाई जुन कार्यका लागि जहाँ पनि पठाउनु हुने छ, म हजुरको कृपाले त्यस कार्यलाई शीघ्र सिद्ध गर्ने छु॥ ३३॥

क्षुद्रास्तरंति लोकाब्धिं शासनाच्छंकरस्य ते।
हरातोऽहं न किं तर्तुं महापत्सागरं क्षमः॥ ३४

हे हर! हजुर शिवको आज्ञाले क्षुद्रजन पनि यस संसार-सागरलाई पार गर्छन् भने के म यस महान् विपत्तिरूपी समुद्रलाई पार गर्नमा समर्थ हुन सक्दिन र?॥ ३४॥

त्वत्प्रेषिततृणेनापि महत्कार्यमयत्नतः।
क्षणेन शक्यते कर्तुं शंकरात्र न संशयः॥ ३५

हे शंकर! हजुरद्वारा पठाइएको एउटा छेस्कोले पनि क्षणमात्रमा विना प्रयत्न धेरै ठुलो कार्य गर्न सक्छ, यसमा संशय छैन॥ ३५॥

लीलामात्रेण ते शंभो कार्यं यद्यपि सिध्यति।
तथाप्यहं प्रेषणीयो तवैवानुग्रहो ह्ययम्॥ ३६

हे शम्भु! यद्यपि सारा कार्य हजुरको लीलाबाट मात्रै सिद्ध हुन सक्छ, यदि हजुर मलाई पठाउनु हुन्छ भने यो हजुरको [धेरै ठुलो] कृपा हुने छ॥ ३६॥

शक्तिरेतादृशी शंभो ममापि त्वदनुग्रहात्।
विना शक्तिर्न कस्यापि शंकर त्वदनुग्रहात्॥ ३७

हे शम्भु! हे शंकर! हजुरको कृपाले ममा यस्तो शक्ति छ, जस्तो कि हजुरको कृपा विना अरू कसैमा पनि हुन सक्तैन॥ ३७॥

त्वदाज्ञया विना कोऽपि तृणादीनपि वस्तुतः।
नैव चालयितुं शक्तः सत्यमेतन्न संशयः॥ ३८

हजुरको कृपा विना कोही एउटा छेस्को पनि हल्लाउनमा समर्थ छैनन्, यो सत्य हो, यसमा सन्देह छैन॥ ३८॥

शंभो नियम्याः सर्वेऽपि देवाद्यास्ते महेश्वर।
तथैवाहं नियम्यस्ते नियन्तुः सर्वदेहिनाम्॥ ३९

हे शम्भु! हे महेश्वर! सबै देवता हजुरको नियन्त्रणमा छन्, त्यसै प्रकार म पनि समस्त प्राणीहरूको नियामक हजुरको नियन्त्रणमा नै छु॥ ३९॥

प्रणतोऽस्मि महादेव भूयोऽपि प्रणतोऽस्म्यहम्।
प्रेषय स्वेष्टसिद्ध्यर्थं मामद्य हर सत्वरम्॥ ४०

हे महादेव! म हजुरलाई प्रणाम गर्छु, म वारम्वार प्रणाम गर्छु। हे हर! आज मलाई आफ्नो इष्टसिद्धिका निम्ति हजुर शीघ्र पठाउनुहोस्॥ ४०॥

स्पंदोऽपि जायते शंभोऽसव्याङ्गानां मुहुर्मुहुः।
भविष्यत्यद्य विजयो मामतः प्रेषय प्रभो॥ ४१

हे शम्भु! मेरा दाहिने अंगहरू पटक-पटक फरफराइरहेका छन्। हे प्रभु! आज मेरो विजय हुने छ। अतः हजुर मलाई पठाउनुहोस्॥ ४१॥

हर्षोत्साहविशेषोऽपि जायते मम कश्चन।
शंभो त्वत्पादकमले संसक्तश्च मनो मम॥ ४२

भविष्यति प्रतिपदं शुभसंतानसंततिः॥ ४३

हे शम्भु! यस समय मलाई विशेष हर्ष तथा उत्साह भइरहेको छ र मेरो मन हजुरका चरणकमलमा लागेको छ। अतः पाइला-पाइलामा [मेरा निम्ति] शुभ परिणामको विस्तार हुने छ॥ ४२-४३॥

तस्यैव विजयो नित्यं तस्यैव शुभमन्वहम्।
यस्य शंभो दृढा भक्तिस्त्वयि शोभनसंश्रये॥ ४४

हे शम्भु! उत्तम आश्रय-स्वरूप हजुर शिवमा जसको सुदृढ भक्ति छ, त्यसैको सदा विजय हुन्छ र त्यसैको प्रतिदिन कल्याण हुन्छ॥ ४४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

इत्युक्तं तद्वचः श्रुत्वा संतुष्टो मङ्गलापतिः।
वीरभद्र जयेति त्वं प्रोक्ताशीः प्राह तं पुनः॥ ४५

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] उहाँद्वारा भनिएका वचनलाई सुनेर मंगलापति [सदाशिव] अत्यन्त प्रसन्न हुनुभयो र हे वीरभद्र! तिम्रो जय होस्, यो आशीर्वाद दिएर उहाँसित पुनः भन्न लाग्नुभयो—॥ ४५॥

महेश्वर उवाच

शृणु मद्वचनं तात वीरभद्र सुचेतसा।
करणीयं प्रयत्नेन तद् द्रुतं मे प्रतोषकम्॥ ४६

महेश्वर भन्नुहुन्छ—हे तात! हे वीरभद्र! शान्त मनले मेरो कुरा सुन र तत्कालै प्रयत्नपूर्वक त्यस कार्यलाई गर, जसबाट मलाई प्रसन्नता होस्॥ ४६॥

यागं कर्तुं समुद्युक्तो दक्षो विधिसुतः खलः।
मद्विरोधी विशेषेण महागर्वोऽबुधोऽधुना॥ ४७

यस समय ब्रह्माका पुत्र दक्ष यज्ञ गर्नका निम्ति तत्पर छ। त्यो महाभिमानी, दुष्ट तथा अज्ञानी विशेष रूपले मेरो विरोध गरिरहेको छ॥ ४७॥

तन्मखं भस्मसात्कृत्वा सयागपरिवारकम्।
पुनरायाहि मत्स्थानं सत्वरं गणसत्तम॥ ४८

हे गणश्रेष्ठ! तिमी यज्ञलाई तथा यज्ञमा सम्मिलित सबैलाई भस्म गरी शीघ्र मेरो स्थानमा पुनः फर्केर आऊ॥ ४८॥

सुरा भवन्तु गंधर्वा यक्षा वान्ये च केचन।
तानप्यद्यैव सहसा भस्मसात्कुरु सत्वरम्॥ ४९

देवता, गन्धर्व, यक्ष अथवा अरू जो कोही पनि त्यहाँ छन्, तिनलाई आजै शीघ्र सहसा भस्म गरिदिनु॥ ४९॥ त्यहाँ ब्रह्मा, विष्णु, इन्द्र, यम कोही पनि किन नहोऊन्, तिमीले ती सबलाई प्रयत्नपूर्वक आजै भस्म गरिदिनु॥ ५०॥

तत्रास्तु विष्णुर्ब्रह्मा वा शचीशो वा यमोऽपि वा।
अपि चाद्यैव तान्सर्वान्पातयस्व प्रयत्नतः॥ ५०
सुरा भवन्तु गंधर्वा यक्षा वान्ये च केचन।
तानप्यद्यैव सहसा भस्मसात्कुरु सत्वरम्॥ ५१

देवता, गन्धर्व, यक्ष अथवा अरू जो कोही पनि त्यहाँ छन्, तिनलाई आजै शीघ्र सहसा भस्म गरिदिनु॥ ५१॥

दधीचिकृतमुल्लंघ्य शपथं मयि तत्र ये।
तिष्ठन्ति ते प्रयत्नेन ज्वालनीयास्त्वया ध्रुवम्॥ ५२

दधीचिले दिनुभएको मेरो शपथको उल्लंघन गरी जो कोही पनि त्यहाँ बसेका छन्, तिनलाई निश्चय नै तिमी प्रयत्नपूर्वक भस्म गरिदिनु॥ ५२॥

प्रमथाश्चागमिष्यन्ति यदि विष्ण्वादयो भ्रमात्।
नानाकर्षणमंत्रेण ज्वालयानीय सत्वरम्॥ ५३

यदि भ्रमवश प्रमथगण र विष्णु आदि त्यहाँ आए भने तत्कालै अनेक आकर्षण मन्त्रहरूले तानेर भस्म गरिदिनु॥ ५३॥

ये तत्रोल्लंघ्य शपथं मदीयं गर्विताः स्थिताः।
ते हि मद्द्रोहिणोऽतस्तान् ज्वालयानलमालया॥ ५४

जो मेरो शपथको उल्लंघन गरी गर्वित भई त्यहाँ बसेका छन्, ती मेरा द्रोही हुन्, अतः तिनलाई अग्निका ज्वालाहरूले भस्म गरिदिनु॥ ५४॥

सपत्नीकान्ससारांश्च दक्षयागस्थलस्थितान्।
प्रज्वाल्य भस्मसात्कृत्वा पुनरायाहि सत्वरम्॥ ५५

दक्षको यज्ञस्थलमा स्थित जनहरूलाई तिनका पत्नीहरू तथा सामग्रीसहित जलाएर भस्म गरी शीघ्रता पूर्वक पुनः आउनु॥ ५५॥

तत्र त्वयि गते देवा विश्वाद्या अपि सादरम्।
स्तोष्यन्ति त्वां तदाप्याशु ज्वालया ज्वालयैव तान्॥ ५६

तिमी त्यहाँ गएपछि विश्वेदेव आदि देवगण पनि यदि [सामुन्ने आएर] सादर स्तुति गरे भने तिमीले तिनलाई पनि तत्काल आगोका ज्वालाले जलाइदिनु॥ ५६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवानपि कृतद्रोहान् ज्वालामालासमाकुलैः।
ज्वालय ज्वलनैः शीघ्रं माध्यायाध्यायपालकम्॥ ५७

यस प्रकार जो कोही पनि मसित द्रोह गर्ने देवतागण त्यहाँ उपस्थित छन्, तिनलाई तत्कालै अग्निका ज्वालाले जलाएर मेरो समीप फर्केर आउनु। मन्त्रपालक सम्झेर तिनको उपेक्षा कदापि नगर्नु॥ ५७॥

दक्षादीन्सकलांस्तत्र सपत्नीकान्सबांधवान्।
प्रज्वाल्य वीर दक्षं नु सलीलं सलिलं पिब॥ ५८

हे वीर! पत्नीहरू तथा बन्धुहरूसहित त्यहाँ उपस्थित दक्ष आदि सबैलाई लीलापूर्वक भस्म गरिसकेर मात्र तिमीले जल ग्रहण गर्नु अर्थात् कार्य पूर्ण भएपछि मात्र पूर्ण विश्राम गर्नु॥ ५८॥

ब्रह्मोवाच

इत्युक्त्वा रोषताम्राक्षो वेदमर्यादपालकः।
विरराम महावीरं कालारिः सकलेश्वरः॥ ५९

ब्रह्मा भन्नुहुन्छ—वेदमर्यादाका पालनकर्ता, कालका पनि शत्रु तथा सर्वेश्वर शिवले रोषपूर्वक आँखा राता-राता पारी महावीर [वीरभद्र]-सित यस प्रकार भनेर मौन धारण गर्नुभयो॥ ५९॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां द्वितीये सतीखण्डे वीरभद्रोत्पत्तिशिवोपदेशवर्णनं नाम द्वात्रिंशोऽध्यायः॥ ३२॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको द्वितीय सतीखण्डमा वीरभद्रको उत्पत्ति र उनलाई शिवको उपदेशवर्णन नामक बत्तिसौँ अध्याय पूर्ण भयो॥ ३२॥

अथ त्रयस्त्रिंशोऽध्यायः

गणसहित वीरभद्र र महाकाली दक्षयज्ञ-विध्वंसका लागि प्रस्थान

ब्रह्मोवाच

इत्युक्तं श्रीमहेशस्य श्रुत्वा वचनमादरात्।
वीरभद्रोऽतिसंतुष्टः प्रणनाम महेश्वरम्॥ १
शासनं शिरसा धृत्वा देवदेवस्य शूलिनः।
प्रचचाल ततः शीघ्रं वीरभद्रो मखं प्रति॥ २
शिवोऽथ प्रेषयामास शोभार्थं कोटिशो गणान्।
तेन सार्धं महावीरान्प्रलयानलसन्निभान्॥ ३
अथ ते वीरभद्रस्य पुरतः प्रबला गणाः।
पश्चादपि ययुर्वीराः कुतूहलकरा गणाः॥ ४
वीरभद्रसमेता ये गणाः शतसहस्रशः।
पार्षदाः कालकालस्य सर्वे रुद्रस्वरूपिणः॥ ५
गणैः समेतः किल तैर्महात्मा
स वीरभद्रो हरवेषभूषणः।
सहस्रबाहुर्भुजगाधिपाढ्यो
ययौ रथस्थः प्रबलोऽतिभीकरः॥ ६
नल्वानां च सहस्रे द्वे प्रमाणं स्यन्दनस्य हि।
अयुतेनैव सिंहानां वाहनानां प्रयत्नतः॥ ७

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] महेश्वरले भन्नुभएको यस वचनलाई आदरपूर्वक सुनेर वीरभद्र ज्यादै सन्तुष्ट भई महेश्वरलाई प्रणाम गर्नुभयो॥ १॥

तत्पश्चात् त्रिशूलधारी ती देवाधिदेवको आज्ञालाई शिरोधार्य गरी वीरभद्र त्यहाँबाट तत्कालै दक्षको यज्ञतिर हिँड्नुभयो। भगवान् शिवले प्रलयाग्निसमान करोडौँ महावीर गणहरूलाई [केवल] शोभाका लागि उनका साथ पठाउनुभयो॥ २-३॥

ती बलशाली तथा वीर गण वीरभद्रका अगाडि तथा पछाडि हिँडिरहेका थिए। कौतूहल गर्दै वीरभद्रसहित जुन लाखौँ गण थिए, ती कालका पनि काल शिवका पार्षद थिए, ती सब रुद्रसमान नै थिए॥ ४-५॥

महात्मा वीरभद्र शिवकै समान वेशभूषा धारण गरी रथमा बसेर ती गणहरूका साथ प्रस्थान गर्नुभयो। उहाँका एक हजार हात थिए, उहाँको शरीरमा नागराज बेरिएका थिए। उहाँ प्रबल र भयंकर देखिनुहुन्थ्यो॥ ६॥

उहाँको रथ आठ लाख हात फराकिलो थियो। त्यसमा दस हजार सिंह नारिएका थिए, जो प्रयत्नपूर्वक रथलाई तानिरहेका थिए॥ ७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तथैव प्रबलाः सिंहा बहवः पार्श्वरक्षकाः।
शार्दूला मकरा मत्स्या गजास्तत्र सहस्रशः॥ ८

त्यसै प्रकार धेरै जसो प्रबल सिंह, बाघ, गोही, माछा र हजारौँ हात्ती उहाँको पार्श्वरक्षक थिए॥ ८॥

वीरभद्रे प्रचलिते दक्षनाशाय सत्वरम्।
कल्पवृक्षसमुत्सृष्टा पुष्पवृष्टिरभूत्तदा॥ ९
तुष्टुवुश्च गणा वीरं शिपिविष्टे प्रचेष्टितम्।
चक्रुः कुतूहलं सर्वे तस्मिंश्च गमनोत्सवे॥ १०

यस प्रकार जब दक्षको विनाशका लागि वीरभद्र प्रस्थान गर्नुभयो, त्यस समय कल्पवृक्षहरूबाट फूलहरूको वर्षा हुन लाग्यो। सबै गणहरूले शिवको कार्यका लागि चेष्टा गर्नुहुने वीरभद्रको स्तुति गरे र त्यस यात्राको उत्सवमा कौतूहल गर्न लागे॥ ९-१०॥

काली कात्यायनीशानी चामुंडा मुंडमर्दिनी।
भद्रकाली तथा भद्रा त्वरिता वैष्णवी तथा॥ ११
एताभिर्नवदुर्गाभिर्महाकाली समन्विता।
ययौ दक्षविनाशाय सर्वभूतगणैः सह॥ १२

त्यसै समय काली, कात्यायनी, ईशानी, चामुण्डा, मुण्डमर्दिनी, भद्रकाली, भद्रा, त्वरिता तथा वैष्णवी—यी नौ दुर्गाहरू तथा समस्त भूतगणहरूका साथ महाकाली दक्षको विनाश गर्नका निम्ति प्रस्थान गर्नुभयो॥ ११-१२॥

डाकिनी शाकिनी चैव भूतप्रमथगुह्यकाः।
कूष्मांडाः पर्पटाश्चैव चटका ब्रह्मराक्षसाः॥ १३
भैरवाः क्षेत्रपालाश्च दक्षयज्ञविनाशकाः।
निर्ययुस्त्वरितं वीराः शिवाज्ञाप्रतिपालकाः॥ १४

शिवको आज्ञा पालक डाकिनी, शाकिनी, भूत, प्रमथ, गुह्यक, कूष्माण्ड, पर्पट, चटक, ब्रह्मराक्षस, भैरव तथा क्षेत्रपाल आदि वीर दक्षको यज्ञ विनाश गर्नका निम्ति तुरुंत हिँडे॥ १३-१४॥

तथैव योगिनीचक्रं चतुःषष्टिगणान्वितम्।
निर्ययौ सहसा क्रुद्धं दक्षयज्ञं विनाशितुम्॥ १५

त्यसै प्रकार चौँसठ्ठी गणका साथ योगिनीहरूको मण्डल पनि सहसा कुपित भएर दक्षयज्ञको विनाश गर्नका निम्ति निस्किए॥ १५॥

तेषां गणानां सर्वेषां संख्यानं शृणु नारद।
महाबलवतां संघो मुख्यानां धैर्यशालिनाम्॥ १६

हे नारद! ती सबै गणहरूको धैर्यशाली तथा महाबली मुख्य गणहरूको जुन समूह थियो, त्यसको संख्या सुन्नुहोस्॥ १६॥

अभ्ययाच्छङ्कुकर्णश्च दशकोट्या गणेश्वरः।
दशभिः केकराक्षश्च विकृतोऽष्टाभिरेव च॥ १७

शंकुकर्ण [नामक] गणेश्वर दस करोड गणका साथ, केकराक्ष दस करोड गणका साथ तथा विकृत आठ करोड गणका साथ हिँडे॥ १७॥

चतुःषष्ट्या विशाखश्च नवभिः पारियात्रिकः।
षड्भिः सर्वाङ्कको वीरस्तथैव विकृताननः॥ १८
ज्वालकेशो द्वादशभिः कोटिभिर्गणपुङ्गवः।
सप्तभिः समदज्जीमान् दुद्रभोऽष्टाभिरेव च॥ १९
पञ्चभिश्च कपालीशः षड्भिः संदारको गणः।
कोटिकोटिभिरेवेह कोटिकुण्डस्तथैव च॥ २०
विष्टम्भोऽष्टाष्टभिर्वीरैः कोटिभिर्गणसत्तमः।
सहस्रकोटिभिस्तात सन्नादः पिप्पलस्तथा॥ २१
आवेशनस्तथाष्टाभिरष्टाभिश्चंद्रतापनः।
महावेशः सहस्रेण कोटिना गणपो वृतः॥ २२
कुण्डी द्वादशकोटीभिस्तथा पर्वतको मुने।
विनाशितुं दक्षयज्ञं निर्ययौ गणसत्तमः॥ २३

हे तात! हे मुनि! विशाख चौँसठ्ठी करोड, पारियात्रिक नौ करोड, सर्वांकक छ करोड, वीर विकृतानन पनि छ करोड, गणहरूमा श्रेष्ठ ज्वालकेश बाह्र करोड, समदज्जीमान् सात करोड, दुद्रभ आठ करोड, कपालीश पाँच करोड, सन्दारक छ करोड, कोटि र कुण्ड एक-एक करोड, गणहरूमा उत्तम विष्टम्भ चौँसठ्ठी करोड वीरहरूका साथ, सन्नाद, पिप्पल एक हजार करोड, आवेशन तथा चन्द्रतापन आठ-आठ करोड, गणाधीश महावेश हजार करोड गणहरूका साथ, कुंडी बाह्र करोड र गणश्रेष्ठ पर्वतक पनि बाह्र करोड गणहरूका साथ दक्षयज्ञको विध्वंस गर्नका निम्ति गए॥ १८—२३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कालश्च कालकश्चैव महाकालस्तथैव च।
कोटीनां शतकेनैव दक्षयज्ञं ययौ प्रति॥ २४
अग्निकृच्छतकोट्या च कोट्याग्निमुख एव च।
आदित्यमूर्धा कोट्या च तथा चैव घनावहः॥ २५
सन्नाहः शतकोट्या च कोट्या च कुमुदो गणः।
अमोघः कोकिलश्चैव कोटिकोट्या गणाधिपः॥ २६
काष्ठागूढश्चतुःषष्ट्या सुकेशो वृषभस्तथा।
सुमन्त्रको गणाधीशस्तथा तात सुनिर्ययौ॥ २७
काकपादोदरः षष्टिकोटिभिर्गणसत्तमः।
तथा सन्तानकः षष्टिकोटिभिर्गणपुङ्गवः॥ २८
महाबलश्च नवभिः कोटिभिः पुङ्गवस्तथा॥ २९
मधुपिङ्गस्तथा तात गणाधीशो हि निर्ययौ।
नीलो नवत्या कोटीनां पूर्णभद्रस्तथैव च॥ ३०
निर्ययौ शतकोटीभिश्चतुर्वक्त्रो गणाधिपः॥ ३१
विरूपाक्षश्च कोटीनां चतुःषष्ट्या गणेश्वरः।
तालकेतुः षडास्यश्च पञ्चास्यश्च गणाधिपः॥ ३२
संवर्तकस्तथा चैव कुलीशश्च स्वयं प्रभुः।
लोकान्तकश्च दीप्तात्मा तथा दैत्यान्तको मुने॥ ३३
गणो भृङ्गीरिटिः श्रीमान् देवदेवप्रियस्तथा।
अशनिर्भालकश्चैव चतुःषष्ट्या सहस्रकः॥ ३४
कोटिकोटिसहस्राणां शतैर्विंशतिभिर्वृतः।
वीरेशो ह्यभ्ययाद्वीरः वीरभद्रः शिवाज्ञया॥ ३५
भूतकोटिसहस्रैस्तु प्रययौ कोटिभिस्त्रिभिः।
रोमजैः श्वगणैश्चैव तथा वीरो ययौ द्रुतम्॥ ३६
तदा भेरीमहानादः शंखाश्च विविधस्वनाः।
जटाहरो मुखाश्चैव शृङ्गाणि विविधानि च॥ ३७
ते तानि विततान्येव बंधनानि सुखानि च।
वादित्राणि विनेदुश्च विविधानि महोत्सवे॥ ३८
वीरभद्रस्य यात्रायां सबलस्य महामुने।
शकुनान्यभवंस्तत्र भूरीणि सुखदानि च॥ ३९

काल, कालक र महाकाल सय-सय करोड गणहरूलाई साथ लिएर दक्षयज्ञतिर हिँडे॥ २४॥

हे तात! अग्निकृत् सय करोड, अग्निमुख एक करोड, आदित्यमूर्धा तथा घनावह एक-एक करोड, सन्नाह सय करोड, गण कुमुद एक करोड, गणेश्वर अमोघ तथा कोकिल एक-एक करोड र गणाधीश काष्ठागूढ, सुकेशी, वृषभ तथा सुमन्त्रक चौँसठ्ठी-चौँसठ्ठी करोड गणहरूलाई साथ लिएर हिँडे॥ २५—२७॥

हे तात! गणहरूमा श्रेष्ठ काकपादोदर साठी करोड, गणश्रेष्ठ सन्तानक साठी करोड, महाबल तथा पुंगव नौ-नौ करोड, गणाधीश मधुपिंग नौ करोड र नील तथा पूर्णभद्र नब्बे करोड गणहरूलाई साथ लिएर हिँडे। गणराज चतुर्वक्त्र सय करोड गणहरूलाई साथ लिएर हिँडे॥ २८—३१॥

हे मुनि! गणेश्वर विरूपाक्ष, तालकेतु, षडास्य तथा गणेश्वर पंचास्य चौँसठ्ठी करोड, संवर्तक, स्वयं प्रभु कुलीश, लोकान्तक, दीप्तात्मा, दैत्यान्तक एवं शिवका परम प्रिय गण श्रीमान् भृंगी, रिटि, अशनि, भालक र सहस्रक चौँसठ्ठी करोड गणहरूका साथ हिँडे॥ ३२—३४॥

महावीर तथा वीरेश्वर वीरभद्र पनि शिवको आज्ञाले बीसौँ, सयकडौँ तथा हजारौँ करोड गणहरूले घेरिएर त्यहाँ पुगे॥ ३५॥ वीरभद्र हजार करोड भूतहरू तथा तीन करोड रोमजनित श्वगणहरूका साथ शीघ्र त्यहाँ पुग्नुभयो॥ ३६॥

त्यस समय भेरिहरूको गम्भीर ध्वनि हुन लाग्यो। शंख बज्न लागे। जटाहरू, मुखहरू तथा शृंगहरूबाट अनेक प्रकारका आवाज हुन लाग्यो। त्यस महोत्सवमा चित्तलाई आकर्षित एवं सुखानुभूति उत्पन्न गर्ने बाजाहरूका शब्द चारैतिर व्याप्त भयो॥ ३७-३८॥

हे महामुनि! सेनासहित महाबली वीरभद्रको त्यस यात्रामा अनेक प्रकारका सुखदायक शकुन हुन लाग्यो॥ ३९॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां द्वितीये सतीखण्डे वीरभद्रयात्रावर्णनं नाम त्रयस्त्रिंशोऽध्यायः॥ ३३॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको द्वितीय सतीखण्डमा वीरभद्रको यात्रा वर्णन नामक तेत्तिसौँ अध्याय पूर्ण भयो॥ ३३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ चतुस्त्रिंशोऽध्यायः

अनेक अपशकुन एवं उत्पातसूचक लक्षणलाई देखेर दक्ष तथा देवताहरू भयभीत हुनु

ब्रह्मोवाच

एवं प्रचलिते चास्मिन् वीरभद्रे गणान्विते।
दुष्टचिह्नानि दक्षेण दृष्टानि विबुधैरपि॥ १

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार गणसहित वीरभद्रको प्रस्थान भएपछि दक्ष तथा देवताहरूलाई अनेक प्रकारका अशुभ लक्षण देखा पर्न लाग्यो॥ १॥

उत्पाता विविधाश्चासन् वीरभद्रे गणान्विते।
त्रिविधा अपि देवर्षे यज्ञविध्वंससूचकाः॥ २

गणसहित वीरभद्र हिँडेपछि त्यहाँ अनेक प्रकारका उत्पात हुन लाग्यो र हे देवर्षि! यज्ञविध्वंसका सूचना दिने तीन प्रकार (आध्यात्मिक, आधिदैविक एवं आधिभौतिक)-का अपशकुन हुन लाग्यो॥ २॥

दक्षवामाक्षिबाहूरुविस्पंदः समजायत।
नानाकष्टप्रदस्तात सर्वथाशुभसूचकः॥ ३

हे तात! दक्षको बाँया आँखा, बाँया हात र बाँया तिघ्रा फरफराउन लागे, जो अनेक प्रकारका कष्ट दिने तथा सर्वथा अशुभका सूचक थिए॥ ३॥

भूकंपः समभूत्तत्र दक्षयागस्थले तदा।
दक्षोऽपश्यच्च मध्याह्ने नक्षत्राण्यद्भुतानि च॥ ४

दिशश्चासन्सुमलिनाः कर्बुरोऽभूद्दिवाकरः।
परिवेषसहस्रेण संक्रांतश्च भयंकरः॥ ५

त्यस समय दक्षको यज्ञस्थलमा भूकम्प उत्पन्न भयो। दक्षले दिउँसै अनेक अद्भुत नक्षत्र देख्न लागे। दिशाहरू धमिला भए, सूर्य मधुरो भए। सूर्यमा हजारौँ घेरा परे, जसबाट ती भयंकर देखिन लागे॥ ४-५॥

नक्षत्राणि पतन्ति स्म विद्युदग्निप्रभाणि च।
नक्षत्राणामभूद्वक्रा गतिश्चाधोमुखी तदा॥ ६

गृध्रा दक्षशिरः स्पृष्ट्वा समुद्धूताः सहस्रशः।
आसीद् गृध्रपक्षच्छायैः सच्छायो यागमंडपः॥ ७

बिजुली तथा अग्निसमान दीप्तिमान् तारा टुक्रिएर खस्न लागे। नक्षत्रहरूको गति टेढो र तलतिर भयो। हजारौँ गीद्ध दक्षको शिरलाई छोएर उड्न लागे र ती गीद्धहरूका पखेटाको छायाँले यज्ञमण्डप ढाकियो॥ ६-७॥

ववाशिरे यागभूमौ क्रोष्टारो नेत्रकस्तदा।
उल्कावृष्टिरभूत्तत्र श्वेतवृश्चिकसंभवा॥ ८

खरा वाता ववुस्तत्र पांशुवृष्टिसमन्विताः।
शलभाश्च समुद्धूता विवर्तानिलकंपिताः॥ ९

यज्ञभूमिमा स्याल तथा उल्लू कराउन लागे। [आकाशमण्डलबाट] सेता बिच्छीहरूको उल्कावृष्टि हुन लाग्यो। धुलोको वर्षाका साथ तिव्र हावा चल्न लाग्यो र भुमरी परेको वायुले कम्पित भएर बतास सबैतिर उड्न लागे॥ ८-९॥

नीतश्च पवनैरूर्ध्वं स दक्षाध्वरमंडपः।
देवान्वितेन दक्षेण यः कृतो नूतनोऽद्भुतः॥ १०

वेमुर्दक्षादयः सर्वे तदा शोणितमद्भुतम्।
वेमुश्च मांसखण्डानि सशल्यानि मुहुर्मुहुः॥ ११

दक्षले देवताहरूका साथ जुन नवीन तथा अद्भुत यज्ञमण्डपको निर्माण गरेका थिए, त्यसलाई वायुले माथितिर उडाइदियो। दक्ष आदि सबै जना अद्भुत प्रकारले रगत छाद्न गर्न लागे र हड्डीले समन्वित मांसखण्ड पटक-पटक ओकल्न लागे॥ १०-११॥

सकम्पाश्च बभूवुस्ते दीपा वातहता इव।
दुःखिताश्चाभवन्सर्वे शस्त्रधाराहता इव॥ १२

ती सबै वायुको वेगले हल्लिएको बत्तिसमान काम्न लागे र शस्त्रहरूबाट आहत भएका प्राणीहरू समान दुःखित भए। जसरी वनमा प्रातःकालको समय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तदा निनादजातानि बाष्पवर्षाणि तत्क्षणे।
प्रातस्तुषारवर्षीणि पद्मानीव वनान्तरे॥ १३

कमलपुष्पहरूमा तुषारोको वर्षा भएको हुन्छ, त्यसै प्रकार शब्द गर्दै आँसुको वर्षा हुन लाग्यो॥ १२-१३॥

दक्षाद्यक्षीणि जातानि ह्यकस्माद्विशदान्यपि।
निशायां कमलाश्चैव कुमुदानीव सङ्गवे॥ १४

जसरी रात्रिमा कमल तथा दिनमा कुमुद बन्द हुन्छ, त्यसै गरी दक्ष आदिका विशाल आँखाहरू पनि अचानक बन्द भए॥ १४॥

असृग्ववर्ष देवश्च तिमिरेणावृता दिशः।
दिग्दाहोऽभूद्विशेषेण त्रासयन् सकलाञ्जनान्॥ १५

आकाशबाट रगतको वर्षा हुन लाग्यो, दिशाहरू अन्धकारले ढाकिए तथा सबै प्राणीहरूलाई सन्त्रस्त पार्दै दिग्दाह (अग्निदाह) हुन लाग्यो॥ १५॥

एवंविधान्यरिष्टानि ददृशुर्विबुधादयः।
भयमापेदिरेऽत्यन्तं मुने विष्ण्वादिकास्तदा॥ १६

हे मुनि! जब विष्णु आदि देवताहरूले यस प्रकारको उत्पात देखे, तब ती अत्यन्त भयभीत भए॥ १६॥

भुवि ते मूर्छिताः पेतुर्हा हताः स्म इतीरयन्।
तरवस्तीरसञ्जाता नदीवेगहता इव॥ १७

हाय, अब हामीहरू मारियौँ—यस प्रकार भन्दै ती मूर्च्छित भएर पृथिवीमा यस प्रकार ढले, जसरी नदीको वेगले किनारका वृक्ष ढल्दछन्॥ १७॥

पतित्वा ते स्थिता भूमौ क्रूराः सर्पा हता इव।
कंदुका इव ते भूयः पतिताः पुनरुत्थिताः॥ १८

ततस्ते तापसंतप्ता रुरुदुः कुररी इव।
रोदनध्वनिसंक्रान्तोरुक्तिप्रत्युक्तिका इव॥ १९

ती पृथिवीमा यस प्रकार ढलेर अचेत हुन्थे जसरी डसेपछि विषालु सर्प अचेत हुन्छ र कहिले भकुण्डोसमान पृथिवीमा लडेर पुनः उठ्थे। त्यसपछि ती तापले व्याकुल भएर कुररी पक्षी झैँ विलाप गर्थे एवं उक्ति तथा प्रत्युक्तिको शब्द गर्दै रोइरहेका थिए॥ १८-१९॥

सवैकुंठास्ततः सर्वे तदा कुंठितशक्तयः।
स्वस्वोपकंठमाकंठं लुलुठुः कमठा इव॥ २०

त्यस समय विष्णुसहित सबैको शक्ति कुण्ठित भयो र ती आपसमा एक-अर्काको नजिक कण्ठपर्यन्त कछुवाको समान टाँसिन लागे॥ २०॥

एतस्मिन्नन्तरे तत्र सञ्जाता चाशरीरवाक्।
श्रावयत्यखिलान् देवान् दक्षं चैव विशेषतः॥ २१

यसै बीच त्यहाँ समस्त देवताहरू र विशेष गरी दक्षलाई सुनाउँदै आकाशवाणी भयो॥ २१॥

आकाशवाण्युवाच

धिग् जन्म तव दक्षाद्य महामूढोऽसि पापधीः।
भविष्यति महद्दुःखमनिवार्यं हरोद्भवम्॥ २२

आकाशवाणी भन्दछिन्—हे दक्ष! तिम्रो जन्मलाई धिक्कार छ। तिमी महामूर्ख र पापात्मा हौ। शिवका कारण आज तिमीलाई महान् दुःख प्राप्त हुँदै छ, जसको निवारण हुन सक्तैन॥ २२॥

सहायिनोऽत्र ये मूढास्तव देवादयः स्थिताः।
तेषामपि महद्दुःखं भविष्यति न संशयः॥ २३

यहाँ जो तिम्रा सहायक मूर्ख देवता उपस्थित छन्, तिनलाई पनि महान् दुःख हुने छ, यसमा संशय छैन॥ २३॥

ब्रह्मोवाच

तच्छ्रुत्वाकाशवचनं दृष्ट्वारिष्टानि तानि च।
दक्षः प्रापद्भयं चाति परे देवादयोऽपि ह॥ २४

ब्रह्मा भन्नुहुन्छ—[हे मुनि!] त्यस आकाशवाणीलाई सुनेर र ती उपद्रवहरूलाई देखेर दक्ष तथा अन्य देवता आदि पनि अत्यन्त भयभीत भए॥ २४॥

वेपमानस्तदा दक्षो विकलश्चाति चेतसि।
अगच्छच्छरणं विष्णोः स्वप्रभोरिन्दिरापतेः॥ २५

त्यस समय दक्ष मन-मनै अत्यन्त व्याकुल भई काम्न लागे र आफ्नो प्रभु लक्ष्मीपति भगवान् विष्णुको शरणमा गए॥ २५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुप्रणम्य भयाविष्टः संस्तूय च विचेतनः।
अवोचद्देवदेवं तं विष्णुं स्वजनवत्सलम्॥ २६

भयभीत तथा बेसुध दक्ष ती स्वजनवत्सल देवाधिदेव विष्णुलाई प्रणाम गरी तथा उहाँको स्तुति गरी भन्न लागे— ॥ २६ ॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां द्वितीये सतीखण्डे दुःशकुनदर्शनं नाम चतुस्त्रिंशोऽध्यायः ॥ ३४ ॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताका द्वितीय सतीखण्डमा अपशकुन-दर्शन नामक चौंतिसौं अध्याय पूर्ण भयो ॥ ३४ ॥

अथ पञ्चत्रिंशोऽध्यायः

दक्षद्वारा यज्ञको रक्षाका लागि भगवान् विष्णुसित प्रार्थना, भगवान्ले शिवद्रोहजनित संकटलाई टार्नमा आफ्नो असमर्थता बताउनु हुँदै दक्षलाई सम्झाउनु तथा सेनासहित वीरभद्रको आगमन

दक्ष उवाच

देवदेव हरे विष्णो दीनबंधो कृपानिधे।
मम रक्षा विधातव्या भवता साध्वरस्य च॥ १
रक्षकस्त्वं मखस्यैव मखकर्मा मखात्मकः।
कृपा विधेया यज्ञस्य भङ्गो भवतु न प्रभो॥ २

दक्ष भन्नुहुन्छ—हे देवदेव! हे हरि! हे विष्णु! हे दीनबन्धु! हे कृपानिधि! हजुरले मेरो तथा मेरो यज्ञको रक्षा गर्नुपर्छ। हजुर नै यज्ञका रक्षक, यज्ञ गर्ने र यज्ञस्वरूप हुनुहुन्छ। हे प्रभु! हजुरले यस्तो कृपा गर्नुपर्छ, जसबाट यज्ञको विनाश नहोस्॥ १-२॥

ब्रह्मोवाच

इत्थं बहुविधां दक्षः कृत्वा विज्ञप्तिमादरात्।
पपात पादयोस्तस्य भयव्याकुलमानसः॥ ३
उत्थाप्य तं ततो विष्णुर्दक्षं विक्लिन्नमानसम्।
श्रुत्वा च तस्य तद्वाक्यं कुमतेरस्मरच्छिवम्॥ ४

ब्रह्मा भन्नुहुन्छ—हे मुनीश्वर! यस प्रकार आदरपूर्वक प्रार्थना गरी भयले व्याकुल चित्त भएका दक्ष उहाँका चरणहरूमा परे। तब दुःखी मन भएका दक्षलाई उठाउनुभयो र त्यस दुर्बुद्धिको कुरा सुनेर विष्णुले शिवको स्मरण गर्नुभयो॥ ३-४॥

स्मृत्वा शिवं महेशानं स्वप्रभुं परमेश्वरम्।
अवदच्छिवतत्त्वज्ञो दक्षं संबोधयन्हरिः॥ ५

आफ्नो प्रभु एवं महान् ऐश्वर्यले युक्त परमेश्वर शिवको स्मरण गरी शिवतत्त्वका ज्ञाता श्रीहरि दक्षलाई सम्बोधन गर्दै भन्न लागनुभयो— ॥ ५ ॥

हरिरुवाच

शृणु दक्ष प्रवक्ष्यामि तत्त्वतः शृणु मे वचः।
सर्वथा ते हितकरं महामंत्रसुखप्रदम्॥ ६

हरि भन्नुहुन्छ—हे दक्ष! म तपाईंलाई यथार्थ कुरा बताइरहेको छु, मेरो कुरा सुन्नुहोस्, यो तपाईंका लागि सर्वथा हितकर तथा महामन्त्र सरह सुखदायक छ ॥ ६ ॥

अवज्ञा हि कृता दक्ष त्वया तत्त्वमजानता।
सकलाधीश्वरस्यैव शंकरस्य परात्मनः॥ ७

हे दक्ष! शिवतत्त्वलाई नजानेका कारण तपाईंले सबैका अधिपति परमात्मा शंकरको अवहेलना गर्नुभएको छ ॥ ७ ॥

ईश्वरावज्ञया सर्वं कार्यं भवति सर्वथा।
विफलं केवलं नैव विपत्तिश्च पदे पदे॥ ८
अपूज्या यत्र पूज्यन्ते पूजनीयो न पूज्यते।
त्रीणि तत्र भविष्यन्ति दारिद्र्यं मरणं भयम्॥ ९

ईश्वरको अवहेलनाबाट सारा कार्य सर्वथा निष्फल हुने मात्र हैन, अपितु पाइला-पाइलामा विपत्ति पनि आउँछन्। जहाँ अपूज्य व्यक्तिहरूको पूजा हुन्छ र पूजनीयको हुँदैन, त्यहाँ दरिद्रता, मृत्यु एवं भय—यी तीन अवश्य हुने छन्॥ ८-९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तस्मात्सर्वप्रयत्नेन माननीयो वृषध्वजः।
अमानितान्महेशाच्च महद्भयमुपस्थितम्॥ १०

यसैले सम्पूर्ण प्रयत्नद्वारा तपाईंले भगवान् वृषभध्वजको सम्मान गर्नुपर्दछ। महेश्वरको अपमान गर्नाले नै [तपाईंमाथि] महान् भय उपस्थित भएको छ॥ १०॥

अद्यापि न वयं सर्वे प्रभवः प्रभवामहे।
भवतो दुर्नयेनैव मया सत्यमुदीर्यते॥ ११

हामी सबै जना प्रभु हुँदामा पनि आज दुर्नीतिको कारण तपाईंलाई केही पनि गर्नमा समर्थ छैनौँ। म सत्य भनिरहेको छु॥ ११॥

ब्रह्मोवाच

विष्णोस्तद्वचनं श्रुत्वा दक्षश्चिन्तापरोऽभवत्।
विवर्णवदनो भूत्वा तूष्णीमासीद्भुवि स्थितः॥ १२

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] विष्णुका यी वचन सुनेर दक्ष चिन्तामा परे। उनको मुख तथा अनुहारको रंग मलिन देखियो र ती चुप लागेर पृथिवीमा उभिइरहे॥ १२॥

एतस्मिन्नन्तरे वीरभद्रः सैन्यसमन्वितः।
अगच्छदध्वरं रुद्रप्रेरितो गणनायकः॥ १३

त्यसै समय रुद्रद्वारा पठाइएका गणनायक वीरभद्र आफ्ना सेनाका साथ यज्ञस्थलमा पुग्नुभयो॥ १३॥

पृष्ठे केचित्समायाता गगने केचिदागताः।
दिशश्च विदिशः सर्वे समावृत्य तथापरे॥ १४
शर्वाज्ञया गणाः शूरा निर्भया रुद्रविक्रमाः।
असंख्याः सिंहनादान्वै कुर्वंतो वीरसत्तमाः॥ १५

केही गण भूपृष्ठमा आए, केही आकाशमा स्थित भए र केही गण दिशा तथा विदिशाहरूलाई व्याप्त गरी उभिए। शिवको आज्ञाले ती रुद्रसमान पराक्रम भएका, शूर, निर्भीक तथा वीरहरूमा श्रेष्ठ असंख्य गण सिंहनाद गर्दै त्यहाँ पुगे॥ १४-१५॥

तेन नादेन महता नादितं भुवनत्रयम्।
रजसा चावृतं व्योम तमसा चावृता दिशः॥ १६
सप्तद्वीपान्विता पृथ्वी चचालाति भयाकुला।
सशैलकानना तत्र चुक्षुभुः सकलाब्धयः॥ १७

त्यस घोर नादबाट तीनवटै लोक गुञ्जयमान भयो। आकाश धुलोले भरियो र दिशाहरू अन्धकारले ढाकियो। सातै द्वीपहरूले युक्त पृथिवी भयले अत्यन्त व्याकुल भएर पर्वत र वनहरूसहित काम्न लागिन् तथा सबै समुद्र विक्षुब्ध भए॥ १६-१७॥

एवंभूतं च तत्सैन्यं लोकक्षयकरं महत्।
दृष्ट्वा च विस्मिताः सर्वे बभूवुरमरादयः॥ १८

समस्त लोकको विनाश गर्ने यस प्रकारको त्यस विशाल सैन्यदललाई देखेर समस्त देवता आदि चकित भए॥ १८॥

सैन्योद्योगमथालोक्य दक्षश्चासृङ्मुखाकुलः।
दंडवत्पतितो विष्णुं सकलत्रोऽभ्यभाषत॥ १९

यस सैन्य-उद्योगलाई देखेर मुखबाट रगत वमन गर्दै ती दक्ष पत्नीसहित विष्णुका चरणहरूमा दण्ड झैं लम्पसार परेर यस प्रकार भन्न लागे—॥ १९॥

दक्ष उवाच

भवद्बलेनैव मया यज्ञः प्रारंभितो महान्।
सत्कर्मसिद्धये विष्णो प्रमाणं त्वं महाप्रभो॥ २०

दक्ष भन्दछन्—हे विष्णु! हे महाप्रभु! हजुरको बलले नै मैले यस महान् यज्ञलाई आरम्भ गरेको हुँ, सत्कर्मको सिद्धिका लागि हजुर नै प्रमाण मानिनुहुन्छ॥ २०॥

विष्णो त्वं कर्मणां साक्षी यज्ञानां प्रतिपालकः।
धर्मस्य वेदगर्भस्य ब्रह्मणस्त्वं महाप्रभो॥ २१
तस्माद्रक्षा विधातव्या यज्ञस्यास्य मम प्रभो।
त्वदन्यः कः समर्थोऽस्ति यतस्त्वं सकलप्रभुः॥ २२

हे विष्णु! हजुर कर्महरूका साक्षी तथा यज्ञहरूका प्रतिपालक हुनुहुन्छ। हे महाप्रभु! हजुर वेदसारसर्वस्व, धर्म र ब्रह्माका रक्षक हुनुहुन्छ। अतः हे प्रभु! हजुरले मेरो यज्ञको रक्षा गर्नुपर्छ। हजुरबाहेक दोस्रो को समर्थ छ; किनभने हजुर सबैका प्रभु हुनुहुन्छ॥ २१-२२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

दक्षस्य वचनं श्रुत्वा विष्णुर्दीनतरं तदा।
अवोचद् बोधयंस्तं वै शिवतत्त्वपराङ्मुखम्॥ २३

ब्रह्मा भन्नुहुन्छ—तब दक्षको अत्यन्त दीनतापूर्ण कुरा सुनेर भगवान् विष्णु शिवतत्त्वबाट विमुख ती दक्षलाई ज्ञान प्रदान गर्दै भन्न लाग्नुभयो— ॥ २३ ॥

विष्णुरुवाच

मया रक्षा विधातव्या तव यज्ञस्य दक्ष वै।
ख्यातो मम पणः सत्यो धर्मस्य परिपालनम्॥ २४

विष्णु भन्नुहुन्छ—हे दक्ष! मैले तपाईंको यज्ञको रक्षा अवश्य गर्नुपर्छ; धर्मको परिपालनविषयक जुन मेरो सत्य प्रतिज्ञा छ, त्यो [सर्वत्र] विख्यात छ॥ २४॥

तत्सत्यं तु त्वयोक्तं हि किं तत्तस्य व्यतिक्रमः।
शृणु त्वं वच्म्यहं दक्ष क्रूरबुद्धिं त्यजाधुना॥ २५

तपाईंले जे भन्नुभएको छ, त्यो सत्य हो, त्यसको व्यतिक्रम कसरी हुन सक्छ। तर दक्ष! म जे भन्छु, त्यसलाई तपाईं सुन्नुहोस्। तपाईं यस समय क्रूरतापूर्ण बुद्धिलाई त्यागिदिनुहोस्॥ २५॥

नैमिषेऽनिमिषक्षेत्रे यज्जातं वृत्तमद्भुतम्।
तत् किं न स्मर्यते दक्ष विस्मृतं किं कुबुद्धिना॥ २६

हे दक्ष! देवताहरूको क्षेत्र नैमिषारण्यमा जुन अद्भुत घटना घटित भएको थियो, के तपाईंलाई त्यसको स्मरण भइरहेको छैन? तपाईंले कुबुद्धिका कारण त्यसलाई विर्सनुभयो?॥ २६॥

रुद्रकोपाच्च को ह्यत्र समर्थो रक्षणे तव।
न यस्याभिमतं दक्ष यस्त्वां रक्षति दुर्मतिः॥ २७

रुद्रको कोपबाट तपाईंको रक्षा गर्नमा यहाँ को समर्थ छ? हे दक्ष! तपाईंको रक्षा कसैले गर्न सक्तैनन्? परंतु जो तपाईंको रक्षा गर्न उद्यत हुन्छन्, ती दुर्बुद्धि हुन्॥ २७॥

किं कर्म किमकर्मेति तन्न पश्यसि दुर्मते।
समर्थं केवलं कर्म न भविष्यति सर्वदा॥ २८

हे दुर्मति! कर्म के हो र अकर्म के हो, यसलाई तपाईंले बुझ्न पाउनु भएको छैन। केवल कर्म नै [सब थोक गर्नमा] सर्वदा समर्थ हुन सक्तैन॥ २८॥

स्वकर्म विद्धि तद्येन समर्थत्वेन जायते।
न त्वन्यः कर्मणो दाता शं भवेदीश्वरं विना॥ २९

ईश्वरस्य च यो भक्त्या शांतस्तद्गतमानसः।
कर्मणो हि फलं तस्य प्रयच्छति तदा शिवः॥ ३०

जसको सहयोगले कर्ममा केही गर्ने सामर्थ्य आउँछ, त्यसैलाई तपाईं स्वकर्म सम्झनुहोस्। भगवान् शिव विना दोस्रो कोही कर्ममा कल्याण गर्ने शक्ति दिनेवाला छैनन्। जो शान्त भएर ईश्वरमा मन लगाएर भक्तिपूर्वक कार्य गर्छ, उसैलाई भगवान् शिव त्यस कर्मको फल दिनुहुन्छ॥ २९-३०॥

केवलं ज्ञानमाश्रित्य निरीश्वरपरा नराः।
निरयं ते च गच्छन्ति कल्पकोटिशतानि च॥ ३१

पुनः कर्ममयैः पाशैर्बद्धा जन्मनि जन्मनि।
निरयेषु प्रपच्यन्ते केवलं कर्मरूपिणः॥ ३२

जुन मनुष्य केवल ज्ञानको सहारा लिएर अनीश्वरवादी हुन जान्छ, त्यो सय करोड कल्पसम्म नरकमै परिरहन्छ। केवल कर्मपरायण रहने मनुष्य प्रत्येक जन्ममा कर्ममय पाशोहरूद्वारा बाँधिन्छन् र नरकहरूको यातना भोग्दछन्॥ ३१-३२॥

अयं रुद्रगणाधीशो वीरभद्रोऽरिमर्दनः।
रुद्रकोपाग्निसंभूतः समायातोऽध्वराङ्गणे॥ ३३

यी रुद्रगणहरूका स्वामी, शत्रुमर्दन तथा रुद्रको क्रोधाग्निबाट उत्पन्न वीरभद्र यज्ञभूमिमा आइपुगेका छन्॥ ३३॥

अयमस्मद्विनाशार्थमागतोऽस्ति न संशयः।
अशक्यमस्य नास्त्येव किमप्यस्तु तु वस्तुतः॥ ३४

यी हामीहरूको विनाशका लागि आएका छन्, यसमा संशय छैन। चाहे जस्तोसुकै पनि किन नहोस्, वास्तवमा यिनको लागि केही पनि अशक्य छैन॥ ३४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रज्वाल्यास्मानयं सर्वान् ध्रुवमेव महाप्रभुः।
ततः प्रशांतहृदयो भविष्यति न संशयः॥ ३५

महान् सामर्थ्यशाली यी हामी सबैलाई अवश्य जलाएर नै शान्तचित्त हुने छन्, यसमा संशय छैन॥ ३५॥

श्रीमहादेवशपथं समुल्लंघ्य भ्रमान्मया।
यतः स्थितं ततः प्राप्यं मया दुःखं त्वया सह॥ ३६
शक्तिर्मम तु नास्त्येव दक्षाद्यैतन्निवारणे।
शपथोल्लंघनादेव शिवद्रोही यतोऽस्म्यहम्॥ ३७

म भ्रमवस महादेवको शपथको उल्लंघन गरी जुन यहाँ रोकिएँ, त्यसको कारण तपाईंका साथ मैले पनि दुःख सहनु पर्नेछ। हे दक्ष! आज ममा यिनलाई रोक्न सक्ने शक्ति छैन; किनभने शपथको उल्लंघन गर्नाले म शिवद्रोही भएको छु॥ ३६-३७॥

कालत्रयेऽपि न यतो महेशद्रोहिणां सुखम्।
ततोऽवश्यं मया प्राप्तं दुःखमद्य त्वया सह॥ ३८
सुदर्शनाभिधं चक्रमेतस्मिन्न लगिष्यति।
शैवचक्रमिदं यस्मादशैवलयकारणम्॥ ३९

भगवान् शिवसित द्रोह गर्नेहरूलाई त्रिकालमा पनि सुख प्राप्त हुँदैन, अतः आज तपाईंका साथ मलाई पनि अवश्य दुःख प्राप्त भएको छ। मेरो सुदर्शन नामक चक्रले पनि यिनीहरूमाथि प्रभाव पार्न सक्दैन; किनभने यो शैवचक्र [केवल] अशैवहरूको लय गर्नेवाला हो॥ ३८-३९॥

विनापि वीरभद्रेण नामैतच्चक्रमैश्वरम्।
हत्वा गमिष्यत्यधुना सत्वरं हरसन्निधौ॥ ४०
शैवं शपथमुल्लंघ्य स्थितं मां चक्रमीदृशम्।
असंहत्यैव सहसा कृपयैव स्थिरं परम्॥ ४१

वीरभद्रमाथि यस चक्रले प्रहार गर्नासाथ उनको वध नगरीकन नै यो शैवचक्र तत्काल शिवका समक्ष जाने छ। यो शैवचक्र शिवको शपथको उल्लंघन गर्ने मेरो समक्ष मप्रति सहसा प्रहार नगरीकन नै अहिलेसम्म स्थित छ, यही उहाँको महान् कृपा हो॥ ४०-४१॥

अतः परमिदं चक्रमपि न स्थास्यति ध्रुवम्।
गमिष्यत्यधुना शीघ्रं ज्वालामालासमाकुलम्॥ ४२
वीरभद्रः पूजितोऽपि शीघ्रमस्माभिरादरात्।
महाक्रोधसमाक्रांतो नास्मान् संरक्षयिष्यति॥ ४३

अब यो चक्र निश्चित रूपले मेरो नजिक रहने छैन र अग्निका लप्काहरूले व्याप्त भएर यस समय तत्काल जाने छ। हामीहरूले तत्काल आदरपूर्वक पूजा गर्‍यौँ भने पनि महान् क्रोधले भरिएका यी वीरभद्र हाम्रो रक्षा गर्ने छैनन्॥ ४२-४३॥

अकांडप्रलयोऽस्माकमागतोऽद्य हि हा हहा।
हा हा बत तवेदानीं नाशोऽस्माकमुपस्थितः॥ ४४

हाय! यो ठुलो दुःखको कुरा हो कि असमयमा नै हामीहरूका लागि प्रलय आयो। यस समय तपाईंको र हाम्रो विनाश उपस्थित भएको छ॥ ४४॥

शरण्योऽस्माकमधुना नास्त्येव हि जगत्त्रये।
शंकरद्रोहिणो लोके कः शरण्यो भविष्यति॥ ४५
तनुनाशेऽपि संप्राप्यास्तैश्चापि यमयातनाः।
ता नैव शक्यते सोढुं बहुदुःखप्रदायिनीः॥ ४६

यस समय त्रिलोकीमा हाम्रो रक्षा गर्ने कोही छैनन्, भलै शंकरको द्रोहीलाई शरण दिने संसारमा को होला? शरीरको नाश भएपछि पनि [शिवद्रोहको कारण] तिनलाई यमका यातनाहरू प्राप्त हुनेछन्। ज्यादै दुःख दिने ती यातनाहरूलाई सहन सकिन्न॥ ४५-४६॥

शिवद्रोहिणमालोक्य दष्टदन्तो यमः स्वयम्।
तप्ततैलकटाहेषु पातयत्येव नान्यथा॥ ४७
गन्तुमेवाहमुद्युक्तः सर्वथा शपथोत्तरम्।
तथापि न गतः शीघ्रं दुष्टसंसर्गपापतः॥ ४८

शिवद्रोहीलाई देखेर यमराज स्वयं दाँत चपाउँदै सन्तप्त तेलले पूर्ण कराईहरूमा हालिदिन्छन्, यसमा कुनै सन्देह छैन। शपथ पछि म तत्काल जानलाई उद्यत थिए, तर दुष्टको संसर्गरूपी पापको कारण नै गइन॥ ४७-४८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यदद्य क्रियतेऽस्माभिः पलायनमितस्तदा।
शार्वो नाकर्षकः शस्त्रैरस्मानाकर्षयिष्यति॥ ४९
स्वर्गे वा भुवि पाताले यत्र कुत्रापि वा यतः।
श्रीवीरभद्रशस्त्राणां गमनं न हि दुर्लभम्॥ ५०

यदि यस समय हामीहरूले भाग्ने प्रयास गर्‍याँ भने पनि कर्षण गर्नुहुने शिवभक्त वीरभद्र आफ्ना शस्त्रहरूले हामीलाई तान्ने छन्; किनभने स्वर्ग, पृथिवी, पातालमा जहाँ कहीँ पनि वीरभद्रका शस्त्रहरू जान असम्भव छैनन्॥ ४९-५०॥

यावन्तश्च गणाः सन्ति श्रीरुद्रस्य त्रिशूलिनः।
तावतामपि सर्वेषां शक्तिरेतादृशी ध्रुवम्॥ ५१
श्रीकालभैरवः काश्यां नखाग्रेणैव लीलया।
पुरा शिरश्च चिच्छेद पञ्चमं ब्रह्मणो ध्रुवम्॥ ५२

त्रिशूलधारी श्रीरुद्रका जति पनि गण यहाँ छन्, ती सबैको यस्तै शक्ति छ। पूर्व समयमा काशीमा कालभैरवले आफ्नो नङको अग्रभागले लीलापूर्वक ब्रह्माका पाँचै शिरलाई काटिदिएका थिए॥ ५१-५२॥

एतदुक्त्वा स्थितो विष्णुरतित्रस्तमुखाम्बुजः।
वीरभद्रोऽपि संप्राप तदैवाध्वरमंडपम्॥ ५३
एवं ब्रुवति गोविन्द आगतं सैन्यसागरम्।
वीरभद्रेण सहितं ददृशुश्च सुरादयः॥ ५४

यस्तो भनेर अत्यन्त व्याकुल मुखकमल भएका विष्णु चुपचाप बस्नुभयो, त्यसै समय वीरभद्र पनि यज्ञमण्डपमा आइपुगे। विष्णु यस्तो भनिरहनुभएको थियो कि वीरभद्रका साथ [विशाल] सैन्यसमूह पनि आइपुगे, जसलाई देवता आदिले देखे॥ ५३-५४॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां द्वितीये सतीखण्डे सत्युपाख्याने विष्णुवाक्यवर्णनं नाम पञ्चत्रिंशोऽध्यायः॥ ३५॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको द्वितीय सतीखण्डमा सती-उपाख्यानमा विष्णुका वचनवर्णन नामक पैँतिसौँ अध्याय पूर्ण भयो॥ ३५॥

अथ षट्त्रिंशोऽध्यायः

युद्धमा शिवगणहरूबाट पराजित भई देवताहरू पलायन, इन्द्र आदिले सोधेपछि बृहस्पतिले रुद्रदेवको अजेयता बताउनु, वीरभद्रले देवताहरूलाई युद्धका लागि ललकार्नु, श्रीविष्णु र वीरभद्रको कुराकानी

ब्रह्मोवाच

इन्द्रोऽपि प्रहसन् विष्णुमात्मवादरतं तदा।
वज्रपाणिः सुरैः सार्धं योद्धुकामोऽभवत्तदा॥ १

ब्रह्मा भन्नुहुन्छ—त्यस समय [शिवतत्त्वरूपी] आत्मवादमा रत विष्णुप्रति हाँस्तै इन्द्र हातमा गदा धारण गरी देवताहरूलाई साथ लिएर [वीरभद्रसित] युद्ध गर्नका निम्ति तत्पर भए॥ १॥

तदेन्द्रो गजमारूढो बस्तारूढोऽनलस्तथा।
यमो महिषमारूढो निर्ऋतिः प्रेतमेव च॥ २

त्यस समय इन्द्र हात्तीमा सवार भए, अग्नि भेडामा सवार भए, यम भैंसीमा चढे र निर्ऋति प्रेतमा सवार भए॥ २॥

पाशी च मकरारूढो मृगारूढः सदागतिः।
कुबेरः पुष्पकारूढः संनद्धोऽभूदतन्द्रितः॥ ३
तथान्ये सुरसंघाश्च यक्षचारणगुह्यकाः।
आरुह्य वाहनान्येव स्वानि स्वानि प्रतापिनः॥ ४

वरुण गोहीमा, वायु मृगमा र कुबेर पुष्पक विमानमा चढेर आलस्यरहित भएर [युद्धका लागि] तयार भए। यसै प्रकार प्रतापी अरू देवसमूह, यक्ष, चारण तथा गुह्यक पनि आ-आफ्ना वाहनहरूमा चढेर तयार भए॥ ३-४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेषामुद्योगमालोक्य दक्षश्चासृङ्मुखस्तथा।
तदन्तिकं समागत्य सकलत्रोऽभ्यभाषत॥ ५

दक्ष उवाच

युष्मद्बलेनैव मया यज्ञः प्रारंभितो महान्।
सत्कर्मसिद्धये यूयं प्रमाणाः स्युर्महाप्रभाः॥ ६

ब्रह्मोवाच

तच्छ्रुत्वा दक्षवचनं सर्वे देवाः सवासवाः।
निर्ययुस्त्वरितं तत्र युद्धं कर्तुं समुद्यताः॥ ७
अथ देवगणाः सर्वे युयुधुस्ते बलान्विताः।
शक्रादयो लोकपाला मोहिताः शिवमायया॥ ८
देवानां च गणानां च तदासीत्समरो महान्।
तीक्ष्णतोमरनाराचैर्युयुधुस्ते परस्परम्॥ ९

नेदुः शंखाश्च भेर्यश्च तस्मिन् रणमहोत्सवे।
महादुन्दुभयो नेदुः पटहा डिण्डिमादयः॥ १०

तेन शब्देन महता श्लाघ्यमानास्तदा सुराः।
लोकपालैश्च सहिता जघ्नुस्तान् शिवकिंकरान्॥ ११

इन्द्राद्यैर्लोकपालैश्च गणाः शंभोः पराङ्मुखाः।
कृताश्च मुनिशार्दूल भृगोर्मन्त्रबलेन च॥ १२
उच्चाटनं कृतं तेषां भृगुणा यज्वना तदा।
यजनार्थं च देवानां तुष्ट्यर्थं दीक्षितस्य च॥ १३

पराजितान् स्वकान् दृष्ट्वा वीरभद्रो रुषान्वितः।
भूतप्रेतपिशाचांश्च कृत्वा तानेव पृष्ठतः॥ १४

वृषभस्थान् पुरस्कृत्य स्वयं चैव महाबलः।
महात्रिशूलमादाय पातयामास निर्जरान्॥ १५
देवान् यक्षान् साध्यगणान् गुह्यकान् चारणानपि।
शूलघातैश्च ते सर्वे गणा वेगात् प्रजघ्निरे॥ १६

केचिद् द्विधा कृताः खड्गैर्मुद्गरैश्च विपोथिताः।
अन्यैः शस्त्रैरपि सुरा गणैर्भिन्नास्तदाभवन्॥ १७

ती देवताहरूका उद्योगलाई देखेर रगतले लत्पतिएको मुख भएका ती दक्ष आफ्नी पत्नीका साथ उनीहरूकहाँ गएर भन्न लागे— ॥ ५ ॥

दक्ष भन्दछन्—[हे देवगण हो!] मैले तपाईंहरूकै बलले यस यज्ञको प्रारम्भ गरेको हो; किनभने महातेजस्वी तपाईंहरू नै सत्कर्मको सिद्धिका लागि प्रमाण हुनुहुन्छ॥ ६ ॥

ब्रह्मा भन्नुहुन्छ—दक्षको त्यस वचनलाई सुनेर इन्द्र आदि सबै देवगण युद्ध गर्नका निम्ति तयार भई निस्कन लागे। त्यसपछि समस्त देवगण तथा इन्द्र आदि लोकपाल शिवको मायाले मोहित भएर आ-आफ्ना सेनाहरूलाई साथ लिएर युद्ध गर्न लागे॥ ७-८॥

त्यस समय देवताहरू तथा शिवगणहरूमा महान् युद्ध हुन लाग्यो। ती तीखा तोमर तथा बाणहरूले परस्पर युद्ध गर्न लागे। त्यस युद्धमहोत्सवमा शंख तथा भेरीहरू बज्न लागे र ठुला-ठुला दुन्दुभिहरू, नगाडा तथा डिण्डिम आदि बज्न लागे॥ ९-१०॥

त्यस महान् आवाजबाट उत्साहित भएका समस्त देवगण लोकपालहरूलाई साथ लिएर ती शिवगणलाई प्रहार गर्न लागे। हे मुनिश्रेष्ठ! इन्द्र आदि देवताहरू एवं लोकपालहरूले भृगुको मन्त्रबलको प्रभावले शिवका गणहरूलाई पराङ्मुख गरिदिए॥ ११-१२॥

त्यस समय याज्ञिक भृगुले दीक्षा ग्रहण गरेका दक्षको तथा देवताहरूको सन्तोषका निम्ति र यज्ञको निर्विघ्न समाप्तिका निम्ति ती शिवगणहरूको उच्चाटन गरिदिए॥ १३ ॥

यस प्रकार आफ्ना गणहरूलाई पराजित देखेर वीरभद्र क्रोधित हुनुभयो र भूत, प्रेत तथा पिशाचहरूलाई पछाडि लगाई ती महाबली वीरभद्र गोरुमाथि सवार सबै शिवगणहरूलाई अगाडि लगाई स्वयं त्रिशूल लिएर देवताहरूलाई ढाल्न लाग्नुभयो॥ १४-१५॥

शिवगणहरूले पनि त्रिशूलका प्रहारहरूले शीघ्रतापूर्वक देवता, यक्ष, साध्यगण, गुह्यक तथा चारणहरूलाई प्रहार गरे। गणहरूले तरवारद्धारा केही देवताहरूलाई दुई टुक्रा पारिदिए, केहीलाई मुद्गरले पीटे र केहीलाई घाइते बनाइदिए॥ १६-१७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एवं पराजिताः सर्वे पलायनपरायणाः।
परस्परं परित्यज्य गता देवास्त्रिविष्टपम्॥ १८

केवलं लोकपालास्ते शक्राद्यास्तस्थुरुत्सुकाः।
सङ्ग्रामे दारुणे तस्मिन् धृत्वा धैर्यं महाबलाः॥ १९

सर्वे मिलित्वा शक्राद्या देवास्तत्र रणाजिरे।
बृहस्पतिं च पप्रच्छुर्विनयावनतास्तदा॥ २०

लोकपाला ऊचुः

गुरो बृहस्पते तात महाप्राज्ञ दयानिधे।
शीघ्रं वद पृच्छतो नः कुतोऽस्माकं जयो भवेत्॥ २१

ब्रह्मोवाच

इत्याकर्ण्य वचस्तेषां स्मृत्वा शंभुं प्रयत्नवान्।
बृहस्पतिरुवाचेदं महेन्द्रं ज्ञानदुर्बलम्॥ २२

बृहस्पतिरुवाच

यदुक्तं विष्णुना पूर्वं तत्सर्वं जातमद्य वै।
तदेव विवृणोमीन्द्र सावधानतया शृणु॥ २३

अस्ति यश्चेश्वरः कश्चित् फलदः सर्वकर्मणाम्।
कर्तारं भजते सोऽपि न स्वकर्तुः प्रभुर्हि सः॥ २४

न मंत्रौषधयः सर्वे नाभिचारा न लौकिकाः।
न कर्माणि न वेदाश्च न मीमांसाद्वयं तथा॥ २५

अन्यान्यपि च शास्त्राणि नानावेदयुतानि च।
ज्ञातुं नेशं संभवन्ति वदन्त्येवं पुरातनाः॥ २६

न स्वज्ञेयो महेशानः सर्ववेदायुतेन सः।
भक्तैरनन्यशरणैर्नान्यथेति महाश्रुतिः॥ २७

शान्त्या च परया दृष्ट्या सर्वथा निर्विकारया।
तदनुग्रहतो नूनं ज्ञातव्यो हि सदाशिवः॥ २८

परं तु संवदिष्यामि कार्याकार्यविवक्षितौ।
सिद्ध्यंशं च सुरेशान तं शृणु त्वं हिताय वै॥ २९

त्वमिन्द्र बालिशो भूत्वा लोकपालैः सहाद्य वै।
आगतो दक्षयज्ञं हि किं करिष्यसि विक्रमम्॥ ३०

यस प्रकार सबै देवता पराजित भएर भाग्न थाले र एक-अर्कालाई रणभूमिमा छोडेर देवलोक गए। त्यस अत्यन्त भयानक युद्धमा महाबली इन्द्र आदि लोकपाल मात्र धैर्य धारण गरी उत्साहित भएर खडा रहे॥ १८-१९॥

त्यस समय इन्द्र आदि समस्त देवता एकत्र भएर विनयभावले युक्त भई त्यस युद्धस्थलमा बृहस्पतिसित सोध्न लागे—॥ २०॥

लोकपाल भन्दछन्—हे गुरु! हे बृहस्पति! हे तात! हे महाप्राज्ञ! हे दयानिधि! शीघ्र बताउनुहोस्, हामीहरू यो सोध्छौँ कि हाम्रो विजय कसरी होला?॥ २१॥

ब्रह्मा भन्नुहुन्छ—उनीहरूको यो कुरा सुनेर उपायहरूलाई जान्नुहुने बृहस्पति शम्भुको स्मरण गरी ज्ञानदुर्बल महेन्द्रसित भन्न लाग्नुभयो—॥ २२॥

बृहस्पति भन्नुहुन्छ—हे इन्द्र! भगवान् विष्णुले पहिला जे भन्नुभएको थियो, ती सब आज घटित भए, म त्यसै कुरालाई भनिरहेको छु, सावधानीपूर्वक सुन्नुहोस्॥ २३॥

समस्त कर्महरूका फलदाता जो कुनै ईश्वर छन्, ती पनि आफ्नो कर्ता शिवको भजन गर्छन्। ती आफ्नो कर्ताको प्रभु होइनन्॥ २४॥

न मन्त्र, न औषधि, न समस्त आभिचारिक कर्म, न लौकिक पुरुष, न कर्म, न वेद, न पूर्वमीमांसा, न उत्तरमीमांसा तथा न अनेक वेदहरूले युक्त अन्यान्य शास्त्र नै ईश्वरलाई जान्नमा समर्थ हुन्छन्, यस्तो प्राचीन विद्वान् भन्दछन्॥ २५-२६॥

अनन्यशरण भक्तहरूलाई छोडेर अरू व्यक्तिले सम्पूर्ण वेद दश हजार पटक स्वाध्याय गर्दा पनि महेश्वरलाई राम्ररी जान्न सक्तैनन्—यो महाश्रुति हो। भगवान् सदाशिवको अनुग्रहले नै सर्वथा शान्त, निर्विकार एवं उत्तम दृष्टिले उहाँलाई जान्न सकिन्छ॥ २७-२८॥

तब पनि हे सुरेश्वर! उचित-अनुचित कार्यको निर्णयमा सबैको कल्याणका निम्ति सिद्धिको उत्तम अंशको प्रतिपादन गर्ने छु, तपाईं त्यसलाई सुन्नुहोस्। हे इन्द्र! तपाईं लोकपालहरूका साथ अज्ञानी बनेर यस समय दक्षयज्ञमा आउनुभयो, तर तपाईं कुन-चाहिँ पराक्रम गर्नुहुन्छ?॥ २९-३०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एते रुद्रसहायाश्च गणाः परमकोपनाः।
आगता यज्ञविघ्नार्थं तं करिष्यन्त्यसंशयम्॥ ३१

सर्वथा न ह्युपायोऽत्र केषांचिदपि तत्त्वतः।
यज्ञविघ्नविनाशार्थं सत्यं सत्यं ब्रवीम्यहम्॥ ३२

ब्रह्मोवाच

एवं बृहस्पतेर्वाक्यं श्रुत्वा ते हि दिवौकसः।
चिंतामापेदिरे सर्वे लोकपालाः सवासवाः॥ ३३
ततोऽब्रवीद् वीरभद्रो महावीरगणैर्वृतः।
इन्द्रादीन् लोकपालांस्तान् स्मृत्वा मनसि शंकरम्॥ ३४

वीरभद्र उवाच

सर्वे यूयं बालिशत्वादवदानार्थमागताः।
अवदानं प्रयच्छामि आगच्छत ममान्तिकम्॥ ३५

हे शक्र हे शुचे भानो हे शशिन् हे धनाधिप।
हे पाशपाणे हे वायो निर्ऋते यम शेष हे॥ ३६

हे सुरासुरसंघा हीहैत यूयं विचक्षणाः।
अवदानानि दास्यामि आतृप्त्याद्यासतां वरान्॥ ३७

ब्रह्मोवाच

एवमुक्त्वा सितैर्बाणैर्जघानाथ रुषान्वितः।
निखिलांस्तान् सुरान् सद्यो वीरभद्रो गणाग्रणीः।
तैर्बाणैर्निहताः सर्वे वासवाद्याः सुरेश्वराः॥ ३८
पलायनपरा भूत्वा जग्मुस्ते च दिशो दश।
गतेषु लोकपालेषु विद्रुतेषु सुरेषु च।
यज्ञवाटोपकंठे हि वीरभद्रोऽगमद् गणैः॥ ३९
तदा ते ऋषयः सर्वे सुभीता हि रमेश्वरम्।
विज्ञप्तुकामाः सहसा शीघ्रमूचुर्नता भृशम्॥ ४०

ऋषय ऊचुः

देवदेव रमानाथ सर्वेश्वर महाप्रभो।
रक्ष यज्ञं हि दक्षस्य यज्ञोऽसि त्वं न संशयः॥ ४१
यज्ञकर्मा यज्ञरूपो यज्ञाङ्गो यज्ञरक्षकः।
रक्ष यज्ञमतो रक्ष त्वत्तोऽन्यो न हि रक्षकः॥ ४२

भगवान् रुद्रका सहायक यी गण अत्यन्त कुपित भएर यज्ञमा विघ्न पार्नका लागि आएका छन्, यिनले अवश्य नै यज्ञमा विघ्न पार्ने छन्॥ ३१॥

म यो सत्य-सत्य भनिरहेको छु कि यस यज्ञमा विघ्ननिवारणका लागि वस्तुतः कसैसँग पनि सर्वथा कुनै उपाय छैन॥ ३२॥

ब्रह्मा भन्नुहुन्छ—बृहस्पतिको यस कुरालाई सुनेर स्वर्गमा बस्नुहुने इन्द्रसहित ती समस्त लोकपाल चिन्तामा परे। तब महावीर गणहरूले घेरिएका वीरभद्र मन-मनै भगवान् शंकरको स्मरण गरी ती इन्द्र आदि लोकपालहरूसित भन्न लाग्नुभयो—॥ ३३-३४॥

वीरभद्र भन्नुहुन्छ—मूर्खताको कारण नै तपाईंहरू [यस यज्ञमा] आ-आफ्नो भाग लिनका लागि आउनुभएको छ। अतः मेरो नजिक आउनुहोस्, म तपाईंहरूलाई यज्ञको फल दिनेछु॥ ३५॥

हे शक्र! हे अग्नि! हे सूर्य! हे चन्द्र! हे कुबेर! हे यम! हे वरुण! हे वायु! हे निर्ऋति! हे शेष! हे बुद्धिमान् देव तथा राक्षसगण! तपाईंहरू यता आउनुहोस्, म तपाईंहरूलाई तृप्त गर्नका निम्ति यसको फल प्रदान गर्ने छु॥ ३६-३७॥

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार भनेर गणहरूमा श्रेष्ठ वीरभद्रले क्रोधित भएर तीक्ष्ण बाणहरूले ती सबै देवताहरूलाई तत्काल घाइते बनाइदिनुभयो। ती बाणहरूले घाइते भएर इन्द्र आदि समस्त सुरेश्वर भागेर दसै दिशाहरूमा गए। लोकपालहरू गएपछि र देवताहरू भागेपछि वीरभद्र गणहरूका साथ यज्ञशालाको नजिक पुग्नुभयो॥ ३८-३९॥

त्यस समय त्यहाँ उपस्थित समस्त ऋषि अत्यन्त भयभीत भएर रमापति श्रीहरिसित [रक्षाको] प्रार्थना गर्नका निम्ति सहसा विनम्र भई शीघ्र भन्न लागे—॥ ४०॥

ऋषिगण भन्दछन्—हे देवदेव! हे रमानाथ! हे सर्वेश्वर! हे महाप्रभु! दक्षयज्ञको रक्षा गर्नुहोस्, हजुर यज्ञस्वरूप हुनुहुन्छ, यसमा संशय छैन। हजुर नै यज्ञ गराउने, यज्ञरूप, यज्ञका अंग र रक्षक हुनुहुन्छ, अतः यज्ञको रक्षा गर्नुहोस्-रक्षा गर्नुहोस्, हजुरबाहेक कोही दोस्रो रक्षक छैनन्॥ ४१-४२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

इत्याकर्ण्य वचस्तेषामृषीणां वचनं हरिः।
योद्धुकामोऽभवद्विष्णुर्वीरभद्रेण तेन वै॥ ४३

चतुर्भुजः सुसंनद्धो चक्रायुधधरः करैः।
महाबलोऽमरगणैर्यज्ञवाटात्स निर्ययौ॥ ४४

वीरभद्रः शूलपाणिर्नानागणसमन्वितः।
ददर्श विष्णुं संनद्धं योद्धुकामं महाप्रभुम्॥ ४५

तं दृष्ट्वा वीरभद्रोऽभूद् भ्रुकुटीकुटिलाननः।
कृतान्त इव पापिष्ठं मृगेन्द्र इव वारणम्॥ ४६

तथाविधं हरिं दृष्ट्वा वीरभद्रोऽरिमर्दनः।
अवदत्त्वरितः क्रुद्धो गणैर्वीरैः समावृतः॥ ४७

वीरभद्र उवाच

रे रे हरे महादेवशपथोल्लंघनं त्वया।
कथमद्य कृतं चित्ते गर्वः किमभवत्तव॥ ४८

तव श्रीरुद्रशपथोल्लंघने शक्तिरस्ति किम्।
को वा त्वमसि को वा ते रक्षकोऽस्ति जगत्त्रये॥ ४९

अत्र त्वमागतः कस्माद्वयं तन्नैव विद्महे।
दक्षस्य यज्ञपाता त्वं कथं जातोऽसि तद्वद॥ ५०

दाक्षायण्या कृतं यच्च तन्न दृष्टं किमु त्वया।
प्रोक्तं यच्च दधीचेन श्रुतं तन्न किमु त्वया॥ ५१

त्वं चापि दक्षयज्ञेऽस्मिन् अवदानार्थमागतः।
अवदानं प्रयच्छामि तव चापि महाभुज॥ ५२

वक्षो विदारयिष्यामि त्रिशूलेन हरे तव।
कस्तवास्ति समायातो रक्षकोऽद्य ममान्तिकम्॥ ५३

पातयिष्यामि भूपृष्ठे ज्वालयिष्यामि वह्निना।
दग्धं भवन्तमधुना पेषयिष्यामि सत्वरम्॥ ५४

रे रे हरे दुराचार महेशविमुखाधम।
श्रीमहारुद्रमाहात्म्यं किन्न जानासि पावनम्॥ ५५

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] ती ऋषिहरूका यी वचनलाई सुनेर भगवान् विष्णु वीरभद्रका साथ युद्ध गर्नका निम्ति उद्यत हुनुभयो॥ ४३॥

महाबली चतुर्भुज भगवान् विष्णु हातहरूमा चक्र आदि आयुध धारण गरी सम्यक् सावधान भएर देवताहरूका साथ यज्ञमण्डपबाट बाहिर निस्कनुभयो। अनेक गणहरूले समन्वित तथा हातमा त्रिशूल धारण गर्नुभएका वीरभद्रले महाप्रभु विष्णुलाई युद्धका लागि तयार देख्नुभयो॥ ४४-४५॥

उहाँलाई देख्नासाथ वीरभद्र टेढो आँखीभौँहरूले युक्त मुखमण्डल हुनुभयो, जसरी पापीलाई देखेर यमराज र हात्तीलाई देखेर सिंह हुन जान्छ॥ ४६॥

त्यस प्रकार श्रीहरिलाई [युद्धका लागि उद्यत] देखेर वीरगणहरूले घेरिएका शत्रुनाशक वीरभद्र कुपित भएर तत्काल भन्न लाग्नुभयो—॥ ४७॥

वीरभद्र भन्नुहुन्छ—हे हरि! तपाईंले आज शिवको शपथको अवहेलना किन गर्नुभयो? र तपाईंको मनमा घमण्ड किन हुन गयो? के तपाईंमा शिवको शपथको उल्लंघन गर्ने शक्ति छ? तपाईं को हुनुहुन्छ? तीनै लोकमा तपाईंको रक्षक को छ?॥ ४८-४९॥ यहाँ के का लागि आउनुभयो, यसलाई हामीले जान्न पाइरहेका छैनौँ। तपाईं दक्षको यज्ञरक्षक किन बन्नुभयो, यसलाई बताउनुहोस्। [यस यज्ञमा] सतीले जे गर्नुभयो, त्यसलाई के तपाईंले देख्नुभएन र दधीचिले जे भन्नुभयो, के तपाईंले त्यो सुन्नुभएन?॥ ५०-५१॥

तपाईं दक्षको यस यज्ञमा अवदान (यज्ञभाग) प्राप्त गर्नका निम्ति आउनुभएको छ। हे महाबाहु! म [तत्काले] तपाईंलाई अवदान दिन्छु। हे हरि! म त्रिशूलले तपाईंको वक्षःस्थल विदीर्ण गर्नेछु। तपाईंको रक्षक को छ, त्यो मेरो सामुन्ने आओस्॥ ५२-५३॥

म तपाईंलाई पृथिवीमा धराशायी पार्ने छु, अग्निले पोलिदिने छु र पुनः दग्ध भएका तपाईंलाई पिसिदिने छु॥ ५४॥

हे हरि! हे दुराचारी! हे महेशविमुख! हे अधम! के तपाईं शिवको पावन माहात्म्यलाई जान्नुहुन्न?॥ ५५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथापि त्वं महाबाहो योद्धुकामोऽग्रतः स्थितः।
नेष्यामि पुनरावृत्तिं यदि तिष्ठेस्त्वमात्मना॥ ५६

फेरि पनि हे महाबाहु! तपाईं युद्धको कामनाले अगाडि स्थित हुनुहुन्छ। यदि तपाईं [यस युद्धभूमिमा] खडा रहनुहुन्छ भने म तपाईंलाई त्यस स्थानमा पठाइदिने छु, जहाँबाट पुनः फर्कनु असम्भव छ॥ ५६॥

ब्रह्मोवाच

तस्य तद्वचनं श्रुत्वा वीरभद्रस्य बुद्धिमान्।
उवाच विहसन् प्रीत्या विष्णुस्तत्र सुरेश्वरः॥ ५७

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] ती वीरभद्रका यी कुरालाई सुनेर बुद्धिमान् सुरेश्वर विष्णु प्रसन्नतापूर्वक हाँस्तै भन्न लाग्नुभयो—॥ ५७॥

विष्णुरुवाच

शृणु त्वं वीरभद्राद्य प्रवक्ष्यामि त्वदग्रतः।
न रुद्रविमुखं मां त्वं वद शंकरसेवकम्॥ ५८

विष्णु भन्नुहुन्छ—हे वीरभद्र! आज तपाईंको सामुन्ने म जे भनिरहेको छु, त्यसलाई सुन्नुहोस्। तपाईं म शंकरको सेवकलाई रुद्रविमुख नभन्नुहोस्॥ ५८॥

अनेन प्रार्थितः पूर्वं यज्ञार्थं च पुनः पुनः।
दक्षेणाविदितार्थेन कर्मनिष्ठेन मौढ्यतः॥ ५९

कर्ममा निष्ठा राख्ने अज्ञानी यी दक्षले मूर्खतावश पहिला मसित यज्ञका निम्ति पटक-पटक प्रार्थना गरेका थिए॥ ५९॥

अहं भक्तपराधीनस्तथा सोऽपि महेश्वरः।
दक्षो भक्तो हि मे तात तस्मादत्रागतो मखे॥ ६०

म भक्तको अधीन छु र ती भगवान् महेश्वर पनि भक्तका अधीन हुनुहुन्छ। हे तात! दक्ष मेरा भक्त हुन्, यसैले म यज्ञमा आएको हुँ॥ ६०॥

शृणु प्रतिज्ञां मे वीर रुद्रकोपसमुद्भव।
रुद्रतेजःस्वरूपो हि सुप्रतापालय प्रभो॥ ६१

रुद्रको कोपबाट उत्पन्न भएका हे वीर! हे महान् प्रतापका आलय! हे प्रभु! तपाईं रुद्रतेजस्वरूप हुनुहुन्छ, तपाईं मेरो प्रतिज्ञा सुन्नुहोस्॥ ६१॥

अहं निवारयामि त्वां त्वं च मां विनिवारय।
तद्भविष्यति यद्भावि करिष्येऽहं पराक्रमम्॥ ६२

म [यज्ञको रक्षाका लागि] तपाईंसित युद्ध गर्ने छु र तपाईं पनि [यस यज्ञको विध्वंसका लागि] मसित युद्ध गर्नुहोस्। जे हुनु छ, त्यो त हुने नै छ, म अवश्य नै पराक्रम प्रकट गर्ने छु॥ ६२॥

ब्रह्मोवाच

इत्युक्तवति गोविन्दे प्रहस्य स महाभुजः।
अवदत्सुप्रसन्नोऽस्मि त्वां ज्ञात्वास्मत्प्रभोः प्रियम्॥ ६३
ततो विहस्य सुप्रीतो वीरभद्रो गणाग्रणीः।
प्रश्रयावनतोऽवादीद्विष्णुं देवं हि तत्त्वतः॥ ६४

ब्रह्मा भन्नुहुन्छ—विष्णुले यस प्रकार भन्नुभएपछि महाबाहु वीरभद्रले हाँस्तै भन्नुभयो—[हे विष्णु!] म तपाईंलाई आफ्नो प्रभु शिवको प्रिय जानेर अत्यन्त प्रसन्न छु। त्यसपछि गणहरूमा श्रेष्ठ वीरभद्रले प्रसन्नतापूर्वक हाँस्तै बडो विनयका साथ भगवान् विष्णुसित भन्नुभयो—॥ ६३-६४॥

वीरभद्र उवाच

तव भावपरीक्षार्थमित्युक्तं मे महाप्रभो।
इदानीं तत्त्वतो वच्मि शृणु त्वं सावधानतः॥ ६५

वीरभद्र भन्नुहुन्छ—हे महाप्रभु! मैले तपाईंको भावको परीक्षाका लागि नै यस्तो वचन भनेको थिएँ, अब म यथार्थ कुरा भन्दै छु, त्यसलाई तपाईं सावधानीपूर्वक सुन्नुहोस्॥ ६५॥

यथा शिवस्तथा त्वं हि यथा त्वं च तथा शिवः।
इति वेदा वर्णयन्ति शिवशासनतो हरे॥ ६६

हे हरि! जस्तो शिव हुनुहुन्छ, त्यस्तै तपाईं हुनुहुन्छ र जस्तो तपाईं हुनुहुन्छ, त्यस्तै शिव हुनुहुन्छ। शिवको आदेशले वेद यस्तो भन्दछन्॥ ६६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिवाज्ञया वयं सर्वे सेवकाः शंकरस्य वै।
तथापि च रमानाथ प्रवादोचितमादरात्॥ ६७

हे रमानाथ! भगवान् शिवको आज्ञानुसार हामी सबैजना उहाँके सेवक हौँ, तथापि मैले जुन कुरा भनेको छु, त्यो यस वाद-विवादको अवसर अनुकूल नै छ। तपाईं प्रत्येक कुरालाई आदरपूर्वक नै सम्झनुहोस्॥ ६७॥

ब्रह्मोवाच

तच्छ्रुत्वा वचनं तस्य वीरभद्रस्य सोऽच्युतः।
प्रहस्य चेदं प्रोवाच वीरभद्रहितं वचः॥ ६८

ब्रह्मा भन्नुहुन्छ—ती वीरभद्रका यी वचन सुनेर भगवान् विष्णु हाँसेर उनका लागि हितकर यो वचन भन्न लाग्नुभयो—॥ ६८॥

विष्णुरुवाच

युद्धं कुरु महावीर मया सार्धमशङ्कितः।
तवास्त्रैः पूर्यमाणोऽहं गमिष्यामि स्वमाश्रमम्॥ ६९

विष्णु भन्नुहुन्छ—हे महावीर! तपाईं निःशंक भएर मसँग युद्ध गर्नुहोस्, तपाईंका अस्त्रहरूले शरीर भरिएपछि मात्र म आफ्नो आश्रममा जाने छु॥ ६९॥

ब्रह्मोवाच

इत्युक्त्वा हि विरम्यासौ सन्नद्धोऽभूद् रणाय च।
स्वगणैर्वीरभद्रोऽपि सन्नद्धोऽभून्महाबलः॥ ७०

ब्रह्मा भन्नुहुन्छ—यस्तो भनेर विष्णु चुप लागेर युद्धका लागि तयार हुनुभयो र महाबली वीरभद्र पनि आफ्ना गणका साथ युद्धका लागि उद्यत हुनुभयो॥ ७०॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां द्वितीये सतीखण्डे विष्णुवीरभद्रसंवादो नाम षट्त्रिंशोऽध्यायः॥ ३६॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको द्वितीय सतीखण्डमा विष्णुवीरभद्रसंवाद-वर्णन नामक छत्तिसौँ अध्याय पूर्ण भयो॥ ३६॥

अथ सप्तत्रिंशोऽध्यायः

गणसहित वीरभद्रद्वारा दक्षयज्ञको विध्वंस, दक्षवध, वीरभद्र फर्केर कैलास पर्वत जानु, प्रसन्न भगवान् शिवद्वारा वीरभद्रलाई गणाध्यक्ष पद प्रदान गर्नु

ब्रह्मोवाच

वीरभद्रोऽथ युद्धे वै विष्णुना स महाबलः।
संस्मृत्य शंकरं चित्ते सर्वापद्विनिवारणम्॥ १
आरुह्य स्यन्दनं दिव्यं सर्ववैरिविमर्दनः।
गृहीत्वा परमास्त्राणि सिंहनादं जगर्ज ह॥ २

ब्रह्मा भन्नुहुन्छ—सबै शत्रुहरूका विनाशक, महाबलवान् वीरभद्र भगवान् विष्णुका साथ युद्धमा सबै प्रकारका दुःखहरूलाई दूर गर्नुहुने भगवान् शंकरलाई आफ्नो हृदयमा ध्यान गरी दिव्य रथमा चढेर अत्यन्त महान् अस्त्रहरूलाई लिएर सिंहको समान गर्जना गर्न लाग्नुभयो॥ १-२॥

विष्णुश्चापि महाघोषं पाञ्चजन्याभिधं निजम्।
दध्मौ बली महाशंखं स्वकीयान् हर्षयन्निव॥ ३

बलशाली विष्णु पनि आफ्ना योद्धाहरूलाई उत्साहित पार्दै महान् ध्वनी गर्ने आफ्नो पांचजन्य नामक शंख बजाउन लाग्नुभयो॥ ३॥

तच्छ्रुत्वा शंखनिर्ह्रादं देवा ये च पलायिताः।
रणं हित्वा गताः पूर्वं ते द्रुतं पुनराययुः॥ ४

त्यस शंखको ध्वनिलाई सुनेर जो देवता पहिला युद्धभूमि छोडेर भागेका थिए, ती तत्क्षण फर्किएर आए॥ ४॥

वीरभद्रगणैस्ते तु लोकपालाः सवासवाः।
युद्धं चक्रुस्तथा सिंहनादं कृत्वा बलान्विताः॥ ५

तब सेनासहित समस्त इन्द्र आदि लोकपाल सिंहगर्जना गरी वीरभद्रका गणहरूका साथ युद्ध गर्न लागे॥ ५॥

गणानां लोकपालानां द्वन्द्वयुद्धं भयावहम्।
अभवत्तत्र तुमुलं गर्जतां सिंहनादतः॥ ६

त्यस समय सिंहनाद गर्दै गण एवं लोकपालहरूका बिच भयंकर घमासान द्वन्द्वयुद्ध शुरू भयो॥ ६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नन्दिना युयुधे शक्रोऽनलो वै चाश्मना तथा।
कुबेरोऽपि हि कूष्माण्डपतिना युयुधे बली॥ ७
तदेन्द्रेण हतो नन्दी वज्रेण शतपर्वणा॥ ८
नन्दिना च हतः शक्रस्त्रिशूलेन स्तनान्तरे॥ ९

इन्द्र नन्दीका साथ युद्ध गर्न लागे, अग्नि अश्माका साथ र बलशाली कुबेर कूष्माण्डपतिका साथ युद्ध गर्न लागे। तब इन्द्रले सय पर्वभएको वज्रले नन्दीमाथि प्रहार गरे। नन्दीले पनि त्रिशूलले इन्द्रको छातीमा प्रहार गरे॥ ७—९॥

बलिनौ द्वावपि प्रीत्या युयुधाते परस्परम्।
नानाघातांश्च कुर्वन्तौ नन्दिशक्रौ जिगीषया॥ १०

बलवान् इन्द्र र नन्दी दुवै एक-अर्कालाई जित्ने इच्छाले अनेक प्रकारका प्रहार गर्दै परस्पर प्रीतिपूर्वक लड्न लागे॥ १०॥

शक्त्या जघान चाश्मानं शुचिः परमकोपनः।
सोऽपि शूलेन तं वेगाच्छितधारेण पावकम्॥ ११

अत्यन्त क्रोधयुक्त अग्निले आफ्नो शक्तिले अश्मामाथि प्रहार गरे तथा उसले पनि अग्निमाथि अत्यन्त वेगले धारिलो त्रिशूलले प्रहार गर्‍यो॥ ११॥

यमेन सह सङ्ग्रामं महालोको गणाग्रणीः।
चकार तुमुलं वीरो महादेवं स्मरन्मुदा॥ १२

गणहरूमा श्रेष्ठ यूथपति महालोक प्रीतिपूर्वक शिवको ध्यान गर्दै यमराजका साथ घमासान युद्ध गर्न लागे॥ १२॥

नैर्ऋतेन समागम्य चंडश्च बलवत्तरः।
युयुधे परमास्त्रैश्च नैर्ऋतिं निविडम्बयन्॥ १३

महान् बलशाली चण्ड आएर निर्ऋतिलाई तिरस्कृत गर्दै ठुला-ठुला अस्त्रहरूले उनका साथ युद्ध गर्न लागे॥ १३॥

वरुणेन समं वीरो मुंडश्चैव महाबलः।
युयुधे परया शक्त्या त्रिलोकीं विस्मयन्निव॥ १४

महाबलवान् मुण्ड पनि त्रिलोकीलाई आश्चर्य पार्दै आफ्नो उत्तम शक्तिले वरुणका साथ युद्ध गर्न लागे॥ १४॥

वायुना च हतो भृङ्गी स्वास्त्रेण परमौजसा।
भृङ्गिणा च हतो वायुस्त्रिशूलेन प्रतापिना॥ १५

वायुले आफ्नो परम तेजस्वी अस्त्रले भृंगीलाई आहत गरिदिए र प्रतापी भृंगीले पनि त्रिशूलले वायुमाथि प्रहार गरे॥ १५॥

कुबेरेणैव सङ्गम्य कूष्मांडपतिरादरात्।
युयुधे बलवान् वीरो ध्यात्वा हृदि महेश्वरम्॥ १६

वीर कूष्माण्डपतिले पुगेर हृदयमा आदरपूर्वक शिवको ध्यान गरी कुबेरका साथ युद्ध गर्न प्रारम्भ गरे॥ १६॥

योगिनीचक्रसंयुक्तो भैरवीनायको महान्।
विदार्य देवानखिलान् पपौ शोणितमद्भुतम्॥ १७

महान् भैरवीपति योगिनीहरूका समूहलाई साथ लिएर समस्त देवताहरूलाई विदीर्ण गरी विचित्र रूपले उनीहरूको रगत पीउन लागे॥ १७॥

क्षेत्रपालास्तथा तत्र बुभुक्षुः सुरपुङ्गवान्।
काली चापि विदार्यैव तान्पपौ रुधिरं बहु॥ १८

क्षेत्रपाल श्रेष्ठ देवताहरूको भक्षण गर्न लागे र काली पनि ती देवताहरूलाई विदीर्ण गरी रगत पीउन लागिन्॥ १८॥

अथ विष्णुर्महातेजा युयुधे तैश्च शत्रुहा।
चक्रं चिक्षेप वेगेन दहन्निव दिशो दश॥ १९

तब शत्रुहरूको संहार गर्नुहुने भगवान् विष्णु उनीहरूका साथ युद्ध गर्न लाग्नुभयो र उहाँले दसै दिशालाई दग्ध पार्दै वेगपूर्वक [आफ्नो] चक्र फ्याँक्नुभयो॥ १९॥

क्षेत्रपालः समायान्तं चक्रमालोक्य वेगतः।
तत्रागत्यागतो वीरश्चाग्रसत्सहसा बली॥ २०

चक्रलाई वेगपूर्वक आउँदै गरेको देखेर बलवान् क्षेत्रपालले सहसा त्यहाँ पुगेर त्यस चक्रलाई निलिदिए॥ २०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चक्रं ग्रसितमालोक्य विष्णुः परपुरञ्जयः।
मुखं तस्य परामृज्य तमुद्गालितवानरिम्॥ २१

शत्रुहरूको नगरलाई जितुहुने भगवान् विष्णुले आफ्नो चक्रलाई निलिएको देखेर त्यस शत्रुको मुख समाई निलिएको चक्रलाई ओकल्न लगाउनुभयो॥ २१॥

स्वचक्रमादाय महानुभावः
चुकोप चातीव भवैकभर्ता।
महाबली तैर्युयुधे प्रवीरैः
सङ्क्रुद्धनानायुधधारकोऽस्त्रैः ॥ २२

तब संसारका एकमात्र स्वामी, महानुभाव तथा महाबलवान् भगवान् विष्णु अत्यन्त कुपित हुनुभयो। उहाँ क्रोधित भएर आफ्नो चक्र तथा अनेक प्रकारका अस्त्रहरूलाई लिएर ती अस्त्रहरूले महावीर गणहरूका साथ युद्ध गर्न लाग्नुभयो॥ २२॥

चक्रे महारणं विष्णुः तैः सार्धं युयुधे मुदा।
नानायुधानि संक्षिप्य तुमुलं भीमविक्रमम्॥ २३

विष्णुले प्रचण्ड पराक्रमका साथ भयंकर महायुद्ध गर्नुभयो। उहाँ अनेक प्रकारका अस्त्र चलाएर प्रसन्नतापूर्वक उनीहरूका साथ युद्ध गरिरहनुभएको थियो॥ २३॥

अथ ते भैरवाद्याश्च युयुधुस्तेन भूरिशः।
नानास्त्राणि विमुञ्चन्तः संक्रुद्धाः परमौजसा॥ २४

ती भैरव आदि गण पनि अत्यधिक क्रोधित भएर महान् ओजले अनेक प्रकारका अस्त्रहरूलाई छोड्दै उहाँसँग युद्ध गर्न लागे॥ २४॥

इत्थं तेषां रणं दृष्ट्वा हरिणातुलतेजसा।
विनिवृत्य समागम्य तान्स्वयं युयुधे बली॥ २५

यस प्रकार अतुलनीय तेज भएका विष्णुका साथ भइरहेको उनीहरूको युद्धलाई देखेर बलवान् वीरभद्र फर्किएर उनीहरूको नजिक पुगेर विष्णुका साथ स्वयं युद्ध गर्न लागे॥ २५॥

अथ विष्णुर्महातेजाश्चक्रमुद्यम्य मूर्च्छितः।
युयुधे भगवांस्तेन वीरभद्रेण माधवः॥ २६

त्यसपछि महातेजस्वी माधव भगवान् विष्णु आफ्नो चक्रलाई लिएर कुपित भई ती वीरभद्रका साथ युद्ध गर्न लाग्नुभयो॥ २६॥

तयोः समभवद्युद्धं सुघोरं रोमहर्षणम्।
महावीराब्धिपत्योस्तु नानास्त्रधरयोर्मुने॥ २७

हे मुनि! [त्यस समय] अनेक प्रकारका अस्त्र धारण गर्ने महावीर वीरभद्र तथा सागरपति विष्णु—ती दुवैको रोमांचकारी घनघोर युद्ध हुन लाग्यो॥ २७॥

विष्णोर्योगबलात्तस्य देहादेव सुदारुणाः।
शङ्खचक्रगदाहस्ता असंख्याताश्च जज्ञिरे॥ २८

विष्णुको योगबलले उहाँको शरीरबाट शंख, चक्र र गदा हातहरूमा धारण गरेका असंख्य वीरगण प्रकट भए॥ २८॥

ते चापि युयुधुस्तेन वीरभद्रेण भाषता।
विष्णुवत् बलवन्तो हि नानायुधधरा गणाः॥ २९

विष्णुकै समान बलशाली तथा नाना प्रकारका अस्त्रहरूलाई धारण गरेका ती वीरगण वार्तालाप गर्दै वीरभद्रका साथ युद्ध गर्न लागे॥ २९॥

तान्सर्वानपि वीरोऽसौ नारायणसमप्रभान्।
भस्मीचकार शूलेन हत्वा स्मृत्वा शिवं प्रभुम्॥ ३०

वीरभद्रले भगवान् शंकरको स्मरण गरी विष्णुकै समान तेजस्वी ती सबैलाई आफ्नो त्रिशूलले प्रहार गरी भस्म पारिदिए॥ ३०॥

ततश्चोरसि तं विष्णुं लीलयैव रणाजिरे।
जघान वीरभद्रो हि त्रिशूलेन महाबली॥ ३१

तत्पश्चात् ती महाबली वीरभद्रले युद्धभूमिमा नै लीलापूर्वक विष्णुको छातीमा त्रिशूलले प्रहार गरे॥ ३१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेन घातेन सहसा विहतः पुरुषोत्तमः।
पपात च तदा भूमौ विसंज्ञोऽभून्मुने हरिः॥ ३२

हे मुनि! पुरुषोत्तम श्रीहरि त्रिशूलको प्रहारबाट घाइते भएर सहसा भूमिमा ढल्नुभयो र अचेत हुनुभयो॥ ३२॥

ततो जज्ञेऽद्भुतं तेजः प्रलयानलसन्निभम्।
त्रैलोक्यदाहकं तीव्रं वीराणामपि भीकरम्॥ ३३

तब प्रलयाग्निको समान तीनवटै लोकहरूलाई जलाइदिने र वीरहरूलाई भयभीत पार्ने अद्भुत तेज उत्पन्न भयो॥ ३३॥

क्रोधरक्तेक्षणः श्रीमान् पुनरुत्थाय स प्रभुः।
प्रहर्तुं चक्रमुद्यम्य ह्यतिष्ठत्पुरुषर्षभः॥ ३४

पुरुषश्रेष्ठ श्रीमान् भगवान् विष्णु पुनः उठेर क्रोधले नेत्रहरू राता-राता पार्दै आफ्नो चक्र उठाएर [वीरभद्रलाई] मार्नका लागि खडा हुनुभयो॥ ३४॥

तस्य चक्रं महारौद्रं कालादित्यसमप्रभम्।
व्यष्टम्भयददीनात्मा वीरभद्रः शिवः प्रभुः॥ ३५

तब दीनतारहित चित्त भएका शिवस्वरूप वीरभद्रले प्रलयकालीन आदित्य समान महातेजस्वी त्यस चक्रलाई स्तम्भित पारिदिए॥ ३५॥

मुने शंभोः प्रभावात्तु मायेशस्य महाप्रभोः।
न चचाल हरेश्चक्रं करस्थं स्तंभितं ध्रुवम्॥ ३६

हे मुनि! मायापति महाप्रभु शंकरको प्रभावले विष्णुको हातमा स्थित चक्र चल्न पाएन, त्यो निश्चितरूपले स्तम्भित भएको थियो॥ ३६॥

अथ विष्णुर्गणेशेन वीरभद्रेण भाषता।
अतिष्ठत् स्तंभितस्तेन शृङ्गवानिव निश्चलः॥ ३७

तब भाषण गर्दै ती गणेश्वर वीरभद्रले विष्णुलाई पनि स्तम्भित पारिदिए र उहाँ शिखरयुक्त पर्वतको समान खडा रहनुभयो॥ ३७॥

ततो विष्णुः स्तंभितो हि वीरभद्रेण नारद।
यज्वोपमन्त्रणमनुं निःस्तंभनकरं जपन्॥ ३८

हे नारद! वीरभद्रले जब भगवान् विष्णुलाई स्तम्भित पारिदिए, तब यो देखेर याज्ञिकहरूले स्तम्भनबाट मुक्त गराउने मन्त्रको जप गरी उहाँलाई स्तम्भनबाट मुक्त गरिदिए॥ ३८॥

ततः स्तंभननिर्मुक्तः शार्ङ्गधन्वा रमेश्वरः।
शार्ङ्गं जग्राह स क्रुद्धः स्वधनुः सशरं मुने॥ ३९

हे मुनि! अनि स्तम्भनबाट मुक्त भएपछि शार्ङ्ग नामक धनुष धारण गर्नुहुने रमापतिले कुपित भएर बाणसहित आफ्नो धनुषलाई उठाउनुभयो॥ ३९॥

त्रिभिश्च धर्षितं बाणैस्तेन शार्ङ्गधनुर्हरेः।
वीरभद्रेण तत्तात त्रिधाभूत्तत्क्षणान्मुने॥ ४०

हे तात! हे मुनि! ती वीरभद्रले तीन बाणहरूले विष्णुको शार्ङ्ग धनुषमाथि प्रहार गरे र त्यो त्यसै क्षण तीन टुक्रामा विभक्त भयो॥ ४०॥

अथ विष्णुर्महावाण्या बोधितस्तं महागणम्।
असह्यवर्चसं ज्ञात्वा ह्यन्तर्धातुं मनो दधे॥ ४१

तब महावाणीद्वारा बोधित भएका विष्णुले ती महागण वीरभद्रलाई असह्य तेजबाट सम्पन्न जानेर अन्तर्धान हुने विचार गर्नुभयो॥ ४१॥

ज्ञात्वा च तत्सर्वमिदं भविष्यं
सतीकृतं दुष्प्रसहं परेषाम्।
गताः स्वलोकं स्वगणान्वितास्तु
स्मृत्वा शिवं सर्वपतिं स्वतन्त्रम्॥ ४२

सतीद्वारा गरिएको आत्मदाहको समस्त परिणामलाई, जुन शत्रुहरूका लागि असह्य थियो, जानेर सबै जना सबका स्वामी स्वतन्त्र शिवको स्मरण गरी आफ्ना गणहरूका साथ आ-आफ्नो लोकमा गए॥ ४२॥

सत्यलोकगतश्चाहं पुत्रशोकेन पीडितः।
अचिन्तयं सुदुःखार्तो मया किं कार्यमद्य वै॥ ४३

म पनि पुत्रको शोकले पीडित भइ सत्यलोक गएँ र अत्यन्त दुःखले व्याकुल भएर अब मैले के गर्नु पर्ला भनी विचार गर्न लागेँ॥ ४३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विष्णौ मयि गते चैव देवाश्च मुनिभिः सह।
विनिर्जिता गणैः सर्वे ये ते यज्ञोपजीविनः॥ ४४

तमुपद्रवमालक्ष्य विध्वस्तं च महामखम्।
मृगस्वरूपो यज्ञो हि महाभीतोऽपि दुद्रुवे॥ ४५
तं तदा मृगरूपेण धावन्तं गगनं प्रति।
वीरभद्रः समादाय विशिरस्कमथाकरोत्॥ ४६
ततः प्रजापतिं धर्मं कश्यपं च प्रगृह्य सः।
अरिष्टनेमिनं वीरो बहुपुत्रं मुनीश्वरम्॥ ४७
मुनिमङ्गिरसं चैव कृशाश्वं च महागणः।
जघान मूर्ध्नि पादेन दत्तं च मुनिपुङ्गवम्॥ ४८
सरस्वत्याश्च नासाग्रं देवमातुस्तथैव च।
चिच्छेद करजाग्रेण वीरभद्रः प्रतापवान्॥ ४९

ततोऽन्यानपि देवादीन् विदार्य पृथिवीतले।
पातयामास सोऽयं वै क्रोधाक्रांतातिलोचनः॥ ५०

वीरभद्रो विदार्यापि देवान्मुख्यान्मुनीनपि।
नाभूच्छांतो द्रुतक्रोधः फणिराडिव मंडितः॥ ५१

वीरभद्रोद्धृताराति: केसरीव वनद्विपान्।
दिशो विलोकयामास कः कुत्रास्तीत्यनुक्षणम्॥ ५२

व्यपोथयद् भृगुं यावन्मणिभद्रः प्रतापवान्।
पदाक्रम्योरसि तदाकार्षीत्तच्छ्मश्रुलुञ्चनम्॥ ५३

चंडश्चोत्पाटयामास पूष्णो दंतान् प्रवेगतः।
शप्यमाने हरे पूर्वं योऽहसद्दर्शयन्दतः॥ ५४

नन्दी भगस्य नेत्रे हि पातितस्य रुषा भुवि।
उज्जहार दक्षमक्ष्णा यः शपन्तमसूसुचत्॥ ५५

विडंबिता स्वधा तत्र सा स्वाहा दक्षिणा तथा।
मंत्रास्तंत्रास्तथा चान्ये तत्रस्था गणनायकैः॥ ५६

ववृषुस्ते पुरीषाणि वितानाग्नौ रुषा गणाः।
अनिर्वाच्यं तदा चक्रुर्गणा वीरास्तमध्वरम्॥ ५७

म तथा श्रीविष्णु गएपछि जति पनि यज्ञोपजीवी देवता थिए, मुनिहरूसहित ती सबैलाई शिवगणहरूले जिते। त्यस उपद्रव र महायज्ञ विध्वस्त भएको देखेर यज्ञदेव अत्यन्त भयभीत भई मृगको रूप धारण गरी भाग्न लागे॥ ४४-४५॥

मृगरूपमा आकाशतिर भाग्दै गरेका ती यज्ञलाई वीरभद्रले समातेर शिरविहीन पारिदिए॥ ४६॥

त्यसपछि महागण वीरभद्रले प्रजापति, धर्म, कश्यप, अनेकौँ पुत्र भएका मुनीश्वर अरिष्टनेमि, मुनि अंगिरा, कृशाश्व तथा महामुनि दत्तको शिरमा लात्ताले प्रहार गरे॥ ४७-४८॥

प्रतापी वीरभद्रले सरस्वती तथा देवमाता अदितिको नासिकाको अग्रभागलाई आफ्नो नङको अग्रभागले विदीर्ण पारिदिए। तत्पश्चात् क्रोधका कारण आँखीभौँ बाङ्गिएका ती वीरभद्रले अन्यान्य देवताहरूलाई पनि विदीर्ण गरी तिनलाई पृथिवीमा लडाइदिए॥ ४९-५०॥

मुख्य-मुख्य देवता तथा मुनिहरूलाई विदीर्ण गरिसकेपछि पनि उनी शान्त भएनन्। महान् क्रोधले भरिएका ती नागराजझैँ सुशोभित भइरहेका थिए॥ ५१॥

जसरी सिंह वनका हात्तीहरूतिर हेर्दछ, त्यसै गरी शत्रुहरूलाई मारेर पनि ती वीरभद्र कुन शत्रु कहाँ छन् भनी सबै दिशाहरूमा हेर्न लागे॥ ५२॥

त्यसै समय प्रतापी मणिभद्रले भृगुलाई पट्काइदिए र उनको छातीमा लात्तीले प्रहार गरी उनको दाह्री उखेलिदिए॥ ५३॥

चण्डले बडो वेगले पूषाका दाँत उखेलिदिए; जो पूर्वकालमा महादेवलाई [दक्षद्वारा] श्राप दिएपछि दाँत देखाएर हाँसिरहेका थिए॥ ५४॥

नन्दीले भगलाई रोषपूर्वक पृथ्वीमा पछारिदिए र उनका दुवै आँखा निकालिदिए; जसले [शिवलाई] श्राप दिँदै गरेका दक्षतिर नेत्रले संकेत गरेका थिए॥ ५५॥

गणेश्वरहरूले स्वधा, स्वाहा, दक्षिणा, मन्त्र, तन्त्र तथा अन्य जति पनि त्यहाँ उपस्थित थिए, सबलाई तहस-नहस गरिदिए॥ ५६॥

ती गणहरूले क्रोधित भएर वितानाग्निमा विष्ठाको वर्षा गरिदिए। यस प्रकार वीर गणहरूले यज्ञको यस्तो दुर्गति गरिदिए, जसको वर्णन गर्न सकिन्न॥ ५७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्तर्वेद्यन्तरगतं निलीनं तद्भयाद् बलात्।
आनिनाय समाज्ञाय वीरभद्रः स्वभूःसुतम्॥ ५८

ब्रह्मपुत्र दक्ष उनीहरूको डरले अन्तर्वेदी भित्र लुकेका थिए, वीरभद्रले पत्ता लगाएर बलपूर्वक उनलाई ताने॥ ५८॥

कपोलेऽस्य गृहीत्वा तं खड्गेनोपहतं शिरः।
अभेद्यमभवत्तस्य तच्च योगप्रभावतः॥ ५९

उनको गाला समाएर उनले टाउकोमा तरवारले प्रहार गरे, तर योगको प्रभावले उनको शिर फुटेन, अभेद्य नै रह्यो॥ ५९॥

अभेद्यं तच्छिरो मत्वा शस्त्रास्त्रैश्च तु सर्वशः।
करेण त्रोटयामास पद्भ्यामाक्रम्य चोरसि॥ ६०

तब उनको शिरलाई अस्त्र-शस्त्रहरूबाट अभेद्य बुझेर उनले लात्तीले दक्षको छातीमा थिचेर हातले शिरलाई चुँडिदिए॥ ६०॥

तच्छिरस्तस्य दुष्टस्य दक्षस्य हरवैरिणः।
अग्निकुंडे प्रचिक्षेप वीरभद्रो गणाग्रणीः॥ ६१

त्यसपछि गणहरूमा श्रेष्ठ वीरभद्रले ती शिवद्रोही दुष्ट दक्षको त्यस शिरलाई अग्निकुण्डमा होमिदिए॥ ६१॥

रेजे तदा वीरभद्रस्त्रिशूलं भ्रामयन्करे।
क्रुद्धा रणाक्षसंवर्ताः प्रज्वाल्य पर्वतोपमाः॥ ६२

त्यस समय वीरभद्र आफ्नो हातमा त्रिशूल घुमाउँदै यस प्रकार शोभित भइरहेका थिए, मानौँ युद्धभूमिमा संवर्ताग्नि सबलाई जलाएर क्रोधित भई पर्वत समान स्थित छन्॥ ६२॥

अनायासेन हत्वैतान् वीरभद्रस्ततोऽग्निना।
ज्वालयामास सक्रोधो दीप्ताग्निः शलभानिव॥ ६३

जसरी प्रज्वलित अग्निले पुतलीलाई जलाइदिन्छ, त्यसै प्रकार वीरभद्रले क्रोधित भएर विना परिश्रम नै ती सबैलाई मारेर अग्निद्वारा जलाइदिए॥ ६३॥

वीरभद्रस्ततो दग्धान् दृष्ट्वा दक्षपुरोगमान्।
अट्टाट्टहासमकरोत् पूरयंश्च जगत्त्रयम्॥ ६४

वीरश्रिया वृतस्तत्र ततो नन्दनसंभवा।
पुष्पवृष्टिरभूद्दिव्या वीरभद्रे गणान्विते॥ ६५

तत्पश्चात् दक्ष आदिलाई जलाएर वीरहरूको शोभाले युक्त, त्रिलोकीलाई गुंजित पार्दै वीरभद्रले भयानक अट्टहास गरे। त्यसपछि त्यहाँ गणहरूसहित वीरभद्रका ऊपर नन्दनवनका दिव्य पुष्पहरूको वृष्टि हुन लाग्यो॥ ६४-६५॥

ववुर्गंधवहाः शीताः सुगन्धाः सुखदाः शनैः।
देवदुंदुभयो नेदुः सममेव ततः परम्॥ ६६

शीतल, सुगन्धित तथा सुखदायक हावा विस्तारै बहन लाग्यो र त्यसैका साथ देवताहरूका दुन्दुभीहरू पनि बज्न लागे॥ ६६॥

कैलासं स ययौ वीरः कृतकार्यस्ततः परम्।
विनाशितदृढध्वांतो भानुमानिव सत्वरम्॥ ६७

त्यसपछि घोर अन्धकारको नाश गर्नुहुने सूर्य झैँ ती वीरभद्र दक्ष र उनको यज्ञको विनाश गरी कृतकार्य भई तुरंत कैलासपर्वतमा गए॥ ६७॥

कृतकार्यं वीरभद्रं दृष्ट्वा संतुष्टमानसः।
शंभुर्वीरगणाध्यक्षं चकार परमेश्वरः॥ ६८

कार्यलाई पूर्ण गरेका वीरभद्रलाई देखेर परमेश्वर शिव मन-मनै प्रसन्न हुनुभयो र उहाँले वीरभद्रलाई गणहरूको अध्यक्ष बनाइदिनुभयो॥ ६८॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां द्वितीये सतीखण्डे यज्ञविध्वंसवर्णनं नाम सप्तत्रिंशोऽध्यायः॥ ३७॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको द्वितीय सतीखण्डमा यज्ञविध्वंसवर्णन नामक सैंतिसौँ अध्याय पूर्ण भयो॥ ३७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथाष्टत्रिंशोऽध्यायः

दधीचि मुनि र राजा क्षुवको विवादको इतिहास, शुक्राचार्यद्वारा दधीचिलाई महामृत्युंजयमन्त्रको उपदेश, मृत्युंजयमन्त्रअनुष्ठानबाट दधीचिलाई अवध्यता प्राप्ति

सूत उवाच

इत्याकर्ण्य वचस्तस्य विधेरमितधीमतः।
पप्रच्छ नारदः प्रीत्या विस्मितस्तं द्विजोत्तमः॥ १

सूत भन्नुहुन्छ—अत्यन्त बुद्धिमान् ब्रह्माका यी वचन सुनेर द्विजश्रेष्ठ नारद विस्मित भएर प्रसन्नतापूर्वक उहाँसित सोध्न लाग्नुभयो॥ १॥

नारद उवाच

शिवं विहाय दक्षस्य सुरैर्यज्ञं हरिर्गतः।
हेतुना केन तद् ब्रूहि यत्रावज्ञाभवत्ततः॥ २
जानाति किं स शंभुं नो हरिः प्रलयविक्रमम्।
रणं कथं च कृतवान् तद्गणैरबुधो यथा॥ ३

नारद भन्नुहुन्छ—[हे ब्रह्मन्!] भगवान् विष्णु शिवलाई छोडेर [अन्य] देवताहरूका साथ दक्षको यज्ञमा कुन कारणले जानुभयो, जहाँ उहाँको तिरस्कार मात्र भयो, यसलाई बताउनुहोस्। के उहाँ प्रलयकारी पराक्रम भएका शंकरलाई चिन्नुहुन्नथ्यो, उहाँले अज्ञानी झैं शिवगणहरूको साथ किन युद्ध गर्नुभयो?॥ २-३॥

एष मे संशयो भूयांस्तं छिंधि करुणानिधे।
चरितं ब्रूहि शंभोस्तु चित्तोत्साहकरं प्रभो॥ ४

हे करुणानिधि! यो मलाई ज्यादै ठुलो सन्देह छ, तपाईं त्यसलाई दूर गर्नुहोस् र प्रभु! मनमा उत्साह पैदा गर्ने खालको शिवचरित्रलाई पनि भन्नुहोस्॥ ४॥

ब्रह्मोवाच

द्विजवर्य शृणु प्रीत्या चरितं शशिमौलिनः।
यत्पृच्छते कुर्वतश्च सर्वसंशयहारकम्॥ ५

ब्रह्मा भन्नुहुन्छ—हे द्विजवर्य! तपाईं प्रेमपूर्वक शिवचरित्रको श्रवण गर्नुहोस्, जसले सोध्नेवाला तथा भन्नेवालाको सबै सन्देहलाई दूर गरिदिन्छ॥ ५॥

दधीचस्य मुनेः शापाद् भ्रष्टज्ञानो हरिः पुरा।
सामरो दक्षयज्ञं वै गतः क्षुवसहायकृत्॥ ६

पूर्वकालमा दधीचि मुनिले राजा क्षुवको सहायता गर्नुहुने श्रीहरिलाई श्राप दिनुभएको थियो, यसैले भ्रष्ट ज्ञान भएका ती विष्णु देवताहरूका साथ दक्षको यज्ञमा जानुभयो॥ ६॥

नारद उवाच

किमर्थं शप्तवान्विष्णुं दधीचो मुनिसत्तमः।
कोऽपकारः कृतस्तस्य हरिणा तत्सहायिना॥ ७

नारद भन्नुहुन्छ—[हे ब्रह्मन्!] मुनिहरूमा श्रेष्ठ दधीचिले भगवान् विष्णुलाई श्राप किन दिनुभयो? क्षुवको सहायता गर्नुहुने विष्णुले उनको कुनचाहिँ अपकार गर्नुभएको थियो॥ ७॥

ब्रह्मोवाच

समुत्पन्नो महातेजा राजा क्षुव इति स्मृतः।
अभून्मित्रं दधीचस्य मुनीन्द्रस्य महाप्रभोः॥ ८
चिरात्तपःप्रसङ्गाद्वै वादः क्षुवदधीचयोः।
महानर्थकरः ख्यातस्त्रिलोकेष्वभवत्पुरा॥ ९

ब्रह्मा भन्नुहुन्छ—क्षुव नामबाट प्रसिद्ध एक महातेजस्वी राजा उत्पन्न भएका थिए। ती महाप्रभावशाली मुनीश्वर दधीचिका मित्र थिए। पूर्वकालमा लामो समयदेखि तपको प्रसंगलाई लिएर क्षुव र दधीचिमा महान् अनर्थकारी विवाद आरम्भ भयो, जुन तीनवटै लोकमा विख्यात भयो॥ ८-९॥

तत्र त्रिवर्णतः श्रेष्ठो विप्र एव न संशयः।
इति प्राह दधीचो हि शिवभक्तस्तु वेदवित्॥ १०

त्यस विवादमा वेदविद् शिवभक्त दधीचिले भन्नुभयो कि तीनवटै वर्णमा ब्राह्मण नै श्रेष्ठ हुन्। यसमा सन्देह छैन॥ १०॥

तच्छ्रुत्वा वचनं तस्य दधीचस्य महामुनेः।
क्षुवः प्राहेति नृपतिः श्रीमदेन विमोहितः॥ ११

महामुनि दधीचिको यो कुरा सुनेर धनको मदले विमोहित राजा क्षुवले यस प्रकार प्रतिवाद गरे॥ ११॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्षुव उवाच

अष्टानां लोकपालानां वपुर्धारयते नृपः।
तस्मान्नृपो वरिष्ठो हि वर्णाश्रमपतिः प्रभुः॥ १२

सर्वदेवमयो राजा श्रुतिः प्राहेति तत्परा।
महती देवता या सा सोऽहमेव ततो मुने॥ १३

तस्माद्विप्राद्वरो राजा च्यावनेय विचार्यताम्।
नावमन्तव्य एवातः पूज्योऽहं सर्वथा त्वया॥ १४

क्षुव भन्नुहुन्छ—राजाले [इन्द्र आदि] आठ लोकपालहरूको स्वरूपलाई धारण गर्दछन् तथा समस्त वर्ण र आश्रमका स्वामी एवं प्रभु हुन्, यसैले राजा नै सबैभन्दा श्रेष्ठ हुन्। राजाको श्रेष्ठता प्रतिपादन गर्ने श्रुति पनि भन्दछन् कि राजा सर्वदेवमय हुन्। यसैले हे मुनि! जो सबैभन्दा ठुला देवता छन्, ती म नै हुँ॥ १२-१३॥

अतः हे च्यवनपुत्र! राजा ब्राह्मणभन्दा श्रेष्ठ हुन्छन्, तपाईं [यस सम्बन्धमा] विचार गर्नुहोस् र मेरो अनादर नगर्नुहोस्, म तपाईंका लागि सर्वथा पूजनीय हुँ॥ १४॥

ब्रह्मोवाच

श्रुत्वा तथा मतं तस्य क्षुवस्य मुनिसत्तमः।
श्रुतिस्मृतिविरुद्धं तं चुकोपातीव भार्गवः॥ १५

अथ क्रुद्धो महातेजा गौरवाच्चात्मनो मुने।
अताडयत्क्षुवं मूर्ध्नि दधीचो वाममुष्टितः॥ १६

वज्रेण तं च चिच्छेद दधीचं ताडितः क्षुवः।
जगर्जातीव संक्रुद्धो ब्रह्मांडाधिपतिः कुधीः॥ १७

पपात भूमौ निहतो तेन वज्रेण भार्गवः।
शुक्रं सस्मार क्षुवकृद्भार्गवस्य कुलंधरः॥ १८

शुक्रोऽथ संधयामास ताडितं च क्षुवेन तु।
योगी दधीचस्य तदा देहमागत्य स द्रुतम्॥ १९

संधाय पूर्ववद्देहं दधीचस्याह भार्गवः।
शिवभक्ताग्रणीर्मृत्युञ्जयविद्याप्रवर्तकः॥ २०

ब्रह्मा भन्नुहुन्छ—ती क्षुवको श्रुति तथा स्मृतिहरू विरुद्धको यो मत सुनेर मुनिश्रेष्ठ दधीचि अत्यन्त कुपित भए॥ १५॥

तब हे मुनि! आत्मगौरवका कारण कुपित भएका महातेजस्वी दधीचिले क्षुवको शिरमा [आफ्नो] बायाँ मुड्कीले प्रहार गरे॥ १६॥

तत्पश्चात् [दधीचि द्वारा] हिर्काइएका ब्रह्माण्ड अधिपति दुष्ट क्षुव अत्यन्त कुपित भई गर्जिए र उनले वज्रले दधीचिको शिर काटिदिए॥ १७॥

त्यस वज्रबाट आहत भई दधीचि पृथिवीमा ढले। क्षुवद्वारा काटिएका भार्गववंशधर दधीचिले [ढल्दाको समय] शुक्राचार्यको स्मरण गरे॥ १८॥

तब योगी शुक्राचार्यले आएर क्षुवद्वारा काटिएको दधीचिको शरीरलाई तत्काल जोडिदिनुभयो॥ १९॥

दधीचिको देहलाई पूर्वको झैं ठीक गरी शिवभक्तशिरोमणि तथा मृत्युंजयविद्याका प्रवर्तक शुक्राचार्य उहाँसित भन्न लाग्नुभयो—॥ २०॥

शुक्र उवाच

दधीच तात संपूज्य शिवं सर्वेश्वरं प्रभुम्।
महामृत्युञ्जयं मन्त्रं श्रौतमग्र्यं वदामि ते॥ २१

त्र्यम्बकं यजामहे त्रैलोक्यं पितरं प्रभुम्।
त्रिमंडलस्य पितरं त्रिगुणस्य महेश्वरम्॥ २२

शुक्र भन्नुहुन्छ—हे तात! दधीचि! म सर्वेश्वर प्रभु शंकरको पूजा गरी श्रेष्ठ वैदिक महामृत्युंजय मन्त्र*को तपाईंलाई उपदेश दिन्छु॥ २१॥

[**'त्र्यम्बकं यजामहे'**] हामी त्रिलोकीका पिता, तीन नेत्र भएका, तीनवटै मण्डल (सूर्य, सोम तथा अग्नि)-का पिता तथा तीनवटै गुण (सत्त्व, रज तथा तम)-का स्वामी महेश्वरको पूजा गर्छौं॥ २२॥

* त्र्यम्बकं यजामहे सुगन्धिं पुष्टिवर्धनम्। उर्वारुकमिव बन्धनान्मृत्योर्मुक्षीय मामृतात्॥ (यजुर्वेद ३।६०)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रितत्त्वस्य त्रिवह्नेश्च त्रिधाभूतस्य सर्वतः।
त्रिदिवस्य त्रिबाहोश्च त्रिधाभूतस्य सर्वतः॥ २३

त्रिदेवस्य महादेवः सुगन्धिं पुष्टिवर्द्धनम्।
सर्वभूतेषु सर्वत्र त्रिगुणेषु कृतौ यथा॥ २४

इन्द्रियेषु तथान्येषु देवेषु च गणेषु च।
पुष्पे सुगंधिवत्सूरः सुगंधिरमरेश्वरः॥ २५

पुष्टिश्च प्रकृतेर्यस्मात्पुरुषाद् वै द्विजोत्तम।
महदादिविशेषान्तविकल्पश्चापि सुव्रत॥ २६

विष्णोः पितामहस्यापि मुनीनां च महामुने।
इन्द्रियाणां च देवानां तस्माद् वै पुष्टिवर्धनः॥ २७

तं देवममृतं रुद्रं कर्मणा तपसापि वा।
स्वाध्यायेन च योगेन ध्यानेन च प्रजायते॥ २८

सत्येनान्येन सूक्ष्माग्रान्मृत्युपाशाद्भवः स्वयम्।
बंधमोक्षकरो यस्मादुर्वारुकमिव प्रभुः॥ २९

मृतसञ्जीवनीमन्त्रो मम सर्वोत्तमः स्मृतः।
एवं जपपरः प्रीत्या नियमेन शिवं स्मरन्॥ ३०

जप्त्वा हुत्वाभिमन्त्र्यैवं जलं पिब दिवानिशम्।
शिवस्य सन्निधौ ध्यात्वा नास्ति मृत्युभयं क्वचित्॥ ३१

कृत्वा न्यासादिकं सर्वं संपूज्य विधिवच्छिवम्।
संविधायेदं निर्व्यग्रः शंकरं भक्तवत्सलम्॥ ३२

जो त्रितत्त्व (आत्मतत्त्व, विद्यातत्त्व र शिवतत्त्व), त्रिवह्नि (आहवनीय, गार्हपत्य र दक्षिणाग्नि) तथा पृथिवी, जल, तेज—यी तीन भूतहरूका एवं जो त्रिदिव (स्वर्ग), त्रिबाहु तथा ब्रह्मा, विष्णु र शिव—यी तीन देवताहरूका महान् ईश्वर महादेव हुनुहुन्छ। **'सुगन्धिं पुष्टिवर्धनम्'** [महामृत्युंजयमन्त्रको यो द्वितीय चरण हो] जसरी फूलहरूमा उत्तम सुगन्ध हुन्छ, त्यसै प्रकार ती भगवान् शिव सम्पूर्ण भूतमा, तीनवटै गुणमा, समस्त कृत्यमा, इन्द्रियहरूमा, अन्यान्य देवताहरूमा र गणहरूमा तिनको प्रकाशक सारभूत आत्माको रूपमा व्याप्त हुनुहुन्छ। अत एव सुगन्धयुक्त एवं सम्पूर्ण देवताहरूका ईश्वर हुनुहुन्छ॥ २३—२५॥

हे द्विजोत्तम! जुन महापुरुषबाट प्रकृतिको पुष्टि हुन्छ। हे सुव्रत! महत् तत्त्वदेखि लिएर विशेषपर्यन्त विकल्पको जो स्वरूप हुनुहुन्छ। हे महामुनि! जो विष्णु, पितामह, मुनिगण एवं इन्द्रियहरूसहित समस्त देवताहरूको पुष्टिको वर्धन गर्नुहुन्छ, यसैले उहाँ पुष्टिवर्धन हुनुहुन्छ॥ २६-२७॥

ती देव रुद्र अमृतस्वरूप हुनुहुन्छ। जो पुण्यकर्मबाट, तपस्याबाट, स्वाध्यायबाट, योगबाट अथवा ध्यानबाट उहाँको आराधना गर्छ, त्यसलाई त्यो प्राप्त हुन्छ॥ २८॥

जसरी खरबुजाको बोटले आफ्नो फललाई स्वयं नै लताद्वारा बन्धनमा बाँधेर राख्छ र पाकेपछि स्वयं नै त्यसलाई बन्धनबाट मुक्त गरिदिन्छ, ठीक त्यसै गरी बन्धमोक्षकारी प्रभु सदाशिव आफ्नो सत्यद्वारा जगत्का समस्त प्राणीहरूलाई मृत्युको पाशोरूपी सूक्ष्म बन्धनबाट छुटाइदिनुहुन्छ॥ २९॥

यो मृतसंजीवनी मन्त्र हो, जुन मेरो मतभन्दा सर्वोत्तम छ। हे दधीचि! तपाईं मद्वारा प्रदत्त यस मन्त्रको शिवध्यानपरायण भएर नियमपूर्वक जप गर्नुहोस्॥ ३०॥

जप र हवन पनि यसै मन्त्रले गर्नुहोस् र यसै मन्त्रले अभिमन्त्रित गरी दिन र रातमा जल पनि पीउनुहोस् तथा शिव-विग्रहको नजिक स्थित भई उहाँको ध्यान गर्दै रहनुहोस्, यसो गर्दा कहिल्यै पनि मृत्युको भय रहँदैन॥ ३१॥ सबै न्यास आदि गरी विधिवत् शिवको पूजा गरी व्यग्रतारहित भई भक्तवत्सल सदाशिवको ध्यान गर्नुपर्दछ॥ ३२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ध्यानमस्य प्रवक्ष्यामि यथा ध्यात्वा जपेन्मनुम्।
सिद्धमन्त्रो भवेद्धीमान् यावच्छंभुप्रभावतः॥ ३३

अब म सदाशिवको ध्यानलाई बताउँछु, जस अनुसार उहाँको ध्यान गरी मन्त्रजप गर्नुपर्दछ। यस प्रकार [जप गर्नाले] बुद्धिमान् पुरुष भगवान् शिवको प्रभावले त्यस मन्त्रलाई सिद्ध गर्दछ॥ ३३॥

हस्तांभोजयुगस्थकुंभयुगलादुद्धृत्य तोयं शिरः
सिञ्चन्तं करयोर्युगेन दधतं स्वाङ्के सकुम्भौ करौ।
अक्षस्त्रङ्मृगहस्तमंबुजगतं मूर्धस्थचन्द्रस्रवत्-
पीयूषार्द्रतनुं भजे सगिरिजं त्र्यक्षं च मृत्युञ्जयम्॥ ३४

[ध्यानमन्त्रको अर्थ यस प्रकार छ] आफ्ना दुई करकमलहरूमा स्थित दुवै घडाबाट जललाई निकालेर माथिका दुवै हातले शिरमा अभिषेक गर्दै, घडासहित आफ्ना अरू दुवै हातहरूलाई आफ्नो काखमा राख्दै, बाँकी दुई हातहरूले अक्षमाला तथा मृगमुद्रा धारण गर्नुहुने, कमलको आसनमा विराजमान, शिरमा स्थित चन्द्रमाबाट चुहिरहेको अमृतकणले भिजेको शरीर भएका तथा तीन नेत्र भएका पार्वतीसहित महामृत्युंजय भगवान्को म ध्यान गर्दछु॥ ३४॥

ब्रह्मोवाच

उपदिश्येति शुक्रः तं दधीचिं मुनिसत्तमम्।
स्वस्थानमगमत्तात संस्मरन् शंकरं प्रभुम्॥ ३५

ब्रह्मा भन्नुहुन्छ—हे तात! मुनिश्रेष्ठ दधीचिलाई यस प्रकार उपदेश दिएर शुक्राचार्य भगवान् शंकरको स्मरण गर्दै आफ्नो स्थानमा जानुभयो॥ ३५॥

तस्य तद्वचनं श्रुत्वा दधीचो हि महामुनिः।
वनं जगाम तपसे महाप्रीत्या शिवं स्मरन्॥ ३६

उहाँको कुरा सुनेर महामुनि दधीचि बडो प्रेमले शिवको स्मरण गर्दै तपस्याका लागि वनमा गए॥ ३६॥

तत्र गत्वा विधानेन महामृत्युञ्जयाभिधम्।
तं मनुं प्रजपन् प्रीत्या तपस्तेपे शिवं स्मरन्॥ ३७

त्यहाँ गएर ती विधिपूर्वक महामृत्युंजय नामक त्यस मन्त्रको जप गर्दै र प्रेमपूर्वक शिवको चिन्तन गर्दै तपस्या गर्न लागे॥ ३७॥

तन्मनुं सुचिरं जप्त्वा तपसाराध्य शंकरम्।
शिवं संतोषयामास महामृत्युञ्जयं हि सः॥ ३८

दीर्घकालसम्म त्यस महामृत्युंजय मन्त्रको जप गरी तपस्याद्वारा शंकरको आराधना गरी उनले शिवलाई प्रसन्न पारे॥ ३८॥

अथ शंभुः प्रसन्नात्मा तज्जपाद्भक्तवत्सलः।
आविर्बभूव पुरतस्तस्य प्रीत्या महामुने॥ ३९

हे महामुनि! तब त्यस जपबाट प्रसन्नचित्त भएका भक्तवत्सल शिव उनको सामुन्ने प्रेमपूर्वक प्रकट हुनुभयो॥ ३९॥

तं दृष्ट्वा स्वप्रभुं शंभुं स मुमोद मुनीश्वरः।
प्रणम्य विधिवद्भक्त्या तुष्टाव सुकृताञ्जलिः॥ ४०

आफ्ना प्रभु शम्भुको [साक्षात्] दर्शन गरी ती मुनीश्वर आनन्दित भए र उहाँलाई विधिपूर्वक प्रणाम गरी दुवै हात जोडी भक्तिभावले स्तवन गर्न लागे॥ ४०॥

अथ प्रीत्या शिवस्तात प्रसन्नश्च्यावनिं मुने।
वरं ब्रूहीति स प्राह सुप्रसन्नेन चेतसा॥ ४१
तच्छ्रुत्वा शंभुवचनं दधीचो भक्तसत्तमः।
साञ्जलिर्नतकः प्राह शंकरं भक्तवत्सलम्॥ ४२

हे तात! हे मुनि! त्यसपछि मुनिको प्रेमबाट आनन्दित ती शिवले अत्यन्त प्रसन्नचित्तले दधीचिसित भन्नुभयो—वर माग। शिवको त्यो वचन सुनेर भक्तश्रेष्ठ दधीचि दुवै हात जोडेर नतमस्तक भई भक्तवत्सल शंकरसित भन्न लागे—॥ ४१-४२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दधीच उवाच

देवदेव महादेव मह्यं देहि वरत्रयम्।
वज्रास्थित्वमवध्यत्वमदीनत्वं हि सर्वतः॥ ४३

ब्रह्मोवाच

तदुक्तवचनं श्रुत्वा प्रसन्नः परमेश्वरः।
वरत्रयं ददौ तस्मै दधीचाय तथास्त्विति॥ ४४
वरत्रयं शिवात्प्राप्य सानंदश्च महामुनिः।
क्षुवस्थानं जगामाशु वेदमार्गे प्रतिष्ठितः॥ ४५
प्राप्यावध्यत्वमुग्रात्स वज्रास्थित्वमदीनताम्।
अताडयच्च राजेन्द्रं पादमूलेन मूर्धनि॥ ४६
क्षुवो दधीचं वज्रेण जघानोरस्यथो नृपः।
क्रोधं कृत्वा विशेषेण विष्णुगौरवगर्वितः॥ ४७
नाभून्नाशाय तद्वज्रं दधीचस्य महात्मनः।
प्रभावात्परमेशस्य धातृपुत्रो विसिस्मिये॥ ४८
दृष्ट्वाप्यवध्यत्वमदीनतां च
वज्रस्य चात्यन्तपरप्रभावम्।
क्षुवो दधीचस्य मुनीश्वरस्य
विसिस्मिये चेतसि धातृपुत्रः॥ ४९
आराधयामास हरिं मुकुन्द-
मिन्द्रानुजं काननमाशु गत्वा।
प्रपन्नपालश्च पराजितो हि
दधीचमृत्युञ्जयसेवकेन ॥ ५०
पूजया तस्य सन्तुष्टो भगवान् मधुसूदनः।
प्रददौ दर्शनं तस्मै दिव्यं वै गरुडध्वजः॥ ५१
दिव्येन दर्शनेनैव दृष्ट्वा देवं जनार्दनम्।
तुष्टाव वाग्भिरिष्टाभिः प्रणम्य गरुडध्वजम्॥ ५२
सम्पूज्य चैवं त्रिदशेश्वराद्यैः
स्तुत्वा स्तुतं देवमजेयमीशम्।
विज्ञापयामास निरीक्ष्य भक्त्या
जनार्दनाय प्रणिपत्य मूर्ध्ना॥ ५३

राजोवाच

भगवन् ब्राह्मणः कश्चिद्दधीच इति विश्रुतः।
धर्मवेत्ता विनीतात्मा सखा मम पुराभवत्॥ ५४

दधीचि भन्दछन्—हे देवदेव! हे महादेव! मलाई तीन वर दिनुहोस्, मेरो हड्डी वज्र बनोस्, कसैले पनि मेरो वध गर्न नसकोस् र म सर्वथा अदीन रहुँ अर्थात् दुःखी हुन नपरोस्॥ ४३॥

ब्रह्मा भन्नुहुन्छ—उनले भनेका वचनलाई सुनेर प्रसन्न भएका परमेश्वरले 'तथास्तु' भन्नुभयो र ती दधीचिलाई तीनवटै वर दिनुभयो। शिवबाट तीन वर पाएर वेदमार्गमा प्रतिष्ठित महामुनि आनन्दमग्न भए र तत्काल राजा क्षुवको स्थानमा गए॥ ४४-४५॥

उग्र स्वभाव भएका महादेवबाट अवध्यता, अस्थि वज्रमय हुने र अदीनताको वर पाएका दधीचिले राजेन्द्र क्षुवको शिरमा लात्ताले प्रहार गरे॥ ४६॥

तब विष्णुको महिमाबाट गर्वित राजा क्षुवले पनि क्रोधित भएर दधीचिको छातीमा वज्रले प्रहार गरे॥ ४७॥

परमेश्वर शिवको प्रभावले गर्दा त्यो वज्रले महात्मा दधीचिको [केही पनि] अनिष्ट गर्न सकेन, यसबाट ब्रह्मपुत्र क्षुवलाई आश्चर्य भयो। मुनीश्वर दधीचिको अवध्यता, अदीनता तथा वज्रभन्दा ठुलो प्रभाव देखेर ब्रह्मकुमार क्षुवको मनमा ठुलो विस्मय भयो॥ ४८-४९॥

ती शरणागतपालक नरेश मृत्युंजयका सेवक दधीचिसित पराजित भएर तत्काल वनमा गएर इन्द्रका भाइ मुकुन्द हरिको आराधना गर्न लागे॥ ५०॥

उनको पूजाबाट सन्तुष्ट भएर गरुडध्वज भगवान् मधुसूदनले उनलाई दिव्य दृष्टि प्रदान गर्नुभयो॥ ५१॥

त्यस दिव्य दृष्टिले गरुडध्वज जनार्दन देवको दर्शन गरेर उहाँलाई प्रणाम गरी क्षुवले प्रिय वचनहरू-द्वारा उहाँको स्तुति गरे॥ ५२॥

यस प्रकार इन्द्र आदिबाट स्तुत्य ती अजेय ईश्वर देवको पूजा र स्तवन गरी ती [राजा क्षुव] भक्तिभावले उहाँतिर हेरेर शिर झुकाएर प्रणाम गरी जनार्दनसित भन्न लागे—॥ ५३॥

राजा भन्दछन्—हे भगवान्! दधीचि नामले प्रसिद्ध एक ब्राह्मण छन्, जो धर्मका ज्ञाता तथा विनम्र स्वभावका छन्, ती पहिला मेरो मित्र थिए॥ ५४॥

2325_Sihvpurana_Part_1_Nepali_Section_17_1_Front
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अवध्यः सर्वदा सर्वैः शंकरस्य प्रभावतः।
तमाराध्य महादेवं मृत्युञ्जयमनामयम्॥ ५५

ती निर्विकार मृत्युंजय महादेवको आराधना गरी उनै शिवको प्रभावले सबद्वारा सदाका लागि अवध्य भएका छन्॥ ५५॥

सावज्ञं वामपादेन मम मूर्ध्नि सदस्यपि।
ताडयामास वेगेन स दधीचो महातपाः॥ ५६
उवाच मां च गर्वेण न बिभेमीति सर्वतः।
मृत्युञ्जयाप्तसुवरो गर्वितो ह्यतुलं हरे॥ ५७

[एक दिन] ती महातपस्वी दधीचिले भरी सभामा आफ्नो बायाँ गोडाले मेरो टाउकामा अत्यन्त वेगले अवहेलनापूर्वक प्रहार गरे र बडो गर्वसित मसित भने—म कसैसित डराउँदिन। हे हरि! ती मृत्युंजयबाट उत्तम वर पाएर अनुपम गर्वले भरिएका छन्॥ ५६-५७॥

ब्रह्मोवाच

अथ ज्ञात्वा दधीचस्य ह्यवध्यत्वं महात्मनः।
सस्मारास्य महेशस्य प्रभावमतुलं हरिः॥ ५८
एवं स्मृत्वा हरिः प्राह क्षुवं विधिसुतं द्रुतम्।
विप्राणां नास्ति राजेन्द्र भयमण्वपि कुत्रचित्॥ ५९

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] महात्मा दधीचिको अवध्यतालाई जानेर श्रीहरिले महेश्वरको अतुलित प्रभावको स्मरण गर्नुभयो। यस प्रकार स्मरण गरी विष्णु ब्रह्मपुत्र क्षुवसित शीघ्र भन्नुहुन्छ—राजेन्द्र! ब्राह्मणहरूलाई कहीँ पनि अलिकति मात्र पनि डर हुँदैन॥ ५८-५९॥

विशेषाद् रुद्रभक्तानां भयं नास्ति च भूपते।
दुःखं करोति विप्रस्य शापार्थं स सुरस्य मे॥ ६०

हे भूपति! विशेष रूपले रुद्रभक्तहरूका लागि त भय छँदै छैन। यदि म तपाईंको तर्फबाट केही गरूँ भने ब्राह्मण दधीचिलाई दुःख हुनेछ र त्यो म-जस्ता देवताका लागि पनि श्रापको कारण बन्ने छ॥ ६०॥

भविता तस्य शापेन दक्षयज्ञे सुरेश्वरात्।
विनाशो मम राजेन्द्र पुनरुत्थानमेव च॥ ६१

हे राजेन्द्र! दधीचिको श्रापले दक्षको यज्ञमा सुरेश्वर शिवद्वारा मेरो विनाश हुनेछ र फेरि उत्थान पनि हुनेछ॥ ६१॥

तस्मात्समेत्य राजेन्द्र सर्वयज्ञो न भूयते।
करोमि यत्नं राजेन्द्र दधीचविजयाय ते॥ ६२

हे राजेन्द्र! दधीचिको श्रापको कारण नै सबै देवताहरू, मेरो तथा ब्रह्माको उपस्थित रहँदामा पनि दक्षको यज्ञ सफल हुने छैन। हे महाराज! म तपाईंका लागि दधीचिलाई जित्ने प्रयास गर्ने छु॥ ६२॥

श्रुत्वा वाक्यं क्षुवः प्राह तथास्त्विति हरेर्नृपः।
तस्थौ तत्रैव तत्प्रीत्या तत्कामोत्सुकमानसः॥ ६३

विष्णुका यी वचन सुनेर राजा क्षुवले भने—यस्तै नै होस्। यस प्रकार भनेर ती त्यस कार्यका लागि मन-मनै उत्सुक भई प्रसन्नतापूर्वक त्यहीँ बसे॥ ६३॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां द्वितीये सतीखण्डे क्षुवदधीचवादवर्णनं नामाष्टत्रिंशोऽध्यायः॥ ३८॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको द्वितीय सतीखण्डमा क्षुव र दधीचिको विवाद वर्णन नामक अड्तिसौँ अध्याय पूर्ण भयो॥ ३८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथैकोनचत्वारिंशोऽध्यायः

श्रीविष्णु र देवताहरूबाट अपराजित दधीचिद्वारा देवताहरूलाई श्राप दिनु तथा राजा क्षुवप्रति अनुग्रह गर्नु

ब्रह्मोवाच

क्षुवस्य हितकृत्येन दधीचस्याश्रमं ययौ।
विप्ररूपमथास्थाय भगवान् भक्तवत्सलः॥ १
दधीचं प्राह विप्रर्षिमभिवन्द्य जगद्गुरुः।
क्षुवकार्यार्थमुद्युक्तः शैवेन्द्रं छलमाश्रितः॥ २

विष्णुरुवाच

भो भो दधीच विप्रर्षे भवार्चनरताव्यय।
वरमेकं वृणे त्वत्तस्तद्भवान् दातुमर्हति॥ ३

ब्रह्मोवाच

याचितो देवदेवेन दधीचः शैवसत्तमः।
क्षुवकार्यार्थिना शीघ्रं जगाद वचनं हरिम्॥ ४

दधीच उवाच

ज्ञातं तवेप्सितं विप्र क्षुवकार्यार्थमागतः।
भगवान् विप्ररूपेण मायी त्वमसि वै हरिः॥ ५
भूतं भविष्यं देवेश वर्तमानं जनार्दन।
ज्ञानं प्रसादाद् रुद्रस्य सदा त्रैकालिकं मम॥ ६
त्वां जानेऽहं हरिं विष्णुं द्विजत्वं त्यज सुव्रत।
आराधितोऽसि भूपेन क्षुवेण खलबुद्धिना॥ ७
जाने तवैव भगवन् भक्तवत्सलतां हरे।
छलं त्यज स्वरूपं हि स्वीकुरु स्मर शंकरम्॥ ८
अस्ति चेत्कस्यचिद्भीतिर्भवार्चनरतस्य मे।
वक्तुमर्हसि यत्नेन सत्यधारणपूर्वकम्॥ ९
वदामि न मृषा क्वापि शिवस्मरणसक्तधीः।
न बिभेमि जगत्यस्मिन्देवदैत्यादिकादपि॥ १०

विष्णुरुवाच

भयं दधीच सर्वत्र नष्टं च तव सुव्रत।
भवार्चनरतो यस्माद्भवान्सर्वज्ञ एव च॥ ११

ब्रह्मा भन्नुहुन्छ—[नारद!] भक्तवत्सल भगवान् विष्णु राजा क्षुवको हितसाधनका लागि ब्राह्मणको रूप धारण गरी दधीचिको आश्रममा जानुभयो॥ १॥

कपटरूप धारण गरी जगद्गुरु श्रीहरि शिवभक्तहरूमा श्रेष्ठ ब्रह्मर्षि दधीचिलाई प्रणाम गरी क्षुवको कार्य सिद्धिका लागि तत्पर भई उहाँसित भन्न लाग्नुभयो—॥ २॥

विष्णु भन्नुहुन्छ—हे दधीचि! शिवको आराधनामा तत्पर रहनुहुने हे विप्रर्षि! हे अव्यय! म तपाईंसित एउटा वर माग्छु, कृपा गरी त्यो मलाई दिनुहोस्॥ ३॥

ब्रह्मा भन्नुहुन्छ—क्षुवको कार्यसिद्धि चाहनुहुने देवदेव विष्णुद्वारा याचित परम शिवभक्त दधीचि विष्णुसित शीघ्र यो वचन भन्न लाग्नुभयो—॥ ४॥

दधीचि भन्नुहुन्छ—हे विप्र! मैले हजुरको अभीष्ट जानेको छु, हजुर भगवान् श्रीहरि क्षुवको कार्यका लागि नै यहाँ ब्राह्मणको रूप धारण गरी आउनुभएको छ, हजुर त मायावी हुनुहुन्छ। हे देवेश! हे जनार्दन! शिवको कृपाले मलाई भूत-भविष्य र वर्तमान—यी तीनै कालको ज्ञान सदा रहन्छ॥ ५-६॥

म हजुर श्रीहरि विष्णुलाई जान्दछु। हे सुव्रत! यस ब्राह्मणवेशलाई छोडिदिनुहोस्। दुष्टबुद्धि भएका क्षुवले हजुरको आराधना गरेको छ। हे भगवन्! हे हरि! म हजुरको भक्तवत्सलतालाई जान्दछु, यो छल छोड्नुहोस्, आफ्नो रूपलाई ग्रहण गर्नुहोस् र भगवान् शंकरको स्मरण गर्नुहोस्॥ ७-८॥

शंकरको आराधनामा लागिरहने मबाट यदि कोही भयभित भएको छ भने हजुर त्यो यत्नपूर्वक सत्यको शपथका साथ भन्नुहोस्। शिवको स्मरणमा आसक्त बुद्धिवाला म कहिल्यै झुठो बोल्दिन। म यस संसारमा कुनै देवता वा दैत्यबाट पनि डराउँदिन॥ ९-१०॥

विष्णु भन्नुहुन्छ—उत्तम व्रतको पालन गर्नुहुने हे दधीचि! तपाईंको भय त सर्वथा नष्ट नै छ; किनभने तपाईं शिवको आराधनामा तत्पर रहनुहुन्छ र सर्वज्ञ हुनुहुन्छ॥ ११॥

2325_Sihvpurana_Part_1_Nepali_Section_17_2_Front

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बिभेमीति सकृद्वक्तुमर्हसि त्वं नमस्तव।
नियोगान्मम राजेन्द्र क्षुवात् प्रतिसहादहम्॥ १२

ब्रह्मोवाच

एवं श्रुत्वापि तद्वाक्यं विष्णोः स तु महामुनिः।
विहस्य निर्भयः प्राह दधीचः शैवसत्तमः॥ १३

दधीच उवाच

न बिभेमि सदा क्वापि कुतश्चिदपि किंचन।
प्रभावाद्देवदेवस्य शंभोः साक्षात्पिनाकिनः॥ १४

ब्रह्मोवाच

ततस्तस्य मुनेः श्रुत्वा वचनं कुपितो हरिः।
चक्रमुद्यम्य संतस्थौ दिधक्षुर्मुनिसत्तमम्॥ १५

अभवत्कुंठितं तत्र विप्रे चक्रं सुदारुणम्।
प्रभावाच्च तदीशस्य नृपतेः सन्निधावपि॥ १६

दृष्ट्वा तं कुंठितास्यं तच्चक्रं विष्णुं जगाद ह।
दधीचः सस्मितं साक्षात्सदसद्व्यक्तिकारणम्॥ १७

दधीच उवाच

भगवन् भवता लब्धं पुरातीव सुदारुणम्।
सुदर्शनमिति ख्यातं चक्रं विष्णोः प्रयत्नतः।
भवस्य तच्छुभं चक्रं न जिघांसति मामिह॥ १८

भगवानथ क्रुद्धोऽस्मै सर्वास्त्राणि क्रमाद्धरिः।
ब्रह्मास्त्राद्यैः शरैश्चास्त्रैः प्रयत्नं कर्तुमर्हसि॥ १९

ब्रह्मोवाच

स तस्य वचनं श्रुत्वा दृष्ट्वा निर्वीर्यमानुषम्।
ससर्जाथ क्रुधा तस्मै सर्वास्त्राणि क्रमाद्धरिः॥ २०

चक्रुर्देवास्ततस्तस्य विष्णोः साहाय्यमादरात्।
द्विजेनैकेन संयोद्धुं प्रसृतस्य विबुद्धयः॥ २१

चिक्षिपुः स्वानि स्वान्याशु शस्त्राण्यस्त्राणि सर्वतः।
दधीचोपरि वेगेन शक्राद्या हरिपाक्षिकाः॥ २२

कुशमुष्टिमथादाय दधीचः संस्मरन् शिवम्।
ससर्ज सर्वदेवेभ्यो वज्रास्थिः सर्वतो वशी॥ २३

तपाईंलाई नमस्कार छ। तपाईं मेरो अनुरोधले एक पटक आफ्नो प्रतिद्वन्द्वी राजा क्षुवसित यो भनिदिनुहोस्—हे राजेन्द्र! म तपाईंसित डराउँछु॥ १२॥

ब्रह्मा भन्नुहुन्छ—विष्णुका यी वचन सुनेर पनि शिवभक्तहरूमा श्रेष्ठ महामुनि दधीचि हाँसेर निर्भय भई भन्न लाग्नुभयो—॥ १३॥

दधीचि भन्नुहुन्छ—म पिनाकधारी देवाधिदेव शम्भुको प्रभावले कहीँ पनि कसैसित थोरै मात्र पनि डराउँदिन॥ १४॥

ब्रह्मा भन्नुहुन्छ—ती मुनिको यो वचन सुनेर भगवान् विष्णु क्रोधित हुनुभयो र ती मुनिश्रेष्ठ दधीचिलाई जलाइदिने इच्छाले आफ्नो चक्रलाई माथि उठाएर खडा हुनुभयो। राजा क्षुवको सामुन्ने नै ब्राह्मणमाथि चलाउन लागिएको उहाँको भयंकर चक्र शिवको प्रभावले त्यहीँ कुण्ठित भयो। यस प्रकार त्यस चक्रलाई कुण्ठित भएको देखेर दधीचि हाँसै सत् एवं असत्को अभिव्यक्तिका कारणभूत भगवान् विष्णुसित भन्न लाग्नुभयो—॥ १५—१७॥

दधीचि भन्नुहुन्छ—हे भगवान्! हजुरले पूर्व समयमा [तपस्याको] प्रयत्नले शिवबाट सुदर्शन नामक अत्यन्त दारुण जुन चक्रलाई प्राप्त गर्नुभएको छ, शिवको त्यो शुभ चक्र मलाई मार्न चाहँदैन। तब भगवान् श्रीहरिले क्रुद्ध भएर क्रमैले सबै अस्त्र उहाँ माथि चलाउनुभयो। [यसप्रति दधीचिले भन्नुभयो—] अब हजुर ब्रह्मास्त्र आदि बाणहरूले तथा अन्य प्रकारका अस्त्रहरूले प्रयत्न गर्नुहोस्॥ १८-१९॥

ब्रह्मा भन्नुहुन्छ—दधीचिका वचनलाई सुनेर भगवान् विष्णु उहाँलाई आफ्नो सामुन्ने अत्यन्त तुच्छ मनुष्य ठानेर क्रोधित भई अन्य प्रकारका अस्त्रहरूको प्रयोग गर्न लाग्नुभयो। त्यस समय एकमात्र ती ब्राह्मणसित युद्ध गर्नका निम्ति मूर्ख देवता पनि आदरपूर्वक विष्णुको सहायता गर्न लागे॥ २०-२१॥

विष्णुपक्षीय इन्द्र आदि देवगण पनि दधीचि माथि निकै वेगले आ-आफ्ना अस्त्र-शस्त्र शीघ्र चलाउन लागे। तब वज्र अस्थि भएका जितेन्द्रिय दधीचिले शिवको स्मरण गर्दै मुट्ठीभर कुश लिएर सबै देवताहरूमाथि प्रयोग गर्नुभयो॥ २२-२३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शंकरस्य प्रभावात्तु कुशमुष्टिर्मुनेर्हि सा।
दिव्यं त्रिशूलमभवत् कालाग्निसदृशं मुने॥ २४

दग्धुं देवान् मतिं चक्रे सायुधान् सशिखं च तत्।
प्रज्वलत्सर्वतः शैवं युगांताग्न्यधिकप्रभम्॥ २५

नारायणेन्द्रमुख्यैस्तु देवैः क्षिप्तानि यानि च।
आयुधानि समस्तानि प्रणेमुस्त्रिशिखं च तत्॥ २६

देवाश्च दुद्रुवुः सर्वे ध्वस्तवीर्या दिवौकसः।
तस्थौ तत्र हरिर्भीतः केवलं मायिनां वरः॥ २७

ससर्ज भगवान् विष्णुः स्वदेहात्पुरुषोत्तमः।
आत्मनः सदृशान् दिव्यान् लक्षलक्षायुतान् गणान्॥ २८

ते चापि युयुधुस्तत्र वीरा विष्णुगणास्ततः।
मुनिनैकेन देवर्षे दधीचेन शिवात्मना॥ २९

ततो विष्णुगणांस्तान्वै नियुध्य बहुशो रणे।
ददाह सहसा सर्वान् दधीचः शैवसत्तमः॥ ३०

ततस्तद्विस्मयार्थाय दधीचस्य मुनेर्हरिः।
विश्वमूर्तिरभूच्छीघ्रं महामायाविशारदः॥ ३१

तस्य देहे हरेः साक्षादपश्यद् द्विजसत्तमः।
दधीचो देवतादीनां जीवानां च सहस्रकम्॥ ३२
भूतानां कोटयश्चैव गणानां कोटयस्तथा।
अंडानां कोटयश्चैव विश्वमूर्तेस्तनौ तदा॥ ३३
दृष्ट्वैतदखिलं तत्र च्यावनिः सततं तदा।
विष्णुमाह जगन्नाथं जगत्स्तवमजं विभुम्॥ ३४

दधीच उवाच

मायां त्यज महाबाहो प्रतिभासो विचारतः।
विज्ञातानि सहस्राणि दुर्विज्ञेयानि माधव॥ ३५

मयि पश्य जगत्सर्वं त्वया युक्तमतन्द्रितः।
ब्रह्माणं च तथा रुद्रं दिव्यां दृष्टिं ददामि ते॥ ३६

हे मुनि! शंकरको प्रभावले [मुनीश्वर दधीचि-द्वारा प्रयुक्त] त्यो मुट्ठीभर कुश कालाग्नि समान दिव्य त्रिशूल बन्यो॥ २४॥

चारैतिरबाट बल्दै गरेको, प्रलयाग्निभन्दा पनि धेरै तेज भएको तथा ज्वालाहरूले युक्त त्यो शैव अस्त्र आयुधहरूसहित समस्त देवताहरूलाई भस्म गर्ने विचार गर्न लाग्यो॥ २५॥

त्यस समय विष्णु, इन्द्र आदि मुख्य देवताहरूद्वारा जुन अस्त्र छोडिएको थियो, ती सबै त्यस त्रिशूललाई प्रणाम गर्न लागे। तब नष्टपराक्रम भएका सबै स्वर्गवासी देवगण [यता-उती] भाग्न लागे। मायावीहरूमा श्रेष्ठ स्वामी विष्णु नै एकमात्र भयभीत भई त्यहाँ स्थित रहनुभयो॥ २६-२७॥

तब पुरुषोत्तम भगवान् विष्णुले आफ्नो शरीरबाट आफ्नै समान हजारौँ एवं लाखौँ दिव्य गणहरूलाई उत्पन्न गर्नुभयो। हे देवर्षे! त्यसपछि विष्णुका वीरगण एक्ला शिवस्वरूप दधीचिसित युद्ध गर्न लागे॥ २८-२९॥

त्यसपछि शिवभक्तहरूमा श्रेष्ठ महर्षि दधीचिले रणमा ती गणहरूका साथ त्यहाँ धेरै युद्ध गरी सहसा ती सबैलाई जलाइदिनुभयो॥ ३०॥

तब मायाविशारद भगवान् विष्णु महर्षि दधीचिलाई विस्मित गर्नका निम्ति शीघ्र विश्वमूर्ति हुनुभयो॥ ३१॥

ब्राह्मणश्रेष्ठ दधीचिले [त्यस समय] ती विष्णुका शरीरमा हजारौँ देवता आदिलाई र अन्य जीवहरूलाई देख्नुभयो। त्यस समय विश्वमूर्तिका शरीरमा करोडौँ भूत, करोडौँ गण तथा करोडौँ ब्रह्माण्ड विद्यमान थिए॥ ३२-३३॥

ती सबैलाई देखेर दधीचि मुनि जगत्पति, जगत्स्तुत्य, अजन्मा तथा अविनाशी ती भगवान् विष्णुसित भन्न लाग्नुभयो— ॥ ३४॥

दधीचि भन्नुहुन्छ—हे महाबाहु! हजुर मायालाई त्यागिदिनुहोस्। विचार गर्नाले सबै प्रतिभासमात्र प्रतीत हुन्छ। हे माधव! मैले पनि हजारौँ दुर्विज्ञेय वस्तुहरूलाई जानेको छु। अब हजुर निरालस्य भएर ममा हजुर सहित ब्रह्मा, रुद्र तथा सम्पूर्ण जगत्लाई हेर्नुहोस्, म हजुरलाई दिव्य दृष्टि दिन्छु॥ ३५-३६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

इत्युक्त्वा दर्शयामास स्वतनौ निखिलं मुनिः।
ब्रह्माण्डं च्यावनिः शंभुतेजसा पूर्णदेहकः॥ ३७

तदाह विष्णुं देवेशं दधीचः शैवसत्तमः।
संस्मरन् शंकरं चित्ते विहसन् विभयः सुधीः॥ ३८

दधीच उवाच

मायया त्वनया किं वा मंत्रशक्त्याथ वा हरे।
सत्कामनामिमां कृत्वा योद्धुमर्हसि यत्नतः॥ ३९

ब्रह्मोवाच

एतच्छुत्वा मुनेस्तस्य वचनं निर्भयस्तदा।
शंभुतेजोमयं विष्णुः चुकोपातीव तं मुनिम्॥ ४०

देवाश्च दुद्रुवुर्भूयो देवं नारायणं च तम्।
योद्धुकामाश्च मुनिना दधीचेन प्रतापिना॥ ४१

एतस्मिन्नन्तरे तत्रागमन्मत्सङ्गतः क्षुवः।
अवारयन्तं निश्चेष्टं पद्मयोनिं हरिं सुरान्॥ ४२

निशम्य वचनं मे हि ब्राह्मणो न विनिर्जितः।
जगाम निकटं तस्य प्रणनाम मुनिं हरिः॥ ४३

क्षुवो दीनतरो भूत्वा गत्वा तत्र मुनीश्वरम्।
दधीचमभिवाद्यैव प्रार्थयामास विक्लवः॥ ४४

क्षुव उवाच

प्रसीद मुनिशार्दूल शिवभक्तशिरोमणे।
प्रसीद परमेशान दुर्लक्ष्यो दुर्जनैः सदा॥ ४५

ब्रह्मोवाच

इत्याकर्ण्य वचस्तस्य राज्ञः सुरगणस्य हि।
अनुजग्राह तं विप्रो दधीचस्तपसां निधिः॥ ४६

अथ दृष्ट्वा रमेशादीन् क्रोधविह्वलितो मुनिः।
हृदि स्मृत्वा शिवं विष्णुं शशाप च सुरानपि॥ ४७

दधीच उवाच

रुद्रकोपाग्निना देवाः सदेवेन्द्रा मुनीश्वराः।
ध्वस्ता भवंतु देवेन विष्णुना च समं गणैः॥ ४८

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार भनेर भगवान् शिवको तेजले पूर्ण शरीर भएका दधीचि मुनिले आफ्नो शरीरमा समस्त ब्रह्माण्डलाई देखाउनुभयो। तत्पश्चात् शिवभक्तहरूमा श्रेष्ठ बुद्धिमान् दधीचि मनमा शंकरको स्मरण गर्दै निर्भय भएर देवेश भगवान् विष्णुसित भन्न लाग्नुभयो॥ ३७-३८॥

दधीचि भन्नुहुन्छ—हे हरि! हजुरको यस मायाबाट अथवा मन्त्रशक्तिबाट के हुन सक्छ? हजुर श्रेष्ठ कामना गरी यत्नपूर्वक मसित युद्ध गर्नुहोस्॥ ३९॥

ब्रह्मा भन्नुहुन्छ—तब ती मुनिको यो वचन सुनेर विष्णु शिवको तेजबाट निर्भय भएर ती मुनिप्रति अत्यन्त कुपित हुनुभयो॥ ४०॥

त्यस समय जो देवता भागेका थिए, ती पनि प्रतापी दधीचिसित युद्ध गर्ने इच्छाले ती नारायणदेवका नजिक आए॥ ४१॥

यसै बीच मलाई साथ लिएर राजा क्षुव त्यहाँ आए। मैले देवताहरू तथा विष्णुलाई युद्ध गर्नबाट रोक्दै भनें कि यी ब्राह्मण [कसैबाट] पराजित हुँदैनन्। मेरो यस कुरालाई सुनेर भगवान् विष्णुले मुनिको निकट गएर उहाँलाई प्रणाम गर्नुभयो॥ ४२-४३॥

त्यसपछि ती क्षुव पनि अत्यन्त दीन भएर त्यहाँ मुनीश्वर दधीचिका नजिक गएर व्याकुल भई प्रणाम गरी प्रार्थना गर्न लागे—॥ ४४॥

क्षुव भन्दछन्—हे मुनिश्रेष्ठ! प्रसन्न हुनुहोस्। हे शिवभक्तशिरोमणि! प्रसन्न हुनुहोस्। हे परमेशान! हजुर दुर्जनहरूद्वारा सदा दुर्लक्ष्य हुनुहुन्छ॥ ४५॥

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] ती राजा क्षुवको तथा देवताहरूको यो कुरा सुनेर तपस्यानिधि ब्राह्मण दधीचिले उनीहरूप्रति अनुग्रह गर्नुभयो॥ ४६॥

त्यसपछि विष्णु आदिलाई देखेर मुनिले क्रोधले व्याकुल भएर मनबाट शिवको स्मरण गरी विष्णु तथा देवताहरूलाई श्राप दिनुभयो॥ ४७॥

दधीचि भन्नुहुन्छ—देवराज इन्द्रसहित सबै देवता र मुनीश्वर तथा गणहरूका साथ विष्णुदेव रुद्रको क्रोधाग्निबाट ध्वस्त हुने छौ॥ ४८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

एवं शप्त्वा सुरान् प्रेक्ष्य क्षुवमाह ततो मुनिः।
देवैश्च पूज्यो राजेन्द्र नृपैश्चैव द्विजोत्तमः॥ ४९
ब्राह्मणा एव राजेन्द्र बलिनः प्रभविष्णवः।
इत्युक्त्वा स स्फुटं विप्रः प्रविवेश निजाश्रमम्॥ ५०

दधीचमभिवंद्यैव क्षुवो निजगृहं गतः।
विष्णुर्जगाम स्वं लोकं सुरैः सह यथागतम्॥ ५१

तदेवं तीर्थमभवत् स्थानेश्वर इति स्मृतम्।
स्थानेश्वरमनुप्राप्य शिवसायुज्यमाप्नुयात्॥ ५२

कथितस्तव संक्षेपाद्वादः क्षुवदधीचयोः।
नृपाप्तशापयोस्तात ब्रह्मविष्णवोः शिवं विना॥ ५३

य इदं कीर्तयेन्नित्यं वादं क्षुवदधीचयोः।
जित्वापमृत्युं देहान्ते ब्रह्मलोकं प्रयाति सः॥ ५४

रणे यः कीर्तयित्वेदं प्रविशेत्तस्य सर्वदा।
मृत्युभीतिर्भवेन्नैव विजयी च भविष्यति॥ ५५

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार देवताहरूलाई श्राप दिएर पुनः क्षुवतिर हेरेर मुनिले भन्नुभयो—हे राजेन्द्र! देवता र राजाहरूभन्दा पनि श्रेष्ठ द्विज अति पूज्य हुन्छन्। हे राजेन्द्र! ब्राह्मण नै बलिया र प्रभावशाली हुन्छन्—यस्तो स्पष्टरूपले भनेर ती ब्राह्मण दधीचि आफ्नो आश्रममा प्रवेश गर्नुभयो॥ ४९-५०॥

तत्पश्चात् दधीचिलाई नमस्कार गरी क्षुव आफ्नो घर गए र भगवान् विष्णु पनि जसरी आउनुभएको थियो, त्यसरी नै देवताहरूका साथ आफ्नो वैकुण्ठलोकमा फर्कनुभयो॥ ५१॥

[यस प्रकार] त्यो स्थान स्थानेश्वर नामक तीर्थको रूपमा प्रसिद्ध भयो। स्थानेश्वरमा पुगेर मनुष्य शिवको सायुज्य प्राप्त गर्छ। हे तात! यस प्रकार मैले तपाईंसित संक्षेपमा क्षुव र दधीचिको विवाद भनिदिएँ र शंकरलाई छोडेर ब्रह्मा र विष्णुलाई जुन श्राप प्राप्त भयो, त्यसको पनि वर्णन गरिदिएँ॥ ५२-५३॥

जो [व्यक्ति] क्षुव र दधीचिको यस विवाद-सम्बन्धी प्रसंगको नित्य पाठ गर्छ, त्यो अपमृत्युलाई जितेर शरीरत्याग पश्चात् ब्रह्मलोकमा जान्छ॥ ५४॥

जो यसको पाठ गरी रणभूमिमा प्रवेश गर्ने छ, त्यसलाई सर्वदा मृत्युको डर रहने छैन तथा त्यो विजयी हुने छ॥ ५५॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां द्वितीये सतीखण्डे विष्णुदधीचयुद्धवर्णनं नामैकोनचत्वारिंशोऽध्यायः॥ ३९॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको द्वितीय सतीखण्डमा विष्णु र दधीचिको युद्ध वर्णन नामक उनन्चालिसौं अध्याय पूर्ण भयो॥ ३९॥

अथ चत्वारिंशोऽध्यायः

देवताहरूसहित ब्रह्माले विष्णुलोकमा गएर आफ्नू दुःख निवेदन गर्नु, ती सबैलाई लिएर विष्णुको कैलासगमन तथा भगवान् शिवसित भेट्नु

नारद उवाच

विधे विधे महाप्राज्ञ शैवतत्त्वप्रदर्शक।
श्राविता रमणीप्राया शिवलीला महाद्भुता॥ १
वीरेण वीरभद्रेण दक्षयज्ञं विनाश्य वै।
कैलासाद्रौ गते तात किमभूत्तद्वदाधुना॥ २

नारद भन्नुहुन्छ—हे विधि! हे महाप्राज्ञ! हे शिवतत्त्वका प्रदर्शक! हजुरले अत्यन्त अद्भुत एवं रमणीय शिवलीला सुनाउनुभयो। हे तात! पराक्रमी वीरभद्र जब दक्षको यज्ञ विनाश गरी कैलास पर्वतमा जानुभयो, तब के भयो? अब त्यसलाई बताउनुहोस्॥ १-२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

अथ देवगणाः सर्वे मुनयश्च पराजिताः।
रुद्रानीकैर्विभिन्नाङ्गा मम लोकं ययुस्तदा॥ ३
स्वयंभुवे नमस्कृत्य मह्यं संस्तूय भूरिशः।
तत्स्वक्लेशं विषेशेण कात्स्न्येनैव न्यवेदयन्॥ ४

तदाकर्ण्य ततोऽहं वै पुत्रशोकेन पीडितः।
अचिन्तयमतिव्यग्रो दूयमानेन चेतसा॥ ५

किं कार्यं कार्यमद्याशु मया देवसुखावहम्।
येन जीवतु दक्षोऽसौ मखः पूर्णो भवेत्सुरः॥ ६

एवं विचार्य बहुधा नालभं शमहं मुने।
विष्णुं तदा स्मरन् भक्त्या ज्ञानमाप तदोचितम्॥ ७

अथ देवैश्च मुनिभिर्विष्णोर्लोकमहं गतः।
नत्वा नुत्वा च विविधैः स्तवैर्दुःखं न्यवदेयम्॥ ८

यथाध्वरः प्रपूर्णः स्याद्देव यज्ञकरश्च सः।
सुखिनः स्युः सुराः सर्वे मुनयश्च तथा कुरु॥ ९

देवदेव रमानाथ विष्णो देवसुखावह।
वयं त्वच्छरणं प्राप्ताः सदेवमुनयो ध्रुवम्॥ १०

ब्रह्मोवाच

इत्याकर्ण्य वचो मे हि ब्रह्मणः स रमेश्वरः।
प्रत्युवाच शिवं स्मृत्वा शिवात्मा दीनमानसः॥ ११

विष्णुरुवाच

तेजीयसि न सा भूता कृतागसि बुभूषताम्।
तत्र क्षेमाय बहुधा बुभूषा हि कृतागसाम्॥ १२

कृतपापाः सुराः सर्वे शिवे हि परमेश्वरे।
परादादुर्यज्ञभागं तस्य शंभोर्विधे यतः॥ १३

प्रसादयध्वं सर्वे हि यूयं शुद्धेन चेतसा।
अथापरप्रसादं तं गृहीताङ्घ्रियुगं शिवम्॥ १४

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] समस्त देवता र मुनि रुद्रका सैनिकहरूबाट पराजित तथा अंग-भंग भएर मेरो लोकमा गए। त्यहाँ म स्वयम्भूलाई नमस्कार र पटक-पटक स्तवन गरी उनीहरूले आफ्नो विशेष क्लेशलाई पूर्णरूपले बताए॥ ३-४॥

तब त्यसलाई सुनेर म पुत्रशोकबाट पीडित भएँ र अत्यन्त व्यग्र भई व्यथितचित्तले विचार गर्न लागेँ॥ ५॥

यस समय म कुन-चाहिँ कार्य गरूँ, जुन देवताहरूका लागि सुखकारी होस् र जसबाट देव दक्ष जीवित होओस् तथा यज्ञ पनि पूरा होस्॥ ६॥

हे मुनि! यस प्रकार धेरै विचार गरेपछि जब मलाई शान्ति प्राप्त भएन, तब भक्तिपूर्वक विष्णुको स्मरण गर्दै मैले उचित ज्ञान प्राप्त गरेँ॥ ७॥

त्यसपछि देवता तथा मुनिहरूका साथ म विष्णुलोकमा गएँ र उहाँलाई नमस्कार गरी अनेक प्रकारका स्तोत्रहरूले स्तुति गर्दै उहाँसित आफ्नो दुःख भन्न लागेँ—हे देव! जुनसुकै उपायले भए पनि यज्ञ पूर्ण होस्, यज्ञकर्ता [दक्ष] जीवित होओस् र समस्त देवता तथा मुनि सुखी होऊन्, हजुर त्यस्तै गर्नुहोस्। हे देवदेव! हे रमानाथ! हे देवसुखदायक विष्णु! हामी देवता र मुनिजन निश्चय नै हजुरको शरणमा आएका छौँ॥ ८—१०॥

ब्रह्मा भन्नुहुन्छ—म ब्रह्माको यो कुरा सुनेर शिवस्वरूप लक्ष्मीपति विष्णु शिवको स्मरण गरी दुःखी चित्त भएर यस प्रकार भन्न लाग्नुभयो—॥ ११॥

विष्णु भन्नुहुन्छ—हे देवताहरू हो! परम समर्थ तेजस्वी पुरुषबाट कुनै अपराध भइहाल्यो भने पनि त्यसको बदलामा अपराध गर्ने मनुष्यहरूका लागि उनीहरूको त्यो अपराध मंगलकारी हुन सक्तैन। हे विधि! समस्त देवता परमेश्वर शिवका अपराधी छन्; किनभने यिनीहरूले ती शम्भुलाई यज्ञको भाग दिएनन्॥ १२-१३॥

अब तपाईंहरू सबै शुद्ध हृदयले छिटो प्रसन्न हुनुहुने भगवान् शिवका चरणमा परेर उहाँलाई प्रसन्न पार्नुहोस्॥ १४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्मिन् प्रकुपिते देवे विनश्यत्यखिलं जगत्।
सलोकपालयज्ञस्य शासनाज्जीवितं द्रुतम्॥ १५

तमाशु प्रियया देवं विहीनं च दुरुक्तिभिः।
क्षमापयध्वं हृद्विद्धं दक्षेण सुदुरात्मना॥ १६

जुन भगवान् कुपित भएपछि यो सारा जगत् नष्ट हुन्छ तथा जसको शासनबाट लोकपालहरूसहित यज्ञको जीवन तत्काल समाप्त हुन्छ, ती प्रियाविहीन तथा अत्यन्त दुरात्मा दक्षको दुर्वचनहरूले छेडिएको हृदय भएका देव शंकरसित तपाईंहरू तत्कालै क्षमा माग्नुहोस्॥ १५-१६॥

अयमेव महोपायस्तच्छान्त्यै केवलं विधे।
शंभोः संतुष्टये मन्ये सत्यमेवोदितं मया॥ १७

हे विधि! ती शम्भुको शान्ति तथा सन्तुष्टिका लागि केवल यही मात्र महान् उपाय छ—यस्तो म ठान्दछु। यो म सत्य कुरा भन्दै छु॥ १७॥

नाहं न त्वं सुराश्चान्ये मुनयोऽपि तनूभृतः।
यस्य तत्त्वं प्रमाणं च न विदुर्बलवीर्ययोः॥ १८

आत्मतन्त्रस्य तस्यापि परस्य परमात्मनः।
क उपायं विधित्सेद्वै परं मूढं विरोधिनम्॥ १९

हे विधि! न म, न तपाईं, न अन्य देवता, न मुनिगण र न अरू शरीरधारी नै जसको बल तथा पराक्रमको तत्त्व तथा प्रमाणहरूलाई जान्न पाउँछन्, ती स्वतन्त्र परमात्मा परमेश्वरलाई विरुद्ध गरी प्रसन्न गर्नुको [प्रणिपात गर्नु बाहेक] कुनै दोस्रो उपाय हुन सक्तैन॥ १८-१९॥

चलिष्येऽहमपि ब्रह्मन् सर्वैः सार्धं शिवालयम्।
क्षमापयामि गिरिशं कृतागश्च शिवे ध्रुवम्॥ २०

हे ब्रह्मन्! तपाईंहरूका साथ म पनि शिवालय जाने छु र शिवप्रति स्वयं म पनि अपराधी हुनाले उहाँबाट क्षमा गराउने छु॥ २०॥

ब्रह्मोवाच

इत्थमादिश्य विष्णुर्मां ब्रह्माणं सामरादिकम्।
सार्धं देवैर्मतिं चक्रे तद्गिरौ गमनाय सः॥ २१

ब्रह्मा भन्नुहुन्छ—देवता आदिका साथ म ब्रह्मालाई यस प्रकार आदेश दिएर भगवान् विष्णुले देवताहरूका साथ कैलासपर्वतमा जाने विचार गर्नुभयो॥ २१॥

ययौ स्वधिष्ण्यनिलयं शिवस्याद्रिवरं शुभम्।
कैलासं सामरमुनिप्रजेशादिमयो हरिः॥ २२

देवता, मुनि, प्रजापति आदिलाई साथ लिएर ती विष्णु शिवको स्वप्रकाशस्वरूप शुभ तथा श्रेष्ठ कैलास पर्वतमा पुग्नुभयो॥ २२॥

अतिप्रियं प्रभोर्नित्यं सुजुष्टं किन्नरादिभिः।
नरेतरैरप्सरोभिर्योगसिद्धैर्महोन्नतम् ॥ २३

कैलास भगवान् शिवलाई सधैँ प्रिय छ, त्यो मनुष्यहरूबाहेक किन्नर, अप्सरा तथा योगसिद्ध महात्माहरूबाट सेवित थियो र धेरै अग्लो थियो॥ २३॥

नानामणिमयैः शृङ्गैः शोभमानं समन्ततः।
नानाधातुविचित्रं वै नानाद्रुमलताकुलम्॥ २४

त्यो चारैतिरबाट अनेक मणिमय शिखरहरूले सुशोभित थियो, अनेक धातुले विचित्र देखिन्थ्यो र अनेक प्रकारका वृक्ष तथा लताले भरिएको थियो॥ २४॥

नानामृगगणाकीर्णं नानापक्षिसमन्वितम्।
नानाजलप्रस्रवणैरमरैः सिद्धयोषिताम्॥ २५

रमणैर्विहरन्तीनां नानाकन्दरसानुभिः।
द्रुमजातिभिरन्याभी राजितं राजतप्रभम्॥ २६

अनेक प्रकारका पशु-पक्षीहरू तथा अनेक प्रकारका झरनाहरूले त्यो परिव्याप्त थियो। त्यस शिखरमा सिद्धांगनाहरू आ-आफ्ना पतिहरूका साथ विहार गर्दथे। त्यो अनेक प्रकारका कन्दराहरू, शिखरहरू तथा अनेक प्रकारका वृक्षहरूका जातिले सुशोभित थियो। त्यसको कान्ति चाँदीको समान सेतो वर्णको थियो॥ २५-२६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

व्याघ्रादिभिर्महासत्त्वैर्निर्घुष्टं क्रूरतोज्झितम्।
सर्वशोभान्वितं दिव्यं महाविस्मयकारकम्॥ २७

पर्यस्तं गङ्गया सत्या स्थानपुण्यतरोदया।
सर्वपावनसंकर्त्र्या विष्णुपद्या सुनिर्मलम्॥ २८

एवंविधं गिरिं दृष्ट्वा कैलासाख्यं शिवप्रियम्।
ययुस्ते विस्मयं देवा विष्णवाद्याः समुनीश्वराः॥ २९

तत्समीपेऽलकां रम्यां ददृशुर्नाम ते पुरीम्।
कुबेरस्य महादिव्यां रुद्रमित्रस्य निर्जराः॥ ३०

वनं सौगन्धिकं चापि ददृशुस्तत्समीपतः।
सर्वद्रुमान्वितं दिव्यं यत्र तन्नादमद्भुतम्॥ ३१

तद्बाह्यतस्तस्य दिव्ये सरितावतिपावने।
नंदा चालकनंदा च दर्शनात्पापहारिके॥ ३२

पपुः सुरस्त्रियो नित्यमवगूह्य स्वलोकतः।
विगाह्य पुंभिस्तास्तत्र क्रीडंति रतिकर्शिताः॥ ३३

हित्वा यक्षेश्वरपुरीं वनं सौगंधिकं च यत्।
गच्छन्तस्ते सुरा आराद्ददृशुः शांकरं वटम्॥ ३४

पर्यक्कृताचलच्छायं पादोनविटपायतम्।
शतयोजनकोत्सेधं निर्नीडं तापवर्जितम्॥ ३५

महापुण्यवतां दृश्यं सुरम्यं चातिपावनम्।
शंभुयोगस्थलं दिव्यं योगिसेव्यं महोत्तमम्॥ ३६

मुमुक्षुशरणे तस्मिन् महायोगमये वटे।
आसीनं ददृशुः सर्वे शिवं विष्णवादयः सुराः॥ ३७

विधिपुत्रैर्महासिद्धैः शिवभक्तिरतैः सदा।
उपास्यमानं समुदा शांतैः संशांतविग्रहैः॥ ३८

त्यो पर्वत ठुला-ठुला बाघ आदि जन्तुहरूले युक्त, भयानकताबाट रहित, सम्पूर्ण शोभाले सम्पन्न, दिव्य तथा अत्यधिक आश्चर्य उत्पन्न गर्ने खालको थियो॥ २७॥

त्यो सबैलाई पवित्र पारिदिने तथा अनेक तीर्थहरूको निर्माण गर्ने विष्णुपदी सती श्रीगंगाबाट घेरिएको तथा अत्यन्त निर्मल थियो॥ २८॥

शिवको परम प्रिय कैलास नामक यस प्रकारको पर्वतलाई देखेर मुनीश्वरहरूसहित विष्णु आदि देवता आश्चर्यचकित भए॥ २९॥

ती देवताहरूले त्यस कैलासको सन्निकट शिवका मित्र कुबेरको अलका नामक परम दिव्य तथा रम्य पुरीलाई देखे॥ ३०॥

उनीहरूले त्यसको नजिकै सौगन्धिक नामक दिव्य वन पनि देखे, जुन अनेक प्रकारका दिव्य वृक्षहरूले सुशोभित थियो र जहाँ [पक्षीहरूको] अद्भुत ध्वनि भइरहेको थियो॥ ३१॥

त्यसभन्दा बाहिर नन्दा एवं अलकनन्दा नामक दिव्य तथा परम पावन सरिताहरू बहिरहेका थिए, जो दर्शनमात्रले नै [मनुष्यहरूका] पापहरूको विनाश गरिदिन्छिन्॥ ३२॥

देवस्त्रीहरू प्रतिदिन आफ्नो लोकबाट आएर उनको जल पीउने तथा स्नान गरी रतिबाट आकृष्ट भएर पुरुषहरूका साथ विहार गर्दथे॥ ३३॥

त्यसपछि त्यस अलकापुरी तथा सौगन्धिक वनलाई छोडेर अगाडि बढ्दै ती देवताहरूले समीपमा नै शंकरको वटवृक्षलाई देखे॥ ३४॥

त्यो [वटवृक्षले] त्यस पर्वतको चारैतिर छाया फैलाइरहेको थियो, उसका हाँगाहरू तीनतिर फैलिएका थिए, त्यसको घेरा सय योजन अग्लो थियो, त्यो गुँडहरूबाट विहीन थियो र तापबाट रहित थियो। त्यसको दर्शन [केवल] पुण्यात्माहरूलाई मात्र हुन्छ। त्यो अत्यन्त रमणीय, परम पावन, शिवको योगस्थल, दिव्य योगीहरूको निवासको योग्य तथा अत्युत्तम थियो॥ ३५-३६॥

विष्णु आदि सबै देवताहरूले महायोगमय तथा मुमुक्षुहरूलाई शरण प्रदान गर्ने त्यस वटवृक्षको तल बस्नुभएका शिवलाई देखे॥ ३७॥

शान्त स्वभाव भएका, अत्यन्त शान्त विग्रह भएका, शिवभक्तिमा तत्पर तथा महासिद्ध [सनक आदि] ब्रह्मपुत्र प्रसन्नताका साथ उहाँको उपासना गरिरहेका थिए॥ ३८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तथा सख्या कुबेरेण भर्त्रा गुह्यकरक्षसाम्।
सेव्यमानं विशेषेण स्वगणैर्ज्ञातिभिः सदा॥ ३९

गुह्यकहरू एवं राक्षसहरूका पति उहाँका मित्र कुबेर आफ्ना गण तथा कुटुम्बीजनहरूका साथ विशेषरूपले उहाँको सेवा गरिरहेका थिए। ती परमेश्वर शिवले तपस्वीजनहरूलाई प्रिय लाग्ने सुन्दर रूपलाई धारण गर्नुभएको थियो, वात्सल्यका कारण उहाँ सम्पूर्ण विश्वको मित्ररूप प्रतीत भइरहनुभएको थियो र भस्म आदिबाट उहाँका अंगहरूको अत्यन्त शोभा भइरहेको थियो॥ ३९-४०॥

तापसाभीष्टसद्रूपं बिभ्रतं परमेश्वरम्।
वात्सल्याद्विश्वसुहृदं भस्मादिसुविराजितम्॥ ४०

मुने तुभ्यं प्रवोचन्तं पृच्छते ज्ञानमुत्तमम्।
कुशासने सूपविष्टं सर्वेषां शृण्वतां सताम्॥ ४१

कृत्वोरौ दक्षिणे सव्यं चरणं चैव जानुनि।
बाहुप्रकोष्ठाक्षमालं स्थितं सत्तर्कमुद्रया॥ ४२

हे मुनि! तपाईंले सोध्नुभएपछि कुशासनमा बस्नुभएका ती शिव सबै सज्जनहरूलाई सुनाउँदै तपाईंलाई ज्ञानको उपदेश दिइरहनुभएको थियो। उहाँ आफ्नो बायाँ चरण दायाँ तिघ्रामाथि र बायाँ हात बायाँ घुँडामाथि राखी पाखुरामा रुद्राक्षको माला धारण गरी सुन्दर तर्कमुद्रामा विराजमान हुनुहुन्थ्यो॥ ४१-४२॥

एवंविधं शिवं दृष्ट्वा तदा विष्ण्वादयः सुराः।
प्रणेमुस्त्वरितं सर्वे करौ बध्वा विनम्रकाः॥ ४३

उपलभ्यागतं रुद्रो मया विष्णुं सतां गतिः।
उत्थाय चक्रे शिरसाभिवंदनमपि प्रभुः॥ ४४

यस प्रकारको स्वरूप भएका शिवलाई देखेर त्यस समय विष्णु आदि सबै देवताहरूले तत्काल नम्रतापूर्वक दुवै हात जोडेर उहाँलाई प्रणाम गरे। तब सज्जनहरूका शरणदाता प्रभु रुद्रले मसँगै आउनुभएका विष्णुलाई देखी उठेर शिर झुकाएर उहाँलाई प्रणाम गर्नुभयो॥ ४३-४४॥

वंदिताङ्घ्रिस्तदा सर्वैर्दिव्यैर्विष्ण्वादिभिः शिवः।
ननामाथ यथा विष्णुः कश्यपं लोकसद्गतिः॥ ४५

विष्णु आदि देवताहरूले जब भगवान् शिवका चरणहरूमा प्रणाम गरे, तब उहाँले पनि त्यसै गरी मलाई नमस्कार गर्नुभयो, जसरी लोकहरूलाई सद्गति प्रदान गर्नुहुने भगवान् विष्णु कश्यपलाई प्रणाम गर्नुहुन्छ॥ ४५॥

सुरसिद्धगणाधीशमहर्षिसुनमस्कृतम्।
समुवाच सुरैर्विष्णुं कृतसन्नतिमादरात्॥ ४६

तब शिवले देवता, सिद्ध, गणाधीश र महर्षिहरूबाट नमस्कृत तथा वन्दित विष्णुसित आदरपूर्वक वार्तालाप गर्नुभयो॥ ४६॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां द्वितीये सतीखण्डे शिवदर्शनवर्णनं नाम चत्वारिंशोऽध्यायः॥ ४०॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको द्वितीय सतीखण्डमा शिवको दर्शन वर्णन नामक चालिसौँ अध्याय पूर्ण भयो॥ ४०॥

अथैकचत्वारिंशोऽध्यायः

देवताहरूद्वारा भगवान् शिवको स्तुति

विष्ण्वादय ऊचुः

देवदेव महादेव लौकिकाचारकृत्प्रभो।
ब्रह्म त्वामीश्वरं शंभुं जानीमः कृपया तव॥ १

विष्णु आदि भन्नुहुन्छ—हे देवदेव! हे महादेव! लोकाचारको प्रदर्शन गर्नुहुने हे प्रभु! हजुरको कृपाले हामीहरू हजुर परमेश्वर शम्भुलाई परम ब्रह्म मान्दछौँ॥ १॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किं मोहयसि नस्तात मायया परया तव।
दुर्ज्ञेयया सदा पुंसां मोहिन्या परमेश्वर॥ २

प्रकृतेः पुरुषस्यापि जगतो योनिबीजयोः।
परब्रह्म परस्त्वं च मनोवाचामगोचरः॥ ३

त्वमेव विश्वं सृजसि पास्यत्सि निजतन्त्रतः।
स्वरूपां शिवशक्तिं हि क्रीडन्नूर्णपटो यथा॥ ४

त्वमेव क्रतुमीशान ससर्जिथ दयापरः।
दक्षेण सूत्रेण विभो सदा त्रय्यभिपत्तये॥ ५

त्वयैव लोकेऽवसिताः सेतवो यान् धृतव्रताः।
शुद्धान् श्रद्दधते विप्रा वेदमार्गविचक्षणाः॥ ६

कर्तुस्त्वं मङ्गलानां हि स्वपरं तु सुखे विभो।
अमङ्गलानां च हितं मिश्रं वाथ विपर्ययम्॥ ७

सर्वकर्मफलानां हि सदा दाता त्वमेव हि।
सर्वे हि प्रोक्ताः पशवस्तत्पतिस्त्वं श्रुतिश्रुतः॥ ८

पृथग्धियः कर्मदृशोऽरुंतुदाश्च दुराशयाः।
वितुदंति परान् मूढा दुरुक्तैर्मत्सरान्विताः॥ ९

तेषां दैववधानां भो भूयात्त्वच्च वधो विभो।
भगवन्परमेशान कृपां कुरु परप्रभो॥ १०

नमो रुद्राय शांताय ब्रह्मणे परमात्मने।
कपर्दिने महेशाय ज्योत्स्नाय महते नमः॥ ११

त्वं हि विश्वसृजां स्रष्टा धाता त्वं प्रपितामहः।
त्रिगुणात्मा निर्गुणश्च प्रकृतेः पुरुषात्परः॥ १२

हे परमेश्वर! हे तात! हजुर सम्पूर्ण संसारलाई मोहमा पार्ने आफ्नो उत्कृष्ट तथा दुर्ज्ञेय मायाद्वारा हामीलाई किन मोहित पारिरहनुभएको छ?॥ २॥

हजुर संसारको योनि एवं बीजभूत प्रकृति तथा पुरुषभन्दा पनि पर हुनुहुन्छ। हजुर परब्रह्म हुनुहुन्छ एवं मन तथा वाणीको विषयभन्दा पर हुनुहुन्छ॥ ३॥

हजुर नै आफ्नो इच्छाले यस विश्वको सृजना गर्नुहुन्छ, पालन गर्नुहुन्छ तथा संहार पनि गर्नुहुन्छ। जसरी माकुरो आफ्नो मुखबाट जालो बनाउँछ तथा त्यसलाई पुनः समेट्छ, त्यसै गरी हजुर पनि आफ्नो शक्तिद्वारा अनेक प्रकारका क्रीडाहरू गर्दै रहनुहुन्छ॥ ४॥

हे ईशान! हे विभु! हजुरले नै दयालु भएर वेदत्रयीको रक्षाका लागि दक्षरूपी सूत्रद्वारा यज्ञको रचना गर्नुभएको हो॥ ५॥

हजुरले नै संसारमा ती [वैदिक] मर्यादाहरूको स्थापना गर्नुभएको हो, जसमाथि वेदमार्गपरायण तथा दृढ-व्रतको पालन गर्ने ब्राह्मणहरू श्रद्धा गर्छन्॥ ६॥

हे विभु! हजुर नै मंगलहरूका कर्ता हुनुहुन्छ, हजुर नै आफन्त तथा अरूलाई सुख प्रदान गर्ने र अमंगलहरूको पनि हितकारी अथवा अहितकारी वा मिश्रित फल दिनेवाला हुनुहुन्छ॥ ७॥

हे प्रभु! हजुर नै सदा सबै कर्महरूको फल प्रदान गर्ने हुनुहुन्छ। जगत्का समस्त प्राणीलाई पशु भनिएको छ, तिनको रक्षाको कारण नै हजुरको नाम पशुपति हो—यस्तो वेदहरूमा भनिएको छ॥ ८॥

हजुरभन्दा भिन्न बुद्धि हुनाको कारण नै कर्ममा विश्वास गर्ने, मर्मभेदी वचन बोल्ने, दुरात्मा, दुर्बुद्धि जन नै ईर्ष्यावश कटुवाक्यहरूद्वारा अरूलाई कष्ट पुऱ्याउँछन्॥ ९॥

हे विभु! दुर्दैवद्वारा मारिएका ती व्यक्तिहरूको वध के हजुरद्वारा हुनु पर्छ, हे भगवन्! हे परमेशान! हे परप्रभु! हजुर कृपा गर्नुहोस्॥ १०॥

परम शान्त, रुद्र ब्रह्मलाई नमस्कार छ। परमात्मा, जटाधारी, स्वयंप्रकाश महान् महेशलाई हाम्रो नमस्कार छ॥ ११॥

हजुर नै प्रजापतिहरूका स्रष्टा, धाता, प्रपितामह, त्रिगुण (सत्त्व, रज, तम)-स्वरूप, निर्गुण एवं प्रकृति तथा पुरुषभन्दा पर हुनुहुन्छ॥ १२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नमस्ते नीलकंठाय वेधसे परमात्मने।
विश्वाय विश्वबीजाय जगदानंददेहतवे॥ १३

नीलकण्ठ, विधाता, परमात्मा, विश्व, विश्वको बीज र जगत्का आनन्दभूत हजुरलाई नमस्कार छ॥ १३॥

ओंकारस्त्वं वषट्कारः सर्वारंभप्रवर्तकः।
हंतकारः स्वधाकारो हव्यकव्यान्नभुक् सदा॥ १४

[हे प्रभु!] हजुर नै ॐकार, वषट्कार, सबका आदिप्रवर्तक, हन्तकार, स्वधाकार एवं हव्य-कव्यका सदा भोक्ता हुनुहुन्छ॥ १४॥

कृतः कथं यज्ञभङ्गस्त्वया धर्मपरायण।
ब्रह्मण्यस्त्वं महादेव कथं यज्ञहनो विभो॥ १५

हे धर्मपरायण! हजुरले यस यज्ञको विध्वंस किन गर्नुभयो? हे महादेव! हजुर त ब्राह्मणहरूका रक्षक हुनुहुन्छ, तब हे विभु! हजुर यस यज्ञको विनाशक कसरी बन्नुभयो?॥ १५॥

ब्राह्मणानां गवां चैव धर्मस्य प्रतिपालकः।
शरण्योऽसि सदानन्त्यः सर्वेषां प्राणिनां प्रभो॥ १६

हे प्रभु! हजुर ब्राह्मण, गाई तथा धर्मको रक्षा गर्नुहुने एवं सबै प्राणीहरूलाई शरण प्रदान गर्नुहुने तथा अनन्त हुनुहुन्छ॥ १६॥

नमस्ते भगवन् रुद्र भास्करामिततेजसे।
नमो भवाय देवाय रसायांबुमयाय ते॥ १७

हे भगवान्! हे रुद्र! हे सूर्य समान अमित तेजस्वी! हजुरलाई प्रणाम छ। रसरूप, जलरूप, जगन्मय-स्वरूप हजुर भव देवतालाई नमस्कार छ॥ १७॥

शर्वाय क्षितिरूपाय सदा सुरभिणे नमः।
रुद्रायाग्निस्वरूपाय महातेजस्विने नमः॥ १८

सुगन्धित पृथ्वीस्वरूप हजुर शर्वलाई नमस्कार छ। अग्निस्वरूप महातेजस्वी हजुर रुद्रलाई नमस्कार छ॥ १८॥

ईशाय वायवे तुभ्यं संस्पर्शाय नमो नमः।
पशूनां पतये तुभ्यं यजमानाय वेधसे॥ १९

हजुर वायुरूप, स्पर्शरूप ईश्वरलाई नमस्कार छ, हजुर पशुहरूका पति, यजमान एवं विधातालाई नमस्कार छ॥ १९॥

भीमाय व्योमरूपाय शब्दमात्राय ते नमः।
महादेवाय सोमाय प्रवृत्ताय नमोऽस्तु ते॥ २०

आकाशस्वरूप शब्दवाला हजुर भीमलाई नमस्कार छ। सोमस्वरूपले कर्ममा प्रवृत्त गर्नुहुने हजुर महादेवलाई नमस्कार छ॥ २०॥

उग्राय सूर्यरूपाय नमस्ते कर्मयोगिने।
नमस्ते कालकालाय नमस्ते रुद्रमन्यवे॥ २१

हजुर उग्र, सूर्यरूप कर्मयोगीलाई नमस्कार छ। हे रुद्र! कालहरूका पनि काल एवं क्रोधस्वरूप हजुरलाई नमस्कार छ॥ २१॥

नमः शिवाय भीमाय शंकराय शिवाय ते।
उग्रोऽसि सर्वभूतानां नियंता यच्छिवोऽसि नः॥ २२

शिव, भीम एवं कल्याण गर्नुहुने हजुर शिव-शंकरलाई नमस्कार छ। [हे प्रभु!] हजुर उग्र हुनुहुन्छ, सबै प्राणीहरूका नियन्ता हुनुहुन्छ एवं हाम्रो कल्याण गर्नेवाला हुनुहुन्छ॥ २२॥

मयस्कराय विश्वाय ब्रह्मणे ह्यार्तिनाशिने।
अम्बिकापतये तुभ्यमुमायाः पतये नमः॥ २३

हजुर मयस्कर [सुख प्रदान गर्ने], विश्वरूप, ब्रह्म, दुःखहरूको नाश गर्ने, अम्बिकापति तथा उमापति हुनुहुन्छ, हजुरलाई नमस्कार छ॥ २३॥

शर्वाय सर्वरूपाय पुरुषाय परात्मने।
सदसद्व्यक्तिहीनाय महतः कारणाय ते॥ २४
जाताय बहुधा लोके प्रभूताय नमो नमः।
नीलाय नीलरुद्राय कद्रुद्राय प्रचेतसे॥ २५

शर्व, सर्वरूप, पुरुषरूप, परात्मा, सत् एवं असत्को अभिव्यक्तिबाट हीन, महत्तत्त्वका कारण, संसारमा अनेक प्रकारले उत्पन्न हुने, प्रभूतस्वरूप, नीलस्वरूप, नीलरुद्र, कद्रुद्र एवं प्रचेतालाई वारम्वार नमस्कार छ॥ २४-२५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मीढुष्टमाय देवाय शिपिविष्टाय ते नमः।
महीयसे नमस्तुभ्यं हन्त्रे देवारिणां सदा॥ २६

हजुर मीढुष्टम, देव तथा शिपिविष्टलाई नमस्कार छ। देवताका शत्रुहरूलाई मार्नेवाला तथा सर्वश्रेष्ठलाई नमस्कार छ॥ २६॥

ताराय च सुताराय तरुणाय सुतेजसे।
हरिकेशाय देवाय महेशाय नमो नमः॥ २७

तारकमन्त्रस्वरूप, सबको उद्धार गर्नुहुने, तरुणरूप, परमतेजस्वी, हरिकेश, देव महेश्वरलाई पटक-पटक नमस्कार छ॥ २७॥

देवानां शंभवे तुभ्यं विभवे परमात्मने।
परमाय नमस्तुभ्यं कालकंठाय ते नमः॥ २८
हिरण्याय परेशाय हिरण्यवपुषे नमः।
भीमाय भीमरूपाय भीमकर्मरताय च॥ २९

देवताहरूको कल्याण गर्नुहुने, सबै ऐश्वर्यले युक्त, परमात्मा तथा परम हजुरलाई नमस्कार छ। हजुर कालकण्ठलाई नमस्कार छ। सुवर्णस्वरूप, परमेश, सुवर्णमय शरीर भएका, भीम, भीमरूप एवं भीमकर्ममा रत रहनुहुने हजुरलाई नमस्कार छ॥ २८-२९॥

भस्मदिग्धशरीराय रुद्राक्षाभरणाय च।
नमो ह्रस्वाय दीर्घाय वामनाय नमोऽस्तु ते॥ ३०

भस्मबाट लिप्त शरीर भएका, रुद्राक्षको आभूषण धारण गर्नुहुने तथा ह्रस्व-दीर्घ-वामनस्वरूप भएका हजुरलाई पटक-पटक नमस्कार छ॥ ३०॥

दूरेवधाय ते देवाग्रेवधाय नमो नमः।
धन्विने शूलिने तुभ्यं गदिने हलिने नमः॥ ३१
नानायुधधरायैव दैत्यदानवनाशिने।
सद्याय सद्यरूपाय सद्योजाताय वै नमः॥ ३२
वामाय वामरूपाय वामनेत्राय ते नमः।
अघोराय परेशाय विकटाय नमो नमः॥ ३३

हे देव! टाढा रहने तथा अगाडि रहनेहरूको वध गर्नुहुने हजुरलाई नमस्कार छ। धनुष, शूल, गदा तथा हल धारण गर्नुहुने हजुरलाई नमस्कार छ। अनेक आयुधहरूलाई धारण गर्नुहुने, दैत्य-दानवहरूको विनाश गर्नुहुने, सद्य, सद्यरूप तथा सद्योजात हजुरलाई नमस्कार छ। वाम, वामरूप तथा वामनेत्र हजुरलाई नमस्कार छ। अघोर, परेश एवं विकटलाई पटक-पटक नमस्कार छ॥ ३१—३३॥

तत्पुरुषाय नाथाय पुराणपुरुषाय च।
पुरुषार्थप्रदानाय व्रतिने परमेष्ठिने॥ ३४
ईशानाय नमस्तुभ्यमीश्वराय नमो नमः।
ब्रह्मणे ब्रह्मरूपाय नमः साक्षात्परात्मने॥ ३५

तत्पुरुष, नाथ, पुराणपुरुष, पुरुषार्थ प्रदान गर्नुहुने, व्रतधारी परमेष्ठीलाई नमस्कार छ। ईशान, ईशस्वरूप हजुरलाई पटक-पटक नमस्कार छ। ब्रह्म, ब्रह्मस्वरूप एवं साक्षात् परमात्मस्वरूपलाई नमस्कार छ॥ ३४-३५॥

उग्रोऽसि सर्वदुष्टानां नियंतासि शिवोऽसि नः।
कालकूटाशिने तुभ्यं देवाद्यवनकारिणे॥ ३६
वीराय वीरभद्राय रक्षद्वीराय शूलिने।
महादेवाय महते पशूनां पतये नमः॥ ३७

हजुर उग्र हुनुहुन्छ, सबै दुष्टहरूको नियन्त्रण एवं हामी देवताहरूको कल्याण गर्नेवाला हुनुहुन्छ। कालकूट विषको पान गर्नुहुने, देवताहरू आदिको रक्षा गर्नुहुने, वीर, वीरभद्र, वीरहरूको रक्षा गर्नुहुने, त्रिशूलधारी, पशुपति, महादेव, महान् हजुरलाई नमस्कार छ॥ ३६-३७॥

वीरात्मने सुविद्याय श्रीकंठाय पिनाकिने।
नमोऽनंताय सूक्ष्माय नमस्ते मृत्युमन्यवे॥ ३८
पराय परमेशाय परात्परतराय ते।
परात्पराय विभवे नमस्ते विश्वमूर्तये॥ ३९

वीरात्मा, श्रेष्ठ विद्या भएका, श्रीकण्ठ, पिनाकी, अनन्त, सूक्ष्म, मृत्यु तथा क्रोधस्वरूप भएका हजुरलाई पटक-पटक नमस्कार छ। पर, परमेश, परभन्दा पनि पर, परात्पर, सर्वैश्वर्य-सम्पन्न तथा विश्वमूर्ति हजुरलाई नमस्कार छ॥ ३८-३९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नमो विष्णुकलत्राय विष्णुक्षेत्राय भानवे।
भैरवाय शरण्याय त्र्यंबकाय विहारिणे॥ ४०

विष्णुलाई आफ्नो मित्र, कुटुम्ब मान्नुहुने, भानुरूप, भैरव, सबलाई शरण दिनुहुने, त्रिलोचन एवं [सर्वत्र] विहार गर्नुहुने [शिव]-लाई प्रणाम छ॥ ४०॥

मृत्युञ्जयाय शोकाय त्रिगुणाय गुणात्मने।
चन्द्रसूर्याग्निनेत्राय सर्वकारणसेतवे॥ ४१

भवता हि जगत्सर्वं व्याप्तं स्वेनैव तेजसा।
परब्रह्म निर्विकारी चिदानंदः प्रकाशवान्॥ ४२

मृत्युंजय, शोकस्वरूप, त्रिगुण, गुणरूप, सूर्य-चन्द्र-अग्निरूप नेत्र भएका तथा समस्त कारणहरूका सेतुस्वरूप हजुरलाई नमस्कार छ। हजुरले नै आफ्नो तेजले सारा जगत्‌लाई व्याप्त गर्नुभएको छ। हजुर परब्रह्म, विकाररहित, चिदानन्द एवं प्रकाशवान् हुनुहुन्छ॥ ४१-४२॥

ब्रह्मविष्ण्विन्द्रचन्द्रादिप्रमुखाः सकलाः सुराः।
मुनयश्चापरे त्वत्तः संप्रसूता महेश्वर॥ ४३

हे महेश्वर! ब्रह्मा, विष्णु, इन्द्र, चन्द्र आदि समस्त देव तथा अन्य मुनिगण हजुरबाट नै उत्पन्न भएका हुन्॥ ४३॥

यतो बिभर्षि सकलं विभज्य तनुमष्टधा।
अष्टमूर्तिरितीशश्च त्वमाद्यः करुणामयः॥ ४४

हजुर नै आठ प्रकारले आफ्नो शरीरलाई विभक्त गरी जगत्‌को रक्षा गर्नुहुन्छ, यस कारण हजुर अष्टमूर्ति हुनुहुन्छ। हजुर नै ईश्वर, जगत्‌का आदिकारण तथा करुणामय हुनुहुन्छ॥ ४४॥

त्वद्भयाद्वाति वातोऽयं दहत्यग्निर्भयात्तव।
सूर्यस्तपति ते भीत्या मृत्युर्धावति सर्वतः॥ ४५

हजुरको भयले वायु सर्वदा बहिरहन्छन्, हजुरको भयले अग्नि बल्छन्, हजुरको भयले सूर्य तात्छन् तथा हजुरकै भयले मृत्यु सर्वत्र दौडिरहन्छन्॥ ४५॥

दयासिन्धो महेशान प्रसीद परमेश्वर।
रक्ष रक्ष सदैवास्मान् यस्मान्नष्टान् विचेतसः॥ ४६

हे दयासिन्धु! हे महेशान! हे परमेश्वर! हजुर प्रसन्न हुनुहोस्। हामीहरू नष्ट र कर्तव्यशून्य भएका छौं, अतः हामीहरूको रक्षा गर्नुहोस्॥ ४६॥

रक्षिताः सततं नाथ त्वयैव करुणानिधे।
नानापद्भ्यो वयं शंभो तथैवाद्य प्रपाहि नः॥ ४७

हे करुणानिधान! हे नाथ! हजुरले सदैव आपत्तिहरूमा हामीहरूको रक्षा गर्नुभयो। हे शम्भु! त्यसै प्रकार आज पनि हामीहरूको रक्षा गर्नुहोस्॥ ४७॥

यज्ञस्योद्धरणं नाथ कुरु शीघ्रं प्रसादकृत्।
असमाप्तस्य दुर्गेश दक्षस्य च प्रजापतेः॥ ४८

हे नाथ! हे दुर्गेश! हे कृपा गर्नेवाला! हजुर प्रजापति दक्षको अपूर्ण यज्ञको उद्धार गर्नुहोस्॥ ४८॥

भगोऽक्षिणी प्रपद्येत यजमानश्च जीवतु।
पूष्णो दन्ताश्च रोहन्तु भृगोः श्मश्रूणि पूर्ववत्॥ ४९

भग देवता पूर्ववत् नेत्र प्राप्त गरून्, यजमान दक्ष जीवित होऊन्, पूषा आफ्नो दाँतहरूलाई पूर्ववत् प्राप्त गरून् तथा महर्षि भृगुको दाह्री पूर्ववत् होस्॥ ४९॥

भवतानुगृहीतानां देवादीनां च सर्वशः।
आरोग्यं भग्नगात्राणां शंकर त्वायुधाश्मभिः॥ ५०

हे शंकर! शस्त्रहरूले तथा पत्थरहरूले छिन्न-भिन्न शरीर भएका तथा हजुरद्वारा अनुगृहीत देवता आदिलाई आरोग्य प्राप्त होस्॥ ५०॥

पूर्णभागोऽस्तु ते नाथावशिष्टेऽध्वरकर्मणि।
रुद्रभागेन यज्ञस्ते कल्पितो नान्यथा क्वचित्॥ ५१

हे नाथ! यस शेष यज्ञकर्ममा हजुरकै पूर्ण भाग होस्। हजुरको त्यसै रुद्रभागबाट नै यज्ञको पूर्ति हुने छ, यसमा कुनै सन्देह छैन॥ ५१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इत्युक्त्वा सप्रजेशश्च रमेशश्च कृताञ्जलिः।
दंडवत्पतितो भूमौ क्षमापयितुमुद्यतः॥ ५२

यो भनेर ब्रह्मासहित विष्णुदेव हात जोडेर क्षमा गराउनका लागि उद्यत भई दण्डसमान पृथिवीमा लम्पसार पर्नुभयो॥ ५२॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां द्वितीये सतीखण्डे देवस्तुतिवर्णनं नामैकचत्वारिंशोऽध्यायः॥ ४१॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको द्वितीय सतीखण्डमा देवताहरूद्वारा स्तुति-वर्णन नामक एकचालिसौँ अध्याय पूर्ण भयो॥ ४१॥

अथ द्विचत्वारिंशोऽध्यायः

देवता आदिप्रति भगवान् शिवको अनुग्रह, दक्षयज्ञ-मण्डपमा सवार भई दक्षलाई जीवित गर्नु तथा दक्ष, विष्णु आदिद्वारा शिवको स्तुति

ब्रह्मोवाच

श्रीब्रह्मेशप्रजेशेन सदैव मुनिना च वै।
अनुनीतः शंभुरासीत्प्रसन्नः परमेश्वरः॥ १
आश्वास्य देवान् विष्णवादीन् विहस्य करुणानिधिः।
उवाच परमेशानः कुर्वन् परमनुग्रहम्॥ २

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] म ब्रह्मा, लोकपाल, प्रजापति तथा मुनिहरूसहित विष्णुले अनुनय-विनय गर्नुभएपछि परमेश्वर शिव प्रसन्न हुनुभयो। विष्णु आदि देवताहरूलाई आश्वासन दिएर उनीहरूप्रति परम अनुग्रह गर्दै करुणानिधान परमेश्वर शिव हाँसेर भन्न लाग्नुभयो—॥ १-२॥

श्रीमहादेव उवाच

शृणुतं सावधानेन मम वाक्यं सुरोत्तमौ।
यथार्थं वच्मि वां तात वां क्रोधं सर्वदासहम्॥ ३
नाघं तनौ तु बालानां वर्णये नानुचिन्तये।
मम मायाभिभूतानां दंडस्तत्र धृतो मया॥ ४

श्रीमहादेव भन्नुहुन्छ—हे श्रेष्ठ देवताहरू हो! तपाईं दुवै सावधान भएर मेरो कुरा सुन्नुहोस्, म सत्य कुरा भन्दै छु। हे तात! म तपाईं दुवैको क्रोध सर्वदा सहिरहन्छु। बालकहरू अर्थात् अज्ञानीहरूद्वारा गरिएका अपराधको म न त वर्णन गर्छु र न चिन्तन नै गर्छु। यसमा पनि मेरो मायाबाट भ्रान्त प्राणीहरूको शिक्षणार्थ नै म दण्ड धारण गर्छु॥ ३-४॥

दक्षस्य यज्ञभङ्गोऽयं न कृतश्च मया क्वचित्।
परं द्वेष्टि परेषां यदात्मनस्तद्भविष्यति॥ ५
परेषां क्लेदनं कर्म न कार्यं तत् कदाचन।
परं द्वेष्टि परेषां यदात्मनस्तद्भविष्यति॥ ६

दक्षको यज्ञको विध्वंस मैले कहिल्यै गरेको छैन। दक्ष स्वयं नै अरूसित द्वेष गर्छन्। अरूप्रति जस्तो व्यवहार गरिन्छ, त्यो आफ्नो लागि नै फलित हुने छ। अतः अरूलाई कष्ट दिने खालका कार्य कहिल्यै गर्नुहुँदैन, जो अरूसित द्वेष गर्छ, त्यो द्वेष आफ्नो लागि नै हुन्छ॥ ५-६॥

दक्षस्य यज्ञशीर्ष्णो हि भवत्वजमुखं शिरः।
मित्रनेत्रेण संपश्येद्यज्ञभागं भगः सुरः॥ ७
पूषाभिधः सुरस्तात दद्भिर्जक्षतु पिष्टभुक्।
याजमानैर्भग्नदन्तः सत्यमेतन्मयोदितम्॥ ८
बस्तश्मश्रुर्भवेदेव भृगुर्मम विरोधकृत्।

दक्षको शिर जलिसकेको छ, यसैले उनको शिरको स्थानमा बोकाको शिर जोडिदिनु। भग देवता मित्रको आँखाबाट यज्ञको भाग देखुन्। हे तात! पूषा नामक देवता, जसका दाँत भाँचिएका छन्, यजमानका दाँतहरूले राम्ररी पिसिएको अन्नको भक्षण गरून्। यो मैले सत्य कुरा बताएको छु। मेरो विरोध गर्ने भृगुको दाह्रीको स्थानमा बोकाको दाह्री लगाइयोस्। जसले मलाई यज्ञको उच्छिष्ट भाग दिए, बाँकी ती सबै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवाः प्रकृतिसर्वांगा ये म उच्छेषणं ददुः॥ ९

बाहुभ्यामश्विनौ पूष्णो हस्ताभ्यां कृतवाहकः।
भवन्त्वध्वर्यवश्चान्ये भवत्प्रीत्या मयोदितम्॥ १०

ब्रह्मोवाच

इत्युक्त्वा परमेशानो विरराम दयान्वितः।
चराचरपतिर्देवः सम्राट् वेदानुसारकृत्॥ ११

तदा सर्वे सुराद्यास्ते श्रुत्वा शंकरभाषितम्।
साधु साध्विति संप्रोचुः परितुष्टाः सविष्णवजाः॥ १२

ततः शंभुं समामन्त्र्य मया विष्णुः सुरर्षिभिः।
भूयस्तद्देवयजनं ययौ च परया मुदा॥ १३

एवं तेषां प्रार्थनया विष्णुप्रभृतिभिः सुरैः।
ययौ कनखलं शंभुर्यज्ञवाटं प्रजापतेः॥ १४

रुद्रस्तदा ददर्शाथ वीरभद्रेण यत्कृतम्।
प्रध्वंसं तं क्रतोस्तत्र देवर्षीणां विशेषतः॥ १५

स्वहा स्वधा तथा पूषा तुष्टिर्धृतिः सरस्वती।
तथान्ये ऋषयः सर्वे पितरश्चाग्नयस्तथा॥ १६

येऽन्ये च बहवस्तत्र यक्षगंधर्वराक्षसाः।
त्रोटिता लुंचिताश्चैव मृताः केचिद्रणाजिरे॥ १७

यज्ञं तथाविधं दृष्ट्वा समाहूय गणाधिपम्।
वीरभद्रं महावीर्यमुवाच प्रहसन् प्रभुः॥ १८

वीरभद्र महाबाहो किं कृतं कर्म ते त्विदम्।
महान् दंडो धृतस्तात देवर्ष्यादिषु सत्वरम्॥ १९

दक्षमानय शीघ्रं त्वं येनेदं कृतमीदृशम्।
यज्ञो विलक्षणस्तात यस्येदं फलमीदृशम्॥ २०

ब्रह्मोवाच

एवमुक्तः शंकरेण वीरभद्रस्त्वरान्वितः।
कबंधमानयित्वाग्रे तस्य शंभोरथाक्षिपत्॥ २१

देवताहरूको सारा अंग पहिलाको झैँ ठीक होस्। याज्ञिकहरूमध्ये जसका हातहरू भाँचिएका छन्, ती अश्विनीकुमारहरूका हातहरूले र जसका हात नष्ट भएका छन्, ती पूषाका हातहरूले आफ्नो काम चलाउन्। यो मैले तपाईंहरूको प्रेमवश भनेको छु॥ ७—१०॥

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] यस प्रकार भनेर वेदको अनुसरण गर्नुहुने सुरसम्राट् चराचरपति दयालु परमेश्वर महादेव शान्त हुनुभयो। भगवान् शंकरका यी वचन सुनेर श्रीविष्णु र ब्रह्मासहित सम्पूर्ण देवता सन्तुष्ट भए। ती तत्काल साधुवाद दिन लागे। त्यसपछि भगवान् शम्भुलाई आमन्त्रित गरी म ब्रह्मा र देवर्षिहरूका साथ भगवान् विष्णु अत्यन्त हर्षित भई पुनः दक्षको यज्ञशालातिर हिँड्यौँ॥ ११—१३॥

यस प्रकार उनीहरूको प्रार्थनाले भगवान् शम्भु विष्णु आदि देवताहरूका साथ कनखलमा स्थित प्रजापति दक्षको यज्ञशालामा सवार हुनुभयो। त्यस समय रुद्रदेवले त्यहाँ वीरभद्रद्वारा यज्ञको र विशेषतः देवताहरूको तथा ऋषिहरूको जुन विध्वंस गरिएको थियो, त्यसलाई देख्नुभयो॥ १४-१५॥

स्वाहा, स्वधा, पूषा, तुष्टि, धृति, सरस्वती, अन्य समस्त ऋषि, पितृ, अग्नि तथा अन्यान्य थुप्रै यक्ष, गन्धर्व र राक्षस त्यहाँ परेका थिए। तीमध्ये केही व्यक्तिका अंग भाँचिएका थिए। केही व्यक्तिहरूको कपाल उखेलिएको थियो तथा कतिपय त्यस समरभूमिमा निष्प्राण भएका थिए॥ १६-१७॥

त्यस यज्ञको त्यस्तो दुरावस्था देखेर भगवान् शंकरले आफ्ना गणनायक पराक्रमी वीरभद्रलाई बोलाएर हाँस्तै भन्नुभयो—हे महाबाहु वीरभद्र! यो तिमीले कस्तो काम गऱ्यौ? हे तात! क्षणभरमै देवता तथा ऋषि आदिलाई धेरै ठुलो दण्ड दिएछौ! हे तात! जसले यस्तो [द्रोहपूर्ण] कार्य गऱ्यो तथा यस विलक्षण यज्ञको आयोजना गऱ्यो र जसले यस्तो फल पायो, त्यस दक्षलाई तिमी शीघ्र यहाँ लिएर आऊ॥ १८—२०॥

ब्रह्मा भन्नुहुन्छ—भगवान् शंकरले यस्तो भन्नुभएपछि वीरभद्रले शीघ्रतापूर्वक दक्षको धड ल्याएर ती शम्भु समक्ष राखिदिनुभयो॥ २१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विशिरस्कं च तं दृष्ट्वा शंकरो लोकशंकरः।
वीरभद्रमुवाचाग्रे विहसन् मुनिसत्तम॥ २२
शिरः कुत्रेति तेनोक्तं वीरभद्रोऽब्रवीत्प्रभुः।
मया शिरो हुतं चाग्नौ तदानीमेव शंकर॥ २३

हे मुनिश्रेष्ठ! त्यसलाई शिररहित देखेर लोककल्याणकारी भगवान् शंकरले अगाडि उभिएका वीरभद्रसित हाँसेर सोध्नुभयो—दक्षको शिर कहाँ छ? तब प्रभावशाली वीरभद्रले भने—हे शंकर! मैले त त्यसै समय दक्षको शिरलाई आगोमा होमिदिएँ॥ २२-२३॥

इति श्रुत्वा वचस्तस्य वीरभद्रस्य शंकरः।
देवान् तथाज्ञपत्प्रीत्या यदुक्तं तत्पुरा प्रभुः॥ २४
विधाय कार्त्स्न्येन च तद्यदाह भगवान् भवः।
मया विष्णवादयः सर्वे भृग्वादीनथ सत्वरम्॥ २५

वीरभद्रका यी कुरा सुनेर भगवान् शंकरले देवताहरूलाई प्रसन्नतापूर्वक त्यसरी नै आज्ञा दिनुभयो, जुन पहिले नै दिइसक्नुभएको थियो। भगवान् भवले त्यस समय जे जति भन्नुभयो, त्यसको म मार्फत् पूर्ति गराएर श्रीहरि आदि सब देवताहरूले भृगु आदि सबलाई तत्काल ठीक पारिदिनुभयो॥ २४-२५॥

अथ प्रजापतेस्तस्य सवनीयपशोः शिरः।
बस्तस्य संदधुः शंभोः कायेनारं सुशासनात्॥ २६
संधीयमाने शिरसि शंभुसद्दृष्टिवीक्षितः।
सद्यः सुप्त इवोत्तस्थौ लब्धप्राणः प्रजापतिः॥ २७

त्यसपछि शम्भुको आदेशले प्रजापति दक्षको धडमा सवनीय पशु—बोकाको शिर जोडियो। त्यस शिर जोड्नेबित्तिकै शम्भुको कृपादृष्टि पर्नाले प्रजापति दक्ष प्राण प्राप्त गरी सुतेर भरखर उठेको पुरुष झैं उठेर उभिए॥ २६-२७॥

उत्थितश्चाग्रतः शंभुं ददर्श करुणानिधिम्।
दक्षः प्रीतमतिः प्रीत्या संस्थितः सुप्रसन्नधीः॥ २८
पुरा हरमहाद्वेषकलिलात्माभवद्धि सः।
शिवावलोकनात् सद्यः शरच्चन्द्र इवामलः॥ २९

उठ्ने बित्तिकै दक्षले प्रसन्नचित्त भएर प्रेमपूर्वक आफ्नो सामुन्ने करुणानिधि भगवान् शंकरलाई देखे। पहिला महादेवसित द्वेष गरेका कारण उनको अन्तःकरण मलिन भएको थियो, तर त्यस समय शिवको दर्शनले तत्काल शरद् ऋतुको चन्द्रमा झैं निर्मल भयो॥ २८-२९॥

भवं स्तोतुमनाः सोऽथ नाशक्नोदनुरागतः।
उत्कण्ठाविकलत्वाच्च संपरेतां सुतां स्मरन्॥ ३०

यद्यपि ती [प्रेमको वशीभूत भएर] मनमा शिवको स्तुति गर्ने इच्छा गरिरहेका थिए, तर उनलाई त्यसै समय सतीको शरीरत्यागको स्मरण भयो, यसैले ती सम्झनाले व्याकुल हुनाको कारण स्तुति गर्न समर्थ भएनन्॥ ३०॥

अथ दक्षः प्रसन्नात्मा शिवं लज्जासमन्वितः।
तुष्टाव प्रणतो भूत्वा शंकरं लोकशंकरम्॥ ३१

त्यसपछि लज्जित भएर दक्ष प्रजापति प्रसन्नचित्त भई विनम्रतापूर्वक लोकको कल्याण गर्नुहुने शंकरको स्तुति गर्न लागे॥ ३१॥

दक्ष उवाच

नमामि देवं वरदं वरेण्यं
महेश्वरं ज्ञाननिधिं सनातनम्।
नमामि देवाधिपतीश्वरं हरं
सदा सुखाढ्यं जगदेकबांधवम्॥ ३२

दक्ष भन्दछन्—वरदानी, श्रेष्ठ, महेश्वर, ज्ञाननिधि, सनातन देवलाई नमस्कार गर्छु। देवाधिदेवहरूका पनि ईश्वर, सुखरूप एवं संसारका एकमात्र बन्धु भगवान् शंकरलाई म नमस्कार गर्छु॥ ३२॥

नमामि विश्वेश्वर विश्वरूपं
पुरातनं ब्रह्मनिजात्मरूपम्।
नमामि शर्वं भवभावभावं
परात्परं शंकरमानतोऽस्मि॥ ३३

हे विश्वेश्वर! [हजुर] विश्वरूप, पुरातन, ब्रह्म तथा आत्मस्वरूपलाई म नमस्कार गर्छु। म शर्वलाई नमस्कार गर्छु। म संसारका भावहरूको चिन्तन गर्नुहुने परात्पर शंकरलाई नमस्कार गर्छु॥ ३३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवदेव महादेव कृपां कुरु नमोऽस्तु ते।
अपराधं क्षमस्वाद्य मम शंभो कृपानिधे॥ ३४
अनुग्रहः कृतस्ते हि दंडव्याजेन शंकर।
खलोऽहं मूढधीर्देव ज्ञातं तत्त्वं मया न ते॥ ३५

हे देवदेव! हे महादेव! हजुरलाई नमस्कार छ, मप्रति कृपा गर्नुहोस्। हे कृपानिधि! हे शम्भु! आज मेरो अपराधलाई क्षमा गर्नुहोस्। हे शंकर! हजुरले दण्डको बहानाले नै मप्रति अनुग्रह गर्नुभएको छ। म नीच र मूर्ख हूँ; हे देव! मलाई हजुरको तत्त्वको ज्ञान थिएन॥ ३४-३५॥

अद्य ज्ञातं मया तत्त्वं सर्वोपरि भवान्मतः।
विष्णुब्रह्मादिभिः सेव्यो वेदवेद्यो महेश्वरः॥ ३६

साधूनां कल्पवृक्षस्त्वं दुष्टानां दंडधृक् सदा।
स्वतन्त्रः परमात्मा हि भक्ताभीष्टवरप्रदः॥ ३७

हे प्रभु! हजुर विष्णु एवं ब्रह्मादि देवहरूका पनि सेव्य, वेदहरूले जान्नयोग्य तथा महेश्वर हुनुहुन्छ। आज मलाई हजुरको तात्त्विक स्वरूपको ज्ञान भएको छ, हजुर सबै व्यक्तिहरूमा श्रेष्ठ मानिनुहुन्छ। हजुर सत्पुरुषहरूका लागि कल्पवृक्ष हुनुहुन्छ र दुष्टहरूलाई सदा दण्ड प्रदान गर्नेवाला हुनुहुन्छ। हजुर सर्वथा स्वतन्त्र परमात्मा हुनुहुन्छ एवं भक्तहरूलाई अभीष्ट वर प्रदान गर्नेवाला हुनुहुन्छ॥ ३६-३७॥

विद्यातपोव्रतधरानसृजः प्रथमं द्विजान्।
आत्मतत्त्वं समावेत्तुं मुखतः परमेश्वरः॥ ३८

हजुर परमेश्वरले नै आफ्नो मुखबाट विद्या, तप तथा व्रत धारण गर्ने यी ब्राह्मणहरूलाई तत्त्वको साक्षात्कार गर्नका निम्ति उत्पन्न गर्नुभएको हो॥ ३८॥

सर्वापद्भ्यः पालयिता गोपतिस्तु पशूनिव।
गृहीतदंडो दुष्टांस्तान् मर्यादापरिपालकः॥ ३९

मया दुरुक्तविशिखैः प्रविद्धः परमेश्वरः।
अमरानतिदीनाशान् मदनुग्रहकारकः॥ ४०

समस्त गोरूप पशुहरूको रक्षा जसरी गोपतिद्वारा गरिन्छ, त्यसै गरी हजुर सबै विपत्तिहरूबाट रक्षा गर्नुहुन्छ। हजुर मर्यादाका परिपालक तथा दुर्जनहरूका लागि दण्ड धारण गर्नुहुन्छ। हे भगवन्! मैले अनेक प्रकारका कटु वचनरूपी बाणहरूले हजुर परमेश्वरलाई प्रहार गरेको थिएँ, फेरि पनि अत्यन्त क्षीण आशा भएका यी देवताहरू-सहित मप्रति हजुरले दया नै गर्नुभयो॥ ३९-४०॥

स भवान् भगवान् शंभो दीनबंधो परात्परः।
स्वकृतेन महार्हेण संतुष्टो भक्तवत्सल॥ ४१

यसैले हे शम्भु! हे दीनबन्धु! हे भक्तवत्सल! हजुर परात्पर भगवान् मद्वारा गरिएको पूजाबाट सन्तुष्ट हुनुहोस्॥ ४१॥

ब्रह्मोवाच

इति स्तुत्वा महेशानं शंकरं लोकशंकरम्।
प्रजापतिर्विनीतात्मा विरराम महाप्रभुम्॥ ४२
अथ विष्णुः प्रसन्नात्मा तुष्टाव वृषभध्वजम्।
बाष्पगद्गदया वाण्या सुप्रणम्य कृताञ्जलिः॥ ४३

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार लोकको कल्याण गर्नुहुने महाप्रभु महेश्वरको विनम्रतापूर्वक स्तुति गरी प्रजापति मौन भए। त्यसपछि भगवान् विष्णु प्रसन्नचित्त भएर दुवै हात जोडेर प्रणाम गरी गद्गद वाणीले वृषभध्वज शिवको स्तुति गर्न लागनुभयो— ॥ ४२-४३॥

विष्णुरुवाच

महादेव महेशान लोकानुग्रहकारक।
परब्रह्म परात्मा त्वं दीनबंधो दयानिधे॥ ४४
सर्वव्यापी स्वैरवर्ती वेदवेद्ययशाः प्रभो।
अनुग्रहः कृतस्तेन कृताश्चासुकृता वयम्॥ ४५

विष्णु भन्नुहुन्छ—हे महादेव! हे महेशान! लोकप्रति अनुग्रह गर्नुहुने हे दीनबन्धो! हे दयानिधि! हजुर परब्रह्म परमात्मा हुनुहुन्छ। हे प्रभु! हजुर सर्वव्यापी स्वतन्त्र हुनुहुन्छ, हजुरको यश वेदहरूले नै जान्न सक्छन्। हजुरले हामीहरूप्रति कृपा गर्नुभएको छ, त्यसबाट हामीहरू कृतकृत्य भएका छौँ॥ ४४-४५॥

दक्षोऽयं मम भक्तस्त्वां यन्निनिंद खलः पुरा।
तत् क्षन्तव्यं महेशाद्य निर्विकारो यतो भवान्॥ ४६

हे महेश्वर! यो मेरो भक्त दुष्ट दक्षले पूर्वमा हजुरको जुन निन्दा गरेको छ, त्यसलाई हजुर आज क्षमा गर्नुहोस्; किनभने हजुर निर्विकार हुनुहुन्छ। हे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृतो मयापराधोऽपि तव शंकर मौढ्यतः।
त्वद्गणेन कृतं युद्धं वीरभद्रेण पक्षतः॥ ४७

शंकर! मैले पनि मूर्खतावश हजुरको अपराध गरेको छु, जुन दक्षको पक्षबाट हजुरका गण वीरभद्रका साथ युद्ध गरेँ॥ ४६-४७॥

त्वं मे स्वामी परब्रह्म दासोऽहं ते सदाशिव।
पोष्यश्चापि सदा ते हि सर्वेषां त्वं पिता यतः॥ ४८

हे सदाशिव! हजुर मेरो स्वामी हुनुहुन्छ, हजुर परब्रह्म हुनुहुन्छ, म हजुरको दास हुँ, हजुर सबका पिता हुनुहुन्छ। यसैले हजुरले हामी सबैको पालन गर्नुपर्छ॥ ४८॥

ब्रह्मोवाच

देवदेव महादेव करुणासागर प्रभो।
स्वतन्त्रः परमात्मा त्वं परमेशोऽद्वयोऽव्ययः॥ ४९

ब्रह्मा भन्नुहुन्छ—हे देवदेव! हे महादेव! हे करुणासागर! हे प्रभु! हजुर स्वतन्त्र, परमात्मा, परमेश्वर, अद्वय तथा अविनाशी हुनुहुन्छ॥ ४९॥

मम पुत्रोपरि कृतो देवानुग्रह ईश्वर।
स्वापमानमगणयन् दक्षयज्ञं समुद्धर॥ ५०

प्रसन्नो भव देवेश सर्वशापान्निराकुरु।
सबोधः प्रेरकस्त्वं मे त्वमेव विनिवारकः॥ ५१

हे ईश्वर! हे देव! हजुरले मेरो यस पुत्रप्रति अनुग्रह गर्नुभएको छ, अब हजुर आफ्नो अपमान भुलेर दक्षको यज्ञको उद्धार गर्नुहोस्। हे देवेश! अब हजुर प्रसन्न हुनुहोस् र आफ्नो सबै प्रकारका श्रापहरूबाट यसको उद्धार गर्नुहोस्; हजुर ज्ञानवान् नै मलाई प्रेरणा दिनेवाला हुनुहुन्छ र हजुर नै निवारण गर्नेवाला हुनुहुन्छ॥ ५०-५१॥

इति स्तुत्वा महेशानं परमं च महामुने।
कृताञ्जलिपुटो भूत्वा विनम्रीकृतमस्तकः॥ ५२
अथ शक्रादयो देवा लोकपालाः सुचेतसः।
तुष्टुवुः शंकरं देवं प्रसन्नमुखपंकजम्॥ ५३

हे महामुनि! यस प्रकार परमात्मा महेश्वरको स्तुति गरी दुवै हात जोडेर मैले आफ्नो शिर झुकाएर उहाँलाई प्रणाम गरेँ। त्यसपछि इन्द्र आदि देवतागण एवं लोकपाल सावधान भएर प्रसन्न मुख-कमल भएका शंकरको स्तुति गर्न लागे॥ ५२-५३॥

ततः प्रसन्नमनसः सर्वे देवास्तथा परे।
सिद्धर्षयः प्रजेशाश्च तुष्टुवुः शंकरं मुदा॥ ५४

तथोपदेवनागाश्च सदस्या ब्राह्मणास्तथा।
प्रणम्य परया भक्त्या तुष्टुवुश्च पृथक् पृथक्॥ ५५

त्यसपछि अरू सबै देवता, सिद्ध, ऋषि एवं प्रजापतिगण पनि प्रसन्नताका साथ शिवको स्तुति गर्न लागे। तत्पश्चात् उपदेवता, नाग, सदस्य तथा ब्राह्मणहरू पनि सद्भक्तिले प्रणाम गरी अलग-अलग स्तुति गर्न लागे॥ ५४-५५॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां द्वितीये सतीखण्डे दक्षदुःखनिराकरणवर्णनं नाम द्विचत्वारिंशोऽध्यायः॥ ४२॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको द्वितीय सतीखण्डमा दक्षको दुःखनिराकरण वर्णन नामक बयालीसौँ अध्याय पूर्ण भयो॥ ४२॥

अथ त्रिचत्वारिंशोऽध्यायः

भगवान् शिवले दक्षलाई आफ्नो भक्तवत्सलता, ज्ञानी भक्तको श्रेष्ठता तथा तीन देवहरूको एकता बताउनु, दक्षले आफ्नो यज्ञलाई पूर्ण गर्नु, देवताहरू आ-आफ्नो लोकमा प्रस्थान तथा सतीखण्डको उपसंहार र माहात्म्य

ब्रह्मोवाच

इति स्तुतो रमेशेन मया चैव सुरर्षिभिः।
तथान्यैश्च महादेवः प्रसन्नः संबभूव ह॥ १

ब्रह्मा भन्नुहुन्छ—हे नारद! यस प्रकार रमापति विष्णु, मैले, देवताहरू, ऋषिहरू तथा अन्य व्यक्तिहरूद्वारा स्तुति गरेपछि महादेव ज्यादै प्रसन्न हुनुभयो॥ १॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ शंभुः कृपादृष्ट्या सर्वान् ऋषिसुरादिकान्।
ब्रह्मविष्णू समाधाय दक्षमेतदुवाच ह॥ २

तब ती शम्भुले कृपादृष्टिपूर्वक सबै ऋषि एवं देवताहरूलाई हेरेर, म ब्रह्मा र श्रीविष्णुलाई सम्झाउँदै दक्षसित यस प्रकार भन्न लाग्नुभयो— ॥ २ ॥

महादेव उवाच

शृणु दक्ष प्रवक्ष्यामि प्रसन्नोऽस्मि प्रजापते।
भक्ताधीनः सदाहं वै स्वतन्त्रोऽप्यखिलेश्वरः॥ ३

महादेव भन्नुहुन्छ—हे प्रजापति! हे दक्ष! म [जे जति] भनिरहेको छु, सुन्नुहोस्, म प्रसन्न छु। यद्यपि म सबैको ईश्वर हुँ र स्वतन्त्र हुँ, फेरि पनि सदा भक्तहरूको अधीन रहन्छु॥ ३॥

चतुर्विधा भजन्ते मां जनाः सुकृतिनः सदा।
उत्तरोत्तरतः श्रेष्ठास्तेषां दक्ष प्रजापते॥ ४

चार प्रकारका पुण्यात्माले मेरो भजन गर्छन्। हे दक्ष! हे प्रजापति! उनीहरूमा पूर्वको अपेक्षा उत्तरोत्तर श्रेष्ठ छन्॥ ४॥

आर्तो जिज्ञासुरर्थार्थी ज्ञानी चैव चतुर्थकः।
पूर्वे त्रयश्च सामान्याश्चतुर्थो हि विशिष्यते॥ ५

ती पुण्यात्माहरूमा आर्त, जिज्ञासु, अर्थार्थी र चौथो ज्ञानी हो। पहिलाका तीन त सामान्य [भक्त] हुन् र चौथो विशिष्ट महत्त्वको छ॥ ५॥

तत्र ज्ञानी प्रियतरो मम रूपं च स स्मृतः।
तस्मात्प्रियतरो नान्यः सत्यं सत्यं वदाम्यहम्॥ ६

तीमध्ये चौथो ज्ञानी नै मलाई अधिक प्रिय छ र त्यो मेरो रूप मानिएको छ। त्यसभन्दा माथि अरू कोही मलाई प्रिय छैनन्, म सत्य-सत्य भन्दै छु॥ ६॥

ज्ञानगम्योऽहमात्मज्ञो वेदान्तश्रुतिपारगैः।
विना ज्ञानेन मां प्राप्तुं यतन्ते चाल्पबुद्धयः॥ ७

वेद-वेदान्तका पारगामी विद्वान् नै म आत्मज्ञानीलाई ज्ञानद्वारा जान्न सक्छन्, अल्प बुद्धि भएकाहरू नै ज्ञान विना मलाई प्राप्त गर्ने प्रयत्न गर्छन्॥ ७॥

न वेदैश्च न यज्ञैश्च न दानैस्तपसा क्वचित्।
न शक्नुवन्ति मां प्राप्तुं मूढाः कर्मवशा नराः॥ ८

कर्मको वशीभूत मूर्ख मानवले न वेदहरूबाट, न यज्ञहरूबाट, न दानहरूबाट र न तपस्याबाट नै मलाई पाउन सक्छन्॥ ८॥

केवलं कर्मणा त्वं स्म संसारं तर्तुमिच्छसि।
अत एवाभवं रुष्टो यज्ञविध्वंसकारकः॥ ९
इतः प्रभृति भो दक्ष मत्वा मां परमेश्वरम्।
बुद्ध्या ज्ञानपरो भूत्वा कुरु कर्म समाहितः॥ १०

तपाईं केवल कर्मद्वारा नै यस संसारलाई पार गर्न चाहनुहुन्थ्यो, यसै कारण रुष्ट भएर मैले यस यज्ञको विनाश गरेको हुँ। अतः हे दक्ष! आजदेखि तपाईं बुद्धिद्वारा मलाई परमेश्वर मानेर ज्ञानको आश्रय लिँदै सावधान भएर कर्म गर्नुहोस्॥ ९-१०॥

अन्यच्च शृणु सद्बुद्ध्या वचनं मे प्रजापते।
वच्मि गुह्यं धर्महेतोः सगुणत्वेऽप्यहं तव॥ ११

प्रजापति! तपाईं उत्तम बुद्धिद्वारा मेरो दोस्रो कुरा पनि सुन्नुहोस्, म आफ्नो सगुण स्वरूपको विषयमा पनि धर्मको दृष्टिले गोपनीय कुरा तपाईंसित भन्दै छु॥ ११॥ जगत्‌को परम कारणरूप म नै ब्रह्मा र विष्णु हुँ। म सबको आत्मा, ईश्वर, साक्षी, स्वयंप्रकाश तथा निर्विशेष हुँ॥ १२॥

अहं ब्रह्मा च विष्णुश्च जगतः कारणं परम्।
आत्मेश्वर उपद्रष्टा स्वयंदृगविशेषणः॥ १२

आत्ममायां समाविश्य सोऽहं गुणमयीं मुने।
सृजन् रक्षन्हरन्विश्वं दधे संज्ञाः क्रियोचिताः॥ १३

हे मुनि! आफ्नू [त्रिगुणात्मिका] मायामा प्रवेश गरी म नै जगत्‌को सृजना, पालन र संहार गर्दै क्रियाहरूको अनुरूप [ब्रह्मा, विष्णु र रुद्र] नामहरूलाई धारण गर्छु॥ १३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अद्वितीये परे तस्मिन् ब्रह्मण्यात्मनि केवले।
अज्ञः पश्यति भेदेन भूतानि ब्रह्म चेश्वरम्॥ १४

शिरःकरादिस्वाङ्गेषु कुरुते न यथा पुमान्।
पारक्यशेमुषीं क्वापि भूतेष्वेवं हि मत्परः॥ १५

सर्वभूतात्मनामेकभावानां यो न पश्यति।
त्रिसुराणां भिदां दक्ष स शांतिमधिगच्छति॥ १६

यः करोति त्रिदेवेषु भेदबुद्धिं नराधमः।
नरके स वसेन्नूनं यावदाचन्द्रतारकम्॥ १७

मत्परः पूजयेद्देवान् सर्वानपि विचक्षणः।
स ज्ञानं लभते येन मुक्तिर्भवति शाश्वती॥ १८

विधिभक्तिं विना नैव भक्तिर्भवति वैष्णवी।
विष्णुभक्तिं विना मे न भक्तिः क्वापि प्रजायते॥ १९

इत्युक्त्वा शंकरः स्वामी सर्वेषां परमेश्वरः।
सर्वेषां शृण्वतां तत्रोवाच वाणीं कृपाकरः॥ २०

हरिभक्तो हि मां निन्देत्तथा शैवो भवेद्यदि।
तयोः शापा भवेयुस्ते तत्त्वप्राप्तिर्भवेन्न हि॥ २१

ब्रह्मोवाच

इत्याकर्ण्य महेशस्य वचनं सुखकारकम्।
जहर्षुः सकलास्तत्र सुरमुन्यादयो मुने॥ २२

दक्षोऽभवन्महाप्रीत्या शिवभक्तिरतस्तदा।
सकुटुम्बः सुराद्यास्ते शिवं मत्वाखिलेश्वरम्॥ २३

यथा येन कृता शंभोः संस्तुतिः परमात्मनः।
तथा तस्मै वरो दत्तः शंभुना तुष्टचेतसा॥ २४

ज्ञप्तः शिवेनाशु दक्षः शिवभक्तः प्रसन्नधीः।
यज्ञं चकार संपूर्णं शिवानुग्रहतो मुने॥ २५

त्यस अद्वितीय (भेदरहित), केवल (विशुद्ध) म परब्रह्म परमात्मामा अज्ञानी पुरुष नै ब्रह्म, ईश्वर तथा अन्य समस्त जीवहरूलाई भिन्न रूपले देख्छन्॥ १४॥

जसरी मनुष्य आफ्नो शिर, हात आदि अंगहरूमा [यी मबाट भिन्न छन्, यस्तो] परकीय बुद्धि कहिल्यै गर्दैन, त्यसै गरी मेरा भक्त सबै प्राणीहरूमा भेदबुद्धि राख्दैनन्॥ १५॥

हे दक्ष! सबै भूतहरूका आत्मास्वरूप तथा एकै भाव भएका [ब्रह्मा, विष्णु र म शिव]—यी तीन देवतामा जो भेद देख्दैन, त्यसैले शान्ति प्राप्त गर्छ॥ १६॥

जुन नराधमले हामी तीन देवतामा भेदबुद्धि राख्दछ, त्यो निश्चय नै जबसम्म चन्द्रमा र तारा रहन्छन्, तबसम्म नरकमा निवास गर्दछ॥ १७॥

ममा परायण भएर जो बुद्धिमान् मनुष्य सबै देवताहरूको पूजा गर्दछ, त्यसलाई यस प्रकारको ज्ञान प्राप्त हुन्छ, जसबाट त्यसको शाश्वती मुक्ति हुन्छ॥ १८॥

विधाताको भक्ति विना विष्णुको भक्ति हुन सक्तैन र विष्णुको भक्ति विना मेरो भक्ति कहिल्यै हुन सक्तैन॥ १९॥

यस्तो भनेर कृपालु, सबका स्वामी परमेश्वर शिव सबलाई सुनाउँदै फेरि यो वचन भन्नुहुन्छ—॥ २०॥

यदि कोही विष्णुभक्त मेरो निन्दा गर्ने छ र मेरो भक्त विष्णुको निन्दा गर्छ भने तपाईंलाई दिइएको समस्त श्राप ती दुवै थरीलाई प्राप्त हुने छ र निश्चय नै तिनलाई तत्त्वज्ञानको प्राप्ति हुन सक्तैन॥ २१॥

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! भगवान् महेश्वरका यी सुखकर वचनलाई सुनेर त्यहाँ [उपस्थित] सबै देवता, मुनि आदि अत्यन्त हर्षित भए॥ २२॥

शिवलाई अखिलेश्वर मानेर दक्ष कुटुम्बसहित प्रसन्नतापूर्वक शिवभक्तिमा तत्पर भए र ती देवता आदि पनि शिवभक्तिपरायण भए॥ २३॥

जसले जुन प्रकारबाट परमात्मा शम्भुको स्तुति गरेका थिए, तिनलाई त्यसै प्रकार सन्तुष्टचित्त भएका शम्भुले वर दिनुभयो॥ २४॥

हे मुनि! त्यसपछि भगवान् शिवको आज्ञा पाएर प्रसन्नचित्त भएका शिवभक्त दक्षले शिवको कृपाले यज्ञ पूरा गरे॥ २५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ददौ भागान्सुरेभ्यो हि पूर्णभागं शिवाय सः।
दानं ददौ द्विजेभ्यश्च प्राप्तः शंभोरनुग्रहः॥ २६

उनले देवताहरूलाई यज्ञभाग दिए र शिवलाई पूर्ण भाग दिए। साथै उनले ब्राह्मणहरूलाई पनि दान दिए। यसै गरी उनलाई शम्भुको अनुग्रह प्राप्त भयो॥ २६॥

अथ देवस्य सुमहत्तत्कर्म विधिपूर्वकम्।
दक्षः समाप्य विधिवत्सहर्त्विग्भिः प्रजापतिः॥ २७

यस प्रकार महादेवको त्यस महान् कर्मको विधि–पूर्वक वर्णन गरियो। प्रजापति दक्षले ऋत्विजहरूको सहयोगले त्यस यज्ञकर्मलाई विधिवत् सम्पन्न गरे॥ २७॥

एवं दक्षमखः पूर्णोऽभवत्तत्र मुनीश्वर।
शंकरस्य प्रसादेन परब्रह्मस्वरूपिणः॥ २८

हे मुनीश्वर! यस प्रकार परब्रह्मस्वरूप शंकरको कृपाले दक्षको यज्ञ पूरा भयो॥ २८॥

अथ देवर्षयः सर्वे शंसन्तः शांकरं यशः।
स्वधामानि ययुस्तुष्टाः परेऽपि सुखतस्तदा॥ २९

त्यसपछि सबै देवता र ऋषि सन्तुष्ट भएर भगवान् शिवको यशको वर्णन गर्दै आ-आफ्नो स्थानमा गए। अरू व्यक्ति पनि त्यस समय त्यहाँबाट सुखपूर्वक गए॥ २९॥

अहं विष्णुश्च सुप्रीतावपि स्वं स्वं परं मुदा।
गायन्तौ सुयशः शंभोः सर्वमङ्गलदं सदा॥ ३०

म र भगवान् विष्णु पनि अत्यन्त प्रसन्न भई भगवान् शिवको सदा सर्वमंगलदायक सुयशको निरन्तर गान गर्दै आ-आफ्नो स्थानमा सानन्द गयौँ॥ ३०॥

दक्षसम्मानितः प्रीत्या महादेवोऽपि सद्गतिः।
कैलासं स ययौ शैलं सुप्रीतः सगणो निजम्॥ ३१

सत्पुरुषहरूलाई आश्रय दिनुहुने महादेव पनि दक्षबाट प्रीतिपूर्वक सम्मानित भई प्रसन्नताका साथ गणसहित आफ्नो निवासस्थान कैलास पर्वतमा जानुभयो॥ ३१॥

आगत्य स्वगिरिं शंभुः सस्मार स्वप्रियां सतीम्।
गणेभ्यः कथयामास प्रधानेभ्यश्च तत्कथाम्॥ ३२

आफ्नो पर्वतमा आएर शम्भुले आफ्नी प्रिया सतीको स्मरण गर्नुभयो र प्रधान गणहरूसित त्यो कथा भन्नुभयो॥ ३२॥

कालं निनाय विज्ञानी बहु तच्चरितं वदन्।
लौकिकीं गतिमाश्रित्य दर्शयन् कामितां प्रभुः॥ ३३

विज्ञानमय भगवान् शंकरले लौकिक गतिको अवलम्बन गरी आफ्नो सकामभावलाई प्रकट गर्दै तथा सतीचरित्र वर्णन गर्दै धेरै समय व्यतीत गर्नुभयो॥ ३३॥

नानीतिकारकः स्वामी परब्रह्म सतां गतिः।
तस्य मोहः क्व वा शोकः क्व विकारः परो मुने॥ ३४

हे मुनि! उहाँ सज्जनहरूका शरणदाता, सबका स्वामी, अनीति नगर्ने तथा परब्रह्म हुनुहुन्छ, उहाँमा मोह, शोक अथवा अन्य विकार कहाँबाट हुन सक्छ!॥ ३४॥

अहं विष्णुश्च जानीवस्तद्भेदं न कदाचन।
के परे मुनयो देवा मानुषाद्याश्च योगिनः॥ ३५

जब म र विष्णु पनि उहाँको भेदलाई कहिल्यै जान्न पाएनौँ भने अन्य देवता, मुनि, मनुष्य आदि तथा योगिजनको त कुरा नै के छ!॥ ३५॥

महिमा शांकरोऽनन्तो दुर्विज्ञेयो मनीषिभिः।
भक्तज्ञातश्च सद्भक्त्या तत्प्रसादाद्विना श्रमम्॥ ३६

भगवान् शंकरका महिमा अनन्त छन्, जसलाई ठुला-ठुला विद्वान् पनि जान्नमा असमर्थ छन्, तर भक्तहरू उहाँको कृपाले विना श्रम नै उत्तम भक्तिद्वारा त्यसलाई जान्दछन्॥ ३६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकोऽपि न विकारो हि शिवस्य परमात्मनः।
संदर्शयति लोकेभ्यः कृत्वा तां तादृशीं गतिम्॥ ३७

यत्पठित्वा च संश्रुत्य सर्वलोकसुधीर्मुने।
लभते सद्गतिं दिव्यामिहापि सुखमुत्तमम्॥ ३८

इत्थं दाक्षायणी हित्वा निजदेहं सती पुनः।
जज्ञे हिमवतः पत्न्यां मेनायामिति विश्रुतम्॥ ३९

पुनः कृत्वा तपस्तत्र शिवं वव्रे पतिं च सा।
गौरी भूत्वार्धवामाङ्गी लीलाश्चक्रेऽद्भुताः शिवा॥ ४०

इत्थं सतीचरित्रं ते वर्णितं परमाद्भुतम्।
भुक्तिमुक्तिप्रदं दिव्यं सर्वकामप्रदायकम्॥ ४१

इदमाख्यानमनघं पवित्रं परपावनम्।
स्वर्ग्यं यशस्यमायुष्यं पुत्रपौत्रफलप्रदम्॥ ४२

य इदं शृणुयाद् भक्त्या श्रावयेद्भक्तिमान्नरान्।
सर्वकर्मा लभेत्तात परत्र परमां गतिम्॥ ४३

यः पठेत्पाठयेद्वापि समाख्यानमिदं शुभम्।
सोऽपि भुक्त्वाखिलान् भोगानन्ते मोक्षमवाप्नुयात्॥ ४४

परमात्मा शिवमा एउटा पनि विकार छैन, तर लोकपरायण ती सगुणरूप धारण गरी आफ्नो चरित्र व्यक्तिहरूलाई देखाउनुहुन्छ। हे मुनि! जसलाई पढेर र सुनेर सबै व्यक्तिहरूमध्ये बुद्धिमान् त्यो व्यक्तिले यस लोकमा उत्तम सुख एवं [अन्तमा] दिव्य सद्गति प्राप्त गर्छ॥ ३७–३८॥

यस प्रकार दक्षकन्या सती [यज्ञमा] आफ्नो शरीर त्यागेर फेरि हिमालयकी पत्नी मेनाको गर्भबाट उत्पन्न हुनुभयो, यो कुरा प्रसिद्ध नै छ॥ ३९॥

तत्पश्चात् त्यहाँ तपस्या गरी गौरी शिवाले भगवान् शिवलाई पतिरूपमा वरण गर्नुभयो र उहाँको वाम–अर्धांगिनी भएर अद्भुत लीला गर्न लाग्नुभयो॥ ४०॥

[हे नारद!] यस प्रकार मैले तपाईंसित सतीको परम अद्भुत चरित्रको वर्णन गरें, जुन भोग–मोक्षदायक, दिव्य तथा सम्पूर्ण कामना पूर्ण गर्ने खालको छ॥ ४१॥

यो आख्यान कालुष्यरहित, पवित्र, अरूलाई पवित्र गर्ने, स्वर्गको प्राप्ति गराउने र पुत्र–पौत्ररूप फल प्रदान गर्ने खालको छ॥ ४२॥

हे तात! जो भक्तिमान् पुरुष भक्तिभावले यसलाई सुन्छ तथा अरू मनुष्यहरूलाई सुनाउँछ। त्यसले [यस लोकमा] सम्पूर्ण कर्मको फल पाएर परलोकमा परमगति प्राप्त गर्दछ॥ ४३॥

जसले यस शुभ आख्यानलाई पढ्छ अथवा पढाउँछ, त्यसले पनि समस्त सुखहरूको उपभोग गरी अन्तमा मोक्ष प्राप्त गर्दछ॥ ४४॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां द्वितीये सतीखण्डे दक्षयज्ञानुसंधानवर्णनं नाम त्रिचत्वारिंशोऽध्यायः॥ ४३॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको द्वितीय सतीखण्डमा दक्षयज्ञको अनुसन्धान वर्णन नामक त्रिचालिसौँ अध्याय पूर्ण भयो॥ ४३॥

॥ इति श्रीशिवमहापुराणे द्वितीयरुद्रसंहितायां द्वितीयः सतीखण्डः समाप्तः॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥ ॐ श्रीसाम्बशिवाय नमः॥ ॥ ॐ श्रीगणेशाय नमः॥

श्रीशिवमहापुराणम्

द्वितीयायां रुद्रसंहितायां तृतीयः पार्वतीखण्डः

अथ प्रथमोऽध्यायः

पितृहरूकी कन्या मेनाको हिमालयसँग विवाहको वर्णन

नारद उवाच

दाक्षायणी सती देवी त्यक्तदेहा पितुर्मखे।
कथं गिरिसुता ब्रह्मन् बभूव जगदम्बिका॥ १
कथं कृत्वा तपोऽत्युग्रं पतिमाप शिवं च सा।
एतन्मे पृच्छते सम्यक् कथय त्वं विशेषतः॥ २

ब्रह्मोवाच

शृणु त्वं मुनिशार्दूल शिवाचरितमुत्तमम्।
पावनं परमं दिव्यं सर्वपापहरं शुभम्॥ ३

यदा दाक्षायणी देवी हरेण सहिता मुदा।
हिमाचले सुचिक्रीडे लीलया परमेश्वरी॥ ४
मत्सुतेयमिति ज्ञात्वा सिषेवे मातृवर्चसा।
हिमाचलप्रिया मेना सर्वर्द्धिभिरनिर्भरा॥ ५

यदा दाक्षायणी रुष्टा नादृता स्वतनुं जहौ।
पित्रा दक्षेण तद्यज्ञे सङ्गता परमेश्वरी॥ ६
तदैव मेनका तां सा हिमाचलप्रिया मुने।
शिवलोकस्थितां देवीमारिराधयिषुस्तदा॥ ७

तस्यामहं सुता स्यामित्यवधार्य सती हृदा।
त्यक्तदेहा मनो दध्रे भवितुं हिमवत्सुता॥ ८

समयं प्राप्य सा देवी सर्वदेवस्तुता पुनः।
सती त्यक्ततनुः प्रीत्या मेनकातनयाभवत्॥ ९

नाम्ना सा पार्वती देवी तपः कृत्वा सुदुस्सहम्।
नारदस्योपदेशाद्वै पतिं प्राप शिवं पुनः॥ १०

नारद भन्नुहुन्छ—हे ब्रह्मन्! आफ्ना पिताको यज्ञमा शरीरको त्याग गरी दक्षकन्या सती देवी जगदम्बा कसरी हिमालयकी पुत्री बन्नुभयो र कसरी अत्यन्त उग्र तपस्या गरी उहाँले शिवलाई पतिरूपमा प्राप्त गर्नुभयो? म यो हजुरसित सोधिरहेको छु, विशेष रूपले बताउनुहोस्॥ १-२॥

ब्रह्मा भन्नुहुन्छ—हे मुनिश्रेष्ठ! तपाईं शिवाको परम पावन, दिव्य, सबै पापहरूलाई भगाउने, कल्याणकारी तथा उत्तम चरित्रलाई सुन्नुहोस्॥ ३॥

दक्षकन्या सती देवी जब प्रसन्नचित्त भएर शिवका साथ हिमालय पर्वतमा लीलापूर्वक क्रीडा गर्नुहुन्थ्यो, त्यस समय मातृप्रेमले भरिएकी हिमालयकी प्रिया मेना 'सम्पूर्ण सिद्धिहरूले युक्त यी मेरी पुत्री हुन्'— यस्तो सम्झेर उहाँको सेवामा संलग्न रहन्थिन्॥ ४-५॥

हे मुनि! दक्षकन्या सती देवीले जब पिता दक्षद्वारा अपमानित भएर क्रोधित भई यज्ञमा आफ्नो शरीर त्यागिदिनुभयो, त्यस समय हिमालयप्रिया मेना शिवलोकमा स्थित ती भगवती सतीको आराधना गर्न चाहिरहेकी थिइन्॥ ६-७॥

उनैको गर्भबाट म पुत्रीको रूपमा उत्पन्न होऊँ—यस्तो हृदयमा विचार गरी शरीरको त्याग गर्नुहुने सतीले हिमालयकी पुत्री हुनका लागि मनमा निश्चय गर्नुभयो॥ ८॥

देहत्यागको आखिरी समय आएपछि सबै देवताहरूद्वारा स्तुत्य ती भगवती सती प्रसन्नतापूर्वक मेनका (मेना)-को पुत्रीको रूपमा उत्पन्न हुनुभयो॥ ९॥

ती देवीको नाम पार्वती भयो। उहाँले नारदको उपदेशले अत्यन्त कठोर तपस्या गरी पुनः शिवलाई पतिरूपमा प्राप्त गर्नुभयो॥ १०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नारद उवाच

ब्रह्मन् विधे महाप्राज्ञ वद मे वदतां वर।
मेनकायाः समुत्पत्तिं विवाहचरितं तथा॥ ११

धन्या हि मेनका देवी यस्यां जाता सुता सती।
अतो मान्या च धन्या च सर्वेषां सा पतिव्रता॥ १२

ब्रह्मोवाच

शृणु त्वं नारद मुने पार्वतीमातुरुद्भवम्।
विवाहं चरितं चैव पावनं भक्तिवर्धनम्॥ १३

अस्त्युत्तरस्यां दिशि वै गिरीशो हिमवान्महान्।
पर्वतो हि मुनिश्रेष्ठ महातेजाः समृद्धिभाक्॥ १४

द्वैरूप्यं तस्य विख्यातं जङ्गमस्थिरभेदतः।
वर्णयामि समासेन तस्य सूक्ष्मस्वरूपकम्॥ १५

पूर्वापरौ तोयनिधी सुविगाह्य स्थितो हि यः।
नानारत्नाकरो रम्यो मानदण्ड इव क्षितेः॥ १६

नानावृक्षसमाकीर्णो नानाशृङ्गसुचित्रितः।
सिंहव्याघ्रादिपशुभिः सेवितः सुखिभिः सदा॥ १७

तुषारनिधिरत्युग्रो नानाश्चर्यविचित्रितः।
देवर्षिसिद्धमुनिभिः संश्रितः शिवसंप्रियः॥ १८

तपःस्थानोऽतिपूतात्मा पावनश्च महात्मनाम्।
तपस्सिद्धिप्रदोऽत्यन्तं नानाधात्वाकरः शुभः॥ १९

स एव दिव्यरूपो हि रम्यः सर्वाङ्गसुन्दरः।
विष्ण्वंशोऽविकृतः शैलराजराजः सतां प्रियः॥ २०

कुलस्थित्यै च स गिरिर्धर्मवर्धनहेतवे।
स्वविवाहं कर्तुमैच्छत्पितृदेवहितेच्छया॥ २१

तस्मिन्नवसरे देवाः स्वार्थमाचिन्त्य कृत्स्नशः।
ऊचुः पितॄन्समागत्य दिव्यान्प्रीत्या मुनीश्वर॥ २२

नारद भन्नुहुन्छ—हे ब्रह्मन्! हे विधि! हे महाप्राज्ञ! हे वक्ताहरूमा श्रेष्ठ! हजुर मसित मेनकाको उत्पत्ति, उहाँको विवाह तथा चरित्रको वर्णन गर्नुहोस्॥ ११॥

जसबाट भगवती सतीले पुत्रीको रूपमा जन्म लिनुभयो, ती मेनका देवी धन्य छिन्। यसैले ती पतिव्रता मेना सबै व्यक्तिहरूका मान्य र धन्य छिन्॥ १२॥

ब्रह्मा भन्नुहुन्छ—हे नारद! हे मुनि! तपाईं पार्वतीकी माताको जन्म, विवाह एवं अरू भक्तिवर्धक पावन चरित्र सुन्नुहोस्। हे मुनिश्रेष्ठ! उत्तर दिशामा पर्वतहरूका राजा हिमालय नामक महान् पर्वत छन्। जो महातेजस्वी र समृद्धिशाली छन्॥ १३-१४॥

जंगम तथा स्थावरभेदले उनका दुई रूप प्रसिद्ध छन्, म त्यसको सूक्ष्म स्वरूपको संक्षेपमा वर्णन गर्दै छु। त्यो पर्वत रमणीय एवं अनेक प्रकारका रत्नहरूको खानी हो, जुन पूर्व तथा पश्चिम समुद्रको भित्र प्रवेश गरी पृथ्वीको मानदण्ड झैँ स्थित छ॥ १५-१६॥

त्यो नाना प्रकारका वृक्षहरूले व्याप्त छ, अनेक शिखरहरूका कारण विचित्र शोभाले सम्पन्न छ र सुखी सिंह, बाघ आदि पशुहरूले सदा सेवित रहन्छ॥ १७॥

त्यो हिउँको भण्डार हो, अत्यन्त उग्र छ, अनेक आश्चर्यजनक दृश्यहरूका कारण विचित्र छ; देवता, ऋषि, सिद्ध र मुनि त्यसमाथि रहन्छन् तथा त्यो भगवान् शिवलाई ज्यादै प्रिय छ॥ १८॥

त्यो तप गर्ने स्थान हो, अत्यन्त पावन छ, महात्माहरूलाई पनि पवित्र पार्ने खालको छ, तपस्यामा अत्यन्त शीघ्र सिद्धि प्रदान गर्दछ, अनेक प्रकारका धातुहरूको खानी छ र शुभ छ। त्यो दिव्य रूप भएको, सर्वांगसुन्दर, रमणीय, शैलराजहरूका पनि राजा, विष्णुको अंश, विकाररहित एवं सज्जन पुरुषहरूको प्रिय छ॥ १९-२०॥

त्यस पर्वतले आफ्नो कुलपरम्पराको स्थितिका लागि, धर्मको अभिवृद्धिका लागि र देवता तथा पितृहरूको हित गर्ने अभिलाषाले आफ्नो विवाह गर्ने इच्छा गर्‍यो। हे मुनीश्वर! त्यसै समय देवतागण आफ्नो पूर्ण स्वार्थको विचार गरी दिव्य पितृहरूकहाँ गएर प्रसन्नतापूर्वक भन्न लागे—॥ २१-२२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवा ऊचुः

सर्वे शृणुत नो वाक्यं पितरः प्रीतमानसाः।
कर्तव्यं तत्तथैवाशु देवकार्येप्सवो यदि॥ २३

मेना नाम सुता या वो ज्येष्ठा मङ्गलरूपिणी।
तां विवाह्य च सुप्रीत्या हिमाख्येन महीभृता॥ २४

एवं सर्वमहालाभः सर्वेषां च भविष्यति।
युष्माकममराणां च दुःखहानिः पदे पदे॥ २५

ब्रह्मोवाच

इत्याकर्ण्यामरवचः पितरस्ते विमृश्य च।
स्मृत्वा शापं सुतानां च प्रोचुरोमिति तद्वचः॥ २६
ददुर्मेनां सुविधिना हिमागाय निजात्मजाम्।
समुत्सवो महानासीत्तद्विवाहे सुमङ्गले॥ २७

हर्यादयोऽपि ते देवा मुनयश्चापरेऽखिलाः।
आजग्मुस्तत्र संस्मृत्य वामदेवं भवं धिया॥ २८
उत्सवं कारयामासुर्दत्त्वा दानान्यनेकशः।
सुप्रशस्य पितॄन्दिव्यान्प्रशशंसुर्हिमाचलम्॥ २९

महामोदान्विता देवास्ते सर्वे समुनीश्वराः।
संजग्मुः स्वस्वधामानि संस्मरन्तः शिवाशिवौ॥ ३०

यौतुकं बहु सम्प्राप्य सुविवाह्य प्रियां च ताम्।
आजगाम स्वभवनं मुदमाप गिरीश्वरः॥ ३१॥

ब्रह्मोवाच

मेनया हि हिमागस्य सुविवाहो मुनीश्वर।
प्रोक्तो मे सुखदः प्रीत्या किं भूयः श्रोतुमिच्छसि॥ ३२॥

देवता भन्दछन्—हे पितृहरू हो! तपाईंहरू सबै प्रसन्नचित्त भएर हाम्रो कुरा सुन्नुहोस् र यदि तपाईंहरूलाई देवताहरूको कार्य गर्ने अभिलाषा छ भने चाँडै भनेअनुसार नै गर्नुहोस्॥ २३॥

तपाईंहरूकी मेना नामकी जुन ज्येष्ठ पुत्री प्रसिद्ध छिन्, उनी मंगलरूपिणी छिन्, उनको विवाह तपाईंहरू अत्यन्त प्रसन्नतापूर्वक हिमालय नामक पर्वतसित गरिदिनुहोस्। यस्तो गर्दामा सबैलाई महान् लाभ हुने छ र तपाईं तथा देवताहरूका दुःखहरूको पनि पाइला-पाइलामा निवारण भइरहने छ॥ २४-२५॥

ब्रह्मा भन्नुहुन्छ—देवताहरूका यी कुरा सुनेर पितृहरूले परस्पर विचार गरी कन्याहरूको श्रापको स्मरण गरी यस कुरालाई स्वीकार गरे॥ २६॥

उनीहरूले आफ्नी कन्या मेनाको विवाह विधिपूर्वक हिमालयका साथ गरिदिए; त्यस मंगलमय विवाहमा महान् उत्सव भयो॥ २७॥

वामदेव शंकरको स्मरण गरी विष्णु आदि देवता तथा समस्त मुनिगण त्यस विवाहमा आए॥ २८॥

उहाँहरूले अनेक प्रकारका दान दिएर उत्सव गराउनुभयो, त्यसपछि ती दिव्य पितृहरूको प्रशंसा गरी हिमालयको प्रशंसा गर्न लाग्नुभयो॥ २९॥

यसपछि परम आनन्दले युक्त ती सबै देवता तथा मुनीश्वर शिवा एवं शिवको स्मरण गर्दै आ-आफ्नो निवासस्थानमा गए॥ ३०॥

यता, पर्वतराज हिमालय पनि अनेक प्रकारका उपहार प्राप्त गरी ती प्रिया मेनासँग विवाह गरी आफ्नो घर आए र परम प्रसन्न भए॥ ३१॥

ब्रह्मा भन्नुहुन्छ—हे मुनीश्वर! मैले मेनासँग हिमालयको सुखद पवित्र विवाहको वर्णन गरिदिएँ। अब तपाईं अरू के सुन्न चाहनुहुन्छ?॥ ३२॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे
हिमाचलविवाहवर्णनं नाम प्रथमोऽध्यायः॥ १॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा
हिमाचलविवाह-वर्णन नामक पहिलो अध्याय पूर्ण भयो॥ १॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ द्वितीयोऽध्यायः

पितृहरूका तीन मानसी कन्याहरू—मेना, धन्या र कलावतीको पूर्वजन्मको वृत्तान्त तथा सनकादिद्वारा प्राप्त श्राप एवं वरदानको वर्णन

नारद उवाच

विधे प्राज्ञ वदेदानीं मेनोत्पत्तिं समादरात्।
अपि शापं समाचक्ष्व कुरु सन्देहभञ्जनम्॥ १

नारद भन्नुहुन्छ—हे महाप्राज्ञ! हे विधि! अब आदर-पूर्वक मेनाको उत्पत्तिको वर्णन गर्नुहोस् र श्रापको विषयमा पनि बताउनुहोस्, यस प्रकार मेरो सन्देह दूर गरिदिनुहोस्॥ १॥

ब्रह्मोवाच

शृणु नारद सुप्रीत्या मेनोत्पत्तिं विवेकतः।
मुनिभिः सह वक्ष्येऽहं सुतवर्य महाबुध॥ २

ब्रह्मा भन्नुहुन्छ—हे नारद! हे सुतवर्य! हे महाबुध! तपाईं यी मुनिगणहरूका साथ विवेकपूर्वक मेनाको उत्पत्तिको वृत्तान्त अत्यन्त प्रेमपूर्वक सुन्नुहोस्, म भन्दै छु॥ २॥

दक्षनामा मम सुतो यः पुरा कथितो मुने।
तस्य जाताः सुताः षष्टिप्रमिताः सृष्टिकारणाः॥ ३

हे मुनि! मैले आफ्नो दक्ष नामक जुन पुत्रको चर्चा पहिला गरेको थिएँ; उनीकहाँ सृष्टिको कारणभूता साठी कन्या उत्पन्न भए॥ ३॥

तासां विवाहमकरोत्स वरैः कश्यपादिभिः।
विदितं ते समस्तं तत्प्रस्तुतं शृणु नारद॥ ४

उनले ती कन्याहरूको विवाह श्रेष्ठ कश्यप आदिका साथ गरिदिए। हे नारद! यो सारा वृत्तान्त तपाईंलाई विदितै छ, अब प्रस्तुत कथाको श्रवण गर्नुहोस्॥ ४॥

तासां मध्ये स्वधानाम्नीं पितृभ्यो दत्तवान्सुताम्।
तिस्रोऽभवन्सुतास्तस्याः सुभगा धर्ममूर्तयः॥ ५
तासां नामानि शृणु मे पावनानि मुनीश्वर।
सदा विघ्नहराण्येव महामङ्गलदानि च॥ ६

उनले तीमध्ये स्वधा नामकी कन्या पितृहरूलाई दिए। त्यस स्वधाबाट धर्ममूर्तिरूपा सौभाग्यवती तीन कन्या उत्पन्न भए। हे मुनीश्वर! पवित्र, सदा विघ्नहरूको हरण गर्ने तथा महामंगल प्रदान गर्ने ती कन्याहरूका नाम मबाट सुन्नुहोस्॥ ५-६॥

मेनानाम्नी सुता ज्येष्ठा मध्या धन्या कलावती।
अन्त्या एताः सुताः सर्वाः पितॄणां मानसोद्भवाः॥ ७

सबैभन्दा जेठी कन्याको नाम मेना, माइली कन्याको नाम धन्या तथा कान्छी कन्याको नाम कलावती थियो—यी सबै कन्या पितृहरूका मनबाट प्रादुर्भूत भएका थिए॥ ७॥

अयोनिजाः स्वधायाश्च लोकतस्तत्सुता मताः।
आसां प्रोच्य सुनामानि सर्वान्कामान् जनो लभेत्॥ ८

यी अयोनिजा कन्याहरूलाई लोकाचारअनुसार स्वधाकी पुत्रि बताइएको छ। उनीहरूको पवित्र नामको उच्चारण गरी मनुष्य समस्त कामनाहरूलाई प्राप्त गर्दछन्॥ ८॥

जगद्वन्द्याः सदा लोकमातरः परमोददाः।
योगिन्यः परमा ज्ञाननिधानास्तास्त्रिलोकगाः॥ ९

ती जगत्का वन्दनीय, लोकमाता, परमानन्द-दायक, योगिनीस्वरूपा, उत्कृष्ट, ज्ञानका निधि तथा तीनवटै लोकहरूमा विचरण गर्ने भए॥ ९॥

एकस्मिन्समये तिस्रो भगिन्यस्ता मुनीश्वर।
श्वेतद्वीपं विष्णुलोकं जग्मुर्दर्शनहेतवे॥ १०
कृत्वा प्रणामं विष्णोश्च संस्तुतिं भक्तिसंयुताः।
तस्थुस्तदाज्ञया तत्र सुसमाजो महानभूत्॥ ११

हे मुनीश्वर! एक समयको कुरा हो—ती तीनवटी बहिनी भगवान् विष्णुको निवासस्थान श्वेतद्वीपमा उहाँको दर्शनका लागि गए। भक्तिपूर्वक विष्णुलाई प्रणाम तथा स्तुति गरी ती उहाँको आज्ञाले त्यहीँ रोकिए। त्यहाँ त्यस समय धेरै ठुलो समाज एकत्रित थियो॥ १०-११॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तदैव सनकाद्यास्तु सिद्धा ब्रह्मसुता मुने।
गतास्तत्र हरिं नत्वा स्तुत्वा तस्थुस्तदाज्ञया॥ १२

सनकाद्यान्मुनीन् दृष्ट्वोत्तस्थुस्ते सकला द्रुतम्।
तत्रस्थान्संस्थितान्नत्वा देवाद्याँल्लोकवन्दितान्॥ १३

तिस्रो भगिन्यस्तास्तत्र नोत्तस्थुर्मोहिता मुने।
मायया दैवविवशाः शङ्करस्य परात्मनः॥ १४

मोहिनी सर्वलोकानां शिवमाया गरीयसी।
तदधीनं जगत्सर्वं शिवेच्छा सा प्रकीर्त्यते॥ १५

प्रारब्धं प्रोच्यते सैव तन्नामानि ह्यनेकशः।
शिवेच्छया भवत्येव नात्र कार्या विचारणा॥ १६

भूत्वा तद्वशगास्ता वै न चक्रुरपि तन्नतिम्।
विस्मिताः सम्प्रदृश्यैव संस्थितास्तत्र केवलम्॥ १७

तादृशीं तद्गतिं दृष्ट्वा सनकाद्या मुनीश्वराः।
ज्ञानिनोऽपि परं चक्रुः क्रोधं दुर्विषहं च ते॥ १८

शिवेच्छामोहितस्तत्र सक्रोधस्ता उवाच ह।
सनत्कुमारो योगीशः शापं दण्डकरं ददत्॥ १९

सनत्कुमार उवाच

यूयं तिस्रो भगिन्यश्च मूढाः सद्वयुनोज्झिताः।
अज्ञातश्रुतितत्त्वा हि पितृकन्या अपि ध्रुवम्॥ २०

अभ्युत्थानं कृतं नो यो नमस्कारोऽपि गर्विताः।
मोहिता नरभावत्वात्स्वर्गाद् दूरा भवन्तु हि॥ २१

नरस्त्रियः सम्भवन्तु तिस्रोऽप्यज्ञानमोहिताः।
स्वकर्मणः प्रभावेण लभध्वं फलमीदृशम्॥ २२

ब्रह्मोवाच

इत्याकर्ण्य च साध्व्यस्तास्तिस्रोऽपि चकिता भृशम्।
पतित्वा पादयोस्तस्य समूचुर्नतमस्तकाः॥ २३

पितृतनया ऊचुः

मुनिवर्य दयासिन्धो प्रसन्नो भव चाधुना।
त्वत्प्रणामं वयं मूढाः कुर्महे स्म न भावतः॥ २४

हे मुनि! त्यसै अवसरमा [म] ब्रह्माका पुत्र सनकादि सिद्धगण पनि त्यहाँ पुगे र श्रीहरिलाई प्रणाम गरी उहाँको आज्ञाले त्यहीं बसे। तब सबैजना सनकादि मुनिहरूलाई देखेर त्यहाँ बसेका लोकवन्दित देवता आदिलाई प्रणाम गरी शीघ्र उठेर उभिए॥ १२-१३॥

तर हे मुनि! ती तीन दिदीबहिनी परात्पर शंकरको मायाले मोहित हुनाको कारण प्रारब्धबाट विवश भई उठेनन्॥ १४॥

शिवको माया अत्यन्त प्रबल छ, जुन सबै लोकहरूलाई मोहित गर्ने खालको छ। समस्त संसार उसैको अधीन छ, त्यो शिवको इच्छा भनिन्छ॥ १५॥

त्यसैलाई प्रारब्ध पनि भनिन्छ, उसका अनेक नाम छन्। त्यो शिवको इच्छाले नै प्रवृत्त हुन्छ, यसमा सन्देह छैन। त्यसै [शिवमाया]-को अधीन भएर ती कन्याहरूले सनक आदिलाई प्रणाम गरेनन्। ती केवल उहाँहरूलाई हेरेर विस्मित भई बसिरहे॥ १६-१७॥

ज्ञानी भएर पनि सनकादि मुनीश्वरहरूले उनीहरूको त्यस प्रकारको व्यवहारलाई देखेर अत्यधिक असह्य क्रोध गरे। तब शिवको इच्छाले मोहित भएका योगीश्वर सनत्कुमार क्रोधित भएर दण्डित गर्ने श्राप दिंदै उनीहरूसित भन्न लागे—॥ १८-१९॥

सनत्कुमार भन्नुहुन्छ—तिमी तीन दिदीबहिनीहरू पितृहरूका कन्या हुने छौ, तथापि मूर्ख, सद्ज्ञानबाट रहित र वेदतत्त्वको ज्ञानबाट शून्य हुने छौ॥ २०॥

अभिमानमा भरिएका तिमीहरूले न त हाम्रो अभ्युत्थान गर्‍यौ, न अभिवादन नै गर्‍यौ, तिमीहरू नरभावबाट मोहित भएका छौ, अतः यस स्वर्गबाट टाढा जाओ र अज्ञानबाट मोहित हुनाको कारण तिमी तीनवटी मनुष्यहरूका स्त्री बन। यस प्रकार तिमीहरू आफ्नो कर्मको प्रभावले यस प्रकारको फल प्राप्त गर॥ २१-२२॥

ब्रह्मा भन्नुहुन्छ—यो सुनेर ती साध्वी कन्याहरू आश्चर्यचकित भए र उहाँका चरणहरूमा परेर विनम्रतापूर्वक शिर झुकाएर भन्न लागे॥ २३॥

पितृकन्याहरू भन्दछन्—हे मुनिवर्य! हे दयासागर! अब हामीहरूप्रति प्रसन्न हुनुहोस्, हामीहरूले अज्ञानी हुनाको कारण तपाईंलाई श्रद्धापूर्वक प्रणाम गरेनौँ॥ २४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ द्वितीयोऽध्यायः

पितृहरूका तीन मानसी कन्याहरू—मेना, धन्या र कलावतीको पूर्वजन्मको वृत्तान्त तथा सनकादिद्वारा प्राप्त श्राप एवं वरदानको वर्णन

नारद उवाच

विधे प्राज्ञ वदेदानीं मेनोत्पत्तिं समादरात्।
अपि शापं समाचक्ष्व कुरु सन्देहभञ्जनम्॥ १

नारद भन्नुहुन्छ—हे महाप्राज्ञ! हे विधि! अब आदर-पूर्वक मेनाको उत्पत्तिको वर्णन गर्नुहोस् र श्रापको विषयमा पनि बताउनुहोस्, यस प्रकार मेरो सन्देह दूर गरिदिनुहोस्॥ १॥

ब्रह्मोवाच

शृणु नारद सुप्रीत्या मेनोत्पत्तिं विवेकतः।
मुनिभिः सह वक्ष्येऽहं सुतवर्य महाबुध॥ २

ब्रह्मा भन्नुहुन्छ—हे नारद! हे सुतवर्य! हे महाबुध! तपाईं यी मुनिगणहरूका साथ विवेकपूर्वक मेनाको उत्पत्तिको वृत्तान्त अत्यन्त प्रेमपूर्वक सुन्नुहोस्, म भन्दै छु॥ २॥

दक्षनामा मम सुतो यः पुरा कथितो मुने।
तस्य जाताः सुताः षष्टिप्रमिताः सृष्टिकारणाः॥ ३

हे मुनि! मैले आफ्नो दक्ष नामक जुन पुत्रको चर्चा पहिला गरेको थिएँ; उनीकहाँ सृष्टिको कारणभूता साठी कन्या उत्पन्न भए॥ ३॥

तासां विवाहमकरोत्स वरैः कश्यपादिभिः।
विदितं ते समस्तं तत्प्रस्तुतं शृणु नारद॥ ४

उनले ती कन्याहरूको विवाह श्रेष्ठ कश्यप आदिका साथ गरिदिए। हे नारद! यो सारा वृत्तान्त तपाईंलाई विदितै छ, अब प्रस्तुत कथाको श्रवण गर्नुहोस्॥ ४॥

तासां मध्ये स्वधानाम्नीं पितृभ्यो दत्तवान्सुताम्।
तिस्रोऽभवन्सुतास्तस्याः सुभगा धर्ममूर्तयः॥ ५
तासां नामानि शृणु मे पावनानि मुनीश्वर।
सदा विघ्नहराण्येव महामङ्गलदानि च॥ ६

उनले तीमध्ये स्वधा नामकी कन्या पितृहरूलाई दिए। त्यस स्वधाबाट धर्ममूर्तिरूपा सौभाग्यवती तीन कन्या उत्पन्न भए। हे मुनीश्वर! पवित्र, सदा विघ्नहरूको हरण गर्ने तथा महामंगल प्रदान गर्ने ती कन्याहरूका नाम मबाट सुन्नुहोस्॥ ५-६॥

मेनानाम्नी सुता ज्येष्ठा मध्या धन्या कलावती।
अन्त्या एताः सुताः सर्वाः पितॄणां मानसोद्भवाः॥ ७

सबैभन्दा जेठी कन्याको नाम मेना, माइली कन्याको नाम धन्या तथा कान्छी कन्याको नाम कलावती थियो— यी सबै कन्या पितृहरूका मनबाट प्रादुर्भूत भएका थिए॥ ७॥

अयोनिजाः स्वधायाश्च लोकतस्तत्सुता मताः।
आसां प्रोच्य सुनामानि सर्वान्कामान् जनो लभेत्॥ ८

यी अयोनिजा कन्याहरूलाई लोकाचारअनुसार स्वधाकी पुत्रि बताइएको छ। उनीहरूको पवित्र नामको उच्चारण गरी मनुष्य समस्त कामनाहरूलाई प्राप्त गर्दछन्॥ ८॥

जगद्वन्द्याः सदा लोकमातरः परमोददाः।
योगिन्यः परमा ज्ञाननिधानास्तास्त्रिलोकगाः॥ ९

ती जगत्का वन्दनीय, लोकमाता, परमानन्द-दायक, योगिनीस्वरूपा, उत्कृष्ट, ज्ञानका निधि तथा तीनवटै लोकहरूमा विचरण गर्ने भए॥ ९॥

एकस्मिन्समये तिस्रो भगिन्यस्ता मुनीश्वर।
श्वेतद्वीपं विष्णुलोकं जग्मुर्दर्शनहेतवे॥ १०

कृत्वा प्रणामं विष्णोश्च संस्तुतिं भक्तिसंयुताः।
तस्थुस्तदाज्ञया तत्र सुसमाजो महानभूत्॥ ११

हे मुनीश्वर! एक समयको कुरा हो—ती तीनवटी बहिनी भगवान् विष्णुको निवासस्थान श्वेतद्वीपमा उहाँको दर्शनका लागि गए। भक्तिपूर्वक विष्णुलाई प्रणाम तथा स्तुति गरी ती उहाँको आज्ञाले त्यहीं रोकिए। त्यहाँ त्यस समय धेरै ठुलो समाज एकत्रित थियो॥ १०-११॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तदैव सनकाद्यास्तु सिद्धा ब्रह्मसुता मुने।
गतास्तत्र हरिं नत्वा स्तुत्वा तस्थुस्तदाज्ञया॥ १२

सनकाद्यान्मुनीन् दृष्ट्वोत्तस्थुस्ते सकला द्रुतम्।
तत्रस्थान्संस्थितान्नत्वा देवाद्याँल्लोकवन्दितान्॥ १३

तिस्रो भगिन्यस्तास्तत्र नोत्तस्थुर्मोहिता मुने।
मायया दैवविवशाः शङ्करस्य परात्मनः॥ १४

मोहिनी सर्वलोकानां शिवमाया गरीयसी।
तदधीनं जगत्सर्वं शिवेच्छा सा प्रकीर्त्यते॥ १५

प्रारब्धं प्रोच्यते सैव तन्नामानि ह्यनेकशः।
शिवेच्छया भवत्येव नात्र कार्या विचारणा॥ १६

भूत्वा तद्वशगास्ता वै न चक्रुरपि तन्नतिम्।
विस्मिताः सम्प्रदृश्यैव संस्थितास्तत्र केवलम्॥ १७

तादृशीं तद्गतिं दृष्ट्वा सनकाद्या मुनीश्वराः।
ज्ञानिनोऽपि परं चक्रुः क्रोधं दुर्विषहं च ते॥ १८

शिवेच्छामोहितस्तत्र सक्रोधस्ता उवाच ह।
सनत्कुमारो योगीशः शापं दण्डकरं ददत्॥ १९

सनत्कुमार उवाच

यूयं तिस्रो भगिन्यश्च मूढाः सद्वयुनोज्झिताः।
अज्ञातश्रुतितत्त्वा हि पितृकन्या अपि ध्रुवम्॥ २०

अभ्युत्थानं कृतं नो यो नमस्कारोऽपि गर्विताः।
मोहिता नरभावत्वात्स्वर्गाद् दूरा भवन्तु हि॥ २१

नरस्त्रियः सम्भवन्तु तिस्रोऽप्यज्ञानमोहिताः।
स्वकर्मणः प्रभावेण लभध्वं फलमीदृशम्॥ २२

ब्रह्मोवाच

इत्याकर्ण्य च साध्व्यस्तास्तिस्रोऽपि चकिता भृशम्।
पतित्वा पादयोस्तस्य समूचुर्नतमस्तकाः॥ २३

पितृतनया ऊचुः

मुनिवर्य दयासिन्धो प्रसन्नो भव चाधुना।
त्वत्प्रणामं वयं मूढाः कुर्महे स्म न भावतः॥ २४

हे मुनि! त्यसै अवसरमा [म] ब्रह्माका पुत्र सनकादि सिद्धगण पनि त्यहाँ पुगे र श्रीहरिलाई प्रणाम गरी उहाँको आज्ञाले त्यहीँ बसे। तब सबैजना सनकादि मुनिहरूलाई देखेर त्यहाँ बसेका लोकवन्दित देवता आदिलाई प्रणाम गरी शीघ्र उठेर उभिए॥ १२-१३॥

तर हे मुनि! ती तीन दिदीबहिनी परात्पर शंकरको मायाले मोहित हुनाको कारण प्रारब्धबाट विवश भई उठेनन्॥ १४॥

शिवको माया अत्यन्त प्रबल छ, जुन सबै लोकहरूलाई मोहित गर्ने खालको छ। समस्त संसार उसैको अधीन छ, त्यो शिवको इच्छा भनिन्छ॥ १५॥

त्यसैलाई प्रारब्ध पनि भनिन्छ, उसका अनेक नाम छन्। त्यो शिवको इच्छाले नै प्रवृत्त हुन्छ, यसमा सन्देह छैन। त्यसै [शिवमाया]-को अधीन भएर ती कन्याहरूले सनक आदिलाई प्रणाम गरेनन्। ती केवल उहाँहरूलाई हेरेर विस्मित भई बसिरहे॥ १६-१७॥

ज्ञानी भएर पनि सनकादि मुनीश्वरहरूले उनीहरूको त्यस प्रकारको व्यवहारलाई देखेर अत्यधिक असह्य क्रोध गरे। तब शिवको इच्छाले मोहित भएका योगीश्वर सनत्कुमार क्रोधित भएर दण्डित गर्ने श्राप दिँदै उनीहरूसित भन्न लागे— ॥ १८-१९॥

सनत्कुमार भन्नुहुन्छ—तिमी तीन दिदीबहिनीहरू पितृहरूका कन्या हुने छौ, तथापि मूर्ख, सद्ज्ञानबाट रहित र वेदतत्त्वको ज्ञानबाट शून्य हुने छौ॥ २०॥

अभिमानमा भरिएका तिमीहरूले न त हाम्रो अभ्युत्थान गर्‍यौ, न अभिवादन नै गर्‍यौ, तिमीहरू नरभावबाट मोहित भएका छौ, अतः यस स्वर्गबाट टाढा जाओ र अज्ञानबाट मोहित हुनाको कारण तिमी तीनवटी मनुष्यहरूका स्त्री बन। यस प्रकार तिमीहरू आफ्नो कर्मको प्रभावले यस प्रकारको फल प्राप्त गर॥ २१-२२॥

ब्रह्मा भन्नुहुन्छ—यो सुनेर ती साध्वी कन्याहरू आश्चर्यचकित भए र उहाँका चरणहरूमा परेर विनम्रतापूर्वक शिर झुकाएर भन्न लागे॥ २३॥

पितृकन्याहरू भन्दछन्—हे मुनिवर्य! हे दयासागर! अब हामीहरूप्रति प्रसन्न हुनुहोस्, हामीहरूले अज्ञानी हुनाको कारण तपाईंलाई श्रद्धापूर्वक प्रणाम गरेनौँ॥ २४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राप्तं च तत्फलं विप्र न ते दोषो महामुने।
अनुग्रहं कुरुष्वात्र लभेम स्वर्गतिं पुनः॥ २५

हे विप्र! अतः हामीहरूले त्यसको फल पायौँ। हे महामुनि! यसमा तपाईंको दोष छैन। तपाईं हामीहरूप्रति दया गर्नुहोस्, जसबाट हामीहरूलाई पुनः स्वर्गलोकको प्राप्ति होस्॥ २५॥

ब्रह्मोवाच

श्रुत्वा तद्वचनं तात प्रोवाच स मुनिस्तदा।
शापोद्धारं प्रसन्नात्मा प्रेरितः शिवमायया॥ २६

ब्रह्मा भन्नुहुन्छ—हे तात! तब उनीहरूको यो कुरा सुनेर प्रसन्नचित्त ती मुनि शिवको मायाबाट प्रेरित भई श्रापबाट उद्धारको उपाय भन्न लागे॥ २६॥

सनत्कुमार उवाच

पितॄणां तनयास्तिस्त्रः शृणुत प्रीतमानसाः।
वचनं मम शोकघ्नं सुखदं सर्वदैव वः॥ २७

विष्णोरंशस्य शैलस्य हिमाधारस्य कामिनी।
ज्येष्ठा भवतु तत्कन्या भविष्यत्येव पार्वती॥ २८

धन्या प्रिया द्वितीया तु योगिनी जनकस्य च।
तस्याः कन्या महालक्ष्मीर्नाम्ना सीता भविष्यति॥ २९

वृषभानस्य वैश्यस्य कनिष्ठा च कलावती।
भविष्यति प्रिया राधा तत्सुता द्वापरान्ततः॥ ३०

सनत्कुमार भन्नुहुन्छ—हे पितृहरूका तीनवटी कन्या हो! तिमीहरू प्रसन्नचित्त भएर मेरो कुरा सुन, यो तिमीहरूको शोकको नाश गर्ने र सधैँ तिमीहरूलाई सुख प्रदान गर्ने खालको छ॥ २७॥ तिमीहरूमध्ये जो जेठी छौ, उनी विष्णुका अंशभूत हिमालय-गिरिकी पत्नी हुने छिन् र पार्वती उनकी पुत्री हुने छिन्॥ २८॥

योगिनीस्वरूपा धन्या नामक दोस्री कन्या राजा जनककी पत्नी हुने छिन्, उनकी कन्या महालक्ष्मी हुने छिन्, जसको नाम सीता हुनेछ। सबैभन्दा कान्छी कन्या कलावती वैश्य वृषभानकी पत्नी हुनेछिन्, जसकी पुत्रीको रूपमा द्वापरको अन्तमा राधा प्रकट हुने छिन्॥ २९-३०॥

मेनका योगिनी पत्या पार्वत्याश्च वरेण च।
तेन देहेन कैलासं गमिष्यति परं पदम्॥ ३१

धन्या च सीतया सीरध्वजो जनकवंशजः।
जीवन्मुक्तो महायोगी वैकुण्ठं च गमिष्यति॥ ३२

योगिनी मेनका पार्वतीको वरदानले आफ्नो पतिका साथ त्यसै शरीरबाट परम पद कैलास जाने छिन् तथा यी धन्या जनकवंशमा उत्पन्न जीवन्मुक्त तथा महायोगी सीरध्वजलाई पतिरूपमा प्राप्त गरी सीतालाई जन्म दिने छिन् तथा वैकुण्ठधाम जाने छिन्॥ ३१-३२॥

कलावती वृषभानस्य कौतुकात्कन्यया सह।
जीवन्मुक्ता च गोलोकं गमिष्यति न संशयः॥ ३३

वृषभानका साथ विवाह हुनाको कारण जीवन्मुक्त कलावती पनि आफ्नी कन्याका साथ गोलोक जाने छिन्, यसमा संशय छैन॥ ३३॥

विना विपत्तिं महिमा केषां कुत्र भविष्यति।
सुकर्मिणां गते दुःखे प्रभवेद् दुर्लभं सुखम्॥ ३४

[यस संसारमा] विना विपत्ति कसलाई कहाँ महत्त्व प्राप्त हुन्छ। उत्तम कर्म गर्नेहरूको दुःख दूर भएपछि उनीहरूलाई दुर्लभ सुख प्राप्त हुन्छ॥ ३४॥

पितॄणां तनयाः यूयं सर्वाः स्वर्गविलासिकाः।
कर्मक्षयश्च युष्माकमभवद्विष्णुदर्शनात्॥ ३५

तिमीहरू पितृहरूकी कन्या हुने छौ र स्वर्गमा विलास गर्ने छौ। विष्णुको दर्शन हुनाले अहिले तिमीहरूको कर्मको क्षय भएको छ॥ ३५॥

इत्युक्त्वा पुनरप्याह गतक्रोधो मुनीश्वरः।
शिवं संस्मृत्य मनसा ज्ञानदं भुक्तिमुक्तिदम्॥ ३६

अपरं शृणुत प्रीत्या मद्वचः सुखदं सदा।
धन्या यूयं शिवप्रीता मान्या पूज्या ह्यभीक्ष्णशः॥ ३७

यो भनेर क्रोधरहित भएका मुनीश्वरले ज्ञान, भोग तथा मोक्ष प्रदान गर्नुहुने शिवको स्मरण गरी पुनः भने—[हे पितृकन्याहरू हो!] तिमीहरू प्रीतिपूर्वक मेरो दोस्रो कुरा पनि सुन, जुन अत्यन्त सुखदायक छ। शिवमा भक्ति राख्ने तिमीहरू सदा धन्य, मान्य र बारम्बार पूजनीय हुने छौ॥ ३६-३७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेनायास्तनया देवी पार्वती जगदम्बिका।
भविष्यति प्रिया शम्भोस्तपः कृत्वा सुदुस्सहम्॥ ३८
धन्यासुता स्मृता सीता रामपत्नी भविष्यति।
लौकिकाचारमाश्रित्य रामेण विहरिष्यति॥ ३९
कलावतीसुता राधा साक्षाद् गोलोकवासिनी।
गुप्तस्नेहनिबद्धा सा कृष्णपत्नी भविष्यति॥ ४०

मेनाकी कन्या जगदम्बिका पार्वती देवी परम कठोर तप गरी शिवकी पत्नी हुने छिन्, धन्याकी पुत्री सीता [भगवान्] रामकी पत्नी हुने छिन्, जो लौकिक आचारको आश्रय लिएर उहाँका साथ विहार गर्ने छिन् र साक्षात् गोलोकवासिनी कलावतीकी पुत्री राधा आफ्नो गुप्त स्नेहले बाँधिएका श्रीकृष्णकी पत्नी हुने छिन्॥ ३८-४०॥

ब्रह्मोवाच

इत्थमाभाष्य स मुनिर्भ्रातृभिः सह संस्तुतः।
सनत्कुमारो भगवाँस्तत्रैवान्तर्हितोऽभवत्॥ ४१
तिस्रो भगिन्यस्तास्तात पितृणां मानसीः सुताः।
गतपापाः सुखं प्राप्य स्वधाम प्रययुर्द्रुतम्॥ ४२

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार भनेर सबैद्वारा स्तुत्य ती भगवान् सनत्कुमार मुनि आफ्ना भाइहरूसहित त्यहीँ अन्तर्हित भए॥ ४१॥

हे तात! पितृहरूका मानसी कन्याहरू ती तीन दिदीबहिनी पापरहित भई सुख पाएर तुरंत आफ्नो धाममा गए॥ ४२॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे पूर्वगतिवर्णनं नाम द्वितीयोऽध्यायः॥ २॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा पूर्वगतिवर्णन नामक दोस्रो अध्याय पूर्ण भयो॥ २॥

अथ तृतीयोऽध्यायः

विष्णु आदि देवताहरू हिमालयकहाँ जानु, उनलाई उमाराधनाको विधि बताई स्वयं पनि देवी जगदम्बाको स्तुति गर्नु

नारद उवाच

विधे प्राज्ञ महाधीमन्वद मे वदतां वर।
ततः परं किमभवच्चरितं विष्णुसद्गुरोः॥ १
अद्भुतेयं कथा प्रोक्ता मेनापूर्वगतिः शुभा।
विवाहश्च श्रुतः सम्यक् परमं चरितं वद॥ २
मेनां विवाह्य स गिरिः कृतवान् किं ततः परम्।
पार्वती कथमुत्पन्ना तस्यां वै जगदम्बिका॥ ३
तपः सुदुस्सहं कृत्वा कथं प्राप पतिं हरम्।
एतत्सर्वं समाचक्ष्व विस्ताराच्छाङ्करं यशः॥ ४

नारद भन्नुहुन्छ—हे विधि! हे प्राज्ञ! हे महाबुद्धिमान्! हे वक्ताहरूमा श्रेष्ठ! यसपछि विष्णुका सद्गुरु शिवको के चरित्र भयो, त्यसलाई हजुर मसित भन्नुहोस्॥ १॥

हजुरले मेनाको पूर्वजन्मको शुभ एवं अद्भुत कथा भन्नुभयो। उनको विवाहप्रसंगलाई पनि मैले राम्ररी सुनें, अब उनको उत्तम चरित्र भन्नुहोस्॥ २॥

हिमालयले मेनासँग विवाह गरेपछि के गरे? जगदम्बा पार्वतीले उनीहरूबाट कसरी जन्म लिनुभयो र कठोर तप गरी कसरी शिवलाई पतिरूपमा प्राप्त गर्नुभयो? यो सब बताउनुहोस् र हे ब्रह्मन्! शंकरको यशको विस्तारपूर्वक वर्णन गर्नुहोस्॥ ३-४॥

ब्रह्मोवाच

मुने त्वं शृणु सुप्रीत्या शांकरं सुयशः शुभम्।
यच्छ्रुत्वा ब्रह्महा शुद्ध्येत्सर्वान्कामानवाप्नुयात्॥ ५

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! तपाईं शंकरको कल्याणकारी उत्तम यशलाई सुन्नुहोस्, जसलाई सुनेर ब्रह्महत्यारा पनि शुद्ध हुन्छ र सबै मनोरथहरूको प्राप्ति गराउँछ॥ ५॥

यदा मेनाविवाहं तु कृत्वागच्छद्गिरिर्गृहम्।
तदा समुत्सवो जातस्त्रिषु लोकेषु नारद॥ ६

हे नारद! जब मेनासँग विवाह गरी हिमवान् घर गए, तब तीनवटै लोकमा ज्यादै ठुलो उत्सव भयो॥ ६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिमाचलोऽपि सुप्रीतश्चकार परमोत्सवम्।
भूसुरान् बंधुवर्गांश्च परानानर्च सद्धिया॥ ७

सर्वे द्विजाश्च सन्तुष्टा दत्त्वाशीर्वचनं वरम्।
ययुस्तस्मै स्वस्वधाम बंधुवर्गास्तथापरे॥ ८

हिमाचलोऽपि सुप्रीतो मेनया सुखदे गृहे।
रेमेऽन्यत्र च सुस्थाने नन्दनादिवनेष्वपि॥ ९

तस्मिन्नवसरे देवा मुने विष्ण्वादयोऽखिलाः।
मुनयश्च महात्मानः प्रजग्मुर्भूधरान्तिके॥ १०
दृष्ट्वा तानागतान्देवान्प्रणनाम मुदा गिरिः।
सम्मानं कृतवान् भक्त्या प्रशंसन् स्वविधिं महान्॥ ११

साञ्जलिर्नतशीर्षो हि स तुष्टाव सुभक्तितः।
रोमोद्गमो महानासीद्गिरेः प्रेमाश्रवोऽपतन्॥ १२

ततः प्रणम्य सुप्रीतो हिमशैलः प्रसन्नधीः।
उवाच प्रणतो भूत्वा मुने विष्ण्वादिकान्सुरान्॥ १३

हिमाचल उवाच

अद्य मे सफलं जन्म सफलं सुमहत्तपः।
अद्य मे सफलं ज्ञानमद्य मे सफलाः क्रियाः॥ १४

धन्योऽहमद्य संजातो धन्या मे सकला क्षितिः।
धन्यं कुलं तथा दाराः सर्वं धन्यं न संशयः॥ १५

यतः समागता यूयं मिलित्वा सर्व एकदा।
मां निदेशयत प्रीत्योचितं मत्वा स्वसेवकम्॥ १६

ब्रह्मोवाच

इति श्रुत्वा महीध्रस्य वचनं ते सुरास्तदा।
ऊचुर्हर्यादयः प्रीताः सिद्धिं मत्वा स्वकार्यतः॥ १७

देवा ऊचुः

हिमाचल महाप्राज्ञ शृण्वस्मद्वचनं हितम्।
यदर्थमागताः सर्वे तद् ब्रूमः प्रीतितो वयम्॥ १८

हिमालयले पनि अत्यन्त प्रसन्न भएर परमोत्सव मनाए र सद्बुद्धिपूर्वक ब्राह्मणहरू, बन्धुजन एवं अन्य श्रेष्ठजनहरूको अर्चना गरे॥ ७॥

तत्पश्चात् सबै सन्तुष्ट ब्राह्मण, बन्धुजन तथा अन्यजन उनलाई उत्तम आशीर्वाद दिएर आ-आफ्नो निवासस्थानमा गए। हिमालय पनि अत्यन्त प्रसन्न भएर आफ्नो सुखदायक घरमा, अन्य रम्य स्थानमा तथा नन्दन आदि वनहरूमा मेनासँग रमण गर्न लागे॥ ८-९॥

हे मुनि! त्यसै समय विष्णु आदि समस्त देवता र महात्मा मुनि गिरिराजकहाँ जानुभयो॥ १०॥

गिरिराजले ती देवताहरूलाई आउँदै गरेको देखेर प्रसन्नतापूर्वक उहाँहरूलाई प्रणाम गरे र आफ्नो भाग्यको सराहना गर्दै भक्तिभावले उहाँहरूको सत्कार गरे॥ ११॥

हात जोडेर शिर झुकाउँदै उहाँहरूको उत्तम भक्तिले स्तुति गरे। हिमालयको शरीरमा महान् रोमांच भयो र उनका नेत्रहरूबाट प्रेमका आँसू बहन लागे॥ १२॥

हे मुनि! तब हिमालय प्रसन्न मनले अत्यन्त प्रेमपूर्वक प्रणाम गरी विनीतभावले उभिइ विष्णु आदि देवताहरूसित भन्न लागे—॥ १३॥

हिमाचल भन्दछन्—आज मेरो जन्म सफल भयो, आज मेरो महान् तपस्या सफल भयो, आज मेरो ज्ञान सफल भयो र आज मेरा क्रियाहरू सफल भएका छन्॥ १४॥

आज म धन्य भएँ, मेरो समस्त भूमि धन्य भयो, मेरो कुल धन्य भयो, मेरी स्त्री तथा मेरा सब थोक धन्य भए, यसमा संशय छैन; किनभने हजुरहरू सबै एक साथ मिलेर एकै समय यहाँ आउनुभयो। मलाई आफ्नू सेवक ठानेर हजुरहरू प्रसन्नतापूर्वक उचित कार्यको लागि आज्ञा दिनुहोस्॥ १५-१६॥

ब्रह्मा भन्नुहुन्छ—तब हिमालयको यस वचनलाई सुनेर विष्णु आदि ती देवता आफ्नो कार्यको सिद्धिलाई मानेर प्रसन्न भएर भन्न लागे—॥ १७॥

देवता भन्दछन्—हे महाप्राज्ञ हिमालय! हाम्रो हितकारक वचन सुन्नुहोस्, हामी सबैजना जुन कामका लागि यहाँ आएका छौँ, त्यसलाई प्रसन्नतापूर्वक बताउँदै छौँ॥ १८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

या पुरा जगदम्बोमा दक्षकन्याभवद्गिरे।
रुद्रपत्नी हि सा भूत्वा चिक्रीडे सुचिरं भुवि॥ १९

पितृतोऽनादरं प्राप्य संस्मृत्य स्वपणं सती।
जगाम स्वपदं त्यक्त्वा तच्छरीरं तदाम्बिका॥ २०

हे गिरिराज! पहिला जुन जगदम्बा उमा दक्षकन्या सतीको रूपमा उत्पन्न हुनुभएको थियो र रुद्रपत्नी भएर चिरकालसम्म यस भूतलमा क्रीडा गर्दै रहनुभयो, उनै जगदम्बा आफ्नो पिताबाट अनादर पाएर आफ्नो प्रतिज्ञाको स्मरण गरी [यज्ञमा] शरीरको त्याग गरी आफ्नो परमधाममा जानुभयो॥ १९-२०॥

सा कथा विदिता लोके तवापि हिमभूधर।
एवं सति महालाभो भवेद्देवगणस्य हि॥ २१

सर्वस्य भवतश्चापि स्युः सर्वे ते वशाः सुराः॥ २२

हे हिमगिरि! यो कथा लोकमा विख्यात छ र तपाईंलाई पनि विदितै छ। अब यस्तो हुँदामा (तपाईंकहाँ उहाँको उत्पत्ति हुँदामा) सबै देवगणहरू तथा तपाईंलाई पनि धेरै लाभ हुने छ र ती सबै देवतागण पनि तपाईंको वशमा हुने छन्॥ २१-२२॥

ब्रह्मोवाच

इत्याकर्ण्य वचस्तेषां हर्यादीनां गिरीश्वरः।
तथास्त्विति प्रसन्नात्मा प्रोवाच न च आदरात्॥ २३

ब्रह्मा भन्नुहुन्छ—ती विष्णु आदि देवताहरूको यो कुरा सुनेर गिरिराजले उहाँहरूलाई आदर दिनका लागि नभएर स्वयं प्रसन्नचित्त भएर 'तथास्तु'—यस्तो भन्नुभयो॥ २३॥

अथ ते च समादिश्य तद्विधिं परमादरात्।
स्वयं जग्मुश्च शरणमुमायाः शंकरस्त्रियः॥ २४

तत्पश्चात् ती देवता [उमालाई प्रसन्न पार्ने] त्यस विधिलाई हिमालयसित आदरपूर्वक भनेर स्वयं शंकरप्रिया उमाको शरणमा गए॥ २४॥

सुस्थले मनसा स्थित्वा सस्मरुर्जगदम्बिकाम्।
प्रणम्य बहुशस्तत्र तुष्टुवुः श्रद्धया सुराः॥ २५

ती देवता उत्तम स्थानमा स्थित भएर मनले जगदम्बाको स्मरण गर्न लागे र अनेक पटक उहाँलाई प्रणाम गरी श्रद्धाका साथ उहाँको स्तुति गर्न लागे॥ २५॥

देवा ऊचुः

देव्युमे जगतामम्ब शिवलोकनिवासिनि।
सदाशिवप्रिये दुर्गे त्वां नमामो महेश्वरि॥ २६

देवता भन्दछन्—हे देवी! हे उमा! हे जगन्मातः! शिवलोकमा निवास गर्नुहुने हे सदाशिवप्रिये! हे दुर्गे! हे महेश्वरी! हामी हजुरलाई प्रणाम गर्दछौँ॥ २६॥

श्रीशक्तिं पावनां शान्तां पुष्टिं परमपावनीम्।
वयं नमामहे भक्त्या महदव्यक्तरूपिणीम्॥ २७

हामीहरू श्रीशक्ति, पावन, शान्त, पुष्टिरूपिणी, परम तथा महत् र अव्यक्तरूपिणी [हजुरलाई] भक्तिपूर्वक प्रणाम गर्दछौँ॥ २७॥

शिवां शिवकरां शुद्धां स्थूलां सूक्ष्मां परायणाम्।
अन्तर्विद्यासुविद्याभ्यां सुप्रीतां त्वां नमामहे॥ २८

कल्याणरूपिणी, कल्याण गर्नुहुने, शुद्ध, स्थूल, सूक्ष्म, सबका परम आश्रय र अन्तर्विद्या तथा सुविद्याबाट प्रसन्न हुनुहुने हजुरलाई हामी नमस्कार गर्दछौँ॥ २८॥

त्वं श्रद्धा त्वं धृतिस्त्वं श्रीस्त्वमेव सर्वगोचरा।
त्वं दीधितिस्सूर्यगता स्वप्रपञ्चप्रकाशिनी॥ २९

हजुर नै श्रद्धा हुनुहुन्छ, हजुर नै धृति हुनुहुन्छ, हजुर नै श्री हुनुहुन्छ, हजुर नै सर्वगोचरा हुनुहुन्छ, सूर्यमा रहने प्रकाशरूपा हजुर नै हुनुहुन्छ तथा हजुर आफ्नो प्रपंचलाई प्रकाशित गर्ने हुनुहुन्छ॥ २९॥

या च ब्रह्माण्डसंस्थाने जगज्जीवेषु या जगत्।
आप्याययति ब्रह्मादितृणान्तं तां नमामहे॥ ३०

जो ब्रह्माण्डमा तथा समस्त जीवहरूमा रहनुहुन्छ र जो ब्रह्मादेखि लिएर समस्त तृणपर्यन्त संसारलाई तृप्त पार्नुहुन्छ, उहाँलाई हामी प्रणाम गर्दछौँ॥ ३०॥

2325_Sihvpurana_Part_1_Nepali_Section_18_1_Front

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गायत्री त्वं वेदमाता त्वं सावित्री सरस्वती।
त्वं वार्ता सर्वजगतां त्वं त्रयी धर्मरूपिणी॥ ३१

निद्रा त्वं सर्वभूतेषु क्षुधा तृप्तिस्त्वमेव हि।
तृष्णा कान्तिश्छविस्तुष्टिः सर्वानन्दकरी सदा॥ ३२

त्वं लक्ष्मीः पुण्यकर्तॄणां त्वं ज्येष्ठा पापिनां सदा।
त्वं शान्तिः सर्वजगतां त्वं धात्री प्राणपोषिणी॥ ३३

त्वं तत्त्वरूपा भूतानां पञ्चानामपि सारकृत्।
त्वं हि नीतिभृतां नीतिर्व्यवसायस्वरूपिणी॥ ३४

गीतिस्त्वं सामवेदस्य ग्रन्थिस्त्वं यजुषां हुतिः।
ऋग्वेदस्य तथा मात्राथर्वणस्य परा गतिः॥ ३५

समस्तगीर्वाणगणस्य शक्ति-
स्तमोमयी धातृगुणैकदृश्या।
रजःप्रपञ्चात्तु भवैकरूपा
या नः श्रुता भव्यकरी स्तुतेह॥ ३६
संसारसागरकरालभवाङ्गदुःख-
निस्तारकारितरणिं च निवीतहीनाम्।
अष्टाङ्गयोगपरिपालनकेलिदक्षां
विन्ध्यागवासनिरतां प्रणमाम तां वै॥ ३७
नासाक्षिवक्त्रभुजवक्षसि मानसे च
धृत्या सुखानि वितनोति सदैव जन्तोः।
निद्रेति याति सुभगा जगती भवानां
सा नः प्रसीदतु भवस्थितिपालनाय॥ ३८

ब्रह्मोवाच

इति स्तुत्वा महेशानीं जगदम्बामुमां सतीम्।
सुप्रेममनसः सर्वे तस्थुस्ते दर्शनेप्सवः॥ ३९

हजुर नै गायत्री हुनुहुन्छ, हजुर नै वेदमाता सावित्री एवं सरस्वती हुनुहुन्छ, हजुर नै समस्त जगत्‌को वार्ता हुनुहुन्छ, हजुर नै वेदत्रयी एवं धर्मस्वरूपा हुनुहुन्छ॥ ३१॥ हजुर नै समस्त प्राणीहरूमा निद्रा, क्षुधा, तृप्ति, तृष्णा, कान्ति, छवि तथा तुष्टिरूपले विराजमान हुनुहुन्छ। हजुर सदा सबैलाई आनन्द प्रदान गर्नुहुन्छ॥ ३२॥ पुण्यकर्ताहरूमा हजुर लक्ष्मीरूपा हुनुहुन्छ, पापीहरूलाई दण्ड दिनका लागि हजुर ज्येष्ठा (अलक्ष्मी) हुनुहुन्छ। हजुर सम्पूर्ण जगत्‌की शान्ति, धात्री तथा प्राणपोषिणी माता हुनुहुन्छ॥ ३३॥ हजुर पाँचै भूतहरूका सारतत्त्वलाई प्रकट गर्ने तत्त्वस्वरूपा हुनुहुन्छ। हजुर नै नीतिज्ञहरूको नीति तथा व्यवसायरूपिणी हुनुहुन्छ॥ ३४॥ हजुर नै सामवेदको गीतिस्वरूपा हुनुहुन्छ, हजुर नै यजुर्वेदको ग्रन्थि हुनुहुन्छ, हजुर नै ऋग्वेदको ऋचारूप स्तुति तथा अथर्ववेदको मात्रा हुनुहुन्छ र हजुर नै मोक्षस्वरूपा हुनुहुन्छ॥ ३५॥

जो सबै देवगणहरूका शक्ति छन्, तमोमयी छन्, एकमात्र धारण-पोषण गुणहरूबाट देख्न सकिन्छ, रजोगुणको प्रपंचबाट केवल सृष्टिरूपा छन् तथा जसलाई हामीले कल्याणकारिणी सुनेका छौँ, उहाँको हामी स्तुति गर्दछौँ॥ ३६॥ कराल संसारसागरको महान् दुःखहरूबाट पार गराउने पालरहित नौकारूपिणी, अष्टांगयोगको पालनरूपी क्रीडामा दक्ष र विन्ध्यपर्वतमा निवास गर्नुहुने ती भगवतीलाई हामी प्रणाम गर्दछौँ॥ ३७॥ जो प्राणीहरूको नासिका, नेत्र, मुख, भुजा, वक्षःस्थल एवं मनमा प्रतिष्ठित भएर सदा धैर्यपूर्वक सुख प्रदान गर्नुहुन्छ, जो संसारको कल्याणका लागि सुखकारी निद्रारूपमा प्रवृत्त हुनुहुन्छ, ती संसारको स्थिति तथा पालनका लागि हामीमाथि प्रसन्न होऊन्॥ ३८॥

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार जगदम्बा महेश्वरी उमा सतीको स्तुति गरी [आफ्नो] हृदयमा विशुद्ध प्रेमका लागि ती सबै देवता उहाँको दर्शनको इच्छाले त्यहाँ उभिरहे॥ ३९॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे देवस्तुतिर्नाम तृतीयोऽध्यायः॥ ३॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा देवस्तुतिवर्णन नामक तोस्रो अध्याय पूर्ण भयो॥ ३॥

2325_Sihvpurana_Part_1_Nepali_Section_18_1_Back
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ चतुर्थोऽध्यायः

उमादेवीले दिव्यरूपमा देवताहरूलाई दर्शन दिनु र अवतार ग्रहण गर्ने आश्वासन दिनु

ब्रह्मोवाच

इत्थं देवैः स्तुता देवी दुर्गा दुर्गार्तिनाशिनी।
आविर्बभूव देवानां पुरतो जगदम्बिका॥ १

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] यस प्रकार देवताहरूद्वारा स्तुति गरिएपछि दुर्ग नामक राक्षसद्वारा उत्पन्न संकटको नाश गर्नुहुने जगन्माता देवी दुर्गा देवताहरूका समक्ष प्रकट हुनुभयो॥ १॥

रथे रत्नमये दिव्ये संस्थिता परमाद्भुते।
किंकिणीजालसंयुक्ते मृदुसंस्तरणे वरे॥ २

उहाँ रत्नहरूद्वारा जडित, दिव्य, परम अद्भुत, किंकिणीजालले युक्त, कोमल बिछ्यौना तथा श्रेष्ठ रथमा विराजमान हुनुहुन्थ्यो॥ २॥

कोटिसूर्याधिकाभासरम्यावयवभासिनी।
स्वतेजोराशिमध्यस्था वररूपासमच्छविः॥ ३

अनूपमा महामाया सदाशिवविलासिनी।
त्रिगुणा निर्गुणा नित्या शिवलोकनिवासिनी॥ ४

त्रिदेवजननी चण्डी शिवा सर्वार्तिनाशिनी।
सर्वमाता महानिद्रा सर्वस्वजनतारिणी॥ ५

तेजोराशेः प्रभावात्तु सा तु दृष्टा सुरैश्शिवा।
तुष्टुवुस्तां पुनस्ते वै सुरा दर्शनकांक्षिणः॥ ६

करोडौँ सूर्यभन्दा पनि धेरै प्रभायुक्त, रम्य अंगहरूले भासित, आफ्नो तेजोराशिका बीच विराजमान, सुन्दर रूप, अनुपम छविले सम्पन्न, अतुलनीय, महामाया, सदाशिवका साथ विलास गर्नुहुने, त्रिगुणात्मिका, गुणहरूबाट रहित, नित्या, शिवलोकमा निवास गर्नुहुने, त्रिदेवजननी, चण्डी, शिवा, सबै कष्टहरूको नाश गर्नुहुने, सबैका माता, महानिद्रा, सबै स्वजन (भक्तहरू)-लाई मोक्ष प्रदान गर्नुहुने ती भगवती शिवालाई तेजोराशिको प्रभाको रूपमा देवताहरूले देखे, तर उहाँको प्रत्यक्ष दर्शनको अभिलाषा भएका देवताहरूले पुनः उहाँको स्तुति गरे॥ ३—६॥

अथ देवगणाः सर्वे विष्णवाद्या दर्शनेप्सवः।
ददृशुर्जगदम्बां तां तत्कृपां प्राप्य तत्र हि॥ ७

बभूवानन्दसन्दोहः सर्वेषां त्रिदिवौकसाम्।
पुनः पुनः प्रणेमुस्तां तुष्टुवुश्च विशेषतः॥ ८

यसपछि [भगवतीको] दर्शनको अभिलाषी देवगणले ती जगदम्बाको कृपा प्राप्त गरेर मात्र उहाँको प्रत्यक्ष दर्शन गर्न सके। [देवीको दर्शनले] सबै देवगणहरूलाई महान् आनन्द प्राप्त भयो। उनीहरूले पटक-पटक उहाँलाई प्रणाम गरे र ती विशेष रूपले उहाँको स्तुति गर्न लागे—॥ ७-८॥

देवा ऊचुः

शिवे शर्वाणि कल्याणि जगदम्ब महेश्वरि।
त्वां नताः सर्वथा देवा वयं सर्वार्तिनाशिनीम्॥ ९

देवता भन्दछन्—हे शिवा! हे शर्वाणी! हे कल्याणी! हे जगदम्बा! हे महेश्वरी! हामी सबै देवता सबैको दुःखहरूको नाश गर्नुहुने हजुरलाई सदा प्रणाम गर्दछौँ॥ ९॥

न हि जानन्ति देवेशि वेदाः शास्त्राणि कृत्स्नशः।
अतीतो महिमा ध्यानं तव वाङ्मनसोः शिवे॥ १०

अतद्व्यावृत्तितस्त्वां वै चकितं चकितं सदा।
अभिधत्ते श्रुतिरपि परेषां का कथा मता॥ ११

हे देवेशी! वेद एवं शास्त्र पनि हजुरलाई पूर्णरूपले जान्दैनन्। हे शिवा! हजुरको ध्यान एवं महिमा वाणी एवं मनबाट अगोचर छ। श्रुति पनि चकित भएर सदा अतद्-व्यावृत्तिले (नेति-नेति भन्दै) हजुरको वर्णन गर्दछन् भने फेरि अरूको कुरा नै के छ!॥ १०-११॥

जानन्ति बहवो भक्तास्त्वत्कृपां प्राप्य भक्तितः।
शरणागतभक्तानां न कुत्रापि भयादिकम्॥ १२

[हे शिवा!] भक्तिबाट हजुरको कृपा प्राप्त गरी धेरैजसो भक्त हजुरको महिमालाई जान्दछन्। हजुरको शरणागत भक्तहरूलाई कहीँ पनि भय आदि हुँदैन॥ १२॥

2325_Sihvpurana_Part_1_Nepali_Section_18_2_Front

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विज्ञप्तिं शृणु सुप्रीता यस्या दासाः सदाम्बिके।
तव देवि महादेवि हीनतो वर्णयामहे॥ १३

हे अम्बिका! हामी सबै हजुरका दास हौँ, अतः अब हजुर प्रेमयुक्त भएर हाम्रो प्रार्थना सुन्नुहोस्। हे देवी! हामीहरू हजुरको महिमाको थोरै मात्र वर्णन गर्दछौँ॥ १३॥

पुरा दक्षसुता भूत्वा संजाता हरवल्लभा।
ब्रह्मणश्च परेषां वानाशयत्त्वमकं महत्॥ १४

हजुर पहिला दक्षकी पुत्री भएर शिवको प्रिया बन्नुभएको थियो, हजुरले [त्यस समय] ब्रह्मा तथा अन्य व्यक्तिहरूको महान् दुःखलाई दूर गर्नुभएको थियो॥ १४॥

पितृतोऽनादरं प्राप्यात्यजः पणवशात्तनुम्।
स्वलोकमगमस्त्वं वालभद्दुखं हरोऽपि हि॥ १५

न हि जातं प्रपूर्णं तद्देवकार्यं महेश्वरि।
व्याकुला मुनयो देवाः शरणं त्वां गता वयम्॥ १६

हजुरले आफ्नो पिताबाट अनादर प्राप्त गरी आफ्नो प्रतिज्ञाअनुसार आफ्नो शरीरको त्याग गर्नुभयो र हजुर आफ्नो धाममा जानुभएको थियो, जसका कारण महादेवले दुःख पाउनुभएको थियो। तर हे महेश्वरी! देवताहरूको त्यो कार्य पूरा भएन। यसैले हामी समस्त देवता एवं मुनिगण हजुरको शरणमा आएका छौँ॥ १५-१६॥

पूर्णं कुरु महेशानि निर्जराणां मनोरथम्।
सनत्कुमारवचनं सफलं स्याद्यथा शिवे॥ १७

हे महेशानी! हजुर देवताहरूको मनोरथलाई पूर्ण गर्नुहोस्, जसबाट हे शिवा! सनत्कुमारद्वारा [भनिएका] वचन सफल होऊन्॥ १७॥

अवतीर्य क्षितौ देवि रुद्रपत्नी पुनर्भव।
लीलां कुरु यथायोग्यं प्राप्नुयुर्निर्जराः सुखम्॥ १८

सुखी स्याद्देवि रुद्रोऽपि कैलासाचलसंस्थितः।
सर्वे भवन्तु सुखिनो दुःखं नश्यतु कृत्स्नशः॥ १९

हे देवी! हजुर पृथ्वीमा अवतरित भएर पुनः शिवको पत्नी बन्नुहोस् र यथायोग्य लीला गर्नुहोस्, जसबाट देवगण सुखी होऊन्, हे देवी! कैलासपर्वतमा स्थित भगवान् शिव पनि सुखी होऊन्, सबै जना सुखी होऊन् र पूर्णरूपले दुःखको विनाश होस्॥ १८-१९॥

ब्रह्मोवाच

इति प्रोच्यामराः सर्वे विष्ण्वाद्याः प्रेमसंकुलाः।
मौनमास्थाय संतस्थुर्भक्तिनम्रात्ममूर्तयः॥ २०

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] विष्णु आदि सबै देवता यो भनेर प्रेमले मगन भई भक्तिपूर्वक विनम्रताले शिर झुकाएर मौन उभिए॥ २०॥

शिवापि सुप्रसन्नाभूदाकर्ण्यामरसंस्तुतिम्।
आकलय्याथ तद्धेतुं संस्मृत्य स्वप्रभुं शिवम्॥ २१

उवाचोमा तदा देवी सम्बोध्य विबुधांश्च तान्।
विहस्य मापतिमुखान् सदया भक्तवत्सला॥ २२

शिवा पनि देवताहरूको स्तुति सुनेर प्रसन्न हुनुभयो। आफ्नो स्तुतिको कारणको विचार गरी तथा प्रभु शिवको स्मरण गरी भक्तवत्सला तथा दयामयी उमादेवी विष्णु आदि ती देवताहरूलाई सम्बोधन गरी हाँसेर भन्न लाग्नुभयो—॥ २१-२२॥

उमोवाच

हे हरे हे विधे देवा मुनयश्च गतव्यथाः।
सर्वे शृणुत मद्वाक्यं प्रसन्नाहं न संशयः॥ २३

चरितं मम सर्वत्र त्रैलोक्यस्य सुखावहम्।
कृतं मयैव सकलं दक्षमोहादिकं च तत्॥ २४

उमा भन्नुहुन्छ—हे हरि! हे विधि! हे देवताहरू हो! हे मुनिगण! अब तपाईं सबै जना दुःखरहित हुनुहोस् र मेरो कुरा सुन्नुहोस्। म [तपाईंहरूप्रति] प्रसन्न छु, यसमा सन्देह छैन। मेरा चरित्र त्रैलोक्यको सर्वत्र सुख प्रदान गर्ने खालका छन्। दक्ष आदिलाई जुन मोह उत्पन्न भयो, त्यो सबै मद्वारा नै गरिएको थियो॥ २३-२४॥

2325_Sihvpurana_Part_1_Nepali_Section_18_2_Back
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अवतारं करिष्यामि क्षितौ पूर्णं न संशयः।
बहवो हेतवोऽप्यत्र तद्वदामि महादरात्॥ २५
पुरा हिमाचलो देवा मेना चातिसुभक्तितः।
सेवां मे चक्रतुस्तातजननीवत्सतीतनोः॥ २६

इदानीं कुरुतः सेवां सुभक्त्या मम नित्यशः।
मेना विशेषतस्तत्र सुतात्वे नात्र संशयः॥ २७

रुद्रो गच्छतु यूयं चावतारं हिमवद्गृहे।
अतश्चावतरिष्यामि दुःखनाशो भविष्यति॥ २८

सर्वे गच्छत धाम स्वं स्वं सुखं लभतां चिरम्।
अवतीर्य सुता भूत्वा मेनाया दास्य उत्सुखम्॥ २९

हरपत्नी भविष्यामि सुगुप्तं मतमात्मनः।
अद्भुता शिवलीला हि ज्ञानिनामपि मोहिनी॥ ३०

यावत्प्रभृति मे त्यक्ता स्वतनुर्दक्षजा सुराः।
पितृतोऽनादरं दृष्ट्वा स्वामिनस्तत्क्रतौ गता॥ ३१

तदाप्रभृति स स्वामी रुद्रः कालाग्निसंज्ञकः।
दिगम्बरो बभूवाशु मच्चिन्तनपरायणः॥ ३२

मम रोषं क्रतौ दृष्ट्वा पितुस्तत्र गता सती।
अत्यजत्स्वतनुं प्रीत्या धर्मज्ञेति विचारतः॥ ३३

योग्यभूत्सदनं त्यक्त्वा कृत्वा वेषमलौकिकम्।
न सेहे विरहं सत्या मद्रूपाया महेश्वरः॥ ३४

मम हेतोर्महादुःखी स बभूव कुवेषभृत्।
अत्यजत्स तदारभ्य कामजं सुखमुत्तमम्॥ ३५

अन्यच्छृणुत हे विष्णो हे विधे मुनयः सुराः।
महाप्रभोर्महेशस्य लीलां भुवनपालिनीम्॥ ३६

विधाय मालां सुप्रीत्या ममास्थ्नां विरहाकुलः।
न शान्तिं प्राप कुत्रापि प्रबुद्धोऽप्येक एव सः॥ ३७

म पृथिवीमा पूर्ण अवतार ग्रहण गर्ने छु, यसमा सन्देह छैन। यसमा धेरै-जसो कारण छन्, तिनलाई म आदरपूर्वक भन्दै छु। हे देवता हो! पूर्व समयमा हिमाचल र मेनाले ठुलो भक्तिभावले म सतीशरीरधारिणीको माता-पिताको समान सेवा गरेका थिए॥ २५-२६॥

यस समय पनि ती नित्यप्रति मेरो भक्तिपूर्वक सेवा गरिरहेका छन् र मेना विशेष गरी आफ्नो पुत्रीरूपमा सेवा गर्छिन्, यसमा सन्देह छैन॥ २७॥

अतः रुद्र तथा तपाईंहरू [आ-आफ्नो धाममा] जानुहोस्, म हिमालयको घरमा अवतार लिने छु, यसबाट सबैको दुःख दूर हुनेछ॥ २८॥

तपाईंहरू सबै आ-आफ्नो घर जानुहोस् र चिरकालसम्म सुखी रहनुहोस्। म मेनाकी पुत्रीको रूपमा अवतार लिएर सबैलाई सुख प्रदान गर्ने छु॥ २९॥

यो मेरो अत्यन्त गुप्त मत हो कि म शिवको पत्नी बन्ने छु। भगवान् शिवका लीला अद्भुत छन्, ती ज्ञानीहरूलाई पनि मोहमा पार्ने खालका छन्॥ ३०॥

हे देवगण हो! जबदेखि मैले दक्षको यज्ञमा गएर पिताद्वारा आफ्नो स्वामीको अनादर देखेर दक्षोत्पन्न आफ्नो शरीरलाई त्यागिदिएको थिएँ, त्यसै समयदेखि ती कालाग्निसंज्ञक स्वामी रुद्रदेव दिगम्बर भएर मेरो चिन्तामा संलग्न हुनुहुन्छ॥ ३१-३२॥

मेरो रोषलाई देखेर आफ्नो पिताको यज्ञमा गएकी धर्मज्ञ सतीले [मेरो] प्रीतिको कारण आफ्नु शरीर त्यागिदिइन्। यही सोच गरी ती घर छोडेर अलौकिक वेष धारण गरी योगी भई भौतारिए। ती महेश्वरले मेरो सतीरूपको वियोग सहन सकिरहेका छैनन्॥ ३३-३४॥

उहाँले त्यसै समयबाट कामजन्य उत्तम सुखको परित्याग गर्नुभएको छ र मेरो निमित्त कुवेष धारण गरी उहाँ अत्यन्त दुःखी हुनुभएको छ॥ ३५॥

हे विष्णु! हे विधि! हे देवगण हो! हे मुनिगण हो! तपाईंहरू महाप्रभु महेश्वरको भुवनपालिनी अन्य लीला पनि सुन्नुहोस्। ज्ञानी भएर पनि विरहमा व्याकुल उहाँ मेरा अस्थिहरूको माला बनाएर धारण गर्दै बस्नुहुन्छ, फेरि पनि उहाँलाई कहिल्यै शान्ति प्राप्त हुँदैन॥ ३६-३७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इतस्ततो रुरोदोच्चैरनीश इव स प्रभुः।
योग्यायोग्यं न बुबुधे भ्रमन्सर्वत्र सर्वदा॥ ३८

इत्थं लीलां हरोऽकार्षीद्दर्शयन्कामिनां प्रभुः।
ऊचे कामुकवद्वाणीं विरहव्याकुलामिव॥ ३९

ती प्रभु अनाथ समान यता-उता घुम्दै ठुलो स्वरमा रुँदै बस्नुहुन्छ, उहाँलाई उचित तथा अनुचितको पनि ज्ञान छैन। यस प्रकार ती प्रभु सदाशिव कामिहरूको गति देखाउँदै लीला गर्दै डुल्नुहुन्छ र कामुक झैं विरहाकुल वाणी बोल्दै बस्नुहुन्छ॥ ३८-३९॥

वस्तुतोऽविकृतोऽदीनोऽस्त्यजितः परमेश्वरः।
परिपूर्णः शिवः स्वामी मायाधीशोऽखिलेश्वरः॥ ४०

ती शिव वस्तुतः निर्विकार तथा दीनताबाट रहित, अजित, परमेश्वर, परिपूर्ण, स्वामी, मायाधीश तथा सबैका अधिपति हुनुहुन्छ॥ ४०॥

अन्यथा मोहतस्तस्य किं कामाच्च प्रयोजनम्।
विकारेणापि केनाशु मायालिप्तो न स प्रभुः॥ ४१

उहाँ त लोकानुसरणका निम्ति मात्र लीला गर्नुहुन्छ; अन्यथा उहाँलाई मोह तथा कामसित प्रयोजन नै के छ, ती प्रभु न त कुनै विकारसित अथवा मायासित नै लिप्त रहनेवाला हुनुहुन्छ॥ ४१॥

रुद्रोऽतीवेच्छति विभुः स मे कर्तुं करग्रहम्।
अवतारं क्षितौ मेनाहिमाचलगृहे सुराः॥ ४२

ती सर्वव्यापी रुद्र मसँग विवाह गर्नका लागि प्रबल इच्छा राख्नुहुन्छ। अतः हे देवगण हो! म पृथ्वीमा मेना-हिमाचलको घरमा अवतार ग्रहण गर्ने छु॥ ४२॥

अतश्चावतरिष्यामि रुद्रसन्तोषहेतवे।
हिमागपत्न्यां मेनायां लौकिकीं गतिमाश्रिता॥ ४३

म रुद्रको सन्तोषका लागि लौकिक गतिको आश्रय लिएर हिमालयपत्नी मेनामा अवतार ग्रहण गर्ने छु॥ ४३॥

भक्ता रुद्रप्रिया भूत्वा तपः कृत्वा सुदुस्सहम्।
देवकार्यं करिष्यामि सत्यं सत्यं न संशयः॥ ४४

गच्छत स्वगृहं सर्वे भवं भजत नित्यशः।
तत्कृपातोऽखिलं दुःखं विनश्यति न संशयः॥ ४५

कठोर तपस्या गरी रुद्रको भक्त तथा प्रिया भएर म देवताहरूको कार्य गर्ने छु, यो सत्य हो, सत्य हो—यसमा सन्देह छैन। तपाईंहरू सबै आफ्नो घर जानुहोस् र रुद्रको भजन गर्नुहोस्, उहाँकै कृपाले समस्त दुःख दूर हुनेछ, यसमा सन्देह छैन॥ ४४-४५॥

भविष्यति कृपालोस्तु कृपया मङ्गलं सदा।
वन्द्या पूज्या त्रिलोकेऽहं तज्जायेति च हेतुतः॥ ४६

ती कृपालुको कृपाले सर्वदा मंगल नै हुने छ र म उहाँको प्रिया हुनाको कारण त्रिलोकमा वन्दनीय तथा पूजनीय हुने छु॥ ४६॥

ब्रह्मोवाच

इत्युक्त्वा जगदम्बा सा देवानां पश्यतां तदा।
अन्तर्दधे शिवा तात स्वं लोकं प्राप वै द्रुतम्॥ ४७

ब्रह्मा भन्नुहुन्छ—हे तात! यस प्रकार भनेर ती जगदम्बा देवताहरूले हेर्दा-हेर्दै अन्तर्धान हुनुभयो र तत्काल आफ्नो लोकमा जानुभयो॥ ४७॥

विष्ण्वादयः सुराः सर्वे मुनयश्च मुदान्विताः।
कृत्वा तद्दिशि सन्नामं स्वस्वधामानि संययुः॥ ४८

[त्यसपछि] विष्णु आदि समस्त देवता र मुनिगण अत्यन्त प्रसन्न भएर त्यस दिशामा प्रणाम गरी आ-आफ्नो स्थानमा गयौँ॥ ४८॥

इत्थं दुर्गासुचरितं वर्णितं ते मुनीश्वर।
सर्वदा सुखदं नृणां भुक्तिमुक्तिप्रदायकम्॥ ४९

हे मुनीश्वर! यस प्रकार मैले दुर्गाको उत्तम चरित्र तपाईंसित वर्णन गरैँ, जुन सर्वदा मनुष्यहरूलाई सुख, भोग तथा मोक्षदायक छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

य इदं शृणुयान्नित्यं श्रावयेद्वा समाहितः।
पठेद्वा पाठयेद्वापि सर्वान्कामानवाप्नुयात्॥ ५०

जसले एकाग्र भएर यस चरित्रलाई नित्य सुन्छ अथवा सुनाउँछ, पढ्छ अथवा पढाउँछ, त्यसले सबै कामनालाई प्राप्त गर्दछ॥ ४९-५०॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे देवसान्त्वनं नाम चतुर्थोऽध्यायः॥ ४॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा देवसान्त्वनवर्णन नामक चौथो अध्याय पूर्ण भयो॥ ४॥

अथ पञ्चमोऽध्यायः

मेनाको तपस्याबाट प्रसन्न भएर देवीले उनलाई प्रत्यक्ष दर्शन दिई वरदान दिनु, मेनाबाट मैनाकको जन्म

नारद उवाच

अन्तर्हितायां देव्यां तु दुर्गायां स्वगृहेषु च।
गतेष्वमरवृन्देषु किमभूत्तदनन्तरम्॥ १

नारद भन्नुहुन्छ—हे तात! जब देवी दुर्गा अन्तर्धान हुनुभयो र देवगण आ-आफ्नो धाममा गए, त्यसपछि के भयो?॥ १॥

कथं मेनागिरीशौ च तेपाते परमं तपः।
कथं सुताभवत्तस्य मेनायां तात तद्वद॥ २

हे तात! मेना तथा हिमाचलले कसरी कठोर तप गरे र भगवती कसरी मेनाको गर्भबाट उत्पन्न भएर ती हिमाचलकी कन्या हुनुभयो, त्यसलाई भन्नुहोस्॥ २॥

ब्रह्मोवाच

विप्रवर्य सुतश्रेष्ठ शृणु तच्चरितं महत्।
प्रणम्य शङ्करं भक्त्या वच्मि भक्तिविवर्धनम्॥ ३

ब्रह्मा भन्नुहुन्छ—हे विप्रवर्य! हे सुतश्रेष्ठ! म शिवलाई भक्तिपूर्वक प्रणाम गरी उहाँको भक्तिवर्धक महान् चरित्रलाई भन्दै छु॥ ३॥

उपदिश्य गते तात सुरवृन्दे गिरीश्वरः।
हर्यादौ मेनका चापि तेपाते परमं तपः॥ ४

उपदेश दिएर विष्णु आदि देवसमुदाय गएपछि पर्वतराज हिमाचल तथा मेनका कठोर तप गर्न लागे॥ ४॥

अहर्निशं शिवां शम्भुं चिन्तयन्तौ च दम्पती।
सम्यगारेधतुर्नित्यं भक्तियुक्तेन चेतसा॥ ५
गिरिप्रियातीव मुदानर्च देवीं शिवेन सा।
दानं ददौ द्विजेभ्यश्च सदा तत्तोषहेतवे॥ ६

ती पति-पत्नी भक्तियुक्त चित्तले दिन-रात शम्भु र शिवाको चिन्तन गर्दै सम्यक् रीतिले नित्य आराधना गर्न लागे। गिरिप्रिया ती मेना प्रसन्नतापूर्वक शिवका साथ देवीको पूजा गर्थिन् र उनलाई प्रसन्न पार्नका लागि नित्य ब्राह्मणहरूलाई दान दिने गर्थिन्॥ ५-६॥

चैत्रमासं समारभ्य सप्तविंशतिवत्सरान्।
शिवां सम्पूजयामासापत्यार्थिन्यन्वहं रता॥ ७

सन्तानको कामनाबाट मेनाले चैत्रमासदेखि आरम्भ गरी सत्ताईस वर्षसम्म प्रतिदिन तत्परतापूर्वक शिवाको पूजा गरिन्॥ ७॥

अष्टम्यामुपवासं तु कृत्वादान्नवमीतिथौ।
मोदकैर्बलिपिष्टैश्च पायसैर्गन्धपुष्पकैः॥ ८

उनी अष्टमीमा उपवास बसी नवमी तिथिमा लड्डू, पीठो, खीर, चन्दन, पुष्प आदि अर्पण गर्थिन्॥ ८॥

गङ्गायामौषधिप्रस्थे कृत्वा मूर्तिं महीमयीम्।
उमायाः पूजयामास नानावस्तुसमर्पणैः॥ ९
कदाचित्सा निराहारा कदाचित्सा धृतव्रता।
कदाचित्पवनाहारा कदाचिज्जलभुग्ह्यभूत्॥ १०

उनी गंगाको औषधिप्रस्थमा उमादेवीको माटोको प्रतिमा बनाएर अनेक प्रकारका वस्तु समर्पित गरी उनको पूजा गर्ने गर्थिन्। उनी कहिले निराहार रहन्थिन्, कहिले व्रत धारण गर्थिन्, कहिले जल पिएर मात्र बस्थिन् र कहिले हावा पिएर मात्र बस्ने गर्थिन्॥ ९-१०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिवाविन्यस्तचेतस्का सप्तविंशतिवत्सरान्।
निनाय मेनका प्रीत्या परं सा मृष्टवर्चसा॥ ११

सप्तविंशतिवर्षान्ते जगन्माता जगन्मयी।
सुप्रीताभवदत्यर्थमुमा शंकरकामिनी॥ १२
अनुग्रहाय मेनायाः पुरतः परमेश्वरी।
आविर्बभूव सा देवी सन्तुष्टा तत्सुभक्तितः॥ १३

यस प्रकार विशुद्ध तेजले दीप्तिमती मेनाले प्रेमपूर्वक शिवामा चित्त लगाउँदै सत्ताईस वर्ष व्यतीत गरिन्॥ ११॥ सत्ताईसौँ वर्षको समाप्ति पछि जगन्मयी जगज्जननी शंकरकामिनी उमा अत्यन्त प्रसन्न हुनुभयो॥ १२॥ मेनाको उत्तम भक्तिबाट सन्तुष्ट भएर परमेश्वरी देवी उनीप्रति अनुग्रह गर्नका लागि उनको सामुन्ने प्रकट हुनुभयो॥ १३॥

दिव्यावयवसंयुक्ता तेजोमण्डलमध्यगा।
उवाच विहसन्ती सा मेनां प्रत्यक्षतां गता॥ १४

तेजोराशिको बिचमा विराजमान तथा दिव्य अवयवहरूले संयुक्त उमादेवी प्रत्यक्ष भएर मेनासित हाँस्तै भन्न लाग्नुभयो— ॥ १४॥

देव्युवाच

वरं ब्रूहि महासाध्वि यत्ते मनसि वर्तते।
सुप्रसन्ना च तपसा तवाहं गिरिकामिनि॥ १५
यत्प्रार्थितं त्वया मेने तपोव्रतसमाधिना।
दास्ये तेऽहं च तत्सर्वं वाञ्छितं यद्यदा भवेत्॥ १६

देवी भन्नुहुन्छ—हे महासाध्वी! तिम्रो मनमा जे छ, त्यो वर माग। हे गिरिकामिनी! म तिम्रो तपस्याबाट ज्यादै प्रसन्न छु॥ १५॥

हे मेनका! तिमीले तपस्या, व्रत र समाधिद्वारा जे प्रार्थना गरेकी छौ, त्यो सब म तिमीलाई प्रदान गर्नें छु र जतिखेर तिमीलाई जे इच्छा लाग्छ, त्यो पनि दिने छु॥ १६॥

ततः सा मेनका देवीं प्रत्यक्षां कालिकां तदा।
दृष्ट्वा च प्रणनामाथ वचनं चेदमब्रवीत्॥ १७

तब ती मेनाले प्रत्यक्ष प्रकट भएकी कालिका देवीलाई देखेर प्रणाम गरिन् र यो वचन भनिन्— ॥ १७॥

मेनोवाच

देवि प्रत्यक्षतो रूपं दृष्टं तव मयाधुना।
त्वामहं स्तोतुमिच्छामि प्रसन्ना भव कालिके॥ १८

मेना भन्दछिन्—हे देवी! यस समय मलाई हजुरको रूपको प्रत्यक्ष दर्शन भएको छ, अतः म हजुरको स्तुति गर्न चाहन्छु। हे कालिका! हजुर प्रसन्न हुनुहोस्॥ १८॥

ब्रह्मोवाच

अथ सा मेनयेत्युक्ता कालिका सर्वमोहिनी।
बाहुभ्यां सुप्रसन्नात्मा मेनकां परिषस्वजे॥ १९
ततः प्राप्तमहाज्ञाना मेनका कालिकां शिवाम्।
तुष्टाव वाग्भिरिष्टाभिर्भक्त्या प्रत्यक्षतां गताम्॥ २०

ब्रह्मा भन्नुहुन्छ—[नारद!] मेनाले यस्तो भनेपछि सर्वमोहिनी कालिकाले अत्यन्त प्रसन्नचित्त भएर आफ्ना दुवै हातहरूले मेनालाई अंगालो मार्नुभयो॥ १९॥

तत्पश्चात् मेनकालाई महाज्ञानको प्राप्ति भयो र उनी प्रिय वचनहरूद्वारा भक्तिभावले प्रत्यक्ष भएकी शिवा कालिकाको स्तुति गर्न लागिन्— ॥ २०॥

मेनोवाच

महामायां जगद्धात्रीं चण्डिकां लोकधारिणीम्।
प्रणमामि महादेवीं सर्वकामार्थदायिनीम्॥ २१

मेना भन्दछिन्—म महामाया, जगत्‌को पालन गर्नुहुने, चण्डिका, लोकलाई धारण गर्नुहुने तथा सम्पूर्ण मनोवांछित पदार्थहरूलाई प्रदान गर्नुहुने महादेवीलाई प्रणाम गर्दछु॥ २१॥

नित्यानन्दकरीं मायां योगनिद्रां जगत्प्रसूम्।
प्रणमामि सदा सिद्धां शुभसारसमालिनीम्॥ २२

नित्य आनन्द प्रदान गर्नुहुने, माया, योगनिद्रा, जगज्जननी, सिद्धस्वरूपिणी तथा सुन्दर कमलहरूका माला धारण गर्नुहुने देवीलाई सदा प्रणाम गर्दछु॥ २२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मातामहीं सदानन्दां भक्तशोकविनाशिनीम्।
आकल्पं वनितानां च प्राणिनां बुद्धिरूपिणीम्॥ २३

सा त्वं बंधच्छेदहेतुर्यतीनां
कस्ते गेयो मादृशीभिः प्रभावः।
हिंसां या वाथर्ववेदस्य सा त्वं
नित्यं कामं त्वं ममेष्टं विधेहि॥ २४

नित्यानित्यैर्भावहीनैः परास्तै-
स्तत्तन्मात्रैर्योज्यते भूतवर्गः।
तेषां शक्तिस्त्वं सदा नित्यरूपा
काले योषा योगयुक्ता समर्था॥ २५

योनिर्धरित्री जगतां त्वमेव
त्वमेव नित्या प्रकृतिः परस्तात्।
यया वशं क्रियते ब्रह्मरूपं
सा त्वं नित्या मे प्रसीदाद्य मातः॥ २६

त्वं जातवेदोगतशक्तिरुग्रा
त्वं दाहिका सूर्यकरस्य शक्तिः।
आह्लादिका त्वं बहुचन्द्रिका या
तां त्वामहं स्तौमि नमामि चण्डीम्॥ २७

योषाणां सत्प्रिया च त्वं नित्या त्वं चोर्ध्वरेतसाम्।
वाञ्छा त्वं सर्वजगतां माया च त्वं यथा हरेः॥ २८

या चेष्टरूपाणि विधाय देवी
सृष्टिस्थितिर्नाशमयी च कर्त्री।
ब्रह्माच्युतस्थाणुशरीरहेतुः
सा त्वं प्रसीदाद्य पुनर्नमस्ते॥ २९

ब्रह्मोवाच

तत इत्थं स्तुता दुर्गा कालिका पुनरेव हि।
उवाच मेनकां देवीं वांछितं वरयेत्युत॥ ३०

उमोवाच

प्राणप्रिया मम त्वं हि हिमाचलविलासिनि।
यदिच्छसि ध्रुवं दास्ये नादेयं विद्यते मम॥ ३१

मातामही, नित्य आनन्द प्रदान गर्नुहुने, भक्तहरूका शोकलाई सर्वदा विनष्ट गर्नुहुने तथा नारी एवं प्राणीहरूका बुद्धिस्वरूपिणी देवीलाई म प्रणाम गर्दछु॥ २३॥

हजुर यतिहरूको बन्धन नाशको कारणभूत [ब्रह्मविद्या] हुनुहुन्छ, म-जस्ती नारीहरूले हजुरको प्रभावको के वर्णन गर्न सक्छन्। अथर्ववेदको जुन हिंसा छ, त्यो हजुर नै हुनुहुन्छ। [हे देवी!] हजुर मेरो अभीष्ट फललाई सदा प्रदान गर्नुहोस्॥ २४॥

भावहीन तथा अदृश्य नित्यानित्य तन्मात्राहरूबाट हजुर नै पंचभूतहरूका समुदायलाई संयुक्त गर्नुहुन्छ। हजुर उनीहरूको शक्ति हुनुहुन्छ र सदा नित्यरूपा हुनुहुन्छ। हजुर समय-समयमा योगयुक्त एवं समर्थ नारीको रूपमा प्रकट हुनुहुन्छ॥ २५॥ हजुर नै जगत्को उत्पादिका र आधारशक्ति हुनुहुन्छ, हजुर नै सबैभन्दा पर नित्या प्रकृति हुनुहुन्छ। जसद्वारा ब्रह्मको स्वरूपलाई वशमा गरिन्छ, त्यो नित्या [विद्या] हजुर नै हुनुहुन्छ। हे माता! आज मप्रति प्रसन्न हुनुहोस्॥ २६॥

हजुर नै अग्नि भित्र व्याप्त उग्र शक्ति हुनुहुन्छ। हजुर नै सूर्यकिरणको प्रकाशिका शक्ति हुनुहुन्छ। चन्द्रमामा जुन आनन्ददायक शक्ति छ, त्यो पनि हजुर नै हुनुहुन्छ, उनै हजुर चण्डी देवीको म स्तवन र वन्दना गर्छु॥ २७॥

हजुर स्त्रीहरूलाई ज्यादै प्रिय हुनुहुन्छ। ऊर्ध्वरेता ब्रह्मचारीहरूको नित्या ब्रह्मशक्ति पनि हजुर नै हुनुहुन्छ। हजुर सम्पूर्ण जगत्को वांछा हुनुहुन्छ तथा श्रीहरिकी माया पनि हजुर नै हुनुहुन्छ॥ २८॥ जुन देवी इच्छानुसार रूप धारण गरी सृष्टि, स्थिति, पालन तथा संहारमयी भएर ती कार्यहरूको सम्पादन गर्नुहुन्छ तथा ब्रह्मा, विष्णु एवं रुद्रका शरीरको पनि कारणभूता हुनुहुन्छ, ती हजुर नै हुनुहुन्छ। हजुर मप्रति प्रसन्न हुनुहोस्। हजुरलाई पुनः मेरो नमस्कार छ॥ २९॥

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] मेनाले यस प्रकार स्तुति गरेपछि दुर्गा कालिकाले पुनः मेना देवीसित भन्नुभयो—तिमी आफ्नु मनोवांछित वर माग॥ ३०॥

उमा भन्नुहुन्छ—हे हिमाचलप्रिया! तिमी मलाई प्राणहरूभन्दा पनि धेरै प्रिय छौ, तिमी जे चाहन्छ्यौ, त्यसलाई म निश्चय नै दिने छु, तिम्रा निम्ति मलाई केही पनि अदेय छैन॥ ३१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इति श्रुत्वा महेशान्याः पीयूषसदृशं वचः।
उवाच परितुष्टा सा मेनका गिरिकामिनी॥ ३२

महेश्वरीका अमृतसमान यी मधुर वचन सुनेर हिमगिरिकामिनी मेना अत्यधिक सन्तुष्ट भएर भन्न लागिन्— ॥ ३२ ॥

मेनोवाच

शिवे जय जय प्राज्ञे महेश्वरि भवाम्बिके।
वरयोग्यास्म्यहं चेत्ते वृणे भूयो वरं वरम्॥ ३३

मेना भन्दछिन्—हे शिवा! हजुरको जय होस्, जय होस्, हे प्राज्ञे! हे महेश्वरी! हे भवाम्बिके! यदि म वर पाउन योग्य छु भने हजुरसित पुनः श्रेष्ठ वर माग्दछु ॥ ३३ ॥

प्रथमं शतपुत्रा मे भवन्तु जगदम्बिके।
बह्वायुषो वीर्यवन्त ऋद्धिसिद्धिसमन्विताः॥ ३४

हे जगदम्बिका! पहिला त मलाई सय पुत्र प्राप्त होस्, ती दीर्घ आयु भएका, पराक्रमले युक्त तथा ऋद्धि-सिद्धिले सम्पन्न होऊन्॥ ३४॥

पश्चात्तथैका तनया स्वरूपगुणशालिनी।
कुलद्वयानंदकरी भुवनत्रयपूजिता॥ ३५

ती पुत्रहरूपश्चात् मेरो एउटी पुत्री होस्, जो स्वरूप र गुणहरूले युक्त, दुवै कुलहरूलाई आनन्द दिने तथा तीनवटै लोकमा पूजित होस्॥ ३५॥

सुता भव मम शिवे देवकार्यार्थमेव हि।
रुद्रपत्नी भव तथा लीलां कुरु भवाम्बिके॥ ३६

हे शिवा! हजुर नै देवताहरूको कार्य सिद्ध गर्नका निम्ति मेरी पुत्री हुनुहोस्। हे भवाम्बिका! हजुर रुद्रदेवकी पत्नी हुनुहोस् र लीला गर्नुहोस्॥ ३६॥

ब्रह्मोवाच

तच्छ्रुत्वा मेनकोक्तं हि प्राह देवी प्रसन्नधीः।
स्मितपूर्वं वचस्तस्याः पूरयन्ती मनोरथम्॥ ३७

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] मेनकाको त्यो कुरा सुनेर प्रसन्नहृदया देवी उमा उनको मनोरथ पूर्ण पार्दै मुस्कुराएर यो वचन भन्न लागनुभयो— ॥ ३७॥

देव्युवाच

शतपुत्राः सम्भवन्तु भवत्या वीर्यसंयुताः।
तत्रैको बलवान्मुख्यः प्रथमं सम्भविष्यति॥ ३८

देवी भन्नुहुन्छ—तिम्रा सय बलवान् पुत्र हुनेछन्। तीमध्ये एउटा बलवान् र प्रधान हुने छ, जो सबभन्दा पहिला उत्पन्न हुने छ॥ ३८॥

सुताहं सम्भविष्यामि सन्तुष्टा तव भक्तितः।
देवकार्यं करिष्यामि सेविता निखिलैः सुरैः॥ ३९

तिम्रो भक्तिबाट सन्तुष्ट म [स्वयं] पुत्रीको रूपमा अवतीर्ण हुने छु र समस्त देवताहरूबाट सेवित भएर उनीहरूको कार्य सिद्ध गर्ने छु॥ ३९॥

ब्रह्मोवाच

एवमुक्त्वा जगद्धात्री कालिका परमेश्वरी।
पश्यन्त्या मेनकायास्तु तत्रैवान्तर्दधे शिवा॥ ४०

ब्रह्मा भन्नुहुन्छ—यस्तो भनेर जगद्धात्री परमेश्वरी कालिका शिवा मेनकाले हेर्दा-हेर्दै त्यहीं अन्तर्धान हुनुभयो॥ ४०॥

मेनकापि वरं लब्ध्वा महेशान्या अभीप्सितम्।
मुदं प्रापामितां तात तपःक्लेशोऽप्यनश्यत॥ ४१

हे तात! महेश्वरीबाट अभीष्ट वर पाएर मेनकालाई पनि अपार हर्ष भयो र उनको तपस्याजनित क्लेश नष्ट भयो॥ ४१॥

दिशि तस्यां नमस्कृत्य सुप्रहृष्टमनाः सती।
जयशब्दं प्रोच्चरन्ती स्वस्थानं प्रविवेश ह॥ ४२

अत्यन्त प्रसन्नचित्त साध्वी मेना त्यस दिशामा नमस्कार गरी जय शब्दको उच्चारण गर्दै आफ्नो स्थानमा गइन्॥ ४२॥

अथ तस्मै स्वपतये शशंस सुवरं च तम्।
स्वचिह्नबुद्धमिव वै सुवाचा पुनरुक्तया॥ ४३

यसो त मेनाको प्रसन्न मुखमण्डलबाट नै हिमवान्‌लाई सारा कुराको जानकारी भइसकेको थियो, फेरि पनि मेनाले आफ्नो मुखबाट वरदानको सारा कुरा पुनरुक्त वचनहरूसमान हिमालयसित पुनः भनिन्॥ ४३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रुत्वा शैलपतिर्हृष्टोऽभवन्मेनावचो हि तत्।
प्रशशंस प्रियां प्रीत्या शिवाभक्तिरतां च ताम्॥ ४४

मेनाको वचन सुनेर पर्वतराज [हिमालय] प्रसन्न भए र उनले शिवामा भक्ति राख्ने [आफ्नी] ती प्रियाको प्रेमपूर्वक प्रशंसा गरे॥ ४४॥

कालक्रमेणाथ तयोः प्रवृत्ते सुरते मुने।
गर्भो बभूव मेनाया ववृधे प्रत्यहं च सः॥ ४५

हे मुनि! तत्पश्चात् कालक्रमले ती दुवै सहवासमा प्रवृत्त भएपछि मेनालाई गर्भ रह्यो र त्यो प्रतिदिन बढ्न लाग्यो॥ ४५॥

असूत सा नागवधूपभोग्यं सुतमुत्तमम्।
समुद्रबद्धसत्सख्यं मैनाकाभिधमद्भुतम्॥ ४६

समयानुसार उनले एउटा उत्तम पुत्रलाई जन्म दिइन्, जसको नाम मैनाक थियो। उसले समुद्रका साथ उत्तम मैत्री गर्‍यो। त्यो अद्भुत पर्वत नागवधुहरूको विहारको स्थल हो॥ ४६॥

वृत्रशत्रावपि क्रुद्धे वेदनाज्ञं सपक्षकम्।
पविक्षतानां देवर्षे पक्षच्छिदि वराङ्गकम्॥ ४७

हे देवर्षि! जुन समय इन्द्रले पर्वतहरूप्रति क्रोधित भएर उनीहरूका पखेटा काट्न प्रारम्भ गरे, त्यस समय वज्रद्वारा काटिएका पर्वतहरूका पखेटालाई देखेर त्यो मैनाक वेदनाले अनभिज्ञ नै रह्यो र पंखयुक्त नै रह्यो॥ ४७॥

प्रवरं शतपुत्राणां महाबलपराक्रमम्।
स्वोद्भवानां महीध्राणां पर्वतेन्द्रैकधिष्ठितम्॥ ४८

हिमालयका सय पुत्रहरूमा मैनाक सबैभन्दा श्रेष्ठ र महाबल तथा पराक्रमले युक्त थियो। स्वयं प्रकट भएका समस्त पर्वतहरूमा एकमात्र मैनाक नै पर्वतराजको पदमा अधिष्ठित भए॥ ४८॥

आसीन्महोत्सवस्तत्र हिमाचलपुरेऽद्भुतः।
दम्पत्योः प्रमुदाधिक्यं बभूव क्लेशसंक्षयः॥ ४९

त्यस समय हिमालयको नगरमा महान् उत्सव भयो। दुवै पति-पत्नी अत्यधिक प्रसन्न भए र उनीहरूको क्लेश नष्ट भयो॥ ४९॥

दानं ददौ द्विजातिभ्योऽन्येभ्यश्च प्रददौ धनम्।
शिवाशिवपदद्वन्द्वे स्नेहोऽभूदधिकस्तयोः॥ ५०

उनीहरूले ब्राह्मणहरूलाई दान दिए तथा अरू जनहरूलाई पनि धन प्रदान गरे। शिवाशिवको चरणयुगलमा ती दुवैको अत्यधिक स्नेह भयो॥ ५०॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे मेनावरलाभवर्णनं नाम पञ्चमोऽध्यायः॥ ५॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा मेनाको वरप्राप्ति वर्णन नामक पाँचौं अध्याय पूर्ण भयो॥ ५॥

अथ षष्ठोऽध्यायः

देवी उमा हिमवान्‌को हृदय तथा मेनाको गर्भमा आउनु, गर्भस्थ देवीको देवताहरूद्वारा स्तवन, देवीको दिव्यरूपमा प्रादुर्भाव, माता मेनासित वार्तालाप तथा पुनः नवजात कन्याको रूपमा परिवर्तित हुनु

ब्रह्मोवाच

अथ सस्मरतुर्भक्त्या दम्पती तौ भवाम्बिकाम्।
प्रसूतिहेतवे तत्र देवकार्यार्थमादरात्॥ १

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] केही समय पश्चात् ती पति-पत्नी दुवैले देवताहरूको कार्य सिद्धिका लागि जन्मको उद्देश्यले भक्तिपूर्वक जगदम्बाको स्मरण गरे॥ १॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततः सा चण्डिका योगात्त्यक्तदेहा पुरा पितुः।
ईहया भवितुं भूयः समैच्छद् गिरिदारतः॥ २

सत्यं विधातुं स्ववचः प्रसन्नाखिलकामदा।
पूर्णांशाच्छैलचित्ते सा विवेशाथ महेश्वरी॥ ३

यता, आफ्नो पिताको यज्ञमा योगद्वारा शरीरत्याग गर्नुभएका भगवती चण्डिकाले हिमालयपत्नी मेनाको गर्भबाट जन्म लिने विचार गर्नुभयो। प्रसन्न भएपछि सम्पूर्ण कामनाहरूलाई प्रदान गर्नुहुने ती महेश्वरी आफ्नो वचनलाई सत्य गर्नका लागि पूर्ण अंशले हिमवान्‌को चित्तमा प्रविष्ट हुनुभयो॥ २-३॥

विरराज ततः सोऽति प्रमदोऽपूर्वसुद्युतिः।
हुताशन इवाधृष्यस्तेजोराशिर्महामनाः॥ ४

त्यस समय महामनस्वी ती हिमालय प्रसन्नताले अपूर्व कान्तिसम्पन्न भएर अग्निसमान दुर्धर्ष तथा तेजसमूहले युक्त भए॥ ४॥

ततो गिरिः स्वप्रियायां परिपूर्णं शिवांशकम्।
समाधिमत्वात्समये समधत्त सुशंकरे॥ ५

तत्पश्चात् समाधिसम्पन्न हुनाले गिरिराज हिमालयले सुन्दर कल्याणकारी समयमा आफ्नी प्रिया मेनाको पेटमा शिवाको त्यस परिपूर्ण अंशको ध्यान गरे॥ ५॥

समधत्त गिरेः पत्नी गर्भं देव्याः प्रसादतः।
चित्ते स्थितायाः करुणाकरायाः सुखदं गिरेः॥ ६

गिरिप्रिया सर्वजगन्निवासासंश्रयाधिकम्।
विरेजे सुतरां मेना तेजोमण्डलगा सदा॥ ७

यसरी हिमालयकी पत्नीले हिमवान्‌को हृदयमा विराजमान करुणा गर्नुहुने देवीको कृपाले सुखदायक गर्भ धारण गरिन्। सम्पूर्ण जगत्‌लाई आश्रय दिनुहुने ती देवी गर्भमा आउनाले गिरिप्रिया मेना सदा तेजोमण्डलको बिचमा स्थित भएर अधिक शोभायमान हुन लागिन्॥ ६-७॥

सुखोदयं स्वभर्तुश्च मेना दौर्हृदलक्षणम्।
दधौ निदानं देवानामानन्दस्येप्सितं शुभम्॥ ८

देहसादादसंपूर्णभूषणा लोध्रसंमुखा।
स्वल्पभेन्दुक्षयेकासौ विचेष्यर्क्षा विभावरी॥ ९

मेनाले आफ्नो पतिलाई सुख दिने तथा देवताहरूको आनन्दको कारणभूत शुभ अभीष्ट गर्भलक्षणलाई धारण गरिन्। शरीर धेरै दुर्बल हुनाको कारण उनले सबै आभूषणहरूलाई निकालिन्, उनको मुखमण्डल लोधको समान [श्वेत वर्ण] भयो र उनी प्रभात-कालीन चन्द्रमाको प्रकाश क्षीण हुनाले अल्प तारागण भएका रात्रि समान देखिन लागिन्॥ ८-९॥

तदाननं मृत्सुरभि नायं तृप्तिं गिरीश्वरः।
मुने रहस्युपाघ्राय प्रेमाधिक्यं बभूव तत्॥ १०

मेना स्पृहावती केषु न मे शंसति वस्तुषु।
किंचिदिष्टं ह्रियापृच्छदनुवेलं सखीर्गिरिः॥ ११

गिरिराज माटो समान सुगन्धित उनको मुख-मण्डललाई एकान्तमा सूँघेर तृप्त हुँदैनथे र [गर्भवती हुनाको कारण दिनानुदिन] मेनामा उनको प्रेमाधिक्य हुन लाग्यो। ती हिमालय मेनाका सखीहरूसित सदा यो सोधिरहन्थे कि मेनालाई कुन वस्तुहरूको इच्छा छ। ती लज्जाको कारण आफ्नु कुनै पनि इष्ट मसित भन्दिन थिइन्॥ १०-११॥

उपेत्य दौर्हृदं शैल्यं यद्वव्रेऽपश्यदाशु तत्।
आनीतं नेष्टमस्याद्धा नासाध्यं त्रिदिवेऽपि हि॥ १२

कष्टप्रद गर्भलक्षण प्राप्त भएपछि मेना जुन वस्तुका लागि भन्थिन्, त्यसलाई आफ्नो सामुन्ने गिरिराजद्वारा उपस्थित भएको देख्थिन्; किनभने उनको इच्छित कुनै पनि वस्तु तीनवटै लोकमा दुर्लभ थिएनन्॥ १२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रचीयमानावयवा निस्तीर्य दौर्हृदव्यथाम्।
रेजे मेना बाललता नद्धपत्राधिका यथा ॥ १३
गिरिः सगर्भां महिषीममंस्त धरणीमिव।
निधानगर्भामभ्यन्तर्लीनवह्निशमीमिव ॥ १४

प्रियाप्रीतेश्च मनसः स्वार्जितद्रविणस्य च।
समुन्नतेः श्रुतेः प्राज्ञः क्रियाश्चक्रे यथोचिताः ॥ १५

ददर्श काले मेनां स प्रतीतः प्रसवोन्मुखीम्।
अभ्रितां च दिवं गर्भगृहे भिषगधिष्ठिते ॥ १६

दृष्ट्वा प्रियां शुभाङ्गीं वै मुमोदाति गिरीश्वरः।
गर्भस्थजगदम्बां हि महातेजोवतीं तदा ॥ १७

तस्मिन्नवसरे देवा मुने विष्ण्वादयस्तथा।
मुनयश्च समागम्य गर्भस्थां तुष्टुवुः शिवाम् ॥ १८

देवा ऊचुः

दुर्गे जय जय प्राज्ञे जगदम्ब महेश्वरि।
सत्यव्रते सत्यपरे त्रिसत्ये सत्यरूपिणि ॥ १९

सत्यस्थे सत्यसुप्रीते सत्ययोने च सत्यतः।
सत्यवक्त्रे सत्यनेत्रे प्रपन्नाः शरणं च ते ॥ २०

शिवप्रिये महेशानि देवदुःखक्षयङ्करि।
त्रैलोक्यमाता शर्वाणी व्यापिनी भक्तवत्सला ॥ २१

आविर्भूय त्रिलोकेशि देवकार्यं कुरुष्व ह।
सनाथाः कृपया ते हि वयं सर्वे महेश्वरि ॥ २२

त्वत्तः सर्वे च सुखिनो लभन्ते सुखमुत्तमम्।
त्वां विना न हि किंचिद्वै शोभते त्रिभवेष्वपि ॥ २३

ब्रह्मोवाच

इत्थं कृत्वा महेशान्या गर्भस्थाया बहुस्तुतिम्।
प्रसन्नमनसो देवाः स्वं स्वं धाम ययुस्तदा ॥ २४
व्यतीते नवमे मासे दशमे मासि पूर्णतः।
गर्भस्था सा गतिं दध्रे कालिका जगदम्बिका ॥ २५

विस्तारै-विस्तारै गर्भजन्य व्यथालाई पार गरी पुष्ट अंग भएकी ती मेना पातहरूले समन्वित बाललता समान सुशोभित हुन लागिन्। हिमालयले आफ्नी सगर्भा पत्नीलाई रत्नभण्डारलाई आफूभित्र लुकाएर राख्ने पृथ्वी र अग्निलाई आफूभित्र लुकाएर राख्ने शमी वृक्षसमान सम्झे ॥ १३-१४ ॥

महाबुद्धिमान् हिमालयले आफ्नी प्रियाको प्रीतियोग्य, आफूद्वारा आर्जित द्रव्यहरूअनुसार, राजसी प्रवृत्ति एवं आफ्नो शास्त्रज्ञानअनुरूप संस्कार गरे ॥ १५ ॥

उनले प्रसवोन्मुखी आफ्नी प्रियालाई वैद्यहरूद्वारा निर्दिष्ट गर्भगृहमा मेघमण्डलले ढाकिएको आकाश समान देखे। शुभ लक्षण भएकी, गर्भमा जगदम्बालाई धारण गरेकी, महातेजयुक्त तथा सुन्दर अंग भएकी प्रिया मेनालाई देखेर गिरिराज हिमवान् अत्यन्त प्रसन्नताको अनुभव गर्न लागे ॥ १६-१७ ॥

हे मुनि! त्यस समय विष्णु आदि देवता तथा मुनिगण आएर गर्भमा स्थित शिवाको स्तुति गर्न लागे ॥ १८ ॥

देवगण भन्दछन्—हे दुर्गा! हे प्राज्ञा! हे जगदम्बा! हे महेश्वरी! हे सत्यव्रती! हे सत्यपरी! हे त्रिसत्या! हे सत्य-स्वरूपिणी! हजुरको जय होस्, हजुरको जय होस्। हे सत्यस्था! हे सत्यसुप्रीता! हे सत्ययोना! हे सत्यवक्त्रा! हे सत्यनेत्रा! हामीहरू सबै हजुरको शरणमा उपस्थित भएका छौं ॥ १९-२० ॥

हे शिवप्रिया! हे महेश्वरी! देवताहरूको दुःख हटाउने! हजुर तीनवटै लोककी माता, शर्वाणी, सर्वव्यापिनी तथा भक्तहरूसित स्नेह राख्ने हुनुहुन्छ। हे त्रिलोकेशी! हजुर प्रकट भएर देवगणहरूका कार्य पूर्ण गर्नुहोस्। हे महेश्वरी! हामीहरू सबै देवगण हजुरको कृपाले सनाथ हुने छौं ॥ २१-२२ ॥

यस संसारका सबै सुखी मनुष्य हजुरद्वारा नै उत्तम सुख प्राप्त गर्छन्, हजुर विना यस त्रिलोकमा कुनै पनि वस्तुले शोभा दिँदैन ॥ २३ ॥

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार सबै देवगण प्रसन्न-चित्त भएर गर्भस्थित महेश्वरीको धेरै स्तुति गरी आ-आफ्नो धाममा गए। जब नवौँ महीना बित्यो र दसौँ पनि पूरा भयो, तब गर्भस्थित जगदम्बा महाकालीले गर्भबाट बाहिर आउने इच्छा गर्नुभयो ॥ २४-२५ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तदा सुसमयश्चासीच्छान्तभग्रहतारकः।
नभः प्रसन्नतां यातं प्रकाशः सर्वदिक्षु हि॥ २६
मही मङ्गलभूयिष्ठा सवनग्रामसागरा।
सरःस्त्रवन्तीवापीषु पुफुल्लुः पंकजानि वै॥ २७
ववुश्च विविधा वाताः सुखस्पर्शा मुनीश्वर।
मुमुदुः साधवः सर्वेऽसतां दुःखमभूद् द्रुतम् ॥ २८
दुन्दुभीन्वादयामासुर्नभस्यागत्य निर्जराः।
पुष्पवृष्टिरभूत्तत्र जगुर्गन्धर्वसत्तमाः॥ २९
विद्याधरस्त्रियो व्योम्नि ननृतुश्चाप्सरास्तथा।
तदोत्सवो महानासीद्देवादीनां नभःस्थले॥ ३०
तस्मिन्नवसरे देवी पूर्वशक्तिः शिवा सती।
आविर्बभूव पुरतो मेनाया निजरूपतः॥ ३१
वसन्तर्तौ मधौ मासे नवम्यां मृगधिष्ण्यके।
अर्धरात्रे समुत्पन्ना गङ्गेव शशिमण्डलात्॥ ३२
समये तत्स्वरूपेण मेनकाजठराच्छिवा।
समुद्भूय समुत्पन्ना सा लक्ष्मीरिव सागरात्॥ ३३
ततस्तस्यां तु जातायां प्रसन्नोऽभूत्तदा भवः।
अनुकूलो ववौ वायुर्गम्भीरो गंधयुक् शुभः॥ ३४
बभूव पुष्पवृष्टिश्च तोयवृष्टिपुरस्सरम्।
जज्वलुश्चाग्नयः शान्ता जगर्जुश्च तदा घनाः॥ ३५
तस्यां तु जायमानायां सर्वस्वं समपद्यत।
हिमवन्नगरे तत्र सर्वं दुःखं क्षयं गतम्॥ ३६
तस्मिन्नवसरे तत्र विष्ण्वाद्याः सकलाः सुराः।
आजग्मुः सुखिनः प्रीत्या ददृशुर्जगदम्बिकाम्॥ ३७
तुष्टुवुस्तां शिवामम्बां कालिकां शिवकामिनीम्।
दिव्यरूपां महामायां शिवलोकनिवासिनीम्॥ ३८

देवा ऊचुः

जगदम्ब महादेवि सर्वसिद्धिविधायिनि।
देवकार्यकरी त्वं हि सदातस्त्वां नमामहे॥ ३९

त्यो समय उत्तम शुभलग्न भयो, नक्षत्र, तारा तथा ग्रह शान्त भए, आकाश निर्मल भयो र सबै दिशाहरूमा प्रकाश फैलियो। वन, ग्राम तथा सागरसहित पृथ्वीमा नाना प्रकारका मंगल हुन लाग्यो। तलाउ, नदी एवं पोखरीहरूमा कमल फूल्न थाले॥ २६-२७॥

हे मुनीश्वर! अनेक प्रकारका सुखस्पर्शी वायु बहन लाग्यो, सबै साधुजन आनन्दित भए तथा दुर्जन तत्काल दुःखी भए॥ २८॥ देवता आकाशमा आएर दुन्दुभि बजाउन लागे, त्यहाँ फूलहरूको वर्षा हुन लाग्यो तथा श्रेष्ठ गन्धर्व गान गर्न लागे। अप्सराहरू र विद्याधरहरूका स्त्रीहरू आकाशमा नाच्न लागे, यस प्रकार आकाशमण्डलमा देवताहरू आदिको महान् उत्सव हुन लाग्यो॥ २९-३०॥

त्यसै अवसरमा आद्याशक्ति सती शिवा देवी मेनाको सामुन्ने आफ्नो रूपमा प्रकट हुनुभयो॥ ३१॥

उहाँ वसन्त ऋतुमा चैत्र महिनाको नवमी तिथिको मृगशिरा नक्षत्रमा आधा रातको समयमा चन्द्रमण्डलबाट गंगा बहे जस्तै गरी प्रकट हुनुभयो। ती शिवा मेनाको गर्भबाट आफ्नै स्वरूपमा यस प्रकार प्रकट हुनुभयो, जसरी समुद्रबाट महालक्ष्मीको आविर्भाव भएको थियो॥ ३२-३३॥

त्यस समय भगवती प्रकट हुनुभएपछि शंकर प्रसन्न हुनुभयो र अनुकूल, गम्भीर, सुगन्धित तथा शुभ वायु बहन लाग्यो। त्यस समय जलको वर्षाका साथ पुष्पवृष्टि हुन लाग्यो, [अग्निहोत्रका] शान्त अग्नि प्रज्वलित भए र बादल गर्जन लाग्यो॥ ३४-३५॥

उहाँ प्रकट हुनासाथ हिमालयको नगरमा समस्त सम्पत्ति स्वतः आए तथा [जनहरूका] सारा दुःख दूर भए॥ ३६॥ त्यस अवसरमा विष्णु आदि समस्त देवगण सुखी भएर त्यहाँ आए र प्रेमपूर्वक जगदम्बाको दर्शन गर्न लागे। ती शिवलोकमा निवास गर्नुहुने शिवप्रिया महाकाली दिव्यरूपधारिणी ती महामाया जगदम्बाको स्तुति गर्न लागे॥ ३७-३८॥

देवता भन्दछन्—हे जगदम्बा! हे महादेवी! हे सर्वसिद्धिविधायिनी! हजुर देवताहरूको कार्य पूर्ण गर्ने हुनुहुन्छ, यसैले हामीहरू सबै हजुरलाई सदा प्रणाम गर्दछौँ॥ ३९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वथा कुरु कल्याणं देवानां भक्तवत्सले।
मेनामनोरथः पूर्णः कृतः कुरु हरस्य च॥ ४०

हे भक्तवत्सला! हजुर हर प्रकारले देवताहरूको कल्याण गर्नुहोस्। हजुरले मेनाको मनोरथ पूर्ण गर्नुभयो, अब शिवको पनि मनोरथ पूर्ण गर्नुहोस्॥ ४०॥

ब्रह्मोवाच

इत्थं स्तुत्वा शिवां देवा विष्णवाद्याः सुप्रणम्य ताम्।
स्वं स्वं धाम ययुः प्रीताः शंसन्तस्तद्गतिं पराम्॥ ४१

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार विष्णु आदि देवता शिवाको स्तुति गरी उहाँलाई प्रणाम गरी उनको परम गतिको प्रशंसा गर्दै आ-आफ्नो धाममा गए॥ ४१॥

तां तु दृष्ट्वा तथा जातां नीलोत्पलदलप्रभाम्।
श्यामां सा मेनका देवीं मुदमायाति नारद॥ ४२

दिव्यरूपं विलोक्यानु ज्ञानमाप गिरिप्रिया।
विज्ञाय परमेशानीं तुष्टावातिप्रहर्षिता॥ ४३

हे नारद! नीलकमलको दलसमान कान्तिमयी ती श्यामा भगवतीलाई उत्पन्न भएको देखेर मेना परम प्रसन्न भइन्। त्यस दिव्य रूपलाई देखेर गिरिप्रिया मेनालाई ज्ञान प्राप्त भयो। उहाँलाई परमेश्वरी जानेर अत्यन्त हर्षित भई उनी स्तुति गर्न लागिन्॥ ४२-४३॥

मेनोवाच

जगदम्ब महेशानि कृतातिकरुणा त्वया।
आविर्भूता मम पुरो विलसन्ती यदम्बिके॥ ४४

त्वमाद्या सर्वशक्तीनां त्रिलोकजननी शिवे।
शिवप्रिया सदा देवी सर्वदेवस्तुता परा॥ ४५

कृपां कुरु महेशानि मम ध्यानस्थिता भव।
एतद्रूपेण प्रत्यक्षं रूपं धेहि सुतासमम्॥ ४६

मेना भन्दछिन्—हे जगदम्बा! हे महेश्वरी! हे अम्बिका! हजुरले ठुलो कृपा गर्नुभयो, जो सुशोभित भई मेरो सामुन्ने प्रकट हुनुभयो। हे शिवा! हजुर सम्पूर्ण शक्तिहरूमा आद्याशक्ति तथा तीनवटै लोकको जननी हुनुहुन्छ। हे देवी! हजुर भगवान् शिवलाई सधैँ प्रिय हुनुहुन्छ तथा सम्पूर्ण देवताहरूबाट स्तुत्य पराशक्ति हुनुहुन्छ। हे महेश्वरी! हजुर कृपा गर्नुहोस् र यसै रूपले मेरो ध्यानमा स्थित भइदिनुहोस् र अब मेरो पुत्री समान प्रत्यक्ष रूप धारण गर्नुहोस्॥ ४४-४६॥

ब्रह्मोवाच

इत्याकर्ण्य वचस्तस्या मेनाया भूधरस्त्रियाः।
प्रत्युवाच शिवा देवी सुप्रसन्ना गिरिप्रियाम्॥ ४७

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] पर्वतपत्नी ती मेनाका यी कुरा सुनेर शिवा देवी अत्यन्त प्रसन्न भई ती गिरिप्रियासित भन्न लाग्नुभयो॥ ४७॥

देव्युवाच

हे मेने त्वं पुरा मां च सुसेवितवती रता।
त्वद्भक्त्या सुप्रसन्नाहं वरं दातुं गतान्तिकम्॥ ४८

वरं ब्रूहीति मद्वाणीं श्रुत्वा ते तद्वरो वृतः।
सुता भव महादेवि सा मे देवहितं कुरु॥ ४९

तथा दत्त्वा वरं तेऽहं गता स्वं पदमादरात्।
समयं प्राप्य तनयाभवं ते गिरिकामिनि॥ ५०

देवी भन्नुहुन्छ—हे मेना! तपाईंले पहिला तत्पर भएर मेरो ठुलो सेवा गर्नुभएको थियो, [त्यस समय] तपाईंको भक्तिबाट अत्यन्त प्रसन्न भएर वर दिनका लागि म तपाईंकहाँ गएकी थिएँ। वर माग्नुहोस्—मेरो यस वाणीलाई सुनेर तपाईंले त्यो वर माग्नुभएको थियो—हे महादेवी! तपाईं मेरी पुत्री हुनुहोस् र देवताहरूको हित साधन गर्नुहोस्। तब म तपाईंलाई आदरपूर्वक त्यो वर दिएर आफ्नो धाममा गएको थिएँ। हे गिरिकामिनी! अब समय पाएर म तपाईंकी पुत्री भएकी छु॥ ४८—५०॥

दिव्यरूपं धृतं मेऽद्य यत्ते मत्स्मरणं भवेत्।
अन्यथा मर्त्यभावेन तवाज्ञानं भवेन्मयि॥ ५१

आज मैले जुन दिव्य रूप धारण गरेकी छु, त्यो यसकारण कि तपाईंलाई मेरो स्मरण होस्, अन्यथा मनुष्यरूपमा प्रकट भएपछि मेरो विषयमा तपाईं अनजान नै बन्नुहुने छ॥ ५१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

युवां मां पुत्रिभावेन दिव्यभावेन वासकृत्।
चिन्तयन्तौ कृतस्नेहौ यातास्थो मद्गतिं पराम्॥ ५२
देवकार्यं करिष्यामि लीलां कृत्वाद्भुतां क्षितौ।
शम्भुपत्नी भविष्यामि तारयिष्यामि सज्जनान्॥ ५३

अब तपाईंहरू दुवै पुत्रीभावले अथवा दिव्य भावले स्नेहपूर्वक मेरो निरन्तर चिन्तन गर्दै मेरो परम पदलाई प्राप्त गर्नुहुने छ। म पृथ्वीमा अद्भुत लीला गरी देवताहरूको कार्य सिद्ध गर्ने छु, भगवान् शम्भुको पत्नी हुने छु र सज्जनहरूको उद्धार गर्ने छु॥ ५२-५३॥

ब्रह्मोवाच

इत्युक्त्वासीच्छिवा तूष्णीमम्बिका स्वात्ममायया।
पश्यन्त्यां मातरि प्रीत्या सद्योऽभूत्तनयातनुः॥ ५४

ब्रह्मा भन्नुहुन्छ—यस्तो भनेर अम्बिका शिवा मौन हुनुभयो र त्यसै क्षण माताले हेर्दा-हेर्दै आफ्नो मायाले प्रसन्नतापूर्वक [नवजात] पुत्रीरूपमा प्रकट हुनुभयो॥ ५४॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे पार्वतीजन्मवर्णनं नाम षष्ठोऽध्यायः॥ ६॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा पार्वतीको जन्मवर्णन नामक छैठौँ अध्याय पूर्ण भयो॥ ६॥

अथ सप्तमोऽध्यायः

पार्वतीको नामकरण तथा उहाँका बाललीलाहरू एवं विद्याध्ययन

ब्रह्मोवाच

ततो मेनापुरः सा वै सुता भूत्वा महाद्युतिः।
चकार रोदनं तत्र लौकिकीं गतिमाश्रिता॥ १
अरिष्टशय्यां परितः सद्विसारिसुतेजसा।
निशीथदीपा विहतत्विष आसन्नरं मुने॥ २

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] त्यसपछि मेनाको सामुन्ने महातेजस्वी कन्या भएर उहाँ लौकिक गतिको आश्रय लिएर रुन लाग्नुभयो। हे मुनि! त्यस समय प्रसूति-गृहको शय्याको चारैतिर फैलिएको उहाँको महान् तेजबाट रात्रिका बत्ती तत्काल कान्तिहीन भए॥ १-२॥

श्रुत्वा तद् रोदनं रम्यं गृहस्थाः सर्वयोषितः।
जहृषुः सम्भ्रमात्तत्रागताः प्रीतिपुरस्सराः॥ ३

उहाँको मनोहर रोदन सुनेर घरका सबै स्त्रीहरू प्रसन्न भए र तत्काल प्रेमपूर्वक त्यहाँ गए॥ ३॥

तच्छुद्धान्तचरः शीघ्रं शशंस भूभृते तदा।
पार्वतीजन्म सुखदं देवकार्यकरं शुभम्॥ ४

तच्छुद्धान्तःचरायाशु पुत्रीजन्म सुशंसते।
सितातपत्रं नादेयमासीत्तस्य महीभृतः॥ ५

गतस्तत्र गिरिः प्रीत्या सपुरोहितसद्विजः।
ददर्श तनयां तां तु शोभमानां सुभासया॥ ६

तब अन्तःपुरका दूतले देवकार्य सम्पन्न गर्नुहुने, कल्याणकारक तथा सुखदायक पार्वतीजन्मको समाचार तत्काल पर्वतराजलाई सुनाए। पुत्रीजन्मको समाचार सुनाउने अन्तःपुरका दूतलाई [न्योछावररूपमा] दिनका निम्ति ती पर्वतराजका लागि सेतो छातासम्म अदेय रहेन। तत्पश्चात् पुरोहित र ब्राह्मणहरूका साथ गिरिराज त्यहाँ गए र उनले अपूर्व कान्तिले सुशोभित भएकी ती कन्याको दर्शन गरे॥ ४—६॥

नीलोत्पलदलश्यामां सुद्युतिं सुमनोरमाम्।
दृष्ट्वा च तादृशीं कन्यां मुमोदाति गिरीश्वरः॥ ७

नीलकमल समान श्यामवर्ण, सुन्दर कान्तिले युक्त तथा अत्यन्त मनोरम ती कन्यालाई देख्नासाथ गिरिराज अत्यन्त प्रसन्न भए॥ ७॥

सर्वे च मुमुदुस्तत्र पौराश्च पुरुषाः स्त्रियः।
तदोत्सवो महानासीन्नेदुर्वाद्यानि भूरिशः॥ ८

नगरमा रहने समस्त स्त्री एवं पुरुष परम प्रसन्न भए। त्यस समय नगरमा अनेक प्रकारका बाजा बज्न लागे र धेरै ठुलो उत्सव हुन लाग्यो। मंगलगान हुन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बभूव मङ्गलं गानं ननृतुर्वारयोषितः।
दानं ददौ द्विजातिभ्यो जातकर्म विधाय च॥ ९

अथ द्वारं समागत्य चकार सुमहोत्सवम्।
हिमाचलः प्रसन्नात्मा भिक्षुभ्यो द्रविणं ददौ॥ १०

अथो शुभमुहूर्तेऽस्मिन् हिमवान्मुनिभिः सह।
नामाकरोत्सुतायास्तु कालीत्यादि सुखप्रदम्॥ ११

दानं ददौ तदा प्रीत्या द्विजेभ्यो बहु सादरम्।
उत्सवं कारयामास विविधं गानपूर्वकम्॥ १२

इत्थं कृत्वोत्सवं भूरि कालीं पश्यन्मुहुर्मुहुः।
लेभे मुदं सपत्नीको बहुपुत्रोऽपि भूधरः॥ १३

तत्र सा ववृधे देवी गिरिराजगृहे शिवा।
गङ्गेव वर्षासमये शरदीवाथ चन्द्रिका॥ १४

एवं सा कालिका देवी चार्वङ्गी चारुदर्शना।
दध्रे चानुदिनं रम्यां चन्द्रबिम्बकलामिव॥ १५

कुलोचितेन नाम्ना तां पार्वतीत्याजुहाव ह।
बन्धुप्रियां बन्धुजनः सौशील्यगुणसंयुताम्॥ १६

उमेति मात्रा तपसे निषिद्धा कालिका च सा।
पश्चादुमाख्यां सुमुखी जगाम भुवने मुने॥ १७

दृष्टिः पुत्रवतोऽप्यद्रेस्तस्मिंस्तृप्तिं जगाम न।
अपत्ये पार्वतीत्याख्ये सर्वसौभाग्यसंयुते॥ १८

मधोरनन्तपुष्पस्य चूते हि भ्रमरावलिः।
विशेषसङ्गा भवति सहकारे मुनीश्वर॥ १९

पूतो विभूषितश्चापि स बभूव तया गिरिः।
संस्कारवत्यैव गिरा मनीषीव हिमालयः॥ २०

प्रभामहत्या शिखयेव दीपो भवनस्य च।
त्रिमार्गयेव सन्मार्गस्तद्वद् गिरिजया गिरिः॥ २१

लाग्यो र वारांगनाहरू नृत्य गर्न लागे। गिरिराजले [कन्याको] जातकर्म संस्कार गरी द्विजातिहरूलाई दान दिए॥ ८-९॥

त्यसपछि ढोकामा आएर हिमाचलले महान् उत्सव मनाए र प्रसन्नचित्त भएर भिक्षुकहरूलाई धेरै धन दिए॥ १०॥

त्यसपछि हिमवान्ले शुभ मुहूर्तमा मुनिहरूका साथ ती कन्याको काली आदि सुखदायक नाम राखे॥ ११॥

उनले त्यस समय ब्राह्मणहरूलाई प्रेम तथा आदरपूर्वक धेरै धन प्रदान गरे र गानपूर्वक अनेक प्रकारका उत्सव गराए। यस प्रकार उत्सव मनाएर पटक-पटक कालीलाई हेर्दै सपत्नीक हिमालय अनेक पुत्र भए तापनि ज्यादै आनन्दित भए॥ १२-१३॥

देवी शिवा गिरिराजको घरमा वर्षा ऋतुको गंगा समान तथा शरद् ऋतुको चाँदनी समान बढ्न लाग्नुभयो। यस प्रकार परम सुन्दरी तथा दिव्य दर्शन भएकी कालिका देवी प्रतिदिन चन्द्रकला समान शोभायुक्त भई बढ्न लाग्नुभयो।॥ १४-१५॥

सुशीलता आदि गुणहरूले संयुक्त तथा बन्धुजन-हरूका प्रिय ती कन्यालाई कुटुम्बका व्यक्ति आफ्नो कुलपरम्पराअनुसार 'पार्वती' यस नामले पुकार्न लागे॥ १६॥

हे मुनि! माताले ती कालिकालाई 'उमा' भनेर तपस्या गर्नबाट रोक्नुभयो, अतः पछि ती सुमुखी लोकमा उमा नामले विख्यात हुनुभयो॥ १७॥

पुत्रवान् भएर पनि पर्वतराज हिमालय सर्वसौभाग्ययुक्त ती पार्वती नामक आफ्नो सन्तानलाई हेरेर तृप्त हुँदैन थिए, किनभने हे मुनीश्वर! वसन्त ऋतुमा नाना प्रकारका पुष्पहरूमा रस हुँदामा पनि भ्रमराहरू आँपको रुखमा नै विशेष रूपले आसक्त हुन्छन्॥ १८-१९॥

ती पर्वतराज हिमालय ती पार्वतीबाट त्यसै गरी पवित्र तथा विभूषित भए, जसरी संस्कारबाट युक्त वाणीले विद्वान् पवित्र तथा विभूषित हुन्छन्॥ २०॥

जसरी महान् प्रभावशाली शिखाबाट भवनका दीयो एवं त्रिमार्गगामिनी गंगाबाट सन्मार्ग शोभित हुन्छन्, त्यसै गरी पार्वतीद्वारा पर्वतराज सुशोभित भए॥ २१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कन्दुकैः कृत्रिमैः पुत्रैः सखीमध्यगता च सा।
गङ्गासैकतवेदीभिर्बाल्ये रेमे मुहुर्मुहुः॥ २२

ती पार्वती बाल्यकालमा आफ्ना साथीहरूका साथ कन्दुक (भकुण्डो), कृत्रिम पुत्र [पुतली] तथा गंगाका बालुवाद्वारा वेदि बनाएर क्रीडा गर्नुहुन्थ्यो॥ २२॥

अथ देवी शिवा सा चोपदेशसमये मुने।
पपाठ विद्याः सुप्रीत्या यतचित्ता च सद्गुरोः॥ २३

प्राक्तना जन्मविद्यास्तां शरदीव प्रपेदिरे।
हंसालिः स्वर्णदीं नक्तमात्मभासो महौषधिम्॥ २४

इत्थं सुवर्णिता लीला शिवायाः काचिदेव हि।
अन्यलीलां प्रवक्ष्येऽहं शृणु त्वं प्रेमतो मुने॥ २५

त्यसै सिलसिलामा हे मुनि! ती शिवा देवी उपदेशको समय एकाग्रचित्त भएर सद्गुरुबाट अत्यन्त प्रीतिपूर्वक सबै विद्याहरू पढ्न लाग्नुभयो। जसरी शरद् ऋतुमा हाँसका पंक्ति गंगालाई तथा रात्रिमा अमृतमयी चन्द्र किरण औषधिहरूलाई प्राप्त हुन्छन्, त्यसै गरी ती पार्वतीलाई पूर्वजन्मका विद्याहरू स्वयं प्राप्त भए। हे मुनि! यस प्रकार मैले शिवाका केही लीला मात्र तपाईंसित वर्णन गरेँ, अब अरू लीलाको पनि वर्णन गर्ने छु, तपाईं प्रेमपूर्वक सुन्नुहोस्॥ २३-२५॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे पार्वतीबाल्यलीलावर्णनं नाम सप्तमोऽध्यायः॥ ७॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहितको तृतीय पार्वतीखण्डमा पार्वतीको बाल्यलीला वर्णन नामक सातौँ अध्याय पूर्ण भयो॥ ७॥

अथाष्टमोऽध्यायः

नारद मुनि हिमालयकहाँ जानु, त्यहाँ पार्वतीको हात हेरेर भावी लक्षणहरू बताउनु, चिन्तित हिमवान्लाई शिवमहिमा बताउनु तथा शिवसित विवाह गरिदिन परामर्श दिनु

ब्रह्मोवाच

एकदा त्वं शिवज्ञानी शिवलीलाविदां वरः।
हिमाचलगृहं प्रीत्यागमस्त्वं शिवप्रेरितः॥ १

दृष्ट्वा मुने गिरीशस्त्वां नत्वानर्च स नारद।
आहूय च स्वतनयां त्वदङ्घ्र्योस्तामपातयत्॥ २

ब्रह्मा भन्नुहुन्छ—हे नारद! कुनै एक समयको कुरा हो, तपाईं शिवबाट प्रेरित भएर प्रसन्नतापूर्वक हिमालयको घर जानुभयो। तपाईं शिवतत्त्वका ज्ञाता र शिव लीलाका जानकारहरूमा श्रेष्ठ हुनुहुन्छ। हे मुनि! गिरिराज हिमालयले तपाईंलाई देखेर प्रणाम गरी तपाईंको पूजा गरे र आफ्नी पुत्रीलाई बोलाएर उनीबाट तपाईंका चरणमा प्रणाम गराए॥ १-२॥

पुनर्नत्वा मुनीश त्वामुवाच हिमभूधरः।
साञ्जलिः स्वविधिं मत्वा बहुसन्नतमस्तकः॥ ३

हे मुनीश्वर! तत्पश्चात् स्वयं नमस्कार गरी हिमाचल आफ्नो सौभाग्यको सराहना गरी शिर झुकाएर हात जोडेर तपाईंसित भन्न लागे—॥ ३॥

हिमालय उवाच

हे मुने नारद ज्ञानिन् ब्रह्मपुत्रवर प्रभो।
सर्वज्ञस्त्वं सकरुणः परोपकरणे रतः॥ ४

मत्सुताजातकं ब्रूहि गुणदोषसमुद्भवम्।
कस्य प्रिया भाग्यवती भविष्यति सुता मम॥ ५

हिमालय भन्दछन्—हे मुनि! हे नारद! हे ज्ञानी! हे ब्रह्माका पुत्रहरूमा श्रेष्ठ! हे प्रभु! तपाईं सर्वज्ञ हुनुहुन्छ, दयामय हुनुहुन्छ र अरूको उपकारमा लागिरहनेवाला हुनुहुन्छ। गुण-दोषलाई प्रकट गर्नुहुने तपाईं मेरी पुत्रीको जन्मफलको वर्णन गर्नुहोस्, मेरी सौभाग्यवती पुत्री कसकी पत्नी हुने छिन्?॥ ४-५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

इत्युक्तो मुनिवर्य त्वं गिरीशेन हिमाद्रिणा।
विलोक्य कालिकाहस्तं सर्वाङ्गं च विशेषतः॥ ६

अवोचस्त्वं गिरिं तात कौतुकी वाग्विशारदः।
ज्ञानी विदितवृत्तान्तो नारदः प्रीतमानसः॥ ७

ब्रह्मा भन्नुहुन्छ—हे मुनिश्रेष्ठ! हे तात! गिरिराज हिमालयले यस्तो भन्नुभएपछि कालिकाको हात र विशेष रूपले उहाँका सम्पूर्ण अंगहरूलाई हेरेर कौतुकी, बोल्नमा चतुर, ज्ञानी र सबै वृत्तान्तहरूलाई जान्नुहुने तपाईं नारद प्रसन्नचित्त भएर पर्वतराजसित भन्न लाग्नुभयो—॥ ६-७॥

नारद उवाच

एषा ते तनया मेने सुधांशोरिव वर्धिता।
आद्या कला शैलराज सर्वलक्षणशालिनी॥ ८

स्वपतेः सुखदात्यन्तं पित्रोः कीर्तिविवर्धिनी।
महासाध्वी च सर्वासु महानन्दकरी सदा॥ ९

नारद भन्नुहुन्छ—हे शैलराज! हे मेना! तपाईंकी यी पुत्री चन्द्रमाको आदि कला समान बढिरहेकी छिन्, यी समस्त शुभ लक्षणहरूले सम्पन्न छिन्॥ ८॥

यी आफ्नो पतिका लागि अत्यन्त सुखदायिनी, माता-पिताको कीर्तिलाई बढाउने, समस्त नारीहरूमा परम साध्वी र [स्वजनहरूलाई] सदा महान् आनन्द दिने हुने छिन्॥ ९॥

सुलक्षणानि सर्वाणि त्वत्सुतायाः करे गिरे।
एका विलक्षणा रेखा तत्फलं शृणु तत्त्वतः॥ १०

योगी नग्नोऽगुणोऽकामी मातृतातविवर्जितः।
अमानोऽशिववेषश्च पतिरस्याः किलेदृशः॥ ११

हे गिरिराज! तपाईंकी पुत्रीको हातमा उत्तम लक्षण विद्यमान छन्, केवल एक रेखा विलक्षण छ, त्यसको फल यथार्थरूपले सुन्नुहोस्। यिनलाई यस्तो पति प्राप्त हुने छ, जो योगी, नग्न, निर्गुण, निष्काम, माता-पिताबाट रहित, मानविहीन र अमंगल वेष भएका हुने छन्॥ १०-११॥

ब्रह्मोवाच

इत्याकर्ण्य वचस्ते हि सत्यं मत्वा च दम्पती।
मेना हिमाचलश्चापि दुःखितौ तौ बभूवतुः॥ १२

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] तपाईंको यस कुरालाई सुनी सत्य मानेर ती मेना तथा हिमालय—दुवै पति-पत्नी धेरै दुःखी भए॥ १२॥

शिवाकर्ण्यवचस्ते हि तादृशं जगदम्बिका।
लक्षणैस्तं शिवं मत्वा जहर्षाति मुने हृदि॥ १३

तर हे मुनि! जगदम्बा शिवा तपाईंको त्यस प्रकारको वचनलाई सुनेर र यी लक्षणहरूले युक्त ती शिवलाई मानेर मन-मनै अत्यन्त हर्षित हुनुभयो॥ १३॥

न मृषा नारदवचस्त्विति संचिन्त्य सा शिवा।
स्नेहं शिवपदद्वन्द्वे चकाराति हृदा तदा॥ १४

नारदका कुरा कहिल्यै झूठो हुन सक्तैन—यो सोचेर ती शिवा शिवका युगलचरणहरूमा सम्पूर्ण हृदयले अत्यन्त स्नेह गर्न लाग्नुभयो॥ १४॥

उवाच दुखितः शैलस्त्वां तदा हृदि नारद।
कमुपायं मुने कुर्यामतिदुःखमभूदिति॥ १५

हे नारद! त्यस समय मन-मनै दुःखी भई हिमवान्‌ले तपाईंसित भने—मुनि! [त्यस रेखाको फल सुनेर] मलाई ठुलो दुःख भएको छ, म के उपाय गरूँ?॥ १५॥

तच्छ्रुत्वा त्वं मुने प्रात्थ महाकौतुककारकः।
हिमाचलं शुभैर्वाक्यैर्हर्षयन्वाग्विशारदः॥ १६

हे मुनि! यो सुनेर महान् कौतुक गर्नुहुने र वार्तालापविशारद तपाईं मंगलकारी वचनहरूद्वारा हिमाचललाई हर्षित पार्दै भन्न लाग्नुभयो—॥ १६॥

नारद उवाच

स्नेहाच्छृणु गिरे वाक्यं मम सत्यं मृषा न हि।
करेरखा ब्रह्मलिपिर्न मृषा भवति ध्रुवम्॥ १७

नारद भन्नुहुन्छ—हे गिरिराज! तपाईं स्नेहपूर्वक सुन्नुहोस्। मेरो कुरा सत्य हो, त्यो झूठो हुँदैन। हातका रेखा ब्रह्माका लिपि हुन्। निश्चय नै त्यो झुटो हुँदैन॥ १७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तादृशोऽस्याः पतिः शैल भविष्यति न संशयः।
तत्रोपायं शृणु प्रीत्या यं कृत्वा लप्स्यसे सुखम्॥ १८

तादृशोऽस्ति वरः शम्भुः लीलारूपधरः प्रभुः।
कुलक्षणानि सर्वाणि तत्र तुल्यानि सद्गुणैः॥ १९

प्रभौ दोषो न दुःखाय दुःखदोऽत्यप्रभौ हि सः।
रविपावकगङ्गानां तत्र ज्ञेया निदर्शना॥ २०

तस्माच्छिवाय कन्यां स्वां शिवां देहि विवेकतः।
शिवः सर्वेश्वरः सेव्योऽविकारी प्रभुरव्ययः॥ २१

शीघ्रप्रसादः स शिवः तां ग्रहीष्यत्यसंशयम्।
तपःसाध्यो विशेषेण यदि कुर्याच्छिवा तपः॥ २२

सर्वथा सुसमर्थो हि स शिवः सकलेश्वरः।
कुलिशस्यापि विध्वंसी ब्रह्माधीनः सुखप्रदः॥ २३

ब्रह्मोवाच

इत्युक्त्वा त्वं पुनस्तात कौतुकी ब्रह्मविन्मुने।
शैलराजमवोचो हि हर्षयन्वचनैः शुभैः॥ २४

भाविनी दयिता शम्भोः सानुकूला सदा हरे।
महासाध्वी सुव्रता च पित्रोः सुखविवर्धिनी॥ २५

शम्भोश्चित्तं वशे चैषा करिष्यति तपस्विनी।
स चाप्येनामृते योषां न ह्यन्यामुद्वहिष्यति॥ २६

एतयोः सदृशं प्रेम न कस्याप्येव तादृशम्।
भूतं वा भविता वापि नाधुना च प्रवर्तते॥ २७

अनयोः सुरकार्याणि कर्तव्यानि मृतानि च।
यानि यानि नगश्रेष्ठ जीवितानि पुनः पुनः॥ २८

अनया कन्यया तेऽद्रे अर्धनारीश्वरो हरः।
भविष्यति तथा हर्षदिनयोर्मिलितं पुनः॥ २९

शरीरार्धं हरस्यैषा हरिष्यति सुता तव।
तपःप्रभावात्संतोष्य महेशं सकलेश्वरम्॥ ३०

हे शैल! यिनको पति त्यस्तै नै हुने छन्, यसमा संशय छैन, तर तपाईं यसको उपाय प्रेमपूर्वक सुन्नुहोस्, जसलाई गरेर तपाईं सुख प्राप्त गर्नुहुने छ॥ १८॥

त्यस्तो वर त लीलारूपधारी प्रभु शिव नै हुनुहुन्छ, उहाँमा समस्त कुलक्षण सद्‌गुणहरूकै समान हुन्छन्॥ १९॥

समर्थ पुरुषमा दोष दुःखको कारण हुँदैन, असमर्थमा मात्र त्यो दुःखदायक हुन्छ। यस विषयमा सूर्य, अग्नि र गंगाको दृष्टान्त जान्नुपर्दछ॥ २०॥

यसैले तपाईं विवेकपूर्वक आफ्नी कन्या शिवा शिवलाई अर्पण गर्नुहोस्। भगवान् शिव सर्वेश्वर, सबैका सेव्य, निर्विकार, सामर्थ्यशाली र अविनाशी हुनुहुन्छ। विशेषतः उहाँ तपस्याले वशमा पर्नुहुन्छ। अतः यदि शिवा तप गर्नुहुन्छ भने चाँडै प्रसन्न हुनुहुने ती शिव उहाँलाई अवश्य ग्रहण गर्नुहुने छ॥ २१-२२॥

सर्वेश्वर शिव सब प्रकारले समर्थ तथा वज्र [-लेख]-लाई पनि विनाश गर्नेवाला हुनुहुन्छ। ब्रह्मा उहाँकै अधीन हुनुहुन्छ तथा उहाँ सबैलाई सुख दिनेवाला हुनुहुन्छ॥ २३॥

ब्रह्मा भन्नुहुन्छ—हे तात! हे ब्रह्मवेत्ता! हे मुनि! यस्तो भनेर कौतुक गर्नुहुने तपाईंले शुभ वचनहरूले गिरिराजलाई हर्षित पार्दै पुनः भन्नुभयो—॥ २४॥

पार्वती भगवान् शंकरकी पत्नी हुने छिन् र उनी सदा रुद्रदेवको अनुकूल रहने छिन्; किनभने उनी महासाध्वी र उत्तम व्रतको पालन गर्ने खालकी तथा माता-पिताको सुख बढाउने खालकी छिन्॥ २५॥

यी तपस्विनीले भगवान् शिवको मनलाई आफ्नो वशमा गर्ने छिन र उहाँ पनि यिनलाई बाहेक कुनै दोस्रो स्त्रीसित विवाह गर्नु हुने छैन॥ २६॥

यी दुवैको जस्तो प्रेम हुन्छ, त्यस्तो प्रेम न त कसैको भएको छ, न यस समयमा भएको छ र न भविष्यमा हुने नै छ॥ २७॥

हे गिरिश्रेष्ठ! यिनलाई देवताहरूको कार्य गर्नु छ, उनीहरूका जुन-जुन कार्य नष्टप्राय भएका छन्, ती सबको यिनीद्वारा पुनः उद्धार हुने छ॥ २८॥

हे गिरिराज! तपाईंकी यी कन्याबाट भगवान् हर अर्धनारीश्वर हुने छन्, यी दुवैको पुनः हर्षपूर्वक मिलन हुने छ॥ २९॥

तपाईंकी यी पुत्रीले तपस्याको प्रभावबाट सर्वेश्वर महेश्वरलाई सन्तुष्ट गरी उहाँको शरीरको आधा भागलाई आफ्नो अधिकारमा लिने छिन्॥ ३०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वर्णगौरी सुवर्णाभा तपसा तोष्य तं हरम्।
विद्युद्गौरतमा चेयं तव पुत्री भविष्यति॥ ३१

यी तपाईंकी कन्या आफ्नो तपस्याले ती शिवलाई सन्तुष्ट पारी विद्युत् तथा सुवर्ण समान गोरो वर्णकी हुने छिन्॥ ३१॥

गौरीति नाम्ना कन्या तु ख्यातिमेषा गमिष्यति।
सर्वदेवगणैः पूज्या हरिब्रह्मादिभिस्तथा॥ ३२

यसैले यी कन्या गौरी नामले विख्यात हुने छिन् र ब्रह्मा, विष्णु तथा समस्त देवगण यिनको पूजा गर्ने छन्॥ ३२॥

नान्यस्मै त्वमिमां दातुमिहार्हसि नगोत्तम।
इदं चोपांशु देवानां न प्रकाश्यं कदाचन॥ ३३

हे गिरिश्रेष्ठ! तपाईं यी कन्या अरू कसैलाई नदिनुहोस् र यो रहस्य देवताहरूसित कहिल्यै प्रकट नगर्नुहोस्॥ ३३॥

ब्रह्मोवाच

इति तस्य वचः श्रुत्वा देवर्षे तव नारद।
उवाच हिमवान्वाक्यं मुने त्वां वाग्विशारदः॥ ३४

ब्रह्मा भन्नुहुन्छ—हे देवर्षि! हे नारद! हे मुनि! तपाईंका यी वचन सुनेर वाक्यविशारद हिमालय तपाईंसित यो वाक्य भन्न लागे—॥ ३४॥

हिमालय उवाच

हे मुने नारद प्राज्ञ विज्ञप्तिं कांचिदेव हि।
करोमि तां शृणु प्रीत्यातस्त्वं प्रमुदमावह॥ ३५

हिमालय भन्दछन्—हे मुनि! हे नारद! हे प्राज्ञ! म तपाईंसित केही निवेदन गर्दै छु, तपाईं त्यसलाई प्रेमपूर्वक सुन्नुहोस् र आनन्दको अनुभव गर्नुहोस्॥ ३५॥

श्रूयते त्यक्तसङ्गः स महादेवो यतात्मवान्।
तपश्चरति सन्नित्यं देवानामप्यगोचरः॥ ३६

सुनिन्छ कि ती महादेव आसक्तिहरूको त्याग गरी आफ्नो मनलाई संयममा राख्दै नित्य तपस्या गर्नुहुन्छ र देवताहरूले पनि देख्न सक्तैनन्॥ ३६॥

स कथं ध्यानमार्गस्थः परब्रह्मार्पितं मनः।
भ्रंशयिष्यति देवर्षे तत्र मे संशयो महान्॥ ३७

हे देवर्षि! ध्यानमार्गमा स्थित भएका ती [भगवान् शंकर] परब्रह्ममा लगाएको आफ्नो मनलाई कसरी विचलित गर्नुहुन्छ, यस विषयमा मलाई महान् संशय छ॥ ३७॥

अक्षरं परमं ब्रह्म प्रदीपकलिकोपमम्।
सदाशिवाख्यं स्वं रूपं निर्विकारमजात्परम्॥ ३८
निर्गुणं सगुणं तच्च निर्विशेषं निरीहकम्।
अतः पश्यति सर्वत्र न तु बाह्यं निरीक्षते॥ ३९

बत्तीको ज्वालासमान प्रकाशमान, अविनाशी, प्रकृतिभन्दा पर, निर्विकार, निर्गुण, सगुण, निर्विशेष र निरीह जुन परब्रह्म छ, त्यही उहाँको आफ्नू सदाशिव नामक स्वरूप हो, अतः उहाँ त्यसैको सर्वत्र साक्षात्कार गर्नुहुन्छ। उहाँ कुनै बाह्य वस्तुप्रति दृष्टिपात गर्नु हुन्न॥ ३८-३९॥

इति स श्रूयते नित्यं किन्नराणां मुखान्मुने।
इहागतानां सुप्रीत्या किं तन्मिथ्यावचो ध्रुवम्॥ ४०

हे मुनि! यहाँ आएका किन्नरहरूका मुखबाट उहाँको विषयमा नित्य यस्तो सुनिन्छ, के यी कुरा झुटा मात्र हुन्॥ ४०॥

विशेषतः श्रूयते स साक्षान्नाम्ना तथा हरः।
समयं कृतवान्पूर्वं तन्मया गदितं शृणु॥ ४१

विशेषतः यो कुरा पनि सुनिन्छ कि ती भगवान् हरले पूर्व समयमा [सतीका समक्ष] प्रतिज्ञा गर्नुभएको थियो, म त्यो प्रतिज्ञा सुनाउँछु, तपाईं सुन्नुहोस्॥ ४१॥

न त्वामृतेऽन्यां वरये दाक्षायणि सति प्रिये।
भार्यार्थं न ग्रहीष्यामि सत्यमेतद् ब्रवीमि ते॥ ४२

[उहाँले भन्नुभएको थियो—] हे दाक्षायणी! हे सती! हे प्रिया! म तिमीलाई बाहेक अरू स्त्रीलाई न त वरण गर्ने छु तथा न त तिनलाई पत्नीरूपमा ग्रहण नै गर्ने छु, यो म तिमीसित सत्य भन्दै छु॥ ४२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इति सत्या समं तेन पुरैव समयः कृतः।
तस्यां मृतायां स कथं स्वयमन्यां ग्रहीष्यति॥ ४३

ब्रह्मोवाच

इत्युक्त्वा स गिरिस्तूष्णीमास तस्य पुरस्तव।
तदाकर्ण्याथ देवर्षे त्वं प्रावोचः सुतत्त्वतः॥ ४४

नारद उवाच

न वै कार्या त्वया चिंता गिरिराज महामते।
एषा तव सुता काली दक्षजा ह्यभवत्पुरा॥ ४५

सतीनामाभवत्तस्याः सर्वमङ्गलदं सदा।
सती सा वै दक्षकन्या भूत्वा रुद्रप्रियाभवत्॥ ४६

पितुर्यज्ञे तथा प्राप्यानादरं शंकरस्य च।
तं दृष्ट्वा कोपमाधायात्याक्षीद्देहं च सा सती॥ ४७

पुनः सैव समुत्पन्ना तव गेहेऽम्बिका शिवा।
पार्वती हरपत्नीयं भविष्यति न संशयः॥ ४८

एतत्सर्वं विस्तरात्त्वं प्रोक्तवान्भूभृते मुने।
पूर्वरूपं चरित्रं च पार्वत्याः प्रीतिवर्धनम्॥ ४९

तं सर्वं पूर्ववृत्तान्तं काल्या मुनिमुखाद्गिरिः।
श्रुत्वा सपुत्रदारः स तदा निःसंशयोऽभवत्॥ ५०

ततः काली कथां श्रुत्वा नारदस्य मुखात्तदा।
लज्जयाधोमुखी भूत्वा स्मितविस्तारिताननां॥ ५१

करेण तां तु संस्पृश्य श्रुत्वा तच्चरितं गिरिः।
मूर्ध्नि शश्वत्तथाघ्राय स्वासनान्ते न्यवेशयत्॥ ५२

ततस्त्वं तां पुनर्दृष्ट्वावोचस्तत्र स्थितां मुने।
हर्षयन् गिरिराजं च मेनकां तनयैः सह॥ ५३

सिंहासनं तु किन्त्वस्याः शैलराज भवेदतः।
शम्भोरूरौ सदैतस्या आसनं तु भविष्यति॥ ५४

हरेरूर्वासनं प्राप्य तनया तव सन्ततम्।
न यत्र कस्यचिद् दृष्टिर्मानसं वा गमिष्यति॥ ५५

यस प्रकार सतीका साथ उहाँले पहिल्यै प्रतिज्ञा गर्नुभएको छ। अहिले सती स्वर्गीय भएपछि उहाँ अर्की स्त्रीलाई कसरी ग्रहण गर्नुहुन्छ ?॥ ४३॥

ब्रह्मा भन्नुहुन्छ—हे देवर्षि! यो भनेर ती गिरिले तपाईंका सामुन्ने मौन धारण गरे, तब त्यसलाई सुनेर तपाईं तत्त्वपूर्वक यो कुरा भन्न लाग्नुभयो—॥ ४४॥

नारद भन्नुहुन्छ—हे गिरिराज! हे महामति! तपाईंले चिन्ता गरिरहनु पर्दैन, तपाईंकी यी कन्या काली पूर्व समयमा दक्षकी पुत्री हुनुहुन्थ्यो॥ ४५॥

त्यस समय उहाँको नाम सती थियो, जसले सदा मंगल प्रदान गर्नुहुन्थ्यो। ती सती दक्षकन्या भएर रुद्रकी प्रिया बन्नुभएको थियो॥ ४६॥

ती सतीले आफ्नो पिताको यज्ञमा पाएको अनादर तथा भगवान् शंकरको पनि अपमान भएको देखेर सहन नसकी आफ्नो शरीर त्याग्नुभएको थियो॥ ४७॥ उनै अम्बिका शिवा तपाईंको घरमा उत्पन्न हुनुभएको छ। यी पार्वती भगवान् शंकरकी पत्नी हुनुहुने छ, यसमा सन्देह छैन॥ ४८॥

[ब्रह्माले भन्नुभयो—] हे मुनि! त्यस समय तपाईंले पार्वतीका यी सबै प्रीतिवर्धक पूर्वजन्म तथा चरित्र विस्तारपूर्वक गिरिराजसित भन्नुभएको थियो॥ ४९॥

मुनिको मुखबाट कालीको सम्पूर्ण पूर्व वृत्तान्तलाई सुनेर पुत्र-स्त्रीसहित ती गिरि सन्देहरहित भए॥ ५०॥

तत्पश्चात् कालीले नारदका मुखबाट त्यस कथालाई सुनेर लज्जाले मुख तल गर्नुभयो र उहाँको मुखमा मुस्कान छायो॥ ५१॥

उहाँको चरित्रलाई सुनेर, हातले उहाँको स्पर्श गरी पटक-पटक उहाँको शिर सूँघेर हिमालयले उहाँलाई आफ्नो आसनको नजिकै बसाए॥ ५२॥

अनि हे मुनि! तपाईं त्यहाँ बस्नुभएकी ती कालीलाई देखेर पुत्रसहित गिरिराज एवं मेनालाई प्रसन्न पार्दै भन्न लाग्नुभयो—हे शैलराज! यी पार्वती बस्नका लागि यो सिंहासन के हो र ? यिनको आसन त सदा शम्भुको ऊरुदेश हुनेछ। यी तिम्री तनयाले शिवको ऊरुको आसन प्राप्त गर्नुहुने छ, जहाँ कसैको दृष्टि अथवा मनसम्म जान सक्तैन॥ ५३—५५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

इति वचनमुदारं नारद त्वं गिरीशं
त्रिदिवमगम उक्त्वा तत्क्षणादेव प्रीत्या।
गिरिपतिरपि चित्ते चारुसंमोदयुक्तः
स्वगृहमगमदेवं सर्वसम्पत्समृद्धम्॥ ५६

ब्रह्मा भन्नुहुन्छ—हे नारद! यस प्रकार गिरिराजसित उदार वचन भनेर तपाईं त्यहाँबाट स्वर्ग जानुभयो र ती गिरिराज पनि चित्तमा प्रसन्न भएर सम्पूर्ण समृद्धिहरूले युक्त आफ्नो घर गए॥ ५६॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे नारदहिमालयसंवादवर्णनं नामाष्टमोऽध्यायः॥ ८॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा नारदहिमालयसंवादवर्णन नामक आठौँ अध्याय पूर्ण भयो॥ ८॥

अथ नवमोऽध्यायः

पार्वतीको विवाहको सम्बन्धमा मेना र हिमालयको वार्तालाप, पार्वती र हिमालयद्वारा देखिएका आफ्ना सपनाको वर्णन

नारद उवाच

विधे तात त्वया शैववर प्राज्ञाद्भुता कथा।
वर्णिता करुणां कृत्वा प्रीतिर्मे वर्धिताधिका॥ १

विधे गते स्वकं धाम मयि वै दिव्यदर्शने।
ततः किमभवत्तात कृपया तद्वदाधुना॥ २

नारद भन्नुहुन्छ—हे विधि! हे तात! हे शिव-भक्तहरूमा श्रेष्ठ! हे प्राज्ञ! हजुरले करुणा गरी [भगवान् शिवका] यी अद्भुत कथा भन्नुभयो, त्यसबाट [मेरो मनमा] अत्यन्त प्रीति बढेकै छ। हे विधि! जब दिव्य दृष्टि भएको म आफ्नो स्थानमा गएँ, तब हे तात! के भयो? अब कृपा गरी त्यो मलाई बताउनुहोस्॥ १-२॥

ब्रह्मोवाच

गते त्वयि मुने स्वर्गे कियत्काले गते सति।
मेना प्राप्यैकदा शैलनिकटं प्रणनाम सा॥ ३
स्थित्वा सविनयं प्राह स्वनाथं गिरिकामिनी।
तत्र शैलाधिनाथं सा प्राणप्रियसुता सती॥ ४

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! तपाईं स्वर्ग जानुभएपछि केही समय पश्चात् मेनाले हिमालयको नजिक गएर उनलाई प्रणाम गरिन्। तत्पश्चात् पुत्रीलाई प्राणहरूभन्दा पनि धेरै चाहने साध्वी गिरिप्रिया मेना त्यहाँ बसेर आफ्ना पति गिरिराजसित विनयपूर्वक भन्न लागिन्॥ ३-४॥

मेनोवाच

मुनिवाक्यं न बुद्धं मे सम्यङ् नारीस्वभावतः।
विवाहं कुरु कन्यायाः सुन्दरेण वरेण ह॥ ५

सर्वथा हि भवेत्तत्रोद्वाहोऽपूर्वसुखावहः।
वरश्च गिरिजायास्तु सुलक्षणकुलोद्भवः॥ ६

प्राणप्रिया सुता मे हि सुखिता स्याद्यथा प्रिया।
सद्वरं प्राप्य सुप्रीता तथा कुरु नमोऽस्तु ते॥ ७

मेना भन्दछिन्—स्त्री-स्वभावका कारण मुनिको कुरालाई मैले राम्ररी बुझ्न सकिन, [मेरो त यो प्रार्थना छ कि] तपाईं कन्याको विवाह कुनै सुन्दर वरका साथ गरिदिनुहोस्। यो विवाह सर्वथा अपूर्व सुखदायक हुनुपर्ने छ। गिरिजाको वर शुभ लक्षणहरूले सम्पन्न र कुलीन हुनुपर्ने छ। मेरी पुत्री मलाई प्राणहरूभन्दा पनि धेरै प्रिय छिन्। यी प्रिया उत्तम वर पाएर जुन प्रकार प्रसन्न र सुखी हुन सक्ने छिन्, त्यस्तै गर्नुहोस्, तपाईंलाई मेरो नमस्कार छ॥ ५—७॥

ब्रह्मोवाच

इत्युक्त्वाश्रुमुखी मेना पत्यङ्घ्र्योः पतिता तदा।
तामुत्थाप्य गिरिः प्राह यथावत्प्राज्ञसत्तमः॥ ८

ब्रह्मा भन्नुहुन्छ—यस्तो भनेर अश्रुयुक्त मुख भएकी मेना पतिका चरणहरूमा लडिन्, तब बुद्धिमानहरूमा श्रेष्ठ हिमवान्‌ले उनलाई उठाएर यथोचित कुरा भन्न लागे—॥ ८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिमालय उवाच

शृणु त्वं मेनके देवि यथार्थं वच्मि तत्त्वतः।
भ्रमं त्यज मुनेर्वाक्यं वितथं न कदाचन॥ ९

यदि स्नेहः सुतायास्ते सुतां शिक्षय सादरम्।
तपः कुर्याच्छंकरस्य सा भक्त्या स्थिरचेतसा॥ १०

चेत्प्रसन्नः शिवः काल्याः पाणिं गृह्णाति मेनके।
सर्वं भूयाच्छुभं नश्येन्नारदोक्तममङ्गलम्॥ ११

अमङ्गलानि सर्वाणि मङ्गलानि सदा शिवे।
तस्मात्सुतां शिवप्राप्त्यै तपसे शिक्षय द्रुतम्॥ १२

हिमालय भन्दछन्—हे देवी! हे मेनका! म यथार्थ र तत्त्वको कुरा बताउँदै छु, सुन। तिमी भ्रम त्याग। मुनिका कुरा कहिल्यै झूठो हुन सक्तैन। यदि तिमीलाई पुत्रीप्रति स्नेह छ भने उनलाई सादर शिक्षा देऊ कि उनी भक्तिपूर्वक सुस्थिर चित्तले शंकरका लागि तप गरून्। हे मेनके! यदि शिव प्रसन्न भएर कालीको पाणिग्रहण गर्नुहुन्छ भने सबै शुभ नै हुनेछ र नारदले बताएका अमंगल नष्ट हुने छन्। शिवको समीप सारा अमंगल सदा मंगलरूप हुन जान्छ, यसैले तिमीले शिवको प्राप्तिका लागि पुत्रीलाई तपस्या गर्न चाँडै शिक्षा दिनुपर्छ॥ ९—१२॥

ब्रह्मोवाच

इत्याकर्ण्य गिरेर्वाक्यं मेना प्रीततराभवत्।
सुतोपकंठमगमदुपदेष्टुं तपोरुचिम्॥ १३
सुताङ्गं सुकुमारं हि दृष्ट्वातीवाथ मेनका।
विव्यथे नेत्रयुगमे चाश्रुपूर्णेऽभवतां द्रुतम्॥ १४
सुतां समुपदेष्टुं तन्न शशाक गिरिप्रिया।
बुबुधे पार्वती तद्वै जननीङ्गितमाशु सा॥ १५
अथ सा कालिका देवी सर्वज्ञा परमेश्वरी।
उवाच जननीं सद्यः समाश्वास्य पुनः पुनः॥ १६

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] हिमवान्का यी कुरा सुनेर मेना परम प्रसन्न भइन्। उनी तपस्यामा रुचिको उपदेश दिनका लागि पुत्रीकहाँ गइन्। पुत्रीको सुकुमार शरीरमा दृष्टिपात गरी मेनालाई ठुलो कष्ट भयो र उनका दुवै नेत्रमा तत्काल आँसू भरिए॥ १३-१४॥

तब गिरिप्रिया मेनाले पुत्रीलाई उपदेश दिन सकिनन्, तर माताको त्यस चेष्टालाई ती पार्वतीले तत्काल बुझ्नुभयो। त्यसपछि ती सर्वज्ञ परमेश्वरी कालिका देवी मातालाई वारम्वार आश्वासन दिँदै भन्न लाग्नुभयो॥ १५-१६॥

पार्वत्युवाच

मातः शृणु महाप्राज्ञेऽद्यतनेऽजमुहूर्तके।
रात्रौ दृष्टो मया स्वप्नस्तं वदामि कृपां कुरु॥ १७

विप्रश्चैव तपस्वी मां सदयः प्रीतिपूर्वकम्।
उपादिदेश सुतपः कर्तुं मातः शिवस्य वै॥ १८

पार्वती भन्नुहुन्छ—हे माता! हे महाप्राज्ञा! सुन्नुहोस्, आजको रात्रिको ब्राह्ममुहूर्तमा मैले एउटा सपना देखेकी छु, त्यसलाई बताउँछु, तपाईं कृपा गर्नुहोस्। हे माता! एकजना दयालु एवं तपस्वी ब्राह्मणले प्रसन्नतापूर्वक मलाई शिवको निमित्त उत्तम तपस्या गर्ने उपदेश दिएका छन्॥ १७-१८॥

ब्रह्मोवाच

तच्छ्रुत्वा मेनका शीघ्रं पतिमाहूय तत्र च।
तत्स्वप्नं कथयामास सुतादृष्टमशेषतः॥ १९
सुतास्वप्नमथाकर्ण्य मेनकातो गिरीश्वरः।
उवाच परमप्रीतः प्रियां सम्बोधयन्गिरा॥ २०

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] यो सुनेर मेनकाले त्यहाँ शीघ्र आफ्नो पतिलाई बोलाएर पुत्रीलाई हेर्दै त्यस सपनालाई पूर्णरूपले बताइन्। तब मेनकाबाट पुत्रीको सपनालाई सुनेर गिरिराज ज्यादै प्रसन्न भए र वाणीले पत्नीलाई सम्झाउँदै भन्न लागे— ॥ १९-२०॥

गिरीश्वर उवाच

हे प्रियेऽपररात्रान्ते स्वप्नो दृष्टो मयापि हि।
तं शृणु त्वं महाप्रीत्या वच्म्यहं ते समादरात्॥ २१

एकस्तपस्वी परमो नारदोक्तवराङ्गधृक्।
पुरोपकंठं सुप्रीत्या तपः कर्तुं समागतः॥ २२

गिरिराज भन्दछन्—हे प्रिया! मैले पनि रातको अन्तिम प्रहरमा एउटा सपना देखेको छु, म आदरपूर्वक त्यसलाई बताउँछु, तिमी प्रेमपूर्वक सुन। नारदद्वारा बताइएका वरका अंगहरू [लक्षणहरू]-लाई धारण गर्ने एकजना परम तपस्वी प्रसन्नताका साथ तपस्या गर्नका लागि मेरो नगरको निकट आए। तब म पनि अति प्रसन्न भएर आफ्नी पुत्रीलाई साथ लिएर त्यहाँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गृहीत्वा स्वसुतां तत्रागमं प्रीततरोऽप्यहम्।
मया ज्ञातः स वै शम्भुर्नारदोक्तवरः प्रभुः॥ २३

सेवार्थं तस्य तनयामुपदिश्य तपस्विनः।
तं वै प्रार्थितवांस्तस्यां न तदाङ्गीचकार सः॥ २४

अभूद्विवादः सुमहान्सांख्यवेदान्तसंमतः।
ततस्तदाज्ञया तत्र संस्थितासीत्सुता मम॥ २५

निधाय हृदि तं कामं सिषेवे भक्तितश्च सा।
इति दृष्टं मया स्वप्नं प्रोक्तवांस्ते वरानने॥ २६

ततो मेने कियत्कालं परीक्ष्यं तत्फलं प्रिये।
योग्यमस्तीदमेवेह बुध्यस्व त्वं मम ध्रुवम्॥ २७

ब्रह्मोवाच

इत्युक्त्वा गिरिराजश्च मेनका वै मुनीश्वर।
सन्तस्थतुः परीक्षन्तौ तत्फलं शुद्धचेतसौ॥ २८

इत्थं व्यतीतेऽल्पदिने परमेशः सतां गतिः।
सतीविरहसुव्यग्रो भ्रमन्सर्वत्र सूतिकृत्॥ २९

तत्राजगाम सुप्रीत्या कियद् गणयुतः प्रभुः।
तपः कर्तुं सतीप्रेमविरहाकुलमानसः॥ ३०

तपश्चकार स्वं तत्र पार्वती सेवने रता।
सखीभ्यां सहिता नित्यं प्रसन्नार्थमभूत्तदा॥ ३१

विद्धोऽपि मार्गणैः शम्भुर्विकृतिं नाप स प्रभुः।
प्रेषितेन सुरैः स्वात्ममोहनार्थं स्मरेण वै॥ ३२

दग्ध्वा स्मरं च तत्रैव स्ववह्निनयनेन सः।
स्मृत्वा मम वचः क्रुद्धो मह्यमन्तर्दधे ततः॥ ३३

ततः कालेन कियता विनाश्य गिरिजामदम्।
प्रसादितः सुतपसा प्रसन्नोऽभून्महेश्वरः॥ ३४

लौकिकाचारमाश्रित्य रुद्रो विष्णुप्रसादितः।
कालीं विवाहयामास ततोऽभूद् बहुमङ्गलम्॥ ३५

गएँ। [त्यस समय] मलाई ज्ञात भयो कि नारदद्वारा बताइएका वर भगवान् शम्भु यी नै हुन्। मैले ती तपस्वीको सेवाका लागि आफ्नी पुत्रीलाई उपदेश दिएर उहाँसित पनि प्रार्थना गरेँ कि हजुर यिनको सेवा स्वीकार गर्नुहोस्, परंतु त्यस समय उहाँले यिनलाई स्वीकार गर्नुभएन। त्यसै समय त्यहाँ सांख्य र वेदान्त अनुसार धेरै ठुलो विवाद हुन थाल्यो। त्यसपछि उहाँको आज्ञाले मेरी पुत्री त्यहीँ बसिन् र आफ्नो हृदयमा उहाँको कामना राखेर भक्तिपूर्वक उहाँको सेवा गर्न लागेँ। हे सुमुखी! मैले यही सपना देखेको थिएँ, जुन तिमीलाई बताइदिएँ। अतः हे मेना! हे प्रिये! केही समयसम्म यस सपनाको फलको परीक्षा गर्नुपर्छ, यस समय यही उचित लाग्दछ, अब तिमी यसैलाई मेरो निश्चित मत सम्झ॥ २१—२७॥

ब्रह्मा भन्नुहुन्छ—हे मुनीश्वर! यो भनेर ती गिरिराज तथा मेना शुद्धचित्त भई [केही कालपर्यन्त] स्वप्नफलको प्रतीक्षा गर्न लागे॥ २८॥

यसै सिलसिलामा अहिले केही समय बितेको थियो कि सृष्टिकर्ता तथा सज्जनहरूलाई गति दिनुहुने परमेश्वर शिव सतीको विरहले अत्यन्त व्याकुल भएर सर्वत्र घुम्दै गणहरूका साथ तप गर्नका लागि प्रेमपूर्वक त्यहाँ आउनुभयो। सतीको प्रेमविरहमा व्याकुल चित्त भएका ती त्यहीँ आफ्नो तप गर्न लाग्नुभयो। त्यस समय पार्वती आफ्ना दुई सखीहरूका साथ उहाँलाई प्रसन्न पार्नका लागि उहाँको सेवामा लागिरहनुभएको थियो॥ २९—३१॥

[त्यस समय] ती आत्मस्वरूप शिवलाई मोहित गर्नका लागि देवताहरूद्वारा पठाइएका कामदेवका बाणहरूले विद्ध भएर पनि भगवान् शम्भु विचलित हुनुभएन॥ ३२॥

आफ्नो नेत्राग्निबाट कामदेवलाई जलाएर मेरो वचनको स्मरण गरी उहाँ त्यहीँ अन्तर्धान हुनुभयो॥ ३३॥

तत्पश्चात् केही समय बितेपछि गिरिजाको अभिमान नाश गरी पुनः उनको कठोर तपस्याबाट प्रसन्न भएका महेश्वर प्रसन्न हुनुभयो॥ ३४॥

त्यसपछि विष्णुद्वारा प्रसन्न पारिएका रुद्रले लोकाचारको आश्रय लिएर पार्वतीसँग विवाह गर्नुभयो। त्यस अवसरमा धेरै मंगल भयो॥ ३५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इत्येतत्कथितं तात समासाच्चरितं विभोः।
शंकरस्य परं दिव्यं किं भूयः श्रोतुमिच्छसि॥ ३६

पुनः ब्रह्मा भन्नुहुन्छ—हे तात! यस प्रकार मैले संक्षेपमा विभु शंकरको अत्यन्त दिव्य चरित्र [तपाईंसित] भनैं, अब तपाईं अरू के सुन्न चाहनुहुन्छ?॥ ३६॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे स्वप्नवर्णनपूर्वकं संक्षेपशिवचरितवर्णनं नाम नवमोऽध्यायः॥ ९॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा स्वप्नवर्णनपूर्वक संक्षेपमा शिवचरित-वर्णन नामक नौवाँ अध्याय पूर्ण भयो॥ ९॥

अथ दशमोऽध्यायः

शिवको निधारबाट भौमोत्पत्ति

नारद उवाच

विष्णुशिष्य महाभाग विधे शैववर प्रभो।
शिवलीलामिमां व्यासात्प्रीत्या मे वक्तुमर्हसि॥ १

नारद भन्नुहुन्छ—हे विष्णुशिष्य! हे महाभाग! हे विधि! हे शिवभक्तहरूमा श्रेष्ठ! हे प्रभु! हजुर शिवको यस लीला प्रीतिपूर्वक विस्तारले मसित भन्नुहोस्॥ १॥

सतीविरहयुक् शम्भुः किं चक्रे चरितं तथा।
तपः कर्तुं कदायातो हिमवत्प्रस्थमुत्तमम्॥ २

सतीको विरहले युक्त भएर शिवले कुनचाहिँ चरित्र गर्नुभयो र उहाँ उत्तम हिमालय पर्वतमा तप गर्नका लागि कहिले आउनुभयो?॥ २॥

शिवाशिवविवादोऽभूत्कथं कामक्षयश्च वै।
तपः कृत्वा कथं प्राप शिवं शम्भुं च पार्वती॥ ३

शिवा र शिवको विवाद र कामदेवको विनाश कसरी भयो? पार्वतीले तपस्या गरी कसरी कल्याणकारी शम्भुलाई प्राप्त गर्नुभयो?॥ ३॥

तत्सर्वमपरं चापि शिवसच्चरितं परम्।
वक्तुमर्हसि मे ब्रह्मन्महानन्दकरं शुभम्॥ ४

हे ब्रह्मन्! यी सब कुराहरूलाई तथा महान् आनन्ददायक अरू सुन्दर शिवचरित्रहरूलाई मसित भन्नुहोस्॥ ४॥

सूत उवाच

इति श्रुत्वा नारदस्य प्रश्नं लोकाधिपोत्तमः।
विधिः प्रोवाच सुप्रीत्या स्मृत्वा शिवपदाम्बुजम्॥ ५

सूत भन्नुहुन्छ—नारदका यी प्रश्नलाई सुनेर लोकाधिपतिहरूमा श्रेष्ठ ब्रह्मा शिवका चरणकमलको ध्यान गरी अति प्रसन्नतापूर्वक भन्न लाग्नुभयो-॥ ५॥

ब्रह्मोवाच

देवर्षे शैववर्याद्य तद्यशः शृणु चादरात्।
पावनं मङ्गलकरं भक्तिवर्धनमुत्तमम्॥ ६

ब्रह्मा भन्नुहुन्छ—हे देवर्षि! हे शैववर्य! मंगल गर्ने, उत्तम भक्तिलाई बढाउने पावन शिव-चरित्र आदरपूर्वक सुन्नुहोस्॥ ६॥

आगत्य स्वगिरिं शम्भुः प्रियाविरहकातरः।
सस्मार स्वप्रियां देवीं सतीं प्राणाधिकां हृदा॥ ७

आफ्नो पर्वतमा आएर प्रियाको विरहबाट दुःखी शम्भुले प्राणहरूभन्दा पनि ठुलो आफ्नी प्रिया सती देवीको हृदयबाट स्मरण गर्नुभयो॥ ७॥

गणानाभाष्य शोचंस्तां तद्गुणान्प्रेमवर्धनान्।
वर्णयामास सुप्रीत्या दर्शयँल्लौकिकीं गतिम्॥ ८

उहाँ [आफ्ना] गणहरूलाई बोलाएर ती सतीका लागि शोक प्रकट गर्दै, लौकिक गति देखाउँदै उनको प्रेमवर्धक गुणहरूको अत्यन्त प्रेमपूर्वक वर्णन गर्न लाग्नुभयो॥ ८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिगम्बरो बभूवाथ त्यक्त्वा गार्हस्थ्यसद्गतिम्।
पुनर्बभ्राम लोकान्वै सर्वान् लीलाविशारदः॥ ९

लीलाविशारद ती शिव गृहस्थोचित उत्तम आचरणलाई छोडेर दिगम्बर हुनुभयो र पुनः सबै लोकमा भ्रमण गर्न लाग्नुभयो॥ ९॥

न प्राप दर्शनं क्वापि सतीविरहदुःखितः।
पुनश्च गिरिमायातः शंकरो भक्तशंकरः॥ १०

सतीको विरहले दुःखी हुनुभएका भगवान् शंकरलाई कहीँ पनि सतीको दर्शन प्राप्त भएन, तब भक्तहरूको कल्याण गर्नुहुने शिव पुनः [कैलास] पर्वतमा आउनुभयो॥ १०॥

समाधाय मनो यत्नात् समाधिं दुःखनाशनम्।
चकार च ददर्शासौ स्वरूपं निजमव्ययम्॥ ११

त्यसपछि उहाँले यत्नपूर्वक मनलाई एकाग्र गरी दुःख भगाउने समाधि लगाउनुभयो र आफ्नो अविनाशी स्वरूपको दर्शन गर्नुभयो॥ ११॥

इत्थं चिरतरं स्थाणुस्तस्थौ ध्वस्तगुणत्रयः।
निर्विकारी परं ब्रह्म मायाधीशः स्वयं प्रभुः॥ १२

यस प्रकार मायाधीश, त्रिगुणातीत, विकाररहित परब्रह्म स्वयंप्रभु सदाशिव स्थायी भएर समाधिमा धेरै दिनसम्म लीन रहनुभयो॥ १२॥

ततः समाधिं तत्याज व्यतीयुर्ह्यमिताः समाः।
यदा तदा बभूवाशु चरितं तद्वदामि वः॥ १३

जब [समाधि स्थित उहाँको] धेरै वर्ष बित्यो, तब उहाँले आफ्नो समाधिको त्याग गर्नुभयो। त्यस समय जुन चरित्र भयो, त्यो म तपाईंसित अहिले भन्दै छु॥ १३॥

प्रभोर्ललाटदेशात्तु यत्पृषच्छ्रमसंभवम्।
पपात धरणौ तत्र स बभूव शिशुर्द्रुतम्॥ १४

प्रभुको निधारबाट जुन पसिनाको थोपा पृथ्वीमा झर्‍यो, त्यसबाट तत्काल एउटा बालक उत्पन्न भयो॥ १४॥

चतुर्भुजोऽरुणाकारो रमणीयाकृतिर्मुने।
अलौकिकद्युतिः श्रीमाँस्तेजस्वी परदुस्सहः॥ १५

हे मुनि! त्यो चार हातहरूले युक्त, अरुण-वर्ण भएको, अत्यन्त मनोहर रूप भएको, अलौकिक तेजले सम्पन्न, श्रीमान्, तेजस्वी तथा शत्रुहरूका लागि दुःसह थियो॥ १५॥

रुरोद स शिशुस्तस्य पुरो हि परमेशितुः।
प्राकृतात्मजवत्तत्र भवाचाररतस्य हि॥ १६

त्यो बालक ती लोकाचाररत परमेश्वर शिवको अगाडि नजिकै गएर साधारण पुत्र झैँ रुन लाग्यो॥ १६॥

तदा विचार्य सुधिया धृत्वा सुस्त्रीतनुं क्षितिः।
आविर्बभूव तत्रैव भयमानीय शंकरात्॥ १७

तं बालं द्रुतमुत्थाप्य क्रोडायां निदधे वरम्।
स्तन्यं सापाययत्प्रीत्या दुग्धं चोपरिसम्भवम्॥ १८

त्यसै समय भगवान् शंकरबाट भयभीत भई पृथ्वी बुद्धिपूर्वक विचार गरी अत्यन्त सुन्दर स्त्रीको शरीर धारण गरी प्रकट भइन्। उनले शीघ्रतापूर्वक त्यस सुन्दर बालकलाई उठाएर आफ्नो काखमा राखिन् र प्रेमले त्यसलाई आफ्नू दूध पिलाउन लागिन्॥ १७-१८॥

चुचुम्ब तन्मुखं स्नेहात्स्मित्वा क्रीडयदात्मजम्।
सत्यभावात्स्वयं माता परमेशहितावहा॥ १९

यस प्रकार उनी परमेश्वरको हित-साधनका लागि सत्यभावले बालकको माता बनिन् र प्रेमपूर्वक हाँस्तै बालकको मुख चुम्न लागिन्॥ १९॥

तद् दृष्ट्वा चरितं शम्भुः कौतुकी सूतिकृत्कृती।
अन्तर्यामी विहस्याथोवाच ज्ञात्वा रसां हरः॥ २०

तब कौतुकी, सृष्टिकर्ता तथा अन्तर्यामी शम्भु यस चरित्रलाई देखेर उनलाई पृथ्वी जानेर हाँसो गरी उनीसित भन्नुहुन्छ—॥ २०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इत्येतत्कथितं तात समासाच्चरितं विभोः।
शंकरस्य परं दिव्यं किं भूयः श्रोतुमिच्छसि॥ ३६

पुनः ब्रह्मा भन्नुहुन्छ—हे तात! यस प्रकार मैले संक्षेपमा विभु शंकरको अत्यन्त दिव्य चरित्र [तपाईंसित] भनैं, अब तपाईं अरू के सुन्न चाहनुहुन्छ ?॥ ३६॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे स्वप्नवर्णनपूर्वकं संक्षेपशिवचरितवर्णनं नाम नवमोऽध्यायः॥ ९॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा स्वप्नवर्णनपूर्वक संक्षेपमा शिवचरित-वर्णन नामक नौवौं अध्याय पूर्ण भयो॥ ९॥

अथ दशमोऽध्यायः

शिवको निधारबाट भौमोत्पत्ति

नारद उवाच

विष्णुशिष्य महाभाग विधे शैववर प्रभो।
शिवलीलामिमां व्यासात्प्रीत्या मे वक्तुमर्हसि॥ १

नारद भन्नुहुन्छ—हे विष्णुशिष्य! हे महाभाग! हे विधि! हे शिवभक्तहरूमा श्रेष्ठ! हे प्रभु! हजुर शिवको यस लीला प्रीतिपूर्वक विस्तारले मसित भन्नुहोस्॥ १॥

सतीविरहयुक् शम्भुः किं चक्रे चरितं तथा।
तपः कर्तुं कदायातो हिमवत्प्रस्थमुत्तमम्॥ २

सतीको विरहले युक्त भएर शिवले कुनचाहिँ चरित्र गर्नुभयो र उहाँ उत्तम हिमालय पर्वतमा तप गर्नका लागि कहिले आउनुभयो ?॥ २॥

शिवाशिवविवादोऽभूत्कथं कामक्षयश्च वै।
तपः कृत्वा कथं प्राप शिवं शम्भुं च पार्वती॥ ३

शिवा र शिवको विवाद र कामदेवको विनाश कसरी भयो ? पार्वतीले तपस्या गरी कसरी कल्याणकारी शम्भुलाई प्राप्त गर्नुभयो ?॥ ३॥

तत्सर्वमपरं चापि शिवसच्चरितं परम्।
वक्तुमर्हसि मे ब्रह्मन्महानन्दकरं शुभम्॥ ४

हे ब्रह्मन्! यी सब कुराहरूलाई तथा महान् आनन्ददायक अरू सुन्दर शिवचरित्रहरूलाई मसित भन्नुहोस्॥ ४॥

सूत उवाच

इति श्रुत्वा नारदस्य प्रश्नं लोकाधिपोत्तमः।
विधिः प्रोवाच सुप्रीत्या स्मृत्वा शिवपदाम्बुजम्॥ ५

सूत भन्नुहुन्छ—नारदका यी प्रश्नलाई सुनेर लोकाधिपतिहरूमा श्रेष्ठ ब्रह्मा शिवका चरणकमलको ध्यान गरी अति प्रसन्नतापूर्वक भन्न लाग्नुभयो-॥ ५॥

ब्रह्मोवाच

देवर्षे शैववर्याद्य तद्यशः श‍ृणु चादरात्।
पावनं मङ्गलकरं भक्तिवर्धनमुत्तमम्॥ ६

ब्रह्मा भन्नुहुन्छ—हे देवर्षि! हे शैववर्य! मंगल गर्ने, उत्तम भक्तिलाई बढाउने पावन शिव-चरित्र आदरपूर्वक सुन्नुहोस्॥ ६॥

आगत्य स्वगिरिं शम्भुः प्रियाविरहकातरः।
सस्मार स्वप्रियां देवीं सतीं प्राणाधिकां हृदा॥ ७

आफ्नो पर्वतमा आएर प्रियाको विरहबाट दुःखी शम्भुले प्राणहरूभन्दा पनि ठुलो आफ्नी प्रिया सती देवीको हृदयबाट स्मरण गर्नुभयो॥ ७॥

गणानाभाष्य शोचंस्तां तद्गुणान्प्रेमवर्धनान्।
वर्णयामास सुप्रीत्या दर्शयँल्लौकिकीं गतिम्॥ ८

उहाँ [आफ्ना] गणहरूलाई बोलाएर ती सतीका लागि शोक प्रकट गर्दै, लौकिक गति देखाउँदै उनको प्रेमवर्धक गुणहरूको अत्यन्त प्रेमपूर्वक वर्णन गर्न लाग्नुभयो॥ ८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिगम्बरो बभूवाथ त्यक्त्वा गार्हस्थ्यसद्गतिम्।
पुनर्बभ्राम लोकान्वै सर्वान् लीलाविशारदः॥ ९

लीलाविशारद ती शिव गृहस्थोचित उत्तम आचरणलाई छोडेर दिगम्बर हुनुभयो र पुनः सबै लोकमा भ्रमण गर्न लाग्नुभयो॥ ९॥

न प्राप दर्शनं क्वापि सतीविरहदुःखितः।
पुनश्च गिरिमायातः शंकरो भक्तशंकरः॥ १०

सतीको विरहले दुःखी हुनुभएका भगवान् शंकरलाई कहीँ पनि सतीको दर्शन प्राप्त भएन, तब भक्तहरूको कल्याण गर्नुहुने शिव पुनः [कैलास] पर्वतमा आउनुभयो॥ १०॥

समाधाय मनो यत्नात् समाधिं दुःखनाशनम्।
चकार च ददर्शासौ स्वरूपं निजमव्ययम्॥ ११

त्यसपछि उहाँले यत्नपूर्वक मनलाई एकाग्र गरी दुःख भगाउने समाधि लगाउनुभयो र आफ्नो अविनाशी स्वरूपको दर्शन गर्नुभयो॥ ११॥

इत्थं चिरतरं स्थाणुस्तस्थौ ध्वस्तगुणत्रयः।
निर्विकारी परं ब्रह्म मायाधीशः स्वयं प्रभुः॥ १२

यस प्रकार मायाधीश, त्रिगुणातीत, विकाररहित परब्रह्म स्वयंप्रभु सदाशिव स्थायी भएर समाधिमा धेरै दिनसम्म लीन रहनुभयो॥ १२॥

ततः समाधिं तत्याज व्यतीयुर्ह्यमिताः समाः।
यदा तदा बभूवाशु चरितं तद्वदामि वः॥ १३

जब [समाधि स्थित उहाँको] धेरै वर्ष बित्यो, तब उहाँले आफ्नो समाधिको त्याग गर्नुभयो। त्यस समय जुन चरित्र भयो, त्यो म तपाईंसित अहिले भन्दै छु॥ १३॥

प्रभोर्ललाटदेशात्तु यत्पृषच्छ्रमसंभवम्।
पपात धरणौ तत्र स बभूव शिशुर्द्रुतम्॥ १४

प्रभुको निधारबाट जुन पसिनाको थोपा पृथ्वीमा झऱ्यो, त्यसबाट तत्काल एउटा बालक उत्पन्न भयो॥ १४॥

चतुर्भुजोऽरुणाकारो रमणीयाकृतिर्मुने।
अलौकिकद्युतिः श्रीमाँस्तेजस्वी परदुस्सहः॥ १५

हे मुनि! त्यो चार हातहरूले युक्त, अरुण-वर्ण भएको, अत्यन्त मनोहर रूप भएको, अलौकिक तेजले सम्पन्न, श्रीमान्, तेजस्वी तथा शत्रुहरूका लागि दुःसह थियो॥ १५॥

रुरोद स शिशुस्तस्य पुरो हि परमेशितुः।
प्राकृतात्मजवत्तत्र भवाचाररतस्य हि॥ १६

त्यो बालक ती लोकाचाररत परमेश्वर शिवको अगाडि नजिकै गएर साधारण पुत्र झैँ रुन लाग्यो॥ १६॥

तदा विचार्य सुधिया धृत्वा सुस्त्रीतनुं क्षितिः।
आविर्बभूव तत्रैव भयमानीय शंकरात्॥ १७
तं बालं द्रुतमुत्थाप्य क्रोडायां निदधे वरम्।
स्तन्यं सापाययत्प्रीत्या दुग्धं चोपरिसम्भवम्॥ १८

त्यसै समय भगवान् शंकरबाट भयभीत भई पृथ्वी बुद्धिपूर्वक विचार गरी अत्यन्त सुन्दर स्त्रीको शरीर धारण गरी प्रकट भइन्। उनले शीघ्रतापूर्वक त्यस सुन्दर बालकलाई उठाएर आफ्नो काखमा राखिन् र प्रेमले त्यसलाई आफ्नू दूध पिलाउन लागिन्॥ १७-१८॥

चुचुम्ब तन्मुखं स्नेहात्स्मित्वा क्रीडयदात्मजम्।
सत्यभावात्स्वयं माता परमेशहितावहा॥ १९

यस प्रकार उनी परमेश्वरको हित-साधनका लागि सत्यभावले बालकको माता बनिन् र प्रेमपूर्वक हाँस्तै बालकको मुख चुम्न लागिन्॥ १९॥

तद् दृष्ट्वा चरितं शम्भुः कौतुकी सूतिकृत्कृती।
अन्तर्यामी विहस्याथोवाच ज्ञात्वा रसां हरः॥ २०

तब कौतुकी, सृष्टिकर्ता तथा अन्तर्यामी शम्भु यस चरित्रलाई देखेर उनलाई पृथ्वी जानेर हाँसो गरी उनीसित भन्नुहुन्छ—॥ २०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धन्या त्वं धरणि प्रीत्या पालयैतं सुतं मम।
त्वय्युद्भूतं श्रमजलान्महातेजस्विनो वरम्॥ २१

हे धरणी! तिमी धन्य छौ, तिमी मेरो पुत्रको प्रेमपूर्वक पालन गर। यो श्रेष्ठ [बालक] मेरो महातेजस्वी पसिनाबाट तिमीमा उत्पन्न भएको छ॥ २१॥

मम श्रमकभूर्बालो यद्यपि प्रियकृत्क्षिते।
त्वन्नाम्ना स्याद्भवेत्ख्यातस्त्रितापरहितः सदा॥ २२

असौ बालः कुदाता हि भविष्यति गुणी तव।
ममापि सुखदाता हि गृहाणैनं यथारुचि॥ २३

हे क्षिती! यद्यपि मेरो श्रमजल (पसिना)-बाट उत्पन्न भएको यो बालक मलाई अति प्रिय छ, फेरि पनि यो तिम्रो नामबाट विख्यात हुने छ र सदा तीनवटै तापबाट रहित हुनेछ। यो बालक भूमिदान गर्ने, गुणहरूले सम्पन्न र तिमीलाई तथा मलाई पनि सुख प्रदान गर्ने खालको हुनेछ, अतः तिमी यसलाई रुचिअनुसार ग्रहण गर॥ २२-२३॥

ब्रह्मोवाच

इत्युक्त्वा विरराामथ किंचिद्विरहमुक्तधीः।
लोकाचारकरो रुद्रो निर्विकारी सतां प्रियः॥ २४

ब्रह्मा भन्नुहुन्छ—विरहवेदनाबाट केहीमात्र मुक्त हुनुभएका भगवान् शिव यस प्रकार भनेर चुप लाग्नुभयो। [वस्तुतः] निर्विकारी तथा सज्जनहरूका प्रिय ती प्रभु शिव लोकाचारको अनुसरण गर्नुहुन्छ॥ २४॥

अपि क्षितिर्जगामाशु शिवाज्ञामधिगम्य सा।
स्वस्थानं ससुता प्राप सुखमात्यंतिकं च वै॥ २५

तब शिवबाट आज्ञा लिएर पृथ्वी शीघ्र पुत्रसहित आफ्नो स्थानमा गइन् र उनी अत्यन्त सुखी भइन्॥ २५॥

स बालो भौम इत्याख्यां प्राप्य भूत्वा युवा द्रुतम्।
तस्यां काश्यां चिरं कालं सिषेवे शंकरं प्रभुम्॥ २६

विश्वेश्वरप्रसादेन ग्रहत्वं प्राप्य भूमिजः।
दिव्यं लोकं जगामाशु शुक्रलोकात्परं वरम्॥ २७

त्यो बालक भौम नाम प्राप्त गरी चाँडै युवा भई त्यस काशीमा धेरै समयसम्म शिवको सेवा गर्दै बस्यो। यस प्रकार त्यो भूमिपुत्र विश्वेश्वरको कृपाले ग्रहपद प्राप्त गरी शुक्रलोकभन्दा पनि माथि दिव्य लोकमा गयो॥ २६-२७॥

इत्युक्तं शम्भुचरितं सतीविरहसंयुतम्।
तपस्याचरणं शम्भोः शृणु चादरतो मुने॥ २८

हे मुनि! मैले सतीको विरहयुक्त शिव-चरित्र बताएँ, अब तपाईं शिवको तपस्याको आचरण आदरका साथ सुन्नुहोस्॥ २८॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे भौमोत्पत्तिशिवलीलावर्णनं नाम दशमोऽध्यायः॥ १०॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा भौमको उत्पत्ति तथा शिवलीला वर्णन नामक दसौँ अध्याय पूर्ण भयो॥ १०॥

अथैकादशोऽध्यायः

तपस्याका लागि हिमालयमा भगवान् शिवको आगमन, त्यहाँ पर्वतराज हिमालयसित वार्तालाप

ब्रह्मोवाच

वर्धमाना गिरेः पुत्री सा शक्तिर्लोकपूजिता।
अष्टवर्षा यदा जाता हिमालयगृहे सती॥ १॥

तज्जन्म गिरिशो ज्ञात्वा सतीविरहकातरः।
कृत्वा तामद्भुतामन्तर्मुमोदातीव नारद॥ २॥

ब्रह्मा भन्नुहुन्छ—हिमालयकी ती लोकपूजित पुत्री पार्वती उनको घरमा बढ्दै जब आठ वर्षको हुनुभयो, तब हे नारद! उहाँको जन्म [हिमालयको घरमा] जानेर सतीको विरहबाट दुःखी हुनुभएका शंकर सतीको यस अद्भुत लीलाबाट मन-मनै अत्यन्त प्रसन्न हुनुभयो॥ १-२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तस्मिन्नेवान्तरे शम्भुर्लौकिकीं गतिमाश्रितः।
समाधातुं मनः सम्यक् तपः कर्तुं समैच्छत॥ ३

त्यसै समय लौकिक गतिको आश्रय लिएर शम्भुले आफ्नो मनलाई एकाग्र गर्नका लागि तप गर्ने विचार गर्नुभयो॥ ३॥

कांश्चिद्गणवरान् शान्तान् नंद्यादीनवगृह्य च।
गङ्गावतारमगमद्धिमवत्प्रस्थमुत्तमम्॥ ४

यत्र गङ्गा निपतिता पुरा ब्रह्मपुरात्स्रुता।
सर्वाघौघविनाशाय पावनी परमा मुने॥ ५

नन्दी आदि केही शान्त, श्रेष्ठ पार्षदहरूलाई साथ लिएर उहाँ हिमालयको गंगावतार नामक उत्तम शिखरमा जानुभयो, हे मुनि! जहाँ पूर्वकालमा ब्रह्मधामबाट प्रवाहित भएर समस्त पापराशिको विनाश गर्नका लागि परम पावनी गंगा झरेकी थिइन्॥ ४-५॥

तपःप्रारम्भमकरोत्स्थित्वा तत्र वशी हरः।
एकाग्रं चिंतयामास स्वमात्मानमतन्द्रितः॥ ६

चेतो ज्ञानभवं नित्यं ज्योतीरूपं निरामयम्।
जगन्मयं चिदानन्दं द्वैतहीनं निराश्रयम्॥ ७

जितेन्द्रिय हरले त्यहीं रहेर तपस्या आरम्भ गर्नुभयो, उहाँ आलस्य त्यागेर चेतन, ज्ञानस्वरूप, नित्य, ज्योतिर्मय, निरामय, जगन्मय, चिदानन्दस्वरूप, द्वैतहीन तथा आश्रयरहित आफ्नो आत्मभूत परमात्माको एकाग्रभावले चिन्तन गर्न लाग्नुभयो॥ ६-७॥

हरे ध्यानपरे तस्मिन्प्रमथा ध्यानतत्पराः।
अभवन्केचिदपरे नन्दिभृंग्यादयो गणाः॥ ८

भगवान् हर ध्यानपरायण हुनुभएपछि नन्दी, भृंगी आदि केही अन्य पार्षदगण पनि ध्यानमा तत्पर भए॥ ८॥

सेवां चक्रुस्तदा केचिद्गणाः शम्भोः परात्मनः।
नैवाकूजंस्तु मौना हि द्वारपाः केचनाभवन्॥ ९

त्यस समय केही गण परमात्मा शम्भुको सेवक तथा केही द्वारपाल भए। ती सबै मौन रहन्थे र केही बोल्दैनथ्ये॥ ९॥

एतस्मिन्नन्तरे तत्र जगाम हिमभूधरः।
शङ्करस्यौषधिप्रस्थे श्रुत्वागमनमादरात्॥ १०

यसै समय गिरिराज हिमालय त्यस औषधि-शिखरमा भगवान् शंकरको आगमन सुनेर आदरपूर्वक त्यहाँ गए॥ १०॥

प्रणनाम प्रभुं रुद्रं सगणो भूधरेश्वरः।
समानर्च च सुप्रीतस्तुष्टाव स कृताञ्जलिः॥ ११

आफ्ना गणसहित गिरिराजले प्रभु रुद्रलाई प्रणाम गरे, उहाँको पूजा गरे र अत्यन्त प्रसन्न भई हात जोडेर [ती शिवको] स्तुति गर्न लागे॥ ११॥

हिमालय उवाच

देवदेव महादेव कपर्दिन् शंकर प्रभो।
त्वयैव लोकनाथेन पालितं भुवनत्रयम्॥ १२

हिमालय भन्दछन्—हे देवदेव! हे महादेव! हे कपर्दी! हे प्रभु! हे शंकर! हजुर लोकनाथले नै तीनै लोकहरूको पालन गर्नुभएको छ॥ १२॥

नमस्ते देवदेवेश योगिरूपधराय च।
निर्गुणाय नमस्तुभ्यं सगुणाय विहारिणे॥ १३

कैलासवासिने शम्भो सर्वलोकाटनाय च।
नमस्ते परमेशाय लीलाकाराय शूलिने॥ १४

परिपूर्णगुणाधानविकाररहिताय ते।
नमोऽनीहाय वीहाय धीराय परमात्मने॥ १५

योगीरूप धारण गर्नुहुने हे देवदेवेश! हजुरलाई नमस्कार छ, निर्गुण, सगुण तथा विहार गर्नुहुने हजुरलाई नमस्कार छ। हे शम्भु! हजुर कैलासवासी, सबै लोकमा विचरण गर्नुहुने, लीला गर्नुहुने, त्रिशूलधारी परमेश्वरलाई नमस्कार छ। [सबै प्रकारले] परिपूर्ण गुणहरूको आकर, विकाररहित, सर्वथा इच्छारहित भएर पनि इच्छा गर्नुहुने तथा धैर्यवान् हजुर परमात्मालाई नमस्कार छ॥ १३—१५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अबहिर्भोगकाराय जनवत्सल ते नमः।
त्रिगुणाधीश मायेश ब्रह्मणे परमात्मने॥ १६

विष्णुब्रह्मादिसेव्याय विष्णुब्रह्मस्वरूपिणे ।
विष्णुब्रह्मैकदात्रे ते भक्तप्रिय नमोऽस्तु ते॥ १७

हे जनवत्सल! हे त्रिगुणाधीश! हे मायापते! बाहिरी भोगहरूलाई ग्रहण नगर्नु हुने हजुर परब्रह्म परमात्मालाई नमस्कार छ। हे भक्तप्रिय! हजुर ब्रह्मा, विष्णु आदिद्वारा सेव्य, ब्रह्मा-विष्णुस्वरूप तथा विष्णु-ब्रह्मालाई सुख प्रदान गर्नुहुन्छ, हजुरलाई नमस्कार छ॥ १६-१७॥

तपोरत तपःस्थान सुतपःफलदायिने।
तपःप्रियाय शान्ताय नमस्ते ब्रह्मरूपिणे॥ १८

हे तपोरत! हे तपःस्थान! हजुर उत्तम तपस्याको फल प्रदान गर्नुहुने, तपस्यासित प्रेम गर्नुहुने, शान्त तथा ब्रह्मस्वरूप हुनुहुन्छ, हजुरलाई नमस्कार छ॥ १८॥

व्यवहारकरायैव लोकाचारकराय ते।
सगुणाय परेशाय नमोऽस्तु परमात्मने॥ १९

व्यवहार तथा लोकाचार गर्नुहुने हजुर सगुण, परेश परमात्मालाई नमस्कार छ॥ १९॥

लीला तव महेशानावेद्या साधुसुखप्रदा।
भक्ताधीनस्वरूपोऽसि भक्तवश्यो हि कर्मकृत्॥ २०

हे महेश्वर! हजुरका लीलालाई कोही जान्न सक्तैनन् र यो साधुहरूलाई सुखदायक छ। हजुर भक्तहरूको अधीन स्वरूपवाला तथा भक्तहरूका वशमा भएर कर्म गर्नुहुन्छ॥ २०॥

मम भाग्योदयादत्र त्वमागत इह प्रभो।
सनाथं कृतवान्मां त्वं वर्णितो दीनवत्सलः॥ २१

अद्य मे सफलं जन्म सफलं जीवनं मम।
अद्य मे सफलं सर्वं यदत्र त्वं समागतः॥ २२

हे प्रभु! मेरो भाग्यको उदय हुनाले नै हजुर यहाँ आउनुभएको छ। हजुरले मलाई सनाथ गरिदिनुभयो, यसैले हजुरलाई दीनवत्सल भन्दछन्। आज मेरो जन्म सफल भयो, मेरो जीवन सफल भयो, आज मेरो सबथोक सफल भयो, जो हजुर यहाँ आउनुभयो॥ २१-२२॥

ज्ञात्वा मां दासमव्यग्रमाज्ञां देहि महेश्वर।
त्वत्सेवां च महाप्रीत्या कुर्यामहमनन्यधीः॥ २३

हे महेश्वर! मलाई आफ्नु दास सम्झेर निःसंकोच आज्ञा दिनुहोस्, म अनन्य बुद्धि भएर बडो प्रेमले हजुरको सेवा गर्ने छु॥ २३॥

ब्रह्मोवाच

इत्याकर्ण्य वचस्तस्य गिरीशस्य महेश्वरः।
किंचिदुन्मील्य नेत्रे च ददर्श सगणं गिरिम्॥ २४

सगणं तं तथा दृष्ट्वा गिरिराजं वृषध्वजः।
उवाच ध्यानयोगस्थः स्मयन्निव जगत्पतिः॥ २५

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] गिरिराजका यी वचन सुनेर महेश्वरले अलिअलि आँखा उघारेर सेवकहरूसहित हिमालयलाई देख्नुभयो। सेवकहरूसहित गिरिराजलाई [उपस्थित] देखेर ध्यानयोगमा स्थित भएका जगदीश्वर वृषभध्वज मुस्कुराउँदै भन्न लाग्नुभयो—॥ २४-२५॥

महेश्वर उवाच

तव पृष्ठे तपस्तप्तुं रहस्यमहमागतः।
यथा न कोऽपि निकटं समायातु तथा कुरु॥ २६

महेश्वर भन्नुहुन्छ—[हे शैलराज!] म तपाईंको शिखरमा एकान्तमा तपस्या गर्नका लागि आएको छु, तपाईं यस्तो प्रबन्ध गर्नुहोस्, जसबाट कोही पनि मेरो निकट आउन नसकुन्॥ २६॥

त्वं महात्मा तपोधामा मुनीनां च सदाश्रयः।
देवानां राक्षसानां च परेषां च महात्मनाम्॥ २७

तपाईं महात्मा, तपस्याका धाम तथा मुनिहरू, देवताहरू, राक्षसहरू र अन्य महात्माहरूलाई सदा आश्रयदायक हुनुहुन्छ॥ २७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सदावासो द्विजादीनां गङ्गापूतश्च नित्यदा।
परोपकारी सर्वेषां गिरीणामधिपः प्रभुः॥ २८

अहं तपश्चराम्यत्र गङ्गावतरणे स्थले।
आश्रितस्तव सुप्रीतो गिरिराज यतात्मवान्॥ २९

तपाईं द्विज आदिको सदा निवासस्थान, गंगाबाट सर्वदा पवित्र, अरूको उपकार गर्नुहुने तथा सम्पूर्ण पर्वतहरूका सामर्थ्यशाली राजा हुनुहुन्छ। हे गिरिराज! म चित्तलाई नियममा राखेर यहाँ गंगावतरणस्थलमा तपाईंको आश्रित भएर ज्यादै प्रसन्नताका साथ तपस्या गर्ने छु॥ २८-२९॥

निर्विघ्नं मे तपश्चात्र हेतुना येन शैलप।
सर्वथा हि गिरिश्रेष्ठ सुयत्नं कुरु साम्प्रतम्॥ ३०

हे शैलराज! हे गिरिश्रेष्ठ! जुन साधनबाट यहाँ मेरो तपस्या विना कुनै विघ्न हुन सकोस्, त्यसलाई यस समय तपाईं सर्वथा यत्नपूर्वक गर्नुहोस्॥ ३०॥

ममेदमेव परमं सेवनं पर्वतोत्तम।
स्वगृहं गच्छ सत्प्रीत्या तत्संपादय यत्नतः॥ ३१

हे पर्वतप्रवर! मेरो यही सबैभन्दा ठुलो सेवा हो, तपाईं आफ्नो घर जानुहोस् र त्यसको उत्तम प्रीतिले यत्नपूर्वक प्रबन्ध गर्नुहोस्॥ ३१॥

ब्रह्मोवाच

इत्युक्त्वा जगतां नाथस्तूष्णीमास स सूतिकृत्।
गिरिराजस्तदा शम्भुं प्रणयादिदमब्रवीत्॥ ३२

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] यस्तो भनेर सृष्टिकर्ता ती जगदीश्वर चुप लाग्नुभयो, तब गिरिराजले शम्भुसित प्रेमपूर्वक यो कुरा भने—॥ ३२॥

हिमालय उवाच

पूजितोऽसि जगन्नाथ मया त्वं परमेश्वर।
स्वागतेनाद्य विषये स्थितं त्वां प्रार्थयामि किम्॥ ३३

हिमालय भन्दछन्—हे जगन्नाथ! हे परमेश्वर! आज मैले हजुरको स्वागतपूर्वक पूजा गरेको छु, [यही मेरो निम्ति महान् सौभाग्यको कुरा हो।] अब म मेरो देशमा उपस्थित हजुरसित के प्रार्थना गरूँ?॥ ३३॥

महता तपसा त्वं हि देवैर्यत्नपराश्रितैः।
न प्राप्यसे महेशान स त्वं स्वयमुपस्थितः॥ ३४

हे महेश्वर! ठुला-ठुला यत्नको आश्रय लिने देवताहरू महान् तपद्वारा पनि हजुरलाई पाउँदैनन्, ती हजुर स्वयं उपस्थित हुनुभएको छ॥ ३४॥

मत्तोऽप्यन्यतमो नास्ति न मत्तोऽन्योऽस्ति पुण्यवान्।
भवानिति च मत्पृष्ठे तपसे समुपस्थितः॥ ३५

मभन्दा ठुलो कोही सौभाग्यशाली छैन र मभन्दा ठुलो कोही पुण्यात्मा छैन; जो हजुर मेरो पृष्ठभागमा तपस्याका लागि उपस्थित हुनुभएको छ॥ ३५॥

देवेन्द्रादधिकं मन्ये स्वात्मानं परमेश्वर।
सगणेन त्वयागत्य कृतोऽनुग्रहभागहम्॥ ३६

हे परमेश्वर! म आफूलाई देवराज इन्द्रभन्दा पनि ठुलो ठान्छु; किनभने गणसहित हजुरले [यहाँ] आएर मलाई अनुग्रहको भागी बनाइदिनुभयो॥ ३६॥

निर्विघ्नं कुरु देवेश स्वतन्त्रः परमं तपः।
करिष्येऽहं तथा सेवां दासोऽहं ते सदा प्रभो॥ ३७

हे देवेश! हजुर स्वतन्त्र भएर विना कुनै विघ्न उत्तम तपस्या गर्नुहोस्। हे प्रभु! म हजुरको दास हुँ, अतः सदा हजुरको सेवा गर्ने छु॥ ३७॥

ब्रह्मोवाच

इत्युक्त्वा गिरिराजोऽसौ स्वं वेश्म द्रुतमागतः।
वृत्तान्तं तं समाचख्यौ प्रियायै च समादरात्॥ ३८

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] यस्तो भनेर ती गिरिराज तुरंत आफ्नो घर गए र आफ्नी प्रियालाई ज्यादै आदरका साथ यो सारा वृत्तान्त सुनाए॥ ३८॥

नीयमानान् परीवारान् स्वगणानपि नारद।
समाहूयाखिलान् शैलपतिः प्रोवाच तत्त्वतः॥ ३९

तत्पश्चात् शैलराजले साथमा रहेका परिजनहरू तथा आफ्ना समस्त गणहरूलाई बोलाएर उनीहरूसित राम्ररी भन्न लागे—॥ ३९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिमालय उवाच

अद्यप्रभृति नो यातु कोऽपि गङ्गावतारणम्।
मच्छासनेन मत्प्रस्थं सत्यमेतद् ब्रवीम्यहम्॥ ४०
गमिष्यति जनः कश्चित्तत्र चेत्तं महाखलम्।
दण्डयिष्ये विशेषेण सत्यमेतन्मयोदितम्॥ ४१

हिमालय भन्नुहुन्छ—मेरो आज्ञाले आजबाट कोही पनि गंगावतरण नामक मेरो शिखरमा नजानू, यो म सत्य भन्दै छु। यदि कोही व्यक्ति त्यहाँ जान्छ भने म त्यस महादुष्टलाई विशेष रूपले दण्ड दिने छु, यो म सत्य भन्दै छु॥ ४०-४१॥

इति तान्स नियम्याशु स्वगणान्निखिलान्मुने।
सुयत्नं कृतवान् शैलस्तं शृणु त्वं वदामि ते॥ ४२

हे मुनि! यस प्रकार आफ्ना समस्त गणहरूलाई तत्काल नियन्त्रित गरी हिमवान्ले [विघ्ननिवारणका लागि] जुन सुन्दर प्रयत्न गरे, त्यसलाई तपाईंसित बताउँदै छु, सुन्नुहोस्॥ ४२॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे शिवशैलसमागमवर्णनं नामैकादशोऽध्यायः॥ ११॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा शिवशैलसमागमवर्णन नामक एघारौँ अध्याय पूर्ण भयो॥ ११॥

अथ द्वादशोऽध्यायः

हिमवान्ले पार्वतीलाई शिवको सेवामा राख्नका लागि उहाँसित आज्ञा माग्नु, शिवद्वारा कारण बताउँदै यस प्रस्तावलाई अस्वीकार गर्नु

ब्रह्मोवाच

अथ शैलपतिर्हृष्टः सत्पुष्पफलसंचयम्।
समादाय स्वतनयासहितोऽगाद्धरान्तिकम्॥ १
स गत्वा त्रिजगन्नाथं प्रणम्य ध्यानतत्परम्।
अर्पयामास तनयां कालीं तस्मै हृदाद्भुताम्॥ २

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] त्यसपछि शैलराज हर्षित भएर उत्तम फलफूल लिएर आफ्नी पुत्रीका साथ भगवान् हरको समीपमा गए। त्यहाँ गएर उनले ध्यानपरायण त्रिलोकीनाथलाई प्रणाम गरी आफ्नी अद्भुत कन्या कालीलाई हृदयदेखि उहाँलाई अर्पित गरिदिए॥ १-२॥

फलपुष्पादिकं सर्वं तत्तदग्रे निधाय सः।
अग्रे कृत्वा सुतां शम्भुमिदमाह च शैलराट्॥ ३

सब फलफूल आदि उहाँको सामुन्ने राखेर पुत्रीलाई अघि गरी ती शैलराज शम्भुसित यो भन्न लागे—॥ ३॥

हिमगिरिरुवाच

भगवंस्तनया मे त्वां सेवितुं चन्द्रशेखरम्।
समुत्सुका समानीता त्वदाराधनकांक्षया॥ ४

हिमगिरि भन्दछन्—हे भगवान्! मेरी पुत्री हजुर चन्द्रशेखरको सेवा गर्नका लागि ज्यादै उत्सुक छिन्, अतः हजुरको आराधनाको इच्छाले मैले यिनलाई ल्याएको छु॥ ४॥

सखीभ्यां सह नित्यं त्वां सेवतामेव शंकरम्।
अनुजानीहि तां नाथ मयि ते यद्यनुग्रहः॥ ५

यी आफ्ना दुई सखीहरूका साथ सदा हजुर शंकरको नै सेवा गर्ने छिन्। हे नाथ! यदि हजुरको मप्रति अनुग्रह छ भने यिनलाई [सेवाका लागि] आज्ञा दिनुहोस्॥ ५॥

ब्रह्मोवाच

अथ तां शंकरोऽपश्यत्प्रथमारूढयौवनाम्।
फुल्लेन्दीवरपत्राभां पूर्णचन्द्रनिभाननाम्॥ ६
समस्तलीलासंस्थानशुभवेषविजृम्भिकाम्।
कम्बुग्रीवां विशालाक्षीं चारुकर्णयुगोज्ज्वलाम्॥ ७

ब्रह्मा भन्नुहुन्छ—तब शंकरले यौवनको प्रथम अवस्थामा वर्तमान, पूर्ण चन्द्रमासमान मुख भएकी, विकसित नीलकमलका पातसमान आभा भएकी, समस्त लीलाहरूको स्थानरूप, सुन्दर वेषले सुसज्जित, शंख समान ग्रीवा भएकी, विशाल नेत्र भएकी, सुन्दर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मृणालायतपर्यन्तबाहुयुग्ममनोहराम् ।
राजीवकुड्मलप्रख्यौ घनपीनौ दृढौ स्तनौ॥ ८
बिभ्रतीं क्षीणमध्यां च त्रिवलीमध्यराजिताम्।
स्थलपद्मप्रतीकाशपादयुग्मविराजिताम् ॥ ९
ध्यानपंजरनिर्बद्धमुनिमानसमप्यलम् ।
दर्शनाद् भ्रंशने शक्तां योषिद्गणशिरोमणिम्॥ १०
दृष्ट्वा तां तादृशीं तात ध्यानिनां च मनोहराम्।
विग्रहे तन्त्रमन्त्राणां वर्धिनीं कामरूपिणीम्॥ ११
न्यमीलयद् दृशौ शीघ्रं दध्यौ स्वं रूपमुत्तमम्।
परतत्त्वं महायोगी त्रिगुणात्परमव्ययम्॥ १२
दृष्ट्वा तदानीं सकलेश्वरं विभुं
तपो जुषाणं विनिमीलितेक्षणम्।
कपर्दिनं चन्द्रकलाविभूषणं
वेदान्तवेद्यं परमासने स्थितम्॥ १३
ववन्द शीर्ष्णा च पुनर्हिमाचलः
स संशयं प्रापददीनसत्त्वः।
उवाच वाक्यं जगदेकबन्धुं
गिरीश्वरो वाक्यविदां वरिष्ठः॥ १४

हिमाचल उवाच

देवदेव महादेव करुणाकर शंकर।
पश्य मां शरणं प्राप्तमुन्मील्य नयने विभो॥ १५
शिव शर्व महेशान जगदानन्दकृत्प्रभो।
त्वां नतोऽहं महादेव सर्वापद्विनिवर्तकम्॥ १६
न त्वां जानन्ति देवेश वेदाः शास्त्राणि कृत्स्नशः।
अतीतो महिमाध्वानं तव वाङ्मनसोः सदा॥ १७
अतद्व्यावृत्तितस्त्वां वै चकितं चकितं सदा।
अभिधत्ते श्रुतिः सर्वा परेषां का कथा मता॥ १८
जानन्ति बहवो भक्तास्त्वत्कृपां प्राप्य भक्तितः।
शरणागतभक्तानां न कुत्रापि भ्रमादिकम्॥ १९

कर्णयुगलले शोभित, मृणाल समान चम्किला एवं लामा दुई हातहरूले मनोहर प्रतीत भएकी कमलकली-समान घना, ठुला तथा दृढ स्तनहरूलाई धारण गरेकी, पातलो कटिप्रदेश भएकी, त्रिवलीयुक्त मध्यभाग भएकी, स्थलपद्म समान चरणयुगलले सुशोभित, आफ्नो दर्शनले ध्यानरूपी पिंजडामा बन्द मुनिहरूको मनलाई पनि विचलित पार्नमा समर्थ र स्त्रीहरूमा सर्वश्रेष्ठ ती [कन्या]-लाई देख्नुभयो॥ ६—१०॥

ध्यानीहरूको पनि मन हरण गर्ने खालकी, विग्रहले तन्त्र-मन्त्रहरूलाई बढाउने तथा कामरूपिणी त्यस्ती ती कन्यालाई देखेर ती महायोगीले शीघ्र दुवै नेत्र बन्द गर्नुभयो र उहाँ आफ्नो उत्तम, परमतत्त्वमय, तीनै गुणहरूभन्दा पर तथा अविनाशी स्वरूपको ध्यान गर्न लाग्नुभयो॥ ११-१२॥

त्यस समय सर्वेश्वर, सर्वव्यापी, तप गर्दै गरेका, बन्द नेत्र भएका, चन्द्रकलारूपी आभूषण भएका, जटा धारण गर्नुहुने, वेदान्तद्वारा जान्नयोग्य तथा उत्तम आसनमा स्थित शिवलाई देखेर महात्मा हिमालयले उहाँलाई प्रणाम गरे, ती पुनः संशयमा परे। यसपछि वाक्यवेत्ताहरूमा श्रेष्ठ गिरीश्वर जगत्का एकमात्र बन्धु शंकरसित यो वचन भन्न लागे—॥ १३-१४॥

हिमालय भन्नुहुन्छ—हे देवदेव! हे महादेव! हे करुणाकर! हे शंकर! हे विभु! आँखा खोलेर म शरणागतलाई हेर्नुहोस्॥ १५॥

हे शिव! हे शर्व! हे महेशान! हे जगत्लाई आनन्द प्रदान गर्नुहुने प्रभु! हे महादेव! म सम्पूर्ण आपत्तिहरूलाई दूर गर्नुहुने हजुरलाई प्रणाम गर्छु। हे देवेश! वेद र शास्त्र पनि हजुरलाई पूर्णरूपले जान्दैनन्; किनभने हजुरको महिमा वाणी तथा मनको मार्गभन्दा पनि सर्वथा पर छ॥ १६-१७॥

सबै श्रुतिहरू पनि हजुरको महिमाको पार पाउन नसकेका कारण चकित भएर नेति-नेति भन्दै सदा हजुरको वर्णन गर्दछन्, फेरि अरूको के कुरा भनौँ!॥ १८॥

धेरैजसो भक्त भक्तिद्वारा हजुरको कृपा प्राप्त गरी त्यसलाई जान्न सक्छन्; किनभने [हजुरको] शरणमा आएका भक्तहरूलाई कहीँ पनि भ्रम आदि हुँदैन॥ १९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विज्ञप्तिं शृणु मत्प्रीत्या स्वदासस्य ममाधुना।
तव देवाज्ञया तात दीनत्वाद्वर्णयामि हि॥ २०

अब हजुर दया गरी यस समय म दासको निवेदन सुन्नुहोस्। हे देव! हे तात! म हजुरको आज्ञाले दीन भएर त्यसको वर्णन गर्दै छु॥ २०॥

सभाग्योऽहं महादेव प्रसादात्तव शंकर।
मत्वा स्वदासं मां नाथ कृपां कुरु नमोऽस्तु ते॥ २१

प्रत्यहं चागमिष्यामि दर्शनार्थं तव प्रभो।
अनया सुतया स्वामिन्निदेशं दातुमर्हसि॥ २२

हे महादेव! हे शंकर! म हजुरको कृपाले भाग्यशाली भएको छु। हे नाथ! मलाई आफ्नू दास सम्झेर मप्रति कृपा गर्नुहोस्, हजुरलाई नमस्कार छ। हे प्रभु! म हजुरको दर्शनका लागि प्रतिदिन यस कन्याका साथ आउने गर्छु। हे स्वामी! मलाई आज्ञा प्रदान गर्नुहोस्॥ २१-२२॥

ब्रह्मोवाच

इत्याकर्ण्य वचस्तस्योन्मील्य नेत्रे महेश्वरः।
त्यक्तध्यानः परामृश्य देवदेवोऽब्रवीद्वचः॥ २३

ब्रह्मा भन्नुहुन्छ—उनका यी वचन सुनेर आफ्नो नेत्र खोलेर ध्यान त्याग गरेर केही सोच-विचार गरी देवदेव महादेव यो वचन भन्न लाग्नुभयो—॥ २३॥

महेश्वर उवाच

आगन्तव्यं त्वया नित्यं दर्शनार्थं ममाचल।
कुमारीं सदने स्थाप्य नान्यथा मम दर्शनम्॥ २४

महेश्वर भन्नुहुन्छ—हे भक्त! [आफ्नी] कन्यालाई घरमै छोडेर नित्य मेरो दर्शनका लागि तपाईं आउन सक्नुहुन्छ। अन्यथा मेरा दर्शन हुने छैन॥ २४॥

ब्रह्मोवाच

महेशवचनं श्रुत्वा शिवातातस्तथाविधम्।
अचलः प्रत्युवाचेदं गिरिशं नतकंधरः॥ २५

ब्रह्मा भन्नुहुन्छ—महेशका यस प्रकारका वचनलाई सुनेर पार्वतीका पिता हिमालय शिर झुकाएर शिवसित यो भन्न लागे—॥ २५॥

हिमाचल उवाच

कस्मान्मयानया सार्धं नागन्तव्यं तदुच्यताम्।
सेवने किमयोग्येयं नाहं वेद्म्यत्र कारणम्॥ २६

हिमाचल भन्दछन्—[हे प्रभु!] यी कन्याका साथ [हजुरको दर्शनका लागि] कुन कारणले म आउन नहुने हो, यसलाई बताउनुहोस्। के यिनी हजुरको सेवा गर्नमा अयोग्य छिन्? मैले यसको कारण बुझ्न सकिनँ॥ २६॥

ब्रह्मोवाच

ततोऽब्रवीद्गिरिं शंभुः प्रहसन्वृषभध्वजः।
लोकाचारं विशेषेण दर्शयन्हि कुयोगिनाम्॥ २७

ब्रह्मा भन्नुहुन्छ—तत्पश्चात् वृषभध्वज शंकर विशेषतः कुयोगीहरूको लोकाचार देखाउँदै हाँसेर हिमालयसित भन्न लाग्नुभयो—॥ २७॥

शंभुरुवाच

इयं कुमारी सुश्रोणी तन्वी चन्द्रानना शुभा।
नानेतव्या मत्समीपे वारयामि पुनः पुनः॥ २८

शम्भु भन्नुहुन्छ—[हे शैलराज!] मनोहर नितम्ब भएकी, तन्वी, चन्द्रमुखी तथा सुन्दरी यी कन्यालाई मेरो सन्निकट नल्याउनुहोस्, यसका लागि म पटक-पटक मनाही गर्छु॥ २८॥

मायारूपा स्मृता नारी विद्वद्भिर्वेदपारगैः।
युवती तु विशेषेण विघ्नकर्त्री तपस्विनाम्॥ २९

वेदहरूका पारगामी विद्वानहरूले स्त्रीलाई मायारूपा भनेका छन्, त्यसमा पनि विशेष रूपले युवती स्त्री त तपस्वीहरूका लागि विघ्नकारिणी हुन्छन्॥ २९॥

अहं तपस्वी योगी च निर्लिप्तो मायया सदा।
प्रयोजनं युवत्या वै स्त्रिया किं मेऽस्ति भूधर॥ ३०

एवं पुनर्न वक्तव्यं तपस्विवरसंश्रित।
वेदधर्मप्रवीणस्त्वं यतो ज्ञानिवरो बुधः॥ ३१

हे भूधर! म तपस्वी, योगी तथा सदा मायाबाट निर्लिप्त रहनेवाला हुँ। अतः मलाई युवती स्त्रीसित के प्रयोजन छ? हे तपस्वीहरूका श्रेष्ठ आश्रय! तपाईंले पुनः यस्तो कुरा नगर्नु नै उचित हुन्छ; किनभने तपाईं वेदधर्ममा प्रवीण, ज्ञानीहरूमा श्रेष्ठ तथा विद्वान् हुनुहुन्छ॥ ३०-३१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भवत्यचल तत्सङ्गाद्विषयोत्पत्तिराशु वै।
विनश्यति च वैराग्यं ततो भ्रश्यति सत्तपः॥ ३२
अतस्तपस्विना शैल न कार्या स्त्रीषु सङ्गतिः।
महाविषयमूलं सा ज्ञानवैराग्यनाशिनी॥ ३३

हे पर्वत! उनको संगले तत्काल विषयवासना उत्पन्न हुन्छ, वैराग्य नष्ट हुन्छ र त्यसबाट श्रेष्ठ तपस्या नष्ट हुन जान्छ। अतः हे शैल! तपस्वीहरूले स्त्रीहरूको संग गर्नु हुँदैन; ती [स्त्री] महाविषयका मूल तथा ज्ञान-वैराग्यका विनाशक हुन्छन्॥ ३२-३३॥

ब्रह्मोवाच

इत्याद्युक्त्वा बहुतरं महायोगी महेश्वरः।
विरराम गिरीशं तं महायोगिवरः प्रभुः॥ ३४

ब्रह्मा भन्नुहुन्छ—हे नारद! यस प्रकारका धेरै कुराहरू ती गिरिराजसित भनेर महान् योगीहरूमा श्रेष्ठ महायोगी प्रभु महेश्वर शान्त हुनुभयो॥ ३४॥

एतच्छ्रुत्वा वचनं तस्य शंभो-
र्निरामयं निःस्पृहं निष्ठुरं च।
कालीतातश्चकितोऽभूत्सुरर्षे
तद्वत्किंचिद्व्याकुलश्चास तूष्णीम्॥ ३५
तपस्विनोक्तं वचनं निशम्य
तथा गिरीशं चकितं विचार्य।
अतः प्रणम्यैव शिवं भवानी
जगाद वाक्यं विशदं तदानीम्॥ ३६

हे देवर्षि! ती शम्भुका यी स्पृहारहित, निरामय तथा निष्ठुरी वचन सुनेर कालीका पिता [हिमालय] विस्मयमा परे र ती केही व्याकुल जस्तो भएर चुप लागे। त्यस समय तपस्वीद्वारा भनिएका कुरालाई सुनेर गिरिराजलाई आश्चर्यमा परेको विचार गरी शिवलाई प्रणाम गरी भवानीले उहाँसित विशद वचन भन्न लाग्नुभयो॥ ३५-३६॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे शिवहिमाचलसंवादवर्णनं नाम द्वादशोऽध्यायः॥ १२॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा शिव-हिमाचल-संवादवर्णन नामक बाह्रौँ अध्याय पूर्ण भयो॥ १२॥

अथ त्रयोदशोऽध्यायः

पार्वती र परमेश्वरको दार्शनिक संवाद, शिवले पार्वतीलाई आफ्नू सेवाका लागि आज्ञा दिनु, पार्वती महेश्वरको सेवामा तत्पर रहनु

भवान्युवाच

किमुक्तं गिरिराजाय त्वया योगिंस्तपस्विना।
तदुत्तरं शृणु विभो मत्तो ज्ञानविशारद॥ १
तपःशक्त्यान्वितः शम्भो करोषि विपुलं तपः।
तव बुद्धिरियं जाता तपस्तमुं महात्मनः॥ २
सा शक्तिः प्रकृतिर्ज्ञेया सर्वेषामपि कर्मणाम्।
तया विरच्यते सर्वं पाल्यते च विनाश्यते॥ ३

भवानी भन्नुहुन्छ—हे योगी! हजुरले तपस्वी भएर पनि मेरो पितासित के भनिदिनुभयो। हे ज्ञानविशारद! त्यसको उत्तर मबाट सुन्नुहोस्। हे शम्भु! हजुर तपको शक्तिले सम्पन्न भएर नै महातपस्या गरिरहनु भएको छ र [त्यसै महाशक्तिकै प्रेरणाले] तपस्या गर्नका लागि हजुर महात्मालाई यस्तो बुद्धि प्राप्त भएको छ। सबै कर्महरू गर्नुहुने त्यस शक्तिलाई नै प्रकृति जान्नु पर्छ, उनैद्वारा सबको सृष्टि, पालन र संहार हुन्छ॥ १—३॥

कस्त्वं का प्रकृतिः सूक्ष्मा भगवंस्तद्विमृश्यताम्।
विना प्रकृत्या च कथं लिङ्गरूपी महेश्वरः॥ ४

अतः हे भगवान्! हजुर को हुनुहुन्छ र सूक्ष्म प्रकृति के हो, यसको हजुर विचार गर्नुहोस्। प्रकृति विना लिंगरूपी महेश्वर कसरी रहन सक्नुहुन्छ?॥ ४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्चनीयोऽसि वन्द्योऽसि ध्येयोऽसि प्राणिनां सदा।
प्रकृत्या च विचार्येति हृदा सर्वं तदुच्यताम्॥ ५

ब्रह्मोवाच

पार्वत्यास्तद्वचः श्रुत्वा महोतिकरणे रतः।
सुविहस्य प्रसन्नात्मा महेशो वाक्यमब्रवीत्॥ ६

महेश्वर उवाच

तपसा परमेणैव प्रकृतिं नाशयाम्यहम्।
प्रकृत्या रहितः शम्भुरहं तिष्ठामि तत्त्वतः॥ ७
तस्माच्च प्रकृतेः सद्भिर्न कार्यः सङ्ग्रहः क्वचित्।
स्थातव्यं निर्विकारैश्च लोकाचारविवर्जितैः॥ ८

ब्रह्मोवाच

इत्युक्ता शम्भुना तात लौकिकव्यवहारतः।
सुविहस्य हृदा काली जगाद मधुरं वचः॥ ९

काल्युवाच

यदुक्तं भवता योगिन्वचनं शंकर प्रभो।
सा च किं प्रकृतिर्न स्यादतीतस्तां भवान्कथम्॥ १०

एतद्विचार्य वक्तव्यं तत्त्वतो हि यथातथम्।
प्रकृत्या सर्वमेतच्च बद्धमस्ति निरंतरम्॥ ११

तस्मात्त्वया न वक्तव्यं न कार्यं किंचिदेव हि।
वचनं रचनं सर्वं प्राकृतं विद्धि चेतसा॥ १२

यच्छृणोषि यदश्नासि यत्पश्यसि करोषि यत्।
तत्सर्वं प्रकृतेः कार्यं मिथ्यावादो निरर्थकः॥ १३

प्रकृतेः परमश्चेत्त्वं किमर्थं तप्यसे तपः।
त्वया शंभोऽधुना ह्यस्मिन्गिरौ हिमवति प्रभो॥ १४

प्रकृत्या गिलितोऽसि त्वं न जानासि निजं हर।
निजं जानासि चेदीश किमर्थं तप्यसे तपः॥ १५

वाग्वादेन च किं कार्यं मम योगिंस्त्वया सह।
प्रत्यक्षे ह्यनुमानस्य न प्रमाणं विदुर्बुधाः॥ १६

इंद्रियाणां गोचरत्वं यावद्भवति देहिनाम्।
तावत्सर्वं विमन्तव्यं प्राकृतं ज्ञानिभिर्धिया॥ १७

किं बहूक्तेन योगीश शृणु मद्वचनं परम्।
सा चाहं पुरुषोऽसि त्वं सत्यं सत्यं न संशयः॥ १८

हजुर प्रकृतिकै कारण सदा प्राणीहरूका लागि अर्चनीय, वन्दनीय र चिन्तनीय हुनुहुन्छ [यस कुरालाई] हृदयबाट विचार गरेर मात्र हजुर त्यो सब भन्नुहोस्॥ ५॥

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] पार्वतीका ती वचनलाई सुनेर महती लीला गर्नमा रत रहनुहुने प्रसन्नचित्त महेश्वर हाँसेर भन्न लाग्नुभयो—॥ ६॥

महेश्वर भन्नुहुन्छ—म उत्तम तपस्याद्वारा नै प्रकृतिको नाश गर्छु र वस्तुतः प्रकृतिबाट रहित भएर नै शम्भुको रूपमा स्थित रहन्छु। अतः सत्पुरुषहरूले कहिल्यै पनि प्रकृतिको संग्रह गर्नु हुँदैन र लोकाचारबाट टाढा तथा विकाररहित रहनुपर्छ॥ ७-८॥

ब्रह्मा भन्नुहुन्छ—हे तात! जब शम्भुले लौकिक व्यवहारअनुसार यो कुरा भन्नुभयो, तब काली मन-मनै हाँसेर यो मधुर वचन भन्न लाग्नुभयो—॥ ९॥

काली भन्नुहुन्छ—हे योगी! हे शंकर! हे प्रभु! हजुरले जुन कुरा भन्नुभएको छ, के त्यो प्रकृति होइन, हजुर त्यसबाट पर कसरी हुनुहुन्छ? यी सबको तात्त्विक दृष्टिले ठीक-ठीक विचार गरेर मात्र हजुरले बोल्नु उचित हुन्छ। यी सबथोक सधैँ प्रकृतिबाट बाँधिएका हुन्छन्। यसैले हजुरलाई न त बोल्नु पर्थ्यो तथा न केही गर्नु नै पर्थ्यो; किनभने भन्नु र गर्नु सब व्यवहार प्रकृति नै हुन्—यस्तो आफ्नो बुद्धिले सम्झनुहोस्॥ १०—१२॥

हजुर जे जति सुन्नुहुन्छ, खानुहुन्छ, हर्नुहुन्छ र गर्नुहुन्छ, यी सब प्रकृतिकै कार्य हुन्। यसलाई मिथ्या भनिदिनु निरर्थक हुन्छ। हे प्रभु! शम्भु! यदि हजुर प्रकृतिभन्दा पर हुनुहुन्छ भने यस समय यस हिमवान् पर्वतमा हजुर केका निम्ति तपस्या गर्दै हुनुहुन्छ। हे हर! प्रकृतिले हजुरलाई निलिसकेकी छिन्, अतः हजुर आफूलाई जान्नुहुन्न। हे ईश! यदि हजुर आफूलाई जान्नुहुन्छ भने केका लागि तपस्या गर्नुहुन्छ॥ १३—१५॥

हे योगी! मलाई हजुरसित वाद-विवाद गर्नुको के आवश्यकता छ। विद्वान् पुरुष प्रत्यक्ष प्रमाण उपलब्ध भएपछि अनुमानलाई प्रमाण मान्दैनन्॥ १६॥

जे जति प्राणीहरूका इन्द्रियहरूका विषय हुन्छन्, ती सबै ज्ञानी पुरुषहरूले बुद्धिद्वारा विचार गरी प्राकृत नै मान्नुपर्छ। हे योगीश! धेरै भन्नाले के लाभ! मेरो उत्तम कुरा सुन्नुहोस्। म त्यो प्रकृति हुँ र हजुर पुरुष हुनुहुन्छ। यो सत्य हो, सत्य हो, यसमा संशय छैन॥ १७-१८॥

2325_Sihvpurana_Part_1_Nepali_Section_19_2_Back
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मदनुग्रहतस्त्वं हि सगुणो रूपवान्मतः।
मां विना त्वं निरीहोऽसि न किंचित्कर्तुमर्हसि॥ १९

पराधीनः सदा त्वं हि नानाकर्मकरो वशी।
निर्विकारी कथं त्वं हि न लिप्तश्च मया कथम्॥ २०

प्रकृतेः परमोऽसि त्वं यदि सत्यं वचस्तव।
तर्हि त्वया न भेतव्यं समीपे मम शंकर॥ २१

मेरो अनुग्रहले नै हजुर सगुण र साकार मानिनुभएको छ। म विना हजुर निरीह हुनुहुन्छ र केही पनि गर्नमा समर्थ हुनुहुन्न। हजुर जितेन्द्रिय भए तापनि प्रकृतिको अधीन भई नाना प्रकारका कर्म गर्नुहुन्छ, तब हजुर फेरि निर्विकार कसरी हुनुहुन्छ र मसित लिप्त कसरी हुनुहुन्न? हे शंकर! यदि हजुर प्रकृतिभन्दा पर हुनुहुन्छ र हजुरका वचन सत्य हुन् भने मेरो समीप रहँदामा पनि हजुरलाई डराउनु पर्दैनथ्यो॥ १९—२१॥

ब्रह्मोवाच

इत्याकर्ण्य वचस्तस्याः सांख्यशास्त्रोदितं शिवः।
वेदान्तमतसंस्थो हि वाक्यमूचे शिवां प्रति॥ २२

ब्रह्मा भन्नुहुन्छ—पार्वतीका सांख्यशास्त्रअनुसार बताइएका वचन सुनेर भगवान् शिव वेदान्तमतमा स्थित भई शिवासित यो वचन भन्न लाग्नुभयो—॥ २२॥

श्रीशिव उवाच

इत्येवं त्वं यदि ब्रूषे गिरिजे सांख्यधारिणी।
प्रत्यहं कुरु मे सेवामनिषिद्धां सुभाषिणि॥ २३

यद्यहं ब्रह्म निर्लिप्तो मायया परमेश्वरः।
वेदांतवेद्यो मायेशस्त्वं करिष्यसि किं तदा॥ २४

श्रीशिव भन्नुहुन्छ—सुन्दर भाषण गर्ने हे गिरिजे! यदि तिमी सांख्यमतलाई धारण गरी यस्तो भन्छ्यौ भने प्रतिदिन मेरो अनिषिद्ध सेवा गर, यदि म ब्रह्म, मायासित निर्लिप्त, परमेश्वर, वेदान्तबाट जान्नयोग्य तथा मायापति हुँ भने तिमी के गर्ने छौ?॥ २३-२४॥

ब्रह्मोवाच

इत्येवमुक्त्वा गिरिजां वाक्यमूचे गिरिं प्रभुः।
भक्तानुरंजनकरो भक्तानुग्रहकारकः॥ २५

ब्रह्मा भन्नुहुन्छ—गिरिजासित यस प्रकार भनेर भक्तहरूलाई प्रसन्न गर्नुहुने तथा भक्तहरूप्रति अनुग्रह गर्नुहुने भगवान् शिव हिमवान्सित भन्न लाग्नुभयो—॥ २५॥

श्रीशिव उवाच

अत्रैव सोऽहं तपसा परेण
गिरे तव प्रस्थवरेऽतिरम्ये।
चरामि भूमौ परमार्थभाव-
स्वरूपमानंदमयं सुलोचयन्॥ २६
तपस्तसुमनुज्ञा मे दातव्या पर्वताधिप।
अनुज्ञया विना किंचित्तपः कर्तुं न शक्यते॥ २७

शिव भन्नुहुन्छ—हे गिरि! म यहीं तपाईंको अत्यन्त रमणीय श्रेष्ठ शिखरको भूमिमा उत्तम तपस्याद्वारा आनन्दमय परमार्थ स्वरूपको विचार गर्दै विचरण गर्ने छु। पर्वतराज! तपाईं मलाई यहाँ तपस्या गर्ने अनुमति दिनुहोस्, तपाईंको आज्ञा विना कोही तप गर्न सक्तैनन्॥ २६-२७॥

ब्रह्मोवाच

एतच्छ्रुत्वा वचस्तस्य देवदेवस्य शूलिनः।
प्रणम्य हिमवान् शंभुमिदं वचनमब्रवीत्॥ २८

ब्रह्मा भन्नुहुन्छ—देवाधिदेव शूलधारी शिवका यी कुरा सुनेर हिमवान्ले शम्भुलाई प्रणाम गरी यो वचन भने—॥ २८॥

हिमवानुवाच

त्वदीयं हि जगत्सर्वं सदेवासुरमानुषम्।
किमप्यहं महादेव तुच्छो भूत्वा वदामि ते॥ २९

हिमवान् भन्नुहुन्छ—हे महादेव! देवता, असुर र मनुष्यहरूसहित सम्पूर्ण जगत् त हजुरकै हो, म तुच्छ भएर हजुरसित के भनौँ॥ २९॥

ब्रह्मोवाच

एवमुक्तो हिमवता शंकरो लोकशंकरः।
विहस्य गिरिराजं तं प्राह याहीति सादरम्॥ ३०

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] हिमवान्ले यस प्रकार भनेपछि लोककल्याणकारी भगवान् शंकरले हाँसेर आदरपूर्वक ती गिरिराजसित भन्नुभयो—अब तपाईं जानुहोस्॥ ३०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शंकरेणाभ्यनुज्ञातः स्वगृहं हिमवान्ययौ।
सार्धं गिरिजया वै स प्रत्यहं दर्शने स्थितः॥ ३१
पित्रा विनापि सा काली सखीभ्यां सह नित्यशः।
जगाम शंकराभ्याशं सेवायै भक्तितत्परा॥ ३२
निषिषेध न तां कोऽपि गणो नंदीश्वरादिकः।
महेशशासनात्तात तच्छासनकरः शुचिः॥ ३३

शंकरको आज्ञा पाएर हिमवान् गिरिजाका साथ आफ्नो घर फर्किए। तबदेखि ती गिरिजाका साथ प्रतिदिन उहाँको दर्शन गर्न लागे। काली आफ्नो पिता विना पनि दुवै संगीहरूका साथ नित्य भक्तिपरायण भएर सेवाका लागि शंकरकहाँ जानुहुन्थ्यो। हे तात! महेश्वरको आदेशले उहाँको आज्ञाको पालन गर्नुहुने पवित्र नन्दीश्वर आदि कुनै पनि गण उनलाई रोक्तैनन्थे॥ ३१—३३॥

सांख्यवेदांतमतयोः शिवयोः शिवदः सदा।
संवादः सुखकृच्चोक्तोऽभिन्नयोः सुविचारतः॥ ३४

गिरिराजस्य वचनात्तनयां तस्य शंकरः।
पार्श्वे समीपे जग्राह गौरवादपि गोपरः॥ ३५

विशेष विचार गर्दामा परस्पर अभिन्न भएर पनि सांख्य र वेदान्तमतवाला शिवा तथा शिवको संवाद [सबैका लागि] सदा कल्याणदायक तथा सुखदायक बताइएको छ। इन्द्रियातीत भगवान् शंकरले गिरिराजको भनाइबाट उनको गौरव मानेर उनकी पुत्रीलाई आफ्नो नजिक रहेर सेवा गर्नका लागि स्वीकार गर्नुभयो॥ ३४-३५॥

उवाचेदं वचः कालीं सखीभ्यां सह गोपतिः।
नित्यं मां सेवतां यातु निर्भीता ह्यत्र तिष्ठतु॥ ३६
एवमुक्त्वा तु तां देवीं सेवायै जगृहे हरः।
निर्विकारो महायोगी नानालीलाकरः प्रभुः॥ ३७
इदमेव महद्धैर्यं धीराणां सुतपस्विनाम्।
विघ्नवन्त्यपि संप्राप्य यद्विघ्नैर्न विहन्यते॥ ३८

भगवान् शंकरले सखीहरूसहित पार्वतीसित भन्नुभयो कि तिमी नित्य मेरो सेवा गर तथा जाऊ अथवा निर्भय भएर यहाँ बस। यस प्रकार भनेर निर्विकार, महायोगी तथा अनेक प्रकारका लीला गर्नुहुने भगवान् शंकरले आफ्नो सेवाका लागि ती देवीलाई राख्नुभयो। धैर्यशाली तथा परम तपस्वीहरूको यो महान् धैर्य नै हो, जो विघ्नकारक वस्तुहरूलाई ग्रहण गरेर पनि विघ्नहरूबाट विनष्ट हुँदैनन्॥ ३६—३८॥

ततः स्वपुरमायातो गिरिराट् परिचारकैः।
मुमोदातीव मनसि सप्रियः स मुनीश्वर॥ ३९

हे मुनीश्वर! तत्पश्चात् गिरिराज आफ्ना सेवकहरूका साथ आफ्नो स्थानमा गए र आफ्नी प्रियाका साथ मनमा परम आनन्दित भए॥ ३९॥

हरश्च ध्यानयोगेन परमात्मानमादरात्।
निर्विघ्नेन स्वमनसा त्वासीच्चिन्तयितुं स्थितः॥ ४०
काली सखीभ्यां सहिता प्रत्यहं चंद्रशेखरम्।
सेवमाना महादेवं गमनागमने स्थिता॥ ४१
प्रक्षाल्य चरणौ शंभोः पपौ तच्चरणोदकम्।
वह्निशौचेन वस्त्रेण चक्रे तद्गात्रमार्जनम्॥ ४२

भगवान् शंकर पनि आदरपूर्वक ध्यान-योगद्वारा निर्विघ्न मनले परमात्माको चिन्तन गर्न लाग्नुभयो॥ ४०॥

काली पनि प्रतिदिन सखीहरूसहित चन्द्रशेखर महादेवको सेवा गर्दै त्यहाँ जान-आउन लाग्नुभयो॥ ४१॥

उहाँ भगवान् शंकरका चरणहरूलाई धोएर त्यस चरणोदकको पान गर्नुहुन्थ्यो र आगोले [सेकाएर] शुद्ध गरिएका वस्त्रले उहाँको शरीर पुछिदिने गर्नुहुन्थ्यो॥ ४२॥

षोडशेनोपचारेण संपूज्य विधिवद्धरम्।
पुनः पुनः सुप्रणम्य ययौ नित्यं पितुर्गृहम्॥ ४३
एवं संसेवमानायाः शंकरं ध्यानतत्परम्।
व्यतीयाय महान्कालः शिवाया मुनिसत्तम॥ ४४
कदाचित्सहिता काली सखीभ्यां शंकराश्रमे।
वितेने सुंदरं गानं सुतालं स्मरवर्धनम्॥ ४५

उहाँ नित्यप्रति षोडशोपचारले विधिवत् भगवान् हरको पूजा गरी वारम्वार उहाँलाई प्रणाम गरी आफ्नो पिताको घर जानुहुन्थ्यो। हे मुनिसत्तम! यस प्रकार ध्यानमा तत्पर भगवान् शंकरको सेवामा लाग्नुभएकी ती शिवाको धेरै समय व्यतीत भयो। उहाँ कहिले आफ्नी सखीहरूका साथ भगवान् शंकरको आश्रममा तालद्वारा समन्वित प्रेमवर्धक सुन्दर गान गर्नुहुन्थ्यो॥ ४३-४५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कदाचित्कुशपुष्पाणि समिधं नयति स्वयम्।
सखीभ्यां स्थानसंस्कारं कुर्वती न्यवसत्तदा॥ ४६

उहाँ कहिले कुश, पुष्प तथा समिधा स्वयं ल्याउनुहुन्थ्यो र सखीहरूका साथ आश्रमको सम्मार्जन गर्नुहुन्थ्यो॥ ४६॥

कदाचिन्नियता गेहे स्थिता चन्द्रभृतो भृशम्।
वीक्षंती विस्मयामास सकामा चन्द्रशेखरम्॥ ४७

उहाँ कहिले नियमपूर्वक शंकरको आश्रममा बसेर सकाम भावले शंकरलाई हेर्दै उहाँलाई आश्चर्यचकित पार्ने गर्नुहुन्थ्यो॥ ४७॥

ततस्तमेन भूतेशस्तां निस्सङ्गां परिस्थिताम्।
सोऽचिंतयत्तदा वीक्ष्य भूतदेहे स्थितेति च॥ ४८

भगवान् शिवले आफ्नो तपस्याको बलले निःसंग रहने ती कालीलाई हेरेर पंचतत्त्वको शरीरमा रहने आफ्नी पूर्वजन्मकी भार्या सम्झनुभयो॥ ४८॥

नाग्रहीद्गिरिशः कालीं भार्यार्थे निकटे स्थिताम्।
महालावण्यनिचयां मुनीनामपि मोहिनीम्॥ ४९

फेरि पनि शिवले मुनिहरूलाई पनि मोहित पारिदिने तथा महासौन्दर्यकी राशिस्वरूपा ती कालीलाई आफ्नो पत्नीको रूपमा ग्रहण गर्नु भएन॥ ४९॥

महादेवः पुनर्दृष्ट्वा तथा तां संयतेन्द्रियाम्।
स्वसेवने रतां नित्यं सदयः समचिन्तयत्॥ ५०

यदैवैषा तपश्चर्यावृतं काली करिष्यति।
तदा च तां ग्रहीष्यामि गर्वबीजविवर्जिताम्॥ ५१

महादेव भगवतीलाई यस प्रकार जितेन्द्रिय भएर नित्यप्रति आफ्नो सेवामा संलग्न देखेर दयापूर्वक विचार गर्न लाग्नुभयो कि जब यिनी तपस्याको व्रत गर्नेछिन्, तब अभिमान-बीजबाट रहित यी कालीलाई ग्रहण गर्ने छु॥ ५०-५१॥

ब्रह्मोवाच

इति संचिन्त्य भूतेशो द्रुतं ध्यानसमाश्रितः।
महायोगीश्वरोऽभूद्वै महालीलाकरः प्रभुः॥ ५२

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार विचार गरी ठुला-ठुला लीलाहरू गर्नुहुने महायोगीश्वर भूतेश्वर भगवान् शिव तत्काल ध्यानमा तत्पर हुनुभयो॥ ५२॥

ध्यानसक्तस्य तस्याथ शिवस्य परमात्मनः।
हृदि नासीन्मुने काचिदन्या चिंता व्यवस्थिता॥ ५३

हे मुनि! ध्यानमा मग्न ती परमात्मा शंकरको मनमा कुनै अन्य चिन्ताको उदय भएन॥ ५३॥

काली त्वनुदिनं शंभुं सद्भक्त्या समसेवत।
विचिंतयन्ती सततं तस्य रूपं महात्मनः॥ ५४

काली पनि उनै परमात्मा शंकरको स्वरूपको चिन्तन गर्दै भक्तिपूर्वक निरन्तर उहाँको सेवा गर्न लाग्नुभयो॥ ५४॥

हरो ध्यानपरः कालीं नित्यं प्रैक्षत सुस्थिताम्।
विस्मृत्य पूर्वचिंतां तां पश्यन्नपि न पश्यति॥ ५५

एतस्मिन्नन्तरे देवाः शक्राद्या मुनयश्च ते।
ब्रह्माज्ञया स्मरं तत्र प्रेषयामासुरादरात्॥ ५६
तेन कारयितुं योगं काल्या रुद्रेण कामतः।
महावीर्येणासुरेण तारकेण प्रपीडिताः॥ ५७

भगवान् शिव ध्यानमा स्थित भई पूर्व चिन्ताहरूलाई भूलेर सुस्थित कालीलाई हेर्ने गर्नुहुन्थ्यो, वस्तुतः उहाँ हेरेर पनि हेर्नुहुन्नथ्यो॥ ५५॥ यसै समय महापराक्रमी तारकासुरबाट अत्यन्त पीडित इन्द्र आदि देवताहरू तथा मुनिहरूले ती रुद्रका साथ कालीलाई कामभावले योग गराउनका लागि ब्रह्माको आज्ञाले कामदेवलाई आदरपूर्वक त्यहाँ पठाए॥ ५६-५७॥

गत्वा तत्र स्मरः सर्वमुपायमकरोन्निजम्।
चुक्षुभे न हरः किञ्चित्तं च भस्मीचकार ह॥ ५८

कामदेवले त्यहाँ गएर आफ्नु समस्त उपाय लगाए, तर शिव कत्ति पनि विक्षुब्ध हुनुभएन र उहाँले कामदेवलाई भस्म गरिदिनुभयो॥ ५८॥

पार्वत्यपि विगर्वाभून्मुने तस्य निदेशतः।
ततस्तपो महत्कृत्वा शिवं प्राप पतिं सती॥ ५९

हे मुनि! पार्वतीको पनि अभिमान नष्ट भयो र तत्पश्चात् नारदको उपदेशानुसार घोर तपस्या गरी ती सतीले शिवलाई पतिरूपमा प्राप्त गर्नुभयो॥ ५९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बभूवतुस्तौ सुप्रीतौ पार्वतीपरमेश्वरौ।
चक्रतुर्देवकार्यं हि परोपकरणे रतौ॥ ६०

यस प्रकार परमेश्वर एवं पार्वती परम प्रसन्न हुनुभयो र परोपकारमा परायण भएर देवकार्यलाई पूर्ण गर्न लागनुभयो॥ ६०॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे पार्वतीपरमेश्वरसंवादवर्णनं नाम त्रयोदशोऽध्यायः॥ १३॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा पार्वती र परमेश्वरको संवादवर्णन नामक तेह्रौँ अध्याय पूर्ण भयो॥ १३॥

अथ चतुर्दशोऽध्यायः

तारकासुरको उत्पत्तिको प्रसंगमा दितिपुत्र वज्रांगको कथा, उसको तपस्या तथा वरप्राप्तिको वर्णन

नारद उवाच

विष्णुशिष्य महाशैव सम्यगुक्तं त्वया विधे।
चरितं परमं ह्येतच्छिवायाश्च शिवस्य च॥ १

नारद भन्नुहुन्छ—हे विष्णुशिष्य! हे महाशैव! हे विधि! हजुरले यो शिवा एवं शिवको परम पवित्र चरित्र राम्रो तरिकाले वर्णन गर्नुभयो॥ १॥

कस्तारकासुरो ब्रह्मन्येन देवाः प्रपीडिताः।
कस्य पुत्रस्य वै ब्रूहि तत्कथां च शिवाश्रयाम्॥ २

भस्मीचकार स कथं शंकरश्च स्मरं वशी।
तदपि ब्रूहि सुप्रीत्याद्भुतं तच्चरितं विभोः॥ ३

हे ब्रह्मन्! तारकासुर को थियो, जसले देवताहरूलाई दुःखित बनायो, त्यो कसको पुत्र थियो, शिवसित सम्बन्धित त्यस कथालाई [हजुर मसित] भन्नुहोस्। जितेन्द्रिय शंकरले कसरी कामदेवलाई भस्म पार्नुभयो? भगवान् शंकरको यस अद्भुत चरित्रको पनि प्रसन्नतापूर्वक वर्णन गर्नुहोस्॥ २-३॥

कथं शिवा तपोऽत्युग्रं चकार सुखहेतवे।
कथं प्राप पतिं शंभुमादिशक्तिर्जगत्परा॥ ४

जगत्‌देखि पर आदिशक्ति पार्वतीले कसरी अत्यन्त कठोर तप गर्नुभयो र आफ्नो सुखका लागि उहाँले शंकरलाई कसरी पतिरूपमा प्राप्त गर्नुभयो?॥ ४॥

एतत्सर्वमशेषेण विशेषेण महाबुध।
ब्रूहि मे श्रद्दधानाय स्वपुत्राय शिवात्मने॥ ५

हे महाज्ञानी! हजुर म श्रद्धावान् तथा शिवभक्त पुत्रसित यो सम्पूर्ण चरित्र विशेष रूपले भन्नुहोस्॥ ५॥

ब्रह्मोवाच

पुत्रवर्य महाप्राज्ञ सुरर्षे शंसितव्रत।
वच्म्यहं शंकरं स्मृत्वा सर्वं तच्चरितं शृणु॥ ६

ब्रह्मा भन्नुहुन्छ—हे पुत्रवर्य! हे महाप्राज्ञ! हे सुरर्षि! हे प्रशंसनीय व्रतवाला! म शंकरको स्मरण गरी उहाँका सम्पूर्ण चरित्रको वर्णन गर्दै छु, तपाईं सुन्नुहोस्॥ ६॥

प्रथमं तारकस्यैव भवं संशृणु नारद।
यद्वधार्थं महायत्नः कृतो देवैः शिवाश्रयैः॥ ७

हे नारद! सबभन्दा पहिला तपाईं तारकासुरको उत्पत्ति सुन्नुहोस्, जसको वधका लागि देवताहरूले शिवको आश्रय लिएर ठुलो यत्न गरेका थिए॥ ७॥

मम पुत्रो मरीचिर्यः कश्यपस्तस्य चात्मजः।
त्रयोदशमितास्तस्य स्त्रियो दक्षसुताश्च याः॥ ८

मेरो पुत्र जो मरीचि थिए, उनका पुत्र कश्यप भए। उनका तेह्रवटी स्त्री थिए, जो दक्षका कन्याहरू थिए॥ ८॥

दितिर्ज्येष्ठा च तत्स्त्री हि सुषुवे सा सुतद्वयम्।
हिरण्यकशिपुर्ज्येष्ठो हिरण्याक्षोऽनुजस्ततः॥ ९

उनको सबैभन्दा जेठी पत्नी दिति थिइन्, उनीहरूका दुई पुत्र भए। तिनमा हिरण्यकशिपु जेठो तथा हिरण्याक्ष कान्छो थियो॥ ९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तौ हतौ विष्णुना दैत्यौ नृसिंहक्रोडरूपतः।
सुदुःखदौ ततो देवाः सुखमापुश्च निर्भयाः॥ १०

दितिश्च दुःखितासीत्सा कश्यपं शरणं गता।
पुनः संसेव्य तं भक्त्या गर्भमाधत्त सुव्रता॥ ११

तद्विज्ञाय महेन्द्रोऽपि लब्धच्छिद्रो महोद्यमी।
तद्गर्भं व्यच्छिनत्तत्र प्रविश्य पविना मुहुः॥ १२

तद्व्रतस्य प्रभावेण न तद्गर्भो ममार ह।
स्वपन्त्या दैवयोगेन सप्त सप्ताभवन्सुताः॥ १३

देवा आसन्सुतास्ते च नामतो मरुतोऽखिलाः।
स्वर्गं ययुस्तदेन्द्रेण देवराजात्मसात्कृताः॥ १४

पुनर्दितिः पतिं भेजेऽनुतप्ता निजकर्मतः।
चकार सुप्रसन्नं तं मुनिं परमसेवया॥ १५

कश्यप उवाच

तपः कुरु शुचिर्भूत्वा ब्रह्मणश्चायुतं समाः।
चेद्भविष्यति तत्पूर्वं भविता ते सुतस्तदा॥ १६

तथा दित्या कृतं पूर्णं तत्तपः श्रद्धया मुने।
ततः पत्युः प्राप्य गर्भं सुषुवे तादृशं सुतम्॥ १७

वज्राङ्गनामा सोऽभूद्वै दितिपुत्रोऽमरोपमः।
नामतुल्यतनुर्वीरः सुप्रताप्युद्भवाद् बली॥ १८

जननीशासनात्सद्यः स सुतो निर्जराधिपम्।
बलाद्धृत्वा ददौ दण्डं विविधं निर्जरानपि॥ १९
दितिः सुखमतीवाप दृष्ट्वा शक्रादिदुर्दशाम्।
अमरा अपि शक्राद्या जग्मुर्दुःखं स्वकर्मतः॥ २०
तदाहं कश्यपेनाशु तत्रागत्य सुसामगीः।
देवानत्याजयंस्तस्मात्सदा देवहिते रतः॥ २१

देवान्मुक्त्वा स वज्राङ्गस्ततः प्रोवाच सादरम्।
शिवभक्तोऽतिशुद्धात्मा निर्विकारः प्रसन्नधीः॥ २२

भगवान् विष्णुले नृसिंह तथा वराहरूप धारण गरी अत्यन्त दुःख दिने ती दुवैको वध गर्नुभयो। तत्पश्चात् देवगण निर्भय र सुखी रहन लागे॥ १०॥

यसबाट दिति दुखी भइन् र उनी कश्यपको शरणमा गइन्। ती पतिव्रताले उनको सेवा गरी भक्तिपूर्वक पुनः गर्भ धारण गरिन्। यो जानेर महान् परिश्रमी देवराज इन्द्रले अवसर पाएर उनको गर्भमा प्रविष्ट भएर वज्रले उनको गर्भलाई टुक्रा-टुक्रा पारिदिए। तर उनको व्रतको प्रभावले उनको गर्भ मरेन र दैवयोगले निदाएकी उनको गर्भबाट उनन्चास पुत्र उत्पन्न भए॥ ११—१३॥

ती सबै पुत्र मरुत् नामका देवता भए र स्वर्गमा गए। देवराजले उनीहरूलाई आफूसँगै लिएर गए। तब दिति आफ्नो कर्मबाट अनुतप्त भई पुनः उनको सेवा गर्न लागिन् र उनले महान् सेवाबाट ती मुनिलाई प्रसन्न पारिन्॥ १४-१५॥

कश्यप भन्नुहुन्छ—हे भद्रा! यदि तिमी पवित्र भएर ब्रह्माको दस हजार वर्षसम्म तपस्या गर्छ्यौ भने तिम्रो गर्भबाट पुनः महापराक्रमी पुत्रको जन्म हुनेछ॥ १६॥

हे मुनि! दितिले श्रद्धाका साथ जब तपस्या पूरा गरिन्, तब आफ्नो पतिबाट गर्भ धारण गरी त्यस्तै पुत्र उत्पन्न गरिन्॥ १७॥

दितिको त्यो पुत्र देवताहरूको समान थियो, त्यो वज्रांग नामले विख्यात भयो। उसको शरीर नाम अनुसार नै [वज्रकै समान] थियो। त्यो जन्मदेखि नै महाप्रतापी र बलवान् थियो॥ १८॥

त्यस पुत्रले आफ्नी माताको आज्ञाले बलपूर्वक देवराज इन्द्र तथा देवताहरूलाई पनि समातेर अनेक प्रकारका दण्ड दियो। यस प्रकार इन्द्र आदिको दुर्दशा देखेर दिति ज्यादै प्रसन्न भइन् तथा इन्द्र आदि देवता आ-आफ्नो कर्मफलअनुसार धेरै दुःखी भए॥ १९-२०॥

तब देवताहरूको सधैँ भलो चिताउने मैले कश्यपलाई साथ लिएर त्यहाँ पुगेर शान्तिको कुरा भनेर देवताहरूलाई त्यस वज्रांगबाट छुटाएँ॥ २१॥

तत्पश्चात् शुद्धात्मा, निर्विकार त्यो शिवभक्त वज्रांग देवताहरूलाई मुक्त गरी प्रसन्नचित्त भएर आदरपूर्वक भन्न लाग्यो—॥ २२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वज्राङ्ग उवाच

इन्द्रो दुष्टः प्रजाघाती मातुर्मे स्वार्थसाधकः।
स फलं प्राप्तवानद्य स्वराज्यं हि करोतु सः॥ २३

वज्रांग भन्दछ—यो इन्द्र ज्यादै स्वार्थी र दुष्ट छ। यसैले मेरी माताको सन्तानहरूलाई नष्ट गरेको थियो, यसले आफ्नो कर्मको फल पायो, अब यो आफ्नो राज्यको पालन गरोस्॥ २३॥

मातुराज्ञावशाद् ब्रह्मन्कृतमेतन्मयाखिलम्।
न मे भोगाभिलाषो वै कस्यचिद्भुवनस्य हि॥ २४

हे ब्रह्मन्! यो सारा कार्य मैले माताको आज्ञाले गरेको हुँ। मलाई कुनै भुवनको भोगको अभिलाषा छैन॥ २४॥

तत्त्वसारं विधे ब्रूहि मह्यं वेदविदांवर।
येन स्यां सुसुखी नित्यं निर्विकारः प्रसन्नधीः॥ २५

हे वेदवेत्ताहरूमा श्रेष्ठ ब्रह्मन्! तपाईं मलाई वेदतत्त्वको सार बताउनुहोस्, जसबाट म सदा परम सुखी, विकाररहित तथा प्रसन्नचित्त भइजाऊँ॥ २५॥

तच्छ्रुत्वाहं मुनेऽवोचं सात्त्विको भाव उच्यते।
तत्त्वसार इति प्रीत्या सृजाम्येकां वरां स्त्रियम्॥ २६

हे मुनि! यो सुनेर मैले उससित भनें—जुन सात्त्विक भाव छ, त्यही तत्त्वसार हो। मैले [तिम्रो निम्ति] प्रसन्नतापूर्वक एउटी सुन्दर स्त्रीको निर्माण गरेको छु॥ २६॥

वराङ्गीं नाम तां दत्त्वा तस्मै दितिसुताय वै।
अयां स्वधाम सुप्रीतः कश्यपस्तत्पितापि च॥ २७

त्यस वरांगी नाम भएकी स्त्रीलाई मैले त्यस दितिपुत्रलाई प्रदान गरी उसको पितालाई अत्यन्त प्रसन्न पारी म आफ्नो घर गएँ र कश्यप पनि आफ्नो स्थानमा फर्किए॥ २७॥

ततो दैत्यः स वज्राङ्गः सात्त्विकं भावमाश्रितः।
आसुरं भावमुत्सृज्य निर्वैरः सुखमाप्तवान्॥ २८

तब त्यो दैत्य वज्रांग सात्त्विक भावले युक्त भयो र राक्षसी भावलाई छोडेर द्वेषरहित भई सुख भोग्न लाग्यो॥ २८॥

न बभूव वरांग्या हि हृदि भावोऽथ सात्त्विकः।
सकामा स्वपतिं भेजे श्रद्धया विविधं सती॥ २९

तर वरांगीको हृदयमा सात्त्विक भावको उदय भएन र उनी सकाम भएर श्रद्धापूर्वक आफ्नो पतिको अनेक प्रकारले सेवा गर्न लागिन्॥ २९॥

अथ तत्सेवनादाशु संतुष्टोऽभून्महाप्रभुः।
स वज्राङ्गः पतिस्तस्या उवाच वचनं तदा॥ ३०

वरांगीको पति महाप्रभु त्यो वज्रांग उनको सेवाबाट सन्तुष्ट भयो र उनीसित भन्न लाग्यो—॥ ३०॥

वज्राङ्ग उवाच

किमिच्छसि प्रिये ब्रूहि किं ते मनसि वर्तते।
तच्छ्रुत्वानम्य तं प्राह सा पतिं स्वमनोरथम्॥ ३१

वज्रांग भन्दछ—हे प्रिये! तिमी के चाहन्छ्यौ, तिम्रो मनमा के [विचार] छ? मलाई बताऊ। तब उनले विनम्र भएर पतिसित आफ्नो मनोरथ बताइन्—॥ ३१॥

वरांग्युवाच

चेत् प्रसन्नोऽभवस्त्वं वै सुतं मे देहि सत्पते।
महाबलं त्रिलोकस्य जेतारं हरिदुःखदम्॥ ३२

वरांगी भन्दछिन्—हे सत्पति! यदि हजुर [मसित] प्रसन्न हुनुहुन्छ भने मलाई यस्तो पुत्र दिनुहोस्, जो महाबली, त्रिलोकीलाई जित्ने तथा इन्द्रलाई दुःख दिनेवाला होस्॥ ३२॥

ब्रह्मोवाच

इति श्रुत्वा प्रियावाक्यं विस्मितोऽभूत्स आकुलः।
उवाच हृदि स ज्ञानी सात्त्विको वैरवर्जितः॥ ३३

ब्रह्मा भन्नुहुन्छ—आफ्नो पत्नीको यो वचन सुनेर त्यो व्याकुल तथा आश्चर्यचकित भयो। द्वेषरहित, ज्ञानी एवं सात्त्विक त्यो वज्रांग आफ्नो मनमा सोच्न लाग्यो—॥ ३३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रियेच्छति विरोधं वै सुरैर्मे न हि रोचते।
किं कुर्यां हि क्व गच्छेयं कथं नश्येन्न मे पणः ॥ ३४

मेरी प्रिया देवताहरूसित विरोध गर्न चाहन्छिन्, तर मलाई यो राम्रो लाग्दैन। अब म के गरूँ, कहाँ जाऊँ र कुन यस्तो उपाय गरूँ, जसबाट मेरो प्रतिज्ञा नष्ट नहोस्॥ ३४॥

प्रियामनोरथश्चैव पूर्णः स्यात् त्रिजगद्भवेत्।
क्लेशयुङ् नितरां भूयो देवाश्च मुनयस्तथा॥ ३५

यदि प्रियाको मनोरथ पूर्ण भयो भने तीनै लोक कष्टमा पर्नेछ तथा देवता र मुनि पनि दुःखी हुने छन्॥ ३५॥

न पूर्णः स्यात्प्रियाकामस्तदा मे नरको भवेत्।
द्विधापि धर्महानिर्वै भवतीत्यनुशुश्रुवान्॥ ३६

तर यदि प्रियाको मनोरथ पूर्ण भएन भने मलाई नरक भोग्नु पर्नेछ। दुवै प्रकारबाट धर्मको हानि हुनेछ, यस्तो मैले [धर्मशास्त्रहरूबाट] सुनेको छु॥ ३६॥

वज्राङ्ग इत्थं बभ्राम स मुने धर्मसंकटे।
बलाबलं द्वयोस्तत्र विचिचिंत च बुद्धितः॥ ३७

हे मुनि! यस प्रकार धर्मसंकटमा परेको त्यो वज्रांग भ्रममा पऱ्यो, त्यो आफ्नो बुद्धिले दुवै कुराको उचित-अनुचित [पक्ष]-मा विचार गर्न लाग्यो॥ ३७॥

शिवेच्छया स हि मुने वाक्यं मेने स्त्रियो बुधः।
तथास्त्विति वचः प्राह प्रियां प्रति स दैत्यराट्॥ ३८

हे मुनि! [त्यस समय] त्यस बुद्धिमान् वज्रांगले शिवको इच्छाले स्त्रीको कुरा मान्यो। त्यस दैत्यराजले प्रियासित भन्यो—ठीक छ, यस्तै हुने छ॥ ३८॥

तदर्थमकरोत्तीव्रं तपोऽन्यद् दुष्करं स तु।
मां समुद्दिश्य सुप्रीत्या बहुवर्षं जितेन्द्रियः॥ ३९

तत्पश्चात् उसले यस निमित्त जितेन्द्रिय भएर मेरो उद्देश्यले धेरै वर्षसम्म प्रीतिपूर्वक तप गऱ्यो॥ ३९॥

वरं दातुमगां तस्मै दृष्ट्वाहं तत्तपो महत्।
वरं ब्रूहि ह्यवोचं तं सुप्रसन्नेन चेतसा॥ ४०

तब उसको महातप देखेर उसलाई वर प्रदान गर्नका लागि म गएँ र प्रसन्नमनले मैले उससित भनें—वर माग॥ ४०॥

वज्राङ्गस्तु तदा प्रीतं मां दृष्ट्वा खे स्थितं विभुम्।
सुप्रणम्य बहु स्तुत्वा वरं वव्रे प्रियाहितम्॥ ४१

त्यस समय वज्रांगले प्रसन्न भएको म विभुलाई आकाशमा स्थित देखेर प्रणाम गरी नाना प्रकारका स्तुति गरी प्रियाका लागि हितकारी वर माग्यो॥ ४१॥

वज्राङ्ग उवाच

सुतं देहि स्वमातुर्मे महाहितकरं प्रभो।
महाबलं सुप्रतापं सुसमर्थं तपोनिधिम्॥ ४२

वज्रांग भन्दछ—हे प्रभु! तपाईं मलाई यस्तो पुत्र दिनुहोस्, जो आफ्नी माताको तथा मेरो परम हित गर्ने, महाबली, महाप्रतापी, सर्वसमर्थ र तपोनिधि होस्॥ ४२॥

ब्रह्मोवाच

इत्याकर्ण्य च तद्वाक्यं तथास्त्वित्यब्रवं मुने।
अयां स्वधाम तद्दत्त्वा विमनाः संस्मरन् शिवम्॥ ४३

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! उसको यो वचन सुनेर मैले 'तथास्तु' भनें र यस प्रकार उसलाई वर दिएर शिवको स्मरण गर्दै उदास भएर म आफ्नो स्थानमा फर्किएँ॥ ४३॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे तारकोत्पत्तौ वज्राङ्गोत्पत्तितपोवर्णनं नाम चतुर्दशोऽध्यायः ॥ १४॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा तारकको उत्पत्तिको प्रसंगमा वज्रांगको उत्पत्ति र उसको तपस्याको वर्णन नामक चौधौँ अध्याय पूर्ण भयो॥ १४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ पञ्चदशोऽध्यायः

वरांगीको पुत्र तारकासुरको उत्पत्ति, तारकासुरको तपस्या एवं ब्रह्माद्वारा उसलाई वरप्राप्ति, वरदानको प्रभावले तीनवटै लोकमा उसको अत्याचार

ब्रह्मोवाच

अथ सा गर्भमाधत्त वराङ्गी तत्पुरादरात्।
स ववर्धाभ्यंतरे हि बहुवर्षैः सुतेजसा॥ १

ततः सा समये पूर्णे वराङ्गी सुषुवे सुतम्।
महाकायं महावीर्यं प्रज्वलन्तं दिशो दश॥ २

तदैव च महोत्पाता बभूवुर्दुःखहेतवः।
जायमाने सुते तस्मिन्वरांग्याः सुरदुःखदे॥ ३

दिवि भुव्यन्तरिक्षे च सर्वलोकभयंकराः।
अनर्थसूचकास्तात त्रिविधाः तान्ब्रवीम्यहम्॥ ४

सोल्काश्चाशनयः पेतुर्महाशब्दा भयंकराः।
उदयं चक्रुरुत्कृष्टाः केतवो दुःखदायकाः॥ ५

चचाल वसुधा साद्रिर्जज्वलुः सकला दिशः।
चुक्षुभुः सरितः सर्वाः सागराश्च विशेषतः॥ ६

हूत्कारानीरयन् घोरान्खरस्पर्शो मरुद्ववौ।
उन्मूलयन्महावृक्षान्वात्यानीको रजोध्वजः॥ ७

सराह्वोः सूर्यविध्वोस्तु मुहुः परिधयोऽभवन्।
महाभयस्य विप्रेन्द्र सूचकाः सुखहारकाः॥ ८

महीध्रविवरेभ्यश्च निर्घाता भयसूचकाः।
रथनिर्ह्रादतुल्याश्च जज्ञिरेऽवसरे ततः॥ ९

सृगालोलूकटंकारैर्वमन्त्यो मुखतोऽनलम्।
अंतर्ग्रामेषु विकटं प्रणेदुरशिवाः शिवाः॥ १०

यतस्ततो ग्रामसिंहा उन्नमय्य शिरोधराम्।
सङ्गीतवद्रोदनवद्व्यमुञ्चन्विविधान् रवान्॥ ११

खार्कारारभसा मत्ताः खुरैर्घ्नन्तो रसां खराः।
वरूथशः तदा तात पर्यधावन्नितस्ततः॥ १२

ब्रह्मा भन्नुहुन्छ—त्यसपछि वरांगीले आदरपूर्वक गर्भ धारण गरिन्। त्यो धेरै वर्षसम्म परम तेजले भित्र बढ्दै रह्यो। तत्पश्चात् समय पूरा भएपछि वरांगीले विशालकाय, महाबलवान् तथा आफ्नो तेजले दसै दिशाहरूलाई दीप्त पार्ने पुत्रलाई जन्म दिइन्॥ १-२॥

देवताहरूलाई दुःख दिने त्यस वरांगीपुत्रको जन्म भएपछि दुःखको सुचक महान् उत्पात हुन लाग्यो। हे तात! त्यस समय स्वर्ग, भूमि तथा आकाशमा सबै लोकहरूलाई भयभीत पार्ने अनर्थसूचक तीन प्रकारका उत्पात भए, म तिनको वर्णन गर्दै छु॥ ३-४॥

[आकाशबाट] महान् आवाज गर्दै भयंकर उल्कायुक्त वज्र खस्न लाग्यो र जगत्‌लाई दुःख दिने अनेक सुतीक्ष्ण केतुको उदय भयो। पर्वतसहित पृथ्वी चलायमान भइन्, सबै दिशा प्रज्वलित भए, सबै नदी एवं विशेष गरी समुद्र क्षुब्ध हुन लाग्यो॥ ५-६॥

भयंकर हू-हू शब्द गर्दै तीक्ष्ण स्पर्श भएका हावा बहन लाग्यो र धूलो उडाउँदै एवं वृक्षहरूलाई उखेल्दै आँधी चल्न लाग्यो। हे विप्रेन्द्र! राहुसहित सूर्य र चन्द्रमा माथि पटक-पटक मण्डल पर्न लाग्यो, जुन महाभयको सूचक तथा सुखको नाश गर्ने खालको थियो॥ ७-८॥

त्यस समय पर्वतहरूका गुफाहरूबाट रथका नेमिको आवाज समान घर्घर एवं भयसूचक महान् आवाज हुन लाग्यो। स्याल एवं उल्लू आफ्नो मुखबाट भयानक टंकारयुक्त शब्द गर्दै अग्नि ओकल्न लागे र स्यालहरू गाउँभित्र पसेर अत्यन्त अमंगल तथा महाभयानक शब्द गर्न लागे॥ ९-१०॥

कुकुर जता-ततै गर्दन उठाएर संगीतको समान तथा रोदनको समान अनेक प्रकारका आवाज निकाल्न लागे॥ ११॥

हे तात! गधा हिनहिनाउँदै भयानक शब्दले मत्त भएर आफ्ना खुरहरूले पृथिवीलाई खोर्स्दै बथानका बथान यता-उता दौडन लागे॥ १२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खगा उदपतन्नीडाद् रासभत्रस्तमानसाः।
क्रोशंतो व्यग्रचित्ताश्च स्थितिमापुर्न कुत्रचित्॥ १३

शकृन्मूत्रमकार्षुश्च गोष्ठेऽरण्ये भयाकुलाः।
बभ्रमुः स्थितिमापुर्नो पशवस्ताडिता इव॥ १४

गावोऽत्रसन्नसृग्दोहा बाष्पनेत्रा भयाकुलाः।
तोयदा अभवंस्तत्र भयदाः पूयवर्षिणः॥ १५

व्यरुदन्प्रतिमास्तत्र देवानामुत्पतिष्णवः।
विनानिलं द्रुमाः पेतुर्ग्रहयुद्धं बभूव खे॥ १६
इत्यादिका बहूत्पाता जज्ञिरे मुनिसत्तम।
अज्ञानिनो जनास्तत्र मेनिरे विश्वसम्प्लवम्॥ १७
अथ प्रजापतिर्नामाकरोत्तस्यासुरस्य वै।
तारकेति विचार्यैव कश्यपो हि महौजसः॥ १८
महावीरः स सहसा व्यज्यमानात्मपौरुषः।
ववृधेऽत्यश्मसारेण कायेनाद्रिपतिर्यथा॥ १९

अथो स तारको दैत्यो महाबलपराक्रमः।
तपः कर्तुं जनन्याश्चाज्ञां ययाचे महामनाः॥ २०

प्राप्ताज्ञः स महामायी मायिनामपि मोहकः।
सर्वदेवजयं कर्तुं तपोऽर्थं मन आदधे॥ २१

मधोर्वनमुपागम्य गुर्वाज्ञाप्रतिपालकः।
विधिमुद्दिश्य विधिवत्तपस्तेपे सुदारुणम्॥ २२

ऊर्ध्वबाहुश्चैकपादो रविं पश्यन्स चक्षुषा।
शतवर्षं तपश्चक्रे दृढचित्तो दृढव्रतः॥ २३

अङ्गुष्ठेन भुवं स्पृष्ट्वा शतवर्षं च तादृशः।
तेपे तपो दृढात्मा स तारकोऽसुरराट् प्रभुः॥ २४

शतवर्षं जलं प्राश्नन् शतवर्षं च वायुभुक्।
शतवर्षं जले तिष्ठन् शतं च स्थंडिलेऽतपत्॥ २५

पक्षी गुँडहरूबाट उड्न लागे। गधिनी भयभीत भएर व्याकुलचित्त भई भयानक शब्द गर्न लागे। तिनले कहीँ पनि शान्ति पाइरहेका थिएनन्॥ १३॥

पशु प्रताडित भएसमान आफ्नो गोठमा र वनमा भयभीत भएर बारंबार मल-मूत्र त्याग गर्न लागे र जहाँ-तहाँ यताबाट उता भाग्न लागे। ती एक ठाउँमा बस्दैनन् थिए। गाईहरू भयले आक्रान्त भए, उनीहरूको स्तनबाट रगत बग्न लाग्यो, नेत्रहरूबाट अश्रुधारा प्रवाहित भए र ती व्याकुल भए। बादल पनि भय उत्पन्न गर्दै पीपको वर्षा गर्न लागे॥ १४-१५॥

देवताहरूका प्रतिमाहरू उफ्रेर रुन लागे, विना आँधी वृक्ष ढल्न लाग्यो र आकाशमा ग्रहहरूको युद्ध हुन लाग्यो। हे मुनिश्रेष्ठ! यस प्रकार अनेक उत्पात हुन लाग्यो। अज्ञानीहरू त्यस समय यो ठानेर बसे कि विश्वप्रलय भइरहेको छ। त्यसपछि प्रजापति कश्यपले विचार गरी त्यस महातेजस्वी असुरको नाम तारक राखे॥ १६—१८॥

त्यो महावीर सहसा आफ्नो पौरुष प्रकट गर्दै वज्रतुल्य शरीरले पर्वतराज समान बढ्न लाग्यो॥ १९॥

तत्पश्चात् त्यस महाबली, महापराक्रमी तथा मनस्वी तारक दैत्यले तपस्या गर्नका लागि मातासित आज्ञा माग्यो। मायावीहरूलाई पनि मोहित पार्ने त्यस महामायावी दैत्यले आफ्नो माताबाट आज्ञा प्राप्त गरी सबै देवताहरूमाथि विजय प्राप्त गर्नका लागि आफ्नो मनमा तप गर्ने विचार गर्‍यो॥ २०-२१॥

गुरुको आज्ञाको पालन गर्ने त्यो दैत्य मधुवनमा गएर ब्रह्मालाई लक्ष्य गरी विधिपूर्वक अत्यन्त कठोर तपस्या गर्न लाग्यो॥ २२॥

त्यस दृढव्रत दैत्यले चित्तलाई स्थिर गरी नेत्रद्वारा सूर्यलाई हेर्दै आफ्ना हातहरूलाई माथि उठाएर एउटा गोडाले उभिएर सय वर्षसम्म तपस्या गर्‍यो॥ २३॥

त्यसपछि गोडाको बुढिऔँलाले भूमिमा टेकेर दृढचित्त भएको तथा ऐश्वर्यशाली महान् असुरराज तारकले त्यसै प्रकार सय वर्षसम्म तपस्या गर्‍यो॥ २४॥

सय वर्षसम्म जल पिएर, सय वर्षसम्म वायु पिएर, सय वर्षसम्म जलमा उभिएर र सय वर्षसम्म स्थण्डिलमा बसेर उसले तपस्या गर्‍यो॥ २५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शतवर्षं तथा चाग्नौ शतवर्षमधोमुखः।
शतवर्षं तु हस्तस्य तलेन च भुवं स्थितः॥ २६

शतवर्षं तु वृक्षस्य शाखामालम्ब्य वै मुने।
पादाभ्यां शुचिधूमं हि पिबंश्चाधोमुखस्तथा॥ २७

एवं कष्टतरं तेपे सुतपः स तु दैत्यराट्।
काममुद्दिश्य विधिवच्छृण्वतामपि दुस्सहम्॥ २८

तत्रैवं तपतस्तस्य महत्तेजो विनिस्सृतम्।
शिरसः सर्वसंसर्पि महोपद्रवकृन्मुने॥ २९

तेनैव देवलोकास्ते दग्धप्राया बभूविरे।
अभितो दुःखमापन्नाः सर्वे देवर्षयो मुने॥ ३०

इन्द्रश्च भयमापेदेऽधिकं देवेश्वरस्तदा।
तपस्यत्यद्य कश्चिद्वै मत्पदं धर्षयिष्यति॥ ३१

अकांडे चैव ब्रह्माण्डं संहरिष्यत्ययं प्रभुः।
इति संशयमापन्ना निश्चयं नोपलेभिरे॥ ३२

ततः सर्वे सुसंमन्त्र्य मिथस्ते निर्जरर्षयः।
मल्लोकमगमन्भीता दीना मां समुपस्थिताः॥ ३३

मां प्रणम्य सुसंस्तूय सर्वे ते क्लिष्टचेतसः।
कृतस्त्वञ्जलयो मह्यं वृत्तं सर्वं न्यवेदयन्॥ ३४

अहं सर्वं सुनिश्चित्य कारणं तस्य सद्धिया।
वरं दातुं गतस्तत्र यत्र तप्यति सोऽसुरः॥ ३५

अवोचं वचनं तं वै वरं ब्रूहीत्यहं मुने।
तपस्तप्तं त्वया तीव्रं नादेयं विद्यते तव॥ ३६

इत्येवं मद्वचः श्रुत्वा तारकः स महासुरः।
मां प्रणम्य सुसंस्तूय वरं वव्रेऽतिदारुणम्॥ ३७

तारक उवाच

त्वयि प्रसन्ने वरदे किमसाध्यं भवेन्मम।
अतो याचे वरं त्वत्तः शृणु तन्मे पितामह॥ ३८

सय वर्षसम्म अग्निको बीचमा, सय वर्षसम्म उधोमुन्टो गरी र सय वर्षसम्म हत्केलाको बलमा पृथ्वीमा स्थित भएर त्यो तपस्या गर्दै रह्यो। हे मुनि! त्यो सय वर्षसम्म वृक्षका हाँगालाई दुवै गोडाले समातेर उधोमुन्टो गरी पवित्र धुवाँको पान गर्दै रह्यो॥ २६-२७॥

यस प्रकार त्यस असुरराजले आफ्नो मनोरथलाई लक्ष्य गरी सुन्नेहरूलाई पनि सर्वथा दुःसह लाग्ने अत्यन्त कठिन तथा कष्टकर तपस्या गर्‍यो॥ २८॥

हे मुनि! यस प्रकार तप गर्दै उसको शिरबाट चारै दिशाहरूमा फैलने एक महान् उपद्रवकारी महातेज निस्क्यो॥ २९॥

हे मुनि! त्यस तेजले सबै देवलोक प्रायः जल्न लागे र चारैतिर समस्त देवता तथा ऋषिगण ज्यादै दुःखी भए॥ ३०॥

त्यस समय देवराज इन्द्र यति धेरै भयभीत भए कि निश्चय नै यस समय कोही तप गरिरहेको छ, त्यसले मेरो पदलाई पनि खोस्ने छ॥ ३१॥

त्यो ऐश्वर्यशालीले त असमयमा नै ब्रह्माण्डको संहार गर्ने छ—यस प्रकार सन्देहमा परेका [देवता] केही पनि निश्चय गर्न सकिरहेका थिएनन्॥ ३२॥

त्यसपछि सबै देवता एवं ऋषि परस्पर विचार गरी भयभीत एवं दीन भएर मेरो लोकमा पुगे र मेरो सामुन्ने उपस्थित भए॥ ३३॥

व्यथित चित्त भएका ती सबैले मलाई प्रणाम तथा स्तुति गरी हात जोडेर सारा वृत्तान्त सुनाए॥ ३४॥

म पनि सद्‌बुद्धिले [उनीहरूको व्यग्रताको] समस्त कारण जानेर जुन स्थानमा असुर तप गरिरहेको थियो, त्यस स्थानमा त्यसलाई वर दिनका लागि गएँ॥ ३५॥

हे मुनि! मैले त्यससित भनें—[हे दैत्य!] तिमीले घोर तपस्या गरेका छौ, अतः वर माग, मलाई कुनै पनि वस्तु तिम्रो लागि अदेय छैन। तब मेरो वचन सुनेर त्यस महान् असुर तारकले मलाई प्रणाम गर्दै मेरो स्तुति गरी अत्यन्त कठिन वर माग्यो॥ ३६-३७॥

तारक भन्दछ—हे पितामह! वर दिनेवाला हजुर प्रसन्न भएपछि मेरा लागि के असाध्य हुन सक्छ, अतः म हजुरसित जुन वर माग्छु, त्यो सुन्नुहोस्॥ ३८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यदि प्रसन्नो देवेश यदि देयो वरो मम।
देयं वरद्वयं मह्यं कृपां कृत्वा ममोपरि॥ ३९

त्वया च निर्मिते लोके सकलेऽस्मिन्महाप्रभो।
मत्तुल्यो बलवान्नूनं न भवेत्कोऽपि वै पुमान्॥ ४०

शिववीर्यसमुत्पन्नः पुत्रः सेनापतिर्यदा।
भूत्वा शस्त्रं क्षिपेन्मह्यं तदा मे मरणं भवेत्॥ ४१

इत्युक्तोऽथ तदा तेन दैत्येनाहं मुनीश्वर।
वरं च तादृशं दत्त्वा स्वलोकमगमं द्रुतम्॥ ४२

दैत्योऽपि स वरं लब्ध्वा मनसेप्सितमुत्तमम्।
सुप्रसन्नतरो भूत्वा शोणिताख्यपुरं गतः॥ ४३

अभिषिक्तस्तदा राज्ये त्रैलोक्यस्यासुरैः सह।
शुक्रेण दैत्यगुरुणाज्ञया मे स महासुरः॥ ४४

ततस्तु स महादैत्योऽभवत् त्रैलोक्यनायकः।
स्वाज्ञां प्रवर्तयामास पीडयन्सचराचरम्॥ ४५

राज्यं चकार विधिवत्त्रिलोकस्य स तारकः।
प्रजाश्च पालयामास पीडयन्निर्जरादिकान्॥ ४६

ततः स तारको दैत्यस्तेषां रत्नान्युपाददे।
इन्द्रादिलोकपालानां स्वतो दत्तानि तद्भयात्॥ ४७

इन्द्रेणैरावतस्तस्य भयात्तस्मै समर्पितः।
कुबेरेण तदा दत्ता निधयो नवसंख्यकाः॥ ४८

वरुणेन हयाः शुभ्रा ऋषिभिः कामकृत्तथा।
इन्द्रेणोच्चैःश्रवा दिव्यो भयात्तस्मै समर्पितः॥ ४९

यत्र यत्र शुभं वस्तु दृष्टं तेनासुरेण हि।
तत्तद् गृहीतं तरसा निस्सारस्त्रिभवोऽभवत्॥ ५०

समुद्राश्च तथा रत्नान्यदुस्तस्मै भयान्मुने।
अकृष्टपच्यासीत्पृथ्वी प्रजाः कामदुघाखिलाः॥ ५१

सूर्यश्च तपते तद्वत्तद् दुःखं न यथा भवेत्।
चंद्रस्तु प्रभया दृश्यो वायुः सर्वानुकूल्यवान्॥ ५२

हे देवेश! यदि हजुर मप्रति प्रसन्न हुनुहुन्छ र यदि मलाई वर दिन चाहनुहुन्छ भने ममाथि कृपा गरी मलाई दुईवटा वर दिनुहोस्॥ ३९॥

हे महाप्रभु! हजुरद्वारा निर्मित यस समस्त लोकमा कुनै पनि पुरुष मसमान बलवान् नहोस् र शिवको वीर्यबाट उत्पन्न भएको पुत्र देवताहरूको सेनापति बनेर जब ममाथि शस्त्र प्रहार गर्लान्, तब मेरो मृत्यु होस्॥ ४०-४१॥

हे मुनीश्वर! जब त्यस दैत्यले मसित यस प्रकार भन्यो, तब म त्यसलाई त्यसै प्रकारको वर दिएर शीघ्रतापूर्वक आफ्नो स्थानमा गएँ॥ ४२॥

त्यो दैत्य पनि मनोवांछित उत्तम वर प्राप्त गरी अत्यन्त प्रसन्न भएर शोणित नामक पुरमा गयो॥ ४३॥

त्यसपछि दैत्यगुरु शुक्राचार्यले मेरो आज्ञाले असुरहरूका साथ गएर त्रिलोकीको राज्यमा त्यस महान् असुरको अभिषेक गरे। तब त्यो महादैत्य त्रैलोक्याधिपति भयो र चराचरलाई पीडित पार्दै आफ्नो आज्ञा चलाउन लाग्यो। यस प्रकार त्यो तारक विधिपूर्वक त्रैलोक्यको राज्य गर्न लाग्यो र देवता आदिलाई पीडा पुऱ्याउँदै प्रजापालन गर्न लाग्यो॥ ४४—४६॥

त्यसपछि त्यस तारकासुरले इन्द्र आदि लोकपाल-हरूका रत्नहरूलाई ग्रहण गऱ्यो, उनीहरूले त्यसको डरले [रत्न] स्वयं प्रदान गरे॥ ४७॥

इन्द्रले त्यसको भयबाट ऐरावत हाती समर्पित गरिदिए र कुबेरले नौ निधिहरू दिए। डरको कारण वरुणले सेतोवर्णका घोडा, ऋषिहरूले कामधेनु र इन्द्रले उच्चैःश्रवा नामक दिव्य घोडा त्यसलाई समर्पित गरिदिए॥ ४८-४९॥

त्यस असुरले जहाँ-जहाँ राम्रा वस्तुहरू देख्थ्यो, तिनलाई बलपूर्वक हरण गर्ने गर्थ्यो। यस प्रकार त्रिलोकी सर्वथा निःसार हुन गयो॥ ५०॥

हे मुनि! समुद्रले पनि डरले उसलाई समस्त रत्न प्रदान गरिदिए, पृथिवीले पनि विना खनजोत अन्न प्रदान गर्न लागिन् र सबै प्रजाहरूको मनोरथ पूर्ण भयो॥ ५१॥

सूर्य त्यति नै तात्दथे, जसबाट कसैलाई कष्ट नहोस्, चन्द्रमा उज्यालो पारिरहन्थे र वायु सबैको अनुकूल नै चल्थ्यो॥ ५२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवानां चैव यद् द्रव्यं पितॄणां च परस्य च।
तत्सर्वं समुपादत्तमसुरेण दुरात्मना॥ ५३

त्यस दुरात्मा असुरले देवताहरू, पितृहरू तथा अरूका जति पनि द्रव्य थिए, ती सब हरण गऱ्यो॥ ५३॥

वशीकृत्य स लोकांस्त्रीन्स्वयमिन्द्रो बभूव ह।
अद्वितीयः प्रभुश्चासीद्राज्यं चक्रेऽद्धुतं वशी॥ ५४

यसरी त्यो तीनै लोकलाई आफ्नो अधीन गरी स्वयं इन्द्र बनी बस्यो र इन्द्रियहरूलाई वशमा राखे अद्वितीय राजा भई अद्भुत प्रकारले राज्य गर्न लाग्यो॥ ५४॥

निस्सार्य सकलान्देवान्दैत्यानस्थापयत्ततः।
स्वयं नियोजयामास देवयोनीन् स्वकर्मणि॥ ५५

अथ तद्बाधिता देवाः सर्वे शक्रपुरोगमाः।
मुने मां शरणं जग्मुरनाथा अतिविह्वलाः॥ ५६

त्यसले समस्त देवताहरूलाई हटाएर उनीहरूको स्थानमा दैत्यहरूलाई नियुक्त गरिदियो र देवताहरूलाई आफ्नो कर्ममा नियुक्त गऱ्यो। हे मुनि! त्यसपछि त्यसबाट पीडित भएका इन्द्र आदि समस्त देवगण अनाथ तथा अत्यन्त व्याकुल भएर मेरो शरणमा आए॥ ५५-५६॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे तारकासुरतपोराज्यवर्णनं नाम पञ्चदशोऽध्यायः॥ १५॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा तारकासुरको तपस्या एवं त्यसको राज्यको वर्णन नामक पन्ध्रौँ अध्याय पूर्ण भयो॥ १५॥

अथ षोडशोऽध्यायः

तारकासुरबाट उत्पीडित देवताहरूलाई ब्रह्माद्वारा सान्त्वना प्रदान गर्नु

ब्रह्मोवाच

अथ ते निर्जराः सर्वे सुप्रणम्य प्रजेश्वरम्।
तुष्टुवुः परया भक्त्या तारकेण प्रपीडिताः॥ १

ब्रह्मा भन्नुहुन्छ—त्यसपछि तारकासुरबाट पीडित ती समस्त देवता म प्रजापतिलाई राम्ररी प्रणाम गरी परम भक्तिले स्तुति गर्न लागे॥ १॥

अहं श्रुत्वामरनुतिं यथार्थां हृदयङ्गमाम्।
सुप्रसन्नतरो भूत्वा प्रत्यवोचं दिवौकसः॥ २

देवताहरूको यथार्थ एवं हृदयग्राही सरस स्तुति सुनेर अत्यन्त प्रसन्न भई मैले उनीहरूसित भनेँ— ॥ २॥

स्वागतं स्वाधिकारा वै निर्विघ्नाः सन्ति वः सुराः।
किमर्थमागता यूयमत्र सर्वे वदन्तु मे॥ ३

इति श्रुत्वा वचो मे ते नत्वा सर्वे दिवौकसः।
मामूचुर्नतका दीनास्तारकेण प्रपीडिताः॥ ४

हे देवता हो! तपाईंहरूलाई स्वागत छ। तपाईंहरूका अधिकार निर्विघ्न त छन्? तपाईंहरू सबै यहाँ केका निमित्त आउनुभयो, मसित भन्नुहोस्। मेरो कुरा सुनेर तारकासुरबाट पीडित ती सबै देवता मलाई प्रणाम गरी विनयी भई दीनतापूर्वक भन्न लागे— ॥ ३-४॥

देवा ऊचुः

लोकेश तारको दैत्यो वरेण तव दर्पितः।
निरस्यास्मान्हठात्स्थानान्यग्रहीन्नो बलात् स्वयम्॥ ५

भवतः किमु न ज्ञातं दुःखं यन्न उपस्थितम्।
तद्दुःखं नाशय क्षिप्रं वयं ते शरणं गताः॥ ६

देवता भन्दछन्—हे लोकेश! हजुरको वरदानले अभिमानमा भरिएको तारक असुरले हठपूर्वक हामीहरूलाई आफ्नो स्थानहरूबाट वंचित गरी तिनलाई बलपूर्वक स्वयं ग्रहण गरेको छ। हामीहरूका समक्ष जुन दुःख उपस्थित भएको छ, के हजुर त्यसलाई जान्नुहुन्न? हामीहरू हजुरको शरणमा आएका छौँ, यस दुःखको शीघ्र निवारण गर्नुहोस्॥ ५-६॥

अहर्निशं बाधतेऽस्मान् यत्र तत्रास्थितान्स वै।
पलायमानाः पश्यामो यत्र तत्रापि तारकम्॥ ७

हामीहरू जहाँ जान्छौँ, त्यो असुर त्यहीँ रात-दिन हामीहरूलाई पीडित पार्छ। हामी भागेर जहाँ जान्छौँ, त्यहाँ तारकलाई मात्र देख्छौँ॥ ७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तारकान्नश्च यद्दुःखं संभूतं सकलेश्वर।
तेन सर्वे वयं तात पीडिता विकला अति॥ ८

हे सर्वेश्वर! हामीहरूका समक्ष तारकासुरबाट जस्तो भय उपस्थित भएको छ, त्यो दुःख सहन सकिरहेका छौनौँ। हामीहरू त्यसै पीडाबाट अत्यन्त व्याकुल छौँ॥ ८॥

अग्निर्यमोऽथ वरुणो निर्ऋतिर्वायुरेव च।
अन्ये दिक्पतयश्चापि सर्वे तद्वशगामिनः॥ ९

सर्वे मनुष्यधर्माणः सर्वैः परिकरैर्युताः।
सेवन्ते तं महादैत्यं न स्वतंत्राः कदाचन॥ १०

अग्नि, यम, वरुण, निर्ऋति, वायु एवं अन्य समस्त दिक्पाल त्यसको वशमा भएका छन्। सबै देवता आफ्ना समस्त परिकरहरूसहित मनुष्यधर्मा भएका छन् र त्यसको सेवा गर्छन्। ती कुनै प्रकार पनि स्वतन्त्र छैनन्॥ ९-१०॥

एवं तेनार्दिता देवा वशगास्तस्य सर्वदा।
तदिच्छाकार्यनिरताः सर्वे तस्यानुजीविनः॥ ११

यस प्रकार त्यसबाट पीडित भएर सबै देवता सदा त्यसको वशवर्ती भएका छन् र त्यसको इच्छानुसार कार्य गर्छन् तथा त्यसको अनुजीवी भएका छन्॥ ११॥

यावत्यो वनिताः सर्वा ये चाप्यप्सरसां गणाः।
सर्वांस्तानग्रहीद्दैत्यस्तारकोऽसौ महाबली॥ १२

जति पनि सुन्दरी स्त्रीहरू तथा अप्सराहरू छन्, ती सबैलाई त्यो महाबली तारकले ग्रहण गरेको छ॥ १२॥

न यज्ञाः संप्रवर्तन्ते न तपस्यन्ति तापसाः।
दानधर्मादिकं किंचिन्न लोकेषु प्रवर्तते॥ १३

तस्य सेनापतिः क्रौंचो महापाप्यस्ति दानवः।
स पातालतलं गत्वा बाधते त्वनिशं प्रजाः॥ १४

तेन नस्तारकेणेदं सकलं भुवनत्रयम्।
हृतं हठाज्जगद्धातः पापेनाकरुणात्मना॥ १५

वयं च तत्र यास्यामो यत्स्थानं त्वं विनिर्दिशेः।
स्वस्थास्तद्वारितास्तेन लोकनाथ सुरारिणा॥ १६

त्वं नो गतिश्च शास्ता च धाता त्राता त्वमेव हि।
वयं सर्वे तारकाख्यवह्नौ दग्धाः सुविह्वलाः॥ १७

अहिले यज्ञ-याग सम्पन्न हुँदैनन्, तपस्वीहरू तपस्या पनि गर्न पाउँदैनन्। लोकमा दान, धर्म आदि केही पनि भइरहेको छैन। त्यसको सेनापति दानव क्रौंच अत्यन्त पापी छ। त्यो पाताललोकसम्म गएर प्रजाहरूलाई निरन्तर पीडित पार्छ। हे जगद्धाता! त्यस निष्करुण तथा पापी तारकले हाम्रो सम्पूर्ण त्रिलोकलाई बलपूर्वक आफ्नो वशमा पारेको छ। अब हजुरले जुन स्थान बताउनु हुन्छ, हामीहरू त्यहीँ जाने छौँ। हे लोकनाथ! त्यस देवशत्रुले हामीहरूलाई आ-आफ्नो स्थानबाट हटाइदिएको छ। अब हजुर नै हामीहरूको शरणदाता, श्रापक, रक्षक तथा पोषक हुनुहुन्छ। हामी सबैजना तारक नामक अग्निबाट दग्ध भएर ज्यादै व्याकुल भइरहेका छौँ॥ १३—१७॥

तेन क्रूरा उपाया नः सर्वे हतबलाः कृताः।
विकारे सांनिपाते वा वीर्यवन्त्यौषधानि च॥ १८

जसरी सन्निपात नामक विकारमा बलवान् औषधिहरू पनि निष्फल हुन जान्छन्, त्यसै गरी त्यसले हाम्रो सबै कठोर उपायहरूलाई निष्फल पारिदिएको छ॥ १८॥

यत्रास्माकं जयाशा हि हरिचक्रे सुदर्शने।
तत्कुंठितमभूत्तस्य कंठे पुष्पमिवार्पितम्॥ १९

भगवान् विष्णुको जुन सुदर्शन नामक चक्रसित हामीहरूलाई विजयको आशा थियो, त्यो त्यसको कण्ठमा पुष्प समान लागेर कुण्ठित भएको छ॥ १९॥

ब्रह्मोवाच

इत्येतद्वचनं श्रुत्वा निर्जराणामहं मुने।
प्रत्यवोचं सुरान्सर्वांस्तत्कालसदृशं वचः॥ २०

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! देवताहरूको यस वचनलाई सुनेर म सबै देवताहरूसित समयोचित कुरा भन्न लागेँ—॥ २०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

ममैव वचसा दैत्यस्तारकाख्यः समेधितः।
न मत्तस्तस्य हननं युज्यते हि दिवौकसः॥ २१

ततो नैव वधो योग्यो यतो वृद्धिमुपागतः।
विषवृक्षोऽपि संवर्ध्य स्वयं छेत्तुमसांप्रतम्॥ २२

युष्माकं चाखिलं कार्यं कर्तुं योग्यो हि शंकरः।
किन्तु स्वयं न शक्तो हि प्रतिकर्तुं प्रचोदितः॥ २३

तारकाख्यस्तु पापेन स्वयमेष्यति संक्षयम्।
यथा यूयं संविदध्वमुपदेशकरस्त्वहम्॥ २४

न मया तारको वध्यो हरिणापि हरेण च।
नान्येनापि सुरैर्वापि मद्वरात्सत्यमुच्यते॥ २५

शिववीर्यसमुत्पन्नो यदि स्यात्तनयः सुराः।
स एव तारकाख्यस्य हन्ता दैत्यस्य नापरः॥ २६

यमुपायमहं वच्मि तं कुरुध्वं सुरोत्तमाः।
महादेवप्रसादेन सिद्धिमेष्यति स ध्रुवम्॥ २७

सती दाक्षायणी पूर्वं त्यक्तदेहा तु याभवत्।
सोत्पन्ना मेनकागर्भात्सा कथा विदिता हि वः॥ २८

तस्या अवश्यं गिरिशः करिष्यति करग्रहम्।
तत्कुरुध्वमुपायं च तथापि त्रिदिवौकसः॥ २९

तथा विदध्वं सुतरां तस्यां तु परियत्नतः।
पार्वत्यां मेनकाजायां रेतःप्रतिनिपातने॥ ३०

तमूर्ध्वरेतसं शंभुं सैव प्रच्युतरेतसम्।
कर्तुं समर्था नान्यास्ति तथा काप्यबला बलात्॥ ३१

सा सुता गिरिराजस्य सांप्रतं प्रौढयौवना।
तपस्यन्तं हिमगिरौ नित्यं संसेवते हरम्॥ ३२

वाक्याद्धिमवतः काली स्वपितुर्हठतश्शिवा।
सखीभ्यां सेवते सार्धं ध्यानस्थं परमेश्वरम्॥ ३३

तामग्रतोऽर्चमानां वै त्रैलोक्ये वरवर्णिनीम्।
ध्यानासक्तो महेशो हि मनसापि न हीयते॥ ३४

ब्रह्मा भन्नुहुन्छ—हे देवगण हो! मेरो वरदानको कारण नै त्यो तारक नामक दैत्य बलवान् भएको छ। अतः मद्वारा त्यसको वध उचित हुन्न। जसद्वारा त्यसले वृद्धिलाई प्राप्त गरेको छ, उसैबाट त्यसको वध उचित हुन्न। विषवृक्षलाई बढाएर त्यसलाई पनि स्वयंले काट्नु अनुचित हुन्छ॥ २१-२२॥ शिव नै तपाईंहरूको सारा कार्य गर्न योग्य हुनुहुन्छ, तर उहाँ स्वयं केही गर्नु हुन्न, प्रेरणा गरेपछि उहाँ यसको प्रतीकार गर्नमा समर्थ हुनुहुन्छ॥ २३॥ तारकासुर स्वयं आफ्नै पापबाट नष्ट हुनेछ। म जस्तो उपदेश गर्छु, तपाईंहरू त्यस्तै गर्नुहोस्॥ २४॥ मेरो वरको प्रभावले न म, न विष्णु, न शंकर, न अन्य कोही तथा न सबै देवता नै तारकको वध गर्न सक्छन्, यो म सत्य भनिरहेको छु। हे देवताहरू हो! यदि शिवको वीर्यबाट कुनै पुत्र उत्पन्न भयो भने त्यसले तारक दैत्यको वध गर्न सक्छ, अरू कसैले सक्दैन॥ २५-२६॥

हे श्रेष्ठ देवताहरू हो! म जुन उपाय बताइरहेको छु, त्यसलाई तपाईंहरू गर्नुहोस्, त्यो उपाय महादेवको कृपाले अवश्य सिद्ध हुने छ। पूर्वकालमा जुन दक्षकन्या सतीले [दक्षको यज्ञमा] आफ्नो शरीर त्याग गर्नुभएको थियो, उहाँ नै [यस समय] मेनाको गर्भबाट उत्पन्न हुनुभएको छ, यो कुरा तपाईंहरूलाई थाहै छ॥ २७-२८॥

हे देवगण हो! महादेवले उहाँको पाणिग्रहण अवश्य गर्नुहुने छ, तथापि तपाईंहरू पनि त्यसको उपाय गर्नुहोस्॥ २९॥ तपाईंहरू यत्नपूर्वक यस्तो उपाय गर्नुहोस् कि मेनाकी पुत्री पार्वतीमा शिवको वीर्यको आधान होस्॥ ३०॥ ऊर्ध्वरेता शंकरलाई च्युतवीर्य गर्नमा उहाँ मात्र समर्थ हुनुहुन्छ, कुनै अरू स्त्री समर्थ छैनन्॥ ३१॥ पूर्ण यौवन भएकी ती गिरिराजपुत्री यस समय हिमालयमा तपस्या गर्दै शंकरको नित्य सेवा गर्ने गर्नुहुन्छ॥ ३२॥

आफ्नो पिता हिमवान्‌का वचनले ती काली शिवा आफ्ना दुई सखीका साथ ध्यानपरायण परमेश्वर शिवको हठपूर्वक सेवा गरिरहनुभएको छ। सेवामा तत्पर ती त्रैलोक्य-सुन्दरीलाई सामुन्ने देखेर ध्यानमग्न महेश्वर मनबाट पनि विचलित हुनुहुन्न॥ ३३-३४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भार्यां समीहेत यथा स कालीं चन्द्रशेखरः।
तथा विधध्वं त्रिदशा न चिरादेव यत्नतः॥ ३५
स्थानं गत्वाथ दैत्यस्य तमहं तारकं ततः।
निवारयिष्ये कुहठात्स्वस्थानं गच्छतामराः॥ ३६
इत्युक्त्वाहं सुरान् शीघ्रं तारकाख्यासुरस्य वै।
उपसङ्गम्य सुप्रीत्या समाभाष्येदमब्रवम्॥ ३७

ब्रह्मोवाच

तेजःसारमिमं स्वर्गं राज्यं त्वं परिपासि नः।
यदर्थं सुतपस्तप्तं वाञ्छसि त्वं ततोऽधिकम्॥ ३८
वरश्चाप्यवरो दत्तो न मया स्वर्गराज्यता।
तस्मात्स्वर्गं परित्यज्य क्षितौ राज्यं समाचर॥ ३९
देवयोग्यानि तत्रैव कार्याणि निखिलान्यपि।
भविष्यन्त्यसुरश्रेष्ठ नात्र कार्या विचारणा॥ ४०
इत्युक्त्वाहं च संबोध्यासुरं तं सकलेश्वरः।
स्मृत्वा शिवां च सशिवं तत्रान्तर्धानमागतः॥ ४१
तारकोऽपि परित्यज्य स्वर्गं क्षितिमथाभ्यगात्।
शोणिताख्यपुरे स्थित्वा सर्वराज्यं चकार सः॥ ४२
देवाः सर्वेऽपि तच्छ्रुत्वा मद्वाक्यं सुप्रणम्य माम्।
शक्रस्थानं ययुः प्रीत्या शक्रेण सुसमाहिताः॥ ४३
तत्र गत्वा मिलित्वा च विचार्य च परस्परम्।
ते सर्वे मरुतः प्रीत्या मघवन्तं वचोऽब्रुवन्॥ ४४

देवा ऊचुः

शम्भोर्यथा शिवायां वै रुचिर्जायेत कामतः।
मघवंस्ते प्रकर्तव्यं ब्रह्मोक्तं सर्वमेव तत्॥ ४५

ब्रह्मोवाच

इत्येवं सर्ववृत्तान्तं विनिवेद्य सुरेश्वरम्।
जग्मुस्ते सर्वतो देवाः स्वं स्वं स्थानं मुदान्विताः॥ ४६

हे देवताहरू! ती चन्द्रशेखरले जसरी कालीलाई भार्यारूपमा स्वीकार गर्नुहुन्छ, तपाईंहरू चाँडै त्यस्तै प्रयत्न गर्नुहोस्। म पनि त्यस दैत्यको स्थानमा गएर त्यो तारकलाई दुराग्रहबाट रोक्ने छु। हे देवताहरू हो! अब तपाईंहरू आफ्नो स्थानमा जानुहोस्। देवताहरूसित यस प्रकार भनेर म तत्काल तारककहाँ गएर त्यसलाई प्रेमपूर्वक बोलाएर भन्न लागेँ- ॥ ३५—३७ ॥

ब्रह्मा भन्नुहुन्छ—[हे तारक!] तिमी तेजहरूका सारस्वरूप यस स्वर्गको राज्य गरिरहेका छौ। जसका लागि तिमीले उत्तम तपस्या गरेका थियौ, त्यसभन्दा पनि धेरै इच्छा राख्छौ॥ ३८॥

मैले [तिमीलाई] यसभन्दा सानै वर दिएको थिएँ, मैले तिमीलाई स्वर्गको राज्य दिएको थिइन, यसैले तिमी स्वर्गको राज्य छोडेर पृथिवीमा राज्य गर॥ ३९॥

हे असुरश्रेष्ठ! यसमा तिमी कुनै प्रकार विचार नगर, त्यहाँ पनि धेरै देवताहरूका योग्य कार्य छन्॥ ४०॥

सबैका ईश्वर म यस प्रकार त्यस असुरसित भनेर र उसलाई सम्झाएर शिवासहित शिवको ध्यान गरी त्यहीं अन्तर्धान भएँ। त्यसपछि तारक पनि स्वर्गलाई छोडेर पृथिवीमा आयो र त्यो शोणित नामक नगरमा रहेर राज्य गर्न लाग्यो। सबै देवगण पनि मेरो वचन सुनेर मलाई सादर प्रणाम गरी समाहितचित्त भई इन्द्रका साथ इन्द्रपुरीमा गए॥ ४१—४३॥

त्यहाँ गएर भेट गरी आपसमा विचार गरी ती सब देवताहरूले इन्द्रसित प्रेमपूर्वक भने— ॥ ४४॥

देवता भन्दछन्—हे इन्द्र! जुन प्रकार भगवान् शंकर सकाम भएर शिवाको अभिलाषा गर्नुहुन्छ, ब्रह्माद्वारा बताइएको त्यो सारा प्रयत्न तपाईंले गर्नु-पर्दछ॥ ४५॥

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार इन्द्रसित सम्पूर्ण वृत्तान्त निवेदन गरी ती देवता प्रसन्नतापूर्वक सबैतिर आ-आफ्नो स्थानमा गए॥ ४६॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे देवसांत्वनवर्णनं नाम षोडशोऽध्यायः॥ १६॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा देवसान्त्वनावर्णन नामक सोह्रौँ अध्याय पूर्ण भयो॥ १६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ सप्तदशोऽध्यायः

इन्द्रले स्मरण गरेपछि कामदेव उपस्थित हुनु, शिवलाई तपबाट विचलित गर्नका लागि इन्द्रद्वारा कामदेवलाई पठाउनु

ब्रह्मोवाच

गतेषु तेषु देवेषु शक्रः सस्मार वै स्मरम्।
पीडितस्तारकेनाति दैत्येन च दुरात्मना॥ १
आगतस्तत्क्षणात्कामः सवसन्तो रतिप्रियः।
सावलेपो युतो रत्या त्रैलोक्यविजयी प्रभुः॥ २
प्रणामं च ततः कृत्वा स्थित्वा तत्पुरतः स्मरः।
महोन्नतमनास्तात साञ्जलिः शक्रमब्रवीत्॥ ३

ब्रह्मा भन्नुहुन्छ—ती देवताहरू गएपछि दुरात्मा तारकासुरबाट अत्यन्त पीडित भएका इन्द्रले कामको स्मरण गरे। त्यसै समय वसन्तलाई साथ लिएर रतिपति त्रैलोक्यविजयी समर्थ कामदेव रतिका साथ सगर्व त्यहाँ उपस्थित भए॥ १-२॥

हे तात! प्रणाम गरी उनको समक्ष खडा भएर हात जोडेर ती महामनस्वी काम इन्द्रसित भन्न लागे— ॥ ३॥

काम उवाच

किं कार्यं ते समुत्पन्नं स्मृतोऽहं केन हेतुना।
तत् त्वं कथय देवेश तत्कर्तुं समुपागतः॥ ४

काम भन्दछन्—हे देवेश! तपाईंको कुनचाहिँ कार्य आइपऱ्यो, तपाईंले कुन कारणले मेरो स्मरण गर्नुभएको हो, त्यसलाई चाँडै भन्नुहोस्, म त्यसलाई गर्नका लागि नै यहाँ उपस्थित भएको छु॥ ४॥

ब्रह्मोवाच

तच्छ्रुत्वा वचनं तस्य कंदर्पस्य सुरेश्वरः।
उवाच वचनं प्रीत्या युक्तं युक्तमिति स्तुवन्॥ ५

ब्रह्मा भन्नुहुन्छ— कामका यी वचनलाई सुनेर धेरै राम्रो, धेरै राम्रो—यो भनेर देवराज प्रेमपूर्वक यो वचन भन्न लागे— ॥ ५॥

शक्र उवाच

तव साधु समारम्भो यन्मे कार्यमुपस्थितम्।
तत्कर्तुमुद्यतोऽसि त्वं धन्योऽसि मकरध्वज॥ ६
प्रस्तुतं शृणु मद्वाक्यं कथयामि तवाग्रतः।
मदीयं चैव यत्कार्यं त्वदीयं तन्न चान्यथा॥ ७
मित्राणि मम सन्त्येव बहूनि सुमहान्ति च।
परं तु स्मर सन्मित्रं त्वत्तुल्यं न हि कुत्रचित्॥ ८
जयार्थं मे द्वयं तात निर्मितं वज्रमुत्तमम्।
वज्रं च निष्फलं स्याद्वै त्वं तु नैव कदाचन॥ ९

इन्द्र भन्नुहुन्छ—मेरो जुन प्रकारको कार्य उपस्थित भएको छ, त्यसलाई गर्नमा तिमी मात्र समर्थ छौ, हे मकरध्वज! तिमी धन्य छौ, जो त्यसलाई गर्नका लागि उद्यत छौ॥ ६॥

मेरो प्रस्तुत वाक्यलाई सुन, म तिम्रो सामुन्ने भन्दै छु, मेरो जुन कार्य छ, त्यो तिम्रै हो, यसमा सन्देह छैन। मेरा धेरै महान् मित्र छन्, तर हे काम! तिमीसमान उत्तम मित्र कहीँ पनि छैनन्॥ ७-८॥

हे तात! विजय प्राप्त गर्नका लागि मसँग दुई मात्र उपाय छन्, एक वज्र र दोस्रो तिमी, जसमध्ये वज्र त [कदाचित्] निष्फल पनि हुन जान्छ, तर तिमी कहिल्यै निष्फल हुँदैनौ॥ ९॥

यतो हितं प्रजायेत ततः को नु प्रियः परः।
तस्मान्मित्रवरस्त्वं हि मत्कार्यं कर्तुमर्हसि॥ १०

जसबाट आफ्नु हित हुन्छ, त्यसभन्दा प्रिय अरू को हुन सक्छ? यसैले तिमी मेरो सर्वश्रेष्ठ मित्र हौ, तिमीले अवश्य नै मेरो कार्य सम्पन्न गर्न सक्छौ॥ १०॥

मम दुःखं समुत्पन्नमसाध्यं चापि कालजम्।
केनापि नैव तच्छक्यं दूरीकर्तुं त्वया विना॥ ११

समयानुसार मेरो सामुन्ने असाध्य दुःख उत्पन्न भएको छ, तिमीबाहेक कोही पनि त्यसलाई दूर गर्नमा समर्थ छैनन्॥ ११॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दातुः परीक्षा दुर्भिक्षे रणे शूरस्य जायते।
आपत्काले तु मित्रस्याशक्तौ स्त्रीणां कुलस्य हि॥ १२

विनये संकटे प्राप्तेऽवितथस्य परोक्षतः।
सुस्नेहस्य तथा तात नान्यथा सत्यमीरितम्॥ १३

प्राप्तायां वै ममापत्ताववार्यायां परेण हि।
परीक्षा च त्वदीयाद्य मित्रवर्य भविष्यति॥ १४

न केवलं मदीयं च कार्यमस्ति सुखावहम्।
किं तु सर्वसुरादीनां कार्यमेतन्न संशयः॥ १५

ब्रह्मोवाच

इत्येतन्मघवद्वाक्यं श्रुत्वा तु मकरध्वजः।
उवाच प्रेमगंभीरं वाक्यं सुस्मितपूर्वकम्॥ १६

काम उवाच

किमर्थमित्थं वदसि नोत्तरं वच्म्यहं तव।
उपकृत्कृत्रिमं लोके दृश्यते कथ्यते न च॥ १७

सङ्कटे बहु यो ब्रूते स किं कार्यं करिष्यति।
तथापि च महाराज कथयामि शृणु प्रभो॥ १८

पदं ते कर्षितुं यो वै तपस्तपति दारुणम्।
पातयिष्याम्यहं तं च शत्रुं ते मित्र सर्वथा॥ १९

क्षणेन भ्रंशयिष्यामि कटाक्षेण वरस्त्रियाः।
देवर्षिदानवादींश्च नराणां गणना न मे॥ २०

वज्रं तिष्ठतु दूरे वै शस्त्राण्यन्यान्यनेकशः।
किं ते कार्यं करिष्यन्ति मयि मित्र उपस्थिते॥ २१

ब्रह्माणं वा हरिं वापि भ्रष्टं कुर्यां न संशयः।
अन्येषां गणना नास्ति पातयेयं हरं त्वपि॥ २२

पञ्चैव मृदवो बाणास्ते च पुष्पमया मम।
चापस्त्रिधा पुष्पमयशिशञ्जिनी भ्रमरार्जिता॥ २३
बलं सुदयिता मे हि वसंतः सचिवः स्मृतः।
अहं पञ्चबलो देव मित्रं मम सुधानिधिः॥ २४

दुर्भिक्ष (अनिकाल) पर्दामा दानीको, युद्धस्थलमा शूरवीरको, आपत्तिकालमा मित्रको, असमर्थ हुँदामा स्त्रीहरूको तथा कुलको, नम्रतामा तथा संकट उपस्थित हुँदामा सत्यको र उत्तम स्नेहको परीक्षा परोक्षकालमा हुन्छ, यी अन्यथा होइनन्, यी सत्य भनिएका छन्॥ १२-१३॥

हे मित्रवर्य! अरूद्वारा टार्न नसकिने मेरो यस विपत्ति आइलागेको हुँदा आज तिम्रो परीक्षा हुने छ॥ १४॥

सुखको प्राप्ति गराउने यो कार्य केवल मेरा लागि मात्र होइन, अपितु यो सबै देवता आदिको कार्य हो, यसमा सन्देह छैन॥ १५॥

ब्रह्मा भन्नुहुन्छ—इन्द्रका यी वचन सुनेर कामदेव मुस्कुराउँदै प्रेमयुक्त वचन भन्न लागे—॥ १६॥

काम भन्दछन्—हे देवराज! तपाईं यस प्रकारका कुराहरू किन गर्दै हुनुहुन्छ? म तपाईंलाई उत्तर दिन सक्तिन। बनावटी मित्र नै लोकमा देखिन्छन्, वास्तविक उपकारीको विषयमा केही भनिन्न॥ १७॥

जुन [मित्र] संकटमा धेरै कुरा गर्छ, त्यसले के कार्य गर्ला, फेरि पनि हे महाराज! हे प्रभु! म केही भन्दै छु, त्यसलाई तपाईं सुन्नुहोस्॥ १८॥

हे मित्र! जसले तपाईंको पद खोस्नका लागि कठोर तपस्या गरिरहेको छ, म तपाईंको त्यो शत्रुलाई तपबाट सर्वथा च्युत गरिदिने छु। चाहे त्यो देवता, ऋषि एवं दानव आदि कोही होस्, त्यसलाई क्षणभरमा सुन्दरी स्त्रीको कटाक्षद्वारा भ्रष्ट गरिदिने छु, फेरि मनुष्य-हरूको त मेरो सामुन्ने कुनै गणना नै छैन॥ १९-२०॥

तपाईंका वज्र तथा अरू धेरै शस्त्र टाढै रहुन्। म-जस्तो मित्र भएपछि त्यो तपाईंको के कार्य गर्न सक्छन्। म ब्रह्मा तथा विष्णुलाई पनि विचलित पार्न सक्छु। [धेरै के भनूँ] म शंकरलाई पनि भ्रष्ट गर्न सक्छु, अरूको त गणना नै छैन॥ २१-२२॥

मसँग पाँचवटा मात्र कोमल बाण छन् र ती पनि पुष्पनिर्मित छन्, तीन प्रकारका मेरा धनुष पनि पुष्पमय नै छन्, त्यसका डोरी भ्रमरहरूले युक्त छन्। मेरो बल सुन्दरी स्त्री हुन् तथा वसन्त मेरो सचिव बताइएको छ। हे देव! यस प्रकार म पंचबल [पाँच बल भएको] हुँ। चन्द्रमा मेरा मित्र हुन्, शृंगार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सेनाधिपश्च शृङ्गारो हावभावाश्च सैनिकाः।
सर्वे मे मृदवः शक्र अहं चापि तथाविधः॥ २५

सेनापति हो र हाव-भाव मेरा सैनिक हुन्। हे इन्द्र! यी सबै मेरा उपकरण मृदु हुन् र म पनि त्यसै प्रकारको छु॥ २३—२५॥

यद्येन पूर्यते कार्यं धीमांस्तत्तेन योजयेत्।
मम योग्यं तु यत्कार्यं सर्वं तन्मे नियोजय॥ २६

जसबाट जुन कार्य पूर्ण हुन्छ, बुद्धिमान् व्यक्तिले त्यसलाई त्यसै कार्यमा नियुक्त गरिदिनुपर्छ। अतः [हे इन्द्र!] मेरो योग्य जुनसुकै कार्य होस्, तपाईं मलाई त्यसमा नियुक्त गरिदिनुहोस्॥ २६॥

ब्रह्मोवाच

इत्येवं तु वचस्तस्य श्रुत्वा शक्रः सुहर्षितः।
उवाच प्रणमन्वाचा कामं कांतासुखावहम्॥ २७

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] यस प्रकार कामका वचनलाई सुनेर इन्द्र अत्यन्त प्रसन्न भए र वाणीले सत्कार गर्दै उनी स्त्रीहरूलाई सुख दिने कामसित भन्न लागे—॥ २७॥

शक्र उवाच

यत्कार्यं मनसोद्दिष्टं मया तात मनोभव।
कर्त्तुं तत् त्वं समर्थोऽसि नान्यस्मात्तस्य सम्भवः॥ २८

शक्र भन्नुहुन्छ—हे तात! हे कामदेव! मैले जुन कार्य [आफ्नो] मनमा सोचेको छु, त्यसलाई गर्नमा केवल तिमी मात्र समर्थ छौ, त्यो कार्य अरूबाट हुनेवाला छैन॥ २८॥

शृणु काम प्रवक्ष्यामि यथार्थं मित्रसत्तम।
यदर्थे च स्पृहा जाता तव चाद्य मनोभव॥ २९
तारकाख्यो महादैत्यो ब्रह्मणो वरमद्भुतम्।
अभूतजेयः संप्राप्य सर्वेषामपि दुःखदः॥ ३०

हे काम! हे मित्रवर्य! हे मनोभव! जुन कार्यका लागि आज तिम्रो आवश्यकता भएको छ, त्यसलाई म यथार्थ रूपले भन्दै छु, सुन। यस समय तारक नामक महादैत्य ब्रह्माबाट अद्भुत वरदान पाएर अजेय भएको छ र सबैलाई पीडा पुऱ्याइरहेको छ॥ २९-३०॥

तेन संपीड्यते लोको नष्टा धर्मा ह्यनेकशः।
दुःखिता निर्जराः सर्वे ऋषयश्च तथाखिलाः॥ ३१

त्यसले सारा संसारलाई पीडा दिइरहेको छ, [त्यसको कारण] सबै धर्म पनि नष्ट भएका छन्, सबै देवता तथा ऋषिगण दुःखित छन्॥ ३१॥

देवैश्च सकलैस्तेन कृतं युद्धं यथाबलम्।
सर्वेषां चायुधान्यत्र विफलान्यभवन्पुरा॥ ३२

देवताहरूले आफ्नो बलअनुसार त्यससित युद्ध पनि गरे, तर सबैका शस्त्र त्यसको सामुन्ने व्यर्थ भयो॥ ३२॥

भग्नः पाशो जलेशस्य हरिचक्रं सुदर्शनम्।
तत्कुण्ठितमभूत्तस्य कण्ठे क्षिप्तं च विष्णुना॥ ३३
एतस्य मरणं प्रोक्तं प्रजेशेन दुरात्मनः।
शम्भोर्वीर्योद्भवाद्बालान्महायोगीश्वरस्य हि॥ ३४
एतत्कार्यं त्वया साधु कर्तव्यं सुप्रयत्नतः।
ततः स्यान्मित्रवर्याति देवानां नः परं सुखम्॥ ३५

वरुणको पाशो छिन्यो र विष्णुद्वारा त्यसको कण्ठमा प्रहार गरियो, तर उहाँको त्यो सुदर्शन चक्र पनि कुण्ठित भयो। ब्रह्माले दुरात्मा दैत्यको मृत्युको निर्धारण महायोगीश्वर शिवको वीर्यबाट उत्पन्न भएको पुत्रद्वारा गर्नुभएको छ। अब तिमीले प्रयत्नपूर्वक यस कार्यलाई राम्ररी गर्नुपर्ने छ। हे मित्र! यस कार्यबाट देवताहरूलाई महान् सुख हुनेछ॥ ३३—३५॥

ममापि विहितं तस्मात्सर्वलोकसुखावहम्।
मित्रधर्मं हृदि स्मृत्वा कर्तुमर्हसि सांप्रतम्॥ ३६

अतः तिमी हृदयमा मित्रधर्मको स्मरण गरी मेरो लागि पनि हितकर तथा सबै लोकहरूलाई सुख दिने यस कार्यलाई यसै समय सम्पन्न गर॥ ३६॥

शंभुः स गिरिराजे हि तपः परममास्थितः।
स प्रभुर्नापि कामेन स्वतंत्रः परमेश्वरः॥ ३७

ती परमेश्वर प्रभु कामनाभन्दा पर हुनुहुन्छ। ती शम्भु यस समय हिमालयपर्वतमा परम तप गरिरहनुभएको छ॥ ३७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तत्समीपे च देवार्थं पार्वती स्वसखीयुता।
सेवमाना तिष्ठतीति पित्राज्ञप्ता मया श्रुतम्॥ ३८

मैले यस्तो सुनेको छु कि उहाँको नजिकै पार्वती आफ्नो पिताबाट आज्ञा लिएर आफ्ना सखीहरूका साथ उहाँलाई प्रसन्न पारी आफ्नो पति बनाउने उद्देश्यले सेवापरायण रहनुभएको छ॥ ३८॥

यथा तस्यां रुचिस्तस्य शिवस्य नियतात्मनः।
जायेत नितरां मार तथा कार्यं त्वया ध्रुवम्॥ ३९

इति कृत्वा कृती स्यास्त्वं सर्वं दुःखं विनङ्क्ष्यति।
लोके स्थायी प्रतापस्ते भविष्यति न चान्यथा॥ ४०

हे काम! यस प्रकारको उपाय गर्नुपर्छ, जसबाट कि चित्तलाई वशमा राख्नुहुने शिवको अभिरुचि पार्वतीमा हुन जाओस्। यस्तो गरी तिमी कृतकृत्य हुने छौ र सारा दुःख नष्ट हुनेछ। तिम्रो कीर्ति पनि संसारमा चिरस्थायी हुनेछ, यसमा सन्देह छैन॥ ३९-४०॥

ब्रह्मोवाच

इत्युक्तः स तु कामो हि प्रफुल्लमुखपंकजः।
प्रेम्णोवाचेति देवेशं करिष्यामि न संशयः॥ ४१

ब्रह्मा भन्नुहुन्छ—इन्द्रले यस प्रकार भनेपछि कामदेवको मुखकमल प्रफुल्लित भयो र उनले प्रेमपूर्वक इन्द्रसित भने—म [तपाईंको यो कार्य] निःसन्देह गर्ने छु॥ ४१॥

इत्युक्त्वा वचनं तस्मै तथेत्योमिति तद्वचः।
अग्रहीत्तरसा कामः शिवमायाविमोहितः॥ ४२

यत्र योगीश्वरः साक्षात्तप्यते परमं तपः।
जगाम तत्र सुप्रीतः सदारः सवसन्तकः॥ ४३

शिवको मायाले मोहित कामदेवले उनको वचनलाई 'ओम्'-यस्तो भनेर शीघ्रतापूर्वक स्वीकार गरे। तत्पश्चात् जहाँ साक्षात् योगीश्वर शंकर कठोर तप गरिरहनुभएको थियो, त्यहाँ प्रसन्नचित्त भएर आफ्नी पत्नी तथा वसन्तलाई साथ लिएर कामदेव पुगे॥ ४२-४३॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे शक्रकामसंवादवर्णनं नाम सप्तदशोऽध्यायः॥ १७॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा इन्द्रकामदेवसंवादवर्णन नामक सत्रौं अध्याय पूर्ण भयो॥ १७॥

अथाष्टादशोऽध्यायः

कामदेवद्वारा असमयमा वसन्त-ऋतुको प्रभाव प्रकट गर्नु, केही क्षणका लागि शिव मोहित हुनु, पुनः वैराग्य-भाव धारण गर्नु

ब्रह्मोवाच

तत्र गत्वा स्मरो गर्वी शिवमायाविमोहितः।
मोहकः स मधोश्चादौ धर्मं विस्तारयन्स्थितः॥ १

ब्रह्मा भन्नुहुन्छ—शिवको मायाले मोहित भएर ती महाभिमानी तथा मोह उत्पन्न गर्ने काम शिवका समीप गएर वसन्त-ऋतुको गुण-धर्मलाई फैलाउँदै स्थित भए॥ १॥

वसंतस्य च यो धर्मः प्रससार स सर्वतः।
तपःस्थाने महेशस्यौषधिप्रस्थे मुनीश्वर॥ २

हे मुनीश्वर! वसन्तको जुन प्रभाव छ, त्यो महेशको तपःस्थान औषधिशिखरमा सबैतिर फैलन लाग्यो॥ २॥

वनानि च प्रफुल्लानि पादपानां महामुने।
आसन्विशेषतस्तत्र तत्प्रभावान्मुनीश्वर॥ ३

हे महामुनि! हे मुनीश्वर! त्यहाँ उसको प्रभावले बुट्यानहरूका वन विशेषरूपले पुष्पित भए॥ ३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्पाणि सहकाराणामशोकवनिकासु वै।
विरेजुस्सुस्मरोद्दीपकराणि सुरभीण्यपि॥ ४
कैरवाणि च पुष्पाणि भ्रमराकलितानि च।
बभूवुर्मदनावेशकराणि च विशेषतः॥ ५

अशोकका वाटिकाहरूमा सहकार (आँप) हरूका कामोद्दीपक तथा सुगन्धित पुष्प विराजित हुन लाग्यो। भ्रमराहरूले घेरिएको कुमुदका पुष्प विशेषरूपले कामावेशलाई बढाउने खालका हुन गए॥ ४-५॥

सुकामोद्दीपनकरं कोकिलाकलकूजितम्।
आसीदति सुरम्यं हि मनोहरमतिप्रियम्॥ ६

[त्यस समय] कोइलीहरूका कलरव कामलाई अत्यधिक उद्दीप्त गर्ने खालका, सुरम्य, मनोहर र अतिप्रिय भयो॥ ६॥

भ्रमराणां तथा शब्दा विविधा अभवन्मुने।
मनोहराश्च सर्वेषां कामोद्दीपकरा अपि॥ ७

चंद्रस्य विशदा कांतिर्विकीर्णा हि समन्ततः।
कामिनां कामिनीनां च दूतिका इव साभवत्॥ ८

मानिनां प्रेरणायासीत्तत्काले कालदीपिका।
मारुतश्च सुखः साधो ववौ विरहिणोऽप्रियः॥ ९

हे मुनि! भ्रमराहरूका अनेक प्रकारका आवाज हुन लाग्यो, जुन सबैको मनलाई हर्ने खालका तथा काम-वासनालाई उत्तेजित गराउने खालका थिए। चन्द्रमाको मनोहर ज्योत्स्ना चारैतिर फैलियो, त्यो कामिहरू तथा कामिनीहरूको दूतसमान हुन गयो। ती [ज्योत्स्ना] मानीजनहरूलाई रति आदिका लागि प्रेरित तथा रतिकाललाई अझ बढी उद्दीप्त गराउने खालका थिए। हे साधु! [त्यस समय] विरहीजनका लागि अप्रिय सुखकारी वायु बहन लाग्यो॥ ७—९॥

एवं वसंतविस्तारो मदनावेशकारकः।
वनौकसां तदा तत्र मुनीनां दुस्सहोऽत्यभूत्॥ १०

यस प्रकार कामावेशलाई बढाउने त्यो वसन्तको विस्तार त्यस वनमा रहने मुनिहरूका लागि पनि अत्यन्त असह्य हुन गयो॥ १०॥

अचेतसामपि तदा कामासक्तिरभून्मुने।
सुचेतसां हि जीवानां सेति किं वर्ण्यते कथा॥ ११

एवं चकार स मधुः स्वप्रभावं सुदुस्सहम्।
सर्वेषां चैव जीवानां कामोद्दीपनकारकः॥ १२

हे मुनि! त्यस समय जड पदार्थहरूमा पनि जब कामको संचार हुन लाग्यो, तब सचेतन प्राणीहरूको कथा कसरी वर्णन गरौँ। यस प्रकार सबै प्राणीहरूका लागि कामलाई उद्दीप्त गर्ने त्यस वसन्तले आफ्नो अत्यन्त दुस्सह प्रभाव उत्पन्न गर्‍यो॥ ११-१२॥

अकालनिर्मितं तात मधोर्वीक्ष्य हरस्तदा।
आश्चर्यं परमं मेने स्वलीलात्ततनुः प्रभुः॥ १३

हे तात! तब आफ्नो लीलाका लागि शरीर धारण गर्नुहुने प्रभु शंकरले असमयमा त्यस वसन्तको प्रभावलाई देखेर त्यसलाई महान् आश्चर्य ठान्नुभयो॥ १३॥

अथ लीलाकरस्तत्र तपः परमदुष्करम्।
ततापं स वशीशो हि हरो दुःखहरः प्रभुः॥ १४

यसपछि लीला गर्नुहुने तथा दुःखहरण गर्नुहुने परम संयमी प्रभु शिव परम दुष्कर तपस्या गर्न लागनुभयो॥ १४॥

वसंते प्रसृते तत्र कामो रतिसमन्वितः।
चूतं बाणं समाकृष्य स्थितस्तद्वामपार्श्वतः॥ १५
स्वप्रभावं वितस्तार मोहयन्सकलान् जनान्।
रत्या युक्तं तदा कामं दृष्ट्वा को वा न मोहितः॥ १६

त्यसपछि त्यहाँ वसन्तको फैलावट जानेपछि रतिसहित त्यो काम आम्रमंजरीको बाण चढाएर उहाँको बाँयातिर उभियो र प्राणीहरूलाई मोहित पार्दै आफ्नु प्रभाव फैलाउन लाग्यो। त्यस समय रतिसहित कामलाई देखेर भलै कुन [प्राणी] मोहित नहोला॥ १५-१६॥

एवं प्रवृत्तसुरतौ शृङ्गारोऽपि गणैः सह।
हावभावयुतस्तत्र प्रविवेश हरान्तिकम्॥ १७

यस प्रकार उनलाई कामक्रीडामा प्रवृत्त भएको जानेर शृंगार पनि हाव-भावले युक्त भएर आफ्ना गणहरूका साथ शिवको समीप पुग्यो॥ १७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मदनः प्रकटस्तत्र न्यवसच्चित्तगो बहिः।
न दृष्टवांस्तदा शंभोश्छिद्रं येन प्रविश्यते॥ १८

चित्तमा निवास गर्ने कामदेव त्यहाँ बाहिर प्रकट भए, त्यस समय उनले शंकरमा कुनै छिद्र देख्न सकेनन्, जसबाट उनी प्रवेश गर्न सकुन्॥ १८॥

यदा चाप्राप्तविवरस्तस्मिन्योगिवरे स्मरः।
महादेवे तदा सोऽभून्महाभयविमोहितः॥ १९

जब कामदेवले ती योगीश्रेष्ठ महादेवमा छिद्र भेटाएनन्, तब उनी महान् भयले विमोहित भए॥ १९॥

ज्वलज्ज्वालाग्निसंकाशभालनेत्रसमन्वितम् ।
ध्यानस्थं शंकरं को वा समासादयितुं क्षमः॥ २०

धपधप गरेको अग्निका ज्वालासमान भालनेत्रले युक्त ध्यानस्थ शंकरको नजिक जान को समर्थ छ?॥ २०॥

एतस्मिन्नन्तरे तत्र सखीभ्यां संयुता शिवा।
जगाम शिवपूजार्थं नीत्वा पुष्पाण्यनेकशः॥ २१
पृथिव्यां यादृशं लोकैः सौन्दर्यं वर्ण्यते महत्।
तत्सर्वमधिकं तस्यां पार्वत्यामस्ति निश्चितम्॥ २२

त्यसै समय पार्वती पनि दुई सखीहरूका साथ अनेक प्रकारका पुष्प लिएर शिवको पूजा गर्नका लागि त्यहाँ पुग्नुभयो। मानिसहरू पृथिवीमा जुन-जुन प्रकारका महान् सौन्दर्यको वर्णन गर्छन्, ती सबै तथा त्यसभन्दा पनि धेरै सौन्दर्य ती पार्वतीमा छ॥ २१-२२॥

आर्तवाणि सुपुष्पाणि धृतानि च तया यदा।
तत्सौन्दर्यं कथं वर्ण्यमपि वर्षशतैरपि॥ २३
यदा शिवसमीपे तु गता सा पर्वतात्मजा।
तदैव शंकरो ध्यानं त्यक्त्वा क्षणमवस्थितः॥ २४
तच्छिद्रं प्राप्य मदनः प्रथमं हर्षणेन तु।
बाणेन हर्षयामास पार्श्वस्थं चन्द्रशेखरम्॥ २५

उहाँले ऋतुकालीन सुन्दर पुष्पहरूलाई धारण गर्नुभएको थियो, उहाँको सुन्दरताको वर्णन करोडौं वर्षमा पनि कसरी गर्न सकिन्छ र! जति बेला ती पार्वती शिवको समीप पुग्नुभयो, त्यस समय शिव पनि क्षणभरका लागि ध्यान त्यागेर अवस्थित हुनुभयो॥ २३-२४॥ त्यस छिद्रलाई पाएर कामले पहिला [आफ्नो] हर्षण नामक बाणले समीपस्थ शंकरलाई हर्षित पारे॥ २५॥

शृङ्गारैश्च तदा भावैः सहिता पार्वती हरम्।
जगाम कामसाहाय्ये मुने सुरभिणा सह॥ २६

हे मुनि! त्यस समय पार्वती पनि शृंगार एवं भावहरूले युक्त भएर मलयानिलका साथ [मानौं] कामको सहायता गर्नका लागि शिवको सन्निकट जानुभएको थियो॥ २६॥

तदैवाकृष्य तच्चापं रुच्यर्थं शूलधारिणः।
द्रुतं पुष्पशरं तस्मै स्मरोऽमुञ्चत्सुसंयतः॥ २७

त्यसै समय कामदेवले शूलधारी शिवलाई [पार्वतीमा] रुचि उत्पन्न गर्नका लागि आफ्नु धनुष खैँचेर तत्काल बडो सावधानीपूर्वक उहाँमाथि पुष्प-बाण छोडे॥ २७॥

यथा निरंतरं नित्यमागच्छति तथा शिवम्।
तं नमस्कृत्य तत्पूजां कृत्वा तत्पुरतः स्थिता॥ २८

जुन प्रकार पार्वती नित्य निरन्तर शिवकहाँ आउनुहुन्थ्यो, त्यसै प्रकार आएर उहाँलाई प्रणाम गरी उहाँको पूजा गरी उहाँको सामुन्ने उभिनुभयो॥ २८॥

सा दृष्टा पार्वती तत्र प्रभुणा गिरिशेन हि।
विवृण्वती तदाङ्गानि स्त्रीस्वभावात्सुलज्जया॥ २९

त्यस समय प्रभु शंकरले त्यहाँ स्त्रीस्वभाववश लज्जाका कारण आफ्ना अंगहरूलाई ढाक्दै गर्नुभएकी ती पार्वतीलाई हेर्नुभयो॥ २९॥

सुसंस्मृत्य वरं तस्या विधिदत्तं पुरा प्रभुः।
शिवोऽपि वर्णयामास तदङ्गानि मुदा मुने॥ ३०

हे मुनि! पूर्व समयमा पार्वतीलाई ब्रह्माद्वारा दिइएको वरदानको राम्ररी स्मरण गरी प्रभु शिव पनि प्रसन्नतापूर्वक उहाँका अंगको वर्णन गर्न लाग्नुभयो॥ ३०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिव उवाच

किं मुखं किं शशांकश्च किं नेत्रे चोत्पले च किम्।
भ्रुकुट्यौ धनुषी चैते कंदर्पस्य महात्मनः॥ ३१
अधरः किं च बिंबं किं किं नासा शुकचंचुका।
किं स्वरः कोकिलालापः किं मध्यं चाथ वेदिका॥ ३२
किं गतिर्वर्ण्यते ह्यस्याः किं रूपं वर्ण्यते मुहुः।
पुष्पाणि किं च वर्ण्यन्ते वस्त्राणि च तथा पुनः॥ ३३
लालित्यं चारु यत्सृष्टौ तदेकत्र विनिर्मितम्।
सर्वथा रमणीयानि सर्वाङ्गानि न संशयः॥ ३४
अहो धन्यतरा चेयं पार्वत्यद्भुतरूपिणी।
एतत्समा न त्रैलोक्ये नारी कापि सुरूपिणी॥ ३५
सुलावण्यनिधिश्चेयमद्भुताङ्गानि बिभ्रती।
विमोहिनी मुनीनां च महासुखविवर्धिनी॥ ३६

ब्रह्मोवाच

इत्येवं वर्णयित्वा तु तदङ्गानि मुहुर्मुहुः।
विधिदत्तवराध्यासाद्धरस्तु विरराम ह॥ ३७
हस्तं वस्त्रांतरे यावदचालयत शंकरः।
स्त्रीस्वभावाच्च सा तत्र लज्जिता दूरतो गता॥ ३८
विवृण्वती निजाङ्गानि पश्यंती च मुहुर्मुहुः।
सुवीक्षणैर्महामोदात्सुस्मिताभूच्छिवा मुने॥ ३९
एवं चेष्टां तदा दृष्ट्वा शंभुर्मोहमुपागतः।
उवाच वचनं चैवं महालीलो महेश्वरः॥ ४०
अस्या दर्शनमात्रेण महानंदो भवत्यलम्।
यदालिङ्गनमेतस्याः कुर्यां किन्तु ततः सुखम्॥ ४१
क्षणमात्रं विचार्येत्थं संपूज्य गिरिजां ततः।
प्रबुद्धः स महायोगी सुविरक्तो जगाविति॥ ४२
किं जातं चरितं चित्रं किमहं मोहमागतः।
कामेन विकृतश्चाद्य भूत्वापि प्रभुरीश्वरः॥ ४३
ईश्वरोऽहं यदीच्छेयं पराङ्गस्पर्शनं खलु।
तर्हि कोऽन्योऽक्षमः क्षुद्रः किं किं नैव करिष्यति॥ ४४

शिव भन्नुहुन्छ—यो मुख हो वा चन्द्रमा, यी नेत्र हुन् अथवा दुई कमल र यी दुवै भृकुटी हुन् वा महात्मा कामदेवका धनुष, यी अधर हुन् अथवा बिम्बफल, यी नासिका हुन् वा सुगाको चुच्चो, यो स्वर हो वा कोइलीको मनोहर कूक हो तथा यो मध्यभाग [कम्मर] हो वा वेदी हो॥ ३१-३२॥

यिनको चालको के वर्णन गरौँ, यिनको रूपको के वर्णन गरौँ र यिनका पुष्पहरू तथा वस्त्रहरूको पनि के वर्णन गरौँ!॥ ३३॥

सृष्टिमा जति पनि उत्तम सुन्दरता छन्, ती एकत्रित गरी यिनमा रचिएका छन्। यिनका सबै अंग सब प्रकारले रमणीय छन्, यसमा सन्देह छैन॥ ३४॥

अहो! अद्भुत रूप भएकी यी पार्वती धन्य छिन्, तीनै लोकमा यिनको समान सुन्दर रूप भएका कोही पनि स्त्री छैनन्। अद्भुत अंगहरूलाई धारण गर्ने यिनी लावण्यकी निधि हुन्। यिनी मुनिहरूलाई पनि मोहित पार्ने र महासुखलाई बढाउने खालकी छिन्॥ ३५-३६॥

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार पटक-पटक उहाँका अंगहरूको वर्णन गरी शिव ब्रह्मालाई दिएको वरदानको स्मरण गरी मौन हुनुभयो। त्यस समय जसरी शंकरले उहाँका वस्त्रहरूको स्पर्श गर्नुभयो, ती पार्वती स्त्रीस्वभावको कारण लज्जित भएर केही टाढा जानुभयो॥ ३७-३८॥

हे मुनि! आफ्ना अंगहरूलाई लुकाउँदै तथा तीक्ष्ण कटाक्षहरूले पटक-पटक [शिवतिर] हेर्दै ती शिवा महामोदका कारण मुस्कुराउन लाग्नुभयो॥ ३९॥

उहाँको यस चेष्टालाई देखेर शंकर मोहमा पर्नुभयो र तब महान् लीला गर्नुहुने महेश्वरले यो वचन भन्नुभयो—जब यिनको दर्शनमात्रले यति धेरै आनन्द प्राप्त भइरहेको छ, तब यदि मेलै यिनको सामीप्य प्राप्त गरैं भने कति सुख प्राप्त होला। यस प्रकार क्षणभर विचार गरी गिरिजाको प्रशंसा गरी ती महायोगी बोधयुक्त हुनुभयो र विरक्त भई भन्नुहुन्छ—॥ ४०—४२॥

यो कस्तो विचित्र चरित्र हुन गयो? के म मोहित भएँ। प्रभु तथा ईश्वर भएर पनि कामको कारण म विकारयुक्त भएँ। म ईश्वर हुँ र यदि अरूको अंगस्पर्शको मेरो यो इच्छा हो भने अरू अक्षम तथा क्षुद्र पुरुष के-के [अनर्थ] नगर्लान्॥ ४३-४४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MiDF

एवं वैराग्यमासाद्य पर्यङ्कासादनं च तत्।
वारयामास सर्वात्मा परेशः किं पतेदिह॥ ४५

यस प्रकार वैराग्यभावलाई प्राप्त गरी ती सर्वात्माले पर्यंक एवं आसनको परित्याग गरिदिनुभयो; किनभने के परमेश्वर पतित हुन सक्छन्!॥ ४५॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे कामकृतविकारवर्णनं नामाष्टादशोऽध्यायः॥ १८॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा कामकृतविकारवर्णन नामक अठारौँ अध्याय पूर्ण भयो॥ १८॥

अथैकोनविंशोऽध्यायः

भगवान् शिवका नेत्रज्वालाबाट कामदेव भस्म हुनु र रतिको विलाप, देवताहरूद्वारा रतिलाई सान्त्वना प्रदान गर्नु र कामलाई जीवित गराइदिन भगवान् शिवसित प्रार्थना गर्नु

नारद उवाच

ब्रह्मन् विधे महाभाग किं जातं तदनन्तरम्।
कथय त्वं प्रसादेन तां कथां पापनाशिनीम्॥ १

नारद भन्नुहुन्छ—हे ब्रह्मन्! हे विधि! हे महाभाग! यसपछि फेरि के भयो? हजुर ममाथि दया गरी यस पापलाई विनष्ट गर्ने कथाको पुनः वर्णन गर्नुहोस्॥ १॥

ब्रह्मोवाच

श्रूयतां सा कथा तात यज्जातं तदनन्तरम्।
तव स्नेहात्प्रवक्ष्यामि शिवलीलां मुदावहाम्॥ २
धैर्यस्य व्यसनं दृष्ट्वा महायोगी महेश्वरः।
विचिचिन्त मनस्येवं विस्मितोऽति ततः परम्॥ ३

ब्रह्मा भन्नुहुन्छ—हे तात! यसपछि जे भयो, त्यो तपाईं सुन्नुहोस्। म तपाईंको स्नेहवश आनन्ददायक शिवलीलाको वर्णन गर्ने छु। [हे नारद!] त्यसपछि महायोगी महेश्वर [आफ्नो] धैर्यको नाशलाई देखेर अत्यन्त विस्मित भई मनमा यस प्रकार विचार गर्न लाग्नुभयो॥ २-३॥

शिव उवाच

किमु विघ्नाः समुत्पन्नाः कुर्वतस्तप उत्तमम्।
केन मे विकृतं चित्तं कृतमत्र कुकर्मिणा॥ ४
कुवर्णनं मया प्रीत्या परस्त्र्युपरि वै कृतम्।
जातो धर्मविरोधोऽत्र श्रुतिसीमा विलंघिता॥ ५

शिव भन्नुहुन्छ—म त उत्तम तपस्या गरिरहेको थिएँ, त्यसमा विघ्न कसरी आयो! कुन कुकर्मीले यहाँ मेरो चित्तमा विकार पैदा गरिदियो! मैले स्त्रीको विषयमा अरूको प्रेमपूर्वक निन्दित वर्णन गरें। यो त धर्मको विरोध र शास्त्रमर्यादाको उल्लंघन भयो॥ ४-५॥

ब्रह्मोवाच

विचिंत्येत्थं महायोगी परमेशः सतां गतिः।
दिशो विलोकयामास परितः शंकितस्तदा॥ ६
वामभागे स्थितं कामं ददर्शाकृष्टबाणकम्।
स्वशरं क्षेप्तुकामं हि गर्वितं मूढचेतसम्॥ ७

ब्रह्मा भन्नुहुन्छ—तब सज्जनहरूका एकमात्र रक्षक महायोगी परमेश्वर शिव यस प्रकार विचार गरी शंकित भई सम्पूर्ण दिशाहरूतिर हेर्न लाग्नुभयो। त्यसै समय वामभागमा बाण खैँचेर उभिएका काममा उहाँको दृष्टि पऱ्यो। ती मूर्खचित्त मदन आफ्नो शक्तिको गर्वले चूर भएर पुनः आफ्नु बाण छोड्नै आँटिरहेका थिए॥ ६-७॥

तं दृष्ट्वा तादृशं कामं गिरीशस्य परात्मनः।
संजातः क्रोधसंमर्दस्तत्क्षणादपि नारद॥ ८

हे नारद! त्यस अवस्थामा कामप्रति दृष्टि पर्नासाथ परमात्मा गिरीशलाई तत्काल क्रोध उत्पन्न भयो॥ ८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कामः स्थितोऽन्तरिक्षे स धृत्वा तत्सशरं धनुः।
चिक्षेपास्त्रं दुर्निवारममोघं शंकरे मुने॥ ९

बभूवामोघमस्त्रं तु मोघं तत्परमात्मनि।
समशाम्यत्ततस्तस्मिन्संक्रुद्धे परमेश्वरे॥ १०

मोघीभूते शिवे स्वेऽस्त्रे भयमापाशु मन्मथः।
चकम्पे च पुरः स्थित्वा दृष्ट्वा मृत्युंजयं प्रभुम्॥ ११

सस्मार त्रिदशान्सर्वान्शक्रादीन्भयविह्वलः।
स स्मरो मुनिशार्दूल स्वप्रयासे निरर्थके॥ १२

कामेन सुस्मृता देवाः शक्राद्यास्ते मुनीश्वर।
आययुः सकलास्ते हि शंभुं नत्वा च तुष्टुवुः॥ १३

स्तुतिं कुर्वत्सु देवेषु क्रुद्धस्याति हरस्य हि।
तृतीयात्तस्य नेत्राद्वै निस्ससार ततो महान्॥ १४

ललाटमध्यगात्तस्मात्सवह्निर्द्रुतसम्भवः।
जज्वालोर्ध्वशिखो दीप्तः प्रलयाग्निसमप्रभः॥ १५

उत्पत्य गगने तूर्णं निपत्य धरणीतले।
भ्रामं भ्रामं स्वपरितः पपात मेदिनीं परि॥ १६

भस्मसात्कृतवान्साधो मदनं तावदेव हि।
यावच्च मरुतां वाचः क्षम्यतां क्षम्यतामिति॥ १७

हते तस्मिन्स्मरे वीरे देवा दुःखमुपागताः।
रुरुदुर्विह्वलाश्चातिक्रोशंतः किमभूदिति॥ १८

श्वेताङ्गा विकृतात्मा च गिरिराजसुता तदा।
जगाम मंदिरं स्वं च समादाय सखीजनम्॥ १९

क्षणमात्रं रतिस्तत्र विसंज्ञा साभवत्तदा।
भर्तृमृत्युजदुःखेन पतिता सा मृता इव॥ २०

जातायां चैव संज्ञायां रतिरत्यंतविह्वला।
विललाप तदा तत्रोच्चरन्ती विविधं वचः॥ २१

हे मुनि! यता, आकाशमा बाणसहित धनुष लिएर उभिएका कामले भगवान् शंकरमाथि आफ्नो दुर्निवार तथा अमोघ अस्त्र छोडिदिए। परमात्मा शिवमाथि त्यो अमोघ अस्त्र व्यर्थ हुन गयो। कुपित भएका परमेश्वरको नजिक जानासाथ त्यो बाण शान्त भयो॥ ९-१०॥ त्यसपछि भगवान् शिवमाथि आफ्नो अस्त्र व्यर्थ हुँदामा मन्मथलाई ठुलो भय भयो। भगवान् मृत्युंजयलाई देखेर उहाँको सामुन्ने उभिएर उनी काम्न थाले। हे मुनिश्रेष्ठ! ती कामदेव आफ्नो प्रयास निष्फल भएपछि भयले व्याकुल भएर इन्द्र आदि सबै देवताहरूको स्मरण गर्न लागे॥ ११-१२॥

हे मुनीश्वर! कामदेवले स्मरण गरेपछि ती इन्द्र आदि सबै देवता आए र शम्भुलाई प्रणाम गरी उहाँको स्तुति गर्न लागे॥ १३॥

देवता स्तुति गरिरहेका थिए, कुपित हुनुभएका भगवान् शिवको निधारको मध्यभागमा स्थित तृतीय नेत्रबाट ज्यादै ठुलो आगाको ज्वाला तत्काल प्रकट भएर निस्क्यो। ती ज्वालाहरू माथितिर उठिरहेका थिए। त्यो आगो दन्केर बल्न थाल्यो। त्यसको ज्योति प्रलयाग्निसमान अनुभूति हुन्थ्यो॥ १४-१५॥

त्यो ज्वाला तत्काल आकाशतिर उफ्रेर पृथ्वीमा खसेर फेरि आफ्नो चारैतिर घुम्दै कामदेवमाथि गएर खस्यो। हे साधु! क्षमा गर्नुहोस्, क्षमा गर्नुहोस्, यो कुरा जबसम्म देवताहरूले भनिरहेका थिए, त्यति बेलासम्म त्यस आगोले कामदेवलाई जलाएर खरानी बनाइसकेको थियो॥ १६-१७॥

त्यस वीर कामदेव मारिएपछि देवताहरूलाई ठुलो दुःख भयो। ती व्याकुल भएर, यो के भयो, यस प्रकार भनेर जोर-जोरले चीत्कार गर्दै रुन-कराउन लागे। त्यस समय डराउनुभएकी पार्वतीको समस्त शरीर सेतो देखियो र उहाँ सखीहरूलाई साथ लिएर आफ्नो भवनमा जानुभयो। [कामदेव जलेपछि] रति त्यहाँ क्षणभरका लागि अचेत भइन्। पतिको मृत्युजनित दुःखबाट उनी मरेतुल्य भइन्॥ १८—२०॥

[केही बेरमा] चेतना आएपछि अत्यन्त व्याकुल भएर ती रति त्यस समय थरी-थरीका कुरा भन्दै विलाप गर्न लागिन्॥ २१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रतिरुवाच

किं करोमि क्व गच्छामि किं कृतं दैवतैरिह।
मत्स्वामिनं समाहूय नाशयामासुरुद्धतम्॥ २२
हा हा नाथ स्मर स्वामिन्प्राणप्रिय सुखप्रद।
इदं तु किमभूदत्र हा हा प्रिय प्रियेति च॥ २३

रति भन्दछिन्—म के गरूँ? कहाँ जाऊँ? देवताहरूले यो के गरे, मेरो उद्धत स्वामीलाई बोलाएर उनीहरूले नष्ट गरिदिए। हाय! हाय! हे नाथ! हे स्मर! हे स्वामी! हे प्राणप्रिय! हे सुखप्रद! हे प्रिय! हे प्रिय! यो यहाँ के हुन गयो?॥ २२-२३॥

ब्रह्मोवाच

इत्थं विलपती सा तु वदन्ती बहुधा वचः।
हस्तौ पादौ तदास्फाल्य केशानत्रोटयत्तदा॥ २४

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार रुँदै-विलाप गर्दै र अनेक प्रकारका कुरा भन्दै उनी हात-गोडा ठटाउँदै शिरका कपालहरूलाई तान्न लागिन्॥ २४॥

तद्विलापं तदा श्रुत्वा तत्र सर्वे वनेचराः।
अभवन्दुःखिताः सर्वे स्थावरा अपि नारद॥ २५
एतस्मिन्नन्तरे तत्र देवाः शक्रादयोऽखिलाः।
रतिमूचुः समाश्वास्य संस्मरन्तो महेश्वरम्॥ २६

हे नारद! त्यस समय उनको विलाप सुनेर त्यहाँ रहने समस्त वनवासी तथा सबै स्थावर प्राणी पनि दुःखी भए। यसै बीच इन्द्र आदि समस्त देवता महेश्वरको स्मरण गर्दै रतिलाई आश्वस्त गरी उनीसित भन्न लागे—॥ २५-२६॥

देवा ऊचुः

किंचिद्भस्म गृहीत्वा तु रक्ष यत्नाद्भयं त्यज।
जीवयिष्यति स स्वामी लप्स्यसे त्वं पुनः प्रियम्॥ २७
सुखदाता न कोऽप्यस्ति दुःखदाता न कश्चन।
सर्वोऽपि स्वकृतं भुंक्ते देवान् शोचसि वै वृथा॥ २८

देवता भन्दछन्—केही भस्म लिएर त्यसलाई यत्नपूर्वक राख र भय छोडिदेऊ। ती स्वामी महादेवले [कामदेवलाई] जीवित गरिदिनुहुने छ र तिमीले पतिलाई पुनः प्राप्त गर्ने छौ॥ २७॥ कोही न सुख दिनेवाला छ तथा न कोही दुःख नै दिनेवाला छ। सबैजना आफूले गरेका फल भोग्छन्। तिमी देवताहरूलाई दोष दिएर व्यर्थै शोक गरिरहेकी छौ॥ २८॥

ब्रह्मोवाच

इत्याश्वास्य रतिं देवाः सर्वे शिवमुपागताः।
सुप्रसाद्य शिवं भक्त्या वचनं चेदमब्रुवन्॥ २९

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार रतिलाई सम्झाई-बुझाई गरी सब देवता भगवान् शिवको समीप आएर उहाँलाई भक्तिपूर्वक प्रसन्न पारी यो वचन भन्न लागे—॥ २९॥

देवा ऊचुः

भगवन् श्रूयतामेतद्वचनं नः शुभं प्रभो।
कृपां कृत्वा महेशान शरणागतवत्सल॥ ३०

देवता भन्दछन्—हे भगवान्! हे प्रभु! हे महेशान! हे शरणागतवत्सल! हजुर कृपा गरी हाम्रो यस शुभ वचनलाई सुन्नुहोस्॥ ३०॥

सुविचारय सुप्रीत्या कृतिं कामस्य शंकर।
कामेनैतत्कृतं यत्र न स्वार्थं तन्महेश्वर॥ ३१

हे शंकर! हजुर कामदेवको कृत्यमाथि राम्ररी अत्यन्त प्रसन्नतापूर्वक विचार गर्नुहोस्। हे महेश्वर! कामले जे जति कार्य गरेका छन्, यसमा उनको कुनै स्वार्थ थिएन॥ ३१॥

दुष्टेन पीडितैर्देवैस्तारकेणाखिलैर्विभो।
कर्म तत्कारितं नाथ नान्यथा विद्धि शंकर॥ ३२

हे विभु! दुष्ट तारकासुरबाट पीडित भएका सबै देवताहरूले मिलेर उनीमार्फत् यो कार्य गराएका हुन्। हे नाथ! हे शंकर! हजुर यसलाई अन्यथा नसम्झनुहोस्॥ ३२॥

रतिरेकाकिनी देव विलापं दुःखिता सती।
करोति गिरिश त्वं च तामाश्वासय सर्वद॥ ३३

सबथोक प्रदान गर्नुहुने हे देव! हे गिरिश! साध्वी रति एक्लै विलाप गरिरहेकी छिन्, हजुर उनलाई सान्त्वना प्रदान गर्नुहोस्॥ ३३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संहारं कर्तुकामोऽसि क्रोधेनानेन शंकर।
दैवतैः सह सर्वेषां हतवांस्तं यदि स्मरम्॥ ३४

दुःखं तस्या रतेर्दृष्ट्वा नष्टप्रायाश्च देवताः।
तस्मात्त्वया च कर्तव्यं रत्याश्शोकापनोदनम्॥ ३५

ब्रह्मोवाच

इत्याकर्ण्य वचस्तेषां प्रसन्नो भगवान् शिवः।
देवानां सकलानां च वचनं चेदमब्रवीत्॥ ३६

शिव उवाच

देवाश्च ऋषयः सर्वे मद्वचः शृणुतादरात्।
मत्कोपेन च यज्जातं तत्तथा नान्यथा भवेत्॥ ३७
अनङ्गस्तावदेव स्यात्कामो रतिपतिः प्रभुः।
यावच्चावतरेत्कृष्णो धरण्यां रुक्मिणीपतिः॥ ३८
द्वारकायां यदा स्थित्वा पुत्रानुत्पादयिष्यति।
तदा कृष्णस्तु रुक्मिण्यां काममुत्पादयिष्यति॥ ३९
प्रद्युम्नं नाम तस्यैव भविष्यति न संशयः।
जातमात्रं तु तं पुत्रं शंबरः संहरिष्यति॥ ४०
हत्वा प्रास्य समुद्रं तं शंबरो दानवोत्तमः।
मृतं ज्ञात्वा वृथा मूढो नगरं स्वं गमिष्यति॥ ४१
तावच्च नगरं तस्य रते स्थेयं यथासुखम्।
तत्रैव स्वपतेः प्राप्तिः प्रद्युम्नस्य भविष्यति॥ ४२
तत्र कामो मिलित्वा तं हत्वा शम्बरमाहवे।
भविष्यति सुखी देवाः प्रद्युम्नाख्यः स्वकामिनीम्॥ ४३
तदीयं चैव यद् द्रव्यं नीत्वा स नगरं पुनः।
गमिष्यति तया सार्धं देवाः सत्यं वचो मम॥ ४४

ब्रह्मोवाच

इति श्रुत्वा वचः शंभोर्देवा ऊचुः प्रणम्य तम्।
किंचिदुच्छ्वसिताश्चित्ते करौ बद्ध्वा नताङ्गकाः॥ ४५

हे शंकर! यदि यस क्रोधद्वारा हजुरले कामदेवलाई मार्नुभएको हो भने हामी यही सम्झने छौँ कि हजुर देवताहरूसहित समस्त प्राणीहरूलाई अहिल्यै संहार गर्न चाहनुहुन्छ॥ ३४॥

त्यस रतिको दुःख देखेर देवता नष्टजस्तै भएका छन्। यसैले हजुरले रतिको शोक हटाइदिनुपर्ने छ॥ ३५॥

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] ती सम्पूर्ण देवताहरूका यी वचन सुनेर भगवान् शिव प्रसन्न हुनुभयो र यो वचन भन्न लागनुभयो—॥ ३६॥

शिव भन्नुहुन्छ—हे देवता तथा ऋषिहरू हो! तपाईंहरू सबै आदरपूर्वक मेरो कुरा सुन्नुहोस्। मेरो क्रोधबाट जे जति हुन गएको छ, त्यो त अन्यथा हुन सक्तैन, तथापि रतिको शक्तिशाली पति कामदेव तबसम्म अनंग रहने छ, जबसम्म रुक्मिणीपति श्रीकृष्णको धरतीमा अवतार हुँदैन॥ ३७-३८॥

जब श्रीकृष्ण द्वारकामा रहेर पुत्रहरूलाई उत्पन्न गर्नुहुने छ, तब उनले रुक्मिणीको गर्भबाट कामलाई पनि जन्म दिने छन्॥ ३९॥

त्यस कामको नै नाम [त्यस समय] प्रद्युम्न हुने छ, यसमा संशय छैन। त्यस पुत्रको जन्म हुनासाथ शम्बरासुरले उसलाई हर्ने छ। हरण गरी दानवश्रेष्ठ मूर्ख शम्बरले उसलाई समुद्रमा फ्याकेर उसलाई मर्‍यो भन्ने ठानेर वृथा नै आफ्नो नगरमा फर्केर जाने छ। हे रते! तिमीले त्यस समयसम्म शम्बरासुरको नगरमा सुखपूर्वक निवास गर्नु पर्ने छ, त्यहीँ तिमीलाई आफ्नो पति प्रद्युम्नको प्राप्ति हुने छ॥ ४०—४२॥

हे देवता हो! त्यहाँ युद्धमा त्यस शम्बरासुरको वध गरी कामदेव आफ्नो पत्नीलाई प्राप्त गरी सुखी हुने छ॥ ४३॥

हे देवताहरू हो! प्रद्युम्न नामधारी त्यो काम शम्बरासुरको जति पनि धन हुनेछ, त्यसलाई लिएर त्यस रतिका साथ [आफ्नो] नगरमा जाने छ, मेरो यो कथन सर्वथा सत्य हुने छ॥ ४४॥

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] शिवका यी कुरा सुनेर देवताहरूको चित्तमा केही उल्लास छायो र ती शिर झुकाएर उहाँलाई प्रणाम गरी दुवै हात जोडेर उहाँसित भन्न लागे—॥ ४५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवा ऊचुः

देवदेव महादेव करुणासागर प्रभो।
शीघ्रं जीवय कामं त्वं रक्ष प्राणान् रतेर्हर॥ ४६

देवता भन्दछन्—हे देवदेव! हे महादेव! हे करुणासागर! हे प्रभु! हे हर! हजुर कामदेवलाई शीघ्र जीवित गरिदिनुहोस् तथा रतिको प्राणको रक्षा गर्नुहोस्॥ ४६॥

ब्रह्मोवाच

इत्याकर्ण्यामरवचः प्रसन्नः परमेश्वरः।
पुनर्बभाषे करुणासागरः सकलेश्वरः॥ ४७

ब्रह्मा भन्नुहुन्छ—देवताहरूका यी कुरा सुनेर सबैका स्वामी करुणासागर परमेश्वर शिव प्रसन्न भएर पुनः भन्न लाग्नुभयो— ॥ ४७॥

शिव उवाच

हे देवाः सुप्रसन्नोऽस्मि जीवयिष्यामि चान्तरे।
कामः स मद्गणो भूत्वा विहरिष्यति नित्यशः॥ ४८

शिव भन्नुहुन्छ—हे देवता हो! म ज्यादै प्रसन्न छु, म कामलाई सबैको हृदयमा जीवित गरिदिने छु र त्यो सदा मेरो गण भएर विहार गर्ने छ॥ ४८॥

नाख्येयमिदमाख्यानं कस्यचित्पुरतः सुराः।
गच्छत स्वस्थलं दुखं नाशयिष्यामि सर्वतः॥ ४९

हे देवता हो! तपाईंहरू यस आख्यानलाई कसैको सामुन्ने नभन्नुहोला, तपाईंहरू आफ्नो स्थानमा जानुहोस्, म सब प्रकारले [तपाईंहरूको] दुःख नाश गर्ने छु॥ ४९॥

ब्रह्मोवाच

इत्युक्त्वान्तर्दधे रुद्रो देवानां स्तुवतां तदा।
सर्वे देवाः सुप्रसन्ना बभूवुर्गतविस्मयाः॥ ५०

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार भनेर रुद्रदेव देवताहरूले स्तुति गर्दागर्दै अन्तर्धान हुनुभयो। तब सबै देवता अत्यन्त प्रसन्न तथा सन्देहरहित भए॥ ५०॥

ततस्तां च समाश्वास्य रुद्रस्य वचने स्थिताः।
उक्त्वा वचस्तदीयं च स्वं स्वं धाम ययुर्मुने॥ ५१

कामपत्नी समादिष्टं नगरं सा गता तदा।
प्रतीक्षमाणा तं कालं रुद्रादिष्टं मुनीश्वर॥ ५२

हे मुनि! त्यसपछि रुद्रको कुरामाथि भरोसा गरी ती देवता रतिलाई आश्वासन दिएर तथा उनीसित उहाँको वचन भनेर आ-आफ्नो धाममा गए। हे मुनीश्वर! तब ती कामपत्नी शिवले बताउनुभएको नगरमा गइन् तथा रुद्रले बताउनुभएको समयको प्रतीक्षा गर्न लागिन्॥ ५१-५२॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे कामनाशवर्णनं नामैकोनविंशोऽध्यायः॥ १९॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा कामनाशवर्णन नामक उन्नाइसौँ अध्याय पूर्ण भयो॥ १९॥

अथ विंशोऽध्यायः

शिवको क्रोधाग्निले डढेलोरूप-धारण गर्नु र ब्रह्माद्वारा त्यसलाई समुद्रमा समर्पित गर्नु

नारद उवाच

विधे नेत्रसमुद्भूतवह्निज्वाला हरस्य सा।
गता कुत्र वद त्वं तच्चरितं शशिमौलिनः॥ १

नारद भन्नुहुन्छ—हे विधि! भगवान् हरको [तृतीय] नेत्रबाट निस्किएको त्यो अगिनको ज्वाला कहाँ गयो? हजुर चन्द्रशेखरको त्यस चरित्रको वर्णन गर्नुहोस्॥ १॥

ब्रह्मोवाच

यदा भस्म चकाराशु तृतीयनयनानलः।
शम्भोः कामं प्रजज्वाल सर्वतो विफलस्तदा॥ २

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] जब भगवान् रुद्रको तेस्रो नेत्रबाट प्रकट भएको अगिनले कामदेवलाई तत्काल जलाएर खरानी पारिदियो, त्यसपछि त्यो विना कुनै प्रयोजन नै सबैतिर फैलन लाग्यो॥ २॥

हाहाकारो महानासीत् त्रैलोक्ये सचराचरे।
सर्वे देवर्षयस्तात शरणं मां ययुर्द्रुतम्॥ ३

चराचर प्राणीहरूसहित तीनै लोकमा महान् हाहाकार मच्चियो। हे तात! तब सम्पूर्ण देवता तथा ऋषिहरू तत्काल मेरो शरणमा आए॥ ३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वे निवेदयामासुस्तद्दुःखं मह्यमाकुलाः।
सुप्रणम्य सुसंस्तूय करौ बद्ध्वा नताननाः॥ ४

ती सबैले व्याकुल भएर शिर झुकाएर दुवै हात जोडी मलाई प्रणाम गरी विधिवत् मेरो स्तुति गरेर आफ्नु दुःख निवेदन गरे॥ ४॥

तच्छ्रुत्वाहं शिवं स्मृत्वा तद्धेतुं सुविमृश्य च।
गतस्तत्र विनीतात्मा त्रिलोकावनहेतवे॥ ५

त्यसलाई सुनेर शिवको स्मरण गरेर त्यसको कारणको राम्ररी विचार गरी तीनवटै लोकको रक्षा गर्नका लागि म विनीत भावले त्यहाँ पुगेँ॥ ५॥

संदग्धुकामः स शुचिर्ज्वालामालातिदीपितः।
स्तंभितोऽरं मया शंभुप्रसादात्सुतेजसा॥ ६

त्यो अग्नि ज्वालारूपी मालाले अत्यन्त उन्मत्त भई जगत्लाई जलाउनका लागि उद्यत थियो, तर भगवान् शिवको कृपाले प्राप्त भएको उत्तम तेजद्वारा मैले त्यसलाई तत्काल स्तम्भित गरिदिएँ॥ ६॥

अथ क्रोधमयं वह्निं दग्धुकामं जगत्त्रयम्।
वाडवं तमकार्षं च सौम्यज्वालामुखं मुने॥ ७

हे मुनि! मैले त्रिलोकीलाई दग्ध गर्ने इच्छा राख्ने त्यस क्रोधमय अग्निलाई सौम्य ज्वालामुख भएको घोडाको रूपमा परिवर्तन गरिदिएँ॥ ७॥

तं वाडवतनुमहं समादाय शिवेच्छया।
सागरं समगां लोकहिताय जगतां पतिः॥ ८

भगवान् शिवको इच्छाले त्यस घोडारूपी-शरीर भएको अग्निलाई लिएर जगत्पति म लोकहितका लागि समुद्रको नजिक गएँ॥ ८॥

आगतं मां समालोक्य सागरस्सांजलिर्मुने।
धृत्वा च पौरुषं रूपमागतः संनिधिं मम॥ ९

हे मुनि! मलाई आएको देखेर समुद्र एक दिव्य पुरुषको रूप धारण गरी हात जोडेर मेरो नजिक आए॥ ९॥

सुप्रणम्याथ मां सिंधुः संस्तूय च यथाविधि।
स मामुवाच सुप्रीत्या सर्वलोकपितामहम्॥ १०

म सम्पूर्ण लोकहरूको पितामहको राम्ररी स्तुति गरी ती सिन्धु मसित प्रसन्नतापूर्वक भन्न लागे—॥ १०॥

सागर उवाच

किमर्थमागतोऽसि त्वं ब्रह्मन्नत्राखिलाधिप।
तन्निदेशय सुप्रीत्या मत्वा मां च स्वसेवकम्॥ ११

सागर भन्दछन्—हे ब्रह्मन्! हे सर्वेश्वर! हजुर यहाँ केका निम्ति आउनुभएको हो? मलाई आफ्नु सेवक ठानेर हजुर प्रीतिपूर्वक त्यसलाई भन्नुहोस्॥ ११॥

अथाहं सागरवचः श्रुत्वा प्रीतिपुरस्सरम्।
प्रावोचं शंकरं स्मृत्वा लौकिकं हितमावहन्॥ १२

सागरको कुरा सुनेर शंकरको स्मरण गरी लोकहितको ध्यान राख्दै म उससित प्रसन्नतापूर्वक भन्न लागेँ—॥ १२॥

ब्रह्मोवाच

शृणु तात महाधीमन्सर्वलोकहितावह।
वक्ष्यहं प्रीतितः सिंधो शिवेच्छाप्रेरितो हृदा॥ १३

ब्रह्मा भन्नुहुन्छ—हे तात! हे महाबुद्धिमान्! सम्पूर्ण लोकहरूका हितकारी! हे सिन्धु! म शिवको इच्छाबाट प्रेरित भई हृदयदेखि प्रीतिपूर्वक तिमीसित भन्दै छु, सुन॥ १३॥

अयं क्रोधो महेशस्य वाडवात्मा महाप्रभुः।
दग्ध्वा कामं द्रुतं सर्वं दग्धुकामोऽभवत्ततः॥ १४

यो महेश्वरको क्रोध हो, जुन महान् शक्तिशाली अश्वको रूपमा यहाँ उपस्थित छ। यो कामदेवलाई दग्ध गरी तत्काल सम्पूर्ण जगत्लाई जलाइदिनका लागि उद्यत भएको थियो॥ १४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रार्थितोऽहं सुरैः शीघ्रं पीडितैः शंकरेच्छया।
तत्रागत्य द्रुतं तं वै तात स्तंभितवान् शुचिम्॥ १५

वाडवं रूपमाधत्त तमादायागतोऽत्र ह।
निर्दिशामि जलाधार त्वामहं करुणाकरः॥ १६

हे तात! तब पीडित भएका देवताहरूले शंकरको इच्छाले मेरो प्रार्थना गरे, अनि शीघ्र त्यहाँ गएर मैले अग्निलाई स्तम्भित गरेँ। फेरि यसले घोडाको रूप धारण गऱ्यो र यसलाई लिएर म यहाँ आएँ। हे जलाधार! [जगत्पर] दया गर्नेवाला म तिमीलाई यो आदेश दिँदै छु॥ १५-१६॥

अयं क्रोधो महेशस्य वाडवं रूपमाश्रितः।
ज्वालामुखस्त्वया धार्यो यावदाभूतसम्प्लवम्॥ १७

महेश्वरको यस क्रोधलाई, जो घोडाको रूप धारण गरी मुखबाट ज्वाला प्रकट गर्दै उभिएको छ, तिमी प्रलयकालपर्यन्त धारण गरी रहनू॥ १७॥

यदात्राहं समागम्य वत्स्यामि सरितां पते।
तदा त्वया परित्याज्यः क्रोधोऽयं शाङ्करोऽद्भुतः॥ १८

हे सरित्पति! जब म यहाँ आएर निवास गर्ने छु, तब तिमी शंकरको यस अद्भुत क्रोधलाई छोडिदिनू॥ १८॥

भोजनं तोयमेतस्य तव नित्यं भविष्यति।
यत्नादेवावधार्योऽयं यथा नोपैति चांतरम्॥ १९

तिम्रो जल नै यसको प्रतिदिनको भोजन हुने छ। तिमी यत्नपूर्वक यसलाई धारण गरी रहनू, जसबाट यो अन्यत्र जान नसकोस्॥ १९॥

इत्युक्तो हि मया सिंधुरंगीचक्रे तदा ध्रुवम्।
ग्रहीतुं वाडवं वह्निं रौद्रं चाशक्यमन्यतः॥ २०

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] यस प्रकार मैले भनेपछि समुद्रले [रुद्रको क्रोधाग्निरूप] डढेलोलाई धारण गर्न स्वीकार गरे, जुन अरूका लागि असम्भव थियो॥ २०॥

ततः प्रविष्टो जलधौ स वाडवतनुः शुचिः।
वार्यौघान्सुदहंस्तस्य ज्वालामालाभिदीपितः॥ २१

त्यसपछि वडवानल शरीर भएको त्यो अग्नि समुद्रमा प्रविष्ट भयो र ज्वालामालाहरूले प्रदीप्त भई त्यस सागरको जलराशिको दहन गर्न लाग्यो॥ २१॥

ततः संतुष्टचेतस्कः स्वं धामाहं गतो मुने।
अन्तर्धानमगात्सिंधुर्दिव्यरूपः प्रणम्य माम्॥ २२

स्वास्थ्यं प्राप जगत्सर्वं निर्मुक्तं तद्भवाद्भयात्।
देवा बभूवुः सुखिनो मुनयश्च महामुने॥ २३

हे मुनि! त्यसपछि सन्तुष्टचित्त भएर म आफ्नो धाममा गएँ र दिव्य रूपधारी ती समुद्र मलाई प्रणाम गरी अन्तर्धान भए। महामुनि! रुद्रको त्यस क्रोधाग्निको भयबाट छुटेर सम्पूर्ण जगत् स्वस्थताको अनुभव गर्न लाग्यो र देवता तथा मुनिगण सुखी भए॥ २२-२३॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे वडवानलचरितवर्णनं नाम विंशोऽध्यायः॥ २०॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा वडवानलचरितवर्णन नामक बीसौँ अध्याय पूर्ण भयो॥ २०॥

अथैकविंशोऽध्यायः

कामदेव भस्म भएपछि पार्वती आफ्नो घर जानु, हिमवान् तथा मेनाद्वारा उनलाई धैर्य प्रदान गर्नु, नारदद्वारा पार्वतीलाई पंचाक्षर मन्त्रको उपदेश

नारद उवाच

विधे तात महाप्राज्ञ विष्णुशिष्य त्रिलोककृत्।
अद्भुतेयं कथा प्रोक्ता शंकरस्य महात्मनः॥ १

नारद भन्नुहुन्छ—हे विधि! हे तात! हे महाप्राज्ञ! हे विष्णुशिष्य! हे त्रिलोककर्ता! हजुरले महात्मा शंकरको यो विलक्षण कथा सुनाउनुभयो।

2325_Sihvpurana_Part_1_Nepali_Section_20_1_Front
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भस्मीभूते स्मरे शंभुतृतीयनयनाग्निना।
तस्मिन्प्रविष्टे जलधौ वद त्वं किमभूत्ततः॥ २

शिवको तृतीय नेत्रको अग्निबाट कामदेव भस्म भएपछि तथा [पुनः] त्यस अग्नि समुद्रमा प्रवेश गरेपछि फेरि के भयो?॥ १-२॥

किं चकार ततो देवी पार्वती कुधरात्मजा।
गता कुत्र सखीभ्यां सा तद्वदाद्य दयानिधे॥ ३

त्यसपछि हिमालयपुत्री पार्वतीदेवीले के गर्नुभयो र उहाँ आफ्ना दुवै सखीहरूका साथ कहाँ जानुभयो? हे दयानिधि! अब हजुर यसलाई बताउनुहोस्॥ ३॥

ब्रह्मोवाच

श्रृणु तात महाप्राज्ञ चरितं शशिमौलिनः।
महोतिकारकस्यैव स्वामिनो मम चादरात्॥ ४

यदादहच्छंभुनेत्रोद्भवो हि मदनं शुचिः।
महाशब्दोऽद्भुतोऽभूद्वै येनाकाशः प्रपूरितः॥ ५

ब्रह्मा भन्नुहुन्छ—हे तात! हे महाप्राज्ञ! अब तपाईं महान् लीला गर्नुहुने मेरा स्वामी चन्द्रशेखरको चरित्र आदरपूर्वक सुन्नुहोस्। भगवान् शंकरका नेत्रबाट उत्पन्न भएको अग्निले जब कामदेवलाई जलाइदियो, तब महान् अद्भुत महाशब्द प्रकट भयो, जसबाट आकाश पूर्णरूपले गुञ्जयमान भयो॥ ४-५॥

तेन शब्देन महता कामं दग्धं समीक्ष्य च।
सखीभ्यां सह भीता सा ययौ स्वगृहमाकुला॥ ६

त्यस महान् शब्दका साथै कामदेवलाई दग्ध भएको देखेर भयभीत र व्याकुल भई पार्वती आफ्ना दुवै सखीहरूका साथ आफ्नो घर जानुभयो॥ ६॥

तेन शब्देन हिमवान्परिवारसमन्वितः।
विस्मितोऽभूदतिक्लिष्टः सुतां स्मृत्वा गतां ततः॥ ७

जगाम शोकं शैलेशो सुतां दृष्ट्वातिविह्वलाम्।
रुदन्तीं शंभुविरहादाससादाचलेश्वरः॥ ८

आसाद्य पाणिना तस्या मार्जयन्नयनद्वयम्।
मा बिभीहि शिवेऽरोदीरित्युक्त्वा तां तदाग्रहीत्॥ ९

क्रोडे कृत्वा सुतां शीघ्रं हिमवानचलेश्वरः।
स्वमालयमथानिन्ये सांत्वयन्नतिविह्वलाम्॥ १०

त्यस आवाजबाट परिवारसहित हिमवान् पनि ठुलो आश्चर्यमा परे र त्यहाँ गएकी आफ्नी पुत्रीको स्मरण गरी उनीहरूलाई ठुलो दुःख भयो। [त्यसै बखत पार्वती पनि आइपुग्नुभयो]। उहाँ शम्भुको विरहले रोइरहनुभएको थियो। आफ्नी पुत्रीलाई अत्यन्त विह्वल देखेर शैलराज हिमवान्लाई ठुलो शोक भयो र ती तत्काल उनको नजिक पुगे। ती हातले उनको दुवै आँखालाई पुछेर भन्नुहुन्छ—हे शिवा! नडराऊ, नरोऊ—यस्तो भनेर उनलाई समाते। यसपछि पर्वतराज हिमवान्ले अत्यन्त विह्वल भएकी पुत्री पार्वतीलाई तत्काल काखमा लिई उनलाई सान्त्वना दिँदै आफ्नो घर लिएर आए॥ ७—१०॥

अंतर्हिते स्मरं दग्ध्वा हरे तद्विरहाच्छिवा।
विकलाभूद् भृशं सा वै लेभे शर्म न कुत्रचित्॥ ११

कामदेवको दाह गरी महादेव अन्तर्धान हुनुभएपछि उहाँको विरहबाट पार्वती अत्यन्त व्याकुल हुनुभयो र उहाँलाई कहीँ पनि शान्ति प्राप्त भइरहेको थिएन॥ ११॥

पितुर्गृहं तदा गत्वा मिलित्वा मातरं शिवा।
पुनर्जातं तदा मेने स्वात्मानं सा धरात्मजा॥ १२

पिताको घर गएर जब उहाँले आफ्नी मातासित भेट गर्नुभयो, त्यस समय पार्वतीले आफ्नो नयाँ जन्म भएको मान्नुभयो॥ १२॥

निनिंद च स्वरूपं सा हा हतास्मीत्यथाब्रवीत्।
सखीभिर्बोधिता चापि न बुबोध गिरीन्द्रजा॥ १३

उहाँ आफ्नो रूपको निन्दा गर्न लाग्नुभयो र भन्न लाग्नुभयो—हाय! म मारिएँ। सखीहरूले सम्झाउँदामा पनि ती गिरिराजकुमारी केही सम्झन सकिरहनुभएको थिएन॥ १३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वपती च पिबंती च सा स्नाती गच्छती शिवा।
तिष्ठन्ती च सखीमध्ये न किंचित्सुखमाप ह॥ १४

धिक्स्वरूपं मदीयं च तथा जन्म च कर्म च।
इति ब्रुवंती सततं स्मरन्ती हरचेष्टितम्॥ १५

एवं सा पार्वती शंभुविरहात् क्लिष्टमानसा।
सुखं न लेभे किंचिद्वाब्रवीच्छिवशिवेति च॥ १६

निवसंती पितुर्गेहे पिनाकिगतचेतना।
शुशोचाथ शिवा तात मुमोह च मुहुर्मुहुः॥ १७

शैलाधिराजोऽप्यथ मेनकापि
मैनाकमुख्यास्तनयाश्च सर्वे।
तां सांत्वयामासुरदीनसत्त्वा
हरं विसस्मार तथापि नो सा॥ १८
अथ देवमुने धीमन्हिमवत्प्रस्तरे तदा।
नियोजितो बलभिदागमस्त्वं कामचारतः॥ १९
ततस्त्वं पूजितस्तेन भूधरेण महात्मना।
कुशलं पृष्टवांस्तं वै तदाविष्टो वरासने॥ २०
ततः प्रोवाच शैलेशः कन्याचरितमादितः।
हरसेवान्वितं कामदहनं च हरेण ह॥ २१

श्रुत्वावोचो मुने त्वं तु तं शैलेशं शिवं भज।
तमामंत्र्योदतिष्ठस्त्वं संस्मृत्य मनसा शिवम्॥ २२

तं समुत्सृज्य रहसि कालीं तामगमस्त्वरा।
लोकोपकारको ज्ञानी त्वं मुने शिववल्लभः॥ २३

आसाद्य कालीं संबोध्य तद्धिते स्थित आदरात्।
अवोचस्त्वं वचस्तथ्यं सर्वेषां ज्ञानिनां वरः॥ २४

नारद उवाच

शृणु कालि वचो मे हि सत्यं वच्मि दयारतः।
सर्वथा ते हितकरं निर्विकारं सुकामदम्॥ २५

उहाँ सुत्दा-उठ्दा, खाँदा-पिउँदा, नुहाउँदा-धोँदा, हिँड्दा-डुल्दा र सखीहरूका बीचमा बस्दाको समय किंचिन्मात्र पनि सुखको अनुभव गर्नुहुन्नथ्यो। मेरो स्वरूप, जन्म तथा कर्मलाई धिक्कार छ—यस्तो भन्दै उहाँ सदा महादेवका प्रत्येक चेष्टाको चिन्तन गरिरहनुहुन्थ्यो॥ १४-१५॥

यस प्रकार ती पार्वती भगवान् शिवको विरहले मन-मनै अत्यन्त दुःखको अनुभव गर्नुहुन्थ्यो र कत्तिपनि सुखी हुनुहुन्नथ्यो, उहाँ सदा शिव-शिव भन्ने गर्नुहुन्थ्यो॥ १६॥

पिताको घरमा रहेर पनि उहाँ मनले पिनाकपाणि भगवान् शंकरकहाँ पुगिरहनुहुन्थ्यो। हे तात! शिवा शोकमग्न भई वारम्वार मूर्च्छित हुने गर्नुहुन्थ्यो॥ १७॥

शैलराज हिमवान्, उनकी पत्नी मेनका तथा उनका मैनाक आदि सबै पुत्र, जो बडो उदारचित्तका थिए, उहाँलाई सधैँ सान्त्वना दिइरहन्थे तथापि उहाँले भगवान् शंकरलाई बिर्सन सक्नुभएन। हे बुद्धिमान् देवर्षि! त्यसपछि [एक दिन] इन्द्रको प्रेरणाले इच्छानुसार घुम्दै तपाईं हिमालय-पर्वतमा पुग्नुभयो। त्यस समय महात्मा हिमवान्ले तपाईंको सत्कार गरे। तब तपाईं [उनीद्वारा दिइएको] उत्तम आसनमा बसेर उनीसित कुशल सोध्न लाग्नुभयो॥ १८—२०॥ त्यसपछि पर्वतराज हिमवान्ले आफ्नी कन्याको चरित्र शुरूदेखि वर्णन गर्दै कसरी उनले महादेवको सेवा गरिन् र हरद्वारा कामदेवको दहन कसरी भयो सबै बताए॥ २१॥

हे मुनि! यो सब सुनेर तपाईंले गिरिराजसित भन्नुभयो—हे शैलेश्वर! भगवान् शिवको भजन गर्नुहोस्। फेरि उहाँसित विदा लिएर तपाईं उठ्नुभयो र मन-मनै शिवको स्मरण गरी शैलराजलाई छोडेर तत्काल एकान्तमा कालीको सामु जानुभयो। हे मुनि! तपाईं लोकोपकारी, ज्ञानी तथा शिवका प्रिय भक्त हुनुहुन्छ, ज्ञानीहरूमा श्रेष्ठ हुनुहुन्छ, अतः कालीको समीप गएर उहाँलाई सम्बोधित गरी उहाँकै हितमा स्थित भई आदरपूर्वक यो वचन भन्नलाग्नुभयो—॥ २२—२४॥

नारद भन्नुहुन्छ—हे कालि! हजुर मेरो कुरा सुन्नुहोस्। म दयावश यो सत्य कुरा भन्दै छु। मेरा वचन हजुरका लागि सर्वथा हितकर, निर्दोष तथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भस्मीभूते स्मरे शंभुतृतीयनयनाग्निना।
तस्मिन्प्रविष्टे जलधौ वद त्वं किमभूत्ततः॥ २

शिवको तृतीय नेत्रको अग्निबाट कामदेव भस्म भएपछि तथा [पुनः] त्यस अग्नि समुद्रमा प्रवेश गरेपछि फेरि के भयो?॥ १-२॥

किं चकार ततो देवी पार्वती कुधरात्मजा।
गता कुत्र सखीभ्यां सा तद्वदाद्य दयानिधे॥ ३

त्यसपछि हिमालयपुत्री पार्वतीदेवीले के गर्नुभयो र उहाँ आफ्ना दुवै सखीहरूका साथ कहाँ जानुभयो? हे दयानिधि! अब हजुर यसलाई बताउनुहोस्॥ ३॥

ब्रह्मोवाच

शृणु तात महाप्राज्ञ चरितं शशिमौलिनः।
महोतिकारकस्यैव स्वामिनो मम चादरात्॥ ४

यदादहच्छंभुनेत्रोद्भवो हि मदनं शुचिः।
महाशब्दोऽद्भुतोऽभूद्वै येनाकाशः प्रपूरितः॥ ५

ब्रह्मा भन्नुहुन्छ—हे तात! हे महाप्राज्ञ! अब तपाईं महान् लीला गर्नुहुने मेरा स्वामी चन्द्रशेखरको चरित्र आदरपूर्वक सुन्नुहोस्। भगवान् शंकरका नेत्रबाट उत्पन्न भएको अग्निले जब कामदेवलाई जलाइदियो, तब महान् अद्भुत महाशब्द प्रकट भयो, जसबाट आकाश पूर्णरूपले गुञ्जयमान भयो॥ ४-५॥

तेन शब्देन महता कामं दग्धं समीक्ष्य च।
सखीभ्यां सह भीता सा ययौ स्वगृहमाकुला॥ ६

त्यस महान् शब्दका साथै कामदेवलाई दग्ध भएको देखेर भयभीत र व्याकुल भई पार्वती आफ्ना दुवै सखीहरूका साथ आफ्नो घर जानुभयो॥ ६॥

तेन शब्देन हिमवान्परिवारसमन्वितः।
विस्मितोऽभूदतिक्लिष्टः सुतां स्मृत्वा गतां ततः॥ ७

जगाम शोकं शैलेशो सुतां दृष्ट्वातिविह्वलाम्।
रुदन्तीं शंभुविरहादाससादाचलेश्वरः॥ ८

आसाद्य पाणिना तस्या मार्जयन्नयनद्वयम्।
मा बिभीहि शिवेऽरोदीरित्युक्त्वा तां तदाग्रहीत्॥ ९

क्रोडे कृत्वा सुतां शीघ्रं हिमवानचलेश्वरः।
स्वमालयमथानिन्ये सांत्वयन्नतिविह्वलाम्॥ १०

त्यस आवाजबाट परिवारसहित हिमवान् पनि ठुलो आश्चर्यमा परे र त्यहाँ गएकी आफ्नी पुत्रीको स्मरण गरी उनीहरूलाई ठुलो दुःख भयो। [त्यसै बखत पार्वती पनि आइपुग्नुभयो]। उहाँ शम्भुको विरहले रोइरहनुभएको थियो। आफ्नी पुत्रीलाई अत्यन्त विह्वल देखेर शैलराज हिमवान्लाई ठुलो शोक भयो र ती तत्काल उनको नजिक पुगे। ती हातले उनको दुवै आँखालाई पुछेर भन्नुहुन्छ—हे शिवा! नडराऊ, नरोऊ—यस्तो भनेर उनलाई समाते। यसपछि पर्वतराज हिमवान्ले अत्यन्त विह्वल भएकी पुत्री पार्वतीलाई तत्काल काखमा लिई उनलाई सान्त्वना दिँदै आफ्नो घर लिएर आए॥ ७—१०॥

अंतर्हिते स्मरं दग्ध्वा हरे तद्विरहाच्छिवा।
विकलाभूद् भृशं सा वै लेभे शर्म न कुत्रचित्॥ ११

कामदेवको दाह गरी महादेव अन्तर्धान हुनुभएपछि उहाँको विरहबाट पार्वती अत्यन्त व्याकुल हुनुभयो र उहाँलाई कहीँ पनि शान्ति प्राप्त भइरहेको थिएन॥ ११॥

पितुर्गृहं तदा गत्वा मिलित्वा मातरं शिवा।
पुनर्जातं तदा मेने स्वात्मानं सा धरात्मजा॥ १२

पिताको घर गएर जब उहाँले आफ्नी मातासित भेट गर्नुभयो, त्यस समय पार्वतीले आफ्नो नयाँ जन्म भएको मान्नुभयो॥ १२॥

निनिंद च स्वरूपं सा हा हतास्मीत्यथाब्रवीत्।
सखीभिर्बोधिता चापि न बुबोध गिरीन्द्रजा॥ १३

उहाँ आफ्नो रूपको निन्दा गर्न लाग्नुभयो र भन्न लाग्नुभयो—हाय! म मारिएँ। सखीहरूले सम्झाउँदामा पनि ती गिरिराजकुमारी केही सम्झन सकिरहनुभएको थिएन॥ १३॥

2325_Sihvpurana_Part_1_Nepali_Section_20_1_Back

...it University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वपती च पिबंती च सा स्नाती गच्छती शिवा।
तिष्ठन्ती च सखीमध्ये न किंचित्सुखमाप ह॥ १४

धिक्स्वरूपं मदीयं च तथा जन्म च कर्म च।
इति ब्रुवंती सततं स्मरन्ती हरचेष्टितम्॥ १५

एवं सा पार्वती शंभुविरहात् क्लिष्टमानसा।
सुखं न लेभे किंचिद्वाब्रवीच्छिवशिवेति च॥ १६

निवसंती पितुर्गेहे पिनाकिगतचेतना।
शुशोचाथ शिवा तात मुमोह च मुहुर्मुहुः॥ १७

शैलाधिराजोऽप्यथ मेनकापि
मैनाकमुख्यास्तनयाश्च सर्वे।
तां सांत्वयामासुरदीनसत्त्वा
हरं विसस्मार तथापि नो सा॥ १८
अथ देवमुने धीमन्हिमवत्प्रस्तरे तदा।
नियोजितो बलभिदागमस्त्वं कामचारतः॥ १९
ततस्त्वं पूजितस्तेन भूधरेण महात्मना।
कुशलं पृष्टवांस्तं वै तदाविष्टो वरासने॥ २०
ततः प्रोवाच शैलेशः कन्याचरितमादितः।
हरसेवान्वितं कामदहनं च हरेण ह॥ २१

श्रुत्वावोचो मुने त्वं तु तं शैलेशं शिवं भज।
तमामंत्र्योदतिष्ठस्त्वं संस्मृत्य मनसा शिवम्॥ २२

तं समुत्सृज्य रहसि कालीं तामगमस्त्वरा।
लोकोपकारको ज्ञानी त्वं मुने शिववल्लभः॥ २३

आसाद्य कालीं संबोध्य तद्धिते स्थित आदरात्।
अवोचस्त्वं वचस्तथ्यं सर्वेषां ज्ञानिनां वरः॥ २४

नारद उवाच

शृणु कालि वचो मे हि सत्यं वच्मि दयारतः।
सर्वथा ते हितकरं निर्विकारं सुकामदम्॥ २५

उहाँ सुत्दा-उठ्दा, खाँदा-पिउँदा, नुहाउँदा-धौँदा, हिँड्दा-डुल्दा र सखीहरूका बीचमा बस्दाको समय किंचिन्मात्र पनि सुखको अनुभव गर्नुहुन्नथ्यो। मेरो स्वरूप, जन्म तथा कर्मलाई धिक्कार छ—यस्तो भन्दै उहाँ सदा महादेवका प्रत्येक चेष्टाको चिन्तन गरिरहनुहुन्थ्यो॥ १४-१५॥

यस प्रकार ती पार्वती भगवान् शिवको विरहले मन-मनै अत्यन्त दुःखको अनुभव गर्नुहुन्थ्यो र कत्तिपनि सुखी हुनुहुन्नथ्यो, उहाँ सदा शिव-शिव भन्ने गर्नुहुन्थ्यो॥ १६॥

पिताको घरमा रहेर पनि उहाँ मनले पिनाकपाणि भगवान् शंकरकहाँ पुगिरहनुहुन्थ्यो। हे तात! शिवा शोकमग्न भई वारम्वार मूर्च्छित हुने गर्नुहुन्थ्यो॥ १७॥

शैलराज हिमवान्, उनकी पत्नी मेनका तथा उनका मैनाक आदि सबै पुत्र, जो बडो उदारचित्तका थिए, उहाँलाई सधैँ सान्त्वना दिइरहन्थे तथापि उहाँले भगवान् शंकरलाई बिर्सन सक्नुभएन। हे बुद्धिमान् देवर्षि! त्यसपछि [एक दिन] इन्द्रको प्रेरणाले इच्छानुसार घुम्दै तपाईं हिमालय-पर्वतमा पुग्नुभयो। त्यस समय महात्मा हिमवान्ले तपाईंको सत्कार गरे। तब तपाईं [उनीद्वारा दिइएको] उत्तम आसनमा बसेर उनीसित कुशल सोध्न लाग्नुभयो॥ १८—२०॥ त्यसपछि पर्वतराज हिमवान्ले आफ्नी कन्याको चरित्र शुरूदेखि वर्णन गर्दै कसरी उनले महादेवको सेवा गरिन् र हरद्वारा कामदेवको दहन कसरी भयो सबै बताए॥ २१॥

हे मुनि! यो सब सुनेर तपाईंले गिरिराजसित भन्नुभयो—हे शैलेश्वर! भगवान् शिवको भजन गर्नुहोस्। फेरि उहाँसित विदा लिएर तपाईं उठ्नुभयो र मन-मनै शिवको स्मरण गरी शैलराजलाई छोडेर तत्काल एकान्तमा कालीको सामु जानुभयो। हे मुनि! तपाईं लोकोपकारी, ज्ञानी तथा शिवका प्रिय भक्त हुनुहुन्छ, ज्ञानीहरूमा श्रेष्ठ हुनुहुन्छ, अतः कालीको समीप गएर उहाँलाई सम्बोधित गरी उहाँकै हितमा स्थित भई आदरपूर्वक यो वचन भन्नलाग्नुभयो—॥ २२—२४॥

नारद भन्नुहुन्छ—हे कालि! हजुर मेरो कुरा सुन्नुहोस्। म दयावश यो सत्य कुरा भन्दै छु। मेरा वचन हजुरका लागि सर्वथा हितकर, निर्दोष तथा

2325_Sihvpurana_Part_1_Nepali_Section_20_2_Front
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सेवितश्च महादेवस्त्वयेह तपसा विना।
गर्ववत्या यदध्वंसीद्दीनानुग्रहकारकः॥ २६

विरक्तश्च स ते स्वामी महायोगी महेश्वरः।
विसृष्टवान्स्मरं दग्ध्वा त्वां शिवे भक्तवत्सलः॥ २७

तस्मात्त्वं सुतपोयुक्ता चिरमाराधयेश्वरम्।
तपसा संस्कृतां रुद्रः स द्वितीयां करिष्यति॥ २८

त्वं चापि शंकरं शम्भुं न त्यक्ष्यसि कदाचन।
नान्यं पतिं हठाद्देवि ग्रहीष्यसि शिवादृते॥ २९

ब्रह्मोवाच

इत्याकर्ण्यवचस्ते हि मुने सा भूधरात्मजा।
किंचिदुच्छ्वसिता काली प्राह त्वां सांजलिर्मुदा॥ ३०

शिवोवाच

त्वं तु सर्वज्ञ जगतामुपकारकर प्रभो।
रुद्रस्याराधनार्थाय मंत्रं देहि मुने हि मे॥ ३१

न सिध्यति क्रिया कापि सर्वेषां सद्गुरुं विना।
मया श्रुता पुरा सत्यं श्रुतिरेषा सनातनी॥ ३२

ब्रह्मोवाच

इति श्रुत्वा वचस्तस्याः पार्वत्या मुनिसत्तमः।
पंचाक्षरं शम्भुमन्त्रं विधिपूर्वमुपादिशः॥ ३३
अवोचश्च वचस्तां त्वं श्रद्धामुत्पादयन्मुने।
प्रभावं मन्त्रराजस्य तस्य सर्वाधिकं मुने॥ ३४

नारद उवाच

शृणु देवि मनोरस्य प्रभावं परमाद्भुतम्।
यस्य श्रवणमात्रेण शंकरः सुप्रसीदति॥ ३५
मंत्रोऽयं सर्वमंत्राणामधिराजश्च कामदः।
भुक्तिमुक्तिप्रदोऽत्यन्तं शंकरस्य महाप्रियः॥ ३६

सुभगे येन जप्तेन विधिना सोऽचिराद् द्रुतम्।
आराधितस्ते प्रत्यक्षो भविष्यति शिवो ध्रुवम्॥ ३७

उत्तम वस्तुहरूलाई दिनेवाला हुने छ। हजुरले यहाँ महादेवको सेवा अवश्य गर्नुभएको थियो, परंतु विना तपस्या गर्वयुक्त भएर गर्नुभएको थियो। दीनहरूप्रति अनुग्रह गर्नुहुने शिवले हजुरको त्यसै गर्वलाई नष्ट गर्नुभएको हो। हे शिवा! हजुरका स्वामी महेश्वर विरक्त र महायोगी हुनुहुन्छ, ती भक्तवत्सलले कामदेवलाई जलाएर हजुरलाई[सकुशल]छोडिदिनुभयो॥ २५-२७॥

यसैले हजुर उत्तम तपस्यामा निरत भई चिर-कालसम्म महेश्वरको आराधना गर्नुहोस्। तपस्याद्वारा संस्कारयुक्त भएपछि रुद्रदेवले हजुरलाई आफ्नी भार्या अवश्य बनाउनुहुने छ र हजुरले पनि कहिल्यै ती कल्याणकारी शम्भुको परित्याग गर्नुहुने छैन। हे देवी! हजुर हठपूर्वक शिवबाहेक अरू कसैलाई पतिरूपमा स्वीकार गर्नुहुने छैन॥ २८-२९॥

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! तपाईंका यी कुरा सुनेर गिरिराजकुमारी काली केही उत्साहित भई हात जोडेर तपाईंसित प्रसन्नतापूर्वक भन्न लाग्नुभयो—॥ ३०॥

शिवा भन्नुहुन्छ—हे सर्वज्ञ! जगत्‌को उपकार गर्नुहुने हे प्रभु! हे मुनि! रुद्रदेवको आराधनाका लागि मलाई कुनै मन्त्रको उपदेश गर्नुहोस्; किनभने सद्गुरु विना कसैको कुनै पनि क्रिया सिद्ध हुँदैन—यस्तो मैले सुनेकी छु र यही सनातन श्रुति पनि हो॥ ३१-३२॥

ब्रह्मा भन्नुहुन्छ—हे नारद! पार्वतीका यी वचन सुनेर तपाईं मुनिश्रेष्ठले पंचाक्षर मन्त्र ['नमः शिवाय'] को उहाँलाई विधिपूर्वक उपदेश दिनुभयो र हे मुनि! मन्त्रराजमा श्रद्धा उत्पन्न गर्नका निम्ति तपाईंले त्यसको सबैभन्दा धेरै प्रभाव बताउनुभयो। हे मुनि! तपाईंले उनीसित यो वचन भन्नुभयो—॥ ३३-३४॥

नारद भन्नुहुन्छ—हे देवी! यस मन्त्रको अत्यन्त अद्भुत प्रभावलाई सुन्नुहोस, जसलाई सुन्नाले मात्र शंकर परम प्रसन्न हुनुहुने छ। यो मन्त्रराज सबै मन्त्रहरूको राजा, मनोवांछित फल प्रदान गर्ने, शंकरलाई अति नै प्रिय तथा साधकलाई भोग र मोक्ष दिनेवाला छ॥ ३५-३६॥

हे सौभाग्यशालिनी! यसको विधिपूर्वक जप गर्नाले हजुरद्वारा आराधित भएका भगवान् शिव अवश्य तत्कालै हजुरका आँखाहरूका सामुन्ने प्रकट हुनुहुने छ॥ ३७॥

2325_Sihvpurana_Part_1_Nepali_Section_20_2_Back
University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चिन्तयन्ती च तद्रूपं नियमस्था शराक्षरम्।
जप मन्त्रं शिवे त्वं हि संतुष्यति शिवो द्रुतम्॥ ३८

एवं कुरु तपः साध्वि तपःसाध्यो महेश्वरः।
तपस्येव फलं सर्वैः प्राप्यते नान्यथा क्वचित्॥ ३९

हे शिवा! नियमहरूमा तत्पर रहेर उहाँको स्वरूपको चिन्तन गर्दै हजुर पंचाक्षर मन्त्रको जप गर्नुहोस्, यसबाट शिव चाँडै सन्तुष्ट हुनुहुने छ॥ ३८॥

हे साध्वी! यस प्रकार हजुर तपस्या गर्नुहोस्, किनभने तपस्याबाट महेश्वर वशमा आउनुहुन्छ? तपस्याबाट नै सबैलाई मनोनुकूल फलको प्राप्ति हुन्छ, अन्यथा हुन सक्तैन॥ ३९॥

ब्रह्मोवाच

एवमुक्त्वा तदा कालीं नारद त्वं शिवप्रियः।
यादृच्छिकोऽगमस्त्वं तु स्वर्गं देवहिते रतः॥ ४०

पार्वती च तदा श्रुत्वा वचनं तव नारद।
सुप्रसन्ना तदा प्राप पंचाक्षरमनूत्तमम्॥ ४१

ब्रह्मा भन्नुहुन्छ—हे नारद! कालीसित यस प्रकार भनेर भगवान् शिवका प्रिय [भक्त], इच्छानुसार विचरण गर्नुहुने तथा देवताहरूका हितमा तत्पर रहने तपाईं स्वर्गलोक प्रस्थान गर्नुभयो। हे नारद! तब तपाईंका कुरालाई सुनेर पार्वती ज्यादै प्रसन्न हुनुभयो; किनभने उहाँलाई परम उत्तम पंचाक्षर मन्त्रराजको प्राप्ति भएको थियो॥ ४०-४१॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे नारदोपदेशो नामैकविंशोऽध्यायः॥ २१॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा नारदोपदेशवर्णन नामक इक्काइसौँ अध्याय पूर्ण भयो॥ २१॥

अथ द्वाविंशोऽध्यायः

पार्वतीको तपस्या एवं त्यसको प्रभावको वर्णन

ब्रह्मोवाच

त्वयि देवमुने याते पार्वती हृष्टमानसा।
तपःसाध्यं हरं मेने तपोऽर्थं मन आदधे॥ १

ततः सख्यौ समादाय जयां च विजयां तथा।
मातरं पितरं चैव सखीभ्यां पर्यपृच्छत॥ २

ब्रह्मा भन्नुहुन्छ—हे देवर्षि! तपाईं जानुभएपछि प्रसन्नचित्त पार्वतीले शिवलाई तपस्याबाट नै साध्य मान्नुभयो र तपस्या गर्ने मन बनाउनुभयो। त्यसपछि पार्वतीले आफ्नी जया एवं विजया नामक सखीहरूद्वारा आफ्नी माता मेना तथा पिता हिमालयसित तप गर्ने आज्ञा माग्नुभयो॥ १-२॥

प्रथमं पितरं गत्वा हिमवन्तं नगेश्वरम्।
पर्यपृच्छत्सुप्रणम्य विनयेन समन्विता॥ ३

ती दुवै सखीहरूले सबभन्दा पहिला पर्वतराज हिमालयकहाँ गएर नम्रतापूर्वक भक्तिभावले प्रणाम गरी सोधे—॥ ३॥

सख्यावूचतुः

हिमवन् श्रूयतां पुत्रीवचनं कथ्यतेऽधुना।
सा स्वयं चैव देहस्य रूपस्यापि तथा पुनः॥ ४

भवतो हि कुलस्यास्य साफल्यं कर्तुमिच्छति।
तपसा साधनीयोऽसौ नान्यथा दृश्यतां व्रजेत्॥ ५

सखीहरू भन्दछन्—हे हिमालय! तपाईंकी पुत्री पार्वती, जो तपाईंसित केही भन्न खोजिरहेकी छिन्, त्यसलाई सुन्नुहोस्। यी तपाईंकी पुत्री आफ्नो शरीर, रूप तथा तपाईंको कुललाई [भगवान् शंकरको आराधनाबाट] सफल बनाउन चाहन्छिन्। ती शंकर तपस्याबाट नै साध्य छन्, अन्य उपायले उहाँको दर्शन सम्भव छैन॥ ४-५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तस्माच्च पर्वतश्रेष्ठ देयाज्ञा भवताधुना।
तपः करोतु गिरिजा वनं गत्वेति सादरम्॥ ६

हे गिरिराज! यसैले तपाईंले यसै समय आज्ञा प्रदान गर्नु पर्ने छ, जसबाट गिरिजा वनमा गएर आदरपूर्वक तपस्या गरून्॥ ६॥

ब्रह्मोवाच

इत्येवं च तदा पृष्टः सखीभ्यां मुनिसत्तम।
पार्वत्या सुविचार्याथ गिरिराजोऽब्रवीदिदम्॥ ७

ब्रह्मा भन्नुहुन्छ—हे मुनिश्रेष्ठ! पार्वतीका सखीहरूद्वारा यस प्रकार सोधिएपछि गिरिराज राम्ररी विचार गरी यो भन्न लागे—॥ ७॥

हिमालय उवाच

मह्यं च रोचतेऽत्यर्थं मेनायै रुच्यतां पुनः।
यथेदं भवितव्यं च किमतः परमुत्तमम्॥ ८

हिमालय भन्दछन्—मलाई त यो कुरा राम्रै लाग्छ, परंतु यदि पार्वतीकी मातालाई पनि यो कुरा राम्रो लाग्यो भने यस्तै हुने छ। यदि यस्तो भयो भने यसभन्दा राम्रो अरू के कुरा हुन सक्छ॥ ८॥

साफल्यं तु मदीयस्य कुलस्य च न संशयः।
मात्रे तु रुच्यते चेद्वै ततः शुभतरं नु किम्॥ ९

यदि पार्वतीकी मातालाई यो कुरा रुचिकर लाग्यो भने यसमा हामी तथा हाम्रो कुल दुवै धन्य हुने छ। यसभन्दा ठुलो अरू शुभकारक कुनचाहिँ उत्तम कुरा हुन्छ॥ ९॥

ब्रह्मोवाच

इत्येवं वचनं पित्रा प्रोक्तं श्रुत्वा तु ते तदा।
जग्मतुर्मातरं सख्यौ तदाज्ञप्ते तया सह॥ १०
गत्वा तु मातरं तस्याः पार्वत्यास्ते च नारद।
सुप्रणम्य करौ बध्वोचतुर्वचनमादरात्॥ ११

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार दुवै सखी पार्वतीका पिताको वचन सुनेर पार्वतीकी मातासित आज्ञा लिनका लागि उनीहरू सँगै त्यहाँ गए। हे नारद! पार्वतीकी माताकहाँ गएर प्रणाम गरी हात जोडेर आदरपूर्वक उनीसित यो वचन भन्न लागे—॥ १०-११॥

सख्यावूचतुः

मातस्त्वं वचनं पुत्र्याः शृणु देवि नमोऽस्तु ते।
सुप्रसन्नतया तद्वै श्रुत्वा कर्तुमिहार्हसि॥ १२

सखीहरू भन्दछन्—हे देवी! हजुरलाई नमस्कार छ। हे माता! हजुर पार्वतीका वचनलाई सुन्नुहोस् र त्यसलाई सुनेर प्रसन्नतापूर्वक स्वीकार गर्नुहोस्॥ १२॥

तप्तुकामा तु ते पुत्री शिवार्थं परमं तपः।
प्राप्तानुज्ञा पितुश्चैव तुभ्यं च परिपृच्छति॥ १३

हजुरकी यी पुत्री शिवलाई प्राप्त गर्नका निम्ति तपस्या गर्न चाहन्छिन्। उनलाई तप गर्ने आज्ञा पिताबाट प्राप्त भएको छ। अब हजुरसित सोधिरहेकी छिन्॥ १३॥

इयं स्वरूपसाफल्यं कर्तुकामा पतिव्रते।
त्वदाज्ञा यदि जायेत तप्यते च तथा तपः॥ १४

हे पतिव्रता! उनी [उत्तम पति प्राप्तिका निम्ति] आफ्नो स्वरूपलाई सफल बनाउन चाहन्छिन्, अतः यदि हजुरको आज्ञा हुन्छ भने उनी तपस्या गर्नेछिन्॥ १४॥

ब्रह्मोवाच

इत्युक्त्वा च ततः सख्यौ तूष्णीमास्तां मुनीश्वर।
नाङ्गीचकार मेना सा तद्वाक्यं खिन्नमानसा॥ १५
ततः सा पार्वती प्राह स्वयमेवाथ मातरम्।
करौ बद्ध्वा विनीतात्मा स्मृत्वा शिवपदांबुजम्॥ १६

ब्रह्मा भन्नुहुन्छ—हे मुनीश्वर! यस प्रकार भनेर सखीहरू चुप लागे। मेना [यो कुरा सुन्नासाथ] खिन्न भइन् र उनले यस कुरालाई अस्वीकार गरिन्। तब ती पार्वती शिवका चरणकमलहरूको ध्यान गरी हात जोडेर विनम्रचित्त भएर आफ्नी मातासित स्वयं भन्न लाग्नुभयो—॥ १५-१६॥

पार्वत्युवाच

मातस्तप्तुं गमिष्यामि प्रातः प्राप्तुं महेश्वरम्।
अनुजानीहि मां गन्तुं तपसेऽद्य तपोवनम्॥ १७

पार्वती भन्नुहुन्छ—हे माता! म महेश्वरलाई प्राप्त गर्नका लागि प्रातःकाल तपस्याका निम्ति तपोवन जान चाहन्छु, अतः हजुर मलाई जानका लागि आजै आज्ञा प्रदान गर्नुहोस्॥ १७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

इत्याकर्ण्य वचः पुत्र्या मेना दुःखमुपागता।
सोपाहूय तदा पुत्रीमुवाच विकला सती॥ १८

मेनोवाच

दुःखितासि शिवे पुत्रि तपस्तप्तुं पुरा यदि।
तपश्चर गृहेऽद्य त्वं न बहिर्गच्छ पार्वति॥ १९

कुत्र यासि तपः कर्तुं देवाः सन्ति गृहे मम।
तीर्थानि च समस्तानि क्षेत्राणि विविधानि च॥ २०

कर्तव्यो न हठः पुत्रि गंतव्यं न बहिः क्वचित्।
साधितं किं त्वया पूर्वं पुनः किं साधयिष्यसि॥ २१

शरीरं कोमलं वत्से तपस्तु कठिनं महत्।
एतस्मात्तु त्वया कार्यं तपोऽत्र न बहिर्व्रज॥ २२

स्त्रीणां तपोवनगतिर्न श्रुता कामनार्थिनी।
तस्मात्त्वं पुत्रि मा कार्षीः तपोऽर्थं गमनं प्रति॥ २३

ब्रह्मोवाच

इत्येवं बहुधा पुत्री तन्मात्रा विनिवारिता।
संवदे न सुखं किंचिद्विनाराध्य महेश्वरम्॥ २४

तपोनिषिद्धा तपसे वनं गन्तुं च मेनया।
हेतुना तेन सोमेति नाम प्राप शिवा तदा॥ २५

अथ तां दुःखितां ज्ञात्वा मेना शैलप्रिया शिवाम्।
निदेशं सा ददौ तस्याः पार्वत्यास्तपसे मुने॥ २६

मातुराज्ञां च संप्राप्य सुव्रता मुनिसत्तम।
ततः स्वांते सुखं लेभे पार्वती स्मृतशंकरा॥ २७

मातरं पितरं साथ प्रणिपत्य मुदा शिवा।
सखीभ्यां च शिवं स्मृत्वा तपस्तप्तुं समुद्गता॥ २८

हित्वा मतान्यनेकानि वस्त्राणि विविधानि च।
वल्कलानि धृतान्याशु मौञ्जीं बद्ध्वा तु शोभनाम्॥ २९

ब्रह्मा भन्नुहुन्छ—पुत्रीको यो कुरा सुनेर मेना दुःखी भइन् र विकल भएर पुत्रीलाई आफ्नो नजिक बोलाएर भन्न लागिन्—॥ १८॥

मेना भन्दछिन्—हे शिवा! हे पुत्री! यदि तिमी दुःखी छौँ र तपस्या गर्न चाहन्छ्यौ भने घरमै तपस्या गर, हे पार्वती! अब बाहिर नजाऊ॥ १९॥

जब मेरो घरमा नै सबै देवता, तीर्थ तथा समस्त क्षेत्र विद्यमान छन् भने तप गर्नका लागि तिमी अन्यत्र कहाँ जान लागिरहेकी छौ? हे पुत्री! तिमी हठ नगर र कतै बाहिर पनि नजाऊ। तिमीले पहिला के सिद्ध गरेऊ र अब के सिद्ध गर्ने छौ? हे वत्से! तिम्रो शरीर कोमल छ र तपस्या त ज्यादै कठिन कार्य हो। यसैले तिमी यहीँ तपस्या गर। बाहिर नजाऊ॥ २०—२२॥

मनोकामनाको पूर्तिका लागि स्त्रीहरू वन गएको कुरा त मैने सुनेकी छैन, यसैले हे पुत्री! तपस्या गर्नका लागि वनगमनको विचार नगर॥ २३॥

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार उनकी माताले अनेक प्रकारले पुत्रीलाई वन जानका लागि अनुमति दिनुभएन, तर शंकरको आराधना विना कहीँ पनि ती पार्वतीलाई शान्ति प्राप्त भएन॥ २४॥ मेनाले पटक-पटक तपस्याको निमित्त वन जानबाट उहाँलाई रोक्नुभयो, यसै कारणले शिवाले 'उमा' नाम प्राप्त गर्नुभयो॥ २५॥

हे मुनि! यसपछि तपस्याको अनुमति नपाउनाले ती शिवालाई दुःखी जानेर शैलप्रिया मेनाले पार्वतीलाई तप गर्नका लागि आज्ञा प्रदान गरिदिइन्॥ २६॥

हे मुनिश्रेष्ठ! माताको आज्ञा पाएर उत्तम व्रत भएकी पार्वतीले शंकरको स्मरण गर्दै आफ्नो मनमा ठुलो सुखको अनुभव गर्नुभयो॥ २७॥

त्यसपछि शिवा माता-पितालाई प्रसन्नतापूर्वक प्रणाम गरी आफ्ना दुवै सखीलाई साथ लिई शिवको स्मरण गरी तपस्या गर्नका लागि वनतर्फ जानुभयो॥ २८॥

उहाँले अनेक प्रकारका विचार, प्रिय वस्तुहरू तथा नाना प्रकारका वस्त्रहरूको परित्याग गरी मौंजी, मेखला बाँधेर सुन्दर वल्कल धारण गर्नुभयो र बहुमूल्य हार उतारेर मृगचर्म धारण गर्नुभयो। यसपछि उहाँ तपस्या गर्नका लागि गंगावतरण नामक स्थानमा जानुभयो॥ २९-३०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हित्वा हारं तथा चर्म मृगस्य परमं धृतम्।
जगाम तपसे तत्र गङ्गावतरणं प्रति॥ ३०

शंभुना कुर्वता ध्यानं यत्र दग्धो मनोभवः।
गङ्गावतरणो नाम प्रस्थो हिमवतः स च॥ ३१

हरशून्योऽथ ददृशे स प्रस्थो हिमभूभृतः।
काल्या तत्रेत्य भोस्तात पार्वत्या जगदम्बया॥ ३२

यत्र स्थित्वा पुरा शंभुः तप्तवान्दुस्तरं तपः।
तत्र क्षणं तु सा स्थित्वा बभूव विरहार्दिता॥ ३३

हा हरेति शिवा तत्र रुदन्ती सा गिरेः सुता।
विललापातिदुःखार्ता चिन्ताशोकसमन्विता॥ ३४

ततश्चिरेण सा मोहं धैर्यात्संस्तभ्य पार्वती।
नियमायाभवत्तत्र दीक्षिता हिमवत्सुता॥ ३५

तपश्चकार सा तत्र शृंगितीर्थे महोत्तमे।
गौरीशिखर नामासीत्तत्तपःकरणाद्धि तत्॥ ३६

सुंदराश्च द्रुमास्तत्र पवित्राश्शिवया मुने।
आरोपिताः परीक्षार्थं तपसः फलभागिनः॥ ३७
भूमिशुद्धिं ततः कृत्वा वेदीं निर्माय सुंदरी।
तथा तपः समारब्धं मुनीनामपि दुष्करम्॥ ३८
विगृह्य मनसा सर्वाणीन्द्रियाणि सहाशु सा।
समुपस्थानिके तत्र चकार परमं तपः॥ ३९
ग्रीष्मे च परितो वह्निं प्रज्वलन्तं दिवानिशम्।
कृत्वा तस्थौ च तन्मध्ये सततं जपती मनुम्॥ ४०

सततं चैव वर्षासु स्थंडिले सुस्थिरासना।
शिलापृष्ठे च संसिक्ता बभूव जलधारया॥ ४१
शीते जलांतरे शश्वत्तस्थौ सा भक्तितत्परा।
अनाहारातपत्तत्र नीहारेषु निशासु च॥ ४२

एवं तपः प्रकुर्वाणा पंचाक्षरजपे रता।
दध्यौ शिवं शिवा तत्र सर्वकामफलप्रदम्॥ ४३

ध्यान गर्दै शंकरले जहाँ कामदेवलाई जलाएर भस्म गर्नुभएको थियो, त्यहीँ हिमालयको गंगावतरण नामको शिखर छ। हे तात! काली हिमवत्प्रदेशको शिखरमा स्थित त्यसै गंगावतरण नामक स्थानमा जानुभयो र जगदम्बा पार्वती कालीले त्यसलाई शिवबाट रहित देख्नुभयो॥ ३१-३२॥

जहाँ स्थित रहेर शिवले अत्यन्त कठिन तप गर्नुभएको थियो, त्यस स्थानमा गएर उहाँ क्षणभरका लागि शिव विरहले व्याकुल हुनुभयो। त्यस समय उहाँ हा शंकर! यस प्रकार भनेर रुँदै चिन्ता तथा शोकले युक्त भएर अत्यन्त दुःखित भई विलाप गर्न लाग्नुभयो॥ ३३-३४॥

यसपछि धेरै समयपछि हिमालयपुत्री पार्वती धैर्यपूर्वक मोह त्यागी नियममा दीक्षित हुनुभयो॥ ३५॥

उहाँ त्यस महान् उत्तम शृंगी तीर्थमा तपस्या गर्न लाग्नुभयो। त्यस स्थानमा गौरीले तपस्या गरेका कारण त्यसको गौरीशंकर—यस्तो नाम रहन गयो॥ ३६॥

हे मुनि! त्यहाँ पार्वतीले आफ्नो तपस्याको परीक्षाका लागि अनेक प्रकारका पवित्र, सुन्दर तथा फलवान् वृक्ष लगाउनुभयो। ती सुन्दरीले भूमिशुद्धि र वेदीको निर्माण गरी मनसहित समस्त इन्द्रियहरूलाई रोकेर त्यसै स्थानमा मुनिहरूका लागि पनि कठिन तपस्या आरम्भ गर्नुभयो॥ ३७—३९॥

उहाँ ग्रीष्मकालमा दिन-रात अग्नि प्रज्वलित गरी त्यसको बीचमा बसेर पंचाग्नि ताप्दै पंचाक्षर महामन्त्रको जप गर्नुहुन्थ्यो॥ ४०॥

उहाँ वर्षाको समय ढुङ्गाको चट्टानमाथि सुस्थिर आसन लगाएर बसी खुल्ला आकाश मुनी जलको धारा सहने गर्नुहुन्थ्यो र भक्तिमा तत्पर भएर निराहार रहेर शीतकालको रात्रिमा निरन्तर शीतल जलमा निवास गर्नुहुन्थ्यो॥ ४१-४२॥

यस प्रकार पंचाक्षर मन्त्रको जपमा रत भएर तप गर्दै उहाँ सम्पूर्ण मनोवांछित फलका दाता शंकरको ध्यान गर्न लाग्नुभयो। उहाँ प्रतिदिन फुर्सद पाउनासाथ आफूले लगाएका सुन्दर वृक्षहरूलाई सखीहरूका साथ प्रसन्नतापूर्वक सिँचन गर्नुहुन्थ्यो तथा अतिथिसत्कार पनि गर्नुहुन्थ्यो॥ ४३-४४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वारोपितान् शुभान्वृक्षान्सखीभिस्सिञ्चती मुदा।
प्रत्यहं सावकाशे सा तत्रातिथ्यमकल्पयत्॥ ४४

वातश्चैव तथा शीतवृष्टिश्च विविधा तथा।
दुस्सहोऽपि तथा घर्म्मस्तया सेहे सुचित्तया॥ ४५

दुःखं च विविधं तत्र गणितं न तयागतम्।
केवलं मन आधाय शिवे सासीत्स्थिता मुने॥ ४६

प्रथमं फलभोगेन द्वितीयं पर्णभोजनैः।
तपः प्रकुर्वती देवी क्रमान्निन्येऽमिताः समाः॥ ४७

ततः पर्णान्यपि शिवा निरस्य हिमवत्सुता।
निराहाराभवद्देवी तपश्चरणसंरता॥ ४८

आहारे त्यक्तपर्णाभूद्यस्माद्धिमवतः सुता।
तेन देवैरपर्णेति कथिता नामतः शिवा॥ ४९

एकपादस्थिता सासीच्छिवं संस्मृत्य पार्वती।
पंचाक्षरं जपन्ती च मनुं तेपे तपो महत्॥ ५०

चीरवल्कलसंवीता जटासंघातधारिणी।
शिवचिंतनसंसक्ता जिगाय तपसा मुनीन्॥ ५१

एवं तस्यास्तपस्यन्त्या चिन्तयन्त्या महेश्वरम्।
त्रीणि वर्षसहस्राणि जग्मुः काल्यास्तपोवने॥ ५२

षष्टिवर्षसहस्राणि यत्र तेपे तपो हरः।
तत्र क्षणमथोषित्वा चिंतयामास सा शिवा॥ ५३

नियमस्थां महादेव किं मां जानासि नाधुना।
येनाहं सुचिरं तेन नानुयाता तपोरता॥ ५४

लोके वेदे च गिरिशो मुनिभिर्गीयते सदा।
शंकरः स हि सर्वज्ञः सर्वात्मा सर्वदर्शनः॥ ५५

सर्वभूतिप्रदो देवः सर्वभावानुभावनः।
भक्ताभीष्टप्रदो नित्यं सर्वक्लेशनिवारणः॥ ५६

शुद्धचित्त भएकी ती पार्वती आँधी, जाडो, अनेक प्रकारका वर्षा तथा असह्य राप कष्ट नमानीकन सहने गर्नुहुन्थ्यो॥ ४५॥

हे मुनि! यस प्रकार उहाँमाथि अनेक प्रकारका दुःख आए, परन्तु उहाँले तिनको केही पनि परवाह गर्नुभएन। उहाँ केवल शिवमा मन लगाएर त्यहाँ स्थित हुनुभयो॥ ४६॥ यस प्रकार तप गर्दै देवीले पहिला फलाहारबाट, त्यसपछि पातको आहारबाट क्रमशः अनेक वर्ष बिताउनुभयो॥ ४७॥

त्यसपछि हिमालयपुत्री शिवा देवी पातको आहार पनि छोडेर सर्वथा निराहार रहेर तपस्यामा लीन रहन लाग्नुभयो॥ ४८॥

जब ती हिमालयपुत्री शिवाले पातको आहार पनि छोडिदिनुभयो, तब देवताहरूद्वारा ती शिवालाई 'अपर्णा' भन्न लागियो॥ ४९॥

यसपछि पार्वती भगवान् शिवको ध्यान गरी एउटा गोडामा उभिएर पंचाक्षरमन्त्रको जप गर्दै कठोर तपस्या गर्न लाग्नुभयो। उहाँका अंग चीर र वल्कलले ढाकिएका थिए, उहाँले शिरमा जटाजूटलाई धारण गर्नुभएको थियो। यस प्रकार शिवको चिन्तनमा लाग्नुभएका पार्वतीले तपस्याद्वारा मुनिहरूलाई पनि जित्नुभयो॥ ५०-५१॥

यस प्रकार तप गर्दै तथा महेश्वरको चिन्तन गर्दै ती कालीले तीन हजार वर्ष यस तपोवनमा बिताउनुभयो। जहाँ शंकरले साठी हजार वर्षसम्म तपस्या गर्नुभएको थियो, त्यस स्थानमा केही क्षण रोकिएर उहाँ आफ्नो मनमा विचार गर्न लाग्नुभयो॥ ५२-५३॥

हे महादेव! के हजुर तपस्यामा संलग्न भएकी मलाई चिन्नुहुन्न, जो कि मैले तपस्यामा लीन भएर यतिका वर्ष बिताएँ तर पनि हजुरले मेरो सोधी गर्नुभएन। लोक एवं वेदमा मुनिहरूद्वारा सदा गान गरिन्छ कि भगवान् शंकर सर्वज्ञ, सर्वात्मा तथा सर्वदर्शन हुनुहुन्छ॥ ५४-५५॥

ती देव समस्त ऐश्वर्यलाई प्रदान गर्नुहुने, सब प्रकारका भावहरूले प्राप्त हुने, भक्तहरूका मनोरथ सदा पूर्ण गर्नुहुने तथा सबै प्रकारका कष्टहरूलाई दूर गर्नुहुन्छ॥ ५६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वकामान्परित्यज्य यदि चाहं वृषध्वजे।
अनुरक्ता तदा सोऽत्र संप्रसीदतु शंकरः॥ ५७

यदि नारदतंत्रोक्तमंत्रो जप्तः शराक्षरः।
सुभक्त्या विधिना नित्यं संप्रसीदतु शंकरः॥ ५८

यदि भक्त्या शिवस्याहं निर्विकारा यथोदितम्।
सर्वेश्वरस्य चात्यन्तं संप्रसीदतु शंकरः॥ ५९

एवं चिंतयती नित्यं तेपे सा सुचिरं तपः।
अधोमुखी निर्विकारा जटावल्कलधारिणी॥ ६०

तथा तया तपस्तप्तं मुनीनामपि दुष्करम्।
स्मृत्वा च पुरुषास्तत्र परमं विस्मयं गताः॥ ६१

तत्तपोदर्शनार्थं हि समाजग्मुश्च तेऽखिलाः।
धन्यान्निजान्मन्यमाना जगदुश्चेति सम्मताः॥ ६२

महतां धर्मवृद्धेषु गमनं श्रेय उच्यते।
प्रमाणं तपसो नास्ति मान्यो धर्मः सदा बुधैः॥ ६३

श्रुत्वा दृष्ट्वा तपोऽस्यास्तु किमन्यैः क्रियते तपः।
अस्मात्तपोऽधिकं लोके न भूतं न भविष्यति॥ ६४

जल्पन्त इति ते सर्वे सुप्रशस्य शिवातपः।
जग्मुः स्वं धाम मुदिताः कठिनाङ्गाश्च ये ह्यपि॥ ६५

अन्यच्छृणु महर्षे त्वं प्रभावं तपसोऽधुना।
पार्वत्या जगदम्बायाः पराश्चर्यकरं महत्॥ ६६

तदाश्रमगता ये च स्वभावेन विरोधिनः।
तेऽप्यासँस्तत्प्रभावेण विरोधरहितास्तदा॥ ६७

सिंहा गावश्च सततं रागादिदोषसंयुताः।
तन्महिम्ना च ते तत्र नाबाधन्त परस्परम्॥ ६८

अथान्ये च मुनिश्रेष्ठ मार्जारा मूषकादयः।
निसर्गाद्वैरिणो यत्र विक्रियंते स्म न क्वचित्॥ ६९

यदि म आफ्ना सारा कामनाहरू त्यागेर मात्र वृषध्वज शंकरमा अनुरक्त छु भने ती शंकर मप्रति प्रसन्न हुनुहोस्। यदि मैले उत्तम भक्तिका साथ विधिपूर्वक नित्य नारदतन्त्रोक्त पंचाक्षर मन्त्रको जप गरेकी छु भने शिव ममाथि प्रसन्न हुनुहोस्॥ ५७-५८॥

यदि मैले विकाररहित भएर भक्तिपूर्वक सर्वेश्वर शिवको यथोक्त चिन्तन गरेकी छु भने ती शंकर [मप्रति] परम प्रसन्न हुनुहोस्॥ ५९॥

यसरी नित्य आफ्नो मनमा सोच्दै उहाँले तलतिर मुख गरी एवं जटा-वल्कल धारण गरी निर्विकार भएर दीर्घकालसम्म तप गर्नुभयो॥ ६०॥

यसरी उहाँले मुनिहरूका लागि पनि दुष्कर तपस्या गर्नुभयो, जसको स्मरण गरी त्यहाँ सबै पुरुष परम विस्मयमा परे। उहाँको तपस्या हेर्नका लागि सबै त्यहाँ उपस्थित भए र आफूलाई धन्य मान्दै एउटै स्वरमा भन्न लागे॥ ६१-६२॥

धर्मवृद्धहरूकहाँ ठुला व्यक्तिहरू जानु कल्याणकारी बताइएको छ। तपस्यामा कुनै प्रमाण हुँदैन, विद्वानहरूले सदा धर्मको मान गर्नुपर्दछ॥ ६३॥

यिनको तपस्यालाई सुनेर तथा देखेर [यस्तो ज्ञात हुन्छ कि] अन्य व्यक्ति के तप गर्न सक्छन्। संसारमा यिनको तपभन्दा माथि कुनै तप न त भएको छ र न हुने नै छ। यस प्रकार भन्दै पार्वतीको तपको प्रशंसा गरी कठोर अंग भएका ती तपस्वी तथा अन्य जन प्रसन्न भई आ-आफ्नो स्थानमा गए॥ ६४-६५॥

[ब्रह्मा भन्नुहुन्छ—] हे महर्षि! अब तपाईं जगदम्बा पार्वतीको तपस्याका अरू ठुला प्रभावलाई सुन्नुहोस्, जुन महान् आश्चर्यजनक चरित्र छन्॥ ६६॥

पार्वतीको आश्रममा रहने समस्त जन्तु जो स्वभावैले परस्पर विरोधी थिए, ती पनि उहाँको तपस्याको प्रभावले वैररहित भए॥ ६७॥

निरन्तर राग आदि दोषले युक्त रहने ती सिंह तथा गाई आदि पनि त्यहाँ उहाँको तपस्याको महिमाले परस्पर बाधा पुऱ्याउँदैनथे॥ ६८॥

हे मुनिश्रेष्ठ! बिराला, मुसा आदि पनि जो स्वभावले आपसमा वैर गर्ने खालका छन्, ती पनि [एक-अर्काप्रति] कहिल्यै विकारभाव राख्दैनन्थे॥ ६९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वृक्षाश्च सफलास्तत्र तृणानि विविधानि च।
पुष्पाणि च विचित्राणि तत्रासन्मुनिसत्तम॥ ७०

हे मुनिसत्तम! त्यहाँ फलयुक्त वृक्ष, विविध प्रकारका तृण र विचित्र पुष्प उत्पन्न भए॥ ७०॥

तद्वनं च तदा सर्वं कैलासेनोपमान्वितम्।
जातं च तपसस्तस्याः सिद्धिरूपमभूत्तदा॥ ७१

त्यो सम्पूर्ण वन उहाँको तपस्याको सिद्धिको रूपमा हुन गयो र कैलाससमान लाग्न थाल्यो॥ ७१॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे पार्वतीतपोवर्णनं नाम द्वाविंशोऽध्यायः॥ २२॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा पार्वती तपस्या वर्णन नामक बाईसौँ अध्याय पूर्ण भयो॥ २२॥

अथ त्रयोविंशोऽध्यायः

हिमालय आदि तपस्यानिरत पार्वतीकहाँ जानु, पार्वतीले पिता हिमालय आदिलाई आफ्नो तपको विषयमा दृढ निश्चय कुरा बताउनु, पार्वतीको तपको प्रभावले त्रैलोक्य संतप्त हुनु, सबै देवताहरू भगवान् शंकरकहाँ जानु

ब्रह्मोवाच

एवं तपत्यां पार्वत्यां शिवप्राप्तौ मुनीश्वर।
चिरकालो व्यतीयाय प्रादुर्भूतो हरो न हि॥ १

ब्रह्मा भन्नुहुन्छ—हे मुनीश्वर! शिवको प्राप्तिका लागि यस प्रकार तपस्या गर्दै पार्वतीको धेरै समय व्यतीत भयो, तै पनि शंकर प्रकट हुनुभएन॥ १॥

हिमालयस्तदागत्य पार्वतीं कृतनिश्चयाम्।
सभार्यः ससुतामात्य उवाच परमेश्वरीम्॥ २

तब आफ्नो संकल्पमा दृढ निश्चय भएकी परमेश्वरी पार्वतीका समीप आफ्नी भार्या, पुत्र तथा मन्त्रीहरूसहित आएर गिरिराज हिमालय उहाँसित भन्न लागे—॥ २॥

हिमालय उवाच

मा खिद्यतां महाभागे तपसानेन पार्वति।
रुद्रो न दृश्यते बाले विरक्तो नात्र संशयः॥ ३

हिमालय भन्दछन्—हे महाभागा! हे पार्वती! तिमी यस तपबाट दुःखी नहोऊ, हे बाले! रुद्र विरक्त हुनुहुन्छ, यसैले तिमीलाई दर्शन दिइरहनुभएको छैन, यसमा सन्देह छैन॥ ३॥

त्वं तन्वी सुकुमाराङ्गी तपसा च विमोहिता।
भविष्यसि न संदेहः सत्यं सत्यं वदामि ते॥ ४

दुब्ली-पातली तथा सुकुमार अंग भएकी तिमी यस तपस्याबाट मूर्च्छित हुने छौ, यसमा सन्देह छैन, यो म सत्य-सत्य भन्दै छु॥ ४॥

तस्मादुत्तिष्ठ चैहि त्वं स्वगृहं वरवर्णिनि।
किं तेन तव रुद्रेण येन दग्धः पुरा स्मरः॥ ५

यसैले हे वरवर्णिनी! तिमी उठ र आफ्नो घर हिँड। ती रुद्रबाट तिम्रो कुनचाहिँ प्रयोजन सिद्ध हुनेछ, जसले पहिला कामदेवलाई नै भस्म गरिदिएका छन्?॥ ५॥

अतो हि निर्विकारत्वात्त्वामादातुं वरां हरः।
नागमिष्यति देवेशि तं कथं प्रार्थयिष्यसि॥ ६

गगनस्थो यथा चंद्रो ग्रहीतुं न हि शक्यते।
तथैव दुर्गमं शंभुं जानीहि त्वमिहानघे॥ ७

जब निर्विकार हुनाको कारण ती शिव तिमीलाई ग्रहण गर्नु आउनुहुन्न भने हे देवेशी! तिमी उहाँसित प्रार्थना पनि किन गर्दछ्यौ? जसरी आकाशमा रहने चन्द्रमालाई ग्रहण गर्न सकिन्न, त्यसै प्रकार हे अनघा! तिमी शिवलाई पनि असम्भव सम्झ॥ ६-७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वकामान्परित्यज्य यदि चाहं वृषध्वजे।
अनुरक्ता तदा सोऽत्र संप्रसीदतु शंकरः॥ ५७

यदि नारदतंत्रोक्तमंत्रो जप्तः शराक्षरः।
सुभक्त्या विधिना नित्यं संप्रसीदतु शंकरः॥ ५८

यदि भक्त्या शिवस्याहं निर्विकारा यथोदितम्।
सर्वेश्वरस्य चात्यन्तं संप्रसीदतु शंकरः॥ ५९

एवं चिंतयती नित्यं तेपे सा सुचिरं तपः।
अधोमुखी निर्विकारा जटावल्कलधारिणी॥ ६०

तथा तया तपस्तप्तं मुनीनामपि दुष्करम्।
स्मृत्वा च पुरुषास्तत्र परमं विस्मयं गताः॥ ६१

तत्तपोदर्शनार्थं हि समाजग्मुश्च तेऽखिलाः।
धन्यान्निजान्मन्यमाना जगदुश्चेति सम्मताः॥ ६२

महतां धर्मवृद्धेषु गमनं श्रेय उच्यते।
प्रमाणं तपसो नास्ति मान्यो धर्मः सदा बुधैः॥ ६३

श्रुत्वा दृष्ट्वा तपोऽस्यास्तु किमन्यैः क्रियते तपः।
अस्मात्तपोऽधिकं लोके न भूतं न भविष्यति॥ ६४

जल्पन्त इति ते सर्वे सुप्रशस्य शिवातपः।
जग्मुः स्वं धाम मुदिताः कठिनाङ्गाश्च ये ह्यपि॥ ६५

अन्यच्छृणु महर्षे त्वं प्रभावं तपसोऽधुना।
पार्वत्या जगदम्बायाः पराश्चर्यकरं महत्॥ ६६

तदाश्रमगता ये च स्वभावेन विरोधिनः।
तेऽप्यासँस्तत्प्रभावेण विरोधरहितास्तदा॥ ६७

सिंहा गावश्च सततं रागादिदोषसंयुताः।
तन्महिम्ना च ते तत्र नाबाधन्त परस्परम्॥ ६८

अथान्ये च मुनिश्रेष्ठ मार्जारा मूषकादयः।
निसर्गाद्वैरिणो यत्र विक्रियंते स्म न क्वचित्॥ ६९

यदि म आफ्ना सारा कामनाहरू त्यागेर मात्र वृषध्वज शंकरमा अनुरक्त छु भने ती शंकर मप्रति प्रसन्न हुनुहोस्। यदि मैले उत्तम भक्तिका साथ विधिपूर्वक नित्य नारदतन्त्रोक्त पंचाक्षर मन्त्रको जप गरेकी छु भने शिव ममाथि प्रसन्न हुनुहोस्॥ ५७-५८॥

यदि मैले विकाररहित भएर भक्तिपूर्वक सर्वेश्वर शिवको यथोक्त चिन्तन गरेकी छु भने ती शंकर [मप्रति] परम प्रसन्न हुनुहोस्॥ ५९॥

यसरी नित्य आफ्नो मनमा सोच्दै उहाँले तलतिर मुख गरी एवं जटा-वल्कल धारण गरी निर्विकार भएर दीर्घकालसम्म तप गर्नुभयो॥ ६०॥

यसरी उहाँले मुनिहरूका लागि पनि दुष्कर तपस्या गर्नुभयो, जसको स्मरण गरी त्यहाँ सबै पुरुष परम विस्मयमा परे। उहाँको तपस्या हेर्नका लागि सबै त्यहाँ उपस्थित भए र आफूलाई धन्य मान्दै एउटै स्वरमा भन्न लागे॥ ६१-६२॥

धर्मवृद्धहरूकहाँ ठुला व्यक्तिहरू जानु कल्याणकारी बताइएको छ। तपस्यामा कुनै प्रमाण हुँदैन, विद्वानहरूले सदा धर्मको मान गर्नुपर्दछ॥ ६३॥

यिनको तपस्यालाई सुनेर तथा देखेर [यस्तो ज्ञात हुन्छ कि] अन्य व्यक्ति के तप गर्न सक्छन्। संसारमा यिनको तपभन्दा माथि कुनै तप न त भएको छ र न हुने नै छ। यस प्रकार भन्दै पार्वतीको तपको प्रशंसा गरी कठोर अंग भएका ती तपस्वी तथा अन्य जन प्रसन्न भई आ-आफ्नो स्थानमा गए॥ ६४-६५॥

[ब्रह्मा भन्नुहुन्छ—] हे महर्षि! अब तपाईं जगदम्बा पार्वतीको तपस्याका अरू ठुला प्रभावलाई सुन्नुहोस्, जुन महान् आश्चर्यजनक चरित्र छन्॥ ६६॥

पार्वतीको आश्रममा रहने समस्त जन्तु जो स्वभावैले परस्पर विरोधी थिए, ती पनि उहाँको तपस्याको प्रभावले वैररहित भए॥ ६७॥

निरन्तर राग आदि दोषले युक्त रहने ती सिंह तथा गाई आदि पनि त्यहाँ उहाँको तपस्याको महिमाले परस्पर बाधा पुऱ्याउँदैनथे॥ ६८॥

हे मुनिश्रेष्ठ! बिराला, मुसा आदि पनि जो स्वभावले आपसमा वैर गर्ने खालका छन्, ती पनि [एक-अर्काप्रति] कहिल्यै विकारभाव राख्दैनन्थे॥ ६९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वृक्षाश्च सफलास्तत्र तृणानि विविधानि च।
पुष्पाणि च विचित्राणि तत्रासन्मुनिसत्तम॥ ७०

हे मुनिसत्तम! त्यहाँ फलयुक्त वृक्ष, विविध प्रकारका तृण र विचित्र पुष्प उत्पन्न भए॥ ७०॥

तद्वनं च तदा सर्वं कैलासेनोपमान्वितम्।
जातं च तपसस्तस्याः सिद्धिरूपमभूत्तदा॥ ७१

त्यो सम्पूर्ण वन उहाँको तपस्याको सिद्धिको रूपमा हुन गयो र कैलाससमान लाग्न थाल्यो॥ ७१॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे पार्वतीतपोवर्णनं नाम द्वाविंशोऽध्यायः॥ २२॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा पार्वती तपस्या वर्णन नामक बाईसौँ अध्याय पूर्ण भयो॥ २२॥

अथ त्रयोविंशोऽध्यायः

हिमालय आदि तपस्यानिरत पार्वतीकहाँ जानु, पार्वतीले पिता हिमालय आदिलाई आफ्नो तपको विषयमा दृढ निश्चय कुरा बताउनु, पार्वतीको तपको प्रभावले त्रैलोक्य संतप्त हुनु, सबै देवताहरू भगवान् शंकरकहाँ जानु

ब्रह्मोवाच

एवं तपत्यां पार्वत्यां शिवप्राप्तौ मुनीश्वर।
चिरकालो व्यतीयाय प्रादुर्भूतो हरो न हि॥ १

ब्रह्मा भन्नुहुन्छ—हे मुनीश्वर! शिवको प्राप्तिका लागि यस प्रकार तपस्या गर्दै पार्वतीको धेरै समय व्यतीत भयो, तै पनि शंकर प्रकट हुनुभएन॥ १॥

हिमालयस्तदागत्य पार्वतीं कृतनिश्चयाम्।
सभार्यः ससुतामात्य उवाच परमेश्वरीम्॥ २

तब आफ्नो संकल्पमा दृढ निश्चय भएकी परमेश्वरी पार्वतीका समीप आफ्नी भार्या, पुत्र तथा मन्त्रीहरूसहित आएर गिरिराज हिमालय उहाँसित भन्न लागे—॥ २॥

हिमालय उवाच

मा खिद्यतां महाभागे तपसानेन पार्वति।
रुद्रो न दृश्यते बाले विरक्तो नात्र संशयः॥ ३

हिमालय भन्दछन्—हे महाभागा! हे पार्वती! तिमी यस तपबाट दुःखी नहोऊ, हे बाले! रुद्र विरक्त हुनुहुन्छ, यसैले तिमीलाई दर्शन दिइरहनुभएको छैन, यसमा सन्देह छैन॥ ३॥

त्वं तन्वी सुकुमाराङ्गी तपसा च विमोहिता।
भविष्यसि न संदेहः सत्यं सत्यं वदामि ते॥ ४

दुब्ली-पातली तथा सुकुमार अंग भएकी तिमी यस तपस्याबाट मूर्च्छित हुने छौ, यसमा सन्देह छैन, यो म सत्य-सत्य भन्दै छु॥ ४॥

तस्मादुत्तिष्ठ चैहि त्वं स्वगृहं वरवर्णिनि।
किं तेन तव रुद्रेण येन दग्धः पुरा स्मरः॥ ५

यसैले हे वरवर्णिनी! तिमी उठ र आफ्नो घर हिंड। ती रुद्रबाट तिम्रो कुनचाहिँ प्रयोजन सिद्ध हुनेछ, जसले पहिला कामदेवलाई नै भस्म गरिदिएका छन्?॥ ५॥

अतो हि निर्विकारत्वात्त्वामादातुं वरां हरः।
नागमिष्यति देवेशि तं कथं प्रार्थयिष्यसि॥ ६

गगनस्थो यथा चंद्रो ग्रहीतुं न हि शक्यते।
तथैव दुर्गमं शंभुं जानीहि त्वमिहानघे॥ ७

जब निर्विकार हुनाको कारण ती शिव तिमीलाई ग्रहण गर्नु आउनुहुन्न भने हे देवेशी! तिमी उहाँसित प्रार्थना पनि किन गर्दछ्यौ? जसरी आकाशमा रहने चन्द्रमालाई ग्रहण गर्न सकिन्न, त्यसै प्रकार हे अनघा! तिमी शिवलाई पनि असम्भव सम्झ॥ ६-७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

तथैव मेनया चोक्ता तथा सह्याद्रिणा सती।
मेरुणा मंदरेणैव मैनाकेन तथैव सा॥ ८
एवमन्यैः क्षितिध्रैश्च क्रौंचादिभिरनातुरा।
तथैव गिरिजा प्रोक्ता नानावादविधायिभिः॥ ९

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार मेना, सह्याद्रि, मेरु, मन्दार एवं मैनाकले पनि ती सतीलाई धेरै सम्झाए, अन्य क्रौंचादि पर्वतहरूले पनि अनेक कारणहरूलाई प्रदर्शित गर्दै आतुरताबाट रहित पार्वतीलाई सम्झाए॥ ८-९॥

एवं प्रोक्ता यदा तन्वी सा सर्वैः तपसि स्थिता।
उवाच प्रहसंत्येव हिमवंतं शुचिस्मिता॥ १०

यस प्रकार सबैले सम्झाइसकेपछि पनि तपस्यामा संलग्न ती पवित्र मुस्कान भएकी तन्वी पार्वती हाँस्तै [आफ्ना पिता] हिमालयसित भन्न लाग्नुभयो—॥ १०॥

पार्वत्युवाच

पुरा प्रोक्तं मया तात मातः किं विस्मृतं त्वया।
अधुनापि प्रतिज्ञां च शृणुध्वं मम बांधवाः॥ ११

पार्वती भन्नुहुन्छ—हे माता! हे पिता! मैले जुन कुरा पहिला भनेकी थिएँ, के तपाईंहरूले त्यसलाई भुल्नुभयो? हे बन्धुगण! यस समय तपाईंहरू पनि मेरो प्रतिज्ञा सुन्नुहोस्॥ ११॥

विरक्तोऽसौ महादेवो येन दग्धो रुषा स्मरः।
तं तोषयामि तपसा शंकरं भक्तवत्सलम्॥ १२

जसले क्रोधबाट कामदेवलाई जलाइदिए, ती महादेव निश्चय नै विरक्त हुनुहुन्छ, तर ती भक्तवत्सल शंकरलाई म आफ्नो तपस्याबाट सन्तुष्ट पार्ने छु॥ १२॥

सर्वे भवन्तो गच्छन्तु स्वं स्वं धाम प्रहर्षिताः।
भविष्यत्येव तुष्टोऽसौ नात्र कार्या विचारणा॥ १३
दग्धो हि मदनो येन येन दग्धं गिरेर्वनम्।
तमानयिष्ये चात्रैव तपसा केवलेन हि॥ १४
तपोबलेन महता सुसेव्यो हि सदाशिवः।
जानीध्वं हि महाभागाः सत्यं सत्यं वदामि वः॥ १५

तपाईंहरू सबै परम प्रसन्न भएर आ-आफ्नो घर जानुहोस्। उहाँ अवश्य नै प्रसन्न हुनुहुने छ, यसमा सन्देह छैन। जसले कामदेवलाई भस्म गरिदिनुभयो तथा जसले पर्वतका वनलाई पनि जलाइदिनुभयो, ती सदाशिवलाई म केवल आफ्नो तपस्याले यहाँ अवश्य बोलाउने छु। हे महाभाग हो! ती सदाशिव महान् तपोबलले अवश्य प्रसन्न हुनुहुने छ, यो निश्चित जान्नुहोस्, म तपाईंहरूसित सत्य भनिरहेकी छु॥ १३—१५॥

ब्रह्मोवाच

आभाष्य चैवं गिरिजा च मेनकां
मैनाकबंधुं पितरं हिमालयम्।
तूष्णीं बभूवाशु सुभाषिणी शिवा
समंदरं पर्वतराजबालिका॥ १६
जग्मुस्तथोक्ताः शिवया हि पर्वता
यथागतेनापि विचक्षणास्ते।
प्रशंसमाना गिरिजां मुहुर्मुहुः
सुविस्मिता हेमनगेश्वराद्याः॥ १७

ब्रह्मा भन्नुहुन्छ—पर्वतराजकी पुत्री सुभाषिणी पार्वती आफ्नी माता मेनका, दाजु मैनाक, मन्दर तथा पिता हिमालयसित यति भनेर चुप लाग्नुभयो। यस प्रकार जब शिवाले उनीहरूसित भन्नुभयो, तब ती विचक्षण हिमनग आदि पर्वत पटक-पटक गिरिजाको प्रशंसा गर्दै जहाँबाट आएका थिए, अत्यन्त विस्मित भई त्यहीं गए॥ १६-१७॥

गतेषु तेषु सर्वेषु सखीभिः परिवारिता।
तपस्तेपे तदधिकं परमार्थसुनिश्चया॥ १८
तपसा महता तेन तप्तमासीच्चराचरम्।
त्रैलोक्यं हि मुनिश्रेष्ठ सदेवासुरमानुषम्॥ १९

उनीहरू सबै गएपछि सखीहरूसहित ती पार्वती परमार्थको निश्चयले युक्त भई अधिक दृढतापूर्वक महान् तपस्या गर्न लाग्नुभयो। हे मुनिश्रेष्ठ! त्यस महान् तपस्याबाट देवता, असुर एवं मनुष्यसहित चराचर त्रैलोक्य सन्तप्त भए॥ १८-१९॥

तदा सुरासुराः सर्वे यक्षकिन्नरचारणाः।
सिद्धाः साध्याश्च मुनयो विद्याधरमहोरगाः॥ २०
सप्रजापतयश्चैव गुह्यकाश्च तथापरे।
कष्टात् कष्टतरं प्राप्ताः कारणं न विदुः स्म तत्॥ २१

त्यस समय समस्त सुर, असुर, यक्ष, किन्नर, चारण, सिद्ध, साध्य, मुनि, विद्याधर, महान् उरग, प्रजापति एवं गुह्यक तथा अन्य प्राणी धेरै ठुलो संकटमा परे, तर तिनले यसको कारण बुझ्न सकेनन्॥ २०-२१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वे मिलित्वा शक्राद्या गुरुमामंत्र्य विह्वलाः।
सुमेरौ तप्तसर्वाङ्गा विधिं मां शरणं ययुः॥ २२

तत्र गत्वा प्रणम्याशु विह्वला नष्टसुत्विषः।
ऊचुः सर्वे च संस्तूय ह्यैकपद्येन मां हि ते॥ २३

पिल्सिएका समस्त अंग भएका तथा व्याकुल ती सबै इन्द्र आदि परस्पर मिलेर गुरु बृहस्पतिसित परामर्श गरी म ब्रह्माको शरणमा सुमेरु पर्वतमा आए। कान्ति नष्ट भएका तथा व्याकुल ती सबै त्यहाँ आएर शीघ्र प्रणाम तथा स्तुति गरी एकैसाथ मसित भन्न लागे— ॥ २२-२३ ॥

देवा ऊचुः

त्वया सृष्टमिदं सर्वं जगदेतच्चराचरम्।
संतप्तमति कस्माद्वै न ज्ञातं कारणं विभो॥ २४

देवता भन्दछन्—हे विभु! यस चराचर सम्पूर्ण जगत्को हजुरले नै निर्माण गर्नुभएको हो, तर यस समय यो सारा सृष्टि किन जलिरहेको छ, यसको कारण जान्न सकिरहेका छौनौँ॥ २४॥

तद् ब्रूहि कारणं ब्रह्मन् ज्ञातुमर्हसि नः प्रभो।
दग्धीभूततनून्देवान् त्वत्तो नान्योऽस्ति रक्षकः॥ २५

हे प्रभु! हे ब्रह्मन्! यसको कारण हजुर बताउनुहोस्; किनभने हजुर नै यसलाई जान्नमा समर्थ हुनुहुन्छ। हामी देवगणहरूको सारा शरीर जलिरहेको छ। दग्ध भएको शरीरवाला हामी देवताहरूको हजुर बाहेक कोही अरू रक्षक छैनन्॥ २५॥

ब्रह्मोवाच

इत्याकर्ण्य वचस्तेषामहं स्मृत्वा शिवं हृदा।
विचार्य मनसा सर्वं गिरिजायास्तपः फलम्॥ २६

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार देवताहरूका कुरालाई सुनेर म शिवको स्मरण गरी मनमा सोच्न लागेँ कि यो सब पार्वतीको तपस्याको फल हो॥ २६॥

दग्धं विश्वमिति ज्ञात्वा तैः सर्वैरिह सादरात्।
हरये तत्कथयितुं क्षीराब्धिमगमं द्रुतम्॥ २७

सारा विश्व जल्ने छ, यो जानेर म भगवान् विष्णुसित निवेदन गर्नका लागि उनीहरू सबैका साथ आदरपूर्वक तत्काल क्षीरसागर गएँ॥ २७॥

तत्र गत्वा हरिं दृष्ट्वा विलसन्तं सुखासने।
सुप्रणम्य सुसंस्तूय प्रावोचं सांजलिः सुरैः॥ २८

देवगणहरूका साथ त्यहाँ गएर मैले देखेँ कि नारायण सुखपूर्वक आसनमा विराजमान हुनुहुन्छ, त्यस समय म उहाँलाई प्रणाम तथा स्तुति गरी हात जोडेर भन्न लागेँ— ॥ २८॥

त्राहि त्राहि महाविष्णो तप्तान्नः शरणागतान्।
तपसोग्रेण पार्वत्यास्तपन्त्याः परमेण हि॥ २९

हे महाविष्णु! तपस्यामा संलग्न पार्वतीको परम कठोर तपस्याबाट हामीहरू सन्तप्त भइरहेका छौँ अतः हामी शरणागतहरूको हजुर रक्षा गर्नुहोस्॥ २९॥

इत्याकर्ण्य वचस्तेषामस्मदादिदिवौकसाम्।
शेषासने समाविष्टोऽस्मानुवाच रमेश्वरः॥ ३०

हामी देवताहरूको यो वचन सुनेर शेषासनमा बस्नुभएका रमेश्वर हामीहरूसित भन्न लागनुभयो- ॥ ३०॥

विष्णुरुवाच

ज्ञातं सर्वं निदानं मे पार्वतीतपसोऽद्य वै।
युष्माभिः सहितस्त्वद्य व्रजामि परमेश्वरम्॥ ३१

महादेवं प्रार्थयामो गिरिजाप्रापणाय तम्।
पाणिग्रहार्थमधुना लोकानां स्वस्तयेऽमराः॥ ३२

विष्णु भन्नुहुन्छ—मैले सारा कारण जानेको छु। तपाईंहरू सबै पार्वतीको तपस्याबाट सन्तप्त भइरहनुभएको छ, अतः म तपाईंहरूसँगै अहिल्यै परमेश्वरकहाँ जाँदै छु। हे देवगण हो! सदाशिवको समीप गएर हामीहरूले उहाँसित प्रार्थना गर्नुपर्दछ कि हजुर पार्वतीको पाणिग्रहण गर्नुहोस्; किनभने शिवद्वारा पार्वतीको पाणिग्रहण गर्नाले नै लोकको कल्याण हुनेछ॥ ३१-३२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वरं दातुं शिवायै हि देवदेवः पिनाकधृक्।
यथा चेष्यति तत्रैव करिष्यामोऽधुना हि तत्॥ ३३

तस्माद् वयं गमिष्यामो यत्र रुद्रो महाप्रभुः।
तपसोग्रेण संयुक्तोऽद्यास्ते परममङ्गलः॥ ३४

ब्रह्मोवाच

विष्णोस्तद्वचनं श्रुत्वा सर्व ऊचुः सुरादयः।
महाभीता हठात् क्रुद्धाद्दग्धुकामात् लयंकरात्॥ ३५

देवा ऊचुः

महाभयंकरं क्रुद्धं कालानलसमप्रभम्।
न यास्यामो वयं सर्वे विरूपाक्षं महाप्रभुम्॥ ३६

यथा दग्धः पुरा तेन मदनो दुरतिक्रमः।
तथैव क्रोधयुक्तो नः स धक्ष्यति न संशयः॥ ३७

ब्रह्मोवाच

तदाकर्ण्य वचस्तेषां शक्रादीनां रमेश्वरः।
सांत्वयंस्तान्सुरान्सर्वान्प्रोवाच स हरिर्मुने॥ ३८

हरिरुवाच

हे सुरा मद्वचः प्रीत्या शृणुतादरतोऽखिलाः।
न वो धक्ष्यति स स्वामी देवानां भयनाशनः॥ ३९
तस्माद्भवद्भिर्गन्तव्यं मया सार्धं विचक्षणैः।
शंभुं शुभकरं मत्वा शरणं तस्य सुप्रभोः॥ ४०
शिवं पुराणं पुरुषं ह्यधीशं
वरेण्यरूपं हि परं पुराणम्।
तपो जुषाणं परमात्मरूपं
परात्परं तं शरणं व्रजामः॥ ४१

ब्रह्मोवाच

एवमुक्तास्तदा देवा विष्णुना प्रभविष्णुना।
जग्मुः सर्वे तेन सह द्रष्टुकामाः पिनाकिनम्॥ ४२

प्रथमं शैलपुत्र्यास्तत्तपो द्रष्टुं तदाश्रमम्।
जग्मुर्मार्गवशात्सर्वे विष्ण्वाद्याः सकुतूहलाः॥ ४३

पार्वत्याः सुतपो दृष्ट्वा तेजसा व्यापृतास्तदा।
प्रणेमुस्तां जगद्धात्रीं तेजोरूपां तपःस्थिताम्॥ ४४

देवाधिदेव पिनाकधारी सदाशिव पार्वतीलाई वर प्रदान गर्नका लागि जुन प्रकारले उद्यत हुनेछन्, त्यसै प्रकारको उपाय हामीहरूले यस समय गर्नुपर्छ॥ ३३॥

यसैले अब हामीहरू त्यस स्थानमा जाने छौँ, जहाँ परम मंगल महाप्रभु रुद्र यस समय उग्र तपस्यामा लीन हुनुहुन्छ॥ ३४॥

ब्रह्मा भन्नुहुन्छ—विष्णुका ती कुरा सुनेर प्रलय गर्नुहुने तथा क्रोधपूर्वक हठले कामदेवलाई नष्ट गर्नुहुने शंकरबाट भयभीत ती देवता विष्णुसित भन्न लागे—॥ ३५॥

देवतागण भन्दछन्—[हे विष्णु!] महाभयंकर, क्रोधी, कालाग्निसमान प्रभा भएका तथा विरूपाक्ष महाप्रभुकहाँ हामीहरू जाने छैनौँ; किनभने उहाँले जसरी दुराधर्ष कामदेवलाई भस्म गरिदिनुभयो, त्यसै गरी क्रोधित भएर उहाँले हामीहरूलाई पनि भस्म गर्नुहुनेछ, यसमा सन्देह छैन॥ ३६-३७॥

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! इन्द्रादि देवताहरूको यो कुरा सुनेर विष्णु ती सबै देवताहरूलाई धैर्यता प्रदान गर्दै भन्न लाग्नुभयो—॥ ३८॥

विष्णु भन्नुहुन्छ—हे देवगण हो! तपाईंहरू सबै आदरपूर्वक मेरो कुरा सुन्नुहोस्, ती सदाशिव तपाईंहरूलाई भस्म गर्नुहुन्न; किनभने उहाँ देवताहरूको भयलाई नष्ट गर्नेवाला हुनुहुन्छ। यसैले तपाईंहरू सबै बुद्धिमान् जन शम्भुलाई कल्याणकारी मानेर मसँगै ती परम प्रभुकहाँ हिँड्नुहोस्॥ ३९-४०॥

ती शिव नै पुराणपुरुष, सबका अधीश्वर, सबैभन्दा श्रेष्ठ, तपस्यारत, परमात्मस्वरूप र परात्पर हुनुहुन्छ, हामीहरूले उहाँकै आश्रय लिनुपर्छ॥ ४१॥

ब्रह्मा भन्नुहुन्छ—जब सर्वसमर्थ विष्णुले यस प्रकार देवगणहरूसित भन्नुभयो, तब ती सबै उहाँसँगै पिनाकी भगवान् सदाशिवको दर्शन गर्ने इच्छाले गए। विष्णु आदि देवगण मार्गमा परेका कारण सर्वप्रथम कौतूहलवश त्यस आश्रममा गए, जहाँ पार्वती तपस्या गरिरहनुभएको थियो॥ ४२-४३॥

त्यसपछि सबै देवताहरूले पार्वतीको तप देखेर उहाँको तेजबाट व्यापृत भई तेजोरूपवाली तथा तपमा अधिष्ठित ती जगदम्बालाई प्रणाम गरेर साक्षात्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रशंसन्तस्तपस्तस्याः साक्षात्सिद्धितनोः सुराः।
जग्मुस्तत्र तदा ते च यत्रास्ते वृषभध्वजः॥ ४५

तत्र गत्वा च ते देवास्त्वां मुने प्रैषयंस्तदा।
पश्यन्तो दूरतस्तस्थुः कामभस्मकृतो हरात्॥ ४६

नारद त्वं शिवस्थानं तदा गत्वाभयः सदा।
शिवभक्तो विशेषेण प्रसन्नं दृष्टवान् प्रभुम्॥ ४७

पुनरागत्य यत्नेन देवानाहूय तांस्ततः।
निनाय शंकरस्थानं तदा विष्ण्वादिकान्मुने॥ ४८

अथ विष्ण्वादयः सर्वे तत्र गत्वा शिवं प्रभुम्।
ददृशुः सुखमासीनं प्रसन्नं भक्तवत्सलम्॥ ४९

योगपट्टस्थितं शंभुं गणैश्च परिवारितम्।
तपोरूपं दधानं च परमेश्वररूपिणम्॥ ५०

ततो विष्णुर्मयान्ये च सुरसिद्धमुनीश्वराः।
प्रणम्य तुष्टुवुः सूक्तैर्वेदोपनिषदन्वितैः॥ ५१

सिद्धिको शरीर धारण गर्नुहुने ती पार्वतीको तपको प्रशंसा गर्दै ती देवगण त्यहाँ गए, जहाँ वृषध्वज हुनुहुन्थ्यो॥ ४४-४५॥

हे मुनि! त्यहाँ पुगेर ती देवताहरूले [सर्वप्रथम] तपाईंलाई शिवको समीप पठाए र ती स्वयं कामलाई नष्ट गर्नुहुने भगवान् शंकरलाई हेर्दै टाढै स्थित रहे। त्यस समय हे नारद! विशेषरूपले शिवभक्त तपाईंले निर्भय भएर शिवको स्थानमा गएर शिवलाई प्रसन्न मुद्रामा देख्नुभयो। हे मुनि! त्यसपछि फर्केर यत्नपूर्वक विष्णु आदि देवताहरूलाई बोलाएर तपाईं शिवको स्थानमा उनीहरूलाई लिएर जानुभयो॥ ४६—४८॥

त्यसपछि विष्णु आदि सबै देवताले शिवका स्थानमा गएर प्रसन्न मनले ती भक्तवत्सल भगवान् सदाशिवलाई सुखपूर्वक बस्नुभएको देखे। उहाँ योगासन लगाएर आफ्ना गणहरूले घेरिनुभएको थियो। ती परमेश्वररूपी शंकर साक्षात् तपस्याका विग्रहवान् रूप हुनुहुन्थ्यो॥ ४९-५०॥

तब विष्णु एवं मसँग रहने अन्य देव, मुनि तथा सिद्धगण ती परमेश्वर शिवलाई प्रणाम गरी वेद एवं उपनिषद्हरूका सूक्तहरूद्वारा उहाँको स्तुति गर्न लागे॥ ५१॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे पार्वतीसांत्वनशिवदेवदर्शनवर्णनं नाम त्रयोविंशोऽध्यायः॥ २३॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा पार्वतीसान्त्वन-शिवदेवदर्शनवर्णन नामक तेईसौँ अध्याय पूर्ण भयो॥ २३॥

अथ चतुर्विंशोऽध्यायः

पार्वतीका साथ विवाह गर्न भगवान् शिवसित देवताहरूको अनुरोध, भगवान्ले विवाहको दोष बताएर अस्वीकार गर्नु तथा उहाँलाई पुनः प्रार्थना गरेपछि स्वीकार गर्नु

देवा ऊचुः

नमो रुद्राय देवाय मदनांतकराय च।
स्तुत्याय भूरिभासाय त्रिनेत्राय नमो नमः॥ १
शिपिविष्टाय भीमाय भीमाक्षाय नमो नमः।
महादेवाय प्रभवे त्रिविष्टपतये नमः॥ २

त्वं नाथः सर्वलोकानां पिता माता त्वमीश्वरः।
शंभुरीशः शंकरोऽसि दयालुस्त्वं विशेषतः॥ ३

देवता भन्दछन्—कामदेवलाई विनष्ट गर्नुहुने रुद्र देवतालाई नमस्कार छ, स्तुतिका योग्य, अत्यन्त तेजस्वी तथा त्रिनेत्रलाई पटक-पटक नमस्कार छ॥ १॥

शिपिविष्ट, भीम एवं भीमाक्षलाई पटक-पटक नमस्कार छ। महादेव, प्रभु तथा स्वर्गपतिलाई नमस्कार छ॥ २॥

हजुर सबै लोकहरूका नाथ र माता-पिता हुनुहुन्छ। हजुर ईश्वर, शम्भु, ईश, शंकर तथा विशेष रूपले दयालु हुनुहुन्छ॥ ३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्वं धाता सर्वजगतां त्रातुमर्हसि नः प्रभो।
त्वां विना कः समर्थोऽस्ति दुःखनाशे महेश्वर॥ ४

हजुर नै सब जगत्लाई धारण गर्नुहुन्छ, अत एव हे प्रभु! हजुर हामीहरूको रक्षा गर्नुहोस्। हे परमेश्वर! हजुरबाहेक दुःख निवारण गर्नमा अरू को नै समर्थ छ॥ ४॥

ब्रह्मोवाच

इत्याकर्ण्य वचस्तेषां सुराणां नन्दिकेश्वरः।
कृपया परया युक्तो विज्ञप्सुं शंभुमारभत्॥ ५

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] ती देवताहरूका यी वचन सुनेर परम कृपाले युक्त भएर नन्दिकेश्वर शिवसित निवेदन गर्न लाग्नुभयो—॥ ५॥

नंदिकेश्वर उवाच

विष्ण्वादयः सुरगणा मुनिसिद्धसंघा-
स्त्वां द्रष्टुमेव सुरवर्य विशेषयन्ति।
कार्यार्थिनोऽसुरवरैः परिभत्स्यमानाः
सम्यक् पराभवपदं परमं प्रपन्नाः॥ ६

नन्दिकेश्वर भन्नुहुन्छ—हे सुरवर्य! सिद्ध, मुनि, विष्णु आदि देवगण दैत्यहरूबाट पराजित एवं तिरस्कृत भई हजुरको शरणमा आएका छन् र ती हजुरको दर्शनको इच्छा गर्दछन्॥ ६॥

तस्मात्त्वया हि सर्वेश त्रातव्या मुनयः सुराः।
दीनबंधुर्विशेषेण त्वमुक्तो भक्तवत्सलः॥ ७

यसैले हे सर्वेश! हजुर [शरणागत भएर] यी देवता तथा मुनिहरूको रक्षा गर्नुहोस्; किनभने हजुर विशेषरूपले दीनबन्धु र भक्तवत्सल हुनुहुन्छ॥ ७॥

ब्रह्मोवाच

एवं दयावता शंभुर्विज्ञप्तो नंदिना भृशम्।
शनैः शनैरुपरमद्ध्यानादुन्मील्य चाक्षिणी॥ ८

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार जब दयालु नन्दिकेश्वरले पटक-पटक शिवसित निवेदन गर्नुभयो, तब उहाँले विस्तारै आफ्नो नेत्र खोलेर समाधि त्याग गर्नुभयो॥ ८॥

ईशोऽथोपरतः शंभुस्तदा परमकोविदः।
समाधेः परमात्मासौ सुरान्सर्वानुवाच ह॥ ९

त्यसपछि समाधिबाट उपरत हुनुभएका ती महाज्ञानी परमात्मा शम्भु सबै देवताहरूसित भन्न लाग्नुभयो—॥ ९॥

शंभुरुवाच

कस्माद्यूयं समायाता मत्समीपं सुरेश्वराः।
हरिब्रह्मादयः सर्वे ब्रूत कारणमाशु तत्॥ १०

शम्भु भन्नुहुन्छ—तपाईंहरू सबै ब्रह्मा, विष्णु आदि सुरेश्वर मकहाँ केका निम्ति आउनुभएको हो? आउनुको कारण शीघ्र बताउनुहोस्॥ १०॥

ब्रह्मोवाच

इति श्रुत्वा वचः शम्भोः सर्वे देवा मुदान्विताः।
विष्णोर्विलोकयामासुर्मुखं विज्ञप्तिहेतवे॥ ११

ब्रह्मा भन्नुहुन्छ—शिवका यी वचनलाई सुनेर सबै देवता प्रसन्न भए र निवेदनका लागि विष्णुको मुखतिर हेर्न लागे॥ ११॥

अथ विष्णुर्महाभक्तो देवानां हितकारकः।
मदीरितमुवाचेदं सुरकार्यं महत्तमम्॥ १२

तब शिवका परम भक्त तथा देवताहरूका हितकारक विष्णु मद्वारा निवेदित देवताहरूको यस ज्यादै ठुलो कार्यको निवेदन गर्न लाग्नुभयो—॥ १२॥

विष्णुरुवाच

तारकेण कृतं शंभो देवानां परमाद्भुतम्।
कष्टात्कष्टतरं देवा विज्ञप्सुं सर्व आगताः॥ १३

विष्णु भन्नुहुन्छ—हे शम्भु! तारकबाट यी देवताहरूलाई अत्यन्त अद्भुत दुःख प्राप्त भइरहेको छ, यसै कारण सबै देवता हजुरसित निवेदन गर्न यहाँ आएका छन्॥ १३॥

हे शंभो तव पुत्रेणौरसेन हि भविष्यति।
निहतस्तारको दैत्यो नान्यथा मम भाषितम्॥ १४

हे शम्भु! हजुरद्वारा जुन रस पुत्र उत्पन्न हुने छन्, उनैद्वारा तारकासुरको वध हुने छ, यो मेरो कथन अन्यथा हुन सक्तैन॥ १४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विचार्येत्थं महादेव कृपां कुरु नमोऽस्तु ते।
देवान्समुद्धर स्वामिन् कष्टात्तारकनिर्मितात्॥ १५

हे महादेव! हजुरलाई नमस्कार छ, हजुर यस कुराको विचार गरी देवताहरूप्रति दया गर्नुहोस्। हे स्वामी! तारकासुरबाट उत्पन्न यस महाकष्टबाट देवताहरूको उद्धार गर्नुहोस्॥ १५॥

तस्मात्त्वया गिरिजा देव शंभो
ग्रहीतव्या पाणिना दक्षिणेन।
पाणिग्रहेणैव महानुभावां
दत्तां गिरीन्द्रेण च तां कुरुष्व॥ १६

यसैले हे देव! हे शम्भु! हजुरले स्वयं गिरिजालाई दाहिने हातबाट पाणिग्रहण गर्नुपर्दछ; किनभने गिरिराज हिमालय हजुरलाई पाणिग्रहणद्वारा नै गिरिजा प्रदान गर्न चाहन्छन्, अतः हजुर त्यसलाई स्वीकार गर्नुहोस्॥ १६॥

विष्णोस्तद्वचनं श्रुत्वा प्रसन्नो ह्यब्रवीच्छिवः।
दर्शयन् सद्गतिं तेषां सर्वेषां योगतत्परः॥ १७

विष्णुका यी वचन सुनेर योगमा तत्पर भगवान् शिव अत्यन्त प्रसन्न हुनुभयो र उनीहरूको सद्गतिका लागि उत्तम उपदेश गर्दै भन्न लाग्नुभयो— ॥ १७॥

शिव उवाच

यदा मे स्वीकृता देवी गिरिजा सर्वसुंदरी।
तदा सर्वे सुरेन्द्राश्च मुनयो ऋषयस्तदा॥ १८
सकामाश्च भविष्यंति न क्षमाश्च परे पथि।
जीवयिष्यति दुर्गा सा पाणिग्रहणतः स्मरम्॥ १९

शिव भन्नुहुन्छ—[हे देवताहरू हो!] जब म सर्वसुन्दरी गिरिजादेवीलाई स्वीकार गर्ने छु, तब सबै देवता, मुनि तथा ऋषि सकाम हुने छन्। फेरि त तिनीहरू परमार्थको मार्गमा हिँड्न असमर्थ हुने छन्। मैले पाणिग्रहण गर्नासाथ यी दुर्गाले मृत कामदेवलाई पुनः जीवित गरिदिने छिन्॥ १८-१९॥

मदनो हि मया दग्धः सर्वेषां कार्यसिद्धये।
ब्रह्मणो वचनाद्विष्णो नात्र कार्या विचारणा॥ २०

मैले सबको कार्यसिद्धिका लागि नै कामदेवलाई जलाएको हुँ। हे विष्णु! ब्रह्माको वचनअनुसार नै मैले यो कार्य सम्पादित गरेको हुँ, यसमा सन्देह छैन॥ २०॥

एवं विमृश्य मनसा कार्याकार्यव्यवस्थितौ।
सुधीः सर्वैश्च देवेन्द्र हठं नो कर्तुमर्हसि॥ २१

हे देवेन्द्र! तपाईं यस कार्य-अकार्यको परिस्थितिमा मनबाट तत्त्वको विचार गरी मेरो विवाहको हठ छोडिदिनुहोस्॥ २१॥

दग्धे कामे मया विष्णो सुरकार्यं महत् कृतम्।
सर्वे तिष्ठन्तु निष्कामा मया सह सुनिश्चितम्॥ २२
यथाहं च सुराः सर्वे तथा यूयमयत्नतः।
तपः परमसंयुक्ताः करिष्यध्वं सुदुष्करम्॥ २३

हे विष्णु! मैले कामदेवलाई जलाएर देवताहरूको धेरै ठुलो कार्य सिद्ध गरेको छु। अब उचित यही हुन्छ कि मसँगै समस्त देवगण सुनिश्चित रूपले निष्काम भएर निवास गरून्। हे देवताहरू हो! जुन प्रकार म तपस्या गर्छु, त्यसै प्रकार तपाईंहरू पनि सहजरूपले कठोर तपमा निरत हुनुहोस्॥ २२-२३॥

यूयं समाधिना तेन मदनेन विना सुराः।
परमानंदसंयुक्ता निर्विकारा भवंतु वै॥ २४
पुरावृत्तं स्मरकृतं विस्मृतं यद् विधे हरे।
महेन्द्र मुनयो देवा यत्तत्सर्वं विमृश्यताम्॥ २५

अब त कामदेव रहेनन्, यसैले हे देवताहरू हो! तपाईंहरू निर्विघ्न समाधि लगाएर आनन्दयुक्त निर्विकार भावले निवास गर्नुहोस्। हे विधि! हे विष्णु! हे महेन्द्र! हे मुनिगण! हे देवगण! तपाईंहरूले पूर्व समयमा कामदेवद्वारा गरिएका सारा कार्यलाई भुल्नु भएको छ, ती सबैमाथि विचार गर्नुहोस्॥ २४-२५॥

महाधनुर्धरेणैव मदनेन हठात्सुराः।
सर्वेषां ध्यानविध्वंसः कृतस्तेन पुरामराः॥ २६

हे देवताहरू हो! पहिला यस महाधनुर्धर कामदेवले हठपूर्वक सबै देवताहरूको ध्यान नष्ट गरिदिएको थियो॥ २६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कामो हि नरकायैव तस्मात् क्रोधोऽभिजायते।
क्रोधाद्भवति संमोहो मोहाच्च भ्रंशते तपः॥ २७

कामक्रोधौ परित्याज्यौ भवद्भिः सुरसत्तमैः।
सर्वैरेव च मन्तव्यं मद्वाक्यं नान्यथा क्वचित्॥ २८

काम नै नरकको द्वार हो, कामबाट क्रोध उत्पन्न हुन्छ, क्रोधबाट मोह र मोहबाट तप विनष्ट हुन जान्छ। अतः तपाईं सबै श्रेष्ठ देवताहरूले काम एवं क्रोधको परित्याग गर्नुपर्ने छ। तपाईंहरू सबैले मेरो यो कुरा स्वीकार गर्नुपर्ने छ; किनभने मेरो कुरा कहिल्यै असत्य सिद्ध हुँदैन॥ २७-२८॥

ब्रह्मोवाच

एवं विश्राव्य भगवान् महादेवो वृषध्वजः।
सुरान् प्रवाचयामास विधिविष्णू तथा मुनीन्॥ २९

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] वृषभध्वज भगवान् महादेव यस प्रकार भन्नुभई विधाता, विष्णु, मुनिगण तथा देवताहरूबाट उत्तरको प्रतीक्षा गर्न लाग्नुभयो॥ २९॥

तूष्णींभूतोऽभवच्छंभुर्ध्यानमाश्रित्य वै पुनः।
आस्ते पुरा यथा स्थाणुर्गणैश्च परिवारितः॥ ३०

तब आफ्ना गणहरूले घेरिनु भएका ती शम्भु चुपचाप भएर समाधिमा स्थित भई स्थाणुसमान अचल हुनुभयो॥ ३०॥

स्वात्मानमात्मना शंभुरात्मन्येव व्यचिन्तयत्।
निरंजनं निराभासं निर्विकारं निरामयम्॥ ३१
परात्परतरं नित्यं निर्ममं निरवग्रहम्।
शब्दातीतं निर्गुणं च ज्ञानगम्यं परात्परम्॥ ३२

ती शम्भु आफ्नो अन्तःकरणमा आफ्नो निरंजन, निराभास, निर्विकार एवं निरामय स्वरूपको ध्यान गर्न लाग्नुभयो। जुन सबैभन्दा पर, नित्य, निर्मम, विग्रहरहित, शब्दातीत, निर्गुण, ज्ञानगम्य तथा परात्पर छ॥ ३१-३२॥

एवं स्वरूपं परमं चिन्तयन् ध्यानमास्थितः।
परमानंदसंमग्नो बभूव बहुसूतिकृत्॥ ३३
ध्यानस्थितं च सर्वेशं दृष्ट्वा सर्वे दिवौकसः।
हरिशक्रादयः सर्वे नंदिनं प्रोचुरानताः॥ ३४

यस प्रकार अनेक जगत्को सृष्टि गर्नुहुने उहाँ आफ्नो परम रूपको चिन्तन गर्दै ध्यानमा स्थित भई परमानन्दमा निमग्न हुनुभयो। त्यस समय विष्णु, इन्द्र आदि सबै देवता शंकरलाई ध्यानमा स्थित देखेर विनम्र भएर नन्दिकेश्वरसित भन्न लागे—॥ ३३-३४॥

देवा ऊचुः

किं वयं करवामाद्य विरक्तो ध्यानमास्थितः।
शंभुस्त्वं शंकरसखः सर्वज्ञः शुचिसेवकः॥ ३५

देवता भन्दछन्—[हे नन्दिकेश्वर!] शिव विरक्त भएर ध्यानमा मग्न हुनुहुन्छ। अब हामीहरूले के गर्नु पर्ला? तपाईं शंकरको सखा, सर्वज्ञ एवं उहाँको पवित्र सेवक हुनुहुन्छ॥ ३५॥

केनोपायेन गिरिशः प्रसन्नः स्याद्गणाधिप।
तदुपायं समाचक्ष्व वयं त्वच्छरणं गताः॥ ३६

हे गणाधिप! शिव कुन उपायले हामीहरूप्रति प्रसन्न हुने छन्, त्यस उपायलाई शीघ्र बताउनुहोस्। हामीहरू तपाईंको शरणमा आएका छौँ॥ ३६॥

ब्रह्मोवाच

इति विज्ञापितो देवैर्मुने हर्यादिभिस्तदा।
प्रत्युवाच सुरांस्तान्स नंदी शंभुप्रियो गणः॥ ३७

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! जब इन्द्रादि देवताहरूले यस प्रकार नन्दीसित निवेदन गरे, तब शिवका प्रिय गण नन्दी ती देवताहरूसित भन्न लागे—॥ ३७॥

नंदीश्वर उवाच

हे हरे हे विधे शक्र निर्जरा मुनयस्तथा।
शृणुध्वं वचनं मे हि शिवसंतोषकारकम्॥ ३८

नन्दीश्वर भन्नुहुन्छ—हे हरि! हे विधि! हे इन्द्र! हे देवताहरू हो! हे मुनिहरू हो! तपाईंहरू शिवलाई सन्तुष्ट पार्ने मेरो वचन सुन्नुहोस्॥ ३८॥

यदि वो हठ एवाद्य शिवदारपरिग्रहे।
अतिदीनतया सर्वे सुनुतिं कुरुतादरात्॥ ३९

यदि तपाईंहरूको यस्तो नै हठ छ कि शिव स्त्रीको पाणिग्रहण गरून्, तब अत्यन्त दीनभावले तपाईंहरू सबै शिवको उत्तम स्तुति गर्नुहोस्॥ ३९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भक्तेर्वश्यो महादेवो न साधारणतः सुराः।
अकार्यमपि सद्भक्त्या करोति परमेश्वरः॥ ४०

एवं कुरुत सर्वे हि विधिविष्णुमुखाः सुराः।
यथागतेन मार्गेणान्यथा गच्छत मा चिरम्॥ ४१

ब्रह्मोवाच

इत्याकर्ण्य वचस्तस्य मुने विष्णवादयः सुराः।
तथेति मत्त्वा सुप्रीत्या शंकरं तुष्टुवुर्हि ते॥ ४२
देवदेव महादेव करुणासागर प्रभो।
समुद्धर महाक्लेशात् त्राहि नः शरणागतान्॥ ४३

ब्रह्मोवाच

इत्येवं बहुदीनोक्त्या तुष्टुवुः शंकरं सुराः।
रुरुदुः सुस्वरं सर्वे प्रेमव्याकुलमानसाः॥ ४४
हरिर्मया सुदीनोक्त्या सुविज्ञप्तं चकार ह।
संस्मरन्मनसा शंभुं भक्त्या परमयान्वितः॥ ४५

सुरैरेवं स्तुतः शंभुर्हरिणा च मया भृशम्।
भक्तवात्सल्यतो ध्यानाद्विरतोऽभून्महेश्वरः॥ ४६

उवाच सुप्रसन्नात्मा हर्यादीन्हर्षयन्हरः।
विलोक्य करुणादृष्ट्या शंकरो भक्तवत्सलः॥ ४७

शंकर उवाच

हे हरे हे विधे देवाः शक्राद्या युगपत्समे।
किमर्थमागता यूयं सत्यं ब्रूत ममाग्रतः॥ ४८

हरिरुवाच

सर्वज्ञस्त्वं महेशान त्वन्तर्याम्यखिलेश्वरः।
किं न जानासि चित्तस्थं तथा वच्म्यपि शासनात्॥ ४९

तारकासुरतो दुःखं संभूतं विविधं मृड।
सर्वेषां नस्तदर्थं हि प्रसन्नोऽकारि वै सुरैः॥ ५०

शिवा सा जनिता शैलात्त्वदर्थं हि हिमालयात्।
तस्यां त्वदुद्भवात्पुत्रात्तस्य मृत्युर्न चान्यथा॥ ५१

इति दत्तो ब्रह्मणा हि तस्मै दैत्याय यद्वरः।
तदन्यस्मादमृत्युः स बाधते निखिलं जगत्॥ ५२

हे देवता हो! महादेव भक्तिद्वारा वशमा आउनुहुन्छ, अन्य साधारण उपायहरूले वशीभूत हुनुहुन्न। ती परमेश्वर उत्तम भक्तिबाट अकार्य पनि गर्न सक्नुहुन्छ॥ ४०॥

हे ब्रह्मा, विष्णु आदि देवता हो! तपाईंहरू यस्तै गर्नुहोस्, अन्यथा जहाँबाट आउनुभएको हो, त्यहीं तत्काल जानुहोस्, विलम्ब नगर्नुहोस्॥ ४१॥

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! उनका यी कुरा सुनेर विष्णु आदि देवता त्यस कुरालाई मानेर अत्यन्त प्रेमले शंकरको स्तुति गर्न लागे—हे देवदेव, हे महादेव, हे करुणासागर, हे प्रभु! महान् क्लेशबाट हाम्रो उद्धार गर्नुहोस्, हामी शरणागतहरूको रक्षा गर्नुहोस्॥ ४२-४३॥

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार धैरै दुःखी भई देवताहरूले शिवको स्तुति गरे र ती सब व्याकुलचित्त भएर उच्च स्वरले रुन थाले॥ ४४॥

मलाई साथ लिएर विष्णुले मनबाट शिवको स्मरण गर्दै परम भक्तिले युक्त भएर दीन वचनहरूले शम्भुसित प्रार्थना गर्नुभयो। यस प्रकार जब मैले, विष्णुले तथा सबै देवताहरूले शम्भुको स्तुति गरे, तब भक्तवात्सल्यको कारण ती महेश्वर ध्यानबाट विरत हुनुभयो। त्यसपछि प्रसन्नचित्त भएर दुःखहरूको हरण गर्नुहुने ती भक्तवत्सल शंकर विष्णु आदि देवगणहरूलाई हर्षित पार्दै करुणाले भरिएको दृष्टिले हेरेर भन्न लाग्नुभयो— ॥ ४५—४७॥

शंकर भन्नुहुन्छ—हे हरि! हे विधि! हे इन्द्रादि देवताहरू हो! तपाईंहरू सबै एकैसाथ केका निम्ति आउनुभयो, मेरो सामुन्ने सत्य-सत्य बताउनुहोस्॥ ४८॥

विष्णु भन्नुहुन्छ—हे महेश्वर! हजुर सर्वज्ञ, अन्तर्यामी तथा अखिलेश्वर हुनुहुन्छ। के हजुर हाम्रो मनको कुरा जान्नुहुन्न र, फेरि पनि म हजुरको आज्ञानुसार निवेदन गर्दै छु। हे मृड! हामी सब देवताहरूलाई तारकासुरबाट महान् दुःख प्राप्त भइरहेको छ, यसैले हामी देवताहरूले हजुरलाई प्रसन्न पारेका हौँ। ती शिवा हजुरका लागि नै हिमालयकी कन्याको रूपमा उत्पन्न हुनुभएको छ; किनभने हजुरद्वारा पार्वतीबाट उत्पन्न पुत्र द्वारा नै तारकासुरको मृत्यु हुनेवाला छ, यो कुरा अन्यथा हुन सक्तैन॥ ४९—५१॥

ब्रह्माले त्यस तारकासुरलाई यसै प्रकारको वरदान दिएका छन्। त्यो अन्य कसैद्वारा मारिने छैन, यही कारण हो कि त्यसले सबैलाई पीडित पारिरहेको छ॥ ५२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नारदस्य निदेशात्सा करोति कठिनं तपः।
तत्तेजसाखिलं व्याप्तं त्रैलोक्यं सचराचरम्॥ ५३

यस समय देवर्षि नारदको उपदेशानुसार ती पार्वती तपस्या गरिरहनुभएको छ र उहाँको तेजले चराचरसहित समस्त त्रैलोक्य व्याप्त भइरहेको छ॥ ५३॥

वरं दातुं शिवायै हि गच्छ त्वं परमेश्वर।
देवदुःखं जहि स्वामिन्नस्माकं सुखमावह॥ ५४

यसैले हे परमेश्वर! हजुर शिवालाई वर दिनका निम्ति जानुहोस्। हे स्वामी! यस्तो गरी हामी देवताहरूको दुःख दूर गर्नुहोस् तथा हामीहरूलाई सुखी तुल्याउनुहोस्॥ ५४॥

देवानां मे महोत्साहो हृदये चास्ति शंकर।
विवाहं तव संद्रष्टुं तत्त्वं कुरु यथोचितम्॥ ५५

रत्यै यद्भवता दत्तो वरस्तस्य परात्पर।
प्राप्तोऽवसर एवाशु सफलं स्वपणं कुरु॥ ५६

हे शंकर! देवताहरू र मेरो मनमा हजुरको विवाह हेर्नका लागि महान् उत्साह छ, अतः हजुर त्यसलाई उचित रूपले गर्नुहोस्। हे परात्पर! हजुरले रतिलाई जुन वरदान दिनुभएको छ, त्यसको पनि अवसर उपस्थित भएको छ, हजुर आफ्नो प्रतिज्ञालाई सफल गर्नुहोस्॥ ५५-५६॥

ब्रह्मोवाच

इत्युक्त्वा तं प्रणम्यैव विष्णुर्देवा महर्षयः।
संस्तूय विविधैः स्तोत्रैः संतस्थुस्तत्पुरोऽखिलाः॥ ५७

भक्ताधीनः शंकरोऽपि श्रुत्वा देववचस्तदा।
विहस्य प्रत्युवाचाशु वेदमर्यादरक्षकः॥ ५८

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार भनेर उहाँलाई प्रणाम गरी तथा अनेक प्रकारका स्तोत्रद्वारा उहाँको स्तुति गरी विष्णु आदि देवता र महर्षि सबै उहाँको सामुन्ने उभिए। तब वेद मर्यादाको रक्षा गर्नुहुने तथा भक्तहरूका अधीन रहनुहुने शिव पनि देवताहरूको वचन सुनेर हाँसेर शीघ्र भन्न लाग्नुभयो— ॥ ५७-५८॥

शंकर उवाच

हे हरे हे विधे देवाः शृणुतादरतोऽखिलाः।
यथोचितमहं वच्मि सविशेषं विवेकतः॥ ५९

नोचितं हि विधानं वै विवाहकरणं नृणाम्।
महानिगडसंज्ञो हि विवाहो दृढबन्धनः॥ ६०

कुसङ्गा बहवो लोके स्त्रीसङ्गस्तत्र चाधिकः।
उद्धरेत्सकलैर्बन्धैर्न स्त्रीसङ्गात्प्रमुच्यते॥ ६१

शंकर भन्नुहुन्छ—हे हरि! हे विधि! हे देवता हो! म ज्ञानले युक्त र यथोचित कुराहरू भन्दछु, त्यसलाई तपाईंहरू सबै आदरपूर्वक सुन्नुहोस्। विवाह गर्नु मनुष्यहरूका लागि उचित विधान होइन; किनभने विवाह साङ्लोको समान अत्यन्त कठिन दृढबन्धन हो। संसारमा धेरै प्रकारका कुसंग छन्, परंतु तीमध्येमा स्त्रीसंग सबैभन्दा ठुलो हो; किनभने मनुष्य सबै प्रकारका बन्धनहरूबाट छुटकारा प्राप्त गर्न सक्छ, तर स्त्रीसंगबाट उसको छुटकारा हुन सक्तैन॥ ५९—६१॥

लोहदारुमयैः पाशैर्दृढं बद्धोऽपि मुच्यते।
स्त्र्यादिपाशसुसंबद्धो मुच्यते न कदाचन॥ ६२

फलाम तथा काठको पाशोमा दृढतापूर्वक बाँधिएको पुरुष त्यसबाट छुटकारा पाउन सक्छ, तर स्त्री आदिको पाशोमा बाँधिएकाको कहिल्यै मुक्ति हुन सक्तैन॥ ६२॥

वर्धन्ते विषयाः शश्वन्महाबंधनकारिणः।
विषयाक्रांतमनसः स्वप्ने मोक्षोऽपि दुर्लभः॥ ६३

[स्त्रीसंगबाट] महाबन्धनकारी विषय निरन्तर बढिरहन्छ, विषयहरूबाट आक्रान्त मन भएकाहरूलाई सपनामा पनि मोक्ष दुर्लभ हुन जान्छ॥ ६३॥

सुखमिच्छति चेत्प्राज्ञो विधिवद्विषयांस्त्यजेत्।
विषवद्विषयानाहुर्विषयैर्यैर्निहन्यते ॥ ६४

यदि बुद्धिमान् पुरुष सुख प्राप्त गर्न चाहन्छ भने विषयहरूलाई राम्ररी त्यागिदेओस्। जुन विषयहरूबाट प्राणी मारिन जान्छ, त्यो विषय विषसमान बताइएको छ॥ ६४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जनो विषयिणा साकं वार्तातः पततिक्षणात्।
विषयं प्राहुराचार्याः सितालिप्तेन्द्रवारुणीम्॥ ६५

मोक्षको कामना गर्ने पुरुष विषयी पुरुषहरूका साथ वार्ता गर्नाले मात्र क्षणभरमा नै पतित हुन जान्छन्। आचार्यहरूले विषयवासनालाई चिनी मिसाइएको मदिरा बताएका छन्॥ ६५॥

यद्यप्येवं हि जानामि सर्वं ज्ञानं विशेषतः।
तथाप्यहं करिष्यामि प्रार्थनां सफलां च वः॥ ६६

यद्यपि म समस्त ज्ञान विशेष रूपले जान्दछु, तर पनि म तपाईंहरूको प्रार्थनालाई सफल पार्नेछु॥ ६६॥

भक्ताधीनोऽहमेवास्मि तद्वशात्सर्वकार्यकृत्।
अयथोचितकर्ता हि प्रसिद्धो भुवनत्रये॥ ६७

तीनवटै लोकमा मेरो प्रसिद्धि छ कि म भक्तहरूको वशमा हुनाले सबै प्रकारका उचित-अनुचित कार्य गर्दछु॥ ६७॥

कामरूपाधिपस्यैव पणश्च सफलः कृतः।
सुदक्षिणस्य भूपस्य भवबंधगतस्य हि॥ ६८

मैले कामरूपी देशको राजाको प्रतिज्ञा सफल पारिदिएँ र भव-बन्धनमा परेका राजा सुदक्षिणको प्रण पूरा गरिदिएँ॥ ६८॥

गौतमक्लेशकर्ताहं त्र्यंबकात्मा सुखावहः।
तत्कष्टप्रददुष्टानां शापदायी विशेषतः॥ ६९

मैले गौतमलाई दुःख दिएँ, म त्र्यम्बकात्मा सबलाई सुख दिनेवाला हुँ र जो भक्तहरूलाई दुःख दिनेवाला छन्, ती दुष्टहरूलाई म विशेष रूपले कष्ट तथा श्राप प्रदान गर्दछु॥ ६९॥

विषं पीतं सुरार्थं हि भक्तवत्सलभावधृक्।
देवकष्टं हृतं यत्नात्सर्वदैव मया सुराः॥ ७०

मैले आफ्नो भक्तवत्सलताको भाव प्रकट गर्नका लागि नै विषपान गरेको थिएँ। हे देवताहरू हो! मैले यत्नपूर्वक सधैँ देवताहरूको कष्टलाई दूर गरेको छु॥ ७०॥

भक्तार्थमसहं कष्टं बहुशो बहुयत्नतः।
विश्वानरमुनेर्दुःखं हृतं गृहपतिर्भवन्॥ ७१

किं बहूक्तेन च हरे विधे सत्यं ब्रवीम्यहम्।
मत्पणोऽस्तीति यूयं वै सर्वे जानीथ तत्त्वतः॥ ७२

मैले भक्तहरूका लागि धेरै पटक अनेक कष्ट उठाएको छु। मैले विश्वानर मुनिको घरमा गृहपतिको रूपमा जन्म लिएर उनको दुःखलाई दूर गरेको छु। हे हरि! हे विधि! म धेरै के भनुँ। म सत्य भन्छु र मेरो जुन प्रतिज्ञा छ, त्यसलाई पनि तपाईंहरूले राम्ररी जान्नु नै हुन्छ॥ ७१-७२॥

यदा यदा विपत्तिर्हि भक्तानां भवति क्वचित्।
तदा तदा हराम्याशु तत्क्षणात्सर्वशः सदा॥ ७३

जब-जब मेरा भक्तहरूमाथि कुनै प्रकारका विपत्ति आउँछन्, तब-तब म तिनलाई तत्काल सबै प्रकारले दूर गरिदिन्छु॥ ७३॥

जानेऽहं तारकादद्दुःखं सर्वेषां वः समुत्थितम्।
असुरात्तद्धरिष्यामि सत्यं सत्यं वदाम्यहम्॥ ७४

यस समय तारकासुरद्वारा जुन विपत्ति तपाईंहरूमाथि आइपरेको छ, त्यसलाई पनि म जान्दछु। त्यस दुःखलाई म दूर गरिदिने छु, यो म सत्य-सत्य भनिरहेको छु॥ ७४॥

नास्ति यद्यपि मे काचिद्विवाहकरणे रुचिः।
विवाहयिष्ये गिरिजां पुत्रोत्पादनहेतवे॥ ७५

गच्छत स्वगृहाण्येव निर्भयाः सकलाः सुराः।
कार्यं वः साधयिष्यामि नात्र कार्या विचारणा॥ ७६

यद्यपि मलाई विवाहमा कुनै इच्छा छैन, तै पनि [तपाईंहरूका निम्ति] पुत्र उत्पन्न गर्नका लागि गिरिजासित विवाह गर्ने छु। हे देवताहरू हो! अब तपाईंहरू निडर भएर आ-आफ्नो घर जानुहोस्। म तपाईंहरूको कार्य सिद्ध गर्ने छु। यसमा सन्देह गर्नु पर्दैन॥ ७५-७६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

इत्युक्त्वा मौनमास्थाय समाधिस्थोऽभवद्धरः।
सर्वे विष्णवादयो देवाः स्वधामानि ययुर्मुने॥ ७७

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! यस्तो भनेर शंकर पुनः मौन धारण गरी समाधिस्थ हुनुभयो र विष्णु आदि समस्त देवता आ-आफ्ना धामहरूमा फर्किए॥ ७७॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे पार्वतीविवाहस्वीकारो नाम चतुर्विंशोऽध्यायः॥ २४॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा पार्वतीविवाहस्वीकार नामक चौबिसौँ अध्याय पूर्ण भयो॥ २४॥

अथ पञ्चविंशोऽध्यायः

भगवान् शंकरको आज्ञाले सप्तर्षिहरूद्वारा पार्वतीको शिवविषयक अनुरागको परीक्षा गर्नु र त्यो वृत्तान्त भगवान् शिवलाई बताएर स्वर्गलोक जानु

नारद उवाच

गतेषु तेषु देवेषु विधिविष्णवादिकेषु च।
सर्वेषु मुनिषु प्रीत्या किं बभूव ततः परम्॥ १
किं कृतं शंभुना तात वरं दातुं समागतः।
कियत्कालेन च कथं तद्वद प्रीतिमावह॥ २

नारद भन्नुहुन्छ—[हे ब्रह्मन्!] ती ब्रह्मा, विष्णु आदि देवताहरू तथा सबै मुनिहरू प्रेमपूर्वक जानुभएपछि फेरि के भयो? हे तात! शिवले के गर्नुभयो र फेरि कति समयपछि तथा कसरी वर दिनका लागि आउनुभयो, त्यसलाई बताउनुहोस् र प्रीति प्रदान गर्नुहोस्॥ १-२॥

ब्रह्मोवाच

गतेषु तेषु देवेषु ब्रह्मादिषु निजाश्रमम्।
तत्तपः सुपरीक्षार्थं समाधिस्थोऽभवद्भवः॥ ३

ब्रह्मा भन्नुहुन्छ—ती ब्रह्मा आदि देवताहरू आ-आफ्ना आश्रमहरूमा गएपछि पार्वतीको तपस्याको परीक्षा गर्नका लागि शिव समाधिस्थ हुनुभयो॥ ३॥

स्वात्मानमात्मना कृत्वा स्वात्मन्येव व्यचिन्तयत्।
परात्परतरं स्वस्थं निर्मायं निरवग्रहम्॥ ४
तद्वस्तुभूतो भगवानीश्वरो वृषभध्वजः।
अविज्ञातगतिः सूतिः स हरः परमेश्वरः॥ ५

उहाँले आफ्नै आत्माबाट परमात्मामा परात्पर, निरवग्रह, आत्मस्थित ज्योतिलाई धारण गरी विचार गर्नुभयो॥ ४॥ वस्तुतः ती शिव नै भगवान्, ईश्वर, वृषभध्वज, अविज्ञातगति, जगत्स्रष्टा, हर एवं परमेश्वर हुनुहुन्छ॥ ५॥

ब्रह्मोवाच

गिरिजा हि तदा तात तताप परमं तपः।
तपसा तेन रुद्रोऽपि परं विस्मयमागतः॥ ६
समाधेश्चलितस्सोऽभूद्भक्ताधीनोऽपि नान्यथा।
वसिष्ठादीन्मुनीन्सप्त सस्मार सूतिकृद्धरः॥ ७

ब्रह्मा भन्नुहुन्छ—हे तात! त्यसै समय पार्वतीले पनि घोर तपस्या प्रारम्भ गर्नुभयो, त्यस तपबाट शंकर पनि अत्यन्त विस्मित हुनुभयो। भक्तहरूका अधीन रहनुहुने उहाँ समाधिबाट विचलित हुनुभयो। तब ती जगत्स्रष्टा हरले वसिष्ठादि सप्तर्षिहरूको स्मरण गर्नुभयो॥ ६-७॥

सप्तापि मुनयः शीघ्रमाययुः स्मृतिमात्रतः।
प्रसन्नवदनाः सर्वे वर्णयन्तो विधिं बहु॥ ८
प्रणम्य तं महेशानं तुष्टुवुर्हर्षनिर्भराः।
वाण्या गद्गदया बद्धकरा विनतकंधराः॥ ९

ती सबै सप्तर्षि पनि शिवले स्मरण गर्नासाथ प्रसन्नमुख भएर आफ्नो भाग्यको ज्यादै सराहना गर्दै त्यहाँ चाँडै उपस्थित भए। महेश्वरलाई प्रणाम गरी ती हर्षपूर्वक गद्गद वाणीले हात जोडेर तथा शिर झुकाएर स्तुति गर्न लागे॥ ८-९॥

सप्तर्षय ऊचुः

देवदेव महादेव करुणासागर प्रभो।
जाता वयं सुधन्या हि त्वया यदधुना स्मृताः॥ १०

सप्तर्षि भन्दछन्—हे देवदेव! हे महादेव! हे करुणासागर! हे प्रभु! हामीहरू धन्य भयौँ, जुन हजुरले आज हामीहरूको स्मरण गर्नुभयो॥ १०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किमर्थं संस्मृता नाथ शासनं देहि तद्धि नः।
स्वदाससदृशीं स्वामिन्कृपां कुरु नमोऽस्तु ते॥ ११

हे नाथ! हजुरले केका निम्ति स्मरण गर्नुभएको हो, हामीलाई आज्ञा दिनुहोस्। हे स्वामी! आफ्नै दाससमान हामीप्रति कृपा गर्नुहोस्, हजुरलाई प्रणाम छ ॥ ११ ॥

ब्रह्मोवाच

इत्याकर्ण्य मुनीनां तु विज्ञप्तिं करुणानिधिः।
प्रोवाच विहसन्प्रीत्या प्रोत्फुल्लनयनाम्बुजः॥ १२

ब्रह्मा भन्नुहुन्छ—मुनिहरूको यस निवेदनलाई सुनेर विकसित कमलसमान नेत्र भएका ती करुणानिधि शिवले हाँस्तै प्रेमपूर्वक भन्न लागनुभयो— ॥ १२ ॥

महेश्वर उवाच

हे सप्तमुनयस्ताताः शृणुतारं वचो मम।
अस्मद्धितकरा यूयं सर्वज्ञानविचक्षणाः॥ १३

महेश्वर भन्नुहुन्छ—हे सप्तर्षिगण! तपाईंहरू सबै प्रकारका ज्ञानमा विचक्षण हुनुहुन्छ तथा मेरो हित गर्नुहुने हुनुहुन्छ। हे तात! मेरो कुरा शीघ्र सुन्नुहोस्॥ १३ ॥

तपश्चरति देवेशी पार्वती गिरिजाधुना।
गौरीशिखरसंज्ञे हि पर्वते दृढमानसा॥ १४

यस समय गौरीशिखर नामक पर्वतमा देवेशी पार्वती गिरिजा अत्यन्त दृढ चित्तले तपस्या गरिरहेकी छिन् ॥ १४ ॥

मां पतिं प्राप्तुकामा हि सा सखीसेविता द्विजाः।
सर्वान्कामान्विहायान्यान्परं निश्चयमागता॥ १५

हे ऋषि हो! सखीहरूबाट सेवित उनले आफ्ना समस्त कामना त्याग गरी बडो दृढताका साथ मलाई आफ्नु पति बनाउनका लागि निश्चय गरेकी छिन्॥ १५ ॥

तत्र गच्छत यूयं मच्छासनान्मुनिसत्तमाः।
परीक्षां दृढतायास्तत्कुरुत प्रेमचेतसः॥ १६

हे मुनिश्रेष्ठ हो! तपाईंहरू मेरो आज्ञाले त्यहाँ जानुहोस् र उनको प्रेम एवं दृढताको परीक्षा गर्नुहोस्॥ १६ ॥

सर्वथा छलसंयुक्तं वचनीयं वचश्च वः।
न संशयः प्रकर्तव्यः शासनान्मम सुव्रताः॥ १७

हे सुव्रत हो! तपाईंहरू उनीसित सर्वथा छलयुक्त वचन भन्नुहोस्, यसमा संशय नगर्नुहोस्॥ १७ ॥

ब्रह्मोवाच

इत्याज्ञप्ताश्च मुनयो जग्मुस्तत्र द्रुतं हि ते।
यत्र राजति सा दीप्ता जगन्माता नगात्मजा॥ १८
तत्र दृष्टा शिवा साक्षात्तपःसिद्धिरिवापरा।
मूर्ता परमतेजस्का विलसन्ती सुतेजसा॥ १९

ब्रह्मा भन्नुहुन्छ—शिवका आज्ञा प्राप्त गरी मुनिगण त्यसै समय त्यस स्थानमा गए, जहाँ जगन्माता पार्वती तपस्या गरिरहनुभएको थियो। उनीहरूले त्यहाँ साक्षात् दोस्रो तपःसिद्धिको समान, तेजले देदीप्यमान र परमतेजकी मूर्तिस्वरूपा पार्वतीलाई देखे॥ १८-१९ ॥

हृदा प्रणम्य तां ते तु ऋषयस्सप्त सुव्रताः।
सन्नता वचनं प्रोचुः पूजिताश्च विशेषतः॥ २०

हे सुव्रत हो! ती सप्तर्षिहरूले हृदयदेखि पार्वतीलाई प्रणाम गरी उहाँबाट विशेष रूपले सत्कृत भई विनम्र भएर यो वचन भने— ॥ २० ॥

ऋषय ऊचुः

शृणु शैलसुते देवि किमर्थं तप्यते तपः।
इच्छसि त्वं सुरं कं च किं फलं तद्वदाधुना॥ २१

ऋषिगण भन्दछन्—हे शैलसुता! देवी! सुन्नुहोस्, हजुर कुन उद्देश्यले तपस्या गर्दै हुनुहुन्छ? हजुर कुन देवतालाई प्रसन्न पार्न चाहनुहुन्छ र कस्तो फल चाहनुहुन्छ, त्यसलाई यस समय बताउनुहोस् ॥ २१ ॥

ब्रह्मोवाच

इत्युक्ता सा शिवा देवी गिरीन्द्रतनया द्विजैः।
प्रत्युवाच वचः सत्यं सुगूढमपि तत्पुरः॥ २२

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] जब ती सप्तर्षिहरूले यस प्रकार देवी पार्वतीसित भने, तब उहाँ सत्य तथा अत्यन्त गोपनीय वचन उनीहरूको सामुन्ने भन्न लागनुभयो— ॥ २२ ॥

पार्वत्युवाच

मुनीश्वराः संश्रृणुत मद्वाक्यं प्रीतितो हृदा।
ब्रवीमि स्वविचारं वै चिंतितो यो धिया स्वया॥ २३

पार्वती भन्नुहुन्छ—हे मुनीश्वर हो! मैले आफ्नो बुद्धिले जुन विचार गरेकी छु, त्यसलाई तपाईंहरूका समक्ष प्रकट गर्छु। तपाईंहरू प्रेमपूर्वक मेरो कुरा सुन्नुहोस्॥ २३ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

करिष्यथ प्रहासं मे श्रुत्वा वाचो ह्यसंभवाः।
संकोचो वर्णनाद्विप्रा भवत्येव करोमि किम्॥ २४

इदं मनो हि सुदृढमवशं परकर्मकृत्।
जलोपरि महाभित्तिं चिकीर्षति महोन्नताम्॥ २५

सुरर्षेः शासनं प्राप्य करोमि सुदृढं तपः।
रुद्रः पतिर्भवेन्मे हि विधायेति मनोरथम्॥ २६

अपक्षो मन्मनःपक्षी व्योम्नि उड्डीयते हठात्।
तदाशां शंकरः स्वामी पिपर्त्तु करुणानिधिः॥ २७

ब्रह्मोवाच

इत्याकर्ण्य वचस्तस्या विहस्य मुनयश्च ते।
सम्मान्य गिरिजां प्रीत्या प्रोचुश्छलवचो मृषा॥ २८

ऋषय ऊचुः

न ज्ञातं तस्य चरितं वृथापण्डितमानिनः।
देवर्षेः क्रूरमनसः सुज्ञा भूत्वाप्यगात्मजे॥ २९
नारदः कूटवादी च परचित्तप्रमंथकः।
तस्य वार्ताश्रवणतो हानिर्भवति सर्वथा॥ ३०

तत्र त्वं शृणु सद्बुद्ध्या चेतिहासं सुशोभितम्।
क्रमात्त्वां बोधयंतो हि प्रीत्या तमुपधारय॥ ३१

ब्रह्मपुत्रो हि यो दक्षः सुषुवे पितुराज्ञया।
स्वपत्न्यामयुतं पुत्रानयुंक्त तपसि प्रियान्॥ ३२
ते सुताः पश्चिमदिशि नारायणसरो गताः।
तपोऽर्थे ते प्रतिज्ञाय नारदस्तत्र वै ययौ॥ ३३
कूटोपदेशमाश्राव्य तत्र तान्नारदो मुनिः।
तदाज्ञया च ते सर्वे पितुर्न गृहमाययुः॥ ३४

तच्छ्रुत्वा कुपितो दक्षः पित्राश्वासितमानसः।
उत्पाद्य पुत्रान्प्रायुङ्क्त सहस्रप्रमितांस्ततः॥ ३५

तेऽपि तत्र गताः पुत्राः तपोऽर्थं पितुराज्ञया।
नारदोऽपि ययौ तत्र पुनस्तत्स्वोपदेशकृत्॥ ३६

हे विप्र हो! तपाईंहरू मेरो असम्भव कुरा सुनेर परिहास गर्नुहुने छ, यसैले त्यसलाई भन्नमा पनि मलाई संकोच भइरहेको छ, तर म के गरूँ? तपाईंहरूले सोध्नुभएकाले भन्दै छु॥ २४॥

मेरो यो मन बडो दृढताले हठपूर्वक अरूको वशमा हुन गएको छ र जलमाथि धेरै अग्लो पर्खाल उठाउन चाहन्छ। सदाशिव नै पति होऊन्—यस्तो मनोरथ लिएर देवर्षि नारदको आज्ञा प्राप्त गरी म अति कठोर व्रत गरिरहेकी छु। यसमा मेरो मनरूपी पक्षीको यद्यपि पखेटा छैन, फेरि पनि यो हठपूर्वक आकाशमा उडन् चाहन्छ। करुणासागर स्वामी शंकर मेरो त्यस आशालाई पूर्ण गरून्॥ २५—२७॥

ब्रह्मा भन्नुहुन्छ—उनको यो कुरा सुनेर ती मुनि गिरिजाको सम्मान गरी हाँसेर प्रेमपूर्वक मिथ्या तथा छलयुक्त वचन भन्न लागे॥ २८॥

ऋषिगण भन्दछन्—हे पर्वतराजपुत्री! बुद्धिमती भएर पनि हजुरले व्यर्थै आफूलाई पण्डित मान्ने तथा क्रूर चित्त भएका ती देवर्षि नारदको चरित्रलाई जान्नु भएन छ॥ २९॥

ती नारद त मिथ्यावादी र अरूको चित्तलाई भ्रमित पारिदिन्छन्, उनको कुरा सुन्नाले सर्वथा हानि मात्र हुन्छ। ती नारदको सम्बन्धमा एउटा सुन्दर इतिहास हामीहरू भन्दै छौं, त्यसलाई तिमी उत्तम बुद्धिले सुन र प्रेमपूर्वक त्यसलाई आफ्नो हृदयमा धारण गर॥ ३०-३१॥

ब्रह्माका पुत्र दक्षले आफ्नो पिताको आज्ञाले आफ्नी पत्नीबाट दस हजार प्रिय पुत्र उत्पन्न गरे र उनीहरूलाई तपस्यामा नियुक्त गरे। तपस्याका लागि प्रतिज्ञा गरी ती दक्षपुत्र पश्चिम दिशामा नारायण सरोवरमा गए, नारद पनि त्यहाँ पुग्नुभयो। ती नारदले उनीहरूलाई मिथ्या उपदेश दिएर विरक्त पारिदिनुभयो र उनको आज्ञाले ती पुनः आफ्नो पिताको घर फर्केर आएनन्॥ ३२—३४॥

यो समाचार सुनेर दक्ष अत्यन्त व्याकुल भए। ब्रह्मदेवले उनलाई धैर्य प्रदान गरे। त्यसपछि उनले पुनः एक हजार पुत्र उत्पन्न गरे र ती पुत्रहरूलाई पनि तपकार्यमा नियुक्त गरे। ती पनि आफ्नो पिताको आज्ञाले त्यहीँ तप गर्नका लागि गए। पुनः नारद त्यहाँ पुगे र उनीहरूलाई पनि आफ्नो उपदेश दिए॥ ३५-३६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ददौ तदुपदेशं ते तेभ्यो भ्रातृपथं ययुः।
आययुर्न पितुर्गेहं भिक्षुवृत्तिरताश्च ते॥ ३७
इत्थं नारदसद्वृत्तिर्विश्रुता शैलकन्यके।
अन्यां शृणु हि तद्वृत्तिं वैराग्यकरणीं नृणाम्॥ ३८

[उनको उपदेश मानेर] ती पनि आफ्ना दाजूहरूको मार्गमा गए र भिक्षावृत्तिमा संलग्न भए। ती पुनः आफ्नो पिताको घर आएनन्। नारदको यो चरित्र जगत्मा प्रसिद्ध छ। हे शैलपुत्रि! मनुष्यहरूलाई विरक्त पारिदिने उहाँका अरू चरित्र पनि सुन्नुहोस्॥ ३७-३८॥

विद्याधरश्चित्रकेतुर्यो बभूव पुराकरोत्।
स्वोपदेशमयं दत्त्वा तस्मै शून्यं च तद्गृहम्॥ ३९

प्रह्लादाय स्वोपदेशान्हिरण्यकशिपोः परम्।
दत्त्वा दुःखं ददौ चायं परबुद्धिप्रभेदकः॥ ४०

पूर्व समयमा एउटा विद्याधर थियो, जो चित्रकेतु नामको राजा भएको थियो। उसलाई पनि ती नारदले उपदेश दिएर उसको घरलाई शुन्य पारिदिए। प्रह्लादलाई उपदेश दिएर हिरण्यकशिपुबाट नाना प्रकारका दुःख दिलाए। यस प्रकार ती [उल्टो उपदेश दिएर] अरूको बुद्धि बदलिदिन्छन्॥ ३९-४०॥

मुनिना निजविद्या यच्छ्राविता कर्णरोचना।
स स्वगेहं विहायाशु भिक्षां चरति प्रायशः॥ ४१

ती नारदले कानहरूलाई प्रिय लाग्ने आफ्नो विद्या जस-जसलाई सुनाए, ती चाँडै प्रायः आफ्नो घर छोडेर भिक्षा माग्न लागे॥ ४१॥

नारदो मलिनात्मा हि सर्वदोज्ज्वलदेहवान्।
जानीमस्तं विशेषेण वयं तत्सहवासिनः॥ ४२

ती नारद यद्यपि हेर्दामा बडो सज्जन लाग्छन्, तर उनको मन मलिन छ, हामीहरू उनीसँगै रहने भएका कारण उनको चरित्र विशेषरूपले जान्दछौँ॥ ४२॥

बकं साधुं वर्णयन्ति स मत्स्यानत्ति सर्वथा।
सहवासी विजानीयाच्चरित्रं सहवासिनाम्॥ ४३

लब्ध्वा तदुपदेशं हि त्वमपि प्राज्ञसंमता।
वृथैव मूर्खीभूता त्वं तपश्चरसि दुष्करम्॥ ४४

बकुल्लाको सेतो वर्णको शरीरलाई देखेर सबैले त्यसलाई साधु भन्दछन्। तर पनि के त्यसले माछा खाँदैन र। साथमा रहनेहरूले नै साथमा रहनेहरूको [वास्तविक] चरित्र जान्दछन्॥ ४३॥ तपाईं त परम बुद्धिमती हुनुहुन्छ, फेरि कसरी उनको उपदेशमा फसेर मूर्खहरूको झैँ कठिन तपस्यामा लाग्नुभयो!॥ ४४॥

यदर्थमीदृशं बाले करोषि विपुलं तपः।
सोदासीनो निर्विकारो मदनारिर्न संशयः॥ ४५

हे बालिका! यो परम दुःखको कुरा हो कि तपाईं जसलाई आफ्नु पति बनाउनका लागि यति कठिन तप गरिरहनुभएको छ, ती कामदेवका शत्रु हुनुहुन्छ र उदासीन तथा निर्विकार हुनुहुन्छ॥ ४५॥

अमङ्गलवपुर्धारी निर्लज्जोऽसदनोऽकुली।
कुवेषी प्रेतभूतादिसङ्गी नग्नो हि शूलभृत्॥ ४६

ती अमंगल वेष धारण गर्ने शिव निर्लज्ज हुनुहुन्छ, उहाँको घर तथा कुलको बारेमा आजसम्म कसैलाई थाहा छैन, ती कुवेषी, भूत एवं प्रेतादिका साथ रहने, त्रिशूल धारण गर्ने र नग्न रहन्छन्॥ ४६॥

स धूर्तस्तव विज्ञानं विनाश्य निजमायया।
मोहयामास सद्युक्त्या कारयामास वै तपः॥ ४७

ती धूर्त नारदले आफ्नो मायाले तपाईंको ज्ञानलाई नष्ट गरी बडो युक्तिले तपाईंलाई मोहित पारिदिए र तपाईंबाट तपस्या गराए॥ ४७॥

ईदृशं हि वरं लब्ध्वा किं सुखं संभविष्यति।
विचारं कुरु देवेशि त्वमेव गिरिजात्मजे॥ ४८

यस्तो वरलाई प्राप्त गरी तपाईंलाई के सुख प्राप्त होला? हे देवेशी! हे पार्वती! तपाईं विचार गर्नुहोस्॥ ४८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रथमं दक्षजां साध्वीं विवाह्य सुधिया सतीम्।
निर्वाहं कृतवान्नैव मूढः किंचिद्दिनानि हि॥ ४९
तां तथैव स वै दोषं दत्त्वात्याक्षीत् स्वयं प्रभुः।
ध्यायन्स्वरूपमकलमशोकमरमत्सुखी ॥ ५०
एकलः परनिर्वाणो ह्यसङ्गोऽद्वय एव च।
तेन नार्याः कथं देवि निर्वाहः संभविष्यति॥ ५१

मूर्ख शिवले सद्बुद्धिबाट पहिला दक्षकन्या सतीसित विवाह गरी केही दिन पनि त्यसको निर्वाह गर्नुभएन र सतीलाई नै दोष लगाएर उहाँलाई स्वयं त्याग गरिदिनुभयो। उहाँ त आफ्नो अकल, अशोक स्वरूपको ध्यान गर्दै सुखी भएर रमण गरि बस्नुहुन्छ। उहाँ त एक्ला, परनिर्वाण, असंग तथा अद्वैत हुनुहुन्छ, हे देवी! उहाँसँग स्त्रीको निर्वाह कसरी सम्भव हुन्छ ? ॥ ४९—५१ ॥

अद्यापि शासनं प्राप्य गृहमायाहि दुर्मतिम्।
त्यजास्माकं महाभागे भविष्यति च शं तव॥ ५२

अहिले पनि तपाईं हाम्रो कुरा मानेर घर जानुहोस् र आफ्नो दुर्बुद्धि त्याग गर्नुहोस्। हे महाभागा! [यस्तो गर्नाले] तपाईंको कल्याण हुनेछ॥ ५२॥

त्वद्योग्यो हि वरो विष्णुः सर्वसद्गुणवान्प्रभुः।
वैकुण्ठवासी लक्ष्मीशो नानाक्रीडाविशारदः॥ ५३

तपाईंको योग्य वर त विष्णु हुनुहुन्छ, सबै सद्गुणहरूले सम्पन्न ती प्रभु वैकुण्ठमा निवास गर्नुहुने, लक्ष्मीका ईश र नाना प्रकारका क्रीडाहरूमा कुशल हुनुहुन्छ॥ ५३॥ हामीहरू तपाईंको विवाह ती विष्णुसित गराइदिने छौँ, त्यो विवाहले सबै प्रकारका सुखहरूलाई दिने छ। हे पार्वती! तपाईं यस प्रकारको हठको परित्याग गर्नुहोस् र सुखी हुनुहोस्॥ ५४॥

तेन ते कारयिष्यामो विवाहं सर्वसौख्यदम्।
इतीदृशं त्यज हठं सुखिता भव पार्वति॥ ५४

ब्रह्मोवाच

इत्येवं वचनं श्रुत्वा पार्वती जगदम्बिका।
विहस्य च पुनः प्राह मुनीन् ज्ञानविशारदान्॥ ५५

ब्रह्मा भन्नुहुन्छ—यी वचनलाई सुनेर जगदम्बा पार्वती हाँसेर ती ज्ञानविशारद मुनिहरूसित पुनः भन्न लाग्नुभयो—॥ ५५॥

पार्वत्युवाच

सत्यं भवद्भिः कथितं स्वज्ञानेन मुनीश्वराः।
परंतु मे हठो नैव मुक्तो भवति हे द्विजाः॥ ५६

पार्वती भन्नुहुन्छ—हे मुनिगण! तपाईंहरू यद्यपि आफ्नो विचारबाट सत्य नै भन्दै हुनुहुन्छ, तर हे द्विजहरू हो! मेरो हठ छुट्ने छैन॥ ५६॥

स्वतनोः शैलजातत्वात्काठिन्यं सहजं स्थितम्।
इत्थं विचार्य सुधिया मां निषेद्धुं न चार्हथ॥ ५७

पर्वतबाट उत्पन्न हुनाको कारण मेरो यस शरीरमा कठोरपन एवं हठ हुनु स्वाभाविक हो, यस्तो आफ्नो बुद्धिले विचार गरी हे ब्राह्मणहरू हो! मलाई तपस्याबाट रोक्ने प्रयास नगर्नुहोस्॥ ५७॥

सुरर्षेर्वचनं पथ्यं त्यक्ष्ये नैव कदाचन।
गुरूणां वचनं पथ्यमिति वेदविदो विदुः॥ ५८

मेरा लागि नारदको वचन सर्वथा हितकर छ, म उहाँलाई कदापि परित्याग गर्दिन। वेदवेत्ता विद्वान् भन्दछन् कि गुरुका वचन कल्याणकारी हुन्छन्॥ ५८॥

गुरूणां वचनं सत्यमिति येषां दृढा मतिः।
तेषामिहामुत्र सुखं परमं नासुखं क्वचित्॥ ५९

जुन व्यक्तिहरूले बुद्धिले यो निश्चित गरेका छन् कि गुरुका वचन सर्वदा सत्य हुन्छन्, उनीहरूलाई यस लोक तथा परलोकमा सदैव सुख प्राप्त हुन्छ। तिनलाई कहिल्यै दुःख हुँदैन॥ ५९॥

गुरूणां वचनं सत्यमिति यद्धृदये न धीः।
इहामुत्रापि तेषां हि दुःखं न च सुखं क्वचित्॥ ६०

जुन व्यक्तिहरूको हृदयमा गुरुहरूका वचन सत्य हुन्छन् भन्ने विचार हुँदैन, तिनलाई यस लोक एवं परलोकमा दुःख नै दुःख हुन्छ, तिनलाई कहिल्यै पनि सुख हुँदैन॥ ६०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वथा न परित्याज्यं गुरूणां वचनं द्विजाः।
गृहं वसेद्वा शून्यं स्यान्मे हठः सुखदः सदा॥ ६१

हे ब्राह्मणहरू! गुरुहरूका वचनलाई कुनै प्रकार त्याग गर्नु हुँदैन। चाहे घर बसोस् अथवा उजाडियोस्—यो हठ मलाई सदा सुख दिनेवाला छ॥ ६१॥

यद्भवद्भिः सुभणितं वचनं मुनिसत्तमाः।
तदन्यथा तद्विवेकं वर्णयामि समासतः॥ ६२

हे मुनिसत्तम हो! तपाईंहरूले जुन वचन भन्नुभएको छ, त्यस विषयमा म संक्षेपमा आफ्नू विचार प्रकट गर्छु॥ ६२॥

गुणालयो विहारी च विष्णुः सत्यं प्रकीर्तितः।
सदाशिवोऽगुणः प्रोक्तस्तत्र कारणमुच्यते॥ ६३

शिवो ब्रह्माविकारः स भक्तहेतोर्धृताकृतिः।
प्रभुतां लौकिकीं नैव संदर्शयितुमिच्छति॥ ६४

अतः परमहंसानां धार्यते सुप्रिया गतिः।
अवधूतस्वरूपेण परानंदेन शंभुना॥ ६५

तपाईंहरूले जुन विष्णुलाई सर्वगुणसम्पन्न, वैकुण्ठमा विहार गर्ने तथा सदाशिवलाई निर्गुण एवं निर्विकार भन्नुभएको छ, त्यो सत्य नै हो, यसको कारण म तपाईंहरूलाई बताउँछु। शिव परब्रह्म एवं विकाररहित हुनुहुन्छ, उहाँ भक्तहरूका लागि नै शरीर धारण गर्नुहुन्छ। ती प्रभु कहिल्यै पनि सांसारिक प्रभुता देखाउने इच्छा गर्नुहुन्न। अतः परमानन्द शम्भु अवधूतस्वरूपले परमहंसहरूको प्रिय गति धारण गर्नुहुन्छ॥ ६३—६५॥

भूषणादिरुचिर्मायालिप्तानां ब्रह्मणो न च।
स प्रभुर्निर्गुणोऽजो निर्मायोऽलक्ष्यगतिर्विराट्॥ ६६

मायामा लिप्त रहनेहरूलाई नै भूषणादिमा अभिरुचि हुन्छ, ब्रह्मलाई कुनै प्रकारको अभिरुचि हुँदैन। ती सदाशिव प्रभु निर्गुण, अज, मायारहित, अलक्ष्यगति एवं विराट् हुनुहुन्छ॥ ६६॥

धर्मजात्यादिभिः शम्भुर्नानुगृह्णाति वै द्विजाः।
गुरोरनुग्रहेणैव शिवं जानामि तत्त्वतः॥ ६७

चेच्छिवः स हि मे विप्रा विवाहं न करिष्यति।
अविवाहा सदाहं स्यां सत्यं सत्यं वदाम्यहम्॥ ६८

हे द्विजहरू! धर्म, जाति आदिले मात्र शम्भुको अनुग्रह प्राप्त हुँदैन, म त गुरुको अनुग्रहले नै शिवलाई तत्त्वपूर्वक जान्दछु। हे ब्राह्मणहरू हो! यदि शंकरले मसँग विवाह गर्नुभएन भने म सर्वदा अविवाहित रहने छु, यो म सत्य-सत्य भन्दै छु॥ ६७-६८॥

उदयति यदि भानुः पश्चिमे दिग्विभागे
प्रचलति यदि मेरुः शीततां याति वह्निः।
विकसति यदि पद्मं पर्वताग्रे शिलायां
न हि चलति हठो मे सत्यमेतद् ब्रवीमि॥ ६९

चाहे सूर्य पश्चिम दिशामा उदाऊन्, सुमेरु चलायमान होऊन्, अग्नि शीतल होऊन्, पर्वतमा कमल फूल्न लागोस्, तर मेरो हठ डग्ने छैन, यो म सत्य भन्दै छु॥ ६९॥

ब्रह्मोवाच

इत्युक्त्वा तान्प्रणम्याशु मुनीन्सा पर्वतात्मजा।
विरराम शिवं स्मृत्वा निर्विकारेण चेतसा॥ ७०

ऋषयोऽपीत्थमाज्ञाय गिरिजायाः सुनिश्चयम्।
प्रोचुर्जयगिरं तत्र ददुश्चाशिषमुत्तमाम्॥ ७१

अथ प्रणम्य तां देवीं मुनयो हृष्टमानसाः।
शिवस्थानं द्रुतं जग्मुस्तत्परीक्षाकरा मुने॥ ७२

ब्रह्मा भन्नुहुन्छ—यो भनेर ती मुनिहरूलाई प्रणाम गरी पार्वती विकाररहित चित्तले शिवको स्मरण गरी मौन हुनुभयो। त्यसपछि ऋषिहरूले पनि पार्वतीको यो निश्चय जानेर उहाँको जय-जयकार गरे र उहाँलाई उत्तम आशीर्वाद प्रदान गरे। हे मुनि! शिवाको परीक्षा गर्नुहुने ती मुनिगण ती देवीलाई प्रणाम गरी प्रसन्नचित्त भएर तत्काल शिवस्थानमा गए॥ ७०—७२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तत्र गत्वा शिवं नत्वा वृत्तान्तं विनिवेद्य तत्।
तदाज्ञां समनुप्राप्य स्वर्लोकं जग्मुरादरात्॥ ७३

उनीहरू त्यहाँ गएर शिवलाई प्रणाम गरी त्यस वृत्तान्तको निवेदन गरेर उहाँको आज्ञा प्राप्त गरी आदरपूर्वक स्वर्गलोकमा गए॥ ७३॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे सप्तर्षिकृतपरीक्षावर्णनं नाम पञ्चविंशोऽध्यायः॥ २५॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा सप्तर्षिकृतपरीक्षावर्णन नामक पच्चिसौँ अध्याय पूर्ण भयो॥ २५॥

अथ षड्विंशोऽध्यायः

पार्वतीको परीक्षा लिनका लागि भगवान् शिवले जटाधारी ब्राह्मणको वेष धारण गरी पार्वतीको समीप जानु, शिव-पार्वती-संवाद

ब्रह्मोवाच

गतेषु तेषु मुनिषु स्वं लोकं शंकरः स्वयम्।
परीक्षितुं तपो देव्या ऐच्छत्सूतिकरः प्रभुः॥ १

ब्रह्मा भन्नुहुन्छ—हे नारद! ती मुनिहरू आ-आफ्नो लोकमा गएपछि जगत्स्रष्टा प्रभु शिवले स्वयं पार्वतीको तपको परीक्षा लिने इच्छा गर्नुभयो॥ १॥

परीक्षाछद्मना शंभुर्द्रष्टुं तां तुष्टमानसः।
जटिलं रूपमास्थाय स ययौ पार्वतीवनम्॥ २

प्रसन्नचित्त ती शिव परीक्षाको बहानाले उहाँलाई हेर्नका लागि जटाधारीरूप धारण गरी पार्वतीको वनमा जानुभयो॥ २॥

अतीव स्थविरो विप्रदेहधारी स्वतेजसा।
प्रज्वलन्मनसा हृष्टो दंडी छत्री बभूव सः॥ ३

उहाँले प्रसन्न मनले बूढो ब्राह्मणको वेष धारण गर्नुभयो र आफ्नो तेजले देदीप्यमान भई दण्ड तथा छाता धारण गर्नुभएको थियो॥ ३॥

तत्रापश्यत्स्थितां देवीं सखीभिः परिवारिताम्।
वेदिकोपरि शुद्धां तां शिवामिव विधोः कलाम्॥ ४

त्यहाँ उहाँले सखीहरूले घेरिनुभएकी ती विशुद्ध पार्वतीलाई वेदीमा बस्नुभएकी साक्षात् चन्द्रकलासमान देख्नुभयो॥ ४॥

शंभुर्निरीक्ष्य तां देवीं ब्रह्मचारिस्वरूपवान्।
उपकंठं ययौ प्रीत्या तदासौ भक्तवत्सलः॥ ५

तब ब्रह्मचारीको रूप धारण गर्नुभएका ती भक्तवत्सल शिव ती देवीलाई देखेर प्रेमपूर्वक उहाँको समीप जानुभयो॥ ५॥

आगतं तं तदा दृष्ट्वा ब्राह्मणं तेजसाद्भुतम्।
अपूजयच्छिवा देवी सर्वपूजोपहारकैः॥ ६

सुसत्कृतं संविधाभिः पूजितं परया मुदा।
पार्वती कुशलं प्रीत्या पप्रच्छ द्विजमादरात्॥ ७

त्यस अपूर्व तेजस्वी ब्राह्मणलाई आएको देखेर शिवादेवीले सबै प्रकारका पूजासामग्रीले उहाँको पूजा गर्नुभयो। यस प्रकार राम्ररी पूजा-सत्कार गरिसकेपछि पार्वती प्रसन्नताका साथ ती ब्राह्मणसित आदरपूर्वक कुशल सोध्न लाग्नुभयो—॥ ६-७॥

पार्वत्युवाच

ब्रह्मचारिस्वरूपेण कस्त्वं हि कुत आगतः।
इदं वनं भासयसे वद वेदविदां वर॥ ८

पार्वती भन्नुहुन्छ—हे ब्राह्मण! ब्रह्मचारीको स्वरूप धारण गर्नुभएका तपाईं को हुनुहुन्छ र कहाँबाट आउनुभएको हो? तपाईंले यस वनलाई प्रकाशित गरिरहनुभएको छ। हे वेदवेत्ताहरूमा श्रेष्ठ! यो सब मसित भन्नुहोस्॥ ८॥

विप्र उवाच

अहमिच्छाभिगामी च वृद्धो विप्रतनुः सुधीः।
तपस्वी सुखदोऽन्येषामुपकारी न संशयः॥ ९

ब्राह्मण भन्नुहुन्छ—म वृद्ध ब्राह्मणको शरीर धारण गरी आफ्नो इच्छानुसार डुल्ने एउटा बुद्धिमान् तपस्वी हुँ, म अरूलाई सुख दिने तथा उनीहरूको उपकार गर्नेवाला हुँ, यसमा संशय छैन॥ ९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

का त्वं कस्यासि तनया किमर्थं विजने वने।
तपश्चरसि दुर्धर्षं मुनिभिः प्रपदैरपि॥ १०

तिमी को हौ र कसकी कन्या हौ, यस निर्जन वनमा एक्लै बसेर यति कठिन तपस्या किन गरिरहेकी छौ, जुन मुनिहरूका लागि पनि दुष्कर छ॥ १०॥

न बाला न च वृद्धासि तरुणी भासि शोभना।
कथं पतिं विना तीक्ष्णं तपश्चरसि वै वने॥ ११

किं त्वं तपस्विनी भद्रे कस्यचित्सहचारिणी।
तपस्वी स न पुष्णाति देवि त्वां च गतोऽन्यतः॥ १२

तिमी न त बालिका हौ, न वृद्धा नै, तिमी त सर्वथा तरुणी देखिन्छ्यौ। पति विना यस वनमा यति कठोर तपस्या किन गरिरहेकी छौ? हे भद्रे! के तिमी कुनै तपस्वीकी सहचारिणी हौ, जो यति घोर तपस्यामा निमग्न छौ। के ती तपस्वी तिम्रो पोषण गर्दैनन् अथवा तिमीलाई छोडेर अन्यत्र गए?॥ ११-१२॥

वद कस्य कुले जाता कः पिता तव काभिधा।
महासौभाग्यरूपा त्वं वृथा तव तपोरतिः॥ १३

तिमी कसको कुलमा उत्पन्न भएकी हौ, तिम्रो पिता को हुन् तथा तिम्रो नाम के हो, यो बताऊ, तिमी त सौभाग्यशालिनी छौ, तपस्यामा तिम्रो आसक्ति त व्यर्थै छ॥ १३॥

किं त्वं वेदप्रसूर्लक्ष्मीः किं सुरूपा सरस्वती।
एतासु मध्ये का वा त्वं नाहं तर्कितुमुत्सहे॥ १४

के तिमी वेदहरूकी जन्मदात्री सावित्री हौ वा महालक्ष्मी हौ अथवा सुन्दर रूप धारण गरेकी सरस्वती हौ! यीमध्येमा तिमी को हौ! मैले अनुमान गर्न सकिरहेको छैन॥ १४॥

पार्वत्युवाच

नाहं वेदप्रसूर्विप्र न लक्ष्मीश्च सरस्वती।
अहं हिमाचलसुता सांप्रतं नाम पार्वती॥ १५

पार्वती भन्नुहुन्छ—हे विप्र! न त म सावित्री हुँ, न महालक्ष्मी, न सरस्वती नै हुँ। म हिमालयकी पुत्री हुँ र मेरो वर्तमान नाम पार्वती हो॥ १५॥

पुरा दक्षसुता जाता सती नामान्यजन्मनि।
योगेन त्यक्तदेहाहं यत्पित्रा निन्दितः पतिः॥ १६

अत्र जन्मनि संप्राप्तः शिवोऽपि विधिवैभवात्।
मां त्यक्त्वा भस्मसात्कृत्य मन्मथं स जगाम ह॥ १७

प्रयाते शंकरे तापोद्विजिताहं पितुर्गृहात्।
आगता तपसे विप्र सुदृढा स्वर्णदीतटे॥ १८

पूर्वजन्ममा म दक्षकी कन्या थिएँ, त्यस समय मेरो नाम सती थियो। मेरो पिताले मेरा पतिको निन्दा गरेका थिए, यसैले मैले [योगमार्गको अवलम्बन गरी] आफ्नो शरीर त्यागेकी थिएँ। मैले यस जन्ममा पनि भाग्यवश शिवलाई नै प्राप्त गरेँ, तर उहाँ कामदेवलाई जलाएर मलाई छोडेर जानुभयो। हे विप्र! शंकर जानुभएपछि म कष्टले उद्विग्न भएँ र तपका लागि दृढ भएर पिताको घरबाट गंगाको तटमा आएँ॥ १६—१८॥

कृत्वा तपः कठोरं च सुचिरं प्राणवल्लभम्।
न प्राप्याग्नौ विविक्षन्ती त्वां दृष्ट्वा संस्थिता क्षणम्॥ १९

धेरै समयसम्म कठोर तपस्या गरेपछि पनि मेरो प्राणवल्लभ सदाशिव मलाई प्राप्त हुनुभएन, यस कारण म अग्निमा प्रवेश गर्न चाहन्थेँ, तर तपाईंलाई देखेर क्षणमात्रका लागि रोकिएँ॥ १९॥

गच्छ त्वं प्रविशाम्यग्नौ शिवेनाङ्गीकृता न हि।
यत्र यत्र जनुर्लप्स्ये वरिष्यामि शिवं वरम्॥ २०

अब तपाईं जानुहोस्। शिवले मलाई अंगीकार गर्नुभएन, यसैले म अब अग्निमा प्रवेश गर्ने छु। म जहाँ-जहाँ जन्म लिने छु, त्यहाँ पनि शिवलाई नै वररूपमा प्राप्त गर्ने छु॥ २०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

इत्युक्त्वा पार्वती वह्नौ तत्पुरः प्रविवेश सा।
निषिध्यमाना पुरतो ब्राह्मणेन पुनः पुनः॥ २१
वह्निप्रवेशं कुर्वत्याः पार्वत्यास्तत्प्रभावतः।
बभूव तत्क्षणं सद्यो वह्निश्चन्दनपङ्कवत्॥ २२
क्षणं तदन्तरे स्थित्वा ह्युत्पतन्तीं दिवं द्विजः।
पुनः पप्रच्छ सहसा विहसन्सुतनुं शिवः॥ २३

द्विज उवाच

अहो तपस्ते किं भद्रे न बुद्धं किञ्चिदेव हि।
न दग्धो वह्निना देहो न च प्राप्तं मनीषितम्॥ २४

अतः सत्यं निकामं वै वद देवि मनोरथम्।
ममाग्रे विप्रवर्यस्य सर्वानंदप्रदस्य हि॥ २५

यथाविधि त्वया देवि कीर्त्यतां सर्वथात्मना।
तस्मान्मैत्री च संजाता कार्यं गोप्यं त्वया न हि॥ २६

किमिच्छसि वरं देवि प्रष्टुमिच्छाम्यतःपरम्।
त्वय्येव तदसौ देवि फलं सर्वं प्रदृश्यते॥ २७

परार्थे च तपश्चेद्वै तिष्ठेत्तु तप एव तत्।
रत्नं हस्ते समादाय हित्वा काचस्तु संचितः॥ २८

ईदृशं तव सौन्दर्यं कथं व्यर्थीकृतं त्वया।
हित्वा वस्त्राण्यनेकानि चर्मादि च धृतं त्वया॥ २९

तत्सर्वं कारणं ब्रूहि तपसस्त्वस्य सत्यतः।
तच्छ्रुत्वा विप्रवर्योऽहं यथा हर्षमवाप्नुयाम्॥ ३०

ब्रह्मोवाच

इति पृष्टा तदा तेन सखीं प्रैरयताम्बिका।
तन्मुखेनैव तत्सर्वं कथयामास सुव्रता॥ ३१

तया च प्रेरिता तत्र पार्वत्या विजयाभिधा।
प्राणप्रिया सुव्रतज्ञा सखी जटिलमब्रवीत्॥ ३२

सख्युवाच

श्रृणु साधो प्रवक्ष्यामि पार्वतीचरितं परम्।
हेतुं च तपसस्सर्वं यदि त्वं श्रोतुमिच्छसि॥ ३३

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार भनेर पार्वती ब्रह्मचारीद्वारा वारम्वार निषेध गर्दामा पनि अग्निमा प्रवेश गर्नुभयो। पार्वती अग्निमा प्रवेश गर्नासाथ उहाँको तपस्याको प्रभावले त्यो अग्नि त्यसै समय तत्काल चन्दनको समान शीतल भयो। क्षणभर अग्निमा बसेपछि त्यसै बेला उहाँ द्युलोक जानलाई उद्यत हुनुभयो, तब [विप्ररूप] शिव हाँस्तै ती सुन्दरांगीसित सहसा सोध्न लाग्नुभयो— ॥ २१—२३ ॥

द्विज भन्नुहुन्छ—हे भद्रा! तिम्रो यो कस्तो तपस्या हो ? मलाई त तिम्रो यस तपस्याको केही पनि फल छ जस्तो लाग्दैन। यस अग्निले तिम्रो शरीरलाई पनि जलाएन र तिम्रो मनोरथ पनि प्राप्त भएन॥ २४॥

यसैले हे देवी! सबै प्रकारका आनन्द प्रदान गर्ने म विप्रवरको सामुन्ने तिमी आफ्नु मनोरथ ठीकसित भन, हे देवी! तिमी पूर्णरूपले यस कुरालाई यथाविधि भनिदेऊ। [परस्पर कुराकानीबाट] हाम्रो-तिम्रो मित्रता हुनगयो, अतः तिमीले यस कुरालाई गोपनीय राख्नु हुन्न॥ २५-२६ ॥

हे देवी! यसपश्चात् म सोध्न चाहन्छु कि तिमी कुनचाहिँ वरदान चाहन्छ्यौ ? हे देवी! मैले सारा वरदानको फल तिमीमा देखिरहेको छु ॥ २७॥

यो तपस्या यदि तिमीले अरूका लागि गरेकी हौ भने त्यो सबै तिम्रो तप व्यर्थ भयो र तिमीले हातमा रत्नलाई लिएर त्यसलाई गुमाएर पुनः काँच धारण गर्ने छौ॥ २८॥ यस्तो आफ्नो सुन्दरतालाई व्यर्थ किन गरिदियौ ? अनेक प्रकारका वस्त्र त्यागेर यो मृगचर्म किन धारण गर्‍यौ ? यसैले तिमी यस तपस्याको सारा कारण सत्य-सत्य बताऊ, जसबाट कि त्यसलाई सुनेर ब्राह्मणहरूमा श्रेष्ठ म प्रसन्नता प्राप्त गरूँ॥ २९-३०॥

ब्रह्मा भन्नुहुन्छ—जब यस प्रकार ती ब्राह्मणले पार्वतीसित सोधे, तब ती सुव्रताले आफ्नी सखीलाई प्रेरित गरिन् र उसको मुखबाट सारा वृत्तान्त बकाइन्॥ ३१॥

त्यसपछि ती पार्वतीबाट प्रेरित भएर पार्वतीकी प्राणहरूसमान प्रिय तथा उत्तम व्रतलाई जान्ने विजया नामकी सखी त्यस ब्रह्मचारीसित भन्न लागिन्— ॥ ३२॥

सखी भन्दछिन्—हे साधु! यदि तपाईं यी पार्वतीको श्रेष्ठ चरित्र एवं यिनको तपस्याको समस्त कारण जान्न चाहनुहुन्छ भने म त्यसलाई भन्दै छु, तपाईं सुन्नुहोस्॥ ३३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सखी मे गिरिराजस्य सुतेयं हिमभूभृतः।
ख्याता वै पार्वती नाम्ना तस्या मातास्ति मेनका॥ ३४

यी मेरी सखी पर्वतराज हिमालयकी पुत्री हुन् र पार्वती नामले प्रसिद्ध छिन्। यिनकी माता मेनका हुन्॥ ३४॥

ऊढेयं न च केनापि न वाञ्छति शिवात्परम्।
त्रीणि वर्षसहस्त्राणि तपश्चरणसाधिनी॥ ३५

तदर्थं मेऽनया सख्या प्रारब्धं तप ईदृशम्।
तदत्र कारणं वक्ष्ये शृणु साधो द्विजोत्तम॥ ३६

हित्वेन्द्रप्रमुखान्देवान् हरिं ब्रह्माणमेव च।
पतिं पिनाकपाणिं वै प्राप्तुमिच्छति पार्वती॥ ३७

अहिलेसम्म यिनको विवाह कसैसित भएको छैन, यिनी शिवलाई छोडेर अरूलाई आफ्नु पति बनाउन चाहँदिनन्। यिनी तीन हजार वर्षदेखि तपस्या गरिरहेकी छिन्। हे साधु! हे द्विजोत्तम! उनैका लागि मेरी सखीले यस्तो तप आरम्भ गरेकी हुन्, यसको पनि कारण म तपाईंसित भन्छु, तपाईं सुन्नुहोस्। यी पार्वती इन्द्रादि प्रमुख देवताहरू एवं ब्रह्मा, विष्णु आदिलाई छोडेर केवल पिनाकपाणि शंकरलाई नै पतिरूपमा प्राप्त गर्ने इच्छा गर्छिन्॥ ३५—३७॥

इयं सखी मदीया वै वृक्षानारोपयत्पुरा।
तेषु सर्वेषु संजातं फलपुष्पादिकं द्विज॥ ३८

हे द्विज! तपस्या प्रारम्भ गर्नु पूर्व मेरी सखीले जुन वृक्षहरू लगाएकी थिइन्, ती सबैमा फूल, फल आदि लागेका छन् [अतः प्रतीत हुन्छ कि मेरी सखीको मनोरथ पूर्ण हुने समय आएको छ।] ॥ ३८॥

रूपसार्थाय जनककुलालंकरणाय च।
समुद्दिश्य महेशानं कामस्यानुग्रहाय च॥ ३९

मत्सखी नारदादेशात्तपस्तपति दारुणम्।
मनोरथं कुतस्तस्या न फलिष्यति तापस॥ ४०

यी मेरी सखी नारदको उपदेशानुसार आफ्नो रूपलाई सार्थक गर्न, आफ्नो पिताको कुललाई अलंकृत गर्न र कामदेवमाथि अनुग्रह गर्नका लागि महेश्वरको उद्देश्यले कठिन तप गरिरहेकी छिन्, हे तापस! के यिनको मनोरथ सफल हुँदैन?॥ ३९-४०॥

यत्ते पृष्टं द्विजश्रेष्ठ मत्सख्या मनसीप्सितम्।
मया ख्यातं च तत्प्रीत्या किमन्यच्छ्रोतुमिच्छसि॥ ४१

हे द्विजश्रेष्ठ! तपाईंले मेरी सखीको जुन मनोरथलाई सोध्नुभएको थियो, त्यसलाई मैले प्रीतिपूर्वक भनिदिएँ, अब तपाईं अरू के सुन्न चाहनुहुन्छ?॥ ४१॥

ब्रह्मोवाच

इत्येवं वचनं श्रुत्वा विजयाया यथार्थतः।
मुने स जटिलो रुद्रो विहसन्वाक्यमब्रवीत्॥ ४२

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! विजयाको यस यथार्थ कुरालाई सुनेर ती जटाधारी रुद्र हाँस्तै यो वचन भन्न लाग्नुभयो— ॥ ४२॥

जटिल उवाच

सख्येदं कथितं तत्र परिहासोऽनुमीयते।
यथार्थं चेत्तदा देवी स्वमुखेनाभिभाषताम्॥ ४३

जटिल भन्नुहुन्छ—सखीद्वारा जुन यो भनिएको छ, त्यो त परिहास जस्तो लाग्छ, यदि यो यथार्थ हो भने देवी आफ्नै मुखबाट भनुन्॥ ४३॥

ब्रह्मोवाच

इत्युक्ते च तदा तेन जटिलेन द्विजन्मना।
उवाच पार्वती देवी स्वमुखेनैव तं द्विजम्॥ ४४

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार जब जटाधारी ब्राह्मणले भन्नुभयो, तब पार्वतीदेवी आफ्नो मुखबाट नै ती ब्राह्मणसित भन्न लाग्नुभयो॥ ४४॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे
शिवाजटिलसंवादो नाम षड्विंशोऽध्यायः॥ २६॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा शिवाजटिलसंवादवर्णन नामक छब्बिसौँ अध्याय पूर्ण भयो॥ २६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ सप्तविंशोऽध्यायः

जटाधारी ब्राह्मणद्वारा पार्वतीसमक्ष शिवको स्वरूपको निन्दा गर्नु

पार्वत्युवाच

शृणु द्विजेन्द्र जटिल मद्वृत्तं निखिलं खलु।
सख्युक्तं मेऽद्य यत्सत्यं तत्तथैव न चान्यथा॥ १

मनसा वचसा साक्षात्कर्मणा पतिभावतः।
सत्यं ब्रवीमि नोऽसत्यं वृतो वै शंकरो मया॥ २

जानामि दुर्लभं वस्तु कथं प्राप्यं मया भवेत्।
तथापि मन औत्सुक्यात्तप्यतेऽद्य तपो मया॥ ३

ब्रह्मोवाच

इत्युक्त्वा वचनं तस्मै स्थिता सा गिरिजा तदा।
उवाच ब्राह्मणस्तत्र तच्छ्रुत्वा पार्वतीवचः॥ ४

ब्राह्मण उवाच

एतावत्कालपर्यन्तं ममेच्छा महती ह्यभूत्।
किं वस्तु कांक्षती देवी कुरुते सुमहत्तपः॥ ५

तज्ज्ञात्वा निखिलं देवि श्रुत्वा त्वन्मुखपंकजात्।
इतो गच्छाम्यहं स्थानाद्यथेच्छसि तथा कुरु॥ ६

न कथ्यते त्वया मह्यं मित्रत्वं निष्फलं भवेत्।
यथा कार्यं तथा भावि कथनीयं सुखेन च॥ ७

ब्रह्मोवाच

इत्युक्त्वा वचनं तस्य यावद्गन्तुमियेष सः।
तावच्च पार्वती देवी प्रणम्योवाच तं द्विजम्॥ ८

पार्वत्युवाच

किं गमिष्यसि विप्रेन्द्र स्थितो भव हितं वद।
इत्युक्ते च तया तत्र स्थित्वोवाच स दण्डधृक्॥ ९

द्विज उवाच

यदि श्रोतुमना देवि मां स्थापयसि भक्तितः।
वदामि तत्त्वं तत्सर्वं येन ते वयुनं भवेत्॥ १०

जानाम्यहं महादेवं सर्वथा गुरुधर्मतः।
प्रवदामि यथार्थं हि सावधानतया शृणु॥ ११

वृषध्वजो महादेवो भस्मदिग्धो जटाधरः।
व्याघ्रचर्माम्बरधरः संवीतो गजकृत्तिना॥ १२

पार्वती भन्नुहुन्छ—हे द्विजेन्द्र! हे जटिल! मेरो समस्त वृत्तान्त सुन्नुहोस्। यस समय मेरी सखीले जे जति भनेकी छिन्, त्यो सब सत्य हो, केही पनि झूठा छैन॥ १॥

मैले मन, वचन एवं कर्मले शंकरलाई नै पतिभावले वरण गरेकी छु, यो कुरा म सत्य भन्दै छु, असत्य होइन। म जान्दछु कि दुर्लभ वस्तु मलाई कसरी प्राप्त हुन सक्छ, फेरि पनि मनको उत्सुकतावश म यस समय तप गरिरहेकी छु॥ २-३॥

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार ती ब्रह्मचारीसित भनेर गिरिजा शान्त हुनुभयो। तब ती ब्राह्मण पार्वतीको कुरा सुनेर भन्न लागे—॥ ४॥

ब्राह्मण भन्नुहुन्छ—अहिलेसम्म मलाई यो ठुलो इच्छा थियो कि यी देवी कुन वस्तुलाई प्राप्त गर्नका लागि अत्यन्त कठिन तप गरिरहेकी छिन्॥ ५॥

हे देवी! तिम्रो मुखकमलबाट सारा कुरा सुनेर र त्यसलाई जानेर अब म यहाँबाट जान चाहन्छु, अब तिमी जस्तो चाहन्छौ, त्यस्तै गर॥ ६॥

यदि तिमीले मसित यी कुराहरूलाई नभनेकी भए मित्रता व्यर्थ हुने थियो। कार्य त होनहारअनुसार नै हुन्छ, यसैले सुखपूर्वक त्यसलाई भन्नुपर्छ॥ ७॥

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] यस प्रकार भनेर जसरी ती ब्राह्मणले जाने इच्छा गरे, तब पार्वती देवी प्रणाम गरी ती द्विजसित भन्न लाग्नुभयो—॥ ८॥

पार्वती भन्नुहुन्छ—हे विप्रेन्द्र! तपाईं किन जानुहुन्छ, बस्नुहोस् र मेरो हितको कुरा भन्नुहोस्। उहाँले यस्तो भन्नुभएपछि ती दण्डधारी रोकिएर भन्न लागे—॥ ९॥

ब्राह्मण भन्नुहुन्छ—हे देवी! यदि तिमीलाई सुन्ने इच्छा छ र भक्तिपूर्वक मलाई रोकेकी हौ भने म तिमीसित त्यो सब तत्त्व भन्छु, जसबाट [उहाँको विषयमा] तिमीलाई राम्ररी जानकारी हुनेछ। म गुरुप्रसादबाट महादेवलाई राम्री जान्दछु। जुन कुरा सत्य हो, त्यसैलाई भन्दै छु, तिमी सावधान भएर सुन॥ १०-११॥

महादेव गोरुमाथि सवारी गर्नुहुन्छ, भस्म घस्नुहुन्छ, जटा धारण गर्नुहुन्छ, बाघको छाला धारण गर्नुहुन्छ र हात्तीको छाला ओढ्नुहुन्छ॥ १२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कपालधारी सर्पौघैः सर्वगात्रेषु वेष्टितः।
विषदिग्धोऽभक्ष्यभक्षो विरूपाक्षो विभीषणः॥ १३

अव्यक्तजन्मा सततं गृहभोगविवर्जितः।
दिगंबरो दशभुजो भूतप्रेतान्वितस्सदा॥ १४

केन वा कारणेन त्वं तं भर्तारं समीहसे।
क्व ज्ञानं ते गतं देवि तद्वदाद्य विचारतः॥ १५
पूर्वं श्रुतं मया चैव व्रतं तस्य भयंकरम्।
शृणु ते निगदाम्यद्य यदि ते श्रवणे रुचिः॥ १६

दक्षस्य दुहिता साध्वी सती वृषभवाहनम्।
वव्रे पतिं पुरा दैवात्तत्संभोगः परिश्रुतः॥ १७
कपालिजायेति सती दक्षेण परिवर्जिता।
यज्ञे भागप्रदानाय शंभुश्चापि विवर्जितः॥ १८

सा तथैवापमानेन भृशं कोपाकुला सती।
तत्याजासून्प्रियाँस्तत्र तया त्यक्तश्च शंकरः॥ १९

त्वं स्त्रीरत्नं तव पिता राजा निखिलभूभृताम्।
तथाविधं पतिं कस्मादुग्रेण तपसेहसे॥ २०

दत्त्वा सुवर्णमुद्रां च ग्रहीतुं काचमिच्छसि।
हित्वा च चंदनं शुभ्रं कर्दमं लेप्तुमिच्छसि॥ २१
सूर्यतेजः परित्यज्य खद्योतद्युतिमिच्छसि।
चीनांशुकं विहायैव चर्माम्बरमिहेच्छसि॥ २२
गृहवासं परित्यज्य वनवासं समीहसे।
लोहमिच्छसि देवेशि त्यक्त्वा शेवधिमुत्तमम्॥ २३
इन्द्रादिलोकपालांश्च हित्वा शिवमनुव्रता।
नैतत्सूक्तं हि लोकेषु विरुद्धं दृश्यतेऽधुना॥ २४

क्व त्वं कमलपत्राक्षी क्वासौ वै त्रिविलोचनः।
शशांकवदना त्वं च पंचवक्त्रः शिवः स्मृतः॥ २५

उहाँ खप्पर धारण गर्नुहुन्छ तथा सम्पूर्ण शरीरमा सर्प बेरिएका हुन्छन्। उहाँ विष पीउने, अभक्ष्यको भक्षण गर्ने, विरूपाक्ष र महाभयंकर हुनुहुन्छ॥ १३॥

उहाँको जन्मको बारेमा कसैलाई थाहा छैन र उहाँ गृहस्थोचित भोगबाट सर्वथा रहित हुनुहुन्छ। उहाँ दिगम्बर, दश हात भएका तथा भूत-प्रेतहरूका साथ निवास गर्नुहुन्छ॥ १४॥

हे देवी! तिमी कुन कारणले उहाँलाई आफ्नु पति बनाउन चाहन्छ्यौ, तिम्रो ज्ञान कहाँ हरायो, यसलाई विचार गरी मसित यस समय भन—मैले पूर्व समयमा पनि उहाँको भयंकर चरित्र सुनेको छु। यदि तिमी त्यसलाई सुन्छ्यौ भने म भन्दै छु, सुन॥ १५-१६॥

पहिला दक्षकन्या साध्वी सतीसित वृषभवाहन शिवको वरण भएको थियो, उनका साथ उहाँले जस्तो व्यवहार गर्नुभयो, त्यो कुरा पनि तिमीले सुनेकी होला। दक्षले स्वयं आफ्नी कन्यालाई त्यसै नबोलाएका होइनन् कि ती कपालीकी पत्नी हुन् र यज्ञमा शिवलाई भाग पनि दिएनन्॥ १७-१८॥

यस अपमानबाट अत्यन्त क्रुद्ध भएकी सतीले आफ्नो प्रिय प्राण त्यागिदिइन् र उनले शंकरलाई पनि छोडिदिइन्॥ १९॥ तिमी सबै स्त्रीहरूमा रत्न हौ र तिम्रा पिता पनि पर्वतहरूका राजा हुनुहुन्छ, फेरि उग्र तपस्याद्वारा तिमी यस प्रकारका पतिलाई किन प्राप्त गर्न चाहन्छ्यौ?॥ २०॥

तिमी सुवर्णको मुद्रा दिएर काँच किन ग्रहण गर्न चाहन्छ्यौ र सुन्दर चन्दनलाई छोडेर हिलो दल्ने इच्छा किन गरिरहेकी छौ? सूर्यको तेज छोडेर तिमी जुनकिरीको प्रकाश किन चाहन्छ्यौ र रेशमी वस्त्रलाई त्यागेर छाला किन पहिरन चाहन्छ्यौ?॥ २१-२२॥

घरमा बस्न छाडेर वनमा बस्न चाहन्छ्यौ र हे देवेशी! उत्तम भण्डारलाई छोडेर फलामको इच्छा गर्दैछ्यौ। जुन तिमी इन्द्र आदि लोकपालहरूलाई छोडेर शिवमा अनुरक्त भएकी छौ, यो त उचित भएन तथा यो लोकको सर्वथा विरुद्ध देखिँदै छ॥ २३-२४॥

कहाँ तिमी कमलसमान विशाल नेत्र भएकी छौ र कहाँ ती भयंकर तीन नेत्र भएका छन्। तिमी चन्द्रमाको समान मुख भएकी छौ तथा ती शिवका पाँच मुख छन् भनिन्छ॥ २५॥

2325_Sihvpurana_Part_1_Nepali_Section_21_1_Front
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेणी शिरसि ते दिव्या सर्पिणीव विभासिता।
जटाजूटं शिवस्यैव प्रसिद्धं परिचक्षते॥ २६

तिम्रो शिरमा सर्पिणीको समान वेणी सुशोभित छ र शिवको जटाजूट त प्रसिद्ध नै छ॥ २६॥

चंदनं च त्वदीयाङ्गे चिताभस्म शिवस्य च।
क्व दुकूलं त्वदीयं वै शाङ्करं क्व गजाजिनम्॥ २७

क्व भूषणानि दिव्यानि क्व सर्पाः शंकरस्य च।
क्व चरा देवताः सर्वाः क्व च भूतबलिप्रियः॥ २८

तिम्रो शरीरमा चन्दनको लेप र शिवको शरीरमा चिताको भस्म लागिरहेको हुन्छ। कहाँ तिम्रो दोसल्ला र कहाँ शंकरको गजचर्म! कहाँ [तिम्रो] दिव्य आभूषण र कहाँ शंकरका सर्प! कहाँ सबै देवता तिम्रा सेवक तथा कहाँ भूतहरू तथा बलिलाई प्रिय ठान्ने ती शिव!॥ २७-२८॥

क्व वा मृदङ्गवादश्च क्व च तड्डमरुस्तथा।
क्व च भेरीकलापश्च क्व च शृङ्गरवोऽशुभः॥ २९

क्व च ढक्कामयः शब्दो गलनादः क्व चाशुभः।
भवत्याश्च शिवस्यैव न युक्तं रूपमुत्तमम्॥ ३०

कहाँ [तिमीलाई सुख दिने] मृदंगवाद्य र कहाँ डमरू? कहाँ तिम्रो भेरीको ध्वनि र कहाँ उहाँको अशुभदायक शृंगीको शब्द! कहाँ तिम्रो ढक्का नामक बाजाका आवाज र कहाँ उहाँको अशुभ गलाको आवाज! तिम्रो रूप उत्तम छ र शिवको रूप छैन॥ २९-३०॥

यदि द्रव्यं भवेत्तस्य कथं स्यात्स दिगम्बरः।
वाहनं च बलीवर्दः सामग्री कापि तस्य न॥ ३१

वरेषु ये गुणाः प्रोक्ता नारीणां सुखदायकाः।
तन्मध्ये हि विरूपाक्षे एकोऽपि न गुणः स्मृतः॥ ३२

यदि उहाँसँग द्रव्य हुन्थ्यो भने ती दिगम्बर कसरी हुन्थे, उहाँको वाहन पनि गोरु छ तथा उहाँसँग अरू कुनै सामग्री पनि छैन। स्त्रीहरूलाई सुख दिने जुन गुण वरमा बताइएका छन्, तीमध्येमा एउटा पनि गुण विरूपाक्ष शिवमा बताइएको छैन॥ ३१-३२॥

तवापि कामो दयितो दग्धस्तेन हरेण च।
अनादरस्तदा दृष्टो हित्वा त्वामन्यतो गतः॥ ३३

उहाँले तिम्रो अत्यन्त प्रिय कामदेवलाई पनि भस्म गरिदिनुभयो। त्यस समय तिमीले आफ्नु अनादर देख्यौ कि उहाँ तिमीलाई छोडेर अन्यत्र जानुभयो॥ ३३॥

जातिर्न दृश्यते तस्य विद्या ज्ञानं तथैव च।
सहायाश्च पिशाचा हि विषं कण्ठे हि दृश्यते॥ ३४

उहाँको जातिको पत्तो छैन, त्यसै प्रकार उहाँको ज्ञान तथा विद्याको पनि पत्तो छैन, पिशाच नै उहाँका सहायक हुन् र उहाँका घाँटीमा विष देखिन्छ॥ ३४॥

एकाकी च सदा नित्यं विरागी च विशेषतः।
तस्मात्त्वं हि हरेणैव मनो योक्तुं न चार्हसि॥ ३५

उहाँ विशेष रूपले विरक्त हुनुहुन्छ, यसैले एक्लै बस्नुहुन्छ। अतः तिमी शंकरसित आफ्नु मन नजोड॥ ३५॥

क्व च हारस्त्वदीयो वै क्व च तन्मुण्डमालिका।
अङ्गरागः क्व ते दिव्यः चिताभस्म क्व तत्तनौ॥ ३६

कहाँ तिम्रो हार तथा कहाँ उहाँको मुण्डमाला! कहाँ तिम्रो दिव्य अंगराग, कहाँ उहाँको शरीरमा चिताको भस्म!॥ ३६॥

सर्वं विरुद्धं रूपादि तव देवि हरस्य च।
मह्यं न रोचते ह्येतद्यदिच्छसि तथा कुरु॥ ३७

हे देवी! तिम्रो र शंकरको रूप आदि सबथोक एक-अर्काको विपरीत छन्, मलाई त यो राम्रो लाग्दैन, अब तिमी जस्तो चाहन्छ्यौ, त्यस्तै गर॥ ३७॥

असद्वस्तु च यत्किंचित् तत्सर्वं स्वयमीहसे।
निवर्तय मनस्तस्मान्नो चेदिच्छसि तत्कुरु॥ ३८

जति पनि असद् वस्तु छन्, ती सबै तिमी स्वयं चाहिरहेकी छौ। तिमी त्यसबाट आफ्नो मन हटाऊ। अन्यथा जे चाहन्छ्यौ, त्यही गर॥ ३८॥

2325 Sihpurana Part 1 Nepali Section 21 1 Back
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

इत्येवं वचनं श्रुत्वा तस्य विप्रस्य पार्वती।
उवाच क्रुद्धमनसा शिवनिन्दापरं द्विजम्॥ ३९

ब्रह्मा भन्नुहुन्छ—त्यस ब्राह्मणको यस प्रकारको वचन सुनेर पार्वती कुपित मनले ती शिवनिन्दक ब्राह्मणसित भन्न लागनुभयो— ॥ ३९ ॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे ब्रह्मचारिप्रतारणवाक्यवर्णनं नाम सप्तविंशोऽध्यायः ॥ २७ ॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा ब्रह्मचारिप्रतारणवाक्यवर्णन नामक सत्ताईसौँ अध्याय पूर्ण भयो ॥ २७ ॥

अथाष्टाविंशोऽध्यायः

पार्वतीद्वारा परमेश्वर शिवको महत्ता प्रतिपादित गर्नु र रोषपूर्वक जटाधारी ब्राह्मणलाई झपार्नु, पार्वती समक्ष शिव प्रकट हुनु

पार्वत्युवाच

एतावद्धि मया ज्ञातं कश्चिदन्योऽयमागतः।
इदानीं सकलं ज्ञातमवध्यस्त्वं विशेषतः॥ १

पार्वती भन्नुहुन्छ—मैले त यही ठानेकी थिएँ कि यी कोही अरू नै आएका होलान्, तर अब मैले सबथोक जानें। [रिस त धेरै उठीरहेको छ, तर ब्रह्मचारी हुनाले] तिमी विशेषरूपले अवध्य छौ॥ १॥

त्वयोक्तं विदितं देव तदलीकं न चान्यथा।
यदि त्वयोदितं स्याद्वै विरुद्धं नोच्यते त्वया॥ २

हे देव! तपाईंले जुन भन्नुभयो कि, उहाँलाई मैले चिनेको छु, त्यो सब मिथ्या हो, यसबाहेक केही होइन। यदि तपाईं शिवलाई जान्नुहुन्छ भने यस्तो विरुद्ध कुरा गर्नु हुन्नथ्यो॥ २॥

कदाचिद् दृश्यते तादृक् वेषधारी महेश्वरः।
स्वलीलया परब्रह्म स्वरागोपात्तविग्रहः॥ ३
ब्रह्मचारिस्वरूपेण प्रतारयितुमुद्यतः।
आगतश्छलसंयुक्तं वचोऽवादीः कुयुक्तितः॥ ४

महेश्वर, जो यस प्रकारको वेष धारण गर्नुभएको देखिनुहुन्छ, त्यसको यही कारण हो कि उहाँ लीला गर्नका लागि नै त्यस्तो वेष धारण गर्नुहुन्छ। तपाईं ब्रह्मचारीको रूप धारण गरी मलाई छल गर्न चाहनुहुन्छ, यसैले कुतर्कबाट भरिएका यस्ता कुराहरू मसित भनिरहनु भएको छ॥ ३-४॥

शंकरस्य स्वरूपं तु जानामि सुविशेषतः।
शिवतत्त्वमतो वच्मि सुविचार्य यथार्हतः॥ ५

शंकरको स्वरूपलाई म विशेष रूपले जान्दछु, यसैले विचार गरी यथार्थ रूपले शिवतत्त्व भन्छु॥ ५॥

वस्तुतो निर्गुणो ब्रह्म सगुणः कारणेन सः।
कुतो जातिर्भवेत्तस्य निर्गुणस्य गुणात्मनः॥ ६

वस्तुतः उहाँ निर्गुण ब्रह्म हुनुहुन्छ र कारणवश सगुण हुन जानुहुन्छ। जो निर्गुण भएर मायाले सगुणरूप धारण गर्नुहुन्छ, उहाँको जन्म कसबाट सम्भव छ ?॥ ६॥

स सर्वासां हि विद्यानामधिष्ठानं सदाशिवः।
किं तस्य विद्यया कार्यं पूर्णस्य परमात्मनः॥ ७
वेदा उच्छ्वासरूपेण पुरा दत्ताश्च विष्णवे।
शंभुना तेन कल्पादौ तत्समः कोऽस्ति सुप्रभुः॥ ८

ती सदाशिव सबै विद्याहरूका अधिष्ठान हुनुहुन्छ, ती पूर्ण परमात्मालाई विद्यासित के प्रयोजन ? कल्पको आदिमा उनै सदाशिवले सर्वप्रथम विष्णुलाई उच्छ्वासरूपले (आफ्नो श्वासबाट) वेद प्रदान गर्नुभएको थियो, उहाँको समान कुनचाहिँ परम प्रभु छन् ?॥ ७-८॥

सर्वेषामादिभूतस्य वयोमानं कुतस्ततः।
प्रकृतिस्तु ततो जाता किं शक्तेस्तस्य कारणम्॥ ९

जो सबका आदिकारण हुनहुन्छ, उहाँको अवस्थाको प्रमाण कसले गर्न सक्छ। यो प्रकृति त उहाँबाट नै उत्पन्न भएको हो, फेरि उहाँको शक्तिको दोस्रो कारण के हुन सक्छ ?॥ ९॥

2325_Sihvpurana_Part_1_Nepali_Section_21_2_Front
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ये भजंति च तं प्रीत्या शक्तीशं शंकरं सदा।
तस्मै शक्तित्रयं शंभुः स ददाति सदाव्ययम्॥ १०

जुन व्यक्ति प्रेमपूर्वक शक्तिका पति ती सदाशिवको भजन गर्छन्, उनीहरूलाई शिव सधैँ अक्षयरूप तीन शक्तिहरू (क्रियाशक्ति, इच्छाशक्ति र ज्ञानशक्ति) प्रदान गर्नुहुन्छ॥ १०॥

तस्यैव भजनाज्जीवो मृत्युं जयति निर्भयः।
तस्मान्मृत्युञ्जयं नाम प्रसिद्धं भुवनत्रये॥ ११

जीव उहाँकै भजनबाट निर्भय भएर मृत्युलाई जित्दछ, यसैले त्रिलोकीमा उहाँको मृत्युंजय नाम प्रसिद्ध छ॥ ११॥

तस्यैव पक्षपातेन विष्णुर्विष्णुत्वमाप्नुयात्।
ब्रह्मत्वं च यथा ब्रह्मा देवा देवत्वमेव च॥ १२

उहाँकै पक्षमा रहनाले विष्णुले विष्णुत्व प्राप्त गर्नुभएको छ, ब्रह्माले ब्रह्मत्व तथा देवताहरूले देवत्व प्राप्त गरेका छन्॥ १२॥

दर्शनार्थं शिवस्यादौ यथा गच्छति देवराट्।
भूतादयस्तत्परस्य द्वारपालाः शिवस्य तु॥ १३

दण्डैश्च मुकुटं विद्धं मृष्टं भवति सर्वतः।
किं तस्य बहुपक्षेण स्वयमेव महाप्रभुः॥ १४

देवताहरूमा प्रमुख इन्द्र जब भगवान् शिवको दर्शनार्थ जान्छन्, तब भगवान् शिवका जुन द्वारपाल एवं भूत आदि छन्, सादर उनीहरूका दण्डमा घोटिएको इन्द्रको मुकुट सब प्रकारले उज्ज्वल हुन्छ। उहाँको विषयमा धेरै कुरा के गर्नु? उहाँ त स्वयं प्रभु हुनुहुन्छ॥ १३-१४॥

कल्याणरूपिणस्तस्य सेवयेह न किं भवेत्।
किं न्यूनं तस्य देवस्य मामिच्छति सदाशिवः॥ १५

ती कल्याणस्वरूप शिवको सेवा गर्नाले यस लोकमा के चाहिँ सिद्ध हुन जाँदैन। ती देवकहाँ कुनचाहिँ कुराको कमी छ, जुन ती सदाशिव मेरो इच्छा गरून्॥ १५॥

सप्तजन्मदरिद्रः स्यात्सेवेद्यो यदि शंकरम्।
तस्यैतत्सेवनाल्लोके लक्ष्मीः स्यादनपायिनी॥ १६

जो सात जन्मदेखि दरिद्र छ, त्यसले पनि यदि शंकरको सेवा गर्छ भने उहाँको त्यस सेवाबाट त्यसलाई लोकमा स्थिर रहने लक्ष्मीको प्राप्ति हुन्छ॥ १६॥

यदग्रे सिद्धयोऽष्टौ च नित्यं नृत्यंति तोषितुम्।
अवाङ्मुखाः सदा तत्र तद्धितं दुर्लभं कुतः॥ १७

जसलाई सन्तुष्ट पार्नका लागि आठै सिद्धि सदा तलतिर मुख गरी जसको अगाडि सदा नृत्य गर्छन्, त्यस्ता शिवबाट हित हुनु कसरी दुर्लभ छ?॥ १७॥

यद्यस्य मङ्गलानीह सेवते शंकरस्य न।
तथापि मङ्गलं तस्य स्मरणादेव जायते॥ १८

यद्यपि समस्त मंगल ती शिवको सेवा गर्दैनन् अर्थात् उहाँ मंगलवेश धारण गर्नुहुन्न, तर पनि उहाँको स्मरण गर्ने बित्तिकै पुरुषको मंगल हुन्छ॥ १८॥

यस्य पूजाप्रभावेण कामाः सिद्ध्यन्ति सर्वशः।
कुतो विकारस्तस्यास्ति निर्विकारस्य सर्वदा॥ १९

शिवेति मङ्गलं नाम मुखे यस्य निरन्तरम्।
तस्यैव दर्शनादन्ये पवित्राः सन्ति सर्वदा॥ २०

जसको पूजाको प्रभावबाट निरन्तर समस्त कामनाहरू पूर्ण हुन जान्छन्, ती निर्विकार शंकरमा विकार कहाँबाट हुन सक्छ? जसको मुखबाट 'शिव' यो मंगल नाम निरन्तर निस्कन्छ, त्यस पुरुषको दर्शन मात्रले नै अरू प्राणी सदा पवित्र हुन्छन्॥ १९-२०॥

यद्यपूतं भवेद्भस्म चितायाश्च त्वयोदितम्।
नित्यमस्याङ्गगं देवैः शिरोभिर्धार्यते कथम्॥ २१

[हे ब्रह्मचारी!] जस्तो तपाईंले भन्नुभएको छ कि चिताभस्म अपवित्र हुन्छ, तब उहाँका अंगमा शोभित भस्म देवगण शिरमा नित्य किन धारण गर्छन्?॥ २१॥

2325 Sihpurana Part_1_Nepali_Section_21_2_Back
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यो देवो जगतां कर्ता भर्ता हर्ता गुणान्वितः।
निर्गुणः शिवसंज्ञश्च स विज्ञेयः कथं भवेत्॥ २२
अगुणं ब्रह्मणो रूपं शिवस्य परमात्मनः।
तत्कथं हि विजानन्ति त्वादृशास्तद्बहिर्मुखाः॥ २३

जो देव जगत्का कर्ता, भर्ता तथा हर्ता हुनुहुन्छ, गुणहरूले संयुक्त हुनुहुन्छ, निर्गुण तथा शिव हुनुहुन्छ, उहाँलाई कसले कसरी जान्न सक्छ? ब्रह्मस्वरूप परमात्मा शिवको रूप सदा निर्गुण छ। अतः तपाईंजस्ता शिवद्रोही उहाँलाई कसरी जान्न सक्छन्?॥ २२-२३॥

दुराचाराश्च पापाश्च वेदेभ्यो ये विनिर्गताः।
तत्त्वं ते नैव जानन्ति शिवस्यागुणरूपिणः॥ २४

जो दुराचारी, महापापी, वेद एवं देवताबाट विमुख छन्, तिनले निर्गुणस्वरूप शिवको तत्त्वलाई जान्दैनन्॥ २४॥

शिवनिन्दां करोतीह तत्त्वमज्ञाय यः पुमान्।
आजन्मसंचितं पुण्यं भस्मीभवति तस्य तत्॥ २५
त्वया निंदा कृता यात्र हरस्यामिततेजसः।
त्वत्पूजा च कृता यन्मे तस्मात्पापं भजाम्यहम्॥ २६
शिवविद्वेषिणं दृष्ट्वा सचैलं स्नानमाचरेत्।
शिवविद्वेषिणं दृष्ट्वा प्रायश्चित्तं समाचरेत्॥ २७

जो पुरुष तत्त्वलाई नजानेर शिवको निन्दा गर्छ, त्यसको जन्मपर्यन्त संचित गरिएका पुण्य भस्म हुन्छ। तपाईंले यस समय जुन महातेजस्वी शिवको निन्दा गर्नुभएको छ र मैले जुन तपाईंको पूजा गरेकी छु, यसको पाप मलाई पनि लागेको छ। शिवको निन्दा गर्नेलाई देखेपछि वस्त्रसहित स्नान गर्नुपर्छ र शिवद्रोहीलाई देख्नासाथ प्रायश्चित्त पनि गर्नुपर्छ॥ २५—२७॥

रे रे दुष्ट त्वया चोक्तमहं जानामि शंकरम्।
निश्चयेन न विज्ञातश्शिव एव सनातनः॥ २८
यथा तथा भवेद्रुद्रो यथा वा बहुरूपवान्।
ममाभीष्टतमो नित्यं निर्विकारी सतां प्रियः॥ २९

ए दुष्ट! तिमीले भनेका छौ कि म शिवलाई जान्दछु, तिमीलाई त निश्चित रूपले सनातन शिवको केही ज्ञान नै छैन। ती रुद्र चाहे कुनै पनि स्वरूपका होऊन्, रूपवान् होऊन् अथवा अरूपी होऊन्, ती सज्जनहरूका प्रिय निर्विकारी प्रभु मेरा लागि त सर्वस्व हुनुहुन्छ र मलाई अत्यन्त प्रिय हुनुहुन्छ॥ २८-२९॥

विष्णुर्ब्रह्मापि न समः तस्य क्वापि महात्मनः।
कुतोऽन्ये निर्जराद्याश्च कालाधीनाः सदैव ते॥ ३०

ती महात्मा सदाशिवको ब्रह्मा, विष्णु पनि कुनै प्रकार समता गर्न सक्तैनन्, फेरि जो सर्वदा कालको अधीन अन्य देवता आदि छन्, ती कसरी उहाँको समता गर्न सक्छन्?॥ ३०॥

इति बुद्ध्या समालोक्य स्वया सत्या सुतत्त्वतः।
शिवार्थं वनमागत्य करोमि विपुलं तपः॥ ३१

यस प्रकार आफ्नो सत्य बुद्धिले विचार गरी म ती शिवको प्राप्तिका निम्ति वनमा आएर घोर तपस्या गरिरहेकी छु॥ ३१॥

स एव परमेशानः सर्वेशो भक्तवत्सलः।
संप्राप्तुं मेऽभिलाषो हि दीनानुग्रहकारकम्॥ ३२

उहाँ नै परमेश्वर, सर्वेश एवं भक्तवत्सल हुनुहुन्छ। दीनहरूप्रति अनुग्रह गर्नुहुने उहाँलाई नै प्राप्त गर्ने मेरो इच्छा छ॥ ३२॥

ब्रह्मोवाच

इत्युक्त्वा गिरिजा सा हि गिरीश्वरसुता मुने।
विरराम शिवं दध्यौ निर्विकारेण चेतसा॥ ३३
तदाकर्ण्य वचो देव्या ब्रह्मचारी स वै द्विजः।
पुनर्वचनमाख्यातुं यावदेव प्रचक्रमे॥ ३४
उवाच गिरिजा तावत्स्वसखीं विजयां द्रुतम्।
शिवसक्तमनोवृत्तिः शिवनिंदापराङ्मुखी॥ ३५

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! यस प्रकार भनेर ती गिरिराजपुत्री मौन हुनुभयो र निर्विकार चित्तले पुनः शिवको ध्यान गर्न लाग्नुभयो। त्यसपछि ती ब्राह्मण पार्वतीका यस प्रकारको वचन सुनेर पुनः तत्काल केही भन्न उद्यत भए, त्यसै समय शिवमा समर्पित र शिवको निन्दाबाट पराङ्मुख रहनुहुने पार्वती आफ्नो विजया नामकी सखीसित शीघ्रतापूर्वक भन्न लाग्नुभयो—॥ ३३—३५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गिरिजोवाच

वारणीयः प्रयत्नेन सख्ययं हि द्विजाधमः।
पुनर्वक्तुमनाश्चैव शिवनिंदां करिष्यति॥ ३६
न केवलं भवेत्पापं निन्दां कर्तुंशिवस्य हि।
यो वै शृणोति तन्निन्दां पापभाक् स भवेदिह॥ ३७

शिवनिन्दाकरो वध्यः सर्वथा शिवकिंकरैः।
ब्राह्मणश्चेत्स वै त्याज्यो गन्तव्यं तत्स्थलाद्द्रुतम्॥ ३८

अयं दुष्टः पुनर्निन्दां करिष्यति शिवस्य हि।
ब्राह्मणत्वादवध्यश्चेत्त्याज्योऽदृश्यश्च सर्वथा॥ ३९

हित्वैतत्स्थलमद्यैव यास्यामोऽन्यत्र मा चिरम्।
यथा संभाषणं न स्यादनेनाऽविदुषा पुनः॥ ४०

ब्रह्मोवाच

इत्युक्त्वा चोमया यावत्पादमुत्क्षिप्यते मुने।
असौ तावच्छिवः साक्षादालंबे प्रियया स्वयम्॥ ४१

कृत्वा स्वरूपं सुभगं शिवाध्यानं यथा तथा।
दर्शयित्वा शिवायै तामुवाचावाङ्मुखीं शिवः॥ ४२

शिव उवाच

कुत्र यास्यसि मां हित्वा न त्वं त्याज्या मया पुनः।
प्रसन्नोऽस्मि वरं ब्रूहि नादेयं विद्यते तव॥ ४३

अद्यप्रभृति ते दासः तपोभिः क्रीत एव ते।
क्रीतोऽस्मि तव सौन्दर्यात्क्षणमेकं युगाय ते॥ ४४

त्यज्यतां च त्वया लज्जा मम पत्नी सनातनी।
गिरिजे त्वं हि सद्बुध्या विचारय महेश्वरि॥ ४५

मया परीक्षितासि त्वं बहुधा दृढमानसे।
तत्क्षमस्वापराधं मे लोकलीलानुसारिणः॥ ४६

न त्वादृशीं प्रणयिनीं पश्यामि च त्रिलोकके।
सर्वथाहं तवाधीनः स्वकामः पूर्यतां शिवे॥ ४७

पार्वती भन्नुहुन्छ—हे सखी ! बोल्न खोजिरहेका यी द्विजाधमले पुनः शिवको निन्दा गर्नेछन्, अतः यिनलाई प्रयत्नपूर्वक रोक; किनभने केवल शिवको निन्दा गर्नेलाई मात्र पाप लाग्दैन, अपितु जो उहाँको निन्दालाई सुन्छ, त्यो पनि पापको भागी हुन्छ॥ ३६—३७॥

शिवभक्तहरूले शिवनिन्दकको वध गर्नुपर्छ। यदि त्यो ब्राह्मण हो भने त्यसलाई त्यागिदिनु पर्छ र त्यस स्थानबाट अन्यत्र जानुपर्छ॥ ३८॥

यो दुष्टले पुनः शिवको निन्दा गर्ने छ, ब्राह्मण हुनाको कारण यो अवध्य छ, अतः यसको त्याग गरी अन्यत्र जानुपर्छ, जहाँ गएपछि यो पुनः देखा नपरोस्॥ ३९॥

अब यस स्थानलाई छोडेर हामीहरू अविलम्ब अन्य स्थानमा जाने छौँ, जसबाट यस मूर्ख ब्राह्मणसित पुनः सम्भाषण गर्न नपरोस्॥ ४०॥

ब्रह्मा भन्नुहुन्छ—हे मुनि ! यति भनिसकेपछि तत्काल पार्वतीले अन्यत्र जानका लागि आफ्ना पाइला चाल्नुभयो, यतिकैमा ब्रह्मचारीस्वरूप साक्षात् शिवले पार्वतीलाई समात्नुभयो। ती शिवले त्यस समय जसरी पार्वती ध्यान गरिरहनुभएको थियो, त्यसै प्रकारको अत्यन्त सुन्दर रूप धारण गरी उहाँलाई दर्शन दिनुभयो र पुनः तलतिर मुख गर्नुभएकी पार्वतीसित भन्न लाग्नुभयो—॥ ४१-४२॥

शिव भन्नुहुन्छ—[हे देवी!] तिमी मलाई छोडेर कहाँ जाँदै छौ? म तिमीलाई छोड्दिन। म तिमीप्रति प्रसन्न छु, मद्द्वारा तिम्रा लागि केही पनि अदेय छैन॥ ४३॥ आजबाट म तिम्रा तपहरूद्वारा किनिएको छु; अतः तिम्रो दास भएँ। तिमीले आफ्नो सौन्दर्यले मलाई मोल गरेकी छौ, तिमी विनाको एक क्षण पनि युगसमान हुने छ॥ ४४॥

हे गिरिजा! तिमी लज्जा त्याग गर, तिमी त मेरी सनातन पत्नी हौ। हे महेश्वरी ! यसलाई तिमी आफ्नो सद्बुद्धिबाट स्वयं विचार गर। हे दृढ मनवाली! मैले तिम्रो अनेक प्रकारले परीक्षा गरेँ, म लोकलीलाको अनुसरण गर्नेवालाको यस अपराधलाई क्षमा गर। मैले तिमी-जस्ती पतिव्रता सती त्रिलोकमा कहीँ देखेको छैन। हे शिवा! म सर्वथा तिम्रो अधीन छु, तिमी आफ्नो कामना पूर्ण गर॥ ४५—४७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एहि प्रिये मत्सकाशं पत्नी त्वं मे वरस्तव।
त्वया साकं द्रुतं यास्ये स्वगृहं पर्वतोत्तमम्॥ ४८

हे प्रिया! तिमी मेरो नजिक आऊ, तिमी मेरी पत्नी हौ र म तिम्रो वर हुँ, अब म तिमीलाई आफ्नो साथ लिएर पर्वतहरूमा उत्तम कैलास जाने छु॥ ४८॥

ब्रह्मोवाच

इत्युक्ते देवदेवेन पार्वती मुदमाप सा।
तपोजातं तु यत्कष्टं तज्जहौ च पुरातनम्॥ ४९

सर्वः श्रमो विनष्टोऽभूत्सत्यास्तु मुनिसत्तम।
फले जाते श्रमः पूर्वो जन्तोर्नाशमवाप्नुयात्॥ ५०

ब्रह्मा भन्नुहुन्छ—देवदेव शंकरले यस प्रकार भन्नुभएपछि पार्वतीलाई ठुलो आनन्द प्राप्त भयो र उहाँलाई पूर्व समयमा तपस्याको कारण जुन दुःख भएको थियो, त्यो तत्क्षण नै दूर भयो। हे मुनिसत्तम! पार्वतीका सारा श्रम दूर भए; किनभने फल प्राप्त भएपछि पूर्वमा गरिएका प्राणीका सारा श्रम नष्ट हुन जान्छन्॥ ४९–५०॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे पार्वत्या शिवरूपदर्शनं नामाष्टाविंशोऽध्यायः॥ २८॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा पार्वतीलाई शिवरूपदर्शन नामक अट्ठाईसौँ अध्याय पूर्ण भयो॥ २८॥

अथैकोनत्रिंशोऽध्यायः

शिव-पार्वती संवाद, विवाहविषयक पार्वतीको अनुरोधलाई शिवद्वारा स्वीकार गर्नु

नारद उवाच

ब्रह्मन् विधे महाभाग किं जातं तदनन्तरम्।
तत्सर्वं श्रोतुमिच्छामि कथय त्वं शिवायशः॥ १

नारद भन्नुहुन्छ—हे ब्रह्मन्! हे विधि! हे महाभाग! यसपछि फेरि के भयो? म त्यो सब सुन्न चाहन्छु, हजुर शिवाको चरित्र वर्णन गर्नुहोस्॥ १॥

ब्रह्मोवाच

देवर्षे श्रूयतां सम्यक् कथयामि कथां मुदा।
तां महापापसंहर्त्रीं शिवभक्तिविवर्धिनीम्॥ २

ब्रह्मा भन्नुहुन्छ—हे देवर्षि! सुन्नुहोस्, म यस कथालाई प्रसन्नतापूर्वक भन्दै छु। यो कथा पापको नाश गर्ने तथा शिवमा भक्ति बढाउनेवाला छ॥ २॥

पार्वती वचनं श्रुत्वा हरस्य परमात्मनः।
दृष्ट्वानन्दकरं रूपं जहर्षातीव च द्विज॥ ३
प्रत्युवाच महासाध्वी स्वोपकण्ठस्थितं विभुम्।
अतीव सुखिता देवी प्रीत्युत्फुल्लानना शिवा॥ ४

हे द्विज! परमात्मा हरका वचन सुनेर र उहाँको परमानन्दकारी रूपलाई देखेर पार्वती परम आनन्दित हुनुभयो। स्नेहका कारण उहाँका नेत्रकमल चम्किला भए। त्यसपछि ती महासाध्वी सुखी हुनुभयो र प्रसन्नतापूर्वक आफ्नो समीप उभिनुभएका प्रभुसित भन्न लागनुभयो॥ ३–४॥

पार्वत्युवाच

त्वं नाथो मम देवेश त्वया किं विस्मृतं पुरा।
दक्षयज्ञविनाशं हि यदर्थं कृतवान्हठात्॥ ५

स त्वं साहं समुत्पन्ना मेनायां कार्यसिद्धये।
देवानां देवदेवेश तारकाप्तासुखात्मनाम्॥ ६

पार्वती भन्नुहुन्छ—हे देवेश! हजुर त मेरो नाथ हुनुहुन्छ, के हजुरले यस कुरालाई बिर्सनुभयो कि मेरो निमित्त हजुरले दक्षको यज्ञ विनाश गर्नुभएको थियो। यद्यपि हजुर उही हुनुहुन्छ, तर म देवताहरूको कार्यसिद्धिका लागि मेनाबाट पुनः उत्पन्न भएकी छु। हे देवदेवेश! देवतागण तारक असुरबाट यस समय अत्यन्त पीडित भइरहेका छन्॥ ५–६॥

यदि प्रसन्नो देवेश करोषि च कृपां यदि।
पतिर्भव ममेशान मम वाक्यं कुरु प्रभो॥ ७

हे देवेश! यदि हजुर प्रसन्न हुनुहुन्छ र मप्रति कृपा गर्न चाहनुहुन्छ भने हे महेशान! हे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पितुर्गेहे मया सम्यग्गम्यते त्वदनुज्ञया।
प्रसिद्धं क्रियतां तद्वै विशुद्धं परमं यशः॥ ८

गन्तव्यं भवता नाथ हिमवत्पार्श्वतः प्रभो।
याचस्व मां ततो भिक्षुर्भूत्वा लीलाविशारदः॥ ९

तथा त्वया प्रकर्तव्यं लोकेषु ख्यापयन् यशः।
पितुर्मे सफलं सर्वं कुरुष्वैवं गृहाश्रमम्॥ १०

ऋषिभिर्बोधितः प्रीत्या स्वबन्धुपरिवारितः।
करिष्यति न संदेहस्तव वाक्यं पिता मम॥ ११

दक्षकन्या पुराहं वै पित्रा दत्ता यदा तव।
यथोक्तविधिना तत्र विवाहो न कृतस्त्वया॥ १२

न ग्रहाः पूजितास्तेन दक्षेण जनकेन मे।
ग्रहाणां विषयस्तेन सच्छिद्रोऽयं महानभूत्॥ १३

तस्माद्यथोक्तविधिना कर्तुमर्हसि मे प्रभो।
विवाहं त्वं महादेव देवानां कार्यसिद्धये॥ १४

विवाहस्य यथा रीतिः कर्तव्या सा तथा ध्रुवम्।
जानातु हिमवान् सम्यक् कृतं पुत्र्या शुभं तपः॥ १५

ब्रह्मोवाच

इत्येवं वचनं श्रुत्वा सुप्रसन्नः सदाशिवः।
प्रोवाच वचनं प्रीत्या गिरिजां प्रहसन्निव॥ १६

शिव उवाच

शृणु देवि महेशानि परमं वचनं मम।
यथोचितं सुमाङ्गल्यमविकारि तथा कुरु॥ १७

ब्रह्मादिकानि भूतानि त्वनित्यानि वरानने।
दृष्टं यत्सर्वमेतच्च नश्वरं विद्धि भामिनि॥ १८

एकोऽनेकत्वमापन्नो निर्गुणो हि गुणान्वितः।
स्वज्योत्स्नया यो विभाति परज्योत्स्नान्वितोऽभवत्॥ १९

स्वतन्त्रः परतन्त्रश्च त्वया देवि कृतो ह्यहम्।
सर्वकर्त्री च प्रकृतिर्महामाया त्वमेव हि॥ २०

प्रभो! हजुर मेरो पति बन्नुहोस् र मेरो वचन मान्नुहोस्। यस समय हजुर मलाई पिताको घरमा जाने आज्ञा दिनुहोस्, अब हजुर आफ्नु विशुद्ध र उत्कृष्ट यश जगत्मा प्रसिद्ध गर्नुहोस्॥ ७-८॥

हे नाथ! हे प्रभु! अनेक लीला गर्नुहुने हजुर भिक्षु बनेर मेरा पिताकहाँ जानु पर्नेछ र उहाँसित मलाई माग्नु पर्ने छ। हजुरले आफ्नो यशको लोकमा विस्तार गर्दै यस्तो उपाय गर्नु पर्ने छ, जसबाट मेरो पिताको गृहस्थाश्रम सफल होस्। ऋषिहरूले मेरो पितालाई सम्झाइदिएका छन्, यसैले बन्धुजन एवं परिवारले युक्त मेरो पिताले हजुरका कुरा निःसन्देह मान्नु हुने छ॥ ९-११॥

पूर्व समयमा जब म दक्षकी कन्या थिएँ, त्यस समय पनि मेरो पिताले मलाई तपाईंलाई नै दिनुभएको थियो, तर त्यस समय तपाईंले यथोक्त विधिबाट मसित विवाह गर्नुभएको थिएन। त्यस समय मेरो पिता दक्षले विधिपूर्वक ग्रहहरूको पूजा गरेका थिएनन्। ती ग्रहहरूका कारण नै विवाहमा विघ्न भयो॥ १२-१३॥

अतः हे प्रभु! हे महादेव! देवताहरूको कार्यसिद्धिका लागि हजुर यथोक्त रीतिले मसँग विवाह गर्नुहोस्॥ १४॥

विवाहको जुन विधि छ, त्यसलाई अवश्य गर्नुपर्दछ, जसबाट हिमवान्ले जानुन् कि मेरी पुत्रीले उत्तम तपस्या गरेकी छिन्॥ १५॥

ब्रह्मा भन्नुहुन्छ—यो वचन सुनेर सदाशिव अत्यन्त प्रसन्न हुनुभयो र उहाँ हाँस्तै प्रेमपूर्वक पार्वतीसित यो वचन भन्न लाग्नुभयो—॥ १६॥

शिव भन्नुहुन्छ—हे देवी! हे महेशानी! मेरो उत्तम कुरा सुन, जसबाट विवाहमा कुनै प्रकारको बाधा नहोस्, त्यस्तो उचित मंगल कार्य गर। हे भामिनी! यस जगत्मा ब्रह्मा आदिदेखि लिएर जति पनि स्थावर तथा जंगम पदार्थ देखिन्छन्, तिनलाई अनित्य तथा नश्वर सम्झ॥ १७-१८॥

यी एक निर्गुण ब्रह्म नै सगुण रूप धारण गरी अनेक रूपमा परिवर्तित भएका छन्, उनै स्वयं आफ्नो सत्ताले प्रकाशित भएर पनि पर प्रकाशले युक्त भएका छन्। हे देवी! म सदा स्वतन्त्र हुँ, तर तिमीले मलाई परतन्त्र बनाइदियौ; किनभने सबथोक गर्ने महामाया प्रकृति तिमी नै हौ॥ १९-२०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मायामयं कृतमिदं च जगत्समग्रं
सर्वात्मना हि विधृतं परया स्वबुद्ध्या।
सर्वात्मभिः सुकृतिभिः परमात्मभावैः
संसिक्तमात्मनि गुणैः परिवेष्टितञ्च॥ २१

यो सम्पूर्ण जगत् मायाद्वारा रचित छ र सर्वात्मा परमात्माले आफ्नो श्रेष्ठ बुद्धिद्वारा यसलाई धारण गरिराख्नुभएको छ। सबै पवित्र आत्माहरू, जो परमात्माको स्वरूपलाई प्राप्त गरिसकेका छन् र सदा मसँगै अभेदभावले रहन्छन्, उनीहरूबाट तथा आफ्नो गुणहरूबाट यो संसार घेरिएको छ॥ २१॥

के ग्रहाः के ऋतुगणाः के वान्येऽपि त्वया ग्रहाः।
किमुक्तं चाधुना देवि शिवार्थं वरवर्णिनि॥ २२

हे देवी! यस जगत्मा तिमीलाई छोडेर न त कुनै ग्रह छ, न त कुनै ऋतु छ। हे वरवर्णिनी! तिमी शिवका लागि ग्रहहरूको कुरा किन गर्दैछ्यौ ?॥ २२॥

गुणकार्यप्रभेदेनावाभ्यां प्रादुर्भवः कृतः।
भक्तहेतोर्जगत्यस्मिन्भक्तवत्सलभावतः ॥ २३
त्वं हि वै प्रकृतिः सूक्ष्मा रजः सत्त्वतमोमयी।
व्यापारदक्षा सततं सगुणा निर्गुणापि च॥ २४

हामी दुवै भक्तहरूका लागि भक्तवत्सलतावश गुण-कार्यको भेदले प्रकट भएका छौँ। रज, सत्त्व तथा तमोमयी तिमी सूक्ष्म प्रकृति हौ, निरन्तर जगत्को कार्यमा दक्ष छौ र सगुण तथा निर्गुण रूपकी छौ॥ २३-२४॥

सर्वेषामिह भूतानामहमात्मा सुमध्यमे।
निर्विकारी निरीहश्च भक्तेच्छोपात्तविग्रहः॥ २५

हिमालयं न गच्छेयं जनकं तव शैलजे।
ततस्त्वां भिक्षुको भूत्वा न याचेयं कथंचन॥ २६

हे सुमध्यमा! सबै प्राणीहरूको आत्मा म नै हुँ। म सर्वथा निर्विकार तथा निरीह भए तापनि भक्तहरूका लागि नै शरीर धारण गर्दछु। तर हे शैलपुत्रि! म तिम्रो पिता हिमालयकहाँ जाँदिन। न त भिक्षुकको रूप धारण गरी उनीसित तिमीलाई माग्न नै आउनेछु॥ २५-२६॥

महागुणैर्गरिष्ठोऽपि महात्मापि गिरीन्द्रजे।
देहीति वचनात्सद्यः पुरुषो याति लाघवम्॥ २७

इत्थं ज्ञात्वा तु कल्याणि किमस्माकं वदस्यथ।
कार्यं त्वदाज्ञया भद्रे यथेच्छसि तथा कुरु॥ २८

हे गिरिजा! महान् गुणहरूले वरिष्ठ कोही जतिसुकै ठुलो किन नहोस्, त्यो 'दिनुहोस्'—यस शब्दको उच्चारण गर्नासाथ लघुतामा प्राप्त हुन जान्छ। हे कल्याणी! यस कुरालाई जानेर पनि तिमी मसित यस प्रकारको कुरा किन गर्दैछ्यौ ? हे भद्रे! यो कार्य त तिम्रो आज्ञानुसार नै मैले गर्नु छ, अतः तिमी जस्तो चाहन्छ्यौँ, त्यस्तै गर॥ २७-२८॥

ब्रह्मोवाच

तेनोक्तापि महादेवी सा साध्वी कमलेक्षणा।
जगाद शंकरं भक्त्या सुप्रणम्य पुनः पुनः॥ २९

ब्रह्मा भन्नुहुन्छ—उहाँद्वारा यसो भनिएपछि कमलका समान नेत्र भएकी साध्वी महादेवी भक्तिपूर्वक शंकरलाई पटक-पटक प्रणाम गरी उहाँसित पुनः भन्न लाग्नुभयो—॥ २९॥

पार्वत्युवाच

त्वमात्मा प्रकृतिश्चाहं नात्र कार्या विचारणा।
स्वतन्त्रौ भक्तवशगौ निर्गुणौ सगुणावपि॥ ३०

पार्वती भन्नुहुन्छ—[हे महेश्वर!] हजुर आत्मा हुनुहुन्छ र म प्रकृति हुँ, यसमा सन्देह गर्नु हुन्न। हामी दुवै स्वतन्त्र एवं गुणरहित भएर पनि भक्तको वशमा भएर सगुण रूप धारण गर्दछौँ॥ ३०॥

प्रयत्नेन त्वया शम्भो कार्यं वाक्यं मम प्रभो।
याचस्व मां हिमगिरेः सौभाग्यं देहि शङ्कर॥ ३१

हे शम्भु! हे प्रभु! हजुरले मेरो कुरा प्रयत्नपूर्वक मान्नु पर्छ। अतः हे शंकर! हजुर हिमालयसित याचना गर्नुहोस्, मलाई सौभाग्य प्रदान गर्नुहोस्॥ ३१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृपां कुरु महेशान तव भक्तास्मि नित्यशः।
तव पत्नी सदा नाथ ह्यहं जन्मनि जन्मनि॥ ३२

त्वं ब्रह्म परमात्मा हि निर्गुणः प्रकृतेः परः।
निर्विकारी निरीहश्च स्वतन्त्रः परमेश्वरः॥ ३३

तथापि सगुणोऽपीह भक्तोद्धारपरायणः।
विहारी स्वात्मनि रतो नानालीलाविशारदः॥ ३४

सर्वथा त्वामहं जाने महादेव महेश्वर।
किमुक्तेन च सर्वज्ञ बहुना हि दयां कुरु॥ ३५

विस्तारय यशो लोके कृत्वा लीलां महाद्भुताम्।
यत्सुगीय जना नाथाञ्जसोत्तीर्णा भवाम्बुधिम्॥ ३६

हे महेश्वर! हजुर ममाथि दया गर्नुहोस्, म हजुरकी नित्य भक्त हुँ। हे नाथ! म सदा जन्म-जन्मान्तरको हजुरकी पत्नी हुँ। हजुर ब्रह्म, परमात्मा, निर्गुण, प्रकृतिबाट पर, विकाररहित, इच्छारहित, स्वतन्त्र तथा परमेश्वर हुनुहुन्छ, तथापि भक्तहरूको उद्धारका लागि हजुर सगुण रूप धारण गर्नुहुन्छ। हजुर आत्मपरायण भएर पनि विहार गर्ने तथा नाना प्रकारका लीलामा निपुण हुनुहुन्छ। हे महादेव! हे महेश्वर! म हजुरलाई सर्वथा जान्दछु। हे सर्वज्ञ! धेरै भन्नुको के प्रयोजन, हजुर ममाथि दया गर्नुहोस्॥ ३२—३५॥

हे नाथ! हजुर अद्भुत लीला गरी संसारमा आफ्नो यशको विस्तार गर्नुहोस्, जसको गान गरी हजुरका भक्त यस संसाररूपी समुद्रबाट अनायास नै पार भइजाऊन्॥ ३६॥

ब्रह्मोवाच

इत्येवमुक्त्वा गिरिजा सुप्रणम्य पुनः पुनः।
विरराम महेशानं नतस्कन्धा कृताञ्जलिः॥ ३७

इत्येवमुक्तः स तया महात्मा
महेश्वरो लोकविडम्बनाय।
तथेति मत्वा प्रहसन् बभूव
मुदान्वितः कर्तुमनास्तदेव॥ ३८

ततो ह्यन्तर्हितश्शम्भुर्बभूव सुप्रहर्षितः।
कैलासं प्रययौ काल्या विरहाकृष्टमानसः॥ ३९

तत्र गत्वा महेशानो नन्द्यादिभ्यः स ऊचिवान्।
वृत्तान्तं सकलं तं वै परमानन्दनिर्भरः॥ ४०

तेऽपि श्रुत्वा गणाः सर्वे भैरवाद्याश्च सर्वशः।
बभूवुः सुखिनोऽत्यन्तं विदधुः परमोत्सवम्॥ ४१

महत् सुमङ्गलं तत्र बभूवातीव नारद।
सर्वेषां दुःखनाशोऽभूद्रुद्रः प्रापापि संमुदम्॥ ४२

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार भनेर गिरिजा शंकरलाई वारम्वार हात जोडेर शिर झुकाएर प्रणाम गरी मौन हुनुभयो॥ ३७॥

पार्वतीले जब यस प्रकार भन्नुभयो, तब लोक-विडम्बनाका निमित्त शंकरले हाँस्तै प्रसन्न भएर यस्तै हुने छ—यो भनेर उहाँ त्यस्तो गर्नका लागि तयार हुनुभयो॥ ३८॥

त्यसपछि ती शम्भु प्रसन्न भई अन्तर्धान हुनुभयो र कालीको विरहले आकृष्टचित्त हुनुभएका उहाँ कैलासमा जानुभयो॥ ३९॥

त्यहाँ गएर ती महेश्वरले परमानन्दमा निमग्न भई यो सारा वृत्तान्त नन्दीश्वरादि गणहरूलाई बताउनु भयो॥ ४०॥

यस वृत्तान्तलाई सुनेर ती सम्पूर्ण भैरवादि गण पनि ज्यादै सुखी भए र महान् उत्सव गर्न लागे॥ ४१॥

हे नारद! त्यस समय त्यहाँ महामंगल हुन लाग्यो, सबैको दुःख दूर भयो र रुद्रलाई पनि परम प्रसन्नता प्राप्त भयो॥ ४२॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे शिवाशिवसंवादवर्णनं नामैकोनत्रिंशोऽध्यायः॥ २९॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा शिवा-शिवसंवादवर्णन नामक उनन्तिसौँ अध्याय पूर्ण भयो॥ २९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ त्रिंशोऽध्यायः

पार्वती पिताको घरमा आउनुभएपछि महामहोत्सव हुनु, महादेव नटरूप धारण गरी त्यहाँ उपस्थित हुनु तथा अनेक लीला देखाउनु, शिवद्वारा पार्वतीको याचना, तर माता-पिताले नदिएपछि अन्तर्धान हुनु

नारद उवाच

विधे तात महाभाग धन्यस्त्वं परमार्थदृक्।
अद्भुतेयं कथाश्रावि त्वदनुग्रहतो मया॥ १
गते हरे स्वशैले हि पार्वती सर्वमङ्गला।
किं चकार गता कुत्र तन्मे वद महामते॥ २

ब्रह्मोवाच

शृणु सुप्रीतितस्तात यज्जातं तदनन्तरम्।
हरे गते निजस्थाने तद् वदामि शिवं स्मरन्॥ ३
पार्वत्यपि सखीयुक्ता रूपं कृत्वा तु सार्थकम्।
जगाम स्वपितुर्गेहं महादेवेति वादिनी॥ ४
पार्वत्यागमनं श्रुत्वा मेना च स हिमाचलः।
दिव्यं यानं समारुह्य प्रययौ हर्षविह्वलः॥ ५
पुरोहितश्च पौराश्च सख्यश्चैवाप्यनेकशः।
सम्बन्धिनस्तथान्ये च सर्वे ते च समाययुः॥ ६
भ्रातरः सकला जग्मुर्मैनाकप्रमुखास्तदा।
जयशब्दं प्रब्रुवन्तो महाहर्षसमन्विताः॥ ७
संस्थाप्य मङ्गलघटं राजवर्त्मनि राजिते।
चन्दनागरुकस्तूरीफलशाखासमन्विते॥ ८
सुपुरोधाब्राह्मणैश्च मुनिभिर्ब्रह्मवादिभिः।
नारीभिर्नर्तकीभिश्च गजेन्द्रादिसुशोभितैः॥ ९
परितः परितो रंभास्तम्भवृन्दसमन्विते।
पतिपुत्रवतीयोषित्समूहैर्दीपहस्तकैः॥ १०
द्विजवृन्दैश्च संयुक्ते कुर्वद्भिर्मङ्गलध्वनिम्।
नानाप्रकारवाद्यैश्च शंखध्वनिभिरन्विते॥ ११
एतस्मिन्नन्तरे दुर्गाजगाम स्वपुरान्तिकम्।
विशंती नगरं देवी ददर्श पितरौ पुनः॥ १२
सुप्रसन्नौ प्रधावन्तौ हर्षविह्वलमानसौ।
दृष्ट्वा काली सुप्रहृष्टा स्वालिभिः प्रणनाम तौ॥ १३

नारद भन्नुहुन्छ—हे विधि! हे तात! हे महाभाग! परमार्थका ज्ञाता हजुर धन्य हुनुहुन्छ, हजुरको कृपाले मैले यो अद्भुत कथा सुनें। जब शिव कैलास जानुभयो, तब सर्वमंगला पार्वतीले के गर्नुभयो र उहाँ पुनः कहाँ जानुभयो ? हे महामति! मसित भन्नुहोस्॥ १-२॥

ब्रह्मा भन्नुहुन्छ—हे तात! हर आफ्नो स्थानमा जानुभएपछि जे जति भयो, त्यसलाई प्रेमपूर्वक सुन्नुहोस्, म शिवको स्मरण गरी भनिरहेको छु॥ ३॥

पार्वती आफ्नु रूप सार्थक गरी 'महादेव' शब्दको उच्चारण गर्दै आफ्ना सखीहरूसँगै पिताको घर जानुभयो। पार्वतीको आगमनको समाचार सुन्नासाथ मेना तथा हिमालय दिव्य विमानमा चढेर हर्षले विभोर भई उहाँको स्वागतका लागि गए॥ ४-५॥

त्यस समय पुरोहित, पुरवासी, अनेक सखीहरू तथा अरू सबै सम्बन्धी आए। मैनाक आदि सबै दाजु प्रसन्न भई 'जय' शब्दको उच्चारण गर्न लागे॥ ६-७॥

चन्दन, अगरु, कस्तूरी, फल तथा वृक्षका शाखाहरूले युक्त राजमार्गलाई अपूर्व सजावटले सम्पन्न गरी स्थान-स्थानमा मंगलघडा स्थापित गराए॥ ८॥

सारा राजमार्ग पुरोहित, ब्राह्मण, ब्रह्मवेत्ता, मुनिहरू, नर्तकीहरू एवं ठुला-ठुला गजेन्द्रहरूले खचाखच भरिए॥ ९॥

ठाउँ-ठाउँमा केराका थम्बा लगाएर चारैतिर पति-पुत्रवती स्त्रीहरू हातमा दीयो लिए उभिए। ब्राह्मणहरूको समूह मंगलपाठपूर्वक वेदहरूको उद्घोष गरिरहेका थिए। अनेक प्रकारका वाद्य तथा शंखको ध्वनि भइरहेका थिए। यसै बीच दुर्गा देवी आफ्नो नगरको नजिक आइपुगनुभयो र प्रवेश गर्नासाथ उहाँले सर्वप्रथम आफ्ना माता-पिताको पुनः दर्शन गर्नुभयो। ती कालीलाई देखेर माता-पिता हर्षले विभोर भई प्रसन्नताले दौडिन लागे। पार्वतीले पनि पुनः उनीहरूलाई हेरेर सखीहरूसहित प्रणाम गर्नुभयो॥ १०-१३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तौ सम्पूर्णाशिषं दत्त्वा चक्रतुस्तौ स्ववक्षसि।
हे वत्से त्वेवमुच्चार्य रुदन्तौ प्रेमविह्वलौ॥ १४

ततः स्वकीया अप्यस्या अन्या नार्योऽपि संमुदा।
भ्रातृस्त्रियोऽपि सुप्रीत्या दृढालिङ्गनमादधुः॥ १५

साधितं हि त्वया सम्यक् सुकार्यं कुलतारणम्।
त्वत्सदाचरणेनापि पाविताः स्माखिला वयम्॥ १६

इति सर्वे सुप्रशंस्य प्रणेमुस्तां प्रहर्षिताः।
चन्दनैः सुप्रसूनैश्च समानर्चुः शिवां मुदा॥ १७

तस्मिन्नवसरे देवा विमानस्था मुदाम्बरे।
पुष्पवृष्टिं शुभां चक्रुर्नत्वा तां तुष्टुवुः स्तवैः॥ १८

तदा तां च रथे स्थाप्य सर्वे शोभान्विते वरे।
पुरं प्रवेशयामासुः सर्वे विप्रादयो मुदा॥ १९

अथ विप्राः पुरोधाश्च सख्योऽन्याश्च स्त्रियः शिवाम्।
गृहं प्रवेशयामासुर्बहुमानपुरस्सरम्॥ २०

स्त्रियो निर्मञ्छनं चक्रुर्विप्रा युयुजुराशिषः।
हिमवान्मेनका माता मुमोदाति मुनीश्वर॥ २१

स्वाश्रमं सफलं मेने कुपुत्रात्पुत्रिका वरा।
हिमवान्नारदं त्वां च संस्तुवन् साधु साध्विति॥ २२

ब्राह्मणेभ्यश्च बंदिभ्यः पर्वतेन्द्रो धनं ददौ।
मङ्गलं पाठयामास स द्विजेभ्यो महोत्सवम्॥ २३

एवं स्वकन्यया हृष्टौ पितरौ भ्रातरस्तथा।
जामयश्च महाप्रीत्या समूषुः प्राङ्गणे मुने॥ २४

ततः स हिमवान् तात सुप्रहृष्टः प्रसन्नधीः।
सम्मान्य सकलान्प्रीत्या स्नातुं गङ्गां जगाम ह॥ २५

एतस्मिन्नन्तरे शंभुः सुलीलो भक्तवत्सलः।
सुनर्तकनटो भूत्वा मेनकासंनिधिं ययौ॥ २६
शृङ्गं वामे करे धृत्वा दक्षिणे डमरुं तथा।
पृष्ठे कंथां रक्तवासा नृत्यगानविशारदः॥ २७

माता-पिताले आशीर्वाद दिएर कालीलाई आफ्नो काखमा लिए अनि 'हे वत्सा!'—यस प्रकार उच्चारण गरी स्नेहले विह्वल भई रुन लागे॥ १४॥

त्यसपछि उहाँका आफ्ना नाता-सम्बन्धीहरूका स्त्रीहरूले तथा भाउजुहरूले पनि प्रीतिपूर्वक पार्वतीलाई दृढ अंकमाल गरे र उनीहरूले भने—तिमीले कुलको उद्धार हुने कार्य राम्ररी सम्पन्न गर्‍यौ। तिम्रो यस सदाचरणबाट हामी सबै पवित्र भयौँ॥ १५-१६॥

यस प्रकार गिरिजाको प्रशंसा गरी सबैले उहाँलाई प्रणाम गरे र चन्दन तथा उत्तम पुष्पहरूद्वारा प्रसन्नताले उहाँको पूजा गर्न लागे॥ १७॥ त्यसै समय विमानहरूमा बसेका देवगण पनि आकाशबाट फूलहरूको वर्षा गर्न लागे र पार्वतीलाई नमस्कार गरी स्तोत्रहरूले उहाँको स्तुति गर्न लागे। त्यसपछि ब्राह्मण आदि प्रसन्नतापूर्वक अनेक प्रकारका शोभाले सुसज्जित रथमा पार्वतीलाई बसाएर नगरमा लिएर गए र ब्राह्मण, पुरोहित, स्त्रीहरू तथा सखीहरूले बडो प्रेमका साथ आदरपूर्वक उहाँलाई घरमा प्रवेश गराए॥ १८—२०॥

स्त्रीहरू मंगलाचार गर्न लागे र ब्राह्मण आशीर्वाद दिन लागे। हे मुनीश्वर! त्यस समय माता मेनका तथा पिता हिमवान् अत्यन्त प्रसन्न भए। उनीहरूले गृहस्थाश्रमलाई सफल मान्दै कुपुत्र हुनुभन्दा पुत्री नै राम्रो हो भने। त्यसपछि ती हिमालय, तपाईं नारदलाई पनि साधुवाद दिँदै प्रशंसा गर्न लागे॥ २१-२२॥

पर्वतराज हिमालयले ब्राह्मणहरू एवं बन्दीजन-हरूलाई धेरै धन दिए र ब्राह्मणहरूद्वारा मंगलपाठ गराए, धेरै ठुलो उत्सव गरे॥ २३॥

हे मुनि! यस प्रकार प्रसन्न भएका माता-पिता, दाजु तथा सबै सम्बन्धीगण पार्वतीसँग आँगनमा बसे॥ २४॥

हे तात! तत्पश्चात् हिमालय परम प्रसन्न भई सबै सम्बन्धीहरूको प्रेमपूर्वक सम्मान गरी गंगास्नान गर्न गए॥ २५॥

त्यसै समय लीला गर्नमा तत्पर भक्तवत्सल भगवान् शंकर सुन्दर नृत्य गर्ने नटको रूप धारण गरी मेनकाको समीप पुग्नुभयो। उहाँ बायाँ हातमा शृंगी, दाहिने हातमा डमरू तथा ढाडमा चीरवस्त्र धारण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततस्सुनटरूपोऽसौ मेनाया प्राङ्गणे मुदा।
चक्रे सुनृत्यं विविधं गानं चातिमनोहरम्॥ २८

शृङ्गं च डमरुं तत्र वादयामास सुध्वनिम्।
महतीं विविधां तत्र स चकार मनोहराम्॥ २९

तां द्रष्टुं नागराः सर्वे पुरुषाश्च स्त्रियस्तथा।
आजग्मुः सहसा तत्र बाला वृद्धा अपि ध्रुवम्॥ ३०

श्रुत्वा सुगीतं तद् दृष्ट्वा सुनृत्यं च मनोहरम्।
सहसा मुमुहुः सर्वे मेनापि च तदा मुने॥ ३१

मूर्च्छां संप्राप सा दुर्गा विलोक्य हृदि शंकरम्।
त्रिशूलादिकचिह्नानि बिभ्रतं चातिसुन्दरम्॥ ३२

विभूतिभूषितं रम्यमस्थिमालासमन्वितम्।
त्रिलोचनोज्ज्वलद्वक्त्रं नागयज्ञोपवीतकम्॥ ३३

वरं वृणिवत्युक्तवन्तं गौरवर्णं महेश्वरम्।
दीनबन्धुं दयासिन्धुं सर्वथा सुमनोहरम्॥ ३४

हृदयस्थं हरं दृष्ट्वेदृशं सा प्रणनाम तम्।
वरं वव्रे मानसं हि पतिर्मे त्वं भवेति च॥ ३५

वरं दत्त्वा शिवां चाथ तादृशं प्रीतितो हृदा।
अन्तर्धाय पुनस्तत्र सुननर्त स भिक्षुकः॥ ३६

ततो मेना सुरत्नानि स्वर्णपात्रस्थितानि च।
तस्मै दातुं ययौ प्रीत्या तद्भूतिप्रीतमानसः॥ ३७

तानि न स्वीचकारासौ भिक्षां याचे शिवां च ताम्।
पुनः सुनृत्यं गानञ्च कौतुकात्कर्तुमुद्यतः॥ ३८

मेना तद्वचनं श्रुत्वा चुकोपाति सुविस्मिता।
भिक्षुकं भर्त्सयामास बहिष्कर्तुमियेष सा॥ ३९

एतस्मिन्नन्तरे तत्र गङ्गातो गिरिरायर्यौ।
ददर्श पुरतो भिक्षुं प्राङ्गणस्थं नराकृतिम्॥ ४०

श्रुत्वा मेनामुखाद् वृत्तं तत्सर्वं सुचुकोप सः।
आज्ञां चकारानुचरान्बहिष्कर्तुञ्च तं नटम्॥ ४१

महाग्निमिव दुःस्पर्शं प्रज्वलन्तं सुतेजसम्।
न शशाक बहिष्कर्तुं कोऽपि तं मुनिसत्तम॥ ४२

गरी रक्तवस्त्र पहिरिनुभएको थियो। नृत्य-गानमा प्रवीण ती शिव मेनाको आँगनमा बडो प्रसन्नताका साथ अनेक प्रकारका मनोहर नृत्य एवं गान गर्न लाग्नुभयो॥ २६—२८॥

उहाँ सुन्दर ध्वनिबाट शृंगी तथा डमरू बजाउन र नाना प्रकारका मनोहर लीला गर्न लाग्नुभयो॥ २९॥

त्यस लीलालाई हेर्नका लागि सबै नगर-निवासी स्त्री-पुरुष, बालक तथा वृद्ध सहसा त्यहाँ आए॥ ३०॥

हे मुनि! त्यस मनोहर नृत्यलाई देखेर एवं गीतलाई सुनेर सबैजना तथा मेना पनि अत्यन्त मोहित भइन्। त्रिशूल आदि चिह्नले युक्त एवं अत्यन्त मनोहर रूप धारण गरेका ती नटलाई देखेर पार्वती पनि उहाँलाई हृदयबाट शंकर जानेर मूर्च्छित हुनुभयो॥ ३१-३२॥

विभूतिले विभूषित हुनाको कारण अत्यन्त मनोहर, अस्थिमालाले समन्वित, त्रिलोचन, देदीप्यमान मुख-मण्डल भएका, नागको यज्ञोपवीत धारण गर्नुभएका, गोरोवर्ण, दीनबन्धु, दयासागर, सर्वथा मनोहर र 'वर माग' यस प्रकार भन्दै ती हृदयस्थ महेश्वरलाई देखेर पार्वतीले उहाँलाई प्रणाम गर्नुभयो र मनमा वर माग्नुभयो कि हजुर नै मेरो पति हुनुहोस्॥ ३३—३५॥

यस प्रकार हृदयले पार्वतीलाई प्रीतिपूर्वक वर दिएर शिव अन्तर्धान भएर पुनः भिक्षुकको रूप धारण गरी नृत्य गर्न लाग्नुभयो। तब त्यस नृत्यबाट प्रसन्न भएर मेना सुनको पात्रमा धेरै रत्न राखेर ज्यादै प्रेमले ती भिक्षुकलाई दिनका लागि गइन्, तर भिक्षुकले त्यसलाई स्वीकार गरेनन् र भिक्षामा शिवालाई मागे तथा पुनः नृत्य-गान गर्न लागे॥ ३६—३८॥

मेना भिक्षुकको वचनलाई सुनेर विस्मित भई क्रोधित भइन्। ती भिक्षुकको भर्त्सना गर्न लागिन् र उनले उहाँलाई बाहिर निकाल्ने इच्छा गरिन्। यसै समय हिमालय पनि गंगाबाट आइपुगे र उनले नरको आकृति भएका भिक्षुकलाई आँगनमा स्थित देखे॥ ३९-४०॥

मेनाद्वारा सबै कुरा जानेर हिमालयलाई ठुलो रिस उठ्यो। उनले भिक्षुकलाई घरबाट बाहिर निकाल्नका लागि आफ्ना सेवकहरूलाई आज्ञा दिए॥ ४१॥

तर हे मुनिसत्तम! प्रलयाग्निसमान बल्दै गरेको तेजबाट अत्यन्त दुःसह ती भिक्षुकलाई बाहिर निकाल्नमा कोही पनि समर्थ भएनन्॥ ४२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततः स भिक्षुकस्तात नानालीलाविशारदः।
दर्शयामास शैलाय स्वप्रभावमनन्तकम्॥ ४३
शैलो ददर्श तं तत्र विष्णुरूपधरं द्रुतम्।
किरीटिनं कुण्डलिनं पीतवस्त्रं चतुर्भुजम्॥ ४४

हे तात! त्यस समय अनेक लीलाहरूमा प्रवीण ती भिक्षुकले पर्वतराज हिमालयलाई आफ्नु अनन्त प्रभाव देखाए। हिमालयले ती भिक्षुक तत्क्षण किरीट, कुण्डल, पीताम्बर तथा चतुर्भुज रूप धारण गरी विष्णुस्वरूप भएको देखे॥ ४३-४४॥

यद्यत्पुष्पादिकं दत्तं पूजाकाले गदाभृते।
गात्रे शिरसि तत्सर्वं भिक्षुकस्य ददर्श ह॥ ४५

विष्णुपूजाका लागि उनले जुन-जुन पुष्पादि अर्पण गरेका थिए, ती सबै पूजोपहारका सामग्री विष्णुरूपधारी ती भिक्षुकको शिर एवं गलामा झल्किएको देखे॥ ४५॥

ततो ददर्श जगतां स्त्रष्टारं स चतुर्मुखम्।
रक्तवर्णं पठन्तं च श्रुतिसूक्तं गिरीश्वरः॥ ४६

तत्पश्चात् गिरिराजले भिक्षुकलाई रक्तवर्ण भएर वेदहरूका सूक्तहरू उच्चारण गर्दै, चतुर्भुज, जगत्स्त्रष्टा ब्रह्मास्वरूप भएको देखे॥ ४६॥

ततः सूर्यस्वरूपं च जगच्चक्षुस्स्वरूपकम्।
ददर्श गिरिराजः स क्षणं कौतुककारिणम्॥ ४७

ततो ददर्श तं तात रुद्ररूपं महाद्भुतम्।
पार्वती सहितं रम्यं विहसन्तं सुतेजसम्॥ ४८

पुनः गिरीश्वरले एक क्षणपछि देखे कि उनी जगच्चक्षु सूर्यको रूपमा परिवर्तित हुन गए। यस प्रकार उनले क्षण-क्षणमा रूप बदलेर कौतुक गर्दै गरेका ती भिक्षुकलाई देखे। हे तात! तत्पश्चात् हिमालयले देखे कि ती भिक्षुक अद्भुत रूप धारण गरेका रुद्र भएका छन्, जो पार्वतीसहित परम मनोहर आफ्नो तेजले प्रकाशित भइरहेका छन्॥ ४७-४८॥

ततस्तेजस्स्वरूपं च निराकारं निरंजनम्।
निरुपाधिं निरीहं च महाद्भुतमरूपकम्॥ ४९
एवं बहूनि रूपाणि तस्य तत्र ददर्श सः।
सुविस्मितो बभूवाशु परमानन्दसंयुतः॥ ५०

त्यसपछि उनले निराकार, निरंजन, निरुपाधि, निरीह, परम अद्भुत, तेजस्वरूपमा परिवर्तित हुँदै गरेका ती भिक्षुकलाई देखे। यस प्रकार जब हिमालयले ती भिक्षुकको अनेक विस्मयकारक रूप देखे, तब ती आनन्दयुक्त भएर आश्चर्यमा परे॥ ४९-५०॥

अथासौ भिक्षुवर्यो हि तस्मात्तस्याश्च सूतिकृत्।
भिक्षां ययाचे दुर्गां तां नान्यज्जग्राह किञ्चन॥ ५१
न स्वीचकार शैलेन्द्रो मोहितशिवमायया।
भिक्षुः किंचिन्न जग्राह तत्रैवान्तर्दधे ततः॥ ५२

त्यसपछि पुनः भिक्षुकरूपधारी ती सृष्टिकर्ता शिवले हिमालयसित दुर्गाको याचना गर्नुभयो र अरू केही मागनु भएन, तर शिवमायाले मोहित हुनाको कारण हिमालयले त्यसलाई स्वीकार गरेनन्, भिक्षुकले पनि अरू केही ग्रहण गरेनन् र त्यहीं अन्तर्धान भए॥ ५१-५२॥

तदा बभूव सुज्ञानं मेनाशैलेशयोरिति।
आवां शिवो वञ्चयित्वा स्वस्थानं गतवान्प्रभुः॥ ५३

तब मेना र शैलराजलाई ज्ञान भयो कि प्रभु शंकर हामी दुवैलाई वंचित गरी आफ्नो स्थानमा जानुभयो॥ ५३॥

तयोर्विचिन्त्य तत्रैवं शिवे भक्तिरभूत्परा।
महामोक्षकरी दिव्या सर्वानन्दप्रदायिनी॥ ५४

यस कुराको विचार गरी ती दुवैलाई दिव्य, सर्वानन्दप्रदायिनी तथा परम मोक्ष दिनहुने शिवमा परा भक्ति उत्पन्न भयो॥ ५४॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे पार्वतीप्रत्यागमनमहोत्सववर्णनं नाम त्रिंशोऽध्यायः॥ ३०॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा पार्वतीप्रत्यागमनमहोत्सववर्णन नामक तीसौं अध्याय पूर्ण भयो॥ ३०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथैकत्रिंशोऽध्यायः

देवताहरूको विन्तिमा शिव ब्राह्मण-वेषमा हिमालयकहाँ जानु र शिवको निन्दा गर्नु

ब्रह्मोवाच

तयोर्भक्तिं शिवे ज्ञात्वा परामव्यभिचारिणीम्।
सर्वे शक्रादयो देवाश्चिन्तुरिति नारद॥ १

ब्रह्मा भन्नुहुन्छ—हे नारद! यस प्रकार मेना र शैलराजको शिवमा अनन्य भक्ति देखेर इन्द्र आदि सबै देवताहरूले विचार गरे॥ १॥

देवा ऊचुः

एकान्तभक्त्या शैलश्चेत्कन्यां तस्मै प्रदास्यति।
ध्रुवं निर्वाणतां सद्यः स प्राप्स्यति च भारते॥ २

देवता भन्दछन्—यदि हिमालयले शिवमा अनन्य भक्तिपूर्वक शंकरलाई आफ्नो कन्या दिए भने भारतवर्षमा अवश्य नै निर्वाण पद प्राप्त गर्नेछन्॥ २॥

अनन्तरत्नाधारश्चेत्पृथ्वीं त्यक्त्वा प्रयास्यति।
रत्नगर्भाभिधा भूमिर्मिथ्यैव भविता ध्रुवम्॥ ३

स्थावरत्वं परित्यज्य दिव्यरूपं विधाय सः।
कन्यां शूलभृते दत्त्वा शिवलोकं गमिष्यति॥ ४

यदि यी अनन्त रत्नहरूले पूर्ण ती हिमालय वसुन्धरालाई त्यागेर गए भने निश्चय नै यस पृथिवीको रत्नगर्भा—यो नाम व्यर्थ हुनेछ। यस स्थावररूपलाई छोडेर दिव्यरूप धारण गरी आफ्नी कन्या शूलधारी शंकरलाई दिएर ती अवश्य नै शिवलोक जाने छन्॥ ३-४॥

महादेवस्य सारूप्यं लप्स्यते नात्र संशयः।
तत्र भुक्त्वा वरान्भोगांस्ततो मोक्षमवाप्स्यति॥ ५

उनलाई शिवलोकमा सारूप्य मुक्ति प्राप्त हुनेछ, यसमा संशय छैन। त्यहाँ अनेक प्रकारका श्रेष्ठ भोगहरूलाई भोगेर ती मुक्त हुने छन्॥ ५॥

ब्रह्मोवाच

इत्यालोच्य सुराः सर्वे कृत्वा चामन्त्रणं मिथः।
प्रस्थापयितुमैच्छंस्ते गुरुं तत्र सुविस्मिताः॥ ६

ब्रह्मा भन्नुहुन्छ—यो भनेर ती सबै देवता यस कुराको विचार गरी विस्मित भई परस्पर विमर्श गरी बृहस्पतिलाई हिमालयकहाँ पठाउने इच्छा गर्न लागे॥ ६॥

ततः शक्रादयो देवाः सर्वे गुरुनिकेतनम्।
जग्मुः प्रीत्या सविनया नारद स्वार्थसाधकाः॥ ७

हे नारद! तब इन्द्रादि सबै देवता स्वार्थ-साधनको इच्छाले विनम्र भएर प्रीतिपूर्वक बृहस्पतिको घर गए॥ ७॥

गत्वा तत्र गुरुं नत्वा सर्वे देवाः सवासवाः।
चक्रुर्निवेदनं तस्मै गुरवे वृत्तमादरात्॥ ८

ती देवता त्यहाँ गएर बृहस्पतिलाई प्रणाम गरी आदरपूर्वक गुरुसित सारा वृत्तान्त भन्न लागे— ॥ ८॥

देवा ऊचुः

गुरो हिमालयगृहं गच्छास्मत्कार्यसिद्धये।
तत्र गत्वा प्रयत्नेन कुरु निन्दां च शूलिनः॥ ९

देवता भन्दछन्—हे गुरु! तपाईं हामीहरूको कार्यसिद्धिका लागि हिमालयकहाँ जानुहोस् र त्यहाँ गएर प्रयत्नपूर्वक शिवको निन्दा गर्नुहोस्॥ ९॥

पिनाकिना विना दुर्गा वरं नान्यं वरिष्यति।
अनिच्छया सुतां दत्त्वा फलं तूर्णं लभिष्यति॥ १०

कालेनैवाधुना शैल इदानीं भुवि तिष्ठतु।
अनेकरत्नाधारं तं स्थापय त्वं क्षितौ गुरो॥ ११

पार्वती शिवबाहेक कसैलाई वरण गर्दिनन् र ती हिमालय विना इच्छा नै आफ्नी कन्या पार्वतीको विवाह शिवका साथ गर्ने छन् र चाँडै यसको फल प्राप्त गर्ने छन्। हे गुरु! हामीहरूको इच्छा छ कि हिमालय अहिले पृथिवीमा नै निवास गरून्। अतः तपाईं अनेक रत्नहरूलाई धारण गर्नुहुने ती हिमालयलाई पृथ्वीमा स्थापित गर्नुहोस्॥ १०-११॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

इति देववचः श्रुत्वा प्रददौ कर्णयोः करम्।
न स्वीचकार स गुरुः स्मरन्नाम शिवेति च॥ १२

अथ स्मृत्वा महादेवं बृहस्पतिरुदारधीः।
उवाच देववर्यांश्च धिक्कृत्वा च पुनः पुनः॥ १३

बृहस्पतिरुवाच

सर्वे देवाः स्वार्थपराः परार्थध्वंसकारकाः।
कृत्वा शंकरनिंदां हि यास्यामि नरकं ध्रुवम्॥ १४

कश्चिन्मध्ये च युष्माकं गच्छेच्छैलान्तिकं सुराः।
संपादयेत्स्वाभिमतं शैलेन्द्रं प्रतिबोध्य च॥ १५

अनिच्छया सुतां दत्त्वा सुखं तिष्ठतु भारते।
तस्मै भक्त्या सुतां दत्त्वा मोक्षं प्राप्स्यति निश्चितम्॥ १६

पश्चात्सप्तर्षयः सर्वे बोधयिष्यन्ति पर्वतम्।
पिनाकिना विना दुर्गा वरं नान्यं वरिष्यति॥ १७

अथवा गच्छत सुरा ब्रह्मलोकं सवासवाः।
वृत्तं कथयत स्वं तत्स वः कार्यं करिष्यति॥ १८

ब्रह्मोवाच

तच्छ्रुत्वा ते समालोच्याजग्मुर्मम सभां सुराः।
सर्वे निवेदयाञ्चक्रुर्नत्वा तद्गतमादरात्॥ १९

देवानां तद्वचः श्रुत्वा शिवनिन्दाकरं तदा।
वेदवक्ता विलप्याहं तानवोचं सुरान्मुने॥ २०

ब्रह्मोवाच

नाहं कर्तुं क्षमो वत्साः शिवनिन्दां सुदुस्सहाम्।
संपद्विनाशरूपां च विपदां बीजरूपिणीम्॥ २१

सुरा गच्छत कैलासं सन्तोषयत शंकरम्।
प्रस्थापयत तं शीघ्रं हिमालयगृहं प्रति॥ २२

स गच्छेदुपशैलेशमात्मनिन्दां करोतु वै।
परनिन्दा विनाशाय स्वनिन्दा यशसे मता॥ २३

ब्रह्मा भन्नुहुन्छ—देवगणहरूका यी कुरा सुनेर बृहस्पतिले आफ्ना कानहरूमा हात राख्नुभयो र शिवको नाम-स्मरण गर्दै उनीहरूको यस कुरालाई स्वीकार गर्नुभएन। उदारबुद्धि भएका बृहस्पति महादेवको स्मरण गरी श्रेष्ठ देवताहरूलाई पटक-पटक धिक्कार्दै भन्न लागे—॥ १२-१३॥

बृहस्पति भन्नुहुन्छ—हे देवताहरू हो! तिमीहरू स्वार्थसाधक र अरूको कार्यलाई विनष्ट गर्नेवाला हौ। शंकरको निन्दा गरी म निश्चित रूपले नरक जाने छु॥ १४॥

यसैले तिमीहरूमध्ये कोही हिमालयकहाँ गएर उनलाई सम्झाएर आफ्नु कार्य सिद्ध गर, जसबाट ती अनिच्छापूर्वक आफ्नी कन्या शिवलाई दिएर भारतवर्षमा निवास गरून्; किनभने भक्तिपूर्वक कन्या दिएमा तिनले निश्चिय नै मोक्ष प्राप्त गर्नेछन्॥ १५-१६॥

त्यसपछि सप्तर्षिले पर्वतराजलाई सम्झाउने छन् कि यी पार्वती शिवलाई छोडेर अरू कसैलाई वरण गर्दिनन्॥ १७॥

अथवा हे देवताहरू! तिमीहरू इन्द्रसँग ब्रह्मलोक जाओ र आफ्नो सारा वृत्तान्त ब्रह्मालाई बताओ, उहाँ नै तिमीहरूको कार्य सम्पन्न गर्नुहुने छ॥ १८॥

ब्रह्मा भन्नुहुन्छ—यो सुनेर विचार गरी ती सबै देवता मेरो सभामा आए र प्रणाम गरी उनीहरूले मसित आदरपूर्वक आफ्ना सारा वृत्तान्त निवेदन गरे॥ १९॥

हे मुनि! तब देवताहरूको त्यस शिवनिन्दाविषयक कुरालाई सुनेर वेदवक्ता म दुखी भएर ती देवताहरूसित भन्न लागेँ—॥ २०॥

ब्रह्मा भन्नुहुन्छ—हे वत्स हो! म शिवको दु:सह निन्दा गर्न सक्तिन; किनभने शिवको निन्दा सम्पत्तिको विनाश गर्ने एवं विपत्तिहरूको कारण हुने छ॥ २१॥

यसैले हे देवताहरू! तपाईंहरू कैलासमा जानुहोस् र शिवलाई सन्तुष्ट पार्नुहोस् तथा उहाँलाई नै हिमालयको घर पठाउनुहोस्। उहाँ नै स्वयं हिमालयको घर गएर आफ्नो निन्दा आफैँ गरून्; किनभने परनिन्दा विनाशका लागि र आत्मनिन्दा यशका लागि बताइएको छ॥ २२-२३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

श्रुत्वेति मद्वचो देवा मां प्रणम्य मुदा च ते।
कैलासं प्रययुः शीघ्रं शैलानामधिपं गिरिम्॥ २४

तत्र गत्वा शिवं दृष्ट्वा प्रणम्य नतमस्तकाः।
सुकृतांजलयः सर्वे तुष्टुवुस्तं सुरा हरम्॥ २५

देवा ऊचुः

देवदेव महादेव करुणाकर शंकर।
वयं त्वां शरणापन्नाः कृपां कुरु नमोऽस्तु ते॥ २६

त्वं भक्तवत्सलः स्वामिन्भक्तकार्यकरः सदा।
दीनोद्धरः कृपासिन्धुर्भक्तापद्विनिमोचकः॥ २७

ब्रह्मोवाच

इति स्तुत्वा महेशानं सर्वे देवाः सवासवाः।
सर्वं निवेदयांचक्रुस्तद्वृत्तं तत आदरात्॥ २८

तच्छ्रुत्वा देववचनं स्वीचकार महेश्वरः।
देवान् सुयापयामास तानाश्वास्य विहस्य सः॥ २९

देवा मुमुदिरे सर्वे शीघ्रं गत्वा स्वमंदिरम्।
सिद्धं मत्वा स्वकार्यं हि प्रशंसन्तः सदाशिवम्॥ ३०

ततः स भगवाञ्छम्भुर्महेशो भक्तवत्सलः।
प्रययौ शैलभूपं च मायेशो निर्विकारवान्॥ ३१

यदा शैलः सभामध्ये समुवास मुदान्वितः।
बन्धुवर्गैः परिवृतः पार्वतीसहितः स्वयम्॥ ३२

एतस्मिन्नन्तरे तत्र ह्याजगाम सदाशिवः।
दण्डी छत्री दिव्यवासा बिभ्रत्तिलकमुज्ज्वलम्॥ ३३

करे स्फटिकमालां च शालग्रामं गले दधत्।
जपन्नाम हरेर्भक्त्या साधुवेषधरो द्विजः॥ ३४

तं च दृष्ट्वा समुत्तस्थौ सगणोऽपि हिमालयः।
ननाम दण्डवद्भूमौ भक्त्यातिथिमपूर्वकम्॥ ३५

ननाम पार्वती भक्त्या प्राणेशं विप्ररूपिणम्।
ज्ञात्वा तं मनसा देवी तुष्टाव परया मुदा॥ ३६

ब्रह्मा भन्नुहुन्छ—ती देवता मेरो कुरा सुनेर प्रेमले मलाई प्रणाम गरी तत्काल शैलराज कैलास-पर्वतमा गए॥ २४॥

त्यहाँ गएर शिवलाई देखेर शिर झुकाई प्रणाम गरी हात जोडेर ती सबै देवता शिवको स्तुति गर्न लागे— ॥ २५॥

देवता भन्दछन्—हे देवदेव! हे महादेव! हे करुणाकर! हे शंकर! हामी सबै हजुरको शरणमा छौँ, हजुरलाई प्रणाम छ, हामीमाथि कृपा गर्नुहोस्॥ २६॥

हे स्वामी! हजुर भक्तवत्सल हुनुहुन्छ, सदा भक्तहरूका कार्य गर्नुहुने, दीनहरूको उद्धार गर्नुहुने, कृपासिन्धु र भक्तहरूका आपत्ति दूर गरिदिनु हुन्छ॥ २७॥

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार इन्द्रादि देवगणले शिवको स्तुति गरी बडो आदरका साथ आफ्नो सारा वृत्तान्त उहाँसित निवेदन गरे॥ २८॥

देवताहरूको त्यस कुरालाई सुनेर शिवले त्यसलाई स्वीकार गर्नुभयो र उहाँले हाँसेर देवताहरूलाई आश्वासन दिई उनीहरूलाई विदा गरिदिनुभयो॥ २९॥

तब सबै देवगण प्रसन्न भए र आफ्नो कार्य सिद्ध जानेर शिवको प्रशंसा गर्दै ती आफ्नो स्थानमा गए। तब ती भक्तवत्सल, मायेश, निर्विकार महेश्वर भगवान् शम्भु शैलराजकहाँ जानुभयो॥ ३०–३१॥

त्यस समय गिरिराज आफ्ना बन्धुहरूका साथ पार्वतीसहित प्रसन्न मनले सभामा विराजमान थिए॥ ३२॥

त्यसै समय दण्ड, छत्र एवं दिव्य वस्त्र धारण गरेका तथा उज्ज्वल तिलक लगाएका भगवान् सदाशिव उनको सभामा पुग्नुभयो॥ ३३॥

उहाँले एउटा हातमा स्फटिकको माला र गलामा शालग्रामशिला धारण गर्नुभएको थियो। उहाँले राम्ररी ब्राह्मणको वेष धारण गरी नारायणको नामको जप गरिरहनुभएको थियो॥ ३४॥

उहाँलाई देखेर हिमालय सभासदहरूका साथ उभिनुभयो र उनीहरूले भूतलमा दण्डसमान लम्पसार परी भक्तिभावले ती अपूर्व अतिथिलाई साष्टांग प्रणाम गरे॥ ३५॥

ब्राह्मणवेषधारी शिवलाई आफ्नो प्राणेश्वर सम्झेर पार्वतीले प्रणाम गरी हृदयले परम प्रसन्नतापूर्वक स्तुति गर्नुभयो॥ ३६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आशिषं युयुजे विप्रः सर्वेषां प्रीतितश्शिवः।
शिवाया अधिकं तात मनोऽभिलषितं हृदा॥ ३७

ब्राह्मणवेष धारण गर्नुहुने ती सदाशिवले बडो प्रेम-पूर्वक ती सबलाई आशीर्वाद दिनुभयो र विशेष गरी पार्वतीलाई हृदयदेखि नै मनोवांछित आशीर्वाद प्रदान गर्नुभयो॥ ३७॥

मधुपर्कादिकं सर्वं जग्राह ब्राह्मणो मुदा।
दत्तं शैलाधिराजेन हिमागेन महादरात्॥ ३८

ती ब्राह्मणले शैलाधिराज हिमवान्द्वारा बडो आदरका साथ प्रदान गरिएका मधुपर्क आदिलाई प्रेमपूर्वक ग्रहण गर्नुभयो॥ ३८॥

पप्रच्छ कुशलं चास्य हिमाद्रिः पर्वतोत्तमः।
तं द्विजेन्द्रं महाप्रीत्या सम्पूज्य विधिवन्मुने॥ ३९

पुनः पप्रच्छ शैलेशस्तं ततः को भवानिति।
उवाच शीघ्रं विप्रेन्द्रो गिरीन्द्रं सादरं वचः॥ ४०

हे मुनि! यस प्रकार प्रेमपूर्वक ती द्विजेन्द्रको विधिवत् पूजा गरिसकेपश्चात् पर्वतश्रेष्ठ हिमालय उहाँको कुशल सोध्न लागे। पर्वतराजले उहाँसित सोधे कि तपाईं को हुनुहुन्छ ? तब विप्रेन्द्र गिरिराजसित आदरपूर्वक शीघ्र यो वचन भन्न लागे—॥ ३९-४०॥

विप्रेन्द्र उवाच

ब्राह्मणोऽहं गिरिश्रेष्ठ वैष्णवो बुधसत्तमः।
घटिकीं वृत्तिमाश्रित्य भ्रमामि धरणीतले॥ ४१

विप्रेन्द्र भन्नुहुन्छ—हे गिरिश्रेष्ठ! म बुद्धिमानहरूमा श्रेष्ठ वैष्णव ब्राह्मण हुँ र ज्योतिषवृत्तिको सहारा लिएर पृथिवीतलमा विचरण गर्दछु॥ ४१॥

मनोयायी सर्वगामी सर्वज्ञोऽहं गुरोर्बलात्।
परोपकारी शुद्धात्मा दयासिन्धुर्विकारहा॥ ४२

म आफ्नो गुरुको कृपाले मनसमान गतिले सर्वत्र डुल्ने, सर्वत्र गमन गर्ने, सर्वज्ञ, परोपकारी, शुद्ध मनवाला, दयासिन्धु तथा विकारको नाश गर्नेवाला हुँ॥ ४२॥

मया ज्ञातं हराय त्वं स्वसुतां दातुमिच्छसि।
इमां पद्मसमां दिव्यां वररूपां सुलक्षणाम्॥ ४३

निराश्रयायासङ्गाय कुरूपायागुणाय च।
श्मशानवासिने व्यालग्राहिरूपाय योगिने॥ ४४

दिग्वाससे कुगात्राय व्यालभूषणधारिणे।
अज्ञातकुलनाम्ने च कुशीलायाविहारिणे॥ ४५

विभूतिदिग्धदेहाय संक्रुद्धायाविवेकिने।
अज्ञातवयसेऽतीव कुजटाधारिणे सदा॥ ४६

सर्वाश्रयाय भ्रमिणे नागहाराय भिक्षवे।
कुमार्गनिरतायाथ वेदाऽध्वत्यागिने हठात्॥ ४७

मलाई थाहा भयो कि तपाईं कमलसमान, दिव्य, उत्तम रूप भएकी तथा सर्वलक्षणसम्पन्न आफ्नी यी कन्या आश्रयरहित, असंग, कुरूप, गुणहीन, श्मशानमा रहने, सर्पधारी, योगी, नग्न, मलिन शरीर भएका, सर्पको आभूषण धारण गर्ने, अज्ञात कुल तथा नामवाला, कुशील, विहारमा रुचि नराख्ने, विभूतिबाट लिप्त देह भएका, अत्यन्त क्रोधी, अज्ञानी, अज्ञात आयुवाला, सदा विकृत जटा धारण गर्ने, सबलाई आश्रय दिने, भ्रमणशील, नागहरूका हार पहिरने, भिक्षुक, कुमार्गमा निरत तथा हठपूर्वक वैदिक मार्गको त्याग गर्नुहुने शिवलाई दिन चाहनुहुन्छ॥ ४३—४७॥

इयं ते बुद्धिरचला न हि मङ्गलदा खलु।
विबोध ज्ञानिनां श्रेष्ठ नारायणकुलोद्भव॥ ४८

[हे हिमालय!] तपाईंको यो अटल विचार अवश्य नै मंगलदायक छैन। नारायणकुलमा उत्पन्न तथा ज्ञानीहरूमा श्रेष्ठ [गिरिराज!] तपाईं यसमाथि विचार गर्नुहोस्॥ ४८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न ते पात्रानुरूपश्च पार्वतीदानकर्मणि।
महाजनः स्मेरमुखः श्रुतमात्राद्भविष्यति॥ ४९
पश्य शैलाधिप त्वं च न तस्यैकोऽस्ति बान्धवः।
महारत्नाकरः त्वं च तस्य किञ्चिद्धनं न हि॥ ५०

पार्वतीको दानकर्ममा उनी यस दानको अनुरूप पात्र होइनन्। धेरैजना यस कुरालाई सुनेर तपाईंको हाँसो गर्नेछन्। हेर्नुहोस्, उनका कोही बन्धु-बान्धव छैनन् र तपाईं पर्वतराज हुनुहुन्छ, उहाँसँग केही पनि छैन र तपाईं रत्नाकर हुनुहुन्छ॥ ४९-५०॥

बान्धवान्मेनकां कुध्रपते शीघ्रं सुतांस्तथा।
सर्वान्पृच्छ प्रयत्नेन पण्डितान्पार्वतीं विना॥ ५१

हे शैलाधिराज! तपाईं पार्वतीलाई छोडेर [यस विषयमा] बान्धवहरू, मेना, पुत्रहरू र सबै पण्डितहरूसित प्रयत्नपूर्वक चाँडै सोध्नुहोस्॥ ५१॥

रोगिणो नौषधं शश्वद्रोचते गिरिसत्तम।
कुपथ्यं रोचतेऽभीक्ष्णं महादोषकरं सदा॥ ५२

हे गिरिसत्तम! रोगीलाई सर्वदा औषधि राम्रो लाग्दैन, अपितु महादोषकारक कुपथ्य नै सदा धेरै राम्रो लाग्छ॥ ५२॥

ब्रह्मोवाच

इत्युक्त्वा ब्राह्मणः शीघ्रं स वै भुक्त्वा मुदान्वितः।
जगाम स्वालयं शान्तो नानालीलाकरश्शिवः॥ ५३

ब्रह्मा भन्नुहुन्छ—यस्तो भनेर नाना प्रकारका लीला गर्नुहुने विप्ररूप शिव प्रसन्नतापूर्वक भोजन गरी शान्तचित्त भई शीघ्र आफ्नो घर जानुभयो॥ ५३॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे शिवमायावर्णनं नामैकत्रिंशोऽध्यायः॥ ३१॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा शिवमायावर्णन नामक एकतिसौँ अध्याय पूर्ण भयो॥ ३१॥

अथ द्वात्रिंशोऽध्यायः

ब्राह्मण-वेषधारी शिवद्वारा शिवस्वरूपको निन्दा सुनेर मेना कोपभवनमा जानु, शिवद्वारा सप्तर्षिहरूको स्मरण र उनीहरूलाई हिमालयको घर पठाउनु, हिमालयको शोभाको वर्णन तथा हिमालयद्वारा सप्तर्षिहरूको स्वागत

ब्रह्मोवाच

ब्राह्मणस्य वचः श्रुत्वा मेनोवाच हिमालयम्।
शोकेनासाधुनयना हृदयेन विदूयता॥ १

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] ब्राह्मणका यी वचन सुनेर [अश्रुपूर्ण नेत्र भएकी] मेना व्यथित मनले हिमालयसित भन्न लागिन्—॥ १॥

मेनोवाच

शृणु शैलेन्द्र मद्वाक्यं परिणामे सुखावहम्।
पृच्छ शैववरान्सर्वान्किमुक्तं ब्राह्मणेन ह॥ २

मेना भन्दछिन्—हे शैलेन्द्र! परिणाममा सुख प्रदान गर्ने मेरा वचनहरूलाई सुन्नुहोस्, सबै श्रेष्ठ शैवहरूसित सोध्नुहोस् कि यस ब्राह्मणले के भने?॥ २॥

निन्दानेन कृता शम्भोर्वैष्णवेन द्विजन्मना।
श्रुत्वा तां मे मनोऽतीव निर्विण्णं हि नगेश्वर॥ ३

हे नगेश्वर! यस विष्णुभक्त ब्राह्मणले शिवको निन्दा गरेका छन्, त्यसलाई सुनेर मेरो मन अत्यन्त दुःखी भएको छ॥ ३॥

तस्मै रुद्राय शैलेश न दास्यामि सुतामहम्।
कुरूपशीलनाम्ने हि सुलक्षणयुतां निजाम्॥ ४

हे शैलेश्वर! म कुत्सित रूप एवं शील भएका ती रुद्रलाई आफ्नी सुलक्षणा कन्या दिन्न॥ ४॥

न मन्यसे वचो चेन्मे मरिष्यामि न संशयः।
त्यक्ष्यामि च गृहं सद्यो भक्षयिष्यामि वा विषम्॥ ५
गले बद्ध्वांबिकां रज्ज्वा यास्यामि गहनं वनम्।
महाम्बुधौ मज्जयिष्ये तस्मै दास्यामि नो सुताम्॥ ६

यदि तपाईं मेरो वचनलाई मान्नुहुन्न भने यसमा सन्देह छैन कि मरिदिन्छु, अहिल्यै घर छोडिदिन्छु अथवा विष खाइदिन्छु अथवा अम्बिकाको घाँटीमा डोरीले बाँधेर घना वनमा जाने छु अथवा उसलाई महासागरमा डुबाइदिन्छु, तर उनलाई आफ्नी कन्या दिन्न॥ ५-६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इत्युक्त्वाशु तथा गत्वा मेना कोपालयं शुचा।
त्यक्त्वा हारं रुदन्ती सा चकार शयनं भुवि॥ ७

यस प्रकार भनेर शोकले सन्तप्त ती मेना शीघ्र कोपभवनमा गएर हार उतारेर रुँदै भूमिमा लडिन्॥ ७॥

एतस्मिन्नन्तरे तात शम्भुना सप्त एव ते।
संस्मृता ऋषयः सद्यो विरहव्याकुलात्मना॥ ८

हे तात! त्यसै समय [कालीको] विरहले व्याकुल भएका शंकरले तत्काल ती सप्तर्षिहरूको स्मरण गर्नुभयो॥ ८॥

ऋषयश्चैव ते सर्वे शम्भुना संस्मृता यदा।
तदाजग्मुः स्वयं सद्यः कल्पवृक्षा इवापरे॥ ९
अरुन्धती तथायाता साक्षात्सिद्धिरिवापरा।
तान्दृष्ट्वा सूर्यसंकाशान्विजहौ स्वजपं हरः॥ १०

जब शिवले ती सबै ऋषिहरूको स्मरण गर्नुभयो, तब ती दोस्रो कल्पवृक्षसमान तत्काल त्यहाँ उपस्थित भए र साक्षात् सिद्धिको समान अरुन्धती पनि त्यहाँ आइन्। सूर्यसमान तेजस्वी ती ऋषिहरूलाई देखेर शिवले आफ्नु जप छोड्नुभयो॥ ९-१०॥

स्थित्वाग्रे ऋषयः श्रेष्ठा नत्वा स्तुत्वा शिवं मुने।
मेनिरे च तदात्मानं कृतार्थं ते तपस्विनः॥ ११

हे मुनि! ती श्रेष्ठ तपस्वी ऋषि शिवको अगाडि उभिएर उहाँलाई प्रणाम गरी स्तुति गर्दै आफूलाई कृतार्थ सम्झन लागे॥ ११॥

ततो विस्मयमापन्ना नमस्कृत्य स्थिताः पुनः।
प्रोचुः प्राञ्जलयस्ते वै शिवं लोकनमस्कृतम्॥ १२

तत्पश्चात् विस्मयमा परेर ती पुनः लोकनमस्कृत शिवलाई प्रणाम गरी हात जोडेर सामुन्ने उभिएर उहाँसित भन्न लागे—॥ १२॥

ऋषय ऊचुः

सर्वोत्कृष्ट महाराज सार्वभौम दिवौकसाम्।
स्वभाग्यं वर्ण्यतेऽस्माभिः किं पुनः सकलोत्तमम्॥ १३

ऋषिगण भन्दछन्—हे सर्वोत्कृष्ट! हे देवताहरूका सम्राट्! हे महाराज! हामीहरू आफ्नो सर्वोत्तम भाग्यको सराहना कसरी गरौँ॥ १३॥

तपस्तप्तं त्रिधा पूर्वं वेदाध्ययनमुत्तमम्।
अग्नयश्च हुताः पूर्वं तीर्थानि विविधानि च॥ १४
वाङ्मनःकायजं किंचित्पुण्यं स्मरणसम्भवम्।
तत्सर्वं सङ्गतं चाद्य स्मरणानुग्रहात्तव॥ १५

हामीहरूले जुन पूर्व समयमा [कायिक, वाचिक तथा मानसिक] तीन प्रकारका तपस्या गरेका छौँ, उत्तम वेदाध्ययन गरेका छौँ, अग्निहोत्र गरेका छौँ तथा नाना प्रकारका तीर्थ गरेका छौँ र ज्ञानपूर्वक वाणी, मन तथा शरीरबाट जो जति पनि पुण्य गरेका छौँ, त्यो सब आज हजुरको स्मरणरूप अनुग्रहको प्रभावले सफल भयो॥ १४-१५॥

यो वै भजति नित्यं त्वां कृतकृत्यो भवेन्नरः।
किं पुण्यं वर्ण्यते तेषां येषां च स्मरणं तव॥ १६

जुन मनुष्यले हजुरको नित्य स्मरण गर्छ, त्यो कृतकृत्य हुन जान्छ, तब तिनको पुण्यको के वर्णन गर्नु, जसको स्मरण हजुर गर्नुहुन्छ॥ १६॥

सर्वोत्कृष्टा वयं जाताः स्मरणात्ते सदाशिव।
मनोरथपथं नैव गच्छसि त्वं कथंचन॥ १७

हे सदाशिव! हजुरद्वारा स्मरण गरिनाले हामीहरू सर्वोत्कृष्ट भएका छौँ, हजुर त कसैको मनोरथमार्गमा कुनै प्रकार आउनु नै हुन्न॥ १७॥

वामनस्य फलं यद्वज्जन्मान्धस्य दृशौ यथा।
वाचालत्वं च मूकस्य रंकस्य निधिदर्शनम्॥ १८
पङ्गोर्गिरिवराक्रान्तिर्वन्ध्यायाः प्रसवस्तथा।
दर्शनं भवतस्तद्वज्जातं नो दुर्लभं प्रभो॥ १९

जसरी बाउन्नेलाई फल प्राप्त हुन्छ, जन्मान्धलाई नेत्रको प्राप्ति हुन्छ, लाटोलाई वाणी प्राप्त हुन्छ, कंगाललाई निधिदर्शन हुन जान्छ, लंगडोलाई अग्लो पहाडमा चढ्ने शक्ति प्राप्त हुन्छ तथा वन्ध्यालाई प्रसव सम्भव हुन जान्छ, त्यसरी नै हे प्रभु! हामीलाई हजुरको यो दुर्लभ दर्शन प्राप्त भयो॥ १८-१९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अद्यप्रभृति लोकेषु मान्याः पूज्या मुनीश्वराः।
जातास्ते दर्शनादेव स्वमुच्चैः पदमाश्रिताः॥ २०

आजदेखि अब हामी मुनीश्वर हजुरको दर्शनले लोकहरूमा मान्य एवं पूज्य हुन गयौँ तथा उच्च पदवीलाई प्राप्त गर्‍यौँ॥ २०॥

अत्र किं बहुनोक्तेन सर्वथा मान्यतां गताः।
दर्शनात्तव देवेश सर्वदेवेश्वरस्य हि॥ २१

हे देवेश! धेरै भन्नाले के हुन्छ र? हजुर सर्वदेवेश्वरको दर्शनबाट हामीले सर्वथा मान्यता प्राप्त गर्‍यौँ॥ २१॥

पूर्णानां किञ्च कर्तव्यमस्ति चेत्परमा कृपा।
सदृशं सेवकानां तु देयं कार्यं त्वया शुभम्॥ २२

हजुर-जस्ता पूर्ण परमात्मालाई कसैसित प्रयोजन नै के छ? तर यदि हामी सेवकहरूमाथि कृपा गर्नु नै हुन्छ भने हामी सबैलाई योग्य कार्यका लागि आज्ञा प्रदान गर्नुहोस्॥ २२॥

ब्रह्मोवाच

इत्येवं वचनं श्रुत्वा तेषां शम्भुर्महेश्वरः।
लौकिकाचारमाश्रित्य रम्यं वाक्यमुपाददे॥ २३

ब्रह्मा भन्नुहुन्छ—तब उनीहरूको यस कुरालाई सुनेर लोकाचारको आश्रय लिएर महेश्वर शम्भु मनोहर वचन भन्न लाग्नुभयो—॥ २३॥

शिव उवाच

ऋषयश्च सदा पूज्या भवन्तश्च विशेषतः।
युष्माकं कारणाद्विप्राः स्मरणं च मया कृतम्॥ २४

शिव भन्नुहुन्छ—हे महर्षिहरू हो!. ऋषिजन हर तरहले पूज्य हुन्छन्, तपाईंहरू त विशेष रूपले पूज्य हुनुहुन्छ। हे विप्र हो! केही कारणवश मैले तपाईंहरूको स्मरण गरेको हुँ॥ २४॥

ममावस्था भवद्भिश्च ज्ञायते ह्युपकारिका।
साधनीया विशेषेण लोकानां सिद्धिहेतवे॥ २५

तपाईंहरू सबै जान्नु नै हुन्छ कि मेरो स्थिति सदैव परोपकार गर्ने खालको छ र विशेष गरी लोकोपकारका लागि त मैले यो सब गर्नु नै पर्छ॥ २५॥

देवानां दुःखमुत्पन्नं तारकात्सुदुरात्मनः।
ब्रह्मणा च वरो दत्तः किं करोमि दुरासदः॥ २६

यस समय दुरात्मा तारकासुरबाट देवताहरूका समक्ष दुःख उत्पन्न भएको छ, के गरूँ, ब्रह्माले त्यसलाई ज्यादै विकट वरदान दिएका छन्॥ २६॥

मूर्तयोऽष्टौ च याः प्रोक्ता मदीयाः परमर्षयः।
ताः सर्वा उपकाराय न तु स्वार्थाय तत्स्फुटम्॥ २७

हे महर्षिहरू हो! मेरा जुन आठ प्रकारका मूर्तिहरू (पृथ्वी, जल, तेज, वायु, आकाश, सूर्य, चन्द्र तथा यजमान) बताइएका छन्, ती सबै पनि परोपकारको निमित्त नै हुन्, स्वार्थका लागि होइनन्, यो कुरा त स्पष्ट नै छ॥ २७॥

तथा च कर्तुकामोऽहं विवाहं शिवया सह।
तया वै सुतपस्तप्तं दुष्करं परमर्षिभिः॥ २८

[यस परोपकारका लागि नै] म पार्वतीका साथ विवाह गर्न चाहन्छु; उनले पनि महर्षिहरूको भनाइबाट दुष्कर कठोर तप गरेकी छिन्॥ २८॥

तस्यै परं फलं देयमभीष्टं तद्धितावहम्।
एतादृशः पणो मे हि भक्तानन्दप्रदः स्फुटम्॥ २९

उनको इच्छानुसार उनको हितकारक फल मैले अवश्य दिनुपर्दछ; किनभने भक्तहरूलाई आनन्द दिने मेरो स्पष्ट प्रतिज्ञा छ॥ २९॥

पार्वतीवचनाद्भिक्षुरूपो यातो गिरेर्गृहम्।
अहं पावितवान्कालीं यतो लीलाविशारदः॥ ३०

म पार्वतीको वचनअनुसार भिक्षुकको रूप धारण गरी हिमालयको घर गएको थिएँ र म लीलाप्रवीणले कालीलाई पवित्र पारेको थिएँ॥ ३०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मां ज्ञात्वा तौ परं ब्रह्म दम्पती परभक्तितः।
दातुकामावभूतां च स्वसुतां वेदरीतितः॥ ३१

ती स्त्री-पुरुष मलाई परब्रह्म जानेर वेदरीतिले सद्भक्तिपूर्वक आफ्नी कन्या मलाई दिनका लागि तत्पर भए॥ ३१॥

देवप्रेरणयाहं वै कृतवानस्मि निन्दनम्।
तदा स्वस्य च तद्भक्तिं विहन्तुं वैष्णवात्मना॥ ३२

त्यसपछि देवताहरूको प्रेरणाले वैष्णव भिक्षुको रूप धारण गरी म ती दुवैसित आफ्नो निन्दा गर्न लागेँ। त्यसबाट मप्रति उनीहरूको भक्ति नष्ट भयो॥ ३२॥

तच्छ्रुत्वा तौ सुनिर्विण्णौ तद्भीनौ संबभूवतुः।
स्वकन्यां नेच्छतो दातुं मह्यं हि मुनयोऽधुना॥ ३३

त्यसलाई सुनेर ती ज्यादै दुखी भए र मेरो भक्तिबाट विमुख भए। हे मुनिगण हो! अब ती मलाई आफ्नी कन्या दिन चाहँदैनन्॥ ३३॥

तस्माद्भवन्तो गच्छन्तु हिमाचलगृहं ध्रुवम्।
तत्र गत्वा गिरिवरं तत्पत्नीं च प्रबोधय॥ ३४

त्यसो हुँदा तपाईंहरू निश्चित रूपले हिमालयको घर जानुहोस् र त्यहाँ गएर गिरिश्रेष्ठ हिमालय र उनकी पत्नीलाई सम्झाउनुहोस्॥ ३४॥

कथनीयं प्रयत्नेन वचनं वेदसम्मितम्।
सर्वथा करणीयं तद्यथा स्यात्कार्यमुत्तमम्॥ ३५

तपाईंहरू प्रयत्नपूर्वक उनीहरूसित वेदसम्मत वचन भन्नुहोस् र सर्वथा त्यही गर्नुहोस्, जसबाट यो उत्तम कार्य सिद्ध होस्॥ ३५॥

उद्वाहं कर्तुमिच्छामि तत्पुत्र्या सह सत्तमाः।
स्वीकृतस्तद्विवाहो मे वरो दत्तश्च तादृशः॥ ३६

हे मुनिसत्तम हो! म उनीहरूकी पुत्रीसँग विवाह गर्न चाहन्छु। मैले [देवताहरू एवं विष्णुले भनेकाले] विवाह गर्न स्वीकार गरेको छु र [पार्वतीलाई] त्यस्तै वर पनि दिएको छु॥ ३६॥

अत्र किं बहुनोक्तेन बोधनीयो हिमालयः।
तथा मेना च बोद्धव्या देवानां स्याद्धितं यथा॥ ३७

अब म धेरै के भनुँ, तपाईंहरू हिमालय तथा मेनालाई सम्झाउनुहोस्, जसबाट देवताहरूको हित होस्॥ ३७॥

भवद्भिः कल्पितो यो वै विधिः स्यादधिकस्ततः।
भवतां चैव कार्यं तु भवन्तः कार्यभागिनः॥ ३८

तपाईंहरूले जुन प्रकारको विधिको कल्पना गर्नुभएको छ, त्यसभन्दा पनि राम्रो हुनुपर्ने छ, यो तपाईंहरूकै कार्य हो र यस कार्यको भागी तपाईंहरू नै हुनुहुन्छ॥ ३८॥

ब्रह्मोवाच

इत्येवं वचनं श्रुत्वा मुनयस्तेऽमलाशयाः।
आनन्दं लेभिरे सर्वे प्रभुणानुग्रहीकृताः॥ ३९

ब्रह्मा भन्नुहुन्छ—यस प्रकारको वचनलाई सुनेर स्वच्छ अन्तःकरण भएका ती सबै महर्षि प्रभुबाट अनुगृहीत भई आनन्दित भए॥ ३९॥

वयं धन्या अभूवंश्च कृतकृत्याश्च सर्वथा।
वंद्या जाताश्च सर्वेषां पूजनीया विशेषतः॥ ४०

[ती ऋषि परस्पर भन्न लागे] हामीहरू सर्वथा धन्य तथा कृतकृत्य भयौँ र विशेष रूपले सबैका वन्दनीय एवं पूजनीय भयौँ॥ ४०॥

ब्रह्मणा विष्णुना यो वै वन्द्यः सर्वार्थसाधकः।
सोऽस्मान्प्रेषयते प्रेष्यान्कार्ये लोकसुखावहे॥ ४१

जो ब्रह्मा तथा विष्णुका पनि वन्दनीय हुनुहुन्छ र सम्पूर्ण मनोरथहरूलाई सिद्ध गर्नुहुन्छ, ती हामीहरूलाई आफ्नो दूत बनाएर लोकलाई सुख प्रदान गर्ने कार्यका लागि पठाइरहनुभएको छ॥ ४१॥

अयं वै जगतां स्वामी पिता सा जननी मता।
अयं युक्तश्च सम्बन्धो वर्धतां चन्द्रवत्सदा॥ ४२

जो शिव लोकहरूका स्वामी एवं पिता हुनुहुन्छ र ती [पार्वती] जगत्की माता बताइएको छ। [यी दुवैको] यो उचित सम्बन्ध सर्वदा चन्द्रमाको कलासमान बढिरहोस्॥ ४२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

इत्युक्त्वा ऋषयो दिव्या नमस्कृत्य शिवं तदा।
गता आकाशमार्गेण यत्रास्ति हिमवत्पुरम्॥ ४३
दृष्ट्वा तां च पुरीं दिव्यां ऋषयस्तेऽतिविस्मिताः।
वर्णयन्तश्च स्वं पुण्यमब्रुवन्वै परस्परम्॥ ४४

ब्रह्मा भन्नुहुन्छ—यस्तो भनेर ती दिव्य ऋषि शिवलाई प्रणाम गरी आकाशमार्गबाट त्यहाँ गए, जहाँ हिमालयको नगर छ। त्यस दिव्य पुरीलाई हेर्दै ऋषिगण आश्चर्यले चकित भए र आफ्नो पुण्यको वर्णन गर्दै परस्पर भन्न लागे— ॥ ४३-४४ ॥

ऋषय ऊचुः

पुण्यवन्तो वयं धन्या दृष्ट्वैतद्धिमवत्पुरम्।
यस्मादेवंविधे कार्ये शिवेनैव नियोजिताः॥ ४५

ऋषि भन्दछन्—हिमालयको यस नगरलाई देखेर हामी सबै पुण्यवान् एवं धन्य भयौँ; किनभने स्वयं शिवले यस प्रकारको कार्यमा हामीहरूलाई नियुक्त गर्नुभएको छ॥ ४५॥

अलकायाश्च स्वर्गाच्च भोगवत्यास्तथा पुनः।
विशेषेणामरावत्या दृश्यते पुरमुत्तमम्॥ ४६

यो [हिमालयको] पुरी त अलका, स्वर्ग, भोगवती तथा विशेष गरी अमरावतीभन्दा पनि उत्तम देखिन्छ॥ ४६॥

सुगृहाणि सुरम्याणि स्फटिकैर्विविधैर्वरैः।
मणिभिर्वा विचित्राणि रचितान्यङ्गणानि च॥ ४७
सूर्यकान्ताश्च मणयश्चन्द्रकान्तास्तथैव च।
गृहे गृहे विचित्राश्च वृक्षाः स्वर्गसमुद्भवाः॥ ४८

यस पुरीको अत्यन्त मनोहर एवं विचित्र घर र आँगन स्फटिक तथा नाना प्रकारका उत्तम मणिहरूले बनाइएका छन्। यस पुरीका प्रत्येक घरमा सूर्यकान्त एवं चन्द्रकान्त मणिहरू विद्यमान छन् तथा अद्भुत स्वर्गीय वृक्ष रोपिएका छन्॥ ४७-४८॥

तोरणानां तथा लक्ष्मीर्दृश्यते च गृहे गृहे।
विविधानि विचित्राणि शुकहंसैर्विमानकैः॥ ४९

तोरणहरूको शोभा घर-घरमा देखिएका छन्। यस पुरका विमानहरूमा सुगा तथा हाँस बोलिरहेका छन्॥ ४९॥

वितानानि विचित्राणि चैलवत्तोरणैः सह।
जलाशयान्यनेकानि दीर्घिका विविधाः स्थिताः॥ ५०

विचित्र प्रकारका वितान चित्र-विचित्र कपडहरूले बनेका छन्, जसमा बन्दनवार बाँधिएका छन्। त्यहाँ अनेक जलाशय तथा विविध पोखरीहरू छन्॥ ५०॥

उद्यानानि विचित्राणि प्रसन्नैः पूजितान्यथ।
नराश्च देवताः सर्वे स्त्रियश्चाप्सरसस्तथा॥ ५१

त्यहाँ विचित्र उद्यान छन्, जहाँका मानिस प्रसन्नचित्त भएर सेवन गर्छन्। त्यहाँका सबै पुरुष देवतासदृश्य तथा स्त्रीहरू अप्सरा सदृश्य छन्॥ ५१॥

कर्मभूमौ याज्ञिकाश्च पौराणाः स्वर्गकाम्यया।
कुर्वन्ति ते वृथा सर्वे विहाय हिमवत्पुरम्॥ ५२

हिमालयको पुरलाई छोडेर स्वर्गको कामनाले कर्मभूमिमा याज्ञिक एवं पौराणिक मानिस व्यर्थै अनुष्ठान गर्दै बस्छन्॥ ५२॥

यावन्न दृष्टमेतच्च तावत्स्वर्गपरा नराः।
दृष्टमेतद्यदा विप्राः किं स्वर्गेण प्रयोजनम्॥ ५३

हे विप्र हो! मनुष्यहरूलाई स्वर्गको तबसम्म कामना रहन्छ, जबसम्म उनीहरूले यस पुरीलाई देख्दैनन्, जब यसलाई देख्नेछन्, अनि स्वर्गसित के प्रयोजन ?॥ ५३॥

ब्रह्मोवाच

इत्येवमृषिवर्यास्ते वर्णयन्तः पुरं च तत्।
गता हैमालयं सर्वे गृहं सर्वसमृद्धिमत्॥ ५४

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] यस प्रकार त्यस पुरीको वर्णन गर्दै ती सबै ऋषि सब प्रकारको समृद्धिले युक्त हिमालयको घर पुगे॥ ५४॥

तान्दृष्ट्वा सूर्यसंकाशान् हिमवान्विस्मितोऽब्रवीत्।
दूरादाकाशमार्गस्थान्मुनीन्सप्त सुतेजसः॥ ५५

आकाशमार्गबाट आउँदै गरेका सूर्यसमान अत्यन्त तेजस्वी ती सात ऋषिहरूलाई टाढैबाट देखेर हिमवान् विस्मित भई [मनमा] भन्न लागे॥ ५५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिमवानुवाच

सप्तैते सूर्यसंकाशाः समायान्ति मदन्तिके।
पूजा कार्या प्रयत्नेन मुनीनां च मयाधुना॥ ५६
वयं धन्या गृहस्थाश्च सर्वेषां सुखदायिनः।
येषां गृहे समायान्ति महात्मानो यदीदृशाः॥ ५७

हिमवान् भन्नुहुन्छ—यी सूर्यसमान तेजस्वी सप्तर्षिगण मकहाँ आइरहेका छन्, मैले यस समय प्रयत्नपूर्वक यी मुनिहरूको पूजा गर्नुपर्दछ॥ ५६॥

हामी गृहस्थीहरू धन्य छौँ, जसको घरमा सबैलाई सुख प्रदान गर्नुहुने यस प्रकारका महात्मा [स्वयं] आउँदछन्॥ ५७॥

ब्रह्मोवाच

एतस्मिन्नन्तरे चैवाकाशादेत्य भुवि स्थितान्।
सम्मुखे हिमवान्दृष्ट्वा ययौ मानपुरस्सरम्॥ ५८
कृतांजलिर्नतस्कन्धः सप्तर्षीन्सुप्रणम्य सः।
पूजां चकार तेषां वै बहुमानपुरस्सरम्॥ ५९

ब्रह्मा भन्नुहुन्छ—यसै बीच आकाशबाट उत्रेर पृथिवीमा स्थित भएका ती सबलाई आफ्नो सम्मुख देखेर हिमालय सम्मानपूर्वक उहाँहरूको नजिक गए॥ ५८॥

उनले हात जोडेर शिर झुकाइ ती सप्तर्षिहरूलाई प्रणाम गरी पुनः ठुलो सम्मानका साथ उहाँहरूको पूजा गरे॥ ५९॥

हिताः सप्तर्षयस्ते च हिमवन्तं नगेश्वरम्।
गृहीत्वोचुः प्रसन्नास्या वचनं मङ्गलालयम्॥ ६०

यथाग्रतश्च तान्कृत्वा धन्यो मम गृहाश्रमः।
इत्युक्त्वासनमानीय ददौ भक्तिपुरस्सरम्॥ ६१

आसनेषूपविष्टेषु तदाज्ञप्तः स्वयं स्थितः।
उवाच हिमवांस्तत्र मुनीन् ज्योतिर्मयांस्तदा॥ ६२

त्यस पूजालाई स्वीकार गरी हित गर्नुहुने प्रसन्नमुख सप्तर्षिहरूले गिरिराज हिमालयसित कुशल-मंगल सोधे॥ ६०॥ मेरो गृहस्थाश्रम धन्य भयो—हिमालयले यस्तो भनेर उहाँहरूलाई अघि गरी आसन ल्याएर भक्तिपूर्वक समर्पित गरे। उहाँहरू आसनमाथि बस्नुभएपछि पुनः उहाँहरूबाट आज्ञा लिएर ती हिमालय स्वयं पनि बसे र यसपछि तेजस्वी ऋषिहरूसित भन्न लागे—॥ ६१-६२॥

हिमालय उवाच

धन्यो हि कृतकृत्योऽहं सफलं जीवितं मम।
लोकेषु दर्शनीयोऽहं बहुतीर्थसमो मतः॥ ६३
यस्माद्भवन्तो मद्गेहमागता विष्णुरूपिणः।
पूर्णानां भवतां कार्यं कृपणानां गृहेषु किम्॥ ६४
तथापि किञ्चित्कार्यं च सदृशं सेवकस्य मे।
कथनीयं सुदयया सफलं स्याज्जनुर्मम॥ ६५

हिमालय भन्नुहुन्छ—म धन्य तथा कृतकृत्य भएँ, मेरो जीवन सफल भयो, म लोकहरूमा दर्शनीय तथा अनेक तीर्थहरूको समान हुन गएको छु; किनभने विष्णुस्वरूप तपाईंहरू मेरो घरमा आउनुभयो। कृपणहरूको घरमा [हर प्रकारले] परिपूर्ण तपाईंहरूको कुन-चाहिँ कार्य हुन सक्छ? ता पनि म सेवकको योग्य जे जस्तो कार्य छ, त्यसलाई दयापूर्वक भन्नुहोस्, जसबाट मेरो जन्म सफल होस्॥ ६३—६५॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे सप्तर्ष्यागमनवर्णनं नाम द्वात्रिंशोऽध्यायः॥ ३२॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा सप्तर्षिहरूको आगमनवर्णन नामक बत्तिसौँ अध्याय पूर्ण भयो॥ ३२॥

अथ त्रयस्त्रिंशोऽध्यायः

वसिष्ठपत्नी अरुन्धतीद्वारा मेनालाई सम्झाउनु तथा सप्तर्षिद्वारा हिमालयलाई शिवमाहात्म्य बताउनु

ऋषय ऊचुः

जगत्पिता शिवः प्रोक्तो जगन्माता शिवा मता।
तस्माद्देया त्वया कन्या शंकराय महात्मने॥ १

ऋषि भन्दछन्—[हे हिमालय!] शिवलाई जगत्का पिता भनिएको छ र पार्वती जगत्की माता मानिनुहुन्छ। यसैले तपाईं आफ्नी कन्या महात्मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एवं कृत्वा हिमगिरे सार्थकं ते भवेज्जनुः।
जगद्गुरोर्गुरुस्त्वं हि भविष्यसि न संशयः॥ २

ब्रह्मोवाच

एवं वचनमाकर्ण्य सप्तर्षीणां मुनीश्वर।
प्रणम्य तान्करौ बद्ध्वा गिरिराजोऽब्रवीदिदम्॥ ३

हिमालय उवाच

सप्तर्षयो महाभागा भवद्भिर्यदुदीरितम्।
तत्प्रमाणीकृतं मे हि पुरैव गिरिशेच्छया॥ ४
इदानीमेक आगत्य विप्रो वैष्णवधर्मवान्।
शिवमुद्दिश्य सुप्रीत्या विपरीतं वचोऽब्रवीत्॥ ५
तदारभ्य शिवामाता ज्ञानभ्रष्टा बभूव ह।
सुताविवाहं रुद्रेण योगिना तेन नेच्छति॥ ६
कोपागारमगात्सा हि सुतमा मलिनाम्बरा।
कृत्वा महाहठं विप्रा बोध्यमानापि नाबुधत्॥ ७
अहं च ज्ञानविभ्रष्टो जातोऽहं सत्यमीर्यते।
दातुं सुतां महेशाय नेच्छामि भिक्षुरूपिणे॥ ८

ब्रह्मोवाच

इत्युक्त्वा शैलराजस्तु शिवमायाविमोहितः।
तूष्णीं बभूव तत्रस्थो मुनीनां मध्यतो मुने॥ ९
सर्वे सप्तर्षयस्ते हि शिवमायां प्रशस्य वै।
प्रेषयामासुरथ तां मेनकां प्रत्यरुन्धतीम्॥ १०
अथ पत्युः समादाय निदेशं ज्ञानदा हि सा।
जगामारुन्धती तूर्णं यत्र मेना च पार्वती॥ ११
गत्वा ददर्श मेनां तां शयानां शोकमूर्च्छिताम्।
उवाच मधुरं साध्वी सावधाना हितं वचः॥ १२

अरुन्धत्युवाच

उत्तिष्ठ मेनके साध्वि त्वद्गृहेऽहमरुन्धती।
आगता मुनयश्चापि सप्तायाताः कृपालवः॥ १३

ब्रह्मोवाच

अरुन्धतीस्वरं श्रुत्वा शीघ्रमुत्थाय मेनका।
उवाच शिरसा नत्वा तां पद्मामिव तेजसा॥ १४

मेनोवाच

अहोऽद्य किमिदं पुण्यमस्माकं पुण्यजन्मनाम्।
वधूर्जगद्विधेः पत्नी वसिष्ठस्यागतेह वै॥ १५

शंकरलाई प्रदान गर्नुहोस्। हे हिमालय! यस्तो गर्नाले तपाईंको जन्म सफल हुनेछ र तपाईं जगद्गुरुका पनि गुरु हुनुहुनेछ, यसमा सन्देह छैन॥ १-२॥

ब्रह्मा भन्नुहुन्छ—हे मुनीश्वर! ऋषिहरूका यस प्रकारका वचनलाई सुनेर उनीहरूलाई प्रणाम गरी हात जोडेर गिरिराज यो भन्न लागे—॥ ३॥

हिमालय भन्दछन्—हे महाभाग्यवान् सप्तर्षिगण! तपाईंहरूले जस्तो भन्नुभएको छ, त्यसलाई मैले शिवको इच्छाले पहिला नै स्वीकार गरेको थिएँ। [तर हे प्रभु!] यसै समय एक वैष्णवधर्मी ब्राह्मणले यहाँ आएर शिवलाई लक्ष्य गरी प्रेमपूर्वक उनको विपरीत वचन भने॥ ४-५॥

तबदेखि शिवाकी माता ज्ञानबाट भ्रष्ट भइन् र आफ्नी पुत्रीको विवाह ती योगी रुद्रसित गर्न चाहँदिनन्। हे विप्र हो! ती अत्यन्त दुखी भएर मैलो वस्त्र धारण गरी ठुलो हठ गरी कोपभवनमा गएकी छिन् र सम्झाउँदामा पनि सम्झिन्नन्। म सत्य भनिरहेको छु कि म पनि ज्ञानभ्रष्ट भएको छु र अब म भिक्षुकरूपधारी महेश्वरलाई कन्या दिन चाहन्न॥ ६—८॥

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! शिवको मायाले मोहित शैलराज यस प्रकार भनेर चुप लागे र मुनिहरूको माझमा बसे॥ ९॥

त्यसपछि ती सबै सप्तर्षिहरूले शिवमायाको प्रशंसा गरी ती मेनाकहाँ अरुन्धतीलाई पठाए॥ १०॥

पतिको आज्ञा पाएर ज्ञानदात्री अरुन्धती शीघ्र त्यहाँ गइन्, जहाँ मेना र पार्वती हुनुहुन्थ्यो॥ ११॥

त्यहाँ गएर अरुन्धतीले शोकले मूर्च्छित भएर [पृथिवीमा] सुतेकी मेनालाई देखिन्। तब ती पतिव्रताले सावधानीपूर्वक हितकर वचन भनिन्—॥ १२॥

अरुन्धती भन्दछिन्—हे साध्वि मेनका! उठ, म अरुन्धती तपाईंको घर आएकी छु तथा कृपालु सप्तर्षिगण पनि आएका छन्॥ १३॥

ब्रह्मा भन्नुहुन्छ—अरुन्धतीको स्वर सुनेर तत्काल उठेर महालक्ष्मीको समान तेजयुक्त अरुन्धतीलाई शिर झुकाएर प्रणाम गरी मेनका भन्न लागिन्—॥ १४॥

मेना भन्दछिन्—अहो! आज हामी पुण्यवानहरूको यो कति ठुलो पुण्य हो, जो जगत्का विधाताकी पुत्रवधू एवं वसिष्ठकी पत्नी मेरो घर स्वयं आएकी छिन्॥ १५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किमर्थमागता देवि तन्मे ब्रूहि विशेषतः।
अहं दासीसमा ते हि ससुता करुणां कुरु॥ १६

हे देवी! तपाईं केका निम्ति आउनुभयो, त्यसलाई मसित विशेष रूपले भन्नुहोस्। पुत्री पार्वतीसहित म तपाईंको दासी समान हुँ, तपाईं कृपा गर्नुहोस्॥ १६॥

ब्रह्मोवाच

इत्युक्ता मेनका साध्वी बोधयित्वा च तां बहु।
तत्रागता च सुप्रीत्या यत्र सप्तर्षयोऽपि ते॥ १७
अथ शैलेश्वरं ते च बोधयामासुरादरात्।
स्मृत्वा शिवपदद्वन्द्वं सर्वे वाक्यविशारदाः॥ १८

ब्रह्मा भन्नुहुन्छ—जब मेनाले यस प्रकार भनिन्, तब साध्वी अरुन्धती उनलाई धेरै सम्झाएर प्रेमपूर्वक त्यहाँ गइन्, जहाँ सप्तर्षिगण विराजमान थिए। यता, वाक्यविशारद सबै महर्षिगण पनि शिवका चरणयुगलको स्मरण गरी आदरका साथ गिरिराजलाई सम्झाउन लागे॥ १७-१८॥

ऋषय ऊचुः

शैलेन्द्र श्रूयतां वाक्यमस्माकं शुभकारणम्।
शिवाय पार्वतीं देहि संहर्तुः श्वशुरो भव॥ १९
अयाचितारं सर्वेशं प्रार्थयामास यत्नतः।
तारकस्य विनाशाय ब्रह्मा सम्बन्धकर्मणि॥ २०
नोत्सुको दारसंयोगे शंकरो योगिनां वरः।
विधेः प्रार्थनया देवस्तव कन्यां ग्रहीष्यति॥ २१

ऋषि भन्नुहुन्छ—हे शैलराज! तपाईं हामीहरूको शुभकारक वचन सुन्नुहोस्, तपाईं पार्वतीको विवाह शिवका साथ गरिदिनुहोस् र संहारकर्ता शिवको ससुरा बन्नुहोस्। तारकासुरको वधका निमित्त ब्रह्माले यस विवाहलाई गर्नका लागि ती अयाचक सर्वेश्वरसित प्रयत्नपूर्वक प्रार्थना गर्नुभएको छ। यद्यपि योगीहरूमा श्रेष्ठ हुनाको कारण सदाशिव यस दारसंग्रह-कार्यका लागि उत्सुक हुनुहुन्न, तर ब्रह्माद्वारा धेरै प्रार्थना गरिएपछि उहाँ तपाईंकी यी कन्यालाई ग्रहण गर्नुहुने छ॥ १९—२१॥

दुहितुस्ते तपस्तप्तं प्रतिज्ञानं चकार सः।
हेतुद्वयेन योगीन्द्रो विवाहं च करिष्यति॥ २२

तपाईंकी कन्याले पनि [शिवलाई वररूपमा प्राप्त गर्नका निम्ति] ठुलो तप गर्नुभएको छ, यसैले उहाँले उनलाई वर दिनुभएको छ, यिनै दुई कारणहरूले ती योगीन्द्र विवाह गर्नुहुने छ॥ २२॥

ब्रह्मोवाच

ऋषीणां वचनं श्रुत्वा प्रहस्य स हिमालयः।
उवाच किञ्चिद्भीतस्तु परं विनयपूर्वकम्॥ २३

ब्रह्मा भन्नुहुन्छ—ऋषिहरूका यी कुरा सुनेर हिमालय हाँसेर फेरि केही भयभीत भएर विनयपूर्वक यस प्रकार भन्न लागे—॥ २३॥

हिमालय उवाच

शिवस्य राजसामग्रीं न हि पश्यामि काञ्चन।
कञ्चिदाश्रयमैश्वर्यं कं वा स्वजनबान्धवम्॥ २४
नेच्छाम्यतिविनिर्लिप्तयोगिने स्वां सुतामहम्।
यूयं वेदविधातुश्च पुत्रा वदत निश्चितम्॥ २५

हिमालय भन्दछन्—म शिवकहाँ कुनै राजोचित सामग्री देख्दिन, न उहाँको कोही आश्रय र ऐश्वर्य नै देखिन्छ तथा न त कोही उहाँका नाता-सम्बन्धी नै देखिन्छन्। म अत्यन्त निर्लिप्त योगीलाई आफ्नी पुत्री दिन चाहन्न। तपाईंहरू त ब्रह्मदेवका पुत्र हुनुहुन्छ, तपाईंहरू नै निश्चित कुरा बताउनुहोस्॥ २४-२५॥

वरायाननुरूपाय पिता कन्यां ददाति चेत्।
कामान्मोहाद्भयाल्लोभात्स नष्टो नरकं व्रजेत्॥ २६

यदि पिता काम, मोह, भय तथा लोभवश आफ्नी कन्या प्रतिकूल वरलाई प्रदान गर्छ भने त्यो नष्ट भएर नरकमा जान्छ॥ २६॥

न हि दास्याम्यहं कन्यामिच्छया शूलपाणये।
यद्विधानं भवेद्योग्यमृषयस्तद् विधीयताम्॥ २७

म स्वेच्छाले यी कन्या शंकरलाई दिन्न, हे ऋषि हो! अब जुन उचित विधान छ, त्यो तपाईंहरू गर्नुहोस्॥ २७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

इत्याकर्ण्य वचस्तस्य हिमागस्य मुनीश्वर।
प्रत्युवाच वसिष्ठस्तं तेषां वाक्यविशारदः॥ २८

वसिष्ठ उवाच

शृणु शैलेश मद्वाक्यं सर्वथा ते हितावहम्।
धर्माविरुद्धं सत्यं च परत्रेह मुदावहम्॥ २९

वचनं त्रिविधं शैल लौकिके वैदिकेऽपि च।
सर्वं जानाति शास्त्रज्ञो निर्मलज्ञानचक्षुषा॥ ३०

असत्यमहितं पश्चात्सांप्रतं श्रुतिसुन्दरम्।
सुबुद्धिर्वक्ति शत्रुर्हि हितं नैव कदाचन॥ ३१

आदावप्रीतिजनकं परिणामे सुखावहम्।
दयालुर्धर्मशीलो हि बोधयत्येव बांधवः॥ ३२

श्रुतिमात्रात्सुधातुल्यं सर्वकालसुखावहम्।
सत्यसारं हितकरं वचनं श्रेष्ठमीप्सितम्॥ ३३

एवं च त्रिविधं शैल नीतिशास्त्रोदितं वचः।
कथ्यतां त्रिषु मध्ये किं ब्रुवे वाक्यं त्वदीप्सितम्॥ ३४

ब्राह्मसम्पद्विहीनश्च शंकरस्त्रिदशेश्वरः।
तत्त्वज्ञानसमुद्रेषु सन्निमग्नैकमानसः॥ ३५

ज्ञानानन्दस्येश्वरस्य ब्राह्मवस्तुषु का स्पृहा।
गृही ददाति स्वसुतां राज्यसम्पत्तिशालिने॥ ३६

कन्यकां दुःखिने दत्त्वा कन्याघाती भवेत्पिता।
को वेद शंकरो दुःखी कुबेरो यस्य किंकरः॥ ३७

भ्रूभङ्गलीलया सृष्टिं स्त्रष्टुं हर्तुं क्षमो हि सः।
निर्गुणः परमात्मा च परेशः प्रकृतेः परः॥ ३८

यस्य च त्रिविधा मूर्तिर्विधातुः सृष्टिकर्मणि।
सृष्टिस्थित्यन्तजननी ब्रह्मविष्णुहराभिधा॥ ३९

ब्रह्मा भन्नुहुन्छ—हे मुनीश्वर! हिमालयका यस प्रकारका वचनलाई सुनेर ती ऋषिहरूमध्येमा वाक्यविशारद वसिष्ठ उनीसित भन्न लागे— ॥ २८ ॥

वसिष्ठ भन्नुहुन्छ—हे शैलेन्द्र! तपाईं मेरो कुरा सुन्नुहोस्, जुन तपाईंका लागि सर्वथा हितकर, धर्मको अनुकूल, सत्य र यस लोक तथा परलोकमा आनन्द प्रदान गर्ने खालको छ। हे शैल! लोक एवं वेदमा तीन प्रकारका वचन हुन्छन्, शास्त्रका ज्ञाता आफ्नो निर्मल ज्ञानरूपी नेत्रले ती सबैलाई जान्दछन्॥ २९-३०॥

जुन वचन सुन्दामा सुन्दर लाग्छ, तर असत्य एवं अहितकारी हुन्छ, यस्तो वचन बुद्धिमान् शत्रु बोल्दछन्। त्यस्ता वचन कुनै प्रकार हितकारी हुँदैनन्॥ ३१॥

जुन वचन आरम्भमा अप्रिय लाग्ने खालका हुन्छन्, तर परिणाममा सुखकारी हुन्छन्, यस्तो वचन दयालु तथा धर्मशील बन्धु नै भन्दछन्। सुन्नमा अमृत समान, सबै कालमा सुखदायक, सत्यको सारस्वरूप तथा हितकारक वचन श्रेष्ठ हुन्छ॥ ३२-३३॥

हे शैल! यस प्रकार तीन थरीका वचन नीतिशास्त्रमा बताइएका छन्। अब तपाईं नै बताउनुहोस् कि ती तीन प्रकारका वचनमा हामीहरू कुनचाहिँ वचन बोलौँ, जुन तपाईंको अनुकूल होस्। देवताहरूका स्वामी शंकर ब्रह्मज्ञानबाट सम्पन्न हुनुहुन्छ। रजोगुणी सम्पत्तिबाट विहीन हुनुहुन्छ, उहाँको मन तत्त्वज्ञानको समुद्रमा सदा निमग्न रहन्छ॥ ३४-३५॥

यस्ता ज्ञान तथा आनन्दका ईश्वर सदाशिवलाई रजोगुणी वस्तुहरूको इच्छा कसरी हुन सक्छ, गृहस्थ आफ्नी कन्या राजसम्पत्तिशालीलाई दिन्छन्॥ ३६॥

पिता यदि आफ्नी कन्या कुनै दीन-दुखीलाई दिन्छ भने त्यो कन्याघाती हुन्छ अर्थात् त्यसलाई कन्याको वधको पाप लाग्छ। हे हिमालय! कसले भन्न सक्छ कि शंकर दुखी हुनुहुन्छ, जसका दास कुबेर छन्॥ ३७॥

ती शिव त आफ्नो आँखीभौँको लीलाले मात्र संसारको सृजना र संहार गर्नमा समर्थ हुनुहुन्छ। उहाँ निर्गुण, परमात्मा, परमेश्वर र प्रकृतिबाट [सर्वथा] पर हुनुहुन्छ॥ ३८॥

सृष्टिकार्य गर्नका लागि जसका तीन मूर्तिहरू ब्रह्मा, विष्णु एवं महेश्वररूपले जगत्को उत्पत्ति, पालन तथा संहार गर्छन्॥ ३९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मा च ब्रह्मलोकस्थो विष्णुः क्षीरोदवासकृत्।
हरः कैलासनिलयः सर्वाः शिवविभूतयः॥ ४०

ब्रह्मा ब्रह्मलोकमा रहनुहुन्छ, विष्णु क्षीरसागरमा वास गर्नुहुन्छ र हर कैलासमा निवास गर्नुहुन्छ, यी सबै शिवका विभूतिहरू हुन्॥ ४०॥

धत्ते च त्रिविधा मूर्तीः प्रकृतिः शिवसम्भवा।
अंशेन लीलया सृष्टौ कलया बहुधा अपि॥ ४१

यो सारा प्रकृति शिवबाट नै उत्पन्न भएको हो, जो तीन प्रकारको भएर यस जगत्लाई धारण गर्नुहुन्छ। त्यो प्रकृति यस जगत्मा आफ्नो लीलाले अंशावतारहरू तथा कलावतारहरूको रूपमा अनेक प्रकारका प्रतीत हुन्छन्॥ ४१॥

मुखोद्भवा स्वयं वाणी वागधिष्ठातृदेवता।
वक्षःस्थलोद्भवा लक्ष्मीः सर्वसम्पत्स्वरूपिणी॥ ४२

उहाँकी वाणीरूप प्रकृति मुखबाट उत्पन्न भएकी हुन्, जो वाणीकी अधिष्ठात्री देवी हुनुहुन्छ। उहाँकी लक्ष्मीरूप प्रकृति वक्षःस्थलबाट आविर्भूत भएकी हुन्, जो सम्पूर्ण सम्पत्तिकी अधिष्ठात्री हुनुहुन्छ॥ ४२॥

शिवा तेजस्सु देवानामाविर्भावं चकार सा।
निहत्य दानवान्सर्वान्देवेभ्यश्च श्रियं ददौ॥ ४३

उहाँकी शिवा नामकी प्रकृति देवताहरूका तेजबाट प्रादुर्भूत भएकी हुन्, जो सबै दानवहरूको वध गरी देवताहरूका लागि महालक्ष्मी प्रदान गर्नुहुन्छ॥ ४३॥

प्राप कल्यान्तरे जन्म जठरे दक्षयोषितः।
नाम्ना सती हरं प्राप दक्षस्तस्मै ददौ च ताम्॥ ४४

देहं तत्याज योगेन श्रुत्वा सा भर्तृनिन्दनम्।
साद्य त्वत्तस्तु मेनायां जज्ञे जठरतश्शिवा॥ ४५

उनै शिवा पूर्वकल्पमा दक्षकी पत्नीको उदरबाट जन्म लिएर सती नामले विख्यात हुनुभयो। दक्षले शंकरलाई नै दिएका थिए, तर त्यस जन्ममा पिताद्वारा शिवको निन्दा सुनेर उहाँले आफ्नो शरीरलाई योगद्वारा त्यागिदिनुभयो। उनै शिवा अहिले यस समय तपाईंद्वारा मेनाको गर्भबाट उत्पन्न हुनुभएको छ॥ ४४-४५॥

शिवा शिवस्य पत्नीयं शैल जन्मनि जन्मनि।
कल्पे कल्पे बुद्धिरूपा ज्ञानिनां जननी परा॥ ४६

हे शैलराज! यस प्रकार ती शिवा प्रत्येक जन्ममा शिवकी पत्नी रहनुहुने छ, उहाँ प्रतिकल्पमा बुद्धिस्वरूपा तथा ज्ञानीहरूका माता हुनुहुन्छ॥ ४६॥

जायते स्म सदा सिद्धा सिद्धिदा सिद्धिरूपिणी।
सत्या अस्थि चिताभस्म भक्त्या धत्ते हरः स्वयम्॥ ४७

उहाँ नै सिद्धा, सिद्धिदात्री एवं सिद्धिरूपिणी-रूपले सदा प्रादुर्भूत हुनुहुन्छ। शिव सतीको अस्थि तथा उहाँको चिताको भस्म उहाँको प्रेमको कारण स्वयं धारण गर्नुहुन्छ॥ ४७॥

अतस्त्वं स्वेच्छया कन्यां देहि भद्रां हराय च।
अथवा सा स्वयं कान्तस्थाने यास्यत्यदास्यसि॥ ४८

यसैले तपाईं आफ्नो इच्छाले यी कल्याणी कन्या शंकरलाई प्रदान गर्नुहोस्, अन्यथा तपाईंले दिनुभएन भने पनि उहाँ स्वयं आफ्नो पतिकहाँ जानुहुने छ॥ ४८॥

कृत्वा प्रतिज्ञां देवेशो दृष्ट्वा क्लेशमसंख्यकम्।
दुहितुस्ते तपःस्थानमाजगाम द्विजात्मकः॥ ४९

तामाश्वास्य वरं दत्त्वा जगाम निजमन्दिरम्।
तत्प्रार्थनावशाच्छम्भुर्ययाचे त्वां शिवां गिरे॥ ५०

ती देवेश प्रतिज्ञा गरेर यो देखेर कि तपाईंकी कन्याले असंख्य क्लेश प्राप्त गर्नुभएको छ, तब ब्राह्मणको रूप धारण गरी उहाँको तपःस्थानमा जानुभएको थियो र उहाँलाई आश्वस्त गरी वर दिएर आफ्नो स्थानमा फर्किआउनुभयो। हे पर्वत! उहाँले प्रार्थना गर्नुभएकोले नै ती शिव तपाईंसित शिवालाई मागिरहनुभएको छ॥ ४९-५०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अङ्गीकृतं युवाभ्यां तच्छिवभक्तिरतात्मना।
विपरीतमतिर्जाता वद कस्माद्गिरीश्वर॥ ५१

तद्गत्वा प्रभुणा देवप्रार्थितेन त्वदन्तिकम्।
प्रस्थापिता वयं शीघ्रं ऋषयः साप्यरुन्धती॥ ५२

शिक्षयामो वयं त्वां हि देहि रुद्राय पार्वतीम्।
एवंकृते महानन्दो भविष्यति गिरे तव॥ ५३

शिवां शिवाय शैलेन्द्र स्वेच्छया चेन्न दास्यसि।
भविता तद्विवाहोऽत्र भवितव्यबलेन हि॥ ५४

वरं ददौ शिवायै स तपन्त्यै तात शंकरः।
न हीश्वरप्रतिज्ञातं विपरीताय कल्पते॥ ५५

अहो प्रतिज्ञा दुर्लङ्घ्या साधूनामीशवर्तिनाम्।
सर्वेषां जगतां मध्ये किमीशस्य पुनर्गिरे॥ ५६

एको महेन्द्रः शैलानां पक्षांश्चिच्छेद लीलया।
पार्वती लीलया मेरोः शृङ्गभङ्गं चकार च॥ ५७

एकार्थे नहि शैलेश नश्याः सर्वा हि सम्पदः।
एकं त्यजेत्कुलस्यार्थे श्रुतिरेषा सनातनी॥ ५८

दत्त्वा विप्राय स्वसुतामनरण्यो नृपेश्वरः।
ब्राह्मणाद्भयमापन्नो ररक्ष निजसम्पदम्॥ ५९

तमाशु बोधयामासुर्नीतिशास्त्रविदो जनाः।
ब्रह्मशापाद्विभीतञ्च गुरवो ज्ञातिसत्तमाः॥ ६०

शैलराज त्वमप्येवं सुतां दत्त्वा शिवाय च।
रक्ष सर्वान् बंधुवर्गान् वशं कुरु सुरानपि॥ ६१

ब्रह्मोवाच

इत्याकर्ण्य वसिष्ठस्य वचनं स प्रहस्य च।
पप्रच्छ नृपवार्ताञ्च हृदयेन विदूयता॥ ६२

त्यस समय तपाईं दुवैले शिवभक्तिमा निरत रहेका कारण उहाँलाई पार्वती दिन स्वीकार पनि गर्नुभएको थियो, तर हे गिरीश्वर! अहिले तपाईं दुवैको यस्तो विपरीत बुद्धि किन हुन गयो, यसलाई बताउनुहोस्। जब सदाशिव पार्वतीको प्रार्थनाको कारण तपाईंकहाँ आउनुभएको थियो र तपाईंले त्यसलाई अस्वीकार गर्नुभयो, तब यहाँबाट फर्केर उहाँले हामी ऋषिहरूलाई तथा अरुन्धतीलाई पठाउनुभयो ॥ ५१-५२ ॥

यसैले हामीहरू तपाईंलाई उपदेश दिन्छौँ कि तपाईं यी पार्वती चाँडै रुद्रलाई प्रदान गर्नुहोस्। हे शैल! यस्तो गर्नाले तपाईंलाई महान् आनन्दको प्राप्ति हुनेछ ॥ ५३ ॥

हे शैलेन्द्र! यदि तपाईं यी शिवालाई शिवको लागि आफ्नो इच्छाले दिनुहुन्न भने पनि भवितव्यताको बलले यो विवाह अवश्य हुने नै छ॥ ५४॥

हे तात! ती शंकरले तप गरिरहेकी शिवालाई वरदान दिनुभएको छ, ईश्वरको प्रतिज्ञा कहिल्यै निष्फल हुँदैन॥ ५५॥

जब ईश्वरका उपासक महात्माहरूको प्रतिज्ञा त कहिल्यै विफल हुँदैन भने फेरि सारा संसारका अधिपति ती ईश्वरको प्रतिज्ञाको कुरा नै के गर्नु!॥ ५६॥

जब एक्लै महेन्द्रले लीलाद्वारा नै पर्वतहरूको पखेटा काटिदिनुभयो र पार्वतीले एक्लै मेरुको शिखर ढलाइदिनुभएको थियो भने ती सर्वेश्वरको प्रतिज्ञा कसरी निष्फल हुन सक्छ ?॥ ५७॥

हे शैलेन्द्र! एउटाको कारणले सारा सम्पत्तिको नाश गर्नु हुँदैन, यो सनातनी श्रुति हो कि कुलको रक्षाका लागि एउटाको त्याग गरिदिनुपर्छ॥ ५८॥

[हे शैलेश्वर!] [पूर्व कालमा] अनरण्य नामक राजेश्वरले आफ्नी कन्या ब्राह्मणलाई दिएर उनको श्रापको भयले आफ्नो सम्पत्तिको रक्षा गरेका थिए॥ ५९॥

ब्राह्मणको श्रापबाट भयभीत भएका ती राजालाई नीतिशास्त्रका ज्ञाता गुरुजनहरूले एवं श्रेष्ठ बन्धुहरूले सम्झाएका थिए। हे शैलराज! यसै प्रकार तपाईं पनि आफ्नी यी कन्यालाई शिवका निमित्त दिएर समस्त बन्धुवर्गहरूको रक्षा गर्नुहोस् तथा देवताहरूलाई आफ्नो वशमा गर्नुहोस्॥ ६०-६१ ॥

ब्रह्मा भन्नुहुन्छ—वसिष्ठका यी वचनलाई सुनेर केही हाँसेर व्यथित हृदयले उनले राजा अनरण्यको वृत्तान्त सोधे॥ ६२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिमालय उवाच

कस्य वंशोद्भवो ब्रह्मन् अनरण्यो नृपश्च सः।
सुतां दत्त्वा स च कथं ररक्षाखिलसम्पदः॥ ६३

हिमालय भन्नुहुन्छ—हे ब्रह्मन्! ती अनरण्य राजा कसको वंशमा उत्पन्न भएका थिए र उनले आफ्नी कन्यालाई दिएर कसरी सम्पूर्ण सम्पत्तिको रक्षा गरेका थिए?॥ ६३॥

ब्रह्मोवाच

इति श्रुत्वा वसिष्ठस्तु शैलवाक्यं प्रसन्नधीः।
प्रोवाच गिरये तस्मै नृपवार्त्तां सुखावहाम्॥ ६४

ब्रह्मा भन्नुहुन्छ—हिमालयको यस प्रकारको वचनलाई सुनेर वसिष्ठ प्रसन्नचित्त भएर राजा अनरण्यको सुखदायक वृत्तान्त उनीसित भन्न लागे—॥ ६४॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे गिरिसांत्वनो नाम त्रयस्त्रिंशोऽध्यायः॥ ३३॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा गिरिसान्त्वना नामक तेतिसौँ अध्याय पूर्ण भयो॥ ३३॥

अथ चतुस्त्रिंशोऽध्यायः

सप्तर्षिहरूद्वारा हिमालयलाई राजा अनरण्यको आख्यान सुनाएर पार्वतीको विवाह शिवसित गरिदिन प्रेरणा दिनु

वसिष्ठ उवाच

मनोर्वंशोद्भवो राजा सोऽनरण्यो नृपेश्वरः।
इन्द्रसावर्णिसंज्ञस्य चतुर्दशमितस्य हि॥ १

वसिष्ठ भन्नुहुन्छ—[हे गिरिश्रेष्ठ!] इन्द्रसावर्णि नामक चौधौँ मनुको वंशमा ती अनरण्य नामक राजा उत्पन्न भएका थिए॥ १॥

अनरण्यो नृपश्रेष्ठः सप्तद्वीपमहीपतिः।
शम्भुभक्तो विशेषेण मङ्गलारण्यजो बली॥ २

भृगुं पुरोधसं कृत्वा शतं यज्ञांश्चकार सः।
न स्वीचकार शक्रत्वं दीयमानं सुरैरपि॥ ३

ती राजराजेश्वर तथा सातै द्वीपका सम्राट् थिए। ती मंगलारण्यका पुत्र अनरण्य महाबलवान् एवं विशेषरूपले शिवका भक्त थिए। उनले महर्षि भृगुलाई आफ्नु पुरोहित बनाएर एक सय यज्ञ गरेका थिए र देवताहरूद्वारा इन्द्रपद दिँदामा पनि उनले त्यसलाई स्वीकार गरेनन्॥ २-३॥

बभूवुः शतपुत्राश्च राज्ञस्तस्य हिमालय।
कन्यैका सुन्दरी नाम्ना पद्मा पद्मालया समा॥ ४

हे हिमालय! ती राजाका सय पुत्र उत्पन्न भएका थिए र लक्ष्मीसदृश्य सुन्दर एउटी पद्मा नामकी कन्या उत्पन्न भएकी थिइन्॥ ४॥

यः स्नेहः पुत्रशतके कन्यायाञ्च ततोऽधिकः।
नृपस्य तस्य तस्यां हि बभूव नगसत्तम॥ ५

हे नगश्रेष्ठ! ती राजाको जुन प्रेम आफ्ना सय पुत्रहरूप्रति थियो, त्यसभन्दा पनि धेरै त्यस कन्याप्रति रहने गर्थ्यो॥ ५॥

प्राणाधिका प्रियतमा महिष्यः सर्वयोषितः।
नृपस्य पत्न्यः पञ्चासन् सर्वाः सौभाग्यसंयुताः॥ ६

ती अनरण्य राजाका सर्वसौभाग्यशालिनी पाँच रानीहरू थिए, जो राजालाई प्राणभन्दा पनि धेरै प्रिय थिए॥ ६॥

सा कन्या यौवनस्था च बभूव स्वपितुर्गृहे।
पत्रं प्रस्थापयामास सुवरानयनाय सः॥ ७

जतिबेला ती कन्या पिताको घरमा युवती अवस्थामा पुगिन्, तब राजाले उनका लागि उत्तम वर प्राप्त गर्नका निम्ति [आफ्ना दूतहरूमार्फत्] पत्र पठाए॥ ७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकदा पिप्पलादर्षिर्गन्तुं स्वाश्रममुत्सुकः।
तपःस्थाने निर्जने च गन्धर्वं स ददर्श ह॥ ८
स्त्रीयुतं मग्नचित्तं च शृङ्गारे रससागरे।
विहरन्तं महाप्रेम्णा कामशास्त्रविशारदम्॥ ९
दृष्ट्वा तं मुनिशार्दूलः सकामः संबभूव सः।
तपःस्वदत्तचित्तश्चाचिंतयद्दारसङ्ग्रहम् ॥ १०

एक समय ऋषि पिप्पलाद जब आफ्नो आश्रम जानका लागि तत्पर थिए, तब तपस्याको योग्य एउटा निर्जन स्थानमा उनले कामकलामा निपुण तथा स्त्रीका साथ शृंगाररसको सागरमा निमग्न भई बडो प्रेमले विहार गर्दै गरेका एकजना गन्धर्वलाई देखे॥ ८-९॥

ती मुनिश्रेष्ठ त्यसलाई देखेर कामको वशीभूत भए र तपबाट चित्त हटाएर दारसंग्रहको चिन्तामा परे॥ १०॥

एवंवृत्तस्य तस्यैव पिप्पलादस्य सन्मुनेः।
कियत्कालो गतस्तत्र कामोन्मथितचेतसः॥ ११
एकदा पुष्पभद्रायां स्नातुं गच्छन्मुनीश्वरः।
ददर्श पद्मां युवतीं पद्मामिव मनोरमाम्॥ १२

यस प्रकार कामबाट व्याकुलचित्त भएका ती श्रेष्ठ मुनि पिप्पलादको केही समय बित्यो॥ ११॥

एक समय जब ती मुनिश्रेष्ठ पुष्पभद्रा नदीमा स्नान गर्नका लागि गइरहेका थिए, तब उनले लक्ष्मी समान मनोरम युवती पद्मालाई देखे॥ १२॥

केयं कन्येति पप्रच्छ समीपस्थाञ्जनान्मुनिः।
जना निवेदयाञ्चक्रुर्नत्वा शापनियन्त्रिताः॥ १३

त्यसपछि मुनिले आस-पासका व्यक्तिहरूसित सोधे कि यी कसकी कन्या हुन्, तब श्रापको भयले व्याकुल ती व्यक्तिहरूले नमस्कार गरी बताए॥ १३॥

जना ऊचुः

अनरण्यसुतेयं वै पद्मा नाम रमापरा।
वरारोहा प्रार्थ्यमाना नृपश्रेष्ठैर्गुणालया॥ १४

मानिसहरू भन्दछन्—यी [राजा] अनरण्यकी पद्मा नामकी कन्या हुन्, जो साक्षात् दोस्री लक्ष्मी समान छिन्, श्रेष्ठ राजागण गुणहरूकी निधिस्वरूपा यी सुन्दरीलाई पाउने इच्छा गरिरहेका छन्॥ १४॥

ब्रह्मोवाच

तच्छ्रुत्वा स मुनिर्वाक्यं जनानां तथ्यवादिनाम्।
चुक्षोभातीव मनसि तल्लिप्सुरभवच्च सः॥ १५

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार ती मुनि ती सत्यवादी मनुष्यहरूका कुरा सुनेर अत्यन्त व्याकुल भए र मनमा उनलाई प्राप्त गर्ने इच्छा गर्न लागे॥ १५॥

मुनिः स्नात्वाभीष्टदेवं सम्पूज्य विधिवच्छिवम्।
जगाम कामी भिक्षार्थमनरण्यसभां गिरे॥ १६

हे गिरि! त्यसपछि मुनि स्नान गरी विधिपूर्वक आफ्ना इष्टदेव शंकरको विधिवत् पूजा गरी कामको वशीभूत भई भिक्षाका लागि अनरण्यको सभामा गए॥ १६॥

राजा शीघ्रं मुनिं दृष्ट्वा प्रणनाम भयाकुलः।
मधुपर्कादिकं दत्त्वा पूजयामास भक्तितः॥ १७

राजाले मुनिलाई देख्नासाथ भयभीत भएर प्रणाम गरे र मधुपर्कादि दिएर भक्तिपूर्वक उनको पूजा गरे॥ १७॥

कामात्सर्वं गृहीत्वा च ययाचे कन्यकां मुनिः।
मौनी बभूव नृपतिः किञ्चिन्निर्वक्तुमक्षमः॥ १८

पूजा-ग्रहण गरिसकेपछि मुनिले कन्याको याचना गरे, तब राजा [यस कुरालाई सुनेर] अक्क न वक्क भए र केही पनि भन्न सकेनन्॥ १८॥

मुनिर्ययाचे कन्यां स तां देहीति नृपेश्वर।
अन्यथा भस्मसात्सर्वं करिष्यामि क्षणेन च॥ १९

ती मुनिले कन्यालाई मागे र भने—हे नृपेश्वर! तिमी आफ्नी कन्या मलाई देऊ, अन्यथा म क्षणभरमा सबथोक भस्म गरिदिन्छु॥ १९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वे बभूवुराच्छन्ना गणास्तत्तेजसा मुने।
रुरोद राजा सगणो दृष्ट्वा विप्रं जरातुरम्॥ २०

[त्यस समय] हे मुनि! मुनिको तेजले [राजाका] सब सेवक अक्क न वक्क भए र वृद्धावस्थाले जर्जर ती विप्रलाई देखेर परिकरहरूसहित राजा रुन लागे॥ २०॥

महिष्यो रुरुदुस्सर्वा इतिकर्तव्यताक्षमाः।
मूर्च्छामाप महाराज्ञी कन्यामाता शुचाकुला॥ २१

बभूवुस्तनयाः सर्वे शोकाकुलितमानसाः।
सर्वं शोकाकुलं जातं नृपसम्बन्धि शैलप॥ २२

सबै रानीहरूलाई पनि केही सुद्धी रहेको थिएन, ती रुन लागे। कन्याकी माता महारानी शोकले व्यथित भएर मूर्च्छित भइन्, राजाका सबै पुत्र पनि शोकले आकुल-व्याकुल भए। हे शैलपती! यस प्रकार राजाका सबै नाता-सम्बन्धी शोकले व्याकुल भए॥ २१-२२॥

एतस्मिन्नन्तरे प्राज्ञो द्विजो गुरुरनुत्तमः।
पुरोहितश्च मतिमान् आगतो नृपसन्निधिम्॥ २३

यसै समय महापण्डित, बुद्धिमान् तथा सर्वोत्तम गुरु एवं पुरोहित ब्राह्मण—दुवै राजाको समीप आए॥ २३॥

राजा प्रणम्य सम्पूज्य रुरोद च तयोः पुरः।
सर्वं निवेदयाञ्चक्रे पप्रच्छोचितमाशु तत्॥ २४

राजाले प्रणाम गरी उनीहरूको पूजा गरी ती दुवैको अगाडि रुन लागे र आफ्नु सारा वृत्तान्त निवेदन गरे एवं सोधे कि [यस समय] जुन उचित हुन्छ, त्यसलाई छिटो बताउनुहोस्॥ २४॥

अथ राज्ञो गुरुर्विप्रः पण्डितश्च पुरोहितः।
अपि द्वौ शास्त्रनीतिज्ञौ बोधयामासतुर्नृपम्॥ २५

शोकाकुलांश्च महिषीर्नृपबालांश्च कन्यकाम्।
उत्तमां नीतिमादृत्य सर्वेषां हितकारिणीम्॥ २६

तब राजाका नीतिशास्त्रज्ञ पण्डित गुरु तथा ब्राह्मण पुरोहित दुवैले राजालाई तथा शोकले व्याकुल रानीहरू, राजपुत्रहरू तथा ती कन्यालाई सबैको हितकारक तथा नीतियुक्त वाक्यहरूले आदरपूर्वक सम्झाए॥ २५-२६॥

गुरुपुरोधसावूचतुः

श्रृणु राजन्महाप्राज्ञ वचो नौ सद्धितावहम्।
मा शुचः सपरीवारः शास्त्रे कुरु मतिं सतीम्॥ २७

गुरु तथा पुरोहित भन्दछन्—हे राजन्! हे महाप्राज्ञ! तपाईं हाम्रो हितकारी कुरा सुन्नुहोस्, तपाईं परिवारसहित शोक नगर्नुहोस् र शास्त्रमा आफ्नो बुद्धि लगाउनुहोस्॥ २७॥

अद्य वाब्ददिनान्ते वा दातव्या कन्यका नृप।
पात्राय विप्रायान्यस्मै कस्मैचिद्वा विशेषतः॥ २८

हे राजन्! आजै अथवा एक वर्षपछि तपाईंकी आफ्नी कन्या कुनै-न-कुनै पात्रलाई दिनु नै छ, त्यो पात्र चाहे ब्राह्मण होऊन् अथवा अन्य कोही होऊन्॥ २८॥

सत्पात्रं ब्राह्मणादन्यं न पश्यावो जगत्त्रये।
सुतां दत्त्वा च मुनये रक्ष स्वां सर्वसम्पदम्॥ २९

तर हामीले यस ब्राह्मणभन्दा धेरै सुन्दर पात्र यस त्रिलोकीमा अरूलाई देखिरहेका छैनौँ, अतः तपाईं आफ्नी कन्या यी मुनिलाई दिएर आफ्नो सम्पूर्ण सम्पत्तिको रक्षा गर्नुहोस्॥ २९॥

राजन्नेकनिमित्तेन सर्वसंपद्विनश्यति।
सर्वं रक्षति तं त्यक्त्वा विना तं शरणागतम्॥ ३०

हे राजन्! [यदि यस्तो गर्नुभएन भने] एउटाको कारण तपाईंको सारा सम्पत्ति नष्ट हुनेछ। त्यस एउटालाई त्यागेर सबको रक्षा गर्नुहोस्। शरणागतको त्याग गर्नु हुन्न, चाहे उसको लागि सबथोक नष्ट होस्॥ ३०॥

वसिष्ठ उवाच

राजा प्राज्ञवचः श्रुत्वा विलप्य च मुहुर्मुहुः।
कन्यां सालंकृतां कृत्वा मुनीन्द्राय ददौ किल॥ ३१

वसिष्ठ भन्नुहुन्छ—राजाले ती दुवै बुद्धिमानहरूको कुरा सुनेर पटक-पटक विलाप गरी ती कन्यालाई [वस्त्र तथा आभूषणले] अलंकृत गरी मुनीन्द्रलाई दिए॥ ३१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कान्तां गृहीत्वा स मुनिर्विवाह्य विधिवद्गिरे।
पद्मां पद्मोपमां तां वै मुदितः स्वालयं ययौ॥ ३२

हे गिरि! यस प्रकार ती कन्यासित विधिपूर्वक विवाह गरेर महर्षि पिप्पलाद महालक्ष्मीसमान ती पद्मालाई लिएर प्रसन्नताले युक्त भई आफ्नो घर गए॥ ३२॥

राजा सर्वान्परित्यज्य दत्त्वा वृद्धाय चात्मजाम्।
ग्लानिं चित्ते समाधाय जगाम तपसे वनम्॥ ३३

यता, राजा ती वृद्धलाई आफ्नी कन्या प्रदान गरी सबै मानिसहरूलाई छोडेर मनमा ग्लानि राखेर तपस्याका लागि वनमा गए॥ ३३॥

तद्भार्यापि वनं याते प्राणनाथे तदा गिरे।
भर्तुश्च दुहितुः शोकात्प्राणांस्तत्याज सुन्दरी॥ ३४

हे गिरि! आफ्ना प्राणनाथ वन गएपछि उनका भार्याहरूले पनि पति तथा कन्याको शोकले प्राण त्यागिदिए॥ ३४॥

पूज्याः पुत्राश्च भृत्याश्च मूर्च्छामापुर्नृपं विना।
शुशुचुः श्वाससंयुक्ता ज्ञात्वा सर्वेऽपरे जनाः॥ ३५

राजा विना राजाका पूज्य जन, पुत्र, सेवक मूर्च्छित भए तथा अरू सबै पुरवासी एवं अरूले यो सब जानेर लामो श्वास लिएर शोक गर्न लागे॥ ३५॥

अनरण्यो वनं गत्वा तपस्तप्त्वाति शंकरम्।
समाराध्य ययौ भक्त्या शिवलोकमनामयम्॥ ३६

नृपस्य कीर्तिमान्नाम्ना ज्येष्ठपुत्रोऽथ धार्मिकः।
पुत्रवत्पालयामास प्रजा राज्यं चकार ह॥ ३७

[राजा] अनरण्य वनमा गएर कठोर तप गरी भक्तिपूर्वक शंकरको आराधना गरी शाश्वत शिवलोकमा गए। त्यसपछि राजाका कीर्तिमान् नामक धार्मिक ज्येष्ठ पुत्रले राज्य गर्न लागे र पुत्रको समान प्रजाको पालन गर्न लागे॥ ३६-३७॥

इति ते कथितं शैलानरण्यचरितं शुभम्।
कन्यां दत्त्वा यथारक्षद्वंशं चाप्यखिलं धनम्॥ ३८

हे शैल! मैले अनरण्यको यो शुभ चरित्र तपाईंसित वर्णन गरैं, यस प्रकार आफ्नी कन्या प्रदान गरी उनले आफ्नो वंशको तथा सम्पूर्ण धनको रक्षा गरे॥ ३८॥

शैलराज त्वमप्येवं सुतां दत्त्वा शिवाय च।
रक्ष सर्वकुलं सर्वान् वशान् कुरु सुरानपि॥ ३९

यसै प्रकार हे शैलराज! तपाईं पनि आफ्नी कन्या शंकरलाई दिएर आफ्नो समस्त कुलको रक्षा गर्नुहोस् र सबै देवताहरूलाई पनि वशमा गर्नुहोस्॥ ३९॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डेऽनरण्यचरितवर्णनं नाम चतुस्त्रिंशोऽध्यायः॥ ३४॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा अनरण्यचरितवर्णन नामक चौंतिसौं अध्याय पूर्ण भयो॥ ३४॥

अथ पञ्चत्रिंशोऽध्यायः

धर्मराजद्वारा मुनि पिप्पलादकी भार्या सती पद्माको पातिव्रत्यको परीक्षा, पद्माद्वारा धर्मराजलाई श्राप दिनु तथा पुनः चारै युगमा श्रापको व्यवस्था गर्नु, पातिव्रत्यबाट प्रसन्न भई धर्मराजद्वारा पद्मालाई अनेक वर प्रदान गर्नु, महर्षि वसिष्ठद्वारा हिमवान्सित पद्माको दृष्टान्तद्वारा आफ्नी पुत्री शिवलाई सुम्पिनका लागि भन्नु

नारद उवाच

अनरण्यस्य चरितं सुतादानसमन्वितम्।
श्रुत्वा गिरिवरस्तात किं चकार च तद्वद॥ १

नारद भन्नुहुन्छ—हे तात! अनरण्यको कन्यादान-सम्बन्धी चरित्रलाई सुनेर गिरिश्रेष्ठले के गरे, त्यसलाई भन्नुहोस्॥ १॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

अनरण्यस्य चरितं कन्यादानसमन्वितम्।
श्रुत्वा पप्रच्छ शैलेशो वसिष्ठं साञ्जलिः पुनः॥ २

शैलेश उवाच

वसिष्ठ मुनिशार्दूल ब्रह्मपुत्र कृपानिधे।
अनरण्यचरित्रं ते कथितं परमाद्भुतम्॥ ३

अनरण्यसुता यस्मात् पिप्पलादं मुनिं पतिम्।
सम्प्राप्य किमकार्षीत्सा तच्चरित्रं मुदावहम्॥ ४

वसिष्ठ उवाच

पिप्पलादो मुनिवरो वयसा जर्जरोऽधिकः।
गत्वा निजाश्रमं नार्यानरण्यसुतया तया॥ ५
उवास तत्र सुप्रीत्या तपस्वी नातिलम्पटः।
तत्रारण्ये गिरिवरे स नित्यं निजधर्मकृत्॥ ६

अथानरण्यकन्या सा सिषेवे भक्तितो मुनिम्।
कर्मणा मनसा वाचा लक्ष्मीर्नारायणं यथा॥ ७

एकदा स्वर्णदीं स्नातुं गच्छन्तीं सुस्मितां च ताम्।
ददर्श पथि धर्मश्च मायया नृपरूपधृक्॥ ८

चारुरत्नरथस्थश्च नानालङ्कारभूषितः।
नवीनयौवनश्श्रीमान्कामदेवसमप्रभः॥ ९

दृष्ट्वा तां सुन्दरीं पद्मामुवाच स वृषो विभुः।
विज्ञातुं भावमन्तःस्थं तस्याश्च मुनियोषितः॥ १०

धर्म उवाच

अयि सुन्दरि लक्ष्मीर्वै राजयोग्ये मनोहरे।
अतीव यौवनस्थे च कामिनि स्थिरयौवने॥ ११
जरातुरस्य वृद्धस्य पिप्पलादस्य वै मुनेः।
सत्यं वदामि तन्वङ्गि समीपे नैव राजसे॥ १२
विप्रं तपस्सु निरतं निर्घृणं मरणोन्मुखम्।
त्यक्त्वा मां पश्य राजेन्द्रं रतिशूरं स्मरातुरम्॥ १३

प्राप्नोति सुन्दरी पुण्यात्सौन्दर्यं पूर्वजन्मनः।
सफलं तद्भवेत्सर्वं रसिकालिङ्गनेन च॥ १४

ब्रह्मा भन्नुहुन्छ—हे तात! अनरण्यको कन्यादान-सम्बन्धी चरित्र सुनेर गिरिराजले हात जोडेर वसिष्ठसित पुनः सोधे—॥ २॥

शैलेश भन्दछन्—हे वसिष्ठ! हे मुनिशार्दूल! हे ब्रह्मपुत्र! हे कृपानिधि! तपाईंले अनरण्यको परम अद्भुत चरित्र भन्नुभयो॥ ३॥

त्यसपछि अनरण्यकी कन्याले पिप्पलाद मुनिलाई पतिरूपमा प्राप्त गरेपश्चात् के गरिन्? त्यो सुखदायक चरित्र तपाईं भन्नुहोस्॥ ४॥

वसिष्ठ भन्नुहुन्छ—अवस्थाले जर्जर मुनिश्रेष्ठ पिप्पलाद अनरण्यकी ती कन्याका साथ आफ्नो आश्रममा गएर बडो प्रेमपूर्वक निवास गर्न लागे। हे गिरिराज! ती त्यहाँ वनमा श्रेष्ठ पर्वतमा इन्द्रियहरूलाई वशमा गरी तपस्यापरायण भई नित्य आफ्नो धर्मको पालन गर्न लागे॥ ५-६॥

ती अनरण्यकन्या पनि मन, वचन तथा कर्मले भक्तिपूर्वक मुनिको सेवा गर्न लागिन्, जसरी लक्ष्मी नारायणको सेवा गर्नुहुन्छ। कुनै समय जब ती सुस्मित-भाषिणी गंगास्नान गर्न गइरहेकी थिइन्, तब मायाले मनुष्यरूप धारण गरेका धर्मराजले उनलाई बाटोमा देखे॥ ७-८॥

ती अनेक प्रकारका अलंकारहरूले भूषित, मनोहर रत्नहरूले जडित रथमा विराजमान थिए। ती नवयौवनले सम्पन्न एवं कामदेव समान अत्यन्त कमनीय थिए। प्रभु धर्म ती सुन्दरी पद्मालाई देखेर उनको अन्तःकरणको भाव जान्नका लागि उनीसित भन्न लागे—॥ ९-१०॥

धर्म भन्नुहुन्छ—हे सुन्दरी! हे राजयोग्या! हे मनोहरा! हे नव यौवनशाली! हे कामिनी! हे नित्य युवावस्थामा रहने तिमी त साक्षात् लक्ष्मी हौ॥ ११॥

हे तन्वंगी! म सत्य भन्छु कि तिमी बुढ्यौलीग्रस्त पिप्पलाद मुनिका समीप शोभित भइरहेकी छैनौ॥ १२॥

तिमी तपस्यामा लागेका, क्रोधी तथा मरणोन्मुख ब्राह्मणलाई त्यागेर म राजेन्द्र, कामकलामा निपुण एवं कामातुरतिर हेर॥ १३॥

सुन्दरी स्त्री आफ्नो पूर्वजन्ममा गरिएका पुण्यको प्रभावले नै सौन्दर्यलाई प्राप्त गर्छन्। तर ती सबै कुनै रसिकको आलिंगनबाट मात्र सफल हुन्छन्॥ १४॥

2325_Sihvpurana_Part_1_Nepali_Section_22_1_Back
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सहस्रसुन्दरीकान्तं कामशास्त्रविशारदम्।
किंकरं कुरु मां कान्ते सम्परित्यज्य तं पतिम्॥ १५
निर्जने कानने रम्ये शैले शैले नदीतटे।
विहरस्व मया सार्धं जन्मेदं सफलं कुरु॥ १६

वसिष्ठ उवाच

इत्येवमुक्तवन्तं सा स्वरथादवरुह्य च।
गृहीतुमुत्सुकं हस्ते तमुवाच पतिव्रता॥ १७

पद्मोवाच

गच्छ दूरं गच्छ दूरं पापिष्ठस्त्वं नराधिप।
मां चेत्पश्यसि कामेन सद्यो नष्टो भविष्यसि॥ १८
पिप्पलादं मुनिश्रेष्ठं तपसा पूतविग्रहम्।
त्यक्त्वा कथं भजेयं त्वां स्त्रीजितं रतिलम्पटम्॥ १९
स्त्रीजितस्पर्शमात्रेण सर्वं पुण्यं प्रणश्यति।
स्त्रीजितः परपापी च तद्दर्शनमघावहम्॥ २०
सत्क्रियो ह्यशुचिर्नित्यं स पुमान् यः स्त्रिया जितः।
निन्दन्ति पितरो देवा मानवाः सकलाश्च तम्॥ २१
तस्य किं ज्ञानसुतपोजपहोमप्रपूजनैः।
विद्यया दानतः किं वा स्त्रीभिर्यस्य मनो हृतम्॥ २२
मातरं मां स्त्रियो भावं कृत्वा येन ब्रवीषि ह।
भविष्यति क्षयस्तेन कालेन मम शापतः॥ २३

वसिष्ठ उवाच

श्रुत्वा धर्मः सतीशापं नृपमूर्तिं विहाय च।
धृत्वा स्वमूर्तिं देवेशः कम्पमान उवाच सः॥ २४

धर्म उवाच

मातर्जानीहि मां धर्मं ज्ञानिनां च गुरोर्गुरुम्।
परस्त्रीमातृबुद्धिं च कुर्वन्तं सततं सति॥ २५
अहं तवान्तरं ज्ञातुमागतस्तव सन्निधिम्।
तवाहं च मनो जाने तथापि विधिनोदितः॥ २६
कृतं मे दमनं साध्वि न विरुद्धं यथोचितम्।
शास्तिः समुत्पथस्थानामीश्वरेण विनिर्मिता॥ २७

हे कान्ता! तिमी यस बुढो-जर्जर पतिलाई छोडेर हजारौँ स्त्रीहरूको कान्त तथा कामशास्त्रको विशारद मलाई आफ्नु किंकर बनाऊ र निर्जन मनोहर वनमा, पर्वतमा तथा नदीका तटमा मेरो साथ विहार गर तथा यस जन्मलाई सफल पार॥ १५-१६॥

वसिष्ठ भन्नुहुन्छ—यस प्रकार भनेर ती त्यहीँ रथबाट उत्रेर उनको हात समाउन खोज्दै थिए कि ती पतिव्रता भन्न लागिन्—॥ १७॥

पद्मा भन्दछिन्—हे राजन्! तिमी त ज्यादै पापी रहेछौ, टाढा हट, यदि तिमीले मलाई अरू सकाम भावले हेर्‍यौ भने तत्काल नष्ट हुने छौ॥ १८॥

म तपस्याबाट पवित्र शरीर भएका ती मुनिश्रेष्ठ पिप्पलादलाई छोडेर परस्त्रीगामी एवं स्त्रीको वशमा रहने तिमीलाई कसरी स्वीकार गर्न सक्छु?॥ १९॥

स्त्रीको वशमा रहनेको स्पर्शमात्रले सारा पुण्य नष्ट हुन जान्छ। जो स्त्रीजित् तथा अरूको हत्या गर्नेवाला पापी छ, त्यसको दर्शन भयो भने पनि पाप लाग्छ। जो पुरुष स्त्रीको वशमा रहने खालका छन्, ती सत्कर्ममा लागिरहँदा पनि सदा अपवित्र हुन्छन्। पितृ, देवता तथा सबै मनुष्य तिनको निन्दा गर्छन्॥ २०-२१॥ जसको मन स्त्रीहरूद्वारा चोरिएको छ, त्यसको ज्ञान, उत्तम तप, जप, होम, पूजा, विद्या तथा दानबाट के लाभ हुन्छ! तिमीले माता समानकी ममा स्त्रीको भावनाले जुन यस प्रकारको कुरा भनेका छौ, यसैले समय आएपछि मेरो श्रापले तिम्रो नाश हुनेछ॥ २२-२३॥

वसिष्ठ भन्नुहुन्छ—सतीको श्रापलाई सुनेर ती देवेश धर्मराज राजाको रूप त्यागेर आफ्नु स्वरूप धारण गरी काम्दै भन्न लागे—॥ २४॥

धर्म भन्नुहुन्छ—हे माता! हे सती! तपाईं मलाई ज्ञानीहरूका गुरुहरूको पनि गुरु तथा परायी स्त्रीमा सर्वदा मातृबुद्धि राख्नेवाला सम्झनुहोस्॥ २५॥

म तपाईंको मनोभावको परीक्षा लिनका लागि तपाईंकहाँ आएको थिएँ र तपाईंको अभिप्राय जानें, तर हे साध्वी! विधिबाट प्रेरित भएर तपाईंले [श्राप दिएर] मेरो गर्व नष्ट पार्नुभयो। यो त तपाईंले उचित नै गर्नुभयो, कुनै विरुद्ध कार्य गर्नुभएन। यस प्रकारका श्राप उन्मार्गगामीहरूका लागि ईश्वरद्वारा निर्मित हुन्छन्॥ २६-२७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वयं प्रदाता सर्वेभ्यः सुखदुःखवरान्क्षमः।
सम्पदं विपदं यो हि नमस्तस्मै शिवाय हि॥ २८
शत्रुं मित्रं संविधातुं प्रीतिं च कलहं क्षमः।
स्त्रष्टुं नष्टुं च यस्सृष्टिं नमस्तस्मै शिवाय हि॥ २९

येन शुक्लीकृतं क्षीरं जले शैत्यं कृतं पुरा।
दाहीकृतो हुताशश्च नमस्तस्मै शिवाय हि॥ ३०

प्रकृतिर्निर्मिता येन तत्त्वानि महदादितः।
ब्रह्मविष्णुमहेशाद्या नमस्तस्मै शिवाय हि॥ ३१

ब्रह्मोवाच

इत्युक्त्वा पुरतस्तस्यास्तस्थौ धर्मो जगद्गुरुः।
किञ्चिन्नोवाच चकितस्तत्पातिव्रत्यतोषितः॥ ३२
पद्मापि नृपकन्या सा पिप्पलादप्रिया तदा।
साध्वी तं धर्ममाज्ञाय विस्मितोवाच पर्वत॥ ३३

पद्मोवाच

त्वमेव धर्म सर्वेषां साक्षी निखिलकर्मणाम्।
कथं मनो मे विज्ञातुं विडम्बयसि मां विभो॥ ३४
यत्तत्सर्वं कृतं ब्रह्मन् नापराधो बभूव मे।
त्वं च शप्तो मयाज्ञानात्स्त्रीस्वभावाद् वृथा वृष॥ ३५

का व्यवस्था भवेत्तस्य चिन्तयामीति साम्प्रतम्।
चित्ते स्फुरतु सा बुद्धिर्यया शं संल्लभामि वै॥ ३६

आकाशोऽसौ दिशः सर्वा यदि नश्यन्तु वायवः।
तथापि साध्वीशापस्तु न नश्यति कदाचन॥ ३७

सत्ये पूर्णश्चतुष्पादः पौर्णमास्यां यथा शशी।
विराजसे देवराज सर्वकालं दिवानिशम्॥ ३८
त्वं च नष्टो भवसि चेत्सृष्टिनाशो भवेत्तदा।
इतिकर्तव्यतामूढा वृथापि च वदाम्यहम्॥ ३९
पादक्षयश्च भविता त्रेतायां च सुरोत्तम।
पादोऽपरे द्वापरे च तृतीयोऽपि कलौ विभो॥ ४०

कलिशेषेऽखिलाश्छिन्ना भविष्यन्ति तवाङ्घ्रयः।
पुनः सत्ये समायाते परिपूर्णो भविष्यसि॥ ४१

जो स्वयं सबलाई महान् सुख-दुःख, सम्पत्ति तथा विपत्ति दिनमा समर्थ छन्, ती शिवलाई नमस्कार छ। जो शत्रु, मित्र, प्रीति तथा कलहको विधान गर्नमा र सृष्टिको सृजना एवं संहार गर्नमा समर्थ छन्, ती शिवलाई नमस्कार छ॥ २८-२९॥

जसले पूर्वकालमा दूधलाई शुक्लवर्णको बनाउनुभयो, जलमा शितला उत्पन्न गर्नुभयो र अग्निलाई दाहशक्ति प्रदान गर्नुभयो, ती शिवलाई नमस्कार छ। जसले प्रकृतिको, महत् आदि तत्त्वहरूको एवं ब्रह्मा, विष्णु-महेश आदिको निर्माण गर्नुभयो, ती शिवलाई नमस्कार छ॥ ३०-३१॥

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार भनेर जगद्गुरु धर्मराज ती पतिव्रताका अगाडि खडा भए। ती उनको पातिव्रत्यबाट सन्तुष्ट भएर आश्चर्यले चकित भए र केही पनि बोल्न सकेनन्। हे पर्वत! तब अनरण्यकी कन्या तथा पिप्पलादकी पत्नी ती साध्वी पद्मा उनलाई धर्मराज जानेर चकित भएर भन्न लागिन्—॥ ३२-३३॥

पद्मा भन्दछिन्—हे धर्म! तपाईं नै सबका समस्त कर्महरूको साक्षी हुनुहुन्छ, हे विभु! तपाईंले मेरो मनको भाव जान्नका लागि किन कपटरूप धारण गर्नुभयो?॥ ३४॥

हे ब्रह्मन्! यो जे जति मैले गरेँ, त्यसमा मेरो अपराध छैन। हे धर्म! मैले अज्ञानले स्त्रीस्वभावको कारण तपाईंलाई व्यर्थै श्राप दिएँ॥ ३५॥

म यस समय यही सोचिरहेकी छु कि त्यस श्रापको के व्यवस्था हुनुपर्छ, मेरो चित्तमा अब त्यो बुद्धि स्फुरित होस्, जसबाट म शान्ति प्राप्त गरूँ॥ ३६॥

यो आकाश, सबै दिशाहरू तथा वायु भलै नष्ट हुन जाला, तर पतिव्रताको श्राप कहिल्यै नष्ट हुँदैन॥ ३७॥

हे देवराज! तपाईं सत्ययुगमा आफ्ना चारै गोडाहरूले सबै समय पूर्णमासको चन्द्रमा समान दिन-रात शोभित रहनुहुने छ। यदि तपाईं नष्ट हुनुभयो भने त सृष्टिकै नाश हुने छ। किंकर्तव्यविमूढ भएर मैले यो झूठो श्राप दिएको छु॥ ३८-३९॥

हे सुरोत्तम! हे विभु! [अब तपाईं मेरो श्रापको व्यवस्था सुन्नुहोस्।] त्रेतायुगमा तपाईंको एक पाद, द्वापरमा दुई पाद र कलियुगमा तीन पाद नष्ट हुने छ र कलिको अन्तमा तपाईंका सबै पाद नष्ट हुनेछन्। त्यसपछि सत्ययुग आएपछि तपाईं पुनः पूर्ण हुनुहुने छ॥ ४०-४१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MoE

सत्ये सर्वव्यापकस्त्वं तदन्येषु च कुत्रचित्।
युगव्यवस्थया स त्वं भविष्यसि यथा तथा॥ ४२
इत्येवं वचनं सत्यं ममास्तु सुखदं तव।
याम्यहं पतिसेवायै गच्छ त्वं स्वगृहं विभो॥ ४३

ब्रह्मोवाच

इत्याकर्ण्य वचस्तस्याः सन्तुष्टोऽभूद् वृषः स वै।
तदेवंवादिनीं साध्वीमुवाच विधिनन्दन॥ ४४

धर्म उवाच

धन्यासि पतिभक्तासि स्वस्ति तेऽस्तु पतिव्रते।
वरं गृहाण त्वत्स्वामी त्वत्परित्राणकारणात्॥ ४५
युवा भवतु ते भर्ता रतिशूरश्च धार्मिकः।
रूपवान् गुणवान्वाग्मी संततस्थिरयौवनः॥ ४६
चिरञ्जीवी स भवतु मार्कण्डेयात्परश्शुभे।
कुबेराद्धनवांश्चैव शक्रादैश्वर्यवानपि॥ ४७
शिवभक्तो हरिसमस्सिद्धस्तु कपिलात्परः।
बुद्ध्या बृहस्पतिसमः समत्वेन विधेः समः॥ ४८
स्वामिसौभाग्यसंयुक्ता भव त्वं जीवनावधि।
तथा च सुभगे देवि त्वं भव स्थिरयौवना॥ ४९
माता त्वं दशपुत्राणां गुणिनां चिरजीविनाम्।
स्वभर्तुरधिकानां च भविष्यसि न संशयः॥ ५०
गृहा भवन्तु ते साध्वि सर्वसम्पत्समन्विताः।
प्रकाशवन्तः सततं कुबेरभवनाधिकाः॥ ५१

वसिष्ठ उवाच

इत्येवमुक्त्वा सन्तस्थौ धर्मः स गिरिसत्तम।
सा तं प्रदक्षिणीकृत्य प्रणम्य स्वगृहं ययौ॥ ५२
धर्मस्तथाशिषो दत्त्वा जगाम निजमन्दिरम्।
प्रशशंस च तां प्रीत्या पद्मां संसदि संसदि॥ ५३
सा रेमे स्वामिना सार्धं यूना रहसि सन्ततम्।
पश्चाद् बभूवुः सत्पुत्रास्तद्भर्तुरधिका गुणैः॥ ५४

सत्ययुगमा तपाईं सर्वव्यापक रहनुहुने छ र अन्य युगमा युग-व्यवस्थानुसार तपाईं कहीँ-कहीँ जसो-तसो घट्तै-बढ्दै रहनुहुने छ। मेरो यो सत्य वचन तपाईंका लागि सुखदायक होस्। हे विभु! अब म आफ्नो पतिको सेवाका लागि जाँदै छु र तपाईं आफ्नो घर जानुहोस्॥ ४२-४३॥

ब्रह्मा भन्नुहुन्छ—हे ब्रह्मपुत्र नारद! पद्माको यस वचनलाई सुनेर धर्मराज प्रसन्न हुनुभयो र यस प्रकार भन्नुहुने ती साध्वीसित भन्न लागे—॥ ४४॥

धर्म भन्नुहुन्छ—हे पतिव्रता! तिमी धन्य छौ, तिमी पतिभक्त छौ, तिम्रो कल्याण होस्। तिमी वर स्वीकार गर। तिम्रो स्वामीले तिम्रो रक्षा गरेका कारणले युवा होऊन्। तिम्रो पति रतिमा शूर, धार्मिक, रूपवान्, गुणवान्, वक्ता र सदा स्थिर यौवनका होऊन्॥ ४५-४६॥

हे शुभा! ती मार्कण्डेयभन्दा पनि चिरंजीवी होऊन्, कुबेरभन्दा पनि धेरै धनवान् तथा इन्द्रभन्दा पनि धेरै ऐश्वर्यशाली रहुन्। ती शिवभक्तमा विष्णुसमान, सिद्धमा कपिलसमान, बुद्धिमा बृहस्पतिसमान तथा समदर्शितामा ब्रह्मदेवसमान होऊन्॥ ४७-४८॥

तिमी जीवनपर्यन्त स्वामीको सौभाग्यले संयुक्त रहनू र हे सुभागा! हे देवी! तिम्रो पनि यौवन स्थिर रहोस्॥ ४९॥

तिमी आफ्नो पतिभन्दा पनि धेरै लामो चिरंजीवी एवं गुणवान् दश पुत्रहरूकी माता हुने छौ, यसमा सन्देह छैन॥ ५०॥

हे साध्वी! तिम्रो घर नाना प्रकारका सम्पत्तिले पूर्ण, निरन्तर प्रकाशयुक्त तथा कुबेरको भवनभन्दा पनि श्रेष्ठ होस्॥ ५१॥

वसिष्ठ भन्नुहुन्छ—हे गिरिश्रेष्ठ! यस प्रकार भनेर धर्मराज चुप लागेर उभिए र उनी पनि उनको प्रदक्षिणा तथा प्रणाम गरी आफ्नो घर गइन्॥ ५२॥

धर्मराज पनि [पद्मालाई] आशीर्वाद दिएर आफ्नो घर गए र ती प्रत्येक सभामा प्रसन्न मनले पद्माको प्रशंसा गर्न लागे। त्यसपछि ती [पद्मा] आफ्नो युवा स्वामीका साथ नित्य एकान्तमा रमण गर्न लागिन्। पछि उनको पतिभन्दा पनि धेरै गुणवान् उत्तम पुत्र उत्पन्न भए॥ ५३-५४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बभूव सकला सम्पद्दम्पत्योः सुखवर्धिनी।
सर्वानन्दवृद्धिकरी परत्रेह च शर्मणे॥ ५५

स्त्री एवं पुरुषहरूलाई सुख दिने सारा सम्पत्ति तीसँग भयो, जुन सब प्रकारको आनन्दलाई बढाउने र यस लोक तथा परलोकमा कल्याणकारक छ॥ ५५॥

शैलेन्द्र कथितं सर्वमितिहासं पुरातनम्।
दम्पत्योश्च तयोः प्रीत्या श्रुतं ते परमादरात्॥ ५६

हे शैलेन्द्र! ती दुवै स्त्री-पुरुषको यो सारा पुरातन इतिहास मैले तपाईंसित वर्णन गरें र तपाईंले यसलाई अत्यन्त आदरपूर्वक सुन्नुभयो॥ ५६॥

बुद्ध्वा तत्त्वं सुतां देहि पार्वतीमीश्वराय च।
कुरुषं त्यज शैलेन्द्र मेनया स्वस्त्रिया सह॥ ५७

अतः तपाईं यस चरित्रलाई जानेर आफ्नी कन्या पार्वती शिवलाई प्रदान गर्नुहोस् र हे शैलेन्द्र! आफ्नी स्त्री मेनासहित आफ्नु हठ छोडिदिनुहोस्॥ ५७॥

सप्ताहे समतीते तु दुर्लभेऽतिशुभे क्षणे।
लग्नाधिपे च लग्नस्थे चन्द्रे स्वतनयान्विते॥ ५८

मुदिते रोहिणीयुक्ते विशुद्धे चन्द्रतारके।
मार्गमासे चन्द्रवारे सर्वदोषविवर्जिते॥ ५९

सर्वसद्ग्रहसंसृष्टेऽसद्ग्रहदृष्टिवर्जिते।
सदपत्यप्रदे जीवे पतिसौभाग्यदायिनि॥ ६०

एक सप्ताह बितेपछि एक दुर्लभ उत्तम शुभयोग आउँदै छ। त्यस लग्नमा लग्नका स्वामी स्वयं आफ्नो घरमा स्थित हुनेछन् र चन्द्रमा पनि आफ्नो पुत्र बुधका साथ स्थित रहनेछन्। चन्द्रमा रोहिणीयुक्त हुनेछन्, यसैले चन्द्र तथा तारागणहरूको योग पनि उत्तम छ। मार्गशीर्षको महिना छ, त्यसमा पनि सर्वदोषविवर्जित चन्द्रवार (सोमवार) को दिन छ, त्यो लग्न सबै उत्तम ग्रहहरूले युक्त तथा नीच ग्रहहरूको दृष्टिबाट रहित छ। त्यस शुभ लग्नमा बृहस्पति उत्तम सन्तान तथा पतिको सौभाग्य प्रदान गर्नुहुन्छ॥ ५८—६०॥

जगदम्बां जगत्पित्रे मूलप्रकृतिमीश्वरीम्।
कन्यां प्रदाय गिरिजां कृती त्वं भव पर्वत॥ ६१

हे पर्वत! [यस्तो शुभ लग्नमा] आफ्नी कन्या मूल प्रकृतिरूपा ईश्वरी जगदम्बालाई जगत्पिता शिवका लागि प्रदान गरी तपाईं कृतार्थ हुनुहोस्॥ ६१॥

ब्रह्मोवाच

इत्युक्त्वा मुनिशार्दूलो वसिष्ठो ज्ञानिसत्तमः।
विरराम शिवं स्मृत्वा नानालीलाकरं प्रभुम्॥ ६२

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] यो भनेर ज्ञानीहरूमा श्रेष्ठ मुनिशार्दूल वसिष्ठ अनेक लीला गर्नुहुने प्रभु शिवको स्मरण गरी चुप लाग्नुभयो॥ ६२॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे पद्मापिप्पलादचरितवर्णनं नाम पञ्चत्रिंशोऽध्यायः॥ ३५॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा पद्मापिप्पलादचरितवर्णन नामक पैंतिसौँ अध्याय पूर्ण भयो॥ ३५॥

अथ षट्त्रिंशोऽध्यायः

सप्तर्षिहरूले सम्झाएपछि हिमवान्‌ले शिवसँग आफ्नी पुत्रीको विवाह निश्चय गर्नु, सप्तर्षिहरूद्वारा शिवकहाँ गएर उहाँलाई सम्पूर्ण वृत्तान्त बताएर आफ्नो धाममा जानु

ब्रह्मोवाच

वसिष्ठस्य वचः श्रुत्वा सगणोऽपि हिमालयः।
विस्मितो भार्यया शैलानुवाच स गिरीश्वरः॥ १

ब्रह्मा भन्नुहुन्छ—वसिष्ठका कुरा सुनेर आफ्ना गण एवं भार्यासहित विस्मित भएर गिरिराज हिमालय पर्वतहरूसित भन्न लागे—॥ १॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDI

हिमालय उवाच

हे मेरो गिरिराट् सह्य गन्धमादन मन्दर।
मैनाक विन्ध्य शैलेन्द्राः सर्वे शृणुत मद्वचः॥ २

वसिष्ठो हि वदत्येवं किं मे कार्यं विचार्यते।
यथा तथा च शंसध्वं निर्णीय मनसाखिलम्॥ ३

ब्रह्मोवाच

तच्छ्रुत्वा वचनं तस्य सुमेरुप्रमुखाश्च ते।
प्रोचुर्हिमालयं प्रीत्या सुनिर्णीय महीधराः॥ ४

शैला ऊचुः

अधुना किं विमर्शेन कृतं कार्यं तथैव हि।
उत्पन्नेयं महाभाग देवकार्यार्थमेव हि॥ ५

प्रदातव्या शिवायेति शिवस्यार्थेऽवतारिणी।
अनयाराधितो रुद्रो रुद्रेण यदि भाषिता॥ ६

ब्रह्मोवाच

एतच्छ्रुत्वा वचस्तेषां मेर्वादीनां हिमाचलः।
सुप्रसन्नतरोऽभूद् वै जहास गिरिजा हृदि॥ ७

अरुन्धती च तां मेनां बोधयामास कारणात्।
नानावाक्यसमूहेनेतिहासैर्विविधैरपि॥ ८

अथ सा मेनका शैलपत्नी बुद्ध्वा प्रसन्नधीः।
मुनीनरुन्धतीं शैलं भोजयित्वा बुभोज च॥ ९

अथ शैलवरो ज्ञानी सुसंसेव्य मुनींश्च तान्।
उवाच साञ्जलिः प्रीत्या प्रसन्नात्मा गतभ्रमः॥ १०

हिमाचल उवाच

सप्तर्षयो महाभागा वचः शृणुत मामकम्।
विस्मयो मे गतः सर्वः शिवयोश्चरितं श्रुतम्॥ ११

मदीयं च शरीरं वै पत्नी मेना सुता सुताः।
ऋद्धिः सिद्धिश्च चान्यद्वै शिवस्यैव न चान्यथा॥ १२

ब्रह्मोवाच

इत्युक्त्वा स तदा पुत्रीं दृष्ट्वा तत्सादरं च ताम्।
भूषयित्वा तदङ्गानि ऋष्युत्सङ्गे न्यवेशयत्॥ १३

हिमालय भन्दछन्—हे गिरिराज मेरु! हे सह्य! हे गन्धमादन! हे मन्दर! हे मैनाक! हे विन्ध्य! हे पर्वतेश्वरहरू! तपाईंहरू सबैले मेरो कुरा सुन्नुहोस्। वसिष्ठ यस्तो भनिरहनुभएको छ। अब मैले के गर्नु पर्ला। यस सम्बन्धमा तपाईंहरू विचार गर्नुहोस् र मनबाट सब कुराहरूको निर्णय गरी जस्तो ठीक हुन्छ, त्यस्तै बताउनुहोस्॥ २-३॥

ब्रह्मा भन्नुहुन्छ—उनको कुरा सुनेर सुमेरु आदि ती पर्वत राम्ररी निर्णय गरी प्रेमपूर्वक हिमालयसित भन्न लागे—॥ ४॥

पर्वत भन्दछन्—यस समय धेरै विचार गरिरहनुको आवश्यकता छैन, कार्य त भई नै सकेको छ। हे महाभाग! यी [कन्या] देवताहरूको कार्यका लागि नै उत्पन्न भएकी हुन्। यिनको अवतार नै जब शिवका लागि भएको छ भने शिवलाई नै दिनुपर्छ। यिनले रुद्रको आराधना गरेकी छिन् र रुद्रले यिनलाई स्वीकृति पनि दिनुभएको छ॥ ५-६॥

ब्रह्मा भन्नुहुन्छ—मेरु आदि पर्वतहरूका यी कुरा सुनेर हिमालय ज्यादै प्रसन्न भए र गिरिजा पनि मन-मनै हाँस्न लाग्नुभयो। अरुन्धतीले [शिव-पार्वतीको विवाहका लागि] अनेक प्रकारका वचन तथा विविध इतिहासहरूबाट ती मेनालाई सम्झाइन्॥ ७-८॥

तब शैलपत्नी मेनाले सबथोक बुझिन् र प्रसन्नचित्त भइन्। उनीहरूले मुनिहरू, अरुन्धती तथा हिमालयलाई भोजन गराएर स्वयं भोजन गरे॥ ९॥

त्यसपछि ज्ञानी गिरिश्रेष्ठ ती मुनिहरूको सेवा गरी प्रसन्नचित्त र भ्रमरहित भएर हात जोडेर प्रसन्नतापूर्वक भन्न लागे—॥ १०॥

हिमालय भन्दछन्—हे महाभाग्यवान् सप्तर्षिगण! तपाईंहरू मेरो कुरा सुन्नुहोस्, मैले शिवा र शिवको सारा चरित्र सुनें, जसबाट मेरो सारा सन्देह टाढा भएको छ। मेरो यो शरीर, पत्नी मेना, पुत्री, पुत्र, ऋद्धि, सिद्धि तथा अन्य जति पनि मसँग छन्, ती सब शिवकै हुन्, यसमा सन्देह छैन॥ ११-१२॥

ब्रह्मा भन्नुहुन्छ—उनले यस प्रकार भनेर ती पुत्रीतिर आदरपूर्वक हेरेर उनका अंगहरूलाई [अलंकार-हरूले] सुसज्जित गरी उनलाई ऋषिहरूको काखमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उवाच च पुनः प्रीत्या शैलराज ऋषींस्तदा।
अयं भागो मया तस्मै दातव्य इति निश्चितम्॥ १४

ऋषय ऊचुः

शंकरो भिक्षुकस्तेऽथ स्वयं दाता भवान् गिरे।
भैक्ष्यञ्च पार्वती देवी किमतः परमुत्तमम्॥ १५

हिमवन् शिखराणान्ते यद्धेतोः सदृशी गतिः।
धन्यस्त्वं सर्वशैलानामधिपः सर्वतो वरः॥ १६

ब्रह्मोवाच

एवमुक्त्वा तु कन्यायै मुनयो विमलाशयाः।
आशिषं दत्तवन्तस्ते शिवाय सुखदा भव॥ १७
स्पृष्ट्वा करेण तां तत्र कल्याणं ते भविष्यति।
शुक्लपक्षे यथा चन्द्रो वर्धन्तां त्वद्गुणास्तथा॥ १८

इत्युक्त्वा मुनयः सर्वे दत्त्वा ते गिरये मुदा।
पुष्पाणि फलयुक्तानि प्रत्ययं चक्रिरे तदा॥ १९

अरुन्धती तदा तत्र मेनां सा सुमुखी मुदा।
गुणैश्च लोभयामास शिवस्य परमा सती॥ २०

हरिद्राकुंकुमैः शैलश्मश्रूणि प्रत्यमार्जयत्।
लौकिकाचारमाधाय मङ्गलायनमुत्तमम्॥ २१

ततश्च ते चतुर्थेऽह्नि संधार्य लग्नमुत्तमम्।
परस्परं च सन्तुष्य संजग्मुः शिवसन्निधिम्॥ २२

तत्र गत्वा शिवं नत्वा स्तुत्वा विविधसूक्तिभिः।
ऊचुः सर्वे वसिष्ठाद्या मुनयः परमेश्वरम्॥ २३

ऋषय ऊचुः

देवदेव महादेव परमेश महाप्रभो।
शृणवस्मद्वचनं प्रीत्या यत्कृतं सेवकैस्तव॥ २४

बोधितो गिरिराजश्च मेना विविधसूक्तिभिः।
सेतिहासं महेशान प्रबुद्धोऽसौ न संशयः॥ २५

वाक्यदत्ता गिरीन्द्रेण पार्वती ते हि नान्यथा।

राखिदिए। त्यसपछि शैलराजले पुनः प्रेमले ऋषिहरूसित भने—मैले शंकरको यो भाग उनलाई अवश्य दिनु छ, यस्तो मैले निश्चय गरेको छु॥ १३-१४॥

ऋषि भन्दछन्—हे गिरि! भगवान् शंकर ग्रहीता हुनाको कारण भिक्षुक हुनुहुन्छ, तपाईं कन्यादान दिनुहुने भएका कारण दाता हुनुहुन्छ र देवी पार्वती भिक्षा हुन्, अब यसभन्दा उत्तम अरू के कुरा हुन सक्छ। हे हिमालय! जसरी सबै शिखरभन्दा अग्लो हुनाको कारण शिखरहरूमा तपाईंको श्रेष्ठता छ, त्यसै गरी तपाईं सम्पूर्ण पर्वतहरूका अधिपति हुनाको कारण सबैभन्दा उत्तम तथा धन्य हुनुहुन्छ॥ १५-१६॥

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार भनेर निर्मल मन भएका मुनिहरूले कन्यालाई हातले स्पर्श गरी शिवलाई सुख दिने बन्नु भनी आशीर्वाद दिए, तिम्रो कल्याण होस्। जसरी शुक्लपक्षको चन्द्रमा बढ्छ, त्यसैगरी तिम्रो गुणहरूको वृद्धि होस्॥ १७-१८॥

यस प्रकार भनेर ती सबै मुनिहरूले प्रसन्नतापूर्वक हिमालयलाई [आशीर्वाद रूपमा] फूल तथा फल अर्पित गरी विश्वास दिलाए॥ १९॥

परम पतिव्रता सुमुखी अरुन्धतीले शिवका गुणहरूद्वारा मेनालाई प्रलोभित पारिन्॥ २०॥

त्यसपछि हिमालयले दाह्रीमा हरिद्रा (बेसार) तथा कुंकुमले मार्जन गरे र लोकोचारपूर्वक सारा मंगल गरे॥ २१॥

त्यसपछि चौथो दिन शुभ लग्नको निश्चय गरी परस्पर सन्तुष्ट भई ती [मुनिगण] शिवकहाँ गए॥ २२॥

त्यहाँ गएर शिवलाई प्रणाम गरी अनेक सूक्तहरूले उहाँको स्तुति गरी ती वसिष्ठ आदि सबै मुनि भन्न लागे॥ २३॥

ऋषि भन्दछन्—हे देवदेव! हे महादेव! हे परमेश्वर! हे महाप्रभु! हजुरका सेवक हामीहरूले जे गरेका छौं, त्यस कुरालाई प्रेमले सुन्नुहोस्॥ २४॥

हे महेशान! हामीहरूले इतिहासपूर्वक अनेक प्रकारका उत्तम वचनहरूले पर्वतराज [हिमालय] तथा मेनालाई धेरै सम्झायौं, जसबाट ती सम्झिए, अब उनीहरूलाई सन्देह रहेन। गिरीन्द्रले वाग्दान दिएर प्रतिज्ञा गरेका छन् कि यी पार्वती हजुरकी हुन्। अब

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MDI

उद्वाहाय प्रगच्छ त्वं गणैर्देवैश्च संयुतः ॥ २६

हजुर आफ्ना गण तथा देवताहरूलाई लिएर विवाहका लागि हिँड्नुहोस् ॥ २५-२६ ॥

गच्छ शीघ्रं महादेव हिमाचलगृहं प्रभो।
विवाहय यथा रीतिः पार्वतीमात्मजन्मने ॥ २७

हे महादेव! हे प्रभु! हजुर चाँडै विवाहका लागि हिमालयको घर हिँड्नुहोस् तथा सन्तानका लागि रीतिअनुसार पार्वतीसित विवाह गर्नुहोस् ॥ २७ ॥

ब्रह्मोवाच

तच्छ्रुत्वा वचनं तेषां लौकिकाचारतत्परः।
प्रहृष्टात्मा महेशानः प्रहस्येदमुवाच सः ॥ २८

ब्रह्मा भन्नुहुन्छ—उनीहरूको यो कुरा सुनेर शिव प्रसन्नचित्त हुनुभयो र लोकाचारमा तत्पर भएर हाँस्तै यस प्रकार भन्न लाग्नुभयो— ॥ २८ ॥

महेश उवाच

विवाहो हि महाभागा न दृष्टो न श्रुतो मया।
यथा पुरा भवद्भिस्तद्विधिः प्रोच्यो विशेषतः ॥ २९

महेश भन्नुहुन्छ—हे महाभाग! मैले त विवाह न देखेको छु तथा न सुनेको नै छु, तपाईंहरूले जस्तो विधि देख्नु-सुन्नु भएको छ, त्यसलाई बताउनुहोस् ॥ २९ ॥

ब्रह्मोवाच

तदाकर्ण्य महेशस्य लौकिकं वचनं शुभम्।
प्रत्यूचुः प्रहसन्तस्ते देवदेवं सदाशिवम् ॥ ३०

ब्रह्मा भन्नुहुन्छ—शिवका लौकिक शुभ वचनलाई सुनेर सप्तर्षिहरू हाँस्दै देवाधिदेव सदाशिवसित भन्न लागे— ॥ ३० ॥

ऋषय ऊचुः

विष्णुमाहूय वै शीघ्रं ससमाजं विशेषतः।
ब्रह्माणं ससुतं प्रीत्या तथा देवं शतक्रतुम् ॥ ३१
तथा ऋषिगणान्सर्वान् यक्षगन्धर्वकिन्नरान्।
सिद्धान् विद्याधरांश्चैव तथा चैवाप्सरोगणान् ॥ ३२
एतांश्चान्यान्प्रभो सर्वानानयस्वेह सादरम्।
सर्वे संसाधयिष्यन्ति त्वत्कार्यं ते न संशयः ॥ ३३

ऋषि भन्दछन्—हे प्रभु! हजुर समाजसहित विष्णुलाई विशेष रूपले शीघ्र बोलाएर पुत्रसहित ब्रह्मा, इन्द्रदेव, सबै ऋषि, यक्ष, गन्धर्व, किन्नर, सिद्ध, विद्याधर, अप्सरा—यी सबलाई तथा अन्य जनहरूलाई आदरपूर्वक यहाँ बोलाउनुहोस्। ती सबैले हजुरको कार्य सिद्ध गर्नेछन्, यसमा सन्देह छैन ॥ ३१—३३ ॥

ब्रह्मोवाच

इत्युक्त्वा सप्त ऋषयस्तदाज्ञां प्राप्य ते मुदा।
स्वधाम प्रययुः सर्वे शंसन्तः शाङ्करीं गतिम् ॥ ३४

ब्रह्मा भन्नुहुन्छ—यस्तो भनेर उहाँको आज्ञा लिएर ती सबै सप्तर्षि शिव महिमाको वर्णन गर्दै प्रसन्नतापूर्वक आ-आफ्नो स्थानमा गए ॥ ३४ ॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे सप्तर्षिवचनं नाम षट्त्रिंशोऽध्यायः ॥ ३६ ॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा सप्तर्षिवचन नामक छत्तिसौँ अध्याय पूर्ण भयो ॥ ३६ ॥

अथ सप्तत्रिंशोऽध्यायः

हिमालयद्वारा विवाहका लागि लग्नपत्रिकाप्रेषण, विवाहका सामग्रीहरूको तयारी तथा दिव्य रूपमा अनेक पर्वत एवं नदीहरूका सपरिवार हिमालयको घरमा आगमन

नारद उवाच

तात प्राज्ञ वदेदानीं सप्तर्षिषु गतेषु च।
किमकार्षीद्धिमगिरिस्तन्मे कृत्वा कृपां प्रभो ॥ १

नारद भन्नुहुन्छ—हे तात! हे महाप्राज्ञ! हे प्रभु! अब हजुर कृपा गरी मलाई यो बताउनुहोस् कि ती सप्तर्षिहरू गएपछि हिमालयले के गरे? ॥ १ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

गतेषु तेषु मुनिषु सप्तस्वपि मुनीश्वर।
सारुन्धतीषु हिमवान् यदकार्षीद् ब्रवीमि ते॥ २
तत आमन्त्र्य स्वभ्रातॄन् मेर्वादीन् ससुतप्रियः।
महामनाः स मुमुदे हिमवान् पर्वतेश्वरः॥ ३

तदाज्ञप्तस्ततः प्रीत्या हिमवान् लग्नपत्रिकाम्।
लेखयामास सुप्रीत्या गर्गेण स्वपुरोधसा॥ ४

अथ प्रस्थापयामास तां शिवाय स पत्रिकाम्।
नानाविधास्तु सामग्र्यः स्वजनैर्मुदितात्मभिः॥ ५

ते जनास्तत्र गत्वा च कैलासे शिवसन्निधिम्।
ददुः शिवाय तत्पत्रं तिलकं संविधाय च॥ ६

सम्मानिता विशेषेण प्रभुणा च यथोचितम्।
सर्वे ते प्रीतिमनस आजग्मुः शैलसन्निधिम्॥ ७

सम्मानितान्विशेषेण महेशेनागतान् जनान्।
दृष्ट्वा सुहर्षितान् शैलो मुमोदातीव चेतसि॥ ८

ततो निमन्त्रणं चक्रे स्वबन्धूनां प्रमोदितः।
नानादेशस्थितानां च निखिलानां सुखास्पदम्॥ ९

ततः स कारयामास स्वन्नसङ्ग्रहमादरात्।
नानाविधाश्च सामग्रीर्विवाहकरणोचिताः॥ १०
तण्डुलानां बहून् शैलान् पृथुकानां तथैव च।
गुडानां शर्कराणां च लवणानां तथैव च॥ ११
क्षीराणां च घृतानां च दध्नां वापीश्चकार सः।
यवादिधान्यपिष्टानां लड्डुकानां तथैव च॥ १२
शष्कुलीनां स्वस्तिकानां शर्कराणां तथैव च।
अमृतेक्षुरसानां च तत्र वापीश्चकार सः॥ १३
बह्वीर्हैयङ्गवानां च ह्यासवानां तथैव च।
नानापक्वान्नसंघांश्च महास्वादुरसाँस्तथा॥ १४
नानाव्यञ्जनवस्तूनि गणदेवहितानि च।
अमूल्यनानावस्त्राणि वह्निशौचानि यानि च॥ १५
मणिरत्नप्रकाराणि सुवर्णरजतानि च।
द्रव्याण्येतानि चान्यानि सङ्गृह्य विधिपूर्वकम्॥ १६
मङ्गलं कर्तुमारेभे गिरिर्मंगलकृद्दिने।
संस्कारं कारयामासुः पार्वत्याः पर्वतस्त्रियः॥ १७

ब्रह्मा भन्नुहुन्छ—हे मुनीश्वर! अरुन्धतीसहित ती सप्तर्षिहरू गएपछि हिमालयले जे गरे, त्यसलाई म तपाईंसित भन्दै छु। त्यसपछि महामनस्वी गिरिराज हिमालय प्रिय पुत्रहरूसहित आफ्ना मेरु आदि बन्धुहरूलाई बोलाएर ज्यादै प्रसन्न भए॥ २-३॥

उनीहरूबाट आज्ञा लिएपछि हिमालयले प्रीतिपूर्वक आफ्ना पुरोहित गर्गसित लग्नपत्रिका लेखाए र उनले प्रसन्न मन भएका आफ्ना सेवकहरूद्वारा अनेक प्रकारका सामग्रीहरू तथा त्यस लग्नपत्रिकालाई बडो प्रेमले शिवका समक्षमा पठाए॥ ४-५॥

उनीहरूले कैलासमा शिवका समीपमा गएर उहाँलाई तिलक लगाइदिएर त्यो पत्रिका प्रदान गरे॥ ६॥

भगवान् सदाशिवले उनीहरूको विशेष रूपले यथोचित सम्मान गर्नुभयो र प्रसन्नतापूर्वक ती सबैजना हिमालयकहाँ फर्किआए। हिमालय पनि शिवद्वारा विशेष रूपले सम्मानित भएका हर्षित जनहरूलाई देखेर मन-मनै अत्यन्त प्रसन्न भए॥ ७-८॥

तत्पश्चात् उनले पनि अनेक देशहरूमा रहेका आफ्ना सम्बन्धीहरूलाई बडो प्रेमका साथ सुखदायक निमन्त्रणा पठाए। त्यसपछि उनले आदरपूर्वक उत्तम अन्न तथा विवाहका लागि अनेक प्रकारका उपयोगी सामग्रीहरू एकत्रित गरे॥ ९-१०॥

उनले चामल, चिउरा, सखर, चिनी तथा नुनको थुप्रो लगाइदिए। दूध, घिउ, दहीको पोखरी बनाएर उनले जौ आदिको पिठो, लड्डू, पूरी, स्वस्तिक, चिनीको प्रभूत-संग्रह गराए र अमृत समान स्वादिष्ट उखुको रसको पोखरी बनाए तथा मक्खन, आसवहरूको समूह एवं महास्वादिष्ट पक्वान्न एवं रसहरूको थुप्रो लगाइदिए॥ ११—१४॥

शिवका गण तथा देवताहरूका लागि हितकारक अनेक प्रकारका व्यंजन, वस्तुहरू तथा अग्निबाट पवित्र गरिएका अनेक प्रकारका बहुमूल्य वस्त्र, नाना प्रकारका मणिहरू, रत्न, सुवर्ण तथा चाँदी—यी द्रव्यहरूलाई तथा अन्य वस्तुहरूलाई विधिपूर्वक एकत्रित गरी गिरिराजले मंगलदायक दिनमा मंगलाचार प्रारम्भ गरे। पर्वतहरूका स्त्रीहरू पार्वतीको संस्कार गर्न लागे। ती स्वयं अनेक प्रकारका आभूषणहरूले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDT

ता मङ्गलं मुदा चक्रुर्भूषिता भूषणैः स्वयम्।
पुरद्विजस्त्रियो हृष्टा लोकाचारं प्रचक्रिरे॥ १८

सोत्सवं विविधं तत्र सुमङ्गलपुरस्सरम्।

हिमालयोऽपि हृष्टात्मा कृत्वाचारं सुमङ्गलम्॥ १९

सर्वभावेन सुप्रीतो बन्धुवर्गागमोत्सुकः।
एतस्मिन्नन्तरे तस्य बान्धवाश्च निमन्त्रिताः॥ २०

आजग्मुः सस्त्रियो हृष्टाः ससुताः सपरिच्छदाः।
तदेव शृणु देवर्षे गिर्यागमनमादृतः॥ २१

वर्णयामि समासेन शिवप्रीतिविवृद्धये।
देवालयगिरिर्यो हि दिव्यरूपधरो महान्॥ २२

नानारत्नपरिभ्राजत्समाजः सपरिच्छदः।
नानामणिमहारत्नसारमादाय यत्नतः॥ २३

सुवेषालंकृतः श्रीमान् जगाम स हिमालयम्।
मन्दरः सर्वशोभाढ्यः सनारीतनयो गिरिः॥ २४

सूपायनानि सङ्गृह्य जगाम विविधानि च।
अस्ताचलोऽपि दिव्यात्मा सोपायन उदारधीः॥ २५

बहुशोभासमायुक्त आजगाम मुदान्वितः।
उदयाचल आदाय सद्रत्नानि मणीनपि॥ २६

अत्युत्कृष्टपरीवार आजगाम महासुखी।
मलयो गिरिराजो हि सपरीवार आदृतः॥ २७

सुदिव्यरचनायुक्त आययौ बहुसद्बलः।
सद्यो दर्दुरनामा च मुदितः सकलत्रकः॥ २८

बहुशोभान्वितस्तात ययौ हिमगिरेर्गृहम्।
निषदोऽपि प्रहृष्टात्मा सपरिच्छद आययौ॥ २९

ससुतस्त्रीगणः प्रीत्या ययौ हिमगिरेर्गृहम्।
आजगाम महाभाग्यो भूधरो गन्धमादनः॥ ३०

करवीरस्तथैवापि महाविभवसंयुतः।
महेन्द्रः पर्वतश्रेष्ठ आजगाम हिमालयम्॥ ३१

सुसज्जित भएर प्रसन्नतापूर्वक मंगलाचार गर्न लागे। नगरमा बस्ने द्विजस्त्रीहरू पनि प्रसन्न भएर उत्सव तथा मंगलाचारका साथ अनेक प्रकारका लोकाचार गर्न लागे॥ १५—१८½॥

हिमालय पनि प्रसन्नचित्त भएर प्रेमका साथ समस्त मंगलाचार गरी बन्धुवर्गहरू आउने प्रतीक्षा गर्न लागे। यसै बीच निमन्त्रित उनका सबै बान्धव आफ्ना स्त्री, पुत्र तथा सेवकहरूसहित प्रसन्नतापूर्वक त्यहाँ आइपुगे। हे देवर्षि! अब ती पर्वतहरूको आगमन आदरपूर्वक सुन्नुहोस्। म शिवमा प्रीति बढाउनका लागि संक्षेपमा यसको वर्णन गर्दै छु॥ १९—२१½॥

सबभन्दा पहिला सर्वश्रेष्ठ तथा श्रीमान् देवालय नामक पर्वत सुन्दर वेषले अलंकृत भएर दिव्य रूप धारण गरी अनेक प्रकारका रत्नहरूले देदीप्यमान आफ्नो समाज तथा कुटुम्बका साथ अनेक मणिहरू तथा बहुमूल्य रत्नहरूलाई लिएर हिमालयकहाँ पुगे। सम्पूर्ण शोभाले संयुक्त मन्दराचल अनेक प्रकारका उत्तम उपहारहरू लिएर आफ्नी स्त्री तथा पुत्रहरूसहित हिमालयकहाँ आए। उदारबुद्धि भएका तथा दिव्यात्मा अस्ताचल पर्वत पनि महान् शोभाले युक्त भई विविध प्रकारका उपहारसामग्री लिएर प्रसन्नतापूर्वक हिमालयको निकट आए। त्यसै प्रकार हर्षोल्लासले समन्वित उदयाचल पनि सबै प्रकारका उत्तम रत्न तथा मणिहरूलाई लिएर अत्युत्तम परिवारका साथ आए। मलयाचल पनि आदरपूर्वक अत्यन्त दिव्य रचनाले युक्त भई धेरै सेना तथा परिवारसहित हिमालयकहाँ आए। हे तात! दर्दर नामक पर्वत पनि प्रसन्न भई आफ्नी पत्नीका साथ महान् शोभाले युक्त भएर हिमालयको घर शीघ्र पुगे। निषद पर्वत पनि प्रसन्नचित्त भएर आफ्नो परिवारजनहरूका साथ हिमालयको घर आए। यसै प्रकार महाभाग्यवान् गन्धमादन पर्वत पनि पुत्र तथा स्त्रीहरूका साथ प्रसन्नतापूर्वक हिमालयको घर आए। महान् ऐश्वर्यले समन्वित भएर करवीर तथा पर्वतश्रेष्ठ महेन्द्र पनि हिमालयको घर आए॥ २२—३१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सगणः ससुतस्त्रीको बहुशोभासमन्वितः ।
पारियात्रो हि हृष्टात्मा मणिरत्नाकरैर्युतः ॥ ३२

सगणः सपरीवार आययौ हिमभूधरम् ।
क्रौञ्चः पर्वतराजो हि महाबलपरिच्छदः ।
आजगाम गिरिश्रेष्ठः समुपायन आदृतः ॥ ३३

पुरुषोत्तमशैलोऽपि सपरिच्छद आदृतः ।
महोपायनमादायाजगाम हिमभूधरम् ॥ ३४

नीलः सलीलः ससुतः सस्त्रीको द्रव्यसंयुतः ।
आजगाम हिमागस्य गृहमानन्दसंयुतः ॥ ३५

त्रिकूटश्चित्रकूटोऽपि वेंकटः श्रीगिरिस्तथा ।
गोकामुखो नारदश्च हिमगेहमुपागमत् ॥ ३६

विन्ध्यश्च पर्वतश्रेष्ठो नानासम्पत्समन्वितः ।
आजगाम प्रहृष्टात्मा सदारतनयः शुभः ॥ ३७

कालंजरो महाशैलो बहुहर्षसमन्वितः ।
बहुभिः स्वगणैः प्रीत्याजगाम हिमभूधरम् ॥ ३८

कैलासस्तु महाशैलो महाहर्षसमन्वितः ।
आजगाम कृपां कृत्वा सर्वोपरि लसत्प्रभुः ॥ ३९

अन्येऽपि भूभृतो ये हि द्वीपेष्वन्येष्वपि द्विज ।
इहापि येऽचलाः सर्वे आययुस्ते हिमालयम् ॥ ४०

निमन्त्रिता नगास्तत्र तेन पूर्वं मुदा मुने ।
आययुर्निखिलाः प्रीत्या विवाहश्शिवयोरिति ॥ ४१

तदा सर्वे समायाताः शोणभद्रादयः खलु ।
बहुशोभा महाप्रीत्या विवाहश्शिवयोरिति ॥ ४२

नद्यः सर्वाः समायाता नानालंकारसंयुताः ।
दिव्यरूपधराः प्रीत्या विवाहश्शिवयोरिति ॥ ४३

गोदावरी च यमुना ब्रह्मस्त्रीर्वेणिका तथा ।
आययौ हिमशैलं वै विवाहश्शिवयोरिति ॥ ४४

अनेक प्रकारका शोभाले सम्पन्न पारियात्र पनि प्रसन्न-चित्त भएर अनेक गण, पुत्रहरू एवं स्त्रीहरूलाई साथ लिएर मणि तथा रत्नहरूको खानीले युक्त भई हिमालयकहाँ आए। गिरिश्रेष्ठ पर्वतराज क्रौंच आफ्ना सेना तथा सेवकहरूलाई लिएर आफ्ना पुत्र, स्त्री तथा परिवारसहित प्रसन्न भई उपहारसामग्रीले युक्त भई आदरपूर्वक हिमालयको घर आए॥ ३२-३३॥

पुरुषोत्तम पर्वत पनि आफ्नो समाजसहित बडो आदरका साथ धेरै उपहार-सामग्री लिएर हिमालयकहाँ आए। नीलपर्वत पनि आफ्नी स्त्री तथा पुत्रका साथ धेरै द्रव्य लिएर आनन्दित भएर हिमालयको घर आए॥ ३४-३५॥

त्रिकूट, चित्रकूट, वेंकट, श्रीगिरि, गोकामुख तथा नारद—यी पर्वत पनि हिमालयको घर आए। पर्वतश्रेष्ठ विन्ध्य पनि अत्यन्त प्रसन्नचित्त भएर आफ्नी स्त्री-पुत्रहरूसहित नाना प्रकारका सम्पत्तिले युक्त भई हिमालयको घर आए॥ ३६-३७॥

महाशैल कालंजर आफ्ना अनेक गणहरूका साथ प्रसन्नता-पूर्वक हिमालयको घर आए। कैलास नामक महापर्वत पनि बडो प्रसन्नताका साथ कृपापूर्वक हिमालयको घर आए। ती सबै पर्वतहरूभन्दा बढी शोभासम्पन्न थिए॥ ३८-३९॥

हे नारद! यसै प्रकार अन्य द्वीपहरूमा रहने तथा भारतवर्षमा रहने जुन अन्य पर्वत थिए, ती सब हिमालयको घर आए। हे मुनि! हिमालयले जुन पर्वतहरूलाई पहिला नै प्रेमले आमन्त्रित गरेका थिए, ती सबै यो सोचेर कि यो शिवा-शिवको विवाह हो, प्रसन्नतापूर्वक त्यहाँ आए॥ ४०-४१॥

शिवा-शिवको विवाह भइरहेको छ—यो जानेर त्यस समय शोणभद्रादि सबै नद अनेक शोभाले युक्त भएर बडो प्रसन्नताका साथ त्यहाँ आए॥ ४२॥

शिवा-शिवको विवाह भइरहेको छ—यो जानेर सबै नदीहरू दिव्य रूप धारण गरी नाना प्रकारका अलंकारहरूले युक्त भई प्रेमपूर्वक त्यहाँ आए। शिवा-शिवको विवाह भइरहेको छ—यो जानेर गोदावरी, यमुना, ब्रह्मस्त्री तथा वेणिका हिमालयको समक्षमा आए॥ ४३-४४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE

गङ्गा तु सुमहाप्रीत्या नानालंकारसंयुता।
दिव्यरूपाययौ प्रीत्या विवाहशिवयोरिति॥ ४५

शिवा-शिवको विवाह भइरहेको छ—यो जानेर गंगा पनि महाप्रसन्न भई दिव्य रूप धारण गरी अनेक प्रकारका आभूषणहरूले सुसज्जित भई त्यहाँ आइन्॥ ४५॥

नर्मदा तु महामोदा रुद्रकन्या सरिद्वरा।
महाप्रीत्याजगामाशु विवाहशिवयोरिति॥ ४६

शिवा-शिवको विवाह भइरहेको छ—यो जानेर सरिताहरूमा श्रेष्ठ, अत्यन्त आनन्द प्रदान गर्ने, रुद्रकी कन्या नर्मदा पनि बडो प्रेमले शीघ्र त्यहाँ आइन्॥ ४६॥

आगतैस्तैस्ततः सर्वैः सर्वतो हिमभूधरम्।
संकुलासीत्पुरी दिव्या सर्वशोभासमन्विता॥ ४७

महोत्सवा लसत्केतुध्वजातोरणकाधिका।
वितानविनिवृत्तार्का तथा नानालसत्प्रभा॥ ४८

त्यस समय हिमालयकहाँ आएका ती सबैले त्यो दिव्य तथा सबै शोभाले युक्त पुरी भरियो। त्यो महोत्सवले युक्त भयो, त्यसमा नाना प्रकारका ध्वजा-पताका एवं तोरण सुशोभित हुन लागे, नाना प्रकारका चँदुवाहरू टाँगिनाले सूर्यका प्रकाश छेकिए र त्यो पुरी रंगी-बिरंगी रत्नहरूको कान्तिले पूर्ण हुन गयो॥ ४७-४८॥

हिमालयोऽपि सुप्रीत्यादरेण विविधेन च।
तेषां चकार सम्मानं तासां चैव यथायथम्॥ ४९

सर्वान्निवासयामास सुस्थानेषु पृथक् पृथक्।
सामग्रीभिरनेकाभिस्तोषयामास कृत्स्नशः॥ ५०

हिमालयले पनि प्रेम र आदरका साथ अत्यन्त प्रेमपूर्वक ती स्त्री तथा पुरुषहरूको यथोचित सम्मान गरे। उनले सबैलाई अलग-अलग उत्तम स्थानहरूमा निवास प्रदान गरे र अनेक प्रकारका सामग्रीले उनीहरूलाई पूर्णरूपले सन्तुष्ट पारे॥ ४९-५०॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे लग्नपत्रसंप्रेषणसामग्रीसङ्ग्रहशैलागमनवर्णनं नाम सप्तत्रिंशोऽध्यायः॥ ३७॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा लग्नपत्रसम्प्रेषणसामग्रीसंग्रह-शैलागमनवर्णन नामक सैंतिसौँ अध्याय पूर्ण भयो॥ ३७॥

अथाष्टत्रिंशोऽध्यायः

हिमालयपुरीको सजावट, विश्वकर्माद्वारा दिव्यमण्डप एवं देवताहरूको निवासका लागि दिव्यलोकहरूको निर्माण गर्नु

ब्रह्मोवाच

अथ शैलेश्वरः प्रीतो हिमवान्मुनिसत्तम।
स्वपुरं रचयामास विचित्रं परमोत्सवम्॥ १

ब्रह्मा भन्नुहुन्छ—हे मुनिसत्तम! यसपछि हिमालयले प्रसन्न भएर महोत्सवसम्पन्न आफ्नो नगरलाई विचित्र प्रकारले सजाए॥ १॥

सिक्तमार्गं संस्कृतं च शोभितं परमर्द्धिभिः।
द्वारि द्वारि च रम्भादि मङ्गलं द्रव्यसंयुतम्॥ २

उनले सबै मार्गहरूमा जल छर्कन लगाए र सबै प्रकारका ऋद्धि-सिद्धिले नगरलाई अलंकृत गरी प्रत्येक द्वारलाई केराका थम्बाले तथा मंगलद्रव्यहरूले सुसज्जित गरे॥ २॥

प्राङ्गणं रचयामास रम्भास्तंभसमन्वितम्।
पट्टसूत्रैः संनिबद्धं रसालपल्लवान्वितम्॥ ३
मालतीमाल्यसंयुक्तं लसत्तोरणसुप्रभम्।

आँगनमा केराका थम्बा लगाए। रेशमी धागोमा आँपका पात बाँधेर बंदनवार, जसमा मालतीको माला बाँधिएका थिए, चिटिक्क पारिएको त्यस आँगनलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शोभितं मङ्गलद्रव्यैश्चतुर्दिक्षु स्थितैः शुभैः॥ ४
तथैव सर्वं परया मुदान्वित-
श्चक्रे गिरीन्द्रः स्वसुतार्थमेव।
गर्गं पुरस्कृत्य महाप्रभावं
प्रस्तावयोग्यं च सुमङ्गलं हि॥ ५

चारै दिशाहरूमा कल्याणकारी मंगलद्रव्यहरूबाट सुशोभित पारियो। पर्वतराजले महाप्रभावशाली गर्गाचार्यको आज्ञानुसार आफ्नी कन्याको विवाहका निमित्त परम प्रसन्नताले युक्त भई सारा सामग्री तथा सबै प्रकारका मंगलद्रव्य एकत्रित गरे॥ ३—५॥

आहूय विश्वकर्माणं कारयामास सादरम्।
मण्डपं च सुविस्तीर्णं वेदिकादिमनोहरम्॥ ६

उनले विश्वकर्मालाई आदरपूर्वक बोलाएर विस्तृत मण्डप तथा मनोहर वेदि आदिको निर्माण गराए॥ ६॥

अयुतेन सुरर्षे तद्योजनानां च विस्तृतम्।
अनेकलक्षणोपेतं नानाश्चर्यसमन्वितम्॥ ७
स्थावरं जङ्गमं सर्वं सदृशं तैर्मनोहरम्।
सर्वतोऽद्भुतसर्वस्वं नानावस्तुचमत्कृतम्॥ ८

हे देवर्षि! त्यो [मण्डप] दश हजार योजन लामो, अनेक लक्षणहरूले युक्त तथा अनेक आश्चर्यहरूले परिपूर्ण थियो। स्थावर चित्रको रचना जंगमसदृश्य नै हुनाले त्यो मण्डप चारैतिर अद्भुत पदार्थहरूले परिपूर्ण हुन गयो॥ ७-८॥

जङ्गमं विजितं तत्र स्थावरेण विशेषतः।
जङ्गमेन च तत्रासीज्जितं स्थावरमेव हि॥ ९

स्थावर रचनाले विशेष रूपले जंगमलाई तथा जंगम रचनाले स्थावर रचनालाई पराजित गरिदिएको थियो॥ ९॥

पयसा च जिता तत्र स्थलभूमिर्न चान्यथा।
जलं किं हि स्थलं किं हि न विदुः केऽपि कोविदाः॥ १०

जलको रचनाले स्थलभूमिलाई जित्यो। ठूला-ठूला विशेषज्ञहरूलाई पनि थाहा हुन्न थियो कि कहाँ जल छ र कहाँ स्थल छ॥ १०॥

क्वचित्सिंहाः कृत्रिमाश्च क्वचित्सारसपंक्तयः।
क्वचिच्छिखण्डिनस्तत्र कृत्रिमाश्च मनोहराः॥ ११

कतै कृत्रिम सिंह तथा सारसका पंक्ति बनाइएका थिए तथा कतै अत्यन्त मनोहर कृत्रिम मयूर बनाइएका थिए॥ ११॥

क्वचित्स्त्रियः कृत्रिमाश्च नृत्यन्त्यः पुरुषैस्सह।
मोहयन्त्यो जनान्सर्वान्पश्यन्त्यः कृत्रिमास्तथा॥ १२

कहीं पुरुषहरूका साथ नाच्दै गरेका स्त्रीहरूका चित्र बनाइएका थिए, ती कृत्रिम स्त्रीहरू आफ्नो दृष्टिले हेर्दै मानौँ पुरुषहरूलाई मोहित पारिरहेका थिए॥ १२॥

तथा तेनैव विधिना द्वारपाला मनोहराः।
हस्तैर्धनूंषि चोद्धृत्य स्थावरा जङ्गमोपमाः॥ १३

यसै प्रकार हातमा धनुष धारण गरेका मनोहर द्वारपाल स्थावर भएर पनि जंगम सदृश्य प्रतीत भइरहेका थिए॥ १३॥

द्वारि स्थिता महालक्ष्मीः कृत्रिमा रचिताद्भुता।
सर्वलक्षणसंयुक्तागता साक्षात्पयोर्णवात्॥ १४

क्षीरसागरबाट उत्पन्न भएका सर्वलक्षणयुक्त साक्षात् लक्ष्मी समान अद्भुत कृत्रिम महालक्ष्मी ढोकाहरूमा बनाइएका थिए॥ १४॥

गजाश्चालङ्कृता ह्यासन्कृत्रिमा अकृतोपमाः।
तथाश्वाः सादिभिश्चैव गजाश्च गजसादिभिः॥ १५
रथा रथिभिराकृष्टा महाश्चर्यसमन्विताः।
वाहनानि तथान्यानि पत्तयः कृत्रिमास्तथा॥ १६

अलंकृत हात्ती वास्तविक हात्तीको समान लाग्दथ्यो। यसै प्रकार घोडसवारहरूले समन्वित अश्व तथा गजारोहीहरूले युक्त गज र आश्चर्यपूर्ण रथीले युक्त रथ समतामा कुनै प्रकारका जीवधारीहरूभन्दा कम थिएन। अनेक प्रकारका वाहन तथा पैदल कृत्रिम हुँदामा पनि अकृत्रिम-जस्तो प्रतीत हुन्थ्यो॥ १५-१६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MDT

एवं विमोहनार्थं तु कृतं वै विश्वकर्मणा।
देवानां च मुनीनां च तेन प्रीतात्मना मुने॥ १७

हे मुनि! ती प्रसन्नचित्त विश्वकर्मांले देवताहरू र मुनिहरूलाई मोहित गर्नका लागि यो सब गरेका थिए॥ १७॥

महाद्वारि स्थितो नन्दी कृत्रिमश्च कृतो मुने।
शुद्धस्फटिकसंकाशो यथा नन्दी तथैव सः॥ १८
तस्योपरि महादिव्यं पुष्पकं रत्नभूषितम्।
राजितं पल्लवैः शुभ्रैश्चामरैश्च सुशोभितम्॥ १९

हे मुनि! महाद्वारमा शुद्ध स्फटिकसमान अत्यन्त उज्ज्वल नन्दीको चित्र बनाइएको थियो, त्यो साक्षात् नन्दीकै समान थियो। त्यसमाथि महादिव्य, रत्नजडित एवं मनोहर पल्लवहरू तथा चामरहरूले शोभायमान पुष्पक विमान राखिएको थियो॥ १८-१९॥

वामपार्श्वे गजौ द्वौ च शुद्धकाश्मीरसन्निभौ।
चतुर्दन्तौ षष्टिवर्षौ भेदमानौ महाप्रभौ॥ २०

तथैवार्कनिभौ तेन कृतौ चाश्वौ महाप्रभौ।
चामरालंकृतौ दिव्यौ दिव्यालङ्कारभूषितौ॥ २१

द्वारको बायाँ भागमा शुद्ध काश्मीरी रंगका चार दाँत भएका दुई हात्ती बनाइएका थिए, जुन महाकान्तिमान् तथा साठी वर्षका थिए र एक-अर्कासित जुधिरहेका थिए॥ २०॥ त्यसै प्रकार सूर्यसमान महाकान्तिमान् तथा दिव्य दुई घोडा पनि बनाइएका थिए, जुन चँवर तथा दिव्य अलंकारहरूले सुसज्जित थियो॥ २१॥

दंशिता वररत्नाढ्या लोकपालास्तथैव च।
सर्वे देवा यथार्थं वै कृता वै विश्वकर्मणा॥ २२

विश्वकर्मांले उपस्थित भएका सबै लोकपाल तथा देवताहरूको श्रेष्ठ रत्नहरूले विभूषित यथार्थ रूपको चित्र बनाएका थिए॥ २२॥

तथा हि ऋषयः सर्वे भृग्वाद्याश्च तपोधनाः।
अन्ये ह्युपसुरास्तद्वत्सिद्धाश्चान्येऽपि वै कृताः॥ २३
विष्णुश्च पार्षदैः सर्वैर्गरुडाख्यैः समन्वितः।
कृत्रिमो निर्मितस्तद्वत्परमाश्चर्यरूपवान्॥ २४

यसै प्रकार तपोधन भृगु आदि ऋषि, अन्य उपदेवता, सिद्ध तथा अन्य जनहरूको पनि चित्र निर्माण गरिएको थियो। कृत्रिम विष्णु आफ्ना गरुड आदि पार्षदहरूका साथ यस प्रकारका बनाइएका थिए कि उनलाई हेर्नाले महान् आश्चर्य प्रतीत भइरहन्थ्यो॥ २३-२४॥

तथैवाहं सुतैर्वेदैस्सिद्धैश्च परिवारितः।
कृत्रिमो निर्मितस्तद्वत्पठन्सूक्तानि नारद॥ २५

ऐरावतगजारूढः शक्रः स्वदलसंयुतः।
कृत्रिमो निर्मितस्तद्वत्परिपूर्णेन्दुसंनिभः॥ २६

हे नारद! यसै प्रकार आफ्ना पुत्रहरू, वेदहरू एवं परिवारका साथ सूक्तपाठ गर्दै गरेको म ब्रह्माको पनि चित्र निर्माण गराइएको थियो। विश्वकर्मांले ऐरावतमा चढेका आफ्ना दलसहित इन्द्रको निर्माण गरेका थिए, जुन पूर्णचन्द्रसमान प्रकाशित भइरहेको थियो॥ २५-२६॥

किं बहूक्तेन देवर्षे सर्वो वै विश्वकर्मणा।
हिमागप्रेरितेनाशु क्लृप्तः सुरसमाजकः॥ २७

एवंभूतः कृतस्तेन मण्डपो दिव्यरूपवान्।
अनेकाश्चर्यसम्भूतो महान्देवविमोहनः॥ २८

हे देवर्षि! धेरै भन्नाले के लाभ? विश्वकर्मांले हिमालयबाट प्रेरित भएर सम्पूर्ण देवसमाजको तत्काल रचना गरेका थिए। यस प्रकार विश्वकर्मांले दिव्य रूपले युक्त, देवताहरूलाई मोहित पार्ने तथा अनेक आश्चर्यहरूबाट परिपूर्ण त्यस विशाल मण्डपको निर्माण गरे॥ २७-२८॥

अथाज्ञसो गिरीशेन विश्वकर्मा महामतिः।
निवासार्थं सुरादीनां तत्तल्लोकान् हि यत्नतः॥ २९

यसै अन्तर्गत महाबुद्धिमान् विश्वकर्मांले हिमालयको आज्ञा पाएर देवताहरू आदिको निवासका लागि यत्नपूर्वक उनीहरूका लोकको रचना गरे॥ २९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तत्रैव च महामञ्चाः सुप्रभाः परमाद्भुताः।
रचिताः सुखदा दिव्यास्तेषां वै विश्वकर्मणा॥ ३०

विश्वकर्माले देवताहरूलाई सुखदायक, अत्यधिक प्रभा भएका, परम आश्चर्यकारक तथा दिव्य मंचहरूको पनि निर्माण गरे॥ ३०॥

तथा स सत्यलोकं वै विरेचे क्षणतोऽद्भुतम्।
दीप्त्या परमया युक्तं निवासार्थं स्वयम्भुवः॥ ३१

उनले ब्रह्माको निवासका लागि क्षणभरमा परम दीप्तिले युक्त अद्भुत सत्यलोकको रचना गरिदिए॥ ३१॥

तथैव विष्णोस्त्वपरं वैकुण्ठाख्यं महोज्ज्वलम्।
विरेचे क्षणतो दिव्यं नानाश्चर्यसमन्वितम्॥ ३२

त्यसै प्रकार उनले विष्णुका लागि वैकुण्ठ नामक स्थान क्षणमात्रमा बनाए, जुन अति उज्ज्वल, दिव्य तथा नाना प्रकारका आश्चर्यले युक्त थियो॥ ३२॥

अमरेशगृहं दिव्यं तथैवाद्भुतमुत्तमम्।
विरेचे विश्वकर्मासौ सर्वैश्वर्यसमन्वितम्॥ ३३

ती विश्वकर्माले सम्पूर्ण ऐश्वर्यले युक्त, अत्यन्त अद्भुत, दिव्य तथा उत्तम इन्द्रभवनको निर्माण गरे॥ ३३॥

गृहाणि लोकपालानां विरेचे सुन्दराणि च।
तद्वत्स प्रीतितो दिव्यान्यद्भुतानि महान्ति च॥ ३४

त्यसै प्रकार उनले लोकपालहरूका लागि सुन्दर, दिव्य, अद्भुत तथा महान् गृहहरूको प्रीतिपूर्वक रचना गरे॥ ३४॥

अन्येषाममराणां च सर्वेषां क्रमशस्तथा।
सदनानि विचित्राणि रचितानि च तेन वै॥ ३५

विश्वकर्मा महाबुद्धिः प्राप्तशम्भुमहावरः।
विरेचे क्षणतः सर्वं शिवतुष्ट्यर्थमेव च॥ ३६

उनले अन्य देवताहरूका लागि क्रमशः विचित्र गृहहरूको रचना गरे। शिवबाट वर प्राप्त गरेका कारण महाबुद्धिमान् विश्वकर्माले क्षणभरमा शिवको प्रसन्नताका लागि सारा स्थानको निर्माण गरे॥ ३५-३६॥

तथैव चित्रं परमं महोज्ज्वलं
महाप्रभं देववरैः सुपूजितम्।
गिरीशचिह्नं शिवलोकसंस्थितं
सुशोभितं शम्भुगृहं चकार॥ ३७

उनले शिवलोकमा रहने, परम उज्ज्वल, महान् प्रभा भएका, श्रेष्ठ देवताहरूबाट पूजित, गिरीशका चिह्नहरूले युक्त तथा शोभासम्पन्न शिवगृहको निर्माण गरे॥ ३७॥

एवंभूता कृता तेन रचना विश्वकर्मणा।
विचित्रा शिवतुष्ट्यर्थं पराश्चर्या महोज्ज्वला॥ ३८

एवं कृत्वाखिलं चेदं व्यवहारं च लौकिकम्।
पर्यैक्षिष्ट मुदा शम्भ्वागमनं स हिमाचलः॥ ३९

इति प्रोक्तमशेषेण वृत्तान्तं प्रमुदावहम्।
हिमालयस्य देवर्षे किं भूयः श्रोतुमिच्छसि॥ ४०

ती विश्वकर्माले शिवको प्रसन्नताका लागि यस प्रकारको विचित्र, परम आश्चर्यले युक्त तथा परमोज्ज्वल रचना गरेका थिए। यस प्रकार यो सारा लौकिक व्यवहार गरी ती हिमालय अत्यन्त प्रेमले शिवको आगमनको प्रतीक्षा गर्न लागे। हे देवर्षि! मैले हिमालयको आनन्ददायक वृत्तान्त पूर्णरूपले भनैँ, अब तपाईं अरू के सुन्न चाहनुहुन्छ?॥ ३८—४०॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे मण्डपादिरचनावर्णनं नामाष्टत्रिंशोऽध्यायः॥ ३८॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा मण्डपादिरचनावर्णन नामक अड्तिसौँ अध्याय पूर्ण भयो॥ ३८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MoE

अथैकोनचत्वारिंशोऽध्यायः

भगवान् शिवले नारदद्वारा सबै देवतालाई निमन्त्रणा दिलाउनु, सबैको आगमन तथा शिवको मंगलाचार एवं ग्रहपूजा आदि गरी कैलासबाट बाहिर निस्कनु

नारद उवाच

विधे तात महाप्राज्ञ विष्णुशिष्य नमोऽस्तु ते।
अद्भुतेयं कथाश्रावि त्वत्तोऽस्माभिः कृपानिधे॥ १

इदानीं श्रोतुमिच्छामि चरितं शशिमौलिनः।
वैवाहिकं सुमाङ्गल्यं सर्वाघौघविनाशनम्॥ २

किं चकार महादेवः प्राप्य मङ्गलपत्रिकाम्।
तां श्रावय कथां दिव्यां शङ्करस्य परात्मनः॥ ३

नारद भन्नुहुन्छ—हे विष्णुशिष्य! हे महाप्राज्ञ! हे तात! हे विधि! हजुरलाई प्रणाम छ। हे कृपानिधि! हामीले हजुरबाट यो अद्भुत कथा सुन्यौँ। अब म शिवको वैवाहिक चरित्र सुन्न चाहन्छु, जो परम मंगलदायक तथा सब प्रकारका पापराशिको विनाश गर्ने खालको छ॥ १-२॥ मंगलपत्रिका प्राप्त गर्नुभएपछि महादेवले के गर्नुभयो? परमात्मा शिवको त्यो दिव्य कथा सुनाउनुहोस्॥ ३॥

ब्रह्मोवाच

शृणु वत्स महाप्राज्ञ शाङ्करं परमं यशः।
यच्चकार महादेवः प्राप्य मङ्गलपत्रिकाम्॥ ४

अथ शम्भुर्गृहीत्वा तां मुदा मङ्गलपत्रिकाम्।
विजहास प्रहृष्टात्मा मानं तेषां व्यधाद्विभुः॥ ५

वाचयित्वा च तां सम्यग्स्वीचकार विधानतः।
तज्जनान्यापयामास बहुसम्मान्य चादृतः॥ ६

उवाच मुनिवर्गांस्तान्कार्यं सम्यक् कृतं शुभम्।
आगन्तव्यं विवाहे मे विवाहः स्वीकृतो मया॥ ७

इत्याकर्ण्य वचः शम्भोः प्रहृष्टास्ते प्रणम्य तम्।
परिक्रम्य ययुर्धाम शंसन्तः स्वं विधिं परम्॥ ८

अथ देवेश्वरः शम्भुः सामरस्त्वां मुने द्रुतम्।
लौकिकाचारमाश्रित्य महालीलाकरः प्रभुः॥ ९

त्वमागतः परप्रीत्या प्रशंसंस्त्वं विधिं परम्।
प्रणमंश्च नतस्कन्धो विनीतात्मा कृताञ्जलिः॥ १०

अस्तौस्सुजयशब्दानि समुच्चार्य मुहुर्मुहुः।

ब्रह्मा भन्नुहुन्छ—हे वत्स! हे महाप्राज्ञ! महादेवले मंगलपत्रिका प्राप्त गरिसके पश्चात् जे गर्नुभयो, भगवान् शंकरको त्यस यशलाई सुन्नुहोस्॥ ४॥

विभु शिव प्रसन्नतापूर्वक मंगलपत्रिका ग्रहण गरी जोरले हाँस्नुभयो र उहाँले प्रसन्नचित्त भएर लग्नपत्रिका ल्याउनेहरूको ठुलो स्वागत-सम्मान गर्नुभयो॥ ५॥

उहाँले त्यस लग्नपत्रिकालाई सम्यक् पढेर विधि-विधानले स्वीकार गर्नुभयो तथा ती व्यक्तिहरूलाई आदरपूर्वक ज्यादै सम्मानित गरी विदा गरिदिनुभयो। उहाँले सप्तर्षिहरूसित भन्नुभयो कि तपाईंहरूले यो परम कल्याणकारी कार्य ठीकसँग सम्पन्न गर्नुभयो। अब मैले विवाह स्वीकार गरेको छु, अतः मेरो विवाहमा तपाईंहरू [अवश्य] आउनुहोस्॥ ६-७॥

शिवका यस प्रकारका वचनलाई सुनेर ती परम प्रसन्न भए र उहाँलाई प्रणाम गरी तथा उहाँको प्रदक्षिणा गरी आफ्नो परम भाग्यको सराहना गर्दै आफ्नो घर गए। हे मुनि! तब महान् लीला गर्नुहुने, देवताहरू सहित देवेश्वर प्रभु शिवले लोकाचारको आश्रय गर्दै शीघ्र तपाईंको स्मरण गर्नुभयो॥ ८-९॥

त्यस समय तपाईं आफ्नो सौभाग्यको प्रशंसा गर्दै बडो प्रसन्नताका साथ त्यहाँ आउनुभयो र हात जोडेर शिर झुकाएर विनम्रतापूर्वक उहाँलाई प्रणाम गर्दै वारम्वार 'जय' शब्दको उच्चारण गरी उहाँको स्तुति गर्नुभयो। हे मुनि! त्यसपछि आफ्नो भाग्यको प्रशंसा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निदेशं प्रार्थयंस्तस्य प्रशंसंस्त्वं विधिं मुने॥ ११

गर्दै शिवलाई आज्ञा प्रदान गर्नका लागि तपाईंले निवेदन गर्नुभयो॥ १०-११॥

ततः शम्भुःप्रहृष्टात्मा दर्शयँल्लौकिकीं गतिम्।
उवाच मुनिवर्य त्वां प्रीणयन् शुभया गिरा॥ १२

हे मुनिवर! तब प्रसन्नचित्त भएर लौकिकी गतिलाई देखाउँदै शुभ वचनहरूले तपाईंलाई प्रसन्न पार्दै शिव भन्न लाग्नुभयो— ॥ १२॥

शिव उवाच

प्रीत्या शृणु मुनिश्रेष्ठ ह्यस्मत्तोऽद्य वदामि ते।
ब्रुवे तत्त्वां प्रियो मे यद्भक्तराजशिरोमणिः॥ १३
कृतं महत्तपो देव्या पार्वत्या तव शासनात्।
तस्यै वरो मया दत्तः पतित्वे तोषितेन वै॥ १४
करिष्येऽहं विवाहं च तस्या वश्यो हि भक्तितः।
सप्तर्षिभिः साधितं च तल्लग्नं शोधितं च तैः॥ १५

शिव भन्नुहुन्छ—हे मुनिश्रेष्ठ! म जे भन्छु, त्यसलाई प्रेमपूर्वक सुन्नुहोस्। तपाईं मेरो परमप्रिय तथा भक्तराजशिरोमणि हुनुहुन्छ, यसैले तपाईंसित भन्दै छु॥ १३॥ तपाईंको आज्ञाले पार्वतीले जुन प्रकारको महान् तपस्या गरेकी थिइन्, त्यसबाट सन्तुष्ट भएर मैले उनलाई पति बन्नका लागि वरदान दिएको छु॥ १४॥ म उनको भक्तिको वशीभूत भएर अब विवाह गर्न चाहन्छु। सप्तर्षिहरूले सारा कार्य सम्पन्न गरी विवाहको लग्न पनि निश्चित गरिदिएका छन्॥ १५॥

अद्यतः सप्तमे चाह्नि तद्भविष्यति नारद।
महोत्सवं करिष्यामि लौकिकीं गतिमाश्रितः॥ १६

हे नारद! त्यो विवाह आजको सातौँ दिनमा हुने छ। म लोकरीतिको आश्रय लिएर [वैवाहिक] महोत्सव गर्ने छु॥ १६॥

ब्रह्मोवाच

इति श्रुत्वा वचस्तस्य शंकरस्य परात्मनः।
प्रसन्नधीः प्रभुं नत्वा तात त्वं वाक्यमब्रवीः॥ १७

ब्रह्मा भन्नुहुन्छ—हे तात! यस प्रकार परमात्मा शंकरका वचन सुनेर तपाईं परम प्रसन्न भई ती प्रभुलाई प्रणाम गरी यो वचन भन्नलाग्नुभयो— ॥ १७॥

नारद उवाच

भवतस्तु व्रतमिदं भक्तवश्यो भवान्मतः।
सम्यक् कृतं च भवता पार्वतीमानसेप्सितम्॥ १८
कार्यं मत्सदृशं किञ्चित्कथनीयं त्वया विभो।
मत्वा स्वसेवकं मां हि कृपां कुरु नमोऽस्तु ते॥ १९

नारद भन्नुहुन्छ—हजुरको यस्तो व्रत छ कि हजुर भक्तहरूका अधीन रहनुहुन्छ र यस्तो सबैको मत पनि रहेको छ, यसैले हजुरले यो उचित नै गर्नुभएको छ; किनभने पार्वती पनि यही चाहनुहुन्थ्यो। हे विभु! अब मेरो योग्य जुन कार्य छ, हजुर मलाई बताउनुहोस्, हजुरलाई प्रणाम छ, हजुर मलाई आफ्नु सेवक मानेर कृपा गर्नुहोस्॥ १८-१९॥

ब्रह्मोवाच

इत्युक्तस्तु त्वया शम्भुः शंकरो भक्तवत्सलः।
प्रत्युवाच प्रसन्नात्मा सादरं त्वां मुनीश्वर॥ २०

ब्रह्मा भन्नुहुन्छ—हे मुनीश्वर! जब तपाईंले शिवसित यस प्रकार भन्नुभयो, तब भक्तवत्सल शिव प्रसन्नचित्त भएर आदरपूर्वक तपाईंसित भन्न लाग्नुभयो— ॥ २०॥

शिव उवाच

विष्णुप्रभृतिदेवांश्च मुनीन् सिद्धानपि ध्रुवम्।
त्वं निमन्त्रय मद्वाण्या मुनेऽन्यानपि सर्वतः॥ २१
सर्व आयान्तु सोत्साहाः सर्वशोभासमन्विताः।
सस्त्रीसुतगणाः प्रीत्या मम शासनगौरवात्॥ २२

शिव भन्नुहुन्छ—हे मुनि! तपाईं मेरो तर्फबाट विष्णु आदि देवहरू, मुनिहरू, सिद्धहरू तथा अन्य जनहरूलाई पनि चारैतिर निमन्त्रणा दिनुहोस्। मेरो आज्ञालाई मान्दै उपर्युक्त सबैजना उत्साह तथा शोभाले युक्त भई आफ्ना स्त्री, पुत्र तथा गणहरूसहित यस विवाहमा आऊन्॥ २१-२२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE

नागमिष्यन्ति ये त्वत्र मद्विवाहोत्सवे मुने।
ते स्वकीया न मन्तव्या मया देवादयः खलु॥ २३

हे मुनि! जो यस विवाहोत्सवमा सम्मिलित हुँदैनन्, तिनलाई म आफ्नो मान्दिन, चाहे ती देवता नै किन नहुन्॥ २३॥

ब्रह्मोवाच

इतीशाज्ञां ततो धृत्वा भवान् शङ्करवल्लभः।
सर्वान्निमन्त्रयामास तं तं गत्वा द्रुतं मुने॥ २४

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! ईश्वरको यस आज्ञालाई स्वीकार गरी शिवप्रिय तपाईंले शीघ्रतापूर्वक ती-तीकहाँ गएर सबैलाई निमन्त्रणा दिनुभयो॥ २४॥

शम्भूपकण्ठमागत्य द्रुतं मुनिवरो भवान्।
तद् हूत्यात्तत्र सन्तस्थौ तदाज्ञां प्राप्य नारद॥ २५

शिवोऽपि तस्थौ सोत्कण्ठस्तदागमनलालसः।
स्वगणैः सोत्सवैः सर्वैर्नृत्यद्भिः सर्वतो दिशम्॥ २६

हे नारद! यस प्रकार शिवदूतको कार्य चाँडै सम्पन्न गरी शिवका समक्ष आएर तपाईं मुनिवर उहाँको आज्ञाले त्यहीँ बस्नुभयो। शिव पनि ती व्यक्तिहरूको आगमनको प्रतीक्षा गर्न लाग्नुभयो। उहाँका गण सबै ठाउँमा नृत्य-गान-पूर्वक उत्सव गर्न लागे॥ २५-२६॥

एतस्मिन्नेव काले तु रचयित्वा स्ववेषकम्।
आजगामाच्युतः शीघ्रं कैलासं सपरिच्छदः॥ २७

त्यसै समय अत्यन्त सुन्दर वेश-भूषाले सुसज्जित भएर भगवान् विष्णु आफ्ना परिकरहरूका साथ कैलास आउनुभयो॥ २७॥

शिवं प्रणम्य सद्भक्त्या सदारः सदलो मुदा।
तदाज्ञां प्राप्य सन्तस्थौ सुस्थाने प्रीतमानसः॥ २८

तथाहं स्वगणैराशु कैलासमगमं मुदा।
प्रभुं प्रणम्यातिष्ठं वै सानन्दः स्वगणान्वितः॥ २९

उहाँ आफ्नी भार्या तथा पार्षदहरूका साथ भक्तिपूर्वक प्रणाम गरी शिवको आज्ञा प्राप्त गरी प्रसन्नचित्त भई बस्नुभयो। त्यसपछि म पनि आफ्ना गणहरूका साथ प्रसन्नतापूर्वक कैलासपर्वतमा गएँ र प्रभुलाई प्रणाम गरी आफ्ना गणहरूसहित आनन्दित भई बसेँ॥ २८-२९॥

इन्द्रादयो लोकपाला आययुः सपरिच्छदाः।
तथैवालंकृतास्सर्वे सोत्सवास्सकलत्रकाः॥ ३०

इन्द्र आदि लोकपाल पनि आफ्ना पत्नीहरू तथा सेवकहरूसहित नाना प्रकारका अलंकारहरूले अलंकृत भई उत्सव मनाउँदै त्यहाँ आए॥ ३०॥

तथैवं मुनयो नागास्सिद्धा उपसुरास्तथा।
आययुश्चापरेऽपीह सोत्सवाः सुनिमन्त्रिताः॥ ३१

यसै प्रकार निमन्त्रित मुनि, नाग, सिद्ध तथा उपदेव एवं अरू व्यक्तिहरू पनि त्यहाँ आए॥ ३१॥

महेश्वरस्तदा तत्रागतानां च पृथक् पृथक्।
सर्वेषाममराद्यानां सत्कारं व्यदधान्मुदा॥ ३२

त्यस समय महेश्वरले त्यहाँ आएका सबै देवता आदिको प्रसन्न भई भिन्न-भिन्न सत्कार गर्नुभयो॥ ३२॥

अथोत्सवो महानासीत्कैलासे परमोऽद्भुतः।
नृत्यादिकं तदा चक्रुर्यथायोग्यं सुरस्त्रियः॥ ३३

त्यस समय कैलासमा देवस्त्रीहरूले यथायोग्य नृत्य आदि गर्न प्रारम्भ गरे तथा त्यहाँ अद्भुत एवं महान् उत्सव हुन लाग्यो॥ ३३॥

एतस्मिन्समये देवा विष्ण्वाद्या ये समागताः।
यात्रां कारयितुं शम्भोस्तत्रोषुस्तेऽखिला मुने॥ ३४

हे मुनि! यसै समय जो विष्णु आदि देवगण शिवकहाँ आएका थिए, ती सबै शिवको वरयात्राको तयारी गराउन प्रसन्नतापूर्वक निवास गर्न लागे॥ ३४॥

शिवाज्ञमास्तदा सर्वे मदीयमिति यन्त्रिताः।
शिवकार्यमिदं सर्वं चक्रिरे शिवसेवनम्॥ ३५

त्यस समय शिवका आज्ञाले आएका सबै व्यक्ति शिवको कार्यलाई यो मेरै कार्य हो—यस्तो ठानेर शिवको सेवा गर्न लागे॥ ३५॥

मातरः सप्त तास्तत्र शिवभूषाविधिं परम्।
चक्रिरे च मुदा युक्ता यथायोग्यं तथा पुनः॥ ३६

सप्तमातृकाहरूले शिवलाई विवाहका लागि बडो प्रेमले शिवको अनुरूप दूलहा वेषमा सजाए॥ ३६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तस्य स्वाभाविको वेषो भूषाविधिरभूत्तदा।
तस्येच्छया मुनिश्रेष्ठ परमेशस्य सुप्रभोः॥ ३७

चन्द्रश्च मुकुटस्थाने सान्निध्यमकरोत्तदा।
लोचनं सुन्दरं ह्यासीत्तृतीयं तिलकं शुभम्॥ ३८

कर्णाभरणरूपौ च यौ हि सर्पौ प्रकीर्तितौ।
कुण्डलेऽभवतां तस्य नानारत्नान्विते मुने॥ ३९

अन्याङ्गसंस्थिताः सर्पाः तदङ्गाभरणानि च।
बभूवुरतिरम्याणि नानारत्नमयानि च॥ ४०

विभूतिरंगरागोऽभूच्चन्दनादिसमुद्भवः।
तद्दुकूलमभूद्दिव्यं गजचर्मादि सुन्दरम्॥ ४१

ईदृशं सुन्दरं रूपं जातं वर्णातिदुष्करम्।
ईश्वरोऽपि स्वयं साक्षादैश्वर्यं लब्धवान् स्वतः॥ ४२

ततश्च सर्वे सुरपक्षदानवा
नागाः पतङ्गाप्सरसो महर्षयः।
समेत्य सर्वे शिवसन्निधिं तदा
महोत्सवाः प्रोचुरहो मुदान्विताः॥ ४३

सर्व ऊचुः

गच्छ गच्छ महादेव विवाहार्थं महेश्वर।
गिरिजाया महादेव्याः सहास्माभिः कृपां कुरु॥ ४४

ततो विष्णुरुवाचेदं प्रस्तावसदृशं वचः।
प्रणम्य शंकरं भक्त्या विज्ञानप्रीतमानसः॥ ४५

विष्णुरुवाच

देवदेव महादेव शरणागतवत्सल।
कार्यकर्ता स्वभक्तानां विज्ञप्तिं शृणु मे प्रभो॥ ४६

गृह्योक्तविधिना शम्भो स्वविवाहस्य शंकर।
गिरीशसुतया देव्या कर्म कर्तुमिहार्हसि॥ ४७

त्वया च क्रियमाणे तु विवाहस्य विधौ हर।
स एव हि तथा लोके सर्वः सुख्यातिमाप्नुयात्॥ ४८

मण्डपस्थापनं नान्दीमुखं तत्कुलधर्मतः।
कारय प्रीतितो नाथ लोके स्वं ख्यापयन् यशः॥ ४९

हे मुनिश्रेष्ठ! परमेश्वर प्रभुको इच्छानुसार नै उहाँको स्वाभाविक वेषलाई भूषणहरूले सजाए॥ ३७॥

सप्तमातृकाहरूले मुकुटको स्थानमा चन्द्रमालाई बाँधिदिए। उहाँको ललाटमा रहने तेस्रो नेत्रलाई तिलकरूपले शोभित गरियो॥ ३८॥

हे मुनि! नाना रत्नहरूले देदीप्यमान दुई सर्प दुवै कानहरूलाई अलंकृत गर्ने कुण्डलको रूपमा शोभित भए॥ ३९॥ उहाँका अंगहरूमा निवास गर्ने अन्य सर्प अनेक रत्नहरूले युक्त आभूषणहरूसमान सुशोभित भए॥ ४०॥

उहाँको शरीरमा लेपन गरिएका विभूति चन्दनादि पदार्थहरू उत्तम अंगरागको रूपमा परिणत भए। उहाँका परम सुन्दर गजचर्म दिव्य दोसल्ला समान भए॥ ४१॥

त्यस समय शिवको यस्तो सुन्दर रूप हुन गयो, जुन अवर्णनीय थियो। ती साक्षात् ईश्वर हुन्, अतः उहाँले सबै ऐश्वर्य धारण गर्नुभएको थियो। त्यस समय सबै देवता, दानव, नाग, पन्नग, अप्सरा तथा महर्षिगण उत्सवले युक्त भएर शिवको समीप गएर प्रसन्न भई भन्न लागे॥ ४२–४३॥

सबैजना भन्न लागे—हे महादेव! हे महेश्वर! हिमालयपुत्री महादेवी पार्वतीसित विवाह गर्नका लागि हजुर हामीहरूसँगै कृपापूर्वक प्रस्थान गर्नुहोस्॥ ४४॥

तदुपरान्त शिवतत्त्वलाई जानेका कारण प्रसन्न चित्त भएका विष्णुले भक्तिपूर्वक शिवलाई प्रणाम गरी त्यस प्रस्तावअनुरूप भन्न प्रारम्भ गर्नुभयो॥ ४५॥

विष्णु भन्नुहुन्छ—हे देवदेव! हे महादेव! हे शरणागतवत्सल! हजुर आफ्ना भक्तहरूको मनोरथ पूर्ण गर्नेवाला हुनुहुन्छ। अतः हे प्रभु! मेरो निवेदन सुन्नुहोस्॥ ४६॥

हे शम्भु! हे शंकर! हजुर गृह्यसूत्रको विधिले गिरीशसुता देवी पार्वतीका साथ आफ्नो विवाहको कर्म गर्नुहोस्। हे हर! यदि हजुरले गृह्यसूत्र विधिले विवाहकर्म गर्नुभयो भने सारा लोकमा यसै प्रकारबाट विवाहको विधि प्रसिद्ध हुने छ। हे नाथ! यस लोकमा हजुर आफ्नो यशको घोषणा गर्दै कुलधर्मअनुसार मण्डपस्थापना तथा नान्दीमुख-कृत्य प्रसन्नतापूर्वक गर्नुहोस्॥ ४७—४९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE

ब्रह्मोवाच

एवमुक्तस्तदा शम्भुर्विष्णुना परमेश्वरः।
लौकिकाचारनिरतो विधिना तच्चकार सः॥ ५०
अहं ह्यधिकृतस्तेन सर्वमभ्युदयोचितम्।
अकुर्वं मुनिभिः प्रीत्या तत्र तत्कर्म चादरात्॥ ५१

कश्यपोऽत्रिर्वसिष्ठश्च गौतमो भागुरिर्गुरुः।
कण्वो बृहस्पतिः शक्तिर्जमदग्निः पराशरः॥ ५२
मार्कण्डेयश्शिलापाकोऽरुणपालोऽकृतश्रमः।
अगस्त्यश्च्यवनो गर्गश्शिलादोऽथ महामुने॥ ५३
दधीचिरुपमन्युश्च भरद्वाजोऽकृतव्रणः।
पिप्पलादोऽथ कुशिकः कौत्सो व्यासः सशिष्यकः॥ ५४
एते चान्ये च बहव आगताश्शिवसन्निधिम्।
मया सुनोदितास्तत्र चक्रुस्ते विधिवत्क्रियाम्॥ ५५
वेदोक्तविधिना सर्वे वेदवेदाङ्गपारगाः।
रक्षां चक्रुर्महेशस्य कृत्वा कौतुकमङ्गलम्॥ ५६
ऋग्यजुस्सामसूक्तैस्तु तथा नानाविधैः परैः।
मङ्गलानि च भूरीणि चक्रुः प्रीत्यर्षयोऽखिलाः॥ ५७
ग्रहाणां पूजनं प्रीत्या चक्रुस्ते शम्भुना मया।
मण्डलस्थसुराणां च सर्वेषां विघ्नशान्तये॥ ५८
ततश्शिवः सुसन्तुष्टः कृत्वा सर्वं यथोचितम्।
लौकिकं वैदिकं कर्म ननाम च मुदा द्विजान्॥ ५९

अथ सर्वेश्वरो विप्रान्देवान्कृत्वा पुरस्सरान्।
निस्ससार मुदा तस्मात्कैलासात्पर्वतोत्तमात्॥ ६०

बहिः कैलासकुधराच्छम्भुस्तस्थौ मुदान्वितः।
देवैः सह द्विजैश्चैव नानास्वीकारकः प्रभुः॥ ६१

तदोत्सवो महानासीत्तत्र देवादिभिः कृतः।
सन्तुष्ट्यर्थं महेशस्य गानवाद्यसुनृत्यकः॥ ६२

ब्रह्मा भन्नुहुन्छ—विष्णुद्वारा यस प्रकार भनिएपछि परमेश्वर शंकरले समस्त लोकाचार म ब्रह्माद्वारा सम्पन्न गराउनुभयो। [हे नारद!] उहाँले सारा अभ्युदयको कार्यभार ममाथि सुम्पिदिनुभयो र मैले पनि मुनिहरूका साथ प्रेमपूर्वक सबै कृत्यहरूलाई पूरा गरेँ॥ ५०-५१॥

हे महामुनि! कश्यप, अत्रि, वसिष्ठ, गौतम, भागुरि, गुरु, कण्व, बृहस्पति, शक्ति, जमदग्नि, पराशर, मार्कण्डेय, शिलापाक, अरुणपाल, अकृतश्रम, अगस्त्य, च्यवन, गर्ग, शिलाद, दधीचि, उपमन्यु, भरद्वाज, अकृतव्रण, पिप्पलाद, कुशिक, कौत्स, शिष्यहरूसहित व्यास—यी तथा अरू धेरै ऋषिगण शिवका समीप आए र मेरो प्रेरणाले उनीहरूले विधिवत् क्रिया सम्पन्न गरे॥ ५२—५५॥

वेद-वेदांगका पारगामी ती ऋषिहरूले शिवका समस्त कौतुक-मंगल गरी वेदरीतिअनुसार उहाँको रक्षाको विधान गरे। ती सम्पूर्ण ऋषिहरूले ऋक्, यजुः, साम एवं अन्य नाना प्रकारका रक्षोघ्नसूक्तहरूबाट अनेक प्रकारले मंगलपाठ गरे। उनीहरूले विघ्नशान्तिका लागि मबाट तथा श्रीशिवबाट मण्डपस्थ देवताहरू तथा समस्त ग्रहहरूको पूजा गराए॥ ५६—५८॥

यस प्रकार शिवले प्रसन्न भएर समस्त लौकिक कुलाचार तथा वैदिक विधिको सम्पादन गरी प्रसन्नतापूर्वक ब्राह्मणहरूलाई प्रणाम गर्नुभयो। त्यसपछि देवताहरू र ब्राह्मणहरूलाई अघि गरी सर्वेश्वर शिव आफ्नो पर्वतोत्तम कैलासबाट प्रसन्नतापूर्वक प्रस्थान गर्नुभयो॥ ५९-६०॥

लीला गर्नमा प्रवीण ती शिव ती देवताहरू तथा ब्राह्मणहरूका साथ कैलास बाहिर आएर प्रेमपूर्वक स्थित हुनुभयो॥ ६१॥

देवताहरूले त्यस समय महेशको प्रसन्नताका लागि अनेक प्रकारका गाउने-बजाउने तथा नृत्य-सम्बन्धी अनेक प्रकारका उत्सव गरे॥ ६२॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे देवनिमन्त्रणदेवागमनशिवयात्रावर्णनं नामैकोनचत्वारिंशोऽध्यायः॥ ३९॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा देवनिमन्त्रणा, देवागमन, शिवयात्रावर्णन नामक उनन्चालिसौँ अध्याय पूर्ण भयो॥ ३९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ चत्वारिंशोऽध्यायः

शिव जन्तीको शोभा, भगवान् शिव जन्ती लिएर हिमालयपुरीतर्फ प्रस्थान

ब्रह्मोवाच

अथ शम्भुः समाहूय नन्द्यादीन् सकलान्गणान्।
आज्ञापयामास मुदा गन्तुं स्वेन च तत्र वै॥ १

शिव उवाच

अपि यूयं सह मया सङ्गच्छध्वं गिरेः पुरम्।
कियद्गणानिहास्थाप्य महोत्सवपुरस्सरम्॥ २

ब्रह्मोवाच

अथ ते समनुज्ञप्ता गणेशा निर्ययुर्मुदा।
स्वं स्वं बलमुपादाय तान् कथंचिद्वदाम्यहम्॥ ३

अभ्यगाच्छंखकर्णश्च गणकोट्या गणेश्वरः।
शिवेन सार्धं सङ्गन्तुं हिमाचलपुरं प्रति॥ ४

दशकोट्या केकराक्षो गणानां स महोत्सवः।
अष्टकोट्या च विकृतो गणानां गणनायकः॥ ५

चतुष्कोट्या विशाखश्च गणानां गणनायकः।
पारिजातश्च नवभिः कोटिभिर्गणपुङ्गवः॥ ६

षष्टिः सर्वान्तकः श्रीमान् तथैव विकृताननः।
गणानां दुन्दुभोऽष्टाभिः कोटिभिर्गणनायकः॥ ७

पञ्चभिश्च कपालाख्यो गणेशः कोटिभिस्तथा।
षड्भिस्सन्दारको वीरो गणानां कोटिभिर्मुने॥ ८

कोटिकोटिभिरेवेह कन्दुकः कुण्डकस्तथा।
विष्टम्भो गणपोऽष्टाभिर्गणानां कोटिभिस्तथा॥ ९

सहस्रकोट्या गणपः पिप्पलो मुदितो ययौ।
तथा सनादको वीरो गणेशो मुनिसत्तम॥ १०

आवेशनस्तथाष्टाभिः कोटिभिर्गणनायकः।
महाकेशः सहस्त्रेण कोटीनां गणपो ययौ॥ ११

कुण्डो द्वादशकोट्या हि तथा पर्वतको मुने।
अष्टाभिः कोटिभिर्वीरः समगाच्चन्द्रतापनः॥ १२

कालश्च कालकश्चैव महाकालः शतेन वै।
कोटीनां गणनाथो हि तथैवाग्निकनामकः॥ १३

ब्रह्मा भन्नुहुन्छ—त्यसपछि भगवान् शम्भुले नन्दी आदि सबै गणहरूलाई बोलाई उनीहरूलाई आफूसँगै हिँड्न आज्ञा दिँदै भन्नुभयो॥ १॥

शिव भन्नुहुन्छ—तिमीहरू केही गणहरू यहीं रोकिए बाँकी सबै महोत्सव गर्दै मसँग हिमाचलपुरी हिँड॥ २॥

ब्रह्मा भन्नुहुन्छ—शिवको आज्ञा पाएर सबै गणेश्वर आ-आफ्नो टोली लिएर प्रसन्नतापूर्वक हिँड्न लागे, म केही अंशमा उनीहरूको वर्णन गर्छु— ॥ ३॥

शंखकर्ण नामक गणेश्वर आफ्नो एक करोड गणसहित शिवका साथ हिमालयपुरी जानका लागि उद्यत भए। केकराक्ष नामक गणराज दस करोड गणका साथ महान् उत्सवले हिँडे। यसै प्रकार विकृत नामक गणराज पनि आठ करोड गणका साथ हिँडे॥ ४-५॥

गणनायक विशाख चार करोड गणका साथ तथा गणश्रेष्ठ पारिजात नौ करोड गणका साथ हिँडे॥ ६॥

श्रीमान् सर्वान्तक तथा विकृतानन साठी-साठी करोड गण लिएर हिँडे। दुन्दुभ नामक गणनायक आठ करोड गणका साथ हिँडे। हे मुनि! कपाल नामक गणेश्वर पाँच करोड गणका साथ र वीर सन्दारक छः करोड गणलाई साथ लिएर हिँडे॥ ७-८॥ कन्दुक तथा कुण्डक एक-एक करोड गणका साथ र गणेश्वर विष्टम्भ आठ करोड गणका साथ हिँडे॥ ९॥

हे मुनिसत्तम! पिप्पल नामक गणेश्वर एक सहस्त्रकोटि गणका साथ र त्यति नै गणहरूका साथ वीर गणेश्वर सनादक प्रसन्नतापूर्वक हिँडे॥ १०॥

गणेश्वर आवेशन आठ करोड गणका साथ तथा गणाधीश महाकेश सहस्त्र कोटि गणका साथ हिँडे॥ ११॥

हे मुनि! यसै प्रकार कुण्ड र पर्वतक बाह्र करोड गणलाई तथा वीर चन्द्रतापन आठ करोड गणलाई साथ लिएर हिँडे॥ १२॥

काल, कालक, महाकाल तथा अग्निक नामक गणनायक सय-सय करोड गणलाई साथ लिएर हिँडे॥ १३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: ...

कोट्यग्निमुख एवागाद् गणानां गणनायकः।
आदित्यमूर्धा कोट्या च तथा चैव घनावहः॥ १४
सन्नाहः शतकोट्या हि कुमुदो गणपस्तथा।
अमोघः कोकिलश्चैव शतकोट्या गणाधिपः॥ १५
सुमन्त्रः कोटिकोट्या च गणानां गणनायकः।
काकपादोदरः कोटिषष्ट्या सन्तानकस्तथा॥ १६
महाबलश्च नवभिर्मधुपिङ्गश्च कोकिलः।
नीलो नवत्या कोटीनां पूर्णभद्रस्तथैव च॥ १७
सप्तकोट्या चतुर्वक्त्रः करणो विंशकोटिभिः।
ययौ नवतिकोट्या तु गणेशानोऽहिरोमकः॥ १८
यज्वाक्षः शतमन्युश्च मेघमन्युश्च नारद।
तावत्कोट्या ययुः सर्वे गणेशा हि पृथक् पृथक्॥ १९
काष्ठाङ्गुष्ठश्चतुःषष्ट्या कोटीनां गणनायकः।
विरूपाक्षः सुकेशश्च वृषभश्च सनातनः॥ २०
तालकेतुः षडास्यश्च चञ्चवास्यश्च सनातनः।
संवर्तकस्तथा चैत्रो लकुलीशः स्वयम्प्रभुः॥ २१
लोकान्तकश्च दीप्तात्मा तथा दैत्यान्तको मुने।
देवो भृंगिरिटिः श्रीमान्देवदेवप्रियस्तथा॥ २२
अशनिर्भानुकश्चैव चतुःषष्ट्या सहस्रशः।
ययुः शिवविवाहार्थं शिवेन सहसोत्सवाः॥ २३
भूतकोटिसहस्रेण प्रमथाः कोटिभिस्त्रिभिः।
वीरभद्रश्चतुःषष्ट्या रोमजानान्त्रिकोटिभिः॥ २४
कोटिकोटिसहस्राणां शतैर्विंशतिभिर्वृताः।
तत्र जग्मुश्च नन्द्याद्या गणपाः शंकरोत्सवे॥ २५
क्षेत्रपालो भैरवश्च कोटिकोटिगणैर्युतः।
उद्वाहः शंकरस्येत्याययौ प्रीत्या महोत्सवः॥ २६
एते चान्ये च गणपा असङ्ख्याता महाबलाः।
तत्र जग्मुर्महाप्रीत्या सोत्साहाः शंकरोत्सवे॥ २७
सर्वे सहस्रहस्ताश्च जटामुकुटधारिणः।
चन्द्ररेखावतंसाश्च नीलकण्ठास्त्रिलोचनाः॥ २८

यसै प्रकार अग्निमुख, आदित्यमूर्धा तथा घनावह एक-एक करोड गणलाई साथ लिएर हिँडे॥ १४॥

सन्नाह, कुमुद, अमोघ र कोकिल नामक गणराज सय-सय करोड गण लिएर हिंडे। गणाध्यक्ष सुमन्त्र करोडौँ-करोड गणलाई लिएर तथा काकपादोदर एवं सन्तानक साठी करोड गणलाई लिए हिँडे॥ १५-१६॥

महाबल नौ करोड र मधुपिंग, कोकिल, नील तथा पूर्णभद्र नब्बे करोड गणका साथ हिँडे॥ १७॥

चतुर्वक्त्र सात करोड, करण बीस करोड तथा गणेश्वर नब्बे करोड गणका साथ हिँडे॥ १८॥

यसै प्रकार हे नारद! यज्वाक्ष, शतमन्यु एवं मेघमन्यु—यी सबै गणेश्वर नब्बे-नब्बे करोड गणका साथ पृथक्-पृथक् हिँडे॥ १९॥

गणनायक काष्ठांगुष्ठ, विरूपाक्ष, सुकेश, सनातन र वृषभ चौँसठ्ठी करोड गणका साथ हिँडे॥ २०॥

हे मुनि! तालकेतु, षण्मुख, चंचुमुख, सनातन, संवर्तक, चैत्र, लकुलीश, स्वयंप्रभु, लोकान्तक, दीप्तात्मा, दैत्यान्तक, देव भृंगिरिटि, श्रीमान्, देवदेवप्रिय, अशनि, भानुक आदि चौँसठ्ठी हजार गणका साथ बडो उत्साहले शिवको विवाहका लागि उहाँका साथ हिँडे॥ २१—२३॥

प्रमथगण हजारौँ भूतगणहरूका साथ तथा तीन करोड आफ्ना गणका साथ हिँडे। वीरभद्र चौँसठ्ठी करोड गणका साथ तथा तीन करोड रोमज प्रेतगणलाई साथ लिएर हिँडे॥ २४॥

यसै प्रकार नन्दी आदि गणेश्वर पनि एक सय बीस हजार करोड गणहरूले युक्त भएर शंकरको उत्सवमा हिँडे॥ २५॥

यो शंकरको विवाह-महोत्सव हो—यस्तो जानेर क्षेत्रपाल, भैरव करोड-करोड गणहरूका साथ प्रीतिपूर्वक आए। यी गण तथा शिवका असंख्य गण जो अत्यन्त बलवान् थिए, ती उत्साह तथा प्रीतिले युक्त भई शिवको विवाहोत्सवमा त्यहाँ आए॥ २६-२७॥

यी सबै गणेश्वरहरूका हजारौँ हात थिए तथा तिनले शिरमा जटामुकुट धारण गरेका थिए। तिनले मस्तकमा चन्द्ररेखा धारण गरेका थिए, नीलो कण्ठले युक्त तथा तीन नेत्र भएका थिए। ती सबैले आभूषणको रूपमा रुद्राक्ष धारण गरेका थिए। उत्तम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रुद्राक्षाभरणाः सर्वे तथा सद्भस्मधारिणः।
हारकुण्डलकेयूरमुकुटाद्यैरलंकृताः ॥ २९

ब्रह्मविष्णिवन्द्रसंकाशा अणिमादिगुणैर्युताः।
सूर्यकोटिप्रतीकाशास्तत्र रेजुर्गणेश्वराः ॥ ३०

पृथिवीचारिणः केचित् केचित्पातालचारिणः।
केचिद्व्योमचराः केचित्सप्तस्वर्गचरा मुने ॥ ३१

किं बहूक्तेन देवर्षे सर्वलोकनिवासिनः।
आययुः स्वगणाः शम्भोः प्रीत्या वै शङ्करोत्सवे ॥ ३२

इत्थं देवैर्गणैश्चान्यैः सहितः शङ्करः प्रभुः।
ययौ हिमगिरिपुरं विवाहार्थं निजस्य वै ॥ ३३

यदा जगाम सर्वेशो विवाहार्थं सुरादिभिः।
तदा तत्र ह्यभूद् वृत्तं तच्छृणु त्वं मुनीश्वर ॥ ३४

रुद्रस्य भगिनी भूत्वा चण्डी सूत्सवसंयुता।
तत्राजगाम सुप्रीत्या परेषां सुभयावहा ॥ ३५

प्रेतासनसमारूढा सर्पाभरणभूषिता।
पूर्णं कलशमादाय हैमं मूर्ध्नि महाप्रभम् ॥ ३६

स्वपरीवारसंयुक्ता दीप्तास्या दीप्तलोचना।
कुतूहलं प्रकुर्वन्ती जातहर्षा महाबला ॥ ३७

तत्र भूतगणा दिव्या विरूपाः कोटिशो मुने।
विराजन्ते स्म बहुशः तथा नानाविधास्तदा ॥ ३८

तैः समेताग्रतश्चण्डी जगाम विकृतानना।
कुतूहलान्विता प्रीता प्रीत्युपद्रवकारिणी ॥ ३९

चण्ड्या सर्वे रुद्रगणाः पृष्ठतश्च कृतास्तदा।
कोट्येकादशसंख्याका रौद्रारुद्रप्रियाश्च ते ॥ ४०

तदा डमरुनिर्घोषैर्व्याप्तमासीज्जगत्त्रयम्।
भेरीझंकारशब्देन शंखानां निनदेन च ॥ ४१

भस्म लगाएका थिए। हार, कुण्डल, केयूर तथा मुकुटले अलंकृत थिए। यस प्रकार ब्रह्मा, विष्णु तथा इन्द्रसमान अणिमादि गुणहरूले अलंकृत कोटि सूर्य समान देदीप्यमान ती सबै गणेश्वर शोभाले समन्वित थिए ॥ २८—३० ॥

हे मुनि! तीमध्येमा केही पृथ्वीमा, कोही पातालमा हिँड्ने तथा कोही आकाशगामी तथा कोही सप्तस्वर्गमा विचरण गर्ने खालका थिए। हे देवर्षि! म धेरै वर्णन के गरूँ, सबै लोकमा रहने ती सबै गणेश्वर शिवको विवाह महोत्सव हेर्नका लागि बडो प्रेमपूर्वक आए ॥ ३१-३२ ॥

यस प्रकार ती देवता तथा गणहरूले युक्त भगवान् सदाशिव विवाह गर्नका लागि हिमालयको नगरतर्फ प्रस्थान गर्नुभयो। हे मुनीश्वर! जति बेला सर्वेश्वर शिव देवता एवं गणहरूका साथ विवाहका लागि प्रस्थान गर्नुभयो, त्यस समयको वृत्तान्त सुन्नुहोस् ॥ ३३-३४ ॥

शत्रुहरूलाई भय दिनुहुने चण्डी रुद्रकी भगिनी बनेर उत्सव मनाउँदै बडो प्रेमका साथ त्यहाँ आउनुभयो ॥ ३५ ॥

ती चण्डी प्रेतको आसनमा सवार हुनुहुन्थ्यो, सर्पका आभूषण पहिरिनुभएको थियो र शिरमा महादेदीप्यमान जलपूर्ण कलश धारण गर्नुभएको थियो। उहाँ आफ्नो परिवारले युक्त हुनुहुन्थ्यो। उहाँको मुख तथा नेत्रबाट अग्निका ज्वाला निस्किरहेका थिए। ती बलशालिनी हर्षले युक्त भएर नाना प्रकारका कौतूहल गरिरहनुभएको थियो ॥ ३६-३७ ॥

हे मुनि! त्यहाँ विकृत वेष धारण गरेका अनेक प्रकारका करोडौँ दिव्य भूतगण शोभित भइरहेका थिए ॥ ३८ ॥

ती भूतगणहरूलाई साथ लिएर भयानक मुख भएकी उपद्रवकारिणी ती चण्डी कौतूहल गर्दै प्रसन्नतापूर्वक त्यहाँ जानुभयो ॥ ३९ ॥

चण्डीले रुद्रमा अनन्य प्रीति गर्ने एघार हजार करोड रुद्रगणलाई आफ्नो पछाडि लगाउनुभयो ॥ ४० ॥

त्यस समय डमरूका आवाज, भेरीहरूको गडगडाहट र शंखहरूको नादले तीनै लोक गुञ्जिरहेका थिए ॥ ४१ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: IKS.

तदा दुन्दुभिनिर्घोषैः शब्दः कोलाहलोऽभवत्।
कुर्वञ्जगन्मङ्गलं च नाशयेन्मङ्गलेतरत्॥ ४२
गणानां पृष्ठतो भूत्वा सर्वे देवाः समुत्सुकाः।
अन्वयुः सर्वसिद्धाश्च लोकपालादिका मुने॥ ४३

मध्ये व्रजन् रमेशोऽथ गरुडासनमाश्रितः।
शुशुभे ध्रियमाणेन छत्रेण महता मुने॥ ४४

चामरैर्वीज्यमानोऽसौ स्वगणैः परिवारितः।
पार्षदैर्विलसद्भिश्च स्वभूषाविधिभूषितः॥ ४५

तथाहमप्यशोभं वै व्रजन्मार्गे विराजितः।
वेदैर्मूर्तिधरैः शास्त्रैः पुराणैरागमैस्तथा॥ ४६
सनकादिमहासिद्धैः सप्रजापतिभिः सुतैः।
परिवारैः संयुतो हि शिवसेवनतत्परः॥ ४७
स्वसैन्यमध्यगः शक्र ऐरावतगजस्थितः।
नानाविभूषितोऽत्यन्तं व्रजन् रेजे सुरेश्वरः॥ ४८

तदा तु व्रजमानास्ते ऋषयो बहवश्च ते।
विरेजुरतिसोत्कण्ठाः शिवस्योद्वाहनं प्रति॥ ४९

शाकिन्यो यातुधानाश्च वेतालाब्रह्मराक्षसाः।
भूतप्रेतपिशाचाश्च तथान्ये प्रमथादयः॥ ५०
तुम्बुरुर्नारदो हाहाहूहूश्चेत्यादयो वराः।
गन्धर्वाः किन्नरा जग्मुर्वाद्यानाध्माय हर्षिताः॥ ५१
जगतो मातरः सर्वा देवकन्याश्च सर्वशः।
गायत्री चैव सावित्री लक्ष्मीरन्याः सुरस्त्रियः॥ ५२
एताश्चान्याश्च देवानां पत्नयो भवमातरः।
उद्वाहः शंकरस्येति जग्मुः सर्वा मुदान्विताः॥ ५३

शुद्धस्फटिकसंकाशो वृषभः सर्वसुन्दरः।
यो धर्म उच्यते वेदैः शास्त्रैः सिद्धैर्महर्षिभिः॥ ५४
तमारूढो महादेवो वृषभं धर्मवत्सलः।
शुशुभेऽतीव देवर्षिसेवितः सकलैर्व्रजन्॥ ५५
एभिः समेतैः सकलैर्महर्षिभि-
र्बभौ महेशो बहुशोऽत्यलंकृतः।
हिमालयाह्वस्य धरस्य संव्रजन्
पाणिग्रहार्थं सदनं शिवायाः॥ ५६

यसै प्रकार दमाहाका निर्घोषले ज्यादै ठुलो कोलाहल भयो, जुन जगत्मा मंगल गर्ने तथा अमंगलको विनाशक थियो। मुनि! जन्तीमा गणहरूका पछि सबै देवता, सिद्धगण तथा लोकपाल अत्यन्त उत्कण्ठाका साथ हिँड्न लागे॥ ४२-४३॥

हे मुनि! जन्तीको मध्यभागमा धेरै ठुलो छाताले शोभित गरुडासनमा बस्नुभएका भगवान् वैकुण्ठनाथ विष्णु विविध प्रकारका आभूषणले विभूषित भएर गइरहनु भएको थियो। उहाँका दायाँ-दायाँ पार्षद घेरिएका थिए तथा उहाँका दुवैतिर चँवर हम्कँदै गइरहेका थिए॥ ४४-४५॥

विग्रहधारी वेदहरू, शास्त्रहरू, पुराणहरू, आगमहरू तथा सनक आदि महासिद्धहरू, प्रजापतिहरू, पुत्रहरू र परिवारका साथ म पनि शिवको सेवामा तत्पर भई मार्गमा शोभासम्पन्न भएर गइरहेको थिएँ। ऐरावत हात्तीमा आरूढ भएर जाँदै गरेका देवराज इन्द्र सेनाको बिचमा रहेर अनेक प्रकारका आभूषणले विभूषित भई शोभायमान भइरहेका थिए॥ ४६—४८॥

त्यस समय विवाह हेर्ने उत्कण्ठाले मार्गमा जाँदै गरेका ऋषिगण पनि शोभायमान भइरहेका थिए॥ ४९॥

यसै प्रकार शाकिनी, यातुधान, वेताल, ब्रह्मराक्षस, भूत, प्रेत, पिशाच, प्रमथ, तुम्बुरु, नारद, हाहा, हूहू आदि श्रेष्ठ गन्धर्व एवं किन्नरगण हर्षित भएर बाजा बजाउँदै हिँडे॥ ५०-५१॥

सम्पूर्ण जगत्का माताहरू, देवकन्याहरू, गायत्री, सावित्री, लक्ष्मी, अन्य देवस्त्रीहरू—ती सबै तथा अन्य देवपत्नीहरू र जगन्माताहरू शंकरको विवाह भइरहेको छ—यस्तो जानेर प्रसन्नतापूर्वक त्यहाँ जानुभयो॥ ५२-५३॥

शुद्ध स्फटिक समान सर्वसुन्दर वृषभ, जसलाई वेद, शास्त्र तथा महर्षिहरूले धर्म भनेका छन्, त्यसमा सवार भएर धर्मवत्सल भगवान् शिव सम्पूर्ण देवगण तथा ऋषिहरूबाट सेवित भई मार्गमा हिँड्दा अत्यन्त सुशोभित हुनुभएको थियो। ती सबै देवगण, महर्षि तथा गणहरूका साथ अलंकृत हुनुभएका शिव पार्वतीसित विवाह गर्नका लागि हिमाचलको घर जाँदैगर्दा मार्गमा अत्यन्त सुशोभित हुनुभएको थियो॥ ५४—५६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इत्युक्तं शम्भुचरितं गमनं परमोत्सवम्।
हिमालयपुरोद्भूतं सद्वृत्तं शृणु नारद॥ ५७

हे नारद! यस प्रकार मैले शिवको वरयात्रा-प्रस्थानको वर्णन तपाईंसित गरेँ, अब हिमालयको नगरमा जुन शिवचरित्र भयो, त्यस वृत्तान्तलाई सुन्नुहोस्॥ ५७॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे शिवयात्रावर्णनं नाम चत्वारिंशोऽध्यायः॥ ४०॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा शिवयात्रावर्णन नामक चालिसौँ अध्याय पूर्ण भयो॥ ४०॥

अथैकचत्वारिंशोऽध्यायः

हिमालयगृहमा गएर विश्वकर्माद्वारा बनाइएको विवाहमण्डपको दर्शन गरी नारद मोहित हुनु र फर्किआएर त्यस विचित्र रचनाको वर्णन गर्नु

ब्रह्मोवाच

ततः सम्मन्त्र्य च मिथः प्राप्याज्ञां शांकरीं हरिः।
मुने त्वां प्रेषयामास प्रथमं कुधरालयम्॥ १

अथ प्रणम्य सर्वेशं गतस्त्वं नारदाग्रतः।
हरिणा नोदितः प्रीत्या हिमाचलगृहं प्रति॥ २

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! त्यसपछि आपसमा विचार-विमर्श गरी शंकरको आज्ञा लिएर भगवान् विष्णुले पहिला तपाईंलाई हिमालयको घर पठाउनुभयो। हे नारद! भगवान् श्रीहरिको प्रेमपूर्ण प्रेरणाले सर्वेश्वर शिवलाई प्रणाम गरी तपाईं जन्तीभन्दा अगाडि हिमालयको नगरमा जानुभयो॥ १-२॥

त्वं मुनेऽपश्य आत्मानं गत्वा तद्व्रीडयान्वितम्।
कृत्रिमं रचितं तत्र विस्मितो विश्वकर्मणा॥ ३

श्रान्तस्त्वमात्मना तेन कृत्रिमेण महामुने।
अवलोकपरः सोऽभूच्चरितं विश्वकर्मणः॥ ४

प्रविष्टो मण्डपं तस्य हिमाद्रे रत्नचित्रितम्।
सुवर्णकलशैर्जुष्टं रम्भादिबहुशोभितम्॥ ५

हे मुनि! त्यहाँ गएर तपाईंले विश्वकर्माद्वारा रचित लज्जाको मुद्राले युक्त आफ्नो कृत्रिम मूर्ति देख्नुभयो र त्यसलाई देख्नासाथ तपाईं विस्मित हुनुभयो। हे महामुनि! विश्वकर्माद्वारा बनाइएको आफ्नो मूर्ति देखेर तथा विश्वकर्माका सारा चरित्र जानेर तपाईं थकित हुनुभयो। तत्पश्चात् तपाईं स्वर्णकलश एवं केराका खम्बाहरूले मण्डित रत्नचित्रित हिमालयको मण्डपमा प्रवेश गर्नुभयो॥ ३—५॥

सहस्रस्तम्भसंयुक्तं विचित्रं परमाद्भुतम्।
वेदिकां च तथा दृष्ट्वा विस्मयं त्वं मुने ह्ययाः॥ ६

त्यो मण्डप अति अद्भुत, नाना प्रकारका चित्रहरूले अलंकृत तथा हजारौँ खम्बाहरूले युक्त थियो। त्यसमा बनेका वेदी देखेर तपाईं आश्चर्यमा पर्नुभयो॥ ६॥

तदावोचश्च स मुने नारद त्वं नगेश्वरम्।
विस्मितोऽतीव मनसि नष्टज्ञानो विमूढधीः॥ ७

हे मुनि! हे नारद! त्यस विस्मयको कारण तपाईंको ज्ञान एवं बुद्धि नष्ट भयो, पुनः तपाईंले हिमालयसित सोध्नुभयो—॥ ७॥

आगतास्ते किमधुना देवा विष्णुपुरोगमाः।
तथा महर्षयः सर्वे सिद्धा उपसुरास्तथा॥ ८

महादेवो वृषारूढो गणैश्च परिवारितः।
आगतः किं विवाहार्थं वद तथ्यं नगेश्वर॥ ९

हे हिमालय! के यस समय विष्णु आदि सबै देवता, महर्षि, सिद्ध एवं गन्धर्व यहाँ पुगेका छन्? हे पर्वतराज! के विवाहका निम्ति सेतो गोरुमा सवार भएर गणेश्वरहरूले युक्त सदाशिव आइसक्नुभयो? यो कुरा तपाईं सत्य-सत्य भन्नुहोस्॥ ८-९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding...

ब्रह्मोवाच

इत्येवं वचनं श्रुत्वा तव विस्मितचेतसः।
उवाच त्वां मुने तथ्यं वाक्यं स हिमवान् गिरिः॥ १०

हिमवानुवाच

हे नारद महाप्राज्ञागतो नैवाधुना शिवः।
विवाहार्थं च पार्वत्याः सगणः सवरातकः॥ ११
विश्वकर्मकृतं चित्रं विद्धि नारद सद्धिया।
विस्मयं त्यज देवर्षे स्वस्थो भव शिवं स्मर॥ १२

भुक्त्वा विश्रम्य सुप्रीतः कृपां कृत्वा ममोपरि।
मैनाकादिधरैः सार्धं गच्छ त्वं शंकरान्तिकम्॥ १३
एभिस्समेतो गिरिभिर्महामते
संप्रार्थ्य शीघ्रं शिवमत्र चानय।
देवैः समेतं च महर्षिसंघैः
सुरासुरैरर्चितपादपल्लवम् ॥ १४

ब्रह्मोवाच

तथेति चोक्त्वागम आशु हि त्वं
तदैव तैः शैलसुतादिभिश्च।
तत्रत्यकृत्यं सुविधाय भुक्त्वा
महामनास्त्वं शिवसन्निधानम्॥ १५
तत्र दृष्टो महादेवो देवादिपरिवारितः।
नमस्कृतस्त्वया दीप्तः शैलैस्तैर्भक्तितश्च वै॥ १६
तदा मया विष्णुना च सर्वे देवाः सवासवाः।
पप्रच्छुस्त्वां मुने सर्वे रुद्रस्यानुचरास्तथा॥ १७
विस्मिताः पर्वतान्दृष्ट्वा सन्देहाकुलमानसाः।
मैनाकसह्यमेर्वाद्यान्नानालंकारसंयुतान् ॥ १८

देवा ऊचुः

हे नारद महाप्राज्ञ विस्मितस्त्वं हि दृश्यसे।
सत्कृतोऽसि हिमागेन किं न वा वद विस्तरात्॥ १९

एते कस्मात्समायाताः पर्वता इह सत्तमाः।
मैनाकसह्यमेर्वाद्याः सुप्रतापाः स्वलंकृताः॥ २०
कन्यां दास्यति शैलोऽसौ शंभवे वा न नारद।
हिमालयगृहे तात किं भवत्यद्य तद्वद॥ २१

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! विस्मितचित्त भएका तपाईंको यस प्रकारका वचनलाई सुनेर पर्वत हिमालय तपाईंसित तथ्ययुक्त वचन भन्न लागे—॥ १०॥

हिमवान् भन्दछन्—हे नारद! हे महाप्राज्ञ! अहिले पार्वतीको विवाहका लागि आफ्ना गण तथा जन्तीहरूलाई लिएर शिव आउनुभएको छैन॥ ११॥

हे नारद! तपाईं यसलाई उत्तम बुद्धिले विश्वकर्माद्वारा रचित चित्र भन्ने जान्नुहोस्। हे देवर्षि! तपाईं आश्चर्य त्याग गर्नुहोस्, स्वस्थ हुनुहोस् र शिवको स्मरण गर्नुहोस्॥ १२॥ तपाईं ममाथि कृपा गरी भोजन तथा विश्राम गरी मैनाक आदि पर्वतहरूका साथ शंकरको समीप जानुहोस्॥ १३॥

हे महामति! जसका चरणकमलको अर्चना देवता तथा असुर पनि गर्ने गर्छन्, ती शिवको प्रार्थना गरी तपाईं यी पर्वतहरूलाई साथ लिएर देवता तथा महर्षिसहित उहाँलाई यहाँ शीघ्र लिएर आउनुहोस्॥ १४॥

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] तब तपाईंले 'तथास्तु' भन्नुभयो र त्यहाँको सारा कृत्य राम्ररी सम्पन्न गरेर भोजन गरी महामनस्वी तपाईं हिमालयका पुत्रहरूसहित बडो प्रसन्नताले शीघ्र शिवको समीप जानुभयो॥ १५॥

त्यहाँ तपाईंले देवताहरूले घेरिनुभएका महादेवलाई देख्नुभयो। तपाईंले तथा ती पर्वतहरूले भक्तिपूर्वक ती कान्तिमान् शिवलाई प्रणाम गर्नुभयो॥ १६॥

तत्पश्चात् हे मुनि! अनेक प्रकारका अलंकारहरूले युक्त मैनाक, सह्य, मेरु आदि पर्वतहरूलाई देखेर सन्देहले आकुल मन भएको मैले, विष्णुले तथा इन्द्रबाट युक्त देवताहरू एवं रुद्रानुचरहरूले विस्मित भएर तपाईंसित सोध्यौँ—॥ १७-१८॥

देवता भन्दछन्—हे नारद! हे महाप्राज्ञ! तपाईं त आश्चयले चकित देखिनुहुन्छ, हिमालयले तपाईंको सत्कार गरेनन्। हामीहरूलाई यो विस्तारपूर्वक बताउनुहोस्। यी महाबली मैनाक, सह्य तथा मेरु आदि पर्वत अनेक अलंकार धारण गरी यहाँ कुन उद्देश्यले आएका हुन्। हे नारद! तपाईं यो पनि बताउनुहोस् कि पर्वतराज हिमालयको विचार शिवलाई कन्या दिने छ वा छैन? हे तात! यस समय हिमालयकहाँ के भइरहेको छ, यो सब विस्तारपूर्वक भन्नुहोस्॥ १९—२१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इति सन्दिग्धमनसामस्माकं च दिवौकसाम्।
वद त्वं पृच्छमानानां सन्देहं हर सुव्रत॥ २२

ब्रह्मोवाच

इत्याकर्ण्य वचस्तेषां विष्ण्वादीनान्दिवौकसाम्।
अवोचस्तान्मुने त्वं हि विस्मितस्त्वाष्ट्रमायया॥ २३

एकान्तमाश्रित्य च मां हि विष्णु-
मभाषथा वाक्यमिदं मुने त्वम्।
शचीपतिं सर्वसुरेश्वरं वै
पक्षच्छिदं पूर्वरिपुं धराणाम्॥ २४

नारद उवाच

त्वष्ट्रा कृतं तद्विकृतं विचित्रं
विमोहनं सर्वदिवौकसां हि।
येनैव सर्वान्स विमोहितुं सुरान्
समिच्छति प्रेमत एव युक्त्या॥ २५

पुरा कृतं तस्य विमोहनं त्वया
सुविस्मृतं तत् सकलं शचीपते।
तस्मादसौ त्वां विजिगीषुरेव
गृहे ध्रुवं तस्य गिरेर्महात्मनः॥ २६

अहं विमोहितस्तेन प्रतिरूपेण भास्वता।
तथा विष्णुः कृतस्तेन ब्रह्मा शक्रोऽपि तादृशः॥ २७

किं बहूक्तेन देवेश सर्वदेवगणाः कृताः।
कृत्रिमाश्चित्ररूपेण न किंचिदवशेषितम्॥ २८

विमोहनार्थं सर्वेषां देवानां च विशेषतः।
कृता माया चित्रमयी परिहासविकारिणी॥ २९

ब्रह्मोवाच

तच्छ्रुत्वा वचनं तस्य देवेन्द्रो वाक्यमब्रवीत्।
विष्णुं प्रति तदा शीघ्रं भयाकुलतनुर्हरिम्॥ ३०

देवेन्द्र उवाच

देवदेव रमानाथ त्वष्टा मां निहनिष्यति।
पुत्रशोकेन तप्तोऽसौ व्याजेनानेन नान्यथा॥ ३१

ब्रह्मोवाच

तस्य तद्वचनं श्रुत्वा देवदेवो जनार्दनः।
उवाच प्रहसन् वाक्यं शक्रमाश्वासयंस्तदा॥ ३२

हे सुव्रत! हामी देवताहरूको मन अनेक प्रकारका सन्देहले ग्रस्त भइरहेको छ, यसैले हामीहरू तपाईंसित सोधिरहेका छौँ, तपाईं हाम्रो सन्देह हटाउनुहोस्॥ २२॥

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! ती विष्णु आदि देवताहरूका वचन सुनेर विश्वकर्माको मायाले विस्मित हुनुभएका तपाईंले उनीहरूसित भन्नुभयो—॥ २३॥

हे मुनि! तपाईंले म, विष्णु र सबै देवताहरूका ईश्वर शचीका पति, पर्वतहरूका पूर्व शत्रु तथा पर्वतहरूका पखेटा काट्नुहुने इन्द्रलाई एकान्तमा बोलाएर भन्न लाग्नुभयो—॥ २४॥

नारद भन्नुहुन्छ—विश्वकर्माले हिमालयको घरमा जस्तो कारीगरी गरेका छन्, त्यसलाई देख्नासाथ सबै देवगण मोहित हुने छन्। ती हिमालय त त्यस कारीगरीको कौशलबाट सारा देवताहरूलाई प्रेमपूर्वक युक्तिले मोहित गर्न चाहन्छन्॥ २५॥

हे शचीपति! तपाईंले पूर्वकालमा विश्वकर्मालाई भुलभुलैयामा पार्नुभएको थियो, के तपाईंले त्यसलाई बिर्सनुभयो? यसैले ती आज तपाईंलाई जित्ने इच्छाले हिमालयको घरमा विराजमान छन्। उनले मेरो यस्तो चित्र बनाएका छन् कि त्यसलाई देखेर म त मोहित भएको छु। यसै प्रकार उनले विष्णु, ब्रह्मा तथा इन्द्र आदि देवताहरूको पनि चित्र निर्माण गरेका छन्॥ २६-२७॥

हे देवेश! धेरै के भनौँ! ती विश्वकर्माले सबै देवगणहरूको चित्र यति कुशलतापूर्वक बनाएका छन् कि देवताहरूको यथार्थ रूपभन्दा ती कत्ति पनि फरक छैनन्। उनले परिहास गर्नका लागि सबै देवताहरूको यो मायामयी चित्ररचना गरेका छन्, जसबाट देवताहरूलाई मोह उत्पन्न हुन जाओस्॥ २८-२९॥

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार नारदका वचनलाई सुनेर भयले व्याकुल शरीर भएका देवेन्द्रले विष्णुतिर हेरेर तत्काल भन्नुभयो—॥ ३०॥

देवेन्द्र भन्नुहुन्छ—हे देवदेव! हे रमानाथ! त्वष्टापुत्र विश्वकर्मा शोकले व्याकुल भई मसित द्रोह गर्छन्। कहीँ यस्तो न होस् कि ती यसै बहानाले मेरो वध गरून्॥ ३१॥

ब्रह्मा भन्नुहुन्छ—उनको यो वचन सुनेर देवाधिदेव जनार्दन उनलाई सम्झाउँदै भन्न लाग्नुभयो—॥ ३२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MoE

विष्णुरुवाच

निवातकवचैः पूर्वं मोहितोऽसि शचीपते।
महाविद्याबलेनैव दानवैः पूर्ववैरिभिः॥ ३३

पर्वतो हिमवानेष तथान्येऽखिलपर्वताः।
विपक्षा हि कृताः सर्वे मम वाक्याच्च वासव॥ ३४

तेऽनुस्मृत्या तु वै दृष्ट्वा मायया गिरयो ह्यमी।
जेतुमिच्छन्ति ये मूढा न भेतव्यमरावपि॥ ३५

ईश्वरो नो हि सर्वेषां शंकरो भक्तवत्सलः।
सर्वथा कुशलं शक्र करिष्यति न संशयः॥ ३६

ब्रह्मोवाच

एवं संवदमानं तं शक्रं विकृतमानसम्।
हरिणोक्तश्च गिरिशो लौकिकीं गतिमाश्रितः॥ ३७

ईश्वर उवाच

हे हरे हे सुरेशान किं ब्रूथोऽद्य परस्परम्।
इत्युक्त्वा तौ महेशानो मुने त्वां प्रत्युवाच सः॥ ३८

किं नु वक्ति महाशैलो यथार्थं वद नारद।
वृत्तान्तं सकलं ब्रूहि न गोप्यं कर्तुमर्हसि॥ ३९

ददाति वा नैव ददाति शैलः
सुतां स्वकीयां वद तच्च शीघ्रम्।
किं ते दृष्टं किं कृतं तत्र गत्वा
प्रीत्या सर्वं तद्वदाश्वद्य तात॥ ४०

ब्रह्मोवाच

इत्युक्तः शम्भुना तत्र मुने त्वं देवदर्शनः।
सर्वं रहस्यवोचो वै यद् दृष्टं तत्र मण्डपे॥ ४१

नारद उवाच

देवदेव महादेव शृणु मद्वचनं शुभम्।
नास्ति विघ्नभयं नाथ विवाहे किंचिदेव हि॥ ४२

अवश्यमेव शैलेशस्तुभ्यं दास्यति कन्यकाम्।
त्वामानयितुमायाता इमे शैला न संशयः॥ ४३

विष्णु भन्नुहुन्छ—हे शचीपति! तपाईंका वैरी निवात-कवचादि दानवगणहरूले महाविद्याको बलले पूर्वसमयमा पनि तपाईंलाई मोहित गरेका थिए। हे वासव! यसै प्रकार तपाईंले मेरो आज्ञाले पर्वतराज हिमालयको तथा अरू पर्वतहरूको पखेटा काट्नुभएको थियो। यस कारण यी पर्वत पनि त्यसै मायालाई देखेर तथा सुनेर तपाईंलाई जित्ने इच्छा गर्छन्। यी सबै मूर्ख हुन् र पराक्रम जान्दैनन्, अतः तपाईं यिनीहरूबाट भयभीत नहुनुहोस्॥ ३३—३५॥

हे देवेन्द्र! यसमा केही पनि सन्देह छैन कि भक्तवत्सल भगवान् सदाशिव हामी सबैको मंगल गर्नुहुने छ॥ ३६॥

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार व्याकुल भएका इन्द्रलाई देखेर विष्णुले उनलाई सम्झाउनुभयो। तब लौकिक गतिको आश्रय लिनुहुने भगवान् शिव उनीहरूसित भन्न लाग्नुभयो—॥ ३७॥

ईश्वर भन्नुहुन्छ—हे हरि! हे सुरपति! तपाईंहरू आपसमा के विचार-विमर्श गरिरहनुभएको छ? [ब्रह्मा भन्नुहुन्छ—] ती दुवैसित यस प्रकार भनेर हे मुनि! पुनः उहाँले तपाईंसित भन्नुभयो—हे नारद! महाशैलले के भनेका छन्, तपाईं यथार्थ रूपले सारा वृत्तान्त भन्नुहोस्, तपाईं त्यसलाई गुप्त नराख्नुहोस्॥ ३८-३९॥

तपाईं तत्काल बताउनुहोस् कि शैलराजको कन्या दिने इच्छा छ अथवा छैन? हे तात! तपाईंले त्यहाँ गएर के देख्नुभयो र के गर्नुभयो? यो सारा वृत्तान्त प्रेमपूर्वक भन्नुहोस्॥ ४०॥

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! जब शिवले तपाईंसित यो भन्नुभयो, तब दिव्य दृष्टि भएका तपाईंले मण्डपमा जे जति देख्नुभएको थियो, त्यो सब एकान्तमा यस प्रकार भन्नुभयो—॥ ४१॥

नारद भन्नुहुन्छ—हे देवदेव! हे महादेव! हजुर मेरो शुभ वचन सुन्नुहोस्। यस विवाहमा कुनै प्रकारको विघ्न देखिन्न, न त कुनै प्रकारको भय नै छ॥ ४२॥

शैलराज निश्चित रूपले हजुरलाई नै आफ्नी कन्या दिन चाँहन्छन् र यी पर्वत यसै निमित्त हजुरलाई लिएर जाने इच्छाले यहाँ आएका छन्, यसमा सन्देह छैन॥ ४३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किन्तु ह्यमरमोहार्थं माया विरचिताद्भुता।
कुतूहलार्थं सर्वज्ञ न कश्चिद्विघ्नसम्भवः॥ ४४

हे सर्वज्ञ! परंतु एउटा कुरा यो छ कि कौतूहलवश त्यहाँ सबै देवताहरूलाई मोहित गर्नका लागि एउटा अद्भुत माया रचिएको छ। यसको अतिरिक्त त्यहाँ अरू कुनै प्रकारको विघ्नको सम्भावना छैन॥ ४४॥

विचित्रं मण्डपं गेहेऽकार्षीत्तस्य तदाज्ञया।
विश्वकर्मा महामायी नानाश्चर्यमयं विभो॥ ४५
सर्वदेवसमाजश्च कृतस्तत्र विमोहनः।
तं दृष्ट्वा विस्मयं प्राप्तोऽहं तन्मायाविमोहितः॥ ४६

हे विभु! महामाया गर्नुहुने विश्वकर्मा‌ले हिमालयको आज्ञाले उनको घरमा महान् आश्चर्ययुक्त मण्डपको रचना गरेका छन्। त्यस मण्डपमा विश्वकर्माले सारा देवसमाजको चित्र निर्माण गरेका छन्, त्यसलाई देखेर म मोहित भएर आश्चर्यमा परेको छु॥ ४५-४६॥

ब्रह्मोवाच

तच्छ्रुत्वा तद्वचस्तात लोकाचारकरः प्रभुः।
हर्यादीन्प्रहसन् शम्भुरुवाच सकलान्सुरान्॥ ४७

ब्रह्मा भन्नुहुन्छ—नारदका वचन सुनेर लोकाचार गर्नुहुने प्रभु शिव विष्णु आदि देवतासित हाँस्तै भन्न लाग्नुभयो—॥ ४७॥

ईश्वर उवाच

कन्यां दास्यति चेन्मह्यं पर्वतो हि हिमाचलः।
मायया मम किं कार्यं वद विष्णो यथातथम्॥ ४८
हे ब्रह्मन् शक्र मुनयः सुरा ब्रूत यथार्थतः।
मायया मम किं कार्यं कन्यां दास्यति चेद्गिरिः॥ ४९

ईश्वर भन्नुहुन्छ—हे विष्णु! यदि पर्वत हिमालय मलाई आफ्नो कन्या दिन्छन् भने तपाईं यथार्थ रूपले बताउनुहोस् कि मलाई मायासित के प्रयोजन छ?॥ ४८॥

हे ब्रह्मन्! हे शक्र! हे मुनिगण तथा हे देवताहरू! तपाईंहरू यथार्थ रूपले भन्नुहोस् कि हिमालय मलाई आफ्नी कन्या दिँदैछन् भने मायासित मेरो के प्रयोजन छ?॥ ४९॥

केनाप्युपायेन फलं हि साध्य-
मित्युच्यते पण्डितैर्न्यायविद्भिः।
तस्मात्सर्वैर्गम्यतां शीघ्रमेव
कार्यार्थिभिर्विष्णुपुरोगमैश्च॥ ५०

न्यायशास्त्रका जानकार पण्डितहरूले भनेका छन् कि जुन उपायले भए पनि आफ्नो साध्यलाई प्राप्त गर्नु पर्दछ। अतः तपाईं सबै विष्णु आदि देवगण यस कार्यसिद्धिको इच्छाले चाँडै हिँड्नुहोस॥ ५०॥

ब्रह्मोवाच

एवं संवदमानोऽसौ देवैः शम्भुरभूत्तदा।
कृतः स्मरेणेव वशी वशं वा प्राकृतो नरः॥ ५१
अथ शम्भ्वाज्ञया सर्वे विष्ण्वाद्या निर्जरास्तदा।
ऋषयश्च महात्मानो ययुर्मोहभ्रमावहम्॥ ५२

ब्रह्मा भन्नुहुन्छ—देवताहरूसित यस प्रकार भन्नुहुने जितेन्द्रिय भगवान् सदाशिवलाई कामदेवले साधारण मनुष्य समान आफ्नो वशमा पारे। त्यसपछि शिवको आज्ञाले विष्णु आदि देवता एवं ऋषिगण भ्रान्त तथा मोहित पार्ने हिमालय-गृहतर्फ हिँडे॥ ५१-५२॥

पुरस्कृत्य मुने त्वां च पर्वतांस्तान्सविस्मयाः।
हिमाद्रेश्च तदा जग्मुर्मन्दिरं परमाद्भुतम्॥ ५३

हे मुनि! ती देवताहरूले तपाईं नारदलाई तथा ती पर्वतहरूलाई अघि गरी आश्चर्यचकित भई हिमालयको अपूर्व एवं परम अद्भुत मन्दिरतर्फ प्रस्थान गरे॥ ५३॥

अथ विष्ण्वादिसंयुक्तो मुदितैः स्वबलैर्युतः।
आजगामोपहैमागपुरं प्रमुदितो हरः॥ ५४

यस प्रकार हर्ष विभोर भएका विष्णु आदि देवताहरू तथा प्रसन्नताले युक्त आफ्ना गणहरूका साथ ती शिव आनन्दित भएर हिमालयको नगरको समीप पुग्नुभयो॥ ५४॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे मण्डपरचनावर्णनं नामैकचत्वारिंशोऽध्यायः॥ ४१॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा मण्डपरचनावर्णन नामक एकचालिसौँ अध्याय पूर्ण भयो॥ ४१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding...

अथ द्विचत्वारिंशोऽध्यायः

हिमालयद्वारा प्रेषित मूर्तिमान् पर्वतहरू र ब्राह्मणहरूद्वारा जन्तीको स्वागत, देवता र पर्वतहरूको मिलापको वर्णन

ब्रह्मोवाच

अथाकर्ण्य गिरीशश्च निजपुर्युपकण्ठतः।
प्राप्तमीशं सर्वगं वै मुमुदेऽति हिमालयः॥ १
अथ सम्भृतसम्भारः सम्भाषां कर्तुमीश्वरम्।
शैलान्प्रस्थापयामास ब्राह्मणानपि सर्वशः॥ २

स्वयं जगाम सद्भक्त्या प्राणेप्सुं द्रष्टुमीश्वरम्।
भक्त्युद्रुतमनाः शैलः प्रशंसन् स्वविधिं मुदा॥ ३

देवसेनां तदा दृष्ट्वा हिमवान्विस्मयं गतः।
जगाम सम्मुखस्तत्र धन्योऽहमिति चिन्तयन्॥ ४
देवा हि तद्बलं दृष्ट्वा विस्मयं परमं गताः।
आनन्दं परमं प्रापुर्देवाश्च गिरयस्तथा॥ ५
पर्वतानां महासेना देवानां च तथा मुने।
मिलित्वा विरराजेव पूर्वपश्चिमसागरौ॥ ६
परस्परं मिलित्वा ते देवाश्च पर्वतास्तथा।
कृतकृत्यं तथात्मानं मेनिरे परया मुदा॥ ७
अथेश्वरं पुरो दृष्ट्वा प्रणनाम हिमालयः।
सर्वे प्रणेमुर्गिरयो ब्राह्मणाश्च सदाशिवम्॥ ८
वृषभस्थं प्रसन्नास्यं नानाभरणभूषितम्।
दिव्यावयवलावण्यप्रकाशितदिगन्तरम्॥ ९

सुसूक्ष्माहतसत्पट्टवस्त्रशोभितविग्रहम्।
सद्रत्नविलसन्मौलिं विहसन्तं शुचिप्रभम्॥ १०

भूषाभूताहियुक्ताङ्गमद्भुतावयवप्रभम्।
दिव्यद्युतिं सुरेशैश्च सेवितं करचामरैः॥ ११

वामस्थिताच्युतं दक्षभागस्थितविधिं प्रभुम्।
पृष्ठस्थितहरिं पृष्ठपार्श्वस्थितसुरादिकम्॥ १२
नानाविधसुराद्यैश्च संस्तुतं लोकशंकरम्।

ब्रह्मा भन्नुहुन्छ—सर्वव्यापी शिव आफ्नो नगरको निकट आइपुगनुभएको छ भन्ने सुनेर गिरिराज हिमालय ज्यादै प्रसन्न भए॥ १॥

त्यसपछि उनले सबै सामग्री एकत्रित गरी परमेश्वरको स्वागत गर्नका लागि धेरै ब्राह्मणहरू तथा पर्वतहरूलाई पठाए र प्राणहरूभन्दा पनि प्रिय ईश्वरको दर्शन गर्नका लागि भक्तिले परिपूर्ण हृदय भएका ती हिमालय आफ्नो भाग्यको प्रशंसा गर्दै प्रसन्नतापूर्वक स्वयं पनि गए॥ २-३॥

त्यस समय देवसेनालाई देखेर हिमवान् विस्मित भए र म धन्य छु—यस्तो सोच्दै ती उनीहरूको सामुन्ने गए। देवता पनि हिमालयको [विशाल] सेनालाई देखेर आश्चर्यचकित भए। यस प्रकार देवताहरू तथा पर्वतहरूलाई परम आनन्द प्राप्त भयो॥ ४-५॥

हे मुनि! [त्यस समय] देवताहरू तथा पर्वतहरूको विशाल सेना मिलाएर पूर्व तथा पश्चिम सागरको समान शोभित भयो। ती देवता तथा पर्वत परस्पर मिलेर बडो प्रसन्नताले आफूलाई कृतकृत्य मान्न लागे॥ ६-७॥

त्यसपछि हिमालयले ईश्वरलाई सामुन्ने देखेर उहाँलाई प्रणाम गरे र सबै पर्वत तथा ब्राह्मणहरूले पनि सदाशिवलाई प्रणाम गरे॥ ८॥

हिमालयले वृषभमा सवार, प्रसन्न मुख भएका, नाना अलंकारहरूले शोभित, आफ्नो दिव्य शरीरको शोभाले दिगन्तरहरूलाई प्रकाशित गर्नुहुने, अत्यन्त सूक्ष्म तथा नवीन रेशमी वस्त्रले शोभित विग्रह भएका, शिरमा रत्नहरूबाट जडित मुकुट धारण गरेका, हाँस्तै गरेका, शुभ्र कान्ति भएका, सर्पहरूका अलंकारहरूले सुशोभित अंग भएका, अंगहरूको अद्भुत प्रभा भएका, दिव्य कान्तिले सम्पन्न, हातहरूमा चँवर धारण गरेका देवताहरूद्वारा सेवित, बायाँतिर अच्युत, दायाँतिर ब्रह्मा, पृष्ठभागमा इन्द्र र पछाडि तथा पार्श्वभागमा देवता आदिले शोभायमान, अनेकौँ देवता आदिद्वारा स्तुत्य,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वहेत्वात्ततनुं ब्रह्म सर्वेशं वरदायकम्॥ १३
सगुणं निर्गुणं चापि भक्ताधीनं कृपाकरम्।
प्रकृतेः पुरुषस्यापि परं सच्चित्सुखात्मकम्॥ १४

प्रभोर्दक्षिणभागे तु ददर्श हरिमच्युतम्।
विनतातनयारूढं नानाभूषणभूषितम्॥ १५

प्रभोश्च वामभागे तु मुने मां सन्ददर्श ह।
चतुर्मुखं महाशोभं स्वपरीवारसंयुतम्॥ १६

एतौ सुरेश्वरौ दृष्ट्वा शिवस्यातिप्रियौ सदा।
प्रणनाम गिरीशश्च सपरीवार आदरात्॥ १७

तथा शिवस्य पृष्ठे च पार्श्वयोः सुविराजितान्।
देवादीन्प्रणनामासौ दृष्ट्वा गिरिवरेश्वरः॥ १८

शिवाज्ञया पुरो भूत्वा जगाम स्वपुरं गिरिः।
शेषहर्यात्मभूः शीघ्रं मुनिभिर्निर्जरादिभिः॥ १९

सर्वे मुनिसुराद्याश्च गच्छन्तः प्रभुणा सह।
गिरेः पुरं समुदिताः शशंसुर्बहु नारद॥ २०

रचिते शिखरे रम्ये संस्थाप्य देवतादिकम्।
जगाम हिमवाँस्तत्र यत्रास्ति विधिवेदिका॥ २१

कारयित्वा विशेषेण चतुष्कं तोरणैर्युतम्।
स्नानदानादिकं कृत्वा परीक्षामकरोत्तदा॥ २२

स्वपुत्रान्प्रेषयामास शिवस्य निकटे तथा।
हिमो विष्ण्वादिसम्पूर्णवर्गयुक्तस्य शैलराट्॥ २३

कर्तुमैच्छद्वराचारं महोत्सवपुरस्सरम्।
महाहर्षयुतः सर्वबन्धुयुग्घिमशैलराट्॥ २४

अथ ते गिरिपुत्राश्च तत्र गत्वा प्रणम्य तम्।
सस्ववर्गं प्रार्थनान्तामूचुः शैलेश्वरस्य वै॥ २५

संसारको कल्याण गर्नुहुने, आफ्नो इच्छाले शरीर धारण गर्नुहुने, ब्रह्मस्वरूप, सर्वेश्वर, वर प्रदान गर्नुहुने, निर्गुण तथा सगुण रूप भएका, भक्तहरूको अधीन रहनु हुने, कृपा गर्नुहुने, प्रकृति तथा पुरुषभन्दा पनि पर र सच्चिदानन्दस्वरूप शिवलाई देखे॥ ९—१४॥

हिमालयले प्रभुको दक्षिण भागमा गरुडमा सवार तथा नाना प्रकारका आभूषणहरूले सुसज्जित अच्युत श्रीहरिलाई देखे॥ १५॥

हे मुनि! उनले प्रभुको वामभागमा चार मुखवाला, महान् शोभाशाली तथा आफ्नो परिवारले युक्त मलाई देखे॥ १६॥

यस प्रकार शिवका परम प्रिय हामी दुवै सुरेश्वरलाई देखेर गिरीशले परिवारसहित आदरपूर्वक प्रणाम गरे॥ १७॥ फेरि गिरीश्वरले देवाधिदेव सदाशिवको पछाडि तथा पार्श्वभागमा स्थित भएका सबै देवताहरूलाई प्रणाम गरे॥ १८॥

यसपछि शिवको आज्ञाले गिरिराज हिमालय अघि लागेर आफ्नो नगरमा प्रवेश गरे, त्यसपछि शेष, विष्णु तथा ब्रह्मा पनि देवताहरूका साथ नगरमा गए॥ १९॥

हे नारद! प्रभुका साथ जाँदै गरेका सबै मुनि, देवता आदि एवं देवगण परम प्रसन्न भई हिमालयको नगरको प्रशंसा गर्न लागे। त्यसपछि हिमालय सुरम्य तथा निवासका लागि योग्य बनाइएका आफ्ना शिखरमा देवता आदिलाई बसाएर स्वयं त्यहाँ गए, जहाँ वेदी बनाइएको थियो॥ २०—२१॥

त्यसलाई चौकुना तथा तोरणहरूले विशेष रूपले सुसज्जित गराएर स्नान-दानादि क्रिया गरी उनले [विधिपूर्वक] त्यहाँको निरीक्षण गरे॥ २२॥

त्यसपछि पर्वतराज हिमालयले विष्णु आदि सम्पूर्ण वर्गले युक्त शिवको समीप आफ्ना पुत्रहरूलाई पठाए॥ २३॥

ती पर्वतराज परम प्रसन्न भई आफ्ना बन्धुगणका साथ महान् उत्सवपूर्वक वरको यथोचित आचार गर्न चाहन्थे। तब ती पर्वतपुत्रहरूले त्यहाँ गएर आफ्ना वर्गहरूसहित विराजमान ती शिवलाई प्रणाम गरी शैलेश्वरको त्यो प्रार्थना सुनाए॥ २४—२५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: ...

ततस्ते स्वालयं जग्मुः शैलपुत्रास्तदाज्ञया।
शैलराजाय संचख्युः ते चायान्तीति हर्षिताः॥ २६
अथ देवाः प्रार्थनान्तां गिरेः श्रुत्वातिहर्षिताः।
मुने विष्णवादयः सर्वे सेश्वरा मुमुदुर्भृशम्॥ २७
कृत्वा सुवेषं सर्वेऽपि निर्जरा मुनयो गणाः।
गमनं चक्रुरन्येऽपि प्रभुणा गिरिराड्गृहम्॥ २८
तस्मिन्नवसरे मेना द्रष्टुकामाभवच्छिवम्।
प्रभोराह्वाययामास मुने त्वां मुनिसत्तमम्॥ २९
अगमस्त्वं मुने तत्र प्रभुणा प्रेरितस्तदा।
मनसा शिवहृद्धेतुं पूर्णं कर्तुं तमिच्छता॥ ३०
त्वां प्रणम्य मुने मेना प्राह विस्मितमानसा।
द्रष्टुकामा प्रभो रूपं शंकरस्य मदापहम्॥ ३१

तत्पश्चात् ती पर्वतपुत्र उहाँको आज्ञाले आफ्नो घर गए र प्रसन्न भएर शैलराजसित भने कि अहिले सबै आउँदै हुनुहुन्छ। हे मुनि! अर्कोतर्फ शिवसहित विष्णु आदि समस्त देवता गिरिराजको त्यो प्रार्थना सुनेर परम प्रसन्न र अत्यन्त आनन्दित भए। त्यसपछि सबै देवता, मुनि, गण तथा अन्य जन उत्तम वेशभूषा धारण गरी प्रभुसँगै पर्वतराजको घर गए॥ २६—२८॥

त्यस अवसरमा मेनाले शिवलाई हेर्न चाहिन् र हे मुनि! प्रभुलाई हेर्नका लागि उनले तपाईं मुनिश्रेष्ठलाई बोलाउन लगाइन्। तब हे मुनि! तपाईं प्रभुबाट प्रेरित भएर शिवको हृदयको कुरा पूर्ण गर्ने इच्छाले युक्त मनले त्यहाँ जानुभयो॥ २९-३०॥

हे मुनि! तपाईंलाई प्रणाम गरी विस्मित मन भएकी मेना भगवान् शंकरको मदविनाशक रूपलाई हेर्ने इच्छाले [तपाईंसित] भन्न लागिन्॥ ३१॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे देवगिरिमिलापवर्णनं नाम द्विचत्वारिंशोऽध्यायः॥ ४२॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा देवताहरू तथा पर्वतहरूको मिलाप-वर्णन नामक बयालिसौँ अध्याय पूर्ण भयो॥ ४२॥

अथ त्रिचत्वारिंशोऽध्यायः

मेना शिवलाई हेर्नका लागि महलको छतमा जानु, नारदद्वारा सबको दर्शन गराउनु, शिवद्वारा अद्भुत लीलाको प्रदर्शन, शिवगण तथा शिवको भयंकर वेषलाई देखेर मेना मूर्च्छित हुनु

मेनोवाच

निरीक्षिष्यामि प्रथमं मुने तं गिरिजापतिम्।
कीदृशं शिवरूपं हि यदर्थे तप उत्तमम्॥ १

ब्रह्मोवाच

इत्यज्ञानपरा सा च दर्शनार्थं शिवस्य च।
त्वया मुने समं सद्यश्चन्द्रशालां समागता॥ २
शिवोऽपि च तदा तस्यां ज्ञात्वाहंकारमात्मनः।
प्राह विष्णुं च मां तात लीलां कृत्वाद्भुतां प्रभुः॥ ३

शिव उवाच

मदाज्ञया युवां तातौ सदेवौ च पृथक्पृथक्।
गच्छतं हि गिरिद्वारं वयं पश्चाद् व्रजेमहि॥ ४

मेना भन्दछिन्—हे मुनि! म पहिला गिरिजाको हुनेवाला पतिलाई हेर्न चाहन्छु। जसका लागि उनले उत्तम तप गरेकी छिन्, ती शिवको रूप कस्तो छ?॥ १॥

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! यस प्रकार अज्ञानको वशीभूत ती मेना शिवको दर्शन गर्नका लागि तपाईंसँग तत्काल चन्द्रशालामा गइन्। हे तात! त्यस समय प्रभु शिव पनि आफूप्रति उनको अहंकारलाई जानेर अद्भुत लीला गरी म र विष्णुसित भन्नुभयो—॥ २-३॥

शिवले भन्नुभयो—हे तात! तपाईंहरू दुवै मेरो आज्ञाले छुट्टाछुट्टै आ-आफ्ना देवगणहरूका साथ पर्वत हिमालयका ढोकाहरूमा जानुहोस्। हामीहरू पछि आउने छौँ॥ ४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

इत्याकर्ण्य हरिः सर्वानाहूयोवाच तन्मयाः।
सुराः सर्वे तथैवाशु गमनं चक्रुरुत्सुकाः॥ ५

स्थितां शिरोगृहे मेनां मुने विश्वेश्वरस्त्वया।
तथैव दर्शयामास हृद्विभ्रंशो यथा भवेत्॥ ६

एतस्मिन् समये मेना सेनां च परमां शुभाम्।
निरीक्षन्ती मुने दृष्ट्वा सामान्यं हर्षिताभवत्॥ ७

प्रथमं चैव गन्धर्वाः सुन्दराः सुभगास्तदा।
आयाताः शुभवस्त्राढ्या नानालंकारभूषिताः॥ ८

नानावाहनसंयुक्ता नानावाद्यपरायणाः।
पताकाभिर्विचित्राभिरप्सरोगणसंयुताः॥ ९

अथ दृष्ट्वा वसुं तत्र तत्पतिं परमप्रभुम्।
मेना प्रहर्षिता ह्यासीच्छिवोऽयमिति चाब्रवीत्॥ १०
शिवस्य गणका एते न शिवोऽयं शिवापतिः।
इत्येवं त्वं ततस्तां वै अवोच ऋषिसत्तम॥ ११

एवं श्रुत्वा तदा मेना विचारे तत्पराभवत्।
इतश्चाभ्यधिको यो वै स च कीदृग्भविष्यति॥ १२
एतस्मिन्नन्तरे यक्षा मणिग्रीवादयश्च ये।
तेषां सेना तया दृष्टा शोभापि द्विगुणीकृता॥ १३

तत्पतिं च मणिग्रीवं दृष्ट्वा शोभान्वितं हि सा।
अयं रुद्रः शिवास्वामी मेना प्राहेति हर्षिता॥ १४
नायं रुद्रः शिवास्वामी सेवकोऽयं शिवस्य वै।
इत्यवोचोऽगपत्यै त्वं तावद्वह्निः स आगतः॥ १५
ततोऽपि द्विगुणां शोभां दृष्ट्वा तस्य च साब्रवीत्।
रुद्रोऽयं गिरिजास्वामी तदा नेति त्वमब्रवीः॥ १६
तावद्यमः समायातः ततोऽपि द्विगुणप्रभः।
तं दृष्ट्वा प्राह सा मेना रुद्रोऽयमिति हर्षिता॥ १७
नेति त्वमब्रवीस्तां वै तावन्निर्ऋतिरागतः।
बिभ्राणो द्विगुणां शोभां शुभः पुण्यजनप्रभुः॥ १८

ब्रह्मा भन्नुहुन्छ—यो सुनेर विष्णुले सबै देवगणहरूलाई बोलाएर त्यसै अनुसार गर्न आज्ञा दिनुभयो। त्यसपछि सबै देवता शिवमा मन लगाउँदै उत्सुक भएर जान लागे॥ ५॥

हे मुनि! त्यसै समय शिव दर्शनको इच्छाले मेना पनि तपाईंलाई साथ लिएर महलको अटालीमा चढिन्। तब तपाईं उनलाई यस प्रकार देखाउन लाग्नुभयो, जसबाट उनको हृदय विदीर्ण होस्। हे मुनि! त्यस समय परम शुभ सेनालाई हेर्दै मेना सामान्यरूपले हर्षित भइन्॥ ६-७॥

सबैभन्दा पहिला सुन्दर वस्त्र धारण गरेका, सुभग, शुभ, नाना प्रकारका आभूषणहरूले विभूषित, विविध वाहनहरूले युक्त, अनेक प्रकारका बाजा बजाउनमा तत्पर र विचित्र पताका तथा अप्सराहरूलाई आफ्नो साथ लिएका गन्धर्व आए। त्यस समय मेना गन्धर्वपति परमप्रभु वसुलाई देखेर अत्यन्त प्रसन्न भइन् र उनले सोधिन कि के यी शिव हुन्?॥ ८—१०॥

हे ऋषिश्रेष्ठ! तब तपाईंले मेनासित भन्नुभयो—यी शिवका गण हुन्, शिवाका पति शंकर होइनन्॥ ११॥

यो सुनेर मेनाले विचार गरिन् कि जो यिनीहरूभन्दा पनि धेरै श्रेष्ठ छन्, ती कस्ता होलान्॥ १२॥

त्यसै समय जो मणिग्रीव आदि यक्ष थिए, तिनका सेनालाई उनले देखिन्, जसको शोभा गन्धर्वहरूको भन्दा दुईगुना अधिक थियो॥ १३॥

यक्षाधिपति मणिग्रीवलाई अत्यन्त शोभाले समन्वित देखेर यी शिवास्वामी रुद्र हुन्—मेनाले हर्षित भएर यस्तो भनिन्। हे नारद! तब तपाईंले भन्नुभयो—यी शिवास्वामी रुद्र होइनन्, यी त शिवका सेवक हुन्। त्यसै समय अग्निदेव आइपुगे। मणिग्रीवकोभन्दा उनको दुईगुना शोभा देखेर मेनाले सोधिन्—के यी नै गिरिजाका स्वामी रुद्र हुन्? तब तपाईंले भन्नुभयो—होइनन्॥ १४—१६॥

तत्पश्चात् उनकोभन्दा द्विगुणित शोभायुक्त यम आए। उनलाई देखेर प्रसन्न भएर मेनाले भनिन्—के यी रुद्र हुन्? तब तपाईंले भन्नुभयो—होइनन्, त्यसै समय उनीभन्दा पनि द्विगुणित शोभा धारण गरेका पुण्यजनहरूका प्रभु शुभ निर्ऋति आए॥ १७-१८॥

2325_Sihvpurana_Part_1_Nepali_Section_23_1_Back

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: IKS.

तं दृष्ट्वा प्राह सा मेना रुद्रोऽयमिति हर्षिता।
नेति त्वमब्रवीस्तां वै तावद्वरुण आगतः॥ १९
ततोऽपि द्विगुणां शोभां दृष्ट्वा तस्य च साब्रवीत्।
रुद्रोऽयं गिरिजास्वामी तदा नेति त्वमब्रवीः॥ २०

तावद्वायुः समायातः ततोऽपि द्विगुणप्रभः।
तं दृष्ट्वा प्राह सा मेना रुद्रोऽयमिति हर्षिता॥ २१

नेति त्वमब्रवीस्तां वै तावद्धनद आगतः।
ततोऽपि द्विगुणां शोभां बिभ्राणो गुह्यकाधिपः॥ २२

तं दृष्ट्वा प्राह सा मेना रुद्रोऽयमिति हर्षिता।
नेति त्वमब्रवीस्तां वै तावदीशान आगतः॥ २३

ततोऽपि द्विगुणां शोभां दृष्ट्वा तस्य च साब्रवीत्।
रुद्रोऽयं गिरिजास्वामी तदा नेति त्वमब्रवीः॥ २४

तावदिन्द्रः समायातः ततोऽपि द्विगुणप्रभः।
सर्वामरवरो नानादिव्यभास्त्रिदिवेश्वरः॥ २५

तं दृष्ट्वा शंकरः सोऽयमिति सा प्राह मेनका।
शक्रः सुरपतिश्चायं स नेति त्वं तदाब्रवीः॥ २६
तावच्चन्द्रः समायातः शोभां तद्द्विगुणां दधत्।
दृष्ट्वा तं प्राह रुद्रोऽयं तां तु नेति त्वमब्रवीः॥ २७

तावत्सूर्यः समायातः शोभां तद्द्विगुणां दधत्।
दृष्ट्वा तं प्राह सा सोऽयं तां तु नेति त्वमब्रवीः॥ २८

तावत्समागतास्तत्र भृग्वाद्याश्च मुनीश्वराः।
तेजसो राशयः सर्वे स्वशिष्यगणसंयुताः॥ २९

तन्मध्ये चैव वागीशं दृष्ट्वा सा प्राह मेनका।
रुद्रोऽयं गिरिजास्वामी तदा नेति त्वमब्रवीः॥ ३०

तावद्ब्रह्मा समायातः तेजसां राशिरुत्तमः।
सर्षिवर्यसुतः साक्षाद्धर्मपुंज इव स्तुतः॥ ३१

दृष्ट्वा मां तं तदा मेना महाहर्षवती मुने।
सोऽयं शिवापतिः प्राह तां तु नेति त्वमब्रवीः॥ ३२

उनलाई देखेर मेनाले प्रसन्न भएर भनिन्—के यी रुद्र हुन्? तब तपाईंले भन्नुभयो—होइनन्। त्यसपछि वरुण आइपुगे। निर्ऋतिभन्दा पनि दुईगुना शोभा उनको देखेर ती मेनाले भनिन्—यी गिरिजास्वामी रुद्र हुन्? तब तपाईंले भन्नुभयो—होइनन्॥ १९-२०॥

त्यसपछि उनीभन्दा पनि दुईगुना शोभा धारण गरेका वायुदेव त्यहाँ आए। उनलाई देखेर मेनाले हर्षित भएर भनिन्—के यी नै रुद्र हुन्? तब तपाईंले भन्नुभयो—होइनन्। त्यसै समय गुह्यकपति कुबेर उनीभन्दा दुईगुना शोभा धारण गर्दै त्यहाँ आए॥ २१-२२॥

उनलाई देखेर प्रसन्न भई ती मेनाले भनिन्—के यी नै रुद्र हुन्? तब तपाईंले उनीसित भन्नुभयो—होइनन्। त्यसै समय ईशानदेव आइपुगे॥ २३॥

कुबेरभन्दा पनि दुईगुना उनको शोभा देखेर मेनाले भनिन्—के यी गिरिजापति रुद्र हुन्, तब तपाईंले भन्नुभयो—होइनन्॥ २४॥

त्यसपछि उनीभन्दा पनि दुईगुना शोभाले सम्पन्न, सबै देवताहरूमा श्रेष्ठ, अनेक प्रकारका दिव्य कान्ति भएका र स्वर्गलोकका स्वामी इन्द्र आए॥ २५॥

उनलाई देखेर ती मेना भन्दछिन्—के यी नै शंकर हुन्? तब तपाईंले भन्नुभयो—यी देवराज इन्द्र हुन्, शंकर होइनन्॥ २६॥

तब उनीभन्दा पनि दुईगुना शोभा धारण गर्नुहुने चन्द्रमा आए। उनलाई देखेर मेना भन्दछिन्—के यी नै रुद्र हुन्? तब तपाईंले भन्नुभयो—होइनन्। यसपछि उनीभन्दा पनि दुईगुना शोभा धारण गर्नुहुने सूर्य आए। उनलाई देखेर मेनाले भनिन्—के यी नै शिव हुन्? तपाईंले भन्नुभयो—होइनन्॥ २७-२८॥

त्यसैबेला तेजोराशि भृगु आदि मुनीश्वर आफ्ना शिष्यहरूसहित त्यहाँ पुग्नुभयो॥ २९॥

उनको बिचमा बृहस्पतिलाई देखेर मेना भन्दछिन्—यी नै गिरिजापति रुद्र हुन्? तब तपाईंले भन्नुभयो—होइनन्॥ ३०॥

त्यसपछि तेजहरूका महाराशि तथा साक्षात् धर्मका पुंजसमान म ब्रह्मा स्तुत्य हुँदै ऋषिहरू तथा पुत्रहरूसहित उपस्थित भएँ। हे मुनि! मलाई देखेर मेनाले ज्यादै प्रसन्न हुँदै भनिन्—के यी नै शिव हुन्? तब तपाईंले उनीसित भन्नुभयो—होइनन्॥ ३१-३२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एतस्मिन्नन्तरे तत्र विष्णुर्देवः समागतः।
सर्वशोभान्वितः श्रीमान्मेघश्यामश्चतुर्भुजः॥ ३३

कोटिकन्दर्पलावण्यः पीताम्बरधरः स्वराट्।
राजीवलोचनः शान्तः पक्षीन्द्रवरवाहनः॥ ३४

शंखादिलक्षणैर्युक्तो मुकुटादिविभूषितः।
श्रीवत्सवक्षा लक्ष्मीशो ह्यप्रमेयप्रभान्वितः॥ ३५

यसै बीच सम्पूर्ण शोभाले युक्त, श्रीमान्, मेघसमान श्याम वर्ण भएका, चार भुजाहरूले युक्त, करोडौँ कामदेव समान कमनीय, पीताम्बर धारण गर्नुभएका, आफ्नै तेजले प्रकाशित, कमलनयन, शान्तस्वभाव, श्रेष्ठ गरुडमा सवार, शंख आदि लक्षणहरूले युक्त, मुकुट आदिले विभूषित, वक्षःस्थलमा श्रीवत्सको चिह्न धारण गर्नुभएका, अप्रमेय कान्तिले सम्पन्न लक्ष्मीपति भगवान् विष्णु त्यहाँ आइपुग्नुभयो॥ ३३—३५॥

तं दृष्ट्वा चकिताक्ष्यासीन्महाहर्षेण साब्रवीत्।
सोऽयं शिवापतिः साक्षाच्छिवो वै नात्र संशयः॥ ३६

उहाँलाई देखेर उनका नेत्र चकित भए र उनले हर्षले भरिएर भनिन्—यी नै साक्षात् गिरिजापति शिव हुन्, यसमा सन्देह छैन॥ ३६॥

अथ त्वं मेनकावाक्यमाकर्ण्योवाच ऊतिकृत्।
नायं शिवापतिरयं किन्त्वयं केशवो हरिः॥ ३७

तब मेनकाको वचन सुनेर परम कौतुकी तपाईंले भन्नुभयो—ती शिवापति होइनन्, अपितु यी केशव विष्णु हुन्॥ ३७॥

शंकराखिलकार्यस्य ह्यधिकारी च तत्प्रियः।
अतोऽधिको वरो ज्ञेयः स शिवः पार्वतीपतिः॥ ३८

तच्छोभां वर्णितुं मेने मया नैव हि शक्यते।
स एवाखिलब्रह्माण्डपतिः सर्वेश्वरः स्वराट्॥ ३९

यी शंकरका समस्त कार्यहरूका अधिकारी तथा उहाँका प्रिय हुनुहुन्छ। ती पार्वतीपति शिवलाई यीभन्दा पनि धेरै श्रेष्ठ हुनुहुन्छ भन्ने सम्झनुपर्दछ। हे मेना! उहाँको शोभाको वर्णन म गर्न सक्तिन, उनै समस्त ब्रह्माण्डहरूका अधिपति, सर्वेश्वर तथा स्वराट् हुनुहुन्छ॥ ३८-३९॥

ब्रह्मोवाच

इत्याकर्ण्य वचस्तस्य मेना मेने च तां शुभाम्।
महाधनां भाग्यवतीं कुलत्रयसुखावहाम्॥ ४०

ब्रह्मा भन्नुहुन्छ—नारदका वचनलाई सुनेर मेनाले उनलाई [पार्वतीलाई] महाधनवती, भाग्यवती, तीनै कुल (पितृकुल, मातृकुल तथा पतिकुल)-लाई सुख दिने तथा कल्याणकारिणी सम्झिन्॥ ४०॥

उवाच च प्रसन्नास्या प्रीतियुक्तेन चेतसा।
स्वभाग्यमधिकं चापि वर्णयन्ती मुहुर्मुहुः॥ ४१

त्यसपछि प्रीतियुक्त चित्तले प्रसन्न मुख भएकी मेना पटक-पटक आफ्नो भाग्यको बखान गर्दै भन्न लागिन्—॥ ४१॥

मेनोवाच

धन्याहं सर्वथा जाता पार्वत्या जन्मनाधुना।
धन्यो गिरीश्वरोऽप्यद्य सर्वं धन्यतमं मम॥ ४२

ये ये दृष्टा मया देवा नायकाः सुप्रभान्विताः।
एतेषां यः पतिः सोऽत्र पतिरस्या भविष्यति॥ ४३

मेना भन्दछिन्—पार्वतीको जन्मले यस समय म सर्वथा धन्य हुन गएँ, गिरीश्वर पनि आज धन्य भए, मेरा सबथोक धन्य भए। उत्तम प्रभाले युक्त जुन-जुन देवताहरू एवं देवाधिपतिहरूलाई मैले देखेँ—यी सबैका जो स्वामी हुनुहुन्छ, उनै यिनको पति हुने छन्॥ ४२-४३॥

अस्याः किं वर्ण्यते भाग्यमपि वर्षशतैरपि।
वर्णितुं शक्यते नैव तत्प्रभुप्राप्तिदर्शनात्॥ ४४

यिनको भाग्यको वर्णन कसरी गरौँ! पार्वतीले भगवान् शिवलाई पतिरूपमा प्राप्त गरेकीले यिनको सौभाग्यको वर्णन सय वर्षमा पनि गर्न सकिँदैन॥ ४४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding

ब्रह्मोवाच

इत्यवादीच्च सा मेना प्रेमनिर्भरमानसा।
तावत्समागतो रुद्रोऽद्भुतोतिकारकः प्रभुः॥ ४५

अद्भुतात्मगणास्तात मेनागर्वापहारकाः।
आत्मानं दर्शयन् मायानिर्लिप्तं निर्विकारकम्॥ ४६

तमागतमभिप्रेत्य नारद त्वं मुने तदा।
मेनामवोचः सुप्रीत्या दर्शयंस्तं शिवापतिम्॥ ४७

नारद उवाच

अयं स शंकरः साक्षाद् दृश्यतां सुन्दरि त्वया।
यदर्थे शिवया तप्तं तपोऽति विपिने महत्॥ ४८

ब्रह्मोवाच

इत्युक्ता हर्षिता मेना तं ददर्श मुदा प्रभुम्।
अद्भुताकृतिमीशानमद्भुतानुगमद्भुतम्॥ ४९

तावदेवं समायाता रुद्रसेना महाद्भुता।
भूतप्रेतादिसंयुक्ता नानागणसमन्विता॥ ५०

वात्यारूपधराः केचित्पताकामर्मरस्वनाः।
वक्रतुंडास्तत्र केचिद्विरूपाश्चापरे तथा॥ ५१

करालाः श्मश्रुलाः केचित्केचित्खञ्जा ह्यलोचनाः।
दण्डपाशधराः केचित्केचिन्मुद्गरपाणयः॥ ५२

विरुद्धवाहनाः केचिच्छृंगनादनिनादिनः।
डमरोर्वादिनः केचित्केचिद्गोमुखवादिनः॥ ५३

अमुखाः विमुखाः केचित्केचिद् बहुमुखा गणाः।
अकरा विकराः केचित्केचिद् बहुकरा गणाः॥ ५४

अनेत्रा बहुनेत्राश्च विशिराः कुशिरास्तथा।
अकर्णा बहुकर्णाश्च नानावेषधरा गणाः॥ ५५

इत्यादिविकृताकारा अनेके प्रबला गणाः।
असंख्यातास्तथा तात महावीरा भयंकराः॥ ५६

ब्रह्मा भन्नुहुन्छ—प्रेमले परिपूर्ण चित्त भएकी मेना जब यस प्रकार भनिरहेकी थिइन्, त्यसै समय सबथोक गर्नमा सर्वथा समर्थ प्रभु रुद्र अद्भुत वेष धारण गरी आइपुग्नुभयो॥ ४५॥

हे तात! उहाँका गण पनि अद्भुत थिए, जो मेनाको गर्वलाई दूर गर्ने खालका थिए। त्यस समय प्रभु रुद्र आफूलाई मायाले निर्लिप्त तथा निर्विकार देखाइरहनुभएको थियो॥ ४६॥

हे नारद! हे मुनि! त्यस समय उहाँलाई आउनुभएको देखेर परम प्रेमले तपाईं शिवाका पति शंकरलाई देखाउँदै मेनासित भन्न लाग्नुभयो—॥ ४७॥

नारद भन्नुहुन्छ—हे सुन्दरी! तपाईं हेर्नुहोस्, उहाँ नै ती साक्षात् शंकर हुनुहुन्छ, जसका निमित्त वनमा पार्वतीले कठिन तप गर्नुभएको थियो॥ ४८॥

ब्रह्मा भन्नुहुन्छ—नारदका वचनलाई सुनेर मेना हर्षित भएर अद्भुत आकृति भएका, अद्भुत गणहरूले युक्त तथा आश्चर्यजनक प्रभु शिवलाई हेर्न लागिन्॥ ४९॥

त्यसै समय भूत-प्रेत आदिले युक्त तथा नाना प्रकारका गणहरूले समन्वित अत्यन्त अद्भुत रुद्रसेना आइपुगे॥ ५०॥

तीमध्ये केहीले आँधीसमान रूप धारण गरेका थिए, कोही पताका समान मर्मर आवाज गरिरहेका थिए, कोही वक्रतुण्ड थिए तथा कोही विकृत रूप भएका, कोही विकराल थिए, कोही लामा दाह्री-जुङ्गा भएका थिए, कोही लंगडा थिए, कोही अन्धा थिए, कोही हातमा दण्ड, पाश तथा मुद्गर धारण गरेका थिए, कोही विरुद्ध वाहनमा सवार थिए, कोही शृंगीनाद गरिरहेका थिए, कोही डमरू बजाइरहेका थिए, कोही गोमुख बजाइरहेका थिए, कोही मुखरहित थिए, कोही विकट मुख भएका थिए, केही गण धेरै मुख भएका थिए, केही हातै नभका थिए, केही विकृत हात भएका थिए, कोही गण धेरै हात भएका थिए। कोही नेत्रहीन, कोही धेरै नेत्र भएका, कोही विना शिरका, कोही विकृत शिर भएका, कोही कर्णहीन तथा कोही धेरै कान भएका थिए। सबै गण नाना प्रकारका वेष धारण गरेका थिए। यसै प्रकार अरू पनि विकृत आकृति भएका अनेक प्रबल गण थिए। हे तात! ती असंख्य, ठुला वीर र भयंकर थिए॥ ५१—५६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अङ्गुल्या दर्शयंस्त्वं तां मुने रुद्रगणांस्ततः।
हरस्य सेवकान्पश्य हरं चापि वरानने॥ ५७

असंख्यातान् गणान् दृष्ट्वा भूतप्रेतादिकान् मुने।
तत्क्षणादभवत्सा वै मेनका त्राससंकुला॥ ५८

तन्मध्ये शंकरं चैव निर्गुणं गुणवत्तरम्।
वृषभस्थं पञ्चवक्त्रं त्रिनेत्रं भूतिभूषितम्॥ ५९

कपर्दिनं चन्द्रमौलिं दशहस्तं कपालिनम्।
व्याघ्रचर्मोत्तरीयं च पिनाकवरपाणिनम्॥ ६०

शूलयुक्तं विरूपाक्षं विकृताकारमाकुलम्।
गजचर्म वसानं हि वीक्ष्य त्रेसे शिवाप्रसूः॥ ६१

चकितां कम्पसंयुक्तां विह्वलां विभ्रमद्धियम्।
शिवोऽयमिति चाङ्गुल्या दर्शयंस्तां त्वमब्रवीः॥ ६२

त्वदीयं तद्वचः श्रुत्वा वाताहतलता इव।
सा पपात द्रुतं भूमौ मेना दुःखभरा सती॥ ६३

किमिदं विकृतं दृष्ट्वा वञ्चिताहं दुराग्रहे।
इत्युक्त्वा मूर्च्छिता तत्र मेनका साभवत्क्षणात्॥ ६४

अथ प्रयत्नैर्विविधैः सखीभिरुपसेविता।
लेभे संज्ञां शनैर्मेना गिरीश्वरप्रिया तदा॥ ६५

त्यसपछि हे मुनि! तपाईंले रुद्रगणहरूलाई औँलाले देखाउँदै मेनासित भन्नुभयो—हे वरानना! तपाईं यी शंकरका गणहरूलाई र शंकरलाई पनि हेर्नुहोस्॥ ५७॥

हे मुनि! भूत-प्रेत आदि असंख्य गणलाई देखेर ती मेना तत्क्षण भयले अत्यन्त व्याकुल भइन्॥ ५८॥

ती गणहरूका बिच निर्गुण, परम गुणी, वृषभमा सवार, पाँच मुख तथा तीन नेत्र भएका, शिवविभूतिले विभूषित, जटाजूटले युक्त, मस्तकमा चन्द्रकलाले शोभित, दश भुजाहरूले युक्त, खप्पर धारण गरेका, बाघचर्मको उत्तरीय धारण गरेका, हातमा श्रेष्ठ पिनाक धारण गरेका, शूलले युक्त, विरूप नेत्र भएका, विकृत आकार भएका, व्याकुल तथा गजचर्म ओढेका शिवलाई देखेर पार्वतीकी माता भयभीत भइन्॥ ५९—६१॥

त्यसपछि आश्चर्यचकित, काम्दै, व्याकुल तथा भ्रमित बुद्धि भएकी ती मेनालाई औँलाको संकेतले शिवतिर दिखाउँदै तपाईंले भन्नुभयो—उहाँ नै शिव हुनुहुन्छ। तपाईंको त्यस वचनलाई सुन्नासाथ ती सती मेना दुःखित भएर वायुको वेगले झरेका लता समान तत्काल पृथिवीमा लड्न पुगिन्। यस विकृत रूपलाई देखेर दुराग्रहमा फसेर म ठगिएँ—यस्तो भनेर ती मेना क्षणमात्रमा मूर्च्छित भइन्॥ ६२—६४॥

त्यसपछि सखीहरूद्वारा अनेक प्रकारका प्रयत्नहरूले उपचार गरिएपछि हिमालयप्रिया मेनालाई विस्तारै-विस्तारै चैतन्य प्राप्त भयो॥ ६५॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे शिवाद्भुतलीलावर्णनं नाम त्रिचत्वारिंशोऽध्यायः॥ ४३॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा शिवको अद्भुत लीलाका वर्णन नामक त्रिचालिसौँ अध्याय पूर्ण भयो॥ ४३॥

अथ चतुश्चत्वारिंशोऽध्यायः

शिवको रूपलाई देखेर मेनाको विलाप, पार्वती तथा नारद आदि सबैले झपार्नु, शिवका साथ कन्याको विवाह नगर्ने हठ, विष्णुद्वारा मेनालाई सम्झाउनु

ब्रह्मोवाच

संज्ञां लब्ध्वा ततः सा च मेना शैलप्रिया सती।
विललापातिसंक्षुब्धा तिरस्कारमथाकरोत्॥ १
तत्र तावत्स्वपुत्रांश्च निनिन्द स्खलिता मुहुः।
प्रथमं सा ततः पुत्रीं कथयामास दुर्वचः॥ २

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] चेतना प्राप्त गरी शैलप्रिया सती मेना अत्यन्त क्षुब्ध भएर विलाप गर्न लागिन् र सबैको तिरस्कार गर्न लागिन्। उनले व्याकुल भएर सर्वप्रथम आफ्ना पुत्रहरूको निन्दा गरिन् र यसपछि ती आफ्नी पुत्रीलाई दुर्वचन भन्न लागिन्॥ १-२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding...

मेनोवाच

मुने पुरा त्वया प्रोक्तं वरिष्यति शिवा शिवम्।
पश्चाद्धिमवतः कृत्यं पूजार्थं विनिवेशितम्॥ ३

मेना भन्दछिन्—हे मुनि! पहिला तपाईंले नै भन्नुभएको थियो कि यी पार्वतीले शिवलाई वरण गर्नेछिन्। तत्पश्चात् हिमवान्‌सित भनेर तपाईंले उनलाई तपस्याको कार्यमा लगाउनुभयो॥ ३॥

ततो दृष्टं फलं सत्यं विपरीतमनर्थकम्।
मुनेऽधमाहं दुर्बुद्धे सर्वथा वञ्चिता त्वया॥ ४

त्यसको त प्रतिकूल एवं अनर्थकारी परिणाम देखियो, यो सत्य हो। हे दुष्टबुद्धि मुनि! तपाईंले म अधमलाई सर्वथा धोखा दिनुभयो॥ ४॥

पुनस्तया तपस्तप्तं दुष्करं मुनिभिश्च यत्।
तस्य लब्धं फलं ह्येतत्पश्यतां दुःखदायकम्॥ ५

किं करोमि क्व गच्छामि को मे दुःखं व्यपोहताम्।
कुलादिकं विनष्टं मे विहतं जीवितं मम॥ ६

हे मुनि! उनले मुनिहरूद्वारा असाध्य परम दुष्कर जुन तप गरिन्, त्यसको यो फल प्राप्त भयो, जो देख्नेहरूलाई पनि दुःखदायक छ। अब म के गरूँ र कहाँ जाऊँ? कसले मेरो दुःखलाई दूर गर्ला, मेरो कुल आदि नष्ट भयो, मेरो जीवन नै नष्ट भयो॥ ५-६॥

क्व गता ऋषयो दिव्याः श्मश्रूणि त्रोटयाम्यहम्।
तपस्विनी च या पत्नी सा धूर्ता स्वयमागता॥ ७

ती दिव्य ऋषि कहाँ गए? म उनीहरूको दाह्री-जुँगा उखेलिदिन्छु। जो वसिष्ठपत्नी तपस्विनी छे, त्यो धूर्त यहाँ स्वयं आएकी थिइन्॥ ७॥

केषाञ्चैवापराधेन सर्वं नष्टं ममाधुना।
इत्युक्त्वा वीक्ष्य च सुतामुवाच वचनं कटु॥ ८

तिनको अपराधले मेरो सबथोक नष्ट भयो—यस्तो भनेर पुत्रीतिर हेरेर उनी कटु वचन भन्न लागिन्॥ ८॥

किं कृतं ते सुते दुष्टे कर्म दुःखकरं मम।
हेम दत्त्वा त्वयानीतः काचो वै दुष्टया स्वयम्॥ ९

हे सुता! हे दुष्टा! तिमीले मलाई दुःख दिने कर्म किन गर्‍यौ? तिमी दुष्टले स्वयं सुन दिएर काँच लियौ!॥ ९॥

हित्वा तु चन्दनं भूयो लेपितः कर्दमस्त्वया।
हंसमुड्डीय काको वै गृहीतो हस्तपञ्जरे॥ १०

चन्दनलाई छोडेर तिमीले आफ्नो शरीरमा हिलो दल्यौ! हाँसलाई उडाएर तिमीले पिंजडाको कौवालाई ग्रहण गर्‍यौ!॥ १०॥

हित्वा ब्रह्मजलं दूरे पीतं कूपोदकं त्वया।
सूर्यं हित्वा तु खद्योतो गृहीतो यत्नतस्त्वया॥ ११

गंगाजललाई टाढा छोडेर तिमीले कुवाको जल पियौ र सूर्यलाई छोडेर प्रयत्नपूर्वक जुनकिरी ग्रहण गर्‍यौ!॥ ११॥

तण्डुलांश्च तथा हित्वा कृतं वै तुषभक्षणम्।
प्रक्षिप्याज्यं तथा तैलं कारण्डं भुक्तमादरात्॥ १२

चामलको त्याग गरी भूस खायौ र घीउलाई छाडेर आदरपूर्वक मैनको तेल पियौ!॥ १२॥

सिंहसेवां तथा मुक्त्वा शृगालः सेवितस्त्वया।
ब्रह्मविद्यां तथा मुक्त्वा कुगाथा च श्रुता त्वया॥ १३

सिंहको सेवा छोडेर तिमीले स्यालको सेवा गर्‍यौ र ब्रह्मविद्या त्यागेर तिमीले कुत्सित गाथा सुन्यौ!॥ १३॥

गृहे यज्ञविभूतिं हि दूरीकृत्य सुमङ्गलाम्।
गृहीतं च चिताभस्म त्वया पुत्रि ह्यमङ्गलम्॥ १४

हे पुत्री! तिमीले घरका परम मांगलिक यज्ञविभूतिलाई छोडेर अमंगल चिताभस्मलाई धारण गर्‍यौ!॥ १४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वान् देववरांस्त्यक्त्वा विष्ण्वादीन्परमेश्वरान्।
कृतं त्वया कुबुद्ध्या वै शिवार्थं तप ईदृशम्॥ १५

विष्णु आदि परमेश्वरहरू तथा श्रेष्ठ देवगणलाई छोडेर तिमीले कुबुद्धिले शिवको निमित्त यस्तो तप गर्‍यौ!॥ १५॥

धिक्त्वां च तव बुद्धिं च धिग्रूपं चरितं तव।
धिक् चोपदेशकर्तारं धिक्सख्यावपि ते तथा॥ १६

आवां च धिक्तथा पुत्रि यौ ते जन्मप्रवर्तकौ।
धिक्ते नारद बुद्धिं च सप्तर्षींश्च कुबुद्धिदान्॥ १७

तिमीलाई तथा तिम्रो बुद्धिलाई धिक्कार छ, तिम्रो रूप तथा आचरणलाई धिक्कार छ, तिमीलाई उपदेश दिनेहरूलाई धिक्कार छ र तिम्रा ती सखीहरूलाई पनि धिक्कार छ! हे पुत्री! जो तिमीलाई जन्म दिनेवाला छौँ—यस्ता हामी दुवैलाई धिक्कार छ। हे नारद! तपाईंको बुद्धिलाई धिक्कार छ र कुबुद्धि दिने सप्तर्षिहरूलाई धिक्कार छ!॥ १६-१७॥

धिक्कुलं धिक् क्रियादाक्ष्यं सर्वं धिग्यत्कृतं त्वया।
गृहं तु धुक्षितं त्वेतन्मरणं तु ममैव हि॥ १८

कुललाई धिक्कार छ, तिम्रो कार्यकुशलतालाई धिक्कार छ, तिमीले जे जति गर्‍यौ, ती सबलाई धिक्कार छ, तिमीले घर नष्ट गरिदियौ, अब त मेरो मरण नै हुनेछ॥ १८॥

पर्वतानामयं राजा नायातु निकटे मम।
सप्तर्षयः स्वयं नैव दर्शयन्तु मुखं मम॥ १९

यी पर्वतराज मेरो निकट नआउन् र स्वयं सप्तर्षिगण पनि मलाई आफ्नो मुख नदेखाउन्॥ १९॥

साधितं किं च सर्वैस्तु मिलित्वा घातितं कुलम्।
बन्ध्याहं न कथं जाता गर्भो न गलितः कथम्॥ २०

अथो न वा मृता चाहं पुत्रिका न मृता कथम्।
राक्षसाद्यैः कथं नो वा भक्षिता गगने पुनः॥ २१

सबैले मिलेर यो के गरे, जसबाट मेरो कुल नै नष्ट भयो। म वन्ध्या किन भइन, मेरो गर्भ किन तुहिएन। म नै किन मर्न सकिन अथवा मेरी पुत्री नै किन मरिन। आकाशमा [लगेर] राक्षसहरूले यसलाई किन खाएनन्?॥ २०-२१॥

छेदयामि शिरस्तेऽद्य किं करोमि कलेवरैः।
त्यक्त्वा त्वां च कुतो यायां हाहा मे जीवितं हतम्॥ २२

आज म तिम्रो शिर काटिदिन्छु, अब मलाई यस शरीरसित के गर्नु छ, तर के गरूँ, तिमीलाई त्यागेर पनि कहाँ जाऊँ? हाय! मेरो जीवन नै नष्ट भयो॥ २२॥

ब्रह्मोवाच

इत्युक्त्वा पतिता सा च मेना भूमौ विमूर्छिता।
व्याकुला शोकरोषाद्यैर्न गता भर्तृसन्निधौ॥ २३

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार भनेर ती मेना मूर्च्छित भई पृथिवीमा ढलिन्। ती शोक तथा रोष आदिले व्याकुल हुनाको कारण पतिकहाँ जान सकिनन्॥ २३॥

हाहाकारो महानासीत्तस्मिन्काले मुनीश्वर।
सर्वे समागतास्तत्र क्रमात्तत्सन्निधौ सुराः॥ २४

हे मुनीश्वर! त्यस समय घरभरी हाहाकार मच्चियो, फेरि सबै देवता क्रमैले त्यहाँ उनको समीप पुगे॥ २४॥

पुरा देवमुने चाहमागतस्तु स्वयं तदा।
मां दृष्ट्वा त्वं वचस्तां वै प्रावोच ऋषिसत्तम॥ २५

हे देवमुनि! पहिला म स्वयं नै [उनको समीप] पुगेँ। तब हे ऋषिश्रेष्ठ! मलाई देखेर तपाईं उनीसित यो वचन भन्न लागनुभयो—॥ २५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: IKS-MoE

नारद उवाच

यथार्थं सुंदरं रूपं न ज्ञातं ते शिवस्य वै।
लीलयेदं धृतं रूपं न यथार्थं शिवेन च॥ २६
तस्मात्क्रोधं परित्यज्य स्वस्था भव पतिव्रते।
कार्यं कुरु हठं त्यक्त्वा शिवां देहि शिवाय च॥ २७

ब्रह्मोवाच

तदाकर्ण्य वचस्ते सा मेना त्वां वाक्यमब्रवीत्।
उत्तिष्ठेतो गच्छ दूरं दुष्टाधमवरो भवान्॥ २८
इत्युक्ते तु तया देवा इन्द्राद्याः सकलाः क्रमात्।
समागत्य च दिक्पाला वचनं चेदमब्रुवन्॥ २९

देवा ऊचुः

हे मेने पितृकन्ये हि शृण्वस्मद्वचनं मुदा।
अयं वै परमः साक्षाच्छिवः परसुखावहः॥ ३०
कृपया च भवत्पुत्र्यास्तपो दृष्ट्वातिदुस्सहम्।
दर्शनं दत्तवान् शम्भुर्वरं सद्भक्तवत्सलः॥ ३१

ब्रह्मोवाच

अथोवाच सुरान्मेना विलप्याति मुहुर्मुहुः।
न देया तु मया कन्या गिरिशायोग्ररूपिणे॥ ३२
किमर्थं तु भवन्तश्च सर्वे देवाः प्रवञ्चिताः।
रूपमस्याः परन्नाम व्यर्थीकर्तुं समुद्यताः॥ ३३
इत्युक्ते च तया तत्र ऋषयः सप्त एव हि।
ऊचुस्ते वच आगत्य वसिष्ठाद्या मुनीश्वर॥ ३४

सप्तर्षय ऊचुः

कार्यं साधयितुं प्राप्ताः पितृकन्ये गिरिप्रिये।
विरुद्धं चात्र युक्तार्थे कथं मन्यामहे वयम्॥ ३५
अयं वै परमो लाभो दर्शनं शंकरस्य यत्।
दानपात्रं स ते भूत्वागतस्तव च मंदिरम्॥ ३६

ब्रह्मोवाच

इत्युक्ता तैस्ततो मेना मुनिवाक्यं मृषाकरोत्।
प्रत्युवाच च रुष्टा सा तानृषीन् ज्ञानदुर्बला॥ ३७

मेनोवाच

शस्त्राद्यैर्घातयिष्येऽहं न दास्ये शंकराय ताम्।
दूरं गच्छत सर्वे हि नागन्तव्यं मदन्तिके॥ ३८

नारद भन्नुहुन्छ—[हे मेना!] तिमीले शिवको वास्तविक सुन्दर रूपलाई चिनिनौ, शिवले यो रूप लीलाले धारण गर्नुभएको हो, यो उहाँको यथार्थ रूप होइन। हे पतिव्रता! यसैले तिमी क्रोध छोडेर स्वस्थ बनी हठ छोडेर कार्य गर तथा पार्वतीलाई शंकरका निमित्त प्रदान गर॥ २६-२७॥

ब्रह्मा भन्नुहुन्छ—हे नारद! तब तपाईंका वचन सुनेर मेनाले तपाईंसित यो वाक्य भनिन्—तिमी ज्यादै दुष्ट एवं अधम छौ, उठ र यहाँबाट टाढा जाऊ। उनले यस प्रकार भनेपछि समस्त इन्द्रादि देवता तथा दिक्पाल क्रमैले आएर मेनासित भन्न लागे— ॥ २८-२९॥

देवता भन्दछन्—हे मेना! हे पितृकन्या! प्रसन्न भएर तिमी हाम्रो कुरा सुन। यी अरूलाई सुख दिने साक्षात् शिव हुन्। तिम्रो पुत्रीको अत्यन्त कठिन तप देखेर भक्तवत्सल यी भगवान् शिवले कृपापूर्वक उनलाई दर्शन दिएर वर प्रदान गर्नुभयो॥ ३०-३१॥

ब्रह्मा भन्नुहुन्छ—यसपछि मेनाले वारम्वार धेरै विलाप गरी देवताहरूसित भनिन्—भयानक रूप भएका शिवलाई म आफ्नी कन्या दिन्न॥ ३२॥

तपाईं सबै देवगण केका निम्ति प्रपंचमा पर्नुभएको छ र यिनको श्रेष्ठ रूपलाई व्यर्थ गर्नका लागि तत्पर हुनुहुन्छ?॥ ३३॥

हे मुनीश्वर! उनले यस प्रकार भनेपछि सबै वसिष्ठादि सप्तर्षि त्यहाँ आएर उनीसित भन्न लागे॥ ३४॥

सप्तर्षि भन्दछन्—हे पितृकन्या! हे गिरिप्रिया! हामी कार्य सिद्ध गर्नका लागि आएका छौँ, जुन कुरा ठीक छ, त्यसलाई हामी विपरीत कसरी मान्न सक्छौँ? यो सबैभन्दा ठुलो लाभ हो, जुन तपाईंलाई शंकरको दर्शन प्राप्त भयो र ती दानका पात्र भएर तपाईंको घरमा आउनुभएको छ॥ ३५-३६॥

ब्रह्मा भन्नुहुन्छ—उनीहरूले यस प्रकार भनेपछि मेनाले ती मुनिहरूका वचनलाई झूठा ठानिन् र उनी अज्ञानतावश रुष्ट भएर ती ऋषिहरूसित यस प्रकार भन्न लागिन्— ॥ ३७॥

मेना भन्दछिन्—म शस्त्र आदिले त्यसको वध गरिदिन्छु, तर शंकरका निमित्त उसलाई दिन्न। तपाईंहरू सबै टाढा जानुहोस् र मेरो नजिक नआउनुहोस्॥ ३८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

इत्युक्त्वा विररामाशु सा विलप्यातिविह्वला।
हाहाकारो महानासीत्तत्र तद्वृत्ततो मुने॥ ३९
ततो हिमालयस्तत्राजगामातिसमाकुलः।
तां च बोधयितुं प्रीत्या प्राह तत्त्वं च दर्शयन्॥ ४०

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार भनेर ती मेना चुप लागिन् र पुनः विलाप गरी अत्यन्त व्याकुल भइन्। हे मुनि! त्यस समय यस समाचारले ठुलो हाहाकार मच्चियो। त्यसपछि अत्यन्त व्याकुल भएर हिमालय मेनालाई सम्झाउनका लागि त्यहाँ आए र तत्त्वको कुरा भन्दै प्रेमपूर्वक उनीसित भन्न लागे॥ ३९-४०॥

हिमालय उवाच

शृणु मेने वचो मेऽद्य विकलासि कथं प्रिये।
के के समागता गेहं कथं चैतान्विनिन्दसि॥ ४१

हिमालय भन्नुहुन्छ—हे मेना! हे प्रिये! तिमी आज व्याकुल किन भयौ, मेरो कुरा सुन, तिम्रो घरमा कस्ता-कस्ता महात्माहरू आउनुभएको छ, तिमी उहाँहरूको निन्दा किन गरिरहेकी छौ॥ ४१॥

शंकरं त्वं न जानासि रूपं दृष्ट्वासि विह्वला।
विकटं तस्य शंभोस्तु नानारूपाभिधस्य हि॥ ४२

स शंकरो मया ज्ञातः सर्वेषां प्रतिपालकः।
पूज्यानां पूज्य एवासौ कर्तानुग्रहनिग्रहौ॥ ४३

तिमी शंकरलाई [राम्ररी] जान्दिनौ, अनेक रूप र नाम भएका ती शंकरलाई विकट रूपमा देखेर व्याकुल भएकी छौ। ती शंकरलाई म जान्दछु। ती सबको पालन गर्नुहुने, पूज्यहरूका पनि पूज्य र निग्रह तथा अनुग्रह गर्नेवाला हुनुहुन्छ॥ ४२-४३॥

हठं न कुरु मुञ्च त्वं दुःखं प्राणप्रियेऽनघे।
उत्तिष्ठारं तथा कार्यं कर्तुमर्हसि सुव्रते॥ ४४

हे प्राणप्रिया! हे पुण्यशीला! हठ नगर र दुःखको त्याग गर। हे सुव्रते! चाँडै उठ, कार्य गर॥ ४४॥

यद्वै द्वारगतः शंभुः पुरा विकटरूपधृक्।
नानालीलां च कृतवान् चेतयामि च तामिमाम्॥ ४५

तिमी मेरो कुरा मान, यी शंकर विकट रूप धारण गरी द्वारमा जो आएका छन्, ती आफ्नो लीला मात्र देखाइरहेका छन्॥ ४५॥

तन्माहात्म्यं परं दृष्ट्वा कन्यां दातुं त्वया मया।
अङ्गीकृतं तदा देवि तत्प्रमाणं कुरु प्रिये॥ ४६

हे देवी! पहिला हामी दुवैले उहाँको श्रेष्ठ माहात्म्य देखेर नै कन्या दिन स्वीकार गरेका थियौँ। हे प्रिये! अब त्यस कुरालाई सत्यरूपले प्रमाणित गर॥ ४६॥

ब्रह्मोवाच

इत्युक्त्वा सोऽद्रिनाथो हि विरराम ततो मुने।
तदाकर्ण्य शिवामाता मेनोवाच हिमालयम्॥ ४७

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! यस प्रकार भनेर ती पर्वतराज हिमालयले मौन धारण गरे। तब यो सुनेर पार्वतीकी माता मेना हिमालयसित भन्न लागिन्—॥ ४७॥

मेनोवाच

मद्वचः श्रूयतां नाथ तथा कर्तुं त्वमर्हसि।
गृहीत्वा तनुजां चैनां बद्ध्वा कण्ठे तु पार्वतीम्॥ ४८

अधः पातय निःशंकं दास्ये तां न हराय हि।
तथैनामथवा नाथ गत्वा वै सागरे सुताम्॥ ४९

निमज्जय दयां त्यक्त्वा ततोऽद्रीश सुखी भव।
यदि दास्यसि पुत्रीं त्वं रुद्राय विकटात्मने।
तर्हि त्यक्ष्याम्यहं स्वामिन्निश्चयेन कलेवरम्॥ ५०

मेना भन्दछिन्—हे नाथ! मेरो कुरा सुन्नुहोस् र तपाईं त्यस्तै गर्नुहोस्, यी हाम्री कन्या पार्वतीलाई समातेर घाँटीमा डोरीले बाँधेर निःशंक भई तलतिर झारिदिनुहोस्, तर म शिवलाई दिन्न अथवा हे नाथ! हे पर्वतराज! यी कन्यालाई लगेर दयारहित भएर समुद्रमा डुबाइदिनुहोस् र यसपछि सुखी हुनुहोस्। यस्तो गर्नाले सुख मिल्ने छ। हे स्वामी! यदि तपाईं भयंकर रूप भएका रुद्रलाई पुत्री दिनुहुन्छ भने म निश्चित रूपले शरीर त्यागिदिन्छु॥ ४८-५०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मोवाच

इत्युक्ते च तदा तत्र वचने मेनया हठात्।
उवाच वचनं रम्यं पार्वती स्वयमागता॥ ५१

पार्वत्युवाच

मातस्ते विपरीता हि बुद्धिर्जाताशुभावहा।
धर्मावलम्बनात्त्वं हि कथं धर्मं जहासि वै॥ ५२
अयं रुद्रोऽपरः साक्षात्सर्वप्रभव ईश्वरः।
शम्भुः सुरूपः सुखदः सर्वश्रुतिषु वर्णितः॥ ५३
महेशः शंकरश्चायं सर्वदेवप्रभुः स्वराट्।
नानारूपाभिधो मातर्हरिर्ब्रह्मादिसेवितः॥ ५४

अधिष्ठानं च सर्वेषां कर्ता हर्ता च स प्रभुः।
निर्विकारी त्रिदेवेशो ह्यविनाशी सनातनः॥ ५५
यदर्थे देवताः सर्वा आयाता किंकरीकृताः।
द्वारि ते सोत्सवाश्चाद्य किमतोऽन्यत्परं सुखम्॥ ५६
उत्तिष्ठातः प्रयत्नेन जीवितं सफलं कुरु।
देहि मां त्वं शिवायास्मै स्वाश्रमं कुरु सार्थकम्॥ ५७
देहि मां परमेशाय शंकराय जनन्यहो।
स्वीकुरु त्वमिमं मातर्विनयं मे ब्रवीमि ते॥ ५८
चेन्न दास्यसि तस्मै मां न वृणेऽन्यमहं वरम्।
भागं लभेत्कथं सैंहं शृगालः परवंचकः॥ ५९
मनसा वचसा मातः कर्मणा च हरः स्वयम्।
मया वृतो वृतश्चैव यदिच्छसि तथा कुरु॥ ६०

ब्रह्मोवाच

इत्याकर्ण्य शिवावाक्यं मेना शैलेश्वरप्रिया।
सुविलप्य महाक्रुद्धा गृहीत्वा तत्कलेवरम्॥ ६१
मुष्टिभिः कूर्परैश्चैव दन्तान्धर्षयती च सा।
ताडयामास तां पुत्रीं विह्वलातिरुषान्विता॥ ६२

ब्रह्मा भन्नुहुन्छ—हे नारद! जब मेना हठपूर्वक यो कुरा भनिरहेकी थिइन्, त्यसै समय पार्वती स्वयं आउनुभयो र मनोहर वचन भन्न लाग्नुभयो—॥ ५१॥

पार्वती भन्नुहुन्छ—हे माता! तपाईंको बुद्धि विपरीत तथा अमंगलकारिणी कसरी भयो? धर्मको अवलम्बन गर्ने भएर पनि तपाईं धर्मको त्याग किन गर्दै हुनुहुन्छ? यी रुद्र सबैभन्दा श्रेष्ठ, साक्षात् ईश्वर, सबैलाई उत्पन्न गर्ने, शम्भु, सुन्दर रूपवाला, सुखदाता तथा सबै श्रुतिहरूमा वर्णित हुनुहुन्छ॥ ५२-५३॥

हे माता! उनै महेश कल्याण गर्नुहुने, सर्वदेवहरूका प्रभु तथा स्वराट् हुनुहुन्छ। नाना प्रकारका रूप एवं नाम भएका र ब्रह्मा एवं विष्णु आदिबाट पनि सेवित हुनुहुन्छ॥ ५४॥

उहाँ सबैका कर्ता, हर्ता, अधिष्ठान, निर्विकारी, त्रिदेवेश, अविनाशी तथा सनातन हुनुहुन्छ। उनैका लागि सबै देवगण दाससमान भएर तपाईंको द्वारमा उत्सव गर्दै आएका छन्। अब यसभन्दा ठुलो अरू के सुख हुन सक्छ?॥ ५५-५६॥

अतः हे माता! प्रयत्नपूर्वक उठ्नुहोस् र आफ्नो जीवनलाई सफल गर्नुहोस्, तपाईं यी शंकरका निमित्त मलाई प्रदान गर्नुहोस् र आफ्नु गृहस्थाश्रम सफल बनाउनुहोस्। हे जननी! आज तपाईं मलाई परमेश्वर शंकरका निमित्त प्रदान गर्नुहोस्। हे माता! म तपाईंसित भनिरहेकी छु, तपाईं मेरो यस प्रार्थनालाई स्वीकार गर्नुहोस्॥ ५७-५८॥

यदि तपाईंले मलाई यिनको हातमा दिनुभएन भने म अरू कसैलाई पतिको रूपमा वरण गर्ने छैन। ठग स्यालले सिंहको भागलाई कसरी प्राप्त गर्न सक्छ?॥ ५९॥

हे माता! मैले स्वयं मन, वचन तथा कर्मले शिवलाई वरण गरिसकेकी छु, अब तपाईं जस्तो चाहनुहुन्छ, त्यस्तै गर्नुहोस्॥ ६०॥

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] पार्वतीका यी वचन सुनेर पर्वतराजकी प्रिया मेना धेरै विलाप गरी अत्यन्त क्रुद्ध भएर उनको शरीरलाई समातेर दाँतहरू किट्दै व्याकुल तथा रोषयुक्त भएर मुड्की तथा कुहिनाले पुत्रीलाई पिट्न लागिन्॥ ६१-६२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ये तत्र ऋषयस्तात त्वदाद्याश्चापरे मुने।
तद्धस्तात्तां परिच्छिद्य निन्युर्दूरतरं ततः॥ ६३

तान्वै तथाविधान्दृष्ट्वा भर्त्सयित्वा पुनः पुनः।
उवाच श्रावयन्ती सा दुर्वचो निखिलान्मुनः॥ ६४

मेनोवाच

किमेनां हि करिष्येऽहं दुष्टाग्रहवतीं शिवाम्।
दास्याम्यस्यै गरं तीव्रं कूपे क्षेप्स्यामि वा ध्रुवम्॥ ६५

छेत्स्यामि कालीमथवा शस्त्रास्त्रैर्भूरिखण्डशः।
निमज्जयिष्ये वा सिन्धौ स्वसुतां पार्वतीं खलु॥ ६६

अथवा स्वशरीरं हि त्यक्ष्याम्याश्वन्यथा ध्रुवम्।
न दास्ये शम्भवे कन्यां दुर्गां विकटरूपिणे॥ ६७

वरोऽयं कीदृशो भीमोऽनया लब्धश्च दुष्टया।
कारितश्चोपहासो मे गिरेश्चापि कुलस्य हि॥ ६८

न माता न पिता भ्राता न बन्धुर्गोत्रजोऽपि हि।
नो सुरूपं न चातुर्यं न गृहं वास्य किंचन॥ ६९

न वस्त्रं नाप्यलङ्काराः सहायाः केऽपि तस्य न।
वाहनं न शुभं ह्यस्य न वयो न धनं तथा॥ ७०

न पावित्र्यं न विद्या च कीदृशः काय आर्तिदः।
किं विलोक्य मया पुत्री देयास्मै स्यात्सुमङ्गला॥ ७१

ब्रह्मोवाच

इत्यादि सुविलप्याथ बहुशो मेनका तदा।
रुरोदोच्चैर्मुने सा हि दुःखशोकपरिप्लुता॥ ७२
अथाहं द्रुतमागत्याकथयं मेनकां च ताम्।
शिवतत्त्वं च परमं कुज्ञानहरमुत्तमम्॥ ७३

ब्रह्मोवाच

श्रोतव्यं प्रीतितो मेने मदीयं वचनं शुभम्।
यस्य श्रवणतः प्रीत्या कुबुद्धिस्ते विनश्यति॥ ७४

शङ्करो जगतः कर्ता भर्ता हर्ता तथैव च।
न त्वं जानासि तद्रूपं कथं दुःखं समीहसे॥ ७५

हे तात! हे मुनि! त्यसपछि त्यहाँ तपाईं तथा अन्य जो ऋषि थिए, ती मेनाको हातबाट पार्वतीलाई छुटाएर टाढा लिएर जानुभयो। त्यस्तो गरेको देखेर ती मेनाले सबैलाई पटक-पटक झपार्दै उनीहरूलाई सुनाउँदै पुनः दुर्वचन भन्न लागिन्—॥ ६३-६४॥

मेना भन्दछिन्—हाय! यस दुराग्रहशील पार्वतीलाई अब म के गरूँ? अब निश्चय नै या त यसलाई कडा विष दिने छु या इनारमा हालिदिन्छु॥ ६५॥

अथवा अस्त्र-शस्त्रहरूले काटेर यस कालीलाई टुक्रा-टुक्रा पारिदिन्छु अथवा आफ्नो पुत्री यस पार्वतीलाई समुद्रमा डुबाइदिन्छु। अथवा म चाँडै निश्चित स्वयं आफैँ शरीर त्यागिदिन्छु, तर विकट रूपधारी शिवलाई आफ्नी कन्या दुर्गा दिन्न॥ ६६-६७॥

यस दुष्टाले यो कस्तो विकराल वर पाएकी छ। यस्तो गरी यसले मेरो, गिरिराजको तथा यस कुलको उपहास गरिदिई॥ ६८॥

यी [शंकर]-का न माता छन्, न पिता छन्, न दाजुभाइ छन्, न गोत्रमा उत्पन्न बन्धु छन्, न त यिनको सुन्दर रूप छ, न त यिनमा चतुऱ्याइँ नै छ, न यिनीसँग घर नै छ, न वस्त्र छ, न अलंकार छ, यिनका कोही सहायक पनि छैनन्, यिनको वाहन पनि राम्रा छैनन्, यिनी वय [विवाहयोग्य] पनि छैनन्। यिनीसँग धन पनि छैन। न यिनमा पवित्रता छ, न विद्या छ, यिनको कष्टदायक कस्तो शरीर छ, फेरि [यिनको] के देखेर म यिनलाई आफ्नो सुमंगली पुत्री प्रदान गरूँ?॥ ६९—७१॥

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! यस प्रकार धेरै विलाप गरी दुःख तथा शोकले व्याप्त भएर ती मेना जोर-जोरले रुन लागिन्। त्यसपछि म शीघ्रतापूर्वक गएर ती मेनासित अज्ञानको हरण गर्ने श्रेष्ठ तथा परम शिवतत्त्वको वर्णन गर्न लागेँ॥ ७२-७३॥

ब्रह्मा भन्नुहुन्छ—हे मेना! तपाईं प्रीतिपूर्वक मेरा शुभ वचन सुन्नुहोस्, जसलाई प्रेमपूर्वक सुन्नाले तपाईंको कुबुद्धि नष्ट हुने छ॥ ७४॥

शंकर जगत्को सृष्टिकर्ता, पालनकर्ता तथा विनाशकर्ता हुनुहुन्छ। तपाईं उहाँको रूपलाई जान्न सक्नुहुन्न, दुःख किन उठाइरहनुहुन्छ?॥ ७५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अनेकरूपनामा च नानालीलाकरः प्रभुः।
सर्वस्वामी स्वतन्त्रश्च मायाधीशोऽविकल्पकः॥ ७६

इति विज्ञाय मेने त्वं शिवां देहि शिवाय वै।
कुहठं त्यज कुज्ञानं सर्वकार्यविनाशनम्॥ ७७

ब्रह्मोवाच

इत्युक्ता सा मया मेना विलपन्ती मुहुर्मुहुः।
लज्जां किंचिच्छनैस्त्यक्त्वा मुने मां वाक्यमब्रवीत्॥ ७८

मेनोवाच

किमर्थं तु भवान्ब्रह्मन् रूपमस्या महावरम्।
व्यर्थीकरोति किमियं हन्यतां न स्वयं शिवा॥ ७९

न वक्तव्यं च भवता शिवाय प्रतिदीयताम्।
न दास्येऽहं शिवायैनां स्वसुतां प्राणवल्लभाम्॥ ८०

ब्रह्मोवाच

इत्युक्ते तु तदा सिद्धाः सनकाद्या महामुने।
समागत्य महाप्रीत्या वचनं हीदमब्रुवन्॥ ८१

सिद्धा ऊचुः

अयं वै परमः साक्षाच्छिवः परसुखावहः।
कृपया च भवत्पुत्र्यै दर्शनं दत्तवान्प्रभुः॥ ८२

ब्रह्मोवाच

अथोवाच तु तान्मेना विलप्य च मुहुर्मुहुः।
न देया तु मया सम्यग्गिरिशायोग्ररूपिणे॥ ८३

किमर्थं तु भवन्तश्च सर्वे सिद्धाः प्रपञ्चिनः।
रूपमस्याः परं नाम व्यर्थीकर्तुं समुद्यताः॥ ८४

इत्युक्ते च तया तत्र मुनेऽहं चकितोऽभवम्।
सर्वे विस्मयमापन्ना देवसिद्धर्षिमानवाः॥ ८५

एतस्मिन्समये तस्या हठं श्रुत्वा दृढं महत्।
द्रुतं शिवप्रियो विष्णुः समागत्याब्रवीदिदम्॥ ८६

विष्णुरुवाच

पितॄणां च प्रिया पुत्री मानसी गुणसंयुता।
पत्नी हिमवतः साक्षाद्ब्रह्मणः कुलमुत्तमम्॥ ८७

सहायास्तादृशा लोके धन्या ह्यसि वदामि किम्।
धर्मस्याधारभूतासि कथं धर्मं जहासि हि॥ ८८

यी प्रभु अनेक रूप तथा नाम भएका, विविध लीला गर्नुहुने, सबका स्वामी, स्वतन्त्र, मायाधीश तथा विकल्पबाट रहित हुनुहुन्छ। हे मेना! यस्तो जानेर तपाईं शिवालाई शिवका लागि प्रदान गर्नुहोस् र सबै कार्यको नाश गर्ने यस दुराग्रह तथा दुर्बुद्धिको त्याग गर्नुहोस्॥ ७६-७७॥

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! मैले यस्तो भनेपछि ती मेना पटक-पटक विलाप गर्दै विस्तारै लज्जा त्यागेर मसित भन्न लागिन्—॥ ७८॥

मेना भन्दछिन्—हे ब्रह्मन्! तपाईं यसको अति श्रेष्ठ रूपलाई केका निम्ति व्यर्थ गर्दै हुनुहुन्छ? तपाईं यस शिवालाई स्वयं किन मार्नुहुन्न? तपाईं यस्तो न भन्नुहोस् कि यी शिवलाई दिनुहोस्, म आफ्नो यस प्राणप्रिया पुत्रीलाई शिवका निमित्त दिन्न॥ ७९-८०॥

ब्रह्मा भन्नुहुन्छ—हे महामुनि! तब उनले यस्तो भनेपछि सनक आदि सिद्ध आएर [मेनासित] प्रेमपूर्वक यो वचन भन्न लागे—॥ ८१॥

सिद्ध भन्दछन्—यी परम सुख प्रदान गर्नुहुने साक्षात् परमात्मा शिव हुन्। यी प्रभुले कृपा गरी तपाईंकी पुत्रीलाई दर्शन दिनुभएको छ॥ ८२॥

ब्रह्मा भन्नुहुन्छ—तब मेनाले पटक-पटक विलाप गर्दै उनीहरूसित पनि भनिन् कि म भयंकर रूप भएका शंकरलाई पुत्री दिन्न॥ ८३॥

प्रपंचवाला तपाईंहरू सबै सिद्धजन यसको श्रेष्ठ रूपलाई व्यर्थ गर्नका लागि किन उद्यत हुनुहुन्छ?॥ ८४॥

हे मुनि! उनले यस्तो भनेपछि म चकित भएँ र सबै देव, सिद्ध, ऋषि तथा मनुष्य पनि आश्चर्यमा परे। यसै समय उनको दृढ तथा महान् हठलाई सुनेर शिवका प्रिय विष्णु शीघ्र त्यहाँ आएर यो भन्न लाग्नुभयो—॥ ८५-८६॥

विष्णु भन्नुहुन्छ—तपाईं पितृहरूकी प्रिय मानसी कन्या हुनुहुन्छ, गुणहरूले युक्त र साक्षात् हिमालयकी पत्नी हुनुहुन्छ, तपाईंको अत्यन्त पवित्र ब्रह्मकुल छ। त्यस्तै तपाईंका सहायक पनि छन्, यसैले तपाईं लोकमा धन्य हुनुहुन्छ, म विशेष के भनूँ। तपाईं धर्मको आधारभूत हुनुहुन्छ भने तपाईं धर्मको त्याग किन गर्दै हुनुहुन्छ?॥ ८७-८८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवैश्च ऋषिभिश्चैव ब्रह्मणा वा मया तथा।
विरुद्धं कथ्यते किं नु त्वयैव सुविचार्यताम्॥ ८९
शिवं त्वं न च जानासि निर्गुणः सगुणः स हि।
विरूपः ससुरूपो हि सर्वसेव्यः सतां गतिः॥ ९०
तेनैव निर्मिता देवी मूलप्रकृतिरीश्वरी।
तत्पार्श्वे च तदा तेन निर्मितः पुरुषोत्तमः॥ ९१
ताभ्यां चाहं तथा ब्रह्मा ततश्च गुणरूपतः।
अवतीर्य स्वयं रुद्रो लोकानां हितकारकः॥ ९२
ततो वेदास्तथा देवा यत्किंचिद् दृश्यते जगत्।
स्थावरं जङ्गमं चैव तत्सर्वं शंकरादभूत्॥ ९३
तद्रूपं वर्णितं केन ज्ञायते केन वा पुनः।
मया च ब्रह्मणा यस्य ह्यन्तो लब्धश्च नैव हि॥ ९४
आब्रह्मस्तम्बपर्यंतं यत्किञ्चिद् दृश्यते जगत्।
तत्सर्वं च शिवं विद्धि नात्र कार्या विचारणा॥ ९५
स एवेदृक्सुरूपेणावतीर्णो निजलीलया।
शिवातपःप्रभावाद्धि तव द्वारि समागतः॥ ९६
तस्मात्त्वं हिमवत्पत्नि दुःखं मुञ्च शिवं भज।
भविष्यति महानन्दः क्लेशो यास्यति संक्षयम्॥ ९७

ब्रह्मोवाच

एवं प्रबोधितायास्तु मेनकाया अभून्मुने।
तस्यास्तु कोमलं किंचिन्मनो विष्णुप्रबोधितम्॥ ९८
परं हठं न तत्याज कन्यां दातुं हराय न।
स्वीचकार तदा मेना शिवमायाविमोहिता॥ ९९
उवाच च हरिं मेना किञ्चिद्बुद्धा गिरिप्रिया।
श्रुत्वा विष्णुवचो रम्यं गिरिजाजननी हि सा॥ १००
यदि रम्यतनुः सः स्यात्तदा देया मया सुता।
नान्यथा कोटिशो यत्नैर्वच्मि सत्यं दृढं वचः॥ १०१

भलै, तपाईं नै विचार गर्नुहोस् कि सबै देवता, ऋषि, ब्रह्मा तथा म विरुद्ध किन बोल्दै हुनुहुन्छ? तपाईं शिवलाई जान्नुहुन्न। उहाँ निर्गुण, सगुण, कुरूप, सुरूप, सज्जनहरूलाई शरण दिनुहुने तथा सबैका सेव्य हुनुहुन्छ॥ ८९-९०॥

उहाँले नै मूल प्रकृति ईश्वरीदेवीको निर्माण गर्नुभयो र त्यस समय उहाँको छेउमा पुरुषोत्तमको पनि रचना गर्नुभयो। त्यसपछि ती दुवैबाट म तथा ब्रह्मा आफ्नो गुण तथा रूपअनुसार उत्पन्न भएका हौँ। तर ती रुद्र स्वयं अवतरित भएर लोकहरूको हित गर्नुहुन्छ॥ ९१-९२॥

वेद, देवता तथा जे जति स्थावर-जंगमरूप जगत् देखिन्छ, ती सब शिवबाट नै उत्पन्न भएका हुन्। उहाँको स्वरूपको वर्णन कसले गर्न सकेको छ र उहाँलाई कसले जान्न सक्छ? म तथा ब्रह्माले पनि उहाँको अन्त पाउन सकेनौँ॥ ९३-९४॥

ब्रह्मादेखि लिएर तृणपर्यन्त जे जति जगत् देखिन्छ, ती सबलाई शिव सम्झनुहोस्, यसमा सन्देह गर्नु हुँदैन। आफ्नो लीलाले यस प्रकारको सुन्दर रूपले अवतीर्ण भएका ती [शिव] पार्वतीको तपको प्रभावले नै तपाईंको द्वारमा आउनुभएको छ॥ ९५-९६॥

यसैले हे हिमालय-पत्नी! तपाईं दुःखको त्याग गर्नुहोस् र शिवको भजन गर्नुहोस्, [यस्तो गर्नाले] महान् आनन्द प्राप्त हुने छ र क्लेश नष्ट हुनेछ॥ ९७॥

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! यस प्रकार सम्झाएपछि ती मेनाको विष्णुप्रबोधित मन केही कोमल भयो॥ ९८॥

तर त्यस समय शिवको मायाले विमोहित मेनाले हठ परित्याग गरिनन् र शिवलाई कन्या दिन स्वीकार गरिनन्॥ ९९॥

पार्वतीकी माता गिरिप्रिया ती मेनाले विष्णुका मनोहर वचनलाई सुनेर केही महत्त्वबोध भएर विष्णुसित भनिन्—यदि ती सुन्दर शरीर धारण गर्छन् भने म आफ्नी कन्या दिन सक्छु, अन्यथा करोडौँ प्रयत्नहरूबाट पनि म दिन्न। म सत्य तथा दृढ वचन भन्दै छु॥ १००-१०१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मोवाच

इत्युक्त्वा वचनं मेना तूष्णीमास दृढव्रता।
शिवेच्छाप्रेरिता धन्या तथा याखिलमोहिनी॥ १०२

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] जो सबलाई मोहित पार्नेवाला हुनुहुन्छ, त्यस शिवेच्छाबाट प्रेरित भई धन्य तथा दृढ व्रत भएकी ती मेना यस प्रकार भनेर चुप लागिन्॥ १०२॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे मेनाप्रबोधवर्णनं नाम चतुश्चत्वारिंशोऽध्यायः॥ ४४॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा मेनाप्रबोधवर्णन नामक चवालिसौँ अध्याय पूर्ण भयो॥ ४४॥

अथ पञ्चचत्वारिंशोऽध्यायः

भगवान् शिवले आफ्नो परम सुन्दर दिव्य रूप प्रकट गर्नु, मेनाको प्रसन्नता र क्षमा-प्रार्थना तथा पुरवासिनी स्त्रीहरूले शिवको रूपको दर्शन गरी जन्म र जीवनलाई सफल मान्नु

ब्रह्मोवाच

एतस्मिन्नन्तरे त्वं हि विष्णुना प्रेरितो द्रुतम्।
अनुकूलयितुं शंभुमयास्तन्निकटे मुने॥ १

तत्र गत्वा स वै रुद्रो भवता सुप्रबोधितः।
स्तोत्रैर्नानाविधैः स्तुत्वा देवकार्यचिकीर्षया॥ २

श्रुत्वा त्वद्वचनं प्रीत्या शंभुना धृतमद्भुतम्।
स्वरूपमुत्तमं दिव्यं कृपालुत्वं च दर्शितम्॥ ३

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! यसै समय तपाईं विष्णुबाट प्रेरित भएर शिवलाई प्रसन्न पार्नका लागि शीघ्र उहाँ समक्ष जानुभयो। त्यहाँ गएर देवकार्य गर्ने इच्छाले तपाईंले अनेक प्रकारका स्तोत्रले स्तुति गरी रुद्रलाई राम्ररी सम्झाउनुभयो। तब सदाशिव शम्भुले तपाईंका कुरा सुनेर आफ्नो कृपालुता देखाउनुभयो र प्रेमपूर्वक अद्भुत दिव्य तथा उत्तम स्वरूप धारण गर्नुभयो॥ १—३॥

तद् दृष्ट्वा सुन्दरं शम्भुं स्वरूपं मन्मथाधिकम्।
अत्यहृष्यो मुने त्वं हि लावण्यपरमायनम्॥ ४

स्तोत्रैर्नानाविधैः स्तुत्वा परमानन्दसंयुतः।
आगच्छस्त्वं मुने तत्र यत्र मेना स्थिताखिलैः॥ ५

कामदेवभन्दा पनि धेरै कमनीय, लावण्यका परम निधि तथा सुन्दर रूप भएका ती शिवलाई देखेर हे मुनि! तपाईं अत्यन्त प्रसन्न हुनुभयो र परमानन्दले युक्त भई अनेक प्रकारका स्तोत्रहरूले उहाँको स्तुति गरी तपाईं पुनः त्यहाँ जानुभयो, जहाँ मेना सबैजनाका साथ थिइन्॥ ४-५॥

तत्रागत्य सुप्रसन्नो मुनेऽतिप्रेमसंकुलः।
हर्षयंस्तां शैलपत्नीं मेनां त्वं वाक्यमब्रवीः॥ ६

हे मुनि! त्यहाँ गएर अत्यन्त हर्षित तथा प्रेमयुक्त तपाईं हिमालयकी पत्नी मेनालाई हर्षित पार्दै यो वचन भन्न लाग्नुभयो— ॥ ६॥

नारद उवाच

मेने पश्य विशालाक्षि शिवरूपमनुत्तमम्।
कृता शिवेन तेनैव सुकृपा करुणात्मना॥ ७

नारद भन्नुहुन्छ—विशाल नेत्र भएकी हे मेना! तपाईं शिवको अत्युत्तम रूपलाई हेर्नुहोस्, उनै करुणामय शंकरले यो महती कृपा गर्नुभएको छ॥ ७॥

ब्रह्मोवाच

श्रुत्वा सा तद्वचो मेना विस्मिता शैलकामिनी।
ददर्श शिवरूपं तत्परमानन्ददायकम्॥ ८

कोटिसूर्यप्रतीकाशं सर्वावयवसुन्दरम्।
विचित्रवसनं चात्र नानाभूषणभूषितम्॥ ९

ब्रह्मा भन्नुहुन्छ—यो कुरा सुनेर शैलकामिनी मेना विस्मित भई परमानन्द प्रदान गर्नुहुने शिवरूपलाई हेर्न लागिन्। त्यो रूप करोडौँ सूर्यसमान कान्तिमान्, सबै अंगहरूले सुन्दर, विचित्र वस्त्रले युक्त, अनेक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुप्रसन्नं सुहासं च सुलावण्यं मनोहरम्।
गौराभं द्युतिसंयुक्तं चन्द्ररेखाविभूषितम्॥ १०
सर्वैर्देवगणैः प्रीत्या विष्ण्वाद्यैः सेवितं तथा।
सूर्येण च्छत्रितं मूर्ध्नि चन्द्रेण च विशोभितम्॥ ११
सर्वथा रमणीयं च भूषितस्य विभूषणैः।
वाहनस्य महाशोभा वर्णितुं नैव शक्यते॥ १२

गङ्गा च यमुना चैव विधत्तः स्म सुचामरे।
सिद्धयोऽष्टौ पुरस्तस्य कुर्वन्ति स्म सुनर्तनम्॥ १३
मया चैव तदा विष्णुरिन्द्राद्या ह्यमरास्तथा।
स्वं स्वं वेषं सुसम्भूष्य गिरिशेनाचरन्युताः॥ १४

तथा जयेति भाषन्तो नानारूपा गणास्तदा।
स्वलङ्कृतमहामोदा गिरीशपुरतोऽचरन्॥ १५

सिद्धाश्चोपसुराः सर्वे मुनयश्च महासुखाः।
ययुः शिवेन सुप्रीताः सकलाश्चापरे तथा॥ १६

एवं देवादयः सर्वे कुतूहलसमन्विताः।
परं ब्रह्म गृणन्तस्ते स्वपत्नीभिरलंकृताः॥ १७

विश्वावसुमुखास्तत्र ह्यप्सरोगणसंयुताः।
गायन्तोऽप्यग्रतस्तस्य परमं शाङ्करं यशः॥ १८

इत्थं महोत्सवस्तत्र बभूव मुनिसत्तम।
नानाविधो महेशे हि शैलद्वारि च गच्छति॥ १९

तस्मिंश्च समये तत्र सुषमा या परात्मनः।
वर्णितुं तां विशेषेण कः शक्नोति मुनीश्वर॥ २०

तथाविधं च तं दृष्ट्वा मेना चित्रगता इव।
क्षणमासीत्ततः प्रीत्या प्रोवाच वचनं मुने॥ २१

मेनोवाच

धन्या पुत्री मदीया च यया तप्तं महत्तपः।
यत्प्रभावान्महेशान त्वं प्राप्त इह मद्गृहे॥ २२

आभूषणहरूले अलंकृत, अत्यन्त प्रसन्न, सुन्दर हास्यले युक्त, लावण्यमय, मनलाई मोहित पार्ने, गोरो आभा भएको, कान्तिसम्पन्न, चन्द्ररेखाले विभूषित, विष्णु आदि सबै देवताहरूबाट प्रेमपूर्वक सेवित, शिरमा सूर्य तथा चन्द्रमाद्वारा ओढाइएका छाताले शोभायमान, अत्यन्त शोभामय तथा सबै प्रकारले रमणीय थियो। आभूषणहरूद्वारा विभूषित उहाँको वाहनको महाशोभाको त वर्णन नै गर्न सकिँदैन॥ ८—१२॥

गंगा र यमुना उहाँमाथि चँवर डुलाइरहेका थिए र आठै सिद्धि उहाँका अगाडि सुन्दर नृत्य गरिरहेका थिए॥ १३॥

त्यस समय मेरा तथा शिवका साथ विष्णु, इन्द्र आदि सबै देवता आ-आफ्नो वेष धारण गरी हिँडिरहेका थिए॥ १४॥

महान् मोदमा भरिएका तथा अनेक प्रकारका रूप भएका गण त्यस समय जय-जयकार गर्दै शिवको अघि-अघि हिँडिरहेका थिए॥ १५॥

सिद्ध, अन्य देवता, महामंगलकारी मुनिगण तथा अन्य जन पनि प्रसन्न भएर शिवका साथ हिँडिरहेका थिए॥ १६॥

यसै प्रकार सजिएका सबै देवता आफ्ना स्त्रीहरूलाई साथ लिई कौतूहलले युक्त भई परब्रह्म शंकरको स्तुति गर्दै हिँडिरहेका थिए। समस्त अप्सराहरूलाई साथ लिएका विश्वावसु आदि गन्धर्व शिवको महान् यशको गान गर्दै उहाँको अघि-अघि हिँडिरहेका थिए॥ १७-१८॥

हे मुनिश्रेष्ठ! यस प्रकार हिमालयको द्वारमा शंकर जानुहुँदाको समय अनेक प्रकारका महोत्सव भइरहेका थिए॥ १९॥

हे मुनीश्वर! त्यस समय परमात्मा शंकरको जस्तो शोभा थियो, त्यसको विशेष रूपले वर्णन कसले गर्न सक्छ?॥ २०॥

हे मुनि! त्यस प्रकारको रूप भएका ती शिवलाई देखेर मेना क्षणभरका लागि चित्रलिखित समान भइन्, यसपछि उनी प्रेमपूर्वक यो वचन भन्न लागिन्—॥ २१॥

मेना भन्दछिन्—हे महेशान! मेरी पुत्री धन्य छिन्, जसले कठिन तपस्या गरी। जसको प्रभावले तपाईं यहाँ मेरो घरमा आउनुभयो॥ २२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri. Funding: MIDP

मया कृता पुरा या वै शिवनिन्दा दुरत्यया।
तां क्षमस्व शिवास्वामिन्सुप्रसन्नो भवाधुना॥ २३

ब्रह्मोवाच

इत्थं सम्भाष्य सा मेना संस्तूयेन्दुललाटकम्।
साञ्जलिः प्रणता शैलप्रिया लज्जापराभवत्॥ २४

तावत्स्त्रियः समाजग्मुर्हित्वा कामाननेकशः।
वह्व्यस्ताः पुरवासिन्यः शिवदर्शनलालसाः॥ २५

मज्जनं कुर्वती काचित्तच्चूर्णसहिता ययौ।
द्रष्टुं कुतूहलाढ्या च शङ्करं गिरिजावरम्॥ २६

काचित्तु स्वामिनः सेवां सखीयुक्ता विहाय च।
सुचामरकरा प्रीत्यागाच्छम्भोर्दर्शनाय वै॥ २७

काचित्तु बालकं हित्वा पिबन्तं स्तन्यमादरात्।
अतृप्तं शङ्करं द्रष्टुं ययौ दर्शनलालसा॥ २८

रशनां बध्नती काचित्तयैव सहिता ययौ।
वसनं विपरीतं वै धृत्वा काचिद्ययौ ततः॥ २९

भोजनार्थं स्थितं कान्तं हित्वा काचिद्ययौ प्रिया।
द्रष्टुं शिवावरं प्रीत्या सतृष्णा सकुतूहला॥ ३०

काचिद्धस्ते शलाकां च धृत्वांजनकरा प्रिया।
अञ्जित्वैकाक्षि सन्द्रष्टुं ययौ शैलसुतावरम्॥ ३१

काचित्तु कामिनी पादौ रञ्जयन्ती ह्यलक्तकैः।
श्रुत्वा घोषं च तद्धित्वा दर्शनार्थमुपागता॥ ३२

इत्यादि विविधं कार्यं हित्वा वासं स्त्रियो ययुः।
दृष्ट्वा तु शांकरं रूपं मोहं प्राप्तास्तदाभवन्॥ ३३

ततस्ताः प्रेमसंविग्नाः शिवदर्शनहर्षिताः।
निधाय हृदि तन्मूर्तिं वचनं चेदमब्रुवन्॥ ३४

पुरवासिन्य ऊचुः

नेत्राणि सफलान्यासन् हिमवत्पुरवासिनाम्।
यो योऽपश्यददो रूपं तस्य वै सार्थकं जनुः॥ ३५

हे शिवास्वामी! मैले पहिला जुन घोर शिवनिन्दा गरेकी थिएँ, त्यसलाई हजुर क्षमा गर्नुहोस् र अब परम प्रसन्न हुनुहोस्॥ २३॥

ब्रह्मा भन्नुहुन्छ—शैलप्रिया मेनाले यस प्रकार भनेर चन्द्रमौलिको स्तुति गरी अत्यन्त लज्जित भई हात जोडेर प्रणाम गरिन्। त्यसै समय नगरका धेरै जसो स्त्रीहरू [आ-आफ्ना] सारा काम छाडेर शिवदर्शनको इच्छाले त्यहाँ पुगे। स्नान गर्दै गरेका केही स्त्री स्नानचूर्ण नपखाली कौतूहलमा भरिएर गिरिजापति शंकरलाई हेर्नका लागि पुगे॥ २४—२६॥

केही [स्त्री] आफ्नो स्वामीको सेवा छोडेर हातमा सुन्दर चँवर लिँदै आफ्ना सखीका साथ शंकरको दर्शनका लागि प्रेमपूर्वक पुगे। कोही स्तनपान गरिरहेका आफ्ना बालकलाई अतृप्त नै छोडेर शिवको दर्शनको इच्छाले आदरपूर्वक [त्यहाँ] गए॥ २७-२८॥

केही करधनी बाँधिरहेका थिए, त्यसलाई त्यस्तै लिएर पुगे र केही उल्टो वस्त्र धारण गर्दै पुगे। केही स्त्री भोजनका लागि बसेका आफ्ना पतिलाई छोडेर प्रेमले पार्वतीपतिलाई हेर्ने तृष्णा लिई कौतूहलमा भरिएर त्यहाँ पुगे॥ २९-३०॥

केही स्त्रीहरू एउटा हातमा गाजल र अर्को हातमा गाजल लगाउने बुरुस लिई एउटा मात्र आँखामा गाजल लगाएर हिमालयपुत्रीकी पतिलाई हेर्नका लागि हिँडे॥ ३१॥

केही स्त्रीहरू गोडामा मेहन्दी लगाउँदै थिए, बाजाको आवाज सुनेर ती त्यसलाई त्यहीँ छोडेर दर्शनका लागि दौडिए। यस प्रकार स्त्रीहरू विविध कार्यहरू तथा निवासस्थानलाई छोडेर पुगे। [त्यस समय] शिवको रूप देखेर ती मोहित भए। तब शिवदर्शनबाट हर्षित भई ती प्रेमले विभोर भई उहाँको मूर्ति हृदयमा धारण गरी [परस्पर] यो वचन भन्न लागे—॥ ३२—३४॥

पुरवासिनीहरू भन्दछन्—हिमालयपुरीमा बस्ने-हरूका नेत्र सफल भए, जस-जसले यस स्वरूपलाई देखे, आज तिनको जन्म सफल भयो। उसैको जन्म सफल हो एवं उसैका क्रियाहरू सफल हुन्, जसले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तस्यैव सफलं जन्म तस्यैव सफलाः क्रियाः।
येन दृष्टः शिवः साक्षात्सर्वपापप्रणाशकः॥ ३६

पार्वत्या साधितं सर्वं शिवार्थे यत्तपः कृतम्।
धन्येयं कृतकृत्येयं शिवा प्राप्य शिवं पतिम्॥ ३७

यदीदं युगलं ब्रह्मा न युञ्ज्याच्छिवयोर्मुदा।
तदा च सकलोऽप्यस्य श्रमो निष्फलतामियात्॥ ३८

सम्यक् कृतं तथा चात्र योजितं युगमुत्तमम्।
सर्वेषां सार्थता जाता सर्वकार्यसमुद्भवा॥ ३९

विना तु तपसा शम्भोर्दर्शनं दुर्लभं नृणाम्।
दर्शनाच्छंकरस्यैव सर्वे याताः कृतार्थताम्॥ ४०

लक्ष्मीर्नारायणं लेभे यथा वै स्वामिनं पुरा।
तथासौ पार्वती देवी हरं प्राप्य सुभूषिता॥ ४१

ब्रह्माणं च यथा लेभे स्वामिनं वै सरस्वती।
तथासौ पार्वती देवी हरं प्राप्य सुभूषिता॥ ४२

वयं धन्याः स्त्रियः सर्वाः पुरुषाः सकला वराः।
ये ये पश्यन्ति सर्वेशं शंकरं गिरिजापतिम्॥ ४३

ब्रह्मोवाच

इत्थमुक्त्वा तु वचनं चन्दनैश्चाक्षतैरपि।
शिवं समर्चयामासुर्लाजान्ववृषुरादरात्॥ ४४
तस्थुस्तत्र स्त्रियः सर्वा मेनया सह सोत्सुकाः।
वर्णयन्त्योऽधिकं भाग्यं मेनायाश्च गिरेरपि॥ ४५

कथास्तथाविधाः शृण्वंस्तद्वामावर्णिताः शुभाः।
प्रहृष्टोऽभूत्प्रभुः सर्वैर्मुने विष्ण्वादिभिस्तदा॥ ४६

सम्पूर्ण पापहरूको नाश गर्नुहुने साक्षात् शिवको दर्शन गरे॥ ३५-३६॥

पार्वतीले सबथोक सिद्ध गरिन्, जुन उनले शिवका लागि तप गरेकी थिइन्। यी पार्वती शिवलाई पतिरूपमा प्राप्त गरी धन्य तथा कृतकृत्य भइन्॥ ३७॥

यदि ब्रह्मा प्रसन्नतापूर्वक शिवा-शिवको यस जोडीलाई मिलाउनु हुन्नथ्यो भने उनको सम्पूर्ण श्रम व्यर्थ हुने थियो॥ ३८॥

उनले धेरै ठीक गरे, जुन यहाँ उत्तम जोडीको संयोग गराइदिए। यसबाट सबैको समस्त कार्यहरूको सार्थकता भयो। विना तपस्या मनुष्यहरूलाई शिवको दर्शन दुर्लभ छ, [आज] शिवको दर्शनले नै सबै जना कृतार्थ भयौँ। जसरी पूर्व समयमा लक्ष्मीले नारायणलाई पतिरूपमा प्राप्त गरेकी थिइन्, त्यसै गरी यी पार्वती देवी पनि शिवलाई प्राप्त गरी सुशोभित भइन्॥ ३९—४१॥

जसरी सरस्वतीले ब्रह्मालाई पतिरूपमा पाएकी थिइन्, त्यसरी नै पार्वती देवी शंकरलाई प्राप्त गरी सुशोभित भइन्॥ ४२॥

हामी सबै स्त्रीहरू धन्य छौँ तथा सबै पुरुष धन्य छन्, जो-जो गिरिजापति सर्वेश्वर शिवको दर्शन गरिरहेका छन्॥ ४३॥

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] यस्तो भनेर उनीहरूले चन्दन एवं अक्षताले शिवको पूजा गरे र आदरपूर्वक उहाँमाथि लाजाको वर्षा गरे॥ ४४॥

त्यसपछि सबै स्त्रीहरू उत्सुक भएर मेनाका साथ उभिरहे र हिमालय तथा मेनाको महान् भाग्यको प्रशंसा गर्न लागे। हे मुनि! स्त्रीहरूद्वारा भनिएका त्यस प्रकारका शुभ कुराहरूलाई सुनेर विष्णु आदि सबै देवताहरूका साथ प्रभु अत्यन्त प्रसन्न हुनुभयो॥ ४५-४६॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे शिवसुन्दरस्वरूप-पुरवास्युत्सववर्णनं नाम पञ्चचत्वारिंशोऽध्यायः॥ ४५॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा शिवको सुन्दर स्वरूप र पुरवासीहरूको उत्सव वर्णन नामक पैँतालिसौँ अध्याय पूर्ण भयो॥ ४५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MoE

अथ षट्चत्वारिंशोऽध्यायः

नगरमा जन्तीको प्रवेश, द्वाराचार तथा पार्वतीद्वारा कुलदेवताको पूजा

ब्रह्मोवाच

अथ शंभुः प्रसन्नात्मा सदूतं स्वगणैः सुरैः।
सर्वैरन्यैर्गिरेर्धाम जगाम सकुतूहलम्॥ १

मेनापि स्त्रीगणैस्तैश्च हिमाचलवरप्रिया।
तत उत्थाय स्वगृहाभ्यंतरं सा जगाम ह॥ २

नीराजनार्थं शम्भोश्च दीपपात्रकरा सती।
सर्वर्षिस्त्रीगणैस्साकमगच्छद् द्वारमादरात्॥ ३

तत्रागतं महेशानं शंकरं गिरिजावरम्।
ददर्श प्रीतितो मेना सेवितं सकलैः सुरैः॥ ४

चारुचंपकवर्णाभं पञ्चवक्त्रं त्रिलोचनम्।
ईषद्धास्यप्रसन्नास्यं रत्नस्वर्णादिभूषितम्॥ ५

मालतीमालया युक्तं सद्रत्नमुकुटोज्ज्वलम्।
सत्कंठाभरणं चारुवलयाङ्गदभूषितम्॥ ६

वह्निशौचेनातुलेन त्वतिसूक्ष्मेण चारुणा।
अमूल्यवस्त्रयुग्मेन विचित्रेणातिराजितम्॥ ७

चन्दनागरुकस्तूरीचारुकुंकुमभूषितम्।
रत्नदर्पणहस्तं च कज्जलोज्ज्वललोचनम्॥ ८

सर्वस्वप्रभयाच्छन्नमतीव सुमनोहरम्।
अतीव तरुणं रम्यं भूषिताङ्गैश्च भूषितम्॥ ९

कामिनीकांतमव्यग्रं कोटिचन्द्राननांबुजम्।
कोटिस्मराधिकतनुच्छविं सर्वांगसुन्दरम्॥ १०

ईदृग्विधं सुदेवं तं स्थितं स्वपुरतः प्रभुम्।
दृष्ट्वा जामातरं मेना जहौ शोकं मुदान्विता॥ ११

प्रशशंस स्वभाग्यं सा गिरिजां भूधरं कुलम्।
मेने कृतार्थमात्मानं जहर्ष च पुनः पुनः॥ १२

ब्रह्मा भन्नुहुन्छ—त्यसपछि शिव प्रसन्नचित्त भई आफ्ना गणहरू, देवताहरू, दूतहरू तथा अन्य सबै जनहरूका साथ कौतूहलपूर्वक हिमालयको घर जानुभयो॥ १॥

हिमालयकी श्रेष्ठ प्रिया मेना पनि सबै स्त्रीहरूका साथ उठेर आफ्नो घरभित्र गइन्॥ २॥

यसपछि ती सती शिवलाई आरतीका लागि हातमा दीयो लिएर सबै ऋषिहरूकी स्त्रीहरूलाई साथ लिएर आदरपूर्वक द्वारमा आइन्॥ ३॥

त्यहाँ मेनाले द्वारमा आउनुभएका, सबै देवताहरूबाट सेवित गिरिजापति महेश्वर शिवलाई अत्यन्त प्रेमपूर्वक हेरिन्॥ ४॥

सुन्दर चम्पा पुष्पको वर्णसमान आभा भएका, पाँच मुख भएका, तीन नेत्र भएका, मन्द मुस्कान तथा प्रसन्नतायुक्त मुख भएका, रत्न तथा सुवर्ण आदिले शोभित, मालतीका मालाले युक्त, उत्तम रत्नहरूबाट जडित मुकुटले प्रकाशित, घाँटीमा सुन्दर हार धारण गरेका, सुन्दर कंगन तथा बाजूबन्दले सुशोभित, अग्निसमान देदीप्यमान, अनुपम, अत्यन्त सूक्ष्म, मनोहर, बहुमूल्य तथा विचित्र युग्म वस्त्र धारण गरेका, चन्दन-अगरु-कस्तूरी तथा सुन्दर कुमकुमको लेपले शोभित, हातमा रत्नमय दर्पण लिएका, गाजलका कारण कान्तिमान् नेत्र भएका, सम्पूर्ण प्रभाले आच्छन्न, अत्यन्त मनोहर, पूर्ण यौवन भएका, रम्य, सजिएका अंगहरूले विभूषित, स्त्रीहरूलाई सुन्दर लाग्ने, व्यग्रताबाट रहित, करोडौँ चन्द्रमा समान मुखकमल भएका, करोडौँ कामदेवभन्दा पनि धैरै शरीरको छवि भएका तथा सर्वांगसुन्दर—यस प्रकारका आफ्ना ज्वाइँ सुन्दर देव प्रभु शिवलाई आफ्नो अगाडि स्थित देखेर मेनाले आफ्नु शोक त्यागिन् र आनन्दित भइन्॥ ५—११॥

उनी आफ्नो भाग्य, गिरिजा तथा पर्वतको कुलको प्रशंसा गर्न लागिन्। उनले आफूलाई कृतार्थ मानिन् र पटक-पटक प्रसन्न हुन लागिन्॥ १२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नीराजनं चकारासौ प्रफुल्लवदना सती।
अवलोकपरा तत्र मेना जामातरं मुदा॥ १३
गिरिजोक्तमनुस्मृत्य मेना विस्मयमागता।
मनसैव ह्युवाचेदं हर्षफुल्लाननाम्बुजा॥ १४
यद्वै पुरोक्तं च तया पार्वत्या मम तत्र च।
ततोऽधिकं प्रपश्यामि सौन्दर्यं परमेशितुः॥ १५
महेशस्य सुलावण्यमनिर्वाच्यं च संप्रति।
एवं विस्मयमापन्ना मेना स्वगृहमाययौ॥ १६

तब सती मेना प्रसन्नमुख भएर आरती गर्न लागिन् र आनन्दपूर्वक उहाँलाई हेर्न लागिन्। ती मेना गिरिजाले भनेकी कुराको स्मरण गरी विस्मित भइन्। उनको मुखकमल हर्षको कारण प्रफुल्ल भयो र उनी आफ्नो मनमा भन्न लागिन्—यी पार्वतीले मसित पूर्वमा जे भनेकी थिइन्, म त त्यसभन्दा पनि धेरै सौन्दर्य परमेश्वरलाई देखिरहेकी छु। यस समय महेश्वरको सौन्दर्य त वर्णनभन्दा पर छ। यस प्रकार विस्मित भई मेना आफ्नो घरभित्र गइन्॥ १३—१६॥

प्रशशंसुर्युवतयो धन्या धन्या गिरेः सुता।
दुर्गा भगवतीत्येवमूचुः काश्चन कन्यकाः॥ १७

युवतीहरू प्रशंसा गर्न लागे कि गिरिजा धन्य छिन्, धन्य छिन् अरू केही कन्याहरूले त यो भने कि यी साक्षात् भगवती दुर्गा हुन्॥ १७॥

न दृष्टो वर इत्येवमस्माभिर्दानगोचरः।
धन्या हि गिरिजादेवीमूचुः काश्चन कन्यकाः॥ १८

केही कन्याहरूले त यस प्रकार भन्न लागे कि यी गिरिजा धन्य छिन्, जो यिनलाई मनोहर पति प्राप्त भयो। हामीहरूले त यस प्रकारको मनोहर वरलाई देख्न पनि पाएका छैनौँ॥ १८॥

जगुर्गन्धर्वप्रवरा ननृतुश्चाप्सरोगणाः।
दृष्ट्वा शंकररूपं च प्रहृष्टाः सर्वदेवताः॥ १९

[त्यस समय] श्रेष्ठ गन्धर्व गाउन लागे, अप्सराहरू नृत्य गर्न लागे। सबै देवता शंकरको रूपलाई देखेर अत्यन्त हर्षित भए॥ १९॥

नानाप्रकारवाद्यानि वादका मधुराक्षरम्।
नानाप्रकारशिल्पेन वादयामासुरादरात्॥ २०

बाजा बजाउनेहरू अनेक प्रकारका कौशलले मधुर ध्वनिमा आदरपूर्वक अनेक प्रकारका वाद्य बजाउन लागे॥ २०॥

हिमाचलोऽपि मुदितो द्वाराचारमथाकरोत्।
मेनापि सर्वनारीभिर्महोत्सवपुरस्सरम्॥ २१

परपृच्छां चकारासौ मुदिता स्वगृहं ययौ।
शिवो निवेदितं स्थानं जगाम गणनिर्जरैः॥ २२

यसपछि हिमालयले पनि प्रसन्न भएर द्वाराचार गरे। मेनाले पनि आनन्दित भएर सबै स्त्रीहरूका साथ महोत्सवपूर्वक परपृच्छा गरिन्। अनि उनी घरभित्र गइन्। यसपछि शिव पनि आफ्ना गण र देवताहरूका साथ निर्दिष्ट स्थानमा जानुभयो॥ २१-२२॥

एतस्मिन्नन्तरे दुर्गां शैलान्तःपुरचारिकाः।
बहिर्जग्मुः समादाय पूजितुं कुलदेवताम्॥ २३

यसै बीच हिमालयको अन्तःपुरका परिचारिकाहरू दुर्गालाई साथ लिएर कुलदेवताको पूजा गर्नका लागि बाहिर गए॥ २३॥

तत्र तां ददृशुर्देवा निमेषरहिता मुदा।
सुनीलाञ्जनवर्णाभां स्वाङ्गैश्च प्रतिभूषिताम्॥ २४
त्रिनेत्रादृतनेत्रां तामन्यवारितलोचनाम्।
ईषद्धास्यप्रसन्नास्यां सकटाक्षां मनोहराम्॥ २५
सुचारुकबरीभारां चारुपत्रकशोभिताम्।

त्यहाँ देवताहरूले प्रेमपूर्वक आँखा नझिम्क्याइकन नीलो गाजलको समान वर्ण भएकी, आफ्ना अंगहरूले विभूषित, शिवद्वारा आदृत, तीन नेत्र भएका [शिवका अतिरिक्त] अन्यका ऊपरबाट हटेका नेत्र भएकी, मन्द-मन्द हाँस्ययुक्त तथा प्रसन्न मुखमण्डल भएकी, कटाक्षयुक्त, मनोहर, सुन्दर केशपाश भएकी, सुन्दर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MoE

कस्तूरीबिन्दुभिस्सार्धं सिन्दूरबिन्दुशोभिताम्॥ २६
रत्नेन्द्रसारहारेण वक्षसा सुविराजिताम्।
रत्नकेयूरवलयां रत्नकङ्कणमंडिताम्॥ २७

सद्रत्नकुण्डलाभ्यां च चारुगण्डस्थलोज्ज्वलाम्।
मणिरत्नप्रभामुष्टिदन्तराजिविराजिताम् ॥ २८

मधुबिम्बाधरोष्ठां च रत्नयावकसंयुताम्।
रत्नदर्पणहस्तां च क्रीडापद्मविभूषिताम्॥ २९

चन्दनागुरुकस्तूरीकुंकुमेनातिचर्चिताम् ।
क्वणन्मंजीरपादां च रक्ताङ्घ्रितलराजिताम्॥ ३०

पत्र-रचनाले शोभित, कस्तूरी-बिन्दुसहित सिन्दूरबिन्दुले शोभित, वक्षःस्थलमा श्रेष्ठ रत्नहरूका हारले सुशोभित, रत्ननिर्मित बाजूबन्द धारण गरेकी, रत्नमय चुराहरूले मण्डित, श्रेष्ठ रत्नहरूका कुण्डलहरूले प्रकाशित, सुन्दर गाला भएकी, मणि एवं रत्नका कान्तिलाई फीका गर्ने खालका दन्तपंक्तिले सुशोभित, मनोहर बिम्बफल समान अधरोष्ठ भएकी, रत्नहरूका यावक (मेहन्दी)-ले युक्त, हातमा रत्नमय दर्पण धारण गरेकी, क्रीडाका लागि कमलले विभूषित, चन्दन-अगरु-कस्तूरी तथा कुमकुमका लेपबाट सुशोभित, मधुर शब्द गर्दै गरेका स-साना घण्टीहरूले युक्त चरण भएकी तथा रक्तवर्णका पाइतालाले शोभित ती देवीलाई देखे॥ २४—३०॥

प्रणेमुः शिरसा देवीं भक्तियुक्ताः समेनकाम्।
सर्वे सुरादयो दृष्ट्वा जगदाद्यां जगत्प्रसूम्॥ ३१

त्यस समय सबै देवता आदिले जगत्की आदिस्वरूपा तथा जगत्लाई उत्पन्न गर्नुहुने देवीलाई देखेर भक्तियुक्त भई शिर झुकाएर मेनासहित उहाँलाई प्रणाम गरे॥ ३१॥

त्रिनेत्रो नेत्रकोणेन तां ददर्श मुदान्वितः।
शिवः सत्याकृतिं दृष्ट्वा विजहौ विरहज्वरम्॥ ३२

त्रिनेत्र शंकरले पनि उनलाई आफ्ना नेत्रका कोणबाट हेर्नुभयो र सतीको रूपलाई देखेर विरह ज्वरोलाई त्यागिदिनुभयो॥ ३२॥

शिवः सर्वं विसस्मार शिवासंन्यस्तलोचनः।
पुलकांचितसर्वाङ्गो हर्षाद्गौरीविलोचनः॥ ३३

अथ काली बहिः पुर्या गत्वा पूज्य कुलाम्बिकाम्।
विवेश भवनं रम्यं स्वपितुस्सद्विजाङ्गना॥ ३४

शिवामाथि नेत्र टेकाउनु भएका शिवले सबथोक बिर्सनुभयो। गौरीलाई देख्नाले हर्षको कारण उहाँका सबै अंग प्रफुल्लित भए। यस प्रकार कालीले नगर बाहिर गएर कुलदेवीको पूजा गरी द्विजपत्नीहरूका साथ आफ्नो पिताको रम्य घरमा प्रवेश गर्नुभयो॥ ३३-३४॥

शङ्करोऽपि सुरैः सार्धं हरिणा ब्रह्मणा तथा।
हिमाचलसमुद्दिष्टं स्वस्थानमगमन्मुदा॥ ३५

शंकर पनि प्रसन्नतापूर्वक देवताहरू, ब्रह्मा तथा विष्णुका साथ हिमालयद्वारा निर्दिष्ट आफ्नो स्थानमा जानुभयो॥ ३५॥

तत्र सर्वे सुखं तस्थुः सेवन्तः शङ्करं यथा।
सम्मानिता गिरीशेन नानाविधसुसम्पदा॥ ३६

त्यहाँ सबै जना गिरीशद्वारा नाना प्रकारका सम्पत्तिले सम्मानित भएर शंकरको सेवा गर्दै सुखपूर्वक बसे॥ ३६॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे वरागमादिवर्णनं नाम षट्चत्वारिंशोऽध्यायः॥ ४६॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा वरको आगमन आदिको वर्णन नामक छयालिसौँ अध्याय पूर्ण भयो॥ ४६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ सप्तचत्वारिंशोऽध्यायः

पाणिग्रहणका निम्ति हिमालयका घरमा शिव-गमनोत्सवको वर्णन

ब्रह्मोवाच

ततः शैलवरः सोऽपि प्रीत्या दुर्गोपवीतकम्।
कारयामास सोत्साहं वेदमन्त्रैश्शिवस्य च॥ १
अथ विष्ण्वादयो देवा मुनयः सकुतूहलम्।
हिमाचलप्रार्थनया विवेशान्तर्गृहं गिरेः॥ २
श्रुत्याचारं भवाचारं विधाय च यथार्थतः।
शिवामलंकृतां चक्रुः शिवदत्तविभूषणैः॥ ३
प्रथमं स्नापयित्वा तां भूषयित्वाथ सर्वशः।
नीराजिता सखीभिश्च विप्रपत्नीभिरेव च॥ ४
अहताम्बरयुग्मेन शोभिता वरवर्णिनी।
विरराज महाशैलदुहिता शङ्करप्रिया॥ ५
कंचुकी परमा दिव्या नानारत्नान्विताद्भुता।
विधृता च तया देव्या विलसन्त्यधिकं मुने॥ ६
सा बभार तदा हारं दिव्यरत्नसमन्वितम्।
वलयानि महार्हाणि शुद्धचामीकराणि च॥ ७
स्थिता तत्रैव सुभगा ध्यायन्ती मनसा शिवम्।
शुशुभेऽति महाशैलकन्यका त्रिजगत्प्रसूः॥ ८
तदोत्सवो महानासीदुभयत्र मुदावहः।
दानं बभूव विविधं ब्राह्मणेभ्यो विवर्णितम्॥ ९
अन्येषां द्रव्यदानं च बभूव विविधं महत्।
गीतवाद्यविनोदश्च तत्रोत्सवपुरस्सरम्॥ १०
अथ विष्णुरहं धाता शक्राद्या अमरास्तथा।
मुनयश्च महाप्रीत्या निखिलाः सोत्सवा मुदा॥ ११
सुप्रणम्य शिवां भक्त्या स्मृत्वा शिवपदाम्बुजम्।
सम्प्राप्य हिमगिर्याज्ञां स्वं स्वं स्थानं समाश्रिताः॥ १२
एतस्मिन्नन्तरे तत्र ज्योतिःशास्त्रविशारदः।
हिमवन्तं गिरीन्द्रं तं गर्गो वाक्यमभाषत॥ १३

ब्रह्मा भन्नुहुन्छ—त्यसपछि शैलराजले प्रसन्नतापूर्वक बडो उत्साहले वेदमन्त्रहरूद्वारा शिवा एवं शिवको उपनयन-संस्कार सम्पन्न गराए। त्यसपछि हिमालयद्वारा प्रार्थना अनुसार विष्णु आदि देवताहरू एवं मुनिहरू उनको घरभित्र प्रवेश गरे॥ १-२॥

उनीहरूले लोक तथा वेदरीतिलाई यथार्थ रूपले सम्पन्न गरी शिवद्वारा प्रदान गरिएका आभूषणहरूले पार्वतीलाई अलंकृत गरे। सखीहरू र ब्राह्मणहरूका पत्नीहरूले पहिला पार्वतीलाई स्नान गराएर पुनः सबै प्रकारले सजाएर उहाँको आरती गरे। शंकरप्रिया तथा गिरिराजसुता वरवर्णिनी पार्वती त्यस समय दुई अलोकिक वस्त्र धारण गरी अत्यन्त शोभित हुनुभयो॥ ३-५॥

हे मुनि! ती देवीले अनेक प्रकारका रत्नहरूबाट जडित परम दिव्य तथा अद्भुत चोली धारण गर्नुभयो, जसबाट उहाँ ज्यादै शोभायमान देखिन लाग्नुभयो। त्यसपछि उहाँले दिव्य रत्नहरूबाट जडिएको हार तथा शुद्ध सुनबाट बनेका बहुमूल्य बालालाई पनि धारण गर्नुभयो॥ ६-७॥

तीनै जगत्‌लाई पैदा गर्ने तथा महाशैलकी कन्या सौभाग्यवती ती पार्वती मनमा शिवको ध्यान गर्दै त्यहीं बस्दै अत्यन्त शोभित हुन लागनुभयो॥ ८॥

त्यस समय दुवै पक्षमा आनन्ददायक महान् उत्सव भयो र [उभयपक्षबाट] नाना प्रकारका अवर्णनीय दान ब्राह्मणहरूलाई दिइयो। यसै प्रकार अरूलाई पनि अनेक प्रकारका दान दिइयो र त्यहाँ उत्सवपूर्वक गीत, वाद्य एवं विनोद सम्पन्न भयो॥ ९-१०॥

तब म ब्रह्मा, विष्णु, इन्द्र आदि सबै देवगण तथा सबै मुनिजन अत्यन्त प्रसन्नताका साथ आनन्दपूर्वक उत्सव मनाएर भक्तिपूर्वक पार्वतीलाई प्रणाम गरी तथा शिवका चरणकमलहरूको ध्यान गरी हिमालयको आज्ञा प्राप्त गरी आ-आफ्नो स्थानमा बस्यौं। त्यसै समय त्यहाँ ज्योतिःशास्त्रका पारंगत विद्वान् गर्गाचार्य ती गिरिराज हिमालयसित यो वचन भन्न लागे—॥ ११—१३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MoE

गर्ग उवाच

हिमाचल धराधीश स्वामिन् कालीपितः प्रभो।
पाणिग्रहार्थं शंभुं चानय त्वं निजमंदिरम्॥ १४

ब्रह्मोवाच

अथ तं समयं ज्ञात्वा कन्यादानोचितं गिरिः।
निवेदितं च गर्गेण मुमुदेऽतीव चेतसि॥ १५

महीधरान्द्विजांश्चैव परानपि मुदा गिरिः।
प्रेषयामास सुप्रीत्या शिवानयनकाम्यया॥ १६

ते पर्वता द्विजाश्चैव सर्वमङ्गलपाणयः।
संजग्मुः सोत्सवाः प्रीत्या यत्र देवो महेश्वरः॥ १७

तदा वादित्रघोषेण ब्रह्मघोषेण भूयसा।
महोत्साहोऽभवत्तत्र गीतनृत्यान्वितेन हि॥ १८

श्रुत्वा वादित्रनिर्घोषं सर्वे शंकरसेवकाः।
उत्थितास्त्वैकपद्येन सदेवर्षिगणा मुदा॥ १९

परस्परं समूचुस्ते हर्षनिर्भरमानसाः।
अत्रागच्छन्ति गिरयः शिवानयनकाम्यया॥ २०

पाणिग्रहणकालो हि नूनं सद्यः समागतः।
महद्भाग्यं हि सर्वेषां संप्राप्तमिह मन्महे॥ २१

धन्या वयं विशेषेण विवाहं शिवयोर्ध्रुवम्।
द्रक्ष्यामः परमप्रीत्या जगतां मङ्गलालयम्॥ २२

ब्रह्मोवाच

एवं यावदभूत्तेषां संवादस्तत्र चादरात्।
तावत्सर्वे समायाताः पर्वतेन्द्रस्य मंत्रिणः॥ २३

ते गत्वा प्रार्थयाञ्चक्रुः शिवं विष्ण्वादिकानपि।
कन्यादानोचितः कालो वर्तते गम्यतामिति॥ २४

ते तच्छ्रुत्वा सुराः सर्वे मुने विष्ण्वादयोऽखिलाः।
मुमुदुश्चेतसातीव जयेत्यूचुर्गिरिं द्रुतम्॥ २५

शिवोऽपि मुमुदेऽतीव कालीप्रापणलालसः।
गुप्तं चकार तच्चिह्नं मनस्येवाद्भुताकृतिः॥ २६

गर्ग भन्नुहुन्छ—हे हिमालय! हे धराधीश! हे स्वामी! हे कालीपिता! हे प्रभु! अब तपाईं पाणिग्रहणका निमित्त शिवलाई आफ्नो घरमा लिएर आउनुहोस्॥ १४॥

ब्रह्मा भन्नुहुन्छ—तत्पश्चात् गर्गद्वारा निर्देश गरिएका कन्यादानका लागि उचित समयलाई जानेर हिमालय मनमा अत्यन्त प्रसन्न भए॥ १५॥

हिमालयले आनन्दित भएर [त्यसै समय] पर्वतहरू, द्विजहरू तथा अन्य जनहरूलाई पनि अत्यन्त प्रेमका साथ शिवलाई बोलाउने इच्छाले पठाए। ती पर्वत तथा ब्राह्मण हातहरूमा सबै मांगलिक वस्तु लिएर महान् उत्सव गर्दै प्रेमपूर्वक त्यहाँ गए, जहाँ भगवान् महेश्वर विराज हुनुहुन्थ्यो॥ १६-१७॥

त्यस समय गीत-नृत्यसहित वाद्यध्वनि तथा वेदध्वनिले महान् उत्सव हुन लाग्यो॥ १८॥

वाद्यहरूको शब्दलाई सुनेर शंकरका सबै सेवक, देवता, ऋषि तथा गण आनन्दित भएर एकै साथ उठेर खडा भए। साथै ती हर्षले परिपूर्ण भएर परस्पर भन्न लागे—शिवलाई बोलाउने इच्छाले [गिरिराजद्वारा पठाइएका] पर्वतहरू यहाँ आइरहेका छन्॥ १९-२०॥

निश्चय नै पाणिग्रहणको समय शीघ्र उपस्थित भएको छ, अतः सबैको महाभाग्य उपस्थित भएको छ—यस्तो हामीहरू मान्दछौँ। हामीहरू विशेष रूपले धन्य छौँ, किनभने हामीहरू संसारका मंगलहरूको स्थानस्वरूप शिवा-शिवको विवाहलाई अत्यन्त प्रेमले हेर्नेछौँ॥ २१-२२॥

ब्रह्मा भन्नुहुन्छ—जब आदरपूर्वक उनीहरूको यो संवाद भइरहेको थियो, त्यसै समय गिरिराजका सबै मन्त्री त्यहाँ आइपुगे। उनीहरूले गएर विष्णु आदि तथा शंकरसित प्रार्थना गरेकी कि कन्यादानको उचित समय उपस्थित भएको छ, अब तपाईंहरू हिँड्नुहोस्॥ २३-२४॥

यो सुनेर ती विष्णु आदि सबै देवता मन-मनै अत्यन्त प्रसन्न भए र जोर-जोरले गिरिराज हिमालयको जय-जयकार गर्न लागे॥ २५॥

यता, शिव पनि कालीलाई प्राप्त गर्ने लालसाले अत्यन्त प्रसन्न भई उठ्नुभयो, तर अद्भुत रूप भएका ती शिवले त्यस लक्षणलाई मनमा गुप्त राख्नुभयो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ स्नानं कृतं तेन मङ्गलद्रव्यसंयुतम्।
शूलिना सुप्रसन्नेन लोकानुग्रहकारिणा॥ २७

यसपछि लोकमा कृपा गर्नुहुने शूलधारीले परम प्रसन्न भएर मांगलिक द्रव्यहरूले युक्त [जलले] स्नान गर्नुभयो॥ २६-२७॥

स्नातः सुवाससा युक्तः सर्वैस्तैः परिवारितः।
आरोपितो वृषस्कन्धे लोकपालैः सुसेवितः॥ २८

पुरस्कृत्य प्रभुं सर्वे जग्मुर्हिमगिरेर्गृहम्।
वाद्यानि वादयन्तश्च कृतवन्तः कुतूहलम्॥ २९

स्नान गरेका तथा सुन्दर वस्त्रले युक्त ती शिवलाई सबै लोकपालहरूले चारैतिरबाट घेरेर उहाँको सेवा गरे तथा उहाँलाई वृषभको पिठ्यूँमा बसाए। यसपछि प्रभुलाई अघि गरी सबैजना हिमालयको घरतिर लागे। ती वाद्य बजाउँदै कौतूहल गरिरहेका थिए॥ २८-२९॥

हिमागप्रेषिता विप्रास्तथा ते पर्वतोत्तमाः।
शम्भोरग्रचरा ह्यासन्कुतूहलसमन्विताः॥ ३०

बभौ छत्रेण महता ध्रियमाणो हि मूर्धनि।
चामरैर्वीज्यमानोऽसौ सवितानो महेश्वरः॥ ३१

अहं विष्णुस्तथा चेन्द्रो लोकपालास्तथैव च।
अग्रगाः स्मातिशोभन्ते श्रिया परमया श्रिताः॥ ३२

त्यस समय हिमालयद्वारा पठाइएका ब्राह्मण तथा श्रेष्ठ पर्वतगण कौतूहलले युक्त भएर शिवको अघि-अघि हिँडिरहेका थिए। शिरमा विशाल छाता ओढाएका, चँवर डुलाउँदै सेवा गरिएका एवं चँदुवाले युक्त महेश्वर अत्यन्त सुशोभित भइरहनुभएको थियो। त्यस समय अघि-अघि जाँदै गरेको म, विष्णु, इन्द्र तथा समस्त लोकपाल परम ऐश्वर्यले युक्त भएर सुशोभित भइरहेका थियौँ॥ ३०—३२॥

ततः शङ्खाश्च भेर्यश्च पटहानकगोमुखाः।
पुनः पुनरवाद्यन्त वादित्राणि महोत्सवे॥ ३३

त्यस महोत्सवमा शंख, भेरी, नगडा, ठुला-ठुला ढोल तथा गोमुख आदि बाजा पटक-पटक बजिरहेका थिए॥ ३३॥

तथैव गायकाः सर्वे जगुः परममङ्गलम्।
नर्तक्यो ननृतुः सर्वा नानातालसमन्विताः॥ ३४

सबै गायक पनि मंगलगीत गाइरहेका थिए तथा सबै नर्तकीहरू अनेक प्रकारका तालहरूका साथ नाचिरहेका थिए॥ ३४॥

एभिस्समेतो जगदेकबन्धु-
र्ययौ तदानीं परमेशवर्चसा।
सुसेव्यमानः सकलैः सुरेश्वरै-
र्विकीर्यमाणः कुसुमैश्च हर्षितैः॥ ३५

त्यस समय ती सबैका साथ जगत्का एकमात्र बन्धु शिव परम तेजले युक्त भएर समस्त हर्षित सुरेश्वरहरूद्वारा सेवित हुँदै तथा आफूमाथि पुष्प विकीर्ण गर्दै गइरहनुभएको थियो॥ ३५॥

सम्पूजितस्तदा शम्भुः प्रविष्टो यज्ञमण्डपम्।
संस्तूयमानो बह्वीभिः स्तुतिभिः परमेश्वरः॥ ३६

तत्पश्चात् सबैजनाबाट राम्ररी पूजित भएर शम्भु यज्ञमण्डपमा प्रवेश गर्नुभयो, त्यस समय सबैजना ती परमेश्वरको नाना प्रकारका स्तोत्रहरूले स्तुति गरिरहेका थिए॥ ३६॥

वृषादुत्तारयामासुर्महेशं पर्वतोत्तमाः।
निन्युर्गृहान्तरं प्रीत्या महोत्सवपुरस्सरम्॥ ३७

श्रेष्ठ पर्वतहरूले शिवलाई वृषभबाट ओराले र प्रेमका साथ महोत्सवपूर्वक उहाँलाई घरभित्र लिएर गए॥ ३७॥

हिमालयोऽपि सम्प्राप्तं सदेवगणमीश्वरम्।
प्रणम्य विधिवद्भक्त्या नीराजनमथाकरोत्॥ ३८

हिमालयले पनि देवताहरू तथा गणहरूसहित आउनुभएका ईश्वरलाई विधिवत् भक्तिपूर्वक प्रणाम गरेर उहाँको आरती गरे॥ ३८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri Funding: MoE

सर्वान्सुरान्मुनीनन्यान् प्रणम्य समहोत्सवः।
सम्मानमकरोत्तेषां प्रशंसन्स्वविधिं मुदा॥ ३९

सोऽगः साच्युतमीशानं सुपाद्यार्घ्यपुरस्सरम्।
सदेवमुख्यवर्गं च निनाय स्वालयान्तरम्॥ ४०

प्राङ्गणे स्थापयामास रत्नसिंहासनेषु तान्।
सर्वान्विष्णुं च मामीशं विशिष्टांश्च विशेषतः॥ ४१

सखीभिर्मेनया प्रीत्या ब्राह्मणस्त्रीभिरेव च।
अन्याभिश्च पुरन्ध्रीभिश्चक्रे नीराजनं मुदा॥ ४२

पुरोधसा कृत्यविदा शंकराय महात्मने।
मधुपर्कादिकं यद्यत्कृत्यं तत्तत्कृतं मुदा॥ ४३

मया स नोदितस्तत्र पुरोधाः कृतवांस्तदा।
सुमङ्गलं च यत्कर्म प्रस्तावसदृशं मुने॥ ४४

अन्तर्वेद्यां महाप्रीत्या सम्प्रविश्य हिमाद्रिणा।
यत्र सा पार्वती कन्या सर्वाभरणभूषिता॥ ४५

वेदिकोपरि तन्वङ्गी संस्थिता सुविराजिता।
तत्र नीतो महादेवो विष्णुना च मया सह॥ ४६

लग्नं निरीक्षमाणास्ते वाचस्पतिपुरोगमाः।
कन्यादानोचितं तत्र बभूवुः परमोत्सवाः॥ ४७

तत्रोपविष्टो गर्गश्च यत्रास्ति घटिकालयम्।
यावच्छेषा घटी तावत्कृतं प्रणवभाषणम्॥ ४८

पुण्याहं प्रवदन् गर्गः समादध्रेऽञ्जलिं मुदा।
पार्वत्यक्षतपूर्णं च ववृषे च शिवोपरि॥ ४९

तया सम्पूजितो रुद्रो दध्यक्षतकुशाम्बुभिः।
परमोदारया तत्र पार्वत्या रुचिरास्यया॥ ५०

विलोकयन्ती तं शम्भुं यस्यार्थे परमं तपः।
कृतं पुरा महाप्रीत्या विरराज शिवाति सा॥ ५१

मया मुने तदोक्तस्तु गर्गादिमुनिभिश्च सः।
समानर्च शिवां शम्भुः लौकिकाचारसंरतः॥ ५२

एवं परस्परं तौ वै पार्वतीपरमेश्वरौ।

[यसै प्रकार] उत्साहयुक्त भएर उनले सबै देवताहरू, मुनिहरू तथा अन्य सबैलाई प्रणाम गरी आफ्नो भाग्यको प्रशंसा गर्दै प्रेमपूर्वक ती सबैको सम्मान गरे॥ ३९॥

ती हिमालय विष्णु र प्रमुख देवसमुदायसहित ईशानलाई उत्तम पाद्य तथा अर्घ्य प्रदान गरी उहाँलाई आफ्नो घरमा लिएर गए र उनले आँगनमा रत्नको सिंहासनमा विशेष-विशेष देवताहरूलाई, मलाई, विष्णुलाई, ईशलाई तथा सबै विशिष्ट व्यक्तिहरूलाई आदरपूर्वक बसाए॥ ४०-४१॥

मेनाले पनि बडो प्रेमले आफ्ना सखी, ब्राह्मणस्त्री तथा अन्य पुरन्ध्रीहरूका साथ मुदित भएर शिवको आरती गरिन्। कर्मकाण्डका ज्ञाता पुरोहितले मधुपर्क-दान आदि जो-जो कृत्य थिए, ती सबै महात्मा शंकरका लागि सम्पन्न गरे॥ ४२-४३॥

हे मुनि! पुरोहितले मद्वारा प्रेरित भएर प्रस्तावको अनुकूल जो मांगलिक कार्य थियो, त्यसलाई गरे॥ ४४॥

त्यसपछि अन्तर्वेदीमा बडो प्रेमले प्रविष्ट भएर हिमालय वेदीको माथि समस्त आभूषणहरूले विभूषित तन्वंगी कन्या पार्वती जहाँ विराजमान हुनुहुन्थ्यो, त्यहाँ विष्णु तथा मसँगै महादेवलाई लिएर गए। त्यस समय त्यहाँ बृहस्पति आदि देवता कन्यादानोचित लग्नको प्रतीक्षा गर्दै अत्यन्त आनन्दित भइरहेका थिए॥ ४५-४७॥

जहाँ घटिकायन्त्र स्थापित थियो, त्यहीँ गर्गाचार्य बसेका थिए। विवाहको घडीको प्रतिक्षामा ती प्रणवको जप गरिरहेका थिए। गर्गाचार्यले पुण्याहवाचन गर्दै पार्वतीको अंजलिमा अक्षताहरू दिए, तब पार्वतीले प्रेमपूर्वक शिवका ऊपर अक्षताको वर्षा गर्नुभयो। यसपछि परम उदार तथा सुन्दर मुख भएकी ती पार्वतीले दही, अक्षत तथा कुशको जलले शिवको पूजा गर्नुभयो॥ ४८—५०॥

जसका लागि ती शिवाले पूर्वकालदेखि अत्यन्त कठोर तप गर्नुभएको थियो, ती शम्भुलाई प्रेमपूर्वक हेर्दै उहाँ अत्यन्त शोभित भइरहनुभएको थियो। हे मुनि! त्यसपछि मैले एवं गर्ग आदि मुनिहरूले भनेपछि सदाशिवले लौकिक विधिको आश्रयण गरी पार्वतीको पूजा गर्नुभयो। यस प्रकार जगन्मय पार्वती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अर्चयन्तौ तदानीं च शुशुभाते जगन्मयौ॥ ५३
त्रैलोक्यलक्ष्म्या संवीतौ निरीक्षन्तौ परस्परम्।
तदा नीराजितौ लक्ष्म्यादिभिः स्त्रीभिर्विशेषतः॥ ५४

तथा परमेश्वर परस्पर एक-अर्काको सत्कार गर्दै परम शोभायमान देखिनुभयो। लक्ष्मी आदि देवीहरूले त्रैलोक्यको शोभाले समन्वित भएर एक-अर्कातिर हेर्दै उहाँहरू दुवैको विशेषरूपले आरती गर्नुभयो॥ ५१—५४॥

तथापरा वै द्विजयोषितश्च
नीराजयामासुरथो पुरस्त्रियः।
शिवां च शम्भुं च विलोकयन्त्योऽ-
वापुर्मुदं ताः सकला महोत्सवम्॥ ५५

तत्पश्चात् ब्राह्मणहरूका स्त्री तथा नगरका अन्य स्त्रीहरूले उहाँहरूको आरती गरे। त्यस समय शिवा तथा शिवलाई उत्सुकतापूर्वक हेर्दै ती सबै ज्यादै आनन्दित भए॥ ५५॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे शिवहिमगिरिगृहाभ्यन्तरगमनोत्सववर्णनं नाम सप्तचत्वारिंशोऽध्यायः॥ ४७॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा हिमालयको घर शिव गमनोत्सव वर्णन नामक सत्चालिवौं अध्याय पूर्ण भयो॥ ४७॥

अथाष्टचत्वारिंशोऽध्यायः

शिव-पार्वतीको विवाह प्रारम्भ, हिमालयद्वारा शिवका गोत्रको विषयमा प्रश्न भएपछि नारदद्वारा उत्तरको रूपमा शिवमाहात्म्य प्रतिपादित गर्नु, हर्षयुक्त हिमालयद्वारा कन्यादान गरी विविध उपहार प्रदान

ब्रह्मोवाच

एतस्मिन्नन्तरे तत्र गर्गाचार्यप्रणोदितः।
हिमवान्मेनया सार्धं कन्यां दातुं प्रचक्रमे॥ १

ब्रह्मा भन्नुहुन्छ—यसै समय त्यहाँ गर्गाचार्यबाट प्रेरित भई मेनासहित हिमवान् कन्यादान गर्नका निम्ति उद्यत भए॥ १॥

हैमं कलशमादाय मेना चार्धांगमाश्रिता।
हिमाद्रेश्च महाभागा वस्त्राभरणभूषिता॥ २
पाद्यादिभिस्ततः शैलः प्रहृष्टः सपुरोहितः।
तं वरं वरयामास वस्त्रचंदनभूषणैः॥ ३

त्यस समय वस्त्र तथा आभूषणहरूले शोभित महाभागा मेना सुनको कलश लिएर पति हिमवान्को दाहिने भागमा बसिन्। तत्पश्चात् पुरोहितसहित हिमालयले प्रसन्न भएर पाद्य आदिले र वस्त्र, चन्दन तथा आभूषणले ती वरको वरण गरे॥ २-३॥

ततो हिमाद्रिणा प्रोक्ता द्विजास्तिथ्यादिकीर्तने।
प्रयोगो भण्यतां तावदस्मिन्समय आगते॥ ४
तथेति चोक्ता ते सर्वे कालज्ञा द्विजसत्तमाः।
तिथ्यादिकीर्तनं चक्रुः प्रीत्या परमनिर्वृताः॥ ५

यसपछि हिमालयले ब्राह्मणहरूसित भने—अब [कन्या-दानको] यो समय उपस्थित भएको छ, अतः तपाईंहरू संकल्पका लागि तिथि आदिको उच्चारण गर्नुहोस्। उनले यो भनेपछि कालका ज्ञाता श्रेष्ठ ब्राह्मण निश्चिन्त भएर प्रेमपूर्वक तिथि आदिको उच्चारण गर्न लागे॥ ४-५॥

ततो हिमाचलः प्रीत्या शंभुना प्रेरितो हृदा।
सूतीकृतपरेशेन विहसन् शंभुमब्रवीत्॥ ६
स्वगोत्रं कथ्यतां शम्भो प्रवरश्च कुलं तथा।
नाम वेदं तथा शाखां माकार्षीः समयात्ययम्॥ ७

तब सृष्टिकर्ता परमेश्वर शम्भुद्वारा हृदयबाट प्रेरित भएका हिमालयले हाँस्दै प्रसन्नताका साथ शिवसित भन्नुभयो—हे शम्भु! अब हजुर आफ्नो गोत्र, प्रवर, कुल, नाम, वेद तथा शाखा भन्नुहोस्, विलम्ब नगर्नुहोस्॥ ६-७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MoE

ब्रह्मोवाच

इत्याकर्ण्य वचस्तस्य हिमाद्रेः शंकरस्तदा।
सुमुखो विमुखः सद्योऽप्यशोच्यः शोच्यतां गतः॥ ८

ब्रह्मा भन्नुहुन्छ—ती हिमालयका यी कुरा सुनेर भगवान् शंकर प्रसन्न भएता पनि उदास हुनुभयो र शोकको योग्य नभएता पनि शोकयुक्त हुनुभयो॥ ८॥

एवंविधः सुरवरैर्मुनिभिस्तदानीं
गंधर्वयक्षगणसिद्धगणैस्तथैव।
दृष्टो निरुत्तरमुखो भगवान्महेशोऽ-
कार्षीस्सुहास्यमथ तत्र स नारद त्वम्॥ ९
वीणामवादयंस्त्वं हि ब्रह्मविज्ञोऽथ नारद।
शिवेन प्रेरितस्तत्र मनसा शंभुमानसः॥ १०
तदा निवारितो धीमान् पर्वतेन्द्रेण वै हठात्।
विष्णुना च मया देवैर्मुनिभिश्चाखिलैस्तथा॥ ११

त्यस समय श्रेष्ठ देवताहरू, मुनिहरू, गन्धर्वहरू, यक्षहरू तथा सिद्धहरूले जब शंकरको निरुत्तरमुख देखे, तब हे नारद! तपाईंले सुन्दर हास्य गर्नुभयो। हे नारद! त्यस समय ब्रह्मवेत्ता तथा शिवमा आसक्त चित्त भएका तपाईंले शिवद्वारा मनबाट प्रेरित भएर वीणा बजाउनुभयो। त्यस समय पर्वतराज, विष्णु, मैले, देवताहरू तथा सबै मुनिहरूले तपाईं बुद्धिमान्लाई यस्तो गर्नबाट हठपूर्वक रोक्यौँ॥ ९—११॥

न निवृत्तोऽभवस्त्वं हि स यदा शंकरेच्छया।
इति प्रोक्तोऽद्रिणा तर्हि वीणां मा वादयाधुना॥ १२
सुनिषिद्धो हठात्तेन देवर्षे त्वं यदा बुध।
प्रत्यवोचो गिरीशं तं सुसंस्मृत्य महेश्वरम्॥ १३

तर जब शिवको इच्छाले तपाईंले मान्नुभएन, तब [पुनः] हिमालयले तपाईंसित भने—यस समय तपाईं वीणा नबजाउनुहोस्। हे बुद्धिमान्! हे देवर्षि! जब उनले हठपूर्वक तपाईंलाई रोके, तब तपाईं महेश्वरको स्मरण गरी हिमालयसित भन्न लाग्नुभयो—॥ १२-१३॥

नारद उवाच

त्वं हि मूढत्वमापन्नो न जानासि च किंचन।
वाच्ये महेशविषयेऽतीवासि त्वं बहिर्मुखः॥ १४

नारद भन्नुहुन्छ—[हे पर्वतराज!] तपाईं मूढताले युक्त हुनुहुन्छ, अतः केही पनि जान्नुहुन्न। महेश्वरको विषयमा कथनीय कुराहरूबाट तपाईं सर्वथा अनभिज्ञ हुनुहुन्छ॥ १४॥

त्वया पृष्टो हरः साक्षात्स्वगोत्रकथनं प्रति।
समयेऽस्मिंस्तदत्यंतमुपहासकरं वचः॥ १५

तपाईंले यस समय जो यी साक्षात् महेश्वरसित गोत्र बताउनका लागि भन्नुभएको छ, त्यो वचन अत्यन्त हास्यास्पद छ॥ १५॥

अस्य गोत्रं कुलं नाम नैव जानन्ति पर्वत।
विष्णुब्रह्मादयोऽपीह परेषां का कथा स्मृता॥ १६

हे पर्वत! ब्रह्मा, विष्णु आदि पनि यिनको गोत्र, कुल, नाम जान्दैनन्, अरूको के कुरा भनौँ!॥ १६॥

यस्यैकदिवसे शैल ब्रह्मकोटिर्लयं गता।
स एव शंकरस्तेद्य दृष्टः कालीतपोबलात्॥ १७

हे शैल! जसको एक दिनमा करोडौँ ब्रह्मा लयमा प्राप्त हुन जान्छन्, त्यस्ता शंकरको दर्शन आज तपाईंले कालीका तपको प्रभावले नै गर्नुभएको छ॥ १७॥

अरूपोऽयं परब्रह्म निर्गुणः प्रकृतेः परः।
निराकारो निर्विकारी मायाधीशः परात्परः॥ १८
अगोत्रकुलनामा हि स्वतंत्रो भक्तवत्सलः।
तदिच्छया हि सगुणः सुतनुर्बहुनामभृत्॥ १९

शिव प्रकृतिभन्दा पर, परब्रह्म, अरूप, निर्गुण, निराकार, निर्विकार, मायाधीश तथा परात्पर हुनुहुन्छ॥ १८॥ स्वतन्त्र, भक्तवत्सल र गोत्र, कुल तथा नामबाट सर्वथा रहित हुनुहुन्छ। आफ्नै इच्छाले सगुण, सुन्दर शरीर तथा अनेक नामले युक्त बन्नुहुन्छ॥ १९॥ गोत्रहीन भएता पनि श्रेष्ठ गोत्रवाला हुनुहुन्छ, कुलहीन भएता पनि उत्तम कुलवाला हुनुहुन्छ र आज पार्वतीको तपले तपाईंको ज्वाइँ बन्नुभएको छ, यसमा सन्देह छैन॥ २०॥

सुगोत्री गोत्रहीनश्च कुलहीनः कुलीनकः।
पार्वतीतपसा सोऽद्य जामाता ते न संशयः॥ २०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लीलाविहारिणा तेन मोहितं सचराचरम्।
नो जानाति शिवं कोऽपि प्राज्ञोऽपि गिरिसत्तम॥ २१

लिङ्गाकृतेर्महेशस्य केन दृष्टं न मस्तकम्।
विष्णुर्गत्वा हि पातालं तदैनं नाप विस्मितः॥ २२

ती लीलाविहारीले चराचरसहित जगत्लाई मोहित तुल्याउनुभएको छ। हे गिरिसत्तम! कुनै महान् ज्ञानीले पनि उहाँलाई जान्दैनन्। ब्रह्माले पनि लिंगको आकृति भएका महेशको शिरलाई देख्न सक्नुभएन। विष्णु पनि पातालसम्म गएर उहाँलाई भेटाउन सक्नुभएन र आश्चर्यचकित हुनुभयो॥ २१-२२॥

किं बहूक्त्या नगश्रेष्ठ शिवमाया दुरत्यया।
तदधीनास्त्रयो लोका हरिब्रह्मादयोऽपि च॥ २३

हे गिरिश्रेष्ठ! धेरै भन्नाले के फाइदा, शिवको माया ज्यादै दुस्तर छ। त्रैलोक्य तथा विष्णु, ब्रह्मा आदि पनि त्यसै [माया]-को अधीन हुनुहुन्छ॥ २३॥

तस्मात्त्वया शिवातात सुविचार्य प्रयत्नतः।
न कर्तव्यो विमर्शोऽत्र त्वेवंविधवरे मनाक्॥ २४

यसैले हे पार्वतीतात! प्रयत्नपूर्वक राम्ररी विचार गरी तपाईं वरको गोत्र, कुल एवं यस प्रकारको वरको सम्बन्धमा कत्ति पनि सन्देह नगर्नुहोस्॥ २४॥

ब्रह्मोवाच

इत्युक्त्वा त्वं मुने ज्ञानी शिवेच्छाकार्यकारकः।
प्रत्यवोचः पुनस्तं वै शैलेन्द्रं हर्षयन् गिरा॥ २५

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! यस्तो भनेर ज्ञानी तथा शिवको इच्छाले कार्य गर्नुहुने तपाईं पर्वतराजलाई [आफ्नो] वाणीले हर्षित पार्दै पुनः उनीसित भन्न लाग्नुभयो—॥ २५॥

नारद उवाच

शृणु तात महाशैल शिवाजनक मद्वचः।
तच्छ्रुत्वा तनयां देवीं देहि त्वं शंकराय हि॥ २६

नारद भन्नुहुन्छ—हे तात! हे महाशैल! हे शिवाजनक! तपाईं मेरो कुरा सुन्नुहोस् तथा त्यसलाई सुनेर शंकरलाई आफ्नी कन्या प्रदान गर्नुहोस्॥ २६॥

सगुणस्य महेशस्य लीलया रूपधारिणः।
गोत्रं कुलं विजानीहि नादमेव हि केवलम्॥ २७

[आफ्नो] लीलाले अनेक रूप धारण गर्नुहुने सगुण महेशको गोत्र तथा कुल केवल नाद नै जान्नुहोस्॥ २७॥

शिवो नादमयः सत्यं नादः शिवमयस्तथा।
उभयोरन्तरं नास्ति नादस्य च शिवस्य च॥ २८

शिव नादमय हुनुहुन्छ र नाद पनि शिवमय छ, यही सत्य हो। शिव तथा नाद—यी दुवैमा भेद छैन॥ २८॥

सृष्टौ प्रथमजत्वाद्धि लीलासगुणरूपिणः।
शिवान्नादस्य शैलेन्द्र सर्वोत्कृष्टस्ततः स हि॥ २९

सृष्टिको आरम्भमा लीलाले सगुण रूप धारण गर्नुहुने शिवद्वारा सर्वप्रथम नादको उत्पत्ति हुनाको कारण त्यो सर्वश्रेष्ठ छ॥ २९॥

अतो हि वादिता वीणा प्रेरितेन मयाद्य वै।
सर्वेश्वरेण मनसा शंकरेण हिमालय॥ ३०

यसैले हे हिमालय! आफ्नो मनमा सर्वेश्वर शिवबाट प्रेरित भएर मैले आज वीणा बजाएँ॥ ३०॥

ब्रह्मोवाच

एतच्छ्रुत्त्वा तव मुने वचस्तत्तु गिरीश्वरः।
हिमाद्रिस्तोषमापन्नो गतविस्मयमानसः॥ ३१

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! गिरीश्वर हिमालय तपाईंका यी वचन सुनेर सन्तुष्ट हुनुभयो र उनको मनका विस्मय हट्दै गए॥ ३१॥

अथ विष्णुप्रभृतयः सुराश्च मुनयस्तथा।
साधु साध्विति ते सर्वे प्रोचुर्विगतविस्मयाः॥ ३२

तब विष्णु आदि ती देवता एवं मुनि विस्मयरहित भई 'साधु-साधु'—यस्तो भन्न लागे॥ ३२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महेश्वरस्य गांभीर्यं ज्ञात्वा सर्वे विचक्षणाः।
सविस्मया महामोदान्विताः प्रोचुः परस्परम्॥ ३३

यस्याज्ञया जगदिदं च विशालमेव
जातं परात्परतरो निजबोधरूपः।
शर्वः स्वतंत्रगतिकृत्परभावगम्यः
सोऽसौ त्रिलोकपतिरद्य च नः सुदृष्टः॥ ३४

सबै विद्वान् जन महेश्वरको गाम्भीर्यलाई जानेर विस्मित भएर परम आनन्दमा निमग्न भई परस्पर भन्न लागे। जसको आज्ञाले यो विशाल जगत् उत्पन्न भएको छ र जो परभन्दा पनि पर, निजबोधस्वरूप छन्, स्वतन्त्र गति भएका एवं उत्कृष्ट भावले जान्नयोग्य छन्, ती त्रिलोकपति शिवलाई आज हामीहरूले यथार्थ देख्यौँ॥ ३३-३४॥

अथ ते पर्वतश्रेष्ठा मेर्वाद्या जातसंभ्रमाः।
ऊचुस्ते चैकपद्येन हिमवंतं नगेश्वरम्॥ ३५

त्यसपछि ती सुमेरु आदि सबै श्रेष्ठ पर्वत सन्देहरहित भएर एक साथ पर्वतराज हिमालयसित भन्न लागे— ॥ ३५॥

पर्वता ऊचुः

कन्यादाने स्थीयतां चाद्य शैल-
नाथोक्त्या किं कार्यनाशस्तवैव।
सत्यं ब्रूमो नात्र कार्यो विमर्शः
तस्मात्कन्या दीयतामीश्वराय॥ ३६

पर्वत भन्दछन्—हे शैलराज! अब तपाईं कन्यादान गर्नका लागि समुद्यत हुनुहोस्। विवादबाट के लाभ! यस्तो गर्नाले [निश्चय नै] तपाईंको कार्यमा बाधा हुने छ। हामीहरू सत्य भन्दै छौँ, अब तपाईंले विचार गर्नु हुँदैन, अतः तपाईं शिवलाई कन्या प्रदान गर्नुहोस्॥ ३६॥

ब्रह्मोवाच

तच्छ्रुत्वा वचनं तेषां सुहृदां स हिमालयः।
स्वकन्यादानमकरोच्छिवाय विधिनोदितः॥ ३७

ब्रह्मा भन्नुहुन्छ—सुहृदहरूका ती कुरा सुनेर विधिबाट प्रेरित भएर हिमालयले शिवलाई आफ्नी कन्या दान गरिदिए॥ ३७॥

इमां कन्यां तुभ्यमहं ददामि परमेश्वर।
भार्यार्थं परिगृह्णीष्व प्रसीद सकलेश्वर॥ ३८

[उनले भने—] हे परमेश्वर! म आफ्नी कन्या हजुरलाई दिइरहेको छु, हे सकलेश्वर! हजुर आफ्नो भार्याको रूपमा यिनलाई ग्रहण गर्नुहोस् र प्रसन्न हुनुहोस्॥ ३८॥

तस्मै रुद्राय महते मंत्रेणानेन दत्तवान्।
हिमाचलो निजां कन्यां पार्वतीं त्रिजगत्प्रसूम्॥ ३९

यस प्रकार तीनै लोकलाई पैदा गर्नुहुने आफ्नी कन्या पार्वतीलाई हिमालयले यस मन्त्रबाट ती महान् शिवलाई अर्पण गरिदिए॥ ३९॥

इत्थं शिवाकरं शैलः शिवहस्ते निधाय च।
मुमोदातीव मनसि तीर्णकाममहार्णवः॥ ४०

यस प्रकार पार्वतीको हात शिवको हातमा राखेर ती हिमालय मनमा ज्यादै प्रसन्न भए, मानौँ उनले इच्छारूपी महासागरलाई पार गरेका छन्॥ ४०॥

वेदमंत्रेण गिरिशो गिरिजाकरपङ्कजम्।
जग्राह स्वकरेणाशु प्रसन्नः परमेश्वरः॥ ४१

क्षितिं संस्पृश्य कामस्य कोऽदादिति मनुं मुने।
पपाठ शंकरः प्रीत्या दर्शयँल्लौकिकीं गतिम्॥ ४२

पर्वतमा शयन गर्नुहुने परमेश्वरले प्रसन्न भएर आफ्नो हातले वेदमन्त्रद्वारा पार्वतीको करकमल ग्रहण गर्नुभयो। हे मुनि! लौकिक गति प्रदर्शित गर्दै पृथिवीको स्पर्श गरी महादेवले पनि **'कोऽदात्'*** यस कामसम्बन्धी मन्त्रको प्रेमपूर्वक पाठ गर्नुभयो॥ ४१-४२॥

* विवाहमा कन्या-प्रतिग्रह पश्चात् वर यस कामस्तुतिको पाठ गर्छन्। पूरा मन्त्र यस प्रकार छ—'कोऽदात्कस्मा अदात्कामोऽदात्कामायादात्कामो दाता कामः प्रतिग्रहीता कामैतत्ते।' (शु० यजुर्वेदसंहिता ७।४८)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महोत्सवो महानासीत्सर्वत्र प्रमुदावहः।
बभूव जयसंरावो दिवि भूम्यन्तरिक्षके॥ ४३

साधुशब्दं नमः शब्दं चक्रुः सर्वेऽतिहर्षिताः।
गंधर्वाः सुजगुः प्रीत्या ननृतुश्चाप्सरोगणाः॥ ४४

त्यस समय सर्वत्र आनन्ददायक महान् उत्सव हुन लाग्यो र स्वर्ग, भूमि तथा अन्तरिक्षमा तीव्र जयध्वनि हुन लाग्यो। सबैजनाले अत्यन्त प्रसन्न भएर **'साधु'** शब्द तथा **'नमः'** शब्दको उच्चारण गरे, गन्धर्वगण प्रीतिपूर्वक गान गर्न लागे तथा अप्सराहरू नाच्न लागे॥ ४३-४४॥

हिमाचलस्य पौरा हि मुमुदुश्चाति चेतसि।
मङ्गलं महदासीद्वै महोत्सवपुरस्सरम्॥ ४५

हिमालयको नगरका मानिसहरू पनि आफ्नो मनमा परम आनन्दको अनुभव गर्न लागे। [त्यस समय] महान् उत्सवका साथ परम मंगल मनाइन लागियो॥ ४५॥

अहं विष्णुश्च शक्रश्च निर्जरा मुनयोऽखिलाः।
हर्षिता ह्यभवंश्चाति प्रफुल्लवदनाम्बुजाः॥ ४६

म, विष्णु, इन्द्र, देवता एवं सबै मुनिगण अत्यन्त हर्षित भयौँ र सबैका मुखकमल प्रफुल्ल भए॥ ४६॥

अथ शैलवरः सोऽदात्सुप्रसन्नो हिमाचलः।
शिवाय कन्यादानस्य साङ्गतां सुयथोचिताम्॥ ४७

त्यसपछि ती शैलराज हिमालयले अति प्रसन्न भएर कन्यादानको यथोचित सांगता शिवलाई प्रदान गरे॥ ४७॥

ततो बन्धुजनास्तस्य शिवां सम्पूज्य भक्तितः।
ददुः शिवाय सद्द्रव्यं नानाविधिविधानतः॥ ४८

हिमालयस्तुष्टमनाः पार्वतीशिवप्रीतये।
नानाविधानि द्रव्याणि ददौ तत्र मुनीश्वर॥ ४९

तत्पश्चात् उनका बन्धुजनहरूले भक्तिपूर्वक राम्ररी पार्वतीको पूजा गरी शिवलाई विधि-विधानले अनेक प्रकारका उत्तम द्रव्य प्रदान गरे। हे मुनीश्वर! हिमालयले पनि प्रसन्नचित्त भएर पार्वती तथा शिवको प्रसन्नताका लागि अनेक प्रकारका द्रव्य दिए॥ ४८-४९॥

यौतुकानि ददौ तस्मै रत्नानि विविधानि च।
चारुरत्नविकाराणि पात्राणि विविधानि च॥ ५०
गवां लक्षं हयानां च सज्जितानां शतं तथा।
दासीनामनुरक्तानां लक्षं सद्द्रव्यभूषितम्॥ ५१
नागानां शतलक्षं हि रथानां च तथा मुने।
सुवर्णजटितानां च रत्नसारविनिर्मितम्॥ ५२
इत्थं हिमालयो दत्त्वा स्वसुतां गिरिजां शिवाम्।
शिवाय परमेशाय विधिनाप कृतार्थताम्॥ ५३

उनले उपहारस्वरूप नाना प्रकारका रत्न एवं उत्तम रत्नहरू जडिएका विविध पात्र प्रदान गरे। हे मुनि! उनले एक लाख सुसज्जित गाई, सजि-सजाउ सय घोडा, नाना रत्नहरूले विभूषित एक लाख अनुरागिणी दासी दिए र एक करोड हात्ती तथा सुवर्णजडित एवं उत्तम रत्नहरूले निर्मित रथ प्रदान गरे। यस प्रकार परमेश्वर शिवलाई विधिपूर्वक आफ्नी पुत्री शिवा गिरिजालाई प्रदान गरी हिमालय कृतार्थ भए॥ ५०—५३॥

अथ शैलवरो माध्यंदिनोक्तस्तोत्रतो मुदा।
तुष्टाव परमेशानं सद्गिरा सुकृताञ्जलिः॥ ५४
ततो वेदविदा तेनाज्ञप्ता मुनिगणास्तदा।
शिरोऽभिषेकं चक्रुस्ते शिवायाः परमोत्सवाः॥ ५५
देवाभिधानमुच्चार्य पर्युक्षणविधिं व्यधुः।
महोत्सवस्तदा चासीन्महानन्दकरो मुने॥ ५६

तत्पश्चात् पर्वतराजले हात जोडेर श्रेष्ठ वाणीमा माध्यन्दिनी शाखामा बताइएका स्तोत्रले परमेश्वरको स्तुति गरे। यसपछि वेदज्ञ हिमालयको आज्ञा पाएर मुनिहरूले अतिप्रसन्न भएर शिवाको शिरमा अभिषेक गरे र देवताहरूको नामको उच्चारण गरी पर्युक्षण-विधि सम्पन्न गरे। हे मुनि! त्यस समय परम आनन्द उत्पन्न गर्ने महोत्सव भयो॥ ५४—५६॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे कन्यादानवर्णनं नामाष्टचत्वारिंशोऽध्यायः॥ ४८॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा कन्यादानवर्णन नामक अड्चालिसौँ अध्याय पूर्ण भयो॥ ४८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथैकोनपञ्चाशत्तमोऽध्यायः

अग्निपरिक्रमा गर्दाको समय पार्वतीका गोडाका नङ देखेर ब्रह्मा मोहग्रस्त हुनु, बालखिल्यहरूको उत्पत्ति, शिव कुपित हुनु, देवताहरूद्वारा शिवस्तुति

ब्रह्मोवाच

अथो ममाज्ञया विप्रैः संस्थाप्यानलमीश्वरः।
होमं चकार तत्रैवमङ्के संस्थाप्य पार्वतीम्॥ १
ऋग्यजुस्साममन्त्रैश्चाहुतिं वह्नौ ददौ शिवः।
लाजाञ्जलिं ददौ कालीभ्राता मैनाकसंज्ञकः॥ २
अथ काली शिवश्चोभौ चक्रतुर्विधिवन्मुदा।
वह्निप्रदक्षिणां तात लोकाचारं विधाय च॥ ३
तत्राद्भुतमलञ्चक्रे चरितं गिरिजापतिः।
तदेव शृणु देवर्षे तवस्नेहाद् ब्रवीम्यहम्॥ ४
तस्मिन्नवसरे चाहं शिवमायाविमोहितः।
अपश्यं चरणे देव्या नखेन्दुं च मनोहरम्॥ ५
दर्शनात्तस्य च तदाभूवं देवमुने ह्यहम्।
मदनेन समाविष्टोऽतीव क्षुभितमानसः॥ ६
मुहुर्मुहुरपश्यं वै तदङ्गं स्मरमोहितः।
ततस्तद्दर्शनात्सद्यो वीर्यं मे प्राच्युतद्भुवि॥ ७
रेतसा क्षरता तेन लज्जितोऽहं पितामहः।
मुने व्यमर्दं तच्छिश्नं चरणाभ्यां हि गोपयन्॥ ८
तज्ज्ञात्वा च महादेवश्चुकोपातीव नारद।
हन्तुमैच्छत्तदा शीघ्रं मां विधिं काममोहितम्॥ ९
हाहाकारो महानासीत्तत्र सर्वत्र नारद।
जनाश्चकम्पिरे सर्वे भयमायाति विश्वभृत्॥ १०
ततस्तं तुष्टुवुः शम्भुं विष्ण्वाद्या निर्जरा मुने।
सकोपं प्रज्वलन्तं च तेजसा हन्तुमुद्यतम्॥ ११

देवा ऊचुः

देवदेव जगद्व्यापिन् परमेश सदाशिव।
जगदीश जगन्नाथ सम्प्रसीद जगन्मय॥ १२
सर्वेषामपि भावानां त्वमात्मा हेतुरीश्वरः।
निर्विकारोऽव्ययो नित्यो निर्विकल्पोऽक्षरः परः॥ १३
आद्यन्तावस्य यन्मध्यमिदमन्यदहं बहिः।
यतोऽव्ययः स नैतानि तत्सत्यं ब्रह्म चिद्भवान्॥ १४

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] यसपछि मेरो आज्ञाले ईश्वरले ब्राह्मणहरूद्वारा अग्निस्थापना गरी पार्वतीलाई आफ्नो नजिक बसाएर हवन गर्नुभयो। शिवले ऋक्, साम तथा यजुर्वेदका मन्त्रहरूले अग्निमा आहुति दिनुभयो र कालीका दाजु मैनाकले लाजाको अंजलि दिए। हे तात! यसपछि लोकाचारको विधान गरी काली र शिव दुवैले प्रसन्नताका साथ विधिवत् अग्निको प्रदक्षिणा गर्नुभयो। हे देवर्षि! त्यस समय गिरिजापति शंकरले एउटा अद्भुत चरित्र गर्नुभयो, म तपाईंको स्नेहका कारण त्यसको वर्णन गर्छु, तपाईं सुन्नुहोस्॥ १—४॥ त्यस समय शिवको मायाबाट मोहित भएको म पार्वतीका चरणहरूमा मनोहर नङचन्द्रलाई हेर्न लागेँ॥ ५॥

हे देवमुनि! त्यसको दर्शनबाट म मोहित भएँ र मेरो मन अत्यन्त क्षुब्ध भयो। मोहित भएर म पटक-पटक उहाँका अंगहरू हेर्न लागेँ, तब त्यसलाई हेर्नाले मेरो तेज तत्काल पृथ्वीमा खस्यो र म अत्यन्त लज्जित भएँ। यो देखेर महादेव अत्यन्त कुपित भई म ब्रह्मालाई तत्काल मार्ने इच्छा गर्नुभयो॥ ६—९॥

हे नारद! त्यहाँ सर्वत्र ठुलो हाहाकार हुन लाग्यो, सबै जना काम्न लागे तथा विश्वलाई धारण गर्नुहुने विष्णु डराउन लाग्नुभयो॥ १०॥

हे मुनि! तब विष्णु आदि देवगण कोपयुक्त, आफ्नो तेजले प्रज्वलित हुँदै र [म ब्रह्मालाई] मार्नका लागि उद्यत ती शिवको स्तुति गर्न लागे॥ ११॥

देवता भन्दछन्—हे देवदेव! हे जगद्व्यापी! हे परमेश! हे सदाशिव! हे जगत्पते! हे जगन्नाथ! हे जगन्मय! हजुर प्रसन्न हुनुहोस्। हजुर सबै पदार्थहरूका आत्मा, सबैका कारण, ईश्वर, निर्विकार, अव्यय, नित्य, निर्विकल्प, अक्षर तथा सबैभन्दा पर हुनुहुन्छ। हजुर यस जगत्का आदि, मध्य, अन्त एवं अभ्यन्तर तथा बाहिर विराजमान हुनुहुन्छ, हजुर अव्यय, सनातन एवं तत्पदवाच्य, सच्चिदानन्द ब्रह्म हुनुहुन्छ॥ १२—१४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तवैव चरणाम्भोजं मुक्तिकामा दृढव्रताः।
विसृज्योभयतः सङ्गं मुनयः समुपासते॥ १५
त्वं ब्रह्म पूर्णममृतं विशोकं निर्गुणं परम्।
आनंदमात्रमव्यग्रमविकारमनात्मकम् ॥ १६

विश्वस्य हेतुरुदयस्थितिसंयमनस्य हि।
तदपेक्षतयात्मेशोऽनपेक्षः सर्वदा विभुः॥ १७

एकस्त्वमेव सदसद् द्वयमद्वयमेव च।
स्वर्णं कृताकृतमिव वस्तुभेदो न चैव हि॥ १८

अज्ञानतस्त्वयि जनैर्विकल्पो विदितो यतः।
तस्माद् भ्रमप्रतीकारो निरुपाधेर्न हि स्वतः॥ १९

धन्या वयं महेशान तव दर्शनमात्रतः।
दृढभक्तजनानन्दप्रदः शम्भो दयां कुरु॥ २०

त्वमादिस्त्वमनादिश्च प्रकृतेस्त्वं परः पुमान्।
विश्वेश्वरो जगन्नाथो निर्विकारः परात्परः॥ २१
योऽयं ब्रह्मास्ति रजसा विश्वमूर्तिः पितामहः।
त्वत्प्रसादात्प्रभो विष्णुः सत्त्वेन पुरुषोत्तमः॥ २२
कालाग्निरुद्रस्तमसा परमात्मा गुणैः परः।
सदाशिवो महेशानः सर्वव्यापी महेश्वरः॥ २३

व्यक्तं महच्च भूतादिस्तन्मात्राणीन्द्रियाणि च।
त्वयैवाधिष्ठितान्येव विश्वमूर्ते महेश्वर॥ २४

महादेव परेशान करुणाकर शंकर।
प्रसीद देवदेवेश प्रसीद पुरुषोत्तम॥ २५

वासांसि सागराः सप्त दिशश्चैव महाभुजाः।
द्यौर्मूर्धा ते विभोर्नाभिः खं वायुर्नासिका ततः॥ २६
चक्षूंष्यग्नी रविस्सोमः केशा मेघास्तव प्रभो।
नक्षत्रतारकाद्याश्च ग्रहाश्चैव विभूषणम्॥ २७

कथं स्तोष्यामि देवेश त्वां विभो परमेश्वर।
वाचामगोचरोऽसि त्वं मनसा चापि शंकर॥ २८

मुक्तिको कामना भएका दृढव्रत मुनिजन सब प्रकारले संगको परित्याग गरी हजुरकै चरणकमलको उपासना गर्छन्। हजुर अमृतस्वरूप, शोकरहित, निर्गुण, श्रेष्ठ, आनन्दमात्र, व्यग्रतारहित, निर्विकार, आत्माबाट रहित तथा मायादेखि पर पूर्णब्रह्म हुनुहुन्छ॥ १५-१६॥

हजुर संसारको उत्पत्ति, पालन तथा प्रलयको कारण हुनुहुन्छ। यस संसारलाई हजुरको अपेक्षा छ, तर सर्वत्र व्यापक हजुर परमात्मालाई कसैको अपेक्षा छैन॥ १७॥ हजुर एक भएर पनि सत् एवं असत् हुनुहुन्छ, द्वैत एवं अद्वैत हुनुहुन्छ, जस्तै सुनबाट बनेको बस्तु सुनभन्दा भिन्न हुँदैन, त्यस्तै हजुर पनि हुनुहुन्छ॥ १८॥

मानिसहरूले अज्ञानताका कारण हजुरमा विकल्पको कल्पना गरेका छन्, यसैले सोपाधिमा भ्रमको प्रतीकार गरिन्छ, तर निरुपाधिमा गरिन्न॥ १९॥

हे महेशान! हामी सबै हजुरको दर्शनमात्रले धन्य भयौँ; किनभने हजुर दृढ भक्तहरूलाई आनन्द प्रदान गर्नुहुन्छ, अतः हे शम्भु! हामीमाथि दया गर्नुहोस्॥ २०॥

हजुर आदि हुनुहुन्छ, हजुर अनादि हुनुहुन्छ, हजुर प्रकृतिभन्दा पर पुरुष हुनुहुन्छ। हजुर विश्वेश्वर, जगन्नाथ, निर्विकार एवं परभन्दा पनि पर हुनुहुन्छ। हे प्रभु! रजोगुणयुक्त यी जो विश्वमूर्ति पितामह ब्रह्मा छन् र सत्त्वगुणले युक्त पुरुषोत्तम विष्णु छन्, ती हजुरकै कृपाले भएका छन्। कालागिन रुद्र तमोगुणले युक्त छन्, हजुर परमात्मा सबै गुणहरूदेखि पर हुनुहुन्छ, हजुर सदाशिव महेशान, सर्वव्यापी तथा महेश्वर हुनुहुन्छ॥ २१—२३॥

हे विश्वमूर्ति! हे महेश्वर! व्यक्त महत्तत्त्व, पंचभूत, तन्मात्राहरू एवं इन्द्रियहरू हजुरबाट नै अधिष्ठित छन्॥ २४॥

हे महादेव! हे परेशान! हे करुणाकर! हे शंकर! प्रसन्न हुनुहोस्। हे देवदेवेश! पुरुषोत्तम! प्रसन्न हुनुहोस्। हे प्रभु! सातै समुद्र हजुरका वस्त्र, सबै दिशाहरू हजुरका महाभुजा, द्युलोक हजुरका शिर, आकाश नाभि तथा वायु नासिका हुन्॥ २५-२६॥

हे प्रभु! रवि-सोम-अग्नि हजुरका नेत्र, मेघ हजुरका केश र नक्षत्र-तारा-ग्रह हजुरका आभूषण हुन्॥ २७॥

हे शंकर! हजुर वाणी तथा मनबाट सर्वथा अगोचर हुनुहुन्छ, अतः हे देवेश! हे विभु! हे परमेश्वर! हामीहरू हजुरको स्तुति कसरी गरौँ॥ २८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पञ्चास्याय च रुद्राय पञ्चाशत्कोटिमूर्तये।
त्र्यधिपाय वरिष्ठाय विद्यातत्त्वाय ते नमः॥ २९

पंचमुख, पचास करोड मूर्ति भएका, त्रिलोकेश, वरिष्ठ एवं विद्यातत्त्वस्वरूप हजुर रुद्रलाई प्रणाम छ॥ २९॥

अनिर्देश्याय नित्याय विद्युज्ज्वालाय रूपिणे।
अग्निवर्णाय देवाय शंकराय नमो नमः॥ ३०

विद्युत्कोटिप्रतीकाशमष्टकोणं सुशोभनम्।
रूपमास्थाय लोकेऽस्मिन् संस्थिताय नमो नमः॥ ३१

अनिर्देश्य, नित्य, विद्युज्ज्वालासमान रूप भएका, अग्निवर्ण एवं देवाधिदेव हजुर शंकरलाई पटक-पटक नमस्कार छ। करोडौँ विद्युत्को समान प्रकाशमान, अष्टकोण भएका तथा अत्यन्त सुन्दर रूपलाई धारण गरी यस लोकमा स्थित रहनुहुने हजुरलाई नमस्कार छ॥ ३०-३१॥

ब्रह्मोवाच

इत्याकर्ण्य वचस्तेषां प्रसन्नः परमेश्वरः।
ब्रह्मणे मे ददौ शीघ्रमभयं भक्तवत्सलः॥ ३२

ब्रह्मा भन्नुहुन्छ—ती [देवताहरू]-का यी कुरा सुनेर प्रसन्न भएका भक्तवत्सल परमेश्वरले म ब्रह्मालाई तत्काल अभय प्रदान गर्नुभयो॥ ३२॥

अथ सर्वे सुरास्तत्र विष्ण्वाद्या मुनयस्तथा।
अभवन्सुस्मितास्तात चक्रुश्च परमोत्सवम्॥ ३३

हे तात! त्यसपछि विष्णु आदि सबै देवता तथा मुनिगण मन्द-मन्द हाँस्तै परम आनन्दित भए॥ ३३॥

मम तद्रेतसा तात मर्दितेन मुहुर्मुहुः।
अभवन्कणकास्तत्र भूरिशः परमोज्ज्वलाः॥ ३४
ऋषयो बहवो जाता बालखिल्याः सहस्रशः।
कणकैस्तैश्च वीर्यस्य प्रज्वलद्भिः स्वतेजसा॥ ३५

हे तात! मेरो त्यस रेतबाट अत्यन्त उज्ज्वल धेरै कण हुन गयो र आफ्नो तेजबाट प्रज्वलित ती कणहरूबाट बालखिल्य नामक हजारौँ ऋषि प्रकट भए॥ ३४-३५॥

अथ ते ऋषयः सर्वे उपतस्थुस्तदा मुने।
ममान्तिकं परप्रीत्या तात तातेति चाब्रुवन्॥ ३६

हे मुनि! तब ती सबै ऋषि मेरो समीप खडा भएर बडो प्रेमले मलाई हे तात! हे तात! भन्न लागे॥ ३६॥

ईश्वरेच्छाप्रयुक्तेन प्रोक्तास्ते नारदेन हि।
बालखिल्यास्तु ते तत्र कोपयुक्तेन चेतसा॥ ३७

तब ईश्वरेच्छाबाट प्रेरित भएका नारद [तपाईं] क्रोधयुक्त चित्तले ती बालखिल्य ऋषिहरूसित भन्न लागनुभयो— ॥ ३७॥

नारद उवाच

गच्छध्वं सङ्गता यूयं पर्वतं गन्धमादनम्।
न स्थातव्यं भवद्भिश्च न हि वोऽत्र प्रयोजनम्॥ ३८

नारद भन्नुहुन्छ—अब तपाईंहरू सँगै गन्धमादन पर्वतमा जानुहोस्। तपाईंहरू यहाँ नबस्नुहोस्; तपाईंहरूको यहाँ [कुनै] प्रयोजन छैन॥ ३८॥

तत्र तप्त्वा तपश्चाति भवितारो मुनीश्वराः।
सूर्यशिष्याः शिवस्यैवाज्ञया मे कथितं त्विदम्॥ ३९

त्यहाँ कठोर तपस्या गरी तपाईंहरू मुनीश्वर र सूर्यको शिष्य हुनुहुने छ, मैले यो कुरा शिवको आज्ञाले भनेको छु॥ ३९॥

ब्रह्मोवाच

इत्युक्तास्ते तदा सर्वे बालखिल्याश्च पर्वतम्।
सत्वरं प्रययुर्नत्वा शंकरं गन्धमादनम्॥ ४०
विष्णवादिभिस्तदाभूवं श्वासितोऽहं मुनीश्वर।
निर्भयः परमेशानप्रेरितैस्तैर्महात्मभिः॥ ४१
अस्तवं चापि सर्वेशं शंकरं भक्तवत्सलम्।
सर्वकार्यकरं ज्ञात्वा दुष्टगर्वापहारकम्॥ ४२

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार भनिएपछि ती बालखिल्य शंकरलाई नमस्कार गरी तत्काल गन्धमादन पर्वतमा गए। हे मुनीश्वर! तब शिवद्वारा प्रेरित विष्णु आदिले मलाई धेरै सम्झाए र म निर्भय भएँ र फेरि सर्वेश शंकरलाई भक्तवत्सल, सम्पूर्ण कार्यहरू गर्ने तथा दुष्टहरूको गर्वलाई नष्ट गर्ने सम्झेर उहाँको स्तुति गर्न लागेँ॥ ४०—४२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवदेव महादेव करुणासागर प्रभो।
त्वमेव कर्ता सर्वस्य भर्ता हर्ता च सर्वथा॥ ४३

हे देवदेव! हे महादेव! हे करुणासागर! हे प्रभु! हजुर नै सब प्रकारले सबका कर्ता, भर्ता तथा हर्ता हुनुहुन्छ॥ ४३॥

त्वदिच्छया हि सकलं स्थितं हि सचराचरम्।
तन्त्यां यथा बलीवर्दा मया ज्ञातं विशेषतः॥ ४४

मैले यो राम्ररी जानें कि जसरी बलवान् गोरु नथीले वशमा पर्छ, त्यसै गरी यो सारा चराचर जगत् हजुरको इच्छाले स्थित छ॥ ४४॥

इत्येवमुक्त्वा सोऽहं वै प्रणामं च कृताञ्जलिः।
अन्येऽपि तुष्टुवुः सर्वे विष्ण्वाद्यास्तं महेश्वरम्॥ ४५

यस प्रकार भनेर हात जोडी मैले शिवलाई प्रणाम गरें र विष्णु आदि अरू सबैले पनि ती महेश्वरको स्तुति गरे॥ ४५॥

अथाकर्ण्य नुतिं शुद्धां मम दीनतया तदा।
विष्ण्वादीनां च सर्वेषां प्रसन्नोऽभून्महेश्वरः॥ ४६

तब दीनभावले गरिएका विष्णु आदि सबै देवताहरूको तथा मेरो शुद्ध स्तुति सुनेर महेश्वर प्रसन्न हुनुभयो॥ ४६॥

ददौ सोऽतिवरं मह्यमभयं प्रीतमानसः।
सर्वे सुखमतीवापुरत्यामोदमहं मुने॥ ४७

हे मुनि! उहाँले प्रसन्नचित्त भएर मलाई अतिश्रेष्ठ अभयदान दिनुभयो, सबैले महान् सुख प्राप्त गरे र मलाई अत्यन्त प्रसन्नता भयो॥ ४७॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे विधिमोहवर्णनं नामैकोनपञ्चाशत्तमोऽध्यायः॥ ४९॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा ब्रह्माको मोहको वर्णन नामक उनन्चासौं अध्याय पूर्ण भयो॥ ४९॥

अथ पञ्चाशत्तमोऽध्यायः

शिवा-शिवको विवाहकृत्यसम्पादन पछि देवीहरूको शिवसित मधुर वार्तालाप

ब्रह्मोवाच

ततश्चाहं मुनिगणैः शेषकृत्यं शिवाज्ञया।
अकार्षं नारद प्रीत्या शिवाशिवविवाहतः॥ १

तयोः शिरोऽभिषेकश्च बभूवादरतस्ततः।
ध्रुवस्य दर्शनं विप्राः कारयामासुरादरात्॥ २

ब्रह्मा भन्नुहुन्छ—हे नारद! त्यसपछि मैले शिवको आज्ञाले मुनिहरूका साथ परमप्रीतिले शिवाशिवको विवाहको बाँकी कृत्यहरूको सम्पादन गरें। ती दुवैको शिरमा आदरपूर्वक मांगलिक अभिषेक भयो र ब्राह्मणहरूले आदरका साथ उहाँहरूलाई ध्रुवदर्शन गराए॥ १-२॥

हृदयालम्भनं कर्म बभूव तदनन्तरम्।
स्वस्तिपाठश्च विप्रेन्द्र महोत्सवपुरस्सरः॥ ३

हे विप्रेन्द्र! त्यसपछि हृदयालम्भनको कर्म तथा ठुलो महोत्सवका साथ स्वस्तिवाचन भयो॥ ३॥

शिवाशिरसि सिन्दूरं ददौ शम्भुर्द्विजाज्ञया।
तदानीं गिरिजाभिख्याद्भुतावर्ण्या बभूव ह॥ ४

ततो विप्राज्ञया तौ द्वावेकासनसमास्थितौ।
लेभाते परमां शोभां भक्तचित्तमुदावहाम्॥ ५

ब्राह्मणहरूको आज्ञाले शम्भुले शिवाको सिउँदोमा सिन्दूर लगाइदिनुभयो, त्यस समय गिरिजा अत्यन्त अद्भुत अवर्णनीय रूपवती हुनुभयो। तत्पश्चात् ब्राह्मणहरूको आज्ञाले दुवै एउटै आसनमा विराजमान हुनुभयो र भक्तहरूको मनलाई आनन्द दिने अपूर्व शोभाले सम्पन्न हुनुभयो॥ ४-५॥

2325_Sihvpurana_Part_1_Nepali_Section_24_1_Back

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततः स्वस्थानमागत्य संस्रवप्राशनं मुदा।
चक्रतुस्तौ निदेशान्मेऽद्भुतलीलाकरौ मुने॥ ६

इत्थं निवृत्ते विधिवद्यज्ञे वैवाहिके शिवः।
ब्रह्मणे पूर्णपात्रं मे ददौ लोककृते प्रभुः॥ ७

गोदानं विधिवच्छम्भुराचार्याय ददौ ततः।
महादानानि च प्रीत्या यानि मङ्गलदानि वै॥ ८

ततः शतसुवर्णं च विप्रेभ्यः स ददौ पृथक्।
बहुभ्यो रत्नकोटीश्च नानाद्रव्याण्यनेकशः॥ ९

तदानीममराः सर्वे परे जीवाश्चराचराः।
मुमुदुश्चेतसातीव बभूवाति जयध्वनिः॥ १०

मङ्गलध्वनिगानं च बभूव बहु सर्वतः।
वाद्यध्वनिरभूद्रम्यो सर्वानन्दप्रवर्धनः॥ ११

हरिर्मयाथ देवाश्च मुनयश्चापरेऽखिलाः।
गिरिमामन्त्र्य सुप्रीत्या स्वस्थानं प्रययुर्द्रुतम्॥ १२

तदानीं शैलनगरे स्त्रियश्च मुदिता वरम्।
शिवाशिवौ समानीय ययुः कुहवरालयम्॥ १३

लौकिकाचारमाजह्रुस्ताः स्त्रियस्तत्र चादृताः।
महोत्साहो बभूवाथ सर्वतः प्रमुदावहः॥ १४

अथ तास्तौ समानीय दम्पती जनशंकरौ।
वासालयं महादिव्यं भवाचारं व्यधुर्मुदा॥ १५

अथो समीपमागत्य शैलेन्द्रनगरस्त्रियः।
निर्वृत्य मङ्गलं कर्म प्रापयन्दम्पती गृहम्॥ १६

कृत्वा जयध्वनिं चक्रुर्ग्रन्थिनिर्मोचनादिकम्।
सस्मितास्सकटाक्षाश्च पुलकाञ्चितविग्रहाः॥ १७

हे मुनि! त्यसपछि अद्भुत लीला गर्नुहुने उहाँहरू दुवैले आफ्नो स्थानमा आएर मेरो आज्ञाले प्रसन्नतापूर्वक संस्रव*-प्राशन गर्नुभयो। यस प्रकार विवाह-यज्ञ विधिवत् सम्पन्न भएपछि प्रभु शिवले म लोककर्ता ब्रह्मालाई पूर्णपात्रको दान गर्नुभयो। तत्पश्चात् शिवले आचार्यलाई विधिपूर्वक गोदान दिनुभयो तथा मंगल प्रदान गर्ने जुन अन्य महादान छन्, तिनलाई पनि बडो प्रेमले दिनुभयो॥ ६—८॥

त्यसपछि उहाँले धेरै ब्राह्मणहरूलाई अलग-अलग सय-सय स्वर्णमुद्रा, करोडौँ रत्न तथा अनेक प्रकारका द्रव्य दिनुभयो। त्यस समय सबै देवगण एवं अन्य चराचर जीव हृदयदेखि अत्यन्त प्रसन्न भए र जोर-जोरले जयध्वनि हुन लाग्यो। सबैतिर मंगलध्वनिका साथ गायन हुन लाग्यो र सबैको आनन्दलाई बढाउने रम्य वाद्य-ध्वनि हुन लाग्यो। त्यसपछि मसँगै विष्णु, देवता, मुनिगण तथा अन्य व्यक्ति हिमालयबाट आज्ञा लिएर प्रसन्नतापूर्वक आ-आफ्नो निवासस्थानमा गए॥ ९—१२॥

त्यस समय हिमालयका नगरका स्त्रीहरू प्रसन्न भएर शिवा एवं शिवलाई लिएर दिव्य कोहवर (कौतुक कारिगर) घरमा गए॥ १३॥

त्यहाँ ती स्त्रीहरू आदरका साथ लोकोचार गर्न लागे। चारैतिर आनन्ददायक महान् उत्साह फैलियो। त्यसपछि ती सबैले मानिसहरूको कल्याण गर्नुहुने ती शिव-शिवालाई महादिव्य निवासस्थानमा लिएर गई प्रसन्नतापूर्वक लोकाचार गरे॥ १४-१५॥

तत्पश्चात् हिमालय नगरका स्त्रीहरू समीपमा आएर मंगलकर्म गरी दम्पतीलाई घरमा लिएर गए॥ १६॥

ती जय-जयकार गरी ग्रन्थि-बन्धन (लगनगाँठो) खोल्न लागे। त्यस समय ती कटाक्ष गर्दै मन्द-मन्द हाँसिरहेका थिए र उनीहरूका शरीर रोमाञ्चित भइरहेको थियो॥ १७॥

* अग्निमा घिउको आहुति दिएर स्रुवामा अवशिष्ट घृतलाई जलयुक्त प्रोक्षणीपात्रमा राख्ने विधि छ। प्रत्येक आहुतिमा यस्तो गरिन्छ। प्रोक्षणीपात्रमा राखिएको घीउलाई नै 'संस्रव' भनिन्छ। अन्तमा यजमानले त्यसलाई पिउँछन्। यसैलाई 'संस्रवप्राशन' भनिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वासगेहं सम्प्रविश्य मुमुहुः कामिनीवराः।
प्रशंसन्त्यः स्वभाग्यानि पश्यन्त्यः परमेश्वरम्॥ १८

महासुरूपवेषं च सर्वलावण्यसंयुतम्।
नवीनयौवनस्थं च कामनीचित्तमोहनम्॥ १९

ईषद्धास्यप्रसन्नास्यं सकटाक्षं सुसुन्दरम्।
सुसूक्ष्मवासो बिभ्राणं नानारत्नविभूषितम्॥ २०

ती श्रेष्ठ स्त्रीहरू वासगृह (हाँसो ठट्टा गर्ने घर) मा प्रवेश गर्नासाथ मोहित भएर सुन्दर रूप तथा वेष भएका, सम्पूर्ण लावण्यले युक्त, नवीन यौवनले परिपूर्ण, कामिनीहरूको चित्तलाई मोहित गर्नुहुने, मन्द-मन्द मुस्कानयुक्त प्रसन्न मुख-मण्डल भएका, कटाक्षयुक्त, अत्यन्त सुन्दर, अत्यन्त सूक्ष्म वस्त्र धारण गरेका र अनेक रत्नहरूले विभूषित परमेश्वरलाई हेर्दै आ-आफ्नो भाग्यको प्रशंसा गर्न लागे॥ १८—२०॥

तदानीं दिव्यनार्यश्च षोडशारं समाययुः।
तौ दम्पती च संद्रष्टुं महादरपुरस्सरम्॥ २१
सरस्वती च लक्ष्मीश्च सावित्री जाह्नवी तथा।
अदितिश्च शची चैव लोपामुद्राप्यरुन्धती॥ २२
अहल्या तुलसी स्वाहा रोहिणी च वसुन्धरा।
शतरूपा च संज्ञा च रतिरेताः सुरस्त्रियः॥ २३
देवकन्या नागकन्या मुनिकन्या मनोहराः।
तत्र या याः स्थितास्तासां सङ्ख्यां कर्तुं च कः क्षमः॥ २४

त्यस समय सोह्रओटी दिव्य नारी बडो आदरका साथ ती दम्पतीलाई हेर्नका लागि तत्काल पुगे। सरस्वती, लक्ष्मी, सावित्री, जाह्नवी, अदिति, शची, लोपामुद्रा, अरुन्धती, अहल्या, तुलसी, स्वाहा, रोहिणी, वसुन्धरा, शतरूपा, संज्ञा र रति—यी देवस्त्रीहरू हुन्। अरू जो-जो मनोहर देवकन्या एवं मुनिकन्याहरू त्यहाँ स्थित थिए, उनीहरूको गणना गर्नमा को समर्थ छ॥ २१—२४॥

ताभी रत्नासने दत्ते तत्रोवास शिवो मुदा।
तमूचुः क्रमतो देव्यः सुहासं मधुरं वचः॥ २५

उनीहरूद्वारा प्रदान गरिएका रत्नको आसनमा शिव प्रसन्नताकासाथ बस्नुभयो। यसपछि सबै देवीहरू क्रमैले मन्द-मन्द हाँस्तै उहाँसित मधुर वचन भन्न लागे॥ २५॥

सरस्वत्युवाच

प्राप्ता सती महादेवाधुना प्राणाधिका मुदा।
दृष्ट्वा प्रियास्यं चन्द्राभं सन्तापं त्यज कामुक॥ २६

सरस्वती भन्दछिन्—हे महादेव! अब प्राणहरू-भन्दा पनि धेरै प्यारी सतीदेवी हजुरलाई प्राप्त भएकी छिन्। हे कामुक! यिनको चन्द्रमाको समान आभा भएको प्रिय मुखलाई प्रसन्नतापूर्वक हेरेर हजुर सन्तापलाई त्यागिदिनुहोस्॥ २६॥

कालं गमय कालेश सतीसंश्लेषपूर्वकम्।
विश्लेषस्ते न भविता सर्वकालं समाश्रिता॥ २७

हे कालेश! हजुर यी सतीलाई आलिंगन गर्दै आफ्नो समय व्यतीत गर्नुहोस्। सबै समय हजुरको आश्रित रहने यी सखीसित हजुरको वियोग हुने छैन॥ २७॥

लक्ष्मीरुवाच

लज्जां विहाय देवेश सतीं कृत्वा स्ववक्षसि।
तिष्ठ तां प्रति का लज्जा प्राणा यान्ति यया विना॥ २८

लक्ष्मी भन्दछिन्—हे देवेश! अब लज्जा त्यागेर सतीलाई आफ्नो वक्षःस्थलमा स्थित गर्नुहोस्, जसविना हजुरको प्राण निस्किरहेका थिए, उसप्रति कुनचाहिँ लज्जा!॥ २८॥

सावित्र्युवाच

भोजयित्वा सतीं शम्भो शीघ्रं त्वं भुङ्क्ष्व मा खिदः।
तदाचम्य सकर्पूरं तांबूलं देहि सादरम्॥ २९

सावित्री भन्दछिन्—हे शम्भु! सतीलाई भोजन गराएर हजुर पनि छिटो भोजन गर्नुहोस्, कुनै कुराको खेद नगर्नुहोस् र आचमन गरी सतीलाई आदरपूर्वक कपूरमिश्रित सुपारी दिनुहोस्॥ २९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जाह्नव्युवाच

स्वर्णकांतिकरां धृत्वा केशान्मार्जय योषितः।
कामिन्याः स्वामिसौभाग्यसुखं नातः परं भवेत्॥ ३०

जाह्नवी भन्दछिन्—अब यी सुवर्णकान्ति भएकी पार्वतीको केश समातेर सुम्सुम्याउनुहोस्; किनभने पतिबाट कामिनी स्त्रीहरूलाई प्राप्त हुने सौभाग्यसुख यसभन्दा धेरै अरू कुनै हुँदैन॥ ३०॥

अदितिरुवाच

भोजनान्ते शिवे शम्भुं मुखशुद्ध्यर्थमादरात्।
जलं देहि महाप्रीत्या दम्पतिप्रेम दुर्लभम्॥ ३१

अदिति भन्दछिन्—हे शिवा! हजुर भोजन पश्चात् मुख शुद्ध गर्नका लागि शम्भुलाई अति प्रेमले जल प्रदान गर्नुहोस्; किनभने दम्पतीको परस्पर प्रेम [सर्वथा] दुर्लभ छ॥ ३१॥

शच्युवाच

कृत्वा विलापं यद्धेतोः शिवां कृत्वा च वक्षसि।
यो बभ्रामानिशं मोहात् का लज्जा ते प्रियां प्रति॥ ३२

शची भन्दछिन्—जसका लागि हजुर मोहवश विलाप गर्दै-गर्दै [दैला-दैलामा] भौँतारिनुहुन्थ्यो, ती शिवालाई वक्षःस्थलमा धारण गर्नुहोस्, ती प्रियाका प्रति हजुरलाई लज्जा किन?॥ ३२॥

लोपामुद्रोवाच

व्यवहारोऽस्ति च स्त्रीणां भुक्त्वा वासगृहे शिव।
दत्त्वा शिवायै ताम्बूलं शयनं कर्तुमर्हसि॥ ३३

लोपामुद्रा भन्दछिन—हे शंकर! भोजन गरी हजुर वासगृहमा जानुहोस्, यो स्त्रीहरूको व्यवहार हो। हजुर शिवालाई सुपारी दिएर शयन गर्नुहोस्॥ ३३॥

अरुन्धत्युवाच

मया दत्तां सतीं मेना तुभ्यं दातुमनीप्सिता।
विविधं बोधयित्वेमां सुरतिं कर्तुमर्हसि॥ ३४

अरुन्धती भन्दछिन्—हे शिव! मेना हजुरका निमित्त पार्वती दिन चाहन्नथिन्, तर मैले धेरै सम्झाएपछि उनले पार्वती दिन स्वीकार गरिन्, अब हजुर यिनलाई धेरै प्रेम गर्नुहोस्॥ ३४॥

अहल्योवाच

वृद्धावस्थां परित्यज्य ह्यतीव तरुणो भव।
येन मेनानुमन्येत त्वां सुतार्पितमानसा॥ ३५

अहल्या भन्दछिन्—अब हजुर वृद्धावस्था त्यागेर पूर्ण युवा हुनुहोस्, जसबाट कन्या दिने यी मेनालाई पुत्रीदानबाट सन्तुष्टि प्राप्त होस्॥ ३५॥

तुलस्युवाच

सती त्वया परित्यक्ता कामो दग्धः पुरा कृतः।
कथं तदा वसिष्ठश्च प्रभो प्रस्थापितोऽधुना॥ ३६

तुलसी भन्दछिन—हे प्रभु! हजुरले पूर्वकालमा सतीलाई त्यागनुभयो, त्यसपछि कामदेवलाई जलाउनुभयो, अहिले हजुरले [पार्वतीलाई प्राप्त गर्नका लागि] हिमालयको घर वसिष्ठलाई कसरी पठाउनुभयो?॥ ३६॥

स्वाहोवाच

स्थिरो भव महादेव स्त्रीणां वचसि साम्प्रतम्।
विवाहे व्यवहारोऽस्ति पुरन्ध्रीणां प्रगल्भता॥ ३७

स्वाहा भन्दछिन्—हे महादेव! अब हजुर स्त्रीहरूको वचनमा स्थिर हुनुहोस्; किनभने विवाहमा स्त्रीहरूको कामुक शैलीमा एउटा व्यवहार हुन्छ॥ ३७॥

रोहिण्युवाच

कामं पूरय पार्वत्याः कामशास्त्रविशारद।
कुरु पारं स्वयं कामी कामिनीकामसागरम्॥ ३८

रोहिणी भन्दछिन्—हे कामशास्त्रविशारद! अब हजुर पार्वतीको कामना पूर्ण गर्नुहोस्, हजुर स्वयं कामी हुनुहुन्छ, अतः कामिनीको कामसागर पार गर्नुहोस्॥ ३८॥

वसुन्धरोवाच

जानासि भावं भावज्ञ कामार्तानां च योषिताम्।
न च स्वं स्वामिनं शम्भो ईश्वरं पाति सन्ततम्॥ ३९

वसुन्धरा भन्दछिन्—हे भावज्ञ! हजुर कामार्त स्त्रीहरूका भावलाई जान्नुहुन्छ। हे शम्भु! स्त्री आफ्नो स्वामीको ईश्वरभावबाट निरन्तर सेवा गर्छन्, उ पतिबाहेक आफ्नो कुनै पनि वस्तुको रक्षा गर्न चाहँदिन॥ ३९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शतरूपोवाच

भोगं दिव्यं विना भुक्त्वा न हि तुष्येत्क्षुधातुरः।
येन तुष्टिर्भवेच्छंभो तत्कर्तुमुचितं स्त्रियाः॥ ४०

शतरूपा भन्दछिन्—भोकले तड्पिएको व्यक्ति दिव्य सुखको भोग नगरीकन सन्तुष्ट हुँदैन। अतः हे शम्भु! जसबाट स्त्रीलाई सन्तुष्टि हुन्छ, हजुरले त्यही गर्नु उचित छ॥ ४०॥

संज्ञोवाच

तूर्णं प्रस्थापय प्रीत्या पार्वत्या सह शङ्करम्।
रत्नप्रदीपं ताम्बूलं तल्पं निर्माय निर्जने॥ ४१

संज्ञा भन्दछिन्—[हे सखी!] रत्नदीपक जलाएर एकान्तमा पलंग बिछ्याएर त्यसमाथि सुपारी राखेर परम प्रीतिले शीघ्रतापूर्वक शिवाका साथ शिवलाई स्थापित गर॥ ४१॥

ब्रह्मोवाच

स्त्रीणां तद्वचनं श्रुत्वा ता उवाच शिवः स्वयम्।
निर्विकारश्च भगवान्योगीन्द्राणां गुरोर्गुरुः॥ ४२

ब्रह्मा भन्नुहुन्छ—स्त्रीहरूका यी वचन सुनेर निर्विकार एवं महान् योगीहरूका गुरुका पनि गुरु भगवान् शंकर उनीहरूसित भन्न लाग्नुभयो—॥ ४२॥

शंकर उवाच

देव्यो न ब्रूत वचनमेवंभूतं ममान्तिकम्।
जगतां मातरः साध्व्यः पुत्रे चपलता कथम्॥ ४३

शंकर भन्नुहुन्छ—हे देवीहरू हो! मेरो समीप यस प्रकारका वचनलाई तपाईंहरू नभन्नुहोस्, तपाईंहरू सबै पतिव्रता एवं जगत्‌की माता हुनुहुन्छ, फेरि पुत्रको विषयमा यस प्रकारको चंचलता किन?॥ ४३॥

ब्रह्मोवाच

शङ्करस्य वचः श्रुत्वा लज्जिताः सुरयोषितः।
बभूवुः सम्भ्रमात्तूष्णीं चित्रपुत्तलिका यथा॥ ४४

ब्रह्मा भन्नुहुन्छ—शंकरका यी कुरा सुनेर सबै देवस्त्रीहरू लज्जित भए र सम्भ्रमको कारण चित्रलिखित पुतलीहरू झैँ चुप भए॥ ४४॥

भुक्त्वा मिष्टान्नमाचम्य महेशो हृष्टमानसः।
सकर्पूरं च तांबूलं बुभुजे भार्यया सह॥ ४५

त्यसपछि मिष्टान्न ग्रहण गरी आचमन गरी प्रसन्नचित्त महेशले पार्वतीका साथ कर्पूरयुक्त पानको सेवन गर्नुभयो॥ ४५॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे परिहासवर्णनं नाम पञ्चाशत्तमोऽध्यायः॥ ५०॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा परिहासवर्णन नामक पचासौँ अध्याय पूर्ण भयो॥ ५०॥

अथैकपञ्चाशत्तमोऽध्यायः

रतिको अनुरोधमा श्रीशंकरले कामदेवलाई जीवित पार्नु, देवताहरूद्वारा शिवस्तुति

ब्रह्मोवाच

तस्मिन्नवसरे ज्ञात्वानुकूलं समयं रतिः।
सुप्रसन्ना च तं प्राह शङ्करं दीनवत्सलम्॥ १

ब्रह्मा भन्नुहुन्छ—त्यस अवसरमा अनुकूल समय जानेर प्रसन्नताले पूर्ण रति दीनवत्सल शंकरसित भन्न लागिन्—॥ १॥

रतिरुवाच

गृहीत्वा पार्वतीं प्राप्तं सौभाग्यमतिदुर्लभम्।
किमर्थं प्राणनाथो मे निस्स्वार्थं भस्मसात्कृतः॥ २

रति भन्दछिन्—[हे भगवान्!] पार्वतीलाई ग्रहण गरी हजुरले परम दुर्लभ सौभाग्य प्राप्त गर्नुभयो, तर मेरो प्राणनाथलाई हजुरले व्यर्थै किन भस्म गरिदिनुभयो?॥ २॥

जीवयात्र पतिं मे हि कामव्यापारमात्मनि।
कुरु दूरं च सन्तापं समविश्लेषहेतुकम्॥ ३

आफ्नो मनमा विचार गरी मेरो पतिलाई जीवित गरिदिनुहोस् र समानरूपले वियोगको कारणभूत सन्तापलाई दूर गरिदिनुहोस्॥ ३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विवाहोत्सव एतस्मिन् सुखिनो निखिला जनाः।
अहमेका महेशान दुःखिनी स्वपतिं विना॥ ४

हे महेश्वर! यस विवाहोत्सवमा सबै जना सुखी छन्, केवल म मात्र आफ्नो पतिविना दुःखी छु॥ ४॥

सनाथां कुरु मां देव प्रसन्नो भव शङ्कर।
स्वोक्तं सत्यं विधेहि त्वं दीनबन्धो पर प्रभो॥ ५

हे देव! मलाई सनाथ गर्नुहोस्। हे शंकर! अब हजुर प्रसन्न हुनुहोस्। हे दीनबन्धु! हे परप्रभु! आफ्नो वचनलाई हजुर सत्य गर्नुहोस्॥ ५॥

त्वां विना कः समर्थोऽत्र त्रैलोक्ये सचराचरे।
नाशने मम दुःखस्य ज्ञात्वेति करुणां कुरु॥ ६

यस चराचर त्रिलोकीमा हजुरबाहेक मेरो दुःख दूर गर्नमा को समर्थ छ, यस्तो जानेर ममाथि दया गर्नुहोस्॥ ६॥

सोत्सवे स्वविवाहेऽस्मिन्सर्वानन्दप्रदायिनि।
सोत्सवामपि मां नाथ कुरु दीनकृपाकर॥ ७

हे नाथ! हे दीनहरूप्रति कृपा गर्नुहुने! सबैलाई आनन्द प्रदान गर्ने उत्सवपूर्ण हजुरको यस विवाहमा मलाई पनि आनन्दित गर्नुहोस्॥ ७॥

जीविते मम नाथे हि पार्वत्या प्रियया सह।
सुविहारः प्रपूर्णश्च भविष्यति न संशयः॥ ८

मेरो पति जीवित भएपछि मात्र प्रिया पार्वतीका साथ हजुरको विहार पूर्ण हुनेछ, यसमा सन्देह छैन॥ ८॥

सर्वं कर्तुं समर्थोऽसि यतस्त्वं परमेश्वरः।
किं बहूक्त्यात्र सर्वेश जीवयाशु पतिं मम॥ ९

हजुर सबथोक गर्नमा समर्थ हुनुहुन्छ, किनभने हजुर परमेश्वर हुनुहुन्छ। हे सर्वेश! धेरै के भनूँ, हजुर मेरो पतिलाई चाँडै जीवित गरिदिनुहोस्॥ ९॥

ब्रह्मोवाच

तदित्युक्त्वा कामभस्म ददौ सग्रन्थिबन्धनम्।
रुरोद पुरतः शम्भोर्नाथ नाथेत्युदीर्य च॥ १०

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार भनेर रतिले आफ्नो पटुकामा बाँधिएको कामको खरानी उहाँलाई दिइन् र हे नाथ! हे नाथ! यस्तो भनेर उहाँको सामुन्ने विलाप गर्न लागिन्॥ १०॥

रतिरोदनमाकर्ण्य सरस्वत्यादयः स्त्रियः।
रुरुदुः सकला देव्यः प्रोचुर्दीनतरं वचः॥ ११

रतिको रोदनलाई सुनेर [त्यहाँ उपस्थित] सरस्वती आदि सबै स्त्रीहरू रुन लागे र अत्यन्त दीन वचन भन्न लागे॥ ११॥

देव्य ऊचुः

भक्तवत्सलनामा त्वं दीनबन्धुर्दयानिधिः।
कामं जीवय सोत्साहां रतिं कुरु नमोऽस्तु ते॥ १२

देवीहरू भन्दछन्—[हे प्रभु!] हजुर भक्तवत्सल नामवाला, दीनबन्धु र दयानिधि हुनुहुन्छ, हजुर कामलाई जीवित गरिदिनुहोस् तथा रतिलाई प्रसन्न पारिदिनुहोस्, हजुरलाई नमस्कार छ॥ १२॥

ब्रह्मोवाच

इति तद्वचनं श्रुत्वा प्रसन्नोऽभून्महेश्वरः।
कृपादृष्टिं चकाराशु करुणासागरः प्रभुः॥ १३

ब्रह्मा भन्नुहुन्छ—उनीहरूको यस वचनलाई सुनेर महेश्वर प्रसन्न हुनुभयो। ती करुणासागर प्रभुले तत्काल [उनीप्रति] कृपादृष्टि गर्नुभयो॥ १३॥

सुधादृष्ट्या शूलभृतो भस्मतो निर्गतः स्मरः।
तद्रूपवेषचिह्नात्मा सुन्दरोऽद्भुतमूर्तिमान्॥ १४

शूलधारी शिवका अमृतमयी दृष्टि पर्नासाथ भस्मबाट त्यसै रूप-वेष-चिह्नलाई धारण गरेका, सुन्दर तथा अद्भुत शरीर भएका कामदेव प्रकट भए॥ १४॥

तद्रूपं च तदाकारं सस्मितं सधनुश्शरम्।
दृष्ट्वा पतिं रतिस्तं च प्रणनाम महेश्वरम्॥ १५

त्यसै रूप तथा त्यसै आकार भएका, हास्ययुक्त एवं धनुष-बाणयुक्त [आफ्नो] पतिलाई देखेर रतिले उनलाई तथा महेश्वरलाई प्रणाम गरिन्॥ १५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शतरूपोवाच

भोगं दिव्यं विना भुक्त्वा न हि तुष्येत्क्षुधातुरः।
येन तुष्टिर्भवेच्छंभो तत्कर्तुमुचितं स्त्रियाः॥ ४०

शतरूपा भन्दछिन्—भोकले तड्पिएको व्यक्ति दिव्य सुखको भोग नगरीकन सन्तुष्ट हुँदैन। अतः हे शम्भु! जसबाट स्त्रीलाई सन्तुष्टि हुन्छ, हजुरले त्यही गर्नु उचित छ॥ ४०॥

संज्ञोवाच

तूर्णं प्रस्थापय प्रीत्या पार्वत्या सह शङ्करम्।
रत्नप्रदीपं ताम्बूलं तल्पं निर्माय निर्जने॥ ४१

संज्ञा भन्दछिन्—[हे सखी!] रत्नदीपक जलाएर एकान्तमा पलंग बिछ्याएर त्यसमाथि सुपारी राखेर परम प्रीतिले शीघ्रतापूर्वक शिवाका साथ शिवलाई स्थापित गर॥ ४१॥

ब्रह्मोवाच

स्त्रीणां तद्वचनं श्रुत्वा ता उवाच शिवः स्वयम्।
निर्विकारश्च भगवान्योगीन्द्राणां गुरोर्गुरुः॥ ४२

ब्रह्मा भन्नुहुन्छ—स्त्रीहरूका यी वचन सुनेर निर्विकार एवं महान् योगीहरूका गुरुका पनि गुरु भगवान् शंकर उनीहरूसित भन्न लाग्नुभयो—॥ ४२॥

शंकर उवाच

देव्यो न ब्रूत वचनमेवंभूतं ममान्तिकम्।
जगतां मातरः साध्व्यः पुत्रे चपलता कथम्॥ ४३

शंकर भन्नुहुन्छ—हे देवीहरू हो! मेरो समीप यस प्रकारका वचनलाई तपाईंहरू नभन्नुहोस्, तपाईंहरू सबै पतिव्रता एवं जगत्‌की माता हुनुहुन्छ, फेरि पुत्रको विषयमा यस प्रकारको चंचलता किन?॥ ४३॥

ब्रह्मोवाच

शङ्करस्य वचः श्रुत्वा लज्जिताः सुरयोषितः।
बभूवुः सम्भ्रमात्तूष्णीं चित्रपुत्तलिका यथा॥ ४४

ब्रह्मा भन्नुहुन्छ—शंकरका यी कुरा सुनेर सबै देवस्त्रीहरू लज्जित भए र सम्भ्रमको कारण चित्रलिखित पुतलीहरू झैँ चुप भए॥ ४४॥

भुक्त्वा मिष्टान्नमाचम्य महेशो हृष्टमानसः।
सकर्पूरं च तांबूलं बुभुजे भार्यया सह॥ ४५

त्यसपछि मिष्टान्न ग्रहण गरी आचमन गरी प्रसन्नचित्त महेशले पार्वतीका साथ कर्पूरयुक्त पानको सेवन गर्नुभयो॥ ४५॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे परिहासवर्णनं नाम पञ्चाशत्तमोऽध्यायः॥ ५०॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा परिहासवर्णन नामक पचासौँ अध्याय पूर्ण भयो॥ ५०॥

अथैकपञ्चाशत्तमोऽध्यायः

रतिको अनुरोधमा श्रीशंकरले कामदेवलाई जीवित पार्नु, देवताहरूद्वारा शिवस्तुति

ब्रह्मोवाच

तस्मिन्नवसरे ज्ञात्वानुकूलं समयं रतिः।
सुप्रसन्ना च तं प्राह शङ्करं दीनवत्सलम्॥ १

ब्रह्मा भन्नुहुन्छ—त्यस अवसरमा अनुकूल समय जानेर प्रसन्नताले पूर्ण रति दीनवत्सल शंकरसित भन्न लागिन्—॥ १॥

रतिरुवाच

गृहीत्वा पार्वतीं प्राप्तं सौभाग्यमतिदुर्लभम्।
किमर्थं प्राणनाथो मे निस्स्वार्थं भस्मसात्कृतः॥ २

रति भन्दछिन्—[हे भगवान्!] पार्वतीलाई ग्रहण गरी हजुरले परम दुर्लभ सौभाग्य प्राप्त गर्नुभयो, तर मेरो प्राणनाथलाई हजुरले व्यर्थै किन भस्म गरिदिनुभयो?॥ २॥

जीवयात्र पतिं मे हि कामव्यापारमात्मनि।
कुरु दूरं च सन्तापं समविश्लेषहेतुकम्॥ ३

आफ्नो मनमा विचार गरी मेरो पतिलाई जीवित गरिदिनुहोस् र समानरूपले वियोगको कारणभूत सन्तापलाई दूर गरिदिनुहोस्॥ ३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विवाहोत्सव एतस्मिन् सुखिनो निखिला जनाः।
अहमेका महेशान दुःखिनी स्वपतिं विना॥ ४

हे महेश्वर! यस विवाहोत्सवमा सबै जना सुखी छन्, केवल म मात्र आफ्नो पतिविना दुःखी छु॥ ४॥

सनाथां कुरु मां देव प्रसन्नो भव शङ्कर।
स्वोक्तं सत्यं विधेहि त्वं दीनबन्धो पर प्रभो॥ ५

हे देव! मलाई सनाथ गर्नुहोस्। हे शंकर! अब हजुर प्रसन्न हुनुहोस्। हे दीनबन्धु! हे परप्रभु! आफ्नो वचनलाई हजुर सत्य गर्नुहोस्॥ ५॥

त्वां विना कः समर्थोऽत्र त्रैलोक्ये सचराचरे।
नाशने मम दुःखस्य ज्ञात्वेति करुणां कुरु॥ ६

यस चराचर त्रिलोकीमा हजुरबाहेक मेरो दुःख दूर गर्नमा को समर्थ छ, यस्तो जानेर ममाथि दया गर्नुहोस्॥ ६॥

सोत्सवे स्वविवाहेऽस्मिन्सर्वानन्दप्रदायिनि।
सोत्सवामपि मां नाथ कुरु दीनकृपाकर॥ ७

हे नाथ! हे दीनहरूप्रति कृपा गर्नुहुने! सबैलाई आनन्द प्रदान गर्ने उत्सवपूर्ण हजुरको यस विवाहमा मलाई पनि आनन्दित गर्नुहोस्॥ ७॥

जीविते मम नाथे हि पार्वत्या प्रियया सह।
सुविहारः प्रपूर्णश्च भविष्यति न संशयः॥ ८

मेरो पति जीवित भएपछि मात्र प्रिया पार्वतीका साथ हजुरको विहार पूर्ण हुनेछ, यसमा सन्देह छैन॥ ८॥

सर्वं कर्तुं समर्थोऽसि यतस्त्वं परमेश्वरः।
किं बहूक्त्यात्र सर्वेश जीवयाशु पतिं मम॥ ९

हजुर सबथोक गर्नमा समर्थ हुनुहुन्छ, किनभने हजुर परमेश्वर हुनुहुन्छ। हे सर्वेश! धेरै के भनूँ, हजुर मेरो पतिलाई चाँडै जीवित गरिदिनुहोस्॥ ९॥

ब्रह्मोवाच

तदित्युक्त्वा कामभस्म ददौ सग्रन्थिबन्धनम्।
रुरोद पुरतः शम्भोर्नाथ नाथेत्युदीर्य च॥ १०

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार भनेर रतिले आफ्नो पटुकामा बाँधिएको कामको खरानी उहाँलाई दिइन् र हे नाथ! हे नाथ! यस्तो भनेर उहाँको सामुन्ने विलाप गर्न लागिन्॥ १०॥

रतिरोदनमाकर्ण्य सरस्वत्यादयः स्त्रियः।
रुरुदुः सकला देव्यः प्रोचुर्दीनतरं वचः॥ ११

रतिको रोदनलाई सुनेर [त्यहाँ उपस्थित] सरस्वती आदि सबै स्त्रीहरू रुन लागे र अत्यन्त दीन वचन भन्न लागे॥ ११॥

देव्य ऊचुः

भक्तवत्सलनामा त्वं दीनबन्धुर्दयानिधिः।
कामं जीवय सोत्साहां रतिं कुरु नमोऽस्तु ते॥ १२

देवीहरू भन्दछन्—[हे प्रभु!] हजुर भक्तवत्सल नामवाला, दीनबन्धु र दयानिधि हुनुहुन्छ, हजुर कामलाई जीवित गरिदिनुहोस् तथा रतिलाई प्रसन्न पारिदिनुहोस्, हजुरलाई नमस्कार छ॥ १२॥

ब्रह्मोवाच

इति तद्वचनं श्रुत्वा प्रसन्नोऽभून्महेश्वरः।
कृपादृष्टिं चकाराशु करुणासागरः प्रभुः॥ १३

ब्रह्मा भन्नुहुन्छ—उनीहरूको यस वचनलाई सुनेर महेश्वर प्रसन्न हुनुभयो। ती करुणासागर प्रभुले तत्काल [उनीप्रति] कृपादृष्टि गर्नुभयो॥ १३॥

सुधादृष्ट्या शूलभृतो भस्मतो निर्गतः स्मरः।
तद्रूपवेषचिह्नात्मा सुन्दरोऽद्भुतमूर्तिमान्॥ १४

शूलधारी शिवका अमृतमयी दृष्टि पर्नासाथ भस्मबाट त्यसै रूप-वेष-चिह्नलाई धारण गरेका, सुन्दर तथा अद्भुत शरीर भएका कामदेव प्रकट भए॥ १४॥

तद्रूपं च तदाकारं सस्मितं सधनुश्शरम्।
दृष्ट्वा पतिं रतिस्तं च प्रणनाम महेश्वरम्॥ १५

त्यसै रूप तथा त्यसै आकार भएका, हास्ययुक्त एवं धनुष-बाणयुक्त [आफ्नो] पतिलाई देखेर रतिले उनलाई तथा महेश्वरलाई प्रणाम गरिन्॥ १५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृतार्थाभूच्छिवं देवं तुष्टाव च कृताञ्जलिः।
प्राणनाथप्रदं पत्या जीवितेन पुनः पुनः॥ १६

उनी कृतार्थ भइन् र हात जोडेर [आफ्नो] जीवित पतिका साथ प्राणनाथ [कामदेव]-लाई प्रदान गर्नुहुने देव शंकरको स्तुति गर्न लागिन्॥ १६॥

कामस्य स्तुतिमाकर्ण्य सनारीकस्य शङ्करः।
प्रसन्नोऽभवदत्यंतमुवाच करुणार्द्रधीः॥ १७

पत्नीसहित कामको स्तुति सुनेर भगवान् शंकर अत्यन्त प्रसन्न हुनुभयो र करुणाले आर्द्र भएर भन्न लाग्नुभयो—॥ १७॥

शङ्कर उवाच

प्रसन्नोऽहं तव स्तुत्या सनारीकस्य चित्तज।
स्वयंभव वरं ब्रूहि वाञ्छितं तद् ददामि ते॥ १८

शंकर भन्नुहुन्छ—हे काम! स्त्रीसहित तिम्रो स्तुतिबाट म प्रसन्न छु। हे स्वयम्भव! अब तिमी अभीष्ट वर माग, म तिमीलाई वर दिन्छु॥ १८॥

ब्रह्मोवाच

इति शम्भुवचः श्रुत्वा महानंदः स्मरस्ततः।
उवाच साञ्जलिर्नम्रो गद्गदाक्षरया गिरा॥ १९

ब्रह्मा भन्नुहुन्छ—शिवका यस्ता वचन सुनेर कामदेव अत्यन्त प्रसन्न भए र विनम्र भएर हात जोडेर गद्‌गद वाणीमा भने—॥ १९॥

काम उवाच

देवदेव महादेव करुणासागर प्रभो।
यदि प्रसन्नः सर्वेश ममानन्दकरो भव॥ २०

कामदेव भन्दछन्—हे देवदेव! हे महादेव! हे करुणासागर! हे प्रभु! हे सर्वेश! यदि हजुर प्रसन्न हुनुहुन्छ भने मलाई आनन्द प्रदान गर्नुहोस्॥ २०॥

क्षमस्व मेऽपराधं हि यत्कृतश्च पुरा प्रभो।
स्वजनेषु परां प्रीतिं भक्तिं देहि स्वपादयोः॥ २१

हे प्रभु! मैले पूर्व समयमा जुन अपराध गरेको थिएँ, त्यसलाई क्षमा गर्नुहोस्। स्वजनहरूमा परम प्रीति र हजुरका चरणहरूमा भक्ति दिनुहोस्॥ २१॥

ब्रह्मोवाच

इत्याकर्ण्य स्मरवचः प्रसन्नः परमेश्वरः।
ओमित्युक्त्वाब्रवीत्तं वै विहसन्करुणानिधिः॥ २२

ब्रह्मा भन्नुहुन्छ—कामदेवका यी कुरा सुनेर करुणासागर परमेश्वर प्रसन्न भई 'तथास्तु'—यस्तो भनेर हाँस्तै उनीसित पुनः भन्न लाग्नुभयो—॥ २२॥

ईश्वर उवाच

हे कामाहं प्रसन्नोऽस्मि भयं त्यज महामते।
गच्छ विष्णुसमीपं च बहिःस्थाने स्थितो भव॥ २३

ईश्वर भन्नुहुन्छ—हे काम! हे महामति! म तिमीप्रति प्रसन्न छु, तिमी भय त्याग गर र विष्णुका समीप जाऊ तथा बाहिर स्थिर होऊ॥ २३॥

ब्रह्मोवाच

तच्छ्रुत्वा शिरसा नत्वा परिक्रम्य स्तुवन्विभुम्।
बहिर्गत्वा हरिं देवान् प्रणम्य समुपास्त सः॥ २४

ब्रह्मा भन्नुहुन्छ—यो सुनेर ती कामदेव शिर झुकाएर प्रभुलाई प्रणाम र परिक्रमा गरी उहाँको स्तुति गर्दै बाहिर गएर विष्णु एवं अन्य देवताहरूलाई प्रणाम गरी उहाँको उपासना गर्न लागे॥ २४॥

कामं सम्भाष्य देवाश्च ददुस्तस्मै शुभाशिषम्।
विष्ण्वादयः प्रसन्नास्ते प्रोचुः स्मृत्वा शिवं हृदि॥ २५

देवताहरूले कामदेवसित सम्भाषण गरी कल्याणकारी आशीष प्रदान गरे, यसपछि प्रसन्नतापूर्वक हृदयमा शिवको स्मरण गरी ती विष्णु आदि उनीसित भन्न लागे—॥ २५॥

देवा ऊचुः

धन्यस्त्वं स्मर सन्दग्धः शिवेनानुग्रहीकृतः।
जीवयामास सत्त्वांशकृपादृष्ट्याखिलेश्वरः॥ २६

देवता भन्दछन्—हे काम! तिमी धन्य छौ, जो शिवद्वारा दग्ध भएपछि पनि उहाँको अनुग्रह-पात्र बन्यौ र अखिलेश्वरले सात्त्विक कृपादृष्टिबाट तिमीलाई जीवित गरिदिनुभयो॥ २६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुखदुःखदो न चान्योऽस्ति यतः स्वकृतभुक् पुमान्।
काले रक्षा विवाहश्च निषेकः केन वार्यते॥ २७

कोही पनि कसैलाई सुख-दुःख दिनेवाला छैन, पुरुष स्वयं आफूद्वारा गरिएको कर्मको फल भोग्छ। समय आएपछि रक्षा, विवाह तथा जन्म हुन्छ, त्यसलाई कसले रोक्न सक्छ?॥ २७॥

ब्रह्मोवाच

इत्युक्त्वा ते च सम्मान्य तं सुखेनामरास्तदा।
सन्तस्थुस्तत्र विष्ण्वाद्याः सर्वे लब्धमनोरथाः॥ २८

ब्रह्मा भन्नुहुन्छ—यस्तो भनेर उनको सत्कार गरी सफल मनोरथ भएका ती सबै विष्णु आदि देवगण सुखपूर्वक त्यहीँ स्थित भए॥ २८॥

सोऽपि प्रमुदितस्तत्र समुवास शिवाज्ञया।
जयशब्दो नमःशब्दः साधुशब्दो बभूव ह॥ २९

कामदेवले पनि प्रमुदित भएर शिवको आज्ञाले त्यहीँ निवास गरे। त्यस समय जय शब्द, नमःशब्द र साधु शब्द हुन लाग्यो॥ २९॥

ततः शम्भुर्वासगेहे वामे संस्थाप्य पार्वतीम्।
मिष्टान्नं भोजयामास तं च सा च मुदान्विता॥ ३०

त्यसपछि शिवले आफ्नो निवासगृहमा पार्वतीलाई बायाँतिर बसाएर उहाँलाई मिष्टान्न भोजन गराउनुभयो र उहाँले पनि परम प्रसन्न भएर ती शिवलाई भोजन गराउनुभयो॥ ३०॥

अथ शम्भुर्भवाचारी तत्र कृत्यं विधाय तत्।
मेनामामन्त्र्य शैलं च जनवासं जगाम सः॥ ३१

यस प्रकार लोकाचारमा लाग्नुभएका ती शम्भु त्यहाँको कृत्य गरी मेना तथा हिमालयबाट आज्ञा लिएर जनवासमा जानुभयो॥ ३१॥

महोत्सवस्तदा चासीद् वेदध्वनिरभून्मुने।
वाद्यानि वादयामासुर्जनाश्चतुर्विधानि च॥ ३२

हे मुनि! त्यस समय महोत्सव हुन लाग्यो, वेदध्वनि हुन लाग्यो तथा मानिसहरू चारै प्रकारका बाजा* बजाउन लागे॥ ३२॥

शम्भुरागत्य स्वस्थानं ववन्दे च मुनींस्तदा।
हरिं च मां भवाचाराद्वन्दितोऽभूत्सुरादिभिः॥ ३३

शिवले आफ्नो स्थानमा आएर मुनिहरूलाई, मलाई तथा विष्णुलाई प्रणाम गर्नुभयो। देवता आदिले लोकाचारको कारण उहाँलाई पनि प्रणाम गरे॥ ३३॥

जयशब्दो बभूवाथ नमशशब्दस्तथैव च।
वेदध्वनिश्च शुभदः सर्वविघ्नविदारणः॥ ३४

त्यस समय जय शब्द र नमः शब्दको उच्चारण हुन लाग्यो र सबै प्रकारका विघ्नहरूलाई दूर गर्ने मंगलदायिनी वेदध्वनि हुन लाग्यो॥ ३४॥

अथ विष्णुरहं शक्रः सर्वे देवाश्च सर्षयः।
सिद्धा उपसुरा नागास्तुष्टुवुस्ते पृथक्पृथक्॥ ३५

विष्णु, म, इन्द्र, सबै देवगण, ऋषि, सिद्ध, उपदेव एवं नाग अलग-अलग शिवको स्तुति गर्न लाग्याँ—॥ ३५॥

देवा ऊचुः

जय शम्भोऽखिलाधार जय नाम महेश्वर।
जय रुद्र महादेव जय विश्वम्भर प्रभो॥ ३६

देवता भन्दछन्—हे शंकर! हे सर्वाधार! हजुरको जय होस्। हे महेश्वर! हजुरको जय होस्। हे रुद्र! हे महादेव! हे विश्वम्भर! हे प्रभु! हजुरको

* अमरकोशमा जुन चार प्रकारका बाजा बताइएको छ, संसारका सबै प्राचीन अथवा अर्वाचीन वाद्य तिनै अन्तर्गत छन्। तिनका नाम यस प्रकार छन्—तत, आनद्ध, सुषिर र घन। 'तत' त्यो बाजा हो, जसमा तारको विस्तार हुन्छ—जस्तै वीणा, सितार आदि। जसमा छाला मोरेर कसिएको हुन्छ, त्यसलाई 'आनद्ध' भनिन्छ—जस्तै ढोल, मृदंग, दमाहा आदि। जसमा प्वाल हुन्छ र त्यसमा हावा भरिएर स्वर निस्कन्छ, त्यसलाई 'सुषिर' भनिन्छ—जस्तै बाँसुरी, शंख, विगुल, हारमोनियम आदि। काँसका झ्याली आदिलाई 'घन' भनिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जय कालीपते स्वामिन् जयानन्दप्रवर्धक।
जय त्र्यम्बक सर्वेश जय मायापते विभो॥ ३७

जय होस्। हे कालीपति! हे स्वामी! हे आनन्दप्रवर्धक! हजुरको जय होस्। हे त्र्यम्बक! हे सर्वेश! हजुरको जय होस्। हे मायापति! हे विभु! हजुरको जय होस्॥ ३६-३७॥

जय निर्गुण निष्काम कारणातीत सर्वग।
जय लीलाखिलाधार धृतरूप नमोऽस्तु ते॥ ३८

हे निर्गुण! हे निष्काम! हे कारणातीत! हे सर्वग! हजुरको जय होस्। हे सम्पूर्ण लीलाहरूका आधार! हजुरको जय होस्। हे अवतार धारण गर्नुहुने! हजुरलाई नमस्कार छ॥ ३८॥

जय स्वभक्तसत्कामप्रदेश करुणाकर।
जय सानन्दसद्रूप जय मायागुणाकृते॥ ३९

आफ्ना भक्तहरूका कामनालाई पूर्ण गर्नुहुने हे ईश! हे करुणासागर! हजुरको जय होस्। हे आनन्दमय! हे सुन्दररूपवाला! हजुरको जय होस्। हे मायाले सगुण रूप धारण गर्नुहुने! हजुरको जय होस्॥ ३९॥

जयोग्र मृड सर्वात्मन् दीनबन्धो दयानिधे।
जयाविकार मायेश वाङ्मनोऽतीतविग्रह॥ ४०

हे उग्र! हे मृड! हे सर्वात्मन्! हे दीनबन्धु! हे दयानिधे! हजुरको जय होस्। हे अविकार! हे मायेश! हे वाणी तथा मनबाट अतीत स्वरूपवाला! हजुरको जय होस्॥ ४०॥

ब्रह्मोवाच

इति स्तुत्वा महेशानं गिरिजानायकं प्रभुम्।
सिषेविरे परप्रीत्या विष्ण्वाद्यास्ते यथोचितम्॥ ४१

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] यस प्रकार गिरिजापति महेश्वर प्रभुको स्तुति गरी ती विष्णु आदि देवगण परम प्रीतिले शिवको यथोचित सेवा गर्न लागे॥ ४१॥

अथ शम्भुर्महेशानो लीलात्ततनुरीश्वरः।
ददौ मानवरं तेषां सर्वेषां तत्र नारद॥ ४२

हे नारद! तब लीलाले शरीर धारण गर्नुहुने महेश्वर भगवान् शम्भुले ती सबलाई श्रेष्ठ सम्मान प्रदान गर्नुभयो॥ ४२॥

विष्ण्वाद्यास्तेऽखिलास्तात प्राप्याज्ञां परमेशितुः।
अतिहृष्टाः प्रसन्नास्याः स्वस्थानं जग्मुरादृताः॥ ४३

हे तात! यसपछि ती विष्णु आदि सबै जना महेश्वरको आज्ञा प्राप्त गरी अत्यन्त हर्षित, प्रसन्नमुख तथा सम्मानित भएर आ-आफ्नो स्थानमा गए॥ ४३॥

इति श्रीशिवमहापुराणे ब्रह्मनारदसंवादे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे कामसंजीवनवर्णनं नामैकपञ्चाशत्तमोऽध्यायः॥ ५१॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा कामसंजीवनवर्णन नामक एकाउन्नौँ अध्याय पूर्ण भयो॥ ५१॥

अथ द्विपञ्चाशत्तमोऽध्यायः

हिमालयद्वारा सबै जन्तीलाई भोजन गराउनु, विश्वकर्माद्वारा निर्मित वासगृहमा शयन गरी प्रातःकाल जनवासमा शिवको आगमन

ब्रह्मोवाच

अथ शैलवरस्तात हिमवान्भाग्यसत्तमः।
प्राङ्गणं रचयामास भोजनार्थं विचक्षणः॥ १

ब्रह्मा भन्नुहुन्छ—हे तात! यसपछि भाग्यवान् एवं बुद्धिमान् पर्वतश्रेष्ठ हिमालयले सबैलाई भोजन गराउनका लागि आँगनलाई सजाए॥ १॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मार्जनं लेपनं सम्यक्कारयामास तस्य सः।
स सुगन्धैरलञ्चक्रे नानावस्तुभिरादरात्॥ २

उनले राम्रो प्रकारले त्यसको मार्जन तथा लिपपोत गराए र अनेक प्रकारका सुगन्धित वस्तुहरूले आदरपूर्वक त्यसलाई अलंकृत गराए॥ २॥

अथ शैलः सुरान् सर्वानन्यानपि च सेश्वरान्।
भोजनायाह्वयामास पुत्रैः शैलैः परैरपि॥ ३

त्यसपछि आफ्ना पुत्रहरू तथा अन्य पर्वतहरूद्वारा शंकर-सहित सबै देवगण तथा अन्य जनहरूलाई भोजनका लागि बोलाए॥ ३॥

शैलाह्वानमथाकर्ण्य स प्रभुः साच्युतो मुने।
सर्वैः सुरादिभिस्तत्र भोजनाय ययौ मुदा॥ ४

हे मुनि! हिमालयको आमन्त्रणलाई सुनेर विष्णु तथा सबै देवता आदिका साथ ती प्रभु प्रसन्नताका साथ भोजनका लागि त्यहाँ जानुभयो॥ ४॥

गिरिः प्रभुं च सर्वांस्तान् सुसत्कृत्य यथाविधि।
मुदोपवेशयामास सत्पीठेषु गृहान्तरे॥ ५

नानासुभोज्यवस्तूनि परिवेष्य च तत्पुनः।
साञ्जलिर्भोजनायाज्ञां चक्रे विज्ञप्तिमानतः॥ ६

हिमालयले प्रभु तथा ती सबै देवगणहरूको यथोचित सत्कार गरी घरभित्र उत्तम आसनमा प्रसन्नताका साथ बसाए र उनले अनेक प्रकारका सुभोज्य वस्तुहरूलाई पस्किएर नम्रतापूर्वक हात जोडेर भोजनका लागि प्रार्थना गरे॥ ५-६॥

अथ सम्मानितास्तत्र देवा विष्णुपुरोगमाः।
सदाशिवं पुरस्कृत्य बुभुजुः सकलाश्च ते॥ ७

त्यसपछि विष्णु आदि सबै देवता [हिमालयसित] यस प्रकार सम्मानित भएर सदाशिवलाई अघि गरी भोजन गर्न लागे॥ ७॥

तदा सर्वे हि मिलिता ऐकपद्येन सर्वशः।
पंक्तिभूताश्च बुभुजुर्विहसन्तः पृथक्पृथक्॥ ८

त्यस समय सबै देवगण मिलेर एकै साथ पंक्तिबद्ध भएर [परस्पर] हास्य गर्दै अलग-अलग भोजन गर्न लागे॥ ८॥

नन्दिभृंगिवीरभद्रवीरभद्रगणाः पृथक्।
बुभुजुस्ते महाभागाः कुतूहलसमन्विताः॥ ९

महाभाग नन्दी, भृंगी, वीरभद्र तथा वीरभद्रका गण पृथक् भएर कौतूहलमा भरिएर भोजन गर्न लागे॥ ९॥

देवाः सेन्द्रा लोकपाला नानाशोभासमन्विताः।
बुभुजुस्ते महाभागा नानाहास्यरसैस्सह॥ १०

अनेक प्रकारका शोभाले सम्पन्न महाभाग इन्द्र आदि लोकपाल तथा देवगण अनेक प्रकारका हास-परिहासका साथ भोजन गर्न लागे॥ १०॥

सर्वे च मुनयो विप्रा भृग्वाद्या ऋषयस्तथा।
बुभुजुः प्रीतितः सर्वे पृथक् पंक्तिगतास्तदा॥ ११

सबै मुनि, ब्राह्मण तथा भृगु आदि ऋषिगण आनन्दका साथ पृथक् पंक्तिमा बसेर भोजन गर्न लागे॥ ११॥

तथा चण्डीगणाः सर्वे बुभुजुः कृतभोजनाः।
कुतूहलं प्रकुर्वन्तो नानाहास्यकरा मुदा॥ १२

यसै प्रकार चण्डीका सबै गणले पनि भोजन गरे। ती भोजन पश्चात प्रसन्नतापूर्वक कौतूहल गर्दै अनेक प्रकारका हास-परिहास गरिरहेका थिए॥ १२॥

एवं ते भुक्तवन्तश्चाचम्य सर्वे मुदान्विताः।
विश्रामार्थं गताः प्रीत्या विष्ण्वाद्याः स्वं स्वमाश्रमम्॥ १३

यसरी विष्णु आदि ती सबै देवताहरूले आनन्दका साथ भोजन गरे, फेरि आचमन गरी विश्रामका लागि ती प्रसन्नतापूर्वक आ-आफ्नो निवासस्थानमा गए॥ १३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेनाज्ञया स्त्रियः साध्व्यः शिवं सम्प्रार्थ्य भक्तितः।
गेहे निवासयामासुर्वासाख्ये परमोत्सवे॥ १४

रत्नसिंहासने शम्भुः मेनादत्ते मनोहरे।
सन्निधाय मुदा युक्तो ददृशे वासमन्दिरम्॥ १५

रत्नप्रदीपशतकैर्ज्वलद्भिर्ज्वलितं श्रिया।
रत्नपात्रघटाकीर्णं मुक्तामणिविराजितम्॥ १६

रत्नदर्पणशोभाढ्यं मण्डितं श्वेतचामरैः।
मुक्तामणिसुमालाभिर्वेष्टितं परमर्द्धिमत्॥ १७

अनौपम्यं महादिव्यं विचित्रं सुमनोहरम्।
चित्ताह्लादकरं नानारचनारचितस्थलम्॥ १८

शिवदत्तवरस्यैव प्रभावमतुलं परम्।
दर्शयन्तं समुल्लासि शिवलोकाभिधानकम्॥ १९

नानासुगन्धसद्द्रव्यैर्वासितं सुप्रकाशकम्।
चन्दनागरुसंयुक्तं पुष्पशय्यासमन्वितम्॥ २०

नानाचित्रविचित्राढ्यं निर्मितं विश्वकर्मणा।
रत्नेन्द्रसाररचितैराचितं हारकैर्वरैः॥ २१

कुत्रचित्सुरनिर्माणं वैकुण्ठं सुमनोहरम्।
कुत्रचिच्च ब्रह्मलोकं लोकपालपुरं क्वचित्॥ २२

कैलासं कुत्रचिद्रम्यं कुत्रचिच्छक्रमन्दिरम्।
कुत्रचिच्छिवलोकं च सर्वोपरि विराजितम्॥ २३

एतादृशं गृहं सर्वं दृष्ट्वाश्चर्यं महेश्वरः।
प्रशंसन् हिमशैलेशं परितुष्टो बभूव ह॥ २४

तत्रातिरमणीये च रत्नपर्यङ्क उत्तमे।
अशयिष्ट मुदा युक्तो लीलया परमेश्वरः॥ २५

यता, मेनाको आज्ञाले सबै पतिव्रता स्त्रीहरू भक्तिपूर्वक शिवलाई प्रार्थना गरी वास नामक परमानन्ददायक निवासगृहमा लिएर गए॥ १४॥

त्यहाँ मेनाद्वारा दिइएका मनोहर रत्नको सिंहासनमा बसेर प्रसन्नतापूर्वक शिव वासगृह हेर्न लाग्नुभयो॥ १५॥

त्यो गृह सयकडौँ बल्दै गरेको रत्नदीपकहरूले प्रकाशित तथा शोभासम्पन्न थियो, त्यहाँ अनेक प्रकारका रत्नहरूका पात्र विराज रहेका थिए, त्यसमा ठाउँ–ठाउँ मोती तथा मणिहरू लगाइएका थिए। त्यो रत्नहरूका दर्पणको शोभाले युक्त थियो, त्यो सेतो वर्णका चँवरहरूले मण्डित थियो, त्यसमा मोतिहरू र मणिहरूका मालाहरू लगाएका थिए। त्यो परम ऐश्वर्यले सम्पन्न, अनुपम, महादिव्य, विचित्र, अत्यन्त मनोहर तथा चित्तलाई प्रसन्न गर्ने खालको थियो र त्यसका प्रत्येक ठाउँमा नाना प्रकारका कारीगरी गरिएका थिए॥ १६—१८॥

त्यो गृह शिवद्वारा दिइएका वरको अतुलनीय प्रभाव प्रकट गरिरहेको थियो र शोभाले सम्पन्न हुनाको कारण त्यस गृहको शिवलोक नामकरण गरिएको थियो॥ १९॥

त्यो अनेक प्रकारका सुगन्धित उत्तम द्रव्यहरूले सुवासित, उत्तम प्रकाशले युक्त, चन्दन–अगरुयुक्त तथा पुष्पको शय्याले समन्वित थियो॥ २०॥

त्यो गृह विश्वकर्माद्वारा रचित नाना प्रकारका चित्रहरूको विचित्रताले युक्त थियो, त्यसमा सबै उत्तम रत्नहरूका सारहरूबाट रचित श्रेष्ठ हारहरूको थुप्रो लागेको थियो॥ २१॥

कहीँ देवताहरूका लागि अत्यन्त मनोहर वैकुण्ठ बनेका थिए, कहीँ ब्रह्मलोक बनेका थिए, कहीँ लोकपालहरूका पुर बनेका थिए, कहीँ मनोहर कैलास बनेका थिए, कहीँ इन्द्रको मन्दिर बनेका थिए र कहीँ सबैको माथि शिवलोक सुशोभित भइरहेको थियो॥ २२–२३॥

आश्चर्यचकित पार्ने यस्तो घरलाई देखेर शिव गिरिराज हिमालयको प्रशंसा गर्दै परम प्रसन्न हुनुभयो॥ २४॥

त्यसपछि शिवले परम रमणीय तथा उत्तम रत्न-पलङमा प्रसन्न भई लीलापूर्वक शयन गर्नुभयो॥ २५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिमाचलश्च स्वभ्रातॄन्भोजयामास कृत्स्नशः।
सर्वानन्यांश्च सुप्रीत्या शेषकृत्यं चकार ह॥ २६

एवं कुर्वति शैलेशे स्वपिति प्रेष्ठ ईश्वरे।
व्यतीता रजनी सर्वा प्रातःकालो बभूव ह॥ २७

अथ प्रभातकाले च धृत्युत्साहपरायणाः।
नानाप्रकारवाद्यानि वादयाञ्चक्रिरे जनाः॥ २८

सर्वे सुराः समुत्तस्थुर्विष्णवाद्याः सुमुदान्विताः।
स्वेष्टं संस्मृत्य देवेशं सज्जीभूताः ससंभ्रमाः॥ २९

स्ववाहनानि सज्जानि कैलासं गन्तुमुत्सुकाः।
कृत्वा सम्प्रेषयामासुर्धर्मं शिवसमीपतः॥ ३०

वासगेहमथागत्य धर्मो नारायणाज्ञया।
उवाच शंकरं योगी योगीशं समयोचितम्॥ ३१

धर्म उवाच

उत्तिष्ठोत्तिष्ठ भद्रं ते भव नः प्रमथाधिप।
जनावासं समागच्छ कृतार्थं कुरु तत्र तान्॥ ३२

ब्रह्मोवाच

इति धर्मवचः श्रुत्वा विजहास महेश्वरः।
ददर्श कृपया दृष्ट्या तल्पमुज्झाञ्चकार ह॥ ३३
उवाच विहसन् धर्मं त्वमग्रे गच्छ तत्र ह।
अहमप्यागमिष्यामि द्रुतमेव न संशयः॥ ३४

ब्रह्मोवाच

इत्युक्तः शंकरेणाथ जनावासं जगाम सः।
स्वयं गन्तुमना आसीत्तत्र शम्भुरपि प्रभुः॥ ३५
तज्ज्ञात्वा स्त्रीगणः सोऽसौ तत्रागच्छन्महोत्सवः।
चक्रे मङ्गलगानं हि पश्यन् शम्भुपदद्वयम्॥ ३६
अथ शम्भुर्भवाचारी प्रातःकृत्यं विधाय च।
मेनामामन्त्र्य कुध्रं च जनावासं जगाम सः॥ ३७

महोत्सवस्तदा चासीद्वेदध्वनिरभून्मुने।
वाद्यानि वादयामासुर्जनाश्चतुर्विधानि च॥ ३८

शम्भुरागत्य स्वस्थानं ववन्दे च मुनींस्तदा।
हरिं च मां भवाचाराद् वन्दितोऽभूत्सुरादिभिः॥ ३९

हिमालयले आफ्ना सबै भाइहरूलाई तथा अन्य जनहरूलाई बडो प्रेमले भोजन गराए तथा बाँकी कार्य पूर्ण गरे॥ २६॥

यस प्रकार हिमालयले सबै कार्य पूर्ण गर्दै एवं ईश्वर शिवको शयन गर्दै सारा रात बित्यो र प्रभातकाल उपस्थित भयो॥ २७॥

तब प्रातःकाल भएपछि धैर्य एवं उत्साहित व्यक्ति अनेक प्रकारका बाजा बजाउन लागे॥ २८॥

विष्णु आदि सबै देवगण उठे र आफ्ना इष्टदेव शंकरको स्मरण गरी प्रसन्नताका साथ चाँडै सज्जित भएर तयार भए। आ-आफ्नो वाहनहरूलाई सजाएर कैलास जानका लागि उत्सुक उनीहरूले शिवको समीप धर्मलाई पठाए। तत्पश्चात् नारायणको आज्ञाले निवासगृहमा गएर योगी धर्म योगीश्वर शंकरसित समयोचित वचन भन्न लागे—॥ २९—३१॥

धर्म भन्नुहुन्छ—हे भव! उठ्नुहोस्, उठ्नुहोस्, हजुरको कल्याण होस्। हे प्रमथाधिप! जनवासमा हिँड्नुहोस् र त्यहाँ ती सबैलाई कृतार्थ गर्नुहोस्॥ ३२॥

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] धर्मराजका यी वचनलाई सुनेर शिव हाँस्नुभयो। उहाँले कृपादृष्टिले धर्मतिर हेर्नुभयो र शय्याको परित्याग गर्नुभयो। उहाँ हाँस्तै धर्मसित भन्न लाग्नुभयो—तिमी जाँदै गर, म पनि त्यहाँ चाँडै आउने छु, यसमा सन्देह छैन॥ ३३-३४॥

ब्रह्मा भन्नुहुन्छ—शंकरद्वारा यस प्रकार भनिएपछि धर्मराज जनवासमा गए र त्यसपछि स्वयं प्रभु शंकर पनि त्यहाँ जाने विचार गर्न लाग्नुभयो॥ ३५॥

यसलाई जानेर स्त्रीहरू आनन्दित भएर त्यहाँ पुगे र शिवका दुवै चरणहरूलाई हेर्दै मंगलगान गर्न लागे। यसपछि ती शिव लोकाचार प्रदर्शित गर्दै प्रातःकृत्य गरी मेना एवं पर्वतराजसित आज्ञा लिएर जनवासमा जानुभयो॥ ३६-३७॥

हे मुनि! त्यस समय महोत्सव हुन लाग्यो, वेदध्वनि हुन लाग्यो र मानिसहरू चारै प्रकारका बाजा बजाउन लागे॥ ३८॥

शिवले आफ्नो स्थानमा आएर मुनिहरूलाई, मलाई तथा विष्णुलाई प्रणाम गर्नुभयो तथा देवता आदिले लौकिक आचारवश उहाँको वन्दना गरे॥ ३९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जयशब्दो बभूवाथ नमःशब्दस्तथैव च।
वेदध्वनिश्च शुभदो महाकोलाहलोऽभवत्॥ ४०

[त्यस समय चारैतिर] जय शब्द, नमः शब्द र मंगलदायक वेदध्वनि हुन लाग्यो, यस प्रकार त्यहाँ महान् कोलाहल व्याप्त भयो॥ ४०॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे वरवर्गभोजन-शिवशयनवर्णनं नाम द्विपञ्चाशत्तमोऽध्यायः॥ ५२॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा वरवर्गको भोजन र शिवशयन-वर्णन नामक बाउन्नौँ अध्याय पूर्ण भयो॥ ५२॥

अथ त्रिपञ्चाशत्तमोऽध्यायः

चतुर्थीकर्म, जन्तीको केही दिन बसाई, सप्तर्षिहरूले सम्झाएपछि हिमालय जन्तीलाई विदा गर्नका लागि राजी हुनु, मेनाले शिवलाई आफ्नी कन्या सुम्पनु तथा जन्ती नगर बाहिर गएर बस्नु

ब्रह्मोवाच

अथ विष्ण्वादयो देवा मुनयश्च तपोधनाः।
कृत्वावश्यककर्माणि यात्रां सन्तेनिरे गिरेः॥ १

ततो गिरिवरः स्नात्वा स्वेष्टं सम्पूज्य यत्नतः।
पौरबन्धून्समाहूय जनवासं ययौ मुदा॥ २

तत्र प्रभुं प्रपूज्याथ चक्रे सम्प्रार्थनां मुदा।
कियद्दिनानि सन्तिष्ठ मद्गेहे सकलैः सह॥ ३

विलोकनेन ते शम्भो कृतार्थोऽहं न संशयः।
धन्यश्च यस्य मद्गेहे आयातोऽसि सुरैः सह॥ ४

ब्रह्मोवाच

इत्युक्त्वा बहु शैलेशः करौ बद्ध्वा प्रणम्य च।
प्रभुं निमन्त्रयामास सह विष्णुसुरादिभिः॥ ५

अथ ते मनसा गत्वा शिवं संयुतमादरात्।
प्रत्यूचुर्मुनयो देवा हृष्टा विष्णुसुरादिभिः॥ ६

देवा ऊचुः

धन्यस्त्वं गिरिशार्दूल तव कीर्तिर्महीयसी।
त्वत्समो न त्रिलोकेषु कोऽपि पुण्यतमो जनः॥ ७
यस्य द्वारि महेशानः परब्रह्म सतां गतिः।
समागतः सदासैश्च कृपया भक्तवत्सलः॥ ८

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] त्यसपछि विष्णु आदि सबै देवगण एवं तपोधन मुनिगण आवश्यक कर्म गरी हिमालयबाट प्रस्थान गर्ने उपक्रम गर्न लागे॥ १॥ हिमालय पनि स्नान गरी आफ्ना इष्टदेवको यत्नपूर्वक पूजा गरी नगरवासी एवं बन्धुवर्गलाई बोलाएर प्रसन्नतापूर्वक जनवासमा गए। उनले शंकरको विधिवत् पूजा गरी आनन्दपूर्वक प्रार्थना गरे—हजुर यी सबैका साथ केही दिनसम्म मेरो घरमा निवास गर्नुहोस्॥ २-३॥

हे शम्भु! हजुरको दर्शनले म कृतार्थ तथा धन्य भएको छु, यसमा संशय छैन, जो कि हजुर देवताहरूका साथ मेरो घरमा आउनुभएको छ॥ ४॥

ब्रह्मा भन्नुहुन्छ—शैलराजले यस प्रकार धेरै भनेर दुवै हात जोडेर प्रणाम गरी विष्णु आदि देवगणहरूका साथ प्रभुलाई आमन्त्रित गरे। तत्पश्चात् आदरका साथ मनमा शिवको ध्यान गरी विष्णु सहित देवता तथा मुनिगण प्रसन्नतापूर्वक हिमालयसित भन्न लागे—॥ ५-६॥

देवता भन्दछन्—हे गिरिराज! तपाईं धन्य हुनुहुन्छ र तपाईंको कीर्ति महान् छ, तीनै लोकमा तपाईं समान पुण्यात्मा कुनै व्यक्ति छैन, जसको द्वारमा सज्जनहरूलाई गति दिनुहुने, भक्तवत्सल एवं परब्रह्म महेश्वर आफ्ना सेवकहरूका साथ कृपा गरी पाल्नुभयो॥ ७-८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जनावासोऽतिरम्यश्च सम्मानो विविधः कृतः।
भोजनानि त्वपूर्वाणि न वर्ण्यानि गिरीश्वर॥ ९

चित्रं न खलु तत्रास्ति यत्र देवी शिवाम्बिका।
परिपूर्णमशेषं च वयं धन्या यदागताः॥ १०

ब्रह्मोवाच

इत्थं परस्परं तत्र प्रशंसाभवदुत्तमा।
उत्सवो विविधो जातो वेदसाधुजयध्वनिः॥ ११

अभून्मङ्गलगानं च ननर्ताप्सरसाङ्गणः।
नुतिं चक्रुर्मागधाद्या द्रव्यदानमभूद् बहु॥ १२

तत आमन्त्र्य देवेशं स्वगेहमगमद्गिरिः।
भोजनोत्सवमारेभे नानाविधिविधानतः॥ १३

भोजनार्थं प्रभुं प्रीत्यानयामास यथोचितम्।
परिवारसमेतं च सकुतूहलमीश्वरम्॥ १४
प्रक्षाल्य चरणौ शम्भोर्विष्णोर्मम वरादरात्।
सर्वेषाममराणां च मुनीनां च यथार्थतः॥ १५

परेषां च गतानां च गिरीशो मण्डपान्तरे।
आसयामास सुप्रीत्या तांस्तान्बन्धुभिरन्वितः॥ १६
सुरसैर्विविधान्नैश्च तर्पयामास तान् गिरिः।
बुभुजुर्निखिलास्ते वै शम्भुना विष्णुना मया॥ १७

तदानीं पुरनार्यश्च गालीदानं व्यधुर्मुदा।
मृदुवाण्या हसन्त्यश्च पश्यन्त्यो यत्नतश्च तान्॥ १८

ते भुक्त्वाचम्य विधिवद्गिरिमामन्त्र्य नारद।
स्वस्थानं प्रययुः सर्वे मुदितास्तृप्तिमागताः॥ १९

इत्थं तृतीये घस्त्रेऽपि मानितास्तेऽभवन्मुने।
गिरीश्वरेण विधिवद्दानमानादरादिभिः॥ २०
चतुर्थे दिवसे प्राप्ते चतुर्थीकर्म शुद्धितः।

तपाईंले [हामीहरूलाई बस्नका लागि] मनोहर जनवास दिनुभयो एवं विविध सम्मान गर्नुभयो। हे गिरीश्वर! तपाईंले यस्तो उत्तम भोजन दिनुभयो, जुन अवर्णनीय छन्॥ ९॥

त्यहाँ कुनै आश्चर्य छैन, जहाँ [साक्षात्] अम्बिका शिवादेवी हुनुहुन्छ। सबथोक सर्वथा परिपूर्ण छ, केही पनि बाँकी रहेन, हामीहरू धन्य छौँ, जो यहाँ आए॥ १०॥

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] यस प्रकार त्यहाँ परस्पर एक-अर्काको उत्तम प्रशंसा भयो। त्यस समय वैदिक मन्त्र, साधु तथा जय शब्दको ध्वनि हुन लाग्यो र नाना प्रकारका उत्सव हुन लाग्यो॥ ११॥

मंगलगान हुन लाग्यो, अप्सराहरू नाच्न लागे, मागध स्तुति गर्न लागे र द्रव्यहरूको पर्याप्त दान भयो॥ १२॥

तत्पश्चात् देवेशलाई आमन्त्रण गरी हिमालय आफ्नो घर गए र अनेक विधि-विधानहरूले भोजनोत्सवको तयारी गर्न लागे॥ १३॥

ती कौतूहलपूर्वक परिवारसहित प्रभु शंकरलाई भोजन गराउनका लागि प्रेमका साथ लिएर आए॥ १४॥

परम आदरले शिवको, विष्णुको, मेरो, सबै देवताहरूको, मुनिहरूको तथा अन्य गएका व्यक्तिहरूको चरणहरूलाई धोएर बन्धु-बान्धवहरूसहित गिरिराजले बडो प्रेमले उनीहरू सबलाई मण्डपभित्र [आसन दिएर] बसाए॥ १५-१६॥

विष्णु, सदाशिव एवं म ब्रह्मासहित समस्त जन भोजन गर्न लाग्यौँ। [यस प्रकार] गिरिराजले रसीला विविध अन्नहरूले ती सबलाई तृप्त पारे। त्यस समय नगरका नारीहरू हाँस्दै एवं सबैतिर यत्नपूर्वक हेर्दै मधुर वाणीमा गाली गर्न (गाउन) थाले॥ १७-१८॥

हे नारद! यस प्रकार सबै जन विधिवत् भोजन गरी आचमन गरी गिरिराजबाट आज्ञा लिएर प्रसन्नता एवं तृप्तिले युक्त भई आ-आफ्नो स्थानमा गए॥ १९॥

हे मुनि! यसै प्रकार तेस्रो दिन पनि गिरिराजले विधिवत् दान, सम्मान एवं आदर आदिद्वारा उनीहरूको सत्कार गरे। चौथो दिन भएपछि बडो शुद्धताका साथ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बभूव विधिवद्येन विना खण्डित एव सः ॥ २१

उत्सवो विविधश्चासीत्साधुवादजयध्वनिः ।
बहुदानं सुगानं च नर्तनं विविधं तथा ॥ २२

पञ्चमे दिवसे प्राप्ते सर्वे देवा मुदान्विताः ।
विज्ञप्तिं चक्रिरे शैलं यात्रार्थमतिप्रेमतः ॥ २३

तदाकर्ण्य गिरीशश्चोवाच देवान् कृताञ्जलिः ।
कियद्दिनानि तिष्ठन्तु कृपां कुर्वन्तु मां सुराः ॥ २४

इत्युक्त्वा स्नेहतस्ताँश्च प्रभुं विष्णुं च मां परान् ।
वासयामास दिवसान् बहून्नित्यं समादरात् ॥ २५

इत्थं व्यतीयुर्दिवसा बहवो वसतां च तत् ।
सप्तर्षीन्प्रेषयामासुर्गिरीशान्ते ततः सुराः ॥ २६

ते तं सम्बोधयामासुर्मेनां च समयोचितम् ।
शिवतत्त्वं परं प्रोचुः प्रशंसन्विधिवन्मुदा ॥ २७

अङ्गीकृतं गिरीशेन तत्तद्बोधनतो मुने ।
यात्रार्थमगमच्छम्भुः शैलेशं सामरादिकः ॥ २८

यात्रां कुर्वति देवेशे स्वशैलं सामरे शिवे ।
उच्चैः रुरोद सा मेना तमुवाच कृपानिधिम् ॥ २९

मेनोवाच

कृपानिधे कृपां कृत्वा शिवां सम्पालयिष्यसि ।
सहस्त्रदोषं पार्वत्या आशुतोषः क्षमिष्यसि ॥ ३०

त्वत्पादाम्बुजभक्ता च मद्वत्सा जन्मजन्मनि ।
स्वप्ने ज्ञाने स्मृतिर्नास्ति महादेवं प्रभुं विना ॥ ३१

त्वद्भक्तिश्रुतिमात्रेण हर्षाश्रुपुलकान्विता ।
त्वन्निन्दया भवेन्मौना मृत्युंजय मृता इव ॥ ३२

चतुर्थी कर्म विधिवत् सम्पन्न भयो, जसविना त्यो उत्सव अधूरो नै रहन जान्छ। त्यस समय अनेक प्रकारका उत्सव, जय-जयकार तथा साधु शब्दहरूको उच्चारण, नाना प्रकारका दान, गायन एवं नृत्य हुन लाग्यो ॥ २०—२२ ॥

पाँचौं दिन भएपछि प्रसन्न भएका सबै देवताहरूले बडो प्रेमका साथ गिरिराजसित विदाईका लागि निवेदन गरे। यो सुनेर हिमालयले हात जोडेर देवताहरूसित भने—हे देवताहरू हो! अहिले हजुरहरू केही दिन अझै बसिदिनुहोस् तथा ममाथि कृपा गर्नुहोस् ॥ २३-२४ ॥

यस्तो भनेर उनले बडो स्नेहपूर्वक शंकर, विष्णु, म ब्रह्मा तथा अन्य देवताहरूलाई धेरै दिनसम्म ज्यादै आदरका साथ बसाए ॥ २५ ॥

यस प्रकार निवास गर्दै जब धेरै दिन बित्यो, तब देवताहरूले हिमालयकहाँ सप्तर्षिहरूलाई पठाए ॥ २६ ॥

उनीहरूले गिरिराज तथा मेनालाई समयोचित कुराहरू भनेर सम्झाए र प्रशंसा गर्दै प्रसन्नतापूर्वक श्रेष्ठ शिवतत्त्वको विधिवत् प्रतिपादित गरे ॥ २७ ॥

हे मुनि! उनीहरूले सम्झाएपछि हिमालयले त्यसलाई स्वीकार गरे। तब विदा हुनका लागि शिव देवताहरूसहित हिमालयको घर जानुभयो ॥ २८ ॥

जब देवेश शिव देवताहरूसहित आफ्नो कैलासपर्वतका लागि यात्रा गर्न लाग्नुभयो, तब मेना ठुलो स्वरले रुन लागिन् र कृपासागर शंकरसित भन्न लागिन्— ॥ २९ ॥

मेना भन्दछिन्—कृपानिधि! हजुर कृपा गरी राम्ररी शिवाको पालन गर्नुहोस्, हजुर आशुतोष हुनुहुन्छ, अतः पार्वतीका हजारौँ दोषहरूलाई क्षमा गर्नुहोस् ॥ ३० ॥

हे प्रभु! यी मेरी कन्या जन्म-जन्मान्तरदेखि हजुरका चरणकमलको भक्त छिन्, हजुर महादेव प्रभुलाई छोडेर यसलाई सुत्दा अथवा उठ्दाको समय पनि कसैको स्मरण रहँदैन। हे मृत्युंजय! हजुरको भक्ति सुन्नासाथ यी हर्षका आँसू झार्दै पुलकित हुन्छिन् र हजुरको निन्दाले यी मौन भई मरेतुल्य हुन्छिन् ॥ ३१-३२ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

इत्युक्त्वा मेनका तस्मै समर्प्य स्वसुतां तदा।
अत्युच्चै रोदनं कृत्वा मूर्च्छामाप तयोः पुरः॥ ३३

अथ मेनां बोधयित्वा तामामन्त्र्य गिरिं तथा।
चकार यात्रां देवैश्च महोत्सवपुरस्सरम्॥ ३४

ब्रह्मा भन्नुहुन्छ—तब यस्तो भनेर मेना उहाँलाई आफ्नी पुत्री समर्पित गरी जोर-जोरले रोदन गरी उहाँहरू दुवैको सामुन्ने मूर्च्छित भइन्। त्यसपछि शंकरले मेनालाई सम्झाउनुभयो र उनी तथा हिमालयसित आज्ञा लिएर देवगणहरूका साथ महोत्सवपूर्वक यात्रा गर्नुभयो॥ ३३-३४॥

अथ ते निर्जराः सर्वे प्रभुणा स्वगणैः सह।
यात्रां प्रचक्रिरे तूष्णीं गिरिं प्रति शिवं दधुः॥ ३५

त्यसपछि सबै देवताहरूले हिमालयको कल्याणको कामना गर्दै प्रभु तथा आफ्ना गणहरूका साथ मौन भई प्रस्थान गरे॥ ३५॥

हिमाचलपुरीबाह्योपवने हर्षिताः सुराः।
सेश्वराः सोत्सवास्तस्थुः पर्यैषन्त शिवागमम्॥ ३६

[केही टाढा गएर] हर्षित देवता हिमालयको पुरी बाहिर बगैँचामा शिवसहित आनन्दपूर्वक बसे र शिवाको आगमनको प्रतीक्षा गर्न लागे॥ ३६॥

इत्युक्ता शिवसद्यात्रा देवैस्सह मुनीश्वर।
आकर्णय शिवायात्रां विरहोत्सवसंयुताम्॥ ३७

हे मुनीश्वर! यस प्रकार देवगणहरू सहित शिवको उत्तम यात्राको वृत्तान्त मैले तपाईंसित भनिदिएँ। अब उत्सव तथा [विदाई अन्तर्गत हुने] विरहले युक्त शिवाको यात्रा सुन्नुहोस्॥ ३७॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे शिवयात्रावर्णनं नाम त्रिपञ्चाशत्तमोऽध्यायः॥ ५३॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा शिवयात्रावर्णन नामक त्रिपन्नौँ अध्याय पूर्ण भयो॥ ५३॥

अथ चतुःपञ्चाशत्तमोऽध्यायः

मेनाको इच्छानुसार एउटी ब्राह्मणपत्नीले पार्वतीलाई पातिव्रतधर्मको उपदेश दिनु

ब्रह्मोवाच

अथ सप्तर्षयस्ते च प्रोचुर्हिमगिरीश्वरम्।
कारय स्वात्मजादेव्या यात्रामद्योचितां गिरे॥ १

ब्रह्मा भन्नुहुन्छ—त्यसपछि सप्तर्षिहरूले हिमालयसित भने—आज गिरिजाको विदाईका लागि उत्तम मुहूर्त छ, अतः तपाईं आफ्नी पुत्री पार्वतीको विदाई गरिदिनुहोस्॥ १॥

इति श्रुत्वा गिरीशो हि बुद्ध्वा तद्विरहं परम्।
विषण्णोऽभून्महाप्रेम्णा कियत्कालं मुनीश्वर॥ २

हे मुनीश्वर! यो कुरा सुनेर ती हिमालय पार्वतीवियोगजन्य दुःखको स्मरण गरी केहीबेरसम्मका लागि व्याकुल भए॥ २॥

कियत्कालेन सम्प्राप्य चेतनां शैलराट् ततः।
तथास्त्विति गिरामुक्त्वा मेनां सन्देशमब्रवीत्॥ ३

फेरि केही समयपछि चेतना प्राप्त भएपछि 'यस्तै हुने छ'—यो भनेर उनले मेनालाई सन्देश पठाए॥ ३॥

शैलसन्देशमाकर्ण्य हर्षशोकवशा मुने।
मेना संयापयामास कर्तुमासीत्समुद्यता॥ ४

हे मुनि! शैलको सन्देश सुनेर मेना हर्ष तथा शोकले युक्त भइन् र गिरिजालाई विदा गर्नका लागि उद्यत भइन्॥ ४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रुतिस्वकुलजाचारं चचार विधिवन्मुने।
उत्सवं विविधं तत्र सा मेना क्षितिभृत्प्रिया॥ ५

हे मुनि! हिमाचलप्रिया ती मेनाले प्रथम वेद तथा आफ्नो कुलको रीति सम्पन्न गरिन्, फेरि पार्वतीको यात्राका निमित्त ती नाना प्रकारका मंगलविधान गर्न लागिन्॥ ५॥

गिरिजां भूषयामास नानारत्नांशुकैर्वरैः।
द्वादशाभरणैश्चैव शृङ्गारैर्नृपसम्मितैः॥ ६

मेनामनोगतिं बुद्ध्वा साध्व्येका द्विजकामिनी।
गिरिजां शिक्षयामास पातिव्रत्यव्रतं परम्॥ ७

उनले पार्वतीलाई अनेक रत्न तथा श्रेष्ठ वस्त्रहरूले र राजकुलोचित शृंगार तथा उत्तमोत्तम द्वादश आभरणहरूले अलंकृत गरिन्। त्यसपछि मेनाको मनको कुरा जानेर एउटी पतिव्रता ब्राह्मणपत्नी गिरिजालाई श्रेष्ठ पातिव्रत-धर्मको उपदेश दिन लागिन्— ॥ ६-७॥

द्विजपत्न्युवाच

गिरिजे शृणु सुप्रीत्या मद्वचो धर्मवर्धनम्।
इहामुत्रानन्दकरं शृण्वतां च सुखप्रदम्॥ ८

ब्राह्मणपत्नी भन्दछिन्—हे गिरिजा! तिमी प्रेमपूर्वक मेरा यी वचन सुन। मेरा यी वचन स्त्रीहरूलाई यस लोक तथा परलोकमा सुखदायक छन् तथा यसलाई सुन्नाले मात्र स्त्रीहरूको कल्याण हुन्छ॥ ८॥

धन्या पतिव्रता नारी नान्या पूज्या विशेषतः।
पावनी सर्वलोकानां सर्वपापौघनाशिनी॥ ९

यस जगत्मा पतिव्रता नारी नै धन्य छन्, यसबाहेक अरू कुनै नारी पूजाका योग्य छैनन्। ती सबैलाई पवित्र पार्ने तथा समस्त पापहरूलाई दूर गर्ने हुन्छन्॥ ९॥

सेवते या पतिं प्रेम्णा परमेश्वरवच्छिवे।
इह भुक्त्वाखिलान् भोगानन्ते पत्या शिवां गतिम्॥ १०

हे शिवा! जुन स्त्री आफ्ना स्वामीको परमेश्वरको समान सेवा गर्दछन्, तिनले यहाँ अनेक भोगहरूलाई भोगेर अन्तमा पतिका साथ उत्तम गतिलाई प्राप्त गर्दछन्॥ १०॥

पतिव्रता च सावित्री लोपामुद्रा ह्यरुन्धती।
शाण्डिल्या शतरूपानसूया लक्ष्मीः स्वधा सती॥ ११

संज्ञा च सुमतिः श्रद्धा मेना स्वाहा तथैव च।
अन्या बह्व्योऽपि साध्व्यो हि नोक्ता विस्तारजाद्भयात्॥ १२

सावित्री, लोपामुद्रा, अरुन्धती, शाण्डिल्या, शतरूपा, अनसूया, लक्ष्मी, स्वधा, सती, संज्ञा, सुमति, श्रद्धा, मेना र स्वाहा आदि धेरै यस्ता पतिव्रताहरू छन्, जसको विस्तारको भयले यहाँ बताउन सकिन्न॥ ११-१२॥

पातिव्रत्यवृषेणैव ता गताः सर्वपूज्यताम्।
ब्रह्मविष्णुहरैश्चापि मान्या जाता मुनीश्वरैः॥ १३

यी सबै पातिव्रत्यधर्मको प्रभावले नै जगत्मा मान्य तथा पूज्य भए। ब्रह्मा, विष्णु, महेश्वर एवं अन्य मुनीश्वरहरूले पनि यिनको सम्मान गरेका छन्॥ १३॥

सेव्यस्त्वया पतिस्तस्मात्सर्वदा शङ्करः प्रभुः।
दीनानुग्रहकर्ता च सर्वसेव्यः सतां गतिः॥ १४

यसैले तिमीले आफ्नो पति शंकरको विशेष रूपले सेवा गर्नुपर्छ; किनभने उहाँ दीनहरूप्रति अनुग्रह गर्नुहुने एवं पूज्य हुनाको कारण सबैका सेव्य हुनुहुन्छ र सज्जनहरूका गतिदाता हुनुहुन्छ॥ १४॥

महान्पतिव्रताधर्मः श्रुतिस्मृतिषु नोदितः।
यथैव वर्ण्यते श्रेष्ठो न तथान्योऽस्ति निश्चितम्॥ १५

पतिव्रताहरूको धर्म महान् छ, जसको वर्णन श्रुतिहरू तथा स्मृतिहरूमा भरिएको छ। निश्चय नै पातिव्रत्यधर्म जति श्रेष्ठ छ, त्यति अरू धर्म श्रेष्ठ छैनन्॥ १५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भुंज्याद्भुक्ते प्रिये पत्यौ पातिव्रत्यपरायणा।
तिष्ठेत्तस्मिंश्छिवे नारी सर्वथा सति तिष्ठति॥ १६

स्वप्यात्स्वपिति सा नित्यं बुध्येत्तु प्रथमं सुधीः।
सर्वदा तद्धितं कुर्यादकैतवगतिः प्रिया॥ १७

अनलंकृतमात्मानं दर्शयेन्न क्वचिच्छिवे।
कार्यार्थं प्रोषिते तस्मिन् भवेन्मण्डनवर्जिता॥ १८

पत्युर्नाम न गृह्णीयात् कदाचन पतिव्रता।
आक्रुष्टापि न चाक्रोशेत्प्रसीदेत्ताडितापि च।
हन्यतामिति च ब्रूयात्स्वामिन्निति कृपां कुरु॥ १९

आहूता गृहकार्याणि त्यक्त्वा गच्छेत्तदन्तिकम्।
सत्वरं साञ्जलिः प्रीत्या सुप्रणम्य वदेदिति॥ २०

किमर्थं व्याहृता नाथ स प्रसादो विधीयताम्।
तदादिष्टा चरेत्कर्म सुप्रसन्नेन चेतसा॥ २१

चिरं तिष्ठेन्न च द्वारे गच्छेन्नैव परालये।
आदाय तत्त्वं यत्किंचित्कस्मैचिन्नार्पयेत्क्वचित्॥ २२

पूजोपकरणं सर्वमनुक्ता साधयेत्स्वयम्।
प्रतीक्षमाणावसरं यथाकालोचितं हितम्॥ २३

न गच्छेत्तीर्थयात्रां वै पत्याज्ञां न विना क्वचित्।
दूरतो वर्जयेत्सा हि समाजोत्सवदर्शनम्॥ २४

तीर्थार्थिनी तु या नारी पतिपादोदकं पिबेत्।
तस्मिन्सर्वाणि तीर्थानि क्षेत्राणि च न संशयः॥ २५

भुंज्यात्सा भर्तुरुच्छिष्टमिष्टमन्नादिकं च यत्।
महाप्रसाद इत्युक्त्वा पतिदत्तं पतिव्रता॥ २६

अविभज्य न चाश्नीयाद्देवपित्रतिथिष्वपि।
परिचारकवर्गेषु गोषु भिक्षुकुलेषु च॥ २७

जब आफ्ना पतिले भोजन गरिसक्छन्, तब मात्र स्त्रीहरूले स्वयं पतिभक्तिमा परायण भएर भोजन गर्नुपर्छ। हे शिव! जब पति उभिन्छन् (उठ्छन्), तब साध्वी स्त्री पनि उभिनु (उठ्नु) पर्छ॥ १६॥

पति सुतेपछि आफू शयन गर्नुपर्छ र उठ्नुभन्दा पहिला नै आफू उठ्नु पर्छ, पतिको सर्वदा छलरहित भई हित गर्नुपर्छ। हे शिवा! कहिल्यै अलंकारबाट रहित भई आफ्नो स्वामीको सम्मुख जानुहुन्न। जब स्वामी कार्यवश परदेश जान्छन्, तब कहिल्यै शरीरको संस्कार एवं शृंगार गर्नुहुँदैन॥ १७-१८॥

पतिव्रता स्त्रीले पतिको नाम कहिल्यै नलिनू, पतिद्वारा क्रुद्ध भएर कठोर वचन भन्दामा पनि उनलाई नराम्रो वचन नभन्नू र पतिले शासित गरेमा पनि प्रसन्न रहनू। त्यस समय पनि यही भन्नु कि स्वामी! अरू धेरै दण्ड दिएर ममाथि कृपा गर्नुहोस्॥ १९॥

पतिले बोलाएपछि घरका सारा कामकाज छोडेर उनको समीप जानु र शीघ्रतापूर्वत प्रणाम गरी हात जोडेर उनीसित प्रेमपूर्वक भन्नु। हे स्वामी! हजुरले केका निम्ति बोलाउनुभयो, कृपा गरी आज्ञा दिनुहोस्, यसपछि त्यस आज्ञालाई प्रसन्नतापूर्वक सम्पन्न गर्नुपर्छ॥ २०-२१॥

ढोकामा उभिएर धेरै समयसम्म यता-उता हेर्नुहुन्न र अर्काको घर जानु पनि हुन्न। कसैको भेद लिएर कसैको अगाडि त्यसलाई प्रकाशित गर्नुहुन्न॥ २२॥

नभनीकनै पतिका लागि पूजाका सामग्री प्रस्तुत गर्नू र पतिको हितका लागि निरन्तर अवसरको प्रतीक्षा गरिरहनु। पतिको आज्ञा विना कहिल्यै पनि तीर्थयात्राका लागि नजानु र कुनै समाज तथा उत्सवलाई हेर्नका लागि पनि नजानु। जुन स्त्रीलाई तीर्थयात्राको इच्छा हुन्छ, त्यो आफ्नो स्वामीको चरणामृत लिएर सन्तुष्ट होस्; किनभने पतिका चरणोदकमा सबै तीर्थ एवं क्षेत्र निवास गर्दछन्, यसमा सन्देह छैन॥ २३—२५॥

पतिले भोजन गरिसकेपछि उनको उच्छिष्ट जति पनि इष्ट अन्नादि हुन्छ, त्यसलाई पतिप्रदत्त महाप्रसाद सम्झेर पतिव्रता स्त्रीले भोजन गर्नुपर्छ। देवता, पितृ, अतिथि, सेवक, गाई एवं भिक्षुकलाई नदिइकन अन्नको भोजन गर्नुहुँदैन॥ २६-२७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संयतोपस्करा दक्षा हृष्टा व्ययपराङ्मुखी।
भवेत्सा सर्वदा देवी पतिव्रतपरायणा॥ २८

घरका समग्र सामग्री ठीक तरिकाले राख्नु, नित्य उत्साहयुक्त तथा सावधान रहनु र धेरै खर्च नगर्नु, यस प्रकार सर्वदा पातिव्रत्यधर्मको पालन गर्नु॥ २८॥

कुर्यात्पत्यननुज्ञाता नोपवासव्रतादिकम्।
अन्यथा तत्फलं नास्ति परत्र नरकं व्रजेत्॥ २९
सुखपूर्वं सुखासीनं रममाणं यदृच्छया।
आन्तरेष्वपि कार्येषु पतिं नोत्थापयेत्क्वचित्॥ ३०
क्लीबं वा दुरवस्थं वा व्याधितं वृद्धमेव च।
सुखितं दुःखितं वापि पतिमेकं न लंघयेत्॥ ३१

पतिको आज्ञाविना कुनै उपवास तथा व्रत नगर्नु, अन्यथा त्यसको फल पाइँदैन र त्यसबाट नरकको प्राप्ति हुन्छ। सुखपूर्वक आनन्दले बसेका तथा आफ्नो इच्छाले रमण गरिरहेका पतिलाई आवश्यक कार्य पर्‍यो भने पनि नउठाउनु। पति नपुंसक, दुर्गतिमा परेको, वृद्ध, रोगी, सुखी अथवा दुखी चाहे जस्तो सुकै किन नहोस्, उनको अपमान नगर्नु॥ २९—३१॥

स्त्रीधर्मिणी त्रिरात्रं च स्वमुखं नैव दर्शयेत्।
स्ववाक्यं श्रावयेन्नापि यावत् स्नानान्न शुध्यति॥ ३२

मासिक धर्म भएपछि आरम्भबाट तीन रात्रिपर्यन्त आफ्नु मुख पतिलाई नदेखाउनू र जबसम्म चौथो दिन स्नानद्वारा शुद्ध भइन्न, आफ्नु शब्द पनि नसुनाउनु॥ ३२॥

सुस्नाता भर्तृवदनमीक्षेतान्यस्य न क्वचित्।
अथवा मनसि ध्यात्वा पतिं भानुं विलोकयेत्॥ ३३

ऋतुस्नान गरेपश्चात् पतिको मात्र मुख हेर्नु, कहिल्यै अरूको मुख नहेर्नु अथवा पति नहुँदामा पतिको ध्यान गरी सूर्यको दर्शन गर्नु॥ ३३॥

हरिद्राकुङ्कुमं चैव सिन्दूरं कज्जलादिकम्।
कूर्पासकं च ताम्बूलं माङ्गल्याभरणादिकम्॥ ३४
केशसंस्कारकबरीकरकर्णादिभूषणम्।
भर्तुरायुष्यमिच्छन्ती दूरयेन्न पतिव्रता॥ ३५

पतिको आयुष्यको इच्छा गर्ने पतिव्रता स्त्रीले बेसार, कुंकुम, सिन्दूर, गाजल, चोली , पान-सुपारी, मांगलिक आभूषण, केशहरूको संस्कार, चुल्ठो बाट्ने, हातमा कंगन एवं कानहरूमा कर्णफूल नित्य धारण गर्नुपर्छ, यसको परित्याग कहिल्यै कुनैपनि अवस्थामा गर्नुहुँदैन॥ ३४-३५॥

न रजक्या न बन्धक्या तथा श्रमणया न च।
न च दुर्भगया क्वापि सखित्वं कारयेत् क्वचित्॥ ३६
पतिविद्वेषिणीं नारीं न सा संभाषयेत् क्वचित्।
नैकाकिनी क्वचित्तिष्ठेन्नग्ना स्नायान्न च क्वचित्॥ ३७

धोबिनी, वन्ध्या, व्यभिचारिणी, संन्यासिनी अथवा दुर्भाग्ययुक्त स्त्रीसित कहिल्यै मित्रता नगर्नु। जो स्त्री आफ्नो पतिसित द्वेष गर्दछन्, उनीहरूसित कुराकानी नगर्नू, कहिल्यै एक्लै नबस्नू र नग्न भएर कहिल्यै स्नान नगर्नु॥ ३६-३७॥

नोलूखले न मुसले न वर्द्धन्यां दृषद्यपि।
न यंत्रके न देहल्यां सती न प्रवसेत् क्वचित्॥ ३८

सती नारी कहिल्यै ओखल, मूसल, कुचो, जाँतो, दैलो तथा ढोकाको ठेलोमा बस्नु हुँदैन॥ ३८॥

विना व्यवायसमयं प्रागल्भ्यं नाचरेत् क्वचित्।
यत्र यत्र रुचिर्भर्तुस्तत्र प्रेमवती भवेत्॥ ३९

सहवास बाहेक अरू कुनै पनि समय पतिसित धृष्टता गर्नुहुँदैन। आफ्नु पति जससित प्रेम गर्दछन्, तिनैसित प्रेम गर्नु॥ ३९॥

हृष्टाहृष्टे विषण्णा स्याद्विषण्णास्ये प्रिये प्रिया।
पतिव्रता भवेद्देवी सदा पतिहितैषिणी॥ ४०

पति प्रसन्न भएपछि प्रसन्न हुनु, पति दुखी भएमा दुखी हुनु तथा पतिको प्रियमा नै आफ्नु प्रिय सम्झनु। यस प्रकार पतिव्रता स्त्री सदैव पतिको हितको इच्छा गरून्॥ ४०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकरूपा भवेत्पुण्या संपत्सु च विपत्सु च।
विकृतिं स्वात्मनः क्वापि न कुर्याद्धैर्यधारिणी॥ ४१

सर्पिर्लवणतैलादिक्षयेऽपि च पतिव्रता।
पतिं नास्तीति न ब्रूयादायासेषु न योजयेत्॥ ४२
विधेर्विष्णोर्हराद्वापि पतिरेकोऽधिको मतः।
पतिव्रताया देवेशि स्वपतिश्शिव एव च॥ ४३

व्रतोपवासनियमं पतिमुल्लंघ्य याचरेत्।
आयुष्यं हरते भर्तुर्मृता निरयमृच्छति॥ ४४

उक्ता प्रत्युत्तरं दद्याद्या नारी क्रोधतत्परा।
सरमा जायते ग्रामे शृगाली निर्जने वने॥ ४५

उच्चासनं न सेवेत न व्रजेद्दुष्टसन्निधौ।
न च कातरवाक्यानि वदेन्नारी पतिं क्वचित्॥ ४६
अपवादं न च ब्रूयात्कलहं दूरतस्त्यजेत्।
गुरूणां सन्निधौ क्वापि नोच्चैर्ब्रूयान्न वै हसेत्॥ ४७

बाह्यादायान्तमालोक्य त्वरितान्नजलाशनैः।
ताम्बूलैर्वसनैश्चापि पादसंवाहनादिभिः॥ ४८

तथैव चाटुवचनैः खेदसन्नोदनैः परैः।
या प्रियं प्रीणयेत्प्रीता त्रिलोकी प्रीणिता तया॥ ४९

मितं ददाति जनको मितं भ्राता मितं सुतः।
अमितस्य हि दातारं भर्तारं पूजयेत्सदा॥ ५०

भर्ता देवो गुरुर्भर्ता धर्मतीर्थव्रतानि च।
तस्मात्सर्वं परित्यज्य पतिमेकं समर्चयेत्॥ ५१

या भर्तारं परित्यज्य रहश्चरति दुर्मतिः।
उलूकी जायते क्रूरा वृक्षकोटरशायिनी॥ ५२

ताडिता ताडितुं चेच्छेत्सा व्याघ्री वृषदंशिका।
कटाक्षयति यान्यं वै केकराक्षी तु सा भवेत्॥ ५३

या भर्तारं परित्यज्य मिष्टमश्नाति केवलम्।
ग्रामे वा सूकरी भूयाद्वल्गुर्वापि स्वविड्भुजा॥ ५४

पतिव्रता स्त्री सदैव सम्पत्ति तथा विपत्ति दुवै अवस्थाहरूमा एकरूप रहुन्। विकार उपस्थित हुँदामा कहिल्यै विकृत नहुनु र सदैव धैर्य धारण गर्नु॥ ४१॥

घीउ, नुन, तेल आदि नहुँदामा पनि पतिव्रता स्त्री पतिसित 'छैन'—यस्तो नभनून् र पतिलाई कुनै असाध्य कार्यमा नियुक्त नगरून्। ब्रह्मा, विष्णु तथा शिवको भन्दा पनि पतिको धेरै महत्त्व हुन्छ। अतः हे देवेशी! पतिव्रताले आफ्नो पतिलाई साक्षात् शिवस्वरूप नै सम्झनु पर्दछ॥ ४२-४३॥

पतिको आज्ञा उल्लंघन गरी जो स्त्री व्रत, उपवास तथा नियमादिको आचरण गर्दछन्, तिनले आफ्नो पतिको आयु हरण गर्दछन् र मरेपछि नरकमा जान्छन्। जो स्त्री क्रुद्ध भएर पतिले केही भन्दामा त्यसको प्रत्युत्तर गर्दछन्, ती गाउँका कुकुर्नी अथवा निर्जन वनमा पोथी स्याल हुन्छन्॥ ४४-४५॥

स्त्री पतिभन्दा अग्लो स्थानमा बस्नु हुँदैन, दुष्टहरूको समीप नजानु र कहिल्यै पनि पतिसित डरछेरुवा वाक्य नभन्नु। कसैको निन्दा वा आक्षेपयुक्त कुरा नगर्नू, टाढैबाट कलहको परित्याग गर्नू, गुरुजनहरूको समीप कहिल्यै उच्चस्वरले बोल्नु तथा हाँस्नु हुँदैन॥ ४६-४७॥

पतिलाई बाहिरबाट आएको देखेर शीघ्रतापूर्वक अन्न, जल, भोजन, पान-सुपारी, वस्त्र दिने, गोडा मिचिदिने, थकान दूर गर्ने मीठा वचनद्वारा जो स्त्री आफ्नो स्वामीलाई प्रसन्न राख्छन्, मानौँ तिनले त्रैलोक्यलाई प्रसन्न पारे॥ ४८-४९॥

माता, पिता, पुत्र, दाजुभाइले त स्त्रीलाई सीमित मात्र सुख दिन्छन्, तर पतिले त असीमित सुख दिन्छन्। यसैले स्त्रीले पतिको सदैव पूजा गर्नुपर्छ॥ ५०॥

पति नै देवता, गुरु, भर्ता, धर्म, तीर्थ एवं व्रतादि सबथोक हुन्। यसैले सबथोक छोडेर एकमात्र पतिको नै पूजा गर्नुपर्छ। जो दुष्ट स्त्री आफ्नो पतिलाई छोडेर एकान्तमा अरूकहाँ जान्छन्, ती रुखका टोड्कामा बस्ने उल्लु हुन्छन्॥ ५१-५२॥

जो स्वामीद्वारा सजाय दिँदामा स्वयं पनि सजाय दिन चाहन्छन्, ती वृषभभक्षिणी बघिनी हुन्छन्। जो आफ्नो पतिलाई छोडेर अन्यसित कटाक्ष गर्दछन्, ती केकराक्षी (डेरी) हुन्छन्। जो आफ्नो पतिलाई नदिइकन मिष्टान्न खान्छन्, ती गाउँका सुँगुर्नी अथवा आफ्नै विष्ठा खाने स्वभावका बाख्री हुन्छन्॥ ५३-५४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संयतोपस्करा दक्षा हृष्टा व्ययपराङ्मुखी।
भवेत्सा सर्वदा देवी पतिव्रतपरायणा॥ २८

कुर्यात्पत्यननुज्ञाता नोपवासव्रतादिकम्।
अन्यथा तत्फलं नास्ति परत्र नरकं व्रजेत्॥ २९
सुखपूर्वं सुखासीनं रममाणं यदृच्छया।
आन्तरेष्वपि कार्येषु पतिं नोत्थापयेत्क्वचित्॥ ३०
क्लीबं वा दुरवस्थं वा व्याधितं वृद्धमेव च।
सुखितं दुःखितं वापि पतिमेकं न लंघयेत्॥ ३१
स्त्रीधर्मिणी त्रिरात्रं च स्वमुखं नैव दर्शयेत्।
स्ववाक्यं श्रावयेन्नापि यावत् स्नानान्न शुध्यति॥ ३२

सुस्नाता भर्तृवदनमीक्षेतान्यस्य न क्वचित्।
अथवा मनसि ध्यात्वा पतिं भानुं विलोकयेत्॥ ३३

हरिद्राकुङ्कुमं चैव सिन्दूरं कज्जलादिकम्।
कूर्पासकं च ताम्बूलं माङ्गल्याभरणादिकम्॥ ३४

केशसंस्कारकबरीकरकर्णादिभूषणम्।
भर्तुरायुष्यमिच्छन्ती दूरयेन्न पतिव्रता॥ ३५

न रजक्या न बन्धक्या तथा श्रमणया न च।
न च दुर्भगया क्वापि सखित्वं कारयेत् क्वचित्॥ ३६
पतिविद्वेषिणीं नारीं न सा संभाषयेत् क्वचित्।
नैकाकिनी क्वचित्तिष्ठेन्नग्ना स्नायान्न च क्वचित्॥ ३७
नोलूखले न मुसले न वर्द्धन्यां दृषद्यपि।
न यंत्रके न देहल्यां सती न प्रवसेत् क्वचित्॥ ३८
विना व्यवायसमयं प्रागल्भ्यं नाचरेत् क्वचित्।
यत्र यत्र रुचिर्भर्तुस्तत्र प्रेमवती भवेत्॥ ३९

हृष्टाहृष्टे विषण्णा स्याद्विषण्णास्ये प्रिये प्रिया।
पतिव्रता भवेद्देवी सदा पतिहितैषिणी॥ ४०

घरका समग्र सामग्री ठीक तरिकाले राख्नु, नित्य उत्साहयुक्त तथा सावधान रहनु र धेरै खर्च नगर्नु, यस प्रकार सर्वदा पातिव्रत्यधर्मको पालन गर्नु॥ २८॥

पतिको आज्ञाविना कुनै उपवास तथा व्रत नगर्नु, अन्यथा त्यसको फल पाइँदैन र त्यसबाट नरकको प्राप्ति हुन्छ। सुखपूर्वक आनन्दले बसेका तथा आफ्नो इच्छाले रमण गरिरहेका पतिलाई आवश्यक कार्य पर्‍यो भने पनि नउठाउनु। पति नपुंसक, दुर्गतिमा परेको, वृद्ध, रोगी, सुखी अथवा दुखी चाहे जस्तो सुकै किन नहोस्, उनको अपमान नगर्नु॥ २९—३१॥

मासिक धर्म भएपछि आरम्भबाट तीन रात्रिपर्यन्त आफ्नु मुख पतिलाई नदेखाउनू र जबसम्म चौथो दिन स्नानद्वारा शुद्ध भइन्न, आफ्नु शब्द पनि नसुनाउनु॥ ३२॥

ऋतुस्नान गरेपश्चात् पतिको मात्र मुख हेर्नु, कहिल्यै अरूको मुख नहेर्नु अथवा पति नहुँदामा पतिको ध्यान गरी सूर्यको दर्शन गर्नु॥ ३३॥

पतिको आयुष्यको इच्छा गर्ने पतिव्रता स्त्रीले बेसार, कुंकुम, सिन्दूर, गाजल, चोली, पान-सुपारी, मांगलिक आभूषण, केशहरूको संस्कार, चुल्ठो बाट्ने, हातमा कंगन एवं कानहरूमा कर्णफूल नित्य धारण गर्नुपर्छ, यसको परित्याग कहिल्यै कुनैपनि अवस्थामा गर्नुहुँदैन॥ ३४-३५॥

धोबिनी, वन्ध्या, व्यभिचारिणी, संन्यासिनी अथवा दुर्भाग्ययुक्त स्त्रीसित कहिल्यै मित्रता नगर्नु। जो स्त्री आफ्नो पतिसित द्वेष गर्दछन्, उनीहरूसित कुराकानी नगर्नू, कहिल्यै एक्लै नबस्नू र नग्न भएर कहिल्यै स्नान नगर्नु॥ ३६-३७॥

सती नारी कहिल्यै ओखल, मूसल, कुचो, जाँतो, दैलो तथा ढोकाको ठेलोमा बस्नु हुँदैन॥ ३८॥

सहवास बाहेक अरू कुनै पनि समय पतिसित धृष्टता गर्नुहुँदैन। आफ्नु पति जससित प्रेम गर्दछन्, तिनैसित प्रेम गर्नु॥ ३९॥

पति प्रसन्न भएपछि प्रसन्न हुनु, पति दुखी भएमा दुखी हुनु तथा पतिको प्रियमा नै आफ्नु प्रिय सम्झनु। यस प्रकार पतिव्रता स्त्री सदैव पतिको हितको इच्छा गरून्॥ ४०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एकरूपा भवेत्पुण्या संपत्सु च विपत्सु च।
विकृतिं स्वात्मनः क्वापि न कुर्याद्धैर्यधारिणी॥ ४१

सर्पिर्लवणतैलादिक्षयेऽपि च पतिव्रता।
पतिं नास्तीति न ब्रूयादायासेषु न योजयेत्॥ ४२
विधेर्विष्णोर्हराद्वापि पतिरेकोऽधिको मतः।
पतिव्रताया देवेशि स्वपतिश्शिव एव च॥ ४३

व्रतोपवासनियमं पतिमुल्लंघ्य याचरेत्।
आयुष्यं हरते भर्तुर्मृता निरयमृच्छति॥ ४४

उक्ता प्रत्युत्तरं दद्याद्या नारी क्रोधतत्परा।
सरमा जायते ग्रामे शृगाली निर्जने वने॥ ४५

उच्चासनं न सेवेत न व्रजेद्दुष्टसन्निधौ।
न च कातरवाक्यानि वदेन्नारी पतिं क्वचित्॥ ४६
अपवादं न च ब्रूयात्कलहं दूरतस्त्यजेत्।
गुरूणां सन्निधौ क्वापि नोच्चैर्ब्रूयान्न वै हसेत्॥ ४७

बाह्यादायान्तमालोक्य त्वरितान्नजलाशनैः।
ताम्बूलैर्वसनैश्चापि पादसंवाहनादिभिः॥ ४८

तथैव चाटुवचनैः खेदसन्नोदनैः परैः।
या प्रियं प्रीणयेत्प्रीता त्रिलोकी प्रीणिता तया॥ ४९

मितं ददाति जनको मितं भ्राता मितं सुतः।
अमितस्य हि दातारं भर्तारं पूजयेत्सदा॥ ५०

भर्ता देवो गुरुर्भर्ता धर्मतीर्थव्रतानि च।
तस्मात्सर्वं परित्यज्य पतिमेकं समर्चयेत्॥ ५१

या भर्तारं परित्यज्य रहश्चरति दुर्मतिः।
उलूकी जायते क्रूरा वृक्षकोटरशायिनी॥ ५२

ताडिता ताडितुं चेच्छेत्सा व्याघ्री वृषदंशिका।
कटाक्षयति यान्यं वै केकराक्षी तु सा भवेत्॥ ५३

या भर्तारं परित्यज्य मिष्टमश्नाति केवलम्।
ग्रामे वा सूकरी भूयाद्वल्गुर्वापि स्वविड्भुजा॥ ५४

पतिव्रता स्त्री सदैव सम्पत्ति तथा विपत्ति दुवै अवस्थाहरूमा एकरूप रहुन्। विकार उपस्थित हुँदामा कहिल्यै विकृत नहुनु र सदैव धैर्य धारण गर्नु॥ ४१॥

घीउ, नुन, तेल आदि नहुँदामा पनि पतिव्रता स्त्री पतिसित 'छैन'—यस्तो नभनून् र पतिलाई कुनै असाध्य कार्यमा नियुक्त नगरून्। ब्रह्मा, विष्णु तथा शिवको भन्दा पनि पतिको धेरै महत्त्व हुन्छ। अतः हे देवेशी! पतिव्रताले आफ्नो पतिलाई साक्षात् शिवस्वरूप नै सम्झनु पर्दछ॥ ४२-४३॥

पतिको आज्ञा उल्लंघन गरी जो स्त्री व्रत, उपवास तथा नियमादिको आचरण गर्दछन्, तिनले आफ्नो पतिको आयु हरण गर्दछन् र मरेपछि नरकमा जान्छन्। जो स्त्री क्रुद्ध भएर पतिले केही भन्दामा त्यसको प्रत्युत्तर गर्दछन्, ती गाउँका कुकुर्नी अथवा निर्जन वनमा पोथी स्याल हुन्छन्॥ ४४-४५॥

स्त्री पतिभन्दा अग्लो स्थानमा बस्नु हुँदैन, दुष्टहरूको समीप नजानु र कहिल्यै पनि पतिसित डरछेरुवा वाक्य नभन्नु। कसैको निन्दा वा आक्षेपयुक्त कुरा नगर्नू, टाढैबाट कलहको परित्याग गर्नू, गुरुजनहरूको समीप कहिल्यै उच्चस्वरले बोल्नु तथा हाँस्नु हुँदैन॥ ४६-४७॥

पतिलाई बाहिरबाट आएको देखेर शीघ्रतापूर्वक अन्न, जल, भोजन, पान-सुपारी, वस्त्र दिने, गोडा मिचिदिने, थकान दूर गर्ने मीठा वचनद्वारा जो स्त्री आफ्नो स्वामीलाई प्रसन्न राख्छन्, मानौँ तिनले त्रैलोक्यलाई प्रसन्न पारे॥ ४८-४९॥

माता, पिता, पुत्र, दाजुभाइले त स्त्रीलाई सीमित मात्र सुख दिन्छन्, तर पतिले त असीमित सुख दिन्छन्। यसैले स्त्रीले पतिको सदैव पूजा गर्नुपर्छ॥ ५०॥

पति नै देवता, गुरु, भर्ता, धर्म, तीर्थ एवं व्रतादि सबथोक हुन्। यसैले सबथोक छोडेर एकमात्र पतिको नै पूजा गर्नुपर्छ। जो दुष्ट स्त्री आफ्नो पतिलाई छोडेर एकान्तमा अरूकहाँ जान्छन्, ती रुखका टोड्कामा बस्ने उल्लु हुन्छन्॥ ५१-५२॥

जो स्वामीद्वारा सजाय दिँदामा स्वयं पनि सजाय दिन चाहन्छन्, ती वृषभभक्षिणी बघिनी हुन्छन्। जो आफ्नो पतिलाई छोडेर अन्यसित कटाक्ष गर्दछन्, ती केकराक्षी (डेरी) हुन्छन्। जो आफ्नो पतिलाई नदिइकन मिष्टान्न खान्छन्, ती गाउँका सुँगुर्नी अथवा आफ्नै विष्ठा खाने स्वभावका बाख्री हुन्छन्॥ ५३-५४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

या तुं कृत्य प्रियं ब्रूयान् मूका सा जायते खलु।
या सपत्नीं सदेर्ष्येत दुर्भगा सा पुनः पुनः॥ ५५

जो आफ्नो पतिलाई 'तँ' भनेर बोलाउँछन्, ती जन्मान्तरमा लाटी हुन्छन् र जो आफ्नो सपली (सौता)-सित डाह गर्दछन्, ती वारम्वार विधवा हुन्छन्॥ ५५॥

दृष्टिं विलुप्य भर्त्तुर्या कञ्चिदन्यं समीक्षते।
काणा च विमुखी चापि कुरूपापि च जायते॥ ५६

जो आफ्नो स्वामीको आँखा छलेर कुनै अन्य पुरुषलाई हेर्दछन्, ती आँखा नदेख्ने, मुख बाङ्गो तथा कुरूप हुन्छन्॥ ५६॥

जीवहीनो यथा देहः क्षणादशुचितां व्रजेत्।
भर्तृहीना तथा योषित्सुस्नाताप्यशुचिः सदा॥ ५७

जस्तो जीव विना देह क्षणमात्रमा अशुचि हुन जान्छ, त्यस्तै आफ्नो स्वामी विना स्त्री राम्ररी स्नान गरेपछि पनि अपवित्र नै रहन्छन्॥ ५७॥

सा धन्या जननी लोके स धन्यो जनकः पिता।
धन्यः स च पतिर्यस्य गृहे देवी पतिव्रता॥ ५८

यस लोकमा तिनैका माता धन्य हुन् र तिनैका पिता पनि धन्य हुन् तथा तिनैका ती पति पनि धन्य हुन्, जसका घरमा पतिव्रता स्त्रीको निवास हुन्छ॥ ५८॥

पितृवंश्याः मातृवंश्याः पतिवंश्यास्त्रयस्त्रयः।
पतिव्रतायाः पुण्येन स्वर्गे सौख्यानि भुंजते॥ ५९

पतिव्रता स्त्रीको पुण्यले तिनको पितृवंश, मातृवंश तथा पतिवंशका तीन-तीन पूर्वजले स्वर्गमा सुख भोग्छन्॥ ५९॥

शीलभङ्गेन दुर्वृत्ताः पातयन्ति कुलत्रयम्।
पितुर्मातुस्तथा पत्युरिहामुत्रापि दुःखिता॥ ६०

दुराचारिणी स्त्री आफ्नो दुराचरणद्वारा माता-पिता तथा पति—यी तीनवटै कुललाई नरकमा खसाल्दछन् र उनीहरू यस लोक तथा परलोकमा सदैव दुखी रहन्छन्॥ ६०॥

पतिव्रतायाश्चरणो यत्र यत्र स्पृशेद्भुवम्।
तत्र तत्र भवेत्सा हि पापहन्त्री सुपावनी॥ ६१
विभुः पतिव्रतास्पर्शं कुरुते भानुमानपि।
सोमो गन्धवहश्चापि स्वपावित्र्याय नान्यथा॥ ६२

पतिव्रताको चरण जहाँ-जहाँ पर्छ, त्यहाँ-त्यहाँको पृथिवी सदा पापको हरण गर्ने तथा अत्यन्त पवित्र हुन्छिन्। सर्वव्यापक सूर्य, चन्द्रमा तथा वायु पनि आफ्नो पवित्रताका लागि नै पतिव्रताको स्पर्श गर्छन्, अरू कुनै कारणले होइन॥ ६१-६२॥

आपः पतिव्रतास्पर्शमभिलष्यन्ति सर्वदा।
अद्य जाड्यविनाशो नो जातस्त्वद्यान्यपावनाः॥ ६३

भार्या मूलं गृहस्थस्य भार्या मूलं सुखस्य च।
भार्या धर्मफलावाप्त्यै भार्या सन्तानवृद्धये॥ ६४

गृहे गृहे न किं नार्यो रूपलावण्यगर्विताः।
परं विश्वेशभक्त्यैव लभ्यते स्त्री पतिव्रता॥ ६५

जल त सदैव पतिव्रताको स्पर्श चाहन्छन्, ती भन्दछन् कि आज यस पतिव्रताको स्पर्शले हाम्रो जडता नष्ट भयो र हामीमा अरूलाई पवित्र पार्ने योग्यता प्राप्त भयो। भार्या गृहस्थका मूल हुन्, भार्या नै सुखका मूल हुन्, धर्मफलको प्राप्ति एवं सन्तानवृद्धिका लागि भार्याको अत्यन्त आवश्यकता छ। के आफ्नो रूप, लावण्यको गर्व गर्ने स्त्रीहरू प्रत्येक घरमा छैनन्, तर विश्वेश्वरमा भक्ति गर्नाले नै पतिव्रता स्त्री प्राप्त हुन्छन्॥ ६३—६५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परलोकस्त्वयं लोको जीयते भार्यया द्वयम्।
देवपित्रतिथीज्यादि नाभार्यः कर्म चार्हति॥ ६६

गृहस्थः स हि विज्ञेयो यस्य गेहे पतिव्रता।
ग्रस्यतेऽन्यान्प्रतिदिनं राक्षस्या जरया यथा॥ ६७

भार्याद्वारा नै यस लोक तथा परलोक—दुवै लोकमा विजय प्राप्त गर्न सकिन्छ। भार्या विना गरिएका देवकर्म, पितृकर्म, अतिथिकर्म तथा यज्ञकर्म फलवान् हुँदैनन्। गृहस्थ त्यसैलाई भनिन्छ, जसका घरमा पतिव्रता स्त्रीको निवास छ, अन्य स्त्रीहरू त प्रतिदिन जरा राक्षसी (वृद्धावस्था) को समान पुरुषलाई खाइरहन्छन्॥ ६६-६७॥

यथा गङ्गावगाहेन शरीरं पावनं भवेत्।
तथा पतिव्रतां दृष्ट्वा सकलं पावनं भवेत्॥ ६८

जसरी गंगास्नानबाट शरीर पवित्र हुन्छ, त्यसरी नै पतिव्रता स्त्रीको दर्शनमात्रले सबथोक पवित्र हुन्छ॥ ६८॥

न गङ्गया तया भेदो या नारी पतिदेवता।
उमाशिवसमौ साक्षात्तस्मात्तौ पूजयेद् बुधः॥ ६९

गंगा तथा पतिव्रता स्त्रीमा कुनै भेद छैन। ती दुवै स्त्री-पुरुष शिव तथा पार्वती तुल्य छन्, अतः बुद्धिमान् पुरुषले उनीहरूको पूजा गर्नुपर्छ॥ ६९॥

तारः पतिः श्रुतिर्नारी क्षमा सा स स्वयं तपः।
फलं पतिः सत्क्रिया सा धन्यौ तौ दम्पती शिवे॥ ७०

पति ॐकार हुन् भने स्त्री श्रुति वेद हुन्, पति तप हुन् भने स्त्री क्षमा हुन्, स्त्री सत्क्रिया हुन् भने पति त्यसको फल हुन्। हे शिवा! यस प्रकारका दम्पती धन्य हुन्छन्॥ ७०॥

एवं पतिव्रताधर्मो वर्णितस्ते गिरीन्द्रजे।
तद्भेदान् शृणु सुप्रीत्या सावधानतयाद्य मे॥ ७१

हे पार्वती! यसरी मैले तिमीसित पातिव्रत्य-धर्मको निरूपण गरेँ। अब ती पतिव्रताहरूको भेद सावधानीका साथ प्रेमपूर्वक सुन॥ ७१॥

चतुर्विधास्ताः कथिता नार्यो देवि पतिव्रताः।
उत्तमादिविभेदेन स्मरतां पापहारिकाः॥ ७२

उत्तम आदिको भेदले पतिव्रता स्त्रीहरू चार प्रकारका बताइएका छन्। जसको स्मरणबाट पाप नष्ट हुन्छ॥ ७२॥

उत्तमा मध्यमा चैव निकृष्टातिनिकृष्टिका।
ब्रुवे तासां लक्षणानि सावधानतया शृणु॥ ७३

उत्तम, मध्यम, निकृष्ट तथा अतिनिकृष्ट—[यी चार भेद पतिव्रताहरूका हुन्छन्।] अब म तिनको लक्षण भन्दै छु, सावधान भएर त्यसको श्रवण गर॥ ७३॥

स्वप्नेऽपि यन्मनो नित्यं स्वपतिं पश्यति ध्रुवम्।
नान्यं परपतिं भद्रे उत्तमा सा प्रकीर्तिता॥ ७४

या पितृभ्रातृसुतवत् परं पश्यति सद्धिया।
मध्यमा सा हि कथिता शैलजे वै पतिव्रता॥ ७५

जसको मन सपनामा पनि आफ्नै पतिलाई मात्र देख्छ र कहिल्यै परपतिमा जाँदैन; हे भद्रे! तिनलाई उत्तम पतिव्रता भनिएको छ। जो अरूका पतिहरूलाई पिता, भ्राता तथा पुत्रको समान सद्‌बुद्धिले हेर्दछन्, हे पार्वति! तिनलाई मध्यम पतिव्रता भनिएको छ॥ ७४-७५॥

बुद्ध्वा स्वधर्मं मनसा व्यभिचारं करोति न।
निकृष्टा कथिता सा हि सुचरित्रा च पार्वति॥ ७६

हे पार्वती! जो स्त्री मनमा आफ्नु धर्म सम्झेर व्यभिचार गर्दैनन्, ती सुन्दर चरित्र भएका स्त्रीलाई निकृष्ट पतिव्रता (अधमा) भनिएको छ॥ ७६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पत्युः कुलस्य च भयाद्व्यभिचारं करोति न।
पतिव्रताऽधमा सा हि कथिता पूर्वसूरिभिः॥ ७७

जो मनमा इच्छा भएर पनि पति एवं कुलको भयले व्यभिचार गर्दैनन्, तिनलाई पुरातनहरूले अति-निकृष्ट पतिव्रता भनेका छन्॥ ७७॥

चतुर्विधा अपि शिवे पापहन्त्र्यः पतिव्रताः।
पावनाः सर्वलोकानामिहामुत्रापि हर्षिताः॥ ७८

हे शिवा! यी चारै प्रकारका पतिव्रताहरू पापहरण गर्ने खालका छन्, सम्पूर्ण लोकहरूलाई पवित्र गर्ने खालका छन् र यस लोक एवं परलोकमा आनन्द प्रदान गर्ने खालका छन्॥ ७८॥

पातिव्रत्यप्रभावेणात्रिस्त्रिया त्रिसुरार्थनात्।
जीवितो विप्र एको हि मृतो वाराहशापतः॥ ७९

पातिव्रत्यको प्रभावबाट नै अत्रिप्रिया अनसूयाले तीनवटै देवताहरूलाई प्रार्थनामा वाराहको श्रापबाट मरेका ब्राह्मणलाई जीवनदान दिएकी थिइन्॥ ७९॥

एवं ज्ञात्वा शिवे नित्यं कर्तव्यं पतिसेवनम्।
त्वया शैलात्मजे प्रीत्या सर्वकामप्रदं सदा॥ ८०

हे शिवा! यस्तो जानेर तिमीले नित्य प्रेमपूर्वक आफ्नो पतिको सेवा गर्नुपर्छ; किनभने हे शैलपुत्री! यस्तो गर्नाले तिम्रो सम्पूर्ण मनोरथ पूर्ण हुनेछन्॥ ८०॥

जगदम्बा महेशी त्वं शिवः साक्षात्पतिस्तव।
तव स्मरणतो नार्यो भवन्ति हि पतिव्रताः॥ ८१

तिमी त साक्षात् जगत्की माता तथा महेश्वरी हौ र जगत्पिता महेश्वर तिम्रो साक्षात् पति हुनुहुन्छ। तिम्रो नामको स्मरणमात्रले स्त्रीहरू पतिव्रता हुनेछन्॥ ८१॥

त्वदग्रे कथनेनानेन किं देवि प्रयोजनम्।
तथापि कथितं मेऽद्य जगदाचारतः शिवे॥ ८२

हे देवी! तिम्रो अगाडि यस कथनसित के प्रयोजन! फेरि पनि हे शिवा! संसारको आचरण अनुसार मैले तिमीलाई यो सब भनेकी हुँ॥ ८२॥

ब्रह्मोवाच

इत्युक्त्वा विररामासौ द्विजस्त्री सुप्रणम्य ताम्।
शिवां मुदमतिप्राप पार्वती शङ्करप्रिया॥ ८३

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार भनेर ती द्विजपत्नी भगवतीलाई प्रणाम गरी मौन भइन् र त्यस उपदेशको श्रवणबाट शंकरप्रिया शिवा अत्यन्त प्रसन्नचित्त हुनुभयो॥ ८३॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे पतिव्रताधर्मवर्णनं नाम चतुःपञ्चाशत्तमोऽध्यायः॥ ५४॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा पतिव्रताधर्मवर्णन नामक चौवन्नौँ अध्याय पूर्ण भयो॥ ५४॥

अथ पञ्चपञ्चाशत्तमोऽध्यायः

शिव-पार्वती तथा जन्तीको विदाई, भगवान् शिव समस्त देवताहरूलाई विदा गरी कैलासमा बस्नु र शिव-विवाहोपाख्यान श्रवणको महिमा

ब्रह्मोवाच

अथ सा ब्राह्मणी देव्यै शिक्षयित्वा व्रतं च तत्।
प्रोवाच मेनामामन्त्र्य यात्रामस्याश्च कारय॥ १

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] यस प्रकार ब्राह्मणीले देवी पार्वतीलाई पातिव्रत्यधर्मको उपदेश दिएर मेनालाई बोलाएर भनिन्—अब यिनको यात्राको तयारी गर्नुहोस्॥ १॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तथास्त्विति च सम्प्रोच्य प्रेमवश्या बभूव सा।
धृतिं धृत्वाहूय कालीं विश्लेषविरहाकुला॥ २

अत्युच्चै रोदनं चक्रे संश्लिष्य च पुनः पुनः।
पार्वत्यपि रुरोदोच्चैरुच्चरन्ती कृपावचः॥ ३

शैलप्रिया शिवा चापि मूर्च्छामाप शुचार्दिता।
मूर्च्छाम्प्रापुर्देवपत्न्यः पार्वत्या रोदनेन च॥ ४

सर्वाश्च रुरुदुर्नार्यः सर्वमासीदचेतनम्।
स्वयं रुरोद योगीशो गच्छन्कोऽन्यः परः प्रभुः॥ ५

एतस्मिन्नन्तरे शीघ्रमाजगाम हिमालयः।
स सर्वतनयैस्तत्र सचिवैश्च द्विजैः परैः॥ ६

स्वयं रुरोद मोहेन वत्सां कृत्वा स्ववक्षसि।
क्व यासीत्येवमुच्चार्य शून्यं कृत्वा मुहुर्मुहुः॥ ७

ततः पुरोहितो विप्रैरध्यात्मविद्यया सुखम्।
सर्वान्प्रबोधयामास कृपया ज्ञानवत्तरः॥ ८

ननाम पार्वती भक्त्या मातरं पितरं गुरुम्।
महामाया भवाचाराद्रुरोदोच्चैर्मुहुर्मुहुः॥ ९

पार्वत्या रोदनेनैव रुरुदुः सर्वयोषितः।
नितरां जननी मेना यामयो भ्रातरस्तथा॥ १०

पुनः पुनः शिवामाता यामयोऽन्याश्च योषितः।
भ्रातरो जनकः प्रेम्णा रुरुदुर्बद्धसौहृदाः॥ ११

तदा विप्राः समागत्य बोधयामासुरादरात्।
लग्नं निवेदयामासुर्यात्रायाः सुखदं परम् ॥ १२

ततो हिमालयो मेनां धृत्वा धैर्यं विवेकतः।
शिबिकामानयामास शिवारोहणहेतवे॥ १३

शिवामारोहयामासुस्तत्र विप्राङ्गनाश्च ताम्।
आशिषं प्रददुः सर्वाः पिता माता द्विजास्तथा॥ १४

मेनाले पनि 'तथास्तु' भनिन् र उनी प्रेमले विभोर भइन्। त्यसपछि धैर्य धारण गरी कालीलाई बोलाएर उनको विरहले व्याकुल भइन्, त्यस समय ती मेना पार्वतीलाई वारम्वार अंकमाल गरी ठुलो स्वरमा रुन लागिन् र पार्वती पनि दीनवचन भन्दै ठुलो स्वरमा रुन लाग्नुभयो॥ २-३॥

शोकव्यथित भएर शैलप्रिया मेना र पार्वती मूर्च्छित हुनुभयो। पार्वतीको रोदनको आवाजले सबै देवपत्नीहरू पनि आफ्नो होस गुमाएर बसे। त्यस समय सबै देवस्त्रीहरू रुन लागे तथा अचेत भए। विदा हुँदै गरेका स्वयं योगीश्वर पनि रुन थाल्नुभयो, तब अरूको के कुरा!॥ ४-५॥

यसै समय बडो शीघ्रताका साथ हिमालय पनि आफ्ना सबै पुत्र, मन्त्री तथा अन्य ब्राह्मणहरूका साथ त्यहाँ आइपुगे। त्यस समय हिमालय पनि पार्वतीलाई काखमा लिएर मोहवश रुन लागे। हे छोरी! यस घरलाई शून्य पारी तिमी कहाँ गइरहेकी छौ? यस प्रकार भन्दै ती वारम्वार रुन लागे॥ ६-७॥

तब ब्राह्मणहरूका साथ उनका ज्ञानी तथा श्रेष्ठ पुरोहितले उनीमाथि कृपा गरी अध्यात्मविद्याको उपदेश दिएर उनलाई सम्झाए। महामाया पार्वतीले [विदाईको समय] माता-पिता तथा गुरुजनहरूलाई भक्तिपूर्वक प्रणाम गर्नुभयो र उहाँ लोकाचारवश जोर-जोरले रुन लाग्नुभयो॥ ८-९॥

पार्वतीको रोदनले त्यहाँ उपस्थित सबै स्त्रीहरू, माता मेना, नातेदार तथा अरू पनि रुन लागे॥ १०॥

यस प्रकार पार्वतीकी माता, नाता-सम्बन्धी तथा अन्य स्त्रीहरू, दाजु, पिता तथा सखीहरू अत्यन्त प्रेमवश पटक-पटक रोइरहे। त्यस समय ब्राह्मणहरूले आएर सबलाई आदरपूर्वक सम्झाउँदै भने कि यात्राका लागि सुखदायी लग्नको समय आएको छ। तब हिमालयले मेनालाई सान्त्वना दिए र स्वयं विवेकयुक्त भएर पार्वती चढ्नका लागि शिविका (पालकी) मगाए। त्यसपछि ब्राह्मणस्त्रीहरूले पार्वतीलाई पालकीमा चढाए र माता-पिता, ब्राह्मण आदि सबैले आशीर्वाद प्रदान गरे॥ ११—१४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महाराज्ञ्युपचारांश्च ददौ मेना गिरिस्तथा।
नानाद्रव्यसमूहं च परेषां दुर्लभं शुभम्॥ १५
शिवा नत्वा गुरून्सर्वान् जनकं जननीं तथा।
द्विजान्पुरोहितं यामीस्त्रीस्तथान्या ययौ मुने॥ १६

हिमाचलोऽपि ससुतोऽगच्छत्स्नेहवशो बुधः।
प्राप्तस्तत्र प्रभुर्यत्र सामरः प्रीतिमावहन्॥ १७

प्रीत्याभिरेभिरे सर्वे महोत्सवपुरस्सरम्।
प्रभुं प्रणेमुस्ते भक्त्या प्रशंसन्तोऽविशन्पुरीम्॥ १८

जातिस्मरां स्मारयामि नित्यं स्मरसि चेद्वद।
लीलया त्वां च देवेशि सदा प्राणप्रिया मम॥ १९

ब्रह्मोवाच

इत्याकर्ण्य महेशस्य स्वनाथस्याथ पार्वती।
शङ्करस्य प्रिया नित्यं सस्मितोवाच सा सती॥ २०

पार्वत्युवाच

सर्वं स्मरामि प्राणेश मौनीभूतो भवेति च।
प्रस्तावोचितमद्याशु कार्यं कुरु नमोऽस्तु ते॥ २१

ब्रह्मोवाच

इत्याकर्ण्य प्रियावाक्यं सुधाधाराशतोपमम्।
मुमुदेऽतीव विश्वेशो लौकिकाचारतत्परः॥ २२

शिवः सम्भृतसम्भारो नानावस्तुमनोहरम्।
भोजयामास देवांश्च नारायणपुरोगमान्॥ २३

तथान्यान्निखिलान्प्रीत्या स्वविवाहसमागतान्।
भोजयामास सुरसमन्नं बहुविधं प्रभुः॥ २४

ततो भुक्त्वा च ते देवा नानारत्नविभूषिताः।
सस्त्रीकाः सगणाः सर्वे प्रणेमुश्चन्द्रशेखरम्॥ २५

मेना र हिमालयले महारानीहरूको योग्य उपचार पार्वतीलाई प्रदान गरे र अरूहरूका लागि सर्वथा दुर्लभ द्रव्यसमूह दिए। हे मुनि! पार्वतीले आफ्ना माता-पिता, गुरुजन, ब्राह्मण, पुरोहित, सम्बन्धी एवं स्त्रीहरूलाई प्रणाम गरी प्रस्थान गर्नुभयो॥ १५-१६॥

परम बुद्धिमान् हिमालय पनि आफ्ना पुत्रहरूका साथ प्रेमले विभोर भएर पालकीका साथ गए र त्यहाँ पुगे, जहाँ सबै देवता बसिरहेका थिए॥ १७॥

तत्पश्चात् सबै जनाले भक्तिपूर्वक सदाशिवलाई प्रणाम गरे र प्रशंसा गर्दै आफ्नो नगरमा गए। तब पार्वती कैलास पुग्नासाथ सबै जनहरूले धेरै ठुलो उत्सव गरे। [शिवले पार्वतीका साथ आफ्नो स्थानमा पुगेर भन्नुभयो—] हे देवेशी! म तिमीलाई पूर्वजन्मको स्मरण गराइरहेको छु र यदि तिमी आफ्नो लीलाले त्यसलाई स्मरण गर्दछ्यौ भने भन तिमी त आजबाट मात्र होइन, जन्म-जन्मान्तरदेखि मेरी प्राणप्रिया हौ॥ १८-१९॥

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार आफ्ना स्वामी महेशका वचन सुनेर हाँस्तै शिवप्रिया पार्वती भन्न लाग्नुभयो—॥ २०॥

पार्वती भन्नुहुन्छ—हे प्राणेश्वर! मलाई सबै कुराको स्मरण छ, तर हे भव! यस समय हजुर चुप रहनुहोस् र आज जुन कार्य उपस्थित छ, त्यसैलाई शीघ्र गर्नुहोस्, हजुरलाई नमस्कार छ॥ २१॥

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार प्रिया पार्वतीका सयकडौँ सुधाधारासमानका वचनलाई सुनेर विश्वेश्वर प्रसन्न हुनुभयो र लोकाचारमा संलग्न हुनुभयो॥ २२॥

शिवले अनेक प्रकारका भोजन-सामग्री एकत्रित गरी नारायण आदि सबै देवगणहरूलाई नानाविधी मनोहर भोज्य-वस्तुहरूको भोजन गराउनुभयो। उहाँले आफ्नो विवाहमा आएका सबै जनालाई यथायोग्य विधिवत् उत्तम रसले सम्पन्न भोजन गराउनुभयो। तब भोजन गरी नाना रत्नहरूले विभूषित सबै देवताहरूले आफ्ना स्त्रीहरू तथा गणहरूका साथ चन्द्रशेखरलाई प्रणाम गरे॥ २३—२५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्तुत्य वाग्भिरिष्टाभिः परिक्रम्य मुदान्विताः।
प्रशंसन्तो विवाहं च स्वधामानि ययुस्ततः॥ २६

नारायणं मुने मां च प्रणनाम शिवः स्वयम्।
लौकिकाचारमाश्रित्य यथा विष्णुश्च कश्यपम्॥ २७

मयाश्लिष्याशिषं दत्त्वा शिवस्य पुनरग्रतः।
मत्वा वै तं परं ब्रह्म चक्रे च स्तुतिरुत्तमा॥ २८

तमामन्त्र्य मया विष्णुः साञ्जलिः शिवयोर्मुदा।
प्रशंसंस्तद्विवाहं च जगाम स्वालयं परम्॥ २९

शिवोऽपि स्वगिरौ तस्थौ पार्वत्या विहरन् मुदा।
सर्वे गणाः सुखं प्रापुरतीव स्वभजन् शिवौ॥ ३०

इत्येवं कथितस्तात शिवोद्वाहः सुमङ्गलः।
शोकघ्नो हर्षजनक आयुष्यो धनवर्द्धनः॥ ३१

य इमं शृणुयान्नित्यं शुचिस्तद्गतमानसः।
श्रावयेद्वाथ नियमाच्छिवलोकमवाप्नुयात्॥ ३२

इदमाख्यानमाख्यातमद्भुतं मङ्गलायनम्।
सर्वविघ्नप्रशमनं सर्वव्याधिविनाशनम्॥ ३३

यशस्यं स्वर्ग्यमायुष्यं पुत्रपौत्रकरं परम्।
सर्वकामप्रदं चेह भुक्तिदं मुक्तिदं सदा॥ ३४

अपमृत्युप्रशमनं महाशान्तिकरं शुभम्।
सर्वदुःस्वप्नशमनं बुद्धिप्रज्ञादिसाधनम्॥ ३५

त्यसपछि उनीहरूले प्रिय वचनद्वारा प्रसन्नतापूर्वक शिवको स्तुति गर्दै उहाँको परिक्रमा गरे तथा विवाहको प्रशंसा गर्दै ती सबै आ-आफ्नो स्थानमा गए। हे मुनि! शिवले मलाई तथा विष्णुलाई त्यसै गरी प्रणाम गर्नुभयो, जसरी लोकाचारबाट विष्णु कश्यपलाई प्रणाम गर्नुहुन्छ॥ २६-२७॥

मैले उहाँलाई अंकमाल गरेर आशीर्वाद दिएँ, फेरि शंकरलाई परब्रह्म जानेर उहाँको अगाडि उभिएर मैले स्तुति गरेँ। यसपश्चात् म तथा विष्णु शिवा एवं शिवलाई हात जोडेर प्रणाम गरी विवाहको प्रशंसा गर्दै आ-आफ्नो स्थानमा गयौँ॥ २८-२९॥

यता, शिव पनि पार्वतीका साथ आनन्द-विहार गर्नुहुँदै आफ्नो निवासभूत कैलासमा बस्न लाग्नुभयो र उहाँका सबै गण आनन्दपूर्वक प्रेमले शिवा-शिवको आराधना गर्न लागे। हे तात! यस प्रकार मैले शिवा एवं शिवको विवाह तपाईंसित वर्णन गरेँ, यो विवाह परम मंगलदायक, शोक-नाशक, आनन्ददायक तथा धन एवं आयुको वृद्धि गर्नेवाला छ॥ ३०-३१॥

जो पवित्र भएर शिवमा मन लगाएर नित्य यस विवाह चरित्रलाई नियमपूर्वक सुन्छ अथवा अरूलाई सुनाउँछ, त्यो अवश्य नै शिवलोक जान्छ। मैले भनेको यो आख्यान अद्भुत, मंगलको धाम, सबै विघ्नहरूको नाश गर्ने, समस्त व्याधिहरूलाई हटाउने, यश दिने, स्वर्ग दिने, आयु प्रदान गर्ने, छोरा-नातीहरूको बृद्धि गराउने, सबै कामनाहरूलाई सिद्ध गर्ने, भोग र मोक्ष दिने, अपमृत्युलाई भगाउने, महाशान्ति प्रदान गर्ने, कल्याणकारक, समस्त दुःस्वप्नलाई शान्त पार्ने र बुद्धि-ज्ञान आदिको वृद्धि गर्ने खालको छ॥ ३२—३५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिवोत्सवेषु सर्वेषु पठितव्यं प्रयत्नतः।
शुभेप्सुभिर्जनैः प्रीत्या शिवसन्तोषकारणम्॥ ३६

आफ्नो शुभको इच्छा राख्ने जनहरूले सबै कल्याण-कारक उत्सवमा प्रयत्नपूर्वक प्रेमका साथ शिवलाई सन्तुष्ट पार्ने यस आख्यानको पाठ गर्नुपर्छ॥ ३६॥

पठेत्प्रतिष्ठाकाले तु देवादीनां विशेषतः।
शिवस्य सर्वकार्यस्य प्रारम्भे च सुप्रीतितः॥ ३७

शृणुयाद्वा शुचिर्भूत्वा चरितं शिवयोश्शिवम्।
सिध्यन्ति सर्वकार्याणि सत्यं सत्यं न संशयः॥ ३८

विशेष रूपले देवता आदिको प्रतिष्ठाको समय र शिवका सबै कार्यहरूको प्रारम्भमा प्रेमपूर्वक यस आख्यानको पाठ गर्नुपर्दछ। जो पवित्र भएर शिवा-शिवको यस चरित्रलाई सुन्छ, उसको सबै कार्य सिद्ध हुन जान्छ, यो सत्य हो, सत्य हो, यसमा संशय छैन॥ ३७-३८॥

इति श्रीशिवमहापुराणे ब्रह्मनारदसंवादे द्वितीयायां रुद्रसंहितायां तृतीये पार्वतीखण्डे शिवकैलासगमनवर्णनं नाम पञ्चपञ्चाशत्तमोऽध्यायः॥ ५५॥

॥ यस प्रकार श्रीशिवमहापुराणको ब्रह्मा-नारद-संवादअन्तर्गत द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्डमा शिवकैलासगमनवर्णन नामक पचपनौँ अध्याय पूर्ण भयो॥ ५५॥

॥ इति श्रीशिवमहापुराणे द्वितीयरुद्रसंहितायां तृतीयः पार्वतीखण्डः समाप्तः॥

॥ द्वितीय रुद्रसंहिताको तृतीय पार्वतीखण्ड पूर्ण भयो॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥ ॐ श्रीसाम्बशिवाय नमः ॥ ॥ ॐ श्रीगणेशाय नमः ॥

श्रीशिवमहापुराणम्

द्वितीयायां रुद्रसंहितायां चतुर्थः कुमारखण्डः

अथ प्रथमोऽध्यायः

कैलासमा भगवान् शिव एवं पार्वतीको विहार

वन्दे वन्दनतुष्टमानसमतिप्रेमप्रियं प्रेमदं
पूर्णं पूर्णकरं प्रपूर्णनिखिलैश्वर्यैकवासं शिवम्।
सत्यं सत्यमयं त्रिसत्यविभवं सत्यप्रियं सत्यदं
विष्णुब्रह्मनुतं स्वकीयकृपयोपात्ताकृतिं शंकरम्॥ १

वन्दना गर्नाले जसको मन प्रसन्न हुन्छ, जसलाई प्रेम अत्यन्त प्रिय छ, जो सबलाई प्रेम प्रदान गर्नेवाला हुनुहुन्छ, स्वयं पूर्ण हुनुहुन्छ, अरूको अभिलाषालाई पनि पूर्ण गर्नुहुन्छ, सम्पूर्ण संसिद्ध ऐश्वर्यको एकमात्र स्थान हुनुहुन्छ, स्वयं सत्यस्वरूप हुनुहुन्छ, सत्यमय हुनुहुन्छ, जसको सत्तात्मक ऐश्वर्य त्रिकाल अबाधित छ, जो सत्यप्रिय एवं सबलाई सत्य प्रदान गर्नेवाला हुनुहुन्छ, ब्रह्मा-विष्णु जसको वन्दना गर्नुहुन्छ र जो आफ्नै कृपाबाट विग्रह धारण गर्नुहुन्छ—यस्ता नित्य शिवको हामी वन्दना गर्दछौँ॥ १॥

नारद उवाच

विवाहयित्वा गिरिजां शंकरो लोकशंकरः।
गत्वा स्वपर्वतं ब्रह्मन् किमकार्षीद्धि तद्वद॥ २
कथं हि तनयो जज्ञे शिवस्य परमात्मनः।
यदर्थमात्मारामोऽपि समुवाह शिवां प्रभुः॥ ३
तारकस्य कथं ब्रह्मन् वधोऽभूद्देवशंकर।
एतत्सर्वमशेषेण वद कृत्वा दयां मयि॥ ४

नारद भन्नुहुन्छ—हे ब्रह्मन्! लोककल्याणकारी शंकरले पार्वतीसित विवाह गर्नुभएपछि कैलास गएर के गर्नुभयो, त्यस वृत्तान्त हामीहरूलाई सुनाउनुहोस्॥ २॥

जुन पुत्रका निमित्त आत्माराम भए तापनि उहाँले पार्वतीसित विवाह गर्नुभयो, ती परमात्मा शिवका पुत्र कसरी उत्पन्न भए? देवताहरूको कल्याण गर्नुहुने हे ब्रह्मन्! तारकासुरको वध कुन प्रकार भयो? ममाथि कृपा गरी यो सारा कुरा विस्तारपूर्वक बताउनुहोस्॥ ३-४॥

सूत उवाच

इत्याकर्ण्य वचस्तस्य नारदस्य प्रजापतिः।
सुप्रसन्नमनाः स्मृत्वा शंकरं प्रत्युवाच ह॥ ५

सूत भन्नुहुन्छ—नारदका यस प्रकारका वचनलाई सुनेर प्रजापति ब्रह्माले शिवको स्मरण गरी प्रसन्न मनले भन्नुभयो—॥ ५॥

ब्रह्मोवाच

चरितं शृणु वक्ष्यामि शशिमौलेस्तु नारद।
गुहजन्मकथां दिव्यां तारकासुरसद्वधम्॥ ६

ब्रह्मा भन्नुहुन्छ—हे नारद! चन्द्रशेखर भगवान् शिवको चरित्रलाई बताउँछु, तपाईं सुन्नुहोस्, म कार्तिकेयको उत्पत्तिको दिव्य कथा तथा उहाँद्वारा गरिएको तारकासुरको वधको वृत्तान्त पनि बताउँछु॥ ६॥

श्रूयतां कथयाम्यद्य कथां पापप्रणाशिनीम्।
यां श्रुत्वा सर्वपापेभ्यो मुच्यते मानवो ध्रुवम्॥ ७

म जुन कथालाई भनिरहेको छु, त्यसलाई सुन्नुहोस्, त्यो कथा समस्त पापहरूलाई विनष्ट गर्ने खालको छ, जसलाई सुनेर निश्चय नै मनुष्य सबै प्रकारका पापहरूबाट मुक्त हुन्छ॥ ७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इदमाख्यानमनघं रहस्यं परमाद्भुतम्।
पापसंतापहरणं सर्वविघ्नविनाशनम्॥ ८

सर्वमंगलदं सारं सर्वश्रुतिमनोहरम्।
सुखदं मोक्षबीजं च कर्ममूलनिकृन्तनम्॥ ९

कैलासमागत्य शिवां विवाह्य
शोभां प्रपेदे नितरां शिवोऽपि।
विचारयामास च देवकृत्यं
पीडां जनस्यापि च देवकृत्ये॥ १०

शिवः स भगवान् साक्षात्कैलासमगमद्यदा।
सौख्यं च विविधं चक्रुर्गणाः सर्वे सुहर्षिताः॥ ११

महोत्सवो महानासीच्छिवे कैलासमागते।
देवाः स्वविषयं प्राप्ता हर्षनिर्भरमानसाः॥ १२

अथ शंभुर्महादेवो गृहीत्वा गिरिजां शिवाम्।
जगाम निर्जनं स्थानं महादिव्यं मनोहरम्॥ १३

शय्यां रतिकरीं कृत्वा पुष्पचन्दनचर्चिताम्।
अद्भुतां तत्र परमां भोगवस्त्वन्वितां शुभाम्॥ १४

स रेमे तत्र भगवान् शंभुर्गिरिजया सह।
सहस्त्रवर्षपर्यन्तं देवमानेन मानदः॥ १५

दुर्गाङ्गस्पर्शमात्रेण लीलया मूर्च्छितः शिवः।
मूर्च्छिता सा शिवस्पर्शाद्बुबुधे न दिवानिशम्॥ १६

हरे भोगप्रवृत्ते तु लोकधर्मप्रवर्तिनि।
महान् कालो व्यतीयाय तयोः क्षण इवानघ॥ १७

अथ सर्वे सुरास्तात एकत्रीभूय चैकदा।
मंत्रयाञ्चक्रुरागत्य मेरौ शक्रपुरोगमाः॥ १८

सुरा ऊचुः

विवाहं कृतवाञ्छंभुरस्मत्कार्यार्थमीश्वरः।
योगीश्वरो निर्विकारो स्वात्मारामो निरंजनः॥ १९

यो आख्यान पापरहित, गोपनीय, परम अद्भुत, पाप-सन्तापलाई दूर गर्ने तथा सबै प्रकारका विघ्नहरूको विनष्ट गर्ने खालको छ। यो सबै प्रकारका मंगलहरूको दाता, पुराणहरूको सारभूत अंश तथा सबैका कानहरूलाई सुख प्रदान गर्ने, आनन्दलाई बढाउने, मोक्षको बीज र कर्ममूलको विनाश गर्ने खालको छ॥ ८-९॥

शिव शिवासित विवाह गरी कैलासमा आएर अत्यन्त शोभित हुनुभयो र देवगणहरूको कार्य-साधनको विचार गर्न लाग्नुभयो। उहाँले तारकासुरद्वारा सताइएका आफ्ना भक्तजनहरूको पीडाको विषयमा पनि विचार गर्नुभयो॥ १०॥

यता शिव जब कैलासमा पुग्नुभयो, तब उहाँका गण प्रसन्न भएर उहाँलाई नानाविधि सुख प्रदान गर्न लागे॥ ११॥

शिव कैलास पुग्नासाथ महान् उत्सव हुन लाग्यो। सबै देवगण प्रसन्नमन भएर आ-आफ्ना स्थानमा गए। यसपछि महादेव सदाशिव गिरिकन्या शिवालाई साथ लिएर महादिव्य, मनोहर एवं निर्जन स्थानमा जानुभयो। त्यहाँ उहाँले रतिलाई बढाउने खालको शय्याको निर्माण गरी त्यसलाई पुष्प तथा चन्दनले सुशोभित गर्नुभयो। त्यस अद्भुत मनोहर शय्याको नजिक नाना प्रकारका भोगसामग्री पनि स्थापित गरिदिनुभयो॥ १२—१४॥

त्यसै शय्यामा मान दिनुहुने भगवान् शम्भु पार्वतीका साथ देवताहरूको वर्षपरिमाणअनुसार एक हजार वर्षसम्म विहार गर्दै बस्नुभयो। भगवती पार्वतीका अंगहरूको स्पर्शमात्रले भगवान् सदाशिव लीलापूर्वक मूर्च्छित हुनुभयो। भगवती पार्वती पनि भगवान् शिवको स्पर्शले मूर्च्छित हुनुभयो। यस प्रकार उहाँहरूलाई दिन-रातको ज्ञान रहेन॥ १५-१६॥

हे अनघ! लोकधर्मको प्रवर्तन गर्नुहुने शिवलाई भोगमा प्रवृत्त हुँदामा उहाँहरूको लामो समय पनि क्षणमात्र समान बित्यो॥ १७॥

हे तात! तब एक समय इन्द्रादि सबै देवता मेरु पर्वतमा भेला भएर विचार गर्न लागे॥ १८॥

देवता भन्दछन्—यद्यपि शिव योगीश्वर निर्विकार आत्माराम तथा मायारहित हुनुहुन्छ, फेरि पनि हामीहरूको कल्याणका लागि भगवान् शंकरले विवाह गर्नुभएको छ॥ १९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नोत्पन्नस्तनयस्तस्य न जानीमोऽत्र कारणम्।
विलंबः क्रियते तेन कथं देवेश्वरेण ह॥ २०

ब्रह्मोवाच

एतस्मिन्नन्तरे देवा नारदाद्देवदर्शनात्।
बुबुधुस्तन्मितं भोगं तयोश्च रममाणयोः॥ २१

चिरं ज्ञात्वा तयोर्भोगं चिंतामापुः सुराश्च ते।
ब्रह्माणं मां पुरस्कृत्य ययुर्नारायणान्तिकम्॥ २२

तं नत्वा कथितं सर्वं मया वृत्तांतमीप्सितम्।
सन्तस्थिरे सर्वदेवाः चित्रे पुत्तलिका यथा॥ २३

सहस्रवर्षपर्यन्तं देवमानेन शंकरः।
रतौ रतश्च निश्चेष्टो योगी विरमते न हि॥ २४

श्रीभगवानुवाच

चिन्ता नास्ति जगद्धातः सर्वं भद्रं भविष्यति।
शरणं व्रज देवेश शंकरस्य महाप्रभोः॥ २५

महेशशरणापन्ना ये जना मनसा मुदा।
तेषां प्रजेश भक्तानां न कुतश्चिद्भयं क्वचित्॥ २६

शृंगारभंगः समये भविता नाधुना विधे।
कालप्रयुक्तं कार्यं च सिद्धिं प्राप्नोति नान्यथा॥ २७

शम्भोः सम्भोगमिष्टं को भद्रां कर्तुमिहेश्वरः।
पूर्णे वर्षसहस्रे च स्वेच्छया हि विरंस्यति॥ २८

स्त्रीपुंसो रतिविच्छेदमुपायेन करोति यः।
तस्य स्त्रीपुत्रयोर्भेदो भवेज्जन्मनि जन्मनि॥ २९

भ्रष्टज्ञानो नष्टकीर्त्तिरलक्ष्मीको भवेदिह।
प्रयात्यन्ते कालसूत्रं वर्षलक्षं स पातकी॥ ३०

रंभायुक्तं शक्रमिमं चकार विरतं रतौ।
महामुनीन्द्रो दुर्वासास्तत्स्त्रीभेदो बभूव ह॥ ३१
पुनरन्यां स संप्राप्य विषेव्य शुभपाणिकाम्।
दिव्यं वर्षसहस्रं च विजहौ विरहज्वरम्॥ ३२

तर अहिलेसम्म उहाँका कुनै पुत्र भएनन्, यसको कारण थाहा हुन सकिरहेको छैन। ती भगवान् देवेश्वर विलम्ब किन गर्दै हुनुहुन्छ?॥ २०॥

ब्रह्मा भन्नुहुन्छ—यसै बीच देवदर्शन-नारदबाट देवताहरूले शिवा र शिवको परिमित भोगकाललाई जाने॥ २१॥

तब उहाँहरूको भोगकाललाई दीर्घकालीन जानेर देवता ज्यादै चिन्तित भए, फेरि म ब्रह्मालाई अघि लगाई ती विष्णुका समीपमा गए॥ २२॥

मैले नारायणलाई प्रणाम गरी सारा अभीष्ट वृत्तान्त उहाँसित निवेदित गरें। देवताहरू भने चित्रलिखित पुतलीसमान उभिरहे॥ २३॥

[हे नारायण!] योगीश्वर शंकर देवताहरूको वर्षको परिमाणअनुसार एक हजार वर्षपर्यन्त विहारपरायण हुनुहुन्छ॥ २४॥

भगवान् विष्णु भन्नुहुन्छ—हे जगत्का विधाता! चिन्ता गर्नुको आवश्यकता छैन। सबथोक कल्याणकारी नै हुनेछ। हे देवेश! तपाईं महाप्रभु शंकरको शरणमा जानुहोस्॥ २५॥

जो मनुष्य प्रसन्न मनले शंकरको शरणमा जान्छन्; हे प्रजापते! शंकरका ती अनन्य भक्तहरूलाई कहींबाट कुनै भय हुँदैन। हे विधि! उहाँको शृंगारको रसभंग समय आएपछि हुन्छ, अहिले हुँदैन। जुन कार्य ठीक समयमा गरिन्छि, त्यही सफल हुन्छ, अन्यथा हुँदैन॥ २६-२७॥

भगवान् शंकरको अभीष्टलाई भग्न गर्नमा को समर्थ छ? हजार वर्ष पूर्ण भएपछि उहाँ स्वयं निवृत्त हुनुहुनेछ॥ २८॥

जसले रतिलाई भंग गर्छ, त्यसलाई जन्म-जन्मान्तरमा स्त्री तथा पुत्रबाट वियोग प्राप्त हुन्छ। त्यस भेदकर्ता पुरुषको ज्ञान, कीर्ति नष्ट हुन्छ र त्यो दरिद्र हुन जान्छ। अन्तमा त्यो एक लाख वर्षसम्म कालसूत्र नामक नरकमा रहन्छ॥ २९-३०॥

यसै कारण महामुनीन्द्र दुर्वासालाई स्त्रीबाट वियोग हुन पर्‍यो। फेरि उनले अर्को मंगलमय कर-कमल भएकी स्त्रीलाई प्राप्त गरी वियोगजन्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

घृताच्या सह संश्लिष्टं कामं वारितवान् गुरुः।
षण्मासाभ्यंतरे चन्द्रस्तस्य पत्नीं जहार ह॥ ३३
पुनश्शिवं समाराध्य कृत्वा तारामयं रणम्।
तारां सगर्भां संप्राप्य विजहौ विरहज्वरम्॥ ३४

दुःखलाई दूर गरे। घृताचीमा आसक्त कामदेवलाई रोक्दामा बृहस्पतिले पत्नी-हरणको दुःख पाए। फेरि उनले शिवको आराधना गरी तारालाई प्राप्त गरे, जसबाट उनको विरहव्यथा दूर भयो॥ ३१—३४॥

मोहिनीसहितं चन्द्रं चकार विरतं रतौ।
महर्षिर्गौतमस्तस्य स्त्रीविच्छेदो बभूव ह॥ ३५
हरिश्चन्द्रो हालिकं च वृषल्या सह संयुतम्।
वारयामास निश्चेष्टं निर्जने तत्फलं शृणु॥ ३६
भ्रष्टः स्त्रीपुत्रराज्येभ्यो विश्वामित्रेण ताडितः।
ततः शिवं समाराध्य मुक्तो भूतो हि कश्मलात्॥ ३७

महर्षि गौतमले मोहिनीमा आसक्त चन्द्रमालाई वियुक्त गरे, यस कारण उनको स्त्रीबाट वियोग भयो। हालिकलाई वृषलीमा कामासक्त देखेर हरिश्चन्द्रद्वारा निषेध गरिँदामा उनलाई विश्वामित्रको कोपभाजन बन्नु पर्‍यो र ती स्त्री-पुत्र तथा राज्यबाट समेत च्युत हुन गए। फेरि उनले शिवाराधना गरी यस कष्टबाट छुटकारा प्राप्त गरे॥ ३५—३७॥

अजामिलं द्विजश्रेष्ठं वृषल्या सह संयुतम्।
न भिया वारयामासुः सुरास्तां चापि केचन॥ ३८

सर्वं निषेकसाध्यं च निषेको बलवान् विधे।
निषेकफलदो वै स निषेकः केन वार्यते॥ ३९

वृषलीमा आसक्त भएका द्विजश्रेष्ठ अजामिलको तथा त्यस वृषलीको भयका कारण कुनै देवताले पनि रोकेनन्। निषेक (वीर्यसिंचन)-बाट सबथोक साध्य छ। हे विधि! निषेक बलवान् छ, निषेक नै फल दिनेवाला हो, त्यस निषेकको कसले निवारण गर्न सक्छ?॥ ३८-३९॥

दिव्यं वर्षसहस्रं च शंभोः संभोगकर्म तत्।
पूर्णे वर्षसहस्रे च गत्वा तत्र सुरेश्वराः॥ ४०

येन वीर्यं पतेद्भूमौ तत् करिष्यथ निश्चितम्।
तत्र वीर्ये च भविता स्कन्दनामा प्रभोः सुतः॥ ४१

शंकरका भोगको त्यो काल देवताहरूको वर्षले हजार वर्षपर्यन्तको थियो। हे देवगण हो! एक हजार दिव्य वर्ष पूर्ण भएपछि तपाईंहरू त्यहाँ गएर यस प्रकारको उपाय गर्नुहोस्, जसबाट उहाँको तेज पृथ्वीमा खसोस्। त्यसै तेजबाट प्रभु शंकरको स्कन्द नामक पुत्र उत्पन्न हुने छन्॥ ४०-४१॥

अधुना स्वगृहं गच्छ विधे सुरगणैः सह।
करोतु शंभुः संभोगं पार्वत्या सह निर्जने॥ ४२

अतः हे ब्रह्मन्! यस समय तपाईं यी देवताहरूलाई साथ लिएर आफ्नो स्थानमा फर्किजानुहोस् र शिव एकान्तमा पार्वतीका साथ आनन्दविहार गरून्॥ ४२॥

ब्रह्मोवाच

इत्युक्त्वा कमलाकान्तः शीघ्रं स्वान्तःपुरं ययौ।
स्वालयं प्रययुर्देवा मया सह मुनीश्वर॥ ४३
शक्तिशक्तिमतोश्चाथ विहारेणाति च क्षितिः।
भाराक्रांता चकंपे सा सशेषापि सकच्छपा॥ ४४

ब्रह्मा भन्नुहुन्छ—हे मुनीश्वर! यस प्रकार भनेर लक्ष्मीपति भगवान् विष्णु तत्काल आफ्नो अन्तःपुरमा जानुभयो र मसँगै सबै देवता आ-आफ्नो स्थानमा गए। यस प्रकार धेरै दिनसम्म शक्ति एवं शक्तिमान्को विहारबाट भाराक्रान्त पृथ्वी शेष एवं कच्छपले धारण गर्दामा पनि काम्न थालिन्॥ ४३-४४॥

कच्छपस्य हि भारेण सर्वाधारः समीरणः।
स्तंभितोऽथ त्रिलोकाश्च बभुवुर्भयविह्वलाः॥ ४५

अथ सर्वे मया देवा हरेश्च शरणं ययुः।
सर्वं निवेदयाञ्चक्रुस्तद्वृत्तं दीनमानसा॥ ४६

तब कच्छपको भारले आक्रान्त सबैका आधारभूत पवन स्तम्भित भए, जसबाट सम्पूर्ण त्रैलोक्य भयले व्याकुल भयो। फेरि सबै देवता मसँगै भगवान् विष्णुको शरणमा गए र दुखी मन भएका उनीहरूले त्यस वृत्तान्तलाई भगवान् विष्णुसित निवेदन गरे॥ ४५-४६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवा ऊचुः

देवदेव रमानाथ सर्वावनकर प्रभो।
रक्ष नः शरणापन्नान् भयव्याकुलमानसान्॥ ४७
स्तंभितस्त्रिजगत्प्राणो न जाने केन हेतुना।
व्याकुलं मुनिभिर्लेखैस्त्रैलोक्यं सचराचरम्॥ ४८

ब्रह्मोवाच

इत्युक्त्वा सकला देवा मया सह मुनीश्वर।
दीनास्तस्थुः पुरो विष्णोर्मौनीभूताः सुदुःखिताः॥ ४९

तदाकर्ण्य समादाय सुरान्नः सकलान् हरिः।
जगाम पर्वतं शीघ्रं कैलासं शिववल्लभम्॥ ५०

तत्र गत्वा हरिर्देवैर्मया च सुरवल्लभः।
ययौ शिववरस्थानं शंकरं द्रष्टुकाम्यया॥ ५१

तत्र दृष्ट्वा शिवं विष्णुर्न सुरैर्विस्मितोऽभवत्।
तत्र स्थितान् शिवगणान् पप्रच्छ विनयान्वितः॥ ५२

विष्णुरुवाच

हे शांकराः शिवः कुत्र गतः सर्वप्रभुर्गणाः।
निवेदयत नः प्रीत्या दुःखितान्वै कृपालवः॥ ५३

ब्रह्मोवाच

इत्याकर्ण्य वचस्तस्य सामरस्य हरेर्गणाः।
प्रोचुः प्रीत्या गणास्ते हि शंकरस्य रमापतिम्॥ ५४

शिवगणा ऊचुः

हरे शृणु शिवप्रीत्या यथार्थं ब्रूमहे वयम्।
ब्रह्मणा निर्जरैः सार्द्धं वृत्तान्तमखिलं च यत्॥ ५५
सर्वेश्वरो महादेवो जगाम गिरिजालयम्।
संस्थाप्य नोऽत्र सुप्रीत्या नानालीलाविशारदः॥ ५६

तद्गुहाभ्यन्तरे शंभुः किं करोति महेश्वरः।
न जानीमो रमानाथ व्यतीयुर्बहवः समाः॥ ५७

ब्रह्मोवाच

श्रुत्वेति वचनं तेषां स विष्णुः सामरो मया।
विस्मितोऽति मुनिश्रेष्ठ शिवद्वारं जगाम ह॥ ५८

देवता भन्दछन्—हे देवदेव! हे रमानाथ! हे सर्वरक्षक प्रभु! हामीहरू भयबाट व्याकुलचित्त भई हजुरको शरणमा आएका छौँ। हजुर हाम्रो रक्षा गर्नुहोस्॥ ४७॥ थाहा छैन, कुन कारणले तीनै लोकका प्राणभूत वायुदेव स्तम्भित भएका छन् तथा मुनि एवं देवगणसहित सारा चराचर त्रैलोक्य व्याकुल भएका छन्!॥ ४८॥

ब्रह्मा भन्नुहुन्छ—हे मुनीश्वर! मसँग गएका समस्त देवगण यस्तो भनेर मौन, दुखी तथा दीन भई भगवान् विष्णुका अगाडि उभिए॥ ४९॥

यस कुरालाई सुनेर हामी तथा सबै देवताहरूलाई आफ्नो साथ लिएर भगवान् विष्णु बडो शीघ्रतापूर्वक शिवको प्रिय कैलास पर्वतमा जानुभयो॥ ५०॥

सुरवल्लभ भगवान् विष्णु म ब्रह्मा तथा ती देवताहरूका साथ कैलास पुगेर भगवान् शिवको दर्शन गर्ने इच्छाले शिवको श्रेष्ठ स्थानमा जानुभयो॥ ५१॥

तर त्यहाँ शिवलाई नदेखेर देवताहरूसहित भगवान् विष्णु आश्चर्यमा पर्नुभयो। फेरि उहाँले त्यहाँ स्थित महेश्वरका गणसित विनयपूर्वक सोध्नुभयो॥ ५२॥

विष्णु भन्नुहुन्छ—हे शंकरका गणहरू हो! तपाईंहरू सबै ज्यादै दयालु हुनुहुन्छ। तपाईंहरू हामी दुखीजनहरूलाई कृपापूर्वक बताउनुहोस् कि सर्वप्रभु शंकर यस समय कहाँ हुनुहुन्छ?॥ ५३॥

ब्रह्मा भन्नुहुन्छ—देवताहरूसहित भगवान् विष्णुका कुरा सुनेर शंकरका ती गणहरूले प्रीतिपूर्वक लक्ष्मीपति विष्णुसित भने—॥ ५४॥

शिवगण भन्दछन्—हे हरि! जुन सम्पूर्ण वृत्तान्त छ, ब्रह्मा र देवताहरूका साथ त्यसलाई तपाईं सुन्नुहोस्, भगवान् शिवमा प्रेमको कारण हामी यथार्थ रूपमा बताउँछौँ॥ ५५॥ विविध प्रकारका लीलाहरूमा पारंगत देवाधिदेव महादेव शिव हामीहरूलाई यहाँ स्थापित गरी अत्यन्त स्नेहपूर्वक भगवती पार्वतीको आवासस्थानमा जानुभयो॥ ५६॥

हे लक्ष्मीपति! त्यस गुफाभित्र उहाँहरूको धेरै वर्ष व्यतीत भइसकेको छ, त्यहाँ महेश्वर शम्भु के गरिरहनुभएको छ, यस कुरालाई हामी जान्दैनौँ॥ ५७॥

ब्रह्मा भन्नुहुन्छ—हे मुनिश्रेष्ठ! उनीहरूको कुरा सुनेर म तथा देवगणहरूका साथ विष्णु आश्चर्य-चकित हुनुभयो र शिवको द्वारमा जानुभयो॥ ५८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तत्र गत्वा मया देवैः स हरिर्देववल्लभः।
आर्तवाण्या मुने प्रोचे तारस्वरतया तदा॥ ५९
शंभुमस्तौन्महाप्रीत्या सामरो हि मया हरिः।
तत्र स्थितो मुनिश्रेष्ठ सर्वलोकप्रभुं हरम्॥ ६०

हे मुनिश्रेष्ठ! त्यहाँ देवताहरू एवं म ब्रह्माका साथ गएर देवताहरूका प्रिय भगवान् श्रीहरिले ठूलो स्वरमा आर्तवाणीले अत्यन्त प्रेमपूर्वक त्यहाँ स्थित सर्वलोकेश्वर भगवान् शिवको स्तुति गर्नुभयो॥ ५९-६०॥

विष्णुरुवाच

किं करोषि महादेवाभ्यन्तरे परमेश्वर।
तारकार्तान्सुरान्सर्वान् पाहि नः शरणागतान्॥ ६१

विष्णु भन्नुहुन्छ—हे महादेव! हे परमेश्वर! हजुर गुफाभित्र के गरिरहनुभएको छ? तारकासुरबाट पीडित, हजुरका शरणमा आएका हामी सबै देवताहरूको रक्षा गर्नुहोस्॥ ६१॥

इत्यादि संस्तुवन् शंभुं बहुधा सोऽमरैर्मया।
रुरोदाति हरिस्तत्र तारकार्तैर्मुनीश्वर॥ ६२

हे मुनीश्वर! यस प्रकार म ब्रह्मा तथा देवताहरूसहित विष्णुले शिवको अनेक प्रकारले स्तुति गर्नुभयो। त्यस समय तारकासुरबाट पीडित देवताहरूसहित श्रीहरि अत्यन्त विलाप गरी रुन लाग्नुभयो॥ ६२॥

दुःखकोलाहलस्तत्र बभूव त्रिदिवौकसाम्।
मिश्रितश्शिव संस्तुत्यासुरार्त्तानां मुनीश्वर॥ ६३

हे मुनीश्वर! तारकासुरबाट पीडित भएका देवताहरूको आर्तनाद र शिवको स्तुतिको मिश्रण हुनाले त्यस समय दुःखले भरिएको महान् कोलाहल भयो॥ ६३॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां चतुर्थे कुमारखण्डे शिवविहारवर्णनं नाम प्रथमोऽध्यायः॥ १॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको चतुर्थ कुमारखण्डमा शिवविहारवर्णन नामक पहिलो अध्याय पूर्ण भयो॥ १॥

अथ द्वितीयोऽध्यायः

भगवान् शिवको तेजबाट स्कन्दको प्रादुर्भाव र सर्वत्र महान् आनन्दोत्सव

ब्रह्मोवाच

तदाकर्ण्य महादेवो योगज्ञानविशारदः।
त्यक्तकामो न तत्याज संभोगं पार्वतीभयात्॥ १
आजगाम गृहद्वारि सुराणां निकटं शिवः।
दैत्येन पीडितानां च शंकरो भक्तवत्सलः॥ २

ब्रह्मा भन्नुहुन्छ—देवताहरू एवं विष्णुको स्तुति सुनेर योगज्ञानविशारद भगवान् शंकर यद्यपि निष्काम हुनुहुन्छ तथापि उहाँले भोगको परित्याग गर्नुभएन। फेरि ती भक्तवत्सल शंकर दैत्यबाट पीडित भएका देवताहरूको समीप घरको ढोकामा आउनुभयो॥ १-२॥

देवाः सर्वे प्रभुं दृष्ट्वा हरिणा च मया शिवम्।
बभूवुः सुखिनश्चाति तदा वै भक्तवत्सलम्॥ ३

त्यस समय म ब्रह्मा तथा विष्णुका साथ देवगण भक्तवत्सल प्रभु शिवको दर्शन गरी अत्यन्त सुखी भयौँ॥ ३॥

इत्याकर्ण्य वचस्तेषां सुराणां भगवान्भवः।
प्रत्युवाच विषण्णात्मा दूयमानेन चेतसा॥ ४

ती देवताहरूको पूर्वोक्त वचन सुनेर दुखी आत्माभएका भगवान् शंकरले उद्विग्नमन गरी उत्तर दिनुभयो॥ ४॥

प्रणम्य सुमहाप्रीत्या नतस्कंधाश्च निर्जराः।
तुष्टुवुः शंकरं सर्वे मया च हरिणा मुने॥ ५

देवताहरूले शिर झुकाएर परम स्नेहपूर्वक शंकरलाई प्रणाम गरे। हे मुनि! विष्णुका साथ म ब्रह्मा र सबै देवताहरूले शंकरको स्तुति गर्‍यौँ॥ ५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवा ऊचुः

देवदेव महादेव करुणासागर प्रभो।
अन्तर्यामी हि सर्वेषां सर्वं जानासि शंकर॥ ६

देवकार्यं कुरु विभो रक्ष देवान् महेश्वर।
जहि दैत्यान् कृपां कृत्वा तारकादीन् महाप्रभो॥ ७

शिव उवाच

हे विष्णो हे विधे देवाः सर्वेषां वो मनोगतिः।
यद्भावि तद्भवत्येव कोऽपि नो तन्निवारकः॥ ८

यज्जातं तज्जातमेव प्रस्तुतं शृणुतामराः।
शिवरेतस्खलितं वीर्यं को ग्रहीष्यति मेऽधुना॥ ९

स गृह्णीयादिति प्रोच्य पातयामास तद्भुवि।
अग्निर्भूत्वा कपोतो हि प्रेरितः सर्वनिर्जरैः॥ १०

अभक्षच्छांभवं वीर्यं चंच्वा तु निखिलं तदा।
एतस्मिन्नन्तरे तत्राजगाम गिरिजा मुने॥ ११

शिवागमविलंबे च ददर्श सुरपुंगवान्।
ज्ञात्वा तद्वृत्तमखिलं महाक्रोधयुता शिवा॥ १२

उवाच त्रिदशान् सर्वान् हरिप्रभृतिकाँस्तदा॥ १३

देव्युवाच

रे रे सुरगणाः सर्वे यूयं दुष्टा विशेषतः।
स्वार्थसंसाधका नित्यं तदर्थं परदुःखदाः॥ १४

स्वार्थहेतोर्महेशानमाराध्य परमं प्रभुम्।
नष्टं चक्रुर्मद्विहारं वंध्याऽभवमहं सुराः॥ १५

मां विरोध्य सुखं नैव केषांचिदपि निर्जराः।
तस्माद्दुःखं भवेद्वो हि दुष्टानां त्रिदिवौकसाम्॥ १६

ब्रह्मोवाच

इत्युक्त्वा विष्णुप्रमुखान् सुरान् सर्वान् शशाप सा।
प्रज्वलंती प्रकोपेन शैलराजसुता शिवा॥ १७

देवता भन्दछन्—हे देवदेव! हे महादेव! हे करुणासागर प्रभु! हजुर सबैका अन्तर्यामी हुनुहुन्छ, हे शंकर! हजुर सबथोक जान्नुहुन्छ। हे विभु! हामी देवताहरूको कार्य गरिदिनुहोस्। हे महेश्वर! देवताहरूको रक्षा गर्नुहोस् तथा हे महाप्रभु! कृपा गरी तारकादि असुरहरूलाई विनाश गर्नुहोस्॥ ६-७॥

शिव भन्नुहुन्छ—हे विष्णु! हे विधाता! हे देवताहरू! म तपाईंहरू सबैको मनको अभिप्राय जान्दछु, तर जे हुनु छ, त्यो त हुन्छ नै, भावीको निवारण गर्नेवाला कोही छैन॥ ८॥

हे देवताहरू! जे हुनु थियो, त्यो त भई नै गयो, अब जे उपस्थित छ, त्यसको विषयमा सुन्नुहोस्। म शिवको स्खलित यस तेजलाई यस समय कसले धारण गर्ला?॥ ९॥

'जसलाई धारण गर्न मन छ, त्यसले धारण गरोस्'—यस प्रकार भनेर शंकर मौन हुनुभयो। तब देवताहरूबाट प्रेरणा-प्राप्त अग्निले परेवा बनेर आफ्नो चुच्चाले पृथ्वीमा खसेका शंकरका समस्त तेजलाई ग्रहण गरे। हे नारद! यसै समय शिवको आगमनमा विलम्ब देखेर त्यहाँ भगवती गिरिजा आएर उपस्थित हुनुभयो। उहाँले देवताहरूलाई देख्नुभयो। त्यहाँको त्यो सम्पूर्ण वृत्तान्त जानेर पार्वती महाक्रोधित हुनुभयो। तब उहाँले विष्णुप्रभृति सबै देवताहरूसित क्रोधित भएर भन्नुभयो—॥ १०—१३॥

देवी भन्नुहुन्छ—हे देवगण हो! तिमीहरू ज्यादै दुष्ट छौ, तिमीहरू हमेशा आफ्नो स्वार्थसाधनमा लागिरहन्छौ र आफ्नो स्वार्थसाधनका निमित्त अरूलाई कष्ट दिन्छौ॥ १४॥

तिमीहरूले आफ्नो स्वार्थका लागि परमप्रभु शिवको स्तुति गरी मेरो विहार भंग गरेका छौ, हे देवहरू! यसै कारण म वन्ध्या हुन गएँ। हे देवताहरू! मेरो विरोध गर्नाले तिमी देवताहरूलाई कहिल्यै सुख प्राप्त हुने छैन र तिमी दुष्ट देवताहरूलाई यसै प्रकार महादुःख प्राप्त हुनेछ॥ १५-१६॥

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार क्रोधले जल्दै गर्नुभएका शैलपुत्री पार्वतीले विष्णुप्रभृति सबै देवगणहरूलाई श्राप दिनुभयो॥ १७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पार्वत्युवाच

अद्यप्रभृति देवानां वंध्या भार्या भवन्त्विति।
देवाश्च दुःखिताः सन्तु निखिला मद्विरोधिनः॥ १८

पार्वती भन्नुहुन्छ—आजबाट सबै देवताका स्त्रीहरू वन्ध्या भई जाउन् र मेरो विरोध गर्ने सबै देवगण सर्वदा दुःख प्राप्त गरून्॥ १८॥

ब्रह्मोवाच

इति शप्त्वाखिलान्देवान् विष्ण्वाद्यान्सकलेश्वरी।
उवाच पावकं क्रुद्धा भक्षकं शिवरेतसः॥ १९

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार सर्वेश्वरी भगवती पार्वतीले विष्णुप्रभृति देवगणहरूलाई श्राप दिएर क्रोधपूर्ण भई शिवको तेज भक्षण गर्ने अग्निसित भन्नुभयो—॥ १९॥

पार्वत्युवाच

सर्वभक्षी भव शुचे पीडितात्मेति नित्यशः।
शिवतत्त्वं न जानासि मूर्खोऽसि सुरकार्यकृत्॥ २०

पार्वती भन्नुहुन्छ—हे अग्नि! आजबाट तिमी सर्वभक्षी भएर सदैव दुःख प्राप्त गर्ने छौ। तिमीलाई शिवतत्त्वको ज्ञान छैन। तिमी देवगणहरूको कार्य गर्ने मूर्ख हौ॥ २०॥

रे रे शठ महादुष्ट दुष्टानां दुष्टबोधवान्।
अभक्षः शिववीर्यं यन्नाकार्षीरुचितं हितम्॥ २१

हे शठ! हे दुष्टहरूमा महादुष्ट! तिमी ज्यादै दुर्बुद्धि छौ, तिमीले जुन शिवको तेजलाई भक्षण गरेका छौ, त्यो राम्रो भएन॥ २१॥

ब्रह्मोवाच

इति शप्त्वा शिवा वह्निं सहेशेन नगात्मजा।
जगाम स्वालयं शीघ्रमसंतुष्टा ततो मुने॥ २२

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! यस प्रकार अग्निलाई श्राप दिएर असन्तुष्ट भई भगवती पार्वती भगवान् महेश्वरका साथ शीघ्रतापूर्वक आफ्नो आवासमा जानुभयो॥ २२॥

गत्वा शिवा शिवं सम्यक् बोधयामास यत्नतः।
अजीजनत्परं पुत्रं गणेशाख्यं मुनीश्वर॥ २३

तद्वृत्तान्तमशेषं च वर्णयिष्ये मुनेऽग्रतः।
इदानीं श्रृणु सुप्रीत्या गुहोत्पत्तिं वदाम्यहम्॥ २४

हे मुनीश्वर! त्यहाँ गएर शंकरले पार्वतीलाई प्रयत्नपूर्वक राम्ररी सम्झाउनुभयो, अनि उहाँहरूको सर्वश्रेष्ठ गणेश नामक पुत्र उत्पन्न भए। हे मुनि! ती गणेशको सम्पूर्ण वृत्तान्त म अगाडि आउने अध्यायमा बताउने छु। यस समय तपाईं प्रेमपूर्वक कार्तिकेयको उत्पत्तिको वृत्तान्त सुन्नुहोस्, म भन्दै छु॥ २३-२४॥

पावकार्पितमन्नादि भुंजते निर्जराः खलु।
वेदवाण्येति सर्वे ते सगर्भा अभवन्सुराः॥ २५

देवताहरू अग्निको मुखबाट नै भोजन गर्दछन्—यस्तो वेदको वचन छ, अतः अग्निले गर्भधारण गर्नाले सबै देवता गर्भयुक्त भए॥ २५॥

ततोऽसहंतस्तद्वीर्यं पीडिता ह्यभवन् सुराः।
विष्ण्वाद्या निखिलाश्चाति शिवाज्ञानष्टबुद्धयः॥ २६

शिवको तेजलाई सहन नसकी ती देवता पीडित भए। यही दशा विष्णु आदि देवताहरूको पनि हुन गयो; किनभने देवी पार्वतीको आज्ञाले उनीहरूको बुद्धि नष्ट भएको थियो॥ २६॥

अथ विष्णुप्रभृतिकाः सर्वे देवा विमोहिताः।
दह्यमाना ययुः शीघ्रं शरणं पार्वतीपतेः॥ २७

शिवालयस्य ते द्वारि गत्वा सर्वे विनम्रकाः।
तुष्टुवुः सशिवां शंभुं प्रीत्या सांजलयः सुराः॥ २८

यसपछि विष्णुप्रभृति सबै देवता मोहित भएर [शिवको वीर्यरूप अग्निबाट] जल्दै तत्काल पार्वतीपति भगवान् शंकरको शरणमा गए। उनीहरू शिवको गृहद्वारमा गएर नम्रतापूर्वक हात जोडेर अत्यन्त प्रीतिपूर्वक पार्वतीसहित भगवान् शिवको स्तुति गर्न लागे॥ २७-२८॥

2325_Sihvpurana_Part_1_Nepali_Section_25_2_Back

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवा ऊचुः

देवदेव महादेव गिरिजेश महाप्रभो।
किं जातमधुना नाथ तव माया दुरत्यया॥ २९

सगर्भाश्च वयं जाता दह्यमानाश्च रेतसा।
तव शंभो कुरु कृपां निवारय दशामिमाम्॥ ३०

ब्रह्मोवाच

इत्याकर्ण्यामरनुतिं परमेशः शिवापतिः।
आजगाम द्रुतं द्वारि यत्र देवाः स्थिता मुने॥ ३१

आगतं शंकरं द्वारि सर्वे देवाश्च साच्युताः।
प्रणम्य तुष्टुवुः प्रीत्या नर्तका भक्तवत्सलम्॥ ३२

देवा ऊचुः

शंभो शिव महेशान त्वां नताः स्म विशेषतः।
रक्ष नः शरणापन्नान् दह्यमानांश्च रेतसा॥ ३३

इदं दुःखं हर हर भवामो हि मृता ध्रुवम्।
त्वां विना कः समर्थोऽद्य देवदुःखनिवारणे॥ ३४

ब्रह्मोवाच

इति दीनतरं वाक्यमाकर्ण्य सुरराट् प्रभुः।
प्रत्युवाच विहस्याथ स सुरान् भक्तवत्सलः॥ ३५

शिव उवाच

हे हरे हे विधे देवाः सर्वे शृणुत मद्वचः।
भविष्यति सुखं वोऽद्य सावधाना भवन्तु हि॥ ३६

एतद्वमत मद्वीर्यं द्रुतमेवाखिलाः सुराः।
सुखिनस्तद्विशेषेण शासनान्मम सुप्रभोः॥ ३७

ब्रह्मोवाच

इत्याज्ञां शिरसाऽधाय विष्ण्वाद्याः सकलाः सुराः।
अकार्षुर्वमनं शीघ्रं स्मरन्तः शिवमव्ययम्॥ ३८

तच्छंभुरेतःस्वर्णाभं पर्वताकारमद्भुतम्।
अभवत्पतितं भूमौ स्पृशद् द्यामेव सुप्रभम्॥ ३९

अभवन्सुखिनः सर्वे सुराः सर्वेऽच्युतादयः।
अस्तुवन् परमेशानं शंकरं भक्तवत्सलम्॥ ४०

देवता भन्दछन्—हे देवदेव! हे महादेव! हे गिरिजेश! हे महाप्रभु! हे नाथ! यो के भयो? निश्चय नै हजुरको मायालाई बुझ्न धेरै कठिन छ॥ २९॥

हामीहरू गर्भयुक्त भएर हजुरको असह्य वीर्य-ज्वालाबाट जलिरहेका छौँ, हे शम्भु! कृपा गर्नुहोस् र हामीहरूको दुरावस्थाको निवारण गर्नुहोस्॥ ३०॥

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! देवताहरूका यस प्रकारका स्तुति सुनेर उमापति परमेश्वर शिव गृहद्वारमा जहाँ देवता स्थित थिए, त्यहाँ शीघ्र आउनुभयो॥ ३१॥

द्वारमा आउनुभएका सदाशिवलाई देख्नासाथ विष्णुसमेत सबै देवगण विनम्र भई प्रणाम गरी ती भक्तवत्सलको प्रेमपूर्वक स्तुति गर्न लागे॥ ३२॥

देवता भन्दछन्—हे शम्भु! हे शिव! हे महादेव! हजुरलाई विशेष रूपले प्रणाम गर्दछौँ। हजुरका तेजले जलिरहेका हामी शरणागतहरूको रक्षा गर्नुहोस्॥ ३३॥

हे हर! यस दुःखको हरण गर्नुहोस्, अन्यथा हामीहरू निश्चिय नै मर्ने छौँ। यस समय हामी देवताहरूको दुःख निवारण गर्नमा हजुरबाहेक को समर्थ छ?॥ ३४॥

ब्रह्मा भन्नुहुन्छ—भक्तवत्सल, सुरेश्वर भगवान् शिवले यस्तो दीनवाणीलाई सुनेर हाँस्तै देवताहरूलाई उत्तर दिनुभयो॥ ३५॥

शिव भन्नुहुन्छ—हे हरि! हे ब्रह्मन्! हे देवताहरू हो! तपाईंहरू मेरो कुरा सुन्नुहोस्। तपाईंहरू आजै सुखी हुनुहुने छ, सावधान हुनुहोस्। मेरो तेजलाई सबै देवगणले तत्काल ओकेलुन्। म सुप्रभुको आज्ञा मान्नाले तपाईंहरूलाई विशेष सुख हुने छ॥ ३६-३७॥

ब्रह्मा भन्नुहुन्छ—विष्णु आदि सबै देवताहरूले यस आज्ञाको शिरोधार्य गरी अव्यय भगवान् शिवको स्मरण गर्दै तेजलाई तत्काल ओकलिदिए॥ ३८॥

शम्भुको स्वर्णिम आभा, अद्भुत तथा सुन्दर कान्ति भएको त्यो तेज भूमिमा खसेर पर्वताकार भयो र अन्तरिक्षको स्पर्श गर्न लाग्यो॥ ३९॥

श्रीहरिसहित सबै देवगण सुखी भए र भक्तवत्सल परमेश्वर शिवको स्तुति गर्न लागे॥ ४०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पावकस्त्वभवन्नैव सुखी तत्र मुनीश्वर।
तस्याज्ञां परमोऽदाद्वै शंकरः परमेश्वरः॥ ४१

हे मुनीश्वर! तर अग्निदेव त्यहाँ प्रसन्न भएनन्। तब परमेश्वर शंकरले उनलाई आज्ञा दिनुभयो॥ ४१॥

ततः स वह्निर्विकलः सांजलिर्नतको मुने।
अस्तौच्छिवं सुखी नात्मा वचनं चेदमब्रवीत्॥ ४२

हे मुनि! त्यसपछि ती अग्निदेवले मनमा दुःख मानी विकल भई हात जोडेर नम्रतापूर्वक शिवको स्तुति गर्दै यस प्रकार भने— ॥ ४२॥

अग्निरुवाच

देवदेव महेशान मूढोऽहं तव सेवकः।
क्षमस्व मेऽपराधं हि मम दाहं निवारय॥ ४३
त्वं दीनवत्सलः स्वामिन् शंकरः परमेश्वरः।
प्रत्युवाच प्रसन्नात्मा पावको दीनवत्सलम्॥ ४४

अग्नि भन्दछन्—देवाधिदेव महेश्वर! म मूर्ख हुँ तथापि हजुरको सेवक हुँ, मेरो अपराधलाई क्षमा गर्नुहोस् र मेरो दाहको निवारण गर्नुहोस्। हे स्वामी! हजुर दीनवत्सल परमेश्वर सदाशिव हुनुहुन्छ। यस प्रकारले प्रसन्नात्मा अग्निदेवले दीनवत्सल शिवसित भने॥ ४३-४४॥

ब्रह्मोवाच

इत्याकर्ण्य शुचेर्वाणीं स शंभुः परमेश्वरः।
प्रत्युवाच प्रसन्नात्मा पावकं दीनवत्सलः॥ ४५

ब्रह्मा भन्नुहुन्छ—अग्निका यी कुरा सुनेर दीनवत्सल ती परमेशान सदाशिवले प्रसन्न भएर अग्निसित यस प्रकार भन्नुभयो— ॥ ४५॥

शिव उवाच

कृतं त्वनुचितं कर्म मद्रेतो भक्षितं हि यत्।
अतो निवृत्तस्ते दाहः पापाधिक्यान्मदाज्ञया॥ ४६

इदानीं त्वं सुखी नाम शुचे मच्छरणागतः।
अतः प्रसन्नो जातोऽहं सर्वं दुःखं विनश्यति॥ ४७

शिव भन्नुहुन्छ—[हे अग्नि!] पापको अधिकताको कारणले नै तिमीले मेरो तेज भक्षण गर्ने यो अनुचित कार्य गऱ्यौ, अब मेरो आज्ञाले तिम्रो दाहको निवारण भयो। हे अग्नि! अब तिमी मेरो शरणमा आएका छौ, यसैले म प्रसन्न भएँ। अब तिम्रो सारा दुःख दूर हुनेछ र तिमी सुखी हुने छौ॥ ४६-४७॥

कस्याश्चित्सुस्त्रियां योनौ मद्रेतस्त्यज यत्नतः।
भविष्यसि सुखी त्वं हि निर्दाहात्मा विशेषतः॥ ४८

अब तिमी कुनै सुलक्षणा स्त्रीमा मेरो रेतलाई प्रयत्नपूर्वक स्थापित गर। यसबाट तिमी दाहमुक्त भएर विशेष रूपले सुखी हुने छौ॥ ४८॥

ब्रह्मोवाच

शंभुवाक्यं निशम्येति प्रत्युवाच शनैः शुचिः।
सांजलिर्नतकः प्रीत्या शंकरं भक्तशंकरम्॥ ४९

ब्रह्मा भन्नुहुन्छ—भगवान् शंकरका कुरालाई सुनेर अग्नि हात जोडेर शिर झुकाउँदै प्रीतिपूर्वक भक्तहरूको कल्याण गर्नुहुने भगवान् शंकरसित बिस्तारै भन्दछन्— ॥ ४९॥

दुरासदमिदं तेजस्तव नाथ महेश्वर।
काचिन्नास्ति विना शक्त्या धर्तुं योनौ जगत्त्रये॥ ५०

हे महेश्वर! हे नाथ! हजुरको यो तेज असह्य छ। शक्तिस्वरूपा भगवती बाहेक तिनै लोकमा यसलाई धारण गर्नमा कोही समर्थ छैनन्॥ ५०॥

इत्थं यदाऽब्रवीद्वह्निस्तदा त्वं मुनिसत्तम।
शंकरप्रेरितः प्रात्थ हृदाग्निमुपकारकः॥ ५१

हे मुनिश्रेष्ठ! अग्निले जब यस्तो भने, तब हृदयबाट अग्निको उपकार चाहनुहुने तपाईंले भगवान् शंकरको प्रेरणाले यस प्रकार भन्नुभयो— ॥ ५१॥

नारद उवाच

शृणु मद्वचनं वह्ने तव दाहहरं शुभम्।
परमानंददं रम्यं सर्वकष्टनिवारकम्॥ ५२

नारद भन्नुहुन्छ—हे अग्नि! तिम्रो जलनको निवारण गर्ने, कल्याणकारी, परम आनन्ददायक, रमणीय तथा सबै कष्टहरूलाई निवारण गर्ने मेरा वचन सुन॥ ५२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृत्वोपायमिमं वह्ने सुखी भव विदाहकः।
शिवेच्छया मया सम्यगुक्तं तातेदमादरात्॥ ५३

हे वह्नि! मद्वारा बताउन लागिएको यस उपायलाई गरी जलनरहित भएर सुखी भइजाऊ। हे तात! भगवान् शिवको इच्छाले नै मैले आदरपूर्वक राम्ररी भनेको छु॥ ५३॥

तपोमासस्नानकर्त्र्यः स्त्रियो याः स्युः प्रगे शुचे।
तद्देहेषु स्थापय त्वं शिवरेतस्त्विदं महत्॥ ५४

हे शुचि! माघमासमा प्रातःकाल जुन स्त्रीले स्नान गर्नेछिन्, यस महान् तेजलाई तिमी उनको शरीरमा स्थापित गरिदेऊ॥ ५४॥

ब्रह्मोवाच

तस्मिन्नवसरे तत्रागताः सप्तमुनिस्त्रियः।
तपोमासि स्नानकामाः प्रातः सन्नियमा मुने॥ ५५

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! त्यसै अवसरमा माघमासमा प्रातःकाल नियमपूर्वक स्नान गर्ने इच्छाले सप्तर्षिहरूका स्त्रीहरू त्यहाँ आए॥ ५५॥

स्नानं कृत्वा स्त्रियस्ता हि महाशीतार्दिताश्च षट्।
गंतुकामा मुने याता वह्निज्वालासमीपतः॥ ५६

हे मुनि! स्नान गरी ती स्त्री अत्यन्त चिसोबाट पीडित भए र उनीहरूमध्ये छ स्त्रीहरू अग्निज्वालाको नजिक जाने इच्छाले त्यहाँबाट हिँडे॥ ५६॥

विमोहिताश्च ता दृष्ट्वारुन्धती गिरिशाज्ञया।
निषिषेध विशेषेण सुचरित्रा सुबोधिनी॥ ५७

उनीहरूलाई मोहित देखेर सुचरित्रा, ज्ञानवती देवी अरुन्धतीले शिवको आज्ञाले उनीहरूलाई जानबाट विशेषरूपले रोकिन्॥ ५७॥

ताः षड् मुनिस्त्रियो मोहाद्धठात्तत्र गता मुने।
स्वशीतविनिवृत्त्यर्थं मोहिताः शिवमायया॥ ५८

हे मुनि! भगवान् शिवको मायाले मोहित ती छ ऋषिपत्नीहरू आफ्नो जाडोको निवारण गर्नाका लागि हठपूर्वक त्यहाँ पुगे॥ ५८॥

तद्रेतःकणिकाः सद्यस्तद्देहान् विविशुर्मुने।
रोमद्वाराऽखिला वह्निरभूद्दाहविवर्जितः॥ ५९

हे मुनि! [अग्निद्वारा गृहीत] त्यस रेतका सबै कण रौँका छिद्रहरूद्वारा तत्काल ती ऋषिपत्नीहरूको देहमा प्रवेश भयो र ती अग्नि दाहबाट मुक्त भए॥ ५९॥

अंतर्धाय द्रुतं वह्निर्ज्वालारूपो जगाम ह।
सुखी स्वलोकं मनसा स्मरंस्त्वां शंकरं च तम्॥ ६०

अग्नि अन्तर्धान भएर ज्वालारूपले तत्काल ती मनबाट भगवान् शंकर र तपाईंको स्मरण गर्दै सुखपूर्वक आफ्नो लोकमा गए॥ ६०॥

सगर्भास्ताः स्त्रियः साधोऽभवन् दाहप्रपीडिताः।
जग्मुः स्वभवनं तातारुंधती दुःखिताग्निना॥ ६१

हे साधु! ती स्त्रीहरू अग्निद्वारा दाहबाट पीडित र गर्भवती भए। हे तात! अरुन्धती दुखी भएर आफ्नो आश्रममा गइन्॥ ६१॥

दृष्ट्वा स्वस्त्रीगतिं तात नाथाः क्रोधाकुला द्रुतम्।
तत्यजुस्ताः स्त्रियस्तात सुसंमंत्र्य परस्परम्॥ ६२

हे तात! आफ्ना स्त्रीहरूको गर्भावस्था देखेर उनीहरूका पति तुरंत क्रोधले व्याकुल भए र परस्पर राम्ररी विचार-विमर्श गरी उनीहरूले आफ्ना पत्नीहरूलाई त्यागिदिए॥ ६२॥

अथ ताः षट् स्त्रियः सर्वा दृष्ट्वा स्वव्यभिचारकम्।
महादुःखान्वितास्ताताभवन्नाकुलमानसाः॥ ६३

हे तात! ती छओटी ऋषिपत्नीहरू आफ्नो गर्भावस्थाको विचार गरी अत्यन्त दुःखित र व्याकुल चित्तका भए॥ ६३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तत्यजुश्शिवरेतस्तद्गर्भरूपं मुनिस्त्रियः।
ता हिमाचलपृष्ठेऽथाभवन् दाहविवर्जिताः॥ ६४

ती मुनिपत्नीहरूले शिवको त्यस गर्भरूप तेजलाई हिमशिखरमा त्यागिदिए र ती दाहरहित भए॥ ६४॥

असहन् शिवरेतस्तद्धिमाद्रिः कंपमुद्वहन्।
गंगायां प्राक्षिपत्तूर्णमसह्यं दाहपीडितः॥ ६५

भगवान् शिवको त्यस असहनीय तेजलाई धारण गर्नमा असमर्थ हुनाको कारण हिमालय प्रकम्पित भए र दाहबाट पीडित भएर उनले तत्काल त्यस तेजलाई गंगामा विसर्जित गरिदिए॥ ६५॥

गंगयाऽपि च तद्वीर्यं दुस्सहं परमात्मनः।
निःक्षिप्तं हि शरस्तंबे तरंगैः स्वैर्मुनीश्वर॥ ६६

हे मुनीश्वर! गंगाले पनि परमात्माको त्यस दुःसह तेजलाई आफ्ना तरंगहरूद्वारा सरकण्ड (नरकट) को झाडीमा स्थापित गरिदिइन्॥ ६६॥

पतितं तत्र तद्रेतो द्रुतं बालो बभूव ह।
सुन्दरः सुभगः श्रीमांस्तेजस्वी प्रीतिवर्द्धनः॥ ६७

त्यहाँ खसेको त्यो तेज तत्काल एउटा सुन्दर, सौभाग्यशाली, शोभायुक्त, तेजस्वी र प्रीतिलाई बढाउने खालको बालकको रूपमा परिणत भयो॥ ६७॥

मार्गमासे सिते पक्षे तिथौ षष्ठ्यां मुनीश्वर।
प्रादुर्भावोऽभवत्तस्य शिवपुत्रस्य भूतले॥ ६८

हे मुनीश्वर! मार्गशीर्ष (अगहन) महिनाको शुक्लपक्षको षष्ठी तिथिमा ती शिवपुत्रको पृथ्वीमा प्रादुर्भाव भयो॥ ६८॥

तस्मिन्नवसरे ब्रह्मन्नकस्माद्धिमशैलजा।
अभूतां सुखिनौ तत्र स्वगिरौ गिरिशोऽपि च॥ ६९

हे ब्रह्मन्! यस अवसरमा आफ्नो कैलास पर्वतमा हिमालयपुत्री पार्वती तथा भगवान् शंकर पनि अकस्मात् आनन्दित हुनुभयो॥ ६९॥

शिवाकुचाभ्यां सुस्राव पय आनन्दसंभवम्।
तत्र गत्वा च सर्वेषां सुखमासीन्मुनेऽधिकम्॥ ७०

हे मुनि! भगवती पार्वतीका स्तनहरूबाट आनन्दातिरेकका कारण दुग्धधारा बग्न लागे। त्यहाँ गएर सबैलाई अत्यन्त प्रसन्नता भयो॥ ७०॥

मंगलं चाऽभवत्तात त्रिलोक्यां सुखदं सताम्।
खलानामभवद्विघ्नो दैत्यानां च विशेषतः॥ ७१

हे तात! त्रिलोकीमा सबै सज्जनहरूकहाँ अत्यन्त सुख दिने मांगलिक वातावरण भयो। दुष्ट दैत्यहरूकहाँ विशेष रूपले विघ्न हुन लाग्यो॥ ७१॥

अकस्मादभवद् व्योम्नि परमो दुदुंभिध्वनिः।
पुष्पवृष्टिः पपाताऽशु बालकोपरि नारद॥ ७२

हे नारद! अकस्मात् अन्तरिक्षमा महान् दुन्दुभिनाद हुन लाग्यो र त्यस बालकमाथि पुष्पहरूको वर्षा हुन लाग्यो॥ ७२॥

विष्ण्वादीनां समस्तानां देवानां मुनिसत्तम।
अभूदकस्मात्परम आनन्दः परमोत्सवः॥ ७३

हे मुनिश्रेष्ठ! विष्णु आदि सबै देवताहरूलाई अकस्मात् परम आनन्द भयो र महान् उत्सव पनि हुन लाग्यो॥ ७३॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां चतुर्थे कुमारखण्डे शिवपुत्रजननवर्णनं नाम द्वितीयोऽध्यायः॥ २॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको चतुर्थ कुमारखण्डमा शिवपुत्रजननवर्णन नामक दोस्रो अध्याय पूर्ण भयो॥ २॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ तृतीयोऽध्यायः

महर्षि विश्वामित्रद्वारा बालक स्कन्दको संस्कार सम्पन्न गर्नु, बालक स्कन्दद्वारा क्रौंच-पर्वतको भेदन, इन्द्रद्वारा बालकमाथि वज्रप्रहार, शाख-विशाख आदि उत्पन्न हुनु, कार्तिकेय षणमुख भएर छ कृत्तिकाहरूको दुधपान गर्नु

नारद उवाच

देवदेव प्रजानाथ ब्रह्मन् सृष्टिकर प्रभो।
ततः किमभवत्तत्र तद्वदाऽद्य कृपां कुरु॥ १

नारद भन्नुहुन्छ—हे देवदेव! हे प्रजानाथ! हे ब्रह्मन्! हे सृष्टिकर्ता प्रभु! यसपछि त्यहाँ के भयो, यसलाई हजुर कृपा गरी बताउनुहोस्॥ १॥

ब्रह्मोवाच

तस्मिन्नवसरे तात विश्वामित्रः प्रतापवान्।
प्रेरितो विधिना तत्रागच्छत्प्रीतो यदृच्छया॥ २

स दृष्ट्वालौकिकं धाम तत्सुतस्य सुतेजसः।
अभवत्पूर्णकामस्तु सुप्रसन्नो ननाम च॥ ३

ब्रह्मा भन्नुहुन्छ—हे तात! यसै समय विधाताद्वारा प्रेरित भएर महाप्रतापी विश्वामित्र स्वेच्छाले घुम्दै-घुम्दै त्यहाँ आइपुगनुभयो। त्यस तेजस्वी बालकको अलौकिक तेजलाई देखेर ती कृतार्थ भए र उनले प्रसन्न भएर त्यस बालकलाई नमस्कार गरे॥ २-३॥

अकरोत्सुनुतिं तस्य सुप्रसन्नेन चेतसा।
विधिप्रेरितवाग्भिश्च विश्वामित्रः प्रभाववित्॥ ४

ततः सोऽभूत्सुतस्तत्र सुप्रसन्नो महोतिकृत्।
सुप्रहस्याद्भुतमहो विश्वामित्रमुवाच च॥ ५

त्यस बालकको प्रभावलाई जान्नुहुने महर्षि विश्वामित्रले प्रसन्नचित्त भई विधिप्रेरित वाणीले त्यस बालकको स्तुति गरे। महान् लीला गर्ने ती बालक अत्यन्त प्रसन्न भए र अद्भुत मुस्कुराउँदै विश्वामित्रसित भने—॥ ४-५॥

शिवसुत उवाच

शिवेच्छया महाज्ञानिन्नकस्मात्त्वमिहागतः।
संस्कारं कुरु मे तात यथावद्वेदसंमितम्॥ ६

अद्यारभ्य पुरोधास्त्वं भव मे प्रीतिमावहन्।
भविष्यसि सदा पूज्यः सर्वेषां नात्र संशयः॥ ७

शिवपुत्र भन्दछन्—हे महाज्ञानी! तपाईं अचानक शिवेच्छाले यहाँ आइपुगनुभएको छ। अतः हे तात! वेदोक्त रीतिले मेरो यथाविधि संस्कार सम्पन्न गर्नुहोस्। आजबाट तपाईं प्रसन्नतापूर्वक मेरो पुरोहित हुनुहोस्, यसबाट तपाईं सदा सबका पूज्य हुनुहुने छ। यसमा संशय छैन॥ ६-७॥

ब्रह्मोवाच

इत्याकर्ण्य वचस्तस्य सुप्रसन्नो हि गाधिजः।
तमुवाचानुदात्तेन स्वरेण च सुविस्मितः॥ ८

ब्रह्मा भन्नुहुन्छ—बालकका यी कुरा सुनेर गाधिपुत्र विश्वामित्र अत्यन्त प्रसन्न भए र आश्चर्यचकित भएर मन्द स्वरले त्यस बालकसित उनले भने—॥ ८॥

विश्वामित्र उवाच

शृणु तात न विप्रोऽहं गाधिक्षत्रियबालकः।
विश्वामित्रेति विख्यातः क्षत्रियो विप्रसेवकः॥ ९

विश्वामित्र भन्दछन्—हे तात! सुन्नुहोस्, म ब्राह्मण होइन, तर गाधिसुत क्षत्रियकुमार हुँ। मेरो नाम विश्वामित्र हो, म त ब्राह्मणसेवक क्षत्रिय हुँ॥ ९॥

इति स्वचरितं ख्यातं मया ते वरबालक।
कस्त्वं स्वचरितं ब्रूहि विस्मितायाखिलं हि मे॥ १०

हे श्रेष्ठ बालक! मैले तिमीसित आफ्नो सारा चरित्र निवेदन गरिदिएँ, तिमी को हौ? आफ्नो सम्पूर्ण चरित्र मसित भन। म आश्चर्यचकित भइरहेको छु॥ १०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

इत्याकर्ण्य वचस्तस्य तत्स्ववृत्तं जगाद ह।
ततश्चोवाच सुप्रीत्या गाधिजं तं महोतिकृत्॥ ११

ब्रह्मा भन्नुहुन्छ—विश्वामित्रका यस वचनलाई सुनेर महान् लीला गर्ने बालकले प्रसन्न भई ती गाधिपुत्र विश्वामित्रसित आफ्नो सारा चरित्र भने॥ ११॥

शिवसुत उवाच

विश्वामित्र वरान्मे त्वं ब्रह्मर्षिर्नात्र संशयः।
वसिष्ठाद्याश्च नित्यं त्वां प्रशंसिष्यंति चादरात्॥ १२

अतस्त्वमाज्ञया मे हि संस्कारं कर्तुमर्हसि।
इदं सर्वं सुगोप्यं ते कथनीयं न कुत्रचित्॥ १३

शिवसुत भन्दछन्—हे विश्वामित्र! तपाईं मेरो वरदानले ब्रह्मर्षि हुनुहुनेछ, यसमा संशयको कुरा छैन। वसिष्ठादि ऋषिगण पनि आदरपूर्वक तपाईंको प्रशंसा गर्नेछन्। यसकारण तपाईं मेरो आज्ञाले मेरा संस्कार गर्नुहोस्, यो सब रहस्य तपाईंले गुप्त नै राख्नुपर्छ, कतै भन्नु हुँदैन॥ १२-१३॥

ब्रह्मोवाच

ततोऽकार्षीत्स संस्कारं तस्य प्रीत्याऽखिलं यथा।
शिवबालस्य देवर्षे वेदोक्तविधिना परम्॥ १४

ब्रह्मा भन्नुहुन्छ—हे देवर्षि! त्यसपछि विश्वामित्रले परम प्रेमपूर्वक वेदोक्तरीतिद्वारा भगवान् शिवको त्यस बालकको सम्पूर्ण संस्कार सम्पन्न गरे॥ १४॥

शिवबालोऽपि सुप्रीतो दिव्यज्ञानमदात्परम्।
विश्वामित्राय मुनये महोतिकारकः प्रभुः॥ १५

महान् लीला गर्नुहुने प्रभु शिवपुत्रले पनि बडो प्रेमले महर्षि विश्वामित्रलाई दिव्य ज्ञान प्रदान गरे॥ १५॥

पुरोहितं चकारासौ विश्वामित्रं शुचेस्सुतः।
तदारभ्य द्विजवरो नानालीलाविशारदः॥ १६

नाना प्रकारका लीलामा पारंगत अग्निपुत्रले विश्वामित्रलाई आफ्नो पुरोहित बनाए। त्यसै समयदेखि ती विश्वामित्र द्विजश्रेष्ठको रूपमा प्रतिष्ठित भए॥ १६॥

इत्थं लीला कृता तेन कथिता सा मया मुने।
तल्लीलामपरां तात शृणु प्रीत्या वदाम्यहम्॥ १७

हे मुनि! त्यस बालकले यस प्रकार जुन लीला गरेका छन्, त्यो मैले तपाईंलाई बताइदिएँ। हे बाबु! त्यस बालकको दोस्रो लीला म बताउँदै छु, प्रेमपूर्वक सुन्नुहोस्॥ १७॥

तस्मिन्नवसरे तात श्वेतनामा च संप्रति।
तत्राऽपश्यत्सुतं दिव्यं निजं परमपावनम्॥ १८

ततस्तं पावको गत्वा दृष्ट्वालिंग्य चुचुम्ब च।
पुत्रेति चोक्त्वा तस्मै स शस्त्रं शक्तिं ददौ च सः॥ १९

त्यसै समय श्वेतले त्यस दिव्य तेजसम्पन्न परम पावन बालकलाई देखेर आफ्नो पुत्र माने। त्यसपछि अग्निदेवले त्यस स्थानमा गएर बालकलाई अंकमाल गरी चुम्बन गरे र उनले त्यस बालकलाई 'पुत्र' शब्दले पुकार्दै आफ्नो शक्ति तथा अस्त्र प्रदान गरे॥ १८-१९॥

गुहस्तां शक्तिमादाय तच्छृङ्गं चारुरोह ह।
तं जघान तया शक्त्या शृंगो भुवि पपात सः॥ २०

गुह कार्तिकेय त्यस शक्तिलाई लिएर क्रौंच पर्वतको शिखरमा चढे र त्यस शक्तिले शिखरमा यस्तो प्रहार गरे कि त्यो शिखर पृथिवीमा खस्यो॥ २०॥

दशपद्ममिता वीरा राक्षसाः पूर्वमागताः।
तद्वधार्थं द्रुतं नष्टा बभूवुस्तत्प्रहारतः॥ २१

त्यस बालकको वध गर्नका लागि सबैभन्दा पहिला दस पद्म वीर राक्षस त्यहाँ आए, तर कुमारको प्रहारले ती सबै तत्काल विनष्ट भए॥ २१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाहाकारो महानासीच्चकंपे साचला मही।
त्रैलोक्यं च सुरेशानः सदेवस्तत्र चागमत्॥ २२

दक्षिणे तस्य पार्श्वे च वज्रेण स जघान ह।
शाखनामा ततो जातः पुमांश्चैको महाबलः॥ २३

पुनश्शक्रो जघानाशु वामपार्श्वे हि तं तदा।
वज्रेणाऽन्यः पुमाञ्जातो विशाखाख्योऽपरो बली॥ २४

ततस्तद्धृदयं शक्रो जघान पविना तदा।
परोऽभून्नैगमोपाख्यः पुमांस्तद्वन्महाबलः॥ २५

तदा स्कंदादिचत्वारो महावीरा महाबलाः।
इन्द्रं हन्तुं द्रुतं जग्मुः सोऽयं तच्छरणं ययौ॥ २६

शक्रः ससामरगणो भयं प्राप्य गृहात्ततः।
ययौ स्वलोकं चकितो न भेदं ज्ञातवान्मुने॥ २७

स बालकस्तु तत्रैव तस्थाऽऽवानंदसंयुतः।
पूर्ववन्निर्भयस्तात नानालीलाकरः प्रभुः॥ २८
तस्मिन्नवसरे तत्र कृत्तिकाख्याश्च षट् स्त्रियः।
स्नातुं समागता बालं ददृशुस्तं महाप्रभुम्॥ २९
ग्रहीतुं तं मनश्चक्रुः सर्वास्ता कृत्तिकाः स्त्रियः।
वादो बभूव तासां तद्ग्रहणेच्छापरो मुने॥ ३०
तद् वादशमनार्थं स षणमुखानि चकार ह।
पपौ दुग्धं च सर्वासां तुष्टास्ता अभवन्मुने॥ ३१
तन्मनोगतिमाज्ञाय सर्वास्ताः कृत्तिकास्तदा।
तमादाय ययुर्लोकं स्वकीयं मुदिता मुने॥ ३२

तं बालकं कुमाराख्यं स्तनं दत्त्वा स्तनार्थिने।
वर्द्धयामासुरीशस्य सुतं सूर्याधिकप्रभम्॥ ३३

न चक्रुर्बालकं याश्च लोचनानामगोचरम्।
प्राणेभ्योऽपि प्रेमपात्रं यः पोष्टा तस्य पुत्रकः॥ ३४

त्यस समय सबैतिर महान् हाहाकार मच्चियो, पर्वतहरूसहित सारा पृथ्वी र त्रैलोक्य काम्न लाग्यो। त्यसै समय देवगणका साथ देवराज इन्द्र त्यहाँ आइपुगे॥ २२॥

इन्द्रले आफ्नो वज्रले कार्तिकेयको दक्षिण पार्श्वमा प्रहार गरे। वज्र लाग्नासाथ त्यसबाट शाख नामक एउटा महान् बलवान् पुरुष प्रकट भयो। पुनः इन्द्रले उसको वायाँ पार्श्वमा तत्काल प्रहार गरे, वज्र लाग्नासाथ त्यसबाट एउटा अर्को विशाख नामक बलवान् पुरुष उत्पन्न भयो। फेरि इन्द्रले वज्रद्वारा त्यसको छातीमा प्रहार गरे, जसबाट त्यसैको समान बलवान् नैगम नामक एउटा पुरुष प्रकट भयो॥ २३—२५॥

तब स्कन्द, शाख, विशाख तथा नैगम—यी चारै महाबलसम्पन्न महावीर इन्द्रलाई मार्नका लागि बेगपूर्वक दौडिए। यो देखेर ती इन्द्र उनीहरूको शरणमा गए॥ २६॥

हे मुनि! देवगणहरूसहित इन्द्र उनीहरूबाट भयभीत भए र ती विस्मित भई त्यस स्थानबाट आफ्नो लोकमा गए, तर उनलाई पनि पराक्रमको रहस्यको ज्ञान भएन॥ २७॥

हे तात! विविध प्रकारका लीलाहरू गर्ने ती बालक आनन्दपूर्वक निर्भय भई त्यहीँ स्थित भए। त्यसै समय कृत्तिका नामका छ स्त्रीहरू त्यहाँ स्नानका लागि आए र उनीहरूले प्रभावशाली त्यस बालकलाई देखे। हे मुनि! ती सबै कृत्तिकाहरूले त्यस बालकलाई ग्रहण गर्न चाहे, त्यसै समय ग्रहण गर्ने इच्छाले उनीहरूमा परस्पर विवाद हुन लाग्यो॥ २८—३०॥

हे मुनि! उनीहरूको विवादको शमन गर्नका लागि ती बालकले छ मुख बनाए र ती सबैको स्तनपान गरे, जसबाट कृत्तिकाहरू परम प्रसन्न भए। हे मुनि! फेरि त्यस बालकको मनको गति जानेर ती सबै कृत्तिकाहरू प्रसन्नतापूर्वक उनलाई लिएर आफ्नो लोकमा गए॥ ३१-३२॥

उनीहरूले सूर्यभन्दा पनि बढी तेजस्वी तथा स्तनपानको इच्छा गर्ने ती कुमार नामका बालक शिवपुत्रलाई आफ्नो दूध पिलाएर ठुलो पारे। ती प्राणहरूभन्दा पनि बढी प्रिय त्यस बालकलाई कहिल्यै आँखाको ओझेल पार्दैनन् थिए, जसले पोषण गर्छ, त्यो त्यसैको पुत्र हुन्छ॥ ३३-३४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यानि यानि च वस्त्राणि त्रैलोक्ये दुर्लभानि च।
ददुस्तस्मै च ताः प्रेम्णा भूषणानि वराणि वै॥ ३५
दिने दिने ताः पुपुषुर्बालकं तं महाप्रभम्।
प्रशंसितानि स्वादूनि भोजयित्वा विशेषतः॥ ३६

जुन-जुन वस्त्र एवं आभूषण यस त्रैलोक्यमा दुर्लभ छन्, ती सबै वस्त्र एवं श्रेष्ठ भूषणहरूलाई प्रेमले ती त्यस बालकलाई प्रदान गर्दथे। यसै प्रकार ती अत्यन्त प्रशंसाका योग्य, दुर्लभ एवं स्वादिष्ट अन्न प्रतिदिन खुवाइ-खुवाइकन त्यस बालकलाई पुष्ट पार्न लागे॥ ३५-३६॥

अथैकस्मिन् दिने तात स बालः कृत्तिकात्मजः।
गत्वा देवसभां दिव्यां सुचरित्रं चकार ह॥ ३७
स्वमहो दर्शयामास देवेभ्यो हि महाद्भुतम्।
सविष्णुभ्योऽखिलेभ्यश्च महोतिकरबालकः॥ ३८

हे तात! यसपछि एक दिन कृत्तिकाहरूका ती पुत्रले दिव्य देवसभामा गएर ज्यादै सुन्दर चरित्र गरे र महान् लीला गर्ने ती बालक सम्पूर्ण देवताहरूसहित विष्णुलाई आफ्नो महान् अद्भुत ऐश्वर्य दखाउन लागे॥ ३७-३८॥

तं दृष्ट्वा सकलास्ते वै साच्युताः सर्षयः सुराः।
विस्मयं प्रापुरत्यन्तं पप्रच्छुस्तं च बालकम्॥ ३९
को भवानिति तच्छ्रुत्वा न किंचित्स जगाद ह।
स्वालयं स जगामाशु गुप्तस्तस्थौ हि पूर्ववत्॥ ४०

उनको यस महिमालाई देखेर विष्णुसहित अन्य देवगण तथा ऋषि अत्यन्त आश्चर्यचकित भए र ती बालकसित सोध्न लागे कि हे बालक! तिमी को हौ? उनीहरूको कुरा सुनेर ती बालकले केही पनि भनेनन् र तत्काल आफ्नो घर गएर पूर्ववत् गुप्तरूपले रहन लागे॥ ३९-४०॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां चतुर्थे कुमारखण्डे कार्तिकेयलीलावर्णनं नाम तृतीयोऽध्यायः॥ ३॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको चतुर्थ कुमारखण्डमा कार्तिकेयको लीला-वर्णन नामक तेस्रो अध्याय पूर्ण भयो॥ ३॥

अथ चतुर्थोऽध्यायः

पार्वतीले भन्नुहुँदामा शिवद्वारा देवताहरू तथा कर्मसाक्षी धर्मादिकहरूसित कार्तिकेयको विषयमा जिज्ञासा गर्नु र आफ्ना गणहरूलाई कृत्तिकाहरूकहाँ पठाउनु, नन्दिकेश्वर तथा कार्तिकेयको वार्तालाप, कार्तिकेय कैलासका लागि प्रस्थान

नारद उवाच

देवदेव प्रजानाथ ततः किमभवद्विधे।
वदेदानीं कृपातस्तु शिवलीलासमन्वितम्॥ १

नारद भन्नुहुन्छ—हे देवाधिदेव! हे प्रजानाथ! हे विधि! यसपछि फेरि के भयो, हजुर यस समय कृपा गरी शिवको लीलाले युक्त यस चरित्रलाई भन्नुहोस्॥ १॥

ब्रह्मोवाच

कृत्तिकाभिर्गृहीते वै तस्मिन् शंभुसुते मुने।
कश्चित्कालो व्यतीयाय बुबुधे न हिमाद्रिजा॥ २
तस्मिन्नवसरे दुर्गा स्मेराननसरोरुहा।
उवाच स्वामिनं शंभुं देवदेवेश्वरं प्रभुम्॥ ३

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! यस प्रकार शिवपुत्रलाई ग्रहण गरी उनलाई आफ्नो पुत्र मान्दै कृत्तिकाहरूको केही काल व्यतीत भयो, तर पार्वतीलाई यो समाचार थाहा भएन। त्यस समय पार्वतीले मन्द मुस्कानयुक्त हाँस्तै आफ्नो मुखकमलबाट देवदेवेश्वर स्वामी श्रीसदाशिवसित भन्नुभयो—॥ २-३॥

पार्वत्युवाच

देवदेव महादेव शृणु मे वचनं शुभम्।
पूर्वपुण्यातिभारेण त्वं मया प्राप्त ईश्वरः॥ ४

पार्वती भन्नुहुन्छ—हे देवाधिदेव! हे महादेव! हजुर मेरो शुभ वचनलाई सुन्नुहोस्। मेरो पूर्वजन्मको अत्यन्त पुण्य-प्रभावले हजुर ईश्वर मलाई पतिरूपमा प्राप्त हुनुभएको छ॥ ४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृपया योगिषु श्रेष्ठो विहारैस्तत्परोऽभवः।
रतिभंगः कृतो देवैस्तत्र मे भवता भव॥ ५

भूमौ निपतितं वीर्यं नोदरे मम ते विभो।
कुत्र यातं च तद्देव केन देवेन निह्नुतम्॥ ६

कथं मत्स्वामिनो वीर्यममोघं ते महेश्वर।
मोघं यातं च किं किं वा शिशुर्जातश्च कुत्रचित्॥ ७

ब्रह्मोवाच

पार्वतीवचनं श्रुत्वा प्रहस्य जगदीश्वरः।
उवाच देवानाहूय मुनींश्चापि मुनीश्वर॥ ८

महेश्वर उवाच

देवाः शृणुत मद्वाक्यं पार्वतीवचनं श्रुतम्।
अमोघं कुत्र मे वीर्यं यातं केन च निह्नुतम्॥ ९

सभयं नाप तत्क्षिप्रं स चेद्दंडं न चार्हति।
शक्तौ राजा न शास्ता यः प्रजाबाध्यश्च भक्षकः॥ १०

ब्रह्मोवाच

शंभोस्तद्वचनं श्रुत्वा समालोच्य परस्परम्।
ऊचुः सर्वे क्रमेणैव त्रस्तास्तु पुरतः प्रभोः॥ ११

विष्णुरुवाच

ते मिथ्यावादिनः सन्तु भारते गुरुदारिकाः।
गुरुनिन्दारताः शश्वत्त्वद्वीर्यं यैश्च निह्नुतम्॥ १२

ब्रह्मोवाच

त्वद्वीर्यं निह्नुतं येन पुण्यक्षेत्रे च भारते।
स नाऽन्वितो भवेत्तत्र सेवने पूजने तव॥ १३

लोकपाला ऊचुः

त्वद्वीर्यं निह्नुतं येन पापिना पतितभ्रमात्।
भाजनं तस्य सोऽत्यन्तं तत्तापं कर्म संततम्॥ १४

देवा ऊचुः

कृत्वा प्रतिज्ञां यो मूढो नाऽऽपादयति पूर्णताम्।
भाजनं तस्य पापस्य त्वद्वीर्यं येन निह्नुतम्॥ १५

हे भव! योगीहरूमा श्रेष्ठ हजुर मसँग विहारमा प्रवृत्त हुनुभएको थियो, त्यस समय देवताहरूका साथ हजुरले मेरो रतिलाई भंग गरिदिनुभएको थियो। हे विभु! हजुरको त्यो तेज मेरो पेटमा नगएर पृथ्वीमा खस्यो। हे देव! फेरि त्यो तेज कहाँ गयो? त्यसलाई कुन देवताले लुकाए?॥ ५-६॥

हे महेश्वर! मेरा स्वामी! हजुरको त्यो तेज त अमोघ छ, कसरी व्यर्थ भयो अथवा त्यसबाट कुनै बालक कहीँ प्रकट भयो?॥ ७॥

ब्रह्मा भन्नुहुन्छ—हे मुनीश्वर! पार्वतीका यी कुरा सुनेर महेश्वर हाँस्न लाग्नुभयो र पुनः उहाँले मुनिहरू र देवताहरूलाई बोलाएर भन्नुभयो—॥ ८॥

महेश्वर भन्नुहुन्छ—देवगण हो! तपाईंहरूले पार्वतीद्वारा भनिएका वचनलाई सुन्नुभयो, अब मेरो कुरा सुन्नुहोस्। कहिल्यै निष्फल नहुने मेरो तेज कहाँ गयो र कसले लुकायो? जसले तत्काल बताउँछ, उसलाई कुनै भय हुन्न र त्यो दण्डनीय हुँदैन। शक्ति भएर पनि जुन राजा राम्रो प्रकारले शासन गर्दैन, त्यो प्रजाको बाधक हो र रक्षक नभएर भक्षक नै कहलिन्छ॥ ९-१०॥

ब्रह्मा भन्नुहुन्छ—शिवका कुरा सुनेर देवगण भयभीत भए र परस्पर विचार गरी शिवको अगाडि क्रमशः भन्न लागे॥ ११॥

विष्णु भन्नुहुन्छ—[हे सदाशिव!] जसले हजुरको तेजलाई लुकाएको छ, ती मिथ्यावादी हुन् र भरतखण्डमा जन्म लिएर गुरुपत्नीगमन तथा गुरुनिन्दाको पापको निरन्तर भागी बनुन्॥ १२॥

ब्रह्मा भन्नुहुन्छ—जसले हजुरको तेजलाई लुकाएको छ, त्यो पुण्यक्षेत्र यस भरतखण्डमा हजुरको सेवा तथा पूजाको अधिकारी नहोस्॥ १३॥

लोकपालहरूले भने—जुन पापीले पतित हुने भ्रमले हजुरको तेजलाई लुकाएको छ, त्यो चोरीको पापको भाजन बनोस् र आफ्नो कर्मले सदैव दुःख प्राप्त गरिरहोस्॥ १४॥

देवता भन्दछन्—जुन मूर्ख प्रतिज्ञा गरी आफ्नो प्रतिज्ञाको परिपालन गर्दैन, त्यो त्यस प्रतिज्ञाभंगको पापको भागी बन्छ, त्यही पाप त्यसलाई लागोस्, जसले हजुरको तेजलाई लुकाएको छ॥ १५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवपत्न्य ऊचुः

या निन्दति स्वभर्तारं परं गच्छति पूरुषम्।
मातृबन्धुविहीना च त्वद्वीर्यं निह्नुतं यया॥ १६

देवपत्नीहरू भन्दछन्— जुन स्त्री आफ्नो स्वामीको निन्दा गर्दछन् र परपुरुषका साथ सम्बन्ध राख्दछन्, तिनले आफ्ना माता-पिता तथा बन्धुहरूबाट विहीन भएर त्यस पापलाई प्राप्त गरून्, जसले हजुरको तेजलाई लुकाएका छन्॥ १६॥

ब्रह्मोवाच

देवानां वचनं श्रुत्वा देवदेवेश्वरो हरः।
कर्मणां साक्षिणश्चाह धर्मादीन्सभयं वचः॥ १७

ब्रह्मा भन्नुहुन्छ— देवाधिदेव महेश्वरले देवताहरूको वचन सुनेर कर्मका साक्षीभूत धर्मादि देवगणहरूलाई भयभीत पार्दै भन्नुभयो— ॥ १७॥

श्रीशिव उवाच

देवैर्न निह्नुतं केन तद्वीर्यं निह्नुतं ध्रुवम्।
तदमोघं भगवतो महेशस्य मम प्रभोः॥ १८

यूयं च साक्षिणो विश्वे सततं सर्वकर्मणाम्।
युष्माकं निह्नुतं किं वा किं ज्ञातुं वक्तुमर्हथ॥ १९

श्रीशिव भन्नुहुन्छ— [हे धर्मादि देवगण हो!] यदि मेरो तेजलाई देवगणहरूले लुकाएका छैनन् भने बताउनुहोस् कि मेरो तेजलाई कसले लुकाएको छ? म प्रभु महेश्वरको त्यो तेज त अमोघ छ। तपाईंहरू त संसारमा सबैको कर्मको सतत् साक्षी हुनुहुन्छ, तपाईंहरूबाट कुनै कुरा लुक्न सक्तैन, तपाईंहरू त्यसलाई जान्न तथा भन्नमा समर्थ हुनुहुन्छ॥ १८-१९॥

ब्रह्मोवाच

ईश्वरस्य वचः श्रुत्वा सभायां कंपिताश्च ते।
परस्परं समालोक्य क्रमेणोचुः पुरः प्रभोः॥ २०

ब्रह्मा भन्नुहुन्छ— त्यस देवसभामा सदाशिवको कुरा सुन्नासाथ ती धर्म आदि काम्न थाले र परस्पर एक-अर्कातिर हेर्दै उनीहरूले शंकरसित भने— ॥ २०॥

रते तु तिष्ठतो वीर्यं पपात वसुधातले।
मया ज्ञातममोघं तच्छंकरस्य प्रकोपतः॥ २१

भगवान् शंकरको रतिकालमा पनि स्थित रहने तेज कोपको कारण पृथ्वीमा खस्यो, त्यो अमोघ छ, यो मलाई राम्ररी थाहा छ॥ २१॥

क्षितिरुवाच

वीर्यं सोढुमशक्ताहं तद्वह्नौ न्यक्षिपं पुरा।
अतोऽत्र दुर्वहं ब्रह्मन्नबलां क्षन्तुमर्हसि॥ २२

पृथ्वी भन्दछिन्— मैले त्यस असहनीय तेजलाई धारण गर्नमा आफूलाई असमर्थ पाएर अग्निलाई सुम्पिदिएँ। अतः हे ब्रह्मन्! हजुर यसको लागि म अबलालाई क्षमा गर्नुहोस्॥ २२॥

वह्निरुवाच

वीर्यं सोढुमशक्तोऽहं तव शंकर पर्वते।
कैलासे न्यक्षिपं सद्यः कपोतात्मा सुदुस्सहम्॥ २३

अग्नि भन्दछन्— हे शंकर! म परेवारूपले हजुरको तेज धारण गर्नमा असमर्थ थिएँ, यसैले मैले त्यस दुस्सह तेजलाई कैलास पर्वतमा त्यागिदिएँ॥ २३॥

गिरिरुवाच

वीर्यं सोढुमशक्तोऽहं तव शंकर लोकप।
गंगायां प्राक्षिपं सद्यो दुस्सहं परमेश्वर॥ २४

पर्वत [हिमालय] भन्दछन्— हे लोकरक्षक परमेश्वर शंकर! हजुरको त्यस असह्य तेजलाई धारण गर्नमा असमर्थ हुनाको कारण मैले त्यसलाई तत्काल गंगामा फालिदिएँ॥ २४॥

गंगोवाच

वीर्यं सोढुमशक्ताहं तव शंकर लोकप।
व्याकुलाऽति प्रभो नाथ न्यक्षिपं शरकानने॥ २५

गंगा भन्दछिन्— हे लोकपालक शंकर! म पनि हजुरको तेज सहन गर्नमा असमर्थ भएँ, तब हे नाथ! व्याकुल भएर मैले त्यसलाई सरकण्ड (नरकट)को वनमा छाडिदिएँ॥ २५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वायुरुवाच

शरेषु पतितं वीर्यं सद्यो बालो बभूव ह।
अतीव सुन्दरः शम्भो स्वर्नद्याः पावने तटे॥ २६

सूर्य उवाच

रुदन्तं बालकं दृष्ट्वागममस्ताचलं प्रभो।
प्रेरितः कालचक्रेण निशायां स्थातुमक्षमः॥ २७

चन्द्र उवाच

रुदन्तं बालकं प्राप्य गृहीत्वा कृत्तिकागणः।
जगाम स्वालयं शंभो गच्छन्बदरिकाश्रमम्॥ २८

जलमुवाच

अमुं रुदन्तमानीय स्तन्यपानेन ताः प्रभो।
वर्द्धयामासुरीशस्य सुतं तव रविप्रभम्॥ २९

संध्योवाच

अधुना कृत्तिकानां च वने तं पोष्य पुत्रकम्।
तन्नाम चक्रुस्ताः प्रेम्णा कार्त्तिकश्चेति कौतुकात्॥ ३०

रात्रिरुवाच

न चक्रुर्बालकं ताश्च लोचनानामगोचरम्।
प्राणेभ्योऽपि प्रीतिपात्रं यः पोष्टा तस्य पुत्रक॥ ३१

दिनमुवाच

यानि यानि च वस्त्राणि भूषणानि वराणि च।
प्रशंसितानि स्वादूनि भोजयामासुरेव तम्॥ ३२

ब्रह्मोवाच

तेषां तद्वचनं श्रुत्वा संतुष्टः पुरसूदनः।
मुदं प्राप्य ददौ प्रीत्या विप्रेभ्यो बहुदक्षिणाम्॥ ३३

पुत्रस्य वार्त्तां संप्राप्य पार्वती हृष्टमानसा।
कोटिरत्नानि विप्रेभ्यो ददौ बहुधनानि च॥ ३४

लक्ष्मी सरस्वती मेना सावित्री सर्वयोषितः।
विष्णुः सर्वे च देवाश्च ब्राह्मणेभ्यो ददुर्धनम्॥ ३५

प्रेरितः स प्रभुर्देवैर्मुनिभिः पर्वतैरथ।
दूतान् प्रस्थापयामास स्वपुत्रो यत्र तान् गणान्॥ ३६

वायु भन्दछन्—हे शम्भु! गंगाको पावन तटमा सरकण्ड (नरकट)को वनमा खसेको त्यो तेज तत्काल अत्यन्त सुन्दर बालक भयो॥ २६॥

सूर्य भन्नुहुन्छ—हे प्रभु! रुँदै गरेको त्यस बालकलाई देखेर कालचक्रबाट प्रेरित भएको म त्यहाँ टिक्न असमर्थ हुनाको कारण अस्ताचलमा गएँ॥ २७॥

चन्द्रमा भन्नुहुन्छ—हे शंकर! रुँदै गरेको त्यस बालकलाई देखेर बदरिकाश्रमतिर जाँदै गरेका कृत्तिकाहरूले उसलाई आफ्नो घर लिएर गए॥ २८॥

जल भन्दछन्—हे प्रभु! सूर्यको समान प्रभा भएको अत्यन्त तेजस्वी हजुरको रुँदै गरेको त्यस बालकलाई कृत्तिकाहरूले आफ्नो स्तनपान गराएर ठुलो पारेका छन्॥ २९॥

सन्ध्या भन्दछिन्—ती कृत्तिकाहरूले हजुरको पुत्रको पालन-पोषण गरी कौतुहलताका साथ बडो प्रेमले उसको नाम कार्तिक राखे॥ ३०॥

रात्रि भन्दछिन्—ती कृत्तिकाहरू प्राणभन्दा पनि धेरै प्रिय त्यस बालकलाई आफ्नो नेत्रहरूबाट कहिल्यै ओझेल पार्दैनन्, जो पोषण गर्नेवाला हुन्छ, त्यो त्यसैको (पोष्य) पुत्र हुन्छ॥ ३१॥

दिन भन्दछन्—पृथ्वीमा प्रशंसाका योग्य जति पनि श्रेष्ठ वस्त्र एवं आभूषण छन्, उनलाई तिनले पहिऱ्याइदिन्छन् र स्वादिष्ट भोजन गराउँछन्॥ ३२॥

ब्रह्मा भन्नुहुन्छ—ती सबैका कुरालाई सुनेर त्रिपुरसूदन शिव परम प्रसन्न हुनुभयो र उहाँले आनन्दित भएर प्रेमपूर्वक ब्राह्मणहरूलाई धेरै दक्षिणा दिनुभयो॥ ३३॥

पुत्रको समाचार सुनेर पार्वती अत्यधिक प्रसन्न हुनुभयो र उहाँले ब्राह्मणहरूलाई करोडौँ रत्न तथा धेरै धन दक्षिणाको रूपमा दिनुभयो। लक्ष्मी, सरस्वती, मेना, सावित्री आदि सबै स्त्रीहरूले तथा विष्णु आदि सबै देवताहरूले ब्राह्मणहरूलाई धेरै धन प्रदान गरे॥ ३४-३५॥

देवताहरू, मुनिहरू एवं पर्वतहरूबाट प्रेरित भएर ती भगवान् शिवले आफ्ना गण तथा दूतहरूलाई त्यहाँ पठाउनुभयो, जहाँ उनका पुत्र थिए॥ ३६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वीरभद्रं विशालाक्षं शंकुकर्णं कराक्रमम्।
नन्दीश्वरं महाकालं वज्रदंष्ट्रं महोन्मदम्॥ ३७
गोकर्णास्यं दधिमुखं ज्वलदग्निशिखोपमम्।
लक्षं च क्षेत्रपालानां भूतानां च त्रिलक्षकम्॥ ३८
रुद्रांश्च भैरवांश्चैव शिवतुल्यपराक्रमान्।
अन्यांश्च विकृताकारानसंख्यानपि नारद॥ ३९

हे नारद! उहाँले वीरभद्र, विशालाक्ष, शंकुकर्ण, कराक्रम, नन्दीश्वर, महाकाल, वज्रदंष्ट्र, महोन्मद, गोकर्णास्य, अग्निसमान प्रज्वलित मुख भएका दधिमुख, लक्षसंख्यक क्षेत्रपाल तथा तीन लाख भूत, शिवसमान पराक्रम भएका रुद्रहरू र भैरवहरू तथा अन्य असंख्य विकृत आकार भएका गणहरूलाई त्यहाँ पठाउनुभयो॥ ३७—३९॥

ते सर्वे शिवदूताश्च नानाशस्त्रास्त्रपाणयः।
कृत्तिकानां च भवनं वेष्टयामासुरुद्धताः॥ ४०

बिभिन्न प्रकारका अस्त्र-शस्त्रहरूबाट सुसज्जित उद्धत ती शिवगणले कृत्तिकाहरूको भवनलाई घेरे॥ ४०॥

दृष्ट्वा तान् कृत्तिकाः सर्वा भयविह्वलमानसाः।
कार्त्तिकं कथयामासुर्ज्वलन्तं ब्रह्मतेजसा॥ ४१

ती गणहरूलाई देखेर कृत्तिकाहरू डरले व्याकुल भए। तब उनीहरूले ब्रह्मतेजबाट जाज्वल्यमान कार्तिकसित भने—॥ ४१॥

कृत्तिका ऊचुः

वत्स सैन्यान्यसंख्यानि वेष्टयामासुरालयम्।
किं कर्तव्यं क्व गन्तव्यं महाभयमुपस्थितम्॥ ४२

कृत्तिकाहरू भन्दछन्—हे वत्स! असंख्य सेनाहरूले हाम्रो घरलाई घेरेका छन्। के गर्नु पर्छ? कहाँ जानु पर्छ? महाभय उपस्थित भएको छ॥ ४२॥

कार्तिकेय उवाच

भयं त्यजत कल्याण्यो भयं किं वा मयि स्थिते।
दुर्निवार्योऽस्मि बालश्च मातरः केन वार्यते॥ ४३

कार्तिकेय भन्नुहुन्छ—हे कल्याणकारिणी माताहरू! तपाईंहरू भयभीत नहुनुहोस्। म भएपछि डर मान्नु पर्ने कुनै कारण छैन। हे माताहरू! म यद्यपि अहिले बालक नै छु, तर अजेय छु। यस जगत्मा मलाई जित्नेवाला कोही छैन॥ ४३॥

ब्रह्मोवाच

एतस्मिन्नन्तरे तत्र सैन्येन्द्रो नन्दिकेश्वरः।
पुरतः कार्तिकेयस्योपविष्टः समुवाच ह॥ ४४

ब्रह्मा भन्नुहुन्छ—त्यसै समय सेनापति नन्दिकेश्वर कार्तिकेयको सामुन्ने गएर बसे र भने—॥ ४४॥

नन्दीश्वर उवाच

भ्रातः प्रवृत्तिं शृणु मे मातरश्च शुभावहाम्।
प्रेरितोऽहं महेशेन संहर्त्रा शंकरेण च॥ ४५
कैलासे सर्वदेवाश्च ब्रह्मविष्णुशिवादयः।
सभायां संस्थितास्तात महत्युत्सवमंगले॥ ४६
तदा शिवा सभायां वै शंकरं सर्वशंकरम्।
सम्बोध्य कथयामास तवान्वेषणहेतुकम्॥ ४७

नन्दीश्वर भन्नुहुन्छ—हे भाइ! हे माता हो! जुन कारणले हामीहरू यहाँ आएका छौँ, त्यो मंगलमय वृत्तान्त मबाट सुन्नुहोस्, जगत्को संहार गर्नुहुने महेश्वरबाट प्रेरित भएर म तपाईंहरूकहाँ आएको छु। हे तात! कैलास पर्वतमा महान् मंगलदायी उत्सव सभामा ब्रह्मा, विष्णु, शिव तथा सबै देवता विद्यमान थिए। त्यस समय सभामा भगवती पार्वतीले लोककल्याणकारी भगवान् शंकरलाई सम्बोधित गर्दै उहाँसित तिम्रो पत्ता लगाउनका लागि भन्नुभयो॥ ४५—४७॥

पप्रच्छ तान् शिवो देवान् क्रमात्त्वत्प्रासिहेतवे।
प्रत्युत्तरं ददुस्ते तु प्रत्येकं च यथोचितम्॥ ४८

शंकरले ती सबै देवताहरूसित क्रमशः तिम्रो प्राप्तिको उपाय सोध्नुभयो। उनीहरूमध्ये प्रत्येकले यथोचित उत्तर दिए॥ ४८॥

त्वामत्र कृत्तिकास्थाने कथयामासुरीश्वरम्।
सर्वे धर्मादयो धर्माधर्मस्य कर्मसाक्षिणः॥ ४९

त्यसपछि धर्म एवं अधर्मका तथा कर्मका साक्षीभूत सबै धर्मादि देवताहरूले भगवान् शंकरलाई कृत्तिकाहरूको घरमा तिमी विराजमान भएको बताए॥ ४९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रबभूव रहः क्रीडा पार्वतीशिवयोः पुरा।
दृष्टस्य च सुरैः शंभोर्वीर्यं भूमौ पपात ह॥ ५०

पूर्वकालमा शिव एवं पार्वतीको एकान्त स्थानमा विहार भइरहन्थ्यो। फेरि देवताहरूद्वारा अवलोकन गर्दामा ती शिवको तेज पृथ्वीमा खस्यो॥ ५०॥

भूमिस्तदक्षिपद्वह्नौ वह्निश्चाद्रौ स भूधरः।
गंगायां सोऽक्षिपद्वेगात् तरंगैः शरकानने॥ ५१

तत्र बालोऽभवस्त्वं हि देवकार्यकृतिः प्रभुः।
तत्र लब्धः कृत्तिकाभिस्त्वं भूमिं गच्छ सांप्रतम्॥ ५२

भूमिले त्यसलाई अग्निमा, अग्निले गिरिराज हिमालयमा र हिमालयले त्यसलाई गंगामा फालिदिए। त्यसपछि गंगाले आफ्ना तरंगहरूबाट त्यसलाई शीघ्रतापूर्वक सरकण्ड (नरकट)को वनमा फालिदिइन्। त्यस तेजबाट देवताहरूको कार्य गर्नका लागि समर्थ तिमी उत्पन्न भएका हौ। कृत्तिकाहरूले तिमीलाई त्यहाँ प्राप्त गरे। अतः यस समय तिमी पृथ्वीमा हिँड॥ ५१-५२॥

तवाभिषेकं शंभुस्तु करिष्यति सुरैः सह।
लप्स्यसे सर्वशस्त्राणि तारकाख्यं हनिष्यसि॥ ५३

भगवान् शंकरले देवगणहरूका साथमा तिम्रो अभिषेक गर्नुहुनेछ, तिमीले सम्पूर्ण शस्त्रास्त्र प्राप्त गर्ने छौ र तारक नामक असुरको वध गर्ने छौ॥ ५३॥

पुत्रस्त्वं विश्वसंहर्त्तुस्त्वां प्राप्तुं चाऽक्षमा इमाः।
नाग्निं गोप्तुं यथा शक्तः शुष्कवृक्षः स्वकोटरे॥ ५४

तिमी विश्वका संहर्ता शिवका पुत्र हौ। यी कृत्तिकाहरू तिमीलाई (पुत्रका रूपमा) प्राप्त गर्नमा त्यसै प्रकार असमर्थ छन्, जसरी सुकेको वृक्षले आफ्नो टोड्कामा अग्निलाई लुकाएर राख्न सक्दैन॥ ५४॥

दीप्तवांस्त्वं च विश्वेषु नासां गेहेषु शोभसे।
यथा पतन्महाकूपे द्विजराजो न राजते॥ ५५

तिमी सारा संसारमा प्रकाशित छौ, यी कृत्तिकाहरूको घरमा रहनाले तिम्रो शोभा त्यसै प्रकार हुन्न, जसरी द्विजराज चन्द्रमा इनारभित्र रहेर प्रकाशित हुँदैनन्॥ ५५॥

करोषि च यथाऽऽलोकं नाऽऽच्छन्नोऽस्मासु तेजसा।
यथा सूर्यः कलाच्छन्नो न भवेन्मानवस्य च॥ ५६

जसरी मनुष्यको तेजबाट सूर्यको तेजलाई लुकाउन सकिन्न, त्यसै प्रकार जस्तो तिमी प्रकाश गरिरहेका छौ, त्यसलाई हामीहरूको तेजले लुकाउन सक्तैनौं॥ ५६॥

विष्णुस्त्वं जगतां व्यापी नान्यो जातोऽसि शांभव।
यथा न केषां व्याप्यं च तत्सर्वं व्यापकं नभः॥ ५७

हे शम्भुपुत्र! तिमी अरू कसैबाट उत्पन्न भएका होइनौ, सारा संसारलाई व्याप्त गरी स्थित राख्नुहुने विष्णु नै हौ। जस्तो आकाश व्यापक छ, कसैको व्याप्य छैन, यसै प्रकार तिमी पनि कसैको व्याप्य छैनौ, अपितु व्यापक छौ॥ ५७॥

योगीन्द्रो नाऽनुलिप्तश्च भागी चेत्परिपोषणे।
नैव लिप्तो यथात्मा च कर्मयोगेषु जीविनाम्॥ ५८

जस्तो कर्मयोगीहरूका आत्मा ती कर्महरूसित निर्लिप्त रहन्छ, यसै प्रकार तिमी पनि परिपोषणको भागी भए तापनि योगीन्द्र हुनाको कारण निर्लिप्त छौ॥ ५८॥

विश्वारंभस्त्वमीशश्च नासु ते संभवेत् स्थितिः।
गुणानां तेजसां राशिर्यथात्मानं च योगिनः॥ ५९

तिमी यस विश्वसृष्टिको कर्ता तथा ईश्वर हौ, परंतु यिनमा तिम्रो स्थिति त्यसै प्रकार रहँदैन, जसरी योगीको आत्मामा गुण र तेजको राशि स्थित रहँदैन॥ ५९॥

भ्रातर्ये त्वां न जानन्ति ते नरा हतबुद्धयः।
नाद्रियन्ते यथा भेकास्त्वेकवासाश्च पंकजान्॥ ६०

हे भाइ! कमलहरूलाई आदर नगर्ने सहवासी भ्यागुताहरू झैँ ती मनुष्य हतबुद्धिका हुन्, जसले तिमीलाई तत्त्वतः जान्दैनन्॥ ६०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कार्तिकेय उवाच

भ्रातः सर्वं विजानासि ज्ञानं त्रैकालिकं च यत्।
ज्ञानी त्वं का प्रशंसा ते यतो मृत्युञ्जयाश्रितः॥ ६१

कर्मणां जन्म येषां वा यासु यासु च योनिषु।
तासु ते निर्वृतिं भ्रातः प्राप्नुवंतीह सांप्रतम्॥ ६२

कृत्तिकाज्ञानवत्यश्च योगिन्यः प्रकृतेः कलाः।
स्तन्येनासां वर्द्धितोऽहमुपकारेण संततम्॥ ६३

आसामहं पोष्यपुत्रो मदंशा योषितस्त्विमाः।
तस्याश्च प्रकृतेरंशास्ततस्तत्स्वामिवीर्यजः॥ ६४

न मद्भवो ह शैलेन्द्रकन्यया नन्दिकेश्वर।
सा च मे धर्मतो माता यथेमाः सर्वसंमताः॥ ६५

शम्भुना प्रेषितस्त्वं च शंभोः पुत्रसमो महान्।
आगच्छामि त्वया सार्द्धं द्रक्ष्यामि देवताकुलम्॥ ६६

इत्येवमुक्त्वा तं शीघ्रं संबोध्य कृत्तिकागणम्।
कार्त्तिकेयः प्रतस्थे हि सार्द्धं शंकरपार्षदैः॥ ६७

कार्तिकेय भन्नुहुन्छ—हे दाजु! जुन त्रैकालिक ज्ञान छ, त्यसलाई पूर्णरूपमा तपाईंले जान्नु भएको छ; तपाईं मृत्युंजय भगवान् सदाशिवका सेवक हुनुहुन्छ, यसैले तपाईंको प्रशंसा जति गरे पनि थोरै हुन्छ। हे भाइः! कर्मवश जुन मानिसहरूको जुन-जुन योनिहरूमा जन्म हुन्छ, ती-ती योनिहरूको भोगमा तिनलाई सुख प्राप्त हुन्छ। यी सबै कृत्तिकाहरू ज्ञानवती छन्, योगिनी हुन् र प्रकृतिका कलाहरू हुन्। उनीहरूले आफ्नो दूध पिलाएर मलाई ठुलो बनाएका हुन्। यसैले ममाथि निरन्तर यिनको महान् उपकार छ॥ ६१—६३॥

म यिनको पोष्य पुत्र हुँ, यी स्त्रीहरू मसित सम्बद्ध छन्, म जुन प्रकृतिका स्वामीको तेजबाट उत्पन्न भएको हुँ, यी त्यसै प्रकृतिका कलाहरू हुन्॥ ६४॥

हे नन्दिकेश्वर! शैलेन्द्रकन्या पार्वतीबाट मेरो जन्म भएको होइन, उनी त्यसै गरी मेरी धर्ममाता हुन्, जसरी कृत्तिकाहरू सर्वसम्मतिले मेरा माता हुन्॥ ६५॥

तपाईं महान् हुनुहुन्छ, शिवको पुत्रसमान हुनुहुन्छ र मलाई ल्याउनका लागि उहाँले तपाईंलाई पठाउनुभएको छ। यसैले म पनि तपाईंसँग जाने छु र देवताहरूको दर्शन गर्ने छु॥ ६६॥

यस प्रकार भनेर कृत्तिकाहरूसित आज्ञा लिएर ती कार्तिकेय शंकरका गणसँग शीघ्र हिँड्नुभयो॥ ६७॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां चतुर्थे कुमारखण्डे कार्तिकेयान्वेषणनन्दिसंवादवर्णनं नाम चतुर्थोऽध्यायः॥ ४॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको चतुर्थ कुमारखण्डमा कार्तिकेयको अन्वेषण तथा नन्दिसंवादवर्णन नामक चौथो अध्याय पूर्ण भयो॥ ४॥

अथ पञ्चमोऽध्यायः

पार्वतीद्वारा प्रेषित रथमा आरूढ भई कार्तिकेयको कैलासगमन, कैलासमा महान् उत्सव हुनु, कार्तिकेयको महाभिषेक तथा देवताहरूद्वारा विविध अस्त्र-शस्त्र तथा रत्नाभूषण प्रदान गर्नु, कार्तिकेयले ब्रह्माण्डको अधिपतित्व प्राप्त गर्नु

ब्रह्मोवाच

एतस्मिन्नन्तरे तत्र ददर्श रथमुत्तमम्।
अद्भुतं शोभितं शश्वद्विश्वकर्मविनिर्मितम्॥ १

शतचक्रं सुविस्तीर्णं मनोयायि मनोहरम्।
प्रस्थापितं च पार्वत्या वेष्टितं पार्षदैर्वरैः॥ २

ब्रह्मा भन्नुहुन्छ—त्यसै समय विश्वकर्माद्वारा विरचित अत्यन्त अद्भुत तथा शाश्वत शोभासम्पन्न एउटा रथ देखा पर्‍यो। त्यो रथ सय पाङ्ग्राको ज्यादै फराकिलो र सुन्दर थियो, त्यसको गति मनको समान वेगवान थियो, शिवका पार्षदहरूले घेरिएको त्यस रथलाई पार्वतीले पठाउनुभएको थियो॥ १-२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समारोहत्ततोऽनंतो हृदयेन विदूयता।
कार्तिकः परमज्ञानी परमेशानवीर्यजः॥ ३
तदैव कृत्तिकाः प्राप्य मुक्तकेश्यः शुचाऽऽतुराः।
उन्मत्ता इव तत्रैव वक्तुमारेभिरे वचः॥ ४

कृत्तिका ऊचुः

विहायाऽस्मान् कृपासिन्धो गच्छसि त्वं हि निर्दयः।
नायं धर्मो मातृवर्गान् पालितो यत् सुतस्त्यजेत्॥ ५
स्नेहेन वर्द्धितोऽस्माभिः पुत्रोऽस्माकं च धर्मतः।
किं कुर्मः क्व च यास्यामो वयं किं करवाम ह॥ ६
इत्युक्त्वा कृत्तिकाः सर्वाः कृत्वा वक्षसि कार्त्तिकम्।
द्रुतं मूर्च्छामवापुस्ताः सुतविच्छेदकारणात्॥ ७
ताः कुमारो बोधयित्वा अध्यात्मवचनेन वै।
ताभिश्च पार्षदैः सार्द्धमारुरोह रथं मुने॥ ८
दृष्ट्वा श्रुत्वा मंगलानि बहूनि सुखदानि वै।
कुमारः पार्षदैः सार्द्धं जगाम पितृमन्दिरम्॥ ९
दक्षेण नंदियुक्तश्च मनोयायिरथेन च।
कुमारः प्राप कैलासं न्यग्रोधाऽक्षयमूलके॥ १०
तत्र तस्थौ कृत्तिकाभिः पार्षदप्रवरैः सह।
कुमारः शांकरिः प्रीतो नानालीलाविशारदः॥ ११
तदा सर्वे सुरगणा ऋषयः सिद्धचारणाः।
विष्णुना ब्रह्मणा सार्द्धं समाचख्युस्तदागमम्॥ १२
तदा दृष्ट्वा च गांगेयं ययौ प्रमुदितश्शिवः।
अन्यैः समेतो हरिणा ब्रह्मणा च सुरर्षिभिः॥ १३
शंखाश्च बहवो नेदुर्भेरी तूर्याण्यनेकशः।
उत्सवः सुमहानासीद्देवानां तुष्टचेतसाम्॥ १४
तदानीमेव तं सर्वे वीरभद्रादयो गणाः।
कुर्वन्तः स्वन्वयुः केलिं नानातालधरस्वराः॥ १५
स्तावकाः स्तूयमानाश्च चक्रुस्ते गुणकीर्त्तनम्।
जयशब्दं नमश्शब्दं कुर्वाणाः प्रीतमानसाः॥ १६
द्रष्टुं ययुस्तं शरजं शिवात्मजमनुत्तमम्॥ १७

परम ज्ञानी, अनन्त तथा शिवको तेजबाट उत्पन्न कार्तिकेय दुखी मनले त्यस रथमा सवार हुनुभयो॥ ३॥

त्यसै समय कपाल फिँजारेका कृत्तिकाहरूले शोकले व्याकुल भई कार्तिकेयको नजिक गएर शोकोन्माद-पूर्वक भन्न प्रारम्भ गरे—॥ ४॥

कृत्तिकाहरू भन्दछन्—हे कृपासिन्धु! तिमी हामीहरू सबैलाई छोडेर यस प्रकार निर्दयी भएर जाँदै छौ। पुत्रको धर्म यो होइन कि जुन माताहरूले पालन-पोषण गरे, तिनको परित्याग गरी त्यो हिँडोस्॥ ५॥

हामीहरूले बडो स्नेहले तिमीलाई हुर्कायौँ, तिमी हाम्रो धर्मपुत्र हौ, अब तिमी नै भन कि हामी के गरौँ, कसरी बसौँ र कहाँ जाऔँ? यस प्रकार भनेर ती सबै कृत्तिकाहरू कार्तिकेयलाई आफ्नो वक्षस्थलमा टाँसेर पुत्रको वियोगजन्य व्यथाले मूर्च्छित भए। तब कुमारले आध्यात्मिक वचनद्वारा उनीहरूलाई सम्झाउनुभयो। हे मुनि! फेरि ती कृत्तिकाहरू तथा पार्षदहरूका साथ रथमा सवार भए॥ ६—८॥

अत्यधिक सुखदायी मंगलहरूलाई देखेर तथा सुनेर कुमार कार्तिकेय पार्षदहरूका साथ आफ्ना पिताको घर जानुभयो॥ ९॥

आफ्नो दाहिनेतिर नन्दिकेश्वरले युक्त कुमार कार्तिकेय मनको समान वेगशाली रथबाट कैलासपर्वतमा अक्षयवटवृक्षको समीप पुग्नुभयो। विविध लीलाविशारद शंकरपुत्र कुमार कार्तिकेय ती कृत्तिकाहरू तथा पार्षदहरूका साथ प्रसन्नतापूर्वक त्यहीँ रोकिनुभयो। त्यसपछि सबै देवता, ऋषिगण, सिद्ध, चारणहरूले ब्रह्मा तथा विष्णुका साथमा [शिवलाई] कार्तिकेयको आगमनको समाचार सुनाए॥ १०—१२॥

त्यस समय शिव गंगापुत्र (कार्तिकेय)-लाई आउनुभएको देखेर विष्णु, ब्रह्मा, अन्य देवताहरू तथा सुरर्षिहरूका साथ प्रसन्नतापूर्वक उहाँको नजिक जानुभयो॥ १३॥

त्यस समय शंख, भेरी आदि अनेकौँ बाजा बज्न लागे र आनन्दित भएका देवताहरूकहाँ महान् उत्सव हुन लाग्यो। त्यस समय वीरभद्र आदि सबै शिवगण अनेक तालमा गीत गाउँदै तथा क्रीडा गर्दै शिवको पछि-पछि हिँडे। स्तुतिपाठक स्तुतिपूर्वक गुणकीर्तन गर्न लागे र प्रसन्नमन भएर जय-जयकार तथा नमस्कार गर्न लागे र सरकण्ड (नरकट) वनमा उत्पन्न भएका ती शिवका पुत्रलाई हेर्नका लागि गए॥ १४—१७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पार्वती मंगलं चक्रे राजमार्गं मनोहरम्।
पद्मरागादिमणिभिः संस्कृतं परितः पुरम्॥ १८
पतिपुत्रवतीभिश्च साध्वीभिः स्त्रीभिरन्विताः।
लक्ष्म्यादित्रिंशद्देवीश्च पुरः कृत्वा समाययौ॥ १९

पार्वतीले राजमार्गलाई अनेक मांगलिक द्रव्यहरूले अत्यन्त मनोहर बनाउनुभयो र पद्मराग आदि मणिहरूले पुरलाई चारैतिरबाट अलंकृत पार्नुभयो। उहाँ पति-पुत्रवती, सौभाग्यवती स्त्रीहरूका साथ तथा लक्ष्मी आदि तीस देवीलाई अघि गरी कार्तिकेयलाई लिन जानुभयो॥ १८-१९॥

रम्भाद्यप्सरसो दिव्याः सस्मिता वेषसंयुताः।
संगीतनर्तनपरा बभूवुश्च शिवाज्ञया॥ २०
ये तं समीक्षयामासुर्गांगेयं शंकरोपमम्।
ददृशुस्ते महत्तेजो व्याप्तमासीज्जगत्त्रये॥ २१

शिवको आज्ञाले रम्भा आदि दिव्य अप्सराहरू सुन्दर वेशभूषाले सुसज्जित भएर मन्द-मन्द मुस्कानपूर्वक नृत्य एवं गान गर्न लागे। जसले भगवान् शंकरका साथ गंगापुत्र कार्तिकेयलाई देखे, उनीहरूलाई लाग्यो कि सारा जगत्मा एउटा ज्यादै ठुलो तेज व्याप्त भइरहेको छ॥ २०-२१॥

तत्तेजसा वृतं बालं तप्तचामीकरप्रभम्।
ववंदिरे द्रुतं सर्वे कुमारं सूर्यवर्चसम्॥ २२
जहृषुर्विनतस्कंधा नमश्शब्दरतास्तदा।
परिवार्योपतस्थुस्ते वामदक्षिणमागताः॥ २३

त्यस तेजबाट आवृत, प्रतप्त सुवर्ण समान देदीप्यमान तथा सूर्य समान तेजस्वी त्यस बालक कार्तिकेयको सबैले वन्दना गरे। त्यस बालकको सामुन्ने सबैजना 'नमः' शब्दको उच्चारण गर्दै आफ्नो शिर झुकाएर हर्षोल्लासले भरिए र बायाँ तथा दायाँतिर उनलाई घेरेर बसे॥ २२-२३॥

अहं विष्णुश्च शक्रश्च तथा देवादयोऽखिलाः।
दण्डवत्पतिता भूमौ परिवार्य कुमारकम्॥ २४

[हे नारद!] मैले, विष्णु एवं इन्द्रादि सबै देवताहरूले कुमारलाई चारैतिरबाट घेरेर दण्डवत् प्रणाम गर्‍याैँ॥ २४॥

एतस्मिन्नन्तरे शंभुर्गिरिजा च मुदान्विता।
महोत्सवं समागम्य ददर्श तनयं मुदा॥ २५

हे मुनि! त्यसै समय भगवान् शंकर तथा आनन्दले परिपूर्ण देवी पार्वतीले प्रसन्नतापूर्वक त्यस महोत्सवमा आएर आफ्नो पुत्रलाई हेर्नुभयो॥ २५॥

पुत्रं निरीक्ष्य च तदा जगदेकबंधुः
प्रीत्यान्वितः परमया परया भवान्या।
स्नेहान्वितो भुजगभोगयुतो हि साक्षात्
सर्वेश्वरः परिवृतः प्रमथैः परेशः॥ २६

जगत्का एकमात्र रक्षक, सर्पराजको भूषण धारण गर्नुभएका तथा आफ्ना प्रमथगणहरूले युक्त भई साक्षात् सर्वेश्वर सदाशिव पराम्बा भवानीका साथ बडो स्नेहले त्यस पुत्रलाई हेरेर गद्गद भई प्रसन्न हुनुभयो॥ २६॥

अथ शक्तिधरः स्कन्दो दृष्ट्वा तौ पार्वतीशिवौ।
अवरुह्य रथात्तूर्णं शिरसा प्रणनाम ह॥ २७

त्यस समय शक्तिलाई धारण गर्नुभएका कुमार स्कन्दले पार्वती एवं शिवलाई देखेर शीघ्रतापूर्वक रथबाट ओर्लेर शिर झुकाई प्रणाम गर्नुभयो॥ २७॥

उपगुह्य शिवः प्रीत्या कुमारं मूर्ध्नि शंकरः।
जघ्रौ प्रेम्णा परेशानः प्रसन्नः स्नेहकर्तृकः॥ २८

परमेश्वर भगवान् शिवले प्रसन्नतापूर्वक कुमारलाई आलिंगन गरी प्रेमपूर्वक उनको शिर सुँघ्नुभयो॥ २८॥

उपगुह्य गुहं तत्र पार्वती जातसंभ्रमा।
प्रस्नुतं पाययामास स्तनं स्नेहपरिप्लुता॥ २९
तदा नीराजितो देवैः सकलत्रैर्मुदान्वितैः।
जयशब्देन महता व्याप्तमासीन्नभस्तलम्॥ ३०

पार्वतीले पनि आश्चर्यमा परेर त्यस पुत्रलाई आलिंगन गर्नुभयो तथा स्नेहाधिक्यको कारण बग्दै गरेका स्तनका दूध पिलाउन लाग्नुभयो। प्रसन्न भई देवताहरूले आफ्ना स्त्रीहरूका साथ कुमारको आरती गरे, त्यस समय जय-जयकारको महान् ध्वनिले सारा आकाश-मण्डल गुञ्जियो॥ २९-३०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऋषयो ब्रह्मघोषेण गीतेनैव च गायकाः।
वाद्यैश्च बहवस्तत्रोपतस्थुश्च कुमारकम्॥ ३१
स्वमंकमारोप्य तदा महेशः
कुमारकं तं प्रभया समुज्ज्वलम्।
बभौ भवानीपतिरेव साक्षा-
च्छ्रियाऽन्वितः पुत्रवतां वरिष्ठः॥ ३२

अनेकौँ ऋषिहरूले वेदहरूको उद्‌घोषद्वारा, गायकहरूले गीतद्वारा तथा वाद्ययन्त्र बजाउनेहरूले वाद्यवादनद्वारा कुमारको स्वागत गरे। कान्तिले देदीप्यमान आफ्नो त्यस पुत्रलाई काखमा धारण गरी पुत्रवानहरूमा श्रेष्ठ भवानीपति शंकर उच्च शोभाले सम्पन्न हुनुभयो॥ ३१-३२॥

कुमारः स्वगणैः सार्द्धमाजगाम शिवालयम्।
शिवाज्ञया महोत्साहैस्सह देवैर्महासुखी॥ ३३

यस प्रकार महान् उत्साहसम्पन्न देवताहरू तथा आफ्ना गणहरूका साथ परम आनन्दित कुमार कार्तिकेय भगवान् शिवको आज्ञाले शिवको भवनमा जानुभयो॥ ३३॥

दंपती तौ तदा तत्रैकपद्येन विरेजतुः।
विवंद्यमानावृषिभिरावृतौ सुरसत्तमैः॥ ३४

त्यस समय श्रेष्ठ देवताहरू एवं ऋषिहरूबाट वन्दित तथा उनीहरूबाट घेरिएका ती दुवै शिवा-शिव एकै साथमा परम शोभित हुनुभयो॥ ३४॥

कुमारः क्रीडयामास शिवोत्संगे मुदान्वितः।
वासुकिं शिवकंठस्थं पाणिभ्यां समपीडयत्॥ ३५

यता कुमार पनि प्रेमले शिवको काखमा बसेर खेल्न लाग्नुभयो र उहाँको घाँटीमा टाँसिएका वासुकि नागलाई आफ्ना दुवै हातले थिचेर समात्नुभयो॥ ३५॥

प्रहस्य भगवान् शंभुः शशंस गिरिजां तदा।
निरीक्ष्य कृपया दृष्ट्या कृपालुर्लीलयाकृतिम्॥ ३६
मंदस्मितेन च तदा भगवान्महेशः
प्राप्तो मुदं च परमां गिरिजासमेतः।
प्रेम्णा स गद्गदगिरो जगदेकबंधु-
र्नोवाच किंचन विभुर्भुवनैकभर्त्ता॥ ३७

लीलाले युक्त कुमार कार्तिकेयलाई कृपादृष्टिले हेरेर कृपालु भगवान् शंकरले हाँस्तै पार्वतीसित उहाँको प्रशंसा गर्नुभयो। सर्वव्यापक, जगत्का एकमात्र पालनकर्ता तथा जगत्का एकमात्र स्वामी भगवान् महेश गिरिजाका साथ हर्षित भएर मन्द-मन्द हाँस्तै आनन्दले विभोर हुनुभयो, प्रेमवश घाँटी अवरुद्ध भयो र उहाँले केही भन्न सक्नुभएन॥ ३६-३७॥

अथ शंभुर्जगन्नाथो हृष्टो लौकिकवृत्तवान्।
रत्नसिंहासने रम्ये वासयामास कार्त्तिकम्॥ ३८

त्यसपछि लोकवृत्तान्तलाई जान्नुहुने जगत्पति भगवान् शंकरले प्रसन्न भएर रत्नहरूबाट जडिएका रमणीय सिंहासनमा कुमार कार्तिक्यलाई बसाउनुभयो॥ ३८॥

वेदमंत्राभिपूतैश्च सर्वतीर्थोदपूर्णकैः।
सद्रत्नकुंभशतकैः स्नापयामास तं मुदा॥ ३९
सद्रत्नसाररचितकिरीटमुकुटांगदम्।
वैजयन्तीं स्वमालां च तस्मै चक्रं ददौ हरिः॥ ४०
शूलं पिनाकं परशुं शक्तिं पाशुपतं शरम्।
संहारास्त्रं च परमां विद्यां तस्मै ददौ शिवः॥ ४१

फेरि वेदमन्त्रहरूद्वारा पवित्र पारिएका समस्त तीर्थहरूका जलले पूर्ण रत्नजडित सय कलशहरूबाट उनलाई प्रसन्नतापूर्वक स्नान गराउनुभयो। भगवान् विष्णुले उत्तम प्रकारका रत्नहरूबाट निर्मित किरीट, मुकुट, बाजूबन्द, आफ्नो वैजयन्ती माला एवं सुदर्शन चक्र उनलाई प्रदान गर्नुभयो। सदाशिवले आफ्नो त्रिशूल, पिनाक धनुष, परशु, शक्ति, पाशुपतास्त्र, बाण, संहारास्त्र एवं परम विद्या कुमारलाई प्रदान गर्नुभयो॥ ३९—४१॥

अदामहं यज्ञसूत्रं वेदांश्च वेदमातरम्।
कमण्डलुं च ब्रह्मास्त्रं विद्यां चैवाऽरिमर्दिनीम्॥ ४२

मैले (ब्रह्माले) यज्ञोपवीत, वेद, वेदमाता गायत्री, कमण्डलु, ब्रह्मास्त्र तथा शत्रुनाशिनी विद्या उनलाई प्रदान गरें॥ ४२॥

गजेन्द्रं चैव वज्रं च ददौ तस्मै सुरेश्वरः।
श्वेतच्छत्रं रत्नमालां ददौ पाशं जलेश्वरः॥ ४३

देवराज इन्द्रले आफ्नो ऐरावत नामक गजेन्द्र तथा वज्र प्रदान गरे। जलका स्वामी वरुणदेवले सेतो छाता, पाश तथा रत्नमाला उनलाई प्रदान गरे॥ ४३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनोयायिरथं सूर्यः सन्नाहं च महाचयम्।
यमदंडं यमश्चैव सुधाकुंभं सुधानिधिः॥ ४४

हुताशनो ददौ प्रीत्या महाशक्तिं स्वसूनवे।
ददौ स्वशस्त्रं निर्ऋतिर्वायव्यास्त्रं समीरणः॥ ४५

गदां ददौ कुबेरश्च शूलमीशो ददौ मुदा।
नानाशस्त्राण्युपायांश्च सर्वे देवा ददुर्मुदा॥ ४६

कामास्त्रं कामदेवोऽथ ददौ तस्मै मुदान्वितः।
गदां ददौ स्वविद्याश्च तस्मै च परया मुदा॥ ४७

क्षीरोदोऽमूल्यरत्नानि विशिष्टं रत्ननूपुरम्।
हिमालयो हि दिव्यानि भूषणान्यंशुकानि च॥ ४८

चित्रबर्हणनामानं स्वपुत्रं गरुडो ददौ।
अरुणस्ताम्रचूडाख्यं बलिनं चरणायुधम्॥ ४९

पार्वती सस्मिता हृष्टा परमैश्वर्यमुत्तमम्।
ददौ तस्मै महाप्रीत्या चिरंजीवित्वमेव च॥ ५०

लक्ष्मीश्च संपदं दिव्यां महाहारं मनोहरम्।
सावित्री सिद्धविद्यां च समस्तां प्रददौ मुदा॥ ५१

अन्याश्चापि मुने देव्यो या यास्तत्र समागताः।
स्वात्मवत्सु ददुस्तस्मै तथैव शिशुपालिकाः॥ ५२

महामहोत्सवस्तत्र बभूव मुनिसत्तम।
सर्वे प्रसन्नतां याता विशेषाच्च शिवाशिवौ॥ ५३

एतस्मिन्नन्तरे काले प्रोवाच प्रहसन् मुदा।
मुने ब्रह्मादिकान् देवान् रुद्रो भर्गः प्रतापवान्॥ ५४

शिव उवाच

हे हरे हे विधे देवाः सर्वे शृणुत मद्वचः।
सर्वथाहं प्रसन्नोऽस्मि वरान्वृणुत ऐच्छिकान्॥ ५५

ब्रह्मोवाच

तच्छ्रुत्वा वचनं शंभोर्मुने विष्ण्वादयः सुराः।
सर्वे प्रोचुः प्रसन्नास्या देवं पशुपतिं प्रभुम्॥ ५६

सूर्यले मनको गतिबाट चल्ने उत्तम रथ र महातेजस्वी कवच दिए। यमराजले यमदण्ड तथा चन्द्रमाले अमृतपूर्ण घडा प्रदान गरे। अग्निले प्रसन्न भएर आफ्नो पुत्रलाई महाशक्ति प्रदान गरे। निर्ऋतिले आफ्नो शस्त्र तथा वायुले वायव्यास्त्र प्रदान गरे॥ ४४-४५॥

कुबेरले गदा तथा ईश्वरले प्रसन्नतापूर्वक आफ्नो त्रिशूल दिनुभयो। यसै प्रकार सबै देवताहरूले प्रसन्नतापूर्वक अनेक शस्त्र तथा अनेक प्रकारका उपहार अर्पित गरे॥ ४६॥

कामदेवले प्रसन्न भएर आफ्नो कामास्त्र, गदा तथा आफ्नो आकर्षण एवं वशीकरण विद्याहरू परम प्रसन्नतापूर्वक उनलाई प्रदान गरे। क्षीरसागरले अमूल्य रत्न तथा विशिष्ट प्रकारका रत्नजडित नूपुर र हिमालयले दिव्य भूषण एवं वस्त्र प्रदान गरे। गरुडले चित्रबर्हण (मयूर) नामको आफ्नो पुत्र तथा ज्येष्ठ भ्राता अरुणले चरणहरूबाट युद्ध गर्ने महाबलवान् ताम्रचूड (भाले) दिए॥ ४७—४९॥

मन्द मुस्कान भएकी पार्वतीले अत्यन्त प्रसन्नताका साथ आफ्नो पुत्रलाई परमैश्वर्य एवं चिरंजीवी हुने वर प्रदान गर्नुभयो। लक्ष्मीले दिव्य सम्पत्ति तथा मनोहर श्रेष्ठ हार प्रदान गर्नुभयो र सावित्रीले बडो प्रेमले समस्त सिद्धविद्याहरू प्रदान गर्नुभयो। हे मुनि! यसै प्रकार अरू जति पनि देविहरू त्यहाँ आएका थिए, उनीहरूले तथा बालकको पालन गर्ने कृत्तिकाहरूले पनि आ-आफ्ना प्रिय वस्तुहरू प्रदान गरे॥ ५०-५२॥

हे मुनिश्रेष्ठ! त्यस समय त्यहाँ धेरै ठुलो महोत्सव भयो र सबै प्रसन्न भए। विशेष गरी शिव-पार्वती त अत्यन्त प्रसन्न हुनुभयो। हे मुनि! त्यसै समय महाप्रतापी ऐश्वर्यसम्पन्न भगवान् रुद्रले हाँस्तै प्रसन्नतापूर्वक ब्रह्मादि देवताहरूसित भन्नुभयो— ॥ ५३-५४॥

शिव भन्नुहुन्छ—हे हरि! हे ब्रह्मन्! हे देवगण हो! तपाईंहरू सबै मेरो कुरा सुन्नुहोस्। म तपाईंहरूप्रति ज्यादै प्रसन्न छु। तपाईंहरू मसित आफ्नो अभीष्ट वर माग्नुहोस्॥ ५५॥

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! शिवका यस वचनलाई सुनेर विष्णु आदि सबै देवताहरूले प्रसन्नमुख भएर महादेव भगवान् पशुपतिसित भने— ॥ ५६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुमारेण हतो ह्येष तारको भविता प्रभो।
तदर्थमेव संजातमिदं चरितमुत्तमम्॥ ५७

हे प्रभु! यो तारकासुर कुमारद्वारा मारिने छ, यसका लागि नै यो सारा उत्तम चरित्र भएको छ॥ ५७॥

तस्मादद्यैव यास्यामस्तारकं हन्तुमुद्यताः।
आज्ञां देहि कुमाराय स तं हन्यात् सुखाय नः॥ ५८

यसैले हामीहरू त्यसलाई मार्नका लागि आजै प्रस्थान गर्ने छौँ। तपाईं हामीहरूको सुखका लागि यी कुमारलाई तारकासुरको वधको आज्ञा प्रदान गर्नुहोस्॥ ५८॥

तथेति मत्वा स विभुर्दत्तवांस्तनयं तदा।
देवेभ्यस्तारकं हन्तुं कृपया परिभावितः॥ ५९

देवगणहरूका वचन सुनेर सर्वव्यापी शंकरले कृपाबाट अभिभूत भएर देवगणहरूको कल्याणका लागि 'तथास्तु' भनेर आफ्नो पुत्र समर्पित गरिदिनुभयो॥ ५९॥

शिवाज्ञया सुराः सर्वे ब्रह्मविष्णुमुखास्तदा।
पुरस्कृत्य गुहं सद्यो निर्जग्मुर्मिलिता गिरेः॥ ६०

शिवको आज्ञाले ब्रह्मा, विष्णु जसमा प्रमुख छन्, यस्ता देवगण मिलाएर कार्तिकेयलाई अघि लगाई तारकासुरको वध गर्नका लागि त्यसै समय पर्वतबाट हिँडे॥ ६०॥

बहिर्निस्सृत्य कैलासात्त्वष्टा शासनतो हरेः।
विरेचे नगरं रम्यमद्भुतं निकटे गिरेः॥ ६१

कैलासबाट बाहिर निस्केर विष्णुको आज्ञाले विश्वकर्माले पर्वतको नजिकै अत्यन्त सुन्दर नगरको रचना गरे॥ ६१॥

तत्र रम्यं गृहं दिव्यमद्भुतं परमोज्ज्वलम्।
गुहार्थं निर्ममे त्वष्टा तत्र सिंहासनं वरम्॥ ६२

त्यस नगरमा विश्वकर्माले कुमारका लागि अत्यन्त मनोहर, परम अद्भुत तथा अत्यन्त निर्मल गृह निर्माण गरे तथा त्यस गृहमा उत्तम सिंहासनको पनि निर्माण गरे॥ ६२॥

तदा हरिः सुधीर्भक्त्या कारयामास मंगलम्।
कार्त्तिकस्याभिषेकं हि सर्वतीर्थजलैः सुरैः॥ ६३

तब परम बुद्धिमान् विष्णुले त्यस गृहमा नाना प्रकारका मांगलिक कृत्य गराउनुभयो र देवताहरूका साथ सबै तीर्थहरूको जलले त्यस सिंहासनमा कार्तिकेयको अभिषेक गर्नुभयो॥ ६३॥

सर्वथा समलंकृत्य वासयामास संग्रहम्।
कार्त्तिकस्य विधिं प्रीत्या कारयामास चोत्सवम्॥ ६४

फेरि कार्तिकेयलाई सुसज्जित गरी [उनलाई प्रसन्न राख्ने] समस्त सामग्री त्यहाँ एकत्रित गरिदिनुभयो तथा त्यस उपलक्ष्यमा अनेक विधि-विधान तथा उत्सव गरियो॥ ६४॥

ब्रह्मांडाधिपतित्वं हि ददौ तस्मै मुदा हरिः।
चकार तिलकं तस्य समानर्च सुरैस्सह॥ ६५

प्रणम्य कार्त्तिकं प्रीत्या सर्वदेवर्षिभिः सह।
तुष्टाव विविधैः स्तोत्रैः शिवरूपं सनातनम्॥ ६६

हरिले प्रेमपूर्वक उनलाई ब्रह्माण्डको अधिपतित्व प्रदान गर्नुभयो, फेरि स्वयं तिलक लगाएर देवगणहरूका साथ उनको पूजा-अर्चना गर्नुभयो। उहाँले सबै देवता तथा ऋषिहरूका साथ प्रीतिपूर्वक कार्तिकेयलाई प्रणाम गर्नुभयो र सनातन शिवस्वरूप ती कुमारको विविध स्तोत्रहरूद्वारा स्तुति गर्नुभयो॥ ६५-६६॥

वरसिंहासनस्थो हि शुशुभेऽतीव कार्त्तिकः।
स्वामिभावं समापन्नो ब्रह्मांडस्यापि पालकः॥ ६७

ब्रह्माण्डका पालक कार्तिकेय यस प्रकार उत्तम सिंहासनमा बसेर स्वामित्वलाई प्राप्त गरी अत्यन्त शोभित हुनुभयो॥ ६७॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां चतुर्थे कुमारखण्डे कुमाराभिषेकवर्णनं नाम पञ्चमोऽध्यायः॥ ५॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको चतुर्थ कुमारखण्डमा कुमारको अभिषेकवर्णन नामक पाँचौँ अध्याय पूर्ण भयो॥ ५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ षष्ठोऽध्यायः

कुमार कार्तिकेयका ऐश्वर्यमयी बाललीला

ब्रह्मोवाच

अथ तत्र स गांगेयो दर्शयामास सूतिकाम्।
तामेव शृणु सुप्रीत्या नारद त्वं स्वभक्तिदाम्॥ १
द्विज एको नारदाख्य आजगाम तदैव हि।
तत्राध्वरकरः श्रीमान् शरणार्थं गुहस्य वै॥ २

ब्रह्मा भन्नुहुन्छ—हे नारद! त्यहाँ रहेर कार्तिकेयले आफ्नो जुन बाललीला गर्नुभयो, त्यस भक्तिदायक लीलाको विषयमा तपाईं प्रेमपूर्वक सुन्नुहोस्। त्यस समय नारद नामक एक ब्राह्मण, जो यज्ञ गरिरहेका थिए, कार्तिकेयको शरणमा आए॥ १-२॥

स विप्रः प्राप्य निकटं कार्त्तिकस्य प्रसन्नधीः।
स्वाभिप्रायं समाचख्यौ सुप्रणम्य शुभैः स्तवैः॥ ३

ती प्रसन्नमन ब्राह्मणले कार्तिकेयकहाँ आएर उहाँलाई प्रणाम गरे र सुन्दर स्तोत्रहरूबाट स्तुति गरी आफ्नो अभिप्राय निवेदन गर्न लागे॥ ३॥

विप्र उवाच

शृणु स्वामिन्वचो मेऽद्य कष्टं मे विनिवारय।
सर्वब्रह्मांडनाथस्त्वमतस्ते शरणं गतः॥ ४

ब्राह्मण भन्दछन्—हे स्वामी! हजुर समस्त ब्रह्माण्डका अधिपति हुनुहुन्छ, अतः म हजुरको शरणमा आएको छु; हजुर मेरो वचन सुन्नुहोस् र आज मेरो कष्ट दूर गरिदिनुहोस्॥ ४॥

अजमेधाध्वरं कर्तुमारंभं कृतवानहम्।
सोऽजो गतो गृहान्मे हि त्रोटयित्वा स्वबंधनम्॥ ५

मैले अजमेधयज्ञ गर्न प्रारम्भ गरेको थिएँ, तर त्यो अज आफ्नो बन्धन तोडेर मेरो घरबाट भाग्यो॥ ५॥

न जाने स गतः कुत्राऽन्वेषणं तत्कृतं बहु।
न प्राप्तोऽतस्स बलवान् भंगो भवति मे क्रतोः॥ ६

थाहा छैन त्यो कहाँ गयो, मैले त्यसलाई धेरै खोजे, तर त्यो भेटिएन। त्यो ज्यादै बलवान् छ। अतः अब त मेरो यज्ञ भंग हुने छ॥ ६॥

त्वयि नाथे सति विभो यज्ञभंगः कथं भवेत्।
विचार्य्यैवाऽखिलेशान कामं पूर्णं कुरुष्व मे॥ ७

हे विभु! हजुर-जस्ता स्वामी रहँदा मेरो यज्ञको विनाश कुन प्रकार हुन सक्छ, यसैले हे अखिलेश्वर! यस प्रकारले विचार गरी मेरो कामना पूर्ण गरिदिनुहोस्॥ ७॥

त्वां विहाय शरण्यं कं यायां शिवसुत प्रभो।
सर्वब्रह्मांडनाथं हि सर्वामरसुसेवितम्॥ ८

हे प्रभु! हे शिवपुत्र! सम्पूर्ण ब्रह्माण्डका स्वामी र समस्त देवताहरूबाट सेवित हजुरलाई छोडेर अब म कसको शरणमा जाऊँ॥ ८॥

दीनबंधुर्दयासिन्धुः सुसेव्यो भक्तवत्सलः।
हरिब्रह्मादिदेवैश्च सुस्तुतः परमेश्वरः॥ ९

हजुर दीनबन्धु, दयासागर, भक्तवत्सल तथा सब प्रकारले सेवाका योग्य हुनुहुन्छ। ब्रह्मा, विष्णु तथा समस्त देवगण हजुर परमेश्वरको स्तुति गर्दछन्॥ ९॥

पार्वतीनन्दनस्स्कन्दः परमेकः परंतपः।
परमात्मात्मदः स्वामी सतां च शरणार्थिनाम्॥ १०

हजुर पार्वतीलाई आनन्दित गर्नुहुने, स्कन्द नाम भएका, परम, अद्वितीय, परंतप, परमात्मा, आत्मज्ञान दिनुहुने तथा शरणको इच्छा राख्ने सज्जनहरूको स्वामी हुनुहुन्छ॥ १०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दीनानाथ महेश शंकरसुत त्रैलोक्यनाथ प्रभो
मायाधीश समागतोऽस्मि शरणं मां पाहि विप्रप्रिय।
त्वं सर्वप्रभुरानताऽखिलविदब्रह्मादिदेवैः स्तुतः
त्वं मायाकृतिरात्मभक्तसुखदो रक्षापरो मायिकः॥ ११

हे दीनानाथ! हे महेश! हे शंकरसुत! हे त्रैलोक्यनाथ! हे प्रभु! हे मायाधीश! हे ब्राह्मणप्रिय! म हजुरको शरणमा आएको छु, मेरो रक्षा गर्नुहोस्। हजुर सबैका स्वामी हुनुहुन्छ। ब्रह्मादि सबै देवता हजुरलाई प्रणाम गरी हजुरको स्तुति गर्दछन्। हजुर मायाबाट शरीर धारण गर्नुहुने, आफ्ना भक्तहरूलाई सुख दिने, सबको रक्षा गर्ने तथा मायालाई वशमा राख्ने हुनुहुन्छ॥ ११॥

भक्तप्राणगुणाकरस्त्रिगुणतो भिन्नोऽसि शंभुप्रियः
शंभुः शंभुसुतः प्रसन्नसुखदः सच्चित्स्वरूपो महान्।
सर्वज्ञस्त्रिपुरघ्नशंकरसुतः सत्प्रेमवश्यः सदा
षड्वक्त्रः प्रियसाधुरानतप्रियः सर्वेश्वरः शंकरः।
साधुद्रोहकरघ्न शंकरगुरो ब्रह्मांडनाथो प्रभुः
सर्वेषाममरादिसेवितपदो मां पाहि सेवाप्रिय॥ १२

वैरिभयंकर शंकर जनशरणस्य
वन्दे तव पदपद्मं सुखकरणस्य।
विज्ञप्तिं मम कर्णे स्कन्द निधेहि
निजभक्तिं जनचेतसि सदा विधेहि॥ १३

हजुर भक्तहरूको प्राण, गुणहरूका खानी, तीनै गुणहरूबाट भिन्न, शिवप्रिय, शिवस्वरूप, शिवका पुत्र, प्रसन्न, सुखदायक, सच्चित्स्वरूप, महान्, सर्वज्ञ, त्रिपुरको विनाश गर्नुहुने, श्रीशिवका पुत्र, सदा सत्प्रेमको वशमा रहनुहुने, छ मुख भएका, साधुहरूको प्रिय, प्रणतजनपालक, सर्वेश्वर तथा सबैका कल्याणकारी हुनुहुन्छ। हजुर साधुहरूसित द्रोह गर्नेवालाहरूको विनाशक, शिवलाई गुरु मान्ने, ब्रह्माण्डका अधिपति, सर्वसमर्थ र सबै देवताबाट सेवित चरणवाला हुनुहुन्छ। हे सेवाप्रिय! मेरो रक्षा गर्नुहोस्। हे वैरीहरूका लागि भयंकर तथा भक्तहरूलाई कल्याण गर्नेवाला! मानिस–हरूलाई शरणस्वरूप तथा सुखकारी हजुरका चरण–कमलमा म प्रणाम गर्दछु। हे स्कन्द! मेरो प्रार्थना सुन्नुहोस् र मेरो चित्तमा हजुरको भक्ति प्रदान गर्नुहोस्॥ १२–१३॥

करोति किं तस्य बली विपक्षो
दक्षोऽपि पक्षोभयपार्श्वगुप्तः।
किं तक्षकोऽप्यामिषभक्षको वा
त्वं रक्षको यस्य सदक्षमानः॥ १४

जसको पक्षमा रहेर हजुर उभय पार्श्वमा रक्षा गर्नुहुन्छ, त्यसको अत्यन्त बलवान् तथा दक्ष शत्रुले पनि के नै गर्न सक्छ! दक्षजनहरूबाट माननीय हजुर जसको रक्षक हुनुहुन्छ, त्यसको तक्षक अथवा आमिषभक्षकले के नै गर्न सक्छ!॥ १४॥

विबुधगुरुरपि त्वां स्तोतुमीशो न हि स्यात्
कथय कथमहं स्यां मंदबुद्धिर्वरार्च्यः।
शुचिरशुचिरनार्यो यादृशस्तादृशो वा
पदकमलपरागं स्कन्द ते प्रार्थयामि॥ १५

देवगुरु बृहस्पति पनि हजुरको स्तुति गर्नमा समर्थ हुनुहुन्न, फेरि हजुर नै भन्नुहोस् कि अत्यन्त मन्दबुद्धि म हजुर परम पूज्यको कुन प्रकार स्तुति–प्रशंसा एवं पूजा गरूँ। हे स्कन्द! म पवित्र, अपवित्र, अनार्य चाहे जे जस्तो पनि हुँ, हजुरका चरणकमलहरूको परागका लागि प्रार्थना गर्दछु॥ १५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हे सर्वेश्वर भक्तवत्सल कृपा-
सिन्धो त्वदीयोऽस्म्यहं
भृत्यः स्वस्य न सेवकस्य गणप-
स्यागःशतं सत्प्रभो।
भक्तिं क्वापि कृतां मनागपि विभो
जानासि भृत्यार्तिहा
त्वत्तो नास्त्यपरोऽविता न भगवन्
मत्तो नरः पामरः॥ १६

हे सर्वेश्वर! हे भक्तवत्सल! हे कृपासिन्धु! म हजुरको सेवक हुँ, हे सत्प्रभु! हजुर गणहरूका पति हुनुहुन्छ, अतः आफ्नो सेवकको अपराधमाथि ध्यान नदिनुहोस्। हे विभु! मैले कहिल्यै पनि हजुरको थौरै भक्तिसम्म गरिन, यो हजुर जान्नु नै हुन्छ। हे भगवन्! हजुरभन्दा ठुला कोही आफ्ना भक्तहरूको रक्षा गर्नेवाला छैनन् र मभन्दा ठुलो कोही पामर जन छैनन्॥ १६॥

कल्याणकर्त्ता कलिकल्मषघ्नः
कुबेरबन्धुः करुणार्द्रचित्तः।
त्रिषट्कनेत्रो रसवक्त्रशोभी
यज्ञं प्रपूर्णं कुरु मे गुह त्वम्॥ १७

हजुर कल्याण गर्नेवाला, कलिका पापलाई नष्ट गर्नेवाला, कुबेरका बन्धु, करुणार्द्र चित्त भएका, अठार नेत्र तथा छ मुख भएका हुनुहुन्छ। हे गुह! हजुर मेरो यज्ञलाई पूर्ण गरिदिनुहोस्॥ १७॥

रक्षकस्त्वं त्रिलोकस्य शरणागतवत्सलः।
यज्ञकर्त्ता यज्ञभर्त्ता हरसे विघ्नकारिणाम्॥ १८

विघ्नवारण साधूनां सर्गकारण सर्वतः।
पूर्णं कुरु ममेशानसुत यज्ञ नमोऽस्तु ते॥ १९

हजुर त्रिलोकीको रक्षक, शरणागतहरूसित प्रेम गर्नेवाला, यज्ञका कर्ता, यज्ञका पालक र विघ्नकारी-हरूको वध गर्नेवाला हुनुहुन्छ। साधुजनहरूको विघ्नलाई दूर गर्नेवाला र सब प्रकारले सृष्टि गर्नेवाला हे महेश्वरपुत्र! मेरो यज्ञलाई पूर्ण गरिदिनुहोस्; हजुरलाई नमस्कार छ॥ १८-१९॥

सर्वत्राता स्कन्द हि त्वं सर्वज्ञाता त्वमेव हि।
सर्वेश्वरस्त्वमीशानो निवेशसकलाऽवनः॥ २०

हे स्कन्द! हजुर सबका रक्षक तथा सबथोक जान्नुहुन्छ। हजुर सर्वेश्वर, सबैको शासक, सबैको एकमात्र स्थान र सबैको पालन गर्नेवाला हुनुहुन्छ॥ २०॥

संगीतज्ञस्त्वमेवासि वेदविज्ञः परः प्रभुः।
सर्वस्थाता विधाता त्वं देवदेवः सतां गतिः॥ २१

भवानीनन्दनः शंभुतनयो वयुनः स्वराट्।
ध्याता ध्येयः पितॄणां हि पिता योनिः सदात्मनाम्॥ २२

हजुर संगीतज्ञ, वेदवेत्ता, परमेश्वर, सबैलाई स्थिति प्रदान गर्ने, विधाता, देवदेव तथा सज्जनहरूको एकमात्र गति हुनुहुन्छ। हजुर भवानीनन्दन, शम्भुपुत्र, ज्ञानका स्वरूप, स्वराट्, ध्याता, ध्येय, पितृहरूका पिता तथा महात्माहरूको मूल कारण हुनुहुन्छ॥ २१-२२॥

ब्रह्मोवाच

इत्याकर्ण्य वचस्तस्य देवसम्राट् शिवात्मजः।
स्वगणं वीरबाह्वाख्यं प्रेषयामास तत्कृते॥ २३

ब्रह्मा भन्नुहुन्छ—शिवका पुत्र देवसम्राट् कार्तिकेयले त्यस ब्राह्मणका वचन सुनेर वीरबाहु नामक आफ्नो गणलाई त्यो (यज्ञको बोका) खोज्नका लागि पठाउनुभयो॥ २३॥

तदाज्ञया वीरबाहुस्तदन्वेषणहेतवे।
प्रणम्य स्वामिनं भक्त्या महावीरो द्रुतं ययौ॥ २४

अन्वेषणं चकारासौ सर्वब्रह्माण्डगोलके।
न प्राप तमजं कुत्र शुश्राव तदुपद्रवम्॥ २५

जगामाऽथ स वैकुण्ठं तत्राऽजं प्रददर्श तम्।
उपद्रवं प्रकुर्वन्तं गलयूपं महाबलम्॥ २६

उहाँको आज्ञाले महावीर वीरबाहु भक्तिपूर्वक आफ्नो स्वामीलाई प्रणाम गरी त्यसलाई खोज्नका लागि तत्काल हिँड्यो। उसले सारा ब्रह्माण्डमा त्यस बोकाको खोजी गर्‍यो, परंतु त्यसलाई कतै भेट्टाएन, जनहरूबाट त्यसको केवल उपद्रवको समाचार मात्र सुने। तब ऊ वैकुण्ठमा गयो र त्यहाँ त्यस महाबलवान् अजलाई उसले देख्यो, जसको घाँटीमा यज्ञको यूप बाँधिएको र उपद्रव गरिरहेको थियो॥ २४—२६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धृत्वा तं श्रृंगयोर्वीरो धर्षयित्वातिवेगतः।
आनिनाय स्वामिपुरो विकुर्वन्तं रवं बहु॥ २७

वीरबाहुले बडो वेगका साथ त्यसका दुवै सींग समातेर एवं पक्रिएर ठुलो स्वरले चिच्याउँदै त्यस अजलाई आफ्नो स्वामीकहाँ लिएर आयो॥ २७॥

दृष्ट्वा तं कार्तिकस्सोऽरमारुरोह स तं प्रभुः।
धृतब्रह्माण्डगरिमा महासूतिकरो गुहः॥ २८

त्यसलाई देख्नासाथ सृष्टिकर्ता प्रभु कार्तिकेय समस्त ब्रह्माण्डको भार धारण गरी त्यसमाथि आरूढ हुनुभयो॥ २८॥

मुहूर्तमात्रतस्सोऽजो ब्रह्मांडं सकलं मुने।
बभ्राम श्रम एवाशु पुनस्तत्स्थानमागतः॥ २९

हे मुनि! त्यो अज विना विश्राम नै क्षणमात्रमा सारा ब्रह्माण्ड घुमेर फेरि त्यहीँ आयो॥ २९॥

तत उत्तीर्य स स्वामी समुवास स्वमासनम्।
सोऽजः स्थितस्तु तत्रैव स नारद उवाच तम्॥ ३०

तब कार्तिकेय त्यसबाट उत्रेर आफ्नो आसनमा बस्नुभयो र त्यो अज त्यहीँ उभिरह्यो। तब ती नारद [ब्राह्मण] कार्तिकेयसित भन्न लागे—॥ ३०॥

नारद उवाच

नमस्ते देवदेवेश देहि मेऽजं कृपानिधे।
कुर्यामध्वरमानन्दात्सखायं कुरु मामहो॥ ३१

नारद भन्दछन्—हे देवदेवेश! हजुरलाई प्रणाम छ। हे कृपानिधि! अब हजुर मेरो यस अज मलाई प्रदान गर्नुहोस्, जसबाट म आनन्दपूर्वक यज्ञ गरूँ; हजुर मसित मित्रभाव राख्नुहोस्॥ ३१॥

कार्त्तिक उवाच

वधयोग्यो न विप्राऽजः स्वगृहं गच्छ नारद।
पूर्णोऽस्तु तेऽध्वरः सर्वः प्रसादादेव मे कृतः॥ ३२

कार्तिकेय भन्नुहुन्छ—हे ब्राह्मण! यो अज वधको योग्य छैन। हे नारद! अब तपाईं आफ्नो घर जानुहोस्, मेरो कृपाले तपाईंको सम्पूर्ण यज्ञ पूर्ण भयो॥ ३२॥

ब्रह्मोवाच

इत्याकर्ण्य द्विजस्स्वामी वचनं प्रीतमानसः।
जगाम स्वालयं दत्त्वा तस्मा आशिषमुत्तमाम्॥ ३३

ब्रह्मा भन्नुहुन्छ—कार्तिकेयका यस वचनलाई सुनेर प्रसन्नचित्त ती ब्राह्मण कार्तिकेयलाई उत्तम आशीर्वाद दिएर आफ्नो घर गए॥ ३३॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां चतुर्थे कुमारखण्डे कुमाराद्भुतचरितवर्णनं नाम षष्ठोऽध्यायः॥ ६॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको चतुर्थ कुमारखण्डमा कुमारको अद्भुतचरित वर्णन नामक छैठौँ अध्याय पूर्ण भयो॥ ६॥

अथ सप्तमोऽध्यायः

तारकासुरसित सम्बद्ध देवासुर-संग्राम

ब्रह्मोवाच

हर्य्यादयस्सुरास्ते च दृष्ट्वा तच्चरितं विभोः।
सुप्रसन्ना बभूवुर्हि विश्वासासक्तमानसाः॥ १

वल्गन्तः कुर्वतो नादं भाविताश्शिवतेजसा।
कुमारं ते पुरस्कृत्य तारकं हन्तुमाययुः॥ २

ब्रह्मा भन्नुहुन्छ—विभु कार्तिकेयको यस चरित्रलाई देखेर विष्णु आदि देवताहरूको मनमा विश्वास भयो र ती परम प्रसन्न भए। शिवको तेजबाट प्रभावित भएर ती उफ्रँदै तथा सिंहनाद गर्दै कुमारलाई अघि गरी तारकासुरको वध गर्नका लागि हिंडे॥ १-२॥

देवानामुद्यमं श्रुत्वा तारकोऽपि महाबलः।
सैन्येन महता सद्यो ययौ योद्धुं सुरान् प्रति॥ ३

महाबलवान् तारकासुरले पनि देवताहरूको उद्योग सुनेर ठुलो सेनाका साथ देवताहरूसित युद्ध गर्नका लागि शीघ्र प्रस्थान गर्‍यो। देवगणहरूले तारकासुरको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवा दृष्ट्वा समायान्तं तारकस्य महाबलम्।
बलेन बहु कुर्वन्तः सिंहनादं विसिस्मियुः॥ ४

तदा नभोऽङ्गना वाणीं जगादोपरि सत्वरम्।
शङ्करप्रेरिता सद्यो हर्यादीनखिलान् सुरान्॥ ५

व्योमवाण्युवाच

कुमारं च पुरस्कृत्य सुरा यूयं समुद्यताः।
दैत्यान् विजित्य संग्रामे जयिनोऽथ भविष्यथ॥ ६

ब्रह्मोवाच

वाचं तु खेचरीं श्रुत्वा देवाः सर्वे समुत्सुकाः।
वीरशब्दान् प्रकुर्वन्तो निर्भया ह्यभवंस्तदा॥ ७

कुमारं च पुरस्कृत्य सर्वे ते गतसाध्वसाः।
योद्धुकामाः सुरा जग्मुर्महीसागरसंगमम्॥ ८

आजगाम द्रुतं तत्र यत्र देवाः स तारकः।
सैन्येन महता सार्द्धं असुरैर्बहुभिर्वृतः॥ ९

रणदुंदुभयो नेदुः प्रलयांबुदनिःस्वनाः।
कर्कशानि च वाद्यानि पराणि च तदागमे॥ १०

गर्जमानास्तदा दैत्यास्तारकेणासुरेण ह।
कंपयन्तो भुवं पादक्रमैर्वल्गु न कारकाः॥ ११

तच्छ्रुत्वा रवमत्युग्रं सर्वे देवा विनिर्भयाः।
ऐकपद्येन चोत्तस्थुर्योद्धुकामाश्च तारकम्॥ १२

गजमारोप्य देवेन्द्रः कुमारं ह्यग्रतोऽभवत्।
सुरसैन्येन महता लोकपालैः समावृतः॥ १३

तदा दुंदुभयो नेदुर्भेरीतूर्याण्यनेकशः।
वीणावेणुमृदंगानि तथा गंधर्वनिस्स्वनाः॥ १४

गजं दत्त्वा महेन्द्राय कुमारो यानमारुहत्।
अनेकाश्चर्यसंभूतं नानारत्नसमन्वितम्॥ १५

विमानमारुह्य तदा महायशाः
स शांकरिस्सर्वगुणैरुपेतः।
श्रिया समेतः परया बभौ महान्
संवीज्यमानश्चमरैर्महाप्रभैः ॥ १६

ज्यादै ठुलो सेना देखेर अत्यन्त बलपूर्वक सिंहनाद गर्दै त्यसलाई आश्चर्यचकित पारिदिए। त्यसै समय माथिबाट द्रुतगतिका साथ शिवद्वारा प्रेरित आकाशवाणीले समस्त विष्णु आदि देवतासित तत्काल भनिन्— ॥ ३—५ ॥

आकाशवाणी भन्दछिन्—हे देवगण! तपाईंहरू जो कुमारलाई अघि लगाई युद्ध गर्नका लागि उद्यत हुनुहुन्छ, यसबाट तपाईंहरू संग्राममा दैत्यहरूलाई जितेर विजयी हुनुहुने छ॥ ६ ॥

ब्रह्मा भन्नुहुन्छ—आकाशवाणी सुनेर सबै देवताहरूमा अत्यन्त उत्साह भरियो र ती वीरहरूको झैं गर्जना गर्दै त्यस समय निर्भय भए॥ ७ ॥

यस प्रकार भयबाट रहित एवं युद्धको इच्छा भएका ती सबै देवता कुमारलाई अघि गरी महीसागर-संगममा गए। धेरै असुरहरूले घेरिएको त्यो तारक पनि जहाँ देवता थिए, त्यहाँ आफ्नो धेरै ठुलो सेनाका साथ तत्कालै आइपुग्यो॥ ८-९ ॥

उसको आगमनमा प्रलयकालीन बादलको समान शब्द गर्ने रणदुन्दुभीहरू तथा अन्य कर्कश बाजा बज्न लागे। त्यस समय तारकासुरका साथ रहने समस्त असुर कुद्दे-फालहाल्दै पादप्रहारले पृथ्वीलाई कम्पायमान गराउँदै गर्जना गर्न लागे। त्यस उग्र ध्वनिलाई सुनेर सबै देवगण अत्यन्त निर्भय भई एकै साथ तारकासुरसित युद्ध गर्ने इच्छाले उठेर खडा भए। स्वयं इन्द्रदेव कुमारलाई हात्तीमाथि चढाएर देवताहरूको ज्यादै ठुलो सेनाका साथ लोकपालहरूले युक्त भई अघि-अघि हिंड्न लागे॥ १०—१३ ॥

त्यस समय अनेक प्रकारका दुन्दुभि, भेरी, तुरही, वीणा, वेणु र मृदंग बज्न लागे तथा गन्धर्व गान गर्न लागे॥ १४ ॥

कुमार इन्द्रलाई हात्ती दिएर अनेक आश्चर्यहरूले युक्त तथा विविध रत्नहरूबाट जडित दोस्रो यानमा सवार भए॥ १५ ॥

त्यस समय सर्वगुणसम्पन्न महायशस्वी शंकरपुत्र कुमार कार्तिकेय विमानमा चढेर महाकान्तिमान् चामरले वीज्यमान हुँदै अत्यन्त शोभित भइरहेका थिए॥ १६ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राचेतसं छत्रमतीवसुप्रभं
रत्नैरुपेतं विविधैर्विराजितम्।
धृतं तदा तच्च कुमारमूर्ध्नि वै
ह्यनन्तचान्द्रैः किरणैर्महाप्रभैः॥ १७

त्यस समय प्रचेताद्वारा दिइएको छाता, जुन अनेक रत्नहरूबाट जडित हुनाको कारण महाकान्तिमान् थियो तथा जसबाट चन्द्रकिरणहरूको समान आभा निस्किरहेका थिए, त्यो कुमारद्वारा शिरमा धारण गरिएको थियो॥ १७॥

मिलितास्ते तदा सर्वे देवाः शक्रपुरोगमाः।
स्वैः स्वैर्बलैः परिवृता युद्धकामा महाबलाः॥ १८

त्यस समय युद्धको इच्छा भएका महाबलवान् इन्द्रादि समस्त देवता आ-आफ्ना सेनाका साथ सम्मिलित भए॥ १८॥

एवं देवाश्च दैत्याश्च योद्धुकामाः स्थिता भुवि।
सैन्येन महता तेन व्यूहं कृत्वा पृथक् पृथक्॥ १९

यस प्रकार देवता एवं दानव व्यूहको रचना गरी ज्यादै ठुलो सेनाका साथ युद्धको इच्छाले रणभूमिमा आई डटे॥ १९॥

ते सेने सुरदैत्यानां शुशुभाते परस्परम्।
हन्तुकामे तदान्योऽन्यं स्तूयमाने च बन्दिभिः॥ २०

त्यस समय एक-अर्कालाई मार्ने इच्छा भएका देवता तथा दैत्यहरूका ती दुवै सेना चारणहरूद्वारा स्तुति गरिँदै अत्यन्त सुशोभित भइरहेका थिए॥ २०॥

उभे सेने तदा तेषामगर्जेतां वनोपमे।
भयंकरेऽत्यवीराणामितरेषां सुखावहे॥ २१

कायरहरूका लागि भयंकर तथा वीरहरूका लागि सुखद समुद्रतुल्य तिनका दुवै सेनाहरू गर्जन लागे॥ २१॥

एतस्मिन्नन्तरे तत्र बलोन्मत्ताः परस्परम्।
दैत्या देवा महावीरा युयुधुः क्रोधविह्वलाः॥ २२

यसै बीच बलले उन्मत्त महावीर दैत्य एवं देवता क्रोधले अधीर भई परस्पर युद्ध गर्न लागे॥ २२॥

आसीत्सुतुमुलं युद्धं देवदैत्यसमाकुलम्।
रुण्डमुंडांकितं सर्वं क्षणेन समपद्यत॥ २३

त्यस समय देवता एवं दानवहरूमा महाभयंकर युद्ध आरम्भ भयो र क्षणमात्रमा पृथ्वी रुण्ड-मुण्डहरूले व्याप्त भयो॥ २३॥

भूमौ निपतितास्तत्र शतशोऽथ सहस्रशः।
निकृत्तांगा महाशस्त्रैर्निहता वीरसंमताः॥ २४
केषांचिद्बाहवश्छिन्नाः खड्गपातैः सुदारुणैः।
केषांचिदूरवश्छिन्ना वीराणां मानिनां मृधे॥ २५
केचिन्मथितसर्वांगा गदाभिर्मुद्गरैस्तथा।
केचिन्निर्भिन्नहृदयाः पाशैर्भल्लैश्च पातिताः॥ २६
केचिद्विदारिताः पृष्ठे कुंतैर्ऋष्टिभिरंकुशैः।
छिन्नान्यपि शिरांस्येव पतितानि च भूतले॥ २७

सयकडौँ तथा हजारौँ वीरसम्मत योद्धा महाशस्त्रहरूको प्रहारबाट छिन्न-भिन्न भएर पृथ्वीमा ढल्न लागे। युद्धमा अत्यन्त कठोर खड्गको प्रहारले कसैका हात छिन्न-भिन्न भयो र कयौँ ठुला वीरहरूको तिघ्रा काटियो। गदा तथा मुद्गरहरूबाट केही वीरहरूको सबै अंग छिन्नभिन्न भयो। भालाहरूबाट केही वीरहरूको छाती छेडियो र केही पाशहरूबाट बाँधिए। केही वीर पिठ्युँमा भाला, ऋष्टि एवं अंकुशको प्रहारले घाइते भए। कतिपयका शिर काटिएर पृथ्वीमा खस्यो॥ २४—२७॥

बहूनि च कबंधानि नृत्यमानानि तत्र वै।
वल्गमानानि शतशो उद्यतास्त्रकराणि च॥ २८

त्यहाँ धेरैजसो कबन्ध (शिर काटिएका धड) नाचिरहेका थिए तथा केही आफ्ना हातहरूमा शस्त्र लिँदै एक-अर्कालाई ललकारीरहेका थिए॥ २८॥

नद्यः प्रवर्तितास्तत्र शतशोऽसृग्वहास्तदा।
भूतप्रेतादयस्तत्र शतशश्च समागताः॥ २९

त्यहाँ रगतका सयकडौँ नदीहरू बहन लागे र सयकडौँको संख्यामा भूत-प्रेत त्यहाँ आए॥ २९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गोमायवश्शिवाः तत्र भक्षयन्तः पलं बहु।
तथा गृध्रवटा श्येना वायसा मांसभक्षकाः।
बुभुजुः पतितानां च पलानि सुबहूनि वै॥ ३०

एतस्मिन्नन्तरे तत्र तारकाख्यो महाबलः।
सैन्येन महता सद्यो ययौ योद्धुं सुरान् प्रति॥ ३१

देवा दृष्ट्वा समायान्तं तारकं युद्धदुर्मदम्।
योद्धुकामं तदा सद्यो ययुः शक्रादयस्तदा।
बभूवाथ महोन्नादः सेनयोरुभयोरपि॥ ३२

अथाभूद् द्वन्द्वयुद्धं हि सुरासुरविमर्दनम्।
यं दृष्ट्वा हर्षिता वीराः क्लीबाश्च भयमागताः॥ ३३

तारको युयुधे युद्धे शक्रेण दितिजो बली।
अग्निना सह संह्रादो जंभेनैव यमः स्वयम्॥ ३४
महाप्रभुर्नैर्ऋतेन पाशी सह बलेन च।
सुवीरो वायुना सार्धं पवमानेन गुह्यराट्॥ ३५
ईशानेन समं शंभुर्युयुधे रणवित्तमः।
शुंभः शेषेण युयुधे कुंभश्चन्द्रेण दानवः॥ ३६
कुंजरो मिहिरेणाजौ महाबलपराक्रमः।
युयुधे परमास्त्रैश्च नानायुद्धविशारदः॥ ३७

एवं द्वन्द्वेन युद्धेन महता च सुरासुराः।
संगरे युयुधुः सर्वे बलेन कृतनिश्चयाः॥ ३८

अन्योऽन्यं स्पर्द्धमानास्तेऽमरा दैत्या महाबलाः।
तस्मिन्देवासुरे युद्धे दुर्जया अभवन्मुने॥ ३९

तदा च तेषां सुरदानवानां
बभूव युद्धं तुमुलं जयैषिणाम्।
सुखावहं वीरमनस्विनां वै
भयावहं चैव तथेतरेषाम्॥ ४०

मही महारौद्रतरा विनष्टकैः
सुरासुरैर्वै पतितैरनेकशः।
तस्मिन्नगम्यातिभयानका तदा
जाता महासौख्यवहा मनस्विनाम्॥ ४१

त्यहाँ स्यालहरूले मांस खान लागे। गिद्ध, कुकुर तथा कौवा एवं अनेक मांसभक्षी जनावर युद्धमा ढलेका योद्धाहरूको मांस भक्षण गर्न लागे॥ ३०॥

यसै बीच महाबली तारकासुर ज्यादै ठुलो सेनाका साथ देवताहरूसित युद्ध गर्नका लागि त्यहाँ तत्काल आइपुग्यो॥ ३१॥

युद्धमा दुर्मद तारकासुरलाई युद्ध गर्नका लागि आउँदै गरेको देखेर इन्द्र आदि देवता पनि तत्काल त्यहाँ पुगे। त्यस समय दुवै सेनाहरूमा घोर गर्जना हुन लाग्यो॥ ३२॥

त्यस समय देवता तथा दैत्यहरूको विनाशकारी द्वन्द्व-युद्ध हुन लाग्यो, जसलाई देखेर वीर हर्षित हुन्थ्ये तथा कायर भयभीत हुन जान्थ्ये॥ ३३॥

रणमा दितिपुत्र बलवान् तारक इन्द्रका साथ, संह्राद अग्निका साथ, यमराज जम्भका साथ, महाप्रभु निर्ऋतिका साथ, वरुण बलका साथ, सुवीर वायुका साथ तथा गुह्यराट् पवमानका साथ युद्ध गर्न लागे। रणकुशल शम्भु ईशानका साथ युद्ध गर्न लागनुभयो। शुम्भको शेषका साथ र दानव कुम्भको चन्द्रमाका साथ युद्ध हुन लाग्यो। त्यस युद्धमा महाबली, पराक्रमी तथा अनेक युद्धहरूमा प्रवीण कुंजर मिहिरका साथ परम अस्त्रहरूले युद्ध गर्न लागे॥ ३४—३७॥

यस प्रकार देवता तथा राक्षस आ-आफ्ना सेना लिएर महान् द्वन्द्वयुद्धद्वारा रणभूमिमा विजयको आशाले परस्पर युद्ध गर्न लागे। हे मुनि! महाबली ती दैत्य तथा देवता त्यस देवासुरसंग्राममा परस्पर स्पर्धा गर्दै एक-अर्काका लागि दुर्जेय भए॥ ३८-३९॥

विजयको इच्छा राख्ने ती देवगण तथा दानवहरूको घनघोर युद्ध चल्यो, जुन मनस्वी वीरहरूका लागि सुखदायक तथा कायरहरूका लागि भयदायक थियो॥ ४०॥

युद्धमा घाइते भएका अनेक देवता तथा दानवहरू ढल्नाले त्यो रणभूमि अत्यन्त भयानक भयो। त्यस समय त्यो कायरहरूका लागि अगम्य एवं भयंकर हुन गयो र मनस्वीहरूलाई प्रसन्न पार्नेवाला भयो॥ ४१॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां चतुर्थे कुमारखण्डे युद्धप्रारंभवर्णनं नाम सप्तमोऽध्यायः॥ ७॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको चतुर्थ कुमारखण्डमा युद्धप्रारम्भवर्णन नामक सातौं अध्याय पूर्ण भयो॥ ७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथाष्टमोऽध्यायः

देवराज इन्द्र, विष्णु तथा वीरक आदिका साथ तारकासुरको युद्ध

ब्रह्मोवाच

इति ते वर्णितस्तात देवदानवसेनयोः।
संग्रामस्तुमुलोऽतीव तत्प्रभ्वोः शृणु नारद॥ १

एवं युद्धेऽतितुमुले देवदानवसंक्षये।
तारकेणैव देवेन्द्रः शक्त्या परमया सह॥ २

सद्यः पपात नागाश्च धरण्यां मूर्च्छितोऽभवत्।
परं कश्मलमापेदे वज्रधारी सुरेश्वरः॥ ३

तथैव लोकपाः सर्वेऽसुरैश्च बलवत्तरैः।
पराजिता रणे तात महारणविशारदैः॥ ४

अन्येऽपि निर्जरा दैत्यैर्युद्ध्यमानाः पराजिताः।
असहन्तो हि तत्तेजः पलायनपरायणाः॥ ५

जगर्जुरसुरास्तत्र जयिनः सुकृतोद्यमाः।
सिंहनादं प्रकुर्वन्तः कोलाहलपरायणाः॥ ६

एतस्मिन्नन्तरे तत्र वीरभद्रो रुषान्वितः।
आससाद गणैर्वीरैस्तारकं वीरमानिनम्॥ ७

निर्जरान् पृष्ठतः कृत्वा शिवकोपोद्भवो बली।
तत्सम्मुखो बभूवाथ योद्धुकामो गणाग्रणीः॥ ८

तदा ते प्रमथाः सर्वे दैत्याश्च परमोत्सवाः।
युयुधुः संयुगेऽन्योऽन्यं प्रसक्ताश्च महारणे॥ ९

त्रिशूलैर्ऋष्टिभिः पाशैः खड्गैः परशुपट्टिशैः।
निजघ्नुः समरेऽन्योऽन्यं रणे रणविशारदाः॥ १०

तारको वीरभद्रेण स त्रिशूलाहतो भृशम्।
पपात सहसा भूमौ क्षणं मूर्छापरिप्लुतः॥ ११

उत्थाय स द्रुतं वीरस्तारको दैत्यसत्तमः।
लब्धसंज्ञो बलाच्छक्त्या वीरभद्रं जघान ह॥ १२

वीरभद्रस्तथा वीरो महातेजा हि तारकम्।
जघान त्रिशिखेनाशु घोरेण निशितेन तम्॥ १३

ब्रह्मा भन्नुहुन्छ—हे तात! हे नारद! यस प्रकार मैले देव-दानव-सेनाहरूको भयंकर युद्धको वर्णन गरैं, अब दुवै सेनाका सेनापतिहरू—कार्तिकेय र तारकासुरको युद्धको वर्णन सुन्नुहोस्। यस प्रकार देव-दानवका लागि विनाशकारी घोर संग्राममा तारकासुरले परम शक्ति अस्त्रद्वारा इन्द्रमाथि प्रहार गर्‍यो, जसबाट घाइते भएर ती त्यसै क्षण हात्तीबाट ढले तथा मूर्च्छित हुन गए। वज्र धारण गर्नुहुने इन्द्रलाई त्यस समय धेरै कष्ट भयो। हे तात! त्यसै प्रकार अति बलवान् तथा महारणमा प्रवीण असुरहरूले सबै लोकपालहरूलाई पनि पराजित गरिदिए॥ १—४॥

युद्ध गर्दै गरेका अरू देवगण पनि दैत्यहरूबाट पराजित हुन गए र उनीहरूको तेजलाई सहन नसक्नुको कारण यता-उता भाग्न लागे॥ ५॥

यस प्रकार सफल उद्योग गर्ने विजयी असुर गर्जना गर्न लागे तथा सिंहनाद गर्दै कोलाहल गर्न लागे। यसै समय क्रोधित भई वीरभद्र आफूलाई वीर मान्ने तारकासुरतिर पराक्रमी गणहरूका साथ आए। शिवको कोपबाट उत्पन्न बलवान् वीरभद्र देवगणहरूलाई आफ्नो पछि लगाई स्वयं सबै गणहरूको अघी लागी युद्धको इच्छाले तारकासुरको सामुन्ने आए। त्यस समय ती सबै प्रमथगण एवं दैत्य उत्साहित भएर त्यस रणस्थलमा एक-अर्कामाथि प्रहार गरी युद्ध गर्न लागे॥ ६—९॥

रणमा कुशल ती एक-अर्कामाथि त्रिशूल, ऋष्टि, पाश, खड्ग, परशु एवं पट्टिशले प्रहार गर्न लागे॥ १०॥

वीरभद्रले त्यस तारकलाई त्रिशूलले अत्यधिक आहत गरिदिए र त्यो क्षणभरमा मूर्च्छित भएर भूमिमा सहसा ढल्यो। यसपछि त्यस दैत्यश्रेष्ठ तारकले मूर्च्छा त्यागेर बडो शीघ्रतापूर्वक उठेर वीरभद्रमाथि शक्तिले बलपूर्वक प्रहार गर्‍यो॥ ११-१२॥

पराक्रमी तथा महातेजस्वी वीरभद्रले पनि आफ्नो घोर त्रिशूलले तत्काल त्यस तारकासुरमाथि प्रहार गरे॥ १३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सोऽपि शक्त्या वीरभद्रं जघान समरे ततः।
तारको दितिजाधीशः प्रबलो वीरसंमतः॥ १४

एवं संयुद्ध्यमानौ तौ जघ्नतुश्चेतरेतरम्।
नानास्त्रशस्त्रैः समरे रणविद्याविशारदौ॥ १५

तयोर्महात्मनोस्तत्र द्वन्द्वयुद्धमभूत्तदा।
सर्वेषां पश्यतामेव तुमुलं रोमहर्षणम्॥ १६

ततो भेरीमृदंगाश्च पटहानकगोमुखाः।
विनेदुर्विहता वीरैः शृण्वतां सुभयानकाः॥ १७

युयुधातेतिसन्नद्धौ प्रहारैर्जर्जरीकृतौ।
अन्योऽन्यमतिसंरब्धौ तौ बुधांगारकाविव॥ १८

एवं दृष्ट्वा तदा युद्धं वीरभद्रस्य तेन च।
तत्र गत्वा वीरभद्रमवोचस्त्वं शिवप्रियः॥ १९

नारद उवाच

वीरभद्र महावीर गणानामग्रणीर्भवान्।
निवर्तस्व रणादस्माद्रोचते न वधस्त्वया॥ २०

एवं निशम्य त्वद्वाक्यं वीरभद्रो गणाग्रणीः।
अवदत्स रुषाविष्टस्त्वां तदा तु कृतांजलिः॥ २१

वीरभद्र उवाच

मुनिवर्य महाप्राज्ञ शृणु मे परमं वचः।
तारकं च वधिष्यामि पश्य मेऽद्य पराक्रमम्॥ २२

आनयन्ति च ये वीराः स्वामिनं रणसंसदि।
ते पापिनो महाक्लीबा विनश्यन्ति रणं गताः॥ २३

असद्गतिं प्राप्नुवन्ति तेषां च निरयो ध्रुवम्।
वीरभद्रो हि विज्ञेयो न वाच्यस्ते कदाचन॥ २४

शस्त्रास्त्रैर्भिन्नगात्रा ये रणं कुर्वन्ति निर्भयाः।
इहामुत्र प्रशंस्यास्ते लभन्ते सुखमद्भुतम्॥ २५

शृण्वन्तु मम वाक्यानि देवा हरिपुरोगमाः।
अतारकां महीमद्य करिष्ये स्वामिवर्जितः॥ २६

तत्पश्चात् दैत्यहरूका अधीश्वर तथा वीरहरूमा मान्य महाबली तारकले पनि रणभूमिमा वीरभद्रमाथि शक्तिले प्रहार गर्‍यो। यस प्रकार युद्धविद्यामा कुशल युद्ध गर्दै गरेका ती दुवै अनेक प्रकारका अस्त्र-शस्त्रले एक-अर्कामाथि प्रहार गर्न लागे॥ १४-१५॥

त्यस समय ती दुवै वीरमा सबैले हेर्दा-हेर्दै अत्यन्त रोमांचकारी भयंकर द्वन्द्व-युद्ध हुन लाग्यो॥ १६॥

तब भेरी, मृदंग, पटह, आनक तथा गोमुख बाजा बज्न लागे, जसलाई सुनेर वीर प्रसन्न तथा कायर व्याकुल भए। एक-अर्काको प्रहारहरूबाट जर्जर पारिएका ती दुवै बडो सावधानीका साथ बुध तथा मंगलको समान बडो वेगले परस्पर युद्ध गरिरहेका थिए। तब तारकासुरका साथ वीरभद्रको यस्तो युद्ध देखेर त्यहाँ वीरभद्रका समक्ष गएर शिवका प्रिय तपाईं भन्न लाग्नुभयो— ॥ १७—१९॥

नारद भन्नुहुन्छ—हे वीरभद्र! हे महावीर! तपाईं गणहरूमा श्रेष्ठ हुनुहुन्छ, तपाईं यस युद्धबाट हट्नुहोस्; किनभने तपाईंद्वारा यसको वध उचित छैन॥ २०॥

तपाईंको यस वचनलाई सुनेर गणहरूमा अग्रणी कुपित वीरभद्र हात जोडेर तपाईंसित भन्न लागे— ॥ २१॥

वीरभद्र भन्नुहुन्छ—हे महाप्राज्ञ! हे मुनिवर्य! तपाईं मेरो श्रेष्ठ वचनलाई सुन्नुहोस्। म तारकको वध [अवश्य] गर्ने छु; तपाईं आज मेरो पराक्रम हेर्नुहोस्॥ २२॥

जुन वीर आफ्नो स्वामीलाई युद्धभूमिमा लिएर आउँछन्, ती पापी तथा महानपुंसक हुन्छन् र रणक्षेत्रमा नष्ट हुन जान्छन्। तिनले अशुभ गति प्राप्त गर्छन् तथा तिनलाई अवश्य नरक जानुपर्छ। [हे मुनि!] तपाईं मलाई वीरभद्र जान्नुहोस्, तपाईं पुनः यस्तो कहिल्यै नभन्नुहोस्॥ २३-२४॥

अस्त्र-शस्त्रहरूबाट छिन्न-भिन्न अंग भएका जो निर्भय भई युद्ध गर्छन्, ती यस लोकमा तथा परलोकमा प्रशंसाका पात्र हुन्छन् तथा अद्भुत सुख प्राप्त गर्छन्॥ २५॥

विष्णु आदि सबै देवगण मेरो वचन सुन्नुहोस्। आज म यस पृथ्वीलाई तारकासुरबाट रहित गरिदिने छु॥ २६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इत्युक्त्वा प्रमथैस्सार्द्धं वीरभद्रो हि शूलधृक्।
विचिन्त्य मनसा शंभुं युयुधे तारकेण हि॥ २७

यस्तो भनेर त्रिशूल धारण गरेका वीरभद्र प्रमथगणहरूलाई साथ लिएर मनमा शिवको स्मरण गरी तारकासुरका साथ युद्ध गर्न लागे॥ २७॥

वृषारूढैरनेकैश्च त्रिशूलवरधारिभिः।
महावीरैः त्रिनेत्रैश्च स रेजे रणसंगतः॥ २८

वृषभमाथि बसेका, उत्तम त्रिशूल धारण गरेका तथा तीन नेत्र भएका अनेक महावीरहरूका साथ रणमा विद्यमान ती [वीरभद्र] सुशोभित भइरहेका थिए॥ २८॥

कोलाहलं प्रकुर्वन्तो निर्भयाः शतशो गणाः।
वीरभद्रं पुरस्कृत्य युयुधुर्दानवैः सह॥ २९

सयकडौँ गण कोलाहल गर्दै वीरभद्रलाई अघि गरी निर्भय भई दानवहरूका साथ युद्ध गर्न लागे॥ २९॥

असुरास्तेऽपि युयुधुः तारकासुरजीविनः।
बलोत्कटा महावीरा मर्दयन्तो गणान् रुषा॥ ३०
पुनः पुनश्चैव बभूव संगरो
महोत्कटो दैत्यवरैर्गणानाम्।
प्रहर्षमाणाः परमास्त्रकोविदाः
तदा गणास्ते जयिनो बभूवुः॥ ३१

यसै प्रकार तारकासुरको अधीन रहने बलोन्मत्त महावीर राक्षस पनि क्रोधित भई गणहरूको मर्दन गर्दै युद्ध गर्न लागे। यस प्रकार ती दैत्यहरूका साथ गणहरूको ज्यादै ठुलो विकट संग्राम बारम्बार हुन लाग्यो, त्यस समय अस्त्र चलाउनमा कुशल गण एक-अर्कालाई प्रहर्षित गर्दै विजयी भए॥ ३०-३१॥

गणैर्जितास्ते प्रबलैरसुरा विमुखा रणे।
पलायनपरा जाता व्यथिता व्यग्रमानसाः॥ ३२

तब प्रबल गणहरूसित पराजित भएका दैत्य रणभूमिबाट विमुख भई दुखी एवं व्याकुलचित्त भएर भाग्न लागे॥ ३२॥

एवं भ्रष्टं स्वसैन्यं तद् दृष्ट्वा तत्पालकोऽसुरः।
तारको हि रुषाविष्टो हन्तुं देवगणान् ययौ॥ ३३

यस प्रकार आफ्ना सेनालाई व्यथित तथा पराङ्मुख देखेर तारकासुर क्रोधित भएर देवताहरूलाई मार्नको लागि हिँड्यो॥ ३३॥

भुजानामयुतं कृत्वा सिंहमारुह्य वेगतः।
पातयामास तान्देवान् गणांश्च रणमूर्द्धनि॥ ३४

त्यो दस हजार हात धारण गरी सिंहमाथि आरूढ भई बडो वेगले देवताहरू तथा गणहरूलाई युद्धमा ढाल्न लाग्यो॥ ३४॥

स दृष्ट्वा तस्य तत्कर्म वीरभद्रो गणाग्रणीः।
चकार सुमहत्कोपं तद्वधाय महाबली॥ ३५
स्मृत्वा शिवपदांभोजं जग्राह त्रिशिखं परम्।
जज्वलुस्तेजसा तस्य दिशः सर्वा नभस्तथा॥ ३६
एतस्मिन्नन्तरे स्वामी वारयामास तं रणात्।
वीरबाहुमुखान्सद्यो महाकौतुकदर्शकः॥ ३७

तब गणहरूका प्रमुख महाबलशाली वीरभद्रले तारकासुरको त्यस कर्मलाई देखेर त्यसको वधका लागि अत्यधिक क्रोध गरे। उनले शिवका चरण-कमलहरूको स्मरण गरी श्रेष्ठ त्रिशूल ग्रहण गरे, त्यसको तेजबाट सबै दिशाहरू तथा आकाश जल्न लाग्यो। यसै अवसरमा महान् कौतुक गर्नुहुने स्वामी कार्तिकेयले उनलाई तथा वीरबाहु आदि गणहरूलाई युद्धभूमिबाट हटाउनुभयो॥ ३५—३७॥

तदाज्ञया वीरभद्रो निवृत्तोऽभूद्रणात्तदा।
कोपं चक्रे महावीरस्तारकोऽसुरनायकः॥ ३८

उनको आज्ञाले वीरभद्र रणभूमिबाट विरत भए। तब असुरनायक तारकासुरले महाक्रोध गर्‍यो॥ ३८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चकार बाणवृष्टिं च सुरोपरि तदाऽसुरः।
ततोऽह्वासीत्सुरान्सद्यो नानास्त्ररणकोविदः॥ ३९

अनेक अस्त्रहरूलाई चलाउन तथा युद्धमा कुशल त्यो तारकासुर तत्काल देवताहरूलाई पीडित गरी उनीमाथि बाणवृष्टि गर्न लाग्यो॥ ३९॥

एवं कृत्वा महत्कर्म तारकोऽसुरपालकः।
सर्वेषामपि देवानामशक्यो बलिनां वरः॥ ४०

एवं निहन्यमानांस्तान् दृष्ट्वा देवान् भयाकुलान्।
कोपं कृत्वा रणायाशु संनद्धोऽभवदच्युतः॥ ४१

यस प्रकार असुरहरूको पालन गर्ने एवं बलवानहरूमा श्रेष्ठ त्यो तारक यस्तो [युद्धरूप] महान् कर्म गरी देवताबाट अजेय हुन गयो। यस प्रकार [असुरहरूद्वारा] मारिँदै गरेका तथा भयभीत ती देवताहरूलाई देखेर विष्णु क्रोध गरी युद्धका लागि शीघ्र उद्यत हुनुभयो॥ ४०-४१॥

चक्रं सुदर्शनं शार्ङ्गं धनुरादाय सायुधः।
अभ्युद्ययौ महादैत्यं रणाय भगवान् हरिः॥ ४२

भगवान् विष्णु सुदर्शनचक्र, शार्ङ्गधनुष तथा अन्य अस्त्र धारण गरी रणका निम्ति महादैत्य तारकको सम्मुख पुग्नुभयो॥ ४२॥

ततः समभवद्युद्धं हरितारकयोर्महत्।
लोमहर्षणमत्युग्रं सर्वेषां पश्यतां मुने॥ ४३

गदामुद्यम्य स हरिर्जघानासुरमोजसा।
द्विधा चकार तां दैत्यस्त्रिशिखेन महाबली॥ ४४

त्यसपछि हे मुनि! सबैले हेर्दा-हेर्दै तारकासुर तथा विष्णुको रोमांचकारी, अति भयंकर तथा घोर युद्ध हुन लाग्यो। विष्णुले बडो वेगका साथ गदा उठाएर असुर तारकमाथि प्रहार गर्नुभयो। महाबली तारकले पनि त्रिशिखले त्यस गदालाई दुई टुक्रा पारिदियो॥ ४३-४४॥

ततः स क्रुद्धो भगवान्देवानामभयंकरः।
शार्ङ्गच्युतैः शरव्यूहैर्जघानासुरनायकम्॥ ४५

सोऽपि दैत्यो महावीरस्तारकः परवीरहा।
चिच्छेद सकलान्बाणान्स्वशरैर्निशितैर्द्रुतम्॥ ४६

अथ शक्त्या जघानाशु मुरारिं तारकासुरः।
भूमौ पपात स हरिस्तत्प्रहारेण मूर्च्छितः॥ ४७

तब देवताहरूलाई अभय दिनुहुने भगवान् विष्णु अत्यन्त क्रोधित हुनुभयो र उहाँले शार्ङ्गधनुषबाट छोडिएका बाणहरूले त्यस असुरनायकमाथि प्रहार गर्न प्रारम्भ गर्नुभयो। शत्रुवीरहरूलाई हनन गर्ने त्यस महावीर तारकासुरले पनि आफ्नो तीक्ष्ण बाणहरूले उहाँका समस्त बाणहरूलाई तत्काल काटिदियो। यसपछि तारकासुरले आफ्नो शक्तिले विष्णुमाथि शीघ्रतापूर्वक प्रहार गर्‍यो। उसको प्रहारबाट मूर्च्छित भएर ती विष्णु पृथ्वीमा ढल्नुभयो॥ ४५—४७॥

जग्राह स रुषा चक्रमुत्थितः क्षणतोऽच्युतः।
सिंहनादं महत्कृत्वा ज्वलज्ज्वालासमाकुलम्॥ ४८

तब केही क्षणपछि चेतना प्राप्त गरी उठेर उहाँले महान् सिंहनाद गरी क्रोधका साथ बल्दै गरेको अग्निसमान तेजस्वी चक्र धारण गर्नुभयो॥ ४८॥

तेन तं च जघानासौ दैत्यानामधिपं हरिः।
तत्प्रहारेण महता व्यथितो न्यपतद्भुवि॥ ४९

विष्णुले त्यस चक्रद्वारा दैत्यराजमाथि प्रहार गर्नुभयो र चक्रको तीव्र प्रहारबाट आहत भएर त्यो दैत्यराज पृथ्वीमा ढल्यो॥ ४९॥

पुनश्चोत्थाय दैत्येन्द्रस्तारकोऽसुरनायकः।
चिच्छेद त्वरितं चक्रं स्वशक्त्यातिबलान्वितः॥ ५०

पुनस्तया महाशक्त्या जघानामरवल्लभम्।

बलशाली त्यस असुरनायक दैत्यराज तारकले पुनः उठेर बडो तेजका साथ आफ्नो शक्तिले सुदर्शनचक्रलाई काटिदियो र त्यसै महाशक्तिले देवताहरूका प्रिय अच्युतमाथि प्रहार गर्‍यो। तब महावीर विष्णुले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अच्युतोऽपि महावीरो नन्दकेन जघान तम्॥ ५१
एवमन्योऽन्यमसुरो विष्णुश्च बलवानुभौ।
युयुधाते रणे भूरि तत्राक्षतबलौ मुने॥ ५२

पनि नन्दक नामक खड्गले त्यसमाथि प्रहार गर्नुभयो। हे मुनि! यस प्रकार अक्षीण बलशाली बलवान् विष्णु तथा तारकासुर दुवै रणमा एक-अर्कसित घोर संग्राम गर्दै रहे॥ ५०—५२॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां चतुर्थे कुमारखण्डे देवदैत्यसामान्ययुद्धवर्णनं नामाष्टमोऽध्यायः॥ ८॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको चतुर्थ कुमारखण्डमा देवता र दैत्यहरूको सामान्ययुद्धवर्णन नामक आठौँ अध्याय पूर्ण भयो॥ ८॥

अथ नवमोऽध्यायः

ब्रह्माले कार्तिकेयलाई तारकको वधका लागि प्रेरित गर्नु, तारकासुरद्वारा विष्णु तथा इन्द्रको भर्त्सना, पुनः इन्द्रादिका साथ तारकासुरको युद्ध

ब्रह्मोवाच

देवदेव गुह स्वामिन् शांकरे पार्वतीसुत।
न शोभते रणो विष्णुतारकासुरयोर्वृथा॥ १
विष्णुना न हि वध्योऽसौ तारको बलवानति।
मया दत्तवरस्तस्मात्सत्यं सत्यं वदाम्यहम्॥ २
नान्यो हन्तास्य पापस्य त्वां विना पार्वतीसुत।
तस्मात्त्वया हि कर्तव्यं वचनं मे महाप्रभो॥ ३

ब्रह्मा भन्नुहुन्छ—हे देवदेव! हे गुह! हे स्वामी! हे शंकरपुत्र! हे पार्वतीसुत! विष्णु तथा तारकासुरको यो व्यर्थ संग्राम सुहाउँदैन। यो अति बलवान् तारक विष्णुबाट मर्दैन; किनभने मैले त्यसलाई वरदान दिएको छु। यो म सत्य-सत्य भनिरहेको छु। हे पार्वतीसुत! हजुर बाहेक यस पापीलाई मार्ने अरू कोही छैनन्, यसैले हे महाप्रभु! हजुर मेरो यो वचन स्वीकार गर्नुहोस्॥ १—३॥

सन्नद्धो भव दैत्यस्य वधायाशु परंतप।
तद्वधार्थं समुत्पन्नः शंकरात्त्वं शिवासुत॥ ४
रक्ष रक्ष महावीर त्रिदशान् व्यथितान् रणे।
न बालस्त्वं युवा नैव किं तु सर्वेश्वरः प्रभुः॥ ५

हे परन्तप! अब हजुर तत्काल यस दैत्यको वधका लागि तत्पर हुनुहोस्। हे शिवापुत्र! यसलाई मार्नका लागि नै हजुर शंकरबाट उत्पन्न हुनुभयो। हे महावीर! हजुर रणभूमिमा पीडित यी देवगणको रक्षा गर्नुहोस्, हजुर न त बालक हुनुहुन्छ न युवा नै, तर सर्वेश्वर प्रभु हुनुहुन्छ॥ ४-५॥

शक्रं पश्य तथा विष्णुं व्याकुलं च सुरान् गणान्।
एनं जहि महादैत्यं त्रैलोक्यं सुखितं कुरु॥ ६

हजुर यस समय व्याकुल इन्द्र, विष्णु, अन्य देवताहरू एवं गणहरूलाई हेर्नुहोस् र यस महादैत्यको वध गर्नुहोस् तथा त्रैलोक्यलाई सुख प्रदान गर्नुहोस्॥ ६॥

अनेन विजितश्चेन्द्रो लोकपालैः पुरा सह।
विष्णुश्चापि महावीरो तर्जितस्तपसो बलात्॥ ७
त्रैलोक्यं निर्जितं सर्वमसुरेण दुरात्मना।
इदानीं तव सान्निध्यात्पुनर्युद्धं कृतं च तैः॥ ८

यसले पूर्वकालमा लोकपालहरूसहित इन्द्रमाथि विजय प्राप्त गरेको छ र आफ्नो तपस्याको बलले महावीर विष्णुलाई पनि अपमानित गरेको छ। यस दुरात्मा दैत्यले सम्पूर्ण त्रैलोक्यलाई जितको छ। यस समय हजुरको सान्निध्यका कारण यी देवताहरूले पुनः युद्ध गरेका छन्॥ ७-८॥

तस्मात्त्वया निहन्तव्यस्तारकः पापपूरुषः।
अन्यवध्यो न चैवायं मद्वराच्छंकरात्मज॥ ९

यस कारण हजुर यस दुरात्मा पापी तारकासुरको वध गर्नुहोस्। हे शंकरात्मज! मेरो वरदानका कारण हजुर बाहेक अरू कसैले यसलाई मार्न सक्दैनन्॥ ९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इति श्रुत्वा मम वचः कुमारः शंकरात्मजः।
विजहास प्रसन्नात्मा तथास्त्विति वचोऽब्रवीत्॥ १०

विनिश्चित्यासुरवधं शांकरिः स महाप्रभुः।
विमानादवतीर्याथ पदातिरभवत्तदा॥ ११

पद्भ्यां तदासौ परिधावमानो
रेजेऽतिवीरः शिवजः कुमारः।
करे समादाय महाप्रभां तां
शक्तिं महोल्कामिव दीप्तिदीप्ताम्॥ १२

दृष्ट्वा तमायान्तमतिप्रचंड-
मव्याकुलं षण्मुखमप्रमेयम्।
दैत्यो बभाषे सुरसत्तमान्स
कुमार एष द्विषतां प्रहन्ता॥ १३

अनेन साकं ह्यहमेकवीरो
योत्स्ये च सर्वानहमेव वीरान्।
गणांश्च सर्वानपि घातयामि
सलोकपालान् हरिनायकांश्च॥ १४

इत्येवमुक्त्वा स तदा महाबलः
कुमारमुद्दिश्य ययौ च योद्धुम्।
जग्राह शक्तिं परमाद्भुतां च
स तारको देववरान् बभाषे॥ १५

तारक उवाच

कुमारो मेऽग्रतश्चाद्य भवद्भिश्च कथं कृतः।
यूयं गतत्रपा देवा विशेषाच्छक्रकेशवौ॥ १६

पुरैताभ्यां कृतं कर्म विरुद्धं वेदमार्गतः।
तच्छृणुध्वं मया प्रोक्तं वर्णयामि विशेषतः॥ १७

तत्र विष्णुश्छली दोषी ह्यविवेकी विशेषतः।
बलिर्येन पुरा बद्धश्छलमाश्रित्य पापतः॥ १८

तेनैव यत्नतः पूर्वमसुरौ मधुकैटभौ।
शिरोहीनौ कृतौ धौर्त्याद्वेदमार्गो विवर्जितः॥ १९

मोहिनीरूपतोऽनेन पंक्तिभेदः कृतो हि वै।
देवासुरसुधापाने वेदमार्गो विगर्हितः॥ २०

[ब्रह्माले भन्नुभयो—] मेरो यो कुरा सुनेर शंकरपुत्र कार्तिकेय प्रसन्नचित्त भएर हाँस्न लाग्नुभयो र 'यस्तै हुने छ'—यो वचन भन्नुभयो॥ १०॥

तब ती महाप्रभु शंकरपुत्र असुरको वधको निश्चय गरी विमानबाट उत्रेर पैदलै जानुभयो॥ ११॥

त्यस युद्धभूमिमा आफ्नो हातमा महाउल्का समान महाप्रभायुक्त देदीप्यमान शक्ति नामक अस्त्रलाई धारण गरेका ती शिवपुत्र कार्तिकेय पैदल दौडँदै अत्यन्त शोभायमान भइरहेका थिए। अत्यन्त प्रचण्ड, महाधैर्यशाली र अप्रमेय कार्तिकेयलाई आफ्नो सम्मुख आउँदै गरेको देखेर त्यस तारकासुरले देवगणसित भन्यो—के शत्रुहरूको वध गर्नेवाला कुमार यिनै हुन्?॥ १२-१३॥

म एक्लै यस कुमार एवं अन्य वीरहरूका साथ युद्ध गर्ने छु र लोकपालसहित समस्त गण एवं विष्णु आदि देवताहरूको वध गर्ने छु॥ १४॥

यस्तो भनेर त्यो महाबली तारक कुमारलाई लक्ष गरी युद्ध गर्नका लागि गयो। तारकासुरले हातमा अत्यन्त अद्भुत शक्ति लियो र श्रेष्ठ देवताहरूसित भन्न लाग्यो— ॥ १५॥

तारक भन्दछ—हे देवगण हो! तिमीहरूले यस बालक कुमारलाई मेरो सम्मुख कसरी गरिदियौ? तिमीहरू सबै ज्यादै निर्लज्ज छौ, इन्द्र र विष्णु त विशेष रूपले लज्जाहीन छन्॥ १६॥

पूर्व समयमा पनि ती दुवैले वेदविरुद्ध कर्म गरेका छन्। म विशेषरूपले तिनको वर्णन गर्दै छु, तिमीहरू सुन॥ १७॥

यी दुवैमा विशेषरूपले विष्णु त छली, दोषी तथा अविवेकी छ, जसले पूर्वकालमा पापपूर्वक छल गरी बलिलाई बाँधेको थियो॥ १८॥

यसले नै यत्नपूर्वक वेदमार्गको त्याग गरी धूर्ततापूर्वक मधु तथा कैटभ नामक राक्षसहरूको शिर काटिदिएको थियो॥ १९॥

त्यसपछि देवता एवं दैत्यहरूको अमृत-पानको समय यसले मोहिनीरूप धारण गरी पंक्ति-भेद गर्‍यो र वेदमार्गलाई दूषित पार्‍यो॥ २०॥

2325_Sihvpurana_Part_1_Nepali_Section_26_2_Back
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रामो भूत्वा हता नारी वाली विध्वंसितो हि सः।
पुनर्वैश्रवणो विप्रो हतो नीतिर्हिता श्रुतेः॥ २१

यसले रामावतार लिएर ताडकी स्त्रीको वध गऱ्यो, बालिलाई [लुकेर] माऱ्यो तथा विश्रवाका पुत्र विप्र रावणको वध गऱ्यो, यस प्रकार यसले वेदनीतिको विनाश गऱ्यो॥ २१॥

पापं विना स्वकीया स्त्री त्यक्ता पापरतेन यत्।
तत्रापि श्रुतिमार्गश्च ध्वंसितः स्वार्थहेतवे॥ २२

पापपरायण यसले विना अपराध नै आफ्नो स्त्रीको परित्याग गऱ्यो। यस प्रकार आफ्नो स्वार्थका लागि यसले वेदमार्गलाई ध्वस्त गऱ्यो॥ २२॥

स्वजनन्याः शिरश्छिन्नमवतारे रसाख्यके।
गुरुपुत्रापमानश्च कृतोऽनेन दुरात्मना॥ २३

छैठौँ परशुरामावतारमा यस दुष्टले आफ्नी आमाको शिर काटिदियो र [गणेशलाई युद्धमा हराएर] गुरुपुत्रको अपमान गऱ्यो॥ २३॥

कृष्णो भूत्वान्यनार्यश्च दूषिताः कुलधर्मतः।
श्रुतिमार्गं परित्यज्य स्वविवाहाः कृतास्तथा॥ २४

कृष्णावतारमा यसले कुलधर्मको विरुद्ध वेदमार्गलाई छोडेर धेरै विवाह गऱ्यो र अनेकौँ नारीहरूलाई दूषित पाऱ्यो॥ २४॥

पुनश्च वेदमार्गो हि निंदितो नवमे भवे।
स्थापितं नास्तिकमतं वेदमार्गविरोधकृत्॥ २५

यसपछि नवौँ बुद्धावतारमा यसले वेदमार्गको निन्दा गऱ्यो र वेदमार्गको विरोध गर्ने नास्तिक मतलाई स्थापना गऱ्यो॥ २५॥

एवं येन कृतं पापं वेदमार्गं विसृज्य वै।
स कथं विजयेद्युद्धे भवेद्धर्मवतां वरः॥ २६

यस प्रकार जसले वेदमार्गलाई छोडेर पाप गरेको छ, त्यो युद्धमा कसरी विजयी हुन सक्छ र कसरी धर्मात्माहरूमा श्रेष्ठ हुन सक्छ?॥ २६॥

भ्राता ज्येष्ठश्च यस्तस्य शक्रः पापी महान्मतः।
तेन पापान्यनेकानि कृतानि निजहेतुतः॥ २७

यसै प्रकार यसको ज्येष्ठ भ्राता इन्द्रलाई पनि महापापी भनिएको छ; त्यसले पनि आफ्नो स्वार्थका लागि नाना प्रकारका पाप गरेको छ॥ २७॥

निकृत्तो हि दितेर्गर्भः स्वार्थहेतोर्विशेषतः।
धर्षिता गौतमस्त्री वै हतो वृत्रश्च विप्रजः॥ २८

त्यसले आफ्नो स्वार्थका लागि दितिको गर्भमा प्रवेश गरी गर्भस्थ बालकलाई टुक्रा-टुक्रा पारिदियो, गौतमकी स्त्रीसित व्यभिचार गऱ्यो र ब्राह्मणकुमार वृत्रको वध गऱ्यो॥ २८॥

विश्वरूपद्विजातेर्वै भागिनेयस्य यद्गुरोः।
निकृत्तानि च शीर्षाणि तदध्वाध्वंसितः श्रुतेः॥ २९

विश्वरूप ब्राह्मणको, जो असुरहरूका भागिनेय तथा इन्द्रका गुरु पनि थिए, उसको शिर काटेर यसले वेदमार्गलाई विनष्ट पाऱ्यो॥ २९॥

कृत्वा बहूनि पापानि हरिः शक्रः पुनः पुनः।
तेजोभिर्विहतावेव नष्टवीर्यौ विशेषतः॥ ३०

यस प्रकार विष्णु एवं इन्द्र यी दुवै बारम्बार अनेक पाप गरी तेजबाट रहित तथा विनष्ट पराक्रमवाला भएका छन्॥ ३०॥

तयोर्बलेन नो यूयं संग्रामे जयमाप्स्यथ।
किमर्थं मूढतां प्राप्य प्राणांस्त्यक्तुमिहागताः॥ ३१

[हे देवगण!] यी दुवैको बलले तिमीहरू संग्राममा विजय प्राप्त गर्न सक्तैनौ। फेरि मूर्खता गरी तिमीहरू आफ्नो प्राण त्याग गर्नका लागि यहाँ किन आएका छौ?॥ ३१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जानन्तौ धर्ममेतौ न स्वार्थलंपटमानसौ।
धर्मं विनाऽमराः कृत्यं निष्फलं सकलं भवेत्॥ ३२

यी दुवै ज्यादै लम्पट एवं स्वार्थी छन्, यिनलाई धर्मको ज्ञान छैन। हे देवताहरू हो! धर्म विना गरिएका सारा कृत्य व्यर्थ हुन्छन्॥ ३२॥

महाधृष्टाविमौ मेऽद्य कृतवंतौ पुरश्शिशुम्।
अहं बालं वधिष्यामि तयोः सोऽपि भविष्यति॥ ३३

यी दुवै ज्यादै धृष्ट छन्। यी दुवैले यस बालकलाई मेरो सामुन्ने खडा गरिदिएका छन्। यदि मैले बालकको वध गरैं भने यो पाप पनि यिनै दुईलाई लाग्ने छ॥ ३३॥

किं तु बाल इतो यायाद् दूरं प्राणपरीप्सया।
इत्युक्त्वोद्दिश्य च हरी वीरभद्रमुवाच सः॥ ३४

तर यो बालक आफ्नो प्राणको रक्षाका लागि यहाँबाट टाढा जाओस्। विष्णु तथा इन्द्रको विषयमा यस प्रकार भनेर उसले वीरभद्रसित भन्यो—॥ ३४॥

पुरा हतास्त्वया विप्रा दक्षयज्ञे ह्यनेकशः।
तत्कर्मणः फलं चाद्य दर्शयिष्यामि तेऽनघ॥ ३५

तिमीले पनि पहिला दक्षप्रजापतिको यज्ञमा अनेकौं ब्राह्मणहरूको वध गरेका थियौ। हे अनघ! म आज तिमीलाई त्यस कर्मको फल चखाउने छु॥ ३५॥

ब्रह्मोवाच

इत्येवमुक्त्वा तु विधूय पुण्यं
निजं स तन्निन्दनकर्मणा वै।
जग्राह शक्तिं परमाद्भुतां च
स तारको युद्धवतां वरिष्ठः॥ ३६

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार युद्ध गर्नेहरूमा श्रेष्ठ तारकासुरले विष्णु तथा इन्द्रको निन्दाकर्मबाट आफ्नो समस्त पुण्य नष्ट गरी अत्यन्त अद्भुत शक्ति ग्रहण गर्‍यो॥ ३६॥

तं बालान्तिकमायान्तं तारकासुरमोजसा।
आजघान च वज्रेण शक्रो गुहपुरस्सरः॥ ३७

तब बडो वेगले बालकको समीप आउँदै गरेको त्यस तारकासुरलाई देखेर इन्द्रले कुमारको अघि गएर आफ्नो वज्रले त्यसमाथि प्रहार गरे॥ ३७॥

तेन वज्रप्रहारेण तारको जर्जरीकृतः।
भूमौ पपात सहसा निंदाहतबलः क्षणम्॥ ३८

त्यस वज्रको प्रहारले देवताहरूको निन्दाबाट नष्ट बलवाला तारकासुर जर्जर हुन गयो र क्षणमात्रमा पृथ्वीमा सहसा ढल्यो॥ ३८॥

पतितोऽपि समुत्थाय शक्त्या तं प्राहरद्रुषा।
पुरंदरं गजस्थं हि पातयामास भूतले॥ ३९

तब ढल्दामा पनि उठेर उसले बडो वेगले इन्द्रमाथि आफ्नो शक्तिले प्रहार गर्‍यो र हात्तीमा चढेका इन्द्रलाई पृथ्वीमा खसालिदियो॥ ३९॥

हाहाकारो महानासीत्पतिते च पुरंदरे।
सेनायां निर्जराणां हि तद् दृष्ट्वा क्लेश आविशत्॥ ४०

यस प्रकार इन्द्र खसेपछि महान् हाहाकार हुन लाग्यो, यो देखेर देवताहरूका सेनामा शोक छायो॥ ४०॥

तारकेणाऽपि तत्रैव यत्कृतं कर्म दुःखदम्।
स्वनाशकारणं धर्मविरुद्धं तन्निबोध मे॥ ४१

[हे नारद!] त्यस समय तारकले पनि धर्मविरुद्ध एवं दुःखदायक जुन कर्म आफ्नो नाशका लागि गर्‍यो, त्यसलाई तपाईं मबाट सुन्नुहोस्॥ ४१॥

पतितं च पदाक्रम्य हस्ताद्वज्रं प्रगृह्य वै।
पुनरुद्वज्रघातेन शक्रमाताडयद्भृशम्॥ ४२

उसले खस्दै गरेका इन्द्रलाई आफ्नो गोडाले कुल्चेर उनको हातबाट वज्र खोसेर त्यसै वज्रले उनीमाथि प्रहार गर्‍यो॥ ४२॥

एवं तिरस्कृतं दृष्ट्वा शक्रं विष्णुः प्रतापवान्।
चक्रमुद्यम्य भगवांस्तारकं स जघान ह॥ ४३

यस प्रकार इन्द्रलाई तिरस्कृत भएको देखेर प्रतापशाली भगवान् विष्णुले चक्र उठाएर तारकासुरमाथि प्रहार गर्नुभयो॥ ४३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चक्रप्रहाराभिहतो निपपात क्षितौ हि सः।
पुनरुत्थाय दैत्येन्द्रः शक्त्या विष्णुं जघान तम्॥ ४४

तेन शक्तिप्रहारेण पतितो भुवि चाच्युतः।
हाहाकारो महानासीच्चुक्रुशुश्चाऽतिनिर्जराः॥ ४५

निमेषेण पुनर्विष्णुर्यावदुत्तिष्ठते स्वयम्।
तावत्स वीरभद्रो हि तत्क्षणादागतोऽसुरम्॥ ४६

त्रिशूलं च समुद्यम्य वीरभद्रः प्रतापवान्।
तारकं दितिजाधीशं जघान प्रसभं बली॥ ४७

तत्त्रिशूलप्रहारेण स पपात क्षितौ तदा।
पतितोऽपि महातेजास्तारकः पुनरुत्थितः॥ ४८

कृत्वा क्रोधं महावीरः सकलासुरनायकः।
जघान परया शक्त्या वीरभद्रं तदोरसि॥ ४९

वीरभद्रोऽपि पतितो भूतले मूर्च्छितः क्षणम्।
तच्छक्त्या परया क्रोधान्निहतो वक्षसि ध्रुवम्॥ ५०

सगणाश्चैव देवास्ते गंधर्वोरगराक्षसाः।
हाहाकारेण महता चुक्रुशुश्च मुहुर्मुहुः॥ ५१

निमेषमात्रात्सहसा महौजा-
स्सवीरभद्रो द्विषतां निहन्ता।
त्रिशूलमुद्यम्य तडित्प्रकाशं
जाज्वल्यमानं प्रभया विरेजे॥ ५२

स्वरोचिषा भासितदिग्वितानं
सूर्येन्दुबिम्बाग्निसमानमंडलम्।
महाप्रभं वीरभयावहं परं
कालाख्यमत्यंतकरं महोज्ज्वलम्॥ ५३

यावत्त्रिशूलेन तदा हंतुकामो महाबलः।
वीरभद्रोऽसुरं तावत्कुमारेण निवारितः॥ ५४

त्यस चक्रको प्रहारले आहत भएर त्यो तारकासुर पृथ्वीमा ढल्यो। पुनः उठेर त्यस दैत्यराजले शक्ति नामक अस्त्रले विष्णुमाथि प्रहार गऱ्यो॥ ४४॥

त्यस शक्तिको प्रहारबाट विष्णु पृथ्वीमा ढल्नुभयो। यसबाट ठुलो हाहाकार मच्चियो र देवताहरू जोर-जोरले चिच्याउन लागे॥ ४५॥

एक निमेषमात्रमा पुनः विष्णु भखरै उठेका मात्र थिए, त्यसै समय वीरभद्र त्यस असुरको समीप आए॥ ४६॥

प्रतापी एवं बलवान् वीरभद्रले आफ्नो त्रिशूल लिएर बडो वेगले त्यस दैत्यपति तारकासुरमाथि बलपूर्वक प्रहार गरे। तब त्यस त्रिशूल लाग्नासाथ त्यो महातेजस्वी तारक पृथ्वीमा ढल्यो र ढल्दामा पनि क्षणमात्रमा उठ्यो। तब समस्त असुरहरूका सेनापति त्यस महावीरले क्रोध गरी आफ्नो परम शक्तिद्वारा वीरभद्रको छातीमा प्रहार गऱ्यो॥ ४७—४९॥

क्रोधपूर्वक चलाइएको त्यस प्रचण्ड शक्ति नामक अस्त्र छातीमा लाग्नासाथ वीरभद्र पनि क्षणमात्रमा मूर्च्छित भएर पृथ्वीमा ढले॥ ५०॥

तब गणसहित देवता, गन्धर्व, उरग तथा राक्षस ठुलो हाहाकार गर्दै बारम्बार चिच्याउन लागे॥ ५१॥

क्षणभरपश्चात् शत्रुनाशक महातेजस्वी वीरभद्र बल्दै गरेको अग्निसमान प्रभा भएका एवं विद्युत्को समान देदीप्यमान त्रिशूल लिएर [युद्धस्थलमा] शोभित हुन लागे। त्यो त्रिशूलले आफ्नो कान्तिद्वारा दिशाहरूलाई प्रकाशित गरिरहेको थियो। त्यो सूर्य एवं चन्द्रको बिम्ब तथा अग्निसमान मण्डल भएको, महाप्रभाले युक्त, वीरहरूलाई भय उत्पन्न गर्नेवाला, कालसमान सबैको अन्त गर्नेवाला तथा महाउज्ज्वल थियो॥ ५२-५३॥

महाबली वीरभद्र जति बेला त्यस त्रिशूलले असुरलाई मार्नका लागि उद्यत भए, तब कुमारले उनलाई रोक्नुभयो॥ ५४॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां चतुर्थे कुमारखण्डे तारकवाक्यशक्र-विष्णुवीरभद्रयुद्धवर्णनं नाम नवमोऽध्यायः॥ ९॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको चतुर्थ कुमारखण्डमा तारकवाक्यशक्र-विष्णुवीरभद्रयुद्धवर्णन नामक नवौँ अध्याय पूर्ण भयो॥ ९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ दशमोऽध्यायः

कुमार कार्तिकेय र तारकासुरको भीषण संग्राम, कार्तिकेयद्वारा तारकासुरको वध, देवताहरूद्वारा दैत्यसेनामाथि विजय प्राप्त गर्नु, सर्वत्र विजयोल्लास, देवताहरूद्वारा शिवा-शिव तथा कुमारको स्तुति

ब्रह्मोवाच

निवार्य वीरभद्रं तं कुमारः परवीरहा।
समैच्छत्तारकवधं स्मृत्वा शिवपदाम्बुजौ॥ १

जगर्जाथ महातेजाः कार्तिकेयो महाबलः।
सन्नद्धः सोऽभवत्क्रुद्धः सैन्येन महता वृतः॥ २

तदा जय जयेत्युक्तं सर्वैर्देवगणैस्तथा।
संस्तुतो वाग्भिरिष्टाभिस्तदैव च सुरर्षिभिः॥ ३

तारकस्य कुमारस्य संग्रामोऽतीव दुस्सहः।
जातस्तदा महाघोरः सर्वभूतभयंकरः॥ ४

शक्तिहस्तौ च तौ वीरौ युयुधाते परस्परम्।
सर्वेषां पश्यतां तत्र महाश्चर्यवतां मुने॥ ५

शक्तिनिर्भिन्नदेहौ तौ महासाधनसंयुतौ।
परस्परं वञ्चयन्तौ सिंहाविव महाबलौ॥ ६

वैतालिकं समाश्रित्य तथा खेचरकं मतम्।
प्रापतं च समाश्रित्य शक्त्या शक्तिं विजघ्नतुः॥ ७

एभिर्मन्त्रैर्महावीरौ चक्रतुर्युद्धमद्भुतम्।
अन्योऽन्यं साधकौ भूत्वा महाबलपराक्रमौ॥ ८

महाबलं प्रकुर्वन्तौ परस्परवधैषिणौ।
जघ्नतुः शक्तिधाराभी रणे रणविशारदौ॥ ९

मूर्ध्नि कंठे तथाचोर्वोर्जान्वोश्चैव कटीतटे।
वक्षस्युरसि पृष्ठे च चिच्छिदुश्च परस्परम्॥ १०

तदा तौ युध्यमानौ च हन्तुकामौ महाबलौ।
वल्गन्तौ वीरशब्दैश्च नानायुद्धविशारदौ॥ ११

ब्रह्मा भन्नुहुन्छ—शत्रुपक्षका वीरहरूलाई नाश गर्नुहुने कुमार कार्तिकेयले यस प्रकार वीरभद्रलाई [तारकासुरको वधबाट] रोकेर शिवका चरणकमल-हरूको ध्यान गरी स्वयं तारकासुरको वधको इच्छा गर्नुभयो। विशाल सेनाले घेरिएका महातेजस्वी एवं महाबली कार्तिकेय गर्जन लाग्नुभयो र क्रुद्ध भएर तारकासुरको वधका लागि उद्यत हुनुभयो॥ १-२॥

त्यस समय देवताहरू, गणहरू एवं ऋषिहरूले कार्तिकेयको जय-जयकार गरे र उत्तम वाणीले उहाँको स्तुति गरे। त्यसपछि तारकासुर तथा कुमारको अत्यन्त दुःसह, समस्त प्राणीहरूलाई भय दिने एवं घोर महासंग्राम हुन लाग्यो। हे मुनि! दुवै वीर हातमा शक्ति नामक अस्त्र लिएर परस्पर युद्ध गर्न लागे, त्यस समय सबै दर्शकहरूलाई महान् आश्चर्य भइरहेको थियो॥ ३—५॥

शक्ति-अस्त्रबाट छिन्न-भिन्न अंग भएका तथा महान् साधनहरूले युक्त ती दुवै महाबली एक-अर्काको वंचना (छल) गर्दै दुई सिंहको समान आपसमा प्रहार गरिरहेका थिए। दुवै वैतालिक, खेचर तथा प्रापत नामक युद्ध-विधिहरूको आश्रय लिएर शक्तिले शक्तिमाथि प्रहार गर्न लागे॥ ६-७॥

महावीर, महाबली एवं पराक्रमी ती दुवै एक-अर्कालाई जित्ने इच्छाले ती युद्धकलाहरूद्वारा अद्भुत युद्ध गरिरहेका थिए। रणविद्यामा प्रवीण, ती एक-अर्काको वधको इच्छाले आफ्नो पराक्रम प्रदर्शित गर्दै शक्तिका धाराहरूबाट युद्ध गर्न लागे। ती दुवै परस्पर एक-अर्काको शिर, घाँटी, तिघ्रा, घुँडा, कम्मर, वक्षःस्थल, हृदयदेश तथा पिठ्युमा प्रहार गरिरहेका थिए॥ ८—१०॥

त्यस समय अनेकौं युद्धमा कुशल एवं महाबली ती दुवै एक-अर्कालाई मार्ने इच्छाले वीरध्वनिद्वारा ललकार्दै युद्ध गरिरहेका थिए। त्यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अभवन्प्रेक्षकाः सर्वे देवा गंधर्वकिन्नराः।
ऊचुः परस्परं तत्र कोऽस्मिन् युद्धे विजेष्यते॥ १२

तदा नभोगता वाणी जगौ देवांश्च सांत्वयन्।
असुरं तारकं चात्र कुमारोऽयं हनिष्यति॥ १३

मा शोच्यतां सुरैः सर्वैः सुखेन स्थीयतामिति।
युष्मदर्थं शंकरो हि पुत्ररूपेण संस्थितः॥ १४

श्रुत्वा तदा तां गगने समीरितां
वाचं शुभां स प्रमथैः समावृतः।
निहंतुकामः सुखितः कुमारको
दैत्याधिपं तारकमाश्वभूत्तदा॥ १५

शक्त्या तया महाबाहुराजघान स्तनांतरे।
कुमारः स्म रुषाविष्टस्तारकासुरमोजसा॥ १६

तं प्रहारमनादृत्य तारको दैत्यपुंगवः।
कुमारं चापि संक्रुद्धः स्वशक्त्या संजघान सः॥ १७

तेन शक्तिप्रहारेण शांकरिर्मूर्च्छितोऽभवत्।
मुहूर्ताच्चेतनां प्राप स्तूयमानो महर्षिभिः॥ १८

यथा सिंहो मदोन्मत्तो हन्तुकामस्तथासुरम्।
कुमारस्तारकं शक्त्या स जघान प्रतापवान्॥ १९

एवं परस्परं तौ हि कुमारश्चापि तारकः।
युयुधातेऽतिसंरब्धौ शक्तियुद्धविशारदौ॥ २०

अभ्यासपरमावास्तामन्योन्यं विजिगीषया।
पदातिनौ युध्यमानौ चित्ररूपौ तरस्विनौ॥ २१

विविधैर्घातपुंजैस्तावन्योन्यं विनिजघ्नतुः।
नानामार्गान्प्रकुर्वन्तौ गर्जन्तौ सुपराक्रमौ॥ २२

अवलोकपराः सर्वे देवगंधर्वकिन्नराः।
विस्मयं परमं जग्मुर्नोचुः किंचन तत्र ते॥ २३

न ववौ पवमानश्च निष्प्रभोऽभूद्दिवाकरः।
चचाल वसुधा सर्वा सशैलवनकानना॥ २४

समय सबै देवता, गन्धर्व, किन्नर त्यस युद्धलाई हेर्न लागे र परस्पर भन्न लागे—यस युद्धमा कसले जित्ला?॥ ११-१२॥

तब देवताहरूलाई सान्त्वना दिँदै आकाशवाणी भयो कि यस युद्धमा यी कुमारले तारकासुरको वध गर्ने छन्। हे देवगण हो! तपाईंहरू चिन्ता नगर्नुहोस्, सुखपूर्वक रहनुहोस्, तपाईंहरूका लागि शिव पुत्ररूपले स्थित हुनुभएका छन्॥ १३-१४॥

त्यस समय आकाशमार्गबाट आएको त्यस शुभ वाणीलाई सुनेर प्रमथगणहरूले घेरिएका कुमार अत्यन्त प्रसन्न भई दैत्यराज तारकासुरलाई मार्नका लागि तत्पर हुनुभयो॥ १५॥

त्यसपछि ती महाबाहुले क्रोधित भएर तारकासुरको छातीमा त्यस शक्ति नामक अस्त्रले बलपूर्वक आघात पुऱ्याउनुभयो। तब दैत्यश्रेष्ठ त्यस तारकासुरले पनि त्यस शक्तिको तिरस्कार गरी अत्यन्त कुपित भएर कुमारमाथि आफ्ना शक्तिले प्रहार गऱ्यो॥ १६-१७॥

त्यस शक्तिको प्रहारबाट कार्तिकेय मूर्च्छित हुनुभयो, पुनः केही बेरपश्चात् चेतनायुक्त हुनुभयो र महर्षिगण उहाँको स्तुति गर्न लागे॥ १८॥

मदोन्मत्त सिंहझैँ ती प्रतापी कुमारले तारकासुरको वध गर्ने इच्छाले शक्तिले त्यसमाथि प्रहार गर्नुभयो॥ १९॥

यस प्रकार शक्तियुद्धमा निपुण कुमार तथा तारकासुर क्रोधित भएर युद्ध गर्न लागे। [युद्धमा] परम अभ्यस्त ती दुवै एक-अर्कामाथि विजय प्राप्त गर्ने इच्छाले पैदलै पैताला चाल्दै ज्यादै तेजले युद्ध गरिरहेका थिए॥ २०-२१॥

दुवै अनेक प्रकारका घातहरू एक-अर्कामाथि प्रहार गरिरहेका थिए, एक-अर्काको छिद्र हेरिरहेका थिए, ती दुवै पराक्रमी गर्जना गरिरहेका थिए। सबै देवता, गन्धर्व तथा किन्नर युद्ध हेरिरहेका थिए, सबै आश्चर्यले चकित थिए र कोही कसैसित केही पनि भनिरहेका थिएनन्॥ २२-२३॥

त्यस समय हावा चल्न पनि बन्द भयो, सूर्यको कान्ति मलिन भयो र पर्वत एवं वनकुञ्जसहित सारा पृथ्वी काम्न थालिन्॥ २४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एतस्मिन्नन्तरे तत्र हिमालयमुखा धराः।
स्नेहार्दितास्तदा जग्मुः कुमारं च परीप्सवः॥ २५

यसै बीच हिमालय आदि सबै प्रमुख पर्वत स्नेहाभिभूत भएर कुमारको रक्षाका लागि त्यहाँ पुगे॥ २५॥

ततः स दृष्ट्वा तान्सर्वान्भयभीतांश्च शांकरिः।
पर्वतान्गिरिजापुत्रो बभाषे परिबोधयन्॥ २६

तब शंकर एवं पार्वतीका पुत्र कार्तिकेयले ती सबै पर्वतलाई भयभीत देखेर सम्झाउँदै भन्नुभयो—॥ २६॥

कुमार उवाच

मा खिद्यतां महाभागा मा चिंतां कुर्वतां नगाः।
घातयाम्यद्य पापिष्ठं सर्वेषां वः प्रपश्यताम्॥ २७

कुमार भन्नुहुन्छ—हे महाभाग पर्वतहरू हो! तपाईंहरू खेद नगर्नुहोस् र चिन्ता नगर्नुहोस्। तपाईंहरू सबैले हेर्दा-हेर्दै म यस पापीको वध गर्ने छु॥ २७॥

एवं समाश्वास्य तदा पर्वतान् निर्जरान् गणान्।
प्रणम्य गिरिजां शंभुमाददे शक्तिमुत्प्रभाम्॥ २८

तं तारकं हन्तुमनाः करशक्तिर्महाप्रभुः।
विरराज महावीरः कुमारः शंभुबालकः॥ २९

यस प्रकार उहाँले पर्वत, गण तथा देवताहरूलाई सान्त्वना दिएर गिरिजा एवं शम्भुलाई प्रणाम गरी अत्यन्त देदीप्यमान शक्ति हातमा लिनुभयो। त्यस तारकलाई मार्ने इच्छाले हातमा शक्ति लिनुभएका शम्भुपुत्र महावीर महाप्रभु कुमार त्यस समय अद्भुत शोभायमान भइरहनुभएको थियो॥ २८-२९॥

शक्त्या तया जघानाथ कुमारस्तारकासुरम्।
तेजसाढ्यः शंकरस्य लोकक्लेशकरं च तम्॥ ३०

पपात सद्यः सहसा विशीर्णाङ्गोऽसुरः क्षितौ।
तारकाख्यो महावीरः सर्वासुरगणाधिपः॥ ३१

कुमारेण हतः सोऽतिवीरः स खलु तारकः।
लयं ययौ च तत्रैव सर्वेषां पश्यतां मुने॥ ३२

यस प्रकार शंकरको तेजद्वारा सम्पन्न कुमार कार्तिकेयले लोकलाई क्लेश दिने त्यो तारकासुरमाथि त्यो शक्तिले प्रहार गर्नुभयो। तब सबै असुरगणहरूका अधिपति महावीर तारक नामक असुर सहसा छिन्न-भिन्न अंग भएर त्यसै क्षण पृथ्वीमा ढल्यो। हे मुनि! कार्तिकेयले यस प्रकार त्यस असुरको वध गर्नुभयो र त्यो पनि सबैले हेर्दा-हेर्दै त्यहीँ लयमा प्राप्त हुन गयो॥ ३०—३२॥

तथा तं पतितं दृष्ट्वा तारकं बलवत्तरम्।
न जघान पुनर्वीरः स गत्वा व्यसुमाहवे॥ ३३

हते तस्मिन्महादैत्ये तारकाख्ये महाबले।
क्षयं प्रणीता बहवोऽसुरा देवगणैस्तदा॥ ३४

महाबलवान् तारकलाई रणभूमिमा ढलेको देखेर वीर कार्तिकेयले पुनः त्यस प्राणविहीनमाथि प्रहार गर्नुभएन। तब त्यस तारक नामक महाबली महादैत्यको मृत्यु भएपछि देवगणहरूले असुरहरूलाई विनष्ट गरिदिए॥ ३३-३४॥

केचिद्भीताः प्रांजलयो बभूवुस्तत्र चाहवे।
छिन्नभिन्नांगकाः केचिन्मृता दैत्याः सहस्रशः॥ ३५

केचिज्जाताः कुमारस्य शरणं शरणार्थिनः।
वदन्तः पाहि पाहीति दैत्याः सांजलयस्तदा॥ ३६

केही युद्धमा भयभीत भएर हात जोड्न लागे, केही छिन्न-भिन्न अंगवाला भए र हजारौँ दैत्यले मृत्युवरण गरे। शरणको इच्छा भएका केही दैत्य हात जोडेर 'रक्षा गर्नुहोस्, रक्षा गर्नुहोस्'—यस्तो भन्दै कुमारको शरणमा गए॥ ३५-३६॥

कियन्तश्च हतास्तत्र कियन्तश्च पलायिताः।
पलायमाना व्यथितास्ताडिता निर्ज्जरैर्गणैः॥ ३७

केही मारिए, केही भागे र केही भाग्दाको समय देवताहरूद्वारा पिटिँदामा पीडित भए॥ ३७॥

सहस्रशः प्रविष्टास्ते पाताले च जिजीषवः।
पलायमानास्ते सर्वे भग्नाशा दैन्यमागताः॥ ३८

बाँच्ने इच्छा भएका हजारौँ दैत्य पाताललोकमा प्रवेश गरे र केही दीनतापूर्वक निराश भएर भागे॥ ३८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एवं सर्वं दैत्यसैन्यं भ्रष्टं जातं मुनीश्वर।
न केचित्तत्र संतस्थुर्गणदेवभयात्तदा॥ ३९

हे मुनीश्वर! यस प्रकार सम्पूर्ण दैत्यसेना विनष्ट हुन गयो। त्यस समय देवताहरू तथा गणहरूको भयले कुनै पनि असुर त्यहाँ टिक्न नसेनन्॥ ३९॥

आसीन्निष्कंटकं सर्वं हते तस्मिन्दुरात्मनि।
ते देवाः सुखमापन्नाः सर्वे शक्रादयस्तदा॥ ४०

त्यस दुरात्मा मारिएपछि सबैजना निष्कण्टक हुन गए र इन्द्रादि ती सबै देवता आनन्दमगन भए॥ ४०॥

एवं विजयमापन्नं कुमारं निखिलाः सुराः।
बभूवुर्युगपद् हृष्टास्त्रिलोकाश्च महासुखाः॥ ४१

यस प्रकार विजयलाई प्राप्त गर्नुहुने कुमार कार्तिकेयलाई देखेर सबै देवता एक साथ प्रसन्न भए एवं सारा त्रैलोक्य महासुखी हुन गयो॥ ४१॥

तदा शिवोऽपि तं ज्ञात्वा विजयं कार्तिकस्य च।
तत्राजगाम स मुदा सगणः प्रियया सह॥ ४२

त्यस समय [भगवान्] शंकर पनि कार्तिकेयको विजयको समाचार सुनेर आफ्ना गणहरू तथा पार्वतीका साथ प्रसन्नतापूर्वक त्यहाँ आइपुग्नुभयो॥ ४२॥

स्वात्मजं स्वाङ्कमारोप्य कुमारं सूर्यवर्चसम्।
लालयामास सुप्रीत्या शिवा च स्नेहसंकुला॥ ४३

स्नेहले भरिनुभएकी पार्वती सूर्य समान तेजस्वी आफ्नो पुत्र कुमारलाई काखमा लिएर अत्यन्त प्रीतिपूर्वक लाड-प्यार गर्न लाग्नुभयो॥ ४३॥

हिमालयस्तदागत्य स्वपुत्रैः परिवारितः।
सबन्धुस्सानुगः शंभुं तुष्टाव च शिवां गुहम्॥ ४४

त्यसै समय आफ्ना बन्धुहरू, अनुचरहरू र पुत्रहरूसहित हिमालय पनि त्यहाँ आएर शंकर, पार्वती तथा कुमारको स्तुति गर्न लागे॥ ४४॥

ततो देवगणाः सर्वे मुनयः सिद्धचारणाः।
तुष्टुवुः शांकरिं शंभुं गिरिजां तुषितां भृशम्॥ ४५

त्यसपछि सबै देवता, मुनि, सिद्ध एवं चारण शिव, शिवा एवं कुमारको स्तुति गर्न लागे॥ ४५॥

पुष्पवृष्टिं सुमहतीं चक्रुश्चोपसुरास्तदा।
जगुर्गंधर्वपतयो ननृतुश्चाप्सरोगणाः॥ ४६

देवादिकहरूले [आकाशमण्डलबाट] पुष्पहरूको वर्षा गरे, गन्धर्वपति गान गर्न लागे तथा अप्सराहरू नृत्य गर्न लागे॥ ४६॥

वादित्राणि तथा नेदुस्तदानीं च विशेषतः।
जयशब्दो नमः शब्दो बभूवोच्चैर्मुहुर्मुहुः॥ ४७

ततो मयाच्युतश्चापि संतुष्टोऽभूद्विशेषतः।
शिवं शिवां कुमारं च संतुष्टाव समादरात्॥ ४८

कुमारमग्रतः कृत्वा हरिकेन्द्रमुखाः सुराः।
चक्रुर्नीराजनं प्रीत्या मुनयश्चापरे तथा॥ ४९

त्यस समय विशेष रूपले बाजा बज्न लागे र उच्च स्वरले जयशब्द तथा नमःशब्दको उच्चारण वारम्वार हुन लाग्यो। तब मसँगै भगवान् विष्णु विशेष रूपले प्रसन्न हुनुभयो र उहाँले आदरपूर्वक शिव, शिवा एवं कुमारको स्तुति गर्नुभयो। यसपछि ब्रह्मा, विष्णु, इन्द्र आदि देवता, मुनि तथा अन्यजन कुमारलाई अघि लगाई प्रेमपूर्वक उहाँको आरती गर्न लागे॥ ४७—४९॥

गीतवादित्रघोषेण ब्रह्मघोषेण भूयसा।
तदोत्सवो महानासीत्कीर्तनं च विशेषतः॥ ५०

त्यस समय गीत-बाजाका शब्द तथा वेदध्वनिका उद्घोषबाट महान् उत्सव हुन लाग्यो र विशेष रूपले स्थान-स्थानमा कीर्तन हुन लाग्यो॥ ५०॥

गीतवाद्यैः सुप्रसन्नैस्तथा साञ्जलिभिर्मुने।
स्तूयमानो जगन्नाथः सर्वैर्देवगणैरभूत्॥ ५१

हे मुनि! त्यस समय प्रसन्न समस्त देवगणहरूले हात जोडेर गीत-वाद्यहरूद्वारा भगवान् शंकरको स्तुति गरे॥ ५१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततः स भगवान् रुद्रो भवान्या जगदंबया।
सर्वैः स्तुतो जगामाथ स्वगिरिं स्वगणैर्वृतः॥ ५२

त्यसपछि सबैद्वारा स्तुत्य तथा आफ्ना गणहरूले घेरिनुभएका भगवान् रुद्र जगज्जननी भवानीका साथ आफ्नो [निवासस्थान] कैलासपर्वतमा जानुभयो॥ ५२॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां चतुर्थे कुमारखण्डे तारकासुरवधदेवोत्सववर्णनं नाम दशमोऽध्यायः॥ १०॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको चतुर्थ कुमारखण्डमा तारकासुरवध तथा देवताहरूको उत्सववर्णन नामक दसौं अध्याय पूर्ण भयो॥ १०॥

अथैकादशोऽध्यायः

कार्तिकेयद्वारा बाण तथा प्रलम्ब आदि असुरको वध, कार्तिकेयचरित श्रवणको माहात्म्य

ब्रह्मोवाच

एतस्मिन्नन्तरे तत्र क्रौञ्चनामाचलो मुने।
आजगाम कुमारस्य शरणं बाणपीडितः॥ १
पलायमानो यो युद्धादसोढा तेज ऐश्वरम्।
तुतोदातीव स क्रौञ्चं कोट्यायुतबलान्वितः॥ २

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! यसै बीच बाण नामक राक्षसबाट पीडित भएर क्रौंच नामक एक पर्वत कुमार कार्तिकेयको शरणमा त्यहाँ आए। त्यो बाण नामक राक्षस तारक-संग्रामको समय कुमारको ऐश्वर्यशाली तेज सहन नसक्नुको फलस्वरूप दश हजार सैनिकहरूका साथ भागेको थियो, त्यसैले क्रौंचलाई अतिशय दुःख दिन लाग्यो॥ १-२॥

प्रणिपत्य कुमारस्य स भक्त्या चरणाम्बुजम्।
प्रेमनिर्भरया वाचा तुष्टाव गुहमादरात्॥ ३

ती क्रौंच पर्वत भक्तिपूर्वक कुमारका चरण-कमलहरूमा प्रणाम गरी प्रेममयी वाणीले आदरपूर्वक कार्तिकेयको स्तुति गर्न लागे॥ ३॥

क्रौंच उवाच

कुमार स्कंद देवेश तारकासुरनाशक।
पाहि मां शरणापन्नं बाणासुरनिपीडितम्॥ ४

क्रौंच भन्दछ—हे कुमार! हे स्कन्द! हे देवेश! हे तारकासुरको नाश गर्नेवाला! बाण नामक दैत्यबाट पीडित म शरणागतको रक्षा गर्नुहोस्॥ ४॥

संगरात्ते महासेन समुच्छिन्नः पलायितः।
न्यपीडयच्च माऽऽगत्य हा नाथ करुणाकर॥ ५

हे महासेन! त्यो बाण [तारकासुरसँगको संग्राममा] हजुरबाट भयभीत भएर भागेको थियो। हे नाथ! हे करुणाकर! त्यो अहिले आएर मलाई पीडित पारिरहेको छ॥ ५॥

तत्पीडितस्ते शरणमागतोऽहं सुदुःखितः।
पलायमानो देवेश शरजन्मन् दयां कुरु॥ ६

दैत्यं तं नाशय विभो बाणाह्वं मां सुखीकुरु।
दैत्यघ्नस्त्वं विशेषेण देवावनकरः स्वराट्॥ ७

हे देवेश! त्यसै बाण नामक राक्षसबाट पीडित भएर अत्यन्त दुःखित म भाग्दै हजुरको शरणमा आएको छु। हे शरजन्मन्! दया गर्नुहोस्। हे विभु! त्यस बाण नामक राक्षसको नाश गर्नुहोस् र मलाई सुखी पार्नुहोस्; हजुर विशेष रूपले दैत्यहरूलाई मार्नेवाला, देवरक्षक तथा स्वराट् हुनुहुन्छ॥ ६-७॥

ब्रह्मोवाच

इति क्रौंचस्तुतः स्कन्दः प्रसन्नो भक्तपालकः।
गृहीत्वा शक्तिमतुलां स्वां सस्मार शिवो धिया॥ ८
चिक्षेप तां समुद्दिश्य स बाणं शंकरात्मजः।
महाशब्दो बभूवाथ जज्वलुश्च दिशो नभः॥ ९

ब्रह्मा भन्नुहुन्छ—जब क्रौंचले यस प्रकार कुमारको स्तुति गरे, तब भक्तपालक ती कार्तिकेय प्रसन्न भई हातमा आफ्नो अनुपम शक्ति लिएर मनमा शिवको स्मरण गर्नुभयो। यसपछि ती शिवपुत्रले बाणलाई लक्ष्य गरी त्यसलाई छोडिदिनुभयो। त्यसबाट महान् आवाज भयो र आकाश एवं दसै दिशाहरू प्रज्वलित भए॥ ८-९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सबलं भस्मसात्कृत्वासुरं तं क्षणमात्रतः।
गुहोपकंठं शक्तिः सा जगाम परमा मुने॥ १०

ततः कुमारः प्रोवाच क्रौंचं गिरिवरं प्रभुः।
निर्भयः स्वगृहं गच्छ नष्टः स सबलोऽसुरः॥ ११

तच्छ्रुत्वा स्वामिवचनं मुदितो गिरिराट् तदा।
स्तुत्वा गुहं तदारातिं स्वधाम प्रत्यपद्यत॥ १२

ततः स्कन्दो महेशस्य मुदा स्थापितवान्मुने।
त्रीणि लिंगानि तत्रैव पापघ्नानि विधानतः॥ १३

प्रतिज्ञेश्वरनामादौ कपालेश्वरमादरात्।
कुमारेश्वरमेवाथ सर्वसिद्धिप्रदं त्रयम्॥ १४

पुनः सर्वेश्वरस्तत्र जयस्तंभसमीपतः।
स्तंभेश्वराभिधं लिंगं गुहः स्थापितवान्मुदा॥ १५

ततः सर्वे सुरास्तत्र विष्णुप्रभृतयो मुदा।
लिंगं स्थापितवन्तस्ते देवदेवस्य शूलिनः॥ १६

सर्वेषां शिवलिङ्गानां महिमाभूत्तदाद्भुतः।
सर्वकामप्रदश्चापि मुक्तिदो भक्तिकारिणाम्॥ १७

ततः सर्वे सुरा विष्णुप्रमुखाः प्रीतमानसाः।
ऐच्छन्गिरिवरं गन्तुं पुरस्कृत्य गुहं मुदा॥ १८

तस्मिन्नवसरे शेषपुत्रः कुमुदनामकः।
आजगाम कुमारस्य शरणं दैत्यपीडितः॥ १९

प्रलंबाख्योऽसुरो यो हि रणादस्मात्पलायितः।
स तत्रोपद्रवं चक्रे प्रबलस्तारकानुगः॥ २०

सोऽथ शेषस्य तनयः कुमुदोऽहिपतेर्महान्।
कुमारशरणं प्राप्तस्तुष्टाव गिरिजात्मजम्॥ २१

कुमुद उवाच

देवदेव महादेव वरतात महाप्रभो।
पीडितोऽहं प्रलंबेन त्वाऽहं शरणमागतः॥ २२

हे मुनि! क्षणमात्रमा नै सेनासहित त्यस असुरलाई जलाएर त्यो परम शक्ति पुनः कुमारका समक्षमा फर्केर आयो। त्यसपछि प्रभु कार्तिकेयले त्यस क्रौंच नामक पर्वतश्रेष्ठसित भन्नुभयो—अब तिमी निडर भएर आफ्नो घर जाऊ, सेनासहित त्यस असुरको अहिले नाश भइसक्यो॥ १०-११॥

तब स्वामी कार्तिकेयका यी वचन सुनेर पर्वतराज प्रसन्न भए र कुमारको स्तुति गरी आफ्नो स्थानमा गए। हे मुनि! त्यसपछि कार्तिकेयले प्रसन्न भएर त्यस स्थानमा महेश्वरको पापनाशक तीन लिंग विधिपूर्वक आदरका साथ स्थापित गर्नुभयो, ती तीन लिंगहरूमा प्रथमको नाम प्रतिज्ञेश्वर, दोस्रोको नाम कपालेश्वर र तेस्रोको नाम कुमारेश्वर हो—यी तीन सबै सिद्धिहरू दायक छन्। यसपछि ती सर्वेश्वरले त्यहीँ जय-स्तम्भको सन्निकट स्तम्भेश्वर नामक लिंगलाई प्रसन्नतापूर्वक स्थापित गर्नुभयो॥ १२—१५॥

यसपछि त्यहीँ विष्णु आदि सबै देवगणहरूले पनि प्रसन्नतापूर्वक देवाधिदेव शिवको लिंगको स्थापना गरे॥ १६॥

[त्यहाँ स्थापित] ती सबै लिंगहरूको ठुलो विचित्र महिमा छ, जुन सम्पूर्ण कामनाहरू प्रदान गर्ने तथा भक्ति गर्नेहरूलाई मोक्षदायक छ॥ १७॥

तब प्रसन्नचित्त भएका विष्णु आदि समस्त देवगण कार्तिकेयलाई अघि गरी कैलास पर्वतमा जाने विचार गर्न लागे। त्यसै समय शेषको कुमुद नामक पुत्र दैत्यहरूबाट पीडित भएर कुमारको शरणमा आए॥ १८-१९॥

प्रलम्ब नामक प्रबल असुर, जुन यसै युद्धबाट भागेको थियो, त्यो तारकासुरको अनुगामी त्यहाँ उपद्रव गर्न लाग्यो। नागराज शेषको त्यो कुमुद नामक पुत्र अत्यन्त महान् थियो, जो कुमारको शरणमा प्राप्त भएर ती गिरिजापतिपुत्रको स्तुति गर्न लागे॥ २०-२१॥

कुमुद भन्दछ—हे देवदेव! हे महादेवका श्रेष्ठ पुत्र! हे तात! हे महाप्रभु! म प्रलम्बासुरबाट पीडित भएर हजुरको शरणमा आएको छु। हे कुमार! हे स्कन्द! हे देवेश! हे तारकशत्रु! हे महाप्रभु! हजुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पाहि मां शरणापन्नं प्रलंबासुरपीडितम्।
कुमार स्कन्द देवेश तारकारे महाप्रभो॥ २३

त्वं दीनबंधुः करुणासिन्धुरानतवत्सलः।
खलनिग्रहकर्ता हि शरण्यश्च सतां गतिः॥ २४

कुमुदेन स्तुतश्चेत्थं विज्ञप्तस्तद्वधाय हि।
स्वाञ्च शक्तिं स जग्राह स्मृत्वा शिवपदांबुजौ॥ २५

चिक्षेप तां समुद्दिश्य प्रलंबं गिरिजासुतः।
महाशब्दो बभूवाथ जज्वलुश्च दिशो नभः॥ २६

तं सायुतबलं शक्तिर्द्रुतं कृत्वा च भस्मसात्।
गुहोपकंठं सहसाजगामाक्लिष्टकारिणी॥ २७

ततः कुमारः प्रोवाच कुमुदं नागबालकम्।
निर्भयः स्वगृहं गच्छ नष्टः स सबलोऽसुरः॥ २८

तच्छ्रुत्वा गुहवाक्यं स कुमुदोऽहिपतेः सुतः।
स्तुत्वा कुमारं नत्वा च पातालं मुदितो ययौ॥ २९

एवं कुमारविजयं वर्णितं ते मुनीश्वर।
चरितं तारकवधं परमाश्चर्यकारकम्॥ ३०

सर्वपापहरं दिव्यं सर्वकामप्रदं नृणाम्।
धन्यं यशस्यमायुष्यं भुक्तिमुक्तिप्रदं सताम्॥ ३१

ये कीर्तयन्ति सुयशोऽमितभाग्ययुता नराः।
कुमारचरितं दिव्यं शिवलोकं प्रयांति ते॥ ३२

श्रोष्यंति ये च तत्कीर्तिं भक्त्या श्रद्धान्विता जनाः।
मुक्तिं प्राप्स्यन्ति ते दिव्यामिह भुक्त्वा परं सुखम्॥ ३३

प्रलम्बासुरबाट पीडित भएको म शरणागतको रक्षा गर्नुहोस्। हजुर दीनबन्धु, करुणासागर, भक्तवत्सल, दुष्टहरूलाई दण्डित गर्नुहुने, शरणदाता तथा सज्जन-हरूका गति हुनुहुन्छ॥ २२—२४॥

जब कुमुदले यस प्रकार स्तुति गरे तथा दैत्यको वधका लागि निवेदन गरे, तब उहाँले शंकरका चरणकमलहरूको ध्यान गरी आफ्नो शक्ति हातमा लिनुभयो॥ २५॥

गिरिजापुत्रले प्रलम्बलाई लक्ष्य गरी शक्ति छोड्नुभयो। त्यस समय महान् आवाज भयो र सबै दिशाहरू तथा आकाश बल्न लाग्यो। अद्भुत कर्म गर्ने त्यो शक्ति दश हजार सेनासहित त्यस प्रलम्बलाई तत्काल जलाएर कार्तिकेयका समक्षमा सहसा आयो। त्यसपछि कुमारले शेषपुत्र कुमुदसित भन्नुभयो—त्यो असुर आफ्ना अनुचरहरूसहित मारियो, अब तिमी निडर भएर आफ्नो घर जाऊ॥ २६—२८॥

तब नागराजका पुत्र कुमुद कुमारको त्यो वचन सुनेर उहाँको स्तुति गरी उहाँलाई प्रणाम गरी प्रसन्न भएर पाताललोकमा गए॥ २९॥

हे मुनीश्वर! यस प्रकार मैले तपाईंसित कुमारको विजय, उहाँको चरित्र तथा परमाश्चर्यकारक तारकवधको वर्णन गरिदिएँ। यो [आख्यान] सम्पूर्ण पापहरूलाई भगाउने दिव्य तथा मनुष्यहरूका समस्त कामनालाई पूर्ण गर्नेवाला, धन्य, यशस्वी बनाउने, आयु बढाउने र सज्जनहरूलाई भोग तथा मुक्ति प्रदान गर्ने खालको छ। जो मनुष्य कुमारको यस दिव्य चरित्रको कीर्तन गर्दछन्, ती महान् यश तथा महाभाग्यले युक्त हुन्छन् र [अन्तमा] शिवलोकमा जान्छन्। जो मनुष्य श्रद्धा र भक्तिका साथ उहाँको यस कीर्तिलाई सुन्ने छन्, तिनले यस लोकमा परम सुख भोगेर अन्तमा दिव्य मुक्ति प्राप्त गर्ने छन्॥ ३०—३३॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां चतुर्थे कुमारखण्डे बाणप्रलंबवधकुमार-विजयवर्णनं नामैकादशोऽध्यायः॥ ११॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको चतुर्थ कुमारखण्डमा बाणप्रलम्बवध तथा कुमारविजयवर्णन नामक एघारौँ अध्याय पूर्ण भयो॥ ११॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ द्वादशोऽध्यायः

विष्णु आदि देवताहरू तथा पर्वतहरूद्वारा कार्तिकेयको स्तुति र वरप्राप्ति, देवताहरूका साथ कुमारको कैलासगमन, कुमारलाई देखेर शिव-पार्वती आनन्दित हुनु, देवताहरूद्वारा शिवस्तुति

ब्रह्मोवाच

निहतं तारकं दृष्ट्वा देवा विष्णुपुरोगमाः।
तुष्टुवुः शांकरिं भक्त्या सर्वेऽन्ये मुदिताननाः॥ १

ब्रह्मा भन्नुहुन्छ—तारकलाई मृत देखेर विष्णु आदि देवता तथा अन्य सबैजना प्रसन्नमुख भएर भक्तिपूर्वक कुमारको स्तुति गर्न लागे॥ १॥

देवा ऊचुः

नमः कल्याणरूपाय नमस्ते विश्वमंगल।
विश्वबंधो नमस्तेऽस्तु नमस्ते विश्वभावन॥ २

देवता भन्दछन्—कल्याणरूप हजुरलाई नमस्कार छ। हे विश्वमंगल! हजुरलाई नमस्कार छ। हे विश्वबन्धु! हे विश्वभावन! हजुरलाई नमस्कार छ॥ २॥

नमोऽस्तु ते दानववर्यहन्त्रे
बाणासुरप्राणहराय देव।
प्रलंबनाशाय पवित्ररूपिणे
नमो नमः शंकरतात तुभ्यम्॥ ३
त्वमेव कर्त्ता जगतां च भर्त्ता
त्वमेव हर्त्ता शुचिज प्रसीद।
प्रपञ्चभूतस्तव लोकबिंबः
प्रसीद शम्भ्वात्मज दीनबंधो॥ ४

ठुला-ठुला दैत्यहरूको वध गर्नुहुने, बाणासुरको प्राण हरण गर्नुहुने तथा प्रलम्बासुरको वध गर्नुहुने हे देव! हजुरलाई नमस्कार छ। हे शंकरपुत्र! हजुर पवित्ररूपलाई बारम्बार नमस्कार छ। हे अग्निदेवका पुत्र! हजुर नै यस जगत्का कर्ता, भर्ता तथा हर्ता हुनुहुन्छ। हजुर [हामीहरूप्रति] प्रसन्न हुनुहोस्। यो लोकबिम्ब हजुरकै प्रपंच हो, हे शम्भुपुत्र! हे दीनबन्धु! हजुर प्रसन्न हुनुहोस्॥ ३-४॥

देवरक्षाकर स्वामिन् रक्ष नः सर्वदा प्रभो।
देवप्राणावनकर प्रसीद करुणाकर॥ ५

हे देवरक्षक! हे स्वामी! हे प्रभु! हामीहरूको सर्वदा रक्षा गर्नुहोस्। हे देवताहरूको प्राणको रक्षा गर्नेवाला! हे करुणाकर! प्रसन्न हुनुहोस्॥ ५॥

हत्वा त्वं तारकं दैत्यं परिवारयुतं विभो।
मोचिताः सकला देवा विपद्भ्यः परमेश्वर॥ ६

हे विभु! हे परमेश्वर! हजुरले परिवारयुक्त तारकासुरको वध गरी सबै देवतालाई विपदहरूबाट मुक्त गरिदिनुभयो॥ ६॥

ब्रह्मोवाच

एवं स्तुतः कुमारोऽसौ देवैर्विष्णुमुखैः प्रभुः।
वरान्ददावभिनवान्सर्वेभ्यः क्रमशो मुने॥ ७
शैलान्निरीक्ष्य स्तुवतः ततः स गिरिशात्मजः।
सुप्रसन्नतरो भूत्वा प्रोवाच प्रददद् वरान्॥ ८

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! यस प्रकार विष्णु आदि देवताहरूले ती कुमारको स्तुति गरे, तब उहाँले सबै देवताहरूलाई क्रमशः नयाँ-नयाँ वर दिनुभयो। यसपछि ती शिवपुत्रले स्तुति गरिरहेका पर्वतहरूलाई देखेर अत्यन्त प्रसन्न भई उनीहरूलाई वर दिँदै भन्नुभयो— ॥ ७-८॥

स्कन्द उवाच

यूयं सर्वे पर्वता हि पूजनीयास्तपस्विभिः।
कर्मिभिर्ज्ञानिभिश्चैव सेव्यमाना भविष्यथ॥ ९
शंभोर्विशिष्टरूपाणि लिंगरूपाणि चैव हि।
भविष्यथ न संदेहः पर्वता वचनान्मम॥ १०
योऽयं मातामहो मेऽद्य हिमवान्पर्वतोत्तमः।
तपस्विनां महाभागः फलदो हि भविष्यति॥ ११

स्कन्द भन्नुहुन्छ—तिमीहरू सबै पर्वत तपस्वीहरू कर्मकाण्ड गर्नेहरू तथा ज्ञानीहरूबाट सदा पूजित तथा सेवित रहने छौ। हे पर्वतहरू हो! मेरो वचनले तिमीहरू शिवको विशिष्टरूप तथा उहाँको लिंगरूपले प्रतिष्ठित रहने छौ, यसमा सन्देह छैन। यी पर्वतोत्तम महाभाग, जो मेरा मावली हजुरबा हिमालय छन्, ती तपस्वीहरूलाई फल दिनेवाला हुने छन्॥ ९—११॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवा ऊचुः

एवं दत्त्वा वरान् हत्वा तारकं चासुराधिपम्।
त्वया कृताश्च सुखिनो वयं सर्वे चराचराः॥ १२
इदानीं खलु सुप्रीत्या कैलासं गिरिशालयम्।
जननीजनकौ द्रष्टुं शिवाशंभू त्वमर्हसि॥ १३

देवता भन्दछन्—यस प्रकार हजुरले असुराधिपति तारकको वध गरी तथा वर दिएर चराचरसहित हामी सबैलाई सुखी तुल्याउनुभएको छ। अब हजुर आफ्ना माता-पिता पार्वती तथा शिवको दर्शन गर्नका लागि प्रेमपूर्वक शिवको घर कैलासका लागि प्रस्थान गर्नुहोस्॥ १२-१३॥

ब्रह्मोवाच

इत्युक्त्वा निखिला देवा विष्ण्वाद्याः प्राप्तशासनाः।
कृत्वा महोत्सवं भूरि सकुमारा ययुर्गिरिम्॥ १४

ब्रह्मा भन्नुहुन्छ—यस्तो भनेर विष्णु आदि सबै देवता कार्तिकेयको आज्ञाले ज्यादै ठुलो महोत्सव गरी कुमारलाई लिएर कैलासतर्फ प्रस्थान गरे॥ १४॥

कुमारे गच्छति विभौ कैलासं शंकरालयम्।
महामंगलमुत्तस्थौ जयशब्दो बभूव ह॥ १५

सर्वव्यापक कार्तिकेय कैलासतर्फ प्रस्थान गर्नुभए पछि महामंगल देखिन लाग्यो र जय-जयकारको शब्द हुन लाग्यो॥ १५॥

आरुरोह कुमारोऽसौ विमानं परमर्द्धिमत्।
सर्वतोलंकृतं रम्यं सर्वोपरि विराजितम्॥ १६

ती कुमार सम्पूर्ण ऋद्धिहरूले युक्त, सबैतिरबाट अलंकृत, मनोहर तथा सर्वोपरि विमानमा चढ्नुभयो॥ १६॥

अहं विष्णुश्च समुदौ तदा चामरधारिणौ।
गुहमूर्ध्नि महाप्रीत्या मुनेऽभूवं ह्यतन्द्रितौ॥ १७
इन्द्राद्या अमराः सर्वे कुर्वन्तो गुहसेवनम्।
यथोचितं चतुर्दिक्षु जग्मुश्च प्रमुदास्तदा॥ १८

हे मुनि! अति प्रसन्न म र विष्णु बडो सावधानीकासाथ प्रेमपूर्वक उनीमाथि चामर डुलाउन लाग्यौँ र इन्द्रादि सबै देवता चारैतिरबाट प्रीतिपूर्वक कुमारको यथायोग्य सेवा गर्दै जान लागे॥ १७-१८॥

शंभोर्जयं प्रभाषन्तः प्रापुस्ते शंभुपर्वतम्।
सानंदा विविशुस्तत्रोच्चरितो मंगलध्वनिः॥ १९

यस प्रकार ती सबै शिवका लागि जय-जयकार शब्दको उच्चारण गर्दै मंगलध्वनिपूर्वक बडो आनन्दका साथ कैलासपर्वतमा पुगे॥ १९॥

दृष्ट्वा शिवं शिवां चैव सर्वे विष्ण्वादयो द्रुतम्।
प्रणम्य शंकरं भक्त्या करौ बद्ध्वा विनम्रकाः॥ २०

विष्णु आदि सबैजन त्यहाँ शिवा-शिवको दर्शन गरी शीघ्रतापूर्वक उहाँहरूलाई भक्तिपूर्वक प्रणाम गरी हात जोडेर उहाँहरूको सम्मुख शिर झुकाउँदै उभिए॥ २०॥

कुमारोऽपि विनीतात्मा विमानादवतीर्य च।
प्रणनाम मुदा शंभुं शिवां सिंहासनस्थिताम्॥ २१
अथ दृष्ट्वा कुमारं तं तनयं प्राणवल्लभम्।
तौ दंपती शिवौ देवौ मुमुदातेऽति नारद॥ २२

विनीतात्मा कुमारले पनि विमानबाट उत्रेर सिंहासनमा विराजमान पार्वतीलाई तथा शिवलाई प्रसन्नतापूर्वक प्रणाम गर्नुभयो। हे नारद! तब आफ्नो प्राणप्रिय त्यस पुत्र कुमारलाई देखेर ती दुवै दम्पती शिव-पार्वती ज्यादै प्रसन्न भए॥ २१-२२॥

महाप्रभुः समुत्थाप्य तमुत्संगे न्यवेशयत्।
मूर्ध्नि जघ्रौ मुदा स्नेहात्तं पस्पर्श करेण ह॥ २३
महानंदभरः शंभुश्चकार मुखचुंबनम्।
कुमारस्य महास्नेहात् तारकारेर्महाप्रभोः॥ २४

महाप्रभुले उहाँलाई उचालेर काखमा बसाउनुभयो, प्रसन्नता-पूर्वक उहाँको शिर सुँघ्नुभयो र स्नेहपूर्वक हातले स्पर्श गर्नुभयो। शिवले अत्यधिक आनन्दविभोर भई तारकासुरका शत्रु ती महाप्रभु कुमारको मुख चुम्नुभयो॥ २३-२४॥

शिवापि तं समुत्थाप्य स्वोत्संगे संन्यवेशयत्।
कृत्वा मूर्ध्नि महास्नेहात् तन्मुखाब्जं चुचुम्ब ह॥ २५

यसै प्रकार पार्वतीले पनि उहाँलाई उचालेर काखमा लिई शिर सुँघेर उहाँको मुखमण्डल चुम्नुभयो॥ २५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तयोस्तदा महामोदो ववृधेऽतीव नारद।
दंपत्योः शिवयोस्तात भवाचारं प्रकुर्वतोः॥ २६

तदोत्सवो महानासीन्नानाश्चर्यः शिवालये।
जयशब्दो नमश्शब्दो बभूवातीव सर्वतः॥ २७

ततः सुरगणाः सर्वे विष्ण्वाद्या मुनयस्तथा।
सुप्रणम्य मुदा शंभुं तुष्टुवुः सशिवं मुने॥ २८

देवा ऊचुः

देवदेव महादेव भक्तानामभयप्रद।
नमो नमस्ते बहुशः कृपाकर महेश्वर॥ २९

अद्भुता ते महादेव महालीला सुखप्रदा।
सर्वेषां शंकर सतां दीनबंधो महाप्रभो॥ ३०

वयं मूढधियश्चाज्ञाः पूजायां ते सनातनम्।
आवाहनं न जानीमो गतिं नैव प्रभोद्भुताम्॥ ३१

गंगासलिलधाराय ह्याधाराय गुणात्मने।
नमस्ते त्रिदशेशाय शंकराय नमो नमः॥ ३२

वृषांकाय महेशाय गणानां पतये नमः।
सर्वेश्वराय देवाय त्रिलोकपतये नमः॥ ३३

संहर्त्रे जगतां नाथ सर्वेषां ते नमो नमः।
भर्त्रे कर्त्रे च देवेश त्रिगुणेशाय शाश्वते॥ ३४

विसंगाय परेशाय शिवाय परमात्मने।
निष्प्रपंचाय शुद्धाय परमायाव्ययाय च॥ ३५

दण्डहस्ताय कालाय पाशहस्ताय ते नमः।
वेदमंत्रप्रधानाय शतजिह्वाय ते नमः॥ ३६

भूतं भव्यं भविष्यं च स्थावरं जंगमं च यत्।
तव देहात्समुत्पन्नं सर्वथा परमेश्वर॥ ३७

पाहि नः सर्वदा स्वामिन्प्रसीद भगवन्प्रभो।
वयं ते शरणापन्नाः सर्वथा परमेश्वर॥ ३८

हे बाबु नारद! त्यस समय लौकिक आचार गर्दै गरेका ती पति–पत्नी शिव–पार्वतीलाई महान् आनन्द प्राप्त भयो॥ २६॥

त्यस समय शिवको घरमा अनेक प्रकारका महान् उत्सव हुन लाग्यो र चारैतिर जय–जयकार एवं नमः शब्द हुन लाग्यो। त्यसपछि हे मुनि! ती विष्णु आदि सबै देवता एवं मुनिगण प्रसन्नतापूर्वक शिवलाई प्रणाम गरी उहाँको स्तुति गर्न लागे॥ २७–२८॥

देवता भन्दछन्—हे देवदेव! हे महादेव! हे भक्तहरूलाई अभय प्रदान गर्नुहुने प्रभु! हजुरलाई नमस्कार छ, हे महेश्वर! हजुर हामीहरूप्रति कृपा गर्नुहोस्। हे महादेव! हे शंकर! हे दीनबन्धु! हे महाप्रभु! हजुरका लीला अद्भुत छन् तथा सबै सज्जनहरूलाई सुख दिने खालका छन्॥ २९–३०॥

हे प्रभु! हामी मूर्खबुद्धि तथा अज्ञानीजन पूजामा हजुरको सनातन आवाहनलाई तथा हजुरको अद्भुत गतिलाई जान्दैनौँ। गंगाजललाई धारण गर्नुहुने, सबका आधार, गुणस्वरूप, हजुर देवेश्वरलाई नमस्कार छ। हजुर शंकरलाई बारम्बार नमस्कार छ। हजुर वृषभध्वज, महेश्वर, गणाधिपतिलाई नमस्कार छ। हजुर सर्वेश्वर एवं त्रिलोकपति देवलाई नमस्कार छ। हे नाथ! हे देवेश! सबै लोकहरूलाई संहार गर्नुहुने, सृष्टिकर्ता, पोषण गर्नुहुने, त्रिगुणेश तथा शाश्वत हजुरलाई नमस्कार छ॥ ३१—३४॥

निःसंग, परमेश्वर, शिव, परमात्मा, निष्प्रपंच, शुद्ध, परम, अव्यय, हातमा दण्ड धारण गर्नुहुने, कालस्वरूप, हातमा पाश धारण गर्नुहुने हजुरलाई नमस्कार छ। वेदमन्त्रहरूमा प्रधान तथा सयकडौँ जीभ्रो भएका हजुरलाई नमस्कार छ॥ ३५–३६॥

हे परमेश्वर! भूत, भविष्य, वर्तमान—तीनवटै काल तथा स्थावर–जंगमात्मक जे जति पनि छन्, ती सर्वथा हजुरको विग्रहबाट उत्पन्न भएका छन्। हे स्वामी! हे भगवन्! हे प्रभु! हामीहरूप्रति प्रसन्न हुनुहोस् र सर्वदा हामीहरूको रक्षा गर्नुहोस्। हे परमेश्वर! हामीहरू सबै प्रकारले हजुरको शरणागत छौँ॥ ३७–३८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शितिकण्ठाय रुद्राय स्वाहाकाराय ते नमः।
अरूपाय सरूपाय विश्वरूपाय ते नमः॥ ३९

शिवाय नीलकंठाय चिताभस्मांगधारिणे।
नित्यं नीलशिखंडाय श्रीकण्ठाय नमो नमः॥ ४०

सर्वप्रणतदेहाय संयमप्रणताय च।
महादेवाय शर्वाय सर्वार्चितपदाय च॥ ४१

त्वं ब्रह्मा सर्वदेवानां रुद्राणां नीललोहितः।
आत्मा च सर्वभूतानां सांख्यैः पुरुष उच्यसे॥ ४२

पर्वतानां सुमेरुस्त्वं नक्षत्राणां च चन्द्रमाः।
ऋषीणां च वसिष्ठस्त्वं देवानां वासवस्तथा॥ ४३

ॐकारस्सर्ववेदानां त्राता भव महेश्वर।
त्वं च लोकहितार्थाय भूतानि परिषिञ्चसि॥ ४४

महेश्वर महाभाग शुभाशुभनिरीक्षक।
आप्यायास्मान्हि देवेश कर्तॄन्वै वचनं तव॥ ४५

रूपकोटिसहस्रेषु रूपकोटिशतेषु ते।
अन्तं गन्तुं न शक्ताः स्म देवदेव नमोऽस्तु ते॥ ४६

ब्रह्मोवाच

इति स्तुत्वाऽखिला देवा विष्ण्वाद्याः प्रमुखस्थिताः।
मुहुर्मुहुस्सुप्रणम्य स्कन्दं कृत्वा पुरस्सरम्॥ ४७
देवस्तुतिं समाकर्ण्य शिवः सर्वेश्वरः स्वराट्।
सुप्रसन्नो बभूवाथ विजहास दयापरः॥ ४८
उवाच सुप्रसन्नात्मा विष्ण्वादीन्सुरसत्तमान्।
शंकरः परमेशानो दीनबंधुः सतां गतिः॥ ४९

शिव उवाच

हे हरे हे विधे देवा वाक्यं मे शृणुतादरात्।
सर्वथाऽहं सतां त्राता देवानां वः कृपानिधिः॥ ५०

दुष्टहन्ता त्रिलोकेशः शंकरो भक्तवत्सलः।
कर्ता भर्ता च हर्ता च सर्वेषां निर्विकारवान्॥ ५१

यदा यदा भवेद्दुःखं युष्माकं देवसत्तमाः।
तदा तदा मां यूयं वै भजन्तु सुखहेतवे॥ ५२

शितिकण्ठ, रुद्र एवं स्वाहाकाररूप हजुरलाई नमस्कार छ। निराकार, साकार एवं विश्वरूप हजुरलाई नमस्कार छ। शिव, नीलकण्ठ, अंगमा सदा चिताको भस्म धारण गर्नुहुने, नीलशिखण्ड एवं श्रीकण्ठ हजुरलाई पटक-पटक नमस्कार छ॥ ३९-४०॥

सबद्वारा प्रणम्य देह भएका, संयम धारण गर्नेहरूप्रति कृपा गर्नुहुने, महादेव, सबका संहारकारक तथा सबैद्वारा पूजित चरण भएका हजुरलाई नमस्कार छ॥ ४१॥

हजुर सबै देवगणहरूमा ब्रह्मा हुनुहुन्छ, रुद्रहरूमा नीललोहित हुनुहुन्छ तथा सबै जीवधारीहरूमा आत्मा हुनुहुन्छ। सांख्यमतावलम्बी हजुरलाई पुरुष भन्छन्। हजुर पर्वतहरूमा सुमेरु, नक्षत्रहरूमा चन्द्रमा, ऋषिहरूमा वसिष्ठ तथा देवताहरूमा इन्द्र हुनुहुन्छ॥ ४२-४३॥

हजुर सबै वेदहरूमा ॐकारस्वरूप हुनुहुन्छ। हे महेश्वर! हामीहरूको रक्षा गर्नुहोस्। हजुर लोकहितका लागि प्राणीहरूको पालन गर्नुहुन्छ। हे महेश्वर! हे महाभाग! हे शुभाशुभ देख्नुहुने! हे देवेश! हजुरको आज्ञा पालन गर्ने हामी देवताहरूको रक्षा गर्नुहोस्॥ ४४-४५॥

हामीहरू हजुरको सहस्रकोटि तथा शतकोटि-स्वरूपको अन्त पाउनमा समर्थ छैनौँ। हे देवदेव! हजुरलाई नमस्कार छ॥ ४६॥

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार विष्णु आदि समस्त देवता स्तुति गरी बारम्बार शिवलाई प्रणाम गरी उहाँको सम्मुख खडा भए॥ ४७॥

देवगणहरूको स्तुति सुनेर सर्वेश्वर स्वराट् दयालु शिव प्रसन्न हुनुभयो र हाँस्न लाग्नुभयो॥ ४८॥

यसपछि प्रसन्न भएर ती दीनबन्धु, परमेश्वर, सत्पुरुषहरूलाई गति दिनुहुने भगवान् शंकर विष्णु आदि देवताहरूसित भन्न लाग्नुभयो—॥ ४९॥

शिव भन्नुहुन्छ—हे हरि! हे विधि! हे देवगण हो! तपाईंहरू आदरपूर्वक मेरो वचन सुन्नुहोस्, म सब प्रकारले सज्जनहरूको रक्षक, तपाईं देवगणहरूका लागि दयानिधि, दुष्टहरूको संहारक, त्रिलोकेश, सबैको कल्याण गर्ने, भक्तवत्सल, सबैको कर्ता-भर्ता-हर्ता एवं विकाररहित हुँ। देवसत्तम हो! जब-जब तपाईंहरूमाथि विपत्ति आउँछ, तब-तब सुखप्राप्तिका लागि तपाईंहरू मेरो भजन गर्ने गर्नुहोस्॥ ५०—५२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

इत्याज्ञप्तास्तदा देवा विष्ण्वाद्याः समुनीश्वराः।
शिवां प्रणम्य सशिवं कुमारं च मुदान्विताः॥ ५३
कथयंतो यशो रम्यं शिवयोः शांकरेश्च तत्।
आनन्दं परमं प्राप्य स्वधामानि ययुर्मुने॥ ५४
शिवोऽपि शिवया सार्द्धं सगणः परमेश्वरः।
कुमारेण युतः प्रीत्योवास तस्मिन् गिरौ मुदा॥ ५५
इत्येवं कथितं सर्वं कौमारं चरितं मुने।
शैवं च सुखदं दिव्यं किमन्यच्छ्रोतुमिच्छसि॥ ५६

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! त्यसपछि मुनीश्वरहरू-सहित विष्णु आदि देवता शिवको आज्ञा लिएर पार्वती, परमेश्वर एवं कुमारलाई प्रणाम गरी प्रसन्न भएर पार्वती-शिव एवं कुमारको रम्य यशको वर्णन गर्दै परम आनन्द प्राप्त गरी आ-आफ्नो स्थानमा गए॥ ५३-५४॥

हे मुनि! शिव पनि आफ्ना गणहरू, कुमार कार्तिकेय एवं पार्वतीका साथ प्रीतिपूर्वक आनन्दित भएर त्यस पर्वतमा निवास गर्न लाग्नुभयो। हे मुनि! यस प्रकार मैले कुमार कार्तिकेयको तथा शिवको सम्पूर्ण चरित, जुन सुखदायक तथा दिव्य छ, तपाईंहरूसित भनिदिएँ, अब अरू के सुन्न चाहनुहुन्छ?॥ ५५-५६॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां चतुर्थे कुमारखण्डे स्वामिकार्तिकचरितगर्भितशिवाशिवचरितवर्णनं नाम द्वादशोऽध्यायः॥ १२॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको चतुर्थ कुमारखण्डमा स्वामिकार्तिकचरित-गर्भितशिवाशिवचरितवर्णन नामक बाह्रौं अध्याय पूर्ण भयो॥ १२॥

अथ त्रयोदशोऽध्यायः

गणेशोत्पत्तिको आख्यान, पार्वतीले आफ्नो पुत्र गणेशलाई आफ्नो द्वारमा नियुक्त गर्नु, शिव र गणेशको वार्तालाप

सूत उवाच

तारकारेरिति श्रुत्वा वृत्तमद्भुतमुत्तमम्।
नारदः सुप्रसन्नोऽथ पप्रच्छ प्रीतितो विधिम्॥ १

सूत भन्नुहुन्छ—तारकका शत्रु कुमारको अद्भुत तथा उत्तम चरित्रलाई सुनेर प्रसन्न भएका नारदले ब्रह्मासित प्रीतिपूर्वक सोध्नुभयो॥ १॥

नारद उवाच

देवदेव प्रजानाथ शिवज्ञाननिधे मया।
श्रुतं कार्तिकसद्वृत्तममृतादपि चोत्तमम्॥ २
अधुना श्रोतुमिच्छामि गाणेशं वृत्तमुत्तमम्।
तज्जन्मचरितं दिव्यं सर्वमंगलमंगलम्॥ ३

नारद भन्नुहुन्छ—हे देवदेव! हे प्रजानाथ! हे शिवज्ञाननिधि! मैले हजुरबाट कार्तिकेयको अमृतभन्दा पनि उत्तम चरित्र सुनैं। अब म गणेशको उत्तम चरित्र सुन्न चाहन्छु। उहाँको जन्म एवं चरित्र [अत्यन्त] दिव्य तथा सबै मंगलहरूलाई पनि मंगल गर्ने खालको छ॥ २-३॥

सूत उवाच

इत्याकर्ण्य वचस्तस्य नारदस्य महामुनेः।
प्रसन्नमानसो ब्रह्मा प्रत्युवाच शिवं स्मरन्॥ ४

सूत भन्नुहुन्छ—ती महामुनि नारदका यी वचन सुनेर ब्रह्मा प्रसन्नचित्त हुनुभयो र शिवको स्मरण गर्दै भन्न लाग्नुभयो—॥ ४॥

ब्रह्मोवाच

कल्पभेदाद्गणेशस्य जनिः प्रोक्ता विधेः परात्।
शनिदृष्टं शिरश्छिन्नं संचितं गाजमाननम्॥ ५

ब्रह्मा भन्नुहुन्छ—कल्पको भेदबाट गणेशको जन्म ब्रह्माभन्दा पनि पहिला बताइएको छ। एक समय शनिको दृष्टि पर्नाले उहाँको शिर काटियो र त्यसमाथि हात्तीको शिर जोडियो। अब म श्वेतकल्पमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इदानीं श्वेतकल्पोक्ता गणेशोत्पत्तिरुच्यते।
यत्र च्छिन्नं शिरस्तस्य शिवेन च कृपालुना॥ ६

संदेहो नात्र कर्तव्यः शंकरस्सूतिकृन्मुने।
स हि सर्वाधिपः शंभुर्निर्गुणः सगुणोऽपि हि॥ ७

तल्लीलयाखिलं विश्वं सृज्यते पाल्यते तथा।
विनाश्यते मुनिश्रेष्ठ प्रस्तुतं शृणु चादरात्॥ ८

उद्वाहिते शिवे चात्र कैलासं च गते सति।
कियता चैव कालेन जातो गणपतेर्भवः॥ ९

एकस्मिन्नेव काले च जया च विजया सखी।
पार्वत्या च मिलित्वा वै विचारे तत्पराभवत्॥ १०

रुद्रस्य च गणाः सर्वे शिवस्याज्ञापरायणाः।
ते सर्वेऽप्यस्मदीयाश्च नन्दिभृंगिपुरस्सराः॥ ११

प्रमथास्ते ह्यसंख्याता अस्मदीयो न कश्चन।
द्वारि तिष्ठन्ति ते सर्वे शंकराज्ञापरायणाः॥ १२

ते सर्वेऽप्यस्मदीयाश्च तथापि न मिलेन्मनः।
एकश्चैवास्मदीयो हि रचनीयस्त्वयानघे॥ १३

ब्रह्मोवाच

इत्युक्ता पार्वती देवी सखीभ्यां सुन्दरं वचः।
हितं मेने तदा तच्च कर्तुं स्माप्यध्यवस्यति॥ १४

ततः कदाचिन्मज्जत्यां पार्वत्यां वै सदाशिवः।
नंदिनं परिभिर्त्स्याथ ह्याजगाम गृहांतरम्॥ १५

आयान्तं शंकरं दृष्ट्वाऽसमये जगदंबिका।
उत्तस्थौ मज्जती सा वै लज्जिता सुन्दरी तदा॥ १६

तस्मिन्नवसरे देवी कौतुकेनातिसंयुता।
तदीयं तद्वचश्चैव हितं मेने सुखावहम्॥ १७

एवं जाते तदा काले कदाचित्पार्वती शिवा।
विचिन्त्य मनसा चेति परमा या परेश्वरी॥ १८

मदीयः सेवकः कश्चिद्भवेच्छुभतरः कृती।
मदाज्ञया परं नान्यद्रेखामात्रं चलेदिह॥ १९

जुन प्रकार गणेशको जन्म भएको थियो, त्यसलाई बताउँदै छु, जसमा कृपालु शंकरद्वारा उहाँको शिरश्छेदन गरिएको थियो॥ ५-६॥ हे मुनि! शंकर सृष्टिकर्ता हुनुहुन्छ, यस विषयमा सन्देह गर्नु हुँदैन। उहाँ सबैका स्वामी हुनुहुन्छ, ती शिव सगुण भएता पनि निर्गुण हुनुहुन्छ। हे मुनिश्रेष्ठ! उहाँको लीलाबाट नै यस विश्वको सृजना, पालन तथा संहार हुन्छ। अब आदरपूर्वक प्रस्तुत चरित्र सुन्नुहोस्॥ ७-८॥

विवाह भइसकेपछि शिव कैलास जानुभयो र त्यसको केही समयपछि गणेशको जन्म भयो॥ ९॥

कुनै समय पार्वतीका सखीहरू जया तथा विजया पार्वतीका साथ मिलेर विचार गर्न लागे॥ १०॥

शिवको आज्ञामा रहने नन्दी, भृंगी आदि अनेक तथा असंख्य प्रमथगण छन्। यद्यपि ती हाम्रा पनि गण हुन्, फेरि पनि शंकरको आज्ञाको पालन गर्ने ती सबै द्वारमा स्थित रहन्छन्, स्वतन्त्ररूपले हाम्रा कुनै पनि गण छैनन्। यद्यपि ती सब हाम्रा पनि हुन्, तर हाम्रो मन उनीहरूसित मिल्दैन, यसैले हे अनघे! हाम्रो पनि कुनै स्वतन्त्र गण हुनु पर्‍यो, अतः हजुर यस्तो एउटा गणको रचना गर्नुहोस्॥ ११—१३॥

ब्रह्मा भन्नुहुन्छ—जब सखीहरूले यो उत्तम वचन पार्वतीसित भने, तब उहाँले त्यसमा आफ्नो हित ठान्नुभयो र त्यस्तै गर्ने प्रयत्न गर्न लाग्नुभयो॥ १४॥

यसपछि कुनै समय जब पार्वती स्नान गरिरहनुभएको थियो, त्यसै समय [द्वारमा बसेका] नन्दीलाई झपार्दै शंकर भित्र जानुभयो॥ १५॥ शिवलाई असमयमा आउनुभएको देखेर स्नान गर्दै गर्नुभएकी ती सुन्दरी जगदम्बा लज्जित भएर उठ्नुभयो॥ १६॥ त्यस समय अत्यन्त कौतुकले युक्त पार्वतीलाई सखीहरूद्वारा भनिएको त्यो वचन अत्यन्त हितकारी तथा सुखदायक प्रतीत भयो। यसपछि केही समय बितेपछि परमाया परमेश्वरी पार्वतीले मनमा विचार गर्नुभयो कि मेरो पनि कुनै यस्तो सेवक हुनुपर्छ, जो श्रेष्ठ होस् तथा योग्य होस् र मेरो आज्ञा विना रेखामात्र पनि यताबाट-उता विचलित नहोस्॥ १७—१९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विचार्येति च सा देवी वपुषो मलसंभवम्।
पुरुषं निर्ममौ सा तु सर्वलक्षणसंयुतम्॥ २०
सर्वावयवनिर्दोषं सर्वावयवसुन्दरम्।
विशालं सर्वशोभाढ्यं महाबलपराक्रमम्॥ २१

यस प्रकार विचार गरी ती देवीले आफ्नो शरीरको मयलबाट सर्वलक्षणसम्पन्न, शरीरका सबै अवयवहरूले सर्वथा निर्दोष, समस्त सुन्दर अंगहरू भएको, विशाल, सर्वशोभा-सम्पन्न एवं महाबलवान् तथा पराक्रमी पुरुषको निर्माण गर्नुभयो॥ २०-२१॥

वस्त्राणि च तदा तस्मै दत्त्वा सा विविधानि हि।
नानालंकरणं चैव बह्वाशिषमनुत्तमाम्॥ २२
मत्पुत्रस्त्वं मदीयोऽसि नान्यः कश्चिदिहास्ति मे।
एवमुक्तः स पुरुषो नमस्कृत्य शिवां जगौ॥ २३

पार्वतीले त्यसलाई नाना प्रकारका वस्त्र, अनेक प्रकारका अलंकार तथा अनेक उत्तम आशीर्वाद दिएर भन्नुभयो—तिमी मेरो पुत्र हौ, तिमी नै मेरो हौ र यहाँ अरू दोस्रो कोही मेरा छैनन्। यस प्रकार भनेपछि ती पुरुषले पार्वतीलाई नमस्कार गरी भने—॥ २२-२३॥

गणेश उवाच

किं कार्यं विद्यते तेऽद्य करवाणि तवोदितम्।
इत्युक्ता सा तदा तेन प्रत्युवाच सुतं शिवा॥ २४

गणेश भन्नुहुन्छ—हजुरको के कार्य छ? म हजुरद्वारा आदिष्ट कार्यलाई पूरा गर्ने छु। तब उहाँद्वारा यस प्रकार भनिएपछि पार्वतीले पुत्रसित भन्नुभयो—॥ २४॥

शिवोवाच

हे तात श्रृणु मद्वाक्यं द्वारपालो भवाद्य मे।
मत्पुत्रस्त्वं मदीयोऽसि नान्यथा कश्चिदस्ति मे॥ २५

शिवा भन्नुहुन्छ—हे बाबु! मेरो वचन सुन। तिमी आज मेरो द्वारपाल बन, तिमी मेरो पुत्र हौ, केवल तिमी नै मेरो हौ, तिमी बाहेक यहाँ मेरो कोही छैन॥ २५॥

विना मदाज्ञां सत्पुत्र नैवायान्मद्गृहान्तरम्।
कोऽपि क्वापि हठात्तात सत्यमेतन्मयोदितम्॥ २६

हे सत्पुत्र! मेरो आज्ञा विना कोही पनि मेरो घर भित्र कुनै प्रकार हठपूर्वक पनि जान नपाओस्। हे तात! यो मैले तिमीसित सत्य भनिदिएँ॥ २६॥

ब्रह्मोवाच

इत्युक्त्वा च ददौ तस्मै यष्टिं चातिदृढां मुने।
तदीयं रूपमालोक्य सुन्दरं हर्षमागता॥ २७

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! पार्वतीले यस प्रकार भनेर उनलाई एउटा अत्यन्त बलियो लट्ठी दिनुभयो र त्यस बालकको सुन्दर रूपलाई देखेर उहाँ हर्षित हुनुभयो॥ २७॥

मुखमाचुंब्य सुप्रीत्यालिंग्य तं कृपया सुतम्।
स्वद्वारि स्थापयामास यष्टिपाणिं गणाधिपम्॥ २८

अथ देवीसुतस्तात गृहद्वारि स्थितो गणः।
यष्टिपाणिर्महावीरः पार्वतीहितकाम्यया॥ २९

उहाँले प्रेमपूर्वक त्यस पुत्रको मुख चूमेर उनलाई आलिंगन गरी हातमा लठ्ठी लिएका ती गणेशलाई आफ्नो द्वारमा नियुक्त गरिदिनुभयो। हे तात! यस प्रकार ती महावीर देवीपुत्र गण पार्वती माताको रक्षाका लागि हातमा लठ्ठी लिई द्वारमा पहरा दिन लागे॥ २८-२९॥

स्वद्वारि स्थापयित्वा तं गणेशं स्वसुतं शिवा।
स्वयं च मज्जती सा वै संस्थितासीत्सखीयुता॥ ३०
एतस्मिन्नेव काले तु शिवो द्वारि समागतः।
कौतुकी मुनिशार्दूल नानालीलाविशारदः॥ ३१

एक समय आफ्नो पुत्र ती गणेश्वरलाई द्वारमा नियुक्त गरी पार्वती सखीहरूका साथ स्नान गर्न लागनुभयो। हे मुनिश्रेष्ठ! त्यसै समय परम कौतुकी तथा अनेक प्रकारका लीलाहरू गर्नमा प्रवीण शिव पनि द्वारमा आइपुगनुभयो॥ ३०-३१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उवाच च शिवेशं तमविज्ञाय गणाधिपः।
मातुराज्ञां विना देव गम्यतां न त्वयाधुना॥ ३२

मज्जनार्थं स्थिता माता क्व यासीतो व्रजाधुना।
इत्युक्त्वा यष्टिकां तस्य रोधनाय तदाग्रहीत्॥ ३३

तब गणेशले शिवलाई नचिनी भने—हे देव! यस समय माताको आज्ञा विना तपाईं भित्र जान सक्नुहुन्न। माता स्नान गरिरहनुभएको छ, तपाईं कहाँ जाँदै हुनुहुन्छ? यस समय यहाँबाट जानुहोस्—यस प्रकार भनेर गणेशले उहाँलाई रोक्नका लागि आफ्नो लठ्ठी उठानुभयो॥ ३२-३३॥

तं दृष्ट्वा तु शिवः प्राह कं निषेधसि मूढधीः।
मां न जानास्यसद्बुद्धे शिवोऽहमिति नान्यथा॥ ३४

ताडितस्तेन यष्ट्या हि गणेशेन महेश्वरः।
प्रत्युवाच स तं पुत्रं बहुलीलश्च कोपितः॥ ३५

त्यसलाई देखेर शिव भन्नुहुन्छ—हे मूर्ख! तिमी कसलाई रोकिरहेका छौ, हे दुर्बुद्धि! तिमी मलाई चिन्दैनौ, म शिव हुँ, कुनै अरू होइन। यसपछि गणेशले लठ्ठीले शिवमाथि प्रहार गर्नुभयो, तब लीलाधारी शिवले कुपित भएर पुत्रसित भन्नुभयो—॥ ३४-३५॥

शिव उवाच

मूर्खोऽसि त्वं न जानासि शिवोऽहं गिरिजापतिः।
स्वगृहं यामि रे बाल निषेधसि कथं हि माम्॥ ३६

शिव भन्नुहुन्छ—हे बालक! तिमी मूर्ख छौ, तिमी मलाई चिन्दैनौ। म पार्वतीको पति शिव हुँ, हे बालक! म त आफ्नै घर जाँदै छु, तिमी मलाई किन रोक्दै छौ?॥ ३६॥

ब्रह्मोवाच

इत्युक्त्वा प्रविशन्तं तं महेशं गणनायकः।
क्रोधं कृत्वा ततो विप्र दंडेनाताडयत्पुनः॥ ३७

ततश्शिवश्च संक्रुद्धो गणानाज्ञापयन्निजान्।
को वाऽयं वर्तते किं च क्रियते पश्यतां गणाः॥ ३८

ब्रह्मा भन्नुहुन्छ—हे विप्र! यस्तो भनी घरमा प्रवेश गर्दै गरेका ती शंकरमाथि गणनायक गणेशले क्रोध गर्दै पुनः लठ्ठीले प्रहार गरे। तब अत्यन्त कुपित भएका शिवले आफ्ना गणहरूलाई आज्ञा दिनुभयो—हे गण हो! हेर, यो को हो र यहाँ के गरिरहेको छ?॥ ३७-३८॥

इत्युक्त्वा तु शिवस्तत्र स्थितः क्रुद्धो गृहाद्बहिः।
भवाचाररतः स्वामी बह्वद्भुतसुलीलकः॥ ३९

यस्तो भनेर लोकाचारमा तत्पर रहनुहुने तथा अनेक अद्भुत लीलाहरू गर्नुहुने शिव महाक्रोधित भई घर बाहिरै स्थित रहनुभयो॥ ३९॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां चतुर्थे कुमारखण्डे गणेशोत्पत्तिवर्णनं नाम त्रयोदशोऽध्यायः॥ १३॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको चतुर्थ कुमारखण्डमा गणेशोत्पत्तिवर्णन नामक तेह्रौं अध्याय पूर्ण भयो॥ १३॥

अथ चतुर्दशोऽध्यायः

द्वाररक्षक गणेश तथा शिवगणहरूको परस्पर विवाद

ब्रह्मोवाच

गणास्ते क्रोधसंपन्नास्तत्र गत्वा शिवाज्ञया।
पप्रच्छुर्गिरिजापुत्रं तं तदा द्वारपालकम्॥ १

ब्रह्मा भन्नुहुन्छ—तब ती गणहरूले क्रुद्ध भई शिवको आज्ञाले त्यहाँ गएर ती द्वारपाल गिरिजापुत्रसित सोधे॥ १॥

शिवगणा ऊचुः

कोऽसि त्वं कुत आयातः किं वा त्वं च चिकीर्षसि।
इतोऽद्य गच्छ दूरं वै यदि जीवितुमिच्छसि॥ २

शिवगण भन्दछन्—तिमी को हौ, कहाँबाट आएका हौ र यहाँ के गर्न चाहन्छौ? यदि बाँच्न चाहन्छौ भने यहाँबाट तत्काल टाढा जाऊ॥ २॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

तदीयं तद्वचः श्रुत्वा गिरिजातनयः स वै।
निर्भयो दण्डपाणिश्च द्वारपानब्रवीदिदम्॥ ३

गणेश उवाच

यूयं के कुत आयाता भवंतः सुन्दरा इमे।
यात दूरं किमर्थं वै स्थिता अत्र विरोधिनः॥ ४

ब्रह्मोवाच

एवं श्रुत्वा वचस्तस्य हास्यं कृत्वा परस्परम्।
ऊचुः सर्वे शिवगणा महावीरा गतस्मयाः॥ ५
परस्परमिति प्रोच्य सर्वे ते शिवपार्षदाः।
द्वारपालं गणेशं तं प्रत्यूचुः क्रुद्धमानसाः॥ ६

शिवगणा ऊचुः

श्रूयतां द्वारपाला हि वयं शिवगणा वराः।
त्वां निवारयितुं प्राप्ताः शंकरस्याज्ञया विभोः॥ ७

त्वामपीह गणं मत्वा न हन्यामोऽन्यथा हतः।
तिष्ठ दूरे स्वतः त्वं च किमर्थं मृत्युमीहसे॥ ८

ब्रह्मोवाच

इत्युक्तोऽपि गणेशश्च गिरिजातनयोऽभयः।
निर्भर्त्स्य शंकरगणान्न द्वारं मुक्तवांस्तदा॥ ९
ते सर्वेऽपि गणाः शैवाः तत्रत्या वचनं तदा।
श्रुत्वा तत्र शिवं गत्वा तद्वृत्तांतमथाब्रुवन्॥ १०
ततश्च तद्वचः श्रुत्वाद्भुतलीलो महेश्वरः।
विनिर्भर्त्स्य गणानूचे निजाँल्लोकगतिर्मुने॥ ११

महेश्वर उवाच

कश्चायं वर्तते किं च ब्रवीत्यरिवदुच्छ्रितः।
किं करिष्यत्यसद्बुद्धिः स्वमृत्युं वाञ्छति ध्रुवम्॥ १२

दूरतः क्रियतां ह्येष द्वारपालो नवीनकः।
क्लीबा इव स्थितास्तस्य वृत्तं वदथ मे कथम्॥ १३
स्वामिनोक्ता गणास्ते चाद्भुतलीलेन शंभुना।
पुनरागत्य तत्रैव तमूचुर्द्वारपालकम्॥ १४

ब्रह्मा भन्नुहुन्छ—उनीहरूको त्यो वचन सुनेर हातमा लठ्ठी लिएका गिरिजापुत्रले निडर भएर ती द्वाररक्षक गणहरूसित भन्दछन्—॥ ३॥

गणेश भन्नुहुन्छ—तपाईंहरू को हुनुहुन्छ र कहाँबाट आउनुभएको हो? तपाईंहरू त धेरै सुन्दर हुनुहुन्छ, तत्काल यहाँबाट टाढा जानुहोस्, विवाद गर्नका लागि यहाँ किन स्थित हुनुहुन्छ?॥ ४॥

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार उनको वचनलाई सुनेर शिवका सबै महावीर गणहरूले आश्चर्यचकित भएर परस्पर हास्य गरी भने॥ ५॥

शिवका ती पार्षदहरूले आपसमा कुराहरू गरी मनमनै रिसाउँदै ती द्वारपाल गणेशसित भने—॥ ६॥

शिवगण भन्दछन्—सुन्नुहोस्, हामी सबै शिवका श्रेष्ठ गण नै यहाँका द्वारपाल हौं। हामी ती विभु शंकरको आज्ञाले तिमीलाई यहाँबाट हटाउनका लागि आएका हौं॥ ७॥

तिमीलाई पनि एउटा गण सम्झेर हामी तिम्रो वध गर्दैनौं। अन्यथा तिमी मारिने थियौ। तिमी स्वयं यहाँबाट हट, किन मर्न चाहन्छौ?॥ ८॥

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार भनेपछि पनि गिरिजापुत्र निर्भय गणेश शंकरका गणहरूलाई निकै झपारेर द्वारबाट हट्नु भएन। तब त्यहाँका ती सम्पूर्ण शिवगणहरूले पनि गणेशको वचन सुनेर शिवका समक्ष गएर त्यस वृत्तान्तलाई निवेदित गरे। हे मुनि! तब अद्भुत लीला गर्नुहुने महेश्वर त्यस वचनलाई सुनेर आफ्ना गणहरूलाई झपार्दै लौकिक गतिको आश्रय लिएर भन्न लाग्नुभयो—॥ ९—११॥

महेश्वर भन्नुहुन्छ—हे गण हो! त्यो को हो? जो शत्रुको समान यति उच्छृंखल भएर कुराहरू गर्छ, त्यो असद्बुद्धि किन गर्छ, निश्चय नै त्यो आफ्नो मृत्यु चाहन्छ॥ १२॥

यस नयाँ द्वारपाललाई तत्काल यहाँबाट भगाउ, तिमीहरू कायरहरूझैं खडा भएर त्यसको समाचार मसित किन बताइरहेका छौ? अद्भुत लीला गर्नुहुने शंकरले यस्तो भन्नुभएपछि ती गणहरूले पुनः त्यहीं आएर ती द्वारपाल गणेशसित भने—॥ १३-१४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिवगणा ऊचुः

रे रे द्वारप कस्त्वं हि स्थितश्च स्थापितः कुतः।
नैवास्मान्गणयस्येवं कथं जीवितुमिच्छसि॥ १५

शिवगण भन्दछन्—हे द्वारपाल! तिमी को हौ र कसद्वारा नियुक्त भएर यहाँ स्थित छौ, तिमीलाई हामीहरूको कुनै परवाह छैन, यहाँ रहेर कसरी बाँच्न चाहन्छौ?॥ १५॥

द्वारपाला वयं सर्वे स्थिताः किं परिभाषसे।
सिंहासनगृहीतश्च श्रृगालः शिवमीहते॥ १६

द्वारपाल त हामीहरू हौँ, तिमी कुन प्रकार आफूलाई द्वारपाल भन्दै छौ, सिंहको आसनमा बसेर स्याल कुन प्रकार आफ्नो कल्याणको इच्छा गर्न सक्छ?॥ १६॥

तावद्गर्जसि मूर्ख त्वं यावद्गणपराक्रमः।
नानुभूतस्त्वयात्रैव ह्यनुभूतः पतिष्यसि॥ १७

हे मूर्ख! तिमी तबसम्म गर्जना गरिरहने छौ, जबसम्म तिमी शिवगणहरूको पराक्रमको अनुभव गर्न पाउँदैनौ। अनि जब तिमी अनुभव गर्ने छौ, तब धराशायी हुने छौ॥ १७॥

इत्युक्तस्तैस्सुसंक्रुद्धो हस्ताभ्यां यष्टिकां तदा।
गृहीत्वा ताडयामास गणांस्तान्परिभाषिणः॥ १८
उवाचाथ शिवापुत्रः परिभर्त्स्य गणेश्वरान्।
शंकरस्य महावीरान्निर्भयस्तान्गणेश्वरः॥ १९

तब उनीहरूद्वारा भनिएका यस वचनलाई सुनेर गणेश दुवै हातमा लट्ठी लिएर यस्तो भन्ने ती गणहरूलाई पिट्न लागे। त्यसपछि शिवापुत्र गणेशले निडर भएर शंकरका महावीर गणहरूलाई घुरेर भन्नुभयो—॥ १८-१९॥

शिवापुत्र उवाच

यात यात इतो दूरे नो चेद्वो दर्शयामि ह।
स्वपराक्रममत्युग्रं यास्यथात्युपहास्यताम्॥ २०

पार्वतीपुत्र भन्नुहुन्छ—जाओ, जाओ, यहाँबाट टाढा जाओ, अन्यथा म तिमीहरूलाई प्रचण्ड पराक्रम देखाउने छु, जसबाट तिमीहरू उपहासास्पद हुने छौ॥ २०॥

इत्याकर्ण्य वचस्तस्य गिरिजातनयस्य हि।
परस्परमथोचुस्ते शंकरस्य गणास्तदा॥ २१

तब ती गिरिजापुत्रको यो कुरा सुनेर शंकरका ती गण आपसमा भन्न लागे॥ २१॥

शिवगणा ऊचुः

किं कर्तव्यं क्व गंतव्यं क्रियते स न किं पुनः।
मर्यादा रक्ष्यतेऽस्माभिरन्यथा किं ब्रवीति च॥ २२

शिवगण भन्दछन्—अब हामीले के गर्नु पर्ला, कहाँ जानु पर्ला। भन्दामा पनि यो हाम्रो कुरा टेर्दैन। हामीहरू त मर्यादाको रक्षा गर्दै छौँ, यसले यस्तो कुरा कसरी भन्यो॥ २२॥

ब्रह्मोवाच

ततः शंभुगणाः सर्वे शिवं दूरे व्यवस्थितम्।
क्रोशमात्रं तु कैलासाद्गत्वा ते च तथाऽब्रुवन्॥ २३
शिवो विहस्य तान्सर्वांस्त्रिशूलकर उग्रधीः।
उवाच परमेशो हि स्वगणान् वीरसंमतान्॥ २४

ब्रह्मा भन्नुहुन्छ—अनि शिवका सबै गणहरूले कैलासबाट एक कोसको दूरीमा स्थित शंकरकहाँ गएर त्यो सब बताए—तब हातमा त्रिशूल धारण गर्नुभएका उग्रबुद्धि परमेश्वर शिवले हाँसेर वीरमानी आफ्ना ती गणहरूसित भन्नुभयो—॥ २३-२४॥

शिव उवाच

रे रे गणाः क्लीबमता न वीरा वीरमानिनः।
मदग्रे नोदितुं योग्या भर्त्सिताः किं पुनर्वदेत्॥ २५

शिव भन्नुहुन्छ—हे गणहरू हो! तिमीहरू कायर हौ, वीरमानी वीर होइनौ, मेरो सामु तिमीहरू यस्तो कुरा गर्न योग्य छैनौ, झपारेपछि त्यसले पुनः के भन्न सक्छ?॥ २५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गम्यतां ताड्यतां चैष यः कश्चित्प्रभवेदिह।
बहुनोक्तेन किं चात्र दूरीकर्तव्य एव सः॥ २६

ब्रह्मोवाच

इति सर्वे महेशेन जग्मुस्तत्र मुनीश्वर।
भर्त्सितास्तेन देवेन प्रोचुश्च गणसत्तमाः॥ २७

शिवगणा ऊचुः

रे रे त्वं शृणु वै बाल बलात्किं परिभाषसे।
इतस्त्वं दूरतो याहि नो चेन्मृत्युर्भविष्यति॥ २८

ब्रह्मोवाच

इति श्रुत्वा वचस्तेषां शिवाज्ञाकारिणां ध्रुवम्।
शिवासुतस्तदाभूत्स किं करोमीति दुःखितः॥ २९
एतस्मिन्नन्तरे देवी तेषां तस्य च वै पुनः।
श्रुत्वा तु कलहं द्वारि सखीं पश्येति साब्रवीत्॥ ३०
समागत्य सखी तत्र वृत्तान्तं समबुध्यत।
क्षणमात्रं तदा दृष्ट्वा गता हृष्टा शिवान्तिकम्॥ ३१
तत्र गत्वा तु तत्सर्वं वृत्तं तद्यदभून्मुने।
अशेषेण तया सख्या कथितं गिरिजाग्रतः॥ ३२

सख्युवाच

अस्मदीयो गणो यो हि स्थितो द्वारि महेश्वरि।
निर्भर्त्सयन्ति तं वीराः शंकरस्य गणा ध्रुवम्॥ ३३
शिवश्चैव गणाः सर्वे विना तेऽवसरं कथम्।
प्रविशंति हठाद्गेहे नैतच्छुभतरं तव॥ ३४
सम्यक् कृतं ह्यनेनैव न हि कोऽपि प्रवेशितः।
दुःखं चैवानुभूयात्र तिरस्कारादिकं तथा॥ ३५

अतः परन्तु वाग्वादः क्रियते च परस्परम्।
वाग्वादे च कृते नैव तर्ह्यायान्तु सुखेन वै॥ ३६

कृतश्चैवात्र वाग्वादस्तं जित्वा विजयेन च।
प्रविशंतु तथा सर्वे नान्यथा कर्हिचित्प्रिये॥ ३७

अस्मिन्नेवास्मदीये वै सर्वे संभर्त्सिता वयम्।
तस्माद्देवि त्वया भद्रे न त्याज्यो मान उत्तमः॥ ३८

शिवो मर्कटवत्तेऽद्य वर्तते सर्वदा सति।
किं करिष्यत्यहंकारमानुकूल्यं भविष्यति॥ ३९

तिमीहरू जाऊ, त्यसमाथि प्रहार गर, चाहे त्यो कोही पनि किन नहोस्, म तिमीहरूसित धेरै के भनूँ, चाहे जस्तोसुकै होस्, त्यसलाई त्यहाँबाट हटाऊ॥ २६॥

ब्रह्मा भन्नुहुन्छ—हे मुनीश्वर! जब महेश्वरले आफ्ना श्रेष्ठ गणहरूलाई यस प्रकार झाँको झार्नुभयो, तब ती गण पुनः त्यहाँ गएर भन्दछन्—॥ २७॥

शिवगण भन्दछन्—ए बालक! सुन। तिमी हठपूर्वक किन व्यर्थ नचाहिँदो गर्छौ, अब तिमी यहाँबाट टाढा जाऊ, अन्यथा तिम्रो मृत्यु हुनेछ॥ २८॥

ब्रह्मा भन्नुहुन्छ—शिवका आज्ञाकारी ती गणहरूको निश्चयपूर्वक वचन सुनेर 'म के गरूँ'—यो सोचेर पार्वतीपुत्र गणेश ज्यादै दुःखी भए॥ २९॥

यसै बीच द्वारमा गणहरू तथा गणेशको कलह सुनेर देवी पार्वतीले आफ्ना सखीसित भनिन्—हेर, द्वारमा कुन प्रकारको कलह भइरहेको छ? सखीले त्यहाँ आएर सारा वृत्तान्त बुझिन् र क्षणमात्रमा सबथोक देखेर प्रसन्न भएर उनी पार्वतीका समक्ष गइन्। हे मुनि! जे जस्तो घटित भएको थियो, त्यहाँ गएर त्यस सखीले त्यो सब यथार्थ रूपले पार्वतीका अघि वर्णन गरिन्॥ ३०—३२॥

सखी भन्दछिन्—हे महेश्वरी! हाम्रो गण जो द्वारमा स्थित छन्, उनलाई शिवका वीर गण निश्चित रूपले धम्क्याइरहेका छन्। शिव तथा उहाँका ती सबै गण विना अवसर घरमा जबरजस्ती कसरी प्रवेश गर्न सक्छन्, यो त हजुरका लागि शुभतर होइन॥ ३३-३४॥

यस बालकले धेरै राम्रो गर्‍यो, जो यस कार्यका लागि दुःख तथा तिरस्कार आदिको अनुभव गरेर पनि उसले कसैलाई घरमा आउन दिएन। यसैले उनीहरूमा परस्पर विवाद चलिरहेको छ, वादविवाद गर्दैमा तिनले सुखपूर्वक घरमा प्रवेश गर्न पाउने छैनन्॥ ३५-३६॥

हे प्रिया! यदि वादविवाद गर्छन् भने हाम्रो गणलाई जीतेर विजय प्राप्त गरेपछि मात्र ती घरमा प्रवेश गर्न सक्छन्, अन्यथा सक्तैनन्। हाम्रो गणलाई धम्की दिनाले ती गणहरूले हामीहरूलाई नै धम्की दिएका छन्, यसैले हे देवी! हे भद्रा! हजुरले आफ्नो श्रेष्ठ मानलाई त्याग गर्नु हुँदैन। हे सती! शिव त बाँदर नचाए समान सदा हजुरको अधीन हुनुहुन्छ, ती अहंकार के गर्लान्; अवश्य नै उहाँ हजुरको अनुकूल हुने छन्॥ ३७—३९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

अहो क्षणं स्थिता तत्र शिवेच्छा वशतः सती ॥ ४०
मनस्युवाच सा भूत्वा मानिनी पार्वती तदा ॥ ४१

ब्रह्मा भन्नुहुन्छ—आश्चर्य छ कि ती सती पार्वती शिवेच्छाले क्षणभर त्यहाँ रोकिनुभयो र उहाँ मानिनी भएर आफ्नो मनमा भन्न लाग्नुभयो ॥ ४०-४१ ॥

शिवोवाच

अहो क्षणं स्थितो नैव हठात्कारः कथं कृतः ।
कथं चैवात्र कर्त्तव्यं विनयेनाथ वा पुनः ॥ ४२

भविष्यति भवत्येव कृतं नैवान्यथा पुनः ।
इत्युक्त्वा तु सखी तत्र प्रेषिता प्रियया तदा ॥ ४३

शिवा भन्नुहुन्छ—अहो, यो बडो आश्चर्यको कुरा हो कि शिवका गण क्षणमात्र पनि टिक्न सकेनन्। यस प्रकार प्रवेशको हठ गर्ने उनीहरूले कस्तो ठाने होलान्! अब यस निमित्त उनीहरूसित विनय अथवा अन्य उपाय गर्नु उचित प्रतीत भइरहेको छैन। जो हुनु छ, त्यही हुने छ, मैले जे गरेकी छु, त्यसलाई अन्यथा कसरी गर्न सक्छु। यस्तो भनेर पार्वतीले आफ्ना सखीलाई त्यहाँ पठाउनुभयो ॥ ४२-४३ ॥

समागत्याऽब्रवीत्सा च प्रियया कथितं हि यत्।
समाचष्ट गणेशं तं गिरिजातनयं तदा ॥ ४४

ती सखी आएर पार्वतीपुत्र गणेशसित प्रिया पार्वतीद्वारा भनिएका कुरा भन्न लागिन्— ॥ ४४॥

सख्युवाच

सम्यक्कृतं त्वया भद्र बलात्ते प्रविशंतु न।
भवदग्रे गणा ह्येते किं जयंतु भवादृशम् ॥ ४५

सखी भन्दछिन्—हे भद्र! तिमीले धेरै राम्रो गऱ्यौ, यिनीहरू अब हठपूर्वक घरमा प्रवेश नगरून्। तिम्रो सामुन्ने यी गण के नै हुन्? जसले तिमीजस्ता गणलाई जित्न सकुन् ॥ ४५ ॥

कृतं चेद्वाकृतं चैव कर्त्तव्यं क्रियतां त्वया।
जितो यस्तु पुनर्वापि न वैरमथ वा ध्रुवम् ॥ ४६

गर्न योग्य अथवा गर्न अयोग्य जस्तोसुकै कर्तव्य होस्, तिमीले त्यसलाई अवश्य गर्नु। जसलाई एक पटक जितिन्छ, त्यसले फिर वैर गर्दैन ॥ ४६ ॥

ब्रह्मोवाच

इति श्रुत्वा वचस्तस्या मातुश्चैव गणेश्वरः।
आनन्दं परमं प्राप बलं भूरि महोन्नतिम् ॥ ४७

ब्रह्मा भन्नुहुन्छ—त्यस सखीद्वारा भनिएका माताका वचनलाई सुनेर गणेश्वरलाई परम आनन्द, बल तथा महान् उत्साह प्राप्त भयो ॥ ४७ ॥

बद्धकक्षस्तथोष्णीषं बद्ध्वा जंघोरु संस्पृशन्।
उवाच तान् गणान् सर्वान् निर्भयं वचनं मुदा ॥ ४८

उनले राम्रो तरहले कमर कसे र फेटा बाँधेर तिघ्रा ठटाउँदै निडर भएर ती सबै गणहरूसित प्रसन्नतापूर्वक यो वचन भने— ॥ ४८ ॥

गणेश उवाच

अहं च गिरिजासूनुर्यूयं शिवगणास्तथा।
उभये समतां प्राप्ताः कर्तव्यं क्रियतां पुनः ॥ ४९

गणेश भन्नुहुन्छ—म पार्वतीको पुत्र हुँ, तिमीहरू शिवका गण हौ, दुवै समान छन्, [हामी सबै] आ-आफ्नो कर्तव्यको पालन गरौँ ॥ ४९ ॥

भवन्तो द्वारपालाश्च द्वारपोऽहं कथं न हि।
भवन्तश्च स्थितास्तत्राऽहं स्थितोऽत्रेति निश्चितम् ॥ ५०

के तपाईंहरू मात्र द्वारपाल रहन सक्नुहुन्छ, म द्वारपाल रहन सक्तिन? यदि तपाईंहरू शिवको द्वारमा स्थित हुनुहुन्छ भने म पनि यहाँ निश्चित रूपले स्थित छु ॥ ५० ॥

भवद्भिश्च स्थितं ह्यत्र यदा भवति निश्चितम्।
तदा भवद्भिः कर्त्तव्यं शिवाज्ञापरिपालनम् ॥ ५१
इदानीं तु मया चात्र शिवाज्ञापरिपालनम्।
सत्यं च क्रियते वीरा निर्णीतं मे यथोचितम् ॥ ५२

जब तपाईंहरू यहाँ स्थित रहनुहुने छ, तब तपाईंहरू शिवको आज्ञाको पालन गर्नुहुने छ। यस समय त म यहाँ पार्वतीको आज्ञाको पालन गरिरहेको छु। हे वीर हो! यो सत्य हो; मैले उचित निर्णय लिएको छु ॥ ५१-५२ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तस्माच्छिवगणाः सर्वे वचनं शृणुतादरात्।
हठाद्वा विनयाद्वा न गंतव्यं मन्दिरे पुनः॥ ५३

ब्रह्मोवाच

इत्युक्तास्ते गणेनैव सर्वे ते लज्जिता गणाः।
ययुः शिवांतिकं तं वै नमस्कृत्य पुरः स्थिताः॥ ५४

स्थित्वा न्यवेदयन्सर्वे वृत्तान्तं च तदद्भुतम्।
करौ बद्ध्वा नतस्कंधाः शिवं स्तुत्वा पुरः स्थिताः॥ ५५

तत्सर्वं तु तदा श्रुत्वा वृत्तं तत्स्वगणोदितम्।
लौकिकीं वृत्तिमाश्रित्य शंकरो वाक्यमब्रवीत्॥ ५६

शंकर उवाच

श्रूयतां च गणाः सर्वे युद्धं योग्यं भवेन्न हि।
यूयं चात्रास्मदीया वै स च गौरीगणस्तथा॥ ५७

विनयः क्रियते चेद्वै वश्यः शंभुः स्त्रिया सदा।
इति ख्यातिर्भवेल्लोके गर्हिता मे गणा ध्रुवम्॥ ५८

कृते चैवात्र कर्तव्यमिति नीतिर्गरीयसी।
एकाकी स गणो बालः किं करिष्यति विक्रमम्॥ ५९

भवन्तश्च गणा लोके युद्धे चातिविशारदाः।
मदीयाश्च कथं युद्धं हित्वा यास्यथ लाघवम्॥ ६०

स्त्रियाऽऽग्रहः कथं कार्यो पत्युरग्रे विशेषतः।
कृत्वा सा गिरिजा तस्य नूनं फलमवाप्स्यति॥ ६१

तस्मात्सर्वे च मद्वीराः शृणुतादरतो वचः।
कर्त्तव्यं सर्वथा युद्धं भावि यत्तद्भवत्विति॥ ६२

ब्रह्मोवाच

इत्युक्त्वा शंकरो ब्रह्मन् नानालीलाविशारदः।
विरराम मुनिश्रेष्ठ दर्शयँल्लौकिकीं गतिम्॥ ६३

यसैले हे शिवगण हो! तपाईंहरू मेरो वचन आदरपूर्वक सुन्नुहोस्, हठले अथवा विनयले तपाईंहरू घर भित्र जान सक्नुहुन्न॥ ५३॥

ब्रह्मा भन्नुहुन्छ—गणेश्वरद्वारा यस प्रकार भनिए पछि ती सबै शिवगण लज्जित भएर शिवका समक्षमा गए र उहाँलाई प्रणाम गरी अगाडि उभिए॥ ५४॥

उभिएर उनीहरूले त्यो सारा अद्भुत वृत्तान्त शिवसित निवेदन गरे। यसपछि फेरि हात जोडेर शिर झुकाउँदै ती शिवको स्तुति गरी उहाँको अगाडि उभिए। तब आफ्ना गणहरूद्वारा बताइएको त्यस समाचारलाई सुनेर शिव लौकिक व्यवहारको आश्रय लिएर यो वचन भन्न लागुभयो— ॥ ५५-५६॥

शंकर भन्नुहुन्छ—हे समस्त गण हो! सुन, युद्ध गर्नु पनि उचित हुँदैन, किनभने तिमीहरू हाम्रा गण हौ र त्यो बालक पार्वतीको गण हो। हे गण हो! यदि नम्रता प्रदर्शित गरौँ, त संसारमा मेरो यो निन्दनीय प्रसिद्धि हुने छ कि शिव सदा स्त्रीको वशमा रहनुहुन्छ र शिवका गण निर्बल छन्। जो जस्तो गर्छ, उसका साथ त्यस्तै व्यवहार गर्नुपर्छ—यही नीति सर्वश्रेष्ठ हो। त्यो एक्लो बालक गण के पराक्रम गर्ला? ॥ ५७—५९॥

तिमीहरू सबै मेरा गण हौ र युद्धमा अत्यन्त कुशल छौ, अतः युद्ध छोडेर तिमीहरू लघुतालाई कसरी प्राप्त गर्ने छौ, विशेषरूपले पतिका अगाडि स्त्रीले कसरी हठ गर्दछन्। हठ गरी ती पार्वतीले त्यसको फल अवश्य प्राप्त गर्नेछिन्। यसैले हे वीर हो! तिमीहरू सबै मेरो कुरा आदरपूर्वक सुन, तिमीहरू अवश्य युद्ध गर, जो होनाहार छ, त्यो त भएर नै छोड्छ॥ ६०—६२॥

ब्रह्मा भन्नुहुन्छ—हे ब्रह्मन्! हे मुनिश्रेष्ठ! अनेक प्रकारका लीलाहरू गर्नमा प्रवीण शंकर यस्तो भनेर लौकिक गति प्रदर्शित गर्दै चुप लागनु-भयो॥ ६३॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां चतुर्थे कुमारखण्डे गणविवादवर्णनं नाम चतुर्दशोऽध्यायः॥ १४॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको चतुर्थ कुमारखण्डमा गणविवादवर्णन नामक चौधौँ अध्याय पूर्ण भयो॥ १४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ पञ्चदशोऽध्यायः

गणेश तथा शिवगणहरूको भयंकर युद्ध, पार्वतीद्वारा दुई शक्तिको प्राकट्य, शक्तिहरूको अद्भुत पराक्रम र शिव कुपित हुनु

ब्रह्मोवाच

इत्युक्ता विभुना तेन निश्चयं परमं गताः।
सन्नद्धास्तु तदा तत्र जग्मुश्च शिवमन्दिरम्॥ १
गणेशोऽपि तथा दृष्ट्वा ह्यायातान्गणसत्तमान्।
युद्धाऽऽटोपं विधायैव स्थितांश्चैवाब्रवीदिदम्॥ २

गणेश उवाच

आयान्तु गणपाः सर्वे शिवाज्ञापरिपालकाः।
अहमेकश्च बालश्च शिवाज्ञापरिपालकः॥ ३
तथापि पश्यतां देवी पार्वती सूनुजं बलम्।
शिवश्च स्वगणानां तु बलं पश्यतु वै पुनः॥ ४
बलवद्बालयुद्धं च भवानीशिवपक्षयोः।
भवद्भिश्च कृतं युद्धं पूर्वं युद्धविशारदैः॥ ५
मया पूर्वं कृतं नैव बालोऽस्मि क्रियतेऽधुना।
तथापि भवतां लज्जा गिरिजाशिवयोरिह॥ ६
ममैवं तु भवेन्नैव वैपरीत्यं भविष्यति।
ममैव भवतां लज्जा गिरिजाशिवयोरिह॥ ७
एवं ज्ञात्वा च कर्त्तव्यः समरश्च गणेश्वराः।
भवद्भिः स्वामिनं दृष्ट्वा मया च मातरं तदा॥ ८
क्रियते कीदृशं युद्धं भवितव्यं भवत्विति।
तस्य वै वारणे कोऽपि न समर्थस्त्रिलोकके॥ ९

ब्रह्मोवाच

इत्येवं भर्त्सितास्ते तु दंडभूषितबाहवः।
विविधान्यायुधान्येवं धृत्वा ते च समाययुः॥ १०
घर्षयन्तस्तथा दंतान् हुंकृत्य च पुनः पुनः।
पश्य पश्य ब्रुवन्तश्च गणास्ते समुपागताः॥ ११

ब्रह्मा भन्नुहुन्छ—जब सर्वव्यापक शिवले आफ्ना गणहरूसित यस प्रकार भन्नुभयो, तब उनीहरूले युद्धको निश्चय गरे र कवच आदि धारण गरी ती शिवको भवन नजिक गए। आएका ती श्रेष्ठ गणहरूलाई देखेर युद्धको तयारी गरी गणेश पनि त्यहाँ स्थित गणहरूसित यो भन्न लागे— ॥ १-२ ॥

गणेश भन्नुहुन्छ—शिवको आज्ञाको पालन गर्ने तपाईं सबै गण आउनुभएको छ, म एक्लो बालक भए तापनि [आफ्नी माता] पार्वतीको आज्ञा पालन गर्ने छु। तथापि आज देवी पार्वती आफ्नो पुत्रको बल देख्नुहुने छ र शंकर आफ्ना गणहरूको बल देखे छन्॥ ३-४॥

भवानीका पक्षबाट यस बालकको तथा शिवका पक्षबाट बलवान् गणहरूका बीच आज युद्ध हुने छ। युद्धका विशारद तपाईं सबै गणले पूर्वकालमा अनेक युद्ध गरिसक्नुभएको छ, म त अहिले बालक नै छु, मैले कहिल्यै युद्ध गरेको छैन, तर आज युद्ध गर्ने छु। फेरि पनि शिव-पार्वतीको यस युद्धमा हारेपछि तपाईं सबैलाई लज्जित हुनुपर्ने छ, बालक हुनाको कारण मलाई हार या जीतको लाज हुने छैन, यस युद्धको फल पनि मेरो विपरीत नै हुने छ। मेरो तथा तपाईं-हरूको लाज भवानी तथा शंकरको लाज हो॥ ५—७॥

हे गणेश्वर हो! यस्तो ठानेर नै युद्ध गर्नुहोस्। तपाईंहरू आफ्ना स्वामीतिर हेर्नुहोस् तथा म मेरो मातातिर हेरेर यो युद्ध गर्ने छु॥ ८॥

यो युद्ध कस्तो हुने छ, यसको कल्पना गर्न सकिन्न, यसलाई रोक्न यस त्रिलोकीमा कोही पनि समर्थ छैन। जे हुनु छ, त्यो भएर नै छोड्ने छ॥ ९॥

ब्रह्मा भन्नुहुन्छ—जब गणेशले शिवका गण-हरूलाई यस प्रकार फट्कार्नुभयो, तब ती शिवगण पनि हातहरूमा दण्ड तथा अन्य आयुध लिएर आए। दाँत किट्दै हुंकार गर्दै, 'हेर-हेर' यस्तो वारम्वार भन्दै ती गण आए॥ १०-११॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नंदी प्रथममागत्य धृत्वा पादं व्यकर्षयत्।
धावन्भृंगी द्वितीयं च पादं धृत्वा गणस्य च॥ १२
यावत्पादे विकर्षन्तौ तावद्धस्तेन वै गणः।
आहत्य हस्तयोस्ताभ्यामुक्षिप्तौ पादकौ स्वयम्॥ १३

सर्वप्रथम नन्दीले आएर गणेशको एउटा गोडा तान्नुभयो, त्यसपछि दौडँदै भृंगी आएर उनको दोस्रो गोडा समातेर तान्न लागे। जतिबेला ती दुवै उहाँको गोडा तान्दै थिए, त्यतिबेला ती गणेशले आफ्ना हातहरूले प्रहार गरी गोडा फुत्काउनुभयो॥ १२-१३॥

अथ देवीसुतो वीरस्संगृह्य परिघं बृहत्।
द्वारस्थितो गणपतिः सर्वानापोथयत्तदा॥ १४
केषांचित्पाणयो भिन्नाः केषांचित्पृष्ठकानि च।
केषांचिच्च शिरांस्येव केषांचिन्मस्तकानि च॥ १५
केषांचिज्जानुनी तत्र केषांचित्स्कंधकास्तथा।
केषाञ्चिज्जानुनी तत्र केषाञ्चित्स्कन्धास्तथा।
सम्मुखे चागता ये वै ते सर्वे हृदये हताः॥ १६
केचिच्च पतिता भूमौ केचिच्च विदिशो गताः।
केषांचिच्चरणौ छिन्नौ केचिच्छर्वान्तिकं गताः॥ १७

यसपछि देवीपुत्र गणेश्वरले एउटा ठुलो परिघ लिएर द्वारमा स्थित भई सबै गणहरूलाई प्रहार गर्न आरम्भ गर्नुभयो। यसबाट कतिका हात भाँचिए, कतिका ढाड फुस्कियो, कतिका शिर फुटे र कतिका शिर काटिए। केही गणहरूको घुँडा तथा केहीका काँध भाँचिएर अलग भए। जो सामुन्ने आए, तिनीहरूको हृदयमा प्रहार गरियो। केही पृथ्वीमा ढले, केही ऊर्ध्व दिशाहरूमा गएर ढले, केहीको गोडा भाँचियो र केही शिवको समीप गई ढले॥ १४—१७॥

तेषां मध्ये तु कश्चिद्वै संग्रामे सम्मुखो न हि।
सिंहं दृष्ट्वा यथा यांति मृगाश्चैव दिशो दश॥ १८
तथा ते च गणाः सर्वे गताश्चैव सहस्रशः।
परावृत्य तथा सोऽपि सुद्वारि समुपस्थितः॥ १९
कल्पांतकरणे कालो दृश्यते च भयंकरः।
यथा तथैव दृष्टः स सर्वेषां प्रलयंकरः॥ २०

तिनमा कुनै पनि यस्ता गण थिएनन्, जो संग्राममा गणेशका सामुन्ने देखा परुन्। जसरी सिंहलाई देखेर मृग दसै दिशाहरूमा भाग्छन्, त्यसै गरी ती हजारौँ गण भागे र ती गणेश पुनः फर्केर द्वारमा स्थित भए। जसरी कल्पान्तको समय काल भयंकर देखा पर्छ, त्यसरी नै ती सबैले गणेशलाई [कालको समान] प्रलयंकारी देखे॥ १८—२०॥

एतस्मिन्समये चैव सरमेशसुरेश्वराः।
प्रेरिता नारदेनेह देवाः सर्वे समागमन्॥ २१

यसै बीच नारदबाट प्रेरित भएर विष्णु, इन्द्रसहित सबै देवता त्यहाँ पुगे॥ २१॥

समब्रुवंस्तदा सर्वे शिवस्य हितकाम्यया।
पुरः स्थित्वा शिवं नत्वा ह्याज्ञां देहि प्रभो इति॥ २२
त्वं परब्रह्म सर्वेशः सर्वे च तव सेवकाः।
सृष्टेः कर्ता सदा भर्ता संहर्ता परमेश्वरः॥ २३
रजस्सत्त्वतमोरूपो लीलया निर्गुणः स्वतः।
का लीला रचिता चाद्य तामिदानीं वद प्रभो॥ २४

तब शिवको हितकामनाले उनीहरूले शिवलाई नमस्कार गरी उहाँको अगाडि उभिएर भने—हे प्रभु! हामीलाई आज्ञा दिनुहोस्। हजुर परब्रह्म सर्वेश्वर हुनुहुन्छ र हामी सबै हजुरका सेवक हौँ, हजुर सृष्टिका कर्ता, भर्ता र संहर्ता परमेश्वर हुनुहुन्छ। हजुर स्वयं निर्गुण भएर पनि आफ्ना लीलाले सत्त्व, रज तथा तमरूप हुनुहुन्छ। हे प्रभु! हजुरले यस समय कुनचाहिँ लीला प्रारम्भ गर्नुभएको छ, त्यो हामीलाई बताउनुहोस्॥ २२—२४॥

ब्रह्मोवाच

इत्याकर्ण्य वचस्तेषां मुनिश्रेष्ठ महेश्वरः।
गणान् भिन्नाँस्तदा दृष्ट्वा तेभ्यस्सर्वं न्यवेदयत्॥ २५
अथ सर्वेश्वरस्तत्र शंकरो मुनिसत्तम।
विहस्य गिरिजानाथो ब्रह्माणं मामुवाच ह॥ २६

ब्रह्मा भन्नुहुन्छ—हे मुनिश्रेष्ठ! उनीहरूको यो वचन सुनेर महेश्वरले [आफ्ना] घाइते गणहरूतिर हेरेर उनीहरूसित सबथोक भन्नुभयो। यसपछि हे मुनिसत्तम! पार्वतीपति सर्वेश्वर शंकर हाँसेर म ब्रह्मासित भन्न लाग्नुभयो—॥ २५-२६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिव उवाच

ब्रह्मञ्छृणु मम द्वारि बाल एकः समास्थितः।
महाबलो यष्टिपाणिर्गेहावेशनिवारकः॥ २७
महाप्रहारकर्ताऽसौ मत्पार्षदविघातकः।
पराजयः कृतस्तेन मद्गणानां बलादिह॥ २८

ब्रह्मन् त्वयैव गंतव्यं प्रसाद्योऽयं महाबलः।
यथा ब्रह्मन्नयः स्याद्वै तथा कार्यं त्वया विधे॥ २९

ब्रह्मोवाच

इत्याकर्ण्य प्रभोर्वाक्यमज्ञात्वाऽज्ञानमोहितः।
तदीयनिकटं तात सर्वैर्ऋषिवरैरयाम्॥ ३०

समायान्तं च मां दृष्ट्वा स गणेशो महाबली।
क्रोधं कृत्वा समभ्येत्य मम श्मश्रूण्यवाकिरत्॥ ३१

क्षम्यतां क्षम्यतां देव न युद्धार्थं समागतः।
ब्राह्मणोऽहमनुग्राह्यः शांतिकर्तानुपद्रवः॥ ३२

इत्येवं ब्रुवति ब्रह्मंस्तावत्परिघमाददे।
स गणेशो महावीरो बालोऽबालपराक्रमः॥ ३३

गृहीतपरिघं दृष्ट्वा तं गणेशं महाबलम्।
पलायनपरो यातस्त्वहं द्रुततरं तदा॥ ३४
यात यात ब्रुवन्तस्ते परिघेन हतास्तदा।
स्वयं च पतिताः केचित्केचित्तेन निपातिताः॥ ३५
केचिच्च शिवसामीप्यं गत्वा तत्क्षणमात्रतः।
शिवं विज्ञापयाञ्चक्रुस्तद्वृत्तान्तमशेषतः॥ ३६
तथाविधांश्च तान् दृष्ट्वा तद्वृत्तान्तं निशम्य सः।
अपारमादधे कोपं हरो लीलाविशारदः॥ ३७
इंद्रादिकान्देवगणान् षण्मुखप्रवरान् गणान्।
भूतप्रेतपिशाचांश्च सर्वानादेशयत्तदा॥ ३८
ते सर्वे च यथायोग्यं गतास्ते सर्वतो दिशम्।
तं गणं हंतुकामा हि शिवाज्ञप्ता उदायुधाः॥ ३९

यस्य यस्यायुधं यच्च तत्तत्सर्वं विशेषतः।
तद् गणेशोपरि बलात्समागत्य विमोचितम्॥ ४०

शिव भन्नुहुन्छ—हे ब्रह्मन्! सुन्नुहोस्, मेरो द्वारमा एउटा महाबलवान् बालक हातमा लठ्ठी लिएर उभिएको छ, त्यो सबैलाई घरमा जानबाट रोक्छ। त्यो भयंकर प्रहार गर्नेवाला छ, त्यसले मेरा पार्षदहरूलाई पिटेर ढालिदिएको छ र मेरा गणहरूलाई बलपूर्वक पराजित गरिदिएको छ॥ २७-२८॥

हे ब्रह्मन्! तपाईं नै त्यहाँ जानुहोस् र त्यस महाबलवान्लाई प्रसन्न पार्नुहोस्। हे ब्रह्मन्! हे विधि! जस्तो नीति हुन्छ, त्यस्तै व्यवहार गर्नुहोस्॥ २९॥

ब्रह्मा भन्नुहुन्छ—हे तात! शिवका यस वचनलाई सुनेर विशेष कुरालाई नजानीकन अज्ञानबाट मोहित भएको म सबै ऋषिहरूका साथ उसकहाँ गएँ॥ ३०॥

त्यो महाबलवान् गणेश मलाई आउँदै गरेको देखेर क्रोधित भई मेरो सन्निकट आएर मेरो दाही उखेल्न लागे॥ ३१॥

हे देव! क्षमा गर्नुहोस्, क्षमा गर्नुहोस्, म यहाँ युद्धका लागि आएको होइन। म त ब्राह्मण हुँ, ममाथि कृपा गर्नुहोस्, म उपद्रवरहित तथा शान्तिकामी हुँ॥ ३२॥

अझै म भन्दै थिएँ, तब हे नारद! युवाको समान पराक्रमी महावीर त्यस बालक गणेशले हातमा परिघ लिए॥ ३३॥

तब त्यस महाबलवान् गणेशलाई परिघ धारण गरेको देखेर म तत्काल भागेँ। मेरा साथका व्यक्तिहरू भन्न लागे—यहाँबाट भाग, भाग, त्यति नै बेला उनले उनीहरूलाई परिघले प्रहार गर्न प्रारम्भ गरिदिए, जसबाट केही त स्वयं ढले र केहीलाई उनले पिटेर ढाले। केही व्यक्ति त्यसै क्षण शिवका समीप गएर पूर्णरूपले त्यो वृत्तान्त शिवसित भन्न लागे॥ ३४-३६॥

उनीहरूलाई त्यस्तो देखेर र त्यस घटनालाई सुनेर लीला-विशारद शिव अत्यन्त क्रोधित हुनुभयो॥ ३७॥

तब उहाँले इन्द्रादि देवगण, कार्तिकेय आदि प्रमुख गण, भूत, प्रेत एवं पिशाचहरूलाई आज्ञा दिनुभयो॥ ३८॥

शिवद्वारा आदिष्ट ती जन यथायोग्य हातहरूमा आयुध लिई त्यस गणलाई मार्ने इच्छाले सबै दिशाहरूमा गए र जस-जसका जुन विशेष अस्त्र थिए, ती-ती अस्त्रहरूले बलपूर्वक बालक गणेशमाथि प्रहार गर्न लागे॥ ३९-४०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाहाकारो महानासीत् त्रैलोक्ये सचराचरे।
त्रिलोकस्था जनाः सर्वे संशयं परमं गताः॥ ४१

न यातं ब्रह्मणोऽप्यायुर्ब्रह्मांडं क्षयमेति हि।
अकाले च तथा नूनं शिवेच्छावशतः स्वयम्॥ ४२

ते सर्वे चागतास्तत्र षणमुखाद्याश्च ये पुनः।
देवा व्यर्थायुधा जाता आश्चर्यं परमं गताः॥ ४३

एतस्मिन्नन्तरे देवी जगदम्बा विबोधना।
ज्ञात्वा तच्चरितं सर्वमपारं क्रोधमादधे॥ ४४
शक्तिद्वयं तदा तत्र तया देव्या मुनीश्वर।
निर्मितं स्वगणस्यैव सर्वसाहाय्यहेतवे॥ ४५
एका प्रचंडरूपं च धृत्वातिष्ठन्महामुने।
श्यामपर्वतसंकाशं विस्तीर्य मुखगह्वरम्॥ ४६
एका विद्युत्स्वरूपा च बहुहस्तसमन्विता।
भयंकरा महादेवी दुष्टदंडविधायिनी॥ ४७
आयुधानि च सर्वाणि मोचितानि सुरैर्गणैः।
गृहीत्वा स्वमुखे तानि ताभ्यां शीघ्रं च चिक्षिपे॥ ४८

देवायुधं न दृश्येत परिघः परितः पुनः।
एवं ताभ्यां कृतं तत्र चरितं परमाद्भुतम्॥ ४९

एको बालोऽखिलं सैन्यं लोडयामास दुस्तरम्।
यथा गिरिवरेणैव लोडितः सागरः पुरा॥ ५०

एकेन निहताः सर्वे शक्राद्या निर्जरास्तथा।
शंकरस्य गणाश्चैव व्याकुला अभवंस्तदा॥ ५१
अथ सर्वे मिलित्वा ते निःश्वस्य च मुहुर्मुहुः।
परस्परं समूचुस्ते तत्प्रहारसमाकुलाः॥ ५२

देवगणा ऊचुः

किं कर्तव्यं क्व गंतव्यं न ज्ञायन्ते दिशो दश।
परिघं भ्रामयत्येष सव्यापसव्यमेव च॥ ५३

त्यस समय चराचर त्रिलोकीमा हाहाकार मच्चियो र तीनै लोकमा रहने सबै जन अत्यन्त संशयमा परे॥ ४१॥

[ती आश्चर्यचकित भई भन्न लागे कि] अझै ब्रह्माको आयु समाप्त भएको छैन, तब यस ब्रह्माण्डको नाश कसरी हुन गइरहेको छ? निश्चय नै यो शिवको इच्छा हो, जुन अकालमा नै यस्तो भइरहेको छ। त्यस समय कार्तिकेय आदि जति पनि देवता थिए, ती सबै त्यहाँ आए र ती सबैका शस्त्र व्यर्थ हुन गए, जसको कारण ती आश्चर्यचकित भए॥ ४२-४३॥

यसै बीच ज्ञानदायिनी देवी जगदम्बा त्यस सम्पूर्ण घटनालाई जानेर अपार क्रोधित हुनुभयो॥ ४४॥

हे मुनीश्वर! त्यस समय त्यहाँ ती देवीले आफ्नो गणको सबै प्रकारको सहायताका लागि दुई शक्तिहरूलाई निर्माण गर्नुभयो। हे महामुनि! जसमा एउटा प्रचण्ड रूप धारण गरी कालो पहाडको गुफाको समान मुख फैलाएर खडा भइन् र दोस्री बिजुली समान रूप धारण गर्ने, धेरै हातहरू भएकी तथा दुष्टहरूलाई दण्ड दिने भयंकर महादेवी थिइन्॥ ४५—४७॥

ती दुवै शक्तिहरूले देवताहरूद्वारा छोडिएका समस्त आयुध समातेर बडो शीघ्रतापूर्वक आफ्नो मुखमा हाले। त्यस समय कुनै देवताको एउटा पनि शस्त्र त्यहाँ देखापरिरहेको थिएन, केवल चारैतिर गणेशको परिघ मात्र देखियो। यस प्रकार ती दुवैले त्यहाँ अत्यन्त अद्भुत चरित्र गरे॥ ४८-४९॥

पूर्व समयमा जुन प्रकार गिरिश्रेष्ठ मन्दराचलले क्षीरसागरको मन्थन गरेका थिए, त्यसै प्रकार एक्लो त्यस बालकले समस्त दुस्तर देवसेनालाई मथे॥ ५०॥

तब एक्लो गणेशद्वारा प्रहार गरिएका-पिटिएका इन्द्रादि देवगण तथा शिवगण व्याकुल भए। यसपछि गणेशको प्रहारबाट व्याकुल भएका ती सबै एकत्रित भएर बारम्बार श्वास छोड्दै आपसमा भन्न लागे—॥ ५१-५२॥

देवगण भन्दछन्—अब के गर्नु पर्ला र कहाँ जानु पर्ला? दसै दिशाहरूको ज्ञान नै भइरहेको छैन। यो बालक त दायाँ-बायाँ परिघ घुमाइरहेको छ॥ ५३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

एतत्कालेऽप्सरः श्रेष्ठाः पुष्पचन्दनपाणयः।
ऋषयश्च त्वदाद्या हि येऽतियुद्धेऽतिलालसाः॥ ५४
ते सर्वे च समाजग्मुर्युद्धसंदर्शनाय वै।
पूरितो व्योम सन्मार्गस्तैस्तदा मुनिसत्तम॥ ५५

ब्रह्मा भन्नुहुन्छ—हे नारद! त्यसै समय पुष्प, चन्दन हातमा लिएका अप्सराहरू तथा नारदादि ऋषि जो यस महान् युद्ध हेर्ने लालसा लिएका थिए, ती सबै युद्ध हेर्नका लागि त्यहाँ आए। हे मुनिश्रेष्ठ! त्यस समय उनीहरूद्वारा आकाशमार्ग भरियो॥ ५४-५५॥

तास्ते दृष्ट्वा रणं तं वै महाविस्मयमागताः।
ईदृशं परमं युद्धं न दृष्टं चैकदापि हि॥ ५६

ती अप्सराहरू तथा ऋषिगण त्यस युद्धलाई हेरेर अत्यन्त आश्चर्यचकित भए र भन्न लागे—यस प्रकारको युद्ध त कहिले पनि देखिएको थिएन॥ ५६॥

पृथिवी कंपिता तत्र समुद्रसहिता तदा।
पर्वताः पतिताश्चैव चक्रुः संग्रामसंभवम्॥ ५७

त्यस समय समुद्रसहित सारा पृथ्वी काम्न लागिन् तथा पर्वत ढल्न लागे, ती संग्रामको सूचना दिइरहेका थिए॥ ५७॥

द्यौर्ग्रहर्क्षगणैर्घूर्ण्णा सर्वे व्याकुलतां गताः।
देवाः पलायिताः सर्वे गणाश्च सकलास्तदा॥ ५८

केवलं षण्मुखस्तत्र नापलायत विक्रमी।
महावीरस्तदा सर्वानावार्य पुरतः स्थितः॥ ५९

आकाश, ग्रह एवं नक्षत्रमण्डल घुम्न लागे, जसबाट सबै व्याकुल भए। सबै देवता तथा गण भागे। केवल पराक्रमी तथा महावीर कार्तिकेय मात्र भागेनन् र सबैलाई रोकेर गणेशको सामुन्ने डटिरहे॥ ५८-५९॥

शक्तिद्वयेन तद्युद्धे सर्वे च निष्फलीकृताः।
सर्वास्त्राणि निकृत्तानि संक्षिप्तान्यमरैर्गणैः॥ ६०

येऽवस्थिताश्च ते सर्वे शिवस्यान्तिकमागताः।
देवाः पलायिताः सर्वे गणाश्च सकलास्तदा॥ ६१

ती दुवै शक्तिहरूले त्यस युद्धमा सबैलाई असफल गरिदिए र देवताहरूद्वारा चलाइएका सबै शस्त्रहरूलाई काटिदिए। जो जन शेष बचेका थिए, ती सब शिवको समीप गए, सबै देवता तथा शिवगण त भागिसकेका थिए॥ ६०-६१॥

ते सर्वे मिलिताश्चैव मुहुर्नत्वा शिवं तदा।
अब्रुवन्वचनं क्षिप्रं कोऽयं गणवरः प्रभो॥ ६२

ती सबैले मिलेर शिवलाई बारम्बार नमस्कार गरी बडो शीघ्रतापूर्वक सोधे—हे प्रभु! यो श्रेष्ठ गण को हो?॥ ६२॥

पुरा चैव श्रुतं युद्धमिदानीं बहुधा पुनः।
दृश्यते न श्रुतं दृष्टमीदृशं तु कदाचन॥ ६३

हामीहरूले पहिला पनि युद्धको वर्णन सुनेका थियौँ, यस समय पनि धेरै-जसो युद्ध देखिरहेका छौँ, तर यस प्रकारको युद्ध न त कहिले देख्यौँ र न त सुन्यौँ नै!॥ ६३॥

किंचिद्विचार्यतां देव त्वन्यथा न जयो भवेत्।
त्वमेव रक्षकः स्वामिन्ब्रह्मांडस्य न संशयः॥ ६४

हे देव! अब केही विचार गर्नुहोस्, अन्यथा जय हुन सक्तैन। हे स्वामी! हजुर नै यस ब्रह्माण्डका रक्षक हुनुहुन्छ, यसमा सन्देह छैन॥ ६४॥

ब्रह्मोवाच

इत्येवं तद्वचः श्रुत्वा रुद्रः परमकोपनः।
कोपं कृत्वा च तत्रैव जगाम स्वगणैः सह॥ ६५

ब्रह्मा भन्नुहुन्छ—उनीहरूको यो वचन सुनेर परम-क्रोधी रुद्र रिसाई आफ्ना गणहरूसहित त्यहाँ जानुभयो॥ ६५॥

देवसैन्यं च तत्सर्वं विष्णुना चक्रिणा सह।
समुत्सवं महत्कृत्वा शिवस्यानुजगाम ह॥ ६६

तब देवगणहरूका सेना पनि चक्रधारी विष्णुका साथ महान् उत्सव गर्दै शिवको पछि-पछि गए॥ ६६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एतस्मिन्नंतरे भक्त्या नमस्कृत्य महेश्वरम्।
अब्रवीन्नारद त्वं वै देवदेवं कृताञ्जलिः॥ ६७

नारद उवाच

देवदेव महादेव शृणु मद्वचनं विभो।
त्वमेव सर्वगस्स्वामी नानालीलाविशारदः॥ ६८

त्वया कृत्वा महालीलां गणगर्वोऽपहारितः।
अस्मै दत्त्वा बलं भूरि देवगर्वश्च शंकर॥ ६९

दर्शितं भुवने नाथ स्वमेव बलमद्भुतम्।
स्वतंत्रेण त्वया शंभो सर्वगर्वप्रहारिणा॥ ७०

इदानीं न कुरुष्वेश तां लीलां भक्तवत्सलः।
स्वगणानमरांश्चापि सुसन्मान्याभिवर्द्धय॥ ७१

इमं न खेलयेदानीं जहि ब्रह्मपदप्रद।
इत्युक्त्वा नारद त्वं वै ह्यन्तर्द्धानं गतस्तदा॥ ७२

हे नारद! यसै बीच तपाईंले देवदेव महेश्वरलाई भक्तिपूर्वक हात जोडेर नमस्कार गरी भन्नुभयो— ॥ ६७॥

नारद भन्नुहुन्छ—हे देवदेव! हे महादेव! हे विभु! मेरो वचन सुन्नुहोस्, हजुर सर्वत्र व्याप्त, सबका स्वामी तथा नानाविधी लीलाहरू गर्नमा प्रवीण हुनुहुन्छ॥ ६८॥

हजुरले महालीला गरी गणहरूको गर्वलाई दूर गरिदिनुभयो। हे शंकर! हजुरले यिनलाई बल दिएर देवताहरूको गर्वलाई पनि नष्ट गरिदिनुभयो। हे नाथ! हे शम्भु! स्वतन्त्र तथा सबैको गर्वलाई धुलो पार्नुहुने हजुरले यस भुवनमा आफ्नो अद्भुत बल देखाउनुभयो। हे भक्तवत्सल! अब हजुर त्यो लीला नगर्नुहोस् र आफ्ना यी गणहरूलाई तथा देवताहरूलाई सम्मान गरी यिनको रक्षा गर्नुहोस्। हे ब्रह्मपददाता! अब यिनलाई धैरै नखेलाउनुहोस् र यी गणेशको वध गर्नुहोस्। हे नारद! यस प्रकार भनेर तपाईं त्यहाँबाट अन्तर्धान हुनुभयो॥ ६९—७२॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां चतुर्थे कुमारखण्डे गणेशयुद्धवर्णनं नाम पञ्चदशोऽध्यायः॥ १५॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको चतुर्थ कुमारखण्डमा गणेशयुद्धवर्णन नामक पन्ध्रौं अध्याय पूर्ण भयो॥ १५॥

अथ षोडशोऽध्यायः

विष्णु तथा गणेशको युद्ध, शिवले त्रिशूलद्वारा गणेशको शिर काटिदिनु

ब्रह्मोवाच

इति श्रुत्वा महेशानो भक्तानुग्रहकारकः।
त्वद्वाचा युद्धकामोऽभूत्तेन बालेन नारद॥ १
विष्णुमाहूय संमन्त्र्य बलेन महता युतः।
सामरः सम्मुखस्तस्याप्यभूद्देवस्त्रिलोचनः॥ २

देवाश्च युयुधुस्तेन स्मृत्वा शिवपदाम्बुजम्।
महाबला महोत्साहाशिवसद्दृष्टिलोकिताः॥ ३

युयुधेऽथ हरिस्तेन महाबलपराक्रमः।
महादेव्यायुधो वीरः प्रवणः शिवरूपकः॥ ४

यष्ट्या गणाधिपः सोऽथ जघानामरपुङ्गवान्।
हरिं च सहसा वीरः शक्तिदत्तमहाबलः॥ ५

ब्रह्मा भन्नुहुन्छ—हे नारद! यो सुनेर भक्तहरूमाथि कृपा गर्नुहुने महेश्वरले तपाईंको भनाईबाट त्यस बालकका साथ युद्ध गर्ने इच्छा गर्नुभयो॥ १॥

भगवान् त्रिलोचन विष्णुलाई बोलाएर उहाँबाट मन्त्रणा गरी एउटा धैरै ठुलो सेनाले युक्त भई देवताका साथ त्यस गणेशका सम्मुख उपस्थित हुनुभयो॥ २॥

त्यस समय सर्वप्रथम शिवको शुभ दृष्टिबाट हेरिएका महाबलवान् देवता महान् उत्साहित भई शिवका चरण-कमलहरूको ध्यान गरी उसका साथ युद्धमा प्रवृत्त भए॥ ३॥

महाबलवान् एवं अत्यन्त पराक्रमशील भगवान् विष्णु त्यस बालकसित युद्ध गर्न लाग्नुभयो। तब महादेवीद्वारा दिइएका आयुधबाट युक्त ती शिवस्वरूप वीर बालक गणेश पनि श्रेष्ठ देवताहरूलाई लठ्ठीले हिर्काउन लागे, शक्तिद्वारा प्रदत्त महान् बल भएका गणेश सहसा विष्णुमाथि पनि प्रहार गर्न लागे॥ ४-५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वेऽमरगणास्तत्र विकुंठितबला मुने।
अभूवन् विष्णुना तेन हता यष्ट्या पराङ्मुखाः॥ ६

हे मुनि! उनको लट्ठीको प्रहारबाट विष्णुसहित समस्त देवताहरूको बल कुण्ठित हुन गयो र ती युद्धबाट पराङ्मुख हुन गए॥ ६॥

शिवोऽपि सह सैन्येन युद्धं कृत्वा चिरं मुने।
विकरालं च तं दृष्ट्वा विस्मयं परमं गतः॥ ७

हे मुनि! शिव पनि आफ्ना सेनासहित धेरै समयसम्म युद्ध गरी त्यस बालकलाई महाभयंकर देखेर आश्चर्यचकित हुनुभयो॥ ७॥

छलेनैव च हंतव्यो नान्यथा हन्यते पुनः।
इति बुद्धिं समास्थाय सैन्यमध्ये व्यवस्थितः॥ ८

'यसलाई छलबाट नै मार्न सकिन्छ, अन्यथा मार्न सकिन्न'—यस्तो विचार गरी शिव सेनाहरूको बीचमा स्थित हुनुभयो॥ ८॥

शिवे दृष्टे तदा देवे निर्गुणे गुणरूपिणि।
विष्णौ चैवाथ संग्रामे आयाते सर्वदेवताः॥ ९
गणाश्चैव महेशस्य महाहर्षं तदा ययुः।
सर्वे परस्परं प्रीत्या मिलित्वा चक्रुरुत्सवम्॥ १०

त्यस समय निर्गुण एवं सगुण रूप भएका भगवान् शंकर तथा विष्णुलाई युद्धभूमिमा उपस्थित देखेर सबै देवता तथा शिवगण अत्यधिक हर्षित भई आपसमा मिलेर प्रेमपूर्वक उत्सव मनाउन लागे॥ ९-१०॥

अथ शक्तिसुतो वीरो वीरगत्या स्वयष्टितः।
प्रथमं पूजयामास विष्णुं सर्वसुखावहम्॥ ११

तब महाशक्तिका पुत्र वीर गणेशले बडो बहादुरीका साथ सर्वप्रथम आफ्नो लट्ठीले सबैलाई सुख दिनुहुने विष्णुको पूजा गरे अर्थात् उनीमाथि प्रहार गरे॥ ११॥

अहं च मोहयिष्यामि हन्यतां च त्वया विभो।
छलं विना न वध्योऽयं तामसोऽयं दुरासदः॥ १२

इति कृत्वा मतिं तत्र सुसंमन्त्र्य च शंभुना।
आज्ञां प्राप्याऽभवच्चैवीं विष्णुर्मोहपरायणः॥ १३

विष्णुले शिवसित भन्नुभयो—'यो बालक बडो तामसी छ र युद्धमा दुराधर्ष छ, विना छल यसलाई मार्न सकिन्न, अतः हे विभु! म यसलाई मोहित गर्छु र तपाईं यसको वध गर्नुहोस्' यस प्रकारको बुद्धि गरी तथा शिवबाट मन्त्रणा गरेर शिवको आज्ञा प्राप्त गरी विष्णु [गणेशलाई] मोहपरायण गर्नमा संलग्न हुनुभयो॥ १२-१३॥

शक्तिद्वयं तथा लीनं हरिं दृष्ट्वा तथाविधम्।
दत्त्वा शक्तिबलं तस्मै गणेशायाभवन्मुने॥ १४

शक्तिद्वयेऽथ संलीने यत्र विष्णुः स्थितः स्वयम्।
परिघं क्षिप्तवांस्तत्र गणेशो बलवत्तरः॥ १५

हे मुनि! विष्णुलाई त्यस्तो देखेर ती दुवै शक्तिहरू गणेशलाई आ-आफ्ना शक्ति समर्पित गरी त्यहीँ अन्तर्धान भए। तब ती दुवै शक्तिहरू लीन भएपछि महाबलवान् गणेशले, जहाँ विष्णु स्वयं स्थित हुनुहुन्थ्यो, त्यहीँ आफ्नो परिघ फ्याँक्नुभयो॥ १४-१५॥

कृत्वा यत्नं किमप्यत्र वंचयामास तद्गतिम्।
शिवं स्मृत्वा महेशानं स्वप्रभुं भक्तवत्सलम्॥ १६

विष्णुले आफ्नो प्रभु भक्तवत्सल महेश्वरको स्मरण गरी यत्नपूर्वक त्यस परिघको गतिलाई विफल पारिदिनुभयो॥ १६॥

एकतस्तन्मुखं दृष्ट्वा शंकरोऽप्याजगाम ह।
स्वत्रिशूलं समादाय सुक्रुद्धो युद्धकाम्यया॥ १७

तब अर्कोतर्फ उनको मुखलाई हेरेर अत्यन्त कुपित हुनुभएका शिव पनि आफ्नो त्रिशूल लिएर युद्धको इच्छाले त्यहाँ आउनुभयो॥ १७॥

स ददर्शागतं शंभुं शूलहस्तं महेश्वरम्।
हन्तुकामं निजं वीरः शिवापुत्रो महाबलः॥ १८

तब वीर तथा महाबलवान् शिवापुत्रले हातमा त्रिशूल लिएर मार्ने इच्छाले आउनुभएका महेश्वर शिवलाई देख्नुभयो॥ १८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शक्त्या जघान तं हस्ते स्मृत्वा मातृपदांबुजम्।
स गणेशो महावीरः शिवाशक्तिप्रवर्द्धितः॥ १९

त्रिशूलं पतितं हस्ताच्छिवस्य परमात्मनः।
दृष्ट्वा सदूतिकस्तं वै पिनाकं धनुराददे॥ २०

तमप्यपातयद्भूमौ परिघेण गणेश्वरः।
हताः पंच तथा हस्ताः पञ्चभिश्शूलमाददे॥ २१

अहो दुःखतरं नूनं संजातमधुना मम।
भवेत्पुनर्गणानां किं भवाचारो जगाविति॥ २२
एतस्मिन्नन्तरे वीरः परिघेण गणेश्वरः।
जघान सगणान् देवान् शक्तिदत्तबलान्वितः॥ २३

गता दशदिशो देवाः सगणाः परिघार्दिताः।
न तस्थुः समरे केऽपि तेनाद्भुतप्रहारिणा॥ २४
विष्णुस्तं च गणं दृष्ट्वा धन्योऽयमिति चाब्रवीत्।
महाबलो महावीरो महाशूरो रणप्रियः॥ २५
बहवो देवताश्चैव मया दृष्टास्तथा पुनः।
दानवा बहवो दैत्या यक्षगंधर्वराक्षसाः॥ २६
नैतेन गणनाथेन समतां यान्ति केऽपि च।
त्रैलोक्येऽप्यखिले तेजो रूपशौर्यगुणादिभिः॥ २७
एवं संब्रुवतेऽमुष्मै परिघं भ्रामयन् स च।
चिक्षेप विष्णवे तत्र शक्तिपुत्रो गणेश्वरः॥ २८
चक्रं गृहीत्वा हरिणा स्मृत्वा शिवपदाम्बुजम्।
तेन चक्रेण परिघो द्रुतं खंडीकृतस्तदा॥ २९

खंडं तु परिघस्यापि हरये प्राक्षिपद्गणः।
गृहीत्वा गरुडेनापि पक्षिणा विफलीकृतः॥ ३०

एवं विचरितं कालं महावीरावुभावपि।
विष्णुश्चापि गणश्चैव युयुधाते परस्परम्॥ ३१

पुनर्वीरवरः शक्तिसुतः स्मृतशिवो बली।
गृहीत्वा यष्टिमतुलां तया विष्णुं जघान ह॥ ३२

तब आफ्ना माताका चरणकमलहरूको स्मरण गरी शिवाको शक्तिले प्रवर्धित भएर ती महावीर गणेशले शक्तिले उहाँको हातमा प्रहार गर्नुभयो॥ १९॥

तब परमात्मा शिवका हातबाट त्रिशूल खस्यो, यो देखेर उत्तम लीला गर्नुहुने शिवले आफ्नो पिनाक नामक धनुष उठाउनुभयो॥ २०॥

गणेश्वरले आफ्नो परिघले त्यस धनुषलाई भूमिमा खसालिदिनुभयो र परिघको पाँच प्रहारबाट उहाँका पाँच हातहरूलाई घायल पारिदिनुभयो। तब शंकरले त्रिशूल ग्रहण गर्नुभयो र लौकिक गति प्रदर्शित गर्नुहुँदै उहाँ आफ्नो मनमा भन्न लाग्नुभयो—अहो! यस समय जब मलाई त महान् क्लेश प्राप्त भयो भने गणहरूको के दशा भयो होला?॥ २१-२२॥

यसै बीच शक्तिद्वारा दिइएका बलले युक्त वीर गणेशले गणहरूसहित देवताहरूलाई परिघले प्रहार गर्नुभयो। तब परिघको प्रहारबाट आहत भएका सबै देवता गणसहित दसै दिशाहरूमा भागे र अद्भुत प्रहार गर्ने त्यस बालकको सामुन्ने कोही पनि टिक्न सकेनन्॥ २३-२४॥ विष्णु पनि ती गणलाई देखेर भन्नुहुन्छ—यो धन्य, महाबलवान्, महावीर, महाशूर तथा रणप्रिय योद्धा हो। मैले धैरैजसो देवता, दानव, दैत्य, यक्ष, गन्धर्व एवं राक्षसहरूलाई देखेको छु, तर सम्पूर्ण त्रिलोकीमा तेज, रूप, गुण एवं शौर्यादिमा यसको बराबरी कसैले गर्न सक्तैनन्॥ २५—२७॥

विष्णु यस प्रकार भनिरहनुभएको थियो, शिवापुत्र गणेशले आफ्नो परिघ घुमाउँदै विष्णुमाथि फ्याँक्नुभयो॥ २८॥ तब विष्णुले पनि चक्र लिएर शिवका चरण-कमलको ध्यान गरी त्यस चक्रले परिघलाई टुक्रा-टुक्रा पारिदिनुभयो॥ २९॥

गणेश्वरले त्यस परिघका टुक्रालाई लिएर विष्णुमाथि प्रहार गर्नुभयो। तब गरुड पक्षीले त्यसलाई समातेर विफल बनाइदिए॥ ३०॥

यस प्रकार लामो समयसम्म विष्णु एवं गणेश्वर दुवै वीरले परस्पर युद्ध गरिरहनुभयो॥ ३१॥

पुनः वीरहरूमा श्रेष्ठ बलवान् शक्तिपुत्रले शिवाको स्मरण गरी अनुपम लट्ठी लिएर त्यसले विष्णुमाथि प्रहार गर्नुभयो॥ ३२॥

2325_Sihvpurana_Part_1_Nepali_Section_27_2_Front

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अविषह्य प्रहारं तं स भूमौ निपपात ह।
द्रुतमुत्थाय युयुधे शिवापुत्रेण तेन वै॥ ३३

विष्णु त्यस प्रहारलाई सहन असमर्थ भई पृथ्वीमा ढल्नुभयो र पुनः तत्काल उठेर त्यस शिवापुत्रसित संग्राम गर्न लाग्नुभयो॥ ३३॥

एतदंतरमासाद्य शूलपाणिस्तथोत्तरे।
आगत्य च त्रिशूलेन तच्छिरो निरकृंतत॥ ३४

यसै बीच अवसर पाई पछाडिबाट आएर शूलपाणि शंकरले त्रिशूलले उनको शिर काटिदिनुभयो॥ ३४॥

छिन्ने शिरसि तस्यैव गणनाथस्य नारद।
गणसैन्यं देवसैन्यमभवच्च सुनिश्चलम्॥ ३५

हे नारद! तब गणेशको शिर काटिएपछि गणहरूका तथा देवगणहरूका सेना निश्चिन्त भए॥ ३५॥

नारदेन त्वयाऽऽगत्य देव्यै सर्वं निवेदितम्।
मानिनि श्रूयतां मानस्त्याज्यो नैव त्वयाधुना॥ ३६

त्यसपछि तपाईं नारदले गएर देवीसित सबथोक निवेदन गर्नुभयो र यो पनि भन्नुभयो—हे मानिनी! सुन्नुहोस्, हजुर यस समय आफ्नो मान नछोड्नुहोस्॥ ३६॥

इत्युक्त्वाऽन्तर्हितस्तत्र नारद त्वं कलिप्रियः।
अविकारी सदा शंभुर्मनोगतिकरो मुनिः॥ ३७

हे नारद! यस प्रकार भनेर कलहप्रिय तपाईं अन्तर्धान हुनुभयो; तपाईं विकाररहित हुनुहुन्छ तथा शिवको इच्छानुसार हिँड्ने मुनि हुनुहुन्छ॥ ३७॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां चतुर्थे कुमारखण्डे गणेशयुद्धगणेशशिरश्छेदनवर्णनं नाम षोडशोऽध्यायः॥ १६॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको चतुर्थ कुमारखण्डमा गणेशयुद्धगणेशशिरश्छेदनवर्णन नामक सोह्रौं अध्याय पूर्ण भयो॥ १६॥

अथ सप्तदशोऽध्यायः

पुत्रको वधबाट कुपित जगदम्बाले अनेक शक्तिहरूलाई उत्पन्न गर्नु र उहाँद्वारा प्रलय मच्चाउनु, देवताहरू र ऋषिहरूले स्तवनद्वारा पार्वतीलाई प्रसन्न पार्नु, शिवको आज्ञानुसार हात्तीको शिर ल्याउनु र त्यसलाई गणेशको धडसित जोडेर उहाँलाई जीवित पार्नु

नारद उवाच

ब्रह्मन् वद महाप्राज्ञ तद् वृत्तान्तेऽखिले श्रुते।
किमकार्षीन्महादेवी श्रोतुमिच्छामि तत्त्वतः॥ १

नारद भन्नुहुन्छ—हे ब्रह्मन्! हे महाप्राज्ञ! अब हजुर मलाई बताउनुहोस् कि सम्पूर्ण समाचार सुनेपछि महादेवीले के गर्नुभयो? त्यसलाई राम्ररी सुन्न चाहन्छु॥ १॥

ब्रह्मोवाच

श्रूयतां मुनिशार्दूल कथयाम्यद्य तद्ध्रुवम्।
चरितं जगदंबाया यज्जातं तदनन्तरम्॥ २

ब्रह्मा भन्नुहुन्छ—हे मुनिश्रेष्ठ! त्यसपछि जगदम्बाको जुन चरित्र भयो, त्यसलाई अब म सम्पूर्ण रूपले भन्दै छु, सुन्नुहोस्॥ २॥

मृदंगान्पटहांश्चैव गणाश्चावादयंस्तथा।
महोत्सवं तदा चक्रुर्हते तस्मिनगणाधिपे॥ ३

गणाधिप ती गणेश मारिएपछि शिवका गणहरूले मृदंग एवं ढोल बजाए तथा महान् उत्सव गरे॥ ३॥

शिवोऽपि तच्छिरश्छित्वा यावद्दुःखमुपाददे।
तावच्च गिरिजा देवी चुक्रोधाति मुनीश्वर॥ ४

हे मुनीश्वर! शिव पनि गणेशको शिरश्छेदन गरी जतिबेला दुखी हुनुभयो, त्यसै समय गिरिजादेवी अत्यन्त क्रोधित हुनुभयो॥ ४॥

किं करोमि क्व गच्छामि हाहा दुःखमुपागतम्।
कथं दुःखं विनश्येतास्याऽतिदुःखं ममाधुना॥ ५

उहाँले भन्नुभयो—हाय, म के गरूँ, कहाँ जाऊँ? मलाई ज्यादै ठुलो दुःख उत्पन्न हुन गएको छ। यसको मरणबाट त मलाई ठुलो क्लेश भयो, त्यो दुःख कुन प्रकारले दूर हुन सक्छ!॥ ५॥

2325_Sihvpurana_Part_1_Nepali_Section_27_2_Back

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मत्सुतो नाशितश्चाद्य देवैः सर्वैर्गणैस्तथा।
सर्वांस्तान्नाशयिष्यामि प्रलयं वा करोम्यहम्॥ ६

इत्येवं दुःखिता सा च शक्तीः शतसहस्रशः।
निर्ममे तत्क्षणं क्रुद्धा सर्वलोकमहेश्वरी॥ ७

निर्मितास्ता नमस्कृत्य जगदंबां शिवां तदा।
जाज्वल्यमाना ह्यवदन्मातरादिश्यतामिति॥ ८

तच्छ्रुत्वा शंभुशक्तिः सा प्रकृतिः क्रोधतत्परा।
प्रत्युवाच तु ताः सर्वा महामाया मुनीश्वर॥ ९

देव्युवाच

हे शक्तयोऽधुना देव्यो युष्माभिर्मन्निदेशतः।
प्रलयश्चात्र कर्त्तव्यो नात्र कार्या विचारणा॥ १०

देवांश्चैव ऋषींश्चैव यक्षराक्षसकांस्तथा।
अस्मदीयान्परांश्चैव सख्यो भक्षत वै हठात्॥ ११

ब्रह्मोवाच

तदाज्ञप्ताश्च ताः सर्वाः शक्तयः क्रोधतत्पराः।
देवादीनां च सर्वेषां संहारं कर्तुमुद्यताः॥ १२
यथा च तृणसंहारमनलः कुरुते तथा।
एवं ताः शक्तयः सर्वाः संहारं कर्तुमुद्यताः॥ १३
गणपो वाथ विष्णुर्वा ब्रह्मा वा शंकरस्तथा।
इन्द्रो वा यक्षराजो वा स्कंदो वा सूर्य एव वा॥ १४
सर्वेषां चैव संहारं कुर्वंति स्म निरंतरम्।
यत्र यत्र तु दृश्येत तत्र तत्रापि शक्तयः॥ १५
कराली कुब्जका खंजा लंबशीर्षा ह्यनेकशः।
हस्ते धृत्वा तु देवांश्च मुखे चैवाक्षिपंस्तदा॥ १६

तं संहारं तदा दृष्ट्वा हरो ब्रह्मा तथा हरिः।
इन्द्रादयोऽखिला देवा गणाश्च ऋषयस्तथा॥ १७
किं करिष्यति सा देवी संहारं वाप्यकालतः।
इति संशयमापन्ना जीवनाशा हताऽभवत्॥ १८

सर्वे च मिलिताश्चेमे किं कर्त्तव्यं विचिन्त्यताम्।
एवं विचारयन्तस्ते तूर्णमूचुः परस्परम्॥ १९

सबै देवताहरू तथा गणहरूले मेरो पुत्रलाई मारेका हुन्। अतः म उनीहरूको नाश गरिदिन्छु अथवा प्रलय गरिदिन्छु॥ ६॥ यस प्रकार दुखी भई ती सर्वलोकमहेश्वरीले त्यसै क्षण कुपित भई करोडौँ शक्तिहरू प्रकट गर्नुभयो॥ ७॥

तेजबाट जाज्वल्यमान ती प्रकट भएका शक्तिहरूले जगदम्बा पार्वतीलाई नमस्कार गरी भने—हे माता! आज्ञा दिनुहोस्॥ ८॥

हे मुनीश्वर! यो सुनेर शम्भुकी शक्ति महामाया प्रकृतिले क्रोधित भई ती सबै शक्तिहरूसित भन्नुभयो—॥ ९॥

देवी भन्नुहुन्छ—हे शक्तिहरू हो! हे देवीहरू हो! तिमीहरू सबै मेरो आज्ञाले प्रलय मच्चाओ; यसमा तिमीहरू सबैले विचार गरिरहनुपर्दैन॥ १०॥

हे सखीहरू हो! तिमीहरू देवता, ऋषि, यक्ष, राक्षस र आफ्ना तथा अन्य सबैलाई हठपूर्वक भक्षण गरिदेऊ॥ ११॥

ब्रह्मा भन्नुहुन्छ—तब पार्वतीको आज्ञा पाउना साथ ती सबै शक्तिहरू क्रोधित भई देवता आदि सबैको संहार गर्नका लागि उद्यत भए॥ १२॥

जस प्रकार अग्नि तृणहरूलाई संहार गरिदिन्छ, त्यसै प्रकार ती समस्त शक्तिहरू पनि संहार गर्न लागे॥ १३॥

[शिवका] गणाधिप, विष्णु, ब्रह्मा, शंकर, इन्द्र, यक्षराज, स्कन्द अथवा सूर्य आदिको ती निरन्तर संहार गर्न लागे। जहाँ-जहाँ दृष्टि जान्थ्यो, त्यहाँ-त्यहाँ केवल शक्तिहरू नै देखिन्थ्यो॥ १४-१५॥

त्यस समय कराली, कुब्जका, खंजा, लम्बशीर्षा आदि अनेक शक्तिहरू देवताहरूलाई हातले समातेर मुखमा हाल्न लागे॥ १६॥

त्यस संहारलाई देखेर हर, ब्रह्मा, हरि तथा इन्द्रादि सबै देवतागण एवं ऋषि यस सन्देहमा परे कि के देवी अकालमा नै प्रलय गर्नेछिन्? यस प्रकार उनीहरूमा जीवनको आशा समाप्त-जस्तै हुन गयो॥ १७-१८॥

सबै जनहरूले मिलेर भने कि अब हामीले के गर्नु पर्ला—सबैजना यसमाथि विचार गरून्। यस प्रकार परस्पर विचार गर्दै ती भन्न लागे—॥ १९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यदा च गिरिजा देवी प्रसन्ना हि भवेदिह।
तदा चैव भवेत्स्वास्थ्यं नान्यथा कोटि यत्नतः॥ २०

शिवोऽपि दुःखमापन्नो लौकिकीं गतिमाश्रितः।
मोहयन्सकलांस्तत्र नानालीलाविशारदः॥ २१

सर्वेषां चैव देवानां कटिर्भग्ना यदा तदा।
शिवा क्रोधमयी साक्षाद् गन्तुं न पुर उत्सहेत्॥ २२

स्वीयो वा परकीयो वा देवो वा दानवोऽपि वा।
गणो वापि च दिक्पालो यक्षो वा किन्नरो मुनिः॥ २३
विष्णुर्वापि तथा ब्रह्मा शंकरश्च तथा प्रभुः।
न कश्चिद्गिरिजाग्रे च स्थातुं शक्तोऽभवन्मुने॥ २४
जाज्वल्यमानं तत्तेजः सर्वतो दाहि तेऽखिलाः।
दृष्ट्वा भीततरा आसन् सर्वे दूरतरं स्थिताः॥ २५
एतस्मिन्समये तत्र नारदो दिव्यदर्शनः।
आगतस्त्वं मुने देवगणानां सुखहेतवे॥ २६
ब्रह्माणं मां भवं विष्णुं शंकरं च प्रणम्य सः।
समागत्य मिलित्वोचे विचार्य कार्यमेव वा॥ २७
सर्वे संमन्त्रयांचक्रुस्त्वया देवा महात्मना।
दुःखशांतिः कथं स्याद्वै समूचुस्तत एव ते॥ २८

यावच्च गिरिजा देवी कृपां नैव करिष्यति।
तावन्नैव सुखं स्याद्वै नात्र कार्या विचारणा॥ २९
ऋषयो हि त्वदाद्याश्च गतास्ते वै शिवान्तिकम्।
सर्वे प्रसादयामासुः क्रोधशान्त्यै तदा शिवाम्॥ ३०

पुनः पुनः प्रणेमुश्च स्तुत्वा स्तोत्रैरनेकशः।
सर्वे प्रसादयन्प्रीत्या प्रोचुर्देवगणाज्ञया॥ ३१

सुरर्षय ऊचुः

जगदम्ब नमस्तुभ्यं शिवायै च नमोऽस्तु ते।
चंडिकायै नमस्तुभ्यं कल्याण्यै च नमोऽस्तु ते॥ ३२

आदिशक्तिस्त्वमेवाम्ब सर्वसृष्टिकरी सदा।
त्वमेव पालिनी शक्तिस्त्वमेव प्रलयंकरी॥ ३३

यदि गिरिजादेवी प्रसन्न हुनुभयो भने शान्ति हुन सक्छ अन्यथा करोडौँ उपायहरूबाट पनि शान्ति सम्भव छैन॥ २०॥

अनेक प्रकारका लीलाहरू गर्नमा प्रवीण शिव पनि सबैलाई मोहित पार्दै लौकिक गतिको आश्रय लिएर दुःखित हुनुभयो॥ २१॥

जब पार्वतीका समक्ष जाने प्रश्न उठ्यो तब सबै देवताहरूको कम्मर त्यस समय भाँचियो। उनीहरूले सोचे कि पार्वती साक्षात् क्रोधकी मूर्ति हुनुहुन्छ, कोही पनि उहाँको सामुन्ने जान साहस गर्न सक्तैनन्॥ २२॥

हे मुनि! त्यस समय देवता, दानवगण, दिक्पाल, यक्ष, किन्नर, मुनि, विष्णु, ब्रह्मा एवं महाप्रभु शंकर आदि तथा आफन्त-पराया कोही पनि गिरिजाको सामुन्ने उभिन समर्थ भएनन्॥ २३-२४॥

सबैतिरबाट पार्वतीका बल्दै गरेका ती दाहक तेजलाई देखेर सबैजना टाढै उभिए॥ २५॥

हे मुनि! त्यसै समय दिव्य दर्शनवाला तपाईं नारद देवगणहरूलाई सुखी पार्न त्यहाँ पुग्नुभयो। नजिक आएर म ब्रह्मा, विष्णु तथा शंकरलाई प्रणाम गरी सबैका साथ मिलेर तपाईं भन्न लाग्नुभयो कि सोच-विचार गरेर नै कुनै काम गर्नुपर्छ॥ २६-२७॥

त्यसपछि सबै देवताहरूले तपाईं महात्माका साथ विमर्श गरे कि यस दुःखको शान्ति कुन प्रकार हुन्छ; यसपछि उनीहरूले भने—जबसम्म गिरिजादेवी कृपा गर्नुहुन्न, तबसम्म दुःखको शान्ति सम्भव छैन, यसमा कुनै विचार गर्नु हुँदैन॥ २८-२९॥

त्यसपछि सबै ऋषि तपाईंलाई साथ लिएर पार्वतीका समक्षमा गए र क्रोध शान्त गर्नका लागि शिवालाई प्रसन्न पार्न लागे॥ ३०॥

सबैले बारम्बार प्रणाम गरे र अनेक स्तोत्रहरूले स्तुति गरी उहाँलाई प्रसन्न पार्दै देवगणहरूको आज्ञाले प्रेमपूर्वक भने—॥ ३१॥

देवर्षि भन्दछन्—हे जगदम्बा! हजुरलाई नमस्कार छ, हजुर शिवालाई नमस्कार छ, हजुर चण्डिकालाई नमस्कार छ, हजुर कल्याणीलाई नमस्कार छ॥ ३२॥

हे अम्बा! हजुर नै आदिशक्ति हुनुहुन्छ, हजुर नै सर्वदा सृष्टि, पालन गर्नुहुने तथा प्रलय गर्नुहुने शक्ति हुनुहुन्छ॥ ३३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रसन्ना भव देवेशि शांतिं कुरु नमोऽस्तु ते।
सर्वं हि विकलं देवि त्रिजगत्तव कोपतः॥ ३४

हे देवेशी! हजुर प्रसन्न हुनुहोस्, शान्त हुनुहोस्। हजुरलाई नमस्कार छ, हे देवी! हजुरको क्रोधले सारा त्रैलोक्य विकल भइरहेको छ॥ ३४॥

ब्रह्मोवाच

एवं स्तुता परा देवी ऋषिभिश्च त्वदादिभिः।
क्रुद्धदृष्ट्या तदा तांश्च किंचिन्नोवाच सा शिवा॥ ३५

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार तपाईं सबै ऋषिहरूले मिलेर पराम्बाको स्तुति गर्नुभयो, तब पनि क्रोधपूर्ण दृष्टिले उनीहरूतिर हेर्दै ती शिवाले केही पनि भन्नुभएन॥ ३५॥

तदा च ऋषयः सर्वे नत्वा तच्चरणाम्बुजम्।
पुनरूचुश्शिवां भक्त्या कृतांजलिपुटाः शनैः॥ ३६

पुनः सबै ऋषिहरूले उहाँका चरणकमलमा नमस्कार गरी परम भक्तिपूर्वक हात जोडेर विस्तारै शिवासित भने—॥ ३६॥

ऋषय ऊचुः

क्षम्यतां क्षम्यतां देवि संहारो जायतेऽधुना।
तव स्वामी स्थितश्चात्र पश्य पश्य तमम्बिके॥ ३७

ऋषिगण भन्दछन्—हे देवी! क्षमा गर्नुहोस्, क्षमा गर्नुहोस्। यस समय प्रलय हुन चाहन्छ। हे अम्बिका! हजुरका स्वामी यहीँ स्थित हुनुहुन्छ, हेर्नुहोस्, हेर्नुहोस्॥ ३७॥

वयं के च इमे देवा विष्णुब्रह्मादयस्तथा।
प्रजाश्च भवदीयाश्च कृतांजलिपुटाः स्थिताः॥ ३८

हामी को हौँ? यी ब्रह्मा, विष्णु आदि देवता को हुनुहुन्छ? वस्तुतः हामी सबै हजुरका प्रजाहरू हौँ र हात जोडेर उभिएका छौँ॥ ३८॥

क्षंतव्यश्चापराधो वै सर्वेषां परमेश्वरि।
सर्वे हि विकलाश्चाद्य शांतिं तेषां शिवे कुरु॥ ३९

हे परमेश्वरी! हामी सबैको अपराध क्षमा गर्नुहोस्। हे शिवा! सबै जन व्याकुल छन्, अतः यिनको शान्ति गर्नुहोस्॥ ३९॥

ब्रह्मोवाच

इत्युक्त्वा ऋषयः सर्वे सुदीनतरमाकुलाः।
संतस्थिरे चंडिकाग्रे कृतांजलिपुटास्तदा॥ ४०

ब्रह्मा भन्नुहुन्छ—यस्तो भनेर सबै ऋषिगण अत्यन्त दीनताले व्याकुल भई अम्बिकाको सामुन्ने हात जोड्दै उभिरहे॥ ४०॥

एवं श्रुत्वा वचस्तेषां प्रसन्ना चंडिकाऽभवत्।
प्रत्युवाच ऋषींस्तान्वै करुणाविष्टमानसा॥ ४१

यस प्रकार उनीहरूको वचन सुनेर चण्डिका प्रसन्न हुनुभयो र करुणार्द्रचित्त भई ऋषिहरूसित भन्न लाग्नुभयो—॥ ४१॥

देव्युवाच

मत्पुत्रो यदि जीवेत तदा संहरणं न हि।
यथा हि भवतां मध्ये पूज्योऽयं च भविष्यति॥ ४२
सर्वाध्यक्षो भवेदद्य यूयं कुरुत तद्यदि।
तदा शांतिर्भवेल्लोके नान्यथा सुखमाप्स्यथ॥ ४३

देवी भन्नुहुन्छ—यदि मेरो पुत्र जीवित हुन्छ भने तथा तिमीहरूका बीच प्रथम पूज्य हुन्छ भने यो संहार हुने छैन। यो आजबाट सबैको अध्यक्ष भइजाओस् र यदि तिमीहरूले यसलाई यस्तो गर्छौ भने लोकमा शान्ति हुन सक्छ अन्यथा तिमीहरूलाई सुखको प्राप्ति हुने छैन॥ ४२-४३॥

ब्रह्मोवाच

इत्युक्तास्ते तदा सर्वे ऋषयो युष्मदादयः।
तेभ्यो देवेभ्य आगत्य सर्वं वृत्तं न्यवेदयन्॥ ४४

ब्रह्मा भन्नुहुन्छ—[भगवतीले] यस प्रकार भन्नुभएपछि देवगणहरूको समीपमा गई तपाईंहरू सबै ऋषिहरूले सारा वृत्तान्त निवेदन गर्नुभयो॥ ४४॥

ते च सर्वे तथा श्रुत्वा शंकराय न्यवेदयन्।
नत्वा प्रांजलयो दीनाः शक्रप्रभृतयः सुराः॥ ४५

तब यो सुनेर दुःखित इन्द्रादि सबै देवगणहरूले हात जोडेर प्रणाम गरी [यो वृत्तान्त] शंकरसित निवेदन गरे॥ ४५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रोवाचेति सुराञ्छुत्वा शिवश्चापि तथा पुनः।
कर्त्तव्यं च तथा सर्वलोकस्वास्थ्यं भवेदिह॥ ४६

यो सुनेर शिवले पनि देवताहरूसित भन्नुभयो—हामीहरूले पनि त्यही गर्नुपर्छ, जसबाट सारा संसारको कल्याण होस्॥ ४६॥

उत्तरस्यां पुनर्यात प्रथमं यो मिलेदिह।
तच्छिरश्च समाहृत्य योजनीयं कलेवरे॥ ४७

अतः तपाईंहरू उत्तर दिशातिर जानुहोस् र सर्वप्रथम जे भेटिन्छ, त्यसको शिर ल्याएर यसको धडमा जोडिदिनुहोस्॥ ४७॥

ब्रह्मोवाच

ततस्तैस्तत्कृतं सर्वं शिवाज्ञाप्रतिपालकैः।
कलेवरं समानीय प्रक्षाल्य विधिवच्च तत्॥ ४८
पूजयित्वा पुनस्ते वै गताश्चोदङ्मुखास्तदा।
प्रथमं मिलितस्तत्र हस्ती चाप्येकदन्तकः॥ ४९

ब्रह्मा भन्नुहुन्छ—त्यसपछि शिवको आज्ञा पालन गर्ने देवताहरूले यस्तै गरे। गणेशको शरीर ल्याएर विधिपूर्वक त्यसको प्रक्षालन गरी त्यसको पूजा गरी ती उत्तर दिशातिर गए, त्यहाँ उनीहरूले सर्वप्रथम एउटा दाँत भएको हात्ती भेटाए॥ ४८-४९॥

तच्छिरश्च तदा नीत्वा तत्र तेऽयोजयन् ध्रुवम्।
संयोज्य देवताः सर्वाः शिवं विष्णुं विधिं तदा॥ ५०

प्रणम्य वचनं प्रोचुर्भवयुक्तं कृतं च नः।
अनंतरं च तत्कार्यं भवताद्ववशेषितम्॥ ५१

तब त्यसैको शिर ल्याएर उनीहरूले गणेशको शरीरमा जोडिदिए। शिर जोडेर सबै देवताहरूले ब्रह्मा, विष्णु तथा शंकरलाई प्रणाम गरी यो वचन भने—हजुरले जस्तो भन्नुभएको थियो, हामीहरूले त्यस्तै गरिदियौँ, अब यसपछि जुन कार्य बाँकी छ, त्यसलाई हजुरले गर्नुपर्ने छ॥ ५०-५१॥

ततस्ते तु विरेजुश्च पार्षदाश्च सुराः सुखम्।
अथ तद्वचनं श्रुत्वा शिवोक्तं पर्यपालयन्॥ ५२

यसपछि शिवका गण तथा देवता सुखपूर्वक सुशोभित भए। पुनः शिवले जस्तो भन्नुभयो, उनीहरूले त्यस्तै पालन गरे॥ ५२॥

ऊचुस्ते च तदा तत्र ब्रह्मविष्णुसुरास्तथा।
प्रणम्येशं शिवं देवं स्वप्रभुं गुणवर्जितम्॥ ५३

यस्मात्त्वत्तेजसः सर्वे वयं जाता महात्मनः।
त्वत्तेजस्तत्समायातु वेदमंत्राभियोगतः॥ ५४

तब ब्रह्मा, विष्णु आदि देवगण आफ्ना प्रभु निर्गुण ब्रह्म ईश्वर शिवलाई प्रणाम गरी उहाँसित भन्दछन्—जस प्रकार हामी महात्माहरू हजुरको तेजले उत्पन्न भएका छौँ, त्यसै प्रकार हजुरको तेज वेदमन्त्रहरूको प्रभावले यस शरीरमा पनि प्रकट हुन जाओस्॥ ५३-५४॥

इत्येवमभिमंत्रेण मंत्रितं जलमुत्तमम्।
स्मृत्वा शिवं समेतास्ते चिक्षिपुस्तत्कलेवरे॥ ५५

तज्जलस्पर्शमात्रेण चिद्युतो जीवितो द्रुतम्।
तदोत्तस्थौ सुप्त इव स बालश्च शिवेच्छया॥ ५६

यस प्रकार उनीहरूले शिवको स्मरण गरी मन्त्रद्वारा अभिमन्त्रित उत्तम जल गणेशको शरीरमा छर्किदिए॥ ५५॥ त्यस जलको स्पर्श हुनासाथ त्यो बालक शिवको इच्छाले चेतनायुक्त भई जीवित हुन गयो र निदाएको झैँ उठेर बस्यो॥ ५६॥

सुभगः सुन्दरतरो गजवक्त्रः सुरक्तकः।
प्रसन्नवदनश्चाति सुप्रभो ललिताकृतिः॥ ५७

त्यो सुभग, अत्यन्त सुन्दर, हात्तीको मुख भएको, रातो वर्ण भएको, प्रसन्न मुखमण्डल भएको, अत्यन्त तेजस्वी तथा मनोहर आकृति भएको थियो॥ ५७॥

तं दृष्ट्वा जीवितं बालं शिवापुत्रं मुनीश्वर।
सर्वे मुमुदिरे तत्र सर्वं दुःखं क्षयं गतम्॥ ५८

हे मुनीश्वर! त्यस बालक पार्वतीपुत्रलाई जीवित देखेर सबै जना अत्यन्त प्रसन्न भए र सबैको दुःख नष्ट भयो॥ ५८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देव्यै संदर्शयामासुः सर्वे हर्षसमन्विताः।
जीवितं तनयं दृष्ट्वा देवी हृष्टतराभवत्॥ ५९

यसपछि हर्षले युक्त सबै जनहरूले देवीलाई गणेशको दर्शन गराए। आफ्नो पुत्रलाई जीवित देखेर देवी अत्यन्त प्रसन्न हुनुभयो॥ ५९॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां चतुर्थे कुमारखण्डे गणेशजीवनवर्णनं नाम सप्तदशोऽध्यायः॥ १७॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको चतुर्थ कुमारखण्डमा गणेशजीवनवर्णन नामक सत्रौँ अध्याय पूर्ण भयो॥ १७॥

अथाष्टादशोऽध्यायः

पार्वतीद्वारा गणेशलाई वरदान, देवताहरूद्वारा उहाँलाई अग्रपूज्य मान्नु, शिवद्वारा गणेशलाई सर्वाध्यक्षपद प्रदान गर्नु, गणेशचतुर्थीव्रतविधान तथा त्यसको माहात्म्य, देवताहरूको स्वलोक-गमन

नारद उवाच

जीविते गिरिजापुत्रे देव्या दृष्टे प्रजेश्वर।
ततः किमभवत्तत्र कृपया तद्वदाधुना॥ १

नारद भन्नुहुन्छ—हे प्रजेश्वर! जब गिरिजाले आफ्नू पुत्रलाई जीवित देख्नुभयो, तब के भयो? हजुर कृपापूर्वक त्यसलाई बताउनुहोस्॥ १॥

ब्रह्मोवाच

जीविते गिरिजापुत्रे देव्या दृष्टे मुनीश्वर।
यज्जातं तच्छृणुष्वाद्य वच्मि तं महदुत्सवम्॥ २

ब्रह्मा भन्नुहुन्छ—हे मुनीश्वर! जब देवीले देख्नुभयो कि मेरो पुत्र जीवित भयो, त्यसपछि जे भयो, त्यसलाई सुन्नुहोस्, म त्यो महान् उत्सव भन्दै छु॥ २॥

जीवितः स शिवापुत्रो निर्व्यग्रो विकृतो मुने।
अभिषिक्तस्तदा देवैर्गणाध्यक्षैर्गजाननः॥ ३

दृष्ट्वा स्वतनयं देवी शिवा हर्षसमन्विता।
गृहीत्वा बालकं दोर्भ्यां प्रमुदा परिषस्वजे॥ ४

हे मुनि! जब व्याकुलताबाट रहित तथा विशेष आकृति भएका शिवापुत्र गजानन जीवित हुनुभयो, तब देवताहरूले उहाँलाई गणाध्यक्षको पदमा अभिषिक्त गरे॥ ३॥ आफ्नू पुत्रलाई [अभिषिक्त] देखेर भगवती पार्वती अत्यन्त हर्षित हुनुभयो र बालकलाई काखमा लिएर आफ्ना दुवै हातहरूले प्रेमपूर्वक आलिंगन गर्न लाग्नुभयो॥ ४॥

वस्त्राणि विविधानीह नानालंकरणानि च।
ददौ प्रीत्या गणेशाय स्वपुत्राय मुदांबिका॥ ५

जगदम्बाले त्यस आफ्नू पुत्रलाई बडो प्रेमले नाना प्रकारका वस्त्र तथा अलंकार प्रदान गर्नुभयो॥ ५॥

पूजयित्वा तया देव्या सिद्धिभिश्चाप्यनेकशः।
करेण स्पर्शितः सोऽथ सर्वदुःखहरेण वै॥ ६

पूजयित्वा सुतं देवी मुखमाचुम्ब्य शांकरी।
वरान्ददौ तदा प्रीत्या जातस्त्वं दुःखितोऽधुना॥ ७

देवीले अनेक प्रकारका सिद्धिहरूद्वारा त्यस बालकको पूजा गरी सबै दुःखहरूलाई दूर गर्ने आफ्नो कल्याणकारी हातले उनको स्पर्श गर्नुभयो। पूजा गरिसकेपछि देवीले उनको मुख सुम्सुम्याउनुभयो र प्रेमले उनलाई अनेक वरदान दिनुभयो र भन्नुभयो— पुत्र! तिमीले यस समय ठुलो कष्ट उठायौ॥ ६-७॥

धन्योऽसि कृतकृत्योऽसि पूर्वपूज्यो भवाधुना।
सर्वेषाममराणां वै सर्वदा दुःखवर्जितः॥ ८

हे पुत्र! तिमी धन्य छौ र कृतकृत्य छौ, तिमी सबै देवताहरूभन्दा पहिला पूजिने छौ र सदा दुःखरहित रहने छौ। किनभने यस समय तिम्रो मुखमण्डलमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आनने तव सिन्दूरं दृश्यते सांप्रतं यदि।
तस्मात्त्वं पूजनीयोऽसि सिन्दूरेण सदा नरैः॥ ९
पुष्पैर्वा चन्दनैर्वापि गन्धेनैव शुभेन च।
नैवेद्येन सुरम्येण नीराजेन विधानतः॥ १०
ताम्बूलैरथ दानैश्च तथा प्रक्रमणैरपि।
नमस्कारविधानेन पूजां यस्ते विधास्यति॥ ११
तस्य वै सकला सिद्धिर्भविष्यति न संशयः।
विघ्नान्यनेकरूपाणि क्षयं यास्यन्त्यसंशयम्॥ १२

ब्रह्मोवाच

इत्युक्त्वा च तदा देवी स्वपुत्रं तं महेश्वरी।
नानावस्तुभिरुत्कृष्टैः पुनरप्यर्चयत्तथा॥ १३
ततः स्वास्थ्यं च देवानां गणानां च विशेषतः।
गिरिजाकृपया विप्र जातं तत्क्षणमात्रतः॥ १४
एतस्मिंश्च क्षणे देवा वासवाद्याः शिवं मुदा।
स्तुत्वा प्रसाद्य तं देवं भक्त्या निन्युः शिवांतिकम्॥ १५
संसाद्य गिरिशं पश्चादुत्संगे सन्न्यवेशयन्।
बालकं तं महेशान्यास्त्रिजगत्सुखहेतवे॥ १६
शिवोऽपि तस्य शिरसि दत्त्वा स्वकरपंकजम्।
उवाच वचनं देवान् पुत्रोऽयमिति मेऽपरः॥ १७
गणेशोऽपि तदोत्थाय नमस्कृत्य शिवाय वै।
पार्वत्यै च नमस्कृत्य मह्यं वै विष्णवे तथा॥ १८
नारदाद्यानृषीन्सर्वान्स त्वास्थाय पुरोऽब्रवीत्।
क्षंतव्यश्चापराधो मे मानश्चैवेदृशो नृणाम्॥ १९
अहं च शंकरश्चैव विष्णुश्चैते त्रयः सुराः।
प्रत्यूचुर्युगपत्प्रीत्या ददतो वरमुत्तमम्॥ २०
त्रयो वयं सुरवरा यथा पूज्या जगत्त्रये।
तथायं गणनाथश्च सकलैः प्रतिपूज्यताम्॥ २१
वयं च प्राकृताश्चायं प्राकृतः पूज्य एव च।
गणेशो विघ्नहर्त्ता हि सर्वकामफलप्रदः॥ २२
एतत्पूजां पुरा कृत्वा पश्चात्पूज्या वयं नरैः।
वयं च पूजिताः सर्वे नायं चापूजितो यदा॥ २३
अस्मिन्नपूजिते देवाः परपूजाकृता यदि।
तदा तत्फलहानिः स्यान्नात्र कार्या विचारणा॥ २४

सिन्दूर देखिँदै छ, यसैले मानिसहरूद्वारा तिमी सदा सिन्दूरबाट पूजित हुने छौ। जो मनुष्य पुष्प, चन्दन, सुगन्धित द्रव्य, उत्तम नैवेद्य, विधिपूर्वक आरती, पान-सुपारी, दान, परिक्रमा तथा नमस्कारविधिले तिम्रो पूजा गर्ने छन्, तिनलाई सम्पूर्ण सिद्धि प्राप्त हुने छन्, यसमा सन्देह छैन। यति मात्र हैन तिम्रो पूजाबाट समस्त विघ्न पनि निःसन्देह विनष्ट हुने छ॥ ८-१२॥

ब्रह्मा भन्नुहुन्छ—यस्तो भनेर ती महेश्वरी देवीले नाना प्रकारका उत्कृष्ट पदार्थहरूले पुनः आफ्नो पुत्र गणेशको पूजा गर्नुभयो। हे विप्र! तब गिरिजाको कृपाले क्षणमात्रमा देवताहरूलाई तथा विशेष गरी शिवगणहरूलाई शान्ति प्राप्त भयो॥ १३-१४॥

त्यसै समय इन्द्रादि देवता प्रसन्नतापूर्वक शिवको स्तुति गरी उहाँलाई प्रसन्न पारी भक्तियुक्त भएर पार्वतीका समक्ष लिएर आए। शिवलाई ल्याएपछि ती देवताहरूले तीनवटै लोकको सुखका लागि महेश्वरीको ती पुत्रलाई शिवको काखमा बसाइदिए। शिवले पनि ती बालकको शिरमा आफ्नो करकमल राखेर देवगणहरूसित यो वचन भन्नुभयो—यो मेरो दोस्रो पुत्र हो॥ १५—१७॥ तब गणेशले पनि उठेर शिवलाई, पार्वतीलाई, मलाई, विष्णुलाई प्रणाम गरी सबैका सामुन्ने खडा भएर नारदादि सबै ऋषिहरूसित भन्नुभयो—तपाईंहरू मेरो अपराधलाई क्षमा गर्नुहोस्, मनुष्यहरूमा मान यस्तै नै हुन्छ॥ १८-१९॥

त्यसपछि म [ब्रह्मा], विष्णु तथा शंकर—यी तीन देवताहरूले एकै साथ ती बालकलाई प्रेमपूर्वक उत्तम वर प्रदान गर्दै भन्यौँ—जसरी हामी तीन श्रेष्ठ देवता तीनै लोकमा पूज्य छौँ, त्यसै गरी यी गणेश पनि सबैद्वारा पूजिने छन्। हामीहरू प्राकृत (मौलिक) देवता हौँ, त्यसै प्रकार यी पनि प्राकृत हुन्। गणेश विघ्नहरूलाई हरण गर्नेवाला तथा सबै कामनाहरूको फल प्रदान गर्नेवाला हुनुहुन्छ। पहिला यिनको पूजा गरिसकेपछि मनुष्य हामीहरूको पूजा गरून्, यदि हामीहरूको पूजा गरियो र यिनको पूजा गरिएन भने हे देवताहरू हो! यदि कोही यिनको पूजा नगरीकन अन्य देवताहरूको पूजा गर्दछ भने त्यसलाई पूजाको फल प्राप्त हुँदैन, यसमा सन्देह छैन॥ २०—२४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

इत्युक्त्वा स गणेशानो नानावस्तुभिरादरात्।
शिवेन पूजितः पूर्वं विष्णुनाऽनु प्रपूजितः॥ २५
ब्रह्मणा च मया तत्र पार्वत्या च प्रपूजितः।
सर्वैर्देवगणैश्चैव पूजितः परया मुदा॥ २६
सर्वैर्मिलित्वा तत्रैव ब्रह्मविष्णुहरादिभिः।
सगणेशश्शिवातुष्ट्यै सर्वाध्यक्षो निवेदितः॥ २७
पुनश्चैव शिवेनास्मै सुप्रसन्नेन चेतसा।
सर्वदा सुखदा लोके वरा दत्ता ह्यनेकशः॥ २८

शिव उवाच

हे गिरीन्द्रसुतापुत्र संतुष्टोऽहं न संशयः।
मयि तुष्टे जगत्तुष्टं विरुद्धः कोऽपि नो भवेत्॥ २९
बालरूपोऽपि यस्मात्त्वं महाविक्रमकारकः।
शक्तिपुत्रः सुतेजस्वी तस्माद्भव सदा सुखी॥ ३०
त्वन्नाम विघ्नहन्तृत्वे श्रेष्ठं चैव भवत्विति।
मम सर्वगणाध्यक्षः संपूज्यस्त्वं भवाधुना॥ ३१
एवमुक्त्वा शंकरेण पूजाविधिरनेकशः।
आशिषश्चाप्यनेका हि कृतास्तस्मिंस्तु तत्क्षणात्॥ ३२
ततो देवगणाश्चैव गीतं वाद्यं च नृत्यकम्।
मुदा ते कारयामासुस्तथैवाप्सरसां गणाः॥ ३३
पुनश्चैव वरो दत्तः सुप्रसन्नेन शंभुना।
तस्मै च गणनाथाय शिवेनैव महात्मना॥ ३४
चतुर्थ्यां त्वं समुत्पन्नो भाद्रे मासि गणेश्वर।
असिते च तथा पक्षे चंद्रस्योदयने शुभे॥ ३५
प्रथमे च तथा यामे गिरिजायाः सुचेतसः।
आविर्बभूव ते रूपं यस्मात्ते व्रतमुत्तमम्॥ ३६
तस्मात्तद्दिनमारभ्य तस्यामेव तिथौ मुदा।
व्रतं कार्यं विशेषेण सर्वसिद्ध्यै सुशोभनम्॥ ३७
यावत्पुनः समायाति वर्षान्ते च चतुर्थिका।
तावद्व्रतं च कर्तव्यं तव चैव ममाज्ञया॥ ३८
संसारे सुखमिच्छन्ति येऽतुलं चाप्यनेकशः।
त्वां पूजयन्तु ते भक्त्या चतुर्थ्यां विधिपूर्वकम्॥ ३९

ब्रह्मा भन्नुहुन्छ—यस्तो भनेर शिवले अनेक प्रकारका वस्तुहरूले गणेशको पूजा गर्नुभयो, त्यसपछि विष्णुद्वारा पनि उहाँ पूजित हुनुभयो। त्यसपछि मैले एवं पार्वतीले पूजा गर्‍याँ र देवगणहरूले पनि बडो आदरका साथ उहाँको पूजा गरे। त्यसै स्थानमा ब्रह्मा, विष्णु एवं शिवले एक साथ मिलेर पार्वतीको प्रसन्नताका निम्ति ती गणेशलाई सर्वाध्यक्ष शब्दले सम्बोधन गर्‍याँ॥ २५—२७॥

यसपछि शिवले प्रसन्न मनले ती गणेशलाई लोकमा सदा सुखदायक अनेक वर दिनुभयो॥ २८॥

शिव भन्नुहुन्छ—हे पार्वतीपुत्र! म तिमीप्रति प्रसन्न छु, यसमा सन्देह छैन, मेरो सन्तुष्टी पछि जगत् सन्तुष्ट हुन जान्छ, कोही पनि विरुद्ध हुन सक्तैनन्॥ २९॥ तिमी बालकरूपमा छौ र शक्तिको महापराक्रमी एवं परम तेजस्वी पुत्र हौ। यसैले सर्वदा सुखी रहनू॥ ३०॥

हे बालक! विघ्नहरूलाई नष्ट गर्नमा तिम्रो नाम सर्वश्रेष्ठ हुनेछ। आजबाट तिमी मेरा सम्पूर्ण गणहरूको अध्यक्ष एवं सबैका पूज्य हुने छौ। यस प्रकार भनेर शंकरले गणेशलाई उहाँको अनेक पूजाविधि बताएर त्यसै क्षण अनेकौँ आशीर्वाद प्रदान गर्नुभयो॥ ३१-३२॥

त्यसपछि देवताहरू एवं अप्सराहरूले प्रसन्न भएर [अनेक प्रकारका] गीत, वाद्य तथा नृत्य गरे॥ ३३॥

यसपछि कल्याणकारी महात्मा शंकर प्रसन्न भएर ती गणेशलाई पुनः वर प्रदान गर्नुभयो॥ ३४॥

हे गणेश्वर! तिमी भाद्रपदमासमा कृष्णपक्षको चतुर्थीको शुभ चन्द्रोदयकालमा उत्पन्न भएका हौ र रात्रिको प्रथम प्रहरमा गिरिजाको चित्तबाट तिम्रो रूप आविर्भूत भएको छ, यसैले त्यसै दिन तिम्रो उत्तम व्रत हुने छ॥ ३५-३६॥

त्यसै दिनदेखि आरम्भ गरी त्यसै तिथिमा सबै सिद्धिहरूका लागि मनुष्यले प्रसन्नतापूर्वक यस सुन्दर व्रतको अनुष्ठान गर्नुपर्छ। एक वर्षमा जब भाद्रमासको कृष्णपक्षको चतुर्थी तिथि पुनः आउँछ, तबसम्म वर्षपर्यन्त तिम्रो व्रत मेरो आज्ञाले गर्नुपर्छ। जो व्यक्ति यस संसारमा अनेक प्रकारका अतुल सुख चाहन्छन्, तिनले प्रत्येक चतुर्थीका दिन विधिपूर्वक तिम्रो पूजा गरून्॥ ३७—३९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मार्गशीर्षे तथा मासे रमा या वै चतुर्थिका।
प्रातः स्नानं तदा कृत्वा व्रतं विप्रान्निवेदयेत्॥ ४०

दूर्वाभिः पूजनं कार्यमुपवासस्तथाविधः।
रात्रेश्च प्रहरे जाते स्नात्वा संपूजयेन्नरः॥ ४१

मूर्तिं धातुमयीं कृत्वा प्रवालसंभवां तथा।
श्वेतार्कसंभवां चापि मार्द्दिकां निर्मितां तथा॥ ४२
प्रतिष्ठाप्य तदा तत्र पूजयेत्प्रयतः पुमान्।
गंधैर्नानाविधैर्दिव्यैश्चन्दनैः पुष्पकैरिह॥ ४३
वितस्तिमात्रा दूर्वा च त्र्यंगा वै मूलवर्जिता।
ईदृशानां शाद्वलानां शतेनैकोत्तरेण ह॥ ४४

एकविंशतिकेनैव पूजयेत्प्रतिमां स्थिताम्।
धूपैर्दीपैश्च नैवेद्यैर्विविधैर्गणनायकम्॥ ४५

ताम्बूलाद्यर्घसद्द्रव्यैः प्रणिपत्य स्तवैस्तथा।
त्वां तत्र पूजयित्वेत्थं बालचंद्रं च पूजयेत्॥ ४६

पश्चाद्विप्रांश्च संपूज्य भोजयेन्मधुरैर्मुदा।
स्वयं चैव ततो भुंज्यान्मधुरं लवणं विना॥ ४७

विसर्जयेत्ततः पश्चान्नियमं सर्वमात्मनः।
गणेशस्मरणं कुर्यात्संपूर्णं स्याद् व्रतं शुभम्॥ ४८

एवं व्रतेन संपूर्णे वर्षे जाते नरस्तदा।
उद्यापनविधिं कुर्याद्व्रतसम्पूर्त्तिहेतवे॥ ४९

द्वादश ब्राह्मणास्तत्र भोजनीया मदाज्ञया।
कुंभमेकं च संस्थाप्य पूज्या मूर्तिस्त्वदीयका॥ ५०

स्थण्डिलेऽष्टदलं कृत्वा तदा वेदविधानतः।
होमश्चैवात्र कर्तव्यो वित्तशाठ्यविवर्जितैः॥ ५१

स्त्रीद्वयं च तथा चात्र बटुकद्वयमादरात्।
भोजयेत्पूजयित्वा वै मूर्त्यग्रे विधिपूर्वकम्॥ ५२

निशि जागरणं कार्यं पुनः प्रातः प्रपूजयेत्।
विसर्जनं ततश्चैव पुनरागमनाय च॥ ५३

मार्गशीर्ष महिनामा रमा नामक जुन चतुर्थी पर्छ, त्यस दिन प्रातःकाल स्नान गरी व्रतका लागि ब्राह्मण-हरूसित निवेदन गर्नू। दूबोले पूजा गरी तथा उपवास बसी, रात्रिको प्रथम प्रहर उपस्थित भएपछि स्नान गरी मनुष्यले [गणेशको] पूजा गर्नुपर्छ॥ ४०-४१॥

धातुबाट, मूगाबाट, सेतो अर्कबाट अथवा माटोबाट गणेशको मूर्ति निर्माण गरी त्यसको प्रतिष्ठा गरी मनुष्य सावधान भएर नाना प्रकारका दिव्य गन्ध, चन्दन तथा पुष्पहरूले तिम्रो पूजा गरून्॥ ४२-४३॥

गणेशको पूजाका लागि जुन दूबो हुन्छ, त्यो एक बित्ता (बाह्र अंगुल लामो)-को होस् र तीन गाँठाले युक्त तथा जरारहित हुनुपर्छ। यस प्रकारको एक सय एक दूबोहरू अथवा एक्काइस दूबोद्वारा स्थापित प्रतिमाको पूजा गरून्। धूप, दीप तथा नाना प्रकारका नैवेद्य, पान-सुपारी, अर्घ्य आदि उत्तम द्रव्यहरूले र प्रणाम तथा स्तुतिद्वारा गणेशको पूजा गरून्। यस प्रकार तिम्रो पूजा गरी बालचन्द्रमाको पूजा गरून्॥ ४४—४६॥

त्यसपछि ब्राह्मणहरूको पूजा गरी प्रसन्नतापूर्वक गुलिया पदार्थहरूको भोजन गराउनुपर्दछ, यसपछि स्वयंले पनि नुनरहित गुलियो भोजन गर्नुपर्छ॥ ४७॥

तत्पश्चात् आफ्ना सारा नियम विसर्जित गरून् र गणेशको स्मरण गरून्। यस प्रकारको अनुष्ठान गर्नाले यो शुभ व्रत पूर्ण हुने छ॥ ४८॥

यस प्रकार व्रत गर्दै एक वर्ष बितोस्, तब त्यस व्रतको पूर्णताका लागि उद्यापन गर्नुपर्दछ। मेरो आज्ञाले त्यसमा बाह्र ब्राह्मणहरूलाई भोजन गराउनू तथा एउटा कलशको स्थापना गरी तिम्रो मूर्तिको पूजा गरून्॥ ४९-५०॥

वेदीमा अष्टदल कमल बनाएर मनुष्यहरूले धनको कृपणताबाट रहित भएर वेदविधिले होम गर्नुपर्दछ॥ ५१॥

यसपछि मूर्तिको अगाडि दुई स्त्रीहरू एवं दुई बटुकहरूको विधिपूर्वक पूजा गरी आदरपूर्वक उनीहरूलाई भोजन गराउनू। रात्रिमा जागरण बस्नू, प्रातःकाल पुनः पूजा गर्नू। यसपछि गणेशसित पुनः आगमनका लागि प्रार्थना गरी विसर्जन गर्नू॥ ५२-५३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बालकाच्चाशिषो ग्राह्याः स्वस्तिवाचनमेव च।
पुष्पांजलिं प्रदद्याच्च व्रतसंपूर्णहेतवे॥ ५४

नमस्कारांस्ततः कृत्वा नानाकार्यं प्रकल्पयेत्।
एवं व्रतं कृतं येन तस्येप्सितफलं भवेत्॥ ५५

यो नित्यं श्रद्धया सार्द्धं पूजां चैव स्वशक्तितः।
कुर्य्यात्तव गणेशान सर्वकामफलाप्तये॥ ५६

सिन्दूरैश्चन्दनैश्चैव तंडुलैः केतकैस्तथा।
उपचारैरनेकैश्च पूजयेत्त्वां गणेश्वरम्॥ ५७

एवं त्वां पूजयेयुर्ये भक्त्या नानोपचारतः।
तेषां सिद्धिर्भवेन्नित्यं विघ्ननाशो भवेदिह॥ ५८

सर्वैर्वर्णैः प्रकर्त्तव्या स्त्रीभिश्चैव विशेषतः।
उदयाभिमुखैश्चैव राजभिश्च विशेषतः॥ ५९

यं यं कामयते यो वै तं तमाप्नोति निश्चितम्।
अतः कामयमानेन तेन सेव्यः सदा भवान्॥ ६०

तत्पश्चात् बालक वटुहरूबाट आशीर्वाद ग्रहण गर्नू तथा स्वस्तिवाचन पनि गराउनू र व्रतको सम्पूर्णताका लागि पुष्पांजलि समर्पित गर्नू। त्यसपछि नमस्कार गरी अरू कार्य सम्पन्न गर्नू। जो यस प्रकार व्रतको अनुष्ठान गर्छ, उसलाई अभीष्ट फलको प्राप्ति हुन्छ॥ ५४-५५॥

हे गणेश्वर! जो श्रद्धाका साथ नित्य आफ्नो शक्ति-अनुसार सबै कामनाहरूको फल प्राप्त गर्नका लागि सिन्दूर, चन्दन, अक्षता, केतकीको फूल तथा अनेक प्रकारका सामग्रीले तिमी गणेशको पूजा गर्ने छन् र यस प्रकार जो पनि व्यक्ति भक्तिपूर्वक अनेकौँ सामग्रीले तिम्रो पूजा गर्ने छन्, उनीहरूलाई सदा सिद्धि प्राप्त हुने छ तथा उनीहरूका विघ्नहरू नाश हुने छन्॥ ५६—५८॥

सबै वर्ण, विशेष गरी स्त्रीजनहरूले गणेशको पूजा अवश्य गर्नुपर्दछ। आफ्नो अभ्युदयको कामना गर्ने राजाहरूले विशेष रूपले गणेशको पूजा गर्नुपर्छ॥ ५९॥

[हे गणेश!] मनुष्य जुन-जुन कामनाहरू गर्छन्, तिम्रो पूजाले त्यसलाई निश्चित रूपले प्राप्त गर्ने छन्, यसैले कामना गर्ने ती मनुष्यले सदैव तिम्रो पूजा गर्नुपर्दछ॥ ६०॥

ब्रह्मोवाच

शिवेनैवं तदा प्रोक्तं गणेशाय महात्मने।
तदानीं दैवतैश्चैव सर्वैश्च ऋषिसत्तमैः॥ ६१

तथेत्युक्त्वा तु तैः सर्वैर्गणैः शंभुप्रियैर्मुने।
पूजितो हि गणाधीशो विधिना परमेण सः॥ ६२

ततश्चैव गणाः सर्वे प्रणेमुस्ते गणेश्वरम्।
समानर्चुर्विशेषेण नानावस्तुभिरादरात्॥ ६३

गिरिजायास्समुत्पन्नो यश्च हर्षो मुनीश्वर।
चतुर्भिर्वदनैर्वै तमवर्ण्यं च कथं ब्रुवे॥ ६४

देवदुंदुभयो नेदुर्ननृतुश्चाप्सरोगणाः।
जगुर्गंधर्वमुख्याश्च पुष्पवर्षं पपात ह॥ ६५

जगत्स्वास्थ्यं तदा प्राप गणाधीशे प्रतिष्ठिते।
महोत्सवो महानासीत्सर्वं दुःखं क्षयं गतम्॥ ६६

शिवाशिवौ च मोदेतां विशेषेणाति नारद।
आसीत्सुमंगलं भूरि सर्वत्र सुखदायकम्॥ ६७

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! जब महात्मा शिवले गणेशसित यस प्रकार भन्नुभयो, तब सबै देवगण, ऋषिवर तथा समस्त शिवप्रिय गणहरूले 'तथास्तु' भनेर विधिपूर्वक गणपतिको पूजा गरे॥ ६१-६२॥

त्यसपछि सबै गणहरूले पनि गणेशलाई प्रणाम गरे र आदरपूर्वक अनेक प्रकारका वस्तुहरूबाट विशेषरूपले उनको पूजा गरे। हे मुनीश्वर! त्यस समय भगवती गिरिजालाई जुन हर्ष उत्पन्न भयो, त्यस अवर्णनीय हर्षलाई म आफ्नो चारै मुखबाट पनि कसरी भनौँ॥ ६३-६४॥

देवताहरूका दुन्दुभीहरू बज्न लागे, अप्सराहरू नाच्च लागे, ठुला-ठुला गन्धर्व गाउन लागे र [आकाश-मण्डलबाट] पुष्पवृष्टि हुन लाग्यो। यस प्रकार गणपतिको प्रतिष्ठा भएपछि सारा जगत् सुखी भयो, महोत्सव हुन लाग्यो एवं सारा दुःख नष्ट भयो॥ ६५-६६॥

हे नारद! त्यस समय विशेष रूपले पार्वती तथा शिव प्रसन्न हुनुभयो। सर्वत्र सुखदायक महामंगल हुन लाग्यो॥ ६७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततो देवगणाः सर्वे ऋषीणां च गणास्तथा।
समागताश्च ये तत्र जग्मुस्ते तु शिवाज्ञया॥ ६८

प्रशंसन्तः शिवां तत्र गणेशं च पुनः पुनः।
शिवं चैव तथा स्तुत्वा कीदृशं युद्धमेव च॥ ६९

यदा सा गिरिजा देवी कोपहीना बभूव ह।
शिवोऽपि गिरिजां तत्र पूर्ववत्संप्रपद्य ताम्॥ ७०

चकार विविधं सौख्यं लोकानां हितकाम्यया।
स्वात्मारामोऽपि परमो भक्तकार्योद्यतः सदा॥ ७१

विष्णुश्च शिवमापृच्छ्य ब्रह्माहं तं तथैव हि।
आगच्छाव स्वधामं च शिवौ संसेव्य भक्तितः॥ ७२

नारद त्वं च भगवन्संगीय शिवयोर्यशः।
आगमो भवनं स्वं च शिवौ पृष्ट्वा मुनीश्वर॥ ७३

एतत्ते सर्वमाख्यातं मया वै शिवयोर्यशः।
भवत्पृष्टेन विघ्नेशयशःसंमिश्रमादरात्॥ ७४

इदं सुमंगलाख्यानं यः शृणोति सुसंयतः।
सर्वमंगलसंयुक्तः स भवेन्मंगलालयः॥ ७५

अपुत्रो लभते पुत्रं निर्धनो लभते धनम्।
भार्यार्थी लभते भार्यां प्रजार्थी लभते प्रजाम्॥ ७६

आरोग्यं लभते रोगी सौभाग्यं दुर्भगो लभेत्।
नष्टपुत्रं नष्टधनं प्रोषिता च पतिं लभेत्।
शोकाविष्टः शोकहीनः स भवेन्नात्र संशयः॥ ७७

इदं गाणेशमाख्यानं यस्य गेहे च तिष्ठति।
सदा मंगलसंयुक्तः स भवेन्नात्र संशयः॥ ७८

यात्राकाले च पुण्याहे यः शृणोति समाहितः।
सर्वाभीष्टं स लभते श्रीगणेशप्रसादतः॥ ७९

त्यस समय समस्त देवता एवं ऋषिगण जो सबै त्यहाँ आएका थिए, ती शिवको आज्ञाले भगवती पार्वती तथा गणेशको बारंबार प्रशंसा गर्दै, शिवको स्तुति गर्दै तथा त्यो युद्ध कस्तो थियो, त्यसको वर्णन गर्दै गए॥ ६८-६९॥

जब भगवती पार्वतीको क्रोध शान्त भयो, तब शिव पनि पूर्ववत् पार्वतीका समीप आएर लोकहितको कामनाले नाना प्रकारका सुखद कार्य गर्न लागुभयो। यद्यपि उहाँ स्वात्माराम हुनुहुन्छ, तर पनि भक्तहरूको कार्यका लागि सदैव उद्यत रहनुहुन्छ। विष्णु तथा म ब्रह्मा ती पार्वती एवं शंकरको भक्तिपूर्वक सेवा गरी तथा शिवबाट आज्ञा लिएर आफ्नो स्थानमा आयौँ। हे नारद! हे भगवन्! हे मुनीश्वर! तपाईं पनि शिवा-शिवको यशको गान गरी उहाँसित सोधेर आफ्नो भवनमा जानुभयो। हे नारद! तपाईंद्वारा सोधिएपछि मैले तपाईंसित विघ्नेश्वर गणेशको यशबाट मिश्रित भगवान् शिव तथा भगवती शिवाको यशको आदरपूर्वक पूर्णरूपले वर्णन गरिदिएँ॥ ७०—७४॥

जो संयत भएर यस मंगलदायक आख्यानलाई सुन्छ, त्यो सबै मंगलहरूले युक्त भएर मंगलहरूको आलय (गृह) भई जान्छ, पुत्रहीनलाई पुत्र, निर्धनलाई धन, स्त्रीको इच्छा भएकालाई स्त्री एवं प्रजा चाहनेहरूलाई प्रजाको प्राप्ति हुन्छ, रोगीलाई आरोग्य, भाग्यहीनलाई सौभाग्य, नष्ट पुत्रवालालाई पुत्र, नष्ट धनवालालाई धन एवं जुन स्त्रीको पति विदेश गएका छन्, तिनलाई पतिको प्राप्ति हुन्छ र शोकयुक्त पुरुष शोकबाट रहित हुनजान्छ, यसमा संशय छैन। गणेशसित सम्बन्धित यो आख्यान जसको घरमा नित्य रहन्छ, त्यो सर्वदा मंगलले युक्त हुन्छ; यसमा संशय छैन। यात्राकालमा तथा पवित्र पर्वमा जो कोहीले सावधान भएर यसलाई सुन्छ, त्यसले गणेशको कृपाले सम्पूर्ण मनोरथ प्राप्त गर्दछ॥ ७५—७९॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां चतुर्थे कुमारखण्डे गणेशगणाधिपपदवीप्राप्तिवर्णनं नामाष्टादशोऽध्यायः॥ १८॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको चतुर्थ कुमारखण्डमा गणेशलाई गणाधिपको पदवीप्राप्तिको वर्णन नामक अठारौँ अध्याय पूर्ण भयो॥ १८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथैकोनविंशोऽध्यायः

स्वामिकार्तिकेय र गणेशको बाल-लीला, विवाहको विषयमा दुवैको परस्पर विवाद, शिवद्वारा पृथ्वी-परिक्रमाको आदेश, कार्तिकेयको प्रस्थान, बुद्धिमान् गणेशद्वारा पृथ्वीरूपी माता-पिताको परिक्रमा र प्रसन्न शिवा-शिवद्वारा गणेशलाई प्रथम विवाहको स्वीकृति

नारद उवाच

गणेशस्य श्रुता तात सम्यग्जनिरनुत्तमा।
चरित्रमपि दिव्यं वै सुपराक्रमभूषितम्॥ १

ततः किमभवत्तात तत्त्वं वद सुरेश्वर।
शिवाशिवयशस्स्फीतं महानन्दप्रदायकम्॥ २

ब्रह्मोवाच

साधु पृष्टं मुनिश्रेष्ठ भवता करुणात्मना।
श्रूयतां दत्तकर्णं हि वक्ष्येऽहं ऋषिसत्तम॥ ३
शिवा शिवश्च विप्रेन्द्र द्वयोश्च सुतयोः परम्।
दर्शं दर्शं च तल्लीलां महत्प्रेम समावहत्॥ ४
पित्रोर्लालयतोस्तत्र सुखं चाति व्यवर्द्धत।
सदा प्रीत्या मुदा चातिखेलनं चक्रतुः सुतौ॥ ५
तावेव तनयौ तत्र मातापित्रोर्मुनीश्वर।
महाभक्त्या यदा युक्तौ परिचर्यां प्रचक्रतुः॥ ६
षण्मुखे च गणेशे च पित्रोस्तदधिकं सदा।
स्नेहो व्यवर्द्धत महान् शुक्लपक्षे यथा शशी॥ ७

कदाचित्तौ स्थितौ तत्र रहसि प्रेमसंयुतौ।
शिवा शिवश्च देवर्षे सुविचारपरायणौ॥ ८

शिवाशिवावूचतुः

विवाहयोग्यौ संजातौ सुताविति च तावुभौ।
विवाहश्च कथं कार्यः पुत्रयोरुभयोः शुभम्॥ ९
षण्मुखश्च प्रियतमो गणेशश्च तथैव च।
इति चिंतासमुद्विग्नौ लीलानन्दौ बभूवतुः॥ १०

स्वपित्रोर्मतमाज्ञाय तौ सुतावपि संस्पृहौ।
तदिच्छया विवाहार्थं बभूवतुरथो मुने॥ ११

अहं च परिणेष्यामि ह्यहं चैव पुनः पुनः।
परस्परं च नित्यं वै विवादे तत्परावुभौ॥ १२

नारद भन्नुहुन्छ—हे तात! मैले गणेशको श्रेष्ठ जन्मको आख्यानलाई सुनें तथा अत्यन्त पराक्रमले युक्त उहाँको दिव्य चरित्र पनि सुनें। हे तात! हे सुरेश्वर! त्यसपछि के भयो ? त्यसलाई राम्ररी भन्नुहोस्। यो आख्यान शिवा र शिवको यशले परिपूर्ण तथा महान् आनन्ददायक छ॥ १-२॥

ब्रह्मा भन्नुहुन्छ—हे मुनिश्रेष्ठ! करुणार्द्र चित्त तपाईंले ठीक सोध्नुभयो। हे ऋषिसत्तम! अब म [आउने कथा] भन्दै छु, ध्यानपूर्वक सुन्नुहोस्॥ ३॥

हे विप्रेन्द्र! शिवा एवं शिव आफ्ना ती दुवै पुत्रको उत्तम लीला देखेर अत्यन्त प्रसन्न हुन लाग्नुभयो॥ ४॥

माता-पिताको स्नेहले उनीहरूको सुख दिन-रात बढ्न लाग्यो र ती दुवै बडो प्रसन्नताले आनन्दपूर्वक क्रीडा गर्दथे। हे मुनीश्वर! ती दुवै पुत्र महान् भक्तिले युक्त भएर माता-पिताको सेवा गर्दथे। षण्मुख कार्तिकेय तथा गणेशप्रति माता-पिताको अगाध स्नेह शुक्ल-पक्षको चन्द्रमा समान सदा बढ्न लाग्यो॥ ५—७॥

हे देवर्षि! एक समय शिवा एवं शिव—उहाँहरू दुवै प्रेमयुक्त भएर एकान्तमा बसी केही विचार गरिरहनुभएको थियो॥ ८॥

शिवा-शिव भन्नुहुन्छ—अब हाम्रा यी पुत्र विवाहका योग्य भएका छन्। अतः यी दुवैको शुभ विवाह कसरी गर्ने हो ? जस प्रकार षण्मुख प्रिय छन्, त्यसै प्रकार गणेश पनि प्रिय छन्। यस प्रकारको चिन्तामा पर्नुभएका ती दुवै लीलाको आनन्द लिन लाग्नुभयो॥ ९-१०॥

हे मुनि! आफ्ना माता-पिताको यो विचार जानेर ती दुवै पुत्र उहाँहरूको इच्छाले विवाहका लागि लालायित भए। 'म [पहिला] विवाह गर्ने छु'—यस प्रकार बारम्बार भन्दै दुवै आपसमा विवाद गर्न लागे॥ ११-१२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रुत्वा तद्वचनं तौ च दंपती जगतां प्रभू।
लौकिकाचारमाश्रित्य विस्मयं परमं गतौ॥ १३
किं कर्तव्यं कथं कार्यो विवाहविधिरेतयोः।
इति निश्चित्य ताभ्यां वै युक्तिश्च रचिताद्भुता॥ १४
कदाचित्समये स्थित्वा समाहूय स्वपुत्रकौ।
कथयामासतुस्तत्र पुत्रयोः पितरौ तदा॥ १५

जगत्का अधिपति ती दुवै शिवा र शिव तिनको वचन सुनेर लोकाचारको रीतिको आश्रय लिई महान् आश्चर्यमा पर्नुभयो। अब के गर्नु पर्ला र कुन प्रकार यिनको विवाहको विधि सम्पन्न गरौँ—यस्तो निश्चय गरी उहाँहरू दुवैले एक अद्भुत युक्ति रच्नुभयो। कुनै समय बसेर माता-पिताले आफ्ना दुवै पुत्रलाई बोलाएर भन्नुभयो—॥ १३—१५॥

अस्माकं नियमः पूर्वं कृतश्च सुखदो हि वाम्।
श्रूयतां सुसुतौ प्रीत्या कथयावो यथार्थकम्॥ १६

शिवा-शिव भन्नुहुन्छ—हामीले तिमीहरू दुवैका लागि एउटा सुखदायी नियम बनाएका छौँ। हे उत्तम पुत्र हो! त्यसलाई प्रीतिपूर्वक सुन, हामीहरू यथार्थ रूपले भनिरहेका छौँ॥ १६॥

समौ द्वावपि सत्पुत्रौ विशेषो नात्र लभ्यते।
तस्मात्पणः कृतः शंदः पुत्रयोरुभयोरपि॥ १७

यश्चैव पृथिवीं सर्वां क्रान्त्वा पूर्वमुपाव्रजेत्।
तस्यैव प्रथमं कार्यो विवाहः शुभलक्षणः॥ १८

हाम्रा निम्ति तिमी दुवै पुत्र समानभावले प्रिय छौ, यसमा कोही विशेष छैन। अतः हामीहरूले तिमी दुवै पुत्रका लागि एउटा कल्याणप्रद शर्त राखेका छौँ। तिमी दुवैमा जो कोही पनि सम्पूर्ण पृथ्वीको परिक्रमा गरी पहिला आइपुग्ने छौ, उसैको शुभ लक्षणसम्पन्न विवाह पहिला गरिने छ॥ १७-१८॥

ब्रह्मोवाच

तयोरेवं वचः श्रुत्वा शरजन्मा महाबलः।
जगाम मन्दिरात्तूर्णं पृथिवीक्रमणाय वै॥ १९
गणनाथश्च तत्रैव संस्थितो बुद्धिसत्तमः।
सुबुद्ध्या संविचार्येति चित्त एव पुनः पुनः॥ २०
किं कर्तव्यं क्व गंतव्यं लंघितुं नैव शक्यते।
क्रोशमात्रं गतः स्याद्वै गम्यते न मया पुनः॥ २१
किं पुनः पृथिवीमेतां क्रान्त्वा चोपार्जितं सुखम्।
विचार्येति गणेशस्तु यच्चकार शृणुष्व तत्॥ २२
स्नानं कृत्वा यथान्यायं समागत्य स्वयं गृहम्।
उवाच पितरं तत्र मातरं पुनरेव सः॥ २३

ब्रह्मा भन्नुहुन्छ—उहाँहरूको वचन सुनेर महाबलवान् कार्तिकेय पृथ्वीको परिक्रमा गर्नका लागि बडो शीघ्रतापूर्वक घरबाट हिँड्नुभयो। तर बुद्धिमान् गणेश आफ्नो सद्बुद्धिले चित्तमा बारम्बार विचार गरी त्यहीँ स्थित रहनुभयो कि मैले के गर्नु पर्ला र कहाँ जानु पर्ला, म त उफ्रिन पनि सक्तिन, कोसभर डिँडेपछि म पुनः हिँड्न सक्तिन, फेरि यस पृथ्वीको परिक्रमा गरी म कुनचाहिँ सुख प्राप्त गर्न सकौँला? यस्तो विचार गरी गणेशले जे गर्नुभयो, त्यसलाई तपाईं सुन्नुहोस्। उहाँ विधिपूर्वक स्नान गरी घर आएर माता-पितासित भन्न लाग्नुभयो—॥ १९-२३॥

गणेश उवाच

आसने स्थापिते ह्यत्र पूजार्थं भवतोरिह।
भवन्तौ संस्थितौ तातौ पूर्य्यतां मे मनोरथः॥ २४

गणेश भन्नुहुन्छ—हे तात! हजुरहरू दुवै पूजाका लागि मद्वारा स्थापित यस आसनमा बस्नुहोस् र मेरो मनोरथ पूर्ण गर्नुहोस्॥ २४॥

ब्रह्मोवाच

इति श्रुत्वा वचस्तस्य पार्वतीपरमेश्वरौ।
अस्थातामासने तत्र तत्पूजाग्रहणाय वै॥ २५

ब्रह्मा भन्नुहुन्छ—उनको कुरा सुनेर पार्वती र परमेश्वर पूजा ग्रहणका लागि आसनमा बस्नुभयो॥ २५॥

तेनाथ पूजितौ तौ च प्रक्रान्तौ च पुनः पुनः।
एवं च कृतवान् सप्त प्रणामांस्तु तथैव सः॥ २६

गणेशले उहाँहरूको पूजा गर्नुभयो र बारम्बार परिक्रमा गर्नुभयो। यस प्रकार सात परिक्रमा गर्नुभयो तथा सात पटक प्रणाम गर्नुभयो॥ २६॥

बद्धांजलिरथोवाच गणेशो बुद्धिसागरः।
स्तुत्वा बहुतिथस्तात पितरौ प्रेमविह्वलौ॥ २७

हे तात! बुद्धिसागर गणेशले बारम्बार उहाँहरूको स्तुति गरी हात जोडेर प्रेमविह्वल आफ्ना माता-पितासित भन्नुभयो—॥ २७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गणेश उवाच

भो मातर्भो पितस्त्वं च शृणु मे परमं वचः।
शीघ्रं चैवात्र कर्तव्यो विवाहः शोभनो मम॥ २८

गणेश भन्नुहुन्छ—हे माता एवं हे पिता! हजुरहरू मेरो श्रेष्ठ कुरा सुन्नुहोस्, अब चाँडै मेरो सुन्दर विवाह गरिदिनुहोस्॥ २८॥

ब्रह्मोवाच

इत्येवं वचनं श्रुत्वा गणेशस्य महात्मनः।
महाबुद्धिनिधिं तं तौ पितरावूचतुस्तदा॥ २९

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार महात्मा गणेशका यी वचन सुनेर माता-पिताले महा-बुद्धिनिधि गणेशसित भन्नुभयो— ॥ २९॥

शिवाशिवावूचतुः

प्रक्रामेत भवान्सम्यक् पृथिवीं च सकाननाम्।
कुमारो गतवांस्तत्र त्वं गच्छ पुर आव्रज॥ ३०

शिवा-शिव भन्नुहुन्छ—तिमी पनि वनसहित पृथ्वीको राम्ररी परिक्रमा गर, कुमार गएका छन्, त्यहाँ तिमी पनि जाऊ र पहिला आइपुग॥ ३०॥

ब्रह्मोवाच

इत्येवं वचनं श्रुत्वा पित्रोर्गणपतिर्द्रुतम्।
उवाच नियतस्तत्र वचनं क्रोधसंयुतः॥ ३१

ब्रह्मा भन्नुहुन्छ—यस प्रकार माता-पिताको यस वचनलाई सुनेर गणेश संयत तथा कुपित भएर भन्न लागनुभयो— ॥ ३१॥

गणेश उवाच

भो मातर्भो पितर्धर्मरूपौ प्राज्ञौ युवां मतौ।
धर्मतः श्रूयतां सम्यक् वचनं मम सत्तमौ॥ ३२
मया तु पृथिवी क्रांता सप्तवारं पुनः पुनः।
एवं कथं ब्रुवाते वै पुनश्च पितराविह॥ ३३

गणेश भन्नुहुन्छ—हे माता एवं हे पिता! हजुर दुवै धर्मरूप र अत्यन्त विद्वान् मानिनुहुन्छ, अतः हे श्रेष्ठ [माता-पिता]! मेरो धर्मसम्मत कुरालाई राम्ररी सुन्नुहोस्। मैले त सात पटक पृथ्वीको परिक्रमा गरिसकेको छु, तब हे माता-पिता! हजुरहरू किन यस्तो भन्दै हुनुहुन्छ?॥ ३२-३३॥

ब्रह्मोवाच

तद्वचस्तु तदा श्रुत्वा लौकिकीं गतिमाश्रितौ।
महालीलाकरौ तत्र पितरावूचतुश्च तम्॥ ३४

ब्रह्मा भन्नुहुन्छ—त्यसपछि गणेशका वचन सुनेर महालीला गर्नुहुने ती दुवै शिवा-शिवले लौकिक रीतिको आश्रय लिँदै भन्नुभयो— ॥ ३४॥

पितरावूचतुः

कदा क्रांता त्वया पुत्र पृथिवी सुमहत्तरा।
सप्तद्वीपा समुद्रांता महद्भिर्गहनैर्युता॥ ३५

माता-पिता भन्नुहुन्छ—हे पुत्र! तिमीले अति विशाल, सात द्वीप भएको, समुद्रपर्यन्त फैलिएको तथा घोर जंगलहरूले परिव्याप्त पृथ्वीको परिक्रमा कहिले गऱ्यौ?॥ ३५॥

ब्रह्मोवाच

तयोरेवं वचः श्रुत्वा शिवाशंकरयोर्मुने।
महाबुद्धिनिधिः पुत्रो गणेशो वाक्यमब्रवीत्॥ ३६

ब्रह्मा भन्नुहुन्छ—हे मुनि! शिवा-शिवको यस वचनलाई सुनेर महाबुद्धिका निधान पुत्र गणेश यो वचन भन्न लागनुभयो— ॥ ३६॥

गणेश उवाच

भवतोः पूजनं कृत्वा शिवाशंकरयोरहम्।
स्वबुद्ध्या हि समुद्रान्तपृथ्वीकृतपरिक्रमः॥ ३७
इत्येवं वचनं वेदे शास्त्रे वा धर्मसञ्चये।
वर्त्तते किं च तत्तथ्यं नहि किं तथ्यमेव वा॥ ३८

गणेश भन्नुहुन्छ—मैले हजुर दुवै माता-पिता शिवा र शिवको पूजा गरी आफ्नो बुद्धिले समुद्रपर्यन्त पृथ्वीको परिक्रमा गरेँ। यस प्रकारको वचन वेदहरू, शास्त्रहरू तथा धर्मशास्त्रहरूमा विद्यमान छन्, के यो वचन सत्य हो अथवा सत्य होइन?॥ ३७-३८॥

पित्रोश्च पूजनं कृत्वा प्रक्रांतिं च करोति यः।
तस्य वै पृथिवीजन्यं फलं भवति निश्चितम्॥ ३९

माता-पिताको पूजा गरी जो उनीहरूको परिक्रमा गर्छ, उसलाई पृथ्वीको परिक्रमा गर्नाले हुने फल निश्चित रूपले प्राप्त हुन जान्छ॥ ३९॥

अपहाय गृहे यो वै पितरौ तीर्थमाव्रजेत्।
तस्य पापं तथा प्रोक्तं हनने च तयोर्यथा॥ ४०

जो माता-पितालाई घरमा छोडेर तीर्थस्थानमा जान्छ, तिनका लागि त्यो त्यस्तै पाप बताइएको छ, जुन पाप ती दुवैको वध गर्नाले लागदछ॥ ४०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुत्रस्य च महत्तीर्थं पित्रोश्चरणपंकजम्।
अन्यतीर्थं तु दूरे वै गत्वा सम्प्राप्यते पुनः॥ ४१

इदं संनिहितं तीर्थं सुलभं धर्मसाधनम्।
पुत्रस्य च स्त्रियाश्चैव तीर्थं गेहे सुशोभनम्॥ ४२

इति शास्त्राणि वेदाश्च भाषन्ते यन्निरन्तरम्।
भवद्भ्यां तत्प्रकर्त्तव्यमसत्यं पुनरेव च॥ ४३
भवदीयं त्विदं रूपमसत्यं च भवेदिह।
तदा वेदोऽप्यसत्यो वै भवेदिति न संशयः॥ ४४
शीघ्रं च भवितव्यो मे विवाहः क्रियतां शुभः।
अथवा वेदशास्त्रं च व्यलीकं कथ्यतामिति॥ ४५

द्वयोः श्रेष्ठतमं मध्ये यत्स्यात्सम्यग्विचार्य तत्।
कर्तव्यं च प्रयत्नेन पितरौ धर्मरूपिणौ॥ ४६

ब्रह्मोवाच

इत्युक्त्वा पार्वतीपुत्रः स गणेशः प्रकृष्टधीः।
विरराम महाज्ञानी तदा बुद्धिमतां वरः॥ ४७
तौ दंपती च विश्वेशौ पार्वतीशंकरौ तदा।
इति श्रुत्वा वचस्तस्य विस्मयं परमं गतौ॥ ४८

ततः शिवा शिवश्चैव पुत्रं बुद्धिविचक्षणम्।
संप्रशस्योचतुः प्रीत्या तौ यथार्थप्रभाषिणम्॥ ४९

शिवाशिवावूचतुः

पुत्र ते विमला बुद्धिः समुत्पन्ना महात्मनः।
त्वयोक्तं यद्वचश्चैव ततश्चैव च नान्यथा॥ ५०

समुत्पन्ने च दुःखे च यस्य बुद्धिर्विशिष्यते।
तस्य दुःखं विनश्येत सूर्ये दृष्टे यथा तमः॥ ५१

बुद्धिर्यस्य बलं तस्य निर्बुद्धेस्तु कुतो बलम्।
कूपे सिंहो मदोन्मत्तः शशकेन निपातितः॥ ५२

वेदशास्त्रपुराणेषु बालकस्य यथोदितम्।
त्वया कृतं तु तत्सर्वं धर्मस्य परिपालनम्॥ ५३

सम्यक्कृतं त्वया यच्च तत्केनापि भवेदिह।
आवाभ्यां मानितं तच्च नान्यथा क्रियतेऽधुना॥ ५४

माता-पिताका चरणकमल नै पुत्रका लागि महान् तीर्थ हो, अरू तीर्थ त टाढा गएपछि प्राप्त हुन्छ॥ ४१॥

यो तीर्थ सन्निकट रहनेवाला, [सबै प्रकारले] सुलभ र धर्महरूको साधन हो। पुत्रका लागि माता-पिता तथा स्त्रीका लागि पति नै घरमा सर्वोत्तम तीर्थ हुन्॥ ४२॥

वेद र धर्मशास्त्र निरन्तर यस्तो भन्दछन्, हजुरहरूले पनि यही गर्नुपर्दछ, अन्यथा यी असत्य हुन जाने छन्। यस्तो स्थितिमा हजुरहरूको स्वरूप नै असत्य हुने छ र तब वेद पनि असत्य हुनेछ, यसमा संशय छैन। अतः अब मेरो शुभ विवाह चाँडै गरिदिनुहोस्, अथवा वेद र शास्त्रहरूलाई मिथ्या भन्नुहोस्॥ ४३—४५॥

हे धर्मस्वरूप माता-पिता! यी दुवैमा जुन श्रेष्ठतम छ, त्यसैको राम्ररी विचार गरी प्रयत्नपूर्वक गर्नुहोस्॥ ४६॥

ब्रह्मा भन्नुहुन्छ—तब यस्तो भनेर बुद्धिमानहरूमा श्रेष्ठ उत्कृष्ट बुद्धि भएका पार्वतीपुत्र गणेश मौन हुनुभयो॥ ४७॥

यसपछि विश्वका स्वामी दम्पती पार्वतीपरमेश्वर उनको यो वचन सुनेर अत्यन्त आश्चर्यचकित हुनुभयो। त्यसपछि ती शिवा-शिवले बुद्धिविचक्षण तथा यथार्थ कुरा बताउने पुत्रको प्रशंसा गर्दै यथार्थ बोल्दै उनीसित प्रेमपूर्वक भन्नुभयो— ॥ ४८-४९॥

शिवा-शिव भन्नुहुन्छ—हे पुत्र! तिमी महात्मामा निर्मल बुद्धि उत्पन्न भएको छ, तिमीले जुन कुरा भनेका छौ, त्यो सत्य नै हो, यसमा सन्देह छैन। संकट उपस्थित हुँदामा पनि जसको बुद्धिमा विशेषता बनिरहन्छ, उसको दुःख त्यसै प्रकार दूर भइजान्छ, जसरी सूर्य उदय भएपछि अन्धकार हटेर जान्छ। जससँग बुद्धि छ, त्यसैसँग बल हुन्छ। बुद्धिहीनलाई बल कहाँबाट प्राप्त हुन्छ, [बुद्धिको बलले] कुनै खरायोले मदोन्मत्त सिंहलाई इनारमा खसालिदिएको थियो। वेद-शास्त्र तथा पुराणहरूमा बालकका लागि जुन धर्मपालन बताइएको छ, तिमीले त्यो सब धर्मपालन गरेका छौ। तिमीले जुन सम्यक् कार्य गर्‍यौ, त्यसलाई कसैले गर्न सक्तैनन्। हामी दुवैले तिम्रो कुरा मान्यौँ, अब त्यसबाट अन्यथा गर्न सकिन्न॥ ५०—५४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

इत्युक्त्वा तौ समाश्वास्य गणेशं बुद्धिसागरम्।
विवाहकरणे चास्य मतिं चक्रतुरुत्तमाम्॥ ५५

ब्रह्मा भन्नुहुन्छ—यस्तो भनेर उहाँहरू दुवैले बुद्धिसागर गणेशलाई आश्वस्त पारी उनको विवाह गरिदिनका लागि उत्तम विचार गर्न लाग्नुभयो॥ ५५॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां चतुर्थे कुमारखण्डे गणेशविवाहोपक्रमो नामैकोनविंशोऽध्यायः॥ १९॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको चतुर्थ कुमारखण्डमा गणेशविवाहोपक्रम नामक उन्नाइसौँ अध्याय पूर्ण भयो॥ १९॥

अथ विंशोऽध्यायः

प्रजापति विश्वरूपकी सिद्धि तथा बुद्धि नामक दुई कन्याहरूका साथ गणेशको विवाह तथा उनीहरूबाट 'क्षेम' तथा 'लाभ' नामक दुई पुत्रको उत्पत्ति, कुमार कार्तिकेय पृथ्वीको परिक्रमा गरी फर्कनु र क्षुब्ध भई क्रौंचपर्वतमा जानु, कुमारखण्ड श्रवणको महिमा

ब्रह्मोवाच

एतस्मिन्नन्तरे तत्र विश्वरूपः प्रजापतिः।
तदुद्योगं संविचार्य सुखमाप प्रसन्नधीः॥ १

ब्रह्मा भन्नुहुन्छ—यसै बीच विश्वरूप नामक प्रजापति शिवा-शिवको यस निश्चयलाई जानेर प्रसन्नचित्त भए॥ १॥

विश्वरूपप्रजेशस्य दिव्यरूपे सुते उभे।
सिद्धिबुद्धिरिति ख्याते शुभे सर्वांगशोभने॥ २

ती विश्वरूप प्रजापतिकी सिद्धि-बुद्धि नामक दुई कन्या थिए, जो सर्वांगसुन्दरी एवं दिव्य रूपका थिए॥ २॥

ताभ्यां चैव गणेशस्य गिरिजा शंकरः प्रभू।
महोत्सवं विवाहं च कारयामासतुर्मुदा॥ ३
संतुष्टा देवताः सर्वास्तद्विवाहे समागमन्।
यथा चैव शिवस्यैव गिरिजाया मनोरथः॥ ४
तथा च विश्वकर्माऽसौ विवाहं कृतवांस्तथा।
तथा च ऋषयो देवा लेभिरे परमां मुदम्॥ ५

गिरिजा एवं महेश्वरले आनन्दपूर्वक ती दुईका साथ गणेशको महोत्सवपूर्वक विवाह सम्पन्न गराउनुभयो। सबै देवता प्रसन्न भएर त्यस विवाहमा आए। जस्तो पार्वती एवं शंकरको मनोरथ थियो, विश्वकर्माले [बडो प्रसन्नताका साथ] गणेशको त्यस्तै विवाह गराउनुभयो। देवता तथा ऋषिगण अत्यन्त प्रसन्न भए॥ ३—५॥

गणेशोऽपि तदा ताभ्यां सुखं परमदुर्लभम्।
प्राप्तवांश्च मुने तत्तु वर्णितुं नैव शक्यते॥ ६
कियता चैव कालेन गणेशस्य महात्मनः।
द्वयोः पत्न्योश्च द्वौ दिव्यौ तस्य पुत्रौ बभूवतुः॥ ७

हे मुनि! त्यस समय गणेशलाई पनि ती दुवैबाट अति दुर्लभ सुख प्राप्त भयो, त्यस सुखको वर्णन गर्न सकिन्न। केही समय बितेपछि महात्मा गणेशका ती दुवै भार्याहरूबाट दुई दिव्य पुत्र उत्पन्न भए॥ ६-७॥

सिद्धेर्गणेशपत्न्यास्तु क्षेमनामा सुतोऽभवत्।
बुद्धेर्लाभाभिधः पुत्रो ह्यासीत्परमशोभनः॥ ८
एवं सुखमचिन्त्यं वै भुञ्जाने हि गणेश्वरे।
आजगाम द्वितीयश्च क्रान्त्वा पृथ्वीं सुतस्तदा॥ ९

गणेशकी सिद्धि नामक पत्नीबाट 'क्षेम' नामक पुत्र भए तथा बुद्धिबाट 'लाभ' नामक परम सुन्दर पुत्र उत्पन्न भए। यस प्रकार गणेश अचिन्त्य सुखको उपभोग गर्न लाग्नुभयो, यसपछि शिवका दोस्रो पुत्र [कार्तिकेय] पृथ्वीको परिक्रमा गरी त्यहाँ आइपुग्नुभयो॥ ८-९॥

तावच्च नारदेनैव प्राप्तो गेहे महात्मना।
यथार्थं वच्मि नोऽसत्यं न छलेन न मत्सरात्॥ १०

त्यसै समय महात्मा नारद उहाँको घर पुग्नुभयो र भन्नुभयो—[हे कार्तिकेय!] म यथार्थ भन्दै छु, असत्य होइन, न छलबाट अथवा न मत्सरबाट भन्दै छु॥ १०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पितृभ्यां तु कृतं यच्च शिवया शंकरेण ते।
तन्न कुर्यात्परो लोके सत्यं सत्यं ब्रवीम्यहम्॥ ११

निष्कास्य त्वां कुक्रमणं मिषमुत्पाद्य यत्नतः।
गणेशस्य वरोऽकारि विवाहः परशोभनः॥ १२

गणेशस्य कृतोद्वाहो लब्धवांस्त्रीद्वयं मुदा।
विश्वरूपप्रजेशस्य कन्यारत्नं महोत्तमम्॥ १३

पुत्रद्वयं ललाभासौ द्वयोः पत्न्योः शुभांगयोः।
सिद्धेः क्षेमं तथा बुद्धेर्लाभं सर्वसुखप्रदम्॥ १४

पत्न्योर्द्वयोर्गणेशोऽसौ लब्ध्वापुत्रद्वयं शुभम्।
मातापित्रोर्मतेनैव सुखं भुंक्ते निरंतरम्॥ १५

भवता पृथिवी क्रान्ता ससमुद्रा सकानना।
तच्छलाज्ञावशात्तात तस्य जातं फलं त्विदम्॥ १६

पितृभ्यां हि कृतं यत्तु छलं तात विचार्यताम्।
स्वस्वामिभ्यां विशेषेण ह्यन्यः किन्न करोति वै॥ १७

असम्यक्च कृतं ताभ्यां त्वत्पितृभ्यां हि कर्म ह।
विचार्यतां त्वयाऽपीह मच्चित्ते न शुभं मतम्॥ १८

दद्याद्यदि गरं माता विक्रीणीयात्पिता यदि।
राजा हरति सर्वस्वं कस्मै किं च ब्रवीतु वै॥ १९

येनैवेदं कृतं स्याद्वै कर्मानर्थकरं परम्।
शांतिकामस्सुधीस्तात तन्मुखं न विलोकयेत्॥ २०

इति नीतिः श्रुतौ प्रोक्ता स्मृतौ शास्त्रेषु सर्वतः।
निवेदिता च सा तेऽद्य यथेच्छसि तथा कुरु॥ २१

ब्रह्मोवाच

इत्युक्त्वा नारद त्वं तु महेश्वरमनोगतिः।
तस्मै तथा कुमाराय वाक्यं मौनमुपागतः॥ २२

स्कन्दोऽपि पितरं नत्वा कोपाग्निज्वलितस्तदा।
जगाम पर्वतं क्रौंचं पितृभ्यां वारितोऽपि सन्॥ २३

तपाईंका माता-पिता शिवा-शिवले जुन कार्य गर्नुभएको छ, त्यसलाई यस लोकमा अरू कसैले गर्न सक्तैनन्। यो म सत्य-सत्य भन्दै छु। उहाँहरूले पृथ्वीको परिक्रमाको बहाना बनाएर तपाईंलाई घरबाट बाहिर निकालेर गणेशको उत्तम तथा अत्यन्त शोभासम्पन्न विवाह गरिदिनुभयो॥ ११-१२॥

यस समय गणेशको विवाह भइसकेको छ, उहाँलाई विश्वरूप प्रजापतिकी अत्यन्त मनोहर रत्नरूपा दुई कन्याहरू स्त्रीको रूपमा प्राप्त भएका छन्। शुभ अंग भएका ती दुवै पत्नीबाट उहाँले दुई पुत्र पनि उत्पन्न गर्नुभएको छ, सिद्धिबाट क्षेम तथा बुद्धिबाट लाभ नामक सर्वसुखप्रद पुत्र प्राप्त गर्नुभएको छ॥ १३-१४॥

यस प्रकार ती गणेश आफ्ना दुवै पत्नीबाट दुई पुत्र प्राप्त गरी माता-पिताको मतमा रहेर निरन्तर सुखभोग गरिरहनुभएको छ। छलपूर्वक दिइएको माता-पिताको आज्ञाबाट तपाईंले समुद्र-वनसहित पृथ्वीको परिक्रमा गर्नुभयो। हे तात! त्यसको यो फल तपाईंलाई प्राप्त भयो॥ १५-१६॥

हे तात! तपाईंका माता-पिताले जुन छल गर्नुभएको छ, त्यसमाथि विचार गर्नुहोस्। जब आफ्नै स्वामीले यस्तो गर्न सक्नुहुन्छ भने अरूले के गर्न सक्दैनन्॥ १७॥

तपाईंका ती पिता-माताले यो अनुचित कार्य गर्नुभएको छ, तपाईं यसमाथि विचार गर्नुहोस्, मेरो विचारमा त यो मत ठीक छैन॥ १८॥ यदि माता नै विष दिनुहुन्छ, पिता बेचिदिनुहुन्छ र राजा सर्वस्व हरण गर्छन् भने फेरि कसलाई के भन्न सकिन्छ॥ १९॥

हे तात! जोसुकैले पनि यस प्रकारका अनर्थकारी कार्य गरेको होस्, त्यसको मुख शान्तिको इच्छा राख्ने बुद्धिमान् पुरुषले हेर्नुहुँदैन॥ २०॥ यो नीति श्रुतिहरू, स्मृतिहरू तथा शास्त्रहरूमा सर्वत्र बताइएको छ। मैले त्यो तपाईंसित भनें, अब तपाईं जस्तो चाहनुहुन्छ, त्यस्तै गर्नुहोस्॥ २१॥

ब्रह्मा भन्नुहुन्छ—हे नारद! महेश्वरको मनको गति जान्नुहुने तपाईंले ती कुमारसित यस्तो वचन भनेर मौन धारण गर्नुभयो। तब कुमार स्कन्द पनि माता-पितालाई प्रणाम गरी क्रोधाग्निले जल्दै शिवा-शिवले रोक्दा-रोक्दै पनि क्रौंच पर्वतमा जानुभयो॥ २२-२३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वारणे च कृते त्वद्य गम्यते च कथं त्वया।
इत्येवं च निषिद्धोऽपि प्रोच्य नेति जगाम सः॥ २४

[माता-पिताले भन्नुभयो—] हे कार्तिकेय! छेक्दामा पनि यस समय तिमी किन गइरहेका छौ? तर यस प्रकार छेक्दामा पनि 'नाहीँ'—यस्तो भनेर ती कुमार जान लाग्नुभयो र भन्नुहुन्छ— ॥ २४ ॥

न स्थातव्यं मया तातौ क्षणमप्यत्र किंचन।
यद्येवं कपटं प्रीतिमपहाय कृतं मयि॥ २५

एवमुक्त्वा गतस्तत्र मुने सोऽद्यापि वर्तते।
दर्शनेनैव सर्वेषां लोकानां पापहारकः॥ २६

हे तात! म अब यहाँ क्षणमात्र पनि बस्न सक्तिन; किनभने तपाईंहरूले मप्रति प्रीति नगरी यस्तो कपट गर्नुभएको छ—यस प्रकार भनेर हे मुनि! दर्शनमात्रले नै सबैको पाप हरण गर्नुहुने कुमार कार्तिकेय त्यहाँ जानुभयो र यसबेला देखि आजसम्म पनि उहाँ त्यहीँ हुनुहुन्छ॥ २५-२६ ॥

तद्दिनं हि समारभ्य कार्तिकेयस्य तस्य वै।
शिवपुत्रस्य देवर्षे कुमारत्वं प्रतिष्ठितम्॥ २७

तन्नाम शुभदं लोके प्रसिद्धं भुवनत्रये।
सर्वपापहरं पुण्यं ब्रह्मचर्यप्रदं परम्॥ २८

हे देवर्षि! त्यसै दिनदेखि ती शिवपुत्र कार्तिकेय कुमार नै रहनुभयो। उहाँको यो नाम तीनवटै लोकमा प्रसिद्ध छ, यो शुभदायक, सबै पापहरूलाई नष्ट गर्ने, पुण्यस्वरूप तथा ब्रह्मचर्य प्रदान गर्नेवाला छ॥ २७-२८ ॥

कार्तिक्यां च सदा देवा ऋषयश्च सतीर्थकाः।
दर्शनार्थं कुमारस्य गच्छंति च मुनीश्वराः॥ २९

कार्तिक पूर्णिमाको दिन सबै देवता, ऋषि, मुनि तथा सबै तीर्थ कुमारको दर्शनका निमित्त जान्छन्॥ २९ ॥

कार्तिक्यां कृत्तिकासंगे कुर्याद्यः स्वामिदर्शनम्।
तस्य पापं दहेत्सर्वं चित्तेप्सितफलं लभेत्॥ ३०

कृत्तिकानक्षत्रयुक्त कार्तिक पूर्णिमा तिथिमा जसले कुमारको दर्शन गर्छ, त्यसको पाप भस्म हुन्छ र त्यसलाई मनोवांछित फलको प्राप्ति हुन्छ॥ ३० ॥

उमाऽपि दुःखमापन्ना स्कन्दस्य विरहे सति।
उवाच स्वामिनं दीना तत्र गच्छ मया प्रभो॥ ३१

स्कन्दको वियोग भएपछि पार्वती पनि दुःखित हुनुभयो र दीन भएर शिवसित भन्नुभयो—हे प्रभु! हजुर मसँगै त्यहाँ हिँड्नुहोस्॥ ३१ ॥

तत्सुखार्थं स्वयं शंभुर्गतः स्वांशेन पर्वते।
मल्लिकार्जुननामासीज्ज्योतिर्लिङ्गं सुखावहम्॥ ३२

तब उहाँलाई सुखी पार्नका लागि शंकर स्वयं आफ्नो अंशले [क्रौंच] पर्वतमा जानुभयो, त्यहाँ मल्लिकार्जुन नामक सुखदायक ज्योतिर्लिंगको रूपमा प्रतिष्ठित हुनुभयो॥ ३२ ॥

अद्यापि दृश्यते तत्र शिवया सहितश्शिवः।
सर्वेषां निजभक्तानां कामपूरः सतां गतिः॥ ३३

आफ्ना भक्तहरूको अभिलाषा पूर्ण गर्नुहुने तथा सज्जनहरूलाई शरण दिनुहुने शिव पार्वतीका साथ आज पनि त्यहाँ देखिनुहुन्छ॥ ३३ ॥

तमागतं स विज्ञाय कुमारः सशिवां शिवम्।
स विरज्य ततोऽन्यत्र गंतुमासीत्समुत्सुकः॥ ३४

तब पार्वतीसहित ती शिवलाई आउनुभएको जानेर ती कुमार विरक्त भएर त्यहाँबाट अन्यत्र जानलाई उद्यत हुनुभयो॥ ३४ ॥

देवैश्च मुनिभिश्चैव प्रार्थितः सोऽपि दूरतः।
योजनत्रयमुत्सृज्य स्थितः स्थाने च कार्तिकः॥ ३५

तब देवताहरू तथा मुनिहरूले धेरै प्रार्थना गर्दामा पनि ती कार्तिकेय त्यस स्थानबाट तीन योजन टाढा हटेर निवास गर्न लाग्नुभयो॥ ३५ ॥

पुत्रस्नेहातुरौ तौ वै शिवौ पर्वणि पर्वणि।
दर्शनार्थं कुमारस्य तस्य नारद गच्छतः॥ ३६

हे नारद! पुत्रको स्नेहले आतुर ती दुवै शिवा-शिव कुमारको दर्शनका लागि पर्व-पर्वमा त्यहाँ गइरहनुहुन्छ॥ ३६ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अमावास्यादिने शंभुः स्वयं गच्छति तत्र ह।
पूर्णमासीदिने तत्र पार्वती गच्छति ध्रुवम्॥ ३७

अमावास्याका दिन त्यहाँ शिव स्वयं जानुहुन्छ एवं पूर्णमासीको दिन पार्वती निश्चित रूपले उहाँको स्थानमा जानुहुन्छ॥ ३७॥

यद्यत्तस्य च वृत्तान्तं भवत्पृष्टं मुनीश्वर।
कार्तिकस्य गणेशस्य परमं कथितं मया॥ ३८

हे मुनीश्वर! तपाईंले कार्तिकेय तथा गणेश्वरको जुन-जुन वृत्तान्त सोध्नुभएको थियो, मैले त्यो श्रेष्ठ वृत्तान्त तपाईंसित वर्णन गरें॥ ३८॥

एतच्छ्रुत्वा नरो धीमान् सर्वपापैः प्रमुच्यते।
शोभनां लभते कामानीप्सितान्सकलान्सदा॥ ३९

यस कथालाई सुनेर बुद्धिमान् मनुष्य समस्त पापहरूबाट छुट्दछन् र आफ्ना सम्पूर्ण अभिलषित शुभ कामनाहरूलाई प्राप्त गर्दछन्॥ ३९॥

यः पठेत्पाठयेद्वापि शृणुयाच्छ्रावयेत्तथा।
सर्वान्कामानवाप्नोति नात्र कार्या विचारणा॥ ४०

जसले यस कथालाई पढ्छ अथवा पढाउँछ, सुन्छ अथवा सुनाउँछ, त्यसले सबै मनोरथ प्राप्त गर्छ, यसमा सन्देह गर्नु पर्दैन॥ ४०॥ ब्राह्मण ब्रह्मवर्चस्वी तथा क्षत्रिय विजयी हुन्छन्। वैश्य धनबाट सम्पन्न हुन्छन् र शूद्रले श्रेष्ठता प्राप्त गर्दछन्॥ ४१॥

ब्राह्मणो ब्रह्मवर्चस्वी क्षत्रियो विजयी भवेत्।
वैश्यो धनसमृद्धस्स्याच्छूद्रस्सत्तमतामियात्॥ ४१

रोगी रोगात्प्रमुच्येत भयान्मुच्येत भीतियुक्।
भूतप्रेतादिबाधाभ्यः पीडितो न भवेन्नरः॥ ४२

रोगी रोगबाट मुक्त हुन जान्छ र भयभीत व्यक्ति भयबाट मुक्त हुन जान्छ। त्यो मनुष्य भूत-प्रेत आदि बाधाहरूबाट पीडित हुँदैन॥ ४२॥

एतदाख्यानमनघं यशस्यं सुखवर्द्धनम्।
आयुष्यं स्वर्ग्यमतुलं पुत्रपौत्रादिकारकम्॥ ४३

अपवर्गप्रदं चापि शिवज्ञानप्रदं परम्।
शिवाशिवप्रीतिकरं शिवभक्तिविवर्द्धनम्॥ ४४

यो आख्यान पापरहित, यश तथा सुखलाई बढाउने, आयु वृद्धि गर्ने, स्वर्गको प्राप्ति गराउने, अतुलनीय तथा पुत्र-पौत्रादि प्रदान गर्ने, मोक्षदायक-शिवविषयक ज्ञान दिने, शिवाशिवको प्रीतिकारक तथा शिवभक्तिलाई बढाउने खालको छ॥ ४३-४४॥

श्रवणीयं सदा भक्तैर्निष्कामैश्च मुमुक्षुभिः।
शिवाद्वैतप्रदं चैतत्सदाशिवमयं शिवम्॥ ४५

भक्तहरूलाई तथा निष्काम मुमुक्षुहरूलाई शिवको अद्वैतज्ञान दिने, कल्याणकारक तथा सदा शिवमय यस आख्यानको सर्वदा श्रवण गर्नुपर्दछ॥ ४५॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां चतुर्थे कुमारखण्डे गणेशविवाहवर्णनं नाम विंशोऽध्यायः॥ २०॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको चतुर्थ कुमारखण्डमा गणेशविवाहवर्णन नामक बीसौँ अध्याय पूर्ण भयो॥ २०॥

॥ इति श्रीशिवमहापुराणे द्वितीयरुद्रसंहितायां चतुर्थः कुमारखण्डः समाप्तः॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

॥ ॐ श्रीसाम्बशिवाय नमः ॥ ॥ ॐ श्रीगणेशाय नमः ॥

श्रीशिवमहापुराणम्

द्वितीयायां रुद्रसंहितायां पञ्चमो युद्धखण्डः

अथ प्रथमोऽध्यायः

तारकासुरको पुत्र तारकाक्ष, विद्युन्माली एवं कमलाक्षको तपस्याबाट प्रसन्न ब्रह्माद्वारा तिनलाई वर प्रदान, तीनवटै पुरका शोभाको वर्णन

नारद उवाच

श्रुतमस्माभिरानंदप्रदं चरितमुत्तमम्।
गृहस्थस्यैव शंभोश्च गणस्कंदादिसत्कथम्॥ १
इदानीं ब्रूहि सुप्रीत्या चरितं वरमुत्तमम्।
शंकरो हि यथा रुद्रो जघान विहरन् खलान्॥ २

कथं ददाह भगवान्नगराणि सुरद्विषाम्।
त्रीण्येकेन च बाणेन युगपत्केन वीर्यवान्॥ ३
एतत्सर्वं समाचक्ष्व चरितं शशिमौलिनः।
देवर्षिसुखदं शश्वन्मायाविहरतः प्रभोः॥ ४

ब्रह्मोवाच

एवमेतत्पुरा पृष्टो व्यासेन ऋषिसत्तम।
सनत्कुमारं प्रोवाच तदेव कथयाम्यहम्॥ ५

सनत्कुमार उवाच

शृणु व्यास महाप्राज्ञ चरितं शशिमौलिनः।
यथा ददाह त्रिपुरं बाणेनैकेन विश्वहृत्॥ ६
शिवात्मजेन स्कन्देन निहते तारकासुरे।
तत्पुत्रास्तु त्रयो दैत्याः पर्यतप्यन्मुनीश्वर॥ ७
तारकाक्षस्तु तज्ज्येष्ठो विद्युन्माली च मध्यमः।
कमलाक्षः कनीयांश्च सर्वे तुल्यबलाः सदा॥ ८
जितेन्द्रियाः सुसन्नद्धाः संयताः सत्यवादिनः।
दृढचित्ता महावीरा देवद्रोहिण एव च॥ ९
ते तु मेरुगुहां गत्वा तपश्चक्रुर्महाद्भुतम्।
त्रयः सर्वान्सुभोगांश्च विहाय सुमनोहरान्॥ १०

नारद भन्नुहुन्छ—[हे ब्रह्मन्!] हामीले गणेश तथा स्कन्दको सत्कथाबाट समन्वित गृहस्थ शिवको आनन्दप्रद उत्तम चरित्रको श्रवण गर्‍यौँ। विहार गरिरहनुभएका शिवले जुन प्रकार दुष्टहरूको वध गर्नुभयो, अब हजुर त्यस श्रेष्ठ एवं उत्तम चरित्रको अत्यन्त प्रेमपूर्वक वर्णन गर्नुहोस्॥ १-२॥

पराक्रमशाली भगवान् शंकरले एउटै बाणले एकै साथ दैत्यहरूको तीनै पुरलाई कसरी जलाउनुभयो?॥ ३॥

तपाईं मायाबाट निरन्तर विहार गर्नुहुने भगवान् शंकरको यस सम्पूर्ण चरित्रको वर्णन गर्नुहोस्, जुन देवताहरू तथा ऋषिहरूलाई सुखदायक छ॥ ४॥

ब्रह्मा भन्नुहुन्छ—हे ऋषिश्रेष्ठ! पूर्वकालमा व्यासले महर्षि सनत्कुमारसित यही कुरा सोध्नुभएको थियो, तब सनत्कुमारले उहाँसित जस्तो भन्नुभएको थियो, त्यही कुरा म तपाईंसित भन्दै छु॥ ५॥

सनत्कुमार भन्नुहुन्छ—हे महाविद्वान् व्यास! तपाईं शंकरको त्यस चरित्रलाई सुन्नुहोस्, जसरी विश्वको संहार गर्नुहुने शिवले एउटै बाणले त्रिपुरलाई भस्म गर्नुभएको थियो। हे मुनीश्वर! शिवका पुत्र कार्तिकेयद्वारा तारकासुरको वध गरिएपछि उसका तीनै पुत्र दैत्य घोर तप गर्न लागे॥ ६-७॥

उनीहरूमध्ये तारकाक्ष जेठो, विद्युन्माली माइलो तथा कमलाक्ष कान्छो थियो। ती सबै समान पराक्रम भएका, जितेन्द्रिय, महाबलवान्, कार्यमा तत्पर, संयमी, सत्यवादी, दृढचित्त, महावीर एवं देवताहरूका द्रोही थिए॥ ८-९॥

तीनै दैत्य सम्पूर्ण मनोहर भोगहरूको त्याग गरी मेरुको गुफामा गएर अत्यन्त अद्भुत तप गर्न लागे॥ १०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वसन्ते सर्वकामांश्च गीतवादित्रनिस्स्वनम्।
विहाय सोत्सवं तेपुस्त्रयस्ते तारकात्मजाः॥ ११

ग्रीष्मे सूर्यप्रभां जित्वा दिक्षु प्रज्वाल्य पावकम्।
तन्मध्यसंस्थाः सिद्ध्यर्थं जुहुवुर्हव्यमादरात्॥ १२

महाप्रतापपतिताः सर्वेऽप्यासन् सुमूर्च्छिताः।
वर्षासु गतसंत्रासा वृष्टिं मूर्द्धन्यधारयन्॥ १३
शरत्काले प्रभूतं तु भोजनं तु बुभुक्षिताः।
रम्यं स्निग्धं स्थिरं हृद्यं फलं मूलमनुत्तमम्॥ १४
संयमात्क्षुत्तृषो जित्वा पानान्युच्चावचान्यपि।
बुभुक्षितेभ्यो दत्त्वा तु बभूवुरुपला इव॥ १५
संस्थितास्ते महात्मानो निराधाराश्चतुर्दिशम्।
हेमंते गिरिमाश्रित्य धैर्येण परमेण तु॥ १६
तुषारदेहसंछन्ना जलक्लिन्नेन वाससा।
आसाद्य देहं क्षौमेण शिशिरे तोयमध्यगाः॥ १७
अनिर्विण्णास्ततः सर्वे क्रमशोऽवर्द्धयंस्तपः।
तेपुस्त्रयस्ते तत्पुत्रा विधिमुद्दिश्य सत्तमाः॥ १८

तप उग्रं समास्थाय नियमे परमे स्थिताः।
तपसा कर्षयामासुर्देहान् स्वान् दानवोत्तमाः॥ १९

वर्षाणां शतकं चैव पदमेकं निधाय च।
भूमौ स्थित्वा परं तत्र तेपुस्ते बलवत्तराः॥ २०
ते सहस्रं तु वर्षाणां वातभक्षाः सुदारुणाः।
तपस्तेपुर्दुरात्मानः परं तापमुपागताः॥ २१
वर्षाणां तु सहस्रं वै मस्तकेनास्थितास्तथा।
वर्षाणां तु शतेनैव ऊर्ध्वबाहव आस्थिताः॥ २२
एवं दुःखं परं प्राप्ता दुराग्रहपरा इमे।
ईदृक् ते संस्थिता दैत्या दिवारात्रमतंद्रिताः॥ २३

एवं तेषां गतः कालो महान् सुतपतां मुने।
ब्रह्मात्मनां तारकाणां धर्मेणेति मतिर्मम॥ २४

तारकासुरका ती तीन पुत्र वसन्त-ऋतुमा उत्सव-सहित गीत-वाद्यको ध्वनि तथा समस्त कामनाहरू त्यागेर तप गर्न लागे॥ ११॥

ग्रीष्म-ऋतुमा सूर्यको तेजलाई जीतेर आफ्नो चारैतिर आगो बालेर तथा त्यसको माझमा बसेर ती सिद्धिका लागि आदरपूर्वक हव्यको आहुति दिन लागे॥ १२॥

त्यस समय ती अत्यन्त गर्मीले सन्तप्त भई मूर्च्छित हुन्थे र वर्षाकालमा निर्भीक भई शिरमा वृष्टिलाई सहन्थे। शरत्कालमा उत्पन्न भएका मनोहर, स्निग्ध, स्थिर, उत्तम फल-मूलादि पदार्थहरू तथा उत्तम प्रकारका पेय-पदार्थहरू भोकाहरूका लागि दान गरी आफू भोको रहन्थ्ये, ती संयमपूर्वक भोक-प्यासलाई जितेर पत्थरसमान भएका थिए॥ १३—१५॥

ती महात्मा हेमन्त-ऋतुमा पहाडहरूको आश्रय लिएर बडो धीरताका साथ स्थित भई, निराधार रही चारै दिशाहरूमा निवास गर्न लागे। तुषारोबाट ढाकिएको शरीर भएका ती सबै निरन्तर जलले भिजेका रेशमी वस्त्र धारण गरी शिशिर-ऋतुमा जलको बिचमा उभिएर विषादरहित भई क्रमशः आफ्नो तपलाई बढाउन लागे। यस प्रकार ब्रह्मालाई उद्देश्य गरी त्यस [तारकासुर]-का ती तीनै श्रेष्ठ पुत्र तप गरिरहेका थिए॥ १६—१८॥

ती श्रेष्ठ दानव परम नियममा स्थित रहेर कठोर तप गरी तपस्याद्वारा आफ्नो शरीर सुकाउन लागे॥ १९॥

सय वर्षसम्म एउटा गोडाको सहाराले पृथ्वीमा उभिएर ती अति बलवान् दैत्यहरूले तप गरे। ती दारुण तथा दुरात्मा दैत्यले हजार वर्षसम्म वायुको भक्षण गरी महान् कष्टबाट युक्त भई तप गरिरहे॥ २०-२१॥

ती एक हजार वर्षसम्म पृथ्वीमा शिरको बलले खडा रहे र सय वर्षसम्म दुवै हातहरूलाई माथि उठाएर उभिरहे। यस प्रकार दुराग्रहमा तत्पर भएर उनीहरूले धेरै क्लेश प्राप्त गरे, ती दैत्य आलस्यलाई त्यागेर दिन-रात तप गर्न लागे॥ २२-२३॥

हे महामुनि! यस प्रकार धर्मपूर्वक तप गर्दै तथा ब्रह्मामा मन लगाएका ती तारकपुत्रहरूको धेरै समय बित्यो, यस्तो मेरो विचार छ। त्यसपछि सुरासुरका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रादुरासीत्ततो ब्रह्मा सुरासुरगुरुर्महान्।
संतुष्टस्तपसा तेषां वरं दातुं महायशाः॥ २५

मुनिदेवासुरैः सार्द्धं सांत्वपूर्वमिदं वचः।
ततस्तानब्रवीत्सर्वान् सर्वभूतपितामहः॥ २६

ब्रह्मोवाच

प्रसन्नोऽस्मि महादैत्या युष्माकं तपसा मुने।
सर्वं दास्यामि युष्मभ्यं वरं ब्रूत यदीप्सितम्॥ २७

किमर्थं सुतपस्तप्तं कथयध्वं सुरद्विषः।
सर्वेषां तपसो दाता सर्वकर्तास्मि सर्वदा॥ २८

सनत्कुमार उवाच

तस्य तद्वचनं श्रुत्वा शनैस्ते स्वात्मनो गतम्।
ऊचुः प्रांजलयः सर्वे प्रणिपत्य पितामहम्॥ २९

दैत्या ऊचुः

यदि प्रसन्नो देवेश यदि देयो वरस्त्वया।
अवध्यत्वं च सर्वेषां सर्वभूतेषु देहिनः॥ ३०

स्थिरान् कुरु जगन्नाथ पान्तु नः परिपंथिनः।
जरारोगादयः सर्वे नास्मान्मृत्युरगात् क्वचित्॥ ३१

अजराश्चामराः सर्वे भवाम इति नो मतम्।
समृत्यवः करिष्यामः सर्वानन्यांस्त्रिलोकके॥ ३२

लक्ष्म्या किं तद्विपुलया किं कार्यं हि पुरोत्तमैः।
अन्यैश्च विपुलैर्भोगैः स्थानैश्वर्येण वा पुनः॥ ३३

यत्रैव मृत्युना ग्रस्तो नियतं पंचभिर्दिनैः।
व्यर्थं तस्याखिलं ब्रह्मन् निश्चितं न इतीव हि॥ ३४

सनत्कुमार उवाच

इति श्रुत्वा वचस्तेषां दैत्यानां च तपस्विनाम्।
प्रत्युवाच शिवं स्मृत्वा स्वप्रभुं गिरिशं विधिः॥ ३५

ब्रह्मोवाच

नास्ति सर्वामरत्वं च निवर्तध्वमतोऽसुराः।
अन्यं वरं वृणीध्वं वै यादृशो वो हि रोचते॥ ३६

महान् गुरु तथा महायशस्वी ब्रह्मा उनीहरूको तपबाट सन्तुष्ट भई वर दिनका लागि प्रकट हुनुभयो॥ २४-२५॥

त्यस समय सबै प्राणीहरूका पितामह ब्रह्मा मुनि, देवगण तथा असुरहरूसँगै त्यहाँ गएर सान्त्वना दिँदै ती सबैसित यो वचन भन्न लाग्नुभयो— ॥ २६॥

ब्रह्मा भन्नुहुन्छ—हे महादैत्य हो! म तिमीहरूको तपबाट प्रसन्न भएको छु। म तिमीहरूलाई सबथोक दिने छु, जुन तिमीहरूको अभीष्ट वर हो, त्यसलाई भन॥ २७॥

हे देवशत्रुहरू हो! म सबैको तपस्याको फलदाता र सर्वदा सबैको रचयिता हुँ, अतः बताउ कि तिमीहरूले अत्यन्त कठिन तप कुन उद्देश्यले गरेका छौ?॥ २८॥

सनत्कुमार भन्नुहुन्छ—उहाँका यी कुरा सुनेर ती सबैले हात जोडेर पितामहलाई प्रणाम गरी फेरि विस्तारै-विस्तारै आफ्ना मनका कुरा भने॥ २९॥

दैत्य भन्दछन्—हे देवेश! यदि हजुर प्रसन्न हुनुहुन्छ र हामीलाई वर दिन चाहनुहुन्छ भने हामीलाई कुनै पनि प्राणीहरूबाट नमर्ने अवध्यत्व वर प्रदान गर्नुहोस्॥ ३०॥

हे जगन्नाथ! हजुर हामीलाई स्थिर गरिदिनुहोस्, र हामीलाई बृद्ध, रोग एवं मृत्यु आदि कहिल्यै प्राप्त नहोस्। हामी सबै अजर-अमर हुन पाउँ—यस्तो हाम्रो विचार छ। हामीहरू तीनै लोकमा अरू सबै प्राणीहरूलाई मार्न सकौँ। पर्याप्त लक्ष्मीसित, उत्तम पुरहरूसित, अन्य विपुल भोगहरूसित, स्थानहरूसित अथवा ऐश्वर्यसित हामीलाई के प्रयोजन! हे ब्रह्मन्! यदि पाँचै दिनमा प्राणी मृत्युद्वारा ग्रसित हुन जान्छ—यो निश्चित नै छ, तब त उसको सबथोक व्यर्थ हुन जान्छ, यसमा संशय छैन॥ ३१—३४॥

सनत्कुमार भन्नुहुन्छ—ती तपस्वी दैत्यहरूका यी कुरा सुनेर ब्रह्माले गिरिमा शयन गर्नुहुने आफ्ना स्वामी भगवान् शंकरको स्मरण गरी भन्नुभयो— ॥ ३५॥

ब्रह्मा भन्नुहुन्छ—हे असुर हो! पूर्ण अमरत्व कसैलाई प्राप्त हुन सक्तैन, यसैले यस वरको आग्रह नगर र अन्य वर माग, जुन तिमीहरूलाई राम्रो लाग्छ॥ ३६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जातो हनिष्यते नूनं जंतुः कोऽप्यसुराः क्वचित्।
अजरश्चामरो लोके न भविष्यति भूतले॥ ३७

ऋते तु खंडपरशोः कालकालाद्धरेस्तथा।
तौ धर्माधर्मपरमावव्यक्तौ व्यक्तरूपिणौ॥ ३८

हे असुरहरू! यस भूतलमा जहाँ जो कोही पनि प्राणी जन्मेको छ, त्यो अवश्य मर्ने छ, कालका पनि काल भगवान् शंकर तथा श्रीहरिका अतिरिक्त यस जगत्‌मा कोही पनि प्राणी अजर-अमर हुन सक्तैनन्; किनभने ती दुवै धर्म, अधर्मभन्दा पर छन् तथा व्यक्त र अव्यक्त छन्॥ ३७-३८॥

संपीडनाय जगतो यदि स क्रियते तपः।
सफलं तद्गतं वेद्यं तस्मात्सुविहितं तपः॥ ३९

यदि जगत्‌लाई पीडा पुर्‍याउनका लागि तप गरिन्छ भने त्यसको फल नष्ट हुन्छ भन्ने सम्झनुपर्छ। अतः उत्तम उद्देश्यका लागि गरिएका तप सफल हुन्छन्॥ ३९॥

तद्विचार्य स्वयं बुद्ध्या न शक्यं यत्सुरासुरैः।
दुर्लभं वा सुदुस्साध्यं मृत्युं वंचयतानघाः॥ ४०

तत्किंचिन्मरणे हेतुं वृणीध्वं सत्त्वमाश्रिताः।
येन मृत्युर्नैव वृतो रक्षतस्तत्पृथक् पृथक्॥ ४१

हे अनघ! तिमीहरू स्वयं आफ्नो बुद्धिले विचार गरी जुन मृत्युको अतिक्रमण दुर्लभ एवं दुःसाध्य छ र देवता तथा असुर पनि यस्तो गर्न सक्तैनन्, यस्तो मृत्युको अतिरिक्त अन्य वर माग। तिमीहरू सत्त्वगुणको आश्रय लिएर आफ्नो मरणको कारण हुने कुनै वर माग तथा त्यस कारणबाट बच्न अलग-अलग रूपले रक्षाको उपाय गर, जसबाट तिमीहरूको मृत्यु नहोस्॥ ४०-४१॥

सनत्कुमार उवाच

एतद्विधिवचः श्रुत्वा मुहूर्त्तं ध्यानमास्थिताः।
प्रोचुस्ते चिंतयित्वाथ सर्वलोकपितामहम्॥ ४२

सनत्कुमार भन्नुहुन्छ—ब्रह्माका वचन सुनेर ती एक मुहूर्तसम्म ध्यानमा स्थित रहे, त्यसपछि विचार गरी लोकपितामह ब्रह्मासित भन्न लागे—॥ ४२॥

दैत्या ऊचुः

भगवन्नास्ति नो वेश्म पराक्रमवतामपि।
अधृष्याः शात्रवानां तु यत्र वत्स्यामहे सुखम्॥ ४३

पुराणि त्रीणि नो देहि निर्मायात्यद्भुतानि हि।
सर्वसंपत्समृद्धान्यप्रधृष्याणि दिवौकसाम्॥ ४४

दैत्य भन्दछन्—हे भगवान्! हामीहरू यद्यपि पराक्रमशील छौँ, तर हाम्रो साथमा कुनै यस्तो स्थान छैन, जसमा शत्रु प्रवेश गर्न नसकुन् र त्यहाँ हामी सुखले निवास गर्न सकौँ। अतः हजुर यस्तो तीन नगरको निर्माण गराएर हामीलाई प्रदान गर्नुहोस्, जुन परम अद्भुत, सबै सम्पत्तिहरूले परिपूर्ण र देवताहरूका लागि सर्वथा अनतिक्रमणीय होस्॥ ४३-४४॥

वयं पुराणि त्रीण्येवं समास्थाय महीमिमाम्।
चरिष्यामो हि लोकेश त्वत्प्रसादाज्जगद्गुरो॥ ४५
तारकाक्षस्ततः प्राह यदभेद्यं सुरैरपि।
करोति विश्वकर्मा तन्मम हेममयं पुरम्॥ ४६
ययाचे कमलाक्षस्तु राजतं सुमहत्पुरम्।
विद्युन्माली च संहृष्टो वज्रायसमयं महत्॥ ४७

हे लोकेश! हे जगद्‌गुरु! यस प्रकार हामीहरू हजुरको कृपाले यी तीनै पुरमा स्थित भई यस पृथ्वीमा विचरण गर्ने छौँ। तत्पश्चात् तारकाक्ष भन्दछ—जुन देवगणहरूबाट पनि अभेद्य होस्, यस प्रकारको मेरो सुवर्णमय पुर विश्वकर्मा बनाउन्। कमलाक्षले चाँदीको अति विशाल पुर तथा विद्युन्मालीले प्रसन्न भएर वज्रसमान फलामको पुर याचना गर्‍यो॥ ४५-४७॥

पुरेष्वेतेषु भो ब्रह्मन्नेकस्थानस्थितेषु च।
मध्याह्नाभिजिते काले शीतांशौ पुष्य संस्थिते॥ ४८

उपर्युपर्यदृष्टेषु व्योम्नि लीलाभ्रसंस्थिते।

हे ब्रह्मन्! जब मध्याह्नकालमा अभिजित् मुहूर्त होस्, चन्द्रमा पुष्य नक्षत्रमा होउन् र आकाशमा नीला बादलहरूमाथि स्थित भएर ती तीनवटै पुर क्रमशः एउटाको माथि अर्को रहँदै जनहरूको दृष्टिबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्षत्सु कालमेघेषु पुष्करावर्तनामसु ॥ ४९
तथा वर्षसहस्रान्ते समेष्यामः परस्परम्।
एकीभावं गमिष्यन्ति पुराण्येतानि नान्यथा ॥ ५०

सर्वदेवमयो देवः सर्वेषां नः कुहेलया।
असंभवे रथे तिष्ठन् सर्वोपस्करणान्विते ॥ ५१

असंभाव्यैककांडेन भिनत्तु नगराणि नः।
निर्वैरः कृत्तिवासास्तु योऽस्माकमिति नित्यशः ॥ ५२

वंद्यः पूज्योऽभिवाद्यश्च सोस्माकं निर्दहेत्कथम्।
इति चेतसि संधाय तादृशो भुवि दुर्लभः ॥ ५३

ओझेल परोस्। फेरि जब पुष्कर र आवर्त नामक कालो मेघ वर्षा गरिरहेको हुन्छ, त्यस समय एक हजार वर्ष पश्चात् हामीहरू परस्पर भेट्ने छौँ र यी तीनै पुर पनि त्यसै समय एक स्थानमा स्थित हुन जाने छ, यसमा सन्देह छैन। हामीहरूद्वारा धर्मको अतिक्रमण हुन जाँदामा कुनै देवता, जसमा सबै देवहरूको निवास होस्, त्यो सम्पूर्ण युद्धसामग्रीले युक्त भएर असम्भव रथमा बसेर एउटै असम्भाव्य बाणले हाम्रो नगरहरूको भेदन गरून्। शिव त कसैसित द्वेष गर्नुहुन्न। उहाँ सदा हामीहरूको वन्द्य, पूज्य तथा अभिवादनका योग्य हुनुहुन्छ, त फेरि उहाँले हामीहरूको पुरलाई कसरी जलाउन सक्नुहुन्छ, त्यस्ता कुनै दोस्रो पुरुष पृथ्वीमा दुर्लभ छ—ती दैत्यहरूले आफ्नो मनमा यही विचार गरी यस्तो वर माँगे॥ ४८—५३॥

सनत्कुमार उवाच

एतच्छ्रुत्वा वचस्तेषां ब्रह्मा लोकपितामहः।
एवमस्त्विति तान् प्राह सृष्टिकर्त्ता स्मरन् शिवम् ॥ ५४

सनत्कुमार भन्नुहुन्छ—[हे व्यास!] उनीहरूको यो वचन सुनेर सृष्टि गर्नुहुने लोकपितामह ब्रह्माले शिवको स्मरण गर्दै उनीहरूसित भन्नुभयो—यस्तै हुने छ॥ ५४॥

आज्ञां ददौ मयस्यापि कुरु त्वं नगरत्रयम्।
कांचनं राजतं चैव आयसं चेति भो मय ॥ ५५

इत्यादिश्य मयं ब्रह्मा प्रत्यक्षं प्राविशद्दिवम्।
तेषां तारकपुत्राणां पश्यतां निजधाम हि ॥ ५६

त्यसपछि उहाँले मयलाई आज्ञा दिनुभयो कि हे मय! तिमी सुन, चाँदी र फलामका तीन नगरहरूको निर्माण गरिदेऊ। उनीहरूको समक्ष मयलाई यो आज्ञा प्रदान गरी ब्रह्मा ती तारकपुत्रहरूले हेर्दा-हेर्दै आफ्नो धाम स्वर्गलोकमा जानुभयो॥ ५५-५६॥

ततो मयश्च तपसा चक्रे धीरः पुराण्यथ।
कांचनं तारकाक्षस्य कमलाक्षस्य राजतम् ॥ ५७
विद्युन्माल्यायसं चैव त्रिविधं दुर्गमुत्तमम्।
स्वर्गे व्योम्नि च भूमौ च क्रमाज्ज्ञेयानि तानि वै ॥ ५८
दत्त्वा तेभ्योऽसुरेभ्यश्च पुराणि त्रीणि वै मयः।
प्रविवेश स्वयं तत्र हितकामपरायणः ॥ ५९

त्यसपछि धैर्यशाली मयले बडो प्रयत्नका साथ तारकाक्षका लागि सुनको, कमलाक्षका लागि चाँदीको तथा विद्युन्मालीका लागि फलामको पुर बनाए र तीन प्रकारका दुर्ग पनि बनाए, तिनलाई क्रमश स्वर्गमा, आकाशमा तथा भूलोकमा बुझ्नुपर्दछ। ती असुरहरूलाई तीनै पुर दिएर मय आफू पनि उनीहरूको हितको इच्छाले त्यसै पुरीमा प्रवेश गर्‍यो॥ ५७—५९॥

एवं पुरत्रयं प्राप्य प्रविष्टास्तारकात्मजाः।
बुभुजुः सकलान्भोगान्महाबलपराक्रमाः ॥ ६०

यस प्रकार तीनै पुरलाई प्राप्त गरी महाबलवान् तथा पराक्रमशाली ती तारकासुरका पुत्र त्यसमा प्रवेश गरे र सबै प्रकारका सुखहरूको भोग गर्न लागे॥ ६०॥

कल्पद्रुमैश्च संकीर्णं गजवाजिसमाकुलम्।
नानाप्रासादसंकीर्णं मणिजालसमावृतम् ॥ ६१

सूर्यमण्डलसंकाशैर्विमानैः सर्वतोमुखैः।
पद्मरागमयैश्चैव शोभितं चन्द्रसन्निभैः ॥ ६२

कल्पवृक्षहरूले व्याप्त, हात्ती-घोडाहरूले युक्त, नाना प्रकारका अट्टालिकाहरू तथा मणिहरूले परिपूर्ण ती नगर सूर्यमण्डल समान देदीप्यमान, चारैतिर मुख भएका, चन्द्रमा समान तथा पद्मराग मणिहरूबाट जडित विमानहरूले शोभित थिए॥ ६१-६२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रासादैर्गोपुरैर्दिव्यैः कैलासशिखरोपमैः।
दिव्यस्त्रीजनसंकीर्णैर्गंधर्वैस्सिद्धचारणैः ॥ ६३

रुद्रालयैः प्रतिगृहमग्निहोत्रैः प्रतिष्ठितैः।
द्विजोत्तमैः शास्त्रविज्ञैः शिवभक्तिरतैः सदा ॥ ६४

वापीकूपतडागैश्च दीर्घिकाभिः सुशोभितम्।
उद्यानवनवृक्षैश्च स्वर्गच्युतगुणोत्तमैः ॥ ६५

नदीनदसरिन्मुख्यपुष्करैः शोभितं सदा।
सर्वकामफलाद्यैश्चानेकैर्वृक्षैर्मनोहरम् ॥ ६६

मत्तमातंगयूथैश्च तुरंगैश्च सुशोभनैः।
रथैश्च विविधाकारैः शिबिकाभिरलंकृतम् ॥ ६७

समयादिशिकैश्चैव क्रीडास्थानैः पृथक्पृथक्।
वेदाध्ययनशालाभिर्विविधाभिः पृथक्पृथक् ॥ ६८

अदृष्टं मनसा वाचा पापान्वितनरैस्सदा।
महात्मभिश्शुभाचारैः पुण्यवद्भिः प्रवीक्ष्यते ॥ ६९

पतिव्रताभिः सर्वत्र पावितं स्थलमुत्तमम्।
पतिसेवनशीलाभिर्विमुखाभिः कुधर्मतः ॥ ७०

दैत्यशूरैर्महाभागैः सदारैः ससुतैर्द्विजैः।
श्रौतस्मार्तार्थतत्त्वज्ञैः स्वधर्मनिरतैर्युतम् ॥ ७१

व्यूढोरस्कैर्वृषस्कंधैः सामयुद्धधरैः सदा।
प्रशांतैः कुपितैश्चैव कुब्जैर्वामनकैस्तथा ॥ ७२

नीलोत्पलदलप्रख्यैर्नीलकुंचितमूर्द्धजैः ।
मयेन रक्षितैः सर्वैः शिक्षितैर्युद्धलालसैः ॥ ७३

वरसमररतैर्युतं समंता-
दजशिवपूजनया विशुद्धवीर्यैः।
रविमरुतमहेन्द्रसंनिकाशैः
सुरमथनैः सुदृढैः सुसेवितं यत् ॥ ७४

ती पुरहरूमा कैलास पर्वतको शिखर समान अग्ला-अग्ला मनोहर महल तथा गोपुर बनेका थिए। दिव्य देवांगनाहरू, गन्धर्वहरू, सिद्धहरू तथा चारणहरूले त्यो पुर पूर्ण रूपले भरिएको थियो। तिनमा प्रत्येक घरमा शिवालय तथा अग्निहोत्रकुण्ड बनेका थिए। ती पुरमा शास्त्रवेत्ता एवं शिवभक्त ब्राह्मण सदा निवास गर्दथे ॥ ६३-६४ ॥

इनार, कुवा, तालाऊ, साना सरोवर र स्वर्गीय गुण भएका उद्यान एवं वन्य वृक्षहरू, कमलयुक्त नदीहरू र ठुला-ठुला सरिताहरूले ती पुर शोभित भइरहेका थिए। सबै ऋतुहरूमा फल-फूल प्रदान गर्ने अनेक प्रकारका वृक्षहरूले ती पुर मनोहर प्रतीत भइरहेका थिए ॥ ६५-६६ ॥

ती बथान-का-बथान मदमत्त हात्तीहरू, सुन्दर-सुन्दर घोडाहरू, विविध आकार भएका रथ एवं शिविकाहरूले अलंकृत थिए। तिनमा समयानुसार अलग-अलग क्रीडास्थल बनेका थिए र वेदाध्ययनका विविध पाठशालाहरू पनि भिन्न-भिन्न बनेका थिए ॥ ६७-६८ ॥

पापीजन त मन एवं वाणीद्वारा ती नगरतिर हेर्न पनि सक्तैनथे; शुभ आचरण गर्ने पुण्यशाली महात्मा नै तिनलाई हेर्न सक्दथे ॥ ६९ ॥

त्यहाँका उत्तम स्थल सर्वत्र अधर्मबाट रहित तथा पतिसेवापरायण पतिव्रताहरूद्वारा पवित्र पारिएका थिए। तिनमा महाभाग्यवान् बलवान् दैत्य आफ्नी स्त्रीहरू, पुत्रहरू र श्रुति-स्मृतिका रहस्यलाई जान्ने तथा आफ्नो धर्ममा निरत ब्राह्मणहरूका साथ निवास गर्दथे ॥ ७०-७१ ॥

ती पुर चौडा छाती भएका, अग्ला काँध भएका, साम एवं विग्रहका ज्ञाता, समय-समयमा शान्ति तथा कोप गर्ने, बाङ्गा तथा बाउन्ने, नीलो कमल समान काला-काला घुमिर्किएका कपाल भएका, मयद्वारा रक्षित तथा शिक्षित गरिएका र युद्धको अभिलाषा राख्ने योद्धाहरूबाट परिपूर्ण थियो। ठुला-ठुला युद्धहरूमा निरत रहने, ब्रह्मा तथा सदाशिवको पूजाको प्रभावले विशुद्ध पराक्रम भएका, सूर्य-वायु-इन्द्र सदृश्य देवगण-हरूको मर्दन गर्ने तथा अत्यन्त शक्तिशाली वीर ती पुरहरूमा निवास गर्दथे ॥ ७२—७४ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शास्त्रवेदपुराणेषु ये ये धर्माः प्रकीर्तिताः।
शिवप्रियाः सदा देवास्ते धर्मास्तत्र सर्वतः॥ ७५
एवं लब्धवरास्ते तु दैतेयास्तारकात्मजाः।
शैवं मयमुपाश्रित्य निवसंति स्म तत्र ह॥ ७६
सर्वं त्रैलोक्यमुत्सार्य प्रविश्य नगराणि ते।
कुर्वंति स्म महद्राज्यं शिवमार्गरताः सदा॥ ७७

वेद, शास्त्र र पुराणहरूमा जुन-जुन धर्महरूको वर्णन गरिएका छन्, ती सबै धर्म तथा शिवका प्रिय देवता त्यहाँ चारैतिर व्याप्त थिए। यस प्रकार वर प्राप्त गरेका ती तारकपुत्र दैत्य शिवभक्त मयदानवको आश्रय लिएर त्यहाँ निवास गर्न लागे। ती नगरहरूमा प्रवेश गरी ती सदा शिवभक्तिनिरत भएर सम्पूर्ण त्रिलोकीलाई बाधित गरी विशाल राज्यको उपभोग गर्न लागे॥ ७५—७७॥

ततो महान् गतः कालो वसतां पुण्यकर्मणाम्।
यथासुखं यथाजोषं सद्राज्यं कुर्वतां मुने॥ ७८

हे मुनि! यस प्रकार आफ्नो इच्छानुसार सुख-पूर्वक उत्तम राज्य गर्दै त्यहाँ निवास गरी ती पुण्यकर्मा राक्षसहरूको धेरै लामो समय बित्यो॥ ७८॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे त्रिपुरवधोपाख्याने त्रिपुरवर्णनं नाम प्रथमोऽध्यायः॥ १॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा त्रिपुरवधोपाख्यानमा त्रिपुरवर्णन नामक पहिलो अध्याय पूर्ण भयो॥ १॥

अथ द्वितीयोऽध्यायः

तारकपुत्रहरूबाट पीडित देवताहरू ब्रह्माकहाँ जानु र उहाँको परामर्श अनुसार असुर-वधका लागि भगवान् शंकरको स्तुति गर्नु

व्यास उवाच

ब्रह्मपुत्र महाप्राज्ञ वद मे वदतां वर।
ततः किमभवद्देवाः कथं च सुखिनोऽभवन्॥ १

व्यास भन्नुहुन्छ—हे ब्रह्मपुत्र! हे महाप्राज्ञ! हे वक्ताहरूमा श्रेष्ठ! अब मलाई बताउनुहोस् कि त्यसपछि के भयो र देवगण कुन प्रकार सुखी भए?॥ १॥

ब्रह्मोवाच

इत्याकर्ण्य वचस्तस्य व्यासस्यामितधीमतः।
सनत्कुमारः प्रोवाच स्मृत्वा शिवपदाम्बुजम्॥ २

ब्रह्मा भन्नुहुन्छ—महाबुद्धिमान् व्यासका यी वचन सुनेर शिवका चरणकमलहरूको स्मरण गरी सनत्कुमारले भन्नुभयो—॥ २॥

सनत्कुमार उवाच

अथ तत्प्रभया दग्धा देवा हीन्द्रादयस्तथा।
संमन्त्र्य दुःखिताः सर्वे ब्रह्माणं शरणं ययुः॥ ३

सनत्कुमार भन्नुहुन्छ—तब उनीहरूको तेजबाट दग्ध भएका इन्द्रादि देवता दुखी भई परस्पर मन्त्रणा (विमर्श) गरी ब्रह्माको शरणमा गए॥ ३॥

नत्वा पितामहं प्रीत्या परिक्षित्याखिलाः सुराः।
दुःखं विज्ञापयामासुर्विलोक्यावसरं ततः॥ ४

ती सबै निस्तेज देवता प्रीतिपूर्वक पितामहलाई प्रणाम गरी अवसर हेरेर उहाँसित आफ्ना दुःख भन्न लागे॥ ४॥

देवा ऊचुः

धातस्त्रिपुरनाथेन सतारकसुतेन हि।
सर्वे प्रतापिता नूनं मयेन त्रिदिवौकसः॥ ५
अतस्ते शरणं याता दुःखिता हि विधे वयम्।
कुरु त्वं तद्वधोपायं सुखिनः स्याम तद्यथा॥ ६

देवता भन्दछन्—हे विधाता! तारकपुत्रहरूसहित त्रिपुरनाथ मयद्वारा सबै देवता ज्यादै पीडित हुँदैछन्। यसैले हे ब्रह्मन्! हामीहरू दुखी भएर हजुरको शरणमा आएका छौँ; हजुर उनीहरूको वधको कुनै उपाय गर्नुहोस्, जसबाट हामीहरू सुखी हुन सकौँ॥ ५-६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सनत्कुमार उवाच

इति विज्ञापितो देवैर्विहस्य भवकृद्विधिः।
प्रत्युवाचाथ तान्सर्वान्मयतो भीतमानसान्॥ ७

सनत्कुमार भन्नुहुन्छ—देवगणहरूले यस प्रकार भनेपछि सृष्टिकर्ता ब्रह्मा मयबाट डराएका ती समस्त देवताहरूसित हाँसेर भन्न लाग्नुभयो— ॥ ७ ॥

ब्रह्मोवाच

न भेतव्यं सुरास्तेभ्यो दानवेभ्यो विशेषतः।
आचक्षे तद्वधोपायं शिवं शर्वः करिष्यति॥ ८
मत्तो विवर्धितो दैत्यो वधं मत्तो न चार्हति।
तथापि पुण्यं वर्द्धेत नगरे त्रिपुरे पुनः॥ ९

ब्रह्मा भन्नुहुन्छ—हे देवताहरू हो! तपाईंहरू ती दैत्यहरूबाट बिलकुल नडराउनुहोस्, म तिनको वधको उपाय बताउँदै छु; शिव कल्याण गर्नुहुने छ। मैले नै ती दैत्यलाई बढाएको हुँ, अतः मेरा हातहरूबाट तिनको वध हुनु उचित हुन्न र यस समय त्रिपुरको नगरमा निरन्तर पुण्य बढिरहेको छ॥ ८-९ ॥

शिवं च प्रार्थयध्वं वै सर्वे देवाः सवासवाः।
सर्वाधीशः प्रसन्नश्चेत्स वः कार्यं करिष्यति॥ १०

अतः इन्द्रसहित सबै देवता शिवसित प्रार्थना गरून्। यदि ती सर्वाधीश प्रसन्न हुनुभयो भने तपाईंहरूको कार्यलाई पूर्ण गरिदिनुहुने छ॥ १० ॥

सनत्कुमार उवाच

इत्याकर्ण्य विधेर्वाणीं सर्वे देवाः सवासवाः।
दुःखितास्ते ययुस्तत्र यत्रास्ते वृषभध्वजः॥ ११
प्रणम्य भक्त्या देवेशं सर्वे प्रांजलयस्तदा।
तुष्टुवुर्विनतस्कंधाः शंकरं लोकशंकरम्॥ १२

सनत्कुमार भन्नुहुन्छ—तब ब्रह्माको कुरा सुनेर इन्द्रसहित सबै देवता दुखी भएर त्यहाँ गए, जहाँ शिव हुनुहुन्थ्यो। हात जोडेर बडो भक्तिपूर्वक देवेशलाई प्रणाम गरी शिर झुकाएर ती सबै लोककल्याणकारी शंकरको स्तुति गर्न लागे॥ ११-१२ ॥

देवा ऊचुः

नमो हिरण्यगर्भाय सर्वसृष्टिविधायिने।
नमः स्थितिकृते तुभ्यं विष्णवे प्रभविष्णवे॥ १३

देवगण भन्दछन्—सम्पूर्ण सृष्टिको विधान गर्नुहुने हिरण्यगर्भ ब्रह्मास्वरूप हजुर शिवलाई नमस्कार छ। पालन गर्नुहुने विष्णुस्वरूप हजुरलाई नमस्कार छ ॥ १३ ॥

नमो हरस्वरूपाय भूतसंहारकारिणे।
निर्गुणाय नमस्तुभ्यं शिवायामिततेजसे॥ १४
अवस्थारहितायाथ निर्विकाराय वर्चसे।
महाभूतात्मभूताय निर्लिप्ताय महात्मने॥ १५

सम्पूर्ण प्राणीहरूको संहार गर्नुहुने हरस्वरूप हजुरलाई नमस्कार छ। निर्गुण तथा अमिततेजस्वी हजुर शिवलाई नमस्कार छ। अवस्थाहरूबाट रहित, निर्विकार, तेजस्वरूप, महाभूतहरूमा आत्मस्वरूपले वर्तमान, निर्लिप्त एवं महान् आत्मा भएका हजुर महात्मालाई नमस्कार छ॥ १४-१५ ॥

नमस्ते भूतपतये महाभारसहिष्णवे।
तृष्णाहराय निर्वैराकृतये भूरितेजसे॥ १६

सम्पूर्ण प्राणीहरूका अधिपति, शेषरूपले पृथ्वीको भार उठाउनु हुने, तृष्णालाई नष्ट गर्नुहुने, शान्त प्रकृति भएका तथा अमित तेजस्वी हजुर शिवलाई नमस्कार छ॥ १६ ॥

महादैत्यमहारण्यनाशिने दाववह्नये।
दैत्यद्रुमकुठाराय नमस्ते शूलपाणये॥ १७

महादैत्यरूपी महावनलाई विनष्ट गर्नका लागि दावाग्निस्वरूप एवं दैत्यरूपी वृक्षहरूका लागि बन्चरोस्वरूप हजुर शूलपाणिलाई नमस्कार छ॥ १७ ॥

महादनुजनाशाय नमस्ते परमेश्वर।
अम्बिकापतये तुभ्यं नमः सर्वास्त्रधारक॥ १८
नमस्ते पार्वतीनाथ परमात्मन्महेश्वर।
नीलकंठाय रुद्राय नमस्ते रुद्ररूपिणे॥ १९

महादैत्यहरूको नाश गर्नुहुने हे परमेश्वर! हजुरलाई नमस्कार छ। हे सबै अस्त्रहरूका धारणकर्ता! हजुर अम्बिकापतिलाई नमस्कार छ। हे पार्वतीनाथ! हे परमात्मन्! हे महेश्वर! हजुरलाई नमस्कार छ। हजुर नीलकण्ठ, रुद्र तथा रुद्रस्वरूपलाई नमस्कार छ॥ १८-१९ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नमो वेदान्तवेद्याय मार्गातीताय ते नमः।
नमो गुणस्वरूपाय गुणिने गुणवर्जिते॥ २०

महादेव नमस्तुभ्यं त्रिलोकीनन्दनाय च।
प्रद्युम्नायानिरुद्धाय वासुदेवाय ते नमः॥ २१

संकर्षणाय देवाय नमस्ते कंसनाशिने।
चाणूरमर्दिने तुभ्यं दामोदर विषादिने॥ २२

हृषीकेशाच्युत विभो मृड शंकर ते नमः।
अधोक्षज गजाराते कामारे विषभक्षण॥ २३

नारायणाय देवाय नारायणपराय च।
नारायणस्वरूपाय नारायणतनूद्भव॥ २४

नमस्ते सर्वरूपाय महानरकहारिणे।
पापापहारिणे तुभ्यं नमो वृषभवाहन॥ २५

क्षणादिकालरूपाय स्वभक्तबलदायिने।
नानारूपाय रूपाय दैत्यचक्रविमर्दिने॥ २६

नमो ब्रह्मण्यदेवाय गोब्राह्मणहिताय च।
सहस्रमूर्त्तये तुभ्यं सहस्रावयवाय च॥ २७

धर्मरूपाय सत्त्वाय नमः सत्त्वात्मने हर।
वेदवेद्यस्वरूपाय नमो वेदप्रियाय च॥ २८

नमो वेदस्वरूपाय वेदवक्त्रे नमो नमः।
सदाचाराध्वगम्याय सदाचाराध्वगामिने॥ २९

विष्टरश्रवसे तुभ्यं नमः सत्यमयाय च।
सत्यप्रियाय सत्याय सत्यगम्याय ते नमः॥ ३०

नमस्ते मायिने तुभ्यं मायाधीशाय वै नमः।
ब्रह्मगाय नमस्तुभ्यं ब्रह्मणे ब्रह्मजाय च॥ ३१

तपसे ते नमस्त्वीश तपसां फलदायिने।
स्तुत्याय स्तुतये नित्यं स्तुतिसंप्रीतचेतसे॥ ३२

श्रुत्याचारप्रसन्नाय स्तुत्याचारप्रियाय च।
चतुर्विधस्वरूपाय जलस्थलजरूपिणे॥ ३३

वेदान्तबाट जान्नयोग्य हजुरलाई नमस्कार छ। सबै मार्गहरूबाट अगम्य हजुरलाई नमस्कार छ। गुणस्वरूप, गुणहरूलाई धारण गर्नुहुने एवं गुणहरूबाट सर्वथा रहित हजुरलाई नमस्कार छ। त्रिलोकीलाई आनन्द दिनुहुने हे महादेव! हजुरलाई नमस्कार छ। प्रद्युम्न, अनिरुद्ध एवं वासुदेवस्वरूप हजुरलाई नमस्कार छ। संकर्षणदेव एवं कंसनाशक हजुरलाई नमस्कार छ। चाणूरको मर्दन गर्नुहुने एवं विरक्त रहनुहुने हे दामोदर! हजुरलाई नमस्कार छ॥ २०—२२॥

हे हृषीकेश! हे अच्युत! हे विभु! हे मृड! हे शंकर! हे अधोक्षज! हे गजासुरका शत्रु! हे कामशत्रु! हे विषभक्षक! हजुरलाई नमस्कार छ॥ २३॥

नारायणदेव, नारायणपरायण, नारायणस्वरूप तथा सर्वरूप हे नारायणतनूद्भव! हजुरलाई नमस्कार छ। महानरकबाट बचाउनुहुने तथा पापहरूलाई दूर गर्नुहुने हे वृषभवाहन! हजुरलाई नमस्कार छ॥ २४-२५॥

क्षण आदि कालरूप भएका, आफ्ना भक्तहरूलाई बल प्रदान गर्नुहुने, अनेक रूप भएका तथा दैत्यहरूको समूहको नाश गर्नुहुने, ब्रह्मण्यदेवस्वरूप, गाई तथा ब्राह्मणहरूको हित गर्नुहुने, सहस्रमूर्ति तथा सहस्र अवयव भएका हजुरलाई नमस्कार छ॥ २६-२७॥

धर्मरूप, सत्त्वस्वरूप तथा सत्त्वात्मरूप हे हर! हजुरलाई नमस्कार छ। वेदहरूद्वारा जान्नयोग्य स्वरूप भएका तथा वेदप्रिय हजुरलाई नमस्कार छ। वेदस्वरूप एवं वेदका वक्ता हजुरलाई नमस्कार छ। सदाचारको मार्गबाट जान्नयोग्य एवं सदाचारको मार्गमा चल्नुहुने हजुरलाई पटक-पटक नमस्कार छ॥ २८-२९॥

विष्टरश्रवा (विष्णु) तथा सत्यमय हजुरलाई नमस्कार छ। सत्यप्रिय, सत्यस्वरूप तथा सत्यबाट प्राप्त हुनुहुने हजुरलाई नमस्कार छ। मायालाई आफ्नो अधीन राख्नुहुने हजुरलाई नमस्कार छ। मायाका अधिपति हजुरलाई नमस्कार छ। सामवेदस्वरूप, ब्रह्मस्वरूप तथा ब्रह्माबाट उत्पन्न हुनेवाला हजुरलाई नमस्कार छ॥ ३०-३१॥

हे ईश! हजुर तपःस्वरूप, तपस्याको फलदाता, स्तुतिका योग्य, स्तुतिरूप, स्तुतिबाट प्रसन्नचित्त, श्रुतिका आचारबाट प्रसन्न रहने, स्तुतिप्रिय, जरायुज-अण्डज आदि चार स्वरूप भएका एवं जल-थलमा प्रकट स्वरूप भएका हुनुहुन्छ, हजुरलाई नमस्कार छ॥ ३२-३३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वे देवादयो नाथ श्रेष्ठत्वेन विभूतयः।
देवानामिन्द्ररूपोऽसि ग्रहाणां त्वं रविर्मतः॥ ३४

सत्यलोकोऽसि लोकानां सरितां द्युसरिद्भवान्।
श्वेतवर्णोऽसि वर्णानां सरसां मानसं सरः॥ ३५

शैलानां गिरिजातातः कामधुक्त्वं च गोषु ह।
क्षीरोदधिस्तु सिन्धूनां धातूनां हाटको भवान्॥ ३६

वर्णानां ब्राह्मणोऽसि त्वं नृणां राजासि शंकर।
मुक्तिक्षेत्रेषु काशी त्वं तीर्थानां तीर्थराड् भवान्॥ ३७

उपलेषु समस्तेषु स्फटिकस्त्वं महेश्वर।
कमलस्त्वं प्रसूनेषु शैलेषु हिमवांस्तथा॥ ३८

भवान्वाग्व्यवहारेषु भार्गवस्त्वं कविष्वपि।
पक्षिष्वेवासि शरभः सिंहो हिंस्त्रेषु संमतः॥ ३९

शालग्रामशिला च त्वं शिलासु वृषभध्वज।
पूज्यरूपेषु सर्वेषु नर्मदालिंगमेव हि॥ ४०

नन्दीश्वरोऽसि पशुषु वृषभः परमेश्वर।
वेदेषूपनिषद्रूपो यज्वनां शीतभानुमान्॥ ४१

प्रतापितां पावकस्त्वं शैवानामच्युतो भवान्।
भारतं त्वं पुराणानां मकारोऽस्यक्षरेषु च॥ ४२

प्रणवो बीजमंत्राणां दारुणानां विषं भवान्।
व्योमव्याप्तिमतां त्वं वै परमात्मासि चात्मनाम्॥ ४३

इन्द्रियाणां मनश्च त्वं दानानामभयं भवान्।
पावनानां जलं चासि जीवनानां तथामृतम्॥ ४४

लाभानां पुत्रलाभोऽसि वायुर्वेगवतामसि।
नित्यकर्मसु सर्वेषु संध्योपास्तिर्भवान्मतः॥ ४५

क्रतूनामश्वमेधोऽसि युगानां प्रथमो युगः।
पुष्यस्त्वं सर्वधिष्ण्यानाममावास्या तिथिष्वसि॥ ४६

सर्वर्तुषु वसंतस्त्वं सर्वपर्वसु संक्रमः।
कुशोऽसि तृणजातीनां स्थूलवृक्षेषु वै वटः॥ ४७

योगेषु च व्यतीपातः सोमवल्ली लतासु च।
बुद्धीनां धर्मबुद्धिस्त्वं कलत्रं सुहृदां भवान्॥ ४८

साधकानां शुचीनां त्वं प्राणायामो महेश्वर।
ज्योतिर्लिंगेषु सर्वेषु भवान् विश्वेश्वरो मतः॥ ४९

हे नाथ! सबै देवता आदि श्रेष्ठ हुनाले हजुरका विभूति हुन्। हजुर सबै देवताहरूमा इन्द्रस्वरूप हुनुहुन्छ र ग्रहहरूमा हजुर सूर्य मानिनुहुन्छ॥ ३४॥

हजुर लोकहरूमा सत्यलोक, सरिताहरूमा गंगा, वर्णहरूमा सेतो वर्ण र सरोवरहरूमा मानसरोवर हुनुहुन्छ॥ ३५॥ हजुर पर्वतहरूमा हिमालय, गाईहरूमा कामधेनु, समुद्रहरूमा क्षीरसागर एवं धातुहरूमा सुवर्ण हुनुहुन्छ॥ ३६॥ हे शंकर! हजुर वर्णहरूमा ब्राह्मण, मनुष्यहरूमा राजा, मुक्तिक्षेत्रहरूमा काशी तथा तीर्थहरूमा प्रयाग हुनुहुन्छ। हे महेश्वर! हजुर समस्त पाषाणहरूमा स्फटिक मणि, पुष्पहरूमा कमल तथा पर्वतहरूमा हिमालय हुनुहुन्छ॥ ३७-३८॥ हजुर व्यवहारहरूमा वाणी हुनुहुन्छ, कविहरूमा भार्गव, पक्षीहरूमा शरभ र हिंस्रक प्राणीहरूमध्ये सिंह रूप हुनुहुन्छ॥ ३९॥

हे वृषभध्वज! हजुर शिलाहरूमा शालग्रामशिला र सबै पूज्यहरूमा नर्मदा-लिंग हुनुहुन्छ। हे परमेश्वर! हजुर पशुहरूमा नन्दीश्वर नामक वृषभ (साँढे), वेदहरूमा उपनिषद्रूप र यज्ञ गर्नेहरूमा चन्द्रमा हुनुहुन्छ॥ ४०-४१॥

हजुर तेजस्वीहरूमा अग्नि, शैवहरूमा विष्णु, पुराणहरूमा महाभारत तथा अक्षरहरूमा मकार हुनुहुन्छ। बीजमन्त्रहरूमा प्रणव (ओंकार), दारुण पदार्थहरूमा विष, व्यापक वस्तुहरूमा आकाश तथा आत्माहरूमा परमात्मा हुनुहुन्छ॥ ४२-४३॥ हजुर सम्पूर्ण इन्द्रियहरूमा मन, सबै प्रकारका दानहरूमा अभयदान, पवित्र पार्नेवालाहरूमा जल तथा जीवित पार्ने पदार्थहरूमा अमृत हुनुहुन्छ॥ ४४॥ हजुर लाभहरूमा पुत्रलाभ तथा वेगवानहरूमा वायु हुनुहुन्छ। हजुर सबै प्रकारका नित्यकर्महरूमध्ये सन्ध्योपासन रूप हुनुहुन्छ॥ ४५॥

हजुर सम्पूर्ण यज्ञहरूमा अश्वमेधयज्ञ, युगहरूमा सत्ययुग, नक्षत्रहरूमा पुष्य तथा तिथिहरूमा अमावास्या हुनुहुन्छ॥ ४६॥ हजुर सबै ऋतुहरूमा वसन्त, पर्वहरूमा संक्रान्ति, तृणहरूमा कुश र स्थूल वृक्षहरूमा वटवृक्ष हुनुहुन्छ॥ ४७॥ हजुर योगहरूमा व्यतीपात, लताहरूमा सोमलता, बुद्धिहरूमा धर्मबुद्धि तथा सुहृदहरूमा कलत्र हुनुहुन्छ। हे महेश्वर! हजुर सम्पूर्ण पवित्र साधनहरूमा प्राणायाम हुनुहुन्छ तथा सबै ज्योतिर्लिंगहरूमा विश्वेश्वर रूपमा रहनुहुन्छ॥ ४८-४९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धर्मस्त्वं सर्वबंधूनामाश्रमाणां परो भवान्।
मोक्षस्त्वं सर्ववर्गेषु रुद्राणां नीललोहितः॥ ५०
आदित्यानां वासुदेवो हनूमान्वानरेषु च।
यज्ञानां जपयज्ञोऽसि रामः शस्त्रभृतां भवान्॥ ५१
गंधर्वाणां चित्ररथो वसूनां पावको ध्रुवम्।
मासानामधिमासस्त्वं व्रतानां त्वं चतुर्दशी॥ ५२
ऐरावतो गजेन्द्राणां सिद्धानां कपिलो मतः।
अनंतस्त्वं हि नागानां पितृणामर्यमा भवान्॥ ५३
कालः कलयतां च त्वं दैत्यानां बलिरेव च।
किं बहूक्तेन देवेश सर्वं विष्टभ्य वै जगत्॥ ५४
एकांशेन स्थितस्त्वं हि बहिःस्थोऽन्वित एव च॥ ५५

हजुर सबै बन्धुहरूमा धर्म, आश्रमहरूमा संन्यास आश्रम, सबै वर्गहरूमा मोक्ष तथा रुद्रहरूमा नीललोहित हुनुहुन्छ॥ ५०॥ हजुर आदित्यहरूमा वासुदेव, वानरहरूमा हनुमान्, यज्ञहरूमा जपयज्ञ तथा शस्त्रधारीहरूमा राम हुनुहुन्छ॥ ५१॥ हजुर गन्धर्वहरूमा चित्ररथ, वसुहरूमा पावक, मासहरूमा अधिमास र व्रतहरूमा चतुर्दशीव्रत हुनुहुन्छ॥ ५२॥ हजुर गजेन्द्रहरूमा ऐरावत, सिद्धहरूमा कपिल, नागहरूमा अनन्त र पितृहरूमा अर्यमा मानिनु हुन्छ। हजुर कलह गर्नेहरूमा काल तथा दैत्यहरूमा बलि हुनुहुन्छ। हे देवेश! धेरै भन्नाले के लाभ, हजुर सारा जगत्लाई आक्रान्त पारी बाहिर तथा भित्र सर्वत्र एकांशरूपले स्थित हुनुहुन्छ॥ ५३—५५॥

सनत्कुमार उवाच

इति स्तुत्वा सुराः सर्वे महादेवं वृषध्वजम्।
स्तोत्रैर्नानाविधैर्दिव्यैः शूलिनं परमेश्वरम्॥ ५६
प्रत्यूचुः प्रस्तुतं दीनाः स्वार्थं स्वार्थविचक्षणाः।
वासवाद्या नतस्कंधाः कृताञ्जलिपुटा मुने॥ ५७

सनत्कुमार भन्नुहुन्छ—हे मुनि! यस प्रकार शिर झुकाएर हात जोडेर अनेक प्रकारका दिव्य स्तोत्रहरूबाट त्रिशूलधारी परमेश्वर, वृषभध्वज महादेवको स्तुति गरी स्वार्थसाधनमा कुशल इन्द्र आदि सबै देवता अत्यन्त दीन भई प्रस्तुत स्वार्थको कुरा भन्न लागे— ॥ ५६-५७॥

देवा ऊचुः

पराजिता महादेव भ्रातृभ्यां सहितेन तु।
भगवंस्तारकोत्पन्नैः सर्वे देवाः सवासवाः॥ ५८
त्रैलोक्यं स्ववशं नीतं तथा च मुनिसत्तमाः।
विध्वस्ताः सर्वसंसिद्धाः सर्वमुत्सादितं जगत्॥ ५९
यज्ञभागान्समग्राँस्तु स्वयं गृह्णाति दारुणः।
प्रवर्तितो ह्यधर्मस्तैर्ऋषीणां च निवारितः॥ ६०
अवध्याः सर्वभूतानां नियतं तारकात्मजाः।
तदिच्छया प्रकुर्वन्ति सर्वे कर्माणि शंकर॥ ६१
यावन्न क्षीयते दैत्यैर्घोरैस्त्रिपुरवासिभिः।
तावद्विधीयतां नीतिर्यया संरक्ष्यते जगत्॥ ६२

देवता भन्दछन्—हे महादेव! हे भगवान्! इन्द्रसहित सबै देवताहरूलाई तारकासुरका तीन पुत्रले पराजित गरी समस्त त्रैलोक्यलाई आफ्नो वशमा पारेका छन्। उनीहरूले सबै मुनिवर तथा सिद्धहरूलाई विध्वंस गरिदिएका छन् र सारा जगत्लाई तहस-नहस गरिदिएका छन्। ती भयंकर दैत्य समस्त यज्ञभागलाई स्वयं ग्रहण गर्दछन्। ती तारकपुत्रहरूले वेदविरुद्ध अधर्मलाई महत्त्व दिइरहेका छन्॥ ५८—६०॥

हे शंकर! ती तारकपुत्र सबै प्राणीहरूबाट निश्चित रूपले अवध्य छन्, सबै उनीहरूको इच्छाले कार्य गर्छन्॥ ६१॥ त्रिपुरवासी दैत्यहरूद्वारा जगत्को विध्वंस नहुँदै हजुर यस्तो नीतिको निर्धारण गर्नुहोस्, जसबाट जगत्को रक्षा हुन सकोस्॥ ६२॥

सनत्कुमार उवाच

इत्याकर्ण्य वचस्तेषामिन्द्रादीनां दिवौकसाम्।
शिवः संभाषमाणानां प्रतिवाक्यमुवाच सः॥ ६३

सनत्कुमार भन्नुहुन्छ—वार्तालाप गरिरहेका ती इन्द्रादि देवताहरूका यी वचन सुनेर शिवले भन्नुभयो— ॥ ६३॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे देवस्तुतिर्नाम द्वितीयोऽध्यायः॥ २॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा देवस्तुतिवर्णन नामक दोस्रो अध्याय पूर्ण भयो॥ २॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ तृतीयोऽध्यायः

त्रिपुरको विनाशका लागि देवताहरूले विष्णुसित निवेदन गर्नु, विष्णुद्वारा त्रिपुरविनाशका लागि यज्ञकुण्डबाट भूतसमुदायलाई प्रकट गर्नु, त्रिपुरको भयले भूतहरू पलायन हुनु, पुनः विष्णुद्वारा देवकार्यको सिद्धिका लागि उपाय सोच्नु

शिव उवाच

अयं वै त्रिपुराध्यक्षः पुण्यवान्वर्ततेऽधुना।
यत्र पुण्यं प्रवर्तेत न हंतव्यो बुधैः क्वचित्॥ १

जानामि देवकष्टं च विबुधाः सकलं महत्।
दैत्यास्ते प्रबला हंतुमशक्यास्तु सुरासुरैः॥ २

पुण्यवंतस्तु ते सर्वे समयास्तारकात्मजाः।
दुस्साध्यस्तु वधस्तेषां सर्वेषां पुरवासिनाम्॥ ३

मित्रद्रोहं कथं जानन्करोमि रणकर्कशः।
सुहृद्द्रोहे महत्पापं पूर्वमुक्तं स्वयंभुवा॥ ४

ब्रह्मघ्ने च सुरापे च स्तेये भग्नव्रते तथा।
निष्कृतिर्विहिता सद्भिः कृतघ्ने नास्ति निष्कृतिः॥ ५

मम भक्तास्तु ते दैत्या मया वध्याः कथं सुराः।
विचार्यतां भवद्भिश्च धर्मज्ञैरेव धर्मतः॥ ६

तावत्ते नैव हंतव्या यावद्भक्तिकृतश्च मे।
तथापि विष्णवे देवा निवेद्यं कारणं त्विदम्॥ ७

सनत्कुमार उवाच

इत्येवं तद्वचः श्रुत्वा देवाः शक्रपुरोगमाः।
न्यवेदयन् द्रुतं सर्वे ब्रह्मणे प्रथमं मुने॥ ८
ततो विधिं पुरस्कृत्य सर्वे देवाः सवासवाः।
वैकुंठं प्रययुः शीघ्रं सर्वे शोभासमन्वितम्॥ ९

तत्र गत्वा हरिं दृष्ट्वा प्रणेमुर्जातसंभ्रमाः।
तुष्टुवुश्च महाभक्त्या कृतांजलिपुटाः सुराः॥ १०
स्वदुःखकारणं सर्वं पूर्ववत्तदनंतरम्।
न्यवेदयन्द्रुतं तस्मै विष्णवे प्रभविष्णवे॥ ११
देवदुःखं ततः श्रुत्वा दत्तं च त्रिपुरालयैः।
ज्ञात्वा व्रतं च तेषां तद्विष्णुर्वचनमब्रवीत्॥ १२

शिव भन्नुहुन्छ—हे देवताहरू हो! यस समय यो त्रिपुराध्यक्ष पुण्यवान् छ, जसमा पुण्य हुन्छ, उसलाई विद्वानहरूले कहिल्यै मार्नु हुँदैन। हे देवता हो! म देवताहरूको समस्त ठुलो कष्टलाई जान्दछु। ती दैत्य प्रबल छन्, देवता तथा असुर कोही पनि तिनलाई मार्नमा समर्थ छैनन्॥ १-२॥

दानव मयसहित ती सबै तारकपुत्र पुण्यवान् छन्, त्रिपुरमा बस्ने ती सबैको वध दुःसाध्य छ॥ ३॥

युद्धमा अजेय भए तापनि म जानी-बुझिकन कुन प्रकार मित्रद्रोहको आचरण गरूँ; किनभने स्वयम्भूले पहिला भन्नुभएको छ कि मित्रद्रोह गर्दामा महान् पाप लाग्छ॥ ४॥ ब्रह्महत्यारा, सुरापान गर्ने, सुनको चोरी गर्ने तथा व्रतभंग गर्ने—यी सबैका लागि शास्त्रकारहरूले प्रायश्चित्त बताएका छन्, तर कृतघ्नका लागि प्रायश्चित्तको कुनै विधान छैन। हे देवताहरू हो! धर्मका ज्ञाता तपाईंहरू नै धर्मपूर्वक विचार गर्नुहोस कि ती दैत्य मेरा भक्त हुन्, तब म तिनको वध कसरी गर्न सक्छु? हे देवताहरू हो! जबसम्म ती ममा भक्ति राख्छन्, तबसम्म म उनीहरूलाई मार्न सक्तिन तथापि तपाईंहरू विष्णुसित यस कारणलाई बताउनुहोस्॥ ५—७॥

सनत्कुमार भन्नुहुन्छ—हे मुनि! उहाँका यी वचन सुनेर इन्द्र आदि सबै देवताहरूले सर्वप्रथम यस कुरालाई ब्रह्मासित भने। त्यसपछि ब्रह्मालाई अघि लगाई इन्द्रसहित सबै देवता तत्काल शोभासम्पन्न वैकुण्ठधाममा गए॥ ८-९॥

त्यहाँ गएर आश्चर्यचकित ती देवताहरूले विष्णुलाई देखेर उहाँलाई प्रणाम गरे र दुवै हात जोडेर परम भक्तिपूर्वक उहाँको स्तुति गरे, त्यसपछि सर्वसमर्थ विष्णुसित पूर्वको झैं आफ्ना दुःखको समस्त कारण तत्काल निवेदन गरे। तब त्रिपुरवासीहरूद्वारा दिइएको देवगणहरूको दुःखलाई सुनेर तथा तिनको व्रतलाई जानेर विष्णुले यो वचन भन्नुभयो—॥ १०—१२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विष्णुरुवाच

इदं सत्यं वचश्चैव यत्र धर्मः सनातनः।
तत्र दुःखं न जायेत सूर्ये दृष्टे यथा तमः॥ १३

सनत्कुमार उवाच

इत्येतद्वचनं श्रुत्वा देवा दुःखमुपागताः।
पुनरूचुस्तथा विष्णुं परिम्लानमुखाम्बुजाः॥ १४

देवा ऊचुः

कथं चैव प्रकर्त्तव्यं कथं दुःखं निरस्यते।
कथं भवेम सुखिनः कथं स्थास्यामहे वयम्॥ १५
कथं धर्मा भविष्यंति त्रिपुरे जीविते सति।
देवदुःखप्रदा नूनं सर्वे त्रिपुरवासिनः॥ १६
किं वा ते त्रिपुरस्येह वधश्चैव विधीयताम्।
नो चेदकालिकी देवसंहतिः क्रियतां ध्रुवम्॥ १७

सनत्कुमार उवाच

इत्युक्त्वा ते तदा देवा दुःखं कृत्वा पुनः पुनः।
स्थितिं नैव गतिं ते वै चक्रुर्देववरादिह॥ १८
तान्वै तथाविधान्दृष्ट्वा हीनान्विनयसंयुतान्।
सोऽपि नारायणः श्रीमांश्चिन्तयंश्चेतसा तथा॥ १९
किं कार्यं देवकार्येषु मया देवसहायिना।
शिवभक्तास्तु ते दैत्यास्तारकस्य सुता इति॥ २०
इति संचिन्त्य तत्काले विष्णुना प्रभविष्णुना।
ततो यज्ञाः स्मृतास्तेन देवकार्यार्थमक्षयाः॥ २१
तद्विष्णुस्मृतिमात्रेण यज्ञास्ते तत्क्षणं द्रुतम्।
आगतास्तत्र यत्रास्ते श्रीपतिः पुरुषोत्तमः॥ २२
ततो विष्णुं यज्ञपतिं पुराणं पुरुषं हरिम्।
प्रणम्य तुष्टुवुस्ते वै कृतांजलिपुटास्तदा॥ २३
भगवानपि तान्दृष्ट्वा यज्ञान्प्राह सनातनान्।
सनातनस्तदा सेंद्रान्देवानालोक्य चाच्युतः॥ २४

विष्णुरुवाच

अनेनैव सदा देवा यजध्वं परमेश्वरम्।
पुरत्रयविनाशाय जगत्त्रयविभूतये॥ २५

विष्णु भन्नुहुन्छ—यो कुरा सत्य हो कि जहाँ सनातनधर्म विद्यमान हुन्छ, त्यहाँ दुःख त्यसै प्रकार रहँदैन, जसरी सूर्यको उदय भएपछि अन्धकार रहँदैन॥ १३॥

सनत्कुमार भन्नुहुन्छ—यस कुरालाई सुनेर दुःखित तथा ओइलाएको झैँ मुखकमल भएका देवता विष्णुसित पुनः भन्न लागे—॥ १४॥

देवगण भन्दछन्—अब के गर्नु पर्ला। यो दुःख कुन प्रकारले दूर हुन्छ, हामीहरू कसरी सुखी रहन्छौँ तथा कुन प्रकारले निवास गरौँ। यो त्रिपुर जीवित रहँदासम्म धर्माचरण कुन प्रकार हुन सक्ने छ, यी त्रिपुरवासी त निश्चय नै देवताहरूलाई दुःख दिने खालका छन्॥ १५-१६॥

[हे विष्णु!] हजुर या त त्रिपुरको वध गर्नुहोस्, अन्यथा देवताहरूलाई नै अकालमा मारिदिनुहोस्॥ १७॥

सनत्कुमार भन्नुहुन्छ—तब यस प्रकार भनेर ती देवता बारम्बार ज्यादै दुखी भए र तिनलाई विष्णुका समक्षबाट जानु न बस्नु भयो। तब विष्णुले ती देवताहरूलाई यस प्रकारबाट हीन तथा विनययुक्त देखेर आफ्नो मनमा विचार गर्नुभयो कि देवताहरूको सहायता गर्ने म यी देवताहरूको कार्यका लागि कुनचाहिँ उपाय गरूँ, तारकासुरका ती पुत्र पनि त शिवका भक्त नै हुन्॥ १८—२०॥

यस्तो सोचेर त्यसै समय सर्वसमर्थ ती विष्णुले देवताहरूको कार्यका लागि अक्षय यज्ञको स्मरण गर्नुभयो॥ २१॥

विष्णुले स्मरण गर्नासाथ ती यज्ञ त्यसै क्षण शीघ्रतापूर्वक त्यहाँ आइपुगे, जहाँ लक्ष्मीपति पुरुषोत्तम विद्यमान हुनुहुन्थ्यो। त्यसपछि उनले हात जोडेर प्रणाम गरी यज्ञपति पुराणपुरुष श्रीहरिको स्तुति गरे। तब सनातन भगवान् विष्णुले पनि ती सनातन यज्ञलाई देखेर पुनः इन्द्रसहित देवताहरूतिर हेरेर उनीहरूसित भन्नुभयो—॥ २२—२४॥

विष्णु भन्नुहुन्छ—हे देवगण! तपाईंहरू त्रिपुरको विनाश एवं तीनै लोकको कल्याणका निमित्त यी यज्ञद्वारा सदा परमेश्वरको यजन गर्नुहोस्॥ २५॥

2325_Sihvpurana_Part_1_Nepali_Section_28_2_Front
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सनत्कुमार उवाच

अच्युतस्य वचः श्रुत्वा देवदेवस्य धीमतः।
प्रेम्णा ते प्रणतिं कृत्वा यज्ञेशं तेऽस्तुवन्सुराः॥ २६
एवं स्तुत्वा ततो देवा अयजन्यज्ञपूरुषम्।
यज्ञोक्तेन विधानेन संपूर्णविधयो मुने॥ २७
ततस्तस्माद्यज्ञकुंडात्समुत्पेतुः सहस्रशः।
भूतसंघा महाकायाः शूलशक्तिगदायुधाः॥ २८
ददृशुस्ते सुरास्तान् वै भूतसंघान् सहस्रशः।
शूलशक्तिगदाहस्तान्दण्डचापशिलायुधान्॥ २९
नानाप्रहरणोपेतान् नानावेषधराँस्तथा।
कालाग्निरुद्रसदृशान्कालसूर्योपमाँस्तदा॥ ३०
दृष्ट्वा तानब्रवीद्विष्णुः प्रणिपत्य पुरःस्थितान्।
भूतान्यज्ञपतिः श्रीमान् रुद्राज्ञाप्रतिपालकः॥ ३१

विष्णुरुवाच

भूताः शृणुत मद्वाक्यं देवकार्यार्थमुद्यताः।
गच्छन्तु त्रिपुरं सद्यः सर्वे हि बलवत्तराः॥ ३२
गत्वा दग्ध्वा च भित्त्वा च भङ्क्त्वा दैत्यपुरत्रयम्।
पुनर्यथागता भूतागंतुमर्हथ भूतये॥ ३३

सनत्कुमार उवाच

तच्छ्रुत्वा भगवद्वाक्यं ततो भूतगणाश्च ते।
प्रणम्य देवदेवं तं ययुर्दैत्यपुरत्रयम्॥ ३४
गत्वा तत्प्रविशंतश्च त्रिपुराधिपतेजसि।
भस्मसादभवन्सद्यः शलभा इव पावके॥ ३५
अवशिष्टाश्च ये केचित्पलायनपरायणाः।
निस्सृत्यारं समायाता हरेर्निकटमाकुलाः॥ ३६
तान्दृष्ट्वा स हरिः श्रुत्वा तच्च वृत्तमशेषतः।
चिंतयामास भगवान्मनसा पुरुषोत्तमः॥ ३७
किं कृत्यमधुना कार्यमिति संतप्तमानसः।
संतप्तानमरान्सर्वानाज्ञाय च सवासवान्॥ ३८
कथं तेषां च दैत्यानां बलाद्धत्वा पुरत्रयम्।
देवकार्यं करिष्यामीत्यासीच्चिन्तासमाकुलः॥ ३९

सनत्कुमार भन्नुहुन्छ—देवाधिदेव बुद्धिमान् विष्णुका वचन सुनेर ती देवता प्रेमपूर्वक यज्ञेशलाई प्रणाम गरी उनको स्तुति गर्न लागे। हे मुनि! यस प्रकार स्तुति गरिसकेपश्चात् सम्पूर्ण विधिहरूका ज्ञाता ती देवता यज्ञोक्त विधानले यज्ञपुरुषको यजन गर्न लागे॥ २६-२७॥

तब त्यस यज्ञकुण्डबाट शूल, शक्ति र गदा हातमा धारण गरेका महाकाय हजारौँ भूतसमुदाय उत्पन्न भए॥ २८॥ ती देवताहरूले हातमा शूल-शक्ति-गदा-दण्ड-धनुष तथा शिलाका आयुध धारण गरेका, यस बाहेक अरू पनि अनेक प्रकारका अस्त्र धारण गरेका, नाना प्रकारका वेष धारण गरेका, कालाग्नि रुद्रसमान तथा कालसूर्यसमान प्रतीत हुने ती हजारौँ भूत-समुदायलाई देख्नुभयो। आफ्नो अगाडि उभिएका ती भूतहरूलाई हेरेर तिनलाई प्रणाम गरी रुद्रको आज्ञा पालन गर्नुहुने यज्ञपति श्रीमान् विष्णु उनीहरूसित भन्न लागनुभयो— ॥ २९—३१॥

विष्णु भन्नुहुन्छ—हे भूतगण हो! तिमीहरू मेरो कुरा सुन। तिमीहरू महाबलवान् छौ, अतः देवकार्यका लागि तत्पर भई शीघ्र त्रिपुरमा जाओ। हे भूतगण हो! त्यहाँ गएर दैत्यहरूको तीनवटै पुर तोड-फोड गरी तथा जलाएर पुनः फर्केर आउनु, त्यसपछि आफ्नो कल्याणका लागि जहाँ इच्छा लाग्छ, त्यहाँ जानु॥ ३२-३३॥

सनत्कुमार भन्नुहुन्छ—तब भगवान् विष्णुका यी कुरा सुनेर ती भूतगण ती देवाधिदेवलाई प्रणाम गरी दैत्यहरूको त्रिपुरतिर प्रस्थान गरे। त्यहाँ गएर त्रिपुरमा प्रवेश गर्नासाथ ती त्रिपुरका अधिपतिको तेजले त्यसै प्रकार तत्काल भस्म भए, जसरी अग्निमा पुतली भस्म हुन जान्छ। उनीहरूमा जो कोही शेष बचे, ती भागे र त्यहाँबाट निस्केर व्याकुल भई तत्काल विष्णुका समीपमा आए॥ ३४—३६॥

तब पुरुषोत्तम भगवान् हरि उनीहरूलाई देखेर तथा त्यो सारा वृत्तान्त सुनेर तथा इन्द्रसहित सबै देवताहरूलाई दुखी जानेर सन्तप्तचित्त हुनुभयो र सोच्न लागनुभयो कि यस समय कुनचाहिँ कार्य गर्नु पर्ला। ती दैत्यहरूको तीनवटै पुरलाई बलपूर्वक नष्ट गरेर म देवताहरूको कार्य कुन प्रकार गरूँ—उहाँ यसै चिन्ताले व्याकुल हुनुभयो॥ ३७—३९॥

2325_Sihvpurana_Part_1_Nepali_Section_28_2_Back
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाशोऽभिचारतो नास्ति धर्मिष्ठानां न संशयः।
इति प्राह स्वयं चेशः श्रुत्याचारप्रमाणकृत्॥ ४०
दैत्याश्च ते हि धर्मिष्ठाः सर्वे त्रिपुरवासिनः।
तस्मादवध्यतां प्राप्ता नान्यथासुरपुंगवाः॥ ४१
कृत्वा तु सुमहत्पापं रुद्रमभ्यर्चयंति ते।
मुच्यन्ते पातकैः सर्वैः पद्मपत्रमिवांभसा॥ ४२
रुद्राभ्यर्चनतो देवाः सर्वे कामा भवन्ति हि।
नानोपभोगसंपत्तिर्वश्यतां याति वै भुवि॥ ४३
तस्मात्तद्भोगिनो दैत्या लिंगार्चनपरायणाः।
अनेकविधसंपत्तेर्मोक्षस्यापि परत्र च॥ ४४
ततः कृत्वा धर्मविघ्नं तेषामेवात्ममायया।
दैत्यानां देवकार्यार्थं हरिष्ये त्रिपुरं क्षणात्॥ ४५
विचार्येत्थं ततस्तेषां भगवान्पुरुषोत्तमः।
कर्तुं व्यवस्थितः पश्चाद्धर्मविघ्नं सुरारिणाम्॥ ४६

धर्मात्माहरूको नाश अभिचारबाट पनि हुँदैन, यसमा संशय छैन—यस्तो श्रुतिको आचारलाई प्रमाणित गर्नुहुने शंकरले स्वयं भन्नुभएको छ। हे श्रेष्ठ देवता हो! त्रिपुरमा रहने ती सबै दैत्य ज्यादै धर्मनिष्ठ छन्, यसैले सर्वथा अवध्य छन्, यो कुरा असत्य होइन। ती महान् पाप गरेर पनि रुद्रको अर्चना गर्छन्, यसैले सबै प्रकारका पापहरूबाट त्यसरी नै मुक्त हुन जान्छन्, जसरी पद्मपत्र जलबाट पृथक् रहन्छ। हे देवताहरू हो! रुद्रको अर्चनाबाट सबै कामनाहरू पूर्ण हुन्छन् र पृथ्वीका अनेक प्रकारका भोग एवं सम्पत्तिहरू वशीभूत हुन जान्छन्। अतः लिंगार्चनपरायण यी दैत्य यस लोकमा अनेक प्रकारका सम्पत्तिको भोग गरिरहेका छन् र परलोकमा पनि तिनलाई मोक्ष प्राप्त हुनेछ। फेरि पनि म आफ्नो मायाले ती दैत्यहरूको धर्ममा विघ्न पारेर देवताहरूको कार्यसिद्धिका निमित्त क्षणभरमा त्रिपुरको संहार गर्ने छु—यस प्रकार विचार गरिसकेपश्चात् ती भगवान् पुरुषोत्तम ती दैत्यहरूको धर्ममा विघ्न पार्नका लागि तत्पर हुनुभयो॥ ४०—४६॥

यावच्च वेदधर्मास्तु यावद्वै शंकरार्चनम्।
यावच्च शुचिकृत्यानि तावन्नाशो भवेन्न हि॥ ४७
तस्मादेवं प्रकर्तव्यं वेदधर्मस्ततो व्रजेत्।
त्यक्तलिंगार्चना दैत्या भविष्यन्ति न संशयः॥ ४८
इति निश्चित्य वै विष्णुर्विघ्नार्थमकरोत्तदा।
तेषां धर्मस्य दैत्यानामुपायं श्रुतिखण्डनम्॥ ४९
तदैवोवाच देवान्स विष्णुर्देवसहायकृत्।
शिवाज्ञया शिवेनैवाज्ञमस्त्रैलोक्यरक्षणे॥ ५०

जबसम्म तिनमा वेद धर्म रहन्छ, जबसम्म तिनले शंकरको अर्चना गर्छन् र जबसम्म तिनले पवित्र कृत्य गर्छन्, तबसम्म तिनको नाश हुन सक्तैन। यसैले अब यस्तो उपाय गर्नुपर्छ कि त्यहाँबाट वेदधर्म पलायन होस्, तब ती दैत्यले लिंगार्चन त्यागिदिऊन्, यसमा सन्देह छैन—यस्तो निश्चय गरी विष्णुले ती दैत्यहरूको धर्ममा विघ्न पार्नका लागि श्रुतिखण्डनरूपी उपाय गर्नुभयो। त्यसपछि त्रैलोक्यरक्षणका लागि शिवद्वारा आदिष्ट देवसहायक ती विष्णुले शिवको आज्ञाले देवताहरूसित भन्नुभयो— ॥ ४७—५०॥

विष्णुरुवाच

हे देवाः सकला यूयं गच्छत स्वगृहान्ध्रुवम्।
देवकार्यं करिष्यामि यथामति न संशयः॥ ५१
तान्रुद्राद्विमुखान्नूनं करिष्यामि सुयत्नतः।
स्वभक्तिरहितान् ज्ञात्वा तान्करिष्यामि भस्मसात्॥ ५२

विष्णु भन्नुहुन्छ—हे देवताहरू हो! [यस समय] तपाईंहरू सबै जना निश्चित रूपले आफ्नो घरमा जानुहोस्, म आफ्नू बुद्धिअनुसार देवताहरूको कार्य अवश्य गर्ने छु, यसमा सन्देह छैन। म ठुलो यत्नले तिनलाई रुद्रबाट अवश्य विमुख गर्ने छु, तब शिव आफ्नू शक्तिबाट रहित जानेर तिनलाई भस्म गर्नुहुने छ॥ ५१-५२॥

सनत्कुमार उवाच

तदाज्ञां शिरसाधायाश्वासितास्तेऽमरा मुने।
स्वस्वधामानि विश्वस्ता ययुः परममोदिताः॥ ५३

सनत्कुमार भन्नुहुन्छ—हे मुनि! तब ती देवगण विष्णुको आज्ञालाई शिरमा धारण गरी केही निश्चिन्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततश्चैवाकरोद्विष्णुर्देवार्थं हितमुत्तमम्।
तदेव श्रूयतां सम्यक्सर्वपापप्रणाशनम्॥ ५४

भए र फेरि ब्रह्माद्वारा आश्वासित भएपछि प्रसन्न भई आ-आफ्नो स्थानमा गए। त्यसपछि विष्णुले देवताहरूका लागि जुन उत्तम उपाय गर्नुभयो, त्यसलाई तपाईं राम्ररी सुन्नुहोस्, त्यो सबै पापहरूको नाशक छ॥ ५३-५४॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे त्रिपुरवधोपाख्याने भूतत्रिपुरधर्मवर्णनं नाम तृतीयोऽध्यायः॥ ३॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा त्रिपुरवधोपाख्यानान्तर्गत भूतत्रिपुरधर्मवर्णन नामक तेस्रो अध्याय पूर्ण भयो॥ ३॥

अथ चतुर्थोऽध्यायः

त्रिपुरवासी दैत्यहरूलाई मोहित गर्नका लागि भगवान् विष्णुद्वारा एउटा मुनिरूप पुरुषको उत्पत्ति, त्यसको सहायताका लागि नारदको त्रिपुर गमन, त्रिपुराधिपद्वारा दीक्षा ग्रहण गर्नु

सनत्कुमार उवाच

असृजच्च महातेजाः पुरुषं स्वात्मसंभवम्।
एकं मायामयं तेषां धर्मविघ्नार्थमच्युतः॥ १

सनत्कुमार भन्नुहुन्छ—ती महातेजस्वी विष्णुले उनीहरूको धर्ममा विघ्न उत्पन्न गर्नका लागि आफ्नै शरीरबाट एउटा मायामय मुनिरूप पुरुषलाई प्रकट गर्नुभयो॥ १॥

मुंडिनं म्लानवस्त्रं च गुंफिपात्रसमन्वितम्।
दधानं पुंजिकां हस्ते चालयन्तं पदे पदे॥ २

वस्त्रयुक्तं तथा हस्तं क्षीयमाणं मुखे सदा।
धर्मेति व्याहरन्तं हि वाचा विक्लवया मुनिम्॥ ३

त्यो आफ्नू शिर खौरिएको, मलिन वस्त्र धारण गरेको, हातमा एउटा गुम्फि (काष्ठ)-को पात्र लिएको, दोस्रो हातमा कुच्चो लिएको तथा त्यसले पाइला-पाइलामा बडार्दै गरेको, हस्तपरिमाणको वस्त्र आफ्नो मुखमा टाँसेको विकल वाणीले धर्म-धर्म यस प्रकार भनिरहेको थियो॥ २-३॥

स नमस्कृत्य विष्णुं तं तत्पुरः संस्थितोऽथ वै।
उवाच वचनं तत्र हरिं स प्रांजलिस्तदा॥ ४

अरिहन्नच्युतं पूज्यं किं करोमि तदादिश।
कानि नामानि मे देव स्थानं वापि वद प्रभो॥ ५

इत्येवं भगवान्विष्णुः श्रुत्वा तस्य शुभं वचः।
प्रसन्नमानसो भूत्वा वचनं चेदमब्रवीत्॥ ६

त्यो विष्णुलाई प्रणाम गरी उहाँको अगाडि स्थित भयो, त्यसपछि उसले हात जोडेर पूज्य, अच्युत विष्णुसित यो वचन भन्यो—हे अरिहन्! [शत्रुनाशक] म के गरूँ? यसका लागि आज्ञा दिनुहोस्। हे देव! मेरो के-के नाम हुने छ? हे प्रभु! मेरो स्थानको पनि निर्देश गर्नुहोस्। यस प्रकार उसको यो शुभ वचन सुनेर भगवान् विष्णु प्रसन्नचित्त भई यो वचन भन्न लाग्नुभयो—॥ ४—६॥

विष्णुरुवाच

यदर्थं निर्मितोऽसि त्वं निबोध कथयामि ते।
मदंगज महाप्राज्ञ मद्रूपस्त्वं न संशयः॥ ७

विष्णु भन्नुहुन्छ—मेरो शरीरबाट उत्पन्न हे महाप्राज्ञ! मैले जुन कार्यका लागि तिम्रो निर्माण गरेको छु, त्यसलाई सुन, म भन्दै छु। तिमी मेरै रूप हौ, यसमा सन्देह छैन॥ ७॥

ममांगाच्च समुत्पन्नो मत्कार्यं कर्तुमर्हसि।
मदीयस्त्वं सदा पूज्यो भविष्यसि न संशयः॥ ८

मेरो शरीरबाट उत्पन्न भएका तिमी मेरो कार्य गर्नमा समर्थ छौ। तिमी मसित अभिन्न छौ, यसैले [लोकमा] सदा पूज्य हुने छौ, यसमा संशय छैन॥ ८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अरिहन्नाम ते स्यात्तु ह्यन्यानि च शुभानि च।
स्थानं वक्ष्यामि ते पश्चाच्छृणु प्रस्तुतमादरात्॥ ९

मायिन्मायामयं शास्त्रं तत्षोडशसहस्रकम्।
श्रौतस्मार्तविरुद्धं च वर्णाश्रमविवर्जितम्॥ १०

अपभ्रंशमयं शास्त्रं कर्मवादमयं तथा।
रचयेति प्रयत्नेन तद्विस्तारो भविष्यति॥ ११

ददामि तव निर्माणे सामर्थ्यं तद्भविष्यति।
माया च विविधा शीघ्रं त्वदधीना भविष्यति॥ १२

तच्छ्रुत्वा वचनं तस्य हरेश्च परमात्मनः।
नमस्कृत्य प्रत्युवाच स मायी तं जनार्दनम्॥ १३

मुण्ड्युवाच

यत्कर्तव्यं मया देव द्रुतमादिश तत्प्रभो।
त्वदाज्ञयाखिलं कर्म सफलं च भविष्यति॥ १४

सनत्कुमार उवाच

इत्युक्त्वा पाठयामास शास्त्रं मायामयं तथा।
इहैव स्वर्गनरकप्रत्ययो नान्यथा पुनः॥ १५

तमुवाच पुनर्विष्णुः स्मृत्वा शिवपदांबुजम्।
मोहनीया इमे दैत्याः सर्वे त्रिपुरवासिनः॥ १६

कार्यास्ते दीक्षिता नूनं पाठनीयाः प्रयत्नतः।
मदाज्ञया न दोषस्ते भविष्यति महामते॥ १७

धर्मास्तत्र प्रकाशन्ते श्रौतस्मार्त्ता न संशयः।
अनया विद्यया सर्वे स्फोटनीया ध्रुवं यते॥ १८

गंतुमर्हसि नाशार्थं मुण्डिंस्त्रिपुरवासिनाम्।
तमोधर्मं संप्रकाश्य नाशयस्व पुरत्रयम्॥ १९

ततश्चैव पुनर्गत्वा मरुस्थल्यां त्वया विभो।
स्थातव्यं च स्वधर्मेण कलिर्यावत्समाव्रजेत्॥ २०

प्रवृत्ते तु युगे तस्मिन्स्वीयो धर्मः प्रकाश्यताम्।
शिष्यैश्च प्रतिशिष्यैश्च वर्तनीयस्त्वया पुनः॥ २१

तिम्रो नाम अरिहन् हुनेछ, तिम्रा अरू पनि शुभ नाम हुने छन्। म तिम्रो स्थान पछि बताउने छु, यस समय मेरो प्रस्तुत कार्य आदरपूर्वक सुन॥ ९॥

हे मायावी! तिमी प्रयत्नपूर्वक सोह्र हजार श्लोकहरू भएको एउटा शास्त्र बनाऊ, जुन मायामय, श्रुति-स्मृतिबाट विरुद्ध, वर्णाश्रमधर्मबाट रहित, अपभ्रंश शब्दहरूले युक्त र कर्मवादमा आधारित होस्, पछि गएर त्यसको विस्तार हुनेछ। म तिमीलाई त्यस शास्त्रको निर्माणको सामर्थ्य दिन्छु। अनेक प्रकारका माया पनि तिम्रो अधीन हुनेछ॥ १०—१२॥

ती परमात्मा श्रीविष्णुका वचन सुनेर त्यो मायावी प्रणाम गरी जनार्दनसित भन्न लाग्यो—॥ १३॥

मुण्डी भन्दछ—हे देव! मैले जे गर्नु छ, त्यसलाई छिटो बताउनुहोस्। हे प्रभु! हजुरको आज्ञाले सारा कार्य सिद्ध हुनेछ॥ १४॥

सनत्कुमार भन्नुहुन्छ—मुण्डीद्वारा यस्तो भनिए-पछि भगवान्ले उसलाई मायामय शास्त्र पढाउनुभयो र बताउनुभयो कि स्वर्ग-नरकको प्रतीति यहीँ छ; यसमा सन्देह छैन॥ १५॥

त्यसपछि विष्णुले शिवका चरणकमलको स्मरण गरी उससित पुनः भन्नुभयो कि तिमी त्रिपुरमा रहने ती समस्त दैत्यहरूलाई मोहित पार। तिमी तिनलाई दीक्षित गर र प्रयत्नपूर्वक यस शास्त्रलाई पढाऊ। हे महामते! मेरो आज्ञाको कारण तिमीलाई [यस्तो गर्नाले] दोष लाग्ने छैन। हे यति! यसमा सन्देह छैन कि त्यहाँ श्रौत-स्मार्त धर्म प्रकाशित भइरहेका छन्, तर तिमी यस विद्याद्वारा ती सबैलाई धर्मबाट च्युत गराऊ॥ १६—१८॥

हे मुण्डी! अब तिमी ती त्रिपुरवासीहरूको विनाशका लागि जाऊ र तमोगुणी धर्मलाई प्रकाशित गरी तीनवटै पुरको नाश गराऊ। हे विभु! त्यसपछि त्यहाँबाट मरुस्थलमा गएर कलियुग आउने समयसम्म त्यहीँ आफ्नो धर्मका साथ निवास गर्नु र त्यस युग आएपछि तिमी शिष्य-प्रशिष्यहरूका साथ आफ्नो धर्मको प्रचार गर्दै त्यसैको व्यवहार गर्नु॥ १९—२१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मदाज्ञया भवद्धर्मो विस्तारं यास्यति ध्रुवम्।
मदनुज्ञापरो नित्यं गतिं प्राप्स्यसि मामकीम्॥ २२

एवमाज्ञा तदा दत्ता विष्णुना प्रभविष्णुना।
शासनाद्देवदेवस्य हृदा त्वन्तर्दधे हरिः॥ २३

ततस्समुंडी परिपालयन्हरे-
राज्ञां तथा निर्मितवांश्च शिष्यान्।
यथास्वरूपं चतुरस्तदानीं
मायामयं शास्त्रमपाठयत्स्वयम्॥ २४

यथा स्वयं तथा ते च चत्वारो मुंडिनः शुभाः।
नमस्कृत्य स्थितास्तत्र हरये परमात्मने॥ २५

हरिश्चापि मुनेस्तत्र चतुरस्तांस्तदा स्वयम्।
उवाच परमप्रीतः शिवाज्ञापरिपालकः॥ २६

यथा गुरुस्तथा यूयं भविष्यथ मदाज्ञया।
धन्याः स्थ सद्गतिमिह संप्राप्स्यथ न संशयः॥ २७

चत्वारो मुंडिनस्तेऽथ धर्मं पाषंडमाश्रिताः।
हस्ते पात्रं दधानाश्च तुंडवस्त्रस्य धारकाः॥ २८

मलिनान्येव वासांसि धारयंतो ह्यभाषिणः।
धर्मो लाभः परं तत्त्वं वदन्तस्त्वतिहर्षतः॥ २९

मार्जनीं ध्रियमाणाश्च वस्त्रखंडविनिर्मिताम्।
शनैः शनैश्चलन्तो हि जीवहिंसाभयाद्ध्रुवम्॥ ३०

ते सर्वे च तदा देवं भगवंतं मुदान्विताः।
नमस्कृत्य पुनस्तत्र मुने तस्थुस्तदग्रतः॥ ३१

हरिणा च तदा हस्ते धृत्वा च गुरवेऽर्पिताः।
अभ्यधायि च सुप्रीत्या तन्नामानि विशेषतः॥ ३२

यथा त्वं च तथैवैते मदीया वै न संशयः।
आदिरूपं च तन्नाम पूज्यत्वात्पूज्य उच्यते॥ ३३

ऋषिर्यतिस्तथाकीर्य उपाध्याय इति स्वयम्।
इमान्यपि तु नामानि प्रसिद्धानि भवंतु वः॥ ३४

ममापि च भवद्भिश्च नाम ग्राह्यं शुभं पुनः।
अरिहन्निति तन्नाम ध्येयं पापप्रणाशनम्॥ ३५

भवद्भिश्चैव कर्तव्यं कार्यं लोकसुखावहम्।
लोकानुकूलं चरतां भविष्यत्युत्तमा गतिः॥ ३६

मेरो आज्ञाले तिम्रो यस धर्म निश्चित रूपले विस्तार हुनेछ र मेरो आज्ञामा तत्पर भई मेरो गतिलाई प्राप्त गर्ने छौ। यस प्रकार देवाधिदेव शंकरको आज्ञाले सर्वसमर्थ विष्णुले उसलाई हृदयबाट आदेश दिनुभयो, त्यसपछि विष्णु अन्तर्धान हुनुभयो॥ २२-२३॥

त्यसपछि त्यस मुण्डीले विष्णुको आज्ञापालन गर्दै त्यस समय आफ्नो रूपअनुसार चार शिष्यहरूको निर्माण गऱ्यो र तिनलाई आफैँले मायामय शास्त्र पढायो॥ २४॥

जस्तो त्यो स्वयं थियो, त्यसै प्रकारका ती चारवटै शुभ मुण्डी पनि थिए, परमात्मा श्रीविष्णुलाई नमस्कार गरी ती त्यहीँ स्थित भए। हे मुनि! तब शिवको आज्ञा पालन गर्नुहुने श्रीविष्णुले पनि परम प्रसन्न भई ती चारै शिष्यहरूसित स्वयं भन्नुभयो– जस्तो तिमीहरूका गुरु छन्, मेरो आज्ञाले तिमीहरू पनि त्यस्तै बन। तिमीहरू धन्य छौ र यस लोकमा सद्गति प्राप्त गर्ने छौ, यसमा सन्देह छैन॥ २५—२७॥

त्यसपछि ती चारै मुण्डी हातमा पात्र लिई, नासिकामा वस्त्र बाँधी, मलिन वस्त्र धारण गरी, धेरै नबोली 'धर्म नै लाभ तथा परम तत्त्व हो'—अति हर्षपूर्वक यस्तो भन्दै, वस्त्रका साना–साना टुक्राहरूबाट बनेका मार्जनी (कुच्चो) धारण गरी जीवहिंसाको भयले विस्तारै–विस्तारै हिँड्दै विचरण गर्न लागे। हे मुनि! तब ती सबै प्रसन्न भएर देवाधिदेव श्रीविष्णुलाई नमस्कार गरी उहाँको अगाडि स्थित भए॥ २८—३१॥

त्यसपछि भगवान् विष्णुले उनीहरूको हात समातेर तिनलाई गुरुलाई अर्पित गरिदिनुभयो र अत्यन्त प्रेमका साथ विशेषरूपले उनीहरूका नामहरू बताउनुभयो र भन्नुभयो—जसरी तिमी मेरो हौ, त्यसै प्रकार यी पनि मेरा हुन्, यसमा संशय छैन। तिम्रो आदिरूप छ, यसैले आदिरूप यो नाम हुनेछ र पूज्य हुनाले तिमी पूज्य पनि भनिने छौ॥ ३२-३३॥

ऋषि, यति, कीर्य एवं उपाध्याय—यी नाम पनि तिमीहरूको प्रसिद्ध हुने छ। तिमीहरूले मेरो पनि शुभ नामलाई ग्रहण गर्नुपर्दछ। अरिहन्—यो मेरो नाम ध्यानयोग्य तथा पापनाशक छ। अब तिमीहरूले लोककल्याणकारी कार्य गर्दै रहनु पर्ने छ। लोकको अनुकूल आचरण गर्दै तिमीहरूको उत्तम गति हुने छ॥ ३४—३६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सनत्कुमार उवाच

ततः प्रणम्य तं मायी शिष्ययुक्तः स्वयं तदा।
जगाम त्रिपुरं सद्यः शिवेच्छाकारिणं मुदा॥ ३७
प्रविश्य तत्पुरं तूर्णं विष्णुना नोदितो वशी।
महामायाविना तेन ऋषिर्मायां तदाकरोत्॥ ३८
नगरोपवने कृत्वा शिष्यैर्युक्तः स्थितिं तदा।
मायां प्रवर्तयामास मायिनामपि मोहिनीम्॥ ३९

शिवार्चनप्रभावेण तन्माया सहसा मुने।
त्रिपुरे न चचालाशु निर्विण्णोऽभूत्तदा यतिः॥ ४०

अथ विष्णुं स सस्मार तुष्टाव च हृदा बहु।
नष्टोत्साहो विचेतस्को हृदयेन विदूयता॥ ४१

तत्स्मृतस्त्वरितं विष्णुः सस्मार शंकरं हृदि।
प्राप्याज्ञां मनसा तस्य स्मृतवान्नारदं द्रुतम्॥ ४२

स्मृतमात्रेण विष्णोश्च नारदः समुपस्थितः।
नत्वा स्तुत्वा पुरस्तस्य स्थितोऽभूत्साञ्जलिस्तदा॥ ४३

अथ तं नारदं प्राह विष्णुर्मतिमतां वरः।
लोकोपकारनिरतो देवकार्यकरः सदा॥ ४४

शिवाज्ञयोच्यते तात गच्छ त्वं त्रिपुरं द्रुतम्।
ऋषिस्तत्र गतः शिष्यैर्मोहार्थं तत्सुवासिनाम्॥ ४५

सनत्कुमार उवाच

इत्याकर्ण्य वचस्तस्य नारदो मुनिसत्तमः।
गतस्तत्र द्रुतं यत्र स ऋषिर्मायिनां वरः॥ ४६

नारदोऽपि तथा मायी नियोगान्मायिनः प्रभोः।
प्रविश्य तत्पुरं तेन मायिना सह दीक्षितः॥ ४७

ततश्च नारदो गत्वा त्रिपुराधीशसन्निधौ।
क्षेमप्रश्नादिकं कृत्वा राज्ञे सर्वं न्यवेदयत्॥ ४८

नारद उवाच

कश्चित्समागतश्चात्र यतिर्धर्मपरायणः।
सर्वविद्याप्रकृष्टो हि वेदविद्यापरान्वितः॥ ४९
दृष्ट्वा च बहवो धर्मा नैतेन सदृशाः पुनः।

सनत्कुमार भन्नुहुन्छ—त्यसपछि विष्णुलाई प्रणाम गरी त्यो मायावी आफ्नो शिष्यहरूका साथ प्रसन्नतापूर्वक तत्काल शिवको इच्छानुसार कार्य गर्ने त्रिपुरकहाँ गयो। महामायावी विष्णुद्वारा प्रेरित त्यो जितेन्द्रिय ऋषि त्रिपुरमा शीघ्र प्रवेश गरी मायाचार गर्न लाग्यो। उसले शिष्यहरूका साथ नगरको उपवनमा निवास गरी ठुला-ठुला मायावीहरूलाई पनि मोहित पार्ने खालको माया फैलायो॥ ३७—३९॥

हे मुनि! जब शिव अर्चनाको प्रभावको कारण उसको माया त्रिपुरमा चल्न सकेन, तब यति व्याकुल भए। त्यसपछि उत्साहहीन तथा चेतनारहित उसले दुखी मनले विष्णुको स्मरण गर्‍यो र हृदयले उनको स्तुति गर्‍यो। उसद्वारा स्मरण गरिएपछि विष्णुले हृदयमा शंकरको ध्यान गर्नुभयो र उहाँको आज्ञा प्राप्त गरी तत्काल मनले नारदको स्मरण गर्नुभयो॥ ४०—४२॥

विष्णुले स्मरण गर्नासाथ नारद उपस्थित हुनुभयो र उहाँलाई प्रणाम गरी तथा उहाँको स्तुति गरी हात जोडेका ती उहाँको अगाडि उभिए। तब बुद्धिमानहरूमा श्रेष्ठ विष्णुले नारदसित भन्नुभयो—तपाईं त सर्वदा लोकोपकारमा निरत तथा देवताहरूको कार्य गर्ने हुनुहुन्छ। हे तात! म शिवको आज्ञाले भन्दै छु कि तपाईं चाँडै त्रिपुरमा जानुहोस्, त्यस पुरका निवासीहरूलाई मोहित पार्नका लागि एकजना ऋषि आफ्ना शिष्यहरूका साथ त्यहाँ गएका छन्॥ ४३—४५॥

सनत्कुमार भन्नुहुन्छ—उहाँका यी वचन सुनेर मुनिश्रेष्ठ नारद बडो शीघ्रतापूर्वक त्यहाँ जानुभयो, जहाँ मायावीहरूमा श्रेष्ठ ती ऋषि थिए। नारद पनि ठुला मायावी थिए, उनले मायावी प्रभु [विष्णु]-को आज्ञाबाट त्यस पुरमा प्रवेश गरी त्यस मायावीबाट दीक्षा ग्रहण गर्नुभयो। त्यसपछि नारदले त्रिपुराधिपतिकहाँ गएर उसको कुशल-मंगल आदि सोधेर राजासित सारा वृत्तान्त भने॥ ४६—४८॥

नारद भन्नुहुन्छ—[हे राजन्!] धर्मपरायण सबै विद्याहरूमा पारंगत र वेदविद्यामा प्रवीण कुनै यति तपाईंको नगरमा आएका छन्। हामीले धेरै धर्म देखेका छौँ, परंतु उसको समान छैन। उसको सनातनधर्मलाई देखेर हामीले उसबाट दीक्षा लिएका छौँ। अतः हे दैत्यसत्तम!

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वयं सुदीक्षिताश्चात्र दृष्ट्वा धर्मं सनातनम्॥ ५०
तवेच्छा यदि वर्तेत तद्धर्मे दैत्यसत्तम।
तद्धर्मस्य महाराज ग्राह्या दीक्षा त्वया पुनः॥ ५१

सनत्कुमार उवाच

तदीयं स वचः श्रुत्वा महदर्थसुगर्भितम्।
विस्मितो हृदि दैत्येशो जगौ तत्र विमोहितः॥ ५२
नारदो दीक्षितो यस्माद्वयं दीक्षामवाप्नुमः।
इत्येवं च विदित्वा वै जगाम स्वयमेव ह॥ ५३
तद्रूपं च तदा दृष्ट्वा मोहितो मायया तथा।
उवाच वचनं तस्मै नमस्कृत्य महात्मने॥ ५४

त्रिपुराधिप उवाच

दीक्षा देया त्वया मह्यं निर्मलाशय भो ऋषे।
अहं शिष्यो भविष्यामि सत्यं सत्यं न संशयः॥ ५५
इत्येवं तु वचः श्रुत्वा दैत्यराजस्य निर्मलम्।
प्रत्युवाच सुयत्नेन ऋषिः स च सनातनः॥ ५६
मदीया करणीया स्याद्यद्याज्ञा दैत्यसत्तम।
तदा देया मया दीक्षा नान्यथा कोटियत्नतः॥ ५७
इत्येवं तु वचः श्रुत्वा राजा मायामयोऽभवत्।
उवाच वचनं शीघ्रं यतिं तं हि कृताञ्जलिः॥ ५८

दैत्य उवाच

यथाज्ञां दास्यसि त्वं हि तत्तथैव न चान्यथा।
त्वदाज्ञां नोल्लंघयिष्ये सत्यं सत्यं न संशयः॥ ५९

सनत्कुमार उवाच

इत्याकर्ण्य वचस्तस्य त्रिपुराधीशितुस्तदा।
दूरीकृत्य मुखाद्वस्त्रमुवाच ऋषिसत्तमः॥ ६०
दीक्षां गृह्णीष्व दैत्येन्द्र सर्वधर्मोत्तमोत्तमाम्।
येन दीक्षाविधानेन प्राप्स्यसि त्वं कृतार्थताम्॥ ६१
इत्युक्त्वा स तु मायावी दैत्यराजाय सत्वरम्।
ददौ दीक्षां स्वधर्मोक्तां तस्मै विधिविधानतः॥ ६२
दैत्यराजे दीक्षिते च तस्मिन्ससहजे मुने।
सर्वे च दीक्षिता जातास्तत्र त्रिपुरवासिनः॥ ६३

हे महाराज! यदि तपाईंको पनि इच्छा त्यस धर्ममा हुन्छ भने तपाईं पनि त्यस धर्मको दीक्षा ग्रहण गर्नुहोस्॥ ४९—५१॥

सनत्कुमार भन्नुहुन्छ—नारदका विशद अर्थगर्भित वचन सुनेर त्यो दैत्याधिपति ज्यादै विस्मित भयो र मोहित भएर मनमा भन्न लाग्यो कि जब नारदले स्वयं दीक्षा लिएका छन् भने हामी पनि उसबाट दीक्षा ग्रहण गरौँ—यस्तो सोचेर त्यो स्वयं त्यहाँ गयो॥ ५२-५३॥

उसको स्वरूपलाई देखेर उसको मायाबाट मोहित दैत्यले त्यस महात्मालाई नमस्कार गरी यो वचन भन्यो— ॥ ५४॥

त्रिपुराधिप भन्दछ—पवित्र अन्तःकरण भएका हे ऋषे! तपाईं मलाई पनि दीक्षा दिनुहोस्, म तपाईंको शिष्य बन्ने छु, यो सत्य हो, सत्य हो, यसमा संशय छैन॥ ५५॥

दैत्यराजको यस निर्मल वचनलाई सुनेर त्यस सनातन ऋषिले प्रयत्नका साथ भने—हे दैत्यसत्तम! यदि तिमी मेरो आज्ञाको सर्वथा पालन गर्ने छौ भने तब म दीक्षा दिन सक्छु, अन्यथा करोडौँ यत्न गर्दामा पनि दीक्षा दिन्न। यस प्रकार यो वचन सुनेर राजा मायाको अधीन हुन गयो र हात जोडेर बडो शीघ्रतापूर्वक यतिसित यो वचन भन्न लाग्यो— ॥ ५६—५८॥

दैत्यराज भन्दछ—तपाईं जस्तो आज्ञा दिनुहुन्छ, म त्यस्तै गर्ने छु। त्यसको विपरीत गर्ने छैन, म तपाईंको आज्ञाको उल्लंघन गर्ने छैन, यो सत्य हो—सत्य हो, यसमा संशय छैन॥ ५९॥

सनत्कुमार भन्नुहुन्छ—त्रिपुराधिपतिको यो वचन सुनेर त्यस ऋषिश्रेष्ठले आफ्नो मुखबाट वस्त्र हटाएर उससित भने—हे दैत्येन्द्र! तपाईं सबै धर्महरूमा परम उत्तम यस दीक्षालाई ग्रहण गर्नुहोस्, जुन दीक्षाको विधानबाट तपाईं कृतार्थ हुनुहुने छ॥ ६०-६१॥

[सनत्कुमार भन्नुहुन्छ—] यस्तो भनेर त्यस मायावीले विधि-विधानका साथ आफ्नो धर्ममा बताइएका दीक्षा त्यस दैत्यराजलाई तत्काल प्रदान गऱ्यो। हे मुनि! आफ्नो सहोदरहरूसहित त्यस दैत्यराज दीक्षित भएपछि सबै त्रिपुरवासी पनि त्यस धर्ममा दीक्षित भए॥ ६२-६३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मुनेः शिष्यैः प्रशिष्यैश्च व्याप्तमासीद् द्रुतं तदा।
महामायाविनस्तत्तु त्रिपुरं सकलं मुने॥ ६४

हे मुनि! त्यस समय महामायावी त्यस ऋषिका शिष्यहरू तथा प्रशिष्यहरूबाट त्यो सम्पूर्ण त्रिपुर चाँडै व्याप्त हुन गयो॥ ६४॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे सनत्कुमारपाराशर्य-संवादे त्रिपुरदीक्षाविधानं नाम चतुर्थोऽध्यायः॥ ४॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा सनत्कुमारपाराशर्यसंवादमा त्रिपुरदीक्षाविधानवर्णन नामक चौथो अध्याय पूर्ण भयो॥ ४॥

अथ पञ्चमोऽध्यायः

मायावी यतिद्वारा आफ्नो धर्मको उपदेश, त्रिपुरवासीहरूले त्यसलाई स्वीकार गर्नु, वेदधर्म नष्ट हुन जानाले त्रिपुरमा अधर्माचरणको प्रवृत्ति

व्यास उवाच

दैत्यराजे दीक्षिते च मायिना तेन मोहिते।
किमुवाच तदा मायी किं चकार स दैत्यपः॥ १

व्यास भन्नुहुन्छ—ती मायावीद्वारा मोहित दैत्यराज दीक्षित भएपछि ती मायावीले के भने तथा दैत्यराजले के गरे?॥ १॥

सनत्कुमार उवाच

दीक्षां दत्त्वा यतिस्तस्मा अरिहन्नारदादिभिः।
शिष्यैः सेवितपादाब्जो दैत्यराजानमब्रवीत्॥ २

सनत्कुमार भन्नुहुन्छ—उसलाई दीक्षा दिएर नारदादि शिष्यहरूद्वारा सेवित चरणकमलहरू भएका अरिहन् यतिले दैत्यराजसित भने—॥ २॥

अरिहन्नुवाच

शृणु दैत्यपते वाक्यं मम संज्ञानगर्भितम्।
वेदान्तसारसर्वस्वं रहस्यं परमोत्तमम्॥ ३
अनादिसिद्धः संसारः कर्तृकर्मविवर्जितः।
स्वयं प्रादुर्भवत्येव स्वयमेव विलीयते॥ ४
ब्रह्मादिस्तंबपर्यन्तं यावद्देहनिबंधनम्।
आत्मैवैकेश्वरस्तत्र न द्वितीयस्तदीशिता॥ ५
यद् ब्रह्मविष्णुरुद्राख्यास्तदाख्या देहिनामिमाः।
आख्या यथास्मदादीनामरिहन्नादिरुच्यते॥ ६

अरिहन् भन्दछन्—हे दैत्यराज! मेरो वचनलाई सुन्नुहोस्, जुन वेदान्तको सार-सर्वस्व, परमोत्तम तथा रहस्यमय छ। यो संसार कर्ता तथा कर्मबाट रहित र अनादिकालबाट स्वयंसिद्ध छ। यो स्वयं उत्पन्न हुन्छ तथा स्वयं विनष्ट पनि हुन जान्छ। ब्रह्मादेखि लिएर तृणपर्यन्त जति पनि शरीरधारी छन्, उनीहरूको एउटा आत्मा नै ईश्वर हो, कुनै दोस्रो उनीहरूका शासक छैनन्। जसरी हामी शरीरधारीहरूका नाम छन्, त्यसै गरी ब्रह्मा, विष्णु तथा महेश आदि—यी नाम ती नामधारीहरूका छन्, अनादि त एक अरिहन् मात्र छन्॥ ३—६॥

देहो यथास्मदादीनां स्वकालेन विलीयते।
ब्रह्मादिमशकांतानां स्वकालाल्लीयते तथा॥ ७

जसरी हामीहरूको शरीर समय आएपछि नष्ट हुन्छ, त्यसै गरी ब्रह्मादेखि लिएर लामखुट्टेसम्मको शरीर आफ्नो समयमा नष्ट हुने गर्दछन्॥ ७॥

विचार्यमाणे देहेऽस्मिन्न किंचिदधिकं क्वचित्।
आहारो मैथुनं निद्रा भयं सर्वत्र यत्समम्॥ ८

विचार गर्दामा ज्ञात हुन्छ कि शरीरमा कहीँ पनि कुनै विशेषता छैन; किनभने सबै जीवधारीहरूमा आहार, मैथुन, निद्रा तथा भय समान छन्॥ ८॥

निराहारपरीमाणं प्राप्य सर्वो हि देहभृत्।
सदृशीमेव संतृप्तिं प्राप्नुयान्नाधिकेतराम्॥ ९

सबै शरीरधारी निराहार रहे पछि भोजन प्राप्त गर्दा समान रूपले तृप्त हुन्छन्, कम वा धेरै छैन।

यथा वितृषिताः स्याम पीत्वा पेयं मुदा वयम्।

जस्तो जब हामी तिर्खाउँछौँ, तब प्रसन्नतापूर्वक जल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तृषितास्तु तथान्येऽपि न विशेषोऽल्पकोऽधिकः॥ १०

सन्तु नार्यः सहस्त्राणि रूपलावण्यभूमयः।
परं निधुवने काले ह्येकेवेहोपयुज्यते॥ ११

अश्वाः पराः शताः सन्तु सन्त्वनेकेऽप्यनेकधा।
अधिरोहे तथाप्येको न द्वितीयस्तथात्मनः॥ १२

पर्यङ्कशायिनां स्वापे सुखं यदुपजायते।
तदेव सौख्यं निद्राभिर्भूतभूशायिनामपि॥ १३

यथैव मरणाद्भीतिरस्मदादिवपुष्मताम्।
ब्रह्मादिकीटकांतानां तथा मरणतो भयम्॥ १४

सर्वे तनुभृतस्तुल्या यदि बुद्ध्या विचार्य्यते।
इदं निश्चित्य केनापि नो हिंस्यः कोऽपि कुत्रचित्॥ १५

धर्मो जीवदयातुल्यो न क्वापि जगतीतले।
तस्मात्सर्वप्रयत्नेन कार्या जीवदया नृभिः॥ १६

एकस्मिन् रक्षिते जीवे त्रैलोक्यं रक्षितं भवेत्।
घातिते घातितं तद्वत्तस्माद्रक्षेन्न घातयेत्॥ १७

अहिंसा परमो धर्मः पापमात्मप्रपीडनम्।
अपराधीनता मुक्तिः स्वर्गोऽभिलषिताशनम्॥ १८

पूर्वसूरिभिरित्युक्तं सत्प्रमाणतया ध्रुवम्।
तस्मान्न हिंसा कर्त्तव्या नरैर्नरकभीरुभिः॥ १९

न हिंसासदृशं पापं त्रैलोक्ये सचराचरे।
हिंसको नरकं गच्छेत्स्वर्गं गच्छेदहिंसकः॥ २०

सन्ति दानान्यनेकानि किं तैस्तुच्छफलप्रदैः।
अभीतिसदृशं दानं परमेकमपीह न॥ २१

इह चत्वारि दानानि प्रोक्तानि परमर्षिभिः।
विचार्य नानाशास्त्राणि शर्मणेऽत्र परत्र च॥ २२

पिएर तृप्त हुन्छौँ, त्यसै गरी अन्य प्राणी पनि तृप्त हुन्छन्, कसैमा घटि–बढी हुँदैन। रूप–लावण्यले युक्त चाहे हजारौँ स्त्रीहरू किन नहुन्, तर सहवासकालमा एउटा मात्र स्त्रीको उपभोग सम्भव छ॥ ९–११॥

अनेक प्रकारका घोडा चाहे सय होऊन्, चाहे हजार होऊन्, तर आफ्नो अधिरोहणको समय एउटाको नै उपयोग सम्भव हुन्छ, अरूको हुँदैन। निद्राकालमा पलंगमा सुत्नेलाई जुन सुख प्राप्त हुन्छ, त्यही सुख निद्राबाट व्याकुल भई पृथ्वीमा सुत्नेलाई पनि प्राप्त हुन्छ। जसरी हामी शरीरधारीहरूलाई मर्ने भय छ, त्यसै प्रकार ब्रह्मादेखि लिएर कीटपर्यन्त सबैलाई मृत्युबाट भय हुन्छ॥ १२—१४॥

यदि बुद्धिले विचार गरियो भने सबै शरीरधारी समान छन्—यस्तो निश्चय गरी कसैले पनि कहिल्यै कुनै पनि जीवको हिंसा गर्नु हुँदैन। पृथ्वीतलमा जीवहरूमाथि दया गर्नुको समान कुनै दोस्रो धर्म छैन, अतः यस्तो जानेर सबै प्रकारका प्रयत्नहरूद्वारा मनुष्यहरूले जीवहरूप्रति दया गर्नुपर्दछ। एउटा जीवको मात्र रक्षा गर्नाले जसरी तीनवटै लोकको रक्षा हुन्छ, त्यसरी नै एउटा जीवलाई मार्नाले त्रैलोक्यवधको पाप लाग्छ, यसैले जीवहरूको रक्षा गर्नुपर्छ, हिंसा होइन। अहिंसा सर्वश्रेष्ठ धर्म हो तथा आत्मालाई पीडा पुर्‍याउनु पाप हो, अरूको अधीन नरहनु नै मुक्ति हो र अभिलाषित भोजनको प्राप्ति नै स्वर्ग हो। प्राचीन विद्वानहरूले उत्तम प्रमाणका साथ यस्तो बताएका छन्, यसैले नरकबाट डराउने मनुष्यहरूले हिंसा गर्नु हुँदैन। यस चराचर जगत्मा हिंसाको समान कुनै पाप छैन। हिंसक नरकमा जान्छन् तथा अहिंसक स्वर्गमा जान्छन्॥ १५—२०॥

संसारमा अनेक प्रकारका दान छन्, तर तुच्छ फलदायक ती दानहरूबाट के लाभ? अभयदान सदृश्य कुनै दोस्रो दान छैन। मनीषिहरूले अनेक शास्त्रहरूको विचार गरी यस लोक तथा परलोकमा कल्याणका लागि चार दानहरूको वर्णन गरेका छन्॥ २१–२२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भीतेभ्यश्चाभयं देयं व्याधितेभ्यस्तथौषधम्।
देया विद्यार्थिनां विद्या देयमन्नं क्षुधातुरे॥ २३

यानि यानीह दानानि बहु मुन्युदितानि च।
जीवाभयप्रदानस्य कलां नार्हन्ति षोडशीम्॥ २४

अविचिन्त्यप्रभावं हि मणिमंत्रौषधं बलम्।
तदभ्यस्यं प्रयत्नेन नामार्थोपार्जनाय वै॥ २५

अर्थानुपार्ज्य बहुशो द्वादशायतनानि वै।
परितः परिपूज्यानि किमन्यैरिह पूजितैः॥ २६

पंचकर्मेन्द्रियग्रामाः पंच बुद्धीन्द्रियाणि च।
मनो बुद्धिरिह प्रोक्तं द्वादशायतनं शुभम्॥ २७

इहैव स्वर्गनरकौ प्राणिनां नान्यतः क्वचित्।
सुखं स्वर्गः समाख्यातो दुःखं नरकमेव हि॥ २८

सुखेषु भुज्यमानेषु यत्स्याद्देहविसर्ज्जनम्।
अयमेव परो मोक्षो विज्ञेयस्तत्त्वचिंतकैः॥ २९

वासनासहिते क्लेशसमुच्छेदे सति ध्रुवम्।
अज्ञानोपरमो मोक्षो विज्ञेयस्तत्त्वचिंतकैः॥ ३०

प्रामाणिकी श्रुतिरियं प्रोच्यते वेदवादिभिः।
न हिंस्यात्सर्वभूतानि नान्या हिंसाप्रवर्तिका॥ ३१

अग्निष्टोमीयमिति या भ्रामिका साऽसतामिह।
न सा प्रमाणं ज्ञातॄणां पश्वालंभनकारिका॥ ३२

वृक्षांश्छित्वा पशून् हत्वा कृत्वा रुधिरकर्द्दमम्।
दग्ध्वा वह्नौ तिलाज्यादि चित्रं स्वर्गोऽभिलष्यते॥ ३३

इत्येवं स्वमतं प्रोच्य यतिस्त्रिपुरनायकम्।
श्रावयित्वाखिलान् पौरानुवाच पुनरादरात्॥ ३४

दृष्टार्थप्रत्ययकरान्देहसौख्यैकसाधकान्।
बौद्धागमविनिर्दिष्टान्धर्मान्वेदपरांस्ततः॥ ३५

भयभीत जनहरूलाई अभय प्रदान गर्नुपर्छ, रोगीहरूलाई औषधि दिनुपर्छ, विद्यार्थीहरूलाई विद्या दिनुपर्छ तथा भोकाहरूलाई अन्न प्रदान गर्नुपर्छ। अनेक मुनिहरूले जुन-जुन दान बताएका छन्, त्यो अभयदानको सोह्रौँ कलाको एक कला बराबरी पनि छैन॥ २३-२४॥ मणि, मन्त्र एवं औषधिको प्रभाव तथा बललाई अविचिन्त्य सम्झेर केवल यश तथा अर्थको उपार्जनका लागि मात्र त्यसको प्रयत्नपूर्वक अभ्यास गर्नुपर्दछ॥ २५॥

धेरै धन उपार्जन गरी द्वादशायतन (बाह्र आयतन भएको शरीर) हरूको नै चारैतिरबाट पूजा गर्नुपर्छ, अरूको पूजाबाट के लाभ? पाँच कर्मेन्द्रिहरू, पाँच ज्ञानेन्द्रियहरू, मन एवं बुद्धि—यिनै शुभ द्वादशायतन हुन्॥ २६-२७॥

प्राणीहरूका लागि यहीँ स्वर्ग तथा नरक छ, अन्यत्र कहीँ छैन। सुखको नाम नै स्वर्ग हो तथा दुःखलाई नरक बताइएको छ। सुखहरूको भोग गरेपछि जुन यस देहको परित्याग हुन्छ, तत्त्वचिन्तकहरूले यसैलाई परम मोक्ष जान्नुपर्छ। वासनासहित समस्त क्लेशहरू नष्ट भइसकेपछि अज्ञानको नाशलाई तत्त्वचिन्तकहरूले मोक्ष जान्नुपर्दछ॥ २८—३०॥

वेदवेत्ता यस श्रुतिलाई प्रामाणिक भन्छन् कि कुनै पनि प्राणीको हिंसा नगर्नू। हिंसामा प्रवर्तन गराउने अन्य कुनै श्रुति उपलब्ध छैन। अग्निष्टोमादि यज्ञहरूसित सम्बद्ध जुन पश्वालम्भन-श्रुति छ, त्यो त भ्रम उत्पन्न गराउने खालको छ र असज्जनहरूका लागि हो। पशुवधसित सम्बन्धित श्रुति त ज्ञानीहरूका लागि प्रमाण होइन। यो त ठुलो आश्चर्यको कुरो हो कि वृक्षहरूलाई काटेर, पशुहरूको वध गरी, उनीहरूको रगतको आहल बनाएर तथा आगोमा तिल-घिउ आदिलाई जलाएर मानिस स्वर्गको अभिलाषा गर्छन्॥ ३१—३३॥

यस प्रकार त्यस त्रिपुराधिपतिसित आफ्नो विचार भनेर समस्त त्रिपुरवासीहरूलाई सुनाएर ती यति आदरपूर्वक वेदहरूको विपरीत, देहमात्रलाई सुख दिने र प्रत्यक्षमा नै विश्वास गर्ने खालका धर्महरूको पुनः वर्णन गर्न लागे—॥ ३४-३५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आनंदं ब्रह्मणो रूपं श्रुत्यैवं यन्निगद्यते।
तत्तथैवेह मंतव्यं मिथ्या नानात्वकल्पना॥ ३६

यावत्स्वस्थमिदं वर्ष्म यावन्नेन्द्रियविक्लवः।
यावज्जरा च दूरेऽस्ति तावत्सौख्यं प्रसाधयेत्॥ ३७

श्रुति जो यस्तो भन्छ कि आनन्द नै ब्रह्मको रूप हो, त्यसलाई सही मान्नुपर्छ, अनेक धर्महरूको कल्पना मिथ्या हो। जबसम्म यो शरीर स्वस्थ हुन्छ, जबसम्म इन्द्रियहरू निर्बल हुँदैनन् र जबसम्म वृद्धावस्था टाढा हुन्छ, तबसम्म सुखको उपभोग गर्दै रहनु पर्दछ॥ ३६-३७॥

अस्वास्थ्येन्द्रियवैकल्ये वार्द्धके तु कुतः सुखम्।
शरीरमपि दातव्यमर्थिभ्योऽतः सुखेप्सुभिः॥ ३८

अस्वस्थ भएपछि, इन्द्रियहरू विकल भएपछि एवं वृद्धावस्था आएपछि सुखको प्राप्ति कुन प्रकारले हुन सक्छ? यसैले सुख चाहनेहरूले याचना गर्नेहरूलाई आफ्नो शरीरसम्म पनि प्रदान गरिदिनुपर्छ॥ ३८॥

याचमानमनोवृत्तिप्रीणने यस्य नो जनिः।
तेन भूर्भारवत्येषा समुद्रागद्रुमैर्न हि॥ ३९

जसको जन्म माग्नेहरूको मनोवृत्तिलाई प्रसन्न पार्नका लागि भएको छैन, त्यसैबाट यो पृथ्वी भारयुक्त छ, समुद्र, पर्वत तथा वृक्षहरूबाट होइन॥ ३९॥

सत्वरं गत्वरो देहः संचयाः सपरिक्षयाः।
इति विज्ञाय विज्ञाता देहसौख्यं प्रसाधयेत्॥ ४०

यो शरीर चाँडै नष्ट हुनेवाला छ तथा संचित धन विनष्ट हुन जानेवाला छ—यस्तो जानेर ज्ञानवान्ले देहसुखको उपाय गर्दै रहनुपर्दछ॥ ४०॥

श्ववायसकृमीणां च प्रातर्भोज्यमिदं वपुः।
भस्मान्तं तच्छरीरं च वेदे सत्यं प्रपठ्यते॥ ४१

मुधा जातिविकल्पोऽयं लोकेषु परिकल्प्यते।
मानुष्ये सति सामान्ये कोऽधमः कोऽथ चोत्तमः॥ ४२

यो शरीर कुकुर, कौवा तथा कीराहरूको प्रातःकालीन भोजन हो र शरीरअन्तमा भस्म हुने छ—यस्तो वेदमा ठीकै भनिएको छ। लोकमा जाति-कल्पना व्यर्थै गरिएका छन्, सबै मनुष्य समान छन् भने को उच्च हो र को नीच हो!॥ ४१-४२॥

ब्रह्मादिसृष्टिरेषेति प्रोच्यते वृद्धपूरुषैः।
तस्य जातौ सुतौ दक्षमरीची चेति विश्रुतौ॥ ४३

प्राचीन पुरुष भन्दछन् कि यस सृष्टिको आदिमा ब्रह्मा उत्पन्न हुनुभयो, उहाँका विख्यात दक्ष तथा मरीचि दुई पुत्र उत्पन्न भए॥ ४३॥

मारीचेन कश्यपेन दक्षकन्याः सुलोचनाः।
धर्मेण किल मार्गेण परिणीतास्त्रयोदश॥ ४४

अपीदानींतनैर्मर्त्यैरल्पबुद्धिपराक्रमैः।
अपि गम्यस्त्वगम्योऽयं विचारः क्रियते मुधा॥ ४५

मुखबाहूरुसञ्जातं चातुर्वर्ण्यं सहोदितम्।
कल्पनेयं कृता पूर्वैर्न घटेत विचारतः॥ ४६

जब मरीचिपुत्र कश्यपले दक्षकी सुन्दर नेत्र भएकी तेह्र कन्याहरूसित धर्मपूर्वक विवाह गरे भने फेरि यस समयका अल्पबुद्धि तथा अल्प पराक्रम भएका जनहरूद्वारा यो गम्य हो, यो अगम्य हो—यस्तो विचार व्यर्थै गर्ने गरिन्छ। मुख, बाहु, जंघा एवं चरणबाट चार वर्ण उत्पन्न भएका हुन्—पूर्व पुरुषहरूले यो कल्पना गरेका छन्, जुन कि विचार गर्दामा ठीक लाग्दैन॥ ४४—४६॥

एकस्यां च तनौ जाता एकस्माद्यदि वा क्वचित्।
चत्वारस्तनयास्तत्किं भिन्नवर्णत्वमाप्नुयुः॥ ४७

वर्णावर्णविभागोऽयं तस्मान्न प्रतिभासते।
अतो भेदो न मंतव्यो मानुष्ये केनचित्क्वचित्॥ ४८

एकै पुरुषबाट एकै शरीरबाट यदि चार पुत्र उत्पन्न भए भने ती भिन्न-भिन्न वर्णहरूको कुन प्रकार हुन सक्छन्। अतः वर्ण एवं अवर्णको यो विभाग उचित प्रतीत हुँदैन र यसैले कुनै पनि मनुष्यमा कुनै भेद मान्नु हुँदैन॥ ४७-४८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सनत्कुमार उवाच

इत्थमाभाष्य दैत्येशं पौरांश्च स यतिर्मुने।
सशिष्यो वेदधर्मांश्च नाशयामास चादरात्॥ ४९
स्त्रीधर्मं खंडयामास पातिव्रत्यपरं महत्।
जितेन्द्रियत्वं सर्वेषां पुरुषाणां तथैव सः॥ ५०
देवधर्मान्विशेषेण श्राद्धधर्मांस्तथैव च।
मखधर्मान् व्रतादींश्च तीर्थश्राद्धं विशेषतः॥ ५१
शिवपूजां विशेषेण लिंगाराधनपूर्विकाम्।
विष्णुसूर्यगणेशादिपूजनं विधिपूर्वकम्॥ ५२
स्नानदानादिकं सर्वं पर्वकाले विशेषतः।
खंडयामास स यतिर्मायी मायाविनां वरः॥ ५३
किं बहूक्तेन विप्रेन्द्र त्रिपुरे तेन मायिना।
वेदधर्माश्च ये केचित्ते सर्वे दूरतः कृताः॥ ५४

सनत्कुमार भन्नुहुन्छ—हे मुनि! दैत्यपति तथा पुरवासीहरूसित आदरपूर्वक यस्तो भनेर शिष्यहरूसहित ती यतिले वेदधर्महरूको नाश गरिदिए। पातिव्रत्यरूपी महान् स्त्रीधर्मलाई तथा समस्त पुरुषहरूको जितेन्द्रियत्वधर्मलाई खण्डित गरिदिए। देवधर्म, श्राद्धधर्म, यज्ञधर्म, व्रत-तीर्थ विशेषरूपले श्राद्ध, शिवपूजा, लिंगार्चन, विष्णु-सूर्य-गणेश आदिको विधिपूर्वक पूजा र विशेष रूपले पर्वकालमा गरिने स्नान-दान आदि यी सबैको खण्डन गरिदिए। हे विप्रेन्द्र! धेरै भन्नाले के लाभ! मायावीहरूमा श्रेष्ठ ती मायावी यतिले त्रिपुरमा जति पनि धर्म थिए, ती सबैलाई दूर गरिदिए॥ ४९—५४॥

यतिधर्माश्रयाः सर्वा मोहितास्त्रिपुरांगनाः।
भर्तृशुश्रूषणवतीं विजहुर्मतिमुत्तमाम्॥ ५५
अभ्यस्याकर्षणीं विद्यां वशीकृत्यमयीमपि।
पुरुषाः सफलीचक्रुः परदारेषु मोहिताः॥ ५६

त्रिपुरका सबै स्त्रीहरू त्यस यतिको धर्मको आश्रय लिएर मोहमा परे र उनीहरूले पतिको सेवाको उत्तम विचारलाई त्याग गरिदिए। आकर्षण एवं वशीकरण विद्याको अभ्यास गरी मोहित भएका पुरुष अरूका स्त्रीहरूमा आफ्नो मनोरथ सफल पार्न लागे॥ ५५-५६॥

अंतःपुरचरा नार्यस्तथा राजकुमारकाः।
पौराः पुरांगनाश्चापि सर्वे तैश्च विमोहिताः॥ ५७

अन्तःपुरका स्त्रीहरू, राजकुमार, पुरवासी, पुरका स्त्रीहरू आदि सबै मोहित भए॥ ५७॥

एवं पौरेषु सर्वेषु निजधर्मेषु सर्वथा।
पराङ्मुखेषु जातेषु प्रोल्ललास वृषेतरः॥ ५८

यस प्रकार सबै पुरवासीहरू आफ्नो धर्मबाट सर्वथा विमुख भएपछि अधर्मको वृद्धि हुन लाग्यो॥ ५८॥

माया च देवदेवस्य विष्णोस्तस्याज्ञया प्रभो।
अलक्ष्मीश्च स्वयं तस्य नियोगात्त्रिपुरं गता॥ ५९

हे प्रभु! ती देवाधिदेव विष्णुको मायाले तथा उहाँको आज्ञाले स्वयं दरिद्रताले त्रिपुरमा प्रवेश गऱ्यो॥ ५९॥

या लक्ष्मीस्तपसा तेषां लब्धा देवेश्वराद्वरात्।
बहिर्गता परित्यज्य नियोगाद्ब्रह्मणः प्रभोः॥ ६०

ती जनहरूले तपस्याद्वारा श्रेष्ठ देवेश्वरबाट जुन महालक्ष्मीलाई प्राप्त गरेका थिए, प्रभु ब्रह्मदेवको आज्ञाले उनीहरूलाई छोडेर उनी बाहिर गइन्॥ ६०॥

बुद्धिमोहं तथाभूतं विष्णोर्मायाविनिर्मितम्।
तेषां दत्त्वा क्षणादेव कृतार्थोऽभूत्स नारदः॥ ६१
नारदोऽपि तथारूपो यथा मायी तथैव सः।
तथापि विकृतो नाभूत्पारमेशादनुग्रहात्॥ ६२
आसीत्कुंठितसामर्थ्यो दैत्यराजोऽपि भो मुने।
भ्रातृभ्यां सहितस्तत्र मयेन च शिवेच्छया॥ ६३

यस प्रकार विष्णुको मायाबाट निर्मित त्यस प्रकारको बुद्धिमोह उनीहरूलाई क्षणभरमा दिएर ती नारद कृतार्थ भए। ती नारदले पनि ती मायावीको जस्तै रूप धारण गरेका थिए, तर पनि परमेश्वरको अनुग्रहले ती विकारयुक्त भएनन्। हे मुनि! दुवै भाइहरू तथा मयसहित त्यो दैत्यराज पनि शिवको इच्छाले पराक्रमहीन हुन गयो॥ ६१—६३॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे त्रिपुरमोहनं नाम पञ्चमोऽध्यायः॥ ५॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा त्रिपुरमोहनवर्णन नामक पाँचौं अध्याय पूर्ण भयो॥ ५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ षष्ठोऽध्यायः

त्रिपुरध्वंसका लागि देवताहरूद्वारा भगवान् शिवको स्तुति

व्यास उवाच

तस्मिन् दैत्याधिपे पौरे सभ्रातरि विमोहिते।
सनत्कुमार किं चासीत्तदाचक्ष्वाखिलं विभो॥ १

सनत्कुमार उवाच

त्रिपुरे च तथाभूते दैत्ये त्यक्तशिवार्चने।
स्त्रीधर्मे निखिले नष्टे दुराचारे व्यवस्थिते॥ २
कृतार्थ इव लक्ष्मीशो देवैः सार्द्धमुमापतिम्।
निवेदितुं तच्चरित्रं कैलासमगमद्धरिः॥ ३

तस्योपकंठं स्थित्वाऽसौ देवैः सह रमापतिः।
ततो भूरि स च ब्रह्मा परमेण समाधिना॥ ४
मनसा प्राप्य सर्वज्ञं ब्रह्मणा स हरिस्तदा।
तुष्टाव वाग्भिरिष्टाभिः शंकरं पुरुषोत्तमः॥ ५

विष्णुरुवाच

महेश्वराय देवाय नमस्ते परमात्मने।
नारायणाय रुद्राय ब्रह्मणे ब्रह्मरूपिणे॥ ६
एवं कृत्वा महादेवं दंडवत् प्रणिपत्य ह।
जजाप रुद्रमंत्रं च दक्षिणामूर्तिसंभवम्॥ ७
जले स्थित्वा सार्द्धकोटिप्रमितं तन्मनाः प्रभुः।
संस्मरन् मनसा शंभुं स्वप्रभुं परमेश्वरम्॥ ८
तावद्देवास्तदा सर्वे तन्मनस्का महेश्वरम्॥ ९

देवा ऊचुः

नमः सर्वात्मने तुभ्यं शंकरायार्तिहारिणे।
रुद्राय नीलकंठाय चिद्रूपाय प्रचेतसे॥ १०
गतिर्नः सर्वदा त्वं हि सर्वापद्विनिवारकः।
त्वमेव सर्वदास्माभिर्वंद्यो देवारिसूदन॥ ११
त्वमादिस्त्वमनादिश्च स्वानंदश्चाक्षयः प्रभुः।
प्रकृतेः पुरुषस्यापि साक्षात्स्त्रष्टा जगत्प्रभुः॥ १२
त्वमेव जगतां कर्ता भर्ता हर्ता त्वमेव हि।
ब्रह्मा विष्णुर्हरो भूत्वा रजःसत्त्वतमोगुणैः॥ १३

तारकोऽसि जगत्यस्मिन् सर्वेषामधिपोऽव्ययः।
वरदो वाङ्मयो वाच्यो वाच्यवाचकवर्जितः॥ १४

व्यास भन्नुहुन्छ—हे सनत्कुमार! हे विभु! भाइहरू तथा पुरवासीहरूसहित त्यस दैत्यराज मोहित भएपछि के भयो, त्यो सारा वृत्तान्त बताउनुहोस्॥ १॥

सनत्कुमार भन्नुहुन्छ—त्रिपुर त्यस्तो भएपछि, त्यस दैत्यले शिवार्चनलाई त्याग गरिदिएपछि र त्यहाँको सम्पूर्ण स्त्रीधर्म नष्ट हुन गएपछि तथा दुराचार फैलिएपछि लक्ष्मीपति विष्णु कृतार्थ भएर देवताहरूका साथ उसको चरित्र शिवसित भन्नका लागि कैलास पुग्नुभयो॥ २-३॥

देवताहरूका साथ ब्रह्मासहित उहाँका समक्ष स्थित भएर ती पुरुषोत्तम रमापति विष्णुले समाधिबाट तथा मनबाट प्राप्त हुनुहुने ती सर्वज्ञ परमेश्वर सदाशिवको इष्ट वाणीले स्तुति गर्नुभयो॥ ४-५॥

विष्णु भन्नुहुन्छ—हजुर महेश्वर, देव, परमात्मा, नारायण, रुद्र, ब्रह्मा तथा परब्रह्मस्वरूपलाई नमस्कार छ। यस्तो भनेर महादेवलाई दण्डवत् प्रणाम गरी शिवमा आफ्नो मन लगाउनुभएका प्रभु विष्णुले आफ्ना स्वामी ती परमेश्वर शिवको मनबाट स्मरण गर्दै जलमा स्थित भई दक्षिणामूर्तिबाट उत्पन्न भएका रुद्रमन्त्रको डेढ करोड जप गर्नुभयो। त्यस समय सबै देवता पनि ती महेश्वरमा आफ्नो मन लगाएर उहाँको स्तुति गर्न लागे—॥ ६-९॥

देवता भन्दछन्—सबैमा आत्मरूपले विराजमान, सबैको दुःखलाई दूर गर्नुहुने, रुद्र, नीलकण्ठ, चैतन्यरूप एवं प्रचेता हजुर शंकरलाई नमस्कार छ॥ १०॥

हजुर हामी सबैको आपत्तिहरूलाई दूर गर्नेवाला हुनुहुन्छ तथा हामी सबैको गति हुनुहुन्छ। हे दैत्यसूदन! हजुर सर्वदा हामीहरूबाट वन्दनीय हुनुहुन्छ। हजुर आदि, अनादि, स्वात्मानन्द, अक्षयरूप तथा प्रभु हुनुहुन्छ। हजुर नै जगत्प्रभु तथा साक्षात् प्रकृति एवं पुरुषका पनि स्रष्टा हुनुहुन्छ॥ ११-१२॥

हजुर नै रज, सत्त्व तथा तमोगुणले युक्त भई ब्रह्मा, विष्णु तथा रुद्रस्वरूप भएर जगत्को सृजना, पालन तथा संहार गर्नुहुन्छ। हजुर यस जगत्मा सबैलाई तार्नेवाला, सबैका स्वामी, अविनाशी, वरदायक, वाणीमय, वाच्य र वाच्य-वाचकभावबाट पनि रहित हुनुहुन्छ॥ १३-१४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

याच्यो मुक्त्यर्थमीशानो योगिभिर्योगवित्तमैः।
हृत्पुंडरीकविवरे योगिनां त्वं हि संस्थितः॥ १५

योगवेत्ताहरूमा श्रेष्ठ योगीजन मुक्तिका लागि हजुर ईशानलाई नै याचना गर्छन्। हजुर नै योगीहरूका हृदयरूपी कमलमा विराजमान हुनुहुन्छ॥ १५॥

वदंति वेदास्त्वां संतः परब्रह्मस्वरूपिणम्।
भवन्तं तत्त्वमित्यद्य तेजोराशिं परात्परम्॥ १६

सबै वेद एवं सन्तगण हजुरलाई नै तेजोराशि, परात्परस्वरूप र तत्त्वमसि इत्यादि वाक्यले जान्नयोग्य परब्रह्मस्वरूप भन्दछन्॥ १६॥

परमात्मानमित्याहुरस्मिन् जगति यद्विभो।
त्वमेव शर्व सर्वात्मन् त्रिलोकाधिपते भव॥ १७

हे विभु! हे शर्व! हे सर्वात्मा! हे त्रिलोकाधिपति! हे भव! यस संसारमा जसलाई परमात्मा भनिन्छ, ती हजुर नै हुनुहुन्छ॥ १७॥

दृष्टं श्रुतं स्तुतं सर्वं ज्ञायमानं जगद्गुरो।
अणोरल्पतरं प्राहुर्महतोऽपि महत्तरम्॥ १८

हे जगद्गुरु! हजुरलाई नै दृष्ट, श्रुत, जान्नयोग्य, सानोभन्दा सानो एवं महान्‌भन्दा पनि महान् भनिएको छ॥ १८॥

सर्वतः पाणिपादं तत् सर्वतोऽक्षिशिरोमुखम्।
सर्वतः श्रवणघ्राणं त्वां नमामि च सर्वतः॥ १९

हजुरका करकमल, चरण, नेत्र, शिर, मुख, कान तथा नासिका सबै दिशाहरूमा व्याप्त छन्, अतः म हजुरलाई सबैतिरबाट नमस्कार गर्छु॥ १९॥

सर्वज्ञं सर्वतो व्यापिन् सर्वेश्वरमनावृतम्।
विश्वरूपं विरूपाक्षं त्वां नमामि च सर्वतः॥ २०

हे सर्वव्यापी! हजुर सर्वज्ञ, सर्वेश्वर, अनावृत, विश्वरूप, विरूपाक्षलाई म सबैतिरबाट नमस्कार गर्छु॥ २०॥

सर्वेश्वरं भवाध्यक्षं सत्यं शिवमनुत्तमम्।
कोटिभास्करसंकाशं त्वां नमामि च सर्वतः॥ २१

सर्वेश्वर, संसारका अधिष्ठाता, सत्य, कल्याणकारी, सर्वोत्तम, करोडौँ सूर्यसमान प्रकाशमान हजुरलाई म सबैतिरबाट नमस्कार गर्छु॥ २१॥

विश्वदेवमनाद्यन्तं षट्त्रिंशत्कमनीश्वरम्।
प्रवर्तकं च सर्वेषां त्वां नमामि च सर्वतः॥ २२

विश्वदेव, आदि-अन्तबाट रहित, छत्तीस तत्त्व भएका, सबैभन्दा महान् र सबैलाई प्रवृत्त गर्नुहुने—हजुरलाई म सबैतिरबाट नमस्कार गर्छु॥ २२॥

प्रवर्तकं च प्रकृतेः सर्वस्य प्रपितामहम्।
सर्वविग्रहमीशं हि त्वां नमामि च सर्वतः॥ २३

प्रकृतिलाई प्रवृत्त गर्नुहुने, सबैका प्रपितामह, सर्वविग्रह तथा ईश्वर हजुरलाई म सबैतिरबाट नमस्कार गर्छु॥ २३॥

एवं वदंति वरदं सर्वावासं स्वयम्भुवम्।
श्रुतयः श्रुतिसारज्ञं श्रुतिसारविदश्च ये॥ २४

जुन श्रुतिहरू तथा श्रुतिसिद्धान्तवेत्ता छन्, ती हजुरलाई नै वरद, सबैको निवासस्थान, स्वयम्भू तथा श्रुतिसारज्ञाता भन्दछन्॥ २४॥

अदृश्यमस्माभिरनेकभूतं
त्वया कृतं यद्भवताथ लोके।
त्वामेव देवासुरभूसुराश्च
अन्ये च वै स्थावरजंगमाश्च॥ २५

हजुरले यस लोकमा जुन अनेक प्रकारका सृष्टि गर्नुभएको छ, ती हामीहरूको दृष्टिपथमा आउन सक्तैनन्। देवता, असुर, ब्राह्मण, स्थावर, जंगम तथा अरू जति पनि छन्, उनीहरूको कर्ता हजुरलाई नै भन्दछन्॥ २५॥

पाह्यनन्यगतीन् शंभो सुरान्नो देववल्लभ।
नष्टप्रायांस्त्रिपुरतो विनिहत्यासुरान्क्षणात्॥ २६

हे शम्भु! हे देववल्लभ! क्षणभरमा असुरहरूको वध गरी त्रिपुराधिपद्वारा विनष्ट हुँदै गइरहेका हामी अनन्यगति भएका देवताहरूको रक्षा गर्नुहोस्॥ २६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मायया मोहितास्तेऽद्य भवतः परमेश्वर।
विष्णुना प्रोक्तयुक्त्या त उज्झिता धर्मतः प्रभो॥ २७

हे परमेश्वर! हे प्रभु! यस समय ती असुर विष्णुद्वारा बताइएको उपायले हजुरको मायाद्वारा मोहित भई धर्मबाट बहिर्मुख भइरहेका छन्॥ २७॥

संत्यक्तसर्वधर्माश्च बौद्धागमसमाश्रिताः।
अस्मद्भाग्यवशाज्जाता दैत्यास्ते भक्तवत्सल॥ २८

हे भक्तवत्सल! ती दैत्यहरूले हामीहरूको भाग्यले समस्त धर्महरू त्याग गरिदिएका छन् र वेदविरुद्ध धर्महरूको आश्रय लिएका छन्॥ २८॥

सदा त्वं कार्यकर्त्ता हि देवानां शरणप्रद।
वयं ते शरणापन्ना यथेच्छसि तथा कुरु॥ २९

हे शरणप्रद! हजुर त सदादेखि नै देवताहरूको कार्य गर्नेवाला हुनुहुन्छ र यस समय हामी हजुरको शरणमा आएका छौँ, हजुर जस्तो चाहनुहुन्छ, त्यस्तै गर्नुहोस्॥ २९॥

सनत्कुमार उवाच

इति स्तुत्वा महेशानं देवास्तु पुरतः स्थिताः।
कृतांजलिपुटा दीना आसन् संनतमूर्तयः॥ ३०

सनत्कुमार भन्नुहुन्छ—यस प्रकार महेश्वरको स्तुति गरी ती देवता दीन भई हात जोडेर, शिर झुकाई उहाँको अगाडि उभिरहे॥ ३०॥

स्तुतश्चैवं सुरेन्द्राद्यैर्विष्णोर्जाप्येन चेश्वरः।
अगच्छत्तत्र सर्वेशो वृषमारुह्य हर्षितः॥ ३१

यस प्रकार इन्द्रादि देवताहरूद्वारा स्तुति गरिएपछि तथा विष्णुका जपबाट प्रसन्न हुनुभएका भगवान् सर्वेश्वर साँढेमा सवार भई त्यहाँ जानुभयो॥ ३१॥

विष्णुमालिंग्य नंदीशादवारुह्य प्रसन्नधीः।
ददर्श सुदृशा तत्र नन्दीदत्तकरोऽखिलान्॥ ३२

त्यहाँनिर नन्दीश्वरबाट ओर्लेर विष्णुलाई आलिंगन गरी प्रसन्नचित्त हुनुभएका प्रभु नन्दीश्वरमाथि हात राखेर सबैतिर मनोहर दृष्टिले हेर्न लाग्नुभयो ३२॥

अथ देवान् समालोक्य कृपादृष्ट्या हरिं हरः।
प्राह गंभीरया वाचा प्रसन्नः पार्वतीपतिः॥ ३३

तत्पश्चात् पार्वतीपति शंकर प्रसन्न भएर कृपादृष्टिले देवताहरू एवं विष्णुतिर हेरेर गम्भीर वाणीमा भन्न लाग्नुभयो—॥ ३३॥

शिव उवाच

ज्ञातं मयेदमधुना देवकार्यं सुरेश्वर।
विष्णोर्मायाबलं चैव नारदस्य च धीमतः॥ ३४

शिव भन्नुहुन्छ—हे सुरेश्वर! यस समय मैले देवताहरूको कार्य राम्ररी बुझेको छु तथा महाबुद्धिमान् विष्णु एवं नारदको मायाबललाई पनि म राम्ररी जान्दछु॥ ३४॥

तेषामधर्मनिष्ठानां दैत्यानां देवसत्तम।
पुरत्रयविनाशं च करिष्येऽहं न संशयः॥ ३५

हे देवसत्तम! म ती अधर्मी दैत्यहरू तथा त्रिपुरको विनाश गर्ने छु, यसमा संशय छैन॥ ३५॥

परन्तु ते महादैत्या मद्भक्ता दृढमानसाः।
अथ वध्या मयैव स्युर्व्याजत्यक्तवृषोत्तमाः॥ ३६

तर दृढ मन भएका ती महादैत्य मेरा भक्त हुन्, यद्यपि मायाबाट मोहित भएर उनीहरूले धर्मको त्याग गरिदिएका छन्, यसैले म कुन प्रकार उनीहरूको वध गर्न सक्छु॥ ३६॥

विष्णुर्हन्यात्परो वाथ यत्त्याजितवृषाः कृताः।
दैत्या मद्भक्तिरहिताः सर्वे त्रिपुरवासिनः॥ ३७

जब त्रिपुरमा बस्ने सबै दैत्य मेरो भक्तिबाट रहित भएका छन् भने उनीहरूको वध भगवान् विष्णु गर्नुहुने छ, जसले बहानाबाट दैत्यहरूलाई धर्मच्युत गरेका छन्॥ ३७॥

इति शंभोस्तु वचनं श्रुत्वा सर्वे दिवौकसः।
विमनस्का बभूवुस्ते हरिश्चापि मुनीश्वर॥ ३८

हे मुनि! यस प्रकार शिवको वचन सुनेर सबै देवता तथा विष्णु उदासिन भए॥ ३८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवान् विष्णुमुदासीनान् दृष्ट्वा च भवकृद्विधिः।
कृताञ्जलिपुटः शंभुं ब्रह्मा वचनमब्रवीत्॥ ३९

त्यसपछि देवताहरू एवं विष्णुलाई उदास देखेर सृष्टिकर्ता ब्रह्माले हात जोडेर शिवसित भन्नुभयो— ॥ ३९ ॥

ब्रह्मोवाच

न किंचिद्विद्यते पापं यस्मात्त्वं योगवित्तमः।
परमेशः परब्रह्म सदा देवर्षिरक्षकः॥ ४०

ब्रह्मा भन्नुहुन्छ—[हे प्रभु!] हजुरलाई कुनै पाप लाग्ने छैन; किनभने हजुर परम योगवेत्ता हुनुहुन्छ, हजुर परमेश्वर, परब्रह्म तथा सर्वदा देवताहरू एवं ऋषिहरूका रक्षक हुनुहुन्छ ॥ ४० ॥

तवैव शासनात्ते वै मोहिताः प्रेरको भवान्।
त्यक्तस्वधर्मत्वत्पूजाः परवध्यास्तथापि न॥ ४१

हजुर नै प्रेरणादायक हुनुहुन्छ। हजुरकै शासनबाट मोहित भएर उनीहरूले आफ्नो धर्म तथा हजुरको पूजालाई त्याग गरिदिएका छन्, तर पनि ती अरूद्वारा अवध्य छन्॥ ४१ ॥

अतस्त्वया महादेव सुरर्षिप्राणरक्षक।
साधूनां रक्षणार्थाय हंतव्या म्लेच्छजातयः॥ ४२

अतः हे महादेव! हे देवर्षिप्राणरक्षक! हजुर सज्जनहरूको रक्षाका लागि यी म्लेच्छजातिहरूको वध गर्नुहोस्॥ ४२ ॥

राज्ञस्तस्य न तत्पापं विद्यते धर्मतस्तव।
तस्माद्रक्षेद्द्विजान् साधून् कंटकान् वै विशोधयेत्॥ ४३

राजाको कर्तव्य हुन्छ कि धर्मको रक्षा गर्नु तथा पापीहरूको वध गर्नु। हजुर राजा हुनुहुन्छ, यसैले ब्राह्मण तथा साधुहरूको रक्षाका निमित्त स्वयं हजुरले यस कण्टकको शोधन गर्नुपर्दछ। यस्तो गर्नाले हजुरलाई पाप लाग्ने छैन॥ ४३ ॥

एवमिच्छेदिहान्यत्र राजा चेद्राज्यमात्मनः।
प्रभुत्वं सर्वलोकानां तस्माद्रक्षस्व माचिरम्॥ ४४

यदि राजा यस प्रकार आफ्नो राज्यको रक्षा गर्छन् भने उनलाई यस लोकमा सर्वलोकाधिपत्य तथा परम कल्याण प्राप्त हुन्छ। यस कारण हजुर स्वयं त्रिपुरको वध गरी यी देवताहरूको रक्षा गर्नुहोस्, [प्रभु!]विलम्ब नगर्नुहोस्॥ ४४ ॥

मुनीन्द्रेशास्तथा यज्ञा वेदाः शास्त्रादयोऽखिलाः।
प्रजास्ते देवदेवेश ह्यहं विष्णुरपि ध्रुवम्॥ ४५

देवतासार्वभौमस्त्वं सम्राट् सर्वेश्वरः प्रभो।
परिवारस्तवैवैष हर्यादि सकलं जगत्॥ ४६

हे देवदेवेश! मुनि, इन्द्र, ईश्वर, यज्ञ, वेद, समस्त शास्त्र तथा म र विष्णु—यी सबै हजुरका प्रजाहरू हौं। हे प्रभु! हजुर देवगणहरूको सार्वभौम सम्राट्, सर्वेश्वर हुनुहुन्छ र विष्णुदेखि लिएर सारा संसार हजुरका परिवार हुन्॥ ४५-४६ ॥

युवराजो हरिस्तेऽज ब्रह्माहं ते पुरोहितः।
राजकार्यकरः शक्रस्त्वदाज्ञापरिपालकः॥ ४७

हे अज! विष्णु हजुरका युवराज हुनुहुन्छ, म हजुरको पुरोहित हुँ एवं यी इन्द्र हजुरको राज्यको रेखदेख गर्ने तथा हजुरको आज्ञाको परिपालक हुन्॥ ४७ ॥

देवा अन्येऽपि सर्वेश तव शासनयन्त्रिताः।
स्वस्वकार्यकरा नित्यं सत्यं सत्यं न संशयः॥ ४८

हे सर्वेश! यसै प्रकार अन्य देवता पनि हजुरको शासनमा रहेर सदा आ-आफ्नो कार्य गर्दछन्, यो सत्य हो, सत्य हो, यसमा सन्देह छैन॥ ४८ ॥

सनत्कुमार उवाच

एतच्छ्रुत्वा वचस्तस्य ब्रह्मणः परमेश्वरः।
प्रत्युवाच प्रसन्नात्मा शंकरः सुरपो विधिम्॥ ४९

सनत्कुमार भन्नुहुन्छ—यस प्रकार ती ब्रह्माका वचन सुनेर देवरक्षक भगवान् शंकर प्रसन्नचित्त भएर ब्रह्मासित भन्न लाग्नुभयो— ॥ ४९ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिव उवाच

हे ब्रह्मन् यद्यहं देवराजः सम्राट् प्रकीर्त्तितः।
तत्प्रकारो न मे कश्चिद् गृह्णीयां यमिह प्रभुः॥ ५०

शिव भन्नुहुन्छ—हे ब्रह्मन्! यदि म वस्तुतः देवराज तथा सबैका सम्राट् भनिन्छु भने फेरि पनि मेरा समक्ष यस्तो कुनै साधन छैन, जसबाट म यस पदलाई ग्रहण गर्न सकूँ॥ ५०॥

रथो नास्ति महादिव्यस्तादृक् सारथिना सह।
धनुर्बाणादिकं चापि संग्रामे जयकारकम्॥ ५१

यमास्थाय धनुर्बाणान् गृहीत्वा योज्य वै मनः।
निहनिष्याम्यहं दैत्यान् प्रबलानपि संगरे॥ ५२

मेरो समक्ष योग्य सारथीसहित महादिव्य रथ छैन र संग्राममा विजय प्रदान गर्ने धनुष-बाण आदि पनि छैन, जुन रथमा बसेर, धनुष-बाण लिएर तथा आफ्नो मन लगाएर ती प्रबल दैत्यहरूको संग्राममा वध गर्न सकूँ॥ ५१-५२॥

सनत्कुमार उवाच

अद्य सब्रह्मका देवाः सेन्द्रोपेन्द्राः प्रहर्षिताः।
श्रुत्वा प्रभोस्तदा वाक्यं नत्वा प्रोचुर्महेश्वरम्॥ ५३

सनत्कुमार भन्नुहुन्छ—तब ब्रह्मा, इन्द्र एवं विष्णुसहित सबै देवता प्रभुको वचनलाई सुनेर परम प्रसन्न भए र महेश्वरलाई प्रणाम गरी उहाँसित भन्न लागे—॥ ५३॥

देवा ऊचुः

वयं भवाम देवेश तत्प्रकारा महेश्वर।
रथादिकाः तव स्वामिन्संनद्धाः संगराय हि॥ ५४

देवता भन्दछन्—हे देवेश! हे महेश्वर! हे स्वामी! हामीहरू हजुरका रथादि उपकरण बनेर युद्धका लागि तयार छौँ॥ ५४॥

इत्युक्त्वा संहताः सर्वे शिवेच्छामधिगम्य ह।
पृथगूचुः प्रसन्नास्ते कृताञ्जलिपुटास्सुराः॥ ५५

यस प्रकार भनेर प्रसन्न भएका ती सबै देवता एकत्रित भई शिवको इच्छा जानेर हात जोडेर अलग-अलग भन्न लागे॥ ५५॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे शिवस्तुतिवर्णनं नाम षष्ठोऽध्यायः॥ ६॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा शिवस्तुतिवर्णन नामक छैठौँ अध्याय पूर्ण भयो॥ ६॥

अथ सप्तमोऽध्यायः

भगवान् शिवको प्रसन्नताका लागि देवताहरूद्वारा मन्त्रजप, शिवको प्राकट्य तथा त्रिपुर-विनाशका लागि दिव्य रथ आदिको निर्माणका लागि विष्णुसित भन्नु

सनत्कुमार उवाच

एतच्छ्रुत्वा तु सर्वेषां देवादीनां वचो हरः।
अंगीचकार सुप्रीत्या शरण्यो भक्तवत्सलः॥ १

एतस्मिन्नन्तरे देवी पुत्राभ्यां संयुता शिवा।
आजगाम मुने तत्र यत्र देवान्वितो हरः॥ २

सनत्कुमार भन्नुहुन्छ—समस्त देवता आदिको यस वचनलाई सुनेर शरणागतहरूको रक्षा गर्नुहुने भक्तवत्सल सदाशिवले उनीहरूको कुरा स्वीकार गर्नुभयो। हे मुनि! यसै बीच देवी पार्वती आफ्ना दुवै पुत्रहरूलाई लिएर त्यहाँ आइपुग्नुभयो, जहाँ सदाशिव देवताहरूका साथ स्थित हुनुहुन्थ्यो॥ १-२॥

अथागतां शिवां दृष्ट्वा सर्वे विष्ण्वादयो द्रुतम्।
प्रणेमुरतिनम्रास्ते विस्मिता गतसंभ्रमाः॥ ३

तब देवीलाई त्यहाँ उपस्थित देखेर विष्णु आदि सबै देवता आश्चर्ययुक्त भए र सम्भ्रमयुक्त भएर नम्र भई उहाँलाई शीघ्रतापूर्वक प्रणाम गर्न लागे॥ ३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रोचुर्जयेति सद्वाक्यं मुने सर्वे सुलक्षणम्।
तूष्णीमासन्नजानन्तस्तदागमनकारणम् ॥ ४

अथ सर्वैः स्तुता देवैर्देव्यद्भुतकुतूहला।
उवाच स्वामिनं प्रीत्या नानालीलाविशारदम्॥ ५

देव्युवाच

क्रीडमानं विभो पश्य षण्मुखं रविसंनिभम्।
पुत्रं पुत्रवतां श्रेष्ठं भूषितं भूषणैर्वरैः॥ ६

सनत्कुमार उवाच

इत्येवं लोकमात्रा च वाग्भिः संबोधितश्शिवः।
न ययौ तृप्तिमीशानः पिबन् स्कंदाननामृतम्॥ ७

न सस्मारागतान् देवान् दैत्यतेजोनिपीडितान्।
स्कंदमालिंग्य चाघ्राय मुमोदाति महेश्वरः॥ ८

जगदम्बाथ तत्रैव संमन्त्र्य प्रभुणा च सा।
स्थित्वा किञ्चित्समुत्तस्थौ नानालीलाविशारदा॥ ९
ततः स नंदी सह षण्मुखेन
तया च सार्द्धं गिरिराजपुत्र्या।
विवेश शम्भुर्भवनं सुलीलः
सुरैः समस्तैरभिवंद्यमानः ॥ १०

द्वारस्य पार्श्वतः तस्थुर्देवदेवस्य धीमतः।
तेऽथ देवा महाव्यग्रा विमनस्का मुनेऽखिलाः॥ ११

किं कर्तव्यं क्व गंतव्यं कः स्यादस्मत्सुखप्रदः।
किं तु किंत्विति संजातं हा हताः स्मेति वादिनः॥ १२

अन्योन्यं प्रेक्ष्य शक्राद्या बभूवुश्चातिविह्वलाः।
प्रोचुर्विकलवाक्यं ते धिक्कुर्वन्तो निजं विधिम्॥ १३

पापा वयमिहेत्यन्ये ह्यभाग्याश्चेति चापरे।
ते भाग्यवंतो दैत्येन्द्रा इति चान्येऽब्रुवन् सुराः॥ १४

तस्मिन्नेवांतरे तेषां श्रुत्वा शब्दाननेकशः।
कुंभोदरो महातेजा दंडेनाताडयत्सुरान्॥ १५

हे मुनि! ती सबैले शुभ लक्षण प्रकट गर्ने जय-जयकार गरे र उहाँको आगमनको कारण नजानेकाले सबै मौन भए। त्यसपछि सबै देवताहरूका स्तुत्य एवं अद्भुत कौतूहल गर्नुहुने ती देवी नानालीला-विशारद आफ्ना स्वामीसित प्रेमपूर्वक भन्न लाग्नुभयो॥ ४-५॥

देवी भन्नुहुन्छ—हे विभु! हे पुत्रवानहरूमा श्रेष्ठ! उत्तम आभूषणहरूबाट भूषित तथा सूर्यसमान देदीप्यमान खेल्दै गरेका आफ्नो षण्मुख पुत्रलाई हेर्नुहोस्॥ ६॥

सनत्कुमार भन्नुहुन्छ—जब लोकमाताले आफ्नो वाणीले यस प्रकार शिवलाई सम्बोधन गर्दै भन्नुभयो, तब स्कन्दको मुखामृतको पान गरी शिवलाई तृप्ति भएन॥ ७॥

त्यस समय महेश्वरलाई दैत्यहरूको तेजबाट पीडित भएर आएका देवताहरूको स्मरण रहेन र उहाँ स्कन्दको आलिंगन गरी तथा उनको शिर सुँघेर ज्यादै प्रसन्न हुनुभयो॥ ८॥ अनेक लीलाहरूमा विशारद श्रीजगदम्बा पनि महेश्वरसित मन्त्रणा गरी केही समयसम्म त्यहीँ स्थित रहेर पुनः उठ्नुभयो। त्यसपछि सबै देवताहरूबाट वन्दित हुँदै उत्तम लीला भगवान् सदाशिवले कार्तिकेय, नन्दी तथा ती गिरिराजपुत्रीका साथ आफ्नो भवनमा प्रवेश गर्नुभयो॥ ९-१०॥

हे मुनि! [शंकरलाई घरमा जानुभएको देखी] सम्पूर्ण देवता महाव्याकुल एवं क्षुब्धमन भएर बुद्धिमान् देवाधिदेवको द्वारको समीपमा उभिरहे। अब हामी के गरौँ, कहाँ जाऊँ, कसले हामीहरूलाई सुख दिन्छ र यो के हुन गयो? हाय! हामीहरू मारियौँ—ती सबै यस्तो भन्न लागे। एक-अर्कालाई हेरेर इन्द्र आदि अत्यन्त व्याकुल भए र आफ्नो भाग्यलाई धिक्कार्दै विकल वचन भन्न लागे। केही देवताहरूले भने—हाय! हामीहरू ठुला पापी हौँ। अरूले भने—हाय, हामी अभागी हौँ, अरूले भने—ती असुर त ठुला भाग्यवान् छन्॥ ११—१४॥

त्यसै समय उनीहरूको अनेक प्रकारका शब्दलाई सुनेर महातेजस्वी कुम्भोदर [नामको गण] देवताहरूलाई दण्डले पिट्न लाग्यो। तब ती देवता भयभीत भएर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दुद्रुवुस्ते भयाविष्टा देवा हाहेति वादिनः।
अपतन्मुनयश्चान्ये विह्वलत्वं बभूव ह॥ १६

इन्द्रस्तु विकलोऽतीव जानुभ्यामवनीं गतः।
अन्ये देवर्षयोऽतीव विकलाः पतिता भुवि॥ १७

सर्वे मिलित्वा मुनयः सुराश्च सममाकुलाः।
संगता विधिहर्योस्तु समीपं मित्रचेतसोः॥ १८

अहो विधिबलं चैतन्मुनयः कश्यपादयः।
वदंति स्म तदा सर्वे हरिं लोकभयापहम्॥ १९

अभाग्यान्न समाप्तं तु कार्यमित्यपरे द्विजाः।
कस्माद्विघ्नमिदं जातमित्यन्ये ह्यतिविस्मिताः॥ २०

इत्येवं वचनं श्रुत्वा कश्यपाद्युदितं मुने।
आश्वासयन्मुनीन्देवान् हरिर्वाक्यमुपाददे॥ २१

विष्णुरुवाच

हे देवा मुनयः सर्वे मद्वचः शृणुतादरात्।
किमर्थं दुःखमापन्ना दुखं तु त्यजताखिलम्॥ २२

महदाराधनं देवा न सुसाध्यं विचार्यताम्।
महदाराधने पूर्वं भवेद्दुःखमिति श्रुतम्।
विज्ञाय दृढतां देवाः प्रसन्नो भवति ध्रुवम्॥ २३

शिवः सर्वगणाध्यक्षः सहसा परमेश्वरः।
विचार्यतां हृदा सर्वैः कथं वश्यो भवेदिति॥ २४

प्रणवं पूर्वमुच्चार्य नमः पश्चादुदाहरेत्।
शिवायेति ततः पश्चाच्छुभद्वयमतः परम्॥ २५

कुरुद्वयं ततः प्रोक्तं शिवाय च ततः पुनः।
नमश्च प्रणवश्चैव मंत्रमेवं सदा बुधाः॥ २६

आवर्तध्वं पुनर्यूयं यदि शंभुकृते तदा।
कोटिमेकं तथा जप्त्वा शिवः कार्यं करिष्यति॥ २७

हाय-हाय गर्दै त्यहाँबाट भागे। कतिपय मुनि तथा अन्य जन लडे, त्यस समय चारैतिर हाहाकार हुन लाग्यो। इन्द्र अत्यन्त व्याकुल भई घुँडाको बलले पृथ्वीमा लडे, त्यसै प्रकार अन्य देवता तथा ऋषि पनि व्याकुल भई पृथ्वीमा लडे॥ १५—१७॥

तब सबै देवता एवं मुनि परस्पर मिलेर व्याकुल भई शिवका मित्रभूत ब्रह्मा एवं विष्णुको समीपमा गए॥ १८॥

त्यस समय कश्यपादि सबै मुनि संसारको भय दूर गर्नुहुने विष्णुसित भन्न लागे—अहो! यो प्रारब्धको बल हो। अरू द्विज भन्न लागे कि अभाग्यले हाम्रो काम पूरा भएन र अरू जन अति विस्मित भएर विचार गर्न लागे कि यो विघ्न कसरी उपस्थित हुन गयो! हे मुनि! तब कश्यपादिद्वारा भनिएको यस वचनलाई सुनेर मुनि तथा देवताहरूलाई सान्त्वना दिनुहुँदै विष्णु यो वचन भन्न लाग्नुभयो— ॥ १९-२१॥

विष्णु भन्नुहुन्छ—हे देवताहरू हो! हे मुनिहरू हो! तपाईंहरू सबैजना हाम्रो वचन आदरपूर्वक सुन्नुहोस्, तपाईंहरू यस प्रकार किन दुखी भइरहनुभएको छ, तपाईंहरू आफ्ना समस्त दुःख त्याग गर्नुहोस्। हे देवताहरू हो! महान् व्यक्तिहरूको आराधना सरल छैन, तपाईंहरू स्वयं विचार गर्नुहोस्, ठुला व्यक्तिहरूको आराधनामा पहिला दुःख नै हुन्छ—यस्तो हामीले सुनेका छौं। हे देवताहरू हो! शिव दृढतालाई जानेर निश्चय नै प्रसन्न हुनुहुने छ॥ २२-२३॥

सदाशिव सबै गणहरूका अध्यक्ष एवं परमेश्वर हुनुहुन्छ। तपाईंहरू सबै आफ्नो मनमा विचार गर्नुहोस् कि ती सहसा कसरी वशमा हुन सक्नुहुन्छ। सबैभन्दा पहिली ॐ को उच्चारण गरी त्यसपछि 'नमः' उच्चारण गर्नुहोस्। पुनः 'शिवाय', अनि दुई पटक शुभं-शुभं, त्यसपछि दुई पटक 'कुरु' बताइएको छ। त्यसपछि 'शिवाय नमः' त्यसपछि प्रणव लगाउनु पर्छ। (ॐ नमः शिवाय शुभं शुभं कुरु कुरु शिवाय नमः ॐ) हे देवताहरू हो! यदि तपाईंहरू शिवका लागि यस मन्त्रको एक करोड सदा जप गर्नुहुन्छ भने शिव प्रसन्न भएर तपाईंहरूको कार्य अवश्य गर्नुहुने छ॥ २४—२७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इत्युक्ते च तदा तेन हरिणा प्रभविष्णुना।
तथा देवाः पुनश्चक्रुर्हरस्याराधनं मुने॥ २८
संजजाप हरिश्चापि सविधिश्शिवमानसः।
देवानां कार्यसिद्ध्यर्थं मुनीनां च विशेषतः॥ २९
मुहुः शिवेति भाषंतो देवा धैर्यसमन्विताः।
कोटिसंख्यं तदा कृत्वा स्थितास्ते मुनिसत्तम॥ ३०
एतस्मिन्नंतरे साक्षाच्छिवः प्रादुरभूत्स्वयम्।
यथोक्तेन स्वरूपेण वचनं चेदमब्रवीत्॥ ३१

श्रीशिव उवाच

हे हरे हे विधे देवा मुनयश्च शुभव्रताः।
प्रसन्नोऽस्मि वरं ब्रूत जपेनानेन चेप्सितम्॥ ३२

देवा ऊचुः

यदि प्रसन्नो देवेश जगदीश्वर शंकर।
सुरान् विज्ञाय विकलान् हन्यन्तां त्रिपुराणि च॥ ३३
रक्षास्मान्परमेशान दीनबंधो कृपाकर।
त्वयैव रक्षिता देवाः सदापद्भ्यो मुहुर्मुहुः॥ ३४

सनत्कुमार उवाच

इत्युक्तं वचनं तेषां श्रुत्वा सहरिवेधसाम्।
विहस्यांतस्तदा ब्रह्मन्महेशः पुनरब्रवीत्॥ ३५

महेश उवाच

हे हरे हे विधे देवा मुनयश्चाखिला वचः।
मदीयं शृणुतादृत्य नष्टं मत्वा पुरत्रयम्॥ ३६
रथं च सारथिं दिव्यं कार्मुकं शरमुत्तमम्।
पूर्वमंगीकृतं सर्वमुपपादयताचिरम्॥ ३७
हे विष्णो हे विधे त्वं हि त्रिलोकाधिपतिर्ध्रुवम्।
सर्वसम्राट्प्रकारं मे कर्तुमर्हसि यत्नतः॥ ३८
नष्टं पुरत्रयं मत्वा देवसाहाय्यमित्युत।
करिष्यथः प्रयत्नेनाधिकृतौ सर्गपालने॥ ३९
अयं मंत्रो महापुण्यो मत्प्रीतिजनकः शुभः।
भुक्तिमुक्तिप्रदः सर्वकामदः शैवकावहः॥ ४०
धन्यो यशस्य आयुष्यः स्वर्गकामार्थिनां नृणाम्।

हे मुनि! ती सर्वसमर्थ विष्णुद्वारा यस्तो बताइएपछि देवताहरू त्यसै किसिमले शिवको आराधना गर्न लागे। त्यस समय विष्णु पनि ब्रह्माका साथ शिवमा आफ्नू मन एकाग्र गरी देवता एवं मुनिहरूको विशेष रूपले कार्य सिद्ध गर्नका निमित्त जप गर्न लाग्नुभयो। हे मुनिसत्तम! धैर्य धारण गरी ती देवगण बारम्बार 'शिव' यस प्रकार उच्चारण गर्दै एक करोड मन्त्रको जप गरी त्यहीँ स्थित भए॥ २८—३०॥

यसै बिच स्वयं सदाशिव उनीहरूको सामुन्ने साक्षात् यथोक्त स्वरूपले प्रकट हुनुभयो र यो वचन भन्न लाग्नुभयो—॥ ३१॥

श्रीशिव भन्नुहुन्छ—हे हरि! हे विधि! हे देवगण! शुभव्रत भएका हे मुनि हो! म यस जपबाट प्रसन्न छु, तपाईंहरू अभीष्ट वर माग्नुहोस्॥ ३२॥

देवगण भन्दछन्—हे देवेश! हे जगदीश! हे शंकर! यदि हजुर प्रसन्न हुनुहुन्छ भने देवताहरूलाई व्याकुल जानेर त्रिपुरको वध गर्नुहोस्। हे परमेशान! हे दीनबन्धो! हे कृपाकर! हजुर हामी सबैको रक्षा गर्नुहोस्; किनभने हजुरले नै विपत्तिहरूबाट देवताहरूको सदा बारम्बार रक्षा गर्नुभएको छ॥ ३३-३४॥

सनत्कुमार भन्नुहुन्छ—हे ब्रह्मन्! तब ब्रह्मा, विष्णु एवं देवताहरूले भनेका यी वचन सुनेर शिवले मन-मनै हाँसेर भन्नुभयो—॥ ३५॥

महेश भन्नुहुन्छ—हे विष्णु! हे विधि! हे देवगण हो! हे मुनिहरू हो! तपाईंहरू सबै त्रिपुरलाई नष्ट भयो भनी ठानेर आदरपूर्वक मेरो वचन सुन्नुहोस्। तपाईंहरूले पूर्व समयमा जुन रथ, सारथी, दिव्य धनुष तथा उत्तम बाण दिन स्वीकार गर्नुभएको थियो, त्यो सबै चाँडै उपस्थित गर्नुहोस्। हे विष्णु! हे विधि! तपाईं त्रिलोकाधिपति हुनुहुन्छ, यसैले शीघ्र हाम्रा सम्राट् पदको योग्य सामग्री यत्नपूर्वक उपस्थित गर्नुहोस्। त्रिपुरलाई नष्ट ठानेर सृष्टि तथा पालनका लागि नियुक्त गरिएका तपाईं दुवै यी देवताहरूको सहायता गर्नुहोस्॥ ३६—३९॥

यो मन्त्र महापुण्यप्रद, मलाई प्रसन्न पार्ने, शुभ, भोग-मोक्ष प्रदान गर्ने, सबै प्रकारका कामनाहरूलाई पूर्ण गर्ने, शिवभक्तहरूलाई सुख दिने, धन्य, यश दिने,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अपवर्गो ह्यकामानां मुक्तानां भुक्तिमुक्तिदः॥ ४१

य इमं कीर्तयेन्मंत्रं शुचिर्भूत्वा सदा नरः।
शृणुयाच्छ्रावयेद्वापि सर्वान्कामानवाप्नुयात्॥ ४२

सनत्कुमार उवाच

इति श्रुत्वा वचस्तस्य शिवस्य परमात्मनः।
सर्वे देवा मुदं प्रापुर्हरिर्ब्रह्माधिकं तथा॥ ४३

सर्वदेवमयं दिव्यं रथं परमशोभनम्।
रचयामास विश्वार्थे विश्वकर्मा तदाज्ञया॥ ४४

आयुलाई बढाउने, स्वर्गको इच्छा गर्नेहरूलाई स्वर्ग तथा कामनारहित पुरुषहरूलाई मुक्ति दिने खालको छ, यो मुमुक्षुहरूलाई भोग तथा मोक्ष दुवै प्रदान गर्छ। जो मनुष्य पवित्र भएर नित्य यस मन्त्रको जप गर्छ अथवा यस मन्त्रलाई सुन्छ अथवा सुनाउँछ, उसका समस्त कामनाहरू पूर्ण हुन जान्छन्॥ ४०—४२॥

सनत्कुमार भन्नुहुन्छ—ती परमात्मा शिवको यस वचनलाई सुनेर सबै देवता प्रसन्न भए र विष्णु एवं ब्रह्मालाई धेरै प्रसन्नता भयो। त्यसपछि उहाँको आज्ञाबाट विश्वकर्माले संसारको कल्याणका लागि सर्वदेवमय, दिव्य तथा अत्यन्त सुन्दर रथको निर्माण गर्नुभयो॥ ४३–४४॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे देवस्तुतिवर्णनं नाम सप्तमोऽध्यायः॥ ७॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा देवस्तुतिवर्णन नामक सातौँ अध्याय पूर्ण भयो॥ ७॥

अथाष्टमोऽध्यायः

विश्वकर्माद्वारा निर्मित सर्वदेवमय दिव्य रथको वर्णन

व्यास उवाच

सनत्कुमार सर्वज्ञ शैवप्रवर सन्मते।
अद्भुतेयं कथा तात श्राविता परमेशितुः॥ १

इदानीं रथनिर्माणं ब्रूहि देवमयं परम्।
शिवार्थं यत्कृतं दिव्यं धीमता विश्वकर्मणा॥ २

सूत उवाच

इत्याकर्ण्य वचस्तस्य व्यासस्य स मुनीश्वरः।
सनत्कुमारः प्रोवाच स्मृत्वा शिवपदांबुजम्॥ ३

सनत्कुमार उवाच

शृणु व्यास महाप्राज्ञ रथादेर्निर्मितिं मुने।
यथामति प्रवक्ष्येऽहं स्मृत्वा शिवपदाम्बुजम्॥ ४

अथ देवस्य रुद्रस्य निर्मितो विश्वकर्मणा।
सर्वलोकमयो दिव्यो रथो यत्नेन सादरम्॥ ५

सर्वभूतमयश्चैव सौवर्णः सर्वसंमतः।
रथांगं दक्षिणं सूर्यस्तद्वामं सोम एव च॥ ६

दक्षिणं द्वादशारं हि षोडशारं तथोत्तरम्।
अरेषु तेषु विप्रेन्द्र आदित्या द्वादशैव तु॥ ७

व्यास भन्नुहुन्छ—हे सनत्कुमार! हे सर्वज्ञ! हे शैवप्रवर! हे सन्मति! हे तात! तपाईंले परमेश्वरको यो अद्भुत कथा सुनाउनुभयो। अब तपाईं सर्वदेवमय परम दिव्य रथ निर्माणको वर्णन गर्नुहोस्, जसलाई बुद्धिमान् विश्वकर्माले शिवका लागि निर्माण गर्नुभयो॥ १-२॥

सूत भन्नुहुन्छ—ती व्यासका यी वचनलाई सुनेर मुनीश्वर सनत्कुमार शिवका चरणकमलहरूको स्मरण गरी भन्न लागनुभयो—॥ ३॥

सनत्कुमार भन्नुहुन्छ—हे व्यास! हे महाप्राज्ञ! हे मुनि! म शिवका चरणकमलहरूको ध्यान गरी आफ्नू बुद्धिअनुसार रथ आदि निर्माणको वर्णन गर्ने छु, तपाईं त्यसको श्रवण गर्नुहोस्। विश्वकर्माले रुद्रदेवको सर्वलोकमय तथा दिव्य रथलाई यत्नले आदरपूर्वक बनाउनुभयो॥ ४–५॥

यो सर्वसम्मत तथा भूतमय रथ सुनले बनेको थियो। त्यसका दाहिने चक्रमा सूर्य एवं बाँया चक्रमा चन्द्रमा विराजमान थिए। हे विप्रेन्द्र! दाहिने चक्रमा बाह्र अरा लागेका थिए, ती अराहरूमा बाह्र आदित्य प्रतिष्ठित थिए र बायाँ पाङ्ग्रा सोह्र अराहरूले युक्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शशिनः षोडशारास्तु कला वामस्य सुव्रत।
ऋक्षाणि तु तथा तस्य वामस्यैव विभूषणम्॥ ८

थियो। हे सुव्रत! बायाँ पाङ्ग्राका सोह्र अरा चन्द्रमाका सोह्र कलाहरू थिए। सबै नक्षत्रले त्यस वामभागका पाङ्ग्राको शोभा बढाइरहेका थिए॥ ६—८॥

ऋतवो नेमयः षट् च तयोर्वै विप्रपुंगव।
पुष्करं चांतरिक्षं वै रथनीडश्च मंदरः॥ ९

अस्ताद्रिरुदयाद्रिस्तु तावुभौ कूबरौ स्मृतौ।
अधिष्ठानं महामेरुराश्रयाः केशराचलाः॥ १०

वेगः संवत्सरास्तस्य अयने चक्रसंगमौ।
मुहूर्ता बंधुरास्तस्य शम्याश्चैव कलाः स्मृताः॥ ११

तस्य काष्ठाः स्मृता घोणाश्चाक्षदंडाः क्षणाश्च वै।
निमेषाश्चानुकर्षाश्च ईषाश्चानुलवाः स्मृताः॥ १२

हे विप्रश्रेष्ठ! छ वटा ऋतु ती दुवै पाङ्ग्राका नेमि थिए। अन्तरिक्ष त्यस रथको अग्रभाग भयो र मन्दराचल रथनीड (मेरुदण्ड) भयो। अस्ताचल तथा उदयाचल दुवै त्यस रथका जुवा बताइएको छ। महामेरु त्यस रथको अधिष्ठान तथा अन्य पर्वत उसका केसर थिए। संवत्सर त्यस रथको वेग थियो तथा दुवै अयन (उत्तरायण एवं दक्षिणायन) चक्रका संगम थिए। मुहूर्त त्यसको बन्धुर (जोतारा) तथा कलाहरू त्यसका ठेडीहरू बताइएका छन्। काष्ठ (कलाको तीसौँ भाग) त्यसको घोण (जूआको अग्रभाग) र क्षण त्यसको अक्षदण्ड (धुरा) बताइएको छ। निमेष त्यस रथको अनुकर्ष (तल बिछ्याइएको काठ) र लव त्यसको ईषा (हरिस) बताइएको छ॥ ९—१२॥

द्यौर्वरूथं रथस्यास्य स्वर्गमोक्षावुभौ ध्वजौ।
युगान्तकोटितौ तस्य भ्रमकामदुघौ स्मृतौ॥ १३

द्युलोक त्यस रथको वरूथ (फलामको पर्दा वा पाता) तथा स्वर्ग र मोक्ष त्यसका दुवै ध्वजाहरू थिए। भ्रम र कामदुग्ध त्यस जूआका दुवै शिर (टुप्पा) बताइएको छ॥ १३॥

ईषादंडस्तथा व्यक्तं वृद्धिस्तस्यैव नड्वलः।
कोणास्तस्याप्यहंकारो भूतानि च बलं स्मृतम्॥ १४

व्यक्त त्यसको ईषादण्ड, वृद्धि नड्वल, अहंकार त्यसका कोण तथा पंचमहाभूत त्यस रथको बल बताइएको छ॥ १४॥

इन्द्रियाणि च तस्यैव भूषणानि समन्ततः।
श्रद्धा च गतिरस्यैव रथस्य मुनिसत्तम॥ १५

समस्त इन्द्रियहरू नै त्यस रथका चारैतिरका आभूषण थिए। हे मुनिसत्तम! श्रद्धा नै त्यस रथको गति थियो॥ १५॥

तदानीं भूषणान्येव षडंगान्युपभूषणम्।
पुराणन्यायमीमांसाधर्मशास्त्राणि सुव्रताः॥ १६

हे सुव्रत हो! त्यस समय षडंग (शिक्षा, कल्प, निरुक्त, व्याकरण, छन्द तथा ज्योतिष) त्यसका आभूषण बने। पुराण, न्याय, मीमांसा तथा धर्मशास्त्र त्यसका उपभूषण बने॥ १६॥

बलाशया वराश्चैव सर्वलक्षणसंयुताः।
मंत्रा घंटाः स्मृतास्तेषां वर्णपादास्तदाश्रमाः॥ १७

अथो बन्धो ह्यनन्तस्तु सहस्रफणभूषितः।
दिशः पादा रथस्यास्य तथा चोपदिशश्च ह॥ १८

पुष्कराद्याः पताकाश्च सौवर्णा रत्नभूषिताः।
समुद्रास्तस्य चत्वारो रथकंबलिनः स्मृताः॥ १९

सबै लक्षणहरूले युक्त वर त्यसको बलको स्थान बताइएको छ। वर्णाश्रमधर्म त्यसका चारवटै चरण तथा मन्त्र घण्टा बताइएको छ। हजारौँ फणाहरूबाट विभूषित अनन्त नामक सर्प त्यस रथको बन्धन भए, दिशा एवं उपदिशाहरू पाउ बने। पुष्करादि तीर्थ त्यस रथको रत्नजटित सुवर्णमय पताकाहरू र चारवटै समुद्र त्यस रथलाई ढाक्ने वस्त्र बताइएको छ॥ १७—१९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गंगाद्याः सरितश्रेष्ठाः सर्वाभरणभूषिताः।
चामरासक्तहस्ताग्राः सर्वाः स्त्रीरूपशोभिताः॥ २०

तत्र तत्र कृतस्थानाः शोभयांचक्रिरे रथम्।
आवहाद्यास्तथा सप्त सोपानं हैममुत्तमम्॥ २१

लोकालोकाचलस्तस्योपसोपानाः समन्ततः।
विषमश्च तथा बाह्यो मानसादिस्तु शोभनः॥ २२

पाशाः समन्ततस्तस्य सर्वे वर्षाचलाः स्मृताः।
तलास्तस्य रथस्याऽथ सर्वे तलनिवासिनः॥ २३

सारथिर्भगवान्ब्रह्मा देवा रश्मिधराः स्मृताः।
प्रतोदो ब्रह्मणस्तस्य प्रणवो ब्रह्मदैवतम्॥ २४

अकारश्च महच्छत्रं मंदरः पार्श्वदंडभाक्।
शैलेन्द्रः कार्मुकं तस्य ज्या भुजंगाधिपः स्वयम्॥ २५

घंटा सरस्वती देवी धनुषः श्रुतिरूपिणी।
इषुर्विष्णुर्महातेजास्त्वग्निः शल्यं प्रकीर्तितम्॥ २६

हयास्तस्य तथा प्रोक्ताश्चत्वारो निगमा मुने।
ज्योतींषि भूषणं तेषामवशिष्टान्यतः परम्॥ २७

अनीकं विषसंभूतं वायवो वादकाः स्मृताः।
ऋषयो व्यासमुख्याश्च वाहवाहास्तथाभवन्॥ २८

स्वल्पाक्षरैः संब्रवीमि किं बहूक्त्या मुनीश्वर।
ब्रह्मांडे चैव यत्किंचिद्वस्तुतद्वै रथे स्मृतम्॥ २९

एवं सम्यक्कृतस्तेन धीमता विश्वकर्मणा।
सरथादिप्रकारो हि ब्रह्मविष्णवाज्ञया शुभः॥ ३०

सबै प्रकारका आभूषणहरूले भूषित गंगा आदि सबै श्रेष्ठ नदीहरू हातहरूमा चँवर लिएका स्त्रीरूपमा सुशोभित भएर ठाउँ-ठाउँ स्थान बनाएर रथको शोभा बढाउन लागे। आवह आदि सातवटै वायु स्वर्णमय उत्तम सोपान बने एवं लोकालोक पर्वत त्यस रथको चारैतिर उपसोपान बने। मानस आदि सरोवर त्यस रथको बाहिरी उत्तम विषम स्थान भए॥ २०—२२॥

सबै वर्षाचल त्यस रथको चारैतिरका पाश र तललोकमा निवास गर्ने सबै प्राणी त्यस रथको तलको भाग बताइएको छ। भगवान् ब्रह्मा त्यसका सारथि र देवतागण घोडाको लगाम समात्ने बताइएको छ। ब्रह्मदैवत ॐकार ती ब्रह्माका कोर्रा थियो। अकार त्यसको महान् छाता, मन्दराचल त्यस छातालाई धारण गर्ने पार्श्ववर्ती दण्ड, पर्वतराज सुमेरु धनुष तथा स्वयं भुजंगराज शेषनाग त्यस धनुषको डोरी (ताँदो) बने॥ २३—२५॥

श्रुतिस्वरूपा भगवती सरस्वती त्यस धनुषको घण्टा बन्नुभयो। महान् तेजस्वी विष्णुलाई बाण तथा अग्निलाई त्यस बाणको शल्य (तिखो टुप्पो) बताइएको छ। हे मुनि! चारवटै वेद त्यस रथका घोडा बताइएको छ। सबै प्रकारका ज्योतिहरू यी अश्वहरूका परम आभूषण बने। समस्त विषसम्भूत पदार्थ सेना बने। सबै वायु बाजा बजाउनेहरू बताइएको छ। व्यास आदि ऋषिगण त्यसको स्तुति गर्ने भए॥ २६—२८॥

[सनत्कुमार भन्नुहुन्छ—] हे मुनीश्वर! धेरै भन्नाले के लाभ, म संक्षेपमै बताउँछु कि ब्रह्माण्डमा जति पनि वस्तु छन्, ती सबै त्यस रथमा विद्यमान बताइएको छ॥ २९॥

परम बुद्धिमान् विश्वकर्माले ब्रह्मा तथा विष्णुको आज्ञाले यस प्रकारको शुभ साधनले युक्त रथको राम्ररी निर्माण गरेका थिए॥ ३०॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे रथादियुद्धप्रकारवर्णनं नामाष्टमोऽध्यायः॥८॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा रथादियुद्धप्रकारवर्णन नामक आठौँ अध्याय पूर्ण भयो॥८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ नवमोऽध्यायः

ब्रह्मालाई सारथी बनाएर भगवान् शंकर दिव्य रथमा आरूढ भएर आफ्ना गण तथा देवसेनाका साथ त्रिपुर-वधका लागि प्रस्थान, शिवको पशुपति नाम रहनुको कारण

सनत्कुमार उवाच

ईदृग्विधं महादिव्यं नानाश्चर्यमयं रथम्।
संनह्य निगमानश्वांस्तं ब्रह्मा प्रार्पयच्छिवम्॥ १

शंभवेऽसौ निवेद्याधिरोपयामास शूलिनम्।
बहुशः प्रार्थ्य देवेशं विष्ण्वादिसुरसंमतम्॥ २

ततस्तस्मिन् रथे दिव्ये रथप्राकारसंयुते।
सर्वदेवमयः शंभुरारुरोह महाप्रभुः॥ ३

ऋषिभिः स्तूयमानश्च देवगंधर्वपन्नगैः।
विष्णुना ब्रह्मणा चापि लोकपालैर्बभूव ह॥ ४

उपावृतश्चाप्सरसांगणैर्गीतविशारदैः।
शुशुभे वरदः शम्भुः स तं प्रेक्ष्य च सारथिम्॥ ५

तस्मिन्नारोहति रथं कल्पितं लोकसंभृतम्।
शिरोभिः पतिता भूमौ तुरंगा वेदसंभवाः॥ ६

चचाल वसुधा चेलुः सकलाश्च महीधराः।
चकंपे सहसा शेषोऽसोढा तद्भारमातुरः॥ ७

अथाधः स रथस्यास्य भगवान्धरणीधरः।
वृषेन्द्ररूपी चोत्थाय स्थापयामास वै क्षणम्॥ ८

क्षणांतरे वृषेन्द्रोऽपि जानुभ्यामगमद्धराम्।
रथारूढमहेशस्य सुतेजस्सोढुमक्षमः॥ ९

अभीषुहस्तो भगवानुद्यम्य च हयांस्तदा।
स्थापयामास देवस्य वचनाद्वै रथं वरम्॥ १०

ततोऽसौ नोदयामास मनोमारुतरंहसः।
ब्रह्मा हयान्वेदमयान्नद्धान् रथवरे स्थितः॥ ११

पुराण्युद्दिश्य वै त्रीणि तेषां खस्थानि तानि हि।
अधिष्ठिते महेशे तु दानवानां तरस्विनाम्॥ १२

सनत्कुमार भन्नुहुन्छ—यस प्रकारको महादिव्य तथा अनेक आश्चर्यहरूले युक्त रथमा वेदरूपी घोडा जोतेर ब्रह्माले त्यसलाई शिवलाई समर्पित गर्नुभयो। त्यो रथ शिवलाई अर्पण गरी उहाँले विष्णु आदि देवगणहरूका सम्माननीय देवेश शिवसित धेरै प्रार्थना गरी उहाँलाई रथमा बसाउनुभयो। तब समस्त रथ-सामग्रीहरूले सम्पन्न त्यस दिव्य रथमा सर्वदेवमय महाप्रभु शम्भु आरूढ हुनुभयो॥ १—३॥

त्यस समय ऋषि, देवता, गन्धर्व, नाग, ब्रह्मा, विष्णु तथा समस्त लोकपाल उहाँको स्तुति गर्न लागे॥ ४॥

गाउनमा प्रवीण अप्सराहरूले घेरिएका वरदायक शिव ती सारथी (ब्रह्मा)-तिर हेर्दै सुशोभित हुन लाग्नुभयो। सर्वलोकमय त्यस निर्मित रथमा सदाशिव चढ्नासाथ वेदरूपी घोडाहरूले पृथ्वीमा टाउको टेके, जसबाट पृथ्वी तथा सबै पर्वत चलायमान हुन गयो र शेषनाग पनि त्यस भारलाई सहनमा असमर्थ हुनाको कारण कम्पित भए। तब पृथ्वीलाई धारण गर्नुहुने भगवान् शेष वृषेन्द्रको रूप धारण गरी क्षणमात्रका लागि त्यस रथलाई उठाएर स्थापित गर्न लाग्नुभयो, तर रथमा आरूढ शिवको परम तेजलाई सहन गर्नमा असमर्थ वृषेन्द्रले पनि पृथ्वीमा घुँडा टेके॥ ५—९॥

तब हातमा लगाम समात्नुभएका ब्रह्माले शंकरको आज्ञाले घोडाहरूलाई उठाएर रथलाई व्यवस्थित गर्नुभयो॥ १०॥

त्यसपछि ब्रह्मा स्वयं त्यस श्रेष्ठ रथमा सवार भई शिवको आज्ञाले मन तथा पवनको समान वेग भएको रथमा जोतिएका ती वेदरूपी घोडाहरूलाई तेजपूर्वक हाँक्न लागे। शिव बस्नुभएपछि त्यो रथ ती बलवान् दानवहरूको आकाशस्थित तीनवटै पुरलाई उद्देश्य गरी हिँड्न लाग्यो॥ ११-१२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथाह भगवान् रुद्रो देवानालोक्य शंकरः।
पशूनामाधिपत्यं मे दध्वं हन्मि ततोऽसुरान्॥ १३

पृथक् पशुत्वं देवानां तथान्येषां सुरोत्तमाः।
कल्पयित्वैव वध्यास्ते नान्यथा दैत्यसत्तमाः॥ १४

सनत्कुमार उवाच

इति श्रुत्वा वचस्तस्य देवदेवस्य धीमतः।
विषादमगमन्सर्वे पशुत्वं प्रतिशंकिताः॥ १५
तेषां भावमथ ज्ञात्वा देवदेवोऽम्बिकापतिः।
विहस्य कृपया देवान् शंभुस्तानिदमब्रवीत्॥ १६

शंभुरुवाच

मा वोऽस्तु पशुभावेऽपि पातो विबुधसत्तमाः।
श्रूयतां पशुभावस्य विमोक्षः क्रियतां च सः॥ १७
यो वै पाशुपतं दिव्यं चरिष्यति स मोक्ष्यति।
पशुत्वादिति सत्यं वः प्रतिज्ञातं समाहिताः॥ १८

ये चाप्यन्ये करिष्यन्ति व्रतं पाशुपतं मम।
मोक्ष्यन्ति ते न संदेहः पशुत्वात्सुरसत्तमाः॥ १९

नैष्ठिकं द्वादशाब्दं वा तदर्द्धं वर्षकत्रयम्।
शुश्रूषां कारयेद्यस्तु स पशुत्वाद्विमुच्यते॥ २०

तस्मात्परमिदं दिव्यं चरिष्यथ सुरोत्तमाः।
पशुत्वान्मोक्ष्यथ तदा यूयमत्र न संशयः॥ २१

सनत्कुमार उवाच

इत्याकर्ण्य वचस्तस्य महेशस्य परात्मनः।
तथेति चाब्रुवन्देवा हरिब्रह्मादयस्तथा॥ २२
तस्माद्वै पशवः सर्वे देवासुरवराः प्रभोः।
रुद्रः पशुपतिश्चैव पशुपाशविमोचकः॥ २३
तदा पशुपतीत्येतत्तस्य नाम महेशितुः।
प्रसिद्धमभवद् ह्यद्धा सर्वलोकेषु शर्मदम्॥ २४
मुदा जयेति भाषन्तः सर्वे देवर्षयस्तदा।
अमुदंश्चाति देवेशो ब्रह्मा विष्णुः परेऽपि च॥ २५
तस्मिंश्च समये यच्च रूपं तस्य महात्मनः।
जातं तद्वर्णितुं शक्यं न हि वर्षशतैरपि॥ २६

त्यस समय देवगणहरूतिर हेरेर कल्याण गर्नुहुने भगवान् रुद्रले भन्नुभयो—हे श्रेष्ठ देवताहरू हो! यदि तपाईंहरू मलाई पशुहरूको अधिपति बनाउँदछौँ भने म असुरहरूको वध गर्छु। देवताहरू तथा अन्य जनहरूमा पृथक्-पृथक् पशुत्वको कल्पना गरेपछि मात्र ती दैत्यश्रेष्ठ वधका योग्य हुन सक्छन्, अन्यथा हुन सक्दैनन्॥ १३-१४॥

सनत्कुमार भन्नुहुन्छ—ती बुद्धिमान् देवाधिदेवको यस वचनलाई सुनेर सबै देवता पशुत्वको प्रति शंकित भएर दुःखित भए। तब देवाधिदेव अम्बिकापति शंकर देवताहरूको भाव जानेर हाँस्तै ती देवताहरूसित भन्न लाग्नुभयो—॥ १५-१६॥

शम्भु भन्नुहुन्छ—हे देवगण हो! पशुभावमा प्राप्त भएपछि पनि तपाईंहरूको पतन हुने छैन, मेरो कुरा सुन्नुहोस् र त्यस पशुभावबाट आफूलाई मुक्त गर्नुहोस्। जो यस दिव्य पाशुपत व्रतको आचरण गर्ने छ, त्यो पशुत्वबाट मुक्त हुनेछ मैले तपाईंहरूसित सत्य प्रतिज्ञा गरेको छु॥ १७-१८॥

हे श्रेष्ठ देवता हो! जो अरू व्यक्ति पनि मेरो पाशुपतव्रतको आचरण गर्नेछन्, ती पशुत्वबाट मुक्त हुनेछन्, यसमा संशय छैन। जो निष्ठापूर्वक बाह्र वर्ष, छ वर्ष अथवा तीन वर्षसम्म मेरो उपासना गर्ने छ, त्यो पशुभावबाट मुक्त हुनेछ। यसैले हे श्रेष्ठ देवता हो! यदि तपाईंहरू यस श्रेष्ठ एवं दिव्य व्रतको आचरण गर्नुहुन्छ भने पशुत्वबाट मुक्त हुने छौ, यसमा सन्देह छैन॥ १९—२१॥

सनत्कुमार भन्नुहुन्छ—ती परमात्मा महेश्वरको यो वचन सुनेर ब्रह्मा, विष्णु आदि देवगणहरूले भने—त्यस्तै हुने छ। यसैले [हे वेदव्यास!] देवता एवं असुर सबै ती प्रभुका पशु हुन् र पशुहरूलाई पाशबाट मुक्त गर्नुहुने रुद्र भगवान् शंकर पशुपति हुनुहुन्छ॥ २२-२३॥

तबदेखि ती महेश्वरको यो कल्याणप्रद पशुपति नाम सबै लोकहरूमा प्रसिद्ध भयो॥ २४॥

त्यसपछि सबै देवता तथा ऋषि प्रसन्नतापूर्वक जय-जयकार गर्न लागे। स्वयं देवेश, ब्रह्मा, विष्णु एवं अन्यजन पनि ज्यादै प्रसन्न भए। त्यस समय ती परमात्माको जस्तो अद्भुत रूप थियो, त्यसको वर्णन सयकडौँ वर्षमा पनि गर्न सकिन्न॥ २५-२६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एवंविधो महेशानो महेशान्यखिलेश्वरः।
जगाम त्रिपुरं हन्तुं सर्वेषां सुखदायकः॥ २७
तं देवदेवः त्रिपुरं निहंतु
तदानु सर्वे तु रविप्रकाशाः।
गजैर्हयैस्सिंहवरै रथैश्च
वृषैर्युस्तेऽमरराजमुख्याः॥ २८
हलैश्च शालैर्मुशलैर्भुशुण्डै-
र्गिरीन्द्रकल्पैर्गिरिसंनिभाश्च।
नानायुधैः संयुतबाहवस्ते
ततो नु हृष्टाः प्रययुः सुरेशाः॥ २९
नानायुधाढ्याः परमप्रकाशा
महोत्सवाः शंभुजयं वदन्तः।
ययुः पुरस्तस्य महेश्वरस्य
तदेन्द्रपद्मोद्भवविष्णुमुख्याः॥ ३०
जहृषुर्मुनयः सर्वे दंडहस्ता जटाधराः।
ववृषुः पुष्पवर्षाणि खेचरास्सिद्धचारणाः॥ ३१

यस प्रकारको स्वरूप भएका, सबैका लागि सुखदायक अखिलेश्वर महेश तथा महेशानी त्रिपुरलाई मार्नका लागि हिँड्नुभयो। जुन समय देवाधिदेव त्यस त्रिपुरको वध गर्नका लागि हिँड्नुभयो, त्यस समय सूर्यसमान तेजस्वी इन्द्र आदि सबै देवता उत्तम हात्ती, घोडा, सिंह, रथ तथा साँढेमाथि सवार भई उहाँको पछि-पछि गए। हातहरूमा हलो, शाल, मूसल, विशाल पर्वतसमान भुशुण्डी तथा विविध आयुध धारण गरेका पर्वतसदृश्य ती इन्द्रादि देवता प्रसन्न भएर [त्रिपुरको वध गर्नका लागि] गए॥ २७—२९॥

त्यस समय अनेक प्रकारका आयुधहरूले युक्त तथा परम प्रकाशमान इन्द्र, ब्रह्मा, विष्णु आदि देवता महोत्सव मनाउँदै तथा शिवको जय-जयकार गर्दै ती महेश्वरको अघि-अघि हिँडिरहेका थिए॥ ३०॥

त्यस समय हातमा दण्ड लिएका तथा जटा धारण गरेका सबै मुनि हर्षित भए र आकाशमा विचरण गर्ने सिद्ध तथा चारण पुष्पवृष्टि गर्न लागे॥ ३१॥

पुरत्रयं च विप्रेन्द्र व्रजन्सर्वे गणेश्वराः।
तेषां संख्यां च कः कर्तुं समर्थो वच्मि कांश्चन॥ ३२
गणेश्वरैर्देवगणैश्च भृङ्गी
समावृतः सर्वगणेन्द्रवर्यः।
जगाम योगांस्त्रिपुरं निहन्तुं
विमानमारुह्य यथा महेन्द्रः॥ ३३
केशो विगतवासश्च महाकेशो महाज्वरः।
सोमवल्लीसवर्णश्च सोमपः सनकस्तथा॥ ३४
सोमधृक् सूर्यवर्चाश्च सूर्यप्रेषणकस्तथा।
सूर्याक्षः सूरिनामा च सुरः सुन्दर एव च॥ ३५
प्रस्कंदः कुन्दरश्चण्डः कंपनश्चातिकंपनः।
इन्द्रश्चेन्द्रजवश्चैव यन्ता हिमकरस्तथा॥ ३६
शताक्षश्चैव पंचाक्षः सहस्राक्षो महोदरः।
सतीजुहः शतास्यश्च रंकः कर्पूरपूतनः॥ ३७
द्विशिखस्त्रिशिखश्चैव तथाहंकारकारकः।
अजवक्त्रोऽष्टवक्त्रश्च हयवक्त्रोऽर्द्धवक्त्रकः॥ ३८
इत्याद्या गणपा वीरा बहवोऽपरिमेयकाः।
प्रययुः परिवार्येशं लक्ष्यलक्षणवर्जिताः॥ ३९

हे ब्राह्मणश्रेष्ठ! जुन सबै गणेश्वर तीनवटै पुरमा गइरहेका थिए, उनीहरूको संख्या बताउनमा को समर्थ छ, तथापि म केही बताउँदै छु॥ ३२॥

गणेश्वरहरू र देवगणहरूका साथ सबै गणहरूभन्दा श्रेष्ठ भृंगी विमानमा चढेर महेन्द्रको समान त्रिपुरको वध गर्नका लागि गए। केश, विगतवास, महाकेश, महाज्वर, सोमवल्ली, सवर्ण, सोमप, सनक, सोमधृक्, सूर्यवर्चा, सूर्यप्रेषण, सूर्याक्ष, सूरि, सुर, सुन्दर, प्रस्कन्द, कुन्दर, चण्ड, कम्पन, अतिकम्पन, इन्द्र, इन्द्रजव, हिमकर, यन्ता, शताक्ष, पंचाक्ष, सहस्राक्ष, महोदर, सतीजुह, शतास्य, रंक, कर्पूरपूतन, द्विशिख, त्रिशिख, अहंकारकारक, अजवक्त्र, अष्टवक्त्र, हयवक्त्र तथा अर्धवक्त्र इत्यादि धेरैजसो असंख्य वीरगण, जो लक्ष्य-लक्षणबाट रहित थिए, ती शिवलाई घेरेर हिँडे॥ ३३—३९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समावृत्य महादेवं तदापुस्ते पिनाकिनम्।
दग्धुं समर्था मनसा क्षणेन सचराचरम्॥ ४०
दग्धुं जगत्सर्वमिदं समर्थाः
किं त्वत्र दग्धुं त्रिपुरं पिनाकी।
रथेन किं चात्र शरेण तस्य
गणैश्च किं देवगणैश्च शम्भोः॥ ४१
स एव दग्धुं त्रिपुराणि तानि
देवद्विषां व्यास पिनाकपाणिः।
स्वयं गतस्तत्र गणैश्च सार्द्धं
निजैस्सुराणामपि सोऽद्भुतोतिः॥ ४२
किं तत्र कारणं चान्यद्वच्मि ते ऋषिसत्तम।
लोकेषु ख्यापनार्थं वै यशः परमलापहम्॥ ४३

अन्यच्च कारणं ह्येतद्दुष्टानां प्रत्ययाय वै।
सर्वेष्वपि च देवेषु यस्मान्नान्यो विशिष्यते॥ ४४

जुन गण महादेव शिवलाई घेरेर उहाँका साथ हिँडिरहेका थिए, ती मनबाट नै चराचर जगत्लाई भस्म गर्नमा समर्थ थिए। तर यहाँ त पिनाकधारी भगवान् शंकर स्वयं नै त्रिपुरलाई जलाउनमा समर्थ हुनुहुन्थ्यो। ती शम्भुलाई रथ, बाण, गणहरू तथा देवताहरूको के आवश्यकता थियो, तर हे व्यास! हातमा पिनाक धारण गर्नुभएका उहाँ आफ्ना गणहरू तथा देवताहरूका साथ दैत्यहरूको त्यो तीनवटै पुरलाई जलाउनका लागि गइरहनुभएको थियो। यो उहाँको अद्भुत लीला हो॥ ४०—४२॥

हे ऋषिश्रेष्ठ! त्यसमा जुन कारण छ, त्यसलाई म तपाईंसित भन्दै छु। अरूको पापनाश गर्नुहुने उहाँले आफ्नो यश त्रिलोकीमा विस्तार गर्नका निम्ति यस्तो गर्नुभयो र दोस्रो यो पनि कारण हो कि दुष्टहरूको मनमा यो विश्वास हुन जाओस कि सबै देवगणहरूमा शिवभन्दा ठुला अरू कोही छैन॥ ४३-४४॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे शिवयात्रावर्णनं नाम नवमोऽध्यायः॥ ९॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा शिवयात्रावर्णन नामक नवौँ अध्याय पूर्ण भयो॥ ९॥

अथ दशमोऽध्यायः

भगवान् शिवले त्रिपुरमाथि सन्धान गर्नु, गणेशले विघ्न उपस्थित गर्नु, आकाशवाणीद्वारा बोधित भएपछि शिवद्वारा विघ्ननाशक गणेशको पूजा, अभिजित् मुहूर्तमा तीनवटै पुर एकत्र हुनु र शिवले बाणाग्निद्वारा सम्पूर्ण त्रिपुरलाई भस्म पार्नु, मयदानव बाँच्नु

सनत्कुमार उवाच

अथ शम्भुर्महादेवो रथस्थः सर्वसंयुतः।
त्रिपुरं सकलं दग्धुमुद्यतोऽभूत्सुरद्विषाम्॥ १

शीर्षं स्थानकमास्थाय संधाय च शरोत्तमम्।
सज्जं तत्कार्मुकं कृत्वा प्रत्यालीढं महाद्भुतम्॥ २

निवेश्य दृढमुष्टौ च दृष्टिं दृष्टौ निवेश्य च।
अतिष्ठन्निश्चलस्तत्र शतं वर्षसहस्त्रकम्॥ ३

ततोऽङ्गुष्ठे गणाध्यक्षः स तुदत्यनिशं स्थितः।
न लक्ष्यं विविशुस्तानि पुराण्यस्य त्रिशूलिनः॥ ४

सनत्कुमार भन्नुहुन्छ—[हे व्यास!] त्यसपछि महादेव शम्भु सम्पूर्ण सामग्रीहरूले युक्त भई त्यस रथमा बसेर दैत्यहरूको सम्पूर्ण त्रिपुरलाई दग्ध गर्नका लागि उद्यत हुनुभयो। त्यस रथको शीर्ष स्थानमा स्थित भई उहाँ धनुषलाई चढाएर त्यसमा उत्तम बाण सन्धान गरी अत्यन्त अद्भुत प्रत्यालीढ आसनमा स्थित भएर दृढमुष्टिमा धनुषलाई समातेर आफ्नो दृष्टिमा दृष्टि राखेर निश्चल भई सय हजार वर्षपर्यन्त त्यहाँ स्थित रहनुभयो। त्यस समय ती गणेश शिवको बुढीऔँलामा स्थिर भई निरन्तर उहाँलाई पीडित पार्न लागनुभयो, जसले गर्दा उहाँको लक्ष्यमा त्रिपुर देखिएन॥ १—४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततोऽन्तरिक्षादशृणोद्धनुर्बाणधरो हरः।
मुञ्जकेशो विरूपाक्षो वाचं परमशोभनाम्॥ ५
भो भो न यावद्भगवन्नर्चितोऽसौ विनायकः।
पुराणि जगदीशेश सांप्रतं न हनिष्यति॥ ६

तब मुंजकेश, विरूपाक्ष तथा धनुष-बाणधारी शंकरले यो अत्यन्त मनोहर आकाशवाणी सुन्नुभयो। हे जगदीश! हे ईश! हे भगवान्! जबसम्म हजुर ती गणेशको पूजा गर्नुहुन्न, तबसम्म हजुर त्रिपुरको नाश गर्नु सक्नुहुन्न॥ ५-६॥

एतच्छ्रुत्वा तु वचनं गजवक्त्रमपूजयत्।
भद्रकालीं समाहूय ततोऽन्धकनिषूदनः॥ ७

त्यसपछि यो वचन सुनेर अन्धकको वध गर्नुहुने सदाशिवले भद्रकालीलाई बोलाएर गणेशको पूजा गर्नुभयो॥ ७॥

तस्मिन् संपूजिते हर्षात्परितुष्टे पुरस्सरे।
विनायके ततो व्योम्नि ददर्श भगवान्हरः॥ ८
पुराणि त्रीणि दैत्यानां तारकाणां महात्मनाम्।
यथातथं हि युक्तानि केचिदित्थं वदंति ह॥ ९
परब्रह्मणि देवेशे सर्वोपास्ये महेश्वरे।
अन्यप्रसादतः कार्यसिद्धिर्घटति नेति हि॥ १०

पूजाबाट ती गणेश प्रसन्न भएपछि भगवान् शिवले आकाशमा स्वयं आफ्नो अगाडि ती महात्मा दैत्य तारकपुत्रहरूको तीनवटै पुरलाई देख्नुभयो, जुन यथायोग्य एक-अर्कासित युक्त थिए। यस विषयमा कोही यस्तो भन्दछन् कि—परब्रह्म देवेश परमेश्वर त सबैका पूजनीय हुनुहुन्छ, फेरि उहाँको कार्यसिद्धि अरूको प्रसन्नताबाट भयो, यो त उहाँका लागि उचित प्रतीत हुन्न॥ ८—१०॥

स स्वतंत्रः परं ब्रह्म सगुणो निर्गुणोऽपि ह।
अलक्ष्यः सकलैः स्वामी परमात्मा निरंजनः॥ ११
पंचदेवात्मकः पंचदेवोपास्यः परः प्रभुः।
तस्योपास्यो न कोऽप्यस्ति स एवोपास्य आलयम्॥ १२
अथवा लीलया तस्य सर्वं संघटते मुने।
चरितं देवदेवस्य वरदातुर्महेशितुः॥ १३

ती परब्रह्म, स्वतन्त्र, सगुण, निर्गुण, परमात्मा तथा मायाबाट रहित एवं सबैबाट अलक्ष्य हुनुहुन्छ। ती परम प्रभु पंचदेवात्मक तथा पंचदेवहरूका उपास्य हुनुहुन्छ। उहाँका कोही पनि उपास्य छैनन्, उनै सबैका उपास्य हुनुहुन्छ। अथवा हे मुनि! सबका वरदायक ती देवाधिदेव महेश्वरको लीलाबाट सबै चरित सम्भव छ॥ ११—१३॥

तस्मिंस्थिते महादेवे पूजयित्वा गणाधिपम्।
पुराणि तत्र कालेन जग्मुरेकत्वमाशु वै॥ १४

जब महादेव गणेशको पूजा गरी स्थित हुनुभयो, त्यसै समय ती तीनवटै पुर तत्काल एउटैमा विलय भयो॥ १४॥

एकीभावं मुने तत्र त्रिपुरे समुपागते।
बभूव तुमुलो हर्षो देवादीनां महात्मनाम्॥ १५

हे मुनि! यस प्रकार त्रिपुर एकै साथ मिलेपछि देवताहरू तथा महात्माहरूलाई ठूलो प्रसन्नता भयो॥ १५॥

ततो देवगणाः सर्वे सिद्धाश्च परमर्षयः।
जयेति वाचो मुमुचुः स्तुवंतश्चाष्टमूर्तिकम्॥ १६

तत्पश्चात् समस्त देवगण, महर्षि एवं सिद्धगण महादेवको स्तुति गर्दै उहाँको जय-जयकार गर्न लागे॥ १६॥

अथाहेति तदा ब्रह्मा विष्णुश्च जगतां पतिः।
समयोऽपि समायातो दैत्यानां वधकर्मणः॥ १७
तेषां तारकपुत्राणां त्रिपुराणां महेश्वर।
देवकार्यं कुरु विभो एकत्वमपि चागतम्॥ १८
यावन्न यान्ति देवेश विप्रयोगं पुराणि वै।
तावद् बाणं विमुञ्चस्व त्रिपुरं भस्मसात्कुरु॥ १९

त्यसपछि जगत्पति ब्रह्मा तथा विष्णुले भन्नुभयो—हे महेश्वर! अब यी दैत्य तारकपुत्रहरूको वधकार्यको समय उपस्थित भएको छ। हे विभु! हजुर देवकार्य सम्पन्न गर्नुहोस्; किनभने उनीहरूका तीनवटै पुर एक स्थानमा आएका छन्। हे देवेश! यी पुर एक-अर्काबाट अलग नहुँदै हजुर बाण छोड्नुहोस् र त्रिपुरलाई भस्म गर्नुहोस्॥ १७—१९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ सज्यं धनुः कृत्वा शर्वः संधाय तं शरम्।
पूज्यं पाशुपतास्त्रं स त्रिपुरं समचिन्तयत्॥ २०

तब शंकरले धनुषमा ताँदो चढाएर त्यसमा बाण राखी त्रिपुरसंहारका लागि आफ्नो पूज्य पाशुपतास्त्रको ध्यान गर्नुभयो॥ २०॥

अथ देवो महादेवो वरलीलाविशारदः।
केनापि कारणेनात्र सावज्ञं तदवैक्षत॥ २१

त्यसपछि श्रेष्ठ लीलाविशारद शिव कुनै कारणले ती पुरलाई निरादरको दृष्टिले हेर्न लाग्नुभयो॥ २१॥

पुरत्रयं विरूपाक्षः कर्तुं तद्भस्मसात्क्षणात्।
समर्थः परमेशानो जानातु च सतां गतिः॥ २२

दग्धुं समर्थो देवेशो वीक्षणेन जगत्त्रयम्।
अस्मद्यशो विवृद्ध्यर्थं शरं मोक्तुमिहार्हसि॥ २३

हजुर विरूपाक्ष हुनुहुन्छ र यी तीनवटै पुरलाई क्षणमात्रमा दग्ध गर्नमा समर्थ हुनुहुन्छ तथा सज्जनहरूका एकमात्र गति हुनुहुन्छ। यद्यपि हजुर देवेश्वर आफ्नो दृष्टिमात्रले तीनवटै लोकलाई भस्म गर्नमा समर्थ हुनुहुन्छ, तर हामीहरूको यशलाई बढाउनका लागि हजुर उनीहरूमाथि आफ्नो बाण छोड्नुहोस्॥ २२-२३॥

इति स्तुतोऽमरैः सर्वैर्विष्ण्वादिविधिभिस्तदा।
दग्धुं पुरत्रयं तद्वै बाणेनैच्छन्महेश्वरः॥ २४

मुहूर्तेऽभिजिदाख्ये तु विकृष्य धनुरद्भुतम्।
कृत्वा ज्यातलनिर्घोषं नादमत्यंतदुस्सहम्॥ २५

आत्मनो नाम विश्राव्य समाभाष्य महासुरान्।
मार्तंडकोटिवपुषं कांडमुग्रो मुमोच ह॥ २६

यसरी जब विष्णु, ब्रह्मा आदि समस्त देवताहरूले महेश्वरको स्तुति गरे, तब उहाँले त्यसै बाणले तीनवटै पुरलाई भस्म पार्ने इच्छा गर्नुभयो। ती शिवले अभिजित् मुहूर्तमा त्यस अद्भुत धनुषलाई खैँचेर त्यसको प्रत्यंचाको टंकारले अत्यन्त दुःसह शब्द गरी ती असुरहरूलाई आफ्नो नाम सुनाई तिनलाई ललकार्दै करोडौँ सूर्य समान देदीप्यमान बाण छोड्नुभयो॥ २४—२६॥

ददाह त्रिपुरस्थांस्तान्दैत्याँस्त्रीन्विमलापहः।
स आशुगो विष्णुमयो वह्निशल्यो महाज्वलन्॥ २७

पापनाशक, जाज्वल्यमान, अग्निका तिखा टुप्पाले युक्त तथा तीव्रगामी त्यस विष्णुमय बाणले त्रिपुरमा रहने ती तीनवटै दैत्यहरूलाई दग्ध गरिदियो॥ २७॥

ततः पुराणि दग्धानि चतुर्जलधिमेखलाम्।
गतानि युगपद्भूमिं त्रीणि दग्धानि भस्मशः॥ २८

दैत्यास्तु शतशो दग्धास्तस्य बाणस्थवह्निना।
हाहाकारं प्रकुर्वंतश्शिवपूजाव्यतिक्रमात्॥ २९

यस प्रकार भस्म भएका ती तीनवटै पुर चार समुद्रहरूको मेखला भएकी पृथ्वीमा एकै साथ खसे र बल्दै गरेको त्यो पुर खरानी हुन गयो। शिवको पूजामा व्यतिक्रमको कारण सयकडौँ दैत्य हाहाकार गर्दै त्यस बाणको अग्निले भस्म भए॥ २८-२९॥

तारकाक्षस्तु निर्दग्धो भ्रातृभ्यां सहितोऽभवत्।
सस्मार स्वप्रभुं देवं शंकरं भक्तवत्सलम्॥ ३०

भक्त्या परमया युक्तः प्रलपन् विविधा गिरः।
महादेवं समुद्वीक्ष्य मनसा तमुवाच सः॥ ३१

जब भाइहरूसहित तारकाक्ष भस्म हुन लाग्यो, तब उसले आफ्नो प्रभु भक्तवत्सल भगवान् सदाशिवको स्मरण गऱ्यो। महादेवतिर हेरेर परम भक्तिले युक्त भई त्यो नाना प्रकारका विलाप गर्दै मन-मनै उहाँसित भन्न लाग्यो—॥ ३०-३१॥

तारकाक्ष उवाच

भव ज्ञातोऽसि तुष्टोऽसि यद्यस्मान् सह बंधुभिः।
तेन सत्येन भूयोऽपि कदा त्वं प्रदहिष्यसि॥ ३२

दुर्लभं लब्धमस्माभिर्यदप्राप्यं सुरासुरैः।
त्वद्भावभाविता बुद्धिर्जाते जाते भवत्विति॥ ३३

तारकाक्ष भन्दछ— हे भव! मैले जानेको छु कि हजुर हामीमाथि प्रसन्न हुनुहुन्छ, आफ्नो यस सत्यको प्रभावले हजुर पुनः भाइहरूसहित हामीलाई कहिले जलाउनु हुने छ? हे भगवन्! हामीहरूले त्यो दुर्लभ वस्तु प्राप्त गरेका छौँ, जुन देवता र असुरहरूका लागि पनि अप्राप्य छ, हाम्रो बुद्धि जन्म-जन्मान्तरमा हजुरको भक्तिबाट भावित रहोस्॥ ३२-३३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इत्येवं विब्रुवन्तस्ते दानवास्तेन वह्निना।
शिवाज्ञयाद्भुतं दग्धा भस्मसादभवन्मुने॥ ३४

अन्येऽपि बाला वृद्धाश्च दानवास्तेन वह्निना।
शिवाज्ञया द्रुतं व्यास निर्दग्धा भस्मसात्कृताः॥ ३५

स्त्रियो वा पुरुषा वापि वाहनानि च तत्र ये।
सर्वे तेनाग्निना दग्धाः कल्पान्ते तु जगद्यथा॥ ३६

भर्तृन्कंठगतान्हित्वा काश्चिद्दग्धा वरस्त्रियः।
काश्चित्सुप्ताः प्रमत्ताश्च रतिश्रांताश्च योषितः॥ ३७

अर्द्धदग्धा विबुद्धाश्च बभ्रमुर्मोहमूर्च्छिताः।
तेन नासीत्सुसूक्ष्मोऽपि घोरत्रिपुरवह्निना॥ ३८

अविदग्धो विनिर्मुक्तः स्थावरो जंगमोऽपि वा।
वर्जयित्वा मयं दैत्यं विश्वकर्माणमव्ययम्॥ ३९

अविरुद्धं तु देवानां रक्षितं शंभुतेजसा।
विपत्कालेऽपि सद्भक्तं महेशशरणागतम्॥ ४०

सन्निपातो हि येषां नो विद्यते नाशकारकः।
दैत्यानामन्यसत्त्वानां भावाभावे कृताकृते॥ ४१

तस्माद्यत्नः सुसंभाव्यः सद्भिः कर्तव्य एव हि।
गर्हणात्क्षीयते लोको न तत्कर्म समाचरेत्॥ ४२

न संयोगो यथा तेषां भूयात् त्रिपुरवासिनाम्।
मतमेतद्धि सर्वेषां दैवाद्यदि यतो भवेत्॥ ४३

ये पूजयंतस्तत्रापि दैत्या रुद्रं सबांधवाः।
गाणपत्यं ययुः सर्वे शिवपूजाविधेर्बलात्॥ ४४

हे मुनि! यसो भन्दै गरेका ती दैत्यहरूलाई शिवको आज्ञाबाट अग्निले अद्भुत रीतिले जलाएर खरानी पारिदिए। हे व्यास! त्यस अग्निले अन्य बालक तथा वृद्ध दानवहरूलाई पनि शिवको आज्ञाले तत्काल जलाएर खरानी पारिदिए। जसरी कल्पान्तमा जगत् भस्म हुन जान्छ, त्यसरी नै त्यस अग्निले त्यहाँ जति पनि स्त्री, पुरुष, वाहन आदि थिए, ती सबैलाई जलाइदिए॥ ३४—३६॥

धैरैजसो श्रेष्ठ स्त्रीहरू घाँटीमा हातहरू राख्ने आफ्ना पतिहरूलाई छोडेर भस्म भए, निदाएका, प्रमत्त र रतिश्रान्त स्त्रीहरू पनि भस्म भए॥ ३७॥

कोही आधा जलेर चेतनामा आएपछि बारम्बार मोहबाट मूर्च्छित हुँदै थिए। कुनै अति सूक्ष्म यस्तो वस्तु पनि शेष रहेन, जुन त्रिपुरको अग्निबाट भस्म नभएको होस्॥ ३८॥

केवल एक अविनाशी विश्वकर्मा मयदानवलाई छोडेर स्थावर तथा जंगम कोही पनि जल्नबाट बचेनन्, उनी देवताहरूको विरोधी थिएनन्, विपत्तिकालमा पनि महेशको शरणागत भक्त थिए र शिवको तेजले रक्षित थिए॥ ३९-४०॥

चाहे दैत्य हुन्, चाहे अन्य प्राणी हुन्, भावाभावको अवस्थामा तथा कृत-अकृत कालमा महेश्वरको शरणागत भएपछि तिनको नाशकारक पतन हुँदैन। यसैले सत्पुरुषहरूले ध्यानपूर्वक यस प्रकारको यत्न गर्नुपर्छ, जसबाट भक्ति बढोस्। निन्दाबाट लोकको क्षय हुन्छ, अतः त्यस्तो कर्म कहिल्यै गर्नु हुँदैन॥ ४१-४२॥

पुरुषले कहिल्यै यस्तो कार्य गर्नुहुँदैन, जसबाट ती त्रिपुरहरूको-जस्तो संयोग उपस्थित होस्। उत्तम कुरा के हो कि प्रारब्धदेखि सबैको मन शिवमा लागोस्॥ ४३॥

त्यस समय पनि जुन दैत्य बान्धवहरूसहित शिवपूजामा तत्पर थिए, ती सबै शिवपूजाको प्रभावले गणहरूका अधिपति भए॥ ४४॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे त्रिपुरदाहवर्णनं नाम दशमोऽध्यायः॥ १०॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा त्रिपुरदाहवर्णन नामक दसौं अध्याय पूर्ण भयो॥ १०॥

2325_Sihvpurana_Part_1_Nepali_Section_29_1_Front

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथैकादशोऽध्यायः

त्रिपुरदाह पश्चात् भगवान् शिवको रौद्ररूपबाट भयभीत देवताहरूद्वारा उहाँको स्तुति र उहाँबाट भक्तिको वरदान प्राप्त गर्नु

व्यास उवाच

ब्रह्मपुत्र महाप्राज्ञ धन्यस्त्वं शैवसत्तम।
किमकार्षुस्ततो देवा दग्धे च त्रिपुरेऽखिलाः॥ १
मयः कुत्र गतोऽदग्धो यतयः कुत्र ते गताः।
तत्सर्वं मे समाचक्ष्व यदि शंभुकथाश्रयम्॥ २

सूत उवाच

व्यासवाक्यं समाकर्ण्य भगवान्भवकृत्सुतः।
सनत्कुमारः प्रोवाच शिवपादयुगं स्मरन्॥ ३

सनत्कुमार उवाच

शृणु व्यास महाबुद्धे पाराशर्य्य महेशितुः।
चरितं सर्वपापघ्नं लोकलीलानुसारिणः॥ ४
महेश्वरेण सर्वस्मिंस्त्रिपुरे दैत्यसंकुले।
दग्धे विशेषतस्तत्र विस्मितास्तेऽभवन्सुराः॥ ५
न किंचिदब्रुवन्देवाः सेन्द्रोपेन्द्रादयस्तदा।
महातेजस्विनं रुद्रं सर्वे वीक्ष्य ससंभ्रमाः॥ ६
महाभयंकरं रौद्रं प्रज्वलन्तं दिशो दश।
कोटिसूर्यप्रतीकाशं प्रलयानलसन्निभम्॥ ७
भयाद्देवं निरीक्ष्यैव देवीं च हिमवत्सुताम्।
बिभ्यिरे निखिला देवप्रमुखास्तस्थुरानताः॥ ८
दृष्ट्वानीकं तदा भीतं देवानामृषिपुंगवाः।
न किंचिदूचुः संतस्थुः प्रणेमुस्ते समन्ततः॥ ९
अथ ब्रह्मापि संभीतो दृष्ट्वा रूपं च शांकरम्।
तुष्टाव तुष्टहृदयो देवैः सह समाहितः॥ १०
विष्णुना च सभीतेन देवदेवं भवं हरम्।
त्रिपुरारिं सगिरिजं भक्ताधीनं महेश्वरम्॥ ११

ब्रह्मोवाच

देवदेव महादेव भक्तानुग्रहकारक।
प्रसीद परमेशान सर्वदेवहितप्रद॥ १२
प्रसीद जगतां नाथ प्रसीदानंददायक।
प्रसीद शंकर स्वामिन् प्रसीद परमेश्वर॥ १३

व्यास भन्नुहुन्छ—हे ब्रह्मपुत्र! हे महाप्राज्ञ! तपाईं धन्य हुनुहुन्छ। हे शैवश्रेष्ठ! त्रिपुर जलेपछि सबै देवताहरूले के गरे, दाहबाट रहित मय कहाँ गए, ती यतिगण कहाँ गए, यदि शिवको कथासित सम्बन्धित अरू केही छन् भने त्यो सबै मलाई बताउनुहोस्॥ १-२॥

सूत भन्नुहुन्छ—व्यासका यी वचनलाई सुनेर ब्रह्मा पुत्र भगवान् सनत्कुमार शिवका चरणयुगलको स्मरण गर्दै भन्न लागे—॥ ३॥

सनत्कुमार भन्नुहुन्छ—हे महाबुद्धि! हे पराशरपुत्र व्यास! अब तपाईं लोकलीलाको अनुसरण गर्नुहुने महेश्वरका सर्वपापनाशक चरित्र सुन्नुहोस्। महेश्वरद्वारा दैत्यहरूबाट परिपूर्ण समस्त त्रिपुर दग्ध गरिएपछि ती देवता विशेष रूपले आश्चर्यचकित भए। त्यस समय इन्द्र, विष्णुसहित सबै देवता महातेजस्वी रुद्रलाई देखेर आश्चर्यमा परे र केही पनि भनेनन्॥ ४—६॥

अत्यन्त भयंकर, रौद्र रूप भएका, दसै दिशाहरूलाई प्रज्वलित गर्दै, करोडौँ सूर्य समान तथा प्रलयाग्नि-सदृश्य महादेवलाई तथा देवी पार्वतीलाई देखेर सबै देवगण भयभीत भए र शिर झुकाएर उभिए॥ ७-८॥

तब श्रेष्ठ ऋषिगण देवसेनालाई यस प्रकार भयभीत देखेर केही पनि नभनी तथा ती [शिवलाई] प्रणाम गरी चारैतिर उभिरहे॥ ९॥

तब शंकरको रूपलाई देखेर डराएका ब्रह्मा पनि प्रसन्नचित्त भएर सावधान भई देवताहरू तथा भयभीत विष्णुका साथ पार्वतीसहित भक्ताधीन देवदेव, भव, हर, त्रिपुरारि महेश्वरको स्तुति गर्न लागे॥ १०-११॥

ब्रह्मा भन्नुहुन्छ—हे देव! हे महादेव! हे भक्तानुग्रहकारक! हे सर्वदेवहितकारी परमेश्वर! हजुर प्रसन्न हुनुहोस्। हे जगत्पति! प्रसन्न हुनुहोस्, हे आनन्ददायक! प्रसन्न हुनुहोस्। हे शंकर! हे स्वामी! प्रसन्न हुनुहोस्। हे परमेश्वर! प्रसन्न हुनुहोस्॥ १२-१३॥

2325_Sihvpurana_Part_1_Nepali_Section_29_1_Back

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ॐकाराय नमस्तुभ्यमाकारपरतारक।
प्रसीद सर्वदेवेश त्रिपुरघ्न महेश्वर॥ १४
नानावाच्याय देवाय प्रणतप्रिय शंकर।
अगुणाय नमस्तुभ्यं प्रकृतेः पुरुषात्पर॥ १५
निर्विकाराय नित्याय नित्यतृप्ताय भास्वते।
निरंजनाय दिव्याय त्रिगुणाय नमोऽस्तु ते॥ १६
सगुणाय नमस्तुभ्यं स्वर्गेशाय नमोस्तु ते।
सदाशिवाय शांताय महेशाय पिनाकिने॥ १७
सर्वज्ञाय शरण्याय सद्योजाताय ते नमः।
वामदेवाय रुद्राय तदाप्यपुरुषाय च॥ १८
अघोराय सुसेव्याय भक्ताधीनाय ते नमः।
ईशानाय वरेण्याय भक्तानंदप्रदायिने॥ १९
रक्ष रक्ष महादेव भीतान्नः सकलामरान्।
दग्ध्वा च त्रिपुरं सर्वे कृतार्था अमराः कृताः॥ २०
स्तुत्वैवं देवताः सर्वे नमस्कारं पृथक्पृथक्।
चक्रुस्ते परमप्रीता ब्रह्माद्यास्तु सदाशिवम्॥ २१
अथ ब्रह्मा स्वयं देवं त्रिपुरारिं महेश्वरम्।
तुष्टाव प्रणतो भूत्वा नतस्कंधः कृतांजलिः॥ २२

ब्रह्मोवाच

भगवन्देवदेवेश त्रिपुरान्तक शंकर।
त्वयि भक्तिः परा मेऽस्तु महादेवानपायिनी॥ २३
सर्वदा मेऽस्तु सारथ्यं तव देवेश शंकर।
अनुकूलो भव विभो सदा त्वं परमेश्वर॥ २४

सनत्कुमार उवाच

इति स्तुत्वा विधिः शंभुं भक्तवत्सलमानतः।
विरराम नतस्कंधः कृतांजलिरुदारधीः॥ २५
जनार्दनोऽपि भगवान् नमस्कृत्य महेश्वरम्।
कृतांजलिपुटो भूत्वा तुष्टाव च महेश्वरम्॥ २६

विष्णुरुवाच

देवाधीश महेशान दीनबंधो कृपाकर।
प्रसीद परमेशान कृपां कुरु नतप्रिय॥ २७

जीवहरूका उद्धारकर्ता हजुर ओंकारलाई नमस्कार छ। हे सर्वदेवेश! त्रिपुरको विनाश गर्नुहुने हे महेश्वर! हजुर प्रसन्न हुनुहोस्। हे प्रणतप्रिय! हे शंकर! अनेक नामहरूबाट वाच्य हजुर देवलाई नमस्कार छ, हे प्रकृति एवं पुरुषभन्दा पर! हजुर निर्गुणलाई नमस्कार छ॥ १४-१५॥

निर्विकार, नित्य, नित्यतृप्त, प्रकाशमान, निरंजन, दिव्य तथा त्रिगुणरूप हजुरलाई प्रणाम छ॥ १६॥

सगुणरूपधारी हजुरलाई नमस्कार छ। स्वर्गेश, सदाशिव, शान्त, पिनाकधारी तथा महेश्वर हजुरलाई नमस्कार छ॥ १७॥

सर्वज्ञ, शरणदाता, सद्योजात, वामदेव, रुद्र एवं आप्यपुरुष हजुरलाई नमस्कार छ॥ १८॥ अघोर, सुसेव्य, भक्ताधीन, ईशान, वरेण्य (श्रेष्ठ) एवं भक्तहरूलाई आनन्द प्रदान गर्नुहुने हजुरलाई नमस्कार छ॥ १९॥

हे महादेव! हजुरले त्रिपुरलाई जलाएर सबै देवताहरूलाई कृतार्थ पार्नुभयो, अब हजुर भयभीत समस्त देवताहरूको रक्षा गर्नुहोस्, रक्षा गर्नुहोस्। यस प्रकार ब्रह्मादि सबै देवता अति प्रसन्न भएर भगवान् सदाशिवको स्तुति गरी उहाँलाई पृथक्-पृथक् प्रणाम गर्न लागे॥ २०-२१॥

त्यसपछि स्वयं ब्रह्मा शिर झुकाएर तथा हात जोडेर त्रिपुरारि महेश्वरदेवको स्तुति गर्न लाग्नुभयो॥ २२॥

ब्रह्मा भन्नुहुन्छ—हे भगवन्! हे देवदेवेश! हे त्रिपुरान्तक! हे शंकर! हे महादेव! मेरो अनपायिनी श्रेष्ठ भक्ति हजुरमा सदैव बनिरहोस्। हे देवेश! हे शंकर! म सदा हजुरको सारथी बनिरहूँ। हे विभु! हे परमेश्वर! हजुर सदा मेरो अनुकूल रहनुहोस्॥ २३-२४॥

सनत्कुमार भन्नुहुन्छ—यस प्रकार उदार बुद्धि भएका ब्रह्मा गर्धन झुकाउँदै हात जोडेर विनम्र भई भक्तवत्सल भगवान् शिवको स्तुति गरी मौन हुनुभयो॥ २५॥

त्यसपछि भगवान् विष्णुले पनि हात जोडेर महेश्वरलाई प्रणाम गर्दै उहाँको स्तुति गर्नुभयो॥ २६॥

विष्णु भन्नुहुन्छ—हे देवाधीश! हे महेश्वर! हे दीनबन्धु! हे कृपाकर! हे परमेश्वर! हे प्रणतप्रिय! हजुर प्रसन्न हुनुहोस् र कृपा गर्नुहोस्॥ २७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निर्गुणाय नमस्तुभ्यं पुनश्च सगुणाय च।
पुनः प्रकृतिरूपाय पुनश्च पुरुषाय च॥ २८
पश्चाद् गुणस्वरूपाय नतो विश्वात्मने नमः।
भक्तिप्रियाय शांताय शिवाय परमात्मने॥ २९
सदाशिवाय रुद्राय जगतां पतये नमः।
त्वयि भक्तिर्दृढा मेऽद्य वर्द्धमाना भवत्विति॥ ३०

निर्गुण भए तापनि सगुण र प्रकृतिरूप भए तापनि पुरुषरूप हजुरलाई नमस्कार छ॥ २८॥ गुणरूप धारण गर्नुहुने विश्वात्मा हजुरलाई नमस्कार छ। विश्वात्मा, भक्तप्रिय, शान्तस्वरूप तथा परमात्मा शिवलाई नमस्कार छ॥ २९॥ सदाशिव, रुद्र एवं जगत्पतिलाई नमस्कार छ। हजुरमा आजदेखि मेरो भक्ति दृढ भएर निरन्तर बढिरहोस्॥ ३०॥

सनत्कुमार उवाच

इत्युक्त्वा विररामासौ शैवप्रवरसत्तमः।
सर्वे देवाः प्रणम्योचुस्ततस्तं परमेश्वरम्॥ ३१

सनत्कुमार भन्नुहुन्छ—यस्तो भनेर महाशिवभक्त विष्णु मौन हुनुभयो। त्यसपछि सबै देवता प्रणाम गर्दै ती परमेश्वरसित भन्न लागे—॥ ३१॥

देवा ऊचुः

देवनाथ महादेव करुणाकर शंकर।
प्रसीद जगतां नाथ प्रसीद परमेश्वर॥ ३२
प्रसीद सर्वकर्ता त्वं नमामस्त्वां वयं मुदा।
त्वयि भक्तिर्दृढास्माकं नित्यं स्यादनपायिनी॥ ३३

देवता भन्दछन्—हे देवनाथ! हे महादेव! हे करुणाकर! हे शंकर! हे जगत्पति! हे परमेश्वर! प्रसन्न हुनुहोस्, प्रसन्न हुनुहोस्॥ ३२॥

हजुर सर्वकर्ता हुनुहुन्छ। हजुर प्रसन्न हुनुहोस्। हामीहरू प्रसन्नताका साथ हजुरलाई नमस्कार गर्दछौँ। हजुरमा हाम्रो अविनाशी दृढ भक्ति सदा बनिरहोस्॥ ३३॥

सनत्कुमार उवाच

इति स्तुतश्च देवेशो ब्रह्मणा हरिणामरैः।
प्रत्युवाच प्रसन्नात्मा शंकरो लोकशंकरः॥ ३४

सनत्कुमार भन्नुहुन्छ—यस प्रकार ब्रह्मा, विष्णु तथा देवताहरूद्वारा स्तुति गरिएपछि लोककल्याणकर्ता शंकरले प्रसन्नचित्त भएर भन्नुभयो—॥ ३४॥

शंकर उवाच

हे विधे हे हरे देवाः प्रसन्नोऽस्मि विशेषतः।
मनोऽभिलषितं ब्रूत वरं सर्वे विचारतः॥ ३५

शंकर भन्नुहुन्छ—हे विधि! हे विष्णु! हे देवता हो! म विशेषरूपले प्रसन्न छु। तपाईंहरू राम्ररी विचार गरी आफ्नो मनोवांछित वर बताउनुहोस्॥ ३५॥

सनत्कुमार उवाच

इत्युक्तं वचनं श्रुत्वा हरेण मुनिसत्तम।
प्रत्यूचुः सर्वदेवाश्च प्रसन्नेनान्तरात्मना॥ ३६

सनत्कुमार भन्नुहुन्छ—हे मुनिश्रेष्ठ! शिवद्वारा भनिएका वचनलाई सुनेर सबै देवता प्रसन्नमनले भन्न लागे—॥ ३६॥

सर्वे देवा ऊचुः

यदि प्रसन्नो भगवन्यदि देयो वरस्त्वया।
देवदेवेश चास्मभ्यं ज्ञात्वा दासान्हि नः सुरान्॥ ३७
यदा दुःखं तु देवानां संभवेद्देवसत्तम।
तदा त्वं प्रकटो भूत्वा दुःखं नाशय सर्वदा॥ ३८

सबै देवता भन्दछन्—हे भगवन्! हे देवदेवेश! यदि हजुर प्रसन्न हुनुहुन्छ र हामीहरूलाई वर दिनुहुन्छ भने हामी देवताहरूलाई आफ्नो दास ठानेर यो वर दिनुहोस् कि हे देवश्रेष्ठ! जब-जब देवताहरू विपत्तिमा पर्छन्, तब-तब हजुर प्रकट भएर सदा दुःखको निवारण गर्नुहोस्॥ ३७-३८॥

सनत्कुमार उवाच

इत्युक्तो भगवान् रुद्रो ब्रह्मणा हरिणामरैः।
युगपत्प्राह तुष्टात्मा तथेत्यस्तु निरंतरम्॥ ३९
स्तवैरेतैश्च तुष्टोऽस्मि दास्यामि सर्वदा ध्रुवम्।
यदभीष्टतमं लोके पठतां शृण्वतां सुराः॥ ४०

सनत्कुमार भन्नुहुन्छ—जब ब्रह्मा, विष्णु तथा देवताहरूले भगवान् शंकरसित यस प्रकार भने, तब उहाँले प्रसन्नचित्त भएर एकै पटक सबै देवताहरूसित भन्नुभयो—यस्तै हुनेछ। हे देवगण हो! म यी स्तोत्रहरूबाट प्रसन्न छु। यिनको पाठ गर्ने तथा सुन्नेहरूलाई म निश्चित रूपले सर्वदा लोकमा परम अभीष्ट वर दिइरहने छु॥ ३९-४०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इत्युक्त्वा शंकरः प्रीतो देवदुःखहरः सदा।
सर्वदेवप्रियं यद्वै तत्सर्वं च प्रदत्तवान्॥ ४१

यस प्रकार भनेर देवताहरूको दुःखको सदा निवारण गर्नुहुने शंकरले प्रसन्न भएर देवताहरूका लागि जति पनि प्रिय थिए, ती सबै प्रदान गर्नुभयो॥ ४१॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे देवस्तुतिवर्णनं नामैकादशोऽध्यायः॥ ११॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताका पंचम युद्धखण्डमा देवस्तुतिवर्णन नामक एघारौँ अध्याय पूर्ण भयो॥ ११॥

अथ द्वादशोऽध्यायः

त्रिपुरदाह पश्चात् शिवभक्त मयदानव भगवान् शिवको शरणमा आउनु, शिवद्वारा उसलाई आफ्नो भक्ति प्रदान गरी वितललोकमा निवास गर्ने आज्ञा दिनु, देवकार्य सम्पन्न गरी शिव आफ्नो लोकमा जानु

सनत्कुमार उवाच

एतस्मिन्नंतरे शंभुं प्रसन्नं वीक्ष्य दानवः।
तत्राजगाम सुप्रीतो मयोऽदग्धः कृपाबलात्॥ १

प्रणनाम हरं प्रीत्या सुरानन्यानपि ध्रुवम्।
कृतांजलिर्नतस्कंधः प्रणनाम पुनश्शिवम्॥ २

अथोत्थाय शिवं दृष्ट्वा प्रेम्णा गद्गदसुस्वरः।
तुष्टाव भक्तिपूर्णात्मा स दानववरो मयः॥ ३

मय उवाच

देवदेव महादेव भक्तवत्सल शंकर।
कल्पवृक्षस्वरूपोऽसि सर्वपक्षविवर्जितः॥ ४

ज्योतीरूपो नमस्तेऽस्तु विश्वरूप नमोऽस्तु ते।
नमः पूतात्मने तुभ्यं पावनाय नमो नमः॥ ५

चित्ररूपाय नित्याय रूपातीताय ते नमः।
दिव्यरूपाय दिव्याय सुदिव्याकृतये नमः॥ ६

नमः प्रणतसर्वार्तिनाशकाय शिवात्मने।
कर्त्रे भर्त्रे च संहर्त्रे त्रिलोकानां नमो नमः॥ ७

भक्तिगम्याय भक्तानां नमस्तुभ्यं कृपालवे।
तपः सत्फलदात्रे ते शिवाकांत शिवेश्वर॥ ८

सनत्कुमार भन्नुहुन्छ—शिवलाई प्रसन्न देखेर उहाँको कृपाको प्रभावले भस्म हुनबाट बचेको मयदानव अति प्रसन्न भएर त्यहाँ आयो। उसले सदाशिव एवं अन्य देवताहरूलाई पनि प्रेमपूर्वक हात जोडेर शिर झुकाएर प्रणाम गर्‍यो र त्यसपछि शिवलाई पुनः प्रणाम गर्‍यो। अनि उठेर शिवतिर हेरेर भक्तिले पूर्ण मन भएको त्यो दानवश्रेष्ठ मय प्रेमपूर्वक गद्गद वाणीले उहाँको स्तुति गर्न लाग्यो—॥ १—३॥

मय भन्दछ—हे देवदेव! हे महादेव! हे भक्तवत्सल! हे शंकर! हजुर कल्पवृक्षस्वरूप हुनुहुन्छ तथा सबै पक्षहरूबाट रहित हुनुहुन्छ॥ ४॥

हे प्रकाशरूप! हजुरलाई नमस्कार छ। हे विश्वरूप! हजुरलाई नमस्कार छ, हजुर पवित्रात्मालाई पटक-पटक नमस्कार छ। हजुर पवित्र पार्नुहुनेलाई पटक-पटक नमस्कार छ॥ ५॥

विचित्र रूप भएका, नित्य तथा रूपबाट अतीत हजुरलाई नमस्कार छ। दिव्यरूप, दिव्य एवं अत्यन्त दिव्य आकृति भएका हजुरलाई नमस्कार छ। प्रणतजनका सबै प्रकारका विपत्तिहरूलाई दूर गर्नुहुने तथा सबैको कल्याण चाहनुहुने हजुरलाई नमस्कार छ। त्रिलोकीको कर्ता, भर्ता तथा हर्ता हजुरलाई पटक-पटक नमस्कार छ। हे शिवाकान्त! हे शिवेश्वर! भक्तहरूलाई भक्तिबाट प्राप्त हुनेवाला, कृपा गर्नुहुने तथा तपस्याको उत्तम फलदाता हजुरलाई प्रणाम छ॥ ६—८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न जानामि स्तुतिं कर्तुं स्तुतिप्रिय परेश्वर।
प्रसन्नो भव सर्वेश पाहि मां शरणागतम्॥ ९

सनत्कुमार उवाच

इत्याकर्ण्य मयोक्तां हि संस्तुतिं परमेश्वरः।
प्रसन्नोऽभूद् द्विजश्रेष्ठ मयं प्रोवाच चादरात्॥ १०

शिव उवाच

वरं ब्रूहि प्रसन्नोऽहं मय दानवसत्तम।
मनोऽभिलषितं यत्ते तद्दास्यामि न संशयः॥ ११

सनत्कुमार उवाच

श्रुत्वा शिवं वचः शंभोः स मयो दानवर्षभः।
प्रत्युवाच प्रभुं नत्वा नतस्कंधः कृतांजलिः॥ १२

मय उवाच

देवदेव महादेव प्रसन्नो यदि मे भवान्।
वरयोग्योऽस्म्यहं चेद्धि स्वभक्तिं देहि शाश्वतीम्॥ १३
स्वभक्तेषु सदा सख्यं दीनेषु च दयां सदा।
उपेक्षामन्यजीवेषु खलेषु परमेश्वर॥ १४
कदापि नासुरो भावो भवेन्मम महेश्वर।
निर्भयः स्यां सदा नाथ मग्नस्त्वद्भजने शुभे॥ १५

सनत्कुमार उवाच

इति संप्रार्थ्यमानस्तु शंकरः परमेश्वरः।
प्रत्युवाच मयं नाथः प्रसन्नो भक्तवत्सलः॥ १६

महेश्वर उवाच

दानवर्षभ धन्यस्त्वं मद्भक्तो निर्विकारवान्।
प्रदत्तास्ते वराः सर्वेऽभीप्सिता ये तवाधुना॥ १७
गच्छ त्वं वितलं लोकं रमणीयं दिवोऽपि हि।
समेतः परिवारेण निजेन मम शासनात्॥ १८
निर्भयस्तत्र संतिष्ठ संहृष्टो भक्तिमान्सदा।
कदापि नासुरो भावो भविष्यति मदाज्ञया॥ १९

सनत्कुमार उवाच

इत्याज्ञां शिरसाधाय शंकरस्य महात्मनः।
तं प्रणम्य सुरांश्चापि वितलं प्रजगाम सः॥ २०
एतस्मिन्नन्तरे ते वै मुण्डिनश्च समागताः।
प्रणम्योचुश्च तान्सर्वान्विष्णुब्रह्मादिकान् सुरान्॥ २१
कुत्र याम वयं देवाः कर्म किं करवामहे।
आज्ञापयत नः शीघ्रं भवदादेशकारकान्॥ २२

हे स्तुतिप्रिय! हे परमेश्वर! म स्तुति गर्न जान्दिन। हे सर्वेश! हजुर प्रसन्न हुनुहोस् र म शरणागतको रक्षा गर्नुहोस्॥ ९॥

सनत्कुमार भन्नुहुन्छ—हे द्विजश्रेष्ठ! मयद्वारा गरिएका स्तुतिलाई सुनेर शंकर प्रसन्न हुनुभयो र आदरपूर्वक मयसित भन्न लाग्नुभयो— ॥ १०॥

शिव भन्नुहुन्छ—हे दानवश्रेष्ठ मय! म [तिमीप्रति] प्रसन्न छु, वर माग, तिम्रा जति पनि मनोवांछित वर छन्, म प्रदान गर्ने छु, यसमा संशय छैन॥ ११॥

सनत्कुमार भन्नुहुन्छ—शिवका कल्याणकारी वचन सुनेर दानवश्रेष्ठ मय हात जोडेर शिर झुकाएर शिवलाई नमस्कार गरी भन्न लाग्यो— ॥ १२॥

मय भन्दछ—हे देवदेव! हे महादेव! यदि हजुर मप्रति प्रसन्न हुनुहुन्छ र म वर पाउन योग्य छु भने मलाई हजुरको शाश्वती भक्ति प्रदान गर्नुहोस्॥ १३॥

हे परमेश्वर! हजुर आफ्ना भक्तहरूप्रति सर्वदा सख्यभाव तथा दीनहरूप्रति सदा दयाभाव राख्नुहोस् र अरू दुष्ट जीवहरूको उपेक्षा गर्नुहोस्। हे महेश्वर! ममा कहिल्यै पनि असुरभाव नरहोस्। हे नाथ! म सदा निर्भय एवं हजुरको शुभ भजनमा मग्न रहूँ॥ १४-१५॥

सनत्कुमार भन्नुहुन्छ—यस प्रकार मयदानवले प्रार्थना गरेपछि भक्तवत्सल परमेश्वर भगवान् शंकर प्रसन्न भएर मयसित भन्न लाग्नुभयो— ॥ १६॥

महेश्वर भन्नुहुन्छ—हे दानवश्रेष्ठ! तिमी धन्य छौ, तिमी मेरो विकाररहित भक्त हौ, यस समय जति पनि तिम्रा अभीष्ट वर छन्, मैले ती सबै तिमीलाई दिएँ। तिमी मेरो आज्ञाले आफ्नो परिवारसहित स्वर्गलोक-भन्दा पनि मनोहर वितललोकमा जाऊ र भक्तियुक्त तथा निर्भय भई त्यहाँ बस। मेरो आज्ञाले तिम्रो चित्तमा कहिल्यै पनि असुरभाव उत्पन्न हुने छैन॥ १७—१९॥

सनत्कुमार भन्नुहुन्छ—[हे व्यास!] त्यसपछि शिवको आज्ञा शिरोधार्य गरी उहाँलाई तथा देवताहरूलाई पनि प्रणाम गरी त्यो वितललोकमा गयो। यसै बीच ती मुण्डी पनि त्यहाँ आए र ब्रह्मा, विष्णु आदि ती सबै देवताहरूलाई प्रणाम गरी भन्न लागे—हे देवता हो! हामीहरू कहाँ जाऊँ तथा के गरौं, तपाईंहरूको आज्ञा माने हामी सबैलाई चाँडै आज्ञा दिनुहोस्॥ २०—२२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृतं दुष्कर्म चास्माभिर्हि हरे हे विधे सुराः।
दैत्यानां शिवभक्तानां शिवभक्तिर्विनाशिता॥ २३

कोटिकल्पानि नरके नो वासस्तु भविष्यति।
नोद्धारो भविता नूनं शिवभक्तविरोधिनाम्॥ २४

परन्तु भवदिच्छात इदं दुष्कर्म नः कृतम्।
तच्छान्तिं कृपया ब्रूत वयं वः शरणागताः॥ २५

सनत्कुमार उवाच

तेषां तद्वचनं श्रुत्वा विष्णुब्रह्मादयः सुराः।
अब्रुवन्मुंडिनस्तांस्ते स्थितानग्रे कृतांजलीन्॥ २६

विष्णवादय ऊचुः

न भेतव्यं भवद्भिस्तु मुंडिनो वै कदाचन।
शिवाज्ञयेदं सकलं जातं चरितमुत्तमम्॥ २७

युष्माकं भविता नैव कुगतिर्दुःखदायिनी।
शिवदासा यतो यूयं देवर्षिहितकारकाः॥ २८

सुरर्षिहितकृच्छंभुः सुरर्षिहितकृत्प्रियः।
सुरर्षिहितकृन्नृणां कदापि कुगतिर्न हि ॥ २९

अद्यतो मतमेतं हि प्रविष्टानां नृणां कलौ।
कुगतिर्भविता ब्रूमः सत्यं नैवात्र संशयः॥ ३०

भवद्भिर्मुण्डिनो धीरा गुप्तभावान्ममाज्ञया।
तावन्मरुस्थली सेव्या कलिर्यावत्समाव्रजेत्॥ ३१

आगते च कलौ यूयं स्वमतं स्थापयिष्यथ।
कलौ तु मोहिता मूढाः संग्रहीष्यन्ति वो मतम्॥ ३२

इत्याज्ञप्ताः सुरेशैश्च मुंडिनस्ते मुनीश्वर।
नमस्कृत्य गतास्तत्र यथोद्दिष्टं स्वमाश्रमम्॥ ३३

ततः स भगवान् रुद्रो दग्ध्वा त्रिपुरवासिनः।
कृतकृत्यो महायोगी ब्रह्माद्यैरभिपूजितः॥ ३४

हे हरि! हे विधि! हे देवहरू! हामीहरूले दुष्कर्म गरेका छौँ, जुन कि शिवमा भक्ति राख्ने दानवहरूको शिवभक्तिलाई विनष्ट पार्‍यौँ। [यस पापको फलस्वरूप] हामीहरूको करोडौँ कल्पसम्म नरकमा वास हुने छ। शिवभक्तहरूको विरोध गर्ने हामीहरूको उद्धार निश्चितरूपले हुने छैन, तर हामीहरूले तपाईंहरूको इच्छाबाट नै यो दुष्कर्म गरेका हौँ। अतः कृपापूर्वक तपाईंहरू त्यसको शान्तिको मार्ग बताउनुहोस्, हामी तपाईंहरूका शरणागत हौँ॥ २३—२५॥

सनत्कुमार भन्नुहुन्छ—उनीहरूको त्यो वचन सुनेर विष्णु, ब्रह्मादि देवता आफ्नो अगाडि हात जोडेर उभिएका ती मुण्डिहरूसित भन्न लागे—॥ २६॥

विष्णु आदि [देवता] भन्नुहुन्छ—हे मुण्डी हो! तिमीहरू कुनै प्रकारको भय नमान, यो सारा उत्तम चरित्र शिवको आज्ञाले भएको हो। तिमीहरूलाई दुःख दिने खालको दुर्गति कदापि हुने छैन; किनभने तिमीहरू शिवका दास हौ र देवताहरू एवं ऋषिहरूका हितकारी हौ॥ २७-२८॥

शंकर देवगणहरू एवं ऋषिहरूका हितकर्ता हुनुहुन्छ र देवता तथा ऋषिहरूको हित गर्ने जनहरू उहाँलाई प्रिय छन्, अतः देवता तथा ऋषिहरूको हित गर्ने मनुष्यहरूको कदापि दुर्गति हुँदैन। यसको विपरीत मतलाई स्वीकार गर्ने मनुष्यहरूको कलियुगमा दुर्गति हुने छ, हामी यो सत्य भन्दै छौँ, यसमा सन्देह छैन॥ २९-३०॥

हे मुण्डी हो! तिमीहरू मेरो आज्ञाले धैर्य धारण गरी गुप्तरूपले कलियुग आउने बेलासम्म मरुस्थलमा निवास गर। कलियुग आएपछि तिमीहरूले आफ्नो मत स्थापित गर्नु; किनभने कलियुगमा मानिस मोहमा परेर तिमीहरूको मतलाई स्वीकार गर्ने छन्॥ ३१-३२॥

हे मुनीश्वर! ती सुरेश्वरद्धारा यस प्रकारको आज्ञा प्राप्त गरी ती मुण्डी उहाँलाई प्रणाम गरी यथानिर्दिष्ट आफ्नो आश्रममा गए। यसपछि [हे व्यास!] त्रिपुरवासीहरूलाई भस्म गरिसकेपछि कृतकृत्य भएका ती महायोगी भगवान् रुद्र ब्रह्मा आदिद्वारा पूजित हुनुभयो॥ ३३-३४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वगणैर्निखिलैर्देव्या शिवया सहितः प्रभुः।
कृत्वामरमहत्कार्यं ससुतोऽन्तरधादथ॥ ३५
ततश्चान्तर्हिते देवे परिवारान्विते शिवे।
धनुः शररथाद्यैश्च प्राकारोऽन्तर्द्धिमागमत्॥ ३६

यस प्रकार देवताहरूको महान् कार्य सम्पन्न गरी ती प्रभु आफ्ना गणहरू, देवी पार्वती तथा पुत्रहरूसहित अन्तर्धान हुनुभयो। त्यसपछि परिवारसहित महादेव शंकर अन्तर्धान हुनुभएपछि धनुष-बाण, रथ आदिसहित समस्त सामग्री विलुप्त भए॥ ३५-३६॥

ततो ब्रह्मा हरिर्देवा मुनिगंधर्वकिन्नराः।
नागाः सर्पाश्चाप्सरसः संहृष्टाश्चाथ मानुषाः॥ ३७
स्वं स्वं स्थानं मुदा जग्मुः शंसन्तः शांकरं यशः।
स्वं स्वं स्थानमनुप्राप्य निर्वृतिं परमां ययुः॥ ३८

अनि ब्रह्मा, विष्णु, सबै देवता, मुनि, गन्धर्व, किन्नर, नाग, सर्प, अप्सराहरू तथा मनुष्य प्रसन्न भएर प्रसन्नतापूर्वक शिवको यशोगान गर्दै आ-आफ्नो स्थानमा गए एवं आ-आफ्नो स्थानमा पुगेर परम शान्तिलाई प्राप्त गरे॥ ३७-३८॥

एतत्ते कथितं सर्वं चरितं शशिमौलिनः।
त्रिपुरक्षयसंसूचि परलीलान्वितं महत्॥ ३९
धन्यं यशस्यमायुष्यं धनधान्यप्रवर्द्धकम्।
स्वर्गदं मोक्षदं चापि किं भूयः श्रोतुमिच्छसि॥ ४०

[हे वेदव्यास!] यस प्रकार मैले तपाईंसित त्रिपुरको वधलाई सूचित गर्ने, महालीलाबाट परिपूर्ण तथा उत्कृष्ट सम्पूर्ण शिव-चरित्रको वर्णन गरिदिएँ, जुन धन्य, यशलाई फैलाउने, आयुको वृद्धि गराउने, धन-धान्यलाई बढाउने, स्वर्ग तथा मोक्ष प्रदान गर्ने खालको छ, अब तपाईं अरू के सुन्न चाहनुहुन्छ॥ ३९-४०॥

इदं हि परमाख्यानं यः पठेच्छृणुयात्सदा।
इह भुक्त्वाखिलान्कामान् अन्ते मुक्तिमवाप्नुयात्॥ ४१

जो यस उत्तम वृत्तान्तलाई सधैँ पाठ गर्छ तथा सुन्छ, त्यसले यस लोकमा सम्पूर्ण सुखलाई भोगेर अन्तमा मुक्ति प्राप्त गर्छ॥ ४१॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे सनत्कुमारपाराशर्य्यसंवादे त्रिपुरवधानंतरदेवस्तुतिमयस्तुतिमुंडिनिवेशनदेवस्वस्थानगमनवर्णनं नाम द्वादशोऽध्यायः॥ १२॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा सनत्कुमारव्याससंवाद अन्तर्गत त्रिपुरवध पश्चात् देवस्तुति-मयस्तुति-मुण्डिनिवेशन तथा देवताहरूको स्वस्थानगमनवर्णन नामक बाह्रौँ अध्याय पूर्ण भयो॥ १२॥

अथ त्रयोदशोऽध्यायः

बृहस्पति तथा इन्द्र शिवदर्शनका लागि कैलासतर्फ प्रस्थान, सर्वज्ञ शिवले उनीहरूको परीक्षा लिनका लागि दिगम्बर जटाधारी रूप धारण गरी बाटो छेक्नु, क्रुद्ध इन्द्रद्वारा उहाँमाथि वज्रप्रहारको चेष्टा, शंकरद्वारा उनका हातलाई स्तम्भित गरिदिनु, बृहस्पतिद्वारा उहाँको स्तुति, शिव प्रसन्न हुनु र आफ्नो नेत्राग्निलाई क्षार-समुद्रमा फ्याँक्नु

व्यास उवाच

भो ब्रह्मन्भगवन्पूर्वं श्रुतं मे ब्रह्मपुत्रक।
जलंधरं महादैत्यमवधीच्छंकरः प्रभुः॥ १
तत्त्वं वद महाप्राज्ञ चरितं शशिमौलिनः।
विस्तारपूर्वकं शृण्वन्कस्तृप्येत्तद्यशोऽमलम्॥ २

व्यास भन्नुहुन्छ—हे ब्रह्मन्! हे भगवान्! हे ब्रह्मपुत्र! मैले सुनेको छु कि पूर्वकालमा प्रभु शंकरले महादैत्य जलन्धरको वध गर्नुभएको थियो। हे महाप्राज्ञ! तपाईं शंकरको त्यो चरित्र विस्तारपूर्वक भन्नुहोस्, उहाँको पावन चरित्रलाई सुन्दै गरेका को तृप्त हुन सक्छन्॥ १-२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूत उवाच

इत्येवं व्याससंपृष्टो ब्रह्मपुत्रो महामुनिः।
उवाचार्थवदव्यग्रं वाक्यं वाक्यविशारदः॥ ३

सनत्कुमार उवाच

एकदा जीवशक्रौ च भक्त्या परमया मुने।
दर्शनं कर्तुमीशस्य कैलासं जग्मतुर्भृशम्॥ ४

अथ गुर्विन्द्रयोर्ज्ञात्वाऽऽगमनं शंकरः प्रभुः।
परीक्षितुं तयोर्ज्ञानं स्वदर्शनरतात्मनोः॥ ५

दिगम्बरोऽथ तन्मार्गमारुरोध सद्गतिः सताम्।
जटाबद्धेन शिरसातिष्ठत्संशोभिताननः॥ ६

अथ तौ गुरुशक्रौ च कुर्वन्तौ गमनं मुदा।
आलोक्य पुरुषं भीमं मार्गमध्येऽद्भुताकृतिम्॥ ७

महातेजस्विनं शांतं जटासंबद्धमस्तकम्।
महाबाहुं महोरस्कं गौरं नयनभीषणम्॥ ८

अथो पुरंदरोऽपृच्छत्स्वाधिकारेण दुर्मदः।
पुरुषं तं स्वमार्गान्तःस्थितमज्ञाय शंकरम्॥ ९

पुरन्दर उवाच

कस्त्वं भोः कुत आयातः किं नाम वद तत्त्वतः।
स्वस्थाने संस्थितः शंभुः किं वान्यत्र गतः प्रभुः॥ १०

सनत्कुमार उवाच

शक्रेणेत्थं स पृष्टस्तु किंचिन्नोवाच तापसः।
शक्रः पुनरपृच्छद्वै नोवाच स दिगंबरः॥ ११

पुनः पुरंदरोऽपृच्छल्लोकानामधिपेश्वरः।
तूष्णीमास महायोगी लीलारूपधरः प्रभुः॥ १२

इत्थं पुनः पुनः पृष्टः शक्रेण स दिगम्बरः।
नोवाच किंचिद्भगवान् शक्रज्ञानपरीक्षया॥ १३

अथ चुक्रोध देवेशस्त्रैलोक्यैश्वर्यगर्वितः।
उवाच वचनं चैव तं निर्भर्त्स्य जटाधरम्॥ १४

इन्द्र उवाच

रे मया पृच्छ्यमानोऽपि नोत्तरं दत्तवानसि।
अतस्त्वां हन्मि वज्रेण कस्ते त्रातास्ति दुर्मते॥ १५

सूत भन्नुहुन्छ—महामुनि व्यासद्वारा यस प्रकार सोधिएपछि बोल्नमा प्रवीण महामुनि सनत्कुमार शान्तिपूर्वक अर्थमय वचन भन्न लागे—॥ ३॥

सनत्कुमार भन्नुहुन्छ—हे मुनि! एक पटक बृहस्पति एवं इन्द्र परम भक्तिले युक्त भई शंकरको दर्शन गर्नका लागि कैलासमा गएका थिए॥ ४॥

तब बृहस्पति तथा इन्द्रको आगमनलाई जानेर आफ्नो दर्शनको लागि तत्पर मन भएका ती दुवैको ज्ञानको परीक्षा लिनका लागि शिरमा जटाजूट बाँधेर प्रसन्नमुख तथा दिगम्बर भएर सज्जनहरूलाई सद्गति प्रदान गर्नुहुने प्रभु शंकर उनीहरूको मार्ग छेकेर उभिनुभयो॥ ५-६॥

त्यसपछि आनन्दपूर्वक जाँदै गरेका इन्द्र एवं बृहस्पतिले मार्गमा स्थित, भयंकर, अद्भुत आकार भएको, महातेजस्वी, शिरमा जटाजूट बाँधेको, शान्त, विशाल भुजा, चौडा वक्षःस्थल, गोरोवर्ण तथा भयावह नेत्र भएको पुरुषलाई देखे॥ ७-८॥

तब आफ्नो अधिकारबाट मदमत्त इन्द्रले मार्गमा स्थित ती शंकररूपी पुरुषलाई नचिनेर सोधे—॥ ९॥

इन्द्र भन्नुहुन्छ—तिमी को हौ, कहाँबाट आएका हौ र तिम्रो नाम के हो? प्रभु शिव आफ्नो स्थानमा स्थित हुनुहुन्छ अथवा कहीँ अन्यत्र जानुभएको छ, ठीक-ठीक बताऊ॥ १०॥

सनत्कुमार भन्नुहुन्छ—इन्द्रद्वारा यस प्रकार सोधिएपछि त्यस तपस्वीले केही भनेन। तब इन्द्रले पुनः सोधे, तर त्यो दिगम्बर केही बोलेन॥ ११॥

तब लोकाधीश्वर इन्द्रले पुनः सोधे, तर लीलारूपधारी महायोगी प्रभु शंकर मौन नै रहनुभयो। यस प्रकार इन्द्रद्वारा पटक-पटक सोधिएका ती दिगम्बर भगवान् शिवले इन्द्रको ज्ञानको परीक्षा लिनका लागि केही भन्नु भएन॥ १२-१३॥

तत्पश्चात् तीनवटै लोकको ऐश्वर्यबाट गर्वित इन्द्रलाई महान् क्रोध उत्पन्न भयो र ती जटाधारी दिगम्बरको भर्त्सना गर्दै यो वचन भने—॥ १४॥

इन्द्र भन्नुहुन्छ—हे दुर्मति! मैले सोध्दामा पनि तिमीले उत्तर दिएनौ। अतः म यस वज्रले तिम्रो वध गर्छु, हेर्छु कि कसले तिम्रो रक्षा गर्छ॥ १५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सनत्कुमार उवाच

इत्युदीर्य ततो वज्री संनिरीक्ष्य क्रुधा हि तम्।
हन्तुं दिगंबरं वज्रमुद्यतं स चकार ह॥ १६

पुरंदरं वज्रहस्तं दृष्ट्वा देवस्सदाशिवः।
चकार स्तंभनं तस्य वज्रपातस्य शंकरः॥ १७

ततो रुद्रः क्रुधाविष्टः करालाक्षो भयंकरः।
द्रुतमेव प्रजज्वाल तेजसा प्रदहन्निव॥ १८

बाहुप्रतिष्टंभभुवा मन्युनान्तः शचीपतिः।
समदह्यत भोगीव मंत्ररुद्धपराक्रमः॥ १९

दृष्ट्वा बृहस्पतिस्तूर्णं प्रज्वलन्तं स्वतेजसा।
पुरुषं तं धिया ज्ञात्वा प्रणनाम हरं प्रभुम्॥ २०

कृतांजलिपुटो भूत्वा ततो गुरुरुदारधीः।
नत्वा च दंडवद्भूमौ प्रभुं स्तोतुं प्रचक्रमे॥ २१

गुरुरुवाच

नमो देवाधिदेवाय महादेवाय चात्मने।
महेश्वराय प्रभवे त्र्यम्बकाय कपर्दिने॥ २२

दीनानाथाय विभवे नमोऽन्धकनिषूदिने।
त्रिपुरघ्नाय शर्वाय ब्रह्मणे परमेष्ठिने॥ २३

विरूपाक्षाय रुद्राय बहुरूपाय शंभवे।
विरूपायातिरूपाय रूपातीताय ते नमः॥ २४

यज्ञविध्वंसकर्त्रे च यज्ञानां फलदायिने।
नमस्ते मखरूपाय परकर्मप्रवर्तिने॥ २५

कालांतकाय कालाय कालभोगिधराय च।
नमस्ते परमेशाय सर्वत्र व्यापिने नमः॥ २६

नमो ब्रह्मशिरोहंत्रे ब्रह्मचंद्रस्तुताय च।
ब्रह्मण्याय नमस्तेऽस्तु नमस्ते परमात्मने॥ २७

सनत्कुमार भन्नुहुन्छ—यस्तो भनेर ती इन्द्रले क्रोधपूर्वक त्यस दिगम्बरतिर हेरेर उसलाई मार्नका लागि [हातमा] वज्र उठाए॥ १६॥

तब सदाशिव प्रभु शंकरले इन्द्रलाई हातमा वज्र लिएको देखेर त्यस वज्रपातलाई स्तम्भित गरिदिनुभयो॥ १७॥

तत्पश्चात् अत्यन्त भयंकर तथा विकराल नेत्र भएका रुद्र क्रुद्ध भई आफ्नो तेजले तत्काल प्रज्वलित हुनुभयो, मानौँ जलाउनु हुने छ॥ १८॥

भुजा स्तम्भित हुनाले इन्द्र मन-मनै यस प्रकार प्रज्वलित भए, जस्तो मन्त्र एवं औषधिबाट आफ्नो पराक्रमलाई रुद्ध देखेर सर्प फुङ्कार गर्दछ॥ १९॥

तब आफ्नो तेजबाट प्रज्वलित भएको त्यस पुरुषलाई हेरेर र बुद्धिले उनलाई प्रभु शंकर जानेर बृहस्पतिले प्रणाम गरे। त्यसपछि उदारबुद्धि भएका बृहस्पति हात जोडेर पृथ्वीमा दण्डवत् प्रणाम गर्दै प्रभुको स्तुति गर्न लागे— ॥ २०-२१॥

गुरु भन्नुहुन्छ—देवाधिदेव, महादेव, परमात्मस्वरूप, सर्वसमर्थ, तीन नेत्र भएका तथा जटाजूटधारी महेश्वर हजुरलाई प्रणाम छ। दीनहरूका नाथ, सर्वव्यापक, अन्धकासुरको वध गर्नुहुने, त्रिपुरको वध गर्नुहुने, शर्व, परमेष्ठी तथा ब्रह्मस्वरूप हजुर [शिव]-लाई नमस्कार छ॥ २२-२३॥

विरूपाक्ष, रुद्र, बहुरूप, विरूप, अतिरूप तथा रूपबाट अतीत हजुर शम्भुलाई नमस्कार छ॥ २४॥

दक्षयज्ञको विध्वंस गर्नुहुने, यज्ञहरूका फलदाता, यज्ञस्वरूप तथा श्रेष्ठ कर्ममा प्रवृत्त गराउनु हुने हजुर [शिव]-लाई नमस्कार छ। कालान्तक, कालस्वरूप, कालरूप सर्पलाई धारण गर्नुहुने, परमेश्वर तथा सर्वत्र व्यापक हजुर [शिव]-लाई नमस्कार छ॥ २५-२६॥

ब्रह्माको शिर काट्नुहुने, ब्रह्मा तथा चन्द्रमाबाट स्तुत्य हजुरलाई नमस्कार छ। ब्राह्मणहरूको हित गर्नुहुने हजुरलाई नमस्कार छ, हजुर परमात्मालाई नमस्कार छ॥ २७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्वमग्निरनिलो व्योम त्वमेवापो वसुंधरा।
त्वं सूर्यश्चन्द्रमा भानि ज्योतिश्चक्रं त्वमेव हि॥ २८

त्वमेव विष्णुस्त्वं ब्रह्मा तत्स्तुतस्त्वं परेश्वरः।
मुनयः सनकाद्यास्त्वं नारदस्त्वं तपोधनः॥ २९

त्वमेव सर्वलोकेशस्त्वमेव जगदात्मकः।
सर्वान्वयः सर्वभिन्नस्त्वमेव प्रकृतेः परः॥ ३०

त्वं वै सृजसि लोकांश्च रजसा विधिनामभाक्।
सत्त्वेन हरिरूपस्त्वं सकलं पासि वै जगत्॥ ३१

त्वमेवासि महादेव तमसा हररूपधृक्।
लीलया भुवनं सर्वं निखिलं पांचभौतिकम्॥ ३२

त्वद्ध्यानबलतः सूर्यस्तपते विश्वभावन।
अमृतं च्यवते लोके शशी वाति समीरणः॥ ३३

त्वद्ध्यानबलतो मेघाश्चांबु वर्षन्ति शंकर।
त्वद्ध्यानबलतः शक्रस्त्रिलोकीं पाति पुत्रवत्॥ ३४

त्वद्ध्यानबलतो मेघाः सर्वे देवा मुनीश्वराः।
स्वाधिकारं च कुर्वन्ति चकिता भवतो भयात्॥ ३५

त्वत्पादकमलस्यैव सेवनाद्भुवि मानवाः।
नाद्रियन्ते सुरान् रुद्र लोकैश्वर्यं च भुंजते॥ ३६

त्वत्पादकमलस्यैव सेवनादगमन्यराम्।
गतिं योगधनानामप्यगम्यां सर्वदुर्लभाम्॥ ३७

सनत्कुमार उवाच

बृहस्पतिरिरिति स्तुत्वा शंकरं लोकशंकरम्।
पादयोः पातयामास तस्येशस्य पुरंदरम्॥ ३८

पातयित्वा च देवेशमिन्द्रं नतशिरोधरम्।
बृहस्पतिरुवाचेदं प्रश्रयावनतश्शिवम्॥ ३९

बृहस्पतिरुवाच

दीनानाथ महादेव प्रणतं तव पादयोः।
समुद्धर च शांतं स्वं क्रोधं नयनजं कुरु॥ ४०

हजुर नै अग्नि, वायु तथा आकाश हुनुहुन्छ। हजुर नै जल तथा पृथ्वी हुनुहुन्छ। हजुर नै सूर्य, चन्द्रमा तथा नक्षत्र हुनुहुन्छ। हजुर नै समस्त तारागण हुनुहुन्छ। हजुर नै विष्णु हुनुहुन्छ तथा हजुर नै उहाँबाट स्तुत्य परमेश्वर हुनुहुन्छ। हजुर नै सनकादि मुनि हुनुहुन्छ, हजुर नै ब्रह्मा हुनुहुन्छ तथा हजुर नै तपोधन नारद हुनुहुन्छ। हजुर नै सारा जगत्को ईश्वर हुनुहुन्छ तथा हजुर नै जगत्स्वरूप हुनुहुन्छ। हजुर नै सबैबाट अन्वित, सबैबाट भिन्न एवं प्रकृतिभन्दा पर हुनुहुन्छ॥ २८—३०॥

हजुर नै ब्रह्मा नाम धारण गरी रजोगुणले युक्त भएर सबै लोकको सृष्टि गर्नुहुन्छ। हजुर नै विष्णुरूप भएर सत्त्वगुणयुक्त भई सम्पूर्ण जगत्को पालन गर्नुहुन्छ॥ ३१॥

हे महादेव! हजुर नै हरको रूप धारण गरी तमोगुणले युक्त भएर सम्पूर्ण पांचभौतिक जगत्को लीलापूर्वक संहार गर्नुहुन्छ॥ ३२॥

हे विश्वभावन! हजुरकै ध्यानबलले सूर्य तात्दछन्, चन्द्रमा लोकमा अमृत बर्षाउँछन् र हावा बहन्छ॥ ३३॥

हे शंकर! हजुरकै ध्यानबलले मेघ जलको वृष्टि गर्छन् र हजुरकै बलले इन्द्र पुत्रको समान त्रिलोकीको रक्षा गर्छन्। मेघ, सबै देवता एवं मुनीश्वर हजुरको ध्यानबलले तथा हजुरको भयले चकित भएर आ-आफ्नो कर्तव्यको पालन गर्छन्॥ ३४-३५॥

हे रुद्र! हजुरका चरणकमलको सेवनको प्रभावले नै मनुष्य यस पृथ्वीमा अरू देवताहरूको उपासना गर्दैनन् र यस त्रिलोकको ऐश्वर्यभोग गर्दछन्। यतिमात्र होइन, ती हजुरका चरणकमलहरूको सेवाबाट नै योगीहरूका लागि पनि अगम्य तथा दुर्लभ गति प्राप्त गर्दछन्॥ ३६-३७॥

सनत्कुमार भन्नुहुन्छ—[हे व्यास!] यस प्रकार बृहस्पतिले लोककल्याणकारी शिवको स्तुति गरी उनले ईश्वरका चरणहरूमाथि इन्द्रलाई झुकाए॥ ३८॥ शिर तल गरेका इन्द्रलाई शिवका चरणहरूमा झुकाएर विनयावनत बृहस्पतिले शिवसित भन्नुभयो—॥ ३९॥

बृहस्पति भन्नुहुन्छ—हे दीनानाथ! हे महादेव! हजुरका चरणहरूमा गिरेका इन्द्रको उद्धार गर्नुहोस् र आफ्नो नेत्रजनित क्रोधलाई शान्त पार्नुहोस्॥ ४०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तुष्टो भव महादेव पाहीन्द्रं शरणागतम्।
अग्निरेष शमं यातु भालनेत्रसमुद्भवः॥ ४१

सनत्कुमार उवाच

इत्याकर्ण्य गुरोर्वाक्यं देवदेवो महेश्वरः।
उवाच करुणासिन्धुर्मेघनिर्ह्रादया गिरा॥ ४२

महेश्वर उवाच

क्रोधं च निस्सृतं नेत्राद्धारयामि बृहस्पते।
कथं हि कञ्चुकीं सर्पः संधत्ते नोज्झितां पुनः॥ ४३

सनत्कुमार उवाच

इति श्रुत्वा वचस्तस्य शंकरस्य बृहस्पतिः।
उवाच क्लिष्टरूपश्च भयव्याकुलमानसः॥ ४४

बृहस्पतिरुवाच

हे देव भगवन्भक्ता अनुकंप्याः सदैव हि।
भक्तवत्सलनामेति त्वं सत्यं कुरु शंकर॥ ४५

क्षेप्तुमन्यत्र देवेश स्वतेजोऽत्युग्रमर्हसि।
उद्धर्तः सर्वभक्तानां समुद्धर पुरंदरम्॥ ४६

सनत्कुमार उवाच

इत्युक्तो गुरुणा रुद्रो भक्तवत्सलनामभाक्।
प्रत्युवाच प्रसन्नात्मा सुरेज्यं प्रणतार्त्तिहा॥ ४७

शिव उवाच

प्रीतः स्तुत्यानया तात ददामि वरमुत्तमम्।
इन्द्रस्य जीवदानेन जीवेति त्वं प्रथां व्रज॥ ४८

समुद्भूतोऽनलो योऽयं भालनेत्रात्सुरेशहा।
एनं त्यक्ष्याम्यहं दूरे यथेन्द्रं नैव पीडयेत्॥ ४९

सनत्कुमार उवाच

इत्युक्त्वा तं करे धृत्वा स्वतेजोऽनलमद्भुतम्।
भालनेत्रात्समुद्भूतं प्राक्षिपल्लवणांभसि॥ ५०

ततश्चान्तर्दधे रुद्रो महालीलाकरः प्रभुः।
गुरुशक्रौ भयान्मुक्तौ जग्मतुः सुखमुत्तमम्॥ ५१

हे महादेव! हजुर प्रसन्न हुनुहोस् र शरणमा आएका इन्द्रको रक्षा गर्नुहोस्, हजुरको ललाटस्थित नेत्रबाट उत्पन्न भएको यो अग्नि शान्त होस्॥ ४१॥

सनत्कुमार भन्नुहुन्छ—गुरु बृहस्पतिका यी कुरा सुनेर करुणासिन्धु देवदेव महेश्वरले मेघको समान गम्भीर वाणीमा भन्नुभयो— ॥ ४२॥

महेश्वर भन्नुहुन्छ—हे बृहस्पते! म आफ्नो नेत्रबाट उत्पन्न भएको क्रोधलाई कुन प्रकारले धारण गरूँ, सर्प आफूले छोडेको काँचुलीलाई पुनः धारण गर्न सक्तैन॥ ४३॥

सनत्कुमार भन्नुहुन्छ—शिवका यी वचन सुनेर क्लेशयुक्त तथा भयबाट व्याकुल चित्त भएका बृहस्पतिले भन्नुभयो— ॥ ४४॥

बृहस्पति भन्नुहुन्छ—हे देव! हे भगवन्! हजुरले भक्तहरूमाथि सर्वदा दया गर्नुपर्छ। हे शंकर! हजुर आफ्नो भक्तवत्सल नामलाई सत्य गर्नुहोस्। हे देवेश! हजुर आफ्नो यस अत्यन्त उग्र तेजलाई अन्यत्र छोडिदिनुहोस्। हे समस्त भक्तहरूको उद्धारकर्ता! हजुर इन्द्रको उद्धार गर्नुहोस्॥ ४५-४६॥

सनत्कुमार भन्नुहुन्छ—बृहस्पतिले यस्तो भन्नुभएपछि भक्त-वत्सल नाम भएका तथा भक्तहरूको दुःख दूर गर्नुहुने रुद्र प्रसन्नचित्त भएर देवपूज्य बृहस्पतिसित भन्न लाग्नुभयो— ॥ ४७॥

शिव भन्नुहुन्छ—हे तात! म [तिम्रो] यस स्तुतिबाट प्रसन्न भएर उत्तम वर दिन्छु। इन्द्रलाई जीवनदान दिएका कारण तिमी 'जीव'—यस नामले विख्यात हुने छौ। मेरो ललाटस्थित नेत्रबाट इन्द्रलाई मार्ने जुन यो अग्नि उत्पन्न भएको छ, यसलाई म टाढा फ्याँकिदिन्छु, जसबाट यसले इन्द्रलाई पीडा नपुर्‍याओस्॥ ४८-४९॥

सनत्कुमार भन्नुहुन्छ—यस्तो भनेर शंकरले आफ्नो तृतीय नेत्रबाट उत्पन्न तेजरूप अद्भुत अग्निलाई हातमा लिएर क्षारसमुद्रमा फ्याँकिदिनुभयो। तत्पश्चात् महालीला गर्नुहुने भगवान् शंकर अन्तर्धान हुनुभयो। इन्द्र एवं बृहस्पति भयबाट मुक्त भई परम सुखी भए॥ ५०-५१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यदर्थं गमनोद्युक्तौ दर्शनं प्राप्य तस्य वै।
कृतार्थौ गुरुशक्रौ हि स्वस्थानं जग्मतुर्मुदा॥ ५२

यस प्रकार जसको दर्शनका लागि इन्द्र एवं बृहस्पति गइरहेका थिए, उनैको दर्शन पाएर ती कृतार्थ भए र प्रसन्नतापूर्वक आफ्नो स्थानमा फर्किए॥ ५२॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे जलंधरवधोपाख्याने शक्रजीवनं नाम त्रयोदशोऽध्यायः॥ १३॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा जलन्धरवधोपाख्यानको अन्तर्गत शक्रजीवनवर्णन नामक तेह्रौँ अध्याय पूर्ण भयो॥ १३॥

अथ चतुर्दशोऽध्यायः

क्षारसमुद्रमा प्रक्षिप्त भगवान् शंकरको नेत्राग्निबाट समुद्रका पुत्रको रूपमा जलन्धरको प्राकट्य, कालनेमिकी पुत्री वृन्दाका साथ उसको विवाह

व्यास उवाच

सनत्कुमार सर्वज्ञ ब्रह्मपुत्र नमोऽस्तु ते।
श्रुतेयमद्भुता मेऽद्य कथा शंभोर्महात्मनः॥ १
क्षिप्ते स्वतेजसि ब्रह्मन्भालनेत्रसमुद्भवे।
लवणांभसि किं ताताभवत्तत्र वदाशु तत्॥ २

व्यास भन्नुहुन्छ—हे सनत्कुमार! हे सर्वज्ञ! हे ब्रह्मपुत्र! तपाईंलाई नमस्कार छ, मैले आज महात्मा शंकरको यो अद्भुत कथा सुनेँ। हे ब्रह्मन्! शिवले ललाटनेत्रबाट उत्पन्न भएको आफ्नो तेजलाई क्षारसमुद्रमा फ्याँकिदिनुभएपछि के भयो? हे तात! त्यसलाई चाँडै भन्नुहोस्॥ १-२॥

सनत्कुमार उवाच

शृणु तात महाप्राज्ञ शिवलीलां महाद्भुताम्।
यच्छ्रुत्वा श्रद्धया भक्तो योगिनां गतिमाप्नुयात्॥ ३
अथो शिवस्य तत्तेजो भालनेत्रसमुद्भवम्।
क्षिप्तं च लवणाम्भोधौ सद्यो बालत्वमाप ह॥ ४

सनत्कुमार भन्नुहुन्छ—हे तात! हे महाप्राज्ञ! अब तपाईं शिवको परम अद्भुत लीला सुन्नुहोस्, जसलाई श्रद्धापूर्वक सुनेर भक्त योगीहरूको गति प्राप्त हुन्छ। शिवको तेस्रो नेत्रबाट उत्पन्न त्यो तेज, जुन क्षारसमुद्रमा फ्याँकिएको थियो, त्यो तत्कालै बालकरूप हुन गयो॥ ३-४॥

तत्र वै सिंधुगंगायाः सागरस्य च संगमे।
रुरोदोच्चैः स वै बालः सर्वलोकभयंकरः॥ ५

सबै लोकलाई भय दिने त्यो बालक त्यहाँ गंगा-सागरको संगममा स्थित भई ठुलो स्वरमा रुन लाग्यो॥ ५॥

रुदतस्तस्य शब्देन प्राकंपद्धरणी मुहुः।
स्वर्गश्च सत्यलोकश्च तत्स्वनाद् बधिरीकृतः॥ ६
बालस्य रोदनेनैव सर्वे लोकाश्च तत्रसुः।
सर्वतो लोकपालाश्च विह्वलीकृतमानसाः॥ ७

त्यो रुँदै गरेको बालकको शब्दले पृथ्वी बारम्बार कम्पित भइन् र स्वर्ग तथा सत्यलोक उसको स्वरले बहिरो भयो। त्यस बालकको रोदनले सबै लोक भयभीत भयो र समस्त लोकपालहरू व्याकुलचित्त भए॥ ६-७॥

किं बहूक्तेन विप्रेन्द्र चचाल सचराचरम्।
भुवनं निखिलं तात रोदनात्तच्छिशोर्विभो॥ ८

हे विप्रेन्द्र! हे तात! हे विभु! धेरै भन्नुको के प्रयोजन, त्यस शिशुको रोदनले चराचरसहित सम्पूर्ण जगत् चलायमान भयो॥ ८॥

अथ ते व्याकुलाः सर्वे देवाः समुनयो द्रुतम्।
पितामहं लोकगुरुं ब्रह्माणं शरणं ययुः॥ ९
तत्र गत्वा च ते देवा मुनयश्च सवासवाः।
प्रणम्य च सुसंस्तुत्य प्रोचुस्तं परमेष्ठिनम्॥ १०

त्यसपछि मुनिहरूसहित व्याकुल समस्त देवता लोकगुरु पितामह ब्रह्माको शरणमा गए। त्यहाँ गएर इन्द्रसहित सबै देवताहरू तथा मुनिहरूले ब्रह्मालाई प्रणाम तथा स्तुति गरी उहाँसित भने—॥ ९-१०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवा ऊचुः

लोकाधीश सुराधीश भयं नः समुपस्थितम्।
तन्नाशय महायोगिन् जातोऽयं ह्यद्भुतो रवः॥ ११

देवता भन्दछन्—हे लोकाधीश! हे सुराधीश! हामीहरूका समक्षमा भय उपस्थित भएको छ। हे महायोगी! त्यसको विनाश गर्नुहोस्, जुन यो अद्भुत ध्वनि उत्पन्न भएको छ॥ ११॥

सनत्कुमार उवाच

इत्याकर्ण्य वचस्तेषां ब्रह्मा लोकपितामहः।
गंतुमैच्छत्ततस्तत्र किमेतदिति विस्मितः॥ १२

सनत्कुमार भन्नुहुन्छ—तब उनीहरूका यी वचन सुनेर लोकपितामह ब्रह्मा आश्चर्यचकित हुनुभयो र 'यो के हो' भनी त्यहाँ जाने इच्छा गर्न लाग्नुभयो॥ १२॥

ततो ब्रह्मा सुरैस्तातावतरत्सत्यलोकतः।
रसां तज्ज्ञातुमिच्छन्स समुद्रमगमत्तदा॥ १३

यावत्तत्रागतो ब्रह्मा सर्वलोकपितामहः।
तावत्समुद्रस्योत्संगे तं बालं स ददर्श ह॥ १४

आगतं विधिमालोक्य देवरूप्यथ सागरः।
प्रणम्य शिरसा बालं तस्योत्संगे न्यवेशयत्॥ १५

ततो ब्रह्माब्रवीद्वाक्यं सागरं विस्मयान्वितः।
जलराशे द्रुतं ब्रूहि कस्यायं शिशुरद्भुतः॥ १६

हे तात! तब ब्रह्मा देवताहरूका साथ सत्यलोकबाट पृथ्वीमा उत्रेर त्यसको पत्तो लगाउँदै समुद्रको किनारमा जानुभयो। सबै लोकका पितामह ब्रह्मा जतिबेला त्यहाँ पुग्नुभयो, त्यसैबेला उहाँले समुद्रको काखमा त्यस बालकलाई देख्नुभयो। ब्रह्मालाई आउनुभएको देखेर देवरूप धारण गरी सागरले शिर झुकाएर उहाँलाई प्रणाम गरी त्यस बालकलाई उहाँको काखमा राखिदिए। त्यसपछि विस्मयमा पर्नुभएका ब्रह्माले समुद्रसित यो वचन भन्नुभयो—हे जलराशे! शीघ्र बताऊ कि यो अद्भुत बालक कसको पुत्र हो?॥ १३—१६॥

सनत्कुमार उवाच

ब्रह्मणो वाक्यमाकर्ण्य मुदितः सागरस्तदा।
प्रत्युवाच प्रजेशं स नत्वा स्तुत्वा कृतांजलिः॥ १७

सनत्कुमार भन्नुहुन्छ—तब ब्रह्माका वचन सुनेर समुद्र ज्यादै प्रसन्न भयो र त्यो हात जोडेर नमस्कार गरी स्तुति गर्दै ब्रह्मासित भन्न लाग्यो—॥ १७॥

समुद्र उवाच

भो भो ब्रह्मन्मया प्राप्तो बालकोऽयमजानता।
प्रभवं सिंधुगंगायामकस्मात्सर्वलोकप॥ १८

जातकर्मादिसंस्कारान्कुरुष्वास्य जगद्गुरो।
जातकोक्तफलं सर्वं विधातर्वक्तुमर्हसि॥ १९

समुद्र भन्दछ—हे ब्रह्मन्! हे सर्वलोकस्वामी! मलाई गंगासागरको संगममा यो बालक अकस्मात् प्राप्त भएको छ र म जान्दिनँ कि यो कसको बालक हो॥ १८॥ हे जगद्गुरु! हजुर यसको जातकर्मादि संस्कार गरिदिनुहोस् र हे विधाता! यसको जातकसम्बन्धी समस्त फलहरू बताइदिनुहोस्॥ १९॥

सनत्कुमार उवाच

एवं वदति पाथोधौ स बालः सागरात्मजः।
ब्रह्माणमग्रहीत्कण्ठे विधुन्वन्तं मुहुर्मुहुः॥ २०

विधूननं च तस्यैवं सर्वलोककृतो विधेः।
पीडितस्य च कालेय नेत्राभ्यामगमज्जलम्॥ २१

सनत्कुमार भन्नुहुन्छ—जब समुद्र ब्रह्मासित यस कुरालाई भनिरहेका थिए, तब त्यस बालकले ब्रह्माको घाँटी समात्यो, यद्यपि उहाँ आफ्नो घाँटीबाट बारम्बार त्यसलाई छुटाइरहनुभएको थियो। हे व्यास! घाँटीबाट छुटाउनका लागि ब्रह्मा धेरै प्रयत्न गरिरहनुभएको थियो, तर त्यस बालकले यति जोडले उहाँको घाँटी थिच्यो कि पीडित ब्रह्माका नेत्रहरूबाट जल टल्पन लाग्यो॥ २०–२१॥

कराभ्यामब्धिजातस्य तत्सुतस्य महौजसः।
कथंचिन्मुक्तकण्ठस्तु ब्रह्मा प्रोवाच सादरम्॥ २२

तब ब्रह्माले कुनै प्रकार त्यस महातेजस्वी समुद्रपुत्रको दुवै हातबाट आफ्नो घाँटी छुटाउनुभयो र उहाँ आदरपूर्वक समुद्रसित भन्न लाग्नुभयो—॥ २२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मोवाच

श्रृणु सागर वक्ष्यामि तवास्य तनयस्य हि।
जातकोक्तफलं सर्वं समाधानरतः खलु॥ २३

नेत्राभ्यां विधृतं यस्मादनेनैव जलं मम।
तस्माज्जलंधरेतीह ख्यातो नाम्ना भवत्वसौ॥ २४

अधुनैवैष तरुणः सर्वशास्त्रार्थपारगः।
महापराक्रमो धीरो योद्धा च रणदुर्मदः॥ २५

भविष्यति च गंभीरः त्वं यथा समरे गुहः।
सर्वजेता च संग्रामे सर्वसंपद्विराजितः॥ २६

दैत्यानामधिपो बालः सर्वेषां च भविष्यति।
विष्णोरपि भवेज्जेता न कुतश्चित्पराभवः॥ २७

अवध्यः सर्वभूतानां विना रुद्रं भविष्यति।
यत एष समुद्भूतस्तत्रेदानीं गमिष्यति॥ २८

पतिव्रतास्य भविता पत्नी सौभाग्यवर्द्धिनी।
सर्वाङ्गसुन्दरी रम्या प्रियवाक्छीलसागरा॥ २९

सनत्कुमार उवाच

इत्युक्त्वा शुक्रमाहूय राज्ये तं चाभ्यषेचयत्।
आमन्त्र्य सरितां नाथं ब्रह्मान्तर्द्धानमन्वगात्॥ ३०

अथ तद्दर्शनोत्फुल्लनयनः सागरस्तदा।
तमात्मजं समादाय स्वगेहमगमन्मुदा॥ ३१

अपोषयन्महोपायैः स्वबालं मुदितात्मकः।
सर्वांगसुन्दरं रम्यं महाद्भुतसुतेजसम्॥ ३२

अथाम्बुधिः समाहूय कालनेमिं महासुरम्।
वृन्दाभिधां सुतां तस्य तद्भार्यार्थमयाचत॥ ३३

कालनेम्यसुरो वीरोऽसुराणां प्रवरः सुधीः।
साधु मेनेम्बुधेर्याच्ञां स्वकर्मनिपुणो मुने॥ ३४

जलंधराय वीराय सागरप्रभवाय च।
ददौ ब्रह्मविधानेन स्वसुतां प्राणवल्लभाम्॥ ३५

तदोत्सवो महानासीद्विवाहे च तयोस्तदा।
सुखं प्रापुर्नदा नद्योऽसुराश्चैवाखिला मुने॥ ३६

समुद्रोऽति सुखं प्राप सुतं दृष्ट्वा हि सस्त्रियम्।

ब्रह्मा भन्नुहुन्छ—हे सागर! सुन, म तिम्रो यस पुत्रको समस्त जातकोक्त फल विचार गरी भन्दछु॥ २३॥ यसले मेरो नेत्रबाट निस्केको जललाई धारण गरेको छ, यसैले यो जलन्धर—यस नामले प्रसिद्ध हुने छ॥ २४॥

यो यसै समय तरुण, सर्वशास्त्रार्थवेत्ता, महापराक्रमी, धैर्यवान् तथा रणदुर्मद योद्धा हुने छ। तिम्रो तथा कार्तिकेयको समान यो युद्धमा गम्भीर हुने छ, यसले संग्राममा सबैलाई जित्ने छ तथा समस्त ऐश्वर्यबाट परिपूर्ण हुने छ॥ २५-२६॥

यो बालक समस्त दैत्यहरूको अधिपति हुनेछ तथा विष्णुलाई पनि जित्नेवाला हुनेछ, यसको पराभव कहिले हुने छैन। रुद्रलाई छोडेर यो सबै प्राणीहरूबाट अवध्य हुने छ। जहाँबाट यसको उत्पत्ति भएको छ, अन्तमा यो त्यहीँ जाने छ। यसकी पत्नी महापतिव्रता, सौभाग्यलाई बढाउने, सर्वांगसुन्दरी, मनोहर, प्रिय वचन बोल्ने तथा शीलकी सागर हुनेछिन्॥ २७-२९॥

सनत्कुमार भन्नुहुन्छ—यस्तो भनेर [दैत्यगुरु] शुक्रलाई बोलाएर ब्रह्माले त्यस बालकलाई राज्यमा अभिषिक्त गराउनुभयो र समुद्रसित आज्ञा लिएर उहाँ अन्तर्धान हुनुभयो। त्यसपछि बालकलाई देखेर प्रफुल्लित नेत्र भएका समुद्र त्यस पुत्रलाई लिएर प्रसन्नतापूर्वक आफ्नो घर गए र प्रसन्नचित्त भएर अनेक उपायहरूद्वारा सर्वांगसुन्दर, मनोहर, अत्यन्त अद्भुत एवं परम तेजस्वी आफ्नो पुत्रको पालन-पोषण गर्न लागे॥ ३०—३२॥

त्यसपछि सागरले महान् असुर कालनेमिलाई बोलाएर उसकी वृन्दा नामकी पुत्रीलाई त्यसकी भार्याको निमित्त मागे। हे मुनि! वीर असुरहरूमा श्रेष्ठ, बुद्धिमान् तथा आफ्नो कार्य-साधनमा कुशल असुर कालनेमिले समुद्रको याचना स्वीकार गऱ्यो र ब्राह्मविवाहको विधिले समुद्रपुत्र वीर जलन्धरलाई आफ्नी प्राणप्रिय पुत्री प्रदान गरिदियो॥ ३३—३५॥

त्यस समय ती दुवैको विवाहमा महान् उत्सव भयो। हे मुनि! समस्त नदीहरू एवं असुरहरूलाई सुख प्राप्त भयो। स्त्रीसहित पुत्रलाई देखेर समुद्रलाई पनि अत्यधिक सुखको प्राप्ति भयो र उसले ब्राह्मणहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दानं ददौ द्विजातिभ्योऽप्यन्येभ्यश्च यथाविधि ॥ ३७
ये देवैर्निर्जिताः पूर्वं दैत्याः पातालसंस्थिताः।
ते हि भूमंडलं याता निर्भयाः तमुपाश्रिताः ॥ ३८

तथा अरू जनहरूलाई यथाविधि दान दियो। तब पातालमा रहने दैत्य, जो देवताहरूद्वारा पहिला जितिएका थिए, ती पृथ्वीमा आएर निडर भई उसको आश्रयमा रहन लागे ॥ ३६—३८ ॥

ते कालनेमिप्रमुखास्ततोऽसुराः
तस्मै सुतां सिंधुसुताय दत्त्वा।
बभूवुरत्यन्तमुदान्विता हि
तमाश्रिता देवविनिर्जयाय ॥ ३९

[त्यस समय] कालनेमि आदि ती असुरहरू त्यस समुद्रपुत्रलाई कन्या दिएर परम प्रसन्न भए र देवताहरूलाई जित्नका लागि उसको आश्रित भए ॥ ३९ ॥

स चापि वीरोऽम्बुधिबालकोऽसौ
जलंधराख्योऽसुरवीरवीरः।
संप्राप्य भार्यामतिसुन्दरीं वशी
चकार राज्यं हि कविप्रभावात् ॥ ४०

असुरवीरहरूमा मुख्य वीर त्यो समुद्रपुत्र जितेन्द्रिय जलन्धर अति सुन्दरी भार्यालाई प्राप्त गरी शुक्राचार्यको प्रभावले राज्य गर्न लाग्यो ॥ ४० ॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे जलंधरवधोपाख्याने जलंधरोत्पत्तिविवाहवर्णनं नाम चतुर्दशोऽध्यायः ॥ १४ ॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा जलन्धरवधोपाख्यानअन्तर्गत जलन्धरोत्पत्तिविवाहवर्णन नामक चौधौं अध्याय पूर्ण भयो ॥ १४ ॥

अथ पञ्चदशोऽध्यायः

राहुको शिरश्छेदन तथा समुद्रमन्थनको समयमा देवताहरूको छललाई जानेर क्रुद्ध भएका जलन्धरद्वारा स्वर्गमाथि आक्रमण, इन्द्रादि देवताहरूको पराजय, अमरावतीमाथि जलन्धरको आधिपत्य, भयभीत देवताहरू सुमेरुको गुफामा लुक्नु

सनत्कुमार उवाच

एकदा वारिधिसुतो वृन्दापतिरुदारधीः।
सभार्यः संस्थितो वीरोऽसुरैः सर्वैः समन्वितः ॥ १
तत्राजगाम सुप्रीतः सुवर्चास्त्वथ भार्गवः।
तेजःपुंजो मूर्त इव भासयन्सकला दिशः ॥ २

तं दृष्ट्वा गुरुमायान्तमसुरास्तेऽखिला द्रुतम्।
प्रणेमुः प्रीतमनसः सिंधुपुत्रोऽपि सादरम् ॥ ३

सनत्कुमार भन्नुहुन्छ—एक पटक वृन्दाका पति त्यो वीर तथा उदार बुद्धि भएको समुद्रपुत्र जलन्धर आफ्नी पत्नी वृन्दा एवं समस्त असुरहरूका साथ बसेको थियो ॥ १ ॥ त्यसै समय अत्यन्त प्रसन्न, महातेजस्वी, मूर्तस्वरूप तेजपुंजको समान भासित भएका शुक्राचार्य दसै दिशा प्रकाशित पार्दै त्यहाँ आए। ती गुरुलाई आएको देखेर प्रसन्न मन भएका ती सबै असुर तथा जलन्धरले पनि शीघ्र आदरपूर्वक उनलाई प्रणाम गरे ॥ २–३ ॥

दत्त्वाशीर्वचनं तेभ्यो भार्गवस्तेजसां निधिः।
निषसादासने रम्ये संतस्थुस्तेऽपि पूर्ववत् ॥ ४
अथ सिंध्वात्मजो वीरो दृष्ट्वा प्रीत्या निजां सभाम्।
जलंधरः प्रसन्नोऽभूदनष्टवरशासनः ॥ ५
तत्स्थितं छिन्नशिरसं दृष्ट्वा राहुं स दैत्यराट्।
पप्रच्छ भार्गवं शीघ्रमिदं सागरनन्दनः ॥ ६

तब तेजोनिधि भार्गव उनीहरूलाई आशीर्वाद दिएर रम्य आसनमा बसे र ती [असुरगण] पनि पूर्ववत् बसे। त्यसपछि स्थिर तथा उत्तम शासनवाला त्यो वीर सिन्धुपुत्र जलन्धर प्रेमपूर्वक आफ्नो सभालाई हेरेर प्रसन्न भयो। त्यहाँ बसेका मुर्कटा राहुलाई देखेर त्यस दैत्यराज समुद्रपुत्रले शीघ्रतापूर्वक शुक्राचार्यसित यो सोध्यो— ॥ ४—६ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जलंधर उवाच

केनेदं विहितं राहोः शिरश्छेदनकं प्रभो।
तद्ब्रूहि निखिलं वृत्तं यथावत्तत्त्वतो गुरो॥ ७

सनत्कुमार उवाच

इत्याकर्ण्य वचस्तस्य सिन्धुपुत्रस्य भार्गवः।
स्मृत्वा शिवपदांभोजं प्रत्युवाच यथार्थवत्॥ ८

शुक्र उवाच

जलंधर महावीर सर्वासुरसहायक।
शृणु वृत्तांतमखिलं यथावत्कथयामि ते॥ ९
पुराऽभवद् बलिर्वीरो विरोचनसुतो बली।
हिरण्यकशिपोश्चैव प्रपौत्रो धर्मवित्तम॥ १०
पराजिताः सुरास्तेन रमेशं शरणं ययुः।
सवासवाः स्ववृत्तांतमाचख्युः स्वार्थसाधकाः॥ ११

तदाज्ञयाऽसुरैः सार्द्धं चक्रुः संधिमथो सुराः।
स्वकार्यसिद्धये तात छलकर्मविचक्षणाः॥ १२

अथामृतार्थं सिंधोश्च मंथनं चक्रुरादरात्।
विष्णोः सहायिनस्ते हि सुराः सर्वेऽसुरैस्सह॥ १३

ततो रत्नोपहरणमकार्षुर्दैत्यशत्रवः।
जगृहुर्यत्नतो देवाः पपुरप्यमृतं छलात्॥ १४

ततः पराभवं चक्रुरसुराणां सहायतः।
विष्णोः सुराः सशक्रास्तेऽमृतपानाद्बलान्विताः॥ १५

शिरश्छेदं चकारासौ पिबतश्चामृतं हरिः।
राहोर्देवसभायां वै पक्षपाती हरेस्सदा॥ १६

सनत्कुमार उवाच

एवं कविस्तस्य शिरश्छेदं राहोः शशंस च।
अमृतार्थे समुद्रस्य मंथनं देवकारितम्॥ १७
रत्नोपहरणं चैव दैत्यानां च पराभवम्।
देवैरमृतपानं च कृतं सर्वं च विस्तरात्॥ १८

तदाकर्ण्य महावीरोऽम्बुधिबालः प्रतापवान्।
चुक्रोध क्रोधरक्ताक्षः स्वपितुर्मंथनं तदा॥ १९

अथ दूतं समाहूय घस्मराभिधमुत्तमम्।
सर्वं शशंस चरितं यदाह गुरुरात्मवान्॥ २०

जलन्धर भन्दछ—हे प्रभु! हे गुरु! राहुको शिरलाई कसले काटेको हो? हे गुरु! त्यस सम्पूर्ण वृत्तान्त मलाई ठीक-ठीक बताउनुहोस्॥ ७॥

सनत्कुमार भन्नुहुन्छ—समुद्रपुत्र जलन्धरको यो वचन सुनेर भृगुपुत्र शुक्राचार्य शिवका चरणकमल-हरूको स्मरण गरी यथार्थरूपमा भन्न लागे—॥ ८॥

शुक्र भन्नुहुन्छ—हे जलन्धर! हे महावीर! हे असुरहरूका सहायक! सुन, म सारा वृत्तान्त तिमीलाई यथार्थ रूपबाट बताउँछु। पूर्व समयमा विरोचनका पुत्र तथा हिरण्यकशिपुका नाती वीर, बलवान् र धर्मात्मा बलि [नामक दैत्य] भएका थिए॥ ९-१०॥ उसबाट पराजित भएका इन्द्रसहित सबै देवता, जो स्वार्थसाधनमा अत्यन्त निपुण थिए, विष्णुको शरणमा गए र उनीहरूले आफ्नो सम्पूर्ण वृत्तान्त उनीसित बताए॥ ११॥

हे तात! तब छलकर्ममा निपुण ती देवताहरूले विष्णुको आज्ञाले आफ्नो कार्य सिद्धिका निम्ति असुरहरूका साथ सन्धि गरे। त्यसपछि विष्णुका सहायक ती सबै देवताहरूले अमृतका लागि असुरहरूका साथ आदरपूर्वक समुद्रमन्थन गरे। तत्पश्चात् दैत्यशत्रु देवताहरूले [समुद्रमन्थनबाट उत्पन्न भएको] रत्न स्वयं हरण गरे र यत्नपूर्वक छल गरी अमृत ग्रहण गरे तथा त्यसको पान पनि गरे। त्यसपछि अमृतपानबाट बलशाली भएका इन्द्रसहित ती देवताहरूले विष्णुको सहायताले असुरहरूलाई पराजित गरिदिए॥ १२—१५॥

इन्द्रका सर्वदा पक्षपाती ती विष्णुले देवताहरूको सभामा अमृत पीउँदै गरेको राहुको शिरश्छेदन गरिदिए॥ १६॥

सनत्कुमार भन्नुहुन्छ—यस प्रकार शुक्राचार्यले अमृतका लागि देवताहरूद्वारा गराइएको समुद्रमन्थन, राहुको शिरश्छेदन, रत्नहरूको अपहरण, दैत्यहरूको पराभव र देवताहरूद्वारा गरिएको अमृतपान—यी सबैको विस्तारपूर्वक वर्णन गरे॥ १७-१८॥

तब आफ्ना पिता [समुद्र]-को मन्थन सुनेर क्रोधका कारण रातो नेत्र भएको त्यो महावीर तथा महाप्रतापी समुद्रपुत्र जलन्धर कुपित भयो। त्यसपछि उसले तत्काल घस्मर नामक [आफ्नो] उत्तम दूतलाई बोलाएर उससित सारा वृत्तान्त भन्यो, जसलाई आत्मवान्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ तं प्रेषयामास स्वदूतं शक्रसन्निधौ।
संमान्य बहुशः प्रीत्याऽभयं दत्त्वा विशारदम्॥ २१

गुरु शुक्राचार्यले बताएका थिए। तत्पश्चात् धेरै प्रकारबाट सम्मानित गरी तथा अभय दिएर आफ्नो त्यस कुशल दूतलाई उसले प्रेमपूर्वक इन्द्रकहाँ पठायो॥ १९—२१॥

दूतस्त्रिविष्टपं तस्य जगामारमलं सुधीः।
घस्मरोऽम्बुधिबालस्य सर्वदेवसमन्वितम्॥ २२

त्यस समुद्रपुत्र जलन्धरको त्यो बुद्धिमान् दूत घस्मर शीघ्रताका साथ सबै देवगणहरूले युक्त स्वर्गलोकमा गयो॥ २२॥

तत्र गत्वा स दूतस्तु सुधर्मां प्राप्य सत्वरम्।
गर्वादखर्वमौलिर्हि देवेन्द्रं वाक्यमब्रवीत्॥ २३

त्यहाँ गएर त्यो दूत तत्काल सुधर्मा सभामा पुगेर बडो अहंकारका साथ देवराज इन्द्रसित यो वचन भन्न लाग्यो— ॥ २३॥

घस्मर उवाच

जलंधरोऽब्धितनयः सर्वदैत्यजनेश्वरः।
सुप्रतापी महावीरः स्वयं कविसहायवान्॥ २४

दूतोऽहं तस्य वीरस्य घस्मराख्यो न घस्मरः।
प्रेषितस्तेन वीरेण त्वत्सकाशमिहागतः॥ २५

अव्याहताज्ञः सर्वत्र जलंधर उदग्रधीः।
निर्जिताखिलदैत्यारिः स यदाह शृणुष्व तत्॥ २६

घस्मर भन्दछ—समुद्रपुत्र जलन्धर सबै दैत्यहरूका अधिपति, महाप्रतापी एवं महावीर छन् तथा शुक्राचार्य उनका सहायक छन्। म उनै वीरको घस्मर नामक दूत हुँ र वस्तुतः घस्मर (भक्षक) होइन, त्यसै वीरद्वारा पठाइएपछि म तपाईंकहाँ आएको हुँ। सर्वत्र अप्रतिहत आज्ञा भएको महान् बुद्धिमान् तथा सम्पूर्ण देवताहरूलाई जित्ने ती जलन्धरले जे भनेका छन्, त्यसलाई तपाईं सुन्नुहोस्॥ २४—२६॥

जलंधर उवाच

कस्मात्त्वया मम पिता मथितः सागरोऽद्रिणा।
नीतानि सर्वरत्नानि पितुर्मे देवताधम॥ २७

उचितं न कृतं तेऽद्य तानि शीघ्रं प्रयच्छ मे।
ममायाहि विचार्येत्थं शरणं दैवतैः सह॥ २८

अन्यथा ते भयं भूरि भविष्यति सुराधम।
राज्यविध्वंसनं चैव सत्यमेतद्ब्रवीम्यहम्॥ २९

जलन्धर भन्दछ—हे देवाधम! तिमीहरूले कुन कारणले पर्वतद्वारा मेरो पिता समुद्रको मन्थन गर्‍यौ? र मेरो पिताका सारा रत्न अपहरण गर्‍यौ? तिमीहरूले यो उचित गरेनौ, ती रत्नहरूलाई अहिल्यै तत्काल फिर्ता गर र विचार गरी देवताहरूसहित मेरो शरणमा आओ। अन्यथा हे सुराधम! तिमीहरूकहाँ ज्यादै ठुलो भय उपस्थित हुनेछ तथा तिमीहरूको राज्य नष्ट-भ्रष्ट हुनेछ। म यो सत्य भन्दै छु॥ २७—२९॥

सनत्कुमार उवाच

इति दूतवचः श्रुत्वा विस्मितस्त्रिदशाधिपः।
उवाच तं स्मरन्निन्द्रो भयरोषसमन्वितः॥ ३०

सनत्कुमार भन्नुहुन्छ—दूतको यो कुरा सुनेर देवराज इन्द्र विस्मित भए र ती भय तथा रोषले युक्त भई उसलाई (पूर्ववृत्तान्त) याद गर्दै भन्न लागे— ॥ ३०॥

अद्रयो मद्भयात् त्रस्ताः स्वकुक्षिस्था यतः कृताः।
अन्येऽपि मद् द्विषस्तेन रक्षिता दितिजाः पुरा॥ ३१

तस्मात्तद्रत्नजातं तु मया सर्वं हृतं किल।
न तिष्ठति मम द्रोही सुखं सत्यं ब्रवीम्यहम्॥ ३२

[हे दूत!] मेरो डरले भागेका पर्वतहरूलाई तथा अन्य मेरा दानवशत्रुहरूलाई पूर्वकालमा त्यस समुद्रले शरण दिएका थिए, यसैले मैले उसको सारा रत्नहरू अपहरण गरेको हुँ। मेरो द्रोही सुखपूर्वक बस्न सक्तैनन्, म यो सत्य भन्दै छु॥ ३१-३२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शंखोऽप्येवं पुरा दैत्यो मां द्विषन्सागरात्मजः।
अभवन्मूढचित्तस्तु साधुसंगात्समुज्झितः॥ ३३

ममानुजेन हरिणा निहतः स हि पापधीः।
हिंसकः साधुसंघस्य पापिष्ठः सागरोदरे॥ ३४

तद् गच्छ दूत शीघ्रं त्वं कथयस्वास्य तत्त्वतः।
अब्धिपुत्रस्य सर्वं हि सिंधोर्मंथनकारणम्॥ ३५

सनत्कुमार उवाच

इत्थं विसर्जितो दूतो घस्मराख्यः सुबुद्धिमान्।
तदेन्द्रेणागमत्तूर्णं यत्र वीरो जलंधरः॥ ३६
तदिदं वचनं दैत्यराजो हि तेन धीमता।
कथितो निखिलं शक्रप्रोक्तं दूतेन वै तदा॥ ३७
तन्निशम्य ततो दैत्यो रोषात्प्रस्फुरिताधरः।
उद्योगमकरोत्तूर्णं सर्वदेवजिगीषया॥ ३८

तदोद्योगेऽसुरेन्द्रस्य दिग्भ्यः पातालतस्तथा।
दितिजाः प्रत्यपद्यन्ते कोटिशः कोटिशस्तथा॥ ३९

अथ शुंभनिशुंभाद्यैर्बलाधिपतिकोटिभिः।
निर्जगाम महावीरः सिन्धुपुत्रः प्रतापवान्॥ ४०

प्राप त्रिविष्टपं सद्यः सर्वसैन्यसमावृतः।
दध्मौ शंखं जलधिजो नेदुर्वीराश्च सर्वतः॥ ४१

गत्वा त्रिविष्टपं दैत्यो नन्दनाधिष्ठितोऽभवत्।
सर्वसैन्यं समावृत्य कुर्वाणः सिंहवद्रवम्॥ ४२

पुरमावृत्य तिष्ठत्तद् दृष्ट्वा सैन्यबलं महत्।
निर्ययुस्त्वमरावत्या देवा युद्धाय दंशिताः॥ ४३

ततः समभवद्युद्धं देवदानवसेनयोः।
मुसलैः परिघैर्बाणैर्गदापरशुशक्तिभिः॥ ४४

पहिला पनि यसै सागरको शंख नामक मूर्ख पुत्रले मसित विरोध गरेको थियो, यसैले साधुहरूले उसलाई आफ्नो साथमा राखेनन्। त्यो साधुहरूको हिंसक र ठुलो पापी थियो, त्यो समुद्रमा लुकिरहन्थ्यो, अतः मेरा भाइ विष्णुले उसको संहार गरिदिए॥ ३३–३४॥

अतः हे दूत! तिमी छिटो जाऊ र त्यस समुद्रपुत्रसित सागरमन्थनको समस्त कारण ठीक–ठीक भनिदेऊ॥ ३५॥

सनत्कुमार भन्नुहुन्छ—यस प्रकार इन्द्रद्वारा विसर्जित गरिएको त्यो महाबुद्धिमान् दूत तत्काल त्यहाँ पुग्यो, जहाँ वीर जलन्धर थियो। त्यस बुद्धिमान् दूतले इन्द्रद्वारा भनिएका सबै कुराहरूलाई दैत्यराज जलन्धरसित भनिदियो॥ ३६–३७॥

इन्द्रका वचनलाई सुनेर दैत्यको ओष्ठ क्रोधले फर्फराउन लाग्यो र त्यो तत्काल सबै देवताहरूलाई जित्ने इच्छाले उद्योग गर्न लाग्यो। त्यस दैत्येन्द्रले उद्योग गर्नासाथ सबै दिशाहरूबाट तथा पातालबाट करोडौँ–करोड दैत्य आएर उपस्थित भए॥ ३८–३९॥

तत्पश्चात् त्यो महावीर तथा प्रतापशाली समुद्रपुत्र जलन्धर शुम्भ–निशुम्भ आदि करोडौँ सेनापतिहरूका साथ [देवताहरूमाथि विजय प्राप्त गर्नका लागि] निस्क्यो॥ ४०॥

यस प्रकार आफ्ना सम्पूर्ण सेनाहरूलाई साथ लिएर त्यो जलन्धर तत्काल स्वर्गमा पुग्यो। उसले शंख बजायो तथा चारैतिरबाट सबै वीरहरू गर्जन लागे॥ ४१॥

इन्द्रलोक पुगेर त्यस दैत्यले सम्पूर्ण सेनाका साथ सिंहनाद गर्दै नन्दनवनमा डेरा जमायो॥ ४२॥

नगरलाई चारैतिरबाट घेरेर बसेको त्यसको ठुलो सेनालाई देखेर देवता कवच धारण गरी युद्धका लागि अमरावतीपुरीबाट निस्के॥ ४३॥

त्यसपछि देवता र दैत्यहरूका सेनाको बीच मूसल, परिघ, बाण, गदा, परशु एवं शक्तिहरूबाट युद्ध हुन लाग्यो॥ ४४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेऽन्योऽन्यं समधावेतां जघ्नतुश्च परस्परम्।
क्षणेनाभवतां सेने रुधिरौघपरिप्लुते॥ ४५
पतितैः पात्यमानैश्च गजाश्वरथपत्तिभिः।
व्यराजत रणे भूमिः संध्याभ्रपटलैरिव॥ ४६

तत्र युद्धे मृतान्दैत्यान्भार्गवस्तानजीवयत्।
विद्ययामृतजीविन्या मंत्रितैस्तोयबिन्दुभिः॥ ४७

देवानपि तथा युद्धे तत्राजीवयदंगिराः।
दिव्यौषधैः समानीय द्रोणाद्रेः स पुनः पुनः॥ ४८

दृष्टवान्स तथा युद्धे पुनरेव समुत्थितान्।
जलंधरः क्रोधवशो भार्गवं वाक्यमब्रवीत्॥ ४९

जलंधर उवाच

मया देवा हता युद्धे उत्तिष्ठन्ति कथं पुनः।
त्वत्तः संजीवनी विद्या नैवान्यत्रेति वै श्रुता॥ ५०

सनत्कुमार उवाच

इत्याकर्ण्य वचस्तस्य सिन्धुपुत्रस्य भार्गवः।
प्रत्युवाच प्रसन्नात्मा गुरुः शुक्रो जलंधरम्॥ ५१

शुक्र उवाच

दिव्यौषधीः समानीय द्रोणाद्रेरंगिराः सुरान्।
जीवयत्येष वै तात सत्यं जानीहि मे वचः॥ ५२

जयमिच्छसि चेत्तात शृणु मे वचनं शुभम्।
ततः सोऽरं भुजाभ्यां त्वं द्रोणमब्धावुपाहर॥ ५३

सनत्कुमार उवाच

इत्युक्तः स तु दैत्येन्द्रो गुरुणा भार्गवेण ह।
द्रुतं जगाम यत्रासावास्ते चैवाद्रिराट् च सः॥ ५४

भुजाभ्यां तरसा दैत्यो नीत्वा द्रोणं च तं तदा।
प्राक्षिपत्सागरे तूर्णं चित्रं न हरतेजसि॥ ५५

पुनरायान्महावीरस्सिन्धुपुत्रो महाहवम्।
जघानास्त्रैश्च विविधैः सुरान्कृत्वा बलं महत्॥ ५६

ती एक-अर्कातिर दौडँदै एक-अर्कामाथि प्रहार गर्न लागे, केही बेरमा दुवै सेनाहरू रगताम्य भए। हात्ती, घोडा, रथ तथा पैदल सेनाहरू ढल्नाले सारा रणभूमि सन्ध्याकालीन बादलसमान प्रतीत हुन लाग्यो॥ ४५-४६॥

शुक्राचार्य अमृतसंजीवनी विद्याद्वारा अभिमन्त्रित जलका थोपाहरूले युद्धमा मरेका दैत्यहरूलाई बिउँझाउन लागे॥ ४७॥

अंगिरा (बृहस्पति) पनि द्रोणपर्वतबाट बारम्बार दिव्य औषधिहरू ल्याएर त्यसद्वारा युद्धमा देवताहरूलाई बिउँझाउन लागे॥ ४८॥

तब जलन्धरले देवताहरूलाई पुनर्जीवित भएको देखेर क्रोधित भई शुक्राचार्यसित यो वचन भन्यो— ॥ ४९॥

जलन्धर भन्दछ—[हे गुरु!] मद्वारा युद्धमा मारिएका देवता कसरी जीवित हुँदै गइरहेका छन्? मैले त सुनिराखेको छु कि संजीवनीविद्या तपाईंसँग बाहेक अरू कसैसित छैन॥ ५०॥

सनत्कुमार भन्नुहुन्छ—सिन्धुपुत्रको यो कुरा सुनेर गुरु शुक्राचार्यले प्रसन्नचित्त भएर जलन्धरसित भने— ॥ ५१॥

शुक्र भन्दछन्—हे तात! यी अंगिरा (बृहस्पति) द्रोणपर्वतबाट औषधिहरू ल्याएर देवताहरूलाई जीवित गराइरहेका छन्, मेरो कुरा सत्य मान। हे तात! यदि तिमी विजय चाहन्छौ भने मेरो हितकारी कुरा सुन, तिमी तत्काल त्यस द्रोणपर्वतलाई आफ्ना हातहरूले उखेलेर समुद्रमा हालिदेऊ॥ ५२-५३॥

सनत्कुमार भन्नुहुन्छ—गुरु शुक्राचार्यद्वारा यस प्रकार भनिएको त्यो दैत्येन्द्र तत्काल त्यहाँ पुग्यो, जहाँ त्यो पर्वतराज [द्रोण] थियो॥ ५४॥

उसले वेगपूर्वक आफ्ना हातहरूले त्यस द्रोण पर्वतलाई उचालेर तत्काल समुद्रमा हालिदियो। शिवको तेजको सम्बन्धमा यो कुनै आश्चर्यको कुरा थिएन॥ ५५॥

त्यसपछि त्यो महावीर जलन्धर विशाल सेना लिएर पुनः युद्धस्थलमा फर्कियो र अनेक प्रकारका शस्त्रहरूले देवगणको संहार गर्न लाग्यो॥ ५६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ देवान्हतान्दृष्ट्वा द्रोणाद्रिमगमद् गुरुः।
तावत्तत्र गिरींद्रं तं न ददर्श सुरार्चितः॥ ५७

ज्ञात्वा दैत्यहृतं द्रोणं धिषणो भयविह्वलः।
आगत्य देवान्प्रोवाच जीवो व्याकुलमानसः॥ ५८

तब देवताहरूलाई मरेको देखेर देवपूजित देवगुरु द्रोणपर्वतमा गए, तर उनले त्यस पर्वतराजलाई त्यहाँ देखेनन्। दैत्यद्वारा पर्वतलाई अपहृत जानेर देवगुरु भयले विह्वल भए र आएर व्याकुलचित्त भई देवताहरूसित भन्न लागे— ॥ ५७-५८ ॥

गुरुरुवाच

पलायध्वं सुराः सर्वे द्रोणो नास्ति गिरिर्महान्।
ध्रुवं ध्वस्तश्च दैत्येन पाथोधितनयेन हि॥ ५९

जलंधरो महादैत्यो नायं जेतुं क्षमो यतः।
रुद्रांशसंभवो ह्येष सर्वामरविमर्दनः॥ ६०

मया ज्ञातः प्रभावोऽस्य यथोत्पन्नः स्वयं सुराः।
शिवापमानकृच्छक्रचेष्टितं स्मरताखिलम्॥ ६१

गुरु भन्दछन्—हे देवताहरू हो! तिमीहरू भाग, महापर्वत द्रोण अब छैन, निश्चय नै समुद्रपुत्र जलन्धरले उसलाई ध्वस्त पारिदिएको छ॥ ५९॥

सबै देवताहरूको मर्दन गर्ने यो महादैत्य जलन्धरलाई जित्न सकिन्न; किनभने यो रुद्रको अंशबाट उत्पन्न भएको हो। हे देवताहरू हो! यो जुन प्रकार उत्पन्न भएको छ तथा जस्तो यसको प्रभाव छ, त्यसलाई म जान्दछु। शिवको अपमान गर्ने इन्द्रको सम्पूर्ण चेष्टालाई तपाईंहरू स्मरण गर्नुहोस्॥ ६०-६१॥

सनत्कुमार उवाच

श्रुत्वा तद्वचनं देवाः सुराचार्यप्रकीर्तितम्।
जयाशां त्यक्तवन्तस्ते भयविह्वलितास्तथा॥ ६२

दैत्यराजेन तेनातिहन्यमानाः समन्ततः।
धैर्यं त्यक्त्वाऽपलायन्त दिशो दश सवासवाः॥ ६३

सनत्कुमार भन्नुहुन्छ—देवताहरूका आचार्य बृहस्पतिद्वारा भनिएका त्यस वचनलाई सुनेर भयले व्याकुल भएका ती देवगणहरूले विजयको आशा त्यागिदिए र त्यस दैत्यराजद्वारा चारैतिरबाट प्रहार गरिँदै गरेका इन्द्रसहित सबै देवता धैर्य त्यागेर दसै दिशाहरूमा भागे॥ ६२-६३॥

देवान्विद्रावितान्दृष्ट्वा दैत्यः सागरनंदनः।
शंखभेरीजयरवैः प्रविवेशामरावतीम्॥ ६४

प्रविष्टे नगरीं दैत्ये देवाः शक्रपुरोगमाः।
सुवर्णाद्रिगुहां प्राप्ता न्यवसन्दैत्यतापिताः॥ ६५

तब देवगणहरूलाई पलायन देखेर सागरपुत्र दैत्य जलन्धरले शंख, भेरी तथा जयध्वनिका साथ अमरावतीपुरीमा प्रवेश गर्‍यो। तब त्यस दैत्यको नगरीमा प्रवेश भएपछि इन्द्र आदि देवता त्यस दैत्यबाट पीडित भएर सुमेरु पर्वतको गुफामा लुके॥ ६४-६५॥

तदैव सर्वेष्वसुरोऽधिकारे-
ष्विन्द्रादिकानां विनिवेश्य सम्यक्।
शुंभादिकान्दैत्यवरान् पृथक्पृथक्
स्वयं सुवर्णाद्रिगुहां व्यगान्मुने॥ ६६

हे मुनि! तब त्यो असुर इन्द्रादिकहरूको सबै अधिकारहरूमा श्रेष्ठ शुम्भादि दैत्यहरूलाई राम्ररी पृथक्-पृथक् नियुक्त गरी स्वयं [देवताहरूलाई खोज्दै] मेरु पर्वतको गुफामा पुग्यो॥ ६६॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे जलंधरवधोपाख्याने देवजलंधरयुद्धवर्णनं नाम पञ्चदशोऽध्यायः॥ १५॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा जलन्धरवधोपाख्यानमा देव-जलन्धरयुद्धवर्णन नामक पन्ध्रौँ अध्याय पूर्ण भयो॥ १५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ षोडशोऽध्यायः

जलन्धरबाट भयभीत देवताहरू विष्णुका समीपमा गएर स्तुति गर्नु, विष्णुसहित देवताहरूको जलन्धरको सेनाका साथ भयंकर युद्ध

सनत्कुमार उवाच

पुनर्दैत्यं समायान्तं दृष्ट्वा देवाः सवासवाः।
भयात्प्रकंपिताः सर्वे सहैवादुद्रुवुर्द्रुतम्॥ १
वैकुंठं प्रययुः सर्वे पुरस्कृत्य प्रजापतिम्।
तुष्टुवुस्ते सुरा नत्वा सप्रजापतयोऽखिलाः॥ २

सनत्कुमार भन्नुहुन्छ—इन्द्रसहित सबै देवता त्यस दैत्यलाई पुनः आएको देखेर भयले कामे र तत्काल एकै साथ भागे। प्रजापतिलाई अघि गरी ती सबै वैकुण्ठमा गए। फेरि प्रजापतिसहित सबै देवताले विष्णुलाई प्रणाम गरी स्तुति गर्न लागे— ॥ १-२ ॥

देवा ऊचुः

हृषीकेश महाबाहो भगवन् मधुसूदन।
नमस्ते देवदेवेश सर्वदैत्यविनाशक॥ ३
मत्स्यरूपाय ते विष्णो वेदान्नीतवते नमः।
सत्यव्रतेन सद्राज्ञा प्रलयाब्धिविहारिणे॥ ४

देवता भन्दछन्—हे हृषीकेश! हे महाबाहु! हे भगवान्! हे मधुसूदन! हे देवदेवेश! हे सर्वदैत्यविनाशक! हजुरलाई नमस्कार छ। मत्स्यरूप धारण गरी सत्यव्रत राजाका साथ प्रलयाब्धिमा विहार गर्नुहुने तथा वेदहरूलाई ल्याउनुहुने मत्स्यरूप ती विष्णु! हजुरलाई नमस्कार छ॥ ३-४॥

कुर्वाणानां सुराणां च मंथनायोद्यमं भृशम्।
बिभ्रते मंदरगिरिं कूर्मरूपाय ते नमः॥ ५

नमस्ते भगवन्नाथ क्रतवे सूकरात्मने।
वसुंधरां जनाधारां मूर्द्धतो बिभ्रते नमः॥ ६

समुद्रमन्थनका लागि देवताहरूले महान् उद्योग गर्दाको समय मन्दराचलपर्वतलाई धारण गर्नुहुने कच्छपरूप हजुरलाई नमस्कार छ। मनुष्यहरूलाई आश्रय प्रदान गर्ने यस वसुन्धरालाई दाह्रामा धारण गर्नुहुने यज्ञवाराहस्वरूप हे भगवन्! हजुरलाई नमस्कार छ॥ ५-६॥

वामनाय नमस्तुभ्यमुपेन्द्राख्याय विष्णवे।
विप्ररूपेण दैत्येन्द्रं बलिं छलयते विभो॥ ७

विप्ररूपबाट दैत्येन्द्र बलिलाई छल गर्नुहुने उपेन्द्र नामक वामनरूपधारी हे विष्णु! हे विभु! हजुरलाई नमस्कार छ॥ ७॥

नमः परशुरामाय क्षत्रनिःक्षत्रकारिणे।
मातुर्हितकृते तुभ्यं कुपितायासतां द्रुहे॥ ८

रामाय लोकरामाय मर्यादापुरुषाय ते।
रावणांतकरायाशु सीतायाः पतये नमः॥ ९

क्षत्रियहरूको क्षत्र (राज) को अन्त गर्नुहुने, माताको हित गर्नुहुने, कुपित हुनेवाला तथा दुष्टजनहरूको विनाश गर्नुहुने र परशुरामको रूपबाट अवतार धारण गर्नुहुने हजुरलाई नमस्कार छ। लोकलाई प्रसन्न पार्नुहुने, मर्यादापुरुष तथा शीघ्र रावणको वध गर्नुहुने र सीतापति रामको रूपमा अवतार ग्रहण गर्नुहुने हजुरलाई नमस्कार छ॥ ८-९ ॥

नमस्ते ज्ञानगूढाय कृष्णाय परमात्मने।
राधाविहारशीलाय नानालीलाकराय च॥ १०

नमस्ते गूढदेहाय वेदनिंदाकराय च।
योगाचार्याय जैनाय बौद्धरूपाय मापते॥ ११

गूढ ज्ञान भएका, राधाका साथ विहार गर्नुहुने तथा विविध लीला गर्नुहुने कृष्णरूपधारी हजुर परमात्मालाई नमस्कार छ। गुप्त शरीर धारण गर्नुहुने, योगका आचार्य तथा वेदविरुद्ध जैनरूप एवं बौद्धरूपलाई धारण गर्नुहुने हजुर लक्ष्मीपतिलाई नमस्कार छ॥ १०-११ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नमस्ते कल्किरूपाय म्लेच्छानामन्तकारिणे।
अनन्तशक्तिरूपाय सद्धर्मस्थापनाय च॥ १२
नमः कपिलरूपाय देवहूत्यै महात्मने।
वदते सांख्ययोगं च सांख्याचार्याय वै प्रभो॥ १३
नमः परमहंसाय ज्ञानं संवदते परम्।
विधात्रे ज्ञानरूपाय येनात्मा संप्रसीदति॥ १४
वेदव्यासाय वेदानां विभागं कुर्वते नमः।
हिताय सर्वलोकानां पुराणरचनाय च॥ १५
एवं मत्स्यादितनुभिर्भक्तकार्योद्यताय ते।
सर्गस्थितिध्वंसकर्त्रे नमस्ते ब्रह्मणे प्रभो॥ १६
आर्तिहन्त्रे स्वदासानां सुखदाय शुभाय च।
पीताम्बराय हरये तार्क्ष्ययानाय ते नमः।
सर्वक्रियायैककर्त्रे शरण्याय नमो नमः॥ १७
दैत्यसंतापितामर्त्यदुःखादिध्वंसवज्रक।
शेषतल्पशयायार्कचन्द्रनेत्राय ते नमः॥ १८
कृपासिन्धो रमानाथ पाहि नः शरणागतान्।
जलंधरेण देवाश्च स्वर्गात्सर्वे निराकृताः॥ १९
सूर्यो निस्सारितः स्थानाच्चन्द्रो वह्निस्तथैव च।
पातालान्नागराजश्च धर्मराजो निराकृतः॥ २०
विचरंति यथा मर्त्याः शोभंते नैव ते सुराः।
शरणं ते वयं प्राप्ता वधस्तस्य विचिन्त्यताम्॥ २१

सनत्कुमार उवाच

इति दीनवचः श्रुत्वा देवानां मधुसूदनः।
जगाद करुणासिन्धुर्मेघनिर्ह्रादया गिरा॥ २२

विष्णुरुवाच

भयं त्यजत हे देवा गमिष्याम्यहमाहवम्।
जलंधरेण दैत्येन करिष्यामि पराक्रमम्॥ २३
इत्युक्त्वा सहसोत्थाय दैत्यारिः खिन्नमानसः।
आरोहद्गरुडं वेगात्कृपया भक्तवत्सलः॥ २४

सद्धर्म स्थापनाका लागि म्लेच्छहरूको विनाश गर्नुहुने, अनन्त शक्तिले सम्पन्न तथा कल्किरूप धारण गर्नुहुने हजुरलाई नमस्कार छ। हे प्रभु! देवहूतिका लागि कपिलरूप धारण गरी सांख्ययोगको उपदेश गर्नुहुने हजुर महात्मा सांख्याचार्यलाई नमस्कार छ॥ १२-१३॥

परमहंसरूपबाट आत्ममुक्तिपरक परम ज्ञानको उपदेश गर्नुहुने, ज्ञानरूपी विधाता हजुरलाई नमस्कार छ॥ १४॥ समस्त लोकहरूको हितका लागि पुराणहरूको रचना तथा वेदहरूको विभाग गर्नुहुने वेदव्यासरूपधारी हजुरलाई नमस्कार छ। यस प्रकार मत्स्यादिरूपबाट भक्तहरूको कार्यका लागि तत्पर रहनुहुने तथा सृष्टि, पालन एवं प्रलय गर्नुहुने ब्रह्मरूप हे प्रभु! हजुरलाई नमस्कार छ॥ १५-१६॥ आफ्ना दासहरूका दुःखहरू दूर गर्नुहुने, सुखद, शुभस्वरूप, गरुडमाथि सवारी गर्नुहुने, पीताम्बरधारी हजुर विष्णुलाई नमस्कार छ। सबै क्रियाहरूका एकमात्र कर्ता तथा शरणागतरक्षक हजुरलाई पटक-पटक नमस्कार छ॥ १७॥

दैत्यहरूद्वारा सन्तप्त देवताहरूका दुःखको नाश गर्नुहुने हे वज्रस्वरूप! शेषरूपी शय्यामाथि शयन गर्नुहुने तथा सूर्यचन्द्रनेत्र भएका हजुरलाई नमस्कार छ॥ १८॥

हे कृपासागर! हे रमानाथ! हामी शरणागतहरूको रक्षा गर्नुहोस्, जलन्धरले सबै देवताहरूलाई स्वर्गबाट निकालिदिएको छ। उसले सूर्य, चन्द्रमा तथा अग्निलाई उनीहरूको स्थानबाट हटाउनुका साथै पातालबाट नागराज र धर्मराजलाई पनि निकालिदिएको छ॥ १९-२०॥

ती देवता मनुष्यहरूको समान भौँतारिरहेका छन्, यसले गर्दा ती शोभित भइरहेका छैनन्। यसैले हामी हजुरको शरणमा आएका छौँ, हजुर त्यसको वधको उपाय सोच्नुहोस्॥ २१॥

सनत्कुमार भन्नुहुन्छ—तब करुणासिन्धु मधुसूदन देवताहरूको यो दीन वचन सुनेर मेघको समान गम्भीर वाणीमा भन्न लाग्नुभयो—॥ २२॥

विष्णु भन्नुहुन्छ—हे देवता हो! तपाईंहरू भय त्याग्नुहोस्, म स्वयं युद्धमा जाने छु र दैत्य जलन्धरसित युद्ध गर्ने छु। यस प्रकार भनेर दुखी मन भएका भक्तवत्सल दैत्यारि विष्णु अनुग्रहपूर्वक सहसा उठेर गरुडमाथि वेगपूर्वक सवार हुनुभयो॥ २३-२४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गच्छन्तं वल्लभं दृष्ट्वा देवैस्सार्द्धं समुद्रजा।
सांजलिर्बाष्पनयना लक्ष्मीर्वचनमब्रवीत्॥ २५

लक्ष्म्युवाच

अहं ते वल्लभा नाथ भक्ता यदि च सर्वदा।
तत्कथं ते मम भ्राता युद्धे वध्यः कृपानिधे॥ २६

विष्णुरुवाच

जलंधरेण दैत्येन करिष्यामि पराक्रमम्।
तैः संस्तुतो गमिष्यामि युद्धाय त्वरितान्वितः॥ २७
रुद्रांशसंभवत्वाच्च ब्रह्मणो वचनादपि।
प्रीत्या च तव नैवायं मम वध्यो जलंधरः॥ २८

सनत्कुमार उवाच

इत्युक्त्वा गरुडारूढः शंखचक्रगदासिभृत्।
विष्णुर्वेगाद्ययौ योद्धुं देवैः शक्रादिभिस्सह॥ २९

द्रुतं स प्राप तत्रैव यत्र दैत्यो जलंधरः।
कुर्वन् सिंहरवं देवैर्ज्वलद्भिर्विष्णुतेजसा॥ ३०

अथारुणानुजजवपक्षवातप्रपीडिताः।
वात्याविवर्तिता दैत्या बभ्रमुः खे यथा घनाः॥ ३१

ततो जलंधरो दृष्ट्वा दैत्यान् वात्याप्रपीडितान्।
उद्धत्य वचनं क्रोधाद् द्रुतं विष्णुं समभ्यगात्॥ ३२
एतस्मिन्नन्तरे देवाश्चक्रुर्युद्धं प्रहर्षिताः।
तेजसा च हरेः पुष्टा महाबलसमन्विताः॥ ३३
युद्धोद्यतं समालोक्य देवसैन्यमुपस्थितम्।
दैत्यानाज्ञापयामास समरे चातिदुर्मदान्॥ ३४

जलंधर उवाच

भो भो दैत्यवरा यूयं युद्धं कुरुत दुस्तरम्।
शक्राद्यैरमरैरद्य प्रबलैः कातरैः सदा॥ ३५
मौर्यास्तु लक्षसंख्याता धौम्रा हि शतसंख्यकाः।
असुराः कोटिसंख्याताः कालकेयास्तथैव च॥ ३६
कालकानां दौर्हृदानां कंकानां लक्षसंख्यया।
अन्येऽपि स्वबलैर्युक्ता विनिर्यांतु ममाज्ञया॥ ३७

त्यस समय देवताहरूका साथ जाँदै गर्नुभएका आफ्ना पति [श्रीविष्णु]-लाई देखेर नेत्रमा आँसु टिलपिल पार्दै हात जोडेर समुद्रपुत्री लक्ष्मीले यो वचन भन्नुभयो— ॥ २५ ॥

लक्ष्मी भन्नुहुन्छ—हे नाथ! यदि म हजुरकी प्रिया र सदा हजुरकी भक्त हुँ, भने हे कृपानाथ! हजुर युद्धमा मेरो भाइको वध कसरी गर्न सक्नुहुन्छ ? ॥ २६ ॥

विष्णु भन्नुहुन्छ—म त्यस जलन्धरका साथ आफ्नू पराक्रम देखाउने छु, देवताहरूले मेरो स्तुति गरेका छन्, अतः म तत्काल युद्धका लागि जाने छु, तर रुद्रांशबाट त्यसको उत्पत्ति हुनु, ब्रह्मालाई वचन दिनु तथा तिम्रो प्रीतिको कारण यस जलन्धरको वध गर्ने छैन॥ २७-२८ ॥

सनत्कुमार भन्नुहुन्छ—यो भनेर विष्णु शंख, चक्र, गदा तथा तरवार धारण गरी गरुडमाथि सवार हुनुभयो र इन्द्रादि देवताहरूलाई साथ लिएर युद्ध गर्नाका लागि वेगपूर्वक जानुभयो। विष्णुको तेजबाट प्रकाशित भएका देवताहरूका साथ सिंहनाद गर्दै ती [विष्णु] शीघ्र त्यहाँ पुग्नुभयो, जहाँ त्यो जलन्धर थियो। त्यस समय अरुणको लघु भ्राता गरुडको पखेटाको वायुवेगबाट पीडित भएका दैत्य यस प्रकार घुम्न लागे, जसरी वायुद्वारा उडेका बादल आकाश-मण्डलमा घुम्न थाल्दछन्॥ २९—३१ ॥

तब वायुको वेगबाट पीडित भएका दैत्यहरूलाई देखेर अमर्षयुक्त वचन भन्दै गरेको जलन्धरले अत्यन्त तेजपूर्वक विष्णुमाथि झम्टियो। यसै बीच विष्णुको तेजबाट देदीप्यमान महाबलशाली देवता पनि प्रसन्न भएर युद्ध गर्न लागे॥ ३२-३३ ॥ तब त्यहाँ उपस्थित देवसेनालाई युद्धका लागि उद्यत देखेर जलन्धरले युद्धमा दुर्मद दैत्यलाई आज्ञा दियो॥ ३४ ॥

जलन्धर भन्दछ—हे श्रेष्ठ दैत्य हो! तिमीहरू सदादेखि कायर, तर प्रबल यी इन्द्रादि देवताहरूका साथ आज अत्यन्त कठिन युद्ध गर॥ ३५ ॥

एक लाख संख्या भएको मौर्य, सय संख्या भएको धौम्र, करोडौँको संख्या भएको कालकेय, एक लाखको संख्या भएको कालक-दौर्हृद तथा कंक नामक असुर तथा अन्य असुर पनि मेरो आज्ञाले आ-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वे सज्जा विनिर्यात बहुसेनाभिसंयुताः।
नानाशस्त्रास्त्रसंयुक्ता निर्भया गतसंशयाः॥ ३८

भो भो शुंभनिशुंभौ च देवान्समरकातरान्।
क्षणेन सुमहावीर्यौ तुच्छान्नाशयतं युवाम्॥ ३९

आफ्ना सेनाहरूका साथ निस्कनू। सबैजना सज्जित भएर विशाल सेनाहरूले युक्त भई अनेक प्रकारका अस्त्र-शस्त्र धारण गरी निर्भय एवं संशयरहित भएर निस्कन लागे। हे शुम्भ एवं निशुम्भ! महाबलवान् तिमी दुवै क्षणमात्रमा युद्ध गर्नमा कायर तथा तुच्छ देवताहरूको विनाश गरिदेऊ॥ ३६—३९॥

सनत्कुमार उवाच

दैत्या जलंधराज्ञमा इत्थं युद्धविशारदाः।
युयुधुस्तेऽसुराः सर्वे चतुरंगबलान्विताः॥ ४०

गदाभिस्तीक्ष्णबाणैश्च शूलपट्टिशतोमरैः।
केचित्परशुशूलैश्च निजघ्नुस्ते परस्परम्॥ ४१

सनत्कुमार भन्नुहुन्छ—जब जलन्धरले यस प्रकार दैत्यहरूलाई आज्ञा दियो, तब युद्धविशारद ती समस्त असुर आफ्ना चतुरंगिणी सेना लिएर युद्ध गर्न लागे॥ ४०॥ ती गदा, तीक्ष्ण बाण, शूल, पट्टिश, तोमर, परशु र शूलादि अस्त्रहरूले एक-अर्कामाथि प्रहार गर्न लागे॥ ४१॥

नानायुधैः परैस्तत्र निजघ्नुस्ते बलान्विताः।
देवास्तथा महावीरा हृषीकेशबलान्विताः।
युयुधुस्तीक्ष्णबाणाश्च क्षिपन्तः सिंहवद्रवाः॥ ४२

केचिद्बाणैः सुतीक्ष्णैश्च केचिन्मुसलतोमरैः।
केचित्परशुशूलैश्च निजघ्नुस्ते परस्परम्॥ ४३

इत्थं सुराणां दैत्यानां संग्रामः समभून्महान्।
अत्युल्बणो मुनीनां हि सिद्धानां भयकारकः॥ ४४

विष्णुको बलले युक्त ती महाबलवान् देवगण सेनाहरूलाई साथ लिएर अनेक प्रकारका श्रेष्ठ आयुधहरूले प्रहार गर्न लागे। ती सिंहको समान गर्जना गर्दै तथा बाणहरू छोड्दै युद्ध गरिरहेका थिए। कोही तीक्ष्ण बाणहरूले, कोही मूसल तथा तोमरहरूले तथा कोही बन्चरो एवं त्रिशूलले एक-अर्कामाथि प्रहार गरिरहेका थिए। यस प्रकार देव-दानवहरूमा महाभयंकर संग्राम हुन गयो, जुन मुनि तथा सिद्धहरूमा भय उत्पन्न गराउने खालको थियो॥ ४२—४४॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे जलन्धरवधोपाख्याने देवयुद्धवर्णनं नाम षोडशोऽध्यायः॥ १६॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा जलन्धरवधोपाख्यानअन्तर्गत देवयुद्धवर्णन नामक सोह्रौँ अध्याय पूर्ण भयो॥ १६॥

अथ सप्तदशोऽध्यायः

विष्णु र जलन्धरको युद्धमा जलन्धरको पराक्रमबाट सन्तुष्ट विष्णु देवताहरू एवं लक्ष्मीसहित उसको नगरमा निवास गर्नु

सनत्कुमार उवाच

अथ दैत्या महावीर्याः शूलैः परशुपट्टिशैः।
निजघ्नुः सर्वदेवांश्च भयव्याकुलमानसान्॥ १

दैत्यायुधैः समाविद्धदेहा देवाः सवासवाः।
रणाद्विदुद्रुवुः सर्वे भयव्याकुलमानसाः॥ २

पलायनपरान् दृष्ट्वा हृषीकेशः सुरानथ।
विष्णुर्वै गरुडारूढो योद्धुमभ्याययौ द्रुतम्॥ ३

सनत्कुमार भन्नुहुन्छ—त्यसपछि महापराक्रमी दैत्य डरले व्याकुल चित्त भएका देवताहरूमाथि शूल, परशु र पट्टिशहरूले प्रहार गर्न लागे। तब दैत्यहरूको आयुधहरूबाट छिन्न-भिन्न शरीर भएका इन्द्रसहित सबै देवता डरले व्याकुलचित्त भए र रणबाट भाग्न लागे। तत्पश्चात् देवताहरूलाई भाग्दै गरेको देखेर हृषीकेश विष्णु गरुडमाथि सवार भएर तत्काल युद्ध गर्नका लागि आउनुभयो॥ १—३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुदर्शनेन चक्रेण सर्वतः प्रस्फुरन् रुचा।
सुशोभितकराब्जश्च रेजे भक्ताभयंकरः॥ ४
शंखखड्गगदाशार्ङ्गधारी क्रोधसमन्वितः।
कठोरास्त्रो महावीरः सर्वयुद्धविशारदः॥ ५

धनुषं शार्ङ्गनामानं विस्फूर्य्य विननाद ह।
तस्य नादेन त्रैलोक्यं पूरितं महता मुने॥ ६
शार्ङ्गनिस्सृतबाणैश्च दितिजानां शिरांसि वै।
चकर्त्त भगवान् विष्णुः कोटिशो रुट्समाकुलः॥ ७

अथारुणानुजजवपक्षवातप्रपीडिताः।
वात्याविवर्त्तिता दैत्या बभ्रमुः खे यथा घनाः॥ ८

ततो जलंधरो दृष्ट्वा दैत्यान्वात्याप्रपीडितान्।
चुक्रोधाति महादैत्यो देववृन्दभयंकरः॥ ९

मर्द्दयन्तं च तं दृष्ट्वा दैत्यान् प्रस्फुरिताधरः।
योद्धुमभ्याययौ वीरो वेगेन हरिणा सह॥ १०

स चकार महानादं देवासुरभयंकरम्।
दैत्यानामधिपः कर्णा विदीर्णाः श्रवणात्ततः॥ ११

भयङ्करेण दैत्यस्य नादेनापूरितं तदा।
जलंधरस्य महता चकम्पे सकलं जगत्॥ १२
ततः समभवद्युद्धं विष्णुदैत्येन्द्रयोर्महत्।
आकाशं कुर्वतोर्बाणैस्तदा निरवकाशवत्॥ १३
तयोश्च तेन युद्धेन परस्परमभून्मुने।
देवासुरर्षिसिद्धानां भीकरेणातिविस्मयः॥ १४

विष्णुर्दैत्यस्य बाणौघैर्ध्वजं छत्रं धनुः शरान्।
चिच्छेद तं च हृदये बाणेनैकेन ताडयन्॥ १५

ततो दैत्यः समुत्पत्य गदापाणिस्त्वरान्वितः।
आहत्य गरुडं मूर्ध्नि पातयामास भूतले॥ १६

विष्णुं जघान शूलेन तीक्ष्णेन प्रस्फुरद्रुचा।
हृदये क्रोधसंयुक्तो दैत्यः प्रस्फुरिताधरः॥ १७

भक्तहरूलाई अभय दिनुहुने ती विष्णु चारैतिर प्रकाश फैलाउँदै सुदर्शन चक्रलाई हातमा धारण गर्नुभएका कारण अत्यन्त शोभायमान भइरेका थिए। हे मुनि! समस्त युद्धहरूमा विशारद, शंख-खड्ग-गदा एवं शार्ङ्ग धनुष धारण गर्नुभएका, कठोर अस्त्रहरूले युक्त तथा अत्यन्त कुपित ती महावीर विष्णुले शार्ङ्ग नामक धनुष चढाएर त्यसको टंकार गर्नुभयो, त्यसको महान् नादबाट त्रिलोकी व्याप्त हुन गयो॥ ४—६॥

क्रोधित भएका भगवान् विष्णुले धनुषबाट छोडिएका बाणहरूद्वारा करोडौँ दैत्यहरूको शिर काटिदिनुभयो॥ ७॥ त्यस समय अरुणको कान्छो भाइ गरुडको पखेटाको वायुको वेगबाट पीडित भएका दैत्य आकाशमा पवनप्रेरित बादलहरू समान घुम्न थाले। तब दैत्यहरूलाई गरुडको पखेटाको आँधीबाट पीडित देखेर देवताहरूमा भय उत्पन्न गर्ने महादैत्य जलन्धरले अत्यधिक क्रोध गऱ्यो॥ ८—९॥

तिनले दैत्यहरूलाई मर्दित गर्दै गरेको देखेर ओठ फर्फराउँदै गरेको त्यो जलन्धर विष्णुसित युद्ध गर्नका लागि वेगपूर्वक आयो। त्यस दैत्यपतिले देवताहरू तथा असुरहरूलाई भय उत्पन्न गराउने महानाद गऱ्यो, त्यसलाई [सुन्नेहरूको] कान विदीर्ण हुन गयो॥ १०—११॥

दैत्य जलन्धरको महाभयंकर नादबाट सारा जगत् व्याप्त भई काम्न लाग्यो॥ १२॥

त्यसपछि बाणहरूबाट आकाशलाई ढाक्दै विष्णु तथा त्यस दैत्येन्द्रमा घमासान युद्ध हुन लाग्यो॥ १३॥

हे मुनि! परस्पर ती दुवैको त्यस भयंकर युद्धबाट देवता, असुर, ऋषि तथा सिद्धहरूमा ठुलो आश्चर्य उत्पन्न भयो। विष्णुले दैत्यको छातीमा एउटा बाणले प्रहार गर्दै बाणसमूहहरूले त्यसको ध्वजा, छाता, धनुष तथा बाणहरूलाई काटिदिनुभयो। यसै बीच त्यस दैत्यले पनि बडो शीघ्रतापूर्वक हातमा गदा लिएर उफ्रेर [त्यस गदाले] गरुडको शिरमाथि प्रहार गरी पृथ्वीमा खसालिदियो॥ १४—१६॥

ओठ फर्फराउँदै गरेको त्यस दैत्यले कुपित भएर आफ्नो चम्किँदै गरेको तीक्ष्ण शूलले भगवान् विष्णुको छातीमा पनि प्रहार गऱ्यो॥ १७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विष्णुर्गदां च खड्गेन चिच्छेद प्रहसन्निव।
तं विव्याध शरैस्तीक्ष्णैः शार्ङ्गं विस्फूर्य दैत्यहा॥ १८

विष्णुर्जलंधरं दैत्यं भयदेन शरेण ह।
क्रोधाविष्टोऽतितीक्ष्णेन जघानाशु सुरारिहा॥ १९

आगतं तस्य तं बाणं दृष्ट्वा दैत्यो महाबलः।
छित्त्वा बाणेन विष्णुं च जघान हृदये द्रुतम्॥ २०

केशवोऽपि महाबाहुं विक्षिप्तमसुरेण तम्।
शरं तिलप्रमाणेन च्छित्त्वा वीरो ननाद ह॥ २१

पुनर्बाणं समाधत्त धनुषि क्रोधवेपितः।
महाबलोऽथ बाणेन चिच्छेद स शिलीमुखम्॥ २२

वासुदेवः पुनर्बाणं नाशाय विबुधद्विषः।
क्रोधेनाधत्त धनुषि सिंहवद्विननाद ह॥ २३

जलंधरोऽथ दैत्येन्द्रः कोपाच्छिन्नाधरो बली।
शरेण स्वेन शार्ङ्गाख्यं धनुश्चिच्छेद वैष्णवम्॥ २४

पुनर्बाणैः सुतीक्ष्णैश्च जघान मधुसूदनम्।
उग्रवीर्यो महावीरो देवानां भयकारकः॥ २५
स च्छिन्नधन्वा भगवान् केशवो लोकरक्षकः।
जलंधरस्य नाशाय चिक्षेप स्वगदां पराम्॥ २६
सा गदा हरिणा क्षिप्ता ज्वलज्ज्वलनसन्निभा।
अमोघगतिका शीघ्रं तस्य देहे ललाग ह॥ २७
तया हतो महादैत्यो न चचालापि किंचन।
जलंधरो मदोन्मत्तः पुष्पमालाहतो यथा॥ २८

ततो जलंधरः क्रोधी देवत्रासकरोऽक्षिपत्।
त्रिशूलमनलाकारं हरये रणदुर्म्मदः॥ २९

अथ विष्णुस्तत्त्रिशूलं चिच्छेद तरसा द्रुतम्।
नंदकाख्येन खड्गेन स्मृत्वा शिवपदाम्बुजम्॥ ३०

छिन्ने त्रिशूले दैत्येन्द्र उत्प्लुत्य सहसा द्रुतम्।
आगत्य हृदये विष्णुं जघान दृढमुष्टिना॥ ३१

त्यसपछि दैत्यनाशक विष्णुले हाँस्तै आफ्नो खड्गले त्यसको गदा काटिदिनुभयो र शार्ङ्ग धनुषको प्रत्यंचा चढाएर तीक्ष्ण बाणहरूले त्यसलाई छेडिदिनुभयो॥ १८॥ यस प्रकार देवताहरूका शत्रुहरूको वध गर्नुहुने विष्णु क्रोधित भई अत्यन्त तीक्ष्ण एवं भयदायक बाणले जलन्धर दैत्यमाथि शीघ्रतापूर्वक प्रहार गर्न लाग्नुभयो॥ १९॥ तब महाबली दैत्यले उहाँको बाणलाई आएको देखेर आफ्नो बाणले त्यसलाई काटेर बडो शीघ्रतापूर्वक विष्णुको छातीमा प्रहार गऱ्यो॥ २०॥ महाबाहु वीर विष्णु पनि असुरद्वारा छोडिएका, त्यस बाणलाई तिलको समान काटेर गर्जना गर्न लाग्नुभयो॥ २१॥

फेरि क्रोधबाट काम्दै विष्णुले जब दोस्रो बाण धनुषमाथि राख्नुभयो, तब महाबली त्यस दैत्यले आफ्नो बाणले त्यस बाणलाई काटिदियो। तब वासुदेव विष्णुले क्रोधपूर्वक त्यस राक्षसको विनाशका लागि पुनः धनुषमा बाण चढाउनुभयो र सिंहको झैँ गर्जना गर्नुभयो। बलशाली दैत्येन्द्र जलन्धरले पनि क्रोधले ओठ टोक्दै आफ्नो बाणले विष्णुको त्यस शार्ङ्ग नामक धनुषलाई काटिदियो॥ २२—२४॥

त्यसपछि देवताहरूलाई भय दिने, उग्र पराक्रमवाला तथा महावीर त्यो दैत्य तीक्ष्ण बाणहरूले मधुसूदनमाथि प्रहार गर्न लाग्यो। तब काटिएको धनुष भएका लोकरक्षक भगवान् विष्णुले जलन्धरको विनाशका लागि आफ्नो विशाल गदा चलाउनुभयो। बल्दै गरेको अग्नि समान विष्णुद्वारा चलाइएको त्यो अमोघ गदा बडो शीघ्रताका साथ त्यस राक्षसको शरीरमा लाग्यो॥ २५—२७॥

त्यो महादैत्य त्यसको प्रहारबाट पुष्पमालाबाट आहत भएको मदोन्मत्त हात्ती समान कत्ति पनि विचलित भएन॥ २८॥

त्यसपछि देवताहरूमा भय उत्पन्न गर्ने रणदुर्मद त्यस जलन्धरले क्रोधित भएर अग्नि सदृश्य त्रिशूल विष्णुमाथि चलायो। तब विष्णुले शिवका चरण-कमलहरूको स्मरण गरी आफ्नो नन्दक नामक खड्गले तत्काल बडो तेजपूर्वक त्यस त्रिशूललाई काटिदिनुभयो। त्रिशूल काटिएपछि त्यस दैत्यले सहसा उफ्रेर शीघ्रतापूर्वक आएर आफ्नो बलियो मुड्कीले विष्णुको छातीमा प्रहार गऱ्यो॥ २९—३१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सोऽपि विष्णुर्महावीरोऽविगणय्य च तद्व्यथाम्।
जलंधरं च हृदये जघान दृढमुष्टिना॥ ३२
ततस्तौ बाहुयुद्धेन युयुधाते महाबलौ।
बाहुभिर्मुष्टिभिश्चैव जानुभिर्नादयन्महीम्॥ ३३
एवं हि सुचिरं युद्धं कृत्वा तेनासुरेण वै।
विस्मितोऽभून्मुनिश्रेष्ठ हृदि ग्लानिमवाप ह॥ ३४
अथ प्रसन्नो भगवान्मायी मायाविदां वरः।
उवाच दैत्यराजानं मेघगंभीरया गिरा॥ ३५

विष्णुरुवाच

भो भो दैत्यवरश्रेष्ठ धन्यस्त्वं रणदुर्मदः।
महायुधवरैर्यत्त्वं न भीतो हि महाप्रभुः॥ ३६
एभिरेवायुधैरुग्रैर्दैत्या हि बहवो हताः।
महाजौ दुर्मदा वीराश्छिन्नदेहा मृतिं गताः॥ ३७
युद्धेन ते महादैत्य प्रसन्नोऽस्मि महान्भवान्।
न दृष्टस्त्वत्समो वीरस्त्रैलोक्ये सचराचरे॥ ३८
वरं वरय दैत्येन्द्र प्रीतोऽस्मि तव विक्रमात्।
अदेयमपि ते दद्मि यत्ते मनसि वर्तते॥ ३९

सनत्कुमार उवाच

इत्याकर्ण्य वचस्तस्य विष्णोर्मायाविनो हरेः।
प्रत्युवाच महाबुद्धिर्दैत्यराजो जलंधरः॥ ४०

जलंधर उवाच

यदि भावुक तुष्टोऽसि वरमेतं ददस्व मे।
मद्भगिन्या मया सार्द्धं मद्गेहे सगणो वस॥ ४१

सनत्कुमार उवाच

तदाकर्ण्य वचस्तस्य महादैत्यस्य खिन्नधीः।
तथास्त्विति च देवेशो जगाद भगवान् हरिः॥ ४२
उवास स ततो विष्णुः सर्वदेवगणैस्सह।
जलंधरं नाम पुरमागत्य रमया सह॥ ४३
अथो जलंधरो दैत्यः स्वभगिन्या च विष्णुना।
उवास स्वालयं प्राप्तो हर्षाकुलितमानसः॥ ४४

तब ती महावीर विष्णुले पनि त्यस व्यथाको चिन्ता नगरी आफ्नो दरिलो मुड्कीले जलन्धरको हृदयमा प्रहार गर्नुभयो। त्यसपछि तिघ्रा, हातहरू एवं मुड्कीहरूले पृथ्वीलाई शब्दायमान गर्दै ती दुवै महावीरको बाहुयुद्ध हुन लाग्यो। हे मुनिश्रेष्ठ! यस प्रकार त्यस दैत्यसित धेरै बेरसम्म युद्ध गरी विष्णु विस्मित हुनुभयो र मनमा दुःखको अनुभव गर्न लाग्नुभयो। त्यसपछि मायाविदहरूमा श्रेष्ठ तथा माया रच्नुहुने विष्णुले प्रसन्न भएर मेघको समान गम्भीर वाणीमा दैत्यराजसित भन्नुभयो— ॥ ३२—३५ ॥

विष्णु भन्नुहुन्छ—हे दैत्यश्रेष्ठ! तिमी महाप्रभु, रणदुर्मद तथा धन्य छौ, जो यी उत्तम आयुधहरूबाट कत्ति पनि भयभीत भएनौ। मैले यिनै उग्र आयुधहरूबाट महायुद्धमा धेरैजसो दुर्मद तथा वीर दैत्यहरूलाई मारेको छु, देह छिन्न भएर तिनले मृत्युलाई प्राप्त गरे। हे महादैत्य! म तिम्रो युद्धबाट प्रसन्न भएको छु, तिमी महान् छौ, तिमी समान वीर चराचरसहित त्रिलोकीमा आजसम्म देखिएका छैनन्॥ ३६—३८ ॥

हे दैत्यराज! तिम्रो पराक्रमबाट म प्रसन्न छु, तिम्रो मनमा जे लागेको छ, त्यस वर माग, त्यो अदेय भए तापनि तिमीलाई दिने छु॥ ३९ ॥

सनत्कुमार भन्नुहुन्छ—ती महामायावी विष्णुका यी वचन सुनेर महाबुद्धिमान् दैत्यराज जलन्धरले भन्यो— ॥ ४० ॥

जलन्धर भन्दछ—हे भावुक! यदि तपाईं प्रसन्न हुनुहुन्छ भने मलाई यो वरदान दिनुहोस् कि तपाईं मेरी दिदी (महालक्ष्मी) तथा आफ्ना गणहरूका साथ मेरो घरमा निवास गर्नुहोस्॥ ४१ ॥

सनत्कुमार भन्नुहुन्छ—त्यस महादैत्यको यस वचनलाई सुनेर खिन्न मन भएका देवेश भगवान् विष्णुले—'त्यस्तै होस्' भन्नुभयो॥ ४२ ॥

त्यसपछि विष्णु सबै देवताहरू एवं महालक्ष्मीका साथ जलन्धरको नगरमा आएर निवास गर्न लाग्नु-भयो॥ ४३ ॥

तब हर्षबाट पूर्ण मन भएको त्यो जलन्धर पनि आफ्नो घर आएर आफ्नी दिदी लक्ष्मी र विष्णुका साथ निवास गर्न लाग्यो॥ ४४ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जलंधरोऽथ देवानामधिकारेषु दानवान्।
स्थापयित्वा सहर्षः सन् पुनरागान्महीतलम्॥ ४५
देवगंधर्वसिद्धेषु यत्किंचिद्रत्नसंचितम्।
तदात्मवशगं कृत्वाऽतिष्ठत्सागरनंदनः॥ ४६
पातालभवने दैत्यं निशुंभं सुमहाबलम्।
स्थापयित्वा स शेषादीनानयद्भूतलं बली॥ ४७
देवगंधर्वसिद्धौघान् सर्पराक्षसमानुषान्।
स्वपुरे नागरान्कृत्वा शशास भुवनत्रयम्॥ ४८

त्यो जलन्धर देवताहरूको अधिकारमाथि दानव-हरूलाई नियुक्त गरी हर्षित भएर पुनः पृथ्वीमा फर्की आयो॥ ४५॥ त्यो सागरपुत्र जलन्धर देव, गन्धर्व एवं सिद्धहरूकहाँ जुन रत्न संचित थिए, त्यसलाई आफ्नो अधीन गरी बस्न लाग्यो। त्यो महाबली पाताललोकमा महाबलवान् निशुम्भ नामक दैत्यलाई स्थापित गरी शेषादिलाई पृथ्वीमा लिएर आयो र देव, गन्धर्व, सिद्ध, सर्प, राक्षस तथा मनुष्यहरूलाई आफ्नो पुरमा नागरिक बनाएर तीनवटै लोकमाथि शासन गर्न लाग्यो॥ ४६—४८॥

एवं जलंधरः कृत्वा देवान्स्ववशवर्तिनः।
धर्मेण पालयामास प्रजाः पुत्रानिवौरसान्॥ ४९
न कश्चिद् व्याधितो नैव दुःखितो न कृशस्तथा।
न दीनो दृश्यते तस्मिन्धर्माद्राज्यं प्रशासति॥ ५०

यस प्रकार देवगणहरूलाई आफ्नो वशमा गरी जलन्धर धर्मपूर्वक प्रजाहरूको पालन त्यसरी नै गर्न लाग्यो, जसरी पिता आफ्नो रस पुत्रको पालन गर्छन्। उसले धर्मपूर्वक राज्यको शासन गर्दामा कोही पनि रोगी, दुखी, दुर्बल र दीन देखिँदैनन् थिए॥ ४९-५०॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे जलंधरोपाख्याने विष्णुजलंधरयुद्धवर्णनं नाम सप्तदशोऽध्यायः॥ १७॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा जलन्धरोपाख्यानमा विष्णु-जलन्धरयुद्धवर्णन नामक सत्रौँ अध्याय पूर्ण भयो॥ १७॥

अथाष्टादशोऽध्यायः

जलन्धरको आधिपत्यमा रहने दुखी देवताहरूद्वारा शंकरको स्तुति, शंकरले देवर्षि नारदलाई जलन्धरकहाँ पठाउनु, त्यहाँ देवताहरूलाई आश्वस्त पारी नारद जलन्धरको सभामा जानु, उसको ऐश्वर्यलाई हेर्नु तथा पार्वतीको सौन्दर्यको वर्णन गरी उहाँलाई प्राप्त गर्नका लागि जलन्धरलाई परामर्श दिनु

सनत्कुमार उवाच

एवं शासति धर्मेण महीं तस्मिन्महासुरे।
बभूवुर्दुःखिनो देवा भर्त्र्यभावान्मुनीश्वर॥ १
दुःखितास्ते सुराः सर्वे शिवं शरणमाययुः।
मनसा शंकरं देवदेवं सर्वप्रभुं प्रभुम्॥ २
तुष्टुवुर्वाग्भिरिष्टाभिर्भगवन्तं महेश्वरम्।
निवृत्तये स्वदुःखस्य सर्वदं भक्तवत्सलम्॥ ३

सनत्कुमार भन्नुहुन्छ—हे मुनीश्वर! यस प्रकार त्यस महान् असुरले धर्मपूर्वक पृथ्वीको शासन गरिरहँदामा उसको स्वामित्वमा रहनुको कारण देवता दुखी भए॥ १॥

ती सबै दुखित देवता मन-मनै देवाधिदेव सर्वप्रभु भगवान् सदाशिवको शरणमा आए र आफ्नो दुःख दूर गर्नका लागि सबथोक दिनुहुने भक्तवत्सल भगवान् महेश्वरको मनोहर वाणीले स्तुति गर्न लागे॥ २-३॥

आहूय स महादेवो भक्तानां सर्वकामदः।
नारदं प्रेरयामास देवकार्यचिकीर्षया॥ ४

तब भक्तजनहरूका सबै मनोरथ पूर्ण गर्नुहुने महादेवले देवकार्य गर्ने इच्छाले नारदलाई बोलाएर [त्यहाँ जानका निम्ति] प्रेरित गर्नुभयो। त्यसपछि ज्ञानी, शिवका भक्त तथा सज्जनहरूको उद्धार गर्नुहुने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ देवमुनिर्ज्ञानी शंभुभक्तः सतां गतिः।
शिवाज्ञया ययौ दैत्यपुरे देवान्स नारदः॥ ५

व्याकुलास्ते सुराः सर्वे वासवाद्या द्रुतं मुनिम्।
आगच्छन्तं समालोक्य समुत्तस्थुर्हि नारदम्॥ ६
ददुस्त आसनं नत्वा मुनये प्रीतिपूर्वकम्।
नारदाय सुराः शक्रमुखा उत्कंठिताननाः॥ ७
सुखासीनं मुनिवरमासने सुप्रणम्य तम्।
पुनः प्रोचुः सुरा दीना वासवाद्या मुनीश्वरम्॥ ८

देवा ऊचुः

भो भो मुनिवरश्रेष्ठ दुःखं शृणु कृपाकर।
श्रुत्वा तन्नाशय क्षिप्रं प्रभुस्त्वं शंकरप्रियः॥ ९
जलंधरेण दैत्येन सुरा विद्राविता भृशम्।
स्वस्थानाद्धर्तृभावाच्च दुःखिता वयमाकुलाः॥ १०
स्वस्थानादुष्णरश्मिश्च चन्द्रो निस्सारितस्तथा।
वह्निश्च धर्मराजश्च लोकपालास्तथेतरे॥ ११
सुबलिष्ठेन वै तेन सर्वे देवाः प्रपीडिताः।
दुःखं प्राप्ता वयं चाति शरणं त्वां समागताः॥ १२
संग्रामे स हृषीकेशं स्ववशं कृतवान् बली।
जलंधरो महादैत्यः सर्वामरविमर्दकः॥ १३
तस्य वश्यो वराधीनोऽवात्सीत्तत्सदने हरिः।
स लक्ष्म्या सहितो विष्णुर्यो नः सर्वार्थसाधकः॥ १४

जलंधरविनाशाय यत्नं कुरु महामते।
त्वं नो दैववशात्प्राप्तः सदा सर्वार्थसाधकः॥ १५

सनत्कुमार उवाच

इत्याकर्ण्य वचस्तेषाममराणां स नारदः।
आश्वास्य मुनिशार्दूलस्तानुवाच कृपाकरः॥ १६

नारद उवाच

जानेऽहं वै सुरा यूयं दैत्यराजपराजिताः।
दुःखं प्राप्ताः पीडिताश्च स्थानान्निस्सारिताः खलु॥ १७

स्वशक्त्या भवतां स्वार्थं करिष्ये नात्र संशयः।
अनुकूलोऽहमिह वो दुःखं प्राप्ता यतोऽमराः॥ १८

देवर्षि नारद शिवको आज्ञाले देवताहरूका समक्ष दैत्यपुरीमा जानुभयो॥ ४-५॥

त्यस समय व्याकुल इन्द्रादि सबै देवता मुनि नारदलाई आउँदै गरेको देखेर झट्ट उठे। उत्कण्ठापूर्ण अनुहार भएका इन्द्र आदि देवताहरूले नारदमुनिलाई नमस्कार गरी प्रीतिपूर्वक उहाँलाई आसन प्रदान गरे। त्यसपछि सुखपूर्वक आसनमा बस्नुभएका ती मुनिलाई पुनः प्रणाम गरी इन्द्रादि दुखित देवताहरूले भने—॥ ६—८॥

देवता भन्दछन्—हे मुनिश्रेष्ठ! हे कृपाकर! [हामीहरूको] दुःखलाई सुन्नुहोस् र सुनेर त्यसलाई चाँडै दूर गर्नुहोस्, तपाईं प्रभु तथा शंकरप्रिय हुनुहुन्छ। दैत्य जलन्धरले देवताहरूलाई [पराजित गरी] उनीहरूलाई आफ्नो स्थानबाट हटाइदिएको छ। यस समय त्यसको अधिनमा रहनु पर्नाको कारण हामीहरू दुखी तथा व्याकुल छौँ। त्यसले सूर्य, चन्द्रमा, अग्नि, धर्मराज, लोकपाल तथा अन्य देवतालाई पनि आफ्ना स्थानहरूबाट हटाइदिएको छ। त्यस महाबलवान् दैत्यले हामी सबै देवताहरूलाई ज्यादै सताएको छ, अतः हामी सबै अत्यन्त दुखी भएर हजुरको शरणमा आएका छौँ। सबै देवताहरूको मर्दन गर्ने त्यस बलवान् महादैत्य जलन्धरले संग्राममा विष्णुलाई पनि आफ्नो वशमा पारेको छ॥ ९—१३॥

हामीहरूका समस्त कार्य सिद्ध गर्नुहुने विष्णु वर दिनाको कारण त्यसको वशमा परेर लक्ष्मीसहित त्यसको घरमा निवास गरिरहनुभएको छ। हे महामते! हजुर सदा सर्वार्थसाधक हुनुहुन्छ, हामीहरूको भाग्यले नै हजुर यहाँ आउनुभएको छ, अतः जलन्धरको विनाशको लागि कुनै उपाय गर्नुहोस्॥ १४-१५॥

सनत्कुमार भन्नुहुन्छ—ती देवताहरूका यी कुरा सुनेर कृपा गर्नुहुने ती मुनिश्रेष्ठ नारद उनीहरूलाई आश्वस्त पार्दै भन्न लागे—॥ १६॥

नारद भन्नुहुन्छ—हे देवताहरू हो! म जान्दछु कि तपाईंहरू दैत्यराज जलन्धरबाट पराजित हुनुहुन्छ र आ-आफ्नो स्थानबाट हटाइनु भएको छ, अतः तपाईंहरू दुखित तथा पीडित हुनुहुन्छ। म आफ्नू शक्तिअनुसार तपाईंहरूको कार्य सिद्ध गर्ने छु, यसमा कुनै संशय छैन। तपाईंहरूले ठुलो दुःख उठाउनुभएको छ, म तपाईंहरूको अनुकूल छु॥ १७-१८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सनत्कुमार उवाच

एवमुक्त्वा मुनिश्रेष्ठो द्रष्टुं दानववल्लभम्।
आश्वास्य सकलान्देवाञ्जलंधरसभां ययौ॥ १९

अथागतं मुनिश्रेष्ठं दृष्ट्वा दैत्यो जलंधरः।
उत्थाय परया भक्त्या ददौ श्रेष्ठासनं वरम्॥ २०

स तं संपूज्य विधिवद्दानवेन्द्रोऽतिविस्मितः।
सुप्रहस्य तदा वाक्यं जगाद मुनिसत्तमम्॥ २१

जलंधर उवाच

कुत आगम्यते ब्रह्मन् किं च दृष्टं त्वया क्वचित्।
यदर्थमिह आयातस्तदाज्ञापय मां मुने॥ २२

सनत्कुमार उवाच

इत्याकर्ण्य वचस्तस्य दैत्येन्द्रस्य महामुनिः।
प्रत्युवाच प्रसन्नात्मा नारदो हि जलंधरम्॥ २३

नारद उवाच

सर्वदानवदैत्येन्द्र जलंधर महामते।
धन्यस्त्वं सर्वलोकेश रत्नभोक्ता त्वमेव हि॥ २४

मदागमनहेतुं वै शृणु दैत्येन्द्रसत्तम।
यदर्थमिह चायातस्त्वहं वक्ष्येऽखिलं हि तत्॥ २५

गतः कैलासशिखरं दैत्येन्द्राहं यदृच्छया।
योजनायुतविस्तीर्णं कल्पद्रुममहावनम्॥ २६

कामधेनुशताकीर्णं चिंतामणिसुदीपितम्।
सर्वरुक्ममयं दिव्यं सर्वत्राद्भुतशोभितम्॥ २७

तत्रोमया सहासीनं दृष्टवानस्मि शंकरम्।
सर्वाङ्गसुन्दरं गौरं त्रिनेत्रं चन्द्रशेखरम्॥ २८

तं दृष्ट्वा महदाश्चर्यं वितर्को मेऽभवत्तदा।
क्वापीदृशी भवेद् वृद्धिस्त्रैलोक्ये वा न वेति च॥ २९

तावत्तवापि दैत्येन्द्र समृद्धिः संस्मृता मया।
तद्विलोकनकामोऽहं त्वत्सांनिध्यमिहागतः॥ ३०

सनत्कुमार भन्नुहुन्छ—यस्तो भनेर मुनिश्रेष्ठ नारद सबै देवताहरूलाई आश्वस्त पारी त्यस दानवप्रिय जलन्धरलाई हेर्न त्यसको सभामा जानुभयो॥ १९॥

त्यसपछि दैत्य जलन्धरले मुनिश्रेष्ठ नारदलाई आउनुभएको देखेर बडो भक्तिका साथ उठेर उहाँलाई श्रेष्ठ तथा उत्तम आसन प्रदान गऱ्यो। तत्पश्चात् विधिपूर्वक उहाँको पूजा गरी त्यो दानवेन्द्र अत्यन्त आश्चर्यमा पऱ्यो र हाँसो गरी मुनिवरसित यो वचन भन्न लाग्यो— ॥ २०-२१॥

जलन्धर भन्दछ—हे ब्रह्मन्! तपाईंको आगमन कहाँबाट भइरहेको छ, तपाईंले कतै केही देख्नु भयो के! हे मुनि! तपाईं यहाँ जुन कार्यका लागि आउनुभएको हो, त्यो मलाई बताउनुहोस्॥ २२॥

सनत्कुमार भन्नुहुन्छ—त्यस दैत्येन्द्रको यो वचन सुनेर महामुनि नारद प्रसन्नचित्त भएर जलन्धरसित भन्न लागे— ॥ २३॥

नारद भन्नुहुन्छ—सम्पूर्ण दैत्य तथा दानवहरूका अधिपति हे जलन्धर! तिमी धन्य छौ, हे सर्वलोकेश! तिमी नै सारा रत्नहरूको उपभोग गर्न योग्य छौ॥ २४॥

हे दैत्येन्द्रसत्तम! मेरो आगमनको कारण सुन, म जुन निमित्तले यहाँ आएको छु, त्यो सबै बताउँदै छु॥ २५॥

हे दैत्येन्द्र! म आफ्नो इच्छाले कैलासपर्वतमा गएको थिएँ, जुन दश हजार योजन फराकिलो, कल्पवृक्षका महान् वनले युक्त, सयकडौँ कामधेनुहरूबाट भरिपूर्ण, चिन्तामणिबाट प्रकाशित, सम्पूर्णरूपले सुवर्णमय, दिव्य तथा सबै प्रकारका अद्भुत वस्तुहरूबाट सुशोभित भइरहेको छ॥ २६-२७॥

त्यहाँ मैले पार्वतीका साथ बस्नुभएका गोरोवर्ण, सर्वांगसुन्दर, त्रिनेत्र एवं चन्द्रमालाई शिरमाथि धारण गर्नुभएका भगवान् शंकरलाई देखेँ॥ २८॥

महान् आश्चर्यबाट परिपूर्ण त्यस कैलासलाई देखेर मैले आफ्नो मनमा विचार गरेँ कि त्रिलोकीमा कतै कुनै यस्तो समृद्धि छ अथवा छैन। हे दैत्येन्द्र! त्यसै समय मलाई तिम्रो समृद्धिको स्मरण भयो र त्यसैलाई हेर्ने इच्छाले म तिमीकहाँ आएको हुँ॥ २९-३०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सनत्कुमार उवाच

इति नारदतः श्रुत्वा स दैत्येन्द्रो जलंधरः।
स्वसमृद्धिं समग्रां वै दर्शयामास सादरम्॥ ३१
दृष्ट्वा स नारदो ज्ञानी देवकार्यसुसाधकः।
प्रभुप्रेरणया प्राह दैत्येन्द्रं तं जलंधरम्॥ ३२

नारद उवाच

तवास्ति सुससमृद्धिर्हि वरवीराखिलाधुना।
त्रैलोक्यस्य पतिस्त्वं हि चित्रं किं चात्र संभवम्॥ ३३
मणयो रत्नपुंजाश्च गजाद्याश्च समृद्धयः।
ते गृहेऽद्य विभांतीह यानि रत्नानि तान्यपि॥ ३४
गजरत्नं त्वयानीतं शक्रस्यैरावतस्तथा।
अश्वरत्नं महावीर सूर्यस्योच्चैःश्रवा हयः॥ ३५
कल्पवृक्षस्त्वयानीतो निधयो धनदस्य च।
हंसयुक्तविमानं च त्वयानीतं हि वेधसः॥ ३६
इत्येवं वररत्नानि दिवि पृथ्व्यां रसातले।
यानि दैत्येन्द्र ते भांति गृहे तानि समन्ततः॥ ३७
त्वत्समृद्धिमिमां पश्यन्सम्पूर्णां विविधामहम्।
प्रसन्नोऽस्मि महावीर गजाश्वादिसुशोभिताम्॥ ३८
जायारत्नं महाश्रेष्ठं जलंधर न ते गृहे।
तदानेतुं विशेषेण स्त्रीरत्नं वै त्वमर्हसि॥ ३९
यस्य गेहे सुरत्नानि सर्वाणि हि जलंधर।
जायारत्नं न चेत्तानि न शोभंते वृथा ध्रुवम्॥ ४०

सनत्कुमार उवाच

इत्येवं वचनं श्रुत्वा नारदस्य महात्मनः।
उवाच दैत्यराजो हि मदनाकुलमानसः॥ ४१

जलंधर उवाच

भो भो नारद देवर्षे नमस्तेऽस्तु महाप्रभो।
जायारत्नवरं कुत्र वर्तते तद्वदाधुना॥ ४२
ब्रह्मांडे यत्र कुत्रापि तद्रत्नं यदि वर्त्तते।
तदानेष्ये ततो ब्रह्मन्सत्यं सत्यं न संशयः॥ ४३

नारद उवाच

कैलासे ह्यतिरम्ये च सर्वर्द्धिसुसमाकुले।
योगिरूपधरः शंभुरस्ति तत्र दिगम्बरः॥ ४४
तस्य भार्या सुरम्या हि सर्वलक्षणलक्षिता।
सर्वांगसुन्दरीनाम्ना पार्वतीति मनोहरा॥ ४५

सनत्कुमार भन्नुहुन्छ— नारदबाट यस्तो सुनेर त्यस दैत्यपति जलन्धरले उच्च आदरका साथ उहाँलाई आफ्नो सारा समृद्धि देखायो। तब देवगणहरूको कार्य सिद्ध गर्नुहुने ती ज्ञानी नारद त्यसलाई हेरेर शंकरको प्रेरणाले त्यस दैत्येन्द्र जलन्धरसित भन्न लागे— ॥ ३१-३२ ॥

नारद भन्नुहुन्छ— हे श्रेष्ठ वीर! तिमीकहाँ यस समय निःसन्देह सारा सम्पत्ति छ, तिमी त्रिलोकीको पति पनि छौ। अतः यसमा आश्चर्य के हुन सक्छ। मणि, रत्नहरूका राशिहरू, घोडा, हात्ती आदि समृद्धिहरू तथा जुन अन्य रत्न छन्, ती सबै तिम्रो घरमा सुशोभित भइरहेका छन्॥ ३३-३४॥ हे महावीर! तिमीले इन्द्रका हात्तीहरूमध्येमा रत्नभूत ऐरावतलाई लिएका छौ तथा सूर्यका अश्वरत्न उच्चैःश्रवा घोडा पनि लिएका छौ। तिमीले कल्पवृक्ष पनि ल्याएका छौ तथा कुबेरका सारा निधिहरू पनि तिमीकहाँ छन्। तिमीले ब्रह्माको हंसयुक्त विमान ल्याएका छौ। यस प्रकार हे दैत्येन्द्र! पृथ्वी, पाताल तथा स्वर्गलोकमा जति पनि उत्तम रत्न छन्, ती सबै तिम्रो घरमा सुशोभित भइरहेका छन्॥ ३५—३७॥

हे महावीर! गज, अश्वादिबाट सुशोभित तिम्रो यस सम्पूर्ण समृद्धिलाई हेरिरहेको म प्रसन्न छु॥ ३८॥

तर हे जलन्धर! तिम्रो घरमा सर्वश्रेष्ठ स्त्रीरत्न छैन, यसैले तिमी विशेषरूपले स्त्रीरत्नलाई ल्याउने प्रयत्न गर। हे जलन्धर! जसको घरमा सबै सुन्दर रत्न छन्, तर यदि स्त्रीरत्न छैन भने ती सबै शोभायमान हुँदैनन् र निश्चय नै ती सबै रत्न व्यर्थ हुन जान्छन्॥ ३९-४०॥

सनत्कुमार भन्नुहुन्छ— महात्मा नारदका यस कुरालाई सुनेर दैत्यराज कामबाट व्याकुलचित्त भएर भन्न लाग्यो— ॥ ४१ ॥

जलन्धर भन्दछ— हे देवर्षि! हे नारद! तपाईंलाई नमस्कार छ। हे महाप्रभु! यस समय ती श्रेष्ठ स्त्रीरत्न कहाँ छिन्? मलाई बताउनुहोस्। हे ब्रह्मन्! ती स्त्रीरत्न यस ब्रह्माण्डमा जहाँसुकै भए पनि म उनलाई त्यहाँबाट ल्याउने छु, यो सत्य हो, सत्य हो, यस कुरामा संशय छैन॥ ४२-४३॥

नारद भन्नुहुन्छ— अत्यन्त मनोहर सर्वसमृद्धिसम्पन्न कैलास पर्वतमा योगीको रूप धारण गरेका दिगम्बर शम्भु रहनुहुन्छ। सुरम्य, सबै लक्षणाहरूबाट सम्पन्न, सर्वांगसुन्दरी तथा मनोहर पार्वती नामक उनकी भार्या छिन्॥ ४४-४५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तदीदृशं रूपमनन्यसंगतं
दृष्टं न कुत्रापि कुतूहलाढ्यम्।
अत्यद्भुतं मोहनकृत्सुयोगिनां
सुदर्शनीयं परमर्द्धिकारि॥ ४६

हाव-भावबाट पूर्ण यस्तो मनोहर रूप अन्यत्र कहीँ पनि देख्नलाई पाइन्न। त्यो अत्यन्त अद्भुत रूप परम योगीहरूलाई पनि मोहित पार्ने, दर्शनको योग्य र सम्पूर्ण समृद्धिहरूलाई प्रदान गर्ने खालको छ॥ ४६॥

स्वचित्ते कल्पयाम्यद्य शिवादन्यः समृद्धिमान्।
जायारत्नान्विताद्वीर त्रिलोक्यां न जलंधर॥ ४७

हे वीर! हे जलन्धर! म आफ्नो मनमा अनुमान गर्छु कि स्त्रीरत्नले युक्त शिवभन्दा ठुला समृद्धिशाली यस समय तीनै लोकमा अन्य कोही पनि छैनन्॥ ४७॥

यस्या लावण्यजलधौ निमग्नश्चतुराननः।
स्वधैर्य्यं मुमुचे पूर्वं तया कान्योपमीयते॥ ४८
गतरागोऽपि हि यया मदनारिः स्वलीलया।
निजतंत्रोऽपि हि यतः स स्वात्मवशगः कृतः॥ ४९
यथा स्त्रीरत्नसंभोक्तुः समृद्धिस्तस्य साभवत्।
तथा न तव दैत्येन्द्र सर्वरत्नाधिपस्य च॥ ५०

पूर्वकालमा जसको लावण्यसमुद्रमा डुबेर ब्रह्माले आफ्नो धैर्य गुमाउनुभएको थियो, उहाँसित कुनै दोस्रो स्त्रीको उपमा कसरी गर्न सकिन्छ। जसले आफ्नो लीलाले कामको शत्रु, रागरहित तथा स्वतन्त्र शंकरलाई पनि आफ्नो वशमा गर्नुभएको छ। हे दैत्येन्द्र! त्यस स्त्रीरत्नको सेवन गर्नुहुने शिवको जस्तो समृद्धि छ, त्यस्तो समृद्धि सम्पूर्ण रत्नहरूका अधिपति भए तापनि तिमीसँग छैन॥ ४८—५०॥

सनत्कुमार उवाच

इत्युक्त्वा स तु देवर्षिर्नारदो लोकविश्रुतः।
ययौ विहायसा देवोपकारकरणोद्यतः॥ ५१

सनत्कुमार भन्नुहुन्छ—यस्तो भनेर देवताहरूको उपकार गर्नका लागि उद्यत लोकविख्यात ती देवर्षि नारद आकाशमार्गबाट जानुभयो॥ ५१॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे जलंधरवधोपाख्याने देवर्षिजलंधरसंवादो नामाष्टादशोऽध्यायः॥ १८॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा जलन्धरवधोपाख्यानमा देवर्षि-जलन्धरसंवादवर्णन नामक अठारौँ अध्याय पूर्ण भयो॥ १८॥

अथैकोनविंशोऽध्यायः

पार्वतीलाई प्राप्त गर्नका लागि जलन्धरले शंकरकहाँ दूत पठाउनु, उसको वचनबाट उत्पन्न क्रोधले शम्भुको भृकुटीबाट एउटा भयंकर पुरुषको उत्पत्ति, त्यसबाट भयभीत जलन्धरको दूत पलायन हुनु, त्यो पुरुष कीर्तिमुख नामबाट शिवगणहरूमा प्रतिष्ठित हुनु तथा शिवद्वारमा स्थित रहनु

व्यास उवाच

सनत्कुमार सर्वज्ञ नारदे हि गते दिवि।
दैत्यराट् किमकार्षीत्स तन्मे वद सुविस्तरात्॥ १

व्यास भन्नुहुन्छ—हे सर्वज्ञ सनत्कुमार! देवर्षि नारद स्वर्गलोक जानुभएपछि त्यस दैत्यराजले के गऱ्यो? त्यसलाई विस्तारपूर्वक मसित भन्नुहोस्॥ १॥

सनत्कुमार उवाच

तमामन्त्र्य गते दैत्यं नारदे दिवि दैत्यराट्।
तद्रूपश्रवणादासीदनंगज्वरपीडितः॥ २

सनत्कुमार भन्नुहुन्छ—त्यस दैत्यसित भनेर नारद स्वर्गलोक जानुभएपछि पार्वतीको रूपको श्रवणले त्यो दैत्यराज जलन्धर कामज्वरोबाट पीडित भयो॥ २॥

अथो जलंधरो दैत्यः कालाधीनः प्रनष्टधीः।
दूतमाह्वाययामास सैंहिकेयं विमोहितः॥ ३

त्यसपछि कालको अधीन हुनाले त्यसको बुद्धि नष्ट भयो र मोहमा परी त्यसले सैंहिकेय नामक दूतलाई बोलायो॥ ३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आगतं तं समालोक्य कामाक्रांतमना: स हि।
सुसंबोध्य समाचष्ट सिंधुपुत्रो जलंधरः॥ ४

उसलाई आएको देखेर कामले आक्रान्त मन भएको त्यो सागरपुत्र जलन्धर उसलाई बुझाएर भन्न लाग्यो— ॥ ४ ॥

जलंधर उवाच

भो भो दूतवरश्रेष्ठ सर्वकार्यप्रसाधक।
सैंहिकेय महाप्राज्ञ कैलासं गच्छ पर्वतम्॥ ५
तत्रास्ति योगी शंभ्वाख्यस्तपस्वी च जटाधरः।
भस्मभूषितसर्वाङ्गो विरक्तो विजितेन्द्रियः॥ ६

जलन्धर भन्दछ—हे दूतहरूमा श्रेष्ठ! हे सबै कार्य सिद्ध गर्ने! हे महाप्राज्ञ सिंहिकापुत्र! तिमी कैलास-पर्वतमा जाऊ, त्यहाँ जटाधारण गरेका, सर्वांगमा भस्म घसेका, परम विरक्त, तपस्वी एवं जितेन्द्रिय शिव नामक योगी रहन्छन्॥ ५-६ ॥

तत्र गत्वेति वक्तव्यं योगिनं दूत शंकरम्।
जटाधरं विरक्तं तं निर्भयेन हृदा त्वया॥ ७
हे योगिंस्ते दयासिन्धो जायारत्नेन किं भवेत्।
भूतप्रेतपिशाचादिसेवितेन वनौकसा॥ ८
मन्नाथे भुवने योगिन्नोचिता गतिरीदृशी।
जायारत्नमतस्त्वं मे देहि रत्नभुजे निजम्॥ ९

हे दूत! त्यस जटाधारी परम विरक्त योगी शंकरकहाँ गएर भयरहित मनले तिमी [मेरो सन्देश] यस प्रकार भन्नु—हे योगी! हे दयासिन्धु! वनमा निवास गर्ने तथा भूत-प्रेत-पिशाचादिबाट सेवित तिमीलाई स्त्रीरत्नसित के प्रयोजन छ? हे योगी! जब समस्त भुवनाधिपति मजस्तो स्वामी विद्यमान छु, तब तिमीले यस्तो गर्नु उचित हुन्न, अतः तिमी आफ्नी स्त्रीरत्न सबै रत्नहरूको सेवन गर्ने मलाई देऊ॥ ७—९ ॥

यानि यानि सुरत्नानि त्रैलोक्ये तानि सन्ति मे।
मदधीनं जगत्सर्वं विद्धि त्वं सचराचरम्॥ १०

तिमी यस कुरालाई जान कि सारा चराचर जगत् मेरो अधीन छ र त्रिलोकीमा जुन-जुन उत्तम रत्न छन्, ती सबै मेरो अधीनमा छन्॥ १० ॥

इन्द्रस्य गजरत्नं चोच्चैःश्रवोरत्नमुत्तमम्।
बलाद्गृहीतं सहसा पारिजातस्तरुस्तथा॥ ११

मैले इन्द्रको ऐरावत हात्ती, उच्चैःश्रवा घोडा एवं पारिजात वृक्ष बलपूर्वक सहसा खोसेको छु॥ ११ ॥

विमानं हंससंयुक्तमंगणे मम तिष्ठति।
रत्नभूतं महादिव्यमुत्तमं वेधसोद्भुतम्॥ १२

ब्रह्माको हंसयुक्त विमान मेरो आँगनमा विद्यमान छ, जुन रत्नस्वरूप महादिव्य एवं अद्भुत छ॥ १२ ॥

महापद्मादिकं दिव्यं निधिरत्नं स्वदस्य च।
छत्रं मे वारुणं गेहे कांचनस्त्रावि तिष्ठति॥ १३
किञ्जल्किनी महामाला सर्वदाऽम्लानपंकजा।
मत्पितुः सा ममैवास्ति पाशश्च कपतेस्तथा॥ १४
मृत्योरुत्क्रांतिदा शक्तिर्मया नीता बलाद्वरा।
ददौ मह्यं शुचिर्दिव्ये शुचिशौचे च वाससी॥ १५
एवं योगीन्द्र रत्नानि सर्वाणि विलसंति मे।
अतस्त्वमपि मे देहि स्वस्त्रीरत्नं जटाधर॥ १६

कुबेरको महापद्म आदि दिव्य निधिरत्न तथा सुनको वर्षा गर्ने वरुणको छाता मेरो घरमा छ। सर्वदा विकसित कमलहरू भएको किंजल्किनी नामक मेरो पिताको माला त मकहाँ नै छ र जलाधिपति वरुणको पाश पनि मकहाँ नै छ। मृत्युको सर्वश्रेष्ठ शक्ति, जसको नाम उत्क्रान्तिदा हो, उसलाई पनि मैले मृत्युबाट बलपूर्वक खोसेको छु। अग्निदेवले मलाई दिव्य परम पवित्र तथा कहिल्यै पनि मलिन नहुने दुई वस्त्र दिएका छन्। यस प्रकार हे योगीन्द्र! सबै रत्न मकहाँ शोभित भइरहेका छन्। अतः हे जटाधर! तिमी पनि मलाई आफ्नी स्त्रीरत्न प्रदान गर॥ १३—१६ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सनत्कुमार उवाच

इति श्रुत्वा वचस्तस्य नन्दिना स प्रवेशितः।
जगामोग्रसभां राहुर्विस्मयोद्धुतलोचनः॥ १७
तत्र गत्वा शिवं साक्षाद्देवदेवं महाप्रभुम्।
स्वतेजोध्वस्ततमसं भस्मलेपविराजितम्॥ १८
महाराजोपचारेण विलसन्तं महाद्भुतम्।
सर्वाङ्गसुन्दरं दिव्यभूषणैर्भूषितं हरम्॥ १९
प्रणनाम च तं गर्वात्तत्तेजः क्रांतविग्रहः।
निकटं गतवान् शंभोः स दूतो राहुसंज्ञकः॥ २०
अथो तदग्र आसीनो वक्तुकामो हि सैंहिकः।
त्र्यंबकं स तदा संज्ञाप्रेरितो वाक्यमब्रवीत्॥ २१

राहुरुवाच

दैत्यपन्नगसेव्यस्य त्रैलोक्याधिपतेः सदा।
दूतोऽहं प्रेषितस्तेन त्वत्सकाशमिहागतः॥ २२
जलंधरोऽब्धितनयः सर्वदैत्यजनेश्वरः।
त्रैलोक्यस्येश्वरस्सोऽथाभवत्सर्वाधिनायकः॥ २३
स दैत्यराजो बलवान्देवानामन्तकोपमः।
योगिनं त्वां समुद्दिश्य स यदाह शृणुष्व तत्॥ २४
महादिव्यप्रभावस्य तस्य दैत्यपतेः प्रभोः।
सर्वरत्नेश्वरस्य त्वमाज्ञां शृणु वृषध्वज॥ २५
श्मशानवासिनो नित्यमस्थिमालाधरस्य च।
दिगंबरस्य ते भार्या कथं हैमवती शुभा॥ २६
अहं रत्नाधिनाथोऽस्मि सा च स्त्रीरत्नसंज्ञिता।
तस्मान्ममैव सा योग्या नैव भिक्षाशिनस्तव॥ २७
मम वश्यास्त्रयो लोका भुंजेऽहं मखभागकान्।
यानि संति त्रिलोकेऽस्मिन् रत्नानि मम सद्मनि॥ २८
वयं रत्नभुजस्त्वं तु योगी खलु दिगम्बरः।
स्वस्त्रीरत्नं देहि मह्यं राज्ञः सुखकराः प्रजाः॥ २९

सनत्कुमार भन्नुहुन्छ—उसको यो वचन सुनेर नन्दीले उसलाई भित्र प्रवेश गराए, तब अद्भुत नेत्र भएको त्यो (सिंहिकापुत्र) राहु विस्मित भएर शिवको सभातिर गयो। उसले त्यस सभामा गएर आफ्नो तेजले समस्त अन्धकारलाई दूर गर्नुहुने, भस्मको लेप लगाउनुभएका, महाराजोपचारबाट सुशोभित हुनुभएका, अत्यन्त अद्भुत, दिव्य भूषणहरूबाट भूषित तथा सर्वांगसुन्दर साक्षात् देवदेव महाप्रभु शिवलाई देख्यो, उहाँको तेजले पराभूत शरीर भएको राहु नामक त्यस दूतले गर्वपूर्वक शिवलाई प्रणाम गर्‍यो र उहाँको समीप गयो॥ १७—२०॥

त्यसपछि त्यो सिंहिकापुत्र शिवको अगाडि बसेर उहाँसित केही भन्ने इच्छा गर्न लाग्यो, तब उहाँको संकेत पाएर उसले यो वचन भन्यो—॥ २१॥

राहु भन्दछ—दैत्य एवं सर्पहरूबाट सदा सेवित तथा तीनवटै लोकहरूका अधिपति जलन्धरको म दूत हुँ र उनीद्वारा पठाइएपछि तपाईंकहाँ आएको हुँ। ती जलन्धर समुद्रका पुत्र हुन्, सबै दैत्यहरूका स्वामी हुन् र अहिले ती त्रिलोकीको अधिपति छन्, सबैका अधिनायक छन्॥ २२-२३॥ ती बलवान् दैत्यराज देवगणहरूका लागि महाकाल समान छन्। तपाईं योगीलाई उद्देश्य गरी उनले जो भनेका छन्, त्यसलाई श्रवण गर्नुहोस्॥ २४॥ हे वृषध्वज! महादिव्य प्रभाव भएका तथा सबै रत्नहरूका स्वामी ती प्रभु दैत्यपतिको आज्ञालाई तपाईं सुन्नुहोस्॥ २५॥

श्मशानमा निवास गर्ने, सदा अस्थिहरूको माला धारण गर्ने तथा दिगम्बर रहने तिम्री भार्या त्यो शुभ हिमालयपुत्री [पार्वती] कसरी हुन सक्छिन्?॥ २६॥

त्यो स्त्रीरत्न हो र म समस्त रत्नहरूको अधिपति हुँ, अतः त्यो मेरो नै योग्य छ, भिक्षा मागेर खाने तिम्रो योग्य त्यो छैन। तीनवटै लोक मेरो वशमा छ, म नै यज्ञभागहरूलाई ग्रहण गर्छु। यस त्रिलोकीमा जति पनि रत्न छन्, ती सबै मेरो घरमा छन्। रत्नहरूको उपभोग गर्ने हामी हौँ, तिमी त दिगम्बर योगी हौ, तिमी आफ्नू स्त्रीरत्न मलाई प्रदान गर; किनभने प्रजाहरू राजालाई सुख दिने खालका हुन्छन्॥ २७—२९॥

2325_Sihvpurana_Part_1_Nepali_Section_30_2_Front
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सनत्कुमार उवाच

वदत्येवं तथा राहौ भ्रूमध्याच्छूलपाणिनः।
अभवत्पुरुषो रौद्रस्तीव्राशनिसमस्वनः॥ ३०
सिंहास्यप्रचलज्जिह्वः सज्ज्वालनयनो महान्।
ऊर्ध्वकेशः शुष्कतनुर्नृसिंह इव चापरः॥ ३१
महातनुर्महाबाहुस्तालजंघो भयंकरः।
अभिदुद्राव वेगेन राहुं स पुरुषो द्रुतम्॥ ३२
स तं खादितुमायान्तं दृष्ट्वा राहुर्भयातुरः।
अधावदतिवेगेन बहिः स च दधार तम्॥ ३३

राहुरुवाच

देवदेव महेशान पाहि मां शरणागतम्।
सुराऽसुरैस्सदा वन्द्यः परमैश्वर्यवान् प्रभुः॥ ३४
ब्राह्मणं मां महादेव खादितुं समुपागतः।
पुरुषोऽयं तवेशान सेवकोऽतिभयंकरः॥ ३५
एतस्माद्रक्ष देवेश शरणागतवत्सलः।
न खादेत यथायं मां नमस्तेऽस्तु मुहुर्मुहुः॥ ३६

सनत्कुमार उवाच

महादेवो वचः श्रुत्वा ब्राह्मणस्य तदा मुने।
अब्रवीत्स्वगणं तं वै दीनानाथप्रियः प्रभुः॥ ३७

महादेव उवाच

प्रभुं च ब्राह्मणं दूतं राह्वाख्यं शरणागतम्।
शरण्या रक्षणीया हि न दण्ड्या गणसत्तम॥ ३८

सनत्कुमार उवाच

इत्युक्तौ गिरिजेशेन सगणः करुणात्मना।
राहुं तत्याज सहसा ब्राह्मणेति श्रुताक्षरः॥ ३९
राहुं त्यक्त्वाम्बरे सोऽथ पुरुषो दीनया गिरा।
शिवोपकंठमागत्य महादेवं व्यजिज्ञपत्॥ ४०

सनत्कुमार भन्नुहुन्छ—जब राहु आफ्नो कुरा भन्दै थियो कि शंकरको भ्रू-मध्यबाट वज्रको समान आवाज गर्दै गरेको एउटा महाभयंकर पुरुष प्रकट भयो। उसको मुख सिंहको समान थियो, उसको जिब्रो लपलपाइरहेको थियो, नेत्रहरूबाट अग्नि निस्किरहेको थियो; ऊर्ध्वकेश तथा सुकेको शरीरवाला त्यो पुरुष दोस्रो सिंह समान लाग्दथ्यो॥ ३०-३१॥

विशाल शरीर तथा हातहरू भएको, ताड वृक्षको समान जाँघ भएको तथा भयंकर त्यो पुरुष [प्रकट हुनासाथ] बडो वेगले शीघ्रताका साथ राहुमाथि झम्टियो॥ ३२॥

तब उसलाई खानका लागि आउँदै गरेको देखेर भयभीत त्यो राहु बडो वेगले भाग्न लाग्यो, तर सभाको बाहिर नै त्यस पुरुषले त्यसलाई समात्यो॥ ३३॥

राहु भन्दछ—हे देवदेव! हे महेशान! म शरणागतको रक्षा गर्नुहोस्। हजुर देवताहरू तथा असुरहरूद्वारा सदा वन्दनीय, महान् ऐश्वर्य तथा प्रभुताबाट सम्पन्न हुनुहुन्छ॥ ३४॥

हे महादेव! हे ईशान! हजुरको यो महाभयंकर सेवक पुरुष म ब्राह्मणलाई खानका लागि आएको छ॥ ३५॥

हे देवेश! हे शरणागतवत्सल! यस पुरुषबाट मेरो रक्षा गर्नुहोस्, जसले गर्दा यसले मलाई खान नसकोस्, हजुरलाई बारम्बार नमस्कार छ॥ ३६॥

सनत्कुमार भन्नुहुन्छ—हे मुनि! तब ब्राह्मणको कुरा सुनेर दीन तथा अनाथहरूसित प्रेम गर्नुहुने प्रभु महादेवले आफ्नो त्यस गणसित भन्नुभयो—॥ ३७॥

महादेव भन्नुहुन्छ—हे गणसत्तम! शरणमा आएको राहु नामक ब्राह्मण दूतलाई छोडिदेऊ; किनभने यस्ता व्यक्ति शरणका योग्य, रक्षाका पात्र हुन्छन्, दण्डको योग्य हुँदैनन्॥ ३८॥

सनत्कुमार भन्नुहुन्छ—करुणामय हृदय भएका गिरिजापतिले यस्तो भन्नुभएपछि त्यस गणले 'ब्राह्मण' यो शब्द सुन्नासाथ राहुलाई सहसा छोडिदियो॥ ३९॥

तब राहुलाई आकाशमा छाडेर त्यो पुरुष महादेवको समीप आएर दीनवाणीमा भन्न लाग्यो—॥ ४०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुरुष उवाच

देवदेव महादेव करुणाकर शंकर।
त्याजितं मम भक्ष्यं ते शरणागतवत्सल॥ ४१
क्षुधा मां बाधते स्वामिन्क्षुत्क्षामश्चास्मि सर्वथा।
किं भक्ष्यं मम देवेश तदाज्ञापय मां प्रभो॥ ४२

पुरुष भन्दछ—हे देवदेव! महादेव! हे करुणाकर! हे शंकर! हे शरणागतवत्सल! हजुरले मेरो भक्ष्यलाई छुटाउनुभयो। हे स्वामी! यस समय मलाई भोकले कष्ट दिइरहेको छ, म भोकले अत्यन्त दुर्बल भएको छु। हे देवेश! हे प्रभु! मेरो भक्ष्य के छ, त्यो मलाई बताउनुहोस्॥ ४१-४२॥

सनत्कुमार उवाच

इत्याकर्ण्य वचस्तस्य पुरुषस्य महाप्रभुः।
प्रत्युवाचाद्भुतोतिः स कौतुकी स्वहितङ्करः॥ ४३

सनत्कुमार भन्नुहुन्छ—त्यस पुरुषको यो वचन सुनेर अद्भुत लीला गर्नुहुने तथा भक्तहरूको कल्याण गर्नुहुने कौतुकी महाप्रभुले भन्नुभयो— ॥ ४३॥

महेश्वर उवाच

बुभुक्षा यदि तेऽतीव क्षुधा त्वां बाधते यदि।
संभक्षयात्मनश्शीघ्रं मांसं त्वं हस्तपादयोः॥ ४४

महेश्वर भन्नुहुन्छ—यदि तिमीलाई धेरै भोक लागेको छ र तिमी भोकले व्याकुल भइरहेका छौ भने तत्काल आफ्ना हात एवं गोडाहरूको मांस भक्षण गर॥ ४४॥

सनत्कुमार उवाच

स शिवेनैवमाज्ञप्तश्चखाद पुरुषः स्वकम्।
हस्तपादोद्भवं मांसं शिरः शेषोऽभवद्यथा॥ ४५
दृष्ट्वा शिरोऽवशेषं तु सुप्रसन्नः सदाशिवः।
पुरुषं भीमकर्माणं तमुवाच सविस्मयः॥ ४६

सनत्कुमार भन्नुहुन्छ—यस प्रकार शिवद्वारा आदिष्ट त्यो पुरुष आफ्ना हात एवं गोडाहरूको मांस भक्षण गर्न लाग्यो। जब केवल शिरमात्र शेष रहन गयो, तब शिरमात्र शेष देखेर ती सदाशिव त्यसप्रति धेरै प्रसन्न भएर आश्चर्यचकित भई त्यस भयंकर कर्म गर्ने पुरुषसित भन्न लाग्नुभयो— ॥ ४५-४६॥

शिव उवाच

हे महागण धन्यस्त्वं मदाज्ञाप्रतिपालकः।
संतुष्टश्चास्मि तेऽतीव कर्मणानेन सत्तम॥ ४७
त्वं कीर्तिमुखसंज्ञो हि भव मद्द्वारकः सदा।
महागणो महावीरः सर्वदुष्टभयंकरः॥ ४८
मत्प्रियस्त्वं मदर्चायां सदा पूज्यो हि मज्जनैः।
त्वदर्चां ये न कुर्वन्ति नैव ते मत्प्रियंकराः॥ ४९

शिव भन्नुहुन्छ—हे महागण! मेरो आज्ञा पालन गर्ने तिमी धन्य छौ, हे सत्तम! म तिम्रो यस कर्मबाट अत्यन्तै प्रसन्न छु। आजबाट तिम्रो नाम कीर्तिमुख हुने छ, तिमी महावीर एवं सबै दुष्टहरूका लागि भयंकर महागण भएर मेरो द्वारपाल बन॥ ४७-४८॥ तिमी मेरो अत्यन्त प्रिय छौ र मेरा भक्तजन मेरो अर्चनाको समय सदा तिम्रो पनि पूजा गर्नेछन्, जो व्यक्ति तिम्रो पूजा गर्दैनन्, ती मलाई प्रिय हुने छैनन्॥ ४९॥

सनत्कुमार उवाच

इति शंभोर्वरं प्राप्य पुरुषः प्रजहर्ष सः।
तदाप्रभृति देवेशद्वारे कीर्तिमुखः स्थितः॥ ५०

पूजनीयो विशेषेण स गणश्शिवपूजने।
नार्चयन्तीह ये पूर्वं तेषामर्चा वृथा भवेत्॥ ५१

सनत्कुमार भन्नुहुन्छ—शिवबाट यस प्रकारको वरदान प्राप्त गरी त्यो पुरुष अत्यन्त प्रसन्न भयो र त्यसै समयदेखि त्यो कीर्तिमुख शिवको द्वारमा रहन लाग्यो॥ ५०॥ अतः शिवपूजामा त्यस गणको विशेष-रूपले पूजा गर्नुपर्दछ, जसले पहिला कीर्तिमुखको पूजा गर्दैनन्, उनीहरूको पूजा व्यर्थ हुन जान्छ॥ ५१॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे जलंधरवधोपाख्याने दूतसंवादो नामैकोनविंशोऽध्यायः॥ १९॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा जलन्धरवधोपाख्यानमा दूतसंवादवर्णन नामक उन्नाइसौं अध्याय पूर्ण भयो॥ १९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ विंशोऽध्यायः

दूतमार्फत् कैलासको वृत्तान्त जानेर जलन्धरले आफ्नो सेनालाई युद्धको आदेश दिनु, भयभीत देवताहरू शिवको शरणमा जानु, शिवगण तथा जलन्धर सेनाको युद्ध, शिवद्वारा कृत्यालाई उत्पन्न गर्नु, कृत्याद्वारा शुक्राचार्यलाई लुकाइदिनु

व्यास उवाच

सनत्कुमार सर्वज्ञ कथा ते श्राविताद्भुता।
महाप्रभोः शंकरस्य यत्र लीला च पावनी॥ १

इदानीं ब्रूहि सुप्रीत्या कृपां कृत्वा ममोपरि।
राहुर्मुक्तः कुत्र गतः पुरुषेण महामुने॥ २

व्यास भन्नुहुन्छ—हे सनत्कुमार! हे सर्वज्ञ! तपाईंले अद्भुत कथा सुनाउनुभयो, जसमा महाप्रभु शंकरको पवित्र लीला छ। हे महामुनि! अब ममाथि कृपा गरी प्रेमपूर्वक यो बताउनुहोस् कि [श्रीशंकरको भ्रूमध्यबाट प्रकट] त्यस पुरुषद्वारा मुक्त गरिएको राहु कहाँ गयो?॥ १-२॥

सूत उवाच

इत्याकर्ण्य वचस्तस्य व्यासस्यामितमेधसः।
प्रत्युवाच प्रसन्नात्मा ब्रह्मपुत्रो महामुनिः॥ ३

सूत भन्नुहुन्छ—अमित बुद्धि भएका व्यासका वचन सुनेर ब्रह्माका पुत्र महामुनि सनत्कुमार प्रसन्नचित्त भई भन्न लागे—॥ ३॥

सनत्कुमार उवाच

राहुर्विमुक्तो यस्तेन सोऽपि तद्वर्वरस्थले।
अतः स वर्वरो भूत इति भूमौ प्रथां गतः॥ ४

सनत्कुमार भन्नुहुन्छ—त्यो राहु त्यस पुरुषद्वारा वर्वर स्थानमा मुक्त गरियो, यसैले त्यो वर्वर नामले पृथ्वीमा विख्यात भयो॥ ४॥

ततः स मन्यमानः स्वं पुनर्जनिमथानतः।
गतगर्वो जगामाथ जलंधरपुरं शनैः॥ ५

तब [त्यस पुरुषबाट यस प्रकार छुटकारा प्राप्त गरेपछि] त्यो आफ्नो नयाँ जन्म मान्दै फेरि गर्वरहित भई बिस्तारै जलन्धरको नगरमा पुग्यो॥ ५॥

जलंधराय सोऽभ्येत्य सर्वमीशविचेष्टितम्।
कथयामास तद्व्यासाद्व्यास दैत्येश्वराय वै॥ ६

हे व्यास! उसले त्यहाँ गएर दैत्येन्द्र जलन्धरसित शंकरका सारा चेष्टाको विस्तारपूर्वक वर्णन गर्‍यो॥ ६॥

जलंधरस्तु तच्छ्रुत्वा कोपाकुलितविग्रहः।
बभूव बलवान्सिन्धुपुत्रो दैत्येन्द्रसत्तमः॥ ७

त्यसलाई सुनेर दैत्यराजहरूमा श्रेष्ठ बलवान् सिन्धुपुत्र जलन्धर क्रोधले व्याकुल भयो॥ ७॥

ततः कोपपराधीनमानसो दैत्यसत्तमः।
उद्योगं सर्वसैन्यानां दैत्यानामादिदेश ह॥ ८

तब क्रोधको वशीभूत चित्त भएको त्यस दैत्येन्द्रले समस्त दैत्यहरूलाई युद्धका लागि उद्यत हुन आदेश दियो॥ ८॥

जलंधर उवाच

निर्गच्छन्त्वखिला दैत्याः कालनेमिमुखाः खलु।
तथा शुंभनिशुंभाद्या वीराः स्वबलसंयुताः॥ ९

जलन्धर भन्दछ—कालनेमि आदि दैत्य एवं शुम्भ-निशुम्भ आदि सबै वीर आ-आफ्ना सेनाहरूले युक्त भएर [युद्धका लागि] निस्कनू॥ ९॥

कोटिर्वीरकुलोत्पन्नाः कंबुवंश्याश्च दौर्हृदाः।
कालकाः कालकेयाश्च मौर्या धौम्रास्तथैव च॥ १०

वीरकुलमा उत्पन्न एक करोड कम्बुवंशीय, दौर्हृद, कालक, कालकेय, मौर्य तथा धौम्रगण चाँडै हिँडून्॥ १०॥

इत्याज्ञाप्यासुरपतिः सिंधुपुत्रः प्रतापवान्।
निर्जगामाशु दैत्यानां कोटिभिः परिवारितः॥ ११

महाप्रतापी सिन्धुपुत्र त्यो दैत्यपति यस प्रकार आज्ञा दिएर करोडौँ दैत्यहरूलाई साथ लिएर तत्काल हिँड्यो॥ ११॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततस्तस्याग्रतः शुक्रो राहुश्छिन्नशिरोऽभवत्।
मुकुटश्चापतद्भूमौ वेगात्प्रस्खलितस्तदा॥ १२

व्यराजत नभः पूर्णं प्रावृषीव यथा घनैः।
जाता अशकुना भूरि महानिद्राविसूचकाः॥ १३

तस्योद्योगं तथा दृष्ट्वा गीर्वाणास्ते सवासवाः।
अलक्षितास्तदा जग्मुः कैलासं शंकरालयम्॥ १४

तत्र गत्वा शिवं दृष्ट्वा सुप्रणम्य सवासवाः।
देवाः सर्वे नतस्कंधाः करौ बद्ध्वा च तुष्टुवुः॥ १५

देवा ऊचुः

देवदेव महादेव करुणाकर शंकर।
नमस्तेऽस्तु महेशान पाहि नः शरणागतान्॥ १६
विह्वलाः वयमत्युग्रं जलंधरकृतात्प्रभो।
उपद्रवात्सदेवेन्द्राः स्थानभ्रष्टाः क्षितिस्थिताः॥ १७

न जानासि कथं स्वामिन्देवापत्तिमिमां प्रभो।
तस्मान्नो रक्षणार्थाय जहि सागरनन्दनम्॥ १८

अस्माकं रक्षणार्थाय यत्पूर्वं गरुडध्वजः।
नियोजितस्त्वया नाथ न क्षमः सोऽद्य रक्षितुम्॥ १९

तदधीनो गृहे तस्य रमया सह तिष्ठति।
वयं च तत्र तिष्ठामस्तदाज्ञावशगाः सुराः॥ २०

अलक्षिता वयं चात्रागताः शंभो त्वदंतिकम्।
स आयाति त्वया कर्त्तुं रणं सिंधुसुतो बली॥ २१

अतः स्वामिन् रणे त्वं तमविलंबं जलंधरम्।
हंतुमर्हसि सर्वज्ञ पाहि नः शरणागतान्॥ २२

सनत्कुमार उवाच

इत्युक्त्वा ते सुराः सर्वे प्रभुं नत्वा सवासवाः।
पादौ निरीक्ष्य संतस्थुर्महेशस्य विनम्रकाः॥ २३

इति देववचः श्रुत्वा प्रहस्य वृषभध्वजः।
द्रुतं विष्णुं समाहूय वचनं चेदमब्रवीत्॥ २४

शुक्र एवं काटिएको शिरवाला राहु उसको अघि-अघि हिँड्न लागे। त्यसै समय जलन्धरको मुकुट वेगले फुस्केर पृथ्वीमा खस्यो र समस्त आकाशमण्डल वर्षाकालको समान मेघहरूबाट ढाकिन गयो तथा मृत्युसूचक थुप्रै भयानक अपशकुन हुन लाग्यो॥ १२-१३॥

तब उसको यस प्रकारको युद्धको तयारी देखेर इन्द्रसहित ती देवता लुकेर शिवको निवासस्थान कैलास पर्वतमा गए। त्यहाँ गएर इन्द्रसहित सबै देवता शिवलाई देखेर उहाँलाई प्रणाम गरी काँध झुकाउँदै हात जोडेर स्तुति गर्न लागे—॥ १४-१५॥

देवता भन्दछन्—हे देवदेव! महादेव! हे करुणाकर! हे शंकर! हजुरलाई प्रणाम छ। हे महेशान! हामी शरणागतहरूको रक्षा गर्नुहोस्। हे प्रभु! इन्द्रसहित हामीहरू जलन्धरद्वारा गरिएका उपद्रवबाट अत्यन्त व्याकुल भएका छौँ र आ-आफ्नो स्थान छोडेर पृथ्वीमा स्थित छौँ॥ १६-१७॥

हे प्रभु! हे स्वामी! हजुर देवताहरूको यस विपत्तिलाई कसरी जान्नु हुन्न? अतः हजुर हामीहरूको रक्षाका लागि जलन्धरको वध गर्नुहोस्॥ १८॥

हे नाथ! हजुरले जुन पूर्वसमयमा हामीहरूको रक्षाका लागि विष्णुलाई नियुक्त गर्नुभएको थियो, यस समय ती पनि रक्षा गर्नमा समर्थ छैनन्। अब ती पनि उसको अधीन भएर लक्ष्मीका साथ उसका घरमा रहन्छन् र हामी देवगण पनि उसको वशवर्ती भएर त्यहीँ रहन्छौँ॥ १९-२०॥

हे शम्भु! हामीहरू लुकेर हजुरको शरणमा आएका छौँ, यस समय त्यो बलवान् जलन्धर हजुरसित युद्ध गर्नका लागि आइरहेको छ। अतः हे स्वामी! हे सर्वज्ञ! हजुर चाँडै युद्धमा त्यस जलन्धरको वध गरी हामी शरणागतहरूको रक्षा गर्नुहोस्॥ २१-२२॥

सनत्कुमार भन्नुहुन्छ—[हे व्यास!] यस्तो भनेर ती सबै देवता प्रभुलाई प्रणाम गरी ती महेश्वरका चरणको दर्शन गर्दै विनम्र भई त्यहीँ स्थित भए॥ २३॥

तब देवगणहरूका यी वचन सुनेर शिव हाँसेर विष्णुलाई तत्काल बोलाएर यो वचन भन्न लाग्नुभयो—॥ २४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ईश्वर उवाच

हृषीकेश महाविष्णो देवाश्चात्र समागताः।
जलंधरकृतापीडाः शरणं मेऽतिविह्वलाः॥ २५

जलंधरः कथं विष्णो संगरे न हतस्त्वया।
तद् गृहं चापि यातोऽसि त्यक्त्वा वैकुण्ठमात्मनः॥ २६

मया नियोजितस्त्वं हि साधुसंरक्षणाय च।
निग्रहाय खलानां च स्वतंत्रेण विहारिणा॥ २७

सनत्कुमार उवाच

इत्याकर्ण्य महेशस्य वचनं गरुडध्वजः।
प्रत्युवाच विनीतात्मा नतकः साञ्जलिर्हरिः॥ २८

विष्णुरुवाच

तवांशसंभवत्वाच्च भ्रातृत्वाच्च तथा श्रियः।
मया न निहतः संख्ये त्वमेनं जहि दानवम्॥ २९

महाबलो महावीरोऽजेयस्सर्वैदिवौकसाम्।
अन्येषां चापि देवेश सत्यमेतद् ब्रवीम्यहम्॥ ३०

मया कृतो रणस्तेन चिरं देवान्वितेन वै।
मदुपायो न प्रवृत्तस्तस्मिन्दानवपुंगवे॥ ३१

तत्पराक्रमतस्तुष्टो वरं ब्रूहीत्यहं खलु।
इति मद्वचनं श्रुत्वा स वव्रे वरमुत्तमम्॥ ३२

मद्भगिन्या मया सार्द्धं मद्गेहे ससुरो वस।
मदधीनो महाविष्णो इत्यहं तद्गृहं गतः॥ ३३

सनत्कुमार उवाच

इति विष्णोर्वचः श्रुत्वा शंकरः स महेश्वरः।
विहस्योवाच सुप्रीतः सदयो भक्तवत्सलः॥ ३४

महेश्वर उवाच

हे विष्णो सुरवर्य त्वं शृणु मद्वाक्यमादरात्।
जलंधरं महादैत्यं हनिष्यामि न संशयः॥ ३५

स्वस्थानं गच्छ निर्भीतो देवा गच्छंत्वपि ध्रुवम्।
निर्भया वीतसंदेहा हतं मत्वाऽसुराधिपम्॥ ३६

सनत्कुमार उवाच

इति श्रुत्वा महेशस्य वचनं स रमापतिः।
सनिर्जरो जगामाशु स्वस्थानं गतसंशयः॥ ३७

ईश्वर भन्नुहुन्छ—हे हृषीकेश! हे महाविष्णु! जलन्धरबाट सन्त्रस्त भएका यी देवगण अत्यन्त व्याकुल भई यहाँ मेरो शरणमा आएका छन्। हे विष्णु! तपाईंले युद्धमा जलन्धरको वध किन गर्नुभएन र तपाईं स्वयं पनि आफ्नो वैकुण्ठ छोडेर उसको घर जानुभएको छ। स्वयं स्वतन्त्र भएर विहार गर्ने मैले दुष्टहरूको निग्रहका लागि तथा सज्जनहरूको रक्षाका लागि तपाईंलाई नियुक्त गरेको थिएँ॥ २५—२७॥

सनत्कुमार भन्नुहुन्छ—शंकरका यी वचन सुनेर गरुडध्वज विष्णु विनम्र भई शिर झुकाउँदै हात जोडेर भन्न लाग्नुभयो—॥ २८॥

विष्णु भन्नुहुन्छ—हे प्रभु! हजुरको अंशबाट प्रकट भएको तथा लक्ष्मीको भाइ हुनाको कारण मैले युद्धमा उसको वध गरिन, अब हजुर नै यस दानवको वध गर्नुहोस्॥ २९॥

हे देवेश! त्यो महाबली तथा महावीर दानव सबै देवता तथा अन्य व्यक्तिहरूका लागि पनि अजेय छ, म यो सत्य भन्दै छु। देवताहरूसहित मैले धेरै समयसम्म उसका साथ युद्ध गरेँ, तर मेरो कुनै पनि उपाय त्यस दानवश्रेष्ठमाथि चलेन। उसको पराक्रमबाट सन्तुष्ट भएर मैले उससित भनेँ—वर माग; तब उसले मेरो वचन सुनेर यो उत्तम वरदान माग्यो—हे महाविष्णु! तपाईं देवताहरू एवं मेरी दिदी लक्ष्मीका साथ मेरो घरमा निवास गर्नुहोस् र मेरो अधीन रहनुहोस्, अतः म उसको घर गएँ॥ ३०—३३॥

सनत्कुमार भन्नुहुन्छ—विष्णुका यी वचन सुनेर दयालु तथा भक्तवत्सल ती महेश्वर शंकर अतिप्रसन्न भई हाँसेर भन्न लाग्नुभयो—॥ ३४॥

महेश्वर भन्नुहुन्छ—हे विष्णु! हे सुरश्रेष्ठ! तपाईं मेरो कुरा आदरपूर्वक सुन्नुहोस्। म महादैत्य जलन्धरको वध गर्ने छु, यसमा सन्देह छैन। त्यो असुरपति मारिएको सम्झेर तपाईं भयरहित भई आफ्नो स्थानमा जानुहोस् र सबै देवता पनि भयमुक्त तथा सन्देहरहित भई आफ्नो स्थानमा जाऊन्॥ ३५-३६॥

सनत्कुमार भन्नुहुन्छ—महेश्वरका यी वचन सुनेर रमापति विष्णु सन्देहरहित भई देवगणहरूका साथ आफ्नो स्थानमा जानुभयो। हे व्यास! यसै बीच

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एतस्मिन्नन्तरे व्यास स दैत्येन्द्रोऽतिविक्रमः।
सन्नद्धैरसुरैस्सार्धं शैलप्रान्तं ययौ बली॥ ३८
कैलासमवरुध्याथ महत्या सेनया युतः।
संतस्थौ कालसंकाशः कुर्वन्सिंहरवं महान्॥ ३९
अथ कोलाहलं श्रुत्वा दैत्यनादसमुद्भवम्।
चुक्रोधातिमहेशानो महालीलः खलांतकः॥ ४०

त्यो अति पराक्रमी तथा बलवान् दैत्यपति युद्धको लागि तत्पर असुरहरूका साथ कैलासको समीप पुग्यो र कैलासलाई घेरेर तीव्र सिंहनाद गर्दै कालको समान त्यो महती सेनाका साथ त्यहीँ रोकियो॥ ३७—३९॥

त्यसपछि दैत्यहरूको सिंहनादबाट उत्पन्न महाकोलाहल सुनेर दुष्टहरूको संहार गर्नुहुने तथा महालीला गर्नुहुने महेश्वर अत्यन्त क्रोधित हुनुभयो॥ ४०॥

समादिदेश संख्याय स्वगणान्स महाबलान्।
नंद्यादिकान्महादेवो महोतिः कौतुकी हरः॥ ४१

तब महालीला गर्नुहुने कौतुकी महादेवले महाबलवान् नन्दी आदि आफ्ना गणहरूलाई युद्धका लागि आज्ञा दिनुभयो॥ ४१॥

नन्दीभमुखसेनानीमुखास्सर्वे शिवाज्ञया।
गणाश्च समनह्यंत युद्धायातित्वरान्विताः॥ ४२
अवतेरुर्गणाः सर्वे कैलासात्क्रोधदुर्मदाः।
वल्गन्तो रणशब्दांश्च महावीरा रणाय हि॥ ४३

तब शिवको आज्ञाले नन्दी, गजमुख आदि प्रमुख सेनापति तथा सबै गण बडो शीघ्रतापूर्वक युद्धका लागि तत्पर भए। ती सबै महावीर गण युद्धका लागि क्रोधले दुर्मद भई नाना प्रकारका युद्ध-सम्बन्धी शब्द गर्दै कैलास पर्वतबाट झरे॥ ४२-४३॥

ततः समभवद्युद्धं कैलासोपत्यकासु वै।
प्रमथाधिपदैत्यानां घोरं शस्त्रास्त्रसंकुलम्॥ ४४

त्यसपछि कैलासका उपत्यकाहरूमा प्रमथगण र दैत्यहरूमा अस्त्र-शस्त्रहरूबाट घोर युद्ध हुन लाग्यो॥ ४४॥

भेरीमृदंगशंखौघैर्निःस्वनैर्वीरहर्षणैः।
गजाश्वरथशब्दैश्च नादिता भूर्व्यकंपत॥ ४५

त्यस समय वीरहरूमा हर्ष उत्पन्न गर्ने भेरी, मृदंग तथा शंखहरूका ध्वनि र हात्ती, घोडा तथा रथहरूका आवाजबाट नादित भएकी पृथ्वी कम्पित भइन्॥ ४५॥

शक्तितोमरबाणौघैर्मुसलैः प्राशपट्टिशैः।
व्यराजत नभः पूर्णं मुक्ताभिरिव संवृतम्॥ ४६

शक्ति, तोमर, बाण, मूसल, प्राश एवं पट्टिशहरूले आकाशमण्डल मोतिहरूबाट भरिएको जस्तो लाग्न लाग्यो॥ ४६॥

निहतैरिव नागाश्वैः पत्तिभिर्भूर्व्यराजत।
वज्राहतैः पर्वतेन्द्रैः पूर्वमासीत्सुसंवृता॥ ४७

मरेका हात्ती, घोडा एवं पैदल सेनाहरूद्वारा पृथ्वी यस प्रकार फाटिन गइन् जस्तो पूर्व समयमा [इन्द्रको] वज्रबाट आहत भएका पर्वतराज फाटिएका थिए॥ ४७॥

प्रमथाहतदैत्यौघैर्दैत्याहतगणैस्तथा।
वसासृङ्मांसपङ्काढ्या भूरगम्याभवत्तदा॥ ४८
प्रमथाहतदैत्यौघान्भार्गवः समजीवयत्।
युद्धे पुनः पुनश्चैव मृतसंजीवनी बलात्॥ ४९
दृष्ट्वा व्याकुलितांस्तांस्तु गणाः सर्वे भयार्दिताः।
शशंसुर्देवदेवाय सर्वे शुक्रविचेष्टितम्॥ ५०

त्यस समय प्रमथहरूद्वारा मारिएका दैत्य एवं दैत्यहरूद्वारा मारिएका प्रमथहरूको मज्जा, रक्त एवं मांसको आहलले पृथ्वी व्याप्त हुन गयो, जसले गर्दा त्यसमाथि हिँड्न असम्भव भयो। तब शुक्राचार्य प्रमथगणद्वारा युद्धमा मारिएका दैत्यहरूलाई मृतसंजीवनी विद्याको प्रभावले बारम्बार जिवित पार्न लागे। तिनलाई यस प्रकार जीवित भएको देखेर व्याकुल तथा भयभीत सबै गणहरूले देवदेव शिवसित शुक्राचार्यका सारा कृत्य निवेदन गरे॥ ४८—५०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तच्छुत्वा भगवान् रुद्रश्चकार क्रोधमुल्बणम्।
भयंकरोऽतिरौद्रश्च बभूव प्रज्वलन्दिशः॥ ५१

अथ रुद्रमुखात्कृत्या बभूवातीव भीषणा।
तालजंघा दरीवक्त्रा स्तनापीडितभूरुहा॥ ५२

सा युद्धभूमिं तरसा ससाद मुनिसत्तम।
विचचार महाभीमा भक्षयन्ती महासुरान्॥ ५३

अथ सा रणमध्ये हि जगाम गतभीर्द्रुतम्।
यत्रास्ते संवृतो दैत्यवरेन्द्रैस्स हि भार्गवः॥ ५४

स्वतेजसा नभो व्याप्य भूमिं कृत्वा च सा मुने।
भार्गवं स्वभगे धृत्वा जगामान्तर्हिता नभः॥ ५५

विधृतं भार्गवं दृष्ट्वा दैत्यसैन्यगणास्तथा।
प्रम्लानवदना युद्धान्निर्जग्मुर्युद्धदुर्मदाः॥ ५६

अथोऽभज्यत दैत्यानां सेना गणभयार्दिता।
वायुवेगहता यद्वत्प्रकीर्णा तृणसंहतिः॥ ५७

भग्नां गणभयाद्दैत्यसेनां दृष्ट्वातिमर्षिताः।
निशुंभशुंभौ सेनान्यौ कालनेमिश्च चुक्रुधुः॥ ५८

त्रयस्ते वारयामासुर्गणसेनां महाबलाः।
मुञ्चन्तः शरवर्षाणि प्रावृषीव बलाहकाः॥ ५९

ततो दैत्यशरौघास्ते शलभानामिव व्रजाः।
रुरुधुः खं दिशः सर्वा गणसेनामकंपयन्॥ ६०

गणाः शरशतैर्भिन्ना रुधिरासारवर्षिणः।
वसंतकिंशुकाभासा न प्राजानन्हि किंचन॥ ६१

ततः प्रभग्नं स्वबलं विलोक्य
नन्द्यादिलंबोदरकार्त्तिकेयाः।
त्वरान्विता दैत्यवरान्प्रसह्य
निवारयामासुरमर्षणास्ते॥ ६२

यो सुनेर भगवान् रुद्रले अत्यधिक क्रोध गर्नुभयो र दिशाहरूलाई प्रज्वलित पार्दै उहाँ भयंकर तथा अत्यधिक रौद्ररूप हुनुभयो। त्यस समय रुद्रको मुखबाट महाभयंकर कृत्या प्रकट भइन्। ताड वृक्षको समान उसका जाँघ थिए। उसको मुख गुफाको समान थियो र उसका स्तनबाट ठुल्ठुला वृक्ष भाँचिन्थे॥ ५१-५२॥

हे मुनिसत्तम! महाभयंकर त्यो कृत्या बडो वेगले युद्धभूमिमा आइन् र महान् असुरहरूको भक्षण गर्दै विचरण गर्न लागिन्। त्यसपछि उनी निर्भय भएर तत्काल त्यहाँ पुगिन्, जहाँ महान् दैत्यहरूबाट घेरिएका शुक्राचार्य थिए। हे मुनि! उनी आफ्नो तेजले आकाश एवं पृथ्वीलाई व्याप्त गरी शुक्रलाई आफ्नो गुह्यदेशमा लुकाएर आकाशमा अन्तर्धान भइन्॥ ५३—५५॥

तब युद्धदुर्मद दैत्यसेनाका वीर शुक्राचार्यलाई तिरोहित देखेर मलिनमुख भई रणभूमिबाट भाग्न लागे॥ ५६॥ शिवगणहरूबाट भयभीत भएका असुरका सेना वायुको वेगले छरप्रस्ट भएको तृणसमूह झैं भाग्न लागे॥ ५७॥

यस प्रकार गणहरूको भयबाट दैत्यहरूको सेनालाई छिन्न-भिन्न भएको देखेर सेनापति निशुम्भ, शुम्भ एवं कालनेमि ज्यादै रिसाए। ती महाबली तीनवटै सेनापतिहरूले वर्षाकालीन मेघको समान बाणहरूको वृष्टि गर्दै गणका सेनालाई भगाउन प्रारम्भ गरे। ती असुरहरूका बाणले शलभहरूका समूह झैं आकाश तथा सबै दिशाहरूलाई व्याप्त गरी गणहरूका सेनालाई कम्पित पार्न लाग्यो॥ ५८—६०॥

सयकडौँ बाणहरूबाट बेधिएका तथा रगतका धारा बगाउँदै गरेका शिवगण वसन्त ऋतुमा पलाँसको पुष्प झैँ सुशोभित भइरहेका थिए र उनीहरूलाई केहीको पत्तो हुन पाइरहेको थिएन। यस प्रकार आफ्ना सेनाहरूलाई छिन्नभिन्न भएको देखेर कुपित भएका गणेश, कार्तिकेय एवं नन्दी आदि महाक्रोध गरी तत्काल ती महादैत्यहरूलाई रोक्न लागे॥ ६१-६२॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे जलंधरवधोपाख्याने सामान्यगणासुरयुद्धवर्णनं नाम विंशोऽध्यायः॥ २०॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा जलन्धरवधोपाख्यानमा सामान्यगण-असुरयुद्धवर्णन नामक बीसौँ अध्याय पूर्ण भयो॥ २०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथैकविंशोऽध्यायः

नन्दी, गणेश, कार्तिकेय आदि शिवगणहरूको कालनेमि, शुम्भ तथा निशुम्भका साथ घोर संग्राम, वीरभद्र तथा जलन्धरको युद्ध, भयाकुल शिवगणहरूले शिवलाई सारा वृत्तान्त बताउनु

सनत्कुमार उवाच

ते गणाधिपतीन्दृष्ट्वा नन्दीभमुखषण्मुखान्।
अमर्षादभ्यधावंत द्वंद्वयुद्धाय दानवाः॥ १

नन्दिनं कालनेमिश्च शुंभो लंबोदरं तथा।
निशुंभः षण्मुखं देवमभ्यधावत शंकितः॥ २

निशुंभः कार्तिकेयस्य मयूरं पंचभिः शरैः।
हृदि विव्याध वेगेन मूर्च्छितः स पपात ह॥ ३

ततः शक्तिधरः क्रुद्धो बाणैः पञ्चभिरेव च।
विव्याध स्यंदने तस्य हयान्यन्तारमेव च॥ ४

शरेणान्येन तीक्ष्णेन निशुंभं देववैरिणम्।
जघान तरसा वीरो जगर्ज रणदुर्मदः॥ ५

असुरोऽपि निशुंभाख्यो महावीरोऽतिवीर्यवान्।
जघान कार्तिकेयं तं गर्जन्तं स्वेषुणा रणे॥ ६

ततः शक्तिं कार्तिकेयो यावज्जग्राह रोषतः।
तावन्निशुंभो वेगेन स्वशक्त्या तमपातयत्॥ ७

एवं बभूव तत्रैव कार्तिकेयनिशुंभयोः।
आहवो हि महान्व्यास वीरशब्दं प्रगर्जतोः॥ ८

ततो नन्दीश्वरो बाणैः कालनेमिमविध्यत।
सप्तभिश्च हयान्केतुं रथं सारथिमाच्छिनत्॥ ९

कालनेमिश्च संक्रुद्धो धनुश्चिच्छेद नंदिनः।
स्वशरासननिर्मुक्तैर्महातीक्ष्णैः शिलीमुखैः॥ १०

अथ नन्दीश्वरो वीरः कालनेमिं महासुरम्।
तमपास्य च शूलेन वक्षस्यभ्यहनद्दृढम्॥ ११

स शूलभिन्नहृदयो हताश्वो हतसारथिः।
अद्रेः शिखरमुत्पाट्य नन्दिनं समताडयत्॥ १२

सनत्कुमार भन्नुहुन्छ—तब नन्दी, गणेश, कार्तिकेय आदि गणाधिपतिहरूलाई देखेर त्यो दानव द्वन्द्वयुद्ध गर्नका लागि क्रोधपूर्वक दौडियो॥ १॥

कालनेमि नन्दी तिर, शुम्भ गणेश तिर र निशुम्भ कार्तिकेय तिर शंकित भएर दौडिए॥ २॥

निशुम्भले कार्तिकेयको मयूरको हृदयमा पाँच बाणले वेगपूर्वक प्रहार गर्‍यो, जसबाट मयूर मूर्च्छित भएर पृथ्वीमा खस्यो। तब कुमारले क्रोधित भई पाँच बाणले उसको रथ, घोडा र सारथीमाथि प्रहार गर्नुभयो॥ ३-४॥

त्यसपछि रणदुर्मद ती वीर कार्तिकेयले आफ्नो दोस्रो तीक्ष्ण बाणले देवशत्रु निशुम्भमाथि बडो वेगले प्रहार गरी घोर गर्जना गर्नुभयो॥ ५॥

महाबली निशुम्भ नामक असुरले पनि युद्धमा गर्जना गर्दै ती कार्तिकेयमाथि आफ्नो बाणले प्रहार गर्‍यो॥ ६॥

तब कार्तिकेयले जतिबेला क्रोधपूर्वक आफ्नो शक्ति नामक आयुध लिनुभयो, त्यति नै बेला निशुम्भले वेगपूर्वक आफ्नो शक्तिले त्यसलाई खसालिदियो॥ ७॥

हे व्यास! यस प्रकार वीरध्वनि गर्दै गर्जिएका कार्तिकेय एवं निशुम्भको त्यहाँ घोर युद्ध हुन लाग्यो॥ ८॥

नन्दीश्वरले पनि आफ्ना बाणहरूले कालनेमिलाई बेधिदिए। उनले आफ्ना सात बाणहरूले कालनेमिको घोडा, सारथी, रथ तथा ध्वजाको छेदन गरिदिए॥ ९॥

तब कालनेमिले क्रुद्ध भएर आफ्नो धनुषबाट छुटेका अत्यन्त तीखा बाणहरूले नन्दीको धनुष काटिदियो॥ १०॥

त्यसपछि नन्दीश्वरले त्यस धनुषलाई त्यागेर शूलले महादैत्य कालनेमिको वक्षःस्थलमाथि जोरले प्रहार गर्नुभयो। यस प्रकार घोडा र सारथि नष्ट हुनाले एवं त्रिशूलबाट वक्षःस्थल फाटिनाले उसले पर्वतको शिखर उखेलेर नन्दीश्वरमाथि प्रहार गर्‍यो॥ ११-१२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ शुंभो गणेशश्च रथमूषकवाहनौ।
युध्यमानौ शरव्रातैः परस्परमविध्यताम्॥ १३

गणेशस्तु तदा शुंभं हृदि विव्याध पत्रिणा।
सारथिं च त्रिभिर्बाणैः पातयामास भूतले॥ १४

ततोऽतिक्रुद्धः शुंभोऽपि बाणवृष्ट्या गणाधिपम्।
मूषकं च त्रिभिर्विध्वा ननाद जलदस्वनः॥ १५

त्यस समय रथमा सवार शुम्भ एवं मुसामाथि सवार श्रीगणेश युद्ध गर्दै एक-अर्कालाई बाणसमूहले बेध्न लागे। त्यसपछि गणेशले शुम्भको हृदयमा बाणले प्रहार गर्नुभयो र तीन बाणले सारथिमाथि प्रहार गरी त्यसलाई पृथ्वीमा खसालिदिनुभयो। तब अत्यन्त कुपित शुम्भ पनि बाणवृष्टिले गणेशलाई तथा तीन बाणले मुसालाई बेधेर मेघको समान गर्जना गर्न लाग्यो॥ १३—१५॥

मूषकः शरभिन्नाङ्गश्चचाल दृढवेदनः।
लम्बोदरश्च पतितः पदातिरभवत्स हि॥ १६

ततो लम्बोदरः शुंभं हत्वा परशुना हृदि।
अपातयत्तदा भूमौ मूषकं चारुरोह सः॥ १७

बाणहरूबाट छिन्न अंग भएको मुसो अत्यन्त पीडित भएर भाग्यो, जसको कारण गणेश लड्नुभयो र उहाँ पैदलै युद्ध गर्न लाग्नुभयो। फेरि ती लम्बोदरले बन्चरोले शुम्भको वक्षःस्थलमा प्रहार गरी त्यसलाई पृथ्वीमा खसालिदिनुभयो। त्यसपछि उहाँ पुनः मुसामाथि सवार हुनुभयो॥ १६-१७॥

समरायोद्यतश्चाभूत्पुनर्गजमुखो विभुः।
प्रहस्य जघ्नतुः क्रोधात्तोत्रेणैव महाद्विपम्॥ १८

गणेश युद्धका लागि पुनः उद्यत हुनुभयो र उहाँले हाँसेर क्रोधपूर्वक शुम्भमाथि यस प्रकार प्रहार गर्नुभयो, जसरी अंकुशले हात्तीमाथि प्रहार गरिन्छ॥ १८॥

कालनेमिर्निशुंभश्च ह्युभौ लंबोदरं शरैः।
युगपच्चख्नतुः क्रोधादाशीविषसमैर्द्रुतम्॥ १९

तं पीड्यमानमालोक्य वीरभद्रो महाबलः।
अभ्यधावत वेगेन कोटिभूतयुतस्तथा॥ २०

तब कालनेमि एवं निशुम्भ दुवै क्रोधपूर्वक एक साथ सर्पको समान [तीक्ष्ण] बाणहरूबाट शीघ्रतासाथ गणेशमाथि प्रहार गर्न लागे। तब महाबली वीरभद्र उनलाई यस प्रकार पीडित पार्दै गरेको देखेर बडो वेगले करोडौँ भूतहरूलाई साथ लिएर दौडिए॥ १९-२०॥

कूष्मांडा भैरवाश्चापि वेताला योगिनीगणाः।
पिशाचा डाकिनी संघा गणाश्चापि समं ययुः॥ २१

उनका साथ कूष्माण्ड, भैरव, वेताल, योगिनीहरू, पिशाच, डाकिनीहरू एवं गण पनि गए॥ २१॥

ततः किलकिला शब्दैः सिंहनादैः सघर्घरैः।
विनादिता डमरुकैः पृथिवी समकंपत॥ २२

ततो भूताः प्रधावंतो भक्षयंति स्म दानवान्।
उत्पत्य पातयंति स्म ननृतुश्च रणांगणे॥ २३

त्यस समय उनीहरूको किलकिला आवाज, सिंहनाद, घर्घर एवं डमरूको आवाजले पृथ्वी हल्लिँदै काम्न थालिन्। त्यस समय रणभूमिमा भूतगण दौडी-दौडीकन दानवहरूको भक्षण गर्न लागे र उनीहरूमाथि चढेर तिनलाई ढालेर नाच्न लागे॥ २२-२३॥

एतस्मिन्नंतरे व्यासाभूतां नन्दी गुहश्च तौ।
उत्थितावाप्तसंज्ञौ हि जगर्जतुरलं रणे॥ २४

हे व्यास! यसै बीच नन्दी र कार्तिकेय होसमा आएर उठ्नुभयो तथा रणभूमिमा गर्जन लाग्नुभयो॥ २४॥

स नन्दी कार्तिकेयश्च समायातौ त्वरान्वितौ।
जघ्नतुश्च रणे दैत्यान्निरंतरशरव्रजैः॥ २५

छिन्नैर्भिन्नैर्हतैर्दैत्यैः पातितैर्भक्षितैस्तथा।
व्याकुला साभवत्सेना विषण्णवदना तदा॥ २६

ती नन्दीश्वर एवं कार्तिकेय शीघ्र रणभूमिमा आउनुभयो र आफ्ना बाणहरूद्वारा दैत्यहरूमाथि निरन्तर प्रहार गर्न लाग्नुभयो॥ २५॥ तब छिन्न-भिन्न भएका दैत्यगण पृथ्वीमा ढल्न लागे र ती ढल्दै गरेका दैत्यहरूलाई भूतगण खान लागे, यसबाट दैत्यहरूको सेना विषादग्रस्त तथा व्याकुल भए॥ २६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एवं नन्दी कार्तिकेयो विकटश्च प्रतापवान्।
वीरभद्रो गणाश्चान्ये जगर्जुः समरेऽधिकम्॥ २७

निशुंभशुंभौ सेनान्यौ सिन्धुपुत्रस्य तौ तथा।
कालनेमिर्महादैत्योऽसुराश्चान्ये पराजिताः॥ २८

प्रविध्वस्तां ततस्सेनां दृष्ट्वा सागरनन्दनः।
रथेनातिपताकेन गणानभिययौ बली॥ २९

ततः पराजिता दैत्या अप्यभूवन्महोत्सवाः।
जगर्जुरधिकं व्यास समरायोद्यतास्तदा॥ ३०

सर्वे रुद्रगणाश्चापि जगर्जुर्जयशालिनः।
नन्दिकार्तिकदंत्यास्यवीरभद्रादिका मुने॥ ३१

हस्त्यश्वरथसंह्लादः शंखभेरीरवस्तथा।
अभवत्सिंहनादश्च सेनयोरुभयोस्तथा॥ ३२

जलंधरशरव्रातैर्नीहारपटलैरिव।
द्यावापृथिव्योराच्छन्नमंतरं समपद्यत॥ ३३

शैलादिं पञ्चभिर्विध्वा गणेशं पञ्चभिश्शरैः।
वीरभद्रं च विंशत्या ननाद जलदस्वनः॥ ३४

कार्तिकेयस्ततो दैत्यं शक्त्या विव्याध सत्वरम्।
जलंधरं महावीरो रुद्रपुत्रो ननाद च॥ ३५

स घूर्णनयनो दैत्यः शक्तिनिर्भिन्नदेहकः।
पपात भूमौ त्वरितमुदतिष्ठन्महाबलः॥ ३६

ततः क्रोधपरीतात्मा कार्तिकेयं जलंधरः।
गदया ताडयामास हृदये दैत्यपुंगवः॥ ३७

गदाप्रभावं सफलं दर्शयन् शंकरात्मजः।
विधिदत्तवराद् व्यास स तूर्णं भूतलेऽपतत्॥ ३८

तथैव नंदी ह्यपतद्भूतले गदया हतः।
महावीरोऽपि रिपुहा किंचिद्व्याकुलमानसः॥ ३९

ततो गणेश्वरः क्रुद्धः स्मृत्वा शिवपदाम्बुजम्।
संप्राप्यातिबलो दैत्यगदां परशुनाच्छिनत्॥ ४०

यस प्रकार प्रतापी नन्दी, कार्तिकेय, गणेश, वीरभद्र तथा अन्य गण युद्धभूमिमा जोर-जोरले गर्जन लागे॥ २७॥

जलन्धरका ती दुवै सेनापति शुम्भ-निशुम्भ, महादैत्य कालनेमि एवं अरू असुर पनि पराजित भए॥ २८॥ तब आफ्नो सेनालाई विध्वस्त भएको देखेर बलवांन् जलन्धर अग्लो पताका भएको रथमा चढेर गणहरूका समक्षमा आयो॥ २९॥

हे व्यास! तब पराजित भएका दैत्य पनि महान् उत्साहित भएर युद्धका लागि तयार भएर गर्जन लागे॥ ३०॥ हे मुनि! विजयशील शिवका गण नन्दी, कार्तिकेय, गजानन, वीरभद्र आदि पनि गर्जना गर्न लागे॥ ३१॥ त्यस समय दुवै सेनाहरूमा हात्ती, घोडा तथा रथहरूको आवाज, शंख एवं भेरीहरूको ध्वनि एवं सिंहनाद हुन लाग्यो॥ ३२॥

जलन्धरको बाणसमूहले द्युलोक तथा भूलोकको बिचको स्थान त्यसै प्रकार ढाकियो, जसरी कुहिरोले आकाश ढाकिन जान्छ। त्यो नन्दीमाथि पाँच, गणेशमाथि पाँच र वीरभद्रमाथि बीस बाणले प्रहार गरी मेघको समान गर्जना गर्न लाग्यो। तब रुद्रपुत्र महावीर कार्तिकेय बडो शीघ्रतासाथ आफ्नो शक्तिद्वारा त्यस दैत्य जलन्धरमाथि प्रहार गरेर गर्जना गर्न लाग्नुभयो॥ ३३—३५॥

शक्तिबाट विदीर्ण देह भएको त्यो महाबली दैत्य आँखा घुमाउँदै पृथ्वीमा ढल्यो, तर बडो शीघ्रताका साथ उठ्यो। त्यसपछि त्यस दैत्यश्रेष्ठ जलन्धरले अत्यन्त क्रोधपूर्वक कार्तिकेयको हृदयमा गदाले प्रहार गऱ्यो॥ ३६-३७॥

हे व्यास! तब ती शंकरपुत्र कार्तिकेय ब्रह्माद्वारा दिइएको वरदानको कारण त्यस गदाको प्रहारलाई सफल प्रदर्शित गर्दै शीघ्र पृथ्वीमा ढल्नुभयो॥ ३८॥

यसै गरी शत्रुहन्ता एवं महावीर नन्दी पनि गदाको प्रहारबाट घाइते भएर केही व्याकुलमन भई पृथ्वीमा ढल्नुभयो। त्यसपछि महाबली गणेशले अत्यन्त क्रुद्ध भई शिवका चरणकमलहरूको स्मरण गर्दै बडो वेगपूर्वक दौडेर आफ्नो बन्चरोले दैत्यको गदालाई काटिदिनुभयो॥ ३९-४०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वीरभद्रस्त्रिभिर्बाणैर्हृदि विव्याध दानवम्।
सप्तभिश्च हयान्केतुं धनुश्छत्रं च चिच्छिदे॥ ४१

वीरभद्रले तीन बाणले त्यस दानवको वक्षःस्थलमा प्रहार गर्नुभयो तथा सात बाणले उसका घोडा, ध्वजा, धनुष एवं छातालाई काटिदिनुभयो॥ ४१॥

ततोऽतिक्रुद्धो दैत्येन्द्रः शक्तिमुद्यम्य दारुणाम्।
गणेशं पातयामास रथमन्यं समारुहत्॥ ४२

तब दैत्येन्द्रले ज्यादै रिसाएर आफ्नो दारुण शक्तिलाई उठाएर त्यसको प्रहारले गणेशलाई [पृथ्वीमा] ढालिदियो र स्वयं दोस्रो रथमा सवार भयो॥ ४२॥

अभ्यगादथ वेगेन स दैत्येन्द्रो महाबलः।
विगणय्य हृदा तं वै वीरभद्रं रुषान्वितः॥ ४३
वीरभद्रं जघानाशु तीक्ष्णेनाशीविषेण तम्।
ननाद च महावीरो दैत्यराजो जलंधरः॥ ४४

त्यसपछि त्यो दैत्येन्द्र क्रोधित भएर आफ्नो मनमा ती वीरभद्रलाई केही नठानेर वेगपूर्वक उनीतिर दौडियो। दैत्यराज महावीर जलन्धरले तीखा बाणले शीघ्रतापूर्वक वीरभद्रमाथि प्रहार गरी गर्जना गऱ्यो॥ ४३-४४॥

वीरभद्रोऽपि संक्रुद्धस्सितधारेण चेषुणा।
चिच्छेद तच्छरं चैव तं विव्याध महेषुणा॥ ४५
ततस्तौ सूर्यसंकाशौ युयुधाते परस्परम्।
नानाशस्त्रैस्तथास्त्रैश्च चिरं वीरवरोत्तमौ॥ ४६
वीरभद्रस्ततस्तस्य हयान्बाणैरपातयत्।
धनुश्चिच्छेद रथिनः पताकां चापि वेगतः॥ ४७

तब वीरभद्रले पनि अति क्रुद्ध भई तीक्ष्ण धार भएका बाणले उसको बाणलाई काटिदिनुभयो र आफ्नो महान् बाणले उसमाथि प्रहार गर्नुभयो। यस प्रकार सूर्यसमान अत्यन्त तेजस्वी तथा वीरवरहरूमा श्रेष्ठ ती दुवै अनेक प्रकारका अस्त्र-शस्त्रबाट लामो समयसम्म परस्पर युद्ध गरिरहे। वीरभद्रले आफ्ना बाणहरूले त्यस रथी दैत्यका घोडाहरूलाई अनेक बाणहरूले प्रहार गरी खसाल्नुभयो र उसको धनुष तथा ध्वजालाई पनि वेगपूर्वक काटिदिनुभयो॥ ४५-४७॥

अथो स दैत्यराजो हि पुप्लुवे परिघायुधः।
वीरभद्रोपकंठं स द्रुतमाप महाबलः॥ ४८

त्यसपछि त्यो महाबली दैत्यराज परिघ-अस्त्र लिएर दौडियो र वीरभद्रको नजिक तत्काल पुग्यो॥ ४८॥

परिघेनातिमहता वीरभद्रं जघान ह।
महाबलोऽब्धितनयो मूर्ध्नि वीरो जगर्ज च॥ ४९

त्यस महाबली वीर समुद्रपुत्र जलन्धरले त्यस विशाल परिघले वीरभद्रको शिरमाथि प्रहार गरी गर्जना गऱ्यो॥ ४९॥

परिघेनातिमहता भिन्नमूर्द्धा गणाधिपः।
वीरभद्रः पपातोर्व्यां मुमोच रुधिरं बहु॥ ५०

त्यस महान् परिघबाट गणेश्वर वीरभद्रको शिर फुट्यो र उहाँ पृथ्वीमा ढल्नुभयो, [उनको शिरबाट] धेरै रगत बहन लाग्यो॥ ५०॥

पतितं वीरभद्रं तु दृष्ट्वा रुद्रगणा भयात्।
अपागच्छन् रणं हित्वा क्रोशमाना महेश्वरम्॥ ५१

वीरभद्रलाई पृथ्वीमा ढलेको देखेर रुद्रगण डरले शंकरलाई पुकार्दै रणभूमि छोडेर भाग्न लागे॥ ५१॥

अथ कोलाहलं श्रुत्वा गणानां चन्द्रशेखरः।
निजपार्श्वस्थितान् वीरानपृच्छद् गणसत्तमान्॥ ५२

तब शिवले गणहरूको कोलाहल सुनेर आफ्नो समीपमा स्थित महाबली गणहरूसित सोध्नुभयो॥ ५२॥

शंकर उवाच

किमर्थं मद्गणानां हि महाकोलाहलोऽभवत्।
विचार्यतां महावीराः शांतिः कार्या मया ध्रुवम्॥ ५३

शिव भन्नुहुन्छ— हे महावीरहरू! मेरा गणहरूको यो महान् कोलाहल किन भइरहेको छ, तिमीहरू पत्ता लगाऊ। म यसलाई चाँडै शान्त पार्ने छु॥ ५३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इति यावत्स देवेशो गणान्पप्रच्छ सादरम्।
तावद्गणवरास्ते हि समायाताः प्रभुं प्रति॥ ५४

तान्दृष्ट्वा विकलान् रुद्रः पप्रच्छ कुशलं प्रभुः।
यथावत्ते गणा वृत्तं समाचख्युश्च विस्तरात्॥ ५५

तच्छ्रुत्वा भगवान् रुद्रो महालीलाकरः प्रभुः।
अभयं दत्तवांस्तेभ्यो महोत्साहं प्रवर्द्धयन्॥ ५६

ती देवेश जब गणहरूसित आदरपूर्वक सोध्दै हुनुहुन्थ्यो, तब ती श्रेष्ठ गण प्रभु शिवका समक्ष पुगे॥ ५४॥

तिनलाई विकल देखेर प्रभु शंकर उनीहरूको कुशल सोध्न लाग्नुभयो, तब ती गणहरूले विस्तारपूर्वक सारा वृत्तान्त यथावत् भनिदिए। तब महान् लीलाधारी प्रभु भगवान् रुद्रले त्यसलाई सुनेर महान् उत्साह बढाउँदै तिनलाई अभय प्रदान गर्नुभयो॥ ५५-५६॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे जलंधरवधोपाख्याने विशेषयुद्धवर्णनं नामैकविंशोऽध्यायः॥ २१॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा जलन्धरवधोपाख्यानमा विशेष युद्धवर्णन नामक एक्काइसौँ अध्याय पूर्ण भयो॥ २१॥

अथ द्वाविंशोऽध्यायः

श्रीशिव र जलन्धरको युद्ध, जलन्धरद्वारा गान्धर्वी मायाले शिवलाई मोहित पारी सिघ्र पार्वतीकहाँ पुग्नु, उसको मायालाई जानेर पार्वती अदृश्य हुनु र भगवान् विष्णुलाई जलन्धरपत्नी वृन्दाकहाँ जानका लागि भन्नु

सनत्कुमार उवाच

अथ वीरगणै रुद्रो रौद्ररूपो महाप्रभुः।
अभ्यगाद् वृषभारूढः संग्रामं प्रहसन्निव॥ १

रुद्रमायान्तमालोक्य सिंहनादैर्गणाः पुनः।
निवृत्ताः संगरे रौद्रा ये हि पूर्वं पराजिताः॥ २

वीरशब्दं च कुर्वन्तस्तेऽप्यन्ये शांकरा गणाः।
सोत्सवाः सायुधा दैत्यान्निजघ्नुः शरवृष्टिभिः॥ ३

दैत्या हि भीषणं रुद्रं सर्वे दृष्ट्वा विदुद्रुवुः।
शांकरं पुरुषं दृष्ट्वा पातकानीव तद्भयात्॥ ४

अथो जलंधरो दैत्यान्निवृत्तान्प्रेक्ष्य संगरे।
अभ्यधावत्स चंडीशं मुञ्चन्बाणान्सहस्रशः॥ ५

निशुंभशुंभप्रमुखा दैत्येन्द्राश्च सहस्रशः।
अभिजग्मुश्शिवं वेगाद्रोषात्संदष्टदच्छदाः॥ ६

कालनेमिस्तथा वीरः खड्गरोमा बलाहकः।
घस्मरश्च प्रचंडश्चापरे चापि शिवं ययुः॥ ७

बाणैः संछादयामासुर्द्रुतं रुद्रगणांश्च ते।
अंगानि चिच्छिदुर्वीराः शुंभाद्या निखिला मुने॥ ८

सनत्कुमार भन्नुहुन्छ—त्यसपछि रौद्ररूपी महाप्रभु शंकर साँढेमा सवार भई वीरगणहरूका साथ हाँस्तै संग्रामभूमिमा जानुभयो। जो रुद्रगण पहिला पराजित भएर भागेका थिए, ती शिवलाई आउँदै गर्नुभएको देखेर सिंहनाद गर्दै युद्धभूमिमा पुनः फर्किए। ती तथा शंकरका अन्य गण पनि आवाज निकाल्दै आयुधहरूले युक्त भई ठुलो उत्साहका साथ बाणहरूको वर्षाबाट दैत्यहरूलाई प्रहार गर्न लागे॥ १—३॥

त्यस समय सबै दैत्य भयंकर रुद्रलाई देखेर यस प्रकार भाग्न लागे, जसरी शिवभक्तलाई देखेर तिनको भयले पाप भाग्छ। त्यसपछि युद्धमा असुरहरूलाई पराङ्मुख देखेर त्यो जलन्धर हजारौँ बाणहरू छोड्दै शंकरतिर दौडियो। शुम्भ-निशुम्भ आदि हजारौँ दैत्यराज पनि क्रोधले ओठ चपाउँदै बडो वेगले शंकरतिर जान लागे॥ ४—६॥

वीर कालनेमि, खड्गरोमा, बलाहक, घस्मर, प्रचण्ड तथा अन्य दैत्य पनि शिवतिर दौडिए॥ ७॥

हे मुनि! शुम्भ आदि सबै वीर [दैत्यगण]-ले तत्काल बाणहरूद्वारा रुद्रगणलाई ढाकिदिए र उनीहरूको अंगलाई छिन्न-भिन्न पारिदिए॥ ८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बाणांधकारसंछन्नं दृष्ट्वा गणबलं हरः।
तद्बाणजालमाच्छिद्य बाणैराववृते नभः॥ ९

तब शंकरले आफ्ना गणहरूलाई बाणहरूको अन्धकारबाट आवृत देखेर शीघ्रतापूर्वक दैत्यहरूको बाणसमूहलाई काटेर आफ्ना बाणहरूले आकाशलाई ढाकिदिनुभयो॥ ९॥

दैत्यांश्च बाणवात्याभिः पीडितानकरोत्तदा।
प्रचंडबाणजालौघैरपातयत भूतले॥ १०

खड्गरोमशिरः कायात्तथा परशुनाच्छिनत्।
बलाहकस्य च शिरः खट्वांगेनाकरोद्द्विधा॥ ११

स बध्वा घस्मरं दैत्यं पाशेनाभ्यहनद्भुवि।
महावीरं प्रचंडं च चकर्त्त त्रिशिखेन ह॥ १२

उहाँले बाणहरूको आँधीबाट दैत्यहरूलाई पीडित पारिदिनुभयो र बाणसमूहबाट दैत्यहरूलाई पृथ्वीतलमा खसालिदिनुभयो। उहाँले आफ्नो बन्चरोले खड्गरोमाको शिर शरीरबाट अलग गरिदिनुभयो र खट्वांगले बलाहकको शिर दुई टुक्रा पारिदिनुभयो। घस्मर नामक दैत्यलाई पाशमा बाँधेर त्यसलाई भूमिमा पछारिदिनुभयो र आफ्नो त्रिशूलले महावीर प्रचण्डलाई काटिदिनुभयो॥ १०—१२॥

वृषभेण हताः केचित्केचिद्बाणैर्निपातिता।
न शेकुरसुराः स्थातुं गजाः सिंहार्दिता इव॥ १३

शिवको वृषभले केहीलाई मारिदियो, केही बाणहरूद्वारा मारिए र केही दैत्य सिंहबाट पीडित हात्तीहरू झैँ टिक्नमा असमर्थ भए॥ १३॥

ततः क्रोधपरीतात्मा दैत्यान् धिक् कृतवान् रणे।
शुंभादिकान्महादैत्यः प्रहसन्प्राह धैर्यवान्॥ १४

तब क्रोधाविष्ट मन भएको त्यो महादैत्य जलन्धर शुम्भादि दैत्यहरूलाई धिक्कार्न लाग्यो र धैर्ययुक्त भएर हाँस्दै भन्न लाग्यो—॥ १४॥

जलंधर उवाच

किं व उच्चरितैर्मातुर्धावद्भिः पृष्ठतो हतैः।
न हि भीतवधः श्लाघ्यः स्वर्गदः शूरमानिनाम्॥ १५

यदि वः प्रधने श्रद्धा सारो वा क्षुल्लका हृदि।
अग्रे तिष्ठत मात्रं मे न चेद्ग्राम्यसुखे स्पृहा॥ १६

जलन्धर भन्दछ—[पहिला शंकरसित भन्यो-] पिठ्यूँ देखाएर भाग्दै गरेका आमाका विष्ठा समान यी दैत्यहरूलाई मार्नाले के लाभ; किनभने भयभीत व्यक्तिहरूलाई मार्नु प्रशंसनीय तथा वीरहरूका लागि स्वर्गप्रद हुँदैन। यदि युद्ध गर्नमा तिम्रो श्रद्धा छ, हृदयमा थोरै मात्र पनि साहस छ तथा यदि ग्राम्यसुखमा स्पृहा छैन भने मेरो सामुन्ने खडा रहेस्॥ १५-१६॥

रणे मृत्युर्वरश्चास्ति सर्वकामफलप्रदः।
यशःप्रदो विशेषेण मोक्षदोऽपि प्रकीर्त्तितः॥ १७

सूर्यस्य मंडलं भित्त्वा यायाद्वै परमं पदम्।
परिव्राट् परमज्ञानी रणे यः सम्मुखे हतः॥ १८

मृत्योर्भयं न कर्तव्यं कदाचित्कुत्रचिद्बुधैः।
अनिवार्यो यतो ह्येष उपायैर्निखिलैरपि॥ १९

[पुनः आफ्ना वीरहरूसित भन्यो—] युद्धभूमिमा मृत्यु वरण गर्नु नै राम्रो हो, यो सबै कामनाहरूको फल प्रदान गर्ने, यशको प्राप्ति गराउने तथा विशेष गरी मोक्षदायक बताइएको छ। जो रणभूमिमा युद्ध गर्दै मृत्यु वरण गर्छ, त्यो संन्यासी एवं परमज्ञानी हुन्छ र सूर्यमण्डललाई छेडेर परमपदलाई प्राप्त गर्छ। बुद्धिमानहरूले कहिल्यै पनि कहीँकतै मृत्युबाट भयभीत हुनुहुँदैन; किनभने समस्त उपायबाट पनि यसलाई रोक्न सकिन्न॥ १७-१९॥

मृत्युर्जन्मवतां वीरा देहेन सह जायते।
अद्य वाब्दशतांते वा मृत्युर्वै प्राणिनां ध्रुवः॥ २०

हे वीर हो! यो मृत्यु त जन्म लिनेहरूको शरीरसँगै पैदा हुन्छ, त्यो आज होस् अथवा सय वर्ष पछि होस्, प्राणीहरूको मृत्यु त निश्चित छ॥ २०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तन्मृत्युभयमुत्सार्य युध्यध्वं समरे मुदा।
सर्वथा परमानन्द इहामुत्राप्यसंशयः॥ २१

यसैले मृत्युको डर त्यागेर संग्राममा प्रसन्नतापूर्वक युद्ध गर, यस्तो गर्नाले यस लोकमा तथा परलोकमा पनि निःसन्देह परम आनन्दको प्राप्ति हुन्छ॥ २१॥

सनत्कुमार उवाच

इत्युक्त्वा बोधयामास स्ववीरान्बहुशः स हि।
धैर्यं दधुर्न ते भीत्या पलायंतो रणाद् द्रुतम्॥ २२

सनत्कुमार भन्नुहुन्छ—[हे व्यास!] यस्तो भनेर उसले आफ्ना वीरहरूलाई अनेक प्रकारले सम्झायो, तर तिनले डरका कारण धैर्य धारण गर्न सकेनन् र रणबाट भाग्न लागे॥ २२॥

अथ दृष्ट्वा स्वसैन्यं तत्पलायनपरायणम्।
चुक्रोधाति महावीरः सिंधुपुत्रो जलंधरः॥ २३

तब आफ्नो सेनालाई भाग्दै गरेको देखेर महाबली सिन्धुपुत्र जलन्धरलाई ठुलो क्रोध उत्पन्न भयो॥ २३॥

ततः क्रोधपरीतात्मा क्रोधाद्रुद्रं जलंधरः।
आह्वापयामास रणे तीव्राशनिसमस्वनः॥ २४

त्यसपछि क्रोधले आविष्ट मन भएको त्यो जलन्धर वज्रको ध्वनि समान कठोर आवाज गरी युद्धभूमिमा रुद्रलाई लल्कार्न लाग्यो॥ २४॥

जलंधर उवाच

युद्धस्वाद्य मया सार्धं किमेभिर्निहतैस्तव।
यच्च किञ्चिद्‌बलं तेऽस्ति तद्दर्शय जटाधर॥ २५

जलन्धर भन्दछ—हे जटाधर! तिमी आज मसँग युद्ध गर, यिनलाई मार्नाले के लाभ! यदि तिमीमा केही पराक्रम छ भने त्यसलाई देखाऊ॥ २५॥

सनत्कुमार उवाच

इत्युक्त्वा बाण सप्तत्या जघान वृषभध्वजम्।
जलंधरो महादैत्यः शंभुमक्लिष्टकारिणम्॥ २६
तानप्राप्तान्महादेवो जलंधरशरान्द्रुतम्।
निर्जैर्हि निशितैर्बाणैश्चिच्छेद प्रहसन्निव॥ २७
ततो हयान्ध्वजं छत्रं धनुश्चिच्छेद सप्तभिः।
जलंधरस्य दैत्यस्य न तच्चित्रं हरे मुने॥ २८

सनत्कुमार भन्नुहुन्छ—यस्तो भनेर त्यस महादैत्य जलन्धरले सत्तरी बाणले अक्लिष्टकर्मा वृषभध्वज शिवमाथि प्रहार गर्‍यो। महादेवले आफूसम्म नआइपुग्दै जलन्धरका ती बाणहरूलाई आफ्ना तीक्ष्ण बाणहरूले तत्काल हाँस्तै-हाँस्तै काटिदिनुभयो र सात बाणले त्यस जलन्धर दैत्यको घोडा, पताका, छाता र धनुष काटी खसालिदिनुभयो। हे मुनि! शंकरका लागि यो कुनै अद्भुत कुरा थिएन॥ २६—२८॥

स च्छिन्नधन्वा विरथः पाथोधितनयोऽसुरः।
अभ्यधावच्छिवं क्रुद्धो गदामुद्यम्य वेगवान्॥ २९

तब काटिएको धनुष तथा रथविहीन त्यो सिन्धुपुत्र दैत्य जलन्धर गदा लिएर क्रोधका साथ वेगपूर्वक शिवतिर दौडियो॥ २९॥

प्रभुर्गदां च तत्क्षिप्तां सहसैव महेश्वरः।
पाराशर्य्य महालीलो द्रुतं बाणैर्द्विधाकरोत्॥ ३०

तथापि मुष्टिमुद्यम्य महाक्रुद्धो महासुरः।
अभ्युद्ययौ महावेगाद्रुद्रं तं तज्जिघांसया॥ ३१

हे पराशरपुत्र! तब महान् लीला गर्नुहुने प्रभु महेश्वरले त्यसद्वारा चलाइएको गदालाई तत्काल सहसा दुई टुक्रा पारिदिनुभयो। फेरि पनि त्यो महादैत्य क्रोधित भएर मुड्की बटारेर ती महादेवलाई मार्ने इच्छाले अत्यन्त वेगपूर्वक उहाँमाथि झम्टियो॥ ३०—३१॥

तावदेवेश्वरेणाशु बाणौघैः स जलंधरः।
अक्लिष्टकर्मकारेण क्रोशमात्रमपाकृतः॥ ३२
ततो जलंधरो दैत्यो रुद्रं मत्वा बलाधिकम्।

त्यसै अवसरमा अक्लिष्ट कर्म गर्नुहुने ईश्वरले आफ्ना बाणसमूहबाट तत्काल त्यस जलन्धरलाई एक कोस पछाडि धकेल्दिनुभयो। तत्पश्चात् दैत्य जलन्धरले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ससर्ज मायां गांधर्वीमद्भुतां रुद्रमोहिनीम्॥ ३३

तस्य मायाप्रभावात्तु गंधर्वाप्सरसां गणाः।
आविर्भूता अनेके च रुद्रमोहनहेतवे॥ ३४

ततो जगुश्च ननृतुर्गंधर्वाप्सरसां गणाः।
तालवेणुमृदंगांश्च वादयन्ति स्म चापरे॥ ३५

तद् दृष्ट्वा महदाश्चर्यं गणै रुद्रो विमोहितः।
पतितान्यपि शस्त्राणि करेभ्यो न विवेद सः॥ ३६

एकाग्रीभूतमालोक्य रुद्रं दैत्यो जलंधरः।
कामतस्स जगामाशु यत्र गौरी स्थिताऽभवत्॥ ३७

युद्धे शुंभनिशुंभाख्यौ स्थापयित्वा महाबलौ।
दशदोर्दण्डपंचास्यस्त्रिनेत्रश्च जटाधरः॥ ३८

महावृषभमारूढस्सर्वथा रुद्रसंनिभः।
आसुर्य्या मायया व्यास स बभूव जलंधरः॥ ३९

अथ रुद्रं समायान्तमालोक्य भववल्लभा।
अभ्याययौ सखीमध्यात्तद्दर्शनपथेऽभवत्॥ ४०

यावद्ददर्श चार्वंगीं पार्वतीं दनुजेश्वरः।
तावत्स वीर्यं मुमुचे जडांगश्चाभवत्तदा॥ ४१

अथ ज्ञात्वा तदा गौरी दानवं भयविह्वला।
जगामान्तर्हिता वेगात्सा तदोत्तरमानसम्॥ ४२

तामदृष्ट्वा ततो दैत्यः क्षणाद्विद्युल्लतामिव।
जवेनागात्पुनर्योद्धुं यत्र देवो महेश्वरः॥ ४३

पार्वत्यपि महाविष्णुं सस्मार मनसा तदा।
तावद्ददर्श तं देवं सोपविष्टं समीपगम्॥ ४४

तं दृष्ट्वा पार्वती विष्णुं जगन्माता शिवप्रिया।
प्रसन्नमनसोवाच प्रणमन्तं कृतांजलिम्॥ ४५

रुद्रलाई आफूभन्दा धेरै बलवान् जानेर उहाँलाई मोहित पार्ने अद्भुत गान्धर्वी मायाको निर्माण गऱ्यो। त्यस समय उसको मायाको प्रभावले शंकरलाई मोहित गर्नका लागि अप्सराहरू एवं गन्धर्वहरूका अनेक गण प्रकट भए॥ ३२—३४॥

त्यसपछि गन्धर्व तथा अप्सराहरूको त्यो गण नाच्न-गाउन लागे तथा अन्य ताल, वेणु र मृदंग बजाउन लागे॥ ३५॥

त्यस महान् आश्चर्यलाई देखेर रुद्र आफ्ना गणहरूका साथ [त्यस रणभूमिमा] मोहित हुनुभयो। उहाँलाई आफ्ना हातहरूबाट अस्त्रहरू झरेको पनि ध्यान रहेन॥ ३६॥

यस प्रकार रुद्रलाई एकाग्रचित्त देखेर कामको वशीभूत त्यो दैत्य जलन्धर बडो शीघ्रतापूर्वक त्यहाँ पुग्यो, जहाँ गौरी विराजमान हुनुहुन्थ्यो। हे व्यास! युद्धभूमिमा महाबली शुम्भ तथा निशुम्भलाई नियुक्त गरी तथा स्वयं दस भुजा, पाँच मुख, तीन नेत्र तथा जटा धारण गरी, महावृषभमा आरूढ भई त्यो जलन्धर आफ्नू आसुरी मायाको प्रभावले सर्वथा शंकरको समान सुशोभित हुन लाग्यो॥ ३७—३९॥

शिवप्रिया पार्वती रुद्रलाई आउँदै गर्नुभएको देखेर सखीहरूका बिचबाट उनको सामुन्ने आएर उपस्थित हुनुभयो॥ ४०॥

त्यस दैत्यराजले जतिखेर पार्वतीलाई देख्यो, त्यसै समय संयमरहित भयो र उसको अंग जड भयो॥ ४१॥

त्यसपछि ती गौरी त्यस दानवलाई चिनेर भयले व्याकुल भई वेगपूर्वक अन्तर्धान भएर उत्तरमानसतिर जानुभयो॥ ४२॥ तत्पश्चात् क्षणमात्रमा नै बिजुलीको लता समान पार्वतीलाई नदेखेर त्यो दैत्य पुनः युद्ध गर्नका लागि बडो वेगले त्यहाँ पुग्यो, जहाँ शिव हुनुहुन्थ्यो॥ ४३॥

तब पार्वतीले पनि मनबाट महाविष्णुको स्मरण गर्नुभयो र उहाँले तत्क्षण आफ्नो समीपमा ती विष्णुलाई बस्नुभएको देख्नुभयो। त्यसपछि जगज्जननी शिवप्रिया पार्वती हात जोडेर प्रणाम गर्दै ती विष्णुलाई हेरेर प्रसन्नचित्त भई उहाँसित भन्न लाग्नुभयो— ॥ ४४-४५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पार्वत्युवाच

विष्णो जलंधरो दैत्यः कृतवान्परमाद्भुतम्।
तत्किं न विदितं तेऽस्ति चेष्टितं तस्य दुर्मतेः॥ ४६
तच्छ्रुत्वा जगदम्बाया वचनं गरुडध्वजः।
प्रत्युवाच शिवां नत्वा सांजलिर्नम्रकंधरः॥ ४७

पार्वती भन्नुहुन्छ—हे विष्णु! जलन्धर दैत्यले परम आश्चर्यजनक कार्य गरेको छ, के तपाईंलाई त्यस दुर्बुद्धिको चेष्टा विदित छैन? । तब [भगवान्] गरुडध्वजले जगदम्बाका यी वचन सुनेर हात जोडेर शिर झुकाई शिवालाई प्रणाम गरी भन्नुभयो— ॥ ४६-४७ ॥

श्रीभगवानुवाच

भवत्याः कृपया देवि तद्वृत्तं विदितं मया।
यदाज्ञापय मां मातस्तत्कुर्य्यां त्वदनुज्ञया॥ ४८

श्रीभगवान् भन्नुहुन्छ—हे देवी! हजुरको कृपाले मलाई त्यो वृत्तान्त थाहा छ। हे माता! हजुर मलाई जुन आज्ञा दिनुहुन्छ, त्यसलाई हजुरको आदेशले गर्नका लागि तत्पर छु॥ ४८॥

सनत्कुमार उवाच

तच्छ्रुत्वा विष्णुवचनं पुनरप्याह पार्वती।
हृषीकेशं जगन्माता धर्मनीतिं सुशिक्षयन्॥ ४९

सनत्कुमार भन्नुहुन्छ—विष्णुका यी वचनलाई सुनेर जगन्माता पार्वती धर्मनीतिको शिक्षा दिनुहुँदै हृषीकेशसित भन्न लाग्नुभयो— ॥ ४९ ॥

पार्वत्युवाच

तेनैव दर्शितः पन्था बुध्यस्व त्वं तथैव हि।
तत्स्त्रीपातिव्रतं धर्मं भ्रष्टं कुरु मदाज्ञया॥ ५०

नान्यथा स महादैत्यो भवेद्वध्यो रमेश्वर।
पातिव्रतसमो नान्यो धर्मोऽस्ति पृथिवीतले॥ ५१

पार्वती भन्नुहुन्छ—त्यस दैत्यले नै यस्तो मार्ग प्रदर्शित गरेको छ, अब तपाईं पनि त्यसैको अनुसरण गर्नुहोस्। मेरो आज्ञाले तपाईं त्यसकी स्त्रीको पातिव्रत्य भंग गर्नुहोस्। हे लक्ष्मीपते! त्यसो नगरे त्यो महादैत्य मारिने छैन; किनभने पातिव्रतधर्म समान अरू कुनै पनि धर्म पृथ्वीतलमा छैन॥ ५०-५१॥

सनत्कुमार उवाच

इत्यनुज्ञां समाकर्ण्य शिरसाधाय तां हरिः।
छलं कर्त्तुं जगामाशु पुनर्जालंधरं पुरम्॥ ५२

सनत्कुमार भन्नुहुन्छ—पार्वतीको यो आज्ञा सुनेर विष्णु त्यसलाई शिरोधार्य गरी छल गर्नका लागि तत्काल पुनः जलन्धरको नगरतिर जानुभयो॥ ५२॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे जलंधरवधोपाख्याने जलंधरयुद्धवर्णनं नाम द्वाविंशोऽध्यायः॥ २२॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा जलन्धरवधोपाख्यानअन्तर्गत जलन्धरयुद्धवर्णन नामक बाईसौं अध्याय पूर्ण भयो॥ २२॥

अथ त्रयोविंशोऽध्यायः

विष्णुद्वारा माया उत्पन्न गरी वृन्दालाई सपनाको माध्यमबाट मोहित पार्नु र स्वयं जलन्धरको रूप धारण गरी वृन्दाको पतिव्रता हरण गर्नु, वृन्दाद्वारा विष्णुलाई श्राप दिनु तथा वृन्दाको तेज पार्वतीमा विलीन हुनु

व्यास उवाच

सनत्कुमार सर्वज्ञ वद त्वं वदतां वर।
किमकार्षीद्धरिस्तत्र धर्मं तत्याज सा कथम्॥ १

व्यास भन्नुहुन्छ—हे सनत्कुमार! हे सर्वज्ञ! हे वक्ताहरूमा श्रेष्ठ! अब तपाईं बताउनुहोस् कि विष्णुले त्यहाँ गएर के गर्नुभयो र ती [स्त्री]-ले आफ्नो धर्मलाई कसरी छोडिन्?॥ १॥

सनत्कुमार उवाच

विष्णुर्जालंधरं गत्वा दैत्यस्य पुटभेदनम्।
पातिव्रत्यस्य भंगाय वृन्दायाश्चाकरोन्मतिम्॥ २
वृन्दां स दर्शयामास स्वप्नं मायाविनां वरः।

सनत्कुमार भन्नुहुन्छ—दैत्य जलन्धरको नगरमा गएर विष्णु वृन्दाको पातिव्रतधर्मलाई नष्ट पार्ने विचार गर्न लाग्नुभयो। मायावीहरूमा श्रेष्ठ उहाँले वृन्दालाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वयं तन्नगरोद्यानमास्थितोऽद्भुतविग्रहः॥ ३
अथ वृन्दा तदा देवी तत्पत्नी निशि सुव्रता।
हरेर्मायाप्रभावात्तु दुस्स्वप्नं सा ददर्श ह॥ ४

सपनी देखाउनुभयो र स्वयं अद्भुत रूप धारण गरी उनको नगरको उद्यानमा स्थित हुनुभयो। तब उसकी पतिव्रता पत्नी देवी वृन्दाले विष्णुको मायाको प्रभावबाट रात्रिमा दुःस्वप्न देखिन्॥ २—४॥

स्वप्नमध्ये हि सा विष्णुमायया प्रददर्श ह।
भर्त्तारं महिषारूढं तैलाभ्यक्तं दिगंबरम्॥ ५
कृष्णप्रसूनभूषाढ्यं क्रव्यादगणसेवितम्।
दक्षिणाशां गतं मुंडं तमसा च वृतं तदा॥ ६

उनले विष्णुको मायाबाट सपनामा देखिन् कि उनको पति भैंसीमाथि चढेर शरीरमा तेल लगाई नग्न भएर कालो पुष्पहरूबाट विभूषित भई राक्षसहरूका साथ दक्षिण दिशातिर गइरहेको छ, उसको शिर मुडिएको छ र अन्धकारबाट ढाकिएको छ॥ ५-६॥

स्वपुरं सागरे मग्नं सहसैवात्मना सह।
इत्यादि बहुदुःस्वप्नान्निशांते सा ददर्श ह॥ ७

यसै गरी उनले आफूलाई र आफ्नो नगरलाई समुद्रमा डुब्दै गरेको देखिन्। यस प्रकार उनले रात्रिको शेष भागमा धेरै प्रकारका दुःस्वप्नहरूलाई देखिन्॥ ७॥

ततः प्रबुध्य सा बाला तं स्वप्नं स्वं विचिन्वती।
ददर्शोदितमादित्यं सच्छिद्रं निष्प्रभं मुहुः॥ ८

त्यसपछि ती बाला बिउँझिएर आफ्नो सपनामाथि विचार गरिरहेकी थिइन् कि उनले उदाउँदै गरेको सूर्यलाई छिद्रयुक्त र निष्प्रभ देखिन्॥ ८॥

तदनिष्टमिदं ज्ञात्वा रुदंती भयविह्वला।
कुत्रचिन्नाप सा शर्म गोपुराट्टालभूमिषु॥ ९

ती घटनाहरूलाई अनिष्टकारी जानेर उनी डरले विह्वल भइन् र रुन लागिन्, उनलाई द्वार, अट्टालिका आदि कहीँ पनि शान्ति भएन॥ ९॥

ततः सखीद्वययुता नगरोद्यानमागमत्।
तत्रापि सा गता बाला न प्राप कुत्रचित्सुखम्॥ १०

त्यसपछि उनी आफ्ना दुई सखीहरूका साथ नगरको बगैँचामा आइन्, परंतु त्यस बालालाई त्यहाँ पनि केही शान्ति भएन॥ १०॥

ततो जलंधरस्त्री सा निर्विण्णोद्विग्नमानसा।
वनाद्वनान्तरं याता नैव वेदात्मना तदा॥ ११

त्यसपछि ती जलन्धरकी स्त्री दुःखित भएर हडबडाउँदै एउटा वनबाट अर्को वनमा गइन्, तर उनले आफ्नू विषयमा केही सम्झन सकिनन्॥ ११॥

भ्रमती सा ततो बाला ददर्शातीव भीषणौ।
राक्षसौ सिंहवदनौ दृष्ट्वा दशनभासुरौ॥ १२

घुम्दै गरेकी त्यस बालाले सिंहको समान मुख भएको, चम्किरहेका दाह्रा तथा दाँत भएका भयंकर दुई राक्षसलाई देखिन्॥ १२॥

तौ दृष्ट्वा विह्वलातीव पलायनपरा तदा।
ददर्श तापसं शांतं सशिष्यं मौनमास्थितम्॥ १३

ती दुवैलाई देखेर भयले विह्वल उनी जहाँ भाग्न लागिन, त्यहीँ नै उनले शिष्यका साथ मौन बसेका शान्त एकजना तपस्वीलाई देखिन्॥ १३॥

ततस्तत्कंठमासाद्य निजां बाहुलतां भयात्।
मुने मां रक्ष शरणमागतास्मीत्यभाषत॥ १४

त्यसपछि भयभीत उनले ती तपस्वीको घाँटीमा भुजारूपी लतालाई हालेर भनिन्—हे मुनि! मेरो रक्षा गर्नुहोस्, म तपाईंको शरणमा आएकी छु॥ १४॥

मुनिस्तां विह्वलां दृष्ट्वा राक्षसानुगतां तदा।
हुंकारेणैव तौ घोरौ चकार विमुखौ द्रुतम्॥ १५

दुई राक्षसद्वारा पीछा गरिएकी तथा भयबाट विह्वल उनलाई देखेर मुनिले 'हूँ' शब्दले नै ती दुवै राक्षसहरूलाई तत्काल भगाइदिए॥ १५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तद् हुंकारभयत्रस्तौ दृष्ट्वा तौ विमुखौ गतौ।
विस्मितातीव दैत्येन्द्रपत्नी साभून्मुने हृदि॥ १६

ततस्सा मुनिनाथं तं भयान्मुक्ता कृतांजलिः।
प्रणम्य दंडवद्भूमौ वृन्दा वचनमब्रवीत्॥ १७

वृन्दोवाच

मुनिनाथ दयासिन्धो परपीडानिवारक।
रक्षिताहं त्वया घोराद्भयादस्मात्खलोद्भवात्॥ १८

समर्थः सर्वथा त्वं हि सर्वज्ञोऽपि कृपानिधे।
किंचिद्विज्ञप्तुमिच्छामि कृपया तन्निशामय॥ १९

जलंधरो हि मद्भर्त्ता रुद्रं योद्धुं गतः प्रभो।
स तत्रास्ते कथं युद्धे तन्मे कथय सुव्रत॥ २०

सनत्कुमार उवाच

मुनिस्तद्वाक्यमाकर्ण्य मौनं कपटमास्थितः।
कर्त्तुं स्वार्थं विधानज्ञः कृपयोर्ध्वमवैक्षत॥ २१

तावत्कपीशावायातौ तं प्रणम्याग्रतः स्थितौ।
ततस्तद्भ्रूलतासंज्ञानियुक्तौ गगनं गतौ॥ २२

नीत्वा क्षणार्द्धमागत्य पुनस्तस्याग्रतः स्थितौ।
तस्यैव कं कबंधं च हस्तावास्तां मुनीश्वर॥ २३

शिरः कबंधं हस्तौ तौ दृष्ट्वाब्धितनयस्य सा।
पपात मूर्च्छिता भूमौ भर्तृव्यसनदुःखिता॥ २४

वृन्दोवाच

यः पुरा सुखसंवादैर्विनोदयसि मां प्रभो।
स कथं न वदस्यद्य वल्लभां मामनागसाम्॥ २५

येन देवाः सगंधर्वा निर्जिता विष्णुना सह।
कथं स तापसेनाद्य त्रैलोक्यविजयी हतः॥ २६

नांगीकृतं हि मे वाक्यं रुद्रतत्त्वमजानता।
परं ब्रह्म शिवश्चेति वदन्त्या दैत्यसत्तम॥ २७

हे मुनि! उनको हुंकारमात्रले भयभीत भएर भाग्दै गरेका ती दुवै राक्षसलाई देखेर त्यो दैत्येन्द्रपत्नी वृन्दा आफ्नू मनमा धेरै विस्मित भइन्॥ १६॥ त्यसपछि भयमुक्त वृन्दाले ती मुनिनाथलाई हात जोडेर दण्डवत् भूमिमा प्रणाम गरी यो वचन भनिन्—॥ १७॥

वृन्दा भन्दछिन्—हे दयाका सागर! हे मुनिनाथ! हे अरूको पीडालाई दूर गर्नुहुने! यी दुष्टहरूको घोर भयबाट तपाईंले मेरो रक्षा गर्नुभएको छ॥ १८॥

हे कृपाका सागर! यद्यपि तपाईं सर्वज्ञ हुनुहुन्छ, सर्वथा समर्थ हुनुहुन्छ, तथापि म तपाईंसित केही निवेदन गर्न चाहन्छु, कृपया तपाईं त्यसलाई सुन्नुहोस्॥ १९॥

हे प्रभु! मेरा स्वामी जलन्धर रुद्रसित युद्ध गर्नका लागि जानुभएको छ। ती त्यहाँ युद्धमा कस्तो हुनुहुन्छ? हे सुव्रत! तपाईं त्यसलाई बताउनुहोस्॥ २०॥

सनत्कुमार भन्नुहुन्छ—उनको वाक्यलाई सुनेर कपट गरी मौन बस्नुभएका तथा स्वार्थ सिद्ध गर्नमा कुशल ती मुनि कृपा गरी माथितिर हेर्न लागे॥ २१॥

त्यसै समय दुई बाँदर आए र उनलाई प्रणाम गरी सामुन्ने उभिए। त्यसपछि उनको आँखीभौँको इशाराबाट नियुक्त भएर ती आकाशतिर गए॥ २२॥

हे मुनीश्वर! आधा क्षणमा नै फर्केर जलन्धरको शिर, शरीर दुवै हात लिएर ती उनको सामुन्ने उभिए॥ २३॥

ती वृन्दा सिन्धुनन्दन जलन्धरको शिर, गिँड र दुवै हातलाई देखेर पतिको दुःखबाट दुखित तथा मूर्च्छित भएर भूमिमा ढलिन् [र विलाप गर्न लागिन्]॥ २४॥

वृन्दा भन्दछिन्—हे प्रभु! जो हजुर पहिला सुखको कुरा सुनाएर मलाई प्रसन्न पार्ने गर्नुहुन्थ्यो, त्यो आज हजुर आफ्नी निरपराध पत्नीसित किन बोल्नु हुन्न?॥ २५॥

अहो! जसले पहिला गन्धर्वहरूका साथ विष्णु र देवताहरूलाई पनि पराजित गरेका थिए, ती नै त्रैलोक्यविजयी आज एउटा तपस्वीबाट कसरी मारिनु भयो?॥ २६॥ हे दैत्यश्रेष्ठ! मैले हजुरसित पूर्वमा भनेकी थिएँ कि शिव परब्रह्म हुनुहुन्छ, तर हजुरले रुद्रको तत्त्वलाई नजानेर मेरो त्यस वाक्यलाई स्वीकार गर्नुभएन॥ २७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततस्त्वं हि मया ज्ञातस्तव सेवाप्रभावतः।
गर्वितेन त्वया नैव कुसंगवशगेन हि॥ २८

इत्थं प्रभाष्य बहुधा स्वधर्मस्था च तत्प्रिया।
विललाप विचित्रं सा हृदयेन विदूयता॥ २९

ततः सा धैर्यमालंब्य दुःखोच्छ्वासान्विमुञ्चती।
उवाच मुनिवर्यं तं सुप्रणम्य कृताञ्जलिः॥ ३०

कृपानिधे मुनिश्रेष्ठ परोपकरणादर।
मयि कृत्वा कृपां साधो जीवयैनं मम प्रभुम्॥ ३१

यत्त्वमस्य पुनः शक्तो जीवनाय मतो मम।
अतः संजीवयैनं मे प्राणनाथं मुनीश्वर॥ ३२

सनत्कुमार उवाच

इत्युक्त्वा दैत्यपत्नी सा पातिव्रत्यपरायणा।
पादयोः पतिता तस्य दुःखश्वासान् विमुञ्चती॥ ३३

मुनिरुवाच

नायं जीवयितुं शक्तो रुद्रेण निहतो युधि।
रुद्रेण निहता युद्धे न जीवन्ति कदाचन॥ ३४

तथापि कृपयाविष्ट एनं संजीवयाम्यहम्।
रक्ष्याः शरणगाश्चेति जानन्धर्मं सनातनम्॥ ३५

सनत्कुमार उवाच

इत्युक्त्वा स मुनिस्तस्या जीवयित्वा पतिं मुने।
अंतर्दधे ततो विष्णुः सर्वमायाविनां वरः॥ ३६

द्रुतं स जीवितस्तेनोत्थितः सागरनन्दनः।
वृन्दामालिंग्य तद्वक्त्रं चुचुम्ब प्रीतमानसः॥ ३७

अथ वृन्दापि भर्तारं दृष्ट्वा हर्षितमानसा।
जहौ शोकं च निखिलं स्वप्नवद् हृद्यमन्यत॥ ३८

अथ प्रसन्नहृदया सा हि संजातहृच्छया।
रेमे तद्वनमध्यस्था तद्युक्ता बहुवासरान्॥ ३९

हजुरको सेवाको प्रभावले मैले थाहा पाएकी थिएँ कि हजुर कुसंगको वशीभूत भएर गर्वको कारण मेरा कुरा मानिरहनुभएको थिएन॥ २८॥

आफ्नो धर्ममा परायण जलन्धरकी पत्नी यस प्रकार भनी-भनीकन दुखित हृदयले अनेक प्रकारले विलाप गर्न लागिन्॥ २९॥

त्यसपछि दुःखबाट लामो स्वास छोड्दै तथा धैर्य धारण गरी ती वृन्दाले ती मुनिश्रेष्ठलाई प्रणाम गरी हात जोडेर भनिन्— ॥ ३०॥

हे कृपानिधि! हे मुनिश्रेष्ठ! अरूको उपकार गर्नमा नै तपाईंको आदर छ। यसैले ममाथि कृपा गरी हे साधो! मेरा यी स्वामीलाई तपाईं जीवित पारिदिनुहोस्॥ ३१॥

हे मुनीश्वर! म बुझ्छु कि तपाईं पुनः यिनलाई जीवित गर्नमा समर्थ हुनुहुन्छ, यसैले मेरो प्राणनाथलाई तपाईं जीवित पारिदिनुहोस्॥ ३२॥

सनत्कुमार भन्नुहुन्छ—यस प्रकार भनेर पातिव्रतधर्ममा तत्पर ती दैत्यपत्नी दुःखले श्वास छोड्दै उनको गोडामाथि ढलिन्॥ ३३॥

मुनि भन्नुहुन्छ—यो युद्धमा रुद्रद्वारा मारिएको छ, यसैले यसलाई बचाउनमा म समर्थ छैन; किनभने रुद्रद्वारा युद्धमा मारिएका व्यक्ति कहिल्यै जीवित हुँदैन॥ ३४॥

तथापि शरणागतको रक्षा गर्नुपर्दछ, यस शाश्वत धर्मलाई जानेको म कृपाले युक्त भएर यसलाई जीवित पारिदिन्छु॥ ३५॥

सनत्कुमार भन्नुहुन्छ—हे मुनि! सबै मायावीहरूमा श्रेष्ठ ती मुनिरूपी विष्णु यस्तो भनेर उसको पतिलाई जीवित पारी त्यहाँबाट अन्तर्धान हुनुभयो॥ ३६॥

उहाँद्वारा जीवित समुद्रपुत्र जलन्धर पनि शीघ्र उठेर प्रसन्नमनले वृन्दाको आलिंगन गरी उनको मुख स्पर्श गर्न लाग्यो॥ ३७॥

पतिलाई देखेर वृन्दाले हर्षित मनले सबै प्रकारका शोक परित्याग गरिन् र यस घटनालाई सपना समान ठानिन्॥ ३८॥

कामको उदय हुँदामा उनी प्रसन्नचित्तले त्यस वनको बिचमा नै त्यसका साथ धेरै दिनसम्म विहार गर्दै बसिन्॥ ३९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कदाचित्सुरतस्यांते दृष्ट्वा विष्णुं तमेव हि।
निर्भर्त्स्य क्रोधसंयुक्ता वृन्दा वचनमब्रवीत्॥ ४०

एकपटक सहवासको अन्तमा उसलाई विष्णुको रूपमा जानेर क्रोधले युक्त भइ झपार्दै वृन्दाले यो वचन भनिन्— ॥ ४० ॥

वृन्दोवाच

धिक् तदेवं हरे शीलं परदाराभिगामिनः।
ज्ञातोऽसि त्वं मया सम्यङ्मायी प्रत्यक्षतापसः॥ ४१

वृन्दा भन्दछिन्—अहो परस्त्रीगामी हरि! तिम्रो यस प्रकारको चरित्रलाई धिक्कार छ। मैले तिमीलाई राम्ररी चिनेकी छु। तिमीले नै मायाको आश्रय लिएर तपस्वीको वेष धारण गरेका थियौ॥ ४१ ॥

सनत्कुमार उवाच

इत्युक्त्वा क्रोधमापन्ना दर्शयन्ती स्वतेजसम्।
शशाप केशवं व्यास पातिव्रत्यरता च सा॥ ४२

सनत्कुमार भन्नुहुन्छ—हे व्यास! पातिव्रतपरायण ती वृन्दाले यस्तो भनेर क्रोधयुक्त भई आफ्नो तेजलाई देखाउँदै विष्णुलाई श्राप दिइन्॥ ४२ ॥

रे महाधम दैत्यारे परधर्मविदूषक।
गृह्णीष्व शठ मद्दत्तं शापं सर्वविषोल्बणम्॥ ४३

ए महाधम! दैत्यशत्रु! तिमी अरूको धर्म दूषित पार्ने हौ, यसैले ए शठ! सबै प्रकारका विषहरूभन्दा तीव्र मद्वारा प्रदत्त श्रापलाई ग्रहण गर॥ ४३ ॥

यौ त्वया मायया ख्यातौ स्वकीयौ दर्शितौ मम।
तावेव राक्षसौ भूत्वा भार्यां तव हरिष्यतः॥ ४४

तिमीले आफ्नो मायाबाट जुन दुई पुरुषलाई देखाएका थियौ, ती दुवै राक्षस बनेर तिम्रो पत्नीको हरण गर्ने छन्॥ ४४ ॥

त्वं चापि भार्यादुःखार्तो वने कपिसहायवान्।
भ्रम सर्पेश्वरेणायं यस्ते शिष्यत्वमागतः॥ ४५

तिमी पनि पत्नीको वियोगले दुखित भएर वानरहरूको सहायता लिएर वनमा भौँतारिँदै घुम्ने छौ र यो जुन सर्पहरूका स्वामी (शेषनाग) तिम्रो शिष्य बनेको थियो, यो पनि तिम्रो साथ भ्रमण गरोस्॥ ४५ ॥

इत्युक्त्वा सा तदा वृन्दा प्राविशद्धव्यवाहनम्।
विष्णुना वार्यमाणापि तत्स्थितासक्तचेतसा॥ ४६

यस्तो भनेर ती वृन्दा त्यस समय विष्णुद्वारा छेक्दा पनि मनमा आफ्नो पति जलन्धरको ध्यान गर्दै अग्निमा प्रवेश गरिन्॥ ४६ ॥

तस्मिन्नवसरे देवा ब्रह्माद्या निखिला मुने।
आगताः खे समं दारैः सद्गतिं वै दिदृक्षवः॥ ४७

हे मुनि! त्यस समय उनको उत्तम गतिलाई हेर्ने इच्छा भएका ब्रह्मा आदि सबै देवता आफ्ना भार्याहरूका साथ आकाशमण्डलमा स्थित भए॥ ४७ ॥

अथ दैत्येन्द्रपत्न्यास्तु तज्ज्योतिःपरमं महत्।
पश्यतां सर्वदेवानामलोकमगमदद्भुतम्॥ ४८

शिवातनौ विलीनं तद्वृन्दातेजो बभूव ह।
आसीज्जयजयारावः खस्थितामरपंक्तिषु॥ ४९

त्यस समय दैत्येन्द्रपत्नीको त्यो परम ज्योति देवताहरूले हेर्दा-हर्दै शीघ्र अदृष्य भयो र ती वृन्दाको तेज शिवा पार्वतीको शरीरमा विलीन भयो। त्यस समय आकाशमा स्थित देवताहरूले जय-जयको ध्वनि गरे॥ ४८-४९ ॥

एवं वृन्दा महाराज्ञी कालनेमिसुतोत्तमा।
पातिव्रत्यप्रभावाच्च मुक्तिं प्राप परां मुने॥ ५०

हे मुनि! यस प्रकार कालनेमिकी श्रेष्ठ पुत्री महारानी वृन्दाले पातिव्रतको प्रभावबाट परा मुक्तिलाई प्राप्त गरिन्॥ ५० ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततो हरिस्तामनुसंस्मरन्मुहु-
र्वृन्दाचिताभस्मरजोऽवगुंठितः ।
तत्रैव तस्थौ सुरसिद्धसंघकैः
प्रबोध्यमानोऽपि ययौ न शांतिम्॥ ५१

त्यस समय हरिले उसको स्मरण गरी उसको चिताको भस्मधूलि धारण गर्नुभयो, देवता र सिद्धहरूले ज्ञान दिँदामा पनि उहाँलाई कत्ति पनि शान्ति भएन र उहाँ त्यहीँ स्थित हुनुभयो॥ ५१॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे जलंधरवधोपाख्याने वृन्दापातिव्रतभंगदेहत्यागवर्णनं नाम त्रयोविंशोऽध्यायः॥ २३॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा जलन्धरवधोपाख्यानअन्तर्गत वृन्दापातिव्रतभंग र देहत्यागवर्णन नामक तेईसौँ अध्याय पूर्ण भयो॥ २३॥

अथ चतुर्विंशोऽध्यायः

दैत्यराज जलन्धर तथा भगवान् शिवको घोर संग्राम, भगवान् शिवद्वारा चक्रबाट जलन्धरको शिरश्छेदन, जलन्धरको तेज शिवमा प्रविष्ट हुनु, जलन्धर-वधबाट जगत्‌मा सर्वत्र शान्तिको विस्तार

व्यास उवाच

विधेः श्रेष्ठसुत प्राज्ञ कथेयं श्राविताद्भुता।
ततश्च किमभूदाजौ कथं दैत्यो हतो वद॥ १

व्यास भन्नुहुन्छ—ब्रह्माका श्रेष्ठ पुत्र परम बुद्धिमान् हे सनत्कुमार! तपाईंले यस परम अद्भुत कथा श्रवण गराउनुभयो। त्यसपछि के भयो, त्यस युद्धमा त्यो दैत्य जलन्धर कसरी मारियो, यसलाई बताउनुहोस्॥ १॥

सनत्कुमार उवाच

अदृश्य गिरिजां तत्र दैत्येन्द्रे रणमागते।
गांधर्वे च विलीने हि चैतन्योऽभूद्वृषध्वजः॥ २

अंतर्धानगतां मायां दृष्ट्वा बुद्धो हि शंकरः।
चुक्रोधातीव संहारी लौकिकीं गतिमाश्रितः॥ ३

सनत्कुमार भन्नुहुन्छ—जब त्यो दैत्यपति जलन्धर पार्वतीलाई नदेखेर युद्धभूमिमा फर्किआयो र गान्धर्वी माया विलीन भयो, तब वृषभध्वज भगवान् शंकर चैतन्य हुनुभयो। माया अन्तर्धान भएपछि भगवान् शंकरलाई ज्ञान भयो, त्यसपछि संहार गर्नुहुने शंकर लौकिक गतिको आश्रय लिई अत्यन्त क्रुद्ध हुनुभयो॥ २-३॥

ततः शिवो विस्मितमानसः पुन-
र्जगाम युद्धाय जलंधरं रुषा।
स चापि दैत्यः पुनरागतं शिवं
दृष्ट्वा शरोघैः समवाकिरद्रणे॥ ४

त्यसपछि शिव विस्मितमन तथा क्रुद्ध भएर जलन्धरसित युद्ध गर्नका लागि जानुभयो। त्यस दैत्यले पनि शिवलाई पुनः आउँदै गरेको देखेर उहाँमाथि बाणहरूको वर्षा गर्न प्रारम्भ गर्‍यो॥ ४॥

क्षिप्तं प्रभुस्तं शरजालमुग्रं
जलंधरेणातिबलीयसा हरः।
द्रुतं प्रचिच्छेदशरैर्वरैर्निजै-
र्न चित्रमत्र त्रिभवप्रहन्तुः॥ ५

ततो जलंधरो दृष्ट्वा रुद्रमद्भुतविक्रमम्।
चकार मायया गौरीं त्र्यम्बकं मोहयन्निव॥ ६

प्रभु शिवले बलशाली त्यस जलन्धरद्वारा छोडिएका उग्र बाणहरूलाई आफ्नो श्रेष्ठ बाणहरूले तत्काल काटेर खसालिदिनुभयो। त्रिभुवन-संहारकर्ता शिवका लागि यो कुनै अद्भुत कुरा भएन। त्यसपछि अद्भुत पराक्रम भएका शंकरलाई हेरेर जलन्धरले उहाँलाई मोहित पार्नका लागि मायाको पार्वती बनायो॥ ५-६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रथोपरि गतां बद्धां रुदन्तीं पार्वतीं शिवः।
निशुंभशुंभदैत्यैश्च वध्यमानां ददर्श सः॥ ७
गौरीं तथाविधां दृष्ट्वा लौकिकीं दर्शयन् गतिम्।
बभूव प्राकृत इव शिवोऽप्युद्विग्नमानसः॥ ८

शिवले रथमा स्थित, बाँधिएकी, विलाप गर्दै गरेकी एवं शुम्भ तथा निशुम्भद्वारा प्रहार गरिँदै गरेकी पार्वतीलाई देख्नुभयो। तब त्यस स्थिति भएकी पार्वतीलाई देखेर लौकिक गति प्रदर्शित गर्दै शिव सामान्यजन जसरी अत्यन्त व्याकुल हुनुभयो॥ ७-८॥

अवाङ्मुखस्थितस्तूष्णीं नानालीलाविशारदः।
शिथिलांगो विषण्णात्मा विस्मृत्य स्वपराक्रमम्॥ ९

त्यस समय अनेक प्रकारका लीलाहरूमा प्रवीण शंकरका अंग शिथिल भए र आफ्नो पराक्रम भूलेर उहाँ दुःखी भएर मुख तल गरी मौन हुनुभयो॥ ९॥

ततो जलंधरो वेगात् त्रिभिर्विव्याध सायकैः।
आपुंखमग्नैस्तं रुद्रं शिरस्युरसि चोदरे॥ १०
ततो रुद्रो महालीलो ज्ञाततत्त्वः क्षणात्प्रभुः।
रौद्ररूपधरो जातो ज्वालामालातिभीषणः॥ ११
तस्यातीव महारौद्ररूपं दृष्ट्वा महासुराः।
न शेकुः प्रमुखे स्थातुं भेजिरे ते दिशो दश॥ १२

त्यसपछि जलन्धरले पुच्छरसम्म धसिने तीन बाणले वेगपूर्वक शिवको शिर, हृदय तथा उदरप्रदेशमा प्रहार गर्‍यो। तब महालीला गर्नुहुने तथा ज्ञानतत्त्व भएका भगवान् रुद्रले क्षणभरमा अग्निज्वालाको समूहले युक्त अत्यन्त भयंकर रौद्ररूप धारण गर्नुभयो। उहाँको त्यस अतिमहारौद्ररूपलाई देखेर महादैत्यगण सम्मुख उभिनमा असमर्थ भए र दसै दिशाहरूमा भाग्न लागे॥ १०—१२॥

निशुंभशुंभावपि यौ विख्यातौ वीरसत्तमौ।
अपि तौ शेकतुर्नैव रणे स्थातुं मुनीश्वर॥ १३
जलंधरकृता मायान्तर्हिताभूच्च तत्क्षणम्।
हाहाकरो महानासीत्संग्रामे सर्वतोमुखे॥ १४
ततः शापं ददौ रुद्रस्तयोः शुंभनिशुंभयोः।
पलायमानौ तौ दृष्ट्वा धिक्कृत्य क्रोधसंयुतः॥ १५

हे मुनीश्वर! त्यस समय वीरहरूमा विख्यात महावीर जो शुम्भ एवं निशुम्भ थिए, ती पनि रणमा स्थित रहन सकेनन्। जलन्धरद्वारा रचिएको माया क्षणभरमा विलुप्त भयो। त्यस संग्राममा चारैतिर महान् हाहाकार हुन लाग्यो। तब ती दुवैलाई भाग्दै गरेको देखेर क्रुद्ध भएका रुद्रले धिक्कार्दै ती शुम्भ-निशुम्भलाई यस प्रकार श्राप दिनुभयो—॥ १३—१५॥

रुद्र उवाच

युवां दुष्टावतिखलावपराधकरौ मम।
पार्वतीदंडदातारौ रणादस्मात्पराङ्मुखौ॥ १६
पराङ्मुखो न हन्तव्य इति वध्यौ न मे युवाम्।
मम युद्धादतिक्रांतौ गौर्य्या वध्यौ भविष्यतः॥ १७
एवं वदति गौरीशे सिन्धुपुत्रो जलंधरः।
चुक्रोधातीव रुद्राय ज्वलज्ज्वलनसन्निभः॥ १८

रुद्र भन्नुहुन्छ—तिमी दुवै दैत्य महान् दुष्ट छौ, तिमी दुवै पार्वतीलाई दण्ड दिनेवाला हौ, मेरो महान् अपराध गर्नेहरू हौ र यस संग्रामबाट भागिरहेका छौ॥ १६॥ युद्धबाट भाग्नेलाई मार्नु हुँदैन, अतः म तिमी दुवैको वध गर्ने छैन, तर मेरो युद्धबाट भागेका तिमी दुवैको वध गौरीले अवश्य गर्नेछिन्। जब शंकर यो कुरा भनिरहनुभएको थियो, बल्दै गरेको अग्निसमान समुद्रपुत्र जलन्धर अत्यधिक क्रुद्ध भयो॥ १७-१८॥

रुद्रे रणे महावेगाद्ववर्ष निशितान् शरान्।
बाणांधकारसंछन्नं तथा भूमितलं ह्यभूत्॥ १९

उसले बडो वेगका साथ शिवमाथि तीक्ष्ण बाणहरूको वर्षा गर्न प्रारम्भ गर्‍यो, जसबाट पृथ्वीतल बाणहरूको अन्धकारबाट ढाकियो॥ १९॥

यावद् रुद्रः प्रचिच्छेद तस्य बाणगणान् द्रुतम्।
तावत्स परिघेणाशु जघान वृषभं बली॥ २०

जब रुद्र उसका बाणहरूलाई काट्नमा लागिरहनुभएको थियो त्यसै बेला त्यस बलशालीले परिघले वृषभमाथि प्रहार गर्‍यो॥ २०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वृषस्तेन प्रहारेण परावृत्तो रणांगणात्।
रुद्रेण कृश्यमाणोऽपि न तस्थौ रणभूमिषु॥ २१

अथ लोके महारुद्रः स्वीयं तेजोऽतिदुःसहम्।
दर्शयामास सर्वस्मै सत्यमेतन्मुनीश्वर॥ २२

ततः परमसंक्रुद्धो रुद्रो रौद्रवपुर्धरः।
प्रलयानलवद् घोरो बभूव सहसा प्रभुः॥ २३

दृष्ट्वा पुरःस्थितं दैत्यं मेरुकूटमिव स्थितम्।
अवध्यत्वमपि श्रुत्वाप्यन्यैरभ्युद्यतोऽभवत्॥ २४

ब्रह्मणो वचनं रक्षन् रक्षको जगतां प्रभुः।
हृदानुग्रहमातन्वंस्तद्वधाय मनो दधत्॥ २५

कोपं कृत्वा परं शूली पादांगुष्ठेन लीलया।
महांभसि चकाराशु रथांगं रौद्रमद्भुतम्॥ २६

कृत्वार्णवांभसि शितं भगवान् रथाङ्गं
स्मृत्वा जगत्त्रयमनेन हतं पुरारिः।
दक्षान्धकांतकपुरत्रययज्ञहंता
लोकत्रयांतककरः प्रहसन्नुवाच॥ २७

महारुद्र उवाच

पादेन निर्मितं चक्रं जलंधर महाम्भसि।
बलवान्यदि चोद्धर्त्तुं तिष्ठ योद्धुं न चान्यथा॥ २८

सनत्कुमार उवाच

तस्य तद्वचनं श्रुत्वा क्रोधेनादीप्तलोचनः।
प्रदहन्निव चक्षुर्भ्यां प्राहालोक्य स शंकरम्॥ २९

जलंधर उवाच

रेखामुद्धृत्य हत्वा च सगणं त्वां हि शंकर।
हत्वा लोकान्सुरैः सार्धं स्वभागं गरुडो यथा॥ ३०

हन्तुं चराचरं सर्वं समर्थोऽहं सवासवम्।
को महेश्वर मद्बाणैरभेद्यो भुवनत्रये॥ ३१

त्यस प्रहारबाट आहत भएको वृषभ रणभूमिमा पछाडितिर हट्न लाग्यो। शंकरद्धारा तानिँदामा पनि त्यो युद्धभूमिमा स्थित रहन सकेन। हे मुनीश्वर! त्यस समय महारुद्रले सबैका लागि अति दुःसह आफ्नो तेज लोकमा देखाउनुभयो—यो सत्य हो। ती प्रभु रुद्रले अत्यधिक क्रुद्ध भएर रौद्ररूप धारण गर्नुभयो र सहसा प्रलयकालको अग्निसमान अत्यन्त भयंकर हुनुभयो॥ २१—२३॥ मेरुशृंगसमान अचल त्यस दैत्यलाई आफ्नो अगाडि स्थित देखेर तथा त्यसलाई अरूबाट अवध्य जानेर उहाँ स्वयं त्यस दैत्यलाई मार्नका लागि उद्यत हुनुभयो॥ २४॥ जगत्को रक्षा गर्नुहुने ती महाप्रभुले ब्रह्माको वचनको रक्षा गर्दै र हृदयमा दयाको भाव राख्दै त्यस दैत्यको वधका लागि मनमा निश्चय गर्नुभयो॥ २५॥ त्यस समय क्रोध गरी आफ्नो लीलाले त्रिशूलधारी भगवान् शंकरले महासमुद्रमा आफ्नो गोडाको बुढाऔँलाले तत्काल भयानक तथा अद्भुत रथ-चक्रको निर्माण गर्नुभयो॥ २६॥

उहाँले त्यस महासमुद्रमा अत्यन्त जाज्वल्यमान रथचक्रको निर्माण गरी तथा यो स्मरण गरी निश्चय नै यसबाट तीनवटै लोकको वध गर्न सकिन्छ, ती दक्ष, अन्धक, त्रिपुर तथा यज्ञको विनाश गर्नुहुने भगवान् शंकर हाँस्तै भन्नुहुन्छ—॥ २७॥

महारुद्र भन्नुहुन्छ—हे जलन्धर! मैले महासमुद्रमा आफ्नो गोडाको बुढीऔँलाबाट यस चक्रको निर्माण गरेको छु, यदि तिमी बलवान् छौ भने यस चक्रलाई पानी बाहिर गरी मसित युद्ध गर्नका लागि बस, अन्यथा भाग॥ २८॥

सनत्कुमार भन्नुहुन्छ—उहाँको त्यस वचनलाई सुनेर जलन्धरका आँखा क्रोधले बल्न लाग्यो र त्यो आफ्नो क्रोधपूर्ण नेत्रहरूले शंकरलाई जलाउँछ जस्तो गरी उहाँतिर हेरेर भन्न लाग्यो—॥ २९॥

जलन्धर भन्दछ—हे शंकर! म रेखाको समान यस चक्र सुदर्शनलाई उचालेर गणसहित तिमी एवं देवताहरूसहित समस्त लोकको वध गरी गरुडको समान आफ्नो भाग ग्रहण गर्ने छु। हे महेश्वर! म इन्द्रसहित चर-अचर सबैको नाश गर्नमा समर्थ छु। यस त्रिलोकीमा यस्तो को छ, जो मेरा बाणहरूद्वारा अभेद्य होस्?॥ ३०-३१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बालभावेन भगवांस्तपसैव विनिर्जितः।
ब्रह्मा बलिष्ठः स्थाने मे मुनिभिः सुरपुङ्गवैः॥ ३२

मैले आफ्नू बाल्यावस्थामा नै तपस्याको प्रभावले भगवान् ब्रह्मालाई पनि जितेको थिएँ र ती बलवान् ब्रह्मा मुनि एवं देवताहरूका साथ मेरो घरमा छन्॥ ३२॥

दग्धं क्षणेन सकलं त्रैलोक्यं सचराचरम्।
तपसा किं त्वया रुद्र निर्जितो भगवानपि॥ ३३

हे रुद्र! मैले चराचरसहित सम्पूर्ण त्रिलोकीलाई क्षणमात्रमा जलाइदिएँ र आफ्नो तपस्याले भगवान् विष्णुलाई पनि जितेको छु, फेरि म तिमीलाई के ठानौँ?॥ ३३॥

इन्द्राग्नियमवित्तेशवायुवारीश्वरादयः।
न सेहिरे यथा नागा गंधं पक्षिपतेरिव॥ ३४

इन्द्र, अग्नि, यम, कुबेर, वायु, वरुण आदि पनि मेरो पराक्रमलाई त्यसै गरी सहन सक्तैनन्, जसरी सर्प गरुडको गन्धलाई पनि सहन सक्तैन॥ ३४॥

न लब्धं दिवि भूमौ च वाहनं मम शंकर।
समस्तान्पर्वतान्प्राप्य धर्षिताश्च गणेश्वराः॥ ३५

गिरीन्द्रो मन्दरः श्रीमान्नीलो मेरुः सुशोभनः।
धर्षितो बाहुदण्डेन कण्ड्वा उत्सर्पणाय मे॥ ३६

हे शंकर! स्वर्ग तथा भूलोकमा मेरा लागि कुनै वाहन भेटिएन, मैले समस्त पर्वतहरूमा गएर सबै गणेश्वरहरूलाई परास्त गरेको छु। मैले आफ्नो चिलाई मेटाउनका लागि पर्वतराज हिमालय, मन्दर, शोभामय नीलपर्वत तथा सुन्दर मेरु पर्वतलाई आफ्नो बाहुदण्डले घिसारेको छु॥ ३५-३६॥

गंगा निरुद्धा बाहुभ्यां लीलार्थं हिमवद्गिरौ।
अरीणां मम भृत्यैश्च जयो लब्धो दिवौकसाम्॥ ३७

वडवाया मुखं बद्धं गृहीत्वा तां करेण तु।
तत्क्षणादेव सकलमेकार्णवमभूत्तदा॥ ३८

ऐरावतादयो नागाः क्षिप्ताः सिन्धुजलोपरि।
सरथो भगवानिन्द्रः क्षिप्तश्च शतयोजनम्॥ ३९

मैले हिमालय पर्वतमाथि लीला गर्नका लागि आफ्नू भुजाहरूले गंगालाई रोकिदिएको थिएँ। मेरा भृत्यहरूले शत्रु देवताहरूमाथि विजय प्राप्त गरेका छन्। मैले बडवानलको मुख आफ्ना हातहरूले समातेर जब बन्द गरिदिएँ, त्यसै क्षण सम्पूर्ण जगत् जलमय हुन गएको थियो। मैले ऐरावत आदि हात्तीहरूलाई समुद्रको जलमा तथा रथसहित भगवान् इन्द्रलाई सयकडौँ योजन टाढा हुत्याइदिएँ॥ ३७-३९॥

गरुडोऽपि मया बद्धो नागपाशेन विष्णुना।
उर्वश्याद्या मयानीता नार्यः कारागृहांतरम्॥ ४०

मां न जानासि रुद्र त्वं त्रैलोक्यजयकारिणम्।
जलंधरं महादैत्यं सिंधुपुत्रं महाबलम्॥ ४१

मैले विष्णुसहित गरुडलाई पनि नागपाशमा बाँधे तथा उर्वशी आदि अप्सराहरूलाई आफ्नो कारागारमा बन्दी बनाएँ। हे रुद्र! त्रिलोकीमा विजय प्राप्त गर्ने म सिन्धुपुत्र महाबलवान् महादैत्य जलन्धरलाई तिमी जान्दैनौ॥ ४०-४१॥

सनत्कुमार उवाच

इत्युक्त्वाथ महादेवं तदा वारिधिनन्दनः।
न चचाल न सस्मार निहतान्दानवान्युधि॥ ४२

दुर्मदेनाविनीतेन दोर्भ्यामास्फोट्य दोर्बलात्।
तिरस्कृतो महादेवो वचनैः कटुकाक्षरैः॥ ४३

सनत्कुमार भन्नुहुन्छ—त्यस समय महादेवसित यस्तो भनेर त्यस समुद्रपुत्र [जलन्धर]-ले युद्धमा मारिएका दानवहरूको स्मरण गरेन। न त त्यो [यता-उता] हल-चल नै गर्‍यो। त्यस दुर्विनीत एवं मदान्ध दैत्यले दुवै बाहुलाई बजाएर आफ्नो बाहुबलले तथा कटु वचनले रुद्रको अपमान गर्‍यो॥ ४२-४३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तच्छ्रुत्वा दैत्यवचनममंगलमतीरितम्।
विजहास महादेवः परमं क्रोधमादधे॥ ४४

त्यस दुष्टद्वारा भनिएका अमंगल वचनलाई सुनेर महादेव हाँस्दै ज्यादै क्रोधित हुनुभयो॥ ४४॥

सुदर्शनाख्यं यच्चक्रं पादांगुष्ठविनिर्मितम्।
जग्राह तत्करे रुद्रस्तेन हन्तुं समुद्यतः॥ ४५

उहाँले आफ्नो गोडाको बुढीऔँलाबाट जुन सुदर्शन नामक चक्रको निर्माण गर्नुभएको थियो, रुद्रले त्यसलाई आफ्नो हातमा लिनुभयो र त्यसबाट जलन्धरलाई मार्नका लागि उद्यत हुनुभयो॥ ४५॥

सुदर्शनाख्यं तच्चक्रं चिक्षेप भगवान्हरः।
कोटिसूर्यप्रतीकाशं प्रलयानलसन्निभम्॥ ४६

प्रदहद्रोदसी वेगात्तदासाद्य जलंधरम्।
जहार तच्छिरो वेगान्महदायतलोचनम्॥ ४७

भगवान् शिवले प्रलयकालको अग्नि सदृश्य एवं करोडौँ सूर्य समान देदीप्यमान त्यस सुदर्शन-चक्रलाई त्यस माथि फ्याँक्नुभयो। आकाश तथा भूमिलाई प्रज्वलित गर्दै त्यस चक्रले वेगपूर्वक जलन्धरको नजिक आएर ठुला-ठुला आँखा भएको त्यसको शिरलाई काटिदियो॥ ४६-४७॥

रथात्कायः पपातोर्व्यां नादयन्वसुधातलम्।
शिरश्चाप्यब्धिपुत्रस्य हाहाकारो महानभूत्॥ ४८

त्यस सिन्धुपुत्र दैत्यको शरीर एवं शिर भूतललाई नादित गर्दै रथबाट पृथ्वीमा खस्यो र चारैतिर महान् हाहाकार हुन लाग्यो॥ ४८॥

द्विधा पपात तद्देहो ह्यंजनाद्रिरिवाचलः।
कुलिशेन यथा वारांनिधौ गिरिवरो द्विधा॥ ४९

कालो पहाड समान त्यसको शरीर दुई टुक्रा भएर त्यसै प्रकार खस्यो, जसरी वज्रको प्रहारबाट अति विशाल पर्वत दुई टुक्रा भएर समुद्रमा खस्दछ॥ ४९॥

तस्य रौद्रेण रक्तेन सम्पूर्णमभवज्जगत्।
ततः समस्ता पृथिवी विकृताभून्मुनीश्वर॥ ५०

तद्रक्तमखिलं रुद्रनियोगान्मांसमेव च।
महारौरवमासाद्य रक्तकुंडमभूदिह॥ ५१

हे मुनीश्वर! त्यसको भयंकर रगतबाट सारा जगत् व्याप्त भयो र पृथ्वी [रातो हुन जानाले] विकृत हुन गइन्। शिवको आज्ञाले त्यसको सम्पूर्ण रगत एवं मांस महारौरव [नरक]-मा गएर रगतको कुण्ड बन्यो॥ ५०-५१॥

तत्तेजो निर्गतं देहाद् रुद्रे च लयमागमत्।
वृन्दादेहोद्भवं यद्वद्गौर्य्यां हि विलयं गतम्॥ ५२

जलंधरं हतं दृष्ट्वा देवगन्धर्वपन्नगाः।
अभवन्सुप्रसन्नाश्च साधु देवेति चाब्रुवन्॥ ५३

त्यसको शरीरबाट निस्केको तेज शंकरमा त्यसै प्रकार समाहित भयो, जसरी वृन्दाको शरीरबाट उत्पन्न तेज गौरीमा समाहित भएको थियो। जलन्धर मरेको देखेर त्यस समय देवता, गन्धर्व तथा नागगण अत्यन्त प्रसन्न भई शंकरलाई साधुवाद दिन लागे॥ ५२-५३॥

सर्वे प्रसन्नतां याता देवसिद्धमुनीश्वराः।
पुष्पवृष्टिं प्रकुर्वाणास्तद्यशो जगुरुच्चकैः॥ ५४

देवांगना महामोदान्ननृतुः प्रेमविह्वलाः।
कलस्वराः कलपदं किन्नरैः सह संजगुः॥ ५५

सबै देवता, सिद्ध एवं मुनीश्वर पनि प्रसन्न भई पुष्पवृष्टि गर्दै उच्च स्वरमा उहाँको यशोगान गर्न लागे। देवांगनाहरू प्रेमले विह्वल भएर अति आनन्दपूर्वक नृत्य गर्न लागे र मनोहर रागयुक्त शब्दबाट किन्नरहरूका साथ सुन्दर पदहरू गाउन लागे॥ ५४-५५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिशः प्रसेदुः सर्वाश्च हते वृन्दापतौ मुने।
ववुः पुण्याः सुखस्पर्शा वायवस्त्रिविधा अपि॥ ५६

चन्द्रमाः शीततां यातो रविस्तेपे सुतेजसा।
अग्नयो जज्वलुः शांता बभूवाविकृतं नभः॥ ५७

एवं त्रैलोक्यमखिलं स्वास्थ्यमापाधिकं मुने।
हतेऽब्धितनये तस्मिन्हरेणानन्तमूर्तिना॥ ५८

हे मुनि! त्यस समय वृन्दापति जलन्धर मारिएपछि सबैतिर पवित्र तथा सुखद स्पर्श भएका दिशाहरू प्रसन्न भए, [शीतल, मन्द, सुगन्ध] तीन प्रकारका वायु चल्न लागे। चन्द्रमा शीतलताले युक्त भए, सूर्य परम तेजले तात्न लागे, शान्त अग्नि बल्न लागे र आकाश निर्मल भए। यस प्रकार हे मुनि! अनन्तमूर्ति सदाशिवद्वारा समुद्रपुत्र जलन्धर मारिएपछि सम्पूर्ण त्रैलोक्य अत्यधिक शान्तिमय भयो॥ ५६—५८॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे जलंधरवधोपाख्याने जलंधरवधवर्णनं नाम चतुर्विंशोऽध्यायः॥ २४॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा जलन्धरवधोपाख्यानअन्तर्गत जलन्धरवधवर्णन नामक चौबिसौं अध्याय पूर्ण भयो॥ २४॥

अथ पञ्चविंशोऽध्यायः

जलन्धरवधबाट प्रसन्न देवताहरूद्वारा भगवान् शिवको स्तुति

सनत्कुमार उवाच

अथ ब्रह्मादयो देवा मुनयश्चाखिलास्तथा।
तुष्टुवुर्देवदेवेशं वाग्भिरिष्टाभिरानताः॥ १

देवा ऊचुः

देवदेव महादेव शरणागतवत्सल।
साधुसौख्यप्रदस्त्वं हि सर्वदा भक्तदुःखहा॥ २

त्वं महाद्भुतसल्लीलो भक्तिगम्यो दुरासदः।
दुराराध्योऽसतां नाथ प्रसन्नः सर्वदा भव॥ ३

वेदोऽपि महिमानं ते न जानाति हि तत्त्वतः।
यथामति महात्मानः सर्वे गायन्ति सद्यशः॥ ४

माहात्म्यमतिगूढं ते सहस्रवदनादयः।
सदा गायन्ति सुप्रीत्या पुनन्ति स्वगिरं हि ते॥ ५

कृपया तव देवेश ब्रह्मज्ञानी भवेज्जडः।
भक्तिगम्यः सदा त्वं वा इति वेदा ब्रुवन्ति हि॥ ६

त्वं वै दीनदयालुश्च सर्वत्र व्यापकः सदा।
आविर्भवसि सद्भक्त्या निर्विकारः सतां गतिः॥ ७

सनत्कुमार भन्नुहुन्छ—[हे व्यास!] त्यसपछि ब्रह्मा आदि सबै देवता एवं मुनिगण शिर झुकाएर प्रिय वाणीले देवदेवेशको स्तुति गर्न लागे—॥ १॥

देवता भन्दछन्—हे देवदेव! हे महादेव! हे शरणागतवत्सल! हजुर सदा सज्जनहरूलाई सुख दिने तथा भक्तहरूको दुःख दूर गर्नेवाला हुनुहुन्छ॥ २॥

हजुर अद्भुत उत्तम लीला गर्नुहुने, [एकमात्र] भक्तिबाट प्राप्त हुनुहुने, दुर्लभ तथा दुष्टजनहरूद्वारा दुराराध्य हुनुहुन्छ। हे नाथ! हजुर सर्वदा प्रसन्न रहनुहोस्॥ ३॥ हे प्रभु! वेद पनि यथार्थ रूपले हजुरको महिमालाई जान्दैनन्, महात्माजन आफ्नू बुद्धिअनुसार हजुरको उत्तम यशको गान गर्दछन्। हजार मुख भएका शेषनाग आदि प्रेमपूर्वक सदा हजुरको अत्यन्त गूढ महिमाको गान गर्दछन् एवं ती आफ्ना वाणीलाई पवित्र पार्दछन्॥ ४-५॥

हे देवेश! हजुरको कृपाले जड पनि ब्रह्मज्ञानी हुन जान्छ र हजुर सदा भक्तिबाट नै प्राप्य हुनुहुन्छ—यस्तो वेद भन्दछन्॥ ६॥

हे प्रभु! हजुर दीनदयालु तथा सदा सर्वत्र व्यापक, निर्विकार तथा सज्जनहरूका रक्षक हुनुहुन्छ, हजुर सद्भक्तिबाट आविर्भूत हुनुहुन्छ। हे महेशान!

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भक्त्यैव ते महेशान बहवः सिद्धिमागताः।
इह सर्वसुखं भुक्त्वा दुःखिता निर्विकारतः॥ ८

पुरा यदुपतिर्भक्तो दाशार्हः सिद्धिमागतः।
कलावती च तत्पत्नी भक्त्यैव परमां प्रभो॥ ९

तथा मित्रसहो राजा मदयन्ती च तत्प्रिया।
भक्त्यैव तव देवेश कैवल्यं परमं ययौ॥ १०

सौमिनी नाम तनया कैकेयाग्रभुवस्तथा।
तव भक्त्या सुखं प्राप परं सद्योगिदुर्लभम्॥ ११

विमर्षणो नृपवरः सप्तजन्मावधि प्रभो।
भुक्त्वा भोगांश्च विविधांस्त्वद्भक्त्या प्राप सद्गतिम्॥ १२

चन्द्रसेनो नृपवरः त्वद्भक्त्या सर्वभोगभुक्।
दुःखमुक्तः सुखं प्राप परमत्र परत्र च॥ १३

गोपीपुत्रः श्रीकरस्ते भक्त्या भुक्त्वेह सद्गतिम्।
परं सुखं महावीरशिष्यः प्राप परत्र वै॥ १४

त्वं सत्यरथभूजानेर्दुःखहर्ता गतिप्रदः।
धर्मगुप्तं राजपुत्रमतार्षीः सुखिनं त्विह॥ १५

तथा शुचिव्रतं विप्रमदरिद्रं महाप्रभो।
त्वद्भक्तिवर्तिनं मात्रा ज्ञानिनं कृपयाऽकरोः॥ १६

चित्रवर्मा नृपवरस्त्वद्भक्त्या प्राप सद्गतिम्।
इह लोके सदा भुक्त्वा भोगानमरदुर्लभान्॥ १७

चन्द्रांगदो राजपुत्रः सीमंतिन्या स्त्रिया सह।
विहाय सकलं दुःखं सुखी प्राप महागतिम्॥ १८

द्विजो मंदरनामापि वेश्यागामी खलोऽधमः।
त्वद्भक्तः शिव संपूज्य तया सह गतिं गतः॥ १९

हजुरको भक्तिबाट धेरै व्यक्तिले यस लोकमा सबै प्रकारका सुखको उपभोग गरी सिद्धि प्राप्त गरेका छन् र निराकार उपासनाबाट दुखित भएका छन्॥ ७-८॥

हे प्रभु! पूर्व समयमा यदुवंशी भक्त दाशार्ह तथा उनकी पत्नी कलावतीले हजुरको भक्तिबाट नै परम सिद्धि प्राप्त गरेका थिए। हे देवेश! यसै प्रकार राजा मित्रसह तथा उनकी पत्नी मदयन्तीले पनि हजुरको भक्तिबाट नै परम कैवल्यपदलाई प्राप्त गरेका थिए। केकयनरेशकी सौमिनी नामक कन्याले हजुरको भक्तिबाट महायोगीहरूका लागि पनि दुर्लभ परम सुख प्राप्त गरेकी थिइन्॥ ९—११॥

हे प्रभु! राजाहरूमा श्रेष्ठ विमर्षणले हजुरको भक्तिबाट सात जन्मसम्म अनेक प्रकारका सुखहरूको उपभोग गरी सद्गति प्राप्त गरेका थिए। नृपश्रेष्ठ चन्द्रसेनले हजुरको भक्तिद्वारा दुःखबाट छुटकारा पाए तथा यस लोकमा एवं परलोकमा नाना प्रकारका भोग प्राप्त गर्दै ती आनन्दित रहे॥ १२-१३॥

महावीरका शिष्य गोपीपुत्र श्रीकरले पनि हजुरको भक्तिबाट यस लोकमा परम सुख भोगेर परलोकमा सद्गति प्राप्त गरे॥ १४॥

हजुरले [प्रसन्न भएर] सत्यरथ नामक भूपतिको दुःख हरण गर्नुभयो तथा उनलाई सद्गति प्रदान गर्नुभयो। हजुरले राजपुत्र धर्मगुप्तलाई सुखी बनाउनुभयो तथा उनलाई तारिदिनुभयो॥ १५॥

हे महाप्रभु! माताको उपदेशबाट हजुरको भक्ति गर्ने शुचिव्रत नामक ब्राह्मणलाई हजुरले कृपापूर्वक धनवान् तथा ज्ञानी बनाइदिनुभयो॥ १६॥

नृपश्रेष्ठ चित्रवर्माले हजुरको भक्तिबाट यस लोकमा देवदुर्लभ सुखहरू भोगेर अन्तमा सद्गति प्राप्त गरे॥ १७॥

चन्द्रांगद नामक राजपुत्रले आफ्नी स्त्री सीमन्तिनी सहित हजुरको भक्तिबाट सारा दुःखहरू त्यागेर सुखसम्पन्न भई महागतिलाई प्राप्त गरे। हे शिव! मन्दर नाम भएका ब्राह्मण, जो वेश्यागामी, अधम तथा महादुष्ट थिए, तिनले पनि हजुरको भक्तिबाट युक्त भएर हजुरको पूजा गरी त्यस वेश्याका साथ सद्गतिलाई प्राप्त गरे॥ १८-१९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भद्रायुस्ते नृपसुतः सुखमाप गतव्यथः।
त्वद्भक्तिकृपया मात्रा गतिं च परमां प्रभो॥ २०

सर्वस्त्रीभोगनिरतो दुर्जनस्तव सेवया।
विमुक्तोऽभूदपि सदाऽभक्ष्यभोजी महेश्वर॥ २१

शंबरः शंकरो भक्तश्चिताभस्मधरः सदा।
नियमाद्भस्मनः शंभो स्वस्त्रिया ते पुरं गतः॥ २२

भद्रसेनस्य तनयस्तथा मंत्रिसुतः प्रभो।
सुधर्मशुभकर्माणो सदा रुद्राक्षधारिणौ॥ २३

त्वत्कृपातश्च तौ मुक्तावास्तां भुक्त्वेह सत्सुखम्।
पूर्वजन्मनि यौ कीशकुक्कुटौ रुद्रभूषणौ॥ २४

पिंगला च महानन्दा वेश्ये द्वे तव भक्तितः।
सद्गतिं प्रापतुर्नाथ भक्तोद्धारपरायण॥ २५

शारदा विप्रतनया बालवैधव्यमागता।
तव भक्तेः प्रभावात्तु पुत्रसौभाग्यवत्यभूत्॥ २६

बिन्दुगो द्विजमात्रो हि वेश्याभोगी च तत्प्रिया।
चञ्चुला त्वद्यशः श्रुत्वा परमां गतिमाययौ॥ २७

इत्यादि बहवः सिद्धिं गता जीवास्तव प्रभो।
भक्तिभावान्महेशान दीनबन्धो कृपालय॥ २८

त्वं परः प्रकृतेर्ब्रह्म पुरुषात्परमेश्वर।
निर्गुणस्त्रिगुणाधारो ब्रह्मविष्णुहरात्मकः॥ २९

नानाकर्मकरो नित्यं निर्विकारोऽखिलेश्वरः।
वयं ब्रह्मादयः सर्वे तव दासा महेश्वर॥ ३०

प्रसन्नो भव देवेश रक्षास्मान्सर्वदा शिव।
त्वत्प्रजाश्च वयं नाथ सदा त्वच्छरणं गताः॥ ३१

हे प्रभु! भद्रायु नामक राजपुत्रले पनि हजुरको भक्तिद्वारा कृपा प्राप्त गरी दुःखहरूबाट मुक्त भई सुख प्राप्त गरे र माताका साथ परम गति प्राप्त गरे॥ २०॥

हे महेश्वर! सदा अभक्ष्यभक्षण गर्ने तथा सबै स्त्रीहरूमा सम्भोगरत दुर्जन पनि हजुरको सेवाबाट मुक्त भए। हे शम्भु! चिताको भस्म धारण गर्ने शम्बर, जो शिवको महाभक्त थियो, त्यो नियमपूर्वक सदा चिताको भस्म धारण गर्नाले शंकररूप भएर आफ्नी स्त्रीका साथ हजुरको लोकमा गयो॥ २१-२२॥

हे प्रभु! [यसै प्रकार] भद्रसेनका पुत्र तथा उसको मन्त्रीको पुत्र, जो उत्तम धर्म तथा शुभ कर्म गर्दथे र सदा रुद्राक्ष धारण गर्दथे, ती दुवै हजुरको कृपाले यस लोकमा उत्तम सुख भोगेर मुक्त भए। यी दुवै पूर्वजन्ममा कपि (वानर) तथा कुक्कुट (कुखुरा) थिए र रुद्राक्ष धारण गर्दथे॥ २३-२४॥

भक्तहरूको उद्धार गर्नमा तत्पर रहनुहुने हे नाथ! पिंगला तथा महानन्दा नामक दुई वेश्याहरू पनि हजुरको भक्तिबाट सद्गतिमा प्राप्त भए। कुनै ब्राह्मणकी शारदा नामक कन्या बालविधवा भएकी थिइन्, उनी हजुरको भक्तिको प्रभावले पुत्रवती तथा सौभाग्यवती भइन्॥ २५-२६॥

नाममात्रको ब्राह्मण, वेश्यागामी बिन्दुग एवं उसकी पत्नी चंचुला दुवै हजुरको यश श्रवण गरी परम गतिमा प्राप्त भए। हे प्रभु! हे महेशान! हे दीनबन्धु! हे कृपालय! यस प्रकार हजुरको भक्तिबाट अनेक जीवहरूले सिद्धि प्राप्त गरेका छन्। हे परमेश्वर! हजुर प्रकृति तथा पुरुषभन्दा पर ब्रह्म हुनुहुन्छ, हजुर निर्गुण तथा त्रिगुणका आधार हुनुहुन्छ र ब्रह्मा-विष्णु-हरात्मक पनि हजुर नै हुनुहुन्छ॥ २७—२९॥

हजुर निर्विकार तथा अखिलेश्वर भएर पनि नाना प्रकारका कर्म गर्नुहुन्छ। हे महेश्वर शंकर! हामी ब्रह्मा आदि सबै देवता हजुरका दास हौँ॥ ३०॥

हे नाथ! हे देवेश! हे शिव! हामी सबै हजुरका प्रजा हौँ र सदा हजुरको शरणागत छौँ, अतः हजुर प्रसन्न हुनुहोस् र सदा हामीहरूको रक्षा गर्नुहोस्॥ ३१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सनत्कुमार उवाच

इति स्तुत्वा च ते देवा ब्रह्माद्याः समुनीश्वराः।
तूष्णीं बभूवुर्हि तदा शिवाङ्घ्रिद्वन्द्वचेतसः॥ ३२

अथ शंभुर्महेशानः श्रुत्वा देवस्तुतिं शुभाम्।
दत्त्वा वरान् वरान् सद्यः तत्रैवान्तर्दधे प्रभुः॥ ३३

देवाः सर्वेऽपि मुदिता ब्रह्माद्या हतशत्रवः।
स्वं स्वं धाम ययुः प्रीता गायन्तः शिवसद्यशः॥ ३४

इदं परममाख्यानं जलंधरविमर्दनम्।
महेशचरितं पुण्यं महाघौघविनाशनम्॥ ३५

देवस्तुतिरियं पुण्या सर्वपापप्रणाशिनी।
सर्वसौख्यप्रदा नित्यं महेशानंददायिनी॥ ३६

यः पठेत्पाठयेद्वापि समाख्यानमिदं द्वयम्।
स भुक्त्वेह परं सौख्यं गाणपत्यमवाप्नुयात्॥ ३७

सनत्कुमार भन्नुहुन्छ—यस प्रकार ब्रह्मादि देवता तथा सबै मुनीश्वर स्तुति गर्दै शिवका चरणयुगलको ध्यान गर्दै मौन भए। त्यसपछि महेश्वर प्रभु शंकर देवगणहरूको शुभ स्तुति सुनेर उनीहरूलाई श्रेष्ठ वर दिएर शीघ्र अन्तर्धान हुनुभयो॥ ३२-३३॥

शत्रुहरू मारिनाले ब्रह्मादि सबै देवता प्रसन्न भई शिवको उत्तम यशको गान गर्दै आ-आफ्नो धाममा गए। जलन्धरवधसित सम्बन्धित भगवान् शिवको यो श्रेष्ठ आख्यान पुण्यदायक एवं पापनासक छ॥ ३४-३५॥

देवताहरूद्वारा गरिएको यो स्तुति पुण्यदायक, समस्त पापनासक, सब प्रकारका सुखदायक तथा महेशलाई सर्वदा आनन्द प्रदान गर्ने खालको छ। जो यी दुवै आख्यानहरू पढ्छ अथवा पढाउँछ, त्यसले यस लोकमा महान् सुख भोगेर [अन्तमा] गणपतित्व प्राप्त गर्दछ॥ ३६-३७॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे जलंधरवधोपाख्याने देवस्तुतिवर्णनं नाम पञ्चविंशोऽध्यायः॥ २५॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा जलन्धरवधोपाख्यान अन्तर्गत देवस्तुतिवर्णन नामक पच्चीसौँ अध्याय पूर्ण भयो॥ २५॥

अथ षड्विंशोऽध्यायः

विष्णुको मोहभंगका लागि शंकरको प्रेरणाबाट देवताहरूद्वारा मूलप्रकृतिको स्तुति, मूलप्रकृतिद्वारा आकाशवाणीको रूपमा देवताहरूलाई आश्वासन, देवताहरूद्वारा त्रिगुणात्मिका देवीहरूको स्तवन, विष्णुको मोहनाश, धात्री (अमला), मालती तथा तुलसी उत्पत्तिको आख्यान

व्यास उवाच

ब्रह्मपुत्र नमस्तेऽस्तु धन्यस्त्वं शैवसत्तम।
यच्छ्राविता महादिव्या कथेयं शांकरी शुभा॥ १
इदानीं ब्रूहि सुप्रीत्या चरितं वैष्णवं मुने।
स वृन्दां मोहयित्वा तु किमकार्षीत्कुतो गतः॥ २

सनत्कुमार उवाच

शृणु व्यास महाप्राज्ञ शैवप्रवर सत्तम।
वैष्णवं चरितं शंभुचरिताढ्यं सुनिर्मलम्॥ ३
मौनीभूतेषु देवेषु ब्रह्मादिषु महेश्वरः।
सुप्रसन्नोऽवदच्छंभुः शरणागतवत्सलः॥ ४

व्यास भन्नुहुन्छ—हे ब्रह्मपुत्र! तपाईंलाई नमस्कार छ। हे श्रेष्ठ शिवभक्त! तपाईं धन्य हुनुहुन्छ, तपाईंले शंकरको जुन यो महादिव्य शुभ कथा सुनाउनुभयो। हे मुनि! अब तपाईं प्रेमपूर्वक श्रीविष्णुको चरित्र सुनाउनुहोस्, उहाँले वृन्दालाई मोहित गरी के गर्नुभयो र उहाँ कहाँ जानुभयो?॥ १-२॥

सनत्कुमार भन्नुहुन्छ—हे महाप्राज्ञ! हे शिवभक्तहरूमा श्रेष्ठ व्यास! अब तपाईं शिवचरित्रबाट परिपूर्ण तथा निर्मल विष्णुचरित्र सुन्नुहोस्। जब ब्रह्मादिक देवता [स्तुति गरी] मौन भए, तब शरणागतवत्सल शंकर अति प्रसन्न भई भन्न लाग्नुभयो—॥ ३-४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शंभुरुवाच

ब्रह्मन्देववराः सर्वे भवदर्थे मया हतः।
जलंधरो मदंशोऽपि सत्यं सत्यं वदाम्यहम्॥ ५

सुखमापुर्न वा ताताः सत्यं ब्रूतामराः खलु।
भवत्कृते हि मे लीला निर्विकारस्य सर्वदा॥ ६

सनत्कुमार उवाच

अथ ब्रह्मादयो देवा हर्षादुत्फुल्ललोचनाः।
प्रणम्य शिरसा रुद्रं शशंसुर्विष्णुचेष्टितम्॥ ७

देवा ऊचुः

महादेव त्वया देव रक्षिताः शत्रुजाद् भयात्।
किंचिदन्यत्समुद्भूतं तत्र किं करवामहै॥ ८

वृन्दा विमोहिता नाथ विष्णुना हि प्रयत्नतः।
भस्मीभूता द्रुतं वह्नौ परमां गतिमागता॥ ९

वृन्दालावण्यसंभ्रान्तो विष्णुस्तिष्ठति मोहितः।
तच्चिताभस्मसंधारी तव मायाविमोहितः॥ १०

स सिद्धमुनिसंघैश्च बोधितोऽस्माभिरादरात्।
न बुध्यते हरिः सोऽथ तव मायाविमोहितः॥ ११

कृपां कुरु महेशान विष्णुं बोधय बोधय।
त्वदधीनमिदं सर्वं प्राकृतं सचराचरम्॥ १२

सनत्कुमार उवाच

इत्याकर्ण्य महेशो हि वचनं त्रिदिवौकसाम्।
प्रत्युवाच महालीलः स्वच्छन्दस्तान्कृताञ्जलीन्॥ १३

महेश उवाच

हे ब्रह्मन्हे सुराः सर्वे मद्वाक्यं शृणुतादरात्।
मोहिनी सर्वलोकानां मम माया दुरत्यया॥ १४
तदधीनं जगत्सर्वं यद्देवासुरमानुषम्।
तयैव मोहितो विष्णुः कामाधीनोऽभवद्धरिः॥ १५

उमाख्या सा महादेवी त्रिदेवजननी परा।
मूलप्रकृतिराख्याता सुरामा गिरिजात्मिका॥ १६

शम्भु भन्नुहुन्छ—हे ब्रह्मन्! हे सबै श्रेष्ठ देवगण! म यो सत्य-सत्य भन्दै छु कि यद्यपि जलन्धर मेरै अंश थियो, फेरि पनि मैले तपाईंहरूका लागि त्यसको वध गरेँ। हे तात! हे देवगण! तपाईंहरू सत्य-सत्य बताउनुहोस् कि तपाईंहरूलाई सुख प्राप्त भयो अथवा भएन। सर्वदा म निर्विकारको लीला तपाईंहरूका निम्ति नै हुने गर्दछ॥ ५-६॥

सनत्कुमार भन्नुहुन्छ—त्यसपछि देवताहरूको नेत्र हर्षले प्रफुल्ल भए र ती शंकरलाई प्रणाम गरी विष्णुको वृत्तान्त निवेदन गर्न लागे॥ ७॥

देवता भन्दछन्—हे महादेव! हे देव! हजुरले शत्रुहरूको भयबाट हाम्रो रक्षा गर्नुभयो, तर एउटा कुरा अरू भएको छ, त्यसमा हामी के गरौँ?॥ ८॥

हे नाथ! विष्णुले ठुलो प्रयत्नका साथ वृन्दालाई मोहित पार्नुभयो र तत्काल अग्निमा भस्म भएर उनले परम गतिलाई प्राप्त गरिन्, तर यस समय वृन्दाको लावण्यमाथि आसक्त भएका विष्णु मोहित भएर उनको चिताको भस्म धारण गर्नुहुन्छ, उहाँ हजुरको मायाले विमोहित हुनुभएको छ॥ ९-१०॥ सिद्ध, मुनि तथा हामीहरूले उहाँलाई ठुलो आदरका साथ सम्झायौँ, तर ती हरि हजुरको मायाबाट मोहित हुनाको कारण कत्ति पनि सम्झिरहेका छैनन्॥ ११॥ अतः हे महेशान! हजुर कृपा गर्नुहोस् र विष्णुलाई सम्झाउनुहोस्; यो प्राकृत सम्पूर्ण चराचर जगत् हजुरकै अधीनमा छ॥ १२॥

सनत्कुमार भन्नुहुन्छ—देवगणहरूका यस वचनलाई सुनेर महालीला गर्नुहुने तथा स्वतन्त्र [भगवान्] शंकर हात जोड्दै गरेका ती देवगणहरूसित भन्न लागनुभयो—॥ १३॥

महेश भन्नुहुन्छ—हे ब्रह्मन्! हे देव हो! तपाईंहरू श्रद्धापूर्वक मेरो वचन सुन्नुहोस्। सम्पूर्ण लोकलाई मोहित पार्ने मेरो माया दुस्तर छ। देवता, असुर एवं मनुष्यहरूसहित सारा जगत् त्यसैको अधीन छन्। त्यसै मायाबाट मोहित हुनाको कारण विष्णु कामको अधीन भएका छन्॥ १४-१५॥

ती माया नै उमा नामले विख्यात छिन्, जो यी तीन देवताहरूकी जननी हुन्। त्यही मूलप्रकृति तथा परम मनोहर गिरिजाको नामले विख्यात छिन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गच्छध्वं शरणं देवा विष्णुमोहापनुत्तये।
शरण्यां मोहिनीं मायां शिवाख्यां सर्वकामदाम्॥ १७

स्तुतिं कुरुत तस्याश्च मच्छक्तेस्तोषकारिणीम्।
सुप्रसन्ना यदि च सा सर्वं कार्यं करिष्यति॥ १८

सनत्कुमार उवाच

इत्युक्त्वा तान्सुरान् शंभुः पञ्चास्यो भगवान्हरः।
अंतर्दधे द्रुतं व्यास सर्वैश्च स्वगणैः सह॥ १९
देवाश्च शासनाच्छंभोर्ब्रह्माद्या हि सवासवाः।
मनसा तुष्टुवुर्मूलप्रकृतिं भक्तवत्सलाम्॥ २०

देवा ऊचुः

यदुद्भवाः सत्त्वरजस्तमोगुणाः
सर्गस्थितिध्वंसविधानकारकाः।
यदिच्छया विश्वमिदं भवाभवौ
तनोति मूलप्रकृतिं नताः स्म ताम्॥ २१
पाहि त्रयोविंशगुणान् सुशब्दितान्
जगत्यशेषे समधिष्ठिता परा।
यद्रूपकर्माणि जगत्त्रयोऽपि ते
विदुर्न मूलप्रकृतिं नताः स्म ताम्॥ २२
यद्भक्तियुक्ताः पुरुषास्तु नित्यं
दारिद्र्यमोहात्ययसंभवादीन्।
न प्राप्नुवन्त्येव हि भक्तवत्सलां
सदैव मूलप्रकृतिं नताः स्म ताम्॥ २३

कुरु कार्यं महादेवि देवानां नः परेश्वरि।
विष्णुमोहं हर शिवे दुर्गे देवि नमोऽस्तु ते॥ २४

जलंधरस्य शंभोश्च रणे कैलासवासिनः।
प्रवृत्ते तद्वधार्थाय गौरीशासनतः शिवे॥ २५

वृन्दा विमोहिता देवि विष्णुना हि प्रयत्नतः।
स्ववृषात्त्याजिता वह्नौ भस्मीभूता गतिं गता॥ २६

जलंधरो हतो युद्धे तद्भयान्मोचिता वयम्।
गिरिशेन कृपां कृत्वा भक्तानुग्रहकारिणा॥ २७

तदाज्ञया वयं सर्वे शरणं ते समागताः।
त्वं हि शंभुर्युवां देवि भक्तोद्धारपरायणौ॥ २८

हे देवताहरू हो! तपाईंहरू विष्णुको मोह दूर गर्नका लागि शीघ्र शरणदायिनी, मोहिनी तथा सबै कामनाहरू पूर्ण गर्ने शिवा नामक मायाको शरणमा जानुहोस् र त्यस मेरी शक्तिलाई सन्तुष्ट पार्ने स्तुति गर्नुहोस्, यदि उनी प्रसन्न भइन् भने [तपाईंहरूको] सारा कार्य पूर्ण गर्नेछिन्॥ १६—१८॥

सनत्कुमार भन्नुहुन्छ—हे व्यास! पंचमुख भगवान् शंकर हर ती देवताहरूसित यस्तो भनेर आफ्ना सबै गणका साथ अन्तर्धान हुनुभयो र शंकरको आज्ञाअनुसार इन्द्रसहित ब्रह्मादिक देवता मनबाट भक्तवत्सला मूलप्रकृतिको स्तुति गर्न लागे॥ १९-२०॥

देवता भन्दछन्—जुन मूलप्रकृतिबाट उत्पन्न भएको सत्त्व, रज र तम—यी गुण यस सृष्टिको सृजना, पालन तथा संहार गर्दछन् र जसको इच्छाबाट यस विश्वको आविर्भाव तथा तिरोभाव हुन्छ, त्यस मूलप्रकृतिलाई हामी नमस्कार गर्दछौँ। जुन परा शक्ति शब्द आदि तेइस गुणहरूबाट समन्वित भई यस जगत्‌मा व्याप्त छ, जसको रूप र कर्मलाई ती तीनवटै लोक जान्दैनन्, त्यस मूलप्रकृतिलाई हामी नमस्कार गर्दछौँ॥ २१-२२॥ जसको भक्तिले युक्त पुरुष दारिद्र्य, मोह, उत्पत्ति तथा विनाश आदिलाई प्राप्त गर्दैनन्, ती भक्तवत्सला मूलप्रकृतिलाई हामी नमस्कार गर्दछौँ॥ २३॥

हे महादेवी! हे परमेश्वरी! हामी देवताहरूको कार्य गर्नुहोस्। हे शिवा! विष्णुको मोहलाई दूर गर्नुहोस्। हे दुर्गा! हजुरलाई नमस्कार छ॥ २४॥

हे देवी! कैलासवासी शंकर एवं जलन्धरको युद्धमा त्यसको वध गर्नका लागि शिव प्रवृत्त हुँदामा गौरीको आदेशबाट नै विष्णुले ठुलो प्रयत्नका साथ वृन्दालाई मोहित पार्नुभयो र उनको सतीत्व नष्ट पार्नुभयो। तब उनी अग्निमा भस्म भइन् र उत्तम गतिलाई प्राप्त गरिन्॥ २५-२६॥ तब भक्तहरूमाथि अनुग्रह गर्नुहुने शंकरले हामीहरूमाथि कृपा गरी जलन्धरको वध गरिदिनुभयो र हामी सबैलाई उसको भयबाट पनि मुक्त पारिदिनुभएको छ॥ २७॥

हे देवी! हामी सबै ती शंकरको आज्ञाले हजुरको शरणमा आएका छौँ; किनभने हजुर र शंकर दुवै आफ्ना भक्तहरूको उद्धार गर्नमा निरत रहनुहुन्छ॥ २८॥

2325_Sihvpurana_Part_1_Nepali_Section_31_1_Back
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वृन्दालावण्यसंभ्रांतो विष्णुस्तिष्ठति तत्र वै।
तच्चिताभस्मसंधारी ज्ञानभ्रष्टो विमोहितः॥ २९

[हे भगवती!] वृन्दाको लावण्यबाट भ्रमित भएका विष्णु यस समय ज्ञानबाट भ्रष्ट तथा विमोहित भएर उनको चिताको भस्म धारण गरी त्यहीँ स्थित हुनुहुन्छ॥ २९॥

संसिद्धसुरसंघैश्च बोधितोऽपि महेश्वरि।
न बुध्यते हरिः सोऽथ तव मायाविमोहितः॥ ३०

कृपां कुरु महादेवि हरिं बोधय बोधय।
यथा स्वलोकं पायात्स सुचित्तः सुरकार्यकृत्॥ ३१

हे महेश्वरी! हजुरको मायाबाट मोहित हुनाको कारण सिद्धहरू तथा देवताहरूद्वारा सम्झाउँदामा पनि ती विष्णु सम्झिरहेका छैनन्। हे महादेवी! कृपा गर्नुहोस् र विष्णुलाई सम्झाउनुहोस्, जसबाट देवताहरूको कार्य गर्नुहुने ती विष्णु स्वस्थचित्त भएर आफ्नो लोकको रक्षा गरून्॥ ३०-३१॥

इति स्तुवंतस्ते देवाः तेजोमंडलमास्थितम्।
ददृशुर्गगने तत्र ज्वालाव्याप्तदिगन्तरम्॥ ३२

तन्मध्याद्भारतीं सर्वे ब्रह्माद्याश्च सवासवाः।
अमराः शुश्रुवुर्व्यास कामदां व्योमचारिणीम्॥ ३३

यस प्रकारको स्तुति गर्दै गरेका देवताहरूले आफ्नू कान्तिले समस्त दिशाहरूलाई व्याप्त गर्दै गरेको एउटा तेजोमण्डललाई आकाशमा स्थित देखे। हे व्यास! इन्द्रसहित ब्रह्मा आदि सबै देवताहरूले त्यस [तेजोमण्डल]-को बिचबाट मनोरथ प्रदान गर्ने आकाशवाणी सुने॥ ३२-३३॥

आकाशवाण्युवाच

अहमेव त्रिधा भिन्ना तिष्ठामि त्रिविधैर्गुणैः।
गौरी लक्ष्मीः सुरा ज्योती रजःसत्त्वतमोगुणैः॥ ३४

तत्र गच्छत यूयं वै तासामंतिक आदरात्।
मदाज्ञया प्रसन्नास्ता विधास्यन्ते तदीप्सितम्॥ ३५

आकाशवाणी भन्दछिन्—हे देवताहरू हो! म नै तीन प्रकारका गुणहरूद्वारा अलग-अलग तीन रूपमा स्थित छु; रजोगुणरूपबाट गौरी, सत्त्वगुणबाट लक्ष्मी तथा तमोगुणबाट सुराज्योतिको रूपमा स्थित छु। अतः तपाईंहरू मेरो आज्ञाले ती देवीहरूको समीप आदरपूर्वक जानुहोस्, ती प्रसन्न भएर यस मनोरथलाई पूर्ण गर्ने छन्॥ ३४-३५॥

सनत्कुमार उवाच

शृण्वतामिति तां वाचमन्तर्द्धानमगान्महः।
देवानां विस्मयोत्फुल्लनेत्राणां तत्तदा मुने॥ ३६

ततः सर्वेऽपि ते देवाः श्रुत्वा तद्वाक्यमादरात्।
गौरीं लक्ष्मीं सुरां चैव नेमुस्तद्वाक्यचोदिताः॥ ३७

सनत्कुमार भन्नुहुन्छ—हे मुनि! विस्मयबाट प्रफुल्ल नेत्र भएका देवताहरूद्वारा त्यस वाणीलाई सुन्नासाथ त्यो तेज अन्तर्धान हुन गयो। तत्पश्चात् सबै देवगण त्यस आकाशवाणीलाई सुनेर तथा त्यस वाक्यबाट प्रेरित भएर गौरी, लक्ष्मी तथा सुरादेवीलाई प्रणाम गर्न लागे॥ ३६-३७॥

तुष्टुवुश्च महाभक्त्या देवीस्ताः सकलाः सुराः।
नानाविधाभिर्वाग्भिस्ते ब्रह्माद्या नतमस्तकाः॥ ३८

ब्रह्मादि सबै देवताहरूले नतमस्तक भएर विविध स्तुतिहरूबाट परम भक्तिपूर्वक ती देविहरूको स्तुति गरे॥ ३८॥

ततोऽरं व्यास देव्यस्ता आविर्भूताश्च तत्पुरः।
महाद्भुतैः स्वतेजोभिर्भासयन्त्यो दिगंतरम्॥ ३९

अथ ता अमरा दृष्ट्वा सुप्रसन्नेन चेतसा।
प्रणम्य तुष्टुवुर्भक्त्या स्वकार्यं च न्यवेदयन्॥ ४०

हे व्यास! तब ती देवीहरू आफ्नो अद्भुत तेजले सबै दिशाहरूलाई प्रकाशित गर्दै शीघ्र उनीहरूका समक्षमा प्रकट हुनुभयो। तब देवताहरूले ती देवीहरूलाई देखेर अत्यन्त प्रसन्नमनले प्रणाम गरी भक्तिपूर्वक उहाँहरूको स्तुति गरे र आफ्नो कार्य निवेदित गरे॥ ३९-४०॥

2325_Sihvpurana_Part_1_Nepali_Section_31_2_Front
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततश्चैताः सुरान्दृष्ट्वा प्रणतान्भक्तवत्सलाः।
बीजानि प्रददुस्तेभ्यो वाक्यमूचुश्च सादरम्॥ ४१

त्यसपछि भक्तवत्सला ती देवीहरूले प्रणाम गर्दै गरेका देवताहरूलाई देखेर उनीहरूलाई आ-आफ्नो बीज दिँदै आदरपूर्वक यो वचन भन्नुभयो— ॥ ४१ ॥

देव्य ऊचुः

इमानि तत्र बीजानि विष्णुर्यत्रावतिष्ठति।
निर्वपध्वं ततः कार्यं भवतां सिद्धिमेष्यति॥ ४२

देवीहरू भन्नुहुन्छ—[हे देवगणहरू हो!] जहाँ विष्णु स्थित छन्, त्यहाँ यी बीजहरूलाई छरिदिनू, यसबाट तपाईंहरूको कार्य सिद्ध हुनेछ॥ ४२॥

सनत्कुमार उवाच

इत्युक्त्वा तास्ततो देव्योऽन्तर्हिता अभवन्मुने।
रुद्रविष्णुविधीनां हि शक्तयस्त्रिगुणात्मिकाः॥ ४३

ततस्तुष्टाः सुराः सर्वे ब्रह्माद्याश्च सवासवाः।
तानि बीजानि संगृह्य ययुर्यत्र हरिः स्थितः॥ ४४

सनत्कुमार भन्नुहुन्छ—हे मुनि! यस प्रकार भनेर ती देवीहरू अन्तर्धान हुनुभयो। ती ब्रह्मा, विष्णु तथा रुद्रका त्रिगुणात्मक शक्तिहरू थिए। तब इन्द्रसहित ब्रह्मा आदि सबै देवता प्रसन्न भए र ती बीजहरूलाई लिएर त्यहाँ गए, जहाँ भगवान् विष्णु स्थित हुनुहुन्थ्यो॥ ४३-४४॥

वृन्दाचिताभूमितले चिक्षिपुस्तानि ते सुराः।
स्मृत्वा ताः संस्थितास्तत्र शिवशक्त्यंशका मुने॥ ४५

हे मुनि! ती देवताहरूले वृन्दाको चिताको तल भूतलमा ती बीजहरूलाई राखिदिए र शिव-शक्तिहरूको स्मरण गरी त्यहीँ स्थित भए॥ ४५॥

निक्षिप्तेभ्यश्च बीजेभ्यो वनस्पत्यस्त्रयोऽभवन्।
धात्री च मालती चैव तुलसी च मुनीश्वर॥ ४६

धात्र्युद्भवा स्मृता धात्री माभवा मालती स्मृता।
गौरीभवा च तुलसी तमःसत्त्वरजोगुणाः॥ ४७

हे मुनीश्वर! ती राखिएका बीजहरूबाट धात्री, मालती तथा तुलसी नामक तीन वनस्पति उत्पन्न भए। धात्रीको अंशबाट धात्री, महालक्ष्मीको अंशबाट मालती तथा गौरीको अंशबाट तुलसी भए। जुन तम, सत्त्व तथा रजोगुणले युक्त थिए॥ ४६-४७॥

विष्णुर्वनस्पतीर्दृष्ट्वा तदा स्त्रीरूपिणीर्मुने।
उदतिष्ठत्तदा तासु रागातिशयविभ्रमः॥ ४८

दृष्ट्वा स याचते मोहात्कामासक्तेन चेतसा।
तं चापि तुलसी धात्री रागेणैवावलोकताम्॥ ४९

हे मुनि! तब स्त्रीरूपिणी ती वनस्पतिहरूलाई देखेर उनीहरूप्रति विशेष रागविलासको विभ्रमले युक्त भएर विष्णु उठेर बस्नुभयो। तिनलाई देखेर मोहको कारण कामासक्त चित्तले उहाँ उनीहरूसित प्रेमको याचना गर्न लाग्नुभयो। तुलसी एवं धात्रीले पनि रागपूर्वक उनको अवलोकन गरे॥ ४८-४९॥

यच्च बीजं पुरा लक्ष्म्या माययैव समर्पितम्।
तस्मात्तदुद्भवा नारी तस्मिन्नीर्ष्यापराभवत्॥ ५०

अतः सा बर्बरीत्याख्यामवापातीव गर्हिताम्।
धात्रीतुलस्यौ तद्रागात्तस्य प्रीतिप्रदे सदा॥ ५१

सर्वप्रथम लक्ष्मीले जुन बीजलाई मायाले देवताहरूलाई दिएकी थिइन्, त्यसबाट उत्पन्न भएकी स्त्री मालती उनीसित ईर्ष्या गर्न लागिन्। यसैले उनी बर्बरी—यस गर्हित नामले पृथ्वीमा विख्यात भइन् र धात्री तथा तुलसी रागको कारण ती विष्णुका लागि सदा प्रीतिप्रद भए॥ ५०-५१॥

ततो विस्मृतदुःखोऽसौ विष्णुस्ताभ्यां सहैव तु।
वैकुंठमगमत्तुष्टः सर्वदेवैर्नमस्कृतः॥ ५२

कार्तिके मासि विप्रेन्द्र धात्री च तुलसी सदा।

तब विष्णुको दुःख दूर भयो र उहाँ सबै देवताहरूबाट नमस्कृत हुँदै प्रसन्न भएर ती दुवैका साथ वैकुण्ठ-लोकमा जानुभयो। हे विप्रेन्द्र! कार्तिक महिनामा धात्री र तुलसीलाई सबै देवताहरूका लागि प्रिय जान्नुपर्छ र विशेष गरी विष्णुलाई यी अत्यन्त

2325_Sihvpurana_Part_1_Nepali_Section_31_2_Back
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वदेवप्रिया ज्ञेया विष्णोश्चैव विशेषतः ॥ ५३
तत्रापि तुलसी धन्यातीव श्रेष्ठा महामुने।
त्यक्त्वा गणेशं सर्वेषां प्रीतिदा सर्वकामदा ॥ ५४

प्रिय छन्। हे महामुनि! ती दुवैमा पनि तुलसी अत्यन्त श्रेष्ठ तथा धन्य छिन्। गणेशलाई छोडेर सबै देवताहरूलाई तुलसी प्रिय छिन् तथा सम्पूर्ण कामनाहरूलाई पूर्ण गर्दछिन् ॥ ५२—५४ ॥

वैकुण्ठस्थं हरिं दृष्ट्वा ब्रह्मेन्द्राद्याश्च तेऽमराः।
नत्वा स्तुत्वा महाविष्णुं स्वस्वधामानि वै ययुः ॥ ५५

यस प्रकार ब्रह्मा, इन्द्र आदि ती देवता विष्णुलाई वैकुण्ठमा स्थित देखेर उहाँलाई नमस्कार गरी तथा उहाँको स्तुति गरी आ-आफ्नो स्थानमा गए ॥ ५५ ॥

वैकुण्ठोऽपि स्वलोकस्थो भ्रष्टमोहः सुबोधवान्।
सुखी चाभून्मुनिश्रेष्ठ पूर्ववत्संस्मरन् शिवम् ॥ ५६

इत्याख्यानमघौघघ्नं सर्वकामप्रदं नृणाम्।
सर्वकामविकारघ्नं सर्वविज्ञानवर्द्धनम् ॥ ५७

हे मुनिश्रेष्ठ! मोह भंग हुन जानाले विष्णु ज्ञान प्राप्त गरी शिवको स्मरण गर्दै आफ्नो वैकुण्ठलोकमा सुखपूर्वक निवास गर्न लाग्नुभयो। यो आख्यान मनुष्यहरूको सबै पापहरूलाई दूर गर्ने, मनुष्यहरूको सम्पूर्ण कामनाहरूलाई पूर्ण गर्ने, समस्त कामविकार-हरूलाई नष्ट गर्ने तथा सबै प्रकारका विज्ञानलाई बढाउने खालको छ ॥ ५६-५७ ॥

य इदं हि पठेन्नित्यं पाठयेद्वापि भक्तिमान्।
शृणुयाच्छ्रावयेद्वापि स याति परमां गतिम् ॥ ५८

पठित्वा य इदं धीमानाख्यानं परमोत्तमम्।
संग्रामं प्रविशेद्वीरो विजयी स्यान्न संशयः ॥ ५९

जो भक्तिले युक्त भएर यस आख्यानलाई नित्य पढ्छ, पढाउँछ, सुन्छ अथवा सुनाउँछ, त्यसले परम गतिलाई प्राप्त गर्छ। जो बुद्धिमान् वीर यस अत्युत्तम आख्यानलाई पढेर संग्राममा जान्छ, त्यो विजयी हुन्छ, यसमा सन्देह छैन ॥ ५८-५९ ॥

विप्रानां ब्रह्मविद्यादं क्षत्रियाणां जयप्रदम्।
वैश्यानां सर्वधनदं शूद्राणां सुखदं त्विदम् ॥ ६०

यो [आख्यान] ब्राह्मणहरूलाई ब्रह्मविद्या दिने, क्षत्रियहरूलाई जय प्रदान गर्ने, वैश्यहरूलाई अनेक प्रकारका धन दिने तथा शूद्रहरूलाई सुखदायक छ ॥ ६० ॥

शंभुभक्तिप्रदं व्यास सर्वेषां पापनाशनम्।
इहलोके परत्रापि सदा सद्गतिदायकम् ॥ ६१

हे व्यास! यो शिवमा भक्ति प्रदान गर्ने, सबैको पापहरूको नाश गर्ने र यस लोक तथा परलोकमा उत्तम गति दिने खालको छ ॥ ६१ ॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे जलंधरवधानंतर-देवीस्तुतिविष्णुमोहविध्वंसवर्णनं नाम षड्विंशोऽध्यायः ॥ २६ ॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा जलन्धरको वधपश्चात् देवीस्तुति-विष्णुमोहविध्वंसवर्णन नामक छब्बिसौँ अध्याय पूर्ण भयो ॥ २६ ॥

अथ सप्तविंशोऽध्यायः

शंखचूड उत्पत्तिको कथा

सनत्कुमार उवाच

अथान्यच्छंभुचरितं प्रेमतः शृणु वै मुने।
यस्य श्रवणमात्रेण शिवभक्तिर्दृढा भवेत् ॥ १

सनत्कुमार भन्नुहुन्छ—हे मुनि! अब तपाईं शंकरको एउटा अर्को चरित प्रेमपूर्वक सुन्नुहोस्, जसलाई सुन्नाले मात्र पनि शंकरप्रति दृढ भक्ति उत्पन्न हुन जान्छ ॥ १ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शंखचूडाभिधो वीरो दानवो देवकंटकः।
यथा शिवेन निहतो रणमूर्ध्नि त्रिशूलतः॥ २

तच्छंभुचरितं दिव्यं पवित्रं पापनाशनम्।
शृणु व्यास सुसंप्रीत्या वच्मि सुस्नेहतस्तव॥ ३

मरीचेस्तनयो धातुः पुत्रो यः कश्यपो मुनिः।
स धर्मिष्ठः सृष्टिकर्त्ता विद्याज्ञ्नः प्रजापतिः॥ ४

दक्षः प्रीत्या ददौ तस्मै निजकन्यास्त्रयोदश।
तासां प्रसूतिः प्रसभं न कथ्या बहुविस्तृताः॥ ५

यत्र देवादिनिखिलं चराचरमभूज्जगत्।
विस्तरात्तत्प्रवक्तुं च कः क्षमोऽस्ति त्रिलोकके॥ ६

प्रस्तुतं शृणु वृत्तान्तं शंभुलीलान्वितं च यत्।
तदेव कथयाम्यद्य शृणु भक्तिप्रवर्द्धनम्॥ ७

तासु कश्यपपत्नीषु दनुस्त्वेका वरांगना।
महारूपवती साध्वी पतिसौभाग्यवर्द्धिता॥ ८
आसंस्तस्या दनोः पुत्रा बहवो बलवत्तराः।
तेषां नामानि नोच्यन्ते विस्तारभयतो मुने॥ ९
तेष्वेको विप्रचित्तिस्तु महाबलपराक्रमः।
तत्पुत्रो धार्मिको दंभो विष्णुभक्तो जितेन्द्रियः॥ १०

नासीत्तत्तनयो वीरस्ततश्चिंतापरोऽभवत्।
शुक्राचार्यं गुरुं कृत्वा कृष्णमंत्रमवाप्य च॥ ११

तपश्चकार परमं पुष्करे लक्षवर्षकम्।
कृष्णमंत्रं जजापैव दृढं बद्ध्वासनं चिरम्॥ १२

तपः प्रकुर्वतस्तस्य मूर्ध्नो निःसृत्य प्रज्वलत्।
विससार च सर्वत्र तत्तेजो हि सुदुःसहम्॥ १३

तेन तप्ताः सुराः सर्वे मुनयो मनवस्तथा।
सुनासीरं पुरस्कृत्य ब्रह्माणं शरणं ययुः॥ १४

प्रणम्य च विधातारं दातारं सर्वसंपदाम्।
तुष्टुवुर्विकलाः प्रोचुः स्ववृत्तान्तं विशेषतः॥ १५

एउटा शंखचूड नामक दानव थियो, जो महावीर र देवताहरूका लागि कण्टक थियो। शिवले त्रिशूलबाट जुन प्रकार युद्धभूमिमा त्यसको वध गर्नुभयो, हे व्यास! त्यस पवित्र, पापनाशक तथा दिव्य चरित्रलाई तपाईं अत्यन्त प्रेमपूर्वक सुन्नुहोस्, म तपाईंको स्नेहले त्यसलाई भन्न लागिरहेको छु॥ २-३॥

पूर्व समयमा ब्रह्माका मरीचि नामक पुत्र भए। ती मरीचिका पुत्र जो कश्यप मुनि भए, ती बडो धर्मशील, सृष्टिकर्ता, विद्यावान् तथा प्रजापति थिए॥ ४॥

दक्षले उनलाई प्रेमपूर्वक आफ्नी तेह्रवटी कन्या प्रदान गरे, उनीहरूका धेरै सन्तानहरू भए, जसको विस्तारपूर्वक यहाँ भन्न सम्भव छैन। उनीहरूबाट नै सम्पूर्ण देवता तथा चराचर जगत् उत्पन्न भयो। तीनवटै लोकमा उनीहरूको विस्तारलाई भन्नमा को समर्थ छ? अब प्रस्तुत वृत्तान्तलाई सुन्नुहोस्, जुन शिवलीलाबाट युक्त तथा भक्तिलाई बढाउने खालको छ, म त्यसको वर्णन गर्दै छु, सुन्नुहोस्। कश्यपकी ती स्त्रीहरूमा एउटी दनु नाम गरेकी थिइन्, जो सुन्दरी, महारूपवती, साध्वी एवं पतिको सौभाग्यले सम्पन्न थिइन्॥ ५—८॥ त्यस दनुका अनेकौँ बलवान् पुत्र थिए। हे मुनि! विस्तारको डरले म उनीहरूको नामलाई यहाँ बताउँदिन॥ ९॥ तीमध्येमा एउटा विप्रचित्ति नामक दानव थियो, जुन महाबलवान् तथा पराक्रमी थियो। त्यसको दम्भ नामक पुत्र धार्मिक, विष्णुभक्त तथा जितेन्द्रिय भयो। दम्भबाट कुनै पुत्र भएन, यसैले त्यो चिन्ताग्रस्त रहन्थ्यो। उसले शुक्राचार्यलाई गुरु बनाएर कृष्णमन्त्र प्राप्त गरी पुष्कर क्षेत्रमा एक लाख वर्षसम्म घोर तपस्या गर्‍यो। उसले दृढतापूर्वक आसन लगाएर दीर्घकालसम्म कृष्णमन्त्रको जप गर्‍यो॥ १०-१२॥ तपस्या गर्दै गरेको त्यस दैत्यको शिरबाट एउटा बल्दै गरेको दुःसह तेज निस्केर चारैतिर फैलन लाग्यो॥ १३॥

त्यस तेजबाट सबै देवता, मुनि एवं मनुगण सन्तप्त भए र इन्द्रलाई अघि गरी ती ब्रह्माको शरणमा गए। उनीहरूले सम्पूर्ण सम्पत्तिहरूका दाता ब्रह्मालाई प्रणाम गरी उहाँको स्तुति गरे र व्याकुल भएर आफ्ना वृत्तान्त विशेषरूपले निवेदन गरे॥ १४-१५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तदाकर्ण्य विधातापि वैकुंठं तैर्ययौ सह।
तदेव विज्ञापयितुं निखिलेन हि विष्णवे॥ १६

तत्र गत्वा त्रिलोकेशं विष्णुं रक्षाकरं परम्।
प्रणम्य तुष्टुवुः सर्वे करौ बद्ध्वा विनम्रकाः॥ १७

देवा ऊचुः

देवदेव न जानीमो जातं किं कारणं त्विह।
संतप्ताः सकला जातास्तेजसा केन तद्वद॥ १८
तप्तात्मनां त्वमविता दीनबंधोऽनुजीविनाम्।
रक्ष रक्ष रमानाथ शरण्यः शरणागतान्॥ १९

सनत्कुमार उवाच

इति श्रुत्वा वचो विष्णुर्ब्रह्मादीनां दिवौकसाम्।
उवाच विहसन्प्रेम्णा शरणागतवत्सलः॥ २०

विष्णुरुवाच

सुस्वस्था भवताव्यग्रा न भयं कुरुतामराः।
नोपप्लवा भविष्यन्ते लयकालो न विद्यते॥ २१

दानवो दंभनामा हि मद्भक्तः कुरुते तपः।
पुत्रार्थी शमयिष्यामि तमहं वरदानतः॥ २२

सनत्कुमार उवाच

इत्युक्तास्ते सुराः सर्वे धैर्यमालंब्य वै मुने।
ययुर्ब्रह्मादयः सुस्थाः स्वस्वधामानि सर्वशः॥ २३

अच्युतोऽपि वरं दातुं पुष्करं संजगाम ह।
तपश्चरति यत्रासौ दंभनामा हि दानवः॥ २४

तत्र गत्वा वरं ब्रूहीत्युवाच परिसान्त्वयन्।
गिरा सूनृतया भक्तं जपन्तं स्वमनुं हरिः॥ २५

तच्छ्रुत्वा वचनं विष्णोर्दृष्ट्वा तं च पुरः स्थितम्।
प्रणनाम महाभक्त्या तुष्टाव च पुनः पुनः॥ २६

दंभ उवाच

देवदेव नमस्तेऽस्तु पुंडरीकविलोचन।
रमानाथ त्रिलोकेश कृपां कुरु ममोपरि॥ २७
स्वभक्तं तनयं देहि महाबलपराक्रमम्।
त्रिलोकजयिनं वीरमजेयं च दिवौकसाम्॥ २८

त्यसलाई सुनेर ब्रह्मा पनि ती देवताहरूलाई साथ लिएर त्यसलाई पूर्णरूपले विष्णुसित भन्नका लागि वैकुण्ठलोक जानुभयो॥ १६॥ त्यहाँ गएर सबैको रक्षा गर्नुहुने त्रिलोकेश विष्णुलाई हात जोडेर प्रणाम गरी विनम्र भई ती सबै उहाँको स्तुति गर्न लागे॥ १७॥

देवता भन्दछन्—हे देवदेव! हामी जान्दैनौँ कि कुन तेजबाट हामीहरू सबै अत्यधिक सन्तप्त भइरहेका छौँ, यसमा कुनचाहिँ कारण छ, त्यसलाई हजुर बताइदिनुहोस्? हे दीनबन्धो! हजुर सन्तप्तचित्त आफ्ना सेवकहरूको रक्षक हुनुहुन्छ। हे रमानाथ! हजुर [सबैलाई] शरण दिनुहुन्छ। हामी शरणागतहरूको रक्षा गर्नुहोस्, रक्षा गर्नुहोस्॥ १८-१९॥

सनत्कुमार भन्नुहुन्छ—ब्रह्मादि देवताहरूका यी कुरा सुनेर शरणागतवत्सल भगवान् विष्णु हाँस्तै प्रेमपूर्वक भन्न लाग्नुभयो— ॥ २०॥

विष्णु भन्नुहुन्छ—हे देवताहरू हो! तपाईंहरू निश्चिन्त तथा शान्त रहनुहोस् र भयभीत नहुनुहोस्, अहिले प्रलयकाल उपस्थित भएको छैन तथा न त कुनै उपद्रव नै हुनेवाला छ। मेरो भक्त दम्भ नामक दानव तपस्या गरिरहेको छ, त्यो पुत्र चाँहन्छ, यसैले म उसलाई वरदान दिएर शान्त पारिदिन्छु॥ २१-२२॥

सनत्कुमार भन्नुहुन्छ—हे मुनि! विष्णुले यस्तो भन्नुभएपछि ब्रह्मा आदि ती सबै देवता धैर्य धारण गरी पूर्णरूपले स्वस्थ भएर आ-आफ्नो निवासस्थानमा गए॥ २३॥ भगवान् विष्णु पनि वर दिनका लागि पुष्कर क्षेत्रमा जानुभयो, जहाँ त्यो दम्भ नामक दानव तपस्या गरिरहेको थियो॥ २४॥

त्यहाँ गएर विष्णुले आफ्नो मन्त्रको जप गर्दै गरेको त्यस भक्तलाई सान्त्वना दिँदै मधुर वाणीमा भन्नुभयो—वर माग। तब विष्णुको यो वचन सुनेर तथा उहाँलाई आफ्नो सामुन्ने उभिएको देखेर उसले महाभक्तिले उहाँलाई प्रणाम गर्‍यो तथा बारम्बार स्तुति गर्‍यो— ॥ २५-२६॥

दम्भ भन्दछ—हे देवदेव! हे कमललोचन! हे रमानाथ! हे त्रिलोकेश! हजुरलाई प्रणाम छ, ममाथि कृपा गर्नुहोस्। हजुर मलाई महाबली, पराक्रमी, तीनै लोकलाई जित्ने, वीर, देवताहरूका लागि अजेय तथा हजुरको भक्तिले युक्त पुत्र प्रदान गर्नुहोस्॥ २७-२८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सनत्कुमार उवाच

इत्युक्तो दानवेन्द्रेण तं वरं प्रददौ हरिः।
निवर्त्य चोग्रतपसः ततः सोऽन्तरधान्मुने॥ २९
गते हरौ दानवेन्द्रः कृत्वा तस्यै दिशे नमः।
जगाम स्वगृहं सिद्धतपाः पूर्णमनोरथः॥ ३०

कालेनाल्पेन तत्पत्नी सगर्भा भाग्यवत्यभूत्।
रराज तेजसात्यन्तं रोचयंती गृहान्तरम्॥ ३१

सुदामा नाम गोपो यो कृष्णस्य पार्षदाग्रणीः।
तस्या गर्भे विवेशासौ राधाशप्तश्च यन्मुने॥ ३२

असूत समये साध्वी सुप्रभं तनयं ततः।
जातकं सुचकारासौ पिताऽऽहूय मुनीन्बहून्॥ ३३

उत्सवः सुमहानासीत्तस्मिञ्जाते द्विजोत्तम।
नाम चक्रे पिता तस्य शंखचूडेति सद्दिने॥ ३४
पितुर्गेहे स ववृधे शुक्लपक्षे यथा शशी।
शैशवेऽभ्यस्तविद्यस्तु स बभूव सुदीप्तिमान्॥ ३५

स बालक्रीडया नित्यं पित्रोर्हर्षं ततान ह।
प्रियो बभूव सर्वेषां कुलजानां विशेषतः॥ ३६

सनत्कुमार भन्नुहुन्छ—दानवेन्द्रले यस प्रकार भनेपछि नारायणले उसलाई त्यस्तै वरदान दिनुभयो र हे मुनि! उसलाई तपस्याबाट विरत गरी उहाँ अन्तर्धान हुनुभयो॥ २९॥ भगवान् अन्तर्धान हुनुभएपछि सिद्ध तपवाला तथा पूर्ण मनोरथवाला त्यो दानव त्यस दिशालाई नमस्कार गरी आफ्नो घर गयो॥ ३०॥

त्यसपछि केही समयमा उसकी भाग्यवती पत्नीले गर्भ धारण गरिन् र आफ्नो तेजले घरलाई प्रकाशित पार्दै उनी शोभा प्राप्त गर्न लागिन्॥ ३१॥

हे मुनि! सुदामा नामक गोप, जो कृष्णका प्रधान पार्षद थिए, जसलाई राधाले श्राप दिएकी थिइन्, त्यही उनको गर्भमा आयो। समय आएपछि त्यस साध्वीले तेजस्वी पुत्रलाई जन्म दिइन्। त्यस अवसरमा पिताले धेरैजसो मुनिहरूलाई बोलाएर उसको जातकर्म-संस्कार गराए॥ ३२-३३॥

हे द्विजश्रेष्ठ! त्यसको जन्म हुँदामा महान् उत्सव भयो र पिताले शुभ दिनमा उसको शंखचूड—यो नाम राखे। त्यो [शंखचूड] पिताको घरमा शुक्लपक्षको चन्द्रमा समान बढ्न लाग्यो र बाल्यावस्थामा नै नौ विद्याको अभ्यास गरी अत्यन्त तेजस्वी भयो॥ ३४-३५॥

त्यो आफ्नू बालक्रीडाबाट माता-पिताको हर्षलाई नित्य बढाउन लाग्यो। त्यो सबैको प्रिय भयो र आफ्नो कुटुम्बहरूको विशेष प्रिय भयो॥ ३६॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे शंखचूडोत्पत्तिवर्णनं नाम सप्तविंशोऽध्यायः॥ २७॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा शंखचूडोत्पत्तिवर्णन नामक सत्ताईसौँ अध्याय पूर्ण भयो॥ २७॥

अथाष्टाविंशोऽध्यायः

शंखचूडको पुष्कर-क्षेत्रमा तपस्या, ब्रह्माद्वारा उसलाई वर प्राप्ति, ब्रह्माको प्रेरणाले शंखचूडको तुलसीसित विवाह

सनत्कुमार उवाच

ततश्च शंखचूडोऽसौ जैगीषव्योपदेशतः।
तपश्चकार सुप्रीत्या ब्रह्मणः पुष्करे चिरम्॥ १

गुरुदत्तां ब्रह्मविद्यां जजाप नियतेन्द्रियः।
स एकाग्रमना भूत्वा करणानि निगृह्य च॥ २

सनत्कुमार भन्नुहुन्छ—त्यसपछि त्यस शंखचूडले जैगीषव्य महर्षिको उपदेशबाट पुष्करक्षेत्रमा प्रीतिपूर्वक धेरै समयसम्म ब्रह्माको तपस्या गऱ्यो। उसले एकाग्रमन गरी इन्द्रियहरू तथा तिनका विषयहरूलाई जितेर गुरुद्वारा प्रदान गरिएका ब्रह्मविद्याको जप गर्न प्रारम्भ गऱ्यो॥ १-२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तपन्तं पुष्करे तं वै शंखचूडं च दानवम्।
वरं दातुं जगामाशु ब्रह्मा लोकगुरुर्विभुः॥ ३

वरं ब्रूहीति प्रोवाच दानवेन्द्रं विधिस्तदा।
स दृष्ट्वा तं ननामातिनम्रस्तुष्टाव सद्गिरा॥ ४

वरं ययाचे ब्रह्माणमजेयत्वं दिवौकसाम्।
तथेत्याह विधिस्तं वै सुप्रसन्नेन चेतसा॥ ५

श्रीकृष्णकवचं दिव्यं जगन्मंगलमंगलम्।
दत्तवान् शंखचूडाय सर्वत्र विजयप्रदम्॥ ६

बदरीं संप्रयाहि त्वं तुलस्या सह तत्र वै।
विवाहं कुरु तत्रैव सा तपस्यति कामतः॥ ७

धर्मध्वजसुता सेति संदिदेश च तं विधिः।
अन्तर्धानं जगामाशु पश्यतस्तस्य तत्क्षणात्॥ ८

ततः स शंखचूडो हि तपःसिद्धोऽतिपुष्करे।
गले बबंध कवचं जगन्मंगलमंगलम्॥ ९

आज्ञया ब्रह्मणः सोऽपि तपःसिद्धमनोरथः।
समाययौ प्रहृष्टास्यस्तूर्णं बदरिकाश्रमम्॥ १०

यदृच्छयाऽऽगतस्तत्र शंखचूडश्च दानवः।
तपश्चरन्ती तुलसी यत्र धर्मध्वजात्मजा॥ ११

सुरूपा सुस्मिता तन्वी शुभभूषणभूषिता।
सकटाक्षं ददर्शासौ तमेव पुरुषं परम्॥ १२

दृष्ट्वा तां ललितां रम्यां सुशीलां सुन्दरीं सतीम्।
उवास तत्समीपे तु मधुरं तामुवाच सः॥ १३

शंखचूड उवाच

का त्वं कस्य सुता त्वं हि किं करोषि स्थितात्र किम्।
मौनीभूता किंकरं मां संभावितुमिहार्हसि॥ १४

सनत्कुमार उवाच

इत्येवं वचनं श्रुत्वा सकामं तमुवाच सा॥ १५

यस प्रकार पुष्करमा तपस्या गरिरहेको त्यस शंखचूड दानवलाई वर दिनका लागि लोकगुरु विभु ब्रह्मा शीघ्र त्यहाँ जानुभयो॥ ३॥

ब्रह्माले जब त्यस दानवेन्द्रसित भन्नुभयो—'वर मग' तब त्यो उहाँलाई देखेर अत्यधिक विनम्र भई श्रेष्ठ वाणीले उहाँको स्तुति गर्न लाग्यो। त्यसपछि उसले ब्रह्मासित वर माग्यो कि देवगणले मलाई जित्न नसकुन्। तब ब्रह्माले प्रसन्न मनले उससित भन्नुभयो कि यस्तै हुने छ॥ ४-५॥

उहाँले शंखचूडलाई जगत्को मंगललाई पनि मंगल बनाउने ('जगन्मंगलमंगल' नामक) र सर्वत्र विजय प्रदान गर्ने दिव्य श्रीकृष्णकवच प्रदान गर्नुभयो॥ ६॥

'तिमी बदरिकाश्रम जाऊ र त्यहाँ तुलसीका साथ विवाह गर। उनी पतिको कामनाले त्यहीँ तपस्या गरिरहेकी छिन्। उनी धर्मध्वजकी कन्या हुन्'—यस प्रकार ब्रह्माले उससित भन्नुभयो र उसले हेर्दा-हेर्दै तत्काल त्यसै क्षण अन्तर्धान हुनुभयो॥ ७-८॥ त्यसपछि तपस्याबाट सिद्धि प्राप्त गरी त्यस शंखचूडले त्यहीँ पुष्करमा नै जगत्को परम कल्याणकारी त्यस कवचलाई घाँटीमा बाँध्यो। त्यसपछि तपस्याबाट सिद्ध मनोरथ भएको प्रसन्नमुख त्यो शंखचूड ब्रह्माको आज्ञाले तत्काल बदरिकाश्रममा गयो॥ ९-१०॥

त्यो दानव शंखचूड आफ्नू इच्छाले घुम्दै त्यहाँ आइपुग्यो, जहाँ धर्मध्वजकी कन्या तुलसी तपस्या गरिरहेकी थिइन्। सुन्दर रूप, मन्द-मन्द मुस्कान, सूक्ष्म कटिप्रदेश भएकी तथा शुभ भूषणहरूबाट भूषित उनले त्यो श्रेष्ठ पुरुषलाई कटाक्षपूर्ण दृष्टिले हेरिन्॥ ११-१२॥

तब शंखचूड पनि त्यस मनोहर, रम्य, सुशील, सुन्दरी एवं सतीलाई देखेर उनको समीप स्थित भयो र गएर मधुर वाणीमा उनीसित भन्न लाग्यो—॥ १३॥

शंखचूड भन्दछ—[हे देवी!] तिमी को हौ, कसकी कन्या हौ, तिमी यहाँ के गरिरहेकी छौ र मौन भएर यहाँ किन बसेकी छौ? तिमी मलाई आफ्नो दास ठानेर सम्भाषण गर॥ १४॥

सनत्कुमार भन्नुहुन्छ—यस प्रकारको वचनलाई सुनेर तुलसीले सकामभावबाट उससित भनिन्—॥ १५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तुलस्युवाच

धर्मध्वजसुताहं च तपस्यामि तपस्विनी।
तपोवने च तिष्ठामि कस्त्वं गच्छ यथासुखम्॥ १६
नारीजातिर्मोहिनी च ब्रह्मादीनां विषोपमा।
निन्द्या दोषकरी माया शृंखला ह्यनुशायिनाम्॥ १७

सनत्कुमार उवाच

इत्युक्त्वा तुलसी तं च सरसं विरराम ह।
दृष्ट्वा तां सस्मितां सोऽपि प्रवक्तुमुपचक्रमे॥ १८

शंखचूड उवाच

त्वया यत्कथितं देवि न च सर्वमलीककम्।
किञ्चित्सत्यमलीकं च किंचिन्मत्तो निशामय॥ १९
पतिव्रताः स्त्रियो याश्च तासां मध्ये त्वमग्रणीः।
न चाहं पापदृक्कामी तथा त्वं नेति धीर्मम॥ २०

आगच्छामि त्वत्समीपमाज्ञया ब्रह्मणोऽधुना।
गांधर्वेण विवाहेन त्वां ग्रहीष्यामि शोभने॥ २१

शंखचूडोऽहमेवास्मि देवविद्रावकारकः।
मां न जानासि किं भद्रे न श्रुतोऽहं कदाचन॥ २२

दनुवंश्यो विशेषेण दम्भपुत्रश्च दानवः।
सुदामा नाम गोपोऽहं पार्षदश्च हरेः पुरा॥ २३

अधुना दानवेन्द्रोऽहं राधिकायाश्च शापतः।
जातिस्मरोऽहं जानामि सर्वं कृष्णप्रभावतः॥ २४

सनत्कुमार उवाच

एवमुक्त्वा शंखचूडो विरराम च तत्पुरः।
दानवेन्द्रेण सेत्युक्ता वचनं सत्यमादरात्।
सस्मितं तुलसी तुष्टा प्रवक्तुमुपचक्रमे॥ २५

तुलस्युवाच

त्वयाहमधुना सत्त्वविचारेण पराजिता।
स धन्यः पुरुषो लोके न स्त्रिया यः पराजितः॥ २६

तुलसी भन्दछिन्—म धर्मध्वजकी कन्या हुँ र यस तपोवनमा तपस्या गर्छु। तिमी को हौ ? सुखपूर्वक यहाँबाट जाऊ॥ १६॥ नारीजाति ब्रह्मा आदिलाई पनि मोहमा पार्ने, विषसमान, निन्दनीय, दूषित पार्ने, मायारूपिणी तथा ज्ञानीहरूका लागि शृंखला समान हुन्छन्॥ १७॥

सनत्कुमार भन्नुहुन्छ—यस प्रकार त्यससित मधुर वचन बोलेर तुलसी मौन भइन्। तब मन्द-मन्द मुस्कान भएकी त्यस तुलसीतिर हेरेर त्यो पनि भन्न लाग्यो—॥ १८॥

शंखचूड भन्दछ—हे देवी! तिमीले जुन भनेकी छौ, ती सबै झुठा होइनन्, त्यसमा केही सत्य छ र केही झुठो पनि छ, अब केही मबाट सुन॥ १९॥

संसारमा जति पनि पतिव्रता स्त्रीहरू छन्, उनीहरूमा तिमी अग्रगण्य छौ। म पापदृष्टि र कामी होइन, त्यसै प्रकार तिमी पनि त्यस्ती होइनौ, मेरो त यस्तै बुद्धि छ॥ २०॥

हे शोभना! म यस समय ब्रह्माको आज्ञाले तिमाकहाँ आएको हुँ र गान्धर्व विवाहद्वारा तिमीलाई ग्रहण गर्ने छु। हे देवी! म देवताहरूलाई लखेट्ने शंखचूड नामक दैत्य हुँ। हे भद्रे! के तिमी मलाई जान्दिनौ, के तिमीले मेरो नाम कहिल्यै सुनेकी छैनौ?॥ २१-२२॥

म विशेष गरी दनुको वंशमा उत्पन्न भएको छु र दम्भको पुत्र शंखचूड नामक दानव हुँ। म पूर्व समयमा श्रीकृष्णको पार्षद सुदामा नामक गोप थिएँ॥ २३॥ राधिकाको श्रापले म यस समय दैत्यराज छु। मलाई आफ्नो पूर्वजन्मको स्मरण छ, म श्रीकृष्णको प्रभावले सबथोक जान्दछु॥ २४॥

सनत्कुमार भन्नुहुन्छ—यस प्रकार भनेर शंखचूड मौन भयो। तब दानवेन्द्रद्वारा आदरपूर्वक सत्य वचन भनिएपछि तुलसी सन्तुष्ट भइन् र मन्द-मन्द मुस्कुराउँदै भन्न लागिन्॥ २५॥

तुलसी भन्दछिन्—तपाईंले आफ्नो सात्त्विक विचारबाट यस समय मलाई पराजित गर्नुभएको छ। संसारमा त्यो पुरुष धन्य हो, जो स्त्रीसित पराजित हुँदैनन्॥ २६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सत्क्रियोऽप्यशुचिर्नित्यं स पुमान्यः स्त्रिया जितः।
निन्दन्ति पितरो देवा मानवाः सकलाश्च तम्॥ २७

जुन पुरुषलाई स्त्रीले जित्यो, त्यो सत्कर्ममा निरत भएता पनि नित्य अपवित्र हुन्छ, देवता, पितृ तथा मनुष्य सबैजना उसको निन्दा गर्दछन्॥ २७॥

शुध्येद्विप्रो दशाहेन जातके मृतसूतके।
क्षत्रियो द्वादशाहेन वैश्यः पञ्चदशाहतः॥ २८

शूद्रो मासेन शुध्येत्तु हीति वेदानुशासनम्।
न शुचिः स्त्रीजितः क्वापि चितादाहं विना पुमान्॥ २९

जनन एवं मरणको सूतकमा ब्राह्मण दश दिनमा शुद्ध हुन्छ, क्षत्रिय बाह्र दिनमा, वैश्य पन्द्र दिनमा र शूद्र एक महिनामा शुद्ध हुन्छ—यस्तो वेदको आज्ञा छ, परंतु स्त्रीद्वारा विजित पुरुष चितादाह नभइकन कहिल्यै पनि शुद्ध हुँदैन॥ २८-२९॥

न गृह्णन्तीच्छया तस्मात्पितरः पिण्डतर्पणम्।
न गृह्णन्ति सुरास्तेन दत्तं पुष्पफलादिकम्॥ ३०

तस्य किं ज्ञानसुतपोजपहोमप्रपूजनैः।
विद्यया दानतः किं वा स्त्रीभिर्यस्य मनो हतम्॥ ३१

पितृजन त्यसको तर्पणको जल एवं पिण्ड पनि इच्छापूर्वक ग्रहण गर्दैनन् र देवता उसद्वारा दिइएका पुष्प, फल आदि ग्रहण गर्दैनन्। त्यसको ज्ञान, श्रेष्ठ तप, जप, होम, पूजा, विद्या एवं दानबाट के लाभ छ, जसको मनलाई स्त्रीहरूले हरेका छन्?॥ ३०-३१॥

विद्याप्रभावज्ञानार्थं मया त्वं च परीक्षितः।
कृत्वा कांतपरीक्षां वै वृणुयात्कामिनी वरम्॥ ३२

मैले तपाईंको विद्याको प्रभाव जान्नका लागि नै तपाईंको परीक्षा लिएकी थिएँ; किनभने स्वामीको परीक्षा गरेर मात्र स्त्रीले आफ्नो पतिको वरण गर्नुपर्दछ॥ ३२॥

सनत्कुमार उवाच

इत्येवं प्रवदन्त्यां तु तुलस्यां तत्क्षणे विधिः।
तत्राजगाम संस्त्रष्टा प्रोवाच वचनं ततः॥ ३३

सनत्कुमार भन्नुहुन्छ—जब तुलसी यस प्रकार भनिरहेकी थिइन् तब जगत्स्त्रष्टा ब्रह्मा त्यहाँ आइपुग्नुभयो र यो वचन भन्न लाग्नुभयो—॥ ३३॥

ब्रह्मोवाच

किं करोषि शंखचूड संवादमनया सह।
गांधर्वेण विवाहेन त्वमस्या ग्रहणं कुरु॥ ३४

ब्रह्मा भन्नुहुन्छ—हे शंखचूड! तिमी यसका साथ के संवाद गरिरहेका छौ? गान्धर्वविवाहद्वारा तिमी यसलाई ग्रहण गर॥ ३४॥

त्वं वै पुरुषरत्नं च स्त्रीरत्नं च त्वियं सती।
विदग्धाया विदग्धेन संगमो गुणवान् भवेत्॥ ३५

तिमी पुरुषहरूमा रत्न हौ र यी सती पनि स्त्रीहरूमा रत्न छिन्। चतुरहरूका साथ चतुरको संगम गुणयुक्त हुन्छ॥ ३५॥

निर्विरोधं सुखं राजन् को वा त्यजति दुर्लभम्।
योऽविरोधसुखत्यागी स पशुर्नात्र संशयः॥ ३६

हे राजन्! यदि विरोध विना नै दुर्लभ सुख प्राप्त हुन्छ भने यस्तो को छ, जो त्यसको त्याग गर्ला? जो निर्विरोध सुखको त्याग गर्नेवाला छ, त्यो पशु हो, यसमा सन्देह छैन॥ ३६॥

किं त्वं परीक्षसे कांतमीदृशं गुणिनं सति।
देवानामसुराणां च दानवानां विमर्दकम्॥ ३७

हे सती! तिमी देवता, असुर तथा दानवहरूको मर्दन गर्नेवाला यस प्रकारको गुणवान् पतिको परीक्षा किन गर्दै छौ?॥ ३७॥

अनेन सार्धं सुचिरं विहारं कुरु सर्वदा।
स्थाने स्थाने यथेच्छं च सर्वलोकेषु सुन्दरि॥ ३८

हे सुन्दरी! तिमी यसका साथ सबै लोकहरूमा स्थान-स्थानमा चिरकालसम्म सर्वदा आफ्नो इच्छानुसार विहार गर॥ ३८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अंते प्राप्स्यति गोलोके श्रीकृष्णं पुनरेव सः।
चतुर्भुजं च वैकुण्ठे मृते तस्मिंस्त्वमाप्स्यसि॥ ३९

अन्तमा यसले गोलोकमा श्रीकृष्णलाई पुनः प्राप्त गर्ने छ र उसको मृत्यु भएपछि तिमी पनि वैकुण्ठमा चतुर्भुज श्रीकृष्णलाई प्राप्त गर्ने छौ॥ ३९॥

सनत्कुमार उवाच

इत्येवमाशिषं दत्त्वा स्वालयं तु ययौ विधिः।
गांधर्वेण विवाहेन जगृहे तां च दानवः॥ ४०

सनत्कुमार भन्नुहुन्छ—यस प्रकार यो आशीर्वाद दिएर ब्रह्मा आफ्नो लोकमा जानुभयो र त्यस दानवले गान्धर्वविवाहद्वारा उनलाई ग्रहण गऱ्यो॥ ४०॥

एवं विवाह्य तुलसीं पितुः स्थानं जगाम ह।
स रेमे रमया सार्धं वासगेहे मनोरमे॥ ४१

यस प्रकार तुलसीसित विवाह गरी त्यो आफ्नो पिताको घर गयो र आफ्नो मनोहर भवनमा त्यस सुन्दरीका साथ रमण गर्न लाग्यो॥ ४१॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे शंखचूडतपःकरणविवाहवर्णनं नामाष्टविंशोऽध्यायः॥ २८॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा शंखचूडको तपस्या तथा विवाह वर्णन नामक अट्ठाईसौँ अध्याय पूर्ण भयो॥ २८॥

अथैकोनत्रिंशोऽध्यायः

शंखचूडको राज्यपदमा अभिषेक, उसद्वारा देवतामाथि विजय, दुखी देवतहरूको ब्रह्माका साथ वैकुण्ठगमन, विष्णुद्वारा शंखचूडको पूर्वजन्मको वृत्तान्त बताउनु र विष्णु तथा ब्रह्माको शिवलोक-गमन

सनत्कुमार उवाच

स्वगेहमागते तस्मिन् शंखचूडे विवाहिते।
तपःकृत्वा वरं प्राप्य मुमुदुर्दानवादयः॥ १

सनत्कुमार भन्नुहुन्छ—[हे व्यास!] तपस्या गरी वर प्राप्त गरेपश्चात् विवाह गरेको त्यो शंखचूड घर आएपछि दानव आदि अत्यन्त प्रसन्न भए॥ १॥

स्वलोकादाशु निर्गत्य गुरुणा स्वेन संयुताः।
सर्वेऽसुराः संमिलिताः समाजग्मुस्तदन्तिकम्॥ २

प्रणम्य तं सविनयं संस्तुत्य विविधादरात्।
स्थितास्तत्रैव सुप्रीत्या मत्वा तेजस्विनं विभुम्॥ ३

सोऽपि दम्भात्मजो दृष्ट्वाऽऽगतं कुलगुरुं च तम्।
प्रणनाम महाभक्त्या साष्टांगं परमादरात्॥ ४

आफ्नो लोकबाट शीघ्र निस्केर सबै असुर एकत्रित भई आफ्ना गुरु शुक्राचार्यलाई साथ लिएर उसकहाँ आए र विनयपूर्वक उसलाई प्रणाम गरी आदरपूर्वक उसको स्तुति गर्दै उसलाई समर्थ एवं तेजस्वी मानेर प्रसन्नतापूर्वक त्यहीँ स्थित भए। दम्भको पुत्र शंखचूडले पनि आफ्नो घरमा आएका ती कुलगुरुलाई देखेर बडो आदरपूर्वक महाभक्तिले उनलाई साष्टांग प्रणाम गऱ्यो॥ २—४॥

अथ शुक्रः कुलाचार्यो दृष्ट्वाशिषमनुत्तमाम्।
वृत्तान्तं कथयामास देवदानवयोस्तदा॥ ५

स्वाभाविकं च तद्वैरमसुराणां पराभवम्।
विजयं निर्जराणां च जीवसाहाय्यमेव च॥ ६

तत्पश्चात् दैत्यहरूका कुल आचार्य शुक्रले उसलाई हेरेर उत्तम आशीर्वाद प्रदान गरी देवता तथा दानवहरूको वृत्तान्त बताइदिए। उनले देवता-दानवको स्वाभाविक वैरत्व, देवताहरूको विजय, असुरहरूको पराजय तथा बृहस्पतिद्वारा देवताहरूको सहायताको वर्णन गरे॥ ५-६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततः स सम्मतं कृत्वाऽसुरैः सर्वैः समुत्सवम्।
दानवाद्यसुराणां तमधिपं विदधे गुरुः॥ ७

तदा समुत्सवो जातोऽसुराणां मुदितात्मनाम्।
उपायनानि सुप्रीत्या ददुस्तस्मै च तेऽखिलाः॥ ८

अथ दम्भात्मजो वीरः शंखचूडः प्रतापवान्।
राज्याभिषेकमासाद्य स रेजेऽसुरराट् तदा॥ ९

स सेनां महतीं कर्षन्दैत्यदानवरक्षसाम्।
रथमास्थाय तरसा जेतुं शक्रपुरीं ययौ॥ १०

गच्छन्स दानवेन्द्रस्तु तेषां सेवनकुर्वताम्।
विरेजे शशिवद्भानां ग्रहाणां ग्रहराडिव॥ ११

आगच्छन्तं शङ्खचूडमाकर्ण्याखण्डलस्स्वराट्।
निखिलैरमरैः सार्धं तेन योद्धुं समुद्यतः॥ १२

तदाऽसुरैः सुराणां च संग्रामस्तुमुलो ह्यभूत्।
वीराऽऽनन्दकरः क्लीबभयदो रोमहर्षणः॥ १३

महान्कोलाहलो जातो वीराणां गर्जतां रणे।
वाद्यध्वनिस्तथा चाऽऽसीत्तत्र वीरत्ववर्द्धिनी॥ १४

देवाः प्रकुप्य युयुधुरसुरैर्बलवत्तराः।
पराजयं च संप्रापुरसुरा दुद्रुवुर्भयात्॥ १५

पलायमानांस्तान्दृष्ट्वा शंखचूडः स्वयं प्रभुः।
युयुधे निर्जरैः साकं सिंहनादं प्रगर्ज्य च॥ १६

तरसा सहसा चक्रे कदनं त्रिदिवौकसाम्।
प्रदुद्रुवुः सुराः सर्वे तत्सुतेजो न सेहिरे॥ १७

यत्र तत्र स्थिता दीना गिरीणां कंदरासु च।
तदधीना न स्वतंत्रा निष्प्रभाः सागरा यथा॥ १८

सोऽपि दंभात्मजः शूरो दानवेन्द्रः प्रतापवान्।
सुराधिकारान्संजह्रे सर्वाँल्लोकान्विजित्य च॥ १९

त्रैलोक्यं स्ववशं चक्रे यज्ञभागांश्च कृत्स्नशः।
स्वयमिन्द्रो बभूवापि शासितं निखिलं जगत्॥ २०

त्यसपछि गुरु शुक्राचार्यले सबै दैत्यहरूको सम्मति लिएर दानव एवं असुरहरूको अधिपति बनाएर उसलाई राज्यपदमा अभिषेक गरे। त्यस समय प्रसन्न मन भएका असुरहरूको महान् उत्सव भयो। ती सबैले प्रेमपूर्वक त्यस शंखचूडलाई नाना प्रकारका उपहार अर्पण गरे॥ ७-८॥ त्यो वीर तथा महाप्रतापी दम्भपुत्र शंखचूड राज्यपदमा अभिषिक्त भएर अत्यन्त शोभित हुन लाग्यो। त्यो दैत्य, दानव एवं राक्षसहरूको ज्यादै ठुलो सेना लिएर रथमा आरूढ भई इन्द्रपुरीलाई जित्नका लागि वेगपूर्वक हिँड्यो। त्यस समय [विजययात्राका लागि] जाँदै गरेको त्यो दानवेन्द्र ती दैत्यहरूका बिच ताराहरूको बिचमा चन्द्रमा झैं तथा ग्रहहरूको बिचमा ग्रहहरूका राजा सूर्य समान सुशोभित भइरहेको थियो। शंखचूडलाई आउँदै गरेको सुनेर त्यससित युद्ध गर्नका लागि देवराज इन्द्र सम्पूर्ण देवताहरूका साथ उद्यत भए॥ ९—१२॥

त्यस समय देवता र असुरहरूमा रोमांचकारी घोर युद्ध शुरू भयो, जुन वीरहरूलाई आनन्ददायक तथा कायरहरूलाई भयदायक थियो। त्यस युद्धमा गर्जदै गरेका वीरहरूको महान् कोलाहल उत्पन्न भयो र वीरतालाई बढाउने खालका वाद्यध्वनि हुन लाग्यो। अति बलवान् देवगण क्रुद्ध भएर असुरहरूका साथ युद्ध गर्न लागे। असुर पराजित भए र भयको कारण भाग्न लागे। तिनलाई भाग्दै गरेको देखेर दैत्यराज शंखचूड सिंहनादको समान गर्जना गरी देवताहरूसँग स्वयं युद्ध गर्न लाग्यो॥ १३—१६॥

त्यो बडो वेगले सहसा देवताहरूलाई नष्ट पार्न लाग्यो, कुनै पनि देवताले त्यसको तेजलाई सहन सकेनन् र भाग्न लागे। ती दीन भएर पर्वतहरूका कन्दराहरूमा जहाँ-तहाँ लुके र केही देवताहरूले स्वतन्त्र नरहेर त्यसको अधीनता स्वीकार गरे तथा सगरपुत्रहरूको समान प्रभाहीन भए॥ १७-१८॥

यस प्रकार वीर तथा प्रतापशाली दम्भपुत्र दानवेन्द्र शंखचूडले सारा लोकलाई जितेर समस्त देवताहरूको अधिकार हरण गऱ्यो। उसले तीनवटै लोक तथा सम्पूर्ण यज्ञभागलाई आफ्नो वशमा पाऱ्यो, त्यो स्वयं इन्द्र बन्यो र सारा जगत्माथि शासन गर्न लाग्यो॥ १९-२०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कौबेरमैन्दवं सौर्यमाग्नेयं याम्यमेव च।
कारयामास वायव्यमधिकारं स्वशक्तितः॥ २१
देवानामसुराणां च दानवानां च रक्षसाम्।
गंधर्वाणां च नागानां किन्नराणां रसौकसाम्॥ २२
त्रिलोकस्य परेषां च सकलानामधीश्वरः।
स बभूव महावीरः शंखचूडो महाबली॥ २३
एवं स बुभुजे राज्यं राजराजेश्वरो महान्।
सर्वेषां भुवनानां च शंखचूडश्चिरं समाः॥ २४
तस्य राज्ये न दुर्भिक्षं न मारी नाऽशुभग्रहाः।
आधयो व्याधयो नैव सुखिन्यश्च प्रजाः सदा॥ २५
अकृष्टपच्या पृथिवी ददौ सस्यान्यनेकशः।
ओषध्यो विविधाश्चासन्सफलाः सरसाः सदा॥ २६
मण्याकराश्च नितरां रत्नखन्यश्च सागराः।
सदा पुष्पफला वृक्षा नद्यः सुसलिलावहाः॥ २७
देवान् विनाखिला जीवाः सुखिनो निर्विकारकाः।
स्वस्वधर्मास्थिताः सर्वे चतुर्वर्णाश्रमाः परे॥ २८
तस्मिन् शासति त्रैलोक्ये न कश्चिद् दुःखितोऽभवत्।
भ्रातृवैरत्वमाश्रित्य केवलं दुःखिनोऽमराः॥ २९
स शंखचूडः प्रबलः कृष्णस्य परमः सखा।
कृष्णभक्तिरतः साधुः सदा गोलोकवासिनः॥ ३०
पूर्वशापप्रभावेण दानवीं योनिमाश्रितः।
न दानवमतिः सोऽभूद्दानवत्वेऽपि वै मुने॥ ३१

ततः सुरगणाः सर्वे हृतराज्याः पराजिताः।
संमन्त्र्य सर्षयस्तात प्रययुर्ब्रह्मणः सभाम्॥ ३२

तत्र दृष्ट्वा विधातारं नत्वा स्तुत्वा विशेषतः।
ब्रह्मणे कथयामासुः सर्वं वृत्तांतमाकुलाः॥ ३३

ब्रह्मा तदा समाश्वास्य सुरान् सर्वान्मुनीनपि।
तैश्च सार्द्धं ययौ लोके वैकुण्ठं सुखदं सताम्॥ ३४
ददर्श तत्र लक्ष्मीशं ब्रह्मा देवगणैः सह।
किरीटिनं कुंडलिनं वनमालाविभूषितम्॥ ३५
शंखचक्रगदापद्मधरं देवं चतुर्भुजम्।

उसले आफ्नो शक्तिबाट कुबेर, चन्द्रमा, सूर्य, अग्नि, यम तथा वायुको अधिकार खोस्यो। त्यो महान् वीर तथा महाबली शंखचूड देवता, असुर, दानव, राक्षस, गन्धर्व, नाग, किन्नर, मनुष्य तथा अरू सबैजनाको तथा तीनवटै लोकको अधिपति बन्यो॥ २१—२३॥

यस प्रकार राजाहरूको पनि राजा त्यस महान् शंखचूडले धेरै वर्षसम्म सबै भुवनमाथि राज्य गर्‍यो॥ २४॥

उसको राज्यमा दुर्भिक्ष, महामारी, अशुभ ग्रह, आधि, व्याधि—यी थिएनन्, सबै प्रजा सर्वदा सुखी रहन्थे। पृथ्वी विना खनजोत नै नाना प्रकारका धान्य उत्पन्न गर्दथिन्। फल तथा रसहरूले युक्त नाना प्रकारका औषधिहरू सर्वदा उत्पन्न हुन्थे। खानीहरूबाट मणि तथा समुद्रबाट रत्न निरन्तर निस्कन्थे। वृक्ष सदैव फल-फूलबाट हरा-भरा रहन्थे र नदीहरू मधुर जल बगाइरहन्थे॥ २५—२७॥

[त्यस समय] देवताहरूलाई छोडेर सारा जीव सुखी तथा विकाररहित थिए। चारवटै वर्ण एवं आश्रमका सबै आ-आफ्नो धर्ममा स्थित थिए॥ २८॥

यस प्रकार उसको शासनकालमा कोही पनि दुखी थिएनन्, भ्रातृ-वैरत्वलाई लिएर केवल देवता मात्र दुखी थिए॥ २९॥

त्यो महाबली शंखचूड गोलोकवासी श्रीकृष्णको परम सखा थियो, साधुस्वभाव भएको त्यो श्रीकृष्णको भक्तिमा सदा निरत रहन्थ्यो। हे मुनि! त्यो त पूर्वजन्मको श्रापको प्रभावले दानवयोनिमा प्राप्त भएको थियो, दानवकुलमा जन्म भए तापनि त्यो दानवहरूको-जस्तो बुद्धिवाला थिएन॥ ३०-३१॥

हे तात! तत्पश्चात् राज्यबाट वंचित तथा पराजित सबै देवता आपसमा विमर्श गरी ऋषिहरूलाई साथ लिएर ब्रह्माको सभामा गए। उनीहरूले त्यहाँ ब्रह्मालाई देखेर प्रणाम गरी तथा विशेषरूपले उहाँको स्तुति गरी व्याकुल भएर सारा वृत्तान्त निवेदन गरे॥ ३२-३३॥

त्यसपछि ब्रह्मा ती सबै देवताहरू एवं मुनिहरूलाई सान्त्वना दिएर उनीहरूका साथ सज्जनहरूलाई सुख दिने वैकुण्ठलोक जानुभयो। ब्रह्माले देवगणहरूका साथ त्यहाँ गएर किरीट-कुण्डलधारी, वनमालाबाट विभूषित, शंख-चक्र-गदा-पद्म धारण गर्नुभएका,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सनंदनाद्यैः सिद्धैश्च सेवितं पीतवाससम्॥ ३६

दृष्ट्वा विष्णुं सुराः सर्वे ब्रह्माद्याः समुनीश्वराः।
प्रणम्य तुष्टुवुर्भक्त्या बद्धाञ्जलिकरा विभुम्॥ ३७

देवा ऊचुः

देवदेव जगन्नाथ वैकुंठाधिपते प्रभो।
रक्षास्मान् शरणापन्नान् श्रीहरे त्रिजगद्गुरो॥ ३८

त्वमेव जगतां पाता त्रिलोकेशाच्युत प्रभो।
लक्ष्मीनिवास गोविन्द भक्तप्राण नमोऽस्तु ते॥ ३९

इति स्तुत्वा सुराः सर्वे रुरुदुः पुरतो हरेः।
तच्छ्रुत्वा भगवान्विष्णुर्ब्रह्माणमिदमब्रवीत्॥ ४०

विष्णुरुवाच

किमर्थमागतोऽसि त्वं वैकुंठं योगिदुर्लभम्।
किं कष्टं ते समुद्भूतं तत् त्वं वद ममाग्रतः॥ ४१

सनत्कुमार उवाच

इति श्रुत्वा हरेर्वाक्यं प्रणम्य च मुहुर्मुहुः।
बद्धाञ्जलिपुटो भूत्वा विनयानतकन्धरः॥ ४२

वृत्तान्तं कथयामास शंखचूडकृतं तदा।
देवकष्टसमाख्यानं पुरो विष्णोः परात्मनः॥ ४३

हरिस्तद्वचनं श्रुत्वा सर्वतः सर्वभाववित्।
प्रहस्योवाच भगवांस्तद्रहस्यं विधिं प्रति॥ ४४

श्रीभगवानुवाच

शंखचूडस्य वृत्तान्तं सर्वं जानामि पद्मज।
मद्भक्तस्य च गोपस्य महातेजस्विनः पुरा॥ ४५

शृणु तत् सर्ववृत्तान्तमितिहासं पुरातनम्।
संदेहो नैव कर्तव्यः शं करिष्यति शङ्करः॥ ४६

सर्वोपरि च यस्यास्ति शिवलोकः परात्परः।
यत्र संराजते शंभुः परब्रह्म परेश्वरः॥ ४७

चतुर्भुज, पहेँलो वस्त्रधारी तथा सनन्दन आदि सिद्धहरूबाट सेवित लक्ष्मीपति भगवान् विष्णुलाई देखे। मुनीश्वरहरू-सहित ब्रह्मा आदि सबै देवता विभु विष्णुलाई देखेर उहाँलाई प्रणाम गरी भक्तिपूर्वक हात जोडेर स्तुति गर्न लागे— ॥ ३४—३७ ॥

देवता भन्दछन्—हे देवदेव! हे जगन्नाथ! हे वैकुण्ठाधिपति! हे प्रभु! हे त्रिजगद्गुरु! हे श्रीहरि! हामी शरणागतहरूको रक्षा गर्नुहोस्। हे त्रिलोकेश! हे अच्युत! हे प्रभु! हे लक्ष्मीनिवास! हे गोविन्द! हजुर नै संसारको रक्षक हुनुहुन्छ। हे भक्तप्राण! हजुरलाई नमस्कार छ॥ ३८-३९ ॥

यस प्रकार स्तुति गरी सबै देवता नारायणको अगाडि रोदन गर्न लागे। यो सुनेर भगवान् विष्णुले ब्रह्मासित यो भन्नुभयो— ॥ ४० ॥

विष्णु भन्नुहुन्छ—[हे ब्रह्मन्!] योगीहरूका लागि पनि दुर्लभ यस वैकुण्ठमा तपाईं कुन उद्देश्यले आउनुभयो, तपाईंलाई कुनचाहिँ कष्ट आइपऱ्यो? त्यसलाई तपाईं मेरो सामुन्ने भन्नुहोस्॥ ४१ ॥

सनत्कुमार भन्नुहुन्छ—नारायणका यी वचन सुनेर ब्रह्माले बारम्बार उहाँलाई प्रणाम गरी हात जोडेर विनयका साथ शिर झुकाएर शंखचूडद्वारा देवताहरूलाई दिइएको दुःखसित सम्बन्धित सारा वृत्तान्त परमात्मा विष्णुका सामुन्ने सुनाउनुभयो॥ ४२-४३ ॥ तब सबै प्रकारबाट सबैको भावहरूलाई जान्नुहुने भगवान् विष्णु उनीहरूको वचन सुनेर हाँसो गर्दै ब्रह्मासित त्यसको रहस्य यस प्रकार भन्न लाग्नुभयो— ॥ ४४ ॥

श्रीभगवान् भन्नुहुन्छ—हे ब्रह्मदेव! म पूर्वजन्मको आफ्नो परम भक्त महातेजस्वी गोप शंखचूडको सारा वृत्तान्त जान्दछु॥ ४५ ॥

तपाईं उसको प्राचीन इतिहासयुक्त वृत्तान्त सुन्नुहोस्, यसमा सन्देह नगर्नुहोस्, शंकर मंगल गर्नुहुनेछ॥ ४६ ॥

जसको परात्पर शिवलोक सबै लोकहरूमाथि स्थित छ, जहाँ शंकर स्वयं परब्रह्म परमेश्वरको रूपमा विराजमान हुनुहुन्छ, तीनवटै शक्तिहरूलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकृतेः पुरुषस्यापि योऽधिष्ठाता त्रिशक्तिधृक्।
निर्गुणः सगुणः सोऽपि परंज्योतिःस्वरूपवान्॥ ४८

यस्यांगजास्तु वै ब्रह्मंस्त्रयः सृष्ट्यादिकारकाः।
सत्त्वादिगुणसंपन्ना विष्णुब्रह्महराभिधाः॥ ४९

स एव परमात्मा हि विहरत्युमया सह।
यत्र मायाविनिर्मुक्तो नित्यानित्यप्रकल्पकः॥ ५०

तत्समीपे च गोलोको गोशाला शंकरस्य वै।
तस्येच्छया च मद्रूपः कृष्णो वसति तत्र ह॥ ५१

तद्गवां रक्षणार्थाय तेनाज्ञप्तः सदा सुखी।
तत्संप्राप्तसुखः सोऽपि संक्रीडति विहारवित्॥ ५२

तस्य नारी समाख्याता राधेति जगदम्बिका।
प्रकृतेः परमा मूर्तिः पंचमी सुविहारिणी॥ ५३

बहुगोपाश्च गोप्यश्च तत्र संति तदंगजाः।
सुविहारपरा नित्यं राधाकृष्णानुवर्तिनः॥ ५४

स एव लीलया शंभोरिदानीं मोहितोऽनया।
संप्राप्तो दानवीं योनिं मुधा शापात्स्वदुःखदाम्॥ ५५

रुद्रशूलेन तन्मृत्युः कृष्णेन विहितः पुरा।
ततः स्वदेहमुत्सृज्य पार्षदः स भविष्यति॥ ५६

इति विज्ञाय देवेश न भयं कर्तुमर्हसि।
शंकरं शरणं याहि स सद्यः शं विधास्यति॥ ५७

अहं त्वं चामराः सर्वे तिष्ठन्त्विह विसाध्वसाः॥ ५८

सनत्कुमार उवाच

इत्युक्त्वा सविधिर्विष्णुः शिवलोकं जगाम ह।
संस्मरन्मनसा शंभुं सर्वेशं भक्तवत्सलम्॥ ५९

धारण गर्ने जो प्रकृति एवं पुरुषका पनि अधिष्ठाता हुनुहुन्छ, जो निर्गुण, सगुण तथा परम ज्योतिःस्वरूप हुनुहुन्छ र हे ब्रह्मन्! सृष्टि आदि गर्ने तथा सत्त्व आदि गुणहरूबाट युक्त विष्णु, ब्रह्मा एवं महेश्वर नामक तीन देव जसका अंगबाट उत्पन्न भएका छन्, मायाबाट सर्वथा मुक्त एवं नित्यानित्यका व्यवस्थापक उनै परमात्मा उमाका साथ जहाँ विहार गर्नुहुन्छ, त्यसैको समीपमा गोलोक छ र त्यहीँ शिवको गौशाला छ, उहाँकै इच्छाले त्यहाँ मेरो स्वरूपमा स्थित श्रीकृष्ण निवास गर्नुहुन्छ॥ ४७—५१॥

शंकरले आफ्ना गाईहरूको रक्षाका लागि ती श्रीकृष्णलाई नियुक्त गर्नुभएको छ। उहाँ पनि गाईहरूको रक्षाबाट सुखी भएर विहार गर्दै त्यहाँ क्रीडा गर्नुहुन्छ॥ ५२॥ प्रकृतिको पाँचौँ परम मूर्ति जगदम्बा राधा, जो उहाँकी स्त्री बताइएको छ, उहाँ पनि त्यहाँ निवास गर्नुहुन्छ॥ ५३॥

त्यहीँ उहाँको अंगबाट उत्पन्न भएका अनेकौँ गोप एवं गोपिहरू छन्, जो ती राधा-कृष्णको अनुवर्ती रहेर सदा विहार गर्छन्। उनीहरूमध्ये यो गोप (शंखचूड) शंकरको यस लीलाबाट मोहित भएर राधाको श्रापबाट दुःखदायी दानवी योनिमा व्यर्थै प्राप्त हुन गएको छ॥ ५४-५५॥ श्रीकृष्णले उसको मृत्यु रुद्रको त्रिशूलबाट पहिला नै निश्चित गर्नुभएको छ, त्यसपछि त्यो आफ्नो देह त्यागेर श्रीकृष्णको पार्षद हुनेछ। हे देवेश! यस्तो जानेर तपाईं डर नमान्नुहोस्, शंकरको शरणमा जानुहोस्, उहाँ शीघ्र कल्याण गर्नुहुने छ। जसबाट म, तपाईं एवं सबै देवता भयरहित भएर यहाँ निवास गर्न सक्नेछौँ॥ ५६-५८॥

सनत्कुमार भन्नुहुन्छ—यस्तो भनेर विष्णु भक्तवत्सल सर्वेश शिवलाई मनबाट स्मरण गर्दै ब्रह्माका साथ शिवलोक जानुभयो॥ ५९॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे शंखचूडवधोपाख्याने शंखचूडराज्यकरणवर्णनपूर्वकतत्पूर्वभववृत्तचरित्रवर्णनं नामैकोनत्रिंशोऽध्यायः॥ २९॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा शंखचूडवधोपाख्यानमा शंखचूडराज्य-करणवर्णनपूर्वक उसको पूर्वभववृत्तचरित्रवर्णन नामक उन्नतिसौँ अध्याय पूर्ण भयो॥ २९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ त्रिंशोऽध्यायः

ब्रह्मा तथा विष्णु शिवलोक पुग्नु, शिवलोक तथा शिवसभाको शोभाको वर्णन, शिवसभाको बिच उहाँहरूलाई अम्बासहित भगवान् शिवको दिव्यस्वरूपको दर्शन र शंखचूडबाट प्राप्त कष्टबाट मुक्तिका लागि प्रार्थना

सनत्कुमार उवाच

गत्वा तदैव सविधिस्तदा व्यास रमेश्वरः।
शिवलोकं महादिव्यं निराधारमभौतिकम्॥ १
साह्लादोऽभ्यन्तरं विष्णुर्जगाम मुदिताननः।
नानारत्नपरिक्षिप्तं विलसन्तं महोज्ज्वलम्॥ २

सनत्कुमार भन्नुहुन्छ—हे व्यास! त्यस समय ब्रह्मासहित भगवान् विष्णु अत्यन्त दिव्य, निराधार एवं अभौतिक शिवलोक पुगेर आनन्दित तथा प्रसन्नमुख भई भित्र जानुभयो, जुन नाना प्रकारका रत्नबाट निर्मित, महोज्ज्वल र शोभाले युक्त थियो॥ १-२॥

संप्राप्य प्रथमं द्वारं विचित्रं गणसेवितम्।
शोभितं परया लक्ष्म्या महोच्चमतिसुन्दरम्॥ ३
ददर्श द्वारपालांश्च रत्नसिंहासनस्थितान्।
शोभितान् श्वेतवस्त्रैश्च रत्नभूषणभूषितान्॥ ४
पञ्चवक्त्रत्रिनयनान्गौरसुन्दरविग्रहान् ।
त्रिशूलादिधरान्वीरान् भस्मरुद्राक्षशोभितान्॥ ५
स ब्रह्मापि रमेशश्च तान् प्रणम्य विनम्रकः।
कथयामास वृत्तान्तं प्रभुसंदर्शनार्थकम्॥ ६

उहाँले गणहरूबाट सेवित, अद्भुत, अत्यन्त उच्च, परम सुन्दर र अत्यधिक शोभासम्पन्न पहिलो द्वारमा पुगेर सेतो वस्त्रहरूले सुशोभित, रत्नमय आभूषणहरूबाट भूषित, रत्नको सिंहासनमाथि स्थित, पाँच मुख तथा तीन नेत्र भएका, गोरो तथा सुन्दर शरीर भएका, त्रिशूल आदि धारण गरेका र भस्म तथा रुद्राक्षबाट सुशोभित महावीर द्वारपालहरूलाई देख्नुभयो। तब ब्रह्मासहित विष्णुले अत्यन्त विनम्रताका साथ उनीहरूलाई प्रणाम गरी प्रभुदर्शनको निमित्त सारा वृत्तान्त बताउनुभयो॥ ३—६॥

तदाज्ञां च ददुस्तस्मै प्रविवेश तदाज्ञया।
परं द्वारं महारम्यं विचित्रं परमप्रभम्॥ ७

प्रभूपकंठगत्यर्थं वृत्तान्तं संन्यवेदयत्।
तद् द्वारपाय चाज्ञप्तस्तेनान्यं प्रविवेश ह॥ ८

तब उनीहरूले आज्ञा प्रदान गरे र उनीहरूको आज्ञाले प्रवेश गर्नुभयो। दोस्रो द्वार पनि परम मनोहर, विचित्र तथा अत्यन्त प्रभायुक्त थियो। प्रभुका समक्ष जानका लागि उहाँहरूले त्यहाँका द्वारपालसित वृत्तान्त निवेदित गर्नुभयो र त्यस द्वारपालबाट आज्ञा प्राप्त गरी अरू द्वारमा प्रवेश गर्नुभयो॥ ७-८॥

एवं पंचदशद्वारान्प्रविश्य कमलोद्भवः।
महाद्वारं गतस्तत्र नन्दिनं प्रददर्श ह॥ ९

सम्यङ् नत्वा च तं स्तुत्वा पूर्ववत्तेन नन्दिना।
आज्ञप्तश्च शनैर्विष्णुर्विवेशाभ्यंतरं मुदा॥ १०

यस प्रकार पन्ध्र द्वारहरूमा क्रमैले प्रवेश गर्दै ती पद्मयोनि एउटा विशाल द्वारमा पुग्नुभयो र उहाँहरूले त्यहाँ नन्दीलाई देख्नुभयो। उनलाई राम्ररी नमस्कार गरी तथा उनको स्तुति गर्दै विष्णुले पूर्वको झैं ती नन्दीबाट आज्ञा प्राप्त गरी विस्तारै प्रसन्नतापूर्वक भित्र प्रवेश गर्नुभयो॥ ९-१०॥

ददर्श गत्वा तत्रोच्चैः सभां शंभोः समुत्प्रभाम्।
तां पार्षदैः परिवृतां लसद्देहैः सुभूषिताम्॥ ११

माहेश्वरस्य रूपैश्च दिग्भुजैः शुभकान्तिभिः।
पञ्चवक्त्रैस्त्रिनयनैः शितिकंठैर्महोज्ज्वलैः॥ १२

सद्रत्नयुक्तरुद्राक्षभस्माभरणभूषितैः ।

त्यहाँ पुगेर उहाँहरूले शिवलाई उच्च महासभा देख्नुभयो, जो महाप्रभाले युक्त सुन्दर शरीर, शिवको स्वरूप, शुभ कान्ति, दश भुजाहरू, पाँच मुख, तीन नेत्र, नीलो कण्ठ भएका, परम कान्तिले युक्त, रत्नमय रुद्राक्षहरू तथा भस्मरूप आवरणहरूबाट भूषित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नवेन्दुमंडलाकारां चतुरस्त्रां मनोहराम्॥ १३
मणीन्द्रहारनिर्माणहीरसारसुशोभिताम् ।
अमूल्यरत्नरचितां पद्मपत्रैश्च शोभिताम्॥ १४
माणिक्यजालमालाभिर्नानाचित्रविचित्रिताम्।
पद्मरागेन्द्ररचितामद्भुतां शंकरेच्छया ॥ १५
सोपानशतकैर्युक्तां स्यमंतकविनिर्मितैः।
स्वर्णसूत्रग्रन्थियुक्तैश्चारुचन्दनपल्लवैः ॥ १६

पार्षदहरूबाट घेरिएका थिए। त्यो सभा उदीयमान चन्द्रमण्डलको आकार भएको, चौकुना, मनोहर, श्रेष्ठ मणिका हारले युक्त एवं उत्तम हीराहरूबाट सुशोभित, अमूल्य रत्नहरूबाट रचित, पद्मपत्रहरूबाट शोभित, मणिहरूको मालाहरूबाट सुशोभित, अनेक प्रकारका चित्रहरूबाट चित्रित तथा शंकरको इच्छानुसार पद्मरागका श्रेष्ठ मणिहरूद्वारा विरचित थियो॥ ११—१५॥

इन्द्रनीलमणिस्तंभैर्वेष्टितां सुमनोहराम्।
सुसंस्कृतां च सर्वत्र वासितां गंधवायुना॥ १७
सहस्त्रयोजनायामां सुपूर्णां बहुकिंकरैः।
ददर्श शंकरं साम्बं तत्र विष्णुः सुरेश्वरः॥ १८

त्यस सभामा सुनौलो धागोले बाँधिएको सबैभन्दा सुन्दर चन्दनका रूखका पातहरूको पतकाहरू थिए। तथा त्यसमा स्यमन्तक मणिनिर्मित सयकडौँ सीँढी बनेका थिए। त्यस सभामा इन्द्रनीलमणिका खम्भा लागेका थिए र त्यो अत्यन्त मनोहर, सुसंस्कृत तथा सुगन्धित वायुबाट सुवासित थियो। त्यसको चौडाइ हजारौँ योजन थियो र त्यो अनेकौँ सेवकहरूबाट परिपूर्ण थियो। सुरेश्वर विष्णुले त्यस सभामा अम्बा पार्वतीसहित भगवान् शंकरलाई देख्नुभयो॥ १६-१८॥

वसन्तं मध्यदेशे च येथेन्दुतारकावृतम्।
अमूल्यरत्ननिर्माणचित्रसिंहासनस्थितम् ॥ १९
किरीटिनं कुंडलिनं रत्नमालाविभूषितम्।
भस्मोद्धूलितसर्वाङ्गं बिभ्रतं केलिपंकजम्॥ २०
पुरतो गीतनृत्यञ्च पश्यन्तं सस्मितं मुदा॥ २१
शांतं प्रसन्नमनसमुमाकान्तं महोल्लसम्।
देव्या प्रदत्तताम्बूलं भुक्तवन्तं सुवासितम्॥ २२
गणैश्च परया भक्त्या सेवितं श्वेतचामरैः।
स्तूयमानं च सिद्धैश्च भक्तिनम्रात्मकंधरैः॥ २३
गुणातीतं परेशानं त्रिदेवजनकं विभुम्।
निर्विकल्पं निराकारं साकारं स्वेच्छया शिवम्॥ २४
अमायमजमाद्यञ्च मायाधीशं परात्परम्।
प्रकृतेः पुरुषस्यापि परमं स्वप्रभुं सदा॥ २५
एवं विशिष्टं तं दृष्ट्वा परिपूर्णतमं समम्।
विष्णुर्ब्रह्मा तुष्टुवतुः प्रणम्य सुकृतांजली॥ २६

त्यस सभाको बीचमा अमूल्य रत्ननिर्मित विचित्र सिंहासनमाथि बस्नुभएका शिव ताराहरूको बीचमा चन्द्रमा झैँ सुशोभित भइरहनुभएको थियो। उहाँले किरीट, कुण्डल एवं रत्नहरूको मालाले सुशोभित, सबै अंगहरूमा भस्म लगाउनुका साथै हातहरूमा लीलाकमल धारण गर्नुभएको थियो। उहाँ आफ्नो अगाडि भइरहेको गीत एवं नृत्यलाई बडो प्रसन्नताका साथ मुस्कुराउँदै हेरिरहनुभएको थियो। ती उमापति शान्त, प्रसन्नमन तथा महान् उल्लासले युक्त भई भगवतीद्वारा दिइएका सुगन्धित पानको सेवन गरिरहनुभएको थियो। गणहरू परम भक्तिले सेतो चँवर डुलाइरहेका थिए र सिद्धगण भक्तिपूर्वक शिर झुकाई चारैतिरबाट उहाँको स्तुति गरिरहेका थिए। ती गुणातीत, परमेश्वर, तीनवटै देवताहरूलाई उत्पन्न गर्नुहुने, सर्वव्यापी, निराकार, निर्विकल्प, आफ्नू इच्छाले सगुण रूप धारण गर्नुहुने, मायारहित, अजन्मा, आदिदेव, मायाधीश, परात्पर, प्रकृति एवं पुरुषभन्दा पनि पर, विशिष्ट, परिपूर्णतम, समभाव भएका आफ्ना प्रभु शिवलाई देखेर ब्रह्मा एवं विष्णु हात जोडेर प्रणाम गरी स्तुति गर्न लाग्नुभयो— ॥ १९-२६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विष्णुविधी ऊचतुः

देवदेव महादेव परब्रह्माखिलेश्वर।
त्रिगुणातीत निर्व्यग्र त्रिदेवजनक प्रभो॥ २७
वयं ते शरणापन्ना रक्षास्मान्दुःखितान्विभो।
शंखचूडार्दितान्क्लिष्टान्सन्नाथान्परमेश्वर ॥ २८
अयं योऽधिष्ठितो लोको गोलोक इति स स्मृतः।
अधिष्ठाता तस्य विभुः कृष्णोऽयं त्वदधिष्ठितः॥ २९
पार्षदप्रवरस्तस्य सुदामा दैवयंत्रितः।
राधाशप्तो बभूवाथ शंखचूडश्च दानवः॥ ३०
तेन निःसारिताः शंभो पीड्यमानाः समन्ततः।
हृताधिकारास्त्रिदशा विचरन्ति महीतले॥ ३१
त्वां विना न स वध्यश्च सर्वेषां त्रिदिवौकसाम्।
तं घातय महेशान लोकानां सुखमावह॥ ३२
त्वमेव निर्गुणः सत्योऽनंतोऽनंतपराक्रमः।
सगुणः सन्निवेशश्च प्रकृतेः पुरुषात्परः॥ ३३
रजसा सृष्टिसमये त्वं ब्रह्मा सृष्टिकृत्प्रभो।
सत्त्वेन पालने विष्णुस्त्रिभुवावनकारकः॥ ३४
तमसा प्रलये रुद्रो जगत्संहारकारकः।
निस्त्रैगुण्ये शिवाख्यातस्तुर्य्यो ज्योतिःस्वरूपकः॥ ३५
त्वं दीक्षया च गोलोके त्वं गवां परिपालकः।
त्वद्गोशालामध्यगश्च कृष्णः क्रीडत्यहर्निशम्॥ ३६
त्वं सर्वकारणं स्वामी विधिर्विष्णवीश्वरः परम्।
निर्विकारी सदासाक्षी परमात्मा परेश्वरः॥ ३७
दीनानाथसहायी च दीनानां प्रतिपालकः।
दीनबंधुस्त्रिलोकेशः शरणागतवत्सलः॥ ३८
अस्मानुद्धर गौरीश प्रसीद परमेश्वर।
त्वदधीना वयं नाथ यदिच्छसि तथा कुरु॥ ३९

विष्णु र ब्रह्मा भन्नुहुन्छ—हे देवदेव! हे महादेव! हे परब्रह्म! हे अखिलेश्वर! हे त्रिगुणातीत! हे निर्व्यग्र! हे त्रिदेवजनक! हे प्रभु! हामी हजुरको शरणमा आएका छौँ। हे विभु! हे परमेश्वर! शंखचूडद्वारा पीडित तथा सन्तप्त पारिएका हामी दुखित तथा अनाथहरूको रक्षा गर्नुहोस्॥ २७-२८॥

यो गोलोक, जसको स्थिति हजुरद्वारा छ, त्यस गोलोकका अधिष्ठाता हजुरले श्रीकृष्णलाई नियुक्त गर्नुभएको छ। उनका श्रेष्ठ पार्षद सुदामा प्रारब्धवश राधिकाको श्रापले शंखचूड नामक दानवको रूपमा उत्पन्न भएको छ। हे शम्भु! त्यसले हामीहरूलाई नाना प्रकारका यातनाहरू दिएर [स्वर्गलोकबाट] निकालिदिएको छ, आफ्ना अधिकारहरूबाट वंचित देवताहरू पृथ्वीमा घुमिरहेका छन्॥ २९—३१॥

हे महेशान! हजुर बाहेक त्यो अरू देवताहरूबाट मारिँदैन, अतः हजुर त्यसको वध गर्नुहोस् र सबै लोकलाई सुखी तुल्याउनुहोस्। [हे प्रभु!] हजुर नै निर्गुण, सत्य, अनन्त एवं अनन्त पराक्रमवाला हुनुहुन्छ। हजुर सगुण, प्रकृति एवं पुरुषभन्दा पर तथा सर्वत्र व्यापक हुनुहुन्छ॥ ३२-३३॥

हे प्रभु! हजुर सृष्टिकालमा रजोगुणले ब्रह्माको रूपमा सृष्टि गर्नुहुन्छ एवं पालनकालमा सत्त्वगुणले युक्त भई विष्णुको रूपमा जगत्‌को पालन गर्नुहुन्छ, प्रलयकालमा तमोगुणले युक्त भई रुद्रको रूपमा यस जगत्‌को संहार गर्नुहुन्छ एवं त्रिगुणभन्दा पर चौथो शिव नामक ज्योतिःस्वरूप पनि हजुर नै हुनुहुन्छ। हजुर आफ्नू दीक्षाले गोलोकमा गाईहरूको पालन गर्नुहुन्छ तथा हजुरको गौशालामा श्रीकृष्ण दिन-रात क्रीडा गर्दै रहनुहुन्छ। हजुर सबका कारण तथा स्वामी हुनुहुन्छ र हजुर नै ब्रह्मा, विष्णु तथा ईश्वर हुनुहुन्छ, हजुर निर्विकारी, सदा साक्षी, परमात्मा एवं परमेश्वर हुनुहुन्छ॥ ३४—३७॥ हजुर दीन एवं अनाथहरूको सहायक हुनुहुन्छ, दीनहरूको रक्षक, दीनबन्धु, त्रिलोकेश एवं शरणागतवत्सल हुनुहुन्छ॥ ३८॥

हे गौरीश! हे परमेश्वर! हजुर प्रसन्न हुनुहोस् र हामीहरूको उद्धार गर्नुहोस्। हे नाथ! हामीहरू हजुरकै अधीन छौँ, अतः जस्तो हजुरको इच्छा हुन्छ, त्यस्तै गर्नुहोस्॥ ३९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सनत्कुमार उवाच

इत्युक्त्वा तौ सुरौ व्यास हरिर्ब्रह्मा च वै तदा।
विरेमतुः शिवं नत्वा करौ बद्ध्वा विनीतकौ॥ ४०

सनत्कुमार भन्नुहुन्छ—हे व्यास! यस प्रकार भनेर ती दुवै देवता—ब्रह्मा एवं विष्णु विनम्र भई हात जोडेर शिवलाई नमस्कार गरी मौन हुनुभयो॥ ४०॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे शंखचूडवधे देवदेवस्तुतिर्नाम त्रिंशोऽध्यायः॥ ३०॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा शंखचूडवधअन्तर्गत देवदेवस्तुतिवर्णन नामक तीसौँ अध्याय पूर्ण भयो॥ ३०॥

अथैकत्रिंशोऽध्यायः

शिवद्वारा ब्रह्मा-विष्णुलाई शंखचूडको पूर्ववृत्तान्त बताउनु र देवताहरूलाई शंखचूडवधको आश्वासन दिनु

सनत्कुमार उवाच

अथाकर्ण्य वचः शंभुर्हरिविध्योः सुदीनयोः।
उवाच विहसन्वाण्या मेघनादगभीरया॥ १

शिव उवाच

हे हरे वत्स हे ब्रह्मंस्त्यजतं सर्वशो भयम्।
शंखचूडोद्भवं भद्रं सम्भविष्यत्यसंशयम्॥ २
शंखचूडस्य वृत्तान्तं सर्वं जानामि तत्त्वतः।
कृष्णभक्तस्य गोपस्य सुदाम्नश्च पुरा प्रभो॥ ३
मदाज्ञया हृषीकेशो कृष्णरूपं विधाय च।
गोशालायां स्थितो रम्ये गोलोके मदधिष्ठिते॥ ४

स्वतंत्रोऽहमिति स्वं स मोहं मत्वा गतः पुरा।
क्रीडाः समकरोद्वह्वीः स्वैरवर्तीव मोहितः॥ ५

तं दृष्ट्वा मोहयत्युग्रं तस्याहं मायया स्वया।
तेषां संहृत्य सद्बुद्धिं शापं दापितवान् किल॥ ६

इत्थं कृत्वा स्वलीलां तां मायां संहृतवानहम्।
ज्ञानयुक्तास्तदा ते तु मुक्तमोहाः सुबुद्धयः॥ ७

समीपमागतास्ते मे दीनीभूय प्रणम्य माम्।
अकुर्वन्सुनुतिं भक्त्या करौ बध्वा विनम्रकाः॥ ८
वृत्तान्तमवदन् सर्वं लज्जाकुलितमानसाः।
ऊचुर्मत्पुरतो दीना रक्ष रक्षेति वै गिरः॥ ९

सनत्कुमार भन्नुहुन्छ—अत्यन्त दीन ब्रह्मा तथा विष्णुका वचन सुनेर शंकर हाँस्तै मेघ समान गम्भीर वाणीमा भन्न लाग्नुभयो— ॥ १ ॥

शिव भन्नुहुन्छ—हे हरि! हे वत्स! हे ब्रह्मन्! तपाईं दुवै शंखचूडबाट उत्पन्न डर पूर्णरूपले त्याग गरिदिनुहोस्, तपाईंहरूको निःसन्देह कल्याण हुनेछ। हे प्रभु! शंखचूडको सारा वृत्तान्त म जान्दछु, त्यो पूर्वजन्ममा श्रीकृष्णको परम भक्त सुदामा नामको गोप थियो॥ २-३॥

मेरै आज्ञाले विष्णु श्रीकृष्णको रूप धारण गरी मद्वारा अधिष्ठित रम्य गोलोकको गौशालामा निवास गर्नुहुन्छ॥ ४॥

'म स्वतन्त्र हुँ' आफूलाई यस्तो ठानेर ती पहिला मोहित भए र यस प्रकार मोहित भएर स्वच्छन्द झैँ नाना प्रकारका क्रीडाहरू गर्न लागे॥ ५॥

तब मैले उनलाई आफ्नू मायाबाट मोहित गरिदिएँ, जसबाट उनको सद्बुद्धि नष्ट भयो र उहाँमार्फत् त्यस सुदामालाई श्राप दिलाएँ। यस प्रकार आफ्नू लीला गरी मैले [आफ्नू] माया हटाइदिएँ। तब मोहबाट मुक्त हुनाको कारण ती ज्ञानयुक्त तथा सद्बुद्धियुक्त भए॥ ६-७॥

तब ती मेरो समीप आए र दीन भएर मलाई प्रणाम गरी हात जोडेर विनम्र भावले भक्तिपूर्वक मेरो स्तुति गर्न लागे। तब लज्जाले युक्त मन भएका ती सबैले सारा वृत्तान्त भने र दीन भएर 'रक्षा गर्नुहोस्, रक्षा गर्नुहोस्'—मेरो सामुन्ने यस्तो वचन भन्न लागे॥ ८-९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तदा त्वहं भवस्तेषां संतुष्टः प्रोक्तवान् वचः।
भयं त्यजत हे कृष्ण यूयं सर्वे मदाज्ञया॥ १०

रक्षकोऽहं सदा प्रीत्या सुभद्रं वो भविष्यति।
मदिच्छयाऽखिलं जातमिदं सर्वं न संशयः॥ ११

स्वस्थानं गच्छ त्वं सार्द्धं राधया पार्षदेन च।
दानवस्तु भवेत्सोऽयं भारतेऽत्र न संशयः॥ १२

शापोद्धारं करिष्येऽहं युवयोः समये खलु।

मदुक्तमिति संधार्य शिरसा राधया सह॥ १३

श्रीकृष्णोऽमोददत्यन्तं स्वस्थानमगमत्सुधीः।
न्यष्ठातां सभयं तत्र मदाराधनतत्परौ॥ १४

मत्वाखिलं मदधीनमस्वतन्त्रं निजं च वै।
स सुदामाऽभवद्राधाशापतो दानवेश्वरः॥ १५

शङ्खचूडाभिधो देवद्रोही धर्मविचक्षणः।
क्लिश्नाति सुबलात्कृत्स्नं सदा देवगणं कुधीः॥ १६

मन्मायामोहितः सोऽतिदुष्टमन्त्रिसहायवान्।
तद्भयं त्यजताश्वेव मयि शास्तरि वै सति॥ १७

सनत्कुमार उवाच

इत्यूचिवान् शिवो यावद्धरिब्रह्मपुरः कथाम्।
अभवत्तावदन्यच्च चरितं तन्मुने शृणु॥ १८

तस्मिन्नेवान्तरे कृष्णो राधया पार्षदैः सह।
सद्गोपैराययौ शंभुमनुकूलयितुं प्रभुम्॥ १९

प्रभुं प्रणम्य सद्भक्त्या मिलित्वा हरिमादरात्।
संमतो विधिना प्रीत्या संतस्थौ शिवशासनात्॥ २०

ततः शंभुं पुनर्नत्वा तुष्टाव विहिताञ्जलिः।
श्रीकृष्णो मोहनिर्मुक्तो ज्ञात्वा तत्त्वं शिवस्य हि॥ २१

तब उनीहरूबाट सन्तुष्ट भएर मैले यो वचन भने—हे कृष्ण! तपाईंहरू सबै मेरो आज्ञाले डर त्याग गरिदिनुहोस्। म तपाईंहरूको सदा रक्षक हुँ। म प्रसन्न रहनाले तपाईंहरूको कल्याण हुनेछ। यो सबै मेरो इच्छाले भएको हो, यसमा सन्देह छैन। [हे कृष्ण!] तपाईं यी राधा एवं पार्षदका साथ आफ्नो स्थानमा जानुहोस्। यो [सुदामा] यस भारतवर्षमा दानवको रूपमा जन्म लिने छ, यसमा सन्देह छैन। समय आएपछि म तपाईं दुवैको श्रापको उद्धार गर्ने छु॥ १०—१२१/२॥

तब बुद्धिमान् श्रीकृष्ण मेरो वचनलाई शिरोधार्य गरी राधाका साथ बडो प्रसन्नतापूर्वक आफ्नो स्थानमा जानुभयो र ती दुवै भयपूर्वक मेरो आराधना गर्दै त्यहाँ निवास गर्न लागे॥ १३-१४॥

त्यस समय उनलाई ज्ञान भयो कि यो सारा जगत् मेरो (शंकरको) अधीन छ र म श्रीकृष्ण सर्वथा पराधीन हुँ। त्यो सुदामा राधाको श्रापले शंखचूड नामक दानवेन्द्र भयो, जो धर्ममा निपुण भएर पनि देवद्रोही छ र त्यो दुर्बुद्धि आफ्नो बलले सबै देवगणहरूलाई सदा पीडा पुऱ्याइरहन्छ। मेरो मायाबाट मोहित हुनाको कारण त्यसलाई दुष्ट मन्त्रीहरूको सहायता पनि प्राप्त भइरहेको छ। अतः म शासक रहँदा तपाईंहरू चाँडै त्यसको भयको त्याग गरिदिनुहोस्॥ १५—१७॥

सनत्कुमार भन्नुहुन्छ—हे मुनि! जब शिव ब्रह्मा एवं विष्णुका सामुन्ने यस प्रकारको कथा भनिरहनुभएको थियो त्यसै बखत जुन अन्य घटना घट्यो, त्यसलाई तपाईं सुन्नुहोस्। त्यसै समय श्रीकृष्ण राधिका, अन्य पार्षद एवं गोपहरूका साथ प्रभु शंकरको अनुकूल गर्नका लागि त्यहाँ आउनुभयो। उहाँ सद्भक्तिपूर्वक शंकरलाई प्रणाम गरी विष्णुसित आदरपूर्वक भेट गरी ब्रह्माको सल्लाह मानेर शिवको आज्ञाले प्रेमपूर्वक उहाँको समीप बस्नुभयो॥ १८-२०॥

त्यसपछि शिवलाई पुनः प्रणाम गरी मोहनिर्मुक्त श्रीकृष्ण शिवतत्त्वलाई जानेर हात जोड्दै उहाँको स्तुति गर्न लागनुभयो—॥ २१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीकृष्ण उवाच

देवदेव महादेव परब्रह्म सतांगते।
क्षमस्व चापराधं मे प्रसीद परमेश्वर॥ २२

त्वत्तः शर्व च सर्वं च त्वयि सर्वं महेश्वर।
सर्वं त्वं निखिलाधीश प्रसीद परमेश्वर॥ २३

त्वं ज्योतिः परमं साक्षात्सर्वव्यापी सनातनः।
त्वया नाथेन गौरीश सनाथाः सकला वयम्॥ २४

सर्वोपरि निजं मत्वा विहरन्मोहमाश्रितः।
तत्फलं प्राप्तवानस्मि शापं प्राप्तः सवामकः॥ २५

पार्षदप्रवरो यो मे सुदामा नाम गोपकः।
स राधाशापतः स्वामिन्दानवीं योनिमाश्रितः॥ २६

अस्मानुद्धर दुर्गेश प्रसीद परमेश्वर।
शापोद्धारं कुरुष्वाद्य पाहि नः शरणागतान्॥ २७

इत्युक्त्वा विररामैव श्रीकृष्णो राधया सह।
प्रसन्नोऽभूच्छिवस्तत्र शरणागतवत्सलः॥ २८

श्रीशिव उवाच

हे कृष्ण गोपिकानाथ भयं त्यज सुखी भव।
मयानुगृह्णता तात सर्वमाचरितं त्विदम्॥ २९

संभविष्यति ते भद्रं गच्छ स्वस्थानमुत्तमम्।
स्थातव्यं स्वाधिकारे च सावधानतया सदा॥ ३०

विहरस्व यथाकामं मां विज्ञाय परात्परम्।
स्वकार्यं कुरु निर्व्यग्रं राधया पार्षदैः खलु॥ ३१

वाराहे प्रवरे कल्पे तरुण्या राधया सह।
शापप्रभावं भुक्त्वा वै पुनरायास्यति स्वकम्॥ ३२

सुदामा पार्षदो यो हि तव कृष्ण प्रियप्रियः।
दानवीं योनिमाश्रित्येदानीं क्लिश्नाति वै जगत्॥ ३३

शापप्रभावाद्राधाया देवशत्रुश्च दानवः।
शङ्खचूडाभिधः सोऽति दैत्यपक्षी सुरद्रुहः॥ ३४

श्रीकृष्ण भन्नुहुन्छ—हे देवदेव! हे महादेव! हे परब्रह्म! हे सत्पुरुषहरूका गति! हे परमेश्वर! मेरो अपराध क्षमा गर्नुहोस् र ममाथि प्रसन्न हुनुहोस्। हे शर्व! सबथोक हजुरबाट नै उत्पन्न हुन्छ र हे महेश्वर! सबथोक हजुरमा नै स्थित छ। हे सर्वाधीश! सबथोक हजुर नै हुनुहुन्छ, अतः हे परमेश्वर! हजुर प्रसन्न हुनुहोस्॥ २२-२३॥

हजुर नै साक्षात् परम ज्योति, सर्वव्यापी एवं सनातन हुनुहुन्छ। हे गौरीश! हजुर नाथ हुनाले हामी सबै सनाथ छौँ॥ २४॥

मोहमा परेको म आफूलाई सर्वोपरि मानेर विहार गर्दै रहेँ, जसको फल मलाई यो प्राप्त भयो कि म श्रापग्रस्त भएँ र हे स्वामी! सुदामा नामक जुन मेरो श्रेष्ठ पार्षद छ, त्यो राधाको श्रापले दानवी योनिमा प्राप्त हुन गएको छ। हे दुर्गेश! हे परमेश्वर! हजुर हामीहरूको उद्धार गर्नुहोस् र प्रसन्न हुनुहोस्, श्रापबाट उद्धार गर्नुहोस् र हामी शरणागतहरूको रक्षा गर्नुहोस्। यस प्रकार भनेर श्रीकृष्ण राधासहित मौन हुनुभयो। तब शरणागतवत्सल शिव उहाँमाथि प्रसन्न हुनुभयो॥ २५—२८॥

श्रीशिव भन्नुहुन्छ—हे कृष्ण! हे गोपिकानाथ! तपाईं भय त्याग गर्नुहोस् र सुखी हुनुहोस्। हे तात! मैले नै अनुग्रह गर्दै यो सब गरेको हुँ॥ २९॥

तपाईंको कल्याण हुनेछ। अब तपाईं आफ्नो उत्तम स्थानमा जानुहोस् र सावधानीपूर्वक आफ्नो अधिकारको पालन गर्नुहोस्। मलाई परात्पर जानेर इच्छानुसार विहार गर्नुहोस् र निर्भय भएर राधा तथा पार्षदहरूका साथ आफ्नो कार्य गर्नुहोस्॥ ३०-३१॥

उत्तम वाराहकल्पमा युवती राधाका साथ श्रापको फल भोगेर त्यसले पुनः आफ्नो लोकलाई प्राप्त गर्ने छ॥ ३२॥

हे कृष्ण! तपाईंको अत्यन्त प्रिय पार्षद जुन सुदामा थियो, त्यही यस समय दानवी योनिमा जन्म ग्रहण गरी सारा जगत्लाई क्लेश दिइरहेको छ, त्यो शंखचूड नामक दानव राधाको श्रापको प्रभावले नै देवशत्रु, दैत्यहरूको पक्ष लिने र देवताहरूसित द्रोह गर्ने खालको भएको छ॥ ३३-३४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तेन निःसारिता देवाः सेन्द्रा नित्यं प्रपीडिताः।
हृताधिकारा विकृताः सर्वे याता दिशो दश॥ ३५

उसले इन्द्रसहित सबै देवताहरूलाई पीडा दिएर निकालिदिएको छ, जसबाट ती देवता अधिकारविहीन एवं व्याकुल भएर दसै दिशाहरूमा भौँतारिरहेका छन्॥ ३५॥

ब्रह्माच्युतौ तदर्थे हीहागतौ शरणं मम।
तेषां क्लेशविनिर्मोक्षं करिष्ये नात्र संशयः॥ ३६

त्यसैको वधका निमित्त यी ब्रह्मा तथा विष्णु मेरो शरणमा यहाँ आएका छन्, म यिनको दुःख दूर गर्नै छु, यसमा संशय छैन॥ ३६॥

सनत्कुमार उवाच

इत्युक्त्वा शंकरः कृष्णं पुनः प्रोवाच सादरम्।
हरिं विधिं समाभाष्य वचनं क्लेशनाशनम्॥ ३७

सनत्कुमार भन्नुहुन्छ—[हे व्यास!] श्रीकृष्णसित यति भनेर भगवान् शंकर ब्रह्मा तथा विष्णुलाई सम्बोधित गरी आदरपूर्वक क्लेशनाशक वचन पुनः भन्न लाग्नुभयो—॥ ३७॥

शिव उवाच

हे हरे हे विधे प्रीत्या ममेदं वचनं शृणु।
गच्छतं त्वरितं तातौ देवानंदाय निर्भयम्॥ ३८
कैलासवासिनं रुद्रं मद्रूपं पूर्णमुत्तमम्।
देवकार्यार्थमुद्भूतं पृथगाकृतिधारिणम्॥ ३९

शिव भन्नुहुन्छ—हे विष्णु! हे ब्रह्मन्! तपाईंहरू मेरो कुरा सुन्नुहोस्। देवताहरूलाई भयरहित गर्नका लागि चाँडै तपाईंहरू कैलासपर्वतमा जानुहोस्, जहाँ मेरो पूर्ण रूप रुद्रको निवास छ। मैले नै देवताहरूको कार्य गर्नका लागि पृथक् रूपलाई धारण गरेको छु॥ ३८-३९॥

एतदर्थे हि मद्रूपः परिपूर्णतमः प्रभुः।
कैलासे भक्तवशतः संतिष्ठति गिरौ हरे॥ ४०
मत्तस्त्वत्तो न भेदोऽस्ति युवयोः सेव्य एव सः।
चराचराणां सर्वेषां सुरादीनां च सर्वदा॥ ४१

हे हरि! परिपूर्णतम एवं भक्तपराधीन म प्रभुको नै त्यो रुद्ररूप देवताहरूको कार्यका लागि कैलासपर्वतमा विराजमान छ। ममा एवं तपाईंमा कुनै भेद छैन। मेरो त्यो रुद्ररूप तपाईं दुवैको, चराचर जगत्‌को, सबै देवता एवं मुनिहरूको सर्वदा सेव्य छ॥ ४०-४१॥

आवयोर्भेदकर्ता यः स नरो नरकं व्रजेत्।
इहापि प्राप्नुयात्कष्टं पुत्रपौत्रविवर्जितः॥ ४२
इत्युक्तवन्तं दुर्गेशं प्रणम्य च मुहुर्मुहुः।
राधया सहितः कृष्णः स्वस्थानं सगणो ययौ॥ ४३
हरिर्ब्रह्मा च तौ व्यास सानन्दौ गतसाध्वसौ।
मुहुर्मुहुः प्रणम्येशं वैकुंठं ययतुर्द्रुतम्॥ ४४

जो मनुष्य हामी दुवैमा भेद राख्ने छ, त्यो नरकगामी हुनेछ र त्यो यस लोकमा पुत्र-पौत्रादिबाट रहित भएर नाना प्रकारका क्लेश प्राप्त गर्ने छ। यस्तो भनिरहनु भएका गौरीपतिलाई बारम्बार प्रणाम गरी श्रीकृष्ण राधा तथा गणहरूका साथ आफ्नो स्थानमा जानुभयो॥ ४२-४३॥ हे व्यास! यसै प्रकार ती ब्रह्मा तथा विष्णु पनि सन्देहरहित भई शिवलाई बारम्बार प्रणाम गरी आनन्दका साथ शीघ्र वैकुण्ठ जानुभयो॥ ४४॥

तत्रागत्याखिलं वृत्तं देवेभ्यो विनिवेद्य तौ।
तानादाय ब्रह्मविष्णू कैलासं ययतुर्गिरिम्॥ ४५

ती ब्रह्मा तथा विष्णु त्यहाँ आएर सारा वृत्तान्त देवताहरूसित भनेर तथा उनीहरूलाई साथ लिएर कैलासपर्वतमा जानुभयो॥ ४५॥

तत्र दृष्ट्वा महेशानं पार्वतीवल्लभं प्रभुम्।
दीनरक्षात्तदेहं च सगुणं देवनायकम्॥ ४६
तुष्टुवुः पूर्ववत्सर्वे भक्त्या गद्गदया गिरा।
करौ बद्ध्वा नतस्कंधा विनयेन समन्विताः॥ ४७

दीनहरूको रक्षा गर्नका लागि सगुण रूपले शरीर धारण गर्नुभएका देवाधिपति पार्वतीवल्लभ महेश्वर प्रभुलाई त्यहाँ देखेर सबै देवताहरूले पूर्वको झैं हात जोडेर विनयले युक्त भई शिर झुकाएर गद्गद वाणीले भक्तिपूर्वक उहाँको स्तुति गर्न प्रारम्भ गरे॥ ४६-४७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवा ऊचुः

देवदेव महादेव गिरिजानाथ शंकर।
वयं त्वां शरणापन्ना रक्ष देवान्भयाकुलान्॥ ४८
शंखचूडं दानवेन्द्रं जहि देवनिषूदनम्।
तेन विक्लाविता देवाः संग्रामे च पराजिताः॥ ४९
हताधिकाराः कुतले विचरंति यथा नराः।
देवलोको हि दुर्दृश्यस्तेषामासीच्च तद्भयात्॥ ५०
दीनोद्धार कृपासिन्धो देवानुद्धर संकटात्।
शक्रं भयान्महेशान हत्वा तं दानवाधिपम्॥ ५१
इति श्रुत्वा वचः शंभुर्देवानां भक्तवत्सलः।
उवाच विहसन् वाण्या मेघनादगभीरया॥ ५२

श्रीशंकर उवाच

हे हरे हे विधे देवाः स्वस्थानं गच्छत ध्रुवम्।
शंखचूडं वधिष्यामि सगणं नात्र संशयः॥ ५३

सनत्कुमार उवाच

इत्याकर्ण्य महेशस्य वचः पीयूषसंनिभम्।
ते सर्वे प्रमुदा ह्यासन्नष्टं मत्वा च दानवम्॥ ५४
हरिर्जगाम वैकुंठं सत्यलोके विधिस्तदा।
प्रणिपत्य महेशं च सुराद्याः स्वपदं ययुः॥ ५५

देवता भन्दछन्—हे देवदेव! हे महादेव! हे गिरिजानाथ! हे शंकर! हामी सबै देवता हजुरको शरणमा आएका छौँ, भयबाट व्याकुल देवताहरूको रक्षा गर्नुहोस्॥ ४८॥ देवताहरूलाई कष्ट दिने दैत्यराज शंखचूडको वध गर्नुहोस्, त्यसले देवताहरूलाई व्याकुल पारेको छ र युद्धमा पराजित गरिदिएको छ। त्यसले देवताहरूको समस्त अधिकार खोसेको छ, जसबाट उनीहरू मनुष्यहरू झैँ पृथ्वीमा भौँतारिरहेका छन् र त्यसको डरले उनीहरूका लागि देवलोकको दर्शनसम्म पनि दुर्लभ भएको छ॥ ४९-५०॥

अतः दीनहरूको उद्धार गर्नुहुने हे कृपासिन्धु! यस संकटबाट देवताहरूको उद्धार गर्नुहोस् र त्यस दानवेन्द्रको वध गरी इन्द्रलाई भयबाट मुक्त गर्नुहोस्। देवताहरूको यस वचनलाई सुनेर हाँस्तै भक्तवत्सल भगवान् शंकरले मेघको समान गम्भीर वाणीमा भन्नुभयो—॥ ५१-५२॥

श्रीशंकर भन्नुहुन्छ—हे विष्णु! हे ब्रह्मन्! हे देवगण! तपाईंहरू आफ्नो स्थानमा जानुहोस्, म सेनासहित त्यस शंखचूडको वध अवश्य गर्ने छु, यसमा सन्देह छैन॥ ५३॥

सनत्कुमार भन्नुहुन्छ—शंकरका यस अमृततुल्य वाणीलाई सुनेर सबै देवता दैत्यहरूलाई मरेको जानेर अत्यन्त प्रसन्न भए॥ ५४॥

त्यसपछि शंकरलाई प्रणाम गरी विष्णु वैकुण्ठलोक एवं ब्रह्मा सत्यलोक जानुभयो तथा देवगण आ-आफ्नो स्थानमा गए॥ ५५॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे शंखचूडवधे शिवोपदेशो नामैकत्रिंशोऽध्यायः॥ ३१॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा शंखचूडवधअन्तर्गत शिवोपदेशवर्णन नामक एकतीसौँ अध्याय पूर्ण भयो॥ ३१॥

अथ द्वात्रिंशोऽध्यायः

भगवान् शिवद्वारा शंखचूडलाई सम्झाउनका लागि गन्धर्वराज चित्ररथ (पुष्पदन्त)-लाई दूतको रूपमा पठाउनु, शंखचूडद्वारा सन्देशको अवहेलना र युद्ध गर्ने आफ्नो निश्चय बताउनु, पुष्पदन्त फर्कि आएर सारा वृत्तान्त शिवसित निवेदन गर्नु

सनत्कुमार उवाच

अथेशानो महारुद्रो दुष्टकालः सतां गतिः।
शंखचूडवधं चित्ते निश्चिकाय सुरेच्छया॥ १

सनत्कुमार भन्नुहुन्छ—तब दुष्टहरूका लागि कालस्वरूप तथा सज्जनहरूका रक्षक महारुद्र ईश्वरले देवताहरूको इच्छाले आफ्नो मनमा शंखचूडको वधको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दूतं कृत्वा चित्ररथं गंधर्वेश्वरमीप्सितम्।
शीघ्रं प्रस्थापयामास शंखचूडांतिके मुदा॥ २

सर्वेश्वराज्ञया दूतो ययौ तन्नगरं च सः।
महेन्द्रनगरोत्कृष्टं कुबेरभवनाधिकम्॥ ३

गत्वा ददर्श तन्मध्ये शंखचूडालयं वरम्।
राजितं द्वादशैर्द्वारैर्द्वारपालसमन्वितम्॥ ४

स दृष्ट्वा पुष्पदन्तस्तु वरं द्वारं ददर्श सः।
कथयामास वृत्तान्तं द्वारपालाय निर्भयः॥ ५

अतिक्रम्य च तद् द्वारं जगामाभ्यन्तरे मुदा।
अतीव सुन्दरं रम्यं विस्तीर्णं समलंकृतम्॥ ६
स गत्वा शंखचूडं तं ददर्श दनुजाधिपम्।
वीरमंडलमध्यस्थं रत्नसिंहासनस्थितम्॥ ७
दानवेन्द्रैः परिवृतं सेवितं च त्रिकोटिभिः।
शतकोटिभिरन्यैश्च भ्रमद्भिः शस्त्रपाणिभिः॥ ८
एवंभूतं च तं दृष्ट्वा पुष्पदंतः सविस्मयः।
उवाच रणवृत्तान्तं यदुक्तं शंकरेण च॥ ९

पुष्पदंत उवाच

राजेन्द्र शिवदूतोऽहं पुष्पदंताभिधः प्रभो।
यदुक्तं शंकरेणैव तच्छृणु त्वं ब्रवीमि ते॥ १०

शिव उवाच

राज्यं देहि च देवानामधिकारं हि सांप्रतम्।
नो चेत्कुरु रणं सार्द्धं परेण च मया सताम्॥ ११
देवा मां शरणापन्ना देवेशं शंकरं सताम्।
अहं क्रुद्धो महारुद्रस्त्वां वधिष्याम्यसंशयम्॥ १२

हरोऽस्मि सर्वदेवेभ्यो ह्यभयं दत्तवानहम्।
खलदंडधरोऽहं वै शरणागतवत्सलः॥ १३

राज्यं दास्यसि किं वा त्वं करिष्यसि रणं च किम्।
तत्त्वं ब्रूहि द्वयोरेकं दानवेन्द्र विचार्य्य वै॥ १४

निश्चय गर्नुभयो र गन्धर्वराज चित्ररथ (पुष्पदन्त)-लाई आफ्नो अभीष्ट दूत बनाएर तत्काल प्रसन्नतापूर्वक शंखचूडकहाँ पठाउनुभयो। तब सर्वेश्वरको आज्ञाले त्यो दूत इन्द्रको अमरावतीपुरीभन्दा पनि धेरै ऐश्वर्यसम्पन्न तथा कुबेरको भवनभन्दा पनि उत्कृष्ट भवनहरू भएको त्यस दैत्येन्द्रको नगरमा गयो॥ १—३॥

उसले त्यहाँ गएर बाह्र ढोकाहरूले युक्त शंखचूडको भवन देख्यो, जहाँ प्रत्येक द्वारमा द्वारपाल नियुक्त थिए॥ ४॥

उनीहरूलाई हेर्दै त्यस पुष्पदन्तले प्रधान द्वारलाई देख्यो र निर्भय भई त्यहाँको द्वारपालसित सारा वृत्तान्त निवेदन गर्‍यो। तब अत्यन्त सुन्दर, रम्य, विस्तृत तथा राम्ररी अलंकृत त्यस द्वारलाई पार गरी त्यो प्रसन्नतापूर्वक भित्र गयो। त्यहाँ गएर उसले वीरहरूको मण्डलमा विराजमान तथा रत्नसिंहासनमाथि बसेको त्यस दानवाधिपति शंखचूडलाई देख्यो। त्यस समय त्यो तीन करोड दैत्यराजहरूबाट घेरिएको थियो तथा ती उसको सेवा गरिरहेका थिए र अन्य सय करोड दानव हातहरूमा शस्त्र लिएर उसको चारैतिर पहरा दिइरहेका थिए। यस प्रकार उसलाई देखेर पुष्पदन्तलाई ठुलो आश्चर्य लाग्यो र उसले शंकरद्धारा भनिएका युद्धको सन्देश यस प्रकार भन्यो— ॥ ५-९॥

पुष्पदन्त भन्दछ—हे राजेन्द्र! म शिवको पुष्पदन्त नामक दूत हुँ। हे प्रभु! शंकरले जुन सन्देश पठाउनु भएको छ, त्यसलाई श्रवण गर्नुहोस्, म तपाईंसित भन्दै छु॥ १०॥

शिव भन्नुहुन्छ—तिमी सज्जन देवताहरूको राज्य तथा उनीहरूको अधिकार यस समय फिर्ता गरिदेऊ, अन्यथा मलाई आफ्नू शत्रु सम्झेर मसँग युद्ध गर॥ ११॥ म सज्जनहरूको रक्षक हुँ र देवताहरू मेरो शरणमा आएका छन्, अतः म महारुद्र क्रुद्ध भएपछि निःसन्देह तिम्रो वध गर्ने छु॥ १२॥

म हर हुँ, मैले सबै देवताहरूलाई अभयदान दिएको छु। म शरणागतवत्सल हुँ र दुष्टहरूलाई दण्ड दिनेवाला हुँ॥ १३॥ हे दानवेन्द्र! तिमी राज्य फिर्ता गर्ने छौ अथवा युद्ध, विचार गरी यी दुईमा एउटा तात्त्विक कुरा बताऊ॥ १४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुष्पदंत उवाच

इत्युक्तं यन्महेशेन तुभ्यं तन्मे निवेदितम्।
वितथं शंभुवाक्यं न कदापि दनुजाधिप॥ १५

अहं स्वस्वामिनं गंतुमिच्छामि त्वरितं हरम्।
गत्वा वक्ष्यामि किं शंभुं तथा त्वं वद मामिह॥ १६

सनत्कुमार उवाच

इत्थं च पुष्पदंतस्य शिवदूतस्य सत्पतेः।
आकर्ण्य वचनं राजा हसित्वा तमुवाच सः॥ १७

शंखचूड उवाच

राज्यं दास्ये न देवेभ्यो वीरभोग्या वसुंधरा।
रणं दास्यामि ते रुद्र देवानां पक्षपातिने॥ १८

यस्योपरि प्रयायी स्यात्स वीरो भुवनेऽधमः।
अतः पूर्वमहं रुद्र त्वां गमिष्याम्यसंशयम्॥ १९

प्रभात आगमिष्यामि वीरयात्रा विचारतः।
त्वं गच्छाचक्ष्व रुद्राय हीदृशं वचनं मम॥ २०

इति श्रुत्वा शंखचूडवचनं सुप्रहस्य सः।
उवाच दानवेन्द्रं स शंभुदूतस्तु गर्वितम्॥ २१

पुष्पदंत उवाच

अन्येषामपि राजेन्द्र गणानां शंकरस्य च।
न स्थातुं संमुखे योग्यः किं पुनस्तस्य संमुखम्॥ २२

स त्वं देहि च देवानामधिकाराणि सर्वशः।
त्वमरं गच्छ पातालं यदि जीवितुमिच्छसि॥ २३

सामान्यममरं तं नो विद्धि दानवसत्तम।
शंकरः परमात्मा हि सर्वेषामीश्वरेश्वरः॥ २४

इन्द्राद्याः सकला देवा यस्याज्ञावर्तिनः सदा।
सप्रजापतयः सिद्धा मुनयश्चाप्यहीश्वराः॥ २५

हरेर्विधेश्च स स्वामी निर्गुणः सगुणः स हि।
यस्य भ्रूभंगमात्रेण सर्वेषां प्रलयो भवेत्॥ २६

शिवस्य पूर्णरूपश्च लोकसंहारकारकः।
सतां गतिर्दुष्टहन्ता निर्विकारः परात्परः॥ २७

पुष्पदन्त भन्दछ—हे दैत्यराज! शंकरले मसित जे जति भन्नुभएको थियो, त्यसलाई मैले तत्त्वतः तपाईंसित निवेदन गरेँ। शंकरको वचन कहिल्यै झूठो हुन सक्दैन। अब म चाँडै आफ्नो स्वामी सदाशिवका समक्षमा जान चाँहन्छु। म गएर शम्भुसित के भनौँ, तपाईं त्यो मलाई बताउनुहोस्॥ १५-१६॥

सनत्कुमार भन्नुहुन्छ—यस प्रकार श्रेष्ठ स्वामी भएको शिवदूत पुष्पदन्तको कुरा सुनेर त्यो दानवेन्द्र हाँसेर उससित भन्न लाग्यो—॥ १७॥

शंखचूड भन्दछ—म देवताहरूलाई राज्य दिन्न। यो पृथ्वी वीरहरूको भोग्य छ। हे रुद्र! देवताहरूको पक्षमा रहने तिमीसित म युद्ध गर्ने छु। जुन राजामाथि शत्रुको हमला हुन जान्छ, त्यो भुवनमा अधम वीर हुन्छ। अतः हे रुद्र! म निश्चित रूपले पहिला तिमीमाथि हमला गर्ने छु॥ १८-१९॥

[हे दूत!] तिमी जाऊ र मेरो यो वचन रुद्रसित भनिदेऊ कि म वीरयात्राको विचारले प्रातःकाल आउने छु॥ २०॥

शंखचूडको यो वचन सुनेर त्यस शिवदूतले हाँसो गरी गर्वयुक्त त्यस दानवेन्द्रसित भन्यो—॥ २१॥

पुष्पदन्त भन्दछ—हे राजेन्द्र! तिमी शिवका अन्य गणहरूको सामुन्ने पनि टिक्न सक्ने छैनौ, तब शिवको सम्मुख कसरी उभिन सक्छौ?॥ २२॥

अतः तिमीलाई यही राम्रो हुन्छ कि देवताहरूको समस्त अधिकार उनीहरूलाई फिर्ता गरिदेऊ र यदि जीवित रहन चाँहन्छौ भने चाँडै पातालमा जाऊ। हे दानवश्रेष्ठ! तिमी शंकरलाई सामान्य देवता नठान; शंकर सबै ईश्वरहरूका ईश्वर तथा परमात्मा हुनुहुन्छ॥ २३-२४॥

[हे दैत्येन्द्र!] प्रजापतिहरूसहित इन्द्रादि समस्त देवता, सिद्ध, मुनिगण तथा नागराज सबै सर्वदा उहाँको आज्ञामा रहन्छन्। उहाँ विष्णु तथा ब्रह्माका स्वामी हुनुहुन्छ र उहाँ सगुण भएर पनि निर्गुण हुनुहुन्छ। जसले भ्रुकुटी टेढो गर्नासाथ सबैको प्रलय हुन्छ। शिवको यो पूर्णरूप लोकसंहारकारक छ। उहाँ सज्जनहरूको रक्षक, दुष्टहरूको हन्ता, निर्विकार तथा परभन्दा पनि पर हुनुहुन्छ॥ २५—२७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मणोऽधिपतिः सोऽपि हरेरपि महेश्वरः।
अवमान्यं न वै तस्य शासनं दानवर्षभ॥ २८
किं बहूक्तेन राजेन्द्र मनसा संविचार्य च।
रुद्रं विद्धि महेशानं परं ब्रह्म चिदात्मकम्॥ २९
देहि राज्यं हि देवानामधिकारांश्च सर्वशः।
एवं ते कुशलं तात भविष्यत्यन्यथा भयम्॥ ३०

ती महेश्वर ब्रह्मा तथा विष्णुका पनि अधिपति हुनुहुन्छ। हे दानवश्रेष्ठ! उहाँको आज्ञाको अवहेलना गर्नु हुँदैन। हे राजेन्द्र! धेरै भन्नाले के लाभ? तपाईं मनबाट विचार गरी रुद्रलाई महेशान तथा चिदात्मक परब्रह्म जान्नुहोस्। अतः तपाईं देवताहरूको राज्य तथा सम्पूर्ण अधिकार फिर्ता गर्नुहोस् । हे तात! यस्तो गर्नाले तपाईंको कल्याण हुनेछ, अन्यथा भय हुनेछ॥ २८-३०॥

सनत्कुमार उवाच

इति श्रुत्वा दानवेन्द्रः शंखचूडः प्रतापवान्।
उवाच शिवदूतं तं भवितव्यविमोहितः॥ ३१

सनत्कुमार भन्नुहुन्छ—दूतको यस प्रकारको कुरा सुनेर प्रतापी दानवेन्द्र शंखचूड भवितव्यबाट मोहित भएर त्यस शिवदूतसित भन्न लाग्यो—॥ ३१॥

शंखचूड उवाच

स्वतो राज्यं न दास्यामि नाधिकारान् विनिश्चयात्।
विना युद्धं महेशेन सत्यमेतद् ब्रवीम्यहम्॥ ३२
कालाधीनं जगत्सर्वं विज्ञेयं सचराचरम्।
कालाद्भवति सर्वं हि विनश्यति च कालतः॥ ३३
त्वं गच्छ शंकरं रुद्रं मयोक्तं वद तत्त्वतः।
स च युक्तं करोत्वेवं बहुवार्तां कुरुष्व नो॥ ३४

शंखचूड भन्दछ—[हे दूत!] म यो सत्य भन्छु कि शिवसित विना युद्ध स्वयं न त देवताहरूलाई राज्य दिन्छु तथा न त अधिकार नै दिनेछु। यस सम्पूर्ण चराचर जगत्लाई कालको अधीन जान्नुपर्छ। कालबाट नै सबथोक उत्पन्न हुन्छ तथा विनष्ट पनि कालबाट नै हुन्छ। तिमी रुद्र शंकरकहाँ जाऊ र यथार्थ रूपले मद्वारा भनिएका कुरा भनिदेऊ, जस्तो उचित हुन्छ, त्यही गर, तिमी धेरै कुरा नगर॥ ३२—३४॥

सनत्कुमार उवाच

इत्युक्त्वा शिवदूतोऽसौ जगाम स्वामिनं निजम्।
यथार्थं कथयामास पुष्पदंतश्च सन्मुने॥ ३५

सनत्कुमार भन्नुहुन्छ—हे मुनि! यस प्रकार कुरा गरी त्यो पुष्पदन्त नामको शिवदूत आफ्नो स्वामीकहाँ गयो र उसले सारा वृत्तान्त यथार्थरूपले निवेदन गर्‍यो॥ ३५॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे शंखचूडवधे दूतगमनं नाम द्वात्रिंशोऽध्यायः॥ ३२॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा शंखचूडवधअन्तर्गत दूतगमनवर्णन नामक बत्तिसौँ अध्याय पूर्ण भयो॥ ३२॥

अथ त्रयस्त्रिंशोऽध्यायः

शंखचूडसित युद्धका लागि आफ्ना गणहरूका साथ भगवान् शिवको प्रस्थान

सनत्कुमार उवाच

तस्य दूतस्य तद्वाक्यमाकर्ण्य सुरराट् ततः।
सक्रोधः प्राह गिरिशो वीरभद्रादिकान्गणान्॥ १

सनत्कुमार भन्नुहुन्छ—तब त्यस दूतको वचन सुनेर देवाधिदेव भगवान् शंकर कुपित भई वीरभद्र आदि गणहरूसित भन्न लागनुभयो—॥ १॥

रुद्र उवाच

हे वीरभद्र हे नंदिन् क्षेत्रपालाष्टभैरवाः।
सर्वे गणाश्च सन्नद्धाः सायुधा बलशालिनः॥ २
कुमाराभ्यां सहैवाद्य निर्गच्छन्तु ममाज्ञया।
स्वसेनया भद्रकाली निर्गच्छतु रणाय च।
शंखचूडवधार्थाय निर्गच्छाम्यद्य सत्वरम्॥ ३

रुद्र भन्नुहुन्छ—हे वीरभद्र! हे नन्दी! हे क्षेत्रपाल हो! हे अष्टभैरव! समस्त बलवान्गण! तिमीहरू मेरो आज्ञाले आ-आफ्नो शस्त्र लिएर युद्धका निम्ति तयार होऊ र दुवै कुमारहरूका साथ [युद्धका लागि] प्रस्थान गर। यी भद्रकाली पनि आफ्ना सेनाका साथ युद्धका लागि प्रस्थान गरून्। म शंखचूडको वध गर्नका लागि अहिल्यै तत्काल निस्कँदै छु॥ २-३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सनत्कुमार उवाच

इत्याज्ञाप्य महेशानो निर्ययौ सैन्यसंयुतः।
सर्वे वीरगणास्तस्यानुययुः संप्रहर्षिताः॥ ४

एतस्मिन्नन्तरे स्कंदगणेशौ सर्वसैन्यपौ।
ययतुर्मुदितौ नद्धौ सायुधौ च शिवान्तिके॥ ५
वीरभद्रश्च नन्दी च महाकालः सुभद्रकः।
विशालाक्षश्च बाणश्च पिंगलाक्षो विकंपनः॥ ६
विरूपो विकृतिश्चैव मणिभद्रश्च बाष्कलः।
कपिलाख्यो दीर्घदंष्ट्रो विकरस्ताम्रलोचनः॥ ७
कालंकरो बलीभद्रः कालजिह्वः कुटीचरः।
बलोन्मत्तो रणश्लाघ्यो दुर्जयो दुर्गमस्तथा॥ ८
इत्यादयो गणेशानाः सैन्यानां पतयो वराः।
तेषां च गणनां वच्मि सावधानतया शृणु॥ ९
शंखकर्णः कोटिगणैर्युतः परविमर्दकः।
दशभिः केकराक्षश्च विकृतोऽष्टाभिरेव च॥ १०
चतुःषष्ट्या विशाखश्च नवभिः पारियात्रिकः।
षड्भिः सर्वान्तकः श्रीमांस्तथैव विकृताननः॥ ११
जालको हि द्वादशभिः कोटिभिर्गणपुंगवः।
सप्तभिः समदः श्रीमान्दुन्दुभोऽष्टाभिरेव च॥ १२
पंचभिश्च करालाक्षः षड्भिः संदारको वरः।
कोटिकोटिभिरेवेह कंदुकः कुंडकस्तथा॥ १३
विष्टंभोऽष्टाभिरेवेह गणपः सर्वसत्तमः।
पिप्पलश्च सहस्रेण संनादश्च तथाविधः॥ १४
आवेशनस्तथाष्टाभिस्त्वष्टाभिश्चन्द्रतापनः।
महाकेशः सहस्रेण कोटीनां गणपो वृतः॥ १५

कुंडी द्वादशभिर्वीरैस्तथा पर्वतकः शुभः।
कालश्च कालकश्चैव महाकालशतेन वै॥ १६
अग्निकः शतकोट्या च कोट्याग्निमुख एव च।
आदित्यो ह्यर्द्धकोट्या च तथा चैव घनावहः॥ १७
सन्नाहश्च शतेनैव कुमुदः कोटिभिस्तथा।
अमोघः कोकिलश्चैव शतकोट्या सुमंत्रकः॥ १८
काकपादः कोटिषष्ट्या षष्ट्या संतानकस्तथा।
महाबलश्च नवभिः पञ्चभिर्मधुपिंगलः॥ १९
नीलो नवत्या देवेशः पूर्णभद्रस्तथैव च।
कोटीनां चैव सप्तानां चतुर्वक्त्रो महाबलः॥ २०
कोटिकोटिसहस्राणां शतैर्विंशतिभिस्तथा।
तत्राजग्मुस्तथा वीरास्ते सर्वे संगरोत्सवे॥ २१

सनत्कुमार भन्नुहुन्छ—यस प्रकारको आज्ञा दिएर शिव आफ्ना सेनाका साथ निस्कनुभयो र सबै वीरगण पनि अत्यन्त हर्षित भएर उहाँको पछि हिंडे॥ ४॥

यसै बीच सबै सेनाहरूका स्वामी कुमार कार्तिकेय तथा गणेश पनि प्रसन्न भएर आयुधहरूबाट युक्त भई शिवको समीपमा जानुभयो। वीरभद्र, नन्दी, महाकाल, सुभद्रक, विशालाक्ष, बाण, पिंगलाक्ष, विकम्पन, विरूप, विकृति, मणिभद्र, बाष्कल, कपिल, दीर्घदंष्ट्र, विकर, ताम्रलोचन, कालंकर, बलीभद्र, कालजिह्व, कुटीचर, बलोन्मत्त, रण-श्लाघ्य, दुर्जय एवं दुर्गम इत्यादि गणेश्वर तथा श्रेष्ठ सेनापति पनि शिवका साथ रणभूमिमा गए। अब म उनीहरूको संख्या बताउँदै छु, सावधानीपूर्वक सुन्नुहोस्॥ ५—९॥

शत्रुहरूको मर्दन गर्ने शंखकर्ण एक करोड सेनाका साथ, केकराक्ष दश करोड, विकृत आठ करोड, विशाख चौँसठ्ठी करोड, पारियात्रिक नौ करोड, सर्वान्तक छ करोड, श्रीमान् विकृतानन छ करोड, गणहरूमा श्रेष्ठ जालक बाह्र करोड, समद सात करोड, श्रीमान् दुन्दुभ आठ करोड, करालाक्ष पाँच करोड, श्रेष्ठ सन्दारक छ करोड, कन्दुक तथा कुण्डक एक-एक करोड, सबैमा श्रेष्ठ विष्टम्भ नामक गणेश्वर आठ करोड, पिप्पल एवं सन्नाद हजार करोड, आवेशन तथा चन्द्रतापन आठ-आठ करोड र गणेश्वर महाकेश सहस्र करोड गणहरूबाट घेरिएका थिए॥ १०—१५॥

कुण्डी एवं पर्वतक बाह्र करोड वीरहरू, काल, कालक एवं महाकाल सय करोड, अग्निक सय करोड, अग्निमुख एक करोड, आदित्य एवं घनावह आधा-आधा करोड, सन्नाह तथा कुमुद सय करोड, अमोघ, कोकिल एवं सुमन्त्रक सय-सय करोड, काकपाद र सन्तानक साठी-साठी करोड, महाबल नौ करोड, मधुपिंगल पाँच करोड, नील, देवेश एवं पूर्णभद्र नब्बे-नब्बे करोड, महाबलवान् चतुर्वक्त्र सात करोड गणहरूका साथ, यसै प्रकार अन्य महावीर गण हजारौँ, सयकडौँ तथा बीसौँ करोड गणहरूलाई साथ लिएर त्यहाँ युद्धोत्सवमा आए॥ १६—२१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भूतकोटिसहस्रेण प्रमथैर्कोटिभिस्त्रिभिः।
वीरभद्रश्चतुःषष्ट्या लोमजानां त्रिकोटिभिः॥ २२
काष्ठारूढश्चतुःषष्ट्या सुकेशो वृषभस्तथा।
विरूपाक्षश्च भगवांश्चतुःषष्ट्या सनातनः॥ २३
तालकेतुः षडास्यश्च पञ्चास्यश्च प्रतापवान्।
संवर्तकस्तथा चैत्रो लंकुलीशः स्वयं प्रभुः॥ २४
लोकांतकश्च दीप्तात्मा तथा दैत्यांतकः प्रभुः।
देवो भृङ्गीरिटिः श्रीमान्देवदेवप्रियस्तथा॥ २५
अशनिर्भानुकश्चैव चतुःषष्ट्या सहस्रशः।
कंकालः कालकः कालो नन्दी सर्वान्तकस्तथा॥ २६
एते चान्ये च गणपा असंख्याता महाबलाः।
युद्धार्थं निर्ययुः प्रीत्या शंखचूडेन निर्भयाः॥ २७
सर्वे सहस्रहस्ताश्च जटामुकुटधारिणः।
चन्द्ररेखावतंसाश्च नीलकंठास्त्रिलोचनाः॥ २८
रुद्राक्षाभरणाः सर्वे तथा सद्भस्मधारिणः।
हारकुंडलकेयूरमुकुटाद्यैरलंकृताः॥ २९
ब्रह्मेन्द्रविष्णुसंकाशा अणिमादिगुणैर्वृताः।
सूर्यकोटिप्रतीकाशाः प्रवीणा युद्धकर्मणि॥ ३०
पृथिवीचारिणः केचित्केचित्पातालचारिणः।
केचित् व्योमचराः केचित्सप्तस्वर्गचरा मुने॥ ३१
किं बहूक्तेन देवर्षे सर्वलोकनिवासिनः।
ययुः शिवगणाः सर्वे युद्धार्थं दानवैः सह॥ ३२
अष्टौ च भैरवा रौद्रा रुद्राश्चैकादशाशु ये।
वसवोऽष्टौ वासवश्चादित्या द्वादश ते द्रुतम्॥ ३३
हुताशनश्च चन्द्रश्च विश्वकर्माश्विनौ च तौ।
कुबेरश्च यमश्चैव निर्ऋतिर्नलकूबरः॥ ३४
वायुश्च वरुणश्चैव बुधश्च मंगलश्च वै।
ग्रहाश्चान्ये महेशेन कामदेवश्च वीर्यवान्॥ ३५
उग्रदंष्ट्रश्चोग्रदण्डः कोरटः कोटभस्तथा।
स्वयं शतभुजा देवी भद्रकाली महेश्वरी॥ ३६
रत्नेन्द्रसारनिर्माणविमानोपरि संस्थिता।
रक्तवस्त्रपरीधाना रक्तमाल्यानुलेपना॥ ३७
नृत्यन्ती च हसन्ती च गायन्ती सुस्वरं मुदा।
अभयं ददती स्वेभ्यो भयं चारिभ्य एव सा॥ ३८

वीरभद्र सहस्र करोड भूतगण, तीन करोड प्रमथ, चौँसठ्ठी करोड गण एवं तीन करोड लोमजहरूका साथ आए। काष्ठारूढ, सुकेश, वृषभ, विरूपाक्ष एवं भगवान् सनातन पनि चौँसठ्ठी करोड गणहरूका साथ आए॥ २२-२३॥ तालकेतु, षडास्य, पंचास्य, प्रतापी संवर्तक, चैत्र, लकुलीश, स्वयंप्रभु लोकान्तक, दीप्तात्मा, दैत्यान्तक, प्रभु, देव भृंगी, देवाधिदेव महादेवका अत्यन्त प्रिय श्रीमान् रिटि, अशनि, भानुक चौँसठ्ठी सहस्र करोड गणहरूका साथ आए। यसै प्रकार कंकाल, कालक, काल, नन्दी, सर्वान्तक तथा अन्य असंख्य महाबली गणेश्वर शंखचूडका साथ युद्धका लागि निर्भय भई प्रेमपूर्वक निस्कन लागे॥ २४—२७॥

यी सबै गण हजारौँ हातहरूले युक्त तथा जटा-मुकुट धारण गरेका थिए। ती शिरमा चन्द्रकलाले युक्त, नीलकण्ठ एवं त्रिलोचन थिए। सबैले रुद्राक्ष एवं भस्म धारण गरेका थिए र हार, कुण्डल, केयूर एवं मुकुट आदिबाट अलंकृत थिए। ती ब्रह्मा, इन्द्र, विष्णु सदृश्य, अणिमादि सिद्धिहरूले युक्त, करोडौँ सूर्य समान देदीप्यमान एवं युद्धक्रियामा अत्यन्त प्रवीण थिए॥ २८—३०॥

हे मुनि! ती मध्येमा कोही पृथ्वीमा, कोही पातालमा, कोही आकाशमा तथा कोही सातै स्वर्गमा विचरण गर्ने खालका थिए। हे देवर्षि! धेरै भन्नाले के लाभ, त्यस समय दानवहरूसित युद्ध गर्नका लागि सम्पूर्ण लोकहरूमा रहने सबै शिवगण आइपुगे॥ ३१-३२॥ जुन अष्ठ भैरव, महाभयानक एकादश रुद्र, अष्ठ वसु, इन्द्र, द्वादशादित्य थिए, ती शीघ्र आइपुगे॥ ३३॥ हुताशन, चन्द्रमा, विश्वकर्मा, दुवै अश्विनीकुमार, कुबेर, यम, निर्ऋति, नलकूबर, वायु, वरुण, बुध एवं मंगल तथा अन्य ग्रह र वीर्यवान् कामदेव शिवका साथ आए॥ ३४-३५॥

उग्रदंष्ट्र, उग्रदण्ड, कोरट, कोटभ आदि महागण आए। स्वयं सय भुजा धारण गरेकी भगवती भद्रकाली महादेवी स्वयं त्यस युद्धमा उपस्थित भइन्। उनी उत्तम रत्नहरूबाट निर्मित विमानमा बसेकी थिइन्, रक्त वस्त्र, रक्त अनुलेपन एवं रक्तमाल्य धारण गरेकी थिइन्, प्रसन्नताले हाँस्तै गरेकी, सुस्वरमा गाउँदै गरेकी, नृत्य गर्दै गरेकी उनी आफ्ना भक्तहरूलाई अभय प्रदान गरिरहेकी थिइन् तथा शत्रुहरूलाई भय उत्पन्न गरिरहेकी थिइन्॥ ३६—३८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बिभ्रती विकटां जिह्वां सुलीलां योजनायताम्।
शंखचक्रगदापद्मखड्गचर्मधनुःशरान् ॥ ३९

खर्परं वर्तुलाकारं गंभीरं योजनायतम्।
त्रिशूलं गगनस्पर्शि शक्तिं च योजनायताम्॥ ४०
मुद्गरं मुसलं वज्रं खड्गं फलकमुल्बणम्।
वैष्णवास्त्रं वारुणास्त्रं वायव्यं नागपाशकम्॥ ४१
नारायणास्त्रं गांधर्वं ब्रह्मास्त्रं गारुडं तथा।
पार्जन्यं च पाशुपतं जृंभणास्त्रं च पार्वतम्॥ ४२
महावीरं च सौरं च कालकालं महानलम्।
माहेश्वरास्त्रं याम्यं च दंडं संमोहनं तथा॥ ४३
समर्थमस्त्रकं दिव्यं दिव्यास्त्रं शतकं परम्।
बिभ्रती च करैः सर्वैरन्यान्यपि च सा तदा॥ ४४
आगत्य तस्थौ सा तत्र योगिनीनां त्रिकोटिभिः।
सार्धं च डाकिनीनां वै विकटानां त्रिकोटिभिः॥ ४५
भूतप्रेतपिशाचाश्च कूष्माण्डा ब्रह्मराक्षसाः।
वेताला राक्षसाश्चैव यक्षाश्चैव सकिन्नराः॥ ४६
तैश्चैवाभिवृतः स्कंदः प्रणम्य चन्द्रशेखरम्।
पितुः पार्श्वे सहायो यः समुवास तदाज्ञया॥ ४७
अथ शम्भुः समानीय स्वसैन्यं सकलं तदा।
युद्धार्थमगमद् रुद्रः शङ्खचूडेन निर्भयः॥ ४८

चन्द्रभागानदीतीरे वटमूले मनोहरे।
तत्र तस्थौ महादेवो देवनिस्तारहेतवे॥ ४९

उनी एक योजन लामो विकट जिब्रो धारण गरी त्यसलाई लपलपाइरहेकी थिइन् र शंख, चक्र, गदा, पद्म, खड्ग, चर्म, धनुष तथा बाण धारण गरेकी थिइन्॥ ३९॥

उनी एक योजनको गोलो तथा अत्यन्त गहिरो खर्पर, आकाशलाई स्पर्श गर्दै गरेको त्रिशूल, एक योजन लामो शक्ति, मुद्गर, मुसल, वज्र, खड्ग, विशाल फलक (ढाल), वैष्णवास्त्र, वारुणास्त्र, वायव्यास्त्र, नागपाश, नारायणास्त्र, गन्धर्वास्त्र, ब्रह्मास्त्र, गरुडास्त्र, पर्जन्यास्त्र, पाशुपतास्त्र, जृम्भणास्त्र, पर्वतास्त्र, महावीरास्त्र, सौरास्त्र, कालकालास्त्र, महानलास्त्र, महेश्वरास्त्र, यमदण्ड, सम्मोहनास्त्र, दिव्य समर्थास्त्र एवं सयकडौँ-सयकडौँ दिव्यास्त्र एवं अन्यान्न अस्त्र आफ्ना हातहरूमा धारण गरेकी तीन करोड योगिनीहरू एवं तीन करोड विकट डाकिनीहरूका साथ त्यहाँ आएर स्थित भइन्॥ ४०—४५॥ यसै प्रकार भूत, प्रेत, पिशाच, कूष्माण्ड, ब्रह्मराक्षस, वेताल, राक्षस, यक्ष, गन्धर्व तथा किन्नरहरूबाट घेरिएका स्कन्द शिवलाई प्रणाम गरी उहाँको आज्ञाले ती उनको समीप स्थित भए॥ ४६-४७॥ त्यसपछि रुद्र शिव आफ्ना सारा सेना लिएर शंखचूडका साथ युद्ध गर्नका लागि निर्भय भई प्रस्थान गर्नुभयो। महादेव चन्द्रभागा नदीको तटमा एउटा मनोहर वटवृक्षको तल देवताहरूको कष्ट दूर गर्नका निम्ति स्थित हुनुभयो॥ ४८-४९॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे शङ्खचूडवधे महादेवयुद्धयात्रावर्णनं नाम त्रयस्त्रिंशोऽध्यायः॥ ३३॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा शंखचूडवधअन्तर्गत महादेवयुद्धयात्रावर्णन नामक तेत्तिसौँ अध्याय पूर्ण भयो॥ ३३॥

अथ चतुस्त्रिंशोऽध्यायः

तुलसीसित विदा लिएर शंखचूड युद्धका लागि ससैन्य पुष्पभद्रा नदीको तटमा पुग्नु

व्यास उवाच

विधितात महाबुद्धे मुने जीव चिरं समाः।
कथितं सुमहच्चित्रं चरितं चन्द्रमौलिनः॥ १
शिवदूते गते तत्र शङ्खचूडश्च दानवः।
किं चकार प्रतापी स तत्त्वं वद सुविस्तरम्॥ २

व्यास भन्नुहुन्छ—हे महाबुद्धिमान् ब्रह्मपुत्र! हे मुनि! तपाईं चिरकालसम्म जीवित रहनुहोस्, तपाईंले शिवको बडो विचित्र चरित्र वर्णन गर्नुभयो। अब तपाईं विस्तारपूर्वक बताउनुहोस् कि शिवका दूत हिँडेपछि प्रतापी शंखचूडले के गर्‍यो?॥ १-२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सनत्कुमार उवाच

अथ दूते गते तत्र शंखचूडः प्रतापवान्।
उवाच तुलसीं वार्तां गत्वाभ्यन्तरमेव ताम्॥ ३

शङ्खचूड उवाच

शम्भुदूतमुखाद्देवि युद्धायाहं समुद्यतः।
तेन गच्छाम्यहं योद्धुं शासनं कुरु मे ध्रुवम्॥ ४

इत्येवमुक्त्वा स ज्ञानी नानाबोधनतः प्रियाम्।
क्रीडां चकार हर्षेण तमनादृत्य शंकरम्॥ ५

तौ दम्पती चिक्रीडाते निमग्नौ सुखसागरे।
नानाकामकलाभिश्च निशि चाटुशतैरपि॥ ६

ब्राह्मे मुहूर्ते चोत्थाय प्रातःकृत्यं विधाय च।
नित्यकार्यं च कृत्वादौ ददौ दानमनंतकम्॥ ७
पुत्रं कृत्वा च राजेन्द्रं सर्वेषु दानवेषु च।
पुत्रे समर्प्य भार्यां च स राज्यं सर्वसंपदम्॥ ८
प्रियामाश्वासयामास स राजा रुदतीं पुनः।
निषेधन्तीं च गमनं नाना वार्तां प्रकथ्य च॥ ९
निजसेनापतिं वीरं समाहूय समादृतः।
आदिदेश स संनद्धः संग्रामं कर्तुमुद्यतः॥ १०

शंखचूड उवाच

अद्य सेनापते वीराः सर्वे समरशालिनः।
सन्नद्धाखिलकर्माणो निर्गच्छन्तु रणाय च॥ ११
दैत्याश्च दानवाः शूरा षडशीतिरुदायुधाः।
कंकानां बलिनां शीघ्रं सेना निर्यांतु निर्भयाः॥ १२

पञ्चाशदसुराणां हि निर्गच्छन्तु कुलानि वै।
कोटिवीर्याणि युद्धार्थं शम्भुना देवपक्षिणा॥ १३
सन्नद्धानि च धौम्राणां कुलानि च शतं द्रुतम्।
निर्गच्छन्तु रणार्थं हि शम्भुना मम शासनात्॥ १४
कालकेयाश्च मौर्याश्च दौर्हृदाः कालकास्तथा।
सज्जा निर्यान्तु युद्धाय रुद्रेण मम शासनात्॥ १५

सनत्कुमार भन्नुहुन्छ—शिवदूतको प्रस्थान भएपछि प्रतापी शंखचूडले भित्र गएर तुलसीसित त्यस कुरालाई भन्यो—॥ ३॥

शंखचूड भन्दछ—हे देवी! शिवदूतको मुखबाट युद्धको सन्देश प्राप्त हुनाको कारण म युद्धका लागि तयार भएर जाँदै छु, अब तिमी मेरो शासनको कार्य सम्हाल॥ ४॥

यस प्रकार भनेर त्यस ज्ञानी शंखचूडले नाना प्रकारका वाक्यहरूबाट आफ्नी प्रियतमालाई सम्झायो र शंकरको अनादर गरी हर्षपूर्वक उनको साथ क्रीडा गर्‍यो॥ ५॥

अनेक प्रकारका कामकलाहरू तथा मधुर वचनहरूबाट परस्पर संलाप गर्दै ती पति-पत्नी सुखसागरमा निमग्न भई रातमा क्रीडा गरिरहे॥ ६॥

ब्राह्ममुहूर्तमा उठेर प्रातःकालीन कृत्य गरी नित्य-कर्म सम्पन्न गरी उसले धेरै दान दियो॥ ७॥

त्यसपछि आफ्नो पुत्रलाई सबै दानवहरूको राजा बनाएर सारा सम्पत्ति एवं राज्य, पुत्र तथा भार्यालाई समर्पित गरी त्यस राजाले बारम्बार रुँदै गरेकी तथा अनेक कुरा भनेर युद्धमा जानबाट मनाही गर्ने आफ्नी भार्यालाई आश्वस्त पार्‍यो। त्यसपछि उसले आफ्नो वीर सेनापतिलाई आदरपूर्वक बोलाएर उसलाई आज्ञा दियो र स्वयं सन्नद्ध भई संग्राम गर्नका लागि उद्यत भयो॥ ८—१०॥

शंखचूड भन्दछ—हे सेनापति! युद्ध गर्नमा कुशल सबै वीर सबै प्रकारले सुसज्जित भई युद्धका लागि प्रस्थान गरून्॥ ११॥

बलशाली कंकका सेना, जसमा छयासी महाबलवान् दैत्य एवं दानव छन्, आयुधहरूले युक्त भई तत्काल निर्भय भएर निस्कून्॥ १२॥ असुरहरूका पचास कुल, जसमा करोडौँ महावीर छन्, ती पनि देवपक्षपाती शंकरसित युद्ध गर्नका लागि निस्कून्॥ १३॥

धूम्रनामक दैत्यको सय कुल शिवसित युद्ध गर्नका लागि मेरो आज्ञाले शीघ्र निस्कून्। यसै प्रकार कालकेय, मौर्य, दौर्हृद तथा कालक तैयार भएर मेरो आज्ञाले रुद्रसँग संग्रामका लागि निस्कून्॥ १४-१५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सनत्कुमार उवाच

इत्याज्ञाप्यासुरपतिर्दानवेन्द्रो महाबलः।
निर्जगाम महासैन्यः सहस्रैर्बहुभिर्वृतः॥ १६
तस्य सेनापतिश्चैव युद्धशास्त्रविशारदः।
महारथो महावीरो रथिनां प्रवरो रणे॥ १७
त्रिलक्षाक्षौहिणीयुक्तो मांडल्यं च चकार ह।
बहिर्बभूव शिविराद्रणे वीरभयङ्करः॥ १८
रत्नेन्द्रसारनिर्माणं विमानमभिरुह्य सः।
गुरुवर्गं पुरस्कृत्य रणार्थं प्रययौ किल॥ १९
पुष्पभद्रानदीतीरे यत्राक्षयवटः शुभः।
सिद्धाश्रमे च सिद्धानां सिद्धिक्षेत्रं सुसिद्धिदम्॥ २०
कपिलस्य तपःस्थानं पुण्यक्षेत्रे च भारते।
पश्चिमोदधिपूर्वे च मलयस्य हि पश्चिमे॥ २१
श्रीशैलोत्तरभागे च गंधमादनदक्षिणे।
पञ्चयोजनविस्तीर्णे दैर्घ्ये शतगुणस्तथा॥ २२
शुद्धस्फटिकसंकाशा भारते च सुपुण्यदा।
पुष्पभद्रा नदी रम्या जलपूर्णा सरस्वती॥ २३
लवणोदधिप्रिया भार्या शश्वत्सौभाग्यसंयुता।
सरस्वतीसंश्रिता च निर्गता सा हिमालयात्॥ २४
गोमन्तं वामतः कृत्वा प्रविष्टा पश्चिमोदधौ।
तत्र गत्वा शंखचूडः शिवसेनां ददर्श ह॥ २५

सनत्कुमार भन्नुहुन्छ—[हे व्यास!] महाबली असुरराज दानवेन्द्र शंखचूड यस प्रकार आज्ञा दिएर हजारौँ सेनाहरूलाई लिएर हिँड्यो॥ १६॥ युद्धशास्त्रमा प्रवीण, महारथी, महावीर, रथीहरूमा श्रेष्ठ तथा वीरहरूमा भयंकर उसको सेनापतिले पनि तीन लाख अक्षौहिणी सेनाले युक्त भई मण्डल बनायो र त्यो युद्ध गर्नका लागि शिविरबाट बाहिर निस्क्यो॥ १७-१८॥

शंखचूड पनि उत्तम रत्नहरूबाट बनेको विमानमा चढेर गुरुजनहरूलाई अघि गरी संग्रामका लागि हिँड्यो। पुष्पभद्रा नदीको किनार सिद्धक्षेत्रमा सिद्धहरूको आश्रम एवं श्रेष्ठ अक्षयवट छ। त्यो सिद्धिप्रद सिद्धक्षेत्र हो। पुण्यक्षेत्र भारतमा यो कपिलको तपोभूमि हो। यो स्थान पश्चिम सागरको पूर्व तथा मलय पर्वतको पश्चिममा, श्रीपर्वतको उत्तर भागमा तथा गन्धमादनको दक्षिणमा पाँच योजन फराकिलो एवं पाँच सय योजन लामो छ॥ १९—२२॥

भारतमा शुद्ध स्फटिकको समान जल भएका, उत्तम पुण्य प्रदान गर्ने, जलपूर्ण तथा रम्य पुष्पभद्रा तथा सरस्वती नदी छन्, जुन क्षारसमुद्रकी प्रिय भार्या हुन्, त्यो पुष्पभद्रा निरन्तर सौभाग्ययुक्त भएर हिमालयबाट निस्केर सरस्वती नदीमा मिसिन्छ र गोमन्तक पर्वतलाई बायाँ गरी पश्चिम सागरमा झर्दछ। त्यहाँ पुगेर शंखचूडले शिवको सेनालाई देख्यो॥ २३—२५॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे शङ्खचूडयात्रावर्णनं नाम चतुस्त्रिंशोऽध्यायः॥ ३४॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा शंखचूडयात्रावर्णन नामक चौंतीसौँ अध्याय पूर्ण भयो॥ ३४॥

अथ पञ्चत्रिंशोऽध्यायः

शंखचूडले आफ्नो एउटा बुद्धिमान् दूतलाई शंकरकहाँ पठाउनु, दूत तथा शिवको वार्ता, शंकरको सन्देश लिएर दूत फर्केर शंखचूडकहाँ आउनु

सनत्कुमार उवाच

तत्र स्थित्वा दानवेन्द्रो महान्तं दानवेश्वरम्।
दूतं कृत्वा महाविज्ञं प्रेषयामास शंकरम्॥ १
स तत्र गत्वा दूतश्च चन्द्रभालं ददर्श ह।
वटमूले समासीनं सूर्यकोटिसमप्रभम्॥ २
कृत्वा योगासनं दृष्ट्या मुद्रायुक्तं च सस्मितम्।
शुद्धस्फटिकसंकाशं ज्वलन्तं ब्रह्मतेजसा॥ ३

सनत्कुमार भन्नुहुन्छ—[हे व्यास!] त्यहाँ स्थित भएर त्यस दानवेन्द्रले अत्यन्त बुद्धिमान् एक महान् दैत्येश्वरलाई दूत बनाएर शिवका समीप पठायो॥ १॥

त्यस दूतले त्यहाँ गएर वटवृक्षको तल बस्नुभएका, करोडौँ सूर्य समान महातेजस्वी, योगासन लगाएका, ध्यानमुद्रायुक्त, मन्द-मन्द मुस्कुराउँदै गरेका, शुद्ध स्फटिक समान परमोज्ज्वल, ब्रह्मतेजबाट देदीप्यमान,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रिशूलपट्टिशधरं व्याघ्रचर्माम्बरावृतम्।
भक्तमृत्युहरं शांतं गौरीकान्तं त्रिलोचनम्॥ ४
तपसां फलदातारं कर्त्तारं सर्वसंपदाम्।
आशुतोषं प्रसन्नास्यं भक्तानुग्रहकारकम्॥ ५
विश्वनाथं विश्वबीजं विश्वरूपं च विश्वजम्।
विश्वेश्वरं विश्वकरं विश्वसंहारकारणम्॥ ६
कारणं कारणानां च नरकार्णवतारकम्।
ज्ञानप्रदं ज्ञानबीजं ज्ञानानन्दं सनातनम्॥ ७

त्रिशूल-पट्टिश धारण गरेका, व्याघ्रचर्म ओढेका, भक्तहरूको मृत्यु दूर गर्नुहुने, शान्त, तपस्याको फलदाता, सम्पूर्ण सम्पत्तिदाता, शीघ्र प्रसन्न हुनुहुने, प्रसन्नमुख, भक्तहरूमाथि अनुग्रह गर्नुहुने, विश्व-बीज, विश्वरूप, विश्वलाई उत्पन्न गर्नुहुने, विश्वेश्वर, विश्वकर्ता, विश्वसंहारका कारण, कारणहरूका पनि कारण, नरकसमुद्रबाट पार गराउनुहुने, ज्ञानदाता, ज्ञानबीज तथा ज्ञानमा नै आनन्दित रहनुहुने, तीन नेत्र भएका, सनातन उमापति विश्वनाथलाई देख्यो॥ २—७॥

अवरुह्य रथाद् दूतस्तं दृष्ट्वा दानवेश्वरः।
शंकरं सकुमारं च शिरसा प्रणनाम सः॥ ८
वामतो भद्रकालीं च स्कंदं तत्पुरतः स्थितम्।
लोकाशिषं ददौ तस्मै काली स्कंदश्च शंकरः॥ ९

त्यस दानवेश्वरको दूतले रथबाट उत्रेर कुमारसहित शंकरलाई देखेर शिर झुकाएर प्रणाम गर्‍यो। उनको बायाँतिर विराजमान भद्रकाली तथा उनका अगाडि स्थित स्कन्दलाई प्रणाम गर्‍यो। त्यसपछि काली, शंकर एवं स्कन्दले लोकरीतिले उसलाई आशीर्वाद दिए॥ ८-९॥

अथासौ शंखचूडस्य दूतः परमशास्त्रवित्।
उवाच शंकरं नत्वा करौ बध्वा शुभं वचः॥ १०

त्यसपछि सकल शास्त्रहरूका ज्ञाता शंखचूडको त्यो दूत हात जोडेर शिवलाई प्रणाम गरी उत्तम वचन भन्न लाग्यो— ॥ १०॥

दूत उवाच

शंखचूडस्य दूतोऽहं त्वत्सकाशमिहागतः।
वर्तते ते किमिच्छाद्य तत्त्वं ब्रूहि महेश्वर॥ ११

दूत भन्दछ—हे महेश्वर! म शंखचूडको दूत यहाँ हजुरकहाँ आएको छु, हजुरको के इच्छा छ? त्यसलाई हजुर भन्नुहोस्॥ ११॥

सनत्कुमार उवाच

इति श्रुत्वा च वचनं शंखचूडस्य शंकरः।
प्रसन्नात्मा महादेवो भगवांस्तमुवाच ह॥ १२

सनत्कुमार भन्नुहुन्छ—शंखचूडको दूतको कुरा सुनेर प्रसन्नचित्त भगवान् महादेवले उससित भन्नुभयो— ॥ १२॥

महादेव उवाच

शृणु दूत महाप्राज्ञ वचो मम सुखावहम्।
कथनीयमिदं तस्मै निर्विवादं विचार्य च॥ १३

महादेव भन्नुहुन्छ—हे महाबुद्धिमान् दूत! तिमी मेरो सुखदायक वचनलाई सुन र विचार गरी मेरो वचनलाई निर्विवाद रूपले उसलाई भनिदिनू॥ १३॥

विधाता जगतां ब्रह्मा पिता धर्मस्य धर्मवित्।
मरीचिस्तस्य पुत्रश्च कश्यपस्तत्सुतः स्मृतः॥ १४

दक्षः प्रीत्या ददौ तस्मै निजकन्यास्त्रयोदश।
तास्वेका च दनुः साध्वी तत्सौभाग्यविवर्द्धिनी॥ १५

चत्वारस्ते दनोः पुत्रा दानवास्तेजसोल्बणाः।
तेष्वेको विप्रचित्तिस्तु महाबलपराक्रमः॥ १६

समस्त धर्महरूका ज्ञाता तथा जगत्का निर्माता ब्रह्मा धर्मका पनि पिता हुन्, उनका पुत्र मरीचि तथा उनका पुत्र कश्यप बताइएको छ॥ १४॥ दक्षले ती कश्यपलाई आफ्नी तेह्र कन्या प्रसन्नताका साथ प्रदान गरे। ती मध्येमा एउटा दनु नाम गरेकी थिइन्। साधु स्वभावकी उनी उसको सौभाग्यलाई बढाउने खालकी थिइन्॥ १५॥ त्यस दनुका परम तेजस्वी चार दानव पुत्र भए। ती मध्येमा एउटा विप्रचित्ति थियो, जो महाबलवान् एवं पराक्रमी थियो॥ १६॥

तत्पुत्रो धार्मिको दंभो दानवेन्द्रो महामतिः।
तस्य त्वं तनयः श्रेष्ठो धर्मात्मा दानवेश्वरः॥ १७

त्यस विप्रचित्तिको धार्मिक तथा महाबुद्धिमान् दानवराज दम्भ नामक पुत्र भयो। तिमी त्यसैको श्रेष्ठ, धर्मात्मा पुत्र तथा दानवहरूका राजा हौ॥ १७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुरा त्वं पार्षदो गोपो गोपेष्वेव च धार्मिकः।
अधुना राधिकाशापाज्जातस्त्वं दानवेश्वरः॥ १८

दानवीं योनिमायातस्तत्त्वतो न हि दानवः।
निजवृत्तं पुरा ज्ञात्वा दैववैरं त्यजाधुना॥ १९

द्रोहं न कुरु तैः सार्द्धं स्वपदं भुंक्ष्व सादरम्।
नाधिकं सविकारं च कुरु राज्यं विचार्य च॥ २०

देहि राज्यं च देवानां मत्प्रीतिं रक्ष दानव।
निजराज्ये सुखं तिष्ठ तिष्ठन्तु स्वपदे सुराः॥ २१

अलं भूतविरोधेन देवद्रोहेण किं पुनः।
कुलीनाः शुद्धकर्माणः सर्वे कश्यपवंशजाः॥ २२

यानि कानि च पापानि ब्रह्महत्यादिकानि च।
ज्ञातिद्रोहजपापस्य कलां नार्हन्ति षोडशीम्॥ २३

सनत्कुमार उवाच

इत्यादिबहुवार्त्तां च श्रुतिस्मृतिपरां शुभाम्।
प्रोवाच शंकरः तस्मै बोधयन् ज्ञानमुत्तमम्॥ २४

शिक्षितः शंखचूडेन स दूतस्तर्कवित्तमः।
उवाच वचनं नम्रो भवितव्यविमोहितः॥ २५

दूत उवाच

त्वया यत्कथितं देव नान्यथा तत्तथा वचः।
तथ्यं किंचिद्यथार्थं च श्रूयतां मे निवेदनम्॥ २६

ज्ञातिद्रोहे महत्पापं त्वयोक्तमधुना च यत्।
तत्किमीशासुराणां च न सुराणां वद प्रभो॥ २७

सर्वेषामिति चेत्तद्वै तदा वच्मि विचार्य च।
निर्णयं ब्रूहि तत्राद्य कुरु संदेहभंजनम्॥ २८

मधुकैटभयोर्दैत्यवरयोः प्रलयार्णवे।
शिरश्छेदं चकारासौ कस्माच्चक्री महेश्वर॥ २९

त्रिपुरैः सह संयुद्धं भस्मत्वकरणं कुतः।
भवाञ्चकार गिरिश सुरपक्षीति विश्रुतम्॥ ३०

तिमी पूर्वजन्ममा श्रीकृष्णका पार्षद, परम धार्मिक एवं सबै गोपहरूमा मुख्य थियौ, तर यस समय तिमी राधिकाको श्रापले दानवेन्द्र भएका छौ। यद्यपि तिमी दानवयोनिमा आएका छौ, तर वास्तवमा दानव होइनौ। यस प्रकार आफ्नो पुरानो जन्मको वृत्तान्त जानेर देवताहरूका साथ वैरत्व त्यागिदेऊ॥ १८-१९॥

तिमी आफ्नो पदमा स्थित रहेर आदरपूर्वक राज्यको सुखभोग गर, देवगणहरूसित धेरै द्वेष नगर एवं विचारपूर्वक राज्य गर॥ २०॥

हे दानव! देवगणहरूको राज्य फिर्ता गर र मेरो प्रीतिको रक्षा गर। तिमी आफ्नो राज्यमा स्थित रहू र देवता पनि आफ्नो पदमा स्थित रहुन्॥ २१॥ सामान्य प्राणीहरूका साथ पनि विद्वेष गर्नु राम्रो हुन्न, फेरि देवताहरूसितको विरोध त भन्नु नै के छ? ती सब कुलीन, शुद्ध कर्म गर्ने तथा कश्यपको वंशमा उत्पन्न भएका छन्॥ २२॥ ब्रह्महत्यादि जुनसुकै पनि पाप छन्, ती जाति-द्रोहजनित पापको सोह्रौँ कलाको पनि बराबरी गर्न सक्तैनन्॥ २३॥

सनत्कुमार भन्नुहुन्छ—[हे व्यास!] यस प्रकार शंकरले उत्तम ज्ञानको बोध गराउनु हुँदै श्रुति एवं स्मृतिसित सम्बन्धित शुभ कुरा त्यससित भन्नुभयो॥ २४॥

तब शंखचूडद्वारा शिक्षित तथा तर्कविद् त्यो दूत होनाहारबाट मोहित भएर विनम्रतापूर्वक यस प्रकार यो वचन भन्न लाग्यो—॥ २५॥

दूत भन्दछ—हे देव! हजुरले जुन वचन भन्नुभएको छ, त्यो अन्यथा होइन, तर मेरा केही तथ्यपूर्ण एवं यथार्थ निवेदन सुन्नुहोस्॥ २६॥

हजुरले अहिले जुन कुरा भन्नुभयो कि जातिद्रोह महापाप हो। हे ईश! के यो असुरहरूका लागि मात्र हो, देवताहरूका लागि होइन? हे प्रभु! यसलाई बताउनुहोस्॥ २७॥

यदि यो सबैका लागि हो भने म विचार गरी हजुरसित केही भन्दै छु, हजुर नै त्यसको निर्णय गर्नुहोस् र मेरो सन्देह दूर गर्नुहोस्। हे महेश्वर! चक्रधारी विष्णुले प्रलयको समयमा समुद्रमा दैत्यश्रेष्ठ मधु एवं कैटभको शिर छेदन किन गर्नुभयो? हे गिरिश! यो त प्रसिद्ध छ कि देवताहरूका पक्षधर हजुरले युद्धमा त्रिपुरलाई भस्म पार्नुभयो, यस्तो हजुरले किन गर्नुभयो?॥ २८—३०॥

2325_Sihvpurana_Part_1_Nepali_Section_32_1_Back

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गृहीत्वा तस्य सर्वस्वं कुतः प्रस्थापितो बलिः।
सुतलादि समुद्धर्तुं तद्द्वारे च गदाधरः॥ ३१

सभ्रातृको हिरण्याक्षः कथं देवैश्च हिंसितः।
शुंभादयोऽसुराश्चैव कथं देवैर्निपातिताः॥ ३२

पुरा समुद्रमथने पीयूषं भक्षितं सुरैः।
क्लेशभाजो वयं तत्र ते सर्वे फलभोगिनः॥ ३३

क्रीडाभांडमिदं विश्वं कालस्य परमात्मनः।
स ददाति यदा यस्मै तस्यैश्वर्यं भवेत्तदा॥ ३४
देवदानवयोर्वैरं शश्वन्नैमित्तिकं सदा।
पराजयो जयस्तेषां कालाधीनः क्रमेण च॥ ३५

तवानयोर्विरोधे च गमनं निष्फलं भवेत्।
समसंबंधिनां तद्वै रोचते नेश्वरस्य ते॥ ३६

सुरासुराणां सर्वेषामीश्वरस्य महात्मनः।
इयं ते रहिता लज्जा स्पर्धास्माभिः सहाधुना॥ ३७

यतोऽधिका चैव कीर्तिर्हानिश्चैव पराजये।
तवैतद्विपरीतं च मनसा संविचार्यताम्॥ ३८

सनत्कुमार उवाच

इत्येतद्वचनं श्रुत्वा संप्रहस्य त्रिलोचनः।
यथोचितं च मधुरमुवाच दानवेश्वरम्॥ ३९

महेश उवाच

वयं भक्तपराधीना न स्वतंत्राः कदापि हि।
तदिच्छया तत्कर्माणो न कस्यापि च पक्षिणः॥ ४०
पुरा विधिप्रार्थनया युद्धमादौ हरेरपि।
मधुकैटभयोर्दैत्यवरयोः प्रलयार्णवे॥ ४१
देवप्रार्थनया तेन हिरण्यकशिपोः पुरा।
प्रह्लादार्थं वधोऽकारि भक्तानां हितकारिणा॥ ४२

विष्णुले बलिको सर्वस्व लिएर उनलाई पाताल लोकमा किन पठाउनुभयो? सुतल आदि लोकको उद्धार गर्नका लागि उनको द्वारमा गदा धारण गरी किन स्थित छन्?॥ ३१॥

यी देवताहरूले भाइसहित हिरण्याक्षलाई किन मारे र यिनै देवताहरूले शुम्भादि असुरहरूलाई किन मारे?॥ ३२॥ पूर्वकालमा समुद्रमन्थन गरिएपछि देवगणहरूले मात्र अमृतको पान गरे। हामी सबैलाई क्लेश मात्र प्राप्त भयो, तर यसको [अमृतपानरूप] फल देवताहरूले मात्र भोगे॥ ३३॥

यो जगत् भगवान् कालको क्रीडापात्र हो, ती जुन समय जसलाई ऐश्वर्य प्रदान गर्छन्, त्यस समय त्यो ऐश्वर्यवान् हुन जान्छ। देवता एवं दैत्यहरूको वैरत्व सदा कुनै-न-कुनै निमित्तबाट हुँदै आएको छ। क्रमशः जीत र हार कालको अधीन छ॥ ३४-३५॥

यी दुवैको विरोधमा हजुरको आगमन निष्फल प्रतीत भइरहेको छ। यो विरोध त समान सम्बन्धिहरूका लागि नै राम्रो लाग्छ, हजुर जस्ता ईश्वरका लागि होइन॥ ३६॥

हजुर त देवता तथा असुर सबैका स्वामी हुनुहुन्छ, अतः यस समय हजुर महात्माको केवल हामीहरूसितको यो स्पर्धा निर्लज्जताको कुरा हो। विजय भएपछि धेरै कीर्ति तथा पराजय भएपछि हानि—यी दुवै हजुरका लागि सर्वथा विपरीत छन्, यसलाई मनबाट विचार गर्नुहोस्॥ ३७-३८॥

सनत्कुमार भन्नुहुन्छ—यो वचन सुनेर शिव हाँसेर दानवराजसित यथोचित मधुर वचन भन्न लाग्नुभयो—॥ ३९॥

महेश भन्नुहुन्छ—हामी आफ्ना भक्तहरूका अधीनमा छौँ, स्वतन्त्र कहिल्यै छैनौँ, हामी उनीहरूको इच्छाले नै कर्म गर्दछौँ र कसैको पनि पक्षपाती होइनौँ॥ ४०॥ पूर्वकालमा ब्रह्माको प्रार्थनाबाट नै प्रलयार्णवमा विष्णु तथा दैत्यश्रेष्ठ मधु-कैटभको युद्ध भएको थियो॥ ४१॥

भक्तहरूको कल्याण गर्नुहुने उनै विष्णुले पूर्वकालमा देवताहरूको प्रार्थनाले प्रह्लादको रक्षाका निमित्त हिरण्यकशिपुको वध गर्नुभएको थियो॥ ४२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुरा त्वं पार्षदो गोपो गोपेष्वेव च धार्मिकः।
अधुना राधिकाशापाज्जातस्त्वं दानवेश्वरः॥ १८

दानवीं योनिमायातस्तत्त्वतो न हि दानवः।
निजवृत्तं पुरा ज्ञात्वा दैववैरं त्यजाधुना॥ १९

द्रोहं न कुरु तैः सार्द्धं स्वपदं भुंक्ष्व सादरम्।
नाधिकं सविकारं च कुरु राज्यं विचार्य च॥ २०

देहि राज्यं च देवानां मत्प्रीतिं रक्ष दानव।
निजराज्ये सुखं तिष्ठ तिष्ठन्तु स्वपदे सुराः॥ २१

अलं भूतविरोधेन देवद्रोहेण किं पुनः।
कुलीनाः शुद्धकर्माणः सर्वे कश्यपवंशजाः॥ २२

यानि कानि च पापानि ब्रह्महत्यादिकानि च।
ज्ञातिद्रोहजपापस्य कलां नार्हन्ति षोडशीम्॥ २३

सनत्कुमार उवाच

इत्यादिबहुवार्त्तां च श्रुतिस्मृतिपरां शुभाम्।
प्रोवाच शंकरः तस्मै बोधयन् ज्ञानमुत्तमम्॥ २४

शिक्षितः शंखचूडेन स दूतस्तर्कवित्तमः।
उवाच वचनं नम्रो भवितव्यविमोहितः॥ २५

दूत उवाच

त्वया यत्कथितं देव नान्यथा तत्तथा वचः।
तथ्यं किंचिद्यथार्थं च श्रूयतां मे निवेदनम्॥ २६

ज्ञातिद्रोहे महत्पापं त्वयोक्तमधुना च यत्।
तत्किमीशासुराणां च न सुराणां वद प्रभो॥ २७

सर्वेषामिति चेत्तद्वै तदा वच्मि विचार्य च।
निर्णयं ब्रूहि तत्राद्य कुरु संदेहभंजनम्॥ २८

मधुकैटभयोर्दैत्यवरयोः प्रलयार्णवे।
शिरश्छेदं चकारासौ कस्माच्चक्री महेश्वर॥ २९

त्रिपुरैः सह संयुद्धं भस्मत्वकरणं कुतः।
भवाञ्चकार गिरिश सुरपक्षीति विश्रुतम्॥ ३०

तिमी पूर्वजन्ममा श्रीकृष्णका पार्षद, परम धार्मिक एवं सबै गोपहरूमा मुख्य थियौ, तर यस समय तिमी राधिकाको श्रापले दानवेन्द्र भएका छौ। यद्यपि तिमी दानवयोनिमा आएका छौ, तर वास्तवमा दानव होइनौ। यस प्रकार आफ्नो पुरानो जन्मको वृत्तान्त जानेर देवताहरूका साथ वैरत्व त्यागिदेऊ॥ १८-१९॥

तिमी आफ्नो पदमा स्थित रहेर आदरपूर्वक राज्यको सुखभोग गर, देवगणहरूसित धेरै द्वेष नगर एवं विचारपूर्वक राज्य गर॥ २०॥

हे दानव! देवगणहरूको राज्य फिर्ता गर र मेरो प्रीतिको रक्षा गर। तिमी आफ्नो राज्यमा स्थित रहू र देवता पनि आफ्नो पदमा स्थित रहुन्॥ २१॥ सामान्य प्राणीहरूका साथ पनि विद्वेष गर्नु राम्रो हुन्न, फेरि देवताहरूसितको विरोध त भन्नु नै के छ? ती सब कुलीन, शुद्ध कर्म गर्ने तथा कश्यपको वंशमा उत्पन्न भएका छन्॥ २२॥ ब्रह्महत्यादि जुनसुकै पनि पाप छन्, ती जाति-द्रोहजनित पापको सोह्रौँ कलाको पनि बराबरी गर्न सक्तैनन्॥ २३॥

सनत्कुमार भन्नुहुन्छ—[हे व्यास!] यस प्रकार शंकरले उत्तम ज्ञानको बोध गराउनु हुँदै श्रुति एवं स्मृतिसित सम्बन्धित शुभ कुरा त्यससित भन्नुभयो॥ २४॥

तब शंखचूडद्वारा शिक्षित तथा तर्कविद् त्यो दूत होनाहारबाट मोहित भएर विनम्रतापूर्वक यस प्रकार यो वचन भन्न लाग्यो—॥ २५॥

दूत भन्दछ—हे देव! हजुरले जुन वचन भन्नुभएको छ, त्यो अन्यथा होइन, तर मेरा केही तथ्यपूर्ण एवं यथार्थ निवेदन सुन्नुहोस्॥ २६॥

हजुरले अहिले जुन कुरा भन्नुभयो कि जातिद्रोह महापाप हो। हे ईश! के यो असुरहरूका लागि मात्र हो, देवताहरूका लागि होइन? हे प्रभु! यसलाई बताउनुहोस्॥ २७॥

यदि यो सबैका लागि हो भने म विचार गरी हजुरसित केही भन्दै छु, हजुर नै त्यसको निर्णय गर्नुहोस् र मेरो सन्देह दूर गर्नुहोस्। हे महेश्वर! चक्रधारी विष्णुले प्रलयको समयमा समुद्रमा दैत्यश्रेष्ठ मधु एवं कैटभको शिर छेदन किन गर्नुभयो? हे गिरिश! यो त प्रसिद्ध छ कि देवताहरूका पक्षधर हजुरले युद्धमा त्रिपुरलाई भस्म पार्नुभयो, यस्तो हजुरले किन गर्नुभयो?॥ २८—३०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गृहीत्वा तस्य सर्वस्वं कुतः प्रस्थापितो बलिः।
सुतलादि समुद्धर्तुं तद्द्वारे च गदाधरः॥ ३१

सभ्रातृको हिरण्याक्षः कथं देवैश्च हिंसितः।
शुंभादयोऽसुराश्चैव कथं देवैर्निपातिताः॥ ३२

पुरा समुद्रमथने पीयूषं भक्षितं सुरैः।
क्लेशभाजो वयं तत्र ते सर्वे फलभोगिनः॥ ३३

क्रीडाभांडमिदं विश्वं कालस्य परमात्मनः।
स ददाति यदा यस्मै तस्यैश्वर्यं भवेत्तदा॥ ३४
देवदानवयोर्वैरं शश्वन्नैमित्तिकं सदा।
पराजयो जयस्तेषां कालाधीनः क्रमेण च॥ ३५

तवानयोर्विरोधे च गमनं निष्फलं भवेत्।
समसंबंधिनां तद्वै रोचते नेश्वरस्य ते॥ ३६

सुरासुराणां सर्वेषामीश्वरस्य महात्मनः।
इयं ते रहिता लज्जा स्पर्धास्माभिः सहाधुना॥ ३७

यतोऽधिका चैव कीर्तिर्हानिश्चैव पराजये।
तवैतद्विपरीतं च मनसा संविचार्यताम्॥ ३८

सनत्कुमार उवाच

इत्येतद्वचनं श्रुत्वा संप्रहस्य त्रिलोचनः।
यथोचितं च मधुरमुवाच दानवेश्वरम्॥ ३९

महेश उवाच

वयं भक्तपराधीना न स्वतंत्राः कदापि हि।
तदिच्छया तत्कर्माणो न कस्यापि च पक्षिणः॥ ४०
पुरा विधिप्रार्थनया युद्धमादौ हरेरपि।
मधुकैटभयोर्दैत्यवरयोः प्रलयार्णवे॥ ४१

देवप्रार्थनया तेन हिरण्यकशिपोः पुरा।
प्रह्लादार्थं वधोऽकारि भक्तानां हितकारिणा॥ ४२

विष्णुले बलिको सर्वस्व लिएर उनलाई पाताल लोकमा किन पठाउनुभयो? सुतल आदि लोकको उद्धार गर्नका लागि उनको द्वारमा गदा धारण गरी किन स्थित छन्?॥ ३१॥

यी देवताहरूले भाइसहित हिरण्याक्षलाई किन मारे र यिनै देवताहरूले शुम्भादि असुरहरूलाई किन मारे?॥ ३२॥ पूर्वकालमा समुद्रमन्थन गरिएपछि देवगणहरूले मात्र अमृतको पान गरे। हामी सबैलाई क्लेश मात्र प्राप्त भयो, तर यसको [अमृतपानरूप] फल देवताहरूले मात्र भोगे॥ ३३॥

यो जगत् भगवान् कालको क्रीडापात्र हो, ती जुन समय जसलाई ऐश्वर्य प्रदान गर्छन्, त्यस समय त्यो ऐश्वर्यवान् हुन जान्छ। देवता एवं दैत्यहरूको वैरत्व सदा कुनै-न-कुनै निमित्तबाट हुँदै आएको छ। क्रमशः जीत र हार कालको अधीन छ॥ ३४-३५॥

यी दुवैको विरोधमा हजुरको आगमन निष्फल प्रतीत भइरहेको छ। यो विरोध त समान सम्बन्धिहरूका लागि नै राम्रो लाग्छ, हजुर जस्ता ईश्वरका लागि होइन॥ ३६॥

हजुर त देवता तथा असुर सबैका स्वामी हुनुहुन्छ, अतः यस समय हजुर महात्माको केवल हामीहरूसितको यो स्पर्धा निर्लज्जताको कुरा हो। विजय भएपछि धेरै कीर्ति तथा पराजय भएपछि हानि—यी दुवै हजुरका लागि सर्वथा विपरीत छन्, यसलाई मनबाट विचार गर्नुहोस्॥ ३७-३८॥

सनत्कुमार भन्नुहुन्छ—यो वचन सुनेर शिव हाँसेर दानवराजसित यथोचित मधुर वचन भन्न लाग्नुभयो—॥ ३९॥

महेश भन्नुहुन्छ—हामी आफ्ना भक्तहरूका अधीनमा छौँ, स्वतन्त्र कहिल्यै छैनौँ, हामी उनीहरूको इच्छाले नै कर्म गर्दछौँ र कसैको पनि पक्षपाती होइनौँ॥ ४०॥ पूर्वकालमा ब्रह्माको प्रार्थनाबाट नै प्रलयार्णवमा विष्णु तथा दैत्यश्रेष्ठ मधु-कैटभको युद्ध भएको थियो॥ ४१॥

भक्तहरूको कल्याण गर्नुहुने उनै विष्णुले पूर्वकालमा देवताहरूको प्रार्थनाले प्रह्लादको रक्षाका निमित्त हिरण्यकशिपुको वध गर्नुभएको थियो॥ ४२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्रिपुरैः सह संयुद्धं भस्मत्वकरणं ततः।
देवप्रार्थनयाकारि मयापि च पुरा श्रुतम्॥ ४३
सर्वैश्वर्याः सर्वमातुर्देवप्रार्थनया पुरा।
आसीच्छुंभादिभिर्युद्धं वधस्तेषां तया कृतः॥ ४४
अद्यापि त्रिदशाः सर्वे ब्रह्माणं शरणं ययुः।
स सदेवो हरिर्मां च देवः शरणमागतः॥ ४५
हरिब्रह्मादिकानां च प्रार्थनावशतोऽप्यहम्।
सुराणामीश्वरो दूत युद्धार्थमगमं खलु॥ ४६
पार्षदप्रवरस्त्वं हि कृष्णस्य च महात्मनः।
ये ये हताश्च दैतेया न हि केऽपि त्वया समाः॥ ४७
का लज्जा महती राजन् मम युद्धे त्वया सह।
देवकार्यार्थमीशोऽहं विनयेन च प्रेषितः॥ ४८
गच्छ त्वं शंखचूडं वै कथनीयं च मे वचः।
स च युक्तं करोत्वत्र सुरकार्यं करोम्यहम्॥ ४९
इत्युक्त्वा शंकरस्तत्र विरराम महेश्वरः।
उत्तस्थौ शंखचूडस्य दूतोऽगच्छत्तदन्तिकम्॥ ५०

देवगणहरूको प्रार्थनाबाट मैले पनि त्रिपुरसित युद्ध गरैं तथा तिनलाई भस्म पारैं—यो कुरा सबै जान्दछन्। पूर्वकालमा देवताहरूको प्रार्थनाले सबैकी स्वामिनी तथा सबैकी माताले शुम्भादिका साथ युद्ध गरिन् र उनले उनीहरूको वध पनि गरिन्॥ ४३-४४॥

आज पनि सबै देवता ब्रह्माको शरणमा गएका छन् र देवताहरूसहित विष्णु-ब्रह्मा मेरो शरणमा आए। हे दूत! देवताहरूका स्वामी म पनि ब्रह्मा तथा विष्णुको प्रार्थनाको कारण युद्धका लागि आएको छु॥ ४५-४६॥ [हे दूत! शंखचूडसित भन्नु कि] तिमी महात्मा श्रीकृष्णको श्रेष्ठ पार्षद हौ। पहिला जो-जो दैत्य मारिए, तिनमा कोही पनि तिमी समान थिएनन्॥ ४७॥ हे राजन्! देवताहरूको कार्य गर्नका लागि तिम्रो साथ युद्ध गर्नुमा मलाई कुनचाँहि ठुलो लज्जा छ। देवताहरूको कार्यका लागि म ईश्वर विनयपूर्वक पठाइएको छु॥ ४८॥ [अतः हे दूत!] तिमी जाऊ र शंखचूडसित मेरो वचन भनिदिनू कि म त देवकार्य अवश्य गर्ने छु, उसलाई जस्तो उचित लाग्छ, त्यस्तै गरोस्॥ ४९॥

यस्तो भनेर महेश्वर मौन हुनुभयो र शंखचूडको दूत उठ्यो र उसको समक्ष गयो॥ ५०॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे शङ्खचूडवधे शिवदूतसंवादो नाम पञ्चत्रिंशोऽध्यायः॥ ३५॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा शंखचूडवधअन्तर्गत शिवदूतसंवादवर्णन नामक पैंतिसौं अध्याय पूर्ण भयो॥ ३५॥

अथ षट्त्रिंशोऽध्यायः

शंखचूडलाई उद्देश्य गरी देवताहरूको दानवहरूका साथ महासंग्राम

सनत्कुमार उवाच

स दूतस्तत्र गत्वा च शिववाक्यं जगाद ह।
सविस्तरं यथार्थं च निश्चयं तस्य तत्त्वतः॥ १
तच्छ्रुत्वा शंखचूडोऽसौ दानवेन्द्रः प्रतापवान्।
अंगीचकार सुप्रीत्या रणमेव स दानवः॥ २
समारुरोह यानं च सहामात्यैश्च सत्वरः।
आदिदेश स्वसैन्यं च युद्धार्थं शंकरेण च॥ ३

सनत्कुमार भन्नुहुन्छ—त्यस दूतले त्यहाँ गएर शिवको सारा कुरा तथा उहाँको निश्चय विस्तारपूर्वक यथार्थ रूपले भनिदियो॥ १॥

त्यस कुरालाई सुनेर त्यो प्रतापी दानवेन्द्र शंखचूडले अत्यन्त प्रेमका साथ युद्ध गर्ने चुनौती स्वीकार गर्‍यो॥ २॥

त्यसपछि त्यो बडो शीघ्रतापूर्वक अमात्यहरूका साथ विमानमा चढ्यो र शंकरसित युद्ध गर्नका लागि उसले आफ्नो सेनालाई आज्ञा दियो॥ ३॥

2325_Sihvpurana_Part_1_Nepali_Section_32_2_Back

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिवः स्वसैन्यं देवांश्च प्रेरयामास सत्वरः।
स्वयमप्यखिलेशोऽपि सन्नद्धोऽभूच्च लीलया॥ ४

युद्धारम्भो बभूवाशु नेदुर्वाद्यानि भूरिशः।
कोलाहलश्च संजातो वीरशब्दस्तथैव च॥ ५

देवदानवयोर्युद्धं परस्परमभून्मुने।
धर्मतो युयुधे तत्र देवदानवयोर्गणः॥ ६
स्वयं महेन्द्रो युयुधे सार्धं च वृषपर्वणा।
भास्करो युयुधे विप्रचित्तिना सह धर्मतः॥ ७
दंभेन सह विष्णुश्च चकार परमं रणम्।
कालासुरेण कालश्च गोकर्णेन हुताशनः॥ ८
कुबेरः कालकेयेन विश्वकर्मा मयेन च।
भयंकरेण मृत्युश्च संहारेण यमस्तथा॥ ९
कालम्बिकेन वरुणश्चंचलेन समीरणः।
बुधश्च घटपृष्ठेन रक्ताक्षेण शनैश्चरः॥ १०
जयन्तो रत्नसारेण वसवो वर्चसां गणैः।
अश्विनौ दीप्तिमद्भ्यां च धूम्रेण नलकूबरः॥ ११
धुरंधरेण धर्मश्च गणकाक्षेण मंगलः।
शोभाकरेण वैश्वानः पिपिटेन च मन्मथः॥ १२
गोकामुखेन चूर्णेन खड्गनाम्नासुरेण च।
धूम्रेण संहलेनापि विश्वेन च प्रतापिना॥ १३
द्वादशार्का पलाशेन युयुधुर्धर्मतः परे।
असुरैरमराः सार्द्धं शिवसाहाय्यशालिनः॥ १४

एकादश महारुद्राश्चैकादशभयंकरैः।
असुरैर्युयुधुर्वीरैर्महाबलपराक्रमैः॥ १५
महामणिश्च युयुधे चोग्रचंडादिभिः सह।
राहुणा सह चन्द्रश्च जीवः शुक्रेण धर्मतः॥ १६
नन्दीश्वरादयः सर्वे दानवप्रवरैः सह।
युयुधुश्च महायुद्धे नोक्ता विस्तरतः पृथक्॥ १७

वटमूले तदा शंभुस्तस्थौ काल्याः सुतेन च।
सर्वे च युयुधुः सैन्यसमूहाः सततं मुने॥ १८

रत्नसिंहासने रम्ये कोटिदानवसंयुते।
उवास शंखचूडश्च रत्नभूषणभूषितः॥ १९

महायुद्धो बभूवाथ देवासुरविमर्दनः।
नानायुधानि दिव्यानि चलन्ति स्म महामृधे॥ २०

शिवले पनि शीघ्रतापूर्वक आफ्ना सेना एवं देवताहरूलाई [युद्धका लागि] प्रेरित गर्नुभयो र उहाँ स्वयं सर्वेश्वर भएर लीलापूर्वक युद्धका लागि तयार हुनुभयो॥ ४॥ त्यसपछि तत्काल युद्ध प्रारम्भ भयो। त्यस समय अनेक प्रकारका बाजा बज्न लागे, वीरहरूको गर्जना र कोलाहल हुन लाग्यो॥ ५॥

हे मुनि! देवता र दानवहरूको परस्पर युद्ध हुन लाग्यो। देवता तथा दानव धर्मपूर्वक युद्ध गर्न लागे॥ ६॥

स्वयं महेन्द्र वृषपर्वाका साथ तथा भास्कर विप्रचित्तिका साथ धर्मपूर्वक युद्ध गर्न लागे॥ ७॥

दम्भका साथ विष्णुको महान् युद्ध हुन लाग्यो। काल कालासुरका साथ, अग्नि गोकर्णका साथ, कुबेर कालकेयका साथ, विश्वकर्मा मयका साथ, मृत्यु भयंकरका साथ, यमराज संहारका साथ, वरुण कालम्बिकका साथ, समीरण चंचलका साथ, बुध घटपृष्ठका साथ, शनैश्चर रक्ताक्षका साथ, जयन्त रत्नसारका साथ, अष्ट वसु वर्चस्‌गणहरूका साथ, अश्विनीकुमार दुवै दीप्तिमानका साथ, नलकूबर धूम्रका साथ, धर्म धुरन्धरका साथ, मंगल गणकाक्षका साथ, वैश्वान शोभाकरका साथ, कामदेव पिपिटका साथ, बाह्र आदित्य गोकामुख, चूर्ण, खड्ग नामक असुर, धूम्र, संहल, विश्व, प्रतापी एवं पलाशका साथ धर्मपूर्वक युद्ध गर्न लागे। शिवको सहायता प्राप्त गरी देवगण असुरहरूका साथ युद्ध गर्न लागे॥ ८–१४॥

एकादश महारुद्र भयंकर, महाबली, महापराक्रमी तथा वीर एघार असुरहरूसित युद्ध गर्न लागे। महामणि उग्रचण्ड आदिका साथ, चन्द्रमा राहुका साथ तथा बृहस्पति शुक्राचार्यका साथ धर्मपूर्वक युद्ध गर्न लागे। नन्दीश्वर आदि शिवगण पनि दानवहरूका साथ युद्ध गर्न लागे, त्यसको पृथक्-पृथक् वर्णन विस्तारको भयले गरिएको छैन॥ १५—१७॥

हे मुनि! त्यस समय शिव काली एवं पुत्रका साथ वटका फेदमा स्थित रहनुभयो र समस्त सैन्यसमूह निरन्तर युद्ध गरिरहेका थिए। रत्नजटित आभूषणहरूबाट भूषित शंखचूड पनि करोडौँ दानवहरूले युक्त रत्नजडित मनोहर सिंहासनमा बसेको थियो। त्यसपछि देवता एवं असुरको विनाश गर्ने महायुद्ध शुरू भयो। त्यस महायुद्धमा नाना प्रकारका दिव्य आयुध चलिरहेका थिए॥ १८—२०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गदर्ष्टिपट्टिशाश्चक्रभुशुंडिप्रासमुद्गराः ।
निस्त्रिंशभल्लपरिघाः शक्त्युन्मुखपरश्वधाः ॥ २१
शरतोमरखड्गाश्च शतघ्न्यश्च सहस्रशः ।
भिंदिपालादयश्चान्ये वीरहस्तेषु शोभिताः ॥ २२

शिरांसि चिच्छिदुश्चैभिर्वीरास्तत्र महोत्सवाः ।
वीराणामुभयोश्चैव सैन्ययोर्गर्जतो रणे ॥ २३
गजास्तुरंगा बहवः स्यन्दनाश्च पदातयः ।
सारोहवाहा विविधास्तत्रासन् सुविखंडिताः ॥ २४

निकृत्तबाहूरुकरकटिकर्णयुगाङ्घ्रयः ।
संछिन्नध्वजबाणासितनुत्रवरभूषणाः ॥ २५
समुद्धतकिरीटैश्च शिरोभिः सह कुंडलैः ।
संरंभनष्टैरास्तीर्णा बभौ भूः करभोरुभिः ॥ २६
महाभुजैः साभरणैः संछिन्नैः सायुधैस्तथा ।
अंगैरन्यैश्च सहसा पटलैर्वा ससारघैः ॥ २७
मृधे भटाः प्रधावंतः कबंधान् स्वशिरोक्षिभिः ।
पश्यन्तस्तत्र चोत्पेतुरुद्यतायुधसद्भुजैः ॥ २८

वल्गन्तोऽतितरां वीरा युयुधुश्च परस्परम् ।
शस्त्रास्त्रैर्विविधैस्तत्र महाबलपराक्रमाः ॥ २९
केचित्स्वर्णमुखैर्बाणैर्विनिहत्य भटान्मृधे ।
व्यनदन् वीरसन्नादं सतोया इव तोयदाः ॥ ३०
सर्वतः शरकूटेन वीरः सरथसारथिम् ।
वीरं संछादयामास प्रावृट्सूर्यमिवाम्बुदः ॥ ३१
अन्योऽन्यमभिसंसृत्य युयुधुर्द्वन्द्वयोधिनः ।
आह्वयंतो विशंतोऽग्रे क्षिपंतो मर्मभिर्मिथः ॥ ३२

सर्वतो वीरसंघाश्च नानाबाहुध्वजायुधाः ।
व्यदृश्यंत महासंख्ये कुर्वन्तः सिंहसंरवम् ॥ ३३
महारवान् स्वशंखांश्च विदध्मुर्वै पृथक् पृथक् ।
वल्गनं चक्रिरे तत्र महावीराः प्रहर्षिताः ॥ ३४

गदा, ऋष्टि, पट्टिश, चक्र, भुशुण्डी, प्रास, मुद्गर, निस्त्रिंश, भाला, परिघ, शक्ति, उन्मुख, परशु, बाण, तोमर, खड्ग, हजारौँ तोप, भिन्दिपाल एवं अन्य शस्त्र वीरहरूका हातमा शोभित भइरहेका थिए॥ २१-२२॥

महान् उत्साहले युक्त वीरहरू युद्धमा गर्जँदै आयुधहरूले दुवै सेनाका वीरहरूको शिर काट्न लागे। हात्ती, घोडा, रथ, पैदल तथा अनेक प्रकारका सवारसहित वाहन युद्धमा कार्टिँदै थिए॥ २३-२४॥

भुजा, जङ्घा, हात, कटि, दुवै कान, गोडा, ध्वजा, बाण, तरवार, कवच एवं उत्तम आभूषण काटिएर पृथ्वीमा खस्न लागे। त्यस समय योद्धाहरूका काटिएका किरीट-कुण्डलयुक्त शिरहरूबाट तथा हात्तीहरूका काटिएका सूँडहरूबाट, काटिएका आभूषणयुक्त भुजाहरू तथा काटिएका आयुध एवं काटिएका अन्य अंगहरूबाट सारा पृथ्वी मौरीको छापो समान ढाकिएको थियो॥ २५—२७॥

युद्धमा काटिएका शिरहरूका आँखाहरूबाट कबन्ध (गिँड) तिर हेर्दै गरेका योद्धा शस्त्र धारण गरेका हातहरूलाई माथितिर उठाएर जतातत्तै दौडिरहेका थिए॥ २८॥ महाबलवान् एवं महापराक्रमी वीरहरू तीव्र नाद गर्दै अनेक प्रकारका शस्त्रास्त्रहरूबाट परस्पर युद्ध गरिरहेका थिए। केही योद्धा सुनौलो मुख भएका बाणहरूले योद्धाहरूलाई मारेर जलवृष्टि गर्ने मेघहरूको समान युद्धमा वीरगर्जना गरिरहेका थिए। केही वीर चारैतिरबाट आफ्ना बाणहरूले रथसहित सारथीलाई यस प्रकार ढाकिरहेका थिए, जसरी बादलले सूर्यलाई ढाक्दछ॥ २९—३१॥

द्वन्द्वयुद्ध गर्ने वीर एक-अर्कासित भिडेर लल्कार्दै तथा एक-अर्काको अगाडि जाँदै मर्मस्थलमा प्रहार गर्दै परस्पर युद्ध गरिरहेका थिए॥ ३२॥

त्यस महायुद्धमा वीरसमूह चारैतिरबाट आफ्ना हातहरूमा नाना प्रकारका ध्वजा तथा आयुध लिएर सिंहनाद गर्दै देखा परिरहेका थिए। त्यस युद्धमा महावीर महान् शब्द गर्ने आफ्ना शंखहरूलाई पृथक्-पृथक् बजाइरहेका थिए र प्रसन्न भई घोर नाद

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एवं चिरतरं कालं देवदानवयोर्महत्।
बभूव युद्धं विकटं करालं वीरहर्षदम्॥ ३५

महाप्रभोश्च लीलेयं शंकरस्य परात्मनः।
यया संमोहितं सर्वं सदेवासुरमानुषम्॥ ३६

गरिरहेका थिए। यस प्रकार लामो समयसम्म देवता तथा दानवहरूको विकट, भयंकर तथा वीरहरूलाई हर्षित पार्ने महायुद्ध भयो। परमात्मा महाप्रभु शंकरको यो लीला हो, जसले देवता, मनुष्य एवं असुरहरूसहित सबैलाई मोहित पारिराखेका छन्॥ ३३—३६॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे शङ्खचूडवधे परस्परयुद्धवर्णनं नाम षट्त्रिंशोऽध्यायः॥ ३६॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा शंखचूडवधअन्तर्गत परस्परयुद्धवर्णन नामक छत्तिसौं अध्याय पूर्ण भयो॥ ३६॥

अथ सप्तत्रिंशोऽध्यायः

शंखचूडसित कार्तिकेय आदि महावीरहरूको युद्ध

सनत्कुमार उवाच

तदा देवगणाः सर्वे दानवैश्च पराजिताः।
दुद्रुवुर्भयभीताश्च शस्त्रास्त्रक्षतविग्रहाः॥ १

सनत्कुमार भन्नुहुन्छ—[हे व्यास!] त्यस समय दानवहरूले सबै देवताहरूलाई पराजित गरिदिए, जसबाट शस्त्रास्त्रहरूले क्षत-विक्षत अंग भएका देवता भयभीत भएर भाग्न लागे॥ १॥

ते परावृत्य विश्वेशं शंकरं शरणं ययुः।
त्राहि त्राहीति सर्वेशेत्यूचुर्विह्वलया गिरा॥ २

ती फर्किएर शिवको शरणमा गएर 'हे सर्वेश! रक्षा गर्नुहोस्, रक्षा गर्नुहोस्', यस्तो विह्वल वाणीमा भन्न लागे॥ २॥

दृष्ट्वा पराजयं तेषां देवादीनां स शंकरः।
सभयं वचनं श्रुत्वा कोपमुच्चैश्चकार ह॥ ३

निरीक्ष्य स कृपादृष्ट्या देवेभ्यश्चाभयं ददौ।
बलं च स्वगणानां वै वर्द्धयामास तेजसा॥ ४

तब ती देवताहरूको यस प्रकारको पराजय देखेर तथा उनीहरूको भययुक्त वचन सुनेर शिवले महान् क्रोध गर्नुभयो। कृपादृष्टिले हेरेर उहाँले देवताहरूलाई अभयदान दिनुभयो तथा आफ्नो तेजले गणहरूको बललाई बढाइदिनुभयो॥ ३-४॥

शिवाज्ञप्तस्तदा स्कन्दो दानवानां गणैः सह।
युयुधे निर्भयः संख्ये महावीरो हरात्मजः॥ ५

कृत्वा क्रोधं वीरशब्दं देवो यस्तारकान्तकः।
अक्षौहिणीनां शतकं समरे स जघान ह॥ ६

रुधिरं पातयामास काली कमललोचना।
तेषां शिरांसि संछिद्य बभक्ष सहसा च सा॥ ७

तब शिवपुत्र महावीर कार्तिकेय शिवको आज्ञा लिएर रणक्षेत्रमा दानवहरूका साथ निर्भय भई युद्ध गर्न लाग्नुभयो। तारकासुरको वध गर्नुहुने कार्तिकेयले क्रोध गरी वीरध्वनि गर्दै उनीहरूको सय अक्षौहिणी सेनालाई युद्धमा मार्नुभयो। कमल समान नेत्र भएकी काली सहसा दैत्यहरूको शिर काटेर रगत बगाउन र उनीहरूको भक्षण गर्न लाग्नुभयो॥ ५—७॥

पपौ रक्तानि तेषां च दानवानां समन्ततः।
युद्धं चकार विविधं सुरदानवभीषणम्॥ ८

शतलक्षं गजेन्द्राणां दानवानां तथा रणे।
समादायैकहस्तेन मुखे चिक्षेप लीलया॥ ९

उहाँ दानवहरूको रगत चारैतिरबाट पान गर्न लाग्नुभयो र देवता तथा दानवहरूका लागि भयंकर विविध प्रकारका युद्ध गर्न लाग्नुभयो। उहाँले रणमा लीलापूर्वक एक-एक करोड हात्ती र दानवलाई एउटा हातले उठाएर मुखमा हालिदिनुभयो॥ ८-९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कबंधानां सहस्त्रं च सन्ननर्त रणे बहु।
महान् कोलाहलो जातः क्लीबानां च भयंकरः॥ १०

पुनः स्कंदः प्रकुप्योच्चैः शरवर्षां चकार ह।
पातयामास क्षणतः कोटिशोऽसुरनायकान्॥ ११

हजाराँ कबन्ध (गिँड) युद्धभूमिमा नृत्य गर्न लागे। त्यस समय महान् कोलाहल हुन लाग्यो, जुन कायरहरूका लागि भयप्रद थियो। त्यसपछि स्कन्द कुपित भई पुनः बाणहरूको वर्षा गर्न लाग्नुभयो र उहाँले क्षणभरमा करोडौँ असुरसेनापतिहरूलाई मारेर ढलाइदिनुभयो॥ १०-११॥

दानवाः शरजालेन स्कन्दस्य क्षतविग्रहाः।
भीताः प्रदुद्रुवुः सर्वे शेषा मरणतस्तदा॥ १२

जो शेष दानव मर्नबाट बचे, ती सब स्कन्दका बाणहरूबाट क्षत-विक्षत तथा भयभीत भएर भाग्न लागे॥ १२॥

वृषपर्वा विप्रचित्तिर्दंडश्चापि विकंपनः।
स्कंदेन युयुधुः सार्द्धं तेन सर्वे क्रमेण च॥ १३

तब वृषपर्वा, विप्रचित्ति, दण्ड, विकम्पन—यी सबै पालै-पालो स्कन्दसित युद्ध गर्न लागे॥ १३॥

महामारी च युयुधे न बभूव पराङ्मुखी।
बभूवुस्ते क्षतांगाश्च स्कंदशक्तिप्रपीडिताः॥ १४

महामारीस्कंदयोश्च विजयोऽभूत्तदा मुने।
नेदुर्दुंदुभयः स्वर्गे पुष्पवृष्टिः पपात ह॥ १५

महामारी पनि युद्ध गर्न लागिन् र युद्धबाट हटिनन्। उता स्कन्दको शक्तिबाट पीडित भएका असुरगण क्षत-विक्षत हुन लागे। हे मुनि! त्यस समय स्कन्द एवं महामारीको विजय भयो, स्वर्गमा दुन्दुभी बज्न लागे र फूलहरूको वृष्टि हुन लाग्यो॥ १४-१५॥

स्कंदस्य समरं दृष्ट्वा महारौद्रं तमद्भुतम्।
दानवानां क्षयकरं यथा प्रकृतिकल्पकम्॥ १६

महामारीकृतं तच्चोपद्रवं क्षयहेतुकम्।
चुकोपातीव सहसा संनद्धोऽभूत्स्वयं तदा॥ १७

तब कार्तिकेयको महाभयानक, अद्भुत, दानवहरूको क्षय गर्ने एवं कल्पान्तसदृश र महामारीद्वारा गरिएको क्षयकारी उपद्रवलाई देखेर त्यो शंखचूड अत्यन्त कुपित भयो र स्वयं सहसा युद्धका लागि तयार भयो॥ १६-१७॥

वरं विमानमारुह्य नानाशस्त्रास्त्रसंयुतम्।
अभयं सर्ववीराणां नानारत्नपरिच्छदम्॥ १८
महावीरैः शंखचूडो जगाम रथमध्यतः।
धनुर्विकृष्य कर्णान्तं चकार शरवर्षणम्॥ १९

त्यो शंखचूड अनेक प्रकारका अस्त्र-शस्त्रहरूले युक्त, विविध रत्नहरूबाट जडित तथा सबै वीरहरूलाई अभय दिने विमानमा चढेर महावीरहरूका साथ रणभूमिमा उपस्थित भयो र कानसम्म धनुषको प्रत्यंचा तन्काएर बाणहरूको वर्षा गर्न लाग्यो॥ १८-१९॥

तस्य सा शरवृष्टिश्च दुर्निवार्या भयंकरी।
महाघोरांधकारश्च वधस्थाने बभूव ह॥ २०

त्यसको त्यो बाणवृष्टि भयानक थियो तथा प्रतीकारको योग्य थिएन, त्यसबाट युद्धस्थलमा घनघोर अन्धकार छायो॥ २०॥

देवाः प्रदुद्रुवुः सर्वे येऽन्ये नन्दीश्वरादयः।
एक एव कार्त्तिकेयस्तस्थौ समरमूर्द्धनि॥ २१

सबै देवता तथा नन्दीश्वर आदि जो अन्य थिए, ती महागण भाग्न लागे, त्यस युद्धमा एकमात्र कार्तिकेय नै डटिरहनुभयो॥ २१॥

पर्वतानां च सर्पाणां नागानां शाखिनां तथा।
राजा चकार वृष्टिं च दुर्निवार्यां भयंकरीम्॥ २२
तद्वृष्ट्या प्रहतः स्कन्दो बभूव शिवनन्दनः।
नीहारेण च सांद्रेण संवृतो भास्करो यथा॥ २३

त्यस समय दानवराजले पर्वतहरू, सर्पहरू, नागहरू एवं वृक्षहरूको भयंकर एवं दुर्निवार्य वर्षा गर्‍यो, त्यस वृष्टिबाट शिवपुत्र स्कन्द त्यसै प्रकार ढाकिनु भयो, जसरी घना कुहिरोबाट सूर्य ढाकिन्छ॥ २२-२३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नानाविधां स्वमायां च चकार मयदर्शिताम्।
तां नाविदन् सुराः केऽपि गणाश्च मुनिसत्तम॥ २४

तदैव शङ्खचूडश्च महामायी महाबलः।
शरेणैकेन दिव्येन धनुश्चिच्छेद तस्य वै॥ २५

बभञ्ज तद्रथं दिव्यं चिच्छेद रथरक्षकान्।
मयूरं जर्जरीभूतं दिव्यास्त्रेण चकार सः॥ २६

शक्तिं चिक्षेप सूर्याभां तस्य वक्षसि घातिनीम्।
मूर्च्छामवाप सहसा तत्प्रहारेण स क्षणम्॥ २७

पुनश्च चेतनां प्राप्य कार्तिकः परवीरहा।
रत्नेन्द्रसारनिर्माणमारुरोह स्ववाहनम्॥ २८
स्मृत्वा पादौ महेशस्य साम्बिकस्य च षण्मुखः।
शस्त्रास्त्राणि गृहीत्वैव चकार रणमुल्बणम्॥ २९
सर्पांश्च पर्वतांश्चैव वृक्षांश्च प्रस्तरांस्तथा।
सर्वांश्चिच्छेद कोपेन दिव्यास्त्रेण शिवात्मजः॥ ३०

वह्निं निवारयामास पार्जन्येन शरेण ह।
रथं धनुश्च चिच्छेद शंखचूडस्य लीलया॥ ३१

सन्नाहं सर्ववाहांश्च किरीटं मुकुटोज्ज्वलम्।
वीरशब्दं चकारासौ जगर्ज च पुनः पुनः॥ ३२
चिक्षेप शक्तिं सूर्याभां दानवेन्द्रस्य वक्षसि।
तत्प्रहारेण संप्राप मूर्च्छां दीर्घतमेन च॥ ३३
मुहूर्तमात्रं तत्क्लेशं विनीय स महाबलः।
चेतनां प्राप्य चोत्तस्थौ जगर्ज हरिवर्चसः॥ ३४
शक्त्या जघान तं चापि कार्तिकेयं महाबलम्।
स पपात महीपृष्ठेऽमोघां कुर्वन् विधिप्रदाम्॥ ३५

काली गृहीत्वा तं क्रोडे निनाय शिवसन्निधौ।
ज्ञानेन तं शिवश्चापि जीवयामास लीलया॥ ३६

ददौ बलमनंतं च समुत्तस्थौ प्रतापवान्।
गमनाय मतिं चक्रे पुनस्तत्र शिवात्मजः॥ ३७

हे मुनिश्रेष्ठ! त्यसले मय दानवद्वारा सिकाइएका आफ्नो अनेक प्रकारका माया फैलायो, तर कुनै पनि देवता तथा गणले त्यसलाई चिन्न सकेनन्॥ २४॥

त्यसै समय महामायावी एवं महाबलवान् शंखचूडले आफ्नो एउटै दिव्य बाणले उहाँको धनुषलाई काटिदियो॥ २५॥ त्यसले उहाँको दिव्य रथ एवं रथका रक्षकलाई नष्ट गरिदियो तथा आफ्नो दिव्यास्त्रले उहाँको मयूरलाई जर्जर पारिदियो॥ २६॥

त्यसले उहाँको वक्षःस्थलमा सूर्य समान देदीप्यमान एवं आघात पार्ने आफ्नो शक्ति चलायो, तब त्यसको प्रहारले ती कार्तिकेय सहसा मूर्च्छित हुनुभयो॥ २७॥

पुनः [क्षणमात्रमा] चेतना प्राप्त गरी शत्रुवीरहरूलाई नष्ट गर्नुहुने कार्तिकेय आफ्नो महारत्नजडित वाहनमा सवार हुनुभयो। ती कार्तिकेय पार्वतीसहित शिवका चरणहरूको स्मरण गरी अस्त्र-शस्त्र लिएर घनघोर संग्राम गर्न लाग्नुभयो॥ २८-२९॥ ती शिवपुत्रले क्रोधपूर्वक आफ्नो दिव्यास्त्रले त्यसका समस्त सर्प, पर्वत, वृक्ष एवं चट्टानहरूलाई काटिदिनुभयो॥ ३०॥

उहाँले पार्जन्य बाणद्वारा लीलाले नै शंखचूडको आग्नेयास्त्रलाई शान्त पार्नुभयो र त्यसको रथ तथा धनुष पनि काटिदिनुभयो। त्यसको कवच, समस्त वाहन, उज्ज्वल किरीट एवं मुकुटलाई नष्ट गरी उहाँ वीरध्वनि गर्न लाग्नुभयो तथा बारम्बार गर्जन लाग्नुभयो॥ ३१-३२॥

त्यसपछि उहाँले दानवेन्द्रको छातीमा सूर्य समान देदीप्यमान शक्तिले प्रहार गर्नुभयो। त्यस अत्यन्त तीव्र प्रहारबाट त्यो मूर्च्छित भयो। त्यो महाबली केही बेरमा शक्तिको पीडा दूर गरी चेतना प्राप्त गर्दै उठ्यो तथा सिंहको समान गर्जना गर्न लाग्यो॥ ३३-३४॥ त्यस महाबलीले कार्तिकेयमाथि आफ्नो शक्तिले प्रहार गर्‍यो, तब कार्तिकेय विधाताद्वारा प्रदान गरिएको शक्तिलाई अमोघ सिद्ध गर्नका लागि पृथ्वीतलमा ढल्नुभयो॥ ३५॥

तब कालीले उहाँलाई आफ्नो काखीमा च्यापेर शिवका समक्ष लिएर आइन्। शिवले आफ्नो लीलाले ज्ञानद्वारा उहाँलाई जीवित पारिदिनुभयो र अनन्त बल प्रदान गर्नुभयो। तब ती महाप्रतापी शिवपुत्र उठेर बस्नुभयो र पुनः युद्धमा जाने विचार गर्न लाग्नुभयो॥ ३६-३७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

एतस्मिन्नन्तरे वीरो वीरभद्रो महाबलः।
शंखचूडेन युयुधे समरे बलशालिना॥ ३८

यसै बीच महाबली तथा पराक्रमी वीरभद्र बलशाली शंखचूडका साथ रणक्षेत्रमा युद्ध गर्न लाग्नुभयो॥ ३८॥

ववर्ष समरेऽस्त्राणि यानि यानि च दानवः।
चिच्छेद लीलया वीरस्तानि तानि निजैः शरैः॥ ३९

दिव्यान्यस्त्राणि शतशो मुमुचे दानवेश्वरः।
तानि चिच्छेद तं बाणैर्वीरभद्रः प्रतापवान्॥ ४०

त्यस दानवले रणभूमिमा जुन-जुन अस्त्र चलायो, ती-ती अस्त्रलाई ती वीरभद्रले लीलापूर्वक आफ्ना बाणहरूले नष्ट पार्नुभयो॥ ३९॥ तब त्यस दानवेश्वरले सयकडौँ दिव्य अस्त्र छोड्यो, तर प्रतापी वीरभद्रले आफ्ना बाणहरूले तिनको छेदन गरिदिनुभयो॥ ४०॥

अथातीव चुकोपोच्चैः शंखचूडः प्रतापवान्।
शक्त्या जघानोरसि तं स चकंपे पपात कौ॥ ४१

तब प्रतापी शंखचूड अत्यन्त कुपित भयो। त्यसले आफ्नो शक्तिद्वारा उनको छातीमा प्रहार गऱ्यो, जसबाट उहाँ काम्दै पृथ्वीमा ढल्नुभयो॥ ४१॥

क्षणेन चेतनां प्राप्य समुत्तस्थौ गणेश्वरः।
जग्राह च धनुर्भूयो वीरभद्रो गणाग्रणीः॥ ४२

त्यसपछि गणहरूमा प्रमुख गणेश्वर वीरभद्र क्षणमात्रमा चेतना प्राप्त गरी उठेर बस्नुभयो र पुनः आफ्नो धनुष लिनुभयो॥ ४२॥

एतस्मिन्नन्तरे काली जगाम समरं पुनः।
भक्षितुं दानवान् स्वांश्च रक्षितुं कार्तिकेच्छया॥ ४३
वीरास्तामनुजग्मुश्च ते च नन्दीश्वरादयः।
सर्वे देवाश्च गंधर्वा यक्षा रक्षांसि पन्नगाः॥ ४४
मद्यभांडांश्च बहुशः शतशो वाद्यवाहकाः।
पुनः समुद्यताश्चासन् वीरा उभयतोऽखिलाः॥ ४५

यसै बीच काली कार्तिकेयको इच्छाले दानवहरूको भक्षण गर्न तथा आफ्ना गणहरूको रक्षा गर्नका निम्ति युद्धभूमिमा जानुभयो र ती नन्दीश्वर आदि वीरगण, सबै देवता, गन्धर्व, यक्ष, राक्षस तथा नाग उहाँको पछि-पछि हिँड्न लागे। बाजा बज्न लागे, सयकडौँ वीरले मधुभाण्ड (मदिराका पात्र) लिएका थिए। दुवै पक्षका वीर युद्धका लागि उद्यत थिए॥ ४३—४५॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे शङ्खचूडवधे ससैन्यशंखचूडयुद्धवर्णनं नाम सप्तत्रिंशोऽध्यायः॥ ३७॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा शंखचूडवधअन्तर्गत ससैन्यशंखचूडयुद्धवर्णन नामक सैंतिसौँ अध्याय पूर्ण भयो॥ ३७॥

अथाष्टत्रिंशोऽध्यायः

श्रीकालीको शंखचूडसित महान् युद्ध, आकाशवाणी सुनेर कालीले शिवका समक्ष आएर युद्धको वृत्तान्त बताउनु

सनत्कुमार उवाच

सा च गत्वा हि संग्रामं सिंहनादं चकार ह।
देव्याश्च तेन नादेन मूर्च्छामापुश्च दानवाः॥ १

सनत्कुमार भन्नुहुन्छ—[हे व्यास!] महादेवीले युद्धस्थलमा पुगनासाथ सिंहनाद गर्नुभयो, देवीको त्यस नादबाट दानव मूर्च्छित भए॥ १॥

अट्टाट्टहासमशिवं चकार च पुनः पुनः।
तदा पपौ च माध्वीकं ननर्त रणमूर्द्धनि॥ २

भगवतीले पटक-पटक अशुभ अट्टहास गर्नुभयो, उहाँ युद्धभूमिमा मद्यपान तथा नृत्य गर्न लाग्नुभयो॥ २॥

उग्रदंष्ट्रा चोग्रदंडा कोटवी च पपौ मधु।
अन्याश्च देव्यस्तत्राजौ ननृतुर्मधु संपपुः॥ ३

यसै प्रकार उग्रदंष्ट्रा, उग्रदण्डा, कोटवी आदि पनि मधुपान गर्न लागे। अन्य देवीहरू पनि युद्धक्षेत्रमा मधुपान र नृत्य गर्न लागे॥ ३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महान् कोलाहलो जातो गणदेववदले तदा।
जहृषुर्बहुगर्जन्तः सर्वे सुरगणादयः॥ ४

त्यस समय गण एवं देवताहरूको दलमा महान् कोलाहल उत्पन्न भयो र सबै देवता तथा गण आदि तीव्र गर्जन गर्दै हर्षित भइरहेका थिए॥ ४॥

दृष्ट्वा कालीं शंखचूडः शीघ्रमाजौ समाययौ।
दानवाश्च भयं प्राप्ता राजा तेभ्योऽभयं ददौ॥ ५

काली चिक्षेप वह्निं च प्रलयाग्निशिखोपमम्।
राजा जघान तं शीघ्रं वैष्णवाङ्क्तिलीलया॥ ६

तब शंखचूड कालीलाई देखेर शीघ्र संग्राम-भूमिमा आयो। जो दानव भयभीत भइरहेका थिए, उनीहरूलाई राजाले अभयदान दिए। कालीले प्रलयाग्निको शिखा समान आग्नेयास्त्र चलाउनुभयो, तब शंखचूडले त्यसलाई आफ्नो वैष्णवास्त्रले शान्त पारिदियो॥ ५-६॥

नारायणास्त्रं सा देवी चिक्षेप तदुपर्यरम्।
वृद्धिं जगाम तच्छस्त्रं दृष्ट्वा वामं च दानवम्॥ ७

तं दृष्ट्वा शंखचूडश्च प्रलयाग्निशिखोपमम्।
पपात दंडवद्भूमौ प्रणनाम पुनः पुनः॥ ८

ती देवीले तत्काल त्यसमाथि नारायणास्त्रको प्रयोग गर्नुभयो। त्यो अस्त्र दानवलाई प्रतिकूल देखेर जब बढ्न लाग्यो, तब त प्रलयाग्निको शिखा समान त्यस अस्त्रलाई [आफूतिर आउँदै गरेको] देखेर त्यो पृथ्वीमा दण्ड झैँ लम्पसार परी बारम्बार प्रणाम गर्न लाग्यो॥ ७-८॥

निवृत्तिं प्राप तच्छस्त्रं दृष्ट्वा नम्रं च दानवम्।
ब्रह्मास्त्रमथ सा देवी चिक्षेप मंत्रपूर्वकम्॥ ९

तं दृष्ट्वा प्रज्ज्वलन्तं च प्रणम्य भुवि संस्थितः।
ब्रह्मास्त्रेण दानवेन्द्रो विनिर्वारं चकार ह॥ १०

दानवलाई यस प्रकार विनम्र देखेर त्यो अस्त्र शान्त भयो। तब ती देवीले मन्त्रपूर्वक ब्रह्मास्त्र चलाउनुभयो॥ ९॥ बल्दै गरेको त्यस ब्रह्मास्त्रलाई देखेर त्यसलाई प्रणाम गरी त्यो पृथ्वीमा उभियो। दानवेन्द्रले यस प्रकार ब्रह्मास्त्रबाट पनि आफ्नो रक्षा गऱ्यो॥ १०॥

अथ क्रुद्धो दानवेन्द्रो धनुराकृष्य रंहसा।
चिक्षेप दिव्यान्यस्त्राणि देव्यै वै मंत्रपूर्वकम्॥ ११

आहारं समरे चक्रे प्रसार्य मुखमायतम्।
जगर्ज साट्टहासं च दानवा भयमाययुः॥ १२

काल्यै चिक्षेप शक्तिं स शतयोजनमायताम्।
देवी दिव्यास्त्रजालेन शतखंडं चकार सा॥ १३

त्यसपछि दानवेन्द्र क्रोधित भई अत्यन्त वेगले धनुष चढाएर देवीमाथि मन्त्रपूर्वक दिव्यास्त्र छोड्न लाग्यो॥ ११॥ देवीले पनि विशाल मुख फैलाएर संग्राममा समस्त अस्त्र-शस्त्र खाइदिनुभयो र अट्टहास-पूर्वक गर्जन लागनुभयो, जसबाट दानव भयभीत हुन गए॥ १२॥ तब त्यस दानवले सय योजन फराकिलो आफ्नो शक्तिले कालीमाथि प्रहार गऱ्यो, तर देवीले दिव्यास्त्रहरूले त्यस शक्तिको सय-सय टुक्रा पारिदिनु-भयो॥ १३॥ तब उसले चण्डिकामाथि वैष्णवास्त्र चलायो, तर कालीले माहेश्वर अस्त्रले त्यसलाई निष्फल पारिदिनुभयो॥ १४॥

स च वैष्णवमस्त्रं च चिक्षेप चंडिकोपरि।
माहेश्वरेण काली च विनिर्वारं चकार सा॥ १४

एवं चिरतरं युद्धमन्योऽन्यं संबभूव ह।
प्रेक्षका अभवन् सर्वे देवाश्च दानवा अपि॥ १५

अथ क्रुद्धा महादेवी काली कालसमा रणे।
जग्राह मन्त्रपूतं च शरं पाशुपतं रुषा॥ १६

यस प्रकार धेरै समयसम्म ती दुवैको परस्पर युद्ध भइरह्यो, देवता एवं दानव दर्शक बनेर त्यस युद्धलाई हेरिरहे। त्यसपछि युद्धमा कालको समान क्रुद्ध भई महादेवीले रोषपूर्वक मन्त्रबाट पवित्र पारिएको पाशुपतास्त्र ग्रहण गर्नुभयो॥ १५-१६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्षेपात्पूर्वं तन्निषेद्धुं वाग्बभूवाशरीरिणी।
न क्षिपास्त्रमिदं देवि शंखचूडाय वै रुषा॥ १७
मृत्युःपाशुपतान्नास्त्यमोघादपि च चंडिके।
शंखचूडस्य वीरस्योपायमन्यं विचारय॥ १८

इत्याकर्ण्य भद्रकाली न चिक्षेप तदस्त्रकम्।
शतलक्षं दानवानां जघास लीलया क्षुधा॥ १९

अत्तुं जगाम वेगेन शंखचूडं भयंकरी।
दिव्यास्त्रेण च रौद्रेण वारयामास दानवः॥ २०

अथ क्रुद्धो दानवेन्द्रः खड्गं चिक्षेप सत्वरम्।
ग्रीष्मसूर्योपमं तीक्ष्णधारमत्यंतभीकरम्॥ २१

सा काली तं समालोक्यायान्तं प्रज्वलितं रुषा।
प्रसार्य मुखमाहारं चक्रे तस्य च पश्यतः॥ २२

दिव्यान्यस्त्राणि चान्यानि चिच्छेद दानवेश्वरः।
प्राप्तानि पूर्वतश्चक्रे शतखंडानि तानि च॥ २३

पुनरत्तुं महादेवी वेगतस्तं जगाम ह।
सर्वसिद्धेश्वरः श्रीमानन्तर्धानं चकार सः॥ २४

वेगेन मुष्टिना काली तमदृष्ट्वा च दानवम्।
बभंज च रथं तस्य जघान किल सारथिम्॥ २५

अथागत्य द्रुतं मायी चक्रं चिक्षेप वेगतः।
भद्रकाल्यै शंखचूडः प्रलयाग्निशिखोपमम्॥ २६

सा देवी तं तदा चक्रं वामहस्तेन लीलया।
जग्राह स्वमुखेनैवाहारं चक्रे रुषा द्रुतम्॥ २७

मुष्ट्या जघान तं देवी महाकोपेन वेगतः।
बभ्राम दानवेन्द्रोऽपि क्षणं मूर्च्छामवाप सः॥ २८

क्षणेन चेतनां प्राप्य स चोत्तस्थौ प्रतापवान्।
न चक्रे बाहुयुद्धं च मातृबुद्ध्या तया सह॥ २९

त्यसलाई चलाउनु अगावै त्यसलाई रोक्नका लागि यो आकाशवाणी भयो—हे देवी! तपाईं क्रोधपूर्वक यस अस्त्रलाई शंखचूडमाथि नचलाउनुहोस्। हे चण्डिके! यो अमोघ पाशुपतास्त्रबाट पनि वीर शंखचूडको मृत्यु हुने छैन। अतः अन्य कुनै उपाय सोच्नुहोस्॥ १७-१८॥

यो सुनेर भद्रकालीले त्यस अस्त्रलाई चलाउनु भएन र भोकले युक्त भएर लीलापूर्वक एक करोड दानवको भक्षण गर्नुभयो। ती भयंकर देवी शंखचूडलाई पनि खानका लागि वेगपूर्वक दौडिनुभयो, तब त्यस दानवले दिव्य रौद्रास्त्रद्वारा उहाँलाई रोकिदियो। त्यसपछि दानवेन्द्रले कुपित भएर तत्काल ग्रीष्मकालीन सूर्य समान, तीक्ष्ण धार भएको तथा अत्यन्त भयंकर खड्ग चलायो॥ १९—२१॥

तब काली त्यस प्रज्वलित खड्गलाई आफूतिर आउँदै गरेको देखेर रोषपूर्वक आफ्नो मुख फैलाएर त्यसले हेर्दा-हेर्दै खड्ग भक्षण गरिदिनुभयो॥ २२॥

यसै प्रकार त्यसले अरू पनि धेरै दिव्यास्त्रहरूको प्रयोग गर्‍यो, तर भगवतीले त्यसका सबै अस्त्रहरू पूर्ववत् झैं सय खण्ड पारिदिनुभयो॥ २३॥

पुनः महादेवी त्यसलाई खानका लागि बडो वेगले दौडिनुभयो, तब सर्वसिद्धेश्वर त्यो [दानवराज] अन्तर्धान भयो॥ २४॥

कालीले त्यस दानवलाई नदेखेर बडो वेगले आफ्नो मुड्कीद्वारा त्यसको रथलाई नष्ट पारिदिनुभयो र सारथीलाई मारिदिनुभयो॥ २५॥

त्यसपछि त्यस मायावी शंखचूडले बडो शीघ्रताका साथ युद्धस्थलमा प्रकट भएर प्रलयाग्निको शिखा समान बल्दै गरेको चक्रले भद्रकालीमाथि प्रहार गर्‍यो॥ २६॥ देवीले त्यस चक्रलाई आफ्नो बायाँ हातले लीलापूर्वक समात्नुभयो र अत्यन्त क्रोधका साथ तत्काल आफ्नो मुखले त्यसको भक्षण गर्नुभयो। देवीले ज्यादै क्रोधपूर्वक अत्यन्त वेगले मुड्कीद्वारा त्यसमाथि प्रहार गर्नुभयो, जसबाट त्यो दानवराज फनफनी घुम्न लाग्यो र मूर्च्छित भयो॥ २७-२८॥

त्यो प्रतापी क्षणभरमा चेतना प्राप्त गरी पुनः उठ्यो र उहाँप्रति मातृभाव राखेको कारण उसले उहाँसित बाहुयुद्ध गरेन॥ २९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गृहीत्वा दानवं देवी भ्रामयित्वा पुनः पुनः।
ऊर्ध्वं च प्रापयामास महाकोपेन वेगतः॥ ३०

देवीले त्यस दानवलाई समातेर पटक-पटक घुमाएर अत्यन्त क्रोधका साथ वेगपूर्वक माथितिर हुत्याइदिनुभयो॥ ३०॥

उत्पपात च वेगेन शंखचूडः प्रतापवान्।
निपत्य च समुत्तस्थो प्रणम्य भद्रकालिकाम्॥ ३१
रत्नेन्द्रसारनिर्माणविमानं सुमनोहरम्।
आरुरोह स हृष्टात्मा न भ्रान्तोऽपि महारणे॥ ३२
दानवानां हि क्षतजं सा पपौ कालिका क्षुधा।
एतस्मिन्नन्तरे तत्र वाग्बभूवाशरीरिणी॥ ३३
लक्षं च दानवेन्द्राणामवशिष्टं रणेऽधुना।
उद्धतं गुञ्जतां सार्द्धं ततस्त्वं भुंक्ष्व चेश्वरि॥ ३४

त्यो प्रतापी शंखचूड बडो वेगले माथि गयो, पुनः तल झरेर भद्रकालीलाई प्रणाम गरी स्थित भयो। तत्पश्चात् प्रसन्नचित्त त्यो दानवश्रेष्ठ रत्ननिर्मित विमानमा सवार भयो र सावधान भएर युद्धका लागि उद्यत भयो। काली पनि क्षुधातुर भई दानवहरूको रक्तपान गर्न लाग्नुभयो, यसै बीच त्यहाँ आकाशवाणी भयो कि हे ईश्वरी! अझै यस रणमा महान् उद्धत एवं गर्जना गरिरहेका एक लाख दानव बाँकी छन्। अतः तपाईं तिनको भक्षण गर्नुहोस्॥ ३१—३४॥

संग्रामे दानवेन्द्रं च हन्तुं न कुरु मानसम्।
अवध्योऽयं शंखचूडस्तव देवीति निश्चयम्॥ ३५
तच्छ्रुत्वा वचनं देवी निःसृतं व्योममंडलात्।
दानवानां बहूनां च मांसं च रुधिरं तथा॥ ३६
भुक्त्वा पीत्वा भद्रकाली शंकरान्तिकमाययौ।
उवाच रणवृत्तान्तं पौर्वापर्येण सक्रमम्॥ ३७

हे देवी! तपाईं संग्राममा यस दानवराजको वधको विचार नगर्नुहोस्, यो शंखचूड तपाईंबाट अवध्य छ—यो निश्चित हो। आकाशमण्डलबाट आएको यस वाणीलाई सुनेर देवी भद्रकाली धेरैजसो दानवहरूको मांस एवं रगत खाई-पीई शिवका समक्षमा जानुभयो र आद्योपान्त युद्धको सारा वृत्तान्त पूर्वापर क्रमले निवेदन गर्नुभयो॥ ३५—३७॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे शङ्खचूडवधे कालीयुद्धवर्णनं नामाष्टत्रिंशोऽध्यायः॥ ३८॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा शंखचूडवधअन्तर्गत कालीको युद्धवर्णन नामक अड्तिसौँ अध्याय पूर्ण भयो॥ ३८॥

अथैकोनचत्वारिंशोऽध्यायः

शिव र शंखचूडको महाभयंकर युद्धमा शंखचूडका सैनिकहरूको संहारको वर्णन

व्यास उवाच
श्रुत्वा काल्युक्तमीशानो किं चकार किमुक्तवान्।
तत्त्वं वद महाप्राज्ञ परं कौतूहलं मम॥ १

व्यास भन्नुहुन्छ—हे महाप्राज्ञ! भद्रकालीका वचनलाई सुनेर शिवले के भन्नुभयो तथा के गर्नुभयो? त्यसलाई तपाईं तत्त्वतः भन्नुहोस्, मलाई सुन्ने अति नै उत्सुकता छ॥ १॥

सनत्कुमार उवाच
काल्युक्तं वचनं श्रुत्वा शंकरः परमेश्वरः।
महालीलाकरः शंभुर्जहासाश्वासयञ्च ताम्॥ २

सनत्कुमार भन्नुहुन्छ—कालीद्वारा भनिएका वचनलाई सुनेर महान् लीला गर्नुहुने कल्याणकारी परमेश्वर शम्भु ती कालीलाई आश्वस्त पार्दै हाँस्न लाग्नुभयो॥ २॥

व्योमवाणीं समाकर्ण्य तत्त्वज्ञानविशारदः।
ययौ स्वयं च समरे स्वगणैः सह शंकरः॥ ३

तत्त्वज्ञानविशारद शिव आकाशवाणीको कुरा सुनेर आफ्ना गणहरूलाई साथ लिएर स्वयं युद्धस्थलमा जानुभयो॥ ३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महावृषभमारूढो वीरभद्रादिसंयुतः।
भैरवैः क्षेत्रपालैश्च स्वसमानैः समन्वितः॥ ४

रणं प्राप्तो महेशश्च वीररूपं विधाय च।
विरराजाधिकं तत्र रुद्रो मूर्त इवांतकः॥ ५

शंखचूडः शिवं दृष्ट्वा विमानादवरुह्य सः।
ननाम परया भक्त्या शिरसा दंडवद्भुवि॥ ६

तं प्रणम्य तु योगेन विमानमारुरोह सः।
तूर्णं चकार सन्नाहं धनुर्जग्राह सेषुकम्॥ ७

शिवदानवयोर्युद्धं शतमब्दं बभूव ह।
बाणवर्षमिवोग्रं तद्वर्षतोर्मेघयोस्तदा॥ ८

शंखचूडो महावीरः शरांश्चिक्षेप दारुणान्।
चिच्छेद शंकरस्तान्वै लीलया स्वशरोत्करैः॥ ९

तदंगेषु च शस्त्रौघैस्ताडयामास कोपतः।
महारुद्रो विरूपाक्षो दुष्टदण्डः सतां गतिः॥ १०

दानवो निशितं खड्गं चर्म चादाय वेगवान्।
वृषं जघान शिरसि शिवस्य वरवाहनम्॥ ११

ताडिते वाहने रुद्रस्तं क्षुरप्रेण लीलया।
खड्गं चिच्छेद तस्याशु चर्म चापि महोज्ज्वलम्॥ १२

छिन्नेऽसौ चर्मणि तदा शक्तिं चिक्षेप सोऽसुरः।
द्विधा चक्रे स्वबाणेन हरस्तां संमुखागताम्॥ १३

कोपाध्मातः शंखचूडः चक्रं चिक्षेप दानवः।
मुष्टिपातेन तच्चाप्यचूर्णयत्सहसा हरः॥ १४

गदामाविध्य तरसा संचिक्षेप हरं प्रति।
शंभुना सापि सहसा भिन्ना भस्मत्वमागता॥ १५

ततः परशुमादाय हस्तेन दानवेश्वरः।
धावति स्म हरं वेगाच्छंखचूडः क्रुधाकुलः॥ १६

समाहृत्य स्वबाणौघैरपातयत शंकरः।
द्रुतं परशुहस्तं तं भूतले लीलयासुरम्॥ १७

वीरभद्रादि गणहरू एवं आफू समान भैरवहरू तथा क्षेत्रपालहरूलाई साथ लिएका महावृषभमाथि आरूढ भई महेश्वर वीररूप धारण गरी युद्धभूमिमा पुग्नुभयो। त्यस समय ती रुद्र मूर्तिमान् काल नै प्रतीत भइरहनुभएको थियो॥ ४-५॥

शंखचूडले शिवलाई देखेर विमानबाट ओर्लेर परमभक्तिपूर्वक भूमिमा लम्पसार परी शिरले उहाँलाई दण्डवत् प्रणाम गऱ्यो। उहाँलाई प्रणाम गरी त्यो योगमार्गबाट गई पुनः विमानमा चढ्यो र तत्काल उसले कवच धारण गरी धनुष-बाण उठायो॥ ६-७॥

त्यसपछि शिव तथा ती दानवहरूको सय वर्षसम्म घनघोर युद्ध भइरह्यो, जसमा निरन्तर वर्षा गर्दै गरेका मेघ समान बाणहरूको वर्षा भइरहेको थियो। महावीर शंखचूड शिवमाथि दारुण बाण छोडिरहेको थियो, तर शंकर आफ्ना बाणहरूले तिनलाई छिन्न-भिन्न पारिदिनुहुन्थ्यो॥ ८-९॥

दुष्टहरूलाई दण्ड दिनुहुने तथा सज्जनहरूका रक्षक विरूपाक्ष महारुद्रले अत्यन्त क्रोधपूर्वक आफ्नो शस्त्रसमूहले त्यसका अंगहरूमाथि प्रहार गर्नुभयो। त्यो दानवले पनि वेगयुक्त भई आफ्नो तीक्ष्ण तरवार एवं ढाल लिएर शिवको श्रेष्ठ वाहन वृषभको शिरमा प्रहार गऱ्यो॥ १०-११॥

वृषभमाथि प्रहार गरिएपछि शंकरले तीक्ष्ण धार भएको छूराले लीलापूर्वक तत्काल त्यसको खड्ग एवं अति उज्ज्वल ढाललाई काटिदिनुभयो॥ १२॥ तब ढाल काटिएपछि त्यस दानवले शक्ति चलायो, तर शिवले आफ्नो बाणले सामुन्ने आएको त्यस शक्तिलाई दुई टुक्रा पारिदिनुभयो॥ १३॥ तब क्रोधले व्याकुल दानव शंखचूडले चक्रद्वारा प्रहार गऱ्यो, तर शिवले सहसा आफ्नो मुड्कीको प्रहारले त्यसलाई पनि धुलो पारिदिनुभयो। त्यसपछि उसले शिवमाथि बडो वेगले गदाद्वारा प्रहार गऱ्यो, तर शिवले त्यसलाई पनि छिन्न-भिन्न पारी भस्म पार्नुभयो॥ १४-१५॥

तब क्रोधले व्याकुल दानवेश्वर शंखचूड हातमा परशु लिएर वेगले शिवतिर दौडियो। शंकरले बडो शीघ्रताका साथ लीलापूर्वक आफ्ना बाणसमूहबाट हातमा परशु लिएको त्यस असुरलाई आहत पारी पृथ्वीमा खसालिदिनुभयो॥ १६-१७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततः क्षणेन संप्राप्य संज्ञामारुह्य सद्रथम्।
धृतदिव्यायुधशरो बभौ व्याप्याखिलं नभः॥ १८

तत्पश्चात् केहीबेरमा त्यो होसमा आई रथमा चढेर दिव्य आयुध एवं बाण धारण गरी समस्त आकाश-मण्डललाई ढाकी शोभित हुन लाग्यो॥ १८॥

आयान्तं तं निरीक्ष्यैव डमरुध्वनिमादरात्।
चकार ज्यारवं चापि धनुषो दुःसहं हरः॥ १९
पूरयामास ककुभः शृंगनादेन च प्रभुः।
स्वयं जगर्ज गिरिशस्त्रासयन्नसुरांस्तदा॥ २०

त्यसलाई आफूतिर आउँदै गरेको देखेर शिवले आदरपूर्वक डमरू बजाउनुभयो र धनुषको प्रत्यंचाको दुःसह ध्वनि पनि गर्नुभयो। प्रभु गिरीशले शृंगनादद्वारा सारा दिशाहरू गुन्जित पार्नुभयो र स्वयं असुरहरूलाई भयभीत पार्दै गर्जना गर्न लाग्नुभयो॥ १९-२०॥

त्याजितेभमहागर्वैर्महानादैर्वृषेश्वरः।
पूरयामास सहसा खं गां वसुदिशस्तथा॥ २१
महाकालः समुत्पत्य ताडयद् गां तथा नभः।
कराभ्यां तन्निनादेन क्षिप्ता आसन्पुरा रवाः॥ २२
अट्टाट्टहासमशिवं क्षेत्रपालश्चकार ह।
भैरवोऽपि महानादं स चकार महाहवे॥ २३
महाकोलाहलो जातो रणमध्ये भयंकरः।
वीरशब्दो बभूवाथ गणमध्ये समन्ततः॥ २४
संत्रेसुर्दानवाः सर्वे तैः शब्दैर्भयदैः खरैः।
चुकोपातीव तच्छ्रुत्वा दानवेन्द्रो महाबलः॥ २५
तिष्ठ तिष्ठेति दुष्टात्मन् व्याजहार यदा हरः।
देवैर्गणैश्च तैः शीघ्रमुक्तं जय जयेति च॥ २६
अथागत्य स दंभस्य तनयः सुप्रतापवान्।
शक्तिं चिक्षेप रुद्राय ज्वालामालातिभीषणाम्॥ २७

नन्दीश्वरले हात्तीको महागर्वलाई छुटाइदिने महानादहरूबाट सहसा पृथ्वी, आकाश तथा आठै दिशाहरूलाई पूर्ण गरिदिए। महाकालले अत्यन्त तेजपूर्वक दौडेर आफ्नो दुवै हातहरूलाई पृथ्वी एवं आकाशमा पट्काए, जसबाट पहिलाको शब्द तिरोहित हुन गयो॥ २१-२२॥ यसै प्रकार त्यस महायुद्धमा क्षेत्रपालले अशुभसूचक अट्टहास गरे तथा भैरवले पनि नाद गरे॥ २३॥ युद्धस्थलमा महान् कोलाहल हुना लाग्यो र गणहरूको बिचमा चारैतिर सिंहगर्जना हुन लाग्यो॥ २४॥ ती भयदायक एवं कर्कश शब्दबाट सबै दानव व्याकुल भए। त्यो सुनेर महाबलवान् दानवेन्द्र अत्यन्त क्रुद्ध भयो। जब शिवले भन्नुभयो— ए दुष्ट! उभिरहेस्, उभिरहेस्, त्यसै समय देवता एवं गणहरूले पनि तत्काल जय-जयकार गरे। त्यसपछि महाप्रतापी दम्भपुत्रले आएर ज्वाला-माला समान अत्यन्त भीषण शक्ति शिवमाथि चलायो॥ २५-२७॥

वह्निकूटप्रभायान्ती क्षेत्रपालेन सत्वरम्।
निरस्तागत्य साजौ वै मुखोत्पन्नमहोल्कया॥ २८
पुनः प्रववृते युद्धं शिवदानवयोर्महत्।
चकंपे धरणी द्यौश्च सनगाब्धिजलाशया॥ २९
दांभिमुक्तान् शरान् शंभुः शरांस्तत्प्रहितान्स च।
सहस्त्रशः शरैरुग्रैश्चिच्छेद शतशस्तदा॥ ३०

क्षेत्रपालले अग्निज्वालाको समान आउँदै गरेको त्यस शक्तिलाई बडो शीघ्रताका साथ युद्धमा अघि बढेर आफ्नो मुखबाट उत्पन्न उल्काबाट नष्ट पारिदिए। त्यसपछि पुनः शिव एवं त्यस दानवको महाभयंकर युद्ध हुन लाग्यो, जसबाट पर्वत, समुद्र एवं जलाशयहरू सहित पृथ्वी एवं द्युलोक कम्पित हुन गयो। दम्भपुत्र शंखचूडद्वारा छोडिएका सयकडौँ-हजारौँ बाणहरूलाई शिव आफ्ना उग्र बाणहरूले छिन्न-भिन्न पारिरहनुभएको थियो तथा शिवद्वारा छोडिएका सयकडौँ-हजारौँ बाणहरूलाई त्यो पनि आफ्नो उग्र बाणहरूले छिन्न-भिन्न पारिदिन्थ्यो॥ २८—३०॥

ततः शंभुस्त्रिशूलेन संक्रुद्धस्तं जघान ह।
तत्प्रहारमसह्याशु कौ पपात स मूर्च्छितः॥ ३१

तब शिवले अत्यधिक क्रोधित भई आफ्नो त्रिशूलले दानवमाथि प्रहार गर्नुभयो, त्यस प्रहारलाई सहनमा असमर्थ त्यो मूर्च्छित भएर पृथ्वीमा ढल्यो॥ ३१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततः क्षणेन संप्राप संज्ञां स च तदासुरः।
आजघान शरै रुद्रं तान्सर्वानात्तकार्मुकः॥ ३२

त्यसपछि क्षणमात्रमा नै चेतना प्राप्त गरी त्यो असुर धनुष लिएर बाणहरूद्वारा शिवमाथि प्रहार गर्न लाग्यो॥ ३२॥

बाहूनामयुतं कृत्वा छादयामास शंकरम्।
चक्रायुतेन सहसा शंखचूडः प्रतापवान्॥ ३३

ततो दुर्गापतिः क्रुद्धो रुद्रो दुर्गार्तिनाशनः।
तानि चक्राणि चिच्छेद स्वशरैरुत्तमैर्द्रुतम्॥ ३४

ततो वेगेन सहसा गदामादाय दानवः।
अभ्यधावत वै हन्तुं बहुसेनावृतो हरम्॥ ३५

त्यस प्रतापी दानवराज शंखचूडले दश हजार भुजाहरू निर्माण गरी दश हजार चक्रहरूले शंकरलाई ढाकिदियो। त्यसपछि कठिन दुर्गतिको नाशकर्ता दुर्गापति शंकरले कुपित भई आफ्नो श्रेष्ठ बाणहरूले तत्काल ती चक्रहरूलाई काटिदिनुभयो। तब धेरै सेनाबाट घेरिएको त्यो दानव बडो वेगले सहसा गदा उठाएर शंकरलाई मार्नका लागि दौडियो॥ ३३—३५॥

गदां चिच्छेद तस्याश्वापततः सोऽसिना हरः।
शितधारेण संक्रुद्धो दुष्टगर्वापहारकः॥ ३६

छिन्नायां स्वगदायां च चुकोपातीव दानवः।
शूलं जग्राह तेजस्वी परेषां दुःसहं ज्वलत्॥ ३७

सुदर्शनं शूलहस्तमायान्तं दानवेश्वरम्।
स्वत्रिशूलेन विव्याध हृदि तं वेगतो हरः॥ ३८

दुष्टहरूको गर्वलाई नष्ट गर्नुहुने शिवले क्रुद्ध भई तीक्ष्ण धार भएको तरवारले तत्काल त्यसको गदा पनि काटिदिनुभयो। तब आफ्नू गदा छिन्न-भिन्न भएपछि त्यो दानव ज्यादै रिसायो र त्यस तेजस्वीले शत्रुहरूका लागि असह्य आफ्नू प्रज्वलित त्रिशूल धारण गऱ्यो। शिवले हातमा त्रिशूल लिएर आउँदै गरेको त्यस सुदर्शन दनुजेश्वरको हृदयमा बडो वेगले आफ्नो त्रिशूलले प्रहार गर्नुभयो॥ ३६—३८॥

त्रिशूलभिन्नहृदयान्निष्क्रान्तः पुरुषः परः।
तिष्ठ तिष्ठेति चोवाच शंखचूडस्य वीर्यवान्॥ ३९

तब त्रिशूलबाट विदीर्ण शंखचूडको हृदयबाट एक पराक्रमी श्रेष्ठ पुरुष निस्कियो र 'उभिरहेस्, उभिरहेस्'—यस प्रकार भन्न लाग्यो॥ ३९॥

निष्क्रामतो हि तस्याशु प्रहस्य स्वनवत्ततः।
चिच्छेद च शिरो भीममसिना सोऽपतद्भुवि॥ ४०

ततः काली चखादोग्रं दंष्ट्राक्षुण्णशिरोधरान्।
असुरांस्तान् बहून् क्रोधात् प्रसार्य स्वमुखं तदा॥ ४१

त्यो निस्कनासाथ शिवले हाँसेर शीघ्र आफ्नो खड्गले ती आवाज निकाल्ने भयंकर शिरलाई काटिदिनुभयो, जसबाट त्यो पृथ्वीमा खस्यो। यता कालीले आफ्नू उग्र मुख फैलाएर अत्यन्त क्रोधपूर्वक आफ्ना दाँतहरूले ती असुरहरूको शिरलाई चपाइ-चपाइकन धुलो पार्न प्रारम्भ गरिदिइन्॥ ४०-४१॥

क्षेत्रपालश्चखादान्यान्बहून्दैत्यान्क्रुधाकुलः।
केचिन्नेशुर्भैरवास्त्रच्छिन्ना भिन्नास्तथापरे॥ ४२

यसै प्रकार क्षेत्रपाल पनि क्रोधित भई अनेक असुरहरूलाई खान लागे र जो अरू शेष बचे, ती भैरवका अस्त्रबाट छिन्न-भिन्न भई नष्ट भए॥ ४२॥

वीरभद्रोऽपरान् वीरान् बहून् क्रोधादनाशयत्।
नन्दीश्वरो जघानान्यान् बहूनमरमर्दकान्॥ ४३

एवं बहुगणा वीरास्तदा संनह्य कोपतः।
व्यनाशयन्बहून्दैत्यानसुरान् देवमर्दकान्॥ ४४

वीरभद्रले क्रोधपूर्वक अरू धेरै वीरहरूलाई नष्ट पारिदिए एवं नन्दीश्वरले अन्य धेरै देवशत्रु असुरहरूलाई मारिदिए। त्यसै प्रकार त्यस समय शिवका धेरैजसो गणहरूले देवताहरूलाई कष्ट दिने अनेकौँ दैत्य तथा असुरहरूलाई नष्ट पारिदिए॥ ४३-४४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इत्थं बहुतरं तत्र तस्य सैन्यं ननाश तत्।
विद्रुताश्चापरे वीरा बहवो भयकातराः॥ ४५

यस प्रकार त्यसका धेरैजसो सेना नष्ट भए र भयबाट व्याकुल भएका अनेकौँ वीरहरू भागे॥ ४५॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे शंखचूडसैन्यवधवर्णनं नामैकोनत्रिंशोऽध्यायः॥ ३९॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा शंखचूडसैन्यवधवर्णन नामक उनन्चालिसौँ अध्याय पूर्ण भयो॥ ३९॥

अथ चत्वारिंशोऽध्यायः

शिव र शंखचूडको युद्ध, आकाशवाणीद्वारा शंकरलाई युद्धबाट विरत गर्नु, विष्णुले ब्राह्मणरूप धारण गरी शंखचूडको कवच माग्नु, कवचहीन शंखचूडको भगवान् शिवद्वारा वध, सर्वत्र हर्षोल्लास

सनत्कुमार उवाच

स्वबलं निहतं दृष्ट्वा मुख्यं बहुतरं ततः।
तथा वीरान् प्राणसमान् चुकोपातीव दानवः॥ १

उवाच वचनं शंभुं तिष्ठाम्याजौ स्थिरो भव।
किमेतैर्निहतैर्मेऽद्य संमुखे समरं कुरु॥ २

इत्युक्त्वा दानवेन्द्रोऽसौ सन्नद्धः समरे मुने।
अगच्छन्निश्चयं कृत्वाऽभिमुखं शंकरस्य च॥ ३

दिव्यान्यस्त्राणि चिक्षेप महारुद्राय दानवः।
चकार शरवृष्टिं च तोयवृष्टिं यथा घनः॥ ४

मायाश्चकार विविधा अदृश्या भयदर्शिताः।
अप्रतर्क्याः सुरगणैर्निखिलैरपि सत्तमैः॥ ५

तां दृष्ट्वा शंकरस्तत्र चिक्षेपास्त्रं च लीलया।
माहेश्वरं महादिव्यं सर्वमायाविनाशनम्॥ ६

तेजसा तस्य तन्माया नष्टाश्चासन् द्रुतं तदा।
दिव्यान्यस्त्राणि तान्येव निस्तेजांस्यभवन्नपि॥ ७
अथ युद्धे महेशानस्तद्वधाय महाबलः।
शूलं जग्राह सहसा दुर्निवार्यं सुतेजसाम्॥ ८

तदैव तन्निषेद्धुं च वागबभूवाशरीरिणी।
क्षिप शूलं न चेदानीं प्रार्थनां शृणु शंकर॥ ९
सर्वथा त्वं समर्थो हि क्षणाद् ब्रह्माण्डनाशने।

सनत्कुमार भन्नुहुन्छ—[हे व्यास!] त्यसपछि आफ्ना मुख्य-मुख्य धेरैजसो सेनाहरूलाई तथा प्राण समान वीरहरूलाई नष्ट हुँदै गरेको देखेर दानवराज शंखचूड अत्यधिक क्रुद्ध भयो॥ १॥

उसले शंकरसित भन्यो—म युद्धभूमिमा खडा छु र तपाईं पनि स्थिर हुनुहोस्। यिनलाई मार्नाले के फाइदा, मेरो सामुन्ने [खडा भएर] युद्ध गर्नुहोस्। हे मुनि! यस प्रकार भनेर त्यो दानव [युद्ध गर्ने] निश्चय गरी सान्नद्ध भई युद्धभूमिमा शंकरको सम्मुख गयो॥ २-३॥

त्यो दानव शिवमाथि दिव्य अस्त्र छोड्न लाग्यो। जसरी मेघ जलवृष्टि गर्छ, त्यसै प्रकार त्यो बाणहरूको वर्षा गर्न लाग्यो। त्यसले भय उत्पन्न गर्ने खालका अनेक प्रकारका माया पनि प्रकट गर्‍यो। त्यस अप्रतर्क्य (थाहै पाउन नसकिने) मायालाई समस्त देवताहरूले पनि हेर्न सकेनन्। त्यस मायालाई देखेर शिवले सबै प्रकारका मायालाई नष्ट पार्ने महादिव्य माहेश्वर अस्त्र लीलापूर्वक छोड्नुभयो॥ ४—६॥

त्यसको तेजबाट तत्काल त्यस असुरको सारा माया तत्काल नष्ट भयो र त्यो दिव्यास्त्र पनि निस्तेज भयो। त्यसपछि महाबली महेश्वरले युद्धमा त्यसको वध गर्नका लागि तेजस्वीहरूले पनि सहन नसक्ने अत्यन्त कठोर त्रिशूल सहसा धारण गर्नुभयो॥ ७-८॥

त्यसै समय उहाँलाई रोक्नका लागि आकाशवाणी भयो, हे शंकर! यस समय हजुर त्रिशूल नचलाउनुहोस्, [मेरो] प्रार्थना सुन्नुहोस्। हे ईश! हजुर क्षणमात्रमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किमेकदानवस्येश शङ्खचूडस्य सांप्रतम्॥ १०

तथापि वेदमर्यादा न नाश्या स्वामिना त्वया।
तां शृणुष्व महादेव सफलं कुरु सत्यतः॥ ११

यावदस्य करेऽत्युग्रं कवचं परमं हरेः।
यावत्सतीत्वमस्त्येव सत्या अप्यस्य योषितः॥ १२

तावदस्य जरामृत्युः शंखचूडस्य शंकर।
नास्तीत्यवितथं नाथ विधेहि ब्रह्मणो वचः॥ १३

सारा ब्रह्माण्डलाई नष्ट गर्नमा समर्थ हुनुहुन्छ, तब यस समय एउटा शंखचूड दानवको वधको के कुरा! फेरि पनि हजुर स्वामीले वेद-मर्यादालाई नष्ट पार्नु हुँदैन। हे महादेव! त्यसलाई सुन्नुहोस् र सत्यरूपले सफल गर्नुहोस्। जबसम्म यसको हातमा विष्णुको परम उग्र कवच रहन्छ र जबसम्म यसकी पतिव्रता स्त्रीको सतीत्व रहन्छ, तबसम्म हे शंकर! यस शंखचूडको बुढ्यौली एवं मृत्यु हुन सक्तैन। हे नाथ! ब्रह्माको यस वचनलाई तपाईं सत्य गर्नुहोस्॥ ९—१३॥

इत्याकर्ण्य नभोवाणीं तथेत्युक्ते हरे तदा।
हरेच्छयागतो विष्णुस्तं दिदेश सतां गतिः॥ १४

वृद्धब्राह्मणवेषेण विष्णुर्मायाविनां वरः।
शङ्खचूडोपकंठं च गत्वोवाच स तं तदा॥ १५

यस आकाशवाणीलाई सुनेर 'त्यस्तै हुनेछ'—यस प्रकार शंकरले भन्नुभएपछि त्यसै समय शिवको इच्छाले सज्जनहरूका रक्षक विष्णु त्यहाँ आउनुभयो र शंकरले उहाँलाई आज्ञा दिनुभयो। तब मायावीहरूमा श्रेष्ठ विष्णु वृद्ध ब्राह्मणको वेष धारण गरी शंखचूड समक्ष गएर उससित भन्न लाग्नुभयो—॥ १४-१५॥

वृद्धब्राह्मण उवाच

देहि भिक्षां दानवेन्द्र मह्यं प्राप्ताय सांप्रतम्॥ १६

नेदानीं कथयिष्यामि प्रकटं दीनवत्सलम्।
पश्चात्त्वां कथयिष्यामि पुनः सत्यं करिष्यसि॥ १७

ओमित्युवाच राजेन्द्रः प्रसन्नवदनेक्षणः।
कवचार्थी जनश्चाहमित्युवाचेति सच्छलात्॥ १८

वृद्ध ब्राह्मण भन्नुहुन्छ—हे दानवेन्द्र! यस समय तपाईंकहाँ आएको म ब्राह्मणलाई भिक्षा प्रदान गर्नुहोस्। म यस समय तपाईं दीनवत्सलसित स्पष्ट भन्ने छैन, [प्रतिज्ञा] पछि तपाईंसित भन्ने छु, तब तपाईं [त्यसलाई दिएर] आफ्नू प्रतिज्ञा सत्य गर्नुहोस्॥ १६-१७॥ तब राजाले प्रसन्नमुख भएर 'हुन्छ'—यस्तो भनिदिंए। त्यसपछि उहाँले छलपूर्वक भन्नुभयो कि म तपाईंको कवच चाहन्छु॥ १८॥

तच्छ्रुत्वा दानवेन्द्रोऽसौ ब्रह्मण्यः सत्यवाग्विभुः।
तद् ददौ कवचं दिव्यं विप्राय प्राणसंमतम्॥ १९

यसलाई सुनेर ब्राह्मणभक्त तथा सत्यभाषी दानवराजले आफ्नो प्राणसमान दिव्य कवच ब्राह्मणलाई प्रदान गरिदियो॥ १९॥

माययेत्थं तु कवचं तस्माज्जग्राह वै हरिः।
शङ्खचूडस्य रूपेण जगाम तुलसीं प्रति॥ २०

यस प्रकार विष्णुले मायाद्वारा उससित कवच लिनुभयो र शंखचूडको रूप धारण गरी उहाँ तुलसीका समक्षमा जानुभयो॥ २०॥

गत्वा तत्र हरिस्तस्या योनौ मायाविशारदः।
वीर्याधानं चकाराशु देवकार्यार्थमीश्वरः॥ २१

त्यहाँ गएर मायाविशारद विष्णुले देवकार्य सिद्धिका निमित्त उनका साथ रमण गर्नुभयो॥ २१॥

एतस्मिन्नन्तरे शंभुमीरयन् स्ववचः प्रभुः।
शंखचूडवधार्थाय शूलं जग्राह प्रज्वलत्॥ २२

यसै बीच प्रभु विष्णुले शिवलाई आफ्नो वचनको पालनाको निमित्त प्रेरित गर्नुभयो, तब शंखचूडको वध गर्नका लागि शंकरले आफ्नो प्रज्वलित शूल धारण गर्नुभयो॥ २२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तच्छूलं विजयं नाम शङ्करस्य परात्मनः।
सञ्चकाशे दिशः सर्वा रोदसीं संप्रकाशयन्॥ २३

कोटिमध्याह्नमार्तण्डप्रलयाग्निशिखोपमम्।
दुर्निवार्यं च दुर्द्धर्षमव्यर्थं वैरिघातकम्॥ २४

तेजसां चक्रमत्युग्रं सर्वशस्त्रास्त्रनायकम्।
सुरासुराणां सर्वेषां दुःसहं च भयंकरम्॥ २५

परात्मा शिवको त्यो विजय नामक त्रिशूल सबै दिशाहरू तथा भूमिलाई प्रकाशित पार्दै करोडौँ मध्याह्नकालीन सूर्य तथा प्रलयाग्निको अग्निका शिखा समान, दुर्धर्ष, दुर्निवार्य, व्यर्थ खेर नजाने, शत्रुहरूलाई नष्ट पार्ने, तेजहरूको समूह, अत्यन्त उग्र, सबै शस्त्रास्त्रहरूको नायक, सबै देवता तथा राक्षसहरूका लागि दुःसह तथा महाभयंकर थियो॥ २३—२५॥

संहर्तुं सर्वब्रह्मांडमवलंब्य च लीलया।
संस्थितं परमं तत्र एकत्रीभूय विज्वलत्॥ २६

धनुः सहस्त्रं दीर्घेण प्रस्थेन शतहस्तकम्।
जीवब्रह्मस्वरूपं च नित्यरूपमनिर्मितम्॥ २७

विभ्रमद् व्योम्नि तच्छूलं शंखचूडोपरि क्षणात्।
चकार भस्म तच्छीघ्रं निपत्य शिवशासनात्॥ २८

लीलापूर्वक सारा ब्रह्माण्डलाई नष्ट गर्नका लागि तत्पर भएर बल्दै गरेको त्यो त्रिशूल एकत्र भएर त्यहाँ स्थित थियो। शिवको त्यो त्रिशूल एक हजार धनुष बराबर लामो, सय हात फराकिलो थियो। जीव एवं ब्रह्मको स्वरूप, नित्यरूप तथा स्वतः प्रकट भएको त्यो त्रिशूलले आकाशमण्डलमा फनफनी घुम्दै तत्काल शिवको आज्ञाले शंखचूडको शिरमाथि खसेर त्यसलाई क्षणमात्रमा भस्म पारिदियो॥ २६—२८॥

अथ शूलं महेशस्य द्रुतमावृत्य शंकरम्।
ययौ विहायसा विप्र मनोयायि स्वकार्यकृत्॥ २९

हे विप्र! त्यसपछि त्यो त्रिशूल पुनः आफ्नो कार्य समाप्त गरी मनको वेगसमान वेगले आकाशमार्गबाट शिवका समक्षमा आयो॥ २९॥

नेदुर्दुन्दुभयः स्वर्गे जगुर्गंधर्वकिन्नराः।
तुष्टुवुर्मुनयो देवा ननृतुश्चाप्सरोगणाः॥ ३०

बभूव पुष्पवृष्टिश्च शिवस्योपरि संततम्।
प्रशशंस हरिर्ब्रह्मा शक्राद्या मुनयस्तथा॥ ३१

त्यस समय स्वर्गमा दुन्दुभीहरू बज्न लागे, गन्धर्व तथा किन्नर गाउन लागे, मुनि तथा देवता प्रसन्न भए र अप्सराहरू नाच्न लागे। शिवमाथि निरन्तर फूलहरूको वर्षा हुन लाग्यो तथा विष्णु, ब्रह्मा एवं इन्द्रादि देवगण शिवको प्रशंसा गर्न लागे॥ ३०-३१॥

शंखचूडो दानवेन्द्रः शिवस्य कृपया तदा।
शापमुक्तो बभूवाथ पूर्वरूपमवाप ह॥ ३२

यस प्रकार दानवेन्द्र शंखचूड शिवको कृपाले श्रापमुक्त भई आफ्नो पूर्वरूपमा प्राप्त हुन गयो॥ ३२॥

अस्थिभिः शंखचूडस्य शंखजातिर्बभूव ह।
प्रशस्तं शंखतोयं च सर्वेषां शंकरं विना॥ ३३

विशेषेण हरेर्लक्ष्म्याः शंखतोयं महाप्रियम्।
संबंधिनां च तस्यापि न हरस्य महामुने॥ ३४

शंखचूडका अस्थिहरूबाट एक प्रकारको शंखजाति प्रकट भयो। शंखको जल शंकर बाहेक अन्य सबै देवताहरूका लागि प्रिय मानिएको छ। विशेष गरी विष्णु एवं लक्ष्मीका लागि तथा उहाँका सम्बन्धिहरूका लागि त शंखको जल महाप्रिय छ, तर हे महामुनि! त्यो शंकरलाई प्रिय छैन॥ ३३-३४॥

तमित्थं शंकरो हत्वा शिवलोकं जगाम सः।
सुप्रहृष्टो वृषारूढः सोमस्कन्दगणैर्वृतः॥ ३५

यस प्रकार शिव शंखचूडको वध गरी अति प्रसन्न भएर वृषभमा आरूढ भई उमा, स्कन्द एवं आफ्ना गणहरूका साथ शिवलोक जानुभयो॥ ३५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरिर्जगाम वैकुंठं कृष्णः स्वस्थो बभूव ह।
सुराः स्वविषयं प्रापुः परमानन्दसंयुताः॥ ३६

जगत्स्वास्थ्यमतीवाप सर्वं निर्विघ्नमाप कम्।
निर्मलं चाभवद्व्योम क्षितिः सर्वा सुमंगला॥ ३७

विष्णु वैकुण्ठ जानुभयो, श्रीकृष्ण पनि स्वस्थ हुनुभयो र देवता आ-आफ्ना अधिकार पाई परम आनन्दले युक्त भए। सारा संसार अत्यन्त शान्त भयो। सम्पूर्ण जल विघ्नरहित भयो, आकाश स्वच्छ भयो तथा सम्पूर्ण पृथ्वी मंगलमयी भयो॥ ३६-३७॥

इति प्रोक्तं महेशस्य चरितं प्रमुदावहम्।
सर्वदुःखहरं श्रीदं सर्वकामप्रपूरकम्॥ ३८

धन्यं यशस्यमायुष्यं सर्वविघ्ननिवारणम्।
भुक्तिदं मुक्तिदं चैव सर्वकामफलप्रदम्॥ ३९

[हे व्यास!] यस प्रकार मैले शिवको चरित भनिदिएँ, जुन आनन्द दायक, सारा दुःखहरू हटाउने, लक्ष्मीको वृद्धि गराउने, सबै कामनाहरू पूर्ण पार्ने, धन्य, यश तथा आयुलाई बढाउने, समस्त विघ्नहरू नष्ट पार्ने, भुक्ति एवं मुक्तिदायक एवं समस्त कामनाहरूको फलदायक छ॥ ३८-३९॥

य इदं शृणुयान्नित्यं चरितं शशिमौलिनः।
श्रावयेद्वा पठेद्वापि पाठयेद्वा सुधीर्नरः॥ ४०

धनं धान्यं सुतं सौख्यं लभेतात्र न संशयः।
सर्वान्कामानवाप्नोति शिवभक्तिं विशेषतः॥ ४१

जो बुद्धिमान् मनुष्य शंकरको यस चरित्रलाई नित्य सुन्छ, सुनाउँछ, पढ्छ अथवा पढाउँछ, त्यो यस लोकमा धन-धान्य, सुत तथा सुख प्राप्त गर्दछ र सबै कामनाहरू, विशेष गरी शिवभक्ति प्राप्त गर्दछ, यसमा सन्देह छैन॥ ४०-४१॥

इदमाख्यानमतुलं सर्वोपद्रवनाशनम्।
परमज्ञानजननं शिवभक्तिविवर्द्धनम्॥ ४२

ब्राह्मणो ब्रह्मवर्चस्वी क्षत्रियो विजयी भवेत्।
धनाढ्यो वैश्यजः शूद्रः शृण्वन् सत्तमतामियात्॥ ४३

यस अतुलनीय, सबै उपद्रवहरूको नाश गर्ने, परम ज्ञान उत्पन्न गर्ने तथा शिवप्रति भक्तिको वृद्धि गराउने आख्यानलाई सुन्नेवाला ब्राह्मण तेजबाट युक्त, क्षत्रिय विजयी, वैश्य धनले सम्पन्न एवं शूद्र श्रेष्ठतालाई प्राप्त गर्दछ॥ ४२-४३॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे शंखचूडवधोपाख्यानं नाम चत्वारिंशोऽध्यायः॥ ४०॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा शंखचूडवधवर्णन नामक चालिसौँ अध्याय पूर्ण भयो॥ ४०॥

अथैकचत्वारिंशोऽध्यायः

शंखचूडको रूप धारण गरी भगवान् विष्णुद्वारा तुलसीको शील हरण, तुलसीद्वारा विष्णुलाई पाषाण हुने श्राप दिनु, शंकरद्वारा तुलसीलाई सान्त्वना, शंख, तुलसी, गण्डकी एवं शालग्रामको उत्पत्ति तथा माहात्म्यको कथा

व्यास उवाच

नारायणश्च भगवान् वीर्याधानं चकार ह।
तुलस्याः केन यत्नेन योनौ तद्वक्तुमर्हसि॥ १

व्यास भन्नुहुन्छ—[हे मुनि!] भगवान् नारायणले कुन उपायले तुलसीका साथ रमण गर्नुभयो, त्यसलाई तपाईं मसित भन्नुहोस्॥ १॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सनत्कुमार उवाच

नारायणो हि देवानां कार्यकर्ता सतां गतिः।
शंखचूडस्य रूपेण रेमे तद्रामया सह॥ २
तदेव शृणु विष्णोश्च चरितं प्रमुदावहम्।
शिवशासनकर्तुश्च मातुश्च जगतां हरेः॥ ३
रणमध्ये व्योमवचः श्रुत्वा देवेन शंभुना।
प्रेरितः शंखचूडस्य गृहीत्वा कवचं परम्॥ ४
विप्ररूपेण त्वरितं मायया निजया हरिः।
जगाम शंखचूडस्य रूपेण तुलसीगृहम्॥ ५
दुन्दुभिं वादयामास तुलसीद्वारसन्निधौ।
जयशब्दं च तत्रैव बोधयामास सुन्दरीम्॥ ६
तच्छ्रुत्वा चैव सा साध्वी परमानन्दसंयुता।
राजमार्गं गवाक्षेण ददर्श परमादरात्॥ ७
ब्राह्मणेभ्यो धनं दत्त्वा कारयामास मंगलम्।
द्रुतं चकार शृंगारं ज्ञात्वाऽऽयातं निजं पतिम्॥ ८
अवरुह्य रथाद्विष्णुस्तद्देव्या भवनं ययौ।
शंखचूडस्वरूपः स मायावी देवकार्यकृत्॥ ९
दृष्ट्वा तं च पुरः प्राप्तं स्वकान्तं सा मुदान्विता।
तत्पादौ क्षालयामास ननाम च रुरोद च॥ १०
रत्नसिंहासने रम्ये वासयामास मंगलम्।
ताम्बूलं च ददौ तस्मै कर्पूरादिसुवासितम्॥ ११
अद्य मे सफलं जन्म जीवनं संबभूव ह।
रणे गतं च प्राणेशं पश्यन्त्याश्च पुनर्गृहे॥ १२
इत्युक्त्वा सकटाक्षं सा निरीक्ष्य सस्मितं मुदा।
पप्रच्छ रणवृत्तांतं कान्तं मधुरया गिरा॥ १३

तुलस्युवाच

असंख्यविश्वसंहर्ता स देवप्रवरः प्रभुः।
यस्याज्ञावर्त्तिनो देवा विष्णुब्रह्मादयः सदा॥ १४
त्रिदेवजनकः सोऽत्र त्रिगुणात्मा च निर्गुणः।
भक्तेच्छया च सगुणो हरिब्रह्माप्रवर्तकः॥ १५

सनत्कुमार भन्नुहुन्छ—[हे व्यास!] सज्जनहरूका रक्षक तथा देवताहरूको कार्य सम्पन्न गर्नुहुने भगवान् विष्णुले शंखचूडको रूप धारण गरी त्यसकी स्त्रीका साथ रमण गर्नुभयो। जगन्माता पार्वती एवं शिवको आज्ञा पालन गर्नुहुने श्रीहरि विष्णुका आनन्ददायी त्यस चरित्रलाई सुन्नुहोस्॥ २-३॥

युद्धको बिचमा आकाशवाणीलाई सुनेर भगवान् शिवबाट प्रेरित भएका विष्णु शीघ्र आफ्नू मायाले ब्राह्मणको रूप धारण गरी शंखचूडको कवच ग्रहण गरी पुनः त्यस शंखचूडको रूप धारण गरी तुलसीको घरमा जानुभयो। उहाँले तुलसीको द्वार नजिकै दुन्दुभि बजाउनु भयो र जयशब्दको उच्चारण गरी ती सुन्दरीलाई जगाउनु भयो॥ ४—६॥

यो सुनेर ती साध्वी ज्यादै प्रसन्न भइन् र अत्यन्त आदरपूर्वक झ्यालबाट राजमार्गतिर हेर्न लागिन्॥ ७॥

उनले ब्राह्मणहरूलाई धेरै धन दिएर मंगल गराइन्, त्यसपछि आफ्नू पतिलाई आएको जानेर शीघ्र शृंगार पनि गरिन्॥ ८॥

शंखचूडको स्वरूप भएका तथा देवकार्य गर्नुहुने ती मायावी विष्णु रथबाट ओर्लेर ती देवीको भवनमा जानुभयो॥ ९॥

तब आफ्नू स्वामीलाई सामुन्ने आउनु भएको देखेर प्रसन्नताले युक्त भई उनले उनको चरणप्रक्षालन गरिन्, प्रणाम गरिन् र उनी रुन लागिन्॥ १०॥

उनले उनलाई रत्नको सिंहासनमाथि बसाइन् र कपूरसुवासित पान प्रदान गरिन्॥ ११॥

'आज मेरो जन्म एवं जीवन सफल भयो, जो कि युद्धमा गएका आफ्ना स्वामीलाई पुनः घरमा देखिरहेकी छु'—यस्तो भनेर उनी मुस्कुराउँदै प्रसन्नतापूर्वक कर्के नजरले स्वामीतिर हेरर मधुर वाणीमा युद्धको समाचार सोध्न लागिन्॥ १२-१३॥

तुलसी भन्दछिन्—हे प्रभु! असंख्य विश्वको संहार गर्नेवाला ती देवाधिदेव शंकर नै हुनुहुन्छ, जसको आज्ञाको पालन ब्रह्मा, विष्णु आदि सबै देवता सर्वदा गर्दछन्॥ १४॥ ती तीनवटै देवताहरूलाई उत्पन्न गर्नेवाला, त्रिगुणात्मक भएर पनि निर्गुण तथा भक्तहरूको इच्छाले सगुण रूप धारण गर्ने ब्रह्मा एवं विष्णुका पनि प्रेरक हुनुहुन्छ॥ १५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुबेरस्य प्रार्थनया गुणरूपधरो हरः।
कैलासवासी गणपः परब्रह्म सतां गतिः॥ १६

कैलासवासी, गणहरूका स्वामी, परब्रह्म तथा सज्जनहरूका रक्षक शिवले कुबेरको प्रार्थनाबाट सगुण रूप धारण गर्नुभएको थियो॥ १६॥

यस्यैकपलमात्रेण कोटिब्रह्मांडसंक्षयः।
विष्णुब्रह्मादयोऽतीता बहवः क्षणमात्रतः॥ १७

कर्तुं सार्द्धं च तेनैव समरं त्वं गतः प्रभो।
कथं बभूव संग्रामस्तेन देवसहायिना॥ १८

जसको एक पलमात्रमा करोडौँ ब्रह्माण्डहरूको क्षय हुन जान्छ तथा जसको एक क्षणभरमा विष्णु एवं ब्रह्मा व्यतीत हुन जान्छन्। हे प्रभु! उनैका साथ तपाईं युद्ध गर्न जानुभएको थियो। तपाईंले ती देवसहायक सदाशिवका साथ कसरी संग्राम गर्नुभयो?॥ १७-१८॥

कुशली त्वमिहायातस्तं जित्वा परमेश्वरम्।
कथं बभूव विजयस्तव ब्रूहि तदेव मे॥ १९

श्रुत्वेत्थं तुलसीवाक्यं स विहस्य रमापतिः।
शंखचूडरूपधरस्तामुवाचामृतं वचः॥ २०

तपाईं ती परमेश्वरलाई जितेर यहाँ सकुशल फर्केर आउनुभयो। हे प्रभु! तपाईंको विजय कसरी भयो, त्यो मलाई बताउनुहोस्। तुलसीका यस प्रकारका वचनलाई सुनेर शंखचूडको रूप धारण गर्नुभएका ती रमापति हाँसेर अमृतमय वचन भन्न लाग्नुभयो— ॥ १९-२०॥

श्रीभगवानुवाच

यदाहं रणभूमौ च जगाम समरप्रियः।
कोलाहलो महान् जातः प्रवृत्तोऽभून्महारणः॥ २१
देवदानवयोर्युद्धं संबभूव जयैषिणोः।
दैत्याः पराजितास्तत्र निर्जरैर्बलगर्वितैः॥ २२

श्रीभगवान् भन्नुहुन्छ—जब युद्धप्रिय म रणभूमिमा गएँ, त्यस समय महान् कोलाहल हुन लाग्यो र महाभयंकर युद्ध प्रारम्भ भयो। विजयको कामना गर्ने देवता तथा दानव दुवैको युद्ध हुन लाग्यो, त्यसमा बलले गर्वित देवताहरूले दैत्यहरूलाई पराजित गरिदिए॥ २१-२२॥

तदाहं समरं तत्राकार्षं देवैर्बलोत्कटैः।
पराजिताश्च ते देवाः शंकरं शरणं ययुः॥ २३

त्यसपछि मैले बलवान् देवताहरूका साथ युद्ध गरेँ र ती देवता पराजित भएर शंकरको शरणमा पुगे॥ २३॥

रुद्रोऽपि तत्सहायार्थमाजगाम रणं प्रति।
तेनाहं वै चिरं कालमयौत्सं बलदर्पितः॥ २४
आवयोः समरः कान्ते पूर्णमब्दं बभूव ह।
नाशो बभूव सर्वेषामसुराणां च कामिनि॥ २५
प्रीतिं च कारयामास ब्रह्मा च स्वयमावयोः।
देवानामधिकाराश्च प्रदत्ता ब्रह्मशासनात्॥ २६

रुद्र पनि उनीहरूको सहायताका लागि युद्धभूमिमा आउनुभयो, तब मैले पनि आफ्नू बलको घमण्डले उहाँका साथ धेरै समयसम्म युद्ध गरेँ। हे प्रिये! यस प्रकार हामी दुवैको युद्ध वर्षपर्यन्त भइरह्यो, जसमा हे कामिनी! सबै असुरहरूको विनाश भयो। तब स्वयं ब्रह्माले हामी दुवैमा प्रीति गराइदिए र मैले उहाँले भन्नुभएपछि देवताहरूका सारा अधिकार उनीहरूलाई नै सुम्पिदिएँ॥ २४-२६॥

मयागतं स्वभवनं शिवलोकं शिवो गतः।
सर्वस्वास्थ्यमतीवाप दूरीभूतो ह्युपद्रवः॥ २७

यसपछि म आफ्नो घर फर्की आएँ र शिव शिवलोक जानुभयो। यस प्रकार सारा उपद्रव शान्त भयो र सबै सुखी भए॥ २७॥

सनत्कुमार उवाच

इत्युक्त्वा जगतां नाथः शयनं च चकार ह।
रेमे रमापतिस्तत्र रमया स तया मुदा॥ २८
सा साध्वी सुखसंभावाकर्षणस्य व्यतिक्रमात्।
सर्वं वितर्कयामास कस्त्वमेवेत्युवाच सा॥ २९

सनत्कुमार भन्नुहुन्छ—यस्तो भनेर जगत्पति रमानाथ शयन गर्नुभयो र रमासित रमापतिको समान प्रसन्नतापूर्वक त्यस स्त्रीकासाथ रमण गर्नुभयो। ती साध्वीले रतिकालमा सुख, भाव र आकर्षणमा फरक देखेर सारा कुरा जानिन् र उनले भनिन्—तिमी को हौ?॥ २८-२९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तुलस्युवाच

को वा त्वं वद मामाशु भुक्ताहं मायया त्वया।
दूरीकृतं मत्सतीत्वमथ त्वां वै शपाम्यहम्॥ ३०

सनत्कुमार उवाच

तुलसीवचनं श्रुत्वा हरिः शापभयेन च।
दधार लीलया ब्रह्मन्स्वमूर्तिं सुमनोहराम्॥ ३१

तद् दृष्ट्वा तुलसी रूपं ज्ञात्वा विष्णुं तु चिह्नतः।
पातिव्रत्यपरित्यागात् क्रुद्धा सा तमुवाच ह॥ ३२

तुलस्युवाच

हे विष्णो ते दया नास्ति पाषाणसदृशं मनः।
पतिधर्मस्य भंगेन मम स्वामी हतः खलु॥ ३३

पाषाणसदृशस्त्वं च दयाहीनो यतः खलः।
तस्मात्पाषाणरूपस्त्वं मच्छापेन भवाधुना॥ ३४

ये वदन्ति दयासिन्धुं त्वां भ्रान्तास्ते न संशयः।
भक्तो विनापराधेन परार्थे च कथं हतः॥ ३५

सनत्कुमार उवाच

इत्युक्त्वा तुलसी सा वै शंखचूडप्रिया सती।
भृशं रुरोद शोकार्ता विललाप भृशं मुहुः॥ ३६

ततस्तां रुदतीं दृष्ट्वा स विष्णुः परमेश्वरः।
सस्मार शंकरं देवं येन संमोहितं जगत्॥ ३७

ततः प्रादुर्बभूवाथ शंकरो भक्तवत्सलः।
हरिणा प्रणतश्चासीत्संनुतो विनयेन सः॥ ३८

शोकाकुलं हरिं दृष्ट्वा विलपन्तीं च तत्प्रियाम्।
नयेन बोधयामास तं तां कृपणवत्सलाम्॥ ३९

शंकर उवाच

मा रोदीस्तुलसि त्वं हि भुंक्ते कर्मफलं जनः।
सुखदुःखदो न कोऽप्यस्ति संसारे कर्मसागरे॥ ४०

प्रस्तुतं शृणु निर्दुःखं शृणोतु सुमना हरिः।
द्वयोः सुखकरं यत्तद् ब्रवीमि सुखहेतवे॥ ४१

तुलसी भन्दछिन्—तिमी मलाई तत्काल बताऊ कि तिमी हौ को? तिमीले मसँग कपट गर्‍यौ र मेरो सतीत्वलाई नष्ट पारेका छौ, अतः म तिमीलाई श्राप दिन्छु॥ ३०॥

सनत्कुमार भन्नुहुन्छ—[हे व्यास!] तुलसीको वचन सुनेर विष्णुले श्रापको डरले लीलापूर्वक आफ्नो अत्यन्त मनोहर मूर्ति धारण गर्नुभयो॥ ३१॥

त्यस रूपलाई देखेर र चिह्नबाट उहाँलाई विष्णु भनी जानेर तथा उहाँबाट पातिव्रतभंग हुनाको कारण कुपित भएर तुलसी उहाँसित भन्न लागिन्—॥ ३२॥

तुलसी भन्दछिन्—हे विष्णु! तपाईंमा कत्ति पनि दया छैन, तपाईंको मन ढुङ्गासमान छ, मेरो पातिव्रता भंग गरी तपाईंले मेरो स्वामीको वध गर्नुभयो॥ ३३॥

तपाईं ढुङ्गासमान अत्यन्त निर्दयी एवं अधम हुनुहुन्छ, अतः मेरो श्रापबाट तपाईं यस समय ढुङ्गा हुनुहोस्॥ ३४॥ जो व्यक्ति तपाईंलाई दयासागर भन्छन्, ती भ्रममा परेका छन्, यसमा सन्देह छैन। तपाईंले विना अपराध अरूका लागि आफ्नै भक्तको वध किन गराउनुभयो?॥ ३५॥

सनत्कुमार भन्नुहुन्छ—[हे व्यास!] यस्तो भनेर शंखचूडकी प्रिय पत्नी तुलसी शोकले विव्हल भई रुन लागिन् र बारम्बार धेरै विलाप गर्न लागिन्॥ ३६॥

तब उनलाई रुँदै गरेकी देखेर परमेश्वर विष्णुले शिवको स्मरण गर्नुभयो, जसबाट संसार मोहित छ॥ ३७॥ तब भक्तवत्सल शंकर त्यहाँ प्रकट हुनुभयो। श्रीविष्णुले उहाँलाई प्रणाम गर्नुभयो र अत्यन्त विनयका साथ स्तुति गर्नुभयो। विष्णुलाई शोकाकुल तथा शंखचूडकी पत्नीलाई विलाप गर्दै गरेको देखेर शंकरले नीतिपूर्वक विष्णु तथा त्यस दुखिनीलाई सम्झाउनुभयो॥ ३८-३९॥

शिव भन्नुहुन्छ—हे तुलसी! नरोऊ, व्यक्तिले आफ्नू कर्मको फल भोग्नु नै पर्छ। यस कर्मसागर संसारमा कोही कसैलाई सुख अथवा दुःख दिनेवाला छैन। अब तिमी उपस्थित यस दुःखलाई दूर गर्ने उपाय सुन एवं विष्णु पनि यसलाई सुन्नुहोस्। जुन तिमी दुवैका लागि सुखकर छ, त्यसलाई म तिमीहरूको सुखका लागि बताउँदै छु॥ ४०-४१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तपस्त्वया कृतं भद्रे तस्यैव तपसः फलम्।
तदन्यथा कथं स्याद्वै जातं त्वयि तथा च तत्॥ ४२

इदं शरीरं त्यक्त्वा च दिव्यदेहं विधाय च।
रमस्व हरिणा नित्यं रमया सदृशी भव॥ ४३

तवेयं तनुरुत्सृष्टा नदीरूपा भवेदिह।
भारते पुण्यरूपा सा गण्डकीति च विश्रुता॥ ४४

कियत्कालं महादेवि देवपूजनसाधने।
प्रधानरूपा तुलसी भविष्यति वरेण मे॥ ४५

स्वर्गे मर्त्ये च पाताले तिष्ठ त्वं हरिसन्निधौ।
भव त्वं तुलसीवृक्षो वरा पुष्पेषु सुन्दरि॥ ४६

वृक्षाधिष्ठातृदेवी त्वं वैकुंठे दिव्यरूपिणी।
सार्धं रहसि हरिणा नित्यं क्रीडां करिष्यसि॥ ४७

नद्यधिष्ठातृदेवी या भारते बहुपुण्यदा।
लवणोदस्य पत्नी सा हर्यंशस्य भविष्यसि॥ ४८

हरिर्वै शैलरूपी च गंडकी तीरसंनिधौ।
संकरिष्यत्यधिष्ठानं भारते तव शापतः॥ ४९

तत्र कोट्यश्च कीटाश्च तीक्ष्णदंष्ट्रा भयंकराः।
तच्छित्त्वा कुहरे चक्रं करिष्यंति तदीयकम्॥ ५०

शालग्रामशिला सा हि तद्भेदादतिपुण्यदा।
लक्ष्मीनारायणाख्यादिश्चक्रभेदाद्भविष्यति ॥ ५१

शालग्रामशिला विष्णोस्तुलस्यास्तव संगमः।
सदा सादृश्यरूपा या बहुपुण्यविवर्द्धिनी॥ ५२

तुलसीपत्रविच्छेदं शालग्रामे करोति यः।
तस्य जन्मान्तरे भद्रे स्त्रीविच्छेदो भविष्यति॥ ५३

तुलसीपत्रविच्छेदं शंखं हित्वा करोति यः।
भार्याहीनो भवेत्सोऽपि रोगी स्यात्सप्तजन्मसु॥ ५४

हे भद्रा! तिमीले [पूर्व समयमा] तपस्या गरेकी थियौ, त्यसै तपस्याको यो फल प्राप्त भएको छ, तिमीलाई विष्णु प्राप्त भएका छन्, त्यो अन्यथा कसरी हुन सक्छ?॥ ४२॥

अब तिमी यस शरीरलाई त्यागेर दिव्य शरीर धारण गरी महालक्ष्मी समान भई जाऊ र विष्णुका साथ नित्य रमण गर। तिमीले छोडेकी यो काया एउटा नदीको रूपमा परिवर्तित हुनेछ र त्यो भारतवर्षमा पुण्यस्वरूपिणी गण्डकी नामले विख्यात हुनेछ। हे महादेवी! तिमी मेरो वरदानले लामो समयसम्म देवपूजाको साधनका लागि प्रधानभूत तुलसी वृक्षरूपमा उत्पन्न हुने छौ॥ ४३—४५॥

तिमी स्वर्ग, मर्त्य एवं पाताल—तीनवटै लोकमा विष्णुका साथ निवास गर। हे सुन्दरी! तिमी पुष्पवृक्षहरूमा उत्तम तुलसी वृक्ष बनी जाऊ। तिमी सबै वृक्षहरूकी अधिष्ठात्री दिव्यरूपधारिणी देवीको रूपमा वैकुण्ठमा विष्णुका साथ एकान्तमा नित्यक्रीडा गर्ने छौ र भारतवर्षमा तिमी गण्डकीको रूपमा रहने छौ, त्यहाँ पनि नदीहरूकी अधिष्ठात्री देवी भएर सबैलाई अत्यन्त पुण्य प्रदान गर्ने छौ तथा विष्णुको अंशभूत लवणसमुद्रकी पत्नी बन्ने छौ॥ ४६—४८॥

भारतवर्षमा त्यसै गण्डकीको किनारमा यी विष्णु पनि तिम्रो श्रापले पाषाणरूपमा स्थित रहने छन्। त्यहाँ तीखा दाँत भएका तथा भयंकर करोडौँ कीराले ती शिलाहरूलाई टोकेर त्यसको छिद्रमा विष्णुको चक्रको निर्माण गर्नेछन्॥ ४९-५०॥

ती कीराद्वारा प्वाल पारिएका शालग्राम-शिला अत्यन्त पुण्य प्रदान गर्ने हुनेछन्। चक्रहरूको भेदले ती शिलाहरूको लक्ष्मीनारायण आदि नाम हुनेछ॥ ५१॥

त्यस शालग्रामशिलासित जो व्यक्ति तिमी तुलसीको संयोग गराउने छन्, तिनलाई अत्यन्त पुण्य प्राप्त हुनेछ॥ ५२॥ हे भद्रा! जसले शालग्रामशिलाबाट तुलसीपत्रलाई अलग गर्ने छ, दोस्रो जन्ममा त्यसको स्त्रीसित वियोग हुनेछ॥ ५३॥ जो शंखबाट तुलसीपत्रको विच्छेद गर्ने छ, त्यो सात जन्मपर्यन्त भार्याहीन रहने छ तथा रोगी हुने छ॥ ५४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शालग्रामश्च तुलसी शंखं चैकत्र एव हि।
यो रक्षति महाज्ञानी स भवेच्छ्रीहरिप्रियः॥ ५५

त्वं प्रियाः शंखचूडस्य चैकमन्वन्तरावधि।
शंखेन सार्धं त्वद्भेदः केवलं दुःखदस्तव॥ ५६

यस प्रकार जो महाज्ञानी शालग्रामशिला, तुलसी तथा शंखलाई एउटै स्थानमा राख्ने छ, त्यो श्रीहरिको प्रिय हुने छ। तिमी एक मन्वन्तरसम्म शंखचूडकी पत्नी रह्यौ, शंखचूडका साथ यो तिम्रो वियोग केवल यसै समय तिमीलाई दुःख दिनका लागि भएको हो॥ ५५-५६॥

सनत्कुमार उवाच

इत्युक्त्वा शंकरस्तत्र माहात्म्यमूचिवांस्तदा।
शालग्रामशिलायाश्च तुलस्या बहुपुण्यदम्॥ ५७

सनत्कुमार भन्नुहुन्छ—[हे व्यास!] यस्तो भनेर शंकरले शालग्रामशिला तथा तुलसीको महान् पुण्यदायक माहात्म्यको वर्णन गर्नुभयो॥ ५७॥

ततश्चान्तर्हितो भूत्वा मोदयित्वा हरिं च ताम्।
जगाम स्वालयं शंभुः शर्मदो हि सदा सताम्॥ ५८

इति श्रुत्वा वचः शंभोः प्रसन्ना तु तुलस्यभूत्।
तद्देहं च परित्यज्य दिव्यरूपा बभूव ह॥ ५९

यस प्रकार तुलसी तथा श्रीविष्णुलाई प्रसन्न पारी सज्जनहरूको सदा कल्याण गर्नुहुने शंकर अन्तर्धान भई आफ्नो लोक जानुभयो। शिवका ती कुरा सुनेर तुलसी प्रसन्न भइन् र [त्यसै समय] त्यस शरीरलाई त्यागेर दिव्य देहलाई प्राप्त गरिन्॥ ५८-५९॥

प्रजगाम तया सार्द्धं वैकुंठं कमलापतिः।
सद्यस्तद्देहजाता च बभूव गंडकी नदी॥ ६०

कमलापति विष्णु पनि उनैसँग वैकुण्ठ जानुभयो र त्यसै क्षण तुलसीद्वारा परित्यक्त त्यस शरीरबाट गण्डकी नदीको उत्पत्ति भयो॥ ६०॥

शैलोऽभूदच्युतः सोऽपि तत्तीरे पुण्यदो नृणाम्।
कुर्वंति तत्र कीटाश्च छिद्रं बहुविधं मुने॥ ६१

भगवान् विष्णु पनि त्यसको तटमा मनुष्यहरूको कल्याण गर्ने शालग्रामशिलारूप हुनुभयो। हे मुनि! त्यसमा कीराले अनेक प्रकारका छिद्र पार्दछन्॥ ६१॥

जले पतंति यास्तत्र शिलास्तास्त्वतिपुण्यदाः।
स्थलस्था पिंगला ज्ञेयाश्चोपतापाय चैव हि॥ ६२

जुन शिलाहरू जलमा रहिरन्छन्, ती अत्यन्त पुण्यदायक हुन्छन् एवं जुन स्थलमा रहन्छन्, तिनलाई पिंगला नामको जान्नुपर्छ, ती मनुष्यहरूलाई सन्ताप मात्र प्रदान गर्दछन्॥ ६२॥

इत्येवं कथितं सर्वं तव प्रश्नानुसारतः।
चरितं पुण्यदं शंभोः सर्वकामप्रदं नृणाम्॥ ६३

आख्यानमिदमाख्यातं विष्णुमाहात्म्यमिश्रितम्।
भुक्तिमुक्तिप्रदं पुण्यं किं भूयः श्रोतुमिच्छसि॥ ६४

[हे मुनि!] मैले तपाईंको प्रश्नअनुसार मनुष्यहरूको सबै कामनाहरूलाई पूर्ण पार्ने तथा पुण्य प्रदान गर्ने सम्पूर्ण शिवचरित्रलाई बताइदिएँ। विष्णुको माहात्म्यसित मिश्रित आख्यान, जसलाई मैले भनेको छु, त्यो भुक्ति-मुक्ति तथा पुण्यदायक छ, अगाडि [हे व्यास!] अब तपाईं अरू के सुन्न चाहनुहुन्छ॥ ६३-६४॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे शंखचूडवधोपाख्याने तुलसीशापवर्णनं नामैकचत्वारिंशोऽध्यायः॥ ४१॥

॥ यस प्रकार श्रीशिवमहापुराण अन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा शंखचूडवधोपाख्यान अन्तर्गत तुलसीशापवर्णन नामक एकचालिसौँ अध्याय पूर्ण भयो॥ ४१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ द्विचत्वारिंशोऽध्यायः

अन्धकासुर उत्पत्तिको कथा, शिवको वरदानले हिरण्याक्षद्वारा अन्धकलाई पुत्ररूपमा प्राप्त गर्नु, हिरण्याक्षद्वारा पृथ्वीलाई पाताललोकमा लिएर जानु, भगवान् विष्णुद्वारा वाराहरूप धारण गरी हिरण्याक्षको वध गरी पृथ्वीलाई यथास्थान स्थापित गर्नु

नारद उवाच

शंखचूडवधं श्रुत्वा चरितं शशिमौलिनः।
अहं तृप्तोऽस्मि नो त्वत्तोऽमृतं पीत्वा यथा जनः॥ १

ब्रह्मन्यच्चरितं तस्य महेशस्य महात्मनः।
मायामाश्रित्य सल्लीलां कुर्वतो भक्तमोददाम्॥ २

ब्रह्मोवाच

शंखचूडवधं श्रुत्वा व्यासः सत्यवतीसुतः।
अप्राक्षीदिममेवार्थं ब्रह्मपुत्रं मुनीश्वरम्॥ ३
सनत्कुमारः प्रोवाच व्यासं सत्यवतीसुतम्।
सुप्रशंस्य महेशस्य चरितं मंगलायनम्॥ ४

सनत्कुमार उवाच

शृणु व्यास महेशस्य चरितं मंगलायनम्।
यथान्धको गाणपत्यं प्राप शंभोः परात्मनः॥ ५
कृत्वा परमसंग्रामं तेन पूर्वं मुनीश्वर।
प्रसाद्य तं महेशानं सत्त्वभावात्पुनः पुनः॥ ६
माहात्म्यमद्भुतं शंभोः शरणागतरक्षिणः।
सुभक्तवत्सलस्यैव नानालीलाविहारिणः॥ ७
माहात्म्यमेतद् वृषभध्वजस्य
श्रुत्वा मुनिर्गंधवतीसुतो हि।
वचो महार्थं प्रणिपत्य भक्त्या
ह्युवाच तं ब्रह्मसुतं मुनीन्द्रम्॥ ८

व्यास उवाच

को ह्यंधको वै भगवन्मुनीश
कस्यान्वये वीर्यवतः पृथिव्याम्।
जातो महात्मा बलवान् प्रधानः
किमात्मकः कस्य सुतोऽन्धकश्च॥ ९
एतत्समस्तं सरहस्यमद्य
प्रब्रूहि मे ब्रह्मसुत प्रसादात्।
स्कंदान्मया वै विदितं हि सम्यक्
महेशपुत्रादमितावबोधात् ॥ १०

नारद भन्नुहुन्छ—शंखचूडको वधसित सम्बद्ध महादेवको चरित्रलाई सुनेर म त्यसै प्रकार तृप्त भइरहेको छैन, जुन प्रकार कुनै पनि व्यक्ति अमृत पान गरी तृप्त हुँदैनन्। यसैले हे ब्रह्मन्! मायाको आश्रय लिएर भक्तहरूलाई आनन्द प्रदान गर्नुहुने उत्तम लीला गर्नुहुने ती महात्मा महेशको जुन चरित छ, त्यसलाई हजुर मसित भन्नुहोस्॥ १-२॥

ब्रह्मा भन्नुहुन्छ—शंखचूड वधको कथा सुनिसके पश्चात् सत्यवतीसुत व्यासले ब्रह्मपुत्र मुनीश्वर सनत्कुमारसित पनि यही कुरा सोधेका थिए। व्यासको प्रशंसा गर्दै सनत्कुमारले मंगलदायक महेश्वरचरित्र भन्नुभएको थियो॥ ३-४॥

सनत्कुमार भन्नुहुन्छ—[हे व्यास!] तपाईं शंकरको मंगलदायक त्यस चरित्रलाई सुन्नुहोस्, जसमा अन्धकले परमात्मा शंकरको गाणपत्यपद प्राप्त गर्‍यो॥ ५॥

हे मुनीश्वर! पहिला त उसले शंकरसित घोर युद्ध गर्‍यो। त्यसपछि आफ्नू सात्त्विक भावले बारम्बार उहाँलाई प्रसन्न पार्‍यो। शरणागतहरूको रक्षा गर्नुहुने, परम भक्तवत्सल तथा नाना प्रकारका लीला गर्नुहुने शंकरका माहात्म्य अद्भुत छन्। शंकरको यस प्रकारको माहात्म्य सुनेर सत्यवतीसुत व्यासले मुनीश्वर सनत्कुमारलाई प्रणाम गर्नुभयो, फेरि भक्तिभावले विनम्र भई ब्रह्मपुत्र मुनीश्वरसित महान् अर्थपूर्ण वाणीमा भन्नुभयो—॥ ६—८॥

व्यास भन्नुहुन्छ—हे भगवान्! हे मुनीश्वर! यो अन्धक को थियो? यस पृथ्वीमा उसले कसको वंशमा जन्म लियो? त्यो कुन कारणले यति बलवान् तथा महात्मा भयो तथा त्यो कुन नामधारी तथा कसको पुत्र थियो?॥ ९॥

हे भगवान्! ब्रह्मपुत्र! अब तपाईं यी सारा रहस्यहरूको वर्णन गर्नुहोस्। त्यसो त अनन्तज्ञान-सम्पन्न महेशपुत्र स्कन्दद्वारा म यी कुराहरूलाई जान्दछु॥ १०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गाणपत्यं कथं प्राप शंभोः परमतेजसः।
सोऽन्धको धन्य एवाति यो बभूव गणेश्वरः॥ ११

ब्रह्मोवाच

व्यासस्य चैतद्वचनं निशम्य
प्रोवाच स ब्रह्मसुतस्तदानीम्।
महेश्वरोतीः परमामलक्ष्मीः
संश्रोतुकामं जनकं शुकस्य॥ १२

सनत्कुमार उवाच

पुरागतो भक्तकृपाकरोऽसौ
कैलासतः शैलसुतागणाढ्यः।
विहर्तुकामः किल काशिकां वै
स्वशैलतो निर्जरचक्रवर्ती॥ १३

स राजधानीं च विधाय तस्यां
चक्रे परोतीः सुखदा जनानाम्।
तद्रक्षकं भैरवनामवीरं
कृत्वा समं शैलजया हि बह्वीः॥ १४

स एकदा मंदरनामधेयं
गतो नगं तद्वरसुप्रभावात्।
तत्रापि नानागणवीरमुख्यैः
शिवासमेतो विजहार भूरि॥ १५

पूर्वे दिशो मन्दरशैलसंस्था
कपर्द्दिनश्चंडपराक्रमस्य।
चक्रे ततो नेत्रनिमीलनं तु
सा पार्वती नर्मयुतं सलीलम्॥ १६

प्रवालहेमाब्जधृतप्रभाभ्यां
कराम्बुजाभ्यां निमिमील नेत्रे।
हरस्य नेत्रेषु निमीलितेषु
क्षणेन जातः सुमहांधकारः॥ १७

तत्स्पर्शयोगाच्च महेश्वरस्य
करौ च तस्याः स्खलितं मदांभः।
शंभोर्ललाटे क्षणवह्नितप्तो
विनिर्गतो भूरि जलस्य बिन्दुः॥ १८

गर्भो बभूवाथ करालवक्त्रो
भयंकरः क्रोधपरः कृतघ्नः।
अन्धो विरूपी जटिलश्च कृष्णो
नरेतरो वैकृतिकः सुरोमा॥ १९

महातेजस्वी शंकरको कृपाले त्यसले गाणपत्य पदलाई कुन प्रकार प्राप्त गर्‍यो। वस्तुतः त्यो अन्धक महाधन्य छ, त्यसलाई जुन गाणपत्य पद प्राप्त भयो॥ ११॥

ब्रह्मा भन्नुहुन्छ—हे नारद! व्यासको यस प्रकारको वचनलाई सुनेर ब्रह्मपुत्र सनत्कुमारले महामंगलदायक शिवका चरित्रलाई सुन्ने इच्छा भएका शुकदेवका पिता [व्यास]-सित भन्नुभयो॥ १२॥

सनत्कुमार भन्नुहुन्छ—कुनै समय देवसम्राट् भक्तवत्सल भगवान् शंकर आफ्ना गणहरू तथा पार्वतीलाई साथ लिएर विहार गर्नका लागि कैलासबाट काशी आउनुभयो॥ १३॥

उहाँले काशीलाई आफ्नू राजधानी बनाउनुभयो, भैरवलाई त्यसको रक्षक नियुक्त गर्नुभयो तथा पार्वतीका साथ मनुष्यहरूलाई आनन्द दिने नाना प्रकारका लीलाहरू गर्न लाग्नुभयो॥ १४॥

कुनै समय वरदानको कारण उहाँ आफ्ना गणहरूका साथ मन्दराचलमा जानुभयो र त्यहाँ पार्वतीका साथ विहार गर्नमा प्रवृत्त हुनुभयो। त्यसपछि पार्वतीले नर्मक्रीडा [प्रेम-परिहास] गर्नुहुँदै मन्दराचलमा पूर्व दिशातिर मुख गरी बस्नुभएका चण्ड पराक्रमी सदाशिवको नेत्र लीलापूर्वक बन्द गरिदिनुभयो॥ १५-१६॥

मूगा तथा स्वर्णकमलको कान्तिले युक्त आफ्ना दुवै भुजाहरूले जब पार्वतीले उहाँको नेत्र बन्द गरिदिनुभयो, तब शिवका नेत्रहरू बन्द हुनाले क्षणभरमा घोर अन्धकार छायो। तब सदाशिवले ललाटको स्पर्श गर्नासाथ उहाँको ललाटमाथि स्थित अग्निको उष्णताबाट पार्वतीका दुवै हातबाट पसिनाका थोपा तप्कन लाग्यो॥ १७-१८॥

तब त्यसबाट एउटा बालक उत्पन्न भयो, जुन भयंकर, विकराल मुख भएको, महाक्रोधी, कृतघ्न, अन्धो, जटाधारी, कृष्णवर्णको, कुरूप, मनुष्यभन्दा भिन्न स्वरूप भएको, विकृत तथा राँ नै राँबाट युक्त थियो॥ १९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गायन्हसन्प्ररुदन्नृत्यमानो
विलेलिहानो घनघोरघोषः।
जातेन तेनाद्भुतदर्शनेन
गौरीं भवोऽसौ स्मितपूर्वमाह॥ २०

उत्पन्न हुनासाथ नै त्यसले गाउन, हाँस्न, नाच्न, रुन तथा जिब्रो चाट्न प्रारम्भ गऱ्यो र त्यसले महाघोर आवाज निकाल्न लाग्यो। विचित्र आकृति भएको त्यो बालक उत्पन्न हुनासाथ शंकरले गौरीसित हाँस्दै भन्नुभयो— ॥ २० ॥

श्रीमहेश उवाच

निमील्य नेत्राणि कृतं च कर्म
विभेषि साऽस्माद्दयिते कथं त्वम्।
गौरी हरात्तद्वचनं निशम्य
विहस्यमाना प्रमुमोच नेत्रे॥ २१
जाते प्रकाशे सति घोररूपो
जातोऽन्धकारादपि नेत्रहीनः।
तादृग्विधं तं च निरीक्ष्य भूतं
पप्रच्छ गौरी पुरुषं महेशम्॥ २२

श्रीमहेश भन्नुहुन्छ—हे प्रिया! तिमीले मेरा नेत्रहरूलाई बन्द गरी जुन कर्म गरेकी छौ, अब त्यसबाट किन भयभीत भइरहेकी छौ? महादेवको यस वचनलाई सुनेर हाँसिरहनुभएकी गौरीले उहाँको नेत्रबाट हात हटाउनुभयो। तब उज्यालो भएपछि त्यो अन्धो पुरुष अन्धकारभन्दा पनि घोर रूपको हुन गयो। तब यस प्रकारको रूप भएको त्यस पुरुषलाई देखेर गौरीले महेश्वरसित सोध्नुभयो— ॥ २१-२२ ॥

गौर्य्युवाच

कोऽयं विरूपो भगवन्हि जातो
नावग्रतो घोरभयंकरश्च।
वदस्व सत्यं मम किं निमित्तं
सृष्टोऽथ वा केन च कस्य पुत्रः॥ २३

गौरी भन्नुहुन्छ—हे भगवन्! हाम्रो सामुन्ने यो घोर, भयंकर तथा विकृताकार को उत्पन्न भएको छ? हजुर मसित सत्य भन्नुहोस्, कुन कारणले तथा कसले यसको सृष्टि गरेको हो, यो कसको पुत्र हो?॥ २३॥

सनत्कुमार उवाच

श्रुत्वा हरस्तद्वचनं प्रियाया
लीलाकरः सृष्टिकृतोऽन्धरूपम्।
लीलाकरायास्त्रिजगज्जनन्या
विहस्य किंचिद्भगवानुवाच॥ २४

सनत्कुमार भन्नुहुन्छ—लीला गर्नुहुने एवं अन्धकलाई उत्पन्न गर्नुहुने भगवान् शंकरले लीला प्रविण त्रिजगज्जननी प्रिया पार्वतीको कुरा सुनेर हाँस्दै भन्नुभयो— ॥ २४॥

महेश उवाच

शृण्वम्बिके ह्यद्भुतवृत्तकारे
उत्पन्न एषोऽद्भुतचण्डवीर्यः।
निमीलिते चक्षुषि मे भवत्या
स स्वेदजो मेऽन्धकनामधेयः॥ २५
त्वं चास्य कर्तास्य यथानुरूपं
त्वया स सख्या दयया गणेभ्यः।
स रक्षितव्यस्त्वयि तं हि वैकं
विचार्य बुद्ध्या करणीयमार्ये॥ २६

महेश भन्नुहुन्छ—अद्भुत चरित्र गर्ने हे अम्बिके! तिमीद्वारा मेरा नेत्रहरू बन्द गरिएपछि तिम्रा हातहरूबाट उत्पन्न पसिनाका थोपाबाट यो अद्भुत महापराक्रमशाली अन्धक नाम भएको असुर प्रकट भएको छ॥ २५॥

तिमी नै यसको जन्मदात्री हौ, अतः हे आर्ये! तिमी दयापूर्वक आफ्ना सखीहरूका साथ गणहरूबाट यसको रक्षा गर र बुद्धिबाट विचार गरी यसको विषयमा जे गर्न चाहन्छ्यौ, त्यो गर॥ २६॥

सनत्कुमार उवाच

गौरी ततो भर्तृवचो निशम्य
कारुण्यभावात्सहिता सखीभिः।
नानाप्रकारैर्बहुभिर्ह्युपायै-
श्चकार रक्षां स्वसुतस्य यद्वत्॥ २७

सनत्कुमार भन्नुहुन्छ—त्यसपछि आफ्नू पतिको यस वचनलाई सुनेर गौरी [आफ्ना] सखीहरूका साथ दयाभावले अनेक प्रकारका उपायले आफ्नू पुत्रको रक्षा गर्न लाग्नुभयो॥ २७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कालेऽथ तस्मिन् शिशिरे प्रयातो
हिरण्यनेत्रस्त्वथ पुत्रकामः।
स्वज्येष्ठबंधोस्तनयप्रतानं
संवीक्ष्य चासीत्प्रियया नियुक्तः॥ २८

एक पटक शिशिरकाल आएपछि आफ्नू जेठो दाजुको सन्ततिवृद्धिलाई देखेर आफ्नी स्त्रीबाट प्रेरित भई पुत्रको कामना गर्ने हिरण्याक्ष [तपस्या गर्नका लागि] त्यहाँ पुग्यो॥ २८॥

अरण्यमाश्रित्य तपश्चकारा-
सुरस्तदा कश्यपजः सुतार्थम्।
काष्ठोपमोऽसौ जितरोषदोषः
संदर्शनार्थं तु महेश्वरस्य॥ २९

त्यो कश्यपपुत्र असुर वनको आश्रय लिएर क्रोधादि दोषहरूलाई जितेर पुत्रप्राप्तिका निमित्त काठको समान स्थिर भएर शंकरको दर्शनका निम्ति तपस्या गर्न लाग्यो॥ २९॥

तुष्टः पिनाकी तपसास्य सम्यग्
वरप्रदानाय ययौ द्विजेन्द्र।
तत्स्थानमासाद्य वृषध्वजोऽसौ
जगाद दैत्यप्रवरं महेशः॥ ३०

हे द्विजेन्द्र! तब त्यसको तपस्याबाट पूर्ण रूपले प्रसन्न भएर शंकर वर दिनका लागि जानुभयो। त्यस स्थानमा आएर ती वृषध्वज महेशले त्यस दैत्यश्रेष्ठसित भन्नुभयो— ॥ ३०॥

महेश उवाच

हे दैत्यनाथ कुरु नेन्द्रियसंघपातं
किमर्थमेतद् व्रतमाश्रितं ते।
प्रब्रूहि कामं वरदो भवोऽहं
यदिच्छसि त्वं सकलं ददामि॥ ३१

महेश भन्नुहुन्छ—हे दैत्यराज! तिमी आफ्ना इन्द्रियहरूलाई कष्ट नदेऊ, तिमी केका निम्ति यो व्रत गरिरहेका छौ। तिमी आफ्नो मनोरथ भन, म शंकर तिमीलाई वर दिनेछु। तिमी जे चाहन्छौ, त्यो सबै म दिन्छु॥ ३१॥

सनत्कुमार उवाच

सरस्यमाकर्ण्य महेशवाक्यं
ह्यतिप्रसन्नः कनकाक्षदैत्यः।
कृतांजलिर्नम्रशिरा उवाच
स्तुत्या च नत्वा विविधं गिरीशम्॥ ३२

सनत्कुमार भन्नुहुन्छ—शिवका यी सरस वचन सुनेर त्यो दैत्य हिरण्याक्ष अत्यन्त प्रसन्न भयो र हात जोडेर, शिर झुकाई एवं नमस्कार गरी विविध स्तुतिपूर्वक शंकरसित भन्न लाग्यो— ॥ ३२॥

हिरण्याक्ष उवाच

पुत्रस्तु मे चन्द्रललाट नास्ति
सुवीर्यवान्दैत्यकुलानुरूपी।
तदर्थमेतद् व्रतमास्थितोऽहं
तं देहि देवेश सुवीर्यवन्तम्॥ ३३
यस्माच्च मद् भ्रातुरनंतवीर्याः
प्रह्लादपूर्वा अपि पञ्चपुत्राः।
ममेह नास्तीति गतान्वयोऽहं
को मामकं राज्यमिदं बुभूषेत्॥ ३४
राज्यं परस्य स्वबलेन हत्वा
भुङ्क्तेऽथवा स्वं पितुरेव दृष्टम्।
स प्रोच्यते पुत्र इह त्वमुत्र
पुत्री स तेनापि भवेत्पितासौ॥ ३५

हिरण्याक्ष भन्दछ—हे चन्द्रमौलि! म दैत्यवंशको योग्य एवं अति पराक्रमी कुनै पुत्र छैन, त्यसका लागि म यस तपस्यामा प्रवृत्त भएको छु। अतः हे देवेश! तपाईं मलाई महाबलवान् पुत्र प्रदान गर्नुहोस्; किनकी मेरा दाजुका प्रह्लाद आदि पाँच महाबलवान् पुत्र छन्, मेरा पुत्र छैनन्, म वंशहीन भएको छु, अतः मेरो यस राज्यको भोग कसले गर्ला? जो आफ्नो बाहुबलले अरूको राज्यलाई आफ्नू अधिकारमा गरी त्यसको भोग गर्छ अथवा पिताको राज्यको उपभोग गर्छ, त्यही यस लोकमा तथा परलोकमा पुत्र भनिने छ र त्यसै पुत्रबाट पिता पनि पुत्रवान् हुन्छ॥ ३३—३५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ऊर्ध्वं गतिः पुत्रवतां निरुक्ता
मनीषिभिर्धर्मभृतां वरिष्ठैः।
सर्वाणि भूतानि तदर्थमेव-
मतः प्रवर्तेत पशून् स्वतेजः॥ ३६
निरन्वयस्याथ न संति लोकाः
तदर्थमिच्छन्ति जनाः सुरेभ्यः।
सदा समाराध्य सुराङ्घ्रिपंकजं
याचन्त इत्थं सुतमेकमेव॥ ३७

वरिष्ठ धर्मज्ञ ऋषिहरूले पुत्रवानहरूलाई नै ऊर्ध्वगति बताएका छन्, यसैले सबै प्राणी त्यसैका लागि कामना गर्दछन्, अन्यथा मृत्युपश्चात् त्यो तेज पशुहरूमा समाहित हुन्छ अर्थात् व्यर्थ हुन जान्छ। पुत्रहीनलाई उत्तम लोक प्राप्त हुँदैन, यसैले मानिस त्यसका लागि इच्छा राख्छन् र देवताहरूका चरण-कमलको आराधना गरी उहाँहरूबाट एउटा पुत्रको पनि याचना गर्छन्॥ ३६-३७॥

सनत्कुमार उवाच

एतद्भवस्तद्वचनं निशम्य
कृपाकरो दैत्यनृपस्य तुष्टः।
तमाह दैत्याधिप नास्ति पुत्रः
त्वद्वीर्यजः किंतु ददामि पुत्रम्॥ ३८

सनत्कुमार भन्नुहुन्छ—तब कृपालु शंकर दैत्यराजको त्यस वचनलाई सुनेर प्रसन्न हुनुभयो र उससित भन्नुभयो—हे दैत्यराज! यद्यपि तिम्रो वीर्यबाट पुत्र उत्पन्न हुने छैन, फेरि पनि म तिमीलाई पुत्र प्रदान गर्दछु॥ ३८॥

ममात्मजं त्वन्धकनामधेयं
त्वत्तुल्यवीर्यं त्वपराजितं च।
वृणीष्व पुत्रं सकलं विहाय
दुःखं प्रतीच्छस्व सुतं त्वमेव॥ ३९

तिमी अन्धक नाम गरेको मेरो पुत्रलाई वरण गर, जो तिम्रै समान बलवान् र अजेय छ। तिमी सबै दुःखहरूलाई त्यागेर त्यसैलाई आफ्नो पुत्र मान॥ ३९॥

इत्येवमुक्त्वा प्रददौ स तस्मै
हिरण्यनेत्राय सुतं प्रसन्नः।
हरस्तु गौर्य्या सहितो महात्मा
भूतादिनाथस्त्रिपुरारिरुग्रः ॥ ४०

यस प्रकार भनेर प्रसन्न भई पार्वतीसहित त्रिपुरारि उग्ररूप महात्मा शंकरले त्यस हिरण्याक्षलाई पुत्र प्रदान गर्नुभयो॥ ४०॥

ततो हरात्प्राप्य सुतं स दैत्यः
प्रदक्षिणीकृत्य यथाक्रमेण।
स्तोत्रैरनेकैरभिपूज्य रुद्रं
तुष्टः स्वराज्यं गतवान्महात्मा॥ ४१

यसपछि त्यो महात्मा दैत्य शंकरबाट पुत्र प्राप्त गरी यथाक्रम उहाँको प्रदक्षिणा गरी तथा अनेक स्तोत्रहरूबाट रुद्रको स्तुति गरी प्रसन्न भई आफ्नो राज्यमा गयो॥ ४१॥

ततस्तु पुत्रं गिरिशादवाप्य
रसातलं चंडपराक्रमस्तु।
इमां धरित्रीमनयत्स्वदेशं
दैत्यो विजित्वा त्रिदशानशेषान्॥ ४२

त्यसपछि प्रचण्ड पराक्रमी त्यो दैत्य सदाशिवबाट पुत्र प्राप्त गरी सम्पूर्ण देवताहरूलाई जितेर यस पृथ्वीलाई आफ्नो देश पातालमा लिएर गयो॥ ४२॥

ततस्तु देवैर्मुनिभिश्च सिद्धैः
सर्वात्मकं यज्ञमयं करालम्।
वाराहमाश्रित्य वपुः प्रधान-
माराधितो विष्णुरनन्तवीर्यः॥ ४३

त्यसपछि देवताहरू, मुनिहरू एवं सिद्धहरूले सर्वात्मक, यज्ञमय तथा महाविकराल प्रधान वाराहरूपको आश्रय लिएर अनन्त पराक्रम गर्नुहुने विष्णुको आराधना गरे॥ ४३॥

घोणाप्रहारैर्विविधैर्धरित्रीं
विदार्य पातालतलं प्रविश्य।
तुंडेन दैत्यान् शतशो विचूर्ण्य
दंष्ट्राभिरग्र्याभिरखंडिताभिः ॥ ४४

तब आफ्नू नासिकाको विविध प्रहारहरूबाट पृथ्वीलाई विदीर्ण गरी पातालमा प्रविष्ट भई थुतुनोद्वारा तथा अखण्डित दाह्रको अग्रभागले सयकडौँ दैत्यहरूलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पादप्रहारैरशनिप्रकाशै-
रुन्मथ्य सैन्यानि निशाचराणाम्।
मार्तंडकोटिप्रतिमेन पश्चात्
सुदर्शनेनाद्भुतचंडतेजाः ॥ ४५
हिरण्यनेत्रस्य शिरो ज्वलन्तं
चिच्छेद दैत्यांश्च ददाह दुष्टान् ।
ततः प्रहृष्टो दितिजेन्द्रराज-
स्तमन्धकं तत्र स चाभ्यषिञ्चत्॥ ४६

धुलो पारी वज्रसमान कठोर पादप्रहारहरूबाट निशाचरका सेनाहरूलाई मथेर करोडौँ सूर्य समान जाज्वल्यमान आफ्नू सुदर्शनबाट अद्भुत तथा प्रचण्ड तेज भएका विष्णुले हिरण्याक्षको तेजस्वी शिरलाई काटिदिनुभयो र दैत्यहरूलाई पनि जलाइदिनुभयो। हिरण्याक्ष मारिएपछि उहाँले प्रसन्न भएर अन्धकलाई राज्यपदमा अभिषिक्त गरिदिनुभयो॥ ४४—४६ ॥

स्वस्थानमागत्य ततो धरित्रीं
दंष्ट्राङ्कुरेणोद्धरतः प्रहृष्टः।
भूमिं च पातालतलान्महात्मा
पुपोष भागं त्वथ पूर्वकं तु॥ ४७
देवैः समस्तैर्मुनिभिः प्रहृष्टै-
रभिष्टुतः पद्मभुवा च तेन।
ययौ स्वलोकं हरिरुग्रकायो
वराहरूपस्तु सुकार्यकर्ता॥ ४८

यस प्रकार महात्मा विष्णु पातालतलबाट पृथ्वीको उद्धार गरी आफ्नू दाह्राको अग्रभागले पृथ्वीलाई पुनः आफ्नो स्थानमा प्रतिष्ठित गरी परम प्रसन्न हुनुभयो र पूर्वको झैँ त्यसको रक्षा गर्न लाग्नुभयो। प्रसन्न भएका समस्त देवता, मुनि तथा ब्रह्माले उहाँको स्तुति गरे। त्यसपछि उग्र शरीर भएका तथा उत्तम कार्य गर्नुहुने वराहरूपधारी विष्णु आफ्नू लोकमा जानुभयो॥ ४७–४८ ॥

हिरण्यनेत्रेऽथ हतेऽसुरेशे
वराहरूपेण सुरेण सद्यः।
देवाः समस्ता मुनयश्च सर्वे
परे च जीवाः सुखिनो बभूवुः॥ ४९

यस प्रकार वराहरूप विष्णुदेवद्वारा दैत्यराज हिरण्याक्ष मारिएपछि सबै देवता, मुनि तथा अन्य सबै जीव सुखी भए॥ ४९ ॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे हिरण्याक्षवधो नाम द्विचत्वारिंशोऽध्यायः ॥ ४२ ॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा हिरण्याक्षवधवर्णन नामक बयालिसौँ अध्याय पूर्ण भयो॥ ४२ ॥

अथ त्रिचत्वारिंशोऽध्यायः

हिरण्यकशिपुको तपस्या, ब्रह्माबाट वरदान पाएर त्यसको अत्याचार, भगवान् नृसिंहद्वारा त्यसको वध र प्रह्लादलाई राज्यप्राप्ति

व्यास उवाच

सनत्कुमार सर्वज्ञ हते तस्मिन्सुरद्रुहि।
किमकार्षीत्ततस्तस्य ज्येष्ठभ्राता महासुरः॥ १
कुतूहलमिति श्रोतुं ममास्तीह मुनीश्वर।
तच्छ्रावय कृपां कृत्वा ब्रह्मपुत्र नमोऽस्तु ते॥ २

व्यास भन्नुहुन्छ—हे सर्वज्ञ! हे सनत्कुमार! देवताहरूसित द्रोह गर्ने त्यस हिरण्याक्ष मारिएपछि त्यसको ज्येष्ठ दाजु महान् असुर [हिरण्यकशिपु]-ले के गर्‍यो? हे मुनीश्वर! मलाई यो वृत्तान्त सुन्नका लागि महान् कौतूहल भइरहेको छ। हे ब्रह्मपुत्र! कृपा गरी मलाई त्यो सुनाउनुहोस्, तपाईंलाई नमस्कार छ॥ १-२ ॥

ब्रह्मोवाच

इत्याकर्ण्य वचस्तस्य व्यासस्य स मुनीश्वरः।
सनत्कुमारः प्रोवाच स्मृत्वा शिवपदाम्बुजम्॥ ३

ब्रह्मा भन्नुहुन्छ—व्यासका वचनलाई सुनेर सनत्कुमार शिवका चरणकमलहरूको स्मरण गरी भन्न लागनुभयो— ॥ ३ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सनत्कुमार उवाच

भ्रातर्येवं विनिहते हरिणा क्रोडमूर्तिना।
हिरण्यकशिपुर्व्यास पर्यतप्यद्रुषा शुचा॥ ४
ततः प्रजानां कदनं विधातुं कदनप्रियान्।
निर्दिदेशाऽसुरान्वीरान्हरिवैरप्रियो हि सः॥ ५
अथ ते भर्तृसंदेशमादाय शिरसाऽसुराः।
देवप्रजानां कदनं विदधुः कदनप्रियाः॥ ६
ततो विप्रकृते लोकेऽसुरैस्तैर्दुष्टमानसैः।
दिवं देवाः परित्यज्य भुवि चेरुरलक्षिताः॥ ७

हिरण्यकशिपुर्भ्रातुः संपरेतस्य दुःखितः।
कृत्वा करोदकादीनि तत्कलत्राद्यसान्त्वयत्॥ ८

ततः स दैत्यराजेन्द्रो ह्यजेयमजरामरम्।
आत्मानमप्रतिद्वंद्वमेकराज्यं व्यधित्सत॥ ९

स तेपे मंदरद्रोण्यां तपः परमदारुणम्।
ऊर्ध्वबाहुर्नभोदृष्टिः पादांगुष्ठाश्रितावनिः॥ १०

तस्मिंस्तपस्तप्यमाने देवाः सर्वे बलान्विताः।
दैत्यान्सर्वान्विनिर्जित्य स्वानि स्थानानि भेजिरे॥ ११

तस्य मूर्ध्नः समुद्भूतः सधूमोऽग्निस्तपोमयः।
तिर्यगूर्ध्वमधोलोकानतपद्विष्वगीरितः॥ १२

तेन तप्ता दिवं त्यक्त्वा ब्रह्मलोकं ययुः सुराः।
धात्रे विज्ञापयामासुस्तत्तपोविकृताननाः॥ १३

अथ विज्ञापितो देवैर्व्यास तैरात्मभूर्विधिः।
परीतो भृगुदक्षाद्यैर्ययौ दैत्येश्वराश्रमम्॥ १४
प्रताप्य लोकानखिलांस्ततोऽसौ
समागतं पद्मभवं ददर्श।
वरं हि दातुं तमुवाच धाता
वरं वृणीष्वेति पितामहोऽपि।
निशम्य वाचं मधुरां विधातु-
र्वचोऽब्रवीदेवममूढबुद्धिः॥ १५

सनत्कुमार भन्नुहुन्छ—हे व्यास! वराहरूप धारण गर्नुहुने [भगवान्] विष्णुद्वारा भाइ हिरण्याक्षको वध भएपछि हिरण्यकशिपु क्रोध एवं शोकले सन्तप्त भयो। त्यसपछि विष्णुसित वैरत्व राख्दै त्यो हिरण्यकशिपुले प्रजाहरूलाई कष्ट दिनका लागि निर्दयी वीर असुरहरूलाई आज्ञा दियो॥ ४-५॥

तब ती निर्दयी असुर आफ्ना स्वामीको आज्ञा प्राप्त गरी देवता तथा प्रजाहरूलाई कष्ट दिन लागे॥ ६॥

यस प्रकार जब दुष्ट बुद्धि भएका ती असुरहरूले लोकमा उत्पीडन गर्न प्रारम्भ गरे, तब देवताहरू स्वर्ग छोडेर अलक्षित भई पृथ्वीमा घुम्न लागे॥ ७॥

हिरण्यकशिपुले पनि भाइ मारिनाले दुःखित भएर उसलाई तिलांजलि आदि प्रदान गरी उसकी स्त्री आदिलाई सान्त्वना प्रदान गऱ्यो॥ ८॥

यसपछि त्यो दैत्यराज आफूलाई अजर, अमर, अजेय र प्रतिद्वन्द्वीरहित जानेर एकछत्र राज्य गर्न लाग्यो॥ ९॥

त्यो मन्दराचलको गुफामा गोडाको बुढिऔंलाले पृथ्वीमाथि टेकेर दुवै हातलाई माथि उठाएर आकाशतिर हेर्दै अत्यन्त कठोर तप गर्न लाग्यो॥ १०॥

यस प्रकार जब त्यो असुर तप गरिरहेको थियो, तब सबै बलवान् देवताहरूले समस्त दैत्यहरूलाई जितेर आ-आफ्नू पद पुनः प्राप्त गरे॥ ११॥

[तपस्या गरिरहेको] त्यस हिरण्यकशिपुको शिरबाट धुवाँसहित तपोमय अग्नि प्रकट भयो। त्यो तेर्सो, माथि, तल तथा चारैतिरबाट फैलिएर सबै लोकलाई तप्त पार्न लाग्यो। त्यसबाट तप्त भई देवगण स्वर्गलोक छाडेर ब्रह्मलोक गए। त्यसको तपस्याबाट विकृत मुख भएका ती देवताहरूले ब्रह्मासित सारा वृत्तान्त भने॥ १२-१३॥

हे व्यास! ती देवताहरूद्वारा यस प्रकार भनिएपछि स्वयम्भू ब्रह्मा भृगु, दक्ष आदिलाई सँगै लिएर त्यस दैत्येन्द्रको आश्रममा जानुभयो। त्यसपछि आफ्नू तपस्याबाट सारा लोकहरूलाई सन्तप्त पार्दै गरेको त्यस दैत्यराजले वर दिनका लागि आउनुभएका ब्रह्मालाई देख्यो। पितामह ब्रह्माले पनि त्यससित भन्नुभयो—वर माग। तब विधाताको मधुर वचन सुनेर त्यो बुद्धिमान् यो वचन भन्न लाग्यो—॥ १४-१५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हिरण्यकशिपुरुवाच

मृत्योर्भयं मे भगवन्प्रजेश
पितामहाभून्न कदापि देव।
शस्त्रास्त्रपाशाशनिशुष्कवृक्ष-
गिरीन्द्रतोयाग्निरिपुप्रहारैः ॥ १६
देवैश्च दैत्यैर्मुनिभिश्च सिद्धैः
त्वत्सृष्टजीवैर्बहुवाक्यतः किम्।
स्वर्गे धरण्यां दिवसे निशायां
नैवोर्ध्वतो नाप्यधतः प्रजेश ॥ १७

सनत्कुमार उवाच

तस्यैतदीदृग्वचनं निशम्य
दैत्येन्द्र तुष्टोऽस्मि लभस्व सर्वम्।
प्रणम्य विष्णुं मनसा तमाह
दयान्वितोऽसाविति पद्मयोनिः ॥ १८
अलं तपस्ते परिपूर्णकामः
समाः सहस्राणि च षण्णवत्यः।
उत्तिष्ठ राज्यं कुरु दानवानां
श्रुत्वा गिरं तत्सुमुखो बभूव ॥ १९
राज्याभिषिक्तः प्रपितामहेन
त्रैलोक्यनाशाय मतिं चकार।
उत्साद्य धर्मान् सकलान्प्रमत्तो
जित्वाहवे सोऽपि सुरान्समस्तान् ॥ २०

ततो भयाद् इन्द्रमुखाश्च देवाः
पितामहाज्ञां समवाप्य सर्वे।
उपद्रुता दैत्यवरेण जाताः
क्षीरोदधिं यत्र हरिस्तु शेते ॥ २१
आराधयामासुरतीव विष्णुं
स्तुत्वा वचोभिः सुखदं हि मत्वा।
निवेदयामासुरथो प्रसन्नं
दुःखं स्वकीयं सकलं हि ते ते ॥ २२
श्रुत्वा तदीयं सकलं हि दुःखं
तुष्टो रमेशः प्रददौ वरांस्तु।
उत्थाय तस्माच्छयनादुपेन्द्रो
निजानुरूपैर्विविधैर्वचोभिः ॥ २३
आश्वास्य देवानखिलान्मुनीन्वा
उवाच वैश्वानरतुल्यतेजाः।
दैत्यं हनिष्ये प्रसभं सुरेशाः
प्रयात धामानि निजानि तुष्टाः ॥ २४

हिरण्यकशिपु भन्दछ—हे भगवान्! हे प्रजेश! हे पितामह! हे देव! शस्त्र, अस्त्र, पाश, वज्र, सुख्खा वृक्ष, पहाड, जल, अग्नि तथा शत्रुहरूको प्रहारबाट र देव, दैत्य, मुनि, सिद्ध तथा हजुरद्वारा रचित सृष्टिका कुनै पनि जीवबाट मलाई मृत्युको भय नहोस्, हे प्रजेश! धेरै के भनौँ, स्वर्गमा, पृथ्वीमा, रात एवं दिनमा, माथि-तल कहीँ पनि मेरो मृत्यु नहोस्॥ १६-१७॥

सनत्कुमार भन्नुहुन्छ—त्यस दैत्यको यस प्रकारको वचनलाई सुनेर मनमा विष्णुलाई प्रणाम गरी दयाबाट युक्त भई ब्रह्मा त्यससित भन्नुहुन्छ—हे दैत्येन्द्र! म [तिमीप्रति] प्रसन्न छु, तिमी सबथोक प्राप्त गर॥ १८॥

[हे दैत्येन्द्र!] अब तिमी तपस्या गर्न छोड; किनभने तिम्रो मनोरथ परिपूर्ण भएको छ। उठ, छयानब्बे हजार वर्षसम्म दानवहरूको राज्य गर। यो वाणी सुनेर त्यो हर्षित भयो। त्यसपछि ब्रह्माद्वारा अभिषिक्त त्यो दैत्य प्रमत्त भएर सबै धर्महरूलाई नष्ट पारी युद्धमा देवताहरूलाई जितेर तीनवटै लोकलाई नष्ट पार्ने विचार गर्न लाग्यो॥ १९-२०॥

तब त्यस दैत्यराजबाट पीडित भएका इन्द्रादि सबै देवता डरले व्याकुल भई पितामहको आज्ञा प्राप्त गरी क्षीरसागरमा गए, जहाँ विष्णु शयन गर्नुहुन्छ॥ २१॥

उनीहरूले विष्णुलाई आफूहरूका लागि सुखदायक जानेर अनेक प्रकारका वचनहरूले उहाँको स्तुति गरी प्रसन्न भएका विष्णुसित आफ्ना सारा दुःख निवेदन गरे॥ २२॥

तब प्रसन्न विष्णुले उनीहरूका समस्त दुःख सुनेर तिनलाई अनेक वरदान दिनुभयो र शय्याबाट उठेर अग्निसमान तेजस्वी उहाँले आफ्नू अनुरूप नाना प्रकारका वाणीहरूबाट आश्वासन दिँदै भन्नुभयो कि हे देवताहरू हो! तपाईंहरू प्रसन्न भएर आ-आफ्नो स्थानमा जानुहोस्; म त्यस दैत्यको वध अवश्य गर्नेछु॥ २३-२४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रुत्वा रमेशस्य वचः सुरेशाः
शक्रादिकास्ते निखिलाः सुतुष्टाः।
ययुः स्वधामानि हिरण्यनेत्रा-
नुजं च मत्वा निहतं मुनीश॥ २५
आश्रित्य रूपं जटिलं करालं
दंष्ट्रायुधं तीक्ष्णनखं सुनासम्।
सैंहं च नारं सुविदारितास्यं
मार्तंडकोटिप्रतिमं सुघोरम्॥ २६
युगांतकालाग्निसमप्रभावं
जगन्मयं किं बहुभिर्वचोभिः।
अस्ते रवौ सोऽपि हि गच्छतीशो
गतोऽसुराणां नगरीं महात्मा॥ २७
कृत्वा च युद्धं प्रबलैः स दैत्यै-
र्हत्वाथ तान्दैत्यगणान्गृहीत्वा।
बभ्राम तत्राद्भुतविक्रमश्च
बभंज तांस्तानसुरान्नृसिंहः॥ २८
दृष्टः स दैत्यैरतुलप्रभाव-
स्ते रेभिरे ते हि तथैव सर्वे।
सिंहं च तं सर्वमयं निरीक्ष्य
प्रह्लादनामा दितिजेन्द्रपुत्रः।
उवाच राजानमयं मृगेन्द्रो
जगन्मयः किं समुपागतश्च॥ २९

प्रह्लाद उवाच

एष प्रविष्टो भगवाननन्तो
नृसिंहमात्रो नगरं त्वदन्तः।
निवृत्य युद्धाच्छरणं प्रयाहि
पश्यामि सिंहस्य करालमूर्त्तिम्॥ ३०
यस्मान्न योद्धा भुवनत्रयेऽपि
कुरुष्व राज्यं विनमन्मृगेन्द्रम्।
श्रुत्वा स्वपुत्रस्य वचो दुरात्मा
तमाह भीतोऽसि किमत्र पुत्र॥ ३१
उक्त्वेति पुत्रं दितिजाधिनाथो
दैत्यर्षभान्वीरवरान्स राजा।
गृह्णन्तु वै सिंहममुं भवन्तो
वीरा विरूपभ्रुकुटीक्षणं तु॥ ३२
तस्याज्ञया दैत्यवरास्ततस्ते
ग्रहीतुकामा विविशुर्मृगेन्द्रम्।

हे मुनीश! विष्णुका वचन सुनेर इन्द्र आदि सबै देवता अत्यन्त प्रसन्न भए र हिरण्याक्षको दाजु मारियो भनी मानेर आ-आफ्ना लोकमा गए॥ २५॥

त्यसपछि महाजटायुक्त, विकराल, तीखा दाँतस्वरूप आयुध भएका, तीक्ष्ण नङ भएका, सुन्दर नासिका भएका, पूर्णतः खुलेको मुख भएका, करोडौँ सूर्य समान जाज्वल्यमान, अत्यन्त भयंकर, धेरै के भनौँ प्रलयकालीन अग्निसमान प्रभाव भएका ती महात्मा विष्णु जगन्मय नृसिंहको रूप धारण गरी सूर्य अस्त हुँदाको समयमा असुरहरूको नगरमा जानुभयो॥ २६-२७॥

अद्भुत पराक्रम भएका नृसिंह प्रबल दैत्यहरूका साथ युद्ध गर्दै तिनलाई मारेर शेष दैत्यहरूलाई समातेर घुमाउन लाग्नुभयो र उहाँले ती असुरहरूलाई पछारेर मारिदिनुभयो॥ २८॥

दैत्यहरूले ती अतुल प्रभाव भएका नृसिंहलाई देखे र उनीहरूले पुनः युद्ध गर्न प्रारम्भ गरे। हिरण्यकशिपुको प्रह्लाद नामक पुत्रले नृसिंहलाई देखेर राजासित भन्यो—यी मृगेन्द्र जगन्मय विष्णु त होइनन्?॥ २९॥

प्रह्लाद भन्दछन्—यी भगवान् अनन्त नृसिंहको रूप धारण गरी तपाईंको नगरमा प्रविष्ट भएका छन्, अतः तपाईं युद्ध छोडेर उहाँको शरणमा जानुहोस्, म यस सिंहको विकराल मूर्तिलाई देखिरहेको छु॥ ३०॥

[हे दैत्येन्द्र!] यीभन्दा ठुला यस जगत्मा अरू कुनै योद्धा छैनन्, अतः यिनको प्रार्थना गरी तपाईं राज्य गर्नुहोस्। तब आफ्नू पुत्रको कुरा सुनेर दुरात्मा हिरण्यकशिपुले भन्यो—हे पुत्र! के तिमी डराएका छौ?॥ ३१॥

पुत्रसित यस प्रकार भनेर दैत्यहरूका स्वामी त्यस राजाले महावीर श्रेष्ठ दैत्यहरूलाई आज्ञा दियो कि हे वीरहरू हो! यस विकृत भृकुटी तथा नेत्र भएको नृसिंहलाई समात॥ ३२॥

तब उसको आज्ञाबाट पक्रने इच्छा भएका दैत्यश्रेष्ठ त्यस सिंहतिर जान लागे, तर ती क्षणभरमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

क्षणेन दग्धाः शलभा इवाग्निं
रूपाभिलाषात्प्रविविक्षवो वै ॥ ३३
दैत्येषु दग्धेष्वपि दैत्यराज-
श्चकार युद्धं स मृगाधिपेन।
शस्त्रैः समग्रैरखिलैस्तथास्त्रैः
शक्त्यर्ष्टिपाशांकुशपावकाद्यैः ॥ ३४
संयुध्यतोरेव तयोर्जगाम
ब्राह्मं दिनं व्यास हि शस्त्रपाण्योः।
प्रवीरयोर्वीररवेण गर्जतोः
परस्परं क्रोधसुयुक्तचेतसोः ॥ ३५
ततः स दैत्यः सहसा बहूंश्च
कृत्वा भुजान् शस्त्रयुतान्निरीक्ष्य।
नृसिंहरूपं प्रययौ मृगेन्द्रं
संयुध्यमानं सहसा समन्तात् ॥ ३६
ततः सुयुद्धं त्वतिदुःसहं तु
शस्त्रैः समस्तैश्च तथाखिलास्त्रैः।
कृत्वा महादैत्यवरो नृसिंहं
क्षयं गतैः शूलधरोऽभ्युपायात् ॥ ३७
ततो गृहीतः स मृगाधिपेन
भुजैरनेकैर्गिरिसारवद्भिः।
निधाय जानौ स भुजान्तरेषु
नखांकुरैर्दानवमर्मभिद्भिः ॥ ३८
नखास्त्रहृत्पद्मसृग्विमिश्र-
मुत्पाद्य जीवाद्विगतः क्षणेन।
त्यक्तस्तदानीं स तु काष्ठभूतः
पुनः पुनश्चूर्णितसर्वगात्रः ॥ ३९
तस्मिन्हते देवरिपौ प्रसन्नः
प्रह्लादमामंत्र्य कृतप्रणामम्।
राज्येऽभिषिच्याद्भुतवीर्यविष्णु-
स्ततः प्रयातो गतिमप्रतर्क्याम् ॥ ४०
ततोऽतिहृष्टाः सकलाः सुरेशाः
प्रणम्य विष्णुं दिशि विप्र तस्याम्।
ययुः स्वधामानि पितामहाद्याः
कृतस्वकार्यं भगवन्तमीड्यम् ॥ ४१
प्रवर्णितं त्वन्धकजन्म रुद्राद्
हिरण्यनेत्रस्य मृतिर्वराहात्।
नृसिंहतस्तत्सहजस्य नाशः
प्रह्लादराज्याप्तिरिति प्रसंगात् ॥ ४२

यस प्रकार दग्ध भए, जसरी रूपको अभिलाषा भएका पुतली अग्निको समीपमा जानासाथ जल्दछन्। ती दैत्यहरू दग्ध भएपछि त्यो दैत्यराज स्वयं सबै अस्त्र, शस्त्र, शक्ति, पाश, अंकुश, अग्नि आदिद्वारा नृसिंहसित संग्राम गर्न लाग्यो ॥ ३३–३४ ॥

हे व्यास! यस प्रकार शस्त्र धारण गरी गर्जना गर्दै क्रोधपूर्वक परस्पर युद्ध गरिरहेका ती दुवै महावीरहरूको ब्रह्माको एक दिन बराबरको समय व्यतीत भयो ॥ ३५ ॥

त्यसपछि अनेक भुजाहरूलाई धारण गरी चारैतिरबाट युद्ध गरिरहनुभएका ती नृसिंहलाई देखेर त्यो दैत्य पुनः उहाँसित सहसा भिडन्त गर्न लाग्यो ॥ ३६ ॥

तब त्यो महादैत्य नाना प्रकारका शस्त्रास्त्रहरूबाट अत्यन्त दुःसह संग्राम गरी ती शस्त्रास्त्रहरू क्षीण भएपछि शूल लिएर नृसिंहमाथि झम्टियो ॥ ३७ ॥

यसपछि नृसिंहले पर्वतसमान आफ्ना अनेकौँ कठोर भुजाहरूले त्यसलाई समात्नुभयो र भुजाहरूको बिचमा दुवै तिघ्रामाथि त्यस दानवलाई राखेर मर्मभेदी नङ्ग्राहरूले त्यसको छाती चिरेर त्यसलाई रगताम्य पारी त्यसका सबै अंग धुलो पारिदिनुभयो। प्राणबाट रहित भएपछि त्यो त्यस समय काठसमान हुन गयो ॥ ३८–३९ ॥

त्यस देवशत्रु मारिएपछि अद्भुत पराक्रम भएका विष्णु प्रसन्न भई प्रणाम गरिरहेका प्रह्लादलाई बोलाएर उसलाई राज्यमा अभिषिक्त गरिसकेपछि अन्तर्धान हुनुभयो। हे विप्र! तब अत्यन्त हर्षित पितामहादि समस्त देवता आफ्नो कार्य पूर्ण गरिसक्नुभएका स्तुत्य भगवान् विष्णुलाई एवं त्यस दिशातिर प्रणाम गरी आ-आफ्नो धाममा गए। [हे व्यास!] मैले प्रसंगवश रुद्रबाट अन्धकको जन्म, वराहबाट हिरण्याक्षको मृत्यु, नृसिंहबाट त्यसको दाजु हिरण्यकशिपुको वध एवं प्रह्लादलाई राज्यप्राप्ति—यी सबैको वर्णन गरिदिएँ ॥ ४०—४२ ॥

2325_Sihvpurana_Part_1_Nepali_Section_33_2_Front

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रृणु त्विदानीं द्विजवर्य मत्तोऽ-
न्धकप्रभावं भवकृत् प्रलब्धम्।
हरेण युद्धं खलु तस्य पश्चाद्
गणाधिपत्यं गिरिशस्य तस्य॥ ४३

हे द्विजवर्य! अब तपाईं शिवबाट प्राप्त अन्धकको पराक्रम, शिवसित त्यसको युद्ध तथा पछि त्यसलाई शिवबाट गणाधिपत्य पदको प्राप्ति मबाट सुनुहोस्॥ ४३॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे गणाधिपत्यप्राप्त्यंधक-जन्महिरण्यनेत्रहिरण्यकशिपुवधवर्णनं नाम त्रिचत्वारिंशोऽध्यायः॥ ४३॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा गणाधिपत्यप्राप्ति-अन्धकजन्म-हिरण्यनेत्र-हिरण्यकशिपुवधवर्णन नामक त्रिचालिसौँ अध्याय पूर्ण भयो॥ ४३॥

अथ चतुश्चत्वारिंशोऽध्यायः

अन्धकासुरको तपस्या, ब्रह्माद्वारा उसलाई अनेकौँ वरको प्राप्ति, त्रिलोकीलाई जीतेर त्यो स्वेच्छाचारमा प्रवृत्त हुनु, मन्त्रीहरूमार्फत् पार्वतीको सौन्दर्य सुनेर मुग्ध भई शिवका समक्षमा सन्देश पठाउनु र शिवको उत्तर सुनेर क्रुब्ध भई युद्धका लागि उद्योग गर्नु

सनत्कुमार उवाच

ततो हिरण्याक्षसुतः कदाचि-
त्संश्रावितो नर्मयुतैर्मदान्धैः।
तैर्भ्रातृभिः संप्रयुतो विहारे
किमंध राज्येन तवाद्य कार्यम्॥ १
हिरण्यनेत्रस्तु बभूव मूढः
कलिप्रियं नेत्रविहीनमेव।
यो लब्धवांस्त्वां विकृतं विरूपं
घोरैस्तपोभिर्गिरिशं प्रसाद्य॥ २
स त्वं न भागी खलु राज्यकस्य
किमन्यजातोऽपि लभेत राज्यम्।
विचार्यतां तद्भवतैव नूनं
वयं तु तद्भागिन एव सत्यम्॥ ३

सनत्कुमार भन्नुहुन्छ—कुनै समय जब हिरण्याक्षपुत्र अन्धक भाइहरूका साथ खेलिरहेको थियो, तब क्रीडामा आसक्त तथा मदान्ध त्यसका भाइहरूले [उपहास गर्दै] उससित भने—हे अन्धक! तिमीलाई राज्यसित के प्रयोजन?॥ १॥

[तिम्रो पिता] हिरण्याक्ष निश्चय नै ठुला मूर्ख थिए, जसले घोर तपस्याद्वारा शिवलाई प्रसन्न पारी तिमी-जस्ता कलहप्रिय, अन्धा, विकृत एवं कुरूप पुत्र प्राप्त गरे। तिमी निश्चय नै राज्यको भागी छैनौ। के अरूबाट उत्पन्न भएको व्यक्ति राज्यको अधिकारी बन्न सक्छ? तिमी नै विचार गर, त्यसको अधिकारी त वास्तवमा हामीहरू नै हौँ॥ २-३॥

सनत्कुमार उवाच

तेषां तु वाक्यानि निशम्य तानि
विचार्य बुद्ध्या स्वयमेव दीनः।
तान् शान्तयित्वा विविधैर्वचोभिः
गतस्त्वरण्यं निशि निर्जनं तु॥ ४
वर्षायुतं तत्र तपश्चचार
जजाप जाप्यं विधृतैकपादः।
आहारहीनो नियमोर्ध्वबाहुः
कर्त्तुं न शक्यं हि सुरासुरैर्यत्॥ ५

सनत्कुमार भन्नुहुन्छ—उनीहरूका ती वचनलाई सुनेर त्यो बुद्धिबाट स्वयं विचार गरी दीन भयो र उनीहरूलाई नाना प्रकारका वचनहरूबाट सान्त्वना दिएर रातमा एक्लै निर्जन वनमा गयो। त्यहाँ निराहार रहेर त्यो एउटा गोडा टेकेर दुवै भुजाहरूलाई उठाएर दस हजार वर्षसम्म उभिएर घोर तपस्या एवं मन्त्रको जप गर्न लाग्यो, जुन देवता एवं राक्षसहरूबाट पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रज्वाल्य वह्निं स्म जुहोति गात्र-
मांसं सरक्तं खलु वर्षमात्रम्।
तीक्ष्णेन शस्त्रेण निकृत्य देहात्
समन्त्रकं प्रत्यहमेव हुत्वा॥ ६
स्नाय्वस्थिशेषं कुणपं तदासौ
क्षयं गतं शोणितमेव सर्वम्।
यदास्य मांसानि न सन्ति देहं
प्रक्षेप्तुकामस्तु हुताशनाय॥ ७
ततः स दृष्टस्त्रिदशालयैर्जनैः
सुविस्मितैर्भीतियुतैः समस्तैः।
अथामरैः शीघ्रतरं प्रसादितो
बभूव धाता नुतिभिर्नुतो हि॥ ८
निवारयित्वाथ पितामहस्तं
ह्युवाच त्वं चाद्य वरं वृणीष्व।
यस्याभिकामस्तव सर्वलोके
सुदुर्लभं दानव तं गृहाण॥ ९
स पद्मयोनेस्तु वचो निशम्य
प्रोवाच दीनः प्रणतस्तु दैत्यः।
यैर्निष्ठुरैर्मे प्रहृतं तु राज्यं
प्रह्लादमुख्या मम सन्तु भृत्याः॥ १०
अंधस्य दिव्यं हि तथास्तु चक्षु-
रिन्द्रादयो मे करदा भवन्तु।
मृत्युस्तु माभून्मम देवदैत्य-
गंधर्वयक्षोरगमानुषेभ्यः॥ ११
नारायणाद्वा दितिजेन्द्रशत्रोः
सर्वाञ्जनात्सर्वमयाच्च शर्वात्।
श्रुत्वा वचस्तस्य सुदारुणं तत्
सुशंकितः पद्मभवस्तमाह॥ १२

ब्रह्मोवाच

दैत्येन्द्र सर्वं भविता तदेतद्
विनाशहेतुं च गृहाण किंचित्।
यस्मान्न जातो न जनिष्यते वा
यो न प्रविष्टो मुखमन्तकस्य॥ १३
अत्यन्तदीर्घं खलु जीवितं तु
भवादृशाः सत्पुरुषाः त्यजन्तु।
एतद्वचः सानुनयं निशम्य
पितामहात्प्राह पुनः स दैत्यः॥ १४

सम्भव थिएन। त्यो अगिन बालेर धारिलो हतियारले आफ्नू शरीरबाट मासु काटेर वर्षदिनसम्म प्रतिदिन मन्त्रपूर्वक रक्तयुक्त मांसको होम गर्न लाग्यो॥ ४—६॥

जब त्यसको शरीरमा मांस बाँकी रहेन, केवल स्नायु एवं अस्थिमात्र बाँकी रह्यो, सम्पूर्ण रगत सकियो, तब त्यसले आफ्नू शरीरलाई नै अग्निमा होमीदिने बिचार गऱ्यो। त्यसपछि सबै देवता अत्यन्त विस्मित एवं भयभीत भएर त्यसलाई हेर्न लागे, तब ती देवताहरूले ब्रह्मालाई नमस्कार गरी अनेक स्तुतिहरूले शीघ्र उनलाई प्रसन्न पारे। ब्रह्माले त्यसलाई तपस्याबाट विरत पार्दै भन्नुभयो—हे दानव! आज तिमी वर माग, समस्त लोकमा जुन दुर्लभ छ एवं जसको प्राप्तिका लागि तिमी इच्छुक छौ, त्यस वरलाई मबाट प्राप्त गर॥ ७—९॥

ब्रह्माको यस वचनलाई सुनेर दीन एवं विनम्र भएर त्यस दैत्यले भन्यो—हे ब्रह्मन्! प्रह्लाद आदि मेरा जुन निष्ठुरी भाइहरूले मेरो राज्य खोसेका छन्, ती मेरा सेवक होऊन्॥ १०॥

म अन्धोलाई दिव्य नेत्र प्राप्ति होस् एवं इन्द्रादि देवता मलाई कर प्रदान गरून्। मेरो मृत्यु देवता, दैत्य, गन्धर्व, यक्ष, सर्प, राक्षस, मनुष्य, दैत्यहरूका शत्रु श्रीनारायण, आदि कुनै प्राणी तथा सर्वमय शंकरबाट पनि नहोस्। त्यसको त्यो कठिन वचनलाई सुनेर ब्रह्मा शंकित भई त्यससित भन्न लाग्नुभयो—॥ ११-१२॥

ब्रह्मा भन्नुहुन्छ—हे दैत्येन्द्र! यो सबै पूर्ण हुने छ, तर आफ्नू मृत्युको कुनै कारण अवश्य वरण गर; किनभने न त यस्तो भएको छ तथा न त हुने नै छ, जो कालको मुखमा प्रविष्ट नभएको होस्॥ १३॥

अतः तपाईं-जस्ता सत्पुरुष अत्यन्त दीर्घ जीवनको इच्छालाई त्याग गर्नुहोस्। ब्रह्माको यस अनुनयपूर्ण वचनलाई सुनेर त्यो दैत्य पुनः भन्न लाग्यो—॥ १४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अंधक उवाच

कालत्रये याश्च भवन्ति नार्यः
श्रेष्ठाश्च मध्याश्च तथा कनिष्ठाः।
तासां च मध्ये खलु रत्नभूता
ममापि नित्यं जननीव काचित्॥ १५
कायेन वाचा मनसाप्यगम्या
नारी नृलोकस्य च दुर्लभा या।
तां कामयानस्य ममास्तु नाशो
दैत्येन्द्रभावाद्भगवान्स्वयंभूः ॥ १६

अन्धक भन्दछ—[हे ब्रह्मदेव!] तीनवटै कालका जति पनि श्रेष्ठ, मध्यम तथा कनिष्ठ स्त्रीहरू छन्, ती सबैमा जो रत्नस्वरूप सर्वश्रेष्ठ छिन्, उनी नै मेरी माता समान हुन्। हे भगवन्! हे स्वयम्भू! जो मनुष्यलोकका लागि दुर्लभ तथा मन, वाणी र शरीरबाट सर्वथा अगम्य छिन्, जब म दैत्येन्द्र-भावबाट उनको कामना गर्ने छु, तब मेरा नाश होस्॥ १५-१६॥

वाक्यं तदाकर्ण्य स पद्मयोनिः
सुविस्मितः शंकरपादपद्मम्।
सस्मार संप्राप्य निदेशमाशु
शंभोस्तु तं प्राह ततोऽन्धकं वै॥ १७

त्यसको वचन सुनेर ब्रह्माले आश्चर्यचकित भई शिवका चरणकमलहरूको स्मरण गर्नुभयो र शम्भुको आज्ञा प्राप्त गरी त्यस अन्धकसित भन्नुभयो- ॥ १७॥

ब्रह्मोवाच

यत्कांक्षसे दैत्य वरांस्तु ते वै
सर्वं भवत्येव वचः सकामम्।
उत्तिष्ठ दैत्येन्द्र लभस्व कामं
सदैव वीरैस्तु कुरुष्व युद्धम्॥ १८

ब्रह्मा भन्नुहुन्छ—हे दैत्य! तिमीले जति पनि अभिलाषा गर्ने छौ, तिम्रा ती सबै कामनाहरू पूर्ण हुनेछन्। हे दैत्येन्द्र! आफ्नो अभीष्ट प्राप्त गर र वीरहरूका साथ सदा युद्ध गर॥ १८॥

श्रुत्वा तदेतद्वचनं मुनीश
विधातुराशु प्रणिपत्य भक्त्या।
लोकेश्वरं हाटकनेत्रपुत्रः
स्नाय्वस्थिशेषस्तु तमाह देवम्॥ १९

हे मुनीश्वर! ब्रह्माका यस्ता वचन सुनेर स्नायु तथा अस्थिमात्र बाँकी रहेको त्यो हिरण्याक्षपुत्र अन्धक ब्रह्मालाई भक्तिपूर्वक प्रणाम गरी ती प्रभुसित भन्न लाग्यो— ॥ १९॥

अंधक उवाच

कथं विभो वैरिबलं प्रविश्य
ह्यनेन देहेन करोमि युद्धम्।
स्नाय्वस्थिशेषं कुरु मांसपुष्टं
करेण पुण्येन च मां स्पृशाद्य॥ २०

अन्धक भन्दछ—हे विभु! म यस विकृत शरीरबाट शत्रुहरूको सेनामा प्रविष्ट भएर कुन प्रकार युद्ध गर्न सक्छु? अतः हजुरका पवित्र हातले मलाई स्पर्श गर्नुहोस् र स्नायु तथा अस्थिशेष यस शरीरलाई चाँडै मांसबाट पुष्ट पारिदिनुहोस्॥ २०॥

सनत्कुमार उवाच

श्रुत्वा वचस्तस्य स पद्मयोनिः
करेण संस्पृश्य च तच्छरीरम्।
गतः सुरेन्द्रैः सहितः स्वधाम
संपूज्यमानो मुनिसिद्धसंघैः॥ २१

सनत्कुमार भन्नुहुन्छ—त्यसको वचन सुनेर ती ब्रह्मा त्यसको शरीरको स्पर्श गरी मुनिहरू तथा सिद्धहरूबाट पूजित भएका देवेश्वरहरूका साथ आफ्नू धाममा जानुभयो॥ २१॥

संस्पृष्टमात्रः स च दैत्यराजः
सम्पूर्णदेहो बलवान् बभूव।
संजातनेत्रः सुभगो बभूव
हृष्टः स्वमेवं नगरं विवेश॥ २२

ब्रह्माले स्पर्श गर्नासाथ त्यो दैत्यराज सम्पूर्ण शरीरवाला तथा बलसम्पन्न हुनगयो। त्यो नेत्रयुक्त तथा सुन्दर भयो र प्रसन्न भएर आफ्नू नगरमा प्रवेश गर्‍यो॥ २२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्सृज्य राज्यं सकलं च तस्मै
प्रह्लादमुख्यास्त्वथ दानवेन्द्राः।
तमागतं लब्धवरं च मत्वा
भृत्या बभूवुर्वशगास्तु तस्य॥ २३

त्यसपछि प्रह्लाद आदि सबै दैत्येन्द्र त्यसलाई वर प्राप्त गरी आएको बुझेर सम्पूर्ण राज्य त्यसका लागि छोडेर त्यसको अधीन भई सेवक भए॥ २३॥

ततोऽन्धकः स्वर्गमगाद्विजेतुं
सेनाभियुक्तः सहभृत्यवर्गः।
विजित्य देवान् प्रधने समस्तान्
करप्रदं वज्रधरं चकार॥ २४
नागान्सुपर्णान्वरराक्षसांश्च
गंधर्वयक्षानपि मानुषांस्तु।
गिरीन्द्रवृक्षान्समरेषु सर्वां-
श्चतुष्पदः सिंहमुखान्विजिग्ये॥ २५

त्यसपछि अन्धकले आफ्ना भृत्यहरू एवं सेनाहरूका साथ विजयको इच्छाले स्वर्गतिर प्रस्थान गऱ्यो र त्यहाँ युद्धमा समस्त देवताहरूलाई जितेर वज्र धारण गर्नुहुने इन्द्रलाई पनि करदाता बनायो। त्यसले नाग, पक्षि, ठुला-ठुला राक्षस, गन्धर्व, यक्ष, मनुष्य, पर्वत, वृक्ष एवं सिंहादि समस्त पशुहरूलाई पनि युद्धमा जित्यो॥ २४-२५॥

त्रैलोक्यमेतद्धि चराचरं वै
वशं चकारात्मनि संनियोज्य।
ततोऽनुकूलानि सुदर्शनानि
नारीसहस्राणि बहूनि गत्वा॥ २६
रसातले चैव तथा धरायां
त्रिविष्टपे याः प्रमदाः सुरूपाः।
ताभिर्युतोऽन्येषु स पर्वतेषु
रराम रम्येषु नदीतटेषु॥ २७

त्यसले यस चराचर त्रैलोक्यमाथि अधिकार जमाई आफ्नू वशमा पाऱ्यो। यसपछि आफू अनुकूल हजारौँ सुन्दरी स्त्रीहरूका साथ विहार गर्दै पाताल, पृथ्वीलोक तथा स्वर्गमा जति पनि रूपवती स्त्रीहरू थिए, तिनका साथ पर्वत तथा मनोहर नदीतटहरूमा त्यो रमण गर्न लाग्यो॥ २६-२७॥

क्रीडायमानः स तु मध्यवर्ती
तासां प्रहर्षादथ दानवेन्द्रः।
तत्पीतशिष्टानि पिबन्प्रवृत्त्यै
दिव्यानि पेयानि सुमानुषाणि॥ २८

उनीहरूको बिचमा क्रीडा गरिरहेको त्यो दैत्येन्द्र काम-प्रवृत्तिका लागि स्त्रीहरूले पिएपछि बाँकी रहेको दिव्य एवं मानुष पेयहरूलाई प्रसन्नताका साथ पिउँदथ्यो॥ २८॥

अन्यानि दिव्यानि तु यद्रसानि
फलानि पुष्पाणि सुगंधवंति।
संप्राप्य यानानि सुवाहनानि
मयेन सृष्टानि गृहोत्तमानि॥ २९

त्यो नाना प्रकारका दिव्य रस, फल, सुगन्धित पुष्प प्राप्त गरी मय [दानव]-द्वारा निर्मित उत्तम गृह तथा यानहरू एवं सुन्दर वाहनहरूको उपभोग गर्दथ्यो॥ २९॥

पुष्पार्घधूपान्नविलेपनैश्च
सुशोभितान्यद्भुतदर्शनैश्च।
संक्रीडमानस्य गतानि तस्य
वर्षायुतानीह तथान्धकस्य॥ ३०

अद्भुत आकृति भएको पुष्प, अर्घ्य, धूप, मिष्टान्न, अंगराग आदिले युक्त भई क्रीडा गरिरहेको त्यो अन्धक दैत्यको उत्तम दस हजार वर्ष बित्यो॥ ३०॥

जानाति किंचिन्न शुभं परत्र
यदात्मनः सौख्यकरं भवेद्धि।
सदान्धको दैत्यवरः स मूढो
मदांधबुद्धिः कृतदुष्टसंगः॥ ३१

यस प्रकार भोग गर्दै त्यसलाई परलोकमा आफ्नू कल्याण गर्ने पुण्यको ज्ञान रहेन र त्यो मूर्ख दैत्यराज मदान्धबुद्धि भई दुष्टहरूका साथ निवास गर्न लाग्यो॥ ३१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततः प्रमत्तस्तु सुतान्प्रधानान्
कुतर्कवादैरभिभूय सर्वान्।
चचार दैत्यैः सहितो महात्मा
विनाशयन्वैदिकसर्वधर्मान् ॥ ३२

यसपछि त्यो महात्मा प्रमत्त भएर कुतर्कयुक्त कुराहरूबाट आफ्ना प्रधान पुत्रहरूलाई तिरस्कृत गरी सबै वैदिक धर्महरूको विनाश गर्दै दैत्यहरूका साथ विचरण गर्न लाग्यो ॥ ३२ ॥

वेदान्द्विजान् वित्तमदाभिभूतो
न मन्यते स्माप्यमरान्गुरूंश्च।
रेमे तथा दैवगतो हतायुः
स्वैरैरहोभिर्गमयन्वयश्च ॥ ३३

धनको अहंकारले मदान्ध त्यो वेद, ब्राह्मण, देवता तथा गुरुहरूको अपमान गर्न लाग्यो र दैववश हतायु भई आफ्नू आयुलाई स्वेच्छाचारपूर्वक क्षीण गर्दै रमण गर्न लाग्यो ॥ ३३ ॥

ततः कदाचिद्गतवान्ससैन्यो
बहुप्रयाता पृथिवीतलेऽस्मिन्।
अनेकसंख्या अपि वर्षकोट्यः
प्रहर्षितो मंदरपर्वतं तु ॥ ३४
स्वर्णोपमां तत्र निरीक्ष्य शोभां
बभ्राम सैन्यैः सह मानमत्तः।
क्रीडार्थमासाद्य च तं गिरीन्द्रं
मतिं स वासाय चकार मोहात् ॥ ३५

यस प्रकार यस पृथ्वीतलमा करोडौँ वर्ष निवास गर्दै त्यो [अन्धक] कुनै समय हर्षित भएर आफ्ना सेनाका साथ मन्दराचलमा गयो र त्यहाँको स्वर्णिम शोभा देखेर मानमत्त भई सैनिकहरूका साथ घुम्न लाग्यो। त्यो क्रीडाका लागि त्यस पर्वतमा आएर मोहवश त्यहाँ निवास गर्ने विचार गर्न लाग्यो ॥ ३४-३५ ॥

शुभं दृढं तत्र पुरं स कृत्वा
मुदा स्थितो दैत्यपतिः प्रभावात्।
निवेशयामास पुनः क्रमेण
अत्यद्भुतं मन्दरशैलसानौ ॥ ३६

त्यसले आफ्नो पराक्रमबाट प्रसन्नतापूर्वक मनोहर एवं दृढ नगरको निर्माण गरी स्वयं त्यसको शिखरमा आफ्नू निवासका निम्ति महासुन्दर भवन बनायो ॥ ३६ ॥

दुर्योधनो वैधसहस्तिसंज्ञौ
तन्मंत्रिणौ दानवसत्तमस्य।
ते वै कदाचिद्गिरिसुस्थले हि
नारीं सुरूपां ददृशुस्त्रयोऽपि ॥ ३७

त्यस दैत्येन्द्रका दुर्योधन, वैधस तथा हस्ती नामक मन्त्री थिए। कुनै समय ती तीनवटै मन्त्रीहरूले त्यस पर्वतशिखरमा एउटी रूपवती सुन्दरी स्त्रीलाई देखे ॥ ३७ ॥

ते शीघ्रगा दैत्यवरास्तु हर्षाद्
द्रुतं महादैत्यपतिं समेत्य।
ऊचुर्यथादृष्टमतीव प्रीत्या
तथान्धकं वीरवरं हि सर्वे ॥ ३८

शीघ्रगामी ती सबै दैत्यहरूले हर्षित भएर त्यस वीरवर दैत्येन्द्र अन्धकको समीप आएर जस्तो देखेका थिए, त्यस्तै प्रेमपूर्वक भने— ॥ ३८ ॥

मंत्रिण ऊचुः

गुहान्तरे ध्याननिमीलिताक्षो
दैत्येन्द्र कश्चिन्मुनिरत्र दृष्टः।
रूपान्वितश्चन्द्रकलार्द्धचूडः
कटिस्थले बद्धगजेन्द्रकृत्तिः ॥ ३९

मन्त्री भन्दछन्—हे दैत्येन्द्र! मन्दराचलको गुफामा ध्यानमा नेत्र बन्द गरेका, रूपवान्, चन्द्रमाको आधा कलालाई शिरमा धारण गरेका तथा कटिप्रदेशमा व्याघ्रचर्म बेरेका कुनै मुनि देखिएका छन् ॥ ३९ ॥

नागेन्द्रभोगावृतसर्वगात्रः
कपालमालाभरणो जटालः।
स शूलहस्तः शरतूणधारी
महाधनुष्मान्विधृताक्षसूत्रः ॥ ४०

उनको सारा शरीरमा भुजंग टाँसिएका छन्, ती शिरमा जटा तथा घाँटीमा खप्परका माला धारण गरेका छन्, हातमा त्रिशूल लिएका, बाण तथा तरकस धारण गरेका छन्, महान् धनुष धारण गरेका तथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खड्गी त्रिशूली लकुटी कपर्दी
　चतुर्भुजो गौरतराकृतिर्हि।
भस्मानुलिप्तो विलसत्सुतेजाः
　तपस्विवर्योऽद्भुतसर्ववेषः ॥ ४१
तस्याविदूरे पुरुषश्च दृष्टः
　स वानरो घोरमुखः करालः।
सर्वायुधो रूक्षकरश्च रक्षन्
　स्थितो जरद्गोवृषभश्च शुक्लः॥ ४२
तस्योपविष्टस्य तपस्विनोऽपि
　सुचारुरूपा तरुणी मनोज्ञा।
नारी शुभा पार्श्वगता हि तस्य
　दृष्टा च काचिद्भुवि रत्नभूता॥ ४३
प्रवालमुक्तामणिहेमरत्न-
　वस्त्रावृता माल्यशुभोपगूढा।
सा येन दृष्टा स च दृष्टिमान्स्याद्
　दृष्टेन चान्येन किमत्र कार्यम्॥ ४४
मान्या महेशस्य च दिव्यनारी
　भार्या मुनेः पुण्यवतः प्रिया सा।
योग्या हि द्रष्टुं भवतश्च सम्य-
　गानाय्य दैत्येन्द्र सुरत्नभोक्तुः॥ ४५

सनत्कुमार उवाच

श्रुत्वेति तेषां वचनानि तानि
　कामातुरो घूर्णितसर्वगात्रः।
विसर्जयामास मुनेः सकाशं
　दुर्योधनादीन्सहसा स दैत्यः॥ ४६
आसाद्य ते तं मुनिमप्रमेयं
　बृहद्व्रतं मंत्रिवरा हि तस्य।
सुराजनीतिप्रवणा मुनीश
　प्रणम्य तं दैत्यनिदेशमाहुः॥ ४७

मंत्रिण ऊचुः

हिरण्यनेत्रस्य सुतो महात्मा
　दैत्याधिराजोऽन्धकनामधेयः ।
त्रैलोक्यनाथो भवकृन्निदेशा-
　दिहोपविष्टोऽद्य विहारशाली॥ ४८
तन्मन्त्रिणो वै वयमङ्गवीरा-
　स्तवोपकंठं च समागताः स्म।
तत्प्रेषितास्त्वां यदुवाच तद्वै
　श्रृणुष्व संदत्तमनास्तपस्विन्॥ ४९

अक्षसूत्र पहिरिएका छन्, ती लकुट, त्रिशूल एवं खड्ग धारण गरेका छन्, ती जटाजूटले युक्त, चार भुजा भएका, गोरो वर्णका तथा भस्मबाट लिप्त छन्, ती महातेजस्वी प्रतीत भइरहेका छन्, उनको सम्पूर्ण वेष अद्भुत छ॥ ४०-४१॥

उनीभन्दा केही पर एउटा पुरुष देखियो, त्यो वानरसमान महाभयंकर मुख भएको, विकराल, हातहरूमा सम्पूर्ण अस्त्र लिई उनको रक्षा गर्दै स्थित छ। त्यहीँ शुक्लवर्णको एउटा सेतो वृद्ध साढे पनि छ॥ ४२॥

हामीहरूले बसेका ती तपस्वीको निकट पृथ्वीमा रत्नभूता सुन्दर रूपभएकी एउटी मनोहर युवती पनि देखेका छौँ। ती स्त्री प्रवाल, मुक्तामणि तथा रत्नहरूबाट निर्मित आभूषण तथा वस्त्रहरूलाई धारण गरेकी छन्। उनी मनोहर मालाले सुशोभित छिन्। जसले त्यस महासुन्दरीलाई देखेको छ, वास्तवमा त्यही दृष्टिवाला हो, त्यसलाई हेरिसकेपछि अरूलाई हेर्नुको कुनै प्रयोजन छैन। ती दिव्य नारी महापुण्यवान् महर्षि महेश्वरकी प्रिया भार्या हुन्। हे दैत्येन्द्र! तपाईं सुन्दर रत्नहरूको भोक्ता हुनुहुन्छ, अतः त्यसलाई आफ्नू घर ल्याएर राम्ररी हेर्नमा समर्थ हुनुहुन्छ॥ ४३—४५॥

सनत्कुमार भन्नुहुन्छ—ती मन्त्रीहरूको यस कुरालाई सुनेर त्यो दैत्य कामातुर भयो र त्यसको सारा शरीर घुम्न लाग्यो। त्यसले दुर्योधनादि मन्त्रीहरूलाई ती मुनिको समीप तत्काल पठायो॥ ४६॥

हे मुनीश! उत्तम राजनीतिमा परम प्रवीण ती श्रेष्ठ मन्त्रीहरूले महाव्रती एवं अप्रमेय ती मुनिकहाँ गएर प्रणाम गरी त्यस दैत्यको आज्ञा यस प्रकार भने— ॥ ४७॥

मन्त्री भन्दछन्—हिरण्याक्षको पुत्र दैत्याधिराज त्रैलोक्य-स्वामी महामना, जसको नाम अन्धक हो; उनी ब्रह्माको आज्ञाले विहार गर्दै यस मन्दराचलमा विराजमान छन्॥ ४८॥

हे तपस्वी! हामी उनका अंगरक्षक तथा मन्त्री हौँ, उनीद्वारा पठाइएका हामीहरू हजुरको समीपमा आएका छौँ र उनले जुन सन्देश दिएका छन्, हजुर त्यसलाई ध्यान दिएर सुन्नुहोस्॥ ४९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्वं कस्य पुत्रोऽसि किमर्थमत्र
सुखोपविष्टो मुनिवर्य धीमन्।
कस्येयमीदृक्तरुणी सुरूपा
देया शुभा दैत्यपतेर्मुनीन्द्र॥ ५०

हे बुद्धिमान् मुनिवर! तपाईं कसको पुत्र हुनुहुन्छ र कुन कारण यहाँ सुखपूर्वक बस्नुभएको छ, यस्ती महासुन्दरी यी तरुणी कसकी भार्या हुन्? हे मुनीन्द्र! तपाईं यिनलाई चाँडै दैत्यराजलाई समर्पित गरिदिनुहोस्॥ ५०॥

क्वेदं शरीरं तव भस्मदिग्धं
कपालमालाभरणं विरूपम्।
तूणीरसत्कार्मुकबाणखड्ग-
भुशुंडिशूलाशनितोमराणि ॥ ५१
क्व जाह्नवी पुण्यतमा जटाग्रे
क्वायं शशी वा कुणपास्थिखण्डम्।
विषानलो दीर्घमुखः क्व सर्पः
क्व संगमः पीनपयोधरायाः॥ ५२

कहाँ भस्मबाट लिप्त, मुण्डमालायुक्त, महाकुरूप तिम्रो यो शरीर र कहाँ तरकस-धनुष-बाण, खड्ग, भुशुण्डी, त्रिशूल, बाण एवं तोमर आदि दिव्यास्त्र। कहाँ जटाको अग्रभागमा परम पवित्र गंगा तथा शिरमा मनोहर चन्द्रमा र कहाँ दुर्गन्धियुक्त अस्थिखण्ड। कहाँ विषवमन गर्ने दीर्घमुख सर्प र कहाँ सुपुष्ट स्तन भएकी स्त्रीको संगम?॥ ५१-५२॥

जरद्गवारोहणमप्रशस्तं
क्षमावतस्तस्य न दर्शनं च।
संध्याप्रणामः क्वचिदेष धर्मः
क्व भोजनं लोकविरुद्धमेतत्॥ ५३

बुढो साढेको सवारी गर्नु ठिक छैन, क्षमावान् तपस्वीको यस्तो व्यवहार दिखिँदैन र सन्ध्या-वन्दन आदि नै तपस्वीहरूको धर्म हो, लोकविरुद्ध भोजन उनीहरूका लागि निषिद्ध छ॥ ५३॥

प्रयच्छ नारीं मम सान्त्वपूर्वं
स्त्रिया तपः किं कुरुषे विमूढ।
अयुक्तमेतत्त्वयि नानुरूपं
यस्मादहं रत्नपतिस्त्रिलोके॥ ५४
विमुञ्च शस्त्राणि मयाद्य चोक्तः
कुरुष्व पश्चात्तप एव शुद्धम्।
उल्लङ्घ्य मच्छासनमप्रधृष्यं
विमोक्ष्यसे सर्वमिदं शरीरम्॥ ५५

ए मूर्ख! तिमी यस स्त्रीलाई शान्तिपूर्वक मलाई समर्पित गर, स्त्रीका साथ तपस्या किन गरिरहेका छौ? यो तिम्रो लागि अनुचित छ र तिम्रो अनुकूल छैन; किनभने म तीनवटै लोकको रत्नपति हुँ। अतः तिमीलाई आज्ञा दिन्छु कि पहिला शस्त्रहरूको त्याग गर, यसपछि शुद्ध तप गर। मेरो अलंघनीय आज्ञाको उल्लंघन गर्दामा तिमीले आफ्नो शरीर छोड्नु पर्ने छ॥ ५४-५५॥

मत्वान्धकं दुष्टमतिप्रधानो
महेश्वरो लौकिकभावशीलः।
प्रोवाच दैत्यं स्मितपूर्वमेव-
माकर्ण्य सर्वं त्वथ दूतवाक्यम्॥ ५६

तब लौकिक भावको आश्रय गरी जगत्प्रधान शिवले त्यस दूतको सम्पूर्ण वचनलाई सुनेर अन्धकलाई दुष्टबुद्धि जानेर हाँस्तै त्यससित भन्नुभयो—॥ ५६॥

शिव उवाच

यद्यस्मि रुद्रस्तव किं मया स्यात्
किमर्थमेवं वदसीति मिथ्या।
शृणु प्रभावं मम दैत्यनाथ
न्याय्यं न वक्तुं वचनं त्वयैवम्॥ ५७

शिव भन्नुहुन्छ—हे दैत्यनाथ! यदि म रुद्र हुँ भने तिम्रो मसित के तात्पर्य छ, तिमी यस प्रकार मिथ्या किन बोल्छौ? तिमीले यस्तो भन्नु उचित छैन, तिमी मेरो प्रभावलाई सुन॥ ५७॥

नाहं क्वचित्त्वं पितरं स्मरामि
गुहांतरे घोरमनन्यचीर्णम्।
एतद् व्रतं पाशुपतं चरामि
न मातरं त्वज्ञतमो विरूपः॥ ५८

मलाई आफ्नो माता-पिताको स्मरण छैन, यस गुफामा महामूर्ख तथा विकृत रूपवाला म अरूका लागि दुर्लभ यस घोर पाशुपतव्रतको आचरण गर्दछु॥ ५८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अमूलमेतन्मयि तु प्रसिद्धं
सुदुस्त्यजं सर्वमिदं ममास्ति।
भार्या ममेयं तरुणी सुरूपा
सर्वंसहा सर्वगतस्य सिद्धिः॥ ५९
एतर्हि यद्यद्रुचितं तवास्ति
गृहाण तद्वै खलु राक्षस त्वम्।
एतावदुक्त्वा विरराम शंभुः
तपस्विवेषः पुरतस्तु तेषाम्॥ ६०

सनत्कुमार उवाच

गंभीरमेतद्वचनं निशम्य
ते दानवास्तं प्रणिपत्य मूर्ध्ना।
जग्मुस्ततो दैत्यवरस्य सूनुं
त्रैलोक्यनाशाय कृतप्रतिज्ञम्॥ ६१
बभाषिरे दैत्यपतिं प्रमत्तं
प्रणम्य राजानमदीनसत्त्वाः।
ते तत्र सर्वे जयशब्दपूर्वं
रुद्रेण यत्तत्स्मितपूर्वमुक्तम्॥ ६२

मंत्रिण ऊचुः

निशाचरश्चञ्चलशौर्यधैर्यः
क्व दानवः कृपणः सत्त्वहीनः।
क्रूरः कृतघ्नश्च सदैव पापी
क्व दानवः सूर्यसुताद्बिभेति॥ ६३
राजस्त्वमुक्तोऽखिलदैत्यनाथ-
स्तपस्विना तन्मुनिना विहस्य।
मत्वा स्वबुद्ध्या तृणवत्त्रिलोकं
महौजसा वीरवरेण नूनम्॥ ६४
क्वाहं च शस्त्राणि च दारुणानि
मृत्योश्च संत्रासकरं क्व युद्धम्।
क्व वीरको वानरवक्त्रतुल्यो
निशाचरो जरसा जर्जरांगः॥ ६५
क्वायं स्वरूपः क्व च मंदभाग्यो
बलं त्वदीयं क्व च वीरुधो वा।
शक्तोऽपि चेत्त्वं प्रयतस्व युद्धं
कर्तुं तदा ह्येहि कुरुष्व किंचित्॥ ६६
वज्राशनेस्तुल्यमिहास्ति शस्त्रं
भवादृशां नाशकरं च घोरम्।
क्व ते शरीरं मृदुपद्मतुल्यं
विचार्य चैवं कुरु रोचते यत्॥ ६७

मेरो विषयमा यस्तो प्रसिद्धि छ कि मूलरहित तथा दुस्त्यज यो सारा जगत् मबाट नै उत्पन्न भएको हो र सुन्दर रूप भएकी, सबथोक सहन गर्ने तथा म सर्वव्यापकको सिद्धिरूपा यी तरुणी मेरी भार्या हुन्॥ ५९॥

हे राक्षस! यस समय तिमीलाई जे-जे राम्रो लाग्छ, त्यसलाई तिमी ग्रहण गर। उनीहरूको सामुन्ने यस्तो भनेर तपस्वीवेशधारी सदाशिवले मौन धारण गर्नुभयो॥ ६०॥

सनत्कुमार भन्नुहुन्छ—यो गम्भीर वचन सुनेर ती दानवहरूले उहाँलाई शिर झुकाएर प्रणाम गरे, त्यसपछि त्रैलोक्य-विनाशका लागि प्रतिज्ञा गर्ने हिरण्याक्षपुत्र अन्धक दैत्यकहाँ गए। ती सबै पराक्रमी दैत्यहरूले त्यस मदोन्मत्त दैत्यपतिलाई प्रणाम गरी जयशब्दको उच्चारण गर्दै हाँसेर शिवले जुन कुरा भन्नुभएको थियो, त्यसलाई सुनाए॥ ६१-६२॥

मन्त्री [अन्धकासुरसित] भन्दछ—[हे राजन्! तपस्वी शिवले तपाईंको विषयमा भन्नुभएको छ कि] निशाचर, अस्थिर वीरता-धीरतावाला, सामर्थ्यरहित, क्रूरकर्मा, कृतघ्न, कृपण तथा सर्वदा पाप गर्ने त्यो दानव के सूर्यपुत्र यमराजसित डराउँदैन [जो मसित युद्धको इच्छा गरिरहेको छ?] सबै दैत्यहरूका स्वामी हे राजन्! आफ्नू बुद्धिले त्रैलोक्यलाई तृणवत् सम्झने महान् तेजस्वी, तपोनिष्ठ तथा परमवीर ती मुनिले हाँस्तै तपाईंको विषयमा पुनः भन्नुभएको छ—कहाँ को वृद्धावस्थाको कारण जर्जर अंगहरू भएको म र कहाँ यी [तिम्रा] दारुण शस्त्र र मृत्युलाई पनि आतंकित पार्ने युद्ध! कहाँ त्यो वानरको जस्तो मुख भएको मेरो गण वीरक र कहाँ [परम समर्थ] त्यो राक्षस! कहाँ को [राक्षसको दुर्धर्ष] त्यो स्वरूप र कहाँ मन्दभाग्य म! कहाँ तिम्रो [अतुलनीय] सैन्यबल र कहाँ [मेरो आश्रयभूत] यी वृक्ष-लता आदि! यसमा पनि यदि तिमी आफूलाई सामर्थ्य-सम्पन्न मान्छौ भने प्रयत्न गर, युद्ध गर्नका लागि यहाँ आऊ र केही [सामर्थ्य प्रदर्शन] गर [कहाँ को] मसँग तिमी-जस्ता व्यक्तिहरूलाई नष्ट पारिदिने महाभयंकर अस्त्र र कहाँ कोमल कमलको समान तिम्रो शरीर, अतः विचार गरी तिमी त्यस्तै गर, जस्तो तिमीलाई राम्रो लाग्छ॥ ६३—६७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इत्येवमादीनि वचांसि भद्रं
तपस्विनोक्तानि च दानवेश।
युक्तं न ते तेन सहात्र युद्धं
त्वामाह राजन्स्मयमान एव॥ ६८

हे दैत्यपते! यस प्रकारका अनेक वचन ती तपस्वीले हाँस्तै तपाईंसित भनेका छन्। हे राजन्! तपाईंका लागि उनका साथ युद्ध गर्नु उचित छैन॥ ६८॥

विवस्तुशून्यैर्बहुभिः प्रलापै-
रस्माभिरुक्तैर्यदि बुध्यसे त्वम्।
तपोभियुक्तेन तपस्विना वै
स्मर्तासि पश्चान्मुनिवाक्यमेतत्॥ ६९

यदि तपाईं हामीहरूद्वारा भनिएका अनुचित तथ्यहीन अनेक कथनहरूबाट तथा तपमा निरत ती तपस्वीद्वारा भनिएका वचनहरूलाई बुझ्नुहुन्छ भने ठीक छ, अन्यथा मुनिको यस वचनलाई तपाईं पछि सम्झनु हुनेछ॥ ६९॥

सनत्कुमार उवाच

ततः स तेषां वचनं निशम्य
जज्वाल रोषेण स मंदबुद्धिः।
आज्यावसिक्तस्त्विव कृष्णवर्त्मा
सत्यं हितं तत्कुटिलं सुतीक्ष्णम्॥ ७०

सनत्कुमार भन्नुहुन्छ— यसपछि उनीहरूको सत्य, हितकर, कुटिल तथा तीक्ष्ण वचन सुनेर त्यो मन्दबुद्धि क्रोधले त्यसै प्रकार आगो भयो, जस प्रकार घिउ हाल्नाले आगो प्रज्वलित हुन्छ॥ ७०॥

गृहीतखड्गो वरदानमत्तः
प्रचंडवातानुकृतिं च कुर्वन्।
गन्तुं च तत्र स्मरबाणविद्धः
समुद्यतोऽभूद्विपरीतदैवः॥ ७१

त्यसपछि प्रतिकूल भाग्यवाला, वरदानबाट प्रमत्त तथा कामबाणले बेधिएको त्यो दैत्य खड्ग लिएर पवन समान वेगपूर्वक त्यहाँ जानलाई उद्यत भयो॥ ७१॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे अंधकगाणपत्यपदलाभोपाख्याने दूतसंवादो नाम चतुश्चत्वारिंशोऽध्यायः॥ ४४॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा अन्धकगाणपत्यपदलाभोपाख्यानमा दूतसंवादवर्णन नामक चवालिसौँ अध्याय पूर्ण भयो॥ ४४॥

अथ पञ्चचत्वारिंशोऽध्यायः

अन्धकासुरको शिवका सेनासित युद्ध

सनत्कुमार उवाच

गतस्ततो मत्तगजेन्द्रगामी
पीत्वा सुरां घूर्णितलोचनश्च।
महानुभावो बहुसैन्ययुक्तः
प्रचंडवीरो वरवीरयायी॥ १

सनत्कुमार भन्नुहुन्छ— [हे व्यास!] त्यसपछि मदिरा पान गरी आँखा नचाउँदै गरेको मदमत्त हात्तीको समान गति भएको तथा श्रेष्ठ वीरहरूका साथ हिँड्ने त्यो प्रचण्ड वीर धेरै सेनाले युक्त भई त्यहाँ गयो॥ १॥

ददर्श दैत्यः स्मरबाणविद्धो
गुहां ततो वीरकरुद्धमार्गाम्।
स्निग्धं यथा वीक्ष्य पतंगसंज्ञः
दशाप्रदीपं च कृमिर्ह्युपेत्य॥ २

कामबाणले बेधिएको त्यस दैत्यले वीरकद्वारा अवरुद्ध मार्ग भएको त्यस गुफालाई त्यसै प्रकार हेर्‍यो, जसरी तेलले पूर्ण बल्दै गरेको दियोलाई प्रेमपूर्वक देखेर त्यसलाई प्राप्त गरी पुतली विनष्ट हुन्छ॥ २॥

तथा प्रदर्श्याशु पुनः पुनश्च
संपीड्यमानोऽपि स वीरकेण।

त्यसै प्रकार बारम्बार हेर्दै वीरकद्वारा पीडित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बभूव कामाग्निसुदग्धदेहोऽ-
न्धको महादैत्यपतिः स मूढः॥ ३
पाषाणवृक्षाशनितोयवह्नि-
भुजंगशस्त्रास्त्रबिभीषिकाभिः ।
संपीडितोऽसौ न पुनः प्रपीड्य:
पृष्टश्च कस्त्वं समुपागतोऽसि॥ ४
निशम्य तद् गां स्वमतं स तस्मै
चकार युद्धं स तु वीरकेण।
मुहूर्तमाश्चर्यवदप्रमेयं
संख्ये जितो वीरतरेण दैत्यः॥ ५
ततस्तु संग्रामशिरो विहाय
क्षुत्क्षामकंठस्तृषितो गतोऽभूत्।
चूर्णीकृते खड्गवरे च खिन्ने
पलायमानो गतविस्मयः सः॥ ६
चक्रुस्तदाजिं सह वीरकेण
प्रह्लादमुख्या दितिजप्रधानाः।
लज्जांकुशाकृष्टधियो बभूवुः
सुदारुणाः शस्त्रशतैरनेकैः॥ ७
विरोचनस्तत्र चकार युद्धं
बलिश्च बाणश्च सहस्रबाहुः।
भजिः कुजंभस्त्वथ शंबरश्च
वृत्रादयश्चाप्यथ वीर्यवन्तः॥ ८
ते युद्ध्यमाना विजिताः समन्ताद्
द्विधाकृता वै गणवीरकेण।
शेषे हतानां बहुदानवाना-
मुक्तं जयत्येव हि सिद्धसंघैः॥ ९
भेरुंडजानाभिनयप्रवृत्ते
मेदोवसामांससुपूयमध्ये ।
क्रव्यादसंघातसमाकुले तु
भयंकरे शोणितकर्दमे तु॥ १०
भग्नैस्तु दैत्यैर्भगवान् पिनाकी
व्रतं महापाशुपतं सुघोरम्।
प्रिये मया यत्कृतपूर्वमासी-
द्दाक्षायणीं प्राह सुसांत्वयित्वा॥ ११

शिव उवाच

तस्माद्बलं यन्मम तत्प्रणष्टं
मर्त्यैरमर्त्यस्य यतः प्रपातः।
पुण्यक्षयाही ग्रह एव जातो
दिवानिशं देवि तव प्रसंगात्॥ १२

पारिँदामा पनि त्यो मूर्ख महादैत्यपति अन्धक कामाग्निबाट दग्ध शरीरवाला हुन गयो। वीरकले पाषाण, वृक्ष, वज्र, जल, अग्नि, सर्प एवं अस्त्र-शस्त्रहरूले त्यसलाई पीडा पुऱ्यायो र पुनः पीडित पारी सोध्यो कि तिमी को हौ र कहाँबाट आएका हौ ? उसको वचन सुनेर अन्धकले आफ्नो अभिप्राय प्रकट गऱ्यो र त्यस वीरकका साथ युद्ध गर्न लाग्यो। आश्चर्य छ कि त्यस अप्रमेय महावीर वीरकले अन्धकलाई एक मुहूर्तमा युद्धमा जित्यो। महान् खड्ग धुलो भएपछि दुखी तथा विस्मयरहित त्यो अन्धक युद्धभूमि छोडेर भोक-प्यासले व्याकुल भई भाग्यो॥ ३—६॥

तत्पश्चात् प्रह्लाद आदि प्रधान दैत्य उसका साथ युद्ध गर्न लागे, तर अत्यन्त भयंकर ती दैत्य अनेक शस्त्रास्त्रहरूबाट लड्दै पराजित हुनाको कारण लज्जित भए॥ ७॥

तब विरोचन, बलि, हजारौँ हातहरू भएका बाण, भजि, कुजम्भ, शम्बर एवं वृत्र आदि पराक्रमी दैत्य युद्ध गर्न लागे। चारैतिरबाट घेरेर युद्ध गरिरहेका ती दैत्यहरूलाई शिवका गण वीरकले पराजित गरिदिए। उनीहरूलाई दुई टुक्रा पारिदिए। धेरैजसो दानवहरू मारिएपछि अरू केही बाँकी रहेपछि सिद्धसंघहरूले जय-जयकार गरे॥ ८-९॥

बोसो, मांस, पीपबाट महाभयंकर त्यस युद्धको बीच गीद्ध आनन्दले नाच्न लागे एवं रगतको भयंकर हिलोमा [विचरण गर्दै] मांसाहारी जन्तुहरूबाट सारा रणभूमि भयंकर देखिन लाग्यो। त्यस समय वीरकद्वारा दैत्यहरू विनष्ट भएपछि भगवान् सदाशिवले दाक्षायणीलाई सान्त्वना दिएर भन्नुभयो—हे प्रिये! मैले पूर्वमा जुन कठिन महापाशुपत व्रत गरेको थिएँ, त्यसलाई गर्न जाँदै छु॥ १०-११॥

शिव भन्नुहुन्छ—हे देवी! रात-दिन तिम्रो साथ प्रसंगका कारण मेरो सेनाको क्षय भयो, मरणधर्मा दैत्यहरूद्वारा मेरो अमर्त्य सेनाको विनाश भयो, त्यो कुनै पुण्यनाशक ग्रहको नै प्रभाव हो॥ १२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्पाद्य दिव्यं परमाद्भुतं तु
पुनर्वरं घोरतरं च गत्वा।
तस्माद् व्रतं घोरतरं चरामि
सुनिर्भया सुन्दरि वै विशोका॥ १३

सनत्कुमार उवाच

एतावदुक्त्वा वचनं महात्मा
उत्पाद्य घोषं शनकैश्चकार।
स तत्र गत्वा व्रतमुग्रदीप्तो
गतो वनं पुण्यतमं सुघोरम्॥ १४
चर्तुं हि शक्यं तु सुरासुरैर्य-
न्न तादृशं वर्षसहस्रमात्रम्।
सा पार्वती मंदरपर्वतस्था
प्रतीक्ष्यमाणाऽऽगमनं भवस्य॥ १५
पतिव्रता शीलगुणोपपन्ना
एकाकिनी नित्यमथो विभीता।
गुहान्तरे दुःखपरा बभूव
संरक्षिता सा सुतवीरकेण॥ १६
ततः स दैत्यो वरदानमत्तः
तैर्योधमुख्यैः सहितो गुहां ताम्।
विभिन्नधैर्यः पुनराजगाम
शिलीमुखैर्मारसमुद्भवैश्च ॥ १७
अत्यद्भुतं तत्र चकार युद्धं
हित्वा तदा भोजनपाननिद्राः।
रात्रिं दिवं पंचशतानि पंच
क्रुद्धः ससैन्यैः सह वीरकेण॥ १८
खड्गैः सकुंतैः सह भिंदिपालैः
गदाभुशुंडीभिरथो प्रकांडैः।
शिलीमुखैरर्द्धशशीभिरुग्रै-
र्वितस्तिभिः कूर्ममुखैर्ज्वलद्भिः॥ १९
नाराचमुख्यैर्निशितैश्च शूलैः
परश्वधैस्तोमरमुद्गरैश्च ।
खड्गैर्गुंडैः पर्वतपादपैश्च
दिव्यै रथास्त्रैरपि दैत्यसंघैः॥ २०
नदीधितिर्भिन्नतनुः पपात
द्वारं गुहायाः पिहितं समस्तम्।
तैरायुधैर्दैत्यभुजप्रयुक्त-
र्गुहामुखे मूर्छित एव पश्चात्॥ २१

हे सुन्दरी! अब म वनमा गएर परम दिव्य एवं अद्भुत वर प्राप्त गरी अत्यन्त कठिन व्रत गर्ने छु, तिमी पूर्णरूपले भयरहित तथा शोकविहीन रहनू॥ १३॥

सनत्कुमार भन्नुहुन्छ—यति वचन भनेर अत्यन्त तेजस्वी महात्मा शंकर [आफ्नू शृंगीको] विस्तारै आवाज निकाल्दै अत्यन्त घोर पुण्यतम वनमा गएर पाशुपतव्रतको अनुष्ठान गर्न लाग्नुभयो॥ १४॥

जुन व्रतलाई देवता एवं दानव पनि गर्नमा समर्थ छैनन्, त्यसलाई उहाँले हजार वर्षसम्म गर्नुभयो। त्यस समय पतिव्रता तथा शीलगुणबाट सम्पन्न पार्वती मन्दर पर्वतमा स्थित भई सदाशिवको आगमनको प्रतीक्षा गर्दै एक्लै गुफाभित्र सदा भयभीत तथा दुखी रहने गर्नुहुन्थ्यो, त्यस समय पुत्र वीरक नै उनको रक्षा गर्दथे॥ १५-१६॥

यसपछि वरदानबाट उन्मत्त तथा कामदेवका बाणहरूबाट धैर्यरहित त्यो दैत्य बडो शीघ्रतापूर्वक प्रह्लाद आदि दैत्यहरूका साथ त्यस गुफाको नजिक गयो॥ १७॥

त्यसले भोजन, पान एवं निद्राको परित्याग गरी कुपित भई आफ्नू सैनिकहरूलाई साथ लिएर पाँच-सय-पाँच रात-दिन वीरकका साथ अत्यन्त अद्भुत युद्ध गऱ्यो। खड्ग, बरछी, भिन्दिपाल, गदा, भुशुण्डी, अर्ध चन्द्रमासमान, वितस्तिमात्र (एक वित्ता, एक हात प्रमाणका) तथा कछुवाको समान मुख भएका प्रकाशमान बाणहरू, तीक्ष्ण त्रिशूलहरू, परशु, तोमर, मुद्गर, खड्ग, पर्वत, वृक्ष तथा दिव्यास्त्रहरूबाट त्यस वीरकले दैत्यहरूका साथ युद्ध गऱ्यो॥ १८—२०॥

दैत्यहरूद्वारा चलाइएका ती शस्त्रहरूबाट गुफाको द्वार बन्द हुन गयो, कहीँ लेशमात्र पनि प्रकाश रहेन, वीरक पनि शस्त्रहरूको चोटबाट आहत भएर गुफाको द्वारमा मूर्च्छित भएर ढल्यो॥ २१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आच्छादितं वीरकमस्त्रजालै-
दैत्यैश्च सर्वैस्तु मुहूर्तमात्रम्।
अपावृतं कर्तुमशक्यमासी-
न्निरीक्ष्य देवी दितिजान् सुघोरान्॥ २२
भयेन सस्मार पितामहं तु
देवी सखीभिः सहिता च विष्णुम्।
सैन्यं च मद्वीरवरस्य सर्वं
संस्मारयामास गुहान्तरस्था॥ २३
ब्रह्मा तया संस्मृतमात्र एव
स्त्रीरूपधारी भगवांश्च विष्णुः।
इन्द्रैश्च सर्वैः सह सैन्यकैश्च
स्त्रीरूपमास्थाय समागतास्ते॥ २४
भूत्वा स्त्रियस्ते विविशुस्तदानीं
मुनीन्द्रसंघाश्च महानुभावाः।
सिद्धाश्च नागास्त्वथ गुह्यकाश्च
गुहान्तरं पर्वतराजपुत्र्याः॥ २५
यस्मात्सुराज्यासनसंस्थिताना-
मन्तःपुरे संगमनं विरुद्धम्।
ततः सहस्त्राणि नितंबिनीना-
मनन्तसंख्यान्यपि दर्शयन्त्यः॥ २६
रूपाणि दिव्यानि महाद्भुतानि
गौर्यैं गुहायां तु सवीरकार्यैः।
स्त्रियः प्रहृष्टा गिरिराजकन्या
गुहान्तरं पर्वतराजपुत्र्याः॥ २७
स्त्रीभिः सहस्त्रैश्च शतैरनेकै-
र्नेदुश्च कल्पांतरमेघघोषाः।
भेर्यश्च संग्रामजयप्रदास्तु
ध्माताः सुशंखाः सुनितम्बिनीभिः॥ २८
मूर्छां विहायाद्भुत चंडवीर्यः
स वीरको वै पुरतः स्थितस्तु।
प्रगृह्य शस्त्राणि महारथानां
तैरेव शस्त्रैर्दितिजान् जघान॥ २९
ब्राह्मी ततो दंडकरा विरुद्धा
गौरी तदा क्रोधपरीतचेताः।
नारायणी शंखगदासुचक्र-
धनुर्द्धरा पूरितबाहुदंडा॥ ३०
विनिर्ययौ लांगलदण्डहस्ता
व्योमालका कांचनतुल्यवर्णा।

सबै दैत्यहरूबाट तथा उनीहरूको अस्त्रहरूबाट मुहूर्तमात्रका लागि वीरकलाई ढाकेको देखेर तथा यो देखेर कि यो भयंकर दैत्यहरूलाई हटाउन पाइरहेको छैन, गुफामा स्थित देवीले भयपूर्वक सखीहरूका साथ ब्रह्मा, विष्णु तथा समस्त गणहरूका सेनाको स्मरण गर्नुभयो॥ २२-२३॥

उहाँले स्मरण गर्नासाथ ब्रह्मा, भगवान् विष्णु तथा इन्द्र सबै सैनिकहरूका साथ स्त्रीरूप धारण गरी त्यहाँ आए। स्त्री बनेर ती देवता, मुनि, महात्मा, सिद्ध, नाग तथा गुह्यक पर्वतराजकी पुत्रीको गुफा भित्र प्रवेश गरे॥ २४-२५॥

उनीहरूले स्त्रीरूप धारण गर्नुको कारण यो थियो कि उत्तम राजाको आसनस्थ भएपछि उसको अन्तःपुरमा पुरुषवेशमा जान निषिद्ध छ, यसैले ती स्त्रीसमूहको रूपमा एकत्रित भए। वीरकार्य गर्ने ती अद्भुत रूप भएका स्त्रीहरू जब पार्वतीको गुफामा प्रविष्ट भए, तब ती स्त्रीहरूलाई देखेर पार्वती अत्यन्त प्रसन्न हुनुभयो॥ २६-२७॥

त्यस समय हजारौँ नितम्बिनी स्त्रीहरूद्वारा प्रलयकालीन प्रचण्ड मेघ समान घोष भएका तथा विजय दिने हजारौँ भेरी र शंख बजाइए॥ २८॥

अद्भुत तथा प्रचण्ड पराक्रम भएको वीरक पनि मूर्च्छा त्यागेर शस्त्रलाई लिएर महारथीहरूको अगाडि उभियो र तिनै शस्त्रहरूले दैत्यहरूको वध गर्न लाग्यो॥ २९॥

त्यस समय हातमा दण्ड लिएका ब्राह्मी, क्रोधले युक्त चित्त भएकी गौरी, आफ्नू हातहरूमा शंख, गदा, चक्र तथा धनुष धारण गरेकी नारायणी, हातमा लांगल, दण्ड लिएकी कांचनको समान वर्ण भएकी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धारासहस्त्राकुलमुग्रवेगं
वैडौजसी वज्रकरा तदानीम् ॥ ३१
सहस्त्रनेत्रा युधि सुस्थिरा च
सुदुर्जया दैत्यशतैरधृष्या।
वैश्वानरी शक्तिरसौम्यवक्त्रा
याम्या च दंडोद्यतपाणिरुग्रा ॥ ३२
सुतीक्ष्णखड्गोद्यतपाणिरूपा
समाययौ नैर्ऋतिघोरचापा।
तोयालिका वारणपाशहस्ता
विनिर्गता युद्धमभीप्समाना ॥ ३३
प्रचंडवातप्रभवा च देवी
क्षुधावपुस्त्वंकुशपाणिरेव।
कल्पान्तवह्निप्रतिमां गदां च
पाणौ गृहीत्वा धनदोद्भवा च ॥ ३४
यक्षेश्वरी तीक्ष्णमुखा विरूपा
नखायुधा नागभयंकरी च।
एतास्तथान्याः शतशो हि देव्यः
सुनिर्गताः संकुलयुद्धभूमिम् ॥ ३५
दृष्ट्वा च तत्सैन्यमनन्तपारं
विवर्णवर्णाश्च सुविस्मिताश्च।
समाकुलाः संचकिता भयाद्वै
देव्यो बभूवुर्हृदि दीनसत्त्वाः ॥ ३६
चक्रुः समाधाय मनः समस्ताः
ता देववध्वो विधिशक्तिमुख्याः।
सुसम्मतत्वेन गिरीशपुत्र्याः
सेनापतिर्वीरसुघोरवीर्यः ॥ ३७
चक्रुर्महायुद्धमभूतपूर्वं
निधाय बुद्धौ दितिजाः प्रधानाः।
निवर्तनं मृत्युमथात्मनश्च
नारीभिरन्ये वरदानसत्त्वाः ॥ ३८
अत्यद्भुतं तत्र चकार युद्धं
गौरी तदानीं सहिता सखीभिः।
कृत्वा रणे चाद्भुतबुद्धिशौण्डं
सेनापतिं वीरकघोरवीर्यम् ॥ ३९
हिरण्यनेत्रात्मज एव भूप-
श्चक्रे महाव्यूहमरं सुकर्मा।
संभाव्य विष्णुं च निरीक्ष्य याम्यां
सुदारुणं तद्गिलनामधेयम् ॥ ४०

व्योमालका तथा हातमा हजारौँ धार भएका, प्रचण्ड वेगले युक्त, उग्र वेग भएका वज्रलाई लिएकी ऐन्द्री युद्धका निम्ति निस्किन् ॥ ३०–३१ ॥

हजार नेत्र भएकी, युद्धमा निश्चल रहने, अत्यन्त दुर्जय, हजारौँ दैत्यहरूबाट कहिल्यै पराजित नहुने तथा भयंकर मुख भएकी वैश्वानरी तथा हातमा दण्ड लिएका उग्र याम्या शक्ति पनि युद्धमा प्रवृत्त भइन् ॥ ३२ ॥

हातमा अत्यन्त तीक्ष्ण तरवार तथा घोर धनुष लिएर निर्ऋति शक्ति आइन्। वरुणको पाश हातमा धारण गरी युद्धको अभिलाषा गर्दै तोयालिका निस्किन्। प्रचण्ड पवनकी महाशक्ति भोकबाट व्याकुल भई हातमा अंकुश लिएर एवं कुबेरकी शक्ति हातमा प्रलयकालको अगिनसमान गदा लिएर युद्धभूमिमा आइपुगिन्। तीक्ष्ण मुख भएकी, कुरूपा, नङरूपी आयुध भएकी, नाग समान भयंकर यक्षेश्वरी आदि देवीहरू तथा यसै प्रकारका अन्य सयकडौँ देवीहरू संग्रामभूमिमा निस्किए ॥ ३३—३५ ॥

त्यसका अपार सेना देखेर ती देवीहरू विस्मित, भयबाट व्याकुल, फीका वर्णका तथा अत्यन्त कातर भए। त्यसपछि ब्रह्माणी आदि सबै देवशक्तिहरूले पार्वतीको सम्मतिबाट आफ्नू मनलाई समाहित गरी वीरकलाई आफ्नू सेनापति बनाए। यसपछि वरदानबाट शक्तिसम्पन्न प्रधान दैत्य मनमा यो विचार गरी अभूतपूर्व युद्ध गर्न लाग्यो कि आज यी नारीहरूबाट हामी मृत्युलाई प्राप्त गर्ने छौँ अथवा यीमाथि विजय प्राप्त गर्ने छौँ। त्यस समय संग्रामभूमिमा अद्भुत बुद्धिसम्पन्न वीरकलाई आफ्नू सेनापति बनाएर पार्वतीले सखीहरूका साथ युद्धमा अद्भुत युद्धकौशल देखाउनुभयो ॥ ३६—३९ ॥

महापराक्रमी हिरण्याक्षपुत्र राजा अन्धकले पनि महाव्यूहको रचना गर्‍यो र विष्णुको सम्भावना गरी यमको शक्तिलाई अवस्थित देखेर [उनीहरूसित लड्नका लागि] महाभयंकर गिल नामक राक्षसलाई नियुक्त गर्‍यो ॥ ४० ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDE

मुखं करालं विधिसेवयाऽस्य
तस्मिन् कृते भगवानाजगाम।
कल्पान्तघोरार्कसहस्त्रकांति-
कीर्णश्च वै कुपितः कृत्तिवासाः॥ ४१
गते ततो वर्षसहस्त्रमात्रे
तमागतं प्रेक्ष्य महेश्वरं च।
चक्रुर्महायुद्धमतीवमात्रं
नार्यः प्रहृष्टाः सह वीरकेण॥ ४२
प्रणम्य गौरी गिरिशं च मूर्ध्ना
संदर्शयन् भर्तुरतीव शौर्यम्।
गौरी प्रयुद्धं च चकार हृष्टा
हरस्ततः पर्वतराजपुत्रीम्॥ ४३
कंठे गृहीत्वा तु गुहां प्रविष्टो
रमासहस्त्राणि विसर्जितानि।
गौरी च सम्मानशतैः प्रपूज्य
गुहामुखे वीरकमेव स्थापयन्॥ ४४
ततो न गौरीं गिरीशं च दृष्ट्वा-
सुरेश्वरो नीतिविचक्षणो हि।
द्रुतं स्वदूतं विघसाख्यमेव
स प्रेषयामास शिवोपकंठम्॥ ४५
तैस्तैः प्रहारैरपि जर्जरांग-
स्तस्मिन् रणे देवगणेरितैर्यः।
जगाद वाक्यं तु सगर्वमुग्रं
प्रविश्य शंभुं प्रणिपत्य मूर्ध्ना॥ ४६

दूत उवाच

संप्रेषितोऽहं विविशे गुहां तु
ह्येषोऽन्धकस्त्वां समुवाच वाक्यम्।
नार्या न कार्यं तव किंचिदस्ति
विमुञ्च नारीं तरुणीं सुरूपाम्॥ ४७
प्रायो भवांस्तापसस्तज्जुषस्व
क्षान्तं मया यत्कमनीयमन्तः।
मुनिर्विरोधव्य इति प्रचिन्त्य
न त्वं मुनिस्तापस किं तु शत्रुः॥ ४८
अतीव दैत्येषु महाविरोधी
युध्यस्व वेगेन मया प्रमथ्य।
नयामि पातालतलानुरूपं
यमक्षयं तापस धूर्त्त हि त्वाम्॥ ४९

ब्रह्माको सेवा गर्नाले त्यसको मुख अत्यन्त विकराल भएको थियो, यसैले त्यसलाई मार्नका लागि भगवान् विष्णु आउनुभयो। त्यसै समय हजार वर्ष बितेपछि प्रलयकालीन हजारौँ सूर्य समान कान्ति भएका व्याघ्रचर्मधारी भगवान् शिव पनि कुपित भएर युद्धभूमिमा आउनुभयो। तब ती महेश्वरलाई युद्धभूमिमा आउनुभएको देखेर अत्यन्त प्रसन्न भई ती स्त्रीहरूले वीरकलाई साथ लिएर महायुद्ध गरे॥ ४१-४२॥

त्यस समय शिर झुकाएर सदाशिवलाई प्रणाम गरी पतिको पराक्रम प्रदर्शित गर्दै गौरीले प्रसन्नतापूर्वक घोर युद्ध गर्नुभयो। त्यसपछि शंकर पार्वतीलाई हृदयमा लगाएर गुफा भित्र प्रविष्ट हुनुभयो। पार्वतीले ती हजारौँ स्त्रीहरूलाई अनेक प्रकारले सम्मानित गरी विदा गर्नुभयो र वीरकलाई गुफाको द्वारमा रहन आज्ञा दिनुभयो॥ ४३-४४॥

त्यसपछि नीतिमा विचक्षण त्यस असुरले गौरी एवं गिरीशलाई संग्रामभूमिमा नदेखेर शिवकहाँ विघस नामक आफ्नू दूतलाई पठायो॥ ४५॥

त्यस संग्राममा देवताहरूको प्रहारबाट क्षत-विक्षत शरीर भएको त्यस दैत्यले शिवका समक्षमा गएर उहाँलाई शिरले प्रणाम गरी गर्वयुक्त कठोर वचन भन्यो— ॥ ४६॥

दूत भन्दछ—हे शम्भु! अन्धकद्वारा पठाइएको म यस गुफामा प्रविष्ट भएको छु। त्यस अन्धकले तपाईंलाई सन्देश पठाएको छ कि तिमीलाई स्त्रीसित कुनै प्रयोजन छैन, अतः यस रूपवती युवती नारीलाई शीघ्र त्यागिदेऊ॥ ४७॥

प्रायः तपाईं तपस्वीले अन्तःकरणलाई भूषित गर्ने क्षमा आदि गुणहरूको सेवन गर्नु पर्छ। मुनिहरूसित विरोध गर्नु हुँदैन—यस्तो विचार गरी म तिमीसित विरोध गर्न चाँहन्न, वस्तुतः तिमी तपस्वी मुनि होइनौ, तर शत्रु हौ। हे धूर्त तापस! तिमी हामी दैत्यहरूको महाविरोधी शत्रु हौ, अतः चाँडै मसित युद्ध गर, म आजै तिम्रो वध गरी तिमीलाई रसातल पुऱ्याइदिन्छु॥ ४८-४९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सनत्कुमार उवाच

एतद्वचो दूतमुखान्निशम्य
कपालमाली तमुवाच कोपात्।
ज्वलन्विषादेन महांस्त्रिनेत्रः
सतां गतिर्दुष्टमदप्रहर्ता ॥ ५०

सनत्कुमार भन्नुहुन्छ—दूतको मुखबाट यी वचन सुनेर सज्जनहरूका रक्षक, दुष्टहरूको मदलाई कष्ट पार्नुहुने, कपालमाली, महान्, त्रिनेत्र शम्भु शोकाग्निबाट जल्दै बडो क्रोधपूर्वक त्यस दूतसित भन्न लागनुभयो— ॥ ५० ॥

शिव उवाच

व्यक्तं वचस्ते तदतीव चोग्रं
प्रोक्तं हि तत्त्वं त्वरितं प्रयाहि।
कुरुष्व युद्धं हि मया प्रसह्य
यदि प्रशक्तोऽसि बलेन हि त्वम् ॥ ५१
यः स्यादशक्तो भुवि तस्य कोऽर्थो
दारैर्धनैर्वा सुमनोहरैश्च।
आयान्तु दैत्याश्च बलेन मत्ता
विचार्यमेवं तु कृतं मयैतत् ॥ ५२
शरीरयात्रापि कुतस्त्वशक्तेः
कुर्वन्तु यद्यद्विहितं तु तेषाम्।
ममापि यद्यत्करणीयमस्ति
तत्तत्करिष्यामि न संशयोऽत्र ॥ ५३

शिव भन्नुहुन्छ—[हे दूत!] तिमीले जुन कुरा भनेका छौ, त्यो अत्यन्त कठोर छ। अब तिमी शीघ्र जाऊ र त्यसलाई भन—यदि तिमी बलवान् हौ भने शीघ्र आएर मेरो साथ बलपूर्वक युद्ध गर ॥ ५१ ॥

यस पृथ्वीमा जो अशक्त छ, त्यसलाई मनोहर स्त्री तथा धनसित के प्रयोजन? बलले मत्त दैत्य आओस्; मैले यो निश्चय गरेको छु। अशक्त पुरुष त शरीरयात्रामा पनि असमर्थ हुन्छन्, अतः उनीहरूका लागि जुन विहित छ, त्यसलाई गरून् र मलाई पनि जे गर्नु छ, त्यसलाई म गर्ने छु, यसमा सन्देह छैन ॥ ५२-५३ ॥

सनत्कुमार उवाच

एतद्वचस्तद्विघसोऽपि तस्मा-
च्छ्रुत्वा हरान्निर्गत एव हृष्टः।
प्रागात्ततो गर्जितहुङ्कृतानि
कुर्वंस्ततो दैत्यपतेः सकाशम् ॥ ५४

सनत्कुमार भन्नुहुन्छ—शिवबाट यो वचन सुनेर त्यो विघस पनि प्रसन्न भएर त्यहाँबाट निस्क्यो र त्यसपछि गर्जनापूर्वक हुंकार भरिएका दैत्यपतिकहाँ गयो ॥ ५४ ॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे युद्धप्रारम्भदूतसंवादवर्णनं नाम पञ्चचत्वारिंशोऽध्यायः ॥ ४५ ॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा युद्धप्रारम्भ-दूतसंवादवर्णन नामक पैंतालिसौँ अध्याय पूर्ण भयो ॥ ४५ ॥

अथ षट्चत्वारिंशोऽध्यायः

भगवान् शिव एवं अन्धकासुरको युद्ध, अन्धकको मायाले त्यसको रगतबाट अनेकौँ अन्धकगणहरूको उत्पत्ति, शिवको प्रेरणाले विष्णुले कालीरूप धारण गरी दानवहरूको रक्त पान गर्नु, शिवद्वारा अन्धकलाई आफ्नू त्रिशूलमा उन्नु, अन्धकको स्तुतिबाट प्रसन्न भई शिवद्वारा त्यसलाई गाणपत्य पद प्रदान गर्नु

सनत्कुमार उवाच

तस्येङ्गितज्ञश्च स दैत्यराजो
गदां गृहीत्वा त्वरितः ससैन्यः।

सनत्कुमार भन्नुहुन्छ—हे व्यास! दूतको मुखबाट शिवको अभिप्राय बुझेर त्यो दैत्यराज अन्धकले गदा लिएर देवगणहरूबाट सर्वथा अभेद्य गिल नामक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृत्वाथ सोऽग्रे गिलनामधेयं
सुदारुणं देववरैरभेद्यम्॥ १
गुहामुखं प्राप्य महेश्वरस्य
बिभेद शस्त्रैरशनिप्रकाशैः।
अन्ये ततो वीरकमेव शस्त्रै-
रवाकिरन् शैलसुतां तथान्ये॥ २
द्वारं हि केचिद्रुचिरं बभञ्जुः
पुष्पाणि पत्राणि विनाशयेयुः।
फलानि मूलानि जलं च हृद्य-
मुद्यानमार्गानपि खंडयेयुः॥ ३
विलोडयेयुर्मुदिताश्च केचि-
च्छृङ्गाणि शैलस्य च भानुमन्ति।
ततो हरः संस्मृतवान् स्वसैन्यं
समाह्वयन् कुपितः शूलपाणिः॥ ४
भूतानि चान्यानि सुदारुणानि
देवान्ससैन्यान्सह विष्णुमुख्यान्।
आहूतमात्रानुगणाः ससैन्या
रथैर्गजैर्वाजिवृषैश्च गोभिः॥ ५
उष्ट्रैः खरैः पक्षिवरैश्च सिंहैः
ते सर्वदेवाः सहभूतसंघैः।
व्याघ्रैर्मृगैः सूकरसारसैश्च
समीनमत्स्यैः शिशुमारमुख्यैः॥ ६
अन्यैश्च नानाविधजीवसंघै-
र्विशीर्णदंशैः स्फुटितैः श्मशानैः।
भुजंगमैः प्रेतशतैः पिशाचै-
र्दिव्यैर्विमानैः कमलाकरैश्च॥ ७
नदीनदैः पर्वतवाहनैश्च
समागताः प्रांजलयः प्रणम्य।
कपर्दिनं तस्थुरदीनसत्त्वाः
सेनापतिं वीरकमेव कृत्वा॥ ८
विसर्जयामास रणाय देवान्
विश्रांतवाहानथ तत्पिनाकी।
युद्धे स्थिरं लब्धजयं प्रधानं
संप्रेषितास्ते तु महेश्वरेण॥ ९
चक्रुर्युगान्तप्रतिमं च युद्धं
मर्यादहीनं सगिलेन सर्वे।
दैत्येन्द्रसैन्येन सदैव घोरं
क्रोधान्निगीर्णास्त्रिदशास्तु संख्ये॥ १०

दैत्यलाई अघि लगाई सेना सहित शीघ्र शिवको गुफाको ढोकामा पुगेर वज्रसमान तीखा शस्त्रहरूले प्रहार गर्न प्रारम्भ गऱ्यो, केही दैत्यहरूले वीरकमाथि र केही दैत्यहरूले पार्वतीमाथि शस्त्रहरूले प्रहार गरे। केही दैत्यहरूले गुफाको मनोहर द्वारलाई भत्काइदिए, केही दैत्यहरूले द्वारमा लगाइएका पत्र, पुष्प, फल, मूल तथा मनोहर जल एवं उद्यानमार्गहरू नष्ट पारिदिए। केही दैत्यहरूले प्रसन्न भई पर्वतहरूका दीप्तिमान् शिखरहरू भत्काइदिए॥ १–३१/२ ॥

त्यसपछि त्रिशूलधारी शिवले कुपित भई आफ्नू सेनाको, दारुण भूतगणहरूको तथा सैन्यसहित विष्णु आदि देवगणहरूको स्मरण गर्नुभयो। शिवले स्मरण गर्नासाथ रथ, हात्ती, घोडा, साँढे, गाई, ऊँट, गधा, पक्षीगण, सिंह, बाघ, मृग, सूँगुर, सारस, मीन, मत्स्य, शिशुमार, सर्प, सयकडौँ प्रेत-पिशाच, दिव्य विमान, तलाऊ, नदी, नद, पर्वत, वाहन एवं अन्य जीवहरूका साथ समस्त देवता उपस्थित भए र हात जोडेर शिवलाई प्रणाम गरी निर्भय भएर स्थित भए। त्यसपछि शिवले वीरकलाई सेनापति बनाएर थकित वाहन भएका ती देवताहरू एवं युद्धमा निश्चित विजयी हुने प्रधान वीरहरूलाई पठाउनुभयो। महेश्वरद्वारा पठाइएका ती सबै देवगणहरूले ती गिलसहित दैत्यराजका सेनासँग निरन्तर प्रलयकाल समान मर्यादाहीन घनघोर युद्ध गरे। तब विघससित युद्ध गरिरहेका ती ब्रह्मा, विष्णु, सूर्य एवं चन्द्रमा आदि समस्त देवताहरूलाई त्यसले क्रोधपूर्वक निलिदियो। यस प्रकार विघसद्वारा आफ्ना समस्त सेना निलिएपछि केवल वीरक मात्र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तस्मिन्क्षणे युध्यमानाश्च सर्वे
ब्रह्मेन्द्रविष्ण्वर्कशशांकमुख्याः ।
आसन्निगीर्णा विघसेन तेन
सैन्ये निगीर्णेऽस्ति तु वीरको हि ॥ ११
विहाय संग्राममशिरोगुहां तां
प्रविश्य शर्वं प्रणिपत्य मूर्ध्ना ।
प्रोवाच दुःखाभिहतः स्मरारिं
सुवीरको वाग्मिवरोऽथ वृत्तम् ॥ १२
निगीर्णं ते सैन्यं विघसदितिजेनाद्य भगव-
न्निगीर्णोऽसौ विष्णुस्त्रिभुवनगुरुर्दैत्यदलनः ।
निगीर्णौ चन्द्रार्कौ द्रुहिणमघवानौ च वरदौ
निगीर्णास्ते सर्वे यमवरुणवाताश्च धनदः ॥ १३
स्थितोऽस्म्येकः प्रह्वः किमिह करणीयं भवतु मे
अजेयो दैत्येन्द्रः प्रमुदितमना दैत्यसहितः ॥ १४
अजेयं त्वां प्राप्तः प्रतिभयमना मारुतगतिः
स्वयं विष्णुर्देवः कनककशिपुं कश्यपसुतम् ।
नखैस्तीक्ष्णैर्भक्त्या तदपि भगवान् शिष्टवशगः
प्रवृत्तस्त्रैलोक्यं विधमतु मलं व्यात्तवदनः ॥ १५
वसिष्ठाद्यैः शप्तो भुवनपतिभिः सप्तमुनिभिः
तथाभूते भूयस्त्वमिति सुचिरं दैत्यसहितः ॥ १६

ततस्तेनोक्तास्ते प्रणयवचनैरात्मनि हितैः
कदास्माद्वै घोराद्भवति मम मोक्षो मुनिवराः ।
यतः क्रुद्धैरुक्तो विघसहरणाद्युद्धसमये
ततो घोरैर्बाणैर्विदलितमुखे मुष्टिभिरलम् ॥ १७

बदर्याख्यारण्ये ननु हरिगृहे पुण्यवसतौ
निसंस्तभ्यात्मानं विगतकलुषो यास्यसि परम् ।
ततस्तेषां वाक्यात्प्रतिदिनमसौ दैत्यगिलनः
क्षुधार्तः संग्रामाद् भ्रमति पुनरामोदमुदितः ॥ १८

तमश्चेदं घोरं जगदुदितयोः सूर्यशशिनो-
र्यथाशुक्रस्तुभ्यं परमरिपुरत्यंतविकरः ।
हतान्देवैर्दैत्यान्पुनरमृतविद्यास्तुतिपदैः
सवीर्यान्संहृष्टान्व्रणशतवियुक्तान्प्रकुरुते ॥ १९

बाँकी रहे ॥ ४—११ ॥

तब संग्रामभूमि छोडेर त्यस गुफामा प्रवेश गरी शिर झुकाएर कामशत्रु शिवलाई प्रणाम गरी वक्ताहरूमा श्रेष्ठ त्यो वीरक दुखी भई सारा वृत्तान्त भन्न लाग्यो। हे भगवान्! विघस दैत्यले हजुरका सारा सेनालाई निलिदियो। त्यसले त्रिलोकगुरु दैत्यविनाशक भगवान् विष्णुलाई पनि निलिदियो। त्यसले सूर्य, चन्द्रमा, वरदायक ब्रह्मा तथा इन्द्रलाई पनि निलिदियो। त्यसले यम, वरुण, पवन एवं कुबेर आदिलाई पनि निलिदियो ॥ १२-१३ ॥

केवल म मात्र एक्लो बचेको छु, मैले अब के गर्नु पर्ला। त्यो अजेय दैत्यपति सेनासहित प्रसन्नचित्त छ। म भयभीत भई वायु वेगले हजुर अजेयका समक्षमा आएको छु। भगवान् विष्णुले आफ्नू मुख फैलाएर कश्यपपुत्र हिरण्यकशिपुलाई आफ्ना तीखा नङहरूले विदीर्ण गर्नुभएको थियो, उहाँ भक्तहरूको वशीभूत भई त्रिलोकीका कण्टकहरूको नाश गर्नमा प्रवृत्त रहने गर्नुहुन्छ ॥ १४-१५ ॥ पूर्वकालमा उहाँलाई वसिष्ठादि लोकरक्षक सप्तर्षिहरूले श्राप दिएका थिए कि तिमी दैत्यहरूका साथ चिरकालपर्यन्त युद्ध गर्दै उनीहरूद्वारा निलिने छौ ॥ १६ ॥

यसपछि जब विष्णुले विनम्र भई मुनिहरूसित प्रार्थना गर्नुभयो कि हे मुनिगण हो! यस घोर श्रापबाट मेरो छुटकारा कसरी हुने छ? तब क्रुद्ध भएका ती मुनिगणहरूले भने—युद्धकालमा जब घोर बाणहरूको वर्षा गरी विघस नामक दैत्यले तपाईंलाई निल्ने छ, तब तपाईं आफ्नू मुड्कीले त्यसको मुखमा प्रहार गरी निस्कनुहुने छ ॥ १७ ॥

तत्पश्चात् पुण्याश्रम बदरीवन नामक हरिगृहमा जब तपाईंले अवतार लिनुहुने छ, तब श्रापरहित भई आफ्नू परमात्मा-रूपमा अवस्थित हुनुहुने छ। त्यसबेला देखि त्यो गिल नामक दैत्य प्रतिदिन भोको रहेर बडो प्रसन्नताका साथ युद्धस्थलमा घुमिरहन्थ्यो। जसरी जगत्लाई प्रकाशित पार्ने सूर्य एवं चन्द्रमासित राहु शत्रुता गर्दछ, त्यसै प्रकार देवताहरूका परम शत्रु शुक्राचार्य देवताहरूद्वारा मारिएका सबै दैत्यहरूलाई संजीवनी विद्याका स्तुतिपदहरूबाट चोटरहित गरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वरं प्राणास्त्याज्यास्तव मम तु संग्रामसमये
भवान्साक्षीभूतः क्षणमपि वृतः कार्यकरणे ॥ २०

सनत्कुमार उवाच

इतीदं सत्पुत्रात्प्रमथपतिराकर्ण्य कुपित-
श्चिरं ध्यात्वा चक्रे त्रिभुवनपतिः प्रागनुपमम्।
प्रगायत्सामाख्यं दिनकरकराकारवपुषा
प्रहासात्तन्नाम्ना तदनु निहतं तेन च तमः ॥ २१

प्रकाशेऽस्मिँल्लोके पुनरपि महायुद्धमकरोद्
रणे दैत्यैः सार्द्धं विकृतवदनैर्वीरकमुनिः।
शिलाचूर्णं भुक्त्वा प्रवरमुनिना यस्तु जनितः
स कृत्वा संग्रामं पुरमपि पुरा यश्च जितवान् ॥ २२

महारुद्रः सद्यः स खलु दितिजेनातिगिलितः
ततश्चासौ नन्दी निशितशरशूलासिसहितः।
प्रधानो योधानां मुनिवरशतानामपि महान्
निवासो विद्यानां शमदममहाधैर्यसहितः ॥ २३
निरीक्ष्यैवं पश्चाद् वृषभवरमारुह्य भगवान्
कपर्दी युद्धार्थी विघसदितिजं सम्मुखमुखः।
जपन्दिव्यं मन्त्रं निगलनविधानोद्गिलनकं
स्थितः सज्जं कृत्वा धनुरशनिकल्पानपि शरान् ॥ २४
ततो निष्क्रांतोऽसौ विघसवदनाद्वीरकमुनि-
र्गृहीत्वा तत्सर्वे स्वबलमतुलं विष्णुसहिताः।
समुद्गीर्णाः सर्वे कमलजबलारीन्दुदिनपाः
प्रहृष्टं तत्सैन्यं पुनरपि महायुद्धमकरोत् ॥ २५

जिते तस्मिन् शुक्रस्तदनु दितिजान्युद्धविहतान्
यदा विद्यावीर्यात्पुनरपि सजीवान्प्रकुरुते।
तदा बद्ध्वाऽऽनीतः पशुरिव गणैर्भूतपतये
निगीर्णस्तेनासौ त्रिपुररिपुणा दानवगुरुः ॥ २६

विनष्टे शुक्राख्ये सुररिपुनिवासस्तदखिलो
जितो ध्वस्तो भग्नो भृशमपि सुरैश्चापि दलितम्।
प्रभूतैर्भूतौघैर्दितिजकुणपग्रासरसिकैः
सरुण्डैर्नृत्यद्भिर्निशितशरशक्त्युद्धतकरैः ॥ २७

जीवित पारिदिन्छन्। हजुरलाई तथा मलाई युद्धस्थलमा भलै प्राण त्याग गर्न किन नपरोस्, तर अब हजुर नै यस युद्धमा प्रमाण हुनुहुन्छ र हजुरले नै यस कार्यलाई सम्हाल्नुहोस् ॥ १८—२० ॥

सनत्कुमार भन्नुहुन्छ—त्रिभुवनपति प्रमथपति सदाशिव पुत्र वीरकको कुरा सुनेर ज्यादै कुपित हुनुभयो र केहीबेरसम्म विचार गरिरहनुभयो। त्यसपछि उहाँले सूर्य समान देदीप्यमान आफ्नू शरीरबाट उत्तम सामवेदको गान गर्नुभयो र ठुलो अट्टहास गर्नुभयो, जसबाट समस्त अन्धकार हट्यो ॥ २१ ॥

तब यस लोकमा उज्यालो भएपछि वीरक मुनिले रणमा विकृत मुख भएका दैत्यहरूका साथ पुनः महायुद्ध गरे। शिलाद मुनिले ढुङ्गाको धुलो खाएर जुन नन्दीश्वरलाई उत्पन्न गरेका थिए तथा जसले त्रिपुरलाई पनि पूर्वकालमा जितेका थिए, ती नन्दीले घनघोर युद्ध प्रारम्भ गरिदिए ॥ २२ ॥

नन्दीलाई पनि त्यस राक्षसले निलिदियो। यस्तो देखेर योद्धाहरू एवं मुनिहरूमा अग्रगण्य तथा सबै विद्याहरूका निवास, शम-दम-धैर्यादि गुणहरूले युक्त स्वयं कपर्दी महारुद्र वृषभमाथि सवार भई निलिएका देवगणहरूलाई ओकल्ने दिव्य मन्त्रको जप गर्दै तीक्ष्ण बाण, शूल तथा खड्ग लिएर युद्धका लागि त्यस राक्षसको सम्मुख उपस्थित हुनुभयो। त्यतिनैखेर महावीर वीरक सबैलाई लिएर त्यस विघस राक्षसको मुखबाट निस्किए। यसै प्रकार विष्णु, ब्रह्मा, इन्द्र, चन्द्रमा, सूर्य आदि सबै निस्किए। तब उनीहरूका सेना प्रसन्न भएर पुनः युद्ध गर्न लागे ॥ २३—२५ ॥

त्यस सेनाको विजयपछि देवगणहरूद्वारा मारिएका समस्त दैत्यहरूलाई शुक्राचार्यले आफ्नू संजीवनी विद्याको बलले पुनः जीवित पार्न लागे। तब गणहरूले शुक्राचार्यलाई पशुको समान बाँधेर शिवका समीपमा उपस्थित गराए र त्रिपुरारि शिवले ती दानवगुरुलाई निलिदिनुभयो ॥ २६ ॥

यस प्रकार शुक्राचार्य विनष्ट भएपछि देवताहरूले सारा दैत्यसेनालाई जिते, विध्वस्त गरिदिए र पूर्णरूपले किचिदिए। त्यस समय दैत्यहरूको शरीरलाई उत्साह-पूर्वक खानेवाला भूतगणहरूबाट एवं तीक्ष्ण बाण तथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रमत्तैर्वेतालैः सुदृढकरतुंडैरपि खगै-
र्वृकैर्नानाभेदैः शवकुणपपूर्णास्यकवलैः।
विकीर्णे संग्रामे कनककशिपोर्वंशजनक-
श्चिरं युद्धं कृत्वा हरिहरमहेन्द्रैश्च विजितः॥ २८

शक्ति हातमा लिई नाचिरहेका शिर काटिएका दैत्यहरूको गिँडबाट सारा रणभूमि ढाकियो। प्रमत्त वेताल, अत्यन्त बलिया चुच्चा एवं पंजा भएका पक्षीहरू एवं नाना प्रकारका ब्वाँसाहरूले मरेका राक्षसहरूको मांसलाई आफ्नो मुखमा राखेर आनन्दले भक्षण गर्न प्रारम्भ गरे। यस प्रकार हिरण्यकशिपुको वंशमा उत्पन्न भएको त्यो दैत्यराज चिरकालपर्यन्त युद्ध गरी विष्णु महेन्द्र एवं शिवबाट पराजित भयो॥ २७–२८॥

प्रविष्टे पाताले गिरिजलधिरंध्राण्यपि तथा
ततः सैन्ये क्षीणे दितिजवृषभश्चांधकवरः।
प्रकोपे देवानां कदनदवरो विश्वदलनो
गदाघातैर्घोरैर्विदलितमदश्चापि हरिणा॥ २९

पराजित भएपछि त्यस दैत्यका सारा सेना पातालमा, पर्वतहरूका गुफाहरूमा एवं समुद्रमा लुके। आफ्नो सारा सेना क्षीण भएपछि दैत्यश्रेष्ठ अन्धक, जो क्रुद्ध भएपछि न केवल देवताहरू, अपितु विश्वको नाश गर्नमा समर्थ थियो, विष्णुले गदाको भयंकर प्रहारहरूबाट त्यसको मद धुलो पारिदिनुभयो॥ २९॥

न वै यः संग्रामं त्यजति वरलब्धः किल यतः
तदा ताडैर्घोरैस्त्रिदशपतिना पीडिततनुः।
ततः शस्त्रास्त्रौघैस्तरुगिरिजलैश्चाशु विबुधान्
जिगायोच्चैर्गर्जन्प्रमथपतिमाहूय शनकैः॥ ३०

स्थितो युद्धं कुर्वन् रणपतितशस्त्रैर्बहुविधैः
परिक्षीणैः सर्वैस्तदनु गिरिजारुद्रमतुदत्।
तथा वृक्षैः सर्पैरशनिनिवहैः शस्त्रपटलै-
र्विरूपैर्मायाभिः कपटरचनाशम्बरशतैः॥ ३१

त्यसले युद्धभूमि परित्याग गरेन; किनभने त्यसलाई ब्रह्माको वरदान प्राप्त थियो। त्यसपछि इन्द्रका घोर अस्त्रहरूबाट पीडित भएको त्यो दैत्य आफ्ना शस्त्रास्त्रसमूह, वृक्ष, पर्वत एवं जलको प्रहारहरूले देवतालाई शीघ्र जितेर जोडले गर्जना गर्दै प्रमथपति शिवलाई संकेतहरूद्वारा बोलाएर युद्धभूमिमा खसेका अनेक प्रकारका शस्त्रहरूबाट युद्ध गर्दै स्थित रह्यो। ती सबै समाप्त भएपछि त्यो वृक्ष, सर्प, वज्र समान शस्त्रहरूद्वारा तथा शम्बरको सयकडौँ माया एवं कपट रचनाद्वारा गिरिजा एवं महादेवलाई पीडा पुऱ्याउन लाग्यो॥ ३०–३१॥

विजेतुं शैलेशं कुहकमपरं तत्र कृतवान्
महासत्त्वो वीरस्त्रिपुररिपुतुल्यश्च मतिमान्।
न वध्यो देवानां वरशतमनोन्मादविवशः
प्रभूतैः शस्त्रास्त्रैः सपदि दितिजो जर्जरतनुः॥ ३२

तदीयाद्विष्यन्दात्क्षितितलगतैरन्धकगणै-
रतिव्याप्तं घोरं विकृतवदनं स्वात्मसदृशम्।
दधत्कल्पान्ताग्निप्रतिमवपुषा भूतपतिना
त्रिशूलेनोद्भिन्नस्त्रिपुररिपुणा दारुणतरम्॥ ३३

शंकर समान महावीर, देवताहरूबाट अवध्य, महासत्त्वसम्पन्न, मतिमान्, सयकडौँ वरदान पाउनाले उन्मत्त भएको दैत्य अन्धकले शंकरलाई जित्नका लागि एउटा अर्को माया रच्यो, यद्यपि त्यसको शरीर देवताहरूका शस्त्रास्त्रद्वारा जर्जर भइसकेको थियो। त्यसको मायाको प्रभावबाट, त्यसका झरेका रगतका थोपाहरूबाट अनेक विकृतवदन अन्धकगण रणभूमिमा व्याप्त भए। तब प्रलयकालीन अग्निसमान शरीर धारण गर्नुहुने त्रिपुरारि सदाशिवले आफ्नो त्रिशूलले ती दैत्यहरूको भेदन प्रारम्भ गर्नुभयो॥ ३२–३३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यदा सैन्यात्सैन्यं पशुपतिहतादन्यदभवद्-
व्रणोत्थैरत्युष्णैः पिशितनिसृतैर्बिन्दुभिरलम्।
तदा विष्णुर्योगात्प्रमथपतिमाहूय मतिमान्
चकारोग्रं रूपं विकृतवदनं स्त्रैणमजितम्॥ ३४

करालं संशुष्कं बहुभुजलताक्रांतकुपितो
विनिष्क्रांतः कर्णाद्रणशिरसि शंभोश्च भगवान्॥ ३५

रणस्था सा देवी चरणयुगलालङ्कृतमही
स्तुता देवैः सर्वैः तदनु भगवान् प्रेरितमतिः।
क्षुधार्ता तत्सैन्यं दितिजनिसृतं तच्च रुधिरं
पपौ सात्युष्णं तद्रणशिरसि सृक्कर्दममलम्॥ ३६

ततस्त्वेको दैत्यस्तदपि युयुधे शुष्करुधिरः
तलाघातैर्घोरैरशनिसदृशैर्जानुचरणैः ।
नखैर्वज्राकारैर्मुखभुजशिरोभिश्च गिरिशं
स्मरन् क्षात्रं धर्मं स्वकुलविहितं शाश्वतमजम्॥ ३७

रणे शांतः पश्चात्प्रमथपतिना भिन्नहृदय-
स्त्रिशूले संप्रोतो नभसि विधृतः स्थाणुसदृशः।
अधःकायः शुष्कस्तपनकिरणैर्जीर्णतनुमान्
जलासारैर्मेघैः पवनसहितैः क्लेदितवपुः॥ ३८

विशीर्णस्तिग्मांशोस्तुहिनशकलाकारशकल-
स्तथाभूतः प्राणांस्तदपि न जहौ दैत्यवृषभः।
तदा तुष्टः शंभुः परमकरुणावारिधिरसौ
ददौ तस्मै प्रीत्या गणपतिपदं तेन विनुतः॥ ३९

ततो युद्धस्यान्ते भुवनपतयः सार्थ रमणै-
स्तवैर्नानाभेदैः प्रमथपतिमभ्यर्च्य विधिवत्।
हरिब्रह्माद्यास्ते परमनुतिभिः तुष्टुवुरलं
नतस्कंधाः प्रीता जय जय गिरं प्रोच्य सुखिताः॥ ४०

यसरी शिवको त्रिशूलको प्रहारको आघातबाट मांस छियाछिया भएका कारण बगिरहेका रगतका थोपाबाट अनेकौँ अन्धक उत्पन्न हुन लागे। तब महाबुद्धिमान् विष्णुले शंकरलाई बोलाई योगद्वारा अत्यन्त विकृत मुख भएकी, उग्र, अजेय, कराल तथा अत्यन्त शुष्क स्त्रीको रूप धारण गर्नुभयो। अनेक भुजाहरूले युक्त तथा कुपित भगवान् विष्णु त्यस युद्धस्थलमा शंकरको कानबाट प्रकट हुनुभयो॥ ३४-३५॥

युद्धभूमिमा उत्पन्न भएकी ती देवीले आफ्नो युगलचरणहरूले पृथ्वीलाई सुशोभित पार्न लागिन्। सबै देवगण उनको स्तुति गर्न लागे। त्यसपछि शंकरको प्रेरणाले क्षुधाबाट व्याकुल ती देवी मांसको हिलोले युक्त त्यस रणभूमिमा दैत्यपतिको शरीरबाट निस्केका तातो रगतको पान गर्न लागिन्॥ ३६॥

यस प्रकार रगत सुकेपछि त्यो दैत्य एक्लो भयो र आफ्नो कुलक्रमागत सनातन क्षात्रधर्मको स्मरण गर्दै आफ्नो वज्र समान मुड्की, घुँडा, खुट्टा, नङ हात तथा टाउकोद्वारा शंकरसित युद्ध गरिरह्यो॥ ३७॥

[यस प्रकार युद्ध गरी] तब त्यो रणमा शान्त भयो, फेरि क्रुद्ध भएका शिवले आफ्नू त्रिशूलले त्यसको हृदय विदीर्ण गरिदिनुभयो र स्थाणुसमान त्यसको ठुटे शरीरलाई त्रिशूलमा उनेर आकाशमा टाँगिदिनुभयो। त्यसको शरीर सूर्यको तापले सुक्न लाग्यो, पवनप्रेरित जलपूर्ण बादलहरूले त्यसको शरीरलाई गलाइदिए र त्यसको सारा शरीर जीर्ण-शीर्ण हुन गयो॥ ३८॥

सूर्यका किरणहरूबाट सन्तप्त, हिमखण्डहरूबाट खण्डित हुँदामा पनि त्यस दैत्यराजले प्राण-त्याग गरेन र त्यसले भगवान् शंकरको निरन्तर स्तुति गरिरह्यो। यो देखेर करुणासागर परम दयालु भगवान् शंकरले त्यसको स्तुतिबाट प्रसन्न भएर त्यसलाई गाणपत्यपद प्रदान गर्नुभयो॥ ३९॥

त्यस समय युद्धको अन्तमा भुवनपति श्रीहरि, ब्रह्मा तथा समस्त देवताहरूले शंकरको विधिपूर्वक पूजा गरी गर्धन झुकाएर मनोहर एवं सारगर्भित स्तुतिबाट उहाँको स्तुति गरे तथा प्रसन्न भई उहाँको जय-जयकार गर्दै ती सुखी भए। तत्पश्चात् भगवान्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हरस्तैस्तैः सार्धं गिरिवरगुहायां प्रमुदितो
विसृज्यैकानंशान् विविधबलिना पूज्यसुनगान्।
चकाराज्ञां क्रीडां गिरिवरसुतां प्राप्य मुदितां
तथा पुत्रं घोराद्विघसवदनान्मुक्तमनघम्॥ ४१

भूतपति नाना प्रकारका सामग्रीबाट पूजित भई देवगणलाई सत्कारसहित विदा गरी पार्वतीका साथ प्रसन्न भई गुफामा क्रीडा गर्न लाग्नुभयो। त्यस समय त्यो घोर विघसको मुखबाट पापरहित पुत्र वीरक निस्कनाले अत्यन्त प्रसन्न भएका थिए॥ ४०-४१॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे अंधकवधोपाख्याने अन्धकयुद्धवर्णनं नाम षट्चत्वारिंशोऽध्यायः॥ ४६॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा अन्धकवधोपाख्यानमा अन्धकयुद्धवर्णन नामक छयालिसौँ अध्याय पूर्ण भयो॥ ४६॥

अथ सप्तचत्वारिंशोऽध्यायः

शुक्राचार्यद्वारा युद्धमा मरेका दैत्यहरूलाई संजीवनी-विद्याद्वारा जीवित पार्नु, दैत्यहरूको युद्धका लागि पुनः उद्योग, नन्दीश्वरद्वारा शिवलाई यो वृत्तान्त बताउनु, शिवको आज्ञाले नन्दीद्वारा युद्ध-स्थलबाट शुक्राचार्यलाई शिवका समक्षमा ल्याउनु, शिवद्वारा शुक्राचार्यलाई निलिदिनु

व्यास उवाच

तस्मिन्महति संग्रामे दारुणे लोमहर्षणे।
शुक्रो दैत्यपतिर्विद्वान् भक्षितस्त्रिपुरारिणा॥ १

इति श्रुतं समासान्मे तत्पुनर्ब्रूहि विस्तरात्।
किं चकार महायोगी जठरस्थः पिनाकिनः॥ २

न ददाह कथं शंभोः शुक्रं तं जठरानलः।
कल्पान्तदहनः कालो दीप्ततेजाश्च भार्गवः॥ ३

विनिष्क्रान्तः कथं धीमान् शंभोर्जठरपंजरात्।
कथमाराधयामास कियत्कालं स भार्गवः॥ ४

कथं च लब्धवान्विद्यां तां मृत्युशमनीं पराम्।
का सा विद्या परा तात यया मृत्युर्हि वार्यते॥ ५

लेभेऽन्धको गाणपत्यं कथं शूलाद्विनिर्गतः।
देवदेवस्य वै शंभोर्मुनेर्लीलाविहारिणः॥ ६

एतत्सर्वमशेषेण महाधीमन् कृपां कुरु।
शिवलीलामृतं तात शृण्वतः कथयस्व मे॥ ७

ब्रह्मोवाच

इति तस्य वचः श्रुत्वा व्यासस्यामिततेजसः।
सनत्कुमारः प्रोवाच स्मृत्वा शिवपदांबुजम्॥ ८

व्यास भन्नुहुन्छ—त्यस भयानक तथा रोमांच उत्पन्न गर्ने महायुद्धमा भगवान् सदाशिवले विद्वान् दैत्याचार्य शुक्रलाई निल्नुभयो—यो कुरा मैले संक्षेपमा सुनैं, अब तपाईं त्यसलाई विस्तारपूर्वक भन्नुहोस् कि शिवको उदरमा स्थित महायोगी शुक्राचार्यले के गरे, शिवको प्रलयकालीन अग्निसमान जठराग्निले ती शुक्रलाई किन जलाएन? कालरूपी बुद्धिमान् तथा तेजस्वी शुक्राचार्य कसरी शिवको जठराग्निबाट बाहिर निस्के, ती शुक्रले केका निम्ति तथा कति समयसम्म आराधना गरे, उनले मृत्युको शमन गर्ने त्यस परा विद्यालाई कसरी प्राप्त गरे तथा हे तात! त्यो कुनचाहिँ विद्या हो, जसबाट मृत्युको निवारण हुन जान्छ, देवाधिदेव, लीलाविहारी भगवान् शंकरको त्रिशूलबाट छुटकारा पाएको अन्धकले कसरी गाणपत्यपद प्राप्त गऱ्यो? हे परम बुद्धिमान् तात! कृपा गर्नुहोस् र शिवलीलामृतको पान गर्ने मलाई यो सब विशेष रूपले बताउनुहोस्॥ १—७॥

ब्रह्मा भन्नुहुन्छ—हे तात! अमिततेजस्वी व्यासका यी वचनलाई सुनेर शिवका चरणकमलको स्मरण गरी सनत्कुमार भन्न लाग्नुभयो— ॥ ८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सनत्कुमार उवाच

श्रृणु व्यास महाबुद्धे शिवलीलामृतं परम्।
धन्यस्त्वं शैवमुख्योऽसि ममानन्दकरः स्वतः॥ ९

प्रवर्तमाने समरे शंकरांधकयोस्तयोः।
अनिर्भेद्यपविव्यूहगिरिव्यूहाधिनाथयोः॥ १०

पुरा जयो बभूवापि दैत्यानां बलशालिनाम्।
शिवप्रभावादभवत्प्रमथानां मुने जयः॥ ११

तच्छ्रुत्वासीद्विषण्णो हि महादैत्योऽन्धकासुरः।
कथं स्यान्मे जय इति विचारणपरोऽभवत्॥ १२

अपसृत्य ततो युद्धादन्धकः परबुद्धिमान्।
द्रुतमभ्यगमद्वीर एकलः शुक्रसन्निधिम्॥ १३

प्रणम्य स्वगुरुं काव्यमवरुह्य रथाच्च सः।
बभाषेदं विचार्याथ सांजलिर्नीतिवित्तमः॥ १४

अंधक उवाच

भगवंस्त्वामुपाश्रित्य गुरोर्भावं वहामहे।
पराजिता भवामो नो सर्वदा जयशालिनः॥ १५

त्वत्प्रभावात्सदा देवान्समस्तान्सानुगान्वयम्।
मन्यामहे हरोपेन्द्रमुखानपि हि कत्तृणान्॥ १६

अस्मत्तो बिभ्यति सुराः सदा भवदनुग्रहात्।
गजा इव हरिभ्यश्च ताक्ष्यैभ्य इव पन्नगाः॥ १७

अनिर्भेद्यं पविव्यूहं विविशुर्दैत्यदानवाः।
प्रमथानीकमखिलं विधूय त्वदनुग्रहात्॥ १८

वयं त्वच्छरणा भूत्वा सदा गा इव निश्चलाः।
स्थित्वा चरामो निःशंकमाजावपि हि भार्गव॥ १९

रक्षरक्षाभितो विप्र प्रव्रज्य शरणागतान्।
असुरान् शत्रुभिर्वीरैरर्दितांश्च मृतानपि॥ २०

प्रमथैर्भीमविक्रांतैः क्रांतान्मृत्युप्रमाथिभिः।
सूदितान्पतितान्पश्य हुंडादीन्मद्गणान्वरान्॥ २१

सनत्कुमार भन्नुहुन्छ—हे महाबुद्धिमान् व्यास! तपाईं मबाट शिवलीलामृतको श्रवण गर्नुहोस्, तपाईं धन्य हुनुहुन्छ, शिवका परम भक्त हुनुहुन्छ र विशेष गरी मलाई त धेरै आनन्द दिनेवाला हुनुहुन्छ। जुन वेला अत्यन्त दुर्भेद्य वज्रव्यूहका अधिपति भगवान् शंकर एवं गिरिव्यूहका अधिपति अन्धकको बिचमा घनघोर युद्ध शुरू भएको थियो, त्यस समयमा सर्वप्रथम बलशाली दैत्यहरूको विजय भयो र हे मुनि! त्यसपछि शिवको प्रभावले पुनः प्रमथगणहरूको विजय भयो॥ ९—११॥

यो सुनेर महान् दैत्य अन्धकासुर अत्यन्त दुःखित भयो र त्यो विचार गर्न लाग्यो कि मेरो विजय कसरी हुनेछ। यसपछि परम बुद्धिमान्, महावीर त्यो अन्धक संग्राम छोडेर तत्काल एक्लै शुक्राचार्यकहाँ गयो। परम नीतिज्ञ त्यो अन्धक रथबाट ओर्लेर आफ्नू गुरु शुक्राचार्यलाई प्रणाम गरी हात जोडेर विचार गरी यो भन्न लाग्यो—॥ १२—१४॥

अन्धक भन्दछ—हे भगवान्! हामीहरू तपाईंको आश्रय लिएर तपाईंलाई गुरु मान्दछौँ, सर्वदा विजय पाउने हामीहरू आज पराजित भइरहेका छौँ॥ १५॥

[हे देव!] तपाईंको प्रभावबाट हामीहरू सदैव शंकर, विष्णु आदि देवताहरूलाई तथा उनीहरूका अनुचरहरूलाई क्षुद्र तृणसमान सम्झन्छौँ र तपाईंको अनुग्रहले सबै देवता हामीसित त्यसै प्रकार डराइरहन्छन्, जसरी सिंहबाट हात्ती र गरुडबाट सर्पहरू डराइरहन्छन्॥ १६-१७॥

तपाईंको अनुग्रहले प्रमथहरूका सम्पूर्ण सेनालाई ध्वस्त पारी दैत्य तथा दानवहरू दुर्भेद्य वज्रव्यूहमा प्रवेश गरे॥ १८॥

हे भार्गव! हामीहरू तपाईंको शरणमा रहेर पृथ्वीसमान सदा अविचल भई युद्धस्थलमा निःशंक विचरण गर्दछौँ। हे विप्र! वीर शत्रुहरूबाट पीडित भई भागेर शरणमा आएका असुरहरूको तथा मृत दैत्यहरूको तपाईं रक्षा गर्नुहोस्। मृत्युलाई पराजित गर्ने महापराक्रमी प्रमथगणहरूबाट मार खाएर युद्धमा ढलेका ती हुण्ड आदि मेरा गणहरूलाई हेर्नुहोस्॥ १९—२१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यः पीत्वा कणधूमं वै सहस्त्रं शरदां पुरा।
त्वया प्राप्ता वरा विद्या तस्याः कालोऽयमागतः॥ २२

अद्य विद्याफलं तत्ते सर्वे पश्यन्तु भार्गव।
प्रमथा असुरान्सर्वान् कृपया जीवयिष्यतः॥ २३

सनत्कुमार उवाच

इत्थमन्धकवाक्यं स श्रुत्वा धीरो हि भार्गवः।
तदा विचारयामास दूयमानेन चेतसा॥ २४

किं कर्तव्यं मयाद्यापि क्षेमं मे स्यात्कथं त्विति।
सन्निपातविधिर्जीवः सर्वथानुचितो मम॥ २५

विद्येयं शंकरात्प्राप्ता तद्गणान् प्रति योजये।
तद्रणे मर्दितान्वीरैः प्रमथैः शंकरानुगैः॥ २६

शरणागतधर्मोऽथ प्रवरः सर्वतो हृदा।
विचार्य शुक्रेण धिया तद्वाणी स्वीकृता तदा॥ २७

किंचित्स्मितं तदा कृत्वा सोऽब्रवीद्दानवाधिपम्।
भार्गवः शिवपादाब्जं स्मृत्वा स्वस्थेन चेतसा॥ २८

शुक्र उवाच

यत्त्वया भाषितं तात तत्सर्वं तथ्यमेव हि।
एतद्विद्योपार्जनं हि दानवार्थं कृतं मया॥ २९

दुःसहं कणधूमं वै पीत्वा वर्षसहस्त्रकम्।
विद्येयमीश्वरात्प्राप्ता बंधूनां सुखदा सदा॥ ३०

प्रमथैर्मथितान्दैत्यान् रणेऽहं विद्ययानया।
उत्थापयिष्ये म्लानानि शस्यानि जलभुग्यथा॥ ३१

निर्व्रणान्नीरुजः स्वस्थान् सुप्त्वेव पुनरुत्थितान्।
मुहूर्तेऽस्मिंश्च द्रष्टासि दैत्यांस्तानुत्थितान्निजान्॥ ३२

सनत्कुमार उवाच

इत्युक्त्वा सोऽन्धकं शुक्रो विद्यामावर्तयत्कविः।
एकैकं दैत्यमुद्दिश्य स्मृत्वा विद्येशमादरात्॥ ३३

विद्यावर्तनमात्रेण ते सर्वे दैत्यदानवाः।
उत्तस्थुर्युगपद्वीराः सुप्ता इव धृतायुधाः॥ ३४

सदाभ्यस्ता यथा वेदाः समये वा यथाम्बुदाः।
श्रद्धयार्थास्तथा दत्ता ब्राह्मणेभ्यो यथापदि॥ ३५

तपाईंले पूर्वकालमा हजारौँ वर्षसम्म तुषाग्निजन्य ताप पान गरी जुन संजीवनी-विद्यालाई प्राप्त गर्नुभएको छ, अब त्यसको उपयोगको समय आएको छ। हे भार्गव! यस समय तपाईं कृपा गरी सबै असुरहरूलाई जीवित पारिदिनुहोस्, जसबाट सबै प्रमथ तपाईंको यस विद्याको प्रभावलाई हेरून्॥ २२-२३॥

सनत्कुमार भन्नुहुन्छ—यस प्रकार अन्धकको वचनलाई सुनेर परम धीर ती शुक्राचार्य दुखी मनले विचार गर्न लागे। मैले यस समय के गर्नु पर्ला, मेरो कल्याण कसरी हुन्छ, यी मरेकाहरूलाई बचाउनका लागि संजीवनीविद्याको प्रयोग मेरा निम्ति सर्वथा अनुचित छ। त्यो विद्या मलाई शंकरद्वारा प्राप्त भएको छ, अतः यसको उपयोग शिवका अनुचर वीर प्रमथहरूद्वारा रणमा मारिएका दैत्यहरूलाई जीवित गर्नका लागि कसरी गरूँ। तर शरणमा आएकाको रक्षा गर्नु सर्वोपरि धर्म हो, तब हृदय तथा बुद्धिले विचार गरी शुक्राचार्यले त्यसको कुरा अंगीकार गरे॥ २४—२७॥ यसपछि शिवका चरणकमलहरूको स्मरण गरी मुस्कुराउँदै स्वस्थचित्त भई शुक्राचार्यले दैत्यराजसित भने—॥ २८॥

शुक्र भन्नुहुन्छ—हे तात! तपाईंले जे भन्नुभएको छ, ती सबै सत्य हुन्, मैले साँच्चै यस विद्याको प्राप्ति दानवहरूका लागि नै गरेको छु। मैले सहस्त्रवर्षसम्म तुषाग्निजन्य ताप पिएर शिवबाट यस विद्यालाई प्राप्त गरेको थिएँ, जुन बन्धुगणहरूलाई सर्वदा सुखदायक छ। म यस विद्याको प्रभावले संग्राममा देवताहरूद्वारा मारिएका ती दैत्यहरूलाई त्यसै गरी जगाइदिनेछु, जसरी ओइल्याएका बालीलाई मेघले जीवित पार्दछन्। तपाईंले अहिले यसै क्षण देख्नुहुने छ कि यी दैत्य व्रणरहित एवं स्वस्थ भई सुतेर उठे समान पुनः जीवित हुनेछन्॥ २९—३२॥

सनत्कुमार भन्नुहुन्छ—अन्धकसित यस्तो भनी शुक्राचार्यले अत्यन्त आदरका साथ शिवको स्मरण गरी एक-एक दैत्यलाई उद्देश्य गर्दै संजीवनीविद्याको प्रयोग गरे। त्यस विद्याको प्रयोग हुनासाथ ती समस्त दैत्य एवं दानव सुतेर उठे समान शस्त्र धारण गरी एक साथ त्यसै प्रकार उठे, जसरी निरन्तर अभ्यस्त वेद, जसरी समयमा मेघ एवं आपत्तिकालमा श्रद्धाबाट ब्राह्मणहरूलाई दिइएको दान फलदायी हुन जान्छ॥ ३३—३५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उज्जीवितांस्तु तान्दृष्ट्वा हुंडादींश्च महासुरान्।
विनेदुरसुराः सर्वे जलपूर्णा इवाम्बुदाः॥ ३६

रणोद्यताः पुनश्चासन्गर्जन्तो विकटान् रवान्।
प्रमथैः सह निर्भीता महाबलपराक्रमाः॥ ३७

शुक्रेणोज्जीवितान्दृष्ट्वा प्रमथा दैत्यदानवान्।
विसिष्मिरे ततः सर्वे नंद्याद्या युद्धदुर्मदाः॥ ३८

विज्ञाप्यमेवं कर्मैतद्देवेशे शंकरेऽखिलम्।
विचार्य बुद्धिमंतश्च ह्येवं तेऽन्योन्यमब्रुवन्॥ ३९

आश्चर्यरूपे प्रमथेश्वराणां
तस्मिंस्तथा वर्तति युद्धयज्ञे।
अमर्षितो भार्गवकर्म दृष्ट्वा
शिलादपुत्रोऽभ्यगमन्महेशम् ॥ ४०

जयेति चोक्त्वा जययोनिमुग्र-
मुवाच नंदी कनकावदातम्।
गणेश्वराणां रणकर्म देव
देवैश्च सेन्द्रैरपि दुष्करं यत्॥ ४१

तद्भार्गवेणाद्य कृतं वृथा नः
संजीवितांस्तान्हि मृतान्विपक्षान् ।
आवर्त्य विद्यां मृतजीवदात्री-
मेकैकमुद्दिश्य सहेलमीश॥ ४२

तुहुंडहुंडादिककुंभजंभ-
विपाकपाकादिमहासुरेन्द्राः ।
यमालयादद्य पुनर्निवृत्ता
विद्रावयन्तः प्रमथांश्चरन्ति॥ ४३

यदि ह्यसौ दैत्यवरान्निरस्तान्
संजीवयेदत्र पुनः पुनस्तान्।
जयः कुतो नो भविता महेश
गणेश्वराणां कुत एव शांतिः॥ ४४

सनत्कुमार उवाच

इत्येवमुक्तः प्रमथेश्वरेण
स नंदिना वै प्रमथेश्वरेशः।
उवाच देवः प्रहसंस्तदानीं
तं नंदिनं सर्वगणेशराजम्॥ ४५

तब हुण्ड आदि असुरहरूलाई पुनः जीवित देखेर सबै दैत्य जलपूर्ण बादलको समान गर्जना गर्न लागे॥ ३६॥

तत्पश्चात् विकट ध्वनि गर्दै गर्जिरहेका महान् बल तथा पराक्रमी ती दैत्य निर्भीक भई प्रमथगणहरूसित पुनः युद्ध गर्नका लागि तयार भए। युद्धमा अभिमानी नन्दी आदि सबै प्रमथगण शुक्राचार्यद्वारा जीवित पारिएका ती दैत्य तथा दानवहरूलाई देखेर अत्यन्त विस्मित भए। यस सम्पूर्ण कर्मलाई देखेर 'शंकरसित निवेदन गर्नुपर्छ'—यस प्रकार विचार गरी ती बुद्धिमान् गण परस्पर भन्न लागे॥ ३७—३९॥

प्रमथेश्वरहरूको त्यस आश्चर्यपूर्ण युद्धयज्ञमा शुक्राचार्यको यस प्रकारको कार्यलाई देखेर शिलादपुत्र नन्दीश्वर अमर्षयुक्त भई शिवको समीप गए र 'जय होस्, जय होस्'—यस प्रकार भनेर जय दाता एवं कनक समान निष्कलंक शिवसित भन्दछन्—हे देव! युद्धस्थलमा इन्द्रसहित देवताहरू एवं गणेश्वरहरूले जुन अत्यन्त कठिन कार्य गरेका छन्, हे ईश! हाम्रा ती सबै कार्यहरूलाई शुक्राचार्यले व्यर्थ पारिदिए, एक-एक राक्षसलाई उद्देश्य गरी मृतसंजीवनी-विद्याको प्रयोग गरी युद्धमा मरेका ती सारा विपक्षीहरूलाई उनले विना श्रम जीवित पारिदिए॥ ४०—४२॥

यस समय यमपुरीबाट फर्किएका तुहुण्ड, हुण्ड, कुम्भ, जम्भ, विपाक, पाक आदि महादैत्य [युद्धस्थलमा] प्रमथगणहरूको विनाश गर्दै विचरण गरिरहेका छन्॥ ४३॥

हे महेश! यदि मारिएका श्रेष्ठ दैत्यहरूलाई शुक्राचार्यले यसै प्रकार जीवित गरिरहने हो भने हामी गणेश्वरहरूको विजय कुन प्रकार सम्भव हुन्छ र हामीलाई शान्ति कहाँ?॥ ४४॥

सनत्कुमार भन्नुहुन्छ—प्रमथेश्वर नन्दीले यस प्रकार भन्नुभएपछि प्रमथेश्वरहरूका ईश्वर महादेव हाँस्दै सबै गणेश्वरहरूमा श्रेष्ठ नन्दीसित भन्न लाग्नुभयो—॥ ४५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शिव उवाच

नन्दिन्प्रयाहि त्वरितोऽति मात्रं
द्विजेन्द्रवर्यं दितिनन्दनानाम्।
मध्यात्समुद्धृत्य तथानयाशु
श्येनो यथा लावकमंडजातम्॥ ४६

शिव भन्नुहुन्छ—हे नन्दी! तिमी यसै क्षण छिटो जाऊ र दैत्यहरूको बिचबाट शुक्राचार्यलाई यस प्रकार समातेर तत्काल लिएर आऊ, जसरी बाजले बट्टाई पक्षीका बचेरालाई समात्दछ॥ ४६॥

सनत्कुमार उवाच

स एवमुक्तो वृषभध्वजेन
ननाद नंदी वृषसिंहनादः।
जगाम तूर्णं च विगाह्य सेनां
यत्राभवद्भार्गववंशदीपः ॥ ४७

तं रक्ष्यमाणं दितिजैः समस्तैः
पाशासिवृक्षोपलशैलहस्तैः।
विक्षोभ्य दैत्यान् बलवान् जहार
काव्यं स नन्दी शरभो यथेभम्॥ ४८

सनत्कुमार भन्नुहुन्छ—शिवद्वारा यस प्रकार आज्ञा गरिएपछि नन्दी सिंहको समान गर्जना गर्दै दैत्यहरूको सेनालाई छिचल्दै त्यस स्थानमा पुगे, जहाँ भार्गववंशका ज्योति शुक्राचार्य थिए। ठुला-ठुला दैत्य पाश, खड्ग, वृक्ष, पाषाण, पर्वत आदि शस्त्र हातमा लिएर उनको रक्षा गरिरहेका थिए। बलवान् नन्दीश्वरले दैत्यहरूलाई विक्षुब्ध पारी शुक्राचार्यलाई यस प्रकार समाते, जसरी शरभले हात्तीलाई पक्रन्छ॥ ४७-४८॥

स्रस्ताम्बरं विच्युतभूषणं च
विमुक्तकेशं बलिना गृहीतम्।
विमोचयिष्यन्त इवानुजग्मुः
सुरारयस्सिंहरवांस्त्यजन्तः ॥ ४९

तब खुकुलो वस्त्र भएका, छरपष्ट कपाल भएका एवं झरिरहेका आभूषणहरू भएका शुक्राचार्यलाई छुटाउनका लागि अनेक राक्षस सिंहनाद गर्दै उनको पछि दौडिए॥ ४९॥

दंभोलिशूलासिपरश्वधाना-
मुद्दंडचक्रोपलकंपनानाम् ।
नंदीश्वरस्योपरि दानवेन्द्रा
वर्षं ववर्षुर्जलदा इवोग्रम्॥ ५०

दैत्येन्द्र नन्दीश्वरमाथि मेघसमान वज्र, शूल, तरवार, बन्चरो, धारिलो चक्र, पाषाण एवं कम्पन आदि नाना प्रकारका शस्त्रहरूको घोर वर्षा गर्न लागे॥ ५०॥

तं भार्गवं प्राप्य गणाधिराजो
मुखाग्निना शस्त्रशतानि दग्ध्वा।
आयातप्रवृद्धेऽसुरदेवयुद्धे
भवस्य पार्श्वे व्यथितारिपक्षः॥ ५१

अयं स शुक्रो भगवन्नितीदं
निवेदयामास भवाय शीघ्रम्।
जग्राह शुक्रं स च देवदेवो
यथोपहारं शुचिना प्रदत्तम्॥ ५२

गणाधिराज नन्दीश्वर ती सबै शस्त्रहरूलाई आफ्नू मुखको अग्निले भस्म पारी त्यस महाभयानक युद्धस्थलमा शत्रुपक्षलाई पीडित पारी शुक्राचार्यलाई लिएर शिवका समक्षमा गए र शिवसित यो भन्न लागे—हे भगवन्! यो त्यही शुक्र हो। तब देवदेव शिवले देवगणहरूका लागि अग्निद्वारा दिइएका आहुति समान शुक्राचार्यलाई ग्रहण गर्नुभयो। प्राणीहरूको रक्षा गर्नुहुने ती सदाशिवले केही नभनीकन ती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

न किंचिदुक्त्वा स हि भूतगोप्ता
चिक्षेप वक्त्रे फलवत्कवीन्द्रम्।
हाहारवस्तैरसुरैः समस्तै-
रुच्चैर्विमुक्तो हहहेति भूरि॥ ५३

शुक्राचार्यलाई सानो फललाई मुखमा हाले जस्तै गरी आफ्नो मुखमा राख्नुभयो, जसबाट ती समस्त असुर ठुलो स्वरमा महान् हाहाकार गर्न लागे॥ ५१—५३॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे अंधकयुद्धे शुक्रनिगीर्णनवर्णनं नाम सप्तचत्वारिंशोऽध्यायः॥ ४७॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा अन्धकयुद्धोपाख्यानमा शुक्रनिगीर्णनवर्णन नामक सत्चालिसौँ अध्याय पूर्ण भयो॥ ४७॥

अथाष्टचत्वारिंशोऽध्यायः

शुक्राचार्यको अनुपस्थितिले अन्धकादि दैत्यहरू दुःखी हुनु, शिवको पेटमा शुक्राचार्यले सबै लोक तथा अन्धकासुरको युद्धलाई देख्नु र फेरि शिवको शुक्ररूपमा बाहिर निस्कनु, शिव-पार्वतीले उनलाई पुत्ररूपमा स्वीकार गरी विदा गर्नु

व्यास उवाच

शुक्रे निगीर्णे रुद्रेण किमकार्षुश्च दानवाः।
अंधकेशा महावीरा वद तत्त्वं महामुने॥ १

व्यास भन्नुहुन्छ—हे महामुनि! रुद्रद्वारा शुक्राचार्य निलिए पछि महावीर ती अन्धकादि दैत्यहरूले के गरे? तपाईं त्यसलाई भन्नुहोस्॥ १॥

सनत्कुमार उवाच

काव्ये निगीर्णे गिरिजेश्वरेण
दैत्या जयाशारहिता बभूवुः।
हस्तैर्विमुक्ता इव वारणेन्द्राः
शृङ्गैर्विहीना इव गोवृषाश्च॥ २
शिरो विहीना इव देहसंघा
द्विजा यथा चाध्ययनेन हीनाः।
निरुद्यमाः सत्त्वगुणा यथा वै
यथोद्यमा भाग्यविवर्जिताश्च॥ ३
पत्या विहीनाश्च यथैव योषा
यथा विपक्षाः खलु पक्षिणौघाः।
आयूंषि हीनानि यथैव पुण्यै-
र्व्रतैर्विहीनानि यथा श्रुतानि॥ ४
विना यथा वैभवशक्तिमेकां
भवन्ति हीनाः स्वफलैः क्रियौघाः।
यथा विशूराः खलु क्षत्रियाश्च
सत्यं विना धर्मगणो यथैव॥ ५

सनत्कुमार भन्नुहुन्छ—शिवद्वारा शुक्राचार्य निलिए पछि दैत्यहरू त्यसै गरी विजयको आशाबाट रहित भए, जसरी सूँडबाट रहित हात्ती, सींगबाट रहित वृषभ, शिर विहीन शरीर, अध्ययनबाट हीन द्विज, उद्यमरहित सामर्थ्यशाली, भाग्यबाट रहित उद्यम, पति विहीन स्त्री, पखेटाबाट रहित पक्षी, पुण्यरहित आयु, व्रत विहीन शास्त्रज्ञान, शूरताबाट रहित क्षत्रिय, सत्यबाट रहित धर्म र एक मात्र वैभवशक्ति विनाका समस्त क्रियाहरू आफना फलहरूबाट रहित हुन्छन्॥ २-५॥

नन्दिना च हृते शुक्रे गिलिते च विषादिना।
विषादमगमन्दैत्या यतमानरणोत्सवाः॥ ६

नन्दीद्वारा शुक्राचार्यको हरण गरिएपछि एवं शिवद्वारा तिनलाई निलिएपछि युद्धका लागि प्रयत्नशील भएता पनि सबै दैत्य दुःखी भए॥ ६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तान् वीक्ष्य विगतोत्साहानन्धकः प्रत्यभाषत।
दैत्यांस्तु हुंडहुंडादीन्महाधीरपराक्रमः॥ ७

उनीहरूलाई उत्साहरहित देखेर महान् धैर्य तथा पराक्रमले युक्त अन्धकले हुण्ड, तुहुण्ड आदि दैत्यहरूसित यस प्रकार भन्यो— ॥ ७ ॥

अंधक उवाच

कविं विक्रम्य नयता नन्दिना वंचिता वयम्।
तनूर्विना कृताः प्राणाः सर्वेषामद्य नो ननु॥ ८

धैर्यं वीर्यं गतिः कीर्तिः सत्त्वं तेजः पराक्रमः।
युगपन्नो हृतं सर्वमेकस्मिन् भार्गवे हृते॥ ९

धिगस्मान् कुलपूज्यो यैरेकोऽपि कुलसत्तमः।
गुरुः सर्वसमर्थश्च त्राता त्रातो न चापदि॥ १०

अन्धक भन्दछ—आफ्नू पराक्रमले शुक्राचार्यलाई समातेर लाने त्यस नन्दीले हामीहरूलाई धोखा दिएको छ, त्यसले निश्चय नै हामीहरूलाई मरेतुल्य पारिदिएको छ। केवल एउटा शुक्राचार्यको हरण गर्नाले हामीहरूको धैर्य, ओज, कीर्ति, बल, तेज र पराक्रम एकै साथ नष्ट भएको छ। हामीहरूलाई धिक्कार छ, जो कि हाम्रा कुलपूज्य, परम कुलीन, सर्वसमर्थ, रक्षक एवं गुरुको यस आपत्तिमा रक्षा गर्न सकेनौँ ॥ ८—१० ॥

तद्यूयमविलंब्येह युध्यध्वमरिभिः सह।
वीरैस्तैः प्रमथैर्वीराः स्मृत्वा गुरुपदांबुजम्॥ ११

अतः तिमी सबै वीर गुरुका चरणकमलहरूको स्मरण गरी ढिलो नगरी ती वीर शत्रु प्रमथगणहरूका साथ युद्ध गर॥ ११ ॥

गुरोः काव्यस्य सुखदौ स्मृत्वा चरणपंकजौ।
सूदयिष्याम्यहं सर्वान् प्रमथान् सह नन्दिना॥ १२

गुरु शुक्राचार्यका सुखद चरणकमलहरूको स्मरण गरी म नन्दीसहित सबै प्रमथहरूलाई नष्ट गर्ने छु॥ १२॥

अद्यैतान् विवशान् हत्वा सहदेवैः सवासवैः।
भार्गवं मोचयिष्यामि जीवं योगीव कर्मतः॥ १३

आज म इन्द्रसहित देवताहरूका साथ ती प्रमथगणहरूलाई मारेर तिनलाई विवश पारी शुक्राचार्यलाई यस प्रकार छुटाउने छु, जसरी योगी कर्मबाट जीवलाई छुटाउँदछन्॥ १३॥

स चापि योगी योगेन यदि नाम स्वयं प्रभुः।
शरीरात्तस्य निर्गच्छेदस्माकं शेषपालकः॥ १४

यद्यपि यस्तो पनि सम्भव छ कि हामीहरूमध्येमा शेषको पालन गर्ने महायोगी प्रभु शुक्र स्वयं योगबलले शिवको शरीरबाट निस्कने छन्॥ १४॥

सनत्कुमार उवाच

इत्यन्धकवचः श्रुत्वा दानवा मेघनिस्स्वनाः।
प्रमथान् निर्दयाः प्राहुर्मर्तव्ये कृतनिश्चयाः॥ १५

सनत्कुमार भन्नुहुन्छ—अन्धकको यो कुरा सुनेर मेघसमान गर्जना गर्ने निर्दयी दैत्य मर्ने निश्चय गरी प्रमथगणहरूसित भन्न लागे— ॥ १५ ॥

सत्यायुषि न नो जातु शक्ताः स्युः प्रमथा बलात्।
असत्यायुषि किं गत्वा त्यक्त्वा स्वामिनमाहवे॥ १६

आयु बाँकी रहेसम्म प्रमथगणले हामीलाई बलपूर्वक जित्न सक्ने छैनन्, तर यदि आयु समाप्त भएको छ भने त स्वामीलाई युद्धभूमिमा छोडेर भाग्नाले के लाभ हुन्छ ?॥ १६ ॥

ये स्वामिनं विहायातो बहुमानधना जनाः।
यांति ते यांति नियतमंधतामिस्त्रमालयम्॥ १७

अयशस्तमसा ख्यातिं मलिनीकृत्य भूरिशः।
इहामुत्रापि सुखिनो न स्युर्भग्ना रणाजिरे॥ १८

अत्यन्त अहंकारी जो व्यक्ति आफ्नू स्वामीलाई छोडेर हिँड्छ, त्यो निश्चय नै अन्धतामिस्र नरकमा खस्दछ। युद्धभूमिबाट भाग्ने अपयशरूपी अन्धकारबाट आफ्नू ख्यातिलाई अत्यधिक मलिन पारी यस लोक एवं परलोकमा सुखी रहन सक्तैन॥ १७-१८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

किं दानैः किं तपोभिश्च किं तीर्थपरिमज्जनैः।
धरातीर्थे यदि स्नानं पुनर्भवमलापहे॥ १९
संप्रधार्येति तद्वाक्यं दैत्यास्ते दनुजास्तथा।
ममंथुः प्रमथानाजौ रणभेरीं निनाद्य च॥ २०
तत्र बाणासिवज्रौघैः कठिनैश्च शिलामयैः।
भुशुण्डिभिंदिपालैश्च शक्तिभल्लपरश्वधैः॥ २१
खट्वांगैः पट्टिशैः शूलैर्लकुटैर्मुसलैरलम्।
परस्परमभिघ्नन्तः प्रचक्रुः कदनं महत्॥ २२

पुनर्जन्मरूपी मलको नाश गर्ने धरातीर्थ—युद्धतीर्थमा यदि मनुष्य स्नान गर्दछ भने दान, तप एवं तीर्थस्नानबाट के लाभ ? यस प्रकार ती वाक्यहरूमाथि विचार गरी दैत्य तथा दानव रणभेरी बजाएर प्रमथगणहरूलाई युद्धभूमिमा पीडित पार्न लागे। युद्धमा उनीहरूले बाण, खड्ग, वज्र, भयंकर शिलीमुख, भुशुण्डी, भिन्दिपाल, शक्ति, भाला, परशु, खट्वांग, पट्टिश, त्रिशूल, दण्ड एवं मुसलहरूबाट परस्पर प्रहार गर्दै घोर संहार गरे॥ १९—२२॥

कार्मुकाणां विकृष्टानां पततां च पतत्रिणाम्।
भिंदिपालभुशुंडीनां क्ष्वेडितानां रवोऽभवत्॥ २३
रणतूर्य्यनिनादैश्च गजानां बहुबृंहितैः।
हेषारवैर्हयानांश्च महान्कोलाहलोऽभवत्॥ २४

त्यस समय खैँचिएका धनुषहरू, छोडिएका बाणहरू, चलाइएका भिन्दिपालहरू एवं भुशुण्डिहरूको आवाज भइरहेको थियो। रणका तुरहिहरूको निनाद, हात्तीका चिंघाड तथा घोडाहरूका हिनहिनाहटबाट सर्वत्र महान् कोलाहल मच्चियो॥ २३-२४॥

अतिस्वनैरवापूरि द्यावाभूम्योर्यदन्तरम्।
अभीरूणां च भीरूणां महारोमोद्गमोऽभवत्॥ २५
गजवाजिमहारावस्फुटशब्दग्रहाणि च।
भग्नध्वजपताकानि क्षीणप्रहरणानि च॥ २६

भूमि तथा आकाशको बिच गुञ्जिएका आवाज-हरूबाट साहसी तथा कायर सबैलाई धेरै रोमांच हुन लाग्यो। त्यहाँ हात्ती, घोडाहरूको घोर ध्वनिले स्पष्ट शब्द भइरहेका थिए, जसबाट ध्वजा एवं पताकाहरू टुटे तथा शस्त्र नष्ट भए॥ २५-२६॥

रुधिरोद्गारचित्राणि व्यश्वहस्तिरथानि च।
पिपासितानि सैन्यानि मुमूर्च्छुरुभयत्र वै॥ २७

रगतका धाराले रणस्थली अद्भुत हुन गयो, हात्ती, घोडा एवं रथ नष्ट भए र युद्धको पिपासा राख्ने दुवैतिरका सेनाहरू मूर्च्छित भए॥ २७॥

अथ ते प्रमथा वीरा नंदिप्रभृतयस्तदा।
बलेन जघ्नुरसुरान्सर्वान्प्रापुर्जयं मुने॥ २८

हे मुनि! त्यसपछि नन्दी आदि प्रमथगणले आफ्नू बलले सबै दैत्यहरूलाई मारी विजय प्राप्त गरे॥ २८॥

दृष्ट्वा सैन्यं च प्रमथैर्भज्यमानमितस्ततः।
दुद्राव रथमास्थाय स्वयमेवान्धको गणान्॥ २९

यस प्रकार प्रमथहरूद्वारा आफ्नू सेना विनष्ट भएको देखेर स्वयं अन्धक रथमा आरूढ भई शिवगणहरूमाथि झम्टन लाग्यो॥ २९॥

शरासारप्रयुक्तैस्तैर्वज्रपातैर्नगा इव।
प्रमथा नेशिरे चास्त्रैर्निस्तोया इव तोयदाः॥ ३०

अन्धकद्वारा प्रयुक्त गरिएका बाण तथा अस्त्रहरूले प्रमथगण यस प्रकार नष्ट भए, जसरी वज्रप्रहारबाट पर्वत एवं पवनबाट जलरहित मेघ नष्ट हुन जान्छ॥ ३०॥

यान्तमायान्तमालोक्य दूरस्थं निकटस्थितम्।
प्रत्येकं रोमसंख्याभिर्विव्याधेषुभिरन्धकः॥ ३१
दृष्ट्वा सैन्यं भज्यमानमन्धकेन बलीयसा।
स्कंदो विनायको नंदी सोमनंद्यादयः परे॥ ३२
प्रमथा प्रबला वीराः शंकरस्य गणा निजाः।
चुक्रुधुः समरं चक्रुर्विचित्रं च महाबलाः॥ ३३

अन्धकले आउने-जाने, दूरस्थ एवं निकटस्थ एक-एक गणलाई हेरेर असंख्य बाणहरूले तिनलाई विद्ध पारिदियो। तब बलवान् अन्धकद्वारा नाश हुँदै गरेका आफ्ना सेनालाई देखेर स्वामीकार्तिकेय, गणेश, नन्दीश्वर, सोमनन्दी आदि एवं अरू पनि शिवका वीर प्रमथ तथा महाबली गण उठेर क्रुद्ध भई युद्ध गर्न लागे॥ ३१—३३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विनायकेन स्कंदेन नंदिना सोमनंदिना।
वीरेण नैगमेयेन वैशाखेन बलीयसा॥ ३४
इत्याद्यैस्तु गणैरुग्रैरंधकोऽप्यंधकीकृतः।
त्रिशूलशक्तिबाणौघधारासंपातपातिभिः ॥ ३५

त्यस समय गणेश, स्कन्द, नन्दी, सोमनन्दी, नैगमेय एवं वैशाख आदि उग्र गणहरूले त्रिशूल, शक्ति तथा बाणहरूको वर्षाले अन्धकलाई पनि अन्धो पारिदिए॥ ३४-३५॥

ततः कोलाहलो जातः प्रमथासुरसैन्ययोः।
तेन शब्देन महता शुक्रः शंभूदरे स्थितः॥ ३६
छिद्रान्वेषी भ्रमन्सोऽथ विनिकेतो यथानिलः।
सप्तलोकान्सपातालान् रुद्रदेहे व्यलोकयत्॥ ३७
ब्रह्मनारायणेन्द्राणां सादित्याप्सरसां तथा।
भुवनानि विचित्राणि युद्धं च प्रमथासुरम्॥ ३८

त्यस समय असुर र प्रमथगणहरूका सेनाहरूमा कोलाहल मच्चिन लाग्यो। त्यस महान् कोलाहलद्वारा शिवको उदरमा स्थित भएका शुक्र आफ्नू निस्कने बाटो खोज्दै शिवको उदरमा चारैतिर यस प्रकार घुम्न लागे, जसरी आधाररहित पवन यता-उता हुरिन्छ। उनले शिवको देहमा सप्त पातालसहित सात लोक एवं ब्रह्मा, नारायण, इन्द्र, आदित्य तथा अप्सराहरूको विचित्र भुवन तथा प्रमथ एवं असुरहरूको युद्धलाई देखे॥ ३६—३८॥

स वर्षाणां शतं कुक्षौ भवस्य परितो भ्रमन्।
न तस्य ददृशे रन्ध्रं शुचे रन्ध्रं खलो यथा॥ ३९
शांभवेनाथ योगेन शुक्ररूपेण भार्गवः।
इमं मंत्रवरं जप्त्वा शंभोर्जठरपंजरात्॥ ४०
निष्क्रान्तो लिङ्गमार्गेण प्रणनाम ततः शिवम्।
गौर्य्या गृहीतः पुत्रार्थं तदविघ्नेश्वरीकृतः॥ ४१
अथ काव्यं विनिष्क्रांतं शुक्रमार्गेण भार्गवम्।
दृष्ट्वोवाच महेशानो विहस्य करुणानिधिः॥ ४२

ती शुक्रले शिवको उदरमा चारैतिर सय वर्षसम्म घुमिरहँदामा पनि कहीँ कुनै प्वाल त्यसरी नै भेट्टाएनन्, जसरी दुष्ट व्यक्ति पवित्र व्यक्तिमा कुनै छिद्र देख्न पाउँदैन। तब शिवबाट प्राप्त गरेको योगले श्रेष्ठ मन्त्रको जप गरी भृगुकुलोत्पन्न ती शुक्राचार्य शिवको उदरबाट उनको लिंगमार्गबाट शुक्र (वीर्य)-रूपमा निस्के र शिवलाई प्रणाम गरे। यसपछि पार्वतीले पुत्ररूपमा उनलाई ग्रहण गर्नुभयो र विघ्नरहित पारिदिनुभयो॥ ३९—४१॥ तब लिंगबाट वीर्यरूपमा निस्केका शुक्रलाई देखेर दयासागर शिव हाँसेर उनीसित भन्न लाग्नुभयो— ॥ ४२॥

महेश्वर उवाच

शुक्रवन्निःसृतो यस्माल्लिगान्मे भृगुनन्दन।
कर्मणा तेन शुक्रस्त्वं मम पुत्रोऽसि गम्यताम्॥ ४३

महेश्वर भन्नुहुन्छ—हे भृगुनन्दन! तपाईं मेरो लिंगबाट वीर्यरूपमा निक्लनु भएको छ, यस कारण तपाईंको नाम शुक्र भयो र तपाईं मेरो पुत्र हुनुभयो, अब जानुहोस्॥ ४३॥

सनत्कुमार उवाच

इत्येवमुक्तो देवेन शुक्रोऽर्कसदृशद्युतिः।
प्रणनाम शिवं भूयस्तुष्टाव विहितांजलिः॥ ४४

सनत्कुमार भन्नुहुन्छ—शिवद्वारा यस प्रकार भनिएपछि सूर्यसमान कान्तिमान् शुक्रले शिवलाई पुनः प्रणाम गरे र हात जोडेर उहाँको स्तुति गरे॥ ४४॥

शुक्र उवाच

अनंतपादस्त्वमनंतमूर्ति-
रनंतमूर्द्धान्तकरः शिवश्च ।
अनन्तबाहुः कथमीदृशं त्वां
स्तोष्ये ह नुत्यं प्रणिपत्य मूर्ध्ना॥ ४५

शुक्र भन्दछन्—हजुर अनन्त चरण भएका, अनन्त मूर्तिवाला, अनन्त शिर भएका, अन्त गर्नेवाला, कल्याण-स्वरूप, अनन्त बाहु भएका तथा अनन्त स्वरूपवाला हुनुहुन्छ, यस प्रकार शिर झुकाएर प्रणाम गर्नयोग्य हजुरको स्तुति म कसरी गरूँ। हजुर अष्टमूर्ति भएता पनि अनन्तमूर्ति हुनुहुन्छ, हजुर सबै देवताहरू

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्वमष्टमूर्तिस्त्वमनन्तमूर्ति-
स्त्वमिष्टदः सर्वसुरासुराणाम्।
अनिष्टदृष्टेश्च विमर्दकश्च
स्तोष्ये ह नुत्यं कथमीदृशं त्वाम्॥ ४६

तथा असुरहरूलाई वांछित फल दिनेवाला तथा अनिष्ट दृष्टि भएकाहरूको संहार गर्नेवाला हुनुहुन्छ, यस प्रकार सर्वथा प्रणाम गरिन योग्य हजुरको म कुन प्रकार स्तुति गरूँ॥ ४५-४६॥

सनत्कुमार उवाच

इति स्तुत्वा शिवं शुक्रः पुनर्नत्वा शिवाज्ञया।
विवेश दानवानीकं मेघमालां यथा शशी॥ ४७

सनत्कुमार भन्नुहुन्छ—यस प्रकार शिवको स्तुति गरी उहाँलाई पुनः नमस्कार गरी शुक्रले शिवको आज्ञाबाट दानवहरूको सेनामा यस प्रकार प्रवेश गरे, जसरी मेघमालामा चन्द्रमा प्रवेश गर्दछन्॥ ४७॥

निगीर्णनमिति प्रोक्तं शंकरेण कवे रणे।
शृणु मंत्रं च तं जप्तो यः शंभोः कविनोदरे॥ ४८

[हे व्यास!] यस प्रकार मैले युद्धमा शिवद्वारा शुक्र निलिएको वर्णन गरेँ, अब त्यस मन्त्रलाई सुन्नुहोस्, जसलाई शुक्रले शिवको उदरमा जपेका थिए॥ ४८॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे शुक्रनिगीर्णनं नामाष्टचत्वारिंशोऽध्यायः॥ ४८॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा शुक्रनिगीर्णन नामक अड्चालिसौँ अध्याय पूर्ण भयो॥ ४८॥

अथैकोनपञ्चाशत्तमोऽध्यायः

शुक्राचार्यद्वारा शिवको उदरमा जपिएका मन्त्रको वर्णन, अन्धकद्वारा भगवान् शिवको नामरूपी स्तुति-प्रार्थना, भगवान् शिवद्वारा अन्धकासुरलाई जीवनदानपूर्वक गाणपत्य पद प्रदान गर्नु

सनत्कुमार उवाच

ॐ नमस्ते देवेशाय सुरासुरनमस्कृताय भूतभव्यमहादेवाय हरितपिंगललोचनाय बलाय बुद्धिरूपिणे वैयाघ्रवसनच्छदायारणेयाय त्रैलोक्यप्रभवे ईश्वराय हराय हरिनेत्राय युगान्तकरणायानलाय गणेशाय लोकपालाय महाभुजाय महाहस्ताय शूलिने महादंष्ट्रिणे कालाय महेश्वराय अव्ययाय कालरूपिणे नीलग्रीवाय महोदराय गणाध्यक्षाय सर्वात्मने सर्वभावनाय सर्वगाय मृत्युहंत्रे पारियात्रसुव्रताय ब्रह्मचारिणे वेदान्तगाय तपोन्तगाय पशुपतये व्यंगाय शूलपाणये वृषकेतवे हरये जटिने शिखंडिने लकुटिने

[शुक्राचार्यले भगवान् शिवको उदरमा जुन मन्त्रको जप गरेका थिए, त्यस मन्त्रको भावार्थ यस प्रकार छ—]

सनत्कुमार भन्नुहुन्छ—[हे महर्षि] 'ॐ जो देवताहरूका स्वामी, सुर-असुरद्वारा वन्दित, भूत र भविष्यका महान् देवता, हरिया र पहेँला नेत्रहरूले युक्त, महाबली, बुद्धिस्वरूप, बाघम्बर धारण गर्नुहुने, अग्निस्वरूप, त्रिलोकीको उत्पत्तिस्थान, ईश्वर, हर, हरिनेत्र, प्रलयकारी, अग्निस्वरूप, गणेश, लोकपाल, महाभुज, महाहस्त, त्रिशूल धारण गर्नुहुने, ठुला-ठुला दाह्रा भएका, कालस्वरूप, महेश्वर, अविनाशी, कालरूपी, नीलकण्ठ, महोदर, गणाध्यक्ष, सर्वात्मा, सबैलाई उत्पन्न गर्नुहुने, सर्वव्यापी, मृत्युलाई हटाइदिने, पारियात्र पर्वतमाथि उत्तम व्रत धारण गर्नुहुने, ब्रह्मचारी, वेदान्तप्रतिपाद्य, तपको अन्तिम सीमासम्म पुऱ्याइदिने, पशुपति, विशिष्ट अंगहरू भएका, शूलपाणि, वृषध्वज, पापापहारी, जटाधारी, शिखण्ड धारण गर्नुहुने, दण्डधारी,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महायशसे भूतेश्वराय गुहावासिने वीणापणवतालवते अमराय दर्शनीयाय बालसूर्य-निभाय श्मशानवासिने भगवते उमापतये अरिन्दमाय भगस्याक्षिपातिने पूष्णोर्दशननाशनाय क्रूरकर्तकाय पाशहस्ताय प्रलयकालाय उल्कामुखायाग्निकेतवे मुनये दीप्ताय विशांपतये उन्नयते जनकाय चतुर्थकाय लोकसत्तमाय वामदेवाय वाग्दाक्षिण्याय वामतो भिक्षवे भिक्षुरूपिणे जटिने स्वयं जटिलाय शक्रहस्तप्रतिस्तंभकाय वसूनां स्तंभकाय क्रतवे क्रतुकराय कालाय मेधाविने मधुकराय चलाय वानस्पत्याय वाजसनेति समाश्रमपूजिताय जगद्धात्रे जगत्कर्त्रे पुरुषाय शाश्वताय ध्रुवाय धर्माध्यक्षाय त्रिवर्त्मने भूतभावनाय त्रिनेत्राय बहुरूपाय सूर्यायुतसमप्रभाय देवाय सर्वतूर्य-निनादिने सर्वबाधाविमोचनाय बंधनाय सर्वधारिणे धर्मोत्तमाय पुष्पदंतायाविभागाय मुखाय सर्वहराय हिरण्यश्रवसे द्वारिणे भीमाय भीम-पराक्रमाय ॐ नमो नमः।

इमं मन्त्रवरं जप्त्वा शुक्रो जठरपंजरात्।
निष्क्रान्तो लिंगमार्गेण शंभोः शुक्रमिवोत्कटम्॥ १

गौर्या गृहीतः पुत्रार्थं विश्वेशेन ततः कृतः।
अजरश्चामरः श्रीमान्द्वितीय इव शंकरः॥ २

त्रिभिर्वर्षसहस्रैस्तु समतीतैर्महीतले।
महेश्वरात्पुनर्जातः शुक्रो वेदनिधिर्मुनिः॥ ३

ददर्श शूले संशुष्कं ध्यायन्तं परमेश्वरम्।
अंधकं धैर्यसंपन्नं दानवेशं तपस्विनम्॥ ४

महादेवं विरूपाक्षं चन्द्रार्द्धकृतशेखरम्।
अमृतं शाश्वतं स्थाणुं नीलकंठं पिनाकिनम्॥ ५

वृषभाक्षं महाज्ञेयं पुरुषं सर्वकामदम्।
कामारिं कामदहनं कामरूपं कपर्दिनम्॥ ६

महायशस्वी, भूतेश्वर, गुफामा निवास गर्नुहुने, वीणा र पणवमा ताल लगाउनुहुने, अमर, दर्शनीय, बालसूर्य-जस्तो रूप भएका, श्मशानवासी, ऐश्वर्यशाली, उमापति, शत्रुदमन, भगको नेत्रलाई नष्ट गरिदिने, पूषाको दाँत विनाशक, क्रूरतापूर्वक संहार गर्नुहुने, पाशधारी, प्रलयकालरूप, उल्कामुख, अग्निकेतु, मननशील, प्रकाशमान, प्रजापति, माथि उठाउने, जीवहरूलाई उत्पन्न गर्ने, तुरीयतत्त्वरूप, लोकहरूमा सर्वश्रेष्ठ, वामदेव, वाणीको चतुरतारूप, वाममार्गमा भिक्षुरूप, भिक्षुक, जटाधारी, जटिल—दुराराध्य, इन्द्रको हातलाई स्तम्भित गरिदिने, वसुहरूलाई विजडित गरिदिने, यज्ञस्वरूप, यज्ञकर्ता, काल, मेधावी, मधुकर, घुम्ने-डुल्ने, वनस्पतिको आश्रय लिने, वाजसन नामबाट सम्पूर्ण आश्रमहरूद्वारा पूजित, जगद्धाता, जगत्कर्ता, सर्वान्तर्यामी, सनातन, ध्रुव, धर्माध्यक्ष, भूः-भुवः-स्वः—यी तीनवटै लोकमा विचरण गर्नुहुने, भूतभावन, त्रिनेत्र, बहुरूप, दश हजार सूर्यको समान प्रभाशाली, महादेव, सबै थरीका बाजा बजाउनु हुने, सम्पूर्ण बाधाहरूबाट विमुक्त पारिदिने, बन्धनस्वरूप, सबलाई धारण गर्नुहुने, उत्तम धर्मरूप, पुष्पदन्त, विभागरहित, मुख्यरूप, सबैको हरण गर्नुहुने, सुनसमान दीप्त कीर्ति भएका, मुक्तिका द्वारस्वरूप, भीम तथा भीमपराक्रमी हुनुहुन्छ, उहाँलाई नमस्कार छ, नमस्कार छ।'—यस श्रेष्ठ मन्त्रको जप गरी शिवको जठराग्निबाट उहाँको लिंगमार्ग हुँदै उत्कट वीर्य झैँ शुक्राचार्य बाहिर आउनुभयो॥ १॥

पार्वतीले उनलाई पुत्ररूपमा ग्रहण गर्नुभयो र विश्वेश्वरले उनलाई अजर-अमर एवं ऐश्वर्यमय बनाएर दोस्रो शिव समान गरिदिनुभयो॥ २॥

यस प्रकार तीन हजार वर्ष बितेपछि वेदनिधि मुनि शुक्र महेश्वरबाट पुनः पृथ्वीमा उत्पन्न भए॥ ३॥

तब उनले शिवको त्रिशूलमा अत्यन्त शुष्क शरीरवाला, महाधैर्यवान् र तपस्वी दानवराज अन्धकलाई शिवको ध्यान गरिरहेका देखे॥ ४॥

[त्यसले शिवका १०८ नामहरूको यस प्रकार स्मरण गरिरहेको थियो], महादेव, विरूपाक्ष, चन्द्रार्धकृतशेखर अमृत, शाश्वत, स्थाणु, नीलकण्ठ,

2325_Sihvpurana_Part_1_Nepali_Section_34__Back

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विरूपं गिरिशं भीमं स्रग्विणं रक्तवाससम्।
योगिनं कालदहनं त्रिपुरघ्नं कपालिनम्॥ ७
गूढव्रतं गुप्तमंत्रं गंभीरं भावगोचरम्।
अणिमादिगुणाधारं त्रिलोकैश्वर्यदायकम्॥ ८
वीरं वीरहणं घोरं विरूपं मांसलं पटुम्।
महामांसादमुन्मत्तं भैरवं वै महेश्वरम्॥ ९
त्रैलोक्यद्रावणं लुब्धं लुब्धकं यज्ञसूदनम्।
कृत्तिकानां सुतैर्युक्तमुन्मत्तं कृत्तिवाससम्॥ १०
गजकृत्तिपरीधानं क्षुब्धं भुजगभूषणम्।
दत्तालंबं च वेतालं घोरं शाकिनिपूजितम्॥ ११
अघोरं घोरदैत्यघ्नं घोरघोषं वनस्पतिम्।
भस्माङ्गं जटिलं शुद्धं भेरुंडशतसेवितम्॥ १२
भूतेश्वरं भूतनाथं पञ्चभूताश्रितं खगम्।
क्रोधितं निष्ठुरं चण्डं चण्डीशं चण्डिकाप्रियम्॥ १३
चण्डं तुंगं गरुत्मन्तं नित्यमासवभोजनम्।
लेलिहानं महारौद्रं मृत्युं मृत्योरगोचरम्॥ १४
मृत्योर्मृत्युं महासेनं श्मशानारण्यवासिनम्।
रागं विरागं रागांधं वीतरागशतार्चितम्॥ १५
सत्त्वं रजस्तमोधर्ममधर्मं वासवानुजम्।
सत्यं त्वसत्यं सद्रूपमसद्रूपमहेतुकम्॥ १६
अर्द्धनारीश्वरं भानुं भानुकोटिशतप्रभम्।
यज्ञं यज्ञपतिं रुद्रमीशानं वरदं शिवम्॥ १७
अष्टोत्तरशतं ह्येतन्मूर्तीनां परमात्मनः।
शिवस्य दानवो ध्यायन् मुक्तस्तस्मान्महाभयात्॥ १८

दिव्येनामृतवर्षेण सोऽभिषिक्तः कपर्दिना।
तुष्टेन मोचितं तस्माच्छूलाग्रादवरोपितः॥ १९

उक्तश्चाथ महादैत्यो महेशानेन सोऽन्धकः।
असुरः सांत्वपूर्वं यत्कृतं सर्वं महात्मना॥ २०

ईश्वर उवाच

भो भो दैत्येन्द्र तुष्टोऽस्मि यमेन नियमेन च।
शौर्येण तव धैर्येण वरं वरय सुव्रत॥ २१

आराधितस्त्वया नित्यं सर्वनिर्धूतकल्मषः।
वरदोऽहं वरार्हस्त्वं महादैत्येन्द्रसत्तम॥ २२

प्राणसंधारणादस्ति यच्च पुण्यफलं तव।
त्रिभिर्वर्षसहस्रैस्तु तेनास्तु तव निर्वृतिः॥ २३

पिनाकी, वृषभाक्ष, महाज्ञेय, पुरुष, सर्वकामद, कामारि, कामदहन, कामरूप, कपर्दी, विरूप, गिरिश, भीम, स्रग्वी, रक्तवासा, योगी, कालदहन, त्रिपुरघ्न, कपाली, गूढव्रत, गुप्तमन्त्र, गम्भीर, भावगोचर, अणिमादि गुणाधार, त्रिलोकैश्वर्यदायक, वीर, वीरहण, घोर, विरूप, मांसल, पटु, महामांसाद, उन्मत्त, भैरव, महेश्वर, त्रैलोक्यद्रावण, लुब्ध, लुब्धक, यज्ञसूदन, कृत्तिकासुतयुक्त, उन्मत्त, कृत्तिवासा, गजकृत्तिपरीधान, क्षुब्ध, भुजगभूषण, दत्तालम्ब, वेताल, घोर, शाकिनीपूजित, अघोर, घोर दैत्यघ्न, घोरघोष, वनस्पति, भस्मांग, जटिल, शुद्ध, भेरुण्डशतसेवित, भूतेश्वर, भूतनाथ, पंचभूताश्रित, खग, क्रोधित, निष्ठुर, चण्ड, चण्डीश, चण्डिकाप्रिय, चण्ड, तुंग, गरुत्मान्, नित्य आपवभोजन, लेलिहान, महारौद्र, मृत्यु, मृत्योरगोचर, मृत्योर्मृत्यु, महासेन, श्मशानारण्यवासी, राग, विराग, रागान्ध, वीतरागशतार्चित, सत्त्व, रज, तम, धर्म, अधर्म, वासवानुज, सत्य, असत्य, सद्रूप, असद्रूप, अहेतुक, अर्धनारीश्वर, भानु, भानुकोटि-शतप्रभ, यज्ञ, यज्ञपति, रुद्र, ईशान, वरद र शिव—यस प्रकार परमात्मा शिवका यी एक सय आठ मूर्तिहरूको ध्यान गर्दै त्यो दैत्य त्यस महाभयबाट मुक्त भयो॥ ५—१८॥

प्रसन्न भएका शिवले दिव्य अमृतको वर्षाले त्यसको अभिषेक गर्नुभयो र त्यस त्रिशूलको अग्रभागले त्यसलाई उतार्नुभयो र महात्मा शिवले यो सब कृत्य त्यस महादैत्य अन्धकसित शान्तिपूर्वक भन्नुभयो, जसलाई उहाँले पहिला गर्नुभएको थियो॥ १९-२०॥

ईश्वर भन्नुहुन्छ—हे दैत्येन्द्र! हे सुव्रत! म तिम्रो यम, नियम, शौर्य एवं धैर्यबाट अत्यन्त प्रसन्न छु, तिमी वर माग। हे श्रेष्ठ महादैत्येन्द्र! तिमीले निष्पाप भएर नित्य मेरो आराधना गरेका छौ, तिमी वरका योग्य छौ, यसैले म तिमीलाई वर दिन चाहन्छु। यसरी तीन हजार वर्षसम्म प्राणधारण गर्ने तिम्रो जुन पुण्यफल छ, त्यसबाट तिम्रो मुक्ति होस्॥ २१-२३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सनत्कुमार उवाच

एतच्छ्रुत्वान्धकः प्राह वेपमानः कृतांजलिः।
भूमौ जानुद्वयं कृत्वा भगवन्तमुमापतिम्॥ २४

अंधक उवाच

भगवन्यन्मयोक्तोऽसि दीनो हीनः परात्परः।
हर्षगद्गदया वाचा मया पूर्वं रणाजिरे॥ २५
यद्यत्कृतं विमूढत्वात्कर्म लोकेषु गर्हितम्।
अजानता त्वां तत्सर्वं प्रभो मनसि मा कृथाः॥ २६

पार्वत्यामपि दुष्टं यत्कामदोषात्कृतं मया।
क्षम्यतां मे महादेव कृपणो दुःखितो भृशम्॥ २७

दुःखितस्य दया कार्या कृपणस्य विशेषतः।
दीनस्य भक्तियुक्तस्य भवता नित्यमेव हि॥ २८

सोऽहं दीनो भक्तियुक्त आगतः शरणं तव।
रक्षा मयि विधातव्या रचितोऽयं मयाञ्जलिः॥ २९
इयं देवी जगन्माता परितुष्टा ममोपरि।
क्रोधं विहाय सकलं प्रसन्ना मां निरीक्षताम्॥ ३०
क्वास्याः क्रोधः क्व कृपणो दैत्योऽहं चन्द्रशेखर।
तत्सोढा नाहमर्द्धेन्दुचूड शंभो महेश्वर॥ ३१

क्व भवान्परमोदारः क्व चाहं विवशीकृतः।
कामक्रोधादिभिर्दोषैर्जरसा मृत्युना तथा॥ ३२

अयं ते वीरकः पुत्रो युद्धशौंडो महाबलः।
कृपणं मां समालक्ष्य मा मन्युवशमन्वगाः॥ ३३

तुषारहारशीतांशुशंखकुन्देन्दुवर्णभाक् ।
पश्येयं पार्वतीं नित्यं मातरं गुरुगौरवात्॥ ३४

नित्यं भवद्भ्यां भक्तस्तु निर्वैरो दैवतैः सह।
निवसेयं गणैः सार्द्धं शांतात्मा योगचिंतकः॥ ३५

मा स्मरेयं पुनर्जातं विरुद्धं दानवोद्भवम्।
त्वत्कृपातो महेशान देह्येतद्वरमुत्तमम्॥ ३६

सनत्कुमार भन्नुहुन्छ—यो सुनेर अन्धकले पृथ्वीमा दुवै घुँडा टेकेर काम्दै हात जोडेर उमापति शिवसित भन्यो—॥ २४॥

अन्धक भन्दछ—हे भगवान्! मैले यसभन्दा पूर्वमा हजुर परात्पर परमात्मालाई युद्धक्षेत्रमा प्रसन्न गद्गद वाणीले दीन, हीन इत्यादि जे भनेको छु एवं हे शम्भु! मूर्ख हुनाको कारण अज्ञानवश यस लोकमा जे-जे निन्दित कर्म गरेको छु, त्यसलाई हजुर आफ्नो मनमा नराख्नुहोस्॥ २५-२६॥

हे महादेव! मैले कामविकारले पार्वतीप्रति अपराध गरेको छु, त्यसलाई क्षमा गर्नुहोस्; किनभने म अत्यन्त कृपण एवं दुखी हुँ॥ २७॥

हे प्रभु! अत्यन्त दुखित, कृपण, दीन एवं भक्तिबाट युक्त जनमाथि हजुरले विशेष रूपले दया गर्नुपर्ने छ॥ २८॥

म दीन हजुरको शरणमा आएको छु, अतः मेरो रक्षा गर्नुहोस्। मैले हात जोडिराखेको छु॥ २९॥

ममाथि सन्तुष्ट जगज्जननी यी देवी समस्त क्रोध त्यागेर ममाथि प्रसन्न भई मलाई हेर्नुहोस्॥ ३०॥

हे चन्द्रशेखर! हे अर्धेन्दुचूड! हे शम्भु! हे महेश्वर! कहाँ को यी महादेवीको क्रोध र कहाँ म दयाको पात्र दैत्य, तर पनि हजुर मेरो अपराध क्षमा गरिरहनुहोस्॥ ३१॥

कहाँ हजुर जस्ता परमोदार र कहाँ काम, क्रोधादि दोष एवं मृत्यु तथा वृद्धावस्थाको वशीभूत रहनेवाला म। [हे प्रभु!] हजुरको यो युद्धकुशल तथा महाबली पुत्र वीरक म दयापात्रलाई देखेर अब क्रोध नगरोस्॥ ३२-३३॥

तुषार, हार, चन्द्र, शंख तथा कुन्दसमान स्वच्छ वर्ण भएका हे प्रभु! म यी माता पार्वतीलाई अत्यन्त आदरले नित्य देख्न पाउँ। अब म हजुर दुवैको सदा भक्त भएर तथा देवताहरूसित वैररहित भएर शान्तचित्त र योगपरायण भई यी गणहरूका साथ निवास गर्न पाउँ॥ ३४-३५॥

हे महेशान! हजुरको कृपाले म दानवकुलमा उत्पन्न हुनाको कारण गरिएका विपरीत कर्महरूको स्मरण कहिल्यै नगरूँ, हजुर मलाई यो उत्तम वर दिनुहोस्॥ ३६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सनत्कुमार उवाच

एतावदुक्त्वा वचनं दैत्येन्द्रो मौनमास्थितः।
ध्यायंस्त्रिलोचनं देवं पार्वतीं प्रेक्ष्य मातरम्॥ ३७

ततो दृष्टस्तु रुद्रेण प्रसन्नेनैव चक्षुषा।
स्मृतवान्पूर्ववृत्तांतमात्मनो जन्म चाद्भुतम्॥ ३८

तस्मिन्स्मृते च वृत्तान्ते ततः पूर्णमनोरथः।
प्रणम्य मातापितरौ कृतकृत्योऽभवत्ततः॥ ३९

पार्वत्या मूर्ध्न्युपाघ्रातः शंकरेण च धीमता।
तथाऽभिलषितं लेभे तुष्टाद् बालेन्दुशेखरात्॥ ४०

एतद्वः सर्वमाख्यातमन्धकस्य पुरातनम्।
गाणपत्यं महादेवप्रसादात्परसौख्यदम्॥ ४१

मृत्युंजयश्च कथितो मंत्रो मृत्युविनाशनः।
पठितव्यः प्रयत्नेन सर्वकामफलप्रदः॥ ४२

सनत्कुमार भन्नुहुन्छ—यति भनेर त्यस दैत्येन्द्रले माता पार्वतीतिर हेरेर भगवान् शिवको ध्यान गर्दै मौन धारण गऱ्यो। त्यसपछि शिवले प्रसन्नतापूर्ण दृष्टिले त्यसलाई हेर्नुभयो, तब त्यसलाई आफ्नू पूर्ववृत्तान्त तथा अद्भुत जन्मको स्मरण भयो॥ ३७-३८॥

यस प्रकार त्यस पूर्ववृत्तान्तको स्मरण भएपछि त्यो पूर्णमनोरथवाला भयो र माता-पितालाई प्रणाम गरी कृतकृत्य भयो। यसपछि बुद्धिमान् शिव तथा पार्वतीले त्यसको शिर सुघ्नुभयो र त्यसले प्रसन्न हुनुभएका सदाशिवबाट अभिलाषित वर प्राप्त गऱ्यो। [हे वेदव्यास!] यस प्रकार मैले अन्धकको सारा पुरातन वृत्तान्त र शंकरको कृपाले त्यसलाई सुख दायक गाणपत्य पद प्राप्तिको वर्णन गरें र सबै कामनाहरूको फल दिने तथा मृत्युको विनाश गर्ने मृत्युंजय मन्त्रलाई पनि मैले बताएँ, यसलाई यत्नपूर्वक पढ्नु (जप्नु) पर्दछ॥ ३९—४२॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे अंधकगणजीवन-प्राप्तिवर्णनं नामैकोनपञ्चाशत्तमोऽध्यायः॥ ४९॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा अन्धकगणजीवप्राप्तिवर्णन नामक उनन्चासौँ अध्याय पूर्ण भयो॥ ४९॥

अथ पञ्चाशत्तमोऽध्यायः

शुक्राचार्यद्वारा काशीमा शुक्रेश्वर लिंगको स्थापना गरी उहाँको आराधना गर्नु, मूर्त्यष्टक स्तोत्रबाट उहाँको स्तवन, शिव प्रसन्न भएर उनलाई मृतसंजीवनी-विद्या प्रदान गर्नु र ग्रहहरूको बिचमा प्रतिष्ठित गर्नु

सनत्कुमार उवाच

शृणु व्यास यथा प्राप्ता मृत्युप्रशमनी परा।
विद्या काव्येन मुनिना शिवान्मृत्युञ्जयाभिधात्॥ १

पुरासौ भृगुदायादो गत्वा वाराणसीं पुरीम्।
बहुकालं तपस्तेपे ध्यायन्विश्वेश्वरं प्रभुम्॥ २

स्थापयामास तत्रैव लिंगं शंभोः परात्मनः।
कूपं चकार सद्रम्यं वेदव्यास तदग्रतः॥ ३

पंचामृतैर्द्रोणमितैर्लक्षकृत्वः प्रयत्नतः।

सनत्कुमार भन्नुहुन्छ—[हे व्यास!] मृत्युंजय नामक शिवबाट जसरी शुक्राचार्य मुनिले मृत्युनाशिनी विद्या प्राप्त गरे, त्यसलाई तपाईं सुन्नुहोस्। पूर्वकालमा भृगुपुत्र शुक्राचार्य वाराणसीपुरीमा गई विश्वेश्वर प्रभुको ध्यान गर्दै दीर्घकालसम्म तपस्या गर्दै बसे॥ १-२॥

हे वेदव्यास! उनले त्यहाँ परमात्मा शिवको लिंग स्थापित गरे र त्यसको सामुन्ने एउटा मनोहर इनारको निर्माण गराए। उनले द्रोण-परिमाणको पंचामृतले ती देवेशलाई एक लाख पटक स्नान गराए र यसै गरी नाना प्रकारका सुगन्धित द्रव्यहरूले पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्नापयामास देवेशं सुगंधस्नपनैर्बहु ॥ ४
सहस्रकृत्वो देवेशं चन्दनैर्यक्षकर्दमैः ।
समालिलिंप सुप्रीत्या सुगन्धोद्वर्त्तनान्यनु ॥ ५
राजचंपकधत्तूरैः करवीरकुशेशयैः ।
मालतीकर्णिकारैश्च कदंबैर्बकुलोत्पलैः ॥ ६
मल्लिकाशतपत्रीभिस्सिंधुवारैः सकिंशुकैः ।
बन्धूकपुष्पैः पुन्नागैर्नागकेशरकेशरैः ॥ ७
नवमल्लीचिबिलिकैः कुंदैः समुचुकुन्दकैः ।
मन्दारैर्बिल्वपत्रैश्च द्रोणैर्मरुबकैर्बृकैः ।
ग्रन्थिपर्णैर्दमनकैः सुरम्यैश्चूतपल्लवैः ॥ ८
तुलसीदेवगंधारीबृहत्पत्रीकुशांकुरैः ।
नंद्यावर्तैरगस्त्यैश्च सशालैर्देवदारुभिः ॥ ९
कांचनारैः कुरबकैर्दूर्वांकुरकुरुंटकैः ।
प्रत्येकमेभिः कुसुमैः पल्लवैरपरैरपि ॥ १०
पत्रैः सहस्रपत्रैश्च रम्यैर्नानाविधैः शुभैः ।
सावधानेन सुप्रीत्या स समानर्च शंकरम् ॥ ११
गीतनृत्योपहारैश्च संस्तुतः स्तुतिभिर्बहु ।
नाम्नां सहस्रैरन्यैश्च स्तोत्रैस्तुष्टाव शंकरम् ॥ १२
सहस्रं पञ्चशरदामित्थं शुक्रो महेश्वरम् ।
नानाप्रकारविधिना महेशं स समर्चयत् ॥ १३
यदा देवं नानुलोके मनागपि वरोन्मुखम् ।
तदान्यं नियमं घोरं जग्राहातीव दुःसहम् ॥ १४
प्रक्षाल्य चेतसोऽत्यन्तं चांचल्याख्यं महामलम् ।
भावनावार्भिरसकृदिन्द्रियैः सहितस्य च ॥ १५
निर्मलीकृत्य तच्चेतो रत्नं दत्त्वा पिनाकिने ।
प्रपपौ कणधूमौघं सहस्रं शरदां कविः ॥ १६
काव्यमित्थं तपो घोरं कुर्वन्तं दृढमानसम् ।
प्रससाद स तं वीक्ष्य भार्गवाय महेश्वरः ॥ १७
तस्माल्लिंगाद्विनिर्गत्य सहस्रार्काधिकद्युतिः ।
उवाच तं विरूपाक्षः साक्षाद्दाक्षायणीपतिः ॥ १८

महेश्वर उवाच

तपोनिधे महाभाग भृगुपुत्र महामुने ।
तपसानेन ते नित्यं प्रसन्नोऽहं विशेषतः ॥ १९

एक लाख पटक स्नान गराए। उनले देवेशलाई चन्दन, यक्षकर्दम* र सुगन्धित बुकुवाले हजारौँ पटक प्रीतिपूर्वक अनुलेपन गरे ॥ ३—५ ॥

उनले राजचम्पक, धतुरो, कनेर, कमल, मालती, कर्णिकार, कदम, मालसिरी, नीलकमल, लहरेबेली, शयपत्री, सिमाली, किंशुक, बन्धूकपुष्प, पुन्नाग, केशर, नागकेशर, चमेली, कमलको केसर, कुन्द, मुचुकुन्द, पारिजात, बेलपत्र, द्रोण, मरुवा फूल, वृक, ग्रन्थिपर्ण, दमनक, सुरम्य आँपको पात, तुलसी, देवगन्धारी, बृहत्पत्री, कुशांकुर, नन्द्यावर्त, अगस्त्य, साल, देवदारु, कचनार, कुरबक, दूर्वांकुर, कुरुण्टक— यी प्रत्येक पुष्पहरूबाट तथा अनेक प्रकारका अरू मनोहर पल्लव, पात तथा कमलहरूबाट सावधानचित्त भई प्रीतिपूर्वक शिवको पूजा गरे ॥ ६—११ ॥

त्यसपछि उनले गीत, नृत्य, उपहार, धेरै स्तुतिहरू, शिवसहस्रनामस्तोत्र तथा अन्य स्तुतिहरूबाट शिवलाई प्रसन्न पारे। यस प्रकार शुक्राचार्यले पाँच हजार वर्षसम्म नाना प्रकारका अर्चनाविधिले महेश्वर शिवको पूजा गरिरहे ॥ १२-१३ ॥

जब उनले शिवलाई वरदानका लागि थोरै मात्र पनि उन्मुख नदेनन्, तब अत्यन्त कठिन दोस्रो नियम धारण गरे। भावनारूपी जलबाट इन्द्रियहरूसहित चित्तको चांचल्यरूपी महान् दोषलाई धोएर त्यस चित्तरूपी महारत्नलाई निर्मल गरी शिवका लागि अर्पण गरी शुक्राचार्य हजारौँ वर्षसम्म तुषाग्निजन्य तापराशिको पान गर्न लागे ॥ १४—१६ ॥

यस प्रकार दृढ मन गरी घोर तपस्या गरिरहेका उनलाई देखेर शिव शुक्राचार्यप्रति अत्यन्त प्रसन्न हुनुभयो र हजारौँ सूर्यहरूभन्दा पनि धेरै तेज भएका दाक्षायणीपति विरूपाक्ष शिव त्यस लिंगबाट प्रकट भएर भन्न लाग्नुभयो— ॥ १७-१८ ॥

महेश्वर भन्नुहुन्छ— हे तपोनिधि! हे महाभाग! हे महामुनि! हे भृगुपुत्र! म तपाईंको यस तपबाट विशेषरूपले प्रसन्न छु। हे भार्गव! तपाईं आफ्नू

* 'कर्पूरागरुकस्तूरीकङ्कोलैर्यक्षकर्दमः।' (अमरकोश) एक प्रकारका सुगन्धित अंगलेप, जुन कपूर, अगरु, कस्तूरी र बडहरलाई समान मात्रामा मिलाएर बनाइन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनोऽभिलषितं सर्वं वरं वरय भार्गव।
प्रीत्या दास्येऽखिलान्कामान्नादेयं विद्यते तव॥ २०

सनत्कुमार उवाच

निशम्येति वचः शंभोर्महासुखकरं परम्।
स बभूव कविस्तुष्टो निमग्नः सुखवारिधौ॥ २१

उद्यदानंदसंदोहरोमांचांचितविग्रहः।
प्रणनाम मुदा शंभुमंभोजनयनो द्विजः॥ २२

तुष्टावाष्टतनुं तुष्टः प्रफुल्लनयनांचलः।
मौलावञ्जलिमाधाय वदन् जय जयेति च॥ २३

भार्गव उवाच

त्वं भाभिराभिरभिभूय तमः समस्त-
मस्तं नयस्यभिमतानि निशाचराणाम्।
देदीप्यसे दिवमणे गगने हिताय
लोकत्रयस्य जगदीश्वर तन्नमस्ते॥ २४

लोकेऽतिवेलमतिवेलमहामहोभि-
र्निर्भासि कौ च गगनेऽखिललोकनेत्रः।
विद्रावितखिलतमाः सुतमो हिमांशो
पीयूषपूरपरिपूरित तन्नमस्ते॥ २५

त्वं पावने पथि सदा गतिरप्युपास्यः
कस्त्वां विना भुवनजीवन जीवतीह।
स्तब्धप्रभंजनविवर्द्धितसर्वजंतोः
संतोषिताहिकुलसर्वग वै नमस्ते॥ २६

विश्वैकपावक नतावक पावकैक-
शक्ते ऋते मृतवतामृतदिव्यकार्यम्।
प्राणिष्यदो जगदहो जगदंतरात्म-
स्त्वं पावकः प्रतिपदं शमदो नमस्ते॥ २७

मनोभिलाषित समस्त वर माग्नुहोस्, म प्रसन्न भएर तपाईंको सबै कामना पूर्ण गर्ने छु। तपाईंका लागि केही पनि अदेय छैन॥ १९-२०॥

सनत्कुमार भन्नुहुन्छ—शिवका यी अत्यन्त सुखदायक श्रेष्ठ वचनलाई सुनेर शुक्राचार्य हर्षित भए र आनन्दसमुद्रमा निमग्न भए॥ २१॥

कमलसमान नेत्र भएका तथा हर्षविभोरले रोमांचित विग्रह भएका शुक्राचार्यले प्रसन्नतापूर्वक शिवलाई प्रणाम गरे र प्रफुल्लित भई शिरमाथि अंजुलि बाँधेर जय-जयकार गर्दै अत्यन्त प्रसन्नतापूर्वक ती अष्टमूर्ति* शिवको स्तुति गर्न लागे—॥ २२-२३॥

भार्गव भन्दछन्—हे जगदीश्वर! हजुर आफ्नू तेजले समस्त अन्धकारलाई हटाई रातमा विचरण गर्ने राक्षसहरूको मनोरथलाई नष्ट पारिदिनुहुन्छ। हे दिनमणे! हजुर त्रिलोकीको हित गर्नका लागि आकाशमा सूर्यरूपले प्रकाशित भइरहनुहुन्छ; यस्ता हजुरलाई नमस्कार छ॥ २४॥

हे हिमांशु! हजुर पृथ्वी तथा आकाशमा समस्त प्राणीहरूको नेत्र बनेर चन्द्ररूपले विराजमान हुनुहुन्छ र लोकमा व्याप्त अन्धकारको नाश गर्नेवाला एवं अमृतका किरणहरूले युक्त हुनुहुन्छ। हे अमृतमय! हजुरलाई नमस्कार छ॥ २५॥

हे भुवनजीवन! हजुर पावनपथ—योगमार्गको आश्रय लिनेहरूको सदा गति तथा उपास्यदेव हुनुहुन्छ। यस जगत्मा हजुर विना को जीवित रहन सक्दछ। हजुर वायुरूपले समस्त प्राणीहरूको वर्धन गर्ने र सर्पकुललाई सन्तुष्ट पार्ने हुनुहुन्छ। हे सर्वव्यापी! हजुरलाई नमस्कार छ॥ २६॥

हे विश्वका एकमात्र पावनकर्ता! हे शरणागत रक्षक! यदि हजुरको एकमात्र पावक (पवित्र पार्ने) शक्ति नहुँदो हो त मरेकाहरूलाई मोक्ष प्रदान कसले गर्ला? हे जगदन्तरात्मन्! हजुर नै समस्त प्राणीहरूको भित्र वैश्वानर नामक पावक (अग्निरूप) हुनुहुन्छ र तिनलाई पाइला-पाइलामा शान्ति प्रदान गर्नेवाला हुनुहुन्छ, हजुरलाई नमस्कार छ॥ २७॥

* पृथ्वी, जल, अग्नि, वायु, आकाश, यजमान (क्षेत्रज्ञ वा आत्मा), चन्द्रमा र सूर्य—यी आठवटामा अधिष्ठित शर्व, भव, रुद्र, उग्र, भीम, पशुपति, महादेव र ईशान—यी अष्टमूर्तिहरूका नाम हुन्।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पानीयरूप परमेश जगत्पवित्र
चित्रं विचित्रसुचरित्रकरोऽसि नूनम्।
विश्वं पवित्रममलं किल विश्वनाथ
पानीयगाहनत एतदतो नतोऽस्मि॥ २८

हे जलरूप! हे परमेश! हे जगत्पवित्र! हजुर निश्चय नै विचित्र उत्तम चरित्र गर्ने हुनुहुन्छ। हे विश्वनाथ! हजुरको यो अमलपानीयरूपी जल नुहाउनाले मात्र पनि विश्वलाई पवित्र पार्ने खालको छ, अतः हजुरलाई नमस्कार गर्दछु॥ २८॥

आकाशरूपबहिरंतरुतावकाश-
दानाद्विकस्वरमिहेश्वर विश्वमेतत्।
त्वत्तः सदा सदय संश्वसिति स्वभावात्
संकोचमेति भवतोऽस्मि नतस्ततस्त्वाम्॥ २९

हे आकाशरूप! हे ईश्वर! यो संसार बाहिर एवं भित्रबाट अवकाश दिएकै कारण विकसित छ, हे दयामय! हजुरबाट नै यो संसार स्वभावतः सदा श्वास लिन्छ र हजुरबाट नै यो संकोचलाई प्राप्त गर्छ, अतः हजुरलाई प्रणाम गर्दछु॥ २९॥

विश्वंभरात्मक बिभर्षि विभोऽत्र विश्वं
को विश्वनाथ भवतोऽन्यतमस्तमोऽरिः।
स त्वं विनाशय तमो मम चाहिभूष
स्तव्यात्परः परपरं प्रणतस्ततस्त्वाम्॥ ३०

हे विश्वम्भरात्मक [पृथ्वीरूप]! हे विभु! हजुर नै यस जगत्‌को भरण-पोषण गर्नुहुन्छ। हे विश्वनाथ! हजुर बाहेक अन्धकारको विनाशक अरू को छ। हे अहिभूषण! मेरो अज्ञानरूपी अन्धकारलाई हजुर भगाइदिनुहोस्, हजुर स्तवनीय पुरुषहरूमा सबैभन्दा श्रेष्ठ हुनुहुन्छ, अतः हजुर परात्परलाई म नमस्कार गर्दछु॥ ३०॥

आत्मस्वरूप तव रूपपरंपराभि-
राभिस्ततं हर चराचररूपमेतत्।
सर्वांतरात्मनिलय प्रतिरूपरूप
नित्यं नतोऽस्मि परमात्मजनोऽष्टमूर्ते॥ ३१

हे आत्मस्वरूप! हे हर! हजुरका यी रूप-परम्परादेखि यो सारा चराचर जगत् विस्तार हुँदै आइरहेको छ। सबैको अन्तरात्मामा निवास गर्नुहुने हे प्रतिरूप! हे अष्टमूर्ते! म पनि हजुरको अंश हुँ, म हजुरलाई नित्य नमस्कार गर्दछु॥ ३१॥

इत्यष्टमूर्तिभिरिमाभिरबंधुबंधो
युक्तः करोषि खलु विश्वजनीनमूर्ते।
एतत्ततं सुविततं प्रणतप्रणीत
सर्वार्थसार्थपरमार्थ ततो नतोऽस्मि॥ ३२

हे दीनबन्धु! हे विश्वजनीनमूर्ते! हे प्रणत-प्रणीत (शरणागतहरूका रक्षक)! हे सर्वार्थसार्थपरमार्थ! हजुर यी अष्टमूर्तिहरूबाट युक्त हुनुहुन्छ र यो विस्तृत जगत् हजुरबाट व्याप्त छ, अतः म हजुरलाई प्रणाम गर्दछु॥ ३२॥

सनत्कुमार उवाच

अष्टमूर्त्यष्टकेनेत्थं परिष्टुत्येति भार्गवः।
भर्गं भूमिमिलन्मौलिः प्रणनाम पुनः पुनः॥ ३३

सनत्कुमार भन्नुहुन्छ—भार्गवले यस प्रकार अष्टमूर्ति-स्तुतिको आठ श्लोकहरूबाट शिवको स्तुति गरी भूमिमा शिर झुकाएर उहाँलाई पटक-पटक प्रणाम गरे॥ ३३॥

इति स्तुतो महादेवो भार्गवेणातितेजसा।
उत्थाय भूमेर्बाहुभ्यां धृत्वा तं प्रणतं द्विजम्॥ ३४

उवाच श्लक्ष्णया वाचा मेघनादगभीरया।
सुप्रीत्या दशनज्योत्स्नाप्रद्योतितदिगंतरः॥ ३५

अत्यन्त तेजस्वी भार्गवबाट यस प्रकार स्तुत्य महादेव प्रणाम गरिरहेका ती ब्राह्मणलाई आफ्ना भुजाहरूले समातेर तथा पृथ्वीबाट उठाएर आफ्ना दाँतहरूका कान्तिले दिगन्तरलाई प्रकाशित गर्दै मेघ समान गम्भीर वाणीमा अत्यन्त प्रेमपूर्वक भन्न लाग्नुभयो— ॥ ३४-३५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

महादेव उवाच

विप्रवर्य कवे तात मम भक्तोऽसि पावनः।
अनेनात्युग्रतपसा स्वजन्याचरितेन च॥ ३६
लिंगस्थापनपुण्येन लिंगस्याराधनेन च।
दत्तचित्तोपहारेण शुचिना निश्चलेन च॥ ३७
अविमुक्तमहाक्षेत्रपवित्राचरणेन च।
त्वां दयया प्रपश्यामि तवादेयं न किंचन॥ ३८

महादेव भन्नुहुन्छ—हे विप्रवर्य! हे कवि! हे तात! तपाईं मेरो पवित्र भक्त हुनुहुन्छ, तपाईंद्वारा गरिएको उग्र तपस्या, लिंगप्रतिष्ठाजन्य पुण्य, लिंग आराधना, आफ्नू पवित्र एवं निश्चल चित्तको समर्पण तथा अविमुक्त-जस्ता महाक्षेत्रमा गरिएका पवित्र आचरणबाट म तपाईंलाई दयापूर्वक हेर्दछु, तपाईंका लागि केही पनि अदेय छैन॥ ३६—३८॥

अनेनैव शरीरेण ममोदरदरीगतः।
मद्वरेन्द्रियमार्गेण पुत्रजन्मत्वमेष्यसि॥ ३९

तपाईं यसै शरीरबाट मेरो उदररूपी गुफामा प्रविष्ट भई पुनः लिंगेन्द्रिय मार्गबाट निस्केर पुत्रभावलाई प्राप्त गर्नुहुनेछ॥ ३९॥

यच्छाम्यहं वरं तेऽद्य दुष्प्राप्यं पार्षदैरपि।
हरेर्हिरण्यगर्भाच्च प्रायशोऽहं जुगोप यम्॥ ४०

अब म आफ्ना पार्षदहरूका लागि पनि दुर्लभ वर तपाईंलाई प्रदान गर्छु, जसलाई मैले ब्रह्मा तथा विष्णुसित पनि गुप्त राखेको छु॥ ४०॥

मृतसंजीवनी नाम विद्या या मम निर्मला।
तपोबलेन महता मयैव परिनिर्मिता॥ ४१

मृतसंजीवनी नामक जुन मेरो निर्मल विद्या छ, त्यसको निर्माण मैले स्वयं आफ्नो महान् तपोबलले गरेको छु॥ ४१॥

त्वां तां तु प्रापयाम्यद्य मंत्ररूपां महाशुचे।
योग्यता तेऽस्ति विद्यायास्तस्याः शुचितपोनिधे॥ ४२

यं यमुद्दिश्य नियतमेतामावर्तयिष्यसि।
विद्यां विद्येश्वरश्रेष्ठां सत्यं प्राणिष्यति ध्रुवम्॥ ४३

हे महाशुचि! त्यो मन्त्ररूपा विद्या म तपाईंलाई प्रदान गर्दछु। हे शुचितपोनिधे! तपाईंमा त्यस विद्या प्राप्तिको योग्यता छ। तपाईं जो कसैलाई उद्देश्य गरी विद्येश्वर भगवान् शिवको यस श्रेष्ठ विद्याको आवर्तन गर्नुहुने छ, त्यो अवश्य नै जीवित हुनेछ, यो सत्य हो॥ ४२-४३॥

अत्यर्कमत्यग्नि च ते तेजो व्योम्नि च तारकम्।
देदीप्यमानं भविता ग्रहाणां प्रवरो भव॥ ४४
अपि च त्वां करिष्यन्ति यात्रां नार्यो नरोऽपि वा।
तेषां त्वद् दृष्टिपातेन सर्वकार्यं प्रणश्यति॥ ४५
तवोदये भविष्यन्ति विवाहादीनि सुव्रत।
सर्वाणि धर्मकार्याणि फलवन्ति नृणामिह॥ ४६

तपाईंको देदीप्यमान तेज आकाशमण्डलमा सूर्य तथा अग्निभन्दा माथि हुनेछ, तपाईं प्रकाशमान र श्रेष्ठ ग्रह हुनुहुनेछ। जो स्त्री वा पुरुष तपाईंको सम्मुख यात्रा गर्ने छन्, तपाईंको दृष्टि पर्नासाथ तिनको सारा कार्य नष्ट हुनेछ र हे सुव्रत! मनुष्यका समस्त विवाह आदि धर्मकार्य तपाईंको उदयकालमा नै फलप्रद हुने छन्॥ ४४—४६॥

सर्वाश्च तिथयो नन्दास्तव संयोगतः शुभाः।
तव भक्ता भविष्यन्ति बहुशुक्रा बहु प्रजाः॥ ४७

सम्पूर्ण नन्दा तिथिहरू (प्रतिपदा, षष्ठी तथा एकादशी) तपाईंको संयोगले शुभ हुने छन्। तपाईंका भक्त अत्यन्त पराक्रमी तथा धेरै सन्तानहरूले युक्त हुने छन्॥ ४७॥

त्वयेदं स्थापितं लिंगं शुक्रेशमिति संज्ञितम्।
येऽर्चयिष्यन्ति मनुजास्तेषां सिद्धिर्भविष्यति॥ ४८

तपाईंद्वारा स्थापित गरिएको यस लिंगको नाम शुक्रेश्वर हुनेछ। जो मनुष्यले यसको अर्चना गर्ने छन्, तिनको कार्यसिद्धि हुनेछ॥ ४८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आवर्षं प्रतिघस्त्रं ये नक्तव्रतपरायणाः।
त्वह्निने शुक्रकूपे ये कृतसर्वोदकक्रियाः॥ ४९
शुक्रेशमर्चयिष्यन्ति शृणु तेषां तु यत्फलम्।
अवन्ध्यशुक्रास्ते मर्त्याः पुत्रवन्तोऽतिरेतसः॥ ५०
पुंस्त्वसौभाग्यसंपन्ना भविष्यन्ति न संशयः।
उपेतविद्यास्ते सर्वे जनाः स्युः सुखभागिनः॥ ५१

वर्षभर प्रतिदिन नक्तव्रतपरायण जो मनुष्य प्रत्येक शुक्रवारका दिन शुक्रकुवामा स्नान एवं तर्पण गरी यी शुक्रेश शिवको पूजा गर्ने छ, त्यसको फल सुन्नुहोस्—उनीहरूको वीर्य कहिल्यै निष्फल हुने छैन, ती पुत्रवान् एवं अति वीर्यवान् हुने छन्। ती सबै मनुष्य पुरुषत्व एवं सौभाग्यबाट सम्पन्न, विद्यायुक्त तथा सुखी हुने छन, यसमा संशय छैन॥ ४९—५१॥

इति दत्त्वा वरान्देवस्तत्र लिंगे लयं ययौ।
भार्गवोऽपि निजं धाम प्राप संतुष्टमानसः॥ ५२

इति ते कथितं व्यास यथा प्राप्ता तपोबलात्।
मृत्युंजयाभिधा विद्या किमन्यच्छ्रोतुमिच्छसि॥ ५३

यस प्रकार वर दिएर शिव त्यसै लिंगमा लीन हुनुभयो र शुक्राचार्य पनि प्रसन्नचित्त भएर आफ्नो स्थानमा गए। हे व्यास! शुक्रले जुन प्रकार आफ्नो तपोबलबाट मृत्युंजय नामको विद्या प्राप्त गरे, त्यसलाई मैले भनिदिएँ, अब तपाईं अरू के सुन्न चाहनुहुन्छ?॥ ५२-५३॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे मृतसंजीवनीविद्याप्राप्तिवर्णनं नाम पञ्चाशत्तमोऽध्यायः॥ ५०॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा मृतसंजीवनीविद्याप्राप्तिवर्णन नामक पचासौँ अध्याय पूर्ण भयो॥ ५०॥

अथैकपञ्चाशत्तमोऽध्यायः

प्रह्लादको वंशपरम्परामा बलिपुत्र बाणासुरको उत्पत्तिको कथा, शिवभक्त बाणासुरले ताण्डव नृत्य प्रदर्शनद्वारा शंकरलाई प्रसन्न पार्नु, वरदानको रूपमा शंकर बाणासुरको नगरमा निवास गर्नु, शिव-पार्वतीको विहार, पार्वतीद्वारा बाणपुत्री ऊषालाई वरदान

व्यास उवाच

सनत्कुमार सर्वज्ञ श्राविता सुकथाद्भुता।
भवतानुग्रहात्प्रीत्या शंभ्वनुग्रहनिर्भरा॥ १
इदानीं श्रोतुमिच्छामि चरितं शशिमौलिनः।
गाणपत्यं ददौ प्रीत्या यथा बाणासुराय वै॥ २

व्यास भन्नुहुन्छ—हे सर्वज्ञ! हे सनत्कुमार! तपाईंले ममाथि अनुग्रह गरी परम प्रीतिपूर्वक शिवको अनुग्रहबाट पूर्ण यो अत्यन्त अद्भुत कथा सुनाउनुभयो। अब शिवको त्यस चरित्रलाई सुन्न चाहन्छु, जस प्रकार उहाँले प्रीतिपूर्वक बाणासुरलाई गाणपत्यपद प्रदान गर्नुभयो॥ १-२॥

सनत्कुमार उवाच

शृणु व्यासादरात्तां वै कथां शंभोः परात्मनः।
गाणपत्यं यथा प्रीत्या ददौ बाणासुराय हि॥ ३
अत्रैव सुचरित्रं च शंकरस्य महाप्रभोः।
कृष्णेन समरोप्यत्र शंभोर्बाणानुगृह्णतः॥ ४

सनत्कुमार भन्नुहुन्छ—हे व्यास! जसरी शिवले प्रसन्नतापूर्वक बाणासुरलाई गाणपत्यपद प्रदान गर्नुभयो, परमात्मा शिवको त्यस चरित्रलाई अब तपाईं आदरपूर्वक सुन्नुहोस्। यसै चरित्रअन्तर्गत बाणासुरमाथि अनुग्रह गर्नुहुने महाप्रभु सदाशिवको श्रीकृष्णसँग युद्ध पनि भयो॥ ३-४॥

अत्रानुरूपं शृणु मे शिवलीलान्वितं परम्।
इतिहासं महापुण्यं मनःश्रोत्रसुखावहम्॥ ५

अब शिवको लीलाले युक्त, मन तथा कानलाई सुखदायक तथा महापुण्यदायक इतिहास सुन्नुहोस्॥ ५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्मपुत्रो मरीचिर्यो मुनिरासीन्महामतिः।
मानसः सर्वपुत्रेषु ज्येष्ठः श्रेष्ठः प्रजापतिः॥ ६
तस्य पुत्रो महात्मासीत्कश्यपो मुनिसत्तमः।
सृष्टिप्रवृद्धकोऽत्यन्तं पितुर्भक्तो विधेरपि॥ ७
तस्य त्रयोदशमिता दक्षकन्याः सुशीलिकाः।
कश्यपस्य मुनेर्व्यास पत्न्यश्चासन्पतिव्रताः॥ ८
तत्र ज्येष्ठा दितिश्चासीद्दैत्यास्तत्तनयाः स्मृताः।
अन्यासां च सुता जाता देवाद्याः सचराचराः॥ ९
ज्येष्ठायाः प्रथमौ पुत्रौ दितेश्चास्तां महाबलौ।
हिरण्यकशिपुर्ज्येष्ठो हिरण्याक्षोऽनुजस्ततः॥ १०
हिरण्यकशिपोः पुत्राश्चत्वारो दैत्यसत्तमाः।
ह्लादानुह्लादसंह्लादप्रह्लादश्चेत्यनुक्रमात्॥ ११
प्रह्लादस्तत्र हि महान्विष्णुभक्तो जितेन्द्रियः।
यं नाशितुं न शक्तास्तेऽभवन्दैत्याश्च केऽपि ह॥ १२
विरोचनः सुतस्तस्य महादातृवरोऽभवत्।
शक्राय स्वशिरो योऽदाद्याचमानाय विप्रतः॥ १३
तस्य पुत्रो बलिश्चासीन्महादानी शिवप्रियः।
येन वामनरूपाय हरयेऽदायि मेदिनी॥ १४
तस्यौरसः सुतो बाणः शिवभक्तो बभूव ह।
मान्यो वदान्यो धीमांश्च सत्यसंधः सहस्रदः॥ १५
शोणिताख्ये पुरे स्थित्वा स राज्यमकरोत्पुरा।
त्रैलोक्यं च बलाज्जित्वा तन्नाथानसुरेश्वरः॥ १६
तस्य बाणासुरस्यैव शिवभक्तस्य चामराः।
शंकरस्य प्रसादेन किंकरा इव तेऽभवन्॥ १७
तस्य राज्येऽमरान्हित्वा नाभवन्दुःखिताः प्रजाः।
सापत्न्याद् दुःखितास्ते हि परधर्मप्रवर्तिनः॥ १८
सहस्रबाहुवाद्येन स कदाचिन्महासुरः।
तांडवेन हि नृत्येनातोषयत्तं महेश्वरम्॥ १९
तेन नृत्येन संतुष्टः सुप्रसन्नो बभूव ह।
ददर्श कृपया दृष्ट्या शंकरो भक्तवत्सलः॥ २०

पूर्वकालमा ब्रह्माका मानसपुत्र मरीचि नामक प्रजापति भए, जो उनका सबै पुत्रहरूमा ज्येष्ठ, श्रेष्ठ एवं महाबुद्धिमान् मुनि थिए। उनका पुत्र मुनिश्रेष्ठ महात्मा कश्यप भए, जो यस सृष्टिका प्रवर्तक हुन्। ती आफ्ना पिता मरीचि तथा ब्रह्माको अत्यन्त भक्त थिए॥ ६-७॥ हे व्यास! दक्षका सुशील तेह्र कन्याहरू थिए, जो ती कश्यपमुनिका पतिव्रता स्त्रीहरू थिए॥ ८॥

तीमध्ये जेठी कन्याको नाम दिति थियो, सबै दैत्य उनैको पुत्र भनिएका छन् र अरू स्त्रीबाट चराचरसहित सबै देवता आदि सन्तान उत्पन्न भए॥ ९॥

जेठी पत्नी दितिबाट महाबलवान् दुई पुत्र उत्पन्न भए, जसमा हिरण्यकशिपु ज्येष्ठ तथा हिरण्याक्ष कनिष्ठ थियो। त्यस हिरण्यकशिपुको क्रमले ह्लाद, अनुह्लाद, संह्लाद तथा प्रह्लाद नामक चार दैत्यश्रेष्ठ पुत्र उत्पन्न भए॥ १०-११॥

ती मध्येमा प्रह्लाद अत्यन्त जितेन्द्रिय तथा भगवान् विष्णुका परम भक्त थिए, जसको नाश गर्नमा कुनै पनि दैत्य समर्थ भएनन्। त्यस प्रह्लादको पुत्र विरोचन भयो, जो दानिहरूमा श्रेष्ठ थियो र जसले ब्राह्मणरूपी इन्द्रले मागेपछि आफ्नो शिर नै दिइदिए॥ १२-१३॥

त्यस विरोचनको पुत्र महादानी एवं शिवप्रिय बलि भयो, जसले वामनावतार धारण गरी याचना गर्नुहुने विष्णुलाई सम्पूर्ण पृथ्वी दान गरिदिए॥ १४॥

त्यसै बलिको रस पुत्र बाण भयो, जो शिवभक्त, मान्य, दानी, बुद्धिमान्, सत्यप्रतिज्ञ एवं हजारौँ दान गर्ने खालको थियो। त्यो दैत्यराज बाणासुर आफ्नू बलले तीनवटै लोकलाई तथा त्यसका स्वामीहरूलाई जितेर शोणित नामक पुरमा रहेर राज्य गर्दथ्यो॥ १५-१६॥

सबै देवगण शंकरको कृपाले शिवभक्त त्यस बाणासुरको दास झैँ हुन गए॥ १७॥

त्यस बाणासुरको राज्यमा देवताहरूलाई छोडेर अन्य प्रजाहरू दुखी थिएनन्। देवगणहरूको दुःखका कारण यो थियो कि बाणासुर उनीहरूको शत्रु थियो एवं त्यो असुरकुलमा उत्पन्न भएको थियो। एक समय त्यस महादैत्यले आफ्नो हजार भुजाहरूलाई बजाएर ताण्डव नृत्यद्वारा ती महेश्वरलाई प्रसन्न पार्‍यो। भक्तवत्सल भगवान् शंकर त्यस नृत्यबाट सन्तुष्ट तथा अत्यन्त प्रसन्न भई कृपादृष्टिले बाणासुरतिर हेर्नुभयो॥ १८—२०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भगवान्सर्वलोकेशः शरण्यो भक्तकामदः।
वरेण च्छंदयामास बालेयं तं महासुरम्॥ २१

सर्वलोकेश, शरणागतवत्सल एवं भक्तहरूको कामना पूर्ण गर्नुहुने भगवान् शंकरले त्यस बलिपुत्र बाणासुरलाई वर प्रदान गर्ने इच्छा गर्नुभयो॥ २१॥

सनत्कुमार उवाच

बालेयः स महादैत्यो बाणो भक्तवरः सुधीः।
प्रणम्य शंकरं भक्त्या नुनाव परमेश्वरम्॥ २२

सनत्कुमार भन्नुहुन्छ—[हे मुनि!] अत्यन्त बुद्धिमान् एवं शिवभक्त त्यो बलि-पुत्र बाणासुर परमेश्वर शिवलाई भक्तिपूर्वक प्रणाम गरी स्तुति गर्न लाग्यो—॥ २२॥

बाणासुर उवाच

देवदेव महादेव शरणागतवत्सल।
संतुष्टोऽसि महेशान ममोपरि विभो यदि॥ २३
मद्रक्षको भव सदा मदुपस्थः पुराधिपः।
सर्वथा प्रीतिकृन्मे हि ससुतः सगणः प्रभो॥ २४

बाणासुर भन्दछ—हे देवदेव! हे महादेव! हे शरणागतवत्सल! हे महेशान! हे विभु! हे प्रभु! यदि हजुर ममाथि प्रसन्न हुनुहुन्छ भने मेरो नगरको अधिपति बनेर पुत्रहरू एवं गणहरूका साथ हजुर यसैको समीपमा निवास गरी मेरो भलो गर्दै मेरो रक्षा गर्नुहोस्॥ २३-२४॥

सनत्कुमार उवाच

बलिपुत्रः स वै बाणो मोहितः शिवमायया।
मुक्तिप्रदं महेशानं दुराराध्यमपि ध्रुवम्॥ २५
स भक्तवत्सलः शंभुर्दत्त्वा तस्मै वरांश्च तान्।
तत्रोवास तथा प्रीत्या सगणः ससुतः प्रभुः॥ २६
स कदाचिद् बाणपुरे चक्रे देवासुरैः सह।
नदीतीरे हरः क्रीडां रम्ये शोणितकाह्वये॥ २७
ननृतुर्जहसुश्चापि गंधर्वाप्सरसस्तथा।
जेपुः प्रणेमुर्मुनय आनर्चुस्तुष्टुवुश्च तम्॥ २८
ववल्गुः प्रमथाः सर्वे ऋषयो जुहुवुस्तथा।
आययुः सिद्धसंघाश्च ददृशुः शांकरीं रतिम्॥ २९

सनत्कुमार भन्नुहुन्छ—शिवको मायाबाट मोहित भएको बलिपुत्र बाणासुरले मुक्तिदाता दुराराध्य शिवसित केवल यति नै वर माग्यो। भक्तवत्सल प्रभु शंकर त्यस बाणासुरलाई ती वरहरू दिएर गणहरू तथा पुत्रहरूसहित त्यसको नगरमा निवास गर्न लाग्नुभयो। कुनै समय बाणासुरको शोणितपुर नामक मनोहर नगरमा नदीको किनारमा शिवले देवगण एवं दैत्यहरूका साथ क्रीडा गर्नुभयो॥ २५—२७॥ त्यस समय गन्धर्व एवं अप्सराहरू नाच्न-हाँस्न लागे। मुनिहरूले शिवलाई प्रणाम गरे, उहाँको जप, पूजा तथा स्तुति गरे। प्रमथगण अट्टहास गर्न लागे, ऋषिजन हवन गर्न लागे एवं सिद्धगण त्यहाँ आएर शिवको क्रीडा हेर्न लागे॥ २८-२९॥

कुतार्किका विनेशुश्च म्लेच्छाश्च परिपंथिनः।
मातरोऽभिमुखास्तस्थुर्विनेशुश्च बिभीषिकाः॥ ३०

म्लेच्छ, कुमार्गी तथा कुतर्की विनष्ट भए। समस्त देवमाताहरू शिवको सम्मुख उपस्थित भए तथा सबै प्रकारको भय नष्ट भयो॥ ३०॥

रुद्रसद्भावभक्तानां भवदोषाश्च निःसृताः।
तस्मिन्दृष्टे प्रजाः सर्वाः सुप्रीतिं परमां ययुः॥ ३१

त्यस क्रीडाबाट रुद्रमा सद्भावना राख्ने भक्तहरूको सांसारिक दोष दूर भयो। त्यस समय शिवको दर्शन गर्दै सबै प्रजा अत्यन्त प्रसन्न भए॥ ३१॥

ववल्गुर्मुनयः सिद्धाः स्त्रीणां दृष्ट्वा विचेष्टितम्।
पुपुषुश्चापि ऋतवः स्वप्रभावं तु तत्र च॥ ३२

मुनि तथा सिद्धगण स्त्रीहरूको अद्भुत चेष्टालाई देखेर अट्टहास गर्न लागे। समस्त ऋतुहरू त्यहाँ आ-आफ्ना प्रभाव प्रकट गर्न लागे॥ ३२॥

ववुर्वाताश्च मृदवः पुष्पके सरधूसराः।
चुकूजुः पक्षिसंघाश्च शाखिनां मधुलम्पटाः॥ ३३
पुष्पभारावनद्धानां रारट्येरंश्च कोकिलाः।
मधुरं कामजननं वनेषूपवनेषु च॥ ३४

पुष्पहरूको परागबाट मिश्रित सुगन्धित वायु बहन लाग्यो, पक्षीसमूह कूँजन गर्न लागे एवं पुष्पहरूका भारले नुगेका वृक्षहरूका हाँगामा मधुलम्पट कोइलीहरू वन तथा उपवनहरूमा कामोत्पादक मधुर आवाज निकाल्न लागे॥ ३३-३४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ततः क्रीडाविहारे तु मत्तो बालेन्दुशेखरः।
अनिर्जितेन कामेन दृष्टः प्रोवाच नन्दिनम्॥ ३५

त्यस समय क्रीडाविहारमा उन्मत्त तथा काममाथि विजय प्राप्त नगरी त्यसलाई हेरिमात्रै रहेका कामको वशीभूत सदाशिवले नन्दीसित भन्नुभयो— ॥ ३५ ॥

चन्द्रशेखर उवाच

वामामानय गौरीं त्वं कैलासात्कृतमंडनाम्।
शीघ्रमस्माद्वनाद्गत्वा ह्युक्त्वाऽकृष्णामिहानय ॥ ३६

चन्द्रशेखर भन्नुहुन्छ—हे नन्दी! तिमी चाँडै यस वनबाट कैलास गएर मेरो सन्देश भनेर शृंगारले युक्त गौरीलाई यहाँ लिएर आऊ॥ ३६ ॥

सनत्कुमार उवाच

स तथेति प्रतिज्ञाय गत्वा तत्राह पार्वतीम्।
सुप्रणम्य रहोदूतः शंकरस्य कृताञ्जलिः॥ ३७

सनत्कुमार भन्नुहुन्छ—'त्यस्तै गर्ने छु', यस प्रकारको प्रतिज्ञा गरी त्यहाँ गएर शंकरका दूत नन्दीले हात जोडेर एकान्तमा पार्वतीसित भने— ॥ ३७ ॥

नन्दीश्वर उवाच

द्रष्टुमिच्छति देवि त्वां देवदेवो महेश्वरः।
स्ववल्लभां रूपकृतां मयोक्तं तन्निदेशतः॥ ३८

नन्दीश्वर भन्दछन्—हे देवी! देवदेव महादेव महेश्वर शृंगारले युक्त आफ्नी भार्यालाई हेर्न चाहनुहुन्छ, मैले उहाँको आदेशले यस्तो भनेको हुँ॥ ३८ ॥

सनत्कुमार उवाच

ततस्तद्वचनाद्गौरी मंडनं कर्तुमादरात्।
उद्यताभून्मुनिश्रेष्ठ पतिव्रतपरायणा॥ ३९
आगच्छामि प्रभुं गच्छ वद तं त्वं ममाज्ञया।
आजगाम ततो नंदी रुद्रासन्नं मनोगतिः॥ ४०

सनत्कुमार भन्नुहुन्छ—हे मुनिश्रेष्ठ! उनको यस वचनलाई सुनेर पतिव्रतधर्मपरायणा भगवती पार्वती अत्यन्त प्रसन्नतापूर्वक आफ्नू शृंगार गर्न लाग्नुभयो र नन्दीसित भन्नुभयो—तिमी मेरो आज्ञाले छिटो शिवका समक्षमा जाऊ र उहाँसित भन कि म अहिल्यै आइरहेकी छु। यो सुनेर मनको वेगसमान हिँड्ने नन्दीश्वर महादेवकहाँ गए॥ ३९-४० ॥

पुनराह ततो रुद्रो नन्दिनं परविभ्रमः।
पुनर्गच्छ ततस्तात क्षिप्रमानय पार्वतीम्॥ ४१
बाढमुक्त्वा स तां गत्वा गौरीमाह सुलोचनाम्।
द्रष्टुमिच्छति ते भर्ता कृतवेषां मनोरमाम्॥ ४२
शंकरो बहुधा देवि विहर्तुं संप्रतीक्षते।
एवं पतौ सुकामार्ते गम्यतां गिरिनंदिनि॥ ४३

नन्दीलाई एक्लै आएको देखी शिवले नन्दीसित पुनः भन्नुभयो—हे तात! तिमी फेरि जाऊ र पार्वतीलाई शीघ्र लिएर आऊ। तब नन्दीले 'धेरै राम्रो' भनेर त्यहाँ गएर मनोहर नेत्र भएकी गौरीसित भने—हजुरका पति शृंगार गरेकी हजुर मनोरमालाई हेर्न चाहनुहुन्छ। हे देवी! विहार गर्ने उत्कण्ठाले उहाँ उत्सुकतापूर्वक हजुरको प्रतीक्षा गरिरहनुभएको छ, अतः हे गिरिनन्दिनी! हजुर आफ्नू पतिकहाँ छिटो हिँड्नुहोस्॥ ४१—४३ ॥

अप्सरोभिः समग्राभिरन्योन्यमभिमंत्रितम् ।
लब्धभावो यथा सद्यः पार्वत्या दर्शनोत्सुकः॥ ४४
अयं पिनाकी कामारिः वृणुयाद्यां नितंबिनीम्।
सर्वासां दिव्यनारीणां राज्ञी भवति वै ध्रुवम्॥ ४५

पार्वतीको आगमनमा ढिलाई देखेर समग्र अप्सराहरूले परस्पर मिलेर विचार गरे कि शिव पार्वतीलाई छिटो हेर्न चाहनुहुन्छ। यस अवस्थामा उहाँ जुन स्त्रीको वरण गर्नेछन्, त्यो स्त्री निश्चय नै समस्त दिव्य स्त्रीहरूकी रानी हुने छन्॥ ४४-४५ ॥

वीक्षणं गौरि रूपेण क्रीडयेन्मन्मथैर्गणैः।
कामोऽयं हंति कामारिमूचुरन्योऽन्यमादृताः॥ ४६

यस समय कामशत्रु शिवलाई यो कामले दुःख दिइरहेको छ, यसैले हामी पार्वतीको रूप धारण गरौँ, कदाचित् हामीलाई पार्वतीको रूपमा देखेर ती मन्मथगणहरूसहित हाम्रो साथ क्रीडा गरून्। ती आदरपूर्वक आपसमा यस्तो विचार गर्न लागे॥ ४६ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्प्रष्टुं शक्नोति या काचिदूते दाक्षायणीं स्त्रियम्।
सा गच्छेत्तत्र निःशंकं मोहयेत्पार्वतीपतिम्॥ ४७

अतः जो स्त्रीले दाक्षायणीबाट रहित यी शंकरको स्पर्श गर्न सक्छिन्, तिनै निःशंक भावले पार्वतीपति शिवका पास जाउन् र उनलाई मोहित गरून्॥ ४७॥

कूष्मांडतनया तत्र शंकरं स्प्रष्टुमुत्सहे।
अहं गौरीसुरूपेण चित्रलेखा वचोऽब्रवीत्॥ ४८

तब कूष्माण्ड (कुम्भाण्ड)-की कन्या चित्रलेखाले यो वचन भनिन्—'म गौरीको सुन्दर रूप धारण गरी शिवको स्पर्श गर्न सक्छु॥ ४८॥

चित्रलेखोवाच

यदधान्मोहिनीरूपं केशवो मोहनेच्छया।
पुरा तद्वैष्णवं योगमाश्रित्य परमार्थतः॥ ४९
उर्वश्याश्च ततो दृष्ट्वा रूपस्य परिवर्तनम्।
कालीरूपं घृताची तु विश्वाची चांडिकं वपुः॥ ५०
सावित्रिरूपं रंभा च गायत्रं मेनका तथा।
सहजन्या जयारूपं वैजयं पुंजिकस्थली॥ ५१
मातृणामप्यनुक्तानामनुक्ताश्चाप्सरोवराः।
यत्नाद्रूपाणि ताश्चक्रुः स्वविद्यासंयुता अनु॥ ५२
ततस्तासां तु रूपाणि दृष्ट्वा कुंभांडनंदिनी।
वैष्णवादात्मयोगाच्च विज्ञातार्था व्यडंबयत्॥ ५३

चित्रलेखा भन्दछिन्—केशवले शिवलाई मोहित गर्ने इच्छाले परमार्थका लागि वैष्णवयोगको आश्रय लिएर जुन मोहिनीरूपलाई धारण गर्नुभयो, त्यसैलाई म धारण गर्छु। त्यसपछि उनले उर्वशीको परिवर्तित रूपलाई देखिन्, यसै प्रकार उनले देखिन् कि घृताचीले कालीरूप, विश्वाचीले चण्डिकारूप, रम्भाले सावित्रीरूप, मेनकाले गायत्रीरूप, सहजन्याले जयारूप, पुंजिकस्थलीले विजयाको रूप तथा समस्त अप्सराहरूले मातृगणहरूको रूप यत्नपूर्वक बनाए। उनीहरूको रूपलाई देखेर कुम्भाण्डपुत्री चित्रलेखाले पनि वैष्णवयोगबाट सारा रहस्यलाई जानेर आफ्नो रूपलाई लुकाइन्॥ ४९-५३॥

ऊषा बाणासुरसुता दिव्ययोगविशारदा।
चकार रूपं पार्वत्या दिव्यमत्यद्भुतं शुभम्॥ ५४

दिव्य योगविशारद बाणासुरकी कन्या ऊषाले वैष्णवयोगको प्रभावबाट अत्यन्त मनोहर, सुन्दर र अद्भुत पार्वतीको रूप धारण गरिन्॥ ५४॥

महारक्ताब्जसंकाशं चरणं चोत्तमप्रभम्।
दिव्यलक्षणसंयुक्तं मनोऽभीष्टार्थदायकम्॥ ५५

ऊषाका चरण रक्तकमलसमान दिव्य कान्तिको, उत्तम प्रभाबाट सम्पन्न, दिव्य लक्षणहरूले युक्त एवं मनका अभिलाषित पदार्थहरू दिने खालका थिए॥ ५५॥

तस्या रमणसंकल्पं विज्ञाय गिरिजा ततः।
उवाच सर्वविज्ञाना सर्वान्तर्यामिनी शिवा॥ ५६

त्यसपछि सर्वान्तर्यामिनी तथा सबथोक जान्नुहुने शिवा गिरिजा शिवका साथ उनको रमणको इच्छा जानेर भन्न लाग्नुभयो—॥ ५६॥

गिरिजोवाच

यतो मम स्वरूपं वै धृतमूषे सखि त्वया।
सकामत्वेन समये संप्राप्ते सति मानिनि॥ ५७
अस्मिंस्तु कार्तिके मासि ऋतुधर्मास्तु माधवे।
द्वादश्यां शुक्लपक्षे तु यस्तु घोरे निशागमे॥ ५८
कृतोपवासां त्वां भोक्ता सुप्तामंतःपुरे नरः।
स ते भर्त्ता कृतो देवैस्तेन सार्द्धं रमिष्यसि॥ ५९
आबाल्याद्विष्णुभक्तासि यतोऽनिशमतंद्रिता।
एवमस्त्विति सा प्राह मनसा लज्जितानना॥ ६०

गिरिजा भन्नुहुन्छ—हे सखी ऊषे! हे मानिनी! तिमीले समय पाएकीले सकामभावले मेरो रूप धारण गरेकी छौ, अतः तिमी यसै कार्तिक महिनामा ऋतुधर्मिणी हुने छौ। वैशाख मासको शुक्लपक्षको द्वादशी तिथिमा घोर अर्धरात्रिमा उपवासपूर्वक अन्तःपुरमा निदाएको अवस्थामा तिमीसित जुन पुरुष आएर रमण गर्ने छ, देवगणहरूले त्यसैलाई तिम्रो पति नियुक्त गरेका छन्। त्यसैका साथ तिमी रमण गर्ने छौ; किनभने तिमी बाल्यावस्थाबाट नै आलस्यरहित भएर सर्वदा विष्णुमा भक्ति राख्ने स्वभावकी छौ। तब 'त्यस्तै होस्'—यसरी ऊषाले मनमनै भनी लज्जित भइन्॥ ५७—६०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ सा पार्वती देवी कृतकौतुकमण्डना।
रुद्रसंनिधिमागत्य चिक्रीडे तेन शंभुना॥ ६१

यसपछि शृंगारबाट युक्त भएर रुद्रका समीपमा आएर ती देवी पार्वती शम्भुका साथमा क्रीडा गर्न लाग्नुभयो॥ ६१॥

ततो रतान्ते भगवान् रुद्रश्चादर्शनं ययौ।
सदारः सगणश्चापि सहितो दैवतैर्मुने॥ ६२

हे मुनि! त्यसपछि रमणको अन्तमा भगवान् सदाशिव स्त्रीहरू, गणहरू एवं देवताहरूका साथ अन्तर्धान हुनुभयो॥ ६२॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे ऊषाचरित्रवर्णने शिवाशिवविहारवर्णनं नामैकपञ्चाशत्तमोऽध्यायः॥ ५१॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा ऊषाचरित्रवर्णनको क्रममा शिवाशिवविहारवर्णन नामक एकाउन्नौँ अध्याय पूर्ण भयो॥ ५१॥

अथ द्विपञ्चाशत्तमोऽध्यायः

अभिमानी बाणासुरद्वारा भगवान् शिवसित युद्धको याचना, बाणपुत्री ऊषाको रात्रिको समय सपनामा अनिरुद्धका साथ मिलन, चित्रलेखाद्वारा योगबलबाट अनिरुद्धलाई द्वारकाबाट अपहरण, अन्तःपुरमा अनिरुद्ध र ऊषाको मिलन तथा द्वारपालहरूद्वारा यो समाचार बाणासुरलाई बताउनु

सनत्कुमार उवाच

शृणुष्वान्यच्चरित्रं च शिवस्य परमात्मनः।
भक्तवात्सल्यसंगर्भि परमानन्ददायकम्॥ १

सनत्कुमार भन्नुहुन्छ—[हे व्यास!] अब तपाईं परमात्मा शिवको दोस्रो चरित्र सुन्नुहोस्, जुन भक्तवत्सलताबाट पूर्ण तथा परमानन्ददायक छ॥ १॥

पुरा बाणासुरो नाम दैवदोषाच्च गर्वितः।
कृत्वा तांडवनृत्यं च तोषयामास शंकरम्॥ २

पूर्वकालमा भाग्यदोषबाट गर्वित भएर बाणासुरले ताण्डव नृत्य गरी शिवलाई सन्तुष्ट पारेको थियो॥ २॥

ज्ञात्वा संतुष्टमनसं पार्वतीवल्लभं शिवम्।
उवाच चासुरो बाणो नतस्कन्धः कृतांजलिः॥ ३

त्यसपछि पार्वतीपति शिवलाई सन्तुष्ट चित्त जानेर बाणासुर शिर झुकाएर विनम्र भई हात जोडेर भन्न लाग्यो—॥ ३॥

बाण उवाच

देवदेव महादेव सर्वदेवशिरोमणे।
त्वत्प्रसादाद् बली चाहं शृणु मे परमं वचः॥ ४

बाणासुर भन्दछ—हे देवाधिदेव! हे महादेव! हे सर्वदेवशिरोमणि! यद्यपि म हजुरको कृपाले अत्यन्त बलवान् छु, तथापि मेरो प्रार्थना सुन्नुहोस्॥ ४॥

दोःसहस्रं त्वया दत्तं परं भाराय मेऽभवत्।
त्रिलोक्यां प्रतियोद्धारं न लभे त्वदृते समम्॥ ५

हजुरले मलाई हजार हातहरू प्रदान गर्नुभएको छ, तर यी मेरा लागि भारस्वरूप भएका छन्, यस त्रिलोकीमा हजुर बाहेक म समान अरू कुनै दोस्रो योद्धा छैनन्॥ ५॥

हे देव किमनेनापि सहस्रेण करोम्यहम्।
बाहूनां गिरितुल्यानां विना युद्धं वृषध्वज॥ ६

हे देव! अब म यी हजार हातहरूलाई लिएर के गरूँ? हे वृषभध्वज! युद्ध विनाको पर्वत सदृश्य यी हातहरूको के प्रयोजन?॥ ६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कण्डूत्या निभृतैर्दोर्भिर्युयुत्सुर्दिग्गजानहम्।
पुराण्याचूर्णयन्नद्रीन्भीतास्तेऽपि प्रदुद्रुवुः॥ ७

मया यमः कृतो योद्धा वह्निश्च कृतको महान्।
वरुणश्चापि गोपालो गवां पालयिता तथा॥ ८

गजाध्यक्षः कुबेरस्तु सैरन्ध्री चापि निर्ऋतिः।
जितश्चाखंडलो लोके करदायी सदा कृतः॥ ९

युद्धस्यागमनं ब्रूहि यत्रैते बाहवो मम।
शत्रुहस्तप्रयुक्तैश्च शस्त्रास्त्रैर्जर्जरीकृताः॥ १०

पतंतु शत्रुहस्ताद्वा पातयन्तु सहस्रधा।
एतन्मनोरथं मे हि पूर्णं कुरु महेश्वर॥ ११

सनत्कुमार उवाच

तच्छ्रुत्वा कुपितो रुद्रस्त्वट्टहासं महाद्भुतम्।
कृत्वाऽब्रवीन्महामन्युर्भक्तबाधाऽपहारकः ॥ १२

रुद्र उवाच

धिग्धिक् त्वां सर्वतो गर्विन्सर्वदैत्यकुलाधम।
बलिपुत्रस्य भक्तस्य नोचितं वच ईदृशम्॥ १३

दर्पस्यास्य प्रशमनं लप्स्यसे चाशु दारुणम्।
महायुद्धमकस्माद्वै बलिना मत्समेन हि॥ १४

तत्र ते गिरिसंकाशा बाहवोऽनलकाष्ठवत्।
छिन्ना भूमौ पतिष्यन्ति शस्त्रास्त्रैः कदलीकृताः॥ १५

यदेष मानुषशिरो मयूरसहितो ध्वजः।
विद्यते तव दुष्टात्मंस्तस्य स्यात्पतनं यदा॥ १६

स्थापितस्यायुधागारे विना वातकृतं भयम्।
तदा युद्धं महाघोरं संप्राप्तमिति चेतसि॥ १७

निधाय घोरं संग्रामं गच्छेथाः सर्वसैन्यवान्।

म आफ्ना यी बलिया हातहरूको चिलाइ मेटाउनका लागि युद्धको इच्छाले दिग्गजहरूकहाँ गएँ, त्यहाँ गएर मैले उनीहरूको पुरलाई तहस-नहस पारिदिएँ, पर्वतहरूलाई उखेलिदिएँ, तर ती पनि भयभीत भएर भागे॥ ७॥

मैले यहाँ यमराजलाई योद्धाको रूपमा, अग्निलाई महान् कर्मकारको रूपमा, वरुणलाई गाईहरूको पालन गर्ने गोपालको रूपमा, कुबेरलाई गजाध्यक्षको रूपमा, निर्ऋतिलाई अन्तःपुरको परिचारिकाको रूपमा नियुक्त गरेको छु। मैले इन्द्रलाई जितेर त्यसलाई लोकमा सदा करदाता बनाइदिएँ। अब तपाईं मलाई युद्धको कुनै यस्तो उपाय बताउनुहोस्, जहाँ मेरा यी हातहरू शत्रुहरूका हातबाट प्रयुक्त शस्त्रास्त्रद्वारा जर्जर पारियोस्॥ ८—१०॥

हे महेश्वर! यी [मेरा हातहरू] शत्रुहरूका हातबाट खसुन् अथवा ती स्वयं त्यसका हातहरूलाई हजार टुक्रामा विभक्त पारोस्, हजुर मेरो यस मनोरथलाई पूर्ण गर्नुहोस्॥ ११॥

सनत्कुमार भन्नुहुन्छ—भक्तजनहरूको संकटलाई दूर गर्नुहुने महामन्यु रुद्रले यो सुनेर क्रुद्ध भई अत्यन्त अद्भुत अट्टहास गरी भन्नुभयो— ॥ १२॥

रुद्र भन्नुहुन्छ—हे समस्त दैत्यकुलमा अधम! हे अहंकारी! तिमीलाई सब प्रकारबाट धिक्कार छ, तिमी बलिपुत्र तथा मेरो भक्तका लागि यस प्रकारको वचन भन्नु उचित थिएन। तिमीले आफ्नू यस अहंकारको शान्ति चाँडै प्राप्त गर्ने छौ। म-जस्तै बलवान्सित तिमीले अकस्मात् भयंकर युद्धको सामना गर्नुपर्ने छ॥ १३-१४॥ पर्वतसमान तिम्रा यी हातहरू त्यस युद्धमा शस्त्रास्त्रहरूबाट छिन्न-भिन्न भएर यस प्रकार भूमिमा खस्ने छन्, जसरी अग्निबाट जलेको काठ पृथ्वीमा खस्दछ॥ १५॥

हे दुष्टात्मा! मयूरले युक्त मनुष्यको शिर भएको यो तिम्रो ध्वजा जुन शस्त्रागारमा स्थापित छ, त्यो जब विना वायु खस्नेछ, तब मनमा सम्झनु कि तिम्रो सामुन्ने महाघोर भय उपस्थित भएको छ। त्यसैबेला तिमी आफ्ना सेनासहित घोर संग्राममा जानु। अब तिमी आफ्नू घर जाऊ, अहिल्यै त्यहाँ तिम्रो सब

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सांप्रतं गच्छ तद्वेश्म यतस्तद्विद्यते शिवः ॥ १८
तथा तान्स्वमहोत्पातांस्तत्र द्रक्ष्यसि दुर्मते।
इत्युक्त्वा विररामाथ गर्वहृद्भक्तवत्सलः ॥ १९

सनत्कुमार उवाच

तच्छ्रुत्वा रुद्रमभ्यर्च्य दिव्यैरंजलिकुड्मलैः।
प्रणम्य च महादेवं बाणश्च स्वगृहं गतः ॥ २०
कुंभाण्डाय यथावृत्तं पृष्टः प्रोवाच हर्षितः।
पर्यैक्षिष्टासुरो बाणस्तं योगं ह्युत्सुकः सदा ॥ २१
अथ दैवात्कदाचित्स स्वयं भग्नं ध्वजं च तम्।
दृष्ट्वा तत्रासुरो बाणो हृष्टो युद्धाय निर्ययौ ॥ २२
स स्वसैन्यं समाहूय संयुक्तः साष्टभिर्गणैः।
इष्टिं सांग्रामिकां कृत्वा दृष्ट्वा सांग्रामिकं मधु ॥ २३
ककुभां मंगलं सर्वं संप्रेक्ष्य प्रस्थितोऽभवत्।
महोत्साहो महावीरो बलिपुत्रो महारथः ॥ २४
इति हृत्कमले कृत्वा कः कस्मादागमिष्यति।
योद्धा रणप्रियो यस्तु नानाशस्त्रास्त्रपारगः ॥ २५
यस्तु बाहुसहस्रं मे छिनत्त्वनलकाष्ठवत्।
तथा शस्त्रैर्महातीक्ष्णैश्छिनद्मि शतशस्त्विह ॥ २६
एतस्मिन्नन्तरे कालः संप्राप्तः शंकरेण हि।
यत्र सा बाणदुहिता सुजाता कृतमंगला ॥ २७
माधवं माधवे मासि पूजयित्वा महानिशि।
सुप्ता चांतःपुरे गुप्ते स्त्रीभावमुपलंभिता ॥ २८
गौर्या संप्रेषितेनापि व्याकृष्टा दिव्यमायया।
कृष्णात्मजात्मजेनाथ रुदन्ती सा ह्यनाथवत् ॥ २९
स चापि तां बलाद्भुक्त्वा पार्वत्याः सखिभिः पुनः।
नीतस्तु दिव्ययोगेन द्वारकां निमिषान्तरात् ॥ ३०
मृदिता सा तदोत्थाय रुदन्ती विविधा गिरः।
सखीभ्यः कथयित्वा तु देहत्यागे कृतक्षणा ॥ ३१

प्रकारबाट कल्याण हुन्छ। हे दुर्मति! तिमीले ठुलो घोर उत्पातलाई देख्ने छौ। यस प्रकार भनेर अहंकारका नाशक भक्तवत्सल शिव मौन हुनुभयो ॥ १६—१९ ॥

सनत्कुमार भन्नुहुन्छ—यो सुनेर बाणासुर आफ्नू अंजलिस्थ दिव्य पुष्पहरूले महादेव रुद्रको पूजा गरी उहाँलाई प्रणाम गरी आफ्नो घर गयो। त्यसले कुम्भाण्डले सोध्दामा हर्षित भई सारा वृत्तान्त भनी सुनायो र उत्सुक भएर त्यस योगको प्रतीक्षा गर्न लाग्यो। त्यसपछि अकस्मात् आफ्नो ध्वजा भग्न भएको देखेर त्यो बाणासुर हर्षित भई युद्धका लागि हिँड्यो ॥ २०—२२ ॥

आफ्नू सेनालाई बोलाएर त्यस महावीर, महारथी एवं महोत्साही बलिपुत्र बाणासुरले आफ्नू आठ गणलाई साथ लिएर संग्रामसम्बन्धी यज्ञ गरी विजयप्रद मधुको एवं सबै दिशाहरूमा मांगलिक द्रव्यहरूको दर्शन गरी युद्धका लागि प्रस्थान गऱ्यो ॥ २३-२४ ॥

त्यसले आफ्नू मनमा विचार गऱ्यो कि आज रणप्रिय, नाना शस्त्रास्त्रहरूका पारगामी त्यो कुन-चाहिँ योद्धा छ, जो मसित युद्ध गर्नका लागि कहाँबाट आउला ? के त्यसले साँच्चै मेरा यी हजारौँ हातहरूलाई अग्निदग्ध काठसमान नष्ट गरिदिने छ ? म पनि युद्धमा महातीव्र आफ्ना शस्त्रहरूले सयकडौँ योद्धाहरूलाई काटिदिने छु ॥ २५-२६ ॥ यसै बीच शिवको प्रेरणाले त्यो काल आइपुग्यो, जब बाणासुरकी सुन्दरी कन्या ऊषा शृंगार गरी विराजमान थिइन् ॥ २७ ॥

उनी वैशाख महिनाको अर्धरात्रिमा विष्णुको पूजा गरी स्त्रीभावले उपलम्भित भई गुप्त अन्तःपुरमा सुतिरहेकी थिइन्। तब भगवती पार्वतीको दिव्य मायाबाट आकृष्ट हुनाको कारण कृष्णपुत्र प्रद्युम्नबाट उत्पन्न भएका अनिरुद्धले त्यस रात्रिमा उनीसित बलपूर्वक विहार गरे, जसबाट उनी अनाथसमान रुन लागिन्। अनिरुद्ध पनि त्यस कन्यासित बलपूर्वक रमण गरी पार्वतीका सखीहरूका साथ दिव्य योगले क्षणमात्रमा द्वारकापुरी जानुभयो ॥ २८—३० ॥

तब उपभोग गरिएकी त्यो कन्या उठेर रुँदै-रुँदै आफ्नी सखीहरूसित नाना प्रकारका वाक्य भन्दै शरीरको त्याग गर्नका लागि तयार भइन् ॥ ३१ ॥

2325_Sihvpurana_Part_1_Nepali_Section_35_1_Front
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सख्या कृतात्मनो दोषं सा व्यास स्मारिता पुनः।
सर्वं तत्पूर्ववृत्तान्तं ततो दृष्ट्वा च साऽभवत्॥ ३२
अब्रवीच्चित्रलेखां च ततो मधुरया गिरा।
ऊषा बाणस्य तनया कुंभांडतनयां मुने॥ ३३

ऊषोवाच

सखि यद्येष मे भर्ता पार्वत्या विहितः पुरा।
केनोपायेन ते गुप्तः प्राप्यते विधिवन्मया॥ ३४
कस्मिन्कुले स वा जातो मम येन हृतं मनः।
इत्यूषावचनं श्रुत्वा सखी प्रोवाच तां तदा॥ ३५

चित्रलेखोवाच

त्वया स्वप्ने च यो दृष्टः पुरुषो देवि तं कथम्।
अहं समानयिष्यामि न विज्ञातस्तु यो मम॥ ३६
दैत्यकन्या तदुक्ते तु रागांधा मरणोत्सुका।
रक्षिता च तया सख्या प्रथमे दिवसे ततः॥ ३७
पुनः प्रोवाच सोषां वै चित्रलेखा महामतिः।
कुंभांडस्य सुता बाणतनयां मुनिसत्तम॥ ३८
व्यसनं तेऽपकर्षामि त्रिलोक्यां यदि भाव्यते।
समानेष्ये नरं यस्ते मनोहर्ता तमादिश॥ ३९

सनत्कुमार उवाच

इत्युक्त्वा वस्त्रपुटके देवान्दैत्यांश्च दानवान्।
गन्धर्वसिद्धनागांश्च यक्षादींश्च तथालिखत्॥ ४०
तथा नरांस्तेषु वृष्णीन् शूरमानकदुंदुभिम्।
व्यलिखद्रामकृष्णौ च प्रद्युम्नं नरसत्तमम्॥ ४१
अनिरुद्धं विलिखितं प्राद्युम्निं वीक्ष्य लज्जिता।
आसीदवाङ्मुखी चोषा हृदये हर्षपूरिता॥ ४२
ऊषा प्रोवाच चौरोऽसौ मया प्राप्तस्तु यो निशि।
पुरुषः सखि येनाशु चेतोरत्नं हृतं मम॥ ४३
यस्य संस्पर्शनादेव मोहिताहं तथाभवम्।
तमहं ज्ञातुमिच्छामि वद सर्वं च भामिनि॥ ४४
कस्यायमन्वये जातो नाम किं चास्य विद्यते।
इत्युक्ता साब्रवीन्नाम योगिनी तस्य चान्वयम्॥ ४५

हे व्यास! जब सखीहरूले उनले पूर्वकालमा गरेकी दोषको स्मरण गराए, तब आफ्नू पूर्व कृत्यहरूको स्मरण गर्न लागिन्। हे मुनि! त्यस समयमा बाणासुरकी पुत्री ऊषाले कुम्भाण्डकी पुत्री चित्रलेखासित मधुर वाणीमा भनिन्— ॥ ३२-३३ ॥

ऊषा भन्दछिन्—हे सखी! यदि पार्वतीले पहिल्यै त्यसलाई मेरा पति निश्चित गर्नुभएको हो भने त्यो गुप्त पति कुन उपायले मलाई प्राप्त हुन सक्छ? जसले मेरो मन हरण गर्‍यो, त्यो कसको कुलमा उत्पन्न भएको हो? ऊषाको कुरा सुनेर सखीले भनी— ॥ ३४-३५ ॥

चित्रलेखा भन्दछिन्—हे देवी! तिमीले सपनामा जुन पुरुषलाई देखेकी छौ, त्यसलाई म कुन प्रकारले ल्याऊँ, जुन मेरो ज्ञानभन्दा पर छ, त्यसलाई लिएर आउन कसरी सम्भव छ!॥ ३६ ॥

चित्रलेखाले यस्तो भनेपछि अनुरागवती दैत्यकन्या ऊषाले त्यसको वियोगको कारण मर्ने निश्चय गरिन्, तर त्यस सखीले [सम्झाई-बुझाइ गरी] प्रथम दिन त्यसको रक्षा गरिन्। यसपछि हे मुनिश्रेष्ठ! कुम्भाण्डकी पुत्री महाबुद्धिमती त्यस चित्रलेखाले बाणासुरकी पुत्री ऊषासित पुनः यस प्रकार भनिन्—हे सखी! तिमी आफ्नो मनलाई हरण गर्ने त्यस पुरुषलाई बताऊ, यदि त्यो यस त्रिलोकीमा कहीँ पनि छ भने म त्यसलाई ल्याउने छु र तिम्रो विपत्ति दूर गर्ने छु॥ ३७—३९ ॥

सनत्कुमार भन्नुहुन्छ—यस प्रकार भनेर चित्रलेखाले वस्त्रमाथि देवता, दैत्य, दानव, गन्धर्व, सिद्ध, नाग तथा यक्ष आदिका चित्र कोरिन्। चित्रलेखाले मनुष्यहरूमा वृष्णिवंशी यादवहरू, शूर, वसुदेव, बलराम, कृष्ण र नरश्रेष्ठ प्रद्युम्नको चित्र कोरिन्॥ ४०-४१ ॥

जब चित्रलेखाले प्रद्युम्नपुत्र अनिरुद्धको चित्र कोरिन्, तब त्यस चित्रलाई हेर्नासाथ लज्जित भई ऊषाले आफ्नू मुख तल गरिन् र मनबाट अत्यन्त प्रसन्न भइन्॥ ४२ ॥

ऊषा भन्दछिन्—हे सखी! रात्रिमा आएर जसले मेरो चित्तरत्नलाई चोरेको थियो, त्यो यही पुरुष हो, मैले त्यसलाई पाएँ। हे भामिनी! जसको स्पर्शमात्रले म मोहित भएकी थिएँ, त्यसलाई म जान्न चाहन्छु, तिमी सबथोक बताऊ। यो कसको कुलमा उत्पन्न भएको हो र यसको नाम के हो? ऊषाले यस्तो भनेपछि योगिनीले त्यसको वंश तथा नामको वर्णन गरिन्॥ ४३-४५ ॥

2325_Sihvpurana_Part_1_Nepali_Section_35_1_Back
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सर्वमाकर्ण्य सा तस्य कुलादि मुनिसत्तम।
उत्सुका बाणतनया बभाषे सा तु कामिनी॥ ४६

हे मुनिसत्तम! त्यसको कुल आदि सबथोक जानेर बाणासुरकी पुत्री त्यस कामिनी ऊषाले उत्कण्ठित भई यस प्रकार भनिन्—॥ ४६॥

ऊषोवाच

उपायं रचय प्रीत्या तत्प्राप्त्यै सखि तत्क्षणात्।
येनोपायेन तं कान्तं लभेयं प्राणवल्लभम्॥ ४७

ऊषा भन्दछिन्—हे सखी! अब तिमी त्यसको प्राप्तिका लागि प्रेमपूर्वक कुनै उपाय गर, जसबाट म आफ्नो त्यस प्राणवल्लभ पतिलाई चाँडै प्राप्त गर्न सकूँ॥ ४७॥

यं विनाहं क्षणं नैकं सखि जीवितुमुत्सहे।
तमानयेह सद्यत्नात्सुखिनीं कुरु मां सखि॥ ४८

हे सखी! म जस विना एक क्षण पनि जीवन धारण गर्नमा समर्थ छैन, त्यसलाई प्रयत्नपूर्वक चाँडै यहाँ लिएर आऊ र मलाई सुखी पार॥ ४८॥

सनत्कुमार उवाच

इत्युक्ता सा तया बाणात्मजया मंत्रिकन्यका।
विस्मिताऽभून्मुनिश्रेष्ठ सुविचारपराऽभवत्॥ ४९

सनत्कुमार भन्नुहुन्छ—हे मुनिवर! तब बाणकी कन्याद्वारा यस प्रकार भनिएपछि मन्त्री कुम्भाण्डकी पुत्री चित्रलेखा विस्मित भई विचार गर्न लागिन्॥ ४९॥

ततः सखीं समाभाष्य चित्रलेखा मनोजवा।
बुद्ध्वा तं कृष्णपौत्रं सा द्वारकां गंतुमुद्यता॥ ५०

यसपछि सखीसित आज्ञा लिएर मनको समान वेग भएकी त्यो चित्रलेखा त्यस पुरुषलाई कृष्णको नाति अनिरुद्ध जानेर द्वारका जानलाई उद्यत भइन्॥ ५०॥

ज्येष्ठकृष्णचतुर्दश्यां तृतीये तु गतेऽहनि।
आप्रभातान्मुहूर्ते तु संप्राप्ता द्वारकां पुरीम्॥ ५१

एकेन क्षणमात्रेण नभसा दिव्ययोगिनी।
ततश्चांतःपुरोद्याने प्राद्युम्निर्ददृशे तया॥ ५२

क्रीडन्नारीजनैः सार्द्धं प्रपिबन्माधवी मधु।
सर्वांगसुन्दरः श्यामः सुस्मितो नवयौवनः॥ ५३

उनी ज्येष्ठ महिनाको कृष्णपक्षको चतुर्दशीको प्रातःकालबाट तीन प्रहर बितेपछि द्वारकापुरी पुगिन्। ती दिव्य योगिनीले क्षणमात्रमा आकाशमार्गबाट अन्तःपुरको उद्यानमा प्रद्युम्नपुत्र अनिरुद्धलाई देखिन्। त्यस समय सर्वांगसुन्दर श्यामवर्ण तथा नवीन यौवनयुक्त ती अनिरुद्ध स्त्रीहरूका साथ क्रीडा गरिरहेका थिए। ती माधवी लताबाट निर्मित मधुको पान गरिरहेका थिए र मन्द-मन्द हाँसिरहेका थिए॥ ५१—५३॥

ततः खट्वां समारूढमंधकारपटेन सा।
आच्छादयित्वा योगेन तामसेन च माधवम्॥ ५४
ततः सा मूर्ध्नि तां खट्वां गृहीत्वा निमिषान्तरात्।
संप्राप्ता शोणितपुरं यत्र सा बाणनंदिनी॥ ५५
कामार्ता विविधान्भावाञ्चकारोन्मत्तमानसा।
आनीतमथ तं दृष्ट्वा तदा भीता च साऽभवत्॥ ५६

त्यसपछि शय्यामा बसेका ती अनिरुद्धलाई उनले तामस योगद्वारा घोरअन्धकारले ढाकिदिइन्, पुनः त्यस शय्यालाई आफ्नो शिरमाथि राखेर उनी क्षणमात्रमा शोणितपुरमा आइपुगिन्, जहाँ कामपीडित बाणकन्या ऊषा उन्मत्तचित्त भई नाना प्रकारका भाव व्यक्त गरिरहेकी थिइन्। त्यस समय ल्याइएका आफ्नू पति अनिरुद्धलाई देखेर ऊषा भयभीत भइन्॥ ५४—५६॥

अंतःपुरे सुगुप्ते च नवे तस्मिन्समागमे।
यावत्क्रीडितुमारब्धं तावज्ज्ञातं च तत्क्षणात्॥ ५७
अंतःपुरद्वारगतैर्वेत्रजर्जरपाणिभिः।
इंगितैरनुमानैश्च कन्यादौःशील्यमाचरन्॥ ५८
स चापि दृष्टस्तैस्तत्र नरो दिव्यवपुर्धरः।
तरुणो दर्शनीयस्तु साहसी समरप्रियः॥ ५९

अत्यन्त सुरक्षित त्यस अन्तःपुरमा नवीन समागममा तत्काल ती दुवैले क्रीडा प्रारम्भ गरे, त्यसै समय हातमा बेत लिएका द्वारपालहरूले कामचेष्टाहरू तथा अनुमानबाट कन्याको दुराचरणलाई थाहा पाए। उनीहरूले दिव्य शरीरधारी, नवयुवक, साहसी एवं युद्धकलामा कुशल त्यस पुरुष (अनिरुद्ध)-लाई पनि देखे॥ ५७—५९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तं दृष्ट्वा सर्वमाचख्युर्बाणाय बलिसूनवे।
पुरुषास्ते महावीराः कन्यान्तःपुररक्षकाः॥ ६०

यसपछि अन्तःपुरका रक्षक ती महावीर पुरुषहरूले त्यसलाई देखेर सारा वृत्तान्त बलिपुत्र बाणसित भनिदिए॥ ६०॥

द्वारपाला ऊचुः

देव कश्चिन्न जानीते गुप्तश्चांतःपुरे बलात्।
स कोऽस्ति तव कन्यां वै स्वयंग्राहादधर्षयत्॥ ६१

दानवेन्द्र महाबाहो पश्य पश्यैनमत्र च।
यद्युक्तं स्यात्तत्कुरुष्व न दुष्टा वयमित्युत॥ ६२

द्वारपाल भन्दछन्—हे देव! अत्यन्त सुरक्षित अन्तःपुरमा प्रवेश गरी कुनै पुरुषले हजुरकी कन्याका साथ बलपूर्वक शयन गरेको छ, त्यो को हो, हामीहरू त्यसलाई चिन्दैनौँ। हे दानवेन्द्र! हे महाबाहु! त्यसलाई हेर्नुहोस् र जे उचित हुन्छ, त्यो गर्नुहोस्, हामीहरू दोषी छैनौँ॥ ६१-६२॥

सनत्कुमार उवाच

तेषां तद्वचनं श्रुत्वा दानवेन्द्रो महाबलः।
विस्मितोऽभून्मुनिश्रेष्ठ कन्यायाः श्रुतदूषणः॥ ६३

सनत्कुमार भन्नुहुन्छ—हे मुनिश्रेष्ठ! उनीहरूको वचन सुनेर र कन्याको दोष सुनेर महाबली दैत्येन्द्र [बाणासुर] आश्चर्यचकित भयो॥ ६३॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे ऊषाचरित्रवर्णनं नाम द्विपञ्चाशत्तमोऽध्यायः॥ ५२॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा ऊषाचरित्रवर्णन नामक बाउन्नौँ अध्याय पूर्ण भयो॥ ५२॥

अथ त्रिपञ्चाशत्तमोऽध्यायः

क्रुद्ध बाणासुरको आफ्ना सेनाका साथ अनिरुद्धमाथि आक्रमण र उनलाई नागपाशमा बाँध्नु, दुर्गाको स्तवनद्वारा अनिरुद्ध बन्धनमुक्त हुनु

सनत्कुमार उवाच

अथ बाणासुरः क्रुद्धस्तत्र गत्वा ददर्श तम्।
दिव्यलीलात्तवपुषं प्रथमे वयसि स्थितम्॥ १

सनत्कुमार भन्नुहुन्छ—यसपछि बाणासुरले अत्यन्त क्रुद्ध भई त्यहाँ गएर दिव्य लीलाले युक्त शरीर भएका तथा नवीन युवावस्थाबाट सम्पन्न ती अनिरुद्धलाई देख्यो॥ १॥

तं दृष्ट्वा विस्मितं वाक्यं किं कारणमथाब्रवीत्।
बाणः क्रोधपरीतात्मा युधि शौंडो हसन्निव॥ २

अहो मनुष्यो रूपाढ्यः साहसी धैर्यवानिति।
कोऽयमागतकालश्च दुष्टभाग्यो विमूढधीः॥ ३

येन मे कुलचारित्रं दूषितं दुहिता हिता।
तं मारयध्वं कुपिताः शीघ्रं शस्त्रैः सुदारुणैः॥ ४

दुराचारं च तं बद्ध्वा घोरे कारागृहे ततः।
रक्षध्वं विकटे वीरा बहुकालं विशेषतः॥ ५

न जाने कोऽयमभयः को वा घोरपराक्रमः।
विचार्येति महाबुद्धिः संदिग्धोऽभूच्छरासुरः॥ ६

उनलाई देखेर आश्चर्यचकित भई युद्धमा प्रचण्ड त्यो बाणासुर क्रोधले आगो भई हाँस्तै उनको आगमनको कारणमाथि विचार गर्दै राक्षसहरूसित भन्यो—अहो! यति रूपवान्, साहसी, धैर्यशील, अभागी एवं मूर्ख यो कुन पुरुष हो, जसको मृत्यु आसन्न छ र जसले मेरी पुत्रीलाई दूषित पारी मेरो कुल दूषित पारेको छ। तिमीहरू क्रुद्ध भई आफ्ना अति कठोर शस्त्रहरूले तत्काल त्यसको वध गर। अथवा यस दुराचारीलाई बाँधेर लामो समयका लागि घोर तथा विकट कारागारमा राख। 'थाहा छैन कि निर्भीक एवं महापराक्रमी यो को हो'—यो सोचेर त्यो महाबुद्धि बाणासुर सन्देहमा पर्‍यो॥ २—६॥

ततो दैत्येन सैन्यं तु दशसाहस्रकं शनैः।
वधाय तस्य वीरस्य व्यादिष्टं पापबुद्धिना॥ ७

यसपछि त्यस पापबुद्धि दैत्यले त्यस वीरलाई मार्नका लागि दश हजार सैनिकहरूलाई आज्ञा दियो॥ ७॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तदादिष्टास्तु ते वीराः सर्वतोऽन्तःपुरं द्रुतम्।
छादयामासुरत्युग्राश्छिंधि भिंदीति वादिनः॥ ८

शत्रुसैन्यं ततो दृष्ट्वा गर्जमानः स यादवः।
अंतःपुरं द्वारगतं परिघं गृह्य चातुलम्॥ ९

निष्क्रांतो भवनात्तस्माद्वज्रहस्त इवान्तकः।
तेन तान्किंकरान् हत्वा पुनश्चान्तःपुरं ययौ॥ १०

एवं दशसहस्राणि सैन्यानि मुनिसत्तम।
जघान रोषरक्ताक्षो वर्द्धितः शिवतेजसा॥ ११

लक्षे हतेऽथ योधानां ततो बाणासुरो रुषा।
कुंभांडं स गृहीत्वा तु युद्धे शौंडं समाह्वयत्॥ १२

अनिरुद्धं महाबुद्धिं द्वन्द्वयुद्धे महाहवे।
प्राद्युम्निं रक्षितं शैवतेजसा प्रज्वलत्तनुम्॥ १३

ततो दशसहस्राणि तुरंगाणां रथोत्तमान्।
युद्धप्राप्तेन खड्गेन दैत्येन्द्रस्य जघान सः॥ १४

तद्वधाय ततः शक्तिं कालवैश्वानरोपमाम्।
अनिरुद्धो गृहीत्वा तां तया तं निजघान ह॥ १५

रथोपस्थे ततो बाणस्तया शक्त्याहतो दृढम्।
स साश्वस्तत्क्षणं वीरस्तत्रैवान्तरधीयत॥ १६

तस्मिंस्त्वदर्शनं प्राप्ते प्राद्युम्निरपराजितम्।
आलोक्य ककुभः सर्वाः तस्थौ गिरिरिवाचलः॥ १७

अदृश्यमानस्तु तदा कूटयोधः स दानवः।
नानाशस्त्रसहस्त्रैस्तं जघान हि पुनः पुनः॥ १८

छद्मना नागपाशैस्तं बबंध स महाबलः।
बलिपुत्रो महावीरः शिवभक्तः शरासुरः॥ १९

त्यसद्वारा आदिष्ट समस्त वीरहरूले 'मार-काट' भन्दै तत्काल चारैतिरबाट अन्तःपुरलाई घेरा हाले॥ ८॥

तब शत्रुसेनालाई अन्तःपुरको द्वारमा आएको देखेर गर्जना गर्दै ती अनिरुद्ध अतुलनीय परिघ हातमा लिएर, हातमा वज्र लिएका कालसमान भवनबाट निस्के र त्यसबाट समस्त सैनिकहरूको वध गरी पुनः अन्तःपुरमा गए। हे मुनिश्रेष्ठ! यसरी शिवको तेजबाट पराक्रमशील अनिरुद्धले क्रोधले आँखा रातो पारी दश हजार सेनाको वध गरिदिए॥ ९—११॥

यसपछि [पुनः युद्धका लागि आएका] एक लाख सेनाको वध गरिदिएपछि क्रोधित भएको बाणासुरले युद्धकुशल कुम्भाण्डलाई लिएर शिवतेजबाट रक्षित तथा कान्तिमान् शरीर भएका महाबुद्धिमान् प्रद्युम्नपुत्र अनिरुद्धलाई त्यस महायुद्धमा द्वन्द्वयुद्धका लागि लल्कार्‍यो॥ १२-१३॥

तब उनले दैत्येन्द्रका दश हजार सेना, त्यति नै घोडा र त्यति नै रथ त्यसैका खड्गबाट नष्ट गरिदिए, जुन द्वन्द्वयुद्धमा उनलाई बाणासुरबाट प्राप्त भएको थियो॥ १४॥

यसपछि अनिरुद्धले कालाग्नि समान शक्ति त्यसको वधका लागि ग्रहण गरी त्यसमाथि प्रहार गरे॥ १५॥

यसपछि रथको पछिल्लो भागमा स्थित त्यो वीर बाणासुर त्यस शक्तिबाट दृढतापूर्वक आहत हुँदै रथ एवं घोडा सहित त्यसै क्षण त्यहीँ अन्तर्धान भयो॥ १६॥

तब अपराजित त्यो दैत्य अन्तर्धान भएपछि अनिरुद्ध सबै दिशाहरूतिर हेरेर पहाडको समान अचल भए। त्यस समय अन्तर्हित भई त्यो दैत्य कपटपूर्वक युद्ध गर्दै नाना प्रकारका शस्त्रहरूले अनिरुद्धमाथि पटक-पटक प्रहार गर्न लाग्यो॥ १७-१८॥

त्यसपछि महाबली महावीर तथा शिवभक्त बलिपुत्र बाणासुरले छलपूर्वक अनिरुद्धलाई नागपाशमा बाँध्यो॥ १९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तं बध्वा पंजरांतःस्थं कृत्वा युद्धादुपारमत्।
उवाच बाणः संक्रुद्धः सूतपुत्रं महाबलम्॥ २०

यस प्रकार उनलाई बाँधेर पिंजडामा बन्द गरी बाणासुर युद्धबाट विश्राम गर्न लाग्यो। यसपछि त्यसले क्रोधित भई महाबली सूतपुत्र (सारथी)-लाई भन्यो— ॥ २०॥

बाणासुर उवाच

सूतपुत्र शिरश्छिन्धि पुरुषस्यास्य वै लघु।
येन मे दूषितं पूतं बलाद्दुष्टेन सत्कुलम्॥ २१

छित्वा तु सर्वगात्राणि राक्षसेभ्यः प्रयच्छ भोः।
अथास्य रक्तमांसानि क्रव्यादा अपि भुंजताम्॥ २२

अगाधे तृणसंकीर्णे कूपे पातकिनं जहि।
किं बहूक्त्या सूतपुत्र मारणीयो हि सर्वथा॥ २३

बाणासुर भन्दछ—हे सूतपुत्र! झट्टै यस पुरुषको शिर काट, जसले बलपूर्वक मेरो पवित्र उत्तम कुललाई दूषित पारेको छ अथवा यसको सम्पूर्ण शरीरलाई काटेर राक्षसहरूलाई देऊ र यसको रगत तथा मांसलाई मांसभक्षी [चील, कौवा आदि] पनि खाउन् अथवा यस पापीलाई झारपातबाट ढाकिएको गहिरो इनारमा खसालेर मार। हे सूतपुत्र! धेरै के भनौँ, यो सबै प्रकारले वधको योग्य छ॥ २१—२३॥

सनत्कुमार उवाच

तस्य तद्वचनं श्रुत्वा धर्मबुद्धिर्निशाचरः।
कुंभांडस्त्वब्रवीद्वाक्यं बाणं सन्मंत्रिसत्तमम्॥ २४

सनत्कुमार भन्नुहुन्छ—त्यसको यो वचन सुनेर त्यो धर्मबुद्धिवाला राक्षस कुम्भाण्ड बाणासुरसित नीतियुक्त यो वाक्य भन्न लाग्यो— ॥ २४॥

कुंभांड उवाच

नैतत्कर्तुं समुचितं कर्म देव विचार्यताम्।
अस्मिन् हते हतो ह्यात्मा भवेदिति मतिर्मम॥ २५

कुम्भाण्ड भन्दछ—हे देव! विचार गर्नुहोस्, यो कर्म गर्नु उचित छैन; किनभने यसलाई मार्नाले आत्माको हनन हुनेछ, यस्तो मेरा विचार छ॥ २५॥

अयं तु दृश्यते देव तुल्यो विष्णोः पराक्रमैः।
वर्धितश्चन्द्रचूडस्य त्वदिष्टस्य सुतेजसा॥ २६

अथ चन्द्रललाटस्य साहसेन समस्त्वयम्।
इमामवस्थां प्राप्तोऽस्ति पौरुषे संव्यवस्थितः॥ २७

अयं शिवप्रसादाद्वै कृष्णपौत्रो महाबलः।
अस्मांस्तृणोपमान् वेत्ति दष्टोऽपि भुजगैर्बलात्॥ २८

हे देव! यो त पराक्रममा विष्णुको समान तथा तपाईंका इष्ट शिवको तेजले बढेको देखिँदै छ, पुरुषार्थमा शिवको साहसले भरिएको यो यस अवस्थामा प्राप्त भएको छ। श्रीकृष्णको यो महाबली नाति बलपूर्वक दैत्यरूपी सर्पहरूले डस्दामा पनि शिवको प्रसादले हामीहरूलाई झारपात समान ठानिरहेको छ॥ २६—२८॥

सनत्कुमार उवाच

एतद्वाक्यं तु बाणाय कथयित्वा स दानवः।
अनिरुद्धमुवाचेदं राजनीतिविदुत्तमः॥ २९

सनत्कुमार भन्नुहुन्छ—बाणासुरसित यस्तो वचन भनेर राजनीतिविशारद त्यो दैत्यले अनिरुद्धसित भन्यो— ॥ २९॥

कुंभांड उवाच

कोऽसि कस्यासि रे वीर सत्यं वद ममाग्रतः।
केन वा त्वमिहानीतो दुराचार नराधम॥ ३०

दैत्येन्द्रं स्तुहि वीरं त्वं नमस्कुरु कृताञ्जलिः।
जितोऽस्मीति वचो दीनं कथयित्वा पुनः पुनः॥ ३१

एवं कृते तु मोक्षः स्यादन्यथा बंधनादि च।
तच्छ्रुत्वा वचनं तस्य प्रतिवाक्यमुवाच सः॥ ३२

कुम्भाण्ड भन्दछ—हे वीर! हे दुराचारी! हे नराधम! तिमी को हौ, कसका पुत्र हौ र तिमीलाई यहाँ कसले ल्याएको हो—यो सब मेरो अगाडि सत्य-सत्य भन र 'म हारेँ'—यस प्रकारको दीन वचन पटक-पटक भनेर हात जोडेर दैत्येन्द्रको स्तुति गर तथा उनलाई नमस्कार गर। यस्तो गरेमा तिमी बन्धनबाट मुक्त हुने छौ, अन्यथा बाँधि नै रहने छौ। त्यसको यो वचन सुनेर ती उत्तर दिन लागे— ॥ ३०—३२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनिरुद्ध उवाच

रे रे दैत्याऽधमसखे करपिंडोपजीवक।
निशाचर दुराचार शत्रुधर्मं न वेत्सि भोः॥ ३३

अनिरुद्ध भन्नुहुन्छ—हे अधम दैत्य मित्र! प्रजाद्वारा प्राप्त धनले आजीविका चलाउने हे निशाचर! हे दुराचारी! तिमी शत्रुधर्मलाई जान्दैनौ॥ ३३॥

दैन्यं पलायनं चाथ शूरस्य मरणाधिकम्।
विरुद्धं चोपशल्यं च भवेदिति मतिर्मम॥ ३४

दीनता तथा युद्धबाट भाग्नू शूरवीरहरूका लागि मर्नुभन्दा पनि ठुलो हो, यो प्रतिकूल र शल्यसमान दुःखदायी छ, यस्तो मेरो विचार छ॥ ३४॥

क्षत्रियस्य रणे श्रेयो मरणं सम्मुखे सदा।
न वीरमानिनो भूमौ दीनस्येव कृतांजलिः॥ ३५

वीर तथा माननीय क्षत्रियका लागि संग्राममा सम्मुख भई मृत्युलाई प्राप्त गर्नु श्रेयस्कर छ, तर दीनको झैँ हात जोडेर भूमिमा रहनु श्रेष्ठ छैन॥ ३५॥

सनत्कुमार उवाच

इत्यादि वीरवाक्यानि बहूनि स जगाद तम्।
तदाकर्ण्य स बाणोऽसौ विस्मितोऽभूच्चुकोप च॥ ३६

तदोवाच नभोवाणी बाणस्याश्वासनाय हि।
श्रृण्वतां सर्ववीराणामनिरुद्धस्य मंत्रिणः॥ ३७

सनत्कुमार भन्नुहुन्छ—यस प्रकारको वीरतापूर्ण अनेक वाक्य अनिरुद्धले त्यस दैत्यसित भने। यो सुनेर बाणासुरसहित त्यो कुम्भाण्ड आश्चर्यचकित भयो र क्रोधित भई उठ्यो। त्यसै समय सबै वीरहरू, अनिरुद्ध तथा मन्त्रीलाई सुनाउँदै त्यस बाणासुरलाई सम्झाउनका लागि आकाशवाणी भयो॥ ३६–३७॥

व्योमवाण्युवाच

भो भो बाण महावीर न क्रोधं कर्तुमर्हसि।
बलिपुत्रोऽसि सुमते शिवभक्त विचार्यताम्॥ ३८

आकाशवाणी भन्दछिन्—हे महावीर! हे बाणासुर! हे सुमति! हे शिवभक्त! तिमी बलिको पुत्र हौ, तिम्रा लागि क्रोध गर्नु उचित छैन, यसमाथि थोरै विचार गर॥ ३८॥

शिवः सर्वेश्वरः साक्षी कर्मणां परमेश्वरः।
तदधीनमिदं सर्वं जगद्वै सचराचरम्॥ ३९

शिव सबैका ईश्वर, कर्महरूका साक्षी तथा परमेश्वर हुनुहुन्छ, यो चराचर जगत् उनैको अधीनमा छ॥ ३९॥

स एव कर्ता भर्ता च संहर्ता जगतां सदा।
रजः सत्त्वतमोधारी विधिविष्णुहरात्मकः॥ ४०

सर्वस्यान्तर्गतः स्वामी प्रेरकः सर्वतः परः।
निर्विकार्यव्ययो नित्यो मायाधीशोऽपि निर्गुणः॥ ४१

तस्येच्छयाऽबलो ज्ञेयो बली बलिवरात्मज।
इति विज्ञाय मनसि स्वस्थो भव महामते॥ ४२

गर्वापहारी भगवान्नानालीलाविशारदः।
नाशयिष्यति ते गर्वमिदानीं भक्तवत्सलः॥ ४३

उहाँ नै सत्त्वगुणी, रजोगुणी र तमोगुणी भएर ब्रह्मा, विष्णु तथा शिवरूपले यस जगत्को कर्ता, पालक तथा संहारक हुनुहुन्छ। ती सबैका अन्तर्यामी, स्वामी, सबैका प्रेरक, सबैभन्दा पर, निर्विकार, अविनाशी, नित्य मायाका अधिपति तथा निर्गुण हुनुहुन्छ। हे बलिका श्रेष्ठ पुत्र! उहाँको इच्छाबाट निर्धोलाई पनि बलवान् जान्नु पर्दछ। हे महामति! यस्तो मनमा जानेर सावधान भइजाऊ॥ ४०—४२॥ अभिमानको नाश गर्नुहुने, भक्तहरूको पालन गर्नुहुने तथा नाना प्रकारका लीला गर्नमा निपुण भगवान् सदाशिव अहिल्यै तिम्रो अभिमान नष्ट गर्नुहुनेछ॥ ४३॥

सनत्कुमार उवाच

इत्याभाष्य नभोवाणी विरराम महामुने।
बाणासुरस्तद्वचनादनिरुद्धं न जघ्निवान्॥ ४४
किं तु स्वान्तःपुरं गत्वा पपौ पानमनुत्तमम्।

सनत्कुमार भन्नुहुन्छ—हे महामुनि! यस्तो भनेर आकाशवाणी शान्त भइन् र बाणासुरले त्यसको वचनअनुसार अनिरुद्धलाई मारेन, तर आफ्नू अन्तःपुरमा गएर त्यस दुर्बद्धिले उत्तम रसको पान गऱ्यो र त्यो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तद्वाक्यं च विसस्मार विजहार विरुद्धधीः ॥ ४५

ततोऽनिरुद्धो बद्धस्तु नागभोगैर्विषोल्बणैः।
प्रिययाऽतृप्तचेतास्तु दुर्गां सस्मार तत्क्षणात्॥ ४६

अनिरुद्ध उवाच

शरण्ये देवि बद्धोऽस्मि दह्यमानस्तु पन्नगैः।
आगच्छ मे कुरु त्राणं यशोदे चंडरोषिणि ॥ ४७

शिवभक्ते महादेवि सृष्टिस्थित्यन्तकारिणी।
त्वां विना रक्षको नान्यस्तस्माद्रक्ष शिवे हि माम्॥ ४८

सनत्कुमार उवाच

तेनेत्थं तोषिता तत्र काली भिन्नाञ्जनप्रभा।
ज्येष्ठकृष्णचतुर्दश्यां संप्राप्तासीन्महानिशि ॥ ४९
गुरुभिर्मुष्टिनिर्घातैर्दारयामास पंजरम्।
शरांस्तान्भस्मसात्कृत्वा सर्परूपान् भयानकान्॥ ५०
मोचयित्वानिरुद्धं तु ततश्चांतःपुरं ततः।
प्रवेशयित्वा दुर्गा तु तत्रैवादर्शनं गता॥ ५१

इत्थं देव्याः प्रसादात्तु शिवशक्तेर्मुनीश्वर।
कृच्छ्रमुक्तोऽनिरुद्धोऽभूत्सुखी चैव गतव्यथः॥ ५२

अथ लब्धजयो भूत्वानिरुद्धः शिवशक्तितः।
प्राद्युम्निर्बाणतनयां प्रियां प्राप्य मुमोद च॥ ५३

पूर्ववद्विजहारासौ तया स्वप्रियया सुखी।
पीतपानः सुरक्ताक्षः स बाणसुतया ततः॥ ५४

त्यस वचनलाई भूलेर विहार गर्न लाग्यो। त्यसपछि भयंकर विष भएका नागहरूबाट बाँधिएका तथा प्रिया विना अतृप्त चित्त भएका अनिरुद्धले त्यसै क्षण दुर्गादेवीको स्मरण गरे॥ ४४—४६॥

अनिरुद्ध भन्नुहुन्छ—हे शरण्या! हे देवी! हे यशोदा! हे चण्डरोषिणी! म बाँधिएको छु तथा सर्पहरूबाट भस्म भइरहेको छु, हजुर आउनुहोस् र मेरो रक्षा गर्नुहोस्। हे शिवभक्ता! हे शिवा! हे महादेवी! हजुर सृष्टि, स्थिति तथा प्रलयकर्ता हुनुहुन्छ, हजुर बाहेक कोही पनि रक्षा गर्ने छैनन्, अतः हजुर मेरो रक्षा गर्नुहोस्॥ ४७-४८॥

सनत्कुमार भन्नुहुन्छ—उनीद्वारा यस प्रकारको स्तुति गरिएपछि चम्किएको गाजल समान वर्ण भएकी काली ज्येष्ठ महिनाको कृष्णपक्षको चतुर्दशीमा महानिशामा प्रकट हुनुभयो। उहाँले आफ्नू विशाल मुड्कीको प्रहारबाट त्यस पिंजरालाई तोडिदिनुभयो तथा ती भयानक सर्परूपी बाणहरूलाई भस्म गरी अनिरुद्धलाई बन्धनमुक्त पारी उनलाई अन्तःपुरमा प्रवेश गराइसकेपछि दुर्गा त्यहीँ अन्तर्धान हुनुभयो॥ ४९-५१॥

हे मुनीश्वर! यस प्रकार शिवशक्तिस्वरूपा देवीको कृपाले अनिरुद्ध दुःखबाट निवृत्त भए र व्यथारहित भएर सुखी भए॥ ५२॥

तब शिवशक्तिको प्रभावले विजय प्राप्त गरी तथा बाणपुत्री आफ्नी प्रियालाई प्राप्त गरी अनिरुद्ध आनन्दित भए। यसपछि मद्यपान गरी राता आँखाहरू भएका ती अनिरुद्ध आफ्नी प्रिया त्यस बाणासुरकी कन्याका साथ सुखी भई पूर्वको झैँ विहार गर्न लागे॥ ५३-५४॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे ऊषाचरित्रे अनिरुद्धोषाविहारवर्णनं नाम त्रिपञ्चाशत्तमोऽध्यायः॥ ५३॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा ऊषाचरित्रमा अनिरुद्ध-ऊषाविहारवर्णन नामक त्रिपन्नौँ अध्याय पूर्ण भयो॥ ५३॥

अथ चतुःपञ्चाशत्तमोऽध्यायः

नारदद्वारा अनिरुद्धको बन्धनको समाचार पाएर शोणितपुरमाथि श्रीकृष्णको आक्रमण, शिवसित उहाँको घोर युद्ध, शिवको आज्ञाबाट श्रीकृष्णले उहाँलाई जृम्भणास्त्रबाट मोहित पारी बाणासुरको सेनाको संहार गर्नु

व्यास उवाच

अनिरुद्धे हृते पौत्रे कृष्णस्य मुनिसत्तम।
कुंभांडसुतया कृष्णः किमकार्षीद्वद तद्वद॥ १

व्यास भन्नुहुन्छ—हे मुनिश्रेष्ठ! कुम्भाण्डकी पुत्री चित्रलेखाद्वारा आफ्नो नाति अनिरुद्धको हरण गरिएपछि श्रीकृष्णले के गर्नुभयो, त्यसलाई भन्नुहोस्॥ १॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सनत्कुमार उवाच

ततो गतेऽनिरुद्धे तु तत्स्त्रीणां रोदनस्वनम्।
श्रुत्वा च व्यथितः कृष्णो बभूव मुनिसत्तम॥ २

अपश्यतां चानिरुद्धं तद्बन्धूनां हरेस्तथा।
चत्वारो वार्षिका मासा व्यतीयुरनुशोचताम्॥ ३

नारदात्तदुपाकर्ण्य वार्तां बद्धस्य कर्म च।
आसन्सुव्यथिताः सर्वे वृष्णयः कृष्णदेवताः॥ ४

कृष्णस्तद्वृत्तमखिलं श्रुत्वा युद्धाय चादरात्।
जगाम शोणितपुरं ताक्ष्यर्मामाहूय तत्क्षणात्॥ ५

प्रद्युम्नो युयुधानश्च गतः साम्बोऽथ सारणः।
नंदोपनंदभद्राद्या रामकृष्णानुवर्तिनः॥ ६

अक्षौहिणीभिर्द्वादशभिः समेता सर्वतो दिशम्।
रुरुधुर्बाणनगरं समन्तात्सात्वतर्षभाः॥ ७

भज्यमानपुरोद्यानप्राकाराट्टालगोपुरम्।
वीक्ष्यमाणो रुषाविष्टस्तुल्यसैन्योऽभिनिर्ययौ॥ ८

बाणार्थे भगवान् रुद्रः ससुतः प्रमथैर्वृतः।
आरुह्य नन्दिवृषभं युद्धं कर्त्तुं समाययौ॥ ९

आसीत्सुतुमुलं युद्धमद्भुतं लोमहर्षणम्।
कृष्णादिकानां तैस्तत्र रुद्राद्यैर्बाणरक्षकैः॥ १०

कृष्णशंकरयोरासीत्प्रद्युम्नगुहयोरपि।
कूष्मांडकूपकर्णाभ्यां बलेन सह संयुगः॥ ११

सांबस्य बाणपुत्रेण बाणेन सह सात्यकेः।
नन्दिना गरुडस्यापि परेषां च परैरपि॥ १२

ब्रह्मादयः सुराधीशा मुनयः सिद्धचारणाः।
गंधर्वाऽप्सरसो यानैर्विमानैर्द्रष्टुमागमन्॥ १३

प्रमथैर्विविधाकारै रेवत्यंतैः सुदारुणम्।
युद्धं बभूव विप्रेन्द्र तेषां च यदुवंशिनाम्॥ १४

सनत्कुमार भन्नुहुन्छ—हे मुनिसत्तम! अनिरुद्ध गएपछि ती स्त्रीहरू रोएको आवाज सुनेर श्रीकृष्णलाई धेरै दुःख भयो॥ २॥

अनिरुद्धलाई नदेख्नाले शोक गर्दै उनका बन्धुहरू तथा श्रीकृष्णको वर्षाकालको चार महिना बित्यो॥ ३॥

तब नारदसित उनको वार्ता तथा उनको बंधनको समाचार सुनेर सबै यादवगण तथा श्रीकृष्ण अति दुखी भए। त्यस सम्पूर्ण वृत्तान्तलाई सुनेर श्रीकृष्ण त्यसै समय आदरपूर्वक गरुडलाई बोलाएर युद्धका लागि शोणितपुरमा जानुभयो। त्यस समय प्रद्युम्न, युयुधान, साम्ब, सारण, नन्द, उपनन्द, भद्र, बलराम तथा कृष्णका अनुवर्ती सबैजना हिंडे॥ ४—६॥

बाह्र अक्षौहिणी सेनाका साथ श्रेष्ठ यादवहरूले चारैतिरबाट बाणासुरको नगरलाई घेरा हाले॥ ७॥

नगर, उद्यान, पर्खाल, अटाली, गोपुर आदि विध्वंस हुँदै गरेको देखेर क्रोधले व्याप्त त्यो बाणासुर पनि त्यति नै सेनाका साथ निस्क्यो॥ ८॥

बाणासुरको रक्षा गर्नका लागि भगवान् सदाशिव नन्दी वृषभमाथि सवार भई आफ्ना पुत्र तथा प्रमथगणहरूका साथ युद्ध गर्नका लागि जानुभयो। त्यहाँ बाणासुरका रक्षक रुद्र आदिसित श्रीकृष्ण आदिको अद्भुत, रोमांचकारी तथा भयंकर युद्ध भयो। कृष्णसित शिवको, प्रद्युम्नसित कार्तिकेयको एवं कूष्माण्ड र कूपकर्णसित बलरामको परस्पर द्वन्द्वयुद्ध हुन लाग्यो॥ ९—११॥

साम्बको बाणासुरको पुत्रसित, सात्यकिको बाणासुरसित, गरुडको नन्दीसित र अन्य व्यक्तिहरूको अन्य व्यक्तिहरूसित युद्ध हुन लाग्यो॥ १२॥

त्यस समय ब्रह्मा आदि देवता, मुनि, सिद्ध, चारण, गन्धर्व तथा अप्सराहरू आफ्ना वाहन तथा विमानहरूबाट युद्ध हेर्नका लागि आए॥ १३॥

हे विप्रेन्द्र! विविध आकार भएका रेवती आदि प्रमथहरूका साथ ती यदुवंशीहरूको ज्यादै भयानक युद्ध भयो॥ १४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भ्रात्रा रामेण सहितः प्रद्युम्नेन च धीमता।
कृष्णश्चकार समरमतुलं प्रमथैः सह॥ १५
तत्राग्निनाऽभवद्युद्धं यमेन वरुणेन च।
विमुखेन त्रिपादेन ज्वरेण च गुहेन च॥ १६
प्रमथैर्विविधाकारैस्तेषामत्यन्तदारुणम्।
युद्धं बभूव विकटं वृष्णीनां रोमहर्षणम्॥ १७
बिभीषिकाभिर्बह्वीभिः कोटरीभिः पदे पदे।
निर्लज्जाभिश्च नारीभिः प्रबलाभिरदूरतः॥ १८
शंकरानुचरान् शौरिर्भूतप्रमथगुह्यकान्।
द्रावयामास तीक्ष्णाग्रैः शरैः शार्ङ्गधनुश्च्युतैः॥ १९

एवं प्रद्युम्नप्रमुखा वीरा युद्धमहोत्सवाः।
चक्रुर्युद्धं महाघोरं शत्रुसैन्यं विनाशयन्॥ २०

विशीर्यमाणं स्वबलं दृष्ट्वा रुद्रोऽत्यमर्षणः।
क्रोधं चकार सुमहन्ननाद च महोल्बणम्॥ २१

तच्छ्रुत्वा शंकरगणा विनेदुर्युयुधुश्च ते।
मर्दयन्प्रतियोद्धारं वर्द्धिताः शंभुतेजसा॥ २२

पृथग्विधानि चायुङ्क्त शार्ङ्गास्त्राणि पिनाकिने।
प्रत्यक्षैः शमयामास शूलपाणिरविस्मितः॥ २३

ब्रह्मास्त्रस्य च ब्रह्मास्त्रं वायव्यस्य च पार्वतम्।
आग्नेयस्य च पार्जन्यं नैजं नारायणस्य च॥ २४

कृष्णसैन्यं विदुद्राव प्रतिवीरेण निर्जितम्।
न तस्थौ समरे व्यास पूर्णरुद्रसुतेजसा॥ २५

विद्राविते स्वसैन्ये तु श्रीकृष्णश्च परंतपः।
स्वं ज्वरं शीतलाख्यं हि व्यसृजद् वारुणं मुने॥ २६

विद्राविते कृष्णसैन्ये कृष्णस्य शीतलज्वरः।
अभ्यपद्यत तं रुद्रं मुने दशदिशो दहन्॥ २७

महेश्वरोऽथ तं दृष्ट्वायान्तं स्वं विसृजज्ज्वरम्।
माहेश्वरो वैष्णवश्च युयुधाते ज्वरावुभौ॥ २८

वैष्णवोऽथ समाक्रंदन्माहेश्वरबलार्दितः।
अलब्ध्वाऽभयमन्यत्र तुष्टाव वृषभध्वजम्॥ २९

दाजु बलराम तथा बुद्धिमान् प्रद्युम्नसहित श्रीकृष्णले प्रमथगणहरूसित घोर भयानक युद्ध गर्नुभयो। त्यहाँ अग्नि, यम, वरुण आदि देवताहरूका साथ विमुख, त्रिपाद, ज्वर र गुहको युद्ध भयो। विविध आकार भएका प्रमथहरूका साथ ती यादवहरूको विकट, भयंकर तथा रोमहर्षण युद्ध हुन लाग्यो॥ १५—१७॥

धैरैजसो विभीषिकाहरूसित, कोटरिहरूसित तथा निर्लज्ज प्रबल स्त्रीहरूसित नजिकैबाट युद्ध हुन लाग्यो॥ १८॥ तब श्रीकृष्णले शिवका भूत, प्रमथ तथा गुह्यक आदि अनुचरहरूलाई आफ्नो शार्ङ्ग धनुषबाट छोडिएका तिखा अग्रभाग भएका बाणहरूले पीडित पार्नुभयो। यस प्रकार युद्धका उत्साही प्रद्युम्न आदि वीर पनि शत्रुको सेना नाश गर्दै महाभयंकर युद्ध गर्न लागे। तब आफ्नू सेनालाई नष्ट भएको देखेर शिवले त्यसलाई सहन नसकी महान् क्रोध गर्नुभयो र भयंकर गर्जना गर्नुभयो॥ १९—२१॥ यो सुनेर शिवका गण गर्जन लागे तथा शिवको तेजले तेजस्वी भएका ती शत्रुयोद्धाहरूलाई नष्ट गर्दै युद्ध गर्न लागे। श्रीकृष्णले शार्ङ्गधनुषमा नाना प्रकारका अस्त्रहरूलाई राखेर शिवमाथि प्रहार गर्नुभयो, तब विस्मित नभइकन महादेवले प्रत्यक्ष रूपले अस्त्रहरूलाई शान्त पार्नुभयो। शिवले ब्रह्मास्त्रलाई ब्रह्मास्त्रले, वायव्यास्त्रलाई पर्वतास्त्रले तथा नारायणको आग्नेय अस्त्रलाई आफ्नू पर्जन्यास्त्रले शान्त पार्नुभयो॥ २२—२४॥

प्रत्येक योद्धाबाट हारेका श्रीकृष्णका सेना भाग्न लागे, हे व्यास! त्यो सेना शिवको सम्पूर्ण तेजको कारण युद्धमा टिक्न सकेन। हे मुनि! आफ्नू सेनालाई पलायन गरिएपछि परम तपस्वी श्रीकृष्णले वरुणदेवता-सम्बन्धी आफ्नो शीतल नामक ज्वरलाई छोड्नुभयो॥ २५-२६॥

हे मुनि! श्रीकृष्णका सेना भागेपछि श्रीकृष्णको शीतलज्वर दसै दिशाहरूलाई भस्म पार्दै त्यो शिवको समीपमा गयो। त्यसलाई आउँदै गरेको देखेर महादेवले आफ्नो ज्वर छोड्नुभयो। त्यस समय शिवज्वर तथा विष्णुज्वर आपसमा युद्ध गर्न लागे। तब विष्णुको ज्वर शिवको ज्वरबाट पीडित भएर क्रन्दन गर्न लाग्यो र कतैबाट आफ्नू रक्षा नदेखेर शिवको स्तुति गर्न लाग्यो॥ २७—२९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ प्रसन्नो भगवान्विष्णुज्वरनुतो हरः।
विष्णुशीतज्वरं प्राह शरणागतवत्सलः॥ ३०

तब विष्णुज्वरद्वारा वन्दित शरणागतवत्सल सदाशिवले प्रसन्न भई विष्णुको शीतज्वरसित भन्नु भयो— ॥ ३० ॥

महेश्वर उवाच

शीतज्वर प्रसन्नोऽहं व्येतु ते मज्ज्वराद्भयम्।
यो नौ स्मरति संवादं तस्य न स्याज्ज्वराद्भयम्॥ ३१

महेश्वर भन्नुहुन्छ—हे शीतज्वर! म तिमीसित प्रसन्न छु, तिमीलाई मेरो ज्वरबाट भय हुने छैन, जो कोही हामी दुवैको संवादको स्मरण गर्ने छ, त्यसलाई ज्वरबाट भय हुने छैन॥ ३१ ॥

सनत्कुमार उवाच

इत्युक्तो रुद्रमानम्य गतो नारायणज्वरः।
तं दृष्ट्वा चरितं कृष्णो विसिस्माय भयान्वितः॥ ३२
स्कन्दः प्रद्युम्नबाणौघैरर्द्यमानोऽथ कोपितः।
जघान शक्त्या प्रद्युम्नं दैत्यसंघात्यमर्षणः॥ ३३
स्कंदशक्तिहतस्तत्र प्रद्युम्नः प्रबलोऽपि हि।
असृग्विमुञ्चन्गात्रेभ्यो बलेनापाक्रमद्रणात्॥ ३४
कुंभांडकूपकर्णाभ्यां नानास्त्रैश्च समाहतः।
दुद्राव बलभद्रोऽपि न तस्थेऽपि रणे बली॥ ३५

सनत्कुमार भन्नुहुन्छ—यस प्रकार भनिएपछि त्यो वैष्णवज्वर शिवलाई नमस्कार गरी गयो। त्यस चरित्रलाई देखेर श्रीकृष्ण भयभीत तथा विस्मित हुनुभयो। प्रद्युम्नका बाणसमूहबाट पीडित भई कुपित भएका दैत्य-संघाती स्कन्दले आफ्नू शक्तिले प्रद्युम्नलाई आहत पारिदिए। तब स्वामी कार्तिकेयको शक्तिबाट आहत बलवान् प्रद्युम्न आफ्नो शरीरबाट रगत बगाउँदै संग्रामभूमिबाट हटे। कुम्भाण्ड र कूपकर्णद्वारा अनेक अस्त्रहरूबाट आहत पारिएका बलशाली बलभद्र पनि युद्धमा स्थिर रहन सकेनन् र भागे॥ ३२—३५ ॥

कृत्वा सहस्रं कायानां पीत्वा तोयं महार्णवात्।
गरुडो नाशयत्यथाऽऽवर्तैर्मेघार्णवांबुभिः॥ ३६
अथ क्रुद्धो महेशस्य वाहनो वृषभो बली।
वेगेन महतारं वै शृंगाभ्यां निजघान तम्॥ ३७
शृंगघातविशीर्णांगो गरुडोऽतीव विस्मितः।
विदुद्राव रणात्तूर्णं विहाय च जनार्दनम्॥ ३८

गरुडले हजारौँ रूप धारण गरी महासागरबाट जलको पान गरेर मेघको समान जल छोडेर धेरैजसोको नाश गरे। तब शिवका वाहन बलवान् वृषभले कुपित भई ती गरुडलाई अत्यन्त वेगले शीघ्रतापूर्वक सींगहरूद्वारा विदीर्ण गरिदिए। तब सींगहरूको आघातबाट विदीर्ण शरीर भएका गरुड अत्यन्त विस्मित भई तत्काल भगवान्‌लाई छोडेर युद्धस्थलबाट भागे॥ ३६—३८ ॥

एवं जाते चरित्रे तु भगवान्देवकीसुतः।
उवाच सारथिं शीघ्रं रुद्रतेजोऽतिविस्मितः॥ ३९

यस्तो चरित्र भएपछि देवकीपुत्र भगवान् श्रीकृष्ण शिवको तेजबाट विस्मित भई तत्काल आफ्नू सारथीसित भन्न लाग्नुभयो— ॥ ३९ ॥

श्रीकृष्ण उवाच

हे सूत शृणु मद्वाक्यं रथं मे वाहय द्रुतम्।
महादेवसमीपस्थो यथा स्यां गदितुं वचः॥ ४०

श्रीकृष्ण भन्नुहुन्छ—हे सूत! तिमी मेरो वचन सुन, मेरो रथलाई छिटो लिएर हिँड, जसबाट म शिवका समीपमा स्थित भई उहाँसित केही भन्न सकुँ॥ ४० ॥

सनत्कुमार उवाच

इत्युक्तो हरिणा सूतो दारुकः स्वगुणाग्रणीः।
द्रुतं तं वाहयामास रथं रुद्रसमीपतः॥ ४१

सनत्कुमार भन्नुहुन्छ—भगवान्‌ले यस प्रकार भन्नुभएपछि आफ्नू गुणहरूको कारण मुख्य दारुक नामक सारथि तत्काल त्यस रथलाई शिवका समीपमा लिएर गयो॥ ४१ ॥

अथ विज्ञापयामास नतो भूत्वा कृतांजलिः।
श्रीकृष्णः शंकरं भक्त्या प्रपन्नो भक्तवत्सलम्॥ ४२

तब शरणागत भएका श्रीकृष्णले झुकेर हात जोडेर भक्तवत्सल शिवसित भक्तिपूर्वक प्रार्थना गर्नुभयो॥ ४२ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्रीकृष्ण उवाच

देवदेव महादेव शरणागतवत्सल।
नमामि त्वाऽनंतशक्तिं सर्वात्मानं परेश्वरम्॥ ४३
विश्वोत्पत्तिस्थाननाशहेतुं सज्ज्ञप्तिमात्रकम्।
ब्रह्मलिंगं परं शांतं केवलं परमेश्वरम्॥ ४४
कालो दैवं कर्म जीवः स्वभावो द्रव्यमेव च।
क्षेत्रं च प्राण आत्मा च विकारस्तत्समूहकः॥ ४५
बीजरोहप्रवाहस्तु त्वन्मायैषा जगत्प्रभो।
तन्निबंधं प्रपद्येह त्वामहं परमेश्वरम्॥ ४६
नानाभावैर्लीलयैव स्वकृतैर्निर्जरादिकान्।
नूनं बिभर्षि लोकेशो हंस्युन्मार्गान्स्वभावतः॥ ४७

त्वं हि ब्रह्म परं ज्योतिर्गूढं ब्रह्मणि वाङ्मये।
यं पश्यन्त्यमलात्मानमाकाशमिव केवलम्॥ ४८
त्वमेव चाद्यः पुरुषोऽद्वितीयस्तुर्य आत्मदृक्।
ईशो हेतुरहेतुश्च सविकारः प्रतीयसे॥ ४९
स्वमायया सर्वगुणप्रसिद्ध्यै भगवन्प्रभो।
सर्वान्वितः प्रभिन्नश्च सर्वतस्त्वं महेश्वर॥ ५०

यथैव सूर्योऽपिहितश्छायारूपाणि च प्रभो।
स्वच्छायया संचकास्ति ह्ययं परमदृग्भवान्॥ ५१

गुणेनापिहितोऽपि त्वं गुणे नैव गुणान् विभो।
स्वप्रदीपश्चकासि त्वं भूमन् गिरिश शंकर॥ ५२
त्वन्मायामोहितधियः पुत्रदारगृहादिषु।
उन्मज्जन्ति निमज्जन्ति प्रसक्ता वृजिनार्णवे॥ ५३
दैवदत्तमिमं लब्ध्वा नृलोकमजितेन्द्रियः।
यो नाद्रियेत त्वत्पादौ स शोच्यो ह्यात्मवंचकः॥ ५४

त्वदाज्ञयाहं भगवान्बाणदोश्छेत्तुमागतः।
त्वयैव शप्तो बाणोऽयं गर्वितो गर्वहारिणा॥ ५५

निवर्त्तस्व रणाद्देव त्वच्छापो न वृथा भवेत्।
आज्ञां देहि प्रभो मे त्वं बाणस्य भुजकृन्तने॥ ५६

श्रीकृष्ण भन्नुहुन्छ—हे देवहरूका देव! हे महादेव! हे शरणागतवत्सल! हजुर अनन्त शक्ति, सबैका आत्मरूप परमेश्वरलाई म नमस्कार गर्दछु। हजुर संसारको उत्पत्ति-स्थिति एवं नाशका कारण, सज्ज्ञप्तिमात्र, ब्रह्मलिंग, परमशान्त, केवल, परमेश्वर, काल, दैव, कर्म, जीव, स्वभाव, द्रव्य, क्षेत्र, प्राण, आत्मा, विकार तथा अनेक समुदाय हुनुहुन्छ, हे संसारका स्वामी! बीजरोह तथा प्रवाहरूपी यो हजुरको माया हो, यस कारण म हजुर बन्धनहीन परमेश्वरको शरणमा आएको छु॥ ४३-४६॥

हजुर लोकेश्वर आफैँद्वारा गरिएका विविध भावहरूबाट लीलापूर्वक देवता आदिको पोषण गर्नुहुन्छ तथा खराब मार्गमा जानेहरूलाई स्वभावबाट विनष्ट गर्नुहुन्छ॥ ४७॥ हजुर नै ब्रह्म, परम ज्योतिःस्वरूप तथा शब्दब्रह्म-रूप हुनुहुन्छ, हजुर निर्मल आत्मालाई योगीहरूले केवल आकाशको समान देख्छन्। हजुर नै आदिपुरुष, अद्वितीय, तुर्य, आत्मद्रष्टा, ईश, कारण, अकारण तथा विकारी प्रतीयमान हुनुहुन्छ। हे प्रभु! हे भगवन्! हे महेश्वर! हजुर आफ्नै मायाले सम्पूर्ण गुणहरूको प्रसिद्धिका निमित्त सबैबाट युक्त तथा सबैबाट भिन्न पनि हुनुहुन्छ॥ ४८—५०॥

हे प्रभु! जसरी सूर्य छायारूपहरूको तिरस्कार गरी आफ्नै कान्तिले प्रकाश छर्दछन्, त्यसै प्रकार दिव्य नेत्र भएका हजुर सर्वत्र प्रकाश पारिरहनुभएको छ॥ ५१॥ हे विभु! हे भूमा! हे गिरिश! हजुर गुणहरूबाट नढाकिकन पनि आफ्ना गुणहरूबाट समस्त गुणहरूलाई ज्योति समान प्रकाशित गर्नुहुन्छ। हे शंकर! हजुरको मायाबाट मोहित बुद्धि भएकाहरू पुत्र, स्त्री, गृह आदिमा आसक्त भएर पापसमुद्रमा डुब्ने-उत्रने गरिरहन्छन्॥ ५२-५३॥ जो अजितेन्द्रिय पुरुष प्रारब्धवश यस मनुष्य जन्मलाई प्राप्त गरी हजुरका चरणहरूमा प्रेम गर्दैन, त्यो शोक गर्नयोग्य तथा आत्मठग हो॥ ५४॥ हे भगवान्! म हजुरको आज्ञाले बाणासुरका हातहरू काट्नका लागि आएको हुँ, अभिमानको नाश गर्नुहुने हजुरले नै यस गर्वित बाणासुरलाई श्राप दिनुभएको छ॥ ५५॥

हे देव! हजुर संग्रामभूमिबाट फर्कनुहोस्, जसबाट हजुरको श्राप व्यर्थ नहोस्। हे प्रभु! हजुर मलाई बाणासुरका हातहरू काट्न आज्ञा दिनुहोस्॥ ५६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सनत्कुमार उवाच

इत्याकर्ण्य वचः शंभुः श्रीकृष्णस्य मुनीश्वर।
प्रत्युवाच प्रसन्नात्मा कृष्णस्तुत्या महेश्वरः॥ ५७

सनत्कुमार भन्नुहुन्छ—हे मुनीश्वर! श्रीकृष्णका यी वचनलाई सुनेर महेश्वर शिवले श्रीकृष्णको स्तुतिबाट प्रसन्नचित्त भएर भन्नुभयो— ॥ ५७ ॥

महेश्वर उवाच

सत्यमुक्तं त्वया तात मया शप्तो हि दैत्यराट्।
मदाज्ञया भवान्प्राप्तो बाणदोर्दंडकृन्तने॥ ५८
किं करोमि रमानाथ भक्ताधीनः सदा हरे।
पश्यतो मे कथं वीर स्याद् बाणभुजकृन्तनम्॥ ५९
अतस्त्वं जृंभणास्त्रेण मां जृंभय मदाज्ञया।
ततस्त्वं कुरु कार्यं स्वं यथेष्टं च सुखी भव॥ ६०

महेश्वर भन्नुहुन्छ—हे तात! तपाईंले सत्य भन्नुभयो, मैले दैत्यराजलाई श्राप दिएको छु। तपाईं मेरो आज्ञाले बाणासुरका हातहरू काट्नका लागि आउनुभएको छ। हे रमानाथ! हे हरि! म के गरूँ, म सदा भक्तहरूको अधीन छु। हे वीर! मैले हेर्दाहेर्दै त बाणासुरका हातहरूको छेदन कसरी हुन सक्छ। अतः तपाईं मेरो आज्ञाले जृम्भणास्त्रले मेरो जृम्भण (निद्रारूपी आलस्य उत्पन्न) गर्नुहोस्, यसपछि आफ्नो यथेष्ट कार्य गर्नुहोस् र सुखी हुनुहोस्॥ ५८—६०॥

सनत्कुमार उवाच

इत्युक्तः शंकरेणाथ शार्ङ्गपाणिः सुविस्मितः।
स्वरणस्थानमागत्य मुमोद स मुनीश्वर॥ ६१
जृंभणास्त्रं मुमोचाथ संधाय धनुषि द्रुतम्।
पिनाकपाणये व्यास नानास्त्रकुशलो हरिः॥ ६२
मोहयित्वा तु गिरिशं जृंभणास्त्रेण जृंभितम्।
बाणस्य पृतनां शौरिर्जघानासिगदर्ष्टिभिः॥ ६३

सनत्कुमार भन्नुहुन्छ—हे मुनीश्वर! शिवले यस प्रकार भन्नुभएपछि श्रीकृष्ण अति विस्मित भई आफ्नू युद्धस्थलमा आएर प्रसन्न हुनुभयो॥ ६१॥

हे व्यास! यसपछि अनेक अस्त्रहरूको संचालनमा कुशल भगवान् श्रीकृष्णले तत्काल धनुषमा जृम्भणास्त्रको सन्धान गरी त्यसलाई शिवमाथि छोड्नुभयो॥ ६२॥

त्यस जृम्भणास्त्रबाट तन्द्रामा पर्नुभएका शिवलाई मोहित पारी श्रीकृष्णले खड्ग, गदा तथा ऋष्टिले बाणासुरका सेनाहरूको संहार गर्नुभयो॥ ६३॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे बाणासुररुद्र-कृष्णादियुद्धवर्णनं नाम चतुःपञ्चाशत्तमोऽध्यायः॥ ५४॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा बाणासुररुद्रकृष्णादियुद्धवर्णन नामक चौवन्नौं अध्याय पूर्ण भयो॥ ५४॥

अथ पञ्चपञ्चाशत्तमोऽध्यायः

भगवान् कृष्ण तथा बाणासुरको संग्राम, श्रीकृष्णद्वारा बाणका हातहरू काटिनु, शिर काट्नका लागि उद्यत श्रीकृष्णलाई शिवले रोकेर सम्झाउनु, बाणको गर्वहरण, श्रीकृष्ण र बाणासुरको मित्रता, ऊषा-अनिरुद्धलाई लिएर श्रीकृष्ण द्वारका जानु

व्यास उवाच

सनत्कुमार सर्वज्ञ ब्रह्मपुत्र नमोऽस्तु ते।
अद्भुतेयं कथा तात श्राविता मे त्वया मुने॥ १
जृंभिते जृंभणास्त्रेण हरिणा समरे हरे।
हते बाणबले बाणः किमकार्षीच्च तद्वद॥ २

व्यास भन्नुहुन्छ—हे सर्वज्ञ! हे ब्रह्मपुत्र! हे सनत्कुमार! तपाईंलाई नमस्कार छ। हे मुनि! हे तात! तपाईंले मलाई यो अद्भुत कथा सुनाउनुभयो॥ १॥

श्रीकृष्णद्वारा युद्धमा जृम्भणास्त्रद्वारा शिवलाई मोहित पारिएपछि तथा बाणका सेना मारिएपछि बाणासुरले के गर्‍यो, त्यसको वर्णन गर्नुहोस्॥ २॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सूत उवाच

इत्याकर्ण्य वचस्तस्य व्यासस्यामिततेजसः।
प्रत्युवाच प्रसन्नात्मा ब्रह्मपुत्रो मुनीश्वरः॥ ३

सूत भन्नुहुन्छ—अमिततेजस्वी ती व्यासका वचन सुनेर ब्रह्माका पुत्र मुनीश्वर [सनत्कुमार] प्रसन्नचित्त भई भन्न लागे— ॥ ३॥

सनत्कुमार उवाच

शृणु व्यास महाप्राज्ञ कथां च परमाद्भुताम्।
कृष्णशंकरयोस्तात लोकलीलानुसारिणोः॥ ४

सनत्कुमार भन्नुहुन्छ—हे महाप्राज्ञ! हे व्यास! हे तात! लोकलीलाको अनुसरण गर्नुहुने श्रीकृष्ण तथा शिवका अद्भुत तथा सुन्दर कथा श्रवण गर्नुहोस्॥ ४॥

शयिते लीलया रुद्रे सपुत्रे सगणे सति।
बाणो विनिर्गतो युद्धं कर्तुं कृष्णेन दैत्यराट्॥ ५

पुत्रहरू तथा गणहरूसहित लीलापूर्वक शिव सुतुभएपछि त्यो दैत्यराज बाणासुर कृष्णसित युद्ध गर्नका लागि निस्क्यो॥ ५॥

कुंभांडसंगृहीताश्वो नानाशस्त्रास्त्रधृक् ततः।
चकार युद्धमतुलं बलिपुत्रो महाबलः॥ ६

कुम्भाण्डले चलाएको रथमा त्यो महाबली दैत्य अनेक प्रकारका अस्त्र-शस्त्रहरूलाई धारण गरी अतुलनीय युद्ध गर्न लाग्यो॥ ६॥

दृष्ट्वा निजबलं नष्टं स दैत्येन्द्रोऽत्यमर्षितः।
चकार युद्धमतुलं बलिपुत्रो महाबलः॥ ७

त्यस महाबली दैत्येन्द्र बाणासुरले आफ्ना सेना नष्ट भएको देखेर क्रोधित भई घोर युद्ध गर्‍यो॥ ७॥

श्रीकृष्णोऽपि महावीरो गिरिशाप्तमहाबलः।
उच्चैर्जगर्ज तत्राजौ बाणं मत्वा तृणोपमम्॥ ८

त्यस संग्राममा शिवबाट महान् बल पाएर महावीर श्रीकृष्णले बाणासुरलाई सिन्को समान मानेर ज्यादै जोरले गर्जना गर्नुभयो॥ ८॥

धनुष्टंकारयामास शार्ङ्गाख्यं निजमद्भुतम्।
त्रासयन्बाणसैन्यं तदवशिष्टं मुनीश्वर॥ ९

हे मुनीश्वर! बाणासुरका बचेका सेनालाई भयभीत पार्दै उहाँ आफ्नू अद्भुत शार्ङ्ग नामक धनुषको टंकार गर्न लाग्नुभयो॥ ९॥

तेन नादेन महता धनुष्टंकारजेन हि।
द्यावाभूम्योरन्तरं वै व्याप्तमासीदनन्तरम्॥ १०

धनुषको टंकारबाट उत्पन्न भएको त्यस तीव्र नादबाट भूमि र आकाशको मध्यभाग व्याप्त हुन गयो॥ १०॥

चिक्षेप विविधान्बाणान्बाणाय कुपितो हरिः।
कर्णान्तं तद्विकृष्याथ तीक्ष्णानाशीविषोपमान्॥ ११

त्यसै समय श्रीकृष्णले क्रोधित भई त्यस धनुषलाई कानसम्म खैँचेर बाणासुरमाथि सर्पहरूको समान विषालु अनेक तीक्ष्ण बाणहरू छोड्नुभयो॥ ११॥

आयातस्तान्निरीक्ष्याऽथ स बाणो बलिनन्दनः।
अप्राप्तानेव चिच्छेद स्वशरैः स्वधनुश्च्युतैः॥ १२

बलिपुत्र बाणासुरले ती बाणहरूलाई आउँदै गरेको देखेर आफ्नू धनुषबाट निस्केका बाणहरूले तिनलाई आफूसम्म पुगनुभन्दा अगावै बीचैमा काटिदियो॥ १२॥

पुनर्जगर्ज स विभुर्बाणो वैरिगणार्दनः।
तत्रसुर्वृष्णयः सर्वे कृष्णात्मानो विचेतसः॥ १३

शत्रुहरूलाई विनष्ट गर्ने त्यो दैत्यराज बाण पुनः गर्जना गर्न लाग्यो, तब त्यहाँ सम्पूर्ण यादव भयभीत भए र श्रीकृष्णको स्मरण गर्दै मूर्च्छित भए॥ १३॥

स्मृत्वा शिवपदाम्भोजं चिक्षेप निजसायकान्।
स कृष्णायातिशूराय महागर्वो बलेः सुतः॥ १४

यसपछि बलिपुत्र महान् अहंकारी बाणले शिवका चरणकमलहरूको स्मरण गरी अतिशूर श्रीकृष्णका ऊपरमा आफ्नो बाण छोड्यो॥ १४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कृष्णोऽपि तानसंप्राप्तानच्छिनत्स्वशरैर्द्रुतम्।
स्मृत्वा शिवपदाम्भोजममरारिर्महाबलः॥ १५

तब महादैत्यहरूका शत्रु श्रीकृष्णले पनि शिवका चरणकमलहरूको स्मरण गरी आफ्ना बाणहरूले ती बाणहरूलाई टाढैबाट तत्काल काटिदिनुभयो॥ १५॥

रामादयो वृष्णयश्च स्वं स्वं योद्धारमाहवे।
निजघ्नुर्बलिनः सर्वे कृत्वा क्रोधं समाकुलाः॥ १६

तब संग्राममा आकुल बलराम आदि सबै बलवान् यादवहरूले क्रोध गरी आ-आफ्ना प्रतियोद्धालाई मारे॥ १६॥

इत्थं चिरतरं तत्र बलिनोश्च द्वयोरपि।
बभूव तुमुलं युद्धं शृण्वतां विस्मयावहम्॥ १७

यस प्रकार त्यहाँ ती दुवै बलवान् पुरुषहरूको धेरै लामो समयसम्म भयानक युद्ध भयो, जुन सुन्नेहरूलाई पनि आश्चर्यचकित पार्ने खालको थियो॥ १७॥

तस्मिन्नवसरे तत्र क्रोधं कृत्वाऽति पक्षिराट्।
बाणासुरबलं सर्वं पक्षाघातैरमर्दयत्॥ १८

त्यस समय गरुडले संग्राममा अति क्रोध गरी आफ्ना पखेटाहरूको प्रहारबाट बाणासुरका सबै सेनालाई धुलो पारिदिए॥ १८॥

मर्दितं स्वबलं दृष्ट्वा मर्दयन्तं च तं बली।
चुकोपाति बलेः पुत्रः शैवराड् दितिजेश्वरः॥ १९

स्मृत्वा शिवपदाम्भोजं सहस्रभुजवान्द्रुतम्।
महत्पराक्रमं चक्रे वैरिणां दुःसहं स वै॥ २०

तब आफ्नो सेनाको मर्दन गर्ने गरुडलाई तथा आफ्नो सेनाको तिरस्कार देखेर शैवहरूमा श्रेष्ठ बलवान् त्यस दैत्यले गरुडमाथि अति क्रोध गऱ्यो र हजार हात भएको त्यस दैत्यले तत्काल महादेवका चरणारविन्दहरूको स्मरण गरी शत्रुहरूका लागि असह्य महान् पराक्रम प्रदर्शित गऱ्यो॥ १९-२०॥

चिक्षेप युगपद्बाणानमितांस्तत्र वीरहा।
कृष्णादिसर्वयदुषु गरुडे च पृथक् पृथक्॥ २१

त्यहाँ वीरहरूलाई नष्ट गर्ने त्यस दैत्यले एकै साथ श्रीकृष्णादि समस्त यादवहरूमाथि तथा गरुडमाथि अलग-अलग अनेक बाणहरूले प्रहार गऱ्यो॥ २१॥

जघानैकेन गरुडं कृष्णमेकेन पत्रिणा।
बलमेकेन च मुने परानपि तथा बली॥ २२

हे मुनि! बलवान् त्यस दैत्यले एउटा बाणले गरुडलाई, एउटा बाणले श्रीकृष्णलाई, एउटा बाणले बलरामलाई, एउटा बाणले अरूलाई प्रहार गऱ्यो॥ २२॥

ततः कृष्णो महावीर्यो विष्णुरूपः सुरारिहा।
चुकोपातिरणे तस्मिञ्जगर्ज च महेश्वरः॥ २३

जघान बाणं तरसा शार्ङ्गनिःसृतसच्छरैः।
अति तद्बलमत्युग्रं युगपत्स्मृतशंकरः॥ २४

त्यस समय ठुला पराक्रमी विष्णुका अवताररूप तथा दैत्यहरूका नाशक परमेश्वर श्रीकृष्ण त्यस युद्धमा ज्यादै कुपित भई गर्जन लाग्नुभयो तथा शिवको स्मरण गरी आफ्ना धनुषबाट छोडिएका बाणहरूले अति उग्र पराक्रम भएका त्यसका सैनिकहरू तथा त्यस दैत्य बाणासुरमाथि उहाँले एक साथ प्रहार गर्नुभयो॥ २३-२४॥

चिच्छेद तद्धनुः शीघ्रं छत्रादिकमनाकुलः।
हयांश्च पातयामास हत्वा तान्स्वशरैर्हरिः॥ २५

निश्चिन्त भएर श्रीकृष्णले आफ्ना बाणहरूले त्यसको धनुष, छाता आदिलाई काटिदिनुभयो र त्यसका घोडाहरूलाई प्रहार गरी ढालिदिनुभयो॥ २५॥

बाणोऽपि च महावीरो जगर्जाति प्रकुप्य ह।
कृष्णं जघान गदया सोऽपतद्धरणीतले॥ २६

महावीर बाणासुरले अतिक्रोधित भई गर्जना गऱ्यो र आफ्नो गदाले श्रीकृष्णमाथि प्रहार गऱ्यो, जसबाट श्रीकृष्ण पृथ्वीमा ढल्नुभयो॥ २६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्थायारं ततः कृष्णो युयुधे तेन शत्रुणा।
शिवभक्तेन देवर्षे लोकलीलाऽनुसारतः॥ २७

एवं द्वयोश्चिरं कालं बभूव सुमहान् रणः।
शिवरूपो हरिः कृष्णः स च शैवोत्तमो बली॥ २८

कृष्णोऽथ कृत्वा समरं चिरं बाणेन वीर्यवान्।
शिवाऽऽज्ञया प्राप्तबलश्चुकोपाति मुनीश्वर॥ २९

ततः सुदर्शनेनाशु कृष्णो बाणभुजान्बहून्।
चिच्छेद भगवान् शंभुः शासनात्परवीरहा॥ ३०

अवशिष्टा भुजास्तस्य चत्वारोऽतीव सुन्दराः।
गतव्यथो बभूवाशु शंकरस्य प्रसादतः॥ ३१

गतस्मृतिर्यदा बाणः शिरश्छेत्तुं समुद्यतः।
कृष्णो वीरत्वमापन्नस्तदा रुद्रः समुत्थितः॥ ३२

रुद्र उवाच

भगवन्देवकीपुत्र यदाज्ञप्तं मया पुरा।
तत्कृतं च त्वया विष्णो मदाज्ञाकारिणा सदा॥ ३३

मा बाणस्य शिरश्छिंधि संहरस्व सुदर्शनम्।
मदाज्ञया चक्रमिममघोघं मज्जने सदा॥ ३४

दत्तं मया पुरा तुभ्यमनिवार्यं रणे तव।
चक्रं जयं च गोविन्द निवर्तस्व रणात्ततः॥ ३५

दधीचे रावणे वीरे तारकादिपुरेष्वपि।
विना मदाज्ञां लक्ष्मीश रथाङ्गं नामुचः पुरा॥ ३६

त्वं तु योगीश्वरः साक्षात्परमात्मा जनार्दन।
विचार्यतां स्वमनसा सर्वभूतहिते रतः॥ ३७

वरमस्य मया दत्तं न मृत्युर्भयमस्ति वै।
तन्मे वचः सदा सत्यं परितुष्टोऽस्म्यहं तव॥ ३८

हे देवर्षि! तब श्रीकृष्ण लोकमा लीला गर्नुहुने भएका कारण तत्काल भूमिबाट उठेर शिवभक्त त्यस शत्रुसित युद्ध गर्न लाग्नुभयो॥ २७॥ यस प्रकार ती दुवैमा लामो समयसम्म घोर संग्राम भइरह्यो, भगवान् श्रीकृष्ण शिवरूप हुनुहुन्थ्यो तथा त्यो बली बाणासुर शिवका भक्तहरूमा श्रेष्ठ थियो॥ २८॥

हे मुनीश्वर! पराक्रमशाली श्रीकृष्ण लामो समयसम्म बाणासुरसित युद्ध गरी पुनः शिवको आज्ञाले बल प्राप्त गरी अत्यधिक क्रोधित हुनुभयो॥ २९॥ त्यसपछि शत्रुवीरहरूका नाशक भगवान् श्रीकृष्णले शिवको आज्ञाले तत्काल सुदर्शनचक्रबाट बाणासुरका धेरैजसो हातहरूलाई काटिदिनुभयो॥ ३०॥ त्यस समय त्यसका श्रेष्ठ चार हातहरू बाँकी रहन गयो र शिवको अनुग्रहले त्यो तत्काल व्यथारहित भयो॥ ३१॥

जतिबेला बाणासुर शिवको स्मरणबाट हीन भयो, त्यसै समय वीरतालाई प्राप्त गर्नुभएका श्रीकृष्ण त्यसको शिर काट्नलाई उद्यत हुनुभयो, तब भगवान् सदाशिव उहाँको सामुन्ने खडा हुनुभयो॥ ३२॥

रुद्र भन्नुहुन्छ—हे भगवान्! हे देवकीपुत्र! हे विष्णु! पहिला मैले तपाईंलाई जुन आज्ञा दिएको थिएँ, मेरो आज्ञाको पालन गर्नुहुने तपाईंले त्यस्तै गर्नुभयो॥ ३३॥ अब तपाईं बाणासुरको शिर नकाट्नुहोस्, मेरो आज्ञाले आफ्नू सुदर्शनचक्रलाई फर्काउनुहोस्; किनभने मेरो भक्तमाथि यो चक्र सदा निष्फल हुने छ॥ ३४॥ हे गोविन्द! संग्राममा मैले तपाईंलाई यो अनिवार्य सुदर्शनचक्र दिएको छु, यसैले यस विजयचक्रलाई युद्धभूमिबाट फर्काउनुहोस्॥ ३५॥

हे लक्ष्मीश! पहिला पनि तपाईंले यो सुदर्शनचक्र दधीचि, वीर रावण तथा तारक आदिमाथि मेरो आज्ञा विना चलाउनु भएन। तपाईं त योगीश्वर साक्षात् परमात्मा, जनार्दन तथा सबै प्राणीहरूको हितमा तत्पर रहनेवाला हुनुहुन्छ, आफ्नो मनमा यसको विचार गर्नुहोस्। मैले यसलाई यो वर दिएको छु कि तिमीलाई मृत्युको भय रहने छैन। अतः मेरो यो वचन सदा सत्य हुने छ, म तपाईंसित सन्तुष्ट छु॥ ३६—३८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पुराऽयं गर्वितो मत्तो युद्धं देहीति मेऽब्रवीत्।
भुजान्कण्डूयमानस्तु विस्मृतात्मगतिर्हरे॥ ३९

तदाहमशपं तं वै भुजच्छेत्ताऽऽगमिष्यति।
अचिरेणातिकालेन गतगर्वो भविष्यसि॥ ४०

हे हरि! पहिला यसले आफ्ना हातहरूलाई कनाएर आफ्नो गतिलाई भुल्यो र गर्वित तथा उन्मत्त भएर यसले मसित युद्धको वर माग्यो। तब मैले यसलाई श्राप दिएँ कि केही समयमा तिम्रा हातहरूलाई काट्नेवाला आउनेछन् र तिम्रो अभिमान नष्ट हुने छ॥ ३९-४०॥

मदाज्ञया हरिः प्राप्तो भुजच्छेत्ता तवाऽथ वै।
निवर्तस्व रणाद्गच्छ स्वगृहं सवधूवरः॥ ४१

उहाँ बाणसित भन्नुहुन्छ—मेरो आज्ञाले तिम्रा हातहरू काट्नेवाला भगवान् श्रीकृष्ण आउनुभएको छ, यसैले तिमी अब संग्रामबाट फर्केर जाऊ र [श्रीकृष्णसित भन्नुभयो—] वधू र वरका साथ आफ्नू स्थानमा जानुहोस्॥ ४१॥

इत्युक्तः स तयोर्मैत्रीं कारयित्वा महेश्वरः।
तमनुज्ञाप्य सगणः सपुत्रः स्वालयं ययौ॥ ४२

यस्तो भनेर शिव ती दुवैमा मित्रता गराएर उनीहरूलाई आज्ञा दिएर गण तथा पुत्रहरूसहित आफ्नो स्थानमा जानुभयो॥ ४२॥

सनत्कुमार उवाच

इत्याकर्ण्य वचः शंभोः संहृत्य च सुदर्शनम्।
अक्षताङ्गस्तु विजयी तत्कृष्णोऽन्तःपुरं ययौ॥ ४३

अनिरुद्धं समाश्वास्य सहितं भार्यया पुनः।
जग्राह रत्नसंघातं बाणदत्तमनेकशः॥ ४४

तत्सखीं चित्रलेखां च गृहीत्वा परयोगिनीम्।
प्रसन्नोऽभूत्ततः कृष्णः कृतकार्यः शिवाज्ञया॥ ४५

सनत्कुमार भन्नुहुन्छ—यस प्रकार भगवान् शिवका वचन सुनेर आफ्नू सुदर्शनचक्रलाई फर्काएर अक्षत शरीर भएका विजयी श्रीकृष्ण अन्तःपुरमा प्रवेश गर्नुभयो। भार्यासहित अनिरुद्धलाई आश्वासन दिएर उहाँले बाणासुरद्वारा प्रदान गरिएका अनेक रत्नसमुदायलाई स्वीकार गर्नुभयो। ऊषाकी सखी परमयोगिनी चित्रलेखालाई लिएर शिवको आज्ञाबाट कृतकृत्य श्रीकृष्ण अति प्रसन्न हुनुभयो॥ ४३—४५॥

हृदा प्रणम्य गिरिशमामंत्र्य च बलेः सुतम्।
परिवारसमेतस्तु जगाम स्वपुरीं हरिः॥ ४६

पथि जित्वा च वरुणं विरुद्धं तमनेकधा।
द्वारकां च पुरीं प्राप्तः समुत्सवसमन्वितः॥ ४७

विसर्जयित्वा गरुडं सखीन्वीक्ष्योपहस्य च।
द्वारकायां ततो गत्वा कामचारी चचार ह॥ ४८

यसपछि श्रीकृष्ण हृदयबाट शिवलाई प्रणाम गरी बलिपुत्र बाणासुरसित विदा लिएर कुटुम्ब-सहित आफ्नू नगरमा जानुभयो। मार्गमा प्रतिकूल भएका वरुणलाई अनेक प्रकारले जितेर उहाँ आनन्दित भई द्वारकापुरीमा आउनुभयो। यसपछि गरुडलाई विसर्जित गरीर आफ्ना मित्रहरूलाई हेरेर तथा उनीहरूसित हास-परिहास गर्दै द्वारकामा पुगेर इच्छानुसार विचरण गर्न लाग्नुभयो॥ ४६—४८॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे बाणभुजकृन्तनगर्वापहार-वर्णनं नाम पञ्चपञ्चाशत्तमोऽध्यायः॥ ५५॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा बाणभुजकृन्तन-गर्वापहारवर्णन नामक पच्पन्नौं अध्याय पूर्ण भयो॥ ५५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ षट्पञ्चाशत्तमोऽध्यायः

बाणासुरले ताण्डवनृत्यद्वारा भगवान् शिवलाई प्रसन्न पार्नु, शिवद्वारा त्यसलाई अनेकौँ मनोऽभिलषित वरदान प्रदान, बाणासुरकृत शिवस्तुति

नारद उवाच

कृष्णे गते द्वारकायामनिरुद्धेन भार्यया।
अकार्षीत्किं ततो बाणस्तत्त्वं वद महामुने॥ १

सनत्कुमार उवाच

कृष्णे गते द्वारकायामनिरुद्धेन भार्यया।
दुःखितोऽभूत्ततो बाणः स्वाज्ञानं संस्मरन्हृदा॥ २

ततो नन्दी शिवगणो बाणं प्रोवाच दुःखितम्।
दैत्यं शोणितदिग्धाङ्गमनुतापसमन्वितम्॥ ३

नन्दीश्वर उवाच

बाण शंकरसद्भक्त मानुतापं कुरुष्व भोः।
भक्तानुकम्पी शंभुर्वै भक्तवत्सलनामधृक्॥ ४

तदिच्छया च यज्जातं तज्जातमिति चेतसा।
मन्यस्व भक्तशार्दूल शिवं स्मर पुनः पुनः॥ ५

मन आद्ये समाधाय कुरु नित्यं महोत्सवम्।
भक्तानुकम्पनश्चाऽस्य शंकरस्य पुनः पुनः॥ ६

नन्दिवाक्यात्ततो बाणो द्विषा शीर्षकमात्रकः।
शिवस्थानं जगामाशु धृत्वा धैर्यं महामनाः॥ ७

गत्वा तत्र प्रभुं नत्वा रुरोदातीव विह्वलः।
गतगर्वव्रजो बाणः प्रेमाकुलितमानसः॥ ८

संस्तुवन्विविधैः स्तोत्रैः संनमन्नुतितस्तथा।
यथोचितं पादघातं कुर्वन्विक्षेपयन्करान्॥ ९

ननर्त तांडवं मुख्यं प्रत्यालीढादिशोभितम्।
स्थानकैर्विविधाकारैरालीढप्रमुखैरपि॥ १०

मुखवादसहस्राणि भ्रूक्षेपसहितान्यपि।
शिरःकम्पसहस्राणि प्राप्तानीकः सहस्रशः॥ ११

वारीश्च विविधाकारा दर्शयित्वा शनैः शनैः।
तथा शोणितधाराभिः सिञ्चयित्वा महीतलम्॥ १२

रुद्रं प्रसादयामास शूलिनं चन्द्रशेखरम्।
बाणासुरो महाभक्तो विस्मृतात्मगतिर्नतः॥ १३

ततो नृत्यं महत्कृत्वा भगवान्भक्तवत्सलः।
उवाच बाणं संहृष्टो नृत्यगीतप्रियो हरः॥ १४

नारद भन्नुहुन्छ—हे महामुनि! भार्यासहित अनिरुद्ध तथा श्रीकृष्ण द्वारकापुरी जानुभएपछि बाणासुरले के गऱ्यो, तपाईं त्यसको वर्णन गर्नुहोस्॥ १॥

सनत्कुमार भन्नुहुन्छ—भार्यासहित अनिरुद्ध तथा श्रीकृष्ण द्वारका जानुभएपछि बाणासुर मन-मनै आफ्नू अज्ञानको स्मरण गर्दै अत्यन्त दुखी भयो॥ २॥ तब शिवका गण नन्दीले रगतले पोतिएको, पश्चात्तापयुक्त तथा दुखी दैत्य बाणासुरसित भने—॥ ३॥

नन्दीश्वर भन्नुहुन्छ—हे शिव भक्त बाणासुर! तिमी दुखी नहोऊ, भगवान् शिव भक्तहरूमाथि कृपा गर्नुहुने भक्तवत्सल नामधारी हुनुहुन्छ। हे भक्तहरूमा श्रेष्ठ! जे जति भयो, उहाँकै इच्छाबाट भयो, यस प्रकार चित्तमा मानेर बारम्बार शिवको स्मरण गर॥ ४-५॥

ती आदिदेव शिवमा मन लगाएर नित्य भक्तहरूमाथि दया गर्नुहुने महादेवको बारम्बार उत्सव गर॥ ६॥

नन्दीले भनेपछि द्वेषरहित भई त्यो दैत्य बाणासुर हर्षित भई धैर्य धारण गरी शीघ्र शिवको स्थानमा गयो॥ ७॥

त्यहाँ गएर प्रभुलाई नमस्कार गरी गर्वरहित भएर प्रेमले पूर्ण मनवाला बाणासुर विह्वल भएर रुन लाग्यो र अनेक स्तोत्र तथा स्तुतिहरूले नमस्कार गर्दै, यथोचित चरणन्यास गरी हातहरूलाई चलाउँदै अनेक प्रकारका आलीढ आदि स्थानहरू तथा प्रत्यालीढ आदि मुद्राहरूबाट शोभित ताण्डव नृत्य गर्न लाग्यो॥ ८—१०॥

त्यो मुखले हजारौँ बाजाहरू बजाउन, आँखीभौँ नचाउन, शिर हल्लाउन तथा हजारौँ प्रकारबाट अंगहरू चलाउन लाग्यो। विस्तारै-विस्तारै अनेक प्रकारका नृत्यहरू देखाएर तथा रगतका धाराहरूबाट भूमिलाई भिजाएर आफ्नू गति तथा अहंकारलाई विस्मृत पार्दै त्यो महाभक्त बाणासुरले चन्द्रशेखर शिवलाई प्रसन्न पाऱ्यो॥ ११—१३॥

तब नृत्य-गीत प्रिय भक्तवत्सल भगवान् शिवले प्रसन्न भएर सुन्दर नृत्य गर्ने बाणासुरसित भन्नुभयो—॥ १४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रुद्र उवाच

बाण तात बलेः पुत्र संतुष्टो नर्तनेन ते।
वरं गृहाण दैत्येन्द्र यत्ते मनसि वर्तते॥ १५

सनत्कुमार उवाच

इत्याकर्ण्य वचः शम्भोर्दैत्येन्द्रेण तदा मुने।
बाणेन संवृणीतोऽभूद्वरस्तु व्रणरोपणे॥ १६
बाहुयुद्धस्य चोद्धत्तिर्गाणपत्यमथाक्षयम्।
ऊषापुत्रस्य राज्यं तु तस्मिन् शोणितकाह्वये॥ १७
निर्वैरता च विबुधैर्विष्णुना च विशेषतः।
न पुनर्दैत्यता दुष्टा रजसा तमसा युता॥ १८
शंभुभक्तिर्विशेषेण निर्विकारा सदा मुने।
शिवभक्तेषु च स्नेहो दया सर्वेषु जंतुषु॥ १९
इति कृत्वा वरान् शंभोर्बलिपुत्रो महाऽसुरः।
प्रेम्णाऽश्रुनयनो रुद्रं तुष्टाव सुकृतांजलिः॥ २०

बाण उवाच

देवदेव महादेव शरणागतवत्सल।
त्वां नमामि महेशान दीनबन्धो दयानिधे॥ २१
कृता मयि कृपातीव कृपासागर शंकर।
गर्वोपहारितः सर्वः प्रसन्नेन मम प्रभो॥ २२
त्वं ब्रह्म परमात्मा हि सर्वव्याप्यखिलेश्वरः।
ब्रह्मांडतनुरुग्रेशो विराट् सर्वान्वितः परः॥ २३
नाभिर्नभोऽग्निर्वदनमंबु रेतो दिशः श्रुतिः।
द्यौः शीर्षमङ्घ्रिरुर्वी ते मनश्चन्द्रस्तव प्रभो॥ २४
दृगर्को जठरं वार्द्धिर्भुजेन्द्रो धिषणा विधिः।
प्रजापतिर्विसर्गश्च धर्मो हि हृदयं तव॥ २५
रोमाण्यौषधयो नाथ केशा जलमुचस्तव।
गुणास्त्रयस्त्रिनेत्राणि सर्वात्मा पुरुषो भवान्॥ २६
ब्राह्मणं ते मुखं प्राहुर्बाहुं क्षत्रियमेव च।
ऊरुजं वैश्यमाहुस्ते पादजं शूद्रमेव च॥ २७
त्वमेव सर्वदोपास्यः सर्वैर्जीवैर्महेश्वर।
त्वां भजन्परमां मुक्तिं लभते पुरुषो ध्रुवम्॥ २८

यस्त्वां विसृजते मर्त्य आत्मानं प्रियमीश्वरम्।
विपर्ययेन्द्रियार्थार्थं विषमत्त्यमृतं त्यजन्॥ २९

विष्णुर्ब्रह्माऽथ विबुधा मुनयश्चामलाशयाः।
सर्वात्मना प्रपन्नास्त्वां शंकरं प्रियमीश्वरम्॥ ३०

रुद्र भन्नुहुन्छ—हे बाणासुर! हे बलिपुत्र! हे तात! म तिम्रो यस नृत्यबाट प्रसन्न छु। हे दैत्येन्द्र! तिम्रो मनमा जे छ, त्यो वरदान माग॥ १५॥

सनत्कुमार भन्नुहुन्छ—हे मुनि! तब शिवका यी वचन सुनेर त्यस दैत्येन्द्र बाणासुरले आफ्नू घाउ पुर्ने वर माग्यो, यसका साथै बाहुयुद्धका लागि क्षमा, अक्षय गाणपत्यको भाव तथा त्यस शोणितपुर नामक नगरमा ऊषापुत्रको राज्य होस्, देवताहरूबाट तथा विशेष गरी विष्णुसित निर्वैरता र रजोगुण तथा तमोगुणबाट युक्त दुष्ट दैत्यभावको विनाश होस्, विशेष गरी शिवको निर्विकार भक्ति, शिवका भक्तहरूप्रति स्नेह तथा सबै प्राणीहरूप्रति दयाभाव होस्। हे मुनि! त्यस बाण दैत्यले शिवसित यी वरहरू मागेर नेत्रबाट आँसु बगाउँदै हात जोडेर प्रेमपूर्वक शिवको स्तुति गर्‍यो— ॥ १६—२०॥

बाणासुर भन्दछ—हे देव! हे महादेव! हे शरणागतवत्सल! हे महेश्वर! हे दीनबन्धु! हे दयानिधि! म हजुरलाई नमस्कार गर्छु। हे कृपासागर! हे शंकर! हे प्रभु! हजुरले ममाथि ठुलो कृपा गर्नुभयो, हजुरले प्रसन्न भएर मेरो गर्व दूर गरिदिनुभयो। हजुर ब्रह्म, परमात्मा, सर्वव्यापी, अखिलेश्वर, ब्रह्माण्डरूपी शरीर भएका, उग्र, ईश, विराट्, सबैमा व्याप्त तथा सबैभन्दा पर हुनुहुन्छ॥ २१—२३॥ हे प्रभु! आकाश हजुरको नाभि, मुख अग्नि, जल वीर्य हो, दिशाहरू कान, द्युलोक मस्तक, पृथ्वी चरण तथा चन्द्रमा मन हो, सूर्य नेत्र, ऋद्धि उदर, इन्द्र भुजाहरू, ब्रह्मा बुद्धि, प्रजापति विसर्ग तथा धर्म हजुरको हृदय हो। हे नाथ! औषधिहरू हजुरका रौँ हुन्, मेघ हजुरका केश हुन्, तीनवटै गुण हजुरका तीन नेत्र हुन्, हजुर सर्वात्मा पुरुष हुनुहुन्छ। हजुरको मुख ब्राह्मण हो, भुजाहरू क्षत्रिय, जंघा वैश्य र चरण शूद्र भनिएका छन्॥ २४—२७॥

हे महेश्वर! हजुर नै नित्य सबै जीवहरूले उपासना गर्न योग्य हुनुहुन्छ, हजुरको भजन गर्ने मनुष्यले निश्चय नै परम मुक्ति प्राप्त गर्दछन्॥ २८॥

जो मनुष्य आत्माका प्रिय ईश्वर हजुरलाई त्याग्दछ, त्यसले मानौँ अमृतको त्याग गर्दै इन्द्रियहरूका लागि अकल्याणकारी विष नै भक्षण गर्छ॥ २९॥

विष्णु, ब्रह्मा, सबै देवता, निर्मलभावका मुनि हजुर प्रिय ईश्वरको सब प्रकारले शरणागत छन्॥ ३०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सनत्कुमार उवाच

इत्युक्त्वा बलिपुत्रस्तु विरराम शरासुरः।
प्रेमप्रफुल्लिताङ्गश्च प्रणम्य स महेश्वरम्॥ ३१
इति श्रुत्वा स्वभक्तस्य बाणस्य भगवान्भवः।
सर्वं लभिष्यसीत्युक्त्वा तत्रैवान्तरधीयत॥ ३२
ततः शंभोः प्रसादेन महाकालत्वमागतः।
रुद्रस्यानुचरो बाणो महाप्रमुदितोऽभवत्॥ ३३
इति किल शरनाम्ना शंकरस्यापि वृत्तं
सकलगुरुजनानां सद्गुरोः शूलपाणेः।
कथितमिह वरिष्ठं श्रोत्ररम्यैर्वचोभिः
सकलभुवनमध्ये क्रीडमानस्य नित्यम्॥ ३४

सनत्कुमार भन्नुहुन्छ—यस प्रकार भनेर त्यो दैत्य बाणासुरले प्रेमले विह्वल अंग पार्दै शिवलाई प्रणाम गरी मौन धारण गऱ्यो। आफ्नो भक्त बाणासुरको यो वचन सुनेर भगवान् सदाशिव 'तिमीले सबैथोक प्राप्त गर्नेछौ'—भनी त्यहीँ अन्तर्धान हुनुभयो॥ ३१-३२॥ तब शिवको अनुग्रहबाट महाकालत्वलाई प्राप्त गरेको त्यो शिवको अनुचर बाणासुर अत्यन्त प्रसन्न भयो॥ ३३॥

[हे व्यास!] सबै गुरुजनहरूका परम गुरु तथा समस्त पृथ्वीको बिचमा क्रीडा गर्नुहुने शूलपाणि शंकर तथा बाणासुरको यो सुन्दर वृत्तान्त कानहरूलाई प्रिय लाग्ने वचनहरू तपाईंसित वर्णन गरैं॥ ३४॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे बाणासुरगणपत्वपदप्राप्तिवर्णनं नाम षट्पञ्चाशत्तमोऽध्यायः॥ ५६॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा बाणासुरगाणपत्यपदप्राप्तिवर्णन नामक छप्पन्नौँ अध्याय पूर्ण भयो॥ ५६॥

अथ सप्तपञ्चाशत्तमोऽध्यायः

महिषासुरको पुत्र गजासुरको तपस्या तथा ब्रह्माबाट वरप्राप्ति, उन्मत्त गजासुरको अत्याचार, त्यसको काशीमा आगमन, देवताद्वारा भगवान् शिवसित त्यसको वधको प्रार्थना, शिवद्वारा त्यसको वध र त्यसको प्रार्थनाले त्यसको चर्म धारण गरी 'कृत्तिवासा' नामले विख्यात हुनु एवं कृत्तिवासेश्वर लिंगको स्थापना गर्नु

सनत्कुमार उवाच

शृणु व्यास महाप्रेम्णा चरितं शशिमौलिनः।
यथाऽवधीत् त्रिशूलेन दानवेन्द्रं गजासुरम्॥ १
दानवे निहते देव्या समरे महिषासुरे।
देवानां च हितार्थाय पुरा देवाः सुखं ययुः॥ २
तस्य पुत्रो महावीरो मुनीश्वर गजासुरः।
पितुर्वधं हि संस्मृत्य कृतं देव्या सुरार्थनात्॥ ३
स तद्वैरमनुस्मृत्य तपोऽर्थं गतवान् वने।
समुद्दिश्य विधिं प्रीत्या तताप परमं तपः॥ ४
अवध्योऽहं भविष्यामि स्त्रीपुंसैः कामनिर्जितैः।
संविचार्येति मनसाऽभूत्तपोरतमानसः॥ ५
स तेपे हिमवद् द्रोण्यां तपः परमदारुणम्।
ऊर्ध्वबाहुर्नभोदृष्टिः पादांगुष्ठाश्रितावनिः॥ ६
जटाभारैः स वै रेजे प्रलयार्क इवांशुभिः।
महिषासुरपुत्रोऽसौ गजासुर उदारधीः॥ ७

सनत्कुमार भन्नुहुन्छ—हे व्यास! शिवको [त्यस] चरित्रलाई अत्यन्त प्रेमले सुन्नुहोस्, जुन प्रकार महादेवले दानवेन्द्र गजासुरलाई त्रिशूलले मार्नुभयो। पूर्वकालमा देवगणहरूको हितका लागि युद्धमा देवीद्वारा दानव महिषासुरको वध गरिएपछि देवता सुखी भए॥ १-२॥

हे मुनीश्वर! देवताहरूको प्रार्थनाबाट देवीद्वारा गरिएको आफ्नू पिताको वधको स्मरण गरी महावीर गजासुर, त्यस वैरत्वको स्मरण गरी तप गर्नका निम्ति वनमा गयो र ब्रह्मालाई उद्देश्य गरी प्रीतिपूर्वक कठोर तपस्या गर्न लाग्यो॥ ३-४॥

'म कामको वशीभूत स्त्री तथा पुरुषबाट अवध्य होऊँ'—यस प्रकार मनमा विचार गरी त्यो तपमा दत्तचित्त भयो। त्यो हिमालय पर्वतको गुफामा हातहरू उठाएर आकाशमा दृष्टि लगाउँदै गोडाको बुढीऔँलाले पृथ्वीमा टेकेर कठोर तपस्या गर्न लाग्यो॥ ५-६॥

त्यो उदार बुद्धिवाला महिषासुरपुत्र गजासुर जटाहरूका भारको कान्तिले प्रलयको सूर्यसमान प्रकाशित भइरहेको थियो। त्यसको शिरबाट उत्पन्न भएको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तस्य मूर्ध्नः समुद्भूतः सधूमोऽग्निस्तपोमयः।
तिर्यगूर्ध्वमधोलोकांस्तापयन्विष्वगीरितः॥ ८

चुक्षुभुर्नद्युदन्वंतश्चाग्नेर्मूर्द्धसमुद्भवात्।
निपेतुः सग्रहास्तारा जज्वलुश्च दिशो दश॥ ९

तेन तप्ताः सुराः सर्वे दिवं त्यक्त्वा सवासवाः।
ब्रह्मलोकं ययुर्विज्ञापयामासुश्चचाल भूः॥ १०

देवा ऊचुः

विधे गजासुरतपस्तप्ता वयमथाकुलाः।
न शक्नुमो दिवि स्थातुमतस्ते शरणं गताः॥ ११

विधे ह्युपशमं तस्य चान्याञ्जीवयितुं कुथा।
लोका नंक्ष्यत्यन्यथा हि सत्यं सत्यं ब्रुवामहे॥ १२

इति विज्ञापितो देवैर्वासवाद्यैः स आत्मभूः।
भृगुदक्षादिभिर्ब्रह्मा ययौ दैत्यवराश्रमम्॥ १३

तपन्तं तपसा लोकान् यथाऽभ्रापिहितं दिवि।
विलक्ष्य विस्मितः प्राह विहसन्सृष्टिकारकः॥ १४

ब्रह्मोवाच

उत्तिष्ठोत्तिष्ठ दैत्येन्द्र तपः सिद्धोऽसि माहिषे।
प्राप्तोऽहं वरदस्तात वरं वृणु यथेप्सितम्॥ १५

सनत्कुमार उवाच

उत्थायोत्थाय दैत्येन्द्र ईक्षमाणो दृशा विभुम्।
गिरा गद्गदया प्रीतोऽगृणाद्देवं स माहिषिः॥ १६

गजासुर उवाच

नमस्ते देवदेवेश यदि दास्यसि मे वरम्।
अवध्योऽहं भवेयं वै स्त्रीपुंसैः कामनिर्जितैः॥ १७

महाबलो महावीर्योऽजेयो देवादिभिः सदा।
सर्वेषां लोकपालानां निखिलर्द्धिसुभुग्विभो॥ १८

सनत्कुमार उवाच

एवं वृतः शतधृतिर्दानवेन स तेन वै।
प्रादात्तत्तपसा प्रीतो वरं तस्य सुदुर्लभम्॥ १९

एवं लब्धवरो दैत्यो माहिषिश्च गजासुरः।
सुप्रसन्नमनाः सोऽथ स्वधाम प्रत्यपद्यत॥ २०

तपोमय धूमागिन तेर्सो, माथि तथा तलका लोकहरूलाई तप्त पार्दै चारैतिर फैलियो। त्यसको शिरबाट प्रकट भएको अगिनबाट नदी तथा समुद्र सुके, ग्रहहरूसहित तारा खस्न लागे तथा दसै दिशाहरू प्रज्वलित हुन गए॥ ७—९॥ त्यस अगिनबाट तप्त भएका इन्द्रसहित सम्पूर्ण देवता स्वर्गलोक त्यागेर ब्रह्मलोकमा गएर ब्रह्मासित भने कि पृथ्वी चलायमान भइरहेकी छिन्॥ १०॥

देवगण भन्दछन्—हे विधि! गजासुरको तपबाट हामीहरू सन्तप्त तथा व्याकुल छौँ र स्वर्गमा स्थित रहनामा समर्थ छैनौँ, यसैले हजुरको शरणमा आएका छौँ। हे ब्रह्मा! हजुर कृपा गरी अन्यजनहरूलाई जीवित राख्नका लागि त्यस दैत्यलाई शान्त पार्नुहोस्, अन्यथा सबैजना नष्ट हुनेछन्। हामीहरू सत्य-सत्य भनिरहेका छौँ। यस प्रकार इन्द्र आदि देवता तथा भृगु, दक्ष आदिबाट प्रार्थित भएका ब्रह्मा त्यो दैत्येन्द्रको आश्रममा जानुभयो। आकाशमा मेघहरूबाट ढाकिएको सूर्यले समान लोकहरूलाई तप्त पारिरहेको त्यसलाई देखेर विस्मित भई ब्रह्माले हाँस्तै भन्नुभयो—॥ ११-१४॥

ब्रह्मा भन्नुहुन्छ—हे दैत्येन्द्र! हे महिषपुत्र! हे तात! उठ, उठ, तिम्रो तपस्या सिद्ध भयो, म तिमीलाई वर दिनका लागि आएको छु, आफ्नो इच्छा अनुकूल वर माग॥ १५॥

सनत्कुमार भन्नुहुन्छ—त्यस दैत्येन्द्र गजासुरले उठेर आफ्ना नेत्रहरूले विभु ब्रह्मालाई हेर्दै प्रसन्न भएर वर माग्नका लागि गद्गद वाणीले भन्यो—॥ १६॥

गजासुर भन्दछ—हे देवदेवेश! हजुरलाई नमस्कार छ, यदि हजुर मलाई वर दिँदै हुनुहुन्छ भने म कामको वशीभूत स्त्री-पुरुषहरूबाट अवध्य भई जाऊँ। हे विभु! म महाबलवान्, वीर्यवान् तथा देवता आदिबाट सदा अजेय र सम्पूर्ण लोकपालहरूका समस्त सम्पत्तिलाई भोग्नेवाला होऊँ॥ १७-१८॥

सनत्कुमार भन्नुहुन्छ—यस प्रकार त्यस दैत्यले वर मागेपछि त्यसको तपस्याबाट प्रसन्न भएका ब्रह्माले त्यसलाई अति दुर्लभ वरदान दिनुभयो॥ १९॥

यस प्रकार त्यो महिषासुरपुत्र गजासुर वर पाएर अति प्रसन्नचित्त भई आफ्नो स्थानमा गयो॥ २०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स विजित्य दिशः सर्वा लोकांश्च त्रीन्महासुरः।
देवासुरमनुष्येन्द्रान् गंधर्वगरुडोरगान्॥ २१
इत्यादीन्निखिलाञ्जित्वा वशमानीय विश्वजित्।
जहार लोकपालानां स्थानानि सह तेजसा॥ २२
देवोद्यानश्रियाजुष्टमध्यास्ते स्म त्रिविष्टपम्।
महेन्द्रभवनं साक्षान्निर्मितं विश्वकर्मणा॥ २३
तस्मिन्महेन्द्रस्य गृहे महाबलो
महामना निर्जितलोक एकराट्।
रेमेऽभिवंद्यांघ्रियुगः सुरादिभिः
प्रतापितैरूर्जितचंडशासनः ॥ २४
स इत्थं निर्जितककुबेकराड् विषयान्प्रियान्।
यथोपजोषं भुंजानो नातृप्यदजितेन्द्रियः॥ २५
एवमैश्वर्यमत्तस्य दृप्तस्योच्छास्त्रवर्तिनः।
काले व्यतीते महति पापबुद्धिरभूत्ततः॥ २६
महिषासुरपुत्रोऽसौ संचिक्लेश द्विजान्वरान्।
तापसान्नितरां पृथ्व्यां दानवः सुरमर्दनः॥ २७
सुरान्नरांश्च प्रमथान्सर्वाञ्चिक्लेशदुर्मतिः।
धर्मान्वितान्विशेषेण पूर्ववैरमनुस्मरन्॥ २८
एकस्मिन्समये तात दानवोऽसौ महाबलः।
अगच्छद्राजधानीं वै शंकरस्य गजासुरः॥ २९
समागतेऽसुरेन्द्रे हि महान्कलकलो मुने।
त्रात त्रातेति तत्रासीदानंदवनवासिनाम्॥ ३०
महिषाऽसुरपुत्रोऽसौ यदा पुर्यां समागतः।
प्रमथन्प्रमथान्सर्वान्निजवीर्यमदोद्धतः ॥ ३१
तस्मिन्नवसरे देवाः शक्राद्यास्तत्पराजिताः।
शिवस्य शरणं जग्मुर्नत्वा तुष्टुवुरादरात्॥ ३२
न्यवेदयन्दानवस्य तस्य काश्यां समागमम्।
क्लेशाधिक्यं तत्रत्यानां तन्नाथानां विशेषतः॥ ३३

देवा ऊचुः

देवदेव महादेव तव पुर्य्यां गतोऽसुरः।
कष्टं दत्ते त्वज्जनानां तं जहि त्वं कृपानिधे॥ ३४
यत्र यत्र धरायां च चरणं प्रमिणोति हि।
अचलां सचलां तत्र करोति निज भारतः॥ ३५
ऊरुवेगेन तरवः पतन्ति शिखरैः सह।

तदुपरान्त सम्पूर्ण दिशाहरू तथा तीनवटै लोकलाई जितेर एवं देवता, असुर, मनुष्य, इन्द्र, गन्धर्व, गरुड र सर्प आदिलाई पनि जितेर उनीहरूलाई आफ्नो वशमा पार्दै संसारलाई जित्ने त्यस दैत्यले तेजसहित लोकपाल-हरूका स्थानहरूको हरण गऱ्यो। देवोद्यानको शोभाले युक्त साक्षात् विश्वकर्माद्वारा निर्मित गरिएको स्वर्गस्थित महेन्द्रगृहमा त्यो निवास गर्न लाग्यो॥ २१—२३॥

महाबली, महामना तथा लोकहरूलाई जित्नेवाला र कठोर शासनवाला त्यो दैत्य पीडित भएका देवताहरूबाट आफ्ना दुवै चरणमा ढोगाउँदै महेन्द्रको त्यस घरमा विहार गर्न लाग्यो। यस प्रकार जितिएको दिशाहरूका एकमात्र स्वामी अजितेन्द्रिय त्यो दैत्य प्रिय विषयहरूलाई लोलुपताबाट भोग्दै तृप्त भएन॥ २४-२५॥

यस प्रकार ऐश्वर्यबाट उन्मत्त, अहंकारी तथा शास्त्रहरूको उल्लंघन गर्ने त्यस दैत्यको धेरै समय बितेपछि पापबुद्धि उदित भयो। देवगणहरूलाई पीडा दिने त्यो महिषासुरको पुत्रले पृथ्वीमा श्रेष्ठ ब्राह्मण तथा तपस्वीहरूलाई ज्यादै दुःख दिन लाग्यो॥ २६-२७॥

त्यो दुष्टबुद्धि दैत्य पहिलाको वैरभावको स्मरण गर्दै देवताहरू तथा सबै प्रमथहरूलाई र विशेष गरी धर्मात्माहरूलाई अति कष्ट दिन लाग्यो। हे तात! एक समय त्यो महाबली दैत्य गजासुर शिवको राजधानी काशीमा गयो। हे मुनि! त्यस समय दैत्येन्द्रको आगमनमा आनन्दवनमा निवास गर्नेहरूको 'रक्षा गर, रक्षा गर' यस प्रकारको महाशब्द हुन लाग्यो॥ २८—३०॥

जुन समय आफ्नो वीर्य र मदले उन्मत्त भएको महिषासुरको पुत्र सबै प्रमथहरूलाई पीडित पार्दै नगरीमा आयो, त्यसै समय गजासुरबाट पराजित भएका इन्द्रादि सबै देवता शिवको शरणमा गए र आदरपूर्वक प्रणाम गरी उहाँको स्तुति गर्न लागे। उनीहरूले काशीमा त्यस दैत्यको आगमन तथा विशेष गरी त्यहाँ रहने शिव-भक्तहरूको अति दुःख पनि निवेदन गरे॥ ३१—३३॥

देवगण भन्दछन्—हे देवदेव! हे महादेव! हजुरको नगरमा आएको दैत्य गजासुर हजुरका भक्तजनहरूलाई कष्ट दिइरहेको छ, अतः हे कृपानिधि! हजुर त्यसको वध गर्नुहोस्॥ ३४॥ त्यसले भूमिमा जहाँ-जहाँ चरण राख्छ, त्यहाँ त्यसको भारले अचल पृथ्वी पनि चलायमान हुन जान्छिन्। त्यसका तिघ्राका वेगले डालीहरूसहित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यस्य दोर्दंडघातेन चूर्णाः स्युश्च शिलोच्चयाः ॥ ३६
यस्य मौलिजसंघर्षाद् घना व्योम त्यजन्त्यपि।
नीलिमानं न चाद्यापि जह्युस्तत्केशसंगजम् ॥ ३७
यस्य निश्वाससंभारैरुत्तरंगा महाब्धयः।
नद्योऽप्यमन्दकल्लोला भवंति तिमिभिः सह ॥ ३८
योजनानां सहस्राणि नव यस्य समुच्छ्रयः।
तावानेव हि विस्तारः तनोर्मायाविनोऽस्य हि ॥ ३९
यन्नेत्रयोः पिंगलिमा तथा तरलिमा पुनः।
विद्युताः नोह्यतेऽद्यापि सोऽयं स्माऽऽयाति सत्वरम् ॥ ४०

यां यां दिशं समभ्येति सोऽयं दुःसहदानवः।
अवध्योऽहं भवामीति स्त्रीपुंसैः कामनिर्जितैः ॥ ४१

इत्येवं चेष्टितं तस्य दानवस्य निवेदितम्।
रक्षस्व भक्तान्देवेश काशीरक्षणतत्पर ॥ ४२

सनत्कुमार उवाच

इति संप्रार्थितो देवैर्भक्तरक्षणतत्परः।
तत्राऽऽजगाम सोरं तद्वधकामनया हरः ॥ ४३
आगतं तं समालोक्य शंकरं भक्तवत्सलम्।
त्रिशूलहस्तं गर्जन्तं जगर्ज स गजासुरः ॥ ४४
ततस्तयोर्महानासीत्समरो दारुणोऽद्भुतः।
नानास्त्रशस्त्रसंपातैर्वीरारावं प्रकुर्वतोः ॥ ४५
गजासुरोऽतितेजस्वी महाबलपराक्रमः।
विव्याध गिरिशं बाणैस्तीक्ष्णैर्दानवघातिनम् ॥ ४६
अथ रुद्रो रौद्रतनुः स्वशरैरतिदारुणैः।
तच्छरांश्चिच्छिदे तूर्णमप्राप्तांस्तिलशो मुने ॥ ४७

ततो गजासुरः क्रुद्धोऽभ्यधावत्तं महेश्वरम्।
खड्गहस्तः प्रगर्ज्योच्चैर्हतोऽसीत्यद्य वै मया ॥ ४८
ततस्त्रिशूलहेतिस्तमायान्तं दैत्यपुंगवम्।
विज्ञायावध्यमन्येन शूलेनाभिजघान तम् ॥ ४९
प्रोतस्तेन त्रिशूलेन स च दैत्यो गजासुरः।
छत्रीकृतमिवात्मानं मन्यमानो जगौ हरम् ॥ ५०

वृक्ष ढल्न थाल्छन्। त्यसका हातहरूका ठक्करले शिखरहरूसहित पर्वत धुलो हुन जान्छ, त्यसको मुकुटको घर्षणबाट मेघ आकाशको त्याग गर्छन् र त्यसको कपालहरूको सम्पर्कबाट उत्पन्न भएका नीलोपनलाई ती अहिलेसम्म पनि छोड्दैनन्। जसको निःश्वासको भारबाट अग्ला तरंगहरू भएका महासागर तथा नदीहरू पनि जलजन्तुहरूसहित ठुलो कोलाहल गर्छन्, जसको शरीरको उचाई त्यसको मायाभन्दा नौ हजार योजन हुन जान्छ तथा मायावी त्यस दैत्यको विस्तार (चौडाईको घेरा) पनि त्यति नै हुन जान्छ, जसका नेत्रहरूका पहेँलोपन र चांचल्यलाई बिजुली आज पनि धारण गर्न सक्तैनन्, त्यो अत्यन्त वेगले यहाँ आएको छ ॥ ३५—४० ॥

त्यो असह्य दैत्य जुन-जुन दिशामा जान्छ, 'कामबाट जितिएका स्त्री-पुरुषहरूबाट म अवध्य हुँ', यस प्रकार त्यहाँ भन्दछ। काशीको रक्षामा तत्पर रहनुहुने हे देवेश! यस प्रकार हामीहरूले त्यस दैत्यको चेष्टा हजुरसित निवेदन गर्‍यौँ, हजुर भक्तहरूको रक्षा गर्नुहोस् ॥ ४१-४२ ॥

सनत्कुमार भन्नुहुन्छ—देवताहरूद्वारा यस प्रकार प्रार्थना गरिएपछि भक्तहरूको रक्षामा तत्पर ती शिव त्यसको वधको कामनाले तत्काल त्यहाँ आउनुभयो ॥ ४३ ॥

हातमा त्रिशूल धारण गरेका ती भक्तवत्सल शिवलाई गर्जदैँ आउनुभएको देखेर गजासुर गर्जन लाग्यो। तब वीरगर्जना गर्दै गरेका ती दुवैमा अनेक अस्त्र तथा शस्त्रहरूको प्रहारबाट दारुण तथा अद्भुत युद्ध भयो ॥ ४४-४५ ॥ अति तेजस्वी तथा महाबली गजासुरले दैत्यहरूको विनाश गर्नुहुने शिवमाथि बाणहरूले तीव्र प्रहार गर्‍यो ॥ ४६ ॥ हे मुनि! त्यस समय भयंकर शरीर भएका शिवले आफ्नू अति दारुण बाणहरूले आफ्नो समीपमा नपुग्दै त्यसका बाणहरूलाई तत्काल खण्ड-खण्ड पारिदिनुभयो ॥ ४७ ॥ तब हातमा खड्ग लिएर 'अब तँ मद्वारा मरिस्'—यसरी ठुलो स्वरले गर्जना गरी क्रोधित भएर गजासुर शिवतिर दौडियो। तब त्रिशूलधारी भगवान् शिवले त्यस दैत्य श्रेष्ठलाई आउँदै गरेको देखेर तथा अरूद्वारा अवध्य जानेर त्रिशूलले प्रहार गर्नुभयो। त्रिशूलबाट विद्ध भएको त्यो गजासुर दैत्य आफूलाई शिवको छातास्वरूप मान्दै शिवको स्तुति गर्न लाग्यो ॥ ४८—५० ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गजासुर उवाच

देवदेव महादेव तव भक्तोऽस्मि सर्वथा।
जाने त्वां त्रिदिवेशानं त्रिशूलिन्स्मरहारिणम्॥ ५१
तव हस्ते मम वधो महाश्रेयस्करो मतः।
अंधकारे महेशान त्रिपुरांतक सर्वग॥ ५२
किंचिद्विज्ञप्तुमिच्छामि तच्छृणुष्व कृपाकर।
सत्यं ब्रवीमि नासत्यं मृत्युंजय विचारय॥ ५३
त्वमेको जगतां वंद्यो विश्वस्योपरि संस्थितः।
कालेन सर्वैर्मर्तव्यं श्रेयसे मृत्युरीदृशः॥ ५४

सनत्कुमार उवाच

इत्याकर्ण्य वचस्तस्य शंकरः करुणानिधिः।
प्रहस्य प्रत्युवाचेशो माहिषेयं गजासुरम्॥ ५५

ईश्वर उवाच

महापराक्रमनिधे दानवोत्तम सन्मते।
गजासुर प्रसन्नोऽस्मि स्वानुकूलं वरं वृणु॥ ५६

सनत्कुमार उवाच

इत्याकर्ण्य महेशस्य वचनं वरदस्य हि।
प्रत्युवाच प्रसन्नात्मा दानवेन्द्रो गजासुरः॥ ५७

गजासुर उवाच

यदि प्रसन्नो दिग्वासस्तदा नित्यं वसान मे।
इमां कृत्तिं महेशान त्वत्त्रिशूलाग्निपाविताम्॥ ५८
स्वप्रमाणां सुखस्पर्शां रणांगणपणीकृताम्।
दर्शनीयां महादिव्यां सर्वदैव सुखावहाम्॥ ५९
इष्टगंधिः सदैवास्तु सदैवास्त्वतिकोमला।
सदैव निर्मला चास्तु सदैवास्त्वतिमंडना॥ ६०
महातपोनलज्वालां प्राप्यापि सुचिरं विभो।
न दग्धा कृत्तिरेषा मे पुण्यगंधनिधेस्ततः॥ ६१
यदि पुण्यवती नैषा मम कृत्तिर्दिगंबर।
तदा त्वदंगसंगोस्याः कथं जातो रणांगणे॥ ६२
अन्यं च मे वरं देहि यदि तुष्टोऽसि शंकर।
नामास्तु कृत्तिवासास्ते प्रारभ्याद्यतनं दिनम्॥ ६३

सनत्कुमार उवाच

श्रुत्वेति स वचस्तस्य शंकरो भक्तवत्सलः।
तथेत्युवाच सुप्रीतो महिषासुरजं च तम्॥ ६४
पुनः प्रोवाच प्रीतात्मा दानवं तं गजासुरम्।
भक्तप्रियो महेशानो भक्तिनिर्मलमानसम्॥ ६५

गजासुर भन्दछ—हे देवदेव! हे महादेव! म सब प्रकारले हजुरको भक्त हुँ। हे त्रिशूली! म कामदेवको नाश गर्नुहुने हजुर देवेशलाई जान्दछु॥ ५१॥

हे अन्धकारे! हे महेशान! हे त्रिपुरान्तक! हे सर्वग! हजुरको हातबाट मेरो वध परम कल्याणकारी भयो॥ ५२॥

हे कृपालु! हे मृत्युंजय! म केही निवेदन गर्न चाहन्छु, त्यसलाई सुन्नुहोस्, सत्य नै भन्दै छु, असत्य भन्दिन, हजुर विचार गर्नुहोस्। हजुर संसारका एकमात्र वन्दनीय हुनुहुन्छ तथा संसारमाथि स्थित हुनुहुन्छ। समयले सबैलाई मर्नु पर्छ, तर यस्तो मृत्यु कल्याणका निमित्त हुन्छ॥ ५३-५४॥

सनत्कुमार भन्नुहुन्छ—त्यसको यो वचन सुनेर दयानिधि शिवले हाँसेर महिषासुरको पुत्र गजासुरसित भन्नुभयो—॥ ५५॥

ईश्वर भन्नुहुन्छ—हे महापराक्रमनिधि! हे दानवोत्तम! हे श्रेष्ठ मतिवाला! हे गजासुर! म प्रसन्न छु, आफ्नू अनुकूल वर माग॥ ५६॥

सनत्कुमार भन्नुहुन्छ—वरदायक शिवका यी वचन सुनेर दानवेन्द्र गजासुरले प्रसन्नचित्त भएर भन्यो—॥ ५७॥

गजासुर भन्दछ—हे महेशान! हे दिगम्बर! यदि हजुर प्रसन्न हुनुहुन्छ भने हजुरको त्रिशूलको अग्निबाट पवित्र भएको मेरो यो देहचर्मलाई नित्य धारण गर्नुहोस्। आफ्नू प्रमाण, कोमल स्पर्श भएको, युद्धक्षेत्रमा समर्पित गरिएको, दर्शनयोग्य, महादिव्य, निरन्तर सुखदायक मेरो चर्मलाई धारण गर्नुहोस्। यो चर्म सदा सुगन्धयुक्त, कोमल, निर्मल तथा अति शोभायमान होस्॥ ५८—६०॥

हे विभु! प्रचण्ड गर्मी तथा अग्निका ज्वालामा धेरै समयसम्म परेमा पनि पवित्र सुगन्धनिधिको कारण मेरो यो देहचर्म भस्म नहोस्॥ ६१॥ हे दिगम्बर! यदि मेरो यो चर्म पुण्यमय थिएन भने युद्धस्थलमा हजुरका अंगसित यसको स्पर्श कसरी हुन्थ्यो। हे शिव! यदि हजुर प्रसन्न हुनुहुन्छ भने मलाई दोस्रो वर यो दिनुहोस् कि आजबाट हजुरको नाम कृत्तिवासा होस्॥ ६२-६३॥

सनत्कुमार भन्नुहुन्छ—त्यसको यो वचन सुनेर भक्तप्रिय भक्तवत्सल महेशान शिव प्रसन्न भएर भक्तिबाट निर्मल मन भएको त्यस गजासुर नामक दानवसित पुनः भन्न लाग्नुभयो—॥ ६४-६५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ईश्वर उवाच

इदं पुण्यं शरीरं ते क्षेत्रेऽस्मिन्मुक्तिसाधने।
मम लिंगं भवत्वत्र सर्वेषां मुक्तिदायकम्॥ ६६
कृत्तिवासेश्वरं नाम महापातकनाशनम्।
सर्वेषामेव लिंगानां शिरोभूतं विमुक्तिदम्॥ ६७
कथयित्वेति देवेशस्तत्कृत्तिं परिगृह्य च।
गजासुरस्य महतीं प्रावृणोद्धि दिगंबरः॥ ६८

ईश्वर भन्नुहुन्छ—मुक्तिको साधन यस क्षेत्रमा तिम्रो यो पवित्र शरीर सबैका लागि मुक्तिदायक मेरो लिंग हुनेछ। यो महापापहरूको नाश गर्ने, समस्त श्रेष्ठ लिंगहरूमा प्रधान एवं मुक्तिदाता कृत्तिवासेश्वर नामक लिंग हुनेछ॥ ६६-६७॥

यस प्रकार भनेर ती दिगम्बर देवेशले गजासुरको त्यो विस्तृत चर्मलाई लिएर त्यसलाई धारण गर्नुभयो॥ ६८॥

महामहोत्सवो जातस्तस्मिन्नह्नि मुनीश्वर।
हर्षमापुर्जनाः सर्वे काशीस्थाः प्रमथास्तथा॥ ६९
हरिब्रह्मादयो देवा हर्षनिर्भरमानसाः।
तुष्टुवुस्तं महेशानं नत्वा सांजलयस्ततः॥ ७०
हते तस्मिन्दानवेशे माहिषे हि गजासुरे।
स्वस्थानं भेजिरे देवा जगत्स्वास्थ्यमवाप च॥ ७१

हे मुनीश्वर! त्यस दिन धेरै ठुलो महोत्सव भयो, काशीनिवासी सबैजना तथा प्रमथगण प्रसन्न भए। त्यस समय हर्षपूर्ण मन भएका विष्णु, ब्रह्मा आदि देवताहरूले हात जोडेर शिवलाई नमस्कार गरी उहाँको स्तुति गरे। दानवहरूका स्वामी महिषासुरपुत्र गजासुर मारिएपछि देवगणहरूले आफ्नो स्थानलाई प्राप्त गरे र संसार सुखी भयो॥ ६९—७१॥

इत्युक्तं चरितं शंभोर्भक्तवात्सल्यसूचकम्।
स्वर्ग्यं यशस्यमायुष्यं धनधान्यप्रवर्द्धनम्॥ ७२
य इदं शृणुयात्प्रीत्या श्रावयेद्वा शुचिव्रतः।
स भुक्त्वा च महासौख्यं लभेतान्ते परं सुखम्॥ ७३

यस प्रकार भक्तहरूप्रति दयासूचक, स्वर्ग-कीर्ति एवं आयुदायक र धनधान्यलाई बढाउने शिवचरित्रको वर्णन गरिदिएँ। उत्तम व्रत भएका जो मनुष्य यसलाई प्रीतिपूर्वक सुन्छ अथवा सुनाउँछ, त्यसले महान् सुख पाएर अन्तमा मोक्ष प्राप्त गर्दछ॥ ७२-७३॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे गजासुरवधो नाम सप्तपञ्चाशत्तमोऽध्यायः॥ ५७॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा गजासुरवधवर्णन नामक सत्ताउन्नौँ अध्याय पूर्ण भयो॥ ५७॥

अथाष्टपञ्चाशत्तमोऽध्यायः

काशीको व्याघ्रेश्वर लिंग-माहात्म्यको सन्दर्भमा दैत्य दुन्दुभिनिर्ह्राद वधको कथा

सनत्कुमार उवाच

शृणु व्यास प्रवक्ष्यामि चरितं शशिमौलिनः।
यथा दुंदुभिनिर्ह्रादमवधीद्दितिजं हरः॥ १
हिरण्याक्षे हते दैत्ये दितिपुत्रे महाबले।
विष्णुदेवेन कालेन प्राप दुःखं महद्दितिः॥ २
दैत्यो दुंदुभिनिर्ह्रादो दुष्टः प्रह्लादमातुलः।
सांत्वयामास तां वाग्भिर्दुःखितां देवदुःखदः॥ ३
अथ दैत्यः स मायावी दितिमाश्वास्य दैत्यराट्।
देवाः कथं सुजेयाः स्युरित्युपायमचिन्तयत्॥ ४

सनत्कुमार भन्नुहुन्छ—हे व्यास! सुन्नुहोस्, म शिवको चरित्र भन्दछु, जुन प्रकार महादेवले दुन्दुभिनिर्ह्राद नामक दैत्यलाई मार्नुभयो। समय पाएर विष्णुदेवद्वारा दितिका पुत्र महाबली दैत्य हिरण्याक्ष मारिएपछि दिति अत्यन्त दुःखी भइन्। तब प्रह्लादका मामा दुन्दुभिनिर्ह्राद नामक देवदुःखदायी दुष्ट दैत्यले ती दुःखी दितिलाई आश्वासनयोग्य वाक्यहरूबाट ढाडस दियो। यसपछि त्यो मायावी दैत्यराज दितिलाई आश्वासन दिएर 'देवताहरूलाई कुन उपाएले जितौँ' यस्तो उपाय सोच्न लाग्यो॥ १—४॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देवैश्च घातितो वीरो हिरण्याक्षो महासुरः।
विष्णुना च सह भ्रात्रा सच्छलैर्दैत्यवैरिभिः॥ ५

किं बलाश्च किमाहारा किमाधारा हि निर्जराः।
मया कथं सुजेयाः स्युरित्युपायमचिंतयत्॥ ६

विचार्य बहुशो दैत्यस्तत्त्वं विज्ञाय निश्चितम्।
अवश्यमग्रजन्मानो हेतवोऽत्र विचारतः॥ ७

ब्राह्मणान्हन्तुमसकृदन्वधावत वै ततः।
दैत्यो दुन्दुभिनिर्ह्रादो देववैरी महाखलः॥ ८

यतः क्रतुभुजो देवाः क्रतवो वेदसंभवाः।
ते वेदा ब्राह्मणाधारास्ततो देवबलं द्विजाः॥ ९

निश्चितं ब्राह्मणाधाराः सर्वे वेदाः सवासवाः।
गीर्वाणा ब्राह्मणबला नात्र कार्या विचारणा॥ १०

ब्राह्मणा यदि नष्टाः स्युर्वेदा नष्टास्ततः स्वयम्।
अतस्तेषु प्रणष्टेषु विनष्टाः सततं सुराः॥ ११
यज्ञेषु नाशं गच्छत्सु हताहारास्ततः सुराः।
निर्बलाः सुखजय्याः स्युर्निर्जितेषु सुरेष्वथ॥ १२
अहमेव भविष्यामि मान्यस्त्रिजगतीपतिः।
आहरिष्यामि देवानामक्षयाः सर्वसंपदः॥ १३
निर्वेक्ष्यामि सुखान्येव राज्ये निहतकंटके।
इति निश्चित्य दुर्बुद्धिः पुनर्श्चिचतितवान्खलः॥ १४
द्विजाः क्व सन्ति भूयांसो ब्रह्मतेजोऽतिबृंहिता।
श्रुत्यध्ययनसंपन्नास्तपोबलसमन्विताः॥ १५
भूयसां ब्राह्मणानां तु स्थानं वाराणसी खलु।
तामादावुपसंहृत्य यायां तीर्थान्तरं ततः॥ १६
यत्र यत्र हि तीर्थेषु यत्र यत्राश्रमेषु च।
संति सर्वेऽग्रजन्मानस्ते मयाद्याः समन्ततः॥ १७

इति दुंदुभिनिर्ह्रादो मतिं कृत्वा कुलोचिताम्।
प्राप्यापि काशीं दुर्वृत्तो मायावी न्यवधीद् द्विजान्॥ १८

समित्कुशान्समादातुं यत्र यान्ति द्विजोत्तमाः।
अरण्ये तत्र तान्सर्वान्स भक्षयति दुर्मतिः॥ १९

दैत्यहरूका शत्रु देवताहरूले विष्णुद्वारा कपटपूर्वक दाजुसहित महान् असुर वीर हिरण्याक्षलाई पनि मारे॥ ५॥

देवताहरूको बल के हो, उनीहरूको आहार के हो, आधार के हो र ती मद्वारा कसरी पराजित गर्न सकिन्छ—त्यो यस्तो उपाय सोच्न लाग्यो। यस प्रकार अनेक पटक विचार गरी निश्चित तत्त्वलाई जानेर त्यस दैत्यले निष्कर्ष निकाल्यो कि यस विषयमा मेरो विचारले ब्राह्मण नै कारण हुन्। तब देवताहरूका शत्रु महादुष्ट दैत्य दुन्दुभिनिर्ह्राद बारम्बार ब्राह्मणहरूलाई प्रहार गर्नका लागि दौडियो॥ ६—८॥

देवता यज्ञका भोक्ता हुन्, यज्ञ वेदहरूबाट उत्पन्न हुन्छ, ती वेद ब्राह्मणहरूको आधारमा छन्, अतः ब्राह्मण नै देवताहरूका बल हुन्। सम्पूर्ण वेद तथा इन्द्रादि देवता ब्राह्मणहरूमा आधारित र ब्राह्मणहरूका बल हुन्, यो निश्चय हो, यसमा केही विचार गर्नु पर्दैन। यदि ब्राह्मण नष्ट भए भने त वेद स्वयं नष्ट हुनेछ, अतः ती वेदहरू नष्ट भएपछि देवता स्वयं पनि नष्ट हुनेछन्॥ ९—११॥

यज्ञहरूको नाश भएपछि देवता भोजनबाट रहित भएर निर्बल हुन जानाले सजिलै जित्न सकिने छ र यसपछि देवताहरू पराजित भएपछि म नै तीनवटै लोकमा माननीय हुने छु, देवताहरूको अक्षय सम्पत्ति हरण गर्ने छु र निष्कण्टक राज्यमा सुख भोग्ने छु—यस प्रकार निश्चय गरी त्यो दुर्बुद्धि निच फेरि विचार गर्न लाग्यो कि ब्रह्मतेजबाट युक्त, वेदहरूको अध्ययन गर्ने र तप तथा बलले पूर्ण धेरै ब्राह्मण कहाँ छन्, धेरैजसो ब्राह्मणहरूको स्थान निश्चय नै काशीपुरी हो, सर्वप्रथम त्यस नगरीलाई नै जितेर फेरि अरू तीर्थहरूमा जाने छु। जुन-जुन तीर्थहरूमा तथा जुन-जुन आश्रमहरूमा जो ब्राह्मण छन्, ती सबैको भक्षण गर्ने छु॥ १२—१७॥

यस्तो आफ्नो कुलको योग्य विचार गरी त्यो दुराचारी तथा मायावी दुन्दुभिनिर्ह्राद काशीमा आएर ब्राह्मणहरूलाई मार्न लाग्यो। समिधा तथा कुशहरू ल्याउनका लागि ब्राह्मणहरू जुन वनमा जान्थे, त्यहीँ त्यो दुष्टात्मा ती सबैको भक्षण गर्दथ्यो। जस प्रकार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यथा कोऽपि न वेत्त्येवं तथाऽऽच्छन्नोऽभवत्पुनः।
वने वनेचरो भूत्वा यादोरूपो जलाशये॥ २०

अदृश्यरूपी मायावी देवानामप्यगोचरः।
दिवा ध्यानपरस्तिष्ठेन्मुनिवन्मुनिमध्यगः॥ २१

प्रवेशमुटजानां च निर्गमं हि विलोकयन्।
यामिन्यां व्याघ्ररूपेणाभक्षयद् ब्राह्मणान् बहून्॥ २२

निःशङ्कं भक्षयत्येवं न त्यजत्यपि कीकशम्।
इत्थं निपातितास्तेन विप्रा दुष्टेन भूरिशः॥ २३

एकदा शिवरात्रौ तु भक्तस्त्वेको निजोटजे।
सपर्यां देवदेवस्य कृत्वा ध्यानस्थितोऽभवत्॥ २४

स च दुंदुभिनिर्ह्रादो दैत्येन्द्रो बलदर्पितः।
व्याघ्ररूपं समास्थाय तमादातुं मतिं दधे॥ २५

तं भक्तं ध्यानमापन्नं दृढचित्तं शिवेक्षणे।
कृतास्त्रमन्त्रविन्यासं तं क्रांतुमशकन्न सः॥ २६

अथ सर्वगतः शम्भुर्ज्ञात्वा तस्याशयं हरः।
दैत्यस्य दुष्टरूपस्य वधाय विदधे धियम्॥ २७

यावदादित्सति व्याघ्रस्तावदाविरभूद्धरः।
जगद्रक्षामणिस्त्र्यक्षो भक्तरक्षणदक्षधीः॥ २८

रुद्रमायान्तमालोक्य तद्भक्तार्चितलिंगतः।
दैत्यस्तेनैव रूपेण ववृधे भूधरोपमः॥ २९

सावज्ञमथ सर्वज्ञं यावत्पश्यति दानवः।
तावदायान्तमादाय कक्षायंत्रे न्यपीडयत्॥ ३०

पंचास्यस्त्वथ पंचास्यं मुष्ट्या मूर्द्धन्यताडयत्।
भक्तवत्सलनामासौ वज्रादपि कठोरया॥ ३१

स तेन मुष्टिघातेन कक्षानिष्पेषणेन च।
अत्यार्तमारटद्व्याघ्रो रोदसीं पूरयन्मृतः॥ ३२

तेन नादेन महता संप्रवेपितमानसाः।

त्यसलाई कसैले थाहा पाएनन्, यस प्रकार त्यो वनमा वनेचर भएर तथा जलाशयमा जल–जन्तुरूप भएर लुकेर बस्दथ्यो। यसै प्रकार अदृश्य रूपवाला त्यो मायावी देवगणहरूबाट पनि अगोचर भएर दिनमा मुनिहरूको बिचमा मुनि बनेर ध्यानमा तत्पर रहन्थ्यो। पर्णशालाहरूमा प्रवेश तथा निर्गमलाई हेरेर त्यो दैत्य रात्रिमा बाघरूपबाट धेरैजसो ब्राह्मणहरूको भक्षण गर्दथ्यो। त्यो निःशंक भएर यस्तो भक्षण गर्दथ्यो कि हड्डीसम्म छोड्दैनथ्यो। यस प्रकार त्यस दुष्टले धेरैजसो ब्राह्मणहरूलाई मारिदियो॥ १८—२३॥

एक समय शिवरात्रिमा एउटा शिवभक्त आफ्नू कुटीमा देवताहरूका देव शिवको पूजा गरी ध्यानमा लीन भयो॥ २४॥

तब त्यस दैत्येन्द्र दुन्दुभिनिर्ह्रादले बलले दर्पित भएर बाघको रूप धारण गरी त्यसलाई भक्षण गर्ने इच्छा गर्‍यो। तब ध्यान गर्दै शिवको अवलोकनमा दृढचित्त भएर अस्त्रमन्त्रहरूको विन्यास गर्ने त्यस भक्तलाई भक्षण गर्नमा त्यो समर्थ भएन॥ २५–२६॥

सर्वव्यापी शिवले त्यसको आशयलाई जानेर त्यस दुष्टरूप दैत्यको वध गर्ने इच्छा गर्नुभयो। जब त्यसले बाघ–रूपबाट भक्त ब्राह्मणलाई ग्रहण गर्न चाह्यो, तब संसारका रक्षारूपमणि, तीन नेत्र भएका तथा भक्तहरूको रक्षा गर्नमा प्रवीण बुद्धिमान् शिव प्रकट हुनुभयो। भक्तद्वारा पूजित त्यस लिंगबाट प्रकट हुनुभएका शिवलाई देखेर त्यो दैत्य फेरि त्यसै रूपबाट पर्वतसमान भयो॥ २७—२९॥

जब त्यसले सर्वज्ञ शिवलाई अवज्ञासहित आएको देख्यो, तब त्यो [बाघरूपी] दुष्ट दैत्य उहाँतिर झम्टियो। त्यति नै बेला त्यसलाई समातेर भगवान्ले आफ्नू काखमा अठ्याउनुभयो तथा भक्तवत्सल शिवले वज्रभन्दा पनि अति कठोर मुड्कीले त्यो बाघको शिरमा प्रहार गर्नुभयो॥ ३०–३१॥

त्यस मुड्कीको आघातबाट तथा काखमा थिचिनाले दुखी भएको त्यो बाघ अतिनादले आकाश तथा पृथ्वीलाई गुञ्जायमान बनाउँदै मर्‍यो। त्यसको रोदनको महान् नादबाट व्याकुलचित्त भएका तपस्वी जन त्यसको आवाज पछ्याउँदै रात्रिमा त्यहाँ पुगे।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तपोधनाः समाजग्मुर्निशि शब्दानुसारतः ॥ ३३
तत्रेश्वरं समालोक्य कक्षीकृतमृगेश्वरम् ।
तुष्टुवुः प्रणताः सर्वे शर्वं जयजयाक्षरैः ॥ ३४

त्यहाँ मृगेश्वर सिंहलाई काँखमा थिच्नुहुने शिवलाई देखेर ती सबै नम्र भई जय-जयकार गरी उहाँको स्तुति गर्न लागे— ॥ ३२—३४ ॥

ब्राह्मणा ऊचुः

त्रायतां त्रायतां देव प्रत्यूहाद्दारुणादितः ।
अनुग्रहं कुरुष्वेश तिष्ठात्रैव जगद्गुरो ॥ ३५
अनेनैव स्वरूपेण व्याघ्रेश इति नामतः ।
कुरु रक्षां महादेव ज्येष्ठस्थानस्य सर्वदा ॥ ३६
अन्येभ्यो ह्युपसर्गेभ्यो रक्ष नस्तीर्थवासिनः ।
दुष्टानपास्य गौरीश भक्तेभ्यो देहि चाभयम् ॥ ३७

ब्राह्मण भन्दछन्—हे जगद्गुरु! हे ईश्वर! कठिन उपद्रवबाट रक्षा गर्नुहोस्, रक्षा गर्नुहोस् र दया गरी यस स्थानमा स्थित रहनुहोस्। हे महादेव! हजुर यसै स्वरूपबाट व्याघ्रेश नामले यस ज्येष्ठ नामक स्थानको रक्षा गर्नुहोस्। हे गौरीश! दुष्टहरूको नाश गरी हामी तीर्थवासीहरूको अनेक प्रकारका उपद्रव-हरूबाट रक्षा गर्नुहोस् र भक्तहरूलाई अभयदान दिनुहोस्॥ ३५—३७ ॥

सनत्कुमार उवाच

इत्याकर्ण्य वचस्तेषां भक्तानां चन्द्रशेखरः ।
तथेत्युक्त्वा पुनः प्राह स भक्तान्भक्तवत्सलः ॥ ३८

सनत्कुमार भन्नुहुन्छ—यस प्रकार आफ्ना ती भक्तहरूको वचन सुनेर भक्तवत्सल शिवले 'तथास्तु' भनेर भक्तहरूसित पुनः भन्नुभयो— ॥ ३८ ॥

महेश्वर उवाच

यो मामनेन रूपेण द्रक्ष्यति श्रद्धयात्र वै ।
तस्योपसर्गसंधानं पातयिष्याम्यसंशयम् ॥ ३९
मच्चरित्रमिदं श्रुत्वा स्मृत्वा लिंगमिदं हृदि ।
संग्रामे प्रविशन्मर्त्यो जयमाप्नोत्यसंशयम् ॥ ४०

एतस्मिन्नन्तरे देवाः समाजग्मुः सवासवाः ।
जयेति शब्दं कुर्वन्तो महोत्सवपुरःसरम् ॥ ४१
प्रणम्य शंकरं प्रेम्णा सर्वे सांजलयः सुराः ।
नतस्कंधाः सुवाग्भिस्ते तुष्टुवुर्भक्तवत्सलम् ॥ ४२

महेश्वर भन्नुहुन्छ—जो मनुष्य श्रद्धाले मलाई यस रूपमा यहाँ दर्शन गर्ने छ, त्यसको दुःखलाई म अवश्य नाश गर्ने छु॥ ३९ ॥

मेरो यस चरित्रलाई सुनेर तथा मेरो यस लिंगलाई आफ्नू हृदयमा स्मरण गरी युद्धमा प्रवेश गर्ने मनुष्य निःसन्देह विजयी हुनेछ। त्यसै अवसरमा इन्द्रादि समस्त देवता उत्सवपूर्वक जय-जयकार गर्दै त्यहाँ पुगे॥ ४०-४१ ॥

देवताहरूले अंजलि बाँधेर काँध झुकाएर प्रेमपूर्वक शिवलाई प्रणाम गरी मधुर वाणीमा भक्तवत्सल महादेवको स्तुति गरे॥ ४२ ॥

देवा ऊचुः

जय शंकर देवेश प्रणतार्तिहर प्रभो ।
एतद्दुन्दुभिनिर्ह्रादवधात् त्राता वयं सुराः ॥ ४३
सदा रक्षा प्रकर्तव्या भक्तानां भक्तवत्सल ।
वध्याः खलाश्च देवेश त्वया सर्वेश्वर प्रभो ॥ ४४

देवगण भन्दछन्—हे देवताहरूका स्वामी! हे प्रभु! हे प्रणतहरूका दुःख हर्ता! हजुरले यस दुन्दुभिनिर्ह्रादको वधबाट हामी सबै देवगणहरूको रक्षा गर्नुभयो। हे भक्तवत्सल! हे देवेश! हे सर्वेश्वर! हे प्रभु! हजुरले सदा भक्तहरूको रक्षा गर्नुपर्ने छ तथा दुष्टहरूको वध गर्नुपर्ने छ॥ ४३-४४ ॥

इत्याकर्ण्य वचस्तेषां सुराणां परमेश्वरः ।
तथेत्युक्त्वा प्रसन्नात्मा तस्मिँल्लिगे लयं ययौ ॥ ४५

सविस्मयास्ततो देवाः स्वं स्वं धाम ययुर्मुदा ।
तेऽपि विप्रा महाहर्षात्पुनर्याता यथागतम् ॥ ४६

ती देवताहरूको यो वचन सुनेर परमेश्वरले 'यस्तै हुनेछ'—यो भनेर प्रसन्न भई त्यस लिंगमा प्रवेश गर्नुभयो। तब विस्मित भएका देवता आ-आफ्नू धाममा गए तथा ब्राह्मण पनि अत्यन्त हर्षका साथ यथेष्ट स्थानमा गए॥ ४५-४६ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इदं चरित्रं परमं व्याघ्रेश्वरसमुद्भवम्।
शृणुयाच्छ्रावयेद्वापि पठेद्वा पाठयेत्तथा॥ ४७

सर्वान्कामानवाप्नोति नरः स्वमनसेप्सितान्।
परत्र लभते मोक्षं सर्वदुःखविवर्जितः॥ ४८

जो मनुष्य व्याघ्रेश्वर-सम्बन्धी यस चरित्रलाई सुन्छ अथवा सुनाउँछ, पढ्छ अथवा पढाउँछ; त्यसले सम्पूर्ण मनोवांछित कामनाहरूलाई प्राप्त गर्दछ तथा सबै दुःखबाट रहित हुँदै मोक्ष प्राप्त गर्दछ॥ ४७-४८॥

इदमाख्यानमतुलं शिवलीलामृताक्षरम्।
स्वर्ग्यं यशस्यमायुष्यं पुत्रपौत्रप्रवर्द्धनम्॥ ४९

परं भक्तिप्रदं धन्यं शिवप्रीतिकरं शिवम्।
परमज्ञानदं रम्यं विकारहरणं परम्॥ ५०

यो अनुपम शिवलीलाको अमृताक्षर इतिहास स्वर्गदायक, कीर्तिलाई बढाउने, पुत्र-पौत्र बढाउने, अतिशय भक्ति प्रदान गर्ने, धन्य, शिवको प्रीतिलाई बढाउने, कल्याणकारी, मनोहर, परम ज्ञान प्रदान गर्ने र अनेक प्रकारका विकारहरूलाई हटाउने खालको छ॥ ४९-५०॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे दुंदुभिनिर्ह्राददैत्यवधवर्णनं नामाष्टपञ्चाशत्तमोऽध्यायः॥ ५८॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा दुन्दुभिनिर्ह्रादवैत्यवधवर्णन नामक अन्ठाउन्नौँ अध्याय पूर्ण भयो॥ ५८॥

अथैकोनषष्टितमोऽध्यायः

काशीको कन्दुकेश्वर शिवलिंगको प्रादुर्भावमा पार्वतीद्वारा विदल एवं उत्पल दैत्यको वधको कथा, रुद्रसंहिताको उपसंहार तथा यसको माहात्म्य

सनत्कुमार उवाच

शृणु व्यास सुसंप्रीत्या चरितं परमेशितुः।
यथावधीत्स्वप्रियया दैत्यमुद्दिश्य संज्ञया॥ १

आस्तां पुरा महादैत्यौ विदलोत्पलसंज्ञकौ।
अपुंवध्यौ महावीरौ सुदृप्तौ वरतो विधेः॥ २

तृणीकृतत्रिजगती पुरुषाभ्यां स्वदोर्बलात्।
ताभ्यां सर्वे सुरा ब्रह्मन् दैत्याभ्यां निर्जिता रणे॥ ३

सनत्कुमार भन्नुहुन्छ—हे व्यास! अब तपाईं प्रेमपूर्वक शिवको त्यो चरित्रलाई सुन्नुहोस्, जसरी उहाँले संकेतद्वारा दैत्यलाई लक्षित गरी आफ्नी प्रियाबाट त्यस दैत्यको वध गराउनुभएको थियो। पूर्व समयमा विदल तथा उत्पल नामक दुई महाबली दैत्य थिए। ती दुवै ब्रह्माको वरले मनुष्यहरूबाट वध नहुने वरदान पाएर पराक्रमी तथा अभिमानी भएका थिए। हे ब्रह्मन्! ती दैत्यहरूले आफ्ना हातहरूको बलले तीनवटै लोकलाई सिन्का समान गरिदिए तथा संग्राममा सम्पूर्ण देवताहरूलाई जिते॥ १—३॥

ताभ्यां पराजिता देवा विधेस्ते शरणं गताः।
नत्वा तं विधिवत्सर्वे कथयामासुरादरात्॥ ४

ती दैत्यहरूबाट पराजित भएका सबै देवता ब्रह्माको शरणमा गए र आदरपूर्वक उहाँलाई विधिपूर्वक प्रणाम गरी उनीहरूले [दैत्यहरूको उपद्रव] बताए॥ ४॥

इति ब्रह्मा ह्यवोचत्तान् देव्या वध्यौ च तौ ध्रुवम्।
धैर्यं कुरुत संस्मृत्य सशिवां शिवमादरात्॥ ५

तब ब्रह्माले उनीहरूसित यो भन्नुभयो कि यी दुवै दैत्य निश्चय नै पार्वतीद्वारा मारिने छन्। तपाईंहरू सबै पार्वतीसहित शिवको राम्ररी स्मरण गरी धैर्य धारण गर्नुहोस्॥ ५॥

भक्तवत्सलनामासौ सशिवाशंकरः शिवः।
शं करिष्यत्यदीर्घेण कालेन परमेश्वरः॥ ६

देवीसहित भक्तवत्सल तथा कल्याण गर्नुहुने ती परमेश्वर चाँडै तपाईंहरूको कल्याण गर्नुहुने छ॥ ६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सनत्कुमार उवाच

इत्युक्त्वा तांस्ततो ब्रह्मा तूष्णीमासीच्छिवं स्मरन्।
तेऽपि देवा मुदं प्राप्य स्वं स्वं धाम ययुस्तदा॥ ७

अथ नारददेवर्षिः शिवप्रेरणया तदा।
गत्वा तदीयभवनं शिवासौन्दर्यमुज्जगौ॥ ८

श्रुत्वा तद्वचनं दैत्यावास्तां मायाविमोहितौ।
देवीं परिजिहीर्षू तौ विषमेषुप्रपीडितौ॥ ९

विचारयामासतुस्तौ कदा कुत्र शिवा च सा।
भविष्यति विधेः प्राप्तोदयान्नाविति सर्वदा॥ १०

एकस्मिन्समये शंभुर्विजहार सुलीलया।
कौतुकेनैव चिक्रीडे शिवा कंदुकलीलया॥ ११

सखीभिः सह सुप्रीत्या कौतुकाच्छिवसन्निधौ॥ १२

उदञ्चन्त्यञ्चदंगानां लाघवं परितन्वती।
निश्वासामोदमुदितभ्रमराकुलितेक्षणा ॥ १३

भ्रश्यद्धम्मिल्लसन्माल्यस्वपुराकृतभूमिका ।
स्विद्यत्कपोलपत्रालीस्त्रवदंबुकणोज्ज्वला ॥ १४

स्फुटच्चोलांशुकपथतिर्यदंगप्रभावृता ।
उल्लसत्कंदुकास्फालातिश्रोणितकराम्बुजा ॥ १५

कंदुकानुगसद्दृष्टिनर्तितभ्रूलतांचला ।
मृडानी किल खेलंती ददृशे जगदम्बिका॥ १६

अंतरिक्षचराभ्यां च दितिजाभ्यां कटाक्षिता।
क्रोडीकृताभ्यामिव वै समुपस्थितमृत्युना॥ १७

विदलोत्पलसंज्ञाभ्यां दृप्ताभ्यां वरतो विधेः।
तृणीकृतत्रिजगतीपुरुषाभ्यां स्वदोर्बलात्॥ १८

देवीं तां संजिहीर्षन्तौ विषमेषुप्रपीडितौ।
दिव उत्तेरतुः क्षिप्रं मायां स्वीकृत्य शांबरीम्॥ १९

धृत्वा पारिषदीं मायामायातामम्बिकान्तिकम्।
तावत्यन्तं सुदुर्वृत्तावतिचंचलमानसौ॥ २०

सनत्कुमार भन्नुहुन्छ— तब देवताहरूसित यस्तो भनेर ती ब्रह्मा शिवको स्मरण गरी मौन हुनुभयो र ती देवताहरू पनि प्रसन्न भएर आ-आफ्नो लोकमा गए॥ ७॥ तत्पश्चात् शिवको प्रेरणाले देवर्षि नारदले उनीहरूको घरमा गएर पार्वतीको सुन्दरताको वर्णन गर्नुभयो॥ ८॥

तब नारदको वचन सुनेर मायाबाट मोहित, विषयहरूबाट पीडित तथा पार्वतीको हरण गर्ने इच्छा भएका ती दुवै दैत्यले मनमा विचार गरे कि प्रारब्धको उदय हुनाको कारण हामी दुवैलाई ती पार्वती कहिले र कहाँ पाइएला॥ ९-१०॥

कुनै समय शिव आफ्नू लीलाले विहार गरिरहनुभएको थियो, त्यसै समय पार्वती पनि कौतुहल-पूर्वक आफ्ना सखीहरूका साथ प्रीतिपूर्वक शिवका समीपमा कन्दुक-क्रीडा गर्न लाग्नुभयो॥ ११-१२॥

माथितिर बल उफार्दै, आफ्ना अंगहरूको लघुताको विस्तार गर्दै, श्वासको सुगन्धबाट प्रसन्न भएका भ्रमराहरूबाट घेरिएका कारण चंचल नेत्र भएकी, केशपाशबाट माला खसेका कारण आफ्नू रूपलाई प्रकट गर्नुहुने, पसीना आउनाले त्यसका कणहरूबाट गालाको पत्ररचनाबाट शोभित, प्रकाशमान चोलांशुक (कुर्ता)-को मार्गबाट निस्किएका अंगका कान्तिले व्याप्त, शोभायमान बललाई उफार्नाले राता करकमल भएकी र बलको पछाडि दृष्टि दिनाले कम्पायमान आँखीभौँहरूका लताका आंचल भएकी जगत्‌की माता पार्वती खेल्दै गरेकी देखिनुभयो॥ १३—१६॥

आकाशमा डुलिरहेका ती दुवै दैत्यहरूले कटाक्ष पूर्वक हेरे, मानौँ उपस्थित मृत्युले नै दुवैलाई काखमा लिएको छ। ब्रह्माको वरदानबाट गर्वित विदल र उत्पल नामक दुवै दैत्य आफ्ना हातहरूका बलले तीनवटै लोकलाई तृणसमान ठान्दथे॥ १७-१८॥

कामदेवका बाणहरूबाट पीडित भएका दुवै दैत्य ती देवी पार्वतीको हरणको इच्छाले तत्काल शाम्बरी माया गरी आकाशबाट ओर्लिए। अति दुराचारी तथा अति चंचल मन भएका ती दुवै दैत्य मायाबाट गणहरूको रूप धारण गरी पार्वतीको समीप आए॥ १९-२०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अथ दुष्टनिहंत्रा वै सावज्ञेन हरेण तौ।
विज्ञातौ च क्षणादास्तां चांचल्याल्लोचनोद्भवात्॥ २१
कटाक्षिताथ देवेन दुर्गा दुर्गतिघातिनी।
दैत्याविमाविति गणौ नेति सर्वस्वरूपिणा॥ २२

तब दुष्टहरूको नाश गर्नुहुने शिवले क्षणमात्रमा चंचल नेत्रहरूबाट ती दुवैलाई चिन्नुभयो। सर्वस्वरूपी महादेवले संकटलाई दूर गर्नुहुने पार्वतीतिर हेर्नुभयो, उहाँले बुझ्नुभयो कि यी दुवै दैत्य हुन, गण होइनन्॥ २१-२२॥

अथ सा नेत्रसंज्ञां स्वस्वामिनस्तां बुबोध ह।
महाकौतुकिनस्तात शंकरस्य परेशितुः॥ २३

त्यस समय पार्वतीले महाकौतुकी तथा कल्याणकारी परमेश्वर आफ्नू पति शिवको नेत्र-संकेतलाई बुझ्नुभयो॥ २३॥

ततो विज्ञाय संज्ञां तां सर्वज्ञार्द्धशरीरिणी।
तेनैव कंदुकेनाथ युगपन्निर्जघान तौ॥ २४
महाबलौ महादेव्या कंदुकेन समाहतौ।
परिभ्रम्य परिभ्रम्य तौ दुष्टौ विनिपेततुः॥ २५
वृन्तादिव फले पक्वे तालेनानिललोलिते।
दंभोलिना परिहते शृंगे इव महागिरेः॥ २६

त्यस नेत्रसंकेतलाई जानेर शिवकी अर्धांगिनी पार्वतीले सहसा त्यसै बलले ती दुवैमाथि एक साथ प्रहार गर्नुभयो। तब महादेवी पार्वतीको बलबाट प्रताडित भएका महाबलवान् ती दुवै दुष्ट फनफनी घुमेर त्यसै प्रकार ढले, जसरी वायुको वेगले ताडका वृक्षका गुच्छाबाट पाकेका फल तथा वज्रको प्रहारबाट सुमेरु पर्वतका शिखर खस्दछन्॥ २४—२६॥

तौ निपात्य महादैत्यावकार्यकरणोद्यतौ।
ततः परिणतिं यातो लिंगरूपेण कंदुकः॥ २७

कुत्सित कर्ममा प्रवृत्त भएका ती दैत्यहरूलाई मारेर त्यो बल लिंगस्वरूपमा प्राप्त भयो॥ २७॥

कंदुकेश्वरसंज्ञं च तल्लिंगमभवत्तदा।
ज्येष्ठेश्वरसमीपे तु सर्वदुष्टनिवारणम्॥ २८

त्यसै समयबाट त्यो लिंग कन्दुकेश्वर नामले प्रसिद्ध भयो। सबै दोषहरूको निवारण गर्ने त्यो लिंग ज्येष्ठेश्वरको समीपमा छ॥ २८॥

एतस्मिन्नेव समये हरिब्रह्मादयः सुराः।
शिवाविर्भावमाज्ञाय ऋषयश्च समाययुः॥ २९

त्यसै समय शिव प्रकट हुनुभएको जानेर विष्णु, ब्रह्मा आदि सबै देवता तथा ऋषिगण त्यहाँ आए॥ २९॥

अथ सर्वे सुराः शम्भोर्वरान्प्राप्य तदाज्ञया।
स्वधामानि ययुः प्रीतास्तथा काशीनिवासिनः॥ ३०
सांबिकं शंकरं दृष्ट्वा कृतांजलिपुटाश्च ते।
प्रणम्य तुष्टुवुर्भक्त्या वाग्भिरिष्टाभिरादरात्॥ ३१

यसपछि सम्पूर्ण देवता तथा काशीनिवासी शिवबाट वर पाएर उहाँको आज्ञाले आफ्नो स्थानमा गए। पार्वतीसहित महादेवलाई देखेर उनीहरूले अंजलि बाँधेर प्रणाम गरी भक्ति र आदरपूर्वक मनोहर वाणीले उहाँहरूको स्तुति गरे॥ ३०-३१॥

सांबिकोऽपि शिवो व्यास क्रीडित्वा सुविहारवित्।
जगाम स्वालयं प्रीतः सगणो भक्तवत्सलः॥ ३२

हे व्यास! उत्तम विहारलाई जान्नुहुने भक्तवत्सल शिव पार्वतीका साथ क्रीडा गरी प्रसन्न भएर गणहरूसहित आफ्नो लोकमा जानुभयो॥ ३२॥

कंदुकेश्वरलिंगं च काश्यां दुष्टनिबर्हणम्।
भुक्तिमुक्तिप्रदं सर्वकामदं सर्वदा सताम्॥ ३३

काशीपुरीमा कन्दुकेश्वर नामक लिंग दुष्टहरूलाई नष्ट गर्ने, भोग र मोक्षदायक तथा निरन्तर सत्पुरुषहरूको कामनालाई पूर्ण गर्ने खालको छ॥ ३३॥

इदमाख्यानमतुलं शृणुयाद्यो मुदान्वितः।
श्रावयेद्वा पठेद्यश्च तस्य दुःखभयं कुतः॥ ३४
इह सर्वसुखं भुक्त्वा नानाविधमनुत्तमम्।
परत्र लभते दिव्यां गतिं वै देवदुर्लभाम्॥ ३५

जो मनुष्य यस अद्भुत चरित्रलाई प्रसन्न भएर सुन्छ वा सुनाउँछ, पढ्छ वा पढाउँछ, त्यसलाई दुःख र भय हुँदैन। त्यसले यस लोकमा सब प्रकारका उत्तम सुखहरूलाई भोगेर परलोकमा देवगणहरूका लागि पनि दुर्लभ दिव्य गतिलाई प्राप्त गर्छ॥ ३४-३५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इति ते वर्णितं तात चरितं परमाद्भुतम्।
शिवयोर्भक्तवात्सल्यसूचकं शिवदं सताम्॥ ३६

हे तात! भक्तहरूमाथि कृपालुताका सूचक, सज्जनहरूको कल्याण गर्ने तथा परम अद्भुत शिव-पार्वतीको यो चरित्र मैले तपाईंलाई भनें॥ ३६॥

ब्रह्मोवाच

इत्युक्त्वामन्त्र्य तं व्यासं तन्नुतो मद्वरात्मजः।
ययौ विहायसा काशीं चरितं शशिमौलिनः॥ ३७

ब्रह्मा भन्नुहुन्छ—[हे नारद!] यस प्रकार शिवका चरित्रहरू वर्णन गरी ती व्याससित आज्ञा लिएर तथा उनीबाट वन्दित भएर मेरो श्रेष्ठ पुत्र सनत्कुमार आकाशमार्गबाट तत्काल काशी गए॥ ३७॥

युद्धखंडमिदं प्रोक्तं मया ते मुनिसत्तम।
रौद्रीयसंहितामध्ये सर्वकामफलप्रदम्॥ ३८

इयं हि संहिता रौद्री सम्पूर्णा वर्णिता मया।
सदाशिवप्रियतरा भुक्तिमुक्तिफलप्रदा॥ ३९

हे मुनिश्रेष्ठ! रुद्रसंहिताअन्तर्गत सबै कामनाहरू र सिद्धिहरूलाई पूर्ण गर्ने यस युद्धखण्डको वर्णन मैले तपाईंसित गरें। शिवलाई अत्यन्त सन्तुष्ट पार्ने तथा भुक्ति-मुक्ति दिने यस सम्पूर्ण रुद्रसंहिताको वर्णन मैले तपाईंसित गरें॥ ३८-३९॥

इमां यश्च पठेन्नित्यं शत्रुबाधानिवारिकाम्।
सर्वान्कामानवाप्नोति ततो मुक्तिं लभेत ना॥ ४०

जो मनुष्य शत्रुबाधाको निवारण गर्ने यस रुद्रसंहितालाई नित्य पढ्छ, त्यसले सम्पूर्ण मनोरथलाई प्राप्त गर्छ र त्यसपछि मुक्ति प्राप्त गर्दछ॥ ४०॥

सूत उवाच

इति ब्रह्मसुतः श्रुत्वा पित्रा शिवयशः परम्।
शतनामाप्य शंभोश्च कृतार्थोऽभूच्छिवानुगः॥ ४१

सूत भन्नुहुन्छ—यस प्रकार ब्रह्माका पुत्र नारद आफ्नो पिताबाट शिवको परम यश तथा शिवका शतनामहरू सुनेर कृतार्थ एवं शिवानुगामी भए॥ ४१॥

ब्रह्मनारदसंवादः सम्पूर्णः कथितो मया।
शिवः सर्वप्रधानो हि किं भूयः श्रोतुमिच्छसि॥ ४२

मैले यो ब्रह्मा र नारदको सम्पूर्ण संवाद तपाईंलाई भनें। शिव सम्पूर्ण देवताहरूमा प्रधान हुनुहुन्छ, अब तपाईं अरू के सुन्न चाहनुहुन्छ॥ ४२॥

इति श्रीशिवमहापुराणे द्वितीयायां रुद्रसंहितायां पञ्चमे युद्धखण्डे विदलोत्पलदैत्यवधवर्णनं नामैकोनषष्टितमोऽध्यायः॥ ५९॥

॥ यस प्रकार श्रीशिवमहापुराणअन्तर्गत द्वितीय रुद्रसंहिताको पंचम युद्धखण्डमा विदल र उत्पलदैत्यवधवर्णन नामक उनन्साठीऔं अध्याय पूर्ण भयो॥ ५९॥

॥ इति श्रीशिवमहापुराणे द्वितीयरुद्रसंहितायां पञ्चमो युद्धखण्डः समाप्तः॥

॥ समाप्तेयं द्वितीया रुद्रसंहिता॥ २॥

॥ श्रीशिवमहापुराण-प्रथम-खण्ड—पूर्वार्ध सम्पूर्ण॥

Acc. 32८४४ / 32६५५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गीताप्रेस, गोरखपुरसे प्रकाशित
पुराण, उपनिषद् आदि

223 **श्रीशिवमहापुराण** (प्रथम खण्ड)
224 **श्रीशिवमहापुराण** (द्वितीय खण्ड)
111 **सं० ब्रह्मपुराण**
113 **नरसिंहपुराण**—सटीक
189 **सं० गरुडपुराण**
362 **अग्निपुराण** (हिन्दी-अनुवाद)
361 **सं० श्रीवराहपुराण**
131 **कूर्मपुराण**—सटीक
631 **सं० ब्रह्मवैवर्तपुराण**
432 **वामनपुराण**—सटीक
557 **मत्स्यमहापुराण**—सटीक
610 **देवीपुराण (महाभागवत)**
517 **गर्गसंहिता** (भगवान् श्रीकृष्णकी दिव्य लीलाओंका वर्णन)
47 **पातञ्जलयोग-प्रदीप**
135 **पातञ्जलयोग-दर्शन** [बँगलामें भी]
582 **छान्दोग्योपनिषद्**—सानुवाद, शांकरभाष्य
577 **बृहदारण्यकोपनिषद्**— ,, ,,
421 **ईशादि नौ उपनिषद्**— ,, ,, (एक ही जिल्द में)
66 **ईशादि नौ उपनिषद्**— अन्वय-हिन्दी व्याख्या [बँगला भी]
67 **ईशावास्योपनिषद्**—सानुवाद, शांकरभाष्य [तेलुगु, कन्नड भी]
68 **केनोपनिषद्**—अजिल्द, सानुवाद, शांकरभाष्य
578 **कठोपनिषद्**— ,, ,,
69 **माण्डूक्योपनिषद्**— ,, ,,
513 **मुण्डकोपनिषद्**— ,, ,,
70 **प्रश्नोपनिषद्**— ,, ,,
71 **तैत्तिरीयोपनिषद्**— ,, ,,
72 **ऐतरेयोपनिषद्**— ,, ,,
73 **श्वेताश्वतरोपनिषद्**— ,, ,,
65 **वेदान्त-दर्शन**—हिन्दी व्याख्यासहित, सजिल्द
639 **श्रीनारायणीयम्**—सानुवाद [तेलुगु भी]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

GITA PRESS, GORAKHPUR [SINCE 1923]

गीताप्रेस, गोरखपुर—273005
मो० नं०: +91-8188054403, 8188054408

e-mail : booksales@gitapress.org—थोक पुस्तकोंसे सम्बन्धित सन्देश भेजें।
Gita Press website : www.gitapress.org/gitapressbookshop.in—सूची-पत्र तथा पुस्तकोंका विवरण पढ़ें एवं गीताप्रेसकी खुदरा पुस्तकें Online डाकसे/कूरियरसे मँगवायें।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu